महालेखापरीक्षकको
साठिऔं वार्षिक प्रतिवेदन
२०७९

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
साठिऔं वार्षिक प्रतिवेदन
२०७९

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन, २०७९ पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल
(२०७९।१२।३०)

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नम्बर १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०७६

पत्र संख्या : २०७९।८०
च. नं. : ६९०

विषयः साठिऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

२०७९ साल चैत्र ३० गते विहीबार ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	लेखापरीक्षण गरिएका निकायको विवरण	१
परिच्छेद २:	लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति	५
परिच्छेद ३:	लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति	११
	खण्ड - १: संघीय मन्त्रालय तथा निकाय	
	१. संघीय संसद सचिवालय	४९
	२. सर्वोच्च अदालत	५३
	३. अख्तियार दुरूपयोग अनुसन्धान आयोग	५६
	४. महालेखापरीक्षकको कार्यालय	५७
	५. लोक सेवा आयोग	५९
	६. निर्वाचन आयोग	६१
	७. राष्ट्रिय मानव अधिकार आयोग	६५
	८. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	६७
	९. राष्ट्रिय महिला आयोग	७१
	१०. राष्ट्रिय दलित आयोग	७४
	११. राष्ट्रिय समावेशी आयोग	७५
	१२. आदिबासी जनजाति आयोग	७६
	१३. मधेशी आयोग	७७
	१४. थारु आयोग	७८
	१५. मुस्लिम आयोग	७९
	१६. महान्यायाधिवक्ताको कार्यालय	८०
	१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८२
	१८. अर्थ मन्त्रालय	९६
	१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	२३२
	२०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	२६०
	२१. कानून न्याय तथा संसदीय मामिला मन्त्रालय	२९४
	२२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२९७
	२३. खानेपानी मन्त्रालय	३२१
	२४. गृह मन्त्रालय	३३५
	२५. परराष्ट्र मन्त्रालय	३६७
	२६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	३७९
	२७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३९९
	२८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	४५१
	२९. युवा तथा खेलकुद मन्त्रालय	४६६
	३०. रक्षा मन्त्रालय	४७४
	३१. वन तथा वातावरण मन्त्रालय	४९२
	३२. शहरी विकास मन्त्रालय	५०६

परिच्छेद	शीर्षक	पृष्ठ
	३३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५२५
	३४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५५५
	३५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	५६७
	३६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	५८५
	३७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	६१९
	३८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	६५७
	३९. राष्ट्रिय योजना आयोग	६९३
	खण्ड - २: प्रदेश मन्त्रालय तथा निकाय	७०७
	खण्ड - ३: स्थानीय तह	७३७
परिच्छेद ४:	लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति	८०३
परिच्छेद ५:	भविष्यमा गर्नुपर्ने सुधार	८११
परिच्छेद ६:	कार्यालय गतिविधि	८३५
अनुसूचीहरू		८४५

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। मेरो कार्यकालको यो अन्तिम तथा छैठौं वार्षिक प्रतिवेदन हो। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरेको छु। नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरेको छु। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। संगठित संस्था र विषय छनोटको आधारमा गरिएका कार्यमूलक तथा विशेष लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू सम्बन्धित मन्त्रालयगत खण्डमा समावेश गरिएको छ। त्यसैगरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ।

लेखापरीक्षण व्यवस्थापन

यो वर्ष नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था र संघीय कानूनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी आर्थिक वर्ष २०७८।७९ र बक्यौता समेतको विनियोजन, राजस्व, धरौटी र अन्य कोषको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम वार्षिक लेखापरीक्षण योजना तथा मन्त्रालय/निकायगत लेखापरीक्षण योजना तयार गरी जोखिममा आधारित कार्यालयगत लेखापरीक्षण योजनाको आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, निर्देशिका एवं असल अभ्यास समेतको पालना गरी यो वर्ष विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली प्रयोग गरी सबै कार्यालय वा निकायको लेखापरीक्षण गरिएको छ। यो वर्ष जोखिममा आधारित सूचकको आधारमा कार्यालय वा निकायहरूको वर्गीकरण गरी बढी जोखिमयुक्त कार्यालय वा निकायहरूको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं एकल खाता कोष प्रणालीबाट प्राप्त सूचना तथा विवरण सङ्कलन र विश्लेषण गरी दूर विधिबाट लेखापरीक्षण गरिएको छ। तोकिएका आधारमा विषय छनोट गरी नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएको छ।

लेखापरीक्षणका सन्दर्भमा संघ र प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृत, स्थानीय तह तथा संगठित संस्थाका जिम्मेवार पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया गरिएको छ। लेखापरीक्षण कार्य प्रारम्भ गर्नुपूर्व यसवर्ष वार्षिक लेखापरीक्षण योजना र समयतालिकाबारे नेपाल सरकारका मुख्य सचिवमार्फत् सबै तहका सरकारी निकाय र अन्य

सम्बद्ध पक्षहरूलाई समेत जानकारी गराई चरणबद्धरूपमा लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित कार्यालय वा निकायका जिम्मेवार व्यक्तिसँग छलफल गरी जानकारी गराइएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्राप्त प्रतिक्रियासमेतका आधारमा फर्स्यौट हुन नसकेका विषयहरू लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विभागीय मन्त्रीलाईसमेत जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

लेखापरीक्षणलाई गुणस्तरीय बनाउन लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरूका सुझाउ र सम्बन्धित पक्षका रायलाई ध्यान दिई प्राविधिक विषयहरूमा आवश्यकतानुसार विषयविज्ञसँग समेत परामर्श गरिएको छ। कार्यमूलक लेखापरीक्षणलाई उद्देश्य प्रभावी बनाउन नागरिकसमाजका संगठनलाई समेत लेखापरीक्षणका चरणमा सहभागी गराइएको छ। लेखापरीक्षणको गुणस्तर नियन्त्रण गर्न लेखापरीक्षणका प्रत्येक चरणमा व्यवस्थापनको उच्चतहबाट अनुगमन एवं सुपरिवेक्षण गरिएको छ। लेखापरीक्षकको आचारसंहिता पालना एवं अनुगमनलाई प्रभावकारी बनाइएको छ। लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्न लेखापरीक्षण फाइलको छनोट गरी स्वतन्त्रतवरले गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ। अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोगमा सञ्चालित आयोजनाहरूको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन उपलव्ध गराइएको छ।

लेखापरीक्षण अङ्क र बेरुजू

यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको रू.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न भएको छ। सोबाट संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रू.१ खर्ब १९ अर्ब ७८ करोड बेरुजू कायम भएको छ। सोमध्ये ४ हजार ६८ संघीय सरकारी निकायको रू.२३ खर्ब ५६ अर्ब ३४ करोड लेखापरीक्षणबाट रू.५६ अर्ब ३१ करोड अर्थात् २.३९ प्रतिशत बेरुजू देखिएको छ। प्रदेशतर्फ १ हजार २१८ कार्यालयको रू.३ खर्ब १२ अर्ब ७३ करोडको लेखापरीक्षणबाट रू. ७ अर्ब २० करोड अर्थात् २.३० प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७४९ र बक्यौता २ समेत ७५१ को रू.११ खर्ब ४ अर्ब १ करोडको लेखापरीक्षणबाट रू.४२ अर्ब ८८ करोड अर्थात् ३.८८ प्रतिशत बेरुजू देखिएको छ। समिति र अन्य संस्थातर्फ (संगठित संस्था ७५ समेत) ५०९ निकायको रू.३३ खर्ब ६५ अर्ब ९ करोडको लेखापरीक्षण भएकोमा रू.१३ अर्ब ३८ करोड बेरुजू कायम भएको छ। सोको अतिरिक्त ३२ संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रू.१३ खर्ब ४१ अर्ब ७६ करोडको लेखापरीक्षण भएको छ।

गत वर्षसम्मको बाँकी बेरुजू रू.४ खर्ब ८३ अर्ब ६० करोड रहेकोमा समायोजन तथा फर्स्यौट गरिएको अङ्क घटाई यो वर्ष थप भएको समेत रू.५ खर्ब ८७ अर्ब ३४ करोड बेरुजू बाँकी रहेको छ। लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रू.२ अर्ब ६२ करोड असुल भएको छ। अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गतवर्षसम्म रू.३ खर्ब ४५ अर्ब ५६ करोड रहेकोमा यो वर्ष रू.२६ अर्ब ८९ करोड थप भई रू.३ खर्ब ७२ अर्ब ४५ करोड कायम भएको छ। अद्यावधिक बेरुजूमा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम थप गर्दा रू.९ खर्ब ५९ अर्ब ७९ करोड पुगेको छ। गतवर्ष यस्तो रकम रू. ८ खर्ब २९ अर्ब १६ करोड रहेको थियो। गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने कुल रकम १५.७५ प्रतिशतले बढेको छ।

संघीय सरकारी निकायतर्फ विगत ५ वर्षको लेखापरीक्षण र बेरुजू रकमको तुलना गर्दा आर्थिक वर्ष २०७३।७४, २०७४।७५, २०७५।७६, २०७६।७७ र २०७७।७८ मा लेखापरीक्षण अङ्कको तुलनामा क्रमशः ५.४१,

५.२९, ४.०५, २.८५ र १.७५ प्रतिशत बेरुजू रहेकोमा यो वर्ष २.३९ प्रतिशत कायम भएको छ। यस वर्षको बेरुजूको प्रतिशत बढ्नुमा दूरसञ्चार रोयल्टी, घटी राजश्व निर्धारण, म्याद नाघेको मोबिलाइजेसन पेस्की लगायतका कारण छन्। त्यसैगरी संघीय सरकारी कार्यालयतर्फ गत वर्ष रू. ३४ अर्ब ८७ करोड ३० लाख बेरुजू फर्स्यौंट भएकोमा यो वर्ष यस्तो फर्स्यौंट रू.७ अर्ब २९ करोड ३७ लाख रहेको छ । प्रदेश सरकारतर्फ यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा २.३० प्रतिशत बेरुजू देखिएको छ, जुन गत वर्ष २.५० प्रतिशत रहेको थियो। प्रदेशतर्फ गत वर्ष रू.१ अर्ब ६८ करोड ९० लाख सम्परीक्षण भएकोमा यो वर्ष रू.१ अर्ब ९ करोड ९३ लाख सम्परीक्षण भएको छ। त्यस्तैगरी स्थानीय तहतर्फ यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा ३.८८ प्रतिशत बेरुजू रहेको छ। गत वर्ष यस्तो बेरुजू लेखापरीक्षण अङ्कको तुलनामा ४.१८ प्रतिशत रहेको थियो। स्थानीय तहतर्फ गत वर्ष रू.१० अर्ब ५८ करोड ८७ लाख सम्परीक्षण भएकोमा यो वर्ष रू.६ अर्ब ५९ करोड ७९ लाख सम्परीक्षण भएको छ।

शासकीय प्रबन्ध

नेपालको संविधानबमोजिम मैले महालेखापरीक्षकमा नियुक्ति लिए पश्चात् मेरो ६ वर्षे कार्यकालको कार्ययोजना प्रस्तुत गरेको थिँए। उक्त अवधिमा संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान कार्यान्वयनमा आए पश्चात् संघीयताबमोजिम तीनै तहको पहिलो निर्वाचन सम्पन्न भई राजनीतिक नेतृत्वले कार्यभार सम्हाली सकेको अवस्था थियो। त्यस अवस्थामा विकास निर्माण, सेवा प्रवाह, आर्थिक अनुशासन कायम गरी सार्वजनिक स्रोत व्यवस्थापन गर्दै सुशासन प्रवर्द्धन हुने अपेक्षा गरिएको थियो। तर पटक-पटक विगतमा झै संघीय र प्रदेश सरकार परिवर्तन, संगठनात्मक संरचनामा विस्तार एवं फेरबदल, तीन तहका सरकारबीच संरचनात्मक एवं कार्यात्मक दोहोरोपना, कर्मचारी समायोजनमा देखिएको समस्या, अत्यावश्यक कानून निर्माणको अभाव एवं विद्यमान कानूनको परिपालनामा कमी रहन गयो। यसैक्रममा विश्वव्यापीरूपमा फैलिएको कोभिड -१९ को महामारीले समेत सरकारी निकायको कार्य सम्पादनमा असर पऱ्यो। जसको कारण विकास निर्माण र सेवा प्रवाह तथा सुशासनमा असर परेको छ। स्थानीय तहमा ५ वर्षसम्म स्थायी प्रकृतिका निर्वाचित संरचना रहे तापनि ती निकायबाट हुने विकास निर्माणका काम दिगो विकासको अवधारणा अनुकुल भएनन्। त्यस्तै जिल्ला समन्वय समितिहरु अधिकार र स्रोत साधनको कमीका कारण भूमिकाविहीन र निष्क्रिय जस्तै देखिएका छन् ।

वर्तमान संविधान बमोजिम विभिन्न क्षेत्र, वर्ग समुदायको प्रतिनिधित्व गर्ने गरी संवैधानिक आयोगहरू गठन भएका छन्। ती आयोग पर्याप्त जनशक्ति, भौतिक पूर्वाधार र समन्वयको अभावमा आशातीत रूपमा प्रभावकारी हुन नसकेको प्रतिवेदनहरूबाट देखिएको छ। संवैधानिक निकायहरूको संस्थागत सुदृढीकरण एवं ती निकायले दिएका सुझावको कार्यान्वयन नभएका कारण सुशासनमा असर परेको छ। त्यस्तै अन्य संवैधानिक निकायका कारवाहीमा प्रशासनिक र वित्तीय स्वतन्त्रताको कमी तथा यदाकदा हुने कार्यात्मक हस्तक्षेपका कारण स्वायत्तता माथि नै आँच आउने अवस्था रहेको छ। संवैधानिक अंग तथा निकायहरुबाट दिइएका प्रतिवेदनका सुझाब कार्यान्वयन हुन सकेको छैन। संवैधानिक निकायहरु सरकारको कामकारबाहीहरुको मुल्याङ्कन गरी संसद समक्ष प्रतिवेदन गर्ने निकाय भएकोले यी निकायहरुलाई प्रभावकारी बनाउनुपर्दछ। राज्य संयन्त्रका अनुगमन तथा नियमनकारी निकायहरू प्रभावकारी हुन नसक्दा अर्थतन्त्रमा समस्या, सदाचारितामा ह्रास, विकास निर्माणका कार्यमा सुस्तता र सेवा प्रवाहमा समस्या देखिएका छन। हाल संघीयता कार्यान्वयन पश्चातको दोस्रो कार्यकालको लागि स्थानीयतह तथा प्रदेश र संघीय संसद प्रतिनिधि सभाको निर्वाचन पश्चात तीन वटै तहका सरकार गठन भइसकेको छन्। यस कार्यकालको तीनै तहका सरकारले विगतका कार्यकालका कमी कमजोरी पहिचान गरी सोमा सुधार एवं सुशासन र समृद्धि हासिल हुने अपेक्षा गरिएको छ।

समग्र अर्थतन्त्र

नेपालको जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको भए तापनि राष्ट्रको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ७६.१ प्रतिशत रहेको छ। कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १४.३४ प्रतिशत रहेको छ भने सेवा क्षेत्रको योगदान ६१.७६ प्रतिशत रहेको छ। कुल गार्हस्थ उत्पादनको संरचनामा गैर कृषि क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७८।७९ मा कूल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्य) मा ५.८ प्रतिशत वृद्धि रहेको छ। जुन पन्ध्रौं योजनाले लिएको लक्ष्य ९.९ प्रतिशत भन्दा न्यून छ। कुल गार्हस्थ उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्दो क्रममा रहँदा आर्थिक असमानता बढाउने जोखिम रहने भएकोले यस तर्फ समयमै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जल, जंगल तथा कृषिमा आधारित उद्योग व्यवसायको अग्र एवं पृष्ठभागको श्रृखंला मिल्ने र एकअर्काको लागि सहयोगी हुने किसिमले उद्योगधन्दाको विकास गरिनु पर्दछ। नेपालको जनसंख्यामध्ये आर्थिकरूपमा सक्रिय रहन सक्ने जनसंख्याको ठूलो हिस्साले पूर्ण रोजगारीको अवसर नपाई बेरोजगार रहेको अवस्था छ। दिगो र धान्न सक्ने आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न कृषि, वन तथा खानीजन्य र पर्यटन उद्योग व्यवसायलाई बढावा दिई जल, जंगल, खानी जस्ता उपलव्ध प्राकृतिक स्रोत साधनको वैज्ञानिक उपयोग गर्न आवश्यक रणनीति तय गरी कार्यान्वयन गर्नु पर्दछ।

राज्यको तर्फवाट सीमित सरकारको धारणा अनुरूप केही नियमनकारी निकायहरूको व्यवस्था गरिए तापनि ती निकायहरूवाट क्षेत्रगत विषयहरूमा यथोचित नियमन हुन नसक्दा आपूर्ति श्रृंखला र अर्थतन्त्रका विभिन्न क्षेत्रमा समस्या देखिएका छन। बजारमा तरलताको अभाव हुँदा लगानीयोग्य रकमको अभाव, सरल र सहजरूपमा वित्तीय स्रोतमा पहुँचको कमी लगायतका कारण नागरिक तथा व्यवसायीले उच्च ब्याजदरको भार बहन गर्नुपरेको छ। सहकारीलाई व्यवस्थित गर्न नसक्दा समस्याग्रस्त सहकारीको संख्या बढदै छ। समग्र बैङ्किङ क्षेत्रबाट प्रवाह भएको कर्जा सीमित क्षेत्र वा समूहमा केन्द्रित हुन नदिन समयसमयमा कर्जाको संरचना अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ। बैङ्क तथा वित्तीय संस्थाहरूवाट निजी क्षेत्रमा विस्तार भएको कर्जाको तुलनामा आर्थिक वृद्धि नभएको हुँदा सो बारे यकिन गरी उक्त प्रवाहित ऋण उत्पादन सेवासँग आबद्ध गर्नुपर्दछ। घर, जग्गा, उपभोग्य वस्तुलगायतका अनुत्पादक क्षेत्रमा ऋणको रकम प्रयोगलाई नियन्त्रण गरी ऋणलाई उत्पादनसँग जोड्नु आवश्यक छ।बैङ्क तथा वित्तीय संस्थाको उच्च ब्याजदर र यसले व्यवसायमा पारेको असरको बारेमा अध्ययन विश्लेषण गरी उपयुक्त कदम चालिनुपर्दछ।

यस वर्ष निर्यात ४१.७४ प्रतिशतले र आयात २४.७२ प्रतिशतले बढेको देखिन्छ। वैदेशिक व्यापारको ठूलो अंश आयात रहन गई व्यापार घाटा २३ प्रतिशतले बढेको देखिन्छ। यसवर्ष विप्रेषण आप्रवाह ४.८१ प्रतिशतले बढी रू. १० खर्ब ७ अर्ब पुगे पनि निर्यातलाई कुल गार्हस्थ उत्पादनको ११.३ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ४.१२ प्रतिशत मात्र प्रगति रहेको देखिन्छ। नेपालको व्यापार घाटा कूल गार्हस्थ उत्पादनको ३५.४६ प्रतिशत रहेको छ। बाह्य क्षेत्रको चुनौतीलाई सम्वोधन गर्दै आत्मनिर्भर र दिगो अर्थतन्त्र निर्माण गर्न स्थानीय श्रम सीप र उपलव्ध स्रोत साधनको उच्चतम प्रयोग गर्ने गरी नीतिगत सुधार गर्नु पर्दछ। आयातलाई प्रतिस्थापन गर्न विद्युतको घरायसी प्रयोग गर्ने एवं विद्युतीय सवारीको प्रयोग गर्ने कार्यमा सरकारले प्रोत्साहन गर्नुपर्दछ।

अर्थतन्त्रको हालको संरचना, यसमा देखिएका समस्या, सोको कारण तथा चाल्नुपर्ने आवश्यक कदमको बारेमा विशेष अध्ययन एवं विश्लेषण गरी उपयुक्त नीति अवलम्बन गर्नुपर्दछ।

सरकारका काम कारबाहीलाई प्रभावकारी र अपेक्षित बनाउन नेपाल राष्ट्र बैङ्क, बीमा समिति, धितोपत्र बोर्ड, दूरसञ्चार प्राधिकरण, सहकारी विभाग, विद्युत नियमन आयोग, औषधि व्यवस्था विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग, कम्पनी रजिष्ट्रार कार्यालयलगायतका विषयगत विभाग तथा कार्यालयहरू नियामकीय निकायका रुपमा रहेका छन्। राज्यले अपनाएको खुला बजार अर्थतन्त्रमा यी नियमनकारी निकायहरुको भूमिका नियमन, अनुगमन, नीति नियम निर्माण र सहजीकरण रहन्छ भने नीजि क्षेत्रको भूमिका, वस्तु उत्पादन र सेवा प्रवाह गरी बजार सञ्चालन गर्नु रहन्छ। नियमनकारी निकायहरुले निर्वाह गरेको भुमिका मुल्याङ्कन गरी प्रभावकारी बनाउनु पर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

- **बजेट एवं खर्च व्यवस्थापन -** बजेट खर्च गर्ने क्षमतामा सुधार नगरी ठूलो आकारमा बजेट तर्जुमा गर्दा एकातिर तोकिए बमोजिम कार्यान्वयन हुन नसकी बजेटको विश्वसनीयता घट्छ भने अर्को तर्फ बजेटले मुद्रा बजारमा दबाब बढाई मुद्रास्फीतिको जोखिम रहन्छ। मध्यमकालीन खर्च संरचना तयार गरी समग्र बजेट अनुशासन, विनियोजनमा कुशलता, स्रोतको प्रभावकारी उपयोग, कार्य सञ्चालन दक्षता, र अपेक्षित नतिजा प्राप्ति हुने गरी बजेट तर्जुमा गर्नु आवश्यक छ। अनुत्पादक खर्च नियन्त्रण गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, सार्वजनिक ऋणलाई निश्चित सीमाभित्र राखी प्रतिफलमुखी क्षेत्रमा विनियोजन गर्ने, संगठनात्मक संरचना र जनशक्ति व्यवस्था छरितो पार्ने, खर्चको उत्पादकत्व वृद्धि गर्ने, वैदेशिक सहायता राष्ट्रिय प्रणालीमा आबद्ध गरी उपलब्धिमूलक ढङ्गले उपयोग गर्ने लगायतका सुधार आवश्यक देखिएको छ।

  बजेट कार्यान्वयनको नियमित र वस्तुपरक अनुगमन मार्फत देखिएका समस्या शीघ्र समाधान गर्ने व्यवस्था गरी बजेट विनियोजन र कार्यान्वयनमा कुशलता कायम गर्ने एवं वजेटउपर संसदीय निगरानीलाई प्रभावकारी बनाउनुपर्दछ। विगत वर्षको तुलनामा राजस्व सङ्कलन घटेको, चालु खर्च बढ्दै गएको, पुँजीगत खर्च बढ्न नसकेको अवस्था छ। यसले सङ्कलित राजस्वबाट चालु खर्च धान्न सक्ने अवस्था देखिँदैन।

  संगठनात्मक र कार्यात्मक दोहोरोपना हटाई तीन तहका सरकारको संरचना छरितो बनाउने, विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, मापदण्ड तयार गरी प्रशासनिक तथा चालु प्रकृतिको बजेट विनियोजनबाट नै निश्चित प्रतिशत कटौती गर्ने व्यवस्था गरी खर्चमा मितव्ययिता ल्याउनुपर्दछ। सार्वजनिक खर्च नियन्त्रणको लागि सानातिना फुटकर खर्च कटौती गर्ने भन्दा दिर्घकालीन दायित्व नपर्ने गरी अनावश्यक संस्था तथा निकायहरुको पुर्नसंरचना वा खारेज गर्नेतर्फ सोचिनु पर्दछ।

  तीन वटै तहका सरकारले विभिन्न अनुदान वितरण कार्यक्रम सञ्चालन गरी ठूलो रकम खर्च गरेका छन्। अनुदान वितरण गर्दा लाभग्राही छनोटमा पारदर्शिता नभएको, एकै प्रकारको अनुदान तीन तहका सरकारबाट वितरण हुँदा दोहोरो परेको अवस्था छ। अनुदान दिने नीतिमा पुनरावलोकन गरी एकद्वार प्रणालीमार्फत् स्पष्ट र पारदर्शी अभिलेख राखी आवश्यकता एवं नतिजाको आधारमा अनुदान दिने र सोको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ। पटके अनुदान दिने कार्यमा पुनरावलोकन गरी बीउपुँजीको रुपमा अनुदान प्रदान गर्नुपर्दछ।

- **सार्वजनिक ऋण व्यवस्थापन -** सार्वजनिक ऋण दायित्व २०७०।७१ मा कुल गार्हस्थ्य उत्पादनको २८.५१ प्रतिशत रहेकोमा २०७८।७९ को अन्तमा ४१.५ प्रतिशत पुगेको छ। आन्तरिक तथा बाह्य ऋणवाट उठाएको रकम चालु प्रकृतिका खर्चमा समेत उपयोग गरेको, संगठित संस्थालाई दिएको ऋणको भाखा नाघेको साँवा र

ब्याज रकम समयमै असुल हुन नसकेको अवस्था छ। ऋण लिदा ऋणको उपादेयता, आवश्यकता, ऋणबाट पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रभाव, ऋणका शर्तसमेतको विश्लेषण मार्फत भावी पुस्तालाई ऋण दायित्व थप नहुने गरी प्रतिफलयोग्य योजनामा मात्र लिने व्यवस्था गर्नुपर्दछ। ऋणको अभिलेख, लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ।

- **वैदेशिक सहायता** - मुलुकले २०७८।७९ मा अनुदान तथा ऋणसमेतबाट रू. ३ खर्ब ४३ अर्ब १ करोड वैदेशिक सहायता प्राप्त हुने प्रक्षेपण गरेकोमा रू. १ खर्ब ६० अर्ब ९ करोड प्राप्त भएको उल्लेख छ। समग्रमा यो वर्ष वैदेशिक सहायताको रकम गत वर्षको तुलनामा २१.३२ प्रतिशत न्यून रहेको छ। प्राप्त वैदेशिक सहायता पुँजी निर्माण एवं लगानी हुने क्षेत्रमा खर्च गर्नुपर्नेमा चालु प्रकृतिका कार्यक्रममा रू. २५ अर्ब ५६ करोड खर्च गरेको देखियो। वैदेशिक सहायताको परिचालन क्षमता कम भएको, सहायतालाई चालु प्रकृतिमा खर्च गरेको अवस्था विद्यमान रहेकोले वैदेशिक सहायताको प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

- **राजस्व प्रशासन** - नेपालको रास्व आयतमुखि रहेको छ। अझैपनि भन्सार बिन्दुमा सङ्कलन हुने राजस्वको प्रतिशत २१.६६ प्रतिशत रहेको छ। आन्तरिक राजस्वतर्फ आय करको अंश २३.२९, मु.अ.करको अंश २८.१५ र अन्तःशुल्कको अंश १४.९३ प्रतिशत रहेको छ। राजश्वको योगदान कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा २३ प्रतिशत पुगे तापनि नवीन व्यवसाय तथा अनौपचारिक क्षेत्र कुल गार्हस्थ उत्पादनको गणनामा नसमेटिँदा उक्त प्रतिशत स्वाभाविक रुपमा कम हुन्छ। आर्थिक वर्ष २०७८।७९ को तथ्याङ्कबाट कुल गार्हस्थ उत्पादनमा भन्सार राजस्व ४.९७, मुल्य अभिवृद्धि कर ६.४७ र आय कर ५.३६ प्रतिशत सङ्कलन भएको छ। राजस्वको ठूलो हिस्सा आयातमा निर्भर रहनु, करको दायरा अपेक्षितरूपमा विस्तार हुन नसक्नु, कर सङ्कलन लागत र कर परिपालनामा सुधार नहुनु, प्रविधिमैत्री र स्वचालित भुक्तानी एवं कर सङ्कलन व्यवस्था नहुनु, राजस्व चुहावटको स्थिति विद्यमान रहनु, संघीय संरचनाबमोजिम तीन तहका सरकारले लक्ष्यअनुसार राजस्व परिचालन हुन नसक्नु, कर बक्यौता रहनु, राजस्व छुट नियन्त्रण गर्न नसकिनु, आर्थिक क्रियाकलापमा अनौपचारिक क्षेत्रको हिस्सा उल्लेख्य रहनु लगायतका समस्या रहेका छन्।

अर्थतन्त्रका विभिन्न क्षेत्रहरूको अध्ययन गरी सबै क्षेत्र र व्यवसायलाई करको दायरामा ल्याउने, राजस्व छुटलाई नियन्त्रण गर्ने, बक्यौता असुलीलाई प्रभावकारी बनाउने, आयातमा आधारित राजस्वको हिस्सालाई घटाउँदै आन्तरिक राजस्वको हिस्सा बढाउने, विद्युतीय व्यापारलाई करको दायरामा ल्याउने, गैरकर राजस्वको दर पुनरावलोकन गरी लागत प्रभावी बनाउनेलगायतका विषयहरूमा ध्यान दिनुपर्दछ। विद्यमान कर परीक्षण पद्धतिमा सुधार गर्ने, एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा भिडान हुने र निकायगत विद्युतीय प्रणालीहरू आबद्ध गर्ने, बिलिङ प्रणाली एवं वजार अनुगमनलाई प्रभावकारी बनाईनुपर्दछ। त्यसैगरी भन्सार विन्दुमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउनुपर्दछ। मूल्य हस्तान्तरण, आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रबन्ध हुने कार्यलाई निरुत्साहित गर्न सूचना प्रणालीलाई सुदृढ बनाउन र निकायका बीच समन्वय र सहकार्य हुनुपर्दछ। चालु आर्थिक वर्षको ९ महिना बित्न लाग्दा लक्ष्यको करिब ४७ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ । राजस्व प्रशासनमा सीपयुक्त र क्षमतावान् जनशक्ति परिचलान गर्नपर्ने देखिएको छ ।

- **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग** - संघ, प्रदेश र स्थानीय तहका सरकारसँग रहेका सरकारी सम्पत्तिका साथै प्राकृतिक श्रोत तथा सांस्कृतिक सम्पदाको अभिलेख राखेर सोको उपयोग एवं व्यवस्थित परिचालन गर्नुपर्दछ। सार्वजनिक जग्गामा अतिक्रमण, नदीजन्य, वनजन्य तथा खानीजन्य पदार्थको दोहन एवं सरकारी सम्पत्तिको अतिक्रमणलाई नियन्त्रण गर्ने कार्य प्रभावकारी रूपमा हुन सकेको छैन। नेपाल सरकारबाट तयार गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्ति अभिलेख गर्ने एवं प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाको समेत भरपर्दो एकीकृत अभिलेख राख्ने कार्य भएको छैन। सार्वजनिक सम्पत्तिको अद्यावधिक अभिलेख राख्ने एवं सोको संरक्षण र समुचित उपयोग हुने व्यवस्था गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। सम्पत्तिको अनाधिकृत प्रयोग एवं अतिक्रमण नियन्त्रण गर्दै तीनवटै सरकारसँग रहेको भवन, सवारीसाधनलगायतका भौतिक पूर्वाधारको समुचित प्रयोग गर्नुपर्दछ।

सार्वजनिक प्रशासन र सेवा प्रवाह

- **मानव संसाधन व्यवस्थापन** - नेपालको संविधानको धारा ३०२ मा राष्ट्रसेवक कर्मचारीलाई संविधान प्रारम्भ भएका बखत संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने उल्लेख गरेको छ। संविधान कार्यान्वयनमा आएको लामो समय व्यतीत भइसक्दा पनि संघीय निजामती सेवा कानून जारी भएको छैन। प्रदेश सरकारले आ-आफ्नै निजामती सेवा ऐन बनाई कार्यान्वयनमा ल्याएको पाइएको छ। कर्मचारीको समायोजनले पूर्णता पाउन नसकेको, प्रदेश सरकारका निकाय तथा स्थानीय तहमा प्रदेश लोकसेवा आयोगको परामर्श वेगर कर्मचारी नियुक्ति तथा बढुवा गरेको अवस्थासमेत देखिएको छ। निजामती सेवा कानून समयमा नै जारी गर्ने, कानूनको पालना गरेरमात्र कर्मचारी भर्ना गर्ने, क्षमता अभिवृद्धिलगायत प्रत्येक वर्ष न्यूनतम समयावधिको व्यवहारिक तालिम प्रदान गर्ने, प्रतिभावान जनशक्ति भित्र्याउने एवं उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने र नेतृत्व क्षमता मूल्याङ्कन गरी विभागीय प्रमुख तथा आयोजना प्रमुखको जिम्मेवारी दिने व्यवस्था अवलम्बन गर्नुपर्दछ। एकातर्फ स्वीकृत दरबन्दी भित्र पदपूर्ति नभएको र अर्को तर्फ अस्थायी, करार र ज्यालादारीमा र परामर्श सेवामा हजारौ जनशक्ति कार्यरत रहेका छन्। खासगरी स्थानीय तहहरुमा करार र अस्थायी कर्मचारीहरुको बाहुल्यता रहेको छ। कर्मचारी परिचालन सम्बन्धी राष्ट्रिय नीतिको अभावमा सरकारी कार्यालय पिच्छे फरक-फरक प्रक्रिया अवलम्बन गरेको छ। कर्मचारी परिचालनको राष्ट्रिय नीति बनाउनुपर्दछ।

- **सूचना प्रविधिको उपयोग** - सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अनुसार विद्युतीय सुशासनलाई गतिशील र प्रभावकारी बनाउन गभर्मेन्ट इन्टरप्राइजेज आर्किटेक्चर तथा राष्ट्रिय इन्टरअपरेबिलिटी फ्रेमवर्कलगायतका प्रारूपको कार्यान्वयन गरिने उल्लेख भए पनि कार्यालयपिच्छे सफ्टवेयर खरिद गर्ने तर त्यसको उपयोग एवं अन्तरआबद्धता हुन सकेको छैन। निकायगत सूचना आदानप्रदान एवं उपयोग गर्न सक्ने डिजिटल नेपाल फ्रेमवर्क प्रणालीको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। सूचना प्रविधिको लागि नागरिकमा पनि अभ्यस्त गराउँदै विकास भएका प्रणाली र विभिन्न निकायले प्रदान गर्ने सेवाको एप्लिकेसनहरू पनि एकीकृत गर्नुपर्दछ। सूचना प्रविधि व्यवस्थालाई सुरक्षित गर्न साइबर सुरक्षाको व्यवस्था गरी अनुगमन प्रभावकारी बनाउनुपर्दछ।

- **सार्वजनिक सेवा प्रवाह** - सार्वजनिक निकायले नागरिकलाई दिने सेवामा ढिलासुस्ती, मध्यस्थकर्ताको प्रयोग गर्नुपर्ने अवस्था, डिजिटल सारक्षता र क्षमताको अभावले सेवाको लागत बढी परेको अवस्था छ। सेवा प्रवाहको समय, दूरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन विद्युतीय माध्यमबाट सेवा

प्रवाह गर्ने, एकद्वार सेवा प्रणाली अवलम्बन गर्ने, गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्र स्थापना र परिचालन गर्ने, कागजरहित र व्यक्तिगत सम्पर्करहित सेवा प्रवाह गर्ने, सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणालीको कार्यान्वयनलगायतका कार्यमा ध्यान दिनुपर्ने देखिन्छ। सार्वजनिक निकायले सेवाप्रवाह गरेको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ।

मैले ६ वर्षसम्म सार्वजनिक निकायहरुको आर्थिक व्यवहार मूल्याङ्कन गर्दा उत्साहजनक नतिजा प्राप्त गर्न सकेको छैन। संसदीय समितिका निर्देशन र विभिन्न संवैधानिक निकायको प्रतिवेदन कार्यान्वयन अवस्था, सार्वजनिक सेवा प्रवाहमा अस्तव्यस्तता, मध्यस्थताको उपस्थिति, कर्मचारीको पदस्थापन र सरुवा, भेदभाव, विकास आयोजनाहरूमा हुने न्यून प्रगति, भ्रष्टाचार तथा अनियमितता श्रृंखला, बेरुजूको बढ्दो तथ्याङ्क लगायतका विषयले आम नागरिकहरूको सरकार प्रतिको दृष्टिकोण सकारात्मक छैन। जिम्मेवार पदाधिकारीले निस्वार्थ कार्यसम्पादन गरेर नागरिकहरूमा सरकार प्रतिको विश्वास र साखमाथि उठाउन निष्ठावान एवं अनुकरणीय व्यक्ति र संगठनको रूपमा मुलुकी संयन्त्रलाई बदल्नु अत्यावश्यक भइसकेको छ। यसको लागि आर्थिक अनुशासनमा जोड, जवाफदेहिताको पालना, पारदर्शिताको प्रवर्द्धन गर्न सकारात्मक सोचको वातावरणलाई माथि उठाउन सत्यनिष्ठाको संस्कृतिको विकास गरी सुशासनको प्रत्याभूति दिलाउनु आवश्यक छ। सार्वजनिक पदाधिकारीहरुमा राष्ट्रप्रतिको समर्पण, राष्ट्रियताप्रतिको सम्मान र जनताप्रतिको सेवाभाव जागृत हुनुपर्दछ।

- **सार्वजनिक संस्थान सञ्चालन -** सरकारले सार्वजनिक संस्थानमा २०७८।७९ सम्म रू. ३ खर्ब ७४ अर्ब ऋण लगानी र रू. ३ खर्ब ५७ अर्ब शेयर लगानी गरेकोमा सोको प्रतिफल न्यून रहेको छ। अधिकांश सार्वजनिक संस्थानहरु नोक्सानमा रहेका कारण साँवाब्याज भुक्तानीसमेत नगरेको अवस्था छ। बन्द भएका एवं सञ्चालनमा नरहेका संस्थानमासमेत सरकारले विस्तार गरिरहेको लगानी, सार्वजनिक संस्थानहरुको कोष रहित दायित्व सृजना गरेको, व्यवसायिक योजना तयार नगरेको र व्यवस्थापकीय क्षमता कमजोर रहेको अवस्था देखिएको छ। प्रतिफल न्यून भएका सार्वजनिक संस्थानका उद्देश्य र हालको आवश्यकता विश्लेषण गरी सञ्चालन गर्ने, खारेज गर्ने, गाभ्ने वा अन्य प्रक्रिया अपनाई आवश्यक नीतिगत पुनरावलोकन गर्नुपर्दछ।

विकास व्यवस्थापन

- **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यका १७ मुख्य लक्ष्यहरू सन् २०३० सम्म हासिल गर्न संयुक्त राष्ट्रसंघको महासभाबाट सन् २०१५ को २५ सेप्टेम्बरमा पारित एजेन्डा २०३० लाई नेपालले पनि अनुमोदन गरेको छ। आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीति विषयक प्रतिवेदन अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक रू.२० खर्ब २५ अर्ब लगानी गर्नुपर्ने अनुमान रहेको मध्ये वार्षिक रू.५ खर्ब ८५ अर्ब नपुग हुने उल्लेख छ। अधिकांश सूचकहरूको मापन गर्न आवश्यक एकीकृत र खण्डीकृत तथ्याङ्कको अभावले प्रभावकारी अनुगमन हुन सकेको छैन। दिगो विकास लक्ष्य कार्यान्वयनको सन् २०२२ को माइलस्टोनको प्रगति समीक्षा भएको छैन। लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र अन्तरसम्बन्ध कायम गर्दै प्रदेश र स्थानीय तहले आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा दिगो विकासका लक्ष्य र गन्तव्यलाई आन्तरिकीकरण गर्नुपर्ने देखिन्छ। दिगो विकास लक्ष्य हासिल गर्न आर्थिकलगायतका स्रोत साधनको अधिक कमी रहने अवस्थालाई न्यूनीकरण गर्न आन्तरिक स्रोतको प्रभावकारी परिचालन, निजी तथा गैरसरकारी क्षेत्रको भूमिकामा अभिवृद्धि, वैदेशिक सहायताको समुचित उपयोग गर्न आवश्यक छ। दिगो विकास लक्ष्य हासिल गर्नको लागि तीन

तहका सरकार एवं विषयगत निकायबाट हुने योगदान पहिचान गरी प्रगतिको मापन, मूल्याङ्कन गर्नका लागि सूचकसहितको तथ्याङ्क सङ्कलन एवं विश्लेषण व्यवस्था मिलाई नियमित अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

- **आयोजना व्यवस्थापन –** आयोजना व्यवस्थापन गर्न विकास समितिको अतिरिक्त केन्द्रीय निकाय मातहत आयोजना कार्यालयहरु रहने गरेका छन्। आयोजना व्यवस्थापन मितव्ययी एवं दक्षतापूर्ण नहुँदा समय र लागत वृद्धि भइरहेको, आयोजना छनोट सहभागितामूलक नभएको, आयोजनाहरूको पर्याप्त लाभलागत विश्लेषण नगरी तथा आयोजनाहरूको तयारी चरणमा गर्नुपर्ने कार्यहरू पूरा नहुँदै कार्यक्रम र बजेटमा राख्ने, सञ्चालित आयोजनामा क्षेत्रगत समन्वय नभएको, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजनालगायतका आयोजनाको प्रभावकारी व्यवस्थापन हुन नसक्दा लक्षित प्रतिफल समयमा प्राप्त नहुने अवस्था छ। लागत लाभ विश्लेषणको आधारमा आयोजना बैङ्क तयार गरी सोभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने, पर्याप्त अध्ययन र स्थलगत अवलोकन बेगर ड्रइङ डिजाइन तयार नगर्ने, आयोजना कार्यान्वयनको लागि अन्तरसम्बन्धित निकायहरूबीच समन्वय गर्ने, जग्गा प्राप्ति र मुआब्जा कार्यलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गर्ने, आयोजनाको प्रभावकारी अनुगमन एवं सम्पन्न भएपश्चात प्रभाव मूल्याङ्कन गरिनुपर्दछ। प्रत्येक वर्ष पुँजीगत खर्च विनियोजित बजेटको ठुला हिस्सा खर्च नभएको अवस्था छ । पुँजीगत बजेट विनियोजन अङ्कको हिसाबले त्यति ठुलो आकारको नहुँदा पनि खर्च गर्ने क्षमतामा नै कमी रहेको देखिन्छ । आयोजनामा खटिएका कर्मचारी नियुक्त अवधिसम्म अन्यत्र सरुवा नगर्ने र आयोजना तालिका अनुसार कार्यसम्पन्न गर्न जिम्मेवार बनाउनुपर्दछ। नतिजामा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ।

- **सार्वजनिक खरिद व्यवस्थापन** - नेपालमा सार्वजनिक खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ प्रयोगमा रहेको छ। त्यसैगरी खरिद सम्बन्धी मापदण्डहरु निर्धारण भएका छन्। सार्वजनिक खरिद ऐनको प्रस्तावनामा खरिद पारदर्शि, सहभागितामूलक, प्रतिस्पर्धात्मक र निष्पक्ष हुने सुनिश्चितता गरेको छ। सार्वजनिक खरिदका लागि आवश्यक कानून, मापदण्ड, नर्म्सलगायतका व्यवस्था रहे तापनि सार्वजनिक खरिद प्रक्रिया स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी हुन नसकेको स्थिति छ। सार्वजनिक खरिद समयमा हुन नसकेको, लागत अनुमान यथार्थपरक नभएको, अत्यधिक भेरिएसन हुने गरेको, खरिद कानूनमा व्यवस्था भएबमोजिम मालसामान, निर्माण कार्य र सेवाको आवश्यकता पहिचान हुन नसकेको, खरिदको वार्षिक तथा गुरुयोजना तयारी नभएको अवस्था छ। त्यसैगरी निश्चित वर्गका व्यवसायीलाई मात्र मिल्ने गरी शर्त एवं स्पेसिफिकेसन तयार गर्ने, उपभोक्ता समितिमार्फत जटिल प्राविधिक कार्य गराउने, पूर्व तयारीका कार्य नगरी ठेक्का व्यवस्थापन हुने, समयमा ठेक्काको काम सम्पन्न नहुने, बोलपत्रमा अत्याधिक न्यून दर कबोल गरेको कारण कामको गुणस्तरमा समस्या रहने गरेको छ। विद्युतीय खरिद प्रणाली अनिवार्यरूपमा लागू गर्ने समयमा नै सार्वजनिक खरिद कानूनबमोजिम पूर्व तयारी पश्चात समयमा नै खरिद गर्ने, लागत अनुमानलाई वैज्ञानिक एवं भरपर्दो बनाउँदै र प्रतिस्पर्धा सीमित हुने गरी स्पेसिफिकेसन तयार गर्ने एवं प्याकेजिङ्ग गर्ने कार्यलाई निरुत्साहन गर्नुको अतिरिक्त सार्वजनिक खरिद कानूनलाई समयानुकूल परिवर्तन गरी विकास र सेवामैत्री बनाउनुपर्दछ।

सार्वजनिक जवाफदेहिता र सुशासन

- **संस्थागत सुशासन** - आन्तरिक नियन्त्रण प्रणाली संस्थागत सुशासनको आधार हो । सबै सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा नगरेको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) पूर्ण रुपमा कार्यान्वयन नभएको, वित्तीय प्रतिवेदनले समस्त कारोबारको यथार्थ चित्रण नगरेको, आन्तरिक लेखापरीक्षण समयवद्ध र

कार्यात्मकरूपमा स्वतन्त्र र पेशागत हुन नसकेको अवस्था छ। नेप्सासको प्रभावकारी कार्यान्वयन एवं नगदमा आधारित लेखा प्रणालीलाई सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्नेतर्फ आवश्यक कार्य गर्नुपर्दछ। आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी यसको प्रभावकारी कार्यान्वयन गर्ने तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत स्वतन्त्रता दिलाउने गरी तीनै तहका सरकार र सार्वजनिक संस्थाहरूमा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ।

प्रत्येक वर्ष बेरुजूको अङ्क बढ्दै जाँदा हाल कुल कारबाहीको टुङ्गो लगाउनुपर्ने रकम करिब रु. ९ खर्ब ६० अर्ब पुगेको छ । प्रत्येक वर्ष फस्यौंटको अङ्क घट्दो क्रममा छ । यस वर्ष संघीय सरकारतर्फ रु. ५६ अर्ब ३१ करोड बेरुजू थपिएकोमा फस्यौंट रु. ७ अर्ब २९ करोड मात्र भएको छ । यसलाई सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरुले गम्भीरतापूर्वक लिनुपर्दछ । स्थानीय तहतर्फ आर्थिक व्यवहारमा नियन्त्रणात्मक सन्तुलनको जरुरी छ । कतिपय स्थानीय तहमा लेखा समिति गठन हुन बाँकी रहेको, गठन भएकोमा पनि प्रभावकारी हुन नसकेको अवस्था छ । लेखापरीक्षण प्रतिवेदन उपर छलफल र कारबाही गर्ने संयन्त्र आवश्यक रहेको छ ।

सरोकारवालासँगको सम्बन्ध

- **संसदीय समिति र अन्य सरोकारवालासँगको सम्बन्ध -** संघीय संसद र प्रदेश सभाअन्तर्गतका सार्वजनिक लेखा समितिलगायत अन्य संसदीय समितिहरूसँग निकटतम सम्बन्ध कायम गर्दै निरन्तर छलफल, सम्पर्क एवं समन्वय गरी कार्य गर्ने प्रयास गरिएको छ। सरकार र यसका निकायहरूसँग कार्यात्मक सम्बन्ध कायम राख्दै लेखापरीक्षण कार्यलाई दक्ष र प्रभावकारी बनाउन पहल गरिएको छ। लेखापरीक्षणमा नागरिक समाजका व्यक्ति तथा संगठनहरूलाईसमेत सहभागी गराइएको छ। मोबाइल एप्लिकेसनमार्फत नागरिकबाट सूचना लिने प्रणालीको शुरुवात हुन गैरहेको छ। कार्यालयका गतिविधिहरूबारे आम नागरिक र आम सञ्चार माध्यमलाई जानकारी गराउन उचित सञ्चारको व्यवस्था गरिएको छ। संवैधानिक निकायहरूबीच एक आपसमा समन्वय एवं सूचना आदान-प्रदान गरी लेखापरीक्षणको प्रभाव वृद्धि र प्रतिवेदनका सुझाउ कार्यान्वयन गर्नुपर्दछ। अनियमितता तथा बेरुजूउपर वित्तीय कारोबार गर्ने र निर्णय निर्देशन गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनु आवश्यक छ।
- **अन्तर्राष्ट्रिय सम्बन्ध -** नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनको सदस्य रहेको छ। ती संगठनबाट लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्न सञ्चालित गरिएका विभिन्न कार्यक्रममा तथा कार्यदलमा नेपाल सहभागी हुँदै आएको एवं विषयगत लेखापरीक्षणमा समेत कर्मचारी संलग्न गराइएको छ। लेखापरीक्षणलाई प्रभावकारी बनाउन र आपसी अनुभव आदान-प्रदान गर्न अन्य सर्वोच्च लेखापरीक्षण संस्था र अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग समझदारी गरिएको छ। बेलायतको अक्सफोर्ड विश्वविद्यालयद्वारा सन् २०२१ देखि २०२३ सम्म आयोजना भइरहेको "सत्यनिष्ठा र भ्रष्टाचार" सम्बन्धी विभिन्न सेसनमा मेरो पनि सहभागिता रहेको छ। विश्वका १५ जना विशिष्ट व्यक्तित्व सहभागी रहने सो कार्यक्रममा नेपाल पनि सहभागी हुनुले कार्यालयको साख बढाउन सहयोग गरेको छ। भविष्यमा पनि अन्तर्राष्ट्रिय संगठन र संस्थाहरुसँगको आवद्धता निरन्तरता दिन जरुरी छ।



संस्थाको क्षमता विकास

कार्यालयमा उपलब्ध सीमित स्रोतसाधनबाट महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूको क्षमता विकास गर्ने, लेखापरीक्षणको विधि, पद्धति र प्रतिवेदन प्रणालीमा सुधार गर्दै लेखापरीक्षकको आचरण तथा व्यवहारलाई नागरिकमा अनुभूति हुने गरी जवाफदेही बनाउनुपर्ने देखिएको छ। त्यसैगरी लेखापरीक्षणका समग्र कार्यप्रक्रियालाई विद्युतीय माध्यमबाट सम्पादन गर्न कार्यान्वयनमा ल्याइएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको पूर्ण कार्यान्वयन गर्दै दूर लेखापरीक्षणको अवधारणालाई कार्यान्वयन गर्न लेखापरीक्षण गराउने निकायलाई प्रविधिमैत्री बनाउँदै नतिजामुखी ढंगले कार्यान्वयन गर्ने चुनौती रहेको छ । सम्वत् २०७८ मार्गदिखि अनामनगरस्थित नयाँ भवनबाट कार्यालय सञ्चालनमा आएको छ। तथापी सबै कर्मचारीलाई पुग्ने गरी कार्यालय व्यवस्थापन गर्न सकिएको छैन। हाल महालेखापरीक्षकको कार्यालयले चौथो रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ। सो रणनीतिक योजनामा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, स्वायत्तता तथा आन्तरिक सुशासन, संस्थागत र पेशागत क्षमता विकास र सरोकालवालाहरूसँगको सम्बन्ध सुधारलगायतका विषय समावेश गरिएका छन्। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको कार्यसम्पादनको आवधिक रूपमा मूल्याङ्कन गर्ने प्रचलनअनुसार थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट २०७६ मा यस कार्यालयको कार्यसम्पादन मूल्याङ्कन भएको छ। उक्त मूल्याङ्कनबाट देखिएका सुधार गर्नुपर्ने विषयहरूलाई महालेखापरीक्षकको कार्यालयको चौथो रणनीतिक योजनामा समेत समावेश गरिएको छ।

लेखापरीक्षण ऐन, २०७५ को प्रावधानहरूलाई व्यवस्थित तरिकाले कार्यान्वयनमा ल्याउन लेखापरीक्षण नियमावली तर्जुमाको प्रक्रियामा रहेको छ। लेखापरीक्षण सेवाका कर्मचारी परिचालन, सीप तथा क्षमता विकास, उत्प्रेरणागत प्रोत्साहन प्रणाली, पेशागत आचरण र व्यवहारगत पक्ष, वृत्ति विकासका अवसरलगायतका विषयमा अध्ययन गरी थप व्यवस्थित गर्ने प्रयत्न भइरहेको छ। लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरूपको बनाउन इन्टोसाई मानदण्ड ग्रहण गरी २०७७ श्रावणदेखि कार्यान्वयनमा ल्याइएको छ। पेशागतमान र विधिसम्मत लेखापरीक्षण सम्पादन गर्न वित्तीय, परिपालना र कार्यमूलक लेखापरीक्षणलगायतका मार्गदर्शनहरू तयारी एवं अद्यावधिक गरिएको छ। महालेखापरीक्षकको कार्यालयको संस्थागत क्षमता विकास गर्न लेखापरीक्षण अनुसन्धान तथा अभिलेख केन्द्र, जनशक्ति विकासको लागि लेखापरीक्षण उत्कृष्टता केन्द्र स्थापना गर्ने प्रयास भइरहेको छ।

कार्यालयको अपेक्षा

महालेखापरीक्षकमा नियुक्ति भएपश्चात् मेरो कार्य अवधिमा लेखापरीक्षणसँग सम्बन्धित केही भौतिक पूर्वाधार, कानूनी, नीतिगत एवं व्यवस्थापकीय विषयमा सुधार भएको छ। यस कार्यले आगामी दिनमा समेत निरन्तरता पाउने अपेक्षा गर्दछु। लेखापरीक्षणको माध्यमबाट सार्वजनिक निष्ठा, सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गरी सुशासन अभिवृद्धि र आम नागरिकको जीवनमा सकारात्मक परिवर्तनको भूमिका खेल्ने प्रमुख उद्देश्य राखिएको छ। महालेखापरीक्षकको कार्यालयको स्थापनापश्चात् यो समेत ६० वटा वार्षिक प्रतिवेदन पेस भए पनि सोको अपेक्षित कार्यान्वयन हुन नसक्दा हरेक वर्ष एउटै प्रकृतिका व्यहोरा दोहोरिने गरेका छन्। प्रस्तुत वार्षिक प्रतिवेदन र कार्यालयबाट जारी भएका अन्य लेखापरीक्षण प्रतिवेदनहरू यथासमयमा संघीय संसद, प्रदेश सभा र गाउँसभा/नगर सभामा पेस भई प्रतिवेदनमा उल्लिखित सुझाउ कार्यान्वयन गर्न सम्बन्धित पक्षहरूले थप ध्यान दिने अपेक्षा गरेको छु ।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि र प्रभावकारिताका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावअनुसार

महालेखापरीक्षकको कार्यालयको लागि आवश्यक पर्ने वित्तीय, संगठनात्मक र कार्यात्मक स्वतन्त्रता प्रदान गर्न संघीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा लिएको छु। नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षण र सम्परीक्षणसम्बन्धी सबै अधिकार प्रदान गरेको छ। तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का केही प्रावधान लेखापरीक्षण ऐनसँग बाझिएको अवस्थाले महालेखापरीक्षकको कार्यात्मक स्वतन्त्रतामा संकुचन आउन सक्ने देखिँदा नेपाल सरकार र संघीय संसदबाट ऐनमा परिमार्जन गर्दै नेपालको संविधान र अन्तर्राष्ट्रिय प्रचलनअनुसार सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता कायम हुने विश्वास लिएको छु।

महालेखापरीक्षकको स्वायतता तथा प्रभावकारिताको लागि यस कार्यालयमा कार्यरत कर्मचारीको छुट्टै सेवा रहेको भए तापनि सेवाको सञ्चालन नेपाल सरकारबाट भइरहेको छ। यस कार्यालयमा कार्यरत कर्मचारीले निर्वाह गरेको भुमिका अतुलनीय छ। तथापी संवैधानिक निकायको कार्य सम्पादन अनुरुप विशेष सुविधाको व्यवस्था गर्न सकिएको छैन। तसर्थ यस कार्यालयमा कार्यरत कर्मचारीको लागि महालेखापरीक्षकको कार्यालयबाट सञ्चालन गर्नेगरी छुट्टै सेवा शर्त र विशेष सुविधा तथा प्रोत्साहनको व्यवस्था हुनुपर्दछ ।

अन्तमा,

सार्वजनिक वित्तीय व्यवस्थापन र सेवा प्रवाहका सम्बन्धमा महालेखापरीक्षकको वार्षिक एवं अन्य प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक निष्ठा, सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा उल्लेख्य योगदान पुग्ने विश्वास लिएको छु। मैले महालेखापरीक्षकको जिम्मेवारी लिएपछि नेपालको वित्तीय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन पालना र सुशासनमा योगदान पुऱ्याउने अठोटसहितको प्रतिबद्धताका साथ यो कार्यभार सम्हालेको थिएँ। आज पनि मैले जिम्मेवारी लिँदाका बखतको प्रतिबद्धता, उत्साह, जोश, जाँगर र हौसलामा कुनै कमी आउन नदिई मेरो ज्ञान, सीप, अनुभव र समय पूर्णरूपमा महालेखापरीक्षकको काम कर्तव्य प्रति समर्पित रहेर मैले मेरो ६ वर्षे कार्यकाल पूरा गर्न लागेको छु। मैले महालेखापरीक्षकमा नियुक्ति हुँदा अठोट गरी बनाएका योजनाअनुसारको कार्यहरू सफलतापूर्वक सम्पन्न गरेको छु। यो प्रतिवेदन बुझाइसकेपछि आफ्नो कार्यकालमा गरेका कामहरूको विश्लेषणसहितको ६ वर्षे कार्यकाल र यसको उपलब्धि तयार गरी प्रकाशन हुने छ। महालेखापरीक्षकको पदावधि समाप्त भएपछि पनि बेथिति, अनियमितता र भ्रष्टाचार नियन्त्रण तथा सत्यनिष्ठा प्रवर्द्धनमा मेरो योगदान निरन्तर रही नै रहने छ। यस कार्यमा आफ्नो प्रतिबद्धता व्यक्त गर्दै सबैको सहयोग र सद्भाव सदाझै प्राप्त हुने विश्वास लिएको छु।

संवैधानिक जिम्मेवारीअनुसार मेरो कार्यसम्पादनको क्रममा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय कार्यवाहक प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन, संघीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायतबाट प्राप्त सुझाउप्रति आभार व्यक्त गर्न चाहन्छु। साथै, सीमित स्रोत साधन र कठिनाइका बाबजुद लेखापरीक्षण कार्यलाई समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनुहुने कार्यालयका सम्पूर्ण कर्मचारी प्रति कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ। साथै, संविधानको धारा २४१ (५) बमोजिम अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण संघीय कानूनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ को दफा ८ मा लेखापरीक्षण गर्दा परीक्षण गर्नुपर्ने विषय र दफा ९ बमोजिम औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न सक्ने विषय तथा दफा ४ बमोजिम अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्ने, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउने, त्यसमा विवेचना तथा आलोचना गर्ने र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था गरेको छ।

२. **उद्देश्य -** संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानूनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको थियो। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

वित्तीय लेखापरीक्षण

- तीन वटै तहका सरकारहरूको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- कानूनसम्मत तवरले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानूनबमोजिम राजस्व बाँडफाँट भएको,
- विनियोजन ऐन बमोजिम सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको सावाँ, ब्याज, लाभांशलगायतको लेखा राखेको।

परिपालनाको लेखापरीक्षण

- प्रचलित कानूनको परिपालना गरी स्रोत साधनको प्राप्ति, परिचालन एवं अभिलेख राखेको,
- आर्थिक कारोबार गर्दा ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याँइ गर्ने यथेष्ट प्रमाण राखेको,
- खर्च गर्दा दुरूपयोग हुन नपाउने गरी पर्याप्त कानूनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था पर्याप्त भएको र सोको अनुसरण गरेको।

कार्यमूलक लेखापरीक्षण

- खर्च मितव्ययी तवरले गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धि विश्लेषण गरी उचित ढंगले खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको,

विविध विषयको लेखापरीक्षणको

- प्रदेश सरकार, महानगरपालिकाहरू र उपमहानगरपालिकाहरूको पाँच वर्षको कार्यसम्पादन अवस्थाको विशेष लेखापरीक्षणअन्तर्गत बजेट खर्च, कार्यसम्पादन र उपलब्धि मूल्याङ्कन भएको,
- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवं प्रभावकारीतवरले उपयोग गरेको।

३. **लेखापरीक्षणको क्षेत्र** - संवैधानिक निकाय, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीन तहका सरकारका पूर्ण स्वामित्व भएको संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, संघीय कानूनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकेका अन्य निकायको आर्थिक वर्ष २०७८।७९ को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ। शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, विकास प्रशासन, सार्वजनिक जवाफदेहिता र सुशासनसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। सोको साथै दिगो विकास लक्ष्य प्राप्तिको लागि सञ्चालित क्रियाकलापको मूल्याङ्कनलाई समेत लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।

४. **लेखापरीक्षण पद्धति** - वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा कार्यालयले तयार गरेको "नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली" (NAMS) प्रयोग गरी यो वर्ष सबै निकायको विद्युतीय लेखापरीक्षण र सोको व्यवस्थापन गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको आन्तरिक

नियन्त्रण मूल्याङ्कन प्रणाली आन्तरिक लेखापरीक्षण तथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा दूरलेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

समग्र एवं निकायगत जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त तथा सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको इकाईगत योजनामा उल्लेख गरी नमूना छनौटका आधारमा लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा केही विषयमा नागरिक समाजलाई संलग्न गराइएको छ भने यस्तो लेखापरीक्षणमा प्रमाण सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली तयार, सरोकारवालासँग सामूहिक छलफल लगायतका विधि अपनाइएको छ। लेखापरीक्षणमा विशेषतः समस्यामूलक र परिणाममूलक पद्धति अवलम्वन गरिएको छ। प्राविधिकरूपमा जटिल विषयका लेखापरीक्षणमा सम्बन्धित विषयविज्ञको सेवा समेत लिइएको छ। साथै लेखापरीक्षणका समग्र पक्षमा सल्लाहकार समिति र अन्य सरोकारवालासमेतको सुझाउ लिइएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम प्रारम्भिक प्रतिवेदन जारी पूर्वको पुनरावलोकन र नमूना छनौटको आधारमा सम्पन्न लेखापरीक्षणको गुणस्तर आश्वस्तता पुनरावलोकनका कार्यहरूसमेत गरिएको छ।

५. **वार्षिक प्रतिवेदन** - संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। साथै, संविधानको धारा २९४(२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानुन बमोजिम हुने व्यवस्थाअनुरूप लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) को (क) मा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, (ख) मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, (ग) मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र (घ) मा आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम महालेखापरीक्षकले सम्माननीय राष्ट्रपतिसमक्ष यो ६०औँ वार्षिक प्रतिवेदन पेस गरिएको छ। यस प्रतिवेदनमा ६ परिच्छेद तथा २३ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका व्यहोराको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका व्यहोरा, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार र परिच्छेद ६ मा कार्यालय गतिविधि समावेश गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग ७ प्रतिवेदन तयार गरिएको छ। स्थानीय तह ७५३ मध्ये ७५१ लाई बक्यौतासमेत अन्तिम प्रतिवेदन जारी गरिएको छ। त्यसैगरी कार्यमूलक तथा विशेष लेखापरीक्षण, सूचना प्रविधि लेखापरीक्षण र वातावरणीय लेखापरीक्षणका प्रमुख व्यहोरालाई पनि यो प्रतिवेदनमा समावेश गरिएको छ। वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार गरिएको छ।

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नम्बर १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०७९।८० मितिः २०७९।१२।२९
च.नं. : ६२

विषयः संघीय सञ्चित कोषको वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन।

श्री सचिव,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

१. **कैफियत सहितको राय-** हामीले आर्थिक वर्ष २०७८।७९ को संघीय सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण, तत्सम्बन्धमा अपनाएका आधार र लेखानीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को संघीय सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय विवरण र त्यससम्बन्धमा अपनाएका आधार र लेखा नीति तथा टिप्पणीहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपले सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. आर्थिक वर्ष २०७८।७९ मा समग्र राजस्व, अनुदान, आन्तरिक तथा वाह्य ऋण र सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत कुल प्राप्त रू.१३ खर्ब ६९ अर्ब ४३ करोड ३३ लाखमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ (सोझै भुक्तानी हुने अनुदान र ऋण समेत) रू.१३ खर्ब १० अर्ब ८ लाख खर्च भई यो वर्ष रू.५९ अर्ब ४३ करोड २५ लाख बचत रहेको छ। गत वर्षान्तमा ऋणात्मक देखाएको रू.१ खर्ब ११ अर्ब ९६ करोड ३३ लाखमा यो वर्षको बचत समायोजन गर्दा २०७९ आषाढ मसान्तमा रू.५२ अर्ब ५३ करोड ८ लाख ऋणात्मक मौज्दात हुनुपर्नेमा रू.५३ अर्ब ९१ करोड १४ लाख ऋणात्मक मौज्दात देखाएको छ। फरक रू.१ अर्ब ३८ करोड ६ लाखलाई विनिमयदर वा अन्य समायोजन उल्लेख गरेतापनि यसको यथार्थ हिसाव पेस भएको छैन। नेपाल सरकारको लेखा नगद आधारमा लेखाङ्कन गर्दा कोषको मौज्दात ऋणात्मक हुन नसक्ने अवस्थामा गत विगत वर्षदेखि नै ऋणात्मक मौज्दात देखिएको छ।

२.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ र नियमावली, २०७७ को नियम १० अनुसार महालेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चितकोष, प्रदेश सञ्चितकोष र सङ्घीय सञ्चितकोषको आम्दानी, खर्च, कोष, धरौटी, राजश्व र सम्पत्ति तथा दायित्व लगायतको एकीकृत वित्तीय विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेस गर्नुपर्नेमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको अलग अलग एकीकृत वित्तीय विवरण पेस गरेकोले ऐन तथा नियमावलीको पालना नभएको र राज्यको समग्र आर्थिक कारोवार यकिन हुन नसकेको अवस्था छ। महालेखा नियन्त्रक कार्यालयले तिनै तहका सरकारको अतिरिक्त गैर बजेटरी निकाय समेतको एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

फोन नम्बरः ५९१९१६३ फ्याक्सः ४२६८३०९ इमेलः oagnep@ntc.net.np/info@oag.gov.np वेवः www.oag.gov.np

२.३. आर्थिक विवरणमा वैदेशिक अनुदान र ऋण क्रमशः रू.२४ अर्ब १४ करोड ९० लाख र रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाख प्राप्त भएको उल्लेख भएपनि नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा सिधै भुक्तानी अन्तर्गत अनुदानतर्फ रू.८ अर्ब ६३ करोड ३९ लाख र वैदेशिक ऋणतर्फ रू.३९ अर्ब १ करोड ६६ लाख लेखाङ्कन गरेको छैन।

२.४. सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार वैदेशिक सहायता आम्दानी प्राप्त गर्दा दाताको नाममा नेपाल राष्ट्रबैङ्कमा क-७ समूहमा दाता अनुसार खाता खोल्ने र खर्च गर्दा २.५ विशेष खाता(अनुदान) बाट खर्च गर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरण अनुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम खातामा अमेरिकी डलर ६३ लाख ३६ हजार १२५ रहेको छ। सो रकम २०७९ आषाढ मसान्तको विनिमयदर रू.१२७.५१ ले रू.८० करोड ७९ लाख हुन आउँछ। यस प्रकारको क ७ समुह उल्लेख नभएको रकम दातृनिकायसंग समन्वय गरि सञ्चितकोषमा ल्याएको छैन।

२.५. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख अनुसार आन्तरिक ऋण तर्फ रू.२ खर्ब ३१ अर्ब ८४ करोड ५५ लाख प्राप्ति देखाएकोमा सञ्चितकोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरणमा रू.२ खर्ब १९ अर्ब ६२ करोड ४ लाख मात्र देखाएकोले सञ्चितकोष तर्फ रू.१२ अर्ब २२ करोड ५१ लाख घटि प्राप्ति उल्लेख गरेकोमा हिसाब मिलान भएको छैन।

२.६. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट पेस भएको नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन अनुसार रू.१ खर्ब ३३ अर्ब ८ करोड ३४ लाख वैदेशिक ऋण प्राप्ति देखिएकोमा महालेखा नियन्त्रक कार्यालयले मूल आर्थिक विवरणमा रू.१ खर्ब २५ अर्ब ६१ करोड २८ लाख देखाएको छ। तर संघीय सञ्चितकोषको आर्थिक विवरणमा रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाख प्राप्ति देखाएकोले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनमा भन्दा सञ्चितकोषको आर्थिक विवरणमा रू.२ अर्ब ८५ करोड ८७ लाख बढी देखिन्छ। यसरी ऋण प्राप्तिमा फरक पर्नाको कारण खुलाएको छैन।

२.७. महालेखा नियन्त्रक कार्यालयले २०७९ आषाढ मसान्तमा काठमाण्डौ उपत्यका प्रसारण प्रणाली विस्तार आयोजनाको लागि नेपाल विद्युत प्राधिकरणलाई रू.५ अर्ब, विद्युत उत्पादन र प्रसारण कम्पनीलाई रू.७५ करोड शेयर लगानी तथा नेपाल आयल निगमलाई दीर्घकालीन ऋण वापत रू.७ अर्ब खर्च लेखेको छ। वर्षान्तमा खर्च लेखेको उक्त रकम मध्ये नेपाल विद्युत प्राधिकरणबाट रू.५ अर्ब राजश्व खातामा दाखिला गरेको देखियो। यस्तो रकम सञ्चित कोषको प्राप्ति र भुक्तानी दुवै तर्फ अनावश्यक बढी देखिएको छ।

२.८. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले नेपाल वायुसेवा निगमको लागि ४ विमान खरिद गर्न चाइना एक्जिम बैंकबाट रू.३ अर्ब २ करोड ६ लाख ऋण लिएकोमा लगानीको हिसाबमा देखाएको छैन। त्यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माणको लागि यो वर्ष रू.३ अर्ब ४९ करोड ९० लाख समेत प्राप्त गरेको रू.१७ अर्ब २२ करोड १६ लाख लगानीको हिसाबमा समावेश गरेपनि कूल वैदेशिक ऋणमा समावेश नभएकोले सो रकमले सञ्चितकोष हिसाबमा असर गरेको देखिन्छ।

२.९. वैदेशिक स्रोत तर्फको सोझै भुक्तानी खर्च र वस्तुगत सहायता रकम भुक्तानी भएको जानकारी प्राप्त हुनासाथ एकल खाता कोष प्रणालीमा प्रविष्ट गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाउनु पर्नेमा स्थानीय पूर्वाधार विभागले दातृ निकायबाट सोझै खर्च गरेको जानकारी पठाएतापनि आर्थिक विवरण पेस गरि लेखापरीक्षण नगराएको रू.३२ करोड ९१ लाख २० हजार एकीकृत वित्तीय विवरणमा समावेश भएको छैन।

२.१०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको रकममध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीबाट प्राप्त विवरण अनुसार स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदान तर्फ कुल रू.२ खर्ब १३ अर्ब ५७ करोड ९ लाख निकासा भएकोमा रू.१ खर्ब ८१ अर्ब ७० करोड ६२ लाख खर्च भई रू.३१ अर्ब ८६ करोड ४७ लाख बाँकी रहेको देखिन्छ। उक्त रकम मध्ये २०७८।७९ मा रू.९ अर्ब १३ करोड ७० लाख फिर्ता गरेको र तत्पश्चात २०७९ फागुनसम्म रू.१७ अर्ब ५६ करोड ४० लाख फिर्ता गरेको देखिन्छ। लेखापरीक्षण अवधिसम्म रू.५ अर्ब १६ करोड ३७ लाख फिर्ता भएको छैन। वित्तीय हस्तान्तरण गरिएको अनुदान रकम संघीय सञ्चित कोषबाट खर्च लेखिएतापनि स्थानीय तहमा यथार्थमा खर्च नभई मौज्दात रहेको छ।

२.११. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टीबापत प्राप्त हुने रकम विभाज्य कोषमा दाखिला गरी विभाज्य कोषबाट ५० प्रतिशत संघीय सञ्चित कोषमा, २५ प्रतिशत प्रदेश सञ्चित कोषमा र २५ प्रतिशत स्थानीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष संघीय विभाज्य कोष खातामा जम्मा भएको रू.५६ करोड ६ लाख २०७९।१०।९ मा मात्र बाँडफाँट गरेको देखिन्छ। तर संघीय राजस्वको हिस्सा संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ। तीन तहको सरकारको आर्थिक विवरण पेस भएपछि रकम पठाउँदा प्रदेश र स्थानीय तहको सञ्चितकोषमा रोयल्टीको रकमले असर गरेको अवस्था छ।

२.१२. नेपालको संविधानको धारा ११५(२) को व्यवस्थाअनुसार नेपाल सरकार जमानत बसेर ऋण उपलब्ध गराउने व्यवस्था छ। त्यसरी जमानत बसेबाट सिर्जना हुन सक्ने सम्भावित दायित्व सम्बन्धमा लेखा नीति तथा टिप्पणीमा कुनै व्यहोरा खुलासा गरेको छैन। महालेखा नियन्त्रक कार्यालयले प्रतिवद्धताको रकम खुल्ने अभिलेख राखेको छैन। कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट नेपाल सरकारको रू.३४ अर्बको जमानतमा विमान खरिद गर्न नेपाल वायुवेवा निगमले लिएको ऋण रू.३३ अर्ब ९७ करोड ७२ लाखमा साँवा किस्ता तथा व्याज भूक्तानी नगरेकोले २०७९ आषाढ मसान्त सम्म रू.४४ अर्ब २ करोड ३७ लाख पुगेको छ। महालेखा नियन्त्रक कार्यलयले प्रतिवद्धता तथा जमानतको हिसाव अद्यावधिक नगरेकोले यसले वजेटमा भार पार्ने देखिन्छ। जमानत र प्रतिवद्दता रकमको खुलासा हुनु पर्दछ।

२.१३. यस वर्षको लेखापरीक्षणवाट रू.२५ अर्ब ८३ करोड ८६ लाख असुल गर्नुपर्ने, रू.१७ अर्ब ३२ करोड ३३ लाख अनियमित देखिएको, रू.५३ अर्ब ८९ करोड २ लाख प्रमाणका कागजात पेस नभएको, रू.२८ करोड १५ लाख शोधभर्ना नलिएको र रू.९ अर्ब ६ करोड ३२ लाख पेस्की बेरुजूसमेत रू.१ खर्ब ६ अर्ब ३९ करोड ६८ लाख बेरुजू देखिएको छ। यस अतिरिक्त राजस्व बक्यौता रू.३ खर्ब २५ अर्ब ७३ करोड २८ लाख र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमशः रू.१५ अर्ब ६ करोड ६ लाख र रू.२१ अर्ब ८० करोड ४९ लाख रहेकोले असुल फर्स्यौट गर्नुपर्ने देखिन्छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने नेपाल सरकारसँग हामी स्वतन्त्र छौं। त्यसका लागि संवैधानिक तथा कानूनी प्रावधान र स्वीकृत आचारसंहिता अनुसार हामीले

लेखापरीक्षण सम्पन्न गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - यो वर्षको आर्थिक कृयाकलापमा मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, समग्र अर्थतन्त्र, सार्वजनिक वित्तीय व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, विकास प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी महालेखानियन्त्रक कार्यालयमा रहेको छ। वित्तीय प्रतिवेदन तयारी गर्ने प्रक्रियाको अनुगमनका लागि अर्थ मन्त्रालय जिम्मेवार रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिसमेतको कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ। नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजीजन्य वा अन्य त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजीजन्य वा अन्य त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

परिच्छेद

१

लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	(रू. करोडमा)
(क) वित्तीय लेखापरीक्षण			
१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)		४०६८	२३५६३४
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)		१२१८	३१२७३
३. स्थानीय तह (बक्यौता २ समेत)		७५१	११०४०१
४. समिति र अन्य संस्था (प्रदेशतर्फको ९६ समेत)		४३४	१८२२२
५. संगठित संस्था		७५	३१८२८७
(ख) कार्यमूलक लेखापरीक्षण	६	-	-
(ग) वातावरणीय लेखापरीक्षण	१	-	-
(घ) सूचना प्रविधि लेखापरीक्षण	१	-	-
जम्मा		**६५४६**	**७१३८१७**

यो वर्ष ४ हजार ६८ संघीय मन्त्रालय तथा निकायको रू.२३ खर्ब ५६ अर्ब ३४ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार २१८ को रू.३ खर्ब १२ अर्ब ७३ करोड, स्थानीय तह ७५३ मध्ये ७४९ र गत वर्षको बक्यौता २ समेत ७५१ को रू.११ खर्ब ४ अर्ब १ करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४३४ को रू.१ खर्ब ८२ अर्ब २२ करोड र संगठित संस्था ७५ को रू.३१ खर्ब ८२ अर्ब ८७ करोडसमेत रू.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण अनुसूची १, १क, १ख, २, ४, र २१ मा उल्लेख छ।

१. **संघीय मन्त्रालय तथा निकाय** - यो वर्ष ४ हजार ६८ संघीय सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू.करोडमा)

क्र. सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन	१२०४८८
२	राजस्व	९८६६७
३	धरौटी	७००८
४	अन्य कारोबार	९४७१
	जम्मा	**२३५६३४**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ। गत वर्षसम्म संघीय सरकारी कार्यालयतर्फ २ हजार ९९९ एकाइको रू.६ अर्ब १ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष १६ एकाइले रु.१ अर्ब ४२ करोडको लेखापरीक्षण गराएका छन्।

२. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष ७ प्रदेशअन्तर्गत १ हजार २१८ निकायको रू.३ खर्ब १२ अर्ब ७३ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश कार्यालयतर्फ ५२ एकाइको रू.१ अर्ब ६३ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ६ निकायले रु.३९ करोडको लेखापरीक्षण गराएका छन्। यस सम्बन्धी विवरण अनुसूची २ मा छ। प्रदेश तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३, खण्ड २ मा समावेश छ।

३. **स्थानीय तह -** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७५ र गाँउपालिका ४५९ समेत ७५१ (विगतको बक्यौता २ समेत) स्थानीय तहको रू.११ खर्ब ४ अर्ब १ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। यससम्बन्धी विवरण अनुसूची २१ मा छ। स्थानीय तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३, खण्ड ३ मा समावेश छ।

४. **समिति र अन्य संस्था -** यो वर्ष ४३४ समिति र अन्य संस्था (प्रदेशतर्फको ९६ समेत) को रू.१ खर्ब ८२ अर्ब २२ करोडको लेखापरीक्षण गरिएको छ। समितिको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को संघीय मन्त्रालय खण्डमा समावेश छ।

५. **संगठित संस्था** - यो वर्ष संगठित संस्थातर्फ ७५ इकाईको रू.३१ खर्ब ८२ अर्ब ८७ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ३२ संस्थाको रू.१३ खर्ब ४१ अर्ब ७६ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ। यसम्बन्धी विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

६. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष ६ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

७. **वातावरणीय लेखापरीक्षण -** यो वर्ष १ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएको विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

८. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष ३ विषयको सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

९. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ र २०७७।७८ को यथार्थ खर्च तथा २०७८।७९ को संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू.लाखमा)

शीर्षक/क्षेत्र	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	७८४१४८९	८४६२१७३	१००४३५८८	९५४३१६७	९५.०२
पुँजीगत खर्च	१८९०८४७	२२८८३६१	४३५२४०३	२१६२१३१	४९.६८
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	११७९०१६	१२१६२२६	२०७९७७६	१३९४७१०	६७.०६
जम्मा	**१०९११३५२**	**११९६६७६०**	**१६४७५७६७**	**१३१०००००८**	**७९.५१**
सामान्य सार्वजनिक सेवा	५२२९४८९	६३४६१६१	४८४०४८५	५२१७६९३	१०७.७९
रक्षा	४९७९१४	५१९१३९	५२११०४	५३२९७०	१०२.२८
सार्वजनिक शान्ति सुरक्षा	५१८६३८	५७०४२९	५८०८२५	७२३८४८	१२४.६२
आर्थिक मामिला	२६४४३६५	२३६०२२९	४४२०९३९	३३१२४६३	७४.९३
वातावरण संरक्षण	१३५९३२	६५९५९	१२५८२६	५४४७६	४३.२९
आवास तथा सामुदायिक सुविधा	३५१८९४	४४९९५२	८०४६९७	३५०५७२	४३.५७
स्वास्थ्य	४०१९५७	४९६१३१	१४१५५२४	७४९३३६	५२.९४
धर्म र संस्कृति	६८४८९	४०६०२	६६९८९	४६९१८	७०.०४
शिक्षा	३९४००९	३७१४५८	१८००४११	४२६१६६	२३.६७
सामाजिक सुरक्षा	६६८६६५	७४६७००	१८९८९६७	१६८५५६६	८८.७६
जम्मा	**१०९११३५२**	**११९६६७६०**	**१६४७५७६७**	**१३१०००००८**	**७९.५१**

द्रष्टव्यः स्वास्थ्य र शिक्षातर्फको खर्चमा प्रदेश तथा स्थानीय तहबाट हस्तान्तरण भई हुने खर्च समावेश छैन।

१०. **खर्चको स्थिति -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय तथा अन्य निकायको खर्च विवरण निम्नानुसार छः

(रू.लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ मन्त्रालय	१३३२२४६	१३.९६	१	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	७५८०३५	३५.०६
२	गृह मन्त्रालय	८००५८४	८.३९	२	उर्जा, जलस्रोत तथा सिँचाइ	३०७७८५	१४.२४
३	रक्षा मन्त्रालय	६१३८९७	६.४३	३	शहरी विकास	२८००८०	१२.९५
४	स्वास्थ्य तथा जनसंख्या	४८०५९६	५.०४	४	रक्षा मन्त्रालय	१४७९९४	६.८४
५	शिक्षा, विज्ञान तथा प्रविधि	२९०६५९	३.०५	५	खानेपानी	१३४१४६	६.२०
६	कृषि तथा पशुपन्छी	२७६९५९	२.९०	६	गृह	१०२३४१	४.७३
७	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	९०८६६	०.९५	७	शिक्षा, विज्ञान तथा प्रविधि	७७९४५	३.६१
८	शहरी विकास	७०६२८	०.७४	८	संघीय मामिला तथा सामान्य प्रशासन	५८८९१	२.७२
९	निर्वाचन आयोग	५४३७७	०.५७	९	स्वास्थ्य तथा जनसंख्या	३९९८६	१.८५
१०	सञ्चार तथा सूचना प्रविधि	५२१२८	०.५५	१०	सर्वोच्च अदालत	३०५८४	१.४२
११	अन्य मन्त्रालय तथा निकायहरू	५४८०२२७	५७.४२	११	अन्य मन्त्रालय तथा निकायहरू	२२४३४४	१०.३८
	जम्मा	**९५४३१६७**	**१००.००**		**जम्मा**	**२१६२१३१**	**१००.००**

चालु र पुँजीगत खर्चवाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ३९ अर्ब ४७ करोड रहेको छ। प्रदेश र स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ।

११. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७६।७७ र २०७७।७८ को यथार्थ खर्च तथा २०७८।७९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.लाखमा)

स्रोत	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९५१४३०७	९८४५९७३	१२७४९०७३	११५१८१९०	१६.९८
वैदेशिक अनुदान	२३२१५७	३६४८१३	६३३७६२	२७४८१७	-२४.६७
वैदेशिक ऋण	११६४८८८	१७५५९७४	३०९२९३२	१३०७००१	-२५.५७
जम्मा	**१०९११३५२**	**११९६६७६०**	**१६४७५७६७**	**१३१०००० ८**	**९.४७**

११.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रू.११ खर्ब ५१ अर्ब ८२ करोडमध्ये राजस्वबाट रू.९ खर्ब ८९ अर्ब ६२ करोड (८५.९२ प्रतिशत) व्यहोरेको छ।

११.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १८ निकायअन्तर्गत रू.६३ अर्ब ३८ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.२७ अर्ब ४८ करोड (४३.३६ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १४ निकायअन्तर्गत रू.३ खर्ब ९ अर्ब २९ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.१ खर्ब ३० अर्ब ७० करोड (४२.२६ प्रतिशत) प्राप्त भएको छ।

१२. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७६।७७ र २०७७।७८ को यथार्थ असुली तथा २०७८।७९ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रू.लाखमा)

विवरण	२०७६।७७ को यथार्थ असुली	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को		
			अनुमान	असुली	प्रतिशत
कुल राजस्व	**७५५५७५२**	**८६८६०२९**	**१०२४९०७३**	**९८९६२१७**	**९६.५६**
१. कर राजस्व	६१३३९०५	७६१०५६६	९११५००७	८५६२६४०	९३.९४
२. अन्य राजस्व (गत वर्षको नगद मौज्दात र बेरुजूसमेत)	१३९६७५७	१०४३२२८	११३४०६६	१३०५१९३	११५.०९
३. साँवा फिर्ता	२५०९०	३२२३५	-	२८३८४	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १३.९३ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०७८।७९ को असुलीमा गत वर्षको नगद मौज्दात र बेरुजू दाखिला भएको रू.४८ अर्ब ५० करोड ४८ लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रू.२ अर्ब ८३ करोड ८४ लाख प्राप्त भएको छ। यससम्बन्धी विवरण अनुसूची १३ मा उल्लेख छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

परिच्छेद

२

लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएका बेरुजू स्थिति

१. **बेरुजू -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू रू.१ खर्ब १९ अर्ब ७७ करोड ७० लाख रहेको छ। सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**१९१८१४**	**७५१४**	**५९०५७**	**४५८७८**	**३०४२६३**	**२५.४०**
२. नियमित गर्नुपर्ने	**३३७८९५**	**५२४४४**	**३२४६१२**	**७९५६८**	**७९४५१९**	**६६.३३**
२.१ अनियमित भएको	३७३४७	१८०१७	११७८६९	२५५४७	१९८७८०	१६.६०
२.२ प्रमाण कागज पेस नभएको	२९७९१७	३४४२७	२०६५५९	५२२१७	५९११२०	४९.३४
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	२६३१	०	१८४	१८०४	४६१९	०.३९
३. पेस्की	**३३४००**	**१२०९२**	**४५१४०**	**८३५६**	**९८९८८**	**८.२७**
जम्मा बेरुजू	**५६३१०९**	**७२०५०**	**४२८८०९**	**१३३८०२**	**११९७७७०**	**१००.००**

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

२. संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राखे एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

बेरुजू वर्गीकरणको विवरण अनुसूची-१५, १६ र २१ मा उल्लेख छ।

२. **लेखापरीक्षण र बेरुजू अङ्क -** यो वर्ष ६ हजार ५४६ सरकारी निकायको रु.७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजू	बेरुजू प्रतिशत
१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत)	४०६८	२३५६३३७९	५६३१०९	२.३९
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत)	१२१८	३१२७३०५	७२०५०	२.३०
३. स्थानीय तह (बक्यौता २ समेत)	७५१	११०४०१००	४२८८०९	३.८८
४. संगठित संस्था, समिति र अन्य संस्था	५०९	३३६५०८९०	१३३८०२	०.४०
जम्मा	**६५४६**	**७१३८१६७४**	**११९७७७०**	**१.६८**

द्रष्टव्यः संगठित संस्थाको बेरुजू लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।

३. **अद्यावधिक बेरुजू** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजू रू. ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख रहेको छ। अद्यावधिक बेरुजू गत वर्ष भन्दा २१.४५ प्रतिशतले बढेको छ।

(रू.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालयहरू	२४७१३८१	-२२४	७२९३७	२३९८२२०	५६३१०९	२९६१३२९
प्रदेश सरकारी कार्यालयहरू	१८२७११	१२	१०९९३	१७१७३०	७२०५०	२४३७८०
स्थानीय तह	१३६३२२४	०	६५९७९	१२९७२४५	४२८८०९	१७२६०५४
अन्य संस्था समिति (प्रदेश समेत)	८१८६४८	-९९५६	२६३	८०८४२९	१३३८०२	९४२२३१
जम्मा	**४८३५९६४**	**-१०१६८**	**१५०१७२**	**४६७५६२४**	**११९७७७०**	**५८७३३९४**

अद्यावधिक बेरुजूको विवरण अनुसूची १७ र १८ मा उल्लेख छ।

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.३ खर्ब ७२ अर्ब ४५ करोड १३ लाख रहेको छ।

(रू.लाखमा)

क.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	६९६०८	८४२२	७८०३०
२	राजस्व बक्यौता	३१२६१०६	१३१२२२	३२५७३२८
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	११५६९८	३४९०८	१५०६०६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१२३६९१	९४३५८	२१८०४९
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	**३४५५६०३**	**२६८९१०**	**३७२४५१३**

उक्त रकममा अद्यावधिक बेरुजू रू. ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.९ खर्ब ५९ अर्ब ७९ करोड ७ लाख पुगेको छ। कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा राजस्व बक्यौता तथा बेरुजू रकम मुख्य कारण रहेको देखिन्छ।

५. **बेरुजू विश्लेषण** - संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, अन्य समितिको बेरुजूको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू.१ खर्ब २९ अर्ब ५६ करोड बेरुजू देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रू.९ अर्ब ७८ करोड (कुल बेरुजूको ७.५५ प्रतिशत) सम्परीक्षण गराएबाट रू.१ खर्ब १९ अर्ब ७८ करोड बेरुजू फर्स्यौंट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौंट गर्न बाँकी कुल बेरुजू रू.५ खर्ब ८७ अर्ब ३४ करोड छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र २१ मा समावेश छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजू फर्स्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजू फर्स्यौंट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फर्स्यौंट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजूको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ५० मा बेरुजू फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम यो वर्ष कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजू रकम अनुसूची-२० मा समावेश गरिएको छ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेश आर्थिक कार्यविधि ऐनले गरेको व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजू सम्बन्धमा जानकारी गराइएको छ।

५.३. संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१६३६१६३८	८७०५९	२३७५४७	८१	३२४६८८	५७.६६	१.९८
२	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	१२०९६६४	२९३५६	४०५८८	१८०३०	८७९७४	१५.६२	७.२७
३	सञ्चार तथा सूचना प्रविधि	१४४५१०	२६१६१	२५८	६४०	२७०५८	४.८१	१८.७२
४	कृषि तथा पशुपन्छी विकास	३३००३३	२४१४४	७११	५१६	२५३७१	४.५१	७.६९
५	गृह	१११७६२८	१८१५	८९७३	४९१९	१५७०८	२.७९	१.४१
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	५४८८७३	८२७०	५०५८	९६	१३४२४	२.३८	२.४५
७	उर्जा, जलस्रोत तथा सिँचाइ	४३९६१६	१८७४	१०१९७	९०१	१२९७२	२.३०	२.९५
८	सहरी विकास	४१६९२७	२०४४	७६११	१३०९	१०९६४	१.९५	२.६३
९	खानेपानी	१५८४०२	३०२४	४८४५	९१७	८७८५	१.५६	५.५५
१०	स्वास्थ्य तथा जनसंख्या	५३१४४८	३११७	३५१५	२०४२	८६७४	१.५४	१.६३
११	अन्य	२२९०४३०	४९४९	१८५९१	३९५०	२७४९१	४.८८	१.२०
	जम्मा	**२३५६३३७९**	**१९१८१४**	**३३७८९४**	**३३४००**	**५६३१०८**	**१००**	**२.३९**

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९५.१२ प्रतिशत रहेको छ। यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.३० प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी कर्णाली प्रदेशको ३.९२ प्रतिशत र सबैभन्दा घटी गण्डकी प्रदेशको १.२३ प्रतिशत रहेको छ। स्थानीय

तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ३.८८ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी तेह्रथुम जिल्लाको आठराई गाउँपालिकामा २०.३१ प्रतिशत र सबैभन्दा घटी प्युठान जिल्लाको मल्लरानी र सरुमारानी गाउँपालिकाको बेरुजू शून्य रहेको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजू हुने ५४०, ५ देखि १५ प्रतिशतसम्म बेरुजू हुने २०५ र १५ प्रतिशतभन्दा बढी बेरुजू हुने स्थानीय तह ६ रहेका छन्।

५.४. यो वर्ष ४ हजार ६८ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ९२९ कार्यालय (४७.४१ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार २१५ को लेखापरीक्षण गरेकोमा ४४४ कार्यालय (३६.५४ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन।

५.५. यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) लेखापरीक्षणबाट १ लाख ९० हजार ३८० दफा बेरुजू देखिएकोमा ६२ हजार ४०९ दफा सैद्धान्तिक र १ लाख २० हजार ६९४ दफा लगती बेरुजू कायम भएको छ।

५.६. संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको संघीय सरकारी कार्यालयतर्फका २६ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.११ करोड ९० लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १४ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रू.२३ करोड ६७ लाख तथा अन्य निकायले रू.३ करोड ७६ लाख, प्रदेश सरकार मातहतका निकायले रू.८ करोड ९३ लाख र स्थानीय तहले रू.२ अर्ब १३ करोड ६९ लाखसमेत रू.२ अर्ब ६१ करोड ९५ लाख असुल गराएका छन्।

यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.१९ अर्ब १८ करोड १४ लाखमध्ये १० मन्त्रालय/निकायको रू.१८ अर्ब ७३ करोड ७४ लाख (९७.६९ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.४४ करोड ४० लाख (२.३१ प्रतिशत) देखिएको छ। यससम्बन्धी विवरण अनुसूची ९ र १५ मा छ।

५.७. संघीय सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रू.६३ अर्ब ८८ करोड ७१ लाख बाँकी रहेकोमा यस बर्ष थप भएको रू.३ अर्ब ३४ करोडसमेत पेस्की रू.६७ अर्ब २२ करोड ७१ लाख पेस्कीफ बाँकी रहेको छ। यस सम्बन्धी अद्यावधिक विवरण अनुसूची ८ मा छ।

त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रू. ८३ करोड ५६ लाख पेस्की बाँकी देखिएको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

संवैधानिक निकायहरू राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, न्याय परिषद् र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा उल्लेख्य बेरुजू देखिन आएन।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता
शासकीय प्रबन्ध
• संघीयता कार्यान्वयनमा तीन तहका सरकारबीच पर्याप्त समन्वय नभएको,
• संविधान कार्यान्वयनमा आएको लामो समय व्यतीत भैसक्दासमेत अत्यावश्यक कानुनहरु तर्जुमा हुन नसकेको,
• स्थानीय तहको उम्मेदवारको निर्वाचन खर्चको स्रोत खुलाई विवरण पेश नभएको,
• संवैधानिक निकायहरुको प्रशासनिक एवं वित्तीय स्वायत्तता कायम गरी भूमिका प्रभावकारी बनाउन नसकिएको,
• स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकारबीच सन्तुलन र नियन्त्रण नभएको,
• तीन तहका सरकारबीच विषयगत संरचना तथा कार्यमा दोहोरोपना रहेको,
• समिति, बोर्ड, परिषद्, संस्थानको कार्य प्रभावकारी हुन नसकेको,
• नियमनकारी निकायको भूमिका प्रभावकारी नभएको,
• जिल्ला समन्वय समितिहरुको भूमिका प्रभावकारी हुन नसकेको।
अर्थतन्त्र
• आर्थिक वृद्धिदर र राष्ट्रिय बचतमा अपेक्षित वृद्धि हुन नसकेको,
• कृषि र उद्योग क्षेत्रलाई उचित प्राथमिकता र प्रश्रय दिन नसकेको,
• पर्यटन क्षेत्रलाई वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोत बनाउन नसकेको,
• विप्रेषण र ऋण रकमलाई उत्पादनशील आबद्ध गर्न नसकेको,
• न्यून वित्तीकरण र बजार नियमन नहुँदा राजस्व चुहावट हुने गरेको,
• भन्सार मूल्याङ्कन प्रभावकारक हुन नसकेको,
• मुद्रास्फीति नियन्त्रण हुन नसकेको,
• कमजोर नियमनका कारण ब्यान्कदरलाई वाञ्छित सीमामा राख्न नसकिएको,
• जल, जमिन, जङ्गल र खानीजन्य स्रोतको पूर्ण उपयोग गर्न नसकिएको,
• हरित ऊर्जालाई पेट्रोलियमजन्य पदार्थको विकल्पमा प्रयोग गर्न नसकिएको,
• उत्पादनमूलक क्षेत्रमा पर्याप्त वैदेशिक लगानी र प्रविधि भित्र्याउन नसकेको,
• अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक दायरामा ल्याउन नसकेको।
सार्वजनिक प्रशासन र सुशासन
• संघीय संरचना अनुरुपका कर्मचारी सेवा सम्बन्धी ऐनहरु जारी हुन नसकेको,
• सेवा प्रवाहलाई मितव्ययी, भरपर्दो, छरितो र विश्वसनीय बनाउन नसकेको,
• प्रदेश तथा स्थानीय तहमा दक्ष जनशक्तिको अभाव रहेको,
• वृत्ति विकासमा अनिश्चितता हुँदा कर्मचारी उत्प्रेरित हुन नसकेको,
• सार्वजनिक प्रशासन व्यावसायिक र नतिजामुखी हुन नसकेको,
• साईबर अपराध नियन्त्रण गर्न पर्याप्त कानुनी र सुरक्षा व्यवस्था नभएको,
• पदीय आचरण, नैतिकता र सदाचारिता पालनाको स्थिति कमजोर रहेको,
• अन्तरनिकाय समन्वयमा कमी हुँदा भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन नसकेको,
• क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा नआएको,
• कर्मचारी समायोजनमा देखिएका समस्याले सेवा प्रवाहमा असर परेको,
• सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहमा सुधार नगरेको,
• प्रशासन सुधार आयोगका सुझावको प्रभावकारी कार्यान्वयन हुन नसकेको।
सार्वजनिक वित्त व्यवस्थापन
• बजेट तर्जुमा गर्दा स्रोतको प्राप्ति र उपयोगको यथार्थ आकलन हुन नसकेको,
• न्यून राजस्व, बढ्दो ऋण र विनियोग दरले स्रोत परिचालनमा प्रभाव परेको,
• बजेट अबण्डा राखे र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने प्रवृत्ति रहेको,
• संगठित संस्थामा निष्क्रिय मौज्दात रहे तापनि सरकारले ऋण लिनु परेको,
• राजस्व छुट दिने प्रवृत्ति बढ्दै गएको तर नागरिक सहुलियतको मापन नभएको,
• प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी नभएको,
• संस्थानको सम्पत्ति, शेयर र ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
• अनुदान रकम उद्देश्य अनुसार उपयोग भएको सुनिश्चित नगरेको,
• वैदेशिक सहायताको प्रतिबद्धता, प्राप्ति र उपयोगबीच अन्तर रहेको,
• अनुत्पादक तथा वितरणामुखी क्षेत्रमा बजेट खर्च गर्ने प्रवृत्ति बढेको,
• एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली लागू नगरेको,
• विभाज्य कोषमा सङ्घलित राजस्व समयमै बाँडफाँट हुन नसकेको,
• लेखापरीक्षणको सुझाव कार्यान्वयन र बेरुजू फर्स्यौटमा ध्यान नदिएको।
विकास व्यवस्थापन
• दिगो विकास लक्ष्यको कार्यान्वयन प्रभावकारी नभएको,
• पूर्व तयारी बेगरका योजना पनि बजेटमा समावेश हुने गरेको,
• आयोजना व्यवस्थापनमा स्रोत र दक्ष जनशक्तिको अभाव रहेको,
• आयोजनाको डुङ्ङ्, डिजाइन र लागत अनुमानमा कमीकमजोरी रहेको,
• राष्ट्रिय गौरवका आयोजनाको कार्यविधि लम्बिँदा लागत वृद्धि भएको,
• निर्माण व्यवसायीको क्षमताको आधारमा सीमा निर्धारण नभएको,
• सार्वजनिक खरिद नियमावली पटक-पटक संशोधन गर्दा खरिद कार्य प्रभावित भएको,
• सार्वजनिक खरिद तथा निर्माणको गुणस्तरमा उचित ध्यान नदिएको,
• सम्झौताका शर्त पालना नगर्दा क्षतिपूर्ति रकम भुक्तानी गर्नुपरेको,
• परामर्शदाता माथिको निर्भरता र खर्च दुवै बढेको,
• खर्च गर्ने संस्थागत क्षमता कमजोर हुँदा पुँजीगत खर्च न्यून भएको,
• योजना र कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रभावकारी नभएको।
जिम्मेवारी र उत्तरदायित्व
• वित्तीय अनुशासन पालना नगर्ने पदाधिकारीलाई जवाफदेही बनाउन नसकेको,
• मितव्ययिता कार्यविधि र मापदण्ड पूर्णरुपमा पालना नभएको,
• नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल सार्वजनिक क्षेत्र लेखामान पूर्ण कार्यान्वयन नगरेको,
• सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्तिको अभिलेख नरहेको,
• सार्वजनिक सम्पत्ति लिज प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक नभएको,
• सार्वजनिक तथा गुठीका अतिक्रमित जग्गा नियन्त्रणमा नआएको,
• आर्थिक अनुशासन पालनालाई कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्न नसकिएको,
• वित्तीय निर्णयमा सम्बद्ध पदाधिकारीलाई जिम्मेवार बनाउन नसकेको,
• आन्तरिक नियन्त्रण प्रणालीको पालना नभएको,
• शासन सञ्चालनमा नागरिक सहभागितालाई प्राथमिकता पाउन नसकेको,
• सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण उद्देश्यमूलक हुन नसकेको,
• अधिकारप्राप्त अधिकारीलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउन नसकेको।

परिच्छेद

३

लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति

परिच्छेद ३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

संघीय मन्त्रालय तथा निकाय

१. **संघीय सञ्चित कोष -** संघीय सञ्चितकोषको आर्थिक विवरणअनुसार २०७८।७९ मा समग्र राजस्व, अनुदान र ऋण (आन्तरिक र बाह्य) समेत रू.१३ खर्ब ६९ अर्ब ४३ करोड ३३ लाख प्राप्ति मध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ रू.१३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख खर्च गरी रू.५९ अर्ब ५५ करोड ९० लाख बचत रहेको देखिन्छ। यो वर्षको उक्त बचतमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रू.१ खर्ब ११ अर्ब ९६ करोड ३४ लाख २०७९ आषाढ मसान्तमा समायोजन गर्दा रू.५३ अर्ब ९१ करोड १४ लाख ऋणात्मक मौज्दात देखिन्छ। नेपाल सरकारले नगदमा आधारित लेखा प्रणाली अपनाएकोले कोषको मौज्दात ऋणात्मक नहुनुपर्नेमा विगत वर्षदेखि नै यसरी ऋणात्मक मौज्दात देखिएको छ। यस सम्बन्धमा यकिन गरी यथार्थ विवरण तयार गर्नुपर्दछ।

२. **समग्र आर्थिक अवस्था -** देशको आर्थिक वृद्धिदर पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७८।७९ मा ९.९ प्रतिशत हुने लक्ष्य रहेकोमा ५.८४ प्रतिशतमात्र रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति दर ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा ६.३२ प्रतिशत रहेको देखिन्छ। यद्यपि नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार थोक मुद्रास्फीति दर ९.५१ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना तथा यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १८.६ प्रतिशत र १७.४ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्ष ४.५ प्रतिशत मात्र पुगेको देखिन्छ। यो वर्ष वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ्य उत्पादनको १.४ प्रतिशत रहने उल्लेख गरे पनि ०.४ प्रतिशत मात्र रहेको देखिन्छ। निर्यातलाई यो वर्ष कुल गार्हस्थ्य उत्पादनको तुलनामा १२.६ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ४.१ प्रतिशत रहेको देखिन्छ। मुलुकको विगत ३ वर्षको प्रमुख आर्थिक परिसूचकहरू निम्नानुसार छन्:

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना अनुसार)		प्रगति		
	२०८०।८१	२०७८।७९	२०७६।७७	२०७७।७८	२०७८।७९
आर्थिक वृद्धिदर	१०.३	९.९	-२.१	४.२५	५.८४
उपभोक्ता मुद्रास्फीति दर	६.०	६	६.२	३.६	६.३२
कुल राजस्व/गार्हस्थ्य उत्पादन	३०.०	२८	२०.२८	२१.९	२३
कुल सरकारी खर्च/गार्हस्थ्य उत्पादन	४३.३	४२.९	२७.८७	२८	२६.७
चालु खर्च/गार्हस्थ्य उत्पादन	१७.९	१९.९	२०.०३	१९.८	१९.८
पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन	१८.६	१७.४	४.८३	५.४	४.५
वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन	३.०	१.४	०.५	०.६३	०.४
वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन	५.७	६	४.२	३.०६	२.५
आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन	४.३	४.३	५.०	५.२४	४.८
व्यापार घाटा/गार्हस्थ्य उत्पादन	३५.३	३८.३	२८.१	३२.७	३५.५
निर्यात /गार्हस्थ्य उत्पादन	१५.७	१२.६	२.५	३.३	४.१
आयात /गार्हस्थ्य उत्पादन	५१.०	५०.९	३०.६	३६.०	३९.६
बजेट घाटा/गार्हस्थ्य उत्पादन	१०.०	१०.३	८.१२	७.०५	५.४

स्रोतः पन्ध्रौं योजना र आर्थिक सर्वेक्षण २०७९।८०

योजना अवधिको तेस्रो वर्षको प्रगति योजनाको लक्ष्यभन्दा न्यून रहेकाले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक देखिँदैनन्। आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, वैदेशिक सहायताको प्रभावकारी परिचालन, उपभोग, बचत तथा लगानी विस्तारमा सरकारी, निजी र सहकारी क्षेत्रबाट समन्वयात्मक रूपमा प्रयास गर्नुपर्ने देखिन्छ।

३. **राजस्व अनुमान र असुली** - अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार ३ वर्षको राजस्व असुली देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७६।७७			२०७७।७८			२०७८।७९		
	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत
आयकर	२८०३५१०	२१९६८९५	७८.३६	२३८०३८७	२३००७७३	९६.६६	२८९४९९६	२६००८५४	८९.८०
मूल्य अभिवृद्धि कर	३१५०००८३	२२४०७०५	७१.१३	३०२१६८७	२८२०१९१	९३.३३	३१६३६१०	३१४२७९१	९९.३०
अन्तः शुल्क	१६९९८२१	१००६२२६	५९.२०	१५५५०४१	१३३७८०५	८६.०३	१८२१६७८	१६६७७७७	९१.६०
भन्सार महसुल	२१३२००४	१३७९९०३	६४.७२	१९३५५४७	२०१३८९६	१०४.०५	२७८९२४०	२४१७८११	८६.७०
अन्य कर	१३३४९१५	१५८९३९५	११९.०६	१२१४९२२	१३१४८७६	१०७.३४	११३६४७९	१३३४९४४	११७.४६
जम्माः	**१११२०३३३**	**८४१३१२४**	**७५.६६**	**१०११७५८४**	**९७८७५४१**	**९६.७४**	**११८०६००३**	**१११६४१७७**	**९४.६०**
(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)									

उल्लिखित विवरणअनुसार २०७८।७९ मा रू.११ खर्ब १६ अर्ब ४१ करोड ७७ लाख (अन्य प्राप्तिसमेत) राजस्व असुल भएको देखिन्छ जुन गत वर्षको तुलनामा १४.१० प्रतिशतले बढी हो। यो वर्षको लक्ष्य रू.११ खर्ब ८० अर्ब ६० करोड ३ लाखको तुलनामा ९४.६० प्रतिशत सङ्कलन भएको छ। सोमध्ये कर राजस्व रू.९ खर्ब ८४ अर्ब १६ करोड ४२ लाख र गैरकर राजस्व रू.८३ अर्ब ७९ करोड ४४ लाख असुल भएको छ।

४. **राजस्व संरचना** - नेपाल सरकारको राजस्वको वार्षिक विवरण २०७८।७९ मा कर राजस्व बाँडफाँट हुने राजस्वबाहेक रू.५ खर्ब ६६ अर्ब ९७ करोड ६६ लाख, अन्य राजस्व रू.७५ अर्ब ७३ करोड ११ लाख, बेरुजू अनुदान फिर्ता लगायत विविध प्राप्त रू.४८ अर्ब ५० करोड ४९ लाख, बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.३ खर्ब १४ अर्ब २२ करोड ७७ लाख, बाँडफाँट हुने अन्तःशुल्क रू.१ खर्ब ३ करोड १२ लाख ७७ हजार, बाँडफाँट हुने रोयल्टी रू.५ अर्ब १९ करोड ७९ लाख र वैदेशिक अनुदान रू.१५ अर्ब ५१ करोड ५१ लाख रहेको छ।

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको राजस्वको वार्षिक प्रतिवेदन भाग ४ अनुसार सञ्चित कोष हिसाबमा राजस्व संकलन रू.११ खर्ब २९ अर्ब २८ करोड १० लाख उल्लेख भएकोमा अर्थ मन्त्रालयबाट तयार भएको राजस्वको विवरणमा बाँडफाँट हुने रकमसमेत रू.११ खर्ब १६ अर्ब ४१ करोड ७७ लाख उल्लेख गरेकोले रू.१२ अर्ब ८६ करोड ३२ लाख फरक परेको छ।

५. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७८।७९ मा रू.१६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख बजेट विनियोजन भएकोमा रू.१३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख (७९.५० प्रतिशत) खर्च भएको छ। नेपाल सरकारको

कुल बजेटमध्ये २०७६।७७ मा ७१.१८ प्रतिशत र २०७७।७८ मा ८१.१५ प्रतिशत खर्च भएको थियो। बजेट विनियोजन अनुरूप खर्च हुने क्रम घट्दो दरमा रहेको देखियो। विनियोजन अनुरूप खर्च नहुनुमा बजेट तर्जुमाको लागि पर्याप्त गृहकार्य नहुने, प्राविधिक अध्ययन र तयारी बिना बजेट माग गर्ने, आयोजनाको लागि पर्याप्त बजेट नराखी रकमान्तर गरी थप गर्ने तथा आर्थिक वर्षको सुरु देखिनै ठेक्का बन्दोबस्त नगर्ने कारण रहेका छन्।

६. **पन्ध्रौं योजनाको तेस्रो वर्षको उपलब्धि -** पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा तेस्रो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष २०७५।७६	२०७८।७९ को लक्ष्य	२०७८।७९ को अनुमानित उपलब्धि
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	६.८	७	५.८
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	३.९	२.३०
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१०.४	१०.१९
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	७.७	५.९३
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.५	६.०९
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१३२९	१३८१
७.	गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	१८.७	१३	-
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६११	०.६०२
९.	अपेक्षित आयु (जन्म हुँदाको) वर्ष	६९.७	७१.५	७१.१
१०.	आधारभूत खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	८९	९५.०	९५
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९४.०	८८.९०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगाबाट)	१२५०	२९७४	२३८१
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	९७	९४
१४.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत)	६५.९	८५	८५

स्रोतः राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७८।७९

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक वृद्धिदर, उद्योग क्षेत्रको वार्षिक वृद्धिदर र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमश ७ प्रतिशत, ३.९ प्रतिशत, १०.४ प्रतिशत र ७.७ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः ५.८ प्रतिशत, २.३० प्रतिशत, १०.१९ प्रतिशत र ५.९३ प्रतिशत रहेको छ। विद्युत उत्पादन २ हजार ९७४ मेगाबाट जडित क्षमता पुऱ्याउने लक्ष्य रहेकोमा २ हजार ३८१ मेगाबाट र विद्युत पँहुच प्राप्त परिवार संख्या ९७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९४ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसंख्या १३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा मध्यावधि समीक्षा गरी प्रगति स्थिति यकिन गरेको देखिएन।

७. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, साँस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय

गौरवका आयोजना घोषणा गरेकोमा यो वर्षसम्म यस्ता आयोजनाको संख्या २४ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०७८।७९ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छः

(रू. करोडमा)

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	२०७९।८०	१०१५०	५५१	५८८५	६४.१६
२	रेल्वे तथा मेट्रो विकास आयोजना	२०६६।६७	२०७८।७९	९५५२२	३९९	२८४६	३८.५
३	उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग	२०६४।६५	२०७९।८०	११००	१७१	२८४	२६
४	उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग	२०६५।६६	२०८०।८१	१६२०	७०	४२८	३८
५	उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग	२०६६।६७	२०७९।८०	३२७२	२५९	१२६०	५१
६	हुलाकी लोकमार्ग आयोजना	२०६५।६६	२०७९।८०	६५२०	७२४	५२७७	८०.९०
७	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८०।८१	२७७०	१८२	१६२०	५८.७०
८	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	२५०२	८९	१९००	६७
९	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१८९६	१२३	१११५	६२.२३
१०	पशुपति क्षेत्र विकास कोष	२०५७।५८	२०७८।७९	२२७	२५	१४१	८५
११	लुम्बिनी क्षेत्र विकास कोष	२०६६।६७	२०७८।७९	१३२६	८२	७०२	८७
१२	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	३५००	८९	५३७	१५.७३
१३	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०७९।८०	३६८०	१४७	१५४३	५७
१४	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३/८४	२६०००	६०५	४१४८	२२
१५	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८०/८१	५४७६	२०१	३४९	७.६
१६	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	२०६७।६८	सम्पन्न	४९२९	०	५२९८	१००
१७	पश्चिम सेती जलविद्युत आयोजना	२०६७।६८	नखुलेको	२७३८५	०	०	०
१८	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०७९।८०	२२००	०	१९०४	९८
१९	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	०	९९	नखुलेको
२०	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७०।७१	२०७८।७९	३०९१	०	२६४१	१००
२१	मेलम्ची खानेपानी आयोजना	२०५५।५६	२०७७।७८	३५५४	३०	३०६५	९९.४७
२२	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०६४।६५	२०८१।८२	२१३९५	५२२	३४२९	२१.१८
२३	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०६६।६७	२०९३।९४	२४९७०	१२६	१२०८	४.९९
२४	विद्युत प्रसारण आयोजना	२०६७।६८	-	७५००	३०७	३०७	५.०१

आवधिक योजनाले राष्ट्रिय गौरवका आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत सुनिश्चितता गर्ने, कार्यान्वयनको सघन अनुगमन गर्ने उल्लेख गरे पनि उक्त आयोजनाहरूको प्रगति अवस्था सन्तोषजनक देखिएन। माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र मेलम्ची खानेपानी आयोजनाको निर्माण समपन्न भए तापनि माथिल्लो तामाकोशी बाहेक अन्य आयोजना पूर्ण रूपमा सञ्चालनमा आउन सकेका छैनन्। कार्यान्वयनमा रहेकामध्ये ८ आयोजनाको भौतिक प्रगति ३० प्रतिशतभन्दा न्यून रहेको छ। विस्तृत आयोजना प्रतिवेदन तयार नगरी निर्माण कार्य शुरु गर्नु, आयोजना कार्यान्वयन मोडालिटी स्पष्ट नहुनु, जग्गा प्राप्ति र क्षतिपूर्ति विवाद हुनु, युटिलिटी सर्भिस स्थानान्तरणमा अन्तर निकाय समन्वय नहुनु, सीमाङ्कन

रेखांकन विवाद, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत, निर्माण क्षमताको अभाव, कमजोर अनुगमन मूल्याङ्कन लगायत समस्याले गर्दा आयोजना निर्माणको समय र लागत दुवै वृद्धि भएको छ।

८. **वर्षान्तको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा विनियोजन ऐनले समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष रू.१६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख विनियोजन भई रू.१३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख खर्च भएकोमा आषाढ महिनामा रू.२ खर्ब ७५ अर्ब ९ करोड २५ लाख अर्थात् २१ प्रतिशत खर्च भएको छ। त्यस्तै उक्त खर्चमध्ये आषाढ महिनाको अन्तिम हप्तामा रू.९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजार अर्थात् कुल खर्चको ७.५६ प्रतिशत खर्च भएको छ। नियमावलीको व्यवस्था पालना गरी आषाढको तेस्रो हप्ताभन्दा पछि खर्च तथा भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

९. **रकमान्तर** - यो वर्ष कुल बजेट रू.१६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख मध्ये रू.१ खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख ८४ हजार अर्थात् १२.०३ प्रतिशत रकमान्तर भएको छ। सोमध्ये आषाढ महिनामा रू.८२ अर्ब ८० करोड ६७ लाख ८५ हजार र आषाढको अन्तिम हप्तामा रू.२६ अर्ब ९९ करोड ६९ लाख ७१ हजार रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थप गरेको छ। बजेट उपशीर्षक अर्थ विविधमा एकमुष्ट रू.८८ अर्ब ७० करोड ७२ लाख विनियोजन गरेकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.१५ अर्ब ७२ करोड ८१ लाख अर्थात् शुरु बजेट विनियोजनको १७.७३ प्रतिशत रकमान्तर थप र रू.७९ अर्ब ४६ करोड ८४ लाख अर्थात् शुरु बजेट विनियोजनको ८९.५९ प्रतिशत रकमान्तर घटाएर रू.२४ अर्ब ९६ करोड ६९ लाख खुद बजेट कायम गरेको देखिन्छ। उक्त शीर्षकबाट रू.१ अर्ब ९२ करोड ४ लाख खर्च गरी रू.२३ अर्ब ४ करोड ६६ लाख बजेट बाँकी रहेको देखियो। बजेट खर्च हुन नसक्ने अवस्थामा पनि विभिन्न उपशीर्षकबाट रकमान्तर गर्नु उपयुक्त नदेखिँदा यसप्रकारको कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ।

शुरु बजेट व्यवस्था नभएका विभिन्न १० कार्यक्रममा रकमान्तर गरी रू.२ अर्ब ९७ करोड ११ लाख ११ हजार बजेट कायम गरी रू.२ अर्ब २३ करोड ३९ लाख ७३ हजार खर्च गरेको छ। शुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गर्नु उल्लिखित नियमावली तथा बजेट सिद्धान्त अनुरूप देखिँदैन।

१०. **वैदेशिक सहायता** – विकास सहायताको तथ्याङ्क विश्लेषण गर्दा २०७८।७९ मा नेपाल सरकारको कुल खर्च रू.१३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाखमध्ये रू.१ खर्ब ५८ अर्ब १८ करोड १७ लाख अर्थात् १२.०७ प्रतिशत हिस्सा वैदेशिक सहायताले ओगटेको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०७८।७९ मा वैदेशिक अनुदान रू.५९ अर्ब ९१ करोड ९९ लाख र वैदेशिक ऋण रू.२ खर्ब ८३ अर्ब ८ करोड ८७ लाखसमेत रू.३ खर्ब ४३ अर्ब ८६ लाख प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायता र वस्तुगत सहायताबाहेक अनुदान रू.२४ अर्ब १४ करोड ९० लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाखसमेत रू.१ खर्ब ६० अर्ब ९ करोड ११ लाख प्राप्त भएको देखियो। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ४०.३० प्रतिशत र वैदेशिक ऋण ४८.०२

प्रतिशत प्राप्त भई समग्रमा ४६.६७ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ। यो वर्ष प्राप्त ऋण रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाखमध्ये रू.१ खर्ब ३० अर्ब ७० करोड उपयोग भएको छ।

११. **नगद व्यवस्थापन** - नेपाल सरकारले सार्वजनिक संस्था, निकाय तथा स्वायत्त संस्थामा कार्यक्रम बजेट विनियोजन, पुँजीगत तथा अन्य अनुदान, ऋण तथा लगानी लगायतका माध्यमबाट गरेको खर्च सम्बन्धित संस्थाले तोकिएको उद्देश्यअनुसार खर्च नगरी विगतदेखि नै बैंङ्कमा मुद्दती तथा न्यून ब्याज आउने खाता तथा चल्ती खातामा राखेको छ। सार्वजनिक संस्थामध्ये नियमनकारी ७ सस्थासँग रू.२ खर्ब ५९ अर्ब ७७ करोड ५८ लाख, अन्य २० सार्वजनिक सस्थासँग रू.१ खर्ब १७ अर्ब ५२ करोड २० लाख, सरकारी तथा कार्यसञ्चालन कोष राख्ने ५० निकायको रू.१ खर्ब १ अर्ब ५६ करोड मौज्दात रहेको छ।

यो वर्षसम्म खर्च हुन नसकी प्रदेश तहमा रू.७६ अर्ब ३४ करोड ९० लाख र स्थानीय तहमा रू.१ खर्ब २ अर्ब ३२ करोड ५८ लाखसमेत १ खर्ब ७८ अर्ब ६७ करोड ४८ लाख सञ्चित कोषमा रहेको छ। संघीय सरकारले स्रोत अभाव देखाई ऋण लिने तर प्रदेश एंव स्थानीय सरकारले सो रकम खर्च नगरी मौज्दात राखेकोले २०७८।७९ मा आन्तरिक ऋणको औसत व्याजदर ८.०६ प्रतिशतका दरले हिसाब गर्दा प्रदेश तथा स्थानीय तहको सञ्चित कोषमा रहेको उक्त रकमको ब्याज रू.१४ अर्ब ४० करोड ३ लाख हुन आउँछ।

नगद प्रवाह व्यवस्थापन गर्न सक्ने कानूनी व्यवस्था भए पनि कार्यान्वयनमा ल्याउन नसकेको तथा विकास आयोजनाको स्रोत व्यवस्थापन गर्न नसक्दा आन्तरिक ऋणमा भार बढेको र ब्याजको कारणले आयोजना लागत बढिरहेको अवस्था छ।

१२. **सार्वजनिक संस्थान व्यवस्थापन** - हाल सञ्चालित ६९ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्ष विनिवेश भएका संस्था ३० तथा पछिल्लो समयमा स्थापना भै थप भएका समेत हाल अस्तित्वमा रहेका ४४ संस्थानमध्ये ४२ संस्थान सञ्चालनमा रहेका छन्। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न ११४ संस्थान र अन्तर्राष्ट्रिय संस्थामा रू.३ खर्ब ४२ अर्ब ११ करोड ११ लाख शेयर लगानी गरेकोमा यस वर्ष रू.१५ अर्ब ५२ करोड ७८ लाख थप भई यो वर्षसम्म रू.३ खर्ब ५७ अर्ब ६३ करोड ८९ लाख शेयर लगानी भएको देखिन्छ। यस वर्ष ९ संस्थाबाट रू.४ अर्ब २४ करोड ३७ लाख नगद लाभांश प्राप्त भएको देखिन्छ। यो वर्ष प्राप्त गरेको लाभांश गत वर्ष प्राप्त भएको भन्दा ६६.७२ प्रतिशतले न्यून छ। ती बाहेक १०५ संस्थामा गरेको रू.२ खर्ब ५८ अर्ब ७८ करोड २२ लाख शेयर लगानीबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ।

१३. **सार्वजनिक ऋण** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ को अन्त्यसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.२० खर्ब १३ अर्ब २९ करोड ६४ लाख रहेको छ। सो मध्ये बाह्य ऋण रू.१० खर्ब २५ अर्ब ८४ करोड ७१ लाख र आन्तरिक ऋण रू.९ खर्ब ८७ अर्ब ४४ करोड ९३ लाख रहेको देखिन्छ। यस वर्ष ऋण दायित्व रू.२ खर्ब ७५ अर्ब ६५ करोड ९६ लाख अर्थात गतवर्षको तुलनामा १५.८६ प्रतिशत वृद्धि भएको छ। कुल ऋण मध्ये बाह्य ऋण

५०.९५ प्रतिशत र आन्तरिक ऋण ४९.०५ प्रतिशत रहेको छ। उक्त ऋण कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४१ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७६।७७ मा यस्तो अनुपात ३८.०५ र २०७७।७८ मा ४०.७३ प्रतिशत रहेको थियो। बाह्य ऋण भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गर्नुपर्दछ। त्यसैगरी पुँजीगत शीर्षकमै आन्तरिक ऋण उपयोग भएको अवस्थामा पुँजीगत खर्चबाट मूल्य सार्थकता प्राप्त भएको सुनिश्चित गरेर मात्र ऋणको परिचालन गर्नुपर्दछ।

१४. **ऋण लगानी -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार ६२ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रू.१ खर्ब ३२ अर्ब १ करोड ५९ लाख र वैदेशिक स्रोतबाट ३८ संस्थामा रू.१ खर्ब ९६ अर्ब ९० करोड ५ लाखसमेत रू.३ खर्ब २८ अर्ब ९१ करोड ६४ लाख लगानी भएको देखिन्छ। यो वर्ष रू.४७ अर्ब ३० करोड ४ लाख थप लगानी र रू.१ अर्ब ५७ करोड ९९ लाख साँवा फिर्ता समायोजन गर्दा वर्षान्तको लगानी हिसाब रू.३ खर्ब ७४ अर्ब ६३ करोड ६९ लाख हुने देखिन्छ। यद्यपि कार्यालयले रू.३ खर्ब ७३ अर्ब ९२ करोड २० लाख देखाई रू.७१ करोड ४९ लाख ऋण लगानी घटी देखाएकोमा सोको कारण खुलाएको छैन।

१५. **ऋणको भुक्तानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्राप्त गर्ने आन्तरिक तथा वैदेशिक ऋणबाट साँवा रकम सिधै कट्टी गरी बाँकी रहेको रकममात्र खुद स्रोत हस्तान्तरण भएको उल्लेख गरी वैदेशिक ऋणतर्फ रू.१ खर्ब ३३ खर्ब मध्ये रू.२९ अर्ब ४१ करोड ५८ लाख र आन्तरिक ऋणतर्फ रू.२ अर्ब ३१ खर्ब ८४ करोड ५५ लाखमध्ये रू.४७ अर्ब ३३ करोड ७८ लाख कट्टा गरी बाँकी रू.२ खर्ब ८८ अर्ब १७ करोड ५३ लाखमात्र संघीय सञ्चित कोषमा खुद स्रोत हस्तान्तरण गरेको छ। सो रकमको दोहोरो लेखाप्रणाली अनुसार लेखाङ्कन गरेको छैन। त्यसैगरी आन्तरिक ऋणको व्याज रू.३७ अर्ब ५८ करोड ६८ लाख र वैदेशिक ऋणको व्याज रू.७ अर्ब ४४ करोड २० लाखसमेत रू.४५ अर्ब २ करोड ८८ गरी रू.१ खर्ब २१ अर्ब ७८ करोड २४ लाख भुक्तानी भएको देखिन्छ।

१६. **बक्यौता ब्याज -** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७७।७८ सम्म प्राप्त हुनुपर्ने ब्याज रू.४५ अर्ब ८२ करोड ७९ लाख बाँकी रहेकोमा यो वर्ष समायोजन सहित थप भएको रू.१० अर्ब ८४ करोड ४८ लाखसमेत रू.५६ अर्ब ६७ करोड २७ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.६ अर्ब १८ करोड ८७ लाख प्राप्त भै रू.५० अर्ब ४८ करोड ४० लाख प्राप्त हुन बाँकी रहेको देखिन्छ। प्राप्त गर्नुपर्ने ब्याज रकम वृद्धि हुँदै गएकाले प्रभावकारी अनुगमन गरी समयमै प्राप्त गर्नुपर्दछ।

१७. **शोधभर्ना बाँकी –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त स्रोतगत विवरण अनुसार गत वर्षसम्म ऋण तथा अनुदान सोधभर्ना हुन बाँकी रू.२३ अर्ब ९३ करोड ८९ लाख रहेकोमा यो वर्ष रू.३६ अर्ब ८६ करोड ५५ लाख पुगेको छ।

१७.१ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आर्थिक विवरणअनुसार शोधभर्ना हुनुपर्ने ऋण रू.२१ अर्ब ८० करोड ४८ लाख ८८ हजार देखिन्छ। तर शोधभर्ना प्राप्त हुनेतर्फको ऋणात्मक मौज्दात समायोजन गर्दा रू.३० अर्ब ५२ करोड ८५ लाख ७४ हजार हुने देखिएकोले फरक रू.८ अर्ब ७२ करोड ३६ लाख ८६ हजारको हिसाब मिलान गर्नुपर्दछ।

१७.२ शोधभर्ना हुने अनुदानतर्फ कार्यालयले ऋणात्मक शोधभर्ना समायोजन गरी जम्मा रू.१५ अर्ब ६ करोड ६ लाख १८ हजार शोधभर्ना प्राप्त हुनुपर्ने अनुदान भनी उल्लेख गरेकोमा ऋणात्मक अनुदान घटाउँदा रू.१६ अर्ब ३३ करोड ७३ लाख ४ हजार शोधभर्ना प्राप्त हुनुपर्ने देखिन्छ। घटी रू.१ अर्ब २७ करोड ६६ लाख ८६ हजार शोधभर्ना हुनुपर्ने रकमको हिसाब पेस हुनुपर्ने देखिन्छ।

१८. **बैङ्क तथा वित्तीय संस्थाको नियमन -** नेपालमा बैङ्क तथा वित्तीय क्षेत्रको नियामक निकायको रूपमा नेपाल राष्ट्र बैङ्क क्रियाशील रहेको छ। मौद्रिक नीति, २०७९ को समीक्षाअनुसार बैङ्कहरूको निक्षेपमा औसत ब्याजदर र कर्जाको दर २०७७ आषाढ मसान्तमा क्रमशः ६.०१ र १०.११ प्रतिशत रहेकोमा २०७८ आषाढमा ८.४३ र ११.६२ प्रतिशत रहेको थियो। उक्त अनुपात २०७९ आषाढमा क्रमशः ७.३४ प्रतिशत र ब्याजदर ११.५४ प्रतिशत पुगेको छ। प्राप्त विवरणअनुसार बैङ्क तथा वित्तीय संस्थाहरूको ब्याज आम्दानी तथा खर्चको अवस्था निम्नानुसार छः

बैङ्क तथा वित्तीय संस्थाको वर्ग	सन् २०२०।२१		सन् २०२१।२२		फरक (ब्याज आम्दानी-ब्याज खर्च)	
	ब्याज आम्दानी	ब्याज खर्च	ब्याज आम्दानी	ब्याज खर्च	२०२०।२१	२०२१।२२
क	३२६१५७०	१९४४०९०	४४२४०५०	२८४७५००	१३१७४८०	१५७६५५०
ख	३८४३६०	२४०२७०	५५४४४०	३७१९१०	१४४०९०	१८२५३०
ग	८३७९०	५९०५०	११५१७०	८०६७०	२४७४०	३४५००
घ	४५३०४०	१८२७९०	५९९८५०	३०५२२०	२७०२५०	२९४६३०
जम्मा	**४१८२७६०**	**२४२६२००**	**५६९३५१०**	**३६०५३००**	**१७५६५६०**	**२०८८२१०**

उल्लिखित २ वर्षको तथ्याङ्क विश्लेषण गर्दा बैङ्क तथा वित्तीय संस्थाहरूको ब्याज आय ब्याज खर्चभन्दा सन् २०२०।२१ मा रू.१ खर्ब ७५ अर्ब ६५ करोड ६० लाख र सन् २०२१।२२ मा रू.२ खर्ब ८ अर्ब ८२ करोड १० लाख बढी देखिएको छ। पुँजी तथा कोषको रकमसमेत लगानी हुँदा ब्याज आय रकम केही बढी हुनु स्वभाविक भए पनि माथिको तथ्याङ्कबाट ब्याज आय र खर्चको अन्तर उल्लेख्य देखिएकोले नेपाल राष्ट्र बैङ्कले ब्याज आय तथा खर्चमा हुने फरक (स्प्रेडदर) को प्रभावकारी अनुगमन गरी तोकिएको सीमामा राख्नुपर्दछ। साथै अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दै गएकोले व्यक्तिगत रूपमा गरिने वित्तीय कारोबार पहिचान गरी कानुनको दायरामा ल्याउनुपर्दछ।

१९. **स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटी (एस.एल.एफ.)** - बैङ्क तथा वित्तीय संस्थामा तरलता जोखिम व्यवस्थापन, र सो सम्बन्धी आवश्यक व्यवस्था गर्न नेपाल राष्ट्र बैङ्कले २०७८।७।२९ मा जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गरेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई २०७६।७७ मा ८३ पटकमा रू.१ खर्ब ३ अर्ब, २०७७।७८ मा १६७ पटकमा रू.३ खर्ब ६१ अर्ब र २०७८।७९ मा ४ हजार ९०८ पटकमा रू.९१ खर्ब ७० अर्ब एस.एल.एफ. सुविधा प्रदान गरेको छ। बैङ्क तथा वित्तीय संस्थाले तत्कालको तरलता समस्या सामाधान गर्न सुविधा लिइएको जनाए तापनि उक्त अवधिमा ऋण तथा लगानी वृद्धि भएको, बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गरेको देखिएकोले एस.एल.एफ.को सुविधा तरलता समस्या समाधानमा मात्र प्रयोग भएकोमा यकिन हुने अवस्था देखिँदैन।

२०. **विमान खरिद कर्जा** – कर्मचारी सञ्चय कोषले नेपाल वायुसेवा निगमसँग २०७४।२।२८ मा गरेको ऋण सम्झौत अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रू.१२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले ब्याज भुक्तानी नगरेको र सोही ब्याज सञ्चयकोषले पुँजीकरण गर्ने

सञ्चालक समितिको निर्णय अनुसार साँवा रकम बढेर रू.१४ अर्ब १५ करोड पुगेको छ। यसरी बढेको रकम समेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले आवश्यक पहल गरेको छैन। ठुला र दीर्घकालीन परियोजनाहरूमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, व्यावसायिक योजनाको मूल्याङ्कन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको देखिन्छ।

२१. **परियोजना कर्जा प्रवाह** – कर्मचारी सञ्चय कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम रू.१ अर्बसम्मको संस्थागत कर्जा स्वीकृत गर्ने अख्तियारी प्रशासकको संयोजकत्वमा बनेको कर्जा तथा लगानी समितिमा रहेको छ। कोषले २०७६।७७ देखि ९ कम्पनीलाई रू.६ अर्ब ९८ करोड ४४ लाख परियोजना कर्जा प्रवाह गरेकोमा उक्त कर्जामध्ये खराब कर्जाको रूपमा ब्याज समेत हिसाब गर्दा एक हाउजिङ कम्पनीसँग रू.६५ करोड ६७ लाख ७० हजार, एक उद्योगसँग रू.८ करोड ६१ लाख ९४ हजार, एक कम्पनीसँग रू.२ करोड ७० लाख १६ हजार, एक रिसोर्टसँग रू.८ करोड ८४ लाख ३३ हजार, दुई मिल्ससँग रू.३४ करोड १२ लाख १४ हजारसमेत रू.१ अर्ब १९ करोड ९६ लाख २७ हजार उठ्न बाँकी रहेको छ। उक्त सबै कर्जा कोष प्रशासककै संयोजकत्वमा गठित समितिको निर्णयबाट स्वीकृत भएकोले सञ्चालक समितिको निर्णय र निगरानी हुन नसकेको अवस्था छ। तसर्थ यस्तो सीमामा पुनरावलोकन हुनु जरुरी छ।

२२. **राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क रकमको ७० प्रतिशत संघीय सञ्चित कोषमा र १५ प्रतिशत प्रदेशमा र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार नेपाल सरकारको राजस्वको वार्षिक विवरण २०७८।७९ मा कर राजस्व (बाँडफाँट हुने राजस्वबाहेक) रू.५ खर्ब ६६ अर्ब ९७ करोड ६६ लाख, अन्य राजस्व रू.७५ अर्ब ७३ करोड ११ लाख, बेरुजू अनुदान फिर्ता लगायत विविध प्राप्ति रू.४८ अर्ब ५० करोड ४९ लाख, बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.३ खर्ब १४ अर्ब २२ करोड ७७ लाख, बाँडफाँट हुने अन्तःशुल्क रू.१ खर्ब ३ करोड १२ लाख ७७ हजार, बाँडफाँट हुने रोयल्टी रू.५ अर्ब १९ करोड ७९ लाख र वैदेशिक अनुदान रू.१५ अर्ब ५१ करोड ५१ लाख रहेको छ। वर्षान्तमा खाता बन्द गर्दा समायोजन लेखाङ्कन गरी समयमै बाँडफाँट गर्नेतर्फ आवश्यक व्यवस्था गर्नुपर्दछ।

२३. **रोयल्टी बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टी बापत प्राप्त हुने रकम ५० प्रतिशत संघीय विभाज्य कोषमा, २५ प्रतिशत प्रदेश विभाज्य कोष र २५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष विभाज्य कोष खातामा जम्मा भएको रू.५६ करोड ६ लाख १ हजार मन्त्रिपरिषद्बाट २०७९।९।२६ मा स्वीकृत भएअनुसार २०७९।१०।९ मा मात्र बाँडफाँट गरेको देखिन्छ। तर संघीय राजस्वको हिस्सा संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ। समयमा बाँडफाँट नगरी तीन तहको सरकारको आर्थिक विवरण पेस भएपछि रकम पठाउँदा प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रोयल्टीको रू.२८ करोड ३ लाख रकमले असर गरेको अवस्था छ।

२४. **वित्तीय हस्तान्तरण -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा संघीय बजेटमा व्यवस्था भएको अनुदान हस्तान्तरणको अवस्था देहायबमोजिम छः

(रू.अर्बमा)

अनुदान शिर्षक	२०७८।७९			२०७९।८०		
	प्रदेश	स्थानीय	जम्मा	प्रदेश	स्थानीय	जम्मा
वित्तीय समानीकरण	५७.९	९४.६	१५२.५	६१.४	१००.२	१६१.६
सशर्त	३६.३	१७३.६	२०९.९	५७.२	१८३.७	२४०.९
समपूरक	५.७	६.७	१२.४	६.३	७.३	१३.६
विशेष	४.२	८.३	१२.५	४.६	९.१	१३.७
जम्मा अनुदान	**१०४.१**	**२८३.२**	**३८७.३**	**१२९.५**	**३००.३**	**४२९.८**
कुल बजेटमा हिस्सा प्रतिशत	६.७	१७.३	२४.	७.२	१६.७	२३.९
राजस्व बाडफाँट	६४.९	६४.९	१२९.८	८१.५	८१.५	१६३.
जम्मा हस्तान्तरण	१६९.१	३४८	५१७.१	२११	३८१.९	५९२.९
कुल बजेटमा हस्तान्तरण प्रतिशत	१०.४	२१.३	३१.७	११.८	२१.३	३३.१
कुल गार्हस्थ्य उत्पादनमा प्रतिशत	४.४	७.९	१२.३	-	-	-

उल्लिखित तालिकाअनुसार २०७८।७९ र २०७९।८० मा प्रदेश र स्थानीय तहलाई संघीय बजेटको औसत २४ र २३.९ प्रतिशत अनुदान र राजस्व बाँडफाँट तथा अनुदान समेत गर्दा संघीय बजेटको ३१.७ र ३३.१ प्रतिशत वित्त हस्तान्तरण भएको जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १२.३ प्रतिशत देखिन्छ। नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम खर्च नभएमा संघीय सञ्चित कोषमा फिर्ता पठाउनुपर्नेमा महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सशर्त, समपूरक र विशेषतर्फ प्रदेश तथा स्थानीय तहमा २०७८।७९ सम्म रू.१ खर्ब ७८ अर्ब ६७ करोड संघीय सञ्चित कोषमा फिर्ता नभई सम्बन्धित सरकारको कोषमा मौज्दात रहेको अवस्था छ।

२५. **करको दायरा -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिए बमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७५।७६ सम्म	२०७६।७७ सम्म	२०७७।७८ सम्म	२०७८।७९ मा थप	२०७८।७९ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१२३५४१२	१४२९६०४	१५७७३८३	१८५०३०	१७६२४१३
व्यक्तिगत स्थायी लेखा नम्बर	९९६०४१	१९७८६८०	२४७१७२६	५७८५७८	३०५०३०४
अग्रिम कर स्थायी लेखा नम्बर	७३७	५१०६	९९९८	८०९६	१८०९४
जम्मा	**२२३२१९०**	**३४१३३९०**	**४०५९१०७**	***७७१७०४***	***४८३०८११***
मूल्य अभिवृद्धि करमा दर्ता	२४०४६०	२६८४३६	२८५०९८	६२६३	२९१३६१
अन्तः शुल्क इजाजतपत्र	६८२१३	९४२९२	१०३४२३	२७७०४	१३११२७

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार २०७७।७८ को तुलनामा यस वर्ष स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा आयकरतर्फ १९.०१, मूल्य अभिवृद्धि करतर्फ २.१९ र अन्तःशुल्क

इजाजतपत्रतर्फ २६.७८ प्रतिशतले वृद्धि भएको छ। यस वर्षसम्म ४८ लाख ३० हजार ८११ करदाता करको दायरामा आएको देखिन्छ। चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक, प्राध्यापकलगायतका पेशाविद् अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत नियमित आय विवरण दाखिला गरेको देखिँदैन। सम्बद्ध निकायबीच अन्तरआबद्धतासहित उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२६. **मूल्य अभिवृद्धि कर विवरण -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
डेबिट विवरण प्रतिशत	१४.०६	२५.६०	२२.१७	११.०७	२२.८७
क्रेडिट विवरण प्रतिशत	५१.९७	४५.९०	४८.३८	५५.१५	४५.७१
शून्य विवरण प्रतिशत	३३.९७	२८.५०	२९.४५	३३.७८	३१.४२
आषाढमा डेबिट (रू.अर्बमा)	६९.८५	१२.६९	११.२३	१०.४८	१५.६५
आषाढमा क्रेडिट (रू.अर्बमा)	३८.१९	३९.७४	४२.४०	४७.४४	७१.२७
क्रेडिट/डेबिट अनुपात (गुणा)	०.५४	३.१३	३.७७	४.५३	४.५५

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन अनुसार यो वर्षको कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१ खर्ब १५ अर्ब ८६ करोड असुली भएको छ। उक्त असुलीमा करदाताको क्रेडिट मिलान समेत समावेश छ। वर्षान्तमा करदाताको मूल्य अभिवृद्धि कर रू.७१ अर्ब २७ करोड क्रेडिट रहेको छ। विवरण बुझाउने करदातामध्ये डेबिट विवरण बुझाउने २२.८७ प्रतिशत, क्रेडिट विवरण बुझाउने ४५.७१ प्रतिशत र शून्य विवरण बुझाउने ३१.४२ प्रतिशत रहेको देखिन्छ। डेबिट रकम यो वर्ष ४९.३३ प्रतिशतले र क्रेडिट रकम ५०.२३ प्रतिशतले वृद्धि भएको छ। मूल्य अभिवृद्धि करको प्रभावकारिता वृद्धि गर्न कर कानूनको कार्यान्वयन, परिपालना र अनुगमन संयन्त्रको परिचालनसँगै नीतिगत एवं व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने देखिन्छ।

२७. **नीति कार्यक्रम मूल्याङ्कन -** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीबाट प्राप्त विवरणअनुसार २०७८।७९ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमको मूल्याङ्कन गरेको देखिन्छ। मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनलाई आधार लिएको छ। सो आधारमा मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयहरूबाट २०७९ आषाढ मसान्तसम्मको अवस्था देहायअनुसार छः

क्षेत्र	सम्बन्धित मन्त्रालय	क्रियाकलाप(संख्या)				माइलस्टोन			
		सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका	सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका
आर्थिक क्षेत्र	अर्थ कृषि, उद्योग, भूमि व्यवस्था	४७४	१९६	२३७	४१	९२८	४५०	३४०	१३८
पूर्वाधार क्षेत्र	भौतिक पूर्वाधार, ऊर्जा, शहरी विकास, खानेपानी, सञ्चार, पुनर्निर्माण	३०६	६०	२०४	४२	७९३	२३४	३७१	१८८
सामाजिक क्षेत्र	शिक्षा, स्वास्थ्य, महिला, युवा, श्रम	२४३	११७	११८	८	५१०	२९१	१६९	५०
शासकीय सुधार क्षेत्र	प्रधानमन्त्री कार्यालय, गृह, रक्षा, संघीय मामिला, कानुन, परराष्ट्र	१९०	८०	१०६	४	४०५	२२७	१५८	२०
	जम्मा	**१२१३**	**४५३**	**६६५**	**९५**	**२६३६**	**१२०२**	**१०३८**	**३९६**

उल्लिखित १ हजार २१३ क्रियाकलापमध्ये ४५३ अर्थात् ३७.३४ प्रतिशत क्रियाकलाप मात्र सम्पन्न भएका छन् भने २ हजार ६३६ माइलस्टोनमध्ये १ हजार २०२ अर्थात् ४५.६० प्रतिशत माइलस्टोन मन्त्रालयहरूले पूरा गरेको देखिन्छ। क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रका क्रियाकलापहरू १९.६ प्रतिशत मात्र सम्पन्न भएका छन्। सबैभन्दा कम क्रियाकलाप सम्पन्न गर्ने मन्त्रालयमा भौतिक पूर्वाधार तथा यातायात २.९८ प्रतिशत, खानेपानी ८.८२ प्रतिशत र शहरी विकास १४.७५ प्रतिशत रहेका छन्। क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनको प्रगति सन्तोषजनक देखिँदैन।

२८. **विप्रेषण प्राप्ति र परिचालन -** पन्ध्रौं योजना अवधिमा रू.५५ खर्ब ९२ अर्ब विप्रेषण आप्रवाह हुने अनुमान रहेकोमा यस वर्षसम्म रू.२८ खर्ब ४३ अर्ब प्राप्त भएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कबाट देखिन्छ। नेपाल जीवनस्तर सर्वेक्षण २०६६।६७ अनुसार वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको ८० प्रतिशत अंश उपभोगमा खर्च हुने गरेका कारण विप्रेषण आयबाट पुँजी निर्माणमा न्यून योगदान रहेको छ। गन्तव्य मुलुकबाट नेपालमा २०० डलर पठाउँदा ४.५ प्रतिशत र ५०० अमेरिकी डलर पठाउँदा औसतमा ३ प्रतिशत शुल्क (लागत) लाग्ने गरेको छ। औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा लाग्ने लागत उच्च रहेकोले हुण्डीलगायत अनौपचारिक माध्यम निरुत्साहित गर्न नसकेको अवस्था छ।

२९. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** देशभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उच्चतम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। सूचीकृत बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा विगत ३ वर्षदेखि हालसम्म रू.१३ अर्ब २ करोड ४२ लाख खर्च भएकोमा ६ लाख २१ हजार ७३ जना कार्यक्रममा सहभागी भई औसतमा ४५ दिनको रोजगारी प्राप्त गरेका छन्।

कार्यक्रमबाट मूलत: सडक नाला सफा गर्ने, विद्यालयको खेलमैदान तथा गोरेटो, घोडेटो बाटो निर्माण तथा ससाना पूर्वाधार निर्माण र सरसफाइ जस्ता कार्य गरेको देखिँदा उत्पादन वृद्धि र पुँजी वृद्धि हुने खालका काम भएको देखिँदैन। वैदेशिक ऋणबाट उत्पादन वृद्धि र पुँजी निर्माण कार्यक्रम सञ्चालन हुनुपर्नेमा अनुत्पादक कार्यमा खर्च गरेको अवस्था छ। कार्यक्रमको दिगोपना र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने तथा रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र अद्यावधिक गर्नुपर्दछ।

३०. **वैदेशिक रोजगार -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ। यस वर्षसम्म संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा वैदेशिक रोजगारको लागि पठाउन/जान खुला गरेकोमा हाल इराक, लिबिया र युक्रेनमा रोक्का गरेको र १० देशसँग मात्र श्रम सम्झौता भएको छ। वैदेशिक रोजगारीमा गएका मध्ये २८.१७ प्रतिशत कामदार गएको साउदी अरेबियासँग श्रम सम्झौता भएको छैन। विगत पाँच वर्षमा वैदेशिक रोजगारीका लागि गएका २२

लाख ८८ हजार २६ मध्ये उच्च दक्षतायुक्त ०.०३ प्रतिशत, पेशाविद् ०.१३ प्रतिशत, अर्धदक्ष, ८.७५ प्रतिशत, दक्ष ३६.५१ प्रतिशत र अदक्ष कामदार ५४.५८ प्रतिशत रहेका छन्।

३१. **वन पैदावारको उपयोग -** वन क्षेत्रमा ढलापडा, सुखड खडा, हैसियत बिग्रिएका, प्रकोपले ढलेका र बुढो तथा उमेर पुगेका रुख बढ्दो क्रममा रहेका छन्। हिउँद तथा सुख्खा मौसममा लाग्ने डढेलोले काठ नष्ट हुने गरे तापनि सोको प्रभावकारी व्यवस्थापन गरी उपयोग हुन सकेको छैन। आवश्यकतानुसार काठ उपलब्ध हुन नसकेका कारण २०७७।७८ मा रू.२ अर्ब ३३ करोड र २०७८।७९ मा रू.७ अर्ब ९९ करोडको काठ र काठजन्य सामग्री अयात भएको छ। काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अरबौंको काठजन्य सामग्री आयात भएको देखिँदा ढलापडा, सुख्खा खडा रुखहरूको व्यवस्थापन गरी काठको उचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

३२. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने व्यवस्था छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले ५१ प्रतिवेदन स्वीकृत गरेकोमा सोको लागि ६८२ दिनसम्म लागेको देखिन्छ। दर्ता पश्चात् पत्राचार तथा प्रमाण सङ्कलन गर्न ३७४ दिनसम्म लागेको एवं पेस भएपश्चात् सिफारिस गर्न १६७ दिनसम्म र सिफारिस पश्चात स्वीकृत गर्न ३०६ दिन सम्म लागेको देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न भएको ढिलाइले आयोजना कार्यान्वयनमा ढिलाइ भई परामर्शदाताको खर्च र निर्माण कार्यको मूल्य समायोजनका कारण आयोजनाको लागत र समय बढ्ने अवस्था छ। मन्त्रालयले सरोकारवालासँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कनको कारबाही समयमै टुङ्गो लगाउनुपर्दछ।

३३. **नयाँ शहर आयोजना -** पन्ध्रौं आवधिक योजनाले नयाँ शहर आयोजनालाई रुपान्तरणकारी आयोजनाको रूपमा घोषणा गरेकोमा पुष्पलाल (मध्यपहाडी) लोकमार्ग र यसका आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म प्रति शहर कम्तीमा १ लाख जनसंख्या बसोबास गर्न सक्ने अत्याधुनिक, सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६६।६७ देखि नयाँ शहर आयोजना शुरु भएको छ। शुरुमा १० स्थानमा नयाँ शहर स्थापना गर्ने गरी छनोट भएकोमा हाल २७ स्थानमा नयाँ शहर, १० हिमाली शहर र १७ स्मार्ट सिटीसहित ५४ नयाँ शहरको विकासका लागि एकीकृत जग्गा विकास, पूर्वाधार विकासलगायतका कार्यको विस्तृत आयोजना प्रतिवेदन तथा एकीकृत विकास योजना तयार गर्ने कार्य भइरहेको छ। हालसम्म ९ स्थानमा ४ हजार ७७७ रोपनी जग्गामा मात्र जग्गा विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ। पूर्व घोषित आयोजनाको कार्य समाप्त नहुँदै थप नयाँ शहर आयोजना थप्दै जाने प्रवृत्तिले वर्षौंसम्म आयोजनाको कार्य अधुरो नै रहने एवं अपेक्षित प्रतिफल हासिल नहुने अवस्था छ।

३४. **सभाहल निर्माण -** सघन शहरी तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा ४३ सभाहल निर्माण गर्ने योजना रहेकोमा ११ सभाहल निर्माण कार्य सम्पन्न भएको, १८ निर्माणाधीन रहेको र १४ सभाहलको लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारीलगायत प्रारम्भिक चरणको कार्य भैरहेको छ। उल्लिखित ४३ सभाहलमध्ये २९ सभाहलको निर्माणको लागि रू.१८

अर्ब १६ करोड १० लाखको लागत अनुमान रहेकोमा २०७८।७९ सम्म रू.९ अर्ब ८३ करोड ३३ लाख खर्च भएको देखिन्छ।

३४.१ रूपन्देहीको बुटवलमा १ हजार ७० क्षमताको सभाहल निर्माणमा रू.९६ करोड ४० लाख खर्च भएको छ। सभाहलको निर्माण सम्पन्न पश्चात् उद्घाटन भएपनि हल सञ्चालनको लागि आवश्यक व्यवस्था गरेको पाइएन।

३४.२ ललितपुरको गोदावरीमा ३ हजार सिट क्षमताको सभाहल निर्माण कार्यमा रू.८० करोड २७ लाख १६ हजार खर्च भएको छ। सभाहल निर्माण गर्न १४३ रोपनी १ आना ३ पैसा जग्गा उपलब्ध गराउने निर्णय भएकोमा ४३ रोपनी जग्गामा सभाहल निर्माण भएको र बाँकी जग्गा अतिक्रमण भई घर टहरा निर्माण भएको देखिन्छ। सभाहल सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिले प्राप्त गरी यो वर्ष रू.४९ लाख २८ हजार आम्दानी गरेको छ। उक्त भवनमा क्यान्टिन, सुरक्षा गार्ड बस्ने भवनहरूको निर्माण नगरेको, मुख्यद्वारमा पोर्चको निर्माण नगरिएको कारण सेवाग्राहीलाई हल प्रवेशमा असहज भएको, छानोबाट पानी चुहिएको, फल्स सिलिङ्ग भत्किएको लगायतका समस्या देखिएको छ।

सभाहल निर्माण, सञ्चालन, हस्तान्तरण एवं व्यावसायिक दिगोपनासम्बन्धी कार्यविधि एवं योजना तर्जुमा गरी सभाहलको पूर्ण रूपमा उपयोग हुने व्यवस्था हुनुपर्दछ।

३५. **भ्यू टावर** - झापा जिल्लाको दमक नगरपालिकास्थित दापगाछीमा रहेको ५ बिघा जग्गामा ७२ मिटर उचाइको १८ तला स्थायी संरचना र २८ मिटर उचाइको स्टिल संरचना रहेको अण्डरग्राउण्ड पार्किङसहितको सुविधा सम्पन्न भ्यू टावर निर्माण गर्न २०७८।९।२७ भित्र सम्पन्न गर्ने गरी २०७६।३।२७ मा रू.१ अर्ब ५६ करोड १४ लाख ३९ हजारको सम्झौता भएकोमा तोकिएको समयमा कार्यसम्पन्न नभएकोले २०८०।३।२७ सम्म म्याद थप भएको छ। उक्त निर्माण कार्यको दोस्रो भेरिएसनसम्म रू.१० करोड २७ लाख ८१ हजार थप भई संशोधित सम्झौता रू.१ अर्ब ६६ करोड ४२ लाख २० हजार कायम भएको छ। यो वर्षसम्म रू.१ अर्ब ४ करोड ४९ लाख १६ हजार भुक्तानी भएकोमा भौतिक प्रगति ७० प्रतिशत तथा वित्तीय प्रगति ६३ प्रतिशत रहेको छ। मुख्य कार्यमध्ये १६ औँ तल्लासम्मको सुपरस्ट्रक्चरको कार्य सम्पन्न भई १७ औँ र १८ औँ तल्लाको कार्य बाँकी रहेको छ। भ्यू टावर सञ्चालनको कार्यविधि र त्यसबाट प्राप्त हुने प्रतिफलको सुनिश्चितताबारे अध्ययन भएको छैन। माग तथा आवश्यकता पहिचानको आधारमा लगानीको प्रतिफल सुनिश्चित हुने गरी यस्ता आयोजना सञ्चालन गर्नुपर्दछ।

३६. **पुनर्निर्माण** - २०७२ सालको भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापना कार्यको लक्ष्य प्रगति स्थिति देहायअनुसार रहेको छः

क.सं.	क्षेत्र	पुनर्निर्माण गर्नुपर्ने संख्या	२०७८।७९ सम्मको प्रगति	
			संख्या	प्रतिशत
१	स्वास्थ्य संस्था	११६४	८०२	६८.९०
२	सरकारी भवन	४१४	४०१	९६.८६
३	सुरक्षा निकायको भवन	२१६	२१६	१००
४	पुरातात्विक सम्पदा	९२०	५८६	६३.७०
५	एकीकृत बस्ती विकास तथा सुधार	१०६	६२	५८.४९

पुरातात्विक सम्पदा र एकीकृत बस्ती विकास तथा सुधारलगायतका कार्यहरू सम्पन्न भएका छैनन्। बाँकी कार्य सम्पन्न गर्न थप पहल गर्नुपर्ने देखिन्छ।

३७. **अनुदान वितरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही छनोटसम्बन्धी व्यवस्था छ। निजी आवासतर्फ कुल लाभग्राही संख्या ८ लाख ६६ हजार २०७ रहेकोमा अनुदान सम्झौता गर्ने ८ लाख ३२ हजार ५८५ रहेको देखिन्छ। जसमध्ये पहिलो किस्ता ८ लाख ३२ हजार ४७० र दोस्रो किस्ता ७ लाख ६५ हजार ८६१ र तेस्रो किस्ता ७ लाख ३३ हजार २१४ ले भुक्तानी लिएको उल्लेख छ। पहिलो किस्ता भुक्तानी लिने ६२ हजार ९०२ लाभग्राहीले रू.३ अर्ब १४ करोड ५१ लाख भुक्तानी लिई दोस्रो तथा अन्तिम किस्ता नलिएको र १७ हजार २४५ लाभग्राहीले पहिलो र दोस्रो किस्ता लिई अन्तिम किस्ता लिएका छैनन्। पहिलो र दोस्रो किस्ता लिई कार्यसम्पन्न नगर्ने लाभग्राहीबाट अनुदान रकमको सदुपयोग भएको सुनिश्चित हुनुपर्दछ। त्यसैगरी निजी आवास प्रबलीकरणतर्फ ३३ हजार ९०५ लाभग्राहीसँग अनुदान सम्झौता भएको र पहिलो किस्ता ३१ हजार ६७९ जनालाई भुक्तानी भएको देखिन्छ। दोस्रो तथा अन्तिम किस्ता २ हजार २२६ लाई मात्र भुक्तानी गरेको विवरण प्राप्त भएकोले पहिलो किस्ता भुक्तानी लिई दोस्रो किस्ता नलिएका २९ हजार ४५३ लाभग्राहीको अनुगमन गरी प्रबलीकरणको कार्यलाई पूर्णता दिनुपर्छ। निर्माण सम्पन्न निजी आवास प्रयोजनमा नआई अन्य प्रयोगमा आएकोले सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

३८. **संयुक्त र बहुतले आवास** - संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४, नियमावली, २०६० र संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० अनुसार संयुक्त आवासको व्यवसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माण अनुमतिका लागि पेस भएका प्रस्ताव जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागको रहेको छ। प्राप्त विवरणअनुसार ७० अपार्टमेन्टको ७ हजार २२ आवास एकाइ निर्माणका लागि विभागले स्वीकृति प्रदान गरेकोमा ३२ अपार्टमेन्टको निर्माण सम्पन्न भई ३ हजार ९४१ आवास एकाइको निर्माण सम्पन्न भएको उल्लेख छ। तर २०६२ देखि २०६९ सालसम्मको अवधिमा निर्माण स्वीकृतिको लागि अनुमति लिएकोमा हालसम्म ३८ अपार्टमेन्टका ३ हजार ८१ आवास एकाइले निर्माण सम्पन्न प्रमाणपत्र लिएको देखिँदैन।

३९. **हवाई उडान -** हवाई नीति, २०६३ मा सुरक्षित, भरपर्दो, व्यावसायिक र विश्वसनीय हवाई सेवा विस्तार गर्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा गुणस्तरीय सेवा सुनिश्चित गर्ने लक्ष्य रहेको छ। नेपालको आकाशमा हालसम्म जहाज दुर्घटना हुँदा मल्टी इन्जिनका ५० जहाजबाट ४१६, सिङ्गल इन्जिनका ८ जहाजबाट २५, अन्तर्राष्ट्रिय १० जहाजबाट ३७३ र ३६ हेलीकोप्टरबाट ८५ समेत १०४ दुर्घटनामा ८९९ यात्रुको मृत्यु भएको देखिन्छ। हवाई दुर्घटनापछि गठन गरिने छानबिन समितिले दिएका प्रतिवेदनहरूमा इन्जिनमा समस्या भएको, मौसमको खराबी, पाइलटको असावधानीलगायत कारणबाट हवाई दुर्घटना हुने गरेको उल्लेख गरेको पाइन्छ। छानबिनबाट प्राप्त सुझाउहरू कार्यान्वयन हुन नसक्दा समस्या दोहोरिने गरेको देखिन्छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट सन् २०१९ मा

नेपालको हवाइ सुरक्षा सम्बन्धमा उठेका विषयलाई सम्बोधन गर्दै सुरक्षित, भरपर्दो, व्यावसायिक र विश्वसनीय हवाई सेवा विस्तार गरी गुणस्तरीय हवाई सेवाको प्रत्याभूति गर्नुपर्दछ।

४०. **विमानस्थल निर्माण** - हवाई नीति, २०६३ को दफा ५.७.१ मा हिमाली र पहाडी क्षेत्रमा साधारणतया २० नटिकल माइल र तराई तथा भित्री मधेश क्षेत्रमा कम्तीमा ४० नटिकल माइल निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दूरी कायम हुनुपर्ने व्यवस्था रहेकोमा सोभन्दा कम दूरीका कमलबजार-साँफेबगर १३ नटिकल माइल, फाप्लु-काँगेलडाँडा ८ नटिकल माइल, मसिनेचौर-जुफाल ६ नटिकल माइल लगायत ३९ स्थानमा विमानस्थल निर्माण भएको उल्लेख छ। हाल तीन अन्तर्राष्ट्रिय विमानस्थलसहित ५४ विमानस्थल रहेकोमा २० विमानस्थल सञ्चालनमा रहेका छैनन्। विमानस्थलको वर्गीकरण गरी कतिपय विमानस्थललाई आकस्मिक अवतरण केन्द्रको रूपमा विकास गर्नेगरी मापदण्ड तयार गर्नुपर्ने र निर्माण सम्पन्न भएका विमानस्थल सञ्चालनमा ल्याउनुपर्दछ।

४१. **क्यासिनो रोयल्टी** - क्यासिनो नियमावली, २०७० मा क्यासिनो सञ्चालकले प्रत्येक वर्ष रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। आर्थिक ऐन, २०७८ को दफा १६ मा ६ महिनाभित्र रोयल्टी बुझाउनुपर्ने, समयमा नबुझाएमा थप शुल्क र वार्षिक थप शुल्क बुझाउनुपर्ने प्रावधान छ। यो वर्ष २४ क्यासिनो सञ्चालकबाट निवेदन दस्तुर, इजाजत दस्तुर, रोयल्टी रकम, नवीकरण दस्तुर र वार्षिक थप दस्तुर समेत रू.१ अर्ब १५ करोड ४६ लाख राजस्व प्राप्त गर्नुपर्नेमा २० क्यासिनोबाट रू.९३ करोड ११ लाख मात्र दाखिला भएको छ। गत विगत वर्षदेखि ४ क्यासिनो सञ्चालकले बुझाउनुपर्ने रोयल्टी रू.२२ करोड ३५ लाख दाखिला गरेका छैनन्। बक्यौता रकम र सोमा लाग्ने थप शुल्कसहित असुल गर्नुपर्दछ।

४२. **दान भेटीको अभिलेख तथा व्यवस्थापन** - पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८ को नियम ७७ बमोजिम कुनै व्यक्तिले श्रीपशुपतिनाथ मन्दिर तथा मन्दिर प्राङ्गणभित्र रहेका अन्य मठमन्दिरमा सुन चाँदीजस्ता बहुमूल्य धातु र त्यस्ता धातुले बनेका सामान वा भाँडाकुँडा वा वस्त्रलगायत अन्य जिन्सी सामान चढाउन चाहेमा कोषमा दर्ता गरेर मात्र चढाउनुपर्ने व्यवस्था छ।

भक्तजन तथा श्रद्धालुबाट पशुपति मन्दिरमा भेटीबापत यस वर्ष रू.४ करोड ५२ लाख ८४ हजार सङ्कलन भएको छ। हरेक दिन १० बजेदेखि बैङ्क प्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी र कोषबाट तोकिएको कर्मचारीको रोहवरमा भेटी रकम गणना गर्ने र सोही दिन एक वाणिज्य बैङ्कमा जम्मा हुने गरेकोमा मेटल डिटेक्टर नभएका कारण धातुजन्य सामानको आम्दानी यकिन गर्न कठिनाइ रहेको, पशुपति शिवलिङ्गमा चढाएको भेटीघाटी मेसिनद्वारा नियन्त्रण हुन नसकेको, सन्तानेश्वर महादेव लालगणेशलगायतका सबै मन्दिरको आय कोषमा जम्मा नभएको, पशुपति मन्दिरमा भक्तजनबाट प्राप्त भएको दान दक्षिणालगायत धातुजन्य सामानको पहिचान र वर्गीकरण नगरेको, मन्दिर परिसरमा जडान गरेको सीसीटीभी ब्याकअप ७ दिनको मात्र रहेको, सुन चाँदीजस्ता बहुमूल्य धातुहरू कोषमा दर्ता नगराई स्वीकार गर्ने गरेको लगायतको अवस्था देखियो। उल्लिखित अवस्थामा सुधार गरी दान, भेटीको आयलाई थप व्यवस्थित गर्नुपर्दछ।

४३. **हुलाक बचत बैङ्क -** गोश्वारा र जिल्ला हुलाक कार्यालय ६८ मा सञ्चालित हुलाक बचत बैङ्कको गत विगत वर्षमा जिल्ला हुलाक कार्यालय रौतहट, बझाङ र जाजरकोटले हिनामिना गरेको रू.७ करोड १३ लाख ५७ हजारसमेत यो वर्षसम्म रू.१ अर्ब ४५ करोड ४३ लाख ३५ हजार मौज्दात रहेको छ। हुलाक बचत बैङ्कको हिसाब पूर्णरूपमा सफ्टवेयरमा नरहेको, निजी क्षेत्रका बैङ्किङ कारोबार गर्ने संस्थाहरूको पहुँच मुलुकभर पुगेको, लगानीका क्षेत्रहरू संकुचन भएको, समयानुकूल आधुनिक प्रविधिको प्रयोग गर्न नसकेको, दक्ष जनशक्तिको अभावलगायतका कारण हुलाक बचत बैङ्क प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको अवस्था छ। बचत बैङ्क सञ्चालन गर्ने सम्बन्धमा पुनरावलोकन गर्नुपर्दछ।

४४. **इन्टरप्राइज ई-मेल सेवा -** सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ को नियम २(१) मा प्रत्येक सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नेमसहितको सरकारी ई-मेल व्यवस्था गर्नुपर्ने र सरकारी कामको लागि अनिवार्य रूपमा सरकारी ई-मेल प्रयोग गर्नुपर्ने उल्लेख भएअनुसार केन्द्रले यो वर्षसम्म २० हजार लाइसेन्स खरिद गरेकोमा यस वर्ष सम्म ई-मेल बनाउनेको संख्या १८ हजार ४०० रहेको र ५ हजार ४५४ निष्क्रिय रहेका छन्। केन्द्रले खरिद गरेका ७ हजार ५४ ई-मेल प्रयोग नहुँदा ई-मेल लाइसेन्स खरिद तथा नवीकरणबापत नेपाल सरकारलाई रू.८ करोड ८४ लाख ७१ हजार व्ययभार परेको छ।

४५. **पेमेन्ट गेट वे -** सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८ मा सरकारी निकायबाट सम्पादन हुने कार्यहरूलाई एउटै विद्युतीय प्रणालीमार्फत् सरल र प्रभावकारी रूपमा सम्पादन गर्ने प्रयोजनको लागि सूचना प्रविधि विभागले सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणालीको स्थापना गर्ने उल्लेख भएअनुसार मुलुकभित्र र बाहिरबाट हुने भुक्तानीलाई पूर्ण रूपमा विद्युतीय माध्यमबाट गर्ने उद्देश्यले राष्ट्रिय पेमेन्ट गेट-वेको लागि २०७५।३।२९ भित्र कार्य सम्पन्न गर्न २०७५।३।१९ मा अमेरिकी डलर १९ लाख ८८ हजारको खरिद सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १८ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ। सम्झौता भएको करिब ५ वर्ष बितिसकेको र सम्झौता अङ्कको ९३.८६ प्रतिशत भुक्तानी भैसकेको अवस्थामा समेत गेट-वे प्रयोगमा आएको छैन।

४६. **युनिफाड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ ले आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरको सम्बन्धमा व्यवस्था गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरेको दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो अवधिपछि अनुमतिपत्रको नवीकरणको लागि रू.२० अर्ब १३ करोड २८ लाख दाखिला गरेपश्चात् नवीकरण गरिने उल्लेख छ। उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले २०७८।७९ सम्म दाखिला गर्नुपर्ने अनुमति दस्तुर रू.७ अर्ब ४० करोड दाखिला गरेका छैनन्। उक्त शुल्क असुल गर्नुपर्दछ।

४७. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली -** मोबाइल डिभाइस सुरक्षित गर्न अवैध मोबाइल आयातमा नियन्त्रण गर्न प्राइमरी साइट कन्टेनर र सोभित्र जडान हुने सातवटा सर्वर स्वीच राउटर र सेकेन्डरी डाटा सेन्टर इक्युपमेन्ट सर्वर स्विच ऱ्याकलगायतको मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम डिजाइन, सप्लाई, इन्स्टलेसन, कमिसनिङ्ग र अपरेसनसमेत खरिद गर्न एक अन्तर्राष्ट्रिय परामर्शदाता उपक्रमसँग

२०७६।८।१७ भित्र सम्पन्न गर्ने र ५ वर्षसम्म प्राविधिक सहायता गर्ने गरी २०७६।३।१९ मा अमेरिकी डलर ७० लाख ६६ हजार ८८८ को सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १४ लाख ११ हजार १७८ भुक्तानी भएको छ। तोकिएको अवधिभित्र काम सम्पन्न नभई पटक-पटक गरी २०७८।७।१५ सम्मको म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि सम्झौताअनुसारको हार्डवेयर खरिद तथा जडान कार्य सम्पन्न भएको छैन। तोकिएबमोजिम समयमानै कार्यसम्पन्न गराउनुपर्दछ।

४८. **सुरक्षण मुद्रण छापाखाना -** सुरक्षण मुद्रणसम्बन्धी उपकरण, प्रेस मेसिन, औजार प्रणाली तथा अन्य आवश्यक सामग्री जी.टु.जी. विधिबाट खरिद गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) ले २०७६।७।२० मा सैद्धान्तिक स्वीकृति दिएअनुसार सुरक्षण मुद्रण केन्द्रले प्रेस मेसिनलगायतका उपकरण खरिदको लागि रू.३३ अर्बको लागत अनुमान २०७८।३।३० मा स्वीकृत भएको छ। सो अगावै उपकरण खरिद सम्बन्धमा प्रस्ताव माग गरी फ्रान्स र जर्मन सरकारबाट प्रस्ताव प्राप्त भएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७६।९।७ मा दुवै देशको प्रस्तावमध्ये उपयुक्तताको आधारमा मन्त्रालयले नै स्वीकृत गरी सोझै खरिद गर्नसक्ने निर्णय भएको र मन्त्रालयबाट सोअनुसार निर्णय नगरी मन्त्रिपरिषद्मा पुनः पेस भएकोमा २०७७।१।२ मा जी.टु.जी. विधिबाट सोझै खरिद गर्ने निर्णय कायम नराख्ने र खुला प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गर्न मन्त्रालयले प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। छापाखानाको निर्माण कार्य २०७४।७५ देखि शुरु भएकोमा यो वर्षसम्म रू.२ अर्ब १५ करोड १८ लाख ५८ हजार खर्च भएको छ। सुरक्षण मुद्रण छापाखाना जडानको खरिद प्रक्रिया नै प्रारम्भ नगरी प्रत्येक वर्ष अन्य कार्यमा खर्च गरेको औचित्यपूर्ण देखिएन।

४९. **अप्टिकल फाइबर -** ग्रामीण दूरसञ्चार कोषको परिचालन गरी मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम, नगरपालिका, उत्तरदक्षिण जोड्ने राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा अप्टिकल फाइबर बिछ्याउन र राष्ट्रिय सूचना महामार्ग बनाउने गरी ३ खण्डमा विभाजन भएको छ। कोशी, मधेश र बागमती प्रदेशको एक खण्ड, गण्डकी र लुम्बिनी प्रदेशको एक खण्ड र कर्णाली एवं सुदूरपश्चिम प्रदेशको एक खण्डसमेत ३ खण्डको लागि २ सेवा प्रदायक संस्थासँग रू.८ अर्ब ९ करोड ५६ लाख ५९ हजारको सम्झौता भएको छ। खरिद सम्झौताअनुसार उक्त कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न भएको छैन।

५०. **राष्ट्रिय परिचयपत्र —** नेपालको संविधानमा एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गर्ने नीति अवलम्बन गर्ने उल्लेख भए तापनि हाल प्रयोगमा ल्याइएको राष्ट्रिय परिचयपत्रमा नागरिकता प्रमाणपत्रमा समावेश भएका विवरण मात्र राखी वितरण भइरहेको छ। राष्ट्रिय परिचयको विवरणमा नागरिकता, पासपोर्ट, सवारी चालक अनुमति, मतदाता परिचय, एटीएम कार्ड, जन्म मृत्यु दर्ता, जग्गा जमिनको विवरण, करदाता परिचय, नागरिक एप आदि विभिन्न परिचयपत्र र प्रमाणपत्रमा नागरिकको सबै प्रकारका सूचना तथा विवरणहरू एकीकृत गरिनुपर्ने हो। तर यस्ता विवरण सरकारी निकायपिच्छे पटक पटक प्रविष्टि गर्नुपर्ने, सबै परिचयपत्रमा छट्टाछुट्टै प्रणाली विकास गरिएको र छुट्टाछुट्टै निकायबाट सञ्चालन भइरहेको अवस्था छ। राष्ट्रिय परिचयपत्रलाई राहदानीसँग आबद्ध गरिएकोले राष्ट्रिय परिचयपत्र नम्बर बेगर राहदानी बनाउन नमिल्ने अवस्था छ। राहदानी ऐन र नियमावलीअनुसार राष्ट्रिय परिचयपत्र अनिवार्य छैन। नागरिकता प्रमाणपत्रमा उल्लेख भएका विवरण मात्र समावेश गरी

वितरण गरिएको परिचयपत्रले राष्ट्रिय परिचयको उद्देश्य प्राप्त गर्ने देखिँदैन। संविधानको धारा ५१ मा उल्लेख भएबमोजिम एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली बनाउनुपर्दछ।

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट उपलब्ध विवरणअनुसार २०७६।४।३१ देखि २०७९ आषाढ मसान्तसम्म ८० लाख ७५ हजार ४६ आवेदन दर्ता भए तापनि ५१ लाख १७ हजार अर्थात् ६३.३६ प्रतिशत मात्र कार्ड प्राप्त भएको र ३ लाख ६७ हजार कार्ड छपाइ भई १ लाख १७ हजार २५ अर्थात् आवेदनको ४.५४ प्रतिशतमात्र वितरण भएको छ। आवेदन दर्तामध्ये ७७ लाख ८ हजार ४६ कार्ड छपाइ हुन सकेको छैन। २०७८।७९ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा विद्युतीय राहदानीसँग २०७८।८।१ देखि अन्तरआबद्धता गरेकोले परिचयपत्र नम्बर प्राप्त नभएसम्म राहदानीको लागि निवेदन दिन नमिल्ने अवस्थामा आम नागरिकलाई असुविधा हुन गएकोले शीघ्र व्यवस्थापन गर्नुपर्दछ।

५१. **विद्युतीय राहदानी** - विद्युतीय राहदानी आपूर्ति तथा छपाइका लागि *२०७७* पौषमा राहदानी विभाग र एक फ्रान्सेली कम्पनीबीच ३२ पृष्ठको प्रति इकाई लागत १०.४५ र ६४ पृष्ठको १०.९५ अमेरिकी डलरका दरले २० लाख विद्युतीय राहदानी छपाइका लागि ३ वर्ष कार्यावधि रहने गरी मूल्य अभिवृद्धि कर बाहेक अमेरिकी डलर २ करोड ११ लाखको खरिद सम्झौता भएको छ। सम्झौता पश्चात् विद्युतीय राहदानीको विस्तृत डिजाइन तयार, आवश्यक बुकलेट डिजाइन, सफ्टवयेर निर्माण, उपकरण जडान एवम् तथ्याङ्क हस्तान्तरण र परीक्षणलयायतका काम सम्पन्न गरी २०७८ मङ्सिर १ गतेबाट विद्युतीय राहदानी छपाइको कार्य प्रारम्भ भएको छ। शुरुमा ५० लाख विद्युतीय राहदानीको आवश्यकता पहिचान गरिएकोमा २० लाख राहदानी वा ३ वर्षमध्ये जुन पहिला हुन्छ सोका लागि मात्र खरिद सम्झौता भएको पाइयो। यसरी आवश्यकताभन्दा कम परिमाणमा ठेक्का आह्वान गरी सम्झौता गर्नाले निकट भविष्यमा पुनः खरिद प्रक्रिया शुरु गर्नुपर्दा सेवा प्रवाहमा असर पुग्ने देखिन्छ। यसमा सुधार हुनुपर्दछ।

५२. **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। त्यसैगरी सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराईमा ५०, पहाडमा ४५ र हिमाली क्षेत्रमा ४० हुनुपर्ने उल्लेख छ। संस्थागत विद्यालयको प्रत्येक कक्षामा न्यूनतम २२, अधिकतम ४४ र औसत ३३ विद्यार्थी हुनुपर्ने उल्लेख छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदन अनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

देश	विद्यालय-विद्यार्थी अनुपात				शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी प्रदेश	८२	८४	८८	१५८	१९	२७	२१	६७
मधेस प्रदेश	१९५	१७५	१६९	१७२	४९	६७	४४	८५
बागमती प्रदेश	९२	८८	७६	१६६	१८	२४	१४	५०
गण्डकी प्रदेश	६३	७६	७३	११७	१३	२१	१५	३९
लुम्बिनी प्रदेश	११८	११४	१११	१७६	२४	३३	२४	७३
कर्णाली प्रदेश	८८	१०७	११८	१६७	२६	३५	३३	७५
सुदुरपश्चिम प्रदेश	९६	१०३	१११	१६२	२४	३१	२७	५६
औसतमा कुल	**१०४**	**१०३**	**९९**	**१६०**	**२१**	**३१**	**२२**	**५७**

उल्लिखित प्रतिवेदनअनुसार विद्यालय-विद्यार्थी अनुपात आधारभूत तहको कक्षा १-५ मा १०४, कक्षा ६-८ मा १०३, माध्यमिक तहको कक्षा ९-१० मा ९९ र कक्षा ११-१२ मा १६० रहेको छ। त्यसैगरी शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा २१, कक्षा ६-८ मा ३१, माध्यमिक तहको कक्षा ९-१० मा २२ र कक्षा ११-१२ मा ५७ जना रहेको छ। त्यस्तो अनुपात सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ। शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै प्रदेशमा विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ।

५३. **परीक्षा नतिजा** - कक्षा १० को माध्यमिक शिक्षा परीक्षा शैक्षिक वर्ष २०७७ र २०७८ को नतिजाको तुलनात्मक अवस्था निम्नानुसार छः

क्र.सं.	जी.पी.ए.	२०७७ को नतिजा	२०७८ को नतिजा	कुलको तुलनामा २०७७ को जी.पी.ए.प्रतिशत	कुलको तुलनामा २०७८ को जी.पी.ए.प्रतिशत
१	०.८ देखि १.१९ सम्म	३	३२८०	०.०००६	०.६९
२	१.२ देखि १.५९ सम्म	१३	४४५८६	०.००२७	९.४२
३	१.६ देखि १.९९ सम्म	६२०	१००५९४	०.१३०५	२१.२६
४	२ देखि २.३९ सम्म	१९३८३	११२७३३	४.०७९४	२३.८३
५	२.४ देखि २.७९ सम्म	११३०१७	९०७५८	२३.७८५७	१९.१८
६	२.८ देखि ३.१९ सम्म	१५९६४८	६९९००	३३.५९९८	१४.७८
७	३.२ देखि ३.५९ सम्म	१०९५९०	४१६२७	२३.०६४५	८.८०
८	३.६ देखि ४ सम्म	७२८७२	९६३३	१५.३३६८	२.०४
जी पी ए प्राप्त जम्मा संख्या		**४७५१४६**	**४७३१११**	**१००**	**१००**

एस.ई.ई. परीक्षाको नतिजा २०७७ को तुलनामा २०७८ को नतिजामा न्यून जी.पी.ए. प्राप्त गर्नेको संख्या बढेको तथा ३.६ देखि ४ सम्मको उच्च जी.पी.ए. प्राप्त गर्नेको संख्या घटेको देखियो। सबैभन्दा न्यून जी.पी.ए. ०.८ देखि १.१९ सम्म प्राप्त गर्नेको संख्या उच्च रहेको तथा ३.६ देखि ४ जी.पी.ए.सम्म प्राप्त गर्नेको संख्या ८६.७८ प्रतिशतले घटेको देखिएको छ। परीक्षा सञ्चालन विधि विश्वसनीय बनाई गुणस्तरीय नतिजा हासिल हुने व्यवस्था हुनुपर्दछ।

५४. **विद्यार्थी भर्ना** - नेपाल सरकारले शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायत कार्यक्रममा वर्षेनी खर्च वृद्धि हुँदै गएको छ। प्राप्त विवरणअनुसार विगत ५ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(संख्या हजारमा)

वर्ष	कक्षा १—५ को विद्यार्थीको संख्या		कक्षा ६—८ को विद्यार्थीको संख्या		आधारभूत विद्यालयको जम्मा विद्यार्थी संख्या			सामुदायिकको प्रतिशत	संस्थागतको प्रतिशत
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	जम्मा		
२०७४	३३१२	६५८	१५४५	३२२	४८५७	९८०	५८३७	८३.२	१६.८
२०७५	२७९३	९३७	१३९४	४३१	४१८७	१३६८	५५५५	७५.४	२४.६
२०७६	२४७९	१०५५	१३१५	४५७	३७९४	१५१२	५३०६	७१.५	२८.५
२०७७	२६८८	८३४	१३८१	४३५	४०६९	१२६९	५३३८	७६.२	२३.८
२०७८	२५६३	९८५	१३१६	४६१	३८७९	१४४६	५३२५	७२.८	२७.२

उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) कुल विद्यार्थी भर्ना संख्या वर्षेनी घट्दै गएको र २०७८ मा भर्ना भएका विद्यार्थीमध्ये २७.२० प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन्। शैक्षिक वर्ष २०७४ को तुलनामा २०७८ मा कुल विद्यार्थी संख्या ८.७७ प्रतिशतले घटेकोमध्ये सामुदायिक विद्यालयमा २०.३१ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा ४७.५५ प्रतिशतले बढेको देखिन्छ। सबै बालबालिका विद्यालयमा अनिवार्य भर्ना र निःशुल्क शिक्षाको लागि शिक्षा क्षेत्रमा सरकारी खर्च वृद्धि भइरहेको अवस्थामा सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको देखिन्छ।

५५. **जग्गा अतिक्रमण** - नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालय र १२ आङ्गिक विद्यापीठको स्वामित्वमा तराईमा १ हजार ७१८ विघा १८ कट्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेको देखिन्छ। उक्त जग्गा मध्ये ४०८ विघामा मोही कायम भएको र १२ विघामा स्वामित्व विवाद रहेको उल्लेख छ। दाङ्गको देउखुरीमा रहेको १ हजार ३३६ बिघा तथा बेलझुण्डी क्षेत्रमा रहेको ३२६ बिघा मध्ये ३५ बिघा समेत १ हजार ३७१ बिघा जग्गा २०५८ सालदेखि विभिन्न व्यक्ति तथा समूहबाट अतिक्रमण भएको छ। त्यस्तै सुदूरपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गतको टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गा रहेकोमा ३०० बिघा जग्गा अतिक्रमणमा परेको उल्लेख छ। अतिक्रमण जग्गा आफ्नो स्वामित्वमा लिई उपयोगमा ल्याउनुपर्दछ।

५६. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने र आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैङ्क रहने उल्लेख छ। उल्लिखित व्यवस्थाअनुसार आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार गरी २०७८।७९ को पौषसम्ममा विभिन्न मन्त्रालय, आयोग तथा संवैधानिक अङ्गसमेत २३ निकायका राष्ट्रिय गौरवका आयोजनाहरू र रुपान्तरणकारी आयोजनाहरूसमेत कुल ७ हजार २०६ आयोजना उक्त प्रणालीमा सूचीकृत भएको देखिन्छ। सूचीकृत आयोजनामध्ये चालु आयोजना ५ हजार ८१२ र भविष्यमा कार्यान्वयन हुने आयोजना १ हजार ३९४ रहेका छन्। भविष्यमा कार्यान्वयन हुने आयोजनामध्ये ९७६ आयोजना पहिचान चरण र ४१८ आयोजना मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण चरणमा रहेको देखिन्छ।

५७. **विभूषण** - विभूषण ऐन, २०६४ मा मानपदवी, अलङ्कार र पदकबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने महानुभावलाई विभूषित गर्ने व्यवस्थानुसार नेपाल सरकार मन्त्रिपरिषद्बाट

२०७६। ७७ देखि २०७८। ७९ सम्म १५७३ जनालाई विभूषित गर्ने निर्णय गरी सोको लागी रू.३४ करोड ५८ लाख खर्च गरेकोमा २७४ विभूषण वितरण नभई मौज्दात भएको पाइयो। विभूषण तयार गर्न लाग्ने लागत वर्षेनी बढ्दै गएकोले लागतमा कमी ल्याउने तथा विभूषित हुने संख्या निश्चित गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

५८. **कारागार व्यवस्थापन -** कारगार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार १४ हजार ८२० पुरुष र १ हजार ६९१ महिलासमेत १६ हजार ५११ कैदी, बन्दी राख्न सक्ने क्षमता रहेकोमा देशभरिमा कारागारमा २०७९ असार मसान्तमा पुरुष २४ हजार ८०७ र महिला १ हजार ४३३ समेत २६ हजार २४० कैदी तथा थुनुवा बन्दी रहेका छन्। कारागारको क्षमता विस्तार नहुँदा निर्धारित मापदण्डबमोजिम कैदी, बन्दी राख्ने व्यवस्था कार्यान्वयन भएको छैन।

५९. **क्षेत्रगत अनुदान** – कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि अनुदान शिर्षकमा रू.२४ अर्ब ६७ करोड ५७ लाख बजेट विनियोजन भएकोमा यो वर्ष रासायनिक मल खरिदमा रू.१६ अर्ब ६१ करोड ५९ लाख, बाली तथा पशुधन बीमा प्रिमियममा रू.१ अर्ब ९२ करोड २९ लाख, उखु कृषकका लागि रू.१ अर्ब ४ करोड ६६ लाख, मूल्य श्रृङ्खला विकासमा रू.६ करोड ९० लाख र अन्य क्षेत्रमा रू.१ अर्ब ५८ करोड ३६ लाखसमेत रू.२१ अर्ब ८३ करोड (विनियोजनको तुलनामा ८८.५ प्रतिशत) अनुदान वितरण भएको छ। रासायनिक मल खरिदको लागि समयमै खरिद कार्य नभएको एवं खरिद भएको मलसमेत कृषकले बाली लगाउने समयमा प्राप्त गर्न नसकेको अवस्था छ।

बाली तथा पशुधन बीमा गराउनेको विवरण अद्यावधिक गरी समयमै प्रिमियम र दाबी भुक्तानी नभएको, उखु कृषकले खरिदकर्ताबाट समयमै उखु बिक्रीबापतको रकम प्राप्त गर्न नसकेको एवं अधिकांश अनुदान आर्थिक वर्षको अन्तिम महिनामा प्रदान हुने, सीमान्तकृत कृषकको अनुदानमा पहुँच नहुने र सोको अनुगमनसमेत नहुने स्थिति विद्यमान रहेको साथै कृषि क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबाट समन्वय नगरी बेग्लाबेग्लै कार्यविधिको आधारमा अनुदान प्रदान हुने गरेकोले दोहोरोपना हुने अवस्था रहेको छ। रासायनिक मल बाहेक आन्य प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रूपमा दिने अनुदान तत्काल रोकी अत्यावश्यक अवस्थामा परियोजनाको आधारमा सामूहिक जमानीमा न्यून प्रतिशत ब्याजदरमा निश्चित अवधि तोकी ऋण उपलब्ध गराइने नीति अपनाउनुपर्ने देखिएको छ।

६०. **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना -** परियोजना कार्यान्वयनका लागि साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम गरी ४ सम्भाग रहेका छन्। परियोजनाको ६० प्रतिशत अवधि व्यतीत हुँदा २०.१६ प्रतिशतमात्र खर्च भएको छ। परियोजना अवधिमा २१ सुपरजोन, ३०० जोन, १ हजार ५०० ब्लक र १५ हजार पकेट क्षेत्र स्थापना गर्ने लक्ष्य रहेकोमा २०७८।७९ सम्म १६ सुपरजोन, १७७ जोन, १ हजार ५८७ ब्लक र ७ हजार ६५७ पकेट क्षेत्र स्थापना भएको छ।ब्लकतर्फ लक्ष्य भन्दा बढी स्थापना भए तापनि अन्य सम्भागतर्फ लक्ष्य हासिल हुन सकेको छैन। परियोजनाको अवधि २०७३।७४ देखि २०८२।८३ सम्म रू.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गर्ने लक्ष्य रहेकोमा यस वर्षसम्म रू.२६ अर्ब ३५ करोड

७६ लाख खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये संघबाट रू.१४ अर्ब ३५ करोड ७६ लाख, प्रदेशबाट रू.६ अर्ब १५ करोड ५८ लाख र स्थानीय तहबाट रू.५ अर्ब ८४ करोड ४२ लाख भएको छ।

६१. **अधुरा ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेश्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने लगायतका व्यवस्था रहेको छ। तर ती कारवाहीहरू नगरी ९पटकसम्म म्याद थप गर्दा पनि कार्य सम्पन्न नगर्ने सडक विभागअन्तर्गत २४ डिभिजन तथा योजना कार्यालयमा रू.२८ अर्ब ८२ करोड ६५ लाख खरिद सम्झौताका १९८ ठेक्काको रू.७ अर्ब ३८ करोड ११ लाख भुक्तानी भई काम अधुरो रहेको देखिन्छ। अधुरा ठेक्काहरूको संख्या वर्षेनी बढिरहेको छ। ती ठेक्काहरूको रू.२ अर्ब ७५ करोड १२ लाख ९२ हजार पेस्की जमानत प्राप्ति तथा रू.७१ करोड ३८ लाख ११ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

६२. **ड्रइङ्ग/डिजाइन** - यस वर्षको लेखापरीक्षणको क्रममा प्राविधिकसहितको लेखापरीक्षण टोलीबाट निर्माण कार्यको स्थलगत अवलोकन तथा विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

६२.१ उदयपुरको त्रियुगा नदी पुल, हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिराहाको सिमानाको कमला नदी पुल, चितवनको ठिमुरा पुल, नुवाकोटको कोल्फु खोला पुल, दूधकोशी नदीमा रानीटार र साउनेमा निर्माणधीन दुई पुलको ड्रइङ्ग डिजाइन, हाइड्रोलोजी, जियोलोजीको अध्ययन तथा विश्लेषणमा त्रुटि रहेको देखिएको छ। जसको कारणबाट त्रियुगा, कमला, ठिमुरा र कोल्फुखोला पुल क्षतिग्रस्त रहेको र दूधकोशीका दुई पुलको निर्माण कार्य सम्पन्न नभई अधुरो अवस्थामा रहेका छन्। यसबाट राष्ट्रको स्रोत साधनको नोक्सानी हुनुको साथै सहज यातायात सेवासमेत प्राप्त हुन सकेको छैन।

६२.२ उदयपुरको मदन भण्डारी रामार्गमा निर्मित मौवासे खोला पुल, सरस्वती खोला पुल, करम्जेखोला पुल, दातु खोला पुल, थापर खोला पुल, थनाई खोला पुल, सुखानी खोला पुल, असारी खोला पुल, रातु खोला पुलको ड्रइङ्ग, डिजाइनमा त्रुटि भई अग्ला पुल निर्माण गरेको देखिएको छ। अग्ला पुल निर्माणको कारण पुल र सडक निर्माणको लागतसमेत बढेको छ।

६२.३ मदन भण्डारी राजमार्गअन्तर्गत बसाहादेखि भिमानसम्मको १३५ किलोमिटर सडकको स्थलगत निरीक्षण तथा प्राविधिक विश्लेषण गर्दा सडक निर्माणमा प्राविधिक त्रुटिका कारण सडक असुरक्षित देखिन्छ।

६२.४ पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत कास्की र पर्वतमा रहेको याम्दी पुल-घट्टे खोला खण्ड, घट्टे खोला-कुस्मा खण्ड र भैंसे-याम्दी खण्डमा क्रमशः दुई लेनको राजमार्गमा आवश्यकताभन्दा बढी ६ लेन निर्माण गरी लागत बढाएको, सडक निर्माण गरेको एक वर्षमै पटहोल्स र डिप्रेसन देखिनुका साथै अपर्याप्त सडक संरचना निर्माण गरेको र अनुपयुक्त स्थानबाट सडक जाने गरी रेखाङ्कन परिवर्तन गरी सडक निर्माणको लागतसमेत वृद्धि भएको देखियो।

सडक तथा पुलको ड्रइङ, डिजाइन, लागत अनुमान तयारी एवं आयोजना कार्यान्वयनमा देखिएका उल्लिखित कमी, कमजोरी सुधार गर्दै स्वीकृत नर्म्स तथा मापदण्ड अनुरूप निर्धारित गुणस्तर, समय र लागतमा सडक तथा पुल निर्माण गर्नुपर्दछ।

६३. **म्याद थप** - खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्थाको आधारमा ठेक्काको म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि खरिद सम्झौतामा कार्यतालिका अद्यावधिक गर्ने, पूर्व जानकारी दिने, निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिने गरेको छैन। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्कालाई पूर्वनिर्धारित क्षतिपूर्ति नलगाई पटक पटक म्याद थप गर्ने गरेको, कोभिडपछि पनि कोभिडलाई आधार बनाई म्याद थप गर्ने गरेको छ। सम्झौताअनुसार गर्नुपर्ने म्याद थप सार्वजनिक खरिद नियमावलीमा २०७६ देखि २०७९ सम्म ७ पटक संशोधन गरी त्यसैका आधारमा म्याद थप गरेको छ। निर्माण व्यवसायीलाई पटक पटक सम्झौताविपरीत म्याद थपको सुविधा दिने तर खरिद कानून र सम्झौताअनुसार ठेक्का सम्पन्न नगराउने योजना/कार्यालयहरूको कमजोरीका कारण यो वर्ष सडक विभागअन्तर्गत २८ कार्यालयका रू.५९ अर्ब ४३ करोड ७० लाख ९५ हजारका ५०९ ठेक्काको ४०० प्रतिशत र ९ पटकसम्म म्याद थप गर्दा पनि सम्पन्न नभएकोले अधुरा ठेक्काको संख्या बढ्दै गई रकम खर्च भएर पनि सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएको छ। खरिद कानून र ठेक्का सम्झौताअनुसार म्याद थप गर्नुपर्दछ।

६४. **ठेक्काको पूर्वतयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। सडक विभाग अन्तर्गतका १६ योजना तथा सडक डिभिजनहरूले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारी चरणका कार्यसमेत ठेक्काहरूमा समावेश गरी रू.३९ अर्ब ७४ करोड ४२ लाखको ३४ खरिद सम्झौता गरेको देखिन्छ। ठेक्काको कार्यान्वयन गर्ने समय पूर्वतयारीमा खर्च गर्नुपर्दा आयोजनाहरूको समय र लागत वृद्धि हुन गएको छ।

६५. **पुल निर्माण** - पुलको विस्तृत सम्भाव्यता अध्ययन र डीपीआर तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। सडक विभागले पुल निर्माण गर्दा डीपीआर बेगर पनि बजेट विनियोजन गर्ने, पहिले डीपीआर गरेका करिब १ हजार २०० पुलको कार्यान्वयन नगरेको, कतिपय पुलहरूमा बजेट विनियोजन नगर्ने/न्यून विनियोजन गर्ने, पायरको संख्याभन्दा कम बोरहोल ड्रिल गर्ने, अपर्याप्त भू-प्राविधिक अध्ययन गर्ने, निर्माणको गुणस्तरको सट्टा अनुमानको आधारमा पुलको आयु तोक्ने, पुलको प्रकार छनोट गर्दा विकल्पको पर्याप्त विश्लेषण नगर्ने, स्वतन्त्र (तेस्रो) पक्षबाट डिजाइन पुनरावलोकन नगर्ने, परामर्शदाताबाट गरिएका डिजाइनसम्बन्धी कमेन्टको अभिलेख नराख्ने, पाइल टेष्ट र लोड टेष्ट केही पुलमा मात्र सीमित रहेको, निर्माण कार्यको डाटा लगसहितको अभिलेख नराख्ने, पुलमा गरिने नदी नियन्त्रण कार्यको डिजाइन नगर्ने, पुलको मर्मत सम्भार योजना नबनाउने, पुलहरूको मर्मत सम्भारमा न्यून प्राथमिकता, डिजाइन संशोधनमा ढिलाइ गर्ने, कतिपय पुल सेक्टर कार्यालयहरूमा स्ट्रक्चरल इन्जिनियरको अभाव, कतिपय पुलको बोरहोल ड्रिल आवश्यकताभन्दा कम गर्ने, गलत डिजाइन गर्ने परामर्शदातालाई कारबाही नगर्ने आदि कारणहरूले पुलहरूको डिजाइन निर्माण र गुणस्तर नियन्त्रण सन्तोषजनक देखिँदैन।

६६. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। साथै बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान खरिद र निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार ऐनको प्रावधान विपरित ऊर्जा, जलस्रोत

तथा सिँचाई, शहरी विकास, खानेपानी, गृह र स्वास्थ्य मन्त्रालयअन्तर्गतका २६ निकायले मालसामान खरिद तथा संरचना निर्माण कार्यलाई टुक्रा पारी रू.३९ करोड ६६ लाख ८२ हजारको खरिद गरेको देखिन्छ। ऐनको पालना गरी प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ।

६७. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास, खानेपानी, सूचना तथा सञ्चार, स्वास्थ्य तथा जनसंख्या र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका ७९ निकायले सूचकाङ्क र गुणक फरक पारी मूल्य समायोजन गणना गरी रू.३ अर्ब ९८ करोड २७ लाख नियम एवं सम्झौताविपरीत मूल्य समायोजन भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

६८. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका २४ निकायले रू.१ अर्ब ७५ लाख पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेका छैनन्। उक्त पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

६९. **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। खानेपानी मन्त्रालय अन्तर्गतका विभिन्न आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार गर्ने तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि विभागलगायत जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना, सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना भक्तपुर, चितवन, मकवानपुर, रामेछाप, मोरङ, खोटाङ, इलाम, अर्घाखाँची, पर्सा, कैलाली, कञ्चनपुर र बाँकेसमेत १४ कार्यालयले मौजुदा सूचीबाट प्रस्ताव माग गरी रू.११ करोड ९९ लाख ८४ हजारको परामर्श सेवा खरिद गरेका छन्। समान प्रकृतिको कार्यको मिल्दो प्याकेज बनाई बोलपत्र मार्फत् खरिद गर्ने व्यवस्था नमिलाएको र विभागीय जनशक्तिको उपयुक्त व्यवस्थापन नगरी परामर्शदाता माथिको निर्भरता बढाउनु उचित देखिएन। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

७०. **राइड शेयरिङ्ग नियमन** - सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ मा यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी सार्वजनिक यातायात सेवा सञ्चालन गर्न नपाइने र एक प्रयोजनका लागि दर्ता भएका सवारीसाधन अन्य प्रयोजनमा प्रयोग गर्न नहुने व्यवस्था छ। नेपालमा हाल ग्लोबल पोजिसनिङ सिस्टम तथा डिजिटल प्लेटफर्मको उपयोग गरी सञ्चालन भइरहेका २५ राइड शेयरिङ्ग कम्पनीमध्ये १ कम्पनीको एप्लिकेसन यातायात व्यवस्था विभागमा दर्ता भएको देखिएन। सबै सेवाप्रदायक कानूनी दायरामा नआएको, निजी प्रयोजनका निम्ति दर्ता भएका सवारीसाधनले

कानूनविपरीत भाडा लिई यात्रु तथा सामग्री ओसारपसार गरेको र सेवा लिएपश्चात् बिल जारी हुने व्यवस्था नरहेको कारण कानून पालनामा कमी रहेको विद्यमान अवस्था सम्बन्धमा उच्च अदालत पाटनले कानून बनाएर नियमन गर्न २०७६।१०।२९ मा आदेश दिए तापनि सो को कार्यान्वयन भएको छैन।

७१. **होल्डिङ सेन्टर** - नेपाली सेनाका युनिटअन्तर्गत कोभिड-१९ संक्रमणको अवधिमा प्रयोग गर्न २०७८।३।३ मा खरिद बन्दोबस्त गरी झापा, मोरङ, पर्सा, कपिलवस्तु, बाँके, कैलाली र कञ्चनपुर जिल्लामा १ हजार बेड क्षमताका ७ होल्डिङ सेन्टर निर्माण कार्यमा रू.२ अर्ब १६ लाख ३५ हजार खर्च भएको छ। निर्माण भएका संरचनाहरू सुरक्षा निकायको सुरक्षा जिम्मामा रहेको अवस्था छ। जडान गरिएका अक्सिजन आपूर्ति उपकरण, बिरामीको बेड तथा सोमा प्रयोग गरिएका अन्य स्वास्थ्य सामग्री होल्डिङ सेन्टर सञ्चालन नभएका कारण प्रयोगविहीन अवस्थामा रहेका छन्। उल्लिखित सामग्री अन्य विपद व्यवस्थापनमा उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७२. **काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना** - आयोजनाको विस्तृत आयोजना प्रतिवेदनअनुसार ७२.५ किलोमिटर सडक, ८७ पुललगायतका अन्य संरचना निर्माण गर्न रू.२ खर्ब १३ अर्ब ९५ करोड खर्च हुने अनुमान रहेकोमा यो वर्ष सम्म रू.३४ अर्ब २९ करोड ८२ लाख खर्च भएको छ। आयोजनाको काम २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्मको भौतिक प्रगति २१.१८ र वित्तीय प्रगति १९.५८ प्रतिशत मात्र रहेको छ। योजनाबद्ध तवरले निर्माण कार्य अगाडि बढाई समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

७३. **विद्युत उत्पादन अनुमतिपत्र** - विद्युत नियमावली, २०५० को नियम ३ देखि १८ सम्म विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धी व्यवस्था छ। विद्युत विकास विभागबाट यो वर्षसम्म ८१३ आयोजनाको ३२ हजार १६९ मेगावाट विद्युत उत्पादन र सर्वेक्षणको अनुमतिपत्र जारी भएको देखिन्छ। अनुमति प्राप्त १२१ आयोजनाबाट २ हजार ८४ मेगावाट जडित क्षमताको आयोजना सञ्चालनमा आएको समेत ३४ हजार २५३ मेगावाट क्षमताको अनुमतिपत्र प्रदान गरेको देखिन्छ।

विद्युत प्रशारणतर्फ सर्वेक्षणमा ७८ र निर्माणमा १३४ लाई अनुमति प्रदान भएकोमा २०७८।७९ मा क्रमशः १५२ र २०२ समेत कुल ३५४ आयोजनाले विद्युत प्रसारणको सर्वेक्षण ३ हजार ७५३ किलोमिटर, वितरण लाइन अध्ययन ३ हजार १७ किलोमिटर र निर्माणको ४ हजार ६३१ किलोमिटर समेत ११ हजार ४०१ किलोमिटरको अनुमतिपत्र प्राप्त गरेको देखिन्छ। वितरण लाइनतर्फ ३३ केभीए र ११ केभीएको ६६ योजनाको समेत ३ हजार १७ किलोमिटर वितरण लाइन निर्माण गर्न विद्युत प्राधिकरणबाट अध्ययन कार्य भइरहेको छ।

यसरी कुल ३४ हजार २५३ मेगावाट क्षमताको उत्पादन अनुमति प्रदान भएकोमा अनुमति र उत्पादन अनुपात १००:८ रहेको छ। विद्युत आयात न्यून गर्न एवं अनुमति प्रदान र उत्पादनबीचको अन्तरलाई न्यून गर्न विभागबाट गर्ने अध्ययन अनुसन्धान, जाँचबुझ तथा निरीक्षणलाई प्रभावकारी बनाउन आवश्यक छ।

७४. **विद्युत रोयल्टी** - विद्युत ऐन, २०४९ को दफा ११ बमोजिम जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको १५ वर्षसम्म प्रतिजडित किलोवाट वार्षिक १०० र प्रतियुनिट (प्रतिवाट घण्टा) सरदर बिक्री

मूल्यको २ प्रतिशतको दरले सरकारलाई रोयल्टी बुझानु पर्ने व्यवस्था छ। साथै उक्त अवधिपछि अनुमति प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक १ हजार रूपैयाँ र प्रतियुनिट (प्रतिकिलोवाट घण्टा) सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले सलामी बुझाउनुपर्ने व्यवस्था छ। जल विद्युत आयोजनाहरूबाट गत वर्षसम्म उठ्नुपर्ने रोयल्टी रू.२४ करोड ८७ लाख ५ हजार र यो वर्ष १२१ जल विद्युत संस्थाबाट रू.३ अर्ब १० करोड २५ लाख ६ हजारसमेत रू.३ अर्ब ३५ करोड १२ लाख ११ हजार रोयल्टी प्राप्त हुनुपर्ने देखिन्छ। सोमध्ये रू.३ अर्ब ५ करोड ७२ लाख ६२ हजार प्राप्त भई रू.२९ करोड ३९ लाख ४९ हजार प्राप्त गर्न बाँकी देखिन्छ।

७५. **सुविधा तथा राजस्व छुट** - विद्युत ऐन, २०४९ को दफा १२ र जलविद्युत विकास नीति, २०५८ मा स्वीकृति लिई सञ्चालित आयोजनालाई आयात गरेको औद्योगिक संयन्त्र उपकरण जगेडा पार्टपुर्जामा मूल्य अभिवृद्धिकर छुट र सटही सुविधा उपलब्ध गराउने व्यवस्था छ। सो व्यवस्थाबमोजिम विद्युत विकास विभागले जलविद्युत उत्पादक प्रवर्द्धकलाई सटही सुविधा रू.५ अर्ब १५ करोड ९४ लाख ७६ हजार र मूल्य अभिवृद्धि कर छुट रू.१८ अर्ब ७ करोड १७ लाख ९ हजारसमेत रू.२३ अर्ब २३ करोड ११ लाख ८५ हजार सुविधा उपलब्ध गराएको छ। सुविधामा आयात गरिएका उपकरण र सामग्री सम्बन्धित आयोजनाको काममा प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ।

७६. **कर्मचारी दरबन्दी तथा समायोजन** - नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीसमेत विचार गरी कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघमा ४८ हजार ४०९, प्रदेशमा २२ हजार २९७ र स्थानीय तहमा ६६ हजार ९०८ समेत १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत भएकोमा नेपाल सरकारले २०७८।७९ सम्म संघतर्फ ५ हजार १२२ दरबन्दी थप गरी ५३ हजार ५३१ कायम गरेको छ। सो मध्ये संघमा ३९ हजार ९६०, सात प्रदेशमा १३ हजार ८२१, स्थानीय तहमा ४३ हजार ८०७ समायोजन गरेको र २ हजार ४४३ फाजिलमा रहेको तथा ४० हजार २६ दरबन्दी रिक्त रहेको देखिन्छ। यसका अतिरिक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी यो वर्ष विभिन्न १६ निकायमा ९ हजार ५१ अस्थायी दरबन्दी स्वीकृत गरेको पाइयो। साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशिष्ट श्रेणीको दरबन्दी ५ बाट ९ पुऱ्याइएको तथा केही मन्त्रालयमा २।२ जना सचिव कार्यरत रहेको देखिन्छ।

लोकसेवा आयोगको वार्षिक प्रतिवेदन, २०७९ अनुसार संघमा ५३ हजार ५३१, सात प्रदेशमा १७ हजार ३२२ र ७५३ स्थानीय तहमा ६५ हजार २६९ समेत १ लाख ३६ हजार १२२ दरबन्दी कायम रहेकोमा संघमा ३८ हजार १२५, प्रदेशमा ११ हजार २४७ र स्थानीय तहमा ३६ हजार २८४ समेत ८५ हजार ६५६ दरबन्दी पदपूर्ति भई ५० हजार ४६६ दरबन्दी रिक्त रहेको देखिन्छ।

७७. **सरकारी सेवाको गठन** - नेपालको संविधानको धारा २८५(१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकताअनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू संघीय ऐनबमोजिम हुने व्यवस्था छ। नेपालको संविधान जारी भएको ७ वर्ष व्यतीत हुँदा समेत निजामती सेवा र अन्य सरकारी सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरूसम्बन्धी संघीय ऐन जारी भएको छैन। प्रदेश तथा स्थानीय सेवा गठन सम्बन्धी कानून तर्जुमा हुन नसकेकोले समायोजन भएका कर्मचारी, प्रदेश तथा स्थानीय तहका

लागि नियुक्त भएका कर्मचारीको सरुवा, बढुवालगायत वृत्ति विकासका अवसरहरूमा स्पष्टता हुन सकेको छैन।

कर्मचारी समायोजन ऐन, २०७५ मा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा संघीय निजामती सेवासम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधार लिई प्रदेश वा स्थानीय तहले कानून बनाउने उल्लेख छ। संघीय निजामती सेवा ऐन जारी नभए पनि कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशले प्रदेश निजामती सेवा ऐन जारी गरेका छन्। प्रदेशहरूले जारी गरेका निजामती सेवा ऐनमा रहेका तह, पदपूर्ति, समावेशी बनाउन गरिने प्रतिस्पर्धाको प्रतिशत, सचिवको पदावधि, अनिवार्य अवकाश, प्रदेश सचिव तथा प्रमुख प्रशासकीय अधिकृतको पदसम्बन्धी व्यवस्था विद्यमान निजामती सेवा ऐन, २०४९ तथा कर्मचारी समायोजन ऐन, २०७५ सँग बाझिने गरी कानून बनाएका छन्।

७८. **विद्युतीय खरिद प्रणाली -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ मा एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना सञ्चालन र व्यवस्थापन गर्ने व्यवस्था छ। यस प्रयोजनका लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ कार्यान्वयनमा ल्याएको छ। २०७८।७९ मा जम्मा बोलपत्र संख्या २४ हजार ९५५ मध्ये ९२६ बोलपत्र अर्थात् ३.७१ प्रतिशत बोलपत्र रद्द भएको उल्लेख छ। हालसम्म विद्युतीय प्रणालीबाट प्रकाशित ८४ हजार ६९८ बोलपत्रमध्ये ३ हजार ४३७ बोलपत्र अर्थात् ४.०६ प्रतिशत बोलपत्र रद्द भएको देखिन्छ। विद्युतीय खरिद प्रणालीमा प्राविधिक समस्या आई प्रयोगकर्ताहरूको सहज पहुँचमा अवरोध आएको कारण बोलपत्रको म्याद थप तथा रद्द गर्नु परेकोले खरिद कारबाहीमा ढिलाइ हुने गरेको छ।

७९. **ट्रयाकिङ्ग प्रणाली -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ग मा कानून बमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नु पूर्व ढुवानी गरिने मालसामानको विवरण वेभमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार पसार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष राजस्व अनुसन्धान विभागले ट्रयाकिङ्ग प्रणालीबाट ७५ लाख ४१ हजार ४७७ पटक सवारीसाधनको ट्रयाकिङ्ग गरी ८४ फर्मलाई रू.६० लाख ९६ हजार जरिबाना गरेको र अनुसन्धानको क्रममा विभिन्न ४४ फर्मबाट रू.५५ करोड ७७ लाख ४२ हजार मूल्यका मालवस्तु जफत गरेको देखिन्छ।

८०. **सम्पत्ति खोजबिन तथा उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम ट्रष्टमा रहनुपर्ने सम्पत्तिको नेपालभित्र वा बाहिर खोजतलास गर्ने र त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरणसहितको अभिलेख राख्नुपर्ने व्यवस्था छ। नेपाल ट्रष्टको स्थापनाकालदेखि हालसम्म १२ जिल्लामा रहेका २१ हजार ६३३ रोपनी १५ आना जग्गा ट्रष्टको स्वामित्वमा आएको छ। ट्रष्टको नाममा विभिन्न वाणिज्य बैङ्कमा स्टर्लिङ पाउण्ड ५१ हजार ८१५, अमेरिकी डलर १ लाख ५७ हजार ५९८ रहेको छ। यसै गरी विभिन्न ३ बैङ्क तथा वित्तीय संस्थाको शेयर संख्या ११ लाख २ हजार ६७२ कित्ता रहेको देखिन्छ।

८१. **कोरोना खोप खपत -** कोभिड-१९ महामारीको अवस्थामा नेपाल सरकारले २०७७।९।२० मा खोप खरिदको अवधारणा स्वीकृत गरी रू.२ करोड १८ लाख नागरिकलाई कोरोना विरुद्ध खोप लगाउने

मार्गदिशा स्वीकृत गरेको छ। विभागबाट प्राप्त विवरण अनुसार दातृनिकायगत कोभ्याक्स सुविधा, अन्य अनुदान र नेपाल सरकारबाट खरिद गरेको समेत ५ करोड ८८ लाख ९१ हजार ९७० डोज खोपमध्ये ३७ प्रतिशत खरिद गरेको, ३३ प्रतिशत कोभ्याक्स सुविधाअन्तर्गत उपलव्ध भएको र ३० प्रतिशत विभिन्न दातृराष्ट्रले अनुदानमा उपलव्ध गराएको देखिन्छ। प्राप्त खोपमध्ये ३४ प्रतिशत भेरोसिल, १६ प्रतिशत कोभिसिल्ड र अन्य ५० प्रतिशत रहेको देखिन्छ। भारतको एक कम्पनीबाट कोभिसिल्ड १० लाख डोज र चीनको एक कम्पनीबाट भेरोसिल १ करोड डोज, गाभी एलाइन्ससँगको सम्झौताअनुसार ५९ लाख ३६ हजार ४०० डोज, कोभ्याक्स कस्टशेयरिङ अन्तर्गत मोडर्ना खोप ४० लाख ८०० डोज समेत २ करोड १९ लाख ३७ हजार २०० डोज खोप खरिद गरेको विवरण प्राप्त भएको, चीनबाट अनुदानमा प्राप्त भएको ४० लाख डोज सिनोभ्याक प्राविधिक परीक्षण नभएकोले प्रयोग भएको छैन। उक्त खोपको म्याद समाप्त हुने अवधि करीब १० महिना (सन् २०२३।१२।१९ सम्म) रहेको छ। खपत हुन नसकेको खोपको उचित व्यवस्थापन हुनुपर्दछ।

८२. **स्वास्थ्य बीमा** - स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार रहेकोमा यस कार्यक्रममा यो वर्षसम्म ५९ लाख ८८ हजार (२०.५३ प्रतिशत) नागरिक मात्र सहभागी भएको र गत वर्ष सम्म सहभागी ४५ लाख ७२ हजार ९८९ मध्ये यो वर्ष २९ लाख ८६८ ले मात्र बीमा नवीकरण गराएका छन्। बीमा योजना कार्यक्रममा गत वर्षसम्म रू.६ अर्ब ५६ करोड ८० लाख प्रिमियम प्राप्त भएकोमा यो वर्ष रू.२ अर्ब ४५ करोड ३७ लाख थप भई यो वर्षसम्म रू.९ अर्ब २ करोड १७ लाख प्राप्त भएको छ। बीमितले स्वास्थ्य सेवा लिएको बिल भरपाईको आधारमा बोर्डले यो वर्ष रू.९ अर्ब ९२ करोड ७ लाख समेत हालसम्म रू.२४ अर्ब ३१ करोड ७१ लाख शोधभर्ना भुक्तानी दिएको छ। हालसम्म बीमा योजनामा सहभागीबाट प्राप्त बीमा प्रिमियमभन्दा रू.१५ अर्ब २९ करोड ५४ लाख बढी दाबी भुक्तानी भएको देखिएकोले दिगो रूपमा कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुने देखिन्छ।

८३. **अस्पतालहरूको सेवा प्रवाह** - अस्पतालहरूले बिरामीलाई सर्वसुलभ तथा छिटो छरितो सेवा प्रदान गर्नुपर्दछ। बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले यो वर्ष ८ हजार ८१७ बिरामीलाई सेवा दिएको छ। आई.सी.यू.मा ३० शय्या जडान भएकोमा ७ मात्र सञ्चालनमा रहेका छन्। इमर्जेन्सी, गाइनोलगायत १६ शल्यक्रिया कक्ष रहेकोमध्ये १३ कक्षमा १५ वर्ष अघिको शल्यक्रियासम्बन्धी उपकरण रहेको अवस्था छ। उपचारको लागि आउने कुल बिरामी संख्या गत वर्ष ३ लाख ९१ हजार ५७ रहेकोमा यो वर्ष ५ लाख ९४ हजार १४३ (५१.९३ प्रतिशत बढी) रहेको छ। प्रतिष्ठानले ४०० शय्याको मातृशिशु भवन, २०० शय्याको कार्डियाक सेन्टर, २०० शय्याको अन्कोलोजी भवन निर्माण गर्न ५ वर्ष अघि खरिद सम्झौता भएकोमा हालसम्म निर्माण सम्पन्न भएको छैन। त्यसैगरी, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत ६५० शय्यामा सञ्चालित अस्पतालमा यो वर्ष ३ लाख ८२ हजार ६६० बिरामीले सेवा प्राप्त गरेको, अस्पतालमा दैनिक औसत १ हजार ७०० सम्म बिरामीको चाप रहेको, अस्पतालमा दूरबिनको सहायताले गरिने शल्यक्रियाको लागि २ महिना, यूरो सर्जरी गर्न ४ हप्ता, नाक कानको शल्यक्रिया गर्न १२ हप्ता, नयाँ हेमोडाईलासिस सेवाको लागि ४-५ महिना, इण्डोस्कोपी गर्न १ हप्ता समयसम्म प्रतीक्षा गर्नुपरेको अवस्था छ। कान्ति बाल

अस्पतालमा हाइड्रोशिलको अप्रेशन गर्न ६ महिनादेखि २ वर्ष, सामान्य अप्रेशन गर्न ३ महिनादेखि १ वर्ष, मेजर अप्रेशन गर्न ६ महिनादेखि २ वर्षसम्म पालो पर्खनुपर्ने अवस्था छ। उक्त अस्पतालमा २ मात्र शल्य चिकित्सा कक्ष रहेको, १६ शय्याको आई.सी.यू. र ३० शय्याको सर्जिकल वार्ड रहेकोमा क्रमशः १० र २४ शय्या सञ्चालनमा रहेको देखिन्छ। जसले गर्दा आई.सी.यू.चाहिने बिरामीलाई शय्या अभाव भएर अन्यत्र प्रेषण गर्नुपर्ने बाध्यता छ।

८४. **गरिब घरपरिवार पहिचान** - विपन्न परिवारलाई आधारभूत सहुलियत र सुविधा प्रदान गरेर जीवनयापन सहज बनाउने उद्देश्यले २०६९ मा गठन भई २०७५ मा खारेज भएको गरिब घरपरिवार सहयोग समन्वय बोर्डले ६ वर्षको अवधिमा २६ जिल्लामा ३ लाख ९२ हजार गरिब घरपरिवार पहिचान गरेको देखिन्छ। तत्पश्चात् भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सञ्चालित कार्यक्रमबाट २३ जिल्लाका २ लाख २३ हजार गरिब घरपरिवार पहिचान गरेको र बाँकी २८ जिल्लाको तथ्याङ्क सङ्कलन गरी गरिब घरपरिवार पहिचान गर्ने कार्य भइरहेको छ। उक्त कार्यक्रममा बोर्डले ४ वर्षको अवधिमा रू.१६ करोड ८३ लाख, मन्त्रालयले ३ वर्षमा रू.११ करोड ९४ लाख र विगत तीन वर्षमा वित्तीय हस्तान्तरण गरी पठाएको रू.१ अर्ब ३३ करोड १५ लाखसमेत रू.१ अर्ब ६१ करोड ९२ लाख खर्च भएको देखिन्छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६६।६७ को आधारमा शुरु भएको गरिब घरपरिवार पहिचान गर्ने कार्य एक दशक बितिसक्दा पनि सम्पन्न नभएकोले विपन्न नागरिक सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ।

८५. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५क (५) र जग्गा तथा घर जग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम जुनसुकै किसिमबाट स्वामित्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए २.५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था रहेको छ। भूमिसुधार तथा मालपोत कार्यालय कलैया, भैरहवा, साँखु, जलेश्वर र भक्तपुरका ५० निःसर्गकर्तालेे २०७७।७८ मा जग्गा निःसर्ग गर्दा स्वामित्व अवधि र थैलीको आधारमा तिर्नुपर्नेभन्दा घटी दाखिला गरेकोले नपुग कर रू.५ करोड ८६ लाख २० हजार पुँजीगत लाभकर घटी असुल गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

८६. **मुद्दा र फर्स्यौंटको स्थिति** - यो वर्ष सर्वोच्च अदालत र मातहत अदालतहरूमा गत वर्षबाट जिम्मेवारी सरेको १ लाख ४४ हजार ५२७ समेत कुल ४ लाख ५ हजार ६९ मुद्दामध्ये २ लाख ३८ हजार २६९ (५८.८२ प्रतिशत) फर्स्यौंट भई १ लाख ६६ हजार ८०० बाँकी रहेको देखिन्छ। सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार २०६५।६६ देखि २०७६।७७ सम्म सर्वोच्च अदालतमा मात्र २ वर्ष नाघेका मुद्दा, रिट, निवेदन/ प्रतिवेदनको संख्या १७ हजार २०९ रहेको छ। अदालतले बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना बनाई पुराना मुद्दा फर्स्यौंटलाई प्राथमिकता दिई २ वर्षमा फर्स्यौंट गर्ने लक्ष्य राखिए तापनि लामो समयसम्म फर्स्यौंट हुन नसकेको अवस्था देखिएको छ।

८७. **खेलकुद रङ्गशाला निर्माण** - भरतपुर महानगरपालिकाको रामपुरमा गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न एक फाउण्डेशन र भरतपुर महानगरपालिकाबीच २०७६ मङ्सिरमा समझदारी भएको छ। उक्त रङ्गशाला निर्माण गर्न रू.३ अर्ब ५५ करोड ९८ लाख ३४ हजार लागत अनुमान रहेकोमा सिभिल वर्कतर्फको कार्यमा ३९ प्रतिशत भौतिक प्रगति भई रू.५७ करोड ८७ लाख ४२ हजार भुक्तानी भएको उल्लेख छ। रङ्गशाला निर्माण कार्यको रू.१८ करोड ४१ लाख ४९ हजार

भुक्तानी हुन बाँकी रहेको जानकारी प्राप्त भएको छ। उक्त रङ्गशालाको २०७७।८।१ मा निर्माण कार्य प्रारम्भ भएकोमा २०७८ श्रावणबाट रोकिएको छ। उक्त निर्माण कार्यका लागि भरतपुर महानगरपालिका, प्रदेश सरकारलगायत ८ निकायबाट २०७८।७९ मा रू.२७ करोड ३० लाख अनुदान प्राप्त भएको देखिन्छ। मन्त्रालयले उक्त रङ्गशाला निर्माण कार्य सम्पन्न गर्न लिनुपर्ने नीतिका सम्बन्धमा सुझाउ दिन ७ सदस्यीय समिति गठन गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सम्बद्ध निकायबीच समन्वय गरी अधुरो रङ्गशाला निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ।

त्यस्तै काठमाडौंको मूलपानी क्रिकेट रङ्गशाला (चौथो चरण) को प्यारापिट तथा पार्किङ निर्माण कार्य २ वर्षभित्र सम्पन्न गर्नेगरी २०७७।८।१४ मा रू.२८ करोड ५८ लाख ८५ हजार (मूल्य अभिवृद्धि करबाहेक) को सम्झौता भएकोमा हालसम्म रू.१ करोड ९३ लाख ९३ हजार भुक्तानी भएको छ। साथै अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने लक्ष्य अनुरूप पोखरा रङ्गशाला निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७५।९।१३ मा रू.१ अर्ब २८ करोड २२ लाख १८ हजारको सम्झौता भएकोमा हालसम्म रू.१ अर्ब १९ करोड १३ लाख २४ हजार भुक्तानी भएको छ। सम्झौताको अवधि २०७९ जेठ तेस्रो हप्तासम्म अवधि थप भए तापनि निर्माण कार्य सम्पन्न भएको छैन।

प्रदेश मन्त्रालय तथा निकाय

८८. **प्रदेश सञ्चितकोष** - प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चितकोषको विवरणअनुसार २०७८।७९ मा रू.२ खर्ब ३७ अर्ब ६६ करोड १३ लाख आम्दानी भएकोमा रू.१ खर्ब ८७ अर्ब ४७ करोड ९७ लाख (समग्रमा ७२.६० प्रतिशत) खर्च भई रू.५० अर्ब १८ करोड १५ लाख बाँकी रहेको छ। खर्चमध्ये कोशी प्रदेशमा रू.२९ अर्ब ९६ करोड ६४ लाख, मधेश प्रदेशमा रू.२२ अर्ब २६ करोड ५ लाख, बागमती प्रदेशमा रू.३७ अर्ब ९९ करोड ५० लाख, गण्डकी प्रदेशमा रू.२२ अर्ब ४ करोड ३९ लाख, लुम्बिनी प्रदेशमा रू.३० अर्ब ५ करोड ४७ लाख, कर्णाली प्रदेशमा रू.२४ अर्ब २८ करोड १९ लाख र सुदूरपश्चिम प्रदेशमा रू.२० अर्ब ८७ करोड ७४ लाख खर्च भएको छ।

८९. **विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रू.१० करोड ५८ लाख र कर्णाली प्रदेशको रू.१ करोड ९५ लाख समेत रू.१२ करोड ५३ लाख आर्थिक मामिला तथा योजना मन्त्रालयले बाँडफाँट गरेको छैन। ऐनको व्यवस्थाबमोजिम बाँकी रकम बाँडफाँट हुनुपर्दछ।

९०. **लेखापरीक्षण** - यो वर्ष प्रदेश मातहतका १ हजार २१२ कार्यालयको रू.३ खर्ब १२ अर्ब ३३ करोड ९३ लाख र ६ कार्यालयको बक्यौता रू.३९ करोड ११ लाखसमेत रू.३ खर्ब १२ अर्ब ७३ करोड ४ लाख लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेश सरकार मातहतका ९६ अन्य संस्था तथा समितिको बक्यौता समेत रू.२७ अर्ब ८६ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष कोशी

प्रदेश अन्तर्गत १४ जिल्ला समन्वय समितिलाई निकासा दिएको रकम र १ कार्यालय समेत रू.४ करोड ४ लाख र गण्डकी प्रदेशको एक कार्यालयको रु १ करोड ८१ लाख र सुदूरपश्चिम प्रदेशको ३ कार्यालयको रू.११ करोड ६७ लाख लेखापरीक्षण बक्यौता रहेको छ।

९१. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७८।७९ को बजेट रू.२ खर्ब ५९ अर्ब १६ करोड ९८ लाख रहेकोमा रू.१ खर्ब ८७ अर्ब ४७ करोड ९७ लाख (७२.३४ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालुखर्च ३९.७७ प्रतिशत, पुँजीगत खर्च ५९.४९ र अन्य खर्च ०.७४ प्रतिशत रहेको छ। प्रदेशको औसत खर्च ७२.३४ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबभन्दा बढी कोशी प्रदेशको ८६.२१ र सबभन्दा कम मधेस प्रदेश को ६३.८१ प्रतिशत रहेको छ।

९२. **रकमान्तर** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशमा रू.२ खर्ब ६२ अर्ब ३७ करोड ४५ लाख शुरु बजेट विनियोजन भएकोमा रू.७१ अर्ब ७३ करोड ६४ लाख रकमान्तर भएको छ। रकमान्तर मध्ये २०७९ आषाढ महिनामा मात्र कोशी प्रदेशले रू.८६ करोड ९९ लाख, मधेश प्रदेशले रू.५ अर्ब ६ करोड ९० लाख, गण्डकी प्रदेशले रू.२ अर्ब ३१ करोड ५४ लाख, लुम्बिनी प्रदेशले रू.१ अर्ब ७५ करोड २८ लाख र कर्णाली प्रदेशले रू.१ अर्ब ८१ करोड ५ लाख रकमान्तर गरेको देखियो। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९३. **प्रदेश आन्तरिक स्रोत परिचालन** - प्रदेश सरकारहरूको २०७८।७९ को कुल खर्च रू. १ खर्ब ८७ अर्ब ४७ करोड ९७ लाख रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रू.९५ अर्ब ९५ करोड ७ लाख (५१.१८ प्रतिशत) खर्च व्यहोरिएको छ। आन्तरिक स्रोत परिचालन सबैभन्दा घटी कर्णाली प्रदेशको ३४.४५ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशले ६७.६६ प्रतिशत गरेको छ। प्रदेशहरूको आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्नुपर्दछ।

९४. **लेखापरीक्षण र बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७८।७९ को लेखापरीक्षण रकम रु ३ खर्ब ४० अर्ब ५९ करोड २३ लाख रहेकोमा रु ८ अर्ब ४६ करोड ३२ लाख बेरुजू कायम भएको छ। सबैभन्दा बढी बेरुजू कर्णाली प्रदेशको ४.४३ प्रतिशत र सबैभन्दा कम बेरुजू गण्डकी प्रदेशको १.२४ प्रतिशत रहेको छ। त्यसैगरी कोशी प्रदेशको ३.३० प्रतिशत, मधेशको २.६९ प्रतिशत, बागमतीको १.३७ प्रतिशत, लुम्बिनी २.६२ र सुदूरपश्चिम प्रदेशको २.५८ प्रतिशत रहेको छ।

प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रू.१९ अर्ब ६५ करोड १८ लाख रहेकोमा सम्परीक्षण तथा समायोजनबाट रू.१ अर्ब १० करोड ५५ लाख फस्यौंट भई रू.१८ अर्ब ५४ करोड ६३ लाख बाँकी रहेको र यो वर्ष रू.८ अर्ब ४६ करोड ३२ लाख थप भई अद्यावधिक बेरुजू रू.२७ अर्ब ९५ लाख कायम भएको छ।

स्थानीय तह

९५. **समग्र आय व्यय -** महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष ७५३ स्थानीय तहको कुल बजेट रू.५ खर्ब ३४ अर्ब ५५ करोड ९७ लाख रहेको छ। सोमध्ये संघ र प्रदेशबाट हस्तान्तरण भएको अनुदान रू.३ खर्ब १२ अर्ब ६६ करोड ६३ लाख तथा संघ र प्रदेश सरकारको राजस्व बाँडफाँटसमेत आन्तरिक आय रू.२ खर्ब १३ अर्ब ८३ करोड ८५ लाख समेत रू.५ खर्ब २६ अर्ब ५० करोड ४८ लाख आय प्राप्त गरेको देखिन्छ। सोमध्ये रू.४ खर्ब २४ अर्ब १६ करोड ९४ लाख खर्च भई रू.१ खर्ब २ अर्ब ३३ करोड ५४ लाख मौज्दात रहेको देखिन्छ।

९५.१ महालेखा नियन्त्रक कार्यालयले पेश गरेको आय-व्यय विवरणअनुसार ११ संघीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ खर्ब ४ अर्ब ५२ करोड २४ लाख र स्थानीय तहको कोष तथा अन्य खाताहरूको समग्र आय-व्यय उक्त विवरणमा समावेश गरेको देखिएन। सबै कारोबारलाई समेटेर एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ।

९५.२ यो वर्ष लेखापरीक्षण भएका ७४९ स्थानीय तहको कुल आम्दानी रू.६ खर्ब ५९ अर्ब २ करोड ८२ लाखमध्ये रू.५ खर्ब ४३ अर्ब २२ करोड ५१ लाख (८२.४३ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ८३ अर्ब २४ करोड ३२ लाख (५२.१४ प्रतिशत), पुँजीगत खर्च रू.१ खर्ब ६६ अर्ब ७३ करोड ८२ लाख (३०.६९ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.९३ अर्ब २४ करोड ३७ लाख (१७.१७ प्रतिशत) खर्च भएको देखिन्छ। यो वर्ष लेखापरीक्षण भएका ७४९ स्थानीय तहको २०७८।७९ को कुल आन्तरिक आय रू.३५ अर्ब ७५ करोड ६ लाख, संघ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.९० अर्ब २९ करोड ६६ लाख, गत वर्षको मौज्दात रू.१ खर्ब १८ करोड ७८ लाखसमेत आन्तरिक स्रोततर्फ रू.२ खर्ब २६ अर्ब २३ करोड ५० लाख प्राप्त भएको छ।

९६. **घटी जिम्मेवारी -** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्ने र सो क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष १६० स्थानीय तहले रू.३ अर्ब ७४ करोड ७६ लाख ७४ हजार घटी जिम्मेवारी सारेकोमा सोको कारण खुलाएका छैनन्। घटी जिम्मेवारीको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९७. **बैङ्क हिसाब मिलान -** स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गरेका छैनन्। यो वर्ष ९६ स्थानीय तहमा स्रेस्ताले देखाएकोभन्दा बैङ्कमा रू.१ अर्ब ३१ करोड ४० लाख ९३ हजार घटी मौज्दात रहेको देखिएको छ। बैङ्क हिसाब मिलान विवरण तयार गरी फरक परेको सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ।

९८. **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २७३ स्थानीय तहले रू.६ अर्ब ७७ करोड ५२ लाख ७७ हजार अबण्डा

राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन कायम नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९९. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष १५६ स्थानीय तहले उक्त व्यवस्था प्रतिकूल हुने गरी रू.८ अर्ब ४३ करोड ६८ लाख ५७ हजार रकमान्तर गरको देखिन्छ। कानुनमा तोकिए बमोजिम मात्र रकमान्तर गर्नुपर्दछ।

१००. **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली-** महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनिवार्य रूपमा लागू गरी जिन्सी हिसाब राख्नुपर्ने उल्लेख छ। यो वर्ष २६४ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन् भने २९३ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरी जिन्सी व्यवस्थापन गरेका छैनन्। उक्त प्रणाली अनिवार्य लागु गरी सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

१०१. **प्रदेश समन्वय परिषद्** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। लेखापरीक्षणबाट प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैं सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेश कार्यालयहरू स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ।साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठक बसी स्थानीय तहले आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीयतहबीच समन्वय कायम गर्नुपर्दछ ।

१०२. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार अनुदानतर्फ संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ४ वर्षको अवस्था देहाय अनुसार रहेको छः

(रू. लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
संघतर्फ					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८/७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
प्रदेशतर्फ					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०

उल्लिखित तथ्याङ्क अनुसार स्थानीय तहहरूमा प्राप्त अनुदान क्रमशः बढ्दै गएको छ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी रकमको निश्चित प्रतिशत त्यस्तै प्रकारको प्राकृतिक स्रोत संरक्षण र समग्र वातावरण संरक्षण कार्यमा प्रयोग हुने अन्तर्राष्ट्रिय असल अभ्यास रहे पनि स्थानीय तहहरूमा तद्अनुसार बजेट छुट्याई खर्च गर्ने प्रक्रिया अवलम्बन हुन बाँकी छ।

१०३. **लेखापरीक्षण र बेरूजु -** यो वर्ष ७५३ स्थानीय तहमध्ये ७४९ स्थानीय तहको रू.११ खर्ब २ अर्ब ६ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। बक्यौता लेखापरीक्षणतर्फ २ स्थानीय तहको २०७७।७८ को रू.१ अर्ब ९४ करोड ४४ लाखसमेत यो वर्ष रू.११ खर्ब ४ अर्ब १ करोड १ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट रू.४६ अर्ब ४५ करोड ३९ लाख बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ अर्ब ६१ करोड २४ लाख फर्स्यौंट गरेकोले रू.४२ अर्ब ८४ करोड १५ लाख बाँकी रहेको छ। बेरूजुमध्ये असुल गर्नुपर्ने रू.५ अर्ब ८९ करोड २७ लाख, नियमित गर्नुपर्ने रू.३२ अर्ब ४३ करोड ४८ लाख र म्याद नाघेको पेस्की रू.४ अर्ब ५१ करोड ४० लाख बाँकी छ। त्यसैगरी बक्यौता लेखापरीक्षणबाट रू.३ करोड ९४ लाख बेरूजू देखिएको छ। मधेश प्रदेशका ४ स्थानीय तहको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

यो वर्ष ६ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक सूचना प्रविधि, प्रदेश सरकार, महानगरपालिका तथा उप-महानगरपालिकाको ५ वर्षको कार्यसम्पादन् मूल्याङ्कनसम्बन्धी विशेष लेखापरीक्षण गरिएकोमा सोबाट देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :

- **कार्यमूलक लेखापरीक्षण**

१०४. **सार्वजनिक ऋण व्यवस्थापन** - सार्वजनिक ऋणको दायित्व बढोत्तरीले साँवा तथा ब्याज भुक्तानीको प्रवृत्ति बढ्दै गएको, ऋणबाट सञ्चालन भएका आयोजनाको कार्यान्वयनबाट उत्पादनमा भएको वृद्धि अध्ययन नभएको, आयोजनाको कार्य प्रगतिको अनुगमन नभएको, बढ्दो ब्यापार घाटाको कारण वैदेशिक मुद्राको सञ्चितिमा असर परेको, संस्थानमा गरिएको ऋण लगानीको लागत लाभ विश्लेषण भएको छैन।

१०५. **दूरसञ्चार पूर्वाधार व्यवस्थापन** - दूरसञ्चार विकास कोषको कार्य क्षेत्र स्पष्ट नभएको, संयुक्त लगानीका आयोजना परिचालन गर्ने उल्लेख नीति रहेकोमा अनुदान दिई संरचना निर्माण गरेको, फाइबर लाइन, ब्याकबोन परियोजना समयमा सम्पन्न हुन नसकेको, भौतिक पूर्वाधार निर्माण सेवा प्रदायक छनोट हुन नसकेको, नीति कार्यान्वयनको अनुगमन नभएको लगायतका व्यहोरा देखिएका छन्।

१०६. **आयोजना छनोट र प्राथमिकीकरण** - सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय अध्ययन, जग्गा अधिग्रहण, स्रोत सुनिश्चिततालगायतका पूर्व तयारीका काम सम्पन्न नगरी आयोजना छनोट गरिएको, आयोजना प्राथमिकीकरण गर्दा तोकिएका मापदण्डको पालना नभएको, आयोजना बैङ्कको अवधारणा शुरु गरिए पनि प्रभावकारी कार्यान्वयन नभएको, प्रादेशिक/भौगोलिक सन्तुलन कायम हुने गरी आयोजनाहरूको बाँडफाँट नभएको लगायतका व्यहोरा देखिएका छन्।

१०७. **निर्णय तहमा महिला सहभागिता** - आमनिर्वाचन २०७४ मा संघीय संसदको प्रतिनिधि सभाको प्रत्यक्षतर्फ ६ प्रदेश सभामा १७, आमनिर्वाचन २०७९ मा प्रत्यक्षतर्फ ९ र प्रदेश सभातर्फ १४ जना मात्र महिला निर्वाचित भएका छन्। स्थानीय तहको निर्वाचन २०७४ मा पालिका प्रमुखमा जम्मा १८, उपप्रमुख/उपाध्यक्ष पदमा ७०० र वडा अध्यक्ष पदमा ६१ महिला निर्वाचित भएकोमा २०७९ को निर्वाचनमा पालिका प्रमुख २५ उपाध्यक्ष/उपप्रमुख ५६९ र वडा अध्यक्षमा ६८ जना मात्र निर्वाचित भएका छन्। संघीय एवं प्रदेश मन्त्रिपरिषदमा पनि महिला सहभागिता न्यून रहेको देखिन्छ। निजामती सेवा, न्यायालय, विश्वविद्यालय एवं निजीक्षेत्रको निर्णायक तहमा पनि महिला सहभागिता न्यून रहेको पाइयो।

१०८. **सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम** - सूचना प्रविधि साक्षरता कम रहेको, इन्टरनेटको पहुँच विस्तार हुन नसकेको, विद्युतीय हस्ताक्षरको प्रयोग हुन नसकेको, सूचना प्रविधि सम्बन्धी नीति नरहेको, सूचना प्रविधि प्रणालीलाई व्यवस्थित गर्न जनशक्तिको अभाव रहेको, तेस्रो पक्ष आश्वस्तता वा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण हुन नसकेको, कोटा प्रणाली लागू गर्ने गरेको, सेवा अवरुद्ध भएको अवस्थामा वैकल्पिक व्यवस्था नभएको, पूर्वाधारको कमी, निकायगत समन्वयमा कमी, सेवा प्राप्त गर्दा बाह्य पक्षको सहयोग लिनुपर्ने अवस्था कायमै रहेको, फरक क्षमता भएका सेवाग्राहीका लागि विशेष व्यवस्था नभएको, सरकारी निकायमै बिद्युतीय कागजातलाई मान्यता नदिइएको लगायतका व्यहोराहरू रहेका छन्।

१०९. **सार्वजनिक खर्च व्यवस्थापन** - बजेट विनियोजन बमोजिम खर्च हुन नसकेको, खर्चमध्ये चालु खर्च बढ्दै गएको, पुँजीगत खर्चमा अपेक्षित सुधार आउन नसकेको, चालु खर्चमा अनुदानको अंश बढ्दै गएको, सार्वजनिक ऋणको ब्याज खर्च बढ्दै गएको, अनियन्त्रित रूपमा खडा भएका एवं बोझिला सांगठनिक संरचनाका कारण सार्वजनिक खर्च बढ्दै गएको, निजीकृत एवं खारेज गरिएका संस्थानमासमेत सरकारले अनुदान दिने र प्रशासनिक खर्च ब्यहोर्ने गरेको, योजना तथा कार्यक्रममा दोहोरोपना लगायतका व्यहोरा सार्वजनिक खर्च ब्यवस्थापनको लेखापरीक्षणको क्रममा देखिएको छ।

- **वातावरणीय लेखापरीक्षण**

११०. **बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन** - बहुपक्षीय वातावरणीय सम्झौता कार्यान्वयन सम्बन्धी लेखापरीक्षणबाट अभिलेख, जिम्मेवारी, समन्वय, कार्य प्रभावकारी रूपमा हुन नसकेको, सम्झौता कार्यान्वयनमा न्यून जनसहभागिता एवं स्रोतको अभाव रहेको, जलवायु परिवर्तन, रामसार, जैविक विविधता एवं संकटापन्न वन्यजन्तु तथा वनस्पतिको प्रजातिसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन पक्षमा कमजोरी रहेको कतिपय सम्झौता अनुमोदन हुन बाँकी रहेको लगायतका व्यहोरा देखिएका छन्।

- **सूचना प्रविधि लेखापरीक्षण**

१११. **व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली** - सूचना प्रविधि लेखापरीक्षणबाट प्रणाली सञ्चालनको लागि विषय विज्ञको व्यवस्थासहित स्पष्ट रूपमा कामको बाँडफाँट नभएको, तेस्रो पक्षबाट कुनै सुरक्षा परीक्षण तथा गुणस्तर आश्वस्ततासम्बन्धी प्राविधिक जाँच हुने नगरेको, स्थानीय तहले आफ्नै निर्णयबमोजिम थप गरी वितरण गरेको भत्ताको विवरण प्रणालीमा

समावेश नभएको, समय-समयमा गर्नुपर्ने नियमित तथा आकस्मिक परिवर्तन तथा स्तरोन्नति सम्बन्धी नीति अवलम्बन नभएको, अडिट ट्रेल जारी गरेको तर सोको नियमित अनुगमन तथा मूल्याङ्कन नगरेको लगायतका व्यहोरा देखिएका छन्।

- **विशेष लेखापरीक्षण**

११२. **प्रदेश सरकार तथा स्थानीय तहको ५ वर्षको कार्यसम्पादन** - यो वर्ष प्रदेश सरकार तथा स्थानीय सरकारबाट ५ वर्षमा सम्पादित कार्यको सम्बन्धमा मूल्याङ्कन गर्न विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

११२.१ सात प्रदेश सरकारले विगत ५ वर्षमा कुल बजेट रू.९ खर्ब ९५ अर्ब ३९ करोड विनियोजन गरेकोमा रू.६ खर्ब ४७ अर्ब ६५ करोड (६५ प्रतिशत) खर्च गरेका छन्। उक्त अवधिमा प्रदेश सरकारले आन्तरिक स्रोतबाट रू.३ खर्ब २२ अर्ब ८ करोड परिचालन गरेका छन्। प्रदेश सरकारले संविधानको अनुसूची-६ ले व्याख्या गरेअनुसार २१ विषयमा कानून निर्माण र कार्यसम्पादनको अतिरिक्त समग्र कार्य सूचीका विषयमा कार्यसम्पादन गर्न कानून बनाउने, संघीय सरकारबाट प्राप्त अनुदान, विभाज्य कोषबाट प्राप्त रकम र आन्तरिक स्रोत परिचालन गरी प्रदेशको विकास निर्माण, सेवा प्रवाह व्यवस्थापन गर्ने कार्य प्रदेश सरकारको रहेको छ। प्रदेश सरकारले प्रथम चरणको ५ वर्षे कार्यकाल पूरा गरेको र दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भई कार्य प्रारम्भ गरेको छ। प्रदेश सरकारको पहिलो ५ वर्षको कार्यसम्पादन अवस्था विश्लेषण गर्दा कार्य जिम्मेवारी पुरा गर्नका लागि कतिपय कानून तथा नीति बनाउन बाँकी रहेको, आन्तरिक स्रोत सङ्कलनलाई प्रभावकारी बनाउन नसकी अनुदानमा निर्भरता रहेको, स्थानीय तहबाट सम्पादन हुने प्रकृतिका कार्यक्रम र संरचना संघीय निकायले तर्जुमा गरेको, प्रदेशको पहिचान हुने राष्ट्रिय गौरवका आयोजना सञ्चालन एवं सोको नतिजा प्राप्त गर्न नसकेको, चालु खर्चलाई तोकिएको सीमामा राख्न नसकेको जस्ता व्यहोरा देखिएका छन्। प्रदेश सरकारको पहिलो कार्यकाल नीति, कानून निर्माण, संरचना तयारमा केन्द्रित रहेकोले हालको प्रदेश सरकारले संघीयताको मर्मअनुसार प्रदेश सरकारको कार्यसम्पादनमा सहजता ल्याई भौगोलिक एवं क्षेत्रीय सन्तुलन कायम गरेर विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

११२.२ स्थानीय तहको कुल आर्थिक कारोबारमध्ये महानगर र उप-महानगरपालिकाको हिस्सा करिब १०.३७ प्रतिशत रहेको छ। संविधानको अनुसूची-८ मा भएको व्यवस्थाअनुसार स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा भएको व्यवस्थाले परिलक्षित गरेका कार्यमध्ये महानगर तथा उप-महानगरपालिकाले ५ वर्षमा सम्पादन गरेको कार्यको परीक्षण गरी प्रतिवेदन गरिएको छ। उक्त परीक्षणबाट पालिकाहरूको आय एवं राजस्व प्रक्षेपण यथार्थपरक नभएको, राजस्व छुटको दायरा बढाएको, सम्पत्ति कर, व्यवसाय करलगायतका उठ्नुपर्ने राजस्व बक्यौता बढ्दै गएको, प्रशासनिक खर्चमा मितव्ययिता नभएको, वितरणमुखी र अनुत्पादक खर्चको सीमा बढ्दै गएको, आयोजना प्राथमिकीकरण बेगर खर्च गरेको, जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, फोहोर मैला व्यवस्थापनमा समस्या रहेको, सम्पत्तिको अभिलेख एवं लेखाङ्कन र प्रतिवेदन नभएको जस्ता व्यहोरा देखिएका छन्।

खण्ड

१

सङ्घीय मन्त्रालय तथा निकाय

संसद सचिवालय

नेपालको संविधानको धारा ८३ मा दुई सदनसहितको एक संघीय संसद रहने र धारा १०७ मा संघीय संसदको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न एक संघीय संसद सचिवालयको स्थापना हुने व्यवस्था छ। नेपालको संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ। प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ अनुसार प्रतिनिधि सभामा अर्थ समितिलगायत १०, राष्ट्रिय सभामा दिगो विकास तथा सुशासन समितिलगायत ४ र दुवै सदनको संयुक्त रूपमा संसदीय सुनवाई समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति २ समेत १६ विषयगत समिति रहेका छन्।

संसदको काम कारबाही सुचारु रूपले सञ्चालन गर्न संघीय संसद सचिवालयसम्बन्धी ऐन, २०६४ अनुसार व्यवस्थापिका-संसद सचिवालयको स्थापना भई संघीय संसद सचिवालयको रूपमा रहेको छ।

संसद सचिवालय - सचिवालयको निम्नानुसार रू.१ अर्ब २० करोड ५३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११८८७	४९	६७	५०	१२०५३

१. **विधेयक दर्ता तथा पारित -** नेपालको संविधानको धारा ९३ मा राष्ट्रपतिले संघीय संसदको अधिवेशन आह्वान र अन्त्य गर्ने व्यवस्था छ। संघीय संसदको पहिलो अधिवेशन २०७४।११।२१ मा शुरु भई प्रतिनिधि सभाको कार्यकाल २०७९।६।१ मा समाप्त हुँदासम्म प्रतिनिधि सभाको ११ औं र राष्ट्रिय सभाको १२ औं अधिवेशनसम्म सञ्चालन भएको देखिन्छ। संघीय संसदको प्रथम अधिवेशनमा विधेयक दर्ता नभएको, दोस्रो अधिवेशनमा ३४, तेस्रोमा ३१, चौथोमा २२, पाँचौंमा १७, छैंठौंमा १६, सातौंमा ७, आठौंमा १, नवौंमा ३, दशौंमा ३, एघारौंमा १५ र बाह्रौंमा ४ समेत १५३ विधेयक दर्ता भएकोमा १०१ विधेयक दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण पश्चात् ऐन बनी लागू भएका छन्। प्रमाणीकरण गरिएका १०१ विधेयकमध्ये प्रतिनिधि सभामा दर्ता भएका ७४ र राष्ट्रिय सभामा दर्ता भएका २७ विधेयक रहेका छन्। त्यसैगरी १२ विधेयक सरकारले फिर्ता लिएको, १ विधेयक प्रमाणीकरणको लागि पठाइएकोमा फिर्ता नभएको, २७ विधेयक निष्क्रिय रहेका र १२ विधेयक राष्ट्रिय सभामा विचाराधीन अवस्थामा रहेका छन्।

२. **बैठक सञ्चालन** – संघीय संसद प्रतिनिधि सभाको प्रथम कार्यकालमा ११ औं अधिवेशनसम्म ९०६ दिन चालु रहेकोमा ३३४ दिनमा ३६४ पटक बैठक बसेको उल्लेख छ। त्यसै गरी संघीय संसद राष्ट्रिय सभाको १२ अधिवेशन ८६४ दिन चालु रहेकोमा २७० दिनमा ३१३ बैठक बसेको देखिन्छ।

सचिवालयबाट प्राप्त विवरणअनुसार प्रतिनिधि सभाको ९०२ घण्टा ४० मिनेट र राष्ट्रिय सभाको ४६८ घण्टा ५७ मिनेट बैठक सञ्चालन भएको छ। प्रतिनिधि सभा तथा राष्ट्रिय सभामा पेस भएका विधेयकमाथि सामान्य छलफल पश्चात दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइने र सम्बन्धित समितिले छलफल गरी समितिको प्रतिवेदन सभामा पेस भएपछि पारित गर्ने वा समितिमा फिर्ता गर्ने व्यवस्था छ। सभामा पेस भएका विधेयक समितिमा दफावार छलफल भई समितिको प्रतिवेदन सभामा पेस भएपछि नेपाल सरकारले संघीय निजामती सेवा, विद्युत विधेयकलगायत फिर्ता लिएकोमा पुनः सभामा पेस भएको छैन। राष्ट्रिय सभामा दर्ता भएका नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६, नेपाल नागरिक उड्डययन प्राधिकरण विधेयक, २०७६, नेपाल विशेष सेवा विधेयक, २०७६, नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ र नेपाल मिडिया काउन्सिल विधेयक, २०७५ विधायन व्यवस्थापन समितिमा छलफल भई समितिको प्रतिवेदन अनुसार राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाएकोमा प्रतिनिधि सभाको कार्यकाल समाप्त भएकोले ती विधेयकहरू निष्क्रिय भएको देखियो।

३. **समितिको निर्णय एवं प्रतिवेदनको कार्यान्वयन** - प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८६ मा बैठकमा पेस भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने र समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन बैठकमा पेस गर्न सक्ने व्यवस्था छ। विभिन्न ९ समितिको वार्षिक प्रतिवेदनमा १ हजार २३३ पटक बैठक बसी पुँजीबजार, नेपाली भू-भागमा भएको अतिक्रमण, गुणस्तरीय उत्पादन, मानव अधिकार विरुद्धका घटना, राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन अवस्था, संघीय निजामती सेवा, रणनीतिक महत्वका सडक, स्वास्थ्य सामग्री र जनशक्ति व्यवस्थापन, बेरुजू छलफल तथा निर्देशनलगायतका महत्वपूर्ण विषयमा निर्णय एवं निर्देशन गरेको देखिन्छ।

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन हुने उल्लेख छ। त्यसैगरी सोही नियमावलीको नियम १७५ (४) मा सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजूको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिनसक्ने व्यवस्था छ। महालेखापरीक्षकले हालसम्म ५९ वार्षिक प्रतिवेदन पेस गरेकोमा केही प्रतिवेदनमा छलफल टुङ्गिन बाकी रहेको तथा उल्लेख भएका बेरुजूका सम्बन्धमा दिएका निर्देशन एवं सार्वजनिक लेखाका सम्बन्धमा भएका निर्णयको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले समितिले निर्णय कार्यान्वयनको अनुगमन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

४. **बेरुजू सम्परीक्षण -** लेखापरीक्षण ऐन, २०७५ को दफा २ मा लेखापरीक्षण भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनु पर्ने र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाईसमेत जनाउने उल्लेख गरिएको छ भने दफा २१ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा महालेखापरीक्षकले प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनको लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(४) बमोजिम लेखाउत्तरदायी अधिकृतबाट नियमित भएको ७ दिनभित्र तथा दफा

४१(३) बमोजिम प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजू ३० दिनभित्र लगतबाट हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि नै कानूनबमोजिम सम्परीक्षण गर्दिँदै आएकोमा २०७९।३।१७ मा सार्वजनिक लेखा समितिको निर्देशानुसार उल्लेख गरी प्राप्त परिपत्र पश्चात् संघीय सरकारतर्फका निकायहरूको बेरुजू सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगित गरिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र लेखापरीक्षण ऐन, २०७५ का केही प्रावधान एक अर्कामा बाझिएकोले दुई ऐनबीच तादात्म्यता कायम हुने तवरले परिमार्जन गरी लेखापरीक्षण, सम्परीक्षण तथा बेरुजू फर्स्यौट कार्यमा तदारुकता ल्याउनुपर्दछ।

५. **सार्वजनिक वित्तीय व्यवस्थापन सुधार** - नेपाल सरकार र विश्व बैङ्कबीच अगस्ट २४, २०१८ मा भएको सम्झौताअनुसार सार्वजनिक लेखा समितिको सुदृढीकरणको लागि शुरुमा अमेरिकी डलर ४ लाख ६५ हजार बजेट स्वीकृत भएकोमा पुनर्संरचनाबाट सम्झौता रकम अमेरिकी डलर २ लाख ६३ हजार २०० कायम भएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गर्ने व्यवस्था छ। यो वर्ष रू.३ करोड ८७ लाख ८ हजार बजेट विनियोजन भएकोमा रू.१ करोड १३ लाख ५६ हजार खर्च भई २९.३४ प्रतिशत वित्तीय प्रगति भएको र हालसम्म सम्झौता अवधिको ८० प्रतिशत समय व्यतीत भइसक्दा रू.१ करोड ४८ लाख २४ हजार खर्च भई स्वीकृत बजेटको ४९ प्रतिशत मात्र खर्च भएकोले अपेक्षाकृत खर्च हुन सकेको देखिएन।

आयोजनाअन्तर्गत संघीय र प्रदेश सार्वजनिक लेखा समिति र ती समितिमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रमको तालिम सामग्री तयार एवं कार्यक्रम सञ्चालन गर्न एक परामर्शदाता छनौट गरी ६ महिनाभित्र कार्य सम्पन्न गर्न २०७८।१०।५ मा सम्झौता गरेकोमा २०८० असारसम्म म्याद थप गरेको छ। त्यसै गरी सार्वजनिक लेखा समितिको वित्तीय सूचना प्रणाली तयार गर्न ५ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी एक परामर्शदातासँग नोभेम्बर २५, २०२१ मा रू.१५ लाख १४ हजारको सम्झौता गरेको देखियो। सम्झौताको कार्यक्षेत्रगत शर्तमा प्रणालीलाई महालेखापरीक्षकको कार्यालयको प्रणालीसँग आबद्ध गर्ने विषय महालेखापरीक्षकको कार्यालयसँग समन्वय नगरी सम्झौतामा समावेश गरेको र सम्झौताअनुसार आबद्ध नभएको अवस्थामा समेत परामर्शदातालाई पूरै रकम भुक्तानी दिएको उपयुक्त देखिएन। तोकिएका वार्षिक कार्यक्रम समयमै सञ्चालन गरी प्रगति हासिल गर्नुका साथै सम्झौताका शर्तअनुसार भुक्तानी दिनुपर्दछ।

६. **स्वकीय सचिवालयको कर्मचारी** - संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा ५ मा आफ्नो कार्यकालमा पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि ऐनको अनुसूची-६ मा उल्लेख भएबमोजिमको कर्मचारी सुविधा पाउने व्यवस्था छ। अनुसूचीमा विभिन्न पदाधिकारी तथा सदस्यलाई दिइने कर्मचारीको दर्जा र संख्यासम्म उल्लेख भए तापनि निजहरूको शैक्षिक योग्यता तथा पदपूर्तिको मापदण्ड उल्लेख भएको पाइएन। स्वकीय सचिवालयका लागि यो वर्ष विभिन्न श्रेणीका अधिकृतस्तरका ३१० र सहायकस्तरका १२६ समेत ४३६ कर्मचारीको पारिश्रमिकमा रू.१७ करोड ९२ लाख ५ हजार खर्च भएको देखिन्छ। पदाधिकारीहरूको कार्यलाई प्रभावकारी तथा

दक्षतापूर्वक सञ्चालन गर्न स्वकीय सचिवालयका कर्मचारीको योग्यता र पदपूर्ति प्रक्रिया सम्बन्धमा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त हुने देखिन्छ।

- **बेरुजू -** संघीय संसद सचिवालयको यो वर्ष रू.८६ लाख ४२ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बेरुजू बाँकी रहेको छ। उक्त बेरुजूमध्ये रू.५२ लाख ४२ हजार नियमित भई फर्स्यौंटका लागि अनुरोध भएको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११ धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ। नेपालको संविधानमा ३ तहको अदालत हुने व्यवस्थाअनुरूप सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत तथा जिल्ला अदालतसमेत १०५ अदालतमा ४६८ न्यायाधीशसहित विभिन्न सेवा समूह र श्रेणीमा ६ हजार ९५३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** सर्वोच्च अदालत र मातहतसमेत १०४ निकायको निम्नानुसार रू.२१ अर्ब ३९ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
७८२९५	२०६९८	११४६४३	२९५	२१३९३१

यो वर्ष धादिङ जिल्ला अदालतको रू.१० करोड ५५ लाखको लेखापरीक्षण बाँकी रहेको छ।

२. **मुद्दा र फर्स्यौंट -** न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६।७७-८०।८१) अनुसार जिल्ला अदालत तथा उच्च अदालतमा रहेका मुद्दा १८ महिनाभित्र र सर्वोच्च अदालतमा रहेका मुद्दा २ वर्षभित्र फर्स्यौंट गर्ने उल्लेख छ। यो वर्ष सर्वोच्च अदालत र मातहत अदालतहरूमा गत वर्षबाट जिम्मेवारी सरेको १ लाख ४४ हजार ५२७ समेत कुल ४ लाख ५ हजार ६९ मुद्दामध्ये २ लाख ३८ हजार २६९ (५८.८२ प्रतिशत) फर्स्यौंट भई १ लाख ६६ हजार ८०० बाँकी रहेको देखिन्छ। सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार २०६५।६६ देखि २०७६।७७ सम्म सर्वोच्च अदालतमा मात्र २ वर्ष नाघेका मुद्दा, रिट, निवेदन/ प्रतिवेदनको संख्या १७ हजार २०९ रहेको छ। न्यायपालिकाको चौथो पञ्चवर्षीय योजनाको कार्ययोजनाले २०७८।७९ मा ६५ प्रतिशत मुद्दा फैसला गर्ने लक्ष्य लिएको छ। अदालतले बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना बनाई पुराना मुद्दा फर्स्यौंटलाई प्राथमिकता दिई २ वर्षमा फर्स्यौंट गर्ने लक्ष्य राखिए तापनि लामो समयसम्म फर्स्यौंट हुन नसकेको अवस्था देखिएको छ।

३. **दरबन्दी र पदपूर्ति -** न्याय परिषद् ऐन, २०७३ मा न्यायाधीशको नियुक्ति तथा निजामती सेवा ऐन, २०४९ मा कर्मचारीको पदपूर्तिसम्बन्धी व्यवस्था छ। सर्वोच्च अदालतमा २१ न्यायाधीशको दरबन्दी रहेकोमा १६ को मात्र पदपूर्ति भई ५ पद रिक्त रहेको उल्लेख छ। त्यसै गरी सर्वोच्च अदालत मातहतका अदालतमा ४४७ न्यायाधीशको दरबन्दी रहेकोमा ७१ रिक्त रहेको छ। कर्मचारीहरूको कुल दरबन्दी ६ हजार १११ रहेकोमा २ हजार १२१ रिक्त देखिन्छ। आवश्यक

जनशक्ति र भौतिक पूर्वाधारको उचित व्यवस्था मिलाई रणनीतिक योजनाअनुसार न्याय सम्पादनको कार्य थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

४. **फैसला कार्यान्वयन** – सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनअनुसार २०७८।७९ सम्म अदालतबाट भएका फैसलाबमोजिम वर्षान्तसम्म भुक्तान हुनुपर्ने बाँकी कैदको कुल लगत १ लाख ७ हजार १६८ वर्ष ६ महिना २७ दिन रहेको र असुल उपर हुनुपर्ने जरिबाना रू.१७ अर्ब ७४ करोड ८१ लाख बक्यौता रहेको छ। फैसला कार्यान्वयनको लागि जिल्ला अदालतहरूमा निवेदनको लगत ४५ हजार ४६५ रहेकोमा २१ हजार ३१९ (४६.८९ प्रतिशत) मात्र फर्स्यौट भई २४ हजार १४६ बाँकी रहेका छन्। रणनीतिक योजनामा उल्लेख भएअनुसार फैसला कार्यान्वयनको व्यवस्था गरिनुपर्दछ।

५. **भवन निर्माण** - रामशाहपथमा सर्वोच्च अदालतको भवन निर्माण गर्न रू.५ अर्ब ८७ करोड ६ लाख कबोल गर्ने एक संयुक्त उपक्रमसँग ३ वर्षभित्र सम्पन्न गर्ने गरी २०७७।१२।१९ मा सम्झौता भएको छ। भवन निर्माण कार्यमा २०७९ असार मसान्तसम्म रू.१ अर्ब ७३ करोड ९१ लाख भुक्तानी भएको देखिन्छ। निर्माण व्यवसायीले पेस गरेको कार्यतालिकाअनुसार २०७९ असार मसान्तसम्म भौतिक प्रगति ३६.५ प्रतिशत र वित्तीय प्रगति ३० प्रतिशत हुनुपर्नेमा क्रमशः ३३.५ र ३० प्रतिशत भएको देखिँदा कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ।

त्यसैगरी भक्तपुर जिल्ला अदालतको २ तला बेसमेन्टसहितको ७ तले अत्याधुनिक कार्यालय भवन निर्माण कार्यको लागि गत वर्ष २४ महिनामा कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७७।६।१६ मा मूल्य अभिवृद्धि करबाहेक रू.१ अर्ब २१ करोड ५ लाख ३४ हजारको सम्झौता भएकोमा दशौं रनिङ बिलसम्मको मूल्य अभिवृद्धि कर र मूल्य समायोजनबाहेक रू.८४ करोड १९ लाख ९ हजार भुक्तानी भएको छ। यो वर्षान्तसम्म ठेक्काको ८९.५ प्रतिशत अवधि सकिएको अवस्थामा वित्तीय प्रगति ६९.५५ प्रतिशत र भौतिक प्रगति ७४.५ प्रतिशत रहेको देखियो। हाल भवनको संरचना तयार भैसकेको भए तापनि टायल मार्बल इन्स्टलेसन, स्काइलाइट, आल्मुनियम सटर, लैण्डस्केप र इन्टेरियरलगायतका कार्य बाँकी देखिएको छ।

६. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले नियमावलीको प्रक्रिया पूरा गरी भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ। भक्तपुर जिल्ला अदालतले भवन निर्माण स्थलमा बोरिङबाट पानी नआएको हुँदा पानी शुद्धीकरण प्रणाली आवश्यक नभएकोले सो कार्य हटाई इलेक्ट्रिक, आल्मुनियम र प्लाइउड पार्टिसनलगायतका काम थप गरी लागत अनुमानभन्दा ०.९९ प्रतिशत र सम्झौता रकमभन्दा ०.९७ प्रतिशत कम हुने गरी संशोधित लागत अनुमान रू.१ अर्ब ३५ करोड ४६ लाख ५५ हजार र संशोधित सम्झौता रू.१ अर्ब ३५ करोड ३५ लाख ८७ हजार कायम हुने गरी २०७९।३।२४ मा भेरिएसन स्वीकृत भएको छ। पूर्वानुमान गर्न सकिने इलेक्ट्रिक, आल्मुनियम र प्लाइउड पार्टिसनलगायतका काम थप गरी भेरिएसन गरेको नियमसम्मत देखिएन।

यसैगरी निर्माण कार्यको भेरिएसनमा रू.२ करोड ७४ लाख ३ हजार लागत अनुमानका ५५ नयाँ आइटम थप गर्दा लागत अनुमानमा ५ प्रतिशत कम गरी रू.२ करोड ६० लाख ३३ हजार मूल्य कायम भएको देखियो। दशौं रनिङ बिलसम्म उक्त नयाँ आइटमको मूल्य रू.७८ लाख ६४ हजारमा ५ प्रतिशत घटाई हुने रू.७४ लाख ७१ हजारमा मूल्य अभिवृद्धि करसहित रू.८८ लाख ४२ हजार (२८.७० प्रतिशत) भुक्तानी भएको छ।

- **बेरुजू -** सर्वोच्च अदालत र मातहतसमेतका ६६ निकायमा यो वर्ष रू.५ करोड २० लाख १९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५ लाख ९ हजार फर्स्यौट भई रू.५ करोड १५ लाख १० हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये रू.२ लाख ८० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपालको संविधानको धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा एक प्रमुख आयुक्त र अन्य चार आयुक्त रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यवस्था छ। धारा २३९ मा भएको व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान तहकिकात एवं अभियोजन गरी अदालतमा मुद्दा दायर गर्ने काम आयोगबाट हुँदै आएको छ। आयोगको केन्द्रीय र मातहतका ८ कार्यालयमा ९९० कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत ९ निकायको निम्नानुसार रू.१ अर्ब १ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९०७५	३१९	७३८	१	१०१३३

२. **उजुरी व्यवस्थापन** - आयोगमा गतवर्षको जिम्मेवारी ८ हजार ९३ र यो वर्ष दर्ता भएको १६ हजार २३८ समेत २४ हजार ३३१ उजुरी दर्ता भएकोमा विस्तृत अनुसन्धान गरिएको ८२३, सोझै तामेली ५ हजार ३०२, सुझावसहितको तामेली ४७४, आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाएको ६ हजार २७५ र अन्य कारबाहीमा ४ हजार २९५ समेत जम्मा १७ हजार १६९ उजुरी फर्स्यौंट भै ७ हजार १६२ फर्स्यौंट हुन बाँकी देखिन्छ। यो वर्ष विस्तृत अनुसन्धान भएका ८२३ फाइलमध्ये १३१ मुद्दामा ६३९ जनाबाट रू.२ अर्ब ७९ करोड २७ लाख ४८ हजार मागदाबी गरी विशेष अदालतमा मुद्दा दायर भएको छ। कुल उजुरीमध्ये संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तहसमेत) अन्तर्गतका उजुरी ८ हजार ६४ अर्थात् ३३.१४ प्रतिशत रहेको छ। आयोगले २०७८।७९ मा दायर गरेका मुद्दा १३१ मध्ये ३२ घुस (रिसवत) सम्बन्धी, ६ झुट्टा शैक्षिक प्रमाणपत्र, ७ गैरकानूनी सम्पत्ति आर्जन, ३५ सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी, ३४ गैरकानूनी लाभ वा हानि पुऱ्याएको, ५ राजस्व चुहावट र १२ विविध प्रकारका रहेको अवस्था छ।

३. **कार्यसम्पादन** - आयोगले संस्थागत रणनीति (२०७६।७७ - २०८०।८१) मार्फत् उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकाससहित चार रणनीति अवलम्वन गरी कार्यसम्पादन गर्दै आएको छ। आयोगको ३२ औँ वार्षिक प्रतिवेदन २०७८।७९ अनुसार भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न नीति तथा कानूनी क्षेत्रमा सुधारका लागि सार्वजनिक सेवा प्रवाह, निर्वाचन प्रणाली सुधार, अनुदान वितरण पुनरावलोकन, क्षमता विकास, सार्वजनिक खरिदलगायत ११ विधा तथा विषयगत निकायअन्तर्गत संघीय प्रदेश र स्थानीय तहसमेत २४ क्षेत्रमा भ्रष्टाचारलाई अस्वीकार गर्ने संस्कृतिको विकास गर्ने र भ्रष्टाचार हुन नदिने पद्धति स्थापना गर्ने दिशातर्फ लक्ष्य केन्द्रित गरेको देखिन्छ। मुलुकमा विद्यमान भ्रष्टाचार नियन्त्रण गरी सदाचार पद्धति स्थापित गर्न आयोगले अपनाएको प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूको प्रयोगमा थप क्रियाशीलता तथा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ।

महालेखापरीक्षकको कार्यालय

नेपालको संविधानको धारा २४० मा महालेखापरीक्षकको व्यवस्था छ। महालेखापरीक्षकको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बललगायत सबै संघीय, प्रदेश सरकारी कार्यालय र स्थानीय तहको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने अधिकार दिएको छ। सोही ऐनको दफा १० मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न महालेखापरीक्षकले आवश्यकताअनुसार प्रचलित कानूनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकलाई सहायकको रूपमा नियुक्त गर्नसक्ने अधिकार रहेको र दफा ११ मा ५० प्रतिशतभन्दा बढी स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले संवैधानिक र कानूनी व्यवस्थाअनुसार लेखापरीक्षण ऐन तथा प्रचलित अन्य ऐन कानून, लेखापरीक्षणसम्बन्धी प्रचलित मानदण्ड र निर्देशिकाहरू जारी गरी लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्दै आएको छ।

१. **सरकारी कार्यालय -** कार्यालयको यो वर्ष निम्नानुसार रू.५९ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन	राजश्व	धरौटी	अन्य	जम्मा
५८०२	३३	१११	-	५९४६

२. **कार्यालय संरचना तथा जनशक्ति -** कार्यालयमा विक्रम सम्वत् २०५० मा स्वीकृत दरबन्दी ४४८ रहेकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकारको २०७५।३।१७ र २०७८।५।२ को निर्णयबाट कुल दरवन्दी ६४३ कायम भएको छ। उक्त दरबन्दीअन्तर्गत स्थलगत रूपमा लेखापरीक्षणमा खटिने कर्मचारीहरू निर्देशक ११०, लेखापरीक्षण अधिकारी २५५ र लेखापरीक्षण अधीक्षक १३० जना रहेका छन्। संविधानबाट भएको कार्यक्षेत्र विस्तार, सार्वजनिक निकायमा भएको संख्यात्मक बढोत्तरी, आर्थिक कारोबार र कारोबारमा हुने जोखिम वृद्धिको अवस्थामा समयमा लेखापरीक्षण सम्पन्न गर्न वर्तमान दरबन्दी र भौतिक पूर्वाधार चुनौतीपूर्ण रहेको छ। लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउन महालेखापरीक्षकको कार्यालयको संस्थागत पुनर्संरचना र क्षमता विकास गरी प्रदेशस्तरसम्म कार्यालय विस्तार गर्नुपर्दछ।

३. **रणनैतिक योजना कार्यान्वयन -** कार्यालयको स्वीकृत ५ (२०७७-८१) वर्षे रणनैतिक योजनाले लेखापरीक्षण गुणस्तर अभिवृद्धि, आन्तरिक सुशासन तथा स्वतन्त्रता, संस्थागत तथा व्यावसायिक सक्षमता, आर्थिक अनुशासन तथा जवाफदेहिता, सरोकारवालाहरूसँगको सम्बन्ध लगायतका रणनैतिक लक्ष्य प्राप्तिका लागि विभिन्न ३४ क्रियाकलाप संचालन गर्ने उल्लेख भएकोमा इन्टोसाइ लेखापरीक्षण मान अनुसार नेपाल लेखापरीक्षणमान स्वीकृत भएको, विद्युतीय माध्यमबाट लेखापरीक्षण गर्ने कार्य शुरु भएको,

सार्वजनिक जावाफदेहिता र सुशासन अभिवृद्धि गर्न लेखापरीक्षणका माध्यमबाट सुझाव दिने गरिएको, कर्मचारीको क्षमता विकासका लागि अनवरत शिक्षा लगायत अन्य तालिम कार्यक्रम आयोजना गरिएको, लेखापरीक्षण गरिने निकायसँग निरन्तर छलफल तथा अन्तरक्रिया गरिएको छ। रणनैतिक योजनामा उल्लिखित क्रियाकलापमध्ये सम्पन्न हुन बाँकी क्रियाकलापहरू स्रोत साधनको व्यवस्थापन गरी सम्पन्न गर्नुपर्दछ।

४. **कार्ययोजना** - महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-८०) मा संगठनको पुनर्संरचना, भौतिक पूर्वाधार विकास, कर्मचारीको क्षमता विकास, कानूनी सुधार, कार्यप्रक्रिया र पद्धतिमा सुधारलगायतका विषय समेटिएका छन्। महालेखापरीक्षकको कार्यालयलाई तत्कालको कार्यबोझअनुसार दरबन्दी थप भएको, कार्यालयको आफ्नै भवन निर्माण सम्पन्न भई नवनिर्मित भवनबाट कार्यालय सञ्चालनमा रहेको, कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीम सेमिनार कार्यक्रममा सहभागी गराई क्षमता विकासका क्रियाकलाप संचालन गरिएको, लेखापरीक्षण ऐन, २०७५ तथा कर्मचारी सेवा नियमावली, २०७७ जारी भएको, लेखापरीक्षण विधि र पद्धतिमा सुधार गरिएको, विद्युतीय लेखापरीक्षण प्रणाली अवलम्बन गर्ने सन्दर्भमा नेपाल लेखापरीक्षण प्रणाली (न्याम्स सफ्टवेयर) प्रयोग गरिएको, लेखापरीक्षणमा न्यून जोखिम भएका कार्यालयमा दूर लेखापरीक्षण विधिबाट लेखापरीक्षण गर्ने प्रणाली अवलम्बन गरिएको, लेखापरीक्षण शुरु हुनु भन्दा अगावै र लेखापरीक्षण सम्पन्न भएपछि लेखा उत्तरदायी अधिकृतसँग छलफल/अर्न्तक्रिया गर्ने गरिएको लगायतका सुधारका कार्य अवलम्बन गरिएको छ।

कार्य योजनामा उल्लिखित क्रियाकलापमध्ये प्रादेशिक तहहरूमा कार्यालय संरचना विस्तार गर्ने, संस्थागत रूपमा स्रोत साधन सम्पन्न गरी सुधार क्रियाकलापहरू सञ्चालन गर्ने, लेखापरीक्षण सक्षमता केन्द्र स्थापना गर्ने लगायतका कार्य गर्न बाँकी रहेकोले सुधार प्रक्रियालाई निरन्तरता दिनुपर्दछ।

५. **लेखापरीक्षण स्वतन्त्रता** - नेपालको संविधानको धारा २४१(३) मा महालेखापरीक्षक वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने व्यवस्था गरी लेखापरीक्षणको स्वतन्त्रता स्पष्ट गरिएको छ । लिमा घोषणा पत्रले संवैधानिक व्यवस्था सहितको स्वतन्त्र सर्वोच्च लेखापरीक्षण संस्था, सर्वोच्च लेखापरीक्षणका सदस्य र लेखापरीक्षण गरिने निकायमाथि निर्भर नहुने कर्मचारी सहितको कार्यगत र वित्तीय स्वतन्त्रता हुनुपर्ने स्पष्ट व्यवस्था गरेको छ।

महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरू सम्बन्धी नियमावली (संशोधन सहित),२०५० ले महालेखापरीक्षकको कर्मचारीसम्वन्धी छुट्टै व्यवस्था गरेको थियो। संविधान बमोजिम महालेखापरीक्षकको व्यवस्था भए तापनि निजामती सेवा ऐन, २०४९ को दोश्रो संशोधनबाट महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूलाई निजामती सेवा ऐन अन्तर्गत लेखापरीक्षण सेवामा समावेश गरी सो सेवा समुहसमेत नेपाल सरकारबाट सञ्चालन भइरहेको छ। हाल महालेखापरीक्षकको कार्यालयमा कार्यरत कर्मचारी कानूनतः नेपाल सरकारका कर्मचारी हुन्। सिद्धान्ततः सरकारी संयन्त्रको अन्तिम लेखापरीक्षण आफ्नै कर्मचारीबाट गराइनु उपयुक्त नहुने र महालेखापरीक्षकको निष्पक्ष एवं स्वतन्त्रतापूर्वक लेखापरीक्षण गर्ने अधिकारमा संकुचन वा आँच आउने देखिन्छ। लेखापरीक्षण कार्यलाई स्वतन्त्र एवं निष्पक्ष रूपमा सम्पादन गर्नको लागि महालेखापरीक्षकको कार्यालयमा कार्यरत कर्मचारीको महालेखापरीक्षकको कार्यालयबाट नै सेवा सञ्चालन गर्ने गरी निजामती सेवा ऐनमा छुट्टै प्रावधान राखी प्रशासनिक स्वतन्त्रता हुनुपर्ने देखिन्छ। साथै कार्यालयको लागि महालेखापरीक्षकको माग र आवश्यकताको आधारमा आर्थिक स्रोतको व्यवस्थापन हुने गरी वित्तीय स्वतन्त्रता समेत हुनुपर्दछ।

लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य ४ सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यवस्था छ। धारा २४३ मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने उल्लेख छ। निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको पदपूर्तिका लागि लिइने लिखित परीक्षासमेत आयोगले सञ्चालन गर्दछ। आयोग र मातहत निकायमा ३९९ कर्मचारीको दरबन्दी रहेकोमा ३८८ पदपूर्ति भएको छ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत १६ निकायको निम्नानुसार रू.१ अर्ब २४ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
९८२३	१७६०	५५	८०७	१२४४५

२. **कार्य सम्पादन -** आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयबाट यस वर्ष खुला १ हजार २०६, समावेशी १ हजार १७, बढुवा १ हजार २३३ र आन्तरिक २७१ समेत ३ हजार ७२७ पदका लागि १ हजार ३९७ विज्ञापन तथा बढुवा सूचनाहरु प्रकाशन भएको देखिन्छ । यस्ता विज्ञापनमा माग भएका पदहरुमा आन्तरिक प्रतियोगितातर्फ ९ हजार ३०८ (२.५५ प्रतिशत), खुला प्रतियोगितातर्फ २ लाख १ हजार ७६७ (५५.२१ प्रतिशत) तथा समावेशी प्रतियोगिताहरूतर्फ १ लाख ५४ हजार ३५९ (४२.२४ प्रतिशत) समेत कुल ३ लाख ६५ हजार ४३४ दरखास्त परेको देखिन्छ। आयोगले यो वर्ष सञ्चालन गरेका लिखित परीक्षामा ४८ हजार ६५३ महिला र ७९ हजार ४०७ पुरुषसमेत १ लाख २८ हजार ६० उम्मेदवार सम्मिलित भएकोमा ७३८ महिला र १ हजार ९३४ पुरुषसमेत २ हजार ६७२ उम्मेदवारहरू स्थायी नियुक्तिको लागि सिफारिस भएको देखिँदा प्रतिसिट करिब ४८ उम्मेदवार पर्ने देखिन्छ।

आयोगले सुरक्षा निकायसहित ९५ सङ्गठित संस्थाको पदपूर्ति प्रक्रियामा प्रतिनिधित्व गरिरहेकोमा यो वर्ष ३ सुरक्षा निकाय र २६ संगठित संस्थाका २० हजार ३५३ पदमा पदपूर्ति गर्न सहमति प्रदान गरेको छ। आयोगले ६१२ विज्ञापनका लिखित परीक्षाबाट ३१ हजार ३४९ उम्मेदवार अन्तर्वार्ताका लागि छनोट गरेको छ। आयोगले संगठित संस्थाको पदपूर्तिका लागि रू.३१ करोड ३२ लाख ३२ हजार प्राप्त गरेकोमा रू. २३ करोड ६१ लाख ६८ हजार खर्च गरेको छ।

३. **पाठ्यक्रम -** निजामती सेवा ऐन, २०४९ को दफा ७ मा राजपत्राङ्कित प्रथम श्रेणी र द्वितीय श्रेणीमा पदपूर्ति गर्दा १० प्रतिशत खुला प्रतियोगिताद्वारा र ३५ प्रतिशत कार्यक्षमता मूल्याङ्कनद्वारा, २० प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा र ३५ प्रतिशत ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति गर्ने व्यवस्था रहेको छ। आयोगबाट खुला र आन्तरिक प्रतियोगिताको लागि एकै किसिमको पाठ्यक्रम सञ्चालनमा रहेको छ। आयोगबाट विज्ञापन भएका पदहरूमध्ये कतिपय पदमा माग भएको संख्यामा लिखित परीक्षामा उत्तीर्ण नभएकाले मागअनुसार नियुक्तिका लागि सिफारिस गर्न नसकेको अवस्था छ।

खुला प्रतियोगिता र आन्तरिक प्रतियोगिताको परीक्षा नै फरक प्रकृतिका हुने भएकाले आन्तरिक प्रतियोगितातर्फ सेवा समूहसँग सम्बन्धित पदको कार्यसम्पादनसँग प्रत्यक्ष सम्बन्धित विषयको व्यावहारिक ज्ञान र सीपसमेत परीक्षण हुने गरी पाठ्यक्रम परिमार्जन गर्नुपर्ने देखिन्छ।

- **बेरुजू स्थिति** - आयोग र मातहतसमेत ५ निकायमा यो वर्ष रू.८ लाख ३८ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ।

निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र अन्य ४ आयुक्त रहने तथा प्रमुख आयुक्त र आयुक्तहरूको संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यवस्था छ। आयोगलाई संविधान र संघीय कानूनको अधीनमा रही संघीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनलगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ। आयोग र मातहतका समेत ७८ कार्यालयमा ६७१ कर्मचारीको दरबन्दी रहेको छ। स्थानीय तह निर्वाचन २०७९ को लागि ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय, ६७६ निर्वाचन अधिकृतको कार्यालयसमेत ७५३ थप कार्यालयको व्यवस्था र आयोगबाट ६ हजार ७७७ कर्मचारी काजमा खटाई निर्वाचन कार्य सम्पन्न भएको छ।

१. **सरकारी कार्यालय** - निर्वाचन आयोग र मातहतसमेत ८३१ मध्ये ८२७ निकायको निम्नानुसार रू.५ अर्ब ६७ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५४९८३	१२०	१६०४	७	५६७१४

यो वर्ष आयोग मातहतका निर्वाचन अधिकृतको कार्यालय, बलरा सर्लाही, लाहान र मिर्चैया, सिराहा र सिम्रौनगढ बारासमेत ४ कार्यालयको रू.१ करोड १७ लाख १३ हजारको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

२. **निर्वाचन सम्पन्न** - नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७८।१०।२४ को निर्णयानुसार २०७९ वैशाख ३० गते एकै चरणमा सबै स्थानीय तहको निर्वाचन गर्ने घोषणा भएअनुसार आयोगले ९६ दिनको अवधिमा उपलब्ध स्रोत र साधनको प्रयोग गरी नेपालको संविधानको धारा २४६ अनुसार सबै स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ। आयोगले निर्वाचन व्यवस्थापनलाई मितव्ययी बनाउन विद्युतीय माध्यमको प्रयोग गरी खरिद कार्य गरेको, निर्वाचन सामग्री खरिद गर्ने अधिकार जिल्लास्तरलाई दिएको, विद्युतीय सामग्री प्रयोग गरेको, छपाइलाई कम गरेको, पुराना सामग्री प्रयोगमा ल्याएको, आचार संहिताको प्रचार प्रसार गरी अनुगमन गरेको र मतदाता शिक्षा बढाएको जानकारी दिएको छ।

३. **निर्वाचन सञ्चालन खर्च** - आयोगले स्थानीय तह निर्वाचन, २०७९ का लागि नेपाल सरकारसँग रू.८ अर्ब ९५ करोड २९ लाख बजेट माग गरेकोमा रू.८ अर्ब ११ करोड प्राप्त गरेको छ। आयोगले प्राप्त भएको बजेट मध्ये रू.५ अर्ब ४ करोड ३ लाख ९३ हजार खर्च गरेको छ। आयोगले २०७४ सालमा सम्पन्न गरेको स्थानीय निर्वाचनमा रू.७ अर्ब १५ करोड ७७ लाख खर्च गर्दा प्रति मतदाता रु ५०९।- खर्च भएको र २०७९ सालको स्थानीय निर्वाचनमा रू.५ अर्ब ४ करोड ४ लाख खर्च भई प्रति मतदाता रू.२८४।- खर्च भएको छ।

४. **मेसिन/उपकरणको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित

गुणस्तर कायम हुनेगरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। आयोगले २०७४।७५ मा रू.१० करोड ५५ लाख ४० हजारको हाई स्पिड डिजिटल कलर प्रिन्टर १ थान र रू.११ करोड २८ लाख मूल्यका २ थान छाड स्प्रिङ डिजिटल मोनोक्रोमसमेत रू.२१ करोड ८३ लाख ४० हजारको अत्याधुनिक छपाइ मेसिन खरिद गरेकोमा यो वर्ष पनि प्रयोगविहीन अवस्थामा छ। सो वाहेक आयोगमा ९ श्यामश्वेत तथा ६ रंगीन मेशिन मध्ये ४ मेशिन चालु अवस्थामा रहेका छन्। आयोगले यो वर्ष स्थानीय तहको निर्वाचनको लागि निर्वाचन आचारसंहिता छपाइमा रू.७० लाख १ हजार, मतदान केन्द्रमा प्रयोगहुने कर्मचारी र प्रतिनिधि परिचयपत्र समेत छपाइमा रू.८० लाख ७२ हजार, मतदान केन्द्रमा प्रयोगहुने कार्ड छपाइमा रू.४१ लाख ९२ हजार, मतदाता परिचयपत्र छपाइमा रू.६८ लाख ४४ हजार, मतदाता नामावली छपाइको लागि रू.६७ लाख ४९ हजार, मतदाता शिक्षा सम्बन्धी छपाइमा रू.६६ लाख ४६ हजार र मतपत्र छपाइमा रू.१५ करोड २९ लाख ६७ हजारसमेत छपाइ कार्यमा रू.१९ करोड २४ लाख ७१ हजार खर्च गरेको छ। छपाइका कार्यका लागि खरिद गरेका मेशिनहरु सञ्चालन नगरी छपाइमा रकम खर्च गर्ने कार्य औचित्यपूर्ण देखिएन। विगतमा खरिद गरिएका मेसिन/उपकरणको प्रयोग गर्ने सम्बन्धमा सार्वजनिक लेखा समितिले २०७७।५।२२ मा दिएको निर्देशन समेत कार्यान्वयन भएको देखिएन।

५. **परिचय पत्र छपाइ -** आयोगको अभिलेखअनुसार स्थानीय तह निर्वाचन २०७४ को तुलनामा २०७९ सालको निर्वाचनका लागि ३६ लाख ६१ हजार २९९ मतदाता थप भएकोमा ४५ लाख मतदाता नामावली छपाइ गर्न रू.१ करोड ७९ लाख १० हजार लागत अनुमान स्वीकृत गरी रू.८५ लाख ५० हजारमा सम्पन्न गर्नेगरी सम्झौता भएकोमा ३१ लाख ८७ हजार ५५८ थान छपाइ गरी रू.६८ लाख ४४ हजार भुक्तानी गरेको छ। मतदाता नामावली ऐन, २०७३ ले मतदाता परिचय पत्रको आधारमा मतदान गर्न पाउने व्यवस्था रहेकोमा आयोगको २०७९।१।२८ गतेको सूचनाअनुसार अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचय पत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र वा राहदानी वा जग्गा धनी प्रमाण पूर्जाको सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउने व्यवस्था गर्न सम्वन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ। मतदान गर्न मतदाता परिचय पत्र अनिवार्य नहुने व्यवस्थाले मतदाता परिचयपत्र छपाइमा भएको खर्च औचित्यपूर्ण देखिएन।

६. **फरक स्पेसिफिकेसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु/गराउनुपर्ने व्यवस्था छ। आयोगले मतपत्र छाप्न ७०० मेट्रिकटन कागज खरिद गर्न ७० जीएसएम म्याप लिथो पेपर (९० देखि ११० माइक्रोन मोटाइ, कोब भ्यालु अधिकतम ६०:२० जीएसएम) को स्पेसिफिकेसन २०७८।११।२ मा स्वीकृत गरी एक आपूर्तक कम्पनीसँग मूल्य अभिवृद्धि करसहित रू.११ करोड ४० लाख ६२ हजारको सम्झौता भई आयोगको २०७९।१।१२ को निर्णयानुसार उक्त रकम भुक्तानी भएको छ।

आपूर्ति भएका ती कागजको प्रि डेलिभरी इन्स्पेक्सन टोलीबाट २०७९।१।११ मा निरीक्षण हुँदा स्पेसिफिकेसन बमोजिमको म्याप लिथो पेपर ६८३.६९७ मेट्रिकटन र स्पेसिफिकेसनभन्दा फरक डब्लुपीपी पेपर १६.३११ मेट्रिकटन आपूर्ति भएको देखिन्छ। यसरी स्पेसिफिकेसनअनुसार आपूर्ति नभएको अवस्थामा समेत आयोगबाट कागज स्वीकार गरी स्पेसिफिकेसनअनुसारको कागजको दरमा

भुक्तानी भएको छ। फरक गुणस्तरको कागज आपूर्ति भएको अवस्थामा विज्ञ टोलीबाट परीक्षण गराई कागजको लागत सम्बन्धमा विश्लेषण गरी तोकिएको स्पेसिफिकेसनअनुसारको कागजको दर प्रति मेट्रिकटन स्वीकार गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर बाहेक रू.१ लाख ४४ हजारमा नै स्वीकार गरी रू.२६ लाख ५८ हजार भुक्तानी भएको छ। सम्झौतामा उल्लिखित स्पेसिफिकेसनभन्दा फरक गुणस्तरको सामान स्वीकार गरेको नियम सम्मत देखिएन।

७. **कागज खपतको नर्म्स -** मतपत्र छाप्ने प्रयोजनका लागि यो वर्ष ७०० मेट्रिकटन कागज खरिद र शुरु मौज्दात १००.९३२ मेट्रिकटनसहित ८००.९३२ मेट्रिकटनमध्ये ४७३.४१२ मेट्रिकटन निकासी गरी स्टोरमा रू.४ करोड ७२ लाख २८ हजार मूल्यका ३२७.५२ मेट्रिकटन कागज मौज्दात रहेको विवरण पेस भएको छ। उक्त कागजको आपूर्तकबाट सिधै जनक शिक्षा सामग्री केन्द्रमा डेलिभरी गर्ने र ती कागजबाट सो केन्द्रले मतपत्र छपाइ गरे तापनि कागजको खपत र मतपत्रको उत्पादनको दर र संख्या सम्बन्धमा नर्म्स स्वीकृत भएको देखिएन। छपाइमा कागज खपतको नर्म्स बनाई बाइ-प्रोडक्टकोरुपमा निस्कने टुक्रा, लाप्सा कागजको उचित प्रयोग हुनुपर्दछ।

८. **निर्वाचन सामग्री ढुवानी -** आयोगले यो वर्ष निर्वाचन सामग्री कन्टेनरबाट ढुवानी गरी रू.१ करोड २७ लाख ६५ हजार, हेलिकोप्टरबाट ढुवानी गरी रू.१ करोड ५१ लाख ५ हजार र कुरियरबाट ढुवानी गरी रू.५ लाख ३२ हजारसमेत रू.२ करोड ८४ लाख २ हजार खर्च गरेको छ। सात प्रदेशमा १०७ कन्टेनरबाट निर्वाचन सामग्री ढुवानी गर्न रू.९७ लाख ७ हजारको सम्झौता भएकोमा १५५ कन्टेनरको रू.१ करोड २७ लाख ६५ हजार भुक्तानी भई शुरु अनुमान गरेको भन्दा ४८ कन्टेनर बढी प्रयोग भई रू.३० लाख ५८ हजार थप भुक्तानी भएको छ। नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरी निर्वाचन सामग्री ढुवानी गरी रू.१ करोड ५१ लाख ५ हजार भुक्तानी गरेकोमा सवारी साधन भाडा रू.२९ लाख ३८ हजार र इन्धनको रू.६ लाख ८५ हजारसमेत रू.३६ लाख २३ हजारको सम्झौता नभएको, कार्यदिशको आधारमा सेवा लिएको जानकारी गराएको छ।

९. **निर्वाचन धरौटी** - स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ को बुँदा ३३ मा निर्वाचन अधिकृतले निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले सात दिनभित्र जिल्ला निर्वाचन कार्यालयको खातामा जम्मा गरी धरौटी कारोबार बन्द गर्नुपर्ने र स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को बुँदा १५७ र १५८ ले तोकेको ९० दिनको अवधिभित्र धरौटी फिर्ता माग नगरेको धरौटी रकम सदरस्याहा गर्नुपर्ने व्यवस्था छ। आयोगबाट प्राप्त धरौटीको एकिकृत विवरणअनुसार ३१ निर्वाचन अधिकृतको कार्यालयमा रू.४५ लाख ९५ हजार र ७७ जिल्ला निर्वाचन कार्यालयमा रू.८ करोड ६६ लाख ५४ हजार धरौटी रहेको छ। उक्त धरौटीमध्ये निर्वाचन प्रयोजनको धरौटी सदरस्याहा गर्नुपर्दछ।

१०. **निर्वाचन खर्च -** निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ मा आयोगले राजनीतिक दल वा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको अधिकतम हद तोक्ने र दफा २५ मा निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने दायित्व भएकोले निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले ३० दिनभित्र आयोगमा खर्चको विवरण पेस गर्नुपर्ने साथै दफा २६ मा निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा हुने सजायको व्यवस्था छ।

आयोगले २०७९।१।३० को स्थानीय तहको निर्वाचनमा खर्चको विवरण नबुझाउने १ लाख २३ हजार ४२३ उम्मेदवारमध्ये १३७ उम्मेदवारबाट रू.४ करोड ५४ लाख १५ हजार जरिबाना असुल गरेको र १ लाख २३ हजार २८६ उम्मेदवारको जरिबाना रू.२४ अर्ब ६३ करोड ८८ लाख नेपालको संविधानको धारा २७६ बमोजिम मिनाहा भएको छ।

निर्वाचनमा भाग लिने राजनीतिक दल तथा उम्मेदवारले गर्ने निर्वाचन खर्च र सोको स्रोतको पारदर्शिता अभिवृद्धि गर्न तथा आयोगबाट तोकिएको सीमाभित्र रही तोकिएको प्रक्रिया पूरा गरी खर्च गरेको सुनिश्चित गर्न आयोगको अनुगमन प्रभावकारी बनाइनुपर्दछ।

- **बेरुजू -** निर्वाचन आयोग र मातहतसमेत ३२० निकायमा यो वर्ष रू.७ करोड ८१ लाख ५० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.८९ लाख ४३ हजार फर्स्यौंट भई रू.६ करोड ९२ लाख ७ हजार बाँकी रहेको छ। सोमध्ये रू.९६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था छ। आयोगमा अध्यक्षसहित अन्य ४ सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था छ। संविधानअनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने उल्लेख छ। आयोगमा प्राप्त उजुरी एवं सूचनाको सङ्कलन, अध्ययन, अनुसन्धान, जाँचबुझ तथा निरीक्षण गरी प्रतिवेदन दिने लगायतका कार्य आयोगबाट सम्पादन हुँदै आएको छ। आयोग र मातहतका क्षेत्रीय एवं उपक्षेत्रीय समेत १० कार्यालयमा ३०९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेतका १० निकायको निम्नानुसार रू.२३ करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
२०५६	१	१	२५२	२३१०

२. **केन्द्रीय वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। आयोगले आफ्नो र मातहतका कार्यालयहरूको आम्दानी खर्च देखिने गरी एकीकृत आर्थिक विवरण तयार गरेको छैन। त्यसै गरी युरोपियन युनियन र संयुक्त राष्ट्रसङ्घीय विकास कोषवाट यो वर्ष अमेरिकी डलर ४ लाख ८४ हजार बराबरको प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा सो सहायतासमेत समावेश गरी केन्द्रीय वित्तीय विवरण तयार गरेको छैन। ऐनले गरेको व्यवस्थाको परिपालना हुनुपर्दछ।

३. **उजुरी -** मानव अधिकार आयोग ऐन, २०६८ को दफा १० मा आयोग समक्ष मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा उजुरी गर्न सक्ने र प्राप्त उजुरी उपर आयोगले उजुरी परेको ६ महिनाभित्र निर्णय गर्नुपर्ने व्यवस्था छ। आयोगमा गत वर्षको जिम्मेवारी २ हजार ३०७ र यस वर्ष थप भएका १०१ समेत २ हजार ४०८ उजुरीमध्ये ४१४ फर्स्यौट भई १ हजार ९९४ बाँकी रहेको छ। निर्धारित समयमा उजुरी सम्बन्धमा आवश्यक निर्णय हुनुपर्दछ।

४. **सिफारिस कार्यान्वयन -** मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ मा आयोगले गरेको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनका लागि सम्बन्धित समक्ष लेखी पठाउनुपर्ने व्यवस्था छ। आयोगले यस वर्ष ४१४ समेत २०७९ आषाढसम्म १ हजार ३०१ कारबाहीको लागि सिफारिस गरेकोमा २९१ उल्लङ्घनकर्ता किटान गरेको छ। त्यसै गरी आयोगले रू.२७ करोड १७ लाख २७ हजार क्षतिपूर्ति निर्धारण गरेकोमा क्षतिपूर्ति भराउने कार्यको कार्यान्वयन अवस्था उल्लेख गरेको छैन। आयोगका सिफारिसमध्ये १५.३ प्रतिशत पूर्ण, ३९.२ प्रतिशत आंशिक र ४५.५ प्रतिशत कार्यान्वयन

नभएको उल्लेख छ। उल्लङ्घनकर्ता किटान भएका मध्ये ३२ वटामा मात्र कारबाही भई २५९ उपर कारबाही नभएको अवस्था छ। आयोगले दिएका सिफारिस कार्यान्वयन हुनुपर्दछ।

५. **मानव अधिकारको अवस्था -** मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिको नेपाल पक्ष राष्ट्र रहेकोले नेपाल सरकारको प्रतिबद्धताअनुसार राज्यको दायित्व रहेको छ। शिक्षा, स्वास्थ्य, बाँच्न पाउने, कैदीबन्दी, महिला, बालबालिका, उपभोक्ता, आप्रवासीलगायतका विभिन्न अधिकार तथा संक्रमणकालीन न्यायका सम्बन्धमा आयोगले यो वर्ष २१४ पटक अनुगमन गरी ४१४ निर्णय तथा सिफारिस गरेको देखिन्छ। नेपाल सरकारले मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि पेस गरेका प्रतिवेदनहरूमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्ले पुनरावलोकन गरी सन् २०११ मा १३५, २०१५ मा १९५ र सन् २०२१ मा २३३ सुझाव दिएकोमा नेपालले क्रमशः ११४,१५२ र १९६ स्वीकार तथा २१,४३ र ३७ जानकारीमा लिएको उल्लेख छ।

आयोगले मानव अधिकारसम्बन्धी विभिन्न विषयमा सिफारिस गरे तापनि द्वन्दकालीन घटनाहरू टुङ्गोमा नपुगेको, द्वन्दसँग सम्बन्धित आयोगका सिफारिस कार्यान्वयन नभएको, आयोगमा भवनलगायत भौतिक पूर्वाधारको कमी रहेको, मानव अधिकार संरक्षण तथा संवर्द्धनका क्षेत्रमा कार्य गर्न बजेट तथा जनशक्तिको कमी रहेको, परिवर्तित सन्दर्भ अनुकूल मानव अधिकार आयोग ऐन परिमार्जन नभएको, मानव अधिकारसँग सम्बन्धित राज्यका निकायबीच समन्वय हुन नसकेको, सामाजिक सचेतना बढ्न नसकेको लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएकोले नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्दछ।

- **बेरुजू -** आयोगको यो वर्ष रू.९ लाख ९४ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ। आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था छ। संविधान बमोजिम आयोगले राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक ऋणको सीमा सिफारिस तथा प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोग सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने गर्दछ। आयोगमा ७३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोगको निम्नानुसार रू.५ करोड ५० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	जम्मा
५४८	१	१	५५०

२. **वित्तीय हस्तान्तरण** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा संघीय बजेटमा व्यवस्था भएको अनुदान हस्तान्तरणको अवस्था देहायबमोजिम छः

(रू. अर्बमा)

अनुदान शिर्षक	२०७८।७९			२०७९।८०		
	प्रदेश	स्थानीय	जम्मा	प्रदेश	स्थानीय	जम्मा
समानीकरण	५७.९	९४.६	१५२.५	६१.४	१००.२	१६१.६
सशर्त	३६.३	१७३.६	२०९.९	५७.२	१८३.७	२४०.९
समपुरक	५.७	६.७	१२.४	६.३	७.३	१३.६
विशेष	४.२	८.३	१२.५	४.६	९.१	१३.७
जम्मा अनुदान	१०४.१	२८३.२	३८७.३	१२९.५	३००.३	४२९.८
कुल बजेटमा हिस्सा प्रतिशत	६.७	१७.३	२४.	७.२	१६.७	२३.९
राजस्व बाडफाँट	६४.९	६४.९	१२९.८	८१.५	८१.५	१६३.
जम्मा हस्तान्तरण	१६९.१	३४८	५१७.१	२११	३८१.९	५९२.९
कुल बजेटमा हस्तान्तरण प्रतिशत	१०.४	२१.३	३१.७	११.८	२१.३	३३.१
कुल गार्हस्थ्य उत्पादनमा प्रतिशत	४.४	७.९	१२.३	-	-	-

उपर्युक्त तालिकाअनुसार २०७८।७९ र २०७९।८० मा प्रदेश र स्थानीय तहलाई संघीय बजेटको औसत २४ र २३.९ प्रतिशत अनुदान र राजस्व बाँडफाँड तथा अनुदान समेत गर्दा संघीय बजेटको अनुपात ३१.७ र ३३.१ प्रतिशत वित्त हस्तान्तरण भएको जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १२.३ प्रतिशत देखिन्छ। नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम खर्च नभएमा संघीय सञ्चित कोषमा फिर्ता पठाउनुपर्नेमा महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सशर्त,

समपूरक र विशेषतर्फ प्रदेश तथा स्थानीय तहमा २०७८।७९ सम्म रू.१ खर्ब ७८ अर्ब ६७ करोड संघीय सञ्चित कोषमा फिर्ता नभई सम्बन्धित सरकारको कोषमा मौज्दात रहेको अवस्था छ।

३. **समानीकरण अनुदान -** नेपालको संविधानको धारा २५१(१)(ख) मा संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने जिम्मेवारी आयोगलाई तोकिएको छ।

आयोगले वित्तीय समानीकरण अनुदानको रकम सिफारिस गर्दा मानव विकास सूचकाङ्कलाई १० प्रतिशत, आर्थिक सामाजिक असमानतालाई ५ प्रतिशत, पूर्वाधार विकासको अवस्थालाई १० प्रतिशत, राजस्वको अवस्थालाई ५ प्रतिशत र खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार दिएको छ। आयोगले स्थानीय तहको राजस्वको अधिकार एवं आधार, राजस्व उठाउन सक्ने क्षमता एवं लागत र उठाएको राजस्वको आकारलाई विस्तृत अध्ययन गरी वित्तीय अन्तरलाई यथार्थ रूपमा पहिचान गर्न सकेको छैन। यसै गरी खर्चको आवश्यकता पहिचान गर्ने आधार तयार गर्न सकेको छैन। अनुदान सम्बन्धमा विस्तृत अध्ययन गरी अनुदानका आधार, सूचक एवं न्यूनतम मापदण्डको तयारी र राजस्व असुलीमा सुधार गर्नुपर्ने वस्तुपरक उपायहरूको सिफारिस गर्नुपर्दछ।

४. **कर अधिकारको प्रयोग -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(च) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहहरूले सुझाव माग गरेमा आवश्यक सुझाव दिने अधिकार आयोगलाई तोकेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१. आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा र सशर्त अनुदानको आधार तयार गर्दा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्वको अनुमानको सिफारिस नगर्ने भएकाले अनुदान रकमको आधार राजस्वको अनुमानसँग तालमेल हुने गरेको पाइएन।

४.२. नेपालको संविधानले तोकेका कर अधिकारअनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले कर लगाउने, उठाउने, दाखिला गर्ने, लेखाङ्कन गरे नगरेको सम्बन्धमा आयोगबाट अध्ययन भएको पाइएन। यसैगरी कर लगाउँदा कर तिर्न सक्ने क्षमता एवं अन्तरप्रदेश तथा अन्तर स्थानीय तहबीच समानता कायम गरे नगरेको सम्बन्धमा समेत अध्ययन गरेको पाइएन।

५. **प्राकृतिक स्रोतको संरक्षण र उपयोग -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने अधिकार आयोगलाई दिइएको छ। प्राकृतिक स्रोतको उपयोग अन्तर्गत गाउँपालिका तथा नगरपालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्ने, बिक्रीबापत प्राप्त रकम सञ्चित कोष दाखिला गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून तथा नेपाल सरकारले जारी गरेको मापदण्डमा फरक फरक व्यवस्था रहेको छ। प्राकृतिक स्रोतको संरक्षण र उपयोग सम्बन्धमा एकीकृत कानून तर्जुमा गर्न, रोयल्टी लिइएका क्षेत्रहरूबाट प्रभावित स्थान वा

जनसंख्यालाई लाभ हुने, प्रदूषण नहुने वा वातावरण एवं संरचनाको संरक्षण गर्ने लगायतका विषयमा समेत आयोगले आवश्यक अध्ययन गरी सूचकसहितको सुझाव दिनुपर्दछ।

६. **आन्तरिक ऋणको सीमा -** नेपालको संविधानको धारा २५१(१)(च) अनुसार समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने अधिकार आयोगमा रहेको छ। आयोगले २०७८।७९ का लागि नेपाल सरकारले प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने गरी, प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी तथा स्थानीय सरकारले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने सिफारिस गरेको छ। आयोगले ऋणको सीमाको सिफारिस गर्दा आन्तरिक ऋणको उद्देश्य, पुँजी निर्माण र दीर्घकालीन लाभ, ऋण व्यवस्थापन नीति, रणनीति एवं लागत लाभ विश्लेषण, आन्तरिक बजारको अवस्था, कानूनी एवं संस्थागत व्यवस्था, ऋण भुक्तानी गर्न आवश्यक स्रोतको व्यवस्थालगायतका पक्षमा विचार गर्नुपर्दछ।

७. **अन्तर सरकारी अख्तियारी -** नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने व्यवस्था गरेको र प्रदेश वा स्थानीय तहले नेपाल सरकारका निकायलाई रकम उपलब्ध गराउने परिकल्पना गरेको छैन। नेपाल सरकारले सालबसाली विनियोजन ऐन एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा अन्तरसरकारी अख्तियारीसम्बन्धी व्यवस्था गरेको छ। लेखापरीक्षणको क्रममा प्रदेश सरकारबाट गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलगायतका जिल्लास्थित विभिन्न संघीय कार्यालयमा बजेट खर्चको अख्तियारी प्राप्त हुने गरेको देखिएको छ। अन्तरसरकारी अख्तियारी कार्यान्वयन गर्दा अख्तियारी दिने निकायको एकाइ कार्यालयको रूपमा आर्थिक कारोबार गर्नुपर्ने, आफ्नो सञ्चित कोषमा आम्दानी बाँध्न नपाइने, प्रतिवेदनहरू अख्तियारी दिने निकायमा पठाउनुपर्ने र आन्तरिक लेखापरीक्षण अख्तियारी दिने सरकारको निकायले गर्ने व्यवस्था छ। यस्तो अख्तियारी दिने कार्यमा आयोगले ध्यान दिनुपर्दछ।

८. **राजस्व र व्ययको अनुमान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले प्रशासनिक खर्च उठाएको राजस्व वा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट नव्यहोरी समानीकरण अनुदान रकम उपयोग गरेको देखिएकाले आयोगले यस सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

९. **राजस्व बाँडफाँट -** नेपालको संविधानको धारा २५१(१)(क) मा संविधान र कानूनबमोजिम संघीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने जिम्मेवारी आयोगलाई दिएको छ। नेपाल सरकारले गरेको राजस्व बाँडफाँटको अवस्था निम्नानुसार रहेको छः

(रू. लाखमा)

आर्थिक वर्ष	अनुमान	यथार्थ	प्रतिशत
२०७५।७६	११,४२,४००	९,७०,२९०	८४.९३
२०७६।७७	१३,०८,९५०	१०,०१,८६७	७६.५४
२०७७।७८	१२,२१,४००	११,०९,४१५	९०.८३
२०७८।७९	१२९७७९८	१२७८४६२	९८.५१
२०७९।८०	१६,३०,२९१	प्राप्त नभएको	-

उपर्युक्त तालिकाअनुसार नेपाल सरकारले बजेट वक्तव्यमा अनुमान गरेअनुसारको राजस्व बाँडफाँटको रकम उपलब्ध गराउन सकेको देखिएन। आयोगले संघीय र प्रदेशबाट समग्र राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण सम्बन्धमा विस्तृत अध्ययन गरी अनुमान एवं यथार्थ रकमबीचको अन्तर कम गर्नुपर्दछ।

१०. **रोयल्टी** - राष्ट्रिय प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टी वितरणको हिस्सा निर्धारण गर्ने अधिकार संविधानले आयोगलाई दिएको छ। आयोगले गरेको सिफारिसको आधारमा सरकारले रोयल्टी रकमलाई सम्बन्धित प्रदेश र स्थानीय तहको कोषमा एकमुष्ट रूपमा पठाउने गर्दछ। यसरी पठाइने रकमलाई सम्बन्धित प्रदेश र स्थानीय तहले सम्बन्धित आयोजनाले पारेको प्रभावलाई न्यूनीकरण गर्ने गरी उपयोग भए नभएको विषय यकिन गरेको देखिँदैन। जलविद्युतलगायत नदीनालाबाट प्राप्त हुने रोयल्टीलाई सम्बन्धित स्थानीय तहस्तरमा पारेको नकारात्मक प्रभाव न्यूनीकरण गर्दै सम्बन्धित नदीको जलाधार क्षेत्रको संरक्षणको लागि पनि उपयोग गर्नुपर्ने देखिन्छ। यसका लागि आयोगले सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी रोयल्टीको रकम खर्च गर्ने कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

११. **सिफारिस तथा सुझाव कार्यान्वयनको अनुगमन -** नेपालको संविधान तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले आयोगलाई विभिन्न विषयमा सिफारिस गर्ने एवं सुझाव दिने अधिकार तोकिएको छ। आयोगले संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण, प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको आधार, आन्तरिक ऋणको सीमा, करको बाँडफाँट, प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटलगायतका विषयमा गरिएका सिफारिसहरूको कार्यान्वयन अवस्था बारे अनुगमन गर्नुपर्दछ।

त्यसै गरी आयोगले सशर्त अनुदानको सिफारिसको लागि आधार तय गर्दा नेपाल सरकारबाट सञ्चालन भएका क्षेत्रगत कार्यक्रमहरूको पुनरावलोकन तथा मूल्याङ्कन, समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण तथा आन्तरिक ऋणको सीमा, प्रदेश सरकार र स्थानीय तहको कार्यसम्पादन स्थिति प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता एवं राजस्वको क्षमतालगायतका विषयमा अध्ययन गरी दिइएका सुझावहरूको कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ।

राष्ट्रिय महिला आयोग

नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चारजना सदस्य रहने र संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था छ। संविधानबमोजिम आयोगको काम, कर्तव्य र अधिकारहरूमा महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने लगायत महिलाको हकहित, समानुपातिक सहभागिता, सशक्तीकरण आदि सुनिश्चित गर्ने विषयमा सिफारिस गर्ने उल्लेख छ। आयोगमा ३८ कर्मचारीको दरबन्दी रहेकोमा ३४ पदपूर्ति भएको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.७ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७०८	१	५	-	७,१४

२. **उजुरी तथा कारबाही -** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ बमोजिम महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सुरक्षा निकाय वा स्थानीय प्रशासनमा सिफारिस गर्ने उल्लेख छ। यो वर्ष आयोगको विद्युतीय प्रणालीमार्फत दर्ता भएका १ हजार ४६४ घटनामध्ये १ हजार ३१८ घरेलु हिंसा तथा १४६ महिला विरुद्ध हुने हिंसाका घटना रहेका छन्। दर्ता भएका उजुरीमध्ये ५२८ फर्स्यौट भई ९३६ बाँकी रहेका छन्। आयोगमा प्राप्त भएका उजुरी किनारा लगाउन सो सम्बन्धी कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **रणनैतिक योजना** - आयोगले यो वर्ष कार्यान्वयनमा ल्याएको तेस्रो रणनैतिक योजना (२०७८।७९-२०८२।८३) मा महिला हक हितसम्बन्धी ९ रणनीति, ७ कार्य योजना र ११० कार्यनीति तथा क्रियाकलाप समावेश छन्। उक्त रणनीति, कार्य योजना र कार्यनीति तथा क्रियाकलापहरू दिगो विकास लक्ष्यको लैङ्गिग समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउनेसँग आबद्ध गरेको छैन। विगतको आवधिक योजनामा देखिएका कमी कमजोरीमा सुधार गर्दै वार्षिक कार्यक्रमलाई दिगो विकास लक्ष्य र योजनाको रणनीतिसँग आबद्ध गरी योजनाको कार्यान्वयन गरिनुपर्दछ।

४. **कार्यक्रम अनुगमन -** राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ४(१) मा अध्यक्ष र सदस्यहरूको कामको बाँडफाँट तथा कार्य विभाजन आयोगले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ। आयोगले तालिम, गोष्ठी, सीप विकास तथा जनचेतना अभिवृद्धिलगायतका कार्यशालामा यो वर्ष रू.१ करोड ४८ लाख ८७ हजार र अनुगमन तथा मूल्याङ्कनमा रू.९ लाख ६७ हजार खर्च गरेको छ।

आयोगका पदाधिकारीहरूले अनुगमन गरी सार्वजनिक निकायहरूमा महिलामैत्री कक्षको व्यवस्था हुनुपर्ने, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सेवाबारेमा सेवाग्राहीलाई सुसूचित गराउनुपर्ने, डेडिकेटेड स्वास्थ्यकर्मी र मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गर्नुपर्ने, पेट्रोल खन्याई जलाएर हत्या गरेको घटनाबारे सूक्ष्म अनुसन्धान गरी सत्य तथ्य पत्ता लगाउने तथा पीडकलाई पक्राउ गर्न निर्देशन दिने, कुसंस्कार, अन्धविश्वास, सामाजिक सञ्जालको दुरुपयोग र अशिक्षाले गर्दा हुने गरेका खराब, कुप्रथा, बोक्सीको आरोप, बलात्कार, हत्या, हिंसालगायतका समस्या अन्त्य गर्न सचेतनामूलक कार्यक्रम गर्नुपर्ने सुझावहरू दिएको छ। आयोगले ती सुझावहरू कार्यान्वयन भएको सुनिश्चित गर्न अनुगमन गर्नुपर्दछ।

५. **नीति कार्यान्वयन -** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नीति कार्यान्वयन गर्न नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गर्ने उल्लेख भए तापनि निजीक्षेत्रको निर्णायक तह र व्यावसायिक एवं प्राविधिक कामदारमा महिलाको सहभागिता बढाउने सम्बन्धमा कार्यनीतिमा स्पष्ट व्यवस्था भएको देखिएन। उक्त नीति कार्यान्वयनका लागि कार्ययोजना तयार गरेको छैन। सरकारद्वारा सञ्चालित क्षमता विकासलगायतका कार्यक्रममा महिलाको सहभागिताको अवस्था स्वेच्छिक रहेको छ। विभिन्न संघीय, प्रादेशिक तथा स्थानीय निकायहरूले महिला सशक्तिकरणको लागि तालिम सञ्चालन गरेको भए तापनि सोको प्रभावकारिता अध्ययन तथा विश्लेषण हुने गरेको छैन। उक्त नीतिको उद्देश्य हाँसिल गर्न तीनै तहका सरकारबीचको समन्वयमा कार्ययोजना तर्जुमा गरी लागू गर्नुपर्दछ।

६. **कानून निर्माण तहमा महिला सहभागिता -** नेपालको संविधानको धारा ८४ को उपधारा (८) मा प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ । आमनिर्वाचन २०७४ मा संघीय संसदको प्रतिनिधि सभाको प्रत्यक्षतर्फ कुल १ हजार ९४४ उम्मेदवारमध्ये १४६ महिला रहेकोमा ६, प्रदेश सभामा प्रत्यक्षतर्फ कुल ३ हजार २३८ उम्मेदवारमध्ये २४० महिला रहेकोमा १७ मात्र निर्वाचित भएको पाइयो। आमनिर्वाचन २०७९ मा प्रत्यक्षतर्फ कुल २ हजार ४११ उम्मेदवारमध्ये २२५ महिला रहेकोमा ९ र प्रदेश सभातर्फ कुल ३ हजार २२४ उम्मेदवारमध्ये २८० महिला रहेकोमा १४ मात्र निर्वाचित भएका र सुदूरपश्चिम र कर्णाली प्रदेशमा क्रमशः १३ र ३ महिला उम्मेदवार रहेकोमा कोही पनि निर्वाचित हुन सकेनन् । राजनैतिक दलहरूबाट संसदमा संविधानको भावनाअनुसार महिला प्रतिनिधित्व कायम गर्न निर्वाचनमा महिला उम्मेदवारको संख्यामा ध्यानदिनुपर्ने देखिन्छ ।

७. **स्थानीय तहमा महिला सहभागिता -** स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७ को उपदफा ४ मा मनोनयनपत्र पेस गर्दा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उप-प्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार मनोनयन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको निर्वाचन २०७४ मा ७५३ स्थानीय तहको प्रमुख पदमा कुल ५ हजार ८३६ उम्मेदवारमध्ये ३६८ महिला रहेकोमा १८, उपाध्यक्ष/ उपप्रमुख पदका लागि कुल ४ हजार ३६४ उम्मेदवारमध्ये ३ हजार ५९३ महिला रहेकोमा ७०० र वडा अध्यक्ष पदमा कुल ३२ हजार २६६ उम्मेदवारमध्ये १ हजार ५६ महिला रहेकोमा ६१ जना मात्रै निर्वाचित भएका छन्।

स्थानीय तहको निर्वाचन २०७९ मा ७५३ स्थानीय तहको प्रमुख पदमा कुल ६ हजार ३३० उम्मेदवार मध्ये ३८४ महिला रहेकोमा २५, उपाध्यक्ष/ उपप्रमुख पदका लागि कुल ४ हजार १२७ उम्मेदवारमध्ये ३ हजार ७८ महिला रहेकोमा ५६९ र वडा अध्यक्ष पदमा कुल ३२ हजार ४९५ उम्मेदवारमध्ये ९४५ महिला रहेकोमा ६८ मात्र निर्वाचित भएका छन्। २०७४ को जिल्ला समन्वय समिति प्रमुखको निर्वाचनमा ७७ मध्ये २ र उप-प्रमुखमा ४६ महिला निर्वाचित भएको पाइयो। त्यसैगरी २०७९ को जिल्ला समन्वय समिति निर्वाचनमा प्रमुखमा ४ र उप-प्रमुखमा ३२ महिला निर्वाचित भएको पाइयो। निर्वाचनमा न्यून संख्यामा महिला उम्मेदवार उठाइएको र निर्वाचित पनि कम भएको देखियो। समावेशीकरणलाई दिगो र प्रभावकारी बनाउन सम्बद्ध निकाय र राजनीतिक दलको ध्यान जानुपर्दछ ।

- **बेरुजू** - आयोगको यो वर्ष रू.४ करोड ४८ लाख ७० हजार बेरुजू देखिएकोमा रू.८३ हजार फर्स्यौंट गरेकोले रू.४ करोड ४७ लाख ८७ हजार बाँकी रहेको छ।

राष्ट्रिय दलित आयोग

नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोग रहने जसमा अध्यक्ष र अन्य ४ जना सदस्य रहने तथा संबैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यवस्था छ। दलित समुदायको अधिकारको सम्मान तथा हक हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न तथा जातीय भेदभाव र छुवाछुतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारीरुपमा समाहित गर्ने लगायतका जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगको स्वीकृत दरबन्दी १३ रहेकोमा १२ कर्मचारी कार्यरत रहेका छन्।

१. **सरकारी कार्यालय** -आयोगको निम्नानुसार रू.२ करोड ७९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२७७	-	१	१	२७९

२. **उजुरी फर्स्यौंट** - राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ८ मा कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव वा छुवाछुत वा सामाजिक कुरीतिवाट पीडित भएको वा दलितको हक प्रयोगवाट बञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्ने उल्लेख छ। यो वर्ष दलित अधिकार हनन्का ३, जातीय छुवाछुत तथा भेदभावका १३, कुटपीटका ७, बलात्कारका १, अन्तरजातीय प्रेम विवाहका ६, हत्याका ७ र विविध प्रकृतिका १६ समेत ५३ उजुरी दर्ता भएकोमा दलित अधिकार हनन्का २, जातीय छुवाछुत तथा भेदभावका १ र बलात्कारका १ उजुरी मात्र टुङ्गिएको अवस्था छ। आयोगमा प्राप्त भएका उजुरीहरु समयमै फर्स्यौंट हुनुपर्दछ।

३. **आयोगको प्रभावकारिता** - नेपालको संविधानको धारा २५६ मा ६ तथा राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा ११ कार्य क्षेत्र तोकिएको छ। आयोगले दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मुल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। आयोगले २०७४।७५ देखि २०७८।७९ सम्म रू.१२ करोड २७ लाख ९८ हजार खर्च गरेको र सोमध्ये कार्यक्रम खर्च रू.७२ लाख ८४ हजार (५.९३ प्रतिशत) मात्र रहेको देखिन्छ। आयोगले यो वर्ष रू.२ करोड ७७ लाख ३६ हजार खर्च गरेकोमा कार्यक्रममा रू.३ लाख ६६ हजारमात्र खर्च गरेको छ। कार्यक्रम खर्चतर्फ वार्षिक प्रतिवेदन प्रकाशनका लागि रू.२ लाख र जातीय विभेद तथा छुवाछुत अन्त्य दिवसको लागि रू.१ लाख ६६ हजार खर्च गरेको देखिन्छ। कुल खर्चको तुलनामा कार्यक्रम खर्च न्यून भएवाट आयोगलाई तोकिएका कार्यहरु पूरा गर्न सकिने देखिएन। आयोगको वार्षिक प्रतिवेदनमा आफ्नै भवन नहुनु, कर्मचारीको दरबन्दी कटौती गरिनु, लक्षित बर्गको पहिचान गरी उनीहरूलाई प्राथमिकताको आधारमा अवसरमा पहुँच नपुर्याउनु, लक्षित वर्गको खण्डिकृत तथ्याङ्को सङ्कलन नगर्नु, आयोगहरुको जिम्मेवारी तथा लक्षित समूहमा दोहोरोपना रहनु आदि चुनौती रहेको छ। आयोगको कार्य प्रभावकारी बनाउन चुनौतीहरूलाई समाधान गर्नेगरी रणनैतिक योजना तर्जुमा गरी आयोगले तोकिएका जिम्मेवारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

- **बेरुजू स्थिति** - आयोगको यो वर्ष रू.३ लाख २३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ लाख ५५हजार फर्स्यौंट गरेकोले रू.१ लाख ६८ हजार बाँकी रहेको छ।

राष्ट्रिय समावेशी आयोग

नेपालको संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था छ। आयोगको अध्यक्ष र अन्य चार जनासम्म सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक, सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र आर्थिक रूपले विपन्न कर्णाली तथा पिछडिएको क्षेत्र वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ जना कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड २४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१५	-	९	-	३२४

२. **कार्य प्रभावकारिता** - नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐनले आयोगलाई खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षण, संवर्द्धन तथा सशक्तीकरणलगायतका १९ कार्य क्षेत्र तोकेको छ। आयोगले २०७८।७९ सम्ममा रू.११ करोड ८४ लाख ४५ हजार खर्च गरी विभिन्न अध्ययन अनुसन्धान तथा सिफारिस वा सुझाउ, नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफल/चेतनामूलक कार्यक्रम सञ्चालन, अनुगमन, संस्थागत क्षमता विकास, उजुरी गुनासो व्यवस्थापन, समावेशीता प्रवर्द्धन तथा साझेदारी कार्यक्रम, स्थानीय तहको निर्वाचन अनुगमन तथा सुझाउ कार्यान्वयनको अवस्था मूल्याङ्कन गरेको देखिन्छ।

आयोगलाई सुम्पिएको कार्य अन्य आयोगहरूको कार्यक्षेत्रसँग मिल्दो प्रकृतिको रहेकाले अन्तर आयोग समन्वयको अभाव, आयोगमा जनशक्ति तथा पूर्वाधारको कमी एवं संस्थागत क्षमता कमजोर रहेकोले सुम्पिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न सकेको पाइएन। आयोगले संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समन्वय गरी प्रभावकारी रूपमा कार्य सम्पादन गर्न साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाउ कार्यान्वयनको अनुगमन -** राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३(ख) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी तोकिएको छ। आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम पेस गरेका वार्षिक प्रतिवेदनमार्फत् सिफारिस वा दिइएका सुझाउहरूको अभिलेख राखी कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ।

- **बेरुजू -** यो वर्ष आयोगको रू.५० लाख ९६ हजार बेरुजू देखिएकोमा रू.५० लाख ७० हजार नियमित भई आएको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

आदिवासी जनजाति आयोग

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ। आयोगका अध्यक्ष र अन्य चार जनासम्म सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ जना कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.२ करोड ८९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८७	-	२	-	२८९

२. **कार्य प्रभावकारिता -** आदिवासी जनजाति आयोग ऐन २०७४ ले आयोगलाई आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन, हकहितको संरक्षण र संवर्द्धन तथा सशक्तिकरण लगायतका विभिन्न १९ कार्य क्षेत्र तोकेको छ। आयोगले २०७८।७९ सम्म रू. १० करोड ९१ लाख खर्च गरेको छ। आयोगले नीतिगत कार्य, अन्तरक्रिया तथा छलफल कार्यक्रम, अनुगमन अध्ययन तथा अनुसन्धान लक्षित नीति तथा कार्यक्रम उजुरी तथा गुनासो व्यवस्थापनसम्बन्धी कार्य सम्पादन गरेको देखिन्छ।

आयोगमा जनशक्ति तथा पूर्वाधारको कमी, अन्तर निकाय समन्वयको अभाव एवं संस्थागत क्षमता कमजोर रहेकोले सुम्पिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समन्वय गरी प्रभावकारी रूपमा सम्पादन गर्न आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाउ कार्यान्वयनको अनुगमन -** आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी तोकिएको छ। आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम पेस गरेका वार्षिक प्रतिवेदन मार्फत सिफारिस वा दिइएका सुझाउहरूको अभिलेख राखी कार्यान्वयन अवस्थाको अनुगमन गर्नु पर्दछ।

४. **कार्यक्षेत्रमा दोहोरोपन -** आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगको कार्यक्षेत्र एवं कार्यविधि निर्धारण गरेको छ। नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना गरी कार्य सञ्चालनमा रहेको छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगलाई सुम्पिएको जिम्मेवारी तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई तोकेका जिम्मेवारीहरू एक आपसमा दोहोरिएको, खप्टिएको, बाझिएको अवस्था छ। आयोगले प्रतिष्ठानको ऐनको अनुसूचीमा उल्लेख भएका आदिवासी/जनजातिलाई आफ्नो कार्यक्षेत्रमा समावेश गरेको भए तापनि कतिपय आदिवासी/जनजातिहरू अन्य आयोग (थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोग, राष्ट्रिय दलित आयोग) का कार्यक्षेत्रभित्रसमेत पर्ने भएकाले आयोगको कार्यक्षेत्रमा दोहोरोपन नहुने गरी समन्वयात्मक रूपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

- **बेरुजू -** यो वर्ष आयोगको रू.५० लाख ८१ हजार बेरुजू देखिएकोमा रू.५० लाख ७० हजार नियमित भई आएको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

मधेशी आयोग

नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था छ। आयोगको अध्यक्ष र अन्य चार जनासम्म सदस्य संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यवस्था छ। आयोगलाई मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ जना कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ११ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३११	-	-	-	३११

२. **कार्य प्रभावकारिता** - मधेशी आयोग ऐन, २०७४ ले मधेशी समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरणलगायतका विभिन्न १६ कार्य क्षेत्र तोकेको छ। आयोगले २०७८।७९ सम्म रू.१३ करोड ५७ लाख ३६ हजार खर्च गरेको छ। आयोगले उजुरी सम्बन्धित निकायमा लेखी पठाउने, अनुगमन गर्ने, नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम, लोकसेवा आयोग तयारी कक्षा, मधेशी समुदायको थर सूचीकरण, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ।

आयोगमा जनशक्ति तथा पूर्वाधारको कमी, अन्तर निकाय समन्वयको अभाव एवं संस्थागत क्षमता कमजोर रहेकोले सुम्पिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। संविधान र ऐनले सुम्पिएका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा सम्पादन गर्न आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाउ कार्यान्वयनको अनुगमन -** मधेशी आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी तोकिएको छ। आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम पेस गरेका वार्षिक प्रतिवेदन मार्फत सिफारिस वा दिइएका सुझाउहरूको अभिलेख राखी कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ।

- **बेरुजू -** यो वर्ष आयोगको रू.५७ लाख ७४ हजार बेरुजू देखिएकोमा रू.५० लाख ७० हजार नियमित भई आएको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

थारु आयोग

नेपालको संविधानको धारा २६३ मा थारु आयोगको व्यवस्था छ। आयोगको अध्यक्ष र अन्य चार जनासम्म सदस्य संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यवस्था छ। आयोगलाई थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा थारु समुदायको सशक्तिकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ जना कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.५ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५४०	१	-	-	५४१

२. **कार्य प्रभावकारिता -** थारु आयोग ऐन, २०७४ ले थारु समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरणलगायतका विभिन्न १९ कार्य क्षेत्र तोकेको छ। आयोगले २०७८।७९ सम्म रू.१४ करोड ५४ लाख ३६ हजार खर्च गरेको छ। आयोगले छलफल तथा अन्तरक्रिया कार्यक्रम, अनुगमन, सिफारिस तथा कार्यान्वयनसम्बन्धी कार्य सम्पादन गरेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न अध्ययन अनुसन्धान तथा सिफारिस वा सुझाउ, नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफल/चेतनामूलक कार्यक्रम सञ्चालन, अनुगमन, संस्थागत क्षमता विकास, उजुरी गुनासो व्यवस्थापन, समावेशिता प्रवर्द्धन तथा साझेदारी कार्यक्रम, स्थानीय तहको निर्वाचन अनुगमन तथा सुझाउ कार्यान्वयनको मूल्याङ्कन गरेको देखिन्छ।

आयोगमा जनशक्ति तथा पूर्वाधारको कमी, अन्तर निकाय समन्वयको अभाव एवं संस्थागत क्षमता कमजोर रहेकोले सुम्पिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। संविधान र ऐनले तोकेको जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा सम्पादन गर्न आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाउ कार्यान्वयनको अनुगमन -** थारु आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी तोकिएको छ। आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम पेस गरेका वार्षिक प्रतिवेदनमार्फत् सिफारिस वा दिइएका सुझाउहरूको अभिलेख राखी कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ।

- **बेरुजू -** यो वर्ष आयोगको रू.६४ लाख ५१ हजार बेरुजू देखिएकोमा रू.५० लाख ७० हजार नियमित भई आएको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

मुस्लिम आयोग

नेपालको संविधानको धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था छ। आयोगको अध्यक्ष र अन्य चार जनासम्म सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्द्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ जना कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३३१	१	१६	-	३४८

२. **कार्य प्रभावकारिता -** मुस्लिम आयोग ऐन, २०७४ ले मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरण लगायतका विभिन्न १८ कार्य क्षेत्र तोकेको छ। आयोगले २०७८।७९ सम्म रू.१३ करोड ३५ लाख ७८ हजार खर्च गरेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न अध्ययन अनुसन्धान तथा सिफारिस वा सुझाउ, नीतिगत सिफारिस वा राय परामर्श, अन्तरकृया/गोष्ठी/छलफल लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ।

आयोगमा जनशक्ति तथा पूर्वाधारको कमी, अन्तर निकाय समन्वयको अभाव एवं संस्थागत क्षमता कमजोर रहेकोले सुम्पिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा कार्य सम्पादन गर्न आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाउ कार्यान्वयनको अनुगमन -** मुस्लिम आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी तोकिएको छ। आयोगले नेपालको संविधानको धारा २९४ बमोजिम पेस गरेको वार्षिक प्रतिवेदनमार्फत् सिफारिस वा दिइएका सुझाउहरूको अभिलेख राखी कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ।

- **बेरुजू -** यो वर्ष आयोगको रू.५६ लाख ३८ हजार बेरुजू देखिएकोमा रू.५० लाख ७० हजार नियमित भई आएको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने व्यवस्था छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ९७ कार्यालयमा १ हजार ५८८ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ९७ निकायको निम्नानुसार रू.१ अर्ब १४ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
१०८६७	१७	४४१	११५	११४४०

२. **रणनीतिक योजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन भए/नभएमा जिम्मेवारी लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ। कार्यालयले तेस्रो पञ्चवर्षीय रणनीतिक योजना २०७८।७९ - २०८२।८३ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। रणनीतिअनुसार अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने, मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा व्यवस्थापन गर्ने, सरकारी वकिल सेवालाई व्यावसायिक बनाउने र संस्थागत सुदृढीकरण गर्ने लक्ष्यअन्तर्गत २९ रणनीति, २०४ क्रियाकलाप निर्धारण गरेको देखिन्छ। कार्यालयले २०७८ अन्तिमसम्म सम्पन्न गर्नुपर्ने कार्यक्रम सम्पन्न गर्न नसकेकोले कार्यान्वयनका लागि ध्यान दिनुपर्ने देखिन्छ।

३. **रिट र मुद्दा -** महान्याधिवक्ताको कार्यालय र मातहतका कार्यालयले यस आर्थिक वर्षमा सरकार बादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं गत वर्षबाट जिम्मेवारी सरी आएका मुद्दाको कुल लगत १ लाख ३ हजार ६८१ मध्ये ४७ हजार ३०० अर्थात् ४५.६२ प्रतिशत मुद्दा फर्स्यौंट गरेको देखिन्छ। फर्स्यौंट भएका मुद्दामध्ये ३२ हजार ७९२ अर्थात् ६९.३३ प्रतिशत माग दाबीअनुसार कसुर ठहर भएको, १३ हजार ३१४ अर्थात् २८.१५ प्रतिशत कसुरमा माग दाबीबमोजिम कसुर ठहर नभई सफाइ पाएको र १ हजार १९४ अर्थात् २.५२ प्रतिशत मुद्दा मुल्तबी वा अन्य तवरबाट फर्स्यौंट भएको देखिन्छ। समग्रमा मुद्दा फर्स्यौंटको दर न्यून देखिएकोले मुद्दा फर्स्यौंट बढाउनेतर्फ कार्यालयको पहल हुनुपर्ने देखिन्छ।

नेपालको संविधानमा कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई रहेको छ। कार्यालयको वार्षिक प्रतिवेदनअनुसार कार्यालय र मातहतका कार्यालयबाट समग्रमा बहस पैरबी, प्रतिरक्षा गरी फर्स्यौंट भएका मुद्दा, रिट निवेदनमा कसुरबाट तीन वर्षको औसत २८.४९ प्रतिशतले

र सरकारवादी मुद्दामा २६.९६ प्रतिशतले सफाइ पाएको देखिँदा मुद्दाको अभियोजन, बहस पैरबीमा सहभागी हुने कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

- **बेरुजू -** महान्यायधिवक्ताको कार्यालय र मातहत ४५ निकायसमेतको यो वर्ष रू. १ करोड ५१ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू. ३१ लाख फर्स्यौंट भई रू. १ करोड २० लाख ३९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा संलग्न छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन, नेपाल सरकारका मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, संघीय व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य, सुशासन तथा संघीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ९९ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतसमेत ९७ निकायको निम्नानुसार रू.६ अर्ब ४३ करोड ८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२६७९४	९९९	३६४८५	३०	६४३०८

उल्लिखित लेखापरीक्षण रकममा अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विनियोजन भई यस कार्यालयबाट भएको खर्च रू.९ करोड ३२ लाख समावेश छ। यस कार्यालयमा विनियोजन भई शहरी विकास मन्त्रालयले खर्च गरेको रू.२ करोड ७६ लाख समावेश छैन।

२. **अन्य संस्था -** यो वर्ष कार्यालय मातहत २ संस्थाको रू.४१ करोड ५८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यक्रम कार्यान्वयन अनुगमन -** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एकीकृत अनुगमन प्रणालीबाट २०७८।७९ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमको मूल्याङ्कन गरेको छ। क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनलाई आधार लिई मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयहरूबाट लक्ष्यअनुसार कार्यान्वयन भएको देखिँदैन। क्षेत्रगत रूपमा २०७९ आषाढ मसान्तसम्मको कार्यान्वयन अवस्था देहायअनुसार छः

क्षेत्र	क्रियाकलाप (संख्या)				माइलस्टोन (संख्या)			
	सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका	सम्पादन गर्नुपर्ने	सम्पन्न	चालु	शुरु नभएका
आर्थिक क्षेत्र	४७४	१९६	२३७	४१	९२८	४५०	३४०	१३८
पूर्वाधार क्षेत्र	३०६	६०	२०४	४२	७९३	२३४	३७१	१८८
सामाजिक क्षेत्र	२४३	११७	११८	८	५१०	२९१	१६९	५०
शासकीय सुधार क्षेत्र	१९०	८०	१०६	४	४०५	२२७	१५८	२०
जम्मा	**१२१३**	**४५३**	**६६५**	**९५**	**२६३६**	**१२०२**	**१०३८**	**३९६**
प्रतिशत	**१००**	**३७.३४**	**५४.८२**	**७.८३**	**१००**	**४५.६०**	**३९.३८**	**१५.०२**

तालिजकामा उल्लिखित १ हजार २१३ क्रियाकलापमध्ये ४५३ अर्थात् ३७.३४ प्रतिशत क्रियाकलाप मात्र सम्पन्न भएका छन्। यसै गरी मन्त्रालयहरूले २ हजार ६३६ माइलस्टोनमध्ये १ हजार २०२ अर्थात् ४५.६० प्रतिशतमात्र सम्पन्न गरेको देखिन्छ। क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रका क्रियाकलाप १९.६१ प्रतिशत मात्र सम्पन्न भएका छन्। सबैभन्दा कम क्रियाकलाप सम्पन्न गर्ने मन्त्रालयमा भौतिक पूर्वाधार तथा यातायात २.९८ प्रतिशत, खानेपानी ८.८२ प्रतिशत र शहरी विकास १४.७५ प्रतिशत रहेका छन्। निर्धारित नीति तथा कार्यक्रमबमोजिम क्रियाकलाप समयमा सम्पादन हुन नसक्दा विनियोजित बजेट खर्च हुन नसकेको, लक्षित वर्गले सेवा प्राप्त गर्न नसकेको, सामाजिक, आर्थिक, पूर्वाधार र शासकीय सुधारका सूचकाङ्कहरू प्राप्त हुन नसकेको र दिगो विकास लक्ष्य प्राप्त हुन कठिनाइ हुने भएकाले क्षेत्रगत रूपमा सम्पादन गर्नुपर्ने क्रियाकलाप तोकिएको समयमा नै सम्बन्धित मन्त्रालयहरूले कार्यान्वयन गर्ने एवं कडाइका साथ अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४. **नतिजा सूचक -** बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्त्व राख्ने र विषयगत नतिजासूचक हासिल गर्न योगदान पुऱ्याउने विभिन्न आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले यस आर्थिक वर्ष राष्ट्रिय गौरवका २४, रूपान्तरणकारी १८ र अन्य राष्ट्रिय महत्त्वका ६७ आयोजना अनुगमनका लागि छनौट गरिएको थियो। यस्ता आयोजनाले राष्ट्रिय पुँजीगत बजेटको ४५ प्रतिशत हिस्सा ओगटेको, छानिएका योजनामा आर्थिक क्षेत्रका १४, सामाजिक क्षेत्रका ९, पूर्वाधार क्षेत्रको ३६ र शासकीय सुधार तर्फ ४ रहेका थिए। उपर्युक्त आयोजनामध्ये २०७८।७९ मा ३९ आयोजनाको मात्र अनलाइन प्रणालीमार्फत् प्रगति विवरण प्राप्त भएको देखियो। प्रगति विवरण प्राप्त भएकामध्ये शतप्रतिशत प्रगति हासिल गर्ने १, ८० प्रतिशतभन्दा माथि प्रगति हासिल गर्ने २१ तथा ५० देखि ८० प्रतिशतसम्म प्रगति हासिल गर्ने १३ र ५० प्रतिशतभन्दा कम प्रगति हासिल गर्ने ५ आयोजना तथा कार्यक्रम रहेका छन्। तर २३ आयोजनाले प्रगति विवरण प्रविष्ट गरेका छैनन्। समग्रमा अनुगमनका लागि छनौट भएका आयोजनाको कार्य प्रगति सन्तोषजनक देखिएको छैन। कार्ययोजनाअनुसार समयमै समग्र क्रियाकलाप सम्पन्न गर्न सक्रिय हुनुपर्ने र अनुगमन गर्ने निकायले पुरस्कार र दण्डसहितको अनुगमन प्रणाली विकास गरी कार्यान्वयनको अनुगमन हुनुपर्दछ।

५. **नीति तर्जुमा -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी यस कार्यालयलाई तोकिएको छ।

५.१. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार नेपालको परराष्ट्र नीतिसम्बन्धी कार्यक्षेत्र परराष्ट्र मन्त्रालय अन्तर्गत रहेकोमा नेपालको सामरिक मामिला, अन्तराष्ट्रिय सम्बन्ध, कूटनीति तथा परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनुपर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाउ दिने काम ,कर्तव्य र अधिकार नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश, ,२०७५ ले दिएको छ।नेपाल सरकारले परराष्ट्र मामला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८ अनुसार नेपालको परराष्ट्र नीतिलाई सक्षम तथा प्रभावकारी बनाउन नेपाल सरकारलाई सुझाउ तथा परामर्श दिन परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति गठन भई कार्यसम्पादन गरिरहेको छ। यसबाट एउटै कार्य गर्न दुई निकाय तोकिएको छ।

५.२. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले २२ मन्त्रालयलाई कार्य विभाजन भएका विषयमा नीति तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार दिएको छ। राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ ले तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि नेपालको संविधानबमोजिम दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण र अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई अनुसन्धान एवं विश्लेषण गरिएका सूचनाको आधारमा सल्लाह र सुझाउ प्रदान गर्ने विशिष्टिकृत निकायका रूपमा राष्ट्रिय योजना आयोगको गठन भई कार्य सञ्चालनमा रहेको छ।

नेपाल सरकारले अख्तियार गर्ने नीति तर्जुमा गर्न विषयगत मन्त्रालय एवं राष्ट्रिय योजना आयोगले कार्य सञ्चालन गरिरहेको अवस्थामा विकास समिति ऐन, २०१३ बमोजिम नेपालको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार क्षेत्रमा विभिन्न पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको विभिन्न नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा सिफारिस गर्न नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको गठन भई यस वर्ष रू.५ करोड ९० लाख ९६ हजार खर्च भएको देखिन्छ। नेपालमा नीति तर्जुमाका सम्बन्धमा नेपाल सरकारलाई सुझाउ दिने उस्तै प्रकृतिका निकाय धेरै भएकाले यस्ता निकाय गठन गर्नु अघि पर्याप्त विश्लेषण हुनुपर्दछ।

६. **निर्णय कार्यान्वयन** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची २ मा नेपाल सरकार मन्त्रपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ मा मन्त्रिपरिषद्का ६० बैठकबाट १ हजार ४३१ तथा मन्त्रिपरिषद् समितिका ३८ बैठकबाट ८६ निर्णय भएको देखिन्छ। मन्त्रिपरिषद् एवं मन्त्रिपरिषद्अन्तर्गतका समितिहरूबाट भएका निर्णयहरू कार्यान्वयबारे अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

नेपाल सरकार मन्त्रिपरिषद्ले २०७५।३।२० मा विकास समिति ऐन, २०१३ बमोजिम गठन भएका सबै विकास समितिमध्ये सम्बन्धित मन्त्रालयले कायमै राख्न अत्यावश्यक ठानी औचित्यसहित मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरी मन्त्रिपरिषद्को निर्णयबमोजिम कायम हुने बाहेक अन्य सबै समिति विघटन गर्ने र १५ दिनभित्र सो कार्य सम्पन्न गर्ने निर्णय भए तापनि खारेज भएका केही अस्पताल विकास समिति प्रदेश सरकारले पुनः गठन गरेको र अन्य विकास समिति सञ्चालनमा रहेको वा खारेज भएका यकिन विवरण प्राप्त हुन सकेन।

७. **कार्यविधि निर्माण** - नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को प्रकरण १३ अनुसार प्रचलित कानूनअन्तर्गत बनाउनुपर्ने निर्देशिका, कार्यविधि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारका विषयगत मन्त्रालयहरूले मन्त्रिपरिषद्मा प्रस्ताव पेस नगरी कार्यविधि एवं निर्देशिकाहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याएको व्यहोरा संघीय संसद, राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। अतः कार्यविधि एवं निर्देशिका मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने व्यवस्थाको पालना हुनुपर्दछ।

८. **उच्चस्तरीय संयन्त्र** - बजेट वक्तव्य २०७८।७९ मा राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिन सडक, रेलमार्ग, शहरी पूर्वाधार, सिँचाइ, खानेपानी, अन्तर्राष्ट्रिय विमानस्थल

र जलविद्युत क्षेत्रका आयोजनाको जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन, जनशक्ति व्यवस्थापन र खरिद प्रक्रियासम्बन्धी छुट्टै कानूनी व्यवस्था गरी अधिकार सम्पन्न उच्चस्तरीय संयन्त्र निर्माण गरिने उल्लेख भएपनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन।

९. **हेलो सरकार** - हेलो सरकारमा २०७८।७९ मा विभिन्न माध्यमबाट प्राप्त भएका ११ हजार ३ गुनासो कारबाहीको लागि सम्बन्धित निकायमा पठाएकोमा ५ हजार ५९३ गुनासो (५०.८३ प्रतिशत) फर्स्यौंट भएको र ५ हजार ४१० गुनासो फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ। प्राप्त गुनासो समयमै फर्स्यौंट गर्न ध्यान दिनुपर्ने देखिन्छ।

१०. **विपद व्यवस्थापन कोष** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापन कोष र दफा २३ मा अन्य कोषसम्बन्धी व्यवस्था छ। त्यसै गरी प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ तथा प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ अन्तर्गत स्थापना भएका कोषमा विगत वर्षदेखि खर्च नभई जिम्मेवारी सर्दै आएको देखिन्छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा गत वर्ष रू.४ अर्ब १६ करोड ८४ लाख २७ हजार बाँकी रहेकोमा यो वर्ष रू.४ करोड ७६ लाख आम्दानी र रू.१ अर्ब खर्च भई रू.३ अर्ब २१ करोड ६० लाख २७ हजार बाँकी रहेको देखिन्छ। मौज्दात रकमको उचित परिचालन हुनुपर्दछ।

राष्ट्रिय सतर्कता केन्द्र

११. **उजुरी दर्ता र फर्स्यौंट** - कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने कार्यमा अनियमितता भएको लिखित तथा मौखिक रूपमा प्राप्त उजुरी, सञ्चार माध्यममा प्रकाशित समाचार, लेख, केन्द्रले गरेको निरीक्षण, सुराकी तथा विशेष निगरानीमार्फत् सङ्कलित उजुरी छानबिन गरी सम्बन्धित निकाय तथा पदाधिकारीलाई ध्यानाकर्षण, सतर्क र सुझाउ तथा निर्देशन दिने गर्दछ। केन्द्रमा गत वर्षबाट जिम्मेवारी सरेका २५१ तथा यस वर्ष दर्ता भएका ६४७ समेत ८९८ मध्ये ६५९ फर्स्यौंट भएको देखिन्छ। बाँकी रहेका २३९ उजुरी फर्स्यौंट गर्न केन्द्रले पहल गर्नुपर्दछ।

१२. **अनुगमन** - केन्द्रले सरकारी कार्यालय वा सार्वजनिक संस्थाको नियमित अनुगमन गर्न वा गराउन सक्ने व्यवस्था छ। यो वर्ष २९७ कार्यालयको अनुगमन गर्दा १ हजार ३९१ ले समय पालना नगरेको, २९९ ले तोकिएको पोशाक नलगाएको एवं ११ हजार ६८६ लाई कारबाहीको सिफारिस गरेको उल्लेख छ। केन्द्रका सिफारिस कार्यान्वयन भए नभएको अनुगमन हुनुपर्दछ।

१३. **प्राविधिक परीक्षण** - राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को परिच्छेद ६ मा प्राविधिक परीक्षण गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा स्वीकृत वार्षिक कार्यक्रमबमोजिम ८ राष्ट्रिय गौरव र ६६ विभिन्न क्षेत्रका समेत ७४ आयोजना र हालसम्म ९६१ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरेको छ। आयोजनाहरूको प्राविधिक परीक्षणमा देखिएका कमी कमजोरीहरूको अभिलेख राखी सम्बन्धित निकायले कार्यान्वयन गरे नगरेको सम्बन्धमा केन्द्रबाट अनुगमन भएको नदेखिएकोले सो सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ। यस कार्यालयबाट प्राविधिकसहितको लेखापरीक्षण टोलीले स्थलगत अवलोकन र विश्लेषण गर्दा सार्वजनिक निर्माणका कार्यमा ड्रइङ डिजाइनमा समेत प्राविधिक त्रुटि देखिएकोले प्राविधिक परीक्षण गर्दा त्यसतर्फ ध्यान जानुपर्दछ।

सार्वजनिक खरिद अनुगमन कार्यालय

१४. **खरिद कानून पुनरावलोकन -** बजेट वक्तव्य २०७८।७९ मा सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न खरिद कानूनमा समयानुकूल परिमार्जन गरिने उल्लेख छ। सार्वजनिक खरिद ऐन, २०६३ लागू भएको करिब १७ वर्ष भए पनि सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेका निर्माण व्यवसायीको योग्यताका आधार, स्वदेशी बोलपत्रदातालाई प्राथमिकता एवं स्वदेशी बोलपत्रदाताबीच प्रतिस्पर्धा, निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन तथा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्थामा १२ पटकसम्म संशोधन भए पनि खरिद कानूनका सम्बन्धमा सरोकारवालाहरूसँग छलफल एवं खरिद कानूनको उत्तरविधायिकी परीक्षणको आधारमा पुनरावलोकन हुन सकेको छैन। दातृ निकायहरूले सार्वजनिक खरिद ऐनको पालना नगरी आ-आफ्ना खरिद कार्यविधि अवलम्बन गरेका छन्। वैदेशिक सहायतामा सञ्चालित आयोजनाले सार्वजनिक खरिद ऐन र दातृ निकायका खरिद कार्यविधि दुवै एकैसाथ पालना गर्नु परेको अवस्था छ। सार्वजनिक खरिद ऐनको उत्तरविधायिकी पुनरावलोकन गरी सार्वजनिक खरिदका मान्य सिद्धान्त एवं असल अभ्यास अवलम्बन हुने गरी संघ, प्रदेश र स्थानीय तहका साथै सबै सार्वजनिक निकायका लागि उपयुक्त हुने गरी सार्वजनिक खरिद कानूनमा समयानुकूल पुनरावलोकन हुनुपर्दछ।

१५. **अनुगमन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(१)(घ) मा सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको तथ्याङ्क सङ्कलन गरी त्यस्तो कारबाही सार्वजनिक खरिद ऐन वा ऐनअन्तर्गत बनेको नियम वा निर्देशिकाअनुरूप भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने जिम्मेवारी कार्यालयलाई तोकिएको छ। कार्यालयले यो वर्ष १२ जिल्लाका २१ सार्वजनिक निकायको अनुगमन गर्दा खरिद कार्यमा संलग्न जनशक्तिमा दक्षताको अभाव रहेको, कार्यालयले जारी गरेको मापदण्ड अनुसार खरिद एकाइ तथा मूल्याङ्कन समिति गठन नभएको, खरिद कारबाहीको अभिलेख दुरुस्त नरहेको, खरिद ऐनले तोकेका विधिहरू छल्न टुक्रा पारेर खरिद गरेको, तोकिएको ढाँचामा खरिद गुरुयोजना तथा खरिद योजना तयार नगरेको लगायतका कैफियत आउन नदिन दिइएका सुझाउहरूको अभिलेख राखी कार्यान्वयन स्थितिको अनुगमनसमेत हुनुपर्दछ।

१६. **कालोसूची** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आचरण विपरीत काम गरेमा, स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा, खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेमा वा सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेमा वा खरिद सम्झौताबमोजिमको कार्य सो सम्झौताबमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा, खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, योग्यता ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा कार्यालयले १ वर्षदेखि ३ वर्षसम्म कालो सूचीमा राख्न सक्ने व्यवस्था छ। कार्यालयले विभिन्न ९५ खरिद कार्यमा ८४ फर्म तथा संस्थालाई कालोसूचीमा राख्ने निर्णय गरी सार्वजनिक सूचना प्रकाशन गरेकोमा उक्त निर्णयमा चित्त नबुझी २७ फर्म/कम्पनीले अदालतमा रिट निवेदन गरेकोमा अदालतबाट अन्तरिम आदेश जारी भई विभिन्न ११ फर्म/कम्पनीहरूलाई कालोसूचीमा राख्ने निर्णय यथास्थितिमा

राखिएको अवस्था छ। कार्यालयले कालोसूचीमा राख्ने र फुकुवा गर्ने मापदण्ड तयार गरी सोअनुसार कार्यान्वयन गर्नुपर्दछ।

१७. **विद्युतीय खरिद प्रणाली -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय कार्यविधि प्रणाली अपनाउन सक्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ मा एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना सञ्चालन र व्यवस्थापन गर्ने व्यवस्था छ। यस प्रयोजनका लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ कार्यान्वयनमा ल्याएको छ। सोही व्यवस्था बमोजिम २०७८।७९ सम्म प्रणालीमा दर्ता भएका सार्वजनिक निकाय, बोलपत्रदाता तथा बोलपत्र सूचनाहरूको विवरण निम्नानुसार छः

क्र.सं.	विवरण	२०७८।७९ को संख्या	२०७८।७९ सम्मको संख्या
१	बोलपत्रदाता	५५२३	३०६४८
२	सार्वजनिक निकाय	४५०	४०६७
३	जम्मा बोलपत्र संख्या	२४९५५	८४६९८
३.१	निर्माण कार्य	१७९२३	६२७३५
३.२	मालसामान	६६१९	२०५०५
३.३	परामर्श सेवा	४१३	१४५८
४	रद्द भएको सूचना	९२६	३४३७

उल्लिखित विवरणअनुसार २०७८।७९ मा जम्मा बोलपत्र संख्या २४ हजार ९५५ मध्ये ९२६ बोलपत्र अर्थात् ३.७१ प्रतिशत बोलपत्र रद्द भएको उल्लेख छ। हालसम्म ८४ हजार ६९८ बोलपत्रमध्ये ३ हजार ४३७ बोलपत्र अर्थात् ४.०६ प्रतिशत बोलपत्र रद्द भएको देखिन्छ। विद्युतीय खरिद प्रणालीमा प्राविधिक समस्या आई प्रयोगकर्ताहरूको सहज पहुँचमा अवरोध आएको कारण बोलपत्रको म्याद थप तथा रद्द गर्नु परेकोले खरिद कारबाहीमा ढिलाई हुने गरेको छ। विद्युतीय खरिद प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न खरिदका सबै चरणलाई विद्युतीय खरिद प्रणालीमा आबद्ध गरी संघ, प्रदेश र स्थानीय तहमा आवश्यकतानुसार तालिम प्रदान गर्नुपर्ने देखिन्छ।

१८. **कार्य सम्पादन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ मा कार्यालयको काम, कर्तव्य र अधिकार तोकिएको छ। कार्यालयबाट हालसम्म खरिदसम्बन्धी नीति तर्जुमा नभएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा उल्लेख भएका खरिद विधि एवं सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची ३ देखि ५ सम्म उल्लेख भएका खरिद सम्झौताको लागि मार्गदर्शन वा निर्देशिका एवं नमूना बोलपत्रसम्बन्धी कागजात तयार हुन बाँकी रहेको, खरिद एकाइको स्थापना, खरिद योजना स्वीकृति, कार्यालयबाट स्वीकृत भएका नमूना बोलपत्र सम्बन्धी कागजातमा सारभूत रूपमा फरक पर्ने गरी बोलपत्रसम्बन्धी कागजात तयार गरेको, खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै खरिद गरेको, उपभोक्ता समितिलाई तोकिएको सीमाभन्दा बढीको खरिद कार्यको जिम्मेवारी प्रदान गरेको, बोलपत्रदाता वा खरिद कार्यमा संलग्न कर्मचारीको प्रशिक्षणमा बोलपत्रदातालाई कम सहभागी गराइएको, खरिद विज्ञ प्रमाणीकरण गर्ने गराउने कार्य नभएको,

केन्द्रीय डाटा बैङ्कको स्थापना गरी सम्झौता कार्यान्वयनसम्बन्धी कार्य सम्पादनको अभिलेख राख्ने कार्य हुन नसकेको तथा खरिद आचारसंहिता तयार नभएको अवस्था छ।

सार्वजनिक खरिद व्यवस्थापनलाई व्यवस्थित गर्न, खरिदसम्बन्धी नीति, बोलपत्र कागजात, अनुगमन, रायपरामर्श, तालिम, आचारसंहिता, अभिलेखलगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

राजस्व अनुसन्धान विभाग

१९. **उजुरी तथा फर्स्यौंट** - राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ अनुसार कसैले राजस्व चुहावट गरेको छ वा गर्न लागेको छ भन्ने लिखित वा मौखिक रूपमा सूचना प्राप्त भएमा वा कुनै स्रोतबाट जानकारी प्राप्त भएमा विभागले अनुसन्धान तथा तहकीकात गर्न सक्ने व्यवस्था छ। विभागमा गत वर्षको बाँकी उजुरी ६४९ मा यस वर्ष राजस्व चुहावटका १ हजार ३७१ र विदेशी विनिमय अपचलनका १०६ समेत १ हजार ४७७ उजुरी प्राप्त भई २ हजार १२६ उजुरीको टुङ्गो लगाउनुपर्नेमा राजस्व चुहावटतर्फ ८७८ र विदेशी विनिमय अपचलनतर्फ ८० समेत ९५८ उजुरी फर्स्यौंट भई जम्मा उजुरीको ४५.०६ प्रतिशतमात्र फर्स्यौंट भएकोले विभागको अनुसन्धान तथा तहकीकात क्षमता सुदृढ गर्नुपर्दछ। अनौपचारिक अर्थतन्त्रमार्फत् राजस्व चुहावट भएकोले राजस्व चुहावटका सम्भावित अन्य क्षेत्रसमेत पहिचान गरी सोको नियन्त्रण गर्न उपयुक्त रणनीति तयार गरी कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

विभागले यस वर्ष राजस्व चुहावटतर्फ रू.१० अर्ब ४ करोड ५६ लाख ८५ हजार बिगो दाबी गरी २४६ जनालाई प्रतिवादी बनाई ७१ तथा विदेशी विनिमय अपचलनतर्फ रू.३ अर्ब २४ करोड ६४ लाख १४ हजार बिगो दाबी गरी ९१ जनालाई प्रतिवादी बनाई ६० मुद्दा दायर गरेको छ। यसै गरी १०४ फर्मलाई कारबाही गर्न विभिन्न आन्तरिक राजस्व कार्यालयलाई तथा ९१ फर्मलाई कारबाही गर्न भन्सार विभागलाई लेखी पठाएकोमा सो सम्बन्धमा भएको कारबाहीको अनुगमन भएको नदेखिएकोले सोको अनुगमन हुनुपर्दछ।

२०. **ट्रयाकिङ्ग प्रणाली** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ग मा कानून बमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नु पूर्व ढुवानी गरिने मालसामानको विवरण वेभमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार पसार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष विभागले ट्रयाकिङ्ग प्रणालीबाट ७५ लाख ४१ हजार ४७७ पटक सवारीसाधनको ट्रयाकिङ्ग गरी ८४ फर्मलाई रू.६० लाख ९६ हजार जरिबाना गरेको र अनुसन्धानको क्रममा विभिन्न ४४ फर्मबाट रू.५५ करोड ७७ लाख ४२ हजार मूल्यका मालवस्तुहरू जफत गरेको देखिन्छ। विभागले अनुगमनलाई प्रभावकारी बनाई चुहावटलाई नियन्त्रण गर्नुपर्दछ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

२१. **कार्यसम्पादन स्थिति** - सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) नियमन ऐन, २०६४ अनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्ने जिम्मेवारी विभागलाई तोकिएको छ। विभाग स्थापना भएदेखि २०७८।७९ सम्म २ हजार ५५२ उजुरी दर्ता भएकोमा ७८ मुद्दा दायर, ७८४ तामेली, १ हजार ६८२ प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको तथा २६१ अनुसन्धानमा गएको देखिन्छ। विभागले विशेष अदालतमा दायर गरेका मुद्दामध्ये फैसला भएका

४० मुद्दामा रू.१ अर्ब ४० करोड २५ लाख ९७ हजार बिगो दाबी गरेकोमा रू.८४ करोड ४५ लाख ५५ हजार जरिबाना ठहर भएको छ। प्राप्त उजुरीमध्ये न्यून संख्यामा अनुसन्धान सम्पन्न भएको छ। प्राप्त उजुरी यथासमयमा कारबाही गरी टुङ्गो लगाउने तथा अनौपचारिक अर्थतन्त्रमार्फत् भइरहेको कारोबार वस्तुपरक रूपले निगरानी गर्न विभागको अनुसन्धान क्षमतामा अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

२२. **प्रतिबद्धता कार्यान्वयन -** सम्पत्ति शुद्धीकरण निवारण कार्यको लागि नेपालले अन्तर्राष्ट्रिय संस्थाहरूसँग गरेको प्रतिबद्धताअनुसार प्रगति गर्न स्रोत नखुलेको सम्पत्तिलाई कानूनी दायरामा ल्याउने र त्यस्ता घटना निगरानी गर्ने निकायको सुदृढीकरण गर्ने लगायतका बाँकी कार्य सम्पत्ति शुद्धीकरणबारे अडिट र मूल्याङ्कन कार्य पूरा हुनु अघि सम्पन्न गर्नुपर्दछ। यसका अतिरिक्त आवधिक रूपमा तथा आवश्यकता अनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुर तथा सम्बद्ध कसुर सम्बन्धमा राष्ट्रिय जोखिम मूल्याङ्कन हुनुपर्दछ।

अन्य संस्था तथा समिति

नेपाल ट्रष्टको कार्यालय

पूर्व राजपरिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्न नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम नेपाल ट्रष्ट स्थापना भएको हो। ट्रष्टले यो वर्ष रू.५ करोड ६९ लाख ७५ हजार खर्च गरेको छ। ट्रष्टको हालसम्मको सञ्चित बचत रू.१ अर्ब २० करोड २ लाख ४० हजार रहेको छ।

२३. **सम्पत्ति खोजबिन तथा उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम ट्रष्टमा रहनुपर्ने सम्पत्तिको नेपालभित्र वा बाहिर खोजतलास गर्ने र त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरणसहितको अभिलेख राख्नुपर्ने व्यवस्था छ। नेपाल ट्रष्टको स्थापनाकालदेखि हालसम्म १२ जिल्लामा रहेका २१ हजार ६३३ रोपनी १५ आना जग्गा ट्रष्टको स्वामित्वमा आएको छ। ट्रष्टको नाममा विभिन्न वाणिज्य बैङ्कमा स्टर्लिङ पाउण्ड ५१ हजार ८१५, अमेरिकी डलर १ लाख ५७ हजार ५९८ रहेको छ। यसै गरी विभिन्न ३ बैङ्क तथा वित्तीय संस्थाको शेयर संख्या ११ लाख २ हजार ६७२ कित्ता रहेको देखिन्छ। नेपाल ट्रष्टको स्वामित्वमा आउनुपर्ने विदेशस्थित चल तथा अचल सम्पत्तिको खोजबिन कार्यमा थप प्रभावकारिता ल्याई सम्पत्ति संरक्षण र उपयोग गर्नुपर्दछ।

२४. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ११ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौंको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्थाविपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टको नाममा स्वामित्व हस्तान्तरण गरी लिएको छैन। बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको

देखिएकोले नेपाल ट्रष्टले प्रयोग गर्न सकेको छैन। ऐनको व्यवस्थाबमोजिम जग्गा स्वामित्व प्राप्त गरी सोको संरक्षण र व्यावसायिक प्रयोग गर्नुपर्दछ।

२५. **सम्पत्तिको प्रयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ तथा नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ मा ट्रष्टको सम्पत्ति विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान, राष्ट्रिय हित तथा ट्रष्टलाई व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुनेगरी शैक्षिक, प्राज्ञिक, पर्यटकीय, व्यावसायिक तथा स्वास्थ्य सम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ। ट्रष्टको कुल आय रू.१ अर्ब २० करोड ८८ लाख २३ हजार भएकोमा ३ बैङ्कको १७ मुद्दति खातामा न्यूनतम ७.५ देखि अधिकतम १०.१३ प्रतिशत वार्षिक ब्याज आर्जन हुने गरी रू.१ अर्ब १६ करोड ३ लाख ५० हजार लगानी गरी बाँकी रकम विभिन्न बैङ्क खातामा राखी रू.८ करोड ४० लाख ९४ हजार ब्याज आर्जन गरेको छ। ऐन तथा नियममा भएको व्यवस्थाअनुसार तोकिएको क्षेत्रमा राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी सम्पत्तिको प्रयोग गर्नुपर्दछ।

२६. **भवन र जग्गा लिज -** ट्रष्टले यस वर्ष लिज भाडाबापत ९ संस्थाबाट रू.१० करोड २० लाख ९९ हजार आय आर्जन गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२६.१. नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा अवधि तोकी लिजमा दिएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पुँजी लगानीसहित विद्यमान संरचनालाई मर्मत सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनु अगावै नेपाल सरकारले लिज अवधि थप गर्न सक्ने व्यवस्था छ। तत्कालीन राजदरबारको डिपार्टमेन्ट अफ क्राउन प्रोपर्टी र एक निजी कम्पनीबीच २०५२।४।३१ मा गोकर्णमा रहेको ३ हजार ९७० रोपनी १ आना ३ पैसा ३ दाम जग्गामध्ये २ हजार ७९२ रोपनी ३ पैसा १ दाम जग्गा फरेष्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्न ३० वर्षका लागि अमेरिकी डलर ५० लाख बुझाउने गरी लिज सम्झौता भएको देखिन्छ। सञ्चालक समितिको २०७६।७।२६ को निर्णयबाट प्रस्तुत मौजुदा लिज अवधि समाप्त हुने मिति २०८२।४।३१ देखि परिमार्जित लिज भाडा दर लागू हुने गरी २५ वर्ष लिज अवधि थप गर्ने प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६।८।२३ मा पारित भएको र सञ्चालक समितिको २०७६।९।२९ को निर्णयअनुसार साविकको एक निजी कम्पनीसँग लिजसम्बन्धी सम्झौता गरेको देखिन्छ।

लिज अवधि थप गर्ने निर्णय गर्दा पुरानो सम्झौताकै बाँकी अवधिमा अमेरिकी डलर ३ लाख ७७ हजार ७०० ले हुने रू.४ करोड ३१ लाख ८३ हजार प्रत्यक्ष आर्थिक लाभ हुने, रू.२९ करोड लगानी गरी ४८ सुविधायुक्त कोठा तथा ४०० व्यक्ति अट्ने सभाहल निर्माण हुने, लिज अवधि थप भएको २५ वर्षमा लिज भाडाबापत अमेरिकी डलर ८९ लाख ४ हजारको रू.१ अर्ब १ करोड ५१ लाख २ हजार प्राप्त हुने र प्रत्यक्ष रोजगारी सिर्जना हुने आधार लिएको देखिन्छ। ट्रष्टले उक्त सम्झौताबमोजिम संरचना निर्माणको भौतिक प्रगति अनुगमनसमेत गरेको छैन। साथै लिजमा दिइने सम्पत्तिको वैकल्पिक प्रयोग गर्न सकिने सम्भावना र विज्ञबाट अध्ययन नगराई विना प्रतिस्पर्धा लिज अवधि बढाएको औचित्यपूर्ण देखिँदैन। ट्रष्टको सम्पत्ति लिजमा दिँदा अधिकतम लाभ हासिल हुने गरी प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

२६.२. दरबारमार्गस्थित २ रोपनी २ पैसा २ दाम जग्गा वार्षिक रू.४ करोड ५० लाख भाडा लिने गरी विक्रम सम्वत् २१०४ सम्म लिजमा दिन एक निजी कम्पनीसँग २०७४।२।१४ मा सम्झौता भएको छ। सम्झौतामा ३ तल्लासम्मको निर्माण कार्य गर्ने गरी भाडा दर कायम भएकोमा सम्झौताका शर्तविपरीत ४ तल्ला स्थायी र थप एक तल्ला अस्थायी संरचना निर्माण गरेको देखियो। सम्झौतामा ट्रष्टलाई जानकारी गराई निर्माण कार्यको सामान्य फेरबदल गर्न सक्ने उल्लेख भएकोमा निर्माण कार्यको डिजाइन तथा तला संख्यामा सारभूत फरक पर्ने गरी संरचना निर्माण भएको छ। साथै सञ्चालक समितिको २०७७।७।१३ को निर्णयले सम्झौताभन्दा फरक निर्माण कार्य गर्ने प्रथम पक्षसँग प्रचलित बजार मूल्यअनुसार थप भाडा निर्धारण गरी असुल गर्न प्रक्रिया अगाडि बढाउन व्यवस्थापनलाई निर्देशन दिएकोमा यो वर्ष पनि रू.४ करोड ५० लाख मात्र सम्झौताअनुसारको भाडा रकम दाखिला भएको छ। ट्रष्टले ४ तला निर्माण गर्ने गरी प्रस्ताव आह्वान गरेको भए हालको भन्दा फरक प्रतिस्पर्धा हुन सक्ने अवस्था रहेकाले प्रतिस्पर्धा यथार्थपरक भएको पाइएन। थप १ स्थायी र १ अस्थायी तलाको भाडा निर्धारण गरी असुल हुनुपर्दछ।

२६.३. ट्रष्टको स्वामित्वमा काठमाडौं महानगरपालिका, ताहाचलमा रहेको जग्गा ३० वर्षको लागि लिजमा दिन ट्रष्टले सूचना प्रकाशन गरेकोमा एक कम्पनीको रू.२७ करोड ७४ लाख ७६ हजारको प्रस्ताव २०७४।७।१३ मा स्वीकृत गरी सम्झौता गरेको छ। सम्झौतामा कम्पनीले रू.२२ करोड ६१ लाख ४८ हजार लगानी गरी २०७७ असारसम्म भवन निर्माण कार्य सम्पन्न गर्ने, जग्गा भाडाबापत ३० वर्षमा वार्षिक रू.५ करोड १३ लाख २७ हजारका दरले ट्रष्टलाई उपलब्ध गराउने र उक्त भवन ३० वर्षपछि ट्रष्टलाई नै हस्तान्तरण गर्ने उल्लेख छ। सो सम्झौतामा ६ तले भवन निर्माण गर्ने उल्लेख भएकोमा काठमाडौं महानगरपालिकामा १२ तले भवनको नक्सा स्वीकृतिका लागि पेस भएको देखिन्छ। सञ्चालक समितिको २०७७।१०।११ को निर्णयानुसार ६ तलाको मात्र नक्सा पेस गर्न निर्देशन भए तापनि नक्सा पास भएको छैन। सम्झौतामा महानगरपालिकाबाट नक्सा पास भए पछि मात्र निर्माण अवधि गणना हुने भएकोले वार्षिक रूपमा प्राप्त हुनुपर्ने लिज भाडा गत वर्ष र यो वर्षसमेतको रू.१० करोड २६ लाख ५४ हजार नोक्सान भएको अवस्था छ।

२६.४. काठमाडौं महानगरपालिका, कमलादीस्थित ५ रोपनी २ पैसा जमिनमा रहेको काठमाडौं प्लाजाको भवन लिजमा दिने सम्बन्धमा साबिकको राजदरबारले २०५०।३।३ मा २७ वर्षको लागि एक कम्पनीसँग सम्झौता गरेकोमा उक्त सम्झौतालाई नै कायम राख्ने गरी नेपाल ट्रष्टले २०६६।९।२३ मा पूरक सम्झौता गरेको देखिन्छ। नेपाल सरकार, मन्त्रिपरिषद्ले २०७७।३।२ मा उक्त कम्पनीसँग सहकार्य तोड्ने र २०७७।३।३ देखि मासिक रू.६० लाख ५० हजार भाडा लिने तथा प्रत्येक ५ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि गर्ने गरी १० वर्षका लागि महानगरपालिकालाई उक्त भवन लिजमा दिने निर्णय गरेको देखिन्छ। कम्पनीले उल्लिखित मितिदेखि २०७८ आषाढ मसान्तसम्म १३ महिनाको भाडा रू.७ करोड ८६ लाख ५० हजार दाखिला गरेको छैन। महानगरपालिकालाई उक्त भवन लिजमा दिने मन्त्रिपरिषद्को निर्णय विरुद्ध एक कम्पनी र एक व्यक्तिबाट सर्वोच्च अदालतमा रिट दायर भएकोमा २०७७।७।१८ मा अल्पकालीन आदेश जारी भई २०७९।१०।२६ मा सो रिट खारेज भएको छ। सञ्चालक समितिको २०७९।११।१८ को ७० औं बैठकबाट काठमाडौं प्लाजा महानगरपालिकालाई लिजमा दिन स्वीकृति दिने निर्णय भएकोमा लेखापरीक्षण अवधिसम्म सम्झौता भएको देखिएन।

२६.५. कमलादीस्थित काठमाडौं महानगरपालिका, वडा नं.२८ को कि नं ३२८२ को २ रोपनी ४ आना २ पैसा जग्गा हाल प्रयोगविहीन रहेकोले व्यापारिक कम्प्लेक्सको रूपमा प्रयोग गर्न भवन निर्माण गरी ३ वर्ष निर्माण अवधिसमेत ३० वर्षका लागि लिजमा दिन ६० दिनको अवधि राखी २०७७।११।११ मा सार्वजनिक सूचना प्रकाशन गरेकोमा कुनै प्रस्ताव पेस नभएकोले, पुनः २०७७।१२।५ मा १५ दिनको अवधि राखी सिलबन्दी प्रस्ताव आह्वान गरेको देखिन्छ। दोस्रो पटक पनि कुनै प्रस्ताव पेस नभएकोले पुनः लिज प्रस्ताव आह्वान गर्न समितिमा प्रस्ताव पेस भएकोमा निर्माण पश्चात् प्राप्त हुने भाडा रकमको ४० प्रतिशत स्वामित्ववाला कार्यालय र ६० प्रतिशत लगानीकर्ताले प्राप्त गर्ने गरी बोलपत्र कागजात तयार गरी खुल्ला प्रतिस्पर्धाको आधारमा पुनः बोलपत्र आह्वान गर्ने समितिको २०७८।३।२४ मा निर्णय भएकोमा लेखापरीक्षण अवधिसम्ममा पनि सो कार्य सम्पन्न भई सम्झौता भएको देखिएन।

२६.६. नेपाल ट्रष्टको कार्यालय र एक निजी कम्पनीबीच २०७६।१०।१ मा भएको सम्झौता र सो पूर्व भएका सम्झौताहरूलाई मुख्य मार्गदर्शक र आधार मानी भएको पूरक सम्झौताको बुँदा नं. ८.२ मा उल्लिखित प्रावधान अनिवार्य रूपमा पूरा गर्ने सुनिश्चित गरी सो कम्पनीले २०७८।३।१४ मा सब लिज गर्ने स्वीकृति माग गरेकोमा नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम (३)(२ क) को उद्देश्य विपरीत नहुने गरी २०७६।१०।१ को मूल सम्झौताको बुँदा नं १ मा तोकिएका पूर्वाधार संरचना मात्र निर्माण गर्ने प्रयोजनार्थ २०७८।३।२४ मा सब लिज गर्न स्वीकृति दिने निर्णय भएको देखिन्छ। तर सब लिजको सम्झौता पेस नभएको र ट्रष्ट कार्यालयबाट सब लिज भएको स्थलगत अनुगमन भएको नदेखिएकोले समितिबाट गरिएको निर्णय र मूल सम्झौताका शर्तहरू पालना भए नभएको मूल्याङ्कन गर्न सकिएन। कार्यालयबाट सब लिज सम्झौताको विश्लेषण र सब लिज भएको क्षेत्रको स्थलगत अनुगमन गरी समितिबाट गरिएको निर्णय र मूल सम्झौताका शर्तहरू पालना भए नभएको सुनिश्चित गर्नुपर्दछ।

लगानी बोर्डको कार्यालय

२७. **रणनीतिक योजना कार्यान्वयन** - बोर्डले २०७८।७९ देखि २०८२।८३ सम्म आयोजना विकास र व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास तथा समन्वय, सहकार्य र साझेदारी गरी ४ खम्बे रणनीतिक स्तम्भ हासिल गर्न रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ। सो रणनीतिक योजना कार्यान्वयन गर्न रू.२ अर्ब ३८ करोड २३ लाख लागत लाग्ने अनुमान गरेकोमा यो वर्षका लागि रू.३६ करोड ९० लाख बजेट विनियोजन भएकोमा रू.९ करोड ८६ लाख ८९ हजार मात्र खर्च भएको छ। बोर्डको बजेट कार्यान्वयन दक्षतामा सुधार गर्दै रणनीतिक योजनाको कार्यान्वयन गर्नुपर्दछ।

२८. **कार्यक्रम कार्यान्वयन** - आवधिक योजनाले तय गरेका लक्ष्यहरू हासिल गर्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा स्वदेशी तथा विदेशी, निजी तथा साझेदारीमा हुने लगानी वृद्धि गर्ने कार्यमा बोर्डको भूमिका महत्त्वपूर्ण रहन्छ। पन्ध्रौं योजना अवधिको कुल लगानी लक्ष्य रू.९२ अर्ब २९ करोड रहेकोमा ३९ प्रतिशत सार्वजनिक क्षेत्रबाट, ५.४ प्रतिशत सहकारी क्षेत्रबाट र ५५.६ प्रतिशत निजी क्षेत्रबाट योगदान गरिने लक्ष्य रहेको छ। देशमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसम्बन्धी परियोजनाको नीति तर्जुमा गर्ने, परियोजनाका लागि लगानी स्वीकृत गर्ने, विदेशी लगानीको स्वीकृति र प्रवर्द्धन गर्ने, परियोजनाको सूची तयार गर्नुका साथै प्राथमिकता प्राप्त परियोजना छनौट गर्ने कार्य बोर्डको क्षेत्राधिकारभित्र पर्दछ। बोर्डले हालसम्म ३३ परियोजनाको लागि रू.१० खर्ब ३० अर्ब ५५ करोड लगानी स्वीकृत

गरेको छ। परियोजना छनौटका लागि कार्यान्वयनमा ल्याइएको आयोजना बैङ्क मार्गदर्शनअनुसार रणनीतिक रूपमा आवश्यक देखिएका पूर्वाधार तथा अन्य क्षेत्रका परियोजनाहरू पहिचान, छनौट तथा प्राथमिकीकरण गर्न समयमै अध्ययन कार्य सम्पन्न गरी परियोजना कार्यान्वयनमा ल्याउनुपर्दछ।

२९. **कार्य प्रगति -** बोर्डबाट २०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रममा लगानी सम्मेलन, २०१९ मा समावेश गरिएका ५० आयोजनामध्ये १५ आयोजनामा लगानीकर्ता छनौटमा अयोग्य भएका, २० आयोजनामा लगानीकर्ताले इच्छा नदेखाएको र १५ आयोजनामा लगानीकर्ता छनौटमा योग्य भएको देखिन्छ। सोमध्ये १४ आयोजना कार्यान्वयनको चरणमा रहेका छन्। कार्यान्वयनको चरणमा रहेकामध्ये काठमाडौं बाह्य चक्रपथको कार्य काठमाडौं उपत्यका विकास प्राधिकरणबाट एलाइनमेन्टको कार्य सम्पन्न नभएको र निजगढ विमानस्थलको कार्य अदालतको आदेशबाट यथास्थितिमा रहेको छ भने अन्य आयोजनाहरू सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजना विकास सम्झौता गर्ने, विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने चरणमा रहेका छन्। बोर्डको उद्देश्यअनुसार निजी क्षेत्रको लगानी परिचालन गर्न थप प्रयास हुनुपर्दछ।

३०. **माथिल्लो कर्णाली जलविद्युत आयोजना -** नेपालमा उत्पादित विद्युत ऊर्जा निर्यात गर्ने र विद्युतको अन्तर्राष्ट्रिय व्यापारको प्रयोजनार्थ नेपाल सरकारको निर्णयअनुसार माथिल्लो कर्णाली जलविद्युत परियोजना बूटको अवधारणाअनुसार विकास गर्न १८ डिसेम्बर २००६ मा अन्तर्राष्ट्रिय बोलपत्रमार्फत आशयपत्र माग भएकोमा दुई विदेशी कम्पनीको संयुक्त सहभागिताको प्रबन्धक छनौट भएको देखिन्छ। सम्झौतामा परियोजनाबाट नेपाललाई १२ प्रतिशत निःशुल्क ऊर्जा र २७ प्रतिशत निःशुल्क स्वपुँजी प्राप्त हुने तथा जलविद्युत संरचना र उत्पादित बिजुली आपूर्तिको लागि वित्तीय लगानी जुटाई प्रसारण लाइन विकास र निर्माण गर्नुपर्ने व्यवस्था छ।

लगानी बोर्ड र कम्पनीबीच छलफल तथा वार्ता पश्चात् १९ सेप्टेम्बर २०१४ मा परियोजना विकास सम्झौता भएकोमा वन क्षेत्र लगायतका जग्गा प्राप्त हुन नसेकको कारण देखाई कम्पनीले २०७५।३।२४ मा म्याद थपका लागि बोर्डसमक्ष अनुरोध गरेकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७९।३।३१ को निर्णयबमोजिम परियोजनाको वित्तीय व्यवस्थापनको म्याद २ वर्ष थप गर्ने, ६ महिनाभित्र ऊर्जा बिक्री सम्झौता सम्पन्न गरी लगानी बोर्डसमक्ष पेस गर्ने, २३ महिनाभित्र ऋणदातासँग वित्तीय सम्झौता सम्पन्न गरी लगानी बोर्डसमक्ष पेस गर्ने र २४ महिनाभित्र परियोजनाको वित्तीय व्यवस्थापन सम्पन्न गरी लगानी बोर्डसमक्ष पेस गर्ने गरी बोर्ड बैठकबाट निर्णय भई २३ अगस्त २०२२ मा परिशिष्ट/उपक्रमणिकामा हस्ताक्षर भएको देखिन्छ।

परियोजना विकास सम्झौता गर्दा ऊर्जा बिक्री सम्झौतामा वित्तीय व्यवस्थापन पूर्व गर्नुपर्ने प्रावधान नराखेका कारण उक्त कम्पनीले हालसम्म कार्यारम्भ गरेको छैन। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय विरुद्ध उक्त कम्पनीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोले मुद्दा विचाराधीन रहेको देखिन्छ।

३१. **परियोजना स्वीकृति -** सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को नियम ३५(८) मा सार्वजनिक-निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृति भएको मितिले २ वर्षभित्र र निजी लगानीसम्बन्धी परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृति भएको मितिले एक वर्षभित्र परियोजना लगानी सम्झौता सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ। यो वर्ष जुम खोला जलविद्युत परियोजना, अरुण तेस्रो जलविद्युत परियोजना, डाबर

नेपाल, सूर्यतारा सिमेन्ट उद्योग, तामाकोशी पाचौं जलविद्युत परियोजना र राहुघाट जलविद्युत परियोजना समेत ६ परियोजनाको लागि रू.१ खर्ब २२ अर्ब ६९ करोड लगानी स्वीकृत भएको छ। तर मुक्तिनाथ केबलकार परियोजना, प्राइभेट फ्रेट टर्मिनल एण्ड बल्क हेन्डलिङ र मल्टिमोडल लजिष्टिक पार्कसमेत ३ परियोजनाको परियोजना लागत रू.६५ अर्ब ४५ करोडको विगत वर्षमा विस्तृत परियोजना प्रतिवेदन पेस भए तापनि बोर्डबाट स्वीकृत भएको छैन। बल्क हेन्डलिङ गर्ने कार्य निजी क्षेत्रलाई दिने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था नभएको कारण स्वीकृति दिन ढिलाइ भएको जनाएको छ। नीतिगत व्यवस्था नभई परियोजनामा भएको खर्चको सम्बन्धमा स्पष्ट गर्नुपर्दछ। हाल नेपाल सरकारले व्यापार लजिष्टिक नीति, २०७९ लागू गरेको र उक्त नीतिको रणनीति १.३ मा आन्तरिक एवं वाह्य लगानी प्रवर्द्धन गरी व्यापार पूर्वाधार विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था भएकोले सोबमोजिम परियोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

३२. **कार्य प्रभावकारिता -** सार्वजनिक-साझेदारी तथा लगानी ऐन, २०७५ मा ६ अर्ब रूपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी तथा निजी क्षेत्रबाट निर्माण, सञ्चालन र व्यवस्थापन हुने प्रकृतिको रू.६ अर्ब रूपैयाँभन्दा माथिको निजी लगानीका परियोजनाको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति बोर्डबाट हुने व्यवस्था छ। यसै गरी सार्वजनिक-निजी साझेदारीमा ६ अर्ब रूपैयाँ भन्दा बढी लागत अनुमान भएका जलविद्युत लगायतका ऊर्जा परियोजना बाहेकको अन्य परियोजना वा २०० मेगाबाट क्षमताभन्दा बढीको जलविद्युतलगायतका ऊर्जा परियोजना बोर्डबाट कार्यान्वयन हुने व्यवस्था छ।

बोर्डबाट हालसम्म रू.७ खर्ब २५ अर्ब १७ करोड लगानी हुने १९ ऊर्जा परियोजना तथा रू.३ खर्ब १५ अर्ब ८ करोड लगानी हुने १४ गैर ऊर्जा परियोजना समेत रू.१० खर्ब ३० अर्ब ५५ करोड लगानी हुने ३३ परियोजना स्वीकृत गरेको छ।बोर्डबाट कार्यान्वयन हुने निजी साझेदारीका परियोजनामध्ये कुनै पनि निर्माण सम्पन्न भएका छैनन्। ऊर्जा तर्फ ७ र गैरऊर्जातर्फ ८ परियोजना शुरु चरणमा तथा ऊर्जातर्फ ३ र गैरऊर्जा क्षेत्रका ४ परियोजना कार्यान्वयन चरणमा रहेका छन। यसैगरी गैरऊर्जा क्षेत्रका ५ परियोजना अध्ययन चरणमा रहेका छन्। बोर्डले विभिन्न ६ ऊर्जा परियोजना तथा १४ गैरऊर्जा परियोजनाको पहिचान गरेको भए पनि थप अध्ययन गरी विकास चरणको शुरुवात गरेको छैन भने ७ गैरऊर्जा परियोजनाको पूर्व सम्भाव्यता अध्ययनको लागि सहजीकरण गरिरहेको छ

बोर्ड स्थापना पश्चात् निजी लगानीको होड्शी सिमेन्ट र ह्वासिन सिमेन्टले निर्माण कार्य सम्पन्न गरी व्यावसायिक उत्पादन शुरु गरेको तथा सार्वजनिक निजी साझेदारीअन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजनाको निर्माणकार्य ५० प्रतिशत सम्पन्न भइसकेको उल्लेख गरे तापनि बोर्डबाट स्वीकृत भएका अन्य परियोजनाले हालसम्म निर्माण कार्य सम्पन्न गरेको देखिँदैन। बोर्ड स्थापनाको उद्देश्यअनुसार उपलब्धि हासिल गर्न दक्ष जनशक्ति एवं साधन/स्रोतको व्यवस्था तथा क्षमता सुदृढ गरी कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा खर्च मितव्ययी नभएको, लक्ष्यअनुसार प्रगति नभएको, प्राविधिक परीक्षण प्रतिवेदनले औंल्याएका त्रुटिहरूको अनुगमन नभएको, सम्झौताको कार्यान्वयन नभएको, नेपाल ट्रष्टको सम्पत्ति

उपयोग नभएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरूजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३८ निकायमा यो वर्ष रू.३२ लाख ८२ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.८७ हजार फर्स्यौंट गरेकोले रू.३१ लाख ९५ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रू.३१ लाख ९३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समितितर्फ यो वर्ष रू.६४ लाख ११ हजार बेरूजू देखिएकोमा फर्स्यौंट नगराएकोले बाँकी रहेको छ। सोमध्ये रू.४ लाख ९७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

अर्थ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा आर्थिक नीतिको तर्जुमा गरी राजस्व प्रक्षेपण एवं सङ्कलन गर्दै योजना तथा कार्यक्रममा साधनको प्रभावकारी व्यवस्थापन, उच्च, दिगो, भरपर्दो र गरिबी निवारणोन्मुख आर्थिक वृद्धि हासिल गर्ने, पारदर्शिता र वित्तीय जवाफदेहिता वृद्धि गर्ने, वार्षिक कार्यक्रम र बजेटको माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापन गरी आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा संगठित संस्थासमेत २२३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २१६ सरकारी कार्यालयको निम्नानुसार रू.१६ खर्ब ३६ अर्ब १६ करोड ३९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
६८०१५४०	९४५९१०१	८२११८	१८८८०	१६३६१६३९

२. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ५ संस्था र २ अन्य संस्थाको को रू.२० खर्ब १७ अर्ब ७० करोड ५८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

- ***समष्टिगत आर्थिक स्थिति***

३. **समग्र आर्थिक अवस्था -** मुलुकको प्रमुख आर्थिक परिसूचकहरू देहायबमोजिम रहेको देखिन्छः-

विषय	लक्ष्य (पन्ध्रौं योजना)		प्रगति		
	२०८०।८१	२०७८।७९	२०७६।७७	२०७७।७८	२०७८।७९
आर्थिक वृद्धिदर	१०.३	९.९	-२.१	४.२५	५.८४
उपभोक्ता मुद्रास्फीति दर	६.०	६	६.२	३.६	६.३२
कुल राजस्व। गार्हस्थ्य उत्पादन	३०	२८	२०.२८	२१.९	२३
कुल सरकारी खर्च। गार्हस्थ्य उत्पादन	४३.३	४२.९	२७.८७	२८	२६.७
चालु खर्च। गार्हस्थ्य उत्पादन	१७.९	१९.९	२०.०३	१९.८	१९.८
पुँजीगत खर्च। गार्हस्थ्य उत्पादन	१८.६	१७.४	४.८३	५.४	४.५
वैदेशिक अनुदान। गार्हस्थ्य उत्पादन	३.०	१.४	०.५	०.६३	०.४
वैदेशिक ऋण। गार्हस्थ्य उत्पादन	५.७	६	४.२	३.०६	२.५
आन्तरिक ऋण। गार्हस्थ्य उत्पादन	४.३	४.३	५.०	५.२४	४.८
व्यापार घाटा। गार्हस्थ्य उत्पादन	३५.३	३८.३	२८.१	३२.७	३५.५
निर्यात। गार्हस्थ्य उत्पादन	१५.७	१२.६	२.५	३.३	४.१
आयात। गार्हस्थ्य उत्पादन	५१	५०.९	३०.६	३६.०	३९.६
बजेट घाटा। गार्हस्थ्य उत्पादन	१०	१०.३	८.१२	७.०५	५.४
(स्रोतः पन्ध्रौं योजना, नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालय २०७८।७९)					

३.१ उल्लिखित तथ्याङ्कअनुसार पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७८।७९ मा आर्थिक वृद्धिदर ९.९ प्रतिशत हुने लक्ष्य रहेकोमा ५.८४ प्रतिशतमात्र रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा उपभोक्ता मुद्रास्फीति ६.३२ प्रतिशत रहेको देखिन्छ। यद्यपि नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार थोक मुद्रास्फीति दर ९.५१ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना तथा यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १८.६ प्रतिशत र १७.४ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्ष ४.५ प्रतिशत मात्र पुगेको देखिन्छ। यो वर्ष वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ्य उत्पादनको १.४ प्रतिशत रहने उल्लेख गरे पनि ०.४ प्रतिशत मात्र रहेको देखिन्छ। निर्यातलाई यो वर्ष कुल गार्हस्थ्य उत्पादनको तुलनामा १२.६ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा ४.१ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना अवधिको तेस्रो वर्षको प्रगति योजनाको लक्ष्यभन्दा न्यून रहेकाले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक देखिँदैन। आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, वैदेशिक सहायताको प्रभावकारी परिचालन, उपभोग, बचत तथा लगानी विस्तारमा सरकारी, निजी र सहकारी क्षेत्रबाट समन्वयात्मक रूपमा प्रयास गर्नुपर्ने देखिन्छ।

३.२ पन्ध्रौं योजनाले २०७८।७९ मा लिएको कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ५.७ प्रतिशत, १४.८ प्रतिशत र १०.३ प्रतिशत रहने लक्ष्य रहेकोमा आर्थिक सर्भेक्षणअनुसार २०७८।७९ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश २.३ प्रतिशत, ८.१ प्रतिशत र ६.६ प्रतिशतमात्र रहेको छ। त्यसैगरी २०७८।७९ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ। उल्लिखित प्रगति स्थितिले योजनाको लक्ष्यअनुसार तोकिएको क्षेत्रगत उपलब्धि हासिल गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ।

३.३ संघीय सरकारको बजेट घाटा २०७७।७८ मा रू.३ खर्ब १ अर्ब ३८ करोड रहेकोमा २०७८।७९ मा रू.२ खर्ब ४४ अर्ब ६१ करोड रहेको देखिन्छ। २०७८।७९ को बजेटको अर्धवार्षिक मूल्याङ्कन अनुसार यो वर्ष कुल गार्हस्थ्य उत्पादनमा संघीय सरकारी खर्च २५.४२ प्रतिशत रहेको छ जुन गत वर्ष २६.५७ प्रतिशत रहेको थियो। २०७८।७९ मा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थासँग कुल गार्हस्थ्य उत्पादनको अनुपात क्रमशः १९.६७ प्रतिशत, ४.४५ प्रतिशत र २.८७ प्रतिशत रहेको छ।

३.४ पन्ध्रौं योजनामा खाद्य र पोषण सुरक्षा तथा खाद्य सम्प्रभुतासहितको दिगो एवं समृद्ध कृषि अर्थतन्त्र बनाउने सोच अनुरूप कृषि क्षेत्रलाई आत्मनिर्भर एवं निर्यातमुखी उद्योगका रूपमा रुपान्तरण गर्ने लक्ष्य लिएको देखिन्छ।कुल गार्हस्थ्य उत्पादनको एक तिहाइ अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत् रासायनिक मलमा रू.१६ अर्बसमेत रू.२१ अर्ब ८३ करोड अनुदान उपलब्ध गराएको छ। प्रदेश सरकार र स्थानीय तहले पनि कृषिमा क्षेत्रगत अनुदान वितरण गरेका छन्। तथापि भन्सार तथ्याङ्कको विश्लेषण गर्दा कृषिजन्य सामग्री मात्रै गत वर्ष रू.१ खर्ब २१ अर्ब ९९ करोड ३४ लाखको पैठारी भएकोमा यो वर्ष रू.१ खर्ब २८ अर्ब ४ करोड ८५ लाखको पैठारी भएकोले कृषिजन्य सामग्रीको पैठारी गत वर्षको तुलनामा ५ प्रतिशतले बढेको देखिन्छ। कृषिजन्य सामग्रीको आन्तरिक उत्पादन वृद्धि गर्न तीनै तहका सरकारले विभिन्न अनुदान तथा कार्यक्रम सञ्चालन गरी ठूलो रकम कृषिजन्य क्षेत्रमा लगानी गरेको भए तापनि विगत वर्षको तथ्याङ्क हेर्दा कृषिजन्य सामग्रीको आयातमा विदेशिने रकम वृद्धि हुँदै गएको

अवस्था छ। आन्तरिक उत्पादन वृद्धि गरी कृषि क्षेत्रलाई दिगो, भरपर्दो एवं आत्मनिर्भर बनाउन मौजुदा अनुदान वितरण लगायतका कृषि नीति तथा कार्यक्रममा पुनरावलोकन गर्नुपर्दछ।

४. **राष्ट्रिय अर्थतन्त्रका अन्य परिसूचक -** विनाशकारी भूकम्प २०७२ र त्यसपछिको कोभिड-१९ महामारीको कारणले अर्थतन्त्रका विभिन्न परिसूचकमा असर परेको छ। तत्पश्चात् समष्टिगत मागमा भएको वृद्धि, निकासी पैठारीमा देखिएको असन्तुलन, विप्रेषण आय र शोधनान्तर अवस्था कुल गार्हस्थ्य उत्पादन रू.४८ खर्ब ५१ अर्बसँगको अनुपात स्थिति देहायअनुसार छः

परिसूचक	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
वस्तु निकासी	२.३५	२.५२	२.५१	३.३०	४.१२
वस्तु पैठारी	३६.०३	३६.७६	३०.७८	३६	३९.५८
व्यापार सन्तुलन	(३३.६७)	(३४.२४)	(२८.२६)	(३२.७०)	(३५.४६)
खुद सेवा आय	०.०५	(०.३७)	(०.०२)	(१.७०)	(२.२३)
वस्तु तथा सेवा निकासी	(३२.८२)	(३३.४८)	(२७.३१)	(३३.३९)	(३६.४८)
शोधनान्तर स्थिति	०.०३	(१.७५)	७.२६	०.०३	(५.२६)
चालु खाता सञ्चालन	(७.१४)	(६.९२)	(०.८७)	(७.८०)	१२.८५
विप्रेषण आप्रवाह	२१.८५	२२.७९	२२.५०	२२.४७	२०.७६
विदेशी विनिमय सञ्चिति	३१.९०	२६.९२	३६.०५	३२.७१	२५.०६
खुद वैदेशिक लगानी	०.५१	०.३४	०.५०	०.४६	०.३८
(स्रोत- अर्थ मन्त्रालय।महालेखा नियन्त्रक कार्यालय।केन्द्रीय तथ्याङ्क कार्यालय।नेपाल राष्ट्र बैङ्क, २०७९)					

४.१ व्यापार असन्तुलन र नेपाली मुद्राको विनिमय दर अमेरिकी डलरको तुलनामा अवमूल्यन हुँदै गएकोले देशमा उच्च मूल्य वृद्धि रहने, अर्थतन्त्रको लागत बढ्ने, काम र रोजगारीका अवसर कम हुने, चालु खाता र शोधान्तर स्थिति ऋणात्मक भई बाह्य क्षेत्रमा दवाव रहिरहने, सार्वजनिक आयमा कमी हुने, खर्च प्रणालीमा ऋण तथा ब्याज भुक्तानीको रकममा वृद्धि हुने अवस्था रहन्छ। प्रत्यक्ष वैदेशिक लगानीको कमी, आन्तरिक बजारमा लगानीयोग्य पुँजीको अभाव भई प्रभावकारी मागमा कमी आउँदा उत्पादन घटेको र वास्तविक कुल गार्हस्थ्य उत्पादनसमेत न्यून रहने अवस्थाको सिर्जना भएको छ। जसबाट मध्यम तथा न्यून आय भएका वर्गको गरिबी बढ्ने र अन्ततः मानव विकास सूचकाङ्क र अन्य समष्टिगत आर्थिक परिसूचकहरू अझ बढी असर पर्ने र अनौपचारिक अर्थतन्त्र अझै बढ्न सक्ने जोखिम रहेको छ।

४.२ विदेशी मुद्राको अवमूल्यनबाट हुन सक्ने विदेशी विनिमय सञ्चितिको जोखिम व्यवस्थापन गर्न विभिन्न देशसँग व्यापार सम्झौता गरी वस्तु तथा सेवाको आयातको लागत कम गर्ने विकल्पको अवलम्बन गरेर निजी क्षेत्रको क्षमता र स्रोतको अधिकतम उपयोग गर्ने वातावरण सिर्जना गर्न जरुरी भएको छ।

४.३ मध्यमकालीन खर्च संरचनाका माध्यमबाट अनुत्पादक, वितरणमुखी तथा अप्रभावकारी खर्च र अनुदान घटाउँदै गरिब लक्षित तथा गरिबी निवारणको बजेट लक्षित समूहमा पुऱ्याउने गरी कार्यक्रम तय हुनुपर्दछ। प्रत्यक्ष वैदेशिक लगानी र आन्तरिक लगानी वृद्धि गरी अर्थतन्त्रलाई माथि उठाउन समावेशी आर्थिक वृद्धिमा जोड दिनुपर्ने हुन्छ। मानवीय, भौतिक, सामाजिक तथा प्राकृतिक स्रोतको पुँजी निर्माण र उत्पादनशील क्षेत्रमा उपयोग तथा संरचनागत सुधारका कार्यक्रम मार्फत् लगानीको वातावरणमा सुधार हुनेगरी खर्चको प्राथमिकीकरण गर्नुपर्ने देखिन्छ।

• *दिगो विकास लक्ष्य कार्यान्वयन*

५. **लक्ष्य र प्रगति -** दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (सन् २०१६-२०३०) को कार्यान्वयन र उपलब्धि मापन गर्न तयार गरिएको संरचनाबमोजिम कुल सूचकमध्ये अर्थ मन्त्रालयलाई ४६ सूचकमा जिम्मेवार निकायको रूपमा पहिचान गरिएको छ। सो मध्ये २७ सूचकका लागि मापन आधार खुलाइएपनि १९ सूचकका लागि मापनको आधार तोकिएको छैन। सन् २०२२ मा दोस्रो माइलस्टोनको विश्लेषण गर्नुपर्ने कार्यक्रम रहेकोमा मन्त्रालयले २०७८।७९ सम्मको प्रगतिको अवस्था मूल्याङ्कन गरेको छैन। राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको दिगो विकास लक्ष्य २०१६ देखि २०१९ सम्म (प्रथम माईलस्टोन अवधि) को प्रगति मूल्याङ्कनमा १६ सूचकका प्रगतिको अवस्था उल्लेख गरे तापनि भने बाँकी सूचकको पूर्ण प्रगति उल्लेख भएको देखिँदैन। दोस्रो माइलस्टोन अवधि २०२२ सम्मको दिगो विकासको लक्ष्य र प्रगतिको विश्लेषण गरी सूचकको समीक्षा गर्नुपर्ने कार्यक्रम तय भएकोमा राष्ट्रिय सूचकको अवस्था यकिन गर्ने कार्य बाँकी रहेको छ। मन्त्रालयले नियमित मूल्याङ्कन गरी कार्यान्वयन अवस्थाबारे जानकारी राख्नुपर्नेमा मन्त्रालय तहमा कुनै अनुगमन मूल्याङ्कन हुने गरेको पाइएन।

दिगो विकास लक्ष्य हासिल गर्न नेपालले वार्षिक रू.२० खर्ब २५ अर्ब लगानी गर्नुपर्ने अनुमान छ। विद्यमान स्रोत परिचालन र प्रमुख दिगो विकास लक्ष्यका क्षेत्रमा गर्नुपर्ने आवश्यक लगानीको तुलनामा स्रोतको विद्यमान विनियोजन प्रवृत्तिबाट वार्षिक औसत रू.५ खर्ब ८५ अर्ब अपुग हुने तथा सार्वजनिक र निजी क्षेत्रहरूमा वित्त व्यवस्थाको अन्तराल क्रमशः रू.२ खर्ब १८ अर्ब र रू.३ खर्ब ६७ अर्ब हुने अनुमान गरेको देखिन्छ। सोको लागि स्रोत र व्यवस्थापन गर्ने कार्य मन्त्रालयबाट हुन सकेको छैन। समग्र वित्त नीति तर्जुमा गर्ने जिम्मेवार मन्त्रालयले निजी क्षेत्रको समेत व्यापक लागत सहभागिता जुटाउने गरी वित्तीय स्रोत वृद्धिका लागि राजस्वका दायरा विस्तार, थप राजस्व सङ्कलन र वैदेशिक सहायताको उच्चतम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६. **विकासको लक्ष्य -** नेपालले तेह्रौं योजनाको अवधिदेखि अतिकम विकासित राष्ट्रको सूचीबाट विकासशील मुलुकमा स्तरोन्नति हुने प्रयास गर्दै आएको छ। आर्थिक सर्वेक्षण, २०७९ अनुसार नेपालले अतिकम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नति हुन आवश्यक ३ मापदण्डमध्ये सन् २०२१ मा भएको मूल्याङ्कनबाट मानव सम्पत्ति सूचकाङ्कको थ्रेसहोल्ड ६६ भन्दा बढी हुनुपर्नेमा ७४.९ र आर्थिक जोखिम सूचकाङ्कको थ्रेसहोल्ड ३२ भन्दा कम हुनुपर्नेमा २४.७ प्राप्त गरी उल्लिखित थ्रेसहोल्ड पुरा गरेकोले सन् २०२६ देखि विकासशील मुलुकमा रुपान्तरण हुने निर्णय संयुक्त राष्ट्रसंघले गरेको देखिन्छ। तथापि सन् २०२१ सम्म प्रतिव्यक्ति आय १ हजार २२२ अमेरिकी डलरको थ्रेसहोल्ड रहेकोमा १ हजार ८७ अमेरिकी डलरमात्र (२०७८।७९ मा राष्ट्रिय योजना आयोगको तथ्याङ्कमा अनुसार प्रतिव्यक्ति आय अमेरिकी डलर १ हजार ३८१ पुगेको उल्लेख भएपनि) भएकोले सो थ्रेसहोल्ड पुरा हुन सकेको देखिँदैन। आर्थिक सर्वेक्षण र योजना आयोगको तथ्याङ्क भिडान नभएको र गणनाको आधारसमेत खुलेको छैन। स्तरोन्नति पश्चात् कम विकसित राष्ट्रको रूपमा पाइरहेको व्यापार सहजीकरण र कोटा सुविधालगायतका विषय नपाउने भएकाले सोको असर न्यूनीकरणका लागि लगानीमैत्री वातावरण सिर्जनामार्फत् व्यापार विविधीकरण, आन्तरिक उत्पादन तथा उत्पादन वृद्धि, निजी क्षेत्रको व्यावसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गराउनुपर्दछ।

• *राजस्व नीति तथा मार्गदर्शन*

७. **राजस्व नीति -** बजेट २०७८।७९ ले कोभिड-१९ महामारीबाट प्रभावित उद्योग व्यवसायलाई कर छुट तथा सहुलियत उपलब्ध गराउने, राजस्व नीतिको माध्यमबाट आन्तरिक तथा बाह्य लगानी प्रवर्द्धन र स्वदेशी उद्योगको संरक्षण एवं व्यापार सहजीकरण गर्ने, करको दायरा विस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रणको माध्यमबाट राजस्व परिचालन गर्ने, राजस्व प्रणालीलाई थप प्रगतिशील, स्वच्छ, पारदर्शी, स्वचालित, अनुमानयोग्य बनाउने उल्लेख गरेको छ। साथै राजस्व प्रशासनको दक्षता वृद्धि, पूर्वाधार विकास एवं सूचना प्रविधिको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने उद्देश्य समेत बजेटले लिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

७.१ उच्चतम आर्थिक स्रोत परिचालन गर्ने, सक्षम र सेवामूलक राजस्व प्रशासन निर्माण गर्ने, स्वेच्छिक कर परिपालनाको वातावरण निर्माण गर्ने र संघीयतामा संघ, प्रदेश र स्थानीय तहले क्रमशः आन्तरिक आय वृद्धि गराउने गरी राजस्व प्रणालीको निर्माण गर्ने दीर्घकालीन राजस्व नीति तर्जुमा भएको छैन।

७.२ राजस्व प्रक्षेपण गर्दा मन्त्रालयले कुल गार्हस्थ्य उत्पादन लगायत अन्य आधार लिने गरेको छ। पन्ध्रौं योजनाको अन्त्यसम्म कुल राजस्व र कुल गार्हस्थ्य उत्पादनको अनुपात ३० प्रतिशत र २०७८।७९ मा २८ प्रतिशत हुने लक्ष्य रहेकोमा २०७७।७८ मा राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको २१.९ प्रतिशत तथा २०७८।७९ मा २२.९६ प्रतिशतमात्र भएकाले योजनाको लक्ष्यअनुसार राजस्व सङ्कलन र परिचालन थप प्रभावकारी हुन सकेको छैन। कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्न समेट्नुपर्ने सबै नवीनतम व्यवसाय र अनौपचारिक क्षेत्र लगायतलाई गार्हस्थ्य उत्पादनको दायरामा ल्याई तथ्याङ्क यथार्थपरक बनाउने संयन्त्र तयार गर्नुपर्दछ। अर्थतन्त्रका सबै क्षेत्रहरूलाई कुल गार्हस्थ्य उत्पादन मापनको आधार लिने गरी पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

७.३ बजेट प्रतिस्थापन गर्ने विधेयक, २०७९ को बुँदा नं.२९ मा आयात र विप्रेषणमा आधारित अर्थतन्त्रलाई उत्पादन र आन्तरिक आयमुखी अर्थतन्त्रमा रुपान्तरण गर्न प्रभावकारी नीति लिईने व्यहोरा उल्लेख छ। साथै स्वदेशी उत्पादनको संरक्षण, निर्यातयोग्य एवं तुलनात्मक लाभका वस्तुहरूको पहिचान र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी व्यापार गरिने उल्लेख छ। आर्थिक वर्ष २०७८।७९ को कुल राजस्व असुली रू.११ खर्ब १६ अर्ब ४१ करोड ७७ लाख मध्ये पैठारीमा आधारित भन्सार महसुल रू.२ खर्ब ४१ अर्ब ७८ करोड ११ लाखलाई आधार लिँदा पैठारीमा आधारित राजस्वको अंश २१.६६ प्रतिशत रहेको देखिन्छ जुन गत वर्ष २३ प्रतिशत रहेको थियो। त्यसैगरी पैठारीमा आधारित भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क समेतलाई आधार लिँदा यो वर्ष कुल राजस्व असुलीको ४४.५७ प्रतिशत (रू.४ खर्ब ९७ अर्ब ६० करोड ६४ लाख) जुन गत वर्ष ४५.११ प्रतिशत रहेकोले आयातमा आधारित राजस्वको अंश उल्लेख्य देखिन्छ। अतः पैठारीमा आधारित राजस्व संरचनालाई परिवर्तन गरी लगानी अभिवृद्धि, रोजगारी विस्तार र आन्तरिक उत्पादनमा बढोत्तरी गर्दै आन्तरिक राजस्व सङ्कलनको दिगो आधार तय गर्नुपर्दछ।

७.४ मुलुकभित्र सञ्चालनमा रहेका सबै उद्योगधन्दा, व्यापार व्यवसाय र सेवा क्षेत्रका सबै व्यावसायिक कारोबारलाई कम्पनी रजिष्ट्रारको कार्यालय, सहकारी विभाग, वाणिज्य विभाग लगायतबाट दर्ता नगरी व्यावसायिक कारोबार गर्नेको सूचना सङ्कलन गरेर दर्ता नगरी कारोबार गर्न नपाउने व्यवस्थालाई अभियानको रूपमा अगाडि बढाएको छैन। सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा

ल्याई राजस्वको आधार फराकिलो बनाउन इ-कमर्श तथा भाइबर, म्यासेन्जर, स्काइप, विच्याट, फेसबूक, यु-ट्युब लगायतका सामाजिक सञ्जालमा हुने अनलाइन विज्ञापन तथा ओभर द टप सेवालाई कानूनी व्यवस्था गरी करको दायरामा ल्याउन सकेको छैन।

७.५ भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र कारोबार मूल्यमा आधारित बनाउन अन्तरदेशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्ने तथा भन्सार जाँचपास प्रक्रियालाई पूर्ण रूपमा स्वचालित र मूल्याङ्कनलाई यथार्थपरक बनाउन वस्तु मूल्याङ्कन सब-मोडलको विस्तार र स्वचालित मूल्याङ्कन डाटाबेस निर्माण गर्ने कार्य बाँकी रहेको छ। मूल्य अभिवृद्धि कर प्रणालीको संभाव्य क्षेत्रको पहिचान गरेर राष्ट्रिय कराधार संरक्षण गर्न सक्ने गरी सुदृढ बनाई राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन सकिएको छैन। कर संरचना र दायरामा सामयिक सुधार गरी कर प्रणालीलाई समन्यायिक तथा सरल गर्न बाँकी रहेको छ। थ्रेसहोल्ड नाघेको व्यावसायिक कारोबारको अनिवार्य दर्ता, सबै कारोबारको अनिवार्य र यथार्थ बिलिङ, छुट भएका वस्तुहरूको पहिचान र नन् फाइलरको अनुगमन कार्य प्रभावकारी बनाउनु पर्दछ।

७.६ राजस्व प्रशासनलाई प्रभावकारी बनाउन कार्यालयको कार्यबोझ, कारोबारको सघनता, करदाता संख्या अन्तःशुल्क प्रशासन र प्रशासनिक सुगमताका आधारमा कर्मचारी व्यवस्थापन, सबै प्रकारका आर्थिक तथा व्यावसायिक कारोबारमा संलग्न व्यक्ति तथा फर्मलाई स्थायी लेखा नम्बर अनिवार्य गरी करको दायरामा ल्याउनुपर्ने तथा करको दायरा विस्तार गर्न करदाता शिक्षालाई कारोबारस्थल र क्षेत्रसम्म पुऱ्याउन पहल गर्नुपर्दछ।

७.७ संघीय सरकारमार्फत् २०७८।७९ मा प्रदेश तथा स्थानीय तहलाई सशर्त, वित्तीय समानीकरण, समपूरक र विशेषसमेत रू.४ खर्ब २९ अर्ब ८३ करोड २२ लाख अनुदान उपलब्ध गराएको छ। प्रदेश र स्थानीय तहको यो वर्षको आन्तरिक आम्दानी रू.२ खर्ब ३४ अर्ब ८७ करोड २४ लाख रहेको छ। संघीय अनुदानमा मात्र निर्भर रही कार्यक्रम सञ्चालन गर्दा तीन तहबीचको वित्तीय सन्तुलन र दिगोपनामा असर पर्ने देखिन्छ। तसर्थ प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोतको क्षमतामा वृद्धि गरी वित्तीय संघीयतालाई मजबुत बनाउन सोहीअनुरूप नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

७.८ गैर कर राजस्वलाई लागत प्रभावी बनाई राजस्व सङ्कलन वृद्धिका लागि करका दरलाई समयानुकूल पुनरावलोकन गर्दै हालको विद्यमान नीतिगत तथा संरचनागत व्यवस्थालाई एकीकृत तथा परिमार्जन गरी गैरकर प्रशासन सम्बन्धी छुट्टै कानूनी व्यवस्था हुनुपर्दछ।

८. **राजस्व छुट** - आर्थिक ऐन, २०७८ को दफा १८ ले प्रचलित कानूनबमोजिम लगाइएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिने व्यवस्था गरेको छ। राजस्व छुट दिने व्यवस्थामा क्रमशः सुधार गरे पनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरमा दिइने छुट र द्रष्टव्य अनुसूची तथा पटके रूपमा गरिने निर्णयका आधारमा दिइने छुटको दायरा बढेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८.१ आयकर ऐन, २०५८ को दफा ११ मा कुनै फर्म, कम्पनी, साझेदारी संस्था लगायतका उद्योगलाई हुने कर छुट सम्बन्धी व्यवस्था छ। उक्त दफाको विभिन्न उपदफाहरूमा वर्षभरि सञ्चालन भएका विशेष उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग, निकासीमूलक उद्योगलगायतलाई विभिन्न दरबाट

व्यावसायिक छुट तथा सुविधाहरू प्रदान गरिएको छ। यस्तो सुविधाको दरमा वर्षैपिच्छे घटबढ गरेको देखिँदा करदाताले पाउने छुट तथा सुविधाको सुनिश्चितता नहुने स्थिति छ। प्रत्येक वर्ष कर छुटका उपदफाहरू थपघट गर्ने र करका दरहरू हेरफेर गर्ने पद्धतिमा सुधार गरी राजस्व छुट तथा सुविधालाई व्यवस्थित गर्नुपर्दछ।

८.२ भन्सार महसुलतर्फ भाग ८४ अन्तर्गत पर्ने मिल तथा मेसिनरी आयात गर्दा साविकमा ५ प्रतिशत र अघिल्लो आर्थिक वर्षसम्म ४ प्रतिशत रहेकोमा यो वर्ष १ प्रतिशतमात्र कायम गरेकोले आसिकुडा तथ्याङ्क विश्लेषण गर्दा यो व्यवस्थाबाट रू.१ अर्ब ५४ करोड ५२ लाख राजस्व छुट भएको देखिन्छ।

८.३ आर्थिक ऐन, २०७८ को अनुसूची-१ को दफा १४(१), १४(२) र १४(३) मा भन्सार महसुल पूर्ण एवं आंशिक छुट हुने व्यवस्था छ। सोही ऐनको दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने मालवस्तु उल्लेख गरेको छ। त्यसैगरी सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ बमोजिमका सामानमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था छ। लेखापरीक्षणको क्रममा भन्सार विभागको आसिकुडाको तथ्याङ्क परीक्षण गर्दा रू.९७ अर्ब ३० करोड ८२ लाख तथा आन्तरिक राजस्वतर्फ रू.२४ अर्ब ५० करोड २८ लाखसमेत यो वर्ष रू.१ खर्ब २१ अर्ब ८१ करोड १० लाख राजस्व छुट दिएको देखिएको छ। सबै प्रकारका राजस्व छुटको रकमगत अभिलेख बजेटसँगै पेस हुने व्यवस्था गर्नुपर्दछ।

राजस्व छुटको अवस्था विश्लेषण गर्दा साविक वर्षको दरभन्दा चालु वर्ष दर घटाउँदा लिइएको आधार र विश्लेषणको अभिलेख नराखेको, राजस्व छुटको विवरण बजेट वक्तव्य साथ संसदमा पेस गर्ने सम्बन्धी जानकारी नगराएको, राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र नागरिकमा पुगेको सहुलियत लगायतका पक्षको विश्लेषण हुन नसकेको अवस्था देखियो। प्रत्येक वर्ष निकासी पैठारी, आयकर, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुटको दायरा बढ्दै गएकोले राजस्व असुलीको लक्ष्यमा समेत प्रभाव परेको छ। राजस्व छुटको प्रभाव विश्लेषण गर्ने तथा छुटको तथ्याङ्क संसदमा पेस गरी पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

८.४ आर्थिक ऐन, २०७८ को दफा २ को उपदफा १ सँग सम्बन्धित अनुसूची १ को दफा ६ र ७ मा सार्क मुलुकबाट उत्पादित सामानहरू प्रतीतपत्र खोली दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) अन्तर्गत प्रमाणपत्र संलग्न गरेर पैठारी भएमा २०६२।९।१७ मा कायम रहेको भन्सार महसुल दरमा निश्चित्प्रतिशतले भन्सार महसुल छुट दिने व्यवस्था लागू भएको १७ वर्ष व्यतित भइसकेको छ। अर्थ मन्त्रालयबाट उपलब्ध विवरण अनुसार साफ्टाको सुविधा उपयोग गरी २०७७।७८ मा विभिन्न व्यावसायीले प्लाष्टिक ग्रेनुअल, स्टिल पाता, हर्लिक्स, ग्लासवेयर, प्राइमरी रेजिन, ग्लास वोतल, फलाम वा अमिश्रित स्पातका एङ्गल, सोयाविन मिल, प्रिफेब्रिकेटेड हाउसलगायतका सामान पैठारी गर्दा रू.६ अर्ब ९ करोड ४५ लाख भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर रू.७९ करोड २३ लाखसमेत रू.६ अर्ब ८८ करोड ६८ लाख राजस्व छुट भएको छ। साफ्टा छुटमा पैठारी हुने मालवस्तु तयारी एवं उपभोग्य प्रकृतिको देखिन्छ। सरकारले साफ्टा छुटमा कच्चा पदार्थ तथा पार्टपुर्जा लगायतका वस्तुहरू पैठारी गरी सोबाट स्वदेशमा उत्पादन वृद्धि गरेर तयारी मालवस्तु निकासी गरी तुलनात्मक रूपमा फाइदा लिन सकेको छैन। साफ्टा छुटबाट फाइदा लिन स्वदेशी उत्पादन वृद्धि गरी निकासी प्रवर्द्धनमा जोड दिनुपर्दछ।

८.५ भन्सार विभागको वार्षिक प्रतिवेदन तथा अर्थ मन्त्रालयबाट उपलब्ध विवरणअनुसार वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था भए बमोजिम आयात हुने निर्माण सामग्री तथा उपकरणमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्था गरेको छ। मन्त्रालयले २०७८।७९ को फाल्गुन मसान्तसम्म मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानहरू र निर्माण व्यवसायीहरूसमेत विभिन्न ४८४ निकायलाई रू.१८ अर्ब १६ करोड १२ लाख पैठारी मूल्यमा रू.२ अर्ब ५१ करोड ९२ लाख छुट दिएको विवरण मन्त्रालयगत प्रगति प्रतिवेदनमा उल्लेख छ। तत्पश्चातको तथ्याङ्क अद्यावधिक गरेको देखिएन।

आयोजनाहरूले लागत अनुमान तयार गर्दा यस्तो छुटको व्यवस्था समावेश नगरेको, प्रतिस्पर्धामा ठेक्का कबोल गरिसकेको अवस्थामा पछि मास्टर लिस्टमा राखेर छुट सुविधा उपलब्ध गराउँदा यसको प्रत्यक्ष फाइदा निर्माण व्यवसायीले लिने गरेको अवस्था छ। सुविधामा आयात हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट रकमको अभिलेख र राजस्व छुट दिएको रकम आयोजनाको लगानी र उत्पादित वस्तुको लागतमा समायोजन गर्ने गरेको छैन। साथै छुटमा आयातित सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी स्पष्ट नहुँदा अर्थ मन्त्रालय र अन्तर्गतका निकाय एवं सम्बन्धित आयोजनाहरूले समेत अनुगमन गर्ने नगरेबाट तोकिएका शर्तअनुसार उपयोग गरेको सुनिश्चित्गर्न अनुगमन गर्ने प्रभावकारी व्यवस्था हुनुपर्दछ।

९. **राजस्व अनुमान र असुली -** अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७६।७७			२०७७।७८			२०७८।७९		
	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत
आयकर	२८०३५१०	२१९६८९५	७८.३६	२३८०३८७	२३००७७३	९६.६६	२८९४९९६	२६००८५४	८९.८०
मूल्य अभिवृद्धि कर	३१५०००८३	२२४०७०५	७१.१३	३०२१६८७	२८२०१९१	९३.३३	३१६३६१०	३१४२७९१	९९.३०
अन्तः शुल्क	१६९९८२१	१००६२२६	५९.२०	१५५५०४१	१३३७८०५	८६.०३	१८२१६७८	१६६७७७७	९१.६०
भन्सार महसुल	२१३२००४	१३७९९०३	६४.७२	१९३५५४७	२०१३८९६	१०४.०५	२७८९२४०	२४१७८११	८६.७०
अन्य कर	१३३४९१५	१५८९३९५	११९.०६	१२१४९२२	१३१४८७६	१०७.३४	११३६४७९	१३३४९४४	११७.४६
जम्माः	**१११२०३३३**	**८४१३१२४**	**७५.६६**	**१०११७५८४**	**९७८७५४१**	**९६.७४**	**११८०६००३**	**१११६४१७७**	**९४.६०**

(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

उपर्युक्त विवरणअनुसार २०७८।७९ मा रू.११ खर्ब १६ अर्ब ४१ करोड ७७ लाख (अन्य प्राप्तिसमेत) राजस्व असुल भएको देखिन्छ जुन गत वर्षको तुलनामा १४.१० प्रतिशतले बढी देखिन्छ। यो वर्षको लक्ष्य रू.११ खर्ब ८० अर्ब ६० करोड ३ लाखको तुलनामा ९४.६० प्रतिशत सङ्कलन भएको छ। सोमध्ये कर राजस्व रू.९ खर्ब ८४ अर्ब १६ करोड ४२ लाख र गैरकर राजस्व रू.८३ अर्ब ७९ करोड ४४ लाख असुल भएको छ।

१०. **राजस्व संरचना -** महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरण अनुसार नेपाल सरकारको राजस्वको वार्षिक विवरण २०७८।७९ मा कर राजस्व बाँडफाँड हुने राजस्वबाहेक रू.५ खर्ब ६६ अर्ब ९७ करोड ६६ लाख, अन्य राजस्व रू.७५ अर्ब ७३ करोड ११ लाख, बेरुजु अनुदान फिर्ता लगायत विविध प्राप्त रू.४८ अर्ब ५० करोड ४९ लाख, बाँडफाँड हुने मूल्य अभिवृद्धि कर रू.३ खर्ब

१४ अर्ब २२ करोड ७७ लाख, बाँडफाँट हुने अन्तःशुल्क रू.१ खर्ब ३ करोड १२ लाख ७७ हजार, बाँडफाँट हुने रोयल्टी रू.५ अर्ब १९ करोड ७९ लाख र वैदेशिक अनुदान रू.१५ अर्ब ५१ करोड ५१ लाख रहेको छ।



महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त राजस्वको वार्षिक प्रतिवेदन भाग ४ अनुसार सञ्चित कोष हिसाबमा राजस्व सङ्कलन रू.११ खर्ब २९ अर्ब २८ करोड १० लाख उल्लेख गरेकोमा अर्थ मन्त्रालयले तयार गरेको राजस्वको विवरणमा बाँडफाँट हुने रकमसमेत रू.११ खर्ब १६ अर्ब ४१ करोड ७७ लाख समावेश गरेकोले रू.१२ अर्ब ८६ करोड ३२ लाख फरक परेको छ।

११. **राजस्व असुली तथा चालु खर्च -** सरकारले सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्च वृद्धि गर्ने नीति लिए तापनि सोअनुसार हुन सकेको छैन। सरकारको चालु खर्च र राजस्व असुलीको पाँच वर्षको अवस्था निम्नानुसार छः

(रू.लाखमा)

विषय	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
राजस्व असुली	७३२२१९५	८३९६७३८	८४१३१२४	९७८७५४१	११२९२८१०
वैदेशिक अनुदान तथा निकासा फिर्ता लगायत अन्य	४०२३८४	३११२०३	३४४५९०	६७२२४६	६४०२००
खुद राजस्व	६९१९८११	८०८५५३५	८०६८५३४	९११५२९५	१०६५२६१०
चालु खर्च	६९६९१९६	७१६४१७८	७८४१४८९	८४६२१७३	९५४३१६९
फरक	(४९३८५)	९२१३५७	२२७०४५	६५३१२२	११०९४४१

(स्रोतः महालेखानियन्त्रकको कार्यालयका वार्षिक प्रतिवेदनहरू)

माथिको तालिकाबाट राजस्व असुलीको अधिकांश हिस्सा चालु खर्चमा नै प्रयोग भएकोले वित्तीय दायित्व र पुँजीगत खर्चको लागि स्रोत न्यून हुँन गई वैदेशिक सहायता र आन्तरिक ऋण उठाउनुपर्ने अवस्था छ। चालु खर्चलाई वाञ्छित सीमामा राख्ने कार्य हुन सकेको छैन। योगदानमा आधारित निवृत्तभरण (शिक्षकको हकमा लागू नभएको) नागरिकको औसत आयु बढ्दै गएकोमा सामाजिक सुरक्षा भत्ता दिने उमेर घटाउँदै लगेको, वितरणमुखी कार्यक्रममा खर्च हुने गरेको, प्रशासनिक खर्चमा मितव्ययिता कायम हुन नसकेको, संगठनात्मक संरचना छरितो र दोहोरो नहुने गरी निर्माण गर्न

नसकेको, विभिन्न समिति। बोर्ड लगायतको संख्या नघटेको लगायतका कारण सार्वजनिक खर्च घट्न सकेको छैन। राजस्वको निश्चित्प्रतिशत रकम पुँजी निर्माण र पूर्वाधार सेवामा खर्च गर्ने गरी नीतिगत रूपमा नै व्यवस्थापन गर्नुपर्दछ।

१२. **राजस्व बक्यौता** - मन्त्रालयले राजस्व बक्यौता असुली गर्न अनुगमन र निर्देशनको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिँदैन। राजस्व बक्यौताको अङ्कमा वृद्धि भई असुलीको प्रतिशतमा न्यूनता आएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१२.१ आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदन अनुसार २०७८।७९ सम्म बक्यौता करमध्ये आयकर रू.१ खर्ब ६१ अर्ब ९३ करोड ९६ लाख, मूल्य अभिवृद्धि कर रू.२९ अर्ब ८६ करोड १६ लाख, अन्तःशुल्क रू.४ अर्ब २७ करोड ४६ लाख र अन्य रू.२ अर्ब ९९ करोड १३ लाखसमेत रू.१ खर्ब ९९ अर्ब ६ करोड ७१ लाख रहेको छ। उक्त बक्यौतामध्ये रू.१ खर्ब ३३ अर्ब ७१ करोड ६ लाख (८२.५७ प्रतिशत) का सम्बन्धमा करदाता पुनरावेदनमा गएको देखिँदा बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। विवादरहित बक्यौता असुलीमा समेत मन्त्रालयले मातहतका निकायलाई प्रभावकारी रूपमा परिचालन गर्नसकेको छैन। सरकारले सङ्कलन गर्नुपर्ने राजस्वलाई कानूनी प्रक्रियाको प्रभावकारी कार्यान्वयन गरी बक्यौता असुली गर्नुपर्दछ।

१२.२ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रू.६१ अर्ब ७९ करोड ५० लाख र ब्याज रू.४६ अर्ब २२ करोड ९८ लाखसमेत रू.१ खर्ब ८ अर्ब २ करोड ४८ लाख राजस्व बक्यौता रहेको छ जुन गत वर्ष रू.९८ अर्ब २८ करोड ७१ लाख रहेको थियो। प्राप्त विवरण अनुसार २०७८।७९ मा बुझाउनुपर्ने साँवा ८.९६ प्रतिशतले र ब्याज १०.७१ प्रतिशतले वृद्धि भएको देखिन्छ। भाखा नाघेको साँवा ब्याज चुक्ता नगर्ने ८० निकायमध्ये सबैभन्दा बढी भाखा नाघेको साँवा ब्याज हुने ६ निकायमा क्रमशः नेपाल विद्युत प्राधिकरणको रू.६३ अर्ब ७ करोड ३६ लाख, नेपाल खानेपानी संस्थानको रू.७ अर्ब ५८ करोड ६३ लाख, काठमाडौं उपत्यका खानेपानी बोर्डको रू.५ अर्ब ७६ करोड १८ लाख, जनकपुर चुरोट कारखाना रू.३ अर्ब ८८ करोड ९० लाख, उदयपुर सिमेन्ट उद्योगको रू.३ अर्ब ६ करोड ८७ लाख र विराटनगर जुट मिल्सको रू.२ अर्ब ८ करोड ५५ लाखसमेत रू.८५ अर्ब ४६ करोड ४९ लाख रहेको देखिन्छ। यी निकायको मात्र भाखा नाघेको साँवा ब्याजको ७९.१२ प्रतिशत रहेको देखिन्छ। बक्यौता रकमको साँवा ब्याजको विवरण अद्यावधिक नगरेकोले वास्तविक बक्यौता र साँवा ब्याज यकिन गर्न सकिने अवस्था छैन। नियमित सञ्चालनमा रहेका मुनाफा आर्जनसमेत गरेका साना किसान विकास बैङ्क, कृषि विकास बैङ्क जस्ता संस्थानले समेत ठूलो रकम साँवा र ब्याज बुझाउन बाँकी देखिएकोले समयमा नै साँवा ब्याज असुल पर्दछ।

१२.३ स्थानीय तहतर्फ काठमाडौं, भरतपुर र पोखरा महानगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायतका १३ निकायमध्ये ३ निकायको आन्तरिक ऋणतर्फ भाखा नाघेको साँवा रू.३ करोड ३७ लाख ६६ हजार तथा ब्याज रू.५ करोड ३ लाख ९८ हजारसमेत रू.८ करोड ४१ लाख ६४ हजार तथा बाह्य ऋणतर्फ ११ निकायको भाखा नाघेको साँवा रू.१ अर्ब ८ करोड २३ लाख ४५ हजार तथा ब्याज

रू.१ अर्ब ५३ करोड ४० लाख ६४ हजारसमेत रू.२ अर्ब ६१ करोड ६४ लाख ९ हजारसमेत रू.२ अर्ब ७० करोड ५ लाख ७३ हजार रहेको देखिन्छ।

१२.४ सरकारले गरेको ऋण लगानीको भाखा नाघेको साँवा र ब्याज बुझाउन बाँकी रहने सार्वजनिक संस्थान र समितिमध्ये कतिपय निकाय खारेज भएका तथा सञ्चालनमा रहेको देखिँदैन। खारेज भएका तथा सञ्चालनमा नरहेका संस्थाहरूमध्ये नेपाल ओरियण्ड म्यागनेसाइड प्रा.लि, जनकपुर चुरोट कारखाना, रघुपति जुट मिल, नेपाल यातायात संस्थान, गोरखकाली रबर उद्योगमा मात्र भाखा नाघेको साँवा रू.४ अर्ब १५ करोड ९४ लाख र भाखा नाघेको ब्याज रू.४ अर्ब १७ करोड १९ लाखसमेत रू.८ अर्ब ३३ करोड १३ लाख बाँकी रहेको देखिन्छ। बक्यौता असुलीको कार्य योजना बनाई अनुगमन गरेर असुलीमा तदारुकता ल्याउनुपर्दछ।

• *बजेट तर्जुमा तथा कार्यान्वयन*

१३. **नगद योजना -** आर्थिक कार्यवधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थमन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी बजेट कार्यान्वयनको लागि नगद व्यवस्थापन गर्न महालेखा नियन्त्रक कार्यालयले, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नेपाल राष्ट्र बैंकको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१३.१ नेपाल सरकारले सार्वजनिक संस्था, निकाय, तथा स्वायत्त संस्थामा कार्यक्रम बजेट विनियोजन, पुँजीगत तथा अन्य अनुदान, ऋण तथा लगानी लगायतका माध्यमबाट खर्च लेख्ने गरेको छ। उक्त रकम सम्बन्धित संस्थाले तोकिएको उद्देश्यअनुसार खर्च नगरी निष्क्रिय राखेको, साँवा तथा ब्याजको किस्ता दाखिला नगरी प्राप्त रकम विगतदेखि नै बैंङ्कमा मुद्दती तथा न्यून ब्याज आउने र चल्ती खातामा राखेको छ। सरकारले संघीय सर्वसञ्चित कोष ऋणात्मक भई बजेट तथा खर्च व्यवस्थाको लागि उच्च ब्याजदरमा आन्तरिक ऋण उठाउनु परेको अवस्था छ।सार्वजनिक संस्थामध्ये नियमनकारी ७ संस्थासँग रू.२ खर्ब ५९ अर्ब ७७ करोड ५८ लाख, अन्य २० सार्वजनिक सस्थासँग रू.१ खर्ब १७ अर्ब ५२ करोड २० लाख, सरकारी तथा कार्यसञ्चालन कोष राख्ने ५० निकायको रू.१ खर्ब १ अर्ब ५६ करोड विगतदेखि नै विभिन्न बैंङ्कमा मुद्दती, न्यून ब्याज आउने र चल्ती खातामा राखेको देखिएको छ।

१३.२ प्रदेश तथा स्थानीय तहमा यो वर्षसम्म खर्च हुन नसकी प्रदेशतर्फ रू.७६ अर्ब ३४ करोड ९० लाख र स्थानीय तहतर्फ रू.१ खर्ब २ अर्ब ३२ करोड ५८ लाखसमेत १ खर्ब ७८ अर्ब ६७ करोड ४८ लाख सञ्चित कोषमा रहेको छ। संघीय सरकारले स्रोत अभाव देखाई ऋण लिने तर प्रदेश एवं स्थानीय सरकारले सो रकम खर्च नगरी मौज्दात राखेकोले २०७८।७९ मा आन्तरिक ऋणको औषत ब्याजदर ८.०६ प्रतिशतका दरले हिसाब गर्दा प्रदेश तथा स्थानीय तहको सञ्चित कोषमा रहेको उक्त रकममा रू.१४ अर्ब ४० करोड ३ लाख ब्याज खर्च हुन आउँछ।

१३.३ नेपाल सरकारले सहजीकरण तथा नियमन गर्नुपर्ने निकायहरूले उठाएको राजस्व परिचालनमा विविधता देखिएको छ। विद्युत विकास विभागले सङ्कलन गर्ने विद्युत अनुमति लाइसेन्स लगायतका कार्यबाट प्राप्त राजस्व सिधै संघीय सञ्चित कोष दाखिला गर्ने व्यवस्था मिलाइएको छ। तर दूरसञ्चार प्राधिकरण, बीमा प्राधिकरण, धितोपत्र बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण लगायतले लाइसेन्स वितरण,

नवीकरण, सेवा शुल्क प्राप्ति गर्दा सबै रकम सम्बन्धित निकायकै आयमा समावेश हुने गरेको छ। सरकारले बनाएको संरचनाको प्रयोग एवं परिचालनबाट प्राप्त हुने राजस्वको निश्चित्रकम सर्वसञ्चित कोषमा आउने व्यवस्था नगरिँदा त्यस्ता संस्थासँग अरबौं रूपैँयाँ मौज्दात रहेको, मौज्दात रकम न्यून ब्याज आउने मुद्दती, बचत र चालु खातामा निष्क्रिय राखेको अवस्था छ।

१३.४ नगद प्रवाह व्यवस्थापन गर्न सक्ने कानूनी व्यवस्था भए पनि कार्यान्वयनगत रूपमा यस विषयको सम्बोधन नगरी विकास आयोजनाको स्रोत व्यवस्थापन गर्न नसक्दा आन्तरिक ऋणमा भार बढेको र ब्याजको कारणले आयोजना लागत बढिरहेको अवस्था छ। तसर्थ नीतिगत रूपमा नै सम्बोधन गरेर सरकारले उपलब्ध गराएको स्रोतको उद्देश्य अनुरूप खर्च नभई मौज्दात राखेको रकम एवं सम्झौताको व्यवस्थाअनुसार साँवा ब्याजको रकम असुल गरी वित्तीय अनुशासन र आन्तरिक ऋणको उच्चतम परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ। साथै सार्वजनिक संस्थाहरूले न्यून ब्याजदर वा निष्क्रिय रूपमा बैङ्क तथा वित्तीय संस्थामा राखेको मौज्दात र सरकारले वित्तीय संस्थाबाट लिने आन्तरिक ऋणको ब्याजदरमा सामान्जस्यता कायम गर्ने व्यवस्था एवं नगद व्यवस्थापन योजना तर्जुमा गरेरमात्र ऋण लिने प्रणालीको विकास हुनुपर्दछ।

१४. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने उल्लेख छ।

१४.१ अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको विगत ३ वर्षको बजेट विनियोजन र खर्चको स्थिति विश्लेषण गर्दा बजेट विनियोजन अनुरूप खर्च हुनसकेको देखिएन। खर्च नभएको स्थिति देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७६।७७	१५,३२,९६,७१	१०,९१,१३,५३	७१.१८
२०७७।७८	१४,७४,६४,५४	११,९६,६७,६०	८१.१५
२०७८।७९	१६,४७,५७,६७	१३,०९,८७,४३	७९.५०
			(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

द्रष्टव्यः *महालेखा नियन्त्रक कार्यालयले कुल खर्च रू.१३ खर्ब १० अर्ब ८ लाख देखाएकोमा हिसाब मिलान गरेको छैन।*

उपर्युक्तानुसार यो वर्ष ७९.५० प्रतिशत खर्च भएको देखिए तापनि अर्थ मन्त्रालय, खानेपानी मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय पुनःनिर्माण प्राधिकरण लगायतका निकायबाट ६० प्रतिशतभन्दा न्यून खर्च भएको देखिन्छ। विनियोजन अनुरूप खर्च नहुनुमा बजेट विनियोजनको लागि पर्याप्त गृहकार्य नहुने, प्राविधिक अध्ययन र तयारी बिना बजेट माग गर्ने, आयोजनाको लागि पर्याप्त बजेट नराखी रकमान्तर गरी थप गर्ने तथा आर्थिक वर्षको शुरुदेखि नै ठेक्का बन्दोबस्त नगर्ने जस्ता कारणले विनियोजनअनुरूप खर्च हुन नसकेको स्थिति छ।

१४.२ सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति रहेकोमा अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७६।७७	प्रतिशत	२०७७।७८	प्रतिशत	२०७८।७९	प्रतिशत
चालु खर्च	७८४१४८९	७१.८७	८४६२१७३	७०.७२	९५४३१६९	७२.८५
पुँजीगत खर्च	१८९०८४७	१७.३३	२२८८३६२	१९.१२	२१६०८६४	१६.५०
वित्तीय व्यवस्था	११७९०१७	१०.८०	१२१६६२5	१०.१६	१३९४७१०	१०.६५
						(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

गत विगतको तुलनामा चालु खर्च वर्षेनी वृद्धि हुँदै गएको र पुँजीगत खर्च घट्दै गएको देखिन्छ। त्यस्तै सम्बन्धित वर्षको खर्च संरचना हेर्दासमेत चालु खर्चको अंश वृद्धि हुँदै गएको देखिन्छ। चालु खर्चलाई वाञ्छित सीमामा राखी कार्य योजनाअनुसार काम गरेर पुँजीगत खर्चमा दक्षता बढाउनुपर्दछ।

१४.३ नेपाल सरकारले सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति लिएको भए तापनि पुँजीगत खर्चमा विनियोजन भएअनुरूप खर्च हुन सकेको छैन। पुँजीगत खर्च २०७६।७७ मा कुल खर्चको १७.३३ प्रतिशत, २०७७।७८ मा कुल खर्चको १९.१२ प्रतिशत र २०७८।७९ मा कुल खर्चको १६.५० प्रतिशतमात्र खर्च भई प्रतिवर्ष न्यून रूपमा खर्च भएको देखियो। विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्चको परिचालनमा वृद्धि गर्नुपर्दछ।

१५. **वर्षान्तको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा विनियोजन ऐनले समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष रू.१६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख विनियोजन भई रू.१३ खर्ब ९ अर्ब ८७ करोड ४३ लाख खर्च भएकोमा आषाढ महिनामा रू.२ खर्ब ७५ अर्ब ९ करोड २५ लाख अर्थात् २१ प्रतिशत खर्च भएको छ। खर्चमध्ये आषाढ महिनाको अन्तिम हप्तामा रू.९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजार अर्थात् कुल खर्चको ७.५६ प्रतिशत खर्च भएको छ। नियमावलीको व्यवस्था पालना गरी आषाढको तेस्रो हप्ताभन्दा पछाडि खर्च तथा भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

१५.१ काठमाडौं उपत्यका प्रसारण प्रणाली विस्तार आयोजनाको लागि जग्गा अधिग्रहण गर्न तथा १३२ के.भी. प्रशारण लाइन विस्तार गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत् मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई रू.५ अर्ब ऋण लगानी स्वरूप निकासा गरेको छ। सो रकम प्राप्त भएपछि सोही रकम बराबर नेपाल विद्युत प्राधिकरणले राजस्व दाखिला गर्ने निर्णयसमेत भएको देखिन्छ। यस आर्थिक वर्षको अन्तमा समेत मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई थप रू.५ अर्ब ऋण लगानी गरेको छ। आयोजनाको पहिचान नगरी आर्थिक वर्षको अन्तमा ऋण लगानी गर्नु तथा शुरु बजेट विनियोजन नभएको अवस्थामा नियमावलीको उद्देश्य विपरीत निकासा दिनु मनासिब देखिएन।

१५.२ जलविद्युत उत्पादन कम्पनी लिमिटेडलाई आन्तरिक ऋणबाट यो वर्ष रू.२५ करोड र विद्युत प्रसारण कम्पनी लिमिटेडलाई राष्ट्रिय प्रसारण ग्रिड निर्माणको लागि रू.५० करोड गरी रू.७५ करोड अग्रिम

शेयर रकम भनी शेयर लगानी गरेको छ। शेयर प्रमाणपत्र बेगर ऋणलाई अग्रिम रूपमा शेयर लगानी गर्ने कार्यले आन्तरिक ऋणको उपयोग हुन नसकेकोले लक्ष्यविहीन लगानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५.३ महालेखा नियन्त्रक कार्यालयले आषाढ २५ पछि निकासा तथा खर्च नगर्ने नीति लिई प्रदेश र संघतर्फको निकासा प्रणाली बन्द गरेको थियो। तर अर्थ मन्त्रालयले आषाढ ३१ गते नेपाल आयल निगम लिमिटेडलाई रू.७ अर्ब निकासा गरेको र निगमले शेयर प्रमाणपत्र जारी नगरेकोले उक्त निकासा खर्चले कुल बजेटको आकारमात्र बढाएको छ। वास्तविक खर्चको आधारमा मात्र खर्च लेखाङ्कन हुनुपर्दछ।

१६. **बजेट वक्तव्य कार्यान्वयन -** अर्थमन्त्रीले संसदमा पेस गरेको २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएको मन्त्रालयसँग सम्बन्धित विषयहरूको कार्यान्वयन अवस्था निम्नानुसार छः

१६.१ सुदृढ नियमनकारी प्रबन्ध र संस्थागत सुशासन अवलम्बन गरी वित्तीय स्थायित्व कायम गरिने, वित्तीय प्रणालीमा रहेको स्रोत, साधनलाई आर्थिक वृद्धि, स्वदेशी उद्यमशीलता प्रवर्द्धन र रोजगारी सिर्जना हुने उत्पादनमूलक क्षेत्रमा परिचालन गरिने र दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने बजेटमा उल्लेख गरिएकोमा सो रणनीति तर्जुमा भएको छैन।

१६.२ सार्वजनिक विद्यालय तथा क्याम्पसका उच्च माध्यमिक र सोभन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई वैकल्पिक सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यका साथ एक थान ल्यापटप खरिद गर्न रू.८० हजारसम्म दुई वर्ष अवधिको १ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने उल्लेख गरेकोमा सो कार्यान्वयनमा आएको छैन।

१६.३ छैटौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना २०७८।४।१ बाट लागू गरिने र राष्ट्रिय एकद्वार प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने उल्लेख भएकोमा राष्ट्रिय एकद्वार प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा आएको छैन। भन्सार विभागमार्फत् कार्यान्वयनमा ल्याइएको राष्ट्रिय एकद्वार प्रणालीको दोस्रो र तेस्रो चरणको कार्यहरू बाँकी रहेको छ।

१६.४ बजेट वक्तव्य २०७७।७८ मा अस्थायी र करार लगायत सबै राष्ट्रसेवकको रू.१ लाखसम्मको कोरोना बीमा निःशुल्क हुने व्यवस्था गरिएको थियो। गत वर्ष कोरोना बीमा दाबी गर्ने १ लाख ११ हजार ८९९ जनाको रू.१० अर्ब ५२ करोड ३२ लाख ९० हजार दाबी रकम भुक्तानी गर्न बाँकी रहेको उल्लेख छ। सोमध्ये राष्ट्रसेवक तथा अन्य नागरिकको यो वर्ष दाबी भुक्तानी अभिलेख अद्यावधिक गरेको छैन। बीमा प्रिमियम स्वीकार गरेपछि बीमा दाबी भुक्तानी गर्ने दायित्व सम्बन्धित बीमा व्यवसायीको हुनेमा यस विषयमा अध्ययन नगरी सरकारीतर्फबाट दायित्व बहन गर्ने विषय औचित्यपूर्ण नभएकोले सम्बन्धित बीमा कम्पनीहरूले वास्तविक पीडितको अवस्था छानबिन गरी रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१६.५ बजेट वक्तव्य २०७८।७९ मा करको दायरा विस्तार, कराधार संरक्षण राजस्व चुहावट नियन्त्रणका माध्यमबाट थप राजस्व परिचालन गर्ने, राजस्व प्रणालीलाई थप प्रगतिशील, स्वच्छ, पारदर्शी, स्वचालित र अनुमानयोग्य बनाउने उल्लेख छ। त्यसैगरी राजस्वको दायरा विस्तार एवम कराधारको संरक्षण, कर चुहावट नियन्त्रण र लगानीमैत्री वातावरण निर्माण गर्न मूल्य अभिवृद्धि कर, आयकर,

भन्सार, अन्तःशुल्क र गैरकर लगायत प्रत्यक्ष एवं अप्रत्यक्ष कर प्रणालीमा गर्नुपर्ने सुधारको लागि सुझाउ दिन कर प्रणाली पुनरावलोकन उच्चस्तरीय आयोग गठन गर्ने उल्लेख गरेकोमा सो हुन सकेको छैन। बजेट वक्तव्यमा उल्लेख भएका व्यहोराको कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्दछ।

१६.६ पन्ध्रौं योजनामा बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन तीन वटै तहका सरकारबीच एकरूपता कायम गर्न आधुनिक सूचना प्रविधिको अवलम्बन गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरिने उल्लेख भएकोमा यो वर्षसम्म सो एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली तयार भएको नदेखिँदा योजनाले निर्दिष्ट गरेका कार्य कार्यान्वयनमा आएको छैन।

१७. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित्गरी खर्च गर्नुपर्ने उल्लेख छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्ः

१७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा तोकिएको कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको उपशीर्षकमा बचत हुने रकममध्येबाट अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष कुल बजेट रू.१६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख मध्ये रू.१ खर्ब ९६ अर्ब ४१ करोड ४८ लाख ८४ हजार अर्थात् १२.०३ प्रतिशत रकमान्तर भएको छ। सोमध्ये आषाढ महिनामा रू.८२ अर्ब ८० करोड ६७ लाख ८५ हजार र आषाढ अन्तिम हप्तामा रू.२६ अर्ब ९९ करोड ६९ लाख ७१ हजार रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थप गरेको छ। वर्षान्तको अन्तिम हप्तामा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१७.२ विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा बजेट उपशीर्षक अर्थ विविधमा एकमुष्ट रू.८८ अर्ब ७० करोड ७२ लाख विनियोजन गरेकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.१५ अर्ब ७२ करोड ८१ लाख अर्थात् शुरु बजेट विनियोजनको १७.७३ प्रतिशत रकमान्तर थप र रू.७९ अर्ब ४६ करोड ८४ लाख अर्थात् शुरु बजेट विनियोजनको ८९.५९ प्रतिशत रकमान्तर घटाएर रू.२४ अर्ब ९६ करोड ६९ लाख खुद बजेट कायम गरेको देखिन्छ। उक्त शीर्षकबाट रू.१ अर्ब ९२ करोड ४ लाख खर्च गरी रू.२३ अर्ब ४ करोड ६६ लाख बजेट बाँकी रहेको देखियो। बजेट खर्च हुन नसक्ने अवस्थामा पनि विभिन्न उपशीर्षकबाट रकमान्तर गर्नु उपयुक्त नदेखिँदा यसप्रकारको कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ।

१७.३ रकमान्तर गरी बजेट रकम थप गरेको निकायमा अर्थ मन्त्रालयमा रू.१९ अर्ब ६६ करोड ९० लाख, गृह मन्त्रालयमा रू.१३ अर्ब ७७ करोड ९० लाख, निर्वाचन आयोगमा रू.८ अर्ब १७ करोड ३५ लाख, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रू.४ अर्ब ३५ करोड १ लाख, स्थानीयतर्फ रू.४ अर्ब ८८ करोड ६१ लाख, रक्षा मन्त्रालयमा रू.२ अर्ब ६७ करोड २३ लाख र अन्य विभिन्न निकायमा रू.१० अर्ब १९ करोड १६ लाख गरी जम्मा रू.६३ अर्ब १२ करोड १९ लाख थप गरेको छ। कतिपय कार्य आकस्मिक रूपमा गर्नुपर्ने नभई विगतदेखि नै सञ्चालनमा आएको र अनुमान गर्न सकिने शीर्षकमा समेत शुरु बजेट विनियोजन नगरी रकमान्तर गरेको छ। अर्थ विविध शीर्षकमा बजेट विनियोजन गरी पटके निर्णयको आधारमा निकासा दिने तथा सम्बन्धित कार्यक्रम र

शीर्षकमा विनियोजन नगर्ने वा गरेकोमा पनि कम विनियोजन गरी अर्थ विविधबाट रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्त अनुरूप मान्न सकिँदैन। यस्तो स्थितिमा बजेट उपर संसदलाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमन गर्न कठिनाइ हुने, पारदर्शिता नहुने र अभिलेखनमा समस्या पर्ने देखिएकोले यस प्रकारको परिपाटीमा सुधार गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औँल्याउँदै आएतापनि सुधार भएको छैन।

१७.४ विनियोजन ऐन, २०७८ को दफा ३(३) अनुसार कुनै अनुदान संख्यामा बचत भएको रकम अर्थ मन्त्रालयले अपुग हुने अनुदान संख्यामा रकम सार्दा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ। सार्वजनिक लेखा समितिको २०७६।१।९ को निर्णयबाट कानूनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशन दिएको देखिन्छ। यो वर्ष देहायअनुसार ११५६.५४ प्रतिशतसम्म खुद रकमान्तर गरी रकम थप-घट गरेको देखिन्छ।

(रू.लाखमा)

क्र.सं.	अनुदान संख्या	मन्त्रालय।निकायको नाम	शुरु बजेट	खुद बजेट	रकमान्तरबाट खुद थप-घट	रकमान्तर प्रतिशत
१.	२१२	निर्वाचन आयोग	५४४०	६८३५५.८७	६२९१५.८७	११५६.५४
२.	२३२	थारु आयोग	४२२	५८८.२५५६	१६६.२५५६	३९.४०
३.	३९१	राष्ट्रिय योजना आयोग	२७८१८	३५५७३.७२	७७५५.७२४	२७.८८
४.	२०४	अदालत	६८३६४	८४४७७.९६	१६११३.९६	२३.५७
५.	२१०	लोक सेवा आयोग	८४६०	१०१५६.१५	१६९६.१५	२०.०५
६.	३१४	गृह मन्त्रालय	१६४५०१५	१८९११८३	२४६१६८.४	१४.९६
७.	२२८	आदिवासी जनजाति आयोग	२७१	३०७.२७०६	३६.२७०५८	१३.३८
८.	२१८	न्याय परिषद्	४६४	५२२.६२७१	५८.६२७०६	१२.६४
९.	७०१	प्रदेश	१०४१६३०	११५४०३७	११२४०७.२	१०.७९
१०.	८०१	स्थानीय तह	२८३१३५७	३१२८१११	२९६७५३.९	१०.४८
११.	५०१	अर्थ मन्त्रालय- वित्तीय व्यवस्था	१०६१११०	११६९८९२	१०८७८२	१०.२५
१२.	३४५	रक्षा मन्त्रालय	५१५३९५	५६७७८४.१	५२३८९.१	१०.१६
१३.	३५०	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५८२६७७	४८५२१८.७	-९७४५८.३	-१६.७३
१४.	३४०	महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	८५७७	६५८०.१६	-१९९६.८४	-२३.२८
१५.	३७१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५९७२७	२५२११.२७	-३४५१५.७	-५७.७९
१६.	६०२	अर्थ मन्त्रालय- विविध	८८७०७२	२४९६६९.४	-६३७४०३	-७१.८५

(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

१७.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार, ऐनको दफा २० को उपदफा (२) बमोजिम सम्बन्धित सचिवले रकमान्तर गर्दा वार्षिक कार्यक्रममा बाधा नपर्ने गरी रकमान्तर गर्नुपर्ने तथापी पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको खर्च उपशीर्षकमा रकमान्तर गर्न नपाइने उल्लेख छ। सो व्यवस्था विपरीत शुरु बजेट व्यवस्था नभएका देहाय अनुसारका कार्यक्रममा रकमान्तर गरी रू.२ अर्ब ९७ करोड ११ लाख ११ हजार बजेट कायम गरी सोमध्ये रू.२ अर्ब २३ करोड ३९ लाख ७३ हजार खर्च गरेको देखिन्छ। विनियोजन भएको रकममध्ये रू.७३ करोड ७१ लाख ३७ हजार खर्च भएको देखिँदैन।

(रू.हजारमा)

ब.उ.शी.नं.	मन्त्रालय	कार्यालय।कार्यक्रम	शुरु बजेट	खुद बजेट	निकासा।खर्च	बजेट बाँकी
३२९००१०२४	वन तथा वातावरण मन्त्रालय	रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम	-	६१५००	४४५९७.७८	१६९०२.२२
३३७३१०११४	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	सडक बोर्ड	-	१२२३६४३	९१२६८४.८५	३१०९५८.१
३४७०१०११४	शहरी विकास मन्त्रालय	शहरी विकास तथा भवन निर्माण विभाग	-	७००	६५४.८६	४५.१४
३७०००१०१४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	कान्ति बाल अस्पताल	-	४५३७४	१७०६८.३१	२८३०५.६९
३७०००१०५४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल	-	७१०२०	-	७१०२०
३७०६१०११४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	केन्द्रीय अस्पताल तथा प्रतिष्ठान	-	८६६७८२	६३११६४.८९	२३५६१७.१
३७०६१०१२४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत)	-	३८५९४९	३८५९४९	-
३७०६१०१३४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	बी.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	-	१०००००	१०००००	-
३७०६१०१६४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान	-	१२६१४३	१२६१४३	-
३७०६१०१७४	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	-	९००००	१५७११.२३	७४२८८.७७
		जम्मा	**-**	**२९७११११**	**२२३३९७३.९२**	**७३७१३७.०२**

(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

शुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गरेको बजेट सिद्धान्त अनुरूप मान्न सकिदैन। संविधानको धारा १२० अनुसार पारित हुने विनियोजन ऐनमा आधारित रही तयार गरिने व्यय अनुमानको विवरण (रातो किताब) मा व्यवस्था नगरेको उपशीर्षकमा कार्यक्रम तथा बजेट दिने कार्य कानूनसम्मत देखिँदैन।

१८. **बजेटभन्दा बढी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा विनियोजन ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्दा स्वीकृत सीमाभित्र भएको सुनिश्चितगरी खर्च गर्नुपर्ने उल्लेख छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष निम्न ९ आयोजनामा रू.३ अर्ब १९ करोड ६३ लाख बजेट विनियोजन भएकोमा रू.६ अर्ब ७ करोड ७३ लाख बजेट खर्च भएको देखिन्छ। नियमावलीमा भएको व्यवस्था विपरीत रू.२ अर्ब ८८ करोड १० स्वीकृत बजेटभन्दा बढी खर्च हुने गरी खर्च लेखेको पाइयो।

(रू.हजारमा)

क्र.स.	आयोजना कोड	आयोजनाको नाम	बजेट	खर्च	बढी खर्च रकम
१.	३३७०११२०	काठमाडौं उपत्यका सडक विस्तार आयोजना	६३९६००	१६०९८७३	९७०२७३
२.	३०८०३११४	सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो)	६९८०००	१६३२७४४	९३४७४४
३.	३०८०३१२५	बृहद् दाङ उपत्यका सिँचाइ आयोजना	३३९१००	९०८८५४	५६९७५४
४.	५०१०८१११	माथिल्लो त्रिशूली (३ए) जलविद्युत आयोजना (६० मे.वा.)	६८००००	८९०२०८	२१०२०८
५.	३०८०३१०९	मर्मत संभार आयोजनाहरू	४७६७००	५६४००९	८७३०९
६.	३२५००१०२	दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना	६४००	५६९२०	५०५२०

क्र.स.	आयोजना कोड	आयोजनाको नाम	बजेट	खर्च	बढी खर्च रकम
७.	३४७७११०२	धोवीखोला कोरिडोर सुधार आयोजना	१८५७००	२२४३४९	३८६४९
८.	३३७०१११७	सडक क्षेत्र विकास आयोजना	१६४६००	१८३०२२	१८४२२
९.	३४७०११०७	नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना	६२००	७३३०	११३०
		जम्मा	३१९६३००	६०७७३०८	२८८१००८

(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

एकल खाता कोष प्रणाली लागू भएको अवस्थामा स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा हुन गएकाले एकल खाता कोष प्रणालीले नियन्त्रण कायम गर्न सकेको देखिएन।

१९. **कार्यक्रम कार्यान्वयन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने भएमा कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नको लागि केन्द्रीय निकायमा लेखी पठाउनुपर्ने उल्लेख छ। यो वर्ष काँकडभिट्टा-इनरुवा-पथलैया-नारायणघाट सडक, सुर्यविनायक-धुलिखेल-कोटेश्वर-वानेश्वर-त्रिपुरेश्वर सडक, उत्तरीक्षेत्र पुर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम, साना सिँचाइ कार्यक्रम लगायतका विभिन्न १९ कार्यक्रममा थपघट गरी रू.७ अर्ब ६९ करोड ७७ लाख २० हजार खुद बजेट कायम गरेकोमा उक्त कार्यक्रममा खर्च भएको देखिएन। अतः यथार्थपरक बजेट तथा कार्यक्रम तर्जुमा गरी विनियोजन भएको बजेट रकम लक्षित कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्दछ।

• *विकास सहायता परिचालन*

२०. **वैदेशिक सहायताको प्राप्ति** - संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०७८।७९ मा नेपाल सरकारको कुल खर्च रू.१३ खर्ब १० अर्ब ८ लाखमध्ये रू.१ खर्ब ५८ अर्ब १८ करोड १६ लाख अर्थात् १२.०७ प्रतिशत हिस्सा वैदेशिक सहायताले ओगटेको छ। यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्;

२०.१ अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ मा अमेरिकी डलर १ हजार १९३.३२ मिलियन ऋण, ३६१.०६ मिलियन अनुदान, १९१.८० मिलियन प्राविधिक सहायता र ३.९७ मिलियन वस्तुगत सहायतासमेत अमेरिकी डलर १ हजार ७५०.१६ मिलियन प्राप्त भएकोमा २०७८।७९ मा अमेरिकी डलर ९४९.६७ मिलियन ऋण, २२२.४० मिलियन अनुदान, २०१.७७ मिलियन प्राविधिक सहायता र ३.१५ मिलियन वस्तुगत सहायतासमेत अमेरिकी डलर १ हजार ३७७ मिलियन सहायता प्राप्त भएको देखिन्छ।



समग्र विकास सहायता गत वर्ष भन्दा २१.३२ प्रतिशत न्यून रहेको छ। त्यसैगरी २०७८।७९ मा सबै प्रकारका सहायता रकम स्वरूप १ हजार ५२९.४१ मिलियन अमेरिकी डलर प्राप्त हुने प्रतिवद्धता मध्ये १ हजार ३७७.०१ मिलियन अर्थात् ९.९६ प्रतिशत न्यून सहायता प्राप्त भएको देखिन्छ। गत वर्षको भन्दा अनुदानमा अमेरिकी डलर १३८.६६ मिलियन र ऋण रकममा २४३.६५ मिलियन डलर घटी प्राप्त भएको देखिन्छ। प्राप्त भएको रकम मध्ये ११०.२८ मिलियन अमेरिकी डलर बजेटरी प्रणालीभन्दा बाहिर रहेको छ। यसका अतिरिक्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर १३७.४५ मिलियनसमेत बजेटरी प्रणालीभन्दा बाहिर रहेको अवस्था छ। समग्रमा प्राप्त विकास सहायता रकमको ८०.०९ प्रतिशतमात्र संघीय सञ्चित कोषमार्फत् परिचालन भएको र १९.९१ प्रतिशत सहायता सरकारी कोष बाहिरबाट परिचालन भएको अवस्था छ।

२०.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायताको रकमलाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा वैदेशिक सहायता लिँदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै पारदर्शी बनाउने र वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत् परिचालन गर्नुपर्ने, सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिने उल्लेख छ। त्यस्तै बजेटमा समावेश भएका सबै सहायताको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेगरी व्यवस्था मिलाउने उल्लेख छ। नीति तथा कानूनमा उल्लिखित व्यवस्था भए तापनि गैरसरकारी संस्थाबाट खर्च भएको रकम ११०.२८ मिलियन अर्थात् ९.९८ बजेटरी प्रणालीभन्दा बाहिर रहेको देखिन्छ। गत वर्ष १५.१६ प्रतिशत बजेटभन्दा बाहिर रहेकोमा यो वर्ष सुधार भएको देखिन्छ। बजेटमा समावेश भई प्राप्त भएको र बजेटमा समावेश नभएको दातागत रकम देहायअनुसार छ।

(अमेरिको डलर हजारमा)

क्र.स.	दातृ निकाय	बजेटमा समावेश	बजेटबाहिर	जम्मा	क्र.स.	दातृ निकाय	बजेटमा समावेश	बजेट बाहिर	जम्मा
१.	एसियाली विकास बैङ्क	१२,३९९	२७७,७२०	२९०,११८	१५.	कोरिया	७,०१५	-	७,०१५
२.	अष्ट्रेलिया	५,२३४	-	५,२३४	१६.	नेदरल्याण्ड	१२५	-	१२४
३.	युरोपियन युनियन	६,४७८	२२,६८७	२९,१६५	१७.	नर्वे	१८,२४४	४,१७६	२२,४२०
४.	फिनल्याण्ड	२,५७७	२,५३९	५,११६	१८.	ओपेक फण्ड	-	१,९४७	१,९४७
५.	गाभी	-	२५,४८८	२५,४८८	१९.	सार्क	-	६३	६३
६.	जर्मनी	११,९८२	१३,५८८	२५,५७०	२०.	सावदी अरबीया	-	२७४४	२७४४
७.	ग्लोवल फण्ड	-	२,५०३	२,५०३	२१.	स्वीटरजरल्याण्ड	५३४३	२२४६४	२७८०८
८.	ग्रिन क्लाइमेट फण्ड	-	१८१	१८१	२२.	बेलायत	३१५२०	२५४१२	५६९३३
९.	भारत	-	५८,९४५	५८,९४५	२३.	संयुक्त राष्ट्र	६५९९४	११८०	६७१७४
१०.	जापान	६,९५३	४६,२३२	५३,१८५	२४.	युनाइटेड स्टेट एजेन्सी	१००३०८	-	१००३०८
११.	कुवेत फण्ड	-	८०	८०	२५.	विश्व बैङ्क	-	५९४८८०	५९४८७९
१२.	एसियाली विकास बैङ्क	१२,३९९	२७७,७२०	२९०,११८	२६.	कोरिया	७,०१५	-	७,०१५
१३.	अष्ट्रेलिया	५,२३४	०	५,२३४	२७.	नेदरल्याण्ड	१२५	-	१२५
१४.	युरोपियन युनियन	६,४७८	२२,६८७	२९,१६५	२८.	नर्वे	१८,२४४	४,१७७	२२,४२१
						जम्मा	२७४१७३	११०२८३२	१३७७००६

(स्रोतः अर्थ मन्त्रालय, २०७८।७९)

२१. **वैदेशिक सहायता उपयोग -** महालेखा नियन्त्रक कार्यालयको संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०७८।७९ मा वैदेशिक अनुदान रू.५९ अर्ब ९१ करोड ९९ लाख र वैदेशिक ऋण रू.२ खर्ब ८३ अर्ब ८ करोड ८७ लाखसमेत रू.३ खर्ब ४३ अर्ब ८६ लाख प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायता र वस्तुगत सहायताबाहेक अनुदान रू.२४ अर्ब १४ करोड ९० लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाखसमेत रू.१ खर्ब ६० अर्ब ९ करोड ११ लाख प्राप्त भएको देखियो। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ४०.३० प्रतिशत र वैदेशिक ऋण ४८.०२ प्रतिशत प्राप्त भई समग्रमा ४६.६७ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ। यो वर्ष प्राप्त ऋण रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाखमध्ये रू.१ खर्ब ३० अर्ब ७० करोड उपयोग भएको देखिन्छ। यो वर्ष प्राप्तिभन्दा रू.५ अर्ब २४ करोड २१ लाख घटी उपयोग भएको देखिन्छ।

• *मौद्रिक नीतिको कार्यान्वयन*

२२. **बैङ्क तथा वित्तीय संस्थाको नियमन -** नेपालमा बैङ्क तथा वित्तीय क्षेत्रका लागि नेपाल राष्ट्र बैङ्क नियामक निकायको रूपमा क्रियाशील रहेको छ। प्रचलित कानूनी व्यवस्था अनुसार प्रभावकारी रूपमा कार्य सञ्चालन गर्न सेवा सञ्चालनको अनुमति दिने, सोको नियमन र अनुगमन गर्ने, नागरिक तथा उपभोक्ता अधिकारको संरक्षण गर्ने तथा नियम विपरीत कार्य गर्नेलाई प्रचलित कानूनअनुसार कारवाही गर्ने दायित्व त्यस्ता नियामक निकायहरूको रहेको छ। यससम्बन्धी केही व्यहोरा निम्नानुसार छन्;

२२.१ कोभिड-१९ को संक्रमणको समयमा लगानीमा आएको कमीको कारणले अर्थतन्त्र संकुचित रहेको र कोभिड पश्चात् अर्थतन्त्रमा मौद्रिक मागको वृद्धि एवं लगानी योग्य पुँजीको माग बढ्न थालेपछि बैंकिङ प्रणालीमा तरलताको अभाव देखिएको छ। नेपाल राष्ट्र बैङ्कको मौद्रिक नीति, २०७९ को समीक्षाअनुसार बैङ्कहरूको निक्षेपमा औषत ब्याजदर र कर्जाको दर २०७७ आषाढ मसान्तमा ६.०१ र १०.११ प्रतिशत रहेकोमा २०७८ आषाढमा ८.४३ र ११.६२ प्रतिशत पुगेको छ। उक्त औषत ब्याजदर २०७९ आषाढमा निक्षेपको ब्याजदर ७.३४ प्रतिशत र कर्जाको ब्याजदर ११.५४ प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशनमा आधार दरमा २ प्रतिशत प्रिमियम लिन सक्ने व्यवस्था गरेकोमा सो व्यवस्थाको पालना नगरी बैङ्कहरूले ब्याज प्रिमियमा पुन: थप प्रिमियम लिएको जानकारीमा आएको छ। नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनको अतिरिक्त थप प्रिमियम लिएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिन निर्देशन दिए पनि सोको अभिलेख राखी यकिन गरेको छैन। वित्तीय क्षेत्रको स्थायित्वका लागि मौद्रिक नीतिमार्फत् अर्थतन्त्रमा प्रभावकारी नियमन हुनुपर्दछ।

२२.२ समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्ने, शोधनान्तर स्थिति र मुद्राप्रदायलाई स्थिर राख्ने, तरलता प्रशोधन, स्रोत परिचालन, कर्जा प्रवाह र ब्याजदर निर्धारण, आर्थिक पुनःस्थापना विशेष लक्षित कार्यक्रम सञ्चालन गर्ने मौद्रिक नीतिले उद्घोष गरेपनि अघिल्लो वर्ष रू.४ खर्ब ३८ अर्ब २८ करोड विभिन्न मौद्रिक उपकरणमार्फत् तरलता प्रवाह गरिएकोमा यो वर्ष रू.९७ खर्ब २ अर्ब ४१ करोड अर्थात् अधिक तरलता प्रवाह गरिएको छ। यसबाट बैङ्किङ्ग प्रणाली र समग्र अर्थतन्त्रमा परेको प्रभाव विश्लेषण गरी उपयुक्त नीति अवलम्बन गरिनुपर्दछ।

२२.३ नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित बैङ्क तथा वित्तीय संस्थाको तथ्याङ्क २०७९ अनुसार बैङ्क तथा वित्तीय संस्थाहरूको ब्याज आम्दानी तथा खर्चको अवस्था निम्नानुसार छः

(रू.लाखमा)

बैङ्क तथा वित्तीय संस्थाको वर्ग	सन् २०२०।२१			सन् २०२१।२२		
	ब्याज आम्दानी	ब्याज खर्च	फरक	ब्याज आम्दानी	ब्याज खर्च	फरक
क	३२६१५७०	१९४४०९०	१३१७४८०	४४२४०५०	२८४७५००	१५७६५५०
ख	३८४३६०	२४०२७०	१४४०९०	५५४४४०	३७१९१०	१८२५३०
ग	८३७९०	५९०५०	२४७४०	११५१७०	८०६७०	३४५००
घ	४५३०४०	१८२७९०	२७०२५०	५९९८५०	३०५२२०	२९४६३०
जम्मा	४१८२७६०	२४२६२००	१७५६५६०	५६९३५१०	३६०५३००	२०८८२१०

(स्रोतः नेपाल राष्ट्र बैङ्कको बैङ्क तथा वित्तीय संस्थाको तथ्याङ्क २०७९ असार)

माथिको तथ्याङ्कबाट ब्याज आय र खर्चको अन्तर उल्लेख्य देखिएकोले नेपाल राष्ट्र बैङ्कले यस सन्दर्भमा विश्लेषण गरी प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ। यसैगरी नमूना छनोट गरेका ८ लघुवित्त संस्थाहरूको २०७७।७८ मा प्रति शेयर आम्दानी विश्लेषण गर्दा मुख्यत ऋण लगानीबाट प्राप्त हुने ब्याजबाट लघुवित्त संस्थाको आम्दानी अधिक देखिएकोले सोको विश्लेषण गरी उपयुक्त नीति अवलम्बन गरिनुपर्दछ।

• *सार्वजनिक ऋण व्यवस्थापन*

२३. **सार्वजनिक ऋण -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारको विगत ३ वर्षको कुल ऋण दायित्व स्थिति देहायअनुसार रहेको देखिन्छः

(रू.करोडमा)

शीर्षक	२०७६।७७	२०७७।७८	२०७८।७९
वैदेशिक ऋण	६१३७३.५४	८०२९४.१६	१०२५८४.७१
आन्तरिक ऋण	८१९६६.७१	९३४६९.५२	९८७४४.९३
कुल ऋण	१४३३४०.२५	१७३७६३.६८	२०१३२९.६४
कुल गार्हस्थ्य उत्पादनको प्रतिशत	३८.०५	४०.७३	४१.५०

(स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७८।७९)

२३.१ आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.२० खर्ब १३ अर्ब २९ करोड ६४ लाख रहेको छ। सोमध्ये बाह्य ऋण रू.१० खर्ब २५ अर्ब ८४ करोड ७१ लाख र आन्तरिक ऋण रू.९ खर्ब ८७ अर्ब ४४ करोड ९३ लाख रहेको देखिन्छ। सरकारको वार्षिक ऋण दायित्व रू.२ खर्ब ७५ अर्ब ६५ करोड ९६ लाख अर्थात् गत वर्षको तुलनामा १५.८६ प्रतिशत वृद्धि भएको छ। कुल ऋण मध्ये बाह्य ऋण ५०.९५ प्रतिशत र आन्तरिक ऋण ४९.०५ प्रतिशत रहेको छ। उक्त ऋण कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४१ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७६।७७ मा यस्तो अनुपात ३८.०५ र २०७७।७८ मा ४०.७३ प्रतिशत रहेको थियो। उक्त बाँकी ऋण कायम गर्दा विनिमय दरमा भएको परिवर्तनका कारण २०७८।७९ मा कायम भएको बाह्य ऋणको विवरणमा रू.१२ अर्ब ५१ करोड ५७ लाख यो वर्ष नाफा भएको देखिए तापनि ऋण सम्झौता अवधिमा वैदेशिक घाटा नै रहने देखिन्छ। बाह्य ऋण भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गर्नुपर्दछ।

२३.२ महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०७८।७९ मा आन्तरिक ऋणबाट रू.२ खर्ब ३९ अर्ब प्राप्त गर्ने लक्ष्य रहेकोमा रू.२ खर्ब २७ अर्ब ७३ करोड ७ लाख प्राप्त भएको छ। प्राप्त भएको आन्तरिक ऋणमध्ये चालुतर्फ सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान शीर्षकमा रू.९५ अर्ब ९३ करोड १० लाख खर्च भएको छ। त्यसैगरी पुँजीगततर्फ सवारीसाधन खरिद लगायतका शीर्षकमा रू.७९ अर्ब ७६ करोड ५३ लाख खर्च भएको देखिन्छ। वित्तीय व्यवस्था अन्तर्गत रू.१२ अर्ब ८५ करोड २७ लाख खर्च मध्ये सार्वजनिक संस्थानमा ऋण तथा शेयर लगानी खर्च गरेको देखिन्छ। प्राप्त भएको आन्तरिक ऋण र उपयोग भएको रकमबीचको फरक रू.३९ अर्ब १८ करोड १७ लाख उपयोग नभए तापनि उक्त रकममा ब्याज तिर्नु परेको अवस्था छ।

२३.३ बजेट वक्तव्यमा सार्वजनिक ऋणलाई वाञ्छित सीमाभित्र राखिने तथा आन्तरिक ऋण विकास खर्चमा मात्र परिचालन गर्ने नीतिलाई निरन्तरता दिएको उल्लेख छ। पछिल्ला वर्षहरूमा आन्तरिक ऋणको अंशमा वृद्धि हुँदै गएको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७८।७९ अनुसार यो वर्ष नेपाल सरकारले भुक्तानी गरेको साँवा तथा ब्याजको समष्टिगत स्थिति देहायअनुसार छः

(रू.लाखमा)

ऋणको किसिम	२०७६।७७ साँवा ब्याज भुक्तानी	२०७७।७८ साँवा ब्याज भुक्तानी	२०७८।७९			गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			साँवा भुक्तानी	ब्याज भुक्तानी	जम्मा भुक्तानी	
आन्तरिक	५४७९९६	६५३६१७	४७३३७८	३७५८६८	८४९२४६	२९.९३
वैदेशिक	२८७९८२	२९४४२१	२९४१५८	७४४२०	३६८५७८	२५.१९
जम्मा	**८३५९७८**	**९४८०३८**	**७६७५३६**	**४५०२८८**	**१२१७८२४**	**२८.४६**

(स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७८।७९)

गत वर्ष भन्दा साँवा ब्याज भुक्तानी रकम २८.४६ प्रतिशत वृद्धि भई रू.१ खर्ब २१ अर्ब ७८ करोड २४ लाख पुगेको देखिन्छ। यस्तो रकम २०७७।७८ मा १३.४० प्रतिशतले वृद्धि भएको थियो। यो वर्ष भएको साँवा ब्याज भुक्तानी रकम कुल खर्च रकमको ९.३० प्रतिशत, पुँजीगत खर्चको ५६.३२ प्रतिशत र असुली भएको कुल राजस्वको १२.३४ प्रतिशत रहेको छ।

२४. **ऋणको भुक्तानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्राप्त गर्ने आन्तरिक तथा वैदेशिक ऋण बाट साँवा रकम सिधै कट्टी गरी बाँकी रहेको रकममात्र खुद स्रोत हस्तान्तरण भनी वैदेशिक ऋणतर्फ रू.१ खर्ब ३३ खर्ब मध्ये रू.२९ अर्ब ४१ करोड ५८ लाख र आन्तरिक ऋणतर्फ रू.२ अर्ब ३१ खर्ब ८४ करोड ५५ लाखमध्ये रू.४७ अर्ब ३३ करोड ७८ लाख कट्टा गरी बाँकी रू.२ खर्ब ८८ अर्ब १७ करोड ५३ लाखमात्र संघीय सञ्चित कोषमा खुद स्रोत हस्तान्तरण गरेको छ। सोको लेखाङ्कन दोहोरो लेखाप्रणाली अनुसार गरेको छैन। त्यसैगरी आन्तरिक ऋणको ब्याज रू.३७ अर्ब ५८ करोड ६८ लाख र वैदेशिक ऋणको ब्याज रू.७ अर्ब ४४ करोड २० लाखसमेत रू.४५ अर्ब २ करोड ८८ लाख भुक्तानी गर्दा यो वर्ष कुल रू.१ खर्ब २१ अर्ब ७८ करोड २४ लाख खर्च गर्नु परेको छ।

यसैगरी वैदेशिक ऋणको विनिमय दर वृद्धि भएको कारण यो वर्ष रू.१२ खर्ब ५१ करोड ५७ लाख ऋण दायित्व वृद्धि भई थप दायित्व सिर्जना भएको छ। ऋणको साँवा र ब्याज भुक्तानी गर्न समेत नयाँ ऋण लिनु परेको कारण ऋणको व्यय भार प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ। यो वर्ष आन्तरिक तथा बाह्यसमेत कुल ऋण रू.३ खर्ब ६४ खर्ब ९२ करोड ८९ लाखमा रू.१ खर्ब २१ अर्ब ७८ करोड २४ लाख साँवा ब्याज भुक्तानी गर्दा जम्मा ६६.६३ प्रतिशत रकम मात्र विकास आवश्यकता पूरा गर्न खर्च हुने देखियो। ऋण तथा ब्याज दायित्व भुक्तानी गर्न नयाँ ऋण लिने अवस्थामा सुधार गर्नुपर्दछ।

२५. **वैदेशिक ऋणको उपयोग** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार नेपाल सरकारको वार्षिक बजेटमा वैदेशिक ऋण प्राप्तिको लक्ष्य र वास्तविक प्राप्तिको विगत ३ वर्षको स्थिति देहायअनुसार छः

(रू.लाखमा)

शीर्षक	२०७६।७७	२०७७।७८	२०७८।७९
लक्ष्य	२९८८३३३	२९९५०००	१६५१०००
ऋण प्राप्ति	१६२६०७३	१३०८६७२	१३३०८३४
लक्ष्य/प्राप्ति प्रतिशत	५४.४१	४३.७०	८०.६१

(स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७८।७९, भाग ८)

नेपाल सरकारले २०७८।७९ मा रू.१ खर्ब ६५ अर्ब १० करोड वैदेशिक ऋण प्राप्त गरी उपयोग गर्ने लक्ष्य राखेकोमा रू.१ खर्ब ३३ अर्ब ८ करोड ३४ लाख अर्थात् लक्ष्यको तुलनामा ८०.६१ प्रतिशत प्राप्त गरेको देखिन्छ। वैदेशिक ऋणको लक्ष्य र प्राप्तिबीच अन्तर रहेकाले ऋणको लक्ष्य निर्धारण वस्तुनिष्ठ बनाउने, शोधभर्नामा हुने बिलम्ब नियन्त्रण गर्ने र प्रभावकारी समन्वयमार्फत् वैदेशिक ऋण परिचालन गर्नुपर्दछ।

२६. **ऋण लगानी** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार ६२ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रू.१ खर्ब ३२ अर्ब १ करोड ५९ लाख र वैदेशिक स्रोतबाट ३८ संस्थामा रू.१ खर्ब ९६ अर्ब ९० करोड ५ लाखसमेत रू.३ खर्ब २८ अर्ब ९१ करोड ६४ लाख लगानी भएकोमा यो वर्ष रू.४७ अर्ब ३० करोड ४ लाख थप लगानी र रू.१ अर्ब ५७ करोड ९९ लाख साँवा फिर्ता गरी वर्षान्तमा रू.३ खर्ब ७४ अर्ब ६३ करोड ६९ लाख लगानीको हिसाबमा देखाउनुपर्नेमा रू.३ खर्ब ७३ अर्ब ९२ करोड २० लाख देखाएकोले रू.७१ करोड ४९ लाख ऋण लगानी घटी देखाएको कारण खुलाएको छैन।

२७. **लगानी नीति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७८।७९ सम्म नेपाल सरकारले विभिन्न १४२ संस्थामा रू.७ खर्ब ३१ अर्ब ५६ करोड ९ लाख लगानी गरेको देखिन्छ। जसमध्ये शेयरतर्फ रू.३ खर्ब ५७ अर्ब ६३ करोड ८९ लाख र ऋणतर्फ ३ खर्ब ७३ अर्ब ९२ करोड २० लाख लगानी भएको छ। यस अवधिसम्म कुल लगानीमा ऋण लगानीको अंश ५१ प्रतिशत र शेयर लगानीको अंश ४९ प्रतिशत रहेको छ। तथापि लगानी सम्बन्धी एकीकृत नीति बन्न नसक्दा लगानीको प्राथमिकता, ब्याजदरको सैद्धान्तिक आधार, लगानीको सदुपयोग, लगानीको प्रभावकारी सुपरीवेक्षण, लगानीबाट प्राप्त लाभको विश्लेषण जस्ता

विषयको प्रभावकारीता मूल्याङ्कन गर्न सकेको अवस्था छैन। नेपाल सरकारको बढी लगानी रहेका दश संस्थान यस प्रकार छन्:

(रू.लाखमा)

क्र.सं.	**संस्थानहरू**	**शेयर लगानी**
१.	नेपाल विद्युत प्राधिकरण	१६२०८२८
२.	नेपाल नागरिक उड्डयण प्राधिकरण	६२३६१५
३.	नेपाल टेलिकम	१३७२४४
४.	राष्ट्रिय वाणिज्य बैङ्क	११६०२४
५.	जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	११००००
६.	नेपाल आयल निगम	१०९४०८
७.	कृषि विकास बैङ्क	१००३०६
८.	निक्षेप बीमा तथा कर्जा संरक्षण निगम	९००००
९.	अन्तर्राष्ट्रिय मुद्रा कोष	६५८७६
१०.	नलगाड हाइड्रो पावर कम्पनी लिमिटेड	४९४७१

(स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको शेयर तथा ऋण लगानीको प्रतिवेदन, २०७८।७९)

नेपाल सरकारको शेयर तथा ऋण लेखाङ्कन नीतिअनुसार सरकारद्वारा जारी गरिएको लाभांश नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, संस्थाहरूमा तत्कालीन आवश्यकता पूरा गर्न लगानी गर्ने, एकद्वार पद्धतिबाट मात्र लगानी नहुने, लगानीको अभिलेखाङ्कनमा एकरूपता नहुने लगायतका विषयलाई सम्बोधन गर्नेगरी ठोस नीतिको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

२८. **सार्वजनिक संस्थानको बक्यौता ब्याज** - सार्वजनिक संस्थानमा लगानी भएको रकममा प्राप्त गर्नुपर्ने ब्याज रकम निर्धारित समयमा नै प्राप्तगरी सञ्चितकोष दाखिला गर्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७७।७८ सम्मको प्राप्त हुनुपर्ने ब्याज रू.४५ अर्ब ८२ करोड ७९ लाख रहेकोमा यो वर्ष रू.१६ करोड ३२ लाख समायोजन र रू.१० अर्ब ६८ करोड १६ लाख थपसमेत रू.५६ अर्ब ६७ करोड २७ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.६ अर्ब १८ करोड ८७ लाख प्राप्त भई रू.५० अर्ब ४८ करोड ४० लाख बाँकी रहेको देखिन्छ। सोमध्ये भाखा नाघेको ब्याज रू.४६ अर्ब २२ करोड ९८ लाख रहेको छ। भाखा नाघेको साँवा तथा ब्याजको रकम वृद्धि हुँदै गएकाले कार्ययोजना बनाई असुल गर्नुपर्दछ।

२९. **अस्तित्वमा नरहेका संस्थामा ऋण लगानी** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन अनुसार २०७८।७९ सम्म अस्तित्वमा नरहेको विभिन्न २९ संस्थामा आन्तरिक ऋणतर्फ रू.१ अर्ब ७६ करोड ६१ लाख र वैदेशिक ऋणतर्फ रू.१६ करोड ६६ लाखसमेत रू.१ अर्ब ९३ करोड २७ लाख लगानी गरेको रकम बाँकी रहेको छ। सरकारले गरेको कुल ऋण लगानीको ०.५१ प्रतिशत अस्तित्वमा नरहेका संस्थामा लगानी भएको देखिएकोले उक्त ऋण रकमका सम्बन्धमा उपयुक्त विधि अपनाई हिसाब समायोजन गर्नुपर्नेमा विगतदेखि स्थिति यथावत् रहेको छ।

- ***अनुदान उपयोग***

३०. **कृषि कर्जामा ब्याज अनुदान -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा कृषि कर्जामा ५ प्रतिशत, महिला उद्यमशीलताका लागि ६ प्रतिशत तथा पाँच करोडभन्दा माथिको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने उल्लेख छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार ब्याज अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्या २०७८।७९ मा १ लाख ४७ हजार ३९३ पुगेको छ। नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कमार्फत् उपलब्ध गराएको ब्याज अनुदान २०७७।७८ सम्म रू.३ अर्ब ८५ करोड ४४ लाखमा यो वर्ष थप भएको रू.१० अर्ब १७ करोड १७ लाखसमेत रू.१४ अर्ब २ करोड ८५ लाख पुगेको छ। संघीय कार्यालय, प्रदेश तथा स्थानीय निकायबाट जाने ब्याज अनुदानको एकीकृत अभिलेख राखी दोहोरो नपरेको सुनिश्चित्हुनेगरी अनुगमन गर्ने व्यवस्था मिलाएको छैन।

एकपटक सहुलियतपूर्ण कर्जा उपभोग गरिसकेको ऋणीले पुनः अर्को बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा लिन नपाउने व्यवस्था गर्नुपर्ने, स्वाप भएको कर्जामा ब्याज अनुदान नपाउने व्यवस्था गर्नुपर्ने, सहुलियतपूर्ण कर्जा उपभोग गरी रहेका ऋणीलाई कर्जा सीमा थप गर्दा सीमा थप भएको समय पश्चात् कार्यविधि बमोजिमका कुनैपनि अनुदान सुविधा उपलब्ध नहुने व्यवस्था निर्देशिकाले गरेकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने, अनुगमनबाट देखिएका विषयको कार्यान्वयनको लागि सम्बन्धित वित्तीय संस्था तथा ऋणीलाई निर्देशन दिने कार्य भएको छैन। वितरित सहुलियतपूर्ण कर्जाको उपयोग सम्बन्धमा अनुगमन गर्ने, उक्त अनुदान रकमलाई बीउपुँजीको रूपमा अभिलेखाङ्कन गरेर निश्चित अवधिपछि फिर्ता लिने व्यवस्था मिलाउनुपर्दछ।

३१. **शीतघर तथा खाद्यान्न भण्डार ब्याज अनुदान -** शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापनाका लागि भौतिक पूर्वाधारहरूको निर्माण, मेसिनरी उपकरण खरिद र जडान गर्न वित्तीय संस्थाहरूको नियम अनुसार सम्बन्धित प्रस्तावकले ऋण प्राप्त गर्न सक्ने र यसरी प्राप्त ऋणको शतप्रतिशत ब्याज ऋण प्राप्त गरेको मितिले ५ वर्ष सम्मको लागि नेपाल सरकारबाट अनुदान स्वरूप सम्बन्धित वित्तीय संस्थालाई नेपाल राष्ट्र बैङ्कले प्रत्येक ३ महिनामा ब्याज बापतको रकम भुक्तानी गर्ने उल्लेख भएकोमा उक्त रकम नेपाल राष्ट्र बैङ्क मार्फत् भुक्तानी भएको छ। विगत तीन आर्थिक वर्षमा मुनाफाको उद्देश्यले स्थापित निजी प्रकृतिका २९ संस्थालाई रू.१७ करोड ७८ लाख अनुदान दिएकोमा यो वर्ष १३ शीतघर तथा खाद्यान्न भण्डारलाई रू.९ करोड ३६ लाखसमेत ४२ संस्थालाई रू.२७ करोड १४ लाख ब्याज अनुदान दिएको छ। उल्लिखित शीत तथा खाद्य भण्डारहरूको सञ्चालनको अवस्था र ऋण अनुदान लिएको रकम सोही प्रयोजनमा उपयोग गरेको सुनिश्चित्ता गर्नुपर्दछ।

३२. **ग्रामीण उद्यम लगानी परियोजना -** नेपाल सरकार र एसियाली विकास बैङ्कबीच ग्रामीण उद्यम लगानी परियोजना सञ्चालन गर्न एसियाली विकास बैङ्कले नेपाल सरकारलाई वार्षिक १ प्रतिशत ब्याज भुक्तानी गर्नेगरी अमेरिकी डलर ५० मिलियन ऋण सहयोग उपलब्ध गराउने सम्झौता भएको छ। सो परियोजना सञ्चालनका लागि नेपाल सरकारले सहायक ऋण सम्झौता गरी ऋण उपलब्ध गराउन साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई रू.२ अर्ब उपलब्ध गराएको छ। सो ऋण रकममध्ये २०७९ आषाढ मसान्तसम्म रू.१ अर्ब १० करोड ८७ लाख ५० हजार ऋण कायम भएको र रू.८९ करोड १२ लाख ५० हजार ऋण लेखाङ्कन हुन बाँकी रहेको छ। एसियाली विकास बैङ्कबाट प्राप्त ऋण रकममध्ये रू.१ करोड ९३ लाख ७६ हजार (अमेरिकी डलर १ लाख ५१

हजार) नेपाल राष्ट्र बैङ्कमा रहेको अमेरिकी डलर खातामा मौज्दात रहेको छ। सम्झौताबमोजिम ऋण परिचालन नहुँदा नेपाल सरकारले परिचालन नभएको रकमको ब्याज दायित्व बहन गर्नुपर्ने र तोकिएका लाभग्राही सुविधाबाट बञ्चित हुने भएकाले सम्झौताबमोजिम ऋणको परिचालन गर्नुपर्दछ।

३३. **लघुबीमा सहयोग कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३७ अनुसार विशेष प्रकारका पटके कार्यक्रम तथा आयोजना सञ्चालनार्थ कुनै संगठित संस्थालाई अनुदान दिँदा निकासा दिएको रकमबाट भएको प्रगति विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरेको र लेखापरीक्षण गराएको सम्बन्धमा अनुगमन एवं मूल्याङ्कन गर्नुपर्दछ। मन्त्रालयबाट लघुबीमा (पशु र बाली स्वास्थ्य) सहयोग कार्यक्रमका लागि कृषि विकास बैङ्कलाई रू.६ करोड ४४ लाख, साना किसान विकास बैङ्कलाई रू.१३ करोड ५० लाख र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई पशुधन तथा कर्जा सुरक्षण कार्यक्रमका लागि रू.२० करोडसमेत रू.३९ करोड ९४ लाख अनुदान उपलब्ध गराएको छ। मन्त्रालयले खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गरेको छैन। उक्त अनुदानको अनुगमन एवं मूल्याङ्कन गरी अनुदानको उपयोग सुनिश्चित्गर्नुपर्दछ।

३४. **दरबन्दी तथा पदपूर्ति -** मन्त्रालयले कार्यसम्पादनको लागि उपयुक्त संगठन संरचना र दरबन्दी व्यवस्थापन गर्नुपर्दछ। नेपाल सरकार मन्त्रालयगत प्रगति प्रतिवेदन, २०७९ मा उल्लेख भएको स्थायी दरबन्दी र पदपूर्तिको विवरणअनुसार मन्त्रालय अन्तर्गत ३ हजार २०९ स्वीकृत दरबन्दीमध्ये २ हजार ८०० मात्र पदपूर्ति भएको देखिन्छ। भन्सार विभाग र अन्तर्गतका निकायहरूमा ११० तथा आन्तरिक राजस्व विभाग र अन्तर्गतका निकायहरूमा २९० र अन्य २ निकायमा १३ समेत ४१३ दरबन्दी रिक्त रहेको देखिन्छ। अर्थ मन्त्रालयमा ९ जना तथा आन्तरिक राजस्व विभाग र अन्तर्गतका निकायहरूमा १० समेत १९ जनशक्ति फाजिलमा रहेको देखिन्छ। प्रक्रिया पूरा गरी स्थायी दरबन्दीमा कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

• *सार्वजनिक संस्थान व्यवस्थापन*

३५. **खारेजी भएका संस्थानमा ऋण लगानी -** निजीकरण ऐन, २०५० बमोजिम निजीकरण भई हाल बन्द अवस्थामा रहेका १२ संस्थानमध्ये देहायबमोजिमका संस्थानमा २०७८।७९ सम्म निम्नानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने भाखा नाघेको साँवा र ब्याज बक्यौता रहेको देखिन्छः (रू.हजारमा)

क्र.सं.	संस्थानको विवरण	२०७८।७९ सम्मको साँवा	२०७८।७९ सम्मको ब्याज	कुल
१	हिमाल सिमेन्ट कम्पनी	३७२१३७	३३७१०३	७०९२४०
२	सुर्ती विकास कम्पनी	२१५२	८२२४	१०३७६
३	कृषि औजार कारखाना	७२३६२	६३२५९	१३५६२१
४	नेपाल जुट विकास तथा व्यापार सस्थान	१११३८९	०	१११३८९
५	घरेलु सिल्पकला बिक्री भण्डार	४७२५२	११४८७७	१६२१२९
६	हेटौंडा कपडा उद्योग	४२७४०७	४७१०५९	८९८४६६
७	वीरगन्ज चिनी कारखाना	२८४५४२	३४६४९६	६३१०३८
८	नेपाल यातायात संस्थान	८८१४१	१७२९४१	२६१०८२
	जम्मा	**१४०५३८२**	**१५१३९५९**	**२९१९३४१**

(स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको शेयर तथा ऋण लगानीको प्रतिवेदन, २०७८।७९)

खारेजी भई बन्द अवस्थामा रहेका १२ संस्थानमध्ये ८ संस्थानमा ऋण लगानी रहेको रू.१ अर्ब ४० करोड ५४ लाख साँवा तथा रू.१ अर्ब ५१ करोड ३९ लाख ब्याजसमेत रू.२ अर्ब ९१ करोड ९३ लाख प्राप्त गर्न बाँकी रहेको देखिन्छ। कार्यालयले उल्लिखित विवरणमा नेपाल जुट विकास तथा व्यापार संस्थानलाई प्रदान गरेको २०७७।७८ सम्मको बाँकी ऋणको २०७८।७९ मा ब्याज गणना गरेको देखिएन।

३६. **बन्द रहेका संस्थान व्यवस्थापन -** व्यावसायिक संभावना नभएका र उद्देश्य अनुरूप कार्सम्पादन गर्न नसकी लगातार घाटामा सञ्चालन भएका सार्वजनिक संस्थानमा सरकारको आर्थिक दायित्व बर्षेनि बढ्दै गएको छ। बढ्दो आर्थिक दायित्व घटाउन संस्थानको पुनसंरचना गर्ने कार्य हुन सकेको छैन। बन्द अवस्थामा रहेका संस्थानहरूको पुनःसञ्चालन गर्ने सम्बन्धी २०७८।७।१५ मा गठित कार्यदलले तयार गरेको प्रतिवेदनअनुसार ४४ संस्थान अस्तित्वमा रहेको र ६ संस्थान बन्द अवस्थामा रहेका छन्। हाल बन्द अवस्थामा रहेका नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. बुटवल धागो कारखाना, गोरखकाली रवर उद्योग, जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल र नेपाल औषधि लिमिटेडमा नेपाल सरकारको लगानी रहेको र तीनको पुनःसञ्चालन गर्न केही संस्थान निजी क्षेत्रलाई सञ्चालन गर्न दिने, केही संस्थान खारेज गर्ने, संस्थानको ट्रेडमार्क तथा ब्राण्डहरू बिक्री गर्ने र संस्थानको जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याउने लगायतको विषयमा सिफारिस गरेपनि हालसम्म ती संस्थामा गरेको लगानी, लगानी उठाउने विधि र संस्थान सञ्चालन सम्बन्धी ठोस निर्णय नभएकाले सो सम्बन्धमा आवश्यक निर्णय गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

३७. **शेयर स्वामित्व -** नेपाल सरकार, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र जापान सरकारबीचको त्रिपक्षीय सम्झौता बमोजिम निर्माण भएको भवन र सरकारको स्वामित्वमा रहेको जग्गाको मूल्याङ्कन अनुसार २०७५।३।३१ सम्म कायम रहेको नुन भण्डारण गोदामको खुद परल मूल्य रू.५८ करोड १७ लाख ९ हजार रहेकोमा उक्त मूल्य बराबरको नेपाल सरकारको नाममा शेयर कायम भएको छैन। विराटनगर जुट मिलमा नेपाल सरकारको रू.७२ लाख ४८ हजार शेयर लगानी र रू.१ अर्ब १७ करोड ४६ लाख ऋण लगानी भएको देखिन्छ। सो शेयर संरचनालाई सञ्चालक समितिले शेयर स्वामित्व परिवर्तन गरी निजी क्षेत्रको लगानी थप गरी नेपाल सरकारको स्वामित्वमा संकुचन गरेको विषयमा उच्चस्तरीय जाँचबुझ आयोगले विराटनगर जुट मिलमा नेपाल सरकारको लगानी पुँजीकरण गरी शेयर संरचना बदल्न सुझाउ दिएकोमा यो वर्षपनि कार्यान्वयन भएको छैन।

३८. **शेयर लगानी प्रतिफल -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न ११४ संस्थामा साधारण, प्राथमिकता प्राप्त शेयर र अन्तर्राष्ट्रिय संस्थामा शेयरसमेत रू.३ खर्ब ४२ अर्ब ११ करोड ११ लाख शेयर लगानी गरेकोमा यो वर्ष थप लगानी रू.१५ अर्ब ५२ करोड ७८ लाखसमेत यो वर्षसम्म रू.३ खर्ब ५७ अर्ब ६३ करोड ८९ लाख शेयर लगानी भएको देखिन्छ। शेयर लगानीमध्ये यो वर्ष नेपाल टेलिकमबाट रू.२ अर्ब ७४ करोड ४९ लाख, नागरिक लगानी कोषबाट रू.२ करोड ६७ लाख, कृषि विकास बैङ्क लिमिटेडबाट रू.३८ करोड ५० लाख, राष्ट्रिय वाणिज्य बैङ्कबाट रू.१८ करोड ५४ लाख, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट रू.५२ करोड ३५ लाख, नेपाल स्टक एक्सचेञ्ज बाट रू.३५ करोड २० लाख, बुटवल पावर कम्पनीबाट रू.२ करोड १९ लाखसमेत ९ संस्थाबाट रू.४ अर्ब २४ करोड ३७ लाख नगद लाभांश प्राप्त भएको देखिन्छ। यो वर्ष प्राप्त लाभांश गत वर्ष प्राप्त भएको भन्दा ६६.७२ प्रतिशतले घटेको

देखिन्छ। ती बाहेक १०५ संस्थामा गरेको रू.२ खर्ब ५८ अर्ब ७८ करोड २२ लाख शेयर लगानीबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ।

३९. **सार्वजनिक संस्थानको सञ्चालन अवस्था -** सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार नेपालमा सञ्चालित ६९ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्षमा विनिवेश भएका ३० संस्था तथा पछिल्लो समय ३९ संस्था स्थापना गरी थप भएकासमेत अस्तित्वमा रहेका ४४ संस्था मध्ये ४२ संस्था सञ्चालनमा रहेका छन्;

३९.१ रोजगारी तथा उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यले निजीकरण भएका १८ संस्थानमध्ये हाल १२ संस्थान सञ्चालनमा रहेको र ६ संस्थान बन्द अवस्थामा रहेका छ। भृकुटी कागज कारखाना, हरिसिद्धि इटा टायल कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, चलचित्र विकास कम्पनी लि., बालाजु कपडा उद्योग र काँचो छाला सङ्कलन तथा बिक्री कम्पनीको जग्गा जमिनसमेत प्लटिङ गरी बिक्री गरेको अवस्था छ। विराटनगर जुट मिल्स घाटामा सञ्चालनमा रहेको, रघुपती जुट मिल्स, नेपाल चिया विकास निगम, लुम्बिनी चिनी कारखाना र नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड सञ्चालनमा रहेतापनि नाफा घाटाको अवस्था एकीन गरेको छैन। निजीकरण भएका अन्य ७ संस्थानमात्र नाफामा सञ्चालनमा रहेको देखिन्छ। निजीकरण सम्झौता तथा प्रस्तावना अनुसार उद्योगहरू सञ्चालन नभएकोमा सम्बन्धित निकाय र मन्त्रालयबाट प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण गरेको छैन। निजीकरण भएका संस्थाबाट उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र राजस्वमा योगदानसमेत न्यून रहेकाले निजीकरणका सम्बन्धमा उचित नीति अवलम्वन गर्नुपर्दछ।

३९.२ संस्थानको वित्तीय पारदर्शिता तथा आर्थिक सुशासनका लागि सञ्चालनमा रहेका संस्थानहरूले कानूनमा तोकिएअनुसार सम्बन्धित तालुक निकायबाट संस्थानहरूलाई समयमै लेखापरीक्षण गर्न निर्देशन गरेको भए तापनि सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार २०७९ जेष्ठ सम्ममा १६ सार्वजनिक संस्थानले मात्र तोकिएको समयमा २०७८।७९ सम्मको लेखापरीक्षण गराएको देखिन्छ। २३ संस्थानले २०७८।७९ को लेखापरीक्षण गराएका छैनन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले २०७८।७९ समेत ३ वर्षको, विशाल बजार कम्पनी लिमिटेडले २ वर्ष र राष्ट्रिय बीमा कम्पनी लिमिटेडले विगत ५ वर्षको तथा राष्ट्रिय बीमा संस्थानले ९ वर्षदेखि लेखापरीक्षण गराएका छैनन्। जनकपुर चुरोट कारखाना र राष्ट्रिय आवास कम्पनीले २०७७।७८ को लेखापरीक्षण १ वर्ष ढिला गरी गरेको देखिन्छ। समयमा लेखापरीक्षण नगराउने संस्थाका पदाधिकारीलाई जिम्मेवार बनाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ।

३९.३ सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ अनुसार नेपालमा हालसम्म विनिवेश गरिएका ३० संस्थानमध्ये १२ खारेजी गरिएकोमा कृषि चुन उद्योग लिमिटेडको मात्र कम्पनी रजिष्टारको कार्यालयबाट कानूनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छ। अन्य संस्थानको कानूनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छैन। खारेजी गर्ने निर्णय भएको लामो अवधिसम्म पनि कानूनी प्रक्रिया सम्पन्न नगर्नुको कारण स्पष्ट हुन आएन। खारेज भएका संस्थानको कानूनी रूपमै अस्तित्व समाप्त गर्नुपर्ने व्यहोरा औंल्याउँदै आएकोमा यो वर्ष पनि खारेज गरेको छैन।

३९.४ नेपाल सरकारले निजीकरण गर्दा नेपाल चिया विकास निगमको ६५ प्रतिशत शेयर एक ग्रुपलाई बिक्री गरेको थियो। सम्झौतामा उल्लेख भएअनुसार कम्पनीले ५० वर्षको अवधिमा रू.२ करोड ८० लाखका दरले रकम बुझाउनु पर्नेमा हालसम्म पनि नबुझाएको र २०६४ फाल्गुणसम्मको एकमुष्ठ भाडा रू.१० करोड ७३ लाख ४२ हजारलाई निजको वित्तीय विवरणमा दायित्व देखाउँदै आएको छ। उक्त रकम राजस्व दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४०. **सार्वजनिक संस्थानमा लगानी -** सार्वजनिक संस्थानमा शेयर तथा ऋणमा २०७६।७७ मा रु ५ खर्ब १९ अर्ब ५४ करोड ८६ लाख भई ९.१८ प्रतिशतले वृद्धि भएको छ। यसमा शेयरको अंश ५५.४७ प्रतिशत तथा ऋणको अंश ४४.५३ प्रतिशत रहेको छ। नेपाल सरकारको सार्वजनिक संस्थानमा शेयर तथा ऋणमा लगानी बढ्दै गएको छ। कुल ऋण लगानी रू.२ खर्ब ५२ अर्ब ६३ करोड ७९ लाखमध्ये नेपाल विद्युत प्राधिकरणमा ८०.०३ प्रतिशत अर्थात् रू.२ खर्ब २ अर्ब १७ करोड ७५ लाख रहेको छ। सो रकम नयाँ विद्युत विकासका आयोजना र प्रसारण लाइन निर्माणमा केन्द्रित रहेको छ।

नेपाल सरकारले औद्योगिक, व्यापारिक, सेवा लगायत विभिन्न क्षेत्रमा रहेका ४२ सार्वजनिक संस्थामा लगानी गरेको ऋण र शेयर लगानीमा सम्बन्धित संस्थानको तथ्याङ्क र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले देखाएको तथ्याङ्कबीच क्रमशः रू.२१ अर्ब ४२ करोड र रू.३ अर्ब ६० करोड ६१ लाख फरक देखिन्छ। ऋण तथा शेयर लगानी यकिन नहुँदा नेपाल सरकारलाई प्राप्त हुने प्रतिफलमा समेत असर गर्दछ। फरक सम्बन्धमा यकिन गरी हिसाब अद्यावधिक गरिनुपर्दछ।

महालेखा नियन्त्रक कार्यालय

महालेखा नियन्त्रक कार्यालय नेपाल सरकारको सञ्चित कोष सञ्चालन गर्ने जिम्मेवार निकाय हो। यस कार्यालयले बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आय व्ययको लेखा राख्ने र सोको केन्द्रीय वार्षिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्ने, निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुल र प्रचलित कानूनद्वारा तोकिएका अन्य कार्यहरूसमेत सम्पादन गर्दै आएको छ। यो कार्यालय अन्तर्गत २०३८ सालबाट प्रतिनिधि कार्यालयका रूपमा ७७ जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयसहित देशभर जम्मा ८१ कार्यालय सञ्चालनमा रहेका छन्।

४१. **सञ्चित कोष -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको संघीय सञ्चित कोषको आर्थिक विवरणअनुसार प्राप्ति र भुक्तानीको अवस्था देहायअनुसार छः

संघीय सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण

(रू. लाखमा)

विवरण	यस आ.ब. (२०७८।७९) को कारोबार			गत आ.ब. २०७७।७८ को कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१. राजस्व, अनुदान र अन्य प्राप्ति	१०,०२२,९८५	८६,३३९	१०,१०९,३२४	८,९२२,२१३	८६,५६१	९,००८,७७४
१.१. राजस्व	९,३८२,७८५	०	९,३८२,७८५	८,२४३,७५७	०	८,२४३,७५७
क. कर	८,५९१,२५४	०	८,५९१,२५४	७,६१०,५६६	०	७,६१०,५६६
ख. अन्य राजस्व	७९१,५३१	०	७९१,५३१	६३३,१९१	०	६३३,१९१
१.२. अनुदान	१५५,१५१	८६,३३९	२४१,४९०	२६७,९१६	८६,५६१	३५४,४७७
क. द्विपक्षीय वैदेशिक अनुदान	८,८४७	२६,९६४	३५,८१०	७४,४८०	४८,५४८	१२३,०२९

विवरण	यस आ.ब. (२०७८।७९) को कारोबार			गत आ.ब. २०७७।७८ को कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
ख. बहुपक्षीय वैदेशिक अनुदान	१४६,३०४	५९,३७५	२०५,६८०	१९३,४३६	३८,०१२	२३१,४४८
१.३. वेरू.जु तथा अन्य प्राप्ति	४८५,०४९	०	४८५,०४९	४१०,५४०	०	४१०,५४०
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	३,१९४,८४३	३९०,१६६	३,५८५,०१०	३,७२७,८२१	२७७,४८७	४,००५,३०८
२.१. ऋण लगानी फिर्ता	२९,३८५	०	२९,३८५	३२,२३५	०	३२,२३५
क.आन्तरिक ऋण लगानी फिर्ता	२९,३८५	०	२९,३८५	३२,२३५	०	३२,२३५
२.३. वैदेशिक ऋण प्राप्ति	९६९,२५४	३९०,१६६	१,३५९,४२१	१,४६७,७९८	२७७,४८७	१,७४५,२८५
२.४ आन्तरिक ऋण	२,१९६,२०४	०	२,१९६,२०४	२,२२७,७८७	०	२,२२७,७८७
क. राष्ट्रिय बचतपत्र	२८,२९८	०	२८,२९८	०	०	०
ख. नागरिक बचतपत्र	१,२४५,०००	०	१,२४५,०००	३९,५३९	०	३९,५३९
ग. विकास ऋणपत्र	५६७	०	५६७	१,३००,०००	०	१,३००,०००
घ. वैदेशिक रोजगार बचतपत्र	०	०	०	५५२	०	५५२
ङ. ब्याजमा आधारित ट्रेजरी बिल	१३,३२४	०	१३,३२४	०	०	०
च. बट्टामा आधारित ट्रेजरी बिल	९०९,०१५	०	९०९,०१५	८८७,६९६	०	८८७,६९६
यो वर्षको खुद प्राप्ति (१+२)	१३,२१७,८२८	४७६,५०५	१३,६९४,३३३	१२,६५०,०३४	३६४,०४८	१३,०१४,०८२
भुक्तानी	१२,६२३,५०३	४७६,५०५	१३,१००,००८	११,६०२,७१२	३६४,०४८	११,९६६,७६०
४.१. सञ्चित कोषमाथी व्ययभार हुने खर्च	१,२२२,४५७	०	१,२२२,४५७	९५१,६०५	०	९५१,६०५
क. चालु खर्च	४५४,९२१	०	४५४,९२१	३४९,३०३	०	३४९,३०३
क. वित्तीय खर्च	७६७,५३७	०	७६७,५३७	६०२,३०३	०	६०२,३०३
४.२. सञ्चित कोषबाट विनियोजन हुने खर्च	११,४०१,०४६	४७६,५०५	११,८७७,५५१	१०,६५१,१०७	३६४,०४८	११,०१५,१५४
क. चालु खर्च	८,९२१,९१९	१६६,३२८	९,०८८,२४७	८,०६४,४७९	४८,३९१	८,११२,८७१
ख. पुँजीगत खर्च	२,०६२,६८६	९९,४४५	२,१६२,१३१	२,१७७,६६८	११०,६९३	२,२८८,३६१
ग. वितीय खर्च	४१६,४४०	२१०,७३३	६२७,१७३	४०८,९५९	२०४,९६४	६१३,९२३
५. यस अवधिको कोषमा भएको थप धट (+।-) (३-४)	५९४,३२५	०	५९४,३२५	१,०४७,३२२	०	१,०४७,३२२
६. आर्थिक वर्षको सुरू.बातको मौज्दात	-१,११९,६३३	०	-१,११९,६३३	-२,१६६,९५६	०	-२,१६६,९५६
७. विनिमयदर वा अन्य समायोजन	-१३,८०७	०	-१३,८०७	१	०	१
८. आर्थिक वर्षको अन्त्यको मौज्दात (५+६+७)*	-५३९,११४	०	-५३९,११४	-१,११९,६३३	०	-१,११९,६३३

४१.१ महालेखा नियन्त्रक कार्यालयले २०७९।९।१५ मा पेस गरेको संघीय सञ्चितकोषको संशोधित वार्षिक आर्थिक विवरणमा २०७८।७९ मा समग्र राजस्व, अनुदान र ऋण (आन्तरिक र बाह्य) समेत रू.१३ खर्ब ६९ अर्ब ४३ करोड ३३ लाख प्राप्ति देखाएको छ। उक्त प्राप्तिबाट चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ रू.१३ खर्ब १० अर्ब ८ लाख खर्च गरी रू.५९ अर्ब ४३ करोड २५ लाख बचत गरेको र यो वर्षको बचतमा गत वर्षसम्मको ऋणात्मक मौज्दात समायोजन गर्दा २०७९ आषाढमसान्तमा रू.५३ अर्ब ९१ करोड १४ लाख ऋणात्मक मौज्दात देखिन्छ। नेपाल सरकारले नगदमा आधारित लेखा प्रणाली अपनाएको अवस्थामा कोषको मौज्दात ऋणात्मक हुन नसक्ने अवस्थामा विगत वर्षदेखिनै यसरी ऋणात्मक मौज्दात देखिएको छ। यस सम्बन्धमा छानबिन गरी हिसाब यथार्थ गर्नुपर्नेमा सो हुन सकेको छैन।

४१.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० अनुसार गत आर्थिक वर्षको स्थानीय तह, प्रदेश र संघीय सरकारको आम्दानी, खर्च, कोष, धरौटी राजस्व र सम्पत्ति तथा दायित्व लगायतको एकीकृत वित्तीय विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेस गर्नुपर्नेमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको अलग अलग वित्तीय विवरण पेस गरेकोले उक्त नियमावली

पालना नभएको र राज्यको वास्तविक स्थितिसमेत यकिन हुन नसकेको अवस्था छ। तीनै तहका सरकारको सञ्चित कोष व्यवस्थापन प्रणालीको ढाँचा तोकेर एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४१.३ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको संशोधित आर्थिक विवरणअनुसार बचत रू.५९ अर्ब ४३ करोड २५ लाखमा गत वर्षहरूदेखि रहेको सञ्चित ऋणात्मक मौज्दात रू.१ खर्ब ११ अर्ब ९६ करोड ३३ लाखमा समायोजन गर्दा रू.५२ अर्ब ५३ करोड ८ लाख सञ्चित मौज्दात हुनुपर्नेमा रू.५३ अर्ब ९१ करोड १४ लाख ऋणात्मक मौज्दात देखाएको छ। फरक रू.१ अर्ब ३८ करोड ६ लाखलाई कार्यालयले प्रमाण बेगर विनिमयदर वा अन्य समायोजन भनी आर्थिक विवरणमा उल्लेख गरेकोले हिसाब यथार्थपरक देखिएन।

गत वर्ष नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार विभिन्न वाणिज्य बैङ्कहरूको नाउँमा खोलिएको खाताहरूमा मौज्दात बाँकी रहेको रू.९५ अर्ब ४९ करोड ५६ लाखलाई यो वर्षको हिसाबमा समायोजन गरेको छैन। उक्त रकम समावेश गरी सञ्चित कोषको हिसाब भिडान गर्नुपर्दछ।

४१.४ सरकारी कारोबार सञ्चालन निर्देशिका, २०७६ अनुसार वैदेशिक सहायता आम्दानी प्राप्त गर्दा दाताको नाममा नेपाल राष्ट्र बैङ्कमा क-७ समूहमा दाताअनुसार खाता खोल्ने र खर्च गर्दा क.२.५ विशेष खाता (अनुदान)बाट खर्च गर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार सो खाताभन्दा बाहिर प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम नामको खातामा अमेरिकी डलर ६३ लाख ३६ हजार १२५ रहेको देखिन्छ। सोको २०७९ आषाढ मसान्तको विनिमय दर रू.१२७.५१ का दरले रू.८० करोड ७९ लाख हुँन आउछ। यसप्रकारको क-७ समूह उल्लेख नभएको रकम दातृ निकायसँग समन्वय गरी सञ्चित कोषमा ल्याएको छैन।

४१.५ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक ऋणतर्फ रू.२ खर्ब ३१ अर्ब ८४ करोड ५५ लाख प्राप्ति देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरणमा रू.२ खर्ब १९ अर्ब ६२ करोड ४ लाखमात्र देखाएकोले सञ्चित कोषतर्फ रू.१२ अर्ब २२ करोड ५१ लाख घटी प्राप्ति देखाएको हुँदा उक्त हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

४१.६ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले वैदेशिक ऋणतर्फ रू.१ खर्ब ३३ अर्ब ८ करोड ३४ लाख वैदेशिक ऋण प्राप्त भएको विवरण पेस गरेकोमा महालेखा नियन्त्रक कार्यालयले मूल आर्थिक विवरणमा रू.१ खर्ब २५ अर्ब ६१ करोड २८ लाख प्राप्ति देखाएको छ। तर सञ्चित कोषको संशोधित आर्थिक विवरणमा रू.१ खर्ब ३५ अर्ब ९४ करोड २१ लाखमात्र प्राप्ति देखाएकोले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले पेस गरेको विवरणमा भन्दा सञ्चित कोषको संशोधित आर्थिक विवरणमा बढी रू.२ अर्ब ८५ करोड ८७ लाख देखिन्छ। निकायबीच ऋण प्राप्तिमा फरक पर्नाको कारण स्पष्ट गर्नुपर्दछ।

त्यसैगरी नेपाल राष्ट्र बैङ्कको बैङ्क खाता विवरणअनुसार यो वर्ष रू.२ खर्ब ३१ अर्ब ३० करोड ३० लाख कुल आन्तरिक ऋण प्राप्त भएको देखिन्छ। तर सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले रू.२ खर्ब ३१ अर्ब ८४ करोड ५५ लाख ऋण प्राप्त भएको देखाएकोले रू.५४ करोड २५ लाख बढी ऋण प्राप्त भएको आधार पेस हुन सकेन। यसरी स्रोत हस्तान्तरण भएको रकम फरक परेकोले हिसाब मिलान गर्नुपर्दछ।

नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण सोझै भुक्तानीतर्फ प्राप्ति रू.३९ अर्ब १ करोड ६६ लाख र वैदेशिक अनुदानतर्फ सोझै भुक्तानी रू.८ अर्ब ६३ करोड ३९ लाख लेखाङ्कन नगरेको र सञ्चित कोषको हिसाबसँग बैङ्कको हिसाब फरक परेको जनाए तापनि हिसाब मिलान विवरण तयार गरेको छैन। फरक हिसाब मिलान गर्नुपर्दछ।

४२. **ऋणको लेखाङ्कन -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले नेपाल वायुसेवा निगमको लागि ४ जहाज खरिद गर्न चाईना एक्जिम बैङ्कको ऋण सहयोगमा लिएको रू.३ अर्ब २ करोड ६ लाख ऋणको हिसाबमा रहेको तर लगानीको हिसाबमा समावेश गरेको छैन। त्यसैगरी नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माणको लागि यो वर्ष रू.३ अर्ब ४९ करोड ९० लाख समेत प्राप्त गरेको रू.१७ अर्ब २२ करोड १६ लाख लगानीको हिसाबमा रहेको तर कुल वैदेशिक ऋणमा समावेश नभएकोले सो रकमले सञ्चितकोषमा असर गरेको छ।

४३. **भुक्तानी खर्च -** वैदेशिक स्रोततर्फको सोझै भुक्तानी खर्च र वस्तुगत सहायता रकम भुक्तानी भएको जानकारी प्राप्त हुँनासाथ एकल खाता कोष प्रणालीमा प्रविष्ट गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाउनुपर्नेमा स्थानीय पूर्वाधार विभागले आर्थिक विवरण तयार नगरेको र लेखापरीक्षण नगराएकोले दातृ पक्षबाट सोझै भुक्तानीमार्फत् रू.३२ करोड ९१ लाख २० हजार खर्च गरेको जानकारी पठाए तापनि शीर्षकगत खर्चका स्रेस्ता तयार नगरेकोले सोझै खर्चको रकम एकीकृत वित्तीय विवरणमा समावेश भएको छैन। वास्तविकतामा आधारित खर्चको अभिलेख तयार गरी लेखापरीक्षण गराउनु पर्दछ।

४४. **आन्तरिक ऋण बढी जिम्मेवारी -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको प्रतिवेदनअनुसार गत वर्षको अन्त्यसम्म रू.८ खर्ब ८४ करोड ३४ लाख तिर्नुपर्ने ऋण दायित्व देखाएकोमा यो वर्ष गत वर्षसम्मको ऋण दायित्व भनी रू.८ खर्ब २ अर्ब ९४ करोड १६ लाख देखाएकोले रू.२ अर्ब ९ करोड ८२ लाख बढी जिम्मेवारी सार्नुको कारण स्पष्ट गरेको छैन। उचित कारण र विस्तृत विवरण पेस नगरी एकमुष्ट रूपमा ऋण जिम्मेवारी वृद्धि गर्न मिल्ने देखिँदैन।

४५. **वैदेशिक ऋणतर्फ घटी दायित्व देखाएको -** गत वर्षसम्म वैदेशिक ऋण रू.९ खर्ब ३४ अर्ब ६९ करोड ५२ लाख रहेको र यो वर्ष रू.१ खर्ब ३३ अर्ब ८ करोड ३४ लाख प्राप्त भएकोमा रू.२९ अर्ब ४१ करोड ५८ लाख फिर्ता र रू.१२ अर्ब ५१ करोड ५७ लाख विनिमय दर घाटा समायोजन गर्दा रू.१० खर्ब ५० अर्ब ८७ करोड ८५ लाख हुनुपर्नेमा कुनै कारण उल्लेख नगरी रू.१० खर्ब २५ अर्ब ८४ करोड ७१ लाख देखाएकोले रू.२५ अर्ब ३ करोड १४ लाख घटी दायित्व सारेको छ। वैदेशिक विनिमय दर वृद्धिको कारण ऋण दायित्वमा वृद्धि भएको अवस्थामा स्पष्ट आधार बेगर दायित्व घटाएको छ।

४६. **आन्तरिक ऋणको लक्ष्य -** बजेटमा २०७८।७९ को लागि रू.२ खर्ब ३९ अर्ब आन्तरिक ऋण असुलीको लक्ष्य रहेकोमा नेपाल राष्ट्र बैङ्कले आन्तरिक ऋणको क्यालेन्डरमा ट्रेजरी बिलको निष्काशन लक्ष्य रू.१ खर्ब ३ अर्ब ९१ करोड ५६ लाख निर्धारण गरेको छ। गत वर्षसम्मको ट्रेजरी बिलको ऋण बाँकी रकम (रोलओभर) लाई सम्बन्धित वर्षको आन्तरिक ऋणको लक्ष्यमा समावेश गरेको छैन। नेपाल राष्ट्र बैङ्कको आन्तरिक ऋणको संक्षिप्त विवरणअनुसार निम्न आर्थिक वर्षको अन्त्यसम्म देहायअनुसारका ट्रेजरी बिलको रकम तिर्न बाँकी देखाएको छः

ट्रेजरी बिलको ऋण बाँकी		आन्तरिक ऋणको लक्ष्य र असुली	
आर्थिक वर्ष	रकम रू.(लाखमा)	आन्तरिकको ऋण लक्ष्य रू.(लाखमा)	असुली रू.(लाखमा)
२०७२।७३	११६०५९१	८८००००	८७५८८१
२०७३।७४	११०४०९३	१११००००	८७५२९३
२०७४।७५	१४४८४७९	१४४००००	१४२०३६८
२०७५।७६	१४६७९२९	१७२००००	९६३८२०
२०७६।७७	२१५२१८१	१९५००००	१९४९०२८
२०७७।७८	२७९५९१५	२२५००००	२२४००९१
२०७८।७९	३५४५०८१	२३९००००	२३१८४५५

उपर्युक्त तथ्याङ्कअनुसार गत वर्षसम्मको ट्रेजरी बिलको ऋण बाँकी रकमलाई सम्बन्धित वर्षको निष्काशनको लक्ष्यमा समावेश नगरी लक्ष्य न्यून राखिएको छ। यो वर्ष रू.२ खर्ब ३९ अर्ब आन्तरिक ऋणको लक्ष्य तोकेकोमा गत वर्षसम्मको ट्रेजरी बिलको ऋण बाँकी रू.२ खर्ब ७९ अर्ब ५९ करोड १५ लाख आन्तरिक ऋणको लक्ष्यमा समावेश गरेको छैन। आन्तरिक ऋणको वास्तविक लक्ष्यअनुसार असुली गर्न र तरलता संकट समाधान गर्न गत वर्षसम्मको ट्रेजरी बिलको ऋण बाँकी रकमलाई समावेश गरेर लक्ष्य निर्धारण गरी आन्तरिक ऋण असुल गर्नुपर्दछ।

४७. **वित्तीय हस्तान्तरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।स्थानीय तहको लेखा व्यवस्थापन प्रणाली (सुत्र) को हिसाबअनुसार स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदानतर्फ कुल रू.२ खर्ब १३ अर्ब ५७ करोड ९ लाख निकासा भएकोमा रू.१ खर्ब ८१ अर्ब ७० करोड ६२ लाख खर्च भई रू.३१ अर्ब ८६ करोड ४७ लाख मौज्दात फिर्ता गर्नुपर्नेमा आर्थिक २०७८।७९ मा रू.९ अर्ब १३ करोड ७० लाखमात्र फिर्ता गरेको देखिन्छ। बाँकी रहेको रकममध्ये रू.१७ अर्ब ५६ करोड ४० लाख २०७९।८० को फागुन सम्म फिर्ता गरेको छ। संघीय सञ्चित कोषमा खर्च देखाएको मध्ये २०७९ फागुनसम्म रू.५ अर्ब १६ करोड ३७ लाख स्थानीय सञ्चित कोषमा मौज्दात रहेको छ।

४८. **वैदेशिक ऋणको उपयोग** - अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा अन्तर्राष्ट्रिय विकासको सहुलियतपूर्ण ऋण सहायता परिचालन गर्दा आर्थिक वृद्धि हासिल गर्ने, उत्पादकत्व बढाउने, रोजगारीका अवसर सिर्जना गर्ने, आयात प्रतिस्थापन गर्ने, व्यापार असन्तुलन कम गर्ने, भौतिक पूर्वाधार, कृषि र पर्यटन पूर्वाधार निर्माण गर्ने, सीप विकास तथा रोजगारी सिर्जना गर्ने, निर्यात क्षमता वढाउने क्रियाकलापमा खर्च गर्ने र अन्य ऋण सहायता गर्दा जलविद्युत उत्पादन, राजमार्ग र पुल निर्माण, रेलमार्ग, विमानस्थल र सुख्खा बन्दरगाहा, पूर्वाधार निर्माण जस्ता क्षेत्रमा परिचालन गरिने उल्लेख छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.१ खर्ब ३३ अर्ब ८ करोड ३४ लाख वैदेशिक ऋण लिएकोमा नेपाल सरकारले पुँजी निर्माण नहुने प्रकृतिका विभिन्न ४४ योजना तथा कार्यक्रममा रू.२५ अर्ब ५६ करोड १० लाख ६८ हजार खर्च गरेको छ। यसरी प्राथमिकतामा नपर्ने प्रकृतिको चालु क्रियाकलापमा खर्च गरेको उपयुक्त देखिएन।

बजेटरी सहायता रकम प्राप्त गर्दा केही ऋणमा सम्झौता गरेको मितिदेखि नै ब्याज गणना हुने तर परिचालन समयमा नहुने र दातृ निकायलाई विशेष प्रतिवेदन गर्न नपर्ने भएकोले दातृ निकाय र सरकारी निकाय दुवैलाई सहज हुने गरे तापनि राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा वैदेशिक ऋण परिचालन नहुँदा बजेटरी सहायतामा प्राप्त भएको ऋणको उपयोगिता कमजोर रहेको देखिन्छ। वैदेशिक ऋण लिदा उच्च प्राथमिकतामा रहेका आयोजनामा आधारित ऋण लिनुपर्ने देखिएको छ।

४९. **आन्तरिक ऋण -** पन्ध्रौं आवधिक योजनाले राष्ट्रिय पूर्वाधार र उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ। तर आन्तरिक ऋण सम्बन्धी छुट्टै नीति तयार गरेको छैन। आन्तरिक ऋणको प्रयोगसमेत पूर्वाधार निर्माण एवं पुँजी निर्माण गर्ने प्रकृतिका योजनामा उपयोग गर्नुपर्नेमा गरेको छैन। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ मा चालु प्रकृतिका वितरणमुखी एवं पुँजी निर्माण नहुने २७५ योजना तथा कार्यक्रममा रू.४६ अर्ब ५२ करोड ८८ लाख खर्च गरेबाट आन्तरिक ऋण प्रभावकारी हुन सकेको छैन। यो वर्ष विकास ऋणपत्रबाट रू.१ खर्ब २४ अर्ब ५० करोड, नागरिक बचतपत्रबाट रू.२ अर्ब ८२ करोड ९८ लाख र वैदेशिक रोजगार बचतपत्रबाट रू.५ करोड ६६ लाख मध्यमकालीन प्रकृतिको ऋण लिँदा औसत १०.३० प्रतिशत र ट्रेजरी बिलको माध्यमबाट रू.१ खर्ब ३ अर्ब ९१ करोड ६६ लाख ऋण लिदा औसत ५.८२ प्रतिशत ब्याज तिर्ने गरी लिएको ऋणबाट चालु प्रकृतिका तलब भत्ता, अनुदान, वितरणमुखी एवं पुँजी निर्माण नहुने क्रियाकलापमा खर्च भएको छ।

५०. **शोधभर्ना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२ मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा प्रत्येक आयोजनाले शोधभर्ना हुनेगरी भएको निकासा खर्चसँग सम्बन्धित कार्यालय/आयोजनाबाट शोधभर्ना माग गर्ने, दातृपक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी समयमै शोधभर्ना माग गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५०.१ गत वर्षसम्म ऋण तथा अनुदान शोधभर्ना हुन बाँकी रू.२३ अर्ब ९३ करोड ८९ लाख रहेकोमा यो वर्ष रू.३६ अर्ब ८६ करोड ५५ लाख पुगेको छ। दातासँग सम्झौता भएको रकम समयमा शोधभर्ना माग गरी सञ्चित कोषको अवस्था ऋणात्मक हुन नदिने व्यवस्था मिलाउनुपर्दछ।

५०.२ कतिपय आयोजनाको नाममा ऋणात्मक शोधभर्ना ऋण रहेको देखिएको छ। कार्यालयले पेस गरेको आर्थिक विवरणमा शोधभर्ना हुनुपर्ने ऋणतर्फ रू.२१ अर्ब ८० करोड ४८ लाख ८८ हजार देखाएको छ। तर शोधभर्ना प्राप्त हुनेतर्फको ऋणात्मक मौज्दात समायोजन गर्दा रू.३० अर्ब ५२ करोड ८५ लाख ७४ हजार रहेकोले फरक रू.८ अर्ब ७२ करोड ३६ लाख ८६ हजारको हिसाब मिलान गर्नुपर्ने देखिएको छ।

५०.३ शोधभर्ना हुने अनुदानतर्फ कार्यालयले ऋणात्मक शोधभर्ना समायोजन गरी जम्मा रू.१५ अर्ब ६ करोड ६ लाख १८ हजार शोधभर्ना प्राप्त हुनुपर्ने अनुदान भनी उल्लेख गरेकोमा ऋणात्मक अनुदान घटाउदा रू.१६ अर्ब ३३ करोड ७३ लाख ४ हजार शोधभर्ना प्राप्त हुनुपर्ने देखिन्छ। घटी रू.१ अर्ब २७ करोड ६६ लाख ८६ हजार शोधभर्ना हुनुपर्ने रकमको हिसाब पेस हुनुपर्ने देखिन्छ।

ऋण तथा अनुदानको शोधभर्ना माईलस्टोन बेसमा हुने भएकोले सोको अभिलेख अद्यावधिक गराउने, दातृ निकायमा समयमा प्रगति प्रतिवेदन र शोधभर्ना माग गर्ने विषयमा जिम्मेवार पदाधिकारीले सम्पादन गरेको कार्यप्रति यो कार्यालयले अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५१. **रोयल्टी बाँडफाँट -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टी बापत प्राप्त हुने रकम ५० प्रतिशत संघीय विभाज्य कोषमा, २५ प्रतिशत प्रदेश विभाज्य कोष र २५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष विभाज्य कोष खातामा जम्मा भएको रू.५६ करोड ६ लाख १ हजार मन्त्रिपरिषद्बाट २०७९।९।२६ मा स्वीकृत भएअनुसार २०७९।१०।९ मा मात्र बाँडफाँट गरेको देखिन्छ। तर संघीय राजस्वको हिस्सा संघीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ। समयमा बाँडफाँट नगरी तीन तहको सरकारको आर्थिक विवरण पेस भएपछि रकम पठाउदा प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रोयल्टीको रू.२८ करोड ३ लाख रकमले असर गरेको अवस्था छ।

५२. **प्रतिवद्धता तथा जमानतको लेखाङ्कन -** नेपालको संविधानको धारा ११५(२) को व्यवस्थाअनुसार संघीय कानूनअनुसार नेपाल सरकार जमानत बसेर ऋण उपलब्ध गराउने व्यवस्था भएपनि त्यसरी जमानत बसेबाट सिर्जना हुन सक्ने सम्भावित दायित्व सम्बन्धमा लेखा टिप्पणीमा कुनै खुलासा गरेको छैन। जमानी रकमको खुलासा नहुँदा सम्भावित दायित्वको भार बजेट तथा योजना कार्यान्वयनमा पर्न जाने देखिन्छ। त्यसैगरी महालेखा नियन्त्रक कार्यालयले सरकारी दायित्व खुल्ने गरी प्रतिवद्धताको लेखाङ्कन गर्ने कुनै प्रणाली विकास गरेको छैन। प्रतिवद्धता रकमको समेत लेखाङ्कन हुनुपर्दछ।

५३. **मूल्य अभिवृद्धि कर कोष खाता -** आन्तरिक राजस्व विभागको संसोधित आर्थिक विवरणअनुसार गत वर्षको रू.१० करोड २ लाखमा यो वर्ष निकासा रू.८ अर्ब ३३ करोड ६० लाख थप गरी जम्मा रू.८ अर्ब ४३ करोड ६२ लाखमध्ये रू.७ अर्ब ९८ करोड ४० लाख फिर्ता गरी रू.४५ करोड २२ लाख बाँकी रहेको विवरण पेस गरेको छ। तर महालेखा नियन्त्रक कार्यायलले गत वर्षको जिम्मेवारी रू.१० करोड २ लाखमा यो वर्ष रू.७ अर्ब ७ करोड ५४ लाख थप गर्दा रू.७ अर्ब १७ करोड ५६ लाखमा यो वर्ष रू.७ अर्ब १७ करोड ३ लाख खर्च गरी जम्मा रू.५३ लाख बाँकी देखाएकोले आन्तरिक राजस्व विभागबाट प्राप्त विवरण र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणबीच रू.४४ करोड ६९ लाख फरक परेको छ। फरक रकम सम्बन्धमा यकिन गरी हिसाब दुरुस्त गर्नुपर्दछ।

वीरगन्ज भन्सार कार्यालयले यो वर्ष कुल रू.२ खर्ब ४ अर्ब १२ करोड २८ लाख राजस्व असुल गरेकोमा आर्थिक विवरणमा रू.१ खर्ब ९५ अर्ब ४९ करोड ८० लाखमात्र देखाएको पाइयो। फरक परेको रू.८ अर्ब ६२ करोड ४८ लाख आन्तरिक राजस्व विभागले सोझै खाताबाट प्राप्त गरेको छ। यसरी राजस्व प्राप्त गरेको रकम सञ्चित कोष खातामा दाखिला नगरी संसदको स्वीकृति बेगर फिर्ता दिने गरेको उपयुक्त देखिएन।

५४. **भन्सार कोष खाता -** भन्सार विभाग अन्तर्गतका ८ भन्सार कार्यालयको भन्सार कोष खातामा गत वर्षसम्म रू.१ अर्ब ३७ करोड ७२ लाख ४९ हजार बाँकी हुनुपर्नेमा गत वर्षको आर्थिक विवरणमा रू.७२ करोड ३३ लाख १४ हजारमात्र बाँकी रहेकोले श्रेस्ताभन्दा बैङ्कमा रू.६५ करोड ३९ लाख ३५ हजार घटी देखिएको थियो। तर यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत विवरणमा गत वर्षको ७ भन्सार कार्यालयको रू.८७ करोड ५१ लाख ८९ हजार जिम्मेवारी सारेकोमा

यो वर्ष रू.२ खर्ब ९ अर्ब ७६ करोड ३१ लाख ३७ हजार आम्दानी भई रू.२ खर्ब १० अर्ब ६३ करोड ८३ लाख २६ हजार मध्ये रू.२ खर्ब १० अर्ब १० करोड ३४ लाख ८७ हजार खर्च भई रू.५३ करोड ४८ लाख ३९ हजार बाँकी देखाएको छ। यो वर्ष १४ कार्यालयले मात्र भन्सार कोष खाता प्रयोग गरेका छन्। भन्सार कोष खाताको अनिवार्यता सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ।

५५. **घटी जिम्मेवारी सारेको** - कार्य सञ्चालन र अन्य कोषमा गत वर्ष ७ प्रकारका खाता रहेकोमा यो वर्ष १० प्रकारका खाता सञ्चालन भएको छ। यो वर्ष क३ समूह आकस्मिक कोष, क२.१० अन्य खाता संस्था समिति र परिषद र क४ समूहको विभाज्य कोष खाता नयाँ रूपमा सञ्चालनमा आएको देखिन्छ। ती कोषमा गत वर्षसम्म रू.८२ अर्ब २ करोड १५ लाख मौज्दात रहेकोमा रू.३९ अर्ब २९ करोड ९२ लाखमात्र बैङ्क मौज्दात देखिएकोले घटी बैङ्क मौज्दात रू.४२ अर्ब ७२ करोड २३ लाखको हिसाब छानबिन गरी हिसाब मिलान विवरण पेस गर्नुपर्ने व्यहोरा गतवर्ष औंल्याइएकोमा यसमा कुनै सुधार भएको छैन। विवरण बेगर घटी जिम्मेवारी देखाउने कार्यले वित्तीय विवरण पारदर्शीसमेत हुन सकेको छैन।

५६. **क २.१० अन्य खाता** - संस्थान, समिति, परिषद् तथा बोर्डको गत वर्षसम्म यस्तो शीर्षकमा कुनै खाता नरहेकोमा यो वर्ष नयाँ खाता सञ्चालन गरिएको छ। सरकारी तवरबाट सञ्चालन भएका महालेखा नियन्त्रक कार्यालयको अनुमतिबाट खुलेका संस्थान, समिति, परिषद् तथा बोर्डका खाताको हिसाब व्यवस्थित बनाउन यस्तो अन्य खाता खोलिएको जनाएको छ। तर यस खातामा गत वर्षको जिम्मवारी रू.१० करोड ३३ लाखमा यो वर्षको आय रू.९ अर्ब ७० करोड ७७ लाखमध्ये रू.२ अर्ब ३२ करोड १५ लाख खर्च गरी बाँकी रू.७ अर्ब ४८ करोड ९५ लाख रहेको देखिन्छ। गत वर्षसम्म अस्तित्वमा नरहेको खातामा कुन शीर्षकबाट जिम्मेवारी सारेको हो खुलाएको छैन। वास्तविक विवरण बेगर जिम्मेवारी देखाउने कार्यबाट वित्तीय विवरणमा विश्वसनीयता अभिवृद्धि हुन सक्ने देखिँदैन।

५७. **आन्तरिक लेखापरीक्षण** - आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन २०७८।७९ मा विनियोजनतर्फको वार्षिक बजेट रू.१६ खर्ब ३२ अर्ब ८२ करोड १६ लाख रहेकामा रू.१३ खर्ब ९ अर्ब ८७ करोड ४२ लाख निकासा एवं खर्च भएको उल्लेख छ। आन्तरिक लेखापरीक्षणबाट रू.२८ अर्ब ४९ करोड ३५ लाख बेरुजु देखिएको छ। सोमध्ये नियमित गर्नुपर्ने रू.९ अर्ब ४० करोड ९६ लाख, असुल उपर गर्नुपर्ने रू.१ अर्ब १२ करोड १ लाख र पेश्की बाँकी रू.१७ अर्ब ९६ करोड ३७ लाख रहेको देखिन्छ। आन्तरिक लेखापरीक्षण गर्न चार वर्षका लागि २०७७।७८ देखि कर्मचारीलाई खटाउन २३० दरबन्दी स्वीकृत भएकोमा ९५ जनालाई मात्र आन्तरिक लेखापरीक्षकको रूपमा खटाएको पाइयो। पेशागत रूपमा सक्षम आन्तरिक लेखापरीक्षकको व्यवस्था गरी आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाउनु पर्दछ। आन्तरिक लेखापरीक्षण योजना तयार गर्ने, समयमा नै आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी कार्यान्वयनको सुनिश्चित्ता लिने जस्ता कार्य गर्नुपर्दछ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

५८. **सार्वजनिक ऋणको अवस्था** - अर्थतन्त्रलाई गतिशील बनाउन घाटा बजेट पूर्तिको महत्वपूर्ण वित्तीय स्रोतको रूपमा सार्वजनिक ऋण रहेको छ। आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक ऋण लक्ष्यको ९२.७४ प्रतिशत रू.२ खर्ब ३१ खर्ब ८५ करोड र वैदेशिक ऋण लक्ष्यको ४७.०१ प्रतिशत रू.१ खर्ब ३३ खर्ब ८ करोड प्राप्त भएको छ। आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्म आन्तरिक ऋण

रू.९ खर्ब ८७ खर्ब ४५ करोड र बाह्य ऋण रू.१० खर्ब २५ खर्ब ८५ करोडसमेत कुल सार्वजनिक ऋण दायित्व रू.२० खर्ब १३ खर्ब ३० करोड रहेको छ। आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्म कुल गार्हस्थ्य उत्पादनको २०.३५ प्रतिशत आन्तरिक ऋण र २१.१४ प्रतिशत वैदेशिक ऋण गरी कुल सार्वजनिक ऋण ४१.४९ प्रतिशत रहेको छ।

५९. **सूचना प्रविधिको प्रयोग** - एसियाली विकास बैङ्कको सहयोग कार्यक्रम पुँजी बजार र पूर्वाधार क्षमता सहयोग अन्तर्गत १५ मार्च, २०१७ बाट सार्वजनिक ऋण सञ्चालन तथा व्यवस्थापन गर्नको लागि ऋण सञ्चालन र व्यवस्थापन सफ्टवेयर २०७६।९।१५ बाट सञ्चालनमा रहेको छ। प्रणालीको मुख्य प्रयोगकर्ता कार्यालय आफै रहेको तर सपोर्ट युजर अथवा सिस्टम एड्मिनिश्ट्रेटरको रूपमा प्राप्त हुनुपर्ने पहुँच अधिकार एक अन्तर्राष्ट्रिय आपूर्तिकर्ता सँग रहेकोले तथ्याङ्क तथा प्रतिवेदनको गोपनीयता र सुरक्षामा विश्वस्त हुने अवस्था छैन। थप सेवा उपलब्ध नगराई वार्षिक मर्मतबापत शुल्क बुझाउने प्रावधान सम्झौतामा रहेकोले सफ्टवेयरमा पहुँच प्राप्त गर्न आपूर्तिकर्तासँग पूर्ण रूपमा निर्भर हुने अवस्था रहेको छ।

आन्तरिक राजस्व विभाग

कर प्रशासनलाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाई करदातालाई आवश्यक सेवा प्रदान गर्ने, कर सङ्कलन लागत घटाउने, करको दायरा विस्तार गर्ने, करदाताको स्वेच्छिक सहभागिता अभिवृद्धि एवं कर कानूनको परिपालनामा सहयोग पुऱ्याउने, सोको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर जोखिममा आधारित भई कर कानूनहरूको कार्यान्वयन गर्ने गराउने उद्देश्यले विभागको गठन भएको हो। विभागले १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालयमार्फत् कर प्रशासन, सञ्चालन एवं व्यवस्थापन गर्दै आएको छ।

६०. **आन्तरिक राजस्व संरचना** - विभागले २०७८।७९ मा रू.५ खर्ब ३७ अर्ब ९४ करोड राजस्व असुली गर्ने लक्ष्य लिएकोमा रू.४ खर्ब ८३ अर्ब ४८ करोड (८९.८८ प्रतिशत) असुली गरेको छ। कुल आन्तरिक राजस्व सङ्कलनमा आयकर ४७.४२ प्रतिशत, मूल्य अभिवृद्धि कर २३.९६ प्रतिशत, अन्तःशुल्क २१.३१ प्रतिशत र अन्य कर ७.३१ प्रतिशत रहेको छ। गत वर्ष कुल राजस्व सङ्कलनमा आयकर ४६.७७ प्रतिशत, मूल्य अभिवृद्धि कर २७.१२ प्रतिशत, अन्तःशुल्क १८.९९ प्रतिशत र अन्य कर ७.१२ प्रतिशत रहेको थियो। विभागको राजस्व असुली २०७६।७७ को तुलनामा २०७७।७८ मा ११.६४ प्रतिशतले वृद्धि भएकोमा गत वर्षको तुलनामा यो वर्ष १२.५९ प्रतिशतले वृद्धि भएको छ। राजस्वको मुख्य आधार भनिएको मूल्य अभिवृद्धि करको भार विगत ४ वर्षको तुलनामा कम भएको र गत वर्षको तुलनामा ३.१२ प्रतिशत घटी असुली भएको छ। कर उठ्न सक्ने र तिर्न सक्ने क्षमताको विश्लेषण तथा कर दायरा विस्तार गरी करदाताको सहभागिता र कर कानून परिपालनाको प्रभावकारी व्यवस्थापनबाट राजस्व असुलीमा बढोत्तरी गर्नुपर्दछ।

६१. **रणनीतिक योजना कार्यान्वयन** - विभागको दोस्रो रणनीतिक योजना (२०७४।७५ - २०७८।७९) मा नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्ने, करदाताको कर सहभागिता लागत र समय घटाउने, विद्युतीय सुशासन कायम गर्ने, करदाता शिक्षा र सेवा बढाउने, आन्तरिक कार्य प्रक्रियाको सरलीकरण गर्ने, जोखिममा आधारित कर परीक्षण प्रभावकारी रूपमा गर्न जनशक्ति विकास गर्ने, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टीकरणका लागि संस्थागत सुधार गर्ने

लगायतका उद्देश्य निर्धारण गरिएको छ। रणनीतिक योजनाले निर्धारण गरेका प्रमुख सूचकाङ्कको कार्यान्वयन स्थिति निम्नानुसार देखिन्छः

सूचकाङ्क	एकाइ	आधार वर्ष २०७४।७५	योजनाको लक्ष्य	२०७८।७९ को प्रगति
कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको योगदान	प्रतिशत	२१.६६	२५	२०.२९
कुल गार्हस्थ्य उत्पादनमा आयकरको योगदान	प्रतिशत	५.२७	७	५.३६
कुल गार्हस्थ्य उत्पादनमा मूल्य अभिवृद्धि करको योगदान	प्रतिशत	६.८२	९	६.४८
कुल गार्हस्थ्य उत्पादनमा अन्तःशुल्कको योगदान	प्रतिशत	४.१४	५	३.४४
कुल करदाता (लाखमा)	संख्या	२०	३०	४८
मूल्य अभिवृद्धि कर नन्-फाइलर	प्रतिशत	२३.६८	१०	३३
मूल्य अभिवृद्धि करमा डेबिट रिटर्न	प्रतिशत	१४.०६	२०	२२.८७
आयकर नन्-फाइलर	प्रतिशत	४६	३०	४५

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित सूचकाङ्क अनुसार कुल गार्हस्थ्य उत्पादनमा कर राजस्व, आय कर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर नन्फाइलर र आयकर नन्फाइलर संख्या लक्ष्यको तुलनामा प्रगति हासिल हुन सकेको देखिएन। दोस्रो रणनीतिक योजनाको समाप्तिमा करको दायरा विस्तार भएता पनि अन्य सूचकमा अपेक्षित प्रगति हासिल हुन सकेको देखिएन। आगामी योजना तर्जुमा र लक्ष्य निर्धारण गर्दा यथार्थमा आधारित भई हासिल गर्न सकिने गरी लक्ष्य निर्धारण गर्नुपर्दछ।

६२. **बक्यौता र लगत कट्टा -** आयकर ऐन, २०५८ को दफा १०३ देखि ११२ सम्म, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १० मा कर बक्यौता असुल गर्ने व्यवस्था छ। विभागको वार्षिक प्रतिवेदन अनुसार कुल राजस्व बक्यौता रू.१ खर्ब ९९ अर्ब ६ करोड ७३ लाख रहेकोमा एकीकृत वित्तीय विवरणमा रू.१ खर्ब ८७ अर्ब ३९ करोड उल्लेख छ। उल्लिखित स्थितिले वार्षिक प्रतिवेदन र एकीकृत आर्थिक विवरणमा रू.११ अर्ब ६७ करोड ७२ लाख बक्यौता फरक परेको छ। फरक रकम सम्बन्धमा विभागले खुलासा गरेको छैन। विभागले पेस गरेको राजस्व बक्यौताको लगत र मिनाहा सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६२.१ विभागको वार्षिक प्रतिवेदनमा उल्लिखित बक्यौता मध्ये प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा रहेका ५ हजार ३१९ करदाताको रू.१ खर्ब ३३ अर्ब ७१ करोड ६ लाख (६७.१६ प्रतिशत) बक्यौता रहेको छ।

६२.२ प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा नगएका १ लाख ४ हजार ६९० करदाताको रू.६५ अर्ब ३५ करोड ६७ लाख (३२.८४ प्रतिशत) बक्यौता रहेको छ। सो मध्ये आयकरतर्फ रू.४२ अर्ब ७८ करोड ९५ लाख, मूल्य अभिवृद्धि कर तर्फ रू.१९ अर्ब ८८ करोड ६ लाख र अन्तःशुल्कतर्फ रू.१ अर्ब २३ करोड ८८ लाख रहेको छ।

६२.३ विभागको एकीकृत वित्तीय विवरण अनुसार विभाग अन्तर्गतका कार्यालयहरूको शुरू लगत रू.२ खर्ब ३ अर्ब ५३ करोड २ लाख रहेकोमा यो वर्ष रू.१६ अर्ब १४ करोड १ लाख (७.९३ प्रतिशत) असुल भएको देखिन्छ।

६२.४ विभागको लगत मध्ये आयकर तर्फ स्थायी लेखा नम्बर लिएका र मूल्य अभिवृद्धि कर तर्फ नन्फाइलर रहेका करदाताको बक्यौता रकम पनि बाँकी रहेको, कारोवार गरिरहेका करदाताको समेत

विवादरहित बक्यौताको विवरण अध्यावधिक रूपमा तयार गरेको छैन। निर्धारित कर राजस्वको रूपमा प्राप्त हुनुपर्नेमा विवादित भई न्यायिक निकायमा विचाराधीन रहँदा ठूलो रकमको असुलीमा असर परेको छ। विवादरहित कर बक्यौता असुलीका लागि चल अचल सम्पत्ति रोक्का गरी लिलामीको प्रक्रियामा जाने, बैङ्क तथा वित्तीय संस्थामा रहेको खाताको रकम दाबी, व्यवसायीको राहदानी रोक्का, अन्य सरकारी निकायबाट प्रदान गरिने सेवामा सूचनाको आदानप्रदान लगायतका कार्यमा अपेक्षा अनुसार कर प्रशासनले कार्य गर्न सकेको छैन। बक्यौता असुली गर्ने कार्ययोजना बनाएर कर प्रशासनले अभियान नै चलाउनुपर्दछ।

६३. **करको दायरा** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिए बमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६३.१ करको दायरा विस्तारको लागि स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने, भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिहरूलाई स्थायी लेखा नम्बर प्रदान गर्ने, सबै किसिमका व्यवसायलाई करको दायरामा समेट्ने कार्यक्रम भए तापनि सो को नतिजामा प्रभावकारिता देखिएको छैन। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७५।७६ सम्म	२०७६।७७ सम्म	२०७७।७८ सम्म	२०७८।७९ मा थप	२०७८।७९ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१२३५४१२	१४२९६०४	१५७७३८३	१८५०३०	१७६२४१३
व्यक्तिगत स्थायी लेखा नम्बर	९९६०४१	१९७८६८०	२४७१७२६	५७८५७८	३०५०३०४
अग्रिम कर स्थायी लेखा नम्बर	७३७	५१०६	९९९८	८०९६	१८०९४
जम्मा	२२३२१९०	३४१३३९०	४०५९१०७	७७१७०४	४८३०८११
मूल्य अभिवृद्धि करमा दर्ता	२४०४६०	२६८४३६	२८५०९८	६२६३	२९१३६१
अन्तः शुल्क इजाजतपत्र	६८२१३	९४२९२	१०३४२३	२७७०४	१३११२७

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार २०७७।७८ को तुलनामा यो वर्ष स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा आयकरतर्फ १९.०१, मूल्य अभिवृद्धि करतर्फ २.१९ र अन्तःशुल्क इजाजतपत्रतर्फ २६.७८ प्रतिशत वृद्धि भएको छ।

६३.२ व्यावसायिक स्थायी लेखा नम्बर १७ लाख ६२ हजार ४१३, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ३० लाख ५० हजार ३०४ र अग्रिम कर स्थायी लेखा नम्बर १८ हजार ९४ गरी ४८ लाख ३० हजार ८११ करदाता करको दायरामा आएको देखिन्छ। मुलुकको विद्यमान जनसंख्या, आर्थिक क्रियाकलापमा संलग्न व्यवसायी तथा पेशागत व्यक्ति करको दायरामा समेटिएको सुनिश्चित्हुनुपर्दछ।

६३.३ चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक प्राध्यापकलगायतका पेशाविद् अधिकांशले स्थायी लेखा नम्बर नलिएका र लिएकाले समेत आय विवरण दाखिला गरेको देखिँदैन। पेशाविद्हरुले आफ्नो पेशालाई निरन्तरता दिन प्रत्येक वर्ष पेशागत प्रमाणपत्रलाई नियमनकारी निकायमा नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेस गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गर्नुपर्ने व्यहोरा गत विगतका प्रतिवेदनहरूमा औंल्याइएकोमा २०७९।८० को बजेट वक्तव्यमा पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिने उल्लेख छ। यस व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायबीच अन्तरआवद्धतासहित समन्वय कायम गर्नुपर्दछ।

६३.४ करदाताको संख्यामा प्रत्येक वर्ष बढोत्तरी देखिए पनि व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताबाट राजस्वमा उल्लेख्य योगदान पुगेको देखिएन। संख्यात्मक करदाता भन्दा व्यावसायिक कारोबार गरेर बढी कर दाखिला गर्ने करदाताहरूको कारोवारलाई करको दायरामा ल्याउन राजस्व प्रशासनले सूचना प्रविधि लगायतको प्रयोगबाट निगरानी बढाउनुपर्दछ।

६४. **प्रशासकीय पुनरावलोकन -** आयकर ऐन, २०५८ को दफा ११४ र ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२, को दफा ३१क. र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ मा कर तथा शुल्क निर्धारण उपर विवादित रकमको एक चौथाई रकम बुझाई प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि गत वर्षसम्म १ हजार ७३ निवेदन उपर कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ६४८ थप भई १ हजार ७२१ मध्ये यो वर्ष ४२६ को कारवाही टुङ्गो लगाई १ हजार २९५ निवेदन बाँकी रहेका छन्। कारबाही टुंगो लागेका र कारबाही टुंगो लाग्न बाँकी करदाता प्रशासकीय पुनरावलोकनमा जाँदा बुझाएको विवादित करको करदातागत अभिलेख राखेको छैन। अतः प्रशासकीय पुनरावलोकनमा जाँदा करदाताले बुझाएको विवादित रकमको करदातागत अभिलेख राखी टुंगो लाग्न बाँकी १ हजार २९५ निवेदन उपर ऐनले तोकेको अवधि (६० दिन) भित्र विवादको निरूपण गर्नुपर्दछ।

६५. **मूल्य अभिवृद्धि कर संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
डेबिट विवरण प्रतिशत	१४.०६	२५.६०	२२.१७	११.०७	२२.८७
क्रेडिट विवरण प्रतिशत	५१.९७	४५.९०	४८.३८	५५.१५	४५.७१
शून्य विवरण प्रतिशत	३३.९७	२८.५०	२९.४५	३३.७८	३१.४२
आषाढमा डेबिट (रू.अर्बमा)	६९.८५	१२.६९	११.२३	१०.४८	१५.६५
आषाढमा क्रेडिट (रू.अर्बमा)	३८.१९	३९.७४	४२.४०	४७.४४	७१.२७
क्रेडिट।डेबिट अनुपात (गुणा)	०.५४	३.१३	३.७७	४.५३	४.५५

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

६५.१ विभागको वार्षिक प्रतिवेदन अनुसार यो वर्षको कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१ खर्ब १५ अर्ब ८६ करोड असुली भएको छ। बर्षान्तमा करदाताको मूल्य अभिवृद्धि कर रू.७१ अर्ब २७ करोड क्रेडिट रहेको छ। यसरी क्रेडिट रहेको रकम करदाताले आगामी अवधिमा करकट्टी पाउने भएकोले सरकारी दायित्वको रूपमा खुलासा गर्नुपर्नेमा सो गरेको छैन। सोही प्रकृतिको क्रेडिट कट्टी पाउने रकम अन्तःशुल्क र आयकरतर्फ समेत रहे तापनि विभागको वित्तीय विवरणमा खुलासा गरेको छैन। करदाताले सरकारसँग फिर्ता पाउने भनेर देखाएको रकम प्रत्येक वर्ष बढ्दै गएको छ। तर, यो दायित्वको लेखाङ्कन नगरेकोले आगामी वर्ष प्राप्त हुने राजस्वमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा उक्त तथ्याङ्कलाई विश्लेषण गरेर दायित्व यकिन गरी पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

६५.२ विवरण बुझाउने करदातामध्ये डेबिट विवरण बुझाउने २२.८७ प्रतिशत, क्रेडिट विवरण बुझाउने ४५.७१ प्रतिशत र शून्य विवरण बुझाउने ३१.४२ प्रतिशत रहेको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष डेबिट विवरण बुझाउनेको संख्यामा वृद्धि र क्रेडिट विवरण तथा शून्य विवरण बुझाउनेको संख्यामा

कमी आएको छ। डेबिट रकम यो वर्ष ४९.३३ प्रतिशतले र क्रेडिट रकम ५०.२३ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी क्रेडिट र डेबिट रकमको अनुपात गत वर्ष ४.५३ रहेकोमा यो वर्ष ४.५५ पुगेको छ।

मूल्य अभिवृद्धि करको प्रभावकारिता वृद्धि गर्न कर कानूनको कार्यान्वयन, परिपालना र अनुगमन संयन्त्रको परिचालनसँगै नीतिगत एवं व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने देखिन्छ।

६६. **मूल्य अभिवृद्धि कर सङ्कलन -** विभागले आन्तरिक र पैठारीमा सङ्कलन गरेको मूल्य अभिवृद्धि कर २०७४।७५ र २०७८।७९ को ५ वर्षको अन्तरालको अवस्था निम्नानुसार छः

सङ्कलन तथा अनुपात	२०७४।७५	२०७८।७९
आन्तरिक (रू.अर्बमा)	७६.२२	११५.८६
पैठारी (रू.अर्बमा)	१३०.६४	१९८.४४
जम्मा मूल्य अभिवृद्धि कर असुली (रू.अर्बमा)	२०६.८६	३१४.३०
कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि कर असुली प्रतिशत	२५.५२	२३.९६

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार कुल आन्तरिक राजस्व असुलीमा मूल्य अभिवृद्धि कर असुलीको अंश २०७४।७५ मा २५.५२ प्रतिशत रहेकोमा २०७८।७९ मा २३.९६ प्रतिशत रही घटेको देखिन्छ। आन्तरिक खपतबाट प्राप्त हुने मूल्य अभिवृद्धि करको योगदान प्रतिशतको तथ्याङ्कले मूल्य अभिवृद्धि कर कानूनको कार्यान्वयन र कर प्रशासनमा प्रभावकारिता आउन नसकेको संकेत देखिएको छ। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न विद्युतीय बिजक प्रणाली, क्याश रजिष्टर, फिस्कल प्रिन्टर, अनलाइन कनेक्टिभिटी, बिलिङ इनफोर्समेन्ट, बजार अनुगमन जस्ता विधिको प्रयोग गर्नुपर्दछ।

६७. **कर परीक्षणबाट योगदान -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण र अनुसन्धानात्मक कर परीक्षणबाट कर राजस्वमा पुगेको योगदान निम्नानुसार देखिन्छः

(रकम रू.अर्बमा)

आर्थिक वर्ष	कुल कर राजस्व	पूर्ण कर परीक्षणबाट योगदान		अनुसन्धनात्मक परीक्षणबाट योगदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७४।७५	२९८.६५	२३.८८	८.००	१.६८	०.५६
२०७५।७६	३५८.३५	५०.७९	१४.१७	६.४५	१.८०
२०७६।७७	३८४.५३	४९.११	१२.७७	२.९०	०.७५
२०७७।७८	४२९.२७	९१.३९	२१.२८	२.४१	०.५६
२०७८।७९	४८३.४८	११४.१८	२३.६१	६.८६	१.४२

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

पूर्ण कर परीक्षणबाट २०७६।७७ मा रू.४९ अर्ब ११ करोड अर्थात् कुल कर राजस्वको १२.७७ प्रतिशत योगदान भएकोमा २०७७।७८ मा २१.२८ प्रतिशत रहेको छ भने २०७८।७९ मा रू.१ खर्ब १४ अर्ब १८ करोड अर्थात् २३.६१ प्रतिशत योगदान भएको देखिन्छ। त्यसैगरी

अनुसन्धानात्मक परीक्षणबाट २०७७।७८ मा रू.२ अर्ब ४१ करोड अर्थात् ०.५६ र २०७८।७९ मा रू.६ अर्ब ८६ करोड अर्थात् १.४२ प्रतिशत योगदान रहेको देखिन्छ। कर परीक्षणको योगदानमा सामान्य वृद्धि हुँदै गएको देखिए तापनि असुली तदनुरूप हुन नसकी कर विवाद तथा बक्यौता बढ्दै गएको छ। तसर्थ संख्यामा आधारित कर निर्धारण भन्दा उचित कर निर्धारण (राइट ट्याक्सेसन) का लागि राजस्व प्रशासनले ध्यान दिई जोखिमयुक्त कारोबार र करदाताको छनोट गरी कर परीक्षण र अनुसन्धानको गुणस्तर वृद्धि गर्दै समग्र कर प्रशासनको प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

६८. **विद्युतीय सेवामा कर -** युट्युब, टिकटक, गुगलमिट, जुम, माइक्रोसफ्ट टीम लगायतका एप्लिकेसन प्रयोग गरेपश्चात् हुने भुक्तानीका माध्यमबाट राज्यको ठूलो धनराशि विदेशिएको अवस्था छ। नेपालबाट वैधानिकरूपमा ती साइट सञ्चालकहरूलाई भुक्तानी गर्ने पेमेन्ट गेटवे समेत नभएकोले पे.टी.एम., पेपाललगायतका क्रेडिट कार्ड र अन्तर्राष्ट्रिय विद्युतीय भुक्तानी माध्यम प्रयोग गरी सम्बन्धित साइटका सञ्चालकलाई रकम भुक्तानी हुने गरेको स्थिति छ। ती एप्लिकेसनले नेपालमा सेवा दिने भएकाले करको स्रोतको सिद्धान्तको आधारमा सो कारोबारको सञ्चालन विदेशबाट भए तापनि नेपालमा कर तिर्नुपर्ने हुन्छ। यद्यपि कारोबारको पहिचान हुन नसकेको र नेपालमा दर्ता नभएकोले सो कारोबारबाट राज्यलाई कर प्राप्त हुन सकेको छैन। यसको लागि वर्तमान कर कानूनको व्यवस्थामा समसामयिक सुधार गरी ओइसिडी जस्ता संस्थाले प्रयोगमा ल्याएको कराधार क्षयीकरण तथा नाफा हस्तान्तरण कार्ययोजना जस्ता असल अभ्यासको नेपालले पनि अध्ययन गरी लागू गर्नुपर्दछ।

यससम्बन्धी व्यहोरा गत विगत वर्षहरूको प्रतिवेदनमा औंल्याइएकोमा आर्थिक ऐन, २०७९ ले गैह्र बासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोवार मूल्यमा २ प्रतिशतका दरले विद्युतीय सेवा कर लगाउने व्यवस्था गरेको छ। यस व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि त्यस्तो कारोबार गर्नेहरूको दर्ता र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्नुपर्दछ।

६९. **ठेक्का वा करार -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा गैर बासिन्दालाई हुने ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्ने व्यवस्था छ। ठेक्का वा करारलाई आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७) ले व्याख्या गर्दा कस्ता कारोबारलाई ठेक्का वा करार अन्तर्गतको भन्ने सवालमा स्पष्ट नगरेको अवस्था छ। विमान उत्पादकबाट हवाईजहाज खरिद, नेपाल आयल निगमद्वारा इन्धन खरिद, अन्य संस्थाबाट मल, नून, विद्युतीय उपकरण, सवारीसाधन, भारी उपकरणलगायत खरिद गर्दा कुनै न कुनै प्रकारको ठेक्का वा करार हुने गर्दछ। सो ठेक्का वा करारको आधारमा भुक्तानीमा कर कट्टी गर्ने वा नगर्ने सम्बन्धमा कर प्रशासन भित्रै फरक-फरक अभ्यास देखिन्छ। यस दफाको प्रयोजनको लागि दिइएको ठेक्का वा करारको परिभाषाले वस्तुको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता अन्तर्गत समग्र अन्तर्राष्ट्रिय व्यापार मार्फत् हुने पैठारी कारोबार लगायतलाई समेट्छ वा समेटदैन भन्ने सम्बन्धमा कानूनी रूपमै स्पष्ट गर्नुपर्ने व्यहोरा औंल्याउँदै आइएकोमा यो वर्ष पनि सुधार भएको छैन।

आयकर ऐन, २०५८ को दफा ८९(३)(क) अनुसार गैर बासिन्दा व्यक्तिलाई ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। नेपालमा आयात गरिने ग्याँस

सामान्यतया भारतीय बुलेटमा आउने नेपाल आयल निगमले उक्त बुलेटलाई सम्बन्धित आपूर्तकसम्म पुऱ्याउन सहजीकरण गर्ने तर नेपाल आयल निगमको भण्डारण कक्षमा भण्डार नगरी सिधै आपूर्तकले आफ्नो ग्याँस उद्योगको प्लान्टमा लागि ग्याँस भण्डारण गर्ने तथा उक्त ग्याँस ढुवानीकर्तालाई भाडा भुक्तानी गर्ने गरेको देखिन्छ। यसरी गैरबासिन्दा व्यक्तिलाई ठेक्का वा करारमा गरेको भाडा भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा कट्टी गरेको देखिएन। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय कलङ्की, कालिमाटी, टंगाल, लगायत १७ कार्यालय अन्तर्गतका ग्यासको कारोबार गर्ने लगायत ४१ करदाताले गैरवासिन्दा व्यक्तीलाई ठेक्का वा करार गरी भुक्तानी गरेको रू.८ अर्ब ७१ करोड ८ लाखमा लाग्ने ५ प्रतिशत करमा नपुग रू.४२ करोड ८३ लाख ३७ हजार असुल हुनुपर्दछ।

७०. **मूल्य हस्तान्तरण -** आयकर ऐन, २०५८ को दफा ३३ (१) अनुसार सम्बद्ध व्यक्तिहरूबीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहारअनुसार सञ्चालन गरिएको भए तिनीहरूका लागि कायम हुनसक्ने करयोग्य आय वा बुझाउनपर्ने कर प्रतिबिम्बित हुने किसिमले ती व्यक्तिहरूबीच आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरू विभागले लिखित सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँड गर्न सक्ने व्यवस्था छ। नेपालमा बहुराष्ट्रिय कम्पनी वा अन्य करदाताहरूले सम्बद्ध कम्पनी, नियन्त्रित निकायहरूलाई कुनै सेवा लिई वा नलिई (अमूर्त रूपमा) समेत रोयल्टी, व्यवस्थापन शुल्क, परामर्श शुल्क, व्यवस्थापन सहयोग लगायत शीर्षकमा ठूलो रकम खर्च लेख्ने गरेका छन्। यसरी कम्पनीमा शेयर लगानी वा अन्य तरिकाले नियन्त्रण राख्ने निकायलाई गरिएको भुक्तानीमा अग्रिम करकट्टी गरेको उल्लेख गरी दाबी गरेको खर्चलाई कर प्रशासनले छुट दिने गरेको छ। यस्तो रकम कुन हदसम्म छुट दिने लगायतका मापदण्ड समेटेर विभागले मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ) निर्देशिका तयार गरेको छैन। करदातालाई लाग्ने व्यावसायिक कर भन्दा अग्रिम करको दर कम भएकोले यस्तो खर्चहरू करदाताले कर नियोजन गर्ने उद्देश्यले समेत गरेको हुन सक्नेमा सोको छानवीन गर्ने गरेको पाइँदैन। यस्ता कारोबारमा व्यावसायिक कर र अग्रिम करको दर समान बनाउने र कर नियोजनलाई नियन्त्रण गर्ने गरी मूल्य हस्तान्तरण निर्देशिका बनाई लागू गर्नुपर्दछ।

७१. **अन्तर्राष्ट्रिय संस्थाका कर्मचारीको कर -** आयकर ऐन, २०५८ को दफा १०(क) मा नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघसंस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउनेलाई मात्र कर छुट हुने देखिन्छ। संयुक्त राष्ट्रसंघको २३ फेब्रुअरी, १९४६ को साधारण सभाबाट पनि संयुक्त राष्ट्रसंघका कूटनैतिक कर्मचारी बाहेक अन्य कर्मचारी तथा परामर्शदाताहरूलाई आय कर छुट हुने देखिँदैन। नेपालमा रहेका यस्ता अन्तर्राष्ट्रिय संघसंस्थाहरूले कूटनैतिक सुविधा प्राप्त गरे बाहेकको भुक्तानीमा कर दाखिला भए नभएको यकिन गरी त्यस्ता निकायका कर्मचारी वा परामर्शदातालाई करको दायरामा ल्याउनुपर्ने व्यहोरा विगतको प्रतिवेदनमा औंल्याइएता पनि कूटनीतिक छुट पाउने व्यक्ति।संस्थाको विवरण लिई सो बाहेकले कर तिरे नतिरेको राजस्व प्रशासनबाट अनुगमन भएको छैन। सरोकारवाला पक्षसँग समन्वय गरेर कर असुली तथा दाखिला गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७२. **दोहोरो करमुक्ति सम्झौता -** आयकर ऐन, २०५८ को दफा ७३ बमोजिम नेपाल सरकारले विदेशी सरकारसित द्विपक्षीय हित र आवश्यकताका आधारमा दोहोरो करमुक्ति सम्झौता गर्न सक्ने व्यवस्था

छ। सो बमोजिम नेपालले सन् १९८७ मा भारतसँग दोहोरो कर मुक्ति सम्झौता गरेकोमा २०७८।७९ सम्म ११ देशसँग दोहोरो करमुक्ति सम्झौता गरेको छ। त्यसैगरी सन् २००५ मा सार्क राष्ट्रबीच बहुपक्षीय सम्झौता भएको छ। दोहोरो करमुक्ति सम्झौता भएका देशहरूसँगको सम्झौता कार्यान्वयन स्थिति, त्यसबाट प्राप्त लाभ र आगामी दिनमा गर्नुपर्ने सुधारका विषयहरू सम्बन्धमा विभागबाट अध्ययन तथा विश्लेषण भएको देखिएन। त्यसैले दोहोरो करमुक्ति सम्झौताको विविध पक्षहरूबारे निरन्तर अध्ययन अनुसन्धान गर्दै सोबाट राष्ट्रिय हित प्राप्त गर्ने विषयलाई सुनिश्चित्गर्नुपर्ने व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

७३. **कर छुट** - नेपाल सरकारले शिक्षा, स्वास्थ्य तथा सामाजिक कल्याणका क्षेत्रमा सेवा प्रदान गर्ने विभिन्न संस्थालाई कर छुटको सुविधा प्रदान गर्दै आएको छ। सोही प्रकृतिका सेवा अन्य निजी क्षेत्रका संघ संस्थासमेतले प्रदान गर्दै आएका छन्। समान प्रकृतिको व्यवसायमा कर तिर्ने र कर छुट पाउने पक्षबाट सेवा प्रवाह भैरहेको छ। यसरी समान प्रकृतिको सेवा प्रदान गर्न कर छुट प्राप्त गर्ने संस्था र कर छुट नपाउने संस्थाबीचको सेवाको स्तर, सेवाशुल्क तथा सञ्चालन खर्चको मूल्याङ्कन एवं विश्लेषण गरी कर छुटको आवश्यकता एवं औचित्य सम्बन्धमा अध्ययन एवं पुनरावलोकन हुनुपर्दछ।

साथै नेपाल सरकारसँग कर छुटको सम्झौताअनुसार कार्यक्रम सञ्चालन गर्ने द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायलाई प्राप्त हुने वैदेशिक सहायता अनिवार्य रूपमा राष्ट्रिय बजेट प्रणाली मार्फत् प्रवाह हुने व्यवस्था गर्नुपर्दछ। राष्ट्रिय बजेट प्रणालीमार्फत् प्राप्त नभई गैरबजेटरी प्रणाली र सरकारी कोष बाहिरबाट सञ्चालन हुने वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमलाई कर छुट दिने व्यवस्थामा पुनरावलोकन हुनु पर्ने व्यहोरा विगतको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन।

७४. **आय-व्ययको खुलासा** - करदाताको वित्तीय विवरणको परीक्षण गर्दा समान प्रकृतिको कारोबार गर्ने करदाता तथा एकै करदाताको फरक-फरक आय वर्षमा आय र व्ययका विभिन्न शीर्षकको रकममा ठुलो भिन्नता हुने गरेको देखिन्छ। आय र व्ययमा देखिएको यस्तो अस्वाभाविक भिन्नता सम्बन्धमा वित्तीय विवरण एवं कर परीक्षण प्रतिवेदनमा समेत खुलासा गर्ने गरेको छैन।

पूर्वाधार निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी करदाताको स्वयं कर निर्धारण तथा कर परिक्षण फाइल परीक्षण गर्दा निर्माण कार्यको प्रत्यक्ष लागत अन्तर्गत पर्ने ज्याला, इन्धन, मेसिन।उपकरणको भाडा तथा मर्मत सम्भार लगायतका शीर्षकमा अघिल्लो आय वर्षको कारोबारको आकार तथा सोही प्रकृतिको कारोबार गर्ने अन्य करदाताको तुलनामा अस्वाभाविक खर्च दाबी गर्ने एवं खर्च कट्टी गर्न नमिल्ने खर्चसमेत दाबी गर्ने गरेको पाइयो। अतः करदाताको आय र व्ययको विश्वसनीयता अभिवृद्धिका लागि एकै शीर्षकमा निश्चित्प्रतिशतभन्दा बढी घटबढ भएमा सोको खुलासा गर्न छुट्टै फारामको व्यवस्था मिलाउनुपर्दछ।

७५. **मूल्याङ्कन** - आयकर ऐन, २०५८ को दफा २(ष) मा बजार मूल्य भन्नाले कुनै सम्पत्ति वा सेवाका सम्बन्धमा असम्बन्धित व्यक्तिहरू बीच सामान्य बजार व्यवहारको सिलसिलामा सेवा वा सम्पत्तिको सामान्य कारोबार मूल्य सम्झनु पर्ने उल्लेख छ। सोही ऐनको दफा १५, ४०, ४१, ४२, ४४, ४५, ५७ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२, १३ लगायतका दफामा प्रचलित बजार मूल्यलाई आधार लिई कर प्रशासन गर्नुपर्ने व्यवस्था छ। कर कानूनमा उक्त व्यवस्था भए तापनि बजार मूल्य निर्धारण गर्ने कार्यका लागि विभागले छुट्टै मापदण्ड तयार गरेको छैन। तसर्थ कानूनी व्यवस्थाहरूको परिपालना गरी राजस्व प्रशासनलाई वस्तुनिष्ठ, व्यवस्थित, मर्यादित र जवाफदेही

बनाउन बजार मूल्य निर्धारण गर्ने मापदण्डको व्यवस्था मिलाउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ।

७६. **कर परीक्षण -** आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०७८।७९ मा पूर्ण करपरीक्षणतर्फ गत वर्षको जिम्मेवारी सरेका फाइल सङ्ख्या ८ हजार ३४४ रहेकोमा यो वर्ष ३ हजार ९०० छनोट भएका समेत १२ हजार २४४ फाइलको कर परीक्षण गर्नुपर्नेमा ५ हजार ९२१ करपरीक्षण गरेको देखियो। यो वर्ष छनोट भएका फाइललाई आधार लिँदा लक्ष्यको तुलनामा १५१.८२ प्रतिशत र परीक्षण गर्नुपर्ने कुल फाइलको तुलनामा ४८.३५ प्रतिशत मात्र परीक्षण सम्पन्न भई बाँकी ६ हजार ३२३ फाइल (५१.६५ प्रतिशत)आगामी वर्षको लागि जिम्मेवारी सारेको छ। व्यवसायीक स्थायी लेखा नम्बर लिएका करदाताको तथ्याङ्कबाट विश्लेषण गर्दा कुल करदाता १७ लाख ४२ हजार ४१३ मध्ये यो वर्ष छनोट भएका करदाता ०.२२ प्रतिशत मात्र रहेका छन्। जोखिममा आधारित छनोट प्रणाली अवलम्बन गर्दा जोखिम सूचक समय समयमा पुनरावलोकन नगर्दा एउटै करदाता प्रत्येक वर्ष छनोटमा पर्ने र केही करदाता छनोटमा नै नपर्ने अवस्था देखिएको छ। तसर्थ कर परीक्षणका लागि फाइल छनोट गर्ने एवं कर परीक्षण प्रणालीको प्रचलित व्यवस्थामा पुनरावलोकन गर्दै विभाग र अन्तर्गतका कार्यालयहरूको कर परीक्षण क्षमतामा सुधार गर्नुपर्दछ।

७७. **कर अन्तर-** विभागले कर अन्तराल अध्ययन, राजस्व जोखिम अध्ययन, नीति तथा परिपालना जस्ता विषयमा अध्ययन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिँदै आएको भए तापनि सो अनुसार अध्ययन अनुसन्धान भए गरेको देखिँदैन। देशको अर्थतन्त्रमा अझै पनि अनौपचारिक अर्थतन्त्रको ठूलो प्रभाव रहेको देखिएकाले त्यस्तो अर्थतन्त्रलाई क्रमशः औपचारिक क्षेत्रतर्फ प्रवाहित गर्दै जाने, कर अन्तर रहेका क्षेत्रहरूको पहिचान गरी घटाउँदै लैजाने तथा राजस्व प्रशासनका समग्र सूचकहरूलाई सकारात्मक र अपेक्षित बनाउन विभागको प्रशासनिक दक्षतामा अभिवृद्धि र अध्ययन अनुसन्धान कार्यमा तिव्रता दिँदै अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण र अन्तर निकाय समन्वय हुनुपर्दछ।

७८. **एकीकृत कर प्रणाली -** विभागको एकीकृत कर प्रणालीमा करदाताको आय विवरण, वासलात, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तनको विवरण, थप खुलासा र अन्य अनुसूचीहरूको उपलब्धताले स्वयम् कर निर्धारण गरी करदाताले पेस गरेका आय विवरणहरू कार्यालयमा भौतिकरूपमा उपस्थित नभई लेखापरीक्षण गर्ने अवस्था सिर्जना भएको छ। तर पूर्ण कर परीक्षण भएका करदाताको कर परीक्षण प्रतिवेदन र त्यस क्रममा माग गरिएका विवरण एवं कागजातहरू एकीकृत कर प्रणालीमा प्रविष्ट नहुँदा लेखापरीक्षणका लागि स्थलगत रूपमा कार्यालयमा नै जानुपर्ने अवस्था छ। सूचना प्रविधिमा आधारित रही लेखापरीक्षण कार्य सम्पन्न गर्ने प्रयोजनका लागि पूर्ण कर परीक्षण भएका करदाताको कर परीक्षण प्रतिवेदन, सो क्रममा माग गरिएका प्रमुख प्रमाण एवं कागजातहरू एकीकृत कर प्रणालीमा अभिलेख राख्ने व्यवस्था गर्न गत वर्ष सुझाउ दिइएकोमा स्थिति यथावत् छ।

७९. **कर बक्यौता कायम नभएको -** आन्तरिक राजस्व विभागले कर तथा राजस्व व्यवस्थापन प्रणालीलाई प्रविधिमा आधारित बनाउन एकीकृत कर प्रणाली सञ्चालनमा ल्याएको छ। करदाताले पेस गरेको विवरणको आधारमा कर दायित्व निर्धारण तथा बक्यौता कायम हुने प्रणाली रहेको छ। विभागको उक्त प्रणालीमा करदाताले पेस गरेको अनुसूची २ (कर दायित्व निर्धारणको विवरण) र अनुसूची १० (कर दाखिला तथा मिलानको विवरण) अनुसार करदाताले कर दाखिला नगरेको अवस्थामा स्वतः बक्यौता कायम हुनुपर्नेमा सोअनुसार भएको देखिँदैन। आन्तरिक राजस्व कार्यालय, पुतलीसडक

अन्तर्गका ५९ करदाताले २०७८।७९ मा, आन्तरिक राजस्व कार्यालय, ठमेल अन्तर्गतका ३ करदाताले २०७७।७८ मा अनुसूची २ अनुसारको कर दायित्व रू.७ करोड ३३ लाख ४० हजार दाखिला नगरेको अवस्थामा निज करदाताको नाममा उक्त रकम बक्यौता रहेको देखिँदैन। उक्त अवस्थाले कर दायित्व भुक्तान नगरेका करदाताको कर बक्यौता यकिन गर्ने तथ्याङ्क प्राप्त हुन सक्ने अवस्था छैन। अतः पूर्ण कर परीक्षण तथा अन्य कर परीक्षण नभएको अवस्थामा राजस्व गुम्न सक्ने अवस्था रहेकोले यस सम्बन्धमा प्रणालीमा सुधार हुनुपर्दछ।

८०. **मुनाफा बाहेकको लाभांशमा कर -** आयकर ऐन, २०५८ को दफा ५६(३) मा उल्लेख भएको मुनाफा बाहेकको लाभांश रकममा तोकिएको अवस्थाभन्दा बाहेकमा निकायको आयमा आयकर लाग्ने व्यवस्था छ। आयकर नियमावली, २०५९ को नियम १८ मा मुनाफा बाहेकको रकममा हिताधिकारीलाई सेवा उपलब्ध गराइएको वा निकायको स्वामित्वमा रहेको सम्पत्ति हिताधिकारीलाई प्रयोगका लागि उपलब्ध गराइएको अवस्थामा निकायको आयमा समावेश गर्नु नपर्ने गरी तोकेको छ। विभागले आयकर निर्देशिका (संशोधन सहित) २०६६ को परिच्छेद १३ को बुँदा नं. १३.९ मा मुनाफा बाहेकको वितरणको रूपमा शेयर प्रिमियमबाट बोनस शेयर वितरण भएमा सोलाई सोही ऐनको दफा ५३(१) (क) अनुसार निकायबाट हुने वितरण मानी अन्तिम रूपमा कर कट्टी विधिमा कर लाग्ने उल्लेख गरेको छ। सोही ऐनको दफा ५६(३) मा आय गणना गर्न नपर्ने सम्बन्धमा स्पष्ट व्याख्या नभएको अवस्था छ। तर विभागले सो मुनाफाबाट भएको वितरणमा निकायलाई आयकर नलाग्ने दफा ५३(१) को वितरण मानी अन्तिम कर कट्टी विधिले कर असुल गर्ने उल्लेख गरी व्याख्या गर्दा त्यसबाट दफा ५६(३) अनुसार सिर्जित हुने निकायको कर दायित्व नै खारेज वा खण्डित भएको देखिन्छ। आयकर ऐनमा नियमावलीले तोक्ने उल्लेख भए तापनि निर्देशिकामा शेयर प्रिमियमबाट भएको वितरणमा मुनाफा बाहेकको लाभको अवधारणा लागू नहुने नियमावलीले तोकेको भन्दा फरक व्याख्या गरिएको छ। उक्त व्याख्या आयकर ऐन, र नियमावलीसँग बाझिई आयकर ऐनको दफा १३९ र १४२ विपरीत देखिन्छ।

यस सम्बन्धमा गत विगत वर्षको प्रतिवेदनमा विभिन्न कम्पनीहरूले मुनाफा बाहेकको लाभांश वितरण गरेकोमा राजस्व छुट हुन गएको व्यहोरा उल्लेख गरिएको छ। आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले उक्त छुट भएको कर रकम प्रतिवेदन अवधिसम्म असुल गर्ने प्रक्रिया अघि बढाएको छैन। यो वर्ष पनि ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, लाहानमा दर्ता रहेका ५ करदाताले विभिन्न मितिमा फर्दर पब्लिक अफरिङ्ग र शेयर लिलामीमार्फत् विभिन्न आय वर्षमा लाभ आर्जन गरेको रू.१ अर्ब २० करोड २७ लाखको ३० प्रतिशतले हुने कर रू.३६ करोड ८ लाख २२ हजार छुट हुन गएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

८१. **मर्जर/एक्विजिसनमा कर -** आयकर ऐन, २०५८ को दफा २२ को उपदफा (१) मा कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्तअनुरूप हुने र उपदफा ३ मा कम्पनीले कर प्रयोजनको लागि एक्रुअल आधारमा लेखाङ्कन गर्नुपर्ने, सोही ऐनको दफा ७ मा व्यवसायबाट भएको सबै लाभ तथा मुनाफा व्यवसायको आयमा समावेश हुने व्यवस्था छ। बैङ्क एवं वित्तीय संस्थाहरूले कम्पनी ऐन, २०६३ को दफा १०८ बमोजिम दोहोरो लेखा प्रणालीअनुसार कम्पनीको कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा प्रतिविम्बित हुने गरी प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामानअनुरूप लेखा राख्नुपर्ने व्यवस्था छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान-३ (बिजनेश कम्बिनेशन) अनुसार कुनै पब्लिक कम्पनीले प्राप्ति गर्ने वा अर्को कम्पनीमा गाभिने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ। वित्तीय प्रतिवेदनमानमा प्राप्ति गर्ने कम्पनीले प्राप्ति हुने कम्पनीको पहिचान भएको सम्पत्तिहरू प्राप्ति गर्दा र उक्त कम्पनीको पहिचान भएको दायित्व स्वीकार गर्दा बजार मूल्यमा गर्नुपर्ने र पहिचान भएको सम्पत्तिमा स्वीकार गरेको दायित्व घटाई बाँकी खुद सम्पत्ति बापत दिएको साधारण शेयरको बजार मूल्यको आधारमा आउने फरक रकमलाई अवस्था अनुसार सौदाबाजी गर्दाको लाभ वा ख्यातिको रूपमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। लेखामानको उल्लिखित प्रावधान विपरीत मर्जर। एक्विजिसन गर्दा भएको लाभलाई प्राप्ति गर्ने कम्पनीले सोझै आफ्नो इक्विटीमा भएको परिवर्तन विवरणमा एक्विजिसन रिजर्भ, जेनेरल रिजर्भ, क्यापिटल रिजर्भ लगायतका शीर्षकमा देखाएको छ।

नेपाल लेखामानमा भएको आयकरसम्बन्धी व्यवस्थाअनुसार सौदाबाजी गर्दा भएको लाभलाई नाफा नोक्सान विवरणमा उल्लेख गरी लेखाङ्कन गर्नुपर्नेमा सो नगरेकोले प्रचलित लेखामान र आयकर ऐन, २०५८ को दफा २२ विपरीत हुन गएको देखिन्छ। कतिपय बैङ्क तथा वित्तीय संस्थाले नाफा नोक्सान खातामा नै देखाएको अवस्था पनि छ। बिजनेस कम्बिनेसनबाट प्राप्त भएको लाभलाई ठूला करदाता कार्यालयमा दर्ता रहेका एक बैङ्क तथा वित्तीय संस्था र आन्तरिक राजस्व कार्यालय, कावासोतीमा दर्ता रहेको एक सहकारी संस्थाले उपर्युक्त बमोजिम लाभ देखाई आयकर तिर्नुपर्नेमा सो नगरेकोले निजहरूले प्राप्त गरेको लाभ रू.५६ करोड ५ लाख ४६ हजारमा मा आयकर ऐन, २०५८, अनुसूची - १ को दफा २ को उपदफा (२) बमोजिम कर रू.१५ करोड १६ लाख ९२ हजारमा शुल्क एवं ब्याजसमेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

८२. **मर्जर। एक्विजिशनमा लाभांश कर** - आयकर ऐन, २०५८ को दफा ४७क(५) मा उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेका शेयरधनीलाई वितरण गरेको लाभांशमा कर नलाग्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार गाभिई निःसर्ग भएको निकायका साविकका शेयरधनीहरूले मात्र वितरण गरेको लाभांश रकममा कर छुट प्राप्त गर्ने कानूनी व्यवस्था देखिन्छ। तर ठूला करदाता कार्यालयमा दर्ता रहेका वित्तीय कारोवार गर्ने एक करदाताले लाभांश वितरण गर्दा गाभिई निःसर्ग भएको निकायको साविकका शेयरधनीको हकमा मात्र लाभांश कर छुट दिनुपर्नेमा गाभिए पश्चात्को निकायको सबै शेयरधनीले छुट लिएको देखियो।

यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा विभिन्न कम्पनीहरूले वितरण गरेको लाभांशमा राजस्व छुट हुन गएको व्यहोरा उल्लेख गरिएको थियो। आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले उक्त छुट भएको कर रकम प्रतिवेदन अवधिसम्म असुल गर्ने प्रक्रिया अघि बढाएको छैन। अतः ऐनको दफा ४७क(५) अनुसार उल्लिखित करदाताले वितरण गरेको लाभांश रू.१ अर्ब ९९ करोड ८७ लाख ६२ हजारमा ५ प्रतिशतले लाग्ने लाभांश कर रू.९ करोड ९९ लाख ३८ हजार असुल गर्न छानबिन गर्नुपर्दछ।

८३. **पुँजीगत लाभकर** - आय कर ऐन, २०५८ को दफा ४७ (क)(१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयर धनीहरूले गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमवाट निःसर्ग गर्दा त्यसरी निःसर्ग भएको लाभमा मात्र पुँजीगत लाभकर नलाग्ने व्यवस्था छ। उक्त व्यवस्था

अनुसार गाभ्ने निकायका शेयरधनीहरूले पुँजीगत लाभकर तिर्नुपर्दछ। नेपाल धितोपत्र बजार लिमिटेड अन्तर्गत रहेका ५० धितोपत्र दलाल व्यवसायीले गाभिई निःसर्ग भएको निकायको साविकका शेयरधनीको शेयर बिक्रीमा मात्र पुँजीगत लाभकर छुट दिनुपर्नेमा गाभिए पश्चात्का निकायको सबै शेयर धनीको कारोवारमा पुँजीगत लाभकर छुट दिएको देखियो। सिडीएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग यस सम्बन्धी विवरण माग भएकोमा गाभिए पश्चात्का निकायको सबै शेयर धनीको कारोवारको विवरणमात्र प्राप्त भएकोले २०७६।७७ देखि २०७८।७९ सम्मको रू.६ अर्ब ३१ करोड ३५ लाख लाभमा पुँजीगत लाभकर रू.३१ करोड ५६ लाख छुट दिएको मध्ये निःसर्ग भएको निकायको साविकका शेयरधनीको शेयर बिक्रीमा मात्र पुँजीगत लाभकर छुट कटाई बाँकी पुँजीगत लाभकर छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

८४. **लाभांश कर** - आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा २ (क) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको लाभांश भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीबाट घटी लाभांस कर दाखिला गरेको रू.१० करोड २३ लाख ६७ हजार असुल हुनुपर्दछ। यस सम्बन्धी केही प्रमुख व्यहोरा निम्नानुसार छन्:

८४.१ ठूला करदाता कार्यालय अन्तर्गतका एक रिफाइनरी उद्योगले आय वर्ष २०७७।७८ मा हिताधिकारीकहरूलाई गत वर्ष वितरण गर्न बाँकी रहेको लाभांश रू.२१ करोड भुक्तानी गरेको देखिन्छ। कर परीक्षण प्रतिवेदनको अग्रिम कर कट्टी सम्बन्धी विवरणमा लाभांश कर बापत रू.१ करोड ५ लाख दाखिला गरेको उल्लेख भएकोमा एकीकृत कर प्रणाली (आई.टी.एस.) को प्यानवाइज रिपोर्ट परीक्षण गर्दा रू.५० लाख मात्र दाखिला भएको देखिएकोले नपुग लाभांश कर रू.५५ लाख एवं सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

८४.२ ठूला करदाता कार्यालय अन्तर्गतका चाउचाउ, भुजिया, जुस लगायतका वस्तु उत्पादन गर्ने एक करदाताले आय वर्ष २०७७।७८ मा रू.७५ करोड २९ लाख ६० हजार लाभांश भुक्तानी गरेको देखिन्छ। उक्त रकमको ५ प्रतिशतले हुने लाभांश कर रू.३ करोड ७६ लाख ४८ हजार दाखिला गर्नु पर्नेमा एकीकृत कर प्रणाली (आई. टी. एस.) को प्यानवाइज रिपोर्ट अनुसार रू.३ करोड १८ हजार मात्र दाखिला गरेको देखिएकोले नपुग लाभांश कर रू.७६ लाख ३० हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

८४.३ ठूला करदाता कार्यालयअन्तर्गत रहेको एक हाइड्रो पावर कम्पनीले आय वर्ष २०७४।७५ मा हिताधिकारीहरूलाई रू.४८ करोड १६ लाख ९१ हजार लाभांश वितरण गर्दा ५ प्रतिशतले हुने लाभांश कर रू.२ करोड ४० लाख ८५ हजार दाखिला गर्नुपर्नेमा एकीकृत कर प्रणाली (आई. टी. एस.) को प्यानवाइज रिपोर्ट अनुसार रू.१ करोड मात्र दाखिला गरेको देखियो। अतः नपुग लाभांश कर रू.१ करोड ४० लाख ८५ हजार शुल्क तथा ब्याजसहित असुल हुनुपर्दछ।

८४.४ ठूला करदाता कार्यालय अन्तर्गत रहेको एक मेडिकल कलेजले आय वर्ष २०७४।७५ मा रू.१३ करोड २२ लाख ८९ हजार लाभांश भुक्तानी गरेकोमा एकीकृत कर प्रणाली (आई. टी. एस.) को प्यानवाइज रिपोर्ट अनुसार लाभांश कर दाखिला गरेको देखिएन। अतः लाभांश करबापतको रू.६६ लाख १४ हजार शुल्क तथा ब्याजसहित असुल हुनुपर्दछ।

८४.५ आन्तरिक राजस्व कार्यालय, कलंकीमा दर्ता रहेको एक इञ्जिनियरिङ्ग कलेजले आय वर्ष २०७६।७७ र २०७७।७८ मा रू.७ करोड ५० लाख लाभांश भुक्तानी गरेकोमा देखिन्छ। उक्त रकमको ५ प्रतिशतले हुने लाभांश कर रू.३७ लाख ५० हजार दाखिला गर्नु पर्नेमा एकीकृत कर प्रणाली (आई. टी. एस.) को प्यानवाइज रिपोर्ट अनुसार रू.४ लाख ८१ हजार मात्र दाखिला गरेको देखिएकोले नपुग लाभांश कर रू.३२ लाख ६९ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

८५. **लेखाङ्कन तरिका परिवर्तनको आय -** आयकर ऐन, २०५८ को दफा २२(३) मा कम्पनीले कर प्रयोजनको लागि एक्रयुरल आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको तथा दफा २४(३) मा बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ तथा बैंकिङ्गसम्बन्धी प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैङ्कले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम नेपाल वित्तीय विवरण प्रतिवेदनमान नेपाल वित्तीय प्रतिवेदनमान (एन एफ.आर.एस. २०१८) लागू हुनुभन्दा अगाडि राष्ट्र बैङ्कले जारी गरेको निर्देशन बमोजिम बैकिङ्ग व्यवसाय गर्ने निकायहरूले ब्याज आम्दानीलाई नगदको आधारमा लेखाङ्कन गर्दै आएको देखिन्छ।

नेपाल लेखामान बोर्डबाट जारी भएको नेपाल वित्तीय विवरण प्रतिवेदन एन एफ.आर.एस. लागू भए पश्चात् बैकिङ्ग व्यवासाय गर्ने निकायले नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा बैङ्क तथा वित्तीय संस्थाले आम्दानी तथा खर्चको हिसाबलाई प्रोदभावी आधारमा लेखाङ्कन गर्नुपर्ने र अगाडिका आर्थिक वर्षका प्रतिवेदनलाई सोहीअनुरूप पुनर्लेखन गर्नुपर्ने व्यवस्था लागू भएको छ। नेपाल राष्ट्र बैङ्कको इ.प्रा.नं. ४।०७५ बाट क वर्गका वाणिज्य बैङ्कहरूले २०७४।७५ देखि तथा ख वर्गका विकास बैङ्क र ग वर्गका वित्त कम्पनीहरूले २०७५।७६ देखि ब्याज आम्दानीलाई प्रोतभावी आधारमा लेखाङ्कन गर्नुपर्ने गरी निर्देशन जारी गरेको छ। सोहीअनुरूप क वर्गका वाणिज्य बैङ्कहरूको २०७४।७५ देखि तथा ख वर्गका विकास बैङ्क र ग वर्गका वित्त कम्पनीहरूको २०७५।७६ देखि ब्याज आम्दानीको लेखाङ्कन तरिका परिवर्तन भएको छ।

लेखाङ्कन तरिका परिवर्तन तथा सो बाट हुने आय सम्बन्धमा आयकर ऐन, २०५८ को दफा २२(६) मा लेखाङ्कन तरिका परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकमहरूमा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै आयकर निर्देशिका २०६६ (सं.स) को परिच्छेद ८ मा नगद आधारबाट प्रोदभावी आधारमा परिवर्तन गर्दा गत विगतमा सेवा प्रदान गरिसकेको तर आयमा समावेश नगरेको रकमलाई सोही आयवर्षमा समावेश गर्नुपर्ने व्याख्या गरिएको छ।

नगदमा आधारित रहेर ब्याज आम्दानीको लेखाङ्कन गर्दा बैङ्क तथा वित्तीय संस्थाले पाकेको तर असुल हुन बाँकी ब्याजलाई नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचाबमोजिम वासलातको अन्य सम्पति महल अन्तर्गत रही अनुसूची ४.१६ मा उल्लेख गरी ब्याज मुल्तबी खातामा लेखाङ्कन गर्ने गरेको देखियो। यस्तो खातामा रहेको रकम प्रोदभावी आधारमा लेखा राख्दा आयकर ऐनको दफा २२(६) को व्यवस्था बमोजिम आयमा समावेश गर्नुपर्नेमा बैकिङ्ग तथा वित्तीय कारोबार गर्ने केही निकायहरूले ब्याज मुल्तबी खातामा रहेको रकमलाई आयमा समावेश नगरेको तथा कम रकम समावेश गरेको पाइयो। ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय,

पुतलीसडकअन्तर्गतका १२ वाणिज्य बैङ्क, १४ विकास बैङ्क र १३ फाइनान्ससमेत ३९ करदाताले लेखाङ्कनको तरिका फरक भएपछि ब्याज मुल्तबी खातामा रहेको रकमभन्दा रू.२१ अर्ब ५७ करोड ८५ लाख आय विवरणमा न्यून देखाएकोले आयमा समावेश गरी सोको ३० प्रतिशतले हुने कर रू.६ अर्ब ४७ करोड ३५ लाख असुल गर्न छानबिन गर्नुपर्दछ।

८६. **आय विवरण**- आयकर ऐन, २०५८ को दफा ९६ अनुसार कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा रू ४० लाखभन्दा बढी आय भएको अवस्थामा डे ०४ आय विवरण भर्नुपर्ने व्यवस्था आन्तरिक राजस्व विभागको वेभसाइटमा उल्लेख छ। यस्तो आय विवरणमा रोजगारीबाट प्राप्त सबै रकम, आकस्मिक लाभको रकम, कृषि आम्दानी रकम र सबै लाभांश रकम समावेश गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रमा संचालकबाट प्राप्त सापटीको रकम बैङ्क मार्फत् प्रात हुनु पर्ने, सापटीको स्रोत यकिन गरी सापटी वा लगानीको रकममा कानून अनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नुपर्ने उल्लेख छ। व्यवसायमा संचालक तथा साझेदारले पुँजी वृद्धि, सापटी, ऋण लगायत उल्लेख गरी आफू सम्बद्ध व्यवसायमा लगानी गर्दा उल्लिखित कानूनी व्यवस्था अनुसार आय विवरण पेस गरेको देखिएन। साथै उक्त रकम बैङ्कबाट प्राप्त एवम स्रोत खुलाउने गरेको समेत देखिएन। आय विवरण पनि पेस नगरेको, ऐनको अनुसूची १(४) अनुसार गैर व्यावसायिक करयोग्य सम्पत्ति घोषणा गरी सो अनुसार १० प्रतिशत कर नतिरेको अवस्थाले आयकर कम असुल भएको छ।

ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय ललितपुर-१, टंगाल, ठमेल, महाराजगञ्ज, त्रिपुरेश्वर, पुतलीसडक लगायत ३५ कार्यालय अन्तर्गतका २६१ करदाताले पुँजी वृद्धि, सापटी, ऋण लगायत उल्लेख गरी रू.१३ अर्ब ८९ करोड ७५ लाख लगानी गरेकोमा उल्लिखित कानूनी व्यवस्था अनुसार न्यूनतम रू.१ अर्ब ३८ करोड ९८ लाख कर असुल हुन छुटेको छ। तसर्थ यस्ता करदाताको कारोबार र स्रोतको बैधतासमेत यकिन गरी कर निर्धारण हुनुपर्दछ।

८७. **आयको पारिमाणीकरण तथा चारित्रीकरण** - व्यवसायबाट भएको आयको गणनामा आयकर ऐन, २०५८ को दफा ७ (२) (ज) अनुसार सो ऐनको परिच्छेद ७ बमोजिम समावेश गरिनुपर्ने रकमहरूसमेत पर्दछन्। परिच्छेद ७ अन्तर्गत दफा २७(१) (घ) मा कुनै आय वर्षमा ऋण लिनेले ऋण बापत तिरेको ब्याज प्रचलित ब्याज दर अनुसार तिर्नुपर्ने ब्याज रकमभन्दा कम भएमा सो कम भएजति रकम ऋण लिनेको आयमा समावेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय कलङ्की, कालिमाटी, टंगाल, लगायत १० कार्यालय अन्तर्गतका ४४ करदाताले आयको पारिमाणीकरण तथा चारित्रिकरण गरी आयमा समावेश नगरेको रू.१ अर्ब ८४ करोड ९१ लाखमा लाग्ने कर रू.५२ करोड ३५ लाख ६२ हजार असुल हुनुपर्दछ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

८७.१ आयकर ऐन, २०५८ को दफा ९२.१ ख.अनुसार व्यवसाय गरी रहेको घर वा जग्गामा कट्टी भएको करलाई अन्तिम कर नदिने व्यवस्था छ। ठूला करदाता कार्यालयअन्तर्गतका १० करदाताले १७ आय वर्षमा घर बहाल खर्चमा रू.५९ करोड ९६ लाख ७७ हजार दाबी गरेका छन्। करोडौं रूपैयाँको कारोबार गर्ने व्यक्तिहरू पहिचान गरी उनीहरूको व्यावसायिक कारोबारमा लाग्ने कर निर्धारण गरी असुल गर्नुपर्दछ।

८७.२ आन्तरिक राजस्व कार्यालय, टंगालअन्तर्गतका एक करदाताले विभिन्न कम्पनीलाई २०७७।७८ मा दिएको सापटी रू.१ अर्ब ४९ करोड ९९ लाखबाट प्राप्त रकम व्यवसायमा देखाएको छैन। करदाताले यो व्यवसायबाट ऋण लिएको तथा ब्याज लेखाङ्कन नगरे पनि भगिनी संस्थाहरूबाट ऋण लिई ब्याज खर्च भुक्तानी गरेको छ। तसर्थ भगिनी संस्थाले भुक्तानी गरेको ब्याजदरको आधारमा हुने रू.१४ करोड १५ लाख ९१ हजार आय लेखाङ्कन गरी रू.३ करोड ५३ लाख ९७ हजार कर तथा सोमा लाग्ने शुल्क एवं ब्याजसमेत असुल हुनुपर्दछ।

८८. **उत्पादन प्रतिलब्धि** – उत्पादनमूलक उद्योग।प्रतिष्ठानहरूमा कच्चा पदार्थ खपतबाट तोकिए बमोजिम स्थापित नर्म्स अनुसारको उत्पादन प्रतिलब्धि हासिल हुनुपर्दछ। प्रतिलब्धी सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्;

८८.१ धानबाट चामल उत्पादन गर्ने प्रतिलब्धि दर हाल सम्म कुनै निकायले तोकेको अवस्था छैन। नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत सन् २०१४ मा भएको एक अध्ययनले १९ जिल्लाका २१ प्रकारका धानको प्रतिलब्धि दर अनुसन्धान गर्दा औसत धानबाट ब्राउन चामल ७३.२ प्रतिशत र सेतो चामल ६६.२ प्रतिशत उत्पादन हुने र सामान्यतया नोक्सानी शुन्य हुने निष्कर्ष निकालेको छ। मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतका एक करदाताले २ लाख ३१ हजार ७६९ क्विन्टल धान तथा कच्चा चामलबाट तयारी चामल, टुक्रा चामल, भुसलगायतका उत्पादन जम्मा १ लाख ८१ हजार २१७ क्विन्टल मात्र उत्पादन गरेको देखिएबाट २१.८१ प्रतिशत नोक्सान देखाएको छ। न्यूनतम बिक्री मूल्य भुसको प्रति क्विन्टल रू ८७०।७५ देखाएको आधारमा रू.४ करोड ४० लाख १८ हजार आय न्यून देखाई रू.८८ लाख ४ हजार कर कम असुल भएको देखियो। धानबाट चामल तथा अन्य तयारी वस्तु उत्पादन हुने नम्स नहुँदा उत्पादनको विश्वसनीयता देखिँदैन। धान चामलको उत्पादन नर्म्स तोकिनुपर्दछ।

उद्योग विभागले एक उद्योगको लागि जारी नर्म्समा १०८.७५ किलोग्राम देखि १११.७५ किलोग्राम कच्चा जुट कच्चा पदार्थको रूपमा प्रयोग गरी १०० किलोग्राम तयारी वस्तु, यार्न, ट्वीन, जुट ब्याग तथा बोरा उत्पादन हुने उल्लेख छ। जसको आधारमा औसतमा ९०.७० प्रतिशत प्रतिलब्धि हुनु पर्ने देखिन्छ। करदाताले पेस गरेको विवरणअनुसार ४२ लाख ४९ हजार १७५ केजी कच्चा जूट प्रयोग गरी ३७ लाख ३७ हजार ६८० केजी (जुट ब्याग ५ लाख ६१ हजार ३१४ के.जी., जुट टुइन ११ लाख ८३ हजार ५६० के.जी. र जुटहिजन १९ लाख ९२ हजार ८०६) उत्पादन भएको देखिन्छ। जुन ८७.९६ प्रतिशत मात्र हो। तोकिएको नर्म्सभन्दा औसतमा २.७४ प्रतिशत न्यून उत्पादन देखाँउदा कुल १ लाख १७ लाख १६० किलोग्राम तयारी वस्तु न्यून उत्पादन देखाएको छ। तसर्थ यस सम्बन्धमा छानबिन गरी कर दायित्व रू.४५ लाख १० हजार यकिन गर्नुपर्दछ। उत्पादनमूलक उद्योगको प्रतिलब्धि दरमा समसामयिक पुनरावलोकन गरेर राजस्व परिचालनमा दक्षता अभिवृद्धि गर्न कर प्रशासनले सम्बन्धित सरकारी निकायहरू एवं उद्योगी, व्यवसायीहरूसँग समेत समन्वय गरी उद्योगमा जडान भएको मेसिन, उपकरण साथै कच्चा पदार्थको गुणस्तरसमेत मध्यनजर गरी क्षेत्रगत एवं उद्योगगत रूपमा आगत-निर्गत अनुपात निर्धारण गर्नुपर्दछ।

८८.२ सिमेन्ट उत्पादनमा प्रयोग हुने चुन, ढुङ्गा र अन्य कच्चा पदार्थको मिश्रणलाई भट्टीमा क्यालिसनेसन र सिल्टरिङको प्रक्रियाबाट बनेको क्लिङ्करलाई सिमेन्ट तयार गर्ने क्रममा ग्राइन्डिङ्ग मिलमा पिँध्दा सोको तौलमा ह्रास हुने स्थिति नरहेकोले प्रयोग भएको पदार्थको परिमाणको शत प्रतिशत नै सिमेन्ट उत्पादन हुने देखिन्छ। कर परीक्षण गरिएका फाइलको अध्ययन गर्दा नेपाल सरकारको स्वामित्वमा रहेका २

र निजी क्षेत्रका ३ समेत ५ सिमेन्ट उद्योगले क्लिङ्करको खपतबाट शतप्रतिशत परिमाणमा सिमेन्टको उत्पादन गरिरहेका छन्। तर केही उद्योगले प्राविधिक कारण बेगर घटी उत्पादन देखाइरहेको अवस्था छ। जसको कारणबाट १३ वटा उद्योगको १७ आय वर्षको आयकर रू.१८ करोड १५ लाख १ हजार, अन्तःशुल्क रू.३ करोड ४ लाख ४७ हजार र मूल्य अभिवृद्धि कर रू.११ करोड ९३ लाख ८९ हजारसमेत राजस्वमा रू.३३ करोड १३ लाख ३७ हजार असर परेको अवस्था देखिन्छ। यस सम्बन्धमा विगत वर्षका प्रतिवेदनमा समेत औँल्याइएकोमा सार्वजनिक लेखा समितिले निर्माण हुने तयारी वस्तु र जर्तिको मापदण्ड पुनरावलोकनका लागि उद्योग विभागमा पत्राचार गरी यस विषयमा ठूला करदाता कार्यालयलाई छानबिनका लागि निर्देशन दिएकोमा हालसम्म पनि सो मापदण्डको पुनरावलोकन र छानबिन प्रतिवेदन प्राप्त भएको देखिँदैन।

८८.३ आन्तरिक राजस्व कार्यालय, बुटबल अन्तर्गतका एक करदातले केमिकल १२ लाख ७८ हजार ५२ किलोग्राम र स्क्र्याप १ करोड २ लाख ७६ हजार ८० किलोग्रामसमेत १ करोड १५ लाख ५४ हजार १३२ किलोग्राम कच्चा पदार्थबाट ८६ लाख ६५ हजार ४८८ केजी कागज उत्पादन भएको छ। जसअनुसार प्रतिलब्धि दर ७५ प्रतिशतमात्र कायम भएको देखिन्छ। यसै उद्योगले २०७५।७६ मा ८० प्रतिशत प्रतिलब्धि देखाएको छ। आधुनिक प्रविधि तथा दक्षतामा भएको निरन्तर सुधारबाट चुहावटमा कमी आई प्रतिलब्धि दर आगामी वर्षहरूमा बढ्नुपर्नेमा घट्नुको कारण स्पष्ट छैन। अतः २०७५।७६ कै प्रतिलब्धिको आधारमा यो वर्ष ५ लाख ७७ हजार ७०७ किलोग्राम कागज न्यून उत्पादन देखाएको छ। जसअनुसार औसत प्रति किलोग्राम कागज बिक्री मूल्य रू.५७।९४ ले हुने रू.३ करोड ३४ लाख ७५ हजार न्यून बिक्री देखाएको सम्बन्धमा छानबिन गरी आयकर रू.६६ लाख ९५ हजार असुल गर्नुपर्दछ।

८९. **हवाई सेवामा कर** - आयकर ऐन, २०५८ को दफा ७० अनुसार नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, पुतलीसडकमा दर्ता रहेका ५ र नयाँ बानेश्वरमा दर्ता रहेको १ हवाई कम्पनीले विभिन्न गन्तव्यमा नेपालबाट उडान भर्दा प्राप्त तथ्याङ्कको आधारमा निम्नानुसार घटी कर दाखिला गरेको वा दाखिला नै नगरेको पाइएकोले रू ७१ करोड ५ लाख १४ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज असुल गर्न छानबिन गर्नुपर्दछ।

(रू.हजारमा)

हवाइ कम्पनी र उडान भर्ने स्थान	उडान भरेको यात्रु	औसत भाडा (रू.)	५ प्रतिशतले हुने कर (रू.)	दाखिला	घटी दाखिला
साउदी अरब उडान गर्ने एक एयरलाइन्स कम्पनी	७६९६९	२१५००	८२७४१	५२३००	३०४४१
सिंगापुर उडान गर्ने एक एयर एयरलाइन्स कम्पनी	१२६८	३०७०१	१९४६		१९४६
दुबई उडान गर्ने एक एयरलाइन्स कम्पनी (२ वर्ष)	२१४२१७	४१२०६	४४१३५१		४४१३५१
कुवेत उडान गर्ने एक एयरलाइन्स कम्पनी	४०२७०	४७४००	९५४३९		९५४३९
इस्तानबुल उडान गर्ने एक एयरलाइन्स कम्पनी	४८७५२	६०१२०	१४६५४८	७१८०	१३९३६८
भुटान उडान गर्ने एक एयरलाइन्स कम्पनी	२२४४	१७५६०	१९७०		१९७०
				जम्मा	७१०५१४

माथि उल्लिखित तिर्नुपर्ने कर पहिलो गन्तव्यसम्मको मात्र गणना गरिएको छ। नेपालबाट उडान भएकोमा कनेक्टिङ्ग फ्लाइटबाट दोस्रो गन्तव्यको भाडा रकम थप गर्दा माथि उल्लिखित रकम

अझै बढी आउने देखिएकोले सोसमेत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ। यस सम्बन्धमा उपर्युक्त बाहेक अन्य हवाई कम्पनीको समेत छानबिन हुनुपर्दछ।

९०. **थ्रेसहोल्ड भन्दा बढीको कारोबार -** आयकर ऐन, २०५८ को दफा ९६ मा आयवर्ष समाप्त भएको ३ महिनाभित्र दफा ९७, ९८, १०० को अधीनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिल गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐनको दफा ४ बमोजिम २०७७।७८ मा रू.२ लाख रुपैयाँ आय र व्यवसायको कारोबार रू.२० लाख रुपैयाँभन्दा कम भएको करदाताले डे १ कर विवरण बुझाउन पाउने व्यवस्था छ। त्यस्तै मूल्य अभिवृद्धि कर नियमालवी, २०५३ को नियम ६ मा रू.५० लाखभन्दा बढी वस्तुको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गराउनुपर्ने व्यवस्था रहेको छ। आन्तरिक राजस्व कार्यालय, पोखरा, ललितपुर २, बत्तिसपुतली लगायत २३ कार्यालयका ३२७ करदाताले यो वर्ष रू.८ अर्ब ५४ करोड ३८ लाख थ्रेसहोल्डभन्दा बढीको कारोबार गरेकोले सोमा लाग्ने कर रू.१ अर्ब ७२ करोड २८ लाख छानबिन गरी असुल गर्नुपर्दछ।

९१. **बीमा क्षतिपूर्ति आय -** आयकर ऐन, २०५८ को दफा ३१ मा बीमा लगायतका क्षतिपूर्ति बापतको रकम आयमा समावेश गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली तथा करदाताहरूको वित्तीय विवरणअनुसार विभिन्न बीमा कम्पनीबाट क्षतिपूर्ति रकम प्राप्त गरेका करदाताहरूले उक्त रकम सम्बन्धित आय वर्षको आयमा समावेश नगरेको वा न्यून रकममात्र समावेश गरेको देखियो। मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय पोखरा, बाग्लुङ्ग, वीरगन्ज, भक्तपूर, विराटनगरसमेत २२ कार्यालयका १५९ करदाताले बीमा क्षतिपूर्ति बापत प्राप्त रकम आय लेखाङ्कन नगरेकोले छुट हुन गएको कर रू.२८ करोड ७२ लाख ११ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९२. **फरक करको दर -** आयकर ऐन, २०५८ को अनुसूची १ मा करका दरसम्बन्धी व्यवस्था रहेको छ। साथै सोही अनुसूचीको दफा २ मा निकायको हकमा व्यवसायगत रूपमा लाग्ने करको दर सम्बन्धमा उल्लेख भएको छ। ऐनको दफा ११ मा व्यावसायिक छुट तथा सुविधासम्बन्धी व्यवस्था रहेको छ। आयकर ऐनको उल्लिखित दफाहरूले व्यवसायगत करका दर तथा छुट सुविधा सम्बन्धी व्यवस्था गरेकोमा एउटै करदाताले विभिन्न करका दर तथा छुट सुविधाहरू आकर्षित हुने विभिन्न व्यवसायहरू सञ्चालन गरेको अवस्थामा फरक करको दर बमोजिम कर दायित्व यकिन नगरी न्युन दरमा करको भुक्तानी गरेको पाइयो। त्यस्तै आयकर ऐन, २०५८ अनुसूची-१ को दफा २(१) मा साधारण व्यवसायको आयकरको दर २५ प्रतिशत तथा सोही अनुसूचीको दफा २(२) मा बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय, मुद्रा हस्तान्तरण, पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिङ्ग लगायतका व्यवसाय गर्ने निकायको कर योग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था रहेकोमा धितोपत्र कारोबार गर्ने करदाताले समेत सामान्य व्यवसाय बमोजिम नै कर भुक्तानी गरेको पाइयो। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, सूर्यविनायक, पोखरा, नयाँ बानेश्वर लगायत २२ कार्यालयका ६८ करदाताले करको दरमा फरक पारि रू.३४ करोड १२ लाख २ हजार कर दायित्व न्यून गरेको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

९३. **आयकर छुट** - आयकर ऐन, २०५८ को दफा ११ मा व्यावसायिक छुट तथा सुविधाहरूसम्बन्धी व्यवस्था रहेको छ। कर छुट सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९३.१ आयकर ऐन, २०५८ को दफा ११ (३)(ग) मा रू.१ अर्बभन्दा बढीको पुँजी लगानीमा स्थापित ५०० जनाभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले ५ वर्षसम्म आयकर पूर्ण रूपमा र त्यसपछिको ३ वर्षसम्म ५० प्रतिशत छुट पाउने व्यवस्था छ। ठूला करदाता कार्यालय अन्तर्गत रहेको एक सिमेण्ट उद्योग २०६७।८।५ मा आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता भई आय वर्ष २०७०।७१ देखि व्यावसयिक कारोबार शुरु गरेको देखिन्छ। यस आधारमा करदाताको करयोग्य आयमा २०७४।७५ सम्म पूर्ण कर छुट र २०७५।७६ देखि २०७७।७८ सम्म ५० प्रतिशत कर छुट हुने देखिन्छ। तर करदाताले आय वर्ष २०७५।७६ मा विशेष उद्योगतर्फको करयोग्य आय रू.९६ करोड ६४ लाख ६३ हजार रहेकोमा कुनै कर दाखिला नगरी पूर्ण कर छुट लिएको तथा २०७६।७७ को कुल करयोग्य आय रू.४५ करोड ५७ लाख ३५ हजारमध्ये रू.२८ करोड १० लाख ६६ हजारमा पूर्ण कर छुट लिएको तथा बाँकी आयमा ५० प्रतिशत कर दाखिला गरेको पाइयो। अतः पूर्ण कर छुट लिएको २०७५।७६ को करयोग्य आय रू.९६ करोड ६४ लाख ६३ हजार र २०७६।७७ को रू.२८ करोड १० लाख ६६ हजारसमेत जम्मा रू.१ अर्ब २४ करोड ७५ लाख २९ हजारको १० प्रतिशतले हुने कर रू.१२ करोड ४७ लाख ५३ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

९३.२ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतका एक करदाताले आफ्नो भवन तथा सोको परिसर अर्को एक व्यक्तिलाई क्यासिनो सञ्चालन गर्न १० वर्षको लागि भाडामा दिएको अवस्थामा उक्त भाडा बापतको आयलाई पर्यटन उद्योगको आयको रूपमा व्याख्या गरी करछुट सुविधा प्राप्त गरेको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ६ मा क्यासिनो व्यवसायलाई पर्यटन उद्योगको रूपमा व्याख्या गरेको छ। यस करदाताले घर जग्गा क्यासिनो संचालकलाई भाडामा उपलब्ध गराई प्राप्त भएको भाडा बापतको आयलाई पर्यटन उद्योगको रूपमा करछुट सुविधा लिँदा २०७४।७५ मा रू.४ करोड ४२ लाख ८२ हजार, २०७५।७६ मा रू.९ करोड ५५ लाख ७० हजार र २०७६।७७ मा रू.४ करोड ५५ लाख ३७ हजारसमेत कुल रू.१८ करोड ५३ लाख ८९ हजार कर दायित्व नियोजन भएकोले उक्त रकम असुल गर्नुपर्ने देखियो।

९३.३ आयकर ऐन, २०५८ को दफा ११(३)क मा कुनै विशेष उद्योगले एक हजार भन्दा बढी नेपाली नागरिकलाई वर्ष भरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्ष लाग्ने करको ७० प्रतिशत कर लाग्ने व्यवस्था अनुसार १४ प्रतिशत करको दर लाग्ने देखिन्छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतका एक करदातासँग नियमित २८१ जना मात्र कामदार तथा कर्मचारी रहेको अवस्थामा सो सुविधा प्रयोग गरी १४ प्रतिशतले कर तिरेको देखिएकोले यो वर्ष रू.३२ लाख २७ हजार कर कम असुल भएको देखियो। उक्त नपुग कर असुल हुनुपर्दछ।

९३.४ आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२ख) (ख) मा कुनै आय वर्षमा वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा निकायको हकमा लाग्ने कर २५ प्रतिशतमा २० प्रतिशत छुट हुने व्यवस्था छ। उपदफा (२ख)(ग) मा उक्त (२ख) (ख) बमोजिमको सुविधा पाएका

व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधासमेत पाउने व्यवस्था देखिन्छ।

उपदफा (३ङ)(ख) मा नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा निकायको हकमा लाग्ने कर २५ प्रतिशतमा २० प्रतिशत छुट हुने व्यवस्था देखिन्छ। उपदफा (३ङ)(ग) ले उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यातको आयमा थप २५ प्रतिशत कर छुट हुने व्यवस्था गरेको देखिन्छ।

उपदफा (४) मा कुनै व्यक्तिले यस दफा बमोजिम बेग्लाबेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिन आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय प्राप्त गरेको सरह मानी आय गणना गर्नु पर्ने व्यवस्था देखिन्छ।

उपदफा (५) मा एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने व्यवस्था देखिन्छ।
यसरी निकायको आयमा उपदफा (२ख)(ख) अनुसार विशेष उद्योगको आयको हकमा २० प्रतिशत, उपदफा (३ङ)(ख) अनुसार निकासीबाट भएको आयमा थप २० प्रतिशत र उपदफा (३ङ)(ग) अनुसार उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यातबाट भएको आयमा थप २५ प्रतिशत छुट दिने कानूनी प्रावधान अनुसार करदाताले माथि उल्लिखित उपदफा (५) विपरीत एक भन्दा बढी आयकर छुटको सुविधा लिएको देखिन्छ। प्रत्येक वर्ष कर छुटका उपदफाहरू थपघट गर्ने र करका दरहरू हेरफेर गर्ने पद्धतिमा सुधार गरी राजस्व छुट तथा सुविधालाई व्यवस्थित गर्नुपर्दछ।

९४. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निःसर्ग गरेको मानिने, त्यस्तो निःसर्गलाई दफा ४१ अनुसार थमौती सहितको निःसर्ग मानिने, दफा ५७(२) अनुसार स्वामित्व परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टी गर्न नपाउने, निकायको स्वामित्वमा कुनै आय वर्षमा दफा ५७(१) मा उल्लिखित किसिमले स्वामित्व परिवर्तन भएमा सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागहरूलाई छुटाछुट्टै आय वर्षहरूको रूपमा मानिने र निःसर्ग हुँदा कायम सम्पत्ति र दायित्वको बजार मूल्यमा निःसर्ग भएको मानिने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय भद्रपुर, भैरहवा लगायत ११ कार्यालय अन्तर्गतका १२ करदाताको नियन्त्रणमा परीवर्तन भएकोमा छुट हुन गएको कर रू.२६ करोड १ लाख ९७ हजार असुल हुनुपर्दछ। यस सम्बन्धी केही प्रमुख व्यहोरा निम्नानुसार छन्:

९४.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक कम्पनी (अस्पताल) को २०७६।७७ स्वामित्व परिवर्तन भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ५७ अनुसार ५० प्रतिशत भन्दा बढी शेयर स्वामित्व परिवर्तन भएपछि स्वामित्व परिवर्तन पूर्वको नोक्सानी रू.१ अर्ब ७० करोड ८४ लाख ४ हजार कट्टी नपाउनेमा नियमविपरीत कट्टी लिएको रकम अमान्य गरी कायम हुने आयमा कर रू.२ करोड ७७ लाख २८ हजार असुल गर्नुपर्दछ।

९४.२ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक मदिरा उद्योगको २०७५।२।३० मा कम्पनी रजिष्ट्रारको कार्यालयमा स्वीकृत भए अनुसार ५६ प्रतिशत स्वामित्व परिवर्तन भई नियन्त्रणमा परिवर्तन भएको छ। करदाताको २०७४।७५ को कर लेखापरीक्षण विवरणमा कम्पनीको जग्गामा रू.८५ करोड ३६ लाख, भवन रू.११ करोड ३६ लाख, सवारीसाधन रू.३१ हजार, प्लान्ट मेसिनरी रू.२३ करोड ३५ लाखसमेत रू.१ अर्ब ११ करोड ९१ लाखको स्थिर सम्पत्ति पुनर्मूल्याङ्कन गरेको उल्लेख छ। करदाताको मिति २०७५।२।३ मा स्वामित्व परिवर्तन भएको र सो अवधिमा करदाताको सम्पूर्ण सम्पत्तिको वास्तविक लागत रू.९ करोड ३४ लाख ९४ हजार रहेकोमा यो वर्षको पुनर्मूल्याङ्कन समेत सम्पूर्ण सम्पत्तिको मूल्य रू.१ अर्ब ११ करोड ९१ लाख ४२ हजार रहेको देखिन्छ। करदाताले पेस गरेको वित्तीय विवरणमा पूनर्मूल्याङ्कन गरिएको सम्पत्तिको फेयर भ्यालुलाई नै दफा ५७ को प्रयोजनको लागि दफा ४१ अनुसारको निःसर्ग मानी दफा ३७ अनुसार गणना गरी हुने लाभ रू.१ अर्ब २ करोड ५६ लाख ४७ हजारलाई आयमा समावेश कर रू.३० करोड ७६ लाख ९४ हजार कर निर्धारण गर्न छानबिन हुनुपर्दछ।

९४.३ आन्तरिक राजस्व कार्यालय, भद्रपुरअन्तर्गत दर्ता रहेको एक सिमेन्ट उद्योगको शेयर लगत अभिलेख अनुसार २०७६।७७ मा शेयर संरचनामा ६३.५ प्रतिशत परिवर्तन भएको देखिन्छ। करदाताले २०७७।७८ मा पेस गरेको वित्तीय तथा आय विवरणअनुसार सो वर्षसम्मको कुल नोक्सानी रू.१ करोड ४७ लाख १९ हजार रहेकोमा स्वामित्व परिवर्तन पश्चात् समेत उक्त नोक्सानी सारेकोले त्यस्तो रकम अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

९४.४ आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गतको एक करदाताको २०७५।७६ मा स्वामित्व परिवर्तन भएको छ। उक्त वर्ष करदाताले भवनको मूल्यलाई रिभ्यालुएसन गरी रू ८ करोड ४५ लाख २१ हजार घटाएको र जग्गाको मूल्यलाई रिभ्यालुएसन गरी रू १४ करोड १ लाख ७४ हजार बढाएको छ। भवनको प्रत्येक वर्ष ह्रास खर्च दाबी गरि सकेको हुने र स्वामित्व परिवर्तन भएको वर्ष पुनः रिभ्यालुएसन गरी सम्पत्तिको मूल्य घटाएको अवस्थाबाट पुँजीगत लाभ कर घटाउने प्रबन्ध भएको देखिएकोले भवनको मूल्याङ्कन घटाएको अवस्थाको सम्बन्धमा छानबिन गरी भवनको मूल्याङ्कन घटाएकोलाई अमान्य गरी जग्गाको रिभ्यालुएसन बापतको लाभमा पुँजीगत लाभकर रू.३ करोड ५० लाख ४३ हजार असुल हुनुपर्दछ।

९५. **पुँजीगत खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा २१ (३) घ २ अनुसार बाह्र महिनाभन्दा बढी लाभप्रद आयु भएको कुनै सम्पत्ति प्राप्त गर्दा लागेको खर्च कट्टी गर्न नपाइने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गतका ४ करदाताले पुँजीगत प्रकृतिको खरिद रू.२५ करोड १ लाख ७६ हजार खर्च कट्टीलिएकोले सोलाई अमान्य गरी लाग्ने कर रू.६ करोड ६७ लाख ९२ हजार असुल हुनुपर्दछ। यस सम्बन्धी प्रमुख व्यहोराहरू निम्नानुसार छन्:

९५.१ ठूला करदाता कार्यालयअन्तर्गतको एक करदाताले प्रशासनिक खर्चमा प्रोजेक्ट इम्प्लिमेन्टेसन खर्च भनी २०७७।७८ र २०७६।७७ मा रू.२० करोड १० लाख १३ हजार खर्च लेखेको छ। दीर्घकालीन प्रकृतिको खर्च आवश्यक भएमा पुँजीकरण गरेर सम्बन्धित सम्पत्तिको ह्रास खर्च दाबी

गर्नुपर्नेमा एकै वर्षमा खर्च दावी गरेकोले थप छानबिन गरी कर रू.६ करोड ३ लाख ४ हजार असुल गर्नुपर्दछ।

९५.२ आन्तरिक राजस्व कार्यालय, पुतलीसडक अन्तर्गतको एक करदाताले सडक निर्माणबापत भएको खर्च रू.२ करोड ५९ लाख ५२ हजार सम्पतीमा पुँजीकरण गर्नुपर्नेमा खर्च लेखेकोले सो खर्च अमान्य गरी सोमा लाग्ने कर रू.६४ लाख ८८ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९६. **सम्पत्ति तथा दायित्वको निःसर्ग -** आयकर ऐन, २०५८ को दफा ४०(१) मा कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निःसर्ग गरेको मानिने र दफा ४०(२) मा कुनै व्यक्ति दायित्वको भारबाट हटेमा निजले सो दायित्वको निःसर्ग गरेको मानिने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय कलङ्की, कालिमाटी, टंगाल, बत्तिसपुतली लगायत ४२ कार्यालय अन्तर्गतका २५७ करदाताले देखाएको अवास्तविक सम्पत्ति। दायित्व देखाएको रू.४ अर्ब ३० करोड ११ लाख निःसर्ग गरी सोमा लाग्ने कर रू.१ अर्ब ८ करोड असुल हुनुपर्दछ। यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

९६.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक अटोमोवाइल्स कारोबार गर्ने करदाताले यो वर्ष ट्रेड क्रेडिटर्स बापत रू.२५ करोड ३८ लाख ६ हजार देखाएको छ। सवारीसाधन आयात गरी बिक्री गर्ने करदाताको यस्तो ट्रेड क्रेडिटर्स गत वर्ष नदेखिएकोमा यो वर्ष यस्तो रकम देखिएको सम्बन्धमा छानबिन गरी अवास्तविक दायित्वलाई निःसर्ग गरी कर रू.६ करोड ३४ लाख ५१ हजार असुल गर्नुपर्दछ।

९६.२ ठूला करदाता कार्यालय अन्तर्गतको एक करदाताले २०७४।७५ मा कारोबार नभएका ३ वैदेशिक कम्पनीलाई रू.२७ करोड ७५ लाख ६१ हजार भुक्तानी दिन बाँकी देखाएको छ। वैदेशिक कम्पनीलाई कारोबार बेगर नै तिर्नुपर्ने देखाएको दायित्वको सम्बन्धमा थप छानबिन गरेर सोमा रू.५ करोड ५५ लाख १२ हजार कर निर्धारण गरेर असुल गर्नुपर्दछ।

९७. **घटी आय लेखाङ्कन -** आयकर ऐन, २०५८ को दफा ७(२) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ। ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय विराटनगर, दमौली, विरगञ्ज, हेटौंडा समेत ४२ कार्यालयका ४०१ करदाताले घटी आय लेखाङ्कन गरेको रू.१९ अर्ब ३१ करोड ५३ लाखलाई आयमा समावेश गरी सोमा लाग्ने कर रू.५ अर्ब ५८ करोड १५ लाख र सोमा लाग्ने शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

९७.१ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक करदाता (रियल स्टेट कम्पनी) ले आय विवरण साथ पेस गरेको वित्तीय विवरणमा यो वर्ष सोही करदाताको देशभरका विभिन्न स्थानमा रहेका ८ वटा शाखा (ग्रुप) बाट व्यापारिक मौज्दातको निःसर्ग गरी प्राप्त बिक्री आय रू.३४ करोड ४ लाख ११ हजार देखाएकोमा सोमध्ये चावहिलमा शाखा (एकाइ) बाट जग्गा बिक्रीबाट जम्मा रू.३ करोड २६ लाख ९० हजार बिक्री आय देखाएको छ। यो वर्ष मालपोत कार्यालय, चावहिलबाट सो करदाताको

नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गाको निःसर्ग भएको विवरण भिडान गर्दा सो करदाताको बिक्री आय रू.८ करोड ७१ लाख १३ हजार देखिएकोमा करदाताले न्यून आय जनाएको रू.५ करोड ४४ लाख २३ हजार सम्बन्धमा थप छानबिन गरी रू.१ करोड ३६ लाख ५ हजार असुल गर्नुपर्दछ।

९७.२ मध्यमस्तरीय करदाता कार्यालयको एक करदाता (वायुयान सञ्चालक कम्पनी) को विमान २०७४ जेष्ठमा दुर्घटना भएकोमा वित्तीय विवरणको अनुसूची लगायतबाट बीमा कम्पनीबाट रू.५१ करोड ७३ लाख प्राप्त गरेको देखिएकोमा करदाताले विमा बापतको क्षतिपूर्ति बापत आय जनाएको नदेखिएकोले सो सम्बन्धमा छानबिन गरी रू.१८ करोड ८ लाख ४२ हजार नोक्सानी समायोजन गरी बाँकी आयमा कर रू.८ करोड ४१ लाख १४ हजार असुल गर्नुपर्दछ।

९७.३ आन्तरिक राजस्व कार्यालय, विराटनगर अन्तर्गत एक करदाताले लेखा टिप्पणीमा सम्बद्ध संस्थासँग यो वर्षको स्किम बापत रू.१५ करोड ७० लाख २० हजार लिन बाँकी देखाएकोमा वित्तीय विवरणमा सोही संस्थासँग बिक्रीबापत लिन बाँकी रू.१ करोड २९ लाख ७५ हजार मात्र देखाएको छ। यस सम्बन्धमा थप छानबिन गरी फरक रकम रू.१४ करोड ४० लाख ४५ हजारलाई आयमा समावेश गरी कर रू.३ करोड ६० लाख ११ हजार असुल गर्नुपर्दछ।

९७.४ आन्तरिक राजस्व कार्यालय, दमौलीमा दर्ता रहेको एक एग्रो कम्पनीले २०७६।७७ मा संघीय तथा प्रदेश कृषि मन्त्रालय, कृषि ज्ञान केन्द्र लगायतका निकायहरूबाट रू.२ करोड ३९ लाख २२ हजार अनुदान प्राप्त गरेकोमा चालु अनुदान र पुँजीगत अनुदान खुल्ने विवरण संलग्न गरेको देखिएन करदाताले अन्य आय अन्तर्गत सो बापत २०७७।७८ मा रू.२० लाख २५ हजार र २०७६।७७ मा रू.१४ लाख ४६ हजार समेत रू.३४ लाख ७१ हजार मात्र आय लेखाङ्कन गरेकोले प्राप्त अनुदान रकमभन्दा रू.२ करोड ४ लाख ५१ हजार घटी आय लेखाङ्कन गरेको देखिएकोले यस सम्बन्धमा छानबिन गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

९७.५ आन्तरिक राजस्व कार्यालय, पुतलीसडक अन्तर्गतका एक करदाताले २०७५।७६ मा शेयर बिक्रीबाट प्राप्त लाभ रू.४ करोडलाई आयमा समावेस गरी रू.१ करोड कर दाखिला गर्नुपर्नेमा रू.४० लाख मात्र दाखिला गरेको देखिएकोले कम दाखिला भएको कर रू.६० लाख असुल गर्नुपर्दछ।

९७.६ आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेका सवारीसाधन खरिद।बिक्रीको कारोबार गर्ने एक करदाताले २०७४।७५ मा २४३६ थान मोटर साइकल औसत खरिद दरभन्दा न्यून दरमा बिक्री गरेकोले रू.२ करोड ३ लाख १ हजार घटी बिक्री आय लेखाङ्कन गरेको गरेको पाइएकोले सोमा लाग्ने आयकर रू.५० लाख ७५ हजार तथा मूल्य अभिवृद्धि कर रू.२६ लाख ३९ हजार समेत रू.७७ लाख १४ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ।

९७.७ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतको एक सहकारीले जग्गा बिक्री बापत प्राप्त आय रू.२ करोड ५२ लाख ८३ हजार लाई आयमा समावेश नगरी सिधै जगेडा कोषमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको पाइएकोले उक्त जग्गा बिक्रीको आयलाई आयमा समावेश गरी न्यून गरेको आयकर रू.६३ लाख २० हजार छानबिन गरी असुल गर्नुपर्दछ।

९७.८ ठूला करदाता कार्यालयअन्तर्गत दर्ता रहेका एक मेडिकल कलेजले आफ्नो हस्पिटलमा विस्तारित सेवा (ई. ए.च एस.) समेत सञ्चालन गरी आय वर्ष २०७४।७५ देखि २०७७।७८ सम्म ई. एच. एस. भत्ता बापत रू.१६ करोड ७५ लाख ९० हजार खर्च लेखाङ्कन गरेकोमा सो सेवा बापतको आय लेखाङ्कन गरेको देखिएन। अतः यस सम्बन्धमा छानबिन गरी न्यूनतम पनि लागत बराबरले हुने रू.१६ करोड ७५ लाख ९० हजारको २५ प्रतिशतले हुने आयकर रू.४ करोड १८ लाख ९८ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ।

९७.९ ठूला करदाता कार्यालयअन्तर्गत रहेको एक मेडिकल कलेजले आय वर्ष २०७६।७७ मा फार्मेसी तर्फ बिक्रीको लागतभन्दा रू.२ करोड ९७ लाख ७१ हजार न्यून आय लेखाङ्कन गरेको देखिएकोले यस सम्बन्धमा छानबिन गरी उक्त रकममा २५ प्रतिशतले हुने आयकर रू.७४ लाख ४३ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ।

९८. **स्थानीय बिक्रीतर्फ न्यून दर -** आयकर ऐन, २०५८ को दफा ११ को व्यावसायिक छुट।सुविधा सम्बन्धी व्यवस्था अन्तर्गत विशेष उद्योग सञ्चालन गरी स्थानीय बिक्रीबाट भएको आयमा २० प्रतिशत र निर्यात बिक्रीबाट भएको आयमा १२ प्रतिशतका दरले आयकर लाग्ने व्यवस्था छ। उत्पादक कम्पनी तथा उत्पादन लागत मूल्य एउटै रहेको वस्तुको बिक्री दर समान हुनुपर्नेमा घ्यू, तेल, चाउचाउ लगायतका वस्तु उत्पादन गरी निर्यात तथा स्थानीय बिक्री समेत गर्ने केही करदाताले स्थानीय बिक्री दर र निर्यात बिक्री दर फरक-फरक निर्धारण गरेको पाइयो। ठूला करदाता कार्यालय अन्तर्गत रहेका विशेष उद्योग सञ्चालन गर्ने ५ करदाताले १२ आय वर्षमा उत्पादन लागत समान रहेका विभिन्न उत्पादनको स्थानीय बिक्री दर र निर्यात बिक्री दर फरक राखेको कारणबाट घटी कर दायित्त्व निर्धारण गरेको देखिएको आयकर रू.६२ करोड १० लाख ५८ हजार र सोमा लाग्ने मूल्य अभिवृद्धि कर समेत निर्धारण गर्न छानबिन हुनुपर्दछ।

९९. **पेट्रोलियम पदार्थमा न्यून मार्जिन** - नेपाल आयल निगमले नेपाल पेट्रोलियम डिलर्स एसोसिएशनलाई गरेको परिपत्र अनुसार पेट्रोलमा ३.३९५ प्रतिशत र डिजेलमा ३.१२ प्रतिशत डिलर कमिशन प्राप्त हुने उल्लेख छ। करदाताको प्रत्यक्ष खर्च (ढुवानी, ज्याला आदि) लाई ग्रस मुनाफामा एड ब्याक गर्दा समेत ग्रस मार्जिन दर निगमले तोकेको उल्लिखित कमिशन दरभन्दा न्यून देखिएकोले आन्तरिक राजस्व कार्यालय पोखरा, बाग्लुङ, कलंकी र ललितपुर-२ मा दर्ता रहेका १० करदाताले न्यून ग्रस मुनाफा देखाएको रू.१ करोड ५९ लाख ८० हजारलाई आयकर ऐन, २०५८ को दफा ७ अनुसार आयमा समावेश गरी सोही ऐनको अनुसूची-१ बमोजिम हुने आयकर रू.४८ लाख ५४ हजार तथा मूल्य अभिवृद्धि कर रू.२० लाख ७६ हजारसमेत रू.६९ लाख ३० हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी असुल हुनुपर्दछ।

१००. **निर्माण व्यवसायको खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसायको आय आर्जनसँग सम्बन्धित खर्चहरू आय गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था छ। त्यस्तै नेपाल सरकारबाट स्वीकृत दर विश्लेषण नर्म्समा निर्माण कार्यको प्रकृति अनुसार कुल लागतमा श्रम लागत (ज्याला खर्च) को हिस्सा १५ देखि २५ प्रतिशत रहेको देखिन्छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३० ले सब-कन्ट्रयाक्टबाट काम गराउन सकिने अधिकतम सीमा २५ प्रतिशत तोकेको छ।

विभिन्न पूर्वाधार निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी करदाताको आय विवरण फाइल परीक्षण गर्दा कतिपय करदाताले ठेक्का कार्यको प्रत्यक्ष लागत अन्तर्गत पर्ने ज्याला, इन्धन, मेसिन। उपकरणको भाडा तथा मर्मत सम्भार लगायतका शीर्षकमा अघिल्लो आय वर्षको कारोबारको आकार तथा सोही प्रकृतिको कारोबार गर्ने अन्य करदाताको तुलनामा अस्वाभाविक खर्च दाबी गर्ने एवं आफूलाई प्राप्त ठेक्का कार्य उल्लिखित सीमाभन्दा बढी सब-कन्ट्र्याक्टबाट गराउने गरेको पाइयो। प्रविधि तथा उपकरणमा भएको विकाससँगै हाल निर्माण कार्य श्रममूलकभन्दा यन्त्र-उपकरणमूलक हुने गरेको अवस्थामा त्यस्ता शीर्षकमा हुने अस्वाभाविक खर्च दाबी सम्बन्धमा निर्माण व्यवसायीले प्राप्त गरेको ठेक्काको विवरण र ती ठेक्का कार्यमा लाग्न सक्ने श्रमिक एवं श्रमको प्रयोग हुने आइटमहरूमा श्रमको अनुपात तथा सोको कबोल दरबाट हुने रकमसमेत पेस गर्न लगाई कर असुलीमा परेको प्रभाव सम्बन्धमा छानबिन हुनुपर्दछ। यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१००.१ ठूला करदाता कार्यालय अन्तर्गत रहेको एक निर्माण कम्पनीले आय वर्ष २०७५।७६ मा कुल ठेक्का लागत गत वर्षको तुलनामा ३१.५२ प्रतिशतले वृद्धि भएकोमा ज्याला खर्च गत वर्षको तुलनामा १२८.७८ प्रतिशतले वृद्धि भएको पाइयो। ज्याला खर्च गत वर्ष रू.२३ करोड ९८ लाख ४८ हजार रहेकोमा यो वर्ष रू.५४ करोड ८७ लाख ३० हजार दाबी गरेको पाइयो। कुल ठेक्का लागतमा ज्याला खर्चको हिस्सा गत वर्ष १६.३१ प्रतिशत रहेकोमा यो वर्ष २८.३८ प्रतिशत पुगेको पाइयो। करदाताको यो वर्षको कुल ठेक्का आय रू.२ अर्ब ३२ करोड ७ लाख ८५ हजारमध्ये आफू संलग्न ९ संयुक्त उपक्रमबाट रू.२ अर्ब १९ करोड २१ लाख ८६ हजार अर्थात् ९४.४६ प्रतिशत प्राप्त गरेको देखिन्छ। प्रस्तुत निर्माण व्यवसायीलाई सब-कण्ट्र्याक्टमा ठेक्का लगाउने ९ संयुक्त उपक्रममध्ये ५ ले समेत ज्याला बापत यो वर्ष रू.१२ करोड ५८ लाख १५ हजार खर्च लेखाङ्कन गरेको देखिएकोले दोहोरो ज्याला खर्च दाबी गरेको अवस्था देखिएको छ। कुल ठेक्का लागतमा गत वर्षको ज्यालाको अनुपात तथा बिल अफ क्वाण्टिटीको आधारमा यो वर्षको ज्याला खर्च रू.३१ करोड ५३ लाख १९ हजार मात्र लाग्ने अवस्थामा करदाताले रू.२३ करोड ३४ लाख ११ हजार बढी ज्याला खर्च दाबी गरेको देखिन्छ। सोमध्ये कार्यालयले कर परीक्षणबाट अमान्य गरेको रू.३३ लाख ७० हजार समायोजन गर्दा हुने खुद बढी ज्याला खर्च रू.२३ करोड ४१ हजार सम्बन्धमा थप छानबिन गरी उक्त खर्च अमान्य गरी सोको २५ प्रतिशतले हुने आयकर रू.५ करोड ७५ लाख १० हजार निर्धारण हुनुपर्दछ।

१००.२ ठूला करदाता कार्यालयअन्तर्गत रहेको एक संयुक्त उपक्रमले मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, हेटौंडाबाट सडक सुधार। स्तरोन्नतिको लागि रू.७ अर्ब २६ करोड १४ लाख ६५ हजारको ठेक्का प्राप्त गरी सबै कार्य संयुक्त उपक्रमको एक पार्टनरलाई सब-कन्ट्र्याक्टमा दिएको देखिन्छ। आय वर्ष २०७७।७८ को कुल निर्माण खर्च रू.९६ करोड ४१ लाख ३५ हजारमध्ये उक्त फर्मलाई रू.७६ करोड ९२ लाख ४१ हजार अर्थात् ७९.९० प्रतिशत भुक्तानी भएको देखिन्छ। सब-कन्ट्र्याक्टरको भुक्तानी बाहेक करदाताले इन्धन तथा लुब्रिकेण्ट्स बापत रू.१३ करोड ५८ लाख ४ हजार, ज्याला बापत रू.८ करोड ३५ लाख ७९ हजार, विभिन्न निर्माण सामग्री खरिद बापत रू.३ करोड ५२ लाख ३५ हजार, मेसिन। उपकरण भाडामा रू.८ करोड ५४ लाख ४ हजार र ढुवानी, बीमा, ल्याब, रोयल्टी, रिलोकेसन आदिमा रू.२ करोड ५९ लाख १२ हजार खर्च लेखाङ्कन गरेको छ।

ज्याला खर्च सम्बन्धमा कामदार।कर्मचारीहरूको स्थायी लेखा नम्बर सहितको विवरण समेत पेस भएको छैन।

प्रस्तुत संयुक्त उपक्रमले आफूलाई प्राप्त सबै ठेक्का कार्य सब-कन्ट्रयाक्टमा दिएको अवस्थामा बीमा, रोयल्टी, ल्याब टेष्ट आदि खर्च स्वाभाविक देखिए तापनि निर्माण सामग्री, इन्धन, ज्याला लगायतमा दाबी गरेको खर्च स्वाभाविक देखिँदैन। निर्माण सामग्री, इन्धन, ज्याला लगायतका प्रत्यक्ष खर्च सब-कन्ट्रयाक्टरको खर्चमा नै समावेश हुन्छ। अतः सब-कन्ट्रयाक्टरले नै व्यहोर्नुपर्ने प्रकृतिका इन्धन तथा लुब्रिकेण्ट्स, ज्याला, मेसिन।उपकरण भाडा तथा निर्माण सामग्री समेतको खर्च रू.३३ करोड ६१ लाख ८६ हजारका सम्बन्धमा छानबिन गरी उक्त रकममा २५ प्रतिशतले हुने आयकर रू.८ करोड ४० लाख ४६ हजार निर्धारण हुनुपर्दछ।

१००.३ ठूला करदाता कार्यालयअन्तर्गत रहेको एक संयुक्त उपक्रमले मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, हेटौंडाबाट प्राप्त निर्माण कार्य संयुक्त उपक्रमको एक पार्टनरलाई सब-कन्ट्रयाक्टमा दिएको देखिन्छ। आय वर्ष २०७७।७८ को कुल निर्माण खर्च रू.१ अर्ब ३१ करोड ६७ लाख ५० हजारमध्ये उक्त फर्मलाई रू.१ अर्ब १७ करोड ३० लाख १५ हजार अर्थात् ८९.०८ प्रतिशत भुक्तानी भएको देखिन्छ।

सब-कन्ट्रयाक्टरको भुक्तानी बाहेक करदाताले इन्धन तथा लुब्रिकेण्ट्स बापत रू.१८ करोड ९३ लाख ९५ हजार, ज्याला बापत रू.१० करोड ८ लाख ८५ हजार, विभिन्न निर्माण सामग्री खरिद बापत रू.७ करोड ७६ लाख ९२ हजार, र ढुवानी, बीमा, ल्याब, रोयल्टी, रिलोकेशन आदि बापत रू.३ करोड ६७ लाख ६० हजार खर्च लेखाङ्कन गरेको छ। ज्याला खर्च सम्बन्धमा कामदार।कर्मचारीहरूको स्थायी लेखा नम्बर सहितको विवरणसमेत पेस भएको छैन।

प्रस्तुत संयुक्त उपक्रमले आफूलाई प्राप्त सबै ठेक्का कार्य सब-कन्ट्रयाक्टमा दिएको अवस्थामा बीमा, रोयल्टी, ल्याब टेष्ट आदि खर्च स्वाभाविक देखिए तापनि निर्माण सामग्री, इन्धन, ज्याला लगायतमा दाबी गरेको खर्च स्वाभाविक देखिँदैन। निर्माण सामग्री, इन्धन, ज्याला लगायतका प्रत्यक्ष खर्च सामान्यतया सब-कन्ट्रयाक्टर दाबी गर्ने गर्दछ। अतः सब-कन्ट्रयाक्टरले नै व्यहोर्नुपर्ने प्रकृतिका इन्धन तथा लुब्रिकेण्ट्स, ज्याला तथा निर्माण सामग्री समेतको खर्च रू.३६ करोड ३५ लाख ९० हजारका सम्बन्धमा छानबिन गरी उक्त रकममा २५ प्रतिशतले हुने आयकर रू.९ करोड ८ लाख ९७ हजार निर्धारण हुनुपर्दछ।

१००.४ नेपाल सरकारबाट स्वीकृत दर विश्लेषण नर्म्स अनुसार निर्माण कार्यका विभिन्न आइटमहरूमा दक्ष कामदारको हिस्सा २० देखि २५ प्रतिशत तथा अदक्ष कामदारको हिस्सा ७५ देखि ८० प्रतिशत रहेको देखिन्छ। ठूला करदाता कार्यालय अन्तर्गत रहेको एक निर्माण कम्पनीले आय वर्ष २०७६।७७ मा दक्ष तथा अदक्ष कामदारको ज्याला बापत खर्च रू.११ करोड ६६ लाख ४४ हजार दाबी गरेको छ। करपरीक्षण फाइलमा संलग्न विवरण अनुसार कुल ३७९ कामदारमध्ये ३३४ दक्ष कामदार र ४५ अदक्ष कामदार रहेको देखिएकोले दक्ष कामदार ८८.१० प्रतिशत र अदक्ष कामदार ११.९० प्रतिशत रहेको पाइयो। दक्ष र अदक्ष कामदारको दैनिक ज्याला दर क्रमशः रू.१ हजार ४०० र रू.९०० रहेको छ। स्वीकृत नर्म्सअनुसार दक्ष कामदार २० देखि २५ प्रतिशत मात्र प्रयोग हुने देखिएकोमा ८८.१० प्रतिशत राखी लाग्ने ज्यालाभन्दा बढी दाबी गरेको अवस्था

देखियो। दक्ष कामदारको अधिकतम अनुपात २५ प्रतिशतलाई आधार लिँदा कुल ज्याला रू.९ करोड ४३ लाख ६० हजार हुने भई रू.२ करोड २२ लाख ८४ हजार बढी ज्याला खर्च दाबी गरेको देखिन्छ। अतः यस सम्बन्धमा छानबिन गरी सोको २५ प्रतिशतले हुने आयकर रू.५५ लाख ७१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत निर्धारण हुनुपर्दछ।

१००.५ आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरमा दर्ता रहेको एक निर्माण कम्पनीले अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिसँग सडक, ढललगायतका संरचना निर्माणको ठेक्का प्राप्त गरी आय वर्ष २०७७।७८ मा ५४२ दक्ष तथा अदक्ष कामदारको ज्याला बापत रू.१२ करोड ६७ लाख ११ हजार खर्च दाबी गरेको छ। करपरीक्षण फाइलमा संलग्न ज्याला खर्च विवरण अनुसार ५४२ कामदारमध्ये पटके प्रकृतिको उल्लेख गरी स्थायी लेखा नम्बर नलिएका ३१० जनालाई रू.४ करोड ५० लाख ९२ हजार ज्याला खर्च दाबी गरेको छ। साथै उल्लिखित ३१० कामदारमध्ये १२३ दक्ष र १८७ अदक्ष कामदार रहेको पाइयो। सो अनुसार दक्ष कामदार ३९.६८ प्रतिशत र ६०.३२ प्रतिशत रहेको पाइयो। दक्ष र अदक्ष कामदारको दैनिक ज्याला दर क्रमशः रू.१ हजार ५०० र १ हजार रहेको छ। स्वीकृत नर्म्स अनुसार दक्ष कामदार २० देखि २५ प्रतिशत मात्र प्रयोग हुने देखिएकोमा ३९.६८ प्रतिशत राखी लाग्ने ज्याला खर्चभन्दा बढी दाबी गरेको अवस्था देखिन्छ। अधिकतम दक्ष कामदारको हिस्सा २५ प्रतिशतलाई आधार लिँदा उल्लिखित ३१० कामदारको दक्ष र अदक्ष कामदारको अनुपातको आधारमा रू.१ करोड २८ लाख ४० हजार बढी ज्याला खर्च दाबी गरेको देखिएकोले उक्त ज्याला खर्च अमान्य गरी सो मा २५ प्रतिशतले हुने आयकर रू.३२ लाख १० हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत निर्धारण हुनुपर्दछ।

१००.६ आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरमा दर्ता रहेको एक निर्माण कम्पनीले निजगढ-बर्दिबास खण्डमा रेल वे ट्रयाक बेड निर्माण गर्न रेल विभागसँग अगष्ट, २०१९ मा ठेक्का प्राप्त गरेको देखिन्छ। उक्त करदाताले आफूलाई प्राप्त ठेक्का कार्य अन्य निर्माण कम्पनीबाट सब-कन्ट्रयाक्टमा गराएको छ। आय वर्ष २०७६।७७ को कुल ठेक्का लागत रू.७५ करोड ७५ लाख ८४ हजार रहेकोमा ठेक्काको लागत अन्तर्गत स्थानीय व्यक्तिबाट माटो खरिद उल्लेख गरी रू.१६ करोड ६६ लाख ५ हजार खर्च लेखाङ्कन गरेको पाइयो। उक्त रकमबाट खरिद भएको माटो रेल वे ट्रयाक बेडको प्रयोग भएको विवरण तथा माटो खरिद खर्च पुष्ट्याइँ गर्ने अन्य प्रमाण-कागजात संलग्न रहेको पाइएन।

कर परीक्षण फाइलमा संलग्न विवरण अनुसार करदाताले एकै व्यक्तिबाट विभिन्न मितिमा रू.९० लाख ७४ हजारसम्मको माटो खरिद गरेको देखिन्छ। सोमध्ये ५ व्यक्तिबाट रू.६० लाखभन्दा बढी रकमको माटो खरिदको विवरण पेस भएकोमा ती व्यक्ति आयकरमा दर्ता भई आय विवरण पेस गरेको समेत नदेखिएको र माटो प्राप्त हुने स्रोत वा क्वारी साइट (खानी) र सोको स्वामित्त्व समेत उल्लेख नभएकोले प्रति व्यक्ति रू.६० लाखभन्दा बढीको माटो खरिद खर्च रू.४ करोड २ लाख २५ हजारको यथार्थता सम्बन्धमा यकिन गरी उक्त रकममा आयकर ऐन, २०५८ को अनुसूची-१ बमोजिम २५ प्रतिशतले हुने आयकर रू.१ करोड ५६ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याज समेत निर्धारण गर्न छानबिन हुनुपर्दछ।

१००.७ आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरमा दर्ता रहेको एक निर्माण कम्पनीको आय वर्ष २०७६।७७ को कुल ठेक्का लागत रू.९ करोड ३८ लाख १ हजार मध्ये रू.४ करोड २६ लाख

७७ हजार अर्थात् ४५.५० प्रतिशत सब-कन्ट्रयाक्ट भुक्तानी रहेको देखिन्छ। अन्य खर्चमा निर्माण सामग्री तथा इन्धन, ज्याला लगायतका प्रत्यक्ष खर्च रहेको र उक्त रकम जोड्दा सबै निर्माण कार्य सब-कन्ट्रयाक्ट मार्फत् गराएको देखिन्छ। सब-कन्ट्रयाक्टरसँग २०७६।५।१२ मा भएको सम्झौताको आर्टिकल-६ बमोजिम निर्माण सामग्री खरिद तथा इन्धन, ज्याला लगायतका प्रत्यक्ष खर्च सब-कन्ट्रयाक्टरले नै व्यहोर्नुपर्ने देखिन्छ। सबै ठेक्का कार्य सब-कन्ट्रयाक्टरलाई जिम्मा दिएको अवस्थामा करदाताले खर्च लेखाङ्कन गरेको निर्माण सामग्री खरिद तथा अन्य प्रत्यक्ष खर्च रू.५ करोड २४ लाख १४ हजार मध्ये कम्तिमा सब-कन्ट्रयाक्ट भुक्तानीको अनुपातले हुने रू.२ करोड ६२ लाख ७ हजार खर्च दाबी स्वाभाविक नदेखिएकोले यस सम्बन्धमा छानबिन गरी उक्त खर्च अमान्य गर्दा हुने आयमा २५ प्रतिशतले हुने आयकर रू.६५ लाख ५२ हजार निर्धारण हुनुपर्दछ।

१०१. **बढी खर्च दाबी -** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ। ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय विराटनगर. दमौली, विरगञ्ज, हेटौंडा समेत ४३ कार्यालयका ४८१ करदाताले बढी खर्च लेखाङ्कन गरेको देखिएको रू.२४ अर्ब ४७ करोड ५१ लाखलाई खर्चकट्टी अमान्य गरी सोमा लाग्ने कर रू.५ अर्ब २४ करोड ७ लाख र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१०१.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक करदाताले २०७६।७७ मा डिस्काउन्ट उल्लेख गरी रू.८७ करोड ६७ लाख ७६ हजार खर्च लेखेको छ। मदिरा विक्रेताले सार्वजनिक गरेको मूल्यमा सामग्री बिक्री गरेको अवस्थामा मदिराले छुट्टै स्कीमको रूपमा छुट खर्च लेख्न मिल्ने नदेखिँदा सो सम्बन्धमा थप छानबिन गरी कर रू.२ करोड ६३ लाख ३ हजार असुल गर्नुपर्दछ।

१०१.२ नेपाल आयल निगम लिमिटेड, पेट्रोलियम पदार्थ बिक्रेता बिनियमावली, २०७५ को नियम २३ (१) मा निगमबाट नियुक्त बिक्रेताले निगमद्वारा स्वीकृति लिई उपलब्ध गराएको पेट्रोलियम पदार्थको मात्र बिक्री वितरण गर्नु पर्ने व्यवस्था छ। यसैगरी नियम २३(८) र (९) मा निगमको पूर्व स्वीकृति नलिई अन्य कम्पनीबाट पेट्रोलियम पदार्थ खरिद गरी बिक्री गरेमा त्यस्ता बिक्रेतालाई निगमले यस बिनियमावली बमोजिम कारबाही गरी प्रचलित कानूनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने व्यवस्था छ। ठूला करदाता कार्यालय अन्तर्गतको एक सिमेन्ट उद्योगले नियम विपरीत एक पेट्रोलियम सप्लायर्सबाट रू.१ अर्ब ६४ करोड ९ लाख ५२ हजारको पेट्रोलियम पदार्थ खरिद गरी लागत खर्च कट्टी गरेकोमा उक्त सप्लायर्सले नियमानुसार आयल निगमबाट इन्धन खरिद नगरी अन्य सप्लायर्सबाट खरिद गरेको देखिएकोले आपूर्तक कम्पनीको इन्धन आपूर्तिको स्रोत नै कानून विपरीत नेपाल आयल निगमभन्दा बाहिर देखिएकोले दाबी गरेको खर्चको बिश्वसनीयता देखिएन। तसर्थ उक्त खर्च सम्बन्धमा थप छानबिन गरी खर्च कट्टी अमान्य गरी कर रू.३२ करोड ८१ लाख ९० हजार असुल गर्नुपर्दछ।

१०१.३ ठूला करदाता कार्यालय अन्तर्गतको एक दूरसञ्चार कम्पनीले २०७५।७६ मा डोनेशन पेयबलको रू.१ अर्बलाई कर प्रयोजनको लागि खर्च लेखी रिभर्स गरी रिटेन्ड अर्निङ्गमा थप गरेको छ। करदाताले आयकर ऐन, २०५८ को दफा १२(ख) बमोजिम खर्च कट्टी लिएको रकम त्यस्तो कोषमा

जम्मा नगरी रिटेन्ड अर्निङ्गमा थप गरेको देखिएकोले सो सम्बन्धमा थप छानबिन गरी कर रू.२५ करोड असुल गर्नुपर्दछ।

१०२. **प्रत्यक्ष खर्च -** आयकर ऐन, २०५८ को दफा १५(७) क मा व्यापार मौज्दातको लागतमा प्रत्यक्ष सामग्री लागत, प्रत्यक्ष श्रम लागत र कारोबारको शिरोभार लागतको योग बराबर हुने गरी गणना गर्नुपर्दछ। साथै सोही ऐनको दफा १५(४) अनुसार व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य कायम गर्दा व्यापार मौज्दात लागत वा व्यापार मौज्दात बजार मूल्यमा जुन घढी हुन्छ सोको आधारमा मूल्याङ्कन गर्नुपर्दछ। लागत भन्नाले खरिद मूल्य र सोमा लाग्ने प्रत्यक्ष खर्च र शिरोभार खर्च समेत जनाउँछ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय सूर्यविनायक, वीरगन्ज, कावासोती समेत ११ कार्यालयका २५ करदाताले बिक्रीको लागत गणना गर्दा प्रत्यक्ष सामग्री लागतमा गणना भएका सम्पूर्ण खर्चहरू समावेश गरी अन्तिम मौज्दातमा समावेश नगरेको प्रत्यक्ष खर्च रू.२० करोड ७९ लाख ९३ हजार अमान्य गरी सोमा लाग्ने कर रू.५ करोड १४ लाख ८१ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१०३. **ब्याज खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। करदाताले एकातर्फ आफ्नो उठ्नुपर्ने रकम नउठाउने र अर्कोतर्फ व्यावसायिक प्रयोजन बेगरको कार्यमा प्रयोग भएको ऋणको ब्याज समेत खर्च दाबी गरेको देखिन्छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय टंगाल, पुतलीसडक, कलकीं, जनकपुर, पोखरालगायत ४३ कार्यालयका ३७६ करदाताले बढी ब्याज खर्च लेखाङ्कन गरेको देखिएको रू.६ अर्ब ४ करोड ७३ लाख ब्याज खर्चकट्टी अमान्य गरी सोमा लाग्ने कर रू.१ अर्ब २३ करोड ७३ लाख र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१०३.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक दूरसञ्चार कम्पनी ले ट्रेड पेयबल उल्लेख गरी २०७४।७५ मा रू.९ अर्ब ९१ करोड ७५ लाख ४२ हजार र २०७३।७४ मा रू.११ अर्ब ८४ करोड ६३ लाख १८ हजार देखाएको र सो लगायतको ब्याज खर्च क्रमशः रू.६५ करोड ४४ लाख ८४ हजार र रू.६१ करोड ९ लाख ३५ हजार दाबी गरेको छ। अर्को तर्फ लङ्गटर्म रिसिएबल उल्लेख गरी २ वर्ष नै रू.२५ अर्ब ३२ करोड २१ लाख ९८ हजार देखाएकोमा सोको प्रतिफल व्यवसायमा लेखाङ्कन गरेको छैन। व्यवसायमा स्रोतको अभाव देखाई ब्याज लेखाङ्कन गर्ने अर्कोतर्फ रिसिएबलको प्रतिफल व्यवसायमा नदेखाएको सम्बन्धमा थप छानबिन गरी अनुपातिक ब्याज दरले आउने दुवै वर्षको ब्याज खर्च कर प्रयोजनका लागि छुट नदिई सोमा कर रू.३१ करोड ६३ लाख ५५ हजार असुल गर्नुपर्दछ।

१०३.२ ठूला करदाता कार्यालय अन्तर्गतको एक करदाताले कम्पनीमा लगानी तथा सम्बद्ध पक्ष सापटी बापत २०७७।७८ मा रू.२ अर्ब ३० करोड ७६ लाख ८६ हजार र २०७६।७७ रू.१ अर्ब ४६ करोड ७७ लाख २४ हजार लगानी गरेको देखाएको छ। करदाताले लगानीको छुट्टै आयविवरण पेस गरी लगानीको आय जनाएको छैन। करदाताले भुक्तानी गरेको औसत ब्याजदरको आधारमा रू.३६ करोड

६९ लाख ३५ हजार आय जनाउनुपर्नेमा लाभांश बापत रू.९ करोड १९ लाख २ हजार मात्र आय जनाएकोले उक्त लगानीको ब्याज रू.२७ करोड ५० लाख ३३ हजार अमान्य गरी सोमा कर रू.६ करोड ८७ लाख ५८ हजार असुल गर्नुपर्दछ।

१०३.३ आन्तरिक राजस्व कार्यालय, टंगाल अन्तर्गतका रेमिटेन्स कारोवार गर्ने एक करदाताले २०७४।७५ देखि २०७७।७८ सम्म बैङ्कबाट ऋण लिई रू.१ अर्ब ३९ करोड ५५ लाख एजेन्टहरूलाई सापटी दिएको छ। रेमिटेन्स कारोवारमा रकम अग्रिम रूपमा प्राप्त हुने हुँदा बैङ्कबाट ऋण लिई रकम भुक्तानी गर्ने एजेन्टहरूलाई सापटी दिएकोले उक्त आय वर्षहरूमा कट्टी लिएको ब्याज खर्च रू.१७ करोड ५६ लाख ७२ हजार अमान्य गरी रू.५ करोड २७ लाख कर असुल गर्न छानबिन हुनुपर्दछ।

१०३.४ आन्तरिक राजस्व कार्यालय, पुतलीसडक अन्तर्गतका एक करदाताले २०७५।७६ मा बैङ्कबाट ऋण लिई रू.५५ करोड ८८ लाख ३४ हजार सञ्चालक तथा आफ्नो भगिनी संस्थालाई निर्ब्याजी सापटी दिएका छन्। करदाताले बैङ्कबाट लिएको ऋण व्यावसायिक कार्यमा प्रयोग नगरी सञ्चालक तथा भगिनी संस्थालाई लाई सापटी दिएकोले सोको ब्याज खर्च रू.६ करोड ४१ लाख ५४ हजार अमान्य गरी कर रू.१ करोड ६० लाख ३८ हजार कर असुल गर्न छानबिन हुनुपर्दछ।

१०३.५ आन्तरिक राजस्व कार्यालय, जनकपुरअन्तर्गतको एक करदाताले स्थिर सम्पत्तिमा भवन शीर्षकमा २०७७।७८ को थप सहित रू.१५ करोड २८ लाख ९ हजार ५३५ को संरचना पुँजीकृत गरेको छ। गत वर्ष सम्म उक्त भवन व्यवसायमा प्रयोग नआएको आधारमा ह्रास खर्च समेत लेखाङ्कन नगरेकोमा यो वर्ष भवनको आंशिक प्रयोग भएको आधारमा रू.२ लाख २३ हजार ८५७ ह्रास खर्च दाबी गरेको छ। करदाताले व्यवसायमा रू.१४ करोड ४२ लाख ६१ हजार ६७२ ऋण लगानी गरी सोमा रू.१ करोड ४२ लाख २४ हजार ३९८ ब्याज खर्च कट्टी गरेको छ। करदाताको कारोबार विश्लेषण गर्दा उक्त ऋण रकम व्यावसायिक कार्यमा प्रयोग नभई भवन निर्माणमा प्रयोग भएकोमा करदाताले ब्याज खर्च भवनमा पुँजीकृत नगरी आय विवरणमा खर्चकट्टी लिएको देखिएकोले गत विगतका वर्षहरूसमेत रू.२ करोड ७३ लाख ३८ हजार १०८ पुँजीकृत गर्नुपर्ने ब्याज खर्च आय विवरणमा खर्चकट्टी लिएको सम्बन्धमा थप छानबिन गरी ब्याज र शुल्कसहित असुल गर्नुपर्दछ।

१०४. **ब्याजको पुँजीकरण** - आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। व्यावसायिक प्रयोजनमा नआएको पुँजीगत सम्पत्तिको ब्याज पुँजीकरण गर्नु पर्दछ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, ललितपुर २, वानेश्वर, विरगञ्ज लगायत १६ कार्यालय अन्तर्गतका ३७ करदाताले पुँजीगत सम्पत्तिको खरिदमा तिरेको ब्याज खर्च रू.२८ करोड ५३ लाख ९ हजार पुँजीकरण नगरी खर्च दाबी गरेकोले सोलाई अमान्य गरी लाग्ने कर रू.८ करोड ९७ लाख २५ हजार असुल हुनुपर्दछ।

१०५. **लगानीको ब्याज** - आयकर ऐन, २०५८ को दफा ९(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरू सो व्यक्तिको सो लगानीको सो वर्षको आय हुने उल्लेख छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय पुतलीसडक, भरतपुर, टंगाल लगायत १५ कार्यालयअन्तर्गतका ३९ करदाताले गरेको लगानी रू.६

अर्ब ७ करोड ८५ लाखको ब्याजलाई व्यवसायको आयमा खर्चकट्टी लिएकोले सोलाई अमान्य गरी सोमा लाग्ने कर रू.३३ करोड २२ लाख ९७ हजार असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१०५.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक विशेष उद्योगले रू.१ अर्ब ७१ करोड ७४ लाख ३ हजार लगानी गरेको छ। करदाताले लगानीको छुट्टै आय विवरण पेस नगरी लगानीबापत रू.३ करोड ४४ लाख ९ हजार आय जनाएको छ। करदाताले भुक्तानी गरेको औसत ब्याजदरले हुने रू.१५ करोड २१ लाख ६१ हजार आयमा समावेश गर्नु पर्नेमा न्यून देखिएको आय रू.११ करोड ७७ लाख ५२ हजारको सम्बन्धमा छानबिन गरी कर रू.२ करोड ९४ लाख ३८ हजार असुल गर्नुपर्दछ।

१०५.२ ठूला करदाता कार्यालय अन्तर्गतको एक करदाताले अर्को एक कम्पनीमा लगानी तथा सापटी बापत २०७६।७७ मा रू.१ अर्ब ८ करोड ४८ लाख ५५ हजार र २०७७।७८ मा रू.१ अर्ब १० करोड ८६ लाख ५३ हजार लगानी गरेको देखाएको छ। करदाताले लगानीको छुट्टै आय विवरण पेस गरी लगानीको आय जनाएको छैन। तसर्थ करदाताले लगानीको ब्याज व्यवसायमा खर्च कट्टी लिएको सम्बन्धमा छानबिन गरी यो वर्ष भुक्तानी गरेको औसत ब्याजदरले हुने ब्याज रू.१३ करोड १४ लाख ९९ हजार खर्च कट्टी अमान्य गर्दा हुने कर रू.३ करोड २८ लाख ७४ हजार असुल गर्नुपर्दछ।

१०५.३ ठूला करदाता कार्यालय अन्तर्गतको एक करदाताले लगानी, भगिनी संस्थामा ऋण, नगद मौज्दात, एडभान्सेस गरी २ वर्षमा रू.७ अर्ब ४५ करोड २६ लाख २५ हजार लगानी गरेको छ। करदाताले लगानीको छुट्टै आय विवरण पेस नगरी लगानीबापत रू.२७ करोड ३ लाख २१ हजार आय जनाएको छ। करदाताले भुक्तानी गरेको औसत ब्याजदरले हुने रू.७५ करोड ३४ लाख ८६ हजार आयमा समावेश गर्नु पर्नेमा न्यून देखिएको आय रू.४८ करोड ३१ लाख ६५ हजारको सम्बन्धमा छानबिन गरी कर रू.१२ करोड ७ लाख ९१ हजार असुल गर्नुपर्दछ।

१०५.४ आन्तरिक राजस्व कार्यालय, टंगाल अन्तर्गत दर्ता रहेको एक करदाताले २०७२।७३ देखि २०७७।७८ सम्ममा रू.६ अर्ब ४६ करोड २० लाख विभिन्न सहायक कम्पनीमा लगानी गरेको छ। करदाताले लगानीको छुट्टै आय विवरण पेस नगरी लगानी रकमको ब्याज खर्च व्यवसायको आय तर्फ कट्टी लिएको देखिएकोले उक्त अवधिको लगानी बराबरको ऋणको ब्याज खर्च रू.५० करोड ४८ लाख अमान्य गरी सोमा लाग्ने कर रू.१२ करोड ६२ लाख र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१०५.५ आन्तरिक राजस्व कार्यालय, पुतलीसडक अन्तर्गतको एक करदाताले २०७७।७८ मा रू.१ अर्ब १० करोड ८६ लाख विभिन्न सहायक कम्पनीमा लगानी गरेको छ। करदाताले लगानीको छुट्टै आय विवरण पेस नगरी लगानी रकमको ब्याज खर्च व्यवसायको आयतर्फ कट्टी लिएको देखिएकोले उक्त अवधिको लगानी बराबरको ऋणको ब्याज खर्च रू.१० करोड ६६ लाख अमान्य गरी सोमा लाग्ने कर रू.२ करोड ६६ लाख र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१०५.६ आन्तरिक राजस्व कार्यालय, इटहरीअन्तर्गतको एक ग्याँस उद्योगले एक कम्पनीमा २०७६।७७ र २०७७।७८ गरी दुई आय वर्षमा रू.९ करोड २५ लाख लगानी गरेकोमा सोको कुनै प्रतिफल लेखाङ्कन नगरेको र गत वर्षरू.७ करोड ८१ लाख ३१ हजार ऋण लिई रू.१ करोड ३३ लाख ५८ हजार तथा यो वर्ष रू.१० करोड ८९ लाख ८ हजार ऋण लिई रू.१ करोड १२ लाख ४ हजार ब्याज खर्च दाबी गरेको छ। त्यसैले दुवै वर्षको लगानी रकममा औसत ब्याजदर ११.६८ प्रतिशतले हुने ब्याज खर्च रू.१ करोड ८ लाख ४ हजार व्यवसायको आयमा प्रयोग भएको नदेखिएकोले अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

१०६. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय कोटेश्वर, नयाँ बानेश्वर, टंगाल लगायत ४० कार्यालय अन्तर्गतका ३६७ करदाताले भुक्तानी गरेको रू.३२ अर्ब ३३ करोड ५३ लाखमा स्रोतमा करकट्टी नगरेको तथा कम गरेकोले नपुग कर रू.३ अर्ब ८२ करोड २४ लाख असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०६.१ ठूला करदाता कार्यालयअन्तर्गत रहेका एक जीवन बीमा कम्पनीले आय वर्ष २०७३।७४ मा सेवा शुल्क बापत रू.८ करोड ५२ लाख ३३ हजार खर्च लेखाङ्कन गरेकोमा अग्रिम कर कट्टी गरेको देखिएन। साथै कर परीक्षण प्रतिवेदनमा समेत सो सम्बन्धमा केही खुलासा गरेको पाइएन। उक्त सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले छुट भएको अग्रिम कर रू.१ करोड २७ लाख ८५ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ।

१०६.२ ठूला करदाता कार्यालयअन्तर्गत रहेका एक निर्माण कम्पनीले आय वर्ष २०७५।७६ मा मेसिन।उपकरण भाडाबापत रू.८ करोड ५४ लाख ४ हजार भुक्तानी खर्च लेखाङ्कन गरेकोमा एकीकृत कर प्रणाली (आई. टी. एस.) को प्यानवाइज रिपोर्ट अनुसार उक्त भुक्तानीमा अग्रिम कर कट्टी गरेको देखिएन। अतः उक्त भाडा भुक्तानीमा १० प्रतिशतका दरले हुने अग्रिम कर रू.८५ लाख ४० हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

१०६.३ ठूला करदाता कार्यालय अन्तर्गत रहेको एक सिमेन्ट उद्योगले आय वर्ष २०७६।७७ मा सेवा शुल्क बापत रू.५ करोड ७ लाख ७५ हजार भुक्तानी गरेकोमा उक्त भुक्तानी अग्रिम कर कट्टी गरेको देखिएन। साथै कर परीक्षण प्रतिवेदनमा समेत सो सम्बन्धमा केही खुलासा गरेको पाइएन। उक्त सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले छुट भएको अग्रिम कर रू.७६ लाख १६ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

१०६.४ ठूला करदाता कार्यालय अन्तर्गत रहेको मर्मत सम्बन्धी विविध सेवा सञ्चालन गर्ने एक करदाताले आय वर्ष २०७४।७५ मा विदेशी प्यारेन्ट कम्पनीलाई रू.६ करोड ३० लाख २० हजार रोयल्टी भुक्तानी गरेको देखिएकोमा उक्त भुक्तानीमा १५ प्रतिशतको दरमा कर कट्टी गरेको पाइएन। उक्त भुक्तानीमा छुट भएको कर रू.९४ लाख ५३ हजार असुल हुनुपर्दछ।

१०६.५ ठूला करदाता कार्यालय अन्तर्गतका विभिन्न ४ वाणिज्य बैङ्कहरूले सेवा शुल्क, भिसा शुल्क तथा स्विफ्ट शुल्क बापत गैर बासिन्दालाई रू.१ अर्ब ४५ करोड ७० लाख ४६ हजार भुक्तानी

गरेकोमा सोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरी दाखिला गरेको नदेखिएकोले थप छानबिन गरी कर रू.२१ करोड ८५ लाख ५७ हजार असुल गर्नुपर्दछ।

१०६.६ १०६.६ठूला करदाता कार्यालयअन्तर्गतका एक अस्पतालले असुरक्षित ऋणको ब्याजबापत भगिनी संस्थाहरूलाई रू.६३ करोड ४४ लाख ३६ हजार भुक्तानी गरेकोमा सोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरेको नदेखिएकोले थप छानबिन गरी कर रू.९ करोड ५१ लाख ६५ हजार असुल गर्नुपर्दछ।

१०६.७ आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरमा दर्ता रहेको एक कलेजको आय वर्ष २०७६।७७ को पूर्ण कर परीक्षण प्रतिवेदनमा करदाताको कर्मचारी पारिश्रमिक, परामर्श शुल्क, बैठक भत्ता लगायतमा अग्रिम कर तथा शुल्क ब्याज समेत रू.१ करोड १२ लाख २५ हजार अग्रिम कर निर्धारण गर्नुपर्ने उल्लेख छ। कार्यालयले २०७८।६।६ मा जारी गरेको अग्रिम कर निर्धारणको सूचनामा जम्मा रू.३३ लाख ७४ हजार दाखिला गर्न करदातालाई सूचित गरी सोही अनुसार माग कायम गरेको देखिएकोले नपुग कर रू.७८ लाख ५१ हजार र सोमा लाग्ने शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ।

१०६.८ आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गतको एक अस्पतालले वित्तीय विवरणमा गत विगत वर्षदेखि नै बाँकी रहेको तिर्नुपर्ने अग्रिम करकट्टी दायित्व रू.१ करोड २८ लाख ५९ हजार दाखिला गरेको नदेखिएकोले छानबिन गरी असुल गर्नुपर्दछ।

१०६.९ आन्तरिक राजस्व कार्यालय, बानेश्वरअन्तर्गतको एक शैक्षिक संस्थाले वित्तीय विवरणमा गत विगत वर्ष देखि नै बाँकी रहेको तिर्नुपर्ने अग्रिम करकट्टी दायित्व रू.३ करोड १६ लाख ७६ हजार दाखिला गरेको नदेखिएकोले छानबिन गरी असुल गर्नुपर्दछ।

१०६.१० आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतको एक इन्टरनेट प्रदायक संस्थाले भू-उपग्रह, व्याण्डविथ, अप्टिकल फाईबर, दूरसञ्चारसम्बन्धी उपकरण प्रयोग गरेबापत दुई इन्टरनेट प्रदायकसँग रू.५ करोड २२ लाख ९६ हजारको व्याण्डविथ खरिद गरेकोमा नियमानुसार करकट्टी गर्नुपर्ने १० प्रतिशत अग्रिम कर रू.५२ लाख २९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१०७. **सब-कन्ट्रयाक्ट भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(१) मा बासिन्दा व्यक्तिले ठेक्का करार मार्फत् रू.५० हजार भन्दा बढी भुक्तानी दिँदा १.५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कतिपय संयुक्त उपक्रम तथा अन्य निर्माण व्यवसायीले आफूलाई प्राप्त ठेक्का कार्य अन्य निर्माण कम्पनीबाट सब-कन्ट्रयाक्टबाट गराएकोमा त्यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गरी दाखिला गरेको पाइएन। यो वर्ष आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर, ललितपुर-२, पुतलीसडक, कालिमाटी, चाबहिल, धुलिखेल, भद्रपुर लगायत ८ कार्यालयअन्तर्गत रहेका १९ निर्माण कम्पनीले सब-कन्ट्रयाक्ट बापत अन्य निर्माण कम्पनीलाई रू.१ अर्ब ८३ करोड ४ लाख भुक्तानी गर्दा नपुग कर रू.२ करोड ७४ लाख ५७ हजार र सोमा लाग्ने शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ।

१०८. **नोक्सानी समायोजन** - आयकर ऐन, २०५८ को दफा २०(ख) मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट

व्यहोर्नु परेको विगत सात वर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०८.१ आन्तरिक राजस्व कार्यालय, भद्रपुरअन्तर्गतको एक चामल उत्पादन गर्ने करदाताले २०७७।७८ मा २०७०।७१ सम्मको नोक्सानी सार्न पाउनेमा सो भन्दा पूर्व अवधिको समेत नोक्सानी रू.१ करोड ३२ लाख ३२ हजार जिम्मेवारी सारेको पाइएकोले थप छानबिन गरी उक्त नोक्सानी समायोजन गर्नुपर्दछ।

१०८.२ आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेको एक विद्युत उपभोक्ता संस्थाको आय वर्ष २०७७।७८ सम्मको सञ्चित नोक्सानी रू.३ करोड ३६ करोड ८६ हजार रहेको देखिन्छ। करदाताले व्यापार तथा नाफा।नोक्सान हिसाबमा नेपाल विद्युत प्राधिकरणलाई बक्यौता भुक्तानी भनी रू.३ करोड १२ करोड ७७ हजार लेखाङ्कन गरेको छ। प्रोदभावी लेखा प्रणाली अनुसार गत विगतको भुक्तानी बाँकी रकम नाफा। नोक्सान हिसाबमा खर्च जनाई वासलातमा दायित्व लेखाङ्कन गरिने र चालु वर्ष भुक्तानी गर्दा दायित्त्वको फरफारक मात्र हुने हुने हुँदा खर्च लेखाङ्कन गर्न मिल्ने देखिँदैन। यसरी पछिल्ला वर्षमा समेत खर्च लेखाङ्कन गर्दा दोहोरो खर्च दाबी गरेको अवस्था देखिएकोले यस सम्बन्धमा छानबिन गरी नोक्सानी समायोजन गर्नुपर्ने देखिन्छ।

१०८.३ आन्तरिक राजस्व कार्यालय, पोखराअन्तर्गत दर्ता रहेको एक होटलले आय वर्ष २०७७।७८ सम्मको सञ्चित नोक्सानी रू.७ करोड ४० लाख ३९ हजार कायम गरेको देखिन्छ। यस अघिका कर परीक्षणबाट आयमा समावेश गरिएको तथा खर्च कट्टी अमान्य गरिएको रकम समायोजन गर्दा नोक्सानी बापत रू.५ करोड ४० लाख १७ हजार मात्र कट्टी गर्न पाउने देखिएकोमा करदाताले रू.९ करोड ७६ लाख ९३ हजार नोक्सानी कट्टी दाबी गरेको छ। अतः बढी नोक्सानी कट्टी सुविधा लिएको रू.४ करोड ३६ लाख ७६ हजार छानबिन गरी करदाताको सञ्चित नोक्सानी समायोजन गर्नुपर्दछ।

१०९. **जग्गा बिक्रीको आय लेखाङ्कन -** आयकर ऐन, २०५८ को दफा ७(२) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ। यो वर्ष आन्तरिक राजस्व कार्यालय पोखरा, बाग्लुङ्ग, ईटहरी, वीरगन्ज, भक्तपुर, कलंकी लगायत ११ कार्यालय अन्तर्गतका ५६ करदाताले आफ्नो स्वामित्वमा रहेको जग्गा बिक्री गरेको मालपोतको तथ्याङ्कबाट देखिएकोमा करदाताले आयमा समावेश गरेको तथा वित्तीय विवरणमा समेत उक्त व्यहोरा उल्लेख गरेको नपाइएकोले उक्त आय रू.१ अर्ब १३ करोड ६१ लाखलाई आयमा समावेश गरी सोमा लाग्ने कर रू.२७ करोड ८१ लाख ९९ हजार असुल हुनुपर्दछ।

११०. **आयको खण्डीकरण -** आयकर ऐन, २०५८ को दफा ३४ अनुसार कुनै व्यक्तिले आफ्नो आय अर्को व्यक्तिसँग विभाजन गर्न प्रयत्न गरी सोबाट बुझाउनु पर्ने करमा कुनै कमी आउने देखिएमा दायित्व घटी हुन नदिन विभागले लिखित रूपमा सूचना दिएर प्रत्येक व्यक्तिको आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरू समायोजन गराउन सक्ने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय तथा

मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतका ५ करदाताले आयको खण्डीकरण गरी कर दायित्वमा कमि आएको रू.१० करोड ५९ लाख ५१ हजार असुल हुनुपर्दछ।

मध्यमस्तरीय करदाता कार्यालयको एक करदाता (होटल व्यावसाय सञ्चालक) ले २०७५।७६ को आय विवरण साथ पेस गरेको वित्तीय विवरण र सो साथ संलग्न अनुसूची तथा प्रमाणहरू परीक्षण गर्दा व्यवसाय सञ्चालनका ३ सञ्चालकहरू मध्ये पहिलो सञ्चालकको ६४ प्रतिशत, दोश्रो सञ्चालकको २८ प्रतिशत र तेस्रो सञ्चालकको ८ प्रतिशत शेयर स्वामित्व सहित रू.१२ करोडको पुँजी रहेको छ। उल्लिखित तीन शेयरधनीहरू एकै घरको परिवार भएको देखिन्छ। यो वर्ष पहिलो र दोश्रो सञ्चालकलाई क्रमशः रू ८ करोड ४० लाख र रू.२ करोड ४० लाखसमेत कुल रू.१० करोड ८० लाख भुक्तानी भएको यस करदाताको कर लेखापरीक्षण फायल साथ संलग्न वहाल कर कट्टी भएको संलग्न निस्साहरूबाट देखिन्छ। सञ्चालकहरूले लामो समयदेखि यस करदातालाई होटल भाडा लगाउनकै लागि जग्गा उपलब्ध गराउँदै आएकोले निज घरधनी व्यवसाय सञ्चालन गरिरहेको व्यक्ति भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ३४ मा आयलाई खण्डिकरण गर्न नहुने र दफा ३५ ले कर दायित्व घटाउने मनसायले कुनै प्रबन्ध गर्न नहुने व्यवस्था छ। अतः निज पहिलो र दोश्रो सञ्चालकले प्राप्त गर्ने जग्गा तथा होटल भाडा आयलाई आयमा समावेश गरी ३६ प्रतिशतले कर असुल गर्नु पर्नेमा १० प्रतिशत अग्रिम कर कट्टी गरी २६ प्रतिशत कर दायित्व घटाएको देखिन्छ। घर र जग्गा व्यवसायको प्रयोगको लागि उपलब्ध गराउने उद्देश्यले निर्माण तथा विकास गरी प्राप्त हुने आयलाई आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गरी कर निर्धारण गर्नुपर्ने सम्बन्धमा छानबिन गरी रू.१० करोड ८० लाखलाई आयमा समावेश गरी नपुग कर रू.२ करोड ८० लाख ८० हजार असुल गर्नुपर्दछ।

१११. **सम्बद्ध पक्ष कारोबार -** आयकर ऐन, २०५८ को दफा ३३(ख) मा कुनै एक सम्बद्ध व्यक्तिले गरेको खर्चबाट अर्को व्यक्तिलाई फाइदा पुग्न गएमा त्यस्तो खर्च व्यवसायको तुलनात्मक आधारमा ब्यक्तिहरूवीच बाँडफाट गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी ऐनको दफा ३४ मा कुनै व्यक्तिले आफ्नो आय अर्को कुनै व्यक्ति सँग विभाजन गर्न प्रयत्न गरी सोबाट कर दायित्वमा कमि हुन गएमा कट्टी हुने रकमहरू समायोजन गर्न सक्ने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय बत्तिसपुतली लगायत १२ कार्यालय अन्तर्गतका ३५ करदाताले सम्बद्ध पक्ष कारोबार गरी आय तथा खर्चको हस्तान्तरणमार्फत् कर दायित्व न्यून गरेको रू.७३ करोड ६१ लाख ९५ हजार असुल हुनुपर्दछ।

१११.१ ठूला करदाता कार्यालयअन्तर्गतका एक करदाताले अनसेक्योर्ड रिसिएबल्समा २ वर्षमा रू.४ अर्ब ८ करोड ३४ लाख ८८ हजार देखाएकोमा अधिकांश लिनुपर्ने रकम सम्बद्ध पक्षसँग रहेको छ। सो सम्बन्धमा थप छानबिन गरी करदाताले भुक्तानी गरेको औसत ब्याजदरले हुने ब्याज रू.२८ करोड २८ लाख १८ हजार अमान्य गरी सोको कर रू.५ करोड ६५ लाख ६४ हजार असुल गर्नुपर्दछ।

१११.२ ठूला करदाता कार्यालय अन्तर्गतका वित्तीय समेत काम गर्ने एक गैरसरकारी संस्थाले आफ्नै सम्बद्ध पक्ष (लघुवित्त)मा रू.९ करोड ६० लाख लगानी गरेको र रू.८३ करोड ८० लाख २१ हजार सापटी दिएकोमा सोको प्रतिफल व्यवसायमा लेखाङ्कन गरेको छैन। करदाताले मुद्दती निक्षेपमा सङ्कलन गरेको ब्याज १२.७५ प्रतिशतका हिसाबले उक्त रकमको आय रू.११ करोड ९० लाख ८७ हजार

ऐनको दफा ३३ को व्यवस्था अनुसार छानबिन गरी सोको कर रू.३ करोड ५७ लाख २६ हजार असुल गर्नुपर्दछ।

१११.३ आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली अन्तर्गतका एक करदाताले २०७३।७४ देखि २०७७।७८ सम्म बैङ्कबाट लिएको ऋण र व्यावसायिक पुँजीसमेतको रकम रू.५ अर्ब ४१ करोड ६३ लाखलाई २ भगिनी संस्थाहरूमा प्रवाह गर्नाले उक्त ब्याज खर्च व्यावसायिक आयआर्जनमा प्रयोगमा नआएको देखिन्छ। व्यावसायिक पुँजीलाई सम्बद्धपक्षमा प्रवाह गरेकोमा सो बापत कुनै प्रतिफल प्राप्त गरेको छैन। करदाताले सो अवधिमा बैङ्कलाई तिरेको औषत ब्याजदरले हुने आय रू.४८ करोड ८० लाख ३९ हजार करदाताको आयमा समावेश गरी न्यून भएको आयकर रू.१२ करोड १९ लाख ५९ हजार असुल गर्न छानबिन गर्नुपर्दछ।

११२. **न्यून बिजकीकरण** - आर्थिक ऐन, २०७७ को अनुसूची ३ अनुसार स्वदेशमा उत्पादन हुने सवारीसाधनमध्ये मोटरसाइकलको हकमा १२५ सीसीसम्मको क्षमताको रू.१५ हजार र २५० सीसी सम्मको रू.१८ हजार तथा अटोरिक्सा ३ पाङ्ग्रेको हकमा रू.१५ हजारका दरले सडक सुधार दस्तुर लाग्ने व्यवस्था छ। विदेशबाट पार्टसहरू ल्याई नेपालमा जोड्ने मात्र काम गर्नेलाई एसेम्बल उद्योगको रूपमा सरकारले अन्तःशुल्क लगायतका छुट दिने गरेको छ।

नेपालमा एसेम्बल गरिसकेपछि ती मोटरसाइकल तथा रिक्साहरू गुणस्तरयुक्त भएको प्रमाणित सम्बन्धित यातायात कार्यालयहरूले गरेपछि मात्र एसेम्बल सामग्रीहरू बिक्री गर्नलाई स्वीकृति दिने गरेको छ। यसरी यातायात कार्यालयमा जाँच गर्दा एसेम्बल गरेको सडक सुधार दस्तुर बुझाएपछि मात्र यातायात निरीक्षकले जाँच गर्ने व्यवस्था रहेको छ। यसरी जाँच गर्नुपूर्व तिरेको उक्त सडक सुधार दस्तुर करदाताले खरिद लागतमा समावेश गरेर सोको मूल्यवृद्धि समेत समावेश गरी बिक्री मूल्य कायम गर्नुपर्नेमा सो रकम करदाताले आफ्नो वित्तीय विवरणमा खर्च लेखाङ्कन नगरी आफ्नै भगीनी संस्थालाई बिक्री गर्दा मूल्य अभिवृद्धि गरेको देखिएन। ठूला करदाता कार्यालय अन्तर्गतका एक र आन्तरिक राजस्व कार्यालय, टंगाल अन्तर्गतका एक करदाताले न्यून बिजकीकरण गरी बिक्री गरेको सम्बन्धमा थप छानबिन गरी छुट भएको आयकर तथा मूल्य अभिवृद्धिकर निर्धारण गरी रू.४९ करोड ७७ लाख ४६ हजार असुल गर्नुपर्दछ।

११३. **संरचना निर्माणको मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार रू.५० लाख भन्दा बढीको भवन वा शपिङ कम्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताबाट निर्माण गराउनुपर्ने, सो नगरेमा सो मूल्य अभिवृद्धि कर सम्पत्तिको स्वामित्व कर्ताबाट असुल गर्ने व्यवस्था छ। कानूनी व्यवस्थालाई आन्तरिक राजस्व विभागको २०७०।७।३ को परिपत्रबाट समेत थप व्याख्या गरेको छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय कलङ्की, पोखरा, बाग्लुङ्ग लगायत २८ कार्यालय अन्तर्गतका १३२ करदाताले पुँजीकृत गरेको स्थायी संरचना मध्ये रू.९ अर्ब ६५ करोड १५ लाखको मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यवसायीमार्फत् निर्माण गरेको नदेखिएकोले सोको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.१ अर्ब २५ करोड ४७ लाख असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

११३.१ ठूला करदाता कार्यालयअन्तर्गतको एक सिमेन्ट उत्पादक कम्पनीको भवनतर्फ रू.१ अर्ब २६ करोड १७ लाख ६९ हजार थप भएकोमा रू.१६ करोड ५१ लाख ५१ हजारको मात्र निर्माण व्यवसायीबाट कार्य गराएको र सिमेण्ट खरिद आफ्नै कम्पनीको प्रयोग गरेकोमा सो को उपयोग नदेखिएकोले फरक रू.१ अर्ब ९ करोड ६६ लाखको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.१४ करोड २५ लाख ६० हजार असुल गर्नुपर्दछ।

११३.२ ठूला करदाता कार्यालयअन्तर्गत दर्ता रहेको एक मेडिकल कलेजले आय वर्ष २०७६।७७ मा रू.२९ करोड ७१ लाख ८० हजारको भवन तथा स्थायी संरचना थप गरेको पाइयो। आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.५ करोड ५ लाख ६७ हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.२४ करोड ६६ लाख १३ हजारको कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.३ करोड २० लाख ६० हजार असुल गर्नुपर्दछ।

११३.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ मा दर्ता रहेको स्कूलले आय वर्ष २०७७।७८ मा रू.१४ करोड २६ लाख ३६ हजारको भवन तथा स्थायी संरचना थप गरेकोमा आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.८७ लाख ३५ हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.१३ करोड ३९ लाख १ हजारको कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.१ करोड ७४ लाख ७ हजार असुल गर्नुपर्दछ।

११३.४ आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ मा दर्ता रहेको खाद्य पदार्थ उत्पादन गर्ने एक करदाताले आय वर्ष २०७७।७८ मा रू.८ करोड ६० लाख ८६ हजारको भवन तथा स्थायी संरचना थप गरेको पाइयो। आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.७६ लाख ९७ हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.७ करोड ८३ लाख ८९ हजारको कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.१ करोड १ लाख ९१ हजार असुल गर्नुपर्दछ।

११३.५ आन्तरिक राजस्व कार्यालय, कलंकीअन्तर्गत विविध खाद्य वस्तु उत्पादन गर्ने एक करदातालले आय वर्ष २०७७।७८ मा रू.१० करोड ९७ लाख १८ हजारको भवन तथा स्थायी संरचना थप गरेकोमा आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.६ करोड ८२ लाख ४० हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.४ करोड १४ लाख ७८ हजारको कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.५३ लाख ९२ हजार असुल गर्नुपर्दछ।

११३.६ आन्तरिक राजस्व कार्यालय, बाग्लुङअन्तर्गत होटल व्यवसाय सञ्चालन गर्ने एक करदाताले २०७७।७८ मा रू.४० करोड ७८ लाख ८६ हजारको भवन तथा स्थायी संरचना थप गरेकोमा आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.१९ करोड ४८ लाख ९२ हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.२१ करोड २९ लाख ९४ हजारको

कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.२ करोड ७६ लाख ८९ हजार असुल गर्नुपर्दछ।

११३.७ आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेको एक होटलले आय वर्ष २०७६।७७ र २०७७।७८ मा रू.१० करोड ५५ लाख ३७ हजारको भवन तथा स्थायी संरचना थप गरेकोमा आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.३ करोड ६३ लाख ७९ हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.६ करोड ९१ लाख ५८ हजारको कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.८९ लाख ९१ हजार असुल गर्नुपर्दछ।

११३.८ आन्तरिक राजस्व कार्यालय, पोखराअन्तर्गत दर्ता रहेको बन्जी जम्पलगायतको व्यवसाय सञ्चालन गर्ने एक करदातालले आय वर्ष २०७६।७७ र २०७७।७८ मा रू.१२ करोड १८ लाख ८ हजारको पुल तथा अन्य स्थायी संरचना थप गरेकोमा आय विवरणसाथ संलग्न अनुसूची-१३ अनुसार करदाताले रू.५ करोड ३८ लाख २६ हजारको कार्य मात्र मूल्य अभिवृद्धि कर दर्तावालासँग गराई बाँकी रू.६ करोड ७९ लाख ८२ हजारको कार्य मूल्य अभिवृद्धि कर बेदर्तावालासँग गराएको देखिएकोले छानबिन गरी सोमा लाग्ने मूल्य अभिवृद्धि कर रू.८८ लाख ३७ हजार असुल गर्नुपर्दछ।

११३.९ आन्तरिक राजस्व कार्यालय, कावासोतीअन्तर्गत दर्ता रहेको रिसोर्ट सञ्चालन गर्ने एक करदातालले आय वर्ष २०७७।७८ मा रू.७ करोड ३८ लाख ९१ हजारको पुल तथा अन्य स्थायी संरचना थप गरेकोमा आय विवरणसाथ संलग्न अनुसूची-१३ परीक्षण गर्दा मूल्य अभिवृद्धि कर दर्तावालालाई कुनै भुक्तानी गरेको नदेखिएकोले छानबिन गरी मूल्य अभिवृद्धि कर बेदर्तावाललाई गरेको भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धि कर रू.९६ लाख ६ हजार असुल गर्नुपर्दछ।

११३.१० मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक करदाताको वर्क इन प्रोग्रेस रू.५ करोड ७५ लाख ७४ हजार थप भएकोमा मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायीबाट गराएको नदेखिएकोले उक्त रकममा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.७४ लाख ८४ हजार असुल गर्नुपर्दछ।

११४. **मूल्य अभिवृद्धि कर क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम करदाताले बिक्रीमा सङ्कलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएमा करदाताले क्रेडिट सुविधा पाउने व्यवस्था छ। क्रेडिट सुविधा लिएका करदाताको कारोबार परीक्षण गर्दा नपाउने क्रेडिट सुविधा लिएको देखिएकोले सो सुविधा अमान्य गर्नुपर्ने देखिन्छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरलगायत ३३ कार्यालयअन्तर्गतका ८४ करदाताले नपाउने मूअकर क्रेडिट लिएको रू.१९ करोड ८५ लाख ७० हजार अमान्य गर्नुपर्दछ।

मध्यमस्तरीय करदाता कार्यालयका एक निर्माण व्यवसायीले आय वर्ष २०७४।७५ मा पेस गरेको कार्यको विवरणअनुसार रू.२६ करोड ६२ लाख ३७ हजार मूल्यको २९ हजार ९१४ घन मिटर ढुङ्गा बिच्छ्याउने काम भएको देखिन्छ। सडक विभागको नर्म्सअनुसार ५ घन मिटर कामको लागि २० अदक्ष ज्यामी र ७ दक्ष श्रमिक लाग्ने देखिन्छ। जनकपुर-ढल्केबर परिक्रमा सडकको

काम भएकोले धनुषा जिल्लाको जिल्ला दररेटमा अदक्ष ज्यामीको ज्याला प्रतिशत दिन रू.६५० र दक्ष श्रमिकको ज्याला प्रति दिन रू.९४० हुने उल्लेख छ। सो आधारमा उक्त कामको प्रति घन मिटर लागत रू.३ हजार ९१६ हुने देखिन्छ। सो अनुसार २९ हजार ९१४ घन मिटर कामको लागि मात्र ज्याला खर्च रू.११ करोड ७१ लाख ४३ हजार खर्च हुने देखिन्छ। यस करदाताले ज्यामी खर्च बापत रू.३ करोड १ लाख ६७ हजार मात्र खर्च देखाई अन्य पुरै खर्चमा मूल्य अभिवृद्धि कर दाबी गरेको छ। यसरी भएको अन्य काममा समेत ज्यामी प्रयोग हुने देखिन्छ। करदाताले यो वर्ष कुनै सब कन्ट्रयाक्टमा कुनै ठेकेदारलाई नदिई सबै काम करदाताले स्वयंले गरेको देखिन्छ। अतः ज्याला खर्च अस्वाभाविक कम देखाई मूल्य अभिवृद्धि कर योग्य खरिद बढी देखाई मूल्य अभिवृद्धि कर कट्टी बढी देखाएको सम्बन्धमा छानबिन गरी बढी देखाएको रू.८ करोड ९६ लाख ७७ हजार मूल्य अभिवृद्धि कर छुट खरिदको समेत कट्टी लिएको देखिएको सम्बन्धमा छानबिन गरी उक्त बढी कट्टी दाबी गरिएको मूल्य अभिवृद्धि कर रू.१ करोड १३ लाख ७ हजार असुल हुनुपर्दछ।

११५. **बेदर्तावाला मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन, र यो ऐन, अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय ललितपुर २ लगायत ४ कार्यालय अन्तर्गतका ७ करदाताले गैरवासिन्दा व्यक्तिलाई गरेको भुक्तानीमा मूल्य अभिवृद्धि कर दाखिला नगरेको। कम गरेको रू.१७ करोड १८ लाख ७८ हजार असुल हुनुपर्दछ।

११६. **करयोग्य कारोबार -** आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेको सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने एक करदाता परामर्शदाता नियुक्ति तथा भुक्तानी गर्ने, कृषि क्षेत्रमा अनुसन्धान तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्न स्वदेशी तथा विदेशी संस्थाहरूसँग सेवा करार गरी अनुदान प्राप्त गर्ने गरेको पाइयो। करदाताले आय वर्ष २०७६।७७ र २०७७।७८ मा रू.३४ करोड ४८ लाख २९ हजार प्राप्त गरी विभिन्न आयोजनामा रू.२४ करोड ९८ लाख ७६ हजार खर्च गरेको देखिन्छ। सामाजिक परिचालनसँग सम्बन्धित सम्झौता गरी अनुदान प्राप्त गर्ने गरेको आधारमा प्रस्तुत संस्थाको कारोबारमा मूल्य अभिवृद्धि कर लाग्ने देखिएकोले उल्लिखित २ आय वर्षको आयोजना खर्च रू.२४ करोड ९८ लाख ७६ हजारमा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रू.३ करोड २४ हजार ८४ हजार र सोमा लाग्ने ब्याज र जरिवाना समेत निर्धारण गर्न छानबिन हुनुपर्छ।

११७. **आयको हस्तान्तरण -** आयकर ऐन, २०५८ को दफा ११ मा व्यावसायिक छुट तथा सुविधाहरूसम्बन्धी व्यवस्था रहेको छ। करदाताले विभिन्न करका दर तथा छुट सुविधाहरू आकर्षित हुने व्यवसायहरू सञ्चालन गरेको अवस्थामा उच्च करको दर भएको व्यवसायको आयलाई न्यून करको दर वा व्यावसायिक छुट तथा सुविधाहरू आकर्षित हुने व्यवसायमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको पाइयो। यो वर्ष ठूला करदाता कार्यालयअन्तर्गतका ९ तथा आन्तरिक राजस्व कार्यालय, सूर्यविनायक अन्तर्गतको २ करदाताले रू.७२ करोड ६७ लाख ४६ हजार आयलाई न्यून करको दर भएको व्यवसायमा हस्तान्तरण गरी न्यून गरेको कर दायित्व रू.९ करोड ७१ लाख ३० हजार असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

११७.१ ठूला करदाता कार्यालयअन्तर्गतका एक ईलेक्ट्रोनिक्स सम्बन्धी कारोबार गर्ने करदाताले व्यापारिक शर्तबमोजिम प्राप्त भएको मूल्य संरक्षण तथा कमिसन आय रू.२८ करोड ३७ लाख ६२ हजारमध्ये सम्पूर्ण रकमलाई व्यापार तर्फ आय लेखाङ्कन गर्नुपर्नेमा रू.१४ करोड ५३ लाख २७ हजार मात्र व्यापारतर्फ आय लेखाङ्कन गरी बाँकी रू.१३ करोड ८४ लाख ३४ हजारलाई कर छुट सुविधा आकर्षित हुने न्यून करको दर भएको व्यवसाय उद्योगतर्फ हस्तान्तरण गरी कर दायित्व न्यून गरेको रू.९६ लाख ९० हजार असुल हुनुपर्दछ।

११७.२ ठूला करदाता कार्यालयअन्तर्गतको एक वायर इण्डष्ट्रिजले गैरव्यावसायिक कार्यमा दिएको एडभान्स तथा जग्गा बिक्रीबाट प्राप्त आय रू.३ करोड २७ लाख १४ हजार सम्पूर्ण व्यापारिक कारोबार तर्फको आय भएकोमा व्यापारतर्फको आयमा रू.६३ लाख ११ हजार मात्र लेखाङ्कन गरी बाँकी रू.२ करोड ६४ लाख ३ हजारलाई कर छुट सुविधा आकर्षित हुने न्यून करको दर भएको व्यवसाय उद्योगतर्फको आयमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको रू.६६ लाख असुल हुनुपर्दछ।

११७.३ ठूला करदाता कार्यालयअन्तर्गतको एक वायर इण्डष्ट्रिजले मुद्दती खातामा राखेको रकमबाट प्राप्त ब्याज तथा जग्गा बिक्रीबाट प्राप्त आय रू.१२ करोड ६३ लाख ५७ हजार सम्पूर्ण लगानी तथा व्यापारिक कारोबार तर्फको आय भएकोमा कर छुट सुविधा आकर्षित हुने न्यून करको दर भएको व्यवसाय उद्योग तर्फको आयमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको रू.१ करोड २६ लाख ३५ हजार असुल हुनुपर्दछ।

११७.४ आन्तरिक राजस्व कार्यालय, सूर्यविनायकअन्तर्गतको एक सहकारीले व्यापार तथा सहकारी दुवै कारोबार गरेकोमा व्यापारिक कारोबार तर्फको विविध आम्दानी, डकुमेन्टेशन चार्ज र भवन निर्माण शुल्कमा रू.८ करोड ४ लाख ८७ हजार आय गरेकोमा सो आयलाई कर छुट सुविधा आकर्षित हुने सहकारीको आयतर्फ हस्तान्तरण गरी कर दायित्व न्यून गरेको रू.१ करोड ६० लाख ९७ हजार असुल हुनुपर्दछ।

११८. **खर्चको हस्तान्तरण -** आयकर ऐन, २०५८ को दफा ११ मा व्यावसायिक छुट तथा सुविधासम्बन्धी व्यवस्था रहेको छ। करदाताले विभिन्न करका दर तथा छुट सुविधाहरू आकर्षित हुने व्यवसायहरू सञ्चालन गरेको अवस्थामा न्यून करको दर भएको व्यवसायको खर्चलाई उच्च करको दर वा व्यावसायिक छुट तथा सुविधाहरू आकर्षित नहुने व्यवसायमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको पाइयो। यो वर्ष ठूला करदाता कार्यालय अन्तर्गतका ५ करदाताले रू.३९ करोड ४० लाख २९ हजार खर्चलाई उच्च करको दर भएको व्यवसायमा हस्तान्तरण गरी न्यून गरेको कर दायित्व रू.३ करोड ३५ लाख ६४ हजार असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

११८.१ ठूला करदाता कार्यालय अन्तर्गत रहेका एक रिफाइनरी उद्योगको आय वर्ष २०७७।७८ को बिक्री आयमध्ये स्थानीय बिक्री ५४.७५ प्रतिशत र निर्यात बिक्री अंश ४३.७९ प्रतिशत रहेको देखिन्छ। बाँकी १.४६ प्रतिशत ट्रेडिङ्ग कारोबारको अंश रहेको देखिन्छ। आयको अनुपातमा बिक्रीको लागत तथा अन्य खर्च दाबी गर्नु पर्नेमा आयकरको दर बढी रहेको स्थानीय बिक्री तर्फ व्यापार मौज्दातको लागत, मर्मत सुधार तथा ह्रास कट्टी खर्च समेत रू.५१ करोड ९० लाख २४ हजार बढी खर्च दाबी गरी कर दायित्त्व घटाएको पाइयो। विशेष उद्योगको करयोग्य आयमध्ये स्थानीय बिक्री र निर्यात

बिक्रीको फरक करको दर ६ प्रतिशतले हुने आयकर रू.३ करोड ११ लाख ४१ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

११८.२ ठूला करदाता कार्यालयअन्तर्गत रहेका एक वनस्पति घ्यू/तेल उद्योगको आय वर्ष २०७६।७७ को कुल बिक्री आय रू.४ अर्ब २२ करोड ९८ हजारमध्ये ट्रेडिङ्ग कारोबारको अंश १०.०२ प्रतिशत र उद्योगतर्फको अंश ८९.९८ प्रतिशत रहेको देखिन्छ। उद्योगको बिक्री आयमध्ये स्थानीय बिक्री ४२.९४ प्रतिशत र निर्यात बिक्री अंश ४७.०४ प्रतिशत रहेको देखिन्छ। विशेष उद्योगतर्फको कुल बिक्रीको लागत रू.३ अर्ब ४७ करोड १५ लाख ९२ हजारलाई स्थानीय बिक्री र निर्यात बिक्रीको अनुपात अनुसार स्थानीय बिक्रीतर्फ रू.१ अर्ब ४९ करोड ७ लाख २ हजार मात्र लागत खर्च दाबी गर्नु पर्नेमा रू.१ अर्ब ६७ करोड ८५ लाख ३९ हजार दाबी गरेको देखियो। जस अनुसार आयकरको दर बढी रहेको स्थानीय बिक्रीतर्फ रू.१८ करोड ७८ लाख ३७ हजार बढी खर्च दाबी गरी सोही बराबर करयोग्य आयसमेत कम देखाई कर दायित्त्व घटाएको देखिएकोले यस सम्बन्धमा छानबिन गरी स्थानीय बिक्री र निर्यात बिक्रीको फरक करको दर ८ प्रतिशतले हुने आयकर रू.१ करोड ५० लाख २७ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

११८.३ ठूला करदाता कार्यालयअन्तर्गत रहेका एक वनस्पति घ्यू।तेल उद्योगको आय वर्ष २०७७।७८ को कुल बिक्री आय रू.१० अर्ब ६५ करोड ८६ लाख ३४ हजारमध्ये ट्रेडिङ्ग तर्फको अंश ६.६१ प्रतिशत र उद्योग तर्फको अंश ९३.३९ प्रतिशत रहेको देखिन्छ। उद्योगको बिक्री आयमध्ये स्थानीय बिक्री ३२.४४ प्रतिशत र निर्यात बिक्री अंश ६०.९५ प्रतिशत रहेको देखिन्छ। बिक्री आयकै अनुपातमा बिक्रीको लागत तथा अन्य खर्च दाबी गर्नु पर्नेमा आयकरको दर बढी रहेको स्थानीय बिक्री तर्फ व्यापार मौज्दातको लागत र ह्रास खर्चमा रू.२ करोड २५ लाख ८० हजार बढी दाबी गरी सोही बराबरले करयोग्य आय कम देखाई कर दायित्त्व घटाएको देखिएकोले यस सम्बन्धमा छानबिन गरी स्थानीय बिक्री र निर्यात बिक्रीको फरक करको दर ८ प्रतिशतले हुने आयकर रू.१८ लाख ६ हजार एवं सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ।

११८.४ ठूला करदाता कार्यालय अन्तर्गतको एक वायर इण्डष्ट्रिजले व्यवसाय प्रवर्द्धन खर्च, विज्ञापन खर्च, व्यापारिक छुट र कमिसन, स्कीम र टेक्निसियन स्कीम लगायतका उद्योगको खर्च रू.४ करोड ७२ लाख १ हजार लाई कर छुट सुविधा आकर्षित नहुने उच्च करको दर भएको व्यवसाय व्यापार तर्फको खर्चमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको रू.४२ लाख ४८ हजार असुल हुनुपर्दछ।

११८.५ ठूला करदाता कार्यालय अन्तर्गतको एक सुगर तथा स्प्रीट उत्पादक उद्योगले छुट सुविधा आकर्षित हुने सुगर उद्योगको खर्च रू.६ करोड १६ लाख ६८ हजार लाई उच्च करको दर भएको स्प्रीट बिक्री कारोबारमा हस्तान्तरण गरी कर दायित्व न्यून गरेको रू.६१ लाख ६६ हजार असुल हुनुपर्दछ।

११९. **ज्याला जर्ती आय -** सामान्यतया सुनचाँदी व्यवसायीहरूले सुनचाँदीका गहना खरिद/बिक्रीमा ग्राहकहरूसँग १२.५% जर्ती र ०.५% देखि ४% सम्म ज्याला लिने गरेको देखिएको छ। सुनचाँदीको कारोबारमा जर्ती तथा ज्याला सम्बन्धमा स्पष्ट मापदण्ड निर्धारण नभएको अवस्था छ। सुनको गर-गहनाको कारोबार गर्ने करदाताहरूले ज्याला तथा जर्तीबापत अलग मूल्य थप गरी आम्दानी प्राप्त गर्ने तर उक्त आम्दानीलाई आयमा लेखाङ्कन नगर्ने वा न्यून मात्र गर्ने गरेको सम्बन्धमा छानबिन गरेको

छैन। ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, नयाँसडक लगायत ५ कार्यालय अन्तर्गतका १६ सुनचाँदीको कारोबार गर्ने करदाताले सुनचाँदीको ज्याला। जर्ती आम्दानी नदेखाएको वा न्यून देखाएको कारणबाट आयमा लेखाङ्कन गरेको नदेखिएको रू.३७ करोड ८५ लाख ६८ हजारका सम्बन्धमा छानबिन गरी सोमा लाग्ने आयकर रू.८ करोड २४ लाख २२ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल हुनुपर्दछ।

१२०. **सुनको गैरबैकिङ्ग खरिद -** आयकर ऐन २०५८ को दफा २१(घ)(२) बमोजिम स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैया भन्दा बढीको बिजक बापतको खरिद तथा खर्च कट्टी गर्न नपाउने व्यवस्था रहेको छ। सोही दफाको प्रतिबंधात्मक बाक्यांसमा व्यवसायीक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै खरिद गर्ने कृषिजन्य, पशुजन्य, वनजन्य र अन्य घरयासी वस्तुको खरिदमा उक्त दफा लागू नहुने उल्लेख भएकोमा सोमा सुनचाँदीको कारोबार समावेश भएको छैन। सुनचाँदीको व्यवसाय गर्ने करदाताले राष्ट्रबैङ्क तथा प्रचलित सुनचाँदी तथा मूल्यवान धातुको खरिद बिक्री सम्बन्धी व्यवस्था विपरीत खरिद कारोबार गरेको पाइयो। यसरी सुनचाँदीको कारोबार गर्ने करदाताले वैधानिक रूपमा बैङ्क तथा वित्तीय संस्थाबाट खरिद नगरी मूल्यवान धातुहरूको खरिद बिक्री अनुमती नपाएका व्यक्तिहरूबाट गैर बिजकको प्रयोग गरी भरपाईको आधारमा लागत खर्चकट्टी दाबी गरेको पाइयो। आयकर ऐनको उल्लिखित व्यवस्था साथै बहुमूल्य सुनचाँदीको खरिद बिक्री सम्बन्धी प्रचलित व्यवस्था विपरीत खरिद गरी लागत खर्च लिएको ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय, महाराजगंज अन्तर्गतका ३ करदाताले विभिन्न आय वर्षमा प्राकृतिक व्यक्तिहरूसँग खरिद गरेको रू.४१ करोड २४ लाख ७० हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१२१. **अन्तःशुल्क -** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीअनुसार अन्तःशुल्क लाग्ने वस्तु वा सेवा उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा तोकिएबमोजिम अन्तःशुल्क लाग्ने व्यवस्था छ।

१२१.१ अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीको अन्तःशुल्क दरवन्दीको शीर्षक १८.०६ को उपशीर्षक १८०६.१०.०० (कोकोको धूलो, चिनी वा गुलियो पदार्थ हालेको खाद्य पदार्थ) मा मोलको ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ। ठूला करदाता कार्यालय अन्तर्गत एक बिस्कुट तथा चकलेट उत्पादक कम्पनीले कोको पाउडरको प्रयोग गरी उत्पादित वाफर र विस्कुटमा अन्तःशुल्क तिरेको छैन। अन्तःशुल्क दरवन्दीको प्रावधान अनुसार अन्य उत्पादनमा समेत अन्तःशुल्क लाग्ने देखिएकोले अन्य उत्पादित वस्तुको बिक्री रू.१ अर्ब २० करोड ८३ लाख ८० हजारमा लाग्ने अन्तःशुल्क रू.६ करोड ४ लाख १९ हजार र सोमा १३ प्रतिशतको दरमा लाग्ने मूल्य अभिवृद्धि कर रू.७८ लाख ५४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२१.२ अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीको अन्तःशुल्क दरवन्दी शीर्षक ३९.२५ को उपशीर्षक ३९२५.९०.२९ (पफ स्याण्डवीच वाल एण्ड रुफ प्यानल) मा मोलको ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, भरतपुर अन्तर्गत पफ स्यान्डविचको कारोबार गर्ने एक करदाताले २०७६।७७ देखि नै अन्तःशुल्क लाग्ने कारोबार गरेकोमा २०७९ श्रावणमा मात्र अन्तःशुल्कमा दर्ता भएकोले छुट अन्त शुल्क रू.५ करोड ९१ लाख ७५ हजार असुल गर्नुपर्दछ।

१२२. **जर्ती** - अन्तःशुल्क नियमावली, २०५९ को नियम २३ (क) मा वियर उत्पादन गर्ने उद्योगलाई तयारी बोतलबन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतलबन्दीपछि बोतल गणनाबाट देखाएको मौज्दात कमी भएमा सोमा बढीमा १.५ प्रतिशत सम्म र पाश्चराईजेशन, प्याकेजिङ तथा गोदाम भण्डारण गर्दा टुटफुट बियरको भौतिक परीक्षण गर्दा बढीमा २ प्रतिशत सम्म मिनाहा दिन सक्ने व्यवस्था छ। यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२२.१ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतका ३ करदाताले फ्लो मिटर कार्यान्वयन नगरी पाश्चाराईजेशन र प्याकिङमा नियमानुसार प्राप्त गर्ने भन्दा बढी मिनाहा लिएकोले रू.११ करोड ७८ लाख ४१ हजार बढी जर्ती दाबी अमान्य गरी सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ।

१२२.२ आन्तरिक राजस्व कार्यालय, हेटौंडामा दर्ता रहेको एक उद्योगले फ्लो मिटर कार्यान्वयन नगरी पाश्चाराईजेशन र प्याकिङमा नियमानुसार प्राप्त गर्ने भन्दा बढी मिनाहा लिएकोले रू.२ करोड ८ लाख ७२ हजार बढी जर्ती दाबी अमान्य गरी सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ।

१२२.३ आन्तरिक राजस्व कार्यालय, कावासोती अन्तर्गतका एक करदाताले साइडरमा १ प्रतिशत भन्दा बढी मिनाहा लिएकोले १३ हजार २३९ लिटरको रू.४० लाख ९९ हजार बढी जर्ती दाबी अमान्य गरी सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ।

१२२.४ आन्तरिक राजस्व कार्यालय, सिमरास्थित चुरोट उत्पादन गर्ने एक करदाताले स्टिकर प्रयोग गर्दा हुन सक्ने नोक्सानीसमेत विभागले नतोकेको अवस्थामा अस्वाभाविक रूपमा करदाताले स्टिकरको जर्ती तथा नोक्सानी भएको जनाई १ करोड ३३ लाख ३५ हजार ६४१ स्टिकर शोधभर्ना लिएको छ। उक्त स्टिकर २ लाख ६६ हजार ७१२ एम चुरोटमा प्रयोग गर्न सकिने देखिन्छ। स्टिकर नोक्सानीको स्वीकृत नर्म्स पेस नभएकोले छानबिन गरी स्टिकर नोक्सानीको यथार्थता यकिन गर्नुपर्दछ।

भन्सार विभाग

विभागले विदेशबाट पैठारी हुने मालवस्तुमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर सङ्कलन गर्ने, वैध व्यापारलाई प्रोत्साहन गर्ने र अन्तर्राष्ट्रिय आधार अनुरूप व्यापार सहजीकरण गर्ने जस्ता कार्य गर्दै आएको छ। भन्सार विभाग र मातहतका कार्यालयको लागि यो वर्ष रू.२ अर्ब ३० करोड ६३ लाख बजेट व्यवस्था भएकोमा रू.१ अर्ब ३५ करोड ९१ लाख ९५ हजार खर्च गरेको देखिन्छ। भन्सार विभागअन्तर्गत ३९ मुख्य भन्सार कार्यालय, एक भन्सार जाँचपास परीक्षण कार्यालय र १३३ छोटी भन्सार कार्यालय रहेका छन्।

१२३. **राजस्वको लक्ष्य प्रगति** - भन्सार विभागको राजस्वको लक्ष्य र प्रगतिको तुलनात्मक स्थिति देहायअनुसार छः

(रू.करोडमा)

विवरण	२०७७।७८ को असुली	२०७८।७९ को लक्ष्य	२०७८।७९ को असुली	चालु वर्षको लक्ष्यको तुलनामा असुली प्रतिशत	गत वर्षको तुलनामा राजस्व प्रतिशत
भन्सार राजस्व	२०१३९	२५३३०	२२४१५	८८.४९	१११.३०
पैठारी मू.अ.कर	१६५४८	१७९६९	२०७५४	११५.५०	१२५.४२
पैठारी अन्तःशुल्क	५२२०	७१३७	५७३५	८०.३६	१०९.८७
जम्मा	**४१९०७**	**५०४३६**	**४८९०४**	**९६.९६**	**११६.७०**

स्रोतः भन्सार विभागको वार्षिक प्रतिवेदन, २०७८।७९

समग्रमा २०७८।७९ को लागि पैठारीमा लाग्ने राजस्वको लक्ष्य रू.५ खर्ब ३० अर्ब २ करोड रहेकोमा रू.५ खर्ब ६ अर्ब ४२ करोड अर्थात् लक्ष्यको ९५.५५ प्रतिशत असुली भएको देखिन्छ। उल्लिखित तालिकामा सडक सुधार दस्तुर र सडक मर्मत तथा सम्भार दस्तुर समावेश नभए तापनि सो बाहेकका भन्सार महसुल, आयातमा आधारित अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुलीलाई मात्र समावेश गर्दा लक्ष्यको तुलनामा ९६.९६ प्रतिशतमात्र राजस्व असुली भएको छ।

अघिल्लो वर्ष कोभिड-१९ को संक्रमणले देशको आन्तरिक तथा वैदेशिक व्यापारलाई पारेको प्रभावले पैठारीमा नकारात्मक प्रभाव परे तापनि र चालु वर्षमा त्यसको प्रभाव सामान्यीकरण हुँदै गएको अवस्थामा पनि भन्सार राजस्व असुली लक्ष्यअनुसार हुन नसकेकोले समग्र भन्सार प्रशासनमा सुधार गरी लक्ष्यअनुसार राजस्व असुल गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१२४. **संगठन र व्यवस्थापन -** निजामती सेवा नियमावली, २०५० को नियम ३६ बमोजिम तोकिएको अवधि समाप्त भएपछि मात्र सरुवा गर्नुपर्ने, अवधि समाप्त हुनु अगावै सरुवा गर्नुपर्नेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरुवा गर्नुपर्ने व्यवस्था छ। विभाग अन्तर्गतका कार्यालयहरूमा भन्सार अधिकृत, नायब सुब्बा, कम्प्युटर अधिकृत, कार्यालय सहयोगी जस्ता पदमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी सरुवा तथा पदस्थापना गर्दा कुनै कार्यालयमा स्वीकृत दरबन्दी नै नभएको पदमा पनि सरुवा तथा पदस्थापन गरेको पाइयो। विराटनगर भन्सार कार्यालयमा नायब सुब्बाको दरबन्दी २२ रहेकोमा ३३, कार्यालय सहयोगीको दरबन्दी २० रहेकोमा ३०, राजविराज भन्सार कार्यालयमा नायब सुब्बाको दरबन्दी ८ रहेकोमा २ मात्र कार्यरत रहेको र वीरगन्ज भन्सार कार्यालयमा भन्सार अधिकृत दरबन्दी १४ रहेकोमा १६ र नायब सुब्बाको दरबन्दी ३० रहेकोमा ४६ कार्यरत देखिन्छ। विभागले निजामती सेवा ऐन तथा नियमावली बमोजिम कार्यालयको कार्य बोझको आधारमा संगठन संरचना तथा व्यवस्थापन कार्ययोजना तयार गरी सरुवा, बढुवा र पदस्थापना गर्नुपर्दछ।

१२५. **मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण -** भन्सार ऐन, २०६४ को दफा २२(६)र(७)तथा दफा ६१(क)मा मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण तथा सो को पुनरावलोकनसम्बन्धी व्यवस्था छ। मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण सम्बन्धी कार्य र सो उपर पुनरावलोकन सम्बन्धी कार्य ६० दिनभित्र निर्णय दिई सक्नुपर्ने व्यवस्था छ। विभागको वर्गीकरण तथा पुनरावलोकन शाखाको अभिलेख बमोजिम पुनरावलोकनको निवेदन गत वर्षबाट जिम्मेवारी सरेको २१, यो वर्ष दर्ता भएका ६३ समेत ८४ मध्ये यो वर्ष ३५ निर्णय भएको र ४९ आगामी वर्षको लागि जिम्मेवारी

सेरेको छ। ऐनको प्रावधानबमोजिम मालवस्तुको वर्गीकरण तथा सोको पुनरावलोकन सम्बन्धी निर्णय समयमा नै गर्नुपर्दछ।

१२६. **राष्ट्रिय एकद्वार प्रणाली -** नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न विश्व बैङ्कको सहयोगमा नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विकास र सञ्चालन गर्ने उद्देश्य अनुरूप परामर्शदाताले तयार गरेको लागत अनुमानका आधारमा उक्त प्रणालीको विकास गर्न आपूर्तिकर्ता छनोट भई अमेरिकी डलर ३५ लाख ३२ हजार र मेन्टेनेन्स एण्ड सपोर्टका लागि अमेरिकी डलर ३२ लाखसहित रू.७ करोड ६० लाख ८० हजारको सम्झौता २६ मे, २०१९ मा गरेको थियो। कार्य सम्पन्न गर्नुपर्ने अवधि २५ जुन, २०१९ बाट २ वर्ष रहेकोमा आपूर्तकले जडान गर्नुपर्ने ४७ सिस्टममध्ये प्रथम चरणका १८ निकायको सिस्टमको कार्य सम्पन्न गरेको आधारमा २०७८।७९ सम्म ८० प्रतिशत अर्थात् अमेरिकी डलर २६ लाख २० हजार अर्थात् रू.५ करोड ९१ लाख ५१ हजार भुक्तानी गरेको छ। दोस्रो चरणका १८ र तेस्रो चरणका १३ निकायमा सिस्टम जडानको कार्य सम्पन्न गरेको छैन। भन्सार ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम राष्ट्रिय एकद्वार प्रणालीमा आवद्ध निकायले निकासी। पैठारीसँग सम्बन्धित इजाजतपत्र, अनुमतिपत्र, प्रज्ञापनपत्र, सिफारिस वा सूचना उक्त प्रणालीबाट उपलब्ध गराउनुपर्नेमा प्रथम चरणमा यस प्रणालीमा आवद्ध केही निकायले सो प्रणाली सञ्चालनमा ल्याएका छैनन्। आपूर्तकसँग भएको सम्झौतामा उल्लेख भएअनुसार भन्सार कार्यालयको प्रज्ञापनपत्र यस प्रणालीसँग आवद्ध भएको अवस्था छैन।

१२६.१ दोस्रो र तेस्रो चरणको काम नै नभएको अवस्थामा आपूर्तिकर्ताको कार्य अवधि समाप्त भएको छ। परामर्शदाताको समेत कार्य अवधि समाप्त भएको कारण दोस्रो र तेस्रो चरणको कामको अवस्था यकिन नभएको र गुणस्तर परीक्षण र मेन्टिनेन्स एण्ड सपोर्ट सम्बन्धी कार्य भएको छैन। प्रणाली विकास गर्ने आपूर्तकलाई विकास चरणको कामको ८० प्रतिशत भुक्तानी भएको अवस्थामा सो कामको परीक्षण तथा सिफारिस गर्ने परामर्शदातालाई सम्झौता रकम पूरै भुक्तानी भएको देखिन्छ। तोकिएको काम नसकिँदै परामर्शदाताको कार्य अवधि जनवरी २०२२ मा समाप्त भएकोले कामको आधारमा परामर्शदाता नियुक्त गरेको देखिएन।

१२६.२ सम्झौताको समयमा सबै रकम विश्व बैङ्कको अनुदान सहायतामा प्रणाली विकास तथा मर्मत संभारको कार्य गर्ने गरी सम्झौता भएकोमा २५ मे, २०२१ सम्ममा कार्य सम्पन्न नगरेको कारण सम्झौताबाट विश्व बैङ्क अलग भएको छ। विश्व बैङ्क अलग भएपछि आपूर्तकलाई भुक्तानी दिन बाँकी विकास चरणको अमेरिकी डलर ६ लाख ५५ हजार र रू.१ करोड ४७ लाख ८७ हजार तथा मेन्टिनेन्स तथा सपोर्ट चरणको अमेरिकी डलर १८ लाख ८१ हजार र रू.१७ करोड ९३ लाख ५६ हजार र परामर्शदातालाई यस अवधिमा भएको अमेरिकी डलर ६ हजार र रू.२५ लाख १४ हजार समेत अमेरिकी डलर २५ लाख ४३ हजार र रू.१९ करोड ६६ लाख ५९ हजार नेपाल सरकारलाई दायित्व पर्न गएको छ। समयमा आधारित परामर्श सेवा लिएको कारणले निर्माणकर्ताले काम नगरेको समयमा समेत परामर्शदातालाई भुक्तानी भएको र कार्य गर्ने अवधिमा निरीक्षण र गुणस्तर नियन्त्रण गर्ने परामर्शदाता नभएकोले यसरी खर्च गर्ने कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ।

१२७. **सुनको पैठारी -** त्रिभुवन विमानस्थल भन्सार कार्यालयको अभिलेखअनुसार २०७७।७८ मा रू.२७ अर्ब ४८ करोड मूल्य बराबरको ३ हजार ९४४.५ किलोग्राम सुन आयात गर्दा रू.३ अर्ब ३५ करोड

र २०७८।७९ मा ५ हजार ११३.७० किलोग्राम अर्थात् रू.४२ अर्ब ७० करोडको सुन आयात हुँदा रू.४ अर्ब ७४ करोड भन्सार महसुल प्राप्त भएको छ। यी दुबै वर्ष भन्सार दर प्रतिग्राम रू.८५० अर्थात् मूल्यको १० प्रतिशतको हाराहारीमा रहेको छ। मित्रराष्ट्र भारतमा सुनको भन्सार महसुल दर १८.५ प्रतिशत रहेको देखिन्छ। नेपालमा हुने सुन खपत सम्बन्धमा पर्याप्त अध्ययन विश्लेषण भएको देखिँदैन। सुन व्यवसायीले बैङ्कमार्फत् खरिद तथा अन्य माध्यमबाट खरिद बिक्री भएको सुनको अभिलेख नराखेकोले यसको उपयोगमा पारदर्शिता समेत नदेखिएको र सुनको गैरकानूनी खरिद बिक्रीमा कानूनी कारबाहीसमेत भइरहेको अवस्था छ। अन्तर्राष्ट्रिय बजार, छिमेकी मुलुकको भन्सार दरसमेतलाई मध्यनजर गरी भन्सार दरमा पुनरावलोकन हुनुपर्ने देखिन्छ।

भन्सार कार्यालयहरू

१२८. **महसुल छुट -** आर्थिक ऐन, २०७८ को दफा १८.२ मा नेपाल सरकार, अर्थ मन्त्रालयले सार्वजनिक तथा सामुदायिक संस्था, लगायत संगठित संस्थालाई ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्ने व्यवस्था छ। सोही ऐनको दफा १८.५ मा करको दर घटाइएको बढाइएको वा कुनै दस्तुर शुल्क, महसुल वा कर वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष, अर्थ मन्त्रालयले संघीय संसदमा पेस गर्नुपर्ने व्यवस्था छ। कैलाली भन्सार कार्यालयले भन्सार विभागको २०७६।८।२ को पत्रबाट सडक निर्माण गर्ने एक व्यवसायीले पैठारी गरेको ३५ लाख ७३ हजार लिटर डिजेलमा सचिवस्तरीय निर्णयले अन्य महसुल छुट दिई मूल्य अभिवृद्धि करमात्र असुल गरेको, त्यस्तै विभागको २०७८।११।२६ को पत्रबाट सोही निर्माण व्यवसायीलाई तोकिएको परिमाणमा बिटुमिन आयातमा मूल्य अभिवृद्धि करमात्र असुल गरको छ। नेपालगञ्ज भन्सार कार्यालयबाट समेत सोही निर्माण व्यवसायीलाई रू.१ करोड ९७ लाख २२ हजार बराबरको बिटुमिन पैठारीमा अन्य महसुल छुट दिई मूल्य अभिवृद्धि करमात्र असुल गरेको छ।

भन्सार विभागको २०७८।१।१९ तथा २०७८।१।११ को पत्र बमोजिम एकीकृत जाँच चौकी निर्माण कार्यका व्यवसायीलाई खपत हुने मालवस्तु भारतीय रुपैयाँ ७१ करोड ८९ लाख ८५ हजार र खपत नहुने भारतीय रुपैयाँ १६ करोड ९ लाख ७० हजारको लगत राखी मालवस्तुमा लाग्ने भन्सार महसुल तथा सम्पूर्ण कर छुटमा पैठारी गर्न दिने नेपाल सरकार (मन्त्रीस्तर) को २०७८।१।१७ को निर्णय भनी उल्लेख गरेको छ। उपर्युक्तबमोजिम महसुल छुट प्रदान गर्दा कुनै कार्यमा मूल्य अभिवृद्धि कर लगायत सबै महसुल तथा सबै करहरू छुट दिएको छ भने कुनै कार्यमा मूल्य अभिवृद्धि कर लिने गरी भन्सार महसुल तथा अन्य कर छुट दिएको छ। उल्लिखित पत्रहरूबाट दिइएको छुट आर्थिक ऐनको व्यवस्थाबमोजिम संघीय संसदमा पेस गरे तापनि दफा १८(६) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गरेको देखिएन।

१२९. **भाडा तथा बीमा छुट -** भन्सार ऐन, २०६४ को दफा १५ अनुसार कुनै पैठारीकर्ताले माल वस्तुको पैठारी गर्दा लागेको भाडा बीमा वा अन्य खर्चको विवरण काबुबाहिरको कारणले पेस गर्न नसकेमा भन्सार अधिकृत समक्ष अनुमानित खर्चको विवरण पेस गर्नुपर्ने, भन्सार अधिकृतले पनि अनुमानित खर्चको विवरणको आधारमा मालवस्तु जाँच गरिदिने र ९० दिनभित्र वास्तविक बिल पेस गरी भाडा बीमाको कारणले छुट भएको महसुल रकम मिलान गर्नसक्ने व्यवस्था छ।

भन्सार विभागको महसुल मूल्याङ्कन तथा पुनरावलोकन शाखाले २०७८।६।४ को निर्णयअनुसार भाडा, बीमाको बिल पेस नगरिएको अवस्थामा भाडा बापत मूल्यको १० प्रतिशत र बीमा बापत २ प्रतिशत लिने गरी परिपत्र गरेको छ। भारतीय आयल निगमबाट पैठारी हुने गरेको ग्याँसको बिलिङ गर्दा सम्बन्धित ग्याँस उद्योगहरूको नाममा नेपाल आयल निगममार्फत् आपूर्ति उल्लेख गरी कारोबार भएको देखियो। यस अवस्थामा नेपालको भन्सार विन्दुमा ग्याँसको बिमा र ढुवानी बापत ७ प्रतिशत रकम जोडी सोमा लाग्ने भन्सार महसुल नेपाल आयल निगमले दाखिला गरेपनि वास्तविक ढुवानीको लागत भारतीय नम्बर प्लेटका बुलेट धनीहरूलाई सम्बन्धित ग्याँस उद्योगले नै भुक्तानी गरेको अवस्थामा भन्सार विन्दुमा बीमा र भाडाको वास्तविक बिल र रकम घोषणा भएको छैन। यस्तो अवस्थामा थप छानबिन गरी माथि उल्लिखित परिपत्र अनुसार १० प्रतिशत भाडा र २ प्रतिशत बीमाको आधारमा महसुल लिनुपर्नेमा ७ प्रतिशतमात्र हिसाब गरी लिएकोले ५ प्रतिशत रकममा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट भएको छ। तसर्थ भाडा बीमाको वास्तविक रकम नेपाल आयल निगमले भुक्तानी नगरी सम्बन्धित ग्याँस उद्योगहरूले नै भुक्तानी गर्ने हुँदा नेपाल आयल निगमको अभिलेखबाट यकिन गरेर भैरहवा, वीरगन्ज, विराटनगर लगायत ७ भन्सार कार्यालयका सम्बन्धित ग्याँस उद्योगहरूसँग रू.५७ करोड ८५ लाख ११ हजार असुल गर्नुपर्दछ।

१३०. **सडक निर्माण दस्तुर -** आर्थिक ऐन, २०७८ को अनुसूची ३ मा उल्लिखित सवारी तथा ढुवानीका साधन पैठारी हुँदाका बखत भन्सार विन्दुमा तोकिएको दरमा सडक निर्माण दस्तुर लिई जाँचपास गर्नुपर्ने व्यवस्था छ। मेची भन्सार कार्यालयले पूर्ण तयारी विद्युतीय रिक्सा पैठारी गर्दा प्रतिसवारी रू.१० हजारका दरले सडक निर्माण दस्तुर नलिई जाँचपास गर्दा छुट भएको राजस्व रू.६९ लाख ८३ हजार र विराटनगर भन्सार कार्यालयले भन्सार विन्दुमा भन्सार शीर्षक ८७०४ (राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरू) को ९ पैठारीमा उक्त ७ प्रतिशत सडक निर्माण दस्तुर नलिई जाँचपास गर्दा छुट भएको राजस्व रू.३० लाख ८४ हजारसमेत रू.१ करोड ६७ हजार असुल हुनुपर्दछ।

त्यसैगरी एसेम्बल गर्ने उद्योगले पैठारी गरेको सवारीसाधनमा सवारी दर्ताको अवस्थामा सडक निर्माण दस्तुर भुक्तानी गर्ने कानूनी व्यवस्था अनुरूप भैरहवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पार्टपुर्जाहरू जडान गर्न बाँकी अवस्थाको पल्सर बाइक १२५ सी.सी. भन्दा माथिको हकमा प्रति मोटरसाइकल रू.१८ हजारका दरले सडक निर्माण दस्तुर नलगाई जाँचपास गर्दा रू.१अर्ब २४ करोड ३४ लाख, वीरगन्ज भन्सार कार्यालयले रू.४५ करोड ५७ लाख र सुख्खा बन्दरगाह भन्सार कार्यालय वीरगन्जका एक पैठारीकर्ताले रू.६९ लाख समेत रू.२ अर्ब ३८ करोड ९१ लाख सडक निर्माण दस्तुर असुल गरेका छैनन्। मोटरसाइकल जडान गर्ने व्यवसायीले यस्ता मोटरसाइकल एसेम्बल्ड ईन नेपाल पनि उल्लेख नगरेको, तयारी रूपमा पैठारी भएका मोटरसाइकल र एसेम्बल गर्ने मोटरसाइकल बिक्री मूल्यमा अन्तर नरहेको अवस्था छ। एसेम्बल गर्ने उद्योगले यस्तो सडक निर्माण सुधार दस्तुर दाखिला नगरी आफ्नै सम्बद्ध निकायलाई बिक्री गरेको समेत देखिएको छ। पैठारी गर्दा एउटै प्याकेजिङ्ग र एउटै बिलबाट सिङ्गो मोटरसाइकलको सामान ल्याई नेपालमा फिटिङ्गमात्र गरेको देखिन्छ। स्वदेशमा उत्पादन हुने सवारीसाधन दर्ताका बखत सडक सुधार निर्माण दस्तुर लिने व्यवस्था आर्थिक ऐनले गरेको छ। माथिको अवस्थाबाट यी सवारीसाधन नेपालमा उत्पादन भएका

होइनन्। तसर्थ नीतिगत रूपमा पुनरावलोकन गरी पैठारीकै समयमा सडक निर्माण दस्तुर भन्सार बिन्दुमा असुल गर्नुपर्दछ।

१३१. **साफ्टा सुविधा** - आर्थिक ऐन, २०७८ को अनुसूची १, दफा १९ मा साफ्टा छुटअन्तर्गत नेपाल सरकारको संवेदनशील सूचीमा परेका शीर्षकका मालवस्तुमा साफ्टा छुट नहुने उल्लेख छ। विराटनगर भन्सार कार्यालयबाट पैठारीकर्ताले पैठारी गरेको स्ट्रक्चर तथा सोको पार्टसलाई भन्सार शीर्षक ७३०८९ (फलाम वा इस्पातका संरचनाहरू अन्य) बाट २० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा साफ्टा छुट लिई ७.२५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर र एक्रिलिक इमुल्सनलाई भन्सार महसुल २० प्रतिशत, ७ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। दरबन्दी अनुसारकै रकम असुल हुनुपर्नेमा साफ्टा सुविधा लगाई जाँचपास गरेकोले छुट भएको ७.२५ प्रतिशत भन्सार महसुल तथा सोको मूल्य अभिवृद्धि करसमेतको राजस्व रू.९५ लाख ९९ हजार, भैरहवा भन्सारको रू.२७ लाख १७ हजार र वीरगन्ज भन्सार कार्यालयको छुट रू.९४ लाख ४४ हजारसमेत रू.२ करोड १७ लाख ६० हजार असुल हुनुपर्दछ।

१३२. **फरक दरबन्दी** - आर्थिक ऐन, २०७८ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महसुल र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। फरक दरबन्दी लगाई जाँचपास गरेकोले छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१३२.१ भैरहवा र विराटनगर भन्सार कार्यालयबाट पैठारीकर्ताहरूले ट्याङ्क पैठारी गर्दा भन्सार दरबन्दी ७३१०.२९ (५० लि. भन्दा कम क्षमताको फलाम वा इस्पातबाट बनेका अन्य सामान) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४१८६९१० (चिलर) बाट १ प्रतिशत भन्सार महसुलमात्र लगाई जाँचपास गरेको कारणबाट छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.७३ लाख ६६ हजार असुल गर्नुपर्दछ।

१३२.२ भैरहवा, विराटनगर, वीरगन्ज र नेपालगञ्ज भन्सार कार्यालयबाट पैठारीकर्ताहरूले बोन्डेक्स पैठारी गर्दा भन्सार दरबन्दी ३२०९१०१० बाट एक्रेलिक इमुल्सन (एक्रेलिक म्याक्रिल, पिडिक्रिल, बोण्डेक्स, एक्रोसोल, रिभोसिस, भिसिक्रिल, इटिआइ ६०, रोडोलाइन, फ्विक्रिल एक्रेलिक, पोलिहाइड, प्राइमलएसी र अन्य) बाट साफ्टा सुविधा नपाउने गरी पेन्ट उद्योगको हकमा २० प्रतिशत र अन्यको हकमा ३० प्रतिशत भन्सार महसुल, ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक उपशीर्षक ३९०६९ (प्राथमिक रूपका, एक्रेलिक पोलिमरहरू अन्य) बाट १० प्रतिशत र साफ्टा सुविधा लिई ६ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.४ करोड ३ लाख १२ हजार असुल गर्नुपर्दछ।

१३२.३ भैरहवा र विराटनगर भन्सार कार्यालयबाट पैठारीकर्ताहरूले सोडियम कार्बोनेटलाई भन्सार उपशीर्षक ३२८३६३ बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा २८२७३० भन्सार दरबन्दीबाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लिई जाँचपास

गरेको कारण छुट हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.५० लाख १९ हजार असुल गर्नुपर्दछ।

१३२.४ बहुउपयोगी प्रकृतिका मनिटरलाई भन्सार उपशीर्षक ८५२८.५९ अन्य मनिटरबाट ३० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ। त्रिभुवन विमानस्थल, विराटनगर र तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले इन्टरेक्टिभ डिस्प्ले पैठारी गर्दा कम्प्युटर उल्लेख गरी जाँचपास गरेको गरेकोमा स्पेसिफिकेशन म्यानुअल परीक्षण गर्दा बहुउपयोगी डिसप्ले भएको देखियो। उक्त मालवस्तु त्रिभुवन विमानस्थल भन्सार, सुक्खा बन्दरगाह भन्सारबाट समेत भन्सार उपशीर्षक ८५२८.५९(अन्य मनिटरहरू) जाँचपास गरेको र ती भन्सार कार्यालयले समेत केही प्रज्ञापनबाट सोही सामान भन्सार उपशीर्षक ८५२८.५९(अन्य मनिटरहरू) बाट नै जाँचपास गरेको छ। यी मालवस्तुहरू ठूला आकारका डिस्प्ले मनिटर भएको र तालिम तथा बैठकहरूमा प्रस्तुतीकरणमा प्रयोग हुने प्रकृतिका मनिटरहरू रहेको र मुख्यतया मनिटर डिस्प्लेको उपयोगिता अधिक हुने हुँदा त्यस मालवस्तुलाई फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेको छुट हुन गएको महसुल रू.१ करोड ६ लाख २७ हजार असुल गर्नुपर्दछ।

१३२.५ उडवर्किङ मेसिन पैठारी गर्दा भन्सार उपशीर्षक ८४६५९१, ८४६५९९ (यान्त्रिक औजारहरू अन्य) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा भैरहवा र विराटनगर भन्सार कार्यालयबाट पैठारीकर्ताहरूले पैठारी गरेको उडवर्किङ मेसिनलाई ८४६५९२ भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल रू.१ करोड ६७ लाख २२ हजार असुल गर्नुपर्दछ।

१३२.६ नूडल सिजनिङलाई भन्सार दरबन्दी २१०३९०९० बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा २१०३९०१० उपशीर्षकबाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गर्दा वीरगन्ज भन्सार कार्यालयमा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर रू.४५ लाख ६ हजार र भैरहवा भन्सार कार्यालयको रू.११ लाख ४० हजार समेत रू.५६ लाख ४६ हजार असुल गर्नुपर्दछ।

१३२.७ पर्ल प्याकेजिङलाई भन्सार दरबन्दी ४८११५९००(एसेटिक प्याकेजिङ्ग कागज) बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भैरहवा र वीरगन्ज भन्सार कार्यालयबाट पैठारीकर्ताहरूले पैठारी गरेको पर्ल प्याकेजिङलाई भन्सार उपशीर्षक ४८१०९९००(अन्य कागत र कागतगाता) अन्तर्गत समावेश गरी १५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.९१ लाख ७४ हजार असुल गर्नुपर्दछ।

१३२.८ भन्सार उपशीर्षक ८४१३४० मा उल्लिखित कंक्रिट पम्पहरूमा उल्लिखित मापक यन्त्र जडेको वा नजोडेको कंक्रिट पम्पहरू र भन्सार उपशीर्षक नं.८७०५९०९० (मूलतः व्यक्ति वा वस्तुको यातायातको लागि भाडा बाहेकको खास उद्देश्यका मोटर गाडीहरू जस्तै स्प्रेइङ, लहरीहरू, घुम्ती वेवसप अन्य) लाई १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ। रसुवा र वीरगन्ज भन्सार कार्यालयले भन्सार उपशीर्षक (८४२४) ब्लाष्टिक यन्त्रहरू, (८४७९१०) सार्वजनिक निर्माण कार्यका निमित्त इण्डिभिजुअल फड्सन भएका यन्त्रहरू

एपलाइन्सेसहरू लगायतबाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाइ जाँचपास गरेकोले छुट हुन गएको भन्सार र मूल्य अभिवृद्धि कर रू.३ करोड ७३ लाख ४७ हजार असुल गर्नुपर्दछ।

१३२.९ आर्थिक ऐन, २०७८ र एकीकृत भन्सार महसुल दरबन्दीमा भन्सार उपशीर्षक २४०१ मा अनिर्मित (अनम्यानुफ्यक्चर्ड) आंशिक वा पूर्ण रूपमा डाँठबाट निकालिएको वा छुट्याइएको सुर्ती लाई २० प्रतिशत भन्सार, अन्तःशुल्क प्रतिकिलो रू.११८ (आर्थिक ऐन २०७९ अनुसार अन्तःशुल्क प्रतिकिलो रु १३०) र मूल्य अभिवृद्धि कर लाग्ने उल्लेख छ। त्यसैगरी भन्सार उपशीर्षक २४०३९९३० मा खुद्रा बिक्रीको लागि नराखिएको काटिएको सुर्तीलाई ३० प्रतिशत भन्सार, प्रतिकिलो रु ४१८ अन्तःशुल्क र मूल्य अभिवृद्धि कर (आर्थिक ऐन २०७९ अनुसार ८० प्रतिशत भन्सार र प्रति किलो रु ४६० का दरले अन्तःशुल्क र मूल्य अभिवृद्धि कर) लगाई जाँचपास गर्ने उल्लेख छ।

भन्सार विभागले पटक-पटक परिपत्र गरी वस्तुको स्पेसिफिकेसन, गुणस्तर र उपयोग खुलाई जाँचपास गर्नुपर्ने भनी निर्देशन दिएपनि भन्सार कार्यालयले जाँचपास गर्दा स्पष्ट रूपमा वस्तुको अवस्था बारे उल्लेख गरेको छैन। भैरहवा भन्सार कार्यालयले अनिर्मित (अनम्यानुफ्यक्चर्ड) आंशिक वा पूर्ण रूपमा डाँठबाट निकालिएको वा छुट्याइएको सुर्ती र धुलो सुर्तीलाई २०७८।७९ मा २४०३९९३० दरबन्दी लगाई विभिन्न सुर्ती, पानमसला, चुरोट लगायतका उद्योगले समेत आयात गरेका ३१४ प्रज्ञापन पत्र(कारोबार)बाट ३० प्रतिशत भन्सार प्रतिकिलो रू.४१८ का दरले अन्तःशुल्क र मूल्य अभिवृद्धिकर असुल गरी जाँचपास गरेको छ। यस भन्सारले समेत २०७८।७९ मा विभिन्न सुर्ती तथा चुरोट उद्योग एवं अन्य कम्पनीले ४ वटा प्रज्ञापनपत्रबाट पैठारी गरेको सुर्ती प्रतिकिलो भारतीय रुपैया रू.४७७ का दरले खरिद गरेको सुर्तीलाई कट टोबाको भनी भन्सार उपशीर्षक २४०३९९३० बाट जाँचपास गरेको छ।

वीरगन्ज भन्सार कार्यालयबाट पैठारीकर्ताहरूले अनम्यानुफ्यक्चर्ड टोबाको भनी पैठारी गरेको सुर्तीको मूल्य प्रतिकिलो भारतीय रुपैँया ३१ देखि ४९५ सम्म रहेको देखिँदा उक्त मालवस्तु एउटै प्रकृतिको हुन सक्ने देखिँदैन। कार्यालयले ३० कारोबारबाट औसत मूल्य भारतीय रुपैया १३० प्रतिकिलोका दरले पैठारी गरेको अनम्यानुफ्यक्चर्ड टोबाकोलाई भन्सार उपशीर्षक २४०३९९३० लगाई रू.३ करोड २६ लाख ९४ हजार मूल्यको १ लाख २८ हजार ४६५ किलो कच्चा सूर्तिमा ३० प्रतिशत भन्सार, प्रतिकेजी रू.४१८ का दरले अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत असुल गरेको छ। सामान्यतया भारतीय रुपैँया ३१ देखि १३० प्रतिकिलो पर्ने सुर्तीहरू अनम्यानुफ्यक्चर्ड हुने तर प्रतिकिलो रू.४७७ र सोभन्दा बढीमा आफ्नै सम्बद्ध कम्पनीबाट खरिद गरेको, यस्ता सुर्ती खरिद गर्न एक वर्ष अघिदेखि नै एड्भान्स दिएको अवस्थाले यो सुर्ती अर्धप्रशोधित होइनन् भन्ने अवस्था छैन। तसर्थ अनम्यानुफ्यक्चर्ड टोबाको भनी जाँचपास गरेको उक्त मालवस्तु भन्सार दरबन्दी २४०१२० बाट जाँचपास गरेको सम्बन्धमा थप छानबिन गरी पैठारी गरेको प्रतिकिलो भारतीय रुपैँया ४७७ भन्दा बढी मूल्यका सुर्तीमा भन्सार उपशीर्षक २४०३९९३० बाट जाँचपास नगर्दा घटी असुल भएको महसुल तथा कर रू.१७ करोड ८७ लाख १४ हजार र सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट छुट भएको रू.१ करोड ६७ लाख ७६ हजारसमेत असुल गर्नुपर्दछ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय

१३३. **प्रकाश उत्सर्जन गर्ने डायोड** - प्रकाश उत्सर्जन गर्ने डायोडलाई भन्सार दरबन्दी ८५३९५० (एल.ई.डी.बत्तीहरू) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताहरूले फरक उपशीर्षक ८५४११(डायोड्स, फोटोसेन्सेटिभ वा लाइट इमिटिङ्ग डायोड्सबाहेक) बाटमूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको पाइयो। सो कारणबाट छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.२४ लाख ५८ हजार असुल गर्नुपर्दछ।

१३४. **क्युभेट** - क्युभेटलाई भन्सार दरबन्दी ३९२६९०३ (युरिन ब्याग) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले ३९३६९०३, ७०१७९० उपशीर्षक लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३४ लाख ७९ हजार असुल गर्नुपर्दछ।

१३५. **हार्ड ड्राइभ** - विभिन्न पैठारीकर्ताले स्टोरेज डिभाईस हार्ड ड्राइभलाई भन्सार दरबन्दी ८४७१७०९० (स्टोरेज युनिटहरू अन्य) बाट ५ प्रतिशत भन्सार महसुलर मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ८४७१३०१० उपशीर्षक लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३२ लाख ६२ हजार असुल गर्नुपर्दछ।

१३६. **स्टोरेज डिभाईस** - एक टीबीभन्दा बढी क्षमताका स्टोरेज डिभाईसलाई भन्सार दरबन्दी ८४७१७०९० (कम्प्युटर हार्डडिस्क अन्य) बाट ५ प्रतिशत भन्सार महसुलर मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताबाट ८४७१७०१० उपशीर्षक लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुलर सोको मूल्य अभिवृद्धि करसमेत रू.२५ लाख २० हजार असुल गर्नुपर्दछ।

१३७. **टेलिकमका स्टोरेज डिभाइस** - विभिन्न टेलिकमले स्टोरेज डिभाइसलाई भन्सार दरबन्दी ८४४३३९०० (नेटवर्कमा जोड्न सकिने किसिमका अन्य) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा उपशीर्षक ८४४३३२००(नेटवर्कमा जोड्न सकिने किसिमका) लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३६ लाख ९२ हजार असुल गर्नुपर्दछ।

१३८. **ड्रोन** - भन्सार कार्यालयहरूले ड्रोनलाई भिडियो क्यामेराको रूपमा ५ प्रतिशत भन्सार महसुल र सो को मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको पाइयो। ड्रोन भिडियो क्यामेरामात्र होईन, ड्रोनको सहायहताले भिडियो खिच्न र अन्य भौतिक काम जस्तै औषधी छर्किन, हलुका मालसामान ढुवानी गर्न, आगो निभाउन समेत उपयोग हुने र दूर नियन्त्रक तथा इन्फ्रारेड वा रेडियो फ्रिक्वेन्सी प्रविधिबाट सञ्चालन हुन्छन्। तसर्थ ड्रोनलाई भन्सार उपशीर्षक ८५२६९२ (रिमोट कन्ट्रोल उपकरण) बाट १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट पैठारीकर्ताले पैठारी गरेको ड्रोन हेक्जा कप्टर, मिनी कप्टर, मिनी फ्लाई जस्ता सामग्रीमा समेत अन्य दरबन्दी लगाई जाँचपास गरेको कारण छुट हुन गएको भन्सार महसुल र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत रू.८ करोड ८१ लाख ९१ हजार असुल गर्नुपर्दछ।

वीरगन्ज भन्सार कार्यालय

१३९. **थेराप्युटिक फूड** - थेराप्युटिक फुड पैठारी गर्दा भन्सार उपशीर्षक २१०६९०९९ (अन्यत्र नपरेको खाद्यपदार्थ अन्य) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा पैठारी कर्ताहरूले २१०६९०९१ र २००८१९३० लगायत भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट हुन गएको भन्सार महसुल तथा सोको मूल्य अभिवृद्धि करसमेत रू.६६ लाख १८ हजार असुल गर्नुपर्दछ।

१४०. **प्याराफिन लिक्विड** - प्याराफिन लिक्विडलाई २७१०१९९६ (प्याराफिन लिक्विड आयल) वा २७१०१९९९ (अन्य) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई प्रयोगशाला परीक्षण गराई प्याराफिन आयलको मात्रा र अन्य केमिकल स्पेशिफिकेसनसहितको प्रमाण खुलाई जाँचपास गर्नुपर्नेमा लाईट लिक्विड प्याराफिन उल्लेख गरी एउटै नामबाट विभिन्न भन्सार उपशीर्षक (२७१२१०, २७१२२०, २७१२९०, २९०११०११, २९०११०१९, २९०११०९०, २९०१२९) बाट सो भन्सार दरबन्दीअनुसार मेल खाने प्रमाण र प्रयोगशाला परीक्षण बेगर १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेकोले विभिन्न पैठारीकर्ताले पैठारी गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३ करोड ८० लाख ३३ हजार असुल गर्नुपर्दछ।

१४१. **चिलर** - पैठारीकर्ताहरूले पैठारी गरी ल्याएको चिलरलाई भन्सार उपशीर्षक नं ८४१८६९ बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा अन्य शीर्षकबाट समेत जाँचपास गरेको छ। विश्व भन्सार संगठनको व्याख्यात्मक टिप्पणीको उपशीर्षक ८४१८ खण्डमा चिलर भनिने सामानलाई भन्सार उपशीर्षक ८४१८.६९ (रेफ्रिजरेटर, फ्रिजर, अन्य प्रशितक (रेफ्रिजरेटिङ) वाहमीकरण (फ्रिजिङ्ग) उपकरणहरू अन्य) बाट जाँचपास गर्नुपर्नेमा अन्य शीर्षकबाट जाँचपास गर्दा ५ पैठारीकर्ताबाट घटी असुल भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रू.४९ लाख ३५ हजार असुल गर्नुपर्दछ।

१४२. **स्पीकर** - विभिन्न पैठारीकर्ताले पैठारी गरेको स्पीकरलाई भन्सार दरबन्दी ८५१८२१०, ८५१८२२० (बट्टा भित्र अड्याईएका सिङ्गल वा मल्टीपल लाउड स्पीकर) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ८५२७१९ र ८५२७२९ भन्सार दरबन्दीबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल रू.३१ लाख ७ हजार असुल गर्नुपर्दछ।

१४३. **स्मार्ट बोर्ड** - स्मार्ट बोर्डलाई भन्सार उपशीर्षक ८५२८५९० (अन्य मनिटर) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा एक पैठारीकर्ताले स्मार्ट वोर्ड पैठारी गरेकोमा उक्त मालवस्तुलाई भन्सार उपशीर्षक ८५२८५२९ (डायगनलको लम्बाई २३ इन्चभन्दा बढी भएको) बाट जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३२ लाख १० हजार असुल हुनुपर्दछ।

१४४. **डिस्प्ले** - विद्युतीय मोनिटरको कार्य गर्ने डिस्प्ले भएमा भन्सार उपशीर्षक ८५२८५९ (अन्य मनिटर) बाट ३० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने र यदि उक्त सामान पसलहरूमा राख्ने सोकेस जस्तो कार्य गर्ने कार्य भएमा भन्सार उपशीर्षक ९४०३२०९० (फर्निचर)

बाट ३० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा मालवस्तुको विशेषता र उपयोग पैठारी गरेको डिस्प्लेको प्रयोजन नखुलाई फरक भन्सार उपशीर्षकबाट जाँचपास गरी पैठारी गरेको छ। उपयुक्त दुवै भन्सार उपशीर्षकबाट ३० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ८४१८३० र ८४१८५० लगायत अन्य उपशीर्षकबाट जाँचपास गरेकोले घटी हुन गएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर रू.९३ लाख ४ हजार असुल हुनुपर्दछ।

१४५. **कम्प इनर्जी -** कम्प इनर्जी फ्लेवरिङ एजेन्टलाई भन्सार उपशीर्षक २१०६९०४००० (हल्का पेय पदार्थको कन्सन्ट्रेट) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३३०२१०१० (अल्कोहलिक घोलहरूमा प्रयोग हुने सुगन्धयुक्त तत्वहरू) बाट जाँचपास गर्दा छुट हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.६६ लाख २० हजार असुल गर्नुपर्दछ।

१४६. **एयर कन्डिसन -** आर्थिक ऐन,२०७८ को दफा १५(२) (त) मा विद्युत विकास विभाग वा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको सिफारिसमा जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेसिनरी औंजारहरू र सोको सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरणहरू निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थमा १ प्रतिशत भन्सार महसुल लाग्ने उल्लेख छ। एयर कन्डिसन एण्ड एसेसरिजलाई भन्सार उपशीर्षक नं ८४१५१० बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विद्युत विकास विभागको सिफारिसमा १ प्रतिशत भन्सार महसुल असुल गरेको देखिन्छ। यस भन्सार बिन्दुबाट विभिन्न ५ पैठारीकर्ताहरूले आयात गरेको एयर कन्डिसन र यसका पार्टपुर्जाहरू विद्युत उत्पादन, वितरण, प्रशारण, सञ्चालन र संभारसँग सोझै सम्बन्ध राख्ने मालवस्तु होइनन्। यसर्थ उक्त सामानलाई भन्सार छुट दिन मिल्ने नदेखिएकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रू.३ करोड २६ लाख ४३ हजार असुल गर्नुपर्दछ

१४७. **पेट्रोलियम कोक -** आर्थिक ऐन, २०७८ को भन्सार ऐनसँग सम्बन्धित अनुसूची-१ को दफा ७ अनुसार दफा १९ मा उल्लिखित नेपाल सरकारको संवेदनशील सूचीमा परेका मालवस्तुहरू र दफा २० मा उल्लिखित मालवस्तुहरू बाहेक सार्क मुलुकमा उत्पादित मालवस्तुहरू सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाट जारी भएका बील बीजकसहित सोही मुलुकबाटै साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्रसहित पैठारी भएमा भन्सार महसुल दरमा आंशिक छुट दिई भन्सार महसुल असुल गरिने उल्लेख छ। विभिन्न उद्योगले भन्सार उपशीर्षक नं २७१३११ बाट पेट्रोलियम कोक नन क्यालसाईन्ड र भन्सार उपशीर्षक नं २७१३१२ बाट पेट्रोलियम कोक क्यालसाईन्ड पैठारी गरेकोमा पैठारीकर्तालाई साफ्टा सुविधा दिएर जाँचपास गरेको देखिन्छ। साफ्टा उत्पत्ति नभएको सामान ६० प्रतिशतभन्दा बढी प्रयोग भएको अवस्थामा उत्पत्तिको प्रमाणपत्र जारी गर्न मिल्ने देखिँदैन। सोही बमोजिम यस भन्सार कार्यालयले भारतीय पेट्रोलयम कर्पोरेशनले एक पैठारीकर्तालाई १० जुलाई २०१५ मा नै साफ्टा प्रमाणपत्र दिन नसकिने उल्लेख गरिसकेकोले साफ्टा सुविधामा जाँचपास गर्दा न्यून असुल भएको पेट्रोलियम कोक नन क्यालसाईन्डको भन्सार महसुल र सो को मूल्य अभिवृद्धि करसमेत रू.५ करोड ५२ लाख २७ हजार र पेट्रोलियम कोक क्यालसाईन्डको रू.३८ लाख ९३ हजारसमेत रू.५ करोड ९१ लाख २० हजार असुल गर्नुपर्दछ।

१४८. **सालको काठ -** सालको काठलाई भन्सार उपशीर्षक ४४१८६० (घरमा जडान गरिने काठका सामानहरू, काठका सेलुलर प्यानेलहरू, पोष्टहरू र निदाल बिमहरू) र ४४०९२९ (अन्य - रन्दा खाक्सी लगाइएको वा नलगाइएको, ज्वाइन्ट गरिएका वा नगरिएका अन्य काठ) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ। यस भन्सार कार्यालयबाट सोही काठलाई भन्सार उपशीर्षकबाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत असुल गरी जाँचपास गरेको देखिन्छ। तर विभिन्न ४ पैठारीकर्ताले पैठारी गरेको सोही काठलाई ४४०७९९ र ४४०७२९ लगायतका दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सो को मूल्य अभिवृद्धि करसमेत रू.१ करोड ११ लाख ८८ हजार असुल गर्नुपर्दछ।

१४९. **मेनबोर्ड -** विभिन्न पैठारीकर्ताले मेनबोर्ड पैठारी गरेकोमा उक्त मेनबोर्ड ट्रान्सफर्मरमा प्रयोग हुने देखिएकाले भन्सार उपशीर्षक ८५३७१० (वैद्युतिक नियन्त्रण वा विद्युत वितरणको निमित्त दुई वा दुई भन्दा बढी उपकरणद्वारा सज्जित बोर्ड्स) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लिइ जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४७३३० (८४७१ मा पर्ने अटोमेटिक डाटा प्रोसेसिङ्ग यन्त्रका पार्टस वा सहायक वस्तुहरू) बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.२९ लाख ४४ हजार असुल गर्नुपर्दछ।

१५०. **सवस्टेशन अटोमेशन इक्विपमेण्ट -** आर्थिक ऐन २०७८ को अनुसूची १ को दफा १५ (२) (त) मा लगानी बोर्डबाट स्वीकृत हुने जलविद्युत आयोजनाको हकमा लगानी बोर्ड र अन्य जलविद्युत आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित जलविद्युत आयोजना वा सोको ठेकेदारले पैठारी गर्ने जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार र सोको सम्बन्धित पार्टपुर्जा पैठारी गर्दा भन्सार छुट हुने व्यवस्था छ। तर विद्युत विकास विभागले जलविद्युत आयोजना भन्दा फरक हुने गरी नेपाल विद्युत प्राधिकरण अन्तर्गतको काठमाडौं उपत्यका सवस्टेशन अटोमेसन आयोजनाले पैठारी गरेको सवस्टेशन अटोमेशन इक्विपमेण्टलाई भन्सार छुट दिन सिफारिस गरेको उपयुक्त देखिएन।

नेपाल विद्युत प्राधिकरणले पैठारी गरेको सवस्टेशन अटोमेशन इक्विपमेण्टलाई विद्युतीय नियन्त्रण वा विद्युत वितरणको निमित्त प्रयोग हुने प्रकारका क्याबिनेट वा उपकरण भन्सार उपशीर्षक ८५३७१० अथवा ८५३७२० बाट १० प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा सामानको गुण, विशेषता एवं उपयोगिता नखुलाई जाँचपास गरेको र विद्युत प्राधिकरणले आयात गरेको उक्त मालवस्तु विद्युत प्रसारण तथा वितरणसम्बन्धी उपकरण हुने र सो सञ्चार सम्बन्धी उपकरण नहुने अवस्था भएकोले कार्यालयले अन्य नेटवर्क सम्बन्धी उपकरण ८५१७६२९० बाट जाँचपास गर्दा घटी हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.९० लाख ४० हजार असुल हुनुपर्दछ।

१५१. **भन्सार परिसरका मालवस्तु -** भन्सार ऐन, २०६४ को दफा ४७ मा भन्सार हाताभित्र प्रवेश गरेका मालवस्तु धनीले ६० दिन भित्र छुटाउनु पर्ने, समयमा नछुटाउनेलाई भन्सार अधिकृतले ७ दिनको सूचना दिनु पर्ने सो समयमा पनि नछुटाएको मालवस्तु जफत गरी नेपाल सरकारको हुने उल्लेख छ। ईन्टरमोडल यातायात समितिबाट २४।१२।२०२२ सम्म प्राप्त विवरणअनुसार ६० दिनभन्दा बढी वेयरहाउसतर्फ १६७० दिन र सवारीसाधनतर्फ १६४९ दिनसम्म परिसरमा रहेकोमा भन्सार

कार्यालयले ७ दिने सूचना जारी गरी र जफत गर्ने काम गरेको छैन। भन्सार परिसरमा रहेका मालवस्तु समयमा नछुटाएकोले परिसर नै साँगुरो हुने गरी सामान रहेकोमा भन्सार कार्यालयबाट त्यस्तो सामान जफत गर्नुपर्दछ।

१५२. **सडक निर्माण दस्तुर** - पशुपति क्षेत्रस्थित तिलगंगा क्षेत्रमा निर्माण हुने नेपाल भारत मैत्रीपूर्ण पशुपति धर्मशालाको एक सवारीसाधन मास्टर लिष्टभित्र परेको मूल्य रू.६९ लाख ९३ हजारको व्यवसायी आँफैले उपयोग गर्ने गरी नियमानुसार लाग्ने अन्य राजस्व आर्थिक ऐन, २०७६ बमोजिम सडक निर्माण दस्तुर भन्सार विन्दुमै लिने व्यवस्था भएकोमा उक्त कम्पनीले सो सवारीसाधन यातायात व्यवस्था कार्यालयमा शुरु दर्ता हुँदाको बखत सडक निर्माण दस्तुर बुझाई सकेको भनी आयात गर्दाको मूल्य रू.६९ लाख ९३ हजारमा मात्र ७ प्रतिशत रू.४ लाख ८९ हजार आर्थिक वर्ष २०७४।७५ मा तिरेको रसिद पेस गरेको छ। आयात गर्दा लाग्ने भन्सार महसुल, अन्तःशुल्क र अन्य कर रू.१ करोड ९७ लाख २ हजारमा सडक निर्माण दस्तुर रू.२६ लाख १२ हजार लाग्नेमा रू.४ लाख ८९ हजार दाखिला गरेकोले बाँकी रकम असुल गर्नुपर्नेमा नगरेकोले रू.२१ लाख २३ हजार असुल गर्नुपर्दछ।

सुखखा बन्दरगाह भन्सार कार्यालय

१५३. **स्टील साइलो** - स्टीलको साइलो पैठारी गर्दा भन्सार उपशीर्षक ८४७९८९६० (साइलो) बाट ५ प्रतिशत भन्सार महसुल लगाई जाँचपास गर्नुपर्नेमा एक पैठारीकर्तालाई भन्सार उपशीर्षक ८४३७१० (बीब दाना वा वा सुकेको दलहन वनस्पति सफा गर्ने, छुट्याउने वा ग्रेडिङ्ग गर्ने यन्त्रहरू) बाट १ प्रतिशत भन्सार महसुल मात्र लिई जाँचपास गरेकोले फरक भन्सार दरबन्दीबाट जाँचपास गर्दा छुट हुन गएको भन्सार महसुल रू.३० लाख ८४ हजार असुल गर्नुपर्दछ।

१५४. **एअर कूल्ड हिटपम्प** - विभिन्न प्रज्ञापनपत्रबाट एअर कूल्ड हिटपम्पलाई हिट एण्ड कूल उपकरणलाई प्रयास विवरण बेगर यकिन नगरी जाँचपास गरेको र एयर कन्डिसन मेसिनको पार्टपुर्जासमेत सोही दरमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर लाग्नुपर्नेमा सो नगरी जाँचपास गरेको छ। सुख्खा बन्दरगाह भन्सार कार्यालय अन्तर्गतका विभिन्न ५ पैठारीकर्ताले पैठारी गरेको एअर कूल्ड हिट पम्पलाई भन्सार दरबन्दी ८४१५९०, ८४१५१०, ८५१५२०, ८४१५८१, ८४१५८२, ८४१५८३ लगायतबाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक उपशीर्षक ८४१८६१०० (शीर्षक ८४१५ का वातानुकूलित यन्त्रहरू बाहेकका हिटपम्पहरू) बाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.५३ लाख २५ हजार असुल गर्नुपर्दछ।

१५५. **मेटल स्ट्रिप कोइल** - विभिन्न पैठारीकर्ताले पैठारी गरी ल्याएको मेटल स्ट्रिप कोइललाई भन्सार उपशीर्षक ७२१२३० (अन्य किसिमले जस्ता जिङ्कको जलप वा लेपन गरीएको स्पातहरू) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा सो शीर्षक लगायत विभिन्न भन्सार उपशीर्षकबाट जाँचपास गरेको छ। पैठारी भएको सामान एउटै प्रकृतिको भएको र सोको भन्सार मूल्यमा समेत एकरूपता रहेको छ। आर्थिक ऐन २०७८ को १४(३)(द) मा समेत पूर्वनिर्मित भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न दर्ता भएका उद्योगले त्यस्ता भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न पैठारी गर्ने भन्सार उपशीर्षक ७२१० र

७२१२ अन्तर्गतका ३० प्रतिशत भन्सार महसुल लाग्ने स्टील क्वाइलमा २० प्रतिशतमात्र भन्सार महसुल लाग्ने भनी उल्लेख रहेको छ। मालवस्तुको पूर्णरूपमा विवरणसमेत नखुलाई एउटै सामानलाई फरक-फरक भन्सार उपशीर्षकबाट जाँचपास गरी एक पैठारीकर्ताले अन्य प्रज्ञापनपत्रभन्दा घटी महसुल लिई पैठारी गरेकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रू.५२ लाख ८१ हजार असुल गर्नुपर्दछ।

१५६. **चोको/चकलेट** - कोकोको धुलो, चिनी वा गुलियो पदार्थ हालेको चकलेट र अरु कोको मिसिएका खाद्यपदार्थहरू पैठारी गर्दा भन्सार उपशीर्षक १८०६१० बाट ४० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धिकर लगाई जाँचपास गर्नुपर्नेमा २१०६१० र १९०५९०९० लगायत अन्य (खाद्यान्नलाई फुलाएर वा भुटेर तयार गरेको खाद्यपदार्थ र अन्यत्र नपरेको खाद्यपदार्थ) उपशीर्षकबाट जाँचपास गर्दा विभिन्न ८ पैठारीकर्ताको चोको। चकलेट पैठारीमा छुट हुन गएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर रू.३४ लाख ६२ हजार असुल हुनुपर्दछ।

१५७. **नपाउने छुट** - आर्थिक ऐन, २०७८ को अनुसूची-१ को दफा १५.२ण मा औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले पैठारी गर्ने औषधिजन्य कच्चापदार्थमा एक प्रतिशतमात्र भन्सार महसुल लाग्ने उल्लेख भएकोमा दाना उत्पादन गर्ने उद्योगले आयात गरेको लाइसिन वा यसका ईस्टरहरू वा लवणहरू एल-लाइसिन एचसिएल र एल-आइसोलसिनलाई नेट प्रोसेड्युर्स ३२९ लगाई नपाउने सुविधा दिई महसुल छुट दिएकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रू.३८ लाख ६५ हजार असुल गर्नुपर्दछ।

भैरहवा भन्सार कार्यालय

१५८. **बसको बडी** - विभिन्न पैठारीकर्ताले बसको बडी पैठारी गर्दा भन्सार उपशीर्षक नम्बर ८७०७९(मोटर गाडीका मुख्य भाग अन्य) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा अस्थायी पैठारी भनी पैठारी गरेकोमा के कुन फिर्ता भएको हो नदेखिकोले नियमानुसार लाग्ने महसुल रू.७५ लाख ८२ हजार असुल गर्नुपर्दछ।

१५९. **ढल प्रशोधन प्लान्ट**- ढल प्रशोधन प्लान्टलाई भन्सार दरबन्दी ३९२५१०००(३०० लिटरभन्दा बढी क्षमताका तरल पदार्थ राख्ने ठूलाठूला भाँडा र त्यस्तै कन्टेनरहरू) बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक उपशीर्षक ८४२१२१० (पानी छान्न र परिशोधन गर्नका लागि) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.४३ लाख ९८ हजार असुल गर्नुपर्दछ।

१६०. **मकैको दाना** - विभिन्न पैठारीकर्ताले मेज ग्रुट्स पैठारी गर्दा भन्सार उपशीर्षक नम्बर ११०३१३० (ग्रुट्स एण्ड मील अफ मेज) बाट जाँचपास गरी ९ प्रतिशत कृषि सुधार शुल्क, २.५ प्रतिशत अग्रिम आयकर र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ११०४२३०० भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल रू.३७ लाख २५ हजार असुल गर्नुपर्दछ।

१६१. **रिपेयर किट** - विभिन्न पैठारीकर्ताले रिपेयर किट पैठारी गर्दा भन्सार उपशीर्षक नम्बर ८४२१२३० (इन्टरनल कम्वशन इन्जिनको लागि तेल वा पेट्रोल निस्यन्दकहरू) बाट जाँचपास गरी १५ प्रतिशत

भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ८४३१४९०० भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल तथा मूल्य अभिवृद्धि कर रू.३६ लाख १८ हजार असुल गर्नुपर्दछ।

१६२. **फाइन पेस्ट** - विभिन्न पैठारीकर्ताले फाइन पेस्ट पैठारी गर्दा भन्सार उपशीर्षक नम्बर ३२०६४९० (अन्य रङ्गाउने पदार्थ) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ३२०६१७०० र ३२०६४९०० भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको महसुल तथा मूल्य अभिवृद्धि कर रू.४० लाख १२ हजार असुल गर्नुपर्दछ।

१६३. **कम्प्लान २०२१** - विभिन्न पैठारीकर्ताले कम्प्लान २०२१ लाई अन्य खाद्य पदार्थ अन्तर्गत पैठारी गर्दा भन्सार दरबन्दी २१०६९०१० (प्रोटिन पदार्थ)बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा उपशीर्षक ३९२०६१९० (पोलिकार्बोनेटहरूको अन्य) बाट साफ्टा सुविधामा ७ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.६० लाख ७९ हजार असुल गर्नुपर्दछ।

विराटनगर भन्सार कार्यालय

१६४. **फरक दरबन्दी** - विभिन्न पैठारीकर्ताले पोली कार्बोनेट पैठारी गर्दा भन्सार शीर्षक ३९२०६१ (पोलिकार्बोनेटहरू मुद्रण गरिएको) बाट २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाएर जाँचपास गर्नुपर्नेमा भन्सार शीर्षक ३९०७४० (पोलिकार्बोनेट्स) बाट भन्सार महसुल १० प्रतिशत र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको कारणबाट छुट भएको राजस्व रकम रू.१४ लाख ७ हजार छुटेको छ। त्यस्तै विभिन्न पैठारीकर्ताले प्रि-फेब्रिकेटेड बिल्डिङ पैठारीगर्दा भन्सार शीर्षक ९४०६१०९० (काठको पूर्वनिर्मित भवन अन्य) बाट ३० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार शीर्षक ७३०८(पुल र पुलका खण्डहरू) बाट २० प्रतिशत भन्सार महसुल १६५० प्रति मेट्रिक टन अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। फरक भन्सार शीर्षकबाट जाँचपास गर्दा छुट भएको मूल्य अभिवृद्धि करसमेत रू.२२ लाख ८३ हजारसमेत ३६ लाख ९० हजार असुल गर्नुपर्दछ।

१६५. **वर्क ट्रक** - विभिन्न पैठारीकर्ताले वर्क ट्रक पैठारीमा भन्सार शीर्षक ८४२७९० (अन्य ट्रकहरू) बाट १० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार शीर्षक ८४२८९०, ८४२६११ र ८४२८१० बाट जाँचपास गर्दा छुट भएको मूल्य अभिवृद्धि कर राजस्व रू.३९ लाख ५५ हजार असुल हुनुपर्दछ।

१६६. **मेसिनरी पार्टस्** - विभिन्न पैठारीकर्ताले मेसिनरी पार्टस् पेठारीमा भन्सार शीर्षक ८४३९९९(पार्ट पुर्जाहरू अन्य) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार शीर्षक ८४८०२०(मोल्डबेसहरू) बाट छुटमा जाँचपास गरेको पाइयो। फरक शीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.५४ लाख ३८ हजार असुल गर्नुपर्दछ।

१६७. **फ्रुट पल्प** - पैठारीकर्ताले फ्रुट पल्प पैठारी गर्दा भन्सार उपशीर्षक २००७ बाट रू.१५ प्रतिकेजी भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धिकर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार

शीर्षक २००८९९१० (फ्रुटपल्प) बाट रू.१० प्रतिकेजी भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ। यस सम्बन्धमा २०७७।७८ मा फ्रुट पल्पको दरबन्दी २००८ बाट घोषणा गरेकोमा २००७ को सामान हो भनेर धरौटी राखी वर्गीकरणको लागि भन्सार कार्यालयबाट विभागमा निर्णयको लागि पठाएकोमा हालसम्म वर्गीकरण, व्याख्या एवं निर्णय भएको छैन। फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी असुल भएको महसुल रू.२९ लाख ७३ हजार असुल गर्नुपर्दछ।

मेची भन्सार कार्यालय

१६८. **घटी मूल्याङ्कन** - विभिन्न पैठारीकर्ताले ४६ पटकेको रू.५ करोड ३३ लाख २७ हजार मूल्यको टिस्यु पेपर पैठारी गरेकोमा भन्सार दरबन्दी ४८०३ बाट साफ्टा छुट सुबिधामा १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गरेको छ। भन्सार उपशीर्षक ४८०३ मा ३६ सेन्टीमिटर भन्दा बढी चौडाइको मुठा(रोल्स) पट्टी वा धजो (स्ट्रीप) को रूपमा भएको, नदोब्राइएको रूपमा एकापट्टी ३६ सेन्टीमिटर भन्दा बढी अर्कोपट्टी १५ सेन्टीमिटर भन्दा बढी चौडाइ भएको आयातकार रूपमा भएको ताउहरू पर्ने उल्लेख छ। कार्यालयले एक पैठारीकर्ताको ट्वाईलेट पेपरको पैठारीमा जाँचपास गर्दा प्रतिमेट्रक टन मूल्य अमेरिकी डलर ११४० रहेकोले प्रति किलोग्राम रू.१३६।३७ रहेको देखिन्छ।

मेची भन्सार कार्यालयबाट २०७७।११।२ मा टिस्यु पेपरको घोषणा मूल्य प्रतिमेट्रिकटन अमेरिकी डलर ८७० मा प्रतिएकाइ थप अमेरिकी डलर ९३० मा मूल्य निर्धारण भएको जानकारी गराएको देखिन्छ। मूल्य निर्धारण पत्रानुसार यसरी प्रतिमेट्रिक टन अमेरिकी डलर १८०० बाट २०७७।१०।२ मा मूल्य निर्धारण भएकोमा प्रतिमेट्रिकटन अमेरिकी डलर ११४० मा जाँचपास गर्दा प्रतिमेट्रिक टन अमेरिकी डलर ६६० ले घटी मूल्याङ्कन गरेको देखिन्छ। कारोबार मूल्यको प्रतिमेट्रिकटन रू.११४० ले हुन आउने परिमाण ४६७७० मेट्रिक टनको ६६० प्रतिमेट्रिक टनले रू.३ करोड ८७ लाख ७३ हजारमा साफ्टा छुट ७ प्रतिशत पछि भन्सार महसुल रू.३ करोड ६ लाख ३ हजार र मूल्य अभिवृद्धि कर रू.७१ लाख ५९ हजार गरी जम्मा रू.१ करोड ७ लाख ६२ हजारले कार्यालयको मूल्य निर्धारणभन्दा घटी महसुल प्राप्त भएको देखिन्छ। यस सम्बन्धमा छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ।

१६९. **लेमिनेटेड सिट** - लेमिनेटेड सिटलाई भन्सार दरबन्दी ३९२१९०११(सनमाइका र फरमाइका जस्ता डेकोरेटिभ लेमिनेट सिट्स) बाट २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा ट्रेडिङ व्यवसाय गर्ने विभिन्न पैठारीकर्ताले फरक उपशीर्षक ३९२०४९९० (भिनायल क्लोराइडका पोलिमरहरूको अन्य) बाट १५ प्रतिशत भन्सार महसुल ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि करमात्र लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.४९ लाख ४ हजार असुल गर्नुपर्दछ।

तातोपानी भन्सार कार्यालय

१७०. **रासायनिक मल** - भन्सार कार्यालय परिसरमा लेखापरीक्षण अवधिसम्म रू.५ करोड ६५ लाख १९ हजार मूल्य बराबरको ९९७० बोरा युरिया मल मौज्दात रहेको छ। सिल्क।सिनेम्पाक्स समेत ३ पार्टिले कृषि सामग्री कम्पनी लिमिटेडसँग भएको सम्झौता बमोजिम खरिद गरी २०७९ वैशाखमा

ल्याएको युरिया मल भन्सार कार्यालयले पटक-पटक कृषि सामग्री कम्पनी लिमिटेडलाई छुट्याई लैजान ताकेता गरेको देखिन्छ। गोदाम अभावको कारण उक्त मल जाँचपास गरी छुटाई लैजान भन्सार कार्यालयले पत्राचार गरेको छ। सप्लायर्सको मिति २०७९।४।१० को पत्रबाट निरीक्षण प्रतिवेदन प्राप्त गर्न ढिला भएको कारण देखाई बिलम्ब दस्तुर मिनाहाको माग गरेको छ।

कृषि सामग्री कम्पनी लिमिटेडले समयमा नै जाँचपास गरी मल छुटाउनु पर्नेमा छुटाई लगेको छैन। उक्त मल प्रतिबोरा रू.५ हजार ६६९ परेकोमा नेपाल सरकारले प्रतिबोरा रू.४ हजार ९१९ अनुदान उपलब्ध गराउने गरी खरिद कार्य गरेको छ। समयमा कृषकले मल नपाउने र भन्सार कार्यालयमा उक्त मल मौज्दात रहिरहँदा मलको गुणस्तरमा ह्रास आउने तथा नेपाल सरकारले दिएको अनुदान रू.४९१९ को ९९७० वोराको रू.४ करोड ९० लाख ४२ हजार र कृषि सामग्री कम्पनी लिमिटेडको परल मूल्य प्रतिबोरा रू.७५० को दरले ९ हजार ९७० बोराको रू.७४ लाख ७७ हजार गरी जम्मा रू.५ करोड ६५ लाख १९ हजार नोक्सान हुने देखिन्छ।

कृष्णनगर भन्सार कार्यालय

१७१. **सर्स्यूं -** सर्स्यूंलाई भन्सारदरबन्दी १२०७५० (सर्स्यूंका दानाहरू) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले खाने तेल उत्पादन गर्ने उद्योग भनी २८९ कोडको छुट दिएको पाइएकोले सोको प्रमाण पत्र पेस गर्नुपर्ने अन्यथा छुट भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रू.३० लाख ५७ हजार असुल गर्नुपर्दछ।

१७२. **ओभल चिप्स -** ओभल चिप्सलाई भन्सार दरबन्दी १९०५९०८९ (क्रिस्प खाद्य पदार्थहरू अन्य) बाट ४० प्रतिशत भन्सार महसुल, १७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले १९०५९०३० र१९०५९०९० लगायतका भन्सार उपशीर्षक लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.३७ लाख १६ हजार असुल गर्नुपर्दछ।

कैलाली भन्सार कार्यालय

१७३. **डेकोरेटिभ सीट-** डेकोरेटिभ सीटलाई भन्सार दरबन्दी ३९२१९०९२ (सनमाइका र फरमाइका जस्ता डेकोरेटिभ लेमिनेट सिट्स) बाट २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले फरक शीर्षक ३९२०९९९० (प्लाष्टिकको मुद्रण गरिएको अन्य) लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.७५ लाख २९ हजार असुल गर्नुपर्दछ।

१७४. **साल्टेड पिनट्स -** साल्टेड पिनट्सलाई भन्सार दरबन्दी २१०६९०९९(फूड सप्लीमेन्ट अन्य) बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले २००८११०० र २००८१९९० उपशीर्षक लगाई जाँचपास गर्दा छुट भएको भन्सार महसुल, अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि कर समेत रू.९० लाख १५ हजार असुल गर्नुपर्दछ।

१७५. **काजु हस्क प्यालेट** - काजु हस्क प्यालेटलाई भन्सार विभागले मिति २०७८ पौष २२ मा दरबन्दी १४०४९०९०(वनस्पती उत्पादन अन्य) कायम भई ५ प्रतिशत कृषि सुधार शुल्क, २.५ प्रतिशत अग्रीम आयकर र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले उपशीर्षक १४०४९०९० (वनस्पती उत्पादन अन्य) बाटै २.५ प्रतिशत अग्रिम आय करमात्र लिई जाँचपास गर्दा छुट भएको कृषि सुधार शुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रू.१ करोड १९ लाख २७ हजार असुल गर्नुपर्दछ।

रसुवा भन्सार कार्यालय

१७६. **हार्ड डिस्क** - भन्सार उपशीर्षक ८४७१७०९० मा एक्सटर्नल हार्ड डिस्क (अन्य संचय इकाइ) आयात गर्दा ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताद्वारा रसुवा भन्सार हुँदै पैठारी गरिएको सामानहरूलाई कम्प्युटरका इन्टरनल हार्ड डिस्क (८४७१७०१०) बाट जाँचपास गरेकोले छुट भएको महसुल रू.३१ लाख ५३ हजार असुल गर्नुपर्दछ।

१७७. **स्पीकर पार्ट्स** - स्पीकरलाई भन्सार उपशीर्षक ८५१८२१ (बट्टाभित्र अड्याइएका सिङ्गल वा मल्टिपल लाउड स्पिकर) बाट ५ प्रतिशत भन्सार, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा रसुवा भन्सार कार्यालयबाट पैठारी भएको स्पीकर र यसका पार्टपूर्जालाई ८५१८३० र ८५१८९० लगायतका उपशीर्षक लगाइ जाँचपास गरेकोले छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रू.४३ लाख ३८ हजारसमेत असुल गर्नुपर्दछ।

१७८. **हाइड्रोलिक तेल** - आर्थिक ऐन अनुसार छुट पाउन छुटको सिफारिस गर्ने निकायले दिएको विस्तृत मास्टर लिस्ट बमोजिमको वस्तुको लागि मात्र सिफारिश गर्नसक्ने प्रावधान छ। पैठारीकर्ताले हरेक सामानको स्पेशिफिकेशन, गुण, हरेक वस्तुको ईकाई मूल्य भाडा बीमा लगायत खुलाउनु पर्ने कुरा खुलाएको छैन। विभिन्न प्रज्ञापनपत्रका पैठारीकर्ताले विद्युत विकास विभागको सिफारिसले छुट नपाउने भनी उल्लेख गरेको अवस्थामा समेत १० वटा ट्याङ्की र इन्सुलेटिङ आयल पैठारी गर्दा बिलमा मूल्य नखुलाएको अवस्थामा मूल्य निर्धारणको आधार पेस भएको देखिदैँन। यस्तो अवस्थामा नेपाल विद्युत प्राधिकरणले वीरगन्ज भन्सारबाट पैठारी गरेको विभिन्न ७ प्रज्ञापनपत्रमा उल्लिखित दरको औसत मूल्य प्रतिलिटर रू.२१८।७४ लाई आधार मानेर १० ट्याङ्कमध्ये २ ट्याङ्कको १० हजार ४०० र ८ ट्याङ्कको १ लाख ६५ हजार ९८४ समेत रू.१ लाख ७६ हजार ३८४ लिटर क्षमताको आधारमा आउने मूल्यमा १५ प्रतिशतले हुने भन्सार रू.५७ लाख ८७ हजार र मूल्य अभिवृद्धि करसमेत रू.५७ लाख ६८ हजार गरी हुने रू.१ करोड १५ लाख ५५ हजार असुल गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

सार्वजनिक ऋण व्यवस्थापन

नेपालको सार्वजनिक ऋण व्यवस्थापन अन्तर्गतका कार्य मुख्यतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अतिरिक्त अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कबाट समेत हुँदै आएको छ। सार्वजनिक ऋण प्राप्ति तथा भुक्तानीका लागि नीतिहरू तर्जुमा गर्ने, ऋणको सीमा कानूनबाट तोक्ने,

सार्वजनिक ऋण तथा भुक्तानीको लागि ऐन, नियमावली तथा विभिन्न फाराम तर्जुमा गरी लेखा तथा अभिलेख राखी विद्युतीय प्रणाली लागू गर्ने तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना लगायतका कार्य हुँदै आएका छन्। सार्वजनिक ऋण व्यवस्थापनका कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

१७९. **नीतिगत व्यवस्था** - समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय पूर्वाधार र उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋणको परिचालन गर्ने लक्ष्य, सबल अर्थतन्त्र निर्माण गर्ने राष्ट्रिय सोच र वार्षिक सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४.३ प्रतिशतभित्र राखे अपेक्षा सहित पन्धौं योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनमा रहेको छ। आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म वर्षगत रूपमा नेपाल सरकारले उठाएको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४.९४ देखि ९.१९ प्रतिशत भई औसतमा ७.३७ प्रतिशत रहेको छ। आवधिक योजनाले अपेक्षा गरे अनुरूप सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४.३ प्रतिशतको सीमाभित्र हुनुपर्दछ।

उच्च प्रतिफलयुक्त क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने पन्धौं योजनाको रणनीति रहेको छ। यसका लागि समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी सार्वजनिक ऋणको परिचालन तथा उत्पादनशील र पूर्वाधार निर्माणका क्षेत्रमा उपयोग, जोखिम न्यूनीकरण हुनेगरी स्रोत पहिचान तथा व्यवस्थापन, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनमा योगदान पुग्ने गरी सार्वजनिक ऋणको परिचालन र पूर्वाधार निर्माण तथा नेपाल सरकारले तोके बाहेकका क्षेत्रमा परिचालन हुने ऋणमा सरकारी जमानत नदिने र जमानत नबस्ने कार्यनीति पन्धौं योजनाले अङ्गीकार गरेको छ। सार्वजनिक ऋण परिचालन गर्दा उक्त कार्यनीति भित्र पर्ने सुनिश्चित हुने गरी स्पष्ट खुलाउने तथा सार्वजनिक ऋण उपयोग गरी निर्माणको क्रममा रहेका र सम्पन्न भएका आयोजनाबाट प्राप्त उपलब्धिलाई अभिलेखिकरण गरी प्रतिवेदन नगरेको, सरकारी जमानत दिने सम्वन्धमा स्पष्ट कानूनी व्यवस्था नभएको, ऋण परिचालनबाट सञ्चालित आयोजना समयमा सम्पन्न नहुँदा लागत बढोत्तरी हुने तथा प्राप्त हुने लाभबाट वञ्चित हुनु पर्ने अवस्था देखिएको छ। सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी सोबाट अपेक्षित लाभ प्राप्त हुने कुरा सुनिश्चित गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था हुनुपर्दछ।

१८०. **सार्वजनिक ऋण प्राप्ति** - नेपाल सरकारले सार्वजनिक ऋणलाई घाटा बजेट पूर्तिको स्रोतको रूपमा राखी सार्वजनिक ऋण प्राप्तिको लक्ष्य तय गर्दछ। सोही अनुसार सरकारले विभिन्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाबाट वैदेशिक ऋण र विभिन्न उपकण मार्फत् आन्तरिक ऋण प्राप्त गर्दै आएको छ। बजेटमा उल्लेख भएबमोजिम विगत ५ वर्षमा वैदेशिक र आन्तरिक ऋण लक्ष्य प्राप्ति औसतमा ४५.५३ प्रतिशत र ९१.८३ प्रतिशत रहेको छ।

आन्तरिक ऋण २०७५।७६ बाहेक अन्य वर्षहरूमा लक्ष्यकै हाराहारी प्राप्त भएको र वैदेशिक ऋणतर्फ सबै वर्षहरूमा लक्ष्यको ५५ प्रतिशत भन्दा न्यून प्राप्त भएको देखिन्छ। दातृ निकायसँगको सम्झौताबमोजिमको ऋण परिचालन गरी लक्ष्य हासिल गर्नुपर्दछ।

१८१. **सार्वजनिक ऋण दायित्व** - साविकको ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा नेपाल सरकारले स्वीकृत विकास योजनाको लागि कुनै विदेशी सरकार वा एजेन्सीबाट आवश्यकता अनुसार कुल ऋण रू.१४ खर्ब नबढ्ने गरी प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा समय समयमा लिन सक्ने उल्लेख छ। सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ५(२) मा वैदेशिक ऋणको सीमा

अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एक तिहाइमा नबढ्ने गरी ऋण लिन सक्ने व्यवस्था छ। यस व्यवस्था अनुसार वैदेशिक ऋणको सीमा रू.१४ खर्ब २५ अर्ब ७६ करोड हुन आँउछ। राष्ट्र ऋण उठाउने विधेयक, २०७८ ले २०७८।७९ को लागि आन्तरिक ऋणको सीमा रू.२ खर्ब ५० अर्बसम्म तोकेको छ।

विगत ५ वर्षमा आन्तरिकतर्फ १५२.४४ प्रतिशत र बाह्यतर्फ ९४.९७ र समग्रमा ११९.४७ प्रतिशत ऋण दायित्वमा वृद्धि भई कुल ऋण दायित्व रू.२० खर्ब १३ अर्ब ३० करोड पुगेको छ। प्रति नागरिक ऋण भार २०७५ असार मसान्तमा रू.३५ हजार रहेकोमा २०७९ आषाढ मसान्तमा ९७ प्रतिशतले वृद्धि भई रू.६९ हजार पुगेको छ। सार्वजनिक ऋण भुक्तानी २०७४।७५ देखि २०७८।७९ को अवधिमा सञ्चित कोषमा दाखिला हुने राजस्वमा औसतमा १०.२१ प्रतिशत, कुल साँवा ब्याज ११.७० प्रतिशत र गार्हस्थ्य उत्पादन औषत वृद्धि १२.३१ प्रतिशत रहेको छ। कुल साँवा ब्याज भुक्तानी २०७४।७५ देखि २०७८।७९ सम्म औसतमा राजस्वको १०.८८ प्रतिशत तथा कुल गार्हस्थ्य उत्पादनको २.१८ प्रतिशत रहेको छ। ऋण दायित्वमा वृद्धि हुँदा यसको साँवा, ब्याज तथा शुल्क भुक्तानी गर्न आवश्यक रकम जुटाउन कठिनाइ पर्ने हुनाले ऋणको उपयोग गर्दा यसको लागत भन्दा उपलब्धि बढी हुनुपर्ने विषयमा विशेष ध्यान दिनुपर्दछ।

१८२. **वैदेशिक ऋणको संरचना -** नेपालले भारत, चीन, जापान, दक्षिण कोरिया, फ्रान्स, लगायतबाट द्विपक्षीय तथा विश्व बैङ्क, एशियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय कृषि विकास कोष लगायतबाट बहुपक्षीय ऋण प्राप्त गरेको छ। द्विपक्षीय वैदेशिक ऋण २०७४।७५ मा रू.५४ अर्ब १९ करोड रहेकोमा २०७८।७९ सम्म १४२.४४ प्रतिशत वृद्धि भई रू.१ खर्ब ३१ अर्ब ३८ करोड पुगेको छ। त्यसैगरी बहुपक्षीय ऋण २०७४।७५ मा रू.४ खर्ब ७१ अर्ब ९७ करोड रहेकोमा २०७८।७९ सम्म ८९.५१ प्रतिशत वृद्धि भई रू.८ खर्ब ९४ अर्ब ४६ करोड पुगेको छ। कुल वैदेशिक ऋणमा द्विपक्षीय ऋणको हिस्सा २०७४।७५ मा १०.२९ प्रतिशत रहेकोमा २०७८।७९ मा १२.८० पुगेको र बहुपक्षीय ऋणको हिस्सा २०७४।७५ मा ८९.७ प्रतिशत रहेकोमा २०७८।७९ मा ८७.२ प्रतिशत रहेको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, निर्माणको लागि नेपाल सरकार र एक्सपोर्ट-इम्पोर्ट बैङ्क, चिनसँग ब्याज रहित ३५.५९ करोड आरएमवि र २ प्रतिशत ब्याजमा १ अर्ब २ करोड २८ लाख आरएमबी समेत कुल १ अर्ब ३७ करोड ८७ लाख आरएमबी वैदेशिक ऋण सम्झौता भएको थियो। उक्त विमानस्थल निर्माण गर्न नेपाल सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरण बीच ५ प्रतिशत ब्याजदरमा सहायक ऋण सम्झौता भएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक प्रतिवेदनमा हालसम्म प्राप्त भएको र भुक्तानी भएको साँवा ब्याज सम्बन्धमा वैदेशिक ऋण दायित्वमा समावेश भएको छैन। प्राप्त विवरणअनुसार रू.१९ अर्ब ३२ करोड ५३ लाख वैदेशिक ऋण एक्सपोर्ट-इम्पोर्ट बैङ्क, चीनलाई भुक्तानी गर्न बाँकी रहेको र हालसम्म ब्याज, व्यवस्थापकीय लगायत विभिन्न खर्चमा कुल रू.८१ करोड भुक्तानी भएको देखिन्छ। एक्सपोर्ट-इम्पोर्ट बैङ्क चीनलाई भुक्तानी गर्ने वैदेशिक ऋण समावेश गर्दा नेपाल सरकारले भुक्तानी गर्नुपर्ने कुल वैदेशिक ऋण दायित्व रू.१० खर्ब ४५ अर्ब १७ करोड हुन आउने देखिन्छ। सार्वजनिक ऋणको कुल दायित्वमा सबै ऋण रकम समावेश नहुँदा सरकारले गणना गर्ने विभिन्न आर्थिक सूचकहरूमा समेत असर गर्ने देखिन्छ। सरकारले भुक्तानी गर्नुपर्ने सम्पूर्ण दायित्व समावेश गरी यथार्थपरक वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।

१८३. **आन्तरिक ऋणको संरचना** - आन्तरिक ऋण दायित्व २०७८।७९ सम्म रू.९ खर्ब ८७ अर्ब ४४ करोड रहेको छ। आन्तरिक ऋणमा सबैभन्दा बढी हिस्सा विकास ऋण पत्र ६२.८३ प्रतिशत रहेको छ। त्यस्तै बट्टा दरमा आधारित ट्रेजरी बिलको हिस्सा ३४.५० प्रतिशत, ब्याज दरमा आधारित ट्रेजरी बिलको हिस्सा १.५३ प्रतिशत, नागरिक बचतपत्रको हिस्सा ०.९३ प्रतिशत र वैदेशिक ऋण रोजगारपत्रको हिस्सा ०.०२ प्रतिशत रहेको छ। एस. डी. आर. मुद्राको विनिमयदरको समायोजन वापतको रकम समेत आन्तरिक ऋणमा समावेश गरिएको छ। उक्त मुद्रा समायोजन वापतको रकम आन्तरिक ऋणको ०.१९ प्रतिशत रहेको छ। कुल आन्तरिक ऋणमा विकास ऋण पत्र र ट्रेजरी बिलको हिस्सा ९९.०६ प्रतिशत रहेको देखियो। वैदेशिक रोजगारीमा गएका नागरिकलाई लक्षित गरी १० देखि १२.५० प्रतिशत ब्याजदरमा जारी गरिएको वैदेशिक रोजगारपत्र अपेक्षित रूपमा सफल भएको देखिएन। उक्त ऋण दायित्व २०७४।७५ मा रू.५३ करोड रहेकोमा २०७८।७९ मा रू.१९ करोड रहेको छ।

आन्तरिक ऋणको ३४.५० प्रतिशत हिस्सा ओगटेको ट्रेजरी बिलको बट्टा दर अर्थतन्त्रको परिवेश अनुसार निर्धारण भई रोलओभर हुने गरेको छ। उक्त उपकरणको ब्याजदर वार्षिक ५.३५ देखि ९.२३ रहेको छ। ऋणको प्रभावकारी लागत अध्ययन गरी सोहीअनुसार सार्वजनिक ऋण प्राप्त गर्ने रणनीति अवलम्वन गर्नुपर्दछ।

१८४. **सार्वजनिक ऋण उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १४ मा राजस्व र व्ययको अनुमान पेस गर्ने तथा दफा १५ को उपदफा ३ मा प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेस गर्न नसकिने उल्लेख छ। आन्तरिक ऋणबाट २०७८।७९ मा रू.१ खर्ब ८८ अर्ब ५४ करोड ८९ लाख खर्च भएको छ। उल्लिखित खर्चमध्ये चालुतर्फ (कोड नम्बर २११०० देखि २६४०० सम्म) रू.८१ अर्ब ५७ करोड ८३ लाख खर्च भएकोमा प्रदेश तथा स्थानीय तहमा अनुदान रू.४९ अर्ब ४० करोड २२ लाख, सरकारी निकाय, समिति, बोर्ड तथा अन्य सँस्थालाई पुँजीगत अनुदान रू.११ अर्ब ४७ करोड १६ लाख र वाँकी पारिश्रमिक, तलब, कार्यालय सञ्चालनलगायतको प्रशासनिक खर्च रू.२० अर्ब ७० करोड ४५ लाख रहेको छ। त्यस्तै वैदेशिक ऋणवाट समेत सोही प्रकृतिका खर्चमा रू.८ अर्ब ९ करोड १४ लाख खर्च भएको देखिन्छ। कानूनी व्यवस्था अनुसार प्रशासनिक खर्चलाई तोकिएको सीमा भित्र राखी पुँजी निर्माण हुने कार्यमा मात्र ऋण रकम उपयोग गर्ने र कानूनी व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ।

१८५. **सार्वजनिक ऋणको ब्याज दर** - आन्तरिक ऋणको ब्याज दर बजारको तरलता स्थिति तथा माग र आपूर्तिमा निर्भर रहेको छ। सरकारले उठाउने आन्तरिक ऋणतर्फ ट्रेजरी बिल, विकास ऋण पत्र, नागरिक बचत पत्र, राष्ट्रिय बचतपत्र लगायतका औजारको हिस्सा ६२.८३ प्रतिशत रहेको देखिन्छ। यस वर्षको आन्तरिक ऋणमा सबैभन्दा बढी ६२.९३ प्रतिशत हिस्सा ओगटको विकास ऋण पत्रको ब्याजदर ७.७४ प्रतिशत रहेको र यसको अवधि ५ देखि १५ वर्ष रहेको छ। त्यस्तै ३४।५० प्रतिशत हिस्सा रहेको २८ दिन देखि ३६४ दिनसम्मको ट्रेजरी बिलको दर औसतमा ५।३५ देखि ९।२३ सम्म रहेको छ। वैदेशिक रोजगारमा जाने नागरिकलाई लक्षित गरी जारी गरिएको वेदेशिक रोजगारपत्रको ब्याजदर १२।५० प्रतिशत रहेको छ। सरकारले विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क लगायतबाट बहुपक्षीय र जापान सरकार, भारत सरकार, चिन सरकार लगायतबाट द्विपक्षीय सहुलियत पूर्ण वैदेशिक ऋण प्राप्त गर्दै आएको छ। पुँजी निर्माण र वचतलाई

प्रोत्साहन गर्दै पुँजीको लागत समेत विचार गरी सार्वजनिक ऋण प्राप्त र प्रतिफलमा आधारित वैदेशिक ऋण परिचालन गर्न थप पहल गर्नुपर्दछ।

१८६. **आन्तरिक ऋण र लगानी** – आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म प्राप्त भएको आन्तरिक ऋण मध्ये १५ देखि २५ प्रतिशतसम्म र वर्षगत रूपमा ६ देखि १० प्रतिशत विभिन्न सार्वजनिक संस्था तथा निकायमा ऋण लगानी भएको देखिन्छ। आन्तरिक ऋणको लागत २०७४।७५ देखि २०७८।७९ सम्म क्रमशः २।१६, ४।०३, ५।५७, ४।९१ र ८।०६ प्रतिशत रहेको छ। आन्तरिक ऋणपत्रहरूमध्ये ट्रेजरी बिलको औसत ब्याजदर करिब ५।२८ प्रतिशत र अन्य ऋणपत्रको औसत ब्याजदर १०।३० प्रतिशत रहेको छ। नेपाल सरकारले विभिन्न सार्वजनिक संस्था तथा निकायहरूमा गरेको ऋण लगानी तर्फ १ देखि ५ प्रतिशत ब्याज प्राप्त गर्ने गरेकोमा पछिल्लो आर्थिक वर्षमा अल्पकालीन तथा मध्यकालीन रूपमा प्राप्त गर्ने आन्तरिक ऋणको लागत क्रमशः वढ्दो रहेको छ। सरकारको २०७८।७९ को असार मसान्तसम्मको आन्तरिक ऋण रू.९ खर्ब ८७ अर्ब ४५ करोड रहेकोमा सो वर्ष ब्याज तथा कमिशन रू.३७ अर्ब ६८ करोड भुक्तानी भएको छ। आर्थिक वर्ष २०७८।७९ सम्म औषतमा मा करिब २० प्रतिशत आन्तरिक ऋण संस्थानमा ऋण लगानीमा परिचालन भएकोले सोको ब्याज समेत करिब रू.७ अर्ब ५३ करोड हुने देखिन्छ। सो आर्थिक वर्षमा आन्तरिक स्रोततर्फको ऋण लगानीवाट ब्याज रू.६ अर्ब ३ करोड प्राप्त भएकोले करिब रू.१ अर्ब ५० करोड ब्याज दायित्व भुक्तानी गर्न पुनः आन्तरिक ऋण वा राजस्व परिचालन भएको अवस्था छ।

१८७. **वैदेशिक ऋण र लगानी** – नेपाल सरकारले २०७४।७५ देखि २०७८।७९ सम्मको वैदेशिक ऋण मध्ये २१ देखि २५ प्रतिशतसम्म र वर्षगत रूपमा प्राप्त गरेको मध्ये ११ देखि ३३ प्रतिशत लगानी विभिन्न सार्वजनिक संस्था तथा निकायमा सहायक सम्झौता गरी ऋण लगानी गरेको देखिन्छ। वैदेशिक ऋणको लागत बढीमा ३ प्रतिशतसम्म रहेको छ। यस वर्षसम्म वैदेशिक ऋण रू.१० खर्ब २५ अर्ब ८५ करोड रहेकोमा सोको २२ प्रतिशत करिब रू.२ खर्ब २३ अर्ब २ करोड सार्वजनिक संस्थान तथा संगठित संस्थामा लगानी भएकोमा लगानी मध्ये भाखा नाघेको साँवा रू.२८ अर्ब ७१ करोड, भाखा नाघेको ब्याज रू.३० अर्ब ६० करोड र वक्यौता ब्याज रू.३४ अर्ब ७५ करोड रहेको छ। समयमा साँवा फिर्ता नहुने, ब्याज वक्यौता रहने जस्ता कारणले साँवा तथा ब्याज भुक्तानी गर्न समेत आन्तरिक ऋण तथा राजस्व परिचालन हुने देखिन्छ। समयमै लगानीको साँवा ब्याज भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ।

१८८. **सम्भावित दायित्व अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २० अनुसार संघीय कानून, अदालतको निर्णय तथा आदेश र नेपाल सरकारले दातृपक्षसँग गरेको सन्धि तथा सम्झौअनुसार सिर्जित सम्भावित दायित्व महालेखा नियन्त्रक कार्यालयले र सो वाहेक अन्य दायित्व र नेपाल सरकारको तर्फवाट दिएको जमानतको अभिलेख सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले राख्नु पर्ने उल्लेख छ। अन्तर्राष्ट्रिय असल अभ्यासअन्तर्गत सार्वजनिक ऋणको वार्षिक प्रतिवेदनमा सम्भावित दायित्व खुलासा गर्ने प्रचलन भएकोमा सम्भावित दायित्वको खुलासा गरेको देखिएन। अभिलेख तथा प्रतिवेदनको अभावमा पारदर्शितामा असर गर्ने भएकोले जिम्मेवारी तोकिएका निकायविच समन्वय गरी सम्भावित दायित्वको अभिलेख राखी प्रतिवेदन गर्नुपर्दछ।

१८९. **भाखा नाघेको ऋणको साँवा र ब्याज –** यो वर्षसम्म नेपाल सरकारले ऋण लगानी गरेका ८० संस्था तथा निकायको भाखा नाघेको साँवा र ब्याज रू.१ खर्ब ८ अर्ब २ करोड रहेको छ। भाखा नाघेका मध्ये निजीकरण भई वा अन्य कारणले अस्तित्वमा नरहेका, अस्तित्वमा रहेपनि उद्देश्य अनुसार कार्य सञ्चालन नगरेका तथा उद्देश्यअनुसार कार्यसञ्चालन गरिरहेका भए तापनि ऋणको सावा ब्याज भुक्तानी नगरेका संस्थाको अध्ययन विश्लेषण गरेको देखिएन। ऋण लगानी भएका संस्थाहरूको सञ्चालन अवस्था अध्ययन विश्लेषण गरी आवश्यक कारबाही गर्नुपर्दछ।

सार्वजनिक खर्च व्यवस्थापन

बजेट विनियोजन दक्षता, कार्यान्वयन कुशलता र आर्थिक अनुशासन सार्वजनिक खर्च व्यवस्थापनका मूलभूत पक्षहरू हुन्। विद्यमान कानूनी एवं संरचनागत व्यवस्थाको अधीनमा रही सार्वजनिक खर्च व्यवस्थापनले स्रोत साधनको समन्यायिक बाँडफाँट र उच्चतम सदुपयोग सुनिश्चित गरेको हुनुपर्दछ। सार्वजनिक खर्चको मुख्य स्रोत जनताको कर हुने भएकोले यस्तो खर्च मितव्ययी, प्रभावकारी तथा औचित्यपूर्ण हुनुपर्ने मान्यता रहिआएको छ। पन्ध्रौं योजना अनुसार सार्वजनिक खर्च विगत १० वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ११ प्रतिशतबाट बढेर ३० प्रतिशत पुगेको छ। सार्वजनिक खर्च सदैव र सर्वत्र चासोको विषय रहेको हुँदा संलग्न पदाधिकारीहरूबाट प्रभावकारी रूपमा जवाफदेहिता बहनको अपेक्षा गरिएको हुन्छ। यसैपरिपेक्ष्यमा सार्वजनिक खर्च व्यवस्थापनको कार्यमूलक लेखापरीक्षण गरिएकोमा सोबाट देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

१९०. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनअनुसार विगत ५ वर्षको बजेट विनियोजन तथा यथार्थ खर्चको अवस्था देहायबमोजिम छः

(रू.करोडमा)

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७४।७५	१२७८९९	१०८४६८	८४.८०
२०७५।७६	१३१५१६	१११०४५	८४.४३
२०७६।७७	१५३२९६	१०९११३	७१.१८
२०७७।७८	१४७४६४	११९६६७	८१.१५
२०७८।७९	१६३२८२	१३०९८७	८०.२०

उल्लिखित विनियोजित बजेट र यथार्थ खर्च बीच १५ प्रतिशत भन्दा बढीको अन्तर रहनुले समग्र बजेटको विश्वसनीयतामा र बजेट कार्यान्वयन कमी रहेको देखिन्छ। तसर्थ बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता सम्बन्धमा पर्याप्त गृहकार्य गरी सम्पन्न हुन सक्ने आयोजनामा विनियोजन गर्नुपर्दछ।

१९१. **चालु खर्च -** आवधिक योजना तथा सरकारको वार्षिक बजेट तथा कार्यक्रमले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्य पुरा गर्न चालु खर्चलाई निश्चित सीमामा राख्नुपर्ने उल्लेख छ। विगत पाँच वर्षमा सबैभन्दा बढी खर्च अनुदान शीर्षकमा र त्यसपछि सामाजिक सुरक्षा तथा कर्मचारी तथा पदाधिकारीको पारिश्रमिकमा खर्च भएको देखिन्छ। अनुदान खर्च २०७७।७८ मा विगत वर्षको तुलनामा ११।७ प्रतिशतले वृद्धि भएकोमा २०७८।७९ मा २।२५ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी पारिश्रमिक खर्चतर्फ अघिल्लो

वर्षको तुलनामा २०७७।७८ मा २.०९ प्रतिशतले र २०७८।७९ मा १४।२२ प्रतिशतले वृद्धि भएको देखिन्छ। सामाजिक सुरक्षा खर्चमा २०७७।७८ मा ११।५ प्रतिशतले वृद्धि भएकोमा २०७८।७९ मा ४७.०९ प्रतिशतले वृद्धि भएको छ। सन् २०१० मा सामाजिक सुरक्षा भत्ता लिने संख्या १५ लाख ६० हजार रहेकोमा १० वर्षको अन्तरालमा ३४ लाख ५० हजार पुगेको छ। कुल राजस्व २०७८।७९ मा रू.१० खर्ब ६३ अर्ब रहेकोमा कर्मचारी तलव भत्ता, निवृत्तिभरण र सामाजिक सुरक्षामा रू.३ अर्ब ६३ करोड खर्च भएको छ। जुन कुल राजस्वको ३४.१५ प्रतिशत हुन आउँछ। यसमा प्रदेश र स्थानीय तहका पदाधिकारीहरूको पारिश्रमिक समावेश छैन। विगत ५ वर्षमा आन्तरिक राजस्वको तुलनामा औसत ८८.७१ प्रतिशत चालु तग शीर्षकमा खर्च भएको छ। यसबाट राजस्वले चालु खर्चमध्ये पनि तलब भत्ता, निवृत्तिभरण र सामाजिक सुरक्षा खर्च व्यहोर्न कठिनाइ हुने स्थिति सिर्जना भइरहेको छ। चालु खर्चलाई तोकिएको सीमाभित्र राख्न आवश्यक व्यवस्था गर्नुपर्दछ।

१९२. **पुँजीगत खर्च -** चालु आवधिक योजनामा पुँजीगत खर्च वृद्धि गरी दिगो तथा समावेशी आर्थिक वृद्धि मार्फत देशलाई समृद्ध बनाउने तथा सन् २०३० सम्म दिगो विकास लक्ष्यको सूचक हासिल गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने तथा पुँजीगत खर्चमा वृद्धि गर्ने नीति लिएको भए तापनि पुँजीगत खर्चमा विनियोजन अनुसार खर्च हुन सकेको देखिँदैन। विगत ५ वर्षमा भएका पुँजीगत बजेट र खर्चको अवस्था तुलना गर्दा २०७४।७५ मा रू.२ खर्ब ७० अर्ब पुँजीगत खर्च भएकोमा २०७८।७९ रू.२ खर्ब १६ अर्ब मात्र खर्च भएको देखिन्छ। विगत ५ वर्षमा बजेट रकममा वृद्धि देखिए तापनि पुँजीगत खर्चमा वृद्धि हुन सकेको छैन। सार्वजनिक निर्माण शीर्षक अन्तर्गत २०७४।७५ मा रू.१ खर्ब ७० अर्ब खर्च भएकोमा त्यस पछिका वर्षहरूमा घट्दो क्रममा रही २०७७।७८ मा रू.१ खर्ब ४५ अर्ब खर्च भएको र त्यस पछिको वर्षमा ३ प्रतिशतले कमी भई रू.१ खर्ब ४१ अर्ब खर्च भएको देखिएको छ ।सवारी साधन, मेशिनरी औजार तथा फर्निचर शीर्षकमा २०७४।७५ मा रू.१७ अर्ब ६५ करोड खर्च भएकोमा त्यसपछिका वर्षहरूमा क्रमशः ९, १४ र ७२ प्रतिशत वृद्धि भएको छ। सवारीसाधन खरिदको लागि २०७५।७६ मा रू.१ अर्ब ४४ करोड २६ लाख विनियोजन भएकोमा रकमान्तरबाट थप गरी नेपाल सरकारका विभिन्न निकायबाट रू.५ अर्ब ८६ करोड ८२ लाख खर्च भएको देखिन्छ । सार्वजनिक खरिदको ठेक्कामा समावेश भएका र स्थानीय तहले खरिद गरेका सवारी साधन, मेसिन औजार र फर्निचरको तथ्याङ्क रहेको छैन।

आयोजना छनोटमा विशेष ध्यान दिनुपर्ने र पूर्व तयारी पूरा गरेका आयोजना तथा परियोजना बैङ्कमा प्रविष्ट भएका आयोजनालाई प्राथमिकता दिई बजेट सुनिश्चित गर्नुपर्दछ। तीनवटै तहका सरकारले पुँजीगत बजेट खर्च गर्ने क्षमताको साथै खर्चको गुणस्तरियता तथा प्रभावकारितामा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

१९३. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा दातृपक्षसँगको सम्झौता बमोजिम परामर्शदाताको सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ मा विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि वाह्य परामर्शदाताबाट काम गर्न गराउन नहुने उल्लेख छ। परामर्श सेवा खर्च २०७४।७५ मा रू.८ अर्ब ५५ करोड भएकोमा २०७७।७८ मा रू.९ अर्ब र २०७८।७९ मा रू.८ अर्ब २४ करोड खर्च भएको छ। उपलब्ध

जनशक्तिबाट हुन सक्ने काम समेत वाह्य परामर्शदाताबाट गराउँदा खर्चको भार बढेको देखिन्छ। मौजुदा जनशक्तिबाट हुन नसक्ने कार्यमात्र परामर्शदाताबाट गराई खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१९४. **लक्ष्य प्रगति** - वित्तीय व्यवस्था तर्फ विनियोजित बजेटमध्ये २०७४।७५ मा सार्वजनिक संस्थानमा रू.१९ अर्ब १९ करोड ऋण लगानी गरिएकोमा ५ वर्षको अन्तरालमा सो रकम १४६ प्रतिशत वृद्धि भई रू.४७ अर्ब ३० करोड पुगेको देखिन्छ। राज्यले अत्यावश्यक सेवाका क्षेत्रमा आफ्नो उपस्थिति जनाउन तथा नागरिकलाई सहज तथा सुलभ ढङ्गले वस्तु तथा सेवा उपलब्ध गराउन सार्वजनिक संस्थानको भूमिका सान्दर्भिक देखिएतापनि अधिकांश संस्थानहरूले लगानीको तुलनामा न्यून प्रतिफल दिँदै आएको देखिन्छ। यसले गर्दा संस्थानको संगठनात्मक सुधार गर्ने सरकारको योजना कमजोर हुँदै जाने देखिन्छ। राज्यले दीर्घकालसम्म संस्थानहरूको व्ययभार ब्यहोर्नु पर्ने अवस्था अन्त्य गर्न रणनीतिक योजना निर्माण गरी संस्थानहरूलाई स्वायत्त र व्यावसायिक बनाउनुपर्दछ।

१९५. **सार्वजनिक ऋणको ब्याज** - संविधानको धारा ५१ मा व्यवस्था भएको अर्थ, वाणिज्य नीतिमा राज्यको प्राथमिकता र आवश्यकताको आधारमा ऋण लिई बजेट प्रणालीमा समावेश गरी पारदर्शी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक ऋण उत्पादनमूलक तथा दीर्घकालीन रूपमा लाभ दिने आयोजनामा तथा प्राथमिकताको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था छ। ऋणको सही सदुपयोग हुन नसकेमा साँवा र ब्याजको भार राज्यमा पर्ने र दीर्घकालीन दायित्व सिर्जना हुने हुनाले आवश्यकता अनुसार ऋण लिनुपर्दछ। विगत ५ वर्षमा सरकारले आन्तरिक तथा वाह्य ऋणको ब्याज तुलना गर्दा २०७४।७५ को कुल ब्याज खर्च रू.१६ अर्ब २४ करोडमध्ये आन्तरिक ऋणको ब्याज रू.१२ अर्ब ३८ करोड र वाध्य ऋणको ब्याज जम्मा रू.३ अर्ब ८६ करोड रहेको देखिन्छ । २०७८।७९ को आन्तरिक र वाह्य ऋणको ब्याज रू.४५ अर्ब २ करोड खर्च भएको छ। सार्वजनिक ऋणको ब्याजको तुलना गर्दा आन्तरिक ऋणको ब्याज तीन गुणासम्म बढी रहेको देखिन्छ।

१९६. **खर्चको कार्यात्मक वर्गीकरण** - कार्यात्मक वर्गीकरणको आधारमा विगतका पाँच आर्थिक वर्षको विश्लेषण गर्दा सामान्य सार्वजनिक सेवा र सामाजिक सुरक्षा खर्चको हिस्सा बढ्दै गएको र आर्थिक मामिला खर्चको हिस्सा घट्दै गएको देखिन्छ । पन्ध्रौं योजनाले सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने र शिक्षा र स्वास्थ्य क्षेत्रलाई विकासको आधारशीलाको रूपमा लगानी गर्ने राष्ट्रिय रणनीति रहेको छ। विगत ५ वर्षको तथ्याङ्कलाई हेर्दा शिक्षा र स्वास्थ्यमा ४.४ प्रतिशतको हाराहारीमा खर्च हुँदै आएको देखिन्छ। कोभिड.१९ का कारण २०७८।७९ मा सबैभन्दा बढी ६।४ प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च भएको देखिन्छ। रक्षा तथा सार्वजनिक शान्तिसुरक्षा क्षेत्रमा १० प्रतिशतको हाराहारीमा खर्च हुँदै आएको छ। सामान्य सार्वजनिक सेवा २०७४।७५ मा रू.४ खर्ब ३ अर्ब ९३७।२ प्रतिशत० खर्च भएकोमा २०७८।७९ मा सो अनुपात कुल खर्चको ४४ प्रतिशत पुगेको छ। पाँच वर्षको अन्तरालमा सामान्य सार्वजनिक सेवामा शुरुको वर्षको तुलनामा २९।२ प्रतिशत वृद्धि भएको छ। यसरी खर्च बढ्दै जाँदा राजस्वमा समेत चाप पर्ने हुँदा सार्वजनिक खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१९७. **खर्चको वर्गीकरण** - सन् २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ महत्वाकांक्षी दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वव्यापी रूपमा १६९ परिमाणात्मक लक्ष्य

निर्धारण गरी यसको प्रगति मूल्याङ्कन गर्न २३२ सूचक तयार गरिएकोमा नेपालमा ४७९ सूचक निर्धारित गरिएका छन्। गत वर्षको तुलनामा यो वर्षमा गरिबी र भोकमारीको अन्त्य लगायत सात लक्ष्यमा न्यून र अन्य ९ लक्ष्यमा बढी बजेट विनियोजन भएको अवस्था छ। २०७४।७५ मा उद्योग पूर्वाधारमा १८ प्रतिशत तथा दिगो शहर र बस्तीमा २२ प्रतिशत रकम विनियोजन भएकोमा २०७८।७९ मा क्रमशः २० प्रतिशत र १२ प्रतिशत विनियोजन भएको छ। अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने लक्ष्यलाई आधार मान्दा समीक्षा अवधिको शुरुको वर्षमा गरिएको पूर्वाधार क्षेत्रमा विनियोजन अन्तिम वर्ष कम विनियोजन गरेबाट पूर्वाधार र दिगो शहर निर्माणमा कमी आउने देखिन्छ। यसरी ७ लक्ष्यमा बजेट घट्नु र १० मा बढ्नुको कारण समेत स्पष्ट देखिएको छैन। तसर्थ तथ्यपरक ढङ्गबाट लक्ष्यको प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नुपर्दछ।

१९८. **संगठन संरचना र पदपूर्ति -** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ मा २०७८।७९ मा स्वास्थ्य, वित्तीय व्यवस्थापन र विकास कार्यक्रम संचालन गर्ने निकाय तथा नेपाल सरकारले अत्यावश्यक भनी निर्दिष्ट गरेको अवस्थामा बाहेक नयाँ सङ्गठन, संरचना र दरबन्दी सिर्जना नगरिने उल्लेख छ। कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालकको पद र वार्षिक स्वीकृत कार्यक्रममा सामावेश भएका बाहेक ज्यालादारी वा करारमा कामकाजमा लगाउन र कार्यक्रम खर्चबाट करारमा कर्मचारी राख्न नपाइने व्यवस्था छ। कर्मचारी समायोजन प्रयोजनका लागि २०७५ सालमा संघीय निकायहरूमा कायम भएको कुल दरबन्दी संख्या ४८ हजार ४०९ मा कर्मचारी समायोजन पश्चात् दरबन्दी पुनरावलोकन हुँदा ४ हजार ९७३ नयाँ दरबन्दी थप भई कुल दरवन्दी ५३ हजार ३८२ कायम गरिएको छ।

देश संघीयतामा गइसकेको अवस्थामा दरबन्दी पुनरावलोकन गरी कर्मचारीको दरबन्दी सिर्जना गर्नु स्वाभाविक भए तापनि त्यसपछि विगत तीन वर्षको अन्तरालमा संघमा ४ हजार ९७३ दरवन्दी थप भएको छ। नेपाल इन्जिनियरिङ्ग सेवामा १ हजार ७६९ दरबन्दी तथा नेपाल प्रशासन सेवामा १ हजार ३८६ दरवन्दी सिर्जना भएको छ। एकै प्रकृतिका कार्य गर्ने विद्यमान संरचना खारेज गर्ने वा गाभ्ने जस्ता कार्य गरी छिटो छरितो तथा चुस्त संगठन निर्माण गर्नुपर्दछ।

१९९. **मन्त्रालयको संख्या -** सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदनले संघमा १६ मन्त्रालय र ३५ विभाग कायम गर्न सुझाउ दिइएको थियो। राष्ट्रिय सभाको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन विशेष समितिले तयार पारेको प्रतिवेदन, २०७९ मा संघमा १२ मन्त्रालय तथा प्रदेशमा ११ मन्त्रालय कायम गरिनुपर्ने उल्लेख छ। त्यसैगरी २०७० सालमा गठित उच्चस्तरीय प्रशासन सुधार सुझाउ समितिले तयार पारेको प्रतिवेदनमा पनि संघको मन्त्रालय संख्या १२ मा सीमित गर्नुपर्ने उल्लेख छ। देश संघीयतामा गइसकेकेको अवस्थामा संघको कार्य ठूला आयोजना कार्यान्वयन तथा समन्वय र अनुगमन तथा मूल्याङ्कनमा सीमित भएको अवस्थामा संघमा २२ मन्त्रालय र ८१ विभाग अस्तित्वमा रहेको कारण चालु खर्चमा वृद्धि भइरहेको छ। विभिन्न समयमा विज्ञहरूले दिएका प्रतिवेदनको आधारमा मन्त्रालय तथा विभागको संख्या कम गर्दै चुस्त र सक्षम प्रशासन संचालन गर्नुपर्दछ। अति आवश्यक बाहेकका समिति, बोर्ड, कोष, परिषद जस्ता निकायहरू खारेज गरिनुपर्दछ।

२००. **सार्वजनिक कोष** - नेपालको संविधानको धारा ११६ मा गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सम्पूर्ण आम्दानी र रकम एक सरकारी कोषमा जम्मा हुने व्यवस्था गरेको छ। उक्त संचित कोषमाथि व्ययभार हुने रकम बाहेक यस्तो कोष विनियोजन ऐन बमोजिम खर्च गर्ने व्यवस्था छ। यसवर्षको बजेट वक्तव्यमा नेपाल सरकारका मन्त्रालय र निकायहरू अन्तर्गत छरिएर रहेका कोषहरूलाई एकीकृत गर्नुका साथै आवश्यक नदेखिएका कोषहरू खारेज गरिने उल्लेख छ। हालसम्म विभिन्न मन्त्रालय तथा निकाय अन्तर्गत विभिन्न कोषहरूमा यो वर्ष रू.३ खर्ब ४५ अर्ब ९४ करोड आय र रू.३ खर्ब ४ अर्ब ७७ करोड व्यय भई रू.४१ अर्ब १७ करोड मौज्दात रहेको छ। कोष खडा गरी खर्च गर्दा रकम फ्रीज गर्नु नपर्ने र त्यस्तो रकम अर्को वर्ष खर्च गर्न सकिने, औपचारिक कार्यविधि र खर्चमा लचकता रहने, संसदीय निगरानी नहुने कारणले कोष खडा गरी खर्च गर्ने प्रवृत्ति रोकिएको छैन। सबै सरकारी खर्चलाई बजेट प्रणालीमा समावेश गर्नुपर्दछ।

२०१. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा रकमान्तर सम्बन्धी व्यवस्था छ। साथै सार्वजनिक लेखा समितिले २०७६।१।९ मा कानूनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशन दिएको छ। विभिन्न कार्यालयले कार्यक्रमअनुसार खर्च गर्ने तालिकाको अवधि गरी तथा अति आवश्यक खर्चको पुष्टयाइँ नहुने गरी आषाढको अन्त्यमा खर्च गर्ने गरेको देखिन्छ। प्राप्त विवरण अनुसार २०७४।७५ मा रू.१० खर्ब ४८ अर्ब कुल बजेट विनियोजन भएकोमा रू.७५ अर्ब ५५ करोड आषाढ महिनामा र रू.१८ अर्ब ४२ करोड आषाढ २५ गतेपछि रकमान्तर भएको छ। त्यसैगरी २०७८।७९ मा रू.१६ खर्ब ३२ अर्ब बजेट विनियोजन भएकोमा रू.१ खर्ब ९६ खर्ब रकमान्तर गरी विभिन्न उपशीर्षकमा खर्च गरेकोमा ४२ प्रतिशत आषाढ महिनामा र १३ प्रतिशत आषाढ महिनाको २५ गतेपछि रकमान्तर गरेको छ। रकमान्तर प्रतिशतको आधारमा २०७७।७८ मा सबैभन्दा बढी ४० प्रतिशतसम्म गरेको देखिन्छ। वर्षान्तमा रकमान्तर गरी खर्च गर्दा अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकी गुणस्तरमा कमी आउन सक्ने भएकोले अनिवार्य दायित्व र अत्यावश्यक कार्यको लागि बाहेक अन्य कार्यक्रममा रकमान्तर गरी खर्च गर्ने कार्यलाई निरुत्साहन गर्नुपर्दछ।

२०२. **निजीकृत संस्थानमा भुक्तानी** - सरकारले आर्थिक क्षेत्रमा खुला तथा उदार नीति लिएसँगै अत्यावश्यक क्षेत्र बाहेक अन्य आर्थिक क्षेत्रमा सरकारले लगानी नगर्न र निजी क्षेत्रलाई जिम्मा दिने नीति लिइएको छ। यसको मुख्य उद्देश्य सरकारी खर्चमा कमी ल्याई प्रभावकारी सार्वजनिक संस्थान संचालन र व्यवस्थापन गर्नु नै रहेको थियो। निजीकरण ऐन, २०५० अनुसार विभिन्न तरिकाले निजीकरण गरिएको संस्थामा निजी क्षेत्रले लगानी गरी प्रतिफल निकाल्नुपर्नेमा सरकारले हालसम्म पनि दायित्वको भुक्तानी गर्दै आएको छ। विगतमा विनिवेश वा खारेज गरिएको सार्वजनिक संस्थानमा नेपाल सरकारबाट २०७८ आषाढ मसान्तसम्म विभिन्न १५ संस्थानलाई रू.५ अर्ब ५१ करोड ३७ लाख दायित्व भुक्तानी गर्न रकम उपलब्ध गराएको छ। निजीकरण गरिएका संस्थाहरू सम्झौता बमोजिम सम्बन्धितबाट सञ्चालन व्यवस्था मिलाई नेपाल सरकारको दायित्व कम गर्दै लैजानुपर्दछ।

२०३. **मध्यमकालीन खर्च संरचना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६ मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने तथा अन्य मन्त्रालयहरूले पनि क्षेत्रगत योजना र नीतिको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत

मध्यमकालीन खर्च संरचना तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ। नेपाल सरकारले २०७६।७७ र २०७७।७८ मा मध्यकालीन खर्च संरचना (२०७५।७६. २०७७।७८) भन्दा क्रमशः रू.४४ अर्ब ७३ करोड र रू.३ खर्ब ८९ अर्ब ९५ करोड घटी, २०७७।७८ र २०७८।७९ मा मध्यमकालीन खर्च संरचना (२०७६।७७.२०७८।७९) ले प्रक्षेपण गरेको भन्दा क्रमशः रू.४ खर्ब ७३ अर्ब २९ करोड र रू.५ खर्ब ७० अर्ब ७७ करोड बढी, २०७८।७९ र २०७९।८० मा मध्यमकालीन खर्च संरचना (२०७७।७८-२०७९।८०) भन्दा क्रमशः रू.४९ अर्ब ९९ करोड र रू.१ खर्ब ६१ अर्ब १५ करोड घटीको व्यय अनुमान पेस गरेको छ।

यसरी मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण भन्दा नेपाल सरकारको ब्यय अनुमान फरक पर्नुमा प्रक्षेपण गर्न प्रयोग गर्नु पर्ने विभिन्न अर्थशास्त्रीय एवं गणितीय र तथ्याङ्कीय विधि एवं प्रक्रिया अवलम्बन नहुनु, सम्भावित जोखिमको पूर्वानुमान गर्न सक्ने उचित प्रणालीको विकास हुन नसक्नु, बजेट निर्माण प्रक्रियामा बजेट सिद्धान्तको पालना हुन नसक्नु जस्ता कारण रहेका छन्। तसर्थ मध्यमकालीन खर्च संरचना एवं बजेट अनुमान प्रक्रियालाई यथार्थपरक एवं वस्तुपरक ढङ्गबाट मूल्यांकन गरी बजेट निर्माण गर्ने पद्धतिको विकास गर्नुपर्दछ।

२०४. **प्रदेश र स्थानीय तहको निष्क्रिय रकम -** सरकारले प्राप्त गर्ने वैदेशिक तथा आन्तरिक ऋणको उच्चतम सदुपयोग हुनु पर्दछ। नेपाल सरकारले यो वर्ष रू.१ खर्ब २५ अर्ब वैदेशिक ऋण रु २ खर्ब २८ अर्ब आन्तरिक ऋण समावेश गरी प्रदेश तथा स्थानीय तहमा रकम स्थानान्तरण गरेको छ। यो वर्ष खर्च हुन नसकी प्रदेशतर्फ रू.७६ अर्ब ३४ करोड र स्थानीय तहतर्फ रू.१ खर्ब २ अर्ब ३२ करोड समेत रू.१ खर्ब ७८ अर्ब ६६ करोड मौज्दात रहेको छ। संघीय सरकारले स्रोत अभाव देखाई ऋण लिने तर प्रदेश एवं स्थानीय सरकारले सो रकम खर्च नगरी मौज्दात राखेकोले आन्तरिक ऋणको ८।०६ प्रतिशत औसत ब्याजदरले हिसाब गर्दा औसतमा रू.१४ अर्ब ४० करोड ब्याजको थप ब्ययभार परेको देखिन्छ। खर्च गर्न सक्ने सामर्थ्य एवं खर्चको आवश्यकताको यथार्थपरक एवं वस्तुनिष्ठ ढङ्गबाट विश्लेषण गरी स्रोतको परिचालन गर्ने पद्धतिको विकास गर्नुपर्दछ।

२०५. **वित्तीय उत्तरदायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा वित्तीय उत्तरदायित्व वहन तथा सोको निगरानी गर्ने सम्बन्धी व्यवस्था रहेको छ। प्राथमिकताका आधारहरू प्रयोग गरी आयोजना छनोट हुने नगरेको आयोजना कार्यान्वयनमा लैजानुपूर्व पर्याप्त अध्ययन, विश्लेषण तथा जग्गा प्राप्तिलगायतका तयारीका कार्य हुने नगरेको, मध्यमकालीन खर्च संरचनासँग तालमेल हुने गरी बजेट तयार एवं प्रस्ताव हुने नगरेको, सरकारी सम्पत्तिको संरक्षण एवं व्यवस्थापनको निमित्त उचित प्रयास हुने नगरेको, बजेट समर्पण गर्ने गराउने र सोको अभिलेख राख्ने कार्य सन्तोषजनक नरहेको र योजना कार्यक्रमको पर्याप्त अनुगमन गरी प्रगति हासिल गर्ने कार्यमा सघाउ पुगेको देखिएको छैन। फलस्वरूप सरकारको सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी हुन सकेको छैन। ऐनमा व्यवस्था भए बमोजिमको वित्तीय उत्तरदायित्व बहन गर्न गराउन जिम्मेवार निकाय एवं पदाधिकारीले ध्यान पुऱ्याउनुपर्दछ।

संगठित संस्था, अन्य संस्था र समिति

नेपाल राष्ट्र बैङ्क

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत नेपालको केन्द्रीय बैङ्कको रूपमा २०१३ सालमा नेपाल राष्ट्र बैङ्कको स्थापना भएको हो। हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कले नोट तथा सिक्का निष्काशन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति, निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय काठमाडौंमा र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरालगायत ८ शाखा कार्यालयमा १ हजार ८५ कर्मचारी कार्यरत रहेका छन्।

२०६. **रणनीतिक योजना -** बैङ्कको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (सन् २०१७-२०२१) ले १७८ कार्य निर्धारण गरेकोमा योजना अवधिमा ७० कार्यक्रम (३९ प्रतिशत) मात्र कार्यान्वयन भएका छन्। लघुवित्त संस्थाको लागि जोखिम व्यवस्थापन र स्ट्रेस टेस्टिङ्ग निर्देशिकाको तर्जुमा, मुद्रा व्यवस्थापन, गणना र प्याकेजिङ्ग उपकरण खरिद, स्मारिका सिक्का र सुनको सिक्का बनाउने उपकरणको खरिद, आर्थिक सचेतना कार्यक्रमको प्रभाव अध्ययन, अर्थ मन्त्रालय र निक्षेप तथा कर्जा सुरक्षण कोषको सहकार्यमा कर्जा सुरक्षण प्रकृयाको अध्ययन लगायतका ६१ प्रतिशत कार्यक्रम सम्पादन नहुँदा रणनीतिक योजनाले लिएका लक्ष्य पूरा भएको छैन। रणनीतिक योजनाको लक्ष्य हासिल गर्न कार्यान्वयन योजना र जोखिम विश्लेषण गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२०७. **लेखापरीक्षण -** यस वर्षको लेखपारीक्षण सेफ गार्ड प्रतिवेदन र नेपाल सरकार तथा अन्तर्राष्ट्रिय मुद्रा कोषबीच विस्तारित ऋण सुविधा (ई.सी.एफ.) को सम्झौताको शर्तमा केन्द्रीय बैङ्कको लेखापरीक्षण अन्तर्राष्ट्रिय लेखापरीक्षण व्यवसायीबाट गराउनुपर्ने उल्लेख भएबमोजिम लेखापरीक्षण ऐन, २०७५ को दफा १५ बमोजिम अन्तर्राष्ट्रिय लेखापरीक्षण व्यवसायीबाट परामर्श सेवा लिई लेखापरीक्षण भएको छ।

२०८. **सेफगार्ड मूल्याङ्कन प्रतिवेदन -** सरकारले विस्तारित क्रेडिट सुविधा लिन अन्तर्राष्ट्रिय मुद्रा कोषको सेफगार्ड मूल्याङ्कन प्रतिवेदनअनुसार राष्ट्र बैङ्क ऐनको समयसापेक्ष संशोधन, सुशासन तथा शासकीय व्यवस्थापन सुधार, पारदर्शिता प्रवर्द्धन, स्वायत्ततालगायत ६४ बुँदामा सुझाउ दिएकोमा ४० विषय कार्यान्वयन नभएको अवस्था छ। मुद्राकोषसँग भएको सम्झौता परिपालना हुने गरी सुझाउ कार्यान्वयन गर्नुपर्दछ।

२०९. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको पुँजी रू.५ अर्ब, जगेडा तथा सञ्चित मुनाफा रू.४ खर्ब २ अर्ब ३९ करोड तथा अन्य दायित्व रू.११ खर्ब १९ अर्ब ८२ करोडसमेत जम्मा दायित्व रू.१५ खर्ब २७ अर्ब २१ करोड रहेको छ। बैङ्कको कुल सम्पत्ति रू.१५ खर्ब २७ अर्ब २१ करोडमध्ये नगद तथा नगद समानको सम्पत्ति रू.४ खर्ब ८२ अर्ब १५ करोड तथा विदेशी धितोपत्रमा रु.५ खर्ब ४२ अर्ब ५६ करोड, स्वदेशी धितोपत्रमा लगानी रू.५४ अर्ब ४६ करोड र अन्य सम्पत्ति रु.४ खर्ब ४८ अर्ब ४ करोड रहेको देखिन्छ। गत वर्ष रू.२० अर्ब ९८ करोड १७ लाख वितरणयोग्य

आम्दानी रहेकोमा यो वर्ष रू.६३ अर्ब १३ करोड ६२ लाख नाफाबाट रू.३५ अर्ब ३६ करोड २० लाख समायोजन भई रू.२७ अर्ब ७७ करोड ४२ लाख वितरणयोग्य आम्दानी रहेको छ।

२१०. **जोखिम व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्कको जोखिम व्यवस्थापन निर्देशिका, २०७३ मा जोखिम व्यवस्थापन एकाइको १४ मुख्य जिम्मेवारी तय गरेको भए तापनि बैंङ्कले जोखिम पहिचान, अनुगमन, घटनाको परिणाम र सम्भाव्यताको आधारमा जोखिम मूल्याङ्कन र जोखिम न्यूनीकरणका कार्यहरू सम्पादन गरी प्रगति विवरण तयार गरेको छैन। प्रमुख कर्मचारीहरूको प्रतिस्थापन योजना, प्राविधिक विशेषज्ञता आवश्यक पर्ने कार्य विवरण हस्तान्तरण, सुनको व्यापार घाटा लगायतका कारण उत्पन्न हुन सक्ने जोखिम व्यवस्थापनका कार्यलाई सम्बोधन गर्न सकेको छैन। जोखिम व्यवस्थापनको जिम्मेवारी रहेको एकाइमा जनशक्ति न्यून रहेकोले बैङ्कको जोखिम व्यवस्थापन कार्य प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। जोखिम सूचकका आधारमा कार्य सम्पादन गर्नुपर्दछ।

२११. **खर्च व्यवस्थापन -** बैङ्कको कार्य सम्पादनको लागि खर्च व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ। बैङ्कको खर्च व्यवस्थापनको लागि रू.७ अर्ब २५ करोड (गत वर्षको भन्दा १६ प्रतिशत बढी) बजेट स्वीकृत गरी रू.५ अर्ब ९६ करोड खर्च गरेको छ। पुँजीगततर्फ रू.४ अर्ब ८९ करोड ६० लाख बजेट स्वीकृत भएकोमा रू. ९० करोड ७३ लाख (१८ प्रतिशत) मात्र खर्च भएको छ। कार्य सञ्चालन योजनाका आधारमा बजेट विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२१२. **बोर्ड सदस्यको सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ मा गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको सुविधा बोर्डले निर्धारण गरे अनुसार हुने उल्लेख भए तापनि अन्य सुविधाबारे ऐनमा उल्लेख छैन। सोही ऐनको दफा ३२ (२) मा बोर्ड मै रहने गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नै सुविधाका लागि निर्णय गर्दा स्वार्थ बाझिने कारण सम्वन्धित पदाधिकारी उपस्थित नहुने उल्लेख छ। बैङ्कको सवारीसाधन सुविधा व्यवस्थापन कार्यविधि, २०७८ अनुसार गभर्नरलाई रू.१ करोड ४० लाख, डेपुटी गभर्नरलाई रु.१ करोड १० लाख र कार्यकारी निर्देशकलाई रू.५५ लाखसम्मको सवारी सुविधा दिन सकिनेमा निर्देशिकाभन्दा फरक गरी गभर्नरले रू.१ करोड ७८ लाख, डेपुटी गभर्नरले रू.१ करोड ४३ लाख र कार्यकारी निर्देशकले रू.७१ लाख ५० हजार मूल्यको सवारीसाधन खरिद गरी प्रयोग गरेको देखिन्छ। विद्युतीय सवारीसाधनमा २५ प्रतिशत र अन्य सवारी साधनमा २० प्रतिशत ह्रास कट्टा गरी हुन आउने रकम वा खरिद मूल्यको २० प्रतिशतमध्ये जुन बढि हुन्छ सो रकम भुक्तानी गरी सुविधा प्राप्त गर्ने पदाधिकारीले सेवा निवृत्त हुँदा लिन पाउने व्यवस्था रहेको छ। ऐनमा सञ्चालकको अन्य सुविधा बोर्डले निर्णय गरेबमोजिम हुने व्यवस्थाले सेवामा रहँदा पाउने सुविधाको हद र निवृत्त भएपछि पाउने सुविधा सम्बन्धमा कानूनद्वारा नै स्पष्ट गर्नुपर्दछ।

यसैगरी बैङ्कमा वरिष्ठ कर्मचारीहरूको लागि पर्याप्त संख्यामा सवारी साधनहरूको उपलब्धताका बावजुद नेपाल राष्ट्र बैङ्कले यो वर्ष रू.१ करोड २१ लाख देखि रू.२ करोड ७८ लाख सम्मका ५ समेत २६ सवारीसाधन खरिद गरी रू.२४ करोड ३८ लाख २५ हजार खर्च गरेको छ। खरिद भएका सवारी साधन विशिष्ट व्यक्तिहरूले प्रयोग गर्ने उल्लेख भएकोमा विशिष्ट व्यक्तिको नाममा छुट्टै सवारी साधन खरिद गर्नु औचित्यपूर्ण देखिएन।

२१३. **बैङ्क सुपरिवेक्षण** - यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

२१३.१ जोखिममा आधारित सुपरिवेक्षण पुस्तिकाबमोजिम जोखिममा आधारित तथ्याङ्कीय नमूना परीक्षण तरिका, सुपरिवेक्षण गरिने बैङ्कहरूको व्यवसायको आकार, जनशक्ति, लगानी, धितो, ऋणीको संख्या, ठूला ऋणीको संख्या आदिको आधारमा सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था छ। सुपरिवेक्षण टोलीमा जनशक्तिको व्यवस्थाबारे निरीक्षण फाइलमा उल्लेख नगरेको, यो वर्ष गरिएका २० निरीक्षणमध्ये १९ टोलीमा ४ निरीक्षक रहेको, सुपरिवेक्षणको योजनामा बैङ्कहरूको व्यवसायको आकार तथा प्रकृतिलाई आधार नबनाएको, निरीक्षणमा अपनाइएका प्रक्रियाहरू, प्रश्नावलीहरू, जाँच र प्रमाण कागजात फाइलमा संलग्न रहेको पाइएन। विभागले निरीक्षण अवलोकनबाट देखिएका पक्षहरूका उचित विश्लेषण गर्न र आगामी निरीक्षण टोलीलाई उचित ज्ञान हस्तान्तरण गर्न अभिलेख प्रणाली व्यवस्थित गर्नुपर्दछ।

२१३.२ बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५(ग) मा अनधिकृत रूपमा ग्राहकको खाताबाट रकम रकमान्तर गर्न वा नगद भुक्तानी दिन नहुने व्यवस्था छ। एक वाणिज्य बैङ्कले नियामकीय निकायको आदेशबमोजिम रोक्का राखिएको खाताबाट रकम भुक्तानी गरेको देखिन्छ। रोक्का रहेका खाताको निगरानी गर्नको लागि नेपाल राष्ट्र बैङ्कसँग कुनै संयन्त्र रहेको पाइएन। नेपाल राष्ट्र बैङ्कले रोक्का रहेका खाताहरूको नियमन तथा नियन्त्रण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२१३.३ नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावाली, २०७४ को विनियम १४(३)(ट) अनुसार समष्टिगत स्थलगत निरीक्षणले वासलात बाहिरका कारोबारहरूको स्थितिलाई आफ्नो कार्य क्षेत्रभित्र समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। बैङ्कले प्रयोग गरेको नमुना परीक्षण प्रक्रियामा प्रतितपत्र, जमानत, संस्थाका मुद्दा र दावी जस्ता वासलात बाहिरका कारोबारलाई समावेश गरेको पाइएन। यस प्रकारका कारोबारलाई निरीक्षणको सीमा भित्र ल्याई परीक्षण गर्नुपर्दछ।

२१३.४ सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७ (न) बमोजिम ऐनको अनुपालना गरे नगरेको यकिन गर्न प्रतिवेदन इकाईको नियमन र सुपरिवेक्षण गर्नुपर्दछ। बैङ्कले यो वर्ष लघुवित्तहरूको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अनुगमन गरेको छैन। निक्षेप सङ्कलन गर्ने बैङ्क तथा वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२१४. **निक्षेप तथा ऋण लगानी** - नेपाल राष्ट्र बैंकले २०७९ माघमा प्रकाशन गरेको मासिक प्रतिवेदन अनुसार निक्षेप र लगानीको व्याज दर सीमा भित्र नै रहेको उल्लेख छ। सन् २०१९।२० मा निक्षेप वृद्धि दर १७ प्रतिशत रहेकोमा ऋण लगानी वृद्धि दर १२ प्रतिशत रहेकोले बैङ्कमा तरलता समस्या थिएन । कोभिड-१९ को असर २०२०।२१ मा विस्तारै समान्यीकरण हुँदै गएको अवस्थामा निक्षेपको वृद्धिदर २० प्रतिशत र कर्जाको वृद्धि दर २७.५ प्रतिशत पुगेको देखियो। नेपाल राष्ट्र बैङ्कले सहुलियत दरमा पुनर्कर्जाको सुविधा दिएकोले यस्तो कर्जा निश्चित अवधिपछि फिर्ता गर्नुपर्नेमा ऋणीले यस्तो कर्जा फिर्ता गर्न नसक्दा बजारमा तरलता संकटको अवस्था देखापरेको छ। यस्तो अवस्थामा बैङ्क तथा वित्तीय संस्थाले निक्षेपको व्याजदर प्रतिस्पर्धात्मक रूपमा बढाएका छन्। व्याजदरमा भएको यस प्रकारको बढोत्तरीले समग्र अर्थतन्त्रमा मूल्य वृद्धि भएको छ।

२१५. **बैङ्क तथा वित्तीय संस्था नियमन -** बैङ्क तथा वित्तीय संस्था गाभिने निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा नेपाल राष्ट्र बैङ्कले देशको बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास, निष्पक्ष प्रतिस्पर्धा र कानूनको अनुपालनमा नकारात्मक असर नपर्ने गरी मर्जर वा एक्विजिसनलाई सैद्धान्तिक स्वीकृति दिने नीति रहेको छ। एक वाणिज्य बैङ्कमा बङ्गलादेशको एक बैङ्कको ४०.९१ प्रतिशत शेयर बिक्री गर्ने क्रेता र बिक्रेताबीच सहमति भई हस्तान्तरणको लागि अनुरोध गरेकोमा नेपाल राष्ट्र बैङ्कले मर्जर प्रक्रिया पूरा गरेपछि मात्रै शेयर बिक्री गर्न स्वीकृति दिएको देखिन्छ। बैङ्कहरूको नियमित व्यावसायीक क्रियाकलापमा नेपाल राष्ट्र बैङ्कको निर्णयका कारण मर्जर तथा एक्विजिशनमा प्रोत्साहनका कारण मर्जर पछिको शेयर खरिद बिक्रीबाट लगानीकर्ताले पुँजीगत लाभमा २ वर्षसम्म कर छुटको लाभ भएको छ। बङ्गलादेशको एक बैङ्कको लेखापरीक्षण भएको वित्तीय विवरणअनुसार रू.२ अर्ब ६ करोड १० लाख लगानी रू.६ अर्ब १८ करोड ७० लाखमा निःसर्ग गर्दा रू.५१ करोड ५२ लाख ६८ हजार लाभकर छुट हुन गएको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ३५ को व्यवस्थासमेत बिचार गरी यथार्थता यकिन गर्नुपर्दछ।

२१६. **सिक्का -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ मा करेन्सी नोट भन्नाले नगदको रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्ने र सो शब्दले सिक्कासमेतलाई जनाउने उल्लेख छ। सोही ऐनको दफा ५६ मा नेपाल राष्ट्र बैङ्कले कुनै शुल्क वा दस्तुर नलिई नेपालभित्र कानूनी रूपमा ग्राह्य हुने बैङ्क नोट वा सिक्काको मूल्यलाई समान मूल्यको एकै वा विभिन्न दरको बैङ्क नोट वा सिक्कासँग सटही गरिदिने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कले चलनमा रहेको मुद्रा अन्तर्गत जारी गरेका सिक्कालाई वित्तीय विवरणमा समावेश गरेको छैन। नोट र सिक्का दुवै मुद्रा भए तापनि बैङ्कले दुवैको लेखाङ्कन गर्नेगरी समान लेखा नीति अपनाएको पाइएन। सबै कारोबार समेट्ने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

२१७. **सुन खरिद बिक्री -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७(१)(ग) बमोजिम ऐनमा व्यवस्था गरिएकोमा बाहेक बैङ्कले कुनै किसिमको व्यापार गर्न नपाउने व्यवस्था छ। सोही ऐनको दफा ६५(१) बमोजिम बैङ्कले विदेशी विनिमय, सुन तथा बहुमूल्य धातु खरिद/बिक्री गर्न सक्ने उल्लेख छ। यी दुई प्रावधानबीच एकरूपता रहेको देखिएन। यो वर्ष बैङ्कले रू.५७ अर्ब ९४ करोडको सुन खरिद/बिक्री गरेको छ। उक्त कारोबारबाट यो वर्ष बैंङ्कलाई रू.३५ करोड (पुनर्मूल्याङ्कन नोक्सान सहित) नोक्सान भएको पाइयो।

२१८. **लगानी -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७(२) मा बैङ्कले आफ्नो कामकारबाही र दायित्व पुरा गर्न सहयोग हुने काम कारवाही गर्ने संस्थालाई कुल पुँजीको १० प्रतिशत भन्दा बढी ऋण प्रदान गर्न वा त्यस्ता संस्थाको शेयरमा लगानी गर्न नहुने उल्लेख छ। बैङ्कले आफ्नो काम, कारवाहीसँग असम्बन्धित ९ संस्थामा लगानी गरेको पाइयो। सो मध्ये ६ संस्थामा बैङ्कले १० प्रतिशतभन्दा बढी शेयर लगानी गरेको छ। उक्त लगानीको २०७९ आषाढ मसान्तमा परल मूल्य रू.२ करोड ४० लाख र उचित मूल्य (फेयर भ्यालु) रू.१ अर्ब ५७ करोड रहेको छ। कानून विपरीत लगानी गर्ने काममा नियन्त्रण गर्नुपर्दछ।

२१९. **आयकर -** आयकर ऐन, २०५८ को दफा २७ को उपदफा १(घ) बमोजिम कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्ने व्यक्तिले ऋण बापत तिरेको ब्याज प्रचलित ब्याजदरअनुसार तिर्नुपर्ने ब्याज रकम भन्दा कम

भएमा सो कम भए जति रकम बराबर परिमाणीकरण गरी उक्त व्यक्तिको आयमा समावेश गर्नुपर्दछ। बैङ्कले आफ्ना कर्मचारीलाई सहुलियतपूर्ण ब्याजमा कर्जा उपलब्ध गराउँदा प्रचलित ब्याजदर ७ प्रतिशतलाई आधार मान्नुपर्नेमा पुनर्कर्जाको दर ३ प्रतिशत मानेर गणना गरेकोले कर्मचारीको आयमा परिमाणीकरण तथा चारित्रीकरण हुन छुट भएको आय रू.३३ करोड ४२ लाखमा रू.६ करोड ५६ लाख ९४ हजार आयकर छुटेको देखियो। अतः उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

२२०. **सूचना प्रविधि -** बैङ्कले सूचना प्रविधि नीति, २०१८ लाई अद्यावधिक गरेपनि इनक्रिप्सन र ईन्डेक्सनको व्यवस्था नगरेको, एप्लिकेशनको सोर्स कोडको अभिलेखाङ्कन नभएको, जी. एल. ओ.बी.एस, टी.आर.जी.एस, स्वीफ्ट, एस.आई.एस. जस्ता सञ्चालित एप्लिकेसनको सर्भर र लग व्यवस्थापनको जिम्मेवारी किटानी नगरेको आई.सी.टी. इन्टेलिजेन्स उपकरण, अपरेटिङ प्लेट फर्मको लागि अद्यावधिक जोखिम संयन्त्र निर्धारण नगरेको, आधिकारिक इमेलको जाँच गर्न व्यक्तिगत इमेल प्रयोग गरेको, बैकिङ्ग प्रणाली तथा एप्लिकेसनहरू, कर्मचारीको जिम्मेवारी र आईटी संरचनाको परिवर्तन व्यवस्थापनसम्बन्धी अपचयन नगरेको जस्ता स्थिति देखिएकोले केन्द्रीय बैङ्कको सूचना प्रविधिसम्बन्धी संयन्त्र अद्यावधिक गरी जोखिम व्यवस्थापनलाई न्यूनीकरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२२१. **स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटी (एस.एल.एफ.) -** बैङ्क तथा वित्तीय संस्थामा तरलता जोखिम व्यवस्थापन, र सो सम्बन्धी आवश्यक व्यवस्था गर्न नेपाल राष्ट्र बैङ्कले २०७८।७।२९ मा जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गरेको छ। सो निर्देशिकामा जोखिम व्यवस्थापन कार्यक्रम, जोखिम वर्गीकरण, तरलता जोखिम व्यवस्थापन, बजार जोखिम व्यवस्थापन गर्ने लगायतका व्यवस्था र सोको कार्यान्वयन सबै बैङ्क तथा वित्तीय संस्थाले गर्नुपर्ने उल्लेख छ। बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९१(१) अनुसार राष्ट्र बैङ्कले जारी गरेको निर्देशन वा आदेशको उल्लंघन गर्ने बैङ्क वा वित्तीय संस्थालाई उल्लङ्घनको प्रकृति र गाम्भीर्यता हेरी सचेत गराउने, सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कबुलियत गराउने, निर्देशन वा आदेशको उल्लङ्घन नगर्न वा सुधारात्मक कदम चाल्न लिखित आदेश जारी गर्ने व्यवस्था छ। आदेशको पालना नगरेमा उल्लङ्घनको प्रकृति हेरी रू.१० लाखसम्म जरिबाना गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२२१.१ नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई २०७६।७७ मा ८३ पटकमा रू.१ खर्ब ३ अर्ब, २०७७।७८ मा १६७ पटकमा रु.३ खर्ब ६१ अर्ब र २०७८।७९ मा ४ हजार ९०८ पटकमा रु.९१ खर्ब ७० अर्ब एस.एल.एफ. सुविधा प्रदान गरेको छ। बैङ्क तथा वित्तीय संस्थाहरूले तरलता व्यवस्थापन सम्बन्धी केन्द्रीय बैङ्कको निर्देशन पालना गर्दा गर्दै तरलता अभाव भएमा मात्र यस्तो सुविधा प्रदान गर्नुपर्नेमा सो यकिन नगरी बैङ्क तथा वित्तीय संस्थाले माग गरेबमोजिम यो सुविधा प्रदान गरेको देखियो।

२२१.२ नेपाल राष्ट्र बैङ्कले तोकेको आधार दर २०७७ आषाढमा ६.६६ प्रतिशत र २०७८ आषाढमा ९.१७ प्रतिशत रहेको अवस्थामा २०७८।७९ मा ५ प्रतिशत र ७ प्रतिशत एवं २०७९।८० मा ८.५ प्रतिशत ब्याज दरमा एस.एल.एफ. सुविधा उपलब्ध गराएको देखियो। बैङ्क तथा वित्तीय संस्थाले एक वर्षमा ६७ पटक ३१३ दिनसम्म प्रयोग गरेको देखियो। बैङ्क तथा वित्तीय संस्थाले तत्कालको तरलता समस्या सामाधान गर्न सुविधा लिइएको भनिए तापनि उक्त अवधिमा ऋण तथा लगानी वृद्धि

भएको, बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गरेको देखिएकोले एस.एल.एफ. को सुविधा तलता समस्या सामाधानमा मात्र प्रयोग भएको भन्न सकिने अवस्था छैन। यस्तो अवस्थालाई नियन्त्रण गर्न मौद्रिक नीति २०७८ मा पेनाल ब्याजको व्यवस्था गर्ने एवम् मौद्रिक नीति प्रत्येक ३ महिनामा मूल्याङ्कन गरी पद्धतिमा सुधार गर्ने व्यवस्था भए पनि सोको पुनरावलोकन भएको देखिएन।

२२१.३ बैङ्क तथा वित्तीय संस्थाको आधार दर १० प्रतिशतको हाराहारीमा पुगेको अवस्थामा एस.एल.एफ. को बैङ्क दर ७ प्रतिशत रहेकोले यसको फाइदा निश्चित वाणिज्य बैङ्कहरूले लिई नेपाल राष्ट्र बैङ्कको ब्याज आम्दानी अस्वाभाविक रूपमा घट्न गएको सम्बन्धमा ध्यान दिनुपर्दछ।

२२१.४ नेपालमा २०७८।७९ र २०७९।८० को ३ महिनाको अवस्था विश्लेषण गर्दा केन्द्रीय बैङ्कले २०७८ फाल्गुण सम्म ५ प्रतिशत, तत्पश्चात ७ प्रतिशत र २०७९।८० मा ८.५ प्रतिशतले एक वर्षमा ३१३ दिनसम्मको क्रेडिट फेसिलिटीबापत बैङ्कहरूलाई ऋण दिएको छ। सोही ऋणबाट वाणिज्य बैङ्कहरूले ट्रेजरी बिल खरिद गर्दा १३.९९ प्रतिशतसम्म ब्याज दर कबोल गरेको र २०७९।८० मा पनि सोही अवस्थामा ट्रेजरी बिल खरिद गर्न स्वीकृति दिएको छ। ट्रेजरी बिलको ब्याज दर बैङ्क दरभन्दा बढी कबोल भएको अवस्थामा केन्द्रीय बैङ्कले नै बैङ्क दरमा ट्रेजरी बिल खरिद गर्न सक्ने विकल्पको विश्लेषण गरेको देखिएन।

२२१.५ खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८ को बुँदा नम्बर ४९.२ मा यस्तो सुविधा अनिवार्य नगद मौज्दात, तरलता कर्जा तथा लगानीको तत्काल व्यवस्थापनमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ। सोभन्दा बाहेकको ट्रेजरी बिल खरिद गर्न स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटीको प्रयोग एवं परिचालनका सम्बन्धमा अनुगमन गरी यस्तो सुविधा बैङ्क तथा वित्तीय संस्थाहरूलाई उपलब्ध गराउनुपर्नेमा तद्अनुसार गरेको देखिएन। नीतिगत पुनरावलोकन र अनुगमन बेगर दिएको स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटीको कारण ट्रेजरी बिलको खरिदमा मात्र नेपाल सरकारलाई उल्लेख भएअनुसार रु.६ अर्ब ६० करोड ८१ लाख (अधिकतम दरमा लिएको ट्रेजरी बिलको रकम बाहेक) थप व्ययभार पर्न गएको छ।

२२२. **पुनर्कर्जा वितरण** - कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असरलाई सम्बोधन गर्न नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११० बमोजिम नेपाल राष्ट्र बैङ्क पुनर्कर्जा कार्यविधि, २०७७ तयार गरेको छ। उक्त कार्यविधि अनुसार विभिन्न व्यवसायीलाई बैङ्क तथा वित्तीय संस्था मार्फत कर्जा दिएको छ। नेपाल राष्ट्र बैङ्कले कर्जा दिँदा घरेलु तथा साना उद्यम पुनर्कर्जामा २ प्रतिशत, विशेष पुनर्कर्जामा १ प्रतिशत र साधारण पुनर्कर्जामा ३ प्रतिशत ब्याज लिने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२२२.१ पुनर्कर्जाको तथ्याङ्क विश्लेषण गर्दा २०७७।७८ मा रू.१ खर्ब २ अर्ब ६१ करोड र २०७८।७९ को जेष्ठ मसान्तसम्म रू.१ खर्ब १५ अर्ब ६८ करोड वितरण गरेको नेपाल राष्ट्र बैङ्कको वेब साइटबाट देखिन्छ। पुनर्कर्जाको लागि माग भएको रकम र वितरीत पुनर्कर्जाको विस्तृत विवरण तयार पारेको छैन। नेपाल राष्ट्र बैङ्कले प्रकाशन गरेको विवरणअनुसार २०७७।७८ मा ३४० व्यवसायीलाई रू.४६ अर्ब १३ करोड र २०७८।७९ को जेठसम्म १४० व्यवसायीलाई रू.१८ अर्ब १७ करोड समेत रू.६४ अर्ब ३० करोड पुनर्कर्जा प्रदान गरेको छ। कोभिडको असर सबै व्यवसायीमा परे पनि सीमित व्यवसायीलाई मात्र रू.२० करोडसम्म यस्तो कर्जा उपलब्ध गराएको देखियो। कर्जा माग गर्ने

व्यवसायी र यस्तो सुविधाको प्राथमिकता क्रम निर्धारण गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कले बैङ्क दर ५ देखि ८ प्रतिशतसम्म तोकेको अवस्थामा १ देखि ३ प्रतिशतसम्म ब्याज लिने गरी पुनर्कर्जाको सहुलियत दिँदा नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष आय रू.५८ करोड ६५ लाख घटी भएको छ। नागरिकलाई प्रत्यक्ष राहत हुने क्षेत्रमा मात्र मापदण्ड बनाएर यस्तो सहुलियत दिने व्यवस्था मिलाउनुको साथै यसरी प्रवाह गरिएको पुर्नकर्जाको रकम तोकिएकै कार्यमा प्रयोग गरे नगरेको सम्बन्धमा अनुगमनसमेत गर्नुपर्दछ।

२२२.२ निर्देशिकाको बुँदा नम्बर ८ मा पुनर्कर्जा दिँदा इजाजत प्राप्त संस्थालाई एकमुष्ट रु.५ करोडभन्दा बढीको कर्जा वितरण नगर्ने र प्रति ग्राहक प्रदान गर्ने कर्जा कुल पुनर्कर्जा रकमको २० प्रतिशतभन्दा बढी नहुने उल्लेख छ। मापदण्ड अनुसार २० प्रतिशतको सीमामा रही कर्जा लगानी गर्नुपर्नेमा मापदण्डभन्दा बढी लगानी गरेको देखिन्छः

आर्थिक वर्ष	पुनर्कर्जा वितरण रू.करोडमा	मापदण्ड अनुसार २० प्रतिशतले हुने	रू.५ करोडभन्दा बढी लिने संख्या	कर्जा रू.करोडमा
२०७७।७८	१,०२,६१	२०,५२	४०७	४०,८३.५४
२०७८।७९ जेष्ठसम्म	१,१५,६८	३३,१३.६	१२५	अप्राप्त

माथिको तालिकाअनुसार न्यून आय एवं कारोबार प्रभावितका लागि छुट्याएको पुनर्कर्जाको सुविधा समेत बढी आय तथा ठूलो कारोबार भएका व्यवसायीलाई दिनु औचित्यपूर्ण देखिएन।

२२३. **सहुलियतपूर्ण कर्जा -** नेपाल राष्ट्र बैङ्कका वेबसाइटमा प्रकाशन रहेको विवरण अनुसार २०७७।७८ सम्म रु.१ खर्ब ८६ अर्ब ३७ करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराई ५ प्रतिशतसम्मका दरले ब्याज अनुदान बापत रु.६ अर्ब ७९ करोड ६४ लाख भुक्तानी गरेको छ। यो वर्ष रु.२ खर्ब ५९ अर्ब ५५ करोड ऋण दिई रु.१६ अर्ब ९६ करोड ५० लाख ब्याज अनुदान दिएको छ। ब्याज अनुदान सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्:

२२३.१ ब्याज अनुदान सम्बन्धी कार्यमा नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कमार्फत कोष व्यवस्था गरेको र सो कोषबाट ब्याज अनुदानको शोधभर्ना गर्ने गरेकोमा यो वर्ष रु.१ करोडभन्दा बढी ऋण लिने ऋणी र शोधभर्ना भएको ब्याजको अद्यावधिक विवरण लिखित रूपमा माग गर्दासमेत नेपाल राष्ट्र बैङ्कबाट प्राप्त भएको छैन। सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च र उक्त ऋणको परिचालन सम्बन्धमा अनुगमन गरी विवरण समेत तयार गरेको देखिएन।

२२३.२ सहुलियत पुर्नकर्जा कार्यविधि, २०७५ को बुँदा नम्बर ३ अनुसार व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा रू.५ करोडसम्म दिने उल्लेख छ। कर्जाको सीमा रू.५ करोडभन्दा बढी भएमा केन्द्रीय समन्वय तथा अनुगमन समितिले परियोजनाको आवश्यकता र औचित्यको आधारमा रु.१० करोडसम्म कर्जा प्रवाह गर्न सकिनेमा सोभन्दा बढीको कर्जा प्रयोग भएको र कर्जा प्रवाह हुँदा व्यवसायीको ऋण पुँजीको तुलनामा अस्वभाविक रूपमा बढी रहेको देखियो। यसरी कार्यक्रमको उद्देश्यभन्दा बाहिरको ऋणमा समेत ब्याज अनुदान दिनु नियमित र औचित्यपूर्ण नदेखिएकोले थप छानबिन गरी रू.४ करोड ९१ लाख ९५ हजार नेपाल सरकारलाइ फिर्ता गर्नुपर्दछ।

२२३.३ नेपाली नागरिकले सञ्चालन गरेको कपडा उद्योगले २०७६।७।१६ पछि लिएको रु.५ करोडसम्मको ऋणमा मात्र आवश्यकताअनुसार सुविधा पाउने व्यहोरा निर्देशिकाको बुँदा १० (ज) र (झ) मा

उल्लेख छ। निर्देशिका एवम् नीति विपरीत २ उद्योगीलाई रु.५ करोडभन्दा बढी ऋण दिएको देखियो। उक्त ऋणको ब्याज रू.१ करोड ३६ लाख ४२ हजार नेपाल सरकारलाई फिर्ता गर्नुपर्दछ। त्यसैगरी निर्देशिकाको बुँदा नम्बर १३.क मा रु.५ करोडभन्दा बढीको व्यवसायिक कर्जामा २ प्रतिशत मात्र ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था छ। तर यस प्रकार ब्याज अनुदान दिदा सोभन्दा बढी अनुदान दिएको रू.१० करोड १३ लाख ४४ हजार नेपाल सरकारलाई फिर्ता गर्नुपर्दछ।

२२३.४ निर्देशिकाको बुँदा नम्बर १९ मा अनुदान कार्यविधिको कार्यान्वयन गर्न सम्बन्धित वित्तीय संस्थाको अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गरी कर्जाको सदुपयोग नभएको अवस्थामा अनुदान रकम शोधभर्ना नदिने स्पष्ट उल्लेख भएकोमा रू.४ करोड भन्दा बढीको कर्जा प्रवाह गरेको व्यवसायीले कर्जाको प्रयोग उद्देश्य अनुसार गरेका छैनन्। ती व्यवसायीहरूको वित्तीय विवरण परीक्षण गरी नेपाल राष्ट्र बैङ्कले विभिन्न बैङ्क तथा वित्तीय संस्था मार्फत उपलब्ध गराउने सहुलियत पूर्ण कर्जाको माग, मागमध्ये ऋण एवं अनुदान वितरणको प्राथमिकीकरणको अभिलेख राखी अनुगमन नगरेकोले सहुलियतपूर्ण ऋणको प्रयोग उद्देश्यअनुरूप भएकोमा आस्वस्त हुने अवस्था छैन। ऋणीहरूको ऋणको प्रयोग र ब्याज अनुदानको वास्तविकता यकिन गरी सोको सदुपयोग सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

२२४. **अतिरिक्त ब्याज -** बैङ्क तथा वित्तीय संस्थाको अनुगमनका व्यवस्थित रूपले सञ्चालन र मार्गदर्शन लागि नेपाल राष्ट्र बैङ्कले २०७८।७।२९ मा जारी गरेको एकीकृत निर्देशिका, २०७७।७८ को बुँदा नम्बर ३.८ मा एक पटक प्रिमियम दर निर्धारण गरी ऋणीलाई कर्जा दिएपछि पुनः अतिरिक्त तथा छुटका योजना सञ्चालन गर्न नहुने उल्लेख छ। बैङ्क तथा वित्तीय संस्थाहरूले उल्लिखित निर्देशनको पालना नगरी कर्जाको प्रिमियम बढाएको उल्लेख गरेर व्यवसायीको कर्जाको भार बढाएकोले केही बैङ्क तथा वित्तीय संस्थालाई सो रकम फिर्ता गराएको देखियो। समयमै अनुगमन गरी यस्तो कार्यमा सुधार गर्नुपर्दछ।

कर्मचारी सञ्चयकोष

सेवा निवृत्त सेनाको सञ्चय कोष रकम व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले १९९१ सालमा सैनिक द्रव्य कोष स्थापना भएकोमा हाल निजामती, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोष सञ्चालनमा छ। कोषले सार्वजनिक र निजी क्षेत्रका कर्मचारीलाई आफ्नो दायरामा ल्याई २०७९ असार मसान्तसम्म करिब ५ लाख ५५ हजार सञ्चयकर्ताको सञ्चित कोष रकम व्यवस्थापन गर्दै आएको छ।

२२५. **वित्तीय स्थिति र सञ्चालन नतिजा** . कोषको २०७९ आषाढ मसान्तको सञ्चित कोष रू.४ खर्ब १६ अर्ब ३६ करोड ११ लाख, निवृत्तिभरण कोष रू.३ अर्ब ३१ करोड १७ लाख, जगेडा तथा बचत रू.३३ अर्ब १४ करोड ७४ लाख र अन्य दायित्व रू.५ अर्ब ५७ करोड ८ लाख रहेको छ। स्थिर सम्पत्ति रू.२ अर्ब १२ करोड १३ लाख, चालु सम्पत्ति रू.४ खर्ब ५४ अर्ब ८७ करोड १५ लाख र अन्य सम्पत्ति रू.१ अर्ब ३९ करोड ८२ लाख समेत कुल सम्पत्ति रू.४ खर्ब ५८ अर्ब ३९ करोड १० लाख रहेको देखिन्छ। कोषले गतवर्ष रू.३३ अर्ब ११ करोड ६ लाख आम्दानीबाट रू.३ अर्ब ९३

करोड ४६ लाख नाफा गरेकोमा यो वर्ष रू.३३ अर्ब ९९ करोड ६३ लाख आम्दानीबाट रू.५ अर्ब ५७ करोड ४५ लाख नाफा गरेको छ।

२२६. **सञ्चालन गतिविधि** . कोषको सञ्चालन गतिविधिवाट भएको नगद प्रवाह गत वर्ष रू.३ अर्ब ४७ करोड ६० लाख सकारात्मक रहेकोमा यो वर्ष रू.५ अर्ब ६८ करोड ७० लाख नकारात्मक हुन पुगेको छ। यसरी नगद प्रवाह नै नकारात्मक हुने गरी कार्य गरेको अवस्थाले कोषले व्यावसायिक योजनाअनुसार कारोबार सञ्चालन गरेको देखिएन।

२२७. **अनुपात विश्लेषण** . सम्पत्ति र आम्दानी अनुपात गत वर्ष १३.४६ गुणा रहेकोमा यो वर्ष १३.४८ गुणा रहेको छ। पुँजी लगानीमा सञ्चालन नाफा गत वर्ष ०.८९ प्रतिशत रहेकोमा यो वर्ष १.२३ प्रतिशत रहेको छ। चालु सम्पत्ति र चालु दायित्वको अनुपात गत वर्ष ७८.१७ गुणा रहेकोमा यो वर्ष ८१.६५ गुणा रहेको छ। नगद अनुपात गत वर्ष ०.७९ गुणा रहेकोमा यो वर्ष १.५२ गुणा रहेको छ। कूल नाफा आम्दानी अनुपात गत वर्ष ११.८८ प्रतिशत रहेकोमा यो वर्ष १६.४० प्रतिशत पुगेको देखिन्छ।

२२८. **वित्तीय प्रतिवेदनमान कार्यान्वयन -** नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्ने व्यवस्था गरेकोमा कोषले सबै वार्षिक वित्तीय प्रतिवेदन सो प्रतिवेदनमान बमोजिम तयार गर्ने गरेको छैन। कोषले कार्यालय सञ्चालनको लागि भाडा/पट्टामा लिएका भवनहरूको नेपाल वित्तीय प्रतिवेदनमान १६ लिज अनुसार उचित लेखाङ्कन गरेको छैन।

२२९. **जोखिम व्यवस्था -** कोषले यो वर्ष जोखिम व्यवस्था खर्चको लागि रू.९३ करोड ९४ लाख बजेट व्यवस्था गरेकोमा रू.१ अर्ब ४० करोड ९ लाख खर्च लेखेको छ। कर्मचारी सापटी तथा परियोजना कर्जा अन्तर्गत प्रस्ताव गरिएको खर्च बढी भएकोले स्वीकृत बजेट भन्दा बढी खर्च भएको उल्लेख गरेपनि यस्तो खर्च न्यून गर्ने रणनीति बनाएको देखिएन। यस्तो अस्वभाविक खर्चका सम्बन्धमा विश्लेषण गरी नियन्त्रण गर्नुपर्दछ। साथै, सञ्चयकर्तालाई धितो बेगर प्रदान गरिने विशेष सापटी सञ्चयकर्ताले सञ्चित गरेको भन्दा रू.१ करोड ४१ लाख ८४ हजार बढी दिएको देखिन्छ। सञ्चित रकमभन्दा बढी सापटी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२३०. **लगानी हिसाब -** कोषले विभिन्न कम्पनीमा रू.२६ अर्ब ६३ करोड ४० लाख बराबरको शेयर लगानी र विभिन्न परियोजनाहरूमा रू.७५ अर्ब ९५ करोड ५२ लाख बराबरको ऋण लगानी रहेको छ। त्यस्तै बैङ्क तथा वित्तीय संस्थामा रू.१ खर्ब २१ अर्ब ४८ करोड ५३ लाख रहेको छ। कर्मचारीहरूलाई सापटी रू.२ अर्ब २६ करोड ४५ लाख दिएको छ।

मौज्दात परिचालन गर्दा कर्जा लगानी तथा असुली नीति, २०७७ को बुँदा नम्बर ३ (२) अनुसार बजार र तरलताको अवस्था एवं प्रतिफललाई समेत आधार मानी बैङ्कको लिखित सहमतीमा लगानी फिर्ता गर्न सक्ने व्यवस्था छ। कोषले गरेको लगानी बैङ्कहरूले तोकेको मूद्दतीको संस्थागत ब्याज भन्दा न्यून दरमा लगानी भइरहेको अवस्थामा बैङ्कसँग सहमती लिई निक्षेप व्यवस्थापन गर्दा ६ वटा वाणिज्य बैङ्कमा रू.४ अर्ब ६५ करोड २ देखि ३ प्रतिशत र विभिन्न १६ वाणिज्य बैङ्कमा रू.२३ अर्ब २९ करोड १ देखि २ प्रतिशत घटी ब्याज दरमा मुद्दतीमा लगानी गरेको देखियो। कोषको आयमा भएको कमीका सम्बन्धमा थप छानविन गरी सम्बन्धितलाई जवाफदेही बनाउनुपर्दछ।

२३१. **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगमसँग २०७४।२।२८ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रू.१२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले ब्याज भुक्तानी नगरेको र सोही ब्याज सञ्चयकोषले पुँजीकरण गर्ने सञ्चालक समितिको निर्णय अनुसार साँवा रकम बढेर रू.१४ अर्ब १५ करोड पुगेको छ। यसरी बढेको रकम समेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले आवश्यक पहल गरेको छैन। ठुला र दीर्घकालिन परियोजनाहरूमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यवसायिक योजना जस्ता विषयहरूमा अध्ययन, विश्लेषण र मूल्याङ्कन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्देमा सो नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको देखिन्छ।

२३२. **परियोजना कर्जा प्रवाह -** कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम रू.१ अर्बसम्मको संस्थागत कर्जा स्वीकृत गर्ने अख्तियारी प्रशासकको संयोजकत्वमा बनेको कर्जा तथा लगानी समितिमा रहेको र रू.१ अर्ब भन्दा माथिको कर्जा सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ। बिगत तीन वर्षदेखि प्रवाह भएका सबै परियोजना कर्जा एक अर्बको सीमा भित्रै रहेकाले लगानी निर्णय तथा निरीक्षणमा सञ्चालक समितिको भूमिका देखिदैन। बिगतमा खराब कर्जामा परिणत भई निजी कम्पनीहरूबाट प्रवर्द्धन भएका होटल, हाउजिङ्ग, रियलस्टेट जस्ता परियोजनाहरूमा पर्याप्त जोखिम विश्लेषण बिना कर्जा प्रवाह भएको देखिन्छ। यस सम्बन्धी व्यहोरा निम्न छन्:

२३२.१ हालसम्मका सबै कर्जाहरू कोष प्रशासन कै संयोजकत्वमा गठित समितिको निर्णयबाट स्वीकृत भएका छन्। सञ्चालक समितिबाट स्वीकृत गर्ने कर्जा प्रवाह नभएकोले यस्ता सञ्चालक समितिको निर्णय र निगरानी हुन नसकेको अवस्था छ। तसर्थ यस्तो सीमामा पुनरावलोकन हुनु जरुरी छ।

२३२.२ कर्जा प्रवाह गर्दा कर्जा लिने व्यवसायीको धितो तथा आर्थिक अवस्था, कर्जा तिर्ने क्षमता लगायतका पक्षको विश्लेषण वेगर प्रवाह गर्दा अधिकांश कर्जाहरू नउठ्ने अवस्थामा पुगिसकेका छन्। कर्मचारीहरूको योगदानबाट आर्जेको रकम नउठ्ने गरी लगानी गर्ने पदाधिकारीलाई जवाफदेही र जिम्मेवार बनाउन सकेको छैन। यस्तो कर्जा १३ व्यवसायीबाट रू.९० करोड ५३ लाख १७ हजार उठ्न बाँकी रहेको छ।

उल्लिखित कर्जामध्ये खराब कर्जाको रूपमा ब्याज समेत हिसाब गर्दा एक हाउजिङ्गसँग रू.६५ करोड ६७ लाख ७० हजार, एक इन्डस्ट्रिजसँग रू.८ करोड ६१ लाख ९४ हजार, एक कम्पनीसँग रू.२ करोड ७० लाख १६ हजार, एक रिसोर्टसँग रू.८ करोड ८४ लाख ३३ हजार, दुई मिल्ससँग रू.३४ करोड १२ लाख १४ हजारसमेत रू.१ अर्ब १९ करोड ९६ लाख २७ हजार उठ्न बाँकी रहेको छ।

२३२.३ कोषले २०७६।७७ देखि ९ कम्पनीलाई रू.६ अर्ब ९८ करोड ४४ लाख कर्जा प्रवाह गरेकोमा तोकिएको समयमा साँवा र ब्याज प्राप्त भएको छैन। यो वर्ष बजारमा नगद प्रवाह न्यून भएको अवस्थामा अन्य वाणिज्य बैङ्कहरूले १५ प्रतिशत सम्मका दरले ऋण लगानी गर्दा कोषले ११ प्रतिशत ब्याजदरमा लगानी गरेकोले प्रचलित ब्याजदरसँग प्रतिस्पर्धी छैन। कर्जा लिने व्यवसायीले पनि लिएको कर्जा मध्ये एक हाउजिङ्ग र एक होटलले जग्गा मात्र खरिद गरेको, एक डेभ्लपर्सको नेटवर्थ नै ऋणात्मक भएको अवस्थामा ऋण लगानी गरेको देखिन्छ। कर्जा लिनेले समयमा भुक्तानी नगरी व्यवस्था

गर्नुपर्ने अवस्थाको जोखिम रहेकोले व्यवसायिक लगानीको लागि गर्नुपर्ने न्यूनतम मूल्याङ्कन आधार र सञ्चालक समितिको कार्यक्षेत्रमा नपारी प्रचलित बजार दरभन्दा कम दरमा लगानी गर्ने, गरिएको लगानीको समयमा साँवा र ब्याज प्राप्तिमा जोखिम पार्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२३३. **कर्जाको सीमा र अवस्था** - कोषले कर्जा लगानी नीति, २०७१ मा संसोधन गरे तापनि कर्जा नोक्सानीको सम्बन्धमा कुनै व्यवस्था गरेको छैन। विभिन्न जलविद्युत योजनाहरूमा साँवा र ब्याज चुक्ता नगरेकोले पुँजीकरण गर्दा कर्जाको सीमा नाघिसकेकोमा असल कर्जाकै रूपमा बैङ्क तथा वित्तीय संस्था सरह १ प्रतिशत मात्र लेखाङ्कन गरेको छ। कर्जाको क्षयीकरणलाई ध्यान दिई लेखाङ्कन गर्नुपर्दछ।

(रू.लाखमा)

कर्जा प्राप्त गर्ने	कर्जा सीमा	बाँकी कर्जा
सान्जेन जलविद्युत कम्पनी	४५७१७	६५०४२
मध्ये भोटेकोशी जलविद्युत कम्पनी	८८८८५	७७९५२
रसुवागढी हाईड्रोपावर	८०४२१	९९३८१
माथिल्लो तामाकोशी	१५२०००	२६९०८७

यस्ता आयोजनाहरू समयमा सम्पन्न नभएको अवस्थामा सम्झौताअनुसार ब्याज प्राप्त गरी लगानी सुरक्षित गर्नुपर्दछ।

२३४. **लगानी -** कोषको सञ्चालक समितिले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताले क्रमशः १५ प्रतिशत र ४० प्रतिशत शेयरमा लगानी गर्ने निर्णय भएको देखिन्छ। ऐनको व्यवस्थामा लगानी गर्ने अधिकार दिए तापनि कोषले आफै संस्था प्रवर्द्धन गर्न पाउने नपाउने स्पष्ट प्रावधान देखिँदैन। ऐनमा जलविद्युत उत्पादन गर्नको लागि कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने स्पष्ट उल्लेख नभएको अवस्थामा कोषले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेड संस्था प्रवर्द्धन र सञ्चालन गर्ने निर्णयको वैधानिकता यकिन गर्न सकिएन। कोषले आफ्नो विज्ञता नभएको क्षेत्रमा ठुला परियोजनाहरू प्रवर्द्धन गर्दा कोषको लगानी जोखिम नहुने व्यवस्था मिलाउनु पर्दछ।

२३५. **कम्पनीको स्थापना -** कोषले भवन तथा आवास योजना सञ्चालन गर्ने उद्देश्यले एक कम्पनी स्थापना गरेको छ। सोही कार्य गर्नका निम्ति कोषमा छुट्टै भवन निर्माण तथा आवास व्यवस्थापन विभाग रहेको र कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १९ (ट) मा समेत कोषले आफैले आवास परियोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान रहेकोमा नयाँ प्राइभेट लिमिटेड कम्पनी स्थापना गर्नु उपर्युक्त देखिएन। उक्त कम्पनीको यस वर्षसम्म रू.९९ लाख ६ हजार नोक्सानी रहेको छ। उक्त कोषको लगानीबाट कोषलाई कुनै प्रतिफल प्राप्त नभएकोले उक्त कार्य कोषको हितमा देखिएन।

२३६. **अस्थायी सञ्चयकर्ता खाता -** सङ्कलन शाखाले पठाएको फाँटवारी प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी प्रविष्ट गर्ने गरेको छ। कोषले यो वर्ष सम्म २९ हजार ४२४ अस्थायी सञ्चयकर्ता खातामा रू.१ अर्ब ८ करोड ९५ लाख प्रविष्ट गरेको छ।

सञ्चयकर्तालाई सो खाताको बारेमा जानकारी नहुने हुँदा अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी स्थायी सञ्चयकर्ता खातामा उक्त रकम जम्मा गर्न प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ।

२३७. **बेचालु खाता -** कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५ (क) को उपदफा ३ (क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरू मितिले ६ वर्ष सम्ममा पनि यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिने र सो रकममा ब्याज नदिइने व्यवस्था रहेकोमा २०७८।७९ को अन्त्यसम्म यस्तो खातामा रू.४ अर्ब १५ करोड ४७ लाख रहेको छ। ननअपरेटिभ खातामा भएको मौज्दातको पहिचान गरी त्यस्तो खाताको रकम न्यून गर्नुपर्दछ।

२३८. **भाडा असुली -** कोषको असुल हुन बाँकी बहाल तथा महसुल रू.७१ करोड ११ लाख रहेकोमा रू.३० करोड ७७ लाख असुली शंकास्पद व्यवस्था कायम गरेको छ। कोषले भाडा उठाउने प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा देहायबमोजिम छन्:

२३८.१ कोषको स्वामित्वमा काठमाडौं, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्झौताअनुसार भाडामा लिनेले २०७३।१०।६ देखि प्रथम तीन महिनाको अग्रिम भाडा रू.८ करोड १३ लाख र २०७५ जेष्ठमा रू.२ करोड ७१ लाख समेत रू.१० करोड ८४ लाख मात्र कोषलाई बुझाएको छ। सम्झौताअनुसारको भाडा नियमित रूपमा प्राप्त नभएकोले कोषले २०७५।१।५ मा रू.३२ करोड ५३ लाखको बैङ्क जमानत जफत गरी बक्यौता रकम चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। कोषले जमानत जफत गरेको रकम कटाई २०७९ असारसम्ममा ब्याज तथा जरिबाना समेत रू.२२ करोड ६२ लाख उठाउन बाँकी रहेको छ। सोही भवनको अर्को एक भाडावालसँग २०७६ माघमा सम्झौता भएको र सम्झौता अनुसारको भाडा नियमित रूपमा प्राप्त नभएकोले कोषले २०७९ असार सम्ममा ब्याज तथा जरिबानासमेत रू.९ करोड ३६ लाख उठाउन बाँकी रहेको छ। बाँकी भाडा असुल गर्नुपर्दछ।

२३८.२ कोषले २०७१।९।९ मा लगनखेल स्थित भवनको मासिक भाडा रू.५४ लाख ७० हजार कायम गरी एक नीजि कम्पनीसँग १५ वर्षको लागि सम्झौता गरेकोमा भाडा असुली हुन नसक्दा कोषले उक्त सम्झौता २०७५।५।१४ मा अन्त्य गरेको छ। विभिन्न समयमा भाडावालले तिरेको रकम र बैङ्क जमानत जफत गर्दा पनि सम्झौताअनुसारको भाडा नियमित रूपमा प्राप्त नभएकोले कोषले २०७९ असार सम्ममा ब्याज तथा जरिवानासमेत रू.१२ करोड ५४ लाख उठाउन बाँकी रहेको छ। बक्यौता असुलीको लागि कोष क्रियाशील हुनुपर्दछ।

२३९. **बैङ्क हिसाब भिडान** - गत वर्षसम्म बैङ्क मौज्दात भिडानमा फरक परेको रू.२ अर्ब ३५ करोड ७१ लाख रहेकोमा यस वर्ष स्रेस्ता र र बैङ्क विवरणअनुसार रू.४ अर्ब २७ करोड २४ लाख फरक परेको छ। बैङ्क हिसाब भिडान नभएको रकम गत वर्षको तुलनामा ८१.२६ प्रतिशतले वृद्धि भएकोले हिसाब मिलान गरी अध्यावधिक गर्नुपर्दछ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड

सर्वसाधारणलाई बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले २०२२ सालमा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालन हुँदै आएको छ। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत शेयर स्वामित्व रहेको छ। बैङ्कले ७७ जिल्लामा सेवा विस्तार गरी सेवा प्रदान गर्दै आएको छ।

२४०. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७९ आषाढ मसान्तको वित्तीय विवरण अनुसार खुद कर्जा रू.२ खर्ब २६ अर्ब ७१ करोड ७४ लाख, स्थिर सम्पत्ति रू.३ अर्ब १६ करोड ७४ लाख, लगानी रू.६५ अर्ब ३७ करोड ७१ लाख, अदृष्य सम्पत्ति रू.५ करोड २४ लाख र अन्य सम्पत्ति रू.३४ अर्ब ९२ करोड ८५ लाखसमेत रू.३ खर्ब ३० अर्ब २४ करोड २८ लाख सम्पत्ति रहेको छ। निक्षेप तर्फ रू.२ खर्ब ५८ अर्ब १४ करोड ४२ लाख समेत रू.२ खर्ब ९७ अर्ब ५६ करोड ३९ लाख कुल दायित्व रहेको छ। बैङ्कको २०७९ आषाढ मसान्तमा शेयर पुँजी रू.१४ अर्ब ९४ करोड ४ लाख, जगेडा कोष रू.१५ अर्ब ८७ करोड ५१ लाख तथा सञ्चित नाफा रू.१ अर्ब ८६ करोड ३४ लाख रहेको छ। बैङ्कको २०७७।७८ मा रू.३ अर्ब ४२ करोड ३६ लाख खुद मुनाफा रहेकोमा यस वर्ष रू.२३ अर्ब १६ करोड १० लाख आम्दानी र रू.१८ अर्ब ८६ करोड ८२ लाख खर्च गरी रू.४ अर्ब २९ करोड २८ लाख खुद मुनाफा गरेको छ।

२४१. **अनुपात विश्लेषण -** वैङ्कको ४ वर्षको वित्तीय कार्य सम्पादन अवस्था निम्नानुसार छ :

क्र.स.	विवरण	सुचकाङ्क	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
१	आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	३०.४३	२३.१७	१८.६१	१८.५३
२	प्रति शेयर आम्दानी	रूपैयाँ	५६.०४	४८.६१	३७.२७	३४.८५
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	२.५९	३.३०	२.९७	४.२२
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	८.९७	९.६३	६.९९	७.९३
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	३०.५७	२४.५३	२२.४५	१८.९२
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	२.२३	१.६४	१.१०	१.३०
७	ऋण लगानीको अनुपातमा निस्क्रिय कर्जा	प्रतिशत	४.५९	४.०८	३.२३	२.०९

प्रस्तुत तथ्याङ्कअनुसार निष्क्रिय कर्जाको प्रतिशत घट्दै गए पनि बैङ्कको आम्दानीको तुलनामा खुद नाफा, प्रति शेयर आम्दानी, ब्याज आय घटेको, ब्याज खर्च बढेको अवस्था देखिएकोले सञ्चालन नतिजा सकारात्मक नदेखिदा संस्थागत सुधार गरी बैङ्कको वित्तीय नतिजाका सूचकमा थप सुधार ल्याउनु पर्दछ।

२४२. **लक्ष्य र प्रगति -** बैङ्कबाट प्राप्त विवरण अनुसार २०७७।७८ र २०७८।७९ मा देहायका कार्यक्रम संञ्चालन गर्ने लक्ष्य रहेकोमा लक्ष्यअनुसार प्रगति भएको छैन।

क्र.स.	विवरण	२०७९ आषाढ मसान्त			२०७८ आषाढ मसान्त
		लक्ष्य	उपलब्धि	प्रतिशत	
१	शाखा कार्यालय संख्या	२९१	२५८	८८.६६	२४७
२	ए.टि.एम.संख्या	२९५	२४७	८३.७३	२०५
३	शाखारहित बैङ्किङ्ग संख्या	१०७	९५	८८.७९	९५

तोकिएको लक्ष्य प्राप्तिको लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२४३. **कर्जा अपलेखन -** बैङ्कले नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशिका २०७८।७९ को बुँदा नम्बर २३(७)(२) र नेपाल राष्ट्र बैङ्कको कर्जा अपलेखन नीतिको पालना गरेको देखिएन। यस वर्ष रू.१२ करोड ७ लाख ८० हजार अपलेखन गरेकोमा अपलेखन गरिएको ऋण वापतको धितो सकार गरी गैर बैंकिङ्ग सम्पत्तिमा लेखाङ्कन गर्नुपर्नेमा सो गरेको छैन। सम्पत्ति सकार गरी स्वामित्वमा नल्याइएको कारण गैह्र बैंकिङ्ग सम्पत्तिको प्रभावकारी रूपमा परिचालन हुने स्थिति देखिएन।

बैङ्कले कुनै पनि कम्पनीमा सो कम्पनीको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने प्रावधान रहेपनि बुटवल धागो कारखानामा २० प्रतिशत , एक खाद्य उद्योगमा ५७ प्रतिशत, एक डिजिटल भुक्तानी लिमिटेडमा ३७.७८ प्रतिशत र एक सिमेन्ट उद्योगमा ८०.९० प्रतिशत लगानी गरेको छ। बैङ्कको एक खाद्य कम्पनी सहायक कम्पनी भएता पनि उक्त कम्पनी लामो समयदेखि सञ्चालनमा नरहेको र लगानी समेत पुरै क्षयीकरण भएकोले एकीकृत वित्तीय विवरणमा उक्त कम्पनीको वित्तीय विवरणलाई समावेश गरेको छैन। लगानीको लागि जोखिमयुक्त ग्राहकको पहिचान तथा वर्गीकरण र अनुगमन गर्नुपर्नेमा बैङ्कले उक्त निर्देशिकाको पालना नगरेकोले प्रतिफल युक्त एवं जोखिम न्यून भएका क्षेत्रमा लगानी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२४४. **सुशासन तथा जोखिम व्यवस्थापन** - बैङ्कमा जोखिम व्यवस्थापन गरी कार्य सञ्चालन गर्न एक समिति गठन गरेको छ। ऋण, बजार, सञ्चालन जोखिमको समीक्षा र व्यवस्थापन गर्न विभिन्न नीति, कार्यविधि, प्रणाली र तालिम सञ्चालनमा ल्याएपनि तनाव परीक्षण र तरलता जस्ता प्रतिवेदनको मानक र नियमित प्रकृतिको कार्यमा मात्र गठित समितिले काम गरेको छ।गठित समिति मातहतको जोखिम व्यवस्थापन विभाग कुनै पनि कर्जा स्वीकृति वा नविकरणमा संलग्न हुन नहुनेमा रू.७ करोड भन्दा बढीको ऋण स्वीकृत र नविकरणमा समेत सहभागी भएको पाइयो। जोखिम व्यवस्थापन समितिले जोखिम व्यवस्थापन कार्य र रणनीतिमा लेखापरीक्षण प्रतिवेदन (आन्तरिक, बाह्य वा नियामक निरीक्षण) लाई ध्यानमा राखी जोखिम समीक्षा नगरेको, बैङ्कको सञ्चालक समितिको वार्षिक बैठक ७८ पटक बसेको भए तापनि जोखिम व्यवस्थापन र व्यवसायिक रणनीतिलाई आवश्यकता अनुसार महत्व नदिएको र बैङ्कको बैकिङ्ग कार्य सम्पादनसँग सम्बन्धित सबै कार्यक्षेत्रहरू समेट्ने गरी एकीकृत सञ्चालन कार्यविधि तय गरी कार्य सञ्चालन नगरेकोले उक्त विषयहरू समेटी जोखिम व्यवस्थापन नीति र कार्यविधि अद्यावधिक गरी कार्य सम्पादनमा प्रभावकारीता ल्याउनुपर्दछ।

२४५. **मानवीय संसाधन -** बैङ्कले आफ्नो जनशक्ति व्यवस्थापन गर्न कर्मचारी सेवा विनियमावली, २०७० जारी गरेको छ। बैङ्कको स्वीकृत दरवन्दीमध्ये १ हजार १०४ रिक्त रहेको छ। आवश्यक जनशक्तिको अभावमा कार्य सञ्चालन गरिरहेकोले सेवा प्रवाहमा असर परेको, जोखिम स्तर बढेको र यसको वित्तीय र व्यवसाय वृद्धिलाई असर गरिरहेको छ। बैङ्कले घोषित कार्यहरूको लागि कर्मचारी उत्तराधिकारी योजना तयार गरेको छैन। सबै तहका कर्मचारी र विभागले सम्पादन गर्ने कार्यको अद्यावधिक विवरण तयार नगरेकोले मानवीय संशाधनमा सुधार गर्नुपर्दछ।

२४६. **स्थिर सम्पत्ति -** बैङ्कको स्थिर सम्पत्तिमध्ये प्रधान कार्यालय रहेको थापाथली, पशुपतिनगर र लाहान स्थित जग्गा लगायत रू.२ अर्ब ६८ करोड ८५ लाख सम्पत्तिको स्वामित्व सम्बन्धी कागजात बैङ्कसँग रहेको छैन। प्रयोगमा आइसकेको वसन्तपुर स्थित भवन रू.६ करोड २३ लाख र विगत वर्षमा सम्पन्न भइसकेका र प्रयोगमा रहेका लिज होल्ड खर्च, दरबार मार्गस्थित भवन, पोखरास्थित

एनआईडीसी भवन पुँजीकरण गर्न बाँकी रहेको देखिन्छ। नेपाल औद्योगिक विकास निगम गाभिएपछि कायम भएका शहरी तथा व्यापारिक कारोवार बढी भएका स्थानको सम्पत्तिको समुचित व्यवस्थापन गर्न सकेको छैन।

एक सिमेन्ट कम्पनीमा गरिएको लगानीलाई शतप्रतिशत क्षयीकरण गरी शून्य मूल्यमा देखाएको छ। बैङ्कको शेयर लगानी प्रतिशतसमेत पुष्टि हुन नसकेको र उक्त कम्पनीको स्वामित्वमा रहेको जग्गा प्राप्त गरी सरकारको निर्णय बमोजिम नेपाल सरकारबाट उल्लेखनीय रकम क्षतिपूर्ति प्राप्त हुन बाँकी छ।

२४७. **अन्तरशाखा हिसाब -** बैङ्कले आफ्ना शाखाहरूको अन्तरशाखा हिसाब समयमा मिलान गरी अभिलेख चुस्त र दुरुस्त राख्नु पर्दछ। गत वर्ष शाखा हिसाब मिलान हुन नसकेको खुद रू.३४ करोड १६ लाख रहेकोमा यो वर्ष खुद रू.५१ करोड ४४ लाख रहेको छ। सो रकमको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरेको छैन।

बैङ्कले ग्राहकहरूलाई प्रदान गर्दै आएको डेबिट तथा क्रेडिट कार्ड सुविधाको साथै ए.टी.एम. कारोबार, बिना सूचना भुक्तानी दिइएको ड्राफ्ट, असामी र साहू पहिचान नभएको रकम, एजेन्सी हिसाब अन्तर्गत हिसाब मिलान नभएको र मार्गस्थ नगद, दाबी नगरिएको दायित्व अन्य दायित्व अधिग्रहण लगायतका खाताको रकम वर्षेनी जिम्मेवारी सार्दै ल्याइरहेको प्रकृति पहिचान नभएका उठाउनु पर्ने रकम यस वर्षसम्म खुद रू.६३ करोड ९ लाख हिसाब मिलान हुन बाँकी रहेको छ। पहिचान नभएको निक्षेप तथा म्याद समाप्त भएको मुद्दती खातामा रहेको रू.९ करोड ९५ लाख वर्षेनी जिम्मेवारी सारी आएको देखिन्छ। समयमा हिसाब मिलान गरी वित्तीय विवरण यथार्थ परक बनाउनु पर्दछ।

२४८. **गैरबैङ्किङ सम्पत्ति -** गैरबैङ्किङ सम्पत्तिको असुलीमा कानूनी प्रक्रियाको साथै अन्य जटिलता हुने भएकाले असुलीमा कठिनाइ हुनुको साथै त्यस्तो सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको फलस्वरूप बैङ्कहरूले वित्तीय नोक्सानीसमेत व्यहोर्नु पर्ने जोखिम रहन्छ। लामो समयदेखि सकार गरिएका गैर बैङ्किङ सम्पत्तिहरू समयमै बिक्री गर्न आवश्यक रहेको केही सम्पत्ति विवादमा परेको र बैङ्कको कुनै नियन्त्रण नभएको, अघिल्लो जग्गा धनी वा अन्य तेस्रो पक्षले प्रयोग र कब्जा गरेको देखिन्छ। गैह्र बैङ्किङ सम्पत्ती रू.१७ करोड ७२ लाख ६५ हजार रहेकोले समयमा कारवाही किनारा लगाइ हिसाब मिलान गर्नुपर्दछ।

२४९. **ड्राफ्ट तथा निक्षेप -** बैङ्कको बिना सूचना ड्राफ्टको भुक्तानी हिसाबमा लामो समय देखि रू.७ करोड ४ लाख ९९ हजार रहेकोमा २०६४।३।२० देखि पुमोरी विद्युतीय माध्यमबाट लेखा राख्न शुरु गर्दा देखि नै जिम्मेवारी सारेको रकम फर्स्यौट नभई यथावत रहेको छ। बैङ्कको विवरणअनुसार निक्षेपमध्ये रू.२८ करोड ३७ लाखको पहिचान गरी प्रमाणित हुन नसकेको कारणले लामो समयदेखि जिम्मेवारी सार्दै ल्याएको छ। यस प्रकारको रकम एउटै व्यक्तिले प्रविष्टि र स्वीकृत गरेकोले रकम कलमको आधिकारिकता शंकास्पद रहेको र सोबाट अनधिकृत कारोबारको जोखिम रहने हुँदा समयमा नै निक्षेपको सही पहिचान गरिनुपर्दछ।

२५०. **दाबी नगरिएको हिसाब -** बैङ्कको दाबी नगरिएको हिसाब रू.२५ करोड ३३ लाख ९३ हजार मध्ये केन्द्रीय कार्यालयको मौज्दातमात्र रू.४ करोड ३१ लाख समावेश छ। विभिन्न ग्राहकबाट २०५२

देखि दाबी पेस गरिएको छैन। बैङ्कको वित्तीय विभाग दरबारमार्ग शाखामा रू.१७ करोड १२ लाख, जुम्ला शाखाको रू.१ करोड ७ लाख र महाराजगञ्जको रू.७१ लाख ६४ हजार दाबी नगरिएको दायित्व छ। यस सम्बन्धमा छानविन गरी वास्तविक दाबी यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२५१. **तरलता सुविधा -** आवश्यक तरल मौज्दात पुरा गर्न बैङ्कले यस वर्ष रू.३० अर्ब ७४ करोड ५० लाख बराबरको रकम पटक-पटक वैधानिक तरलता सुविधाअन्तर्गत नेपाल राष्ट्र बैङ्कबाट प्राप्त गरेकोमा आर्थिक वर्षको अन्तमा रू.१७ अर्ब तिर्नुपर्ने रहेको छ। बैङ्कको यो वर्ष ऋण लगानी करिब १८ प्रतिशतले बढेको, निक्षेप रकम गत वर्षकै हाराहारीमा रही २ प्रतिशत घटेको अवस्था छ। बैङ्कले समयमा नै ब्याज दर सम्बन्धमा आवश्यक तथा यथोचित निर्णय गर्न नसक्दा उक्त सुविधालाई सही प्रयोजनको लागि लिइएको भन्न सक्ने स्थिति रहेन।

२५२. **ब्याज प्रिमियम -** नेपाल राष्ट्र बैङ्कको निर्देशन विपरीत बैङ्कले ऋणीहरूलाई ऋण सम्झौतामा उल्लेख गरे भन्दा बढी प्रिमियम दर लगाएको रू.२४ करोड ५३ लाखलाई नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार आम्दानीमा घटाई तिर्नु पर्ने दायित्वमा देखाएको छ। उक्त रकमलाई यकिन गरि ग्राहक खातामा फिर्ता गर्नुपर्ने देखिएको छ।

२५३. **सहुलियतपूर्ण तथा पुनर्कर्जा-** बैङ्कले ग्राहकहरूलाई विभिन्न सहुलियतपूर्ण तथा पुनर्कर्जा उपलब्ध गराएको छ। यो वर्ष प्राप्त भएको कुल ब्याज अनुदान रू.४८ करोड २ लाख रहेको छ। यो वर्षको अन्त्यमा रू.११ अर्ब २९ करोड १० लाख सहुतिलयतपूर्ण कर्जा बाँकी रहेको छ। वर्षभरि प्रवाह भएको पुनर्कर्जा ऋण रू.६ अर्ब ९८ करोडमध्ये आर्थिक वर्षको अन्त्यसम्म रू.५ अर्ब ८८ करोड बाँकी रहेको छ। सहुलियतपूर्ण कर्जा कृषि कर्जा विभाग अन्तर्गत सञ्चालन भईरहेको भए पनि सोही प्रयोजनमा प्रयोग भएको सुनिश्चित गर्न प्रभावकारी अनुगमन संयन्त्र स्थापना हुन सकेको छैन। यी क्षेत्रअन्तर्गत प्रदान गरिने ऋण अनिवार्य ऋण लगानी र अन्य ऋणहरूसँग लागत लाभ, भुक्तानी अवधि लगायत तुलनात्मक रूपमा समीक्षा एवं अनुगमन गरेर नेपाल राष्ट्र वैङ्कसँग अनुदान ब्याज शोधभर्ना लिनुपर्दछ।

२५४. **आन्तरिक नियन्त्रण प्रणाली -** वाणिज्य बैङ्कहरूको सुरक्षित, अनवरत सञ्चालन र व्यवस्थापनलाई ठोस आधार प्रदान गर्न वासेल कमिटिले बैंकिङ्ग संस्थाहरूको लागि जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको खाकाले बैङ्क व्यवस्थापनको निगरानी र नियन्त्रण सँस्कृति, जोखिम पहिचान र मूल्याङ्कन, नियन्त्रण गतिविधि तथा जिम्मेवारीको बाँडफाँट, सूचना प्रविधि, अनुगमन गतिविधी तथा कमि कमजोरी सुधार गर्न र सुपरीवेक्षकले आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्ने बारेमा सुझाएको छ। बैंकको आन्तरिक नियन्त्रण प्रणालीमा सूचना प्रविधि प्रणालीको विश्वसनियता, शाखागत ग्राहकसँगको वक्यौता, ए.टी.एम र सी.वी.एस. बीचको मौज्दात भिडान, सम्पत्तिको भौतिक परीक्षण, लीज सम्झौता अद्यावधिक गर्ने विषय, नेपाल राष्ट्र बैंकसँगको हिसाब मिलान भिडान नभएको, प्रभावकारी अनुगमन र सुपरिवेक्षण लगायतका कमी कमजोरी देखिएकोले सुधार गर्नुपर्दछ।

कृषि विकास बैङ्क

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संस्थागत ऋण उपलब्ध गराउन २०२४ सालमा बैङ्क स्थापना भई २०३० साल देखि सेवा प्रदान गर्दै आएको छ। बैङ्कमा नेपाल सरकारको ५१ प्रतिशत तथा

सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। बैङ्कको केन्द्रीय र शाखा समेत ३०१ कार्यालय रहेका छन्।

२५५. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०७९ आषाढ मसान्तमा शेयर पुँजी रू.१८ अर्ब ६२ करोड ६ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.१४ अर्ब ७३ करोड ६४ लाख र दायित्व रू.२ खर्व १२ अर्ब ८२ करोड ७२ लाख रहेको छ। स्थिर सम्पत्ति रू.२ अर्ब २२ करोड ५० लाख, शेयर लगानी रू.४५ अर्ब ९२ करोड २१ लाख, कर्जा लगानी रू.१ खर्ब ७७ अर्ब ४३ करोड ८६ लाख र अन्य सम्पत्ति (चालु सम्पत्ति तथा अन्य माथि उल्लेखित बाहेकका सम्पत्ति सहित) रू.२० अर्ब ५९ करोड ८५ लाख समेत रू.२ खर्ब ४६ अर्ब १८ करोड ४२ लाख सम्पत्ति रहेको देखिन्छ। गत वर्ष रू.३ अर्ब ५२ करोड ७५ लाख नाफा रहेकोमा यस वर्ष रू.२ अर्ब २२ करोड ५७ लाख मात्र खुद नाफा रहेको छ। यो वर्ष रू.१९ अर्ब ५८ करोड ६० लाख सञ्चालन आय तथा रू.११ अर्ब २२ करोड ६६ लाख सञ्चालन खर्च गरेको छ।

२५६. **आय तथा खर्च -** संस्थानले २०७८।७९ मा रू.२० अर्ब ३६ करोड ५२ लाख सञ्चालन आम्दानी र रू.९ अर्ब ३२ करोड ४० लाख सञ्चालन खर्च प्रक्षेपण गरेकोमा रू.१९ अर्ब ५८ करोड २६ लाख सञ्चालन आम्दानी तथा रू.११ अर्ब २२ करोड ६६ लाख सञ्चालन खर्च गरेको छ। प्रक्षेपणको तुलनामा आम्दानी ३.८४ प्रतिशत घटी र खर्च २०.४१ प्रतिशत बढी भएको देखिन्छ।

२५७. **अनुपात विश्लेषण -** बैङ्कको प्रमुख वित्तीय अनुपात देहाय बमोजिम रहेको छ।

क्र.सं.	विवरण	सूचक	२०७६।७७	२०७७।७८	२०७८।७९
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	१८.२७	१९.३७	१०.५३
२	प्रति शेयर आम्दानी	रुपैयाँ	३१.४५	२९.१३	१४.४१
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	६.२४	४.७६	५.९७
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	११.७४	९.९८	१०.९८
५	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.८६	१.५९	०.९०
६	ऋण लगानीको अनुपातमा निस्क्रिय कर्जा	प्रतिशत	२.८४	१.८८	२.०९

अन्य वाणिज्य बैङ्कहरूको तुलनामा यस बैङ्कको सञ्चालन सूचकहरू गत वर्ष भन्दा अत्याधिक घटेकोले ध्यानाकर्षण हुनुपर्दछ।

२५८. **शाखा हिसाब मिलान -** बैङ्कले तोकिएको समयमा अन्तर शाखा हिसाब मिलान गरेर वित्तीय विवरण तयार गर्नुपर्नेमा यस वर्षको अन्त्यमा अन्तर शाखा हिसाब रू.३८ करोड ४ लाख ४२ हजार मिलान गर्न बाँकी रहेको पाईयो। यस बाहेक अन्तर शाखा बैङ्क खातामा रू.७६लाख ६० हजार भिन्नता रहेको पाइयो। फरक रकम मिलान गर्नुपर्दछ।

२५९. **सफ्टवेयर** - बैङ्कले हाल सञ्चालनमा ल्याएको बैंकिङ्ग सफ्टवेयर टी-२४ बैङ्कका सबै शाखामा सञ्चालनमा रहेको अवस्थामा पनि उक्त सफ्टवेयरले सबै शाखा कार्यालयको कारोबारलाई समेटी वित्तीय विवरण तयार गर्न सकेको छैन। बैङ्कले उक्त सफ्टवेयरमा भएका सबै विशेषता उपयोग गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ। बैङ्कले २०७६ मा जडान गरेको सि.वि.एस. सफ्टवेयरको खरिद मूल्य अमेरिकी डलर १८ लाख १८ हजार र सोको वार्षिक मर्मत खर्च यो वर्ष अमेरिकी डलर ४ लाख

९७ हजार ४६० भुक्तानी गरेको छ। बैङ्कको सेवा प्रवाहलाई व्यवस्थित गर्न विभिन्न २१ सफ्टवेयर प्रयोग गरेकोमा ति सम्फ्टवेयर एकीकृत गर्ने काम भएको छैन।

२६०. **सहुलियतपूर्ण कर्जा -** बैङ्कले उपलब्ध गराएको सहुलियतपूर्ण कर्जाहरू तोकिएको क्षेत्रमा प्रयोग हुनुपर्दछ। यो वर्ष ब्यवसायिक कृषि, विपन्न व्यवसायी, महिला उद्यमी लगायत ९ क्षेत्रमा रू.२२ अर्ब २ करोड ९९ लाख ऋण प्रवाह गरेको देखियो। नमूना परीक्षणबाट रू.५० लाख भन्दा बढी ऋण लिने ५९८ ऋणीको रू.५ अर्ब ५६ करोड १८ लाख ऋणमा रू.३६ करोड १७ लाख ३५ हजार ब्याज अनुदान दिएको देखियो। ऋण रकमको प्रभावकारी अनुगमन गरी सहुलियतपूर्ण कर्जा तोकिएको क्षेत्रमा प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ।

२६१. **ब्याज प्रिमियम -** नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशिका २०७८।७९ को बुँदा नं १५ (३) (८) मा ब्याजको प्रिमियम दरमा वृद्धि गरी ऋण प्रवाह गर्न नमिल्ने उल्लेख छ। बैङ्कले प्रवाह गरेका कर्जामा आधार प्रिमियममा गणना गरेको हो नखुल्ने गरी एकमुष्ट रूपमा गणना गर्दै आएको छ। आधार र प्रिमियम नछुट्याएकाले आधार दरमा आएको परिवर्तनले नै कर्जाको दर परिवर्तन गरेको उल्लेख छ। अन्य वाणिज्य बैङ्कहरूको हकमा यस वर्ष ब्याजको गणना गर्दा प्रिमियम ब्याज दर नै बढाएकोले यो बैङ्कले पनि नेपाल राष्ट्र बैङ्कको निर्देशिका अनुसार आम्दानीबाट रू.१० करोड ब्याज घटाई तिर्नुपर्ने दायित्व हिसाबमा व्यवस्था गरेको छ। निर्देशिका विपत्ति प्रिमियम दरमा वृद्धि गरी बढी ब्याज आम्दानी गरेको रकम यकिन गरी सम्बन्धित ऋणीलाई नै फिर्ता गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२६२. **कर्जा असुली -** बैङ्कले कर्जा असुली कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम कर्जा भुक्तानी गर्ने बारेको स्मरण पत्रहरू पठाउने, कर्जा भुक्तानी गर्न ताकेता पत्र पठाउने, कर्जा भुक्तानी तथा लिलामीको सूचना प्रकाशित गर्ने, कालोसूचीमा नाम समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा उजुरी दर्ता लगायतका कार्य गर्नुपर्नेमा सोको कार्यान्वयन प्रभावकारी रूपमा भएको छैन। बैङ्कबाट प्राप्त विवरण अनुसार भाखा नाघेका २ हजार ४४८ ऋणीको रू.१ अर्ब ६४ करोड २७ लाख साँवा र रू.१ अर्ब ६१ करोड ४८ लाख ब्याज समेत रू.३ अर्ब २५ करोड ७५ लाख असुल भएको छैन। गत वर्षको अन्त्यमा खराब कर्जा रू.१ अर्ब ८८ करोड ४४ लाख रहेको थियो। कार्य योजना बनाई खराब ऋण असुल गर्ने कार्यमा प्रभावकारिता ल्याउनुपर्दछ।

२६३. **योजना, कार्यक्रम र लक्ष्य प्रगति -** यस बैङ्कको २०७८।७९ को प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमको लक्ष्य तथा प्रगति स्थिति देहायअनुसार छः

विवरण	लक्ष्य (रू.करोडमा)	प्रगति (रू.करोडमा)	प्रगति प्रतिशत
ग्राहकको निक्षेप दायित्व	१७३६१	१६६५९	९६
कर्जा तथा सापटी	१८३२५	१७७४४	९७
ब्याज आम्दानी	१८८९	१९५८	१०४
शुल्क तथा कमिशन आम्दानी	२०३	१४६	७२
ब्याज खर्च	९२९	११२३	१२१
अन्य सञ्चालन खर्च	१५३	८७	५७
आयकर व्यवस्था अघिको मुनाफा	६५१	३६४	५६

उल्लिखित तथ्याङ्कअनुसार अधिकांश लक्ष्य पुरा भएको छैन। व्यवसायिक योजना अनुसारको लक्ष्य हासिल हुने गरी बैङ्कको कार्य सम्पादनमा प्रभावकारिता ल्याउनु पर्दछ।

२६४. **कर्जा अपलेखन** - अपलेखन गरेको साँवा तथा ब्याजको छुट्टै अभिलेख राखी असुली गर्ने व्यवस्था मिलाउनु पर्नेमा यो वर्षसम्म अपलेखन गरेको ६०४ ऋणीको रू.३७ करोड ५९ लाख ३१ हजार ऋण र रू.१ अर्ब ६४ करोड ७२ लाख असुल भएको छैन। सोको कार्य योजना बनाई असुल गर्नुपर्दछ।

२६५. **नेपाल सरकारसँगको हिसाब** - यस बैङ्कले साधारण शेयरमा २ प्रतिशतका दरले रू.२६ करोड ३७ लाख ५८ हजार बोनस शेयर र नगद लाभांश ११ प्रतिशतका दरले रू.१ अर्ब ४५ करोड ६ लाख ७० हजार प्रस्ताव गरेको छ। नेपाल सरकारको अग्राधिकार लगानी शेयरमा ६ प्रतिशतले हुने रू.३२ करोड ५९ लाख ६२ हजार नगद लाभांश प्रस्ताव गरेको छ। सो लाभांश कानूनी व्यवस्था पालना गरी वितरण गर्न २०७९।९।२६नेपाल राष्ट्र बैङ्कले सहमति दिएको छ। यस बमोजिम नेपाल सरकारले साधारण शेयरमा प्रस्तावित लाभांशको ५१ प्रतिशत तथा अग्राधिकार शेयरमा ६ प्रतिशतले हुने रकम लाभांशको रूपमा प्राप्त गर्नुपर्दछ।

२६६. **सेवा प्रवाह** - बैङ्कले कर्जा लगानी तथा निक्षेप सङ्कलनका साथै अन्य बैंकिङ्ग सेवाहरू द्रुत पार्न तथा जनतालाई सहज सेवा दिन ए.टी.एम. र विद्युतीय बैंकिङ्ग सेवा पनि दिँदै आएको छ। बैङ्कले निक्षेप तर्फ रू.१६ लाख ४४ हजार ७६० निक्षेपकर्ता र कर्जातर्फ रू.२ लाख ४ हजार ७९० कर्जा ग्राहीलाई सेवा प्रदान गरेको देखिन्छ।

समग्र बैंकिङ्ग व्यवसायमा चालु प्रकृतिका कर्जाको अनुपात २० देखि २५ प्रतिशत रहेकोमा यस बैङ्कले कर्जाको ४८.६६ प्रतिशत चालु प्रकृतिका तथा साना कर्जामा लगानी गरेको कारणले प्रशासनिक खर्च बढ्न गएको देखिन्छ। साना कर्जाहरू धेरै भएकाले कर्जा अनुगमन कार्यको प्रभावकारिता न्यून रहेको छ। कर्जा तर्फको प्रशासनिक खर्च घटाई अनुगमन कार्यको प्रभावकारीता बढाउनु पर्दछ।

२६७. **गैरव्यवसायिक सम्पत्ती** - बैङ्कबाट प्राप्त विवरण अनुसार यो वर्षसम्म रू.२५ करोड २५ लाख ९२ हजारल मुल्य बरारबरको ८२ गैर बैंकिङ्ग सम्पत्ती मूल्य रहेको छ। सोको ब्याज रू.८२ करोड ३ लाख ७२ हजार उठ्न काँकी रहेकोले गैरव्यवसायिक सम्पत्तिको समयमानै व्यवस्थापन गरी आय आर्जन हुने कार्यमा ल्याउने व्यवस्था गर्नुपर्दछ।

२६८. **धितो मूल्याङ्कन** - बैङ्कले असल धितोको आधारमा साँवाको किस्ता र ब्याज समेत समयानुसार असुल हुने गरी ऋण लगानी गर्नुपर्दछ। नमूना छनोटमा परेका ८ ऋणीलाई रू.३ करोड ९१ लाख ५४ हजारको धितो मूल्याङ्कन गरी रू.१ करोड ६२ लाख १० हजार ऋण प्रवाह गरेको देखियो। उक्त ऋणमध्ये रू.१ करोड ५० लाख ५७ हजार साँवा र रू.९ लाख ४७ हजार ब्याज असुल भएको छैन। कमसल धितोको आधारमा ऋण प्रवाह गरेकोले ९२.६० प्रतिशत साँवा नै असुल नभएको अवस्था देखिएकोले धितो मूल्याङ्कन एवं ऋण प्रवाह गर्नेलाई जवाफदेही बनाई उक्त रकम असुल गर्नुपर्दछ।

२६९. **इनर्जी बण्डमा लगानी** - बैङ्कले आफ्नो स्रोतको अधिकतम उपयोग हुने क्षेत्रमा लगानी गर्नुपर्दछ। बैङ्कको यो वर्षको निक्षेप रू.१ खर्ब ६६ अर्बमा रू.११ अर्ब २३ करोड ब्याज भुक्तानी गर्दा औसतमा ब्याजदर ६.७६ प्रतिशत रहेको छ। त्यस्तै ऋण लगानी रू.१ खर्ब ७७ अर्बमा ब्याज आय रू.१९ अर्ब ५८ करोडले औसत ब्याज ११.०७ प्रतिशत रहेको छ। बैङ्क व्यवस्थापनले वोर्डबाट निर्णय

नगराई एक वाणिज्य बैङ्कको इनर्जी बण्डमा ४ प्रतिशतले १५ वर्षको लागि रू.२ अर्ब ५० करोड लगानी गरेको छ। औसत ब्याज आयको हिसाबले वार्षिक रू.१७ करोड ६७ लाखले नोक्सानी परेको देखियो। बैङ्कलाई नोक्सानी हुने गरी लगानीको निर्णय गर्ने पदाधिकारीलाई जवाफदेही बनाई उक्त वण्डको रकम फिर्ता लिने व्यवस्था गर्नु पर्दछ।

२७०. **सुधार गर्नुपर्ने कार्य** - लेखापरीक्षणबाट बैङ्कले कर्जा सदुपयोगको नियमित रूपमा निरीक्षण गर्नुपर्ने, कर्जा प्रवाह गर्दा नेपाल राष्ट्र बैङ्कको निर्देशनको पालना गनुपर्ने, आवधिक कर्जामा लगानी बढाउनुपर्ने, अन्तर शाखा हिसाब खाताहरू यथाशिघ्र मिलान गर्नुपर्ने, केन्द्रीय बैङ्कद्वारा जारी निर्देशनअनुसार पुनर्कर्जा ब्याजदर कट्टी गर्नुपर्ने, ब्याज प्रिमियम हरेक त्रैमासिकमा प्रकाशित ब्याजदरसँग मिलान गरेर निरन्तरता दिर्नुपर्ने, स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्ने र शाखा कार्यालयहरूमा रहेका सञ्चालन जोखिम नियन्त्रण गर्न राखिएका खाताहरू अद्यावधिक गर्नुपर्ने लगायतका विषयहरू औल्याउदै आए पनि सुधार भएको छैन। व्यवसायिक तबरले बैङ्कलाई सञ्चालन गर्न यस्ता विषयमा सुधार गर्नुपर्दछ।

नेपाल बैङ्क लिमिटेड

सम्वत् १९९४ सालमा नेपाल सरकार र सर्वसाधारण नागरिकको संयुक्त उद्यमको रूपमा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, अन्तर्गत सञ्चालनमा रहेको छ। बैङ्कको कुल चुक्ता पुँजी रू.१४ अर्ब ४० करोड ५९ लाखमध्ये नेपाल सरकारको ५१ प्रतिशत र अन्य संस्था तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ।

२७१. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - बैङ्कको २०७९ असार मसान्तमा शेयर पुँजी रू.१४ अर्ब ४० करोड ५९ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.२१ अर्ब ५ करोड ७७ लाख र निक्षेप तथा दायित्व रू.२ खर्ब २४ अर्ब ६१ करोड ४२ लाख रहेको देखिन्छ। स्थिर सम्पत्ति रू.१३ अर्ब २४ करोड ३१ लाख, धितोपत्र लगायत अन्य लगानी रू.४२ अर्ब ७८ करोड ६९ लाख, कर्जा लगानी रू.१ खर्ब ७७ अर्ब ६४ करोड १ लाख र चालु तथा अन्य सम्पत्ति रू.२६ अर्ब ४० करोड ७८ लाख समेत रू.२ खर्ब ६० अर्ब ७ करोड ७९ लाख कुल सम्पत्ति रहेको देखिन्छ। बैङ्कले यो वर्ष रू.१८ अर्ब ९ करोड ६३ लाख आम्दानी तथा रू.१५ अर्ब १७ करोड ३० लाख खर्च गरेको छ। खुद मुनाफा गत वर्ष रू.२ अर्ब ९६ करोड १२ लाख रहेकोमा यो वर्ष रू.२ अर्ब ९२ करोड ३३ लाख रहेको छ।

२७२. **अनुपात विश्लेषण** - बैङ्कको प्रमुख वित्तीय अनुपात अवस्था देहायअनुसार छ :

क्र.स.	विवरण	सूचकाङ्क	२०७६।७७	२०७७।७८	२०७८।७९
१	जम्मा आम्दानीको अनुपातमा खुद नाफा	प्रतिशत	१७.३४	२१.२३	१६.१५
२	प्रति शेयर आम्दानी	रुपैयाँ	२०.६८	२३.४३	२०.२९
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	४.१५	३.२९	४.७०
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	११.१६	८.७८	९.५९
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	२२.५३	२५.१०	१७.२२
६	कुल सम्पत्तिको अनुपातमा खुद नाफा	प्रतिशत	१.२२	१.३३	१.१२
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.४७	२.०५	१.८३

बैङ्कको जम्मा आम्दानीको अनुपातमा खुद नाफा गत वर्ष २१.२३ प्रतिशत रहेकोमा यस वर्ष १६.१५ प्रतिशत रहेको, प्रतिशेयर आम्दानी गत वर्ष रू.२३.४३ रहेकोमा यस वर्ष रु २०.२९ देखिएको, निक्षेप तथा ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च ३.२९ प्रतिशतबाट बढेर ४.७० प्रतिशत पुगेको, कुल सम्पत्तिको तुलनामा खुद नाफा गत वर्ष १.३३ प्रतिशत रहेकोमा यो वर्ष १.१२ प्रतिशत रहेको देखिएको छ। अन्य वित्तीय अनुपात सकारात्मक रहेपनि खुद नाफा तथा प्रति शेयर आम्दानी घटेको देखिएकोले नतिजामूलक व्यवसायिक योजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२७३. **निर्देशन पालना -** बैङ्क तथा वित्तीय संस्थाले नियामक निकाय नेपाल राष्ट्र बैङ्कबाट जारी निर्देशनको पालना गर्नुपर्दछ। नेपाल राष्ट्र बैङ्कले यस बैङ्कको २०७६।७७ को साधारण सभा सञ्चालन गर्न स्वीकृति दिँदा २०७३।७४ मा विशेष जगेडा कोषबाट सञ्चित मुनाफामा सारेको रू.१ अर्ब १९ करोड पुनः जगेडा कोषमा फिर्ता लैजान निर्देशन दिएकोमा बैङ्कले २०७८।७९ सम्म सो रकमलाई विशेष जगेडा कोषमा नदेखाई सञ्चित मुनाफामै देखाएको छ। राष्ट्र बैङ्कको निर्देशनको पालना गर्नुपर्दछ।

२७४. **शाखा हिसाब मिलान** - बैङ्कको एक शाखाले अर्को शाखाबाट शोधभर्ना गर्ने गरी रकम भुक्तानी गरेकोमा भुक्तानीको विवरण सम्बन्धित शाखामा नपठाएकोले अन्तर कार्यालय हिसाबमा फरक परेको देखिन्छ। गत वर्ष सम्म यस्तो हिसाब मिलान गर्न रू.१ अर्ब ५५ करोड ६८ लाख बाँकी रहेकोमा यो वर्ष रू.१४ अर्ब १ करोड ८० लाख दिनुपर्ने (डेबिट) र रू.१२ अर्ब ५५ करोड १ लाख लिनुपर्ने (क्रेडिट) भई खुद रू.१ अर्ब ४६ करोड ७८ लाख मिलान हुन बाँकी रहेको छ। फरक हिसाब समयमा नै भिडान गरी फरफारक गर्नुपर्दछ।

२७५. **उज्राती खाता -** बैङ्कको लेखा तथा वित्तीय विवरणअनुसार ८ उज्राती खाता रहेको देखिन्छ। ती खातामा २०७९ असार मसान्तमा डेबिट मौज्दात रू.४६ लाख ३५ हजार तथा क्रेडिट मौज्दात रू.५० लाख ६२ हजार रहेको छ। त्यस्तै विभिन्न खाताहरूमा लिनुपर्ने (डेबिट) रू.२ अर्ब ६१ करोड ४२ लाख र तिर्नुपर्ने (क्रेडिट) रू.९ अर्ब ७१ करोड ११ लाख देखाएकोमा हिसाब मिलान गरेको छैन। यस्तो फरक रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२७६. **गैरबैङ्किङ सम्पत्ति -** बैङ्कको हिसाबमा विगत वर्षदेखि २६ गैर बैङ्किङ सम्पत्तिको रू.१० करोड ८५ लाख रहेको छ। सो सम्पत्तिमध्ये २ स्थानको जग्गा विवाद अदालतमा विचाराधीन रहेको अवस्थामा बैङ्कको नाममा हालसाविक गरेको हुँदा बैङ्कले समयमा स्वामित्व यकिन गरी सम्पत्ति सुरक्षित गर्नुपर्ने देखिन्छ। बैङ्कले २०६२।६३ भन्दा अघिदेखिको गैरबैङ्किङ सम्पत्ति बिक्री गर्न सकेको छैन।

२७७. **कर्जा अपलेखन -** बैङ्कले २०७८।७९ मा कुनै कर्जा अपलेखन गरेको छैन। विगत वर्षमा अपलेखन गरेकोमध्ये यो वर्ष रू.२१ करोड ९३ लाख उठाएको छ। २०७९ असार मसान्तसम्म अपलेखित कर्जा रू.७९ अर्ब ९२ करोड ४६ लाख रहेको छ। अपलेखित कर्जा उठाउन ध्यान दिनुपर्ने देखिन्छ।

२७८. **शेयर प्रिमयममा कर -** बैङ्कले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ मा औंल्याइए अनुसार रू.३ अर्ब २५ करोड ७५ लाख शेयर प्रिमियम खर्च गरी बोनस शेयर जारी गर्दा आयकर ऐन,

२०५८ को दफा ५६ (३) बमोजिम सो रकमलाई आय मानी ३० प्रतिशतले हुने कर रू.९७ करोड ७२ लाख ५० हजार दाखिला गरेको छैन।

२७९. **सरकारी कारोबार -** सरकारी कारोबार बापत बैङ्कले २०७९ असार मसान्तमा रू.१ अर्ब ७३ करोड तथा त्रिभुवन विश्वविद्यालयको पेन्सन बापत रू.२१ करोड २७ लाख लामो समयदेखि लिनुपर्ने देखिएकोमा सोको कन्फर्मेशन प्राप्त गरेको देखिएन। उक्त प्राप्त हिसाब सम्बन्धमा यकिन गरी समयमा फरफारक गर्नुपर्दछ।

२८०. **आन्तरिक नियन्त्रण -** आन्तरिक लेखापरीक्षण विभागले संस्थागत सुशासन सम्बन्धी प्रतिवेदन तयार गरी लेखापरीक्षण समितिमा पेस गरेको छैन। बैङ्कको लेखा नीतिहरू प्रचलित वित्तीय प्रतिवेदनमान तथा राष्ट्र बैङ्कले सिफारिश गरेका लेखा नीतिसँग समान भए, नभएको बारेमा पुनरावलोकन गरेको छैन। बैङ्कले हालको लेखापरीक्षण निर्देशिकालाई परिवर्तन गरी जोखिममा आधारित लेखापरीक्षण निर्देशिका तयार गर्ने प्रक्रिया शुरु गरेको भएपनि सो कार्य २०७८।७९ को अन्त्यसम्म सम्पन्न भएको छैन।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति

नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बीच २०७४ भाद्र २९ मा भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (सम्झौता) कार्यान्वयन गर्ने निकायको रूपमा विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार बमोजिम मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति(गठन) आदेश, २०७४ अनुसार समितिको स्थापना भएको हो। सम्झौताबमोजिम अमेरिकी सरकारले अमेरिकी डलर ५०० मिलियन र नेपाल सरकारको तर्फबाट अमेरिकी डलर १३० मिलियन बराबरको रकम विनियोजन गर्नुपर्ने व्यवस्था छ। उक्त रकम ३०० किलोमिटर विद्युत प्रसारण लाइन तथा सवस्टेसन निर्माण, ७७ किलोमिटर सडकको मर्मत तथा स्तरोन्नति गर्ने कार्यमा खर्च गर्ने लक्ष्य रहेको छ। नेपाल सरकारले यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको छ।

२८१. **परामर्शदाताबाट खाता सञ्चालन -** मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति गठन आदेश,२०७४ को दफा १० मा समितिको आफ्नो एउटा छुट्टै कोष हुने र सो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, एमसीसी मार्फत् सम्झौता अवधिभर प्राप्त हुने रकम, नेपाल सरकार र एमसीसीले सहमति जनाएका अन्य रकम जम्मा गरी कोष कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने उल्लेख छ। नेपाल सरकार र एमसीसीबीचमा भएको कार्यक्रम कार्यान्वयन सम्झौताको धारा ३.१ मा खाता सञ्चालनको लागि वित्त प्रतिनिधि (फिस्कल एजेन्ट) को हस्ताक्षर आवश्यक पर्ने उल्लेख छ।समितिले गर्ने खर्चको भुक्तानीका लागि छुट्टै परामर्शदाताबाट सेवा लिई अन्तिम भुक्तानीका लागि चेक तयार गरी हस्ताक्षर गर्ने कार्यसमेत परामर्शदाताबाटै भएको छ। गठन आदेश र सम्झौतामा भएको व्यवस्था बाझिएको देखिएको छ।

२८२. **वित्तीय व्यवस्था र खर्च -** मिलेनियम च्यालेञ्ज सम्झौताको धारा २ बमोजिम सम्झौता लागू भएपछि एमसीसीले वित्तीय व्यवस्था (ईआएफ) को लागि अमेरिकी डलर ४५९.५ मिलियन र कार्यान्वयन पूर्वको कम्प्याक्ट विकास (सिडिएफ) खर्चका लागि अमेरिकी डलर ४०.५ मिलियनसमेत अमेरिकी डलर ५०० मिलियन अनुदान प्रदान गर्ने र नेपाल सरकारले अमेरिकी डलर १३० मिलियन आयोजना

कार्यान्वयनका लागि विनियोजन गर्नुपर्ने व्यवस्था छ। सम्झौताबमोजिम सिडिएफ (कार्यान्वयन पूर्वको खर्च) को लागि व्यवस्था भएको मिलिनियम च्यालेन्ज कर्पोरेसनतर्फको अमेरिकी डलर ४०.५ र नेपाल सरकारतर्फको अमेरिकी डलर ४० मिलियन निम्नानुसारको कार्यमा खर्च हुने उल्लेख छ। आयोजनाको लागि हालसम्म देहायअनुसार अमेरिकी डलर ४ करोड ५ लाख २ हजार खर्च भएको विवरण पेस भएको छः

(अमेरिकी डलर हजारमा)

क.सं.	खर्च शीर्षक	वित्तीय योजना (बहुवर्षीय)						हालसम्मको कम्प्याक्ट विकास (सिडिएफ) खर्च			खर्च प्रतिशत
		कम्प्याक्ट विकास (सिडिएफ)		कार्यक्रम विकास (ईआईएफ)		कुल					
		नेपाल सरकार	एमसीसी	नेपाल सरकार	एमसीसी	नेपाल सरकार	एमसीसी	नेपाल सरकार	एमसीसी	जम्मा	
१	विद्युत प्रसारण लाइन परियोजना	४०,०००	२२३४९	८०९००	३७५.८८४	१२०९००	३९८२३३	१६९२४	९२०२	२६१२६	५.०३
२	सडक मर्मत तथा सम्भार परियोजना	-	६१५२	२१००	४६.१३३	२१००	५२२८५	५७१	११२६	१६९७	३.१२
३	अनुगमन र मूल्याङ्कन	-	१९८	-	९.२९४	-	९४९२	-	-	-	०
४	कार्यक्रम व्यवस्थापन र प्रशासन	-	११८०१	७०००	२८१८९	७०००	३९९०	६०१४	६६६५	१२६७९	११५.३७
	जम्मा	४०,०००	४०,५००	९०,०००	४५९.५००	१३०,०००	५००,०००	२३,५०९	१६,९९३	४०,५०२	६.४३

सिडिएफ (कम्प्याक्ट विकास) तर्फ हालसम्म मिलेनियम च्यालेन्ज स्रोततर्फ अमेरिकी डलर १६.९९ मिलियन डलर अर्थात् सम्झौता रकमको ४१.९५ प्रतिशत र नेपाल सरकारतर्फ अमेरिकी डलर २३.५० मिलियन अर्थात् ५८.७७ प्रतिशत खर्च भएको देखिन्छ। मिलेनियम च्यालेञ्ज सम्झौता कार्यान्वयनका लागि भएको कार्यक्रम कार्यान्वयन सम्झौताको धारा २.१३ सँग सम्बन्धित अनुसूची - ३ मा नेपाल सरकारले व्यहोर्ने सिडिएफ खर्च ४० मिलियन अमेरिकी डलर विद्युत लाइन विस्तार आयोजनामा मात्र खर्च गर्ने उल्लेख भए तापनि एमसीसी स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारतर्फ सडक मर्मत तथा सम्भार परियोजनामा रू.१ करोड २६ लाख २० हजार र कार्यक्रम व्यवस्थापन र प्रशासनमा रू.१४ करोड ६५ लाख ७२ हजार गरी रू.१५ करोड ९१ लाख ९३ हजार खर्च गरेको छ।मिलेनियम च्यालेन्ज कर्पोरेसन स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको स्रोतबाट खर्च भएकोले उक्त रकम शोधभर्ना प्राप्त गर्नुपर्दछ।

२८३. **परामर्श खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ निकायको परामर्श सम्बन्धी सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा सार्वजनिक निकायले कुनै कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ। यस कार्यालयमा प्रमुख वित्तीय व्यवस्थापन विज्ञ १, वित्तीय व्यवस्थापन अधिकृत २ र आन्तरिक नियन्त्रण पालना विज्ञ १ को दरबन्दी रहेको देखिन्छ। दरबन्दीअनुसार कार्यालयमा रहेका कर्मचारीबाट आर्थिक कारोबारको लेखा राख्न र भुक्तानीको सिफारिस गर्न तथा भुक्तानी दिन सकिने भए तापनि कम्प्याक्ट विकास खर्च वित्तीय कारोबारको लागि भनी वित्त प्रतिनिधि (फिस्कल एजेन्ट) को रूपमा एक परामर्शदाता नियुक्त गरी अमेरिकी डलर ५.०५ मिलियनको सम्झौता गरी यो वर्ष अमेरिकी डलर १२ लाख ९३ हजारसमेत हालसम्म अमेरिकी डलर ३७ लाख २९ हजार खर्च गरेको देखिन्छ। संस्थाका कर्मचारीबाटै सम्पादन हुन सक्ने कार्यका लागि गरिने थप खर्चलाई न्यूनीकरण गर्नुपर्दछ।

बीमा प्राधिकरण

विकसित स्वास्थ्य र पेशागत बीमा बजारको विकास गर्ने मूल उद्देश्य लिई बीमा व्यवसायलाई व्यवस्थित, विकसित, नियमित र नियन्त्रण गर्नका लागि एक स्वायत्त संस्थाको रूपमा यस प्राधिकरणको स्थापना भएको हो। बीमा ऐन, २०७९ अनुसार साविकको बीमा ऐन, २०४९ खारेज भई २०७९।७।२२ मा साविकको बीमा समिति नेपाल बीमा प्राधिकरणमा परिणत भएको छ।

२८४. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - यस वर्षको सञ्चित कोष रू.६ अर्ब ८२ करोड २५ लाख रहेको छ। जम्मा सम्पत्ति रू.६ अर्ब ८२ करोड २५ लाख मध्ये स्थिर सम्पत्ति रू.५७ करोड ५५ लाख, लगानी रू.३ अर्ब ८२ करोड २ लाख, निर्माणाधीन सम्पत्ति रू.१ करोड १४ लाख, चालु सम्पत्ति रू.३ अर्ब ६५ करोड १५ लाख र चालु दायित्व तथा व्यवस्था रू.१ अर्ब २३ करोड ६१ लाख रहेको छ। आयकर पछिको सञ्चालन मुनाफा गत वर्ष रू.६१ करोड ४३ लाख रहेकोमा यस वर्ष रू.१ अर्ब ५६ करोड ६४ लाख रहेको छ। प्राधिकरणले यस वर्ष पनि नेपाल सरकारको सञ्चित कोषमा कुनै रकम दाखिला नगरेकोले कानूनी व्यवस्था मिलाई बाँकी रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२८५. **बीमा कम्पनीको नवीकरण** - बीमा ऐन, २०४९ को दफा ११ अनुसार बीमा कम्पनीहरूले वित्तीय विवरण, लेखापरीक्षण प्रतिवेदन, बीमांकीको प्रतिवेदन पेस गरी प्रत्येक वर्ष व्यावसाय नविकरण गर्नुपर्ने व्यवस्था छ। सो नगरेका इजाजत नै रद्द गर्न सकिने व्यावस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा छन्:

२८५.१ विदेशमा मुख्य कार्यालय रहेका विदेशी बीमा कम्पनीहरू २ ले नेपालमा दर्ता भई व्यवसाय गरे पनि ऐनमा भएको व्यवस्था अनुसारका कागजात नै पेस नगरी नवीकरण गराएका छन्। लेखापरीक्षण प्रतिवेदन, बीमांकीको प्रतिवेदन लिएर नवीवरण गर्ने एवं कारोबारको अनुगमन गर्नुपर्दछ।

२८५.२ राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनीले बिगत ७ वर्षको लेखापरीक्षण नगराएकोले पटक-पटक अर्थ मन्त्रालय, बीमा प्राधिकारणका पदाधिकारी लगायतका सहभागितामा बैठक आयोजना गरिएकोमा अवधिसम्म उक्त वर्षहरूको लेखापरीक्षण सम्पन्न हुन सकेको छैन। गत विगतमा प्राधिकरणको ध्यानाकर्षण गराई लिखित पत्राचारसमेत गरिएकोमा कुनै कारबाही भएको छैन।

२८६. **कोरोना बीमा** - अर्थ मन्त्रालय (सचिवस्तरको) २०७७।४।१६ को निर्णयबाट कोरोना बीमा मापदण्ड, २०७७ स्वीकृत भएको देखिन्छ। मापदण्डअनुसार रू.३ अर्ब ५० करोड भन्दा बढीको दाबी रकम भुक्तानी गर्ने हकमा दायित्व ब्यहोर्ने निकाय नेपाल सरकार हुने उल्लेख छ। उक्त दायित्वको अधिकतम सीमा कायम गरिएको छैन। प्रिमियमको रकम कम्पनीहरूले प्राप्त गरेको अवस्थामा असीमित दायित्व नेपाल सरकारले ब्यहोर्ने निर्णय भए तापनि सो वितरणको मापदण्ड तथा कार्यविधि तर्जुमा गरेको छैन। असीमित दायित्व नेपाल सरकारले व्यहोर्ने यस्तो निर्णय उपयुक्त देखिएन। सो बीमा मापदण्डमा बीमा समितिले ब्यहोर्ने दायित्वको दाबी भुक्तानीको प्रकृया बेगर गत वर्ष नेपाल बीमक संघलाई रू.१ अर्ब भुक्तानी गरेको छ। गैरसरकारी संस्थाको रूपमा रहेको संघलाई यस्तो रकम भुक्तानी गर्नु नियमसम्मत देखिएन। नेपाल सरकारबाट कोरोना बीमा बापत २०७९ आषाढ मसान्तसम्मको रू.६ अर्ब १० करोड १५ लाख भुक्तानी भएको छ। भुक्तानी गर्न बाँकी बीमा दाबी रकम सरकारी अभिलेखमा रू.१० अर्ब ५२ करोड ३२ लाख रहेकोमा प्राधिकरणको अभिलेखमा

रू.९ अर्ब ७२ करोड ६३ लाख रहेको छ। यसरी उक्त २ अभिलेखबीच रू.७९ करोड ६९ लाख भिन्नता रहेको देखिएकोले यस सम्बन्धमा यकिन गरी कोरोना बीमा दाबी भुक्तानी सम्बन्धमा समयमै निर्णय गर्नुपर्दछ।

२८७. **बाली तथा पशुपन्छी कोष -** बाली तथा पशुपन्छी बीमा गरी कृषि क्षेत्रलाई विस्तार एवं प्रवर्द्धन गर्ने, कृषकहरूको काबु बाहिरको परिस्थितिबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरूलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने, कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्ने तथा लगानीलाई प्रोत्साहन र कृषि उत्पादनलाई वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने उद्देश्य अनुसार यो कोष सञ्चालित छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२८७.१ बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ को बादा नं. ११ मा बीमकले आफू समक्ष परेका बाली तथा पशुपन्छी बीमा दाबीको तत्काल छानबिन गरी ३० दिनभित्र दाबी भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस वर्ष विभिन्न २० बीमा कम्पनीमा परेको दाबीमध्ये रू.६७ करोड ५९ लाख ९४ हजार दाबी भुक्तानी भई रू.१ अर्ब ९९ करोड ९० लाख बीमा दाबी भुक्तानी गर्न बाँकी रहेको देखिन्छ। उक्त दाबी रकमको यथार्थता यकिन गरी समयमा नै भुक्तानी गर्नुपर्दछ।

२८७.२ कृषि तथा पशुपन्छी बीमालेख निर्देशनको बुँदा नं. ६(१८) मा बीमकले बीमालेखको दायित्व भुक्तानी गर्दा अनुगमन गर्नुपर्ने, कुल बीमालेखमध्ये ५ प्रतिशत कृषि तथा पशुपन्छी बीमालेख हुनुपर्ने उल्लेख छ। समितिले सोको कार्यान्वयन स्थिति अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। कोषको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।

२८८. **बीमा लेख तथा शुल्क -** बीमालेख र बीमालेख शुल्क तय गर्नको लागि प्राधिकरणमा एक सल्लाहकार समिति रहने यस्तो समितिले बीमालेख र बीमालेख शुल्क निर्धारण गर्नको लागि आवश्यक अध्ययन गरी दरहरू निर्धारण गर्ने व्यवस्था रहेको छ। प्राधिकरणले सो सम्बन्धी कार्यविधि बनाएको छैन। बीमा कम्पनीहरूले सवारी साधन, निर्माणाधीन संरचना लगायतमा लिने शुल्क तथा प्रिमियम दर, क्षतिपूर्ति दाबी जस्ता पक्षलाई विश्लेषण नगरी दर निर्धारण गर्दा बीमाको लागत बढेको देखिन्छ। बीमा कम्पनीहरूले बिक्री गर्ने बीमालेखहरूको कभरेज र प्रिमियम दर निर्धारणका लागि मापदण्ड तर्जुमा गरी बीमा व्यवसायलाई व्यवस्थित गर्नुपर्दछ।

२८९. **विवाद निरूपण -** प्राधिकरणले बीमा ऐन, २०४९ को दफा ८(घ) मा बीमक तथा बीमित बीचको विवाद परेमा मध्यस्थता गर्ने र बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजुरी उपर निर्णय गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणमा गत वर्षसम्म १८३ मुद्दा फस्यौंट हुन बाँकी रहेकोमा यो वर्ष थप १५५ समेतमा १५३ फस्यौंट भई १८५ मुद्दा एवं उजुरी फस्यौंट हुन बाँकी छन्। यस्ता उजुरीहरू ४ वर्ष अघि देखिका बाँकी रहेकोले समयमै निर्णय गर्नुपर्दछ।

यो वर्ष समितिले ३२ बीमकहरूको स्थलगत निरीक्षण गरेकोमा ३ कम्पनीहरको स्थलगत निरीक्षण प्रतिवेदन पेस गरेको छैन। समितिले बीमा कम्पनीहरूको अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी बनाउँदै लैजानुपर्दछ। विदेशी बीमा कम्पनीहरूले आवश्यक कागजात पेस गरी प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेमा मुख्य कार्यालय विदेशमा रहेका कम्पनीले आवश्यक कागजात पेस नै नगरी नवीकरण गराएकोमा अनुगमन हुँदा तत्सम्बन्धी कुनै व्यहोरा उल्लेख नगरेको एवं कम्पनीले आफ्नो कारोबारको नियमित लेखा परीक्षण प्रतिवेदन पेस नगरेकोमा समेत नियमानुसार कारबाही गरेको छैन।

२९०. **सम्पत्ति शुद्धीकरण निवारण -** बीमा प्राधिकरणले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) तथा बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) बमोजिमको अधिकार प्रयोग गरी बीमा समितिले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५ जारी गरेको छ। उक्त निर्देशिकाको बुँदा ११ मा निर्जीवन बीमालेखको बीमा शुल्क रू.३ लाख वा सोभन्दा बढीको र जीवन बीमाको हकमा रू.१ लाख वा सो भन्दा बढी बार्षिक बीमा शुल्क बुझाउने बीमितहरूको विवरण बीमकले प्रत्येक कारोबार भएको १५ दिनभित्र समितिको वित्तीय जानकारी एकाइमा पठाउनुपर्नेमा कतिपय बीमकहरूले निर्देशन बमोजिम प्रतिवेदन नगरेको, तयार गर्ने, बीमितको जोखिम वर्गीकरण गर्दा सबै न्यून जोखिम वर्गमा वर्गीकरण गरेको बीमकहरूले निर्देशनको पूर्णरूपमा पालना गरेको छैन। बीमा समितिले यस सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने देखिन्छ।

२९१. **बीमालेख समर्पण** - जीवन बीमा व्यवसायहरूको बीमा समर्पण दर गत वर्ष सम्म ४.२० प्रतिशत रहेकोमा यो वर्ष ८.८० प्रतिशत पुगेको छ। जीवन बीमा कम्पनीले रू.१ खर्ब ३८ अर्ब ३५ करोड बीमा शुल्क सङ्कलन गरेकोमा ८.८० प्रतिशतले रू.१२ अर्ब १८ करोडको बीमालेख समर्पण भएको सम्बन्धमा थप छानविन गरी यसले समग्र बीमा व्यवसायमा परेको असर सम्बन्धमा प्राधिकारणले यकिन गरी आवश्यक निर्देशन दिनुपर्दछ।

२९२. **क्रस होल्डिङ -** संस्थापक शेयर कारोबारसम्बन्धी निर्देशिका, २०७७ को निर्देशन १०(१) अनुसार कुनै व्यक्ति, एकाघर परिवार, समूह वा संगठित संस्थाले कुनै एक बीमकको संस्थापक शेयरमा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य समान प्रकृतिको बीमा व्यवसाय गर्ने बीमकमा चुक्ता पुँजीको बढीमा १ प्रतिशत भन्दा घटी मात्र लगानी गर्न सक्ने र तोकिएको सीमाभन्दा बढी लगानी गरेको संस्थापक वा संस्थापक समूहको शेयर दुई वर्ष भित्र बिक्री गरी सीमा भित्र कायम गरिसक्नुपर्ने व्यवस्था रहेको छ। बीमा कम्पनीहरूले अन्य बीमा कम्पनीहरूको शेयरमा लगानी गर्दा चुक्ता पुँजीको १५ प्रतिशत भन्दा बढी एकै बीमकको र एकै ब्यक्ति, एकै घर परिवारले ९ जीवन बीमा र १३ निर्जीवन बीमा कम्पनीबाट एक प्रतिशत भन्दा बढी लगानी गरेको देखियो। निर्देशिकामा उल्लेख भएअनुसार लगानीको सीमा कायम गर्नुपर्दछ।

२९३. **आयकर** - आयकर ऐन, २०५८ को दफा ८ बमोजिम कर्मचारीलाई दिएको सबै सुबिधालाई समावेश गरी पारिश्रमिकमा गणना गरेर कर निर्धारण गर्नुपर्नेमा सन्तुलन परीक्षणमा देखाएको रू.१० करोड ३४ लाख ४७ हजार मध्ये रू.६ करोड ६१ लाख ६१ हजार मात्र पारिश्रमिकमा गणना गरेको पाइयो। अतः फरक रू.३ करोड ७२ लाख ८५ हजार समेत सम्बन्धित कर्मचारीको पारिश्रमिकमा समावेश गरी लाग्ने कर निर्धारण गर्नुपर्दछ।

नेपाल धितोपत्र बोर्ड

मुलुकको अर्थतन्त्रमा पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने, लगानीकर्ताहरूको हित संरक्षण गर्नका लागि धितोपत्रको निष्काशन खरिद, बिक्री, वितरण तथा विनियमलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्न २०५९ सालमा बोर्डको स्थापना भएको छ।

२९४. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बोर्डको २०७९ आषाढ मसान्तको कोष तथा जगेडा रू.२ अर्ब ३२ करोड ३४ लाख, गैह्र चालु दायित्व रू.१४ करोड ३ लाख र चालु दायित्व रू.७ करोड ३८ लाख रहेको छ। खुद स्थिर सम्पत्ति रू.३ करोड ९७ लाख, लगानी रू.२ करोड ७३ लाख, अन्य सम्पत्ति रू.५३ करोड ५० लाख र चालु सम्पत्ति रू.१ अर्ब ९३ करोड ५५ लाखसमेत सम्पत्ति रू.२ अर्ब ५३ करोड ७५ लाख रहेको छ। सञ्चालन नाफा गत वर्ष रू.६६ करोड ४७ लाख रहेकोमा यो वर्ष रू.४७ करोड ९८ लाख रहेको छ।

२९५. **बोर्डको संरचना -** समितिहरूको कार्य सम्पादन बोर्डमा सञ्चालक समिति, लेखा समितिको अतिरिक्त अन्य १० समिति कार्यरत रहेका छन। सो मध्ये पदपुर्ति समितिको ४५ पटक, धितोपत्र दर्ता अनुगमन समितिको ५५ पटक र खरिद एकाइ समितिको बैठक ३६ पटकसम्म बसेको एवं बैठक भत्ता बाहेक रू.१८ लाख ४२ हजार खर्च लेखेको देखियो। कार्य सम्पादनको एजेन्डा र कार्य बोझको आधारमा यस्ता समितिको कार्य छरितो बनाई खर्चमासमेत मितव्ययिता ल्याउनु पर्दछ।

२९६. **धितोपत्र बजार -** धितोपत्र बजारमा गत वर्षसम्म ५२० बजार सहभागी रहेकोमा यो वर्ष ५३ थप भई ५८३ पुगेका छन्। धितोपत्र बजारमा वृद्धि भए तापनि यो वर्ष गत वर्षको तुलनामा बोर्डको आय १८ प्रतिशत घट्न गई कुल मुनाफा रू.९४ करोड ८४ लाखवाट यो वर्ष रु ६८ लाख ३४ हजारमा सीमित भएको छ। कर्मचारी खर्च गत वर्षको तुलनामा १५० प्रतिशत वृद्धि भएकोले सञ्चालन नजिता अपेक्षा गरे अनुसारको हुन सकेको छैन। आयमा विविधीकरण र खर्चमा मितव्ययिता ल्याउन जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्दछ।

२९७. **भित्री कारोबार -** धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ९१ मा कुनै व्यक्तिले सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पार्न सक्ने भित्री सूचना वा जानकारीहरूको आधारमा आफुले धितोपत्र कारोबार गरेमा वा अरुलाई गर्न लगाएमा भित्री करोबार गरेको मानी सोही ऐनको दफा १०१ अनुसार दण्ड सजाय हुने व्यवस्था छ। धितोपत्र बजारमा अस्वाभाविक रूपले शेयरको मूल्य घटबढ लगायतका भित्री कारोबार गरेको गुनासो आउने गरेको छ। भित्री कारोबार र सो सम्बन्धी गुनासो सम्वोधन गर्ने प्रणालीको व्यवस्था मिलाउनु पर्दछ।

२९८. **जग्गा खरिद -** जग्गा खरिद गर्नुपूर्व जग्गाको नापजाँच र स्वामित्व यकिन गरी निर्णय गर्नुपर्नेमा सो बेगर नै उपत्यका विकास प्राधिकरणलाई २०७७।११।१२ मा ७ रोपनी जग्गा खरिदका लागि रू.४२ करोड ५६ लाख पेस्की दिएकोमा जग्गाको स्वामित्व प्राप्त हुन नसकी पेस्की बाँकी रहेको छ। सम्बन्धित निकायसँग समन्वय गरी जग्गा प्राप्त गर्नुपर्दछ।

२९९. **अनुगमन, सुपरीवेक्षण र निगमन -** धितोपत्र ऐन, २०६३ को परिच्छेद-८ अनुसार धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दलालहरूको कार्य उपर बोर्डले नियमित रूपमा प्रभावकारी ढङ्गबाट नियमन, अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्नुपर्ने व्यवस्था छ। धितोपत्र बजार तथा दलालहरूको अनलाइन रियल टाइम अनुगमन कार्यका लागि नेपाल अनलाइन टेड्रिङ सिस्टम जडान गरे तापनि धितोपत्र दलाल व्यावसायीले प्रयोग गर्ने सफ्टवेयर र नेप्सेको कारोवार प्रणालीको तथ्याङ्कमा भिन्नता देखिएको, आई.पी.ओ. एलटमेट सफ्टवेयरको न्यूनतम विशेषता निर्धारण नभएको, सूचीकृत संस्थाको कोषको उपयोग प्रतिवेदनले समेट्न नसकेको, धितोपत्र व्यवसायीहरूको वित्तीय विवरणको ढाँचामा

विविधता हुँदा पनि टिप्पणी नगरिएको, मर्जरमा गएका बैङ्कहरूले तोकेअनुसारको समयमा वित्तीय विवरण पेस नगरेको अवस्था छ।

धितोपत्र बजार सहभागीहरूको लक्ष्यअनुसार स्थलगत अनुगमन नगरेको, आस्वा, सूचीकृत संस्था र संस्थागत लगानीकर्ताहरूको अनुगमन नगरेको, सूचीकृत संस्थाहरूले निर्देशिकाअनुसारको सुशासन प्रतिवेदन पेस नगरेकोमा कारवाही नगरेको, आई. पी. ओ., राइट तथा बोनस शेयर र ऋणपत्र स्वीकृति तोकिएको समयावधिमा नदिएको, भित्री कारोबार नियन्त्रण गर्ने जस्ता विषयहरूमा प्रभावकारी अनुगमन, सुपरीवेक्षण र नियमन भएको छैन।

३००. **वार्षिक कार्य सम्पादन -** बोर्डले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित ऐनले तोकेबमोजिम गर्नुपर्दछ। बोर्डले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, गत वर्ष बैङ्कबाट प्राप्त गरेको शुल्क रू.२६ लाख ३४ हजार यस वर्ष आम्दानी लेखाङ्कन गरेको, वार्षिक खरिद योजना बेगर सामग्री खरिद गरेको, लेखा शीर्षकको चार्ट अफ एकाउन्ट्स नबनाएको, वस्तु विनिमय बजार अनुसार कारोवार गर्न ६ निकायले २०७६।३।११ मा दिएको निवेदनमा कारवाही टुङ्गो नलगाएको, विशिष्टीकृत लगानी कोष व्यवस्थापन अनुमति माग गरेका ४ निकायको कारवाही नटुङ्ग्याएको, सूचना प्रविधि सफ्टवेयर खरिद गर्न विनियोजित रू.६ करोड ९७ लाख खर्च नगरेको, गत वर्षको आय विवरण बुझाउँदा रू.९३ लाख २२ हजार शुल्क तिरी व्ययभार बढाएको जस्ता विषयमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

३०१. **ओभर द काउन्टर कारोवार -** धितोपत्र बजारमा सूचीकृत नभएका वा सूचीकरण खारेज भएका कम्पनीको शेयर कारोवार हस्तान्तरण एवं राफसाफ गर्ने कार्यका लागि यो वर्ष ५३ संस्थाको रू.१ करोड ७९ लाख कित्ता शेयरको रू.२ अर्ब १९ करोडको कारोवार भएको छ। सोको लागि खर्च कट्टी गर्ने पद्धतिको कुनै मापदण्ड नबनाएकोले सोबाट दाखिला भएको लाभकर यकिन गरेको छैन। खर्च कट्टीको अवस्थावारे नमूना छनोट गरेर पुँजीगत लाभ कर गणना लगायतका विषयमा नियमन गर्नुपर्दछ।

३०२. **कानून तथा कार्यविधि निर्धारण -** बोर्डले धितोपत्र व्यवसायलाई व्यवस्थित बनाउन धितोपत्र विनिमय, गैर आवासीय नेपालीलाई प्रवेश गराउन कानूनी, संस्थागत सुशासन सम्बन्धी निर्देशिका, क्षतिपूर्ति कोष सम्बन्धी नियमावली, छुट्टै राफसाफ कम्पनीको स्थापना, एस.एम.एस.प्लेटफर्ममा आधारित सुपरभिजन मेनुअल जस्ता कानूनी एवं कार्यान्वयन संयन्त्र निर्माण गर्ने कार्यक्रमहरू कार्यान्वयन गरेको छैन।

३०३. **उजुरी कारबाही -** बोर्डमा प्राप्त भएका शङ्कास्पद कारोवार तथा गुनासो अन्तर्गत २०७८।२।५ मा एक इन्सुरेन्सको कारोवारमा ११ प्रतिशत फरक परेको, एक हाइड्रो पावरको शेयर धनीले २०७८।५।४ मा धितोपत्रको दोस्रो बजारमा कारोबार गरेको, १२ कम्पनीमा बजारको निजी कारोवार तथा कोड उपर सञ्चालक तथा पदाधिकारीको संलग्नता रहेको, शेयर कर्नीरिङमा एक व्यक्तिको भूमिका, दुई विद्युत कम्पनीका अध्यक्षलेनै कारोबार गरेको लगायतका विषयमा परेका उजुरी सम्बन्धमा टुङ्गो लगाएको छैन। धितोपत्र निजी कारोवार सम्बन्धी नियमावली, २०७६ तर्जुमा गरिए तापनि स्वीकृति भएको छैन।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा तत्कालीन कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था २०५० मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट सञ्चालन भइरहेको छ। यो कम्पनीले नेपालमा संगठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ। नेप्से धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेञ्ज हो। संस्थाको कुल चुक्ता पुँजी रू.१ अर्बमध्ये नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको १४.६० प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ६.१४ प्रतिशत तथा अन्यको १०.६० प्रतिशत स्वामित्व रहेको छ। स्टक एक्सचेन्जको सदस्यता प्राप्त ५० धितोपत्र दलाल कम्पनीमार्फत् धितोपत्रको कारोबार हुँदै आइरहेको छ। नेप्सेमा २०७८।७९ सम्म २३५ पब्लिक कम्पनी सूचीकृत रहेका छन्।

३०४. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७९ आषाढ मसान्तको शेयर पुँजी रू.१ अर्ब, जगेडा कोष, सञ्चित नाफा र अन्य कोष समेत रू.६ अर्ब ३९ करोड ३८ लाख, गैह्र चालु दायित्व रू.९१ करोड ७२ लाख र चालु दायित्व रू.३८ करोड ५० लाख रहेको छ। गैह्र चालु सम्पत्ति रू.४ अर्ब ३६ करोड ८६ लाख र चालु सम्पत्ति रू.४ अर्ब ३२ करोड ७४ समेत कुल सम्पत्ति रू.८ अर्ब ६९ करोड ६० लाख रहेको छ। गत वर्ष रू.१ अर्ब ९४ करोड ६ लाख खुद मुनाफा रहेको कम्पनी यस वर्ष रू.१ अर्ब ६९ करोड ८८ लाख नाफामा रहेको छ। कम्पनीको यो वर्ष रू.२ अर्ब ७८ करोड २१ लाख सञ्चालन आम्दानी र रू.३१ करोड ४२ लाख सञ्चालन खर्च गरेको छ।

३०५. **अनुदान खाता मिलान -** कम्पनीले भारत सरकारबाट नेपालले अनुदानमा पाएको रू.१४ करोड ७२ लाखको सफ्टवेयर सीडीएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई हस्तान्तरण गरेको छ। सो अनुदानको रकम कम्पनीले पुँजीगत जगेडा कोषमा जम्मा गरेको छ। सीडीएस एण्ड क्लियरिङ्ग लिमिटेडको १४ लाख ७२ हजार कित्ता शेयर नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्दछ।

३०६. **आन्तरिक नियन्त्रण व्यवस्था-** कम्पनीले सञ्चालनमा ल्याएको सफ्टवेयर तथा अन्य व्यवस्थालाई स्वचालित, जोखिम रहित बनाउनुपर्नेमा सोअनुसार भएको छैन। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

३०६.१ यस वर्ष नेप्सेमा २ अर्ब ४९ करोड कित्ता शेयर खरिद बिक्रीबाट रू.१२ खर्ब २० अर्बको धितोपत्र कारोबार भएको छ। गत वर्ष भन्दा संख्याको आधारमा २६.८० प्रतिशत र रकमको आधारमा १७.३५ प्रतिशत न्यून रहेको छ। कारोबार तथ्यांकको विश्लेषण गर्दा यो वर्ष २२ कम्पनीले साधारण शेयर सूचीकृत गरेका, २२ कर्पोरेट ऋण पत्र जारी भएका, ९ सरकारी र ४ म्युचियल फण्ड सूचीकृत भएपनि बजार २३९ दिन खुलेको र कारोबार संख्यामा ४.५७ प्रतिशतले कमी भई १ करोड ४७ लाख रहेको छ।

३०६.२ नेप्सेले दोस्रो बजारमा सम्भावित गुनासो सम्बोधन गर्न टोल फ्री नम्बर उपलब्ध गराए पनि नम्बरमा आएको टेलिफोन सम्बन्धित विभागहरूमा ट्रान्सफर गर्नका लागि मात्र प्रयोग भइरहेको छ। गुनासोको लागि प्राप्त कुल कलहरूको डाटाबेस तयार गरी गुनासो व्यवस्थापन गर्नुपर्दछ।

३०६.३ धितोपत्रको क्लियरिङ्ग र सेटलमेन्टको जिम्मेवारी नेप्सेको भए तापनि नेप्सेले यो जिम्मेवारी आफ्नो सहायक कम्पनी सीडीएस एन्ड क्लियरिङ्ग लिमिटेडलाई दिएको छ। सीडीएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर नामक एपमा बिक्रेताको नाफा र कर गणना गर्ने प्रयोजनका लागि बिक्री गरिएको स्टकको लागत निर्धारण गर्दा प्रयोगकर्तालाई स्टकको मूल्य प्रणालीमा संशोधन गर्न पहुँच दिएको पाइयो। प्रणालीबाट प्राप्त तथ्याङ्कलाई लिङ्क नगरी लागत सम्पादन हेरफेर गर्ने पहुँच प्रयोगकर्तालाई दिँदा प्रयोगकर्ताले लागत रकम हेरफेर गर्न सक्ने र नाफा एवं करलाई प्रभाव पार्ने जोखिम रहेकोले खरिद लागत सिस्टमवाट नै लिंक गर्ने र अन्य खर्च प्रविष्टि गर्न दिने व्यवस्था मिलाउनु पर्दछ।

३०७. **सेवा प्रवाह -** पुँजी बजारमा विगत वर्षको पुँजीकरण रू.४० खर्ब १० अर्ब रहेकोमा यो वर्ष कारोबार संख्या, कारोबार परिमाण र नेप्से सूचकमा कमी आएकोले बजार पुँजीकरण रू.२८ खर्ब ६९ अर्ब मात्र रहेको छ। सो रकम देशको कुल ग्राहस्थ उत्पादनको करिब ५९.१४ प्रतिशत हुन आउँछ। पुँजीबजारलाई सबल र सुरक्षित बनाउन दलाल कम्पनीले सञ्चालन गर्ने प्रणाली, नेप्सेको अनलाइन कारोबार प्रणाली र सीडीएसको प्रणाली, त्यसको सञ्चालनमा समन्वय गरी एकीकृत प्रणालीको विकास गर्नुपर्दछ।

३०८. **बोनस व्यवस्था एवं खर्च-** बोनस नियमावली, २०३९ को नियम ६(२) बमोजिम नेपाल सरकारको स्वामित्त्वमा नाफा आर्जन गर्ने उद्देश्यले नेपाल सरकारले तोकेको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानले आफूले आर्जन गरेको प्रत्येक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत बराबरको रकम कर्मचारी बोनस बापत छुटयाउनु पर्ने उल्लेख छ। कम्पनीले २०७७।७८ को लागि रू.२ करोड ८० लाख ८६ हजार र २०७८।७९ को लागि रू.८ करोड ८२ लाख ८७ हजार बोनस व्यवस्था गरेको छ। बोनस वितरणको लागि अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। कम्पनीले २०७७।७८ को खुद नाफाको १ प्रतिशत कर्मचारी बोनसको लागि व्यवस्था गरी वित्तीय विवरण तयार गरी वार्षिक साधारण सभाबाट स्वीकृत गराएको पाइयो। कम्पनीले गरेको बोनस व्यवस्थामा चित्त नबुझाई कर्मचारीहरूले श्रम कार्यालयमा निवेदन दिएको पाइयो। श्रम कार्यालयले कम्पनी एकाधिकार संस्था नभएकोले खुद नाफाको ५ प्रतिशत कर्मचारी बोनसको रूपमा वितरण गर्नुपर्ने निर्णय गरेको छ।श्रम कार्यालयको निर्णय अनुसार कम्पनीले बोनसको रकम पुनरावलोकनको गरेको देखिएन।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगत वर्षको प्रतिवेदनमा प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, समयमा ऋण तथा अनुदान शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, राजस्व बक्यौता बढ्दै गएको, सञ्चित कोषको ढाँचाअनुसार विवरण नबनाएको, सञ्चित कोषको फरक रकमको हिसाब मिलान नगरेकोले यथार्थ हिसाब नदेखाएको, भन्सारतर्फ दरबन्दी फरक पारी घटी असुली गरेको व्यहोराबाट राजस्व असुलीमा कमी भएको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानूनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, समानुपातिक कट्टी नगरेको कारण मूल्य अभिवृद्धि कर क्रेडिट बढेको आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रूपमा बढ्न नसकेको लगायतका व्यहोरा गत विगत वर्षको

प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत १३५ निकायमा यो वर्ष रू.३४ अर्ब ८४ करोड २४ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३६ निकायले रू.२ अर्ब ३७ करोड ३६ लाख १७ हजार फर्स्यौट गरेकोले रू.३२ अर्ब ४६ करोड ८७ लाख ८३ हजार बाँकी रहेको छ। सोमध्ये रू.८१ लाख ४८ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समितिसमेत २ निकायमा यो वर्ष रू.१६ करोड ४० लाख १८ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा औद्योगिक नीति, कानून, मापदण्ड र नियमन, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, व्यावसायिक फर्म व्यवस्थापन, खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानूनी मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय व्यापार पारवहन तथा सो सम्बन्धी सन्धि सम्झौता कार्यान्वयन र नियमन, व्यापारसम्बन्धी नीति, कानून सहजीकरण र नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ३८ निकायबाट सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत २९ सरकारी कार्यालयको निम्नानुसार रू.७ अर्ब ७२ करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
५२८४२	१८७१९	४४६२	१२७०	७७२९३

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ, कृषि तथा पशुपन्छी विकास, भौतिक पूर्वाधार र रक्षा मन्त्रालयअन्तर्गतका निकायबाट भएको खर्च रू.७९ करोड ६ लाख समावेश छैन।

२. **संगठित र अन्य संस्था -** यो वर्ष ९ संस्थाको रू.१३ अर्ब ७२ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** यस वर्षको लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

(रू. लाखमा)

कार्यक्रम	बजेट	खर्च	वित्तीय प्रगति	भौतिक प्रगति प्रतिशत
औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम	२८७	५३	१८.४७	४५.४९
व्यापार सूचना तथा निर्यात सहयोग	३४२	१०३	३०.१२	५०
नेपाल-भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना	१५२६८	६१६३	४०.३७	४१.०२
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना	१२१९५	६५१४	५३.४२	६९.१७
औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत	२३९६२	६८६७	२८.६६	३५
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड	५९०५	१०४१	१७.६३	१८.४
रणनीतिक सडक संजाल तथा व्यापार सुधार आयोजना	७६९४	१५६	२.०३	५
नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना	५६०	२४८	४४.२९	५३

प्राप्त विवरणअनुसार औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम, व्यापार सूचना तथा निर्यात सहयोग, लगायत ६ कार्यक्रम/आयोजनामा ५० प्रतिशतभन्दा कम भौतिक प्रगति देखिन्छ। औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम, लगायत ४ कार्यक्रम/आयोजनामा भौतिक र वित्तीय प्रगतिबीच तालमेल देखिँदैन।

४. **आवधिक योजना कार्यान्वयन** - राष्ट्रिय अर्थतन्त्रमा उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई प्रबलीकरण गरी क्षेत्रगत योगदान बढाउने, उपभोक्ता हित तथा आपूर्ति प्रणालीमा नागरिकको सहज पहुँच बनाउने मुख्य लक्ष्यसहित पन्ध्रौं योजनाले २०७८।७९ का लागि निर्दिष्ट गरेका क्रियाकलापमध्ये हालसम्म ठूला उद्योग ६५० स्थापना हुनुपर्नेमा २७३, दर्ता गरिएको पेटेन्ट २५ हुनुपर्नेमा ६, ५० हजार लघु उद्यमीको स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा २० हजार, औद्योगिक क्षेत्रको संख्या १५ पुऱ्याउने लक्ष्य रहेकोमा १० मात्र भएको र औद्योगिक ग्राम ३५१ स्थापना गर्ने लक्ष्य रहेकोमा १०५ लाई प्रथम किस्ता र २० लाई दोस्रो किस्ता निकासा भएकोमा हालसम्म सम्पन्न नभएको, ७५३ बिजनेस ईन्क्युवेसन सेन्टर स्थापना गर्ने लक्ष्य रहेकोमा हालसम्म कार्य शुरु नभएको स्थिति छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - पन्ध्रौं योजनाको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोचलाई साकार गराउन योजनाले दिगो विकास लक्ष्य निर्धारण गरेको छ। सन् २०३० सम्म कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १५ बाट २५ प्रतिशत, उद्योग क्षेत्रमा रोजगारी वृद्धि ७ बाट १३ प्रतिशत पुऱ्याउने, ठूला उद्योगहरूको कुल उत्पादनको मेटेरियल इन्टेन्सिटीलाई ६६ बाट ६० प्रतिशतमा झार्ने लगायतका परिमाणात्मक लक्ष्य रहेका छन्। निर्धारित लक्ष्य प्राप्तिको स्थिति खुल्ने प्रतिवेदन तयार नगरेका कारण सोको कार्यान्वयन स्थिति यकिन हुन सकेन। दिगो विकासका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्छ।

६. **वैदेशिक सहायता -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ३ आयोजनामा रू.७ अर्ब ३७ करोड १३ लाखको सम्झौता भएकोमा यो वर्षसम्म रू.४ अर्ब ४२ करोड ४९ लाख खर्च भएको छ।

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालन भएका जिल्ला	आयोजना शुरु भएको वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	ग्रामीण उद्यम तथा विप्रेषण परियोजना	आई.एफ.ए.डी.	१६ जिल्ला	२०१५	२०२३	२७४२८	१९३२९	७०.४७
२.	नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना	विश्व बैङ्क	काठमाडौं	२०७०।७१	२०७८।७९	४४३७०	२४४९३	५५.२०
३.	नेपाल चिया निर्यात अभिवृद्धि दिगोपना	विश्व व्यापार संगठन	इलाम	२०२०	२०२३	१९१५	४२७	२२.३
					जम्मा	**७३७१३**	**४४२४९**	**६०.०३**

६.१. ग्रामीण उद्यम तथा विप्रेषण परियोजना ७ वर्षमा सम्पन्न गर्नुपर्नेमा अपेक्षित खर्च हुन नसकेको कारण निर्धारित क्रियाकलापहरू र ऋण रकम कटौती भई सम्झौता रकम रू.६ अर्ब ८१ करोड ५० लाखबाट रू.२ अर्ब ७४ करोड २८ लाख कायम भई सो अवधिमा ७०.४७ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनाको यो वर्षसम्मको प्रगति ५५.२० प्रतिशत छ। आयोजनाअन्तर्गत गर्नुपर्ने कतिपय काम अधुरै रहेको अवस्थामा आयोजनाको अवधि समाप्त भएको छ। नेपाल चिया निर्यात अभिवृद्धि दिगोपनाको वित्तीय प्रगति २२.३ प्रतिशत मात्र रहेको छ। आयोजनाको समयावधि व्यतीत भएको तुलनामा खर्च न्यून रहेकोले आयोजनाको समय र लागत क्रमशः बढ्दै जाने र प्रतिफल प्राप्तिमा ढिलाइ हुने अवस्था छ। तसर्थ लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न आयोजनाहरूले समय, कार्यक्रम तथा बजेट र खर्चबीच तादात्म्यता मिलाउनुपर्ने देखिन्छ।

६.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा केन्द्रीय निकायले आफ्नो बजेट तथा कार्यक्रमसँग सम्बन्धित वैदेशिक सहायताको सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ। विश्व व्यापार संगठनबाट मन्त्रालयमार्फत् इन्हेन्सड इन्टिग्रेटेड फ्रेमवर्क कार्यक्रमको लागि प्राप्त रू.६ लाख ७८ हजार बजेटमा समावेश नगरी खर्च गरेको छ। कानूनी व्यवस्थाअनुसार सहायता रकम बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ।

६.३. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को बुँदा ३.२.८ अनुसार सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने उल्लेख छ। नेपाल सरकार (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) र चीन सरकार (प्राकृतिक स्रोत मन्त्रालय) बीच दैलेखमा पेट्रोल अन्वेषणका लागि सन् २०२१ सम्म १३६ मिलियन चाइनिज युआन खर्च गर्ने गरी २३ मार्च २०१६ मा सम्झौता भएकोमा सो लगानी बजेटमा समावेश गरेको छैन। अन्वेषण कार्यअन्तर्गत ४ किलोमिटर गहिराइको अन्वेषणात्मक ड्रिलिङ्ग स्थान पहिचान भएको र दोस्रो चरणको काम भइरहेको उल्लेख गरे तापनि सहायता परिचालन अवस्था यकिन भएन। सहायता परिचालनको अभिलेख राखी मूल्याङ्कन गर्नुपर्दछ।

६.४. दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषण गर्न २८ फेब्रुअरी २०१९ मा चीन सरकारसँग जीटुजी सम्झौता भएको छ। सम्झौताअनुसार ५ वर्षभित्र तीन चरणमा कार्य गर्नुपर्नेमा कोभिड-१९ का कारण २ वर्ष समय थप भएकोमा पहिलो चरण सम्पन्न भएको र दोस्रो चरणमा ६० प्रतिशत काम भएको जानकारी प्राप्त भएको छ। नेपाल सरकारकोतर्फबाट अन्वेषण स्थलको जग्गा प्राप्ति, पहुँच मार्गको स्तरोन्नतिलगायतमा काम नभएको कारण ड्रिलिङ्ग स्थानसम्म हेभी उपकरणहरू पुऱ्याउन समस्या भएको देखियो। पहुँच मार्ग लगायतका समस्या समाधन गरी अन्वेषण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

७. **रुग्ण उद्योग** - उद्योग मन्त्रालयअन्तर्गत गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, नेपाल ओरियन्ट म्याग्नेसाईट प्रा. लि, नेपाल मेटल कम्पनी, बुटवल धागो कारखाना, विराटनगर जुट मिल र हेटौंडा कपडा उद्योगको पुनः सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा मन्त्रीस्तरीय कार्यदलले पेस गरेको प्रतिवेदनअनुसार उपयुक्त निर्णयको लागि निजीकरण ऐनको दफा ३ बमोजिमको समितिमा पठाउने निर्णयअनुसार २०७९।५।१ मा अर्थ मन्त्रालयमा पठाएकोमा सो सम्बन्धमा भएको निर्णयबारे जानकारी हुन अएन। प्रतिवेदन कार्यान्वयन गरी रुग्ण उद्योगहरूको व्यवस्थापन तथा सुधार गर्नुपर्दछ।

८. **अन्तर्राष्ट्रिय व्यापार** - भन्सार विभागबाट प्राप्त तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छः

(रू.अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा	अनुपात
२०७८।७९	२००	१९२०	१७२०	१:९.६
२०७७।७८	१४१	१५३९	१३९८	१:१०.९
२०७६।७७	९७.७१	११९६.८०	१०९९.०९	१:१२.२
२०७५।७६	९७.११	१४१८.५६	१०२१.४२	१:१४.६
२०७४।७५	८१.३५	१२४५.१०	११६३.७५	१:१५.३

स्रोतः व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

गत वर्षको तुलनामा ४१.८४ प्रतिशतले निर्यात वृद्धि भई यस वर्ष रू.२ खर्ब पुगेको छ। निर्यात गरिएका प्रमुख वस्तुमा भटमास तेल, कटन धागो, ऊनी गलैँचा, जुटका सामान, अलैँची, तयारी पोशाक, जुस आदि रहेका छन्। कुल निर्यातमा भटमासको तेलको अंश २४.०६ प्रतिशत रहेको छ। निर्यात वृद्धि देखिएको तेल, कटन धागो आदिमा स्वदेशी कच्चा पदार्थको प्रयोग न्यून रहन गई मूल्य अभिवृद्धि भएको नदेखिँदा निर्यात वृद्धिको तथ्याङ्कले भुक्तानी सन्तुलनमा उल्लेख्य योगदान भएको संकेत गरेको छैन। गत वर्षको तुलनामा आयात २४.७५ प्रतिशतले वृद्धि भई रू.१९ खर्ब २० अर्ब पुगेको छ। निर्यात आयात अनुपात २०७७।७८ मा १:१०.९ रहेकोमा २०७८।७९ मा १:९.६ देखिन्छ।

पेट्रोलयिम उत्पादन १७.४, फलाम स्टील र त्यसका उत्पादन ९.६५, मेसिनरी र पाटपुर्जा ७.५२, यातायात साधन र त्यसका पाटपुर्जा ५.१८, अन्य ३. ८७, इलेक्ट्रोनिक र विद्युतीय उपकरण ३.५९, भटमासको कच्चा तेल २.९३, सुन २.२२, दूरसञ्चार उपकरण तथा पार्टपुर्जा २.७९, औषधि उत्पादन ३.७५ प्रतिशतले वृद्धि भएको छ। दाल, मकै, चामल, गहुँ, तरकारी, फलफूलमा आत्मनिर्भर बन्ने सरकारको नीति तथा कार्यक्रम र सो क्षेत्रमा सरकारी अनुदान वृद्धि भइरहे तापनि आयातमा कमी आउन सकेको छैन। निर्यातको तुलनामा आयात उच्च रहेकोले २०७७।७८ मा रू.१३ खर्ब ९८ अर्बबाट व्यापार घाटा बढ्न गई रू.१७ खर्ब २० अर्ब पुगेको छ। जसले वैदेशिक मुद्राको सञ्चितिमा समेत प्रतिकूल प्रभाव परेको छ।

९. **औद्योगिक ग्राम** - रुपान्तरणकारी आयोजनाको रूपमा २०७६।७७ देखि एक स्थानीय तह एक औद्यौगिक ग्राम स्थापनाको कार्यक्रम सञ्चालनमा आएको छ। सो कार्यक्रममा स्थानीय तहलाई बढीमा रू.३ करोडसम्म अनुदान दिने नीतिबमोजिम मन्त्रालयले हालसम्म १०५ स्थानीय तहलाई रू.१ अर्ब १ करोड २० लाख अनुदान प्रदान गरेको छ। अनुदान प्राप्त गर्ने स्थानीय तहमध्ये ८५ लाई पहिलो र २० लाई दोस्रो किस्तासमेत निकासा भएको छ। उक्त रकमबाट स्थानीय तहले गरेको कार्य प्रगतिको अभिलेख मन्त्रालयमा रहेको छैन। जग्गाको उपलब्धता, उपलब्ध जग्गामा औद्योगिक ग्राम विकासको सम्भावना, स्थानीय तहको प्राथमिकता र क्षमताको विश्लेषण नगरी शुरु भएको कार्यक्रमको कार्यान्वन पक्षमा सुधार गरी तोकिएको लक्ष्य प्राप्त गर्नुपर्दछ।

१०. **उद्योगको अवस्था** - नेपालको संविधानले अर्थतन्त्रको विकासको लागि उद्योगधन्दा र स्रोत साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिएको छ। औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने लक्ष्य लिएको छ। आर्थिक सर्वेक्षण २०७८।७९ अनुसार देशभरमा ८ हजार ६५६ उद्योग दर्ता भएका र यी उद्योगमा रू. २५ खर्ब १२ अर्ब लगानी रही अनुमानित ६ लाख ४८ हजारले रोजगारी प्राप्त गरेको स्थिति रहेको छ। यसरी दर्ता भएका उद्योगको संख्याको आधारमा उत्पादनमूलक उद्योग ३७.४, प्रतिशत सेवामूलक उद्योग २६.६ प्रतिशत, पर्यटन उद्योग २१.९ प्रतिशत, उर्जामूलक उद्योग ५.५ प्रतिशत र अन्य उद्योग ८.६ प्रतिशत रहेका छन्।

पन्ध्रौं आवधिक योजनामा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ६.५ प्रतिशत पुगेको हुने, औद्योगिक पूर्वाधारको विकास सहित ३५१ औद्योगिक ग्राम, १५ औद्योगिक क्षेत्र र ५ विषेश आर्थिक क्षेत्रको स्थापना हुने लक्ष्य राखेकोमा यो वर्षसम्म कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ५.६५ प्रतिशत पुग्ने उल्लेख छ। त्यसैगरी १०५ औद्योगिक ग्रामको लागि रू.१ अर्ब १ करोड २० लाख अनुदान प्रदान गरेकोमा कुनै सम्पन्न नभएको, सञ्चालनमा रहेको १० औद्योगिक क्षेत्र तथा पूर्वाधार विकास भएका विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना हुन नसकेको स्थिति छ।

रुग्ण उद्योग सञ्चालन नहुनु, एकल विन्दु सेवा लागू नहुनु, औद्योगिक उत्पादनहरू लागत प्रभावकारी तथा गुणस्तरीय नहुनु, निर्यातयोग्य वस्तुको उत्पादन तथा विविधीकरण नहुनु, स्वदेशी कच्चा पदार्थ प्रयोग हुने उद्योगको कमी लगायतका कारण यस क्षेत्रले देशको आर्थिक विकासमा अपेक्षित योगदान पुऱ्याउन सकेको देखिँदैन। यस क्षेत्रको विकासको लागि गरिएका नीतिगत तथा कार्यगत व्यवस्थाको बावजुद लगानी गर्ने वातावरण, डुइङ बिजिनेसमा नेपालको स्तर सुधार नभएको लगायतका विषयलाई मध्यनजर गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

११. **औद्योगिक रोजगारी स्थिति -** राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्रअनुसार वर्गीकरण गरेको छ । उक्त वर्गीकरणअनुसार आर्थिक काममा संलग्न १ करोड ४९ लाख ८३ हजारमध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ५७.३ प्रतिशत, थोक एवं खुद्रा व्यापार मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरूमा १२.५ प्रतिशत, निर्माणमा ८.१ प्रतिशत, अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरूमा ३.९ प्रतिशत र औद्योगिक उत्पादनमा ३.८ प्रतिशत रहेका छन् । मन्त्रालयले विभिन्न क्षेत्रमा कार्य गर्ने जनशक्तिको दक्षता विकास हुने गरी तालिम लगायतका कार्यक्रम सञ्चालनको लागि पहल गर्नुपर्दछ।

१२. **वाणिज्य दूत -** व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न देशमा महावाणिज्यदूत र अवैतनिक वाणिज्यदूत नियुक्ति हुने व्यवस्था छ। यसरी नियुक्त भएका पदाधिकारीले निर्यात वृद्धिमा पुऱ्याएको योगदान, आयातकर्तालाई परेका समस्या समाधानमा गरेको सहयोग, नेपालमा वैदेशिक लगानी भित्र्याउन गरेका कार्यलगायतका विषयमा आवधिक रूपमा प्रतिवेदन प्राप्त गरी कामको मूल्याङ्कन हुने व्यवस्था नभएको एवं व्यापार र वाणिज्य क्षेत्रमा कार्य गर्ने जिम्मेवारी पाएकाहरूको नियुक्ति परराष्ट्र मन्त्रालयबाट हुने भएकोले यस मन्त्रालयसँग जिम्मेवार नहुने अवस्था रहेको छ। यी पदमा नियुक्ति हुनेहरूको क्षमता, योग्यता र अनुभवको आधारमा नियुक्तिको मापदण्ड समेत रहेको छैन। पदाधिकारी नियुक्त भए तापनि व्यापार घाटा वर्षेनी वृद्धि हुँदै गएको, ती देशहरूमा निर्यात बढ्न नसकेको, वैदेशिक लगानीमा उल्लेखनीय वृद्धि नभएको स्थितिले प्रभावकारी रूपमा कार्य हुन नसकेको अवस्था छ। उल्लिखित स्थितिमा सुधार हुने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ।

१३. **आपूर्ति तथा उपभोक्ता हित संरक्षण -** दुर्गम तथा ग्रामीण क्षेत्र लगायत मुलुकभर नागरिकको दैनिक जीवनयापनमा अत्यावश्यक वस्तु तथा सेवाको सहज र निर्बाध आपूर्तिको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित

संरक्षण गर्ने राज्यको नीति रहेको छ । मन्त्रालयले दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानी, राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य बैङ्कमा खाद्यान्न मौज्दात, चार्डपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन, कर्णाली प्रदेशका कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा जिल्लामा जन्म र मृत्युमा निःशुल्क खाद्यान्न वितरण, प्रत्येक स्थानीय तहमा सहकारीमार्फत् सहुलियत मूल्यमा खाद्य वस्तुको बिक्री वितरणको लागि रू.६३ करोड २७ लाख ५४ हजार अनुदान प्रदान गरेको छ। नेपाल आयल निगमले पेट्रोलियम पदार्थको आपूर्ति र निश्चित अवधिसम्मको भण्डारणको लागि कार्य गरिरहेको छ। साथै विभिन्न निकायबाट अनुगमनसम्बन्धी कार्यसमेत हुने गरेका छन्। यी सबै प्रयासका बाबजुद अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवं सहज रूपमा उपलब्ध हुन नसक्नु, खाद्यान्नमा हुने मिसावट, ठगी, कालोबजारी, कार्टेलिङ र सिण्डिकेटलगायतका विकृतिका कारण कृत्रिम अभाव सिर्जना हुनु, अवाञ्छित मूल्य वृद्धि हुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्। आपूर्ति र उपभोक्ता हित संरक्षण सम्बन्धमा देखिएका समस्या समाधान हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१४. **नुन ढुवानी अनुदान** - यस वर्षको बजेट वक्तव्यमा कर्णाली लगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने उल्लेख भएअनुसार १७ जिल्लाका ६१ स्थानमा ८८ हजार २७९ क्विन्टल नुन ढुवानी गर्न नेपाल साल्ट ट्रेडिङ लिमिटेडलाई रू.१४ करोड १७ लाख १३ हजार अनुदान दिएको छ। प्राप्त विवरण अनुसार ६१ मध्ये ८ स्थानमा नुन ढुवानी नभएको स्थिति छ। अनुदान उपलब्ध भएबमोजिमका स्थानमा ढुवानीको व्यवस्था गर्नुपर्दछ।

नेपाल सरकारले २०५९ मा भौगोलिक अवस्था र यातायातको पहुँच नपुगेका २२ जिल्लामा नुन ढुवानी अनुदान दिने निर्णय गरेको थियो। हाल सोलुखुम्बु, अछाम, रुकुम, दार्चुला, जाजरकोटलगायतका जिल्लामा यातायातको पहुँच भइसकेकोले यी क्षेत्रमा दिएको अनुदान समय सापेक्ष पुनरावलोकन गर्नुपर्दछ।

१५. **खाद्यान्न ढुवानी अनुदान** - यस वर्षको बजेट वक्तव्यमा कर्णाली लगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने उल्लेख भएअनुसार २३ जिल्लामा खाद्यान्न ढुवानीलगायतका ७ कार्यक्रमको लागि खाद्य तथा व्यापार कम्पनीलाई रू.५९ करोड १० लाख ४१ हजार अनुदान प्रदान गरेकोमा रू.५० करोड ३१ लाख ६३ हजार खर्च भई बाँकी रकम फिर्ता भएको छ। उक्त खर्चमध्ये २ लाख ५४ हजार ६२९ क्विन्टल चामल ढुवानीमा रू.४० करोड ३ लाख खर्च भएको छ। मन्त्रालयले २३ जिल्लामा खाद्यान्न ढुवानी अनुदान प्रदान गर्दै आएकोमा सडक सञ्जालसँग जोडिएका जिल्लाहरूमा निजी क्षेत्रले समेत खाद्यान्न ढुवानी गर्न थालेको सन्दर्भमा ढुवानी अनुदान नीतिमा पुनरावलोकन हुनुपर्दछ।

उद्योग विभाग

मझौला एवं ठूला उद्योगहरूको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, विदेशी लगानीका उद्योगहरूलाई अनुमति प्रदान गर्ने लगायतका कार्यका लागि विभागको स्थापना भएको हो।

१६. **उद्योग दर्ता, नवीकरण र नियमन** - औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४ मा दर्ता प्रमाणपत्र लिएका उद्योगहरूले नियम ८ बमोजिम व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन लगायत आवश्यक कागजातहरू

उद्योग विभागमा बुझाउनुपर्ने व्यवस्था छ। यो वर्ष दर्ता भएका ३०९ समेत ८ हजार ७६४ उद्योग सञ्चालनमा रहेकोमा मन्त्रालय तथा विभागले अनुगमन गरी उद्योगहरूको सञ्चालन स्थिति यकिन गरेको छैन। नियमावलीअनुसार नवीकरण गराई अनुगमन गर्नुपर्दछ।

१७. **उद्योग स्थापना र सञ्चालन** - सरकारको नीति तथा कार्यक्रममा खाद्य, कृषि तथा वनजन्य वस्तुहरूको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने वस्तु तथा औषधि र स्वास्थ्य सामग्री एवं स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादनमूलक उद्योगहरूको स्थापना र विस्तारको लागि प्रोत्साहन गरिने उल्लेख छ। सरकारले स्थापना गरेको कपास विकास समितिलाई क्षमताअनुसार सञ्चालन नगर्दा कृषकले कपास खेती गर्न छाडेको, स्थानीय कच्चा पदार्थको आयातलगायतको कारणले बुटवल धागो कारखाना लिमिटेड र हेटौंडा कपडा उद्योग जस्ता उद्योग बन्द भएको, जनकपुर चुरोट कारखाना बन्द हुँदा तराईमा सुर्ती खेती प्रतिस्थापन भएको, जडीबुटी एवं दुग्ध उत्पादनको सम्भाव्यता क्षेत्रमा सोअनुरूप उद्योग स्थापना हुन नसकेको अवस्था छ। स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरी उत्पादनमूलक उद्योग स्थापना गर्ने नीतिगत प्राथमिकताको विषय कार्यान्वयनमा ल्याएको छैन। स्थानीय स्रोत साधन प्रयोग हुने कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग सञ्चालन गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१८. **वैदेशिक लगानी र प्रविधि हस्तान्तरण** - उद्योगमा लगानी वृद्धि गरी अर्थतन्त्रमा योगदान पुऱ्याउन प्रत्यक्ष वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण कार्यलाई प्रोत्साहन गर्ने राज्यको नीतिअनुरूप यो वर्ष २९५ लगानीकर्ताबाट रू.३ खर्ब ४३ अर्ब समेत हालसम्म रू.२६ खर्ब २७ अर्बको वैदेशिक लगानी स्वीकृत भएकोमा प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरणका साथै वृद्धि हुने उल्लेख भएका ५ लाख ५८ हजार रोजगारी सिर्जना गर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको छैन। नीतिगत अस्थिरता, कर प्रशासनमा समस्या, जग्गा विवाद, औद्योगिक सुरक्षा, कच्चा पदार्थलगायतका कारण अपेक्षित रूपले वैदेशिक लगानी प्राप्त हुन नसकेको विभागले उल्लेख गरेको छ। विद्यमान समस्याहरू समाधान गरी प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरण बढाउनुपर्दछ।

१९. **एकल विन्दु सेवा** - औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३५ मा यस ऐन तथा प्रचलित अन्य कानूनबमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारसम्बन्धी सेवा समयमै सरल र सहज रूपमा एकै स्थानबाट उपलब्ध गराउन २०७६।२।१ मा एकल विन्दु सेवा केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ। एकल विन्दु सेवा केन्द्र स्थापना भए तापनि संगठन संरचनाअनुसार क्षेत्रगत रूपमा पूर्ण अटोमेसनमा लैजान आवश्यक सफ्टवेयर विकास र डकुमेन्ट डिजिटाइजेसन कार्य सम्पन्न हुन नसकी सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। लक्ष्यअनुसार सेवा प्रवाह प्रभावकारी हुने गरी सुधार गर्नुपर्दछ।

२०. **नगद प्रोत्साहन** - स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्द्धन गरी वैदेशिक व्यापार असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान गरिँदै आएको छ। अनुदान रकम निकासाको लागि विभागबाट निकासीकर्ताको स्वघोषणालाई सिफारिस गरी निर्यात कारोबार गर्ने बैङ्कमार्फत् राष्ट्र बैङ्कमा अनुरोध भई अनुदान रकम उपलब्ध गराउने गरेको छ। गत वर्षसम्म रू.३ अर्ब ९२ करोड ७ लाख र यो वर्ष रू.१ अर्ब ४२ करोड ८५ लाखसमेत हालसम्म रू.५ अर्ब ३४ करोड ९२ लाख

नगद प्रोत्साहन अनुदान दिएको छ। मूल्य अभिवृद्धि सिफारिस गर्दा निर्यात रकममा कच्चा पदार्थ आयात रकम घटाई निर्यातले भागगरी प्रतिशत निर्धारण गरेको छ। उत्पादित सामानको मूल्य वृद्धिमा थप भएको लगानीलाई आधार लिनुपर्नेमा कच्चा पदार्थको आयातलाई आधार लिएकोले मूल्य अभिवृद्धि गणना यथार्थपरक देखिएन। विभागले विगत १० वर्षदेखि कार्यान्वयनमा रहेको नगद अनुदानबाट निर्यात वृद्धिमा परेको असर सम्बन्धमा अध्ययन गरेको छैन। उत्पादित वस्तुमा खपत हुने अन्य अवयवहरूलाई आधार लिई यथार्थ लागतको आधारमा मूल्य अभिवृद्धि प्रतिशत गणना गर्ने, उत्पादन मूल्य अभिवृद्धि नर्म्स तयार गर्ने, अनुदानबाट निर्यातमा परेको असर सम्बन्धमा अध्ययन गरी अनुदान सम्बन्धमा आवश्यक पुनरावलोकन गर्नुपर्दछ।

२१. **सहुलियत -** नेपाल सरकारको औद्योगिक तथा वाणिज्य नीतिअनुसार तेस्रो मुलुकमा वस्तु निर्यात गर्ने गरी स्थापना भएका उद्योगलाई भन्सार, मूल्य अभिवृद्धि कर तथा आयकरमा समेत विशेष सहुलियत दिँदै आएको छ। उत्पादनमा सहुलियत दिने र सोही उत्पादन निर्यात गरेमा पुनः नगद अनुदान दिनुले एकै उद्योगले दोहोरो सुविधा उपयोग गर्न पाउने अवस्था छ। उत्पादित वस्तु तेस्रो मुलुकमा निर्यात गर्ने उद्देश्यले स्थापना भएका उद्योगलाई दिँदै आएको सुविधाका अतिरिक्त नगद अनुदानको व्यवस्था गर्दा राज्यले अपेक्षा गरे अनुरूपका प्रभावका सन्दर्भमा विश्लेषण गरी मुलुकको अर्थतन्त्रमा थप टेवा हुने गरी नगद अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

खानी तथा भू-गर्भ विभाग

नेपालमा भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान, इन्जिनियरिङ, पर्यावरण, जोखिम आँकलन, सिस्मो टेक्टोनिक अध्ययन, भूकम्प अनुगमन, भौगर्भिक अध्ययन, अनुसन्धान तथा खनिज सम्पदाको प्रवर्द्धन एवं विकासको लागि विभागको स्थापना भएको हो।

२२. **नीति कार्यान्वयन** - खनिज स्रोतको संरक्षण, संवर्द्धन उपयोग एवं दिगो विकास गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रू.१०० अर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यले राष्ट्रिय खनिज नीति, २०७४ कार्यान्वयनमा रहेको छ। नीति कार्यान्वयनका लागि कार्य योजनासहितका विभिन्न ८१ रणनीति उल्लेख गरिएको छ। सबै खनिज स्रोतको १ वर्षभित्र डाटाबेस तयार गरी रणनीतिक तथा सामरिक महत्त्वका खनिजहरूको गुण तथा परिमाण यकिन गर्ने, आईसीटीको माध्यमबाट खानी स्थलको अनुगमन गरी खनिज उत्खनन् व्यवस्थित गर्ने र २ वर्षभित्र रणनीतिक महत्त्वका खनिजको विशेष क्षेत्र घोषणा गर्ने तथा ३ वर्षभित्र नवीनतम विधिको प्रयोग गरी नेपालको भौगर्भिक नक्साङ्कन तयार गर्ने लगायतका कार्य कार्यान्वयनमा आएका छैनन्। नीतिको उद्देश्य पूरा गर्न प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुपर्दछ।

२३. **खनिज अन्वेषण** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को अनुसूची-१ मा सुन, सामरिक महत्त्वका खास खनिज, रेडियोधर्मी खनिज, युरेनियम, प्लाटिनियमलगायतका खनिजहरूलाई अति महत्त्वपूर्ण खनिजमा वर्गीकरण गरिएको छ। आणविक सामग्रीको भौतिक संरक्षणसम्बन्धी महासन्धि, १९१८ अनुसार यस्ता सामग्रीको उत्पादन तथा प्रयोग गर्न पारवहन व्यवस्था, मानव स्वास्थ्य तथा अन्य सुरक्षा व्यवस्थामा सामजस्यता हुने गरी राष्ट्रिय कानून तर्जुमा गरेपछि मात्र यस्ता खनिजको उत्खनन् गर्नुपर्ने व्यवस्था छ। विभागले टोपो सर्भे, गामा स्पेक्ट्रोमेट्री सर्भेलगायत सर्भेबाट मनाङ, गोरखा, बझाङ,

बैतडी, मुस्ताङको लोमाङ्थान, मकवानपुरको कालापानी, चाँदि, तीनभंगाले, माझदमारलगायतका स्थानमा युरेनियम भएको उल्लेख गरेको छ। लाभ लागतको आधारमा ती खनिज पदार्थको विस्तृत अध्ययन र उत्खनन् गर्नुपर्दछ। बढ्दो उच्च व्यापार घाटालाई कम गर्न तथा वैदेशिक मुद्रा सञ्चितिमा रहेको चापलाई कम गर्न यस प्रकारका खनिज सामग्रीको अन्वेषण उत्खन्न तथा उपयोग हुनुपर्दछ।

२४. **स्रोत परिचालन र कार्य योजना** - नेपालको संविधानको धारा ५१(५) मा प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र वातावरणअनुकूल दिगो उपयोग गर्ने व्यवस्था छ। विभागले चुनढुङ्गा, कोइला, खरी, टुर्मालिन, कार्बनाइट, डोलोमाइटलगायत विभागबाट अन्वेषण जारी भएका खास खनिज-२७ समेत १८४ खानी उत्खनन् अनुमति दिएको र विभागबाट अन्वेषण जारी रहेको खास खनिज १३ समेत चुनढुङ्गा १९३, क्वारजाइट ४४, सिलिका ३७, सुन ४ समेत ३८० खानीको खोजतलास अनुमति दिएको छ। विभागले अन्य सम्भावित खनिज पदार्थको उत्खनन् एवं उपयोग सम्बन्धी दीर्घकालीन कार्ययोजना तयार गरेको छैन। खनिजको उपादेयताका आधारमा खनिज उद्योगको राष्ट्रिय प्राथमिकता सहित वैदेशिक लगानी तथा निजीक्षेत्र समेतको आकर्षण बढाई खनिज सम्पदाको दीर्घकालीन उपयोग गर्नुपर्दछ।

२५. **खानीजन्य वस्तुको उत्खनन्** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ अनुसार खानी उत्खनन् अनुमति पत्रमा उल्लिखित परिमाणको खनिज पदार्थ उत्खनन् गरी तोकिएको राजस्व दाखिला गराउनुपर्दछ। यो वर्ष उत्खनन् अनुमति पाई उत्खनन् गरेका ७१ मध्ये ३ उद्योगले ७ हजार ६४ मेट्रिकटन चुनढुङ्गा बढी र ६८ उद्योगले तोकिएभन्दा घटी परिमाण उत्खनन् गरेको विभागको सिस्टमबाट देखिन्छ। उत्खनन् नियन्त्रणसम्बन्धी स्वचालित प्रणालीको अभावमा राजस्वमा असर पर्ने हुँदा उत्पादनको परिमाण नियन्त्रणलाई तौल पुल र रियल टाइम डाटा प्राप्त गर्नेगरी अनलाइन तथ्याङ्कमा आधारित दूर अनुगमन तथा प्रतिवेदन प्रणालीको व्यवस्था हुनुपर्दछ।

२६. **अनुमति धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२(ग) को प्रयोजनअनुसार राखेको धरौटी सोही नियमावलीको नियम ६५ अनुसार काम पूरा नगरेमा जफत हुने व्यवस्था छ। खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ मा समयमा शुल्क, दस्तुर नबुझाउने, नवीकरण गर्न नआउने, शर्त पालना नगर्नेको अनुमति रद्द गर्ने व्यवस्थाअनुसार २०७७।७८ मा १० अनुमति रद्द गरेकोमा खोजतलास तथा उत्खनन् कार्यका लागि राखेको धरौटी रू.६ लाख ५० हजार जफत गरेको छैन। खानी तथा खनिज पदार्थ नियमावली पुनरावलोकन गरी अनुमतिपत्र नवीकरण नगराउनेको धरौटी जफत गर्ने कानूनी व्यवस्था गर्नुपर्दछ।

२७. **खोजतलास अनुमति नामसारी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५३(क) को उपनियम ५ मा अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका शर्त, ऐन वा नियमावलीको पालना गर्न असमर्थ भएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नाममा अनुमतिपत्र नामसारी गरी दिन सक्ने व्यवस्था छ। विभागले यो वर्ष १३ अन्वेषण र ८ उत्खनन् कार्यको अनुमति अन्य व्यक्ति तथा कम्पनीको नाममा नामसारी गरेको छ। प्राप्त अनुमतिबमोजिम काम शुरु नगरी नामसारी गर्ने व्यवस्थाले उद्देश्यअनुसारको काममा ढिलाइ हुने भएकोले उक्त व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

२८. **प्रयोगशाला परीक्षण** - विभागको प्रयोगशालाको लागि विभिन्न दर्जाका ११ प्राविधिक कर्मचारी रहेकोमा ३ मात्र कार्यरत रहेकोले पर्याप्त र दक्ष जनशक्तिको कमी रहेको छ। युरेनियम परीक्षणको लागि

अन्तराष्ट्रिय अणु ऊर्जा एजेन्सी ले अनुदानमा दिएको एस टु रेन्जर मेसिन बिग्रेकोले मर्मत गर्नुपर्ने अवस्था रहेको तथा विगत वर्षमा खरिद भएको रू.१ करोड ६२ लाख ७१ हजार मूल्यका एजिलेन्ट प्रविधिको ७८००-आई सीपी-एमएस उपकरण सञ्चालनविहीन अवस्थामा छ। तर विभागले यो वर्ष निजी प्रयोगशालामा ६१ किसिमका परीक्षण गराई रू.१० लाख १३ हजार भुक्तानी गरेको औचित्यपूर्ण देखिएन। प्रयोगशालामा जडित उपकरण तथा खरिद भएका रिएजेन्टको उच्चतम उपयोग गर्न दरबन्दीबमोजिमको पदपूर्ति गरी प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ।

२९. **भूकम्प मापन केन्द्र** - नेपाल सरकारको नीति तथा कार्यक्रममा भूकम्प मापन केन्द्रलाई सुविधा सम्पन्न बनाउने उल्लेख छ। नेपालभर रहेका ४२ भूकम्प मापन स्टेशनमध्ये १७ स्टेशनमा थ्री कम्पोनेन्ट र बाँकीमा सिङ्गल कम्पोनेन्ट उपकरण भएको, उपसमूह नहुँदा विशिष्टीकृत जनशक्ति नभएको, ४२ मध्ये २० स्टेशनको सञ्चालन फ्रान्स सरकारको सहयोगमा भएकोमा सोको अभिलेख नभएको, डिजास्टर रिकभरी सेन्टरको व्यवस्था नभएको, सिस्मेक उपकरण र एकसेलोमिटर देशभर उपलब्ध हुनुपर्नेमा राजधानी आसपास र दक्षिणी रेन्जमा भएकोले उत्तरतर्फको भूकम्पीय उच्च जोखिमको क्षेत्रमा न्यून जडान हुँदा धेरै रेन्जमा भूकम्पीय केन्द्रको लोकेशन ट्रेस गर्न नसकिने अवस्था देखिएको छ। भूकम्प मापन केन्द्रमा प्रविधि तथा दक्ष जनशक्तिको व्यवस्था मिलाउनुपर्ने देखिएको छ।

३०. **खानी सञ्चालन** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ बमोजिम खनिज पदार्थ उत्खनन्को लागि यो वर्ष १५७ खानीको अनुमतिपत्र दिएकोमा ८६ सञ्चालनमा रहेको पाइएन। खोजतलासबाट पत्ता लागेका खनिज तथा खानी क्षेत्रको सञ्चालनको व्यवस्था मिलाउनुपर्दछ।

नेपाल गुणस्तर तथा नापतौल विभाग

विभिन्न उत्पादनको गुणस्तर निर्धारण, गुणस्तर प्रमाण चिन्ह प्रदान, खेप प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, क्यालिब्रेसन, इको लेबलिङ्ग जस्ता सेवा उपलब्ध गराउने उद्देश्यले विभागको स्थापना भएको हो।

३१. **ऐन/नियम परिमार्जन** - प्रचलित कानूनहरूमा समयसापेक्ष परिमार्जन गर्नुपर्नेमा स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, नेपाल गुणस्तर(प्रमाण चिन्ह) ऐन, २०३७ तथा नियमावली, २०४० अनुसार सबै प्रकारका व्यापार व्यवसायलाई अनिवार्य प्रमाणीकरण गराउने, ट्याक्सी, टेम्पोलगायतका मिटर नामसारीलाई सवारी खरिद बिक्रीसँग जोड्ने, प्रमाणपत्र रद्द बाहेक थप क्षतिपूर्तिसहितको कारबाही गर्ने लगायतका विषय उक्त कानूनले समेट्न नसकेको हुँदा समय सापेक्ष परिमार्जन गर्नुपर्दछ।

३२. **गुणस्तर परीक्षण** - नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा १२ मा गुणस्तर प्रमाणपत्र प्राप्त गर्नेले त्यसको पालना गरे नगरेको सम्बन्धमा जुनसुकै अवस्थामा निरीक्षण गर्नसक्ने व्यवस्था छ। विभागले विभिन्न ३०४ वस्तु तथा कम्पनीलाई गुणस्तर प्रमाण चिन्ह उपलब्ध गराएकोमा यो वर्ष २१३ उद्योगको निरीक्षण गर्दा कैफियत देखिएका ९ उद्योगलाई स्पष्टीकरण पेस गर्न लगाएको देखियो। त्यसैगरी बजार तथा उद्योगबाट २ हजार ५०० नमूना सङ्कलन गरी परीक्षण गर्ने लक्ष्य रहेकोमा ७५६ मात्र नमूना सङ्कलन भएको छ। परीक्षण गर्नुपर्ने वस्तुको संख्याको आधारमा नमूना सङ्कलन तथा परीक्षणको दायरा बढाई गुणस्तर नियन्त्रण गर्नुपर्दछ।

३३. **नाप तौल** - स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २५ मा अनुमति लिएका नाप, तौल यन्त्रको निरीक्षकले नियमित जाँच गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष मातहत कार्यालयहरूबाट ११ हजार

३६३ नाप तौल वा नाप्ने तौलने यन्त्रका लागि इजाजत दिएको तथा नवीकरण गरेको, ९१९ ट्याङ्कर तथा ९ हजार ६५८ ट्याक्सी जाँच गरेको, नाप तौल तथा उपभोक्ता हित संरक्षणका लागि एकल अनुगमन ९२ र संयुक्त अनुगमन ९१ पटक सम्पन्न गरेको उल्लेख छ। निरीक्षणबाट २३ हजार ४९ नाप तौल यन्त्र प्रयोग गर्ने १९ हजार १४ व्यवसायीलाई कारबाही गरेको छ। ती व्यवसायीमध्ये ३३ लाई अभियोगपत्र दायर गरी अन्यलाई सामान्य जरिबाना गरेको अवस्था छ। निरीक्षण गरिएको मध्ये ८२.४९ प्रतिशत नापतौल यन्त्र प्रयोग गर्ने व्यवसायी कारबाहीमा परेकोले नाप, तौल नियन्त्रण कार्य प्रभावकारी बनाउनुपर्दछ।

३४. **राष्ट्रिय गुणस्तर प्रत्यायन** - उत्पादित वस्तुहरूको गुणस्तर पहिचान गरी प्रमाणित गर्न गुणस्तर तथा नापतौल विभागको स्थापना भई गुणस्तर प्रमाण चिन्ह प्रदान गर्दै आए तापनि गुणस्तर प्रमाणित भएका वस्तुको प्रत्यायनको माध्यमबाट समरूपता मूल्याङ्कन गरी अन्तर्राष्ट्रिय मान्यता दिने संस्था नेपालमा स्थापना भएको छैन। विभागलगायत नेपालमा सञ्चालित स्वास्थ्य प्रयोगशाला, उद्योग तथा कम्पनीले स्थापना गरेका प्रयोगशाला, निजीक्षेत्रका अन्य प्रयोगशालासमेतले प्रत्यायन कार्यका लागि म्युचुअल रिकग्निसन एग्रिमेन्ट भएका विदेशी संस्थाहरूलाई शुल्क भुक्तानी गर्दै आएको छ। नेपालले राष्ट्रिय स्तरको एक्रिडिएसन बोर्ड स्थापना गरी क्षेत्रीय तथा अन्तराष्ट्रियस्तरको अन्तर्राष्ट्रिय प्रत्यायन मञ्चसँगको सम्बन्धन लिएको छैन। गुणस्तर प्रमाणित भएको वस्तुहरूको प्रत्यायनको माध्यमबाट समरूपता मूल्याङ्कन गरी अन्तराष्ट्रिय मान्यता प्राप्त हुने व्यवस्था गर्नुपर्दछ।

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको स्थापना, सञ्चालन तथा प्रशासन सम्बन्धी कार्य सरल, पारदर्शी बनाउने र कम्पनी ऐनको कार्यान्वयन तथा पालनामा एकरूपता ल्याउने उद्देश्यले कार्यालयको स्थापना भएको हो।

३५. **सेवा प्रवाह** - कार्यालयमा २ लाख ५९ हजार ९५ कम्पनी दर्ता भएका र मातहत २ कार्यालय समेतबाट ती कम्पनीहरूको नियमन कार्य भइरहेको छ। सूचना प्रविधिको उच्चतम उपयोग, ओपन र क्लोज डाटाको उपयोग, कर्मचारी तथा सेवाग्राहीको क्षमता अभिवृद्धि, डाटा सुरक्षाको उचित प्रबन्ध गरी सेवाप्रवाह व्यवस्थित गर्नुपर्दछ।

३६. **कम्पनी विवरण** - कम्पनी ऐन, २०६३ को दफा ८० मा लगातार तीन आर्थिक वर्षसम्म विवरण पेस नगरेमा तथा कम्पनीले आफ्नो कारोबार सञ्चालन नगरेमा कार्यालयले कम्पनीको दर्ता खारेज गर्न सक्ने व्यवस्था छ। कार्यालयमा दर्ता भएका २ लाख ८८ हजार ५० कम्पनीमध्ये यो वर्ष २ लाख७ हजार १७७ कम्पनीले तोकिएका विवरण पेस गरेका छैनन्। नेपाल सरकारको आंशिक तथा पूर्ण स्वामित्वका राष्ट्रिय बीमा कम्पनी लिमिटेड, उदयपुर सिमेन्ट उद्योग, नेपाल रेल्वे कम्पनी लिमिटेड लगायत अधिकांशले विवरण पेस गरेका छैनन्। कम्पनीको सञ्चालकहरूले दर्ता भएको कम्पनी नवीकरण नगरी नयाँ कम्पनी खोलेको अवस्थासमेत देखिएकोमा कार्यालयले त्यसको छानबिन एवं कारबाही गरेको छैन। ऐनको व्यवस्थाअनुसार कम्पनीको प्रभावकारी नियमन गर्नुपर्दछ।

३७. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५(२)क मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निसर्ग हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पन्ध्र प्रतिशत र अन्यको हकमा लाभ रकमको

पच्चीस प्रतिशतको दरले भारित औसत लागतको आधारमा कर गणना गर्नुपर्ने व्यवस्था छ। धितोपत्र बोर्डमा दर्ता नभएका प्राइभेट लिमिटेड कम्पनीको शेयर खरिद बिक्री हुँदा वास्तविक मूल्यमा खरिद बिक्री नभएका कारण नेपाल सरकारलाई पुँजीगत लाभकर घटी प्राप्त हुने गरेको छ। प्राइभेट कम्पनीको शेयर खरिद बिक्री मूलतः अनौपचारिक रूपमा हुने गरेको, बिक्रीको विन्दु, प्रक्रिया र मूल्य निर्धारणको प्रक्रियासमेत अनौपचारिक रूपमा हुने गरेको हुँदा ओभर द काउण्टर मार्केटको व्यवस्था गर्ने कानून र संस्थागत व्यवस्थाको अभाव देखिएको छ। धितोपत्र बोर्डमा दर्ता नभएका कम्पनीको शेयर खरिद/बिक्रीमा पुँजीगत लाभकर असुली सम्बन्धमा अध्ययन गरी आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

३८. **अनुगमन तथा निरीक्षण** - कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीहरूको दर्ता, अभिलेख अद्यावधिक र संस्थागत सुशासनको लागि अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी यस कार्यालयको रहेको छ। सम्वत् २०४९ सालमा कार्यालय स्थापना हुँदाको तुलनामा कम्पनीको संख्या करिब ५ गुणा वृद्धि भएकोमा सोअनुसार साधन स्रोतमा वृद्धि भएको छैन। कुल ५३ कर्मचारी कार्यरत रहेकोले अनुगमन तथा निरीक्षण कार्य पर्याप्त हुन सकेको छैन। दर्ता भएका मध्ये नब्बे प्रतिशतभन्दा बढी कम्पनीले विवरण अद्यावधिक नगरेको, एउटै व्यक्तिले एकै उद्देश्यको एक भन्दा बढी कम्पनी दर्ता गरिरहेको, व्यक्तिको नागरिकता दुरूपयोग गरी कम्पनी स्थापना एवं कर छली भएको अवस्था छ। साधन स्रोत थप गरी संस्थागत सुशासनलाई अभिवृद्धि गर्न अनुगमन तथा निरीक्षण कार्य प्रभावकारी बनाउनुपर्दछ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

गुणस्तरीय वस्तु तथा सेवामा पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने, वाणिज्य नीति, आपूर्ति व्यवस्था र उपभोक्ताको अधिकार संरक्षण सम्बन्धी नीति निर्धारणमा अनुपोषण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

३९. **उपभोक्ता संरक्षण** - गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनको लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन उभोक्ता संरक्षण ऐन २०७५ लागू भएको छ। बजार अनुगमनको लागि विभागमा विषयगत प्राविधिक जनशक्ति नरहेको, ऐनको दफा ३२ बमोजिम छुट्टै निरीक्षण अधिकृत नियुक्ति हुन नसकेको, ऐनको दफा ४१ बमोजिम उपभोक्ता अदालत गठन हुन बाँकी रहेको, ऐन र निर्देशिकामा तोकिएबमोजिम संयुक्त बजार अनुगमन हुन नसकेको, बजार अनुगमन तीन वटै तहको सरकारको जिम्मेवारी हुने कानूनी व्यवस्था भए तापनि क्षेत्र निर्धारण नभएको, वस्तुको मूल्य र तह निर्धारणसम्बन्धी कार्यविधि नभएकोले मूल्य निर्धारणमा पारदर्शिता र एकरूपता कायम हुन नसकेको, सचेतनामूलक कार्यक्रम पर्याप्त रूपमा सञ्चालन नभएको लगायतका स्थिति देखिएको छ। यसमा सुधार गरी ऐन कार्यान्वयलाई थप प्रभाकारी बनाउनुपर्दछ।

४०. **बजार अनुगमन** - व्यावसायिक फर्महरूको दर्ता, नवीकरण एवं कार्यसम्पादनको अनुगमन गर्ने विभागको प्रमुख कार्य हो। विभागले यो वर्ष दर्ता एवं नवीकरण भएका कुल १४ हजार २६६ व्यावसायिक फर्ममध्ये २ हजार ४४८ को बजार अनुगमन गरी १२४ फर्मको रू.४१ लाख ५ हजार मूल्यको बस्तु नष्ट गरेको तथा १ हजार १३७ फर्मलाई रू.१ करोड ८६ लाख ६४ हजार जरिबाना गरेको उल्लेख

छ। जरिबाना गरेको मध्ये २१३ फर्मबाट रू.३० लाख ९४ हजार असुल हुन बाँकी रहेको छ। ऐनबमोजिम छुट्टै निरीक्षण अधिकृत नियुक्त नभएको अवस्थामा विभागले ७७ सहायक प्रमुख जिल्ला अधिकारी, ७२ इलाका प्रशासन कार्यालय प्रमुख र ७५३ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई बजार निरीक्षकको रूपमा तोके तापनि ती बजार निरीक्षकबाट भएको अनुगमनसम्बन्धी जानकारी विभागमा प्राप्त हुने गरेको छैन। विभागले गत वर्ष २ हजार ९७४ फर्मको अनुगमन गरेकोमा यो वर्ष अनुगमन संख्यामा कमी आएको तोकिएको जरिबाना असुल हुन बाँकी रहेको लगायतको स्थितिमा सुधार गरी बजार अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

४१. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६ ले विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि कानूनी व्यवस्था गर्ने उल्लेख छ। नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय ई-कमर्शका साइटहरूमार्फत् वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी स्वदेश वा विदेशबाट कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएको कारणले ती व्यावसायिक करोबारलाई नियमन गर्न नसकिएका कारण वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन। उपभोक्ताहरूको हित संरक्षण हुन नसकेको तथा विद्युतीय व्यापार करको दायराभन्दा बाहिर रहेको अवस्था छ। विद्युतीय व्यापारलाई स्वच्छ, गुणस्तरीय, प्रतिस्पर्धी र उपभोक्ता मैत्री बनाउन पर्याप्त कानूनी व्यवस्था गरी विद्युतीय व्यापारको नियमनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

४२. **अनलाइन सेवा** - विभागले हाल फर्म व्यवस्थापन, बजार व्यवस्थापन, उपभोक्ता अधिकार व्यवस्थापन र नेपाल राष्ट्रिय एकद्वार प्रणाली समेत ४ प्रकारका अनलाइन सेवा प्रयोगमा ल्याएको छ। प्रयोगमा ल्याएको अनलाइन प्रणालीमा सफ्टवेयरबाट सेवाग्राहीले खोजेका आवश्यक सूचना लिन असजिलो रहेको, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग, महालेखा नियन्त्रक कार्यालय जस्ता सरकारी निकायहरू प्रणालीसँग आबद्ध गर्न नसकिएको, अनलाइन भुक्तानीलाई प्रणालीसँग आबद्ध गर्न नसकिएको लगायतका स्थिति देखिएको छ। यसमा सुधार गरी अनलाइन सेवालाई थप प्रभावकारी बनाउनु पर्दछ।

४३. **प्रत्यक्ष बिक्री** - वस्तुको प्रत्यक्ष बिक्री/वितरणसम्बन्धी व्यवसायलाई नियमन गरी भरपर्दो, पारदर्शी एवं प्रतिस्पर्धात्मक बनाई सर्वसाधारण उपभोक्ताको हित संरक्षण गर्ने उद्देश्यले वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ लागू भएको छ। विभागमा सो ऐनबमोजिम १५ व्यवसाय दर्ता भई सञ्चालनमा रहेका छन्। ऐनको दफा ११ मा पिरामिडमा आधारित व्यवसाय सञ्चालन गर्न नहुने व्यवस्था रहेकोले विभागले त्यस्ता व्यवसायको सम्बन्धमा सर्वसाधारणलाई विभिन्न माध्यमबाट जानकारी गराउँदै पर्याप्त रूपमा अनुगमन गर्नुपर्दछ।

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

लघु उद्यम घरेलु तथा साना उद्योगको विकास एवं प्रवर्द्धनसम्बन्धी कार्यहरू गर्न केन्द्रीयस्तरमा सङ्घीय सरकारको स्थायी संस्थागत संरचनाको रूपमा केन्द्रको स्थापना भएको हो।

४४. **तालिम सञ्चालन** - लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार केन्द्रले यस वर्ष १ हजार २२२ जनालाई हाउस वायरिङ खाद्य प्रशोधन कम्प्युटर मर्मत मोबाइल मर्मत लगायतका तालिम प्रदान गरी रू.१ करोड ६२ लाख २३ हजार खर्च गरेको छ। तालिम प्रदान गर्ने क्रममा कार्यविधिको बुँदा नं ५ मा उल्लेख भएअनुसार तालिम कार्यक्रमको आवश्यकता पहिचान गरेको छैन। स्वरोजगार र आन्तरिक बजारको मागसमेतको आधारमा आवश्यकता पहिचान गरी तालिम सञ्चालन गर्नुपर्दछ।

४५. **प्रशिक्षार्थी छनौट तथा अभिलेख** - लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं १० मा तालिम आवश्यकता पहिचान समेतका आधारमा आवश्यक प्रशिक्षार्थी छनौट गर्दा २१ दिनको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सञ्चालन गरेका तालिममा प्रशिक्षार्थी छनौट गर्दा आंशिक सूचना प्रकाशन गरेको देखिए तापनि कतिपय तालिम २१ दिनको सूचना प्रकाशन गरी छनौट गरेको छैन। त्यस्तै छनौट भएर तालिम लिएका व्यक्तिको सम्पूर्ण विवरण खुल्ने प्रोफाइल तयार नगरेको कारण अन्य निकायबाट सञ्चालित तालिममा ती व्यक्ति समावेश भए नभएको यकिन गर्न सकिएन। प्रशिक्षार्थी छनौट तथा अभिलेख व्यवस्थापनमा पारदर्शिता कायम गरी प्रशिक्षार्थी नदोहोरिने व्यवस्था गर्नुपर्दछ।

४६. **वर्षान्तमा निकासा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० (३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले २०७९ असारमा रोजगार सहितको कार्यस्थलमा आधारित तालिम कार्यक्रमको लागि केन्द्रलाई रू.८० करोड निकासा दिएको छ। खर्च गर्ने सक्ने क्षमता विश्लेषण नगरी आर्थिक वर्षको अन्त्यमा निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ।

ग्रामीण उद्यम तथा विप्रेषण परियोजना

अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहयोगमा तराई एवं पहाडका १६ जिल्लाका गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवार तथा विदेशबाट फर्केका व्यक्तिहरूलाई कृषि तथा गैरकृषि क्षेत्रमा नयाँ व्यबसाय स्थापना गर्न वा व्यावसायिक तालिमको माध्यमबाट रोजगारी सिर्जना गरी दिगो आय आर्जन गर्ने उद्देश्यले सन् २०१५ देखि यो परियोजना सञ्चालनमा रहेको छ।

४७. **आयोजना कार्यान्वयन** - परियोजनाको ७ बर्षे अवधिमा अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहयोगबाट रू.६ अर्ब ८१ करोड ५० लाख खर्च हुने उल्लेख भएकोमा आयोजना शुरु भएको ५ वर्षसम्म अपेक्षित खर्च हुन नसकेका कारण निर्धारित क्रियाकलाप र ऋण रकम कटौती भई सम्झौता रकम रू.२ अर्ब ७४ करोड २८ लाख कायम भएको छ। यस वर्षसम्म रू.१ अर्ब ९३ करोड २९ लाख खर्च भई ७०.७४ प्रतिशत वित्तीय प्रगति भएको छ। संशोधित सम्झौताअनुसार ३० हजार जनालाई व्यावसायिक तालिम तथा औद्योगिक प्रशिक्षण प्रदान गर्ने लक्ष्य रहेकोमा १५ हजार २२३ लाई प्रदान गरी ५१ प्रतिशत प्रगति भएको छ। परियोजनाको मुख्य कार्यक्रममै न्यून प्रगति देखिएकोले तोकिएको समयमा लक्ष्य प्राप्त हुने गरी कार्य सञ्चालन गर्नुपर्दछ।

४८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ।

परियोजनामा यस वर्षसम्म रू १ अर्ब ९३ करोड २९ लाख खर्च भएको मध्ये परामर्श सेवामा रू.३१ करोड ७३ लाख (१६.४२) प्रतिशत खर्च भएको छ। आयोजनामा परामर्शदाता माथिको निर्भरता घटाई आयोजनाको लागत कम गर्नुपर्नेमा आयोजना कार्यान्वयन समेतमा परामर्शदाता नियुक्ति गरी काम गराएको कारण यस्तो खर्च बढन गएको छ। कार्यालयका कर्मचारीको सहयोगीको रूपमा परामर्शदाता नियुक्त गर्ने व्यवस्था आयोजनाको दस्तावेजमा राखी आयोजनाको लागत बढाउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

४९. **सफ्टवेयर खरिद** - आयोजनाले वैदेशिक रोजगारीमा जानेहरूले नागरिक लगानी कोषको सिष्टममा व्यक्तिगत खाता खोल्न सक्ने, रेमिट्यान्स कम्पनीले कारोबार समयमै लेखाङ्कन गर्न सक्ने, नागरिक लगानी कोषको खातामा रेमिट्यान्स पठाउन सक्ने सूचना प्रणाली रू.१ करोड ५ लाख ८२ हजारमा खरिद गरी नागरिक लगानी कोषलाई हस्तान्तरण गरेको र सोको वार्षिक मर्मत शुल्क रू.९ लाख ७५ हजार भुक्तानी गरेको छ। कोषले उक्त सफ्टवेयर सम्पत्तिमा आम्दानी जनाई सोको प्रयोगको स्थिति खुल्ने विवरण राखेको छैन। साथै १५० सहकारी संस्थालाई प्रविधिमा पहुँच पुऱ्याउने उद्देश्यले गत वर्ष रू.१ करोड ४६ लाख ९० हजार मूल्यको सफ्टवेयर खरिद गरी वितरण गरेकोमा ती मध्ये ६५ ले जडान गरेको र २६ ले मात्र प्रयोगमा ल्याएको आयोजनाले जनाएको छ। यसरी उपलब्ध गराइएका सफ्टवेयर उद्देश्यअनुसार प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ।

५०. **तालिम र आय गणना** - आयोजनाले मर्यादित रोजगारसहितको औद्योगिक प्रशिक्षणतर्फ १० सेवा प्रदायकलाई रू.१ करोड २९ लाख ६५ हजार, सीपमूलक तालिमतर्फ ४२ सेवा प्रदायकलाई रू.२४ करोड ७६ लाख ५८ हजारसमेत रू.२६ करोड ६ लाख २३ हजार भुक्तानी गरी क्रमशः १ हजार ८१ र ९ हजार ३० समेत १० हजार १११ जनालाई विभिन्न तालिम प्रदान गरेको छ। सेवा प्रदायकसँग भएको सम्झौतामा तेस्रो र चौथो किस्ता भुक्तानी गर्दा क्रमशः ३ र ६ महिना रोजगार प्राप्त गरेको आय गणनाको विवरण आयोजनाको सूचना प्रणालीमा अभिलेख गर्नुपर्ने व्यवस्था छ। आय गणना सम्बन्धी सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा एकै व्यक्तिको तेस्रो किस्ता प्रयोजनार्थ पेस भएको आय चौथो किस्ताको आय गणना गर्दा घटी बढी देखिएको कारण सीपमूलक तालिमको आय गणना विश्वसनीय देखिँदैन। यसरी आय गणना फरक परेको सम्बन्धमा कुनै आधार नखुलाई सीपमूलक तालिमतर्फ ३८ तालिम प्रदायकलाई १ हजार २४३ प्रशिक्षार्थीको तेस्रो र चौथो किस्ताबापत रू.१ करोड ९० लाख र औद्योगिक प्रशिक्षणतर्फ ९ तालिम प्रदायक संस्थाको ९९ जनाको तेस्रो र चौथो किस्ता रू.१५ लाख ९६ हजार भुक्तानी गरेको छ। आय गणनाको वास्तविकता यकिन गरी भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ।

५१. **लेखापरीक्षण** - आयोजनाले सहयोगी संस्थाको रूपमा कार्य गर्ने २ सेवा प्रदायकलाई स्वतन्त्र र सक्षम लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने शर्त राखी यो वर्ष रू.६ करोड १४ लाख १८ हजार भुक्तानी भएकोमा उक्त रकमको बिल भरपाई प्राप्त नभएकोले लेखापरीक्षण भएको छैन। उक्त खर्चको लेखापरीक्षण गराउनुपर्दछ।

संगठित संस्था, समिति र अन्य संस्था

विशेष आर्थिक क्षेत्र प्राधिकरण

निर्यातयोग्य उद्योगहरूको विकास एवं प्रवर्द्धनका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी मुलुकमा औद्योगीकरणको प्रक्रिया अघि बढाउने उद्देश्यले २०५६।५७ को बजेट वक्तव्य मार्फत् विशेष आर्थिक क्षेत्रको अवधारणा कार्यान्वयनमा आएको छ।

५२. **कार्यान्वयन अवस्था** - बजेट बक्तब्य २०७५।७६ र २०७६।७७ मा प्रत्येक प्रदेशमा एक/एक र नुवाकोट एवं काभ्रेपलाञ्चोकको पाँचखालमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने उल्लेख छ। सोबमोजिम प्रदेश नं.१ को विराटनगर, गण्डकी प्रदेशको गोरखा र सुदूरपश्चिम प्रदेशको कैलालीमा विस्तृत परियोजना प्रतिवेदन तयार भए तापनि निर्माण कार्यको थालनी भएको छैन। मधेश प्रदेशको सिमरा "ए" ब्लक र लुम्बिनी प्रदेशको भैरहवाको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ। कर्णालीको जुम्लामा पहुँच सडक र बाउण्ड्री वाल एवं पाँचखालमा पहुँच सडक, बाउण्ड्री वाल र प्रशासकीय भवन निर्माणको कार्य मात्र भएको छ। नुवाकोटको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छैन। भैरहवा, सिमरा (४ व्लक), पाँचखाल र जुम्ला समेत ७ स्थानको ६९२.४२ हेक्टर क्षेत्रफलमा ५२७ व्यावसायिक प्लट सहितको विशेष आर्थिक क्षेत्र निर्माणको लागत अनुमान रू.२४ अर्ब २४ करोड २० लाखमध्ये रू.२ अर्ब ८६ करोड १२ लाखको मात्र कार्य सम्पन्न भएको छ। आवश्यक पूर्वाधार निर्माण कार्य तोकिएको समयमै सम्पन्न गरी ती स्थानमा विशेष आर्थिक क्षेत्र स्थापना गर्नुपर्दछ।

५३. **उद्योग स्थापना** - प्रस्तावदातासँग भएको सम्झौताबमोजिम उद्योग स्थापना गर्नुपर्दछ। प्राधिकरणले भैरहवा र सिमरा व्लक "ए" विशेष आर्थिक क्षेत्रभित्र रहेका १३८ प्लटमा २०७३ देखि २०७९ सम्म उद्योग स्थापना तथा सञ्चालनको लागि क्रमश ४ पटक ३ पटक प्रस्ताव आह्वान गरेकोमा भैरहवाको प्लटको लागि ६८ प्रस्ताव पेस भएको र तीमध्ये ४६ प्लटको लागि ९ उद्योगसँग सम्झौता भएको देखिन्छ। सोमध्ये २९ प्लटमा ७ उद्योग सञ्चालनमा रहेको छ। अनुमति प्राप्त गरेकामध्ये ११७ प्लटका लागि २ उद्योगीसँग सम्झौता भए तापनि निजहरूले उद्योग स्थापना गरेका छैनन्। त्यस्तै सिमराको ८ उद्योगले २८ प्लटका लागि अनुमति लिएकोमा भाडा सम्झौता र उद्योग स्थापना हुन सकेको छैन। कानूनले व्यवस्था गरेअनुसार एकद्वार इकाई स्थापना नभएको एवं उद्योग स्थापना गर्ने क्षेत्रमा गुणस्तरीय विद्युत आपूर्तिको व्यवस्था नभएको कारण स्थापित उद्योगको उत्पादन लागत बढ्न गएको एवं नयाँ उद्योग स्थापनाको लागि आकर्षण नभएको अवस्था छ। उल्लिखित अवस्थामा सुधार गरी उद्योग स्थापना गर्न आकर्षण गर्नुपर्दछ।

५४. **निर्यातको सीमा र आयात प्रतिस्थापन** - विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १३ मा अनुमति प्राप्त उद्योगले कर छुट तथा सुविधा नपाउने गरी उत्पादन भएको वस्तु तथा सेवा एक वर्षसम्म आन्तरिक बजारमा बिक्री गर्न सक्ने र सो पश्चात् ६० प्रतिशत निर्यात गरी सो परिमाणमा मात्र कर छुट तथा सुविधा प्राप्त गर्ने व्यवस्था छ। सोही ऐनको दफा ७ अनुसार राजपत्रमा प्रकाशित खास प्रकारका उद्योग बाहेक साविकमा सञ्चालित उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी सञ्चालन गर्न नसक्ने र प्रयोगमा ल्याएको मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न नसकिने उल्लेख छ।

निर्यातको अनिवार्य प्रावधान तथा आयात प्रतिस्थापन सम्बन्धमा ऐनमा व्यवस्था नहुनु, "खास प्रकारका उद्योग" को स्पष्टता नभएको र नवीनतम प्रविधिका मेसिन औजार वा उपकरण प्रयोग गरी निर्यात सम्भाव्य वस्तु उत्पादन गर्ने साविकका उद्योग सम्बन्धमा ऐनले सम्बोधन गरेको छैन। कानूनमा रहेको उक्त व्यवस्थाका कारण स्थापित उद्योग अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न नसक्दा औद्योगिक लगानी आकर्षित हुने देखिँदैन। सिमरा ब्लक "ए" विशेष आर्थिक क्षेत्रको तयारी पश्चात् उद्योग स्थापनाको लागि प्रस्ताव आह्वान गरे तापनि कुनै पनि प्लटमा उद्योग स्थापना नभएको र भैरहवामा उत्पादनको तेस्रो वर्षमा सञ्चालनमा रहेका ७ उद्योगमध्ये ३ उद्योगले निर्यात गर्न नसकेको र ४ उद्योगबाट उत्पादित वस्तुको क्रमश ५२.५५, २६.८३, ७९.५४ र १.२८ प्रतिशत मात्र निर्यात भएको देखिन्छ। विशेष आर्थिक क्षेत्रको उद्देश्यअनुरूप दीर्घकालीन निर्यात व्यापारमा केन्द्रित भई अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न नसक्ने परिस्थितिमा स्वदेशमा नै बिक्री गर्न र त्यस्ता वस्तुको आयात नियन्त्रण गर्ने गरी सुरक्षित औद्योगिक लगानी तथा आयात प्रतिस्थापन सम्बन्धमा नीतिगत व्यवस्था गर्नुपर्दछ।

५५. **निर्माण कार्यको प्राथमिकीकरण** - प्रत्येक प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने नेपाल सरकारको नीति अनुसार भैरहवा, सिमरा र पाँचखालमा पूर्वाधार निर्माण भएको र अन्य स्थानमा विस्तृत परियोजना प्रतिवेदन तयार भएको देखियो। प्राधिकरणले उद्योग स्थानपनाका लागि आवश्यक भौतिक सुविधा पहुँच सडक, विद्युतीकरण, खानेपानी, कच्चा पदार्थको आपूर्ति प्रणालीको विकास गर्नुपर्नेमा पहिले ठूला ठूला प्रशासनिक भवन, सभाहल र कर्मचारी क्वार्टर जस्ता भैतिक पूर्वाधारमा लगानी गरेको देखियो। औद्योगिक पूर्वाधार तयार नगरी अन्य संरचना निर्माण गरेका कारण निर्मित संरचना प्रयोगविहीन अवस्थामा रहेका तथा मर्मत सम्भार खर्च समेत बढ्न गएको देखिएकाले उद्योग स्थापनाका लागि न्यूनतम पूर्वाधारको व्यवस्था गरी उपर्युक्त औद्योगिक वातावरण तयारी पश्चात् मात्र भवनलगायतका अन्य संरचनाको निर्माण गर्नुपर्दछ।

५६. **थप व्ययभार** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा निर्माण कार्यको त्रुटिपूर्ण डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदातालाई प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ। सिमरा ब्लक "ए" मा ११ के.भी.ए ट्रान्समिसन लाइन आपूर्ति तथा जडान कार्यको लागत अनुमान सोलु करिडोरको दर राखी तयार गरेको कारण उक्त कार्यमा रु १० लाख ३८ हजार लागत बढ्न गएको छ। निर्माण कार्य गर्ने स्थानभन्दा फरक स्थानको दर राखी लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाई भविष्यमा यस्तो कार्य पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ।

नेपाल इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणका लागि सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार यस समितिको स्थापना भई सञ्चालनमा रहेको छ।

५७. **चोभार सुख्खा बन्दरगाह** - विश्व बैङ्कको ऋण सहयोगमा काठमाडौंको चोभारमा रू.१ अर्ब ५५ करोड ६३ लाखमा निर्माण सम्पन्न भई ३० जून २०२१ मा हस्तान्तरण भएको सुख्खा बन्दरगाहमा १ दिनमा २५० ट्रक/कन्टेनर व्यवस्थापन गर्न सक्ने क्षमता रहेकोमा २०७९।८।२५ सम्म अर्थात् हस्तान्तरण

पछिको १९ महिनाको अवधिमा १३० ट्रक/कन्टेनर मात्र प्रवेश गरेको र सोबापत रू.४९ हजार राजस्व प्राप्त भएको छ। वीरगन्जको सुख्खा बन्दरगाहको बोझ कम गरी राजधानी आउने सामानका ट्रक/कन्टेनर सोझै यस बन्दरगाहमा ल्याउने र निर्यात गर्नुपर्नेमा सोअनुसारको कार्य हुन सकेको छैन। बन्दरगाह पूर्ण क्षमतामा सञ्चालन हुने अवस्थामा सुन्दरीघाट देखि चोभारसम्म हालको दुई लेनको सडक नपुग रहेको, बन्दरगाह शपिङ्ग म्यापमा दर्ता नभएको, क्वारेन्टाइन कार्यालय स्थापना नभएको, भन्सार जाँचपास प्रक्रिया सरलीकरण नभएको, व्यावसायीहरूलाई चोभार सुख्खा बन्दरगाहबाट जाँचपास गर्न प्रोत्साहन गर्न नसकिएको, आयत निर्यातलाई आवश्यक बैंकिङ्गसम्बन्धी कार्य सहजीकरण नभएको लगायतका अवस्थासमेत देखिएको छ। निर्मित संरचना पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

५८. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिद कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्ने व्यवस्था छैन। समितिले फर्निचर/फर्निसिङ खरिद कार्यको लागत अनुमानमा १५ प्रतिशत ओभरहेड समावेश गरी खरिद कार्य गर्दा रू.६ करोड ६२ लाख ५ हजारको खरिदमा रू.९९ लाख ३१ हजार ओभरहेड समेत भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

५९. **आय बाँडफाँट** - टर्मिनल पट्टा बहालमा दिनेसम्बन्धी नियमावली, २०७० को नियम ४ मा समितिले संरचनाहरू बहालमा लगाई आय आर्जन गर्ने व्यवस्था छ। भौतिक संरचनाको बहालबाट प्राप्त आय समितिले खर्च गरी बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा जम्मा गर्ने गरेको छ। समितिले गत वर्षसम्म रू.१ अर्ब ७९ करोड २० लाख सङ्घीय सञ्चित कोषमा जम्मा गरेको छ। वैदेशिक ऋण तथा अनुदान सहयोगमा भौतिक संरचना निर्माण गरेकोमा नेपाल सरकारले समितिसँग पूरक ऋण सम्झौता गरेको देखिएन। पूरक ऋण सम्झौता र आय बाँडफाँट सम्बन्धमा स्पष्ट नीति तयार गरी लागू गर्नुपर्दछ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

नेपालको निर्यात व्यापारलाई विस्तार गरी देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने उद्देश्यले व्यापार तथा निकासी प्रर्वद्धन विकास समिति गठन आदेश, २०६३ बमोजिम केन्द्रको स्थापना भएको हो।

६०. **व्यापार प्रवर्द्धन** - केन्द्रको कार्यक्षेत्रमा निकासी प्रवर्द्धन गर्नको लागि उच्च मूल्य अभिवृद्धि हुने तथा कम आयतन भएका वस्तुहरू निर्यात गर्न उत्पादन सम्भाव्यता अध्ययन, स्वदेश तथा विदेशमा व्यापार मेला सञ्चालन, निकासी क्षमता अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई तालिम प्रदान गर्ने र सम्भाव्य अन्तर्राष्ट्रिय बजारको विश्लेषण गरी सुझाउ प्रदान गर्ने जस्ता कार्यहरू रहेका छन्। यो वर्ष नेपाली मालवस्तुको युरोपियन युनियनको बजारमा प्रवर्द्धनको लागि निकासी संभाव्यता अध्ययन गर्ने, जर्मनीमा गलैचा प्रवर्द्धन गर्ने, चीन तथा बंगलादेशमा मेला आयोजना गर्ने लगायत २२ कार्यक्रम सञ्चालन भएको देखिएन। व्यापार प्रवर्द्धन कार्यक्रमलाई समय सापेक्ष सुधार गरी व्यापार घाटा न्यूनीकरणमा योगदान पुऱ्याउनुपर्दछ।

६१. **उत्पत्तिको प्रमाण पत्र दस्तुर** - उत्पत्तिको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं १० मा अनुमति प्राप्त संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्दा निर्यातकर्ताले पेस गरेको बीजक मूल्यको आधारमा प्रति रू.१०० को ९ पैसाका दरले शुल्क लिन पाउने र उक्त शुल्कको पाँच प्रतिशतका दरले हुन आउने रकम चौमासिक रूपमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई बुझाउनुपर्ने व्यवस्था

छ। कार्यविधिको बुँदा नं.१५ मा संस्थाहरूबीच बाँडफाँट गर्न बाँकी रकम यो कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र बाँडफाँट गरी फरफारक गर्नुपर्ने उल्लेख छ। केन्द्रले उत्पत्तिको प्रमाणपत्र पाएका निकायको अभिलेख राखेको छैन। उत्पत्ति प्रमाणपत्रको शुल्क सम्बन्धमा मन्त्रालयबाट गठित छानबिन समितिले पेस गरेको प्रतिवेदनअनुसार २०६७।६८ देखि २०७५ वैशाखसम्म सङ्कलन भएको रू.५३ करोड ९० लाख ७ हजारमा प्राप्त हुनुपर्ने रू.२ करोड ७६ लाख २४ हजार केन्द्रले प्राप्त गरेको छैन। उद्योग वाणिज्य महासङ्घले २०७८।७९ को हिसाब केन्द्रमा पठाए तापनि २०७५।७६ देखि २०७७।७८ सम्मको हिसाब यकिन गरी केन्द्रमा पठाएको छैन। केन्द्रमा बुझाउन बाँकी रकम महासंघबाट असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

६२. **बचत** - व्यापार तथा निकासी प्रर्वद्धन विकास समिति गठन आदेश, २०६३ को दफा १० मा समितिको कार्य सञ्चालनको लागि आफ्नो एउटा छुट्टै कोष रहने र केन्द्रले प्राप्त गर्ने सबै रकम उक्त कोषमा जम्मा हुने उल्लेख छ। प्राप्त विवरणअनुसार आव २०७८।७९ सम्म केन्द्रको ८ बैङ्क खातामा रू. ६ करोड ४२ लाख रहेकोमा बचतबाट ब्याज तथा अन्य प्रतिफलसमेत प्राप्त भएको छैन। केन्द्रको सम्पूर्ण खर्च नेपाल सरकारको विनियोजित बजेटबाट हुँदै आएको छ। उक्त रकमको व्यवस्थापन गरी निष्क्रिय खाता बन्द गर्नुपर्दछ।

६३. **जग्गाको भोगाधिकार** - चोभारस्थित अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र स्थापना गर्ने स्थानको जग्गा प्राप्त भएपछि मात्र सो स्थानमा निर्माण गरिने संरचना र पूर्वाधारहरूको गुरुयोजना तयार गर्नुपर्नेमा निर्माण स्थलको टुङ्गो नलाग्दै केन्द्रले परामर्शदातामार्फत् माटो परीक्षण, विस्तृत आयोजना प्रतिवेदन र गुरुयोजना तयार गर्न रू.२ करोड ३८ लाख ६९ हजार खर्च गरेको छ। यो वर्ष विभिन्न संरचना निर्माणको लागि रू.७९ लाख ४० हजार बजेट विनियोजन भएकोमा जग्गाको भोगाधिकार नभएको उल्लेख गर्दै संरचना निर्माणको काम भएको छैन।

६४. **बक्यौता असुली** - संयुक्त अरब इमिरेट्सको दुबईमा १ अक्टोवर २०२१ देखि ३१ मार्च २०२२ सम्म सञ्चालन हुने वर्ल्ड एक्स्पो, २०२० मा नेपालको आधिकारिक आयोजक संस्थाको रूपमा केन्द्रलाई रु २ करोड २२ लाख रोयल्टी बुझाउने गरी छनौट भएको देखिन्छ। केन्द्र र एक सेवा प्रदायक कम्पनीबीच भएको सम्झौता बमोजिम रु १ करोड ११ लाख रोयल्टी बुझाएको छैन। विश्व प्रदर्शनीमा सहभागिता तथा व्यवस्थापन कार्यविधि २०६२ को १३(२) बमोजिम प्रदर्शनीको सहभागिता सम्बन्धी मूल्याङ्कन प्रतिवेदन प्रदर्शनी समाप्त भएको १ महिनाभित्र पेस गर्नुपर्नेमा प्रतिवेदन नबुझाएकोले सम्झौताको शर्त तथा कार्यविधि बमोजिम प्रतिवेदन पेस गर्न लगाई बुझाउन बाँकी रकम ब्याजसहित असुल गर्नुपर्दछ।

६५. **नेपाल व्यापार सूचना पोर्टल** - नेपालको व्यापार प्रवर्द्धन गर्न, सूचना प्रणाली मार्फत् विश्व बजारमा नेपाली वस्तुहरूको चिनारी गराउन एवं नेपालको व्यापारसम्बन्धी सम्पूर्ण सूचनाहरू राख्ने र त्यसमा सबैको पहुँच पुग्ने गरी रू.२ करोड ९५ लाख १६ हजार मा विश्व बैङ्कको सहयोगमा एक विदेशी कम्पनीबाट नेपाल व्यापार सूचना पोर्टल तयार भएको छ। उक्त पोर्टलको वार्षिक मर्मत सम्झौता नभएको, पोर्टल सञ्चालनको लागि रेड ह्याट भर्चुअलाइजेसन सफ्टवेयर र रेड ह्याट इन्टरप्राइजेज लिनेक्स अपरेटिङ्ग सफ्टवेयर खरिद गरेकोमा पोर्टल तथा ती सफ्टवेयरको लाईसेन्स नवीकरण नभएकोले उक्त पोर्टलको सामयिक रूपमा अद्यावधिक र तथ्याङ्क सुरक्षाको उचित प्रबन्ध हुन सकेको छैन। नेपाल ट्रेड पोर्टलको तथ्याङ्क सुरक्षा एवं सञ्चालनको लागि आवश्यक व्यवस्थापन हुनुपर्दछ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड

उच्च गुणस्तरको सिमेन्ट उत्पादन, सिमेन्टको आयात प्रतिस्थापन एवं निर्यातमा योगदान, देशको औद्योगिक तथा आर्थिक विकास र रोजगारी सृजनामा सहयोग पुऱ्याउने उद्देश्यले २०४४ मा उदयपुर सिमेन्ट उद्योग लिमिटेडले स्थापना भई गैंडा ब्राण्डको सिमेन्टको व्यापारिक उत्पादन शुरु गरेको हो।

६६. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको शेयर पुँजी रू.३ अर्ब ६४ करोड ८० लाख, जगेडा कोष रू.५८ करोड १५ लाख, दिर्घकालीन दायित्व रू.३ अर्ब ४७ करोड १३ लाख र चालु दायित्व रू.१अर्ब ६२ करोड ८९ लाख रहेको छ। कुल सम्पत्ति रू.९अर्ब ३२ करोड ९७ लाखमध्ये गैह्र-चालु सम्पत्ति रू.८ अर्ब १७ करोड ४ लाख र चालु सम्पत्ति रू.१ अर्ब १५ करोड ९३ लाख रहेको छ। कम्पनीको कुल आम्दानी गत वर्ष रू.१ अर्ब १४ करोड ७८ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब ३१ करोड ३१ लाख रहन गएको छ। यसका साथै कम्पनी गत वर्ष रू.२९ करोड ९५ लाख घाटामा रहेकोमा यो वर्ष रू.२ करोड ६३ लाख नाफा गरेको छ।

६७. **क्लिङ्कर उत्पादन -** यो वर्षमा उत्पादन क्षमताको ४३।३० प्रतिशत अर्थात् १ लाख २० हजार मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने लक्ष्य राखिएकोमा १ लाख ८ हजार ८१६ मेट्रिक टन सिमेन्ट उत्पादन भएको छ, जुन लक्ष्यको करिब ९१ प्रतिशत हो। सिमेन्ट उत्पादनको गत वर्ष र यस वर्षको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छः

(परिमाण मे.टनमा)

विवरण	२०७८।७९	२०७७।७८
उत्पादन लक्ष्य	१,२०,०००.००	१,३८,६००.००
प्रगति	१,०८,८१६.००	८९,०७४.४०
लक्ष्य/प्रगति (प्रतिशत)	९०.६८	६४.२६
वार्षिक क्षमता	२,७७,२००.००	२,७७,२००.००
क्षमता उपभोग (प्रतिशत)	३९.२६	३३.७४

वार्षिक उत्पादन क्षमताका आधारमा लक्ष्य निर्धारण गर्नुपर्नेमा लक्ष्य नै न्यून राखेको र निर्धारित लक्ष्य अनुसार उत्पादन हुन नसकेकोतर्फ व्यवस्थापनले ध्यान दिनुपर्दछ।

६८. **नेपाल सरकारको ऋण र ब्याज -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हिसाब अनुसार २०७९ असार मसान्त सम्म साँवा रू.१ अर्ब ७२ करोड ५० लाख र ब्याज रू.१ अर्ब ३४ करोड ३७ लाखसमेत रू.३ अर्ब ६ करोड ८७ लाख देखाएको छ। उद्योगको हिसाबमा साँवा रू.१ अर्ब ७२ करोड ५० लाख र ब्याज रू.१ अर्ब ६६ करोड ९ लाखसमेत रू.३ अर्ब ३८ करोड ५९ लाख रहेको छ। उक्त फरक रू.३१ करोड ७२ लाखको हालसम्म हिसाब मिलान भएको छैन। उक्त हिसाब यकिन गरी मिलान गर्नुपर्दछ।

६९. **स्थिर सम्पत्ति -** उद्योगले स्थिर सम्पत्तिको सम्पूर्ण विवरण खुल्ने गरी स्थिर सम्पत्तिको अभिलेख तयार गर्नुपर्नेमा सो तयार गरेको छैन। कम्पनीले यो वर्ष रू.५ करोड ४८ लाख ७८ हजारमा विभिन्न पत्रु जन्य सामानहरू र मेसिन उपकरणहरू बिक्री गरी आम्दानी गरेको छ। मेसिन उपकरणहरूको वित्तीय

अपलेखन नगरिएकोले वित्तीय विवरणमा उल्लेख जायजेथा संयन्त्र र उपकरणको रकम रू.७ अर्ब ६३ करोड २० लाख ३८ हजार यकिन गर्न सकिएको छैन।

७०. **जिन्सी मौज्दात -** नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातमा भएको घाटा वा मूल्यमा आएको कमी सोहि अवधिमा नाफा नोक्सान हिसाबमा समायोजन गर्नुपर्दछ। सञ्चालक समितिद्वारा गठित समितिको प्रतिवेदनको आधारमा २०७७ षौष मसान्तमा क्लिङ्करको मौज्दात किताबअनुसार ५५ हजार ३८५ मेट्रिक टन रहेकोमा भौतिक परीक्षण गर्दा १७ हजार ७४५ मेट्रिक टन मात्र देखिएकोले ३७ हजार ६४० मेट्रिक टनको रू.४२ करोड ६७ लाख ५६ हजार न्यून रहेको देखाएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा २०७९।३।२२ मा जिन्सी मौज्दातको भौतिक परीक्षण गर्न गठित समितिको प्रतिवेदन अनुसार उक्त फरक मौज्दात अघिल्ला वर्ष देखि नै रहेको उल्लेख गरे तापनि सोको परीमाण किटान गरेको छैन। यस सम्बन्धमा थप छानविन गरी मौज्दात घटी भएको कारणले उद्योगको आयमा परेको असर यकिन गर्नुपर्दछ।

७१. **कर्मचारी सुविधा -** नेपाल लेखामानअनुसार कर्मचारीहरूको अवकाश सुविधा, उपदान, औषधि उपचार तथा बीमाङ्कीय मूल्याङ्कन गरी दायित्व कायम गर्ने र सोबापतको रकमको छुट्टै व्यवस्था गर्नुपर्ने उल्लेख छ। उद्योगले कर्मचारी दायित्वबापत रू.८२ करोड २७ लाख ३८ हजार देखाएकोमा यस्तो दीर्घकालीन दायित्वको यर्थाथता यकिन गरी सोको व्यवस्था गरेको छैन।

७२. **लगानी र ब्याज आम्दानी -** उद्योगले विगत वर्षहरूमा विराटनगर जुट मिलमा गरेको ऋण लगानीमा गत वर्ष सम्म रू.११ करोड ६६ लाख व्यवस्था गरेको थियो। उक्त रकमलाई यस वर्ष अपलेखन फिर्ता गरी आम्दानी लेखाङ्कन गरेको छ। त्यस्तै, उद्योगले विराटनगर जुट मिललाई २०७४।७५ देखि दिएको ऋणको ब्याज रू.११ करोड ७९ लाख आम्दानीमा लेखाङ्कन गरेको छ। यसरी कुनै वर्ष ऋण लगानी बापत व्यवस्था गर्ने र पछिल्ला वर्षहरूमा आवश्यक पुष्टाई र प्रमाण बेगर अपलेखन गरि फिर्ता गर्ने एवं सो अनुसार ब्याज आय लेखाङ्कन गरेको औचित्यपूर्ण देखिएन।

७३. **बिक्री लागत -** उद्योगले बिगत वर्षमा कोल मिलले नपिसेको कारण प्रयोग नहुने उल्लेख गरी २ हजार ९६७ मेट्रिक टन कोइला यस वर्षको शुरु मौज्दातबाट घटाएको छ। सामाग्रीको मूल्य प्रति मेट्रिक टन १८ हजार ३६४ को दरले रू.५ करोड ४४ लाख ८६ हजारले हुन आउने रकम प्रयोग नहुने सामग्री उल्लेख गरी सम्बन्धित वर्षमा नै खर्च लेखी बिक्री लागतमा समावेश गरेर मूल्य निर्धारण गर्नुपर्दछ।

नेपाल आयल निगम

देशभर पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले सम्बत् २०२७ मा यो निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बीमा कम्पनी लिमिटेडको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ०.०५ प्रतिशत शेयर स्वामित्व रहेको छ। निगम अन्तर्गत ७ प्रादेशिक कार्यालय, ३ शाखा कार्यालय, ३ इन्धन डिपो, १ पेट्रोल पम्प, ७ हवाई इन्धन डिपो र ३ हवाई इन्धन रिफ्युलिङ स्टेशन रहेका छन् । निगमको

जम्मा भण्डारण क्षमता ७१ हजार ५५८ किलोलिटर रहेको छ। निगममा हाल ५०३ स्थायी र २२६ करार गरी ७२९ कर्मचारी कार्यरत रहेका छन्।

७४. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** निगमको २०७९ आषाढ मसान्तको शेयर पुँजी रू.११ अर्ब, जगेडा कोष रू.१७ अर्ब ८१ करोड ऋणात्मक, दीर्घकालीन दायित्व रू.१२ अर्ब ९९ करोड र चालु दायित्व रू.५६ अर्ब ८ करोड रहेको छ। स्थिर सम्पत्ति रू.१९ अर्ब ७९ करोड र चालु सम्पत्ति रू.४२ अर्ब ४७ करोड समेत कुल सम्पत्ति रू.६२ अर्ब २६ करोड पुगेको छ। निगमको यो वर्ष कुल बिक्री रू.३ खर्ब ४२ अर्ब ६२ करोड र अन्य आम्दानी रू.११ अर्ब ४६ करोड रहेको छ। बिक्री लागत रू.३ खर्ब ८३ अर्ब ३० करोड, प्रशासनिक र अन्य खर्च रू.८ अर्ब ९६ करोड रहेको छ। यो वर्ष निगम रू.३८ अर्ब १८ करोड घाटामा रहेको छ।

७५. **अनुपात विश्लेषण -** निगमबाट प्राप्त विवरण अनुसार निगमको वित्तिय अनुपात अवस्था निम्नानुसार रहेको छः

विवरण	सूचकाङ्क	२०७८।७९	२०७७।७८
बिक्री	रू.लाखमा	३४,२६,२१५	२३,२४,४५७
कुल मुनाफा	रू.लाखमा	(४०६७९२)	५०६०९
खुद मुनाफा	रू.लाखमा	(३८१७७७)	(४३०२)
कुल मुनाफा अनुपात	प्रतिशत	(११.८७%)	२.१८%
खुद मुनाफा अनुपात	प्रतिशत	(११.१४%)	(०.१९%)
चालु सम्पति	रू.लाखमा	४,२४,७४६	३,०५,७२७
चालु दायित्व	रू.लाखमा	५,६०,७५१	२,२२,१८७
चालु सम्पति/चालु दायित्व	अनुपात	०.७५७४	१.३८
कुल सम्पति	रू.लाखमा	६,२२,५६४	५,७८,५८६
कुल सम्पतिमा मुनाफा	प्रतिशत	(६१.३२%)	(०.७४%)

निगमको कुल सम्पत्ति र मुनाफा अनुपात गत वर्ष ऋणात्मक ०.७४ प्रतिशत रहेकोमा यो वर्ष ऋणात्मक ६१.३२ प्रतिशत पुगेको छ। चालु सम्पत्ति र चालु दायित्व अनुपात गत वर्ष १.३८ गुणा रहेकोमा यो वर्ष ०.७६ गुणा भएको छ। कुल मुनाफा अनुपात गत वर्ष २.१८ प्रतिशत रहेकोमा यो वर्ष कमी भई ऋणात्मक ११.८७ प्रतिशत पुगेको देखिन्छ। त्यस्तै खुद मुनाफा अनुपात गत वर्ष ऋणात्मक ०.१९ प्रतिशत रहेकोमा यो वर्ष ऋणात्मक ११.१४ प्रतिशत रहेको छ।

७६. **आयको अवस्था -** गत वर्ष पेट्रोलियम पदार्थ तथा हवाइ इन्धनको बिक्री रू.२ खर्ब ३२ अर्ब ४५ करोड रहेकोमा यो वर्ष वृद्धि भई रू.३ खर्ब ४२ अर्ब ६२ करोड रहेको छ। अन्य आम्दानी तर्फ निक्षेप तथा कर्मचारी सापटीमा ब्याज रू.४४ करोड १६ लाख, व्यावसायिक आम्दानी रू.२ करोड ९ लाख ८८ हजार, घरभाडा रू.१ करोड ३३ लाख ८९ हजार, विविध आम्दानी रू.७० लाख ९१ हजार, लाभांश रू.३० लाख र लेखा समायोजन रू.१ करोड २१ लाख ५ हजार रहेको छ।

७७. **इन्धन खरिद तथा बिक्री -** निगमको यस आर्थिक वर्षको पेट्रोलियम पदार्थको खरिद तथा बिक्री स्थिति देहाय बमोजिम रहेको छः

(रू.हजारमा)

क्र.स.	पेट्रोलियम पदार्थ	इकाई	खरिद परिमाण	बिक्री परिमाण	बिक्री मूल्य
१	पेट्रोल	लिटर	७३७,३१२	७३०,४८८	९०,०७०,२५५
२	डिजेल	लिटर	१,७४०,९८६	१,७२७,५७१	१८९,८८७,८६२
३	मट्टितेल	लिटर	१७,२८०	१७,७९७	२,२२५,१०२
४	ए.टि.एफ.	लिटर	१५७,५७२	१५४,०७८	१९,४८९,९४२
५	एल.पी.जी.	मेट्रिकटन	५३६,५६६.५४	५३६,२७५	४०,९४८,३६७

इन्धनको माग वर्षेनि बढ्दो क्रममा रहेको छ। निगमको भण्डारण क्षमता गत वर्ष ७१ हजार ५५८ किलो लिटर रहेको थियो। निर्माणाधिन संरचनाहरू सम्पन्न भई नसकेकोले भण्डारण क्षमता यो वर्ष पनि बढेको छैन्। निगमले यो वर्ष विभिन्न कर बापत नेपाल सरकारलाई रू.१ खर्ब २४ अर्ब २५ करोड भुक्तानी गरेको छ।

७८. **पाइपलाइन -** भारतको बिहार मोतिहारी र नेपालको अमलेखगञ्ज जोड्ने पाइपलाइनको कार्य सम्पन्न भई सञ्चालनमा आएकोले पेट्रोलियम पदार्थको ढुवानी सहज, सुरक्षित र छिटो बनाएको छ। उक्त परियोजनामा नेपाल सरकारको रू.१ अर्ब २० करोड र भारत सरकारको रू.३ अर्ब २० करोड समेत रू.४ अर्ब ४० करोड लगानी रहेको छ। पाइपलाइनको प्रयोग तथा संरक्षण निगमले गर्दै आइरहे तापनि हालसम्म स्वामित्व हस्तान्तरण नभएकोले स्थिर सम्पत्तिमा लेखाङ्कन हुन सकेको छैन। यो वर्ष निगमले डिजेलका अतिरिक्त सोही संरचनाबाट पेट्रोलसमेत आपूर्तिका लागि एक भारतीय कम्पनीलाई रू.१ अर्ब २३ करोड १८ लाख पेस्की दिएकोमा उक्त कार्य शुरु भएको छैन।

७९. **कर्मचारी कल्याणकारी कोष -** बोनस ऐन, २०३० को दफा १३(१क) मा बोनस बाँडफाँटपछि बाँकी रहेको रकमको ८० प्रतिशत रकम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। निगमले २०६२।६३ देखि राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रू.२ करोड ९२ लाख जम्मा नगरी व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ। उक्त रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ। निगमले साविकको श्रम ऐन, २०४८ को दफा ४१ बमोजिम २०७३।७४ सम्ममा कर्मचारी आवास कोषमा रू.३ अर्ब २५ करोड ८४ लाख रकम छुट्याई जिम्मेवारी सार्दै आएको छ। कोषमा रहेको रकमको परिचालन गर्ने सम्बन्धमा उपयुक्त निर्णय गरी रकमको उपयोग हुनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औल्याइएकोमा सुझाउ कार्यान्वयन भएको छैन।

८०. **मूल्य निर्धारण -** निगमले स्वचालित मूल्य प्रणाली अनुसार पेट्रालियम पदार्थको मूल्य समायोजन गर्ने भने तापनि उक्त प्रणाली पूर्ण रूपमा लागू गरेको छैन। यस वर्ष १८ पटक मूल्य समायोजन भएको छ।निगमले निर्धारण गरेको स्वचालित मूल्य कार्यबिधि अनुसार मूल्य निर्धारण समितिको सिफारिसमा कार्यकारी निर्देशकले मूल्य निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। मूल्य निधारण गर्दा सवारी भाडा, डिलर कमिशन, प्राविधिक नोक्सानी, श्रीङ्केज नोक्सानी, डिलर वीमा, नाफा लगायत विषयमा समयअनुसार समितिको स्वीकृतिमा परिवर्तन गर्न सक्ने व्यवस्था समेत रहेको छ। कार्यबिधिमा मूल्य निर्धारण समितिको सिफारिस पश्चात मूल्य निर्धारणको निर्णय गर्नुपर्ने समयावधि र मूल्य निर्धारण लागू हुने समयावधि सम्बन्धमा स्पष्ट व्यवस्था भएको पाइएन। वर्षको सुरु र अन्त्यको दर तुलना गर्दा पेट्रोलमा प्रति लिटर रू.५३, डिजल र मट्टीतेलमा रू.६१ फरक परेको छ।अन्तर्राष्ट्रिय मूल्यमा कतिसम्म फरक पर्दा नेपालको आधार मूल्य परिवर्तन

गरिएको हो खुलाएको छैन। स्वचालित मूल्य प्रणालीलाई पूर्ण रूपमा स्वचालित बनाउन सो कार्यविधिलाई परिमार्जन गरी मूल्य परिवर्तनसम्बन्धी स्पष्ट नीति तर्जुमा गर्नुपर्दछ।

८१. **क्षयीकरण** - निगमले आफ्नो वित्तीय विवरणको लेखा टिप्पणीमा असामीहरूको क्षयीकरण सम्भावित क्रेडिट नोक्सानी विधिबाट गणना गरिने उल्लेख गरे तापनि आधार बेगर रू.३ करोड ८५ लाखको क्षयीकरण लेखाङ्कन गरेको छ। लेखासम्बन्धी टिप्पणीमा उल्लेख भएबमोजिम क्षयीकरण व्यवस्थापन गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमासमेत उल्लेख गरेकोमा कार्यान्वयन भएको पाइएन।

८२. **अन्तर कार्यालय हिसाब** - निगमको अन्तर कार्यालय हिसाब खातामा मिलान गरी समायोजन हुन बाँकी लिनुपर्ने रू.१७ खर्ब ७९ अर्ब ३५ करोड र दिनुपर्ने रू.१७ खर्ब ७९ अर्ब ३३ करोड ८१ लाख रहेको छ। हिसाब मिलान गरी समायोजन हुन बाँकी रकम गत वर्ष रू.१२ लाख रहेकोमा यो वर्ष रू.१ करोड १९ लाख पुगेको छ। उक्त हिसाब मिलान गर्न बाँकी रहेकोले वित्तीय विवरणमा पर्न सक्ने अन्य असरबारे यकिन गर्न सकिएन।

८३. **वृक्षारोपण** - नेपाल आयल निगम र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबीच २०७५।१०।१७ मा हस्ताक्षर गरिएको सम्झौता अनुरूप पाइपलाइन आयोजना निर्माण बापत निगमले निकुञ्जलाई ५ वर्षसम्म वार्षिक रू.२ करोड भुक्तानी गर्नुपर्नेमा सो रकम नियमित भुक्तानी गर्दै आएको छ। आयोजनाको पाइपलाइनको लागि विभिन्न प्रजातिका ८८ हजार १६३ रूख कटान गरेकोमा सोको १:२५ को अनुपातमा कुल २२ लाख ४ हजार ७५ रूख पर्सा वन्यजन्तु आरक्षण क्षेत्रभित्र वृक्षारोपण गर्नुपर्ने र सो बिरुवाहरूको ५ वर्षसम्म संरक्षणसमेत गर्नुपर्ने वा वृक्षारोपणको लागि लाग्ने दायित्वको मूल्यांङ्कन गरी सो बराबरको रकम पर्सा वन्यजन्तु आरक्षण क्षेत्रलाई ५ वर्षभित्र तिर्नुपर्ने देखिन्छ। निगमले वित्तीय विवरण तयार गर्दा यसको लागि लाग्ने दायित्व यकिन गरी व्यवस्था गरेको पाइएन। निगमले सो रकम मूल्याङ्कन गरी दायित्व लेखाङ्कन गर्नुपर्ने सम्झौताबमोजिम वृक्षारोपणको दायित्व पूरा गर्नुपर्ने व्यहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ।

८४. **जग्गा उपयोग** - निगमले २०७३।७४ मा रूपन्देही, चितवन, सर्लाही र झापा क्षेत्रमा खरिद गरिएका रू.२ अर्ब ५ करोड ६६ लाख ४८ हजार लागतको ६८ बिघा जग्गा हालसम्म उपयोगमा ल्याएको छैन। सर्लाहीको जग्गामा एल.पी.जी. ग्यास बोटलिङ्ग प्लान्ट बनाउने, चितवन र झापाको जग्गामा पाइपलाइन विस्तार गर्ने उल्लेख गरे तापनि कार्य शुरु भएको छैन। रूपन्देहीमा भएको जग्गा अपर्याप्त भएकोले पेट्रोलियम पदार्थ भण्डारणको जग्गा कार्य अगाडी बढाउन बाँकी रहेको छ। पोखरामा रहेको ७७ रोपनी जग्गामध्ये करिब १८ रोपनी जग्गा स्थानीय बासिन्दाहरूले खेल मैदान तथा बाटोको रूपमा प्रयोग गरिरहेको, लालबन्दी -१ सर्लाही स्थित जग्गामा तारबार नहुनाले स्थानीयले सडक निर्माण गरेको, धनकुटास्थित जग्गा र भवन रेडियो नेपालले प्रयोगमा ल्याए तापनि बहाल रकम असुल नगरेको, चारआलीस्थित जग्गामा तारबार नभएकाले अतिक्रमणको जोखिम रहेको, जनकपुरस्थित जग्गाको अधिकांश भू-भाग नेपाली सेनाको प्रयोगमा रहेको, थानकोट स्थित जग्गामा समेत पूर्ण रूपमा तारबार गरेको छैन। निगमले २०७३।७४ मा तत्काल आवश्क ठानी खरिद गरेको जमिन हालसम्म उपयोगमा ल्याएको छैन। आफ्नो स्वामित्वको जग्गाको संरक्षण र उपयोग गर्नेतर्फ ध्यानाकर्षण हुनुपर्दछ।

८५. **मूल्य स्थिरीकरण कोष** - पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम ३(२)(ग) मा निगमले पेट्रोलियम पदार्थ तथा ग्याँसको खुद्रा बिक्री मूल्यको १ प्रतिशतले हुन आउने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त नियमावलीको नियम ४ मा कोषमा जम्मा भएको रकम निर्धारित थोक मूल्य भन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्याँस पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन, नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्याँसमा राहत प्रदान गर्न, पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य वृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने असरलाई कम गरी मूल्य स्थिरता कायम गर्न प्रयोग गरिने व्यवस्था उल्लेख छ। नियमावलीको नियम ११ र १२ मा समितिले उक्त कोषको हिसाब अलग्गै राख्नुपर्ने र सोको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको छ। निगमको उक्त कोषमा हालसम्म रू.१८ अर्ब २९ करोड ६६ लाख मौज्दात रहेको छ। कोषमा रहेको उक्त रकममध्ये रू.४१ करोड ७१ लाख विभिन्न बैङ्कमा मुद्दती निक्षपमा लगानी गरेको, रू.१० अर्ब २५ करोड सापटीको रूपमा, रू.७अर्ब ६२ करोड ९५ लाख अन्य प्रयोजनको लागि निगमले प्रयोग गरेको छ। उक्त कोषमा रहेको रकमहरू बैङ्कमा राख्ने, झिक्ने तथा मुद्दती खातामा लगानी गर्ने कार्य निगम स्वयमले गर्दै आएको छ। कोष सञ्चालनको लागि गठन भएको समितिले कोष सञ्चालनसम्बन्धी कार्यविधी तयार गरेको छैन। उक्त कोषको हालसम्म लेखापरीक्षण नगराएको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याउँदै आएकोमा स्थिति यथावत छ।

८६. **पम्प तथा खुद्रा बिक्री** - पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली, २०७५ को विनियम २३(११) मा विक्रेताले कुनै महिनामा गर्ने थोक बिक्री, कुल बिक्रीको बढीमा एक तिहाईसम्म हुन सक्ने व्यवस्था छ। निगमको खुद्रा बिक्री साविकमा ८० प्रतिशत रहेकोमा यस वर्ष ६७ प्रतिशत पुऱ्याउनुको कारण खुलाएको छैन। हेटौडास्थित ३ पेट्रोल पम्मले सो भन्दा बढी परिमाणमा थोक बिक्री गरेको देखिएको छ। यस्तो अवस्थामा निगमले बिक्रेताको पर्याप्त अनुगमन गर्ने गरेको पाइएन। उक्त कारणले हुन सक्ने मूल्य अभिबृद्धि कर र आय कर छलीको जोखिम न्यूनीकरणका लागि निगमले सोको अनुगमनको व्यवस्था मिलाउनुपर्ने र सम्बन्धित अन्य सरकारी निकायसँग समन्वय गर्नुपर्ने देखिन्छ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

नेपालबाट समुद्रपार मुलुकमा निकासी तथा नेपालभित्र पैठारी हुने सामानहरूको पारवहनसम्बन्धी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२८।५।३० मा यो कम्पनीको स्थापना भएको हो। हाल नेपालमा वीरगन्ज, काँकडभिट्टा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, तातोपानी एवम् भारतको कोलकाता, राधिकापुर र हल्दियामा यसको शाखा विस्तार भएको छ। यसको प्रमुख कार्यमा क्लियरिङ्ग, फरवार्डिङ्ग, अण्डरटेकिङ्ग र गोदाम व्यवस्थापन सेवा रहेका छन्। कम्पनीमा स्थायी ४३ समेत १०५ कर्मचारी कार्यरत छन्।

८७. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको स्थिर सम्पत्ति रू.३ करोड ६६ लाख, लगानी रू.४५ करोड १४ लाख, चालु सम्पत्ति रू.२० करोड ५ लाख र चालु दायित्व रू.८ करोड ९५ लाख पुगेको देखिन्छ। कम्पनीको शेयर पुँजी रू.१ करोड २२ लाख र जगेडा कोष एवम् संचित नाफा रू.५८ करोड ६८ लाख रहेको छ। कम्पनीले गत वर्ष रू.९ करोड ४३ लाख १ हजारको बिक्रीबाट रू.७

करोड ७१ लाख ७८ हजार नाफा गरेकोमा यस वर्ष ३६ करोड ३५ लाख १७ हजार बिक्रीबाट रू.८ करोड ५३ लाख २० हजार नाफा गरेको छ।

८८. **योजना, कार्यक्रम र लक्ष्य प्रगति -** कम्पनीले प्रमुख भन्सारविन्दुमा आधुनिक गोदाम घरहरू निर्माण गरी सेवा प्रदान गर्ने उद्देश्य लिएको भए तापनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल शाखामा नेपाल नागरिक उड्डयन प्राधिकरणसँग र तातोपानी भन्सारमा नेपाल इन्टरमोडल यातायात विकास समितिसँग सम्झौता गरी गोदाम पट्टामा लिई गोदाम सेवा प्रदान गर्दै आएको छ। अन्य शाखाहरूमा गोदाम घर निर्माण गरेको पाइएन । आयात तथा निर्यातको लागि सरकारी तवरबाट क्लियरिङ्ग र फरवार्डिङ्ग सेवा उपलब्ध गराउने लक्ष्य समेत पूर्ण रुपमा कार्यान्वयन भएको छैन। कम्पनीलाई वित्तीय एवं व्यवस्थापकीय रुपमा सक्षम र सबल बनाउनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी सुधार र विस्तारका कार्य गर्नुपर्दछ ।

८९. **सम्पत्ति लेखाङ्कन -** कोलकाता शाखा कार्यालयले २०७४।७५ देखि नै गोदाम स्थल निर्माण कार्य भइरहेको उल्लेख गरी भारतीय रुपैया ६१ लाख ५२ हजारलाई स्थिर सम्पत्तिअन्तर्गत देखाएको छ। उक्त संरचनामा सिमेन्ट ढलान गर्नुपर्ने इन्जिनियरिङ्ग प्रतिवेदनमा उल्लेख भएकोमा इँटा माटोबाट निर्माण भएको पाइयो। तसर्थ, उक्त संरचना निर्माणको गुणस्तर कायम भएको छैन। यस सम्बन्धमा थप छानविन गरी खर्च यकिन गर्नुपर्दछ।

९०. **लिज भाडा -** नेपाल सरकार र भारत सरकारबीच भएको जग्गासम्बन्धी ३० वर्षे लिज सम्झौता १ नोभेम्बर, १९८४ बाट शुरु भई ३१ डिसेम्बर, २०१४ मा समाप्त भएको छ। उक्त सम्झौताबमोजिम नेपाल सरकारको एजेन्सीको रुपमा कम्पनीले हल्दियास्थित डक क्षेत्रको ६ हजार ९८५ वर्ग मिटर र आवासीय क्षेत्रको २ हजार वर्गमिटर प्रयोग गर्न पाउने देखिन्छ। साविक लिज सम्झौताअनुसार सम्झौता अवधि समाप्त भएपश्चात पुनः ३० वर्षका लागि सम्झौता नवीकरण गर्ने उल्लेख छ। कोलकाता डक कम्प्लेक्समा ४ हजार ८८६ वर्ग मिटर र हल्दिया पोर्ट रेसिडेन्टल जोनमा २ हजार वर्ग मिटर जमिन उपलब्ध गराएको छ। हल्दिया डक कम्प्लेक्समा जमिन उपलब्ध गराएको ४१ वर्ष र कोलकाता डक कम्प्लेक्समा जमिन उपलब्ध गराएको ४९ वर्ष व्यतीत भइसक्दा पनि कन्टेनर फ्रेट स्टेशनको लागि पूर्वाधारहरू निर्माण गरेको छैन । लिज भाडावापत मासिक रुपमा कोलकाता डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ ५० हजार, हल्दिया डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ १ लाख ६३ हजार र हल्दिया रेसिडेन्टल जोनको लागि भारतीय रुपैयाँ २७ हजारका दरले हुने वार्षिक भारतीय रुपैयाँ २८ लाख ८० हजार भुक्तानी भए तापनि सो रकमबाट कम्पनीले लाभ लिन सकेको अवस्था छैन। नेपाल भित्रिने कन्टेनरहरूले निजी कम्पनीको गोदाम प्रयोग गरिरहेको अवस्था देखिएकोले सरकारी कम्पनीले भाडामा लिएको जग्गाको उपयोग गरी सेवा सञ्चालन गर्न व्यावसायिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

९१. **पुरानो ट्रक व्यवस्थापन -** एक नेपाली आयातकर्ताले मे, २०१० मा पैठारी गरेका २० थान हुन्डाई ट्रक प्रदूषण मापदण्डअनुसार पैठारी गर्न नसकेकोले कम्पनीले हल्दियास्थित लिजमा लिएको जमिनमा खुल्ला रूपमा रहेको पाइयो। उक्त ट्रक विगत १२ वर्ष देखि बेवारिसे अवस्थामा रहेकोले यसको उचित व्यवस्थापन उपयोगमा ल्याउनुपर्दछ।

९२. **शुल्क तथा जरिवाना** - कम्पनीले अन्डर राइटिङ्ग सेवा प्रदान गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिमको बीजक जारी गर्नुपर्दछ। कम्पनीले रितपूर्वकको कर बीजक नगर्दा यो वर्ष रू.४ लाख ७५ हजार मूल्य अभिवृद्धि कर असूल गरेको छैन। त्यस्तै मूल्य अभिवृद्धि करको विवरण ढिला बुझाएबापत रू.२८ लाख १३ हजार जरिवाना तिरेको छ। २०७६।७७ देखि २०७८।७९ सम्मको अवधिमा नियमअनुसार कर लगायतका विवरण नबुझाउँदा रू.२२ लाख ५८ हजार अतिरिक्त शुल्क भुक्तानी गरेकोले सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ ।

९३. **असामी** - कम्पनीले वित्तीय विवरणमा विगत १६ वर्ष देखि विभिन्न ११ निकायसँग असुल गर्न बाँकी असामी रू.१ करोड ९७ लाख ६८ हजार जिम्मेवारी सार्दै आएकोले आवश्यक प्रकिया पुरा गरी उक्त रकम असुल फर्स्यौंट गर्नुपर्दछ।

विशाल बजार कम्पनी लिमिटेड

जनतालाई घर, पसल कबल र जग्गा भाडामा लिने, दिने लगायत फ्याक्ट्री भवन, कार्यालय, ग्यारेज, वर्कसपको कारोवार गर्ने र ग्राहकवर्गलाई विभिन्न सुविधा दिई आधुनिक कम्प्लेक्स विकास गर्ने जस्ता उद्देश्य राखी २०२६ सालमा कम्पनीको स्थापना भएको हो। यो कम्पनीको कुल शेयर पुँजी रू.४ अर्ब १ करोडमध्ये ९८.७५ प्रतिशत नेपाल सरकारको र १.२५ प्रतिशत अन्य निकाय तथा व्यक्तिको रहेको छ।

९४. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको शेयर पुँजी रू.४ अर्ब १ करोड र जगेडा कोष तथा नाफा रू.४८ करोड ७६ लाख रहेको छ। कुल सम्पत्ति रू.४ अर्ब ४९ करोड ७६ लाख स्थिर सम्पत्ति रू.४ अर्ब १ करोड ३१ लाख तथा चालु सम्पत्ति रु.६१ करोड ५८ लाखसमेत चालु दायित्व १३ करोड १३ लाख रहेको छ। कम्पनीले २०७४।७५ मा रू.१६ करोड ६२ लाख आय आर्जन गरेकोमा कर पछिको नाफा रू.१० करोड १२ लाखसमेत सञ्चित नाफा रू.४७ करोड २७ लाख रहेको छ। सो मुनाफाबाट लाभांश घोषणा नगरी बचत रकममध्ये रू.३७ करोड ५० लाख मुद्दती निक्षेपमा राखेको छ।

९५. **भाडा** - सर्वोच्च अदालतले २०७४।३।१६ मा भ्रष्टाचारसम्बन्धी कसुरमा दोषी २ व्यक्तिबाट क्रमशः रू.२ करोड ५ लाख ६८ हजार र रू.३६ लाख ७३ हजार कम्पनीलाई भराउने फैसला गरेकोमा प्रतिवादीहरूको जायजेथा फेला नपरेको उल्लेख गरी असुल गरेको छैन। कम्पनीले २०७४ चैत्रमा जिल्ला अदालत काठमाडौंलाई प्रतिवादीको जायजेथा फेला परेको जानकारी गराएकोमा प्रक्रिया टुङ्गो लागेको छैन। अदालतको फैसलाअनुसार उक्त रकम असुल गर्नुपर्दछ।

९६. **न्यून भाडा** - कम्पनीले पसल भाडामा लगाउँदा उक्त क्षेत्रका अन्य व्यावसायिक कम्प्लेक्स, सार्वजनिक निकायहरूले लिएको भाडा लगायतका पक्ष विश्लेषणको अधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट लगाउनुपर्नेमा सोअनुसार गरेको देखिएन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६५।११।२५ मा कम्पनीको विनियमावलीमा संसोधन गरी सार्वजनिक खरिद ऐन नियमको पालना गरी भाडामा लगाउन दिएको निर्देशनको पालना भएको छैन। कम्पनीले देहायअनुसार अस्वभाविक रुपमा न्यून दरले भाडामा लगाएको छ।

तला	वर्ग फिट	प्रति महिना भाडा लिएको औसत दर रू.(प्रति वर्ग फिट)	प्रति महिना हुनुपर्ने औसतदर रू.(प्रति वर्ग फिट) २०७८।७९	प्रति महिना हुनुपर्ने औषत भाडा दर (प्रति वर्ग फिट) २०७४।७५	वार्षिक रुपमा न्यून हुने आय रू.(हजारमा)
भुई तला	१८९६२	१०९.८१	५०६.१०	४१३.६४	६९१३४
पहिलो तला	४२८५	७६.८७	२१०	१७१.६४	४८७३
दोस्रो तला	१५८६९	५४.९१	१५०	१२२.५५	१२८८०
तेस्रो तला	१६८९०	४६.७८	१२८	१०४.५८	११७१५
				जम्मा	**९८६०२**

द्रष्टव्य : *हुनुपर्ने औसत दरमा भुई, दोस्रो र तेस्रो तलाको २०७८।७९ को बोलपत्र दर र पहिलो तलाको हकमा राष्ट्रिय र एन. आइ. सी. बैङ्कको सम्झौता दरलाई आधार लिइएको र आर्थिक वर्ष २०७४।७५ को लागि राष्ट्र बैङ्कले २०१७।१८ को ओभरअल प्राइस इन्डेक्स ११९.५९ रहेकोमा २०२१।२२ को १४६।३२ पुगेकोले सोही आधारमा हिसाब गरिएको।*

उल्लिखित तालिकाबमोजिम २ वाणिज्य बैङ्कले उपयोग गरेको बाहेक वार्षिक रू.९ करोड ८६ लाख २ हजार आय न्यून हुने गरी भाडा सम्झौता र असुली गरेको औचित्यपूर्ण देखिएन। कम्पनीलाई अधिकतम लाभ हुने गरी प्रतिस्पर्धात्मक रुपमा निर्धारित बजार दरको आधारमा बहालमा लगाउने व्यवस्था गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, विप्रेषणको प्रयोग उत्पादनशील र दीर्घकालीन उपयोगमा ल्याउने नीतिगत व्यवस्था गर्ने विभिन्न उद्योगीलाई भन्सार सहजीकरण, विदेशी मुद्राको सिफारिस, विद्युत महसुल छुट, ब्याज मिनाहालगायत सुविधाहरू उपलब्ध गराएकोमा सोको अभिलेख व्यवस्थित नगरेको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ २४ निकायमा रू.१३ करोड १ लाख ९७ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.३७ लाख १९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य सस्थातर्फ ३ निकायमा रू.१४ करोड १० लाख ९३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.९५ लाख ९८ हजार फर्स्यौंट गरेकोले रू.१३ करोड १४ लाख ९५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.३९ लाख ५० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानून तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्ने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ९१ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका ७९ सरकारी कार्यालयको निम्नानुसार रू.४३ अर्ब ९६ करोड १५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
३४४२८०	१६६३३	५९७६९	१८९३३	४३९६१५

उल्लिखित लेखापरीक्षण रकममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गत खर्च भएको रू.१२ करोड ५९ लाख ५५ हजार समावेश छ। यो मन्त्रालयमा विनियोजन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र प्रदेश कार्यालयबाट खर्च भएको रू.७८ करोड ६२ लाख ६४ हजार समावेश छैन।

२. **संगठित र अन्य संस्था -** यो वर्ष १३ संस्थाको रू.५ खर्ब ५५ अर्ब ९२ करोड २० लाखको लेखापरीक्षण गरिएको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाअन्तर्गत २०७८।७९ सम्म कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य भूमिमध्ये १५ लाख ३५ हजार हेकटरमा सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा १५ लाख ३१ हजार हेक्टरमा सुविधा पुगेको, सौर्य मिनी ग्रिड ९०० पुऱ्याउने लक्ष्य रहेकोमा ३५१ पुगेको, स्वचालित जल मापन केन्द्र स्थापना र सञ्चालन १५० पुऱ्याउने लक्ष्य रहेकोमा १४० पूरा भएको, वैकल्पिक ऊर्जा उत्पादन १४५ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ७५ मेगावाट पूरा भएको, घरायसी बायोग्याँस जडान ५ लाख ४६ हजार पुऱ्याउने लक्ष्य रहेकोमा ४ लाख ३३ हजार जडान भएको उल्लेख छ। आवधिक योजनाको मध्यावधि समीक्षा प्रतिवेदन, २०७८।७९ अनुसार सिँचाइयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ पुगेको भूमि २०७५।७६ मा ३३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ३५ प्रतिशत पुगेकोले न्यून प्रगति भएको उल्लेख छ।

४. **वार्षिक कार्यक्रम र प्रगति -** राष्ट्रिय योजना आयोगबाट स्वीकृत २०७८।७९ को वार्षिक विकास कार्यक्रमअनुसार अद्यावधिक प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	एकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१.	सिँचाइ सुविधा विस्तार	हेक्टर(हजारमा)	२९	२२	७५.८६
२.	तटबन्ध निर्माण	किलोमिटर	५७	५३	९२.६८
३.	स्वचालित मौसम मापन केन्द्र स्थापना सञ्चालन	संख्या	१८४	२६१	१४१.८५
४.	विद्युत चुहावट	प्रतिशत	१४.५	१५.५	१०६.९०
५.	प्रसारण लाइन निर्माण ६६ के.भी. भन्दा बढी	स. किलोमिटर	५६९९	४९४०	८६.६८
६.	३३ के.भी. प्रसारण लाइन विस्तार	स. किलोमिटर	६५००	६२४८	९६.१२
७.	राष्ट्रिय विद्युत प्रणालीबाट विद्युत प्राप्त जनसंख्या	प्रतिशत	९७	९३	९५.८७
८.	प्रतिव्यक्ति विद्युत खपत	किलोवाट घण्टा	३५०	३३०	९४.२८
९.	कुल विद्युत जडित क्षमता	मेगावाट	२९७४	२२००	९३.९७
१०.	लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन	मेगावाट	३७	३६.३	९८
११.	घरायसी बायोग्याँस प्रविधिबाट ऊर्जा उत्पादन	हजार	४५८.३	४४४	९६.८७
१२.	सुधारिएको पानी घट्ट	संख्या	११२९३	१११२२	९८.४८
१३.	सुधारिएको फलामे चुल्हो	संख्या हजार	११५८	१४२	१२.२६

मन्त्रालयले आवधिक योजना र दिगो विकास लक्ष्यले तोकेका कार्यक्रम वार्षिक कार्यक्रममा आबद्ध गराई प्रगति प्रतिवेदन तयार गरेको छैन। त्यस्तै प्रगति विवरण विश्लेषण गर्दा तटबन्ध निर्माण, जग्गा उकास, विद्युत चुहावट, प्रतिव्यक्ति विद्युत खपतमा लक्ष्य हासिल गरे पनि सिँचाइ सुविधा विस्तार, प्रसारण लाइन निर्माण, कुल विद्युत जडित क्षमता, सुधारिएको फलामे चुल्हो, वैकल्पिक ऊर्जा लगायत कार्यक्रममा लक्ष्यभन्दा घटी प्रगति देखिन्छ। आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याई कार्य प्रगतिमा सुधार गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऊर्जा तथा सिँचाइ क्षेत्रका दिगो विकास लक्ष्य र तिनको उपलब्धि स्थिति निम्नानुसार छ :

क्र.सं.	सुचकहरू	आधार वर्ष सन् २०१५ स्थिति	सन् २०२२ सम्मको लक्ष्य	२०२२ सम्मको प्रगति
१	विद्युतमा पहुँच भएको जनसंख्याको अनुपात प्रतिशत	७४	९६	९३.५८
२	विद्युत खपत प्रतिव्यक्ति (किलोवाट घण्टा)	८०	५४२	३२५
३	कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश (प्रतिशत)	११.९	२९.७	७.६
४	जडित जलविद्युत क्षमता (मेगावाट)	७८२	५४१७	२२७६
५	कुल गार्हस्थ्य उत्पादनमा व्यावसायिक ऊर्जाको उपयोग (प्रति एकाइ)	३२	३२	३२
६	कृषि योग्य जमिनमध्ये वर्षभरी सिँचाइ हुने क्षेत्र (प्रतिशत)	२५.२	२०	१९

दिगो विकास सूचकहरूको विश्लेषण गर्दा कृषि योग्य जमिनमध्ये वर्ष भरी सिँचाइ हुने क्षेत्रको र कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंशसमेत २ सूचकको प्रगति आधार वर्षभन्दा पनि घटेको देखियो। वर्षैभरि सिँचाइ हुने क्षेत्र प्रदेश तथा स्थानीय तहबाट भएको कार्य एकीकृत प्रगति विवरणमा समावेश गरेको देखिएन। अन्य सूचकको लक्ष्यअनुसार प्रगति देखिएन। दिगो विकास लक्ष्य बमोजिमको प्रगति हुने गरी बजेट व्यवस्था गरी कार्यान्वयन हुनुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा कृषियोग्य भूमिको २९ हजार ४१२ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने, रानी जमरा कुलरिया सिँचाइ आयोजना दोस्रो चरणको लम्की एक्सटेन्सनको कान्द्रा खोलासम्म १५ किलोमिटर मूलनहर र ५ किलोमिटर शाखा नहरमध्ये आंशिक कार्य भएको, महाकाली सिँचाइ आयोजनाको १० किलोमिटर मूलनहर र शाखा नहर निर्माण गरी २

हजार ९०० हेक्टर सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य पूरा भएको देखिएन। भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना अन्तर्गत बाँके र बर्दिया जिल्लाका थप १५ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा र ४८ मेगावाटको विद्युतगृह निर्माण कार्य बाँकी रहेको देखियो। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

७. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोवारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार नवीकरणीय ऊर्जा तथा कृषि सिँचाइलगायत ६ कार्यक्रमको लागि दातृ निकायबाट रू.२८ करोड ७८ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन। ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ।

८. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा तोकिएको अनुदान नपुग भएमा वचत अनुदानमध्येबाट ऐनको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्ने व्यवस्था छ। मन्त्रालयको वित्तीय व्यवस्था विश्लेषण गर्दा ऊर्जातर्फको रू.५६ अर्ब २१ करोड ८७ लाख बजेटमध्ये रू.८ अर्ब ८० करोड ७० लाख थप र रू.३ अर्ब ७१ करोड २९ लाख घट गरी रू.६१ अर्ब ३१ करोड २८ लाख बजेट कायम गरी शुरु बजेटमा ९.६ प्रतिशत वृद्धि भएको छ। सिँचाइतर्फको रू.४२ अर्ब १४ करोड ४९ लाख शुरु बजेटमा रू.१६ अर्ब २९ करोड ६३ लाख थप र रू.१५ अर्ब ९९ करोड २४ लाख घटाई रू.४२ अर्ब ४४ करोड ८८ लाख बजेट कायम भई शुरु बजेटमा ३० करोड ३९ लाख थप भएको छ। मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **राष्ट्रिय गौरवका आयोजना -** यस मन्त्रालय मातहत रहेका ८ राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण निम्नानुसार रहेको छः

(रू.करोडमा)

क्र.सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने अवधि	लागत		हाल सम्मको खर्च	भौतिक प्रगति
				शुरु	संशोधित		
१.	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	२८७.३९	१८९६.३०	१११५.७६	६२.२३
२.	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	२६७७	३५००	५३७.८८	१५.७३
३.	रानीजमरा कुलरिया सिँचाइ	२०६७।६८	२०८०।८१	१२३७	२७७०.२४	१६२०.७०	५८.७
४.	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०७९।८०	१६४३	३६८०	१५४३.०७	४१.९२
५.	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	१२८०	२५०२	१९००.३५	६७
६.	सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८०।८१	४६१९.३९	५४७६	३४९.८२	७.६
७.	बुढी गण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	-	४१४८.१२	२२
८.	अपर तामाकोशी जलविद्युत आयोजना	२०६७।६८	सम्पन्न	३५२९	सम्पन्न	५२९८	-

उल्लिखित आयोजनाहरूको नहर लाइनिङ्गको जग्गा विवाद, ठेक्का प्याकेजहरूमा न्यून प्रगति, आयोजना तथा सम्बद्ध पदाधिकारीको फेरबदल लगायतका कारण अपेक्षित प्रगति हासिल हुन नसकी

समय र लागत वृद्धि भएको छ। आयोजना कार्यान्वयनमा देखिएका उल्लिखित समस्या समाधान गर्ने, अनुगमन र सहजीकरणलाई प्रभावकारी बनाउने, सम्बद्ध पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गरी कार्यमा गतिशीलता ल्याउने र सो को विश्लेषण गर्ने व्यवस्था मिलाई निर्धारित समय र लागतमा आयोजनाहरू सम्पन्न गर्नुपर्दछ।

१०. **कृषियोग्य भूमि र सिँचाइ** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार २६ लाख ४१ हजार हेक्टर कृषि योग्य भूमिमध्ये १७ लाख ६६ हजार हेक्टर भूमि सिँचाइयोग्य रहेकोमा २०७८।७९ सम्म १५ लाख ३१ हजार ६९ हेक्टरमा सिँचाइ सुविधा पुगेको देखिन्छ। मन्त्रालयबाट प्रदेशगत कृषियोग्य भूमि र सिँचित क्षेत्रको विवरण प्राप्त हुन आएन। आर्थिक सर्वेक्षण २०७८।७९ अनुसार २०७४।७५ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २८.१ प्रतिशत रहेकोमा २०७५।७६ मा २७ प्रतिशत, २०७६।७७ मा २६.२ प्रतिशत, २०७७।७८ मा २५.८ प्रतिशत र २०७८।७९ मा २३.९ प्रतिशतमात्र रहेबाट कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ।

कृषि तथा पशुपन्छी मन्त्रालयको विवरणअनुसार यो वर्षको खाद्यान्न उत्पादन गत वर्षको तुलनामा ८.७४ प्रतिशतले गिरावट आएको छ। त्यस्तै भन्सार विभागको प्रतिवेदनअनुसार यो वर्ष ५ लाख ४६ हजार ६३४ मेट्रिकटन खाद्यान्न आयात भएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घट्दै गएको अवस्थाले सिँचाइ र कृषिबीच अन्तर आबद्धता कायम हुन सकेको देखिँदैन। लगानीको नतिजा देखिने गरी योजना सञ्चालन गर्नुपर्दछ।

११. **अनुगमन र नियमन** - विद्युत उत्पादनको लागि अनुमति लिने संघ, संस्थाले अनुमतिपत्रमा उल्लेख भएको अवधिभित्र विद्युत उत्पादन गर्नुपर्दछ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार १ मेगावाटभन्दा बढी उत्पादन क्षमताको लागि २०६८।१।२८ देखि अनुमति लिएका २३५ संघ, संस्थाले विद्युत उत्पादन सम्बन्धी कार्य नगरी इजाजतपत्र होल्ड गरेको देखियो। अनुमति लिएका संस्थाले विद्युत उत्पादन कार्य गरे, नगरेको अनुगमन गरी कारबाही गरेको देखिएन। त्यस्तै रानी-जमरा कुलरिया सिँचाइ आयोजनाबाट ४.७१ मेगावाट, भेरी-बबई डाइभर्सन आयोजनाबाट ४८ मेगावाट र सुनकोशी मरिन डाइभर्सन आयोजनाबाट ३१ मेगावाटसमेत ८३.७१ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य छ। लक्ष्य हासिल गर्न दक्ष जनशक्ति, अपरेटर हाउससहित पूर्वाधारको व्यवस्था, विद्युत बिक्री सम्झौता र लाभ बाँडफाँटको विषयमा नीतिगत तथा संरचनात्मक व्यवस्था गरेको देखिएन। यस्ता बहुउद्देश्यीय आयोजनाबाट विद्युत उत्पादन र परिचालनको लागि संरचनागत तथा नीतिगत निर्णय हुनुपर्दछ।

१२. **मापदण्ड कार्यान्वयन** - नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन तथा संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी निक्षेपण र प्रत्यायोजन हुनुपर्दछ।

मन्त्रालय मातहत कार्यक्रम सञ्चालन गर्दा जोखिमयुक्त पहिरो नियन्त्रण आयोजनाबाट रू.९ लाखदेखि रू.५० लाखसम्मका ७३ साना कार्यक्रम, नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रममा रू.५ लाखदेखि रू.१ करोडसम्मका २८५ साना कार्यक्रम संघबाट सञ्चालन भएको छ। ऊर्जातर्फ ३ मेगावाटसम्मका जलविद्युत आयोजना स्थानीय तहबाट, ३ मेगावाटभन्दा माथि २०

मेगावाटसम्मका आयोजना प्रदेश तहबाट सञ्चालन गर्ने व्यवस्था छ। स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने ३ मेगावाटसम्मका आयोजनासमेत संघबाट सञ्चालित भएको छ। कानूनी व्यवस्था र संघीयताको मर्मअनुरूप मन्त्रालयले राष्ट्रिय महत्वका ठूला आयोजना/कार्यक्रम मात्र सञ्चालन गरी अन्य आयोजना/कार्यक्रम प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिनुपर्दछ।

१३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। मन्त्रालय मातहतका ३ आयोजनाले विभिन्न निर्माण कार्यलाई ८३ टुक्रा बनाई रू.६ करोड ५० लाख १२ हजारको खरिद कार्य गरेको पाइयो। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ।

१४. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गराई स्वीकृत गराउनुपर्ने व्यवस्था छ। बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७३ मा बहुवर्षीय ठेक्का स्वीकृति अघि वातावरणीय प्रभाव मूल्याङ्कन हुनुपर्ने व्यवस्था रहे तापनि मन्त्रालयले सोसम्बन्धी सिफारिसको अद्यावधिक विवरण राखेको छैन। प्राप्त विवरणअनुसार २०७७ जेष्ठदेखि २०७९ कार्तिकसम्म वातावरणीय प्रभाव मूल्याङ्कनका २६ प्रतिवदेन स्वीकृतिको लागि पठाएकोमा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृति प्राप्त गरेको छैन। वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति समयमा नहुँदा आयोजना निर्माणमा ढिलाइ भई लागत र समय वृद्धि हुने गरेको छ। सम्बन्धित निकायहरूबीच समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नुपर्दछ।

१५. **काममा ढिलाइ** - खरिद सम्झौताको शर्त र कार्यतालिकाबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ। महाकाली नदी नियन्त्रण आयोजनाले नदी नियन्त्रण गर्न रू.२६ करोड ९५ लाख लागत अनुमान तयार गरी बोलपत्र प्रतिस्पर्धाबाट एक निर्माण व्यवसायीसँग २०७६।३।२४ मा रू.१७ करोड ९८ लाखको खरिद सम्झौता भएकोमा २०७९ असोजसम्म रू.४ करोड २२ लाख खर्च गरी १५.६६ प्रतिशत प्रगति गरेको छ। चौबीस महिनामा सम्पन्न गर्नेगरी २०७६ मा सम्झौता भएकोमा २०७८ चैत्र मसान्तसम्म म्यादथप भएको छ। उक्त निर्माण कार्यको संरचना यो वर्ष र अघिल्लो वर्षको बाढीबाट क्षति भएको र निर्माण स्थलमा जनस्तरबाट विरोध हुँदा काम हुन नसकी निर्माण कार्य अधुरो रहेको छ। आयोजनाले सरोकारवालासँग समन्वय गरी सम्झौताबमोजिमको कार्य सम्पन्न गराउनुपर्दछ।

१६. **अधुरा योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कार्यसम्पादन नगरेमा वा पेस्कीको दुरूपयोग गरेमा खरिद सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने उल्लेख छ। लाल बकैया नदी नियन्त्रण आयोजना, बारा, रुपाताल संरक्षण एकीकृत विकास परियोजना, कास्की र जनताको तटबन्ध कार्यक्रम, दाङले रू.१ अर्ब ३३ करोड ८ लाखमा सम्झौता भएको १७ निर्माण कार्यको सम्झौता अवधि समाप्त हुँदा रू.९७ करोड ७४ लाखको मात्र कार्य गरी रू.३५ करोड ३४ लाखको निर्माण कार्य अधुरो रहेको देखिन्छ। तोकिएको अवधिमा कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौताअनुसार कारबाही गरी कार्य सम्पन्न गर्नुपर्दछ।

१७. **आयोजना कार्यान्वयन** - जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय, झापाले झापा तथा मोरङ जिल्लाको रतुवा तथा मावा नदीका विभिन्न १९ स्थानहरूमा ११ हजार ८१७ मिटर लम्बाइमा तटबन्ध निर्माण कार्य ३ वर्षमा सम्पन्न गर्नेगरी २०७८।२।११ मा एक निर्माण व्यवसायीसँग रू.७० करोड ४६ लाख ५ हजारको खरिद सम्झौता गरी रू.३ करोड ९ लाख पेस्की भुक्तानी गरेको छ। निर्माण व्यवसायीले पेस गरेको कार्यतालिकाअनुसार ४० प्रतिशत र बजेटका आधारमा ५० प्रतिशत प्रगति हुनुपर्नेमा काम शुरुवात भएको देखिएन। कार्यतालिकाबमोजिम काम नगरेको सम्बन्धमा सम्झौता शर्त बमोजिम कारबाही गरी कार्य सम्पन्न गर्नुपर्दछ।

१८. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ। त्रियुगा नदी व्यवस्थापन आयोजनाले त्रियुगा नदी नियन्त्रण कार्यको लागि दुई प्याकेजको ढुङ्गा खरिद कार्यको लागत अनुमानमा जिल्ला दररेट रू.२ हजार ४६३ रहेकोमा रू.३ हजार १९२ दररेट उल्लेख गरी रू.९ करोड ३९ लाखको लागत अनुमान स्वीकृत गरेको पाइयो। त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ।

१९. **नदीजन्य पदार्थको उत्खनन्** - नारायणी नदी व्यवस्थापन आयोजनाले नारायणी नदी, चितवन खण्ड र नवलपरासी खण्डमा करिब रू.२३ अर्ब ५८ करोड र पूर्वी राप्ती नदी, चितवन खण्ड र मकवानपुर खण्डमा रू.१६ अर्ब ८३ करोडको गुरुयोजनामा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड,२०७७ को दफा ३क अनुरूप नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरूमा उत्खनन् गर्न पाइने व्यवस्था छ। नारायणी नदीअन्तर्गत चितवनतर्फ ३५ किलोमिटर, नवलपरासीतर्फ ६३ किलोमिटर, पूर्वी राप्ती नदी चितवन र मकवानपुरतर्फ १०१ किलोमिटर र सहायक नदीहरूमा २९ किलोमिटर कार्यक्षेत्र रहेको छ। नारायणी नदीमा तटबन्ध निर्माण कार्यको लागि आसपासका मनहरी खोला, जुगेडी खोला र शक्तिखोरको खोलाबाट ढुङ्गा, गिट्टी सङ्कलन भइरहेको देखिएकोले नदी किनारको बस्ती आसपासका खोलाबाट तोकिएको परिमाण भन्दा बढी अवाञ्छित तवरले हुने उत्खननमा नियन्त्रण हुनुपर्दछ।

२०. **ठेक्का मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रदाताले बिलको परिमाण र एकाइ दरको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय नभएको र खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नुपर्ने एकाइ दर अस्वाभाविक कायम गरेमा विशेष मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रमअन्तर्गत १० डीप बोरिङ कार्यको लागत अनुमान तयार गर्दा ड्रिलिङ औजार र मेसिनरी लाने लैजाने आइटमको लागि व्यवस्था गरेको रकमभन्दा निर्माण व्यवसायीले कबोल गरेको रू.७६ लाख २८ हजार बढी हुँदासमेत सम्झौता गरी भुक्तानी दिएको छ। यसमा मूल्याङ्कन समितिलाई जिम्मेवार बनाउनुपर्छ।

२१. **गुरु योजना** - बबई नदी पूर्वमा २१ हजार हेक्टर र पश्चिममा १५ हजार हेक्टरसमेत कुल ३६ हजार हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रू.२ अर्ब ८७ करोड ४० लाख लागत अनुमानको बबई सिँचाइ आयोजनाको गुरुयोजना २०६८ सालमा स्वीकृत गरेकोमा संशोधित

लागत रू.१८ अर्ब ९६ करोड ३० लाख पुगेको छ। आयोजनाको निर्माण कार्य २०८२।८३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रू.११ अर्ब १५ करोड खर्च गरी ५८.८४ प्रतिशत वित्तीय र ६२.२३ प्रतिशत भौतिक प्रगति भएको छ। कार्ययोजना परिमार्जन गरी गुरुयोजनाबमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ।

२२. **कार्य प्रगति** - कर्णाली नदी व्यवस्थापन आयोजनाले कर्णाली नदीको बायाँ र गेरुवा नदीको दायाँ-बायाँ किनारामा ७१.३ किलोमिटर तटबन्ध निर्माण कार्य २०७१।७२ देखि शुरु भएकोमा बाँकी ५३.७५ किलोमिटर नदी नियन्त्रण गर्न रू.१२ अर्ब ८० करोड ७४ लाख लागत अनुमान स्वीकृत भएको छ। उल्लिखित कार्य २०७५।७६ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रू.२ अर्ब ७ करोड २९ लाख खर्च गरी १६.१८ प्रतिशत वित्तीय र २१.५४ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ। गुरुयोजनाअनुसारको समयावधिमा नदी नियन्त्रणको कार्य सम्पन्न भएको छैन। कार्ययोजना पुनरावलोकन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२३. **मर्मत सम्भार कोष** - जलस्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकम मध्येबाट आफूले पाउने अंश आफ्नो खातामा जम्मा गरी बाँकी केन्द्रीय मर्मत सम्भार कोषमा बुझाई सो को निस्सा सम्बन्धित सिँचाइ कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। सुनसरी मोरङ सिँचाइ आयोजनाले नियमावलीको व्यवस्थाबमोजिम उपभोक्ताबाट उठेको राजस्व केन्द्रीय मर्मत सम्भार कोषमा जम्मा गरेको नदेखिएकोले २०५९।६० देखि हालसम्मको २० प्रतिशत हुने रू.१ करोड ५६ लाख ६८ हजार कोषमा दाखिला गर्नुपर्दछ।

२४. **राजस्व अभिलेख र असुली** - सिँचाई नियमावली, २०५६ को नियम २६ मा नेपाल सरकारले सञ्चालन गरेको वा उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजनाबाट प्रतिहेक्टर रू.३०० का दरले सेवा शुल्क लिनुपर्ने व्यवस्था छ। सुनसरी मोरङ सिँचाइ आयोजनाले ६७ हजार ९५५ हेक्टर सिँचित क्षेत्रको प्रतिहेक्टर रू.३०० को दरले रू.२ करोड ३ लाख ८६ हजारको आय गरी २० प्रतिशतले हुने रू.४० लाख ७७ हजार र १० प्रतिशतले हुने रू.२० लाख ३८ हजारसमेत रू.६१ लाख १५ हजार प्राप्त गर्नुपर्नेमा रू.६ लाख ६६ हजार मात्र सेवा शुल्क प्राप्त गरेको र रू.५४ लाख ४९ हजार प्राप्त गर्न बाँकी रहेको छ। नियमावलीबमोजिम बक्यौता सेवा शुल्क असुल गरी दाखिला गर्नुपर्दछ।

२५. **विस्तृत आयोजना प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माणको कार्य शुरु गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयार गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। जनताको तटबन्ध कार्यक्रम, बुटवलले तिनाउ नदी रू.१० अर्ब ५४ करोड, दानव कञ्चन नदी रू.७ अर्ब ६ करोड, रोहिणी रू.१ अर्ब ५ करोड र वाणगंगा नदी रू.५ अर्ब ९ करोड समेत नदी नियन्त्रण कार्यको लागि रू.२३ अर्ब ७४ करोड लागत लाग्ने अनुमान तयार गरेकोमा विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको छैन। २०६६।६७ देखि हालसम्म रू.१ अर्ब ३७ करोड ७४ लाख ६० हजार खर्च भइसकेको छ। तिनाउ नदी र कञ्चन नदीको आयोजना प्रतिवेदन स्वीकृत नगरी सालवसाली बजेट व्यवस्था गरी उपभोक्ता समितिबाट र निर्माण व्यवसायीबाट काम गराएको छ। विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गराएर मात्र आयोजना सञ्चालन गर्नुपर्दछ।

जलस्रोत तथा सिँचाइ विभाग

२६. **नर्म्सको तर्जुमा तथा सुधार -** सिँचाइ विभाग तथा मातहतका निकायबाट निर्माण कार्यको लागि सन् २००२ मा स्वीकृत नर्म्स प्रयोग भइरहेको छ। निर्माणसम्बन्धी प्रविधि र उपकरणमा १८ वर्षमा उल्लेख्य परिवर्तन भइसकेको छ। स्वीकृत नर्म्समा सिमेन्ट, गिट्टी र बालुवा प्रयोग गरी विभिन्न क्षमताको आरसीसी ढलानलगायतका कार्य गर्न ज्यामीको परिमाण तथा लागत राखेको छ। हाल बजारमा ठूला निर्माण कार्यको लागि कंक्रिट मिक्चर्स, ब्याचिङ्ग प्लान्ट र रेडी मिक्चरलगायतका मेसिन/उपकरणको प्रयोग हुने गरेको छ। मन्त्रालयले ठूला आयोजनाहरूमा प्रयोग हुने रेडिमिक्स तथा हेभी इक्विप्मेन्ट, तटबन्धमा प्रयोग हुने जियो ब्याग, जियो सेल, क्रिजमर तथा बाँध बनाउँदा प्रयोग हुने हेभी रोलरको नर्म्ससमेत तर्जुमा भएको छैन। त्यस्तै नदी तटबन्धमा प्रयोग हुने ठूलो आकारको ढुङ्गाको नर्म्स बनाएको छैन। साविक नर्म्सलाई समयानुकूल बनाई अद्यावधिक गर्नुपर्दछ।

२७. **उपभोक्ता समिति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा खरिदको विधिमा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने गरी रोजगारीको अवस्था सिर्जना गर्न लाभग्राही समुदायबाट कार्य गराउन सकिने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

२७.१ सार्वजनिक खरिद नियमावलीको व्यवस्थाबमोजिम उपभोक्ता समिति गठन गर्दा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको देखिएन। उपभोक्ता समितिबाट भएको कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर लगायतका भारी उपकरण प्रयोग गर्न नसकिने व्यवस्था रहेकोमा नहर, तटबन्ध, नदी नियन्त्रण लगायतका कार्य सिँचाइ विभागले उपभोक्ता समितिबाट कार्य गराउँदा उल्लिखित उपकरण प्रयोग गरी रू.३ करोड ६५ लाख ९० हजार भुक्तानी गरेको छ। नियम विपरीत भारी उपकरण प्रयोगलाई निरुत्साहित गर्नुपर्दछ।

२७.२ नारायणी नदी नियन्त्रण आयोजनाले यो वर्ष रू.२९ करोड ५२ लाख १३ हजार, कमला नदी नियन्त्रण आयोजनाले रू.३१ करोड ४३ लाख ८९ हजार, चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाले रू.४० करोड रू.१ लाख ५८ हजार र जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाले रू.६ करोड २२ लाख ४२ हजारसमेत रू.१ अर्ब ७ करोड २० लाख २ हजारको काम उपभोक्ता समितिबाट गराएकोमा खर्चका बिल भरपाई पेस नभएको, खर्च सार्वजनिक नभएको तथा सम्पन्न योजना हस्तान्तरण नभएको अवस्था देखिएको छ। उपभोक्ता समितिबाट तोकिएअनुसार कार्य गराउनुपर्दछ।

२७.३ जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम कार्यविधि, २०६६ को बुँदा ४.६ (ग) मा नदी किनारको भू-क्षय रोक्न बाढीबाट क्षतिग्रस्त भूमिको पुनरोत्थान गर्न निर्मित तटबन्धको दायाँ-बायाँ बायो-इन्जिनियरिङ कार्य उपभोक्ता समितिमार्फत् गराउन सकिने व्यवस्था छ। जनताको तटबन्ध फिल्ड कार्यालय नं ३, सर्लाहीले यो वर्ष रू.३ अर्ब ४० करोड ७६ लाखको तटबन्ध कार्य गरेकोमा बायो-इन्जिनयरिङको कार्य गरेको छैन। संरचनाको संरक्षण र दिगोपनाको लागि बायो-इन्जिनियरिङको कार्य हुनुपर्दछ।

२७.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार उपभोक्ता समितिबाट रू.१ करोड रूपैयाँसम्म लागत अनुमानको काम गराउन सकिने र सो रकममा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने व्यवस्था छ। जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय २ महोत्तरी र बृहत् दाङ उपत्यका सिँचाइ योजनाले मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश जोड्दा रू.१ करोडभन्दा बढी लागत अनुमान हुने १० योजना उपभोक्ता समितिमार्फत् कार्यान्वयन गराई रू.७ करोड ५३ लाख ५० हजार खर्च लेखेको छ। नियमले तोकेको सीमाभन्दा बढी लागतको कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा संलग्न पदाधिकारीलाई कारबाही गरी यस्ता कार्य नियन्त्रण गर्नुपर्दछ।

२८. **मुआब्जा र क्षतिपूर्ति -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ मा नेपाल सरकारलाई आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न मुआब्जा र क्षतिपूर्ति दिने प्रावधान रहेको छ। रुपाताल संरक्षण एकीकृत विकास परियोजनाको ताल विस्तार तथा बाँध निर्माणको लागि आवश्यक १ हजार ४७२ रोपनी जग्गामध्ये ७२३ रोपनी जग्गाको ९९५ मुआब्जा र क्षतिपूर्ति वितरण गरी स्वामित्व प्राप्त गरेको छ। बाँकी ७४९ रोपनी जग्गाको मुआब्जा वितरण नहुँदा प्राप्त बजेट उपयोग हुन नसकी निष्क्रिय रहेको छ। समयमा नै जग्गा प्राप्तिको काम सम्पन्न हुनुपर्दछ।

२९. **बढी भुक्तानी -** बागमती सिँचाइ आयोजनाअन्तर्गत झाँज सिँचाइ नहर विस्तारको लागि एक निर्माण व्यवसायीसँग भएको सम्झौतामा १० प्रतिशतसम्म मूल्य बढ्दा र घट्दासम्म मूल्य समायोजन नगरिने उल्लेख छ। निर्माण व्यवसायीलाई यो वर्षसम्म ४ रनिङ बिलको मूल्य समायोजन रू.६९ लाख ९५ हजार भुक्तानी गरेकोमा १० प्रतिशतसम्मको मूल्यवृद्धि समायोजन गरी रू.४२ लाख ७६ हजार बढी भुक्तानी गरेकोले शर्तविपरीत दिएको मूल्यवृद्धि रकम असुल गर्नुपर्दछ।

विद्युत विकास विभाग

३०. **अनुमतिपत्र** - विद्युत नियमावली, २०५० को नियम ३ देखि १८ सम्म विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धी व्यवस्था छ। विभागबाट विद्युत उत्पादनको अनुमति लिई उत्पादनमा आएका यो वर्षसम्म १२१ आयोजनाको जडित क्षमता २ हजार १८५ मेगावाट रहेको छ।

विद्युत उत्पादन अनुमतिपत्र लिई निर्माणको चरणमा रहेका आयोजनाहरूमध्ये गत वर्षको २३३ आयोजनाको ८ हजार ४३८ मेगावाट र यो वर्ष ३३ आयोजनाको ६१७.३ मेगावाटसमेत गरी २६६ कुल आयोजनाको ९ हजार ५५ मेगावाट जडित क्षमता रहने देखिन्छ। सर्भेक्षण अनुमतिपत्र लिएका आयोजनामध्ये २०७८।७९ मा १०२ थप भएकासमेत सर्वेक्षण अनुमतिपत्र लिने कुल ६९१ आयोजनाको ३० हजार ७५ मेगावाट र उत्पादन अनुमतिपत्र लिने १२२ को २ हजार ९४ मेगावाट समेत यो वर्षसम्म ८१३ को ३२ हजार १६९ मेगावाट विद्युत उत्पादन र सर्वेक्षणको अनुमतिपत्र जारी भएको देखिन्छ। अनुमति प्राप्त १२१ आयोजनाबाट २ हजार ८४ मेगावाट जडित क्षमताको आयोजना सञ्चालनमा आएको समेत ३४ हजार २५३ मेगावाट क्षमताको अनुमतिपत्र प्रदान गरेको देखिन्छ। अनुमतितर्फ ३३, ६६, १३२, २२० र ४०० के.भी. २०७६।७७ सम्म सर्वेक्षणमा ७८ र निर्माणमा १३४ लाई अनुमति प्रदान भएकोमा २०७८।७९ मा क्रमशः १५२ र २०२ समेत कुल

३५४ आयोजनाले विद्युत प्रसारणको सर्वेक्षण ३ हजार ७५३ किलोमिटर, वितरण लाइन अध्ययन ३ हजार १७ किलोमिटर र निर्माणको ४ हजार ६३१ किलोमिटर समेत ११ हजार ४०१ किलोमिटरको अनुमतिपत्र प्राप्त गरेको देखिन्छ। वितरण लाइनतर्फ ३३ केभीए र ११ केभीएको ६६ योजनाको समेत ३ हजार १७ किलोमिटर विद्युत प्राधिकरणबाट अध्ययन कार्य भइरहेको छ।

सर्वेक्षण अनुमतिपत्र, उत्पादन अनुमतिपत्र जारी भएका र अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा आएका जलविद्युत, सौर्य विद्युत, तापीय विद्युत, सह-उत्पादनसमेत कुल ३४ हजार २५३ मेगावाट क्षमताको अनुमति प्रदान भएकोमा अनुमति र उत्पादन अनुपात १००:८ रहेको छ। विद्युत आयात न्यून गर्न एवं अनुमति प्रदान र उत्पादनबीचको खाडललाई न्यून गर्न विभागबाट गर्ने अध्ययन अनुसन्धान, जाँचबुझ तथा निरीक्षणलाई प्रभावकारी बनाउन आवश्यक छ।

३१. **रोयल्टी असुली** - विद्युत ऐन, २०४९ को दफा ११ बमोजिम जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको १५ वर्षसम्म प्रतिजडित किलोवाट वार्षिक १०० र प्रतियुनिट (प्रतिवाट घण्टा) सरदर बिक्री मूल्यको २ प्रतिशतको दरले सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ। साथै उक्त अवधिपछि अनुमति प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक १ हजार रूपैयाँ र प्रतियुनिट (प्रतिकिलोवाट घण्टा) सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले सलामी बुझाउनुपर्ने व्यवस्था छ। जल विद्युत आयोजनाहरूबाट गत वर्षसम्म उठ्नुपर्ने रोयल्टी रू.२४ करोड ८७ लाख ५ हजार र यो वर्ष १२१ जल विद्युत संस्थाबाट रू.३ अर्ब १० करोड २५ लाख ६ हजारसमेत रू.३ अर्ब ३५ करोड १२ लाख ११ हजार रोयल्टी प्राप्त हुनुपर्ने देखिन्छ। सोमध्ये रू.३ अर्ब ५ करोड ७२ लाख ६२ हजार प्राप्त भई रू.२९ करोड ३९ लाख ४९ हजार प्राप्त गर्न बाँकी देखिन्छ। वक्यौता रोयल्टी असुल हुनुपर्दछ।

३२. **धरौटी** - विद्युत नियमावली, २०५० को नियम २० मा विद्युत सर्वेक्षणको अनुमतिपत्र दिने निर्णयको जानकारी पाएको मितिले तीन महिनाभित्र लिन नआएमा धरौटी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। अनुमतिपत्र लिएका व्यक्ति तथा संस्थाको रू.९८ करोड ३१ लाख ५५ हजार धरौटी मौज्दात छ। अनुमति स्वीकृत भई जानकारी गराएको १२ वर्ष अघिको धरौटी फिर्ता लिन नआएकोले संघीय सञ्चितकोष दाखिला हुनुपर्दछ।

३३. **सुविधा तथा राजस्व छुट** - विद्युत ऐन, २०४९ को दफा १२ र जलविद्युत विकास नीति, २०५८ मा स्वीकृति लिई सञ्चालित आयोजनालाई आयात गरेको औद्योगिक संयन्त्र उपकरण जगेडा पार्टपुर्जामा मूल्य अभिवृद्धिकर छुट र सटही सुविधा उपलब्ध गराउने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम विभागले जलविद्युत उत्पादक प्रवर्द्धकलाई सटही सुविधा रू.५ अर्ब १५ करोड ९४ लाख ७६ हजार र मूल्य अभिवृद्धि कर छुट रू.१८ अर्ब ७ करोड १७ लाख ९ हजारसमेत रू.२३ अर्ब २३ करोड ११ लाख ८५ हजार सुविधा उपलब्ध गराएको छ। सुविधामा आयात गरिएका उपकरण र सामग्री सम्बन्धित आयोजनामा प्रयोग भए/नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

३४. **श्रम स्वीकृति** - विद्युत विकास नियमावली, २०५० बमोजिम विभागले जलविद्युत आयोजनाको प्रवर्द्धकले अनुसन्धान अध्ययन र निर्माणको लागि विदेशी जनशक्ति जरुरी भएमा विभागको सिफारिसमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। आयोजनाको लागि चाहिने जनशक्तिमध्ये स्वदेशमा उपलब्ध हुने र

विदेशबाट आपूर्ति गर्नुपर्ने जनशक्तिको अनुमान हुने गरेको छैन। जलविद्युत क्षेत्रमा विदेशी कामदार सिफारिसको अभिलेख नहुँदा नेपाली रोजगारीमा परेको प्रभावको विश्लेषण गर्न सकिएन। विदेशी कामदार सिफारिसको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

विद्युत नियमन आयोग

३५. **शुल्क निर्धारण** - विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३ मा आयोगको कोषमा विद्युत वितरण अनुमति प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशत, विद्युत व्यापार गर्न अनुमति प्राप्त गर्ने व्यक्तिको आयबाट एक प्रतिशत र निकासी गर्न अनुमति प्राप्त गर्ने व्यक्तिको आयबाट प्राप्त गरेको व्हिलिङ्ग दस्तुरको एक प्रतिशतमा नबढ्ने गरी आयोगले तोकेको रकम दाखिला हुने व्यवस्था छ। आयोगले उक्त कोषमा दाखिला गर्ने रकमको दर जलविद्युत वितरण अनुमति प्राप्त व्यक्ति वा संस्थाको बिक्रीबाट प्राप्त आयको २०७६।७७ को लागि ०.२ प्रतिशत र २०७७।७८ को लागि ०.३ प्रतिशत निर्धारण गरेको छ। सेवा शुल्क तोक्ने अधिकार आयोगलाई रहेकोमा कानूनअनुसार नै यस्तो सेवा शुल्कको दर निर्धारण गर्ने व्यवस्था हुनुपर्दछ।

विद्युत बिक्रीको अनुमति पाएका नेपाल विद्युत प्राधिकरण र एक निजी कम्पनीले २०७७।७८ मा रू.६४ करोड ९४ लाख ८७ हजार आय प्राप्त गर्दा सोको ०.३ प्रतिशतले रू.१९ लाख ४८ हजार शुल्क बुझाउनुपर्नेमा रू.६ लाख ४२ हजार दाखिला गरेको छ। नेपाल विद्युत प्राधिकरणले २०७७।७८ मा रू.७० अर्ब ८५ करोड ९१ लाख ३८ हजार आय प्राप्त गरेकोमा आयोगले पटक पटक रकम दाखिला गर्न पत्राचार गर्दासमेत ०.३ प्रतिशतले हुने रू.२१ करोड २५ लाख ७७ हजार दाखिला गरेको छैन। नेपाल विद्युत प्राधिकरण र निजी कम्पनीबाट बक्यौतासमेत रू.२१ करोड ३८ लाख ८३ हजार असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

३६. **सीमाभन्दा बढी मौज्दात** - विद्युत नियमन ऐन, २०७४ को दफा ३३(१) मा आयोगको कोषमा पछिल्लो तीन वर्षको औसत सञ्चालन खर्चको १५० प्रतिशतभन्दा बढी रकम जम्मा भए नेपाल सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आयोगको विवरणअनुसार पछिल्लो ३ वर्षको औसत सञ्चालन खर्च रू.३ करोड ९४ लाख ९४ हजार रहेको र १५० प्रतिशतले हुने रू.५ करोड ९२ लाख ४२ हजार कोषमा मौज्दात राखी बाँकी रू.५ करोड १९ लाख ३ हजार सञ्चितकोष दाखिला हुनुपर्दछ।

जल तथा ऊर्जा आयोगको सचिवालय

३७. **कानून निर्माण** - जलस्रोत नीति, २०७७ मा जलस्रोत क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखीकरण, नियमन तथा संरक्षणको लागि जल तथा ऊर्जा आयोग रहेको छ। नियमावली जारी भएको ४ वर्ष व्यतीत हुँदा जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँटसम्बन्धी नीति, कानून, मापदण्ड तयार नहुँदा जलस्रोत नीतिअनुरूप कार्यमा प्रभावकारिता आएको छैन। नीतिअनुरूप पानीको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँट गरी उचित प्रतिफलको लागि ऐन नियम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

उक्त नियमावलीमा मन्त्रालयको कार्यक्षेत्रमा प्रमुख नदीहरूको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमिनको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी नीति, कानून, मापदण्ड रहेको छ। आयोगले नदीको वर्गीकरण गरी प्रमुख नदीहरूको बहाव क्षेत्र निर्धारण गरी जमीनको संरक्षण, व्यवस्थापन र उपयोग कार्यक्रम गरेको देखिएन। कानून निर्माण गरी नदीको संरक्षण र उपयोगको व्यवस्था गर्नुपर्दछ।

३८. **जलस्रोतको लेखाङ्कन** - जलस्रोत नीति, २०७७ ले जलस्रोतको बहुआयामिक, समन्यायिक एवं दिगो विकास तथा बहुउपयोगबाट आर्थिक समृद्धि र सामाजिक रूपान्तरण गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। जलस्रोतको बहुआयामिक, समन्यायिक एवम दिगो विकास तथा बहुउपयोग गर्न लेखाङ्कन, उपयोगको लागि बजेट र पानीको उपयोग लेखापरीक्षण गर्नुपर्दछ। जलस्रोतको अवस्था, खानेपानी, सिँचाइ, ऊर्जा क्षेत्रमा उपयोग हुने पानीको आँकलन र बजेटको व्यवस्था गरी जलस्रोतको बहुआयामिक दिगो विकास तथा बहुउपयोग गरिनुपर्दछ।

बुढीगण्डकी जलविद्युत आयोजना

३९. **लागत लाभ विश्लेषण** - नेपाल विद्युत प्राधिकरणले २०११ मा गरेको सम्भाव्यता अध्ययनअनुसार ६०० मेगावाटको पानी भण्डारण पद्धतिबाट निर्माण हुने आयोजनाको एम.ए.एम.एल. ४८० हुँदा १ हजार ६८२ हेक्टर आवादी र १ हजार १४७ हेक्टर जंगल क्षेत्रमा पानी भण्डारण हुने उल्लेख छ। आयोजनाको उत्पादन क्षमता बढाउँदा पावर हाउसबाट ७ किलोमिटर सुरुङ खनी हालको १८६ मिटरमा ४० मिटर थप गर्दा १ हजार १४० मेगावाट पुग्ने उल्लेख गरेको छ। आयोजनाले साविकको क्षमता ६०० बाट १ हजार २०० मेगावाट पुऱ्याएको छ। साविकको ६०० मेगावाट क्षमताको आयोजना निर्माण गर्दा ३३ हजार ३८ रोपनी जग्गाको मुआब्जा रू.७ अर्ब १९ करोड रहनेमा क्षमता विस्तार गर्दा ५८ हजार १५३ रोपनी आवश्यक भई रू.३४ अर्ब १० करोड दिनुपर्ने देखिन्छ। आयोजनाको लाभ लागत र जनतामा पर्ने प्रभाव विश्लेषण गरी सञ्चालन गर्नुपर्दछ।

४०. **मोडालिटी** - पेट्रोलियम पदार्थको बिक्री आयबाट विगतमा इन्जिनियरिङ खरिद निर्माण (इ.पी.सी.) मोडलबाट निर्माण गर्ने सोचले अघि बढेको यो आयोजनाको पूर्व तयारी एवं प्रक्रियाको थालनी नगरी वातावरण, मुआब्जा वितरण तथा पुनर्स्थापनाको कार्य गरेको र मोडालिटीमा परिवर्तन गरी कम्पनी मोडलमा सञ्चालन गर्न बुढी गण्डकी जलविद्युत पब्लिक कम्पनीको रूपमा २०७९।५।१७ मा दर्ता भएको छ। सञ्चालक समिति गठन भए तापनि संरचना निर्माण कार्य शुरु भएको देखिएन। निर्माणको मोडालिटीअनुसार आयोजनाको संरचना निर्माण गर्नुपर्दछ।

४१. **समग्र प्रगति** - बुढीगण्डकी विस्तृत आयोजना प्रतिवेदन, २०१६ अनुसार रू.२ खर्ब ६० अर्ब लागत अनुमान रहेको र आयोजनाबाट १ हजार २०० मेगावाट विद्युत उत्पादन हुने उल्लेख छ। आयोजनाबाट गोरखातर्फ १ हजार ६७२ घरधुरी र धादिङतर्फ १ हजार ८८८ घरधुरी गरी ३ हजार ५६० पूर्ण विस्थापित हुने, गोरखातर्फ २ हजार १४९ र धादिङतर्फ २ हजार ४०८ समेत ४ हजार ५५७ आंशिकसमेत ८ हजार ११७ घरधुरीलाई असर पुग्ने उल्लेख छ। आयोजना विस्तृत प्रतिवेदनमा उल्लिखित घरधुरीभन्दा बढी ८ हजार ८८३ घरधुरीको गुनासो सुनुवाईको क्रममा

हालसम्म १७ हजार घर धनीलाई मुआब्जा वितरण गरेको छ। आयोजनाबाट ४८ हजार ९९० रोपनी जग्गाको रू.३४ अर्ब ९ करोड ८३ लाख ६७ हजार एवं २२ हजार १६४ घरगोठ लगायत भौतिक संरचनाको रू.४ अर्ब ८७ करोड ४४ लाख र ६ लाख ४१ हजार ५२८ रुखबिरुवा तथा फलफूलहरूको रू.९२ करोड ३४ लाख मुआब्जा वितरण गरी हालसम्म रू.३९ अर्ब ८९ करोड ६२ लाख वितरण गरेको छ। कार्यक्रम कार्यान्वयन तालिकाअनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

४२. **क्षतिपूर्ति -** विस्तृत आयोजना प्रतिवेदनअनुसार ३ हजार ८०८ घरपरिवारको २ लाख ४ हजार ६३६ फलफूल तथा बोटबिरुवामा क्षति पुग्ने उल्लेख छ। गुनासो सुनुवाइको आधारमा १ लाख ९४ हजार ६२४ रुखबिरुवा तथा ४ लाख ३५ हजार ९१० फलफूलको बोटबिरुवासमेत ६ लाख ३० हजार ५३४ को मुआब्जाबापत रू.९२ करोड ३४ लाख १९ हजार भुक्तानी भएको छ। सोअनुसार प्रति बोटबिरुवा औसत रू.१ हजार ४६४ खर्च भएको छ। साविकमा जग्गाको मुआब्जामा बोटबिरुवासमेत समावेश भइसकेको अवस्थामा २ लाख ४ हजार ६३६ बिरुवा भएकोमा आधारभूत अभिलेख नराखी ६ लाख ३० हजारको मुआब्जा वितरण गरेको छ। वातावरणीय प्रभाव परीक्षण प्रतिवेदनमा उल्लेख भएभन्दा ४ लाख २६ हजारको औसत रू.१ हजार ४६४ का दरले हुने रू.६२ करोड ३७ लाख २७ हजार बढी भुक्तानी भएको छ।

४३. **सम्पत्ति संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५(१) बमोजिम प्राप्त हुन आएको सम्पूर्ण सम्पत्तिको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ। आयोजनाले हालसम्म घरगोठ संरचनासमेत रहेको ४८ हजार ९९०.९६ रोपनी जग्गा, ३ लाख ९० हजार ९०३ फलफूलका बोटबिरुवा र २ लाख ८६ हजार ७०८ रुखबिरुवा समेतको रू.३९ अर्ब ८९ करोड ६१ लाख ७७ हजार सम्बन्धित व्यक्तिलाई वितरण गरेको छ। अधिग्रहण भएको जग्गा साविकका जग्गाधनीहरूले उपयोग गरिरहेकोमा मुआब्जा वितरण गरिएको जग्गाधनीहरूलाई तत्काल अन्यत्र स्थानान्तरण गरी आयोजना निर्माणको कार्य अगाडि बढाउनुपर्दछ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना

४४. **आयोजनाको कार्यान्वयन -** रानी, जमरा र कुलरिया सिँचाइ प्रणालीको आधुनिकीकरण र सुदृढीकरण गरी कृषि उत्पादन वृद्धि गर्न प्रथम चरणअन्तर्गत चिसापानीमा नेपाल सरकारको आफ्नै स्रोतमा इन्टेक र मूल नहर निर्माण तथा विश्व बैङ्कको सहयोगमा फिडर नहर निर्माण गरी रानी, जमरा र कुलरिया नहर प्रणालीबाट १४ हजार ३००, लम्की विस्तारबाट ६ हजारसमेत २० हजार ३०० हेक्टर जग्गामा सिँचाइ गर्ने, १०.६ किलोमिटर फिडर नहर, तीन कन्ट्रोल रेगुलेटर, पहुँच मार्ग निर्माण समेतको कार्य सम्पन्न भइसकेको छ। दोस्रो चरणमा रानी, जमरा र कुलरिया क्षेत्रको कमाण्ड क्षेत्र विकास र पथरैया नदी नियन्त्रण गरी कमान्ड क्षेत्र बचाउको सम्झौता भई कार्यान्वयन भइरहेको छ। तेस्रो चरणमा पथरैयादेखि कान्द्रासम्म थप १८ हजार हेक्टरमा सिँचाइ पुऱ्याउने उद्देश्यले विस्तृत अध्ययन कार्य सम्पन्न भएको छ। फिडर नहरको ७.०५ मिटर हेडबाट ४.७१ मेगावाटको जलविद्युत गृह निर्माण भइरहेको छ। आयोजनाको समयावधि २०८० पौषसम्म भएकोमा कार्य प्रगति विश्लेषण गर्दा सो समयमा सम्पन्न हुने देखिँदैन।

४५. **बजेट कार्यान्वयन -** आयोजनाअन्तर्गत २०६७।६८ देखि २०७८।७९ सम्म रू.२२ अर्ब ९० करोड ७३ लाख २३ हजार बजेट विनियोजन भएकोमा रू.१६ अर्ब १९ करोड २८ लाख ९९ हजार खर्च भएको छ। स्रोतगत रूपमा नेपाल सरकारतर्फ रू.१० अर्ब ३३ करोड ४६ लाख २४ हजार, वैदेशिक ऋण रू.३ अर्ब ७२ करोड ३२ लाख २९ हजार र वैदेशिक अनुदान रू.२ अर्ब १३ करोड ५० लाख ४६ हजार छ। उक्त खर्चमध्ये परामर्शमा रू.३६ करोड २२ लाख ३० हजार खर्च भएको छ। बजेटको तुलनामा ७०.६९ प्रतिशत खर्च भएकोले राष्ट्रिय गौरवको यस आयोजनाको बजेट कार्यान्वयन दक्षता बढाई लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

४६. **जलविद्युत निर्माण तथा सञ्चालन -** रानी जमरा-कुलरिया खण्डको मुख्य नहरमा ४.७१ मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७१ असार मसान्तमा रू.१ अर्ब ७३ करोड ३४ लाखको खरिद सम्झौता भएकोमा सातौं पटकको समयावधि थपसमेत २०७९ फागुनसम्म कार्य सम्पन्न गर्ने तथा दोस्रो पटक १४.२३ प्रतिशतले भेरिएसन भई रू.१ अर्ब ९८ करोड २ लाख सम्झौता रकम कायम भएको छ। निर्माण व्यवसायीलाई यस वर्षसम्म रू.१ अर्ब ६८ करोड ३९ लाख (८५.०४ प्रतिशत) भुक्तानी भई भौतिक प्रगति ८४.८३ प्रतिशत रहेको देखिन्छ। जलविद्युत आयोजना सहित नहर सञ्चालनका लागि आवश्यक पर्ने १०० क्यूमेक पानी मध्ये डी-सिल्टिङ बेसिनमा जम्मा भएको बालुवा सफा गर्न २० क्यूमेक पानी प्रयोग गरी बाँकी ८० क्यूमेकमध्ये शाखा नहरहरूको संयुक्त डिजाइन डिस्चार्जअनुसार ५५.५० क्यूमेक पानी आवश्यक पर्ने जनाई ७.८ किलोमिटर फिडर नहर निर्माण गरेको छ। जलविद्युत पूर्ण क्षमतामा सञ्चालन गरी ४.७१ मेगावाट विद्युत उत्पादन गर्न ८० क्यूमेक पानी आवश्यक पर्ने भए पनि फिडर नहर ५५ क्यूमेक क्षमताको भएकाले जलविद्युत क्षमताभन्दा बढी भएको पानी विद्युत उत्पादनमा प्रयोग हुने देखिएन। योजना सम्पन्न पश्चात् विद्युत गृह सञ्चालनसम्बन्धी मोडालिटी तयार नगरेको, विद्युत खरिद सम्बन्धी सम्झौता नभएकोले विद्युत उत्पादन खेर जाने अवस्था देखिएकोले उत्पादित जलविद्युत बिक्री गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

४७. **लम्की विस्तार -** आयोजनाले २५ क्यूमेक पानी लम्की विस्तार फिडर नहरमा छोड्न पुनः फिडर नहरलाई पथरैयादेखि कान्द्रासम्म विस्तार गरी साविकको ६ हजार हेक्टरसमेत २४ हजार हेक्टर जग्गामा सिँचाइ गर्न १५ क्यूमेक पानी थप गरी ४० क्यूमेक पुऱ्याउने लक्ष्य लिई लम्की विस्तारतर्फ मूलनहर १४.६ किलोमिटर, क्यानल लाइनिङ ६.१० किलोमिटर, भीआरबी २४ वटा, ड्रेन अन्डर पास, क्यानल साईफन लगायतका संरचना तयार गर्न निर्माण व्यवसायीसँग रू.१ अर्ब ७१ करोड ७९ लाख १५ हजारमा २०७५।३।३१ भित्र सम्पन्न गर्नेगरी २०७३।०४।२३ मा सम्झौता भएको छ। व्यवसायीले तोकिएको समयमा कार्य नगरेकोले छैटौं पटक २०७९।९।१५ सम्म म्यादथप गरेको र हालसम्म मूल्य अभिवृद्धि कर र मूल्य समायोजन समेत रू.१ अर्ब ७६ करोड ९६ लाख ४१ हजार भुक्तानी भएको छ। हालसम्म ९६ प्रतिशत भौतिक प्रगति भई फिनिसिङको काम बाँकी रहेको छ। स्थलगत अवलोकनमा नहरमा पानीको परीक्षण गर्दा धेरै ठाउँमा भत्किएको, पानीले नहरको सतह बिगारेर माटो बगाएको देखिँदा उपयुक्त माटो प्रयोग नभएको स्थिति छ। मुख्य नहरमा लाईनिङ नगरिएको, टर्फिङ नभएको, नहरको दुवैतिरको स्लोप स्थिर नरहेको, नहरको घुम्तीमा पानीबाट

हुने क्षति रोक्न बालुवाको बोराको प्रयोग गरेको अवस्था देखिएकोले स्पेसिफिकेसनअनुसार गुणस्तरीय कार्य भएको सुनिश्चित हुनुपर्दछ।

४८. **मुआब्जा र क्षतिपूर्ति -** आयोजनाबाट यो वर्ष रू.७ करोड ३८ लाख १४ हजार मुआब्जा वितरण भएकोमध्ये लम्की क्षेत्रको मूलनहरअन्तर्गत ऐलानी जग्गा र घर टहरा, बोट बिरुवा तथा बालीनाली समेतका मुआब्जाका लागि नेपाल सरकारको निर्णयअनुसार विगतमा मुआब्जा रू.२ करोड ९१ लाख ५२ हजार भुक्तानी भएकोमा यो वर्ष लम्की विस्तार मूलनहरमा परेका ऐलानी जग्गाहरूको क्षतिपूर्ति हालको मालपोतको दरअनुसार थप रू.२ करोड ८० लाख ५ हजार भुक्तानी गरेको छ। पातलो बस्ती र खेती योग्य जग्गामा नहर विस्तार साथै बाटो घाटो र बजारको विकास भएको आधारमा जग्गाको पूर्वनिर्धारित मापदण्ड र दर परिमार्जन गरी २९ जनालाई ६९.७० बिघाको रू.२ करोड ८० लाख ५ हजार मुआब्जा दिएको छ।

४९. **बढी भुक्तानी -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने उल्लेख छ। निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य शर्तको बुँदा नं. १३.११ मा कार्यसम्पन्न गर्ने अवधि पश्चात् मूल्य समायोजनको फ्याक्टर स्थिर राखी मूल्य समायोजन हुने र स्थिर फ्याक्टर हुनेभन्दा पछिको मूल्य समायोजन गणना गर्दा बढी मूल्यवृद्धि भए स्थिर फ्याक्टर र घटी भए घटीकै भुक्तानी दिनुपर्ने उल्लेख छ। शुरु सम्झौतामा निर्माण सम्पन्न हुने म्याद २०७४।२।३ रहेकोमा सम्झौता अन्त्य हुने दिन भन्दा २८ दिन अघिको इन्डेक्स फ्रिज गरी मूल्य समायोजन दिनुपर्नेमा मूल्य समायोजन फ्याक्टर फ्रिज नगरी आठौं रनिङ बिलदेखि मूल्य समायोजन भुक्तानी गर्दा रू.४९ लाख २० हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

५०. **मानक प्रयोग** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने उल्लेख छ। पथरिया नदीमा कमाण्ड एरिया संरक्षण कार्यको लागि एक निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य शर्तमा श्रम, सामग्री र उपकरण उपयोगअन्तर्गत कामदारको ज्याला, यातायातका साधन र मेसिनरी सामानको भार रहेकोमा आयोजनाले मूल्य समायोजन गणना तालिकामा श्रम, सामग्री र डिजेलको भार राखी रू.५९ लाख ११ बढी मूल्य समायोजन भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

५१. **बीमा क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीमा गराउनुपर्ने व्यवस्था छ। सन्कटी र दौलतपुरघाट क्षेत्रमा नदी नियन्त्रण तथा कमाण्ड क्षेत्र संरक्षण कार्यको लागि एक निर्माण व्यवसायीलाई पाँचौं रनिङ बिलसम्मको भुक्तानी रू.१८ करोड ८० लाख ८९ हजारमध्ये बीमाबापत रू.१० लाख ८१ हजार भुक्तानी भएको छ। बाढीका कारण सन्कटी र दौलतपुरघाटमा निर्मित ३०० मिटर तटबन्धन पूर्ण रूपमा क्षति भएको प्रहरी मुचुल्काको आधारमा आयोजनाले क्षति पुगेको संरचनाको मूल्याङ्कन गरी रू.८४ लाख ९९ हजार कट्टा गरेकोमा भेरिएसन आदेशबाट रू.२ करोड २७ लाख ५० हजार बिग बोल्डरको कार्य थप गरेको देखियो। व्यवसायीले तोकिएको समयमा निर्माण सम्पन्न नगरी अधुरो रहेकोले बाढीले क्षति पुऱ्याएको स्थानमा बीमाबाट प्राप्त हुने क्षतिपूर्ति प्राप्त नगरी थप बिग बोल्डर कार्यको रू.२ करोड २७ लाख ५० हजार नेपाल सरकारलाई

थप व्ययभार हुने गरी भेरिएसन थप गर्न उचित देखिएन। निर्माण व्यवसायीको दायित्वमा पर्ने उक्त रकम बीमा दाबीबाट पूर्ति हुने भएकोले भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

५२. **सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौताबमोजिम काम नगरेमा ठेक्का अन्त्य गर्न सक्ने व्यवस्था छ। आयोजनाले कर्णाली नदी नियन्त्रण कार्य २०७४।३।१५ सम्म सम्पन्न गर्नेगरी २०७२।१२।१६ मा एक निर्माण व्यवसायीसँग रू.१४ करोड ९ लाख १४ हजारमा खरिद सम्झौता गरेकोमा २०७८।१२।३० सम्म म्याद थप गरी रू.६ करोड २४ लाख ७० हजार भुक्तानी गरेको छ। निर्माण व्यवसायीलाई २०७२।७३ मा दिएको रू.१ करोड ८७ लाख पेस्कीमध्ये रू.७५ लाख ७९ हजार गत वर्ष फिर्ता दाखिला भएको छ। सम्झौताअनुसार १५ महिनासम्ममा सम्पन्न गर्नुपर्ने कार्य ६ वर्षमा ५० प्रतिशत मात्र सम्पन्न गरेको उल्लेख गरी कार्यसम्पादन जमानत जफत गरी कालो सूचीमा राख्ने गरी ठेक्का अन्त्य गरेको छ। उक्त ठेक्कामा रू.७ करोड ८४ लाख ४४ हजारको कार्य बाँकी देखिएकोले बाँकी कार्य पूरा गर्न लाग्ने रकमसमेत असुल गर्नुपर्दछ।

५३. **निकुञ्जसँग सहकार्य** - अन्तर निकाय समन्वयमा आयोजना सञ्चालन गर्नुपर्दछ। हरेक वर्ष कर्णाली नदीको बहाव परिवर्तन हुने र नदीको पूर्वतिर नदीजन्य सामग्री थुप्रिदैं गएकोले पश्चिमतर्फ बनाइएका नदी नियन्त्रणका संरचनाहरू र तल्लो तटीय क्षेत्रका हुलाकी राजमार्गको पुल क्षति हुने अवस्था छ। बर्दिया राष्ट्रिय निकुन्ज तथा सम्बन्धित निकायबीच समन्वय गरी पूर्वी भागको नदीजन्य सामग्री हटाई नदीको बहावलाई दुवै किनारामा सन्तुलित राख्नुपर्दछ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

५४. **संशोधित गुरुयोजना** - सार्वजनिक निकायले बहुवर्षीय आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रूपैयाँभन्दा बढीको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ। आयोजनाको शुरु लागत अनुमान रू.१६ अर्ब ४३ करोड रहेकोमा संशोधित लागत रू.३६ अर्ब ८० करोड ११ लाख स्वीकृत भएको छ। नेपालमा पहिलो पटक टनेल बोरिङ्ग मेसिनको प्रयोग गरी सुरुङ्ग खन्ने र सोको सफल प्रयोग पश्चात् अन्य थप कार्य अगाडि बढाउने अवधारणाबमोजिम शुरुमा २०७६।७७ भित्र सम्पन्न गर्ने लक्ष्य लिइएकोमा संशोधित गुरुयोजनाअनुसार आयोजना २०७९।८० सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ। हालसम्मको प्रगतिअनुसार संशोधित अवधिभित्र पनि गुरुयोजनाबमोजिमका काम सम्पन्न हुने देखिँदैन। निर्माणाधीन हेडवर्क्स पूरा हुन पावरहाउससँगै हाइड्रोमेकानिकल ठेक्का सम्झौता २०७८ मङ्सिरमा र इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता २०७९ श्रावणमा भई १ हजार ९५ दिनमा सम्पन्न गर्ने गरी कार्य प्रारम्भ भएको छ। आयोजनाले कार्यतालिका बनाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

५५. **समग्र प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्न प्रगति विवरण तयार गरी पठाउनुपर्ने उल्लेख छ। टनेल निर्माण कार्य सम्पन्न गरेको, आवश्यकताअनुसार कफर ड्याम निर्माण गरी सिभिल संरचना शुरु गरेको, हेडवर्क्स, पावरहाउस लगायतका स्थानमा एक्साभेसन कार्य भइरहेको, सामाजिक तथा वातावरणीय सुधार कार्यक्रम तथा भेरी

कोरिडोर सिँचाइ विकास आयोजनाअन्तर्गतका कार्यक्रम सञ्चालन गरी २०७९ असारसम्मको वित्तीय प्रगति ४१.९२ र भौतिक प्रगति ५७ प्रतिशत रहेको छ। संशोधित गुरुयोजनाअनुसार समयावधि एक वर्ष बाँकी रहेकोले कार्य योजना बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

५६. **हेडवर्क्स तथा विद्युत गृह निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौताको शर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। भेरी नदीमा २ ढोकासहितको १२० मिटर लामो हेडवर्क्ससहित सर्ज शाफ्ट, पेन स्टक र विद्युत गृह निर्माणका लागि निर्माण व्यवसायीसँग ४८ महिनामा सम्पन्न गर्ने गरी २०७६।४।१३ मा रू.६ अर्ब १६ करोड ५२ लाखको खरिद सम्झौता भएको छ। निर्माण व्यवसायीलाई नदीमा बाँध निर्माणको लागि कफर ड्यामलगायत हेडवर्क्स, सर्ज साफ्ट र पावरहाउसको सिभिल निर्माण गरी १४ औँ बिलसम्ममा मूल्य समायोजन र पेस्कीसहित रू.२ अर्ब ४१ करोड ६० लाख भुक्तानी भएको छ। हेडवर्क्सको सिभिल निर्माण कार्यको ४२ प्रतिशत प्रगति भए पनि ३ वर्ष ६ महिनाको अवधिमा समग्रमा २५.२ प्रतिशत वित्तीय र ३० प्रतिशत भौतिक प्रगति भएको छ। निर्माण कार्यतालिकाबमोजिम निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

५७. **प्रगति** - सार्वजनिक निकायले बहुवर्षीय खरिद गर्दा वा वार्षिक दश करोड रूपैयाँभन्दा बढीको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने उल्लेख छ। २०७६ मा स्वीकृत खरिद गुरुयोजनाअनुसार यस आयोजनाको शुरु लागत रू.४६ अर्ब १९ करोड ३९ लाख ६५ हजार रहेकोमा हालको संशोधित लागत रू.५४ अर्ब ७६ करोड ७४ लाख ९३ हजार रहेको छ। उक्त आयोजनाको हालसम्मको भौतिक प्रगति ७.६ र वित्तीय प्रगति ५.७५ प्रतिशत छ। ६० प्रतिशत समय व्यतीत भइसकेकोले उक्त कार्य प्रगति सन्तोषजनक देखिएन।

५८. **गुरुयोजना** - मन्त्रालयबाट २०७६।५।२४ मा स्वीकृत खरिद गुरुयोजनाबमोजिम ७ कम्पोनेन्टको कार्य २०८१ आषाढसम्म सम्पन्न गर्नुपर्नेमा कम्पोनेन्ट नं.१ को हेडवर्क्स विस्तृत इन्जिनियरिङ डिजाइनका आधारमा र कम्पोनेन्ट नं २ को हेडरेस टनेल मन्त्रिपरिद्बाट २०७७।४।१९ मा स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्दा २४ प्रतिशत कन्टिजेन्सी (मूल्य समायोजन, फिजिकल र अन्य) समेत संशोधित लागत रू.५४ अर्ब ७६ करोड ७४ लाख ९३ हजार हुने उल्लेख छ। गुरुयोजनाबमोजिम स्वीकृत लागत अनुमानभन्दा ८ अर्ब ५७ करोड ३५ लाख २८ हजार अर्थात् १८.५६ प्रतिशत लागत बढे पनि ठेक्का व्यवस्थापन हुँदा टनेलतर्फ ३४.५१ प्रतिशत र हेडवर्क्स तथा पावर हाउसतर्फ ३२.३२ प्रतिशत घटीमा निर्माण व्यवसायीसँग सम्झौता भएकोले लागत घटेको अवस्था छ। आयोजनाको सम्पन्न हुने अवधि २०८०।८१ उल्लेख भए तापनि हेडवर्क्सको खरिद सम्झौता अवधि २०८६।८७ सम्म रहेकाले गुरुयोजनामा उल्लिखित समयमा आयोजना सम्पन्न हुने देखिँदैन।

५९. **बोलपत्रको विशेष मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा बोलपत्रदाताले सन्तोषजनक रूपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेसन गलत रूपमा बुझी वा नबुझी अस्वाभाविक न्यून

उल्लेख गरेमा विशेष मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गत टनेल निर्माण कार्यको लागि लागत अनुमान रू.१५ अर्ब ५९ करोड ४० लाख भएको काममा प्रतिस्पर्धा गराउँदा निर्माण व्यवसायीले रू.१० अर्ब ५ करोड ६८ लाख ३७ हजार अर्थात् लागत अनुमानको ३५.५१ प्रतिशत घटीमा निर्माण कार्य गर्ने गरी ठेक्का सम्झौता भएको छ। बोलपत्रमा प्रिकाष्ट सिगमेन्टमा प्रयोग हुने कंक्रिट, डण्डी, जियोथर्मल रक कन्डिसन, प्रोब ड्रिलिङलगायत कार्यको लागत अनुमानको तुलनामा निर्माण व्यवसायीले न्यून तथा शून्य दरसमेत कबोल गरेको देखिन्छ। खरिद प्रक्रियामा यस्तो प्रचलन हुनु उपयुक्त होइन।

६०. **प्रगति** - यो वर्षको भौतिक प्रगतिको लक्ष्य ७ प्रतिशतमध्ये ७.६ प्रतिशत र वित्तीय प्रगतिको लक्ष्य ७ प्रतिशतमा ७.५७ प्रतिशत प्रगति हासिल भएको छ। हाल मुआब्जा रू.१ अर्ब २२ करोड २९ लाख मध्ये रू.८३ करोड ६७ लाख वितरण गरेको छ। हेडरेस टनेल, सर्ज ट्याङमा रू.११ अर्ब २९ करोड २७ लाखको अन्तर्राष्ट्रिय बोलपत्रबाट खरिद सम्झौता भई यो वर्षसम्म चौथो रनिङ बिलसम्म रू.१ अर्ब ११ करोड ५९ लाख खर्च भएको छ। त्यस्तै कम्पोनेन्ट नं.१ को हेडवर्क्स, इन्टेक, डिसेन्डर बेसिन, पावर हाउस निर्माण कार्य, पेनस्टक, हाइड्रोमेकानिकल निर्माण तथा जडान कार्य, लोकमार्ग पुनर्स्थानीकरण, अफिस कार्यका गुरुयोजना रू.१६ अर्ब ८३ करोड ४३ लाख लागत स्वीकृत गरी अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग रू.१४ अर्ब ७ करोड ५९ लाखको २०७९।९।१७ मा सम्झौता भएको छ। कार्ययोजनाबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

६१. **टनेल निर्माण** – टनेल निर्माण कार्यको लागि अन्तर्राष्ट्रिय बोलपत्रबाट छनोट भएका एक निर्माण व्यवसायीसँग रू.१० अर्ब ५ करोड ६८ लाख ३७ हजारको खरिद सम्झौता भएको छ। छनोट भएको निर्माण व्यवसायीले टनेल बोरिङ विधिबाट टनेल बनाउन प्लेटफर्म कार्य २०७८।२।६ मा शुरुवात गरी यो वर्षको अन्त्यसम्म एप्रोच सडकको केही भाग, साइट क्लियरिङ, टीबीएम प्लेटफर्म निर्माणको कार्य, इन्ट्री पोर्टल, स्टाटर टनेल सेगमेन्ट प्लान्ट र ब्याचिङ्ग प्लान्टको निर्माण, क्याम्प, ल्याव निर्माणलगायतका काम गरेको र टीबीएम मेसिनको स्टेप इन कार्य २०७९।६।२८ मा सम्पन्न गरी स्टार्टर टनेल क्रस गरी २०७९।१०।५ सम्म २ हजार २८९ मिटर टनेल र सेगमेन्ट इरेक्सनको कार्य भएको पाइयो। कार्यतालिकाबमोजिम निर्धारित समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्छ।

महाकाली सिँचाइ आयोजना (तेस्रो)

६२. **लागत** - विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सन् २००१ अनुसार कञ्चनपुर र कैलाली जिल्लाका केही भागमा सिँचाइ सुविधा पुऱ्याउन सिँचाइ प्रणाली निर्माणको लागि रू.११ अर्ब १६ करोड ८३ लाख लागत अनुमान रहेकोमा सन् २०१८ मा संशोधित लागत अनुमान रू.३५ अर्ब कायम गरेको छ। गुरुयोजनाअनुसार कार्य नहुँदा अनुमानित लागत २१३.३९ प्रतिशतले वृद्धि भएको छ। यो वर्षसम्म जग्गा अधिग्रहणमा रू.१ अर्ब ४ करोड ३५ लाख, निर्माणमा रू.३ अर्ब ६१ करोड ४२ लाख र परामर्श सेवामा रू.९ करोड ८८ लाख र अन्य रू.६२ करोड २३ लाखसमेत रू.५ अर्ब ३७ करोड ८८ लाख खर्च भएको छ।

६३. **कार्य प्रगति** - आयोजनाको भौतिक कार्यमध्ये मूलनहर १५२ किलोमिटरमध्ये १४ वर्षमा २६.२ किलोमिटर, ड्रेन साईफन १२२ मध्ये २१, नहर साईफन ५१ मध्ये १४, सडक पुल १७४ मध्ये २, ग्रामीण सडक ४३५ मध्ये ३५, राजमार्ग पुल ६ मध्ये ३, एक्वाडक्ट ६ मध्ये ३, स्केप पानी निकास ७२ मध्ये २ निर्माण भएको तथा जग्गा अधिग्रहण १ हजार २०० हेक्टरमध्ये १८५ हेक्टर अधिग्रहण भएको छ। शाखा नहर १७२ किलोमिटर, प्रशाखा नहर १ हजार २४ किलोमिटर, ड्रप ३९४ जस्ता कार्य शुरु भएको छैन। प्रगति विवरणअनुसार २६.२ किलोमिटर मूलनहर र हेडवर्क्स निर्माण भए तापनि वितरण प्रणाली विकास नगरेकोले कमाण्ड क्षेत्रमा सिँचाइ हुने अवस्था छैन। आयोजनाको निर्माण सञ्चालन गर्न मूलनहर, शाखानहर र वितरण प्रणालीको एकीकृत विकास हुनुपर्दछ।

६४. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। आयोजनाको ३ ठेक्कामा मूल्य समायोजन सम्बन्धमा सामान्य शर्त तथा विशेष शर्तमा फरक फरक व्यवस्था रहेको पाइयो। सम्झौताको सामान्य शर्तमा श्रम, सामग्री र उपकरण उपयोगअन्तर्गत यातायातका साधन र मेसिनरी सामानको भार रहेकोमा मूल्य समायोजन तालिकामा श्रम सामग्री र उपकरण उपयोगमा नेपाल आयल निगमको मूल्य सूचीअनुसार २०१७।११।२८ को इन्धनको मूल्य प्रति लिटर रू.७४।- भए तापनि निर्माण व्यवसायीले पेस गरेको बोलपत्र कागजातमा आधार मूल्य रू.७८।- उल्लेख गरेको छ। यसैगरी बोलपत्रको मूल्य समायोजन तालिकामा व्यवसायीबाट कुनै भार उल्लेख गरेको देखिएन। बोलपत्र पेस हुँदाको २०१७।१२।२८ को नेपाल आयल निगमले तोकेको इन्धनको मूल्य प्रतिलिटर रू.७४।- नभई रू.७८।— नै रहेको देखिन्छ। सो आधारमा इन्धनको रू.७४।– नभई आधारमूल्य रू.७८।– रहेको देखिएकोले २०७८।७९ सम्म रू.२ करोड ४९ लाख मूल्य समायोजन बढी भुक्तानी भएको देखिएको छ। सोमध्ये यो वर्ष रू.७४ लाख १९ हजार भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

६५. **निर्माण स्थलको व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थल व्यवस्था नभई, हटाउनुपर्ने रुखबिरुवा र संरचना हटाउने सुनिश्चितता नभई र वातावरणीय अध्ययन नगराई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। आयोजनाअन्तर्गत चेनेज १८+५०० देखि २३+३०० सम्मको मूलनहर निर्माणको कार्य ३६ महिनाभित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग मिति २०७४।१०।१५ मा रू.७९ करोड ५६ लाख ६६ हजारको सम्झौता भई तेस्रो पटक २०७९।९।३० सम्म म्याद थप गरी यो वर्षसम्म मूल्य समायोजनसमेत रू.७९ करोड २२ लाख ९२ हजार भुक्तानी भएको छ। सम्झौताको अवधि थप गर्दा समयमा निर्माणस्थल उपलब्ध हुन नसकेको उल्लेख गरी निर्माण व्यवसायीले दिएको निवदेन स्वीकार गरेकोले निर्माणस्थल सुनिश्चित हुनु अगाडि खरिद सम्झौता गरेको देखिन्छ। निर्माणस्थलको व्यवस्था भएपछि मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

सिक्टा सिँचाइ आयोजना, बाँके

६६. **सञ्चालन स्थिति** - आयोजनाको हालसम्मको वित्तीय ६७.२१ प्रतिशत र भौतिक प्रगति ७०.९० प्रतिशत रहेको छ। आयोजनाले पश्चिमतर्फको ४५.२५ किलोमिटर नहर र हेडवर्क्सको निर्माण कार्य

सम्पन्न भएको, पूर्वतर्फको ५३ किलोमिटर नहर र सिँचाइ प्रणाली निर्माणाधीन रहेको र अन्य शाखा, उपशाखा तथा प्रशाखाको निर्माण कार्य तथा जग्गा अधिग्रहणको कार्य गरेको छ। यो वर्ष रू.१ अर्ब १५ करोड ९२ लाख बजेट व्यवस्था भएकोमा रू.८९ करोड ९३ लाख ७५ हजार खर्च भई वित्तीय प्रगति ७७ प्रतिशत खर्च गरेको छ। स्वीकृत कार्य तालिकाबमोजिम बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

६७. **लागत र समय -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पूर्वी मूलनहर, राजकुलो र फत्तेपुर क्षेत्रमा ४ हजार १८९ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने कार्य २०७६।८।२ सम्म सम्पन्न गर्ने गरी २०७४।४।९ मा एक निर्माण व्यवसायीसँग रू.३ अर्ब ६ करोड ९८ लाख ५९ हजारको खरिद सम्झौता भएकोमा २०७९।१०।२९ सम्म सम्झौता अवधि थप गरेको छ। यो वर्ष रू.६६ करोड ८० लाख ८५ हजार समेत यो वर्षसम्म रू.३ अर्ब १८ करोड ९४ लाख ३४ हजार भुक्तानी भएको छ। आयोजनाले खरिद सम्झौतामा २०७८।९।६ मा ७।५७ प्रतिशतले रू.२३ करोड २२ लाख ८० हजार भेरिएसन गरी संशोधित सम्झौता रू.३ अर्ब ३० करोड २१ लाख ४० हजार कायम गरेको छ। सम्झौताबमोजिम तोकिएको कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

६८. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्तिसम्बन्धी व्यवस्था छ। रापी नदीको सिंधनिया घाटपुलदेखि डाउन स्ट्रिमसम्म सिँचित क्षेत्र संरक्षण कार्यका लागि एक निर्माण व्यवसायीसँग रू.८ करोड ४५ लाख ६१ हजारमा खरिद सम्झौता गरी २०७६।३।२० सम्म सम्पन्न गर्ने समयावधि रहेकोमा समयमा कार्य सम्पन्न नभएको २०७९।९।१६ सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरेकोमा रू.८४ लाख ५६ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

संगठित संस्था तथा समिति

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

वैकल्पिक तथा स्वच्छ ऊर्जा शक्ति, बायोग्याँस लगायतको व्यवस्थापन गर्ने उद्देश्यले २०५३।७।१३ मा यो केन्द्रको स्थापना भएको हो।

६९. **बैङ्क मौज्दात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा स्वीकृत बजेट कार्यक्रम र उपलब्ध स्रोतसमेतको आधारमा उच्चतम प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ। कोषमा गत वर्ष रू.२ अर्ब ८८ करोड ७१ लाख मौज्दात रहेकोमा यो वर्ष रू.२ अर्ब ८३ करोड ७४ लाख रहेको छ। मौज्दात रकम विभिन्न ५ बैङ्कका २ हजार ९२३ खातामा रहेको, बजेट खर्च एवं स्रोतको आधारमा खाता खोल्नुपर्नेमा विभिन्न व्यक्ति र संस्थाअनुसार अलग-अलग खातामा राखेको देखियो। कोष सञ्चालन निर्देशिकाको बुँदा नं.२५ अनुसार मौज्दात रकम व्यावसायिक कार्यमा परिचालन गरी थप आय आर्जन गर्नुपर्दछ।

७०. **कानून निर्माण र कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४४(२) मा विकास समितिले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा खर्चको दायित्व सिर्जना गर्नु अघि अर्थ मन्त्रालयको सहमति लिनुपर्ने उल्लेख छ। आयोजनासँग सम्बन्धित आर्थिक कारोबारलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न नियमावलीको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयमार्फत् अर्थ मन्त्रालयको सहमति लिई कार्यविधि बनाई लागू गर्न सक्ने प्रावधान उल्लेख छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नेपाल सरकारको स्रोत, द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक ऋण तथा अनुदान स्रोत र अन्य स्रोतसमेतबाट कार्यक्रमहरू सञ्चालन गर्ने, निर्माण गर्ने, सहयोग वा अनुदान उपलब्ध गराउने कार्यमा विगतदेखि हालसम्म ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट विभिन्न नीति, कार्यविधिहरू स्वीकृत गरी लागू गरेको छ। नीति तथा कार्यविधिले आर्थिक दायित्व सिर्जना गर्ने तथा वित्तीय स्रोत परिचालन गर्ने विषयमा प्रावधानहरू एकीकृत गरी परिचालन गर्नुपर्दछ।

७१. **कर्मचारी व्यवस्था -** वैकल्पिक ऊर्जा विकास समिति, कर्मचारी सेवा शर्त नियमावली, २०६६ को नियम ८ मा संगठनको संरचना अनुसूची-२ बमोजिम हुने र समितिले आवश्यकताअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनात्मक संरचना र स्वीकृत दरबन्दीमा थपघट गर्न सक्ने व्यवस्था छ। केन्द्रमा विभिन्न तहका २५ पदमा ५४ को दरबन्दी रहने उल्लेख छ। केन्द्रबाट प्राप्त विवरण अनुसार विभिन्न पदमा १८४ कर्मचारीलाई नेपाल सरकारको स्रोत र विभिन्न दातृ निकायको सहयोगबाट खर्च व्यहोर्ने गरी करार, मासिक ज्यालादारी र परामर्श सेवासमेतमा गत विगत वर्षदेखि नियुक्त गरी यो वर्ष पारिश्रमिक बापत रू.९ करोड ३५ लाख ३ हजार भुक्तानी गरेको छ। स्वीकृत दरबन्दी कायम नगरी १३५ कर्मचारीलाई ज्यालादारीमा राखी रू.६ करोड ५१ लाख ९६ हजार पारिश्रमिक भुक्तानी गरेको छ। कार्यक्रम सञ्चालन गर्न थप संरचना, दरबन्दी र जनशक्तिको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको पदपूर्ति गर्नुपर्दछ।

७२. **लघु तथा साना जलविद्युत आयोजना -** नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ मा कुल लागतको ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराइने र अनुदानबाट आयोजनाले अन्य सुविधा प्राप्त गर्न नसक्ने उल्लेख छ। केन्द्रले विभिन्न जिल्लाहरूमा विगत वर्षदेखि हालसम्म निर्माण शुरु गरेका लघु तथा साना जलविद्युत आयोजनाहरूमध्ये यो वर्षसम्म निर्माणको चरणमा रहेका ४ देखि ३०३ किलोवाट क्षमतासम्मका १४२ आयोजना निर्माणको चरणमा हुँदा यो वर्षमा १५ आयोजनाको १४ खरिद कार्यमा नेपाल सरकारको स्रोतबाट रू.३ करोड ९२ लाख ५४ हजार भुक्तानी गरेको छ। १४२ आयोजनामध्ये ८१ आयोजना प्रथम किस्ताको अनुदान र पेस्की लिई २०७३ देखि निर्माणको चरणमा रहेको छ। सम्झौता अवधि समाप्त भइसकेको आयोजनाको सम्बन्धमा सम्झौताको प्रावधानबमोजिम सम्पन्न गर्नुपर्दछ।

७३. **राष्ट्रिय मिनिग्रिड कार्यक्रम -** राष्ट्रिय मिनिग्रिड कार्यक्रमअन्तर्गत यो वर्ष २० योजनामा रू.३६ करोड ५१ लाख ८३ हजार खर्च गरेको छ। मिनिग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६ को नियम ४(१) र नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ को बुँदा ११.२.२ को खण्ड (क) मा राष्ट्रिय प्रसारण तथा वितरण प्रणाली नपुगेका क्षेत्रमा २५० केभीए क्षमतासम्मका सौर्य मिनिग्रिडको लागि केन्द्रले कुल लागतको ९० प्रतिशतसम्म अनुदान दिने उल्लेख छ। सौर्य मिनिग्रिडको सम्झौता

गर्दा ९० प्रतिशत अनुदान र बाँकी १० प्रतिशत उपभोक्ता वा स्थानीय तहले व्यहोर्ने गरी सम्झौता भएको छ। दुई निर्माण व्यवसायीलाई १० प्रतिशत योगदानले हुने रू.२ करोड ३ लाख ४५ हजार अनुदान दिन नपाउने हुँदा असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

७४. **सिँचाइका लागि सौर्य पम्प जडान कार्य -** नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ मा समुदायले वा निजी क्षेत्रले व्यवस्थापन गर्ने कृषि योग्य जमिनमा सिँचाइ सञ्चालन गर्न सौर्य पम्पिङ प्रणालीमा जडान गर्न कुल लागतमा रू.२० लाखमा नबढ्ने गरी ६० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइने व्यवस्था छ। केन्द्रले यो वर्ष ४४ जिल्लाका व्यक्तिगत उपभोक्तालाई ६१० र सामुदायिक संस्थालाई १८ समेत ६२८ कृषि सिँचाइका लागि सौर्यपम्प जडान गरेको उल्लेख गरी २१ कम्पनीलाई लागतको ६० प्रतिशतले हुने रू.२७ करोड २ लाख ९३ हजार भुक्तानी गरेको छ। यो वर्ष व्यक्तिगत ३ हजार ८१५, निजी फर्म १०५ र सामुदायिक ८१ आयोजनाको लागि आवेदन प्राप्त भएकोमा व्यक्तिगत ६११, निजी ३८ र सामुदायिक २४ आयोजना स्वीकृत गरी व्यक्तिगत ६१० र सामुदायिक संस्था १९ आयोजना सम्पन्न भएको छ। स्वीकृतमध्ये निजी ३८ र सामुदायिक ६ गरी ४४ आयोजनामा कार्य हुन सकेको देखिएन। सम्झौताबमोजिम तोकिएको कार्य सम्पन्न गर्नुपर्दछ।

७५. **दुईमुखे चुलो -** नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ मा हिमाली र उच्च पहाडी क्षेत्रमा खाना पकाउन र कोठा तताउन प्रयोग हुने दुई मुखे फलामे सुधारिएको चुल्होलाई प्रतिचुलो प्रतिघरधुरी अधिकतम रू.४ हजारसम्म अनुदान उपलब्ध गराउने उल्लेख छ। केन्द्रको ८० प्रतिशत र स्थानीय तहको २० प्रतिशत साझेदारीमा प्रतिघर एक ऊर्जा विकास कम्पनीसँग सम्झौता गरी दुई मुखे फलामे सुधारिएको चुलो प्रतिएकाइ रू.८ हजार ३५६ का दरले डोल्पाको एक नगरपालिकामा १ हजार ५० घरधुरी, बाजुराको एक गाउँपालिकामा ४०० घरधुरी र जुम्लाको एक गाउँपालिकामा १ हजार ४५० घरधुरीमा जडान गरी लागतको ८० प्रतिशतले हुने रू.१ करोड ९५ लाख ४७ हजार भुक्तानी गरी बाँकी २० प्रतिशतले हुने रू.४८ लाख ४७ हजार भुक्तानी गर्न केन्द्रले स्थानीय तहलाई सिफारिस गरेको छ। सो अनुसार २ हजार ९०० घरधुरीमा जडान गरी प्रतिचुलो ८ हजार ३५६ खर्च गरेकोले प्रतिचुलो रू.४ हजार ३५६ का दरले रू.१ करोड २६ लाख ३२ हजार थप व्ययभार हुने गरी खर्च गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

नेपाल विद्युत प्राधिकरण

विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२ सालमा नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो। जलविद्युत उत्पादन, प्रसारण र वितरण गर्न नेपाल सरकारको पूर्ण स्वामित्व रहेको एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो। यस अन्तर्गत केन्द्रीय कार्यालय, प्रदेश कार्यालय ७ र वितरण तथा ग्राहक सेवा केन्द्र १२९रहेको छ। प्राधिकरणबाट २०७८।७९ मा उत्पादित विद्युत ३ हजार २५९ गिगावाट घण्टा, अन्य उत्पादकबाट उत्पादित ६ हजार २६२ गिगावाट घण्टा तथा आयात १ हजार ५४३ गिगावाट घण्टा समेत ११ हजार ६४ गिगावाट घण्टा रहेको छ। यस वर्ष ८ हजार ८७० गिगावाट घण्टा आन्तरिक विक्री तथा ४९३ गिगावाट घण्टा विद्युत निर्यात भएको छ। यो वर्षसम्म ग्राहक संख्या ५३ लाख २० हजार तथा प्राधिकरणको कर्मचारीहरुको संख्या करिब ८ हजार रहेको छ।

७६. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** प्राधिकरणको आषाढ मसान्तको शेयर पुँजी रू.१ खर्ब ७५ अर्ब ३४ करोड, सञ्चित नाफा रू.२४ अर्ब ७६ करोड तथा अन्य कोष रू.६ अर्ब २५ करोड दीर्घकालीन दायित्व रू.२ खर्ब ७ करोड र चालु दायित्व रू.६७ अर्ब १ करोड रहेको देखिन्छ। स्थिर सम्पत्तिमा रू.२ खर्ब २ अर्ब १८ करोड, निर्माणाधीन सम्पत्तिमा रू.१ खर्ब ४० अर्ब २२ करोड, शेयर लगानीमा रू.२० अर्ब ३८ करोड तथा अन्य गैर चालु सम्पत्तिमा रू.३८ अर्ब ५२ करोड तथा चालु सम्पत्तिमा रू.१ खर्ब २१ अर्ब १३ करोड रहेको छ।

प्राधिकरणको यो वर्ष बिक्री रू.८७ अर्ब १५ करोड तथा अन्य आय रू.१४ अर्ब ९९ करोड समेत रू.१ खर्ब २ अर्ब १४ करोड आम्दानी भएकोमा प्रत्यक्ष खर्च रू.६४ अर्ब ९२ करोड, कर्मचारी खर्च रू.४ अर्ब ५६ करोड, अन्य खर्च रू.१७ अर्ब ६० करोड र कर खर्च रू.१ अर्ब ६९ करोड समेत रू.८८ अर्ब ७७ करोड खर्च भई रू.१३ अर्ब ३७ करोड खुद नाफा भएको छ।

७७. **अनुपात विश्लेषण -** प्रमुख अनुपात, वित्तीय तथा अन्य सूचक स्थिति निम्नानुसार रहेको छः

अनुपातका नाम	२०७८।७९	२०७७।७८
कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा)	२५.५१%	२०.५७%
खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा) अन्य विस्तृत आय सहित	११.७७%	२१.९४%
खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आम्दानी बाहेक	१५.३४%	८.६१%
कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात	२.५६%	१.२७%
चालु अनुपात (गुणा)	१.८१:१	१.७८:१
दीर्घकालिन ऋण तथा ईक्वीटिको अनुपात	०.९९:१	०.९४:१
स्थिर सम्पत्ती र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	०.६६:१	०.६४:१
कर्मचारीको खर्च तथा कुल संचालन खर्चको अनुपात	१८.७०%	२१.२०%
नेपाल विद्युत प्राधिकरणको उत्पादन (GWH)	३२५९	२८०४
स्वतन्त्र उर्जा उत्पादकको उत्पादन (GWH)	६२६२	३२४१
आयात (GWH)	१५४३	२८२६
निर्यात (GWH)	४९३	४४
ग्राहक विवरण संख्या	५३,१९,६४५	५१,०८,५८८

७८. **आय लेखाङ्कन -** आय लेखाङ्कन सफ्टवेयरमा विस्तृत विवरण वेगर नै आसामी रू.१ अर्ब ७७ करोड देखाएकोमा लेखा सफ्टवेयरमा रू.१ अर्ब ५६ करोड लेखांकन गरेकोले सफ्टवेयरले देखाएको र वित्तीय विवरण बीच रू.२१ करोडको फरक रहेको छ। आय लेखाङ्कन सफ्टवेयर र लेखामा रहेको हिसाब विगत वर्षदेखि नै भिडान नगरेबाट सो फरक देखिएको छ। ग्राहकको घर, कलकारखाना तथा कार्यालयमा जडान भएको मिटर रिडिङको शुद्धता सम्बन्धमा नियमित रुपमा प्रयोग भइरहेको ऊर्जा भारसँग तुलनात्मक विश्लेषण गर्ने, चुहावटको अनुगमन, तेस्रो पक्ष परीक्षण गर्ने प्रभावकारी व्यवस्था नभएको कारण विद्युत बिक्री बापतको आम्दानी रकम यकिन गर्न सकिने अवस्था छैन।

७९. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणको अन्तर कार्यालय हिसाब राफसाफ नभएकोले वित्तीय विवरणमा खुद रू.८५ करोड लिनुपर्ने रकम प्रस्तुत गरेको छ। समयमै हिसाब भिडान तथा मिलान गरी राफसाफ गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८०. **कम्पनीमा हिसाब हस्तान्तरण** - प्राधिकरणले विद्युत परियोजना विकास गर्नको लागि सहायक कम्पनीहरु खडा गरेको भए तापनि विभिन्न ६ सहायक कम्पनीमा रू.३ अर्ब ६२ करोड बराबरको हिसाब हस्तान्तरण गरेको छैन। त्यस्ता कम्पनीसँग सम्बन्धित खर्चहरुमध्ये केहि प्राधिकरणले तथा केहि सम्बन्धित कम्पनी आफैंले गरिरहेको देखिएकोले यस्ता सबै हिसाबहरु कम्पनीमा हस्तान्तरण गरी उक्त कम्पनीहरुलाई स्वायत्त रुपमा संचालन गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ।

८१. **नगद तथा बैङ्क** - विगत वर्ष देखि नै नगद मौज्दात कमी सम्बन्धीव्यवस्था रू. ३ करोड़ ५४ लाख देखाएको छ। यस वर्षको आषाढ मसान्तको मार्गस्थ नगद मौज्दातमध्ये रू.१ करोड ७९ लाख विगत लामो समयदेखि बैङ्कमा जम्मा भएको छैन। नगद तथा मार्गस्थ रकममा ऋणात्मक मौज्दात रू. ३७ लाख रहेको छ। नगदमा देखिएका कैफियतका सम्बन्धमा छानबिन गरी हिनामिना रकम असुल गरी कारवाही गर्नुपर्दछ।

८२. **आय विवरण दाखिला** - आयकर ऐन, २०५८ बमोजिम प्रत्येक आर्थिक वर्षको आय विवरण आश्विन मसान्त भित्र बुझाउनुपर्ने व्यवस्था छ। प्राधिकरणले आय विवरणहरु समयमा नै बुझाएको छैन। २०७७।७८ को आय विवरण ढिला बुझाए बापतको शुल्क रू. ६ करोड २१ लाख भुक्तानी गरेको छ। यस्तो शुल्क भुक्तानीको लागि आय विवरण पेस गर्न ढिलाई गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। वित्तीय विवरण अनुसार विगत वर्ष देखि रू. ६ करोड ३५ लाख तिर्नुपर्ने देखाएकोमा उक्त रकमलाई आम्दानीमा सारी तिर्न बाँकी सम्पत्ति कर न्यून रहेको देखाएको छ। प्राधिकरणलाई स्थानीय कर लाग्ने वा नलाग्ने विषयमा सम्बन्धित निकाय वा नेपाल सरकारसंग समन्वय गरी यकिन गर्नुपर्दछ।

प्राधिकरणले विगत वर्ष देखि नै विद्युत खरिद सम्झौता अन्तर्गत विद्युत खरिद गरी भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्ने गरेको छैन। यस सम्बन्धमा आन्तरिक राजश्व कार्यालयबाट हालसम्म कुनै टिप्पणी गरेको नदेखिएको उक्त भुक्तानीमा स्रोतमा कर कट्टी गर्नुपर्ने वा नपर्ने स्पष्ट व्यवस्था हुनुपर्ने देखिन्छ।

८३. **ऋण तथा व्याज** - प्राधिकरणले दातृ निकाय तथा विदेशी बैङ्कहरुबाट प्राप्त हुने ऋणको लागि नेपाल सरकारसँग सहायक ऋण सम्झौता तथा नेपाल सरकारबाट प्राप्त हुने ऋण सम्झौता गरी लिने गरेको छ। यस्तो ऋण २०७९ आषाढ मसान्तमा रू.२ खर्ब ६ अर्ब ४७ करोड रहेकोमा विगतदेखि नै नेपाल सरकारको हिसाबसँग भिडान गरेको छैन।

नेपाल सरकारसँग गरेको सम्झौता अनुसार बुझाउनु पर्ने सावाँ तथा ब्याजको रकम कार्य योजना बनाई दाखिला गर्नुपर्नेमा सो अनुसार दाखिला गरेको छैन। यो वर्ष आयोजना निर्माणको लागि नेपाल सरकारले दिएको पुँजिगत अनुदानबाट वर्षान्तमा रू.५ अर्ब ब्याज उल्लेख गरी राजश्व दाखिला गरेको छ।

८४. **खरिद तथा निर्माण** - प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ विनियम १७९ अनुसार रू.५ लाख सम्मको मालसमान तथा सेवा खरिद गर्दा कम्तिमा ३ दरभाउ पत्र लिनुपर्नेमा सो नलिइ टुक्रे खरिद समेत गरेको छ। निर्माण आयोजनाहरु तोकिएको अवधिभित्र सम्पन्न नभएको र पटक-पटक म्याद थप गरिएको कारणले गर्दा अनुमान

गरिएभन्दा लागत र समय दुवै बढी खर्च हुने गरेको छ। कतिपय ठेक्कापट्टामा कार्यसम्पादन जमानतको म्याद समाप्त भएपछि पुन कार्यसम्पादन जमानत रकमको नविकरण गरेको छैन। साथै, त्रिशुली ३ बि हब सबस्टेसन परियोजनामा प्राधिकरणले आफैंले निर्णय गरी निर्माण व्यवसायीसँग असूल गर्नुपर्ने जरिबाना अमेरिकी डलर ७ लाख र रू.७१ करोड असुल गरेको छैन। सो निर्माण व्यवसायीले पछिल्लो समय सम्पादन गरेको कार्यको रनिङ विल भुक्तानी गरेकोमा जरिबाना तथा शुल्क असुल नगरेको विषयमा छानविन गरी उक्त रकम असूल गर्नुपर्दछ।

८५. **योजना, कार्यक्रम र लक्ष्य प्रगति** - प्राधिकरणले विभिन्न निर्देशनालय अन्तर्गत गर्नुपर्ने कार्यहरुलाई वार्षिक कार्य योजनामा समावेश गरी बजेटको व्यवस्था गरेकोमा अधिकांश निर्देशनालयले लक्ष्य अनुसार प्रगति गर्न सकेका छैनन्। प्राधिकरण अन्तर्गत नेपाल सरकार मार्फत विश्व बैङ्क तथा एशियाली विकास बैङ्कबाट प्राप्त ऋण तथा अनुदानबाट तथा प्राधिकरणको आन्तरिक स्रोतबाट संचालित विद्युत प्रशारण तथा वितरण परियोजनाको कार्य प्रगति सन्तोषजनक नहुँदा लागत मुल्य बढी भई प्रभावकारितामासमेत ह्रास हुने हुँदा प्राधिकरणले त्यस तर्फ विशेष ध्यान दिई संचालित परियोजनाहरु समयमै सम्पन्न गरी विद्युत प्रशारण तथा वितरण दुरुस्त गर्नुपर्ने देखिएको छ।

नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६८ को विनियम, २२ मा भएको संशोधनको बुँदा २२ अनुसार बजेट कार्यान्वयनको समीक्षा गरी कार्यान्वयनमा रहेका कार्यक्रम र थप भएका कार्यक्रमको लाभ लागत विश्लेषण गरी पठाउनु सबै जिम्मेवार पदाधिकारीको कर्तव्य हुने व्यवस्था छ। विनियम ३१ अनुसार प्राधिकरणको काम कारबाही प्रचलित कानून अनुसार भए नभएको समेत आकस्मिक छानविन गराउनुपर्ने व्यवस्था छ। यो वर्ष सम्पादित ९१ आयोजना मध्ये १६ आयोजनाको अवस्था विश्लेषण गर्दा निम्नानुसार देखियोः

(रू.हजारमा)

क्र.स.	आयोजना	बजेट	खर्च	हालसम्मको भौतिक प्रगति प्रतिशत
१.	सिंगटी लामो साँघु	३,००	१,४५,००	८७
२.	रुपनी १३२	१,१०	१,०२,०१	८७
३.	कुशहा विराटनगर	१२,००	१२,४५,३३	३३
४.	वलफी करिडोर	१५,००	१०,११,००	३६
५.	अमरपुर ढुङ्गे साँघु	३,१९,३५	६५,००	१.८१
६.	ढल्केवर-वालगंगा	७,५०	४,८५,९९	६
७.	सुनवल होकोइ	३,७४,००	२२,३३	७.८
८.	गेदाक अनारमनी	२,५०,००	१,००	०.२३
९.	लमही घोराही	१५,००	३,८२,१०	८७
१०.	सुर्खेत सवस्टेसन	७६,००	७,४४,००	७.३०
११.	घराना सवस्टेसन	४,९४,५५	३८,७०	७
१२.	भेरी करिडोर	१०,७५	१,५२,५०	९.५५
१३.	वर्दघाट सर्दी	३,००	१,३३,४२	०.७८

माथिको तथ्याङ्कअनुसार विनियोजित बजेट र खर्चमा तालमेल भएको देखिएन। जसबाट आयोजनाको कर्पोरेट डेभलपमेण्ट प्लान निर्धारण हुन नसकी आयोजनाको लागत, सम्पन्न हुने समय लगायतका विषयमा सुनिश्चित हुनसक्ने अवस्था छैन।

८६. **योजना व्यवस्थापन** . एसियाली विकास बैङ्कको ऋण तथा अनुदानमा सञ्चालित आयोजनामध्ये ६ ऋण र २ अनुदान सहायतामा सञ्चालित आयोजनाबाट उत्पादन, प्रशाखा लाइन तथा सव.स्टेसन क्षमता विस्तार गर्ने उद्देश्यले विभिन्न ४५ आयोजना सञ्चालित रहेका छन्। यी ४५ आयोजनाका लागि २०७८।७९ मा रू.२५ अर्ब ४४ करोड ३६ लाख विनियोजन भएकोमा रू.१४ अर्ब १९ करोड ३२ लाख खर्च भई समग्रमा ५५.७८ प्रतिशत प्रगति भएको विवरण पेश भएकोमा ४ आयोजना (उपत्यका प्रशाखा लाइन सव.स्टेशन, मूलपानी सव.स्टेशन, वितरण ट्रान्सफरमर खरिद र वितरण प्रणाली) मा कुनै खर्च नभई सून्य प्रगति, ७ आयोजना ९विद्युतीय सवारी चार्जिट स्टेशन, डाटा तथा नियन्त्रण केन्द्र, ग्रीड जडिट सौर्य विद्युत उत्पादन, वोराङ्ग रातमाटे प्रशाखा, ग्रीड अटोमेसन जस्ता) मा ५ प्रतिशतभन्दा न्यून प्रगति भएको छ। कार्ययोजना बनाई आयोजना सञ्चालन गरेर प्रतिफल प्राप्त गर्ने विषयमा जिम्मेवारी र जवाफदेहिताको लेखाजोखा गर्नुपर्दछ।

८७. **स्थिर सम्पत्ति तथा निर्माणाधीन सम्पत्ति -** प्राधिकरणले देखाएको शेयर पुँजी तथा दीर्घकालीन ऋण महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कसँग बिगत देखि भिडान गरेको छैन। बर्षान्तमा रहेको आसामी तथा साहुहरुको मौज्दात रकम समर्थन माग गरी भिडान गरेको छैन। वित्तीय विवरणमा कतिपय चालु प्रकृतिका खर्चहरुलाई निर्माणाधीन सम्पत्तिमा पुँजीकृत गर्ने गरेको, अतिक्रमण भएका १ हजार ४७४ रोपनी जग्गा लगायतका सम्पत्तिको छानविन तथा यकिन नगरेको, लेखाङ्कन गरेको १ हजार ८८२ रोपनी जग्गाको लालपूर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको करिब रू.२ अर्ब १६ करोड सम्पत्तिह पुँजीकृत नगरेको, सम्पत्तिको बिस्तृत विवरण रहेको सफ्टवेयरले देखाएको रकम तथा वित्तीय विवरणमा उल्लेख भएको रकम बीच करिब रू.१ अर्ब ५७ करोड फरक देखिएबाट प्राधिकरणको सम्पत्ति यकिन हुन सकेन। वर्षान्तमा जम्मा निर्माणाधीन सम्पत्ति रू.१ खर्ब ४० अर्ब २३ करोडमध्ये रू.१५ करोड ऋणात्मक मौज्दात रहेको देखिन्छ। यी अवस्थाहरुलाई मध्यनजर गर्दा ह्रास खर्चसमेत यर्थाथ देखिँदैन। यसर्थ, प्राधिकरणले स्थिर सम्पत्तिको लेखाङ्कनमा सुधार गरी सही तथा यथार्थ चित्रण गर्ने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

८८. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष १०.१५ प्रतिशतले वृद्धि भई रू.४० अर्ब १२ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइन तर्फको ६७ ग्राहकहरु बाट असुल हुनुपर्ने रू.१९ अर्ब ९५ करोड रहेको छ। सो रकम कुल वक्यौताको ४९.७२ प्रतिशत देखिन्छ। यस बाहेक सडक बत्तीको मात्र रू.५ अर्ब १८ करोड उठाउन बाँकी रहेको छ। बक्यौता महसुल उठाउन कार्य योजना बनाएको पाइएन। यस्ता बक्यौता महसुल असुल गर्न सम्बन्धितको खाता तथा अन्य कारोबार रोक्का लगायतका प्रकृयाबाट असूलीमा प्रभावकारिता ल्याउनूपर्दछ।

८९. **विद्युत नोक्सानी -** प्राधिकरणवाट प्राप्त विवरणअनुसार २०७७।७८ मा १७.१८ प्रतिशत विद्युत नोक्सानी रहेकोमा २०७८।७९ मा १५.३८ प्रतिशतमा आएको विवरण पेश भएको छ। यो प्रतिशत आफैंमा कमी नभएको हुँदा नोक्सानीका कारण पत्ता लगाइ चुहावट कम गर्न र स्वतन्त्र तेस्रो पक्षबाट मूल्याङ्कन गराई यथार्थ अवस्था यकिन गर्नुपर्ने व्यहोरा बिगत वर्षमा समेत औंल्याएकोमा स्थिति यथावत रहेको छ।

९०. **विद्युत उत्पादन लागत** . नेपालमा विद्युत उत्पादन गर्दा लाग्ने लागत प्रति मेगावाटको आधारमा विश्लेषण गर्दा मिश्री खोला हाइड्रो पावरले ४२ मेगावाट रू.१३.४३ करोड, सुपर माई ३.८ मेगावाटको रू.१४.६८ करोड, सुपरमाई दोश्रो ७.८ मेगावाटको १९.०८ करोड, विन्धवासिनी हाइड्रो ६.६ मेगावाटको १७.७० करोड रहेको छ। सोही समयमा उत्पादन लागत विश्लेषण गर्दा नेपाल विद्युत प्राधिकरणले आयोजनाको रुपमा निर्माण गराएका आयोजनाको प्रति मेगावाट लागत अपर त्रिशुली हाइड्रोको २८.५ करोड, कुलेखानी तेस्रोको ३२.३५ करोड र चमेलियाको ४९ करोड लागत परेको देखिन्छ। निजी तथा साझेदारीमा सञ्चालित आयोजनाको तुलनामा प्राधिकरणले आयोजनाको रुपमा निर्माण गर्दा लागत अस्वभाविक बढेको अवस्थालाई विश्लेषण गर्दा आयोजनाहरु महङ्गो परेको देखियो । समय सीमा र लागत नबढ्ने गरी आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९१. **विद्युत खरिद बिक्री सम्झौता** . प्राधिकरणबाट प्राप्त तथ्याङ्क अनुसार २०७९ आषाढ मसान्तसम्म ३५७ विद्युत आयोजनाबाट उत्पादन हुने ६ हजार ३६६ मेगावाट जडित क्षमताको लागि विद्युत खरिद विक्री सम्झौता भएकोमा १३२ आयोजनाबाट जडित क्षमता १ हजार ५३१ मेगावाट राष्ट्रिय ग्रीडमा जोडिएको र २२५ आयोजनाको ४ हजार ८३४ मेगावाट निर्माण चरणमा रहेका छन्। उक्त आयोजनाहरु अधिकांश रन अफ दि रिभरका आधारमा निर्माण भएको अवस्थामा विद्युत खपत र बजारीकरणको मार्गचित्र सहितको योजना प्राधिकरणले निर्माण गरेको छैन। यस्ता आयोजनाहरु निश्चित अवधि पछि प्राधिकरणको स्वामित्वमा आउने हुँदा ती संरचनाहरुको गुणस्तर र परिचालन अवस्था बारे कार्ययोजना बनाएर अनुगमन गर्ने, अनुगमनबाट प्राप्त निष्कर्षलाई प्रकाशन गर्ने कार्य हुनसकेको छैन। यस सम्बन्धमा समयमा नै ध्यान पुऱ्याई यथोचित कदम चाल्नु पर्दछ।

९२. **आयातित विद्युतको महशुल -** नेपाल र भारत सरकार बीच भएको महाकाली सन्धि अनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डर अनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सो भन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधान अनुसार निःशुल्क प्राप्त गरेको विद्युत नेपाल सरकारले प्रति युनिट रू.४.७५ का दरले प्राप्त गर्ने गरी प्राधिकरणलाई उपलब्ध गराएको छ। यसरी नेपाल सरकारलाई तिर्नुपर्ने रू.२ अर्ब ९ करोड भए तापनि सो भुक्तानी गरेको देखिएन।

९३. **विक्री लागत खर्च -** प्राधिकरणले गत वर्षको तुलनामा चालु वर्षमा आफ्नै विद्युत उत्पादनमा १५.९४ प्रतिशत (२ हजार ८११ गिगावाट घण्टा वाट ३ हजार २५९ गिगावाट घण्टा) तथा आन्तरिक विद्युत खरिदमा ९३.२१ प्रतिशतले वृद्धि (३ हजार २४१ गिगावाट घण्टा वाट ६ हजार २६२ गिगावाट घण्टा) भएको तथा विद्युत आयात ४५.४० प्रतिशतले कमी (२ हजार ८२६ गिगावाट

घण्टाबाट १ हजार ५४३ गिगावाट घण्टा) भएको देखिएको छ। चालु वर्षमा विद्युत विक्री आम्दानी २३ प्रतिशतले वृद्धि (रू.७० अर्ब ८६ करोड बाट रू.८७ अर्ब १५ करोड) हुँदा बिक्रीको लागत खर्च १५.३४ प्रशितले बढेको (रू.५६ अर्ब २८ करोड बाट रू.६४ अर्ब ९२ करोड) देखिन्छ। उत्पादन विवरण र अन्य संभारजन्य खर्चमा मितव्ययीता ल्याउने विषयमा ध्यान दिनुपर्दछ।

प्राधिकरणले २०७८।७९ सम्ममा करिब ६ हजार मेगावाट भन्दा बढीको विद्युत खरिद सम्झौता गरिसकेको, प्राधिकरणको आफ्नै विद्युत उत्पादन क्षमता हाल ६०० मेगावाट भन्दा बढी भएकोमा आगामी दुई वर्षमा करिब १ हजार ५०० मेगावाट भन्दा बढी प्रशारण तथा वितरण प्रणालीमा विद्युत उपलब्ध हुने तथा सो प्रत्येक वर्ष बढ्दै जाने सन्दर्भमा प्राधिकरणले विद्युतको आन्तरिक खपत वृद्धि तथा महसुल समायोजन र हिउँदे तथा वर्षायामको उत्पादन तथा मागलाई ध्यानमा राखी छिमेकी मुलुकमा विद्युत निर्यातको सम्बन्धमा प्रभावकारी तथा विस्तृत रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९४. **छुटको सोधभर्ना** - नेपाल सरकारले विगत वर्षदेखि कोभिड १९ को समयमा ग्राहकलाई विद्युत महसुलमा छुट दिने घोषणा गरे बमोजिम प्राधिकरणले ग्राहकहरुलाई छुट प्रदान गरेका तथा अन्य छुटको रकम वापत वित्तीय विवरणमा नेपाल सरकारसँग लिनुपर्ने देखिएको कुल रू.५ अर्ब ५४ करोड माग गरिएकोमा सो रकम निकासाको लागि नेपाल सरकारको बजेटमा व्यवस्था नभएको हुँदा सो को शोधभर्ना प्राप्त नभएको अवस्था रहेकोले उक्त रकमको शोधभर्ना एवं सरकारसँग लेनदेन हिसाब मिलान गर्नुपर्दछ।

९५. **रकमको उपयोग** - चालु वर्षमा नेपाल सरकारले प्राधिकरणलाई रू.१३ अर्ब ७१ करोड प्रदान गरेको देखिन्छ। प्राप्त रकम पूर्ण रुपले खर्च नभई बैङ्कमा मुद्धति तथा कल खातामा राखेको छ। प्राधिकरणले उक्त रकम तथा आन्तरिक श्रोतको रकम समेत रू.५२ अर्ब २४ करोड बैङ्क खातामा राखेको छ। कार्य योजना अनुसार कार्यक्रम सञ्चालन हुन नसक्दा आयोजनाको समय र लागत दुबै बढेको छ। अर्कोतर्फ आयोजना सञ्चालनको लागि उपलब्ध रकम निष्कृय रही न्यून प्रतिफलमा बैङ्कमा मौज्दात रहेको छ। प्राधिकरणले सरकारसँग लिएको ऋणको सावाँ तथा ब्याज समेत भुक्तानी नगरी यसरी बैङ्कमा मौज्दात राखेको उचित देखिएन। यस सम्बन्धमा यथोचित ध्यान दिई नगद व्यावस्थापन व्यवस्था मिलाउनु पर्दछ।

९६. **कम्पनीको सञ्चालन** - विद्युत उत्पादन तथा वितरणको लागि सर्वेक्षण देखि उत्पादन एवं सञ्चालनको लागि प्राधिकरणले मातहतमा केही आयोजना सञ्चालन गरेको यो वर्ष १० सम्बद्ध र १३ सहायक कम्पनी दर्ता गराई प्राधिकरणले विभिन्न पदाधिकारीलाई सञ्चालकमा खटाएको पाइयो। प्राधिकरणले आफ्नै संरचनाबाट सञ्चालन गर्ने, सम्बद्ध तथा सहायक कम्पनी मार्फत विद्युत उत्पादन तथा वितरण गर्ने पारदर्शी मापदण्ड बनाउनुपर्दछ।

९७. **कर्मचारी काज** . नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त नियमावली, २०७५ को नियम ४३ अनुसार सहायक कम्पनी र आयोजनामा काजमा खटाउँदा उपनियम १० अनुसार सहायक कम्पनीमा खटाइने कर्मचारीको सिरोभार खर्चको शतप्रतिशत रकम दीर्घकालीन दायित्वको लागि पठाउनु पर्ने उल्लेख गरेको छ। प्राधिकरणबाट प्राप्त विवरणको आधारमा विभिन्न कार्यालय र सहायक कम्पनीमा

अधिकृतस्तरका ४१ लाई काजमा खटाएको, यसरी काज खटाउँदा विनियममा भएको व्यवस्थाभन्दा बढी अवधि खटाएको, काजमा खटिने कर्मचारीलाई नेपाल विद्युत प्राधिकरणमा पदाधिकार रहँदाभन्दा बढी सुविधा दिएको, सहायक कम्पनीहरुले यस्तो रकम प्राधिकरणमा नपठाएको अवस्थाले भगिनी संस्थामा सुशासन कायम भएको छ भन्ने अवस्था छैन। तोकिएको अवधिभन्दा बढी नहुने गरी काजमा खटाउन र सहायक कम्पनीमा अतिरिक्त व्ययभार कम गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९८. **नेट वर्क कम्यूनिकेशन** . नेपाल विद्युत प्राधिकरण मातहत आयोजना, कार्यालय, स्टेशन तथा जलविद्युत केन्द्रबाट सम्पादित प्राविधिक कार्य एवं विद्युत उत्पादन र वितरणका कार्यलाई व्यवस्थित बनाउन, उत्पादन तथा वितरण प्रणालीमा भएका नोक्सानीलाई क्रमशः न्यून गर्न, कष्टमर कल एण्ड केयर सेन्टर व्यवस्थापन गर्न, डिभाइस इन्टिग्रेशन गर्न एवं लोड व्यालेन्स सम्बन्धी अभिलेख राखी सोको अनुगमन गर्ने संयन्त्रको विकास गर्ने कार्य हुनसकेको छैन। प्राधिकरण जलविद्युत उत्पादन एवं प्रसारण र वितरणमा हुने जोखिम र तुलनात्मक लाभका लागि सूचना प्रविधिमा आएका नवीन अवधारणाहरुलाई अवलम्बन गर्नुपर्दछ।

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

यो कम्पनी नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ बमोजिम वित्तीय संस्थाको रूपमा ऋण लगानी गर्न स्वीकृति प्राप्त कम्पनी हो। कम्पनीको छैठौं वार्षिक साधारण सभाको निर्णयअनुसार जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडबाट नाम परिवर्तन भई हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कायम भएको छ। यस कम्पनीको चुक्ता पुँजी रू.२० अर्ब ७१ करोड ५० लाखमध्ये नेपाल सरकारको ७४.५४ प्रतिशत, अन्य संस्थाको २.५१ प्रतिशत तथा सर्वसाधारणको २२.९५ प्रतिशत स्वामित्व रहेको छ।यस कम्पनीमा स्थायी ८ र सेवा करारमा १७ समेत २५ जना कर्मचारी कार्यरत छन्।

९९. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७९ आषाढ मसान्तमा शेयर पुँजी रू.२० अर्ब ७१ करोड २० लाख र जगेडा, कोष तथा सञ्चित नाफा रू.१ अर्ब ६५ करोड २७ लाख रहेको देखिन्छ। स्थिर सम्पत्ति रू.९ करोड २९ लाख र लगानी रू.८८ करोड ६२ लाख रहेको छ। कम्पनीले २०७८।७९ मा रू.१ अर्ब ५५ करोड १२ लाख आम्दानी तथा रू.१ अर्ब ८२ करोड ५८ लाख सञ्चालन खर्च गरेको छ। गत वर्षको नाफा रू.७९ करोड ९६ लाख रहेकोमा यस वर्ष रू.९५ करोड ७८ लाख रहेको छ।

१००. **लक्ष्य, कार्यक्रम तथा प्रगति -** कम्पनीले २०७८।७९ देखि २०८१।८२ सम्मको लागि २ वर्षे रणनीतिक योजना तयार गरी लागू गरेको छ। व्यावसायिक योजनामा मूलतः व्यावसायिक लक्ष्य र सोको कार्यान्वयनको लागि वित्तीय स्रोत परिचालन गर्ने विषय उल्लेख छ।व्यावसायिक योजनाको लक्ष्य प्राप्त गर्नका लागि कम्पनीको अधिकृत पुँजी रू.५० अर्ब, जारी पुँजी र चुक्ता पुँजी रू.२३ अर्ब ५० करोड कायम गरिएकोमा २०७८।७९को अन्त्यसम्म रू.२० अर्ब ७१ करोड ५० लाखमात्र चुक्ता भएको छ। कम्पनीको प्रबन्धपत्रको बुँदा नं. ४(ङ) बमोजिम कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा मात्र

लगानी गर्न पाउने व्यवस्था रहेकोमा कम्पनीको उद्देश्य विपरीत एक वाणिज्य बैङ्कको कर्पोरेट बण्डमा रू.८ करोड लगानी गरेको छ।

१०१. **लगानी तथा ऋण हिसाब -** कम्पनीको लगानी तथा ऋण प्रवाह सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०१.१ कम्पनीले सहायक कम्पनीको रूपमा खडा गरेका २ हाइड्रो कम्पनीमा रू.८८ करोड ६२ लाख लगानी गरेकोमा दुवै कम्पनीद्वारा सञ्चालन गरिने परियोजनाहरूको विद्युत खरिद सम्झौता हालसम्म भएको छैन। त्यस्तै, सहायक कम्पनी बाहेक अन्य २ स्वतन्त्र कम्पनीमा यो वर्ष रू.४ करोड १६ लाख लगानी गरेको छ। आयोजना सञ्चालनको सुनिश्चितता गरेर मात्र लगानी गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१०१.२ कम्पनीले विभिन्न ९ अन्य कम्पनीमा यो वर्षसम्म रू.१ अर्ब ७५ करोड ४२ लाख शेयर लगानी गरेकोमा यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको छैन। त्यस्तै विभिन्न १० संस्थामा गत वर्षसम्म रू.४ अर्ब १० करोड ८९ लाख लगानी गरेकोमा यो वर्ष ११ संस्थामा रू.६ अर्ब ४५ करोड २७ लाख ऋण लगानी गरेको छ। उक्त लगानीमा १ प्रतिशतले हुने रू.६ करोड ४५ लाख २७ हजार क्षयह्रास देखाएको छ। कम्पनीमा गरेको लगानीमा यस प्रकार क्षय ह्रास देखाउनु औचित्यपूर्ण छैन। यसैगरी कम्पनीले तोकिएका उद्देश्यहरू हासिल गर्न पर्याप्त परियोजना पहिचान गरी लगानी बढाउन नसक्दा सङ्कलन गरेको स्वपुँजीको अधिकतम रकमसमेत मुद्दती निक्षेप खातामा राखेको देखियो। यस्तो वित्तीय स्रोत परिचालनले कम्पनीको मूल उद्देश्य प्राप्तिमा योगदान पुग्ने अवस्था नदेखिएकोले उद्देश्यअनुरूप कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्दछ।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

कम्पनी ऐन, २०६३ अनुसार ४५६ मेगावाटको जलविद्युत उत्पादन तथा वितरण गर्ने उद्देश्यले कम्पनीको स्थापना भएको हो। यस कम्पनीअन्तर्गत अपर तामाकोशी जलविद्युत आयोजनामा नेपाल विद्युत प्राधिकरणको ४१ प्रतिशत, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ६ प्रतिशत, नागरिक लगानी कोषको २ प्रतिशत र राष्ट्रिय बीमा संस्थानको २ प्रतिशतसहित ५१ प्रतिशत संस्थापक शेयर र बाँकी ४९ प्रतिशत शेयरमध्ये सर्वसाधारणको १५ प्रतिशत, स्थानीयवासीको १० प्रतिशत र अन्यकव २४ प्रतिशत रहेको छ।

१०२. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको प्रारम्भिक लागत रू.४७ अर्ब ६३ करोड रहेको विद्युत उत्पादन हुँदा रू.८९ अर्ब ६० करोड पुगेको छ। प्रति मेघावाट लागत शुल्कमा रू.१० करोड ४४ लाख रहेकोमा उत्पादन हुँदा १९ करोड ६५ लाख पुगेको छ। संस्थाको शेयर पुँजी रू.१० अर्ब ५९ करोड रहेकोमा २०७९ आषाढ मसान्तमा संचित नोक्सानी रू.३ अर्ब १५ करोड ९१ लाख रहेको छ। आयोजना निर्माणमा भएको ढिलाईको कारणले रू.४१ अर्ब ९८ करोड बढी लागत लागेको देखियो।

१०३. **ठेक्का विवाद -** इन्टेक तथा पेनस्टक पाइपलगायतको निर्माण गर्न २८ फेब्रुअरी, २०१२ मा एक रेल एण्ड इन्जीनियरिङ्गसँग यूरो १ करोड ५ लाख ७४ हजार ४५७ र रू.२९ करोड २० लाख ६८ हजारमा संम्झौता भएको थियो। व्यवसायीले समयमा गुणस्तरीय काम नगरेपछि निजसँग ठेक्का तोडी

निजले सम्पादन गर्नुपर्ने कार्य यसै आयोजनाको अर्को निर्माण व्यवसायी, साविकको व्यवसायी र आयोजना बीच ७ जनवरी, २०१९ मा त्रिपक्षीय सम्झौता गरेर दोस्रो व्यवसायीले गर्न बाँकी काम तेस्रो व्यवसायीबाट गराउने सहमती गरेको देखियो। उल्लिखित कार्यका लागि २ व्यवसायीलाई गरेको सम्झौता रकम र भुक्तानी निम्नानुसार छन्:

क्र.सं.	व्यवसायी	सम्झौता	भुक्तानी
१.	एक इन्जीनियरिङ लिमिटेड	यूरो १०५७४४५७	९०९७८१२
		ने.रू.२९२०६८०५६	२३३४४७९७४
२.	एक हाइड्रो नेपाल	डलर ८७१६४९२०	८९५४४८५१
		ने.रू.३३४११५०२२	७६२०१९८१४

कम्पनीबाट प्राप्त विवरण अनुसार एक व्यवसायीसँग सम्झौता गरेको ठेक्का अर्को व्यवसायीसँग गराउँदा कानूनी प्रक्रियाको पालना गरेको छैन। दोस्रो व्यवसायीसँग कार्य गराउँदा लागेको खर्च र कम्पनीलाई पुग्न गएको नोक्सानी रकम भराएको छैन। दोस्रो व्यवसायीले आफूले कार्य गर्दा बीचमा नै छाड्नु परेको उल्लेख गरी इन्टरनेसनल कोड अफ आर्बिटिसनमा देहायबमोजिमको रकम दाबी गरी मुद्दा दायर गरेको छः

व्यहोरा	दोस्रो व्यावसायीले कम्पनीसँग दाबी रकम	कम्पनीले दोस्रो व्यावसायीसँग दावी गरेको रकम	
ने.रू.	७७,७५,३०,७०५	ने.रू.	१,३०,३३,१८,२६२
युरो	१,३९,९६,३८०	भा.रू.	१७,८४,५०,४१८
		अमेरिकी डलर	८,००,५४२

माथिको अवस्थामा २३ फेब्रुवरी २०२२ मा गरिएको दाबी र विवादका सम्बन्धमा कम्पनीले समयमा नै आवश्यक कारबाही गरी आयोजनाको लागत बढ्न नदिने गरी व्यवस्थापन गर्नुपर्दछ।

१०४. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ ले मूल्य समायोजन गर्न सक्ने व्यवस्था गरेको र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ ले शुरु सम्झौता रकमको सामान्यतया २५ प्रतिशतभन्दा बढी नहुने गरी मूल्य समावेश गर्न सक्ने व्यवस्था छ। माथिल्लो तामाकोशी जलविद्युत कम्पनीको मुख्य सिभिल निर्माण कार्य लट नं.१ का चीनका एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा मूल्य समायोजनको अधिकतम सीमा शुरु सम्झौताको २५ प्रतिशत मात्र हुने व्यहोरा उल्लेख छ। खरिद सम्झौतामा निर्माण कार्यको विलको भुक्तानी गर्दा ६५ प्रतिशत विदेशी मुद्रा र ३५ प्रतिशत नेपाली मुद्रामा भुक्तानी गर्नुपर्ने उल्लेख छ।

कम्पनीको सञ्चालक समितिले २०७५।२।२८ मा कम्पनी व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायी बीचको वार्ता भई मूल्य समायोजनको सीमा अधिकतम ३५ प्रतिशत सम्म पुऱ्याउने उल्लेख भएको व्यहोरालाई बोर्ड बैठकले स्वीकृत दिएको देखियो। व्यवसायीसँग भएको ठेक्का सम्झौताको आधारमा कम्पनीले शुरु सम्झौता १३ अर्ब ३७ करोड १८ लाखको २५प्रतिशतले हुने रू.३ अर्ब ३४ करोड २९ लाख ५० हजार सम्म मूल्य समायोजन बापत भुक्तानी दिनुपर्नेमा रू.४ अर्ब १४ करोड १७ लाख भुक्तानी दिएको पाइयो। प्रचलित कानून र ठेक्का सम्झौतामा भएको

व्यवस्था विपरीत सञ्चालक समितिले गरेको निर्णयको आधारमा भुक्तानी गर्दा कम्पनीलाई रू.७९ करोड ८७ लाख ५० हजार अतिरिक्त व्ययभार परेको देखियो। सार्वजनिक खरिद नियमावलीको प्रावधान र सम्झौता विपरीत बढी भुक्तानी गरेको कारण कम्पनीलाई थप व्ययभार परेको छ।

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड

देशमा रहेको जलस्रोतको उच्चतम प्रयोग गर्दै जलविद्युत उत्पादन गर्ने उद्देश्यले यो कम्पनी लिमिटेड , सन् १९९५ मा स्थापना भएको हो। कम्पनीको ५१ प्रतिशत शेयर नेपाल विद्युत प्राधिकरणको र ४९ प्रतिशत शेयर सर्वसाधारणको स्वामित्वमा रहेको छ। रसुवा जिल्लाको स्याफ्रु बेँसीमा अवस्थित कम्पनीको जडित क्षमता २२.१ मेगावाट रहेकोमा वार्षिक करिब १ लाख ५० हजार मेगावाट विद्युत उत्पादन गर्दै आएको छ।

१०५. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७९ आषाढ मसान्तमा शेयर पुँजी रू.६ अर्ब ७५ करोड १८ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.३ अर्ब ६२ करोड ६९ लाख, दीर्घकालीन दायित्व ३० करोड ६५ लाख र चालु दायित्व रू.१६ करोड ७१ लाख रहेको छ। कुल सम्पत्ति रू.१० अर्ब ८५ करोड २३ लाखमध्ये गैह्र चालु सम्पत्ति रू.८ अर्ब ५ करोड ५६ लाख र चालु सम्पत्ति रू.२ अर्ब ७९ करोड ६७ लाख रहेको छ। कम्पनीले यो वर्ष रू.१ अर्ब १८ करोड १७ लाख बिक्री सेवा शुल्क र अन्य आम्दानी रू.९७ करोड ५३ लाखसमेत रू.२ अर्ब १५ करोड ७० लाख आम्दानीमा रू.१ अर्ब ४१ करोड ३ लाख खर्च गरी रू.७४ करोड ६७ लाख खुद नाफा गरेको छ।

१०६. **ऋण तथा लगानी हिसाब** . कम्पनीले आफ्ना ४ सहायक कम्पनीहरू चिलिमे इन्जिनियरिङ, मध्य भोटेकोशी, रसुवागढी र सान्जेन समेत मा रू.५ अर्ब ९५ करोड ४४ लाख लगानी गरेको छ। चिलिमे इन्जिनियरिङ सर्भिसेज बाहेक बाँकी निर्माणाधीन अवस्थामा रहेका छन्। त्यस्तै अन्य ४ कम्पनीहरू बुढी गण्डकी चुम्चेत, बुढीगण्डकी प्रोक, चुम्चेत स्यारखोला र सेती नदी समेतमा २७० मेघावाटको जलविद्युत उत्पादन गर्ने गरी गत वर्षसम्म रु २१ करोड २३ लाख ५२ हजार ऋण लगानी गरेकोमा यो वर्ष रू.३० करोड २६ लाख ७८ हजार पुगेको छ। यी आयोजनाहरूको निर्माण चरण प्रारम्भ भएको छैन।

तामाकोशी जलविद्युत कम्पनी लिमिटेड

अपर तामाकोशी जलविद्युत आयोजनाको पानी प्रयोग गरी ९९.८ मेघावाट विद्युत उत्पादन गर्ने उद्देश्यले २०७६।११।२० मा यस कम्पनीको स्थापना भएको हो।

१०७. **सम्पत्ति दायित्व हस्तान्तरण -** जलविद्युत उत्पादनको विस्तृत सर्वेक्षणकै चरणमा रहेकोले नेपाल विद्युत प्राधिकरणबाट निर्माणाधीन सम्पत्तिमा रहेको रू.९५ करोड ६० लाख कम्पनीमा हस्तान्तरण भएको छैन।

१०८. **स्रोतको उपयोग -** नेपाल सरकारबाट प्राप्त स्रोतको कार्ययोजनाअनुसार प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेमा नेपाल सरकारले नेपाल विद्युत प्राधिकरण र नेपाल विद्युत प्राधिकरणले कम्पनीलाई रू.११ करोड ४२ हजार उपलब्ध गराएकोमा सो रकम आयोजनाको

निर्माणमा खर्च गरेको छैन। उक्त रकममध्ये रू.५ करोड ५० लाख १ हजार प्रतिफल विहिन अवस्थामा एक वाणिज्य बैङ्कमा मौज्दात राखेकोले उक्त स्रोतको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

रघुगङ्गा हाइड्रोपावर लिमिटेड

यो कम्पनी नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२४ मा स्थापना भएको हो। नेपाल विद्युत प्राधिकरणको २०६५।१०।१५ को निर्णयअनुसार म्याग्दी जिल्लामा ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत आयोजना निर्माण गर्न यस कम्पनीको स्थापना भएको देखिन्छ।

१०९. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कम्पनीको २०७९ आषाढ मसान्तमा शेयर पुँजी रू.१ अर्ब ३७ करोड ४० लाख, स्थिर सम्पत्ति रू.११ करोड ९७ लाख २१ हजार, पुँजीगत खर्च रू.२ अर्ब ४० करोड २५ लाख ५४ हजार, लगानी रू.९ करोड ९० लाख र चालु सम्पत्ति रू.५२ करोड १२ लाख ९१ हजारसमेत कुल सम्पत्ति रू.३ अर्ब १४ करोड २५ लाख ६७ हजार रहेको देखिन्छ। निर्माण चरणमा रहेकोले सञ्चित नोक्सान रू.२० करोड ५५ लाख ६८ हजार पुगेको छ।

११०. **कार्य सम्पादन अवस्था -** म्याग्दी जिल्लामा ४० मेघावाट क्षमताको साबिकको राहुघाट जलविद्युत आयोजनाको निर्माण कार्यको लागत अनुमान रू.९ अर्ब १७ करोड रहेकोमा व्यवस्थापनले पेस गरेको विवरण अनुसार भौतिक प्रगति ४६.४ प्रतिशत एवम् वित्तीय प्रगति ५१.४२ प्रतिशत हाँसिल गरेको देखिन्छ। यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्।

११०.१ आयोजनाले एक निर्माण व्यवसायीसँग सन् २०१० मा सम्झौता गरेर रू.४५ करोड ५४ लाख र सोको सुपरभिजन गर्ने परामर्शदातालाई रू.१८ करोड ९४ लाख भूक्तानी गरी निर्माण कार्यको भौतिक प्रगति १.९५ उल्लेख गरेको थियो। निर्माण व्यवसायीको कार्य सुस्तता र वित्तीय अपर्याप्तताको कारण जनाई सन् २०१२ मा ठेक्का रद्द गरेको छ। बाँकी कार्य गराउन अर्को निर्माण व्यवसायी छनौट गरी सन् २०१७ मा सम्झौता गरेकोमा सम्झौता अवधिमा ३३ प्रतिशत मात्र काम सम्पन्न भएको छ। निर्माण व्यवसायीसँग कार्य योजना लिई अनुगमन गरेर समयमा कार्यसम्पन्न गरी समय र लागत वृद्धि हुन नदिने व्यवस्था मिलाउनुपर्दछ।

११०.२ आयोजनाको इलेक्ट्रोमेकानिकल कार्यको लागि एक निर्माण व्यवसायीसँग १५ अक्टोबर, २०१९ मा १ हजार ८० दिन भित्र कार्य सम्पन्न गर्ने गरी रू.२ अर्ब २८ करोड २८ लाखको सम्झौता भएकोमा ९५६ दिन अर्थात ८८ प्रतिशत समय व्यतित हुँदासम्म औसत १८ प्रतिशत मात्रै कार्य सम्पन्न भएको छ। त्यस्तै, आयोजनाको निर्माण व्यवस्थापन तथा सिभिल निर्माण कार्यको परामर्शदाताको रूपमा कार्य गर्न १६ फेब्रुवरी, २०१२ मा अमेरिकी डलर २४ लाख ५१ हजार ९३३ तथा रू.४ करोड २२ लाख ६ हजार र इलेक्ट्रो मेकानिकल, हाईड्रोमेकानिकल तथा ट्रान्समिसन लाइन निर्माणको लागि अमेरिकी डलर १५ लाख ४९ हजार तथा रू.३ करोड ७४ लाख ३९ हजारको सम्झौता भएकोमा आयोजनाको निर्माण कार्य समयमा सम्पन्न नभएकोले परामर्शदाताको करार अवधि २ फेब्रुवरी, २०२४ सम्म थप भएको छ। निर्धारित कार्य योजनाअनुसार कार्य सम्पन्न गरी निर्माण तथा परामर्शको लागत बढ्न नदिने व्यवस्था मिलाउनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नभएको, अनुदानको अनुगमन नभएको, निर्माण समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, ठेक्का व्यवस्थापनमा सुधार गर्नुपर्ने लगायतका व्यहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य गर्नुपर्दछ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ६८ निकायमा यो वर्ष रू.१ अर्ब ५८ करोड १६ लाख ३६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२८ करोड ४३ लाख ९७ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब २९ करोड ७२ लाख ३९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.९ करोड ७२ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समितिसमेत ११ निकायमा यो वर्ष रू.३४ करोड ४५ लाख ७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ करोड ३ लाख ४२ हजार फर्स्यौंट गरेकोले रू.३१ करोड ४१ लाख ६५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१२ लाख ७२ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यक्षेत्रमा सङ्घीय विधेयक, अध्यादेश नियम आदेश तथा नेपाल सरकारवाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति, कानूनी राय तथा परामर्श, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, समझदारीको अनुमोदन, अन्तर्राष्ट्रिय र अन्तर्सरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानूनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय र संगठित संस्थासमेत ११ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ७ निकायको निम्नानुसार रू.३५ करोड १५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
३४५१	५४	१०	-	३५१५

२. **अन्य संस्था र समिति -** यो वर्ष २ संस्थाको रू.१५ करोड ७७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। केन्द्रीय कानूनी सहायता समिति र कानुन किताब व्यवस्था समितिको यो वर्षको लेखापरीक्षण बाँकी रहेको छ।

३. **कानून निर्माण** - मन्त्रालयले २०७३ पौष १० गते नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानूनको पहिचान, प्राथमिकीकरण र कानून निर्माणको विद्यमान अवस्थासम्बन्धी कार्ययोजना स्वीकृत गरी सार्वजनिक गरेको छ। मन्त्रालयले कानून निर्माण गर्नुपर्ने पहिलो प्राथमिकतामा ६६ विषय, दोस्रो प्राथमिकतामा २९ विषय, तेस्रो प्राथमिकतामा १६ विषय, प्रदेश कानूनका २२ विषय र स्थानीय कानूनका ६ विषय रहेका छन्। यसका लागि १७० ऐन केही नेपाल ऐन संशोधन गर्ने विधेयकबाट संशोधन गर्न सकिने, ४० ऐन सम्बन्धित ऐनले संशोधनको लागि बेग्ला-बेग्लै संशोधन विधेयक तर्जुमा गर्नुपर्ने, १९ ऐन सम्बन्धित ऐनलाई प्रतिस्थापन गर्न नयाँ विधेयकको मस्यौदा तयार गर्नुपर्ने, ७३ ऐन संघ प्रदेश र स्थानीय तहको अधिकार र सोको प्रभावको अध्ययनको आधारमा आवश्यकताअनुसार संशोधन गर्नुपर्ने रहेका छन्। यसअनुसार सङ्घीय अधिकार सूची र साझा अधिकार सूचीअनुसार कानून निर्माण नगरेका कारणले प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार सूचीअनुसारका कानून निर्माण गर्न नसकेकोले सेवा प्रवाहमा समेत प्रभाव परेको छ।

४. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा संघ संस्थालाई अनुदान दिँदा प्रगतिको विवरण लिई जुन कामको लागि अनुदान उपलब्ध गराएको हो, सो काममा रकम उपयोग भए नभएको, लक्ष्यअनुसार खर्च गरे नगरेको, प्रचलित कानूनबमोजिम लेखापरीक्षण गराए नगराएको अनुगमन गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले नेपाल बार एशोसिएसनलाई रू.५० लाख, नेपाल कानून व्यवसायी परिषद्लाई रू.२५ लाख र पूर्व सांसद मञ्चलाई रू.३५ लाखलगायतका ९ संस्थालाई रू.५ करोड ७७ लाख ३३

हजार अनुदान प्रदान गरेकोमा उल्लिखित व्यवस्थाबमोजिम सबै संस्थाको लक्ष्य-प्रगति विवरण प्राप्त गरी अनुदान रकम उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ।

५. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गर्ने व्यवस्था छ। मन्त्रालयले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा **"न्यायको लागि पहुँचमा अभिवृद्धि"** आयोजनामा भएको खर्च अमेरिकी डलर १२ लाख ५७ हजार २६२ एकीकृत वित्तीय विवरणमा खुलासा गरेको छैन।

सत्य निरुपण तथा मेलमिलाप आयोग

६. **कार्य सम्पादन** - नेपालमा सशस्त्र द्वन्द भएको समयावधि २०५२ फाल्गुण १ देखि २०६३ मङ्सिर ५ सम्म सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्थालगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने कामसमेतका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार २०७१।१०।२७ मा पहिलो पटक र २०७६।१०।६ मा दोस्रो पटक आयोग गठन भै २०७९ असार मसान्तबाट म्याद समाप्त भएको छ। आयोगमा ६३ हजार ७१८ उजुरी दर्ता भएकोमा ३ हजार ७८७ थान उजुरीको मात्र प्रारम्भिक छानबिन सम्पन्न गरी ८३ जनालाई पीडित परिचयपत्र वितरण भएको छ। आयोगको कार्यसम्पादनका लागि २०७४।७५ देखि २०७८।७९ सम्म रू.३५ करोड ८१ लाख ३१ हजार खर्च भएकोमा ऐन जारी भएको लामो अवधि व्यतीत भइसक्दा पनि ऐनअनुसार उजुरीउपर छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, मेलमिलाप गराउने एवं परिपूरणको व्यवस्था हुन सकेको छैन।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

७. **कार्यसम्पादन अवस्था -** नेपालमा सशस्त्र द्वन्दको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न २०७१।१०।२७ मा पहिलो पटक र २०७६।१०।६ मा दोस्रो पटक आयोग गठन भएकोमा २०७९ असार मसान्तबाट आयोगको म्याद समाप्त भएको छ। आयोगमा ३ हजार २८८ उजुरी दर्ता भएकोमा ७५३ उजुरी फर्स्यौंट गरेको, २ हजार ५५८ जनालाई बेपत्ता पारिएको उजुरी प्राप्त भएकोमा ५३ उजुरीको मात्र प्रारम्भिक छानबिन भएको देखिन्छ। आयोग गठन भएदेखि २०७९ असार मसान्तसम्म १ हजार ३२१ परिवारका ३ हजार ९९३ जनालाई पीडित परिचयपत्र दिने बाहेक अन्य कार्य सम्पादन भएको पाइएन। आयोगमा २०७४।७५ देखि २०७८।७९ सम्म रू.२५ करोड ५३ लाख ७९ हजार खर्च भएकोमा ऐन जारी भएको लामो अवधि व्यतीत भइसक्दा पनि बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन कार्य सम्पन्न हुन सकेको छैन।

- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः

- मन्त्रालय र मातहत ४ निकायसमेतमा यो वर्ष रू.२४ लाख १२ हजार बेरुजू देखिएकोमा रू.१९ लाख ३२ हजार नियमित भई आएको छ। बाँकी बेरुजूमध्ये रू.५ हजार म्याद नाघेको पेस्की रहेको छ। यस सम्बन्धी विवरण अनुसूचि १५ मा समावेश छ।

- संगठित संस्था एवं समितितर्फ यो वर्ष रू.४६ हजार बेरुजू देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूचि १६ मा समावेश छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा कृषि र पशु विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदे बाली, औद्योगिक बाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार, पशु नश्लको गुणस्तर सुधार, प्रमाणीकरण तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत २७८ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १९७ सरकारी कार्यालयको निम्नानुसार रू.३३ अर्ब ६१ करोड ५१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०२३०१	२९२४१	३४६६	११४३	३३६१५१

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रू.१ अर्ब ४ करोड ६६ लाख समावेश गरिएको छैन। उद्योग मन्त्रालयमा विनियोजन भई यस मन्त्रालय मातहत कार्यालयबाट खर्च भएको रू.८ करोड १२ लाख तथा मन्त्रालय मातहत ३ कार्यालयको २०७७।७८ को बक्यौता रू.६१ करोड १८ लाख समावेश छ।

२. **संगठित, अन्य संस्था र समिति** - यो वर्ष ७ संस्थाका ७९ संगठित संस्था र समितितर्फ रू.८ अर्ब ५० करोड ५६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। उक्त रकममा दुई संस्थाको आर्थिक वर्ष २०७७।७८ को बक्यौता रू.१ अर्ब ३ करोड ३६ लाख समावेश छ। संगठित संस्थातर्फ कृषि सामग्री कम्पनी लिमिटेड र दुग्ध विकास संस्थानको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **कार्यक्रम र प्रगति -** मन्त्रालयले तयार गरेको प्रतिवेदन अनुसार मन्त्रालयअन्तर्गत २०७८।७९ मा सञ्चालित पहिलो प्राथमिकताका २७ र दोस्रो प्राथमिकताका ६ समेत ३३ विकास कार्यक्रमहरूको समग्र भारित तथा वित्तीय प्रगति क्रमशः ७२.२२ र ८०.५२ प्रतिशत रहेको छ। भारित प्रगति ७५ प्रतिशतभन्दा कम रहेका कार्यक्रम निम्नानुसार छन्:

क्र. सं.	निकाय	भारित प्रगति प्रतिशत	वित्तीय प्रगति प्रतिशत
१.	ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम	२३.४०	१५.९४
२.	कृषि क्षेत्र विकास कार्यक्रम	२८.००	२०.४४
३.	समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम	४२.८६	२७.९४
४.	कृषि तथा प शुपन्छी विकास मन्त्रालय	४३.३३	३६.४८
५.	रानी जमरा कुलरिया सिँचाइ आयोजना	५१.३३	४६.०६
६.	विशेष कृषि उत्पादन कार्यक्रम	६३.६८	९९.९६
७.	कपास विकास समिति	६३.७३	६४.४५
८.	कृषि विकास रणनीति, अनुगमन तथा समन्वय कार्यक्रम	६७.७३	४४.८६

मन्त्रालयअन्तर्गत यो वर्ष ३३ आयोजना कार्यान्वयन भएकोमा भारित प्रगति ७५ देखि १०० प्रतिशत हुने आयोजना संख्या २५ र ७५ प्रतिशतभन्दा कम भौतिक प्रगति हुने आयोजना संख्या ८ रहेको छ। अधिकांश आयोजनाको भारित र वित्तीय प्रगतिबीच तालमेल रहेको देखिएन। वार्षिक कार्यक्रमअनुसार लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। बजेट वक्तव्य २०७८।७९ मा ६ कार्यक्रमका लागि रू.४३ करोड ३२ लाख २६ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। प्राविधिक सहायता अन्तर्गत भएको खर्चको विवरण उपलब्ध गराएको छैन। प्राविधिक सहायताअन्तर्गत भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

५. **सोझै भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत नेपाल कृषि बजार विकास कार्यक्रमको लागि स्वीस विकास नियोगबाट प्राप्त रू.१८ करोड ५६ लाख ३ हजार र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको अन्तर्राष्ट्रिय कृषि विकास कोषबाट प्राप्त रू.१२ करोड २६ लाख ६२ हजार सोझै भुक्तानीबाट खर्च गरेकोमा लेखापरीक्षण गराएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त खर्चको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनुपर्दछ।

६. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनाअन्तर्गत कृषि तथा पशुपन्छी विकासतर्फ २०७८।७९ मा केही प्रमुख खाद्य वस्तुको उत्पादकत्व एवं अन्य कार्यको लक्ष्य तथा प्रगति स्थिति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	२०७५।७६ आधार वर्ष	२०७८।७९ को लक्ष्य	प्रगति	प्रगति प्रतिशत
कृषि क्षेत्रको वृद्धि दर	प्रतिशत	५	५.७	२.३	४०.३५
कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	२७	२४	२३.९	९९.५८
खाद्य वस्तु उत्पादनतर्फ					
धान	मेट्रिकटन प्रति हेक्टर	३.७६	४.३०	३.४७	८०.७
मकै	मेट्रिकटन प्रति हेक्टर	२.८४	३.८०	३.१५	८२.९
गहुँ	मेट्रिकटन प्रति हेक्टर	२.८५	३.४०	२.९९	८७.९४
कोदो	मेट्रिकटन प्रति हेक्टर	१.२	१.३	१.२७	९७.७
फापर	मेट्रिकटन प्रति हेक्टर	१.१	१.२	१.२	१००
तरकारी	मेट्रिकटन प्रति हेक्टर	१४.३७	१९.१०	१४.७४	७७.१७
आलु	मेट्रिकटन प्रति हेक्टर	१६.०५	२०.६०	१७.६०	८५.४४
दलहन	मेट्रिकटन प्रति हेक्टर	१.२०	१.३०	१.२२	९३.८५
तेलहन	मेट्रिकटन प्रति हेक्टर	१.१०	१.२०	१.०६	८८.३०
फलफूल	मेट्रिकटन प्रति हेक्टर	९.८१	११.७०	१०.९४	९३.५
माछा	मेट्रिकटन प्रति हेक्टर	४.९०	५.००	५.४	१०८
दूध	लिटर (दुधालु पशु वेत)	१,०५०	१३००.००	१३९३	१०७.१५
मासु	केजी (प्रति वध गरिएको पशु)	७५	८१.००	८४.५	१०४.३२
अन्डा	प्रति गोटा (पन्छी)	२४५	२५५.००	२५८	१०१.१८
प्रमुख बालीहरूमा बीउ प्रतिस्थापन दर	प्रतिशत	१६	२२.००	२१.९१	९९.५९

नतिजा सूचक	एकाइ	२०७५।७६ आधार वर्ष	२०७८।७९ को लक्ष्य	प्रगति	प्रगति प्रतिशत
पशु चौपायाहरूमा खोप सेवा	संख्या लाखमा	९४	११०	११८.१३	१०७.३९
पन्छीमा खोप सेवा	संख्या लाखमा	३००	३६२	२६२.८०	७२.६
पशु चौपायका लागि खोप उत्पादन	संख्या लाखमा	९४	११०	११०	१००
पन्छीहरूका लागि खोप उत्पादन	संख्या लाखमा	३००	३६२	३९४.३	१०८.९२
कृत्रिम गर्भाधान (नश्ल सुधारका लागि)	संख्या हजारमा	६२२	७२४	७४०	१०२.२१

मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार पन्ध्रौं योजनामा कृषि क्षेत्रको वृद्धि दर लक्ष्य ५.८ प्रतिशत र यो वर्षको लक्ष्य ५.७ प्रतिशत रहेकोमा २.३ प्रतिशत प्रगति हासिल भएको र कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २३.९ प्रतिशत पुगेको उल्लेख छ। त्यसैगरी प्रमुख खाद्यान्न धान, मकै, गहुँ, तेलहन, तरकारी एवं आलुलगायत कृषिबाली तथा उपजको उत्पादकत्वमा वार्षिक लक्ष्यअनुसार प्रगति हासिल भएको देखिएन। आवधिक योजनामा कृषिजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने, साना र मझौला स्तरका कृषियन्त्रको आपूर्ति गर्ने, कृषि क्षेत्रलाई व्यावसायिक तथा नाफामूलक बनाउने, नयाँ प्रविधिको उपयोग एवं कृषि प्रसार सेवामा किसानको समान पहुँच पुऱ्याउने उल्लेख भए तापनि कार्यान्वयनको नतिजा सन्तोषजनक छैन। आवधिक योजनाको लक्ष्यअनुसार वार्षिक कार्यक्रमको लक्ष्य निर्धारण गरी सोहीअनुसार प्रगति हासिल गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य -** दिगो विकासको परिमाणात्मक लक्ष्यमा सन् २०२२ सम्म प्रति व्यक्ति खाद्यान्न उत्पादन ४१८ किलोग्राम, प्रति हेक्टर जमिनको उत्पादकत्व अमेरिकी डलर ४ हजार ६४६, कुल खेतीयोग्य जमिनमध्ये ६० प्रतिशतमा वर्षैभरि सिँचाइ सुविधा, माटोमा जैविक पदार्थको मात्रा ३.९२ प्रतिशत पुऱ्याउने उल्लेख छ। मन्त्रालयले सोअनुसारको तथ्याङ्क खुल्ने प्रगति विवरण तयार नगरेकोले लक्ष्य प्राप्तिको स्थिति जानकारी हुन सकेन। प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका कार्यक्रममध्ये पश्मिनाको मूल्य श्रृङ्खला अभिवृद्धिका लागि कृषक समूह तथा फर्मलाई म्याचिङ्ग अनुदान प्रदान गर्ने, मकै र गहुँको स्रोत बीउमा उत्पादकलाई बीउ बिक्री परिमाणको आधारमा ५० प्रतिशत प्रोत्साहन उपलब्ध गराउने, ३ वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्ने गरी प्रारम्भिक कार्य अघि बढाउने, निजी क्षेत्रको सहभागितामा जैविक विषादी कारखाना स्थापना गर्न ५० प्रतिशतसम्म पुँजीगत अनुदान कार्यक्रम सञ्चालन गर्ने, इलाममा अलैंची, मकवानपुरमा तरकारी, सल्यानमा अदुवा तथा जुम्लामा स्याउ लक्षित औद्योगिक कृषि बजार स्थापनाको सम्भाव्यता अध्ययन पूरा गरी निर्माण कार्य शुरु गर्ने, सल्यानको कपुरकोट र डोटीको सिलगढीमा कृषि थोक बजार स्थापना गर्न पूर्व तयारीका कार्य गर्ने, रूपन्देहीको कर्साघाटमा आधुनिक प्रविधियुक्त कृषि उपज थोक बजारको निर्माण कार्य आरम्भ गर्ने, कोहलपुरमा धूलो दूध कारखाना स्थापना गर्ने, लुम्बिनी दुग्ध वितरण आयोजनाको लागि क्रिम सेपरेटर, होमोजिनाइजर, पाश्चराइजर तथा चिलिङ्ग भ्याटलगायतका उपकरण खरिद, सबै प्रदेशका १/१ कृषि फार्मलाई सेन्टर अफ एक्सिलेन्सको रूपमा विकास गरी सञ्चालनमा ल्याउन आवश्यक पूर्वाधार निर्माण गर्ने, चोभारको

निर्माणाधीन फलफूल तथा तरकारी हाटबजार सञ्चालन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरेको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **कार्यक्रम सञ्चालन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, कृषि विभाग, खाद्य पोषण तथा सुरक्षा सुधार आयोजनालगायतका १८ कार्यालयले वार्षिक कार्यक्रममा समावेश १९७ कार्यक्रम सञ्चालन नगरेकोले ती कार्यक्रममा विनियोजन भएको रू.१ अर्ब ८० करोड २७ लाख बजेट खर्च गरेका छैनन्। बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरी अपेक्षित प्रगति हासिल गर्नुपर्दछ।

१०. **संगठन संरचना -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र अन्तर्गतका कार्यालयको स्वीकृत दरबन्दी १ हजार ९०५ र पुल दरबन्दी ३७८ समेत २ हजार २८३ कर्मचारी संघमा समायोजन भएकोमा हाल १ हजार ७७५ कार्यरत रहेकोले ५०८ पद रिक्त रहेको छ। पद रिक्त रहेको र राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका क्रमशः ७ र ११ समेत ३७८ कर्मचारी पुल दरबन्दीमा समायोजन भएकोले सेवा प्रवाह र वृत्ति विकासमा असर पर्ने देखिएको छ। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझको आधारमा कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

११. **किसानको पहिचान र सम्मान -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा कानूनबमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयबाट प्राप्त जानकारीअनुसार यो वर्षसम्म ६ लाख ५० हजार किसान परिवार सूचीकरण भए तापनि परिचयपत्र जारी हुन बाँकी रहेको छ। किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

१२. **भन्सार छुट सिफारिस -** आर्थिक ऐन, २०७८ को अनूसूची बुँदा नं.१५(२) मा पशुपन्छी पालन उद्योग, कृषि फार्म तथा कम्पनी एवं कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीतभण्डारको लागि आवश्यक पर्ने कम्प्रेशर एवं अन्य तोकिएका मालसामान एवं औजारमा नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालयले सिफारिस गरेमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार यस वर्ष विभिन्न २० फर्म तथा संस्थाले २०७९ असार मसान्तको विनिमय दरअनुसार रू.३० करोड ५१ लाख मूल्य बराबरको कोल्डस्टोरेज तथा ग्रीनहाउससम्बन्धी सामान पैठारी गरेकोमा भन्सार महसुल छुटका लागि मन्त्रालयले सिफारिस गरेको देखियो। सिफारिस भएका सामानको उपयोग तोकिएअनुसार भए नभएको सम्बन्धमा अनुगमन गरी स्थिति यकिन गर्नुपर्दछ।

१३. **थोक बजार भवन -** कृषि उपजको वाणिज्य तथा व्यापारका लागि सञ्चालित आयोजनाले काठमाडौंको चोभारमा फलफूल तथा पुष्प थोक बजार भवन निर्माणको लागि रू.६० करोड ५९ लाख ५७ हजारको लागत अनुमान स्वीकृत गरी २०७३।७।१ देखि कार्य शुरु गर्नेगरी एक निर्माण व्यावसायीसँग २०७३।६।४ मा रू.३५ करोड ८७ लाख ६७ हजारको सम्झौता गरेको छ। निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेका कारण आयोजनाको अवधि समाप्तिपछि उक्त ठेक्का मन्त्रालयमा

हस्तान्तरण भएको देखियो। भेरिएसन पश्चात् संशोधित सम्झौता रू.४० करोड २० लाख ६ हजार कायम भएकोमा यो वर्ष भुक्तानी भएको रू.१ करोड ७७ लाख २३ हजारसमेत हालसम्म रू.३४ करोड १५ लाख ३५ हजार भुक्तानी भएको छ। शुरु सम्झौतानुसार २०७४।८।१ भित्र कार्य सम्पन्न हुनुपर्नेमा हालसम्म दशौं पटक २०७९।१२।३० सम्म म्याद थप हुँदासमेत कार्य सम्पन्न भएको छैन। सम्झौताबमोजिमको कारबाही प्रक्रिया अवलम्बन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१४. **अनुदान -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अवस्था निम्नानुसार छः

आर्थिक वर्ष	अनुदान (रू.करोडमा)	खाद्यान्न उत्पादन (मेट्रिकटन हजारमा)			तरकारी उत्पादन (मेट्रिकटन हजारमा)			फलफूल उत्पादन (मेट्रिकटन हजारमा)		
		लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
२०७४।७५	८७६	९७९२	९६५७	९९	३८००	४०९९	१०७	१३३९	१०१०	७५
२०७५।७६	१२२९	१०४७६	१०३२८	९८	४०००	४२७१	१०६	१४८०	११७८	७८
२०७६।७७	१६८३	१०३९०	१०३६९	९९	४०८९	४०८९	१००	१३००	१०९६	८४
२०७७।७८	१९६८	१०८००	१०५५८	९७.७६	४२८०	४१९६	९८	१३०५	१३६०	१०४
२०७८।७९	२१८३	१०९६५	१०७७२	९८.२४	४४६१	४१५३	९३	१४५०	१४१६	९८

उल्लिखित तालिकाअनुसार गत वर्षको तुलनामा यो वर्ष कृषि क्षेत्रको अनुदानमा १०.९२ प्रतिशतले वृद्धि भई रू.२१ अर्ब ८३ करोड खर्च गरेकोमा खाद्यान्न उत्पादन २.०३ प्रतिशत, फलफूल उत्पादन ४.११ प्रतिशत वृद्धि भएको र तरकारी उत्पादन १.०२ प्रतिशतले घटेको छ। विगत ५ वर्षमा अनुदान बढेको अनुपातमा कृषिजन्य उत्पादनको वृद्धि हुन सकेको छैन। अनुदानको प्रभावकारी उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु पर्दछ।

१५. **क्षेत्रगत अनुदान र उपयोग** – मन्त्रालयले यो वर्ष रासायनिक मल खरिदमा रू.१६ अर्ब ६१ करोड ५९ लाख, बाली तथा पशुधन बीमा प्रिमियममा रू.१ अर्ब ९२ करोड २९ लाख, उखु कृषकका लागि रू.१ अर्ब ४ करोड ६६ लाख, मूल्य श्रृङ्खला विकासमा रू.६ करोड ९० लाख र अन्य क्षेत्रमा रू.१ अर्ब ५८ करोड ३६ लाखसमेत रू.२१ अर्ब २३ करोड ८० लाख अनुदान वितरण गरेको छ। अनुदानको लागि रू.२४ अर्ब ६७ करोड ५७ लाख बजेट व्यवस्था भएकोमा ८६.०६ प्रतिशत खर्च भएको देखिन्छ।

रासायनिक मल खरिदको लागि प्रदान भएको अनुदानबमोजिम समयमै खरिद कार्य नभएको एवं खरिद भएको मलसमेत कृषकले बाली लगाउने समयमा प्राप्त गर्न नसकेको, बाली तथा पशुधन बीमा गराउनेको विवरण अद्यावधिक गरी समयमै प्रिमियम र दाबी भुक्तानी नभएको, उखु कृषकले खरिदकर्ताबाट समयमै उखु बिक्रीबापतको रकम प्राप्त गर्न नसकेको, मूल्य श्रृङ्खला विकासका लागि प्रदत्त अनुदानको प्रभावकारिता मूल्याङ्कन नभएको एवं अधिकांश अनुदान आर्थिक वर्षको अन्तिम महिनामा प्रदान हुने र सोको अनुगमनसमेत नहुने स्थिति विद्यमान रहेको साथै कृषि क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबाट समन्वय नगरी बेग्लाबेग्लै कार्यविधिको आधारमा अनुदान प्रदान हुने गरेकोले दोहोरोपना हुने अवस्था समेत रहेको छ। साथै अधिकांश अनुदान प्रस्ताव माग गरी प्रदान हुने गरेकोले सीमान्तकृत कृषक अनुदानको पहुँच भित्र नपर्ने स्थिति समेत रहेको छ। रासायनिक मल बाहेक अन्य प्रयोजनको लागि व्यक्ति वा संस्थागत रूपमा दिने अनुदान तत्काल रोक्का गर्नुपर्ने देखिन्छ । अत्यावश्यक अवस्थामा

परियोजनाको आधारमा सामूहिक जमानीमा शून्य प्रतिशत ब्याज दरमा निश्चित अवधि तोकी ऋण उपलब्ध गराउनेतर्फ नीति बनाउनुपर्ने देखिएको छ।

१६. **रासायनिक मल अनुदान** –मन्त्रालयले यो वर्ष कृषि सामग्री संस्थानमार्फत् २ लाख १० हजार मेट्रिकटन र साल्ट ट्रेडिङ कर्पोरेशन मार्फत् ९० हजार मेट्रिकटनसमेत ३ लाख मेट्रिकटन रासायनिक मल खरिद गर्न क्रमशः रू.१० अर्ब ५० करोड र रू.६ अर्ब ११ करोड ५९ लाख समेत रू.१६ अर्ब ६१ करोड ५९ लाख अनुदान प्रदान गरेकोमा क्रमशः १ लाख १० हजार ८५६ मेट्रिकटन र ६६ हजार ६६७.७० मेट्रिकटन समेत १ लाख ७७ हजार ५२३.७० मेट्रिकटन मल खरिद भएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१६.१ उल्लिखित दुई निकायले रासानिक मल खरिदको लागि १६ ठेक्का व्यवस्थापन गरेकोमा १ ठेक्कामा १० हजार मेट्रिकटन युरिया मल आपूर्ति गर्ने सम्झौता भई २ हजार ८५३.९५० मेट्रिकटन मात्र ल्याएको, ७५ हजार मेट्रिकटन मल आपूर्तिसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेको र १ लाख मेट्रिकटन यो वर्ष प्राप्त हुन नसकी २०७९।८० मा प्राप्त हुने क्रममा रहेकोले यो वर्ष ९ ठेक्काबाट १ लाख ७७ हजार ५२३.७० मेट्रिकटन मल प्राप्त भएको छ। ठेक्का सम्झौताअनुसार मल आपूर्ति नगर्ने आपूर्तिकर्तालाई सम्झौताको शर्तअनुसार कारबाही गरी समयमा मल आपूर्ति हुने व्यवस्था गर्नुपर्दछ।

१६.२ सशर्त अनुदान दिएको रकम आर्थिक वर्षको अन्तमा बचत भएमा फिर्ता गर्नुपर्दछ। यो वर्ष रासायनिक मल खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रू.१० अर्ब ५० करोड अनुदान प्रदान गरेकोमा रू.८ अर्ब ११ करोड १३ लाखमात्र खर्च भएको देखिन्छ। बचत भएको रू.२ अर्ब ३८ करोड ८७ लाख फिर्ता नभएकोले संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

१६.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५९ (८) मा खरिद सम्झौताको अन्त्य भएमा कार्यसम्पादन जमानतबापतको रकम जफत हुने व्यवस्था छ। सम्झौताअनुसार मल आपूर्ति नगर्ने ३ आपूर्तकसँगको सम्झौता अन्त्य गरी जफत गरेको कार्यसम्पादन जमानतमध्ये एक आपूर्तिकर्ताको रू.४ करोड ७२ लाख १३ हजार र २ आपूर्तिकर्ताको अमेरिकी डलर ११ लाख ८७ हजार ४५० कृषि सामग्री कम्पनीको खातामा जम्मा गरेको छ।

१६.४ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को बुँदा नं १७ मा मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले मलको मूल्यमा कृषकहरूको लागत सहभागिता हुने गरी मलको आयात विन्दुको मूल्य र मल वितरक कम्पनीको बिक्री मूल्य निर्धारण गर्ने व्यवस्था छ। रासायनिक मल अनुदानको मूल्य २०७३।८।१४ मा पुनरावलोकन भएकोमा तत्पश्चात् पुनरावलोकन भएको देखिएन। रासायनिक मलको मूल्य निर्धारण भएको वर्ष २०७३।७४ मा मलको लागत मूल्य प्रति मेट्रिकटन युरियाको रू.३५ हजार ८०१, डी.ए.पी.को रू.४७ हजार ९८० र पोटासको रू.३४ हजार ८८ रहेकोमा आयात बिन्दुमा कृषकले तिर्नुपर्ने मलको मूल्य क्रमशः रू.१४ हजार, रू.४३ हजार र रू.३१ हजार निर्धारण गरेको देखियो। यो वर्ष प्रति मेट्रिकटन मलको लागत मूल्य युरिया रू.९५ हजार ६९३, डी.ए.पी. रू.१ लाख ३५ हजार ७७५ र पोटास रू.१ लाख ५ हजार ५४७ कायम भई २०७३।७४ को तुलनामा क्रमशः १६७.२९, १८२.९८ र २०९.६३ प्रतिशतले वृद्धि भएको छ। मलको मूल्यमा समय सापेक्ष पुनरावलोकन हुनुपर्दछ।

१६.५ कृषकले बाली लगाउने समयमा आवश्यक मल सहज रूपमा उपलब्ध नहुने स्थितिको पुनारावृत्ति हुने गरेको छ। आवश्यक मल खरिदको लागि पर्याप्त बजेट विनियोजन नहुने, बोलपत्र आह्वान गर्न समयमै स्रोत सुनिश्चितता प्राप्त नहुने, सामान्य अवस्थामा बोलपत्र गरेको मितिदेखि नेपालको भन्सार विन्दुसम्म मल आइपुग्न करिब २२६ दिन लाग्ने गरेको, भारतको कलकत्ता बन्दरगाहबाट मात्र मल आउने भएकोले ढुवानीमा चाप पर्ने गरेको, गुणस्तर, वितरण र भण्डारणमा पर्याप्त ध्यान दिन नसकेको लगायतका अवस्थाले मल आपूर्ति कार्यमा समस्या रहेको देखिन्छ। तसर्थ मल खरिद कार्य व्यवस्थित गर्न समयमै स्रोत सुनिश्चित गर्ने, भारतलगायतका देशमा हरेक हप्ता मल खरिदको सूचना प्रकाशन हुने गरेकोले सो असल अभ्यासको अनुसरण गर्दै मल खरिदको वार्षिक क्यालेण्डर स्वीकृत गरी नियमित रूपमा खरिद प्रक्रिया अवलम्बन गर्ने, मल ढुवानी चापलाई कम गर्ने व्यवस्था मिलाउने लगायतका कार्य गरी रासायनिक मल खरिद र बिक्री वितरणमा प्रभावकारिता ल्याउनुपर्दछ।

१७. **जी-टु-जी सम्झौता** - भारतबाट रासायनिक मल खरिद गर्न नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भारत सरकारको केमिकल एण्ड फर्टिलाइजर मन्त्रालयबीच २०७८।११।१६ मा सम्झौता भएको देखियो। सम्झौताअनुसार यो वर्ष जी-टु-जीमार्फत् १ लाख मेट्रिकटन युरिया र ५० हजार मेट्रिकटन डी.ए.पी. समेत १ लाख ५० हजार मेट्रिकटन रासायनिक मल आपूर्ति गर्ने उल्लेख छ। दुई देशबीच भएको सम्झौताको बुँदा नं. ३ मा उल्लेख भएअनुसार नेपाल सरकारको तर्फबाट कृषि सामग्री कम्पनी र भारत सरकारको केमिकल एण्ड फर्टिलाइजर मन्त्रालयअन्तर्गतको स्टेट ट्रेडिङबीच वित्तीय सम्झौता गर्न ढिलाइ भएको कारणले यस वर्ष लक्ष्यअनुसारको रासायनिक मल आपूर्ति भएको देखिएन।

१८. **खाद्यान्नको न्यूनतम समर्थन मूल्य** - यस मन्त्रालयको सिफारिसमा २०७८।७९ मा मोटो धानको लागि प्रति क्वीन्टल रू.२ हजार ७५२, मध्यम धानको लागि प्रति क्वीन्टल रू.२ हजार ९०२, गहुँको लागि प्रति क्वीन्टल रू. ३ हजार १६५ समर्थन मूल्य र उखुको लागि न्यूनतम खरिद मूल्य रू.५९० (चिनी मिलहरूले कृषकलाई प्रति क्वीन्टल रू.५२० र नेपाल सरकारले अनुदान रू.७०) तोकेको छ। न्यूनतम समर्थन मूल्यमा सरकारले कृषकबाट खाद्यान्न बाली खरिद गरी भण्डारणको लागि स्थानीय सरकारलाई जिम्मेवार बनाउने नीतिअनुरूप स्थानीय तहसँगको लागत सहभागिता र समन्वयमा नेपाल सरकारबाट ५० प्रतिशत अनुदान पाउने गरी १४ खाद्य गोदाम घर निर्माणको क्रममा रहेको छ। सरकारबाट यी वस्तुहरूका न्यूनतम समर्थन र खरिद मूल्य तोकेको भए तापनि मूल्य तोक्नमा भएको ढिलाइ र समर्थन मूल्यमा बिक्री नभएको अवस्थामा सरकारबाट खरिद गर्ने व्यवस्था छैन। मूल्य निर्धारण प्रक्रियाको कार्यविधि नभएकोले कार्यविधि तयार गरी व्यवस्थित गर्नुपर्दछ।

१९. **वैदेशिक सहायता** - दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ४ आयोजनामा रू. २८ अर्ब ४३ करोड ७५ लाख खर्च गर्ने सम्झौता भएकोमा यस वर्षसम्म रू.५ अर्ब ८१ करोड १४ लाख खर्च भएको छः

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालित जिल्ला	आयोजना शुरु वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	कृषि क्षेत्र विकास कार्यक्रम	आइफाड/स्वीस	१० जिल्ला	२०७५।७६	२०८०।८१	६९४५२	९६१२	१३.८४
२.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	विश्व बैङ्क	२८ जिल्ला	२०७४।७५	२०८०।८१	८७८७२	२८३८०	३२.३०
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	आई.डी.ए.	८ जिल्ला	२०७५।७६	२०८०।८१	३२१५१	१७७६४	५५.२५
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	आई.डी.ए.	३५ जिल्ला अन्तर्गतका १७१ स्थानीय तह	२०७७।७८	२०८१।८२	९४९००	२३५८	२.४८
					जम्मा	**२८४३७५**	**५८११४**	

उल्लिखित आयोजनाहरूमा क्रमशः ६७, ७१, ६७ र ५० प्रतिशतभन्दा बढी अवधि समाप्त हुँदा खर्च क्रमशः १३.८४, ३२.३०, ५५.२५ र २.८४ प्रतिशत रहेको छ। तोकिएको समय व्यतीत भएको अनुपातमा खर्च न्यून रहेकोले तोकिएको लक्ष्य प्राप्तिमा कठिनाइ पर्ने देखिन्छ। तसर्थ वैदेशिक सहायताको उपयोगमा दक्षता अभिवृद्धि गर्नुपर्दछ।

२०. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। देहायका ४ आयोजनामा यो वर्षसम्म रू.५ अर्ब ८१ करोड १४ लाख खर्च भएको मध्ये परामर्श सेवामा रू. ८८ करोड ७० लाख खर्च भएको देखिन्छ।

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम	२०७८।७९ सम्मको आयोजनाको खर्च	२०७८।७९ सम्मको परामर्श सेवाको खर्च	कूल खर्च र परामर्श सेवाको खर्चको तुलना (प्रतिशत)
१.	कृषि क्षेत्र विकास कार्यक्रम	६९४५२	९६१२	१३५४	१४.०९
२.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	८७८७२	२८३८०	३५०२	१२.३४
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	३२१५१	१७७६४	३९५३	२२.२५
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	९४९००	२३५८	६१	२.५९
	जम्मा	**२८४३७५**	**५८११४**	**८८७०**	**१५.२६**

उल्लिखित आयोजनाहरूमा परामर्श सेवामा कुल खर्चको २.५९ देखि २२.२५ प्रतिशत सम्म खर्च भएको देखिन्छ। दुई आयोजनाले आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेत परामर्शदाताबाट गराएका कारण परामर्श सेवा खर्च बढ्न गएको छ। आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खरिद, लेखा लगायतका आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। साथै परामर्शदातबाट प्राप्त प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

२१. **विषादी व्यवस्थापन -** जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३ अनुसार जीवनाशक विषादीको पञ्जीकरण गर्नुपर्ने एवं दफा १८ मा पञ्जीकरण भएका विषादीमात्र आयात गरी प्रयोग गर्न सक्ने व्यवस्था छ। प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रबाट पञ्जीकरण गरिएका विषादीहरूमा कीटनाशक, ढुसीनाशक, ब्याक्टेरियानाशक, सुलसुलेनाशक, शंखेकीरानाशक, मुसानाशक, किरानाशक वनस्पतिक र जैविक समूहका विषादीमा सामान्य नामका आधारमा १६५ र व्यापारिक

नामका आधारमा ४ हजार ७६२ विषादी हालसम्म पञ्जीकरण भएका छन्। केन्द्रबाट प्राप्त विवरण अनुसार ५ वर्षको विषादी आयातको अवस्था निम्नानुसार रहेको देखियो।

आर्थिक वर्ष	विषादी पञ्जीकरण		विषादी आयात	
	सामान्य नामका	व्यापारिक नामका	परिमाण (के.जी.)	रकम रू. हजारमा
२०७४।७५	१७०	-	६३२४१९	८३५७८१
२०७५।७६	१६५	३०३३	८०९०९३	९५६१४९
२०७६।७७	१६५	३८२७	६८१६२७	७९३८०३
२०७७।७८	१६५	३०३५	७८३३४३	१०६१८२३
२०७८।७९	१६५	४७६२	११३५५०४	१६२३८९५

उल्लिखित विवरण अनुसार २०७४।७५ को तुलानामा विषादी आयातको परिणाम बढ्दो क्रममा रहेको देखियो। यो वर्ष विषादी आयात परिमाण ४४.९६ प्रतिशतले वृद्धि भई विभिन्न आयातकर्ताले रू.१ अर्ब ६२ करोड ३८ लाख ९५ हजार मूल्यको ११ लाख ३५ हजार ५०४ किलोग्राम विषादी आयात गरेको देखिन्छ। विषादीको बढ्दो प्रयोगले मानव, जीवजन्तु र वातावरणमा प्रतिकूल प्रभाव पर्ने भएकोले यसको आयात, उपयोग र भण्डारणको उचित व्यवस्थापन हुनुपर्दछ।

२२. **कृषिमा रोजगारी स्थिति -** राष्ट्रिय जनगणना २०७८ अनुसार १० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण गरेको छ । सोअनुसार आर्थिक रूपमा काम गरेका जनसंख्यामध्ये पेशागत रुपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यमा दक्ष कामदार ५०.१ प्रतिशत रहेको छ । उक्त जनगणनाले १० वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक वर्गीकरणअनुसार आर्थिक काममा संलग्नमध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ५७.३ प्रतिशत रहेको छ । मन्त्रालयले कृषि क्षेत्रमा संलग्न सबैप्रकार जनशक्तिको दक्षता विकास हुने गरी तालिमलगायतका कार्यक्रम सञ्चालनको लागि पहल गर्नुपर्दछ ।

कृषि विभाग

कृषि विकाससम्बन्धी कार्यक्रम सञ्चालन, कृषिको विविधीकरण र व्यावसायिकताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योगदान गर्ने मुख्य उद्देश्य रहेको विभागअन्तर्गत ६ केन्द्रीय निकाय र १४ फार्म तथा केन्द्र रहेका छन्।

२३. **बाली बीमा -** कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७० अनुसार यो वर्ष बाली बीमा गर्दा बीमा प्रिमियमको ७५ प्रतिशत नेपाल सरकारले व्यहोर्ने कार्यक्रमअन्तर्गत विभागले बीमा समितिको कोषमा रू.५ करोड ७४ लाख भुक्तानी दिएको छ। विभागले कोषलाई यो वर्ष ४ हजार १६८ कृषकको रू.१ अर्ब ३६ करोड ६० लाखको बीमा गर्दा रू.७ करोड ६८ लाख बीमा प्रिमियम निर्धारण गरी प्रिमियमको ७५ प्रतिशतले हुने रू.५ करोड ७६ लाख माग भएकोमा रू.५ करोड ७४ खर्च लेखेको छ। बीमा प्रिमियम भुक्तानी, जिल्लागत बीमा, क्षतिपूर्ति र बीमाबाट लाभ प्राप्त गर्ने लाभग्राहीको विवरण नराखेको र अनलाइन सूचना प्रणाली स्थापना नभएकोले कार्यक्रमको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन। बीमा कार्यक्रमबाट लाभग्राही लाभान्वित भएको सुनिश्चित गर्नुपर्दछ।

२४. **उखु कृषक अनुदान -** विभागको स्वीकृत कार्यक्रमअनुसार यो वर्ष उखु कृषकहरूलाई अनुदान वितरण गर्न विभिन्न ८ कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत् रू.१ अर्ब ४ करोड ६६ लाख अनुदान

भुक्तानी भएको विवरण प्राप्त भएको छ। विभागले यसको अनुगमन तथा मूल्याङ्कन गरेको छैन। निश्चित समयका लागि मात्र अनुदान दिएतापनि क्रमशः उखुको मूल्य खरिदकर्ता व्यवसायीले नै व्यहोर्ने गरी नीतिगत निर्णय हुनुपर्दछ।

२५. **प्रयोगशाला स्थापना -** केन्द्रीय कृषि प्रयोगशाला, हरिहर भवनले नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत माटो, मल, बीउ, बिरुवा आदि परीक्षण गर्ने उद्देश्यले अन्तराष्ट्रिय स्तरको प्रयोगशाला स्थापनाको लागि भवन निर्माणको सब्सट्यान्सियली कम्लिसन रिपोर्ट जारी गर्दासम्म रू.१४ करोड ५३ लाख ९ हजार र तत्पश्चात् बाँकी कामको रू.८ लाख १६ हजार भुक्तानी भएको देखिन्छ। यसै वर्ष प्रयोगशालाको लागि रू.६ करोड ६८ लाख १० हजारको ल्याब उपकरणहरू खरिद भएकोमा जडान हुन बाँकी देखिन्छ। खरिद भएको उपकरण जडान गरी प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर नियमन गरी उपभोक्ताको हित संरक्षण गर्न गुणस्तरीय परीक्षण सेवा उपलब्ध गराउने, स्थानीय स्तरमा खाद्य प्रविधिको विकास गर्न सीपमूलक तालिम प्रदान गर्ने, खाद्य पोषण ज्ञान विस्तार र बाल आहारा विकासबाट कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले विभागको स्थापना भई सञ्चालनमा रहेको छ।

२६. **बजार अनुगमन -** विभाग तथा मातहत कार्यालयबाट स्थानीय बजार, सुपरमार्केट तथा खाद्य उद्योगहरूको निरीक्षण/अनुगमन हुने गरेको छ। यो वर्ष खाद्य तथा दानाको ४ हजार १२७ नमूना परीक्षण गरेकोमा २२४ नमूना तोकिएको गुणस्तर एवं मापदण्ड पूरा नगरेको देखियो। सङ्कलित नमूनामध्ये प्रशोधित पिउने पानी १८९ नमुनामा २९, दूध तथा दुग्धजन्य पदार्थ ११० मा १५ र फलफूल तथा सागपात ५२१ नमुनामा ६१ प्रतिकूल रहेको व्यहोरा देखियो। यो वर्ष गुणस्तर एवं मापदण्ड पूरा नगरेका मध्ये ११५ उपर मुद्दा दायर गरेको छ। खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्ने उत्पादक तथा बिक्रेता माथि हुने कारबाही समयमै हुन सकेको छैन। विभागले खाद्यलगायत अन्य वस्तुको गुणस्तर परीक्षण कार्य वृद्धि गरी अनुगमन तथा कारबाहीलाई प्रभावकारी बनाउनुपर्दछ।

२७. **होटल/रेष्टुरेन्ट स्तरीकरण -** खाद्य स्वच्छताको आधारमा होटल/रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ मा खाद्य स्वच्छताको आधारमा अति उत्तम, उत्तम, सन्तोषजनक र सामान्य गरी चार किसिममा वर्गीकरण गरी स्तरीकरण गर्ने व्यवस्था छ। विभागले २०७८।७९ मा ६३६ होटलको स्तरीकरणको आधारमा लोगो वितरण गरेकोमा १७ अति उत्तम, १०३ उत्तम, २३८ सन्तोषजनक, १८६ सामान्य स्तर र ९२ स्तरीकरणमा नपरेको उल्लेख छ। प्रचलित कानूनबमोजिम दर्ता भएका सबै होटल/रेष्टुरेन्टको स्तरीकरण नभएको र यो वर्ष स्तरीकरण भएको मध्ये १४.४६ प्रतिशत स्तरीकरणमा नपरेकोले खाद्य स्वच्छता कायम गर्न थप पहल गर्नुपर्दछ।

२८. **गुणस्तर परीक्षण -** विभागको प्रयोगशालामा ब्याक्टेरियाको आंशिक रूपमा गुणस्तर परीक्षण गर्ने सुविधा भए पनि भाइरसको परीक्षण गर्ने सुविधा उपलब्ध छैन। विभागले हालसम्म १४० वस्तुको मापदण्ड निर्धारण गरेकोले सो बाहेकका वस्तुको गुणस्तर परीक्षण हुन सकेको छैन। यो वर्ष १२ हजार ९८० खाद्य पदार्थ, दाना र खाद्य आहार पदार्थको परीक्षण गर्ने लक्ष्य रहेकोमा २० हजार ४७५ को परीक्षण गरेको छ। बजारको आकार तथा परीक्षण गर्ने वस्तुहरूको प्रकारको आधारमा गुणस्तर परीक्षणको दायरा विस्तार गर्नुपर्दछ।

पशु सेवा विभाग

पशुपालन व्यवसायको विकास, विस्तार र विविधीकरण गर्ने, पशुजन्य रोगहरूको उपचार गर्ने, पशु बीमा कार्यक्रम सञ्चालन गर्ने, घाँसको बीउ उत्पादन गर्ने एवं नश्ल सुधारका कार्य गरी कुल राष्ट्रिय उत्पादनमा योगदान गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२९. **पशु बीमा कार्यक्रम** - बाली तथा पशुधन बीमाको प्रीमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० अनुसार पशु बीमा गर्ने कृषकहरूको बीमा प्रीमियममा अनुदान उपलब्ध गराउन २०७८ श्रावण देखि चैत्रसम्मको रू.१ अर्ब ६ करोड ७५ लाख र गत वर्षको बीमा प्रिमियममा ७५ प्रतिशतका दरले भुक्तानी हुन बाँकी रू.७७ करोड ८६ लाखसमेत रू.१ अर्ब ८४ करोड ६१ लाख बीमा समितिअन्तर्गतको बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिलाई सशर्त अनुदान उपलब्ध गराएको छ। यो कार्यक्रमले २०७३।७४ देखि सञ्चालित भई सबै जिल्ला समेटे तापनि पशु बीमा गर्ने कृषकको विवरण अद्यावधिक गरेको छैन। बीमाङ्क र बीमा प्रिमियमको निर्धारणका साथै क्षतिपूर्ति दिने कामसमेत निजी क्षेत्रका बीमा कम्पनीबाट भइरहेको छ। पशु सेवा विभाग मातहत संघीय सरकारको कार्यक्रम नभएको अवस्थामा संघीय स्तरबाट मात्र बीमा कार्यक्रमको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्ने कार्य व्यावहारिक देखिँदैन। प्रदेश तथा स्थानीय तहहरूको समेत भूमिका निर्धारण र समन्वयात्मक रूपमा सूचना प्रणाली व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३०. **गुणस्तर मान्यता** - पशु चिकित्सा क्षेत्रको सन्दर्भ प्रयोगशालाको रूपमा रहेको केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट गरिने परीक्षणको गुणस्तर सुनिश्चित गर्न मान्यता प्रदान गर्ने संस्थाबाट मान्यता प्राप्त गरेको हुनुपर्दछ। प्रयोगशालाले मोलिक्युलर बायोलोजी युनिटको पीपीआर भ्याक्सिन र एभिएन एन्फ्लुन्जाको परीक्षणको गुणस्तर आश्वस्तता सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि पहल भएकोमा तोकिएको मापदण्ड पूरा हुन नसकेका कारण हालसम्म मान्यता प्राप्त गरेको देखिएन। मापदण्डहरू पूरा गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नुपर्दछ।

३१. **पशु चिकित्सालय** - केन्द्रीय रिफरल पशु चिकित्सालयले आफ्नो उद्देश्यअनुसार गाई, भैँसी, भेडा, बाख्रा र घोडाको उपचार गरी स्वस्थ मासु र दूध उत्पादनमा योगदान पुऱ्याउन यो वर्ष रू.२ करोड ४४ लाख ९२ हजार खर्च गरी २७ हजार ९४९ भेटरिनरी सेवा प्रवाह गरेको छ। सोमध्ये १७ हजार ९७९ कुकुरलगायत २५ हजार ३१८ पशु र २ हजार ६३१ पन्छीको उपचार गरेको देखियो। भेटरिनरी सेवाको एकमात्र रिफरल अस्पताल भए पनि काठमाडौँमा केन्द्रित रहँदा उपत्यका बाहिरका सेवाग्राहीलाई कठिनाइ परेको अवस्था छ। लाभग्राहीलाई पायक पर्ने गरी अस्पतालको सेवा सञ्चालन गर्नुपर्दछ।

३२. **खोप उत्पादन र वितरण** - राष्ट्रिय खोप उत्पादन प्रयोगशालाले यस वर्ष विभिन्न प्रकारका खोप ५ करोड २ लाख ६२ हजार डोज खोप उत्पादन गरेकोमा सातै प्रदेशमा १ करोड ३२ लाख ९३ हजार डोज खोप राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमको लागि निःशुल्क वितरण गरी बाँकी खोप रू. १करोड ४९ लाख २८ हजारमा बिक्री गरेको उल्लेख छ। निःशुल्क वितरण गरेको खोपको प्रयोग र खेर गएको अवस्था बारे तथ्याङ्क सङ्कलन नगरेकोले उपयोग यकिन हुन सकेन।

प्रयोगशालाबाट उत्पादित खोपको बिक्री मूल्य २०६१।२।२८ मा विभागस्तरीय र रेबिज भ्याक्सिनको सचिवस्तरीय निर्णयबाट २०६३।९।१७ मा निर्धारण गरेकोमा तत्पश्चात् पुनरावलोकन

भएको देखिएन। प्रयोगशालाले उत्पादन गरेको खोप लागत मूल्यभन्दा रू.०.४२ देखि रू.८६.४६ कममा बिक्री भइरहेको देखिन्छ। लागतको तुलनामा बिक्री मूल्य कम रहेकोले बिक्री मूल्यमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

३३. **उत्पादनको गुणस्तर** - प्रयोगशालाबाट उत्पादन हुने खोपको गुणस्तर सुनिश्चित गर्न मान्यता प्राप्त संस्थाबाट उत्पादनको विधि एवं गुणस्तर सम्बन्धमा एक्रिडिएशन प्राप्त गर्ने एवं उत्पादनमा प्रयोग हुने मेशिन तथा उपकरणको नियमित क्यालिब्रेशन र भ्यालिडिएशन गराउनुपर्दछ। प्रयोशालाले एक्रिडियसन लिन प्रयास भई रहेको जनाए तापनि हालसम्म उक्त प्रक्रिया पूरा भएको देखिँदैन। गुणस्तरमा आश्वस्तता र विदेशी मान्यताको लागि उक्त कार्यहरू पुरा गर्नुपर्दछ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने लगायतका कार्य गर्न स्थापना भएको यो परियोजना ७७ जिल्लामा सञ्चालित छ।

३४. **खर्चको स्थिति** - परियोजना अवधि २०७३।७४ देखि २०८२।८३ सम्म रू.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गर्ने अनुमान गरेकोमा यस वर्षसम्म रू.२६ अर्ब ३५ करोड ७६ लाख खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये संघबाट रू.१४ अर्ब ३५ करोड ७६ लाख, प्रदेशबाट रू.६ अर्ब १५ करोड ५८ लाख र स्थानीय तहबाट रू.५ अर्ब ८४ करोड ४२ लाख भएको छ। परियोजना शुरु भएको ६० प्रतिशत अवधिमा २०.१६ प्रतिशत मात्र खर्च भएको छ। परियोजनामा आवश्यक बजेट विनियोजन नहुने र विनियोजित बजेटसमेत खर्च नहुने स्थितिले निर्धारित अवधिमा लक्ष्य प्राप्त हुने अवस्था छैन। परियोजनाबाट बजेट खर्च भएअनुसार नतिजा हासिल गर्नुपर्दछ।

३५. **लक्ष्य प्रगति** - परियोजना कार्यान्वयनका लागि साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम गरी ४ सम्भाग रहेका छन्। परियोजना अवधिमा २१ सुपरजोन, ३०० जोन, १ हजार ५०० ब्लक र १५ हजार पकेट क्षेत्र स्थापना गर्ने लक्ष्य रहेकोमा २०७८।७९ सम्म १६ सुपरजोन, १७७ जोन, १ हजार ५८७ ब्लक र ७ हजार ६५७ पकेट क्षेत्र स्थापना भएको छ। ब्लकतर्फ लक्ष्य भन्दा बढी स्थापना भए तापनि अन्य सम्भागतर्फ लक्ष्य हासिल हुन सकेको छैन।

३५.१ परियोजनाका ४ सम्भागमध्ये संघ सरकारबाट सुपरजोन र जोन, प्रदेश सरकारबाट ब्लक र स्थानीय तहबाट पकेट सञ्चालन हुने गरेको छ। विभिन्न सम्भाग अलग अलग निकायबाट सञ्चालन हुँदा समन्वय र सहकार्यमा सम्भागहरूबीच अन्तरसम्बन्ध स्थापना हुन सकेको छैन। साथै ब्लक र पकेट विकास कार्यक्रमको सञ्चालन अवस्था, बाली वस्तु उत्पादन तथा क्षेत्रफलसम्बन्धी जानकारी परियोजना व्यवस्थापन कार्यालयमा प्राप्त हुन कठिनाइ रहेका कारण समग्र योजना तर्जुमा र लक्ष्य प्राप्तिमा असर परेको छ।

३५.२ परियोजना सञ्चालन मार्गदर्शन अनुसार जोन र सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल क्रमशः ३०० हेक्टर र १ हजार हेक्टर जमिन आवश्यक पर्नेमा कफी जोन र सुपरजोन कार्यक्रम क्रमशः १०० हेक्टर र ३०० हेक्टर भन्दा कम जग्गामा सञ्चालन भएको देखिन्छ।

३६. **परियोजनाको कार्यक्षेत्र -** परियोजना दस्तावेजअनुसार आयोजना कार्यान्वयन एकाइहरू पकेट, ब्लक, जोन र सुपरजोन परियोजना मातहत रहने व्यवस्थाअनुसार जोन र सुपरजोन परियोजना मातहत रहे तापनि पकेट र ब्लक २०७४।७५ मा स्थानीय तहअन्तर्गत र २०७५।७६ मा प्रदेशअन्तर्गत राखेकोमा पुनः २०७७।७८ देखि पकेट स्थानीय तह र ब्लक प्रदेश मातहत राखी सञ्चालन गरेको छ। आयोजनाको कार्यक्षेत्र कृषि बाली रहेकोमा २०७७।१।१८ को निर्देशक समितिको निर्णयबाट गाई, भैंसी, बाख्रा र बंगुरपालन थप गरी कार्यक्षेत्र विस्तार गरेको छ। परियोजनाको कार्यक्षेत्र थप गरेको एवं पकेट र ब्लकहरूको संघीय संरचनाको अवस्था परिवर्तन गरेको कारणबाट आयोजना कार्यान्वयनमा कठिनाइ भएको देखिन्छ। उक्त आयोजना तीन तहका सरकारअन्तर्गत सञ्चालन हुँदा कार्यान्वयन, समन्वय र सञ्चारजस्ता पक्षमा समेत जटिलता देखिएकोले सुधार गर्नुपर्दछ।

३७. **रोजगारी सिर्जना** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेजको अनुसुची —९ मा परियोजना संचालनमा आए पश्चात् प्रत्येक वर्ष आंशिक तथा पूर्ण रोजगारी सिर्जना गर्ने उल्लेख छ। परियोजनाको प्रक्षेपणअनुसार यो वर्षसम्म २ लाख २६ हजारले पूर्ण र ३१ लाख ३७ हजारले आंशिक रोजगारी प्राप्त गर्ने प्रक्षेपण गरेकोमा क्रमशः १ लाख ७१ हजार (७५.६६ प्रतिशत) र १६ लाख ७० हजार (५३.२४ प्रतिशत) ले रोजगारी प्राप्त भएको उल्लेख छ।

आर्थिक वर्ष	पूर्ण रोजगारी		आंशिक रोजगारी		कुल रोजगारी		प्रतिशत
	प्रक्षेपण	प्रगति	प्रक्षेपण	प्रगति	प्रक्षेपण	प्रगति	
२०७३।७४	४३५००	२३५१२	८७०००	६११७८	१३०५००	८४६९०	६४.९०
२०७४।७५	३१७३१	२५३२६	६३४६२०	२८१४००	६६६३५१	३०६७२६	४६.०३
२०७५।७६	३१७३१	२७७२२	६३४६२०	३९६०३०	६६६३५१	४२३७५२	६३.५९
२०७६।७७	५९४६५	४८७८१	५८९२२०	४४३४६७	६४८६८५	४९२२४८	७५.८८
२०७७।७८	२९४६५	२३५७२	५८९२९०	३८३०८०	६१८७५५	४०६६५२	६५.७२
२०७८।८९	३०११५	२२०४९	६०२२९०	१०४६२९	६३२४०५	१२६६७८	२०.०३
जम्मा	**२२६००७**	**१७०९६२**	**३१३७०४०**	**१६६९७८४**	**३३६३०४७**	**१८४०७४६**	**५४.७३**

उल्लिखित तालिकाअनुसार प्रक्षेपणबमोजिम रोजगारी सिर्जना भएको देखिएन। साथै रोजगारी प्राप्तिको अवस्था गणना गर्ने प्रक्रिया निश्चित नगरेको कारण प्राप्त भएको रोजगारीको सम्बन्धमा समेत आश्वस्त हुन सक्ने अवस्था देखिँदैन। प्रत्येक वर्ष परियोजनाको लक्ष्यअनुरूप बजेट विनियोजन नभएको एवं विनियोजित रकमसमेत खर्च हुन नसकी तोकिएका कार्यक्रम पूर्ण रूपमा सञ्चालन नभएकोले प्रक्षेपणअनुसार रोजगारी सिर्जना भएको देखिएन। लक्षित प्रगति हासिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३८. **परियोजना मूल्याङ्कन -** परियोजना दस्तावेजको परिच्छेद ९ को बुँदा नं ३ अनुसार प्रत्येक **२/२** वर्षमा परियोजना कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्नेमा परियोजना सञ्चालन भएको ६ वर्षसम्म पनि मूल्याङ्कन गरेको देखिएन। मूल्याङ्कनको अभावमा हालसम्मको अवस्था र भविष्यमा गर्नुपर्ने सुधार यकिन गर्न नसकिने भएकोले तोकिएअनुसार मूल्याङ्कन गर्नुपर्दछ।

३९. **कस्टम हायरिङ सेन्टर** - कृषिमा यान्त्रीकरण प्रवर्द्धनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका औजार उपकरणको सेट सहितको सेवा उपलब्ध गराउनका लागि सम्बन्धित जोन संचालक समितिमार्फत् यस वर्षसम्म ५० प्रतिशत अनुदान सहयोगमा ५७५ कस्टम हायरिङ सेन्टर स्थापना भएको छ। परियोजना व्यवस्थापन कार्यालयले हालसम्म स्थापना भएका सेन्टरमा रू.५७ करोड ५० लाख मूल्यका यन्त्र उपकरण उपलब्ध गराएकोमा सोको अभिलेख तयार गरेको छैन। कृषि यन्त्र/उपकरणको अवस्था र प्रयोगको सम्बन्धमा जानकारी हुने व्यवस्था मिलाउनुपर्दछ।

४०. **शीत भण्डार** - आयोजनाले प्राथमिकता दिएको क्षेत्रमध्ये शीत भण्डार निर्माणको लागि २०७४।७५ र २०७५।७६ मा २ वर्षभित्र कार्य सम्पन्न गर्नेगरी विभिन्न ११ संस्थासँग रू.२ अर्ब ३४ करोड ७८ लाखको सम्झौता भई रू.१ अर्ब १४ करोड २४ लाखको अनुदान सम्झौताअनुसार रू.१६ करोड ७८ लाखको पेस्की प्रदान गरेकोमा समयमै कार्य सम्पादन नगरेका कारण ६ संस्थाले पेस्की फिर्ता गरेको, ४ संस्थाले काम नगर्न निर्देशन दिएकोमा पेस्की फिर्ता नगरी कार्य गरेको र ती मध्ये २ संस्थाले मुद्दा दायर गरेको व्यहोरा आयोजनाले उल्लेख गरेको छ। सम्भाव्यता, नीतिगत तथा कानूनी आधार, सञ्चालन मोडालिटी एवं दिगोपनालगायतका विषयमा पर्याप्त अध्ययन एवं विश्लेषण नगरी परियोजनाको शुरुमै शीत भण्डार निर्माणको लागि पेस्की प्रदान गरेकोमा निर्माण कार्य पूरा हुन सकेको देखिएन। आयोजनाले अनुदान उपलब्ध गराए तापनि समयमै निर्माण कार्य सम्पन्न नभएका कारण न्यूनतम सेवा शुल्कमा शीत भण्डार उपयोग गर्न पाउने अवसरबाट कृषकहरू वञ्चित भएको अवस्था छ।

४१. **माछापोखरी निर्माण अनुदान** - परियोजना एकाइ कार्यालय, सिरहाले नयाँ माछा पोखरी निर्माणको लागि ९ कृषि फर्मलाई रू.५६ लाख ७९ हजार अनुदान खर्च लेखेको छ। पोखरी खन्दा प्राप्त हुने माटो सडक निर्माणलगायतका कार्यमा आवश्यक पर्ने हुनाले निर्माण व्यवसायीहरूले निःशुल्क पोखरी खन्ने र माटो बापतको रकम समेत कृषकलाई उपलब्ध गराउने अवस्था रहेको व्यहोरा छलफलको क्रममा जानकारी हुन आएको छ। अतः पोखरी खन्न अनुदान दिने कार्यविधिमा पुनरावलोकन गर्नुका साथै अनुदानबाट प्राप्त उपलब्धिको समेत विश्लेषण गर्नुपर्दछ।

४२. **अनुदानमा कन्टिन्जेन्सी** - परियोजना कार्यान्वयन म्यानुअलमा पूर्वाधार निर्माणको लागि अनुदान प्रदान गर्दा कन्टिन्जेन्सी कट्टा गर्ने व्यवस्था नभएकोमा परियोजना एकाइ, बाराले रू.१ करोड २० लाख १२ हजार अनुदान प्रदान गर्दा रू.६ लाख ५१ हजार र डडेल्धुराले रू.२ करोड ७६ लाख ३६ हजार अनुदान प्रदान गर्दा रू.११ लाख ४९ हजार कन्टिन्जेन्सी कट्टा गरी खर्च गरेका छन्। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

४३. **चक्लाबन्दी अनुदान** - परियोजना कार्यान्वयन म्यानुअलअनुसार न्यूनतम क्षेत्रफलमा रहेका खण्डीकरण जग्गालाइ एकीकरण गरी वा एकल बालीको खेती गरेर चक्लाबन्दी कार्यको लागि कृषि पूर्वाधार निर्माण र कृषि औजारको लागि अनुदान दिने व्यवस्था छ। प्राप्त विवरणअनुसार यो वर्षसम्म ३ हजार ९३६ हेक्टर जमिनमा चक्लाबन्दी कार्यक्रम लागू भई रू. १ अर्ब ५७ करोड अनुदान उपलब्ध गराएको छ। यसरी अनुदान प्राप्त गर्ने कृषक समूहले खेती गर्नुपर्ने समयसीमाबारे उल्लेख गरेको छैन। अनुदान प्राप्त गर्ने कृषक समूहले निश्चित अवधिसम्म तोकिएको बाली लगाउनुपर्ने व्यवस्था गर्नुपर्दछ।

यसै गरी परियोजना एकाइ कार्यालय, सिरहाले एक बीउ बिजन प्रशोधन उद्योगलाई चक्लाबन्दी कार्यक्रममा स्वीकृत बजेटबाट पिकअप गाडी खरिद गर्न रू. १० लाख अनुदान प्रदान गरेकोमा परियोजना कार्यान्वयन म्यानुअल अनुकूल नदेखिएकोले यसप्रकारको अनुदान उपलब्ध गराउने कार्य बन्द गर्नुपर्दछ।

कृषि क्षेत्र विकास कार्यक्रम

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहायताबाट २०७५।७६ देखि कार्यक्रम सञ्चालन हुँदै आएको छ।

४४. **आयोजना कार्यान्वयन -** कार्यक्रमका मुख्य ३ सूचकमा १५ देखि ४९ वर्षका २४ हजारभन्दा बढी महिलालाई १० खाद्य समूहमा समाहित गर्ने, ३५ हजार घरधुरीको गरिबी न्यूनीकरण गर्ने र २६ हजार घरधुरीको आय दोब्बर गर्ने रहेको देखिन्छ। आयोजनाको ६ वर्ष अवधिमध्ये ४ वर्ष व्यतीत हुँदा कुल लागत रू.६ अर्ब ९४ करोड ५२ लाखमध्ये रू. ९६ करोड १२ लाख खर्च गरी भौतिक प्रगति २८.१२ प्रतिशत र वित्तीय प्रगति १३.८४ प्रतिशत रहेको छ। आयोजनाको दुई तिहाइ अवधि समाप्त भइसक्दा न्यून मात्र बजेट खर्च भएकोले तोकिएको समयमा लक्ष्य पूरा हुने देखिँदैन।

आयोजना कार्यसञ्चालनको क्षेत्रगत प्रगति विश्लेषण गर्दा समावेशी दिगो कृषि मूल्य श्रृङ्खलामा ४२.८५ प्रतिशत, सहभागितामूलक एवं बहुउपयोग सेवा विकास तथा विस्तारमा २० प्रतिशत, पोषण साक्षरतामा १२.८५ प्रतिशत, मूल्य श्रृङ्खला विकासका लागि सहलगानीमा १९.०७ प्रतिशत, समुदायमा आधारित पूर्वाधारमा ९.८० प्रतिशत, ग्रामीण वित्तीय सेवामा १२.८५ प्रतिशत र महिला सशक्तीकरणमा ४४.८० प्रतिशत मात्र प्रगति हासिल भएको एवं बजारमुखी सार्वजनिक एवं सामुदायिक पूर्वाधारमा कुनै प्रगति नभएकोले आयोजना सञ्चालनबाट सरोकारवालाले अपेक्षित प्रतिफल प्राप्त गर्न सकेको देखिएन। त्यस्तै रिभ्यू मिसनले ३ अक्टोबर २०२२ मा दिएको एड् मेमोर प्रतिवेदनमा समयमै आयोजना निर्देशक र अन्य कर्मचारीको नियुक्ति हुन नसकेको, आयोजना निर्देशक तथा कर्मचारीको छिटोछिटो फेरबदल भएको, हेल्भिटासको प्राविधिक अनुदान समयमै शुरु नभएको एवं आयोजना सम्पन्न नहुँदै फिर्ता गएको, आयोजना कार्यान्वयन ढाँचा परिवर्तन भएको एवं कोभिड-१९ को प्रकोपलगायतका कारण आयोजनाको प्रगति ज्यादै न्यून रहेको व्यहोरा समेत उल्लेख गरेको छ। सोही आधारमा आइफाडले यस आयोजनामा उपयोग हुन नसक्ने देखिएको अमेरिकी डलर १५.४ मिलियन रद्द गर्न अर्थ मन्त्रालयमा सुझाव पेस गरेको छ। आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

४५. **आयोजनाको पहुँच -** कर्णाली प्रदेशका १० जिल्लाका ५८ स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमबाट ३५ हजार घरपरिवारका १ लाख ३१ हजार जनसंख्या आयोजनाको ६ मूल्य श्रृङ्खलामा आबद्ध भई लाभान्वित हुने लक्ष्य रहेकोमा चौथो वर्षसम्म ८ जिल्लाका ४७ पालिकामा कार्यक्रम सञ्चालन भई १७ हजार २०२ घरपरिवारका ६८ हजार ९६९ जनसंख्या लाभान्वित भएको देखिन्छ। लक्ष्यबमोजिम २ जिल्ला र ११ पालिकामा कार्यक्रम शुरु भएको छैन। आयोजना शुरु भएको दुई तिहाइ समय व्यतीत हुँदा लक्ष्यको आधाभन्दा कम घरपरिवारमा आयोजनाको पहुँच पुगेकोले बाँकी अवधिमा लक्ष्य पूरा हुन कठिन हुने देखिएकोले कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ।

४६. **प्राविधिक सहायता -** आयोजनाको सब कम्पोनेन्ट-४ को कृषि सेवाको नवप्रर्वतन र मूल्य श्रृङ्खला विकासलाई दिगो रूपमा सहयोग गर्ने कार्यअन्तर्गतका क्रियाकलाप कार्यान्वयनको लागि स्वीस विकास तथा सहयोग एजेन्सीबाट अमेरिकी डलर ३० लाखको प्राविधिक सहायता उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय र एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबीच ११ डिसेम्बर २०१८ मा सम्झौता भएको देखियो। सम्झौताको बुँदा नं.६ मा पहिलो चरणका लागि अमेरिकी डलर १० लाख सहयोग गर्ने र अमेरिकी डलर २० लाख स्वीस विकास तथा सहयोग नियोगबाट स्वीकृति प्राप्त गरेपछि उपलब्ध गराउने उल्लेख छ। सो संस्थाले प्रथम चरणमा रू.५ करोड २४ लाख ४५ हजारको परामर्श सेवा उपलब्ध गराएको छ। उक्त संस्थाले गर्नुपर्ने क्रियाकलाप पूरा नहुँदै दोस्रो सहायताको रकम रोक्का भएको जनाई संस्थाले बीचैमा कार्य छोडेकोले बाँकी कार्य अलपत्र परेको छ। यस सम्बन्धमा सम्बद्ध निकाय, मन्त्रालय एवं आयोजनाबीच समन्वय गरी आयोजनाका बाँकी कार्य सम्पन्न गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् रहेको छ।

४७. **अनुगमन -** आयोजनाले कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ। आयोजनाले यस वर्षसम्म ६०७ समूहसँग रू.१ अर्ब ६ करोड १७ लाख २७ हजारको सम्झौता गरी ३५२ समूहलाई रू.४० करोड ९ लाख ६६ हजार सह लगानी गरेकोमा सम्झौतामा उल्लेख भएबमोजिममा विषयको अनुगमन गरी देखिएको स्थितिबारे समग्र प्रतिवेदन तयार गर्नुपर्दछ।

४८. **नगदमा सह-लगानी -** आयोजना र कृषक समूह सहकारीसँग भएको सम्झौताअनुसार समूहको दायित्व अन्तर्गत समूहले पाँच हजारभन्दा बढी रकम चेकमार्फत् भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस वर्ष विभिन्न समूहले रू.११ करोड ३ लाख ७५ हजार सहलगानी गरेकोमा उक्त रकम नगदमा भुक्तानी गरेकोले सहलगानीको रकम वास्तविक रूपमा प्राप्त भएको सम्वन्धमा सुनिश्चित हुन सक्ने आधार देखिएन। तसर्थ यस्तो रकम सम्झौताबमोजिम चेकमार्फत् भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

भूकम्प प्रभावित गोरखा, धादिङ, सिन्धुपाल्चोक र दोलखा र बाढी प्रभावित धनुषा, महोत्तरी, सिरहा र सप्तरी समेत ८ जिल्लाको १६ पालिकामा खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (जी.ए.एफ.एस.पी) को आई.डि.ए.मार्फत् प्राप्त आर्थिक सहयोगमा २०७५।७६ देखि आयोजना सञ्चालन हुँदै आएको छ। आयोजना व्यवस्थापन कार्यालय काठमाडौँमा रहेको यस आयोजना कार्यान्वयनको लागि गोरखा, सिन्धुपाल्चोक, धनुषा र सप्तरीमा आयोजना क्लस्टर एकाइ रहेका छन्।

४९. **वित्तीय तथा भौतिक प्रगति -** आयोजनाको अवधि ५ वर्ष रहेको र विश्व बैङ्कको अनुदान सहयोगबाट रू.२ अर्ब ८९ करोड ४५ लाख र नेपाल सरकारको रू.७६ करोड ५० लाखसमेत आयोजनमा रू.३ अर्ब ६५ करोड ९५ लाख खर्च हुने उल्लेख भएकोमा आयोजना शुरु भएको चौथो वर्षसम्म रू.१ अर्ब ७७ करोड ६४ लाख अर्थात् ४८.५४ प्रतिशत मात्र खर्चभएको छ। आयोजनाको ८० प्रतिशत समय व्यतीत हुँदासम्म न्यून खर्च भएकोले तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

५०. **आयोजना कार्यान्वयन -** आयोजनाले तयार गरेको प्रगति विवरणबमोजिम आयोजना अवधिमा १ हजार ५९० उत्पादक समूह गठन गर्ने लक्ष्य रहेकोमा यस वर्षसम्म १ हजार ४९७ समूह गठन भएको, लक्ष्य अनुसार ८४० पोषण समूह गठन भई ती समूहमार्फत् ५६ हजार ८३५ प्रत्यक्ष लागभग्राहीमा आयोजनाको पहुँच पुगेको, ३१ हजार ८०० लक्षित कृषकमध्ये २२ हजार २३९ ले जलवायु मैत्री कृषि प्रविधि अनुशरण गरेको, पोषण समूहमार्फत् २० हजार ६३० सहभागीलाई पोषणसम्बन्धी विविधतामा सुधारका लागि पोषण बगैंचा स्थापनार्थ तालिम सहयोग प्रदान गरेको, ४४८ उत्पादक समूहमध्ये ४१२ समूहको व्यावसायिक प्रस्तावअनुसार आयोजनाले लगानी गरेको, ३५८ लाभग्राही समूहलाई साना अनुदान प्रदान गरेको, अन्नबाली उत्पादकत्व १०.८ प्रतिशतले वृद्धि भएको र तरकारीबालीमा १८.२४ प्रतिशत उत्पादकत्व वृद्धि भएको र मासु एवं दूधको उत्पादकत्वमा उल्लेख्य प्रगति हासिल भई नसकेको अवस्था छ। लक्षित प्रगति हासिल हुने गरी आयोजनाको कार्यान्वयन गर्नुपर्दछ।

५१. **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा लाभग्राही समूहले कार्य सम्पन्न गरे पश्चात् सार्वजनिक निकायले कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ। आयोजना क्लस्टर एकाइ, धनुषाले साना सिँचाइ कार्यक्रमअन्तर्गत विभिन्न २७ कृषक समूहलाई स्यालो ट्युबवेल जडान गरी कृषकहरूले पेस गरेको बिलको आधारमा रू.३८ लाख ८८ हजार भुक्तानी दिएकोमा ट्यूबवेल जडानको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन। नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

५२. **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सदुपयोग भए नभएको यकिन गर्न नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। आयोजना क्लस्टर एकाइ, धनुषाले यस वर्ष साना सिँचाइ, कृषि पशु एवं पोषणमा विभिन्न १५२ समूहलाई रू.७ करोड २१ लाख ३७ हजार र आयोजना क्लस्टर एकाइ, गोरखाले विभिन्न ३४ समूहलाई बोयर बोका खरिदमा रू.३९ लाख २३ हजार र ६९ समूहलाई कुखुराको चल्ला खरिदमा रू.३१ लाख ९१ हजार अनुदान उपलब्ध गराएकोमा अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन।

ग्रामीण उद्यमशीलता तथा आर्थिक विकास आयोजना

मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, भालुवाङ-रोल्पा राजमार्ग, महाकाली राजमार्ग समेत ५ मुख्य आर्थिक कोरिडोर आसपासका ३५ जिल्लाअन्तर्गतका १७१ स्थानीय तहमा ग्रामीण उद्यमशीलता विकास गर्ने उद्देश्यले विश्व बैङ्कको ऋण सहयोगमा २०७७।७८ देखि आयोजना सञ्चालन हुँदै आएको छ। आयोजना व्यवस्थापन निर्देशनालय काठमाडौँमा रहेको यो आयोजना कार्यान्वयनको लागि डडेलधुरा, बुटवल, बर्दिवास र धनकुटामा आर्थिक करिडोर कार्यालय रहेका छन्।

५३. **वित्तीय तथा भौतिक प्रगति -** आयोजनाको अवधि ५ वर्ष रहेको र विश्व बैङ्कको ऋण सहयोगबाट रू.९ अर्ब ४९ करोड र लाभग्राहीको योगदान रू.४ अर्ब ७४ करोड समेत आयोजनामा रू.१४ अर्ब २३ करोड खर्च हुने उल्लेख भएकोमा आयोजना शुरु भएको दोस्रो वर्षसम्म विश्व बैङ्कको ऋण सहयोगतर्फ रू.२३ करोड ५८ लाख अर्थात् २.४८ प्रतिशत मात्र खर्च भएको छ। उत्पादन साझेदारसँग सम्झौताभई कार्य शुरु हुन बाँकी भएकोले लाभग्राहीको योगदान प्राप्त हुन सकेको छैन। आयोजनाको यस वर्षसम्म भौतिक प्रगति ३.५५ प्रतिशत र वित्तीय प्रगति १.६५ प्रतिशत रहेको छ। दुई वर्षसम्मको वित्तीय तथा

भौतिक प्रगति अपेक्षित रूपमा कम रहेकोले तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

५४. **आयोजना कार्यान्वयन -** आयोजना अवधिमा ९४० उत्पादन साझेदार छनौट गरी स्वीकृत प्रस्तावबमोजिम अनुदान प्रदान गर्ने, १०० साना तथा मझौला उद्यमलाई व्यवसाय सञ्चालनको बारेमा प्रशिक्षित गर्ने, ५ हजार ७०० जना कोभिड-१९ प्रभावितलाई नगदमा आधारित श्रमको आधारमा रोजगार प्रदान गर्ने लक्ष्य रहेकोमा आयोजना शुरु भएको दुई वर्षभित्र ती कार्य शुरु भएको छैन। प्राविधिक सहायता फर्म छनौट नभएको, उत्पादक संस्था एवं साझेदारहरूलाई स्टार्टअप ग्रान्ट उपलब्ध गराउने कार्यक्रम रहेकोमा सो सम्बन्धी कार्यविधि स्वीकृत नभएको, प्रादेशिक बजार निर्माण ४ र पालिकास्तरमा ९० कृषि तथा पशु सेवा केन्द्र निर्माणको कार्यक्रम रहेकोमा कृषि पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि निर्माणमा ढिलाइ, पालिकाबाट उपलब्ध गराउनुपर्ने जग्गा प्राप्तिमा केही स्थानमा विवाद, पालिकास्तर मूल्य श्रृङ्खला निर्माण सञ्चालन हुन नसकेको लगायतका कारण आयोजनाले अपेक्षित गति लिन सकेको छैन। आयोजना कार्यान्वयनमा देखिएका कमी कमजोरीमा सुधार गरी समयमै तोकिएको लक्ष्य प्राप्त गर्नुपर्दछ।

५५. **बजार आवद्धता -** नेपाल सरकार र विश्व बैङ्कबीच भएको वित्तीय सम्झौता अनुसार ग्रामीण उत्पादक साझेदार मार्फत् कृषकहरूको बजार आवद्धता सुनिश्चित गर्ने कार्यको लागि अमेरिकी डलर २२ मिलियन लागत उल्लेख भएकोमा यो वर्षसम्म सो सम्बन्धी कार्यक्रम शुरु भएको देखिएन। परियोजना सम्झौताबमोजिम समयमै ग्रामीण उत्पादक साझेदार छनौट गरी कृषकहरूको बजार आवद्धता सुनिश्चित गर्ने कार्य सम्पन्न गर्नुपर्दछ।

नेपाल लाइभस्टक सेक्टर इन्नोभेशन आयोजना

विश्व बैङ्कको ऋण सहयोगसहित अमेरिकी डलर ११५ मिलियन लागतमा पशु सेवालाई सुदृढ गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकास, जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने उद्देश्यले २०७४।७५ देखि आयोजना कार्यान्वयनमा रहेको छ। आयोजना मातहत ४ एकाइ रहेको र २८ जिल्लाका २८९ स्थानीय तहमा कार्यक्षेत्र तोकेको छ

५६. **वित्तीय तथा भौतिक प्रगति -** आयोजनाको अवधि ५ वर्षमा विश्व बैङ्कको अनुदान सहयोगबाट रू. ५ अर्ब ५५ करोड १ लाख र नेपाल सरकारको रू.३ अर्ब २३ करोड ७१ लाख समेत आयोजनमा रू.८ अर्ब ७८ करोड ७२ लाख खर्च हुने उल्लेख भएकोमा आयोजना शुरु भएको पाँचौ वर्षसम्म रू.२ अर्ब ८३ करोड ८० लाख अर्थात् ३२.३० प्रतिशत मात्र खर्चभएको छ। आयोजनाले ५ वर्ष व्यतीत हुँदा सम्म न्यून खर्च गरेकोले तोकिएको उद्देश्य गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

५७. **आयोजना कार्यान्वयन -** आयोजना अवधिमा गाई र भैसीको दूधको उत्पादकत्व ४० प्रतिशतले वृद्धि हुने, खसीबोकाको मासुको उत्पादकत्व २० प्रतिशतले वृद्धि हुने, दूध र मासुको बिक्रीमा ३० प्रतिशतले वृद्धि हुने, ४५ प्रतिशत महिला सहभागितासहित ७५ हजार कृषकले पशुपालनमा वातावरणमैत्री प्रविधिको अभ्यास गरेको हुने, ४५ प्रतिशत महिला सहभागितासहित २ लाख कृषक परिवारमा आयोजनाको सेवा वा सामग्रीको पहुँच पुग्ने र कम्तीमा ५०० व्यावसायिक योजनामार्फत् पूरक अनुदान उपलब्ध गराउने लक्ष्य रहेको छ। विश्व बैङ्कको सुपरभिजन मिसनको १५ सेप्टेम्बर २०२२ को प्रतिवेदनअनुसार भैंसीको दूध उत्पादनमा २७.३३ प्रतिशतले वृद्धि भएको, दूधको बिक्रीमा २२.३१ प्रतिशत, ३५ हजार कृषकले

पशुपालनमा वातावरणमैत्री प्रविधिको अभ्यास गरेको, १ लाख ७४ हजार कृषक परिवारमा आयोजनाको सेवा वा सामग्रीको पहुँच पुगेको उल्लेख छ। आयोजना अवधिमा तोकिएको लक्ष्य प्राप्त हुने गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५८. **अनुदान वितरण -** आयोजनाबाट स्वीकृत प्रस्ताव कार्यन्वयनका लागि २० प्रतिशत लगानी सम्बन्धित लाभग्राहीबाट, ३० प्रतिशत बैङ्क तथा वित्तीय संस्थाको ऋण प्रवाह मार्फत् र बाँकी ५० प्रतिशत (अधिकतम रू.१ करोडसम्म) आयोजनाको तर्फबाट अनुदान दिने व्यवस्था रहेको छ। यस वर्षसम्म आयोजना व्यवस्थापन कार्यालय मातहतका ४ ईकाईबाट निम्नानुसार ३ चरणमा उप-आयोजना सम्झौता भई अनुदान रकम भुक्तानी भएको देखिन्छः

विवरण	विराटनगर	हेटौडा	पोखरा	बुटवल	जम्मा
पहिलो चरणमा कृषक समूह र सहकारीका लागि	४३	७०	५८	४७	२१८
दोस्रो चरणमा संघ महासंघका लागि	०	१	२	०	३
जम्मा कार्यान्वयनमा रहेका उप-आयोजना	४३	७१	६०	४७	२२१
तेस्रो चरणमा निजी फर्मका लागि	९६	८२	८५	११७	३८०
पहिलो र दोस्रो चरणको उप-आयोजना सम्झौता रकम (रू. लाखमा)	५७०२	१०५९५	८७९२	७४६५	३२५५४
पहिलो किस्ता भुक्तानी लिने उप-आयोजना	३३	४६	२३	३४	१३६
दोस्रो किस्ता भुक्तानी लिने उप-आयोजना	५	०	०	०	५
अन्तिम किस्ता भुक्तानी लिने उप-आयोजना	२	०	०	०	२

५८.१ कृषक समूह र सहकारीको लागि प्रथम र समूह सहकारीका संघ तथा महासंघहरूका लागि दोस्रो चरणमा प्रस्ताव आह्वान भई २४९ उप-आयोजना स्वीकृत भएकोमा २८ उप-आयोजना कार्यान्वयन प्रक्रियाबाट बाहिरिएकोले २१८ कृषक समूह तथा सहकारी एवं ३ संघ महासंघ समेत २२१ उप-आयोजनाको लागि २०७८।७।१४ मा रू.३ अर्ब २५ करोड ५४ लाखको सम्झौता भएको देखियो। सम्झौता भएको उप-अयोजनामध्ये १३६ ले प्रथम, ५ ले दोस्रो र २ ले मात्र अन्तिम किस्ताबापतको अनुदान प्राप्त गरी यस वर्ष रू.४२ करोड ३६ लाख भुक्तानी भएको छ। यसबाट उप-आयोजनाहरूले सम्झौता अनुसार समयमै कार्य पूरा गरी भुक्तानी लिन सक्ने नदेखिएकोले आयोजना कार्यान्वयन पक्षमा सुधार गर्नुपर्दछ।

५८.२ तेस्रो चरणको प्रस्ताव आह्वानबाट ३८० उप-आयोजना छनौट भई रू.२ अर्ब ५८ करोड ४२ लाखको सम्झौता भएकोमा प्रस्ताव छनौटमा फरक फरक कार्यविधि अपनाएको, लक्षित समूहभित्र नपरेको लगायतका विषयमा मुद्दा दायर भई सर्वोच्च अदालतबाट आयोजना सम्झौतामा निर्धारित लक्षित समूह बाहेकका अन्य फर्म, समूह र कम्पनीका हकमा अन्तिम किनारा नलागेसम्म भुक्तानी दिने कार्य रोक्का राख्न २०७९।१।२२ मा अन्तरिम आदेश जारी भएको देखियो। सम्झौता पश्चात लेखापरीक्षणको अवधिसम्म तेस्रो चरणको पूरक अनुदान कार्यक्रमको कार्य सञ्चालन हुन नसकेकोले उक्त उप-आयोजनाहरू आयोजना अवधिभित्र सम्पन्न हुन सक्ने देखिएन। समयमै आयोजनाले उक्त उप-आयोजनाका लागि दातृ निकायबाट प्राप्त गर्नुपर्ने अमेरिकी डलर ११ मिलियन बराबरको रकम प्राप्त गर्न नसकी

नेपाल सरकारलाई थप दायित्व सिर्जना हुने एवं विद्यमान अनिश्चितताका कारण लाभग्राहीले बैङ्क तथा वित्तीय संस्थाबाट लिएको ३० प्रतिशत ऋण लगानीको थप आर्थिक व्ययभार समेत अनुदानग्राहीलाई पर्न जाने देखिन्छ। आयोजना अवधिमा निर्धारित लक्ष्य हासिल गर्न आयोजनाले थप ध्यान दिनुपर्दछ।

५८.३ आयोजना एकाइ हेटौडाले २०७८।६।१४ गते एक कृषक समूहलाई मासु मूल्य श्रृङ्खलामा रू.७५ लाख ९५ हजार र एक कृषि सहकारी संस्था लिमिटेडसँग दुग्ध मूल्य श्रृङ्खलामा रू.१ करोड अनुदान प्रदान गर्नेगरी सम्झौता गरेकोमा ती निकायहरूले सम्झौताबमोजिम कार्य गरी अनुदान लिएको पाइएन। अनुदान प्राप्तिको लागि छनौट भई अनुदान नलिएको कारण अन्य आकांक्षी अनुदानबाट वञ्चित हुन पुगेको देखिन्छ। ती निकायले सम्झौता पश्चात् अनुदान नलिनाको कारण विश्लेषण गरी भविष्यमा यस्तो अवस्थाको पुनरावृत्ति नहुने प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

५८.४ आयोजना एकाइहरूले आ-आफ्नो कार्यक्षेत्रभित्रका मूल्य श्रृङ्खलाको विस्तृत अभिलेख अद्यावधिक गरी राखेको देखिएन। लाइभस्टक इन्नोभेशन आयोजना विकेन्द्रित आयोजना सहयोग एकाइ पोखराले यस वर्ष ७४ समूहसँग अनुदान सम्झौता गरेकोमा ५६ ले मात्र कार्य गरिरहेका र तीमध्ये पहिलो माइल स्टोन पूरा गर्ने २३ संस्थाले पहिलो किस्ताबापत रू.५ करोड ११ लाख ६० हजार अनुदान प्राप्त गरेका छन्। सम्झौताबमोजिमको सक्रियता ८० प्रतिशत देखिएतापनि प्रथम किस्ता भुक्तानी पाउने करिब ३१ प्रतिशत मात्र रहेको र बाँकीले सम्झौताबमोजिमको कार्यक्रम कार्यान्वयनमा चासो नदेखाएको स्थितिले आयोजना कार्यान्वयनको प्रभावकारितामा असर पर्ने देखिन्छ। यसको कारण विश्लेषण गरी आवश्यक सुधार गर्नुपर्दछ।

५९. **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सदुपयोग भए नभएको यकिन गर्न नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। आयोजनाले यो वर्षसम्म पहिलो र दोस्रो चरणमा सम्झौता भएका उप-आयोजनालाई पहिलो, दोस्रो र अन्तिम किस्ता बापत रू.४२ करोड ३५ लाख अनुदान प्रदान गरेकोमा उक्त रकमबाट सम्झौताबमोजिम कार्य भए नभएको, अनुदानबाट खरिद वा निर्माण भएका मालवस्तुको उपयोग भए नभएको, अनुदानग्राही समूहको स्थितिमा सुधार भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्ने पक्ष कमजोर देखिएको छ। विश्व बैङ्कको सुपरभिजन मिसनको १५ सेप्टेम्बर २०२२ को प्रतिवेदनमा समेत अनुगमन र मूल्याङ्कनको विषय मध्यमरूपले असन्तोषजनक देखिएको व्यहोरा उल्लेख छ। यसमा सुधार गर्नुपर्दछ।

६०. **चिलिङ भ्याट** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा आपूर्ति गरिएका सामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तरबमोजिमका भए नभएको सम्बन्धमा विज्ञबाट परीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष आयोजनाले ५०० लिटर क्षमताको १५ र १ हजार लिटर क्षमताको ४५ समेत ६० चिलिङ्ग भ्याट बोलपत्रको माध्यमबाट खरिद गरी रू.२ करोड ३१ लाख ७२ हजार भुक्तानी गरेकोमा सामानको गुणस्तर परीक्षण गराएको देखिएन। जसबाट तोकिएको स्पेसिफिकेसन अनुसारको उपकरण प्राप्त भएको सुनिश्चित हुन सकेन। कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।

६१. **खोप खरिद** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार बोलपत्र आव्हान प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ। यो वर्ष आयोजनाले पशुपन्छीमा देखिने खोरेत रोगको उपचारको लागि ६० लाख डोज एफ. एम. डी. भ्याक्सीन खरिद गर्न मुल्य अभिवृद्धि कर बाहेक रू.९ करोड ३१ लाख ८० हजार लागत अनुमान

स्वीकृत गरी २०७८।८।१३ मा बोलपत्र आव्हान गरेकोमा २ बोलपत्र दर्ता भएको र दुवै बोलपत्र लागत अनुमानभन्दा बढी भएकोले उक्त ठेक्का रद्द गरेको छ। पुनः २०७८।१२।२ मा बोलपत्र आह्वान गरेकोमा २ बोलपत्र दर्ता भई उक्त बोलपत्रको ग्राह्यता परीक्षण गर्दा तोकिएको स्पेसिफिकेसनअनुसारको पुष्ट्याइँ गर्ने कागजात २०७९।३।२९ मा मात्र प्राप्त भएको र चालु आर्थिक वर्षमा बोलपत्र मूल्याङ्कन सम्पन्न गरी भ्याक्सिन आपूर्ति गर्न सम्भव नभएको कारण जनाई आयोजनाबाट ठेक्का रद्द भएको छ। आयोजनाले समयमै खरिद प्रक्रिया शुरु नगरेको कारण यस वर्ष भ्याक्सिन खरिद हुन नसकेकोले गाई, भैसी तथा बाख्रामा लाग्ने खोरेत रोगको उपचारमा कमी भई आयोजनाको दूध तथा मासुको उत्पादकत्व वृद्धि गर्ने लक्ष्यमा असर पर्ने देखिन्छ।

खोप लगाएका पशुहरूको रेकर्ड व्यवस्थित गर्न आयोजनाले यो वर्ष ६ लाख ४१ हजार खोपकार्ड छपाइ गरी रू.२१ लाख ७४ हजार भुक्तानी गरेको छ। आयोजनाले उक्त खोपकार्ड पशु सेवा विभागलाई हस्तान्तरण गरेको जनाए तापनि आयोजनाकै भण्डार शाखामा मौज्दत रहेको देखियो। यो वर्ष भ्याक्सिन खरिद हुन नसकेको कारण छपाइ भएको कार्ड प्रयोगमा आएको छैन। खरिद गरेको खोप कार्ड उपयोग गर्नुपर्दछ।

६२. **सामान दाखिला र जडान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०५(२) मा सार्वजनिक निकायले जिन्सी मालसामान हस्तान्तरण गर्ने व्यवस्था छ। यो वर्ष आयोजनाले कोल्ड रुम, सिड प्रोसेसिङ युनिट, जेनेरेटर, स्टेपलाईजर र ट्रान्सफर्मर खरिद गरी जडान गर्ने कार्यको लागि बोलपत्रबाट छनौट भएको आपूर्तकलाई २०७९।३।३१ मा रू.१ करोड ८२ लाख ४२ हजार भुक्तानी गरेको छ। आर्थिक वर्षको अन्तमा खरिद भएका सामान विभिन्न १८ सार्वजनिक निकायलाई हस्तान्तरण गरेकोमा ५ निकायमा थ्री फ्रेज लाईन तथा जडान गर्ने स्थान निश्चित नभएको कारण जडान कार्य हुन नसकेको प्राविधिक प्रतिवेदन प्राप्त भएको छ। जडान कार्य सुनिश्चितताको लागि थप ५ प्रतिशत धरौटी कट्टा गर्ने लिखित सहमति भए तापनि थप धरौटी कट्टा गरेको समेत देखिएन। साथै १८ निकायमा हस्तान्तरण गरेको मध्ये १३ निकायमा हस्तान्तरण भएका रू.१ करोड ४२ लाख ६ हजार मूल्यका सामान सम्बन्धित निकायले जिन्सी दाखिला गरेको देखिएन। आयोजनाले हस्तान्तरण गरेका मालसामानको जिन्सी किताबमा लगत कट्टा गरी खर्च जनाइसकेकोले हस्तान्तरण भएका सबै सामान सम्बन्धित निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमार्फत् जिन्सी दाखिला गरी जडान भएको सुनिश्चित गर्नुपर्दछ।

६३. **दूध सङ्कलन केन्द्र -** आयोजना एकाइ कार्यालय, हेटौडाले नुवाकोटको विदुरमा दूध सङ्कलन केन्द्र निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७९।२।१७ मा कार्य सम्पन्न गर्ने गरी रू.३६ लाख ९० हजारमा सम्झौता गरेकोमा यो वर्ष तेस्रो पटक २०७९ असार मसान्तसम्म म्याद थप हुँदाको अवस्थामा पहिलो रनिङ बिल रू.२६ लाख ५४ हजार भुक्तानी भई अधुरो अवस्थामा रहेको छ।

आयोजना एकाइ कार्यालय, पोखराले रुपा गाउँपालिकामा दूध सङ्कलन केन्द्र निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.४२ लाख ६८ हजारमा सम्झौता गरी रू.४० लाख २२ हजार भुक्तानी भई सार्वजनिक निजी साझेदारी मोडलमा निर्माण गरेको उक्त भवनको सम्पूर्ण खर्च आयोजनाबाट भुक्तानी भएको छ।सो भवनको स्थलगत निरीक्षण गर्दा भवनमा बिजुली जडान नभएको, मूल सडकबाट

भवनसम्मको पहुँच मार्ग स्पष्ट नरहेको, भवन परिसरभित्रको लेभलिङ र भवन छिर्ने सिढी राम्रो नरहेको एवं भवन परिसरमा घेराबार नभएकोले सञ्चालनमा आउन सकेको छैन।

संगठित संस्था तथा समिति

नेपाल कृषि अनुसन्धान परिषद्

कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धानमार्फत् कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि प्रयोग गरी सर्वसाधारण जनताको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत परिषद्को स्थापना भएको हो। परिषद्ले मातहतका ६२ केन्द्रबाट कृषि अनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।

६४. **उन्मोचन -** राष्ट्रिय बीउ बिजन नीति, २०५६ अनुसार कृषि अनुसन्धानबाट विकसित बीउका नयाँ जातहरू उन्मोचन गर्नुपर्ने, बीउ बिजन ऐन, २०४५ अनुसार उन्मोचित बीउका जातहरू मात्र प्रयोग गर्न पाउने र क्रमिक रूपमा पुरानो र काम नलाग्ने जात सूचीबाट हटाउनुपर्ने व्यवस्था छ। यो वर्षसम्म विभिन्न ८३ बालीका ७०९ जात उन्मोचन एवं पञ्जीकरण गरेको र २८ बालीका १६७ जात सूचीबाट हटाएको छ। परिषद्ले हरेक वर्ष स्रोत बीउ उत्पादन गरी थप बीउ उत्पादन गर्न बीउ उत्पादक कृषक तथा संस्थाहरूलाई बिक्री गरेको छ। बिक्री गरेको बीउबाट उत्पादित थप बीउ, त्यसको प्रयोग तथा उत्पादकत्व वृद्धि सम्बन्धमा अनुगमन गरी उन्मोचित बीउको उत्पादन र उपयोग अभिवृद्धिमार्फत् बालीको उत्पादकत्व बढाउन थप पहल गर्नुपर्दछ।

६५. **स्रोत बीउ तथा वस्तु उत्पादन -** परिषद्ले हरेक वर्ष स्रोत बीउ एवं बेर्ना उत्पादन गरी अनुसन्धानमा उपयोग गर्नुका साथै थप बीउ/बेर्ना उत्पादन गर्न बीउ उत्पादक कृषक तथा संस्थाहरूलाई स्रोत बीउ/बेर्ना बिक्री गर्ने गरेको छ। नेपाल कृषि अनुसन्धान परिषद् बाट प्राप्त विवरण अनुसार यस वर्ष स्रोत बीउतर्फ मकै ७८ मेट्रिकटन, दलहन १६.०२ मेट्रिकटन, तेलहन ११.९४ मेट्रिकटन, जूट २.८४ मेट्रिकटन, अदुवा ४.२ मेट्रिकटन, ढैचा ६ मेट्रिकटन उत्पादन गर्ने लक्ष्य रहेकोमा मकै ६३.६७ मेट्रिकटन, दलहन ५.४१ मेट्रिकटन, तेलहन ८.३७ मेट्रिकटन, जूट २.३६ मेट्रिकटन, अदुवा २.४७ मेट्रिकटन र ढैचा २.५९ मेट्रिकटनमात्र उत्पादन भएको देखियो। त्यसैगरी स्रोत बेर्नातर्फ फलफूलका बिरुवा ८९ हजार, अलैंचीको बिरुवा ७५ हजार उत्पादन गर्ने लक्ष्य रहेकोमा क्रमशः ७६ हजार र ७४ हजार बिरुवा उत्पादन गरेको छ। पशुपन्छी नश्ल सुधारतर्फ ५०० बंगुर उत्पादनको लक्ष्य रहेकोमा ३७७ मात्र उत्पादन भएको र २ करोड ४७ लाख माछाभुरा उत्पादन गर्ने लक्ष्य रहेकोमा १ करोड १७ लाख मात्र उत्पादन भएको उल्लेख छ। प्राप्त विवरणअनुसार परिषद्ले वार्षिक उत्पादन लक्ष्यअनुसार प्रगति हासिल गरेको देखिएन। परिषद्ले बिक्री गरेको स्रोत बीउबाट उत्पादित थप बीउ, त्यसको प्रयोग तथा उत्पादकत्व वृद्धि सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने गरेको छैन। उत्पादकत्व वृद्धि र प्रभावकारिताका आधारमा बीउहरूको प्रयोग र विस्तार गर्नुपर्दछ।

६६. **आवधिक योजना तथा रणनीति** - पन्ध्रौं आवधिक योजनामा समसामयिक नीति तथा कानून संशोधनका साथै तत्सम्बन्धी अध्ययन अनुसन्धान गर्न कृषि नीति अनुसन्धान प्रतिष्ठान स्थापना गर्ने र कृषि

शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाइमा मानित विश्वविद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा सोअनुसार कार्य भएको छैन।

कृषि विकास रणनीति २०१५-३५ अनुसार नेपाल कृषि अनुसन्धान परिषद्लाई कृषि प्रणालीको सर्वोच्च निकायको रूपमा पुनर्गठन गर्ने, कृषि अनुसन्धान कोषको स्थापना गर्ने, कृषि विकास रणनीतिसँग तालमेल हुने गरी नार्क भिजन २०११-२०३० को टुङ्गो लगाउने, विकेन्द्रित अनुसन्धान प्रणालीका लागि नयाँ राष्ट्रिय अनुसन्धान संस्थानहरूको स्थापना गर्ने लक्ष्य राखेकोमा हालसम्म परिषद्को पुनर्गठन र कोष स्थापना गर्ने कार्य भएको छैन। आवधिक योजना तथा रणनीतिमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६७. **जनशक्ति व्यवस्थापन -** नेपाल कृषि अनुसन्धान परिषद्को वैज्ञानिक, प्राविधिक र प्रशासनिकसमेत कुल १ हजार ८२३ दरबन्दी रहेकोमा १ हजार ४९ पदपूर्ति भई अनुसन्धानमा प्रत्यक्ष संलग्न हुने वैज्ञानिक २०६ तथा प्राविधिक ४१५ समेत ७७४ पद रिक्त रहेको देखियो। परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०४९ संशोधन हुन नसकी विगत ७ वर्षदेखि पदपूर्ति नभएकोले अनुसन्धान तथा प्रविधि विकासमा असर परेको देखिन्छ। रिक्त दरबन्दी समयमै पदपूर्ति गरी कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

६८. **नन् अपरेटिभ खाता -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोत र मातहत निकायबाट प्राप्त आम्दानीसमेतलाई परिषद्को बजेटमा समावेश गरी सोही अनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ। परिषद्को आयलाई बजेटमा समावेश नगरी मुद्दती खातामा लगानी गरी आम्दानी देखाएको छ। यो वर्षसम्म परिषद्को नन्-अपरेटिभ खातामा रू.२ अर्ब ३३ करोड ७२ लाख मौज्दात रहेको छ। परिषद्को कार्यसञ्चालन, अवकाश प्राप्त कर्मचारीको निवृत्तिभरण, पुँजीगत अनुसन्धान तथा विकास लगायतका खर्च नेपाल सरकारको बजेटबाट हुँदै आएकोले विगतदेखि परिषद्को खातामा प्रयोगविहीन अवस्थामा रहेको मौज्दात रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

६९. **बीउ मौज्दात -** परिषद्अन्तर्गतका निकायले स्रोत बीउ एवं बिरुवाको मागका आधारमा सूचक तोकी उत्पादन गर्दै आएको छ। कृषि अनुसन्धान निर्देशनालय कर्णाली प्रदेश सुर्खेतले यस वर्ष उत्पादन गरेको रू.५५ लख ४४ हजार मूल्यको गहु, तोरी, मकै, मुसुरो, धान आदिको बीउ मौज्दात रहेको देखिन्छ। उत्पादित बीउको बिक्री बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

कालिमाटी फलफूल तथा तरकारी विकास समिति

कृषि उपजको बजार विकास तथा प्रवर्धन गर्दै समग्र कृषि क्षेत्रको स्तर उन्नतिमा टेवा पुऱ्याउने उद्देश्यले २०४३ मा यस समितिको स्थापना भएको हो। यो वर्ष समितिले घरभाडा तथा अन्य आय रू. १४ करोड ३७ लाख ३१ हजार प्राप्त गरेकोमा रू.७ करोड २५ लाख २३ हजार खर्च गरी रू.७ करोड १२ लाख ८ हजार बचत रहेको छ।

७०. **सटर/स्टल भाडा -** कालिमाटी फलफूल तरकारी बजार विकास तथा सञ्चालन नियमावली, २०६० को नियम १८ अनुसार समितिले आफ्नो सटर/स्टल भाडामा लगाउन सक्ने व्यवस्था छ। समितिले गत वर्ष रू.९ करोड २४ लाख ५४ हजार भाडा प्राप्त गरेकोमा यो वर्ष रू.९ करोड ८८ लाख ४ हजार प्राप्त

भएको छ। समितिको कालिमाटी र बालाजुमा रहेका ५६४ सटर/स्टलमध्ये ५२८ भाडामा लागेको र ३६ खाली रहेको छ। खाली सटर/स्टल भाडामा लगाई आय प्राप्त गर्नुपर्दछ।

७१. **जग्गाको उपयोग -** समितिले नेपाल सरकार अर्थ मन्त्रालयलाई रू.११ करोड ११ लाख ९ हजार बुझाई खारेजीमा परेको कृषि चून उद्योगको काठमाडौं चोभार र धादिङको नौबिसेमा क्रमशः २३ रोपनी १ आना र ४ रोपनी ५ आना २ पैसा जग्गा खरिद गरेको छ। चोभारमा खरिद गरिएको जग्गा मध्ये कित्ता नं. १६९ र १७७ को २ रोपनी ६ आना समितिको भोग चलनमा रहे तापनि तत्कालीन नेपाल सरकारको निर्णयमा नपरेको हुँदा समितिको नाममा प्राप्त हुन बाँकी कित्ता नं १९१ र १९९ को १४ आना २ पैसा जग्गामा मोही कायम भएको एवं कित्ता नं. १७८, १८२ र १८३ को १ रोपनी ७ आना क्षेत्रफल स्वामित्व हस्तान्तरण हुन बाँकी देखिन्छ। चोभारमा रहेको जग्गामा कृषि तथा पशुपन्छी मन्त्रालयले रू.३४ करोड १५ लाख ३५ हजार खर्च गरी निर्माण गरेको फलफूल तथा थोक बजार भवन प्रयोगमा आएको छैन। खरिद भएका सम्पूर्ण जग्गा समितिको स्वामित्वमा ल्याउने तथा निर्माण भएका संरचना भवन उद्देश्यअनुसार प्रयोग हुने व्यवस्था मिलाउनु पर्दछ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा रासायानिक मलमा सञ्चालन खर्च अनुदान दिएको, सम्भाव्यता अध्ययन र प्रतिफललाई ध्यानमा राखी योजना छनौट नगरेको, तोकिएको लक्ष्यअनुसार आयोजनामा प्रगति नभएको, बहाल असुल हुन नसकेको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्नेलाई कारबाही नगरेको, खरिद सामानको उपयोग नभएको, केही सम्पन्न उप-आयोजना सञ्चालनमा नरहेका लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरूजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १४९ निकायमा रू.२ अर्ब ७४ करोड ७७ लाख ७५ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२१ करोड ६ लाख ३३ हजार फर्स्यौंट गरेकोले रू.२ अर्ब ५३ करोड ७१ लाख ४२ हजार बाँकी रहेको छ। सोमध्ये रू.५ करोड १६ लाख ७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

  - संगठित संस्था, समिति र अन्य संस्थातर्फ ५ निकायमा रू.१ करोड ६४ लाख २८ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४ लाख ३४ हजार फर्स्यौंट गरेकोले रू.१ करोड ५९ लाख ९४ हजार बाँकी रहेको छ। सोमध्ये रू.७ लाख ६३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

खानेपानी मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, अनुगमन, कार्यान्वयन, नियमन र मूल्याङ्कन गर्ने, राष्ट्रिय स्तरका प्रशोधन सहितका वृहत् ढल प्रशोधन आयोजनाहरूको पहिचान, निर्माण र नियमन गर्ने, मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने र मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान र कम्पनी आदिको सञ्चालन र नियमन गर्ने लगायतका कार्य तोकिएको छ। मन्त्रालय र मातहत ३६ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** –मन्त्रालय र मातहतसमेत ३१ सरकारी कार्यालयको निम्नअनुसार रू.१५ अर्ब ८४ करोड २ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१४११५६	७६२	१५५४६	९३८	१५८४०२

२. **संगठित संस्था र अन्य संस्था** – यो वर्ष ३ अन्य संस्था समितिको रू.६ अर्ब ७७ करोड २१ लाख र १ संगठित संस्थाको आर्थिक वर्ष २०७७।७८ को बक्यौता रू.११ अर्ब ४४ करोड २३ लाखसमेत रू.१८ अर्ब २१ करोड ४४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष २ संगठित संस्थाको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **वार्षिक कार्यक्रम र प्रगति**- राष्ट्रिय योजना आयोगबाट स्वीकृत २३ वार्षिक कार्यक्रममध्ये निम्नानुसारका कार्यक्रम तथा आयोजनामा भएको वित्तीय तथा भौतिक प्रगतिको अवस्था देहायबमोजिम छः

क्र.सं.	कार्यक्रम/आयोजना	खुद बजेट (हजारमा)	खर्च प्रतिशत	भौतिक प्रगती प्रतिशत
१	दिगो सरसफाइ आयोजना	१७८८००	-	-
२	कोभिड १९ रेस्पोन्स आयोजना	११६२००	१५.०५	२०.००
३	काठमाडौं उपत्यका खानेपानी प्रशारण आयोजना	४०२७००	२९.४३	२७.३३
४	राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना	३९७६९	१२.०६	५०.००
५	ढल निर्माण तथा प्रशोधन कार्यक्रम	१५९२९७४	४८.४४	५५.००
६	खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम	२३०४७८४	५४.१९	६१.५०
७	सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना	४५६६१००	५५.२७	६१.००
८	खानेपानी उत्पादन वृद्धि कार्यक्रम	२८०६०००	३१.२७	६८.८७
९	खानेपानी तथा ढल निकास कार्यक्रम	२०००००	२७.३८	६८.८७

उल्लिखित ९ आयोजना/कार्यक्रममध्ये एकको प्रगति शून्य तथा ३ को प्रगति ५० प्रतिशत वा सोभन्दा न्यून रहेको पाइयो। मन्त्रालयले स्वीकृत कार्यक्रम तथा आयोजनाको स्पष्ट र समयबद्ध कार्यान्वयन कार्ययोजना तयार गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

४. **दिगो विकास र आवधिक योजनाको प्रगति** - दिगो विकास लक्ष्य सन् २०३० र पन्ध्रौं योजनाले तोकेका प्रमुख सूचकहरूको लक्ष्य र प्रगतिको अवस्था देहायबमोजिम छः

विवरण	दिगो विकास लक्ष्य सन् २०३०	आवधिक योजनाको लक्ष्य	हाल सम्मको प्रगति
आधारभूत स्तरको खानेपानी सेवा	१०० प्रतिशत जनसंख्या	९९ प्रतिशत जनसंख्या	९४.९३ प्रतिशत
उच्च तथा मध्यम स्तरको खानेपानी सेवा	९० प्रतिशत जनसंख्या	४० प्रतिशत जनसंख्या	२५.६९ प्रतिशत
आधारभूत स्तरको सरसफाइ सेवा	१०० प्रतिशत	१०० प्रतिशत	१०० प्रतिशत
प्रशोधन सहितको ढल प्रणाली	५० प्रतिशत	२० प्रतिशत	२.२८ प्रतिशत

मन्त्रालयले दिगो विकास लक्ष्य र आवधिक योजनाको लक्ष्य हासिल गर्न प्रत्येक वर्ष तोकिएको लक्ष्यअनुसारको प्रगति हासिल गर्नुपर्दछ। प्रशोधनसहितको ढल प्रणाली र उच्च तथा मध्यमस्तरको खानेपानी सेवातर्फ हालसम्मको प्रगति सन्तोषजनक नदेखिएकोले तोकिएको समयमा लक्ष्य हासिल गर्न कठिनाइ हुने देखिन्छ। मन्त्रालयले स्पष्ट र समयबद्ध कार्ययोजना तयार गरी तोकिएकै समयमा लक्ष्य हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७८।७९ मा आधारभूत स्तरको खानेपानी सुविधा ९५ प्रतिशत जनसंख्यामा पुऱ्याइने उल्लेख भएकोमा ९४.९३ प्रतिशतलाई सेवा पुऱ्याएको, मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणअन्तर्गत याङ्ग्री र लार्के खोलाबाट दैनिक ३४ करोड लिटर खानेपानी प्रणालीमा थप गर्न सुरुङलगायत अन्य पूर्वाधार निर्माण कार्य आरम्भ गरी ३ वर्षभित्र आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा सुरुङ निर्माण लगायतका कार्यको आरम्भ हुन सकेको देखिएन।

निर्माणाधीन नदी पथान्तरण आयोजनाबाट तराई मधेश र भित्री मधेशका ठूला शहरहरूमा खानेपानी आपूर्ति गर्ने गरी आयोजना विकास गर्न पहिलो चरणमा सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सुनकोशी - मरिन नदी पथान्तरण आयोजनाबाट एवं बाँके र बर्दिया जिल्लामा भेरी बबई पथान्तरण आयोजनाबाट खानेपानी आपूर्तिको सम्भाव्यता अध्ययन गरिने उल्लेख भएको छ। सुनकोशी - मरिन नदी पथान्तरण आयोजनाको सम्भाव्यता अध्ययनको लागि परामर्शदातावाट प्रतिवेदन प्राप्त भएको एवं बाँके र बर्दिया जिल्लामा भेरी बबई पथान्तरण योजना हालसम्म सम्पन्न हुन नसकेकोले खानेपानी आयोजनाको लागि सम्भाव्यता अध्ययन हुन सकेको देखिएन। काठमाडौं उपत्यकाभित्र कोड्कु, धोबीघाट र सल्लाघारीमा ढल प्रशोधन केन्द्र सञ्चालनमा ल्याउने र जनघनत्त्व बढी भएका दमक, जनकपुर, वीरगन्ज, नेपालगन्जलगायत अन्य ८ शहरमा ढल प्रशोधन केन्द्र निर्माण सम्पन्न गर्ने उल्लेख भएकोमा काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा ढल प्रशोधन केन्द्र गत विगत वर्षदेखि निर्माणधीन रहेकोमा यस वर्षसमेत सम्पन्न हुन सकेको छैन। एकीकृत खानेपानी ढल व्यवस्थापन आयोजनाबाट १२ स्थानमा ढल प्रशोधन केन्द्र निर्माण कार्यको डिजाइनको लागि परामर्शदाता परिचालन भएको देखिए तापनि निर्माणसम्बन्धी कार्यको सुरुवात हुन सकेको देखिएन।

बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि नतिजा सूचकसहितको कार्ययोजना तर्जुमा गर्ने, कार्ययोजना अनुरूप कार्य विवरण तयार गरी लागू गर्ने र सोअनुसारको कार्य सम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६. **राष्ट्रिय गौरवका आयोजना -** मन्त्रालयअन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनामध्ये २०५५।५६ मा शुरु भएको मेलम्ची खानेपानी आयोजनाको लागत अनुमान रू.३५ अर्ब ५४ करोड रहेकोमा यो वर्षसम्म रू. ३० अर्ब ६५ करोड ९६ लाख खर्च भएको छ । आयोजनाको भौतिक प्रगति ९९.४७

प्रतिशत रहेकोमा २०७८ आषाढ १ मा मेलम्ची खोलामा आएको भीषण बाढीका कारण निर्माणाधीन हेडवर्क्समा क्षति भई पानी पथान्तरण कार्य अवरुद्ध भएको छ । उक्त आयोजनाको दोस्रो चरण (याङग्री र लार्के) तर्फ हालसम्म आयोजनाको पहुँचमार्ग निर्माण कार्यमात्र भइरहेको र स्थानीय अवरोधका कारण सुरुङ निर्माण लगायतका कार्य शुरु हुन नसकी आयोजना सञ्चालनमा प्रभाव परेको देखिन्छ ।

मेलम्ची खानेपानी आयोजनाको उप आयोजना-२ अन्तर्गत २०६५।६६ देखि हालसम्म रू.३३ अर्ब ४१ करोड ३६ लाख खर्च भई आयोजना कार्यान्वयन निर्देशनालय मार्फत सञ्चालनमा रहेका आयोजनामध्ये थोक वितरण प्रणाली निर्माणतर्फ १०३ किलोमिटर कार्य सम्पन्न गर्नुपर्नेमा ७७ किलोमिटर (७४.७५ प्रतिशत) र वितरण सञ्जाल सुधारतर्फ १ हजार ७ सय ८३ किलोमिटर कार्य सम्पन्न गर्नुपर्नेमा १ हजार ३ सय २१ किलोमिटर (७४.०९ प्रतिशत) मात्र कार्य सम्पन्न भएको देखिन्छ । त्यस्तै ढल प्रशोधनतर्फ सल्लाघारी, कोड्कु र धोबिघाट ढल प्रशोधन निर्माण कार्यको २६.८१ प्रतिशत, धोबिघाट ढल प्रशोधन केन्द्र निर्माण कार्यको ७१.५ प्रतिशत र गोकर्ण, हनुमानघाट ढल सुधार आयोजना निर्माणको ०.५ प्रतिशत मात्र कार्य सम्पन्न भएको देखिन्छ । उल्लिखित कार्यमा प्रगति न्यून देखिएकोले निर्माण कार्य समयमै सम्पन्न गरी खानेपानी वितरण कार्य व्यवस्थित तथा सहज बनाउनुपर्दछ।

७. **भुक्तानी विधि -** ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिमार्फत् सञ्चालन हुने आयोजनाको लागि नेपाल सरकारको अनुदान र आई.डी.ए.को ऋण तथा अनुदान सहयोगमा सञ्चालन भएको आयोजना २०७८ असार ३१ (१५ जुलाई २०२१) मा समाप्त भएको देखिन्छ। आर्थिक वर्ष २०७६।७७ मा आयोजनाको कम्पोनेन्ट २ मा अनुदानतर्फको बजेट कायम राखी ऋणतर्फको रकम घटाउने गरी बजेट पुनर्संरचना भएको थियो। बजेट पुनर्संरचनाअनुसार अनुदानबाट खर्च लेखी शोधभर्ना माग गर्नुपर्नेमा ऋणबाट खर्च लेखी शोधभर्ना माग गरेको कारण शोधभर्ना हिसाब मिलान नभएको उल्लेख गरी विश्व बैङ्कलाई रू.२ करोड ३२ लाख ७६ हजार भुक्तानी गरेको देखिन्छ। पूर्ववत सम्झौताअनुसार ऋण तथा अनुदान दुवैमा बजेट विनियोजन भएको र सो आधारमा खर्च लेखाङ्कन हुँदै आएको भए तापनि बजेट पुनर्संरचना भए पश्चात् भुक्तानी र शोधभर्ना विधिसमेत पुनर्संरचना गरी अनुदानबाट लेखाङ्कन र शोधभर्ना गर्नुपर्नेमा ऋणबाट खर्च लेखी शोधभर्ना माग गरेको कारण नेपाल सरकारलाई थप व्ययभार परेको देखियो। सम्झौताको शर्तबमोजिम खर्च लेखाङ्कन गरी शोधभर्ना लिनुपर्दछ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग

८. **प्रगति –** वार्षिक कार्यक्रमअन्तर्गत सञ्चालन गरिने क्रियाकलापलाई त्रैमासिक रूपमा विभाजन गरी लागत, परिमाण र भार समेत खुलाई स्वीकृत गर्ने र तोकिएको कार्यक्रमहरू समयमै सम्पन्न गर्नुपर्दछ। विभाग र मातहतका आयोजनाबाट आयोजना/कार्यक्रम सञ्चालन गर्नको लागि २०७८।७९ मा रू.२१ अर्ब १ करोड १९ लाख बजेट विनियोजन भएकोमा रू.१२ अर्ब ८८ करोड ३६ लाख खर्च भई समग्रमा ६१.३२ प्रतिशत वित्तीय र ६८ प्रतिशत भौतिक प्रगति भएको छ। चालुतर्फ रू.६९ करोड ८३ लाख विनियोजन भएकोमा रू.४८ करोड ८७ लाख ५४ हजार (६९.९९ प्रतिशत) खर्च भएको र पुँजीगततर्फ रू.२० अर्ब ३१ करोड ३६ लाख विनियोजन भएकोमा रू.१२ अर्ब ३९ करोड ४९ लाख (६१.०२ प्रतिशत) खर्च भएको छ। स्वीकृत कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

९. **अन्तर निकाय समन्वय** – विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ मा राष्ट्रिय प्रकृतिका ठूला आयोजना, सह-लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना, ढल प्रशोधनसहितका आयोजना, तराईमा १५ हजार, पहाडमा ५ हजार र हिमालमा १ हजारभन्दा बढी जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने, खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू र ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू सङ्घीय सरकारबाट सञ्चालित हुनुपर्ने व्यहोरा उल्लेख छ। खानेपानीसम्बन्धी निर्माण कार्य, मर्मत सम्भारलगायतका कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट हुँदै आएका छन्। सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने खानेपानी तथा ढल निकासजन्य कार्यहरूको कार्यक्षेत्रमा स्पष्ट मार्गचित्र तयार हुन नसक्दा आयोजना सञ्चालनमा दोहोरोपना, क्षेत्राधिकार माथि हस्तक्षेप र कार्यान्वयनमा द्विविधा सिर्जना भएको छ। आयोजना सञ्चालन तथा व्यवस्थापनमा स्पष्ट कार्य विभाजन र कार्यबोझको मापन नहुँदा विभिन्न निकायबाट सम्पादन भएको कार्यमा समन्वयसमेत हुन सकेको छैन। अतः खानेपानी तथा ढल व्यवस्थापन सम्बन्धमा तहगत सरकारका निकायहरूबीच अन्तरनिकाय कार्यगत समन्वय एवं सहकार्य हुनुपर्ने देखिन्छ।

१०. **खानेपानीको गुणस्तर** - खानेपानी सेवा उपलब्ध गराउने निकाय तथा संस्थाहरूले वितरण गर्ने खानेपानीको मापदण्ड निर्धारणको लागि नेपाल सरकारले खानेपानी गुणस्तर मापदण्ड, २०७९ तर्जुमा गरेको छ। यो वर्ष विभागअन्तर्गत खानेपानी गुणस्तर कार्यक्रममा रू.४७ करोड ५९ लाख ७० हजार बजेट विनियोजन भएकोमा मातहतका कार्यालयसमेतले पानीको गुणस्तर परीक्षण र प्रशोधन, क्लोरिनेसन युनिट जडान, वाटर टेस्ट कीट खरिदलगायतका कार्यमा रू.२२ करोड ३ लाख २७ हजार खर्च गरेको देखिन्छ। सर्वसाधारणलाई वितरण हुने खानेपानी गुणस्तर मापदण्डअनुसार भएको सुनिश्चित हुनको लागि खानेपानी वितरण गर्ने आयोजनाहरूको मापदण्ड पूरा भएको अवस्था यकिन हुने आयोजनागत अभिलेख विभागमा रहेको देखिएन। मापदण्डअनुसार गुणस्तर सुनिश्चित गरी खानेपानी वितरण गर्नुपर्दछ।

११. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको प्राविधिकले नापजाँच गरी नापी किताबमा उल्लेख भएको कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, भक्तपुरले ३ योजनाको पाइपलाइनको माटो पुर्ने कार्यको फरक नर्म्स प्रयोग गरी रू.२ लाख ८८ हजार, अर्घाखाँचीले २ आयोजनाको फरक नर्म्स प्रयोग गरी फलामे डण्डीको रू.६ लाख ५७ हजार, खोटाङले प्रयोग भएको पाइपको परिमाणभन्दा बढी परिमाण खर्च देखाई रू.८ लाख ८९ हजार, धनुषाले प्रयोग भएको ह्युम पाइपको परिमाणभन्दा बढी परिमाण खर्च देखाई रू.६ लाख ८५ हजार, मोरङले विवाद समाधान पश्चात् निर्माण व्यवसायीले व्यहोर्नुपर्ने रू.३ लाख ९२ हजार, कास्कीले १ निर्माण सेवालाई प्राविधिक मूल्याङ्कनभन्दा रू.९ लाख ६५ हजार, बाँकेले एक निर्माण कार्यको उपभोक्ता समितिले व्यहोर्ने लागत सहभागिताको रू.५ लाख ८३ हजारसमेत रू.४४ लाख ५९ हजार बढी भुक्तानी दिएको छ। बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

१२. **जडान नभएको पाइपको भुक्तानी** – खानेपानी संरचना निर्माण कार्यको लागि सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, भक्तपुरले निर्माण व्यवसायीसँग भएको सम्झौताको प्रस्तावनाको बुँदा नं. १४.१ मा सबै प्रकारका पाइप तथा फिटिङ्स सामग्री खरिद गरी साईटमा प्राप्त भएपछि ७० प्रतिशत, जडान भएपछि २५ प्रतिशत र सञ्चालन र परीक्षणको काम सम्पन्न भए पश्चात् ५ प्रतिशत भुक्तानी दिने

उल्लेख भएकोमा आयोजना कार्यालयले एक निर्माण व्यवसायीलाई खरिद भएको पाइप जडान नगरेको अवस्थामा छैठौं रनिङ बिलसम्म खरिद भएको पाइपको एकमुष्ट ९५ प्रतिशत रकम भुक्तानी दिएको देखियो। खरिद भई जडान नभएको अवस्थामा सम्झौता विपरीत बढी भुक्तानी भएको रू.५९ लाख १ हजार असुल गर्नुपर्दछ।

१३. **प्रोभिजनल समको भुक्तानी** - निर्माण कार्यको सम्झौतामा व्यवस्था भएको प्रोभिजनल समको रकम निर्माण व्यवसायीलाई भुक्तानी गर्दा सक्कल बिल बीजकको आधारमा भुक्तानी गर्नुपर्नेमा खानेपानी तथा ढल व्यवस्थापन आयोजना, कञ्चनपुरले रू.७ लाख ३० हजार, कास्कीले रू.६ लाख ६६ हजार, भक्तपुरले रू.४ लाख ४५ हजार र अन्य २ आयोजनाले रू.३ लाख ३६ हजार समेत रू.२१ लाख ७७ हजार बिल, वीजक बेगर भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

१४. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ र ८४ बमोजिम सार्वजनिक निकायले मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा २० लाख रूपैयाँभन्दा बढीको बोलपत्रको माध्यमबाट र २० लाख रूपैयाँसम्मको कार्य सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, कैलाली, मोरङ, पर्सा, चितवन, म्याग्दी, मकवानपुर र धनकुटाले रू.४ करोड २५ लाख ७ हजारका खानेपानी संरचना निर्माण कार्य र पाइप तथा फिटिङ्स खरिद कार्य प्रतिस्पर्धा बेगर सोझै गरेका छन्। प्रतिस्पर्धा बेगर पटक पटक सोझै खरिद गर्ने कार्य नियमसम्मत नदेखिएकोले खरिद कार्यमा प्रचलित नियमको पालना गर्नुपर्दछ।

१५. **जनसहभागिताको अंश** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना इलाम, धनकुटा, धनुषा, पर्सा, बाँके र कैलालीले १४ उपभोक्ता समितिलाई जनसहभागिताको अंश रू.२५ लाख १७ हजार कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१६. **पाइप तथा फिटिङ्स** - नेपाल सरकार(सचिवस्तर) को २०६२।११।८ को निर्णयमा पाइप खरिद गर्दा विगतको मौज्दातलाई ध्यान दिई सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिएअनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्ने व्यहोरा उल्लेख छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवन, कञ्चनपुर, बाँके, कैलाली, भक्तपुर, म्याग्दी, रामेछाप, मोरङ, मकवानपुर, धनकुटा र जुम्लाले रू.८ करोड ४३ लाख १८ हजार मूल्यका विभिन्न साइजका एच.डी.पी.ई. पाइप जिन्सी खाताबाट खर्च देखाए तापनि योजनाको नापी किताबमा प्रविष्टि गरेको नदेखिएकोले पाइप खर्च पुष्टि हुने स्थिति छैन।

त्यस्तै सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना मकवानपुर, अर्घाखाँची, कञ्चनपुर, मोरङ, रामेछाप, भक्तपुरलगायत ९ कार्यालयले रू.६ करोड ९८ लाख ८४ हजारको पाइप तथा फिटिङ्स मौज्दातमा रहने गरी खरिद गरेको छ। आर्थिक वर्षको अन्त्यमा पाइप तथा फिटिङ्स मौज्दातमा रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुको साथै मौज्दातमा रहेको पाइप उपयोगको पुष्टि हुनुपर्दछ।

१७. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१ निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा शुरु सम्झौताको अन्तिम मितिको मूल्य समायोजन सूचकाङ्कअनुसार मूल्य समायोजन गणना गर्नुपर्नेमा सो विपरीत म्याद थप भएको अवधिकै सूचकाङ्कबाट मूल्य समायोजन गणना गरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, म्याग्दी, बाँकै र मकवानपुरले मूल्य समायोजन भुक्तानी गर्दा रू.५२ लाख ५५ हजार थप व्ययभार परेको छ।

१७.२ निर्माण कार्यको सम्झौतामा तोकिएको समयको आधार सूचकाङ्क र समायोजन फ्याक्टर प्रयोग गरी मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्नेमा फरक मितिको आधार सूचकाङ्क र फरक फ्याक्टर प्रयोग गरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना धनुषा, भक्तपुर, सुर्खेत र इलामलगायत १० कार्यालयले रू.१ करोड ३५ लाख १४ हजार मूल्य समायोजन बढी भुक्तानी गरेका छन। बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

१८. **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्शदाता नियुक्ति गरी परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। विभिन्न आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार गर्ने तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि विभागलगायत जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना, सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना भक्तपुर, चितवन, मकवानपुर, रामेछाप, मोरङ, खोटाङ, इलाम, अर्घाखाँची, पर्सा, कैलाली, कञ्चनपुर र बाँकेसमेत १४ कार्यालयले मौजुदा सूचीबाट प्रस्ताव माग गरी रू.११ करोड ९९ लाख ८४ हजारको परामर्श सेवा खरिद गरेका छन्। समान प्रकृतिको कार्यको मिल्दो प्याकेज बनाई बोलपत्र मार्फत् खरिद गर्ने व्यवस्था नमिलाएको र विभागीय जनशक्तिको उपयुक्त व्यवस्थापन नगरी परामर्शदाता माथिको निर्भरता बढाउनु उचित देखिएन। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

प्रथम, दोस्रो र तेस्रो चरणका आयोजनाहरूको सफलतापश्चात् आयोजना सञ्चालन तथा यसको दिगोपनाका लागि केही पाठहरू सिकी २० वटा शहरहरूमा शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना २०७५।७६ देखि सञ्चालन गरिएको छ। आयोजनाले हालसम्म रू.७ अर्ब ७२ करोड ८१ लाख खर्च गरेको मध्ये सञ्चालन खर्च तर्फ ३.०९ प्रतिशत, भौतिक संरचना निर्माणतर्फ ८७.५० प्रतिशत, सवारी साधन तथा उपकरण तर्फ २.३५ प्रतिशत र परामर्श सेवा तथा क्षमता अभिवृद्धितर्फ ७.०६ प्रतिशत खर्च गरेको छ।

१९. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवाको लागत अनुमान तयारीको लागि नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद कार्य गर्दा लागेको वास्तविक लागत तथा मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, तालिम, गोष्ठीलगायतका खर्चहरू

खुलाउनुपर्ने उल्लेख छ। आयोजनाले विगतका वर्षदेखि परामर्श सेवा खरिद गर्दा नर्म्स तयार नगरी परामर्श सेवा खरिद गर्दैआएको देखियो। आयोजनाले विगत वर्षहरूमा भएका परामर्श सेवा खरिद सम्झौताहरूको यस वर्ष रू.२० करोड ४१ लाखको भुक्तानी गरेको छ। नर्म्स तयार गरी अत्यावश्यक प्रकृतिको कार्यमा मात्र परामर्श सेवा लिई परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

२०. **परामर्शदाताको पारिश्रमिक -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) अनुसार दातृपक्षको सम्झौतावमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदातावाट सेवा प्राप्त गर्न सकिने व्यवस्था रहेको छ। आयोजना व्यवस्थापन कार्यालय, काठमाडौंले परियोजना व्यवस्थापन तथा गुणस्तर आश्वस्ततासम्बन्धी अनुगमन निरीक्षण कार्यको लागि २०७६।३।९ देखि २०८०।३।१८ सम्मको लागि रू.११ करोड ८२ लाख ७७ हजारको सम्झौता गरेको छ। सम्झौतामा परामर्शदाताले पाउने बिदा सम्बन्धमा कुनै व्यवस्था नभएको अवस्थामा परामर्शदाताहरूको हाजिरी दिनको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा आयोजनाले परामर्शदाता कार्यालयमा उपस्थित भएको दिन र सार्वजनिक बिदाको दिनको समेत पारिश्रमिक बापत रू.४० लाख ८३ हजार भुक्तानी गरेको देखिन्छ। उक्त सुविधा पाउने सम्झौता पेस गर्नुपर्दछ।

२१. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। आयोजना व्यवस्थापन कार्यालय, काठमाडौंले पाँचखाल काभ्रेस्थित खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी निर्माण कार्यको लागि २०७७।३।१५ मा २०८०।७।१५ भित्र कार्य सम्पन्न गर्ने गरी रू.१ अर्ब ३४ करोड १० लाख ६५ हजारमा सम्झौता गरेको छ। ठेक्काको सम्झौतामा मूल्य समायोजनको भुक्तानी दिँदा पेस्की कट्टी अघि वा पछिको कुनै व्यहोरा उल्लेख नभएको र निर्माण व्यवसायीलाई अग्रिम रूपमा पेस्की भुक्तानी भएको अवस्थामा मूल्यवृद्धि भई नसकेको हुँदा ठेक्का बिल रकमबाट पेस्की फर्स्यौंट कट्टा गरी मूल्य समायोजन भुक्तानी गर्नुपर्दछ। आयोजनाले पेस्की रकम नघटाई मूल्य समायोजन गणना गरेको कारण रू.१ करोड १९ लाख ७९ हजार बढी भुक्तानी हुन गई थप व्ययभार परेको छ।

२२. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) र नियमावली, २०६४ को नियम ११८(२) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। आयोजना व्यवस्थापन कार्यालय, काठमाडौं र एक निर्माण व्यावसायीबीच २०७५।१२।१५ मा २४ महिना म्याद हुने गरी चरिकोट खानेपानी तथा सरसफाइ आयोजना निर्माण कार्यका लागि रू.७१ करोड ८२ लाख ३५ हजारमा ठेक्का सम्झौता भएको देखिन्छ। आयोजनाले ३० प्रतिशत मात्र वित्तीय प्रगति भएको अवस्थामा तेस्रो पटक २०७७।६।८ मा भेरिएसन आदेशबाट ४.०५ प्रतिशत अर्थात् रू.२ करोड ९० लाख ८१ हजार थप गरी सम्झौता अङ्क रू.७५ करोड ७३ लाख १७ हजार कायम गरेको छ। त्यस्तै ठेक्काको म्याद चौथोपटक थप गरी २०७९।८।१४ सम्म कायम भएको देखिन्छ। आयोजनाको कार्य प्रगति ३० प्रतिशत मात्र भएको अवस्थामा समेत पटक पटक म्याद थप तथा भेरिएसन गरी रू.२ करोड ९० लाख ८१ हजार भुक्तानी गरेकोले आयोजनालाई थप आर्थिक व्ययभार परेको छ। आयोजनाले पूर्वानुमान गर्न नसकिएको कार्य बाहेक अन्य कार्यको भेरिएसन स्वीकृत गर्दा प्राविधिक पुष्ट्याईंको आधारमा मात्र स्वीकृत डिजाइन यकिन गरी निर्माण कार्य अगाडि बढाउनुपर्दछ।

२३. **आयोजनाको लागत र समय** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सम्पन्न गर्ने समयावधसमेत किटान गर्नुपर्ने व्यवस्था रहेको छ। सो अनुसार आयोजनाले लागत र समय निर्धारण गर्दा उचित ध्यान नदिँदा खानेपानी आयोजनाको लागत वृद्धि भएको देखिन्छ। विदुर खानेपानी आयोजना नुवाकोटले २०७३।२।१४ मा रू.८१ करोड ८ लाखमा २ वर्ष भित्र सम्पन्न गर्नेगरी निर्माण कार्य शुरु गरेकोमा २०७९।८।१४ सम्म सम्पन्न भएको छैन। त्यस्तै हुप्सेकोट नवलपुर खानेपानी आयोजना २०७७।३।१५ मा रू. ७७ करोड ९४ लाखमा २ वर्षभित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा लागत बढ्न गई रू.८१ करोड ६७ लाख पुगेको, कन्चनपुर सप्तरी खानेपानी आयोजनाको २०७८।६।३ मा गरेको सम्झौता अनुसार रू.५९ करोड ८७ लाख ३८ हजार लागत रहेकोमा सोमा वृद्धि भई रू. ६० करोड ९० लाख ४७ हजार पुगेको, पाँचखाल काभ्रे खानेपानी आयोजनाको २०७७।३।१५ मा गरेको सम्झौता अनुसार रू.१ अर्ब ७१ करोड ७२ लाख लागत अनुमान रहेकोमा संशोधित लागत अनुमान रू. १ अर्ब ८२ करोड ८१ लाख पुगेको छ । यी आयोजनाहरुको क्रमश ४.७८, १.७२ र ६.४६ प्रतिशत आयोजनाको लागत र समय बढेको छ। निर्माण व्यवसायीलाई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न लगाई आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त गर्नुपर्दछ।

आयोजना कार्यान्वयन निर्देशनालय

काठमाडौँ उपत्यकाको खानेपानी वितरण प्रणालीसँग सम्बन्धित भौतिक पूर्वाधारहरूको विकास तथा स्तरोन्नति गरी मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त पानीलाई न्यायोचित, वैज्ञानिक तथा समानुपातिक रूपमा वितरण गर्ने व्यवस्था मिलाई उपत्यकाबासीहरूलाई दिगो, भरपर्दो तथा गुणस्तरयुक्त एवं स्वच्छ खानेपानी सेवा उपलव्ध गराउन र घर-घरबाट निस्कने फोहोर पानीलाई सङ्कलन तथा प्रशोधन गरी समग्र वातावरणमा सुधार गर्ने उद्देश्यले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डमार्फत् एसियाली विकास बैङ्कको ऋण सहयोगमा काठमाडौँ उपत्यका खानेपानी लिमिटेडअन्तर्गत २०६६ सालमा निर्देशनालयको स्थापना भई २०६५।६६ बाट मेलम्ची खानेपानी आयोजनाको सब प्रोजेक्ट २ अन्तर्गत यो आयोजना शुरु भएको देखिन्छ।

२४. **वित्तीय स्थिति** - एसियाली विकास बैङ्कसँग भएको ४ ऋण सम्झौताअनुसार अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर १७ करोड ७ लाख र ओफिडको अमेरिकी डलर १ करोड ६० लाखसमेत अमेरिकी डलर ४६ करोड ६० लाख ८० हजार (रू.५१ अर्ब २५ करोड २ लाख) खर्च हुने अनुमान रहेकोमा यो वर्षसम्म रू.३३ अर्ब ४१ करोड ३६ लाख (६५.२० प्रतिशत) खर्च भएको छ। यो वर्ष रू.४ अर्ब ७० करोड ५० लाख बजेट विनियोजन भएकोमा रू.३ अर्ब ४४ करोड ३१ लाख (७३.१८ प्रतिशत) खर्च भएको छ। आयोजनाको हालसम्मको खर्च देहायअनुसार छः

क्र.सं.	खर्चको विवरण	जम्मा खर्च (रू.हजारमा)			खर्चको अनुपात प्रतिशतमा
		२०७७।७८ सम्मको कुल खर्च	२०७८।७९ को खर्च	हालसम्मको कुल खर्च	
१	सञ्चालन खर्च	७१८८५६	१०४५४३	८२३३९९	२.४७
२	उपकरण, सामाग्री	३८१०७६	-	३८१०७६	१.१४
३	सिभिल वर्क्स	२६३७६४०९	२९७८५४७	२९३५४९५६	८७.८५
४	परामर्श सेवा	२४९४२६५	३५९९७९	२८५४२४४	८.५४
कुल जम्मा		**२९९७०६०६**	**३४४३०६९**	**३३४१३६७५**	**१००**

२५. **गुह्येश्वरी ढल प्रशोधन केन्द्र -** दैनिक ३ करोड २४ लाख लिटर ढल प्रशोधन क्षमताको गुह्येश्वरी ढल प्रशोधन केन्द्रको १० वर्षसम्म सञ्चालन र मर्मतको जिम्मा निर्माण व्यवसायीकै रहेको देखिन्छ। सम्झौताको शर्तअनुसार ढल प्रशोधन गरी प्राप्त हुनुपर्ने पानीको गुणस्तरका सबै पारामिटर पूरा भई सोही मुताबिकको प्रशोधित पानी बागमती नदीमा खसाउनुपर्ने उल्लेख छ। सञ्चालन तथा मर्मतको लागि १० वर्षसम्म निर्माण व्यवसायीले आफ्नो स्रोत साधन प्रयोग गरी गुणस्तरीय पानी पठाए/नपठाएको सम्बन्धमा सम्झौताको विशेष शर्तअनुसार परीक्षण गरी गुणस्तर सुनिश्चित गरेको अभिलेख राखेको देखिएन। गुहेश्वरी खण्डको पानीको गुणस्तरको सम्बन्धमा अधिकार सम्पन्न वागमती सभ्यता विकास समितिको प्रयोगशालामा २०७८ श्रावण र २०७९ आषाढमा गरिएको परीक्षणमा ४ पारामिटर मध्ये २ नराम्रो रहेको, एक राम्रो भएको र एक यकिन नभएको तथा समग्रमा पानीको गुणस्तरका लागि गरिएको सुधारको प्रयास उपलब्धिपूर्ण नदेखिएको उल्लेख छ। खरिद कार्यको सम्झौतामा उल्लिखित शर्त बमोजिम पानीको गुणस्तर परीक्षण गरी सोको अभिलेख राखी गुणस्तर सुधारको लागि विशेष ध्यान दिनुपर्दछ।

२६. **पाइपको क्षति -** फ्लास फ्लोडिङ गरी २०७९।८।२३ मा लैनचौर क्षेत्रमा पानी सञ्चालन गर्ने क्रममा ४.५ मिटर लामो ७०० मि.मि.व्यासको डि.आई. पाइपको ४० से.मि.को टुक्रा फुट्न गई बाटोमा पानी जम्मा भई आवत-जावत अवरुद्ध हुन गएको देखिन्छ। पाइप क्षति हुनुमा पाइप लाइन विछ्याएको लामो समयसम्म पाइपमा पानी सञ्चालन नगर्दा पाइपको गुणस्तर खस्किदै जानु, पटक पटक सडक, ढल निर्माण तथा विद्युतीय तार जडान लगायतको काम गर्ने क्रममा पनि पाइप लाइनमा क्षति पुगेको आयोजना कार्यान्वयन निर्देशनालयले जानकारी गराएको छ। मुख्य वितरण लाइनको पाइप फुटेको सम्बन्धमा गठित छानविन समितिले २०७९।९।१३ मा दिएको प्रतिवेदनमा पाइप जडान, प्लम्बिङ्ग एवं कंक्रिट कम्प्याक्सन जस्ता कमजोरीको कारणले पाइप फुट्न गएको हुन सक्ने व्यहोरा उल्लेख छ। सरकारी निकाय बीच समन्वय नभएकोले आयोजना सञ्चालनमा समस्या भएको, निर्माण व्यवसायीद्वारा गुणस्तरीय काम नहुँदा विछ्याएको पाइप लाइनमा क्षति हुँदा पानी चुहावट भएको देखिएकोले निर्माण चरण पूर्व अन्तर निकाय समन्वय हुनुपर्ने देखिएको र निर्माण कार्य सम्बन्धी त्रुटिका कारण क्षति भएका कार्यहरू निर्माण व्यवसायीको खर्चमा मर्मत गराउनुपर्दछ।

पाइप फुटेपछि लैनचौर सडक खण्डको अवस्था

२७. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। मूल्य समायोजन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२७.१ निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको सामान्य शर्त १४.८ मा वैदेशिक मुद्रातर्फको मूल्य समायोजन गणना गर्दा प्रत्येक इन्डेक्सलाई सम्बन्धित मितिको विक्री दरअनुसार परिवर्तन गरी सटही दर (करेक्सन फ्याक्टर) अनुसार मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। आयोजना निर्देशनालयले दुई निर्माण व्यवसायीलाई वैदेशिक मुद्रातर्फको मूल्य समायोजन सम्झौता बमोजिम करेक्सन फ्याक्टर अनुसार गणना नगरी नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकाङ्कअनुसार गणना गर्दा मूल्य अभिवृद्धि कर समेत रू.११ करोड ५२ लाख ३६ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

२७.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानूनी व्यवस्थाको लागि २०७६।११।८ मा निर्देशन भएकोमा हालसम्म सोअनुसार सुधार गरेको छैन। आयोजना निर्देशनालयले लमसम प्रकृतिका ढल प्रशोधन केन्द्र निर्माण कार्यको डिजाईन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी एक निर्माण व्यवसायीलाई यो वर्ष रू.३ करोड ५१ लाख ९८ हजार मूल्य समायोजनको रकम भुक्तानी गरेको छ। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको कन्ट्राक्ट भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन र नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन आदेश लगायतका पक्षमा अस्पष्टता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

२७.३ निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा शुरु सम्झौताको अन्तिम मितिको मूल्य समायोजन सूचकाङ्क अनुसार मूल्य समायोजन गणना गर्नुपर्नेमा म्याद थप भएको अवधिको सूचकाङ्क प्रयोग गरी मूल्य समायोजन गणना गर्दा ७ निर्माण व्यवसायीलाई रू.५ करोड १४ लाख ५ हजार बढी मूल्य समायोजन भुक्तानी हुन गई थप व्ययभार परेको देखिन्छ।

२८. **सवारी भाडा र इन्जिनियर सुविधा -** सार्वजनिक लेखा समितिको २०६९।१।१८ को निर्णय अनुसार निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारी तथा मेसिनरी सामानको खरिद तथा भाडा समावेश गरी ठेक्का सम्झौता गर्न नपाउने निर्णय भएकोमा २५ ठेक्का सम्झौताको बी.ओ.क्यू.मा फोर ह्विल भेहिकल र मोटरसाइकल भाडा तथा इन्जिनियरिङ सुविधा समावेश गरी भेरिएसनसमेतको रू.६९ करोड ८४ लाख ४८ हजारको सम्झौता गरी २०७९ आषाढ मसान्तसम्म सवारी साधन भाडा र इन्जिनियरिङ सुविधामा रू.४६ करोड ३ लाख ३६ हजार भुक्तानी भएको छ। त्यस्तै एक निर्माण कार्यको अवधि ३० महिना भएकोमा ९० महिनाको सवारीसाधनको भाडा उपलब्ध गराउने सम्झौता गरेका कारण निर्माण कार्यको लागत थप वृद्धि हुने देखियो। सार्वजनिक लेखा समितिको निर्णय विपरीत निर्माण कार्यसँग असम्बन्धित खर्चहरू निर्माण कार्यको विवरणमा समावेश गर्दा निर्माण कार्यको लागत वृद्धि हुन गएको छ। निर्माण कार्यसँग असम्बन्धित खर्चहरू निर्माण कार्यको विवरणमा समावेश गरी भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

२९. **खरिद सम्झौताको अन्त्य** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) र (८) बमोजिम निर्देशनालयले २ ठेक्काको खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरी पेस्की र कार्य सम्पादन जमानत जफत गरेकोमा उक्त निर्माण कार्य सम्पन्न गर्नको लागि आवश्यक पर्ने लागतको सम्बन्धमा मूल्याङ्कन गरेको देखिएन। सम्पन्न गर्नुपर्ने बाँकी कामको लागि आवश्यक पर्ने लागत यकिन गरी ऐन बमोजिम निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने रकम सम्वन्धित निर्माण व्यवसायीबाट सरकारी वाँकी सरह असुल गर्नुपर्दछ।

मेलम्ची खानेपानी विकास समिति

सिन्धुपाल्चोक जिल्लाको हेलम्बुस्थित मेलम्ची नदीमा हेडवर्क्स निर्माण र सुन्दरीजलसम्म २५.९२ किलोमिटर सुरुङ निर्माण गरी पहिलो चरणमा १७ करोड र दोस्रो चरणमा याङग्री र लार्के खोलाबाट ३४ करोड समेत दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउने उद्देश्यले २०५५।५६ मा विकास समिति स्थापना भएको हो। आयोजनाको पहिलोचरणको कार्य ९९.४७ प्रतिशत भौतिक प्रगति भएकोमा २०७८ सालको बाढीको कारणले हेडवर्क्समा क्षति हुन गई हाल वैकल्पिक प्रणालिको प्रयोग गरी अस्थायीरूपमा १७ करोड लिटर पानी सुन्दरिजलमा आपूर्ति गर्ने कार्य भइरहेको र आयोजनाको दोस्रो चरण (याङग्री र लार्के) तर्फ हाल सम्म आयोजनाको पहुँचमार्ग निर्माणको कार्य प्रारम्भ भएतापनि सुरुङ निर्माण लगायतका कार्य शुरु हुन सकेको छैन।

३०. **आयोजनाको पुनर्संरचना -** सन् १९९९ मा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भई विद्युत उत्पादन तथा रिबर्मा-सुन्दरीजल प्रसारण लाइनसहितको प्रस्ताव राखेकोमा दातृ निकायका शर्तहरुका कारण विद्युत तथा प्रसारण लाइन हटाएको थियो । मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको उप–आयोजना - १ को शुरूमा कुल लागत अमेरिकी डलर २४९.४० मिलियन रहेकोमा सुरुङ्ग निर्माण कार्यको लागि पुनः ठेक्कापट्टा गर्दा लागत वृद्धि हुन गएकोले संशोधित लागत अमेरिकी डलर २८७.४ मिलियन पुग्न गएको छ । सन् २०१५ मा पानी प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि गरी दैनिक प्रशोधन क्षमता १७ करोड लिटर पुऱ्याउन र आयोजनाको दोस्रो चरणको डिजाइन प्रतिवेदन तयारीका लागि अमेरिकी डलर २५.५ मिलियन थप भई आयोजनाको कुल संशोधित लागत अमेरिकी डलर ३१२.९ मिलियन रहेको छ ।

आयोजनाको लागि यो वर्षको रू. ९१ करोड ७६ लाखसमेत हालसम्म रू. ३० अर्ब ६५ करोड ९६ लाख खर्च भएको छ। कुल खर्चमध्ये निर्माण खर्च ६५.१८ प्रतिशत र परामर्श सेवा तथा अन्य खर्च ३४.८२ प्रतिशत रहेकोले निर्माणसँगको प्रत्यक्ष खर्चभन्दा अन्य खर्चले आयोजनाको लागत वृद्धि हुँदै गएको छ। निर्धारित कार्यतालिकाबमोजिम कार्य नगर्दा आयोजनाको लागत बढ्ने हुँदा तोकिएको समयमा कार्य सम्पन्न गरी योजना सम्पन्न गर्नुपर्दछ ।

३१. **पानी पथान्तरण योजना -** सन् २००१ मा एसियाली विकास बैङ्कसँग ऋण सम्झौता हुँदा आयोजनाबाट सन् २००७ सम्म काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति गर्ने लक्ष्य राखिएको थियो । सन् २०१५ सम्म याङ्ग्री नदीबाट र सन् २०२२ सम्ममा लार्के नदीबाट ३४ करोड लिटर दैनिक काठमाडौंमा खानेपानी आपूर्ति गर्ने लक्ष्य रहेको थियो । कार्ययोजना अनुसार ५१ करोड लिटर पानी ल्याउने लक्ष्य रहेको भएतापनि हाल अस्थायी रुपमा १७ करोड लिटर मात्र पानी सुन्दरीजलस्थित पानी सङ्कलन केन्द्रमा प्राप्त हुन सकेकोमा वितरण लाइनको काम पूर्णरुपमा सम्पन्न भइ नसक्दा खानेपानी वितरण कार्य

प्रभावकारी भएको छैन । आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेडबीच कार्यगत समन्वय नहुँदा आयोजनाको लक्ष्यअनुसार खानेपानी वितरण लाइनको लागि आवश्यक संरचना निर्माण हुन सकेको छैन । खानेपानी वितरणको कार्यमा समन्वय गरी पानी वितरणको कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

३२. **ढुङ्गा, गिट्टी, बालुवाको आय** - यस खानेपानी आयोजनाको हेडवर्क्स रहेको स्थान तथा अम्बाथानदेखि पुलबजारसम्मको क्षेत्रमा २०७८।३।१ मा आएको बाढीले करिब २ करोड २० लाख (२२ कि.मि. लम्बाइ, १० मिटर गहिराइ र १०० मिटर चौडाइ) घनमिटर गिट्टी, बालुवा, ढुङ्गा बगाएर ल्याएको छ। पानीको प्रवाह सहज रूपमा गर्न र भविष्यमा हुन सक्ने बाढीको सम्भावित प्रभाव न्यूनीकरणका लागि नदीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा हटाउनुपर्ने र उक्त कार्यका लागि करिब रू.३ अर्ब खर्च लाग्ने व्यहोरा आयोजनाले २०७८।४।३ मा गठन गरेको क्षति निर्धारण प्राविधिक समितिको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ। उक्त नदी लाङटाङ्ग निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत रहेकोले वन मन्त्रालयसँग समन्वय गरी निर्माण सामग्री बिक्री गर्न सकेमा हाल निर्माण कार्यमा भएको निर्माण सामग्रीको अभाव कम हुने, नदी तथा हेडवर्क्स सफा गर्न लाग्ने अनुमानित लागत बचत भई थप राजस्वसमेत प्राप्त हुने देखिन्छ। यस सम्बन्धमा मन्त्रालयले अन्य निकायसँग समन्वय गरी कार्य गर्नुपर्ने देखियो।



Figure 9: Around 108cum of Gneissic boulder carried by debris flow of June 15th 2021

३३. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। मूल्य समायोजन सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

३३.१ पहुँच मार्ग तथा पुल निर्माणकार्यको ठेक्काको म्याद थपको निर्णयमा म्याद थपबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने व्यहोरा उल्लेख छ। निर्माण व्यवसायीसँग भएको शुरु सम्झौताको म्याद समाप्त मितिमा मूल्य सूचकाङ्क फ्रिज गरी मूल्य समायोजनको रकम भुक्तानी गर्नुपर्नेमा म्याद थप पछिको सूचकाङ्कबाट मूल्य समायोजन भुक्तानी गर्दा १० औं रनिङ बिलसम्म रू.९७ लाख ६६ हजार थप व्ययभार परेको छ।

३३.२ आयोजनाको हेड वर्क्स र टनेलमार्ग निर्माण कार्यको डिजाइन तथा सुपरिवेक्षण गर्ने कार्यका लागि एक विदेशी परामर्शदाता कम्पनीलाई शुरु ठेक्का सम्झौताअनुसार ठेक्का म्याद समाप्त हुने २०७३।८।३ को मूल्यवृद्धि सूचकाङ्क फ्रिज गरी मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा आयोजनाले २०१९ को मूल्यवृद्धि सूचकाङ्क फ्रिज गरी भुक्तानी गर्दा २०७९ असार मसान्तसम्म रू.५ करोड ९३ लाख ४ हजार थप व्ययभार परेको छ।

३४. **जनरल आइटममा बढी खर्च -** निर्माण कार्यको खरिद सम्झौतामा जनरल आइटमअन्तर्गत बी.ओ.क्यू.मा तोकिएको कार्य सम्पन्न गर्ने दायित्व निर्माण व्यवसायीको रहने उल्लेख छ । आयोजनाले खरिद सम्झौता गरेका ४ ठेक्काको रनिङ बिल भुक्तानी गर्दा निर्माण व्यवसायीको दायित्वभित्रका जनरल आइटममा खर्च गर्न पाउने सीमाभन्दा रू.१४ करोड ५० लाख ५६ हजार बढी भुक्तानी गरेको छ। निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित बाहेकका आइटमहरूमा भेरिएसन गरी भुक्तानी गर्दा थप व्ययभार परेको छ।

३५. **संस्थामार्फत् कार्य गराएको-** मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ (पहिलो संशोधन २०६७) को बुँदा नं ५(क) मा समितिले ह्योल्मो-सिन्धु-मेलम्ची उपत्यकाभित्र सञ्चालन गरिने सामाजिक उत्थान तथा विकासका कार्यक्रम स्थानीय आदिवासी तथा जनजाती समेतको सहभागिता रहने गरी प्रचलित कानूनको अधीनमा रही सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिमार्फत् गराउन सक्ने व्यवस्था भएकोमा आधिकारिक समितिभन्दा बाहेकका अन्य ३ सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिमार्फत् यस वर्ष रू.११ करोड खर्च लेखेको छ। गठन आदेशबमोजिमका समितिभन्दा बाहिरका समितिमार्फत् कार्यक्रम सञ्चालन गर्ने कार्य नियिमसम्मत देखिएन। तोकिएको कार्यक्रम बाहेक अन्य कार्य र खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ।

३६. **बाढीको प्रभाव -** आयोजनाले मेलम्ची खोलामा २०७८।३।१ र २०७८।४।१५ मा आएको बाढी पहिरोबाट सार्वजनिक तथा निजी भौतिक संरचनामा भएको क्षतिको यथार्थ अवस्था यकिन गरेको छैन। हेडवर्क्स र टनेलमा भएको क्षतिको अध्ययन गर्ने आयोजनाको विदेशी परामर्शदाताले आयोजना सञ्चालनका लागि साइट क्लियरेन्स गर्न रू.३ अर्ब लागत लाग्ने प्रक्षेपण गरेको छ। आयोजना सञ्चालन गर्नु भन्दा अगाडि सन् १९९१ मा दिएको एक प्रतिवेदनमा बाढी पहिरो जादा अपनाउनुपर्ने सतर्कता स्वरूप टनेलको गेट सुरक्षाका लागि अलार्म राख्नुपर्ने, विद्युत आपूर्तिका लागि जेनेरेटर हुनुपर्ने लगायतका सुझाउ दिएकोमा मुख्य हेडवर्क्स लगायतका अन्य संरचनाको सुरक्षाको सम्बन्धमा केही व्यहोरा उल्लेख गरेको छैन।

२०७८ असार १ र साउन १५ मा आएको लेदोसहितको बाढीले मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स रहेको स्थान अम्बाथानमा रहेका स्थायी संरचना पूर्णरूपले क्षतिग्रस्त भएको र अन्य संरचनामा समेत क्षति पुगेको छ। आयोजनाको संरचना निर्माण गर्नुपूर्व आयोजना स्थलको भौगर्भिक बनावट र अवस्थितिको विस्तृत अध्ययन गरी निर्माणाधीन वा निर्माण सम्पन्न संरचनाको जोखिम न्यूनीकरण गरिनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल नगरेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ सामग्री मौज्दात राखेको, उपभोक्ता समितिबाट कार्य गराएको, निर्माण कार्यमा भेरिएसन र म्याद थप भएको, मूल्य समायोजन बढी भुक्तानी भएको लगायतका व्यहोरा औँल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ २९ निकायमा यो वर्ष रू.१ अर्ब ३६ करोड ६६ लाख ५५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४८ करोड ८१ लाख ३९ हजार फर्स्यौंट गरेकोले रू.८७ करोड ८५ लाख १६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.९ करोड १६ लाख ६० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - संगठित संस्था एवं समितितर्फ ३ निकायमा यो वर्ष रू.४२ करोड १४ लाख ५ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ करोड ४८ लाख ३८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

गृह मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति, कार्यान्वयन र नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकतासम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागू औषध नियन्त्रण, सीमा प्रशासन, अपराध अनुसन्धान, संगठित अपराध नियन्त्रण, मानव अधिकार संरक्षण र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८७४ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय** – मन्त्रालयसमेत ८७१ सरकारी कार्यालयको निम्नानुसार रू.१ खर्ब १० अर्ब ५० करोड ४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९०२९२५	६१२३०	२२९३७	११७९१२	११०५००४

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भै स्थानीय तहबाट खर्च भएकोमा सामाजिक सुरक्षा रू.९६ अर्ब ५ करोड ८९ लाख र शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.४३ करोड २ लाख समावेश गरिएको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बजेट विनियोजन भई यस मन्त्रालयअन्तर्गतका निकायबाट भएको खर्च रू.४८ करोड ३८ लाख समावेश छ।

२. **अन्य संस्था र समिति** - यो वर्ष ३ संस्थाको रू.१३ अर्ब ४१ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **सूचना प्रविधि लेखापरीक्षण** - यो वर्ष व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली विषयको लेखापरीक्षण गरिएको छ।

४. **बजेट खर्च** - मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्ष रू.१ खर्ब ८९ अर्ब ११ करोड ८३ लाख विनियोजन भएकोमा रू.१ खर्ब ८२ अर्ब ४८ करोड ४५ लाख (९६.४९ प्रतिशत) खर्च भएको छ। उक्त खर्चमध्ये चालु खर्च रू.१ खर्ब ७३ अर्ब ५५ करोड ९६ लाख (९५.११ प्रतिशत) र पुँजीगत खर्च रू.८ अर्ब ९२ करोड ४९ लाख (४.८९ प्रतिशत) रहेको छ। चालु खर्चमध्ये तलब भत्तामा रू.६४ अर्ब ४४ करोड ४२ लाख, शान्ति सुरक्षालगायतको खर्च रू.१ करोड ६९ लाख र प्रशासनिक खर्च रू.१ खर्ब ९ अर्ब ९ करोड ८५ लाख रहेको छ। पुँजीगत खर्चमध्ये स्थिर सम्पत्तितर्फ रू.७ अर्ब ७५ करोड ८४ लाख र जग्गा प्राप्तिलगायतमा रू.१ अर्ब १६ करोड ६५ लाख खर्च भएको देखिन्छ।

४.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको चालु र पुँजीगततर्फ रू.१ खर्ब ८२ अर्ब ४८ करोड ४५ लाख खर्च उल्लेख गरेकोमा वस्तुगत सहायता, सोझै भुक्तानी, प्राविधिक सहायता, अन्य सहायता र कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको निकासा र खर्च समावेश गरेको छैन। उल्लिखित अवस्थाले एकीकृत वित्तीय विवरणले यथार्थ स्थिति चित्रण गर्न सकेको छैन। ऐनको व्यवस्थाबमोजिम समग्र आय-व्ययको केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्दछ।

४.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा रकमान्तर गर्नुपर्ने कारणसहित सम्बन्धित सचिवबाट निर्णय गराई अनुरोध भएमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयको शुरु बजेट रू.१ खर्ब ६४ अर्ब ५० करोड १५ लाखमा रकमान्तरबाट विभिन्न उपशीर्षकमा रू.३३ अर्ब २६ करोड ७९ लाख घटाई तथा विभिन्न उपशीर्षकमा रू.५७ अर्ब ८८ करोड ४७ लाख थप गरी रू.१ खर्ब ८९ अर्ब ११ करोड ८३ लाख खुद बजेट कायम गरेकोले यथार्थपरक बजेट विनियोजन गरेको पाइएन।

४.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेस्की दिने र पेस्की फर्स्यौंटको कार्यविधि उल्लेख छ। यस वर्ष मन्त्रालय र मातहतका कार्यालयहरूबाट रू.२ अर्ब ७० करोड ४५ लाख पेस्की खर्च लेखेकोमा म्याद नाघेको पेस्की रू.४९ करोड १० लाख र म्याद ननाघेको पेस्की रू.२ अर्ब २१ करोड ३५ लाख रहेको छ। नियमावलीले तोकेको अवधिमा पेस्की फर्स्यौंट गरी हिसाब फरफारक गर्नुपर्दछ।

५. **पन्ध्रौं योजना कार्यान्वयन -** मन्त्रालयले पेस गरेको प्रगति विवरणअनुसार पन्ध्रौं योजनामा शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्न अवलम्बन गरिएका ११ रणनीतिअन्तर्गतका ४९ कार्यनीति कार्यान्वयन गर्ने जिम्मेवारी गृह मन्त्रालयमा रहेको छ। मन्त्रालयले २०७८।७९ मा १८ नतिजा सूचकमध्ये आधारभूत सामाजिक सुरक्षामा आबद्ध संख्या, हानिकारक मदिराको हानिकारक प्रयोग गर्ने र विदेशी मुलुकमा बालबालिकाको बेचबिखनको तथ्याङ्क राखेको देखिएन। सडक दुर्घटनाबाट मृत्यु र घाइते संख्या न्यूनीकरण, राष्ट्रिय परिचयपत्र प्राप्त गर्नेको संख्या, बालबालिका जन्मदर्ता लगायतको विवरण प्राप्त भए तापनि अपेक्षाकृत प्रगति हासिल हुन सकेको देखिएन। आवधिक योजनाको कार्यान्वयनमा सुधार गर्नुपर्ने देखिन्छ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०७८। ७९ मा उल्लेख भएका विषयहरू मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। नुवाकोट र बाँकेमा खुला कारागार निर्माण सम्पन्न गर्ने उल्लेख भएकोमा निर्माण सम्पन्न भएको देखिएन। त्यस्तै विपद् जोखिम व्यवस्थापन गर्दा सरकारी कोषमा परेको चापलाई कम गर्न विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरी विपद्को पूर्वसूचना प्रणाली विकास, विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा विपद् पूर्व सूचना प्रणालीको राष्ट्रिय अवधारणा तथा वित्तीय व्यवस्थापन कार्ययोजना तर्जुमा गरेको देखिएन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **गृह प्रशासन सुधार कार्ययोजना** - मन्त्रालयले गृह प्रशासन विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन कायम गर्न गृह प्रशासन सुधार कार्ययोजना, २०७८ कार्यान्वयनमा ल्याएको छ। कार्य योजनामा नीतिगत र कानूनी सुधारसमेत १० विषयक्षेत्र र २०६ क्रियाकलाप समावेश छन्। कार्य योजनानुसार गृह प्रशासनसँग सम्बन्धित १२ भन्दा बढी ऐन १ वर्षभित्र तर्जुमा एवं संशोधन/परिमार्जन गर्ने उल्लेख भएकोमा सार्वजनिक सुरक्षा, क्षतिपूर्ति लगायतका कानून तर्जुमा भएको देखिएन। त्यसैगरी परिचयपत्र पाउन योग्य सबै नागरिकको २ वर्षभित्र विवरण संलग्न गर्ने उल्लेख भएकोमा ८० लाख ७५ हजारको मात्र विवरण सङ्कलन गरेको, दुई वर्षभित्र रेल्वे सुरक्षा गण स्थापना र प्रति आतंकवाद सेल गठन गर्ने उल्लेख भएकोमा गठन नभएको, दुई वर्षभित्र विपद्को अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समूहको प्राथमिकताको आधारमा व्यवस्थापन गर्ने एकीकृत मापदण्ड तयार गर्ने उल्लेख भएकोमा तयार नभएको र एक वर्षभित्र सीमा नाकाका सबै भन्सार विन्दुमा लागू औषध जाँच उपकरण प्रयोग गर्ने उल्लेख भएकोमा उक्त उपकरण प्रयोमा ल्याएको छैन। सुधारसम्बन्धी योजना पूर्णरूपले कार्यान्वयन गर्नुपर्दछ।

८. **कानून निर्माण** - नेपालको संविधानले राज्यशक्तिको बाडँफाँट गरी प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा तथा प्रदेश अनुसन्धान ब्युरो प्रदेशको अधिकार सूचीमा र नगर प्रहरी स्थानीय तहको अधिकार सूचीमा समावेश गरेको छ। सोअनुसार कोशी, मधेश र गण्डकी प्रदेशले प्रहरी ऐन जारी गरिसकेको अवस्थामा गृह प्रशासनसँग सम्बन्धित प्रहरी ऐन, २०१२ लगायत विभिन्न ऐन नियम संशोधन भएको छैन्।

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले नेपाल प्रहरीको काम, कर्तव्य र अधिकार लगायत नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गरेको छ। सो व्यवस्था अनुकूल हुने गरी प्रहरी ऐन,२०१२ तथा प्रहरी नियमावली,२०७१ मा संशोधन नगरेका कारण दुई ऐनमा फरक फरक व्यवस्था रहेको छ। कानूनी व्यवस्थामा एकरूपता कायम गरी संघीय प्रहरी ऐन जारी हुनु आवश्यक देखिन्छ।

९. **नागरिकता सूचना व्यवस्थापन प्रणाली** - मन्त्रालयले २०६८ मा नागरिकता कार्ड वितरण प्रणाली शुरु गरी २०६९ सालमा वेबमा आधारित नागरिकता सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । हाल मन्त्रालय अन्तर्गतका १४५ कार्यालयबाट सोही प्रणाली मार्फत् नागरिकता वितरण भैरहेको छ। मन्त्रालयले सो कार्यको लागि २०६९।७० देखि २०७८। ७९ सम्म इन्टरनेट र इन्ट्रानेट वापत रू.७ करोड ४५ लाख ९८ हजार सेवा शुल्क नेपाल टेलिकमलाई भुक्तानी गरेको छ। यस वर्ष सम्म २ करोड ६९ लाख १८ हजार नागरिकता जारी गरेकोमा उक्त प्रणालीमा पुराना र नयाँ समेत कुल २ करोड ४ लाख ४१ हजार नागरिकता प्रविष्टि गरेको देखियो। प्रविष्टि गर्न बाँकी रहेका नागरिकताहरू प्रविष्टि गरी नागरिकता सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्नुपर्दछ।

१०. **जग्गा प्राप्ति** - जग्गा प्राप्ति ऐन, २०३४ मा सार्वजनिक कामको लागि मुआब्जा दिने गरी जग्गा प्राप्त गर्न सकिने व्यवस्था छ। जग्गा प्राप्त गर्न प्रारम्भिक कारबाहीको प्रतिवेदनअनुसार सूचना प्रकाशन गरी प्रक्रिया अगाडि बढाउने कार्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था छ। यो वर्ष जिल्ला प्रशासन कार्यालयहरूमा रहेका कार्यसञ्चालन कोषमा रू.६ अर्ब ४२ करोड ३३ लाख १८ हजार मौज्दात रहेकोमध्ये बढी हिस्सा जग्गा मुआब्जा रकमको रहेको छ। मन्त्रालयले मातहतका जिल्ला

प्रशासन कार्यालयले गरेका काम कारबाहीको अनुगमन गरी जग्गा प्राप्ति प्रक्रिया समयमै सम्पन्न गराउनुपर्दछ।

११. **शान्ति सुरक्षा खर्च** - मन्त्रिपरिषद्को २०७८।६।१४ को निर्णयानुसार शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि एक पटकमा गृहमन्त्रीले रू.५० हजार र गृहसचिवले रू.२५ हजारसम्म खर्च गर्न सक्ने व्यवस्था छ। उक्त निर्णयका आधारमा यो वर्ष गृहमन्त्रीबाट रू.७६ लाख र गृहसचिवबाट रू.९२ लाख ९७ हजारसमेत रू.१ करोड ६८ लाख ९७ हजार खर्च भएको छ। यसै प्रकृतिको खर्च राष्ट्रिय अनुसन्धान विभागबाट समेत हुने गरेको छ । बदलिँदो परिवेशमा नेपालको संविधान, २०७२ जारी भै अधिकांश आन्तरिक द्वन्दहरूको व्यवस्थापन भैसकेको र सो कार्य गर्नको लागि राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी र जिल्ला प्रशासन कार्यालयहरू संस्थागत रूपमा कार्यरत रहेकोले यस्तो खर्च क्रमशः घटाउँदै लैजानुपर्दछ भन्ने व्यहोरा विगत वर्षहरूमा समेत उल्लेख गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७९।१२।२० को निर्णयबाट उक्त खर्च खारेज भएको छ।

१२. **आर्थिक सहायता** - जनस्वास्थ्य ऐन, २०७५ को दफा ३० मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई विदेशमा उपचार गर्नुपर्ने भएमा सोको लागि लाग्ने खर्च नेपाल सरकारबाट उपलब्ध गराइने छैन भन्ने व्यवस्था छ। साथै नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को बुँदा १२ अनुसार राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिलाई औषधोपचार तथा आर्थिक सहायता तोकिएको दरमा उपलब्ध गराउने उल्लेख छ। यसप्रकारको आर्थिक सहायता २०७६। ७७ मा रू.९ करोड ११ लाख ६७ हजार, २०७७।७८ मा रू.७ करोड ९३ लाख ६७ हजार भुक्तानी भएकोमा यस वर्ष मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयबाट विभिन्न जिल्लाका २५२ नागरिकलाई प्रति व्यक्ति रू.४६ हजार देखि २० लाखसम्मका दरले रू.१६ करोड २६ लाख ९८ हजार आर्थिक सहायता भुक्तानी गरेको छ। कार्यविधिको बुँदा १२.१(ग) बमोजिम पूर्व प्रधानमन्त्रीलाई बढीमा रू.१५ लाख र विभिन्न विधामा उल्लेख्य योगदान पुऱ्याएका व्यक्तिहरूका लागि बढीमा रू.७ लाखसम्म आर्थिक सहायता दिन सकिनेमा मापदण्ड नघाई २७ जनालाई रू.७ लाख २५ हजार देखि २० लाखसम्मका दरले रू.३ करोड ३ लाख ३६ हजार वितरण गरेको छ। विदेशमा उपचार गराएबापत आर्थिक सहायता उपलब्ध गराउने कार्य कानूनसम्मत नभएकाले कानूनी व्यवस्था गरेर यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

१३. **व्यक्तिगत सुरक्षाकर्मी** - विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीहरूको सुरक्षार्थ प्रहरी कर्मचारी खटाउने गरेको छ। विशिष्ट व्यक्तिको तह र निजलाई उपलब्ध गराउने सुविधा सम्बन्धमा ऐन कानूनमा समावेश गरेर मात्र खर्च लेख्न सर्वोच्च अदालतले २०६८। ८। २२ मा आदेश दिएकोमा सोअनुसार कानून तर्जुमा भएको छैन। यो वर्ष बहालवाला विशिष्ट व्यक्तिहरू र पूर्व पदाधिकारीहरूको वैयक्तिक सुरक्षामा नेपाल प्रहरीबाट ५९० र सशस्त्र प्रहरी बलबाट ३१३ समेत ९०३ सुरक्षाकर्मी उपलब्ध गराएको विवरण प्राप्त भएको छ। विशिष्ट व्यक्तिको सुरक्षा जोखिमको आधारमा कानूनी व्यवस्था गरेर मात्र सुरक्षाकर्मीहरू उपलब्ध गराउनुपर्दछ।

१४. **राष्ट्रिय विपद् व्यवस्थापन कोष** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद व्यवस्थापनका लागि केन्द्रीयस्तरमा छुट्टै विपद् व्यवस्थापन कोष रहने र सो कोष राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट सञ्चालन हुने उल्लेख छ। राष्ट्रिय विपद् व्यवस्थापन कोषमा रू.१ अर्ब २९ करोड ३६ लाख मौज्दात भएकोमा यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.१ अर्ब २ करोड १२ लाख समेत रू.२ अर्ब ३१ करोड ४८ लाखमध्ये जिल्लास्थित विपद् व्यवस्थापन कोषमा रू.११ करोड ७७ लाख तथा बेमौसमी बर्षाका कारण भएको धानबालीको क्षतिपूर्तिबापत ३२ जिल्ला प्रशासन कार्यालयलाई रू.१ अर्ब निकासा गरेको, विपद् उद्धार तथा राहतमा हेलिकोप्टर प्रयोगबापत नेपाली सेनालाई रू.१६ करोड ४४ लाख र निजी क्षेत्रका हेलिकोप्टर सेवा प्रदायकलाई रू.२४ लाख तथा अन्य कार्यमा रू.४१ लाख खर्च भई वर्षान्तमा रू.१ अर्ब २ करोड ६२ लाख बाँकी रहेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन निमायवली, २०७६ को नियम १० अनुसार कार्यकारी समितिले कोषको सञ्चालन सम्बन्धी व्यवस्था निर्धारण गरी कोषको सञ्चालन गर्नुपर्दछ।

१५. **विभूषण** - विभूषण ऐन, २०६४ मा चार प्रकारका १२ श्रेणीका मानपदवी, ९ प्रकारका अलङ्कार र १३ प्रकारका पदकबाट राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने महानुभावलाई विभूषण समितिले स्वीकृत गरेको मापदण्ड, २०७५ बमोजिम सिफारिस गर्ने र नेपाल सरकारले निर्णय गर्ने व्यवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६। ७७ मा ६३३ जना, २०७७। ७८ मा ५९३ जना, र यो वर्ष ८८७ जना विभूषित गर्ने निर्णय भएको छ। त्यसैगरी २०७९। ८० मा ९८२ जनालाई विभूषित गर्ने निर्णय भएको देखियो। घोषणा गरेका विभूषण तयार गर्न २०७६। ७७ मा रू.८ करोड ५० लाख र २०७७। ७८ मा रू.१० करोड २२ लाख तथा २०७८। ७९ मा रू.१५ करोड ८६ लाख खर्च भएको देखिन्छ। विगतमा घोषणा भएमध्येको १७६ मानपदवी, ३६ अलङ्कार र ६२ पदकसमेत २७४ विभूषण वितरण नभई मौज्दात रहेकोले उपयोगमा ल्याउन मिल्ने विभूषणको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। विभूषण तयार गर्न लाग्ने लागत वर्षेनी बढ्दै गएकोले लागतमा कमी ल्याउने तथा विभूषित हुने संख्या निश्चित गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

अध्यागमन विभाग

नेपालभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमन एवं नियन्त्रण कार्यमा सहयोग गर्न तथा अध्यागमनसम्बन्धी कानूनको परिपालना गराउने र मातहत कार्यालयलाई नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

१६. **आगमन, प्रस्थान तथा अनुगमन** - विभागले २०७६ माघ १३ देखि नेपाली पोर्ट, इमिग्रेसन, जीओभी, एनपी नामक सफ्टवेयरमा आगमन, प्रस्थान, भिसासम्बन्धी अभिलेखीकरण गरे तापनि पर्यटकहरूको बसाइ अवधि, शुरु प्रस्थान र गन्तव्य देश तथा भिसाअनुसारको विवरण उल्लेख गर्ने गरेको देखिएन। यो वर्ष भिसा अवधि समाप्ति पश्चात् बढी अवधि बसेका २९४ जना, भिसा विपरीत कार्य गरेका १० जना र गैरकानूनी कार्यमा संलग्न ३५ जनासमेत ३३९ जना विदेशी नागरिकलाई निष्काशन गरेको देखिन्छ। नेपालमा रहेकामध्ये भिसा अवधि सकिएका पर्यटकको विवरण तयार गरी अनुगमन तथा कारबाहीको लागि प्रणाली तयार गरेको छैन। पर्यटक आगमन पश्चात् आवश्यक सूचना सङ्कलन तथा अन्तर निकाय समन्वय गरी पर्यटकको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१७. **भिसा स्टिकर** - अध्यागमन ऐन, २०४९ र नियमावली, २०५१ मा भिसा स्टिकरसम्बन्धी कार्य गर्ने सबै कार्यालयले सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष २ लाख १० हजार भिसा स्टिकर छपाइ गरेकोमा निकायगत तथा एकीकृत रूपमा भिसा स्टिकरको आम्दानी, खर्च र बाँकीको अभिलेख तयार गरेको छैन। भिसा दिइएका व्यक्तिको नाम, राष्ट्रियता, राहदानी नम्बरलगायतको मासिक विवरण र राजस्व परराष्ट्र मन्त्रालयले विभागमा पठाउनुपर्नेमा प्राप्त भएको देखिएन। भिसा स्टिकरहरूको आम्दानी खर्चको एकीकृत विवरण तयार गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

१८. **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१)मा नेपाल सरकारलाई प्राप्त हुने राजस्व रकम प्राप्त भएपछि सोही दिन र सोही दिन संभव नभए सोको भोलिपल्ट राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। विभागको विद्युतीय प्रणालीमा अध्यागमन राजस्वबापत राजदूतावास, कन्सुलर र नियोगसमेत विदेशस्थित ६२ कार्यालयबाट रू.२८ करोड ७५ लाख राजस्व सङ्कलन भएको देखिएकोमा सो रकम नेपाल सरकारको राजस्व व्यवस्थापन प्रणालीमा दाखिला गरेको देखिएन। राजदूतावास, कन्सुलर र नियोगहरूले अध्यागमन राजस्व बापत सङ्कलन गरेको रकम राजस्व व्यवस्थापन प्रणालीमा समावेश गरी राजश्व हिसाब अद्यावधिक गर्नुपर्दछ।

कारागार व्यवस्थापन विभाग

न्यायिक तथा अर्धन्यायिक निकायको आदेशबमोजिम कैद तथा थुनुवा व्यक्तिलाई कारागारमा राख्ने र मातहतका कारागारको व्यवस्थापन गर्ने तथा कारागार ऐन, २०१९ बमोजिम कैदीबन्दी तथा थुनुवाहरूको मानवोचित सुविधाको व्यवस्थापन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

१९. **कारागार व्यवस्थापन** - कारागार ऐन, २०१९ मा थुनुवा वा कैदीलाई थुनामा राख्दा पुरुष र महिलालाई छुट्टाछुट्टै घरमा भिन्दै भागमा राख्ने, थुनुवा र कैदीलाई यथासम्भव छुट्टाछुट्टै भागमा राख्ने, देवानी र फौजदारी मुद्दाका कैदीलाई यथासम्भव भिन्दा भिन्दै भागमा राख्ने, गम्भीर प्रकृतिका बिरामी र मानसिक रोगीलाई यथासम्भव भिन्दा-भिन्दै भागमा राख्ने लगायतका व्यवस्था छन्। विभागबाट प्राप्त विवरणअनुसार १४ हजार ८२० पुरुष र १ हजार ६९१ महिलासमेत १६ हजार ५११ कैदी बन्दी राख्न सक्ने क्षमता रहेका कारागारमा २०७९ असार मसान्तमा पुरुष २४ हजार ८०७ र महिला १ हजार ४३३ समेत २६ हजार २४० कैदी तथा थुनुवा बन्दी राखिएको छ। कैदी तथा थुनुवा बन्दीको संख्या गत वर्षको तुलनामा ६.८४ प्रतिशतले बढेको छ। कारागारको क्षमता विस्तार नहुँदा कैदी छुट्याई राख्ने व्यवस्था कार्यान्वयन भएको छैन। आवश्यक भौतिक पूर्वाधार व्यवस्था गरी कारागार व्यवस्थापन गर्नुपर्दछ।

२०. **भौतिक पूर्वाधार तथा अन्य सुविधा** - सुधार गृहको रूपमा रहने कारागारहरूमा कारागार ऐन, २०१९ अनुसार भौतिक र स्वास्थ्य उपचार सेवा उपलब्ध हुनुपर्दछ। विभागबाट प्राप्त विवरणअनुसार केन्द्रीय कारागार भवन, नुवाकोट, बाँके, मोरङ र पाँचथरमा रू.१ अर्ब ५२ करोड ५० लाखमा सम्झौता भई भवन निमार्णाधीन रहेका छन्। केन्द्रीय कारागार भवन, नुवाकोट र बाँके कारागारको भवन निर्माणको कार्य सम्पन्न गर्ने अवधि २०७९ असोज मसान्तसम्म रहेकोमा कार्य सम्पन्न हुन सकेको छैन। गृह प्रशासन सुधार योजना, २०७८ मा २० जिल्लाका कारागार भवन नयाँ निर्माण गर्न र जीर्ण भएका ३० कारागार भवनको मर्मत सुधार गर्न रू.३० अर्ब लागत अनुमान उल्लेख भएकोमा न्यून बजेट

विनियोजन हुने गरेकोले सुधार योजना कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। कैदी बन्दीलाई न्यूनतम सुविधा उपलब्ध हुने गरी पूर्वाधार तयार गर्नुपर्दछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र प्रदान गर्न, जन्म, मृत्युलगायतका व्यक्तिगत घटना दर्ता एवं पञ्जीकरण गर्न र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख दुरुस्त राखी बैकिङ्ग प्रणालीमार्फत् भत्ता वितरण गर्ने गराउने मुख्य उद्देश्यले विभागको स्थापना भएको हो।

२१. **वार्षिक कार्यक्रम कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी व्यवस्था छ। विभागको स्वीकृत कार्यक्रम अनुसार यस वर्ष ११३ क्रियाकलाप सञ्चालन गर्नुपर्नेमा ९४ क्रियाकलाप मात्र सञ्चालन भएको, जसमध्ये ५४ क्रियाकलापमा ७६ देखि ९९ प्रतिशतसम्म, १४ क्रियाकलापमा ५१ देखि ७५ प्रतिशतसम्म, १५ क्रियाकलापमा २६ देखि ५० प्रतिशतसम्म, ११ क्रियाकलापमा १ देखि २५ प्रतिशतसम्म र १९ क्रियाकलापमा शून्य प्रगति भएको विवरण प्राप्त भएको छ। यस वर्ष राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड) प्रशोधन गर्ने मेसिन खरिदमा रू.७ करोड समेत अन्य १८ क्रियाकलापको लागि रू.९ करोड ८० लाख ३० हजार बजेट विनियोजन भएतापनि मेसिन खरिद तथा अन्य कार्य भएको देखिएन। वार्षिक कार्यक्रममा तोकिएको कार्य समयमै कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ।

२२. **राष्ट्रिय परिचयपत्र -** नेपालको संविधान, २०७२ को धारा ५१ को विकाससम्बन्धी नीतिअन्तर्गत एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने उल्लेख छ। पन्ध्रौं योजनामा राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजनाको रूपमा समावेश गरी रू.२० अर्ब ५८ करोड लागतमा २०७५।७६ देखी २०७८।७९ सम्ममा सम्पन्न हुने लक्ष्य राखिएको छ। नेपाल सरकारको २०७८।७९ को नीति तथा कार्यक्रममा नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी आगामी तीन वर्षभित्र सबै नागरिकलाई बायोमेट्रिक पहिचान र पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरण गर्ने र थप १ करोड नागरिकको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक गर्ने उल्लेख छ। त्यस्तै डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा कार्यक्रम कार्यान्वयन योजनामा अन्तर्गत राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने, २०७८।७९ को बजेट वक्तव्यमा दुई वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य अनुरूप यस वर्ष ७० लाख व्यक्तिलाई परिचयपत्र वितरण गर्ने र गृह प्रशासन सुधार कार्ययोजना, २०७८ अनुसार परिचयपत्र नम्बर प्रणालीमा नागरिकता, पासपोर्ट, सवारी चालक अनुमतिपत्र आदि एकीकृत गरी राष्ट्रिय परिचयपत्रको रूपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने, ५ वर्षभित्र सम्पूर्ण नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गरी सक्नुपर्ने र संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा राष्ट्रिय परिचयपत्र प्रणालीलाई देशभर लागू गर्ने उल्लेख छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२२.१. नेपालको संविधानमा एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गर्ने नीति अवलम्बन गर्ने उल्लेख भए तापनि हाल प्रयोगमा ल्याइएको राष्ट्रिय परिचयपत्रमा नागरिकता प्रमाणपत्रमा समावेश भएका विवरण मात्र राखी वितरण भइरहेको छ। राष्ट्रिय परिचयको विवरणमा नागरिकता, पासपोर्ट, सवारी चालक अनुमति, मतदाता परिचय, एटीएम कार्ड, जन्म मृत्यु दर्ता, जग्गा जमिनको विवरण, करदाता परिचय, नागरिक एप आदि विभिन्न परिचयपत्र र प्रमाणपत्रमा एउटै विवरण र सूचनालगायतका नागरिकको सबै प्रकारका सूचना तथा विवरणहरू एकीकृत गरिनुपर्ने हो। तर यस्ता विवरण सरकारी निकायपिच्छे पटक पटक प्रविष्टि गर्नुपर्ने, सबै परिचयपत्रमा छट्टाछुट्टै प्रणाली विकास गरिएको र छुट्टाछुट्टै निकायबाट सञ्चालन भएको छ। राष्ट्रिय परिचयपत्रलाई राहदानीसँग आबद्ध गरिएकोले राष्ट्रिय परिचयपत्र नम्बर बेगर राहदानी बनाउन नमिल्ने अवस्था छ। राहदानी ऐन र नियमावलीअनुसार राष्ट्रिय परिचयपत्र अनिवार्य छैन। नागरिकता प्रमाणपत्रमा उल्लेख भएका विवरण मात्र समावेश गरी वितरण गरिएको परिचयपत्रले राष्ट्रिय परिचयको उद्देश्य प्राप्त गर्ने देखिँदैन। संविधानको धारा ५१ मा उल्लेख भएबमोजिम एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली बनाउनुपर्दछ।

२२.२. विभागबाट उपलब्ध विवरणअनुसार २०७६।४। ३१ देखि २०७९ आषाढ मसान्तसम्म ८० लाख ७५ हजार ४६ राष्ट्रिय परिचयपत्रको लागि आवेदन दर्ता भएतापनि ५१ लाख १७ हजार अर्थात् ६३.३६ प्रतिशत मात्र कार्ड खरिद भई प्राप्त हुन आएको र ३ लाख ६७ हजार अर्थात् आवेदनको ४.५४ प्रतिशतमात्र कार्ड छपाइ भएको मध्ये १ लाख १७ हजार २५ वितरण भएको छ। आवेदन दर्तामध्ये ७७ लाख ८ हजार ४६ कार्ड छपाइ हुन सकेको छैन। रुपान्तरणकारी यो आयोजना २०७८। ७९ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा विद्युतीय राहदानीसँग २०७८।८।१ देखि अन्तरआबद्धता गरेकोले परिचयपत्र नम्बर प्राप्त नभएसम्म राहदानीको लागि निवेदन दिन नमिल्ने कारण जिल्ला प्रशासन कार्यालय तथा विभागमा समेत सेवाग्राहीको चाप बढ्दै गएकोले सेवा प्राप्ति सहज हुन सकेको देखिँदैन। राष्ट्रिय परिचयपत्रको लागि निवेदन दर्ता गरेको ३ वर्षसम्म तत्सम्बन्धी सेवा उपलब्ध हुन नसक्नुले विभागको कार्यसम्पादन अवस्था दक्षतापूर्ण देखिएन। सेवा प्रवाहको सन्दर्भमा ध्यानाकर्षण भई वार्षिक लक्ष्यअनुसारका कार्य सम्पादन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

२२.३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा १० मा परिचयपत्रको मान्यता र प्रयोगसम्बन्धी व्यवस्था छ। हाल नेपाली नागरिकले नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, व्यक्तिगत स्थायी लेखा नम्बर, सवारीचालक अनुमतिपत्र तथा सामाजिक सुरक्षा भत्ता प्रमाणपत्रलगायतका विद्युतीय माध्यमबाट जारी भएका विभिन्न परिचयपत्र लिनुपर्ने व्यवस्था छ। विभागले राष्ट्रिय परिचयपत्र सूचना व्यवस्थापन प्रणालीको सेवा आवद्धता सम्बन्धी अवधारणापत्र तयार गरेतापनि सो सम्बन्धी कार्यविधि निर्माण गर्न यस वर्ष परामर्शदाताको छनौट प्रक्रिया सम्पन्न गर्न सकेको छैन। विभिन्न निकायले फरक फरक परिचयपत्र माग गर्ने प्रचलन रहेकोले नेपाल सरकारले जारी गर्ने सबै खालका परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गरी फरक फरक परिचयपत्र पेस गर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्दछ।

२२.४. विभागले परिचयपत्र वितरणको लागि यस वर्षसम्म विभिन्न जिल्लामा चरणबद्ध रूपमा विवरण सङ्कलन अभियान मार्फत् ६५ लाख ३६१ र विभिन्न एकाइबाट १५ लाख ७४ हजार ६८५ समेत ८० लाख ७५ हजार ४६ विवरण सङ्कलन गरेको छ। हालको प्रणाली भण्डारण क्षमताअनुसार २ करोड नेपाली

नागरिकको विवरणमात्र केन्द्रीय सर्भरमा भण्डारण गर्न सकिने देखिएकोले विवरण सङ्कलनलाई प्रभावकारी बनाउनुका साथै सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्न सकिने गरी प्रणालीको क्षमता विस्तार गर्नुपर्ने देखिन्छ।

२२.५. राष्ट्रिय परिचयपत्रमा नेपाली नागरिकको व्यक्तिगत विवरणको डिजिटल पहिचान रहने हुँदा सोको अनधिकृत प्रयोग हुने वा प्रकाशन हुन नदिने गरी नियन्त्रण व्यवस्था कायम गर्नुपर्दछ। विभागले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणालीको सुरक्षा परीक्षण गराएको देखिएन। प्रणालीको विश्वसनीयता बढाउन समय समयमा सुरक्षा परीक्षण तथा सो प्रविधिको पहुँचमा नियन्त्रण गर्नुको साथै सुरक्षा नीतिबमोजिम सुरक्षाको प्रबन्ध रहे नरहेको अनुगमन गरी डिजिटल प्रणाली सञ्चालनमा ल्याउनुपर्दछ।

२२.६. सबै नेपालीलाई २ वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्यअनुरूप ७० लाखलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने यस वर्षको बजेट वक्तव्यमा उल्लेख छ। विभागले उक्त खरिद कार्यको लागि मूल्य अभिवृद्धि कर समेत अमेरिकी डलर १ करोड ८७ लाख ३४ हजार २७० (रू.२ अर्ब १८ करोड १६ लाख ६ हजार) को लागत अनुमान स्वीकृत गरी २०७७।११।१३ मा अन्तराष्ट्रिय स्तरको बोलपत्र आह्वान भएकोमा पेस भएको बोलपत्रको कबोल अङ्क लागत अनुमानभन्दा बढी भएको कारण खरिद प्रक्रिया रद्द गरी २०७८।१।२४ मा पुनः बोलपत्र आह्वान गरी एक आपूर्तिकर्तासँग २०७८।४।११ मा २२ महिनाभित्र १ करोड २० लाख स्मार्ट कार्ड (६ महिनाभित्र २० लाख, १० महिनाभित्र ३० लाख, १६ महिनाभित्र ३० लाख र २२ महिनाभित्र ४० लाख) आपूर्ति र सोसँग सम्बन्धित अन्य कार्यको लागि मूल्य अभिवृद्धि कर र अन्य कर बाहेक युरो १ करोड २६ लाख ६४ हजार ८०० र सोसँग सम्बन्धित अन्य सम्बन्धित सेवाको लागि युरो ३ लाख ५ हजार ३२६ भुक्तानी गर्ने सम्झौता भएको छ। यसअनुसार प्रति स्मार्ट कार्डको अन्य सेवाको लागतसमेत समावेश गर्दा प्रतिकार्ड लागत १.०८१ युरो हुने देखिन्छ। स्मार्ट कार्डको मान्य अवधि १० वर्षको हुने उल्लेख छ। यस वर्ष विभागले स्मार्ट कार्ड खरिदको लागि रू.७४ करोड ९४ लाख ३९ हजार ८८० नेपाल राष्ट्र बैङ्कलाई प्रतीतपत्र पेस्की उपलब्ध गराएको छ। यस वर्ष आपूर्तिकर्ताबाट ५० लाख स्मार्ट कार्ड आपूर्ति भएको छ। सम्झौता अवधिभित्र स्मार्ट कार्ड आपूर्ति गरी लक्ष्य अनुरूप छपाइ र वितरण गर्नुपर्दछ।

२२.७. कार्ड छपाइको लागि दुईवटा मेसिन प्रयोगमा रहेकोमा एउटा मेसिनबाट प्रतिघण्टा १ हजार र दोस्रो मेसिनबाट प्रतिघण्टा ५०० कार्ड छपाइ गर्न सक्ने क्षमता रहेको उल्लेख छ। स्मार्ट कार्ड छपाइ प्रति घण्टा १ हजार ५०० हुनुपर्नेमा यस वर्षसम्म ३ लाख ६७ हजार मात्र कार्ड छपाइ भएकाले न्यून क्षमताको उपयोग भएको देखिन्छ। छपाइ मेसिनको अधिकतम उपयोग गरी छापिएका परिचयपत्र समयमै वितरण हुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

२२.८. सार्वजनिक खरिद ऐनको दफा ७ मा खरिदको गुरुयोजना तयार गर्दा अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्र्याउने वा प्याकेज बनाइने भए सोसम्बन्धी व्यवस्था उल्लेख गर्नुपर्ने व्यवस्था छ। विभागले एक अन्तराष्ट्रियस्तरको बोलपत्रदातासँग डिजास्टर रिकभरी सिस्टम स्थापनाको लागि २०७६।३।१५ मा युरो ५ लाख ४ हजार १९९ र नेपाली मुद्रा रू.६ करोड ६३ लाख १८ हजारको सम्झौता गरेको छ। उक्त सेवा प्रदायकसँग डिजास्टर रिकभरी सिस्टम तयारीको लागि आवश्यक पर्ने उपकरण र सोसम्बन्धी सेवाको लागि ३ सेवा प्रदायकसँग पुनः ३ प्याकेज बनाई

रू.१३ करोड ३४ लाख ९१ हजारको सामग्री तथा सेवा खरिद गरेको छ। खरिद गुरुयोजना बनाई सोको आधारमा खरिद गर्नुपर्नेमा खरिद गुरुयोजना बेगर टुक्रा पारी पटक पटक बोलपत्र माग गरी खरिद गरेको देखियो। यसरी खरिद गर्दा वारेन्टी अवधिमा समेत विविधता भएको र कार्यमा दोहरोपना भएकोले यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

२२.९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीलाई विस्तार गरी सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यको लागि राष्ट्रिय परिचयपत्र पर्सनलाइजेसन र वितरणसम्बन्धी ४ प्याकेजको कार्य ३२ महिनाभित्र सम्पन्न गर्न एक परामर्शदातासँग २०७६।३।१५ मा रू.८७ करोड २६ लाखको सम्झौता भएकोमा दोस्रो पटक २०७८।२।१७ सम्म म्याद थप भई प्याकेज १ (आइरिस विवरण थप गर्ने), प्याकेज २ (बायोमेट्रिक विवरणको प्रशोधन तथा क्षमता बढाउने), प्याकेज ३ (कार्ड प्रशोधन मेसिनको क्षमता बढाउने) को कार्य गत वर्ष र प्याकेज ४ (डिजास्टर रिकभरी सिस्टमको स्थापना गर्ने) को कार्य यस वर्ष सम्पन्न भई सञ्चालनमा आएको छ। उक्त सम्झौतामा सप्टवेयर लाइसेन्स एण्ड मेन्टेनेन्सलाई पहिलो १ वर्ष वारेन्टी अवधि रहेकाले निःशुल्क हुने र टेक्निकल सर्भिसको स्थानीय आपूर्तिको लागि रू.१३ करोड १९ लाख ६५ हजार र देश बाहिरबाट हुने सेवाको लागि यूरो ३ लाख ५० हजार शुल्क लाग्ने उल्लेख छ। सर्भिस र मेन्टेनेन्सको प्रति वर्ष १५ प्रतिशतसम्म हुने गरी ४ वर्ष अवधि समावेश गरी सम्झौतामा राख्दा कुल लागतमा अप्रत्यक्ष रूपमा ६० प्रतिशत वृद्धि हुन गएको र टेक्निकल सर्भिसको नाममा हुने खर्च र प्रणालीको सोर्स कोड उपलब्ध नभएकाले प्रणाली सञ्चालनमा परामर्शदाता माथिको निर्भरता बढेको छ। विभागीय जनशक्तिबाट प्रणालीको सञ्चालन, सुधार र परिवर्तन गर्न सकिने गरी जनशक्तिको क्षमता विकास गरी यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

२३. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई भत्ता वितरण गर्ने उल्लेख छ। त्यस्तै विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ मा विद्युतीय प्रणालीबाट बैङ्क खातामार्फत् रकम प्रदान गर्ने उल्लेख छ। उपलब्ध विवरणअनुसार सामाजिक सुरक्षातर्फ ३६ लाख २ हजार ७०५ लाभग्राही रहेकोमा ३१ लाख १७ हजार ८८० जनाले बैङ्कमार्फत् र ४ लाख ८४ हजार ८२५ ले नगद भुक्तानी लिएको उल्लेख छ। सामाजिक सुरक्षा तथा संरक्षण भत्तातर्फ यो वर्ष रू.९६ अर्ब ५ करोड ८९ लाख निकासा भएको छ। यस्तो खर्च गत वर्षको तुलनामा ४०.२१ प्रतिशत वृद्धि भएको छ। स्थानीय तह १८ ले हालसम्म बैकिङ्ग प्रणालीबाट भत्ता वितरण गर्न सकेको छैनन्। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्कअनुसार सबैभन्दा बढी लाभग्राही मधेश प्रदेशमा १० लाख ३ हजार ८७६ अर्थात् कुल लाभग्राहीमध्ये २७.८६ प्रतिशत र सबैभन्दा घटी गण्डकी प्रदेशमा ३ लाख २७ हजार २२ अर्थात् ९.०८ प्रतिशत रहेको देखिन्छ। विभागले गत वर्ष देखि नागरिकता नभएको, मृत्यु दर्ता प्रमाण पत्र नभएको, जन्मदर्ता प्रमाण पत्र नभएको लगायतका विषय रुजु गरी लाभग्राहीको अभिलेख प्रत्येक वर्ष दुरुस्त गर्नुपर्नेमा सोसियल सेक्युरिटी डाटा क्लिनिङ्ग समेत गरेको छैन। लाभग्राहीको विवरण दुरुस्त गरी बैंकिङ्ग प्रणालीमार्फत् भुक्तानी दिई अनुगमन व्यवस्थासमेत प्रभावकारी बनाउनुपर्दछ।

नेपाल प्रहरी

नेपाल प्रहरीले प्रहरी ऐन, २०१२ तथा प्रचलित अन्य कानूनबमोजिम शान्ति सुव्यवस्था, अपराध नियन्त्रण र अनुसन्धान, चोरी तस्करी नियन्त्रण, सवारीसाधनको व्यवस्थापन, विशिष्ट व्यक्तिहरू तथा महत्त्वपूर्ण संरचनाहरूको सुरक्षा एवं प्रकोप व्यवस्थापनलगायतका कार्यसम्पादन गर्दै आएको छ।

२४. **कार्यसम्पादन स्थिति -** नेपाल प्रहरीलाई प्रहरी ऐन, २०१२ ले १३ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले १७ प्रकारका काम कर्तव्य र अधिकार तोकेको छ। यो वर्ष नेपाल प्रहरीबाट प्राप्त विवरणअनुसार चोरी तस्करी नियन्त्रणतर्फ सुन र चाँदी, अवैध काठ, हुण्डी कारोबार, स्रोत नखुलेको रू.९८ करोड ९८ लाख ९७ हजारको र अवैध मालसामान रू.१ अर्ब ७ करोड ८३ लाख २३ हजार सामग्री बरामद गरी सम्बन्धित निकायमा बुझाएको, सवारी नियमको उल्लङ्घन गर्ने सवारीधनीबाट रू.१ अर्ब ४१ करोड ८९ लाख २६ हजार जरिबाना असुल गरेको, विपद व्यवस्थापन गर्न ३५ हजार ५७९ प्रहरी जनशक्ति परिचालन गरेको, विभिन्न प्रकारका ३९ हजार ३७९ सवारी दुर्घटनाको उद्धार व्यवस्थापन गरेको, २८ हजार ६२८ मुद्दाको अनुसन्धान गरेको, विभिन्न मुद्दामा फरार ६ हजार २९३ जना पक्राउ गरेको, अनलाइनमार्फत् ६ लाख ७५ हजार २५१ चारित्रिक प्रमाणपत्र वितरण गरेको, लामो र छोटो ३९२ हतियार, ६५८ गोली र ३६ म्यागजिनसहित ३१३ जना पक्राउ गरेको, कोभिड-१९ को नियन्त्रण तथा रोकथाम गर्न प्रहरी परिचालन गरेको र मुलुकभर यो वर्ष ६ दिन नेपाल बन्द, प्रदेश/अञ्चल र जिल्लामा ४३ बन्द र ६२ चक्का जाम भएकोमा जनधनको क्षति हुन नदिने कार्यको व्यवस्थापन गरेको छ। विभिन्न कसुर गरी फरार भएका व्यक्तिहरूको अन्तर्राष्ट्रियस्तरमा खोज तलास गरी पक्राउ गर्न ११ व्यक्ति विरुद्ध रेड नोटिस र ३ जना विरुद्ध डिफ्युजन नोटिस जारी गरेको छ। स्थानीय तह निर्वाचन, २०७९ मा ६१ हजार ८३१ प्रहरी र १ लाख म्यादी प्रहरी परिचालन गरी निर्वाचन सुरक्षा व्यवस्थापन गरेको, २१७ प्रहरी कार्यालयबाट फौजदारी कसूर अन्तर्गत भएको अपराध अनुसन्धान गरेको उल्लेख छ।

गृह प्रशासन सुधार कार्य योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने अभिप्रायले नेपाल प्रहरीले सो कार्य योजनासँग मेल खाने गरी २०७७।७८ र २०७८।७९ का लागि कार्य योजना तयार गरी योजनाले निर्दिष्ट गरेका १४ लक्ष्यअन्तर्गत १५६ क्रियाकलापमध्ये ८१ क्रियाकलापको कार्य सम्पन्न गरेको छ। कार्ययोजना र जिम्मेवारीमा रहेका सबै कार्य समयमै प्रभावकारी रूपमा सम्पन्न गर्नुपर्दछ।

२५. **अपराध अनुसन्धान -** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ ले राज्य विरुद्धको कसूरलगायत १२ किसिमका कसूरको सम्बन्धमा अनुसन्धान गर्ने अधिकार नेपाल प्रहरीलाई तोकेको छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२५.१. अनुसन्धान कार्यहरूका लागि केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो, महिला बेचविखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, लागू औषध नियन्त्रण ब्युरोलगायत सम्पूर्ण प्रहरी संगठन क्रियाशील रहेका छन्। विगत ५ वर्षको अपराधसम्बन्धी घटना र छानबिन स्थिति देहायअनुसार देखिन्छ:

अपराधको किसिम	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
ज्यान	६४०५	६९८६	७१५५	८०५९	८५१०
आत्महत्या	५३१७	५७५४	६२४१	७११७	६७९२
चोरी	१६२८	२८७३	२४५१	२३८२	३१८८

अपराधको किसिम	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
संगठित तथा आर्थिक	४६५६	५३०१	४६०८	४६५२	५५१५
सामाजिक	१४४५०	१११८९	११४८१	८१६८	९९८४
महिला तथा बालबालिका	३२५५	४४२३	४०९२	४७०५	४४२७
सवारी	२३२०	२५४०	१९७१	२१७८	२५२६
विविध	१२८४	३९८५	३८९९	२८५९	५९६०
जम्मा	**३९३१५**	**४३०५१**	**४१८९८**	**४०१२०**	**४६९०२**
फर्स्यौंट	**१३५९६**	**३५३३०**	**२५५८३**	**२३३४५**	**१५१७६**
फर्स्यौंट प्रतिशत	**३५**	**८२**	**६१**	**५८**	**३२**
बाँकी	**२५७१९**	**७७२१**	**१६३१५**	**१६७७५**	**३१७२६**

विगत ५ वर्षको तथ्याङ्कीय विवरण हेर्दा २०७४।७५ मा ३९ हजार ३१५, २०७५।७६ मा ४३ हजार ५१, २०७६।७७ मा ४१ हजार ८९८, २०७७।७८ मा ४० हजार १२० र २०७८।७९ मा ४६ हजार ९०२ अपराधका घटना भएको देखिन्छ। आर्थिक वर्ष २०७५।७६ को तुलनामा २०७६।७७ मा २.७ प्रतिशत र २०७७।७८ मा ४.२४ प्रतिशतले अपराधिक घटनामा कमी आएको देखिन्छ। अघिल्लो वर्षको तुलनामा यस वर्ष करिब १७ प्रतिशतले अपराधका घटना बढेको देखिन्छ। अपराधको घटना संख्यामा बढोत्तरीले शान्ति सुरक्षाको अवस्था र जनताको चेतनास्तरसमेतलाई मापन गर्दछ। यसले मुलुकको शान्ति स्थिरता र विकासमा प्रभाव पार्ने देखिन्छ। अपराधको प्रकृतिको आधारमा गत वर्षको तुलनामा आत्महत्या सम्बन्धी र महिला तथा बालबालिका सम्बन्धी अपराधको घटना क्रमशः ५ र ६ प्रतिशतका दरले घटेको भएतापनि ज्यान, चोरी, संगठित तथा आर्थिक, सामाजिक, सवारी र विविध प्रकृतिका अपराधका घटनामा वृद्धि भएको देखिएको छ। विविधतर्फ ५ हजार ९६० अपराधमध्ये ५ हजार ३८३ बैकिङ्ग कसुरसम्बन्धी रहेका छन्। अपराध घटना दर्तासम्बन्धी एकीकृत विवरणअनुसार ३१ हजार ७२६ मुद्दा फर्स्यौंट हुन बाँकी रहेका छन्। दर्ता भएका अपराधसम्बन्धी उजुरी समयमै तहकिकात र अनुसन्धान गरी टुङ्गो लगाउनुपर्दछ।

२५.२. नेपाल सरकार, गृह मन्त्रालयको २०७१।७।१६ को निर्णयबाट प्रथम त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना स्वीकृत भई २०७२।७३ बाट सञ्चालनमा आएकोमा २०७८।११।२२ देखि तेस्रो कार्ययोजना कार्यान्वयनमा आएको छ। अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको पहिलो वर्ष २०७८।७९ मा ७ कार्यनीतिगत क्षेत्रको १५ क्रियाकलाप सम्पन्न गर्नुपर्नेमा ८ क्रियाकलाप सम्पन्न भएको, ६ क्रियाकलाप आगामी वर्षमा पनि निरन्तरता दिनुपर्ने किसिमको र एक क्रियाकलाप सञ्चालन नगरेको अवस्था छ। कार्यनीतिका लागि कुल रू.३ अर्ब २८ करोड ९० हजार खर्च हुने अनुमान रहेकोमा पहिलो वर्ष आपराधिक तथ्याङ्क व्यवस्थापन र मातहतसँग विद्युतीय संजाल विस्तार, वैज्ञानिक अनुसन्धान पद्धतिको सवलीकरण, अपराध अनुसन्धानसँग सम्बन्धित निकायको समन्वय विस्तार, अपराध अनुसन्धान प्रशिक्षणलाई सुदृढीकरण, स्रोत साधनको व्यवस्थापन, नागरिक जनचेतना अभिवृद्धि र अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापमा रू.८ करोड ८ लाख ६३ हजार खर्च भएको छ। कार्ययोजनामा प्रस्तावित बजेटको तुलनामा उपलब्ध बजेट न्यून रहेको देखिँदा स्रोत साधनको उपलब्धतासमेतलाई ध्यान दिई कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२६. **ट्राफिक व्यवस्थापन -** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ बमोजिम ट्राफिक व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकार नेपाल प्रहरीलाई तोकिएको छ। ट्राफिक व्यवस्थापनमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

२६.१. विगत ५ वर्षको दुर्घटना अवस्था विश्लेषण गर्दा २०७३।७४ देखि २०७७।७८ सम्मको औसत वृद्धिदर १६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७।७८ को तुलनामा २०७८।७९ मा ९१ प्रतिशतले दुर्घटनामा वृद्धि भएको छ। सवारीसाधन र सडकको अवस्था, सवारी चाप, सडक निर्माण सम्पन्न नहुँदै सडक भत्काउने प्रवृत्ति, चालक अनुमतिपत्र नियमनको कमी, सवारी नियमसम्बन्धी ज्ञानको कमी, सवारीचालकको असावधानी जस्ता कारणले सवारी दुर्घटना बढेसँगै मृत्यु, गम्भीर घाइते र सामान्य घाइते हुने संख्यामा समेत वृद्धि हुँदै गएको देखिन्छ। प्राप्त विवरणअनुसार देशभर सवारी दुर्घटनासम्बन्धी ५ वर्षको स्थिति निम्नानुसार छः

क्र.सं.	आ.व.	कुल दुर्घटना		मृत्य		गम्भीर घाइते		सामान्य घाइते	
		संख्या	वृद्धि प्रतिशत	संख्या	वृद्धि प्रतिशत	संख्या	वृद्धि प्रतिशत	संख्या	वृद्धि प्रतिशत
१.	२०७४। ७५	१०९६५	८	२५४१	७	४१४४	(३)	८२४७	(१)
२.	२०७५। ७६	१३३६६	२२	२६७८	५	४३७६	६	१०३६०	२६
३.	२०७६। ७७	१५५५९	१६	२२५१	(१६)	४६२४	६	११५९३	१२
४.	२०७७। ७८	२०६४०	३३	२५००	११	६४४८	३९	१८६००	६०
५.	२०७८। ७९	३९३७९	९१	२८८३	१५	७२८२	१३	२५७२२	३८

गत वर्षको तुलनामा यो वर्षको कुल दुर्घटना तथा मृत्यु संख्यामा उल्लेख्य वृद्धि भएको देखिएको छ। अतः सम्बन्धित निकायहरूबाट सडकको सुधार, क्रसिङ्ग व्यवस्था, पार्किङ्गस्थल, ट्राफिक बत्ती, सी.सी.टी.भी., सडक चिन्हलगायतको उपयुक्त व्यवस्था र सवारी ऐन, नियमको पालना एवं अन्तर निकाय समन्वयबाट बढ्दो दुर्घटना न्यूनीकरण गर्नुपर्ने देखिएको छ। सवारी दुर्घटना हुन नदिन सम्बन्धित सरोकारवालासमेतको समन्वयमा सवारीसाधनको अवस्था, भार वहन क्षमता, यात्रु क्षमता, चालकको अवस्था, सवारीसाधनको गति, ट्राफिक चिन्हको अनिवार्य पालना आदिबारे स्पष्ट निर्देशनसहित अनुगमनलाई तीव्रता दिने, काठमाडौं उपत्यका र देशका अन्य मुख्य शहरमा ट्राफिक व्यवस्थापनमा सुधार गर्न इन्टिलिजेन्ट ट्राफिक लाइट प्रणाली जडानलाई तीव्रता दिने लगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२६.२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारीचालकले तोकिएका नियम पालना गर्नुपर्ने व्यवस्था छ। ट्राफिक प्रहरीतर्फ कुल २ हजार ६२१ दरबन्दी रहेकोमा प्राविधिकतर्फका ३ पदपूर्ति नभएतापनि अन्य सबै पदपूर्ति भएको देखिन्छ। ट्राफिक पदमा जनशक्ति अपुग भएका कारण अन्यत्रबाट १ हजार ३३५ जना काजमा ल्याएको कारण ३ हजार ९३५ जना ट्राफिक प्रहरी ट्राफिक व्यवस्थापन कार्यमा संलग्न रहेका छन्। उपलब्ध विवरणअनुसार २०७८।७९ मा ट्राफिक नियमको पालना नगर्ने १९ लाख ४१ हजार ७५८ सवारीधनीहरूलाई कारबाही गरी रू.१ अर्ब ४१ करोड ८९ लाख २६ हजार जरिबाना राजस्व असुली भएको छ।

गत वर्षको तुलनामा सवारी नियमको पालना नगर्नेको प्रतिशत १८.३७ ले बढेको छ। यो वर्ष सवारी नियम पालना नगर्ने मादक पदार्थ सेवकलाई ५४ हजार ८८७ पटक, तीव्रगतिमा सवारीसाधन चलाउनेलाई २६ हजार ३५९ पटक, लेन अनुशासन पालना नगर्नेलाई १३ हजार ८९३

पटक कारबाही भएको छ। सवारीसाधनको प्रकृतिअनुसार मोटरसाइकल चालकले ६ लाख २२ हजार ४५५, ट्रक/ट्याङ्कर चालकले ५ लाख ७ हजार ४९५, कार, जीप, भ्यान चालकले ४ लाख १९ हजार ९१५ पटक सवारी नियमको पालना गरेका छैनन्। उल्लिखित अवस्थाले सवारी नियमको पालनामा कमजोरी रहेको र नियमको पालना नहुँदा सडक दुर्घटनामा समेत वृद्धि हुँदै आएको देखिँदा आवश्यकताअनुसार ट्राफिक दरबन्दीको व्यवस्था गरी सडक अनुशासन पालनामा कडाई गर्नुपर्ने देखिएको छ।

२७. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा लागत अनुमान, बोलपत्र आह्वानलगायतका कार्य प्रथम त्रैमासिकभित्र गरिसक्नुपर्ने उल्लेख छ। प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष नेपाली रूपैयाँमा भुक्तानी हुने गरी पोशाक खरिदतर्फ ३०, मेसिनरी औजारतर्फ ३१, फर्निचरतर्फ १, निर्माणतर्फ १ तथा सवारीसाधन मर्मत, विद्युतीय तथा कार्यालय सामानतर्फ १३ समेत ७६ बोलपत्रको माध्यमबाट खरिद गर्न सम्झौता भएको देखियो। उल्लिखित सामानको लागत अनुमान रू.१ अर्ब १३ करोड ८२ लाख ५९ हजार उल्लेख गरेकोमा बोलपत्र आह्वान गर्दा ४ देखि ३२ प्रतिशतसम्म घटी कबोल भै रू.१ अर्ब २ करोड ४ लाख ३६ हजारको खरिद सम्झौता भएको छ। सोमध्ये २७ ठेक्काको तेस्रो चौमासिकमा सम्झौता भएको देखिन्छ। यो वर्ष पोशाकतर्फ रू.२० करोड १० लाख ३ हजार, मेसिनरी औजार तर्फ रू.१ करोड १६ लाख ६६ हजार, सुरक्षा प्रणाली तथा उपकरणतर्फ रू.८१ लाख ६१ हजार र सफ्टवेयर निर्माण तथा खरिदतर्फ रू.१ करोड ८ लाख ६० हजार बजेट विनियोजन भएकोमा सामान आपूर्ति हुन नसकी रू.२३ करोड १६ लाख ९० हजार बजेट समर्पण गरेको छ।

निर्माण, पोशाक, मेसिनरी र उपकरणलगायत खरिद कार्यको व्यवस्थापन समयमै हुन नसक्दा म्यादभित्र कार्य सम्पन्न नहुने, कर्मचारीले पोशाकलगायतका आवश्यक सामान प्राप्त गर्न नसक्ने, सोझै खरिद गर्नुपर्ने, बजेट उपयोग नभै समर्पण गर्नुपर्ने अवस्था देखिएको छ। खरिद गुरुयोजना र वार्षिक खरिद योजनाअनुसार खरिदको व्यवस्थापन हुनुपर्दछ।

२८. **पूर्वाधार निर्माण -** कार्य सम्पादनमा प्रभावकारिता ल्याई सेवाको गुणस्तरमा सुधार गर्न भौतिक पूर्वाधार सम्बन्धी निर्माण कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। नेपाल प्रहरीका लागि यो वर्ष भवन निर्माणमा रू.२ अर्ब १३ करोड ४८ लाख ४५ हजार खर्च भएको छ। यस वर्षसम्म नेपाल प्रहरीका स्वीकृत २ हजार ६६० प्रहरी एकाइ रहेकोमा ५२० प्रहरी एकाइले पालिका, स्वास्थ्य चौकी, वन, हुलाक लगायतको भवनमा आश्रित रही कार्य सञ्चालन गरेका छन्। आफनो भवन नभएका कारण ३४१ एकाइको घरभाडामा रू.९ करोड ६९ लाख ५६ हजार खर्च भएको छ। प्राप्त विवरणनुसार प्रहरीका १ हजार ७७ एकाइको आफ्नो नाममा जग्गा नभएको स्थिति रहेको छ। यस वर्ष नेपाल प्रहरीको नियमित बजेटबाट क्रमागत रूपमा रहेका ६५ संरचनामध्ये ५४ को निर्माण कार्य सम्पन्न भएको र ११ निर्माणाधीन अवस्थामा रहेका छन्। प्रदेश सरकारको बजेटबाट १०६ ब्यारेक, मेस, शौचालय, प्रहरी चौकी निर्माण शुरु भएको मध्ये २४ योजनाको निर्माण सम्पन्न भएको र ८२ योजना निर्माणाधीन अवस्थामा रहेको देखिन्छ। निर्माणाधीन भवनको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरी पूर्वाधारको व्यवस्था गर्नुपर्ने देखिएको छ।

२९. **खरिद स्थगन –** सुरक्षा सामग्री खरिद प्रक्रिया अगाडी बढाउन अर्थ मन्त्रालयको च.नं. ५१२ मिति २०७८।१२।२४ को पत्रद्धारा स्रोत सुनिश्चतता भए बमोजिम प्रहरी प्रधान कार्यालयले कुल अमेरिकी डलर ६७ लाख ७८ हजार ४०० को लागत अनुमान भएको अन्तर्राष्ट्रियस्तरको बोलपत्र आव्हान गरेकोमा अमेरिकी डलर ६६ लाख ७३ हजार ७१० (लागत अनुमानको १.५४ प्रतिशत) घटीको ठेक्काहरू स्वीकृत भई २०७९।३।२० मा सम्झौता गरेको छ । सम्झौता अनुसारको कार्य सम्पन्न गर्न सम्बन्धितको नाममा नेपाल राष्ट्र बैङ्कमा प्रतितपत्र खोल्न २०७९।३।२४ को विनिमय दर अनुसार रु.८४ करोड ७४ लाख ९४ हजार निकासा हुन नसकी खरिद कारवाही सम्पन्न भएको देखिएन ।उक्त खरिद कारवाही सम्बन्धमा समयमै निर्णय हुनुपर्दछ।

३०. **पोशाक तथा सामानको उपलब्धता -** प्रहरी नियमावली, २०७१ को परिच्छेद-१४ तथा अनुसूची-१६ देखि २१ सम्म प्रहरी कर्मचारीले पाउने सामान तथा पोशाकको संख्या र खपत अवधि तोकिएको छ। पोशाक वितरण सम्बन्धमा विभिन्न १७ प्रकारका सामानको ३ वर्षको खरिद, आवश्यक परिमाण र वितरणको तथ्याङ्क विश्लेषण गर्दा सादा चुस्ता ३ लाख ४४ हजार २९५ मिटर आवश्यक पर्नेमा १ लाख ६० हजार मिटर उपलब्ध भएको, पी.टी. जुत्ता ७९ हजार ५४१ जोर आवश्यक पर्नेमा ४० हजार जोर उपलब्ध भएको, कम्बल ५३ हजार २८ थान आवश्यक पर्नेमा ३० हजार मात्र उपलब्ध भएको देखिन्छ। त्यस्तै म्याट्रेस १५ हजार ९०९ थान, छालाको बुट २५ हजार ५०४ जोर र अण्डर ट्राउजर ७९ हजार ५४१ थान आवश्यक पर्नेमा यस वर्ष खरिद भएको देखिएन। आवश्यक मालसामान उपलब्ध नहुँदा प्रहरीको कार्यसम्पादनमा समेत असर पर्नसक्ने देखिन्छ। अतः नियमावलीमा तोकिएअनुसार पोशाक वितरण गर्न आवश्यकताअनुसार बजेट र खरिद कार्यको व्यवस्था गर्नुका अतिरिक्त ती सामग्री स्वदेशमा उत्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३१. **मानवस्रोत व्यवस्थापन -** प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ को दफा ३ मा संगठन संरचना तथा दरबन्दी कायम गर्ने तथा प्रहरी नियमावली, २०७१ को नियम ५ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण र पद दर्ताको व्यवस्था छ। नेपाल प्रहरीतर्फ २०७४।७५ देखि २०७८।७९ सम्म ७ पटक संगठन तथा व्यवस्थापन सर्वेक्षण भएको छ। यस वर्ष प्रहरी नियमावली, २०७१ को नवौं संशोधन (२०७८।१०।३) र दशौं संशोधन (२०७८।१२।१०) भई नेपाल प्रहरीको पद सोपानमा प्रहरी सहायक हवल्दार, प्रहरी वरिष्ठ हवल्दार र प्रहरी वरिष्ठ नायब निरीक्षक पद थप गरी २० हजार ४१९ दरबन्दीमा पदोन्नति देखिन्छ। यसैगरी प्रहरी कार्यालय सहयोगीहरूको पाँच तहमा श्रेणी विभाजनलगायतका व्यवस्था भएकोमा उल्लिखित व्यवस्थाबमोजिम नेपाल प्रहरी तथा प्रदेश प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८ नेपाल सरकारबाट २०७८।११।५ मा स्वीकृत भई थपिएका पदहरूलाई संगठन संरचनामा मिलान गरी बढुवा तथा पदस्थापन सम्पन्न भएको छ। प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरण अनुसार ७ प्रदेशमा ५४ हजार ७२०, उपत्यकातर्फ ११ हजार ७४९ र नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गत १३ हजार ७२ समेत ७९ हजार ५४१ दरबन्दी रहेकोमा सात प्रदेशमा ५३ हजार ७२०, उपत्यकातर्फ ११ हजार ५७२ र नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गत १२ हजार ३३९ समेत ७७ हजार ६३१ पदपूर्ति भएको देखिन्छ। संघ र प्रदेशमा रहने प्रहरी कर्मचारीको समायोजन कार्य हुन बाँकी रहनुका साथै नोकरीबाट ४८३ जनाले राजीनामा दिएको र १२० जना गैरहाजिर भई कारबाहीमा रहेको विवरण प्राप्त भएको छ। दरबन्दीअनुसारको पदपूर्ति, बीचमा नोकरी छाड्नेको पहिचान र निराकरण तथा आफ्नो दायित्व

पूरा गर्न मानव संसाधनसम्बन्धी कार्ययोजनाको तयार गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिएको छ। दरबन्दी सिर्जना गर्दा प्रहरी नियमावली, २०७१ को नियम ५ मा उल्लेख भएका आधार तथा अपराधको वृद्धि एवं अन्तर्राष्ट्रियस्तरमा अवलम्बन गरिएको जनसंख्या र प्रहरी अनुपातलगायतको विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल प्रहरीलाई तोकिएको जिम्मेवारी हासिल हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

प्रहरी प्रधान कार्यालयले यस वर्ष प्रहरी नायब महानिरीक्षक ४ समेत विभिन्न पदका २ हजार ३२ जना प्रहरी कर्मचारी काजमा खटाएको देखिन्छ। यस बाहेक उपत्यकाभित्र महानगरीय प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयले समेत प्रदेशभित्र काजमा राखी कार्य सञ्चालन गरेका छन्। दरबन्दीअनुसार पदपूर्ति व्यवस्था मिलाई काज खटाउने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ।

३२. **प्रदेश प्रहरी कार्यालय** - प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ मा नेपाल सरकारले नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षकलाई प्रदेश प्रहरी प्रमुखको रूपमा खटाउने व्यवस्था छ। यसरी खटिने प्रहरी कर्मचारीको पारिश्रमिक तथा सुविधा वापतको रकम सम्बन्धित प्रदेश सरकारको बजेटबाट उपलब्ध गराउनुपर्नेमा यो वर्ष प्रदेश प्रहरी कार्यालयहरूमा नेपाल सरकारको बजेटबाट रू.७ अर्ब २९ करोड ७१ लाख ६७ हजार बजेट विनियोजन भई रू.७ अर्ब २३ करोड ४ लाख ८५ हजार खर्च गरेको छ। ऐनअनुसार खर्च व्यवस्थापन हुनुपर्दछ।

३३. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय व्यय तथा तोकिएबमोजिमका कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट प्राप्त विवरणअनुसार एक परियोजनाको लागि यो वर्ष एक संयुक्त राष्ट्रसंघीय निकाय मार्फत् रू.१६ लाख १७ हजार बालमैत्री कक्षको स्थापनालगायतका कार्यमा खर्च गरेको जनाएको छ। उक्त विभागले सक्कल स्रेस्ता सम्बन्धित निकायमा पठाएकोले लेखापरीक्षणको लागि पेस भएको छैन। ऐनको व्यवस्थाअनुसार सबै प्रकारका आय-व्यय र कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

३४. **तालिम सञ्चालन** - राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगन्जले तयार गरेको वार्षिक तालिम क्यालेण्डरमा समावेश भएका जुडो, करौंते आधारभूत, घुम्ती प्रशिक्षण, विमानस्थल सुरक्षा, अपरेसनल कमाण्ड म्यानेजमेण्ट, सार्वजनिक खरिद क्षमता अभिवृद्धि, कवाज प्रशिक्षणलगायत विभिन्न तालिम सञ्चालनमा यो वर्ष रू.१३ करोड ३३ लाख १० हजार खर्च भएको छ। स्वीकृत कार्यक्रमबमोजिम मास्टर्स इन पुलिस साइन्स, प्रहरी निरीक्षक आधारभूत तालिम, प्रहरी अधिकृत (प्राविधिक) आधारभूतलगायतका २३ तालिम सम्पन्न गर्न रू.५ करोड १५ लाख २३ हजार बजेट व्यवस्था भएतापनि ती तालिम सञ्चालन हुन सकेको देखिएन। मास्टर्स इन पुलिस साइन्स गर्ने अवधारणाअनुसार विगत वर्षदेखि निरन्तर बजेट विनियोजन हुँदै आए तापनि आवश्यक तयारी र सञ्चालन कार्यविधिको अभावमा उक्त तालिम सञ्चालनमा आउन सकेको छैन। कार्यान्वयनयोग्य कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने र स्वीकृत कार्यक्रम तोकिएबमोजिम सम्पन्न गर्नुपर्दछ।

३५. **प्रशिक्षण प्रतिष्ठान निर्माण** - काभ्रेपलान्चोक जिल्लाको पनौतीमा प्रतिष्ठानलाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउन, सबलीकरण एवं सहयोग गर्न नेपाल र भारत सरकारबीच २५ नोभेम्बर २०१४ मा समझदारी भई भारत सरकारबाट करिब ५ अर्ब ४९ करोड भारतीय रूपैयाँ अर्थात् रू.८ अर्ब ७९ करोड नेपाली रूपैयाँ अनुदान सहयोग प्राप्त हुने उल्लेख छ।

३५.१. समझदारी भएको ८ वर्ष पछि उक्त प्रतिष्ठान निर्माण कार्यको लागि यस वर्ष भारत सरकारले नियुक्त गरेको परामर्शदाताबाट तयार गरेको विस्तृत आयोजना प्रतिवेदनलाई गृह मन्त्रालय मन्त्रीस्तरबाट सहमति प्रदान गरी परराष्ट्र मन्त्रालयमार्फत् सन् २०२० मार्च १६ मा भारतीय पक्षलाई पत्राचार भएको छ।

३५.२. उक्त विस्तृत परियोजना प्रतिवेदनमा ई.पी.सी. मोडेलमा परियोजना अघि बढाउने व्यवस्थामा भएको देखिन्छ। मन्त्रालयले डी.पी.आर. स्वीकृत गरिसकेपछि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०७८।१।३१ मा ई.पी.सी. मोडेलसम्बन्धी निर्देशिका र बोलपत्रसम्बन्धी कागजात जारी गरेको छ। उक्त जारी भएको निर्देशिका र बिडिङ कागजात र स्वीकृत भएको डी.पी.आर.बमोजिम परामर्शदाताबाट तयार भएको ड्राफ्ट टेण्डर डकुमेन्टमा ई.पी.सी. मोडेलमा परियोजना अघि बढाउने व्यवस्थामा रोजगारदाताको जोखिम, निर्माण व्यवसायीको दाबी, परियोजनाको म्याद थप, भुक्तानीको तरिका, लाभांश, अप्रत्याशित परिस्थिति, ठेक्का सम्झौता अन्त्य गर्दाको अवस्थालगायतका शर्तमा फरक पर्न गई परामर्शदाताबाट पेस भएको व्यवस्थाबमोजिम नै निर्माण कार्यको बोलपत्र आह्वान गर्न उपयुक्त हुने प्रहरी प्रधान कार्यालयको प्रस्तावलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले २०७८।८।१६ मा स्वीकृत गरेको छ।

३५.३. समझदारी पत्रको धारा ३.२ मा आयोजना ४ वर्षको अवधिमा ३ चरणमा पूरा गरिने,१३ विभिन्न तहको लागि आवासीय भवन, प्रशासकीय भवन पुस्तकालय अडिटोरियम, सेमिनार हलसमेत १५ गैरआवासीय भवन, परेड मैदान, पार्किङ, स्वीमिङ पुललगायतका पूर्वाधार बनाउन प्रहरी प्रधान कार्यालयबाट मूल्य अभिवृद्धि कर बाहेक रू.१० अर्ब ५ करोड ९२ लाख १६ हजारको लागत अनुमान २०७८।९।६ मा स्वीकृत भएको छ। प्रतिष्ठान निर्माणको लागि ४ बोलपत्रदाताले ई.पी.सी.बेसिस कन्ट्रयाक्टको लागि प्रस्ताव पेस गरेकोमा प्राविधिक परीक्षणमा ३ बोलपत्रदाता असफल भएको र पूर्णताको परीक्षणमा एक संयुक्त उपक्रम सारभूत रूपमा प्रभावग्राही भई स्वीकृत भएको छ। प्रतिष्ठान र संयुक्त उपक्रमबीच २०७९।३।१३ मा मूल्य अभिवृद्धि कर बाहेक रू.१० अर्ब १ करोड ५१ लाख (लागत अनुमानभन्दा रू.४ करोड ४१ लाख १६ हजार अर्थात् ०.४४ प्रतिशत न्यून) मा २०२५ जुलाई २ मा कार्य सम्पन्न हुने गरी सम्झौता गरी यस वर्ष निर्माण व्यवसायीलाई नेपाल सरकारको स्रोतबाट रू.५० करोड पेस्की उपलब्ध गराएको छ। सम्झौता बमोजिमका कार्य तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ।

३५.४. नेपाल सरकारको २०७५।५।२१ को निर्णयानुसार १८ महिनाभित्र र अस्थायी रूपमा व्यवस्थापन गरी प्रतिष्ठानलाई पनौतीमा सार्न अस्थायी संरचना निर्माण कार्य शुरु गरेकोमा हालसम्म रू.३६ करोड ७७ लाख १६ हजार खर्च भइसकेको छ। नेपाल सरकारको निर्णयानुसार २०७६ फागुनदेखि नै महाराजगन्जबाट पनौतीमा स्थानान्तरण कार्य शुरु हुनुपर्ने देखिन्छ। प्रतिष्ठानका कार्य पनौतीबाट सञ्चालन गर्ने गरी अस्थायी संरचनाको निर्माण शुरु भए तापनि कार्यालय स्थानान्तरण र संरचना

उपयोग सम्बन्धमा कुनै कार्य अगाडि नबढेको अवस्था छ। स्थानान्तरण निर्णय कार्यान्वयन नगरी अस्थायी संरचना निमार्णकार्य जारी राख्दा स्थायी संरचना निर्माणसँगै अस्थायी संरचनामा भएको खर्च उपयोगविहीन हुनसक्ने हुँदा नेपाल सरकारको निर्णयानुसार स्थानान्तरण गर्नुपर्ने व्यहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् रहेको छ।

नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी, तिनका परिवार र भूतपर्व प्रहरी कर्मचारीहरूको स्वास्थ्य उपचार गर्ने उद्देश्यले २०४० सालमा स्थापना भएको हो। अस्पतालले २०७४ कार्तिक २६ गतेदेखि सर्वसाधारणलाईसमेत उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पतालमा १५० शय्या रहेकोमा २०७७।१२।१६ को मन्त्रिस्तरीय निर्णयानुसार स्तरोन्नति गरी ३०० शय्याबाट सेवा उपलब्ध गराउँदै आएको छ। सोको अतिरिक्त ३०० शय्याको अस्थायी कोभिड-१९ अस्पताल सञ्चालन गर्न स्वीकृति पाई सेवा प्रवाह गर्दै आएको छ।

३६. **सञ्चालन खर्च -** यो वर्ष नेपाल सरकारबाट चालु तथा पुँजीगत बजेटतर्फ रू.७३ करोड ९६ लाख ५६ हजार खर्च भएको छ। चालु खर्चतर्फ पारिश्रमिकमा रू.२७ करोड ४८ लाख २३ हजार, औषधि खरिदमा रू.१० करोड ९ लाख, पुँजीगततर्फ भवन निर्माणमा रू.१३ करोड ३९ लाख ८० हजार, मेसिनरी तथा औजार खरिदमा रू.७ करोड १ लाख ७२ हजार र अन्यमा रू.१५ करोड ९७ लाख ८१ हजार खर्च भएको देखिन्छ। अस्पतालले यो वर्ष सर्वसाधारण उपचार व्यवस्थापनबाट रू.१ करोड १७ लाख ६० हजार, विपन्न नागरिक उपचार व्यवस्थापनबाट रू.७३ लाख ७ हजार, कल्याणकारी कोषबाट अनुदान रू.२ करोड, एनेस्थेसिया तथा अन्य परीक्षण शुल्क रू.३ करोड ८४ लाख ८८ हजार, नयाँ उम्मेदवार स्वास्थ्य परीक्षणबाट रू.४६ लाख ९६ हजारसमेत रू.८ करोड २२ लाख ५१ हजार आम्दानी गरेको छ। अस्पतालको आन्तरिक आम्दानीले मात्र प्रशासनिक खर्च व्यवस्थापन गर्न कठिन रहेकोले अस्पतालको दिगोपना र सेवा विस्तारको लागि सबै प्रकारका आन्तरिक स्रोतको आयमा वृद्धि गरी खर्च नियन्त्रण गर्नुपर्दछ।

३७. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष सेवारत तथा अवकाश प्राप्त प्रहरी कर्मचारी, आश्रित कर्मचारी परिवार र १६ हजार २१७ सर्वसाधारणसमेत २ लाख २२ हजार ८६४ जनालाई चिकित्सा परामर्श, प्रयोगशाला परीक्षण, एक्सरे, शल्य चिकित्सालगायतको स्वास्थ्य सेवा उपलब्ध गराएको छ। अस्पतालमा ११ हजार २ जनालाई भर्ना गरी उपचार उपलब्ध गराएको छ। सोको अतिरिक्त २०७८।७९ मा कोभिड-१९ संक्रमितको पहिचान गर्न १४ हजार ५५२ को पीसीआर परीक्षण गरेको छ। कोभिड-१९ संक्रमित २ हजार ५४३ जना भर्ना गरी उपचार सेवा उपलब्ध गराएको छ।

फार्मेसी सेवा निर्देशिका, २०७२ अनुसार सर्वसाधारणको लागि अस्पतालकै फार्मेसीमार्फत् सुलभ र गुणस्तरीय औषधि उपलब्ध गराउनुपर्ने व्यवस्था गरे तापनि फार्मेसी सञ्चालन नगरेका कारण सेवा उपलब्ध हुन सकेको छैन। यसैगरी विस्तारित अस्पताल सेवा कार्यक्रम तथा नन्प्राक्टिस कार्यविधि, २०७१ बमोजिम सामान्य चिकित्सा, शल्यचिकित्सा, प्रयोगशाला सेवालगायतका विभिन्न

विस्तारित सेवा उपलब्ध गराउने उल्लेख भएकोमा अस्पतालले हालसम्म विस्तारित स्वास्थ्य सेवा सञ्चालन गरेको छैन। सेवा प्रवाहमा सुधार गर्न तत्सम्बन्धी सेवा सञ्चालन गर्नुपर्ने देखिन्छ।

३८. **एम.आर.आई. मेसिन -** अस्पतालले २०७२ मा खरिद गरेको इचेन टेस्ला १.५ एम.आर.आई.मेसिन मर्मत सम्भारको अभावमा २०७७ पौषदेखि बन्द रहेकोले एम.आर.आई. सुविधा उपलब्ध हुन सकेको छैन। एम.आर.आई. मेसिन मर्मत गरी सञ्चालनमा ल्याउनुपर्दछ भनी गत वर्ष औँल्याइएकोमा स्थिति यथावत छ।

३९. **बिरामी प्रेषण -** अप्रेशन थिएटर, रेडियोलोजी, इण्डोक्राइन, न्युरोलोजी, मानसिक, ईकोकार्डियोग्राम, कार्डियाक, इण्डोस्कोपी, छालासम्बन्धी स्वास्थ्य सेवा प्रवाहको लागि अस्पतालले अन्यत्र अस्पतालहरूबाट विज्ञ चिकित्सकको सेवा लिन रू.२० लाख भुक्तानी गरेको छ। अस्पतालमा उपचार हुन नसकी शहीद गंगालाल अस्पतालमा १०, मनमोहन कार्डियो थोरासिकमा १ र अन्य अस्पतालमा १०७ समेत ११८ बिरामी प्रेषण गरेको छ। प्रेषण गरेका बिरामीका लागि रू.६९ लाख ९ हजार र स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाका लागि रू.३९ लाख ९१ हजारसमेत रू.१ करोड ९ लाख खर्च लेखेको छ। अस्पतालको स्वास्थ्य सेवा प्रवाह तथा क्षमता अभिवृद्धि गर्नेतर्फ अस्पताल व्यवस्थापनको ध्यान जानुपर्दछ।

महानगरीय ट्राफिक प्रहरी महाशाखा

४०. **उपत्यकाको ट्राफिक व्यवस्थापन -** सडक, सवारीसाधन, जनशक्ति, प्रविधि, शहरीकरण, जनसंख्या वृद्धि र प्रविधिको विकाससँगै बढ्दै गएको सवारीसाधनको चापलाई सुव्यवस्थित गर्न दूरगामी सोचसहितको योजनाको तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। काठमाडौँ उपत्यकाका तीन जिल्लामा २ हजार ८४ किलोमिटर सडक रहेको छ। आर्थिक वर्ष २०७८।७९ को वैशाख मसान्तसम्म बागमती प्रदेशमा मात्र दर्ता भएका सवारीसाधनको संख्या १७ लाख ५६ हजार १७९ रहेको छ। ट्राफिक व्यवस्थापनतर्फ हाल १ हजार ११३ जनशक्तिलाई आधार मान्दा एक जना ट्राफिक प्रहरीले १ हजार ५७८ सवारीसाधन र १.८७ किलोमिटर सडक व्यवस्थापन गर्नुपर्ने अवस्था देखिन्छ। केशरमहल, नारायणहिटी संग्रहालयको दक्षिण गेट, थापाथली, कोटेश्वर, जडीबुटी, टंकेश्वर परोपकारलगायत ७ स्थानका सडक बत्ती (ट्राफिक लाइट) चालु अवस्थामा नरहेको एवं विभिन्न १० स्थानमा पैदलयात्रीका लागि जडान गरिएको बत्तीसमेत चालु अवस्थामा छैनन्। भौतिक पूर्वाधार (सडक, सडक बत्ती, आकाशे पुल, पार्किङ स्थल) पर्याप्त नहुनु, उपलब्ध पूर्वाधार समयमा मर्मत नहुनु, सडकमा खाल्डा खुल्डी पर्नु, मास ट्रान्सपोर्ट गर्ने साधनको अभाव, सवारी नियमको उल्लङ्घन लगायतका कारण ट्राफिक व्यवस्थापन कार्य चुनौतीपूर्ण देखिएको छ। उपत्यकाको यातायात व्यवस्थापनसँग सम्बन्धित सबै निकायले आपसी समन्वय गरी एकीकृत यातायात व्यवस्था प्रणाली कार्यान्वयन गर्न र पूर्वाधारमा सुधार गर्दै प्रविधियुक्त ट्राफिक व्यवस्थापन कार्यलाई अगाडि बढाउनुपर्ने देखिन्छ।

४१. **सवारीसाधन होल्ड -** सवारी नियमको पालना नगरी सञ्चालन गरेका सवारीसाधन ट्राफिक प्रहरीले होल्डमा लिई आवश्यक कारबाही गर्दै आएको छ। महाशाखाले उपलब्ध गराएको विवरणअनुसार ट्राफिक प्रहरी महाशाखाअन्तर्गत यस वर्षसम्म चारपाँग्रे २ र दुई पाङ्ग्रे ४७१ सवारीसाधन होल्डमा

रहेको देखिन्छ। बढी समयसम्म सवारीसाधन होल्डमा रहँदा सवारीसाधनको आयुमा ह्रास आउनुका अतिरिक्त व्यवस्थापनमा समेत कठिनाइ भइरहेको छ। उपर्युक्त सवारीसाधनमध्ये दाबी गर्न नआएका सवारीसाधन प्रहरी ऐन, २०१२ को दफा २० बमोजिम तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुको अतिरिक्त होल्ड भएका सवारीसाधनको समयमै आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

४२. **जरिबाना -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा उल्लिखित सवारी अनुमतिपत्र बेगर सवारीसाधन चलाएमा र ट्राफिक अनुशासन पालना नगरेमा ऐनको दफा १६० बमोजिम दण्ड सजाय हुने व्यवस्था छ। यो वर्ष महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकामा तोकिएको मापदण्ड पालना नगरी सवारीसाधन चलाएको कारण ५ लाख ५ हजार ९०१ सवारीधनीबाट ऐनबमोजिम रू.३३ करोड ११ लाख ५३ हजार जरिबाना असुल गरेको देखिन्छ। महानगरीय ट्राफिक महाशाखाले प्रयोगमा ल्याएको ट्राफिक भायोलेसन रेकर्ड प्रणाली सफ्टवेयरअनुसार २०७८।७९ मा ५ लाख २४ हजार ५८९ जनाले ट्राफिक नियम उल्लङ्घन गरेकोले रू.३४ करोड ५७ लाख ७७ हजार जरिबाना असुल गर्नुपर्ने गरी अभिलेखीकरण गरेकोमा सवारी नियमको पालना नगर्ने १८ हजार ६८८ सवारी धनीबाट रू.१ करोड ४६ लाख २४ हजार असुल गर्न बाँकी रहेको छ।

गत वर्षको प्रतिवेदनअनुसार २०७६।९।२३ देखि २०७८।१०।१४ सम्म सवारी नियमको पालना नगर्ने १२ हजार ७२३ सवारीधनीबाट रू.९७ लाख ६३ हजार जरिबानासमेत असुल गर्न बाँकी रहेको छ। सवारी नियमको उल्लङ्घन पश्चात् सवारी ब्लुबूक, लाइसेन्स, यातायात अनुमतिपत्र जफत गरी जरिबाना तोकेको अर्धकट्टी रसिदसमेत कार्यालयमा रहेको देखिन्छ। कतिपय सवारीधनीले आफ्नो सवारीसाधनको वैधता र पटक पटक सवारी नियम उल्लङ्घन गरेका कारण सम्पर्कमा समेत नआई जरिबाना रकम दाखिला नगरेको अवस्था छ। जरिबाना दाखिला नगर्ने र सम्पर्कमै नरहने अन्य कारणसमेतको पहिचान गरी सवारी नियमको पालना नगर्ने सवारीधनीलाई तत्काल जरिबाना रकम दाखिला गराउन अन्तर निकाय समन्वय गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिएको छ।

सशस्त्र प्रहरी बल, नेपाल

मुलुकमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, भएका वा हुन सक्ने सशस्त्र संघर्ष, विद्रोह नियन्त्रण गर्ने, नेपालको सीमा सुरक्षा र सरकारले तोकेको सार्वजनिक महत्त्वका भवन संरचना सुरक्षा गर्ने, वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्ने र नेपाल सरकारले तोकेको अन्य कार्यसमेतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार यो सुरक्षा निकाय गठन भई सञ्चालनमा रहेको छ।

४३. **वार्षिक कार्यसम्पादन-** वार्षिक प्रगति विवरणअनुसार सशस्त्र प्रहरी बलबाट सीमा सुरक्षा पोष्ट वृद्धि गरी यो वर्ष थप समेत २२८ पुगेको, सीमा इलाकामा ३ हजार ७३५ संयुक्त गस्ती र १३ हजार ८५७ एकल गस्ती परिचालन भएको, मानव बेचबिखनमा शंकास्पद ४४ जनालाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाएको, १७२ पटक समकक्षीसँग सीमा समन्वयात्मक बैठक सम्पन्न गरेको, अवैध राजस्व चोरी पैठारी नियन्त्रण कार्यअन्तर्गत रू.९९ करोड ९३ लाख ६६ हजारको अवैध चोरी

पैठारी निकासीका सामान बरामद गरी भन्सार कार्यालयमा बुझाएको, सशस्त्र प्रहरी कर्मचारी परिचालन गरी १४ जनाको जीवित उद्धार, २ हजार ६९४ जना घाईते उद्धार र २४ मृतकको व्यवस्थापन गरेको छ। विशिष्ट व्यक्ति सुरक्षाअन्तर्गत ३१३ जना, सशस्त्र प्रहरी कर्मचारी परिचालित भई सुरक्षा व्यवस्था मिलाएको छ। विभिन्न अवैध कार्यमा संलग्न ४५७ जनालाई पक्राउ गरेको, १ जनालाई अपहरण मुक्त गरेको, ५३ स्थानमा बम डिष्पोज गरेको, २९१ स्थानमा आगलागी नियन्त्रण गरेको छ। विभिन्न माध्यमबाट परेको कुल २०३ वटा उजुरी मध्ये २०२ फर्स्यौट गरेको लगायतका कार्य सम्पादन गरेको छ। कार्यालयले पेस गरेको विवरणमा स्वीकृत दरबन्दीमध्ये ९८८ रिक्त रहेको, विपद् उद्धारको लागि आवश्यक पर्ने सामग्रीहरू पर्याप्त नरहेको र सीमा सुरक्षा बलका लागि आवश्यक भौतिक संरचनाको अभाव रहेको उल्लेख छ। अतः रिक्त दरबन्दीको समयमै पदपूर्ति, विपद् उद्धारसम्बन्धी सामग्रीहरूको पर्याप्त व्यवस्था र सीमा सुरक्षा बलको लागि आवश्यक भौतिक संरचनाको व्यवस्था गरी संगठनको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

४४. **खरिद स्थगन** – कार्यालयले सशस्त्र प्रहरी बलको लागि आवश्यक पर्ने दुई प्रकारका हतियार खरिदको लागि अन्तराष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट दुई वटा फर्महरूसँग २०८० जेष्ठ १९ सम्म आपूर्ति गर्ने गरी २०७९।३।१६ मा अमेरिकी डलर ३७ लाख ४८ हजार को खरिद सम्झौता गरी उक्त फर्महरूको नाममा रु.४८ करोड ७७ लाख ७५ हजार पेश्की जनाई २०७९।२।२० मा नेपाल राष्ट्र बैङ्कमा प्रतितपत्र खोलेको देखिन्छ। सशस्त्र प्रहरी बलले हातहतियार खरिदको लागि गरेका खरिद सम्झौताहरू स्थगन गर्ने गरी २०७९।४।१९ मा नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णय अनुसार उक्त सामान खरिदका लागि गरेका खरिद सम्झौताहरूको खरिद कारबाही स्थगन गरेको देखिन्छ। उक्त खरिद सम्झौताहरूको खरिद कारवाही सम्बन्धमा आवश्यक निर्णय गरी टुङ्गो लगाउनु पर्दछ।

४५. **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११२(४) तथा कार्यालयले मालसामान खरिदको लागि गरेको खरिद सम्झौताको विशेष शर्त नम्बर २३.१ मा खरिदकर्ताले मालवस्तु स्वीकार गर्ने समयसम्मको सम्झौता मूल्यको ११० प्रतिशत रकम बराबरको बीमा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष कपडा, बन्दोबस्ती सामग्री र सुरक्षा सामग्रीहरू बोलपत्रको माध्यमबाट विभिन्न ५ आपूर्तकसँग खरिद सम्झौता गरी रू.१४ करोड ४९ लाख ३५ हजार भुक्तानी गरेकोमा आपूर्तिकर्ताहरूले मालवस्तु स्वीकार अवधिसम्मको बीमा गरेको देखिएन। अतः सार्वजनिक खरिद नियमावली, २०६४ र खरिद सम्झौतामा उल्लिखित व्यवस्थाअनुसार मालमालवस्तुको बीमा गरेको प्रमाण पेस गरेपछि मात्र आपूर्तिकर्ताहरूलाई भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ।

४६. **पोशाकको उपलब्धता** - सशस्त्र प्रहरी नियमावली, २०७२ मा खपत अवधिको आधारमा १ वर्षदेखि १० वर्षको अवधिमा सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीलाई विभिन्न ४७ प्रकारका पोशाक तथा सामान उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष सशस्त्र प्रहरी बल प्रधान कार्यालयले सुरक्षाकर्मीको लागि रू.१७ करोड ४९ लाख २९ हजार मूल्यका १२ प्रकारका पोशाकहरू बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। विगत तीन वर्षमा वितरण गर्नुपर्ने सामानमध्ये पी.टी. जुत्ता १ लाख १८ हजार १३७, ब्यारेट क्याप १ लाख ३ हजार ७, ऊनी जर्सी १ लाख ६४९, पार्कोट ज्याकेट ७९ हजार ३५६ समेत विभिन्न १२ प्रकारका सामान अपुग रहेको विवरण पेस

भएको छ। दरबन्दीअनुसारका मालसामान वितरण हुन नसक्दा सेवा प्रवाहमा असर पर्न सक्ने हुँदा स्वीकृत दरबन्दी तथा नर्म्सअनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

४७. **मानवस्रोत व्यवस्थापन -** सशस्त्र प्रहरी बल, नेपालमा दक्ष जनशक्ति भर्नादेखि अवकाश एवं अवकाश पछिको सेवा सञ्चालन गर्न संगठनभित्र मानवस्रोत विभाग रहेको छ। प्रधान कार्यालयसहित उपत्यका र उपत्यका बाहिरका मातहतका कार्यालयहरूको दरबन्दी र पदपूर्तिको अवस्था देहायबमोजिम छः

विवरण	जम्मा	पदपूर्ति	रिक्त
दरबन्दी	**३७०५४**	**३६०६६**	**९८८**
उपत्यका (२१ कार्यालय)	५७६०	५४५९	३०१
उपत्यका बाहिर (९९ कार्यालय)	३१२९४	३०६०७	६८७

नेपाल सरकार मन्त्रिपरिषद्को २०७८। ११। ५ को निर्णयअनुसार कायम भएको ३७ हजार ५४ दरबन्दीमध्ये ३६ हजार ६६ को पदपूर्ति भएको छ। दरबन्दीअनुसार २२८ सीमा सुरक्षा पोष्टमा ८ हजार ८५७, जलविद्युत समेतका राष्ट्रिय गौरवका ६ आयोजना र ११ महत्त्वपूर्ण प्रतिष्ठानमा ४९५ जनशक्ति परिचालन गरेको छ। राजस्व, भन्सार, औद्योगिक सुरक्षा बल गठन भएको छैन। सशस्त्र प्रहरी बल ऐन, २०५८ बमोजिम सीमा र राष्ट्रिय गौरवका आयोजना र प्रतिष्ठानको सुरक्षा, सशस्त्र द्वन्द र दङ्गा नियन्त्रण गर्ने लगायतका कार्य प्रभावकारी बनाउन आवश्यकताअनुसार दरबन्दी र पदपूर्तिको व्यवस्था मिलाई काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४८. **सीमा सुरक्षा पोष्ट -** सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ मा सीमा सुरक्षा गर्ने प्रयोजनका लागि सशस्त्र प्रहरी सञ्चालन गर्ने व्यवस्था छ। सीमामा सशस्त्र प्रहरी परिचालन गरी प्रभावकारी सुरक्षाको प्रत्याभूति गर्ने र खुला नाकाका कारण सीमामा हुने अन्तर सीमा अपराधलगायत आपराधिक क्रियाकलापको नियन्त्रण गर्ने उद्देश्यले मन्त्रिपरिषद्को २०६६।१०।२१ को निर्णयबाट सीमानाकामा आवश्यकताअनुसार सीमा सुरक्षा पोष्टहरू स्थापना गरेको देखिन्छ। खुल्ला सीमा क्षेत्रमा दीर्घकालमा ५०० स्थानमा सीमा सुरक्षा पोष्ट स्थापना गर्ने र सशस्त्र प्रहरी बल तैनाथीलाई क्रमश वृद्धि गर्दै लैजाने लक्ष्यअनुरूप २०७८।७९ सम्म नेपाल भारत सीमामा २१९ र नेपाल चीन सीमामा ९ समेत २२८ सीमा सुरक्षा पोष्ट स्थापना गरी सशस्त्र प्रहरी बलका नियमिततर्फका ८ हजार ८५७ जना जनशक्ति परिचालन गरेको छ। सीमा सुरक्षा पोष्टको लागि यस वर्ष सञ्चार महसुल, इन्धन र कार्यालय सामग्रीको लागि रू.२ करोड ९६ लाख चालु र विभिन्न १० जिल्लाका २७ सीमा सुरक्षा पोष्टलाई अफिस भवन, ब्यारेक तथा शौचालय निर्माणको लागि रू.१ करोडका दरले रू.२७ करोड पुँजीगतसमेत रू.२९ करोड ९६ लाख खर्च गरेको छ। कार्यालयले उपलब्ध गराएको विवरणमा सीमा सुरक्षा बलहरूले यस वर्ष सीमा क्षेत्रमा बनाइएका तीन घरटहरा हटाएको, दश भौतिक संरचना निर्माण कार्यमा रोक लगाएको, तीन स्थानमा खेतीपाती गर्न रोक लगाएको, चार स्थानमा एकतर्फी रूपमा दशगजा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्दा रोक लगाएको, दश स्थानमा उत्पन्न सीमा विवाद समाधान गरेको र डिजिटलाईज्ड सीमा सुरक्षाको अवधारणाअनुरूप १७२ समकक्षी बैठक सम्पन्न गरेको उल्लेख छ।

सीमा सुरक्षा बलको लागि छुट्टै दरबन्दी सिर्जना तथा स्वीकृत नभएको र सीमा सुरक्षाको लागि आवश्यक पर्ने ब्यारेक भवन लगायतका भौतिक संरचनाहरू, सामारिक सुरक्षा तथा

बन्दोबस्तीका सामानहरू, सुरक्षासम्बन्धी सञ्चार उपकरणहरू र हाई अल्टिच्युट भएको भौगोलिक रूपले दुर्गम स्थानमा बसेर कार्य गर्ने सीमासुरक्षा वलका जवानका लागि आवश्यक पर्ने पोशाक लगायत अन्य सुविधाहरू पर्याप्त मात्रामा नभएको कार्यालयले जनाएको छ। सशस्त्र प्रहरीको काममध्येमा सीमा सुरक्षाको काम सर्वाधिक महत्त्वको काम हो। उपलब्ध जनशक्ति बढीभन्दा बढी सीमा सुरक्षामा खटाउने तथा ब्यारेक भवनलगायतका भौतिक संरचना, सामारिक सुरक्षा तथा बन्दोबस्तीका सामान, सुरक्षासम्बन्धी सञ्चार उपकरणका लागि आवश्यक पर्ने पर्याप्त स्रोतसाधनको व्यवस्था गरी सीमा सुरक्षा र सीमामा हुने अन्तर सीमा अपराधलगायत आपराधिक क्रियाकलापहरू प्रभावकारी रूपमा नियन्त्रण गर्नुपर्दछ।

नेपाल ए.पी.एफ. अस्पताल

बहालवाला र अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्न काठमाडौंमा सशस्त्र प्रहरी बलको मुख्यालय परिसरमा मेडिकल शाखाको रूपमा २०५९ देखि आरम्भ भएकोमा २०६२ देखि नेपाल ए.पी.एफ. अस्पतालको रूपमा बलम्बु, काठमाडौंमा स्थापना भएको यस अस्पतालले २०७३ देखि सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ।

४९. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार, पूर्व कर्मचारीतर्फ १ लाख २६ हजार ९८६ र सर्वसाधारणतर्फ १३ हजार ७८५ समेत १ लाख ४० हजार ७७१ जनालाई बहिरङ्ग, शल्य चिकित्सा, एक्सरे, प्रयोगशाला परीक्षणलगायत विभिन्न स्वास्थ्य सेवा उपलब्ध गराएको छ। अस्पतालले सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार, पूर्व कर्मचारीलाई सबै सेवा र औषधि निःशुल्क उपलब्ध गराएको छ।

५०. **खरिद व्यवस्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) अनुसार २५ लाख रुपैँया सम्म लागत अनुमान भएको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। कार्यालयले सो सीमा नघाई यस वर्ष रू.२ करोड २ लाख ६५ हजारका विभिन्न औषधि तथा औषधिजन्य सामग्री विभिन्न ११ आपूर्तकबाट सोझै खरिद गरेको देखियो। अस्पतालको लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्रीहरू प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

५१. **अस्पताल सञ्चालन** - अस्पताल सञ्चालनका लागि सशस्त्र प्रहरी वल, नेपाल प्रधान कार्यालयले ११ सदस्यीय अस्पताल सञ्चालक समिति गठन गरेको र सोही संचालक समितिले अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्ने गरेको छ। अस्पताल सञ्चालनसम्बन्धी छुट्टै कानूनी तथा नीतिगत व्यवस्था गरेको देखिएन। यो वर्ष अस्पतालमा नेपाल सरकारवाट चालु तथा पुँजीगत बजेटमा निकासा भएको रू.४५ करोड ५२ लाख ९३ हजार खर्च भएको छ। अस्पतालले यो वर्ष सी.टी. स्क्यान, प्रयोगशाला परीक्षण, बिरामी भर्नालगायतवाट रू.८७ लाख ३७ हजार आम्दानी गरेको छ। प्रत्येक वर्ष नेपाल सरकारले निकासा गरेको रकमबाट पारिश्रमिक, औषधि खरिद र विभिन्न मेसिन उपकरण खरिद लगायतमा खर्च गर्ने गरेकोमा उपकरणको मर्मत गर्न समेत प्राप्त आम्दानी अपुग हुने स्थिति छ। अतः

अस्पताल सञ्चालनसम्बन्धी स्पष्ट कानूनी तथा नीतिगत व्यवस्था गरी दिगो रूपमा अस्पताल सञ्चालन गर्ने व्यवस्था गर्नुपर्दछ।

५२. **उपयोग विहीन स्वास्थ्य उपकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्ति को संरक्षण गर्ने कर्तव्य सम्पति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। अस्पतालले उपलब्ध गराएको विवरण अनुसार अमेरिकी डलर ३ लाख ४४ हजार मूल्यको सिटिस्कयान मेसिन १ थान र रु २७ लाख ७५ हजार मूल्यका रक्तचाप मनिटरिङ्ग लगायत ६ प्रकारका स्वास्थ्य उपकरण उपयोगविहीन अवस्थामा रहेको देखियो। यसरी उपयोगविहीन अवस्थामा रहेका स्वास्थ्य उपकरणहरू मर्मत संभार वा लिलाम बिक्री गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

सूचना प्रविधि लेखापरीक्षण

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली

नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र स्थानीय तहहरूबाट प्रदान गर्ने व्यक्तिगत घटना तथा सामाजिक सुरक्षासँग सम्बन्धित सेवा सुविधा सूचना प्रविधिको माध्यमबाट प्रदान गर्ने उद्देश्यले केन्द्रीकृत तथा वेबमा आधारित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याएको छ। यस प्रणालीमा व्यक्तिगत घटना सम्बन्धी सूचना फाराम दर्ता, प्रमाणपत्र जारी, दर्ता किताब प्रिन्ट, प्रतिलिपि जारी, प्रतिवेदन र सामाजिक सुरक्षा सम्बन्धी लाभग्राहीको निवेदन दर्ता, लगत कट्टा, दर्ता नवीकरण, फर्वाड फिड/रिभर्स फिड बीच हिसाब मिलानको व्यवस्था रहेको छ। प्रत्येक वडा कार्यालयलाई विभाग र सरकारी एकीकृत डाटा केन्द्रसँग इन्टरनेट र ईन्ट्रानेट मार्फत कनेक्ट गरी प्रणाली सञ्चालन गरेको छ। हालसम्म ७५३ पालिकाका ६ हजार २२५ वडा कार्यालयमा प्रणाली सञ्चालनमा ल्याइएको छ। उक्त प्रणालीको सूचना प्रविधि लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

५३. **सूचना प्रविधि व्यवस्थापन -** प्रणालीलाई सुरक्षित एवं प्रभावकारीरूपमा सञ्चालन तथा व्यवस्थापन गर्न स्पष्ट विधि र प्रकृया अवलम्बन गर्नुपर्दछ। यसको लागि सूचना प्रविधि रणनीतिक योजना, कार्यविधि एवं वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने जनशक्ति विकास कार्यक्रम तयार गरी लागू गर्नुपर्नेमा विभाग र स्थानीय तहले सो बमोजिमको व्यवस्था गर्न बाँकी देखिन्छ। हार्डवेयर, सफ्टवेयर, नेटवर्क, डाटा सेन्टर, जनशक्ति व्यवस्थापन लगायतका पूर्वाधारहरूको प्रभावकारी रूपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशा सहितको रणनीतिक योजनाको अभावले प्रणालीको नीति, योजना र उद्देश्य बीच सामन्जस्यताको कमी हुने र दिगो विकास कायम गर्न कठिन हुने देखिन्छ। विभागले प्रणाली सञ्चालनको लागि विषय विज्ञको व्यवस्था सहित स्पष्ट रूपमा कामको बाँडफाँड गरेको पाइएन। कार्य विभाजन स्पष्ट नहुँदा र एकै कर्मचारीले धेरै प्रकृतिको काम गर्नुपर्दा विशेषज्ञताको कमीको कारणले अभिलेखको सुरक्षा चुनौती बढ्ने, पहुँचमा नियन्त्रण नहुने तथा स्रोत साधनको दुरूपयोग हुने लगायतका जोखिम रहन सक्दछन्। यसमा आवश्यक सुधार गर्नुपर्दछ।

व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा जस्तो राज्यका आम नागरिकसँग जोडिएको महत्वपूर्ण जिम्मेवारी र दायित्वलाई आत्मसात गर्ने यस प्रणालीको सञ्चालन, व्यवस्थापन, विकास,

विस्तार र प्रवर्द्धनका लागि एउटा छुट्टै प्राविधिक महाशाखा हुन आवश्यक देखिन्छ। विभागको कार्यक्षेत्र तथा कार्य प्रकृति प्राविधिक किसिमको भएकोले प्राविधिक तर्फ आवश्यक पर्ने सूचना प्रविधिको दरबन्दी अद्यावधिक गर्न, दरबन्दी अनुसारको पदपूर्ति सुनिश्चित गर्न एवं जनशक्ति टिकाइराख्न विभागले जनशक्ति व्यवस्थापन योजना तर्जुमा गरी लागू गर्नुपर्दछ।

५४. **जोखिम विश्लेषण र न्यूनीकरण -** सरकारी निकायले सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दा आफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानून, नीति, नियम एवं विधि प्रक्रियाहरूको पूर्णरूपमा पालना भएको छ भन्ने सम्बन्धमा विश्वस्त हुनका लागि उपयुक्त संयन्त्रहरूमार्फत् परीक्षण गर्नुपर्दछ। तर सूचना प्रविधि सम्बन्धी कानून, नीति, नियमको अनुपालना सम्बन्धमा छुट्टै गुणस्तर आश्वस्तता परीक्षण तथा प्रविधिजन्य जोखिमहरूको स्वतन्त्ररूपमा विश्लेषण र मूल्याङ्कन गरी व्यवस्थापन समक्ष प्रतिवेदन पेस गरेको देखिएन। विभागले प्रणालीको परीक्षण आन्तरिक परामर्शदाताबाट गरेको तर तेस्रो पक्षबाट कुनै सुरक्षा परीक्षण तथा गुणस्तर आश्वस्तता सम्बन्धी प्राविधिक जाँच गराएको छैन। विभागले हेटौंडास्थित डिजाष्टर रिकभरी केन्द्रमा रिकभरी सर्भरको व्यवस्था गरे तापनि रियल टाईम डाटा सिन्क्रोनाईजेशन हुने व्यवस्था नगरेकोले सम्भावित दैवी प्रकोपबाट कुनै क्षति हुन गएमा डाटा पूर्णरूपमा रिकभर हुन नसक्ने जोखिम देखिएको छ। प्रणालीलाई आवश्यक १२ कोरको ओराकल डाटावेस सरकारी एकीकृत डाटा सेन्टरसँग माग गरी प्राप्त गरेकोमा सोको लाईसेन्स, सब्सक्रिप्शन अवधि, स्वामित्व हस्तान्तरण जस्ता विषयमा सरकारी एकीकृत डाटा केन्द्रसँग सम्झौता गरी सेवा निरन्तरताको सम्बन्धमा आश्वस्त हुन कुनै पहल गरेको पाइएन।

विभागले प्रणाली सञ्चालनका जोखिम पहिचान र न्यूनीकरणको लागि नियमित रूपमा दक्ष प्राविधिकबाट समग्र सूचना प्रणालीको सुरक्षण र गुणस्तर आश्वस्तताको प्राविधिक जाँच गराउन सिष्टम अडिट गराउने, डाटा सर्भर राख्ने स्थान तथा सम्वेदनशील उपकरणहरूको नियमित चेकजाँच समेत गराउनुपर्दछ।

५५. **सर्भर कक्ष सञ्चालन -** सूचना प्रविधि प्रणाली कार्यान्वयन गर्ने निकायमा प्रणाली सञ्चालनको लागि सर्भर, स्टोरेज, स्वीच, राउटर, फायरवाल, युपीएस, व्याट्री, अग्नि नियन्त्रक जस्ता उपकरणको व्यवस्था र समग्र उपकरणहरूको चौबीसै घण्टा निगरानीसमेत हुनुपर्दछ। विभागको भवन परिसरमा सर्भर कक्षको व्यवस्थापन मापदण्डअनुसार भएको पाइएन। विद्युत प्रवाह, कूलिङ्ग सिस्टम, सर्भर र्‍याक, अग्नि नियन्त्रक, केबलको नामाकरण आदिको उचित व्यवस्था गरिएको छैन। सर्भर कक्ष भित्र रहेका उपकरणहरूको व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा अटो मनिटरिङ्ग गर्न राखिएको सफ्टवेयर प्रणालीको लाईसेन्स अवधि पनि समाप्त भईसकेको पाइयो। सर्भर कक्षमा सर्भर तथा उपकरणहरूको उचित व्यवस्थापन नहुँदा प्रणालीमा क्षति हुन सक्ने जोखिम रहन्छ।

प्रणाली तथा सर्भर कक्ष सञ्चालनका लागि न्यूनतम मापदण्डको पालना गरी व्यवस्थित र वातानुकुलित बनाई राख्नुपर्दछ। समग्र प्रणालीको निरन्तर चेकजाँच तथा निगरानी गरी सूचना दिने र सतर्क गराउने मोनिटरिङ्ग सिस्टमलाई अद्यावधिक रूपमा जडान गर्नुपर्दछ।

५६. **इन्टरनेट सेवा र कनेक्टिभिटी -** विभागले इन्टरनेट सेवाप्रदायकसँग गरेको सम्झौतामा नेटवर्क डाउनटाईम रिपोर्ट लिने-दिने बुँदा उल्लेख गरेको देखिएन। विभिन्न पालिकाहरूमा पटक-पटक प्रणाली अवरुद्ध हुने समस्याको सम्वन्धमा जानकारी माग गरिएकोमा पालिकाले विभागको सर्भर डाउन भएका

कारण सेवा अबरुद्ध भएको जानकारी दिएको छ। विभागले भने यस सम्बन्धमा ठोस कारण नजनाई अध्ययन भैरहेको जनकारी दिएको छ। विभाग तथा मातहतका कार्यालयमा सञ्चालनमा रहेको प्रणालीको प्रकृति, डाटाको भोल्युम तथा प्रयोगकर्ताको संख्या अनुरूप इन्टरनेट क्षमताको भार मिलान गरी सेवाप्रदायक कम्पनीसँग सम्झौता गर्नुपर्दछ। विभाग र मातहत कार्यालय बीच अनवरत सेवा प्रवाह र कार्यालयहरूको कनेक्टिभिटीको नियमित अनुगमन तथा परीक्षणको व्यवस्था हुनुपर्दछ। डाटा सेन्टर तथा रिकभरी सेन्टर सञ्चालन गर्ने निकायसँग सेवाको गुणस्तर सम्बन्धमा क्षतिपूर्ति सहितको सम्झौता गर्नुपर्दछ।

५७. **डाटा इन्टिग्रेशन** - कुनैपनि निकायले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीलाई व्यवस्थित, भरपर्दो र प्रविधियुक्त बनाउन प्रणालीको क्षमता बृद्धि तथा अन्य निकायको प्रणालीसँग अन्तर/आबद्धता कायम राख्नुपर्दछ। नेपाल सरकारबाट राजपत्रमा प्रकाशित भएको सूचनाबमोजिम आर्थिक रूपमा विपन्न, अति अशक्त, रेखदेख गर्ने कोही नभएका एकल महिला (विवाह नगरेका वा सम्बन्ध विच्छेद) लाई प्रदान गरिने भत्ता र नगरपालिकाको कार्यविधिअनुसार जटिल रोग उपचारका लागि प्रदान गरिने सामाजिक सुरक्षा बापतको रकम (जून प्रत्येक पालिकाहरूमा फरक फरक हुनसक्छ) र लाभग्राहीको विवरण यस प्रणालीमा आवद्ध गरिएको छैन। स्थानीय तहहरूमा यस किसिमका नयाँ विषयहरू बढ्दै जाँदा राष्ट्रिय अर्थतन्त्रसँग सम्बन्धित योजना निर्माणमा निकै ठूलो अर्थ राख्ने सामाजिक सुरक्षासँग सम्बन्धित तथ्याङ्कको यथार्थ विवरण लिन कठिन हुने देखिन्छ। सामाजिक सुरक्षासँग सम्बन्धित जूनसुकै स्थानीय सरकारले प्रदान गर्ने सबै किसिमका भत्ताहरूको विवरण प्रणालीमा आवद्ध हुनुपर्दछ। जसले गर्दा तथ्याङ्कमा एकरूपता कायम गर्न तथा दोहोरोपना हुन नदिन सहज हुनसक्दछ।

५८. **प्रणालीको परनिर्भरता** - सरकारी निकायले सञ्चालन गर्ने सूचना प्रविधि प्रणालीको विकास तथा व्यवस्थापन सम्भव भएसम्म आफ्नै जनशक्तिबाट गर्नुपर्दछ। संगठनकै वा स्वदेशी जनशक्तिबाट उत्पादित सूचना प्रविधि प्रणालीलाई भविष्यमा गर्नुपर्ने अद्यावधिक, सेवा विस्तार, क्षमता बृद्धि लगायतका कार्य गर्न सहज र कम खर्चिलो हुने गर्दछ। विभागले सञ्चालनमा ल्याएको यस प्रणालीको विकास, व्यवस्थापन तथा सञ्चालन बाह्य परामर्शदाताबाट गरेको पाइयो। विभागले सञ्चालनमा ल्याएको यो प्रणाली शुरुदेखि नै व्यक्तिगत परामर्शदाताबाट विकास तथा सञ्चालन गरेको पाइयो र हालसम्म पनि सोही परामर्शदाताबाट मात्रै प्रणालीको पूर्णरूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने गरिएको छ। परामर्शदातालाई कोर डाटामा पहुँच सहितको सञ्चालन, व्यवस्थापन, अद्यावधिक र प्रतिवेदन प्रशोधन गर्ने लगायतका सम्पूर्ण अधिकार सम्झौता मार्फत नै दिएको देखिन्छ। प्रणाली एवं डाटामा सरकारी ईन्जिनियर एवं प्राविधिकको कुनै महत्वपूर्ण भूमिका रहेको देखिएन। प्रणालीमा आईपर्ने साधारण देखि जटिल समस्या समाधानको लागि विभाग उक्त टोलिमा पूर्णरूपमा निर्भर रहेको देखियो। तेस्रो पक्षको अत्याधिक परनिर्भरताले कुनैपनि बखत आईपर्ने दुर्घटनाबाट प्रणाली निरन्तरतामा बाधा पुग्ने जोखिम रहन्छ।

विभागले दरबन्दीमा रहेका प्राविधिक जनशक्तिलाई प्रणालीको व्यवस्थापन, सञ्चालन तथा अद्यावधिक गर्ने विषयमा विज्ञ परामर्शदाताबाट ज्ञान हस्तान्तरण गराई जिम्मेवार तथा उत्तरदायी बनाउनुपर्दछ।

५९. **दोहोरो सुविधा -** संविधानले नै सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा अङ्गीकार गरेकोले राज्यका विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र जातिलाई लक्षित गरी १० प्रकारका सामाजिक सुरक्षा भत्ता मासिक रूपमा प्रदान गर्दै आएको छ। विभागबाट प्राप्त तथ्याङ्कबमोजिम यस आर्थिक वर्षसम्म सामाजिक सुरक्षा भत्ता लिने सबै किसिमका लाभग्राहीको संख्या ३६ लाख २ हजार ७०५ रहेको र सो बापत २०७८।७९ मा रु. ९६ अर्ब ५ करोड ८९ लाख रकम खर्च भएको पाइयो। कतिपय स्थानीय तहले आफ्नै निर्णयबमोजिम केही थप गरी वितरण गरेको भत्ताको विवरण यस प्रणालीमा समावेश भएको छैन। सामाजिक सुरक्षा भत्ता, उमेर हद र लाभान्वित हुने नागरिकको विवरणलाई प्रणालीमा समावेश गरी अध्यावधिक गर्ने गरिएको छ। हालसम्म करिब २ हजार ४६६ व्यक्तिले दोहोरो पर्ने गरी (पेन्शन पाउनेले समेत लिने गरेको) सामाजिक सुरक्षा भत्ता लिएको पाईएको र सो रकम असूल उपर समेत गरेको उल्लेख छ। प्रणालीमा निवृत्तभरण लिने व्यक्तिको विवरण पत्ता लगाइने स्वचालित रूपमा दोहोरोपना रोक्ने व्यवस्था रहेको पाईएन।

निकायहरूले आफ्नो कार्यविधिबमोजिम सामाजिक सुरक्षा रकम र संघीय सरकारद्वारा वितरण हुने भत्ता रकमलाई व्यवस्थित गर्न प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाउनुका साथै प्रणालीले नै दोहोरो सुविधा नियन्त्रण गर्ने व्यवस्था मिलाउन सकेमा उपलब्ध स्रोत सम्बन्धित कार्यमा नै खर्च भएको सुनिश्चित हुने अवस्था सिर्जना गर्नुपर्दछ।

६०. **प्रणालीको इन्टिग्रेसन -** नेपाल सरकारका विभिन्न निकायद्वारा सञ्चालित सफ्टवेयर एप्लीकेशन, अनलाइन एवं अफलाइन प्रणाली तथा मोबाइल एप्स् लगायतको बीचमा डाटा आदान प्रदान गर्ने इन्टरफेस सुरक्षित र भरपर्दो हुनुपर्दछ। यस प्रणालीबाट हालसम्म २ निकायका साथै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बाणिज्य बैङ्कहरू र विभिन्न स्वास्थ्य संस्थासँग एप्लीकेशन प्रोग्राम ईन्टरफेस (एपीआई) को माध्यमबाट डाटा एवं सूचना आदान प्रदान गरिएको छ। यस किसिमको प्रणालीमार्फत् सीधै डाटा आदान प्रदान गर्दा अपनाउनुपर्ने सुरक्षासँग सम्बन्धित विषय तथा अडिट ट्रेलसम्बन्धी नीति एवं कार्यविधि लागू नगरी तत्कालीन आवश्यकता सम्बोधन हुने किसिमले एपीआई इन्टरफेस प्रदान गरेको पाइयो। जसले गर्दा एपीआईको माध्यमबाट हुने सूचना आदान प्रदानको विस्तृत लग, निगरानी तथा अवलोकन गर्न नसकिने हुँदा सोको गलत प्रयोग हुने उच्च जोखिम रहन्छ।

विभागले विभिन्न सफ्टवेयर एप्लीकेशन प्रणालीलाई डाटा एवं सूचना आदान प्रदानको लागि इन्टरफेस उपलब्ध गराउँदा सुरक्षासँग सम्बन्धित नीति तथा कार्यविधि र मापदण्ड अनिवार्यरूपमा तयार गरी लागू गर्नुपर्दछ।

६१. **प्रणाली तथा तथ्याङ्को सुरक्षा -** विभाग तथा मातहतका निकायहरूमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीलाई भाइरस, ह्याकिङ्ग, पाइरेसी, फिसिङ्ग, मालवेयर जस्ता बाह्य तत्वबाट हुने आक्रमणको जोखिमलाई पहिचान गरी न्यूनिकरण गर्न र सुरक्षा प्रदान गर्न उपयुक्त एन्टी मालवेयर, नेटवर्क सेक्युरिटी, फायरवाल जस्ता हार्डवेयर, सफ्टवेयर एवं अन्य सावधानीहरूको उचित प्रयोग गर्नुपर्दछ। साथै, अनधिकृत व्यक्ति तथा प्रयोगकर्ताबाट हुनसक्ने डाटाको प्रयोग, फेरबदल, मेटाउने जस्ता जोखिमलाई न्यूनीकरण गर्न पहुँच नियन्त्रणको प्रभावकारी व्यवस्था हुनुपर्दछ। प्रणाली सुरक्षालाई मजबुद बनाउन बहु-आयामिक प्रमाणीकरणको लागि बायोमेट्रिक, कार्ड रिडर, रिमोट लक, लगबुक, डोरलक आदिको व्यवस्था हुन सकेको छैन। विभागमा एन्टीभाइरस प्रयोग गरिएको तर फायरवाल,

एन्टी-मालवेयर, नेटवर्क सेक्युरिटी लगायतका उपकरण तथा सफ्टवेयरको प्रयोग तथा पहुँच नियन्त्रण सम्बन्धमा स्पष्ट नीति तयार गरी लागू गरेको पाईएन। जसले गर्दा विभागले सञ्चालन गरेको प्रणाली पूर्ण रूपमा सुरक्षित छ भन्ने कुरामा आश्वस्त हुन सकिने अवस्था रहेन।

विभागले प्रणालीलाई बाह्य अवरोध तथा बाधाहरूबाट सुरक्षा प्रदान गर्नको लागि कम्प्युटर, सर्भर, नेटवर्क तथा इन्टरनेट समेतलाई सुरक्षा प्रदान गर्न सक्ने प्रयोगकर्ता पहुँच नियन्त्रण, म्याक बाईन्डिङ, आईपी एड्रेस ट्रयाकिङ लगायतका विशेषता भएको एवं स्वचालित रूपमा अपडेट हुने एन्टी-मालवेयर प्रयोग गर्नुपर्दछ। साथै पहुँच नियन्त्रण र सुरक्षाका अन्य विधि र प्रक्रियालाई कडाइका साथ लागू गरी प्रणाली सुरक्षाको आश्वस्तता प्रदान गर्नुपर्दछ।

६२. **सेवाको आउटसोर्सिङ र गोपनियता -** सरकारी एवं सार्वजनिक निकायले वाह्य पक्षबाट कुनै काम वा सेवा लिनुपर्दा आउटसोर्सिङ सम्बन्धी नीतिको व्यवस्था गर्नुपर्दछ। आउटसोर्सिङ गरिने वाह्य निकायसँग सेवाको प्रकृति, गुणस्तर मापदण्ड, डाटा सुरक्षा, गोपनीयता, पहुँच अधिकार लगायतका शर्त सहितको करार सम्झौता गर्नुका साथै सेवाप्रदायकद्वारा दिइएको सेवाहरूको अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ।प्रणाली सञ्चालन तथा व्यवस्थापनको प्रमुख जिम्मेवारी दिने गरी छनौट गरिएका अधिकांश परामर्शदाता कुनै कम्पनी वा फर्मसँग आबद्ध नभई व्यक्तिगत रूपमा नियुक्त गरेको पाइयो।व्यक्तिगत करार गरिएका सेवा प्रदायक सोही क्षमताअनुसारको सेवा दिन असमर्थ भएको अवस्थामा निजले सम्पादन गरिरहेको जिम्मेवारी साथै हस्तान्तरण हुनसक्ने विषयमा जोखिम रहने हुँदा सोको बारेमा अपनाउनुपर्ने जनशक्ति योजनाको सम्बन्धमा सजग रहेको पाईएन।

विभागले अत्यावश्यक महशुस गरेको र आफ्नै जनशक्तिबाट सम्पादन गर्न सम्भव हुन नसक्ने कामको लागि मात्र आउटसोर्सिङ्ग गर्ने र प्रणाली सञ्चालनका लागि अत्यावश्यक पर्ने विषयमा कुन हदसम्म आउटसोर्सिङ्ग गर्ने हो सो सम्बन्धमा विस्तृत अध्ययन गरी आवश्यक नीति तर्जुमा गर्नुपर्दछ। सुशासनका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा अभ्यासका आधारमा अति सम्बेदनशील डाटा तथा सूचनामा पहुँच हुनेगरी निकायको मूख्य कार्यलाई आउटसोर्सिङ्ग गर्नुहुदैन। आउटसोर्सिङ्ग गरिएका कामहरू सम्झौताबमोजिम भए नभएको बारे परीक्षण गर्ने र डाटा एवं सूचनाको गोपनीयता तथा सुरक्षा जोखिमलाई सम्बोधन हुनेगरी सम्झौताका शर्तहरू पालना हुनुपर्दछ।

६३. **जन्म दर्ता व्यवस्थापन प्रणाली -** स्वास्थ्य संस्थामा जन्मने बच्चाहरूको जन्म दर्ताको लागि विभागले विकास गरेको जन्म दर्ता व्यवस्थापन प्रणालीको प्रयोग गरिएको छ। हालसम्म देशका करिब २४ अस्पताल तथा स्वास्थ्य संस्थामध्ये उपत्यकाभित्र एक स्वास्थ्य संस्थामा मात्र यस प्रणालीको प्रयोग भएको पाइयो। प्रणालीमा डाटा प्रविष्ट गर्दा पहिल्यै जारी भएका नागरिकतामा रहेको ठेगाना, हालको ठेगाना र राज्य पुनर्संचना पश्चात कायम स्वचालित रूपमा परिवर्तन हुने व्यवस्था नभएकोले व्यक्तिको विवरण ईन्ट्री गर्न समस्या परेको परिवर्तित विवरण मिलान गर्न मिल्ने छुट्टै कुनै मोड्युल पनि प्रणालीमा रहेको पाईएन। यस सम्बन्धमा उपयुक्त नीति वा कार्यविधि तयार गरी लागू गर्नुपर्दछ। साथै यस प्रणालीलाई प्रसुती सेवा दिने देशभरिका अस्पताल एवं स्वास्थ्य संस्थाहरूमा विस्तार गर्दै जानुपर्दछ।

६४. **प्रणाली सञ्चालन तथा संभार -** सार्वजनिक निकायले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न एक व्यवस्थापकीय संयन्त्र निर्माण गरी लागू

गर्नुपर्दछ। संयन्त्रलाई प्रणालीमा आवश्यकता अनुरूप परिमार्जन गर्ने तथा गुणस्तरीय एवं प्रभावकारी बनाई सञ्चालन, व्यवस्थापन तथा मर्मत संभार गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्दछ। प्रणालीलाई आवश्यकता अनुरूप केही प्रक्रियागत परिमार्जन, थपघट तथा अन्य केही परिवर्तन गर्न कुनै ठोस प्रकृतिको परिवर्तन व्यवस्थापन प्रक्रिया अवलम्बन गरेको पाइएन। प्रणालीमा बेलाबेलामा गर्नुपर्ने नियमित तथा आकस्मिक परिवर्तन तथा स्तरोन्नती सम्बन्धी नीति रहेको पाइएन। सञ्चालित प्रणालीको सोर्स कोड विभागको सफ्टवेयर विकास सर्भरमा व्यवस्थापन गरेको तर उक्त सर्भर पनि परामर्शदाताकै नियन्त्रणमा रहेकोले सोर्स कोडको सुरक्षाको सम्बन्धमा आश्वस्त हुन सकिएन।

सार्वजनिक निकायले आफ्नो सूचना प्रविधि प्रणाली एवं पूर्वाधारको निरन्तर विकास, परिमार्जन गुणस्तर बृद्धि तथा उपयुक्त परिवर्तन व्यवस्थापन र स्तरोन्नती गर्न नीति बनाई लागू गर्नुपर्दछ।

६५. **अनुगमन, मूल्याङ्कन र निगरानी -** नागरिकलाई प्रदान गरिएको सेवा सुविधाबाट सेवाग्राही सन्तुष्ट रहे नरहेको सम्बन्धमा नियमित अन्तर्क्रिया, अनुगमन, मूल्याङ्कन तथा निगरानी गरी भविष्यमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गरी आवश्यक कार्य गर्नुपर्दछ। विभागका प्राविधिकहरूबाट कार्यालयसँग विभिन्न माध्यम मार्फत नियमित सम्पर्कमा रही वा स्थलगत निरीक्षण गरी प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा देखिएका कमी कमजोरी तथा चुनौतीहरूको प्रभावकारी रूपमा अनुगमन, मूल्याङ्कन गरी समस्याको हल गर्ने गरेको पाईएन। सफ्टवेयर प्रणालीको विकास गर्दा नै प्रणाली सञ्चालनका सम्पूर्ण क्रियाकलापहरू जस्तै अपरेटिङ्ग सिष्टम, एप्लिकेशन, प्रयोगकर्ताका क्रियाकलाप लगायतका प्रत्येक घटनाहरूको स्वचालित रूपमा निगरानी गरी महत्वपूर्ण सूचना तथा डाटा उपलब्ध गराउने अडिट ट्रेल समावेश भएको हुनुपर्दछ, अडिट ट्रेल नहुँदा जूनसुकै बेला अनुसन्धान गर्नुपरेको खण्डमा अत्यावश्यक सूचना प्राप्त नहुने देखिन्छ। विभागको प्रणालीले अडिट ट्रेल जारी गर्ने गरेको तर सोको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको पाइएन। साथै उक्त अडिट ट्रेल पनि परामर्शदाताकै नियन्त्रणमा रहेको पाइयो।

विभागले वार्षिक कार्यक्रम तर्जुमा गरी प्राविधिक जनशक्तिबाट सूचना प्रविधि प्रणालीको छुट्टै अनुगमन हुने व्यवस्था गरी प्राप्त प्रतिवेदनको आधारमा सुधारको लागि उपयुक्त संयन्त्र बनाउनुपर्दछ। साथै, व्यवस्थापकीय तहबाट अडिट ट्रेलको नियमित मूल्याङ्कन तथा समीक्षा हुनुपर्दछ।

अन्य संस्था

प्रहरी कल्याणकारी कोष

शान्ति स्थापनार्थ २०४९ सालदेखि संयुक्त राष्ट्रसंघीय मिसनहरूमा नेपाल प्रहरीको सहभागिताबाट प्राप्त रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्व प्रहरी र परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले प्रहरी कल्याण कोषको स्थापना भएको हो। प्रहरी नियमावली, २०७१ को नियम १९४ को व्यवस्थाअनुसार प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि तर्जुमा भई कोष सञ्चालनमा रहेको छ।

६६. **वित्तीय स्थिति -** कोषको गत वर्षको मौज्दात रू.३ अर्ब ६१ करोड ४ लाख ७६ हजार रहेकोमा यो वर्ष रू.६८ करोड ७२ लाख १९ हजार थप र रू.२७ करोड ७४ लाख ४२ हजार खर्च भई रू.४

अर्ब २ करोड २ लाख ५३ हजार मौज्दात रहेको छ। यो वर्ष जग्गा, भवन, कार्यालय सामान, फर्निचर, उपकरण तथा अन्य सम्पत्तिसमेत रू.७ करोड ४४ लाख ५४ हजारको स्थिर सम्पत्ति रहेकोमा रू.३ करोड ५२ लाख २५ हजार ह्रास कट्टी पश्चात् रू.३ करोड ९२ लाख २८ हजार बाँकी देखिन्छ। सम्पत्तिको समूहअनुसार ५ देखि २५ प्रतिशत ह्रास कट्टी गरेकोमा सम्पत्ति मूल्याङ्कनको आधार स्पष्ट नभएकोले वास्तविक सम्पत्तिको अवस्था चित्रण गरेको छैन। भौतिक परीक्षण गरी वास्तविक मूल्यका आधारमा सम्पत्ति लेखाङ्कन गर्नुपर्दछ।

६७. **मिसनमा लगानी र शोधभर्ना -** प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को परिच्छेद ४.१ मा कल्याणकारी कार्यक्रम सञ्चालनको लागि यू.एन.मिसन, पेट्रोल पम्प, शपिङ्ग कम्पलेक्सलगायतबाट प्राप्त रकम कोषको आय स्रोत हुने व्यवस्था छ। सुडान मिसनमा यो वर्ष रू.१ अर्ब १३ करोड ७४ लाख ७४ हजार लगानी भएको र रू.२ अर्ब ६२ करोड ६१ लाख ५ हजार शोधभर्ना प्राप्त भए तापनि यो वर्षसम्म रू.२७ करोड २० लाख शोधभर्ना हुन बाँकी रहेको छ। मिसन बाहेक आम्दानीको स्रोत न्यून देखिएकोले कोषको दिगोपना र कल्याणकारी कार्यहरूको निरन्तरता चुनौतीपूर्ण देखिँदा कोष निरन्तर सञ्चालनको लागि अन्य वैकल्पिक स्रोतको पहिचान गर्नुपर्ने देखिन्छ। शोधभर्ना प्राप्त हुन बाँकी रकम समयमै प्राप्त गर्नुपर्दछ।

६८. **पेस्की र अन्य दायित्व -** प्रहरी कल्याणकोष सञ्चालन कार्यविधि, २०७१ बमोजिम प्रहरी कल्याण कोष सञ्चालन हुनुपर्दछ। संयुक्त राष्ट्र संघबाट सञ्चालन गरिएको शान्ति मिसनमध्ये हाइटीमा २०६१ जेष्ठदेखि नेपाल प्रहरीको पहिलो समूह खटिई गएकोमा १५ वर्षपछि २०७६ वैशाखमा सम्पूर्ण सामग्रीसहित फिर्ता भएको छ। गत विगत वर्षदेखि वित्तीय विवरणमा हाइटी मिसन प्रयोजनका लागि रू.१ करोड १२ लाख ७१ हजार पेस्की र तिर्नुपर्ने रू.१ करोड ६८ लाख ६४ हजार देखाएको छ। यसै गरी सुडान मिसन २०६५ भाद्रमा शुरु भई २०७८ जेष्ठ १५ मा फिर्ता भएको छ। सुडान मिसनको लागि पेस्की रू.३ करोड ७५ लाख ८९ हजार र रू.६ लाख ८६ हजार तिर्नुपर्ने देखाएको छ। प्रयोजन समाप्त भइसकेको अवस्थामा पेस्की र तिर्नुपर्ने रकम असुल फछर्यौंट गरी हिसाब मिलान गर्नुपर्दछ।

६९. **व्यावसायिक क्रियाकलाप -** नेपाल प्रहरी नियमावली, २०७१ को नियम १९४ मा कल्याण कोष सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने उल्लेख छ। कोष सञ्चालनको लागि प्रहरी वरिष्ठ उपरीक्षकसहित २२ जनाको जनशक्ति संलग्न रही पारिश्रमिकमा यो वर्ष रू.८७ लाख ८९ हजार खर्च गरेको र नेपाल प्रहरीको स्वामित्वमा रहेको जग्गासमेत प्रयोग गरेको अवस्था छ। छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको पारिश्रमिक तथा सो संस्थाले प्रयोग गरेको सम्पत्तिसँग सम्बन्धित खर्च सोही निकायबाट व्यहोर्ने, शोधभर्ना लिने वा नेपाल सरकारको तर्फबाट योगदान देखाउने व्यवस्था मिलाउनुपर्दछ।

७०. **लेखा नीति -** प्रहरी नियमावली, २०७१ को नियम १९४(७) मा कोषको लेखा प्रचलित कानूनबमोजिम राखिने व्यवस्था छ। कोषले वासलात तयार गरे तापनि नेपाल वित्तीय प्रतिवेदनमानको पालना गरी वित्तीय विवरण तयार गरेको छैन भनी गत वर्ष औल्याइएकोमा स्थिति यथावत् छ।

७१. **लेखापरीक्षण -** लेखापरीक्षण ऐन २०७५ को दफा ३ (१) (ख) मा नेपाल सरकारको पुर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । कोषले

कल्याणकारी योजना अन्तर्गत स्थापित वा कोषले लगानी गरेका काठमाडौंको नक्साल र सामाखुशी, वाराको पथलैया, सप्तरीको कदमाहा र भरतपुरको पेट्रोल स्टेशनको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराएको छैन । ऐनको व्यवस्था बमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी संगठनका बहालवाला कर्मचारीहरू, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी एवं तिनका आश्रित परिवारहरू र गृहयुद्धमा ज्यान गुमाएका सशस्त्र प्रहरीका परिवार सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध कल्याणकारी क्षेत्रहरूमा समयानुकूल सेवा प्रदान गर्ने तथा विभिन्न सामाजिक कार्यमा सहभागिता जनाउने तथा केन्द्रबाट उपलब्ध गराउने सुविधाहरूलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्रको कार्यविधि, २०७२ बमोजिम गठन भई सञ्चालनमा रहेको छ।

७२. **वित्तीय विवरण** - सशस्त्र प्रहरी बल नियमावली, २०७२ को नियम १६५(८) मा कोषको लेखा प्रचलित कानूनबमोजिम राखिने व्यवस्था रहेको छ। केन्द्रले मातहतका विद्यालयको आम्दानी र खर्च र मातहतमा सञ्चालित अस्पतालको आय र व्ययलाई वित्तीय विवरणमा समावेश गरेको छैन।

७३. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - केन्द्रको गत वर्षको मौज्दात रू.७६ करोड ६३ लाख रहेकोमा यस वर्ष संयुक्त राष्ट्र संघबाट प्राप्त सोधभर्ना मुद्दती लगानीको ब्याज र व्यावासायिक लगानीबाट प्राप्त प्रतिफलसमेत रू.७३ करोड २५ लाख आम्दानी भई कुल रू.१ अर्ब ४९ करोड ८८ लाख भएकोमा मिशनमा जाने प्रहरी कर्मचारीको भत्तामा रू.५२ करोड ८७ लाख, प्रशासनिकलगायत सामाजिक क्रियाकलापमा रू.२ करोड ८४ लाख र ह्रास कट्टीलगायत अन्य खर्चबापत रू.४ करोड ४४ लाख खर्च भई रू.८९ करोड ७३ लाख बाँकी रहेको छ। उक्त रकम १६ वाणिज्य बैङ्कको विभिन्न ३१ शाखाहरूको मुद्दती तथा चल्ती खातामा मौज्दात रहेको छ। निष्क्रिय खाता बन्द गरी थप ब्याज आर्जन हुने वाणिज्य बैङ्कमा खाता सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७४. **ऋण तथा लगानी** - केन्द्रको कोष सञ्चालन कार्यविधि, २०७४ मा कल्याणकारी कोषबाट सशस्त्र प्रहरी कर्मचारीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था छ। केन्द्रले यस वर्षसम्म रू.२ अर्ब ३४ करोड ३४ लाख लगानी गरेको छ। यस वर्षसम्म कर्मचारीलाई घर कर्जा रू.२ अर्ब ८२ करोड १३ लाख, हायर पर्चेज कर्जा रू.३४ लाख, चार पाङ्ग्रे कर्जा रू.३ करोड ८९ लाख, शैक्षिक कर्जा रू.१ करोड ५३ लाख र टेलिभिजन कर्जा रू.३८ लाख ऋण प्रवाह गरेको छ। जुन पुँजीकोषको ५०.८४ प्रतिशत हुन आँउछ। कल्याणकोषले ऋण सापटीबाट यस वर्ष रू.१३ करोड ६८ लाख सेवा शुल्क र ब्याजबापत प्राप्त गरेको छ। यसै गरी सेवा केन्द्र काठमाडौं, पोखरा र धनगढीमा ३ वटा पेट्रोल पम्पमा रू.९ करोड ६० लाख र सप्तरी, कोहलपुर र कीर्तिपुरमा रू.२५ करोड ३१ लाख लगानी गरेको छ। गत वर्ष पेट्रोल पम्पवाट रू.८० लाख लाभांश प्राप्त भएको देखिएकोमा यस वर्ष १५ प्रतिशत घटी अर्थात् रू.६८ लाख प्राप्त भएको छ। व्यवसायिक कारोवारको आधारमा प्राप्त हुनुपर्ने प्रतिफल तोकी अनुगमन गर्ने प्रणालीको विकास गर्नुपर्दछ।

७५. **व्यावसायिक क्रियाकलाप** - सशस्त्र प्रहरी बल नेपाल, कल्याणकारी सेवा केन्द्रको सञ्चालनसम्बन्धी कार्यविधि, २०६६ मा आर्थिक व्यवस्थापनको उल्लेख भए तापनि कर्मचारी व्यवस्थापनबारे उल्लेख

छैन। कोष सञ्चालनको लागि प्रहरी निरीक्षकसहितको जनशक्ति संलग्न रहनुको साथै सशस्त्र प्रहरी बल नेपालको स्वामित्वमा रहेको जग्गा समेत प्रयोग गरेको अवस्था छ। छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको पारिश्रमिक तथा सो संस्थाले प्रयोग गरेको सम्पत्तिसँग सम्बन्धित खर्च सोही निकायबाट व्यहोर्ने, शोधभर्ना लिने वा नेपाल सरकारको तर्फबाट योगदान देखाउने व्यवस्था मिलाउनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा मन्त्रालयको शान्ति सुरक्षा र आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्ने, कारागारको क्षमता विस्तार नभएको, भौतिक पूर्वाधारको आवश्यकताअनुसार नभएको, भिसा स्टिकर अभिलेख अद्यावधिक नभएको, ट्राफिक व्यवस्थापन गर्ने निकायबीच समन्वय नगरेको, उजुरी फर्स्यौंट नभएको, मुआब्जा वितरण नभएको, नर्म्सअनुसार पोशाक वितरण, अस्पतालले फार्मेसी सेवा सञ्चालन नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ८७१ निकायको रू.२ अर्ब ५ करोड ७९ लाख २४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५० करोड ३ लाख ४१ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ५५ करोड ७५ लाख ८३ हजार बाँकी रहेको छ। सोमध्ये रू.४९ करोड १० लाख १७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था ३ तर्फ रू.१३ करोड ३० लाख ९२ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। छ। सोमध्ये रू.१९ लाख ७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

परराष्ट्र मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र मूल्याङ्कन, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र सङ्घलगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूसँगको सम्बन्ध, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको कूटनीतिक प्रतिनिधित्व, अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि, राहदानी तथा भिसा, शिष्टाचार र ओहदाको प्रमाणपत्र, आर्थिक कूटनीति, कूटनीतिक तहमा हुने वार्ता र सम्झौता, नेपालको अन्तर्राष्ट्रिय सीमा सम्बन्ध, विदेशमा रहेका नेपालीहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण गर्ने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ४० सरकारी कार्यालयको निम्नानुसार रू.१२ अर्ब ५७ करोड ३७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४६३९४	६४०६०	५९	१५२२४	१२५७३७

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.७ करोड ९५ लाख र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट खर्च भएको रू.६३ लाखसमेत रू.८ करोड ५८ लाख समावेश गरिएको छैन। मन्त्रालयअन्तर्गत ४ नियोगको रू.४९ करोड १० लाखको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

२. **अन्य संस्था -** यो वर्ष परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको रू.३ करोड २४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र एक संस्थाको रू.९६ लाख ५२ हजारको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **परराष्ट्र नीतिको कार्यान्वयन -** परिवर्तित विश्व परिवेशमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिलाई सन्तुलित र स्वतन्त्र राख्दै राष्ट्रिय हितको संवर्द्धन र प्रवर्द्धन गरी मुलुकको सामाजिक आर्थिक रुपान्तरणमा योगदान पुग्ने अपेक्षासहित परराष्ट्र नीति, २०७७ कार्यान्वयनमा आएको छ। उक्त नीतिमा ९ क्षेत्रगत विषयअन्तर्गतका नीति, रणनीति र कार्यनीति अवलम्बन गरी नेपालको परराष्ट्र नीति सञ्चालन हुने र नीतिभित्र समेटिएका क्षेत्रगत विषयहरू वार्षिक नीति तथा कार्यक्रम एवं बजेटमार्फत सरोकारवाला निकायले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने उल्लेख छ। परराष्ट्र नीतिले लक्षित गरेका क्षेत्रगत विषयहरू, द्विपक्षीय/बहुपक्षीय सहयोग, विधिमा आधारित विश्वव्यवस्था, क्षेत्रीय सहयोग, आर्थिक कूटनीति, प्राकृतिक तथा कानूनी व्यक्तिको हकहितको संरक्षण, सार्वजनिक कूटनीति, ट्रयाक टु कूटनीति र संस्थागत सुदृढीकरण सम्बन्धमा वार्षिक नीति तथा कार्यक्रम एवं बजेटमार्फत सरोकारवाला निकायले वार्षिक कार्ययोजनासहितको कार्यान्वयनको खाका तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **वार्षिक कार्यक्रमको नतिजा सूचक र लक्ष्य -** यो वर्ष मन्त्रालयको लागि विनियोजित बजेट रू.६ अर्ब ५४ करोड ३३ लाखमध्ये रू.४ अर्ब ९३ करोड ५५ लाख खर्च भएको छ। वार्षिक विकास कार्यक्रममा मन्त्रालयका लागि तोकिएका ९ लक्षित कार्यक्रममध्ये विदेशस्थित नियोगहरूमा भवन/जग्गा खरिद/निर्माण, ब्रेन गेन सेन्टरमा आबद्ध हुने गैरआवासीय नेपाली, ब्रेन गेन सेन्टरमार्फत् प्राप्त हुने परियोजना प्रस्तावलगायतका कार्यक्रममा लक्ष्यअनुसार प्रगति हासिल भएको छैन।

५. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले लक्षित गरेका मन्त्रालयसँग सम्बन्धित मुख्य नतिजा सूचकहरूको २०७६।७७ देखि २०७८।७९ सम्मको मध्यावधि समीक्षा राष्ट्रिय योजना आयोगबाट भएको छ। उक्त समीक्षाअनुसार योजना अवधिभित्र नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुकको संख्या ६० पुऱ्याउने लक्ष्य रहेकोमा ३५ पुगेको, द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको संख्या १७५ पुऱ्याउने लक्ष्य रहेकोमा १६८ पुगेको, द्विपक्षीय परामर्श संयन्त्रको स्थापना र बैठक संख्या १६ पुऱ्याउने लक्ष्य रहेकोमा ९ पुगेको एवं आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम सञ्चालनको लक्ष्य १५० रहेकोमा १४० पुगेको छ। पन्ध्रौं योजना कार्यान्वयनको ३ वर्षमा योजनाले लक्षित गरेका विषयमा परिमाणात्मक उपलब्धि अपेक्षा गरेअनुरूप रहेको देखिँदैन। योजनाको बाँकी २ वर्षमा परिमाणात्मक लक्ष्य हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका यस मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूमध्ये नेपालको आर्थिक कूटनीतिलाई देशगत र क्षेत्रगत लक्ष्य तोकी परिचालन गर्ने, विकास सहायता, व्यापार, लगानी, श्रम र पर्यटन प्रवर्द्धनमा अन्तर्राष्ट्रिय सहयोग बढाउने गरी आर्थिक कूटनीति सञ्चालन गर्ने लगायतका क्रियाकलाप आंशिक रूपमा कार्यान्वयन भएका छन्। राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी सरोकार र चासोका विषयहरूमा सघन छलफल गरी साझा दृष्टिकोण बनाउन अन्तर्राष्ट्रिय स्तरको सगरमाथा सम्वाद आयोजना गर्ने, अन्तर्राष्ट्रिय व्यापार, सुरक्षित वैदेशिक रोजगारी, वैदेशिक लगानी र पर्यटन प्रवर्द्धनका लागि परिभाषित जिम्मेवारीसहित विदेशस्थित कूटनीतिक नियोगलाई थप क्रियाशील बनाइने, प्रवासमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न तयारी कार्य अघि बढाइने, गैरआवासीय नेपालीको ज्ञान, पुँजी र प्रविधिलाई राष्ट्रिय विकासमा उपयोग गर्न नेपाल सरकारको समेत लगानीमा स्थापित एनआरएन कोषलाई पूर्वाधार विकासमा उपयोग गर्ने, ब्रेन गेन सेन्टरलाई क्रियाशील बनाई विदेशमा विशेषज्ञता एवं विशिष्टता हासिल गरेका नेपालीको ज्ञान राष्ट्र निमार्णमा उपयोग गर्ने लगायतका कार्यक्रम सञ्चालन भएको देखिएन।

७. **नियोगहरूको पुनर्संरचना -** निजामती सेवा ऐन, २०४९ को दफा ६क मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति वा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था छ। परराष्ट्र मन्त्रालयअन्तर्गत विभिन्न देशमा राजदूतावास ३०, महावाणिज्यदूतावास ७ तथा स्थायी नियोग ३ समेत ४० नेपाली नियोग रहेका छन्। नियोगको कार्यक्षेत्रभित्र रहेका नेपाली नागरिकहरूको संख्या, आर्थिक क्रियाकलापको अवस्था, आर्थिक कूटनीति प्रवर्द्धनको सम्भावना, ती देशले नेपालमा स्थापना गरेको नियोगसमेत विचार गरी प्रवाह गर्नुपर्ने सेवाअनुसार

जनशक्तिको विश्लेषणसहित नियोगको निरन्तरता, बन्द गर्ने वा सेवा प्रदायक संस्थामार्फत सेवा प्रवाह गर्ने विषयमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त संख्यामा नेपाली नियोगहरू पुनर्संरचना गर्नुपर्दछ।

८. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) बमोजिम मन्त्रालयले पेस गरेको आय-व्ययको केन्द्रीय वित्तीय विवरणमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

८.१ मन्त्रालयबाट पेस भएको केन्द्रीय वित्तीय विवरणअनुसार नियोगहरूतर्फ रू.३ अर्ब ५७ करोड ८३ लाख खर्च भएकोमा नियोगहरूको आर्थिक विवरणमा रू.२ अर्ब ९९ करोड ८ लाख खर्च भई मन्त्रालयको आर्थिक विवरणमा उल्लेख भएभन्दा रू.५८ करोड ७५ लाख न्यून देखिन्छ। मन्त्रालयले नियोगहरूलाई निकासा गरेको आधारमा खर्च लेखाङ्कन गर्ने तर यथार्थमा सबै रकम नियोगमा खर्च भइनसक्ने कारण नियोगहरूको वित्तीय विवरणमा उल्लेख भएभन्दा मन्त्रालयले रू.५८ करोड ७५ लाख बढी खर्च देखाएको छ। यथार्थ खर्चको आधारमा केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्दछ।

८.२ वित्तीय विवरणअनुसार यो वर्ष विदेशस्थित नियोगहरूलाई निकासा दिएकोमध्ये खर्च नभई बाँकी रहेको रू.५८ करोड ७५ लाख मन्त्रालयले २०७९।८० को प्रथम चौमासिक निकासाबाट फ्रिज कट्टी गर्नुपर्नेमा रू.५३ करोड ७९ लाख मात्र फ्रिज कट्टी गरी सञ्चित कोषमा दाखिला गरेकोले कट्टा गर्न बाँकी रू.४ करोड ९६ लाख सञ्चित कोष दाखिला गर्नुपर्दछ।

८.३ मन्त्रालयले राजस्वको केन्द्रीय आर्थिक विवरण तयार गर्दा राजस्व व्यवस्थापन सूचना प्रणालीको आधारमा विदेशस्थित नियोगहरूको गत वर्षको फ्रिज तथा बेरुजू कट्टीको रकमसमेत समावेश गरी तयार गरेकोमा नियोगहरूको आर्थिक विवरणमा उक्त रकम समावेश भएको देखिँदैन। मन्त्रालयको विवरणअनुसार ३९ नियोगको फ्रिज र बेरुजू कट्टी बाहेक कुल राजस्व रू.२ अर्ब २१ करोड ४६ लाख रहेकोमा नियोगहरूले स्थानीय मुद्रामा तयार गरेको आर्थिक विवरणमा कुल राजस्व रू.३ अर्ब ६७ करोड ८३ लाख देखिन्छ। मन्त्रालयले तयार गरेको आर्थिक विवरणभन्दा नियोगहरूको आर्थिक विवरणमा रू.१ अर्ब ४६ करोड ३७ लाख बढी देखिएकोले यथार्थपरक वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

८.४ स्रेस्ताअनुसारको मौज्दात र बैङ्क स्टेटमेन्टले देखाएको मौज्दात एक आपसमा भिडान गरी बैङ्क हिसाब विवरण तयार गर्नुपर्नेमा नेपाली राजदूतावास टोकियो, तेलअविव, बैङ्कक, नेपाली महावाणिज्य दूतावास न्यूयोर्क र छेन्दुबाट २०७९ असार मसान्तमा स्रेस्तामा देखिएको मौज्दातभन्दा बैङ्कमा रू.६३ लाख ३६ हजार बढी देखिएकोले फरक पर्नाको कारण यकिन गरी राजस्व दाखिला गर्नुपर्दछ।

८.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएको राजस्व राजस्व खातामा जम्मा गर्नुपर्दछ। नियोगमा प्राप्त भएको राजस्व सम्बन्धित मुलुकको स्थानीय बैङ्कमा छुट्टै राजस्व खाता खोली जम्मा गर्ने गरेको र मन्त्रालयले प्रत्येक चौमासिकमा निकासा गरेको रकम बराबर नियोगहरूले राजस्व खाताबाट विनियोजन खातामा रकम स्थानान्तरण गरी सो बराबरको रकम सञ्चित कोष दाखिला गर्ने गरेको छ। नेपाली राजदूतावास लण्डन, टोकियो, कुबेतलगायत १६ नियोगको प्रथम चौमासिक निकासाबाट कट्टी गरी बाँकी रहेको राजस्व रू.३१ करोड ४१ लाख ९९ हजार सञ्चित कोष दाखिला हुनुपर्दछ।

८.६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ बमोजिम प्रत्येक कार्यालयले धरौटी कारोबारको लेखा राखी आर्थिक विवरण तयार गर्नुपर्दछ। नेपाली राजदूतावास ओमान,

बहराइन, इजिप्ट र अबुधाबीले घरेलु कामदारको सुरक्षणबापत सम्बन्धित रोजगारदाताबाट सङ्कलन गरेको रू.१० करोड ९२ लाख आर्थिक विवरणमा समावेश गरेका छैनन्। उक्त रकम वित्तीय विवरणमा समावेश गरी लेखापरीक्षण गराउनुपर्दछ।

नियोगहरूले विनियोजनतर्फ वर्षान्तमा निकासामध्ये खर्च भई बाँकी रहेको रकम तथा राजस्व रकम वर्षान्तमा दाखिला नगरी अर्को आर्थिक वर्षको प्रथम/दोस्रो चौमासिक निकासाबाट मन्त्रालयले कट्टा गरी हिसाब मिलान गर्ने गरेको देखिन्छ। जसले गर्दा मन्त्रालय र नियोगहरूले देखाएको खर्च तथा राजस्व भिडान नहुने समस्या रहेको छ। यस सम्बन्धमा अनलाइन प्रविधिमा आधारित प्रणाली लागू गरी हिसाब मिलान हुने व्यवस्था गर्नुपर्दछ।

९. **धरौटी रकम मुद्दती खातामा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६९(१) मा धरौटीबापत प्राप्त भएको रकम प्रचलित कानूनमा उल्लेख गरिएको बाहेक अन्य काममा खर्च गर्न नहुने व्यवस्था छ। नेपाली राजदूतावास मस्कटमा विगत वर्षदेखि बाँकी रहेको घरेलु कामदारको सुरक्षणबापतको धरौटी रकममध्ये केही रकम मुद्दती खातामा राख्नका लागि २०७८।११।१५ मा विभिन्न बैङ्कका प्रतिनिधिहरूसँग छलफल गरी ३ बैङ्कसँग इमेलमार्फत् ब्याजदरका लागि दरभाउपत्र माग गरेकोमा बैङ्क मस्कटको वार्षिक ३ प्रतिशत ब्याज दिने दरभाउपत्र स्वीकृत गरी कार्यवाहक राजदूतको २०७८।११।२५ को निर्णयले ८० हजार ओमानी रियाल अर्थात् रू.२ करोड ५ लाख ६८ हजार २०७९।१।१३ देखि २०८०।१।१२ सम्म १ वर्ष अवधिको लागी मुद्दती निक्षेपमा राख्ने निर्णय नियमको प्रावधान विपरीत रहेको देखिन्छ।

१०. **घर/अपार्टमेन्ट सुरक्षण -** सरकारी निकायले अन्य निकायमा राखेको धरौटीको अभिलेख महालेखापरीक्षकद्वारा स्वीकृत फाराम नं. ६०५ को ढाँचामा राख्नुपर्दछ। नेपाली राजदूतावास जेनेभा, हङकङ, कोपेनहेगनलगायत २१ नियोगले घरभाडामा लिँदा ८४ घर/अपार्टमेन्टका घरधनीलाई रू.५ करोड ५१ लाख सुरक्षणबापत भुक्तानी गरेकोमा घरको सुरक्षणबापत जमानत राखेको रकमको अभिलेख निर्धारित ढाँचामा राखेका छैनन्। नियोगहरूमा रहेको सुरक्षण रकमको गत विगतको जिम्मेवारी, घरभाडासम्बन्धी करार अवधि खुल्ने विवरण तयार गरी सम्झौता अवधिपश्चात सुरक्षण रकम राजस्व दाखिला गर्नुपर्दछ।

११. **सेवा सुविधासम्बन्धी कानून -** नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम १९ मा नियोग प्रमुख तथा नियोगमा कार्यरत कर्मचारीले नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेबमोजिमको भत्ता तथा अन्य सुविधा पाउने र यसरी प्रदान गरिने भत्ता तथा अन्य सुविधाको सिफारिस गर्न एक समिति रहने उल्लेख छ। नियोगहरूले कर्मचारीहरूलाई नेपाल सरकारको २०५१।२।२३ को निर्णय तथा पटके निर्णयअनुसार वैदेशिक भत्ता, पारिवारिक भत्ता, लुगा भत्ता, शैक्षिक भत्ता, निजी कामदारको दैनिक तथा भ्रमण भत्ता, सेटलमेन्ट भत्ता, आवास सुविधा, औषधि उपचार सुविधा, निजी मालसामान तथा सवारी साधनको ढुवानी र अन्य सुविधा प्रदान गरेको देखिन्छ। नियोगमा कार्यरत कर्मचारीहरूलाई एकीकृत रूपमा कानून बनाई सेवा सुविधा उपलब्ध गराउनुपर्ने व्यहोरा गत विगत वर्षदेखि औंल्याईंदै आएकोमा स्थिति यथावत् छ। यससम्बन्धी केही प्रमुख व्यहोरा निम्नानुसार छन्:

११.१ मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा नियोग प्रमुखबाहेक अन्य कर्मचारीको लागि मन्त्रालयले तोकेबमोजिम साधारण रूपमा सुसज्जित आवास भवन उपलब्ध गराउने उल्लेख भएअनुसार कार्यालय र कर्मचारी आवासको लागि यो वर्ष घर भाडाबापत नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, कोपनहेगनलगायत ३८ नियोगले रू.८४ करोड ७ लाख खर्च गरेका छन्। कर्मचारी आवासको लागि लिएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले स्पष्ट मापदण्डसहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिएकोमा सो निर्देशन कार्यान्वयन नभएकोले पुनः २०७७।८।१४ मा तत्काल स्पष्ट मापदण्ड बनाई लागू गर्न निर्देशन दिएकोमा सोको कार्यान्वयन भएको छैन। समितिबाट भएको निर्देशनको पालना हुनुपर्दछ।

११.२ सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ अनुसार सार्वजनिक निकायले सरकारी कामको सिलसिलामा पानी, बिजुली, सञ्चार महसुल, इन्धनलगायतमा मितव्ययिता कायम गर्नुपर्दछ। मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा नियोगमा कार्यरत कर्मचारीलाई बिजुली, ग्याँस, पानी र अन्य स्थानीय महसुल दिने उल्लेख भए तापनि सोको सीमा किटान गरेको छैन। नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, कोपनहेगनलगायतका नियोगले कार्यालय र कर्मचारी आवासमा प्रयोग हुने पानी तथा विद्युत महसुलबापत यो वर्ष रू.९ करोड ५५ लाख र सञ्चार महसुलबापत रू.५ करोड ५४ लाख खर्च गरेका छन्। यस्तो खर्चसम्बन्धी मापदण्ड तयार नगरेकोले स्पष्ट मापदण्डसहितको नीति बनाई कार्यान्वयन गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् रहेको छ।

११.३ विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत कर्मचारीहरूको स्वास्थ्य उपचार सुविधासम्बन्धी निर्देशिका २०७१, मा नियोगमा कार्यरत कर्मचारी तथा निजका आश्रित परिवारको स्वास्थ्य बीमा गर्नुपर्ने तथा बीमा कम्पनीले उपचारको कुनै रकम नव्यहोरेको अवस्थामा एक पटकमा २० हजारसम्मको नियोगले औचित्य हेरी शोधभर्ना दिन सक्ने र सोभन्दा बढी रकमको हकमा त्यस्तो उपचार गराउनु पर्नाको कारण र बीमा कम्पनीले नव्यहोरेको कारण समेत खोली नियोग प्रमुखले सिफारिससहित शोधभर्नाको लागि परराष्ट्र मन्त्रालयमा लेखी पठाउनुपर्ने तथा यसरी पठाएकोमा परराष्ट्र मन्त्रालयको निर्णयबमोजिम गर्नुपर्ने व्यवस्था छ। नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, कोपनहेगनलगायत ४० नियोगले यो वर्ष स्वास्थ्य बीमा तथा उपचार खर्चको लागि रू.२२ करोड १९ लाख खर्च गरेका छन्। औषधि उपचार खर्च सम्बन्धमा स्पष्ट नीति बनाई लागू गर्न मन्त्रालयलाई सार्वजनिक लेखा समितिले २०७६।३।६ मा निर्देशन दिएकोमा सोसमेत कार्यान्वयन नभएको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् रहेको छ।

१२. **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। वैदेशिक भत्ता समेत पाउने कूटनीतिक कर्मचारीहरूले कार्यरत मुलुकको आन्तरिक भ्रमणमा काज खटिई दैनिक भत्ता प्राप्त गरेको अवधिमा समेत यो वर्ष नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, अबुधाबीलगायत १८ नियोगले रू.५७ लाख ८२ हजार वैदेशिक भत्ता भुक्तानी गरेको छ। वैदेशिक भत्ता प्राप्त गर्ने

कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्ने सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने व्यहोरा गत विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् रहेको छ।

१३. **सम्पत्ति व्यवस्थापन -** विदेशस्थित ४० नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो स्वामित्वमा वा लिजमा रहेको र बाँकीले भवन भाडामा लिई सञ्चालन गर्दै आएका छन्। नियोगहरूको लागि भवन खरिद तथा निर्माण गर्दै जाने नेपाल सरकारको नीति भए पनि यो वर्ष जग्गा तथा भवन खरिद र निर्माणको काम भएको छैन। नियोगहरूको घर/अपार्टमेन्ट भाडाको लागि यो वर्ष रू.८४ करोड ७ लाख २७ हजार खर्च भएको छ। नियोगको नाममा रहेका घर जग्गाको उपयोग र व्यवस्थापन सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम छन्:

१३.१ विदेशस्थित ३९ नियोगले घर/अपार्टमेन्ट भाडाबापत यो वर्ष रू.८४ करोड ७ लाख २७ हजार खर्च लेखाङ्कन गरेका छन्। गैरआवासीय भवन निर्माण गर्नका लागि विगतमा क्यानबेरा, क्वालालम्पुर, कोलम्बो, इस्लामावाद र बेइजिङ्गसमेत ५ स्थानमा खरिद गरिएका जग्गा प्रयोग विहीन अवस्थामा रहेका छन्। यस सम्बन्धमा सार्वजनिक लेखा समितिको २०७७।८।१४ को निर्णयले खरिद गरिएका जग्गामा यथाशक्य चाँडो भवन निर्माण गरी नियोगहरूको घर भाडा खर्चमा कटौती गर्दै जान निर्देशन दिएकोमा यो वर्ष भवन निर्माण कार्यमा कुनै प्रगति भएको छैन। आफ्नो स्वामित्वमा रहेको जग्गामा भवन निर्माण गरी घर भाडा खर्चमा न्यूनता ल्याउनुपर्दछ।

१३.२ नेपाली राजदूतावास, क्यानबेराले ६ हजार १९८ वर्गमिटर जग्गा ९९ वर्षको लागि १२ लाख अष्ट्रेलियन डलरमा लिजमा खरिद गरेको छ। जग्गा खरिदको लागि २०७४।१२।७ मा गरेको सम्झौताको बुँदा ३(ए) मा लिजमा लिएको सो जग्गामा १८ महिनाभित्र भवन निर्माण कार्य शुरु गरी ३६ महिनाभित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ। अष्ट्रेलियन क्यापिटल अथोरिटीले २०७९।१।२२ सम्म भवन निर्माणको कार्य पुनः शुरु गर्न स्वीकृति दिएकोमा जग्गा खरिद गरेको ६२ महिना व्यतीत भैसक्दा समेत निर्माण कार्यको खरिद प्रक्रिया अगाडि बढेको छैन। लिज सम्झौताअनुसार तोकिएको अवधिभित्र भवन निर्माण कार्य शुरु तथा सम्पन्न नगरेको अवस्थामा सम्झौताको अन्त्य समेत हुन सक्ने व्यवस्था रहेकोले लिज सम्झौताबमोजिम भवन निर्माण कार्य प्रारम्भ गर्नुपर्दछ।

१३.३ जर्मनी एकीकरण अघि पश्चिम जर्मनीको बोनमा रहेको नेपाली राजदूतावास सन् २००० मा बर्लिनमा सरे पश्चात् बोनस्थित नेपाल सरकारको स्वामित्वमा रहेको २ घर र त्यसले चर्चेको २ हजार ८४६ वर्गमिटर जग्गासमेत प्रयोगविहीन अवस्थामा रहेको छ। नियोगले सम्पत्तिको मूल्याङ्कन गर्न एक परामर्शदाता छनौट गरी २०७८।६।१५ मा करार सम्झौता गरेको र उक्त सम्झौताको कार्यक्षेत्रगत विवरणमा सम्पत्तिको वर्तमान अवस्था र बजार मूल्यको अध्ययन तथा मूल्याङ्कन, स्थानीय कानूनी व्यवस्थाको विश्लेषण, बिक्री मूल्यको तुलनात्मक बजार विश्लेषण गरी बिक्रीको लागि उपयुक्त सुझावसहितको प्रतिवेदन सम्झौता भएको मितिले ६० दिनभित्र पेस गर्ने उल्लेख छ। परामर्शदाताको मूल्याङ्कन प्रतिवेदन अध्ययन र विश्लेषण गरी सम्पत्तिको उपयुक्त व्यवस्थापन हुनुपर्दछ।

१४. **आर्थिक कूटनीति -** पन्ध्रौं आवधिक योजनाअनुसार मन्त्रालय र मातहत निकायबाट व्यापार, लगानी, पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सम्बन्ध सुदृढ गर्न आर्थिक कूटनीतिका विभिन्न क्रियाकलाप कार्यान्वयनमा रहेका छन्। मन्त्रालयबाट विदेशस्थित नियोगहरूमार्फत् कार्यान्वयन

गर्ने गरी निर्यात प्रवर्द्धन, लगानी सम्मेलनको आयोजना, धार्मिक र सांस्कृतिक, पर्यटन प्रवर्द्धन, रोजगारीको नयाँ सम्भावनाहरूको पहिचान, पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम र नेपाली डायस्पोराको परिचालन गर्ने कार्यक्रममा यो वर्ष नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, अबुधाबीलगायत ४० नियोगबाट रू.४ करोड १८ लाख खर्च भएको छ। आर्थिक कूटनीतिको परिचालन गर्न विश्व व्यापार संगठन र क्षेत्रीय व्यापार संगठनबाट अधिकतम फाइदा लिन सोसम्बन्धी क्षेत्र, उपक्षेत्र र मोडलको पहिचान गरी देशलाई अधिकतम फाइदा हुने गरी सम्झौताको लागि पहल गर्ने एवं नियोगको विशिष्टताअनुसार कार्यक्रम तर्जुमा गरी विदेशस्थित नेपाली नियोग र गैरआवासीय नेपालीको संयन्त्रलाई निर्यात प्रवर्द्धनमा परिचालन गर्नुपर्दछ।

१५. **आयकर -** आयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेका सबै प्रकारका रकम सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१५.१ आयकर ऐन, २०५८ को दफा ६७(६) मा रोजगार जहाँसुकै भएपनि नेपाल सरकारले भुक्तानी दिने भएमा भुक्तानीको स्रोत नेपालमा रहेको मानी कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। विदेशस्थित नेपाली नियोगहरूले सो अनुसार स्थानीय कर्मचारीहरूको पारिश्रमिक आयकर गणना गरेको पाइएन। यो वर्ष नेपाली राजदूतावास बर्लिन, वाशिङ्गटन, लण्डनलगायत १९ नेपाली नियोगले नेपालमा स्थायी घर ठेगाना भएका ९५ नेपाली नागरिकलाई स्थानीय कर्मचारीको रूपमा भर्ना गरी रू.२० करोड १० लाख करार सेवा शुल्क भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८७ तथा अनुसूची-१ बमोजिम उल्लिखित स्थानीय कर्मचारीको पारिश्रमिक भुक्तानीमा रू.४ करोड ७९ लाख पारिश्रमिक कर कट्टा गरेको छैन। यस सम्बन्धमा यकिन गरी सोबापतको कर कट्टा गर्ने व्यवस्था हुनुपर्दछ।

१५.२ नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६।९।२८ को निर्णयबाट विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत सर्भिस स्टाफ (अर्दली) को पारिश्रमिक वृद्धि भई मासिक एकमुष्ट अमेरिकी डलर ६०० देखि १ हजार ३६५ सम्म तोकिएको छ। वैदेशिक भत्ता भनी नतोकिएको अवस्थामा आयकर ऐन, २०५८ को अनुसूची-१ को व्यवस्थाअनुसार कूटनीतिक कर्मचारी सरह वैदेशिक भत्ताको ७५ प्रतिशत रकममा कर छुटको सुविधा प्राप्त हुने देखिँदैन। यस वर्ष नेपाली राजदूतावास बर्लिन, ब्रसेल्सलगायत ४ नियोगले ७ सर्भिस स्टाफलाई रू.१ करोड २८ लाख पारिश्रमिक भुक्तानी गरेकोमा नियोगले सोमा लाग्ने पारिश्रमिक कर रू.२२ लाख कट्टा गरेको छैन। यस सम्बन्धमा यकिन गरी सोबापतको कर कट्टा गर्ने व्यवस्था हुनुपर्दछ।

१६. **स्थानीय कर्मचारीको दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को दफा ६क (२) मा कुनै नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार (मन्त्रिपरिषद्) मा स्वीकृतिको लागि पेस गर्नुपर्ने र नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम २० मा नियोगले नेपाल सरकारले स्वीकृत गरेअनुसार कर्मचारी नियुक्ति गर्नुपर्ने व्यवस्था छ। यस प्रयोजनका लागि मन्त्रालयले विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७२ कार्यान्वयनमा ल्याएको छ। विदेशस्थित ४० नेपाली नियोगमा स्वीकृत २३८ स्थानीय कर्मचारीको दरबन्दीका अतिरिक्त दोहा, बहराइन, जेद्दा, ओमान, वाशिङ्गटनलगायत १० नियोगमा पब्लिक रिलेशन अफिसर, ड्राइभर, अफिस

असिस्टेन्ट, सोसियल सेक्रेटरीलगायतका १५ पदमा अर्थ मन्त्रालयको पटके सहमतिका आधारमा स्थानीय कर्मचारीको रूपमा सेवा करारमा नियुक्त गरेको छ। स्वीकृत दरबन्दीका अतिरिक्त थप १५ स्थानीय कर्मचारीसमेतको पारिश्रमिकको लागि यो वर्ष रू.४७ करोड १५ लाख खर्च भएको छ। ऐनको प्रावधानअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकारबाट थप दरबन्दी स्वीकृत गराएर मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् रहेको छ।

१७. **कार्य सञ्चालन कोष -** वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्ति बापत सम्बन्धित रोजगारदाता कम्पनी तथा बीमा कम्पनीबाट प्राप्त हुने रकम कन्सुलर सेवा विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ। मन्त्रालयको कार्य सञ्चालन कोषमा क्षतिपूर्ति र नियोगहरूबाट प्राप्त रकम गत वर्षको समेत रू.८१ करोड ३७ लाख ७८ हजार आम्दानी भएकोमा रू.७८ करोड ६० लाख ५४ हजार खर्च भई रू.२ करोड ७७ लाख २४ हजार बाँकी रहेको देखिन्छ। उक्त रकममध्ये क्षतिपूर्तिको रकम मृतक/घाइतेका सम्बन्धित हकवालाको विवरण तयार पारी सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत पठाउनुपर्ने र बाँकी रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

राहदानी विभाग

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।१०।७ को निर्णयानुसार नेपाली नागरिकलाई राहदानी जारी गर्ने उद्देश्यले २०६७ ज्येष्ठमा केन्द्रीय राहदानी कार्यालय स्थापना भएकोमा २०६८ माघदेखि उक्त कार्यालय राहदानी विभागको रूपमा परिणत भएको छ।

१८. **सेवा प्रवाह -** राहदानी नियमावली, २०७७ को नियम ३ अनुसार विभागको प्रमुख कार्यमा राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स पासपोर्टको खाली पुस्तिका (डकुमेन्ट्स ब्ल्याङ्क) छपाइ तथा आपूर्ति, वैयक्तीकरण, गुणस्तर परीक्षण, तथ्याङ्क व्यवस्थापन, सुरक्षित भण्डारणलगायतका व्यवस्थापकीय कार्य गर्ने, अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको लिखत ९,३०३ र सोको सम्बद्ध अनुसूचीसमेतको आधारमा नेपाली राहदानी तथा यात्रा अनुमतिपत्रमा राखिएका सुरक्षा विशेषता वा संकेतलाई समय समयमा पुनरावलोकन गरी नेपाल सरकारबाट स्वीकृत गराई अद्यावधिक गर्नेलगायतका कार्य रहेका छन्। विभागले यो वर्ष मेसिन रिडेबल राहदानी ३ लाख ५४ हजार ३१४ र विद्युतीय राहदानी ४ लाख ७८ हजार ७२९ समेत ८ लाख ३३ हजार ४३ पासपोर्ट जारी गरी सेवा प्रवाह गरेको छ।

१९. **राहदानी आवेदन र राष्ट्रिय परिचयपत्र -** राहदानी ऐन, २०७६ को दफा १० र नियमावली, २०७७ को नियम ४(२) मा राहदानी लिन चाहने नेपाली नागरिकले नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको सक्कल वा राष्ट्रिय परिचयपत्र प्राप्त नगरेको तर राष्ट्रिय परिचयपत्र नम्बर प्रदान गरिएको भए परिचयपत्र नम्बर संलग्न गर्नुपर्ने व्यवस्था छ। राहदानी ऐन, २०७६ र नियमावली, २०७७ ले राहदानीको लागि निवेदन पेस गर्दा राष्ट्रिय परिचय पत्रलाई अनिवार्य गरेको छैन। विद्युतीय राहदानी जारी गर्ने सम्बन्धी कार्यविधि, २०७८ परराष्ट्र मन्त्रालय (मन्त्रीस्तरीय) बाट स्वीकृत गरी राहदानीको निवेदनसाथ राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको नम्बर देखिने कागजात अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकारले सहजरूपमा राष्ट्रिय परिचयपत्र वितरण गर्न

नसकेको अवस्थामा मन्त्रालयले राहदानी बनाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा सर्वसाधारणले सहजरूपमा राष्ट्रिय परिचयपत्र नम्बर र राहदानीको आवेदन पेस गर्न नसकेका कारण राहदानी सेवा सहज नभएको जनगुनासो रहेको छ। राहदानीको आवेदन सहजरूपमा पेस गर्न सक्ने व्यवस्था मिलाउनुपर्दछ।

राहदानी विभागले राहदानी आवेदनमा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरेको अवस्थामा राष्ट्रिय परिचयपत्र लिँदा पेस गरेको व्यक्तिगत विवरण एवं विद्युतीय विवरण (तस्विर, औंठाछाप, दस्तखत) लाई मान्यता नदिई विभागमा राष्ट्रिय परिचयपत्र नम्बरसँगै व्यक्तिगत विवरण एवं विद्युतीय विवरण पुनः पेस गर्नुपर्ने प्रत्यक्ष दर्ता प्रणाली व्यवस्था गरेको छ। सेवाग्राहीले एकै प्रकारको व्यक्तिगत विवरण एवं विद्युतीय विवरण कार्यालयपिच्छे पटक पटक पेस गर्नुपर्दा अनावश्यक झन्झट व्यहोर्नु परेको अवस्था छ। विभागले राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमा रहेको तथ्याङ्कसँग राहदानी सूचना प्रणाली आबद्ध गरी सहज, सरल र झन्झटरहित राहदानी सेवा उपलब्ध गराउनुपर्दछ।

२०. **राहदानी वितरण -** राहदानी नियमावली, २०७७ को नियम ६(५) मा विभागले सामान्यतः निवेदन परेको सात दिनभित्र साधारण राहदानी जारी गर्ने व्यवस्था छ। विभागले २०७८।८।१ देखि अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले तोकेको मापदण्डबमोजिमको राहदानी जारी गर्दै आएको छ। राहदानी प्राप्ति प्रक्रियालाई सरल र सहज बनाउन विभागले अनलाइन प्रणालीमार्फत् आवेदन लिई ७७ जिल्ला प्रशासन कार्यालय, १७ इलाका प्रशासन कार्यालय, ३८ नियोग र द्रुत राहदानीका लागि विभागमार्फत् सेवा प्रदान गर्दै आइरहेको छ। उल्लिखित व्यवस्थाको वावजुद सर्वसाधारणले राहदानी प्राप्त गर्न १५ देखि ३० दिनसम्म लाग्ने गरेको देखिन्छ। राहदानी प्राप्तिका लागि सर्वसाधारणको अनलाइन प्रविधिमा पहुँचको कमी, सेवा प्राप्तिको लागि लामो लाइनमा बस्नुपर्ने लगायतका समस्या रहेका छन्। बढ्दो वैदेशिक रोजगारी, भ्रमण र वैदेशिक अध्ययनका कारण राहदानी प्राप्तिको लागि सेवाग्राहीको चाप अत्यधिक रहेको देखिन्छ। विदेशी मुलुकमा प्रवेशाज्ञाका लागि चाहिने आधारभूत प्रमाण कागजातको रूपमा रहेको राहदानीको प्राप्ती सरल र सहज हुनुपर्दछ।

२१. **मेसिन रिडेबल राहदानी -** एक फ्रान्सेली कम्पनीसँग २०६७।५।११ मा ४५ लाख मेसिन रिडेबल पासपोर्ट छपाइ, आपूर्ति र पर्सनलाइजेसनसम्बन्धी कार्य गर्न प्रति राहदानी अमेरिकी डलर ३.५९ का दरले भुक्तानी गर्ने गरी २०७२।८।८ सम्मका लागी सम्झौता भएको देखिन्छ। नेपाल सरकार, मन्त्रिपरिषद्को २०७२।३।१८ को निर्णयअनुसार २०७२।३।३१ मा थप २५ लाख राहदानी छपाइ, आपूर्ति र पर्सनलाइजेसनसम्बन्धी कार्य तथा ५० प्रत्यक्ष आवेदन प्रणाली स्टेसन स्थापनासमेतको कार्य गर्न प्रति राहदानी अमेरिकी डलर ५.१४७३ कायम हुने गरी भेरिएसन भएको देखिन्छ। यो वर्ष रू.४ करोड ५७ लाख ८८ हजारसमेत हालसम्म उक्त कम्पनीलाई रू.२ अर्ब ७३ करोड २ लाख भुक्तानी भएको छ। यो वर्ष ३ लाख ५४ हजार ३१४ राहदानीसमेत २०६७ देखि २०७९ आषाढ मसान्तसम्म कूटनीतिक (रातो) राहदानी ५ हजार ९५१, विशेष (निलो) राहदानी १९ हजार ६२, साधारण (हरियो) राहदानी ७० लाख ४८ हजार ८०९ र ट्राभल डकुमेन्ट १ हजार ८२० समेत ७० लाख ७५ हजार ६४२ छपाइ भएको देखिन्छ।

त्यसैगरी सबै शर्त पहिलो संशोधित सम्झौताबमोजिम नै हुने गरी थप २ लाख राहदानी छपाइ, आपूर्ति र पर्सनलाइजेसन गर्ने गरी २०७७।२।२८ मा विभागले उक्त सम्झौता पुनः दोस्रोपटक संशोधन

गरेको छ। यसरी ५ वर्षको लागि भएको खरिद सम्झौता पटक पटक म्याद थप गरी १२ वर्ष पुगेकोले उक्त कार्य सार्वजनिक खरिद ऐन, २०६३ को सिद्धान्तअनुकूल देखिएन। आवश्यकता पहिचानको आधारमा ठेक्का अवधि निर्धारण गरी बोलपत्र आह्वान एवं कार्यान्वयन गरिनुपर्दछ।

२२. **विद्युतीय राहदानी** - विद्युतीय राहदानी आपूर्ति तथा छपाइका लागि २०७७ पौषमा एक फ्रान्सेली सेवा प्रदायक कम्पनीसँग प्रति इकाई लागत ३२ पृष्ठको अमेरिकी डलर १०.४५ र ६४ पृष्ठको १०.९५ का दरले २० लाख विद्युतीय राहदानी छपाइका लागि ३ वर्ष कार्यावधि रहने गरी मूल्य अभिवृद्धि कर बाहेक अमेरिकी डलर २ करोड ११ लाखको खरिद सम्झौता भएको छ। सम्झौता पश्चात विद्युतीय राहदानीको विस्तृत डिजाइन तयार, आवश्यक बुकलेट डिजाइन, सफ्टवयेर निर्माण, उपकरण जडान एवम् तथ्याङ्क हस्तान्तरण र परीक्षणलयायतका काम सम्पन्न गरी २०७८।८।१ गतेबाट विद्युतीय राहदानी छपाइको कार्य प्रारम्भ भएको छ।

यो वर्ष ३२ पृष्ठका ४ लाख ७७ हजार २७५ र ६४ पृष्ठका १ हजार ४५४ समेत ४ लाख ७८ हजार ७२९ विद्युतिय राहदानी पर्सनलाईजेशन भएका छन्। विभागले भुक्तानी प्रयोजनका लागि नेपाल राष्ट्र बैङ्कमा प्रतिपत्र खोली रू.१ अर्ब ९५ करोड १३ लाख जम्मा गरेको छ। शुरुमा ५० लाख विद्युतीय राहदानीको आवश्यकता पहिचान गरिएकोमा २० लाख राहदानी वा ३ वर्षमध्ये जुन पहिला हुन्छ सोका लागि मात्र खरिद सम्झौता भएको पाइयो। यसरी आवश्यकताभन्दा कम परिमाणमा ठेक्का आह्वान गरी सम्झौता गर्नाले निकट भविष्यमा पुनः खरिद प्रक्रिया शुरु गर्नुपर्दा सेवा प्रवाहमा असर पुग्ने हुँदा यसमा सुधार हुनुपर्दछ।

कन्सुलर सेवा विभाग

कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढङ्गले सम्पादन गर्ने उद्देश्यले नेपाल सरकारको २०७०।१।२० को निर्णयबाट परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो।

२३. **मृतक/घाइते क्षतिपूर्ति** - वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्तिबापत सम्बन्धित रोजगार कम्पनी तथा बीमा कम्पनीबाट प्राप्त हुने रकम नेपाली नियोगहरूमार्फत् यस विभागमा प्राप्त हुने र विभागले मृत्यु वा घाइते भएका व्यक्तिको स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार विभिन्न ८ श्रम गन्तव्य मुलुकमा मृत्यु/घाइते भएका ६७० को क्षतिपूर्तिबापत रू.७० करोड ८६ लाख प्राप्त भएकोमा ६६२ जनाको परिवारलाई रू.७० करोड ७० लाख सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाएको र ८ जनाको परिवारलाई रू.१६ लाख सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत पठाउन बाँकी रहेको देखिएकोले उक्त रकम सम्बन्धित हकवालालाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। मृतक/घाइतेका हकवालाले क्षतिपूर्तिबापतको रकम प्राप्त गरे, नगरेको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूबाट प्रतिवेदन लिई अनुगमन गर्नुपर्दछ।

२४. **भिसा स्टिकर** - अध्यागमन ऐन, २०४९ को दफा ३ मा कुनै पनि विदेशीले भिसा नलिई नेपाल राज्यभित्र प्रवेश गर्न र नेपालमा बस्न नपाउने व्यवस्था छ। विदेशस्थित नेपाली नियोगबाट विदेशी नागरिकलाई भिसा दिने प्रयोजनका लागि विदेशस्थित नेपाली राजदूतावास, महावाणिज्यदूतावास र स्थायी नियोगहरूले माग गरेको आधारमा अध्यागमन विभागबाट १५ दिने, ३० दिने र ९० दिने अवधिका

भिसा स्टिकरहरू कन्सुलर सेवा विभागमार्फत ती नियोगहरूलाई उपलव्ध गराउने व्यवस्था छ। नेपाली नियोगहरूले पेस गरेको राजस्वको आर्थिक विवरणअनुसार यो वर्ष भिसा शुल्कबापत रू.२६ करोड ५७ लाख १२ हजार राजस्व सङ्कलन भएको देखिन्छ। सबै नियोगबाट भिसा स्टिकरको अद्यावधिक विवरण प्राप्त हुन नआएकोले सङ्कलित राजस्वको यथार्थता सम्बन्धमा सुनिश्चित हुन सकिएन। छपाइ तथा स्थानान्तरण लागतमा मितव्ययिता कायम गर्न र आम्दानी खर्चको अभिलेख सरल र सहज बनाउन भिसा स्टिकरको हालको व्यवस्थालाई ई-भिसा प्रणालीमा रुपान्तरण गर्नुपर्दछ।

अन्य संस्था

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ अनुसार प्रतिष्ठानको स्थापना भएको हो।

२५. **कार्य सम्पादन -** परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा, नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिसम्बन्धी अवधारणापत्र, नेपालले अख्तियार गरेको कूटनीतिक सम्बन्धको अभ्यासमा सामयिक सुधार र परिमार्जन तथा विदेशी मुलुकमा दूतावास खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई परामर्श तथा सुझाव दिने जिम्मेवारी समितिलाई तोकिएको छ। प्रतिष्ठानको लागि यो वर्षको स्वीकृत वार्षिक कार्यक्रममध्ये डिप्लोम्याटिक लिडरसिप एण्ड मेन्टेनेन्स अफ इथिक्स, डिप्लोम्याटिक लिडरशीप एण्ड मेनेजमेन्ट, डिजाइन थिङ्किङ्ग अफ फरेन पोलिसी इन करेन्ट ग्लोबल सिनेरियो, डिप्लोम्याटिक ड्राफ्टिङ्ग स्किल्स लिडरशीप एण्ड मेनेजमेन्ट र सैनिक तथा श्रम सहचारीका लागि अनुशिक्षण तालिम कार्यक्रम सञ्चालन हुन सकेको छैन। प्रतिष्ठानले दरबन्दी स्वीकृत नगराई स्रोत व्यक्ति २, सवारीचालक १ र स्वीपर १ सेवा करारमा नियुक्त गरी कार्य सञ्चालन गरिरहेको छ।

प्रतिष्ठानको काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छैन। प्रतिष्ठानको काम-कारबाहीलाई प्रभावकारी बनाउँदै परराष्ट्र नीति मामिला अध्ययन अनुसन्धानमा विज्ञ समूहको रूपमा विकास गर्न यसको संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सङ्गठनात्मक स्वरूप तयार गरी कार्य सम्पादन कार्यलाई प्रभावकारी बनाउन तथा नेपालको परराष्ट्र नीतिलाई वर्तमान विश्वमानचित्रमा पहिचान गराउने र कूटनीतिक क्षेत्रमा कार्यत जनशक्तिलाई कूटनीतिक क्षेत्रका नवीन अवधारणासँग समाहित हुने खालका कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा भिसा स्टिकरको अभिलेख, विनियोजन तथा राजस्वको यथार्थ हिसाब, कर फिर्ताको अभिलेख, यथार्थ आय व्यय विवरण, विदेशस्थित नेपाली नियोगहरूको कार्य विश्लेषण गरी सोको संख्या पुनरावलोकन गर्नुपर्ने, सुविधा सम्पन्न आवास उपलब्ध गराएको अवस्थामा सेटलमेन्ट भत्ताको औचित्यमा पुनरावलोकन गर्नुपर्ने, नियोगहरूको जग्गा खरिद र भवन निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने, सेवा सुविधा सम्बन्धी एकीकृत र समयसापेक्ष कानूनी व्यवस्था गर्नुपर्ने, दोहोरो भत्ता र स्थानीय कर्मचारी

तथा अर्दलीको पारिश्रमिक कर सम्बन्धमा कानूनी व्यवस्था गर्नुपर्ने र राहदानी वितरण प्रक्रियालाई सरलीकरण गर्नुपर्ने लगायतका विषयहरू औँल्याइएकोमा यस वर्ष पनि सुधार भएको देखिएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ मन्त्रालय र मातहतसमेत ४० निकायको लेखापरीक्षणबाट रू.३६ करोड २९ लाख ७३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि निकायले रू.७६ लाख ७५ हजार फर्स्यौट गरी रू.३५ करोड ५२ लाख ९८ हजार फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२१ लाख १ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा रहेको छ।
  - यो वर्ष एक प्रतिष्ठानको लेखापरीक्षणबाट रू.८ लाख ९ हजार बेरुजू देखिएकोमा फर्स्यौट नभएकोले उक्त बेरुजू बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.६ लाख रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा रहेको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा भूमि नीति, भू-उपयोग नीति, सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेखलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २७३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २६८ सरकारी कार्यालयको निम्नानुसार रू.५५ अर्ब ५० करोड ३४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५६८७७	११५१७	११७९७	४७४८४३	५५५०३४

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई अन्य निकायबाट भएको खर्च भएको रू.२० करोड २७ लाख समावेश गरिएको छैन। अन्य मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.६३ लाख तथा मन्त्रालय मातहत ८ निकायको बक्यौता लेखापरीक्षण रू.६१ करोड ६१ लाख समावेश छ।

मन्त्रालयअन्तर्गत २ निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रू.२९ करोड ३६ लाख लेखापरीक्षण गर्न बाँकी छ।

२. **अन्य संस्था -** राष्ट्रिय सहकारी विकास बोर्ड र गरिबी निवारण कोषको २०७८।७९ को तथा गुठी संस्थानको २०७७।७८ र २०७८।७९ को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक तथा अन्य सहायताको विवरणअनुसार स्थानीय तथा प्रादेशिक विकास परियोजनाको लागि जर्मन विकास सहयोगबाट अमेरिकी डलर २३ लाख ७९ हजारले हुने रू.३० करोड ४८ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेकोमा प्राप्त सहायताको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन। ऐनको व्यवस्थाबमोजिम सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

४. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। यो वर्ष मन्त्रालयको वार्षिक कार्यक्रमको प्रगति स्थिति निम्नानुसार छः

सि.नं.	आयोजनाकार्यक्रमको नाम	प्रगति प्रतिशत	
		भौतिक	वित्तीय
१.	मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम	८५.००	७२.१३
२.	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम	४०.००	४४.०५
३.	कित्तानापी तथा नापी कार्यालय सुदृढीकरण कार्यक्रम	९८.००	८०.६५
४.	स्थलरुपी नापी तथा भूउपयोग व्यवस्थापन कार्यक्रम	९३.२०	९२.९७
५.	खगोल तथा भू-मापन कार्यक्रम	९९.००	९२.८१
६.	सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम	९३.३२	७५.२७
७.	गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम	८०.६३	४३.३७
८.	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	९८.५०	९३.०२
९.	राष्ट्रिय सहकारी विकास बोर्ड	७२.१६	५९.९१
१०.	गरिबसँग विश्वेश्वर कार्यक्रम	८९.९४	८९.८०
११.	गरिबी निवारण कोष	-	९.५७
	समग्र प्रगति प्रतिशत	**८६.३४**	**७५.९१**

जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम लगायतको वित्तीय प्रगतिको तुलनामा भौतिक प्रगति न्यून देखिएको एवं अन्य कार्यक्रममा समेत लक्ष्य बमोजिम प्रगति हासिल भएको देखिएन। बजेट विनियोजन, खर्च र उपलब्धिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ।

५. **पन्ध्रौं योजना कार्यान्वयन**–पन्ध्रौं योजनामा आधुनिक प्रविधियुक्त भूमिसुधार तथा मालपोत कार्यालयको संख्या ६१ हुने लक्ष्य रहेकोमा ११ तथा मालपोत कार्यालयमा रहेको ४ करोड ८६ लाख पृष्ठ स्रेस्ता डिजिटाइजेसन गर्नुपर्नेमा २ करोड १९ लाख पृष्ठमात्र सम्पन्न भएको र जग्गाको खण्डीकरण २.१५ प्रतिशतले न्यूनीकरण गर्ने लक्ष्य रहेकोमा ४.३० प्रतिशतले वृद्धि भएको देखिएको छ। लाइडर सर्वेक्षण र नक्साङ्कनको कुल लक्ष्य १ लाख ४ हजार वर्गकिलोमिटरमध्ये यो वर्षसम्म ६२ हजार वर्गकिलोमिटर सम्पन्न गर्ने लक्ष्य रहेकोमा २० हजार वर्गकिलोमिटरको हवाई सर्वेक्षण भई तथ्याङ्क प्रशोधन कार्य बाँकी रहेको, पहिलो तीन वर्षमा १३ सहकारी बजार स्थापना गर्ने लक्ष्य रहेकोमा ५ मात्र सम्पन्न भएको, कोपोमिस प्रणाली सञ्चालन गर्ने सहकारी संस्थाहरूको संख्या ६७ प्रतिशत हुने लक्ष्य रहेकोमा ३४.५ प्रतिशतमात्र भएको देखिन्छ। उत्पादन क्षेत्रमा क्रियाशील सहकारीलाई नमूना सहकारी बनाउने कार्यक्रममा प्रगति भएको छैन। योजनाको लक्ष्य अनुसार वार्षिक कार्यक्रम तर्जुमा गरी प्रगति हासिल गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा गैरकानूनीरूपमा कब्जा गरिएका सार्वजनिक, सरकारी र गुठी जग्गाको खोज तथा पहिचान गरी फिर्ता ल्याउने, सडक र सोको राइट-अफ-वे लगायत नेपाल सरकारले अधिग्रहण गरेको वा खरिद गरेको सम्पूर्ण भूमिको कित्ताकाट गरी नेपाल सरकारको नाममा कायम गर्ने, ३०० स्थानीय तहमा भूमि बैङ्क स्थापना गर्ने, पूर्वी तराईका १५ हजार वर्ग किलोमिटर क्षेत्रको लाइडर सर्वेक्षणबाट नाप नक्साङ्कन कार्य गर्ने, विगतमा तयार भएको २६ जिल्लाका गरिब घर परिवार परिचयपत्रसम्बन्धी विवरण अद्यावधिक गरी वितरण गर्ने, थप १३ जिल्लाका गरिब घर परिवारलाई परिचयपत्र वितरण गर्ने, गरिबी निवारण कोषमा आबद्ध करिब ३२ हजार सामुदायिक

समूहलाई सहकारीमा रुपान्तरण गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको देखिएन। त्यस्तै पूर्वकमैया, हरुवा, चरुवा तथा अव्यवस्थित बसोबासीको लागि नाप नक्साङ्कन तथा पूर्जा वितरणमा ०.२७ प्रतिशत र विगतका आयोग, समिति वा कार्यदल र जग्गा दर्ता समितिले वितरण गरेका जग्गासँग सम्बन्धित अधुरा कार्य सम्पन्न गर्ने कार्यमा २.४६ प्रतिशत मात्र प्रगति भएको उल्लेख छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यमा सबै प्रकृतिका गरिबी अन्त्य गर्न ३० परिमाणात्मक लक्ष्य तोकिएको छ। उक्त लक्ष्यअन्तर्गत सन २०३० सम्ममा गरिबीको रेखामुनिको जनसंख्या ५ प्रतिशतमा र गरिबी सघनता २.८ प्रतिशतमा झार्ने, प्रतिव्यक्ति राष्ट्रिय आय अमेरिकी डलर २ हजार ५०० पुऱ्याउने लगायतका परिमाणात्मक लक्ष्यहरू तोकिएका छन्। राष्ट्रिय योजना आयोगबाट २०७९ पौषमा प्रकाशित पन्ध्रौं योजनाको मध्यावधि समीक्षाअनुसार यो वर्षको अन्त्यसम्म गरिबीको रेखामुनिको जनसंख्या १८.७ प्रतिशत र प्रतिव्यक्ति राष्ट्रिय आय अमेरिकी डलर १ हजार ३८१ रहेको छ। मन्त्रालले सरोकारवाला निकायहरूसँग समन्वय गरी निर्धारित अवधिमा दिगो विकासका लक्ष्यअनुसार प्रगति हासिल गर्नु पर्दछ।

८. **सेवा प्रवाह -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा प्रत्येक पदाधिकारी तथा कर्मचारीले कार्यविवरणमा तोकिएबमोजिम कार्य सम्पादन गरी सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १२६ मालपोत कार्यालबाट राजीनामा, सगोलनामा, बकसपत्र, अंशबण्डालागायतका ७ लाख ८५ हजार लिखत पारित भएका छन् । त्यसैगरी नापी कार्यालयबाट कित्ताकाट, जग्गा नापीलगायतका कार्य हुँदै आएका छन्। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

८.१ भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयमा लगत भिडाउने, दाखिल खारेज गर्ने, फोटो खिच्ने, कित्ताकाट तथा फिल्ड रेखाङ्कन गर्ने लगायतका प्रक्रियाहरू झण्झटिलो रहेको, जडान गरिएका प्रविधि निरन्तार सञ्चालन नहुँदा साविक स्रेस्ता अभिलेखमा समेत अद्यावधिक र भिडान गर्न परेको, अभिलेखहरु सुरक्षित र व्यवस्थित नभएको, कार्यालयकै तर्फबाट भएका त्रुटी सच्याउन समेत स्थानीय तह तथा प्रशासनमा धाउनुपर्ने, सेवा लिन लामो समय लाग्ने लगायतका कारण सेवाग्राहीले सहज र सरल रूपमा सेवा लिन सकेको अवस्था छैन। कार्यालयहरुको कार्यचापको तुलनामा जनशक्ति कम रहेको, टोकन प्रणाली लागू गरिए पनि अनुसरण नगरिएको, सहायता कक्ष नभएको, स-साना कुरामा अड्चन देखाई निर्णय तथा निकास नदिने, गुनासो सुनुवाइ नहुने लगायतका कारण जग्गा रजिष्ट्रेशन, नामसारी, विवाद समाधान लगायत सेवाको लागि सेवाग्राहीहरु लेखापढी व्यवसायीको सहयोग लिन र अतिरिक्त भुक्तानी गर्न बाध्य हुने गरेका छन् ।

कार्यालयको मोठ, फाइल तथा सूचना प्रणालीमा सेवाग्राहीको पहुँच असम्भव जत्तिकै भए पनि यस्ता कागजातहरु खोज्ने, पल्टाउने, कर्मचारीको तर्फबाट विवरण भरिदिने, कार्यालयको छाप लगाइदिने र फाँटफाँटमा पुऱ्याइदिने कार्यमा लेखापढी व्यवसायीहरुको सम्लग्नताले कागजपत्रहरुको गोपनियता र सुरक्षामा समेत असर परेको देखिन्छ । कामअनुसार लेखापढी व्यवसायीले लिन पाउने अधिकतम सेवाशुल्क तोकी सो को अनुगमन हुने नगरेकोले सेवाग्राहीलाई निस्सा समेत नदिई आफुखुसी सेवाशुल्क लिने गरेका छन् । उल्लिखित अवस्थाले कार्यालयहरुबाट लिने सेवा सास्तीपूर्ण र खर्चिलो हुनुको साथै आम जनप्रशासन प्रति सर्वसाधारणको नकारात्मक धारणा पैदा गरेको छ । यसमा सुधारको लागि भरपर्दो

सूचना प्रणालीको माध्यमबाट भौतिक उपस्थिति वेगर दिने सेवामा विस्तरको साथै नियमन र निगरानी बढाउनुपर्ने देखिन्छ ।

८.२ सबै मालपोत तथा नापी कार्यालयबीच सञ्जालीकरण गरी एकीकृत भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीमार्फत् सेवा प्रवाह हुन नसकेको, संगठन संरचना स्वीकृत भएका भूमिसुधार तथा मालपोत कार्यालय १३५ र नापी कार्यालय १४१ रहेकोमा क्रमशः १२८ र १३६ कार्यालयमात्र सञ्चालनमा रहेका, ७८ मालपोत कार्यालय र ६२ नापी कार्यालयले मात्र आफ्नै भवनबाट र बाँकी कार्यालय भाडाको भवनबाट कार्य सञ्चालन गरिरहेको अवस्था छ । बाराको सिमरौनगढस्थित मालपोत कार्यालय र धनुषाको ढल्केवार, सर्लाहीको बलरा र बाराको सिमरौनगढस्थित नापी कार्यालयसमेत ४ कार्यालयको लागि यो वर्ष रू.१ करोड ६४ लाख ४० हजार खर्च गरे तापनि सेवा सञ्चालन गरेका छैनन् । सबै कार्यालयको लागि प्रविधि तथा सेवाग्राही मैत्री भवन निर्माण र संगठन संरचनाअनुसार कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्नुपर्दछ ।

८.३ भूमि व्यवस्थापन तथा अभिलेख विभागले मातहतका मालपोत कार्यालयहरूमा गत वर्ष १ लाख ९५ हजार ७५ मोठ ठेली रहेको विवरण उपलब्ध गराएकोमा यो वर्ष १ लाख ७४ हजार २८ मात्र रहेको विवरण पेस भएको र सोमध्ये ९८ हजार ३०३ ठेली बाइण्डिङ भएको, ७५ हजार ७२५ ठेली बाइण्डिङ्ग गर्न र ५५ हजार ८९९ ठेली मर्मत गर्न बाँकी रहेको छ। नागरिकको सम्पत्तिसँग सम्बन्धित महत्वपूर्ण अभिलेखको रूपमा रहेका मोठहरूको मर्मत सम्भार तथा बाइण्डिङलगायतको सुरक्षा प्रबन्ध गरी गत वर्षको संख्याभन्दा घटी भएको २१ हजार ४७ ठेली मोठ सम्बन्धमा यकिन गरी व्यवस्थित गर्नुपर्दछ।

८.४ भूमिसुधार तथा मालपोत कार्यालयहरूको लागि कुल ३ हजार १८२ दरबन्दी स्वीकृत भएकोमा २ हजार ६७ पदमात्र पूर्ति भई १ हजार ११५ पद रिक्त रहेको छ। त्यस्तै नापी विभाग र मातहतको लागि ३ हजार ३१ कर्मचारी दरबन्दी रहेकोमा २ हजार २२५ पदपूर्ति भई ८०६ पद रिक्त छन्। अग्रपङ्तिमा रही काम गर्ने कर्मचारीको पद रिक्त रहेबाट सेवा प्रवाहमा असर पर्ने देखिन्छ। दरबन्दी अनुसारको सबै पद नियमित रूपमा पूर्ति हुने व्यवस्था मिलाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८.५ मालपोत कार्यालयहरूमा छुट जग्गा दर्ता, नामसारी, संशोधन, दाखिला खारेज र हकसाफी सम्बन्धमा गत वर्षको जिम्मेवारीसमेत १ लाख ७८ हजार १९७ निवेदन परेकोमा यो वर्ष १ लाख ३७ हजार ६७३ फर्स्यौट भई ४० हजार ५२४ बाँकी रहेको छ। भूमिसुधारतर्फ २१ कार्यालयमा मोही बाँडफाँट र छोडपत्र, जग्गा छोडेको, अदालतको फैसला र अन्यसमेत २८ हजार ४८९ मुद्दामध्ये यो वर्ष ११ हजार २९६ फर्स्यौट भई १७ हजार १९३ बाँकी रहेको देखिन्छ। त्यस्तै मोही कायम, मोही नामसारी, मोही प्रमाणपत्र, मोही निष्कासनलगायत विषयमा २२ हजार ४७७ मुद्दा दर्ता रहेकोमा यो वर्ष ६ हजार ६९५ फर्स्यौट भई १५ हजार ७८२ बाँकी रहेको देखिन्छ। प्राप्त निवेदन तथा मुद्दा फर्स्यौट कार्यमा दक्षता वृद्धि गरी सेवा प्रवाह थप प्रभावकारी बनाउनुपर्दछ।

८.६ पन्ध्रौं योजनामा कित्ता नापीको डिजिटल अभिलेख अध्यावधिक गरी अनलाइन प्रविधिमा आधारित डाटाबेस निमार्ण गरिने र मालपोत कार्यालयमा रहेको भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीसँग समन्वय गरी एकीकृत प्रणाली तयार गरिने उल्लेख छ। राष्ट्रिय विकास समस्या समाधान समितिले २०७७।१०।२

मा एउटै प्रकृतिको कार्य सम्पादन गर्न जिल्लास्तरमा मालपोत र नापी दुई कार्यालय कायम रहँदा सेवाग्राहीहरूलाई थप कठिनाइ भएकोले एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिएकोमा हालसम्म एकीकृत सेवा प्रदान गर्ने व्यवस्था गरेको छैन। मन्त्रालयले एकीकृत प्रणालीमार्फत् सेवाप्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९. **भूमिसम्बन्धी समस्या -** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको आवास तथा भूमिमाथिको पहुँच र स्वामित्व स्थापित गराउन राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ बमोजिम राष्ट्रिय भूमि आयोग गठन भई आयोगको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न ७१ जिल्लामा जिल्ला समिति गठन भएको छ।

९.१ आयोगले यस वर्षसम्म ७५३ मध्ये ४३७ स्थानीय तहसँग कार्य सहमतिपत्रमा हस्ताक्षर गरेको, २०० स्थानीय तहमा नाप नक्सा कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा ७० मा शुरुवात गरेको, ७५ हजार जग्गाधनीपूर्जा वितरण गर्ने लक्ष्य रहेकोमा १९८ वितरण गरेको र विगतका आयोग, समिति वा कार्यदलबाट सम्पन्न हुन बाँकी ८ हजार निवेदन फर्स्यौंट गर्ने लक्ष्य रहेकोमा २१० फर्स्यौंट गरेको छ। आयोगले ३३६ स्थानीय तहबाट ११ लाख २४ हजार २२६ सम्भावित लाभग्राहीको निवेदन सङ्कलन गरेकोमा ४ लाख ९२ हजार ४८३ निवेदन विद्युतीय सूचना प्रणालीमा प्रविष्ट गरेको छ। यो वर्ष पदाधिकारी तथा कर्मचारी पारिश्रमिक एवं सुविधामा रू.२८ करोड ७४ लाख खर्च भएको छ।

९.२ नेपाल सरकारले पटक पटक यस्ता आयोग गठन गर्ने गरे तापनि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरी दीर्घकालीन रूपमा समस्या समाधान हुन सकेको देखिँदैन। विगतको आयोगले गरेको कामसमेतको आधारमा वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासी पहिचान गरी लक्षित समूहको भूमि तथा आवासमा पहुँचको सुनिश्चितता गर्नुपर्दछ।

१०. **सार्वजनिक जग्गा जाँचबुझ आयोग -** बजेट वक्तव्य २०७८।७९ मा गैरकानूनी रूपमा कब्जा गरिएका सार्वजनिक, सरकारी र गुठी जग्गाको खोज तथा पहिचान गरी फिर्ता ल्याउने कार्यलाई तीव्रता दिने उल्लेख छ। मन्त्रिपरिषद्को २०७६।२।६ को निर्णयबाट गठन भएको सरकारी, सार्वजनिक गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग २०७७ माघ मसान्तमा खारेज भएको छ। उक्त आयोगमा ३२६ उजुरी दर्ता हुन आएकोमा ३३ उजुरी माथि छानबिन गरी प्रतिवेदन दिएकोले २९३ उजुरी उपर छानबिन हुन सकेको छैन। मन्त्रालयले आयोगबाट छानबिन भई पेस भएको ३३ प्रतिवेदनमध्ये १० प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को २०७६।१०।६ को निर्णयबमोजिम बाँके, मकवानपुर, रौतहट, भोजपुर र कास्की जिल्लासमेतको ३२० रोपनी जग्गा नेपाल सरकारको नाममा कायम गर्न मातहत विभाग तथा कार्यालयहरूमा लेखी पठाएकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन। आयोगले पेस गरेको २३ प्रतिवेदन कार्यान्वयन प्रक्रियामा लगेको देखिएन। सबै उजुरी उपर छानबिन गरी गैरकानूनी रूपमा कब्जा गरिएका सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्दछ।

नापी विभागले गत वर्ष सबै स्थानीय तहको भू-उपयोग नक्सा तयार गरी हस्तान्तरण गरे पनि स्थानीय भू-उपयोग परिषद्ले जग्गाको वर्गीकरण नगर्दै स्थानीय तहबाट "कृषियोग्य जग्गा नभएको" भन्ने सिफारिसको आधारमा जुनसुकै जग्गा पनि कित्ता काट हुने गरेको छ। यो वर्ष जग्गाको खण्डीकरण दर २.१५ प्रतिशतले घटाउने लक्ष्य रहेकोमा ४.३० प्रतिशतले वृद्धि भएको छ। कृषियोग्य जमिनको

गैरकृषि क्षेत्रमा रुपान्तरण भैरहेकोले यस्तो कार्य रोक्न कित्ताकाटलाई व्यवस्थित गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ।

११. **लिज कार्यनीति कार्यान्वयन -** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ मा भोगाधिकारको रूपमा सरकारी जग्गा प्राप्त गर्ने व्यक्ति, संस्थाले त्यस्तो सरकारी जग्गाको भोगाधिकार कार्यनीतिबमोजिम लिजमा परिणत गर्नुपर्ने, लिजमा उपलब्ध गराएको जग्गाको विवरण वेबसाइटमा राख्नुपर्ने, सो जग्गाको उपयोग सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नुपर्ने, सरकारी जग्गा लिजमा दिएको अद्यावधिक विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्थाको कार्यान्वयन भएको छैन। यो वर्षसम्म ४६ जिल्लाका १३३ निकायलाई २६ लाख ९९ हजार वर्गमिटर जग्गा लिजमा उपलब्ध गराएको उल्लेख भए पनि विगतमा भोगाधिकारबाट लिजमा परिवर्तन भएको जग्गा यकिन गरेको छैन। कार्यनीतिअनुसार लिजमा परिणत नभएका बाँकी जग्गा सम्बन्धित व्यक्ति/संस्थाको भोगाधिकारबाट लगत कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्नुपर्दछ। केही सरकारी निकायले समेत आवश्यक प्रक्रिया पूरा नगरी सरकारी जग्गा जमिनमा संरचना खडा गरी व्यवसायजन्य कार्यसमेत गरिरहेका छन्। त्यस्तो अवस्थामा सरकारी जग्गा लिजमा लिएकोसमेत देखिँदैन। लिज कार्यनीतिको व्यवस्थाअनुसार यसप्रकारका जग्गाको अभिलेख राखी निश्चित शुल्क लिने र जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१२. **जग्गाको हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०२१ मा कुनै परिवारले भित्री मधेशसमेत तराई क्षेत्रमा १० बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीको हदसम्म जग्गा राख्नसक्ने व्यवस्था छ। उक्त ऐनमा नेपाल सरकारले सूचित आदेशद्वारा तोकिएको शर्तमा सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी वा आयोजना र अन्य शिक्षण वा स्वास्थ्य संस्था, उद्योग, घर जग्गा व्यावसाय, सहकारी खेतीको लागि हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति दिनसक्ने व्यवस्था छ। विगत वर्षसम्म हदबन्दी छुट भएका १६७ संस्थाको पहाडतर्फ ७६ हजार ७६६ रोपनी र तराईतर्फ ८ हजार ४२९ बिघा जग्गा रहेको उल्लेख भएकोमा यो वर्ष ९६ संस्थाको १ करोड ८१ लाख ४२ हजार वर्गमिटर यस्तो जग्गा रहेको विवरण उपलब्ध भएको छ। त्यस्तो सुविधा प्राप्त संस्थाले हदबन्दीभन्दा बढी जग्गाको उद्देश्यअनुरूप उपयोग गरे/नगरेको सम्बन्धमा अनुगमन गरी यकिन गर्नुपर्दछ।

हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८ ले काठमाडौं उपत्यकामा हाउजिङ्ग कम्पनीले ६० रोपनीभन्दा बढी जग्गा खरिद गर्न नपाउने गरी हदबन्दी तोकेको छ। सो आदेश जारी हुनुभन्दा अगाडि ४७ हाउजिङ्ग कम्पनीले काठमाडौं उपत्यकामा हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति माग गरेकोमा ४३ कम्पनीलाई ६० रोपनीभन्दा बढी जग्गा खरिदको पूर्वस्वीकृतिका आधारमा कारोबार गरिरहेका छन्। जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ मा हाउजिङ्ग कम्पनीलाई हदबन्दी छुट दिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख छैन। हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति पाएका उल्लिखित ९६ संस्थामध्ये रियल स्टेट २१ रहेका छन्। यस्तो छुट दिने सम्बन्धमा विभिन्न समयमा तदर्थ प्रकृतिका आदेश जारी गरेको विषयमा तत्पश्चातको कानूनले सम्बोधन नगरेको हुँदा यस्तो स्वीकृतिबाट भए गरेका कार्यहरू रोकी नीतिगत स्थिरता कायम गर्नुपर्दछ।

१३. **जग्गाको अभिलेख** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। विभागको यस वर्षको वार्षिक प्रगति प्रतिवेदनमा सरकारी जग्गा ३० लाख ७२ हजार २२८ हेक्टर र सार्वजनिक जग्गा ९३ लाख ९८ हजार ८९४ हेक्टर रहेको उल्लेख छ। उक्त प्रतिवेदनमा झापाको भद्रपुर, संखुवासभाको चैनपुर, मोरङको रङ्गेली, भोजपुरको दिङ्ला, महोत्तरीको जलेश्वरलगायतका ३५ मालपोत कार्यालयअन्तर्गतको सरकारी तथा ७९ कार्यालयअन्तर्गतको सार्वजनिक जग्गाको विवरण समावेश गरेको छैन। सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख तयार गर्नुपर्दछ।

१४. **सरकारी जग्गा संरक्षण** - मालपोत ऐन, २०३४ को दफा २४(२) मा सार्वजनिक सरकारी जग्गा जसको नाममा जुनसुकै तरिकाबाट दर्ता गराए पनि नेपाल सरकारको नाममा कायम गर्नुपर्ने व्यवस्था छ। काठमाडौंको बानेश्वर र अनामनगरको सरकारी जग्गालाई मालपोत कार्यालयका कर्मचारीसमेतको मिलोमतोमा व्यक्तिको नाममा दर्ता गराएको विषयको उजुरी पश्चात् विभिन्न २९ कित्ताको ७ रोपनी ७ आना २ पैसा २ दाम जग्गा कार्यालयको २०७८।१।१७ को निर्णयले नेपाल सरकारको नाममा कायम गरे तापनि साबिककै व्यक्तिहरूले भोगचलन गरिरहेका छन्।

साथै रक्सौल-अमलेखगन्ज खण्डमा पर्ने नेपाल सरकार रेल्वेको नाउँमा रहेको १ हजार ७४९ बिघा जग्गा २०२२ मा उक्त रेल्वे बन्द भएपश्चात् त्यसको संरचना र जग्गा संरक्षण हुन नसक्दा अतिक्रमित भएको छ। उक्त जग्गा हाल विभिन्न व्यक्ति/उद्योगहरूले अनधिकृत प्रयोग गरेका छन्। यस सम्बन्धमा छानबिन गरी सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५. **भूमि बैङ्कको कार्यान्वयन** - भू-उपयोग ऐन, २०७६ ले भू-उपयोग वर्गीकरणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न, भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न नेपाल सरकारले आवश्यकताअनुसार स्थानीय तहमा भूमि बैङ्क स्थापना गर्न सक्ने उल्लेख छ। कुनै व्यक्ति वा किसानले कृषिको लागि प्रयोग गर्न नसके सो जमिनलाई भूमि बैङ्कको जिम्मा दिने र बैङ्कले कृषि कार्य गर्न वा अन्य व्यवसायको लागि दिने गरी भूमि बैङ्कको अवधारणा ल्याइएको र २०७८।७९को बजेट वक्तव्यमा नेपाल सरकार र स्थानीय तहको सहलगानीमा प्रत्येक प्रदेशमा भूमि बैङ्कका कम्तीमा ५० शाखा स्थापना गरी आगामी आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन। केही स्थानीय तहले भूमि बैङ्क सम्बन्धी कार्यविधि जारी गरे तापनि संघीय सरकारले आवश्यक मार्गदर्शक कानून जारी नगर्दा कार्यान्वयन भएको छैन। स्थानीय तहको कार्य सञ्चालन प्रक्रियामा एकरूपता र नीतिगत समानताको लागि कानूनी व्यवस्था गरी भूमि बैङ्कको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ।

१६. **सहकारी प्रवर्द्धन कार्यक्रम** - सहकारी ऐन, २०७४ मा सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने जिम्मेवारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीको हुने उल्लेख छ। सहकारी प्रवर्द्धनको लागि सहकारीसँग सम्बन्धित अनुगमन, तालिम, गोष्ठी, सेमिनार,आदि सहकारी विभाग तथा सहकारी प्रशिक्षण केन्द्रले सञ्चालन गर्दै आएको छ। सोही किसिमका अनुगमन, प्रशिक्षण र गोष्ठी तथा सेमिनार

सञ्चालन गर्न एक सहकारी महासङ्घलाई मन्त्रालयले रू.१ करोड ५० लाख निःशर्त अनुदान उपलब्ध गराएको देखियो। एकै प्रकृतिका कार्य फरक फरक निकायबाट सम्पादन गर्दा समन्वय गरी दोहोरो नहुने गरी सञ्चालन गर्नुपर्दछ।

१७. **सहकारी प्रवर्द्धन कोष -** सहकारी ऐन, २०७४ मा सहकारी प्रवर्द्धन कोषमा सहकारी संस्थाहरूको जगेडा कोषमा रहेको रकमको ०.५ प्रतिशतले हुने रकम साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन अनुमोदन भएको १५ दिनभित्र सहकारी संस्थाले कोष खातामा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। कोषमा रकम जम्मा नगर्ने सहकारीको लगत खडा गरी आवश्यक कारबाहीको लागि विभागमा लेखी पठाउने व्यवस्था भए पनि देशभरिका ३० हजार ८७९ सहकारी संस्थामध्ये अधिकांश संस्थाले उक्त कोषमा रकम जम्मा गरेका छैनन्। कोषमा गत वर्षको जिम्मेवारी रू.४ करोड ७७ लाख ६९ हजार र यो वर्षको थप रू.१ करोड ८१ लाख ६४ हजार समेत रू.६ करोड ५९ लाख ३३ हजार मौज्दात रहेको छ। कोष सचिवालयले सहकारीहरूबाट विवरण सङ्कलन नगरी बैङ्क स्टेटमेन्टको आधारमा कोषमा एकमुष्ट आम्दानी जनाउने गरेकोले रकम दाखिला गर्ने सहकारीको विवरण यकिन हुने अवस्था छैन। सहकारी संस्थाहरूको अनुगमन गरी कोषमा जम्मा भएको रकम प्रभावकारी तवरले परिचालन गर्नुपर्दछ।

१८. **समस्याग्रस्त सहकारी संस्था** - सहकारी ऐन, २०७४ को दफा १०४ मा सहकारी संस्थाको निरीक्षण र जाँचबाट सदस्यहरूको हितविपरीत कार्य गरेमा, सहकारीसम्बन्धी ऐन, नियमविपरीत कार्य गरेमा, आर्थिक संकट परेमा सहकारी विभागका रजिष्ट्रारको सिफारिसमा मन्त्रालयले सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गर्न सक्ने व्यवस्था छ। बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०७० को प्रतिवेदनअनुसार १५३ सहकारी संस्था समस्याग्रस्त देखिएकोमा मन्त्रालयले २०७४ देखि २०७६ सम्म १२ सहकारी संस्था मात्र समस्याग्रस्त घोषणा गरेको र १४१ संस्था समस्याग्रस्त घोषणा गर्न बाँकी रहेको देखिन्छ। सदस्यहरूको बचत तथा निक्षेपको हिनामिना गरी कारबाहीमा परेको एक सहकारीलाई समेत समस्याग्रस्त घोषणा गरेको पाइएन। समयमै समस्याग्रस्त घोषणा नगरेको वा ढिलो घोषणा गरेको कारण सहकारीहरूबाट उठ्न सक्ने रकम पनि नउठ्ने अवस्था उत्पन्न भएको छ।प्रतिवेदनमा उल्लिखित बाहेक सहकारी विभागको निरीक्षणबाट ऐनविपरीत कार्य गरी आर्थिक सङ्कटमा परेका सहकारीहरूलाई समस्याग्रस्त संस्था घोषणा गरेको देखिँदैन। प्रतिवेदनका सुझाउको कार्यान्वयन तथा नेपाल राष्ट्र बैङ्कलगायत अन्य निकायसँगको समन्वय र प्रभावकारी अनुगमनको माध्यमबाट सर्वसाधारणको बचत रकम जोखिमरहित बनाउन गत विगत वर्षमा समेत औँल्याइएकोमा अपेक्षित सुधार भएको देखिएन।

समस्याग्रस्त घोषणा भएका १२ सहकारी संस्थामा १ हजार २९४ जनाको रू.१ अर्ब ९२ करोड १९ लाख माग दाबी रहेकोमा यो वर्षसम्म ३ संस्थामा रू.१ करोड ९९ लाख असुली र रू.३ करोड ६८ लाख बचत फिर्ता गरी २१३ जनाको बचत मागदावी मिलान गरेको उल्लेख छ। हालसम्मको प्रगतिको स्थिति हेर्दा समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीसम्बन्धी समस्या वर्षौंसम्म अनिर्णित रही बचतकर्ताहरू मर्कामा पर्ने देखिएकोले कार्ययोजना बनाई काम कारबाहीमा प्रभावकारिता ल्याउनुपर्दछ।

१९. **गरिब घरपरिवार पहिचान** - विपन्न परिवारलाई आधारभूत सहुलियत र सुविधा प्रदान गरेर जीवनयापन सहज बनाउने उद्देश्यले २०६९ मा गठन भई २०७५ मा खारेज भएको गरिब घरपरिवार सहयोग समन्वय बोर्डले ६ वर्षको अवधिमा २६ जिल्लामा ३ लाख ९२ हजार गरिब घरपरिवार पहिचान गरेको देखिन्छ। तत्पश्चात् मन्त्रालयबाट सञ्चालित कार्यक्रमबाट २३ जिल्लाका २ लाख २३ हजार गरिब घरपरिवार पहिचान गरेको र बाँकी २८ जिल्लाको तथ्याङ्क सङ्कलन गरी गरिब घरपरिवार पहिचान गर्ने कार्य भइरहेको जानकारी प्राप्त भएको छ। एक दशक पहिला शुरु भएको कार्यक्रममा बोर्डले ४ वर्षको अवधिमा रू.१६ करोड ८३ लाख, मन्त्रालयले ३ वर्षमा रू.११ करोड ९४ लाख र विगत तीन वर्षमा वित्तीय हस्तान्तरण गरी पठाएको रू.१ अर्ब ३३ करोड १५ लाखसमेत रू.१ अर्ब ६१ करोड ९२ लाख खर्च भएको देखिन्छ। सोअनुसार परिचयपत्र वितरणमा प्रतिपरिवार २ हजार ६३३ रूपैयाँ खर्च भएको देखिन्छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६६।६७ को आधारमा शुरु भएको गरिब घरपरिवार पहिचान गर्ने कार्य एक दशक बितिसक्दा पनि सम्पन्न नभएको एवं पहिचान भएकाहरूले पनि परिचयपत्र पाउन नसकेबाट वास्तविक गरिब परिवारले राज्यबाट प्राप्त गर्नुपर्ने सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ। सरकारको तर्फबाट प्रदान गरिने गरिब लक्षित सबै सेवा सुविधालाई परिचयपत्रसँग आबद्ध गर्ने लक्ष्य रहे तापनि प्रभावकारी रूपमा कार्य भएको देखिएन।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

सर्वसाधारण जनताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा स्रेस्ता व्यवस्थित गरी भू-सूचना प्रणालीको विकास गर्ने उद्देश्यले साबिकको मालपोत र भूमिसुधार विभागलाई एकीकरण गरी २०५७ सालमा विभागको स्थापना भएको हो।

२०. **जग्गामाथिको द्वैध स्वामित्व** - नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीले त्यस्तो जग्गा बाँडफाँट गरी कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि तोकी विभिन्न मितिमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरेकोमा तोकिएको समयभित्र मोही बाँडफाँटसम्बन्धी कार्य टुङ्गो लाग्न नसकेकोले पुनः २०७७।१२।९मा सूचना प्रकाशित गरी जग्गावाला र मोहीबीच बाँडफाँटको लागि निवेदन दिन २०७८।३।३१ सम्म र जग्गावाला र मोहीबीच बाँडफाँट गरी कारबाही टुङ्गो लगाउन २०७८।९।३० सम्म अवधि तोकेको छ। विभागबाट प्राप्त विवरणअनुसार देशभर मोही लागेको जग्गाको कित्ता संख्या ९ लाख १४ हजार ४७८ र मोही संख्या ८ लाख १६ हजार १९३ रहेकोमा २० हजार २५५ कित्ता मोही लगत कट्टा र १८ हजार ६५४ कित्ता जग्गाधनी तथा मोहीबीच बाँडफाँट भएकोले द्वैध स्वामित्वको अवस्था कायमै रहेको देखिन्छ। हालसम्मको प्रगतिको अवस्था हेर्दा जग्गामाथिको द्वैध स्वामित्व अन्त्य भई करिब ३ लाख मोहीले जग्गाधनी प्रमाणपत्र प्राप्त गर्ने पन्ध्रौं योजनाको लक्ष्य पुरा गर्न चुनौतिपूर्ण देखिएको छ। नेपाल सरकारको निर्णयबमोजिम तोकिएको समयमा मोही लागेको जग्गाको जग्गावाला र मोहीबीच बाँडफाँटसम्बन्धी कारबाही टुङ्गो लगाई जग्गामा रहेको द्वैध स्वामित्वको अन्त्य गर्नुपर्दछ।

२१. **रजिष्ट्रेसन र दृष्टिबन्धकको मूल्याङ्कन** - मालपोत नियमावली, २०३६ मा न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्थाअनुसार समितिले भौतिक पूर्वाधार, सडक, विगतका पारित

लिखत, चलन चल्तीको खरिद बिक्री मूल्य र दृष्टिबन्धकको मूल्यलाई आधार मान्ने गरेका छन्। बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५५मा नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा सञ्चालक समितिले निर्धारण गरेको कर्जा नीतिको अधीनमा रही बैङ्क तथा वित्तीय संस्थाले प्रयोजन खुलाएर मात्र कर्जा प्रवाह गर्नुपर्ने र कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानीलाई आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुनेगरी कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२१.१ भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगरको २०७८।७।१५ को राजीनामा लिखतबाट २ कित्ता जग्गा एक निजी कम्पनीले रू.२१ करोड २५ लाख थैली अङ्क कायम गरी खरिद गरेकोमा २०७८।७।२६ मा एक वाणिज्य बैङ्कमा रू.१ अर्ब ७२ करोड ७६ लाख ऋण सुविधाको लागि दृष्टिबन्धक लिखत पारित गरेको छ। जग्गाधनीले आफ्नो अचल सम्पत्तिको खरिद मूल्यभन्दा अधिक मूल्याङ्कन गराई वित्तीय संस्थाबाट ऋण लिँदा सर्वसाधारण निक्षेपकर्ताको निक्षेप जोखिममा पर्ने देखिन्छ। वास्तविक मूल्यभन्दा अधिक कर्जा प्रवाह गरेको कारोबारको विश्वसनीयता सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्कहरूको प्रभावकारी अनुगमन गरी सर्वसाधारणको निक्षेपको सुरक्षा गर्नुपर्दछ। उक्त जग्गा खरिदकर्ताले ११ दिनको अन्तरालमा ८.१३ गुणा बढी मूल्याङ्कन गरी धितो पास गरेकोले वास्तविक बजार मूल्यअनुसार पहिलो कारोबार भएको देखिएन। उक्त जग्गाको कारोबार सम्बन्धमा छानबिन गरी छुट भएको राजस्वसमेत यकिन गरी असुल गर्नुपर्दछ।

२१.२ मालपोत कार्यालय, बेलबारीको २०७८।५।१ को राजीनामा लिखतबाट एक निजी कलेजले दुई कित्ता जग्गा रू.५ करोडमा खरिद गरेकोमा २०७८।५।२७ मा एक वाणिज्य बैङ्कमा रू.२० करोड ४१ लाखमा ऋण सुविधाको लागि दृष्टिबन्धक लिखत पारित गरेको छ। उक्त जग्गा खरिदकर्ताले २६ दिनमा रू.१५ करोड ४१ लाख बढी मूल्याङ्कन गरी दृष्टबन्धक पास गरेकोले उक्त कारोबार वास्तविक बजार मूल्यअनुसार भएको देखिएन। उक्त जग्गाको कारोबार सम्बन्धमा छानबिन गरी छुट भएको राजस्व असुल गर्नुपर्दछ।

२१.३ मालपोत कार्यालय दमक, झापाको लिखतअनुसार एक व्यक्तिले २०७९।२।६ मा रू.१ करोड ५० लाखमा खरिद गरेको दमक-५ मा रहेको २ हजार ३७० वर्गमिटर जग्गा २०७९।२।९ मा एक वाणिज्य बैङ्कमा रू.१० करोड ८७ लाख ६१ हजार ऋण सुविधा लिने गरी दृष्टिबन्धक लिखत पारित गरेको छ। जग्गा खरिद गरेको तीन दिन पश्चात् सात गुणाभन्दा बढी मूल्याङ्कन गरी दृष्टिबन्धक राखेकोले उल्लिखित कारोबार वास्तविक बजार मूल्यअनुसार भएको देखिएन। उक्त जग्गाको कारोबार सम्बन्धमा छानबिन गरी छुट भएको राजस्व असुल गर्नुपर्दछ।

२२. **न्यून थैली कायम** - मालपोत नियमावली, २०३६ को नियम ५ख मा न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्थाअनुसार २०७८।७९ को लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गरेका छन्। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२२.१ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको २०७८।७९ को न्यूनतम मूल्याङ्कन पुस्तिकामा जग्गाको न्यूनतम मूल्याङ्कन तयार गर्दा कुनै स्थानसँग जोडिएको वा सो स्थान बराबरको पूर्वाधार सुविधा भएको

अन्य स्थानको मूल्याङ्कन सरह कायम हुने उल्लेख छ। पति पत्नी नाता भएका दुई निःसर्गकर्तामध्ये पतिको नामको नगरकोट-५ को ८ कित्ता र पत्नीको नामको सोही स्थानको ७ कित्तासमेत आपसमा जोडिएका १५ कित्ता जग्गा केहीमा गोरेटो र केहीमा कच्ची मोटरबाटोको दरले मूल्याङ्कन गरी पत्नी र छोरा शेयर सदस्य रहेको एक होटललाई २०७८।१२।६ मा संरचनाको मूल्यसहित क्रमशः रू. ७ करोड ३० लाख ५१ हजार र रू.१२ करोड ६३ लाखमा निःसर्ग गरेका छन्। नापी कार्यालयको नक्सा अनुसार २८-७-२-० रोपनी क्षेत्रफलको १५ कित्तामध्ये ३ कित्ता नगरकोट मूल सडकसँग प्रत्यक्ष जोडिएको र बाँकी जग्गा आपसमा जोडिएकाले न्यूनतम मूल्याङ्कन दर प्रतिआना रू.७ लाख २६ हजारले थैली कायम गर्नुपर्नेमा घटी दर राखेकोले पतिले निःसर्ग गरेको जग्गामा रू.१० करोड ५४ लाख २६ हजार र पत्नीले निःसर्ग गरेको जग्गामा रू.१३ करोड ६६ लाख २ हजारसमेत रू.२४ करोड २० लाख २८ हजार न्यून मूल्याङ्कित भै रजिष्ट्रेसन शुल्क रू.१ करोड २१ लाख १ हजार र पुँजीगत लाभकर २.५ प्रतिशतका दरले हुने रू.६० लाख ५१ हजारसमेत रू.१ करोड ८१ लाख ५२ हजार राजस्व छुट भएको छ। उक्त कारोबार सम्बन्धमा छानबिन गरी छुट हुन गएको राजस्व असुल गर्नुपर्दछ।

२२.२ भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरको २०७८।७९ को न्यूनतम मूल्याङ्कन पुस्तिकाको द्रष्टव्य नं. ५ मा स्थानीय तहबाट प्राप्त घर बाटोको सिफारिस भई आउँदा एकभन्दा बढी कित्ता एक आपसमा जोडिएको नजोडिएको यकिन गरी त्यस्तो जग्गामा उल्लेख भएको बाटोमध्ये जुन कित्ताको थैली अङ्क बढी रहन्छ सोहीलाई आधार मानी न्यूनतम मूल्य कायम गरी लिखत पारित गरिने उल्लेख छ। एक निःसर्गकर्ताले सुनाकोठी २ ग को ११-२-२-० रोपनी आपसमा जोडिएको ६ कित्ता जग्गा एक रियल स्टेट कम्पनीलाई २०७८।६।२५मा रू.१७ करोडमा निःसर्ग गरेको छ । मूल्याङ्कन समितिको निर्णय बमोजिम आपसमा जोडिएका जग्गामा अधिकतम दर भएको कित्ताको दर सबै कित्ताको लागि लागू गर्नुपर्नेमा सो नगरी घटी मूल्य कायम गर्दा रू.१० करोड ८३ लाख १६ हजारले न्यून मूल्याङ्कित भई रजिष्ट्रेसन दस्तुर रू.५९ लाख ५७ हजार र पुँजीगत लाभकर रू.३९ लाख १६ हजारसमेत रू.९८ लाख ७३ हजार छुट भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२२.३ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको २०७७।७८ को लिखतअनुसार दुई रियल स्टेट कम्पनीले विकसित घडेरी निःसर्ग गर्दा न्यूनतम मूल्याङ्कन पुस्तिकाबमोजिम प्लानिङको बाटो भएको जग्गाको लागि तोकिएको दर प्रयोग नगरी अन्य दरबाट थैली कायम गर्दा रू.११ करोड ५२ लाख ७९ हजार न्यून मूल्याङ्कित भई रजिष्ट्रेसन दस्तुर रू.५१ लाख ८८ हजार र अग्रिम कर रू.१७ लाख २९ हजार समेत रू.६९ लाख १७ हजार राजस्व छुट भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२३. **कर नियोजन -** आयकर ऐन, २०५८ को दफा ३५ मा करमुक्ति योजनाको भागको रूपमा गरिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको अनुसूची-१ मा प्राकृतिक व्यक्तिको करयोग्य आयमा ३६ प्रतिशतसम्म र निकायको करयोग्य आयमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२३.१ भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारको राजीनामा लिखत अनुसार घरजग्गा व्यवसाय गर्ने एक कम्पनीले काठमाडौं महानगरपालिका-३१ को १ हजार १६७ वर्गमिटर जग्गा २०७८।७।२३ मा

आफ्नै एकल हिस्सेदारलाई रू.९ करोड १८ लाखमा बिक्री गरी १.५ प्रतिशत अग्रिम कर दाखिला गरेको छ। उल्लिखित खरिदकर्ताले सोही जग्गा २०७८।८।२८ मा अर्को एक कम्पनीलाई रू.३३ करोड ४ लाखमा बिक्री गरी खर्च कट्टी पछिको लाभमा ५ प्रतिशत पुँजीगत लाभकर दाखिला गरेको छ। पहिलो निःसर्गको ३५ दिनमा पुनः निःसर्ग गर्दा दुई कारोबारबीच रू.२३ करोड ८६ लाख थैली घटी राखेकोले कम्पनीको लाभमा लाग्ने २५ प्रतिशत कर रू.५ करोड ९७ लाख छुट हुन गएको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण गराई असुल गर्न थप छानबिन गर्नुपर्दछ।

२३.२ भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारको राजीनामा लिखतअनुसार काठमाडौं महानगरपालिका-११ को कित्ता नम्बर २२३ को ४५५ वर्गमिटर जग्गा २०७८।१०।२ मा एक प्रा.लि. ले आफ्नै एकल सञ्चालकलाई रू.१४ करोड ३१ लाख २१ हजारमा निःसर्ग गरी १.५ प्रतिशतले हुने अग्रिम कर दाखिला गरेको छ । उल्लिखित खरिदकर्ताले सोही कित्ता जग्गा अर्को एक प्रा.लि. लाई रू.२३ करोड १९ लाख ८४ हजारमा निःसर्ग गरी खर्च कट्टीपछिको लाभमा ५ प्रतिशत पुँजीगत लाभकर घोषणा गरी रू.४० लाख ४३ हजार दाखिला गरेको छ । आयकरलाई कम गर्न सम्बद्ध व्यक्तिलाई न्यून थैलीमा बिक्री गरी कर नियोजन गरेकोले शुरु कारोबारमा थैली अङ्क घटाई ३४ दिनपछि निःसर्ग गरेकोमा न्यून थैली अङ्क रू.८ करोड ८८ लाख ६३ हजार राखेकोले कम्पनीको लाभमा लाग्ने २५ प्रतिशत कर रू.२ करोड २२ लाख १६ हजार छुट हुन गएकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण गराई असुल गर्न छानबिन गर्नुपर्दछ ।

२३.३ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको २०७८।७९ को न्यूनतम मूल्याङ्कन पुस्तिकाको द्रष्टव्य नं. ३ मा लिखत पारित गर्दा यथार्थ र वास्तविक लेनदेनको मूल्य खुलाउनुपर्ने व्यवस्था छ। एक निजी कम्पनीले कटुन्जे ५ग को अरनिको राजमार्गसँग जोडिएको १-१३-१-३ रोपनी क्षेत्रफल भएको आपसमा जोडिएका ५ कित्ता जग्गामध्ये राजमार्गतर्फको ०-१०-३-३ रोपनी क्षेत्रफल भएको तीन कित्ता जग्गा २०७८।७।११ मा रू.३ करोड २७ लाख ८६ हजारमा एकल शेयरधनीका एकाघरका सदस्यलाई निःसर्ग गरेको छ। सोही जग्गा २०७८।७।१४ मा खरिदकर्ताले एक व्यक्तिलाई रू.८ करोड ५० लाख ३३ हजारमा निःसर्ग गरेकोमा तीन दिनको अन्तरालमा जग्गाको मूल्यमा रू.५ करोड २२ लाख ४७ हजार फरक परेको छ। आयकर ऐनअनुसार कम्पनीले लाभमा २५ प्रतिशतसम्म आयकर तिर्नुपर्ने र व्यक्तिको हकमा ५ प्रतिशत लाभकर लाग्ने भएकोले कर नियोजन गर्न सम्बद्ध व्यक्तिलाई न्यून रकममा बिक्री गरेको छ। यसबाट न्यून थैली कायम गरेको रू.२ करोड २२ लाख ४७ हजारमा रजिष्ट्रेसन दस्तुर रू.१७ लाख ६३ हाजर र १.५ प्रतिशत अग्रिम कर रू.७ लाख ८४ हजारसमेत रू.२५ लाख ४७ हजार राजस्व असुल गर्नुपर्दछ। संस्थालाई मुनाफामा लाग्ने २५ प्रतिशत आयकरमध्ये लाभकरबाट असुल भएको ५ प्रतिशत घटाउँदा हुने २० प्रतिशत बराबरको आयकर रू.१ करोड ४ लाख ४९ हजार हुने भएकोले मालपोत कार्यालय तथा आन्तरिक राजस्व कार्यालयबीच समन्वय गरी घटी भएको राजस्व असुल गर्न आवश्यक छानबिन गर्नुपर्दछ।

उल्लिखित १-१३-१-३ रोपनी क्षेत्रफल भएको ५ कित्ता जग्गामध्ये बाँकी १-२-२-० रोपनी क्षेत्रफल भएको दुई कित्ता जग्गा कम्पनीले सम्बद्ध व्यक्तिमार्फत् राजमार्गतर्फको जग्गा किन्ने व्यक्तिलाई

२०७८।७।१४ मा कच्ची बाटो सरहको मूल्याङ्कन राखी रू.१ करोड ७ लाख ६७ हजारमा सोझै निःसर्ग गरेको छ। राजमार्ग छेउको आपसमा जोडिएका जग्गामध्ये अग्रभागको जग्गा सम्बद्ध व्यक्ति मार्फत र बाँकी जग्गा कम्पनीले एकै व्यक्तिलाई निःसर्ग गरेकोले कम्पनीको थैली अङ्क रू.१२ करोड ५९ लाख ५६ हजार कम भई रजिष्ट्रेसन शुल्कमा रू.४२ लाख ५१ हजार र अग्रिम कर रू.१८ लाख ८९ हजारसमेत रू.६१ लाख ४० हजार राजस्व घटी असुल भएको छ। उक्त कारोबार सम्बन्धमा छानबिन गरी छुट हुन गएको राजस्व असुल गर्नुपर्दछ।

२३.४ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको रजिष्ट्रेसन लिखतअनुसार कृषिसम्बन्धी कारोबार गर्ने एक निजी कम्पनीले नँखेल ४क को ५-६-२-० रोपनी जग्गा २०७८।१०।५ मा आफ्नै एकल शेयर होल्डर र निजको एकाघरका १७ सदस्यको नाममा रू.३५ लाखमा बिक्री गरेकोमा सोही जग्गा २०७८।१२।१६ मा उल्लिखित खरिदकर्ताहरूले अर्को एक कृषि फर्मलाई रू.१ करोड ४० लाखमा निःसर्ग गरेको छ। स्थानीय तहको दुवै मितिको सिफारिसपत्रमा घर बाटोको अवस्था यथावत् रहेकोले कम्पनीले आफ्नै सम्बद्ध व्यक्तिसँगको निःसर्गमा सामान्य बजार मूल्यअनुसार मूल्याङ्कन कायम नगरी कर नियोजन गरेको देखिन्छ। यसबाट न्यून थैली कायम गरेको रू.१ करोड ५ लाखमा रजिष्ट्रेसन दस्तुर रू.५ लाख २५ हजार र १.५ प्रतिशत अग्रिम कर रू.१ लाख ५७ हजारसमेत रू.६ लाख ८२ हजार र संस्थालाई मुनाफामा लाग्ने २५ प्रतिशत आयकरमध्ये लाभकरबाट असुल भएको ५ प्रतिशत घटाउदा हुने २० प्रतिशत बरावरको आयकर रू.२१ लाखसमेत रू.२७ लाख ८२ हजार राजस्व छुट भएको छ। मालपोत कार्यालय तथा आन्तरिक कार्यालयबीच समन्वय गरी घटी भएको राजस्व असुल गर्न आवश्यक छानबिन गर्नुपर्दछ।

२४. **जग्गा हस्तान्तरण** - मुलुकी देवानी संहिता ऐन, २०७४, को दफा ४६४ मा कुनै पनि व्यहोराले अचल सम्पत्ति हस्तान्तरण गरिदिएको लिखत सम्बन्धित कार्यालयबाट पारित गराउनुपर्ने व्यवस्था छ। मालपोत कार्यालय, कलङ्कीको संशोधन मिसिलअनुसार एक निजी कम्पनीको नाममा रहेको साबिक मातातीर्थ ७क को २४१.६४ आना जग्गा उक्त निजी कम्पनी सार्वजनिक कम्पनीमा परिणत भएकोले कार्यालयले २०७८।८।२४ मा संशोधनको प्रक्रिया अवलम्बन गरी जग्गाधनीको नाम सच्याई प्राइभेट लिमिटेडबाट लिमिटेड कायम गरेको छ। साबिक कम्पनीबाट परिवर्तित कम्पनीको नाममा अचल सम्पत्ति हस्तान्तरण गर्दा रजिष्ट्रेसन लिखत पास गर्नुपर्नेमा मिसिल खडा गरी हक हस्तान्तरण गरेकोले न्यूनतम मूल्याङ्कन प्रतिआना रू. ५ लाख ५० हजार दरले हुने मूल्य रू.१३ करोड २९ लाख २ हजारमा ४.५ प्रतिशतले हुने रजिष्ट्रेसन शुल्क रू.५९ लाख ८१ हजार र १.५ प्रतिशतले हुने अग्रिम कर रू.१९ लाख ९४ हजारसमेत रू.७९ लाख ७५ हजार राजस्व छुट हुन गएको छ। जग्गा र सोमा बनेको संरचनाको बजार मूल्य बढी हुनसक्ने हुँदा स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराई छुट भएको राजस्व असुल हुनुपर्दछ।

२५. **कर विवरण** - आयकर ऐन, २०५८ को दफा ७ मा कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभ सो व्यक्तिको सो व्यवसायको सो वर्षको आयमा गणना गर्नुपर्ने र दफा ९६(२) अनुसार आय विवरण पेस गर्नुपर्ने उल्लेख छ। भूमिसुधार तथा मालपोत कार्यालय विराटनगर, बेलबारी, ललितपुर, भक्तपुर, चाबहिल, कलङ्की र साँखुसमेत ७ कार्यालयको कार्यक्षेत्रमा पर्ने

जग्गाका धनीहरूले आफ्नो जग्गालाई साबिकको स्वरूपमा परिवर्तन गरी घडेरीको रूपमा बिक्री गरेको भूमि व्यवस्थापन सूचना प्रणालीबाट देखिन्छ। प्राकृतिक व्यक्तिले व्यावसायिक प्रयोजनबाट घरजग्गाको कारोबार गर्दा पुँजीगत लाभकर नभई व्यवसायको लाभमा ३६ प्रतिशतसम्म आयकर तिर्नुपर्दछ। उल्लिखित ७ कार्यालयको सूचना प्रणालीमा रहेको पुँजीगत लाभकर प्रतिवेदनअनुसार यो वर्ष व्यावसायिक प्रकृतिको निःसर्ग गर्ने ५४२ निःसर्गकर्ताको निःसर्ग रू.९ अर्ब ६३ करोड ९६ लाखमा जग्गा खरिद तथा भवन निर्माण खर्च रू.१ अर्ब ५५ करोड ६९ लाख कट्टीपछिको लाभ रू.८ अर्ब ८ करोड २७ लाखमा २.५ प्रतिशत र ५ प्रतिशतको दरले लाभकर दाखिला गरेका छन्। निःसर्गकर्ताहरूले उल्लिखित कारोबारको आय विवरण आन्तरिक राजस्व कार्यालयमा पेस गरी निर्धारित कर बुझाउनुपर्नेमा सो बुझाएको प्रमाण पेस गरेको छैन। यसमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी कर दायित्व यकिन गर्नुपर्दछ।

२६. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५क (५) र जग्गा तथा घर जग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम जुनसुकै किसिमबाट स्वामित्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए २.५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था रहेको छ। भूमिसुधार तथा मालपोत कार्यालय कलैया तथा भैरहवाका ९ र भक्तपुरका ९ निःसर्गकर्ताले २०७७।७८ मा जग्गा निःसर्ग गर्दा स्वामित्व अवधि र थैलीको आधारमा तिर्नुपर्नेभन्दा घटी दाखिला गरेकोले निःसर्ग रकम रू.३१ करोड ३ लाखमा रू.८४ लाख ६९ हजार पुँजीगत लाभकर घटी असुल गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२७. **घरबाटो सिफारिस** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ङ)२८(बमोजिम स्थानीय तहले घरबाटो सिफारिस गर्दा वास्तविक अवस्था खुलाई सिफारिस गर्नुपर्ने र सोही सिफारिसबमोजिम न्यूनतम मूल्याङ्कन पुस्तिकाको आधारमा घरजग्गाको थैली अङ्क कायम गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२७.१ भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वरको लिखतअनुसार एक व्यक्तिले निगौल ७(क) को ०-१०-२-० बिघा जग्गा २०७८।५।१६ मा रू.१२ लाख ६५ हजार थैली राखी निःसर्ग गरेकोमा लिखतसाथ संलग्न स्थानीय तहको घरबाटोको सिफारिसमा बाटो नभएको उल्लेख छ। सोही जग्गा उल्लिखित खरिदकर्ताले २०७८।५।१७ मा पुनः रू.१ करोड ३२ लाखमा बिक्री गर्दा पेस गरेको घरबाटोको सिफारिसमा उक्त जग्गामा ५० फिट चौडा बाटो भएको उल्लेख छ। उल्लिखित अवस्थामा पहिलो कारोबारमा रू.१ करोड १९ लाख ३५ हजार घटी थैली कायम भई रजिष्ट्रेसन दस्तुर रू.४ लाख १८ हजार र पुँजीगत लाभकर रू.५ लाख ९७ हजारसमेत रू.१० लाख २४ हजार छुट भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२७.२ नापी कार्यालयमा रहेको नक्सामा मोटरबाटो तथा गोरेटो बाटो भए पनि स्थानीय तहले बाटो नभएको वा गोरेटो बाटोमात्र रहेको सिफारिस गरेको कारण न्यून मूल्याङ्कित भई मालपोत कार्यालय साँखु, काठमाडौँबाट २०७६।७७ मा पारित भएको ५ निःसर्गमा रजिष्ट्रेसन दस्तुर रू.८ लाख २८ हजार र पुँजीगत लाभकर रू.७ लाख ८५ हजार,२०७७।७८ मा पारित भएको ९ निःसर्गमा रजिष्ट्रेसन दस्तुर रू.२२ लाख ५५ हजार र पुँजीगत लाभकर रू.१९ लाख २४ हजार र २०७८।७९ मा पारित भएको

१७ निःसर्गमा रजिष्ट्रेसन दस्तुर रू.६६ लाख २१ हजार र पुँजीगत लाभकर रू.७७ लाख ७९ हजारसमेत रजिष्ट्रेसन दस्तुर रू.९७ लाख ४ हजार र पुँजीगत लाभकर रू.१ करोड ४ लाख ८८ हजार राजस्व छुट भएकोले सो रकम असुल गर्नुपर्दछ।

२७.३ स्थानीय तहले नापी नक्साभन्दा फरक पारी घर बाटोको सिफारिस दिएका कारण भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरबाट २०७७।७८ मा पारित ३० निःसर्गमा रजिष्ट्रेसन दस्तुर रू.१ करोड २ लाख ८६ हजार र पुँजीगत लाभकर रू.१ करोड ६ लाख ७१ हजार तथा यो वर्ष १९ निःसर्गमा रजिष्ट्रेसन दस्तुर रू.१ करोड ३० लाख ३० हजार र पुँजीगत लाभकर रू.६४ लाख ८२ हजार र भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट पारित ३८ निःसर्गमा रजिष्ट्रेसन दस्तुर रू.१ करोड ४५ लाख ५३ हजार र पुँजीगत लाभकर रू.१ करोड २ लाख १७ हजारसमेत रजिष्ट्रेसन दस्तुर रू.३ करोड ७८ लाख ६९ हजार र पुँजीगत लाभकर रू.२ करोड ७३ लाख ७० हजार घटी भएको राजस्व असुल गर्नुपर्दछ।

२८. **उद्देश्यविपरीत कारोबार -** स्थानीय तहले भू-उपयोग ऐन, २०७६ तथा नापी विभागबाट तयार गरिएको भू-उपयोग नक्सा डाटाबमोजिम जग्गाको वर्गीकरण गरी मापदण्ड पूरा भएका जग्गालाई मात्र कित्ताकाटको लागि सिफारिस गर्ने व्यवस्था छ। भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लिखत अनुसार एक औषधि उद्योगको स्वामित्वमा रेहेको दुवाकोट-६ख स्थित २३-३-०-१ रोपनी जग्गा काठमाडौं उपत्यका विकास प्राधिकरणबाट स्वीकृति पाएका जग्गा विकासकर्तामार्फत् बाटो ढलसहितको ६४ टुक्रा घडेरी विकास गरी बिक्री गरेको छ। मालपोत कार्यालय, मनमैजुअन्तर्गत माध्यमिक तथा विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यले दर्ता भएको एक शिक्षण संस्थाले फुटुङ ३ मा रहेको १७७२.५२ वर्गमिटर जग्गा यो वर्षमात्र व्यावसायिक रूपले २४ कित्तामा टुक्रा गरी बिक्री गरेको छ। एक किसिमको उद्योग व्यवसाय गर्न दर्ता भएको कम्पनीले खरिद गरेको जग्गालाई भू-उपयोग ऐनविपरीत घडेरी विकास गरी बिक्री गर्ने कार्य नियमसम्मत देखिएन। संस्थाको उद्देश्यविपरीत कम्पनीको नाममा रहेको जग्गा कित्ताकाट गरी जग्गा बिक्री गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

२९. **जग्गा बिक्री -** जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा १६४ मा शर्त उल्लेख भएको जग्गाको लिखत पारित गर्दा सो शर्त पूरा भएको हुनुपर्ने उल्लेख छ। भूमिसुधार तथा मालपोत कार्यालय, लगनखेल, ललितपुरको रजिष्ट्रेसन लिखतअनुसार जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको एक गैरसरकारी संस्थाले २०६५।१०।९ मा अनाथालय सञ्चालन गर्न दुई दाताबाट दान प्राप्त साबिक टिकाथली-६ स्थित ३ हजार ६५४.९५ वर्गमिटर जग्गामध्ये ३ हजार ३६८.६९ वर्गमिटर जग्गा व्यावसायिक विकासकर्तालाई बिक्री गरी प्राप्त नगद बैङ्कमा राख्ने निर्णय गरी लिलाम प्रक्रियाबाट २०७८।६।२२ मा एक हाउजिङ कम्पनीलाई सरकारी मूल्याङ्कनकै हाराहारी हुने गरी रू.१२ करोड १८ लाख ६६ हजारमा निःसर्ग गरेको छ। संस्थाले उक्त जग्गा लिलाम प्रक्रियामा लानुपूर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन नगराएकोले प्रचलित बजार मूल्यबमोजिम कारोबार भएको सुनिश्चित गर्ने आधार देखिँदैन। कार्यालयले लिखत पारित गर्नु पहिले निर्देशिकाको व्यवस्थाबमोजिम दाताले जग्गा दान गर्दा राखेको शर्तमा पर्ने असर सम्बन्धमा यकिन गरेको छैन। संस्थाको जग्गा बिक्री र यसबाट राजस्वमा परेको असर सम्बन्धमा छानबिन हुनुपर्दछ।

नापी विभाग

आर्थिक तथा सामाजिक विकासका निम्ति आवश्यक पर्ने नक्सा तथा भौगोलिक सूचना उत्पादनमा एकरूपता कायम गर्ने प्रमुख उद्देश्यले विक्रम सम्वत् २०१४ सालमा विभागको स्थापना भएको हो। विभागअन्तर्गत १२९ नापी कार्यालय र ६ विशेष नापी कार्यालय रहेका छन्।

३०. **वैदेशिक अनुदान -** डिजिटल एलेभेसन मोडेल तथा अर्थोफोटो विकाससम्बन्धी परियोजनाको लागि जापान सरकारबाट रू.१ अर्ब २६ करोडको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा नेपाल सरकार र जापान अन्तर्राष्ट्रिय विकास नियोगबीच २०७७।२।१२ मा अनुदान सम्झौता भएको छ। सम्झौताअनुसार अनुदान सहायताको अवधि २०८०।२।१७ सम्म रहेकोमा दुई तिहाइ अवधि व्यतीत भैसके पनि परियोजनाको लागि उपकरण तथा परामर्श सेवा खरिदसम्बन्धी प्रक्रिया सम्पन्न नहुँदा तोकिएको अवधिमा लक्ष्य हासिल हुने स्थिति देखिएन। समयमा कार्यक्रम सञ्चालन गरी अनुदान सहायताको उपयोग गर्नुपर्दछ।

३१. **लाइडर सर्भे -** विभिन्न प्रकारका विकास निर्माण परियोजना, प्रकोप व्यवस्थापन तथा नक्साङ्कन कार्यका लागि आवश्यक पर्ने परिशुद्ध साङ्घीय तथा हवाईचित्र तयार गर्न चितवन देखि कन्चनपुरसम्म तराई क्षेत्रको करिब २० हजार वर्गमिटर लाइडर प्रविधिको प्रयोग गरी सर्भे गर्न एक परामर्शदातासगँ २०७६।३।२० मा रू.५९ करोड ३५ लाख ३५ हजारको खरिद सम्झौता भएकोमा यस वर्षको रू.२० करोड ७७ लाख ३७ हजारसमेत रू.४४ करोड ५१ लाख ५१ हजार भुक्तानी भएको छ। परामर्शदाताले २०७७।६।२० सम्म काम सम्पन्न गर्नेगरी २०७६।३।२०मा शुरु सम्झौता भएकोमा कोभिड-१९ महामारीको कारण देखाई २०७९।५।३१ सम्म पाँच पटक म्याद थप हुँदा समेत हवाई सर्वेक्षण कार्य सम्पन्न गरे पनि अन्तिम डाटा र नक्सा बुझाएको देखिएन। परामर्शदातालाई खरिद सम्झौताको शर्तअनुसार कार्य सम्पन्न गर्न लगाउनुपर्दछ।

३२. **सीमा स्तम्भ -** अन्तर्राष्ट्रिय सीमा र सीमा स्तम्भको अभिलेख एवं मर्मत सम्भारलगायतका कार्य विभागको कार्यक्षेत्र रहेको छ। विभागले पेस गरेको विवरणअनुसार नेपाल र भारतको सीमानामा ८ हजार ५५३ सीमा स्तम्भ रहेकोमध्ये ४ हजार २९१ सग्लो अवस्थामा, ४ हजार २६२ मर्मत गर्नुपर्ने रहेको र १ हजार ५३३ सीमास्तम्भ हराएको उल्लेख छ। नेपाल र चीनको सीमानामा १०० सीमा स्तम्भमध्ये २ सीमा स्तम्भ भौगोलिक विकटताको कारणले निर्माण हुन नसकेको उल्लेख छ। हराएका सीमा स्तम्भको निर्माण र मर्मत गर्नुपर्ने अवस्थामा रहेका सीमा स्तम्भहरूको मर्मत सम्भार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३३. **नियन्त्रण विन्दु सुदृढीकरण -** जग्गाको शुद्ध नापनक्साको लागि आधारभूत नियन्त्रण विन्दुहरूको सञ्जाल तोकी सोमा समायनुकूल सुदृढीकरण गर्दै जानुपर्दछ। विभागले पेस गरेको विवरणअनुसार २०७९ असार मसान्तसम्म देशभरमा पहिलो स्तरको ६७, दोस्रो स्तरको ६५३, तेस्रो स्तरको ४ हजार ७४ र चौथोस्तरको २ लाख ५६ हजार ४०२ समेत २ लाख ६१ हजार १९६ नियन्त्रण विन्दुको सञ्जाल रहेको छ। सञ्जाल सुदृढ गर्ने कार्य अन्तर्गत विशेष नापी तथा नापनक्साका कार्य सञ्चालन भएका ६ प्रदेशका २४ जिल्लामा नियन्त्रण विन्दु स्थापनाको लागि ग्लोबल नेभिगेसन सेटलाइट सिष्टम सर्वेक्षण सम्पन्न भएको, कोशी प्रदेश र बागमती प्रदेशको समुद्री सतहदेखिको उचाइको सञ्जालका ११० बेञ्चमार्कमा भू-आकर्षण सर्वेक्षण सम्पन्न भएको, ४३ किलोमिटरको दूरीमा लेभलिङ्ग कार्यका लागि मोनुमेन्टसन कार्य

सम्पन्न भएको र २ स्थानमा कन्टिनिअस अपरेटिङ रिफरेन्स सिष्टम स्थापना गर्ने कार्य भएको छ। सम्पन्न भएका कार्यको संरक्षण र बाँकी क्षेत्रमा कार्य विस्तार गरी जग्गाको नापनक्सालाई शुद्ध र यथार्थपरक बनाउनुपर्दछ।

३४. **नापनक्सा** - जग्गा (नापजाँच) ऐन,२०१९ जारी भए पश्चात विभागले कित्ता नक्सा र स्रेस्ता विधिवत रूपमा तयार गर्न शुरु गरेकोमा २०५५ सम्म एकपटक नापी सम्पन्न गरेको देखिन्छ। सो अवधिका ७५ जिल्लामध्ये ३७ जिल्लाको नापी राष्ट्रिय नियन्त्रण विन्दुमा आधारित रहेको र बाँकी ३८ जिल्लाको फ्री सिटमा नापनक्सा गरेको देखिन्छ। गाउँ ब्लकको रूपमा रहेका जग्गाको नापनक्सा कार्य यो वर्षसम्म १६ हजार २१२ हेक्टर सम्पन्न भई ५२३.७ हेक्टर बाँकी रहेको छ। फ्री शीटमा नाप नक्सा भएका जिल्लालाई लक्षित गरी २०५२ सालबाट शुरु भएको पुनः नापी कार्य यो वर्षसम्म झापा, सर्लाही, चितवन लगायतका जिल्लामा ४ लाख ४० हजार ६८१.११५ हेक्टर क्षेत्रफल नापी गरी सम्पन्न भएको उल्लेख छ।

द्वन्द्वबाट क्षतिग्रस्त क्षेत्रको भूमि लगत पुनःस्थापनाको लागि २०६५ देखि शुरु भएको विशेष नापीअन्तर्गत यो वर्ष १७ हजार ८९६.८६९ हेक्टरसमेत यो वर्षसम्म अछाम, संखुवासभा, झापा, सिरहा, पाल्पा, अर्घाखाँची र काभ्रे जिल्लाको ३ लाख ५१ हजार ८३.१२ हेक्टर जग्गा नापी गरी ३० हजार ८१ लाई जग्गाधनीपुर्जा वितरण गरे तापनि नापी कार्य अझै सकिएको छैन। कार्य शुरु भएको १४ वर्षसम्म पनि भूमि लगत पुनःस्थापना कार्य सम्पन्न नभएकोले नागरिकहरू जग्गाधनीपुर्जाबाट वञ्चित रहेका छन्। आवश्यक स्रोत साधन परिचालन गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

सहकारी विभाग

सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा विकास गर्ने र ग्रामीण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रूपमा उपयोग गर्ने प्रयासलाई संस्थागत गर्न सम्वत् २०१० सालमा विभागको स्थापना भएको हो। विभागको कार्यक्षेत्रमा सहकारी संस्थाहरूको नियमन, प्रवर्द्धन तथा प्रशिक्षण सम्बन्धी कार्य रहेका छन्।

३५. **सहकारी संस्था अनुगमन** - सहकारी ऐन, २०७४ को दफा १२५ अनुसार सहकारी ऐन र नियम बमोजिम विभागको निर्देशन पालना नगरेमा रू.५ लाखसम्म जरिबाना गर्नसक्ने व्यवस्था छ। विभागले यो वर्ष अनुगमन गरेकोमध्ये ८ सहकारी संस्थाको अनुगमन प्रतिवेदनमा सञ्चालक सचिव नै संस्थाको व्यवस्थापकको रूपमा काम गरेको, सन्दर्भ ब्याजदर पालना नगरेको, सदस्यको तिर्न सक्ने क्षमता तथा व्यावसायिक योजना बेगर ऋण लगानी गरेको, खराब ऋण बढ्दै गएको र ऋण नोक्सानी कोषमा पर्याप्त रकम नरहेको, पुँजीकोषको सीमाभन्दा बढी ऋण लगानी गरेको, विना धितो ऋण प्रवाह गरेको, उद्देश्य विपरीत लगानी गरेकोमा प्रतिफल समेत प्राप्त नभएको, कार्यक्षेत्र बाहिर ऋण लगानी गरेको, स्वीकृति बेगर बचत सङ्कलन गरेको लगायतका व्यहोरा उल्लेख छ। अनुगमनबाट कैफियत देखिएका सहकारी संस्थाहरूलाई सुधारको कार्य योजना पेस गर्न लगाए तापनि सुधारको स्थिति मूल्याङ्कन तथा विश्लेषण गरेको छैन। निर्देशन पालना नगरेको अवस्थामा जरिबाना असुलीलगायतका कारबाही गर्नुपर्नेमा अनुगमन कार्यलाई निष्कर्षमा पुऱ्याएको छैन। अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

३६. **सम्पत्ति शुद्धीकरण** - विभागद्वारा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी सङ्घ, संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा ३२ मा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानूनको कार्यान्वयन नगर्ने संस्थालाई लिखित रूपमा सचेत गराउने, अटेर गर्नेलाई रू.१० लाख देखि गाम्भीर्यताको आधारमा रू.५ करोडसम्म जरिबाना गर्ने एवं दर्ता खारेजसम्म गर्न सक्ने उल्लेख छ। विभागले निरीक्षण गरेको ५ बचत तथा ऋण सहकारी संस्थाको निरीक्षण प्रतिवेदनअनुसार जोखिम मूल्याङ्कन वर्गीकरण अद्यावधिक नगरेको, शङ्कास्पद कारोबारको पहिचान गर्ने प्रणाली नराखेको, आन्तरिक नीति तथा कार्यविधि तर्जुमा नगरेको, सीमा तथा कारोबारको प्रतिवेदन वित्तीय जानकारी एकाइमा पठाउने नगरेको, सदस्यको उच्च र असामान्य आर्थिक कारोबारको सूक्ष्म अध्ययन नगरेको लगायतका व्यहोरा उल्लेख छ। विभागले निरीक्षण पश्चात् स्पष्टीकरण माग गरी सुधारको कार्य योजना पेस गर्न लगाए पनि कार्यान्वयनको अवस्था यकिन गरेको छैन। अनुगमन प्रतिवेदन पेस भएपछि एक पटक प्रगति प्रतिवेदन माग गरी निर्देशन दिने बाहेक उक्त संस्थाको कैफियत सम्बन्धमा निरन्तर अनुगमन, पेस भएको कार्ययोजनाको कार्यान्वयन र निर्देशिकाको व्यवस्थाअनुरूप जरिबानालगायतका कारबाही गरेको छैन। सहकारी संस्थामाथिको नियमनकारी भूमिका प्रभावकारी नभएका कारण सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम विद्यमान रहेको देखिएकाले प्रचलित कानूनअनुसार कारबाही गर्नुपर्दछ।

३७. **गुनासो व्यवस्थापन** - यो वर्ष सहकारी संस्थाको बचत तथा निक्षेप हिनामिना, अपचलन तथा अनियमितता गरेको, कार्यालय फेला नपरेको, ठगी गरी फरार भएको, बचत रकम पटक पटक माग गर्दा प्राप्त नभएको, अनियमितता भएकाले छानबिन गर्नुपर्ने लगायतका ६४ उजुरी परेको देखिन्छ। सो उजुरीमध्ये एक संस्थाले बचत रकम फिर्ता नगरेको सम्बन्धमा ५ वटासम्म उजुरी परेको देखिन्छ। प्राप्त उजुरी सम्बन्धित प्रदेश तथा स्थानीय तहमा पठाएकोमा उक्त उजुरी उपर छानबिन तथा कारबाही सम्बन्धमा विभागले अनुगमन गरेको छैन। प्राप्त उजुरी एवं गुनासोको समयमै फर्स्यौंट हुनुपर्दछ।

३८. **कोपोमिस कार्यान्वयन** - सहकारी नियमावली, २०७५ को नियम ७२(२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रू.५ करोड वा सोभन्दा बढी रकमको बचत दायित्व भए नियमावली प्रारम्भ भएको मितिले १ वर्षभित्र र सोभन्दा घटी दायित्व भए तीन वर्षभित्र यस प्रणालीमा आबद्ध भइसक्नुपर्ने उल्लेख छ। विभागले पेस गरेको विवरणमा बचत तथा ऋण मुख्य कारोबार गर्ने सहकारीको संख्या नखुले पनि कुल ३० हजार ८७९ मध्ये ५ हजार ३१५ (१७.२१ प्रतिशत) यस प्रणालीमा आबद्ध भएका र आबद्ध भएका सहकारीमध्ये कतिपयले अधुरो विवरण पेस गरेका छन्। विभागले २०७१।७२ बाट शुरु गरेको उक्त प्रणालीमा आबद्धताका लागि प्रत्येक वर्ष डाटा इन्ट्री, तालिम, अनुगमन, सिस्टम स्तरोन्नति, सपोर्ट सर्भिसमा वर्षेनी खर्च गरे तापनि प्रगति न्यून रहेको छ। प्रणालीमा आबद्ध नहुने सहकारीको अनुगमन गरी कोपोमिस प्रणालीको पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्दछ।

संगठित संस्था

साझा यातायात (सहकारी संस्था लिमिटेड)

सर्वसाधारण जनताको निम्ति सर्वसुलभ र भरपर्दो सार्वजनिक यातायात सेवा प्रदान गर्ने उद्देश्यले सहकारी ऐन, २०४८ अन्तर्गत २०१८ मा स्थापना भएको यस संस्थाले काठमाण्डौं महानगरपालिकालगायतका स्थानीय तहसँग समन्वय गरेर यातायात सेवा उपलब्ध गराउँदै आएको छ।

३९. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** संस्थाको शेयर पुँजी रू.३ अर्ब ५० करोड ३३ लाख र विभिन्न कोषमा रू.३ अर्ब ८७ करोड ७६ लाख मौज्दात रहेकोमा लगानी रू.३ अर्ब ५९ करोड ६६ लाख रहेको छ। यस संस्थाले रू.२२ करोड ८१ लाख ४३ हजार खुद नाफा आर्जन गरेको छ।

४०. **बस खरिद -** नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।१०।२६ को निर्णयले नेपाल सरकारले गरेको लगानीबाट विद्युतीय बस खरिद गर्न दिएको सहमती अनुसार ४० वटा विद्युतीय बस, २० वटा चार्जर र ५ वर्षको वार्षिक मर्मत कार्यका लागि रू.५० करोड ३ लाख ८३ हजारमा चीनको एक कम्पनीसँग सम्झौता गरेको देखियो। कम्पनीसँग २०७८।६।२२ मा भएको सम्झौताअनुसार १२० दिनमा ३ बस र बाँकी २४० दिनमा आपूर्ति गर्नुपर्नेमा ३ बस २०७९।३।७ मा प्राप्त भई ९० प्रतिशत प्रतीतपत्र रकम र भन्सार महसुलसहित रू.४ करोड ४४ लाख ८ हजार भुक्तानी भएको छ। सम्झौताअनुसार बस आपूर्ति नभएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेको छैन। विद्युत चार्जिङ स्टेसनको अभावका कारण खरिद भएका विद्युतीय बससमेत सञ्चालनमा आएका छैनन्। चार्जिङ स्टेसन निर्माण गरी खरिद भएका विद्युतीय बस सञ्चालन गर्नुपर्दछ।

४१. **सम्पत्तिको स्वामित्व र परिचालन -** साझा यातायातको नाममा रहेको जग्गाहरूको भौतिक अवस्था र मूल्य खुलाई अभिलेख राख्नुपर्नेमा राखेको देखिएन। स्थिर सम्पत्तिमा देखाएको जग्गा रू.१७ लाख ६६ हजार र भवन रू.१३ करोड ६१ लाख ६५ हजारको विस्तृत विवरण तयार गरी सोको संरक्षण एवं परिचालन गर्नुपर्ने व्यहोरा गत वर्ष औंल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन। साविकको साझा यातायात विघटनपछि बाँकी रहेका सम्पत्तिको अभिलेखसम्बन्धी कागजात प्राप्त नभएको उल्लेख गरे तापनि आफैंले भोगचलन गरेको सम्पत्तिको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

४२. **लगानी -** संस्थाको नाममा रहेका स्रोतको कार्य योजना बनाई प्रभावकारी परिचालन गर्नुपर्नेमा गत वर्ष मुद्दती निक्षेपमा रू.३ अर्ब ४१ करोड ९५ लाख रहेकोमा यो वर्षमा रू.३ अर्ब ५९ करोड ६१ लाख पुगेको छ। उक्त लगानीको ब्याज रू.३० करोड ६९ लाख ९७ हजार देखिन्छ। औसतमा लगानी ८.५३ प्रतिशत मात्र रहेकोले उत्पादनशील क्षेत्रमा लगानीको विविधिकरण गर्न सकेको देखिएन। सुरक्षित र प्रतिस्पर्धात्मक तरिकाले स्रोत परिचालन गरी आय बढाउने व्यवस्था मिलाउनुपर्दछ। त्यस्तै, संस्थाले विभिन्न १५ बैङ्कमा रू.८ करोड ६६ लाख ४८ हजार चालु खातामा मौज्दात राखेको छ। नगद प्रवाहको विश्लेषण गरी आवश्यताभन्दा बढी रकमलाई प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्दछ।

४३. **मौज्दात अपलेखन -** संस्थाले सञ्चालक समितिको निर्णयबमोजिम रू.८५ लाख ६ हजार मौज्दातलाई अपलेखन गरेको पाइयो। सार्वजनिक स्रोतलाई अपलेखन गरेको विषय औचित्यपूर्ण देखिँदैन। असामीतर्फ

लिनुपर्ने बहाल रू.१ करोड ३३ लाख ४ बाँकी रहेको छ। त्यस्तै, ३ अन्य संस्थासँग गत वर्षदेखि रू.२० लाख ७५ हजार उठाउन सकेको छैन। उठ्न बाँकी उक्त रकम असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४४. **बस सञ्चालन** - संस्थाले आफ्नो स्वामित्वमा रहेका ७१ डिजेल बस र ३ विद्युतीय बससमेत ७४ बसमध्ये ७० बस काठमाडौं उपत्यकाभित्रका ६ रुट र ४ बस लामो दूरीका २ रुटमा सञ्चालन गरी रू.१३ करोड १२ लाख २१ हजार आय गरेको छ। बस सञ्चालन खर्च रू.१९ करोड ६५ लाख ७७ हजार देखिएको छ। आय घटी भएको सम्बन्धमा संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत जेष्ठ नागरिक ,नाबालिग ,विद्यार्थी र अपाङ्गलाई निःशुल्क वा सहुलियतमा सेवा प्रदान गरेको जनाएको छ। प्रत्यक्ष खर्च धान्ने गरी कार्य योजना बनाउने र खर्चमा मितव्ययिता ल्याउनेतर्फ व्यवस्थापकीय पहल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गा लिजमा परिणत नगरेको, सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख अद्यावधिक नगरेको, हदबन्दीभन्दा बढी जग्गाको उपयोगको प्रभावकारी अनुगमन नभएको, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल नगरेको, पुँजीगत लाभकर निर्धारण सम्बन्धमा आवश्यक प्रमाण पेस नगरेको, न्यूनतम मूल्याङ्कन घटाई घर जग्गाको कारोबार गरेको, घरबाटो सिफारिस गर्दा त्रुटिपूर्ण सिफारिस हुने गरेको, सम्बद्ध व्यक्ति बीच कारोबार गरी कर दायित्व घटाउने गरेको, बैङ्कहरूको धितो लिलाम र दाखिला खारेज गर्दा लाभकर घटी असुल हुने गरेको, समस्याग्रस्त सहकारी संस्थाहरूको दायित्व फरफारख नभएको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतका समेत १८३ कार्यालयमा रू.१ अर्ब ३५ करोड ७२ लाख ३६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ कार्यालयले रू.१ करोड ४८ लाख ६६ हजार फछ्यौंट गरेकोले रू.१ अर्ब ३४ करोड २३ लाख ७० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.९५ लाख ८० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेल, यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, जल मार्ग लगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन, समन्वय र नियमन लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १४५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका १४१ सरकारी कार्यालयको निम्नानुसार रू.१ खर्ब २० अर्ब ९६ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
८४८३८५	१३५७७	१७५७९७	१७१९०५	१२०९६६४

उल्लिखित लेखापरीक्षण रकममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.३ करोड ५४ लाख समावेश छ। यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालय र राष्ट्रिय सतर्कता केन्द्रबाट खर्च भएको रू.९ अर्ब ५३ करोड ८७ लाख समावेश छैन। यो वर्ष १ कार्यालयको रू.५ करोड ६५ लाखको लेखापरीक्षण बव्यौता रहेको छ।

२. **अन्य संस्था -** यो वर्ष २ संस्थाको रू.१३ अर्ब २२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। मन्त्रालयअन्तर्गत १ समितिको २०७७।७८ को लेखापरीक्षण बक्यौता रू.७२ लाख समावेश छ। नेपाल रेलवे कम्पनीको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक सामाजिक विकास, व्यापार सहजीकरणमार्फत् आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न कुल यातायात खर्च न्यूनत्तम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्ने, सडक पूर्वाधारहरूको उचित संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। दीर्घकालीन सोच प्रगतिका लागि मन्त्रालयसँग सम्बन्धित सूचकमध्ये ७ नतिजा सूचकको परिमाणात्मक लक्ष्य तोकिएकोमा २०७८।७९ को प्रगति निम्नानुसार छः

क.सं.	सूचक	एकाइ	आधार वर्ष	२०७८।७९		२०७८।७९ को
			२०७५।७६	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	राष्ट्रिय राजमार्ग (दुई लेन सम्म कालो पत्रे)	किलोमिटर	५९९४	९७९४	७२३७	७३.८९
२	राष्ट्रिय राजमार्ग (दुई लेन माथि द्रुतमार्ग समेत)	किलोमिटर	९६	३४५	२०४	५९.१३
३	राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक निर्माण)	किलोमिटर	२६०	४००	१४५	३६.२५
४.	राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण	किलोमिटर	१८२	२२५	१५५	६८.८८
५.	राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार	किलोमिटर	३२०	७५०	२५०	३३.३३
६.	राष्ट्रिय राजमार्ग नियमित मर्मत सम्भार	किलोमिटर	९१५५	७२००	७८००	१०८.३३
७.	सडक पुल निर्माण	किलोमिटर	३००	३००	२८२	९४.००

उल्लिखित तालिकाअनुसार राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक) निर्माण र राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भारतर्फ यो वर्ष ५० प्रतिशतभन्दा न्यून प्रगति देखिएको छ। मध्यावधि खर्च मूल्याङ्कन प्रतिवेदन, २०७८ बमोजिम बजेट विनियोजन भएकोमा नयाँ सडक निर्माण तथा नयाँ ट्रयाक लगायतका कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन नहुँदा यो वर्ष ५५.६० प्रतिशत मात्र खर्च भएको देखिन्छ। मन्त्रालयले तोकिएको नतिजा सूचक पूरा गरेको नदेखिँदा वित्तीय एवं भौतिक लक्ष्य पूरा गरी नतिजा हासिल गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन** - मन्त्रालयको वार्षिक नीति तथा कार्यक्रमहरूको प्रगति स्थिति देहायबमोजिम छः

४.१ काठमाडौं-तराई द्रुत मार्गको निर्माण आगामी तीन वर्षभित्र सम्पन्न गर्ने र यो वर्ष सो स्थानमा पर्ने जटिल प्रकृतिका पुल तथा सुरुङ निर्माण कार्य प्रारम्भ गर्ने नीतिअनुसार यो वर्ष सडक निर्माणमा रू.८ अर्ब ८३ करोड ३ लाख खर्च भए तापनि जटिल प्रकृतिका पुल तथा सुरुङ निर्माण कार्य प्रारम्भ हुन सकेको छैन।

४.२ गल्छी-त्रिसुली-मैलुङ सडक खण्डको स्तरोन्नति सम्पन्न गरी मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक खण्डको स्तरोन्नति कार्य शुरु गरिने नीति अनुरूप यो आर्थिक वर्षमा रू.१ अर्ब ४० करोड ९२ लाख भुक्तानी भएको छ। निर्माण व्यवसायीसँग २०७९ माघ महिनाभित्र निर्माण सम्पन गर्ने गरी सम्झौता भएकोमा यो वर्षसम्म २५ प्रतिशत प्रगति भएको छ।

४.३ यो वर्ष राष्ट्रिय गौरवका आयोजनामध्ये पुष्पलाल (मध्यपहाडी) राजमार्ग ३४० किलोमिटर कालोपत्रे र १८ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा १४६ किलोमिटर कालोपत्रे र ३ पुल, हुलाकी राजमार्ग १४० किलोमिटर कालोपत्रे र १८ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा १४६ किलोमिटर र १६ पुल तथा उत्तर दक्षिण लोकमार्गअन्तर्गतको कालीगण्डकी कोरिडोर १०७ किलोमिटर कालोपत्रे र १६ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ५६ किलोमिटर कालोपत्रे र ५ पुल मात्र निर्माण भएको छ।

४.४ नेपालका सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्न कर्णाली कोरिडोरको निमार्ण कार्यलाई तीव्रता दिई हुम्ला सदरमुकामसम्म सडक पुऱ्याउने लक्ष्य रहेको भए तापनि कर्णाली करिडोरमा यस वर्षको ६ किलोमिटर समेत १४१ किलोमिटर ट्रयाक निर्माण भई २६ प्रतिशत प्रगति गरेको छ। हुम्ला सदरमुकामसम्म मोटरबाटो पुग्न बाँकी रहेको छ।

४.५ आगामी आर्थिक वर्ष देखि नारायणी र कर्णाली नदीमा पानीजहाज सञ्चालनका लागि टर्मिनल लगायतका पूर्वाधार निर्माण गर्ने र कोशीको चतरा देखि भोजपुर सम्मको जलयातायात सञ्चालनमा रहेको अवरोध हटाउने कार्यक्रम कार्यान्वयन गरेको देखिएन।

४.६ पानीजहाज सञ्चालनको लागि कानूनी, नीतिगत, संस्थागत व्यवस्था गर्न आन्तरिक जल यातायात पूवार्धार विकास गर्न जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्ने र नेपालको आफ्नै ध्वजावाहक पानीजहाज भारतको आन्तरिक जलमार्ग समुद्रसम्म जान सक्ने गरी सञ्चालन गर्न पूवार्धार निर्माण तथा कानूनी व्यवस्था गर्ने लक्ष्य रहेकोमा पानीजहाज सञ्चालनसम्बन्धी कानून परिमार्जन नभएकोले अन्य कार्यसमेत भएको पाइएन।

वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ ले मन्त्रालयसँग सम्बन्धित मुख्य मुख्य कार्यक्रमका साथै क्षेत्रगत अपेक्षित सूचकसमेत प्रस्तुत गरेको छ। सडक विभागले तयार गरेको वार्षिक प्रगति प्रतिवेदनबमोजिम वार्षिक बजेटले निर्धारण गरेका सडक क्षेत्रको सूचकहरूमा देहायबमोजिम प्रगति हासिल भएको देखिन्छः

बिबरण	एकाई	२०७६।७७		२०७७।७८		२०७८।७९		प्रगति प्रतिशत
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	
जिल्ला सदरमुकाम पुग्ने बाटो	संख्या	७७	७६	७७	७६	७७	७६	९८.७०
कालोपत्रे सडक	किलोमिटर	१२००	७२९	१४००	११९०	१८००	६१८	३४.३३
खण्डास्मित सडक	किलोमिटर	१२००	७५७	१०००	७३९	८००	३३५	४१.२५
माटे सडक	किलोमिटर	५००	५००	५००	४७२	३५०	२८०	८०.००
कालोपत्रे स्तरको सडक पुनः निर्माण तथा पुनर्स्थापना	किलोमिटर	-	-	६००	५०७	६००	४२३	७०.५०
आवधिक सडक मर्मत	किलोमिटर	५२४	३६०	७२९	४२४	५५०	२५०	४५.४५
पुल निर्माण	संख्या	३००	२१०	३००	१९२	३००	२८२	९४.००

५.१ यो वर्ष सडक क्षेत्रको लागि रू.१ खर्ब ३९ अर्ब ७५ करोड २ लाख, रेल यातायातको लागि रू.६ अर्ब ९६ करोड ८५ लाख, जलयातायातको लागि रू.६ करोड ८९ लाख बजेट विनियोजन भएकोमा क्रमशः रू.८१ अर्ब २० करोड ५१ लाख, रू.३ अर्ब ८८ करोड ६ लाख र रू.३ करोड ५६ लाख खर्च भएको देखिन्छ। सडक क्षेत्रका सूचकहरूमा लक्ष्यअनुरूप अपेक्षित प्रगति हासिल हुन सकेको छैन। रेल यातायात र जल यातायातको सूचकसमेत निर्धारण गरेको देखिएन।

५.२ पहिलो प्राथमिकता प्राप्त ५१ आयोजनामध्ये ४ आयोजनाको भौतिक प्रगति शून्य, १८ आयोजनाको ५० प्रतिशतभन्दा कम, १८ आयोजनाको ८० प्रतिशतभन्दा कम र ११ आयोजनाको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेको छ। भौतिक प्रगति ५० प्रतिशतभन्दा कम रहेका पहिलो प्राथमिकता प्राप्त केही आयोजना देहायबमोजिम छन्:

क्र.सं	योजनाको नाम	वित्तीय (रू.लाखमा)		भौतिक प्रगति
		विनियोजन	खर्च	
१	प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रम	५००००	-	-
२	अरूण कोरिडोर	८००	-	-
३	काकरभिट्टा इनरूवा, पथलैया नारायणघाट खण्ड	८८६९	-	-
४	सुर्यविनायक धुलिखेल र कोटेश्वर बानेश्वर त्रिपुरेश्वर सडक	१२४००	-	-
५	दोस्रो पुल सुधार तथा सम्भार आयोजना	५५००	१९४	३.५३
६	बुटवल लिंक रोड (बाइपास)	१०२०	९०	८.८६
७	क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना	५५५५७	६७४५	१२.१४
८	सुरुङ मार्ग विकास कार्यक्रम	९६१०	१३६०	१४.१५
९	चक्रपथ विस्तार आयोजना	९११२	१६६४	१८.२६
१०	सासेक मुग्लिङ - पोखरा सडक योजना	४८०४७	११११२	२३.१३

क्र.सं	योजनाको नाम	वित्तीय (रू.लाखमा)		भौतिक प्रगति
		विनियोजन	खर्च	
११	चेपाङ मार्ग (ठोरी-भण्डारा-लोथर-मलेखु)	१०००	२८१	२८.१३
१२	बी.पी. राजमार्ग (सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिवास सडक आयोजना)	७१०५	२३६३	३३.२६
१३	सासेक रोड कनेक्टिभिटी प्रोजेक्ट	१५९२	५४०	३३.९

विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने, अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकोले मन्त्रालय मातहत आयोजनाहरूको बजेट कार्यान्वयन दक्षता बढाउनुपर्दछ।

६. **रणनीतिक योजना कार्यान्वयन -** सडक, रेल तथा यातायातको विकास गर्न पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) मा सडक पूर्वाधार क्षेत्रका लागि रू.६ खर्ब २० अर्ब, रेल पूर्वाधार क्षेत्रका लागि रू.१ खर्ब ८० अर्ब एवं यातायात व्यवस्थापन क्षेत्रका लागि रू.१६ अर्बसमेत रू.८ खर्ब १६ अर्ब लगानी गर्नुपर्ने उल्लेख छ। योजना कार्यान्वयन भएको ५ वर्षको अवधिमा देहायबमोजिम रू.७ खर्ब ३४ अर्ब ४६ करोड ६९ लाख विनियोजन गरी रू.५ खर्ब १६ अर्ब ३४ करोड ५०लाख (७०.३० प्रतिशत) मात्र खर्च गरेको छः

(रू.लाखमा)

क्षेत्र	अनुमान	विनियोजन	खर्च	खर्च प्रतिशत
सडक	६,२०,००,००	६,९०,७२,९९	४,८७,००,६९	७०.५
रेल	१,८०,००,००	३५,५५,४२	२५,३८,३८	७१.३९
यातायात व्यवस्थापन	१६,००,००	८,१८,२८	३,९५,४३	४८.३२
जम्मा	**८,१६,००,००**	**७,३४,४६,६९**	**५,१६,३४,५०**	**७०.३०**

मन्त्रालयले रणनीतिक योजना कार्यान्वयनको प्रगति समीक्षा एवं अनुगमन गरेको पाइएन। रणनीतिक योजना कार्यान्वयनबाट ५ वर्षमा प्रत्येक वर्ष करिब १५ प्रतिशतले राजस्व वृद्धि भई यातायात क्षेत्रको वार्षिक राजस्व यो वर्षमा रू.२५ अर्ब ५० करोड पुग्ने अपेक्षा राखेकोमा लक्ष्यबमोजिमका योजनाहरू कार्यान्वयन नहुँदा यस क्षेत्रबाट लाभ प्राप्त गर्न सकेको छैन। अतः रणनैतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७. **नीतिगत एवं कानूनी व्यवस्था -** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित नीति, कार्यक्रम, कार्य सञ्चालनलाई व्यवस्थित गर्न विद्यमान नीति तथा कानूनमा संशोधन एवं कार्य क्षेत्रमा पुनरावलोकनको आवश्यकता देखिएको छ।

७.१ राष्ट्रिय यातायात नीति, २०५८ तर्जुमा भएको दुई दशकभन्दा बढी समय व्यतित भइसकेकोले सो पश्चात परिवर्तन भएको जनसंख्या, प्रादेशिक विभाजन, अधिकार तथा स्रोतको विभाजन, प्रशासनिक प्रणाली, सवारीको चापसमेतले परिवर्तित राष्ट्रिय प्राथमिकता पूरा गर्न सम्भव नहुने तथा सडक, रेल, जल, रज्जु र हवाई मार्गसमेत यातायातका सबै क्षेत्रलाई समेट्न नयाँ राष्ट्रिय यातायात नीति आवश्यक देखिएको छ।

७.२ राज्य संरचनाअनुसार संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहबीच अधिकार, जिम्मेवारी र स्रोत समेतको बाँडफाँट भएकोले अधिकार र जिम्मेवारीमा दोहोरो नपर्ने गरी कार्यक्षेत्र पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको छ।

८. **बजेट र खर्च -** मन्त्रालय र मातहतको निकायहरूको विगत ५ वर्षको पुँजीगत खर्चको स्थिति देहायबमोजिम छः

(रू.लाखमा)

आर्थिक वर्ष	शुरु बजेट	संशोधित बजेट	कुल निकासा/खर्च	
			खर्च	खर्च प्रतिशत
२०७४।७५	८९,५०,६७	१,०३,५६,८७	९६,०१,०५	९२.७०
२०७५।७६	९३,७२,८२	१,१९,२८,९३	९१,४८,४९	७६.६९
२०७६।७७	१,४४,८८,७७	१,३९,५४,५०	७४,५८,९७	५३.५२
२०७७।७८	१,२३,९२,८३	१,३७,८९,८७	९३,५२,६५	६७.८२
२०७८।७९	१,३७,१९,६९	१,३७,९४,७२	७६,२९,०७	५५.६०

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा बजेट तथा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनोट, प्राविधिक तथा जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार र बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको विगत ४ वर्षको औसत पुँजीगत खर्च विनियोजित बजेटको तुलनामा ७२ प्रतिशत रहेकोमा यो वर्ष ५५.६० प्रतिशतमात्र रहेको छ। निर्माण कार्यको खरिद प्रक्रिया दोस्रो चौमासिकमा शुरु गरी तेस्रो चौमासिकमा ठेक्का सम्झौता गर्नाले खरिद र निर्माणका विधि, प्रक्रियाहरू पूरा नहुने, अनुगमनमा कमी भई गुणस्तरीय कार्य सम्पादन गर्न कठिनाइ हुने, वास्तविक खर्च नभई पेस्की प्रवाह मात्र हुने र लक्ष्य बमोजिम खर्च गर्न नसक्नाले पुजिँगत खर्चमा कमि आएको छ। उपलब्ध स्रोतको प्रभावकारी उपयोग गरी खर्च दक्षता बढाउनुपर्ने देखिन्छ।

९. **वैदेशिक स्रोतको उपयोग** - यो वर्ष वैदेशिक अनुदान रू.३ अर्ब ७५ करोड ६७ लाख र ऋण रू.७७ अर्ब ३४ करोड ७८ लाखसमेत वैदेशिक स्रोतबाट रू.८१ अर्ब १० करोड ४५ लाख प्राप्त हुने अनुमान रहेकोमा अनुदान रू.४५ करोड ३३ लाख (१२ प्रतिशत) र ऋण रू.३४ अर्ब ६ करोड ४ लाख (४४ प्रतिशत) समेत रू.३५ अर्ब ४१ करोड ३४ लाख वैदेशिक सहायता प्राप्त भएको छ।

९.१ राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमको लागि यो वर्ष भारतको एक्जिम बैङ्कको सोझै भुक्तानी ऋणबाट रू.४० करोड ९१ लाख, नारायणघाट मुग्लिङ सडक योजना भरतपुरको लागि एसियाली विकास बैङ्क शोधभर्ना ऋणबाट रू.२ अर्ब २९ करोड ५७ लाख र सोझै भुक्तानी रू.१ अर्ब ५१ करोड ७० लाख, सूर्यविनायक-धुलिखेल, धुलिखेल-बर्दिवास सडक योजनाको लागि जाइका नगद अनुदान रू.५० करोड प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको छैन।

९.२ मन्त्रालयले संशोधित बजेट अनुमान गर्दा चीन सरकारको सोझै भुक्तानी अनुदानबाट चक्रपथ विस्तार आयोजनाको लागि रू.६५ करोड ६९ लाख प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको छैन। वैदेशिक स्रोतबाट सञ्चालित योजनाको यो वर्षको खर्च र उपयोग अवस्था देहायबमोजिम रहेको छ।

(रू.लाखमा)

क्र सं	स्रोत	योजना कार्यक्रम	विनियोजन	खर्च	खर्च प्रतिशत
१	एक्जिम बैङ्क, भारत	सडक सुधार आयोजना	११३५२०	३४४२५	३०.३३
२	आई.डी.ए.	क्षेत्रीय व्यापार तथा यातायात आयोजना मुग्लिङ नारायणगढ सडक	५२११०	४६९३	९.००
३	आई.डी.ए.	दोस्रो पुल सुधार	५५००	१९२	३.४९
४	जापान	नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना	१०४२६१	४१३१६	३९.६३
५	ए.डी.बी.	सासेक राजमार्ग सडक सुधार आयोजना, कञ्चनपुर कमला।	४५५००	१५५६५	३४.२१
६	ए.डी.बी.	सासेक राजमार्ग सडक सुधार आयोजना	११३१	९५	८.४०
७	ए.डी.बी.	सासेक (मुग्लिङ-पोखरा) सडक योजना - १	३१०३०	५६५२	१८.२१
८	ए.डी.बी.	सासेक (मुग्लिङ-पोखरा) सडक योजना - २	९६७०	३१३२	३२.३९
९	आई.डी.ए.	रेल मेट्रो रेल तथा मोनो रेल आयोजना	२२१२५	१९२३	८.६९

उल्लिखित विवरण अनुसार वैदेशिक स्रोतबाट सञ्चालित ९ योजनामा वैदेशिक सहायता उपयोग क्षमता ३.५ देखि ३९.६३ प्रतिशतसम्म रहेको पाइयो। प्राप्त वैदेशिक स्रोतको उपयोग क्षमता बढाउनुपर्दछ।

१०. **रकमान्तर एवं स्रोतान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ मा बजेट निकासा, खर्च र नियन्त्रण सम्बन्धी व्यवस्था छ। मन्त्रालय र मातहतका निकायहरूका लागि रक्षा मन्त्रालयलाई निकासा भएकोसमेत पुँजीगततर्फ शुरु विनियोजित बजेट रू.१ खर्ब ४६ अर्ब ३ करोड ७३ लाखमा रू.३६ अर्ब ६२ करोड १४ लाख (२५ प्रतिशत) थप तथा रू.३५ अर्ब ८७ करोड ११ लाख (२४ प्रतिशत) घटाई रू.१ खर्ब ४६ अर्ब ७८ करोड ७६ लाख बजेट कायम गरेकोले शुरु विनियोजन यथार्थपरक देखिएन। यो वर्ष रकमान्तरबाट बजेट थप तथा घट भएका केही बजेट उपशीर्षकको स्थिति देहायबमोजिम छः

(रू.हजारमा)

रकमान्तरबाट थप				रकमान्तरबाट घट			
ब.उ.शी.नं.	शुरु बजेट	थप बजेट	थप प्रतिशत	ब.उ.शी.नं.	शुरु बजेट	घट बजेट	घट प्रतिशत
३३७०११२०	६१८५००	११५१२६६	१८६	३३७०११७२	८०००००	९२६७५८	११६
३३७०११०८	२८६५१००	४०४०७७८	१४१	३३७०११२५	९०००००	६१६५००	६९
३३७०११२२	६९४४१००	५७८६६१३	८३	३३७०११७४	१५०००००	८९८५००	६०
३३७०११३७	१९४७४००	१४९४८७३	७७	३३७०११३७	१९४७४००	११२०७१६	५८
३३७०११४३	१५४९६००	१०४३२१०	६७	३३७००१०१	८८४०४००	४६४४३००	५३
३३७००१०१४	८८४०४००	४६४४३००	५३	३३७०११४३	१५४९६००	७८२२१०	५०
३३७०११३२	४१०००००	१५९६४६४	३९	३३७०११७३	२३०००००	१०६००००	४६
३३७०११२८	६३१३३००	२२२२९४४	३५	३३७०११६९	९४३६०००	४०७९७६३	४३
३३७०११०९	१६१०३००	५०००००	३१	३३७०११३४	१५९६९००	६८५७५०	४३
३३७०११३०	२१६६२००	५७७६१८	२७	३३७०११२२	६९४४१००	२८०२४८८	४०

मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

११. **राष्ट्रिय गौरवका आयोजना** - मन्त्रालय मातहत राष्ट्रिय गौरवका ७ आयोजनाहरू कार्यान्वयनमा रहेका छन्। यी आयोजनाहरूको लागि यो वर्ष रू.२९ अर्ब १७ करोड ५ लाख बजेट विनियोजन भएकोमा

रू.२६ अर्ब ३७ करोड ४८ लाख खर्च भएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन अवस्था देहायबमोजिम छः

११.१ पूर्वमा पाँचथरको चियो भन्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कुल लम्बाइ १ हजार ८७९ किलोमिटर रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना रू.८४ अर्ब ३३ करोडको लागतमा २०६४।६५ देखि शुरु भई २०७४।७५ मा सम्पन्न हुने अनुमान रहेकोमा संशोधित कार्यतालिका अनुसार २०७९।८० सम्म रू.१ खर्ब १ अर्ब ५० करोडको लागतमा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यो वर्ष १४६ किलोमिटर कालोपत्रे र ३ पुलको निर्माण सम्पन्न भई यस वर्षसम्म १ हजार २५९ किलोमिटर सडक कालोपत्रे तथा ९३ पुल निर्माणको कार्य सम्पन्न भएको देखिन्छ। आयोजना शुरु भएको १४ वर्षमा भौतिक प्रगति ६४ र वित्तीय प्रगति ६९ प्रतिशत रहेको छ। यो वर्षको रू.५ अर्ब ५१ करोडसमेत यस वर्षसम्म रू.५८ अर्ब ८५ करोड खर्च भएको छ।

११.२ हुलाकी राजमार्गअन्तर्गत पूर्वमा झापाको केचनादेखि पश्चिममा कञ्चनपुरको दोधारा चाँदनीसम्म रू.६५ अर्ब २० करोडको लागतमा १ हजार ७९२ किलोमिटर कालोपत्रे सडक र २१९ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा आयोजनाले यो वर्ष १४६ किलोमिटर कालोपत्रे र १६ पुल निर्माण सम्पन्न गरेको छ। यस वर्षसम्म ८८३ किलोमिटर कालोपत्रे र ११६ पुल निर्माण कार्य सम्पन्न भई समष्टिगत भौतिक प्रगति ८१ र वित्तीय प्रगति ५२ प्रतिशत रहेको छ। यो वर्ष रू.७ अर्ब २४ करोडसमेत यस वर्षसम्म रू.५२ अर्ब ७७ करोड खर्च भएको छ।

११.३ तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ किलोमिटर सडक निर्माण एवं स्तरोन्नति गर्न रू.१६ अर्ब २० करोडको लागतमा शुरु भएको उत्तर-दक्षिण (कोशी) लोकमार्ग आयोजनामा यो वर्ष रू.७० करोडसमेत रू.४ अर्ब २८ करोड खर्च भई यस वर्षसम्म १५० किलोमिटर ट्रयाक, ७८ किलोमिटर खण्डास्मित र ८ पुलको निर्माण कार्य सम्पन्न भएको छ। यो आयोजना २०६५।६६ देखि शुरु भई २०८०।८१ मा सम्पन्न हुने अनुमान गरिएकोमा १३ वर्ष (८५ प्रतिशत) अवधि व्यतीत हुँदा भौतिक प्रगति ३८ र वित्तीय प्रगति २६ प्रतिशत रहेको छ।

११.४ उत्तर-दक्षिण लोकमार्गअन्तर्गत २०६६।६७ देखि शुरु भएको नवलपरासीदेखि मुस्ताङसम्मका ९ जिल्ला समेटेको काली गण्डकी कोरिडोर आयोजनाले गैंडाकोट-राम्दी-मालढुङ्गा खण्डको २४५ किलोमिटर ट्रयाक निर्माण तथा स्तरोन्नति गर्ने र बेनी-जोमसोम-कोरला खण्डको १९९ किलोमिटर ट्रयाक खोल्ने तथा स्तरोन्नति गर्ने लक्ष्य राखेको छ। कुल लागत रू.३२ अर्ब ७२ करोड(संशोधित) रहेको आयोजनाको गैंडाकोट-राम्दी-मालढुङ्गा खण्डमा यो वर्ष रू.१ अर्ब ७५ करोड ३ लाख खर्च गरी १ किलोमिटर नयाँ ट्रयाक निर्माण, ५६ किलोमिटर कालो पत्रे र २३ पुल निर्माण भएको छ। त्यस्तै बेनी-जोमसोम-कोरला खण्डमा २५ किलोमिटर ग्राभेल सडक निर्माण, १८ किलोमिटर कालो पत्रे र ३ पुल निर्माणमा रू.८३ करोड ७३ लाख खर्च भएको छ। यो आयोजना २०७९।८० सम्म सम्पन्न गर्ने लक्ष्य रहेको आयोजना शुरु भएको १४ वर्षमा रू.१२ अर्ब ६० करोड (३८ प्रतिशत) खर्च भई ५१ प्रतिशत भौतिक प्रगति छ।

११.५ उत्तर-दक्षिण (कर्णाली करिडोर) लोकमार्ग आयोजनाले हिल्सा-सिमीकोट-सलिसल्ला सडक खण्ड १४५ किलोमिटर ट्रयाक खोलेको छ। आयोजना २०६४।६५ देखि शुरु भई २०७९।८० मा सम्पन्न हुने

अनुमान रहेको थियो। शुरु लागत रू.४ अर्ब १० करोड रहेको उक्त आयोजनाको संशोधित लागत अनुमान रू.११ अर्ब पुगेको छ। आयोजनामा यो वर्षसम्म रू.२ अर्ब ८४ करोड खर्च भई १५ वर्षको समग्र प्रगति २६ प्रतिशत रहेको छ।

११.६ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कुल ९४६ किलोमिटर रेल मार्ग निर्माण एवं सञ्चालनको लक्ष्यसहित रेल, मेट्रो तथा मोनोरेल विकास आयोजना २०६६।६७ देखि शुरु भएको हो। यस आयोजनाको कुल लागत रू.९ खर्ब ५५ अर्ब २२ करोड रहेकोमा यो वर्षसम्म रू.२८ अर्ब ४६ करोड ३४ लाख(२.९८ प्रतिशत) खर्च गरी आयोजनाले ५२ किलोमिटर नयाँ ट्रयाकबेड र ५ पुल तथा ५६ किलोमिटर रेलमार्ग पुनर्स्थापना गरी जयनगरदेखि जनकपुर कुर्थासम्म ३५ किलोमिटर रेल सेवा सञ्चालनमा ल्याएको छ।

आयोजनाको लागि आवश्यक जग्गा प्राप्तिमा समस्या, सम्झौता कार्यान्वयनको प्रभावकारी अनुगमनको कमी, कोभिड-१९ लगायतका कारणले आयोजनाहरूको भौतिक प्रगति न्यून रहेको छ। लागत-लाभ विश्लेषण, सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन जस्ता पूर्व तयारी चरणका कार्यहरू सम्पन्न नगरी आयोजनाहरू कार्यान्वयनमा लैजाँदा कार्यान्वयन चरणमा विविध समस्या सिर्जना हुन गई उल्लेख्य रूपमा समय एवं लागतसमेत वृद्धि भएको छ। मन्त्रालयले योजना सञ्चालनमा रहेका समस्या समाधानको लागि आवश्यक समन्वय र कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन गरी तोकिएको भौतिक लक्ष्य हासिल गर्नुपर्दछ।

१२. **माथिल्लो निकायबाट खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम अधिकार प्राप्त अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न मिल्दैन। सार्वजनिक लेखा समितिले समेत केन्द्रीय निकायबाट गरिने उल्लेख भएका आयोजना बाहेक सबै आयोजना मातहतका सम्बन्धित निकायबाट खरिद व्यवस्थापन कार्य गर्ने र विभाग एवं निर्देशनालयहरूले अनुगमन तथा मूल्याङ्कन गर्ने निर्देशन दिएको छ। उक्त प्रावधान विपरीत पुष्पलाल (मध्यपहाडी) आयोजना निर्देशनालयले रू.२ अर्ब १ करोड, मदन भण्डारी आयोजना निर्देशनालयले रू.९३ करोड ४८ लाख, हुलाकी राजमार्ग आयोजना निर्देशनालयले रू.२ अर्ब ६५ करोडका, सडक विभाग, पुल महाशाखाले रू.५ अर्ब ७२ करोडका खरिद सम्झौता गरी कार्यान्वयनका लागि मातहत कार्यालयमा पठाएको छ। विभाग तथा निर्देशनालयहरूले मातहत कार्यालयको काममा हस्तक्षेप हुने गरी खरिद कार्य गर्नु उपयुक्त नदेखिएको व्यहोरा विगतका वार्षिक प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ।

सडक विभाग

विभागले सडक संरचनाहरूको निर्माण एवं सुधार कार्य मातहत डिभिजन एवं योजना कार्यालयहरूमार्फत् सञ्चालन गर्ने गरेको छ। सडकहरूको मर्मत सम्भारको कार्यमा हेभी इक्विपमेन्ट डिभिजन र यान्त्रिक कार्यालयहरूमा रहेको उपकरणसमेत परिचालन गर्ने गरेको छ।

१३. **सम्भाव्यता अध्ययन** - जनताको माग, आवश्यकता, रणनीतिक महत्त्व, सामाजिक तथा तुलनात्मक लाभ र प्रतिफल समेत विचार गरी सडक तथा पुलको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण गर्नुपर्दछ।

विभागमा विगत लामो समयदेखि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन नगरिएका पुलको संख्या १ हजार १७० भन्दा बढी रहेको र सम्भाव्यता अध्ययनमा औसत रू.८ लाखका दरले रू.९३ करोड ६० लाख खर्च गरेकोमा व्यवस्थित अभिलेखसमेत राखेको पाइएन। विभागले डिजाइन एण्ड बिल्ट मोडलअन्तर्गत पुलहरूको निर्माण गर्दा छुट्टै विस्तृत अध्ययन, सर्भे र डिजाइनको आवश्यकता नपर्नेमा यो वर्ष १०६ पुलको अध्ययन गर्न रू.१५ करोड २० लाखको सम्झौता गरेकोले डिजाइन एण्ड बिल्ट नीतिले सो खर्च दोहोरो पर्ने देखिन्छ। रणनीतिक महत्त्वका योजना वा कार्यक्रमको मात्र विस्तृत अध्ययन गर्ने र सोको अद्यावधिक अभिलेख राख्ने, प्रतिफलमुखी योजना र कार्यक्रमको कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

१४. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची-१ बमोजिम निर्माण कार्यको लागत अनुमान स्वीकृत गर्नुपर्दछ। खरिद नियमावलीमा उल्लिखित प्रक्रियासँग नमिल्ने गरी सडक विभागले डिजाइन एण्ड बिल्टको माध्यमबाट निर्माण गरिने पुलको लागत अनुमान २०६५।६६ देखि जुम्ला, हुम्ला, डोटीलगायत जिल्लाका बढी मात्रामा आरसीसी पुलको तत्कालिन लागतको आधारमा तयार गरी ठेक्का बन्दोबस्त गर्ने गरेको छ। वर्तमान अवस्थामा सडक सञ्जालको विस्तारले निर्माण सामाग्रीको ढुवानीमा सहजता आएको, निर्माण कार्यको प्रविधिमा आधारभूत परिवर्तन भएको तथा प्रयोग गरिने मेसिनरी उपकरणहरू अत्याधुनिक रहेको सन्दर्भमा १० वर्षभन्दा पुरानो लागत अनुमानको औसतलाई आधार बनाई सबै क्षेत्रमा सो लागत अनुमान प्रयोग गर्नु औचित्यपूर्ण देखिएन। पुलको लागत अनुमानमा उपलव्ध निर्माण सामग्री, पुलको किसिम र निर्माणस्थलको पनि प्रभाव पर्ने भएकोले यसमा समय सापेक्ष परिवर्तन गर्नुपर्दछ।

१५. **मध्यस्थता** - विभाग र मातहतका कार्यालय तथा निर्माण व्यवसायीबीच विवाद भई मध्यस्थताबाट निरूपण गर्दा प्रचलित कानूनबमोजिम हुनुपर्ने व्यवस्था राख्नुपर्नेमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी बोलपत्रको कागजातको सामान्य शर्तमा एक गैरसरकारी संस्थाले मध्यस्थताका सम्बन्धमा निर्धारण गरेबमोजिम हुने शर्त राखेको पाइयो। हाल सो सामान्य शर्तमा संशोधन भए तापनि २०७८ चैत्रसम्म बन्दोबस्त भएका ठेक्कामा बोलपत्रको विशेष शर्तमा मध्यस्थतासम्बन्धी कार्य नेपालको कानूनबमोजिम हुने गरी व्यवस्था नभएकोले ठेक्कामा विवाद सिर्जना हुँदा सो गैरसरकारी संस्थामार्फत् विवादित रकमको आधारमा सो संस्थाले तोकेको मध्यस्थकर्ताको सेवा शुल्क र प्रशासनिक खर्च व्यहोर्नु परेको छ। यो वर्ष विभागले मध्यस्थता शुल्कमा रू.१ करोड ३ लाख तथा प्रशासनिक खर्चमा रू.३६ लाख २७ हजार खर्च गरेको छ। विभागले भुक्तानी गरेको प्रशासनिक खर्चको पुष्ट्याइ लिई यथार्थ खर्च कायम गर्नुपर्ने र मध्यस्थता ऐन, २०५५ बमोजिम हुने गरी मध्यस्थताको काम कारबाही गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१६. **ठेक्काको क्षतिपूर्ति रकम** - सम्झौताका शर्तबमोजिम जिम्मेवार पदाधिकारीले ठेक्काको कार्यान्वयन गर्नुपर्दछ। सम्झौताका शर्तको पालना नभएकोमा अदालत तथा मध्यस्थतकर्ताको निर्णयको आधारमा विभागले यो वर्ष ८ निर्माण व्यवसायीलाई रू.१६ करोड ३७ लाख ९८ हजार भुक्तानी गरेको छ। सम्भावित दायित्वको मात्रा वृद्धि भइरहेको र यसबाट बजेटमा समेत असर परेको छ। अदालतमा विचाराधीन १५ मुद्दा बाहेक मध्यस्थतामा रहेका २५ मुद्दामा निर्माण व्यवसायीले क्षतिपूर्तिलगायत रू.१ अर्ब ८६ करोड २६ लाख दाबी गरेको स्थिति छ। हरेक वर्ष निर्माण कार्यको ठेक्का दाबी रकम

र क्षतिपूर्ति दिनुपर्ने रकममा वृद्धि भइरहेकोले ठेक्का कार्यान्वयनमा सम्झौताबमोजिम जिम्मेवार पदाधिकारीले कारबाही गरेनगरेको अनुगमन गरी विवादित विषय समय मै समाधान गर्नुपर्दछ।

१७. **पेस्कीमा थप लागत -** दोस्रो पुल सुधार आयोजनाका लागि नेपाल सरकार र विश्व बैङ्कबीच १४ नोभेम्बर, २०१८ मा भएको सम्झौतामा पेस्कीको प्रावधान नरहे तापनि नेपाल सरकारको अनुरोधमा पेस्की लिएको पाइयो। यो वर्षको शुरुवातमा रू.३ अर्ब ११ करोड ३६ लाख पेस्की रहेकोमा वर्षान्तमा रू.१ अर्ब १७ करोड ३९ लाख बाँकी रहेको छ। पेस्की रकम अन्यत्र प्रयोग गर्न नमिल्ने हुँदा पेस्कीबाट सिर्जित ऋण रकमबाट पुँजी निर्माण नभएको अवस्थामा पनि वर्षभरि ऋण रकममा ०.२५ प्रतिशतका दरले अतिरिक्त चार्ज लागेको छ। वित्तीय व्यवस्थापनमा कुशलताको कमीले यो वर्षको औसत पेस्की रू.२ अर्ब १४ करोड ५१ लाखमा उपयोग बेगर नै रू.५३ लाख ६३ हजार व्याजको थप व्ययभार परेको छ। अनावश्यक भार पर्ने गरी ऋणबाट पेस्की लिने कार्य बन्द गर्नुपर्दछ।

१८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ४ मा परामर्श सेवा खरिदसम्बन्धी व्यवस्था छ। यो वर्ष सडक विभागअर्न्तगतका योजना कार्यालयहरूले गरेको परामर्श सेवा खरिदमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१८.१ सडक क्षेत्र विकास आयोजनाले विश्व बैङ्कको सहयोगमा सञ्चालित नागढुङ्गा सुरुङमार्ग आयोजनाको निर्माण कार्यको परामर्शदाताबाट बलम्बुमा फ्लाइ ओभर डिजाइन तथा सुरुङमार्ग निर्माण स्थल माथि देखिएको खानेपानी समस्या समाधान गर्न खानेपानी इन्जिनियरको लागि नयाँ दरमा तीन भेरिएसन आदेश जारी गरी काम गराएकोमा सोही नयाँ दरबाट मूल्य समायोजन गणना गरी भुक्तानी दिनुपर्नेमा पुरानै दरले गणना गरेको कारणबाट पारिश्रमिक तथा शोधभर्ना हुने खर्चमा रू.२६ लाख ७१ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१८.२ नागढुङ्गा सुरुङ मार्ग, कमला-कञ्चनपुर सडक र बुटवल-नारायणघाट सडकका परामर्श सेवाका सम्झौतामा मृत्यु, शारीरिक असक्षमता वा उपयुक्त कारणबाट परामर्शदाताको लिखित अनुरोधमा समान योग्यता र अनुभव भएका परामर्शदाताबाट विद्यमान परामर्शदाता प्रतिस्थापन गर्न सकिने व्यवस्था छ। आयोजनाहरूले परामर्शदाताको टिमलिडर, टनेल इन्जिनियर, मेटोरियर इन्जिनियर र रेसिडेन्ट इन्जिनियरसमेत १९ परामर्शदाता सम्झौताको शर्तविपरीत प्रतिस्थापन गरेको छ। एसियाली विकास बैङ्कको २५ अगस्ट, २०२२ को एड मेमोरीमा बुटवल-नारायणघाट सडकमा २०२१ र २०२२ मा धेरै परामर्शदाता फेरबदल गरेको, ठेक्का प्रशासन र योजना कार्यान्वयनमा परामर्शदाताको कार्य सम्पादन सन्तोषजनक नरहेको व्यहोरा उल्लेख गरे पनि सुधार गरेको छैन। परामर्शदाताहरूको स्वविवेकमा तत्काल प्रतिस्थापनसमेत नगरी गरिने यसप्रकारको परिवर्तनबाट परामर्शदाताहरूको पद रिक्तसमेत हुन गई योजना कार्यान्वयनमा प्रभाव परेको छ। त्यस्ता परामर्शदातालाई कारबाही गरी सम्झौताअनुरूप परामर्शदाता फेरबदल गर्नुपर्दछ।

१८.३ विश्व बैङ्कको सहयोगमा सञ्चालित कमला-पथलैया सडक खण्डको वातावरणीय तथा सामाजिक प्रभाव निर्धारण गर्न १२ महिनामा खरिद कार्य सम्पन्न गर्ने गरी २०७८।८।१५ मा एक परामर्शदातासँग रू.२ करोड १२ लाख ५४ हजार तथा अमेरिकी डलर १ लाख ९० हजार ९७० मा गरेको खरिद

सम्झौता अनुसार १५ दिनभित्र इन्सेप्सन प्रतिवेदन र १ महिनाभित्र स्कोपिङ प्रतिवेदनसहित १२ महिनाभित्र तोकिएका सबै काम सम्पन्न गर्नुपर्नेमा ५ महिनामा इन्सेप्सन रिपोर्ट पेस गरी रू.१० लाख ६२ हजार र अमेरिकी डलर ९ हजार ५४८ भुक्तानी गरेको देखिन्छ। लेखापरीक्षण अवधिसम्म तोकिएको १२ महिना पूरा भए तापनि काम पूरा भएको छैन। सम्झौताअनुसार कारबाही गरी उक्त काम पूरा गराउनुपर्दछ।

१८.४ विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ। सडक क्षेत्र विकास आयोजनाले विश्व बैङ्कको सहायतामा सञ्चालित आयोजनाहरूको डिजाइन, वातावरणीय प्रभाव मूल्याङ्कन र निर्माण कार्यको सुपरभिजन गर्न अलग अलग परामर्श सेवा खरिद गरी भुक्तानी गरेको अवस्थामा ती काममा नियुक्त परामर्शदाताले पेस गरेका प्रतिवेदन पुनरावलोकन गर्ने, लागत अनुमान, बोलपत्र कागजात, रनिङ बिल, प्रतिवेदन चेक गर्ने कार्यक्षेत्रगत शर्त तोकी आयोजना तथा कार्यालयमा काम गर्नको लागि व्यक्तिगत विषयका विशेषज्ञ ८ परामर्शदातासँग रू.६ करोड ५० लाख १२ हजारमा सम्झौता गरी यो वर्ष रू.१ करोड ६ लाख ३८ हजार भुक्तानी दिएको छ। आयोजना तथा कार्यालयहरूले आफैंले गर्नुपर्ने र गर्न सक्ने कार्यको लागि बाह्य परामर्शदाता लिने कार्य नियन्त्रण गर्नुपर्दछ।

१८.५ एसियाली विकास बैङ्कको सहायतामा सञ्चालित मुग्लिङ-पोखरा र कमला-कञ्चनपुर सडक आयोजनाहरू तथा आयोजना निर्देशनालयमा कार्यरत परामर्शदाताहरूलाई शनिबार बाहेक अन्य सार्वजनिक बिदाको दिनको पारिश्रमिक भुक्तानी नदिने व्यवस्था खरिद सम्झौतामा रहेको देखिन्छ। ती आयोजनाहरूले १५ स्थानीय र विदेशी परामर्शदातालाई शनिबार बाहेकको सार्वजनिक बिदाको रू.१ करोड ८ लाख ३४ हजार पारिश्रमिक भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम सम्बन्धित परामर्शदाताबाट असुल गर्नुपर्दछ। साथै २०७९।८० सहित अन्य आर्थिक वर्षहरूमा समेत यसै गरी भुक्तानी दिएको रकम पनि आयोजनाले छानविन गरी असुल गर्नुपर्दछ।

१८.६ एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित नारायणगढ-बुटवल सडक चार लेनमा स्तरोन्नति गर्ने दुई ठेक्का प्याकेज र भैरहवा-लुम्बिनी-तौलिहवा सडक निर्माण गर्ने ठेक्काको निर्माण कार्यको सुपरभिजन गर्न एक परामर्शदातासँग अमेरिकी डलर ३८ लाख ९१ हजार ९८३ र रू.४९ करोड ३९ लाख ५० हजारमा सम्झौता भएकोमा २०७८।७९ सम्म ठेक्का अङ्कको क्रमशः ७० र ६८ प्रतिशत खर्च भएको छ। भैरहवा-लुम्बिनी-तौलिहवा सडकको निर्माण सम्पन्न भए पनि नारायणगढ-बुटवल सडकको २०७८।७९ सम्मको वित्तीय प्रगति पहिलो ठेक्काको १५ प्रतिशत र दोस्रो ठेक्काको ११ प्रतिशतमात्र छ। निर्माण व्यवसायीको ढिलाइका कारण ४२ महिना ठेक्का अवधिमा न्यून प्रगति भए पनि परामर्श सेवामा करिब ७० प्रतिशत खर्च भइसकेको छ। ठेक्काको कार्य सम्झौतानुसार नगराउने तर परामर्शदाताको लागि पूरै खर्च गर्दै जाने प्रवृत्तिले बाँकी करिब ३० प्रतिशत रकमबाट ठेक्काको बाँकी ८७ प्रतिशतभन्दा बढी कार्य गर्न परामर्श सेवामा थप खर्च हुन जाने देखिन्छ। निर्माण व्यवसायी र परामर्शदाताको काम समन्वयात्मक रूपले अघि बढाई तोकिएको समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१८.७ नारायणगढ-बुटवल सडकको परामर्शदाताले टर्म्स अफ रिफरेन्सअनुसारको काम गरेपछि सम्झौतामा उल्लेख भएअनुसारको पारिश्रमिक भुक्तानी पाउने उल्लेख छ। परामर्शदातासमेतको टोलीबाट स्थलगत

निरीक्षणको क्रममा परामर्शदाता र आयोजनाका अधिकारीहरूसँग छलफल गर्दा गुणस्तर योजना तथा कार्य योजना तर्जुमा र कार्यान्वयन नभएमा त्यसको सूचना जारी गर्ने, निर्माण व्यवसायीले काममा गरेको ढिलाइको सुपरभिजन गर्ने, नियमित रूपमा साइटमा निर्माण व्यवसायीसँग बैठक गर्ने, गुणस्तर परीक्षण गर्दा असफल भएका परीक्षणहरूको रिपोर्ट तयार गर्ने, ठेक्काको काममा प्रयोग गरिएको नयाँ प्रविधि स्थानान्तरण गर्ने व्यवस्था कार्यान्वयन गरेको छैन। निर्माण व्यवसायीले काममा अस्वाभाविक ढिलाइ गरेकोमा कारबाही गरेको वा कारबाहीको लागि सिफारिश गरेको छैन। अतः सम्झौता अनुसारका सबै काम स्वीकृत कार्यतालिकाअनुसार गराउनुपर्दछ।

१९. **ठेक्काको पूर्वतयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। सडक विभाग अन्तर्गतका १६ योजना तथा सडक डिभिजनहरूले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारी चरणका कार्यसमेत सडक, पुल तथा भवन निर्माण गर्ने ठेक्काहरूमा समावेश गरी रू.३९ अर्ब ७४ करोड ४२ लाखको ३४ खरिद सम्झौता गरेको देखिन्छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी ठेक्काको समय पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि हुनुका साथै मध्यस्थता र मुद्दा मामिलाका अवस्था उत्पन्न भई ठेक्का व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ। मदन भण्डारी राजमार्ग आयोजना झापाको ८ खण्डका ५० किलोमिटर सडकमा रुखकटान नभै निर्माण कार्य ढिलाइ भएको वा ठेक्का लगाउन बाँकी रहेको र नारायणगढ-बुटवल सडकको दुई ठेक्कामा ठेक्काको शुरु अवधि ४२ महिनामा पोलसार्ने र रूख काट्ने काम बाँकी रही निर्माण कार्यको प्रगति न्यून रहेको छ। निर्माण कार्यको पूर्व तयारी पूरा भएपश्चात मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

२०. **म्याद थप** - खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा म्याद थप गर्ने, डेली डायरी राख्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिने गरेको छैन। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पूर्वनिर्धारित क्षतिपूर्ति नलगाई पटक पटक म्याद थप गर्ने गरेको, कोभिडपछि पनि कोभिडलाई आधार बनाई म्याद थप गर्ने गरेको छ। सम्झौताअनुसार गर्नुपर्ने म्याद थप सार्वजनिक खरिद नियमावलीमा ३ हप्ता, २ महिना र २०७६ सालमा ८ महिनाको अवधिमा ४ पटक संशोधन गरी २०७६ देखि २०७९ सम्म ७ पटकसम्म संशोधन गरी त्यसैका आधारमा म्याद थप गरेको छ। निर्माण व्यवसायीलाई पटक पटक सम्झौताविपरीत म्याद थपको सुविधा दिने तर खरिद कानून र सम्झौताअनुसार ठेक्का सम्पन्न नगराउने योजना/कार्यालयहरूको कमजोरीका कारण यो वर्ष सडक विभागअन्तर्गत २८ कार्यालयका रू.५९ अर्ब ४३ करोड ७० लाख ९५ हजारका ५०९ ठेक्काको ४०० प्रतिशत र ९ पटकसम्म म्याद थप गर्दा पनि सम्पन्न नभएकोले अधुरा ठेक्काको संख्या बढ्दै गई रकम खर्च भएर पनि सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएको छ। खरिद कानून र ठेक्का सम्झौताअनुसार म्याद थप गर्नुपर्दछ।

२१. **सम्झौताको पालना -** खरिद सम्झौताको व्यवस्थाअनुसार निर्माण कार्यको कार्यान्वयन गर्नुपर्दछ। सडक विभागअन्तर्गतका डिभिजन सडक कार्यालय तथा आयोजनाहरूले निर्माण कार्य गराउँदा संयुक्त उपक्रमका सबै साझेदारबाट नगराई एक साझेदारबाट गराएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको शर्तको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि तथा गुणस्तर सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की प्रयोगको अवस्था देखिने प्रमाण पेस हुने नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भएअनुसारको रकम रोक्का राख्ने नगरेको, ठेक्काको काम गराउँदा कामदारको पेशागत स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्न चेकलिष्ट नभरेको अवस्था छ।

निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वयनमा आएका छैनन्। भक्तपुर-नगरकोट सडक योजना, लमही-तुल्सीपुर सडक योजना तथा रबि-राके-भेडेटार सडक योजना लगायतका ठेक्का सम्झौता अनुसार ठेक्का प्रशासन सञ्चालन हुन नसकेका कारण ठेक्काको समय र लागत वृद्धि हुनुका साथै गुणस्तरमा समेत प्रभाव पर्न गएको र अधुरा/रूग्ण ठेक्काहरूको संख्या बढ्दै गई प्राप्त हुने सेवामा ढिलाइ भइरहेको अवस्था छ। यसप्रकारको अवस्था नियन्त्रण गरी ठेक्का कार्यान्वयनमा प्रभावकारीता ल्याउन ठेक्का सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वयनमा सम्बन्धित पदाधिकारीलाई थप जिम्मेवार बनाउनुपर्दछ।

२२. **प्याकेजिङ्ग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन वा प्याकेजिङ्ग गर्दा अलग अलग रूपमा सम्पन्न गर्न सकिने निर्माण कार्यको लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म छुट्टाछुट्टै रूपमा बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। सडक विभाग अन्तर्गतका ८ योजना तथा सडक डिभिजनले प्रति प्याकेज २ देखि ६ पुलका १३ प्याकेज बनाई रू.४ अर्ब ६४ करोड ४७ लाखमा ठेक्का सम्झौता गरी रू.२ अर्ब ७० करोड ५८ लाख भुक्तानी भएको देखिन्छ। फरक फरक स्थानमा निर्माण गरिने पुलको लागि अलग अलग बोलपत्र नगरेको कारणबाट ती पुलहरू समयमा नै सम्पन्न नभई कार्य अधुरो रहेका छन्। ठूला प्याकेजका लागि बजारमा प्रतिस्पर्धीको उपस्थिति अपर्याप्त रहेनरहेको अध्ययन नगरी राष्ट्रियस्तरको बोलपत्र गर्नाले प्रतिस्पर्धामा संकुचन आएको छ। खरिद नियमावली वमोजिम प्रतिस्पर्धा नखुम्चिने तथा बोलपत्रमा स्वभाविक प्रतिस्पर्धा हुने गरी निर्माण कार्यको प्रकृति, लागत, निर्माण व्यवसायीको क्षमता लगायतका पक्षलाई ध्यान दिई बोलपत्रको व्यवस्था गर्न ठेक्का प्याकेजिङ्गको मापदण्ड बनाउनुपर्दछ ।

२३. **निर्देशन पालना** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटिमा सवारीसाधन, साईट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न

र लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन भएकोमा सडक विभागअन्तर्गतका ८ कार्यालयले ५४ ठेक्काको बिलअफ क्वान्टिटीमा साइट अफिस लगायतका आइटम राखी रू.७ करोड १३ लाख ९१ हजार भुक्तानी गरेका छन्। सार्वजनिक लेखा समितिको निर्देशन पालना गर्नुपर्दछ।

२४. **सडक मर्मत/सम्भार -** डिभिजन सडक कार्यालयको कार्यक्षेत्रअन्तर्गत रहेका राजमार्ग तथा सहायक राजमार्गहरूमा सडक यातायातलाई सुचारु रूपले सञ्चालन गर्न सडक बोर्डबाट प्राप्त रकमबाट सडकका पटहोल्स टाल्ने र पर्खाल लगाउने आदि मर्मतका काम गर्नुपर्दछ। यो वर्ष सडक डिभिजन, कुलपाते समेत ५ डिभिजनले रू.१ अर्ब १६ करोड ६३ लाख ५१ हजारका ४८ खरिद सम्झौता गरेकोमा रू.४५ करोड २४ लाख ५० हजार कामको भुक्तानी गरी ठेक्का अधुरै रहेको देखियो। एक वर्षमा २ पटक सडक मर्मत गर्ने गरी वार्षिक रूपमा लगाइएका ती ठेक्काहरू धेरै वर्षसम्म चालु रहेका छन्। कार्यालयले सम्झौताअनुसार काम नलगाउने र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही नगरेको कारण सडक यात्रा कठिन भई यात्रा गर्न लाग्ने समय पनि वृद्धि भएको छ। खरिद कानून र ठेक्का सम्झौताअनुसार ढिलाइ गर्ने निर्माण व्यवसायीलाई कारबाही गरी सडक मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

२५. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम निर्माण कार्यको लागत अनुमानमा समावेश गरिने बीमा खर्चलाई प्रोभिजनलसममा राखी बिलको आधारमा भुक्तानी दिनुपर्नेमा लमसममा राखी यो वर्षसम्म सडक विभागअन्तर्गतका ६ कार्यालयको ४४ ठेक्कामा रू.९ करोड ७८ लाख १७ हजार बीमा प्रिमियम तिरेको बिल राखी लमसम आइटमबाट रू.१६ करोड ६६ लाख १५ हजार भुक्तानी भई रू.९ करोड ७८ लाख ४५ हजार थप व्ययभार परेको छ। बीमा खर्चलाई प्रोभिजनल सममा राखी वास्तविक बिल बीजकका आधारमा मात्र भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ।

२६. **बीमा दाबी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेशिन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायतको समग्र जोखिम वहन गर्ने गरी निर्माण व्यवसायीले बीमा गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

२६.१ उत्तर दक्षिण (कालीगण्डकी) कोरिडोर आयोजना, पाल्पाले एक निर्माण व्यवसायीलाई रिडी-रूद्रबेनी-हार्मिचौर सडकको चेनेज ०+००० देखि २१+००० सम्म सुधार कार्यको भुक्तानी गरेकोमा विभिन्न चेनेजमा स्ट्रक्चर पहिरोले क्षति गरेको उल्लेख गरी निर्माण व्यवसायीको ठेक्का बिलबाट रू.१८ लाख ५५ हजार होल्ड गरेको छ। उक्त निर्माण कार्यको बीमा गराई निर्माण व्यवसायीलाई प्रिमियमसमेत भुक्तानी भएकोले क्षति भएको स्ट्रक्चरको निर्माण गर्न लगाउनुपर्दछ।

२६.२ उत्तर दक्षिण कालीगण्डकी कोरिडोर अन्तर्गत बेनी-जोमसम-कोरला सडक खण्डमा पर्ने रुप्सेखोलामा निर्माण गरिएको एक पुलको रू.२ करोड ९९ लाख ५७ हजार र सोही सडक खण्डको खहरे खोला पुलको रू.३ करोड ३५ लाख ४५ हजारसमेत रू.६ करोड ३५ लाख २ हजार भुक्तानी गरेपछि २०७७ श्रावण ५ मा आएको बाढी/पहिरोले पूर्ण रूपमा क्षति भई निर्माण व्यवसायीले निर्माण कार्य बन्द गरी बीमा दावी प्रक्रियामा गएको देखिएकोले बीमाबाट क्षति भएको रकम प्राप्त गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

२६.३ महाकाली पुल योजना, कञ्चनपुरले महाकाली नदीमाथि पुल निर्माण गर्दा कार्य सम्पन्न भएको महेन्द्रनगरतर्फका ३ आइल्याण्डको रू.३ करोड ६९ लाख भुक्तानी भएकोमा २०७७।७८ मा आएको वर्षाबाट पूरै क्षति भएकोले प्राप्त बीमा रकमबाट क्षतिग्रस्त आइल्यान्डको पुनः निर्माण गराउनुपर्दछ।

२७. **गुणस्तर परीक्षण तथा नियन्त्रण** - सडक तथा पुलको स्टयाडर्ड स्पेसिफिकेसन, २०७३ (संशोधन २०७५ समेत) को आधारमा स्वीकृत गुणस्तर आश्वस्तता योजना सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ठेक्का सम्झौतामा आयोजना प्रमुखले निर्माण व्यावसायीलाई गुणस्तर परीक्षण गर्ने निर्देशन दिने, निर्माण सामग्रीहरूको तोकिएको संख्यामा गुणस्तर परीक्षण गराएर मात्र रनिङ बिल भुक्तानी दिने जस्ता व्यवस्था रहेका छन्। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

२७.१ निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने केन्द्रीय निकायको रूपमा रहेको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रले गिट्टी, सिमेन्ट, बालुवा, विटुमिन, फलामे डन्डीको परीक्षण खुल्ला नमूनाबाट गरेको, लेखापरीक्षणको क्रममा ल्याबहरू निरीक्षण गर्दा परीक्षण गरेको नदेखिएको, ग्यावियन र डन्डीको टेन्साइल परीक्षण गर्ने मेसिन मर्मत नगरेको, १० वर्षभन्दा पहिले देखि प्रि-स्ट्रेस कंक्रिट ब्रिजको निर्माण शुरु गरिए पनि सोको केवल जाँच गर्ने मेसिन हालसालै राखेको, सडकको आयु मापन गर्ने मेसिन स्थापना गरेकोमा सञ्चालन नभएको, गुणस्तर परीक्षणको कार्य भन्दा केन्द्रको जनशक्ति टनेल, फ्लाइ ओभर निर्माण र पहिरोको अध्ययनमा संलग्न रहेको, परीक्षण असफल भएका परीक्षण प्रतिवेदनको अद्यावधिक विवरण नराखेको, मातहतका ल्याबहरूको अनुगमन नगरेको र ल्याबबाट प्राप्त आम्दानी घट्दै गइरहेकोले गुणस्तर परीक्षण तथा नियन्त्रण पक्ष कमजोर देखिएको छ। केन्द्रको क्षमता उपयोग गरी गुणस्तर परीक्षण कार्य प्रभावकारी बनाउनुपर्दछ।

२७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा केही निर्माण व्यवसायीले ठेक्काको गुणस्तर आश्वस्तता योजना पेस नगर्ने र पेस गरिएका योजनाको हकमा पनि पालना नहुने तथा केही निर्माण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण बेगर पनि भुक्तानी दिने गरेको देखियो। धेरैजसो सडक योजना तथा डिभिजनहरूमा ल्याबको दरबन्दी रिक्त रहनुका साथै केहीमा गुणस्तर परीक्षणको लागि आधारभूत रूपमा चाहिने उपकरण तथा मेसिनको कमी रहेको, शिलवन्दी नमुनाको आधारमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुना परीक्षण गरेको छ। निर्माण सामग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामग्रीमात्र प्रयोग गर्नुपर्नेमा धेरै ठेक्काहरूमा त्यस प्रकारको स्वीकृति दिएको देखिएन। कंक्रिट क्युव, सडकको लेयर, विटुमिन, गिट्टी आदिको गुणस्तर परीक्षण स्पेसिफिकेसनमा तोकिएको संख्यामा गरेको पाइँदैन। निर्मित संरचनाको दिगोपना सुनिश्चित गर्न गुणस्तर परीक्षणलाई उच्च प्राथमिकता दिनुपर्दछ।

२७.३ रानी-विराटनगर सडक योजनाअन्तर्गत विराटनगर महानगरपालिका बजार क्षेत्रमा पर्ने सडकमा अन्डुलेसन देखिएकोमा त्यसको कारण पत्ता लगाई सुधार गर्नेतर्फ कारबाही हुनुपर्ने देखिएको छ।

२७.४ सडक डिभिजन, नेपालगन्जले निर्माण गरेको बर्दिया जाने सडकको कर्बस्टोन साइज स्पेसिफिकेसनमा तोकेअनुसार नभएको र फिनिसिङ नमिलेकोले सुधार गर्न निर्देशन दिएकोमा निर्माण व्यवसायीले सुधार गरेको छैन। स्थलगत निरीक्षणका क्रममा सोही सडकको खजुरा बजारमा गरेको डीबीएसडी प्रथम कोटको समेत रू.१ करोड २७ लाख ६२ हजारमा भुक्तानी भएकोमा सडकको धेरै ठाउँमा खाल्डाखुल्डी भई कालोपत्रे सडक ग्राभेल सडकमा परिणत भएको छ। उक्त कार्य गुणस्तरअनुसार हुने गरी सुधार गर्नुपर्दछ।

२७.५ सडक डिभिजन, दाङले मदन भण्डारी राजमार्ग अन्तर्गत पर्ने घोराही-कमिरेचौर-प्युठान खण्डको चेनेज १+५०० देखि २४+००० सम्म सडक निर्माण गर्न रू.२९ करोड ५६ लाख ९८ हजारको सम्झौता गरी रू.२६ करोड ४० लाख ५६ हजार भुक्तानी दिएको छ। उक्त सडकको टेवा पर्खाल, नाली, आरसीसी ढलान तथा कालोपत्रे बिग्रीएकोले सो त्रुटि सच्याउन निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा सच्याएको छैन। निर्धारित गुणस्तरअनुसार हुने गरी सुधार गराई कार्य सम्पन्न गर्नुपर्दछ।

२७.६ सडक डिभिजन, पाल्पाले सिद्धार्थ राजमार्गको चिडियाखोला बाँसटारी खण्डमा रू.३ करोड ५२ लाखमा अस्फाल्ट कालोपत्रे ठेक्का लगाएकोमा स्थलगत निरीक्षण गर्दा बीच-बीचमा सडक कालोपत्रे नगरी छोडेको, पीच गरेका केही स्थानहरूमा साइड नालीसम्म पीच नगरी केही ठाउँ बाँकी छोडेको र केही स्थानमा सडक दवेको अवस्था देखिएकोले निर्माण व्यवसायीमार्फत् ती काम पूरा गर्नुपर्दछ।

२७.७ काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले पेप्सीकोला-सल्लाघारी सडक खण्ड विस्तार गर्न रू.४९ करोड ९७ लाख ९४ हजारको सम्झौता गरेकोमा रू.३३ करोड ८४ लाख २१ हजारको मात्र कार्य गरी ठेक्का सम्पन्न गरेको छ। उक्त सडकमा कालोपत्रे धसिएको, फुटपाथ बिग्रिएको र सडकको धेरै ठाउँमा पटहोल्स बनेकोले आयोजनाले त्रुटि सच्याउन पत्राचार गरे पनि निर्माण व्यवसायीले त्रुटि सच्याएको छैन। निर्माण व्यवसायीमार्फत् ती काम पूरा गर्नुपर्दछ।

२८. **स्रोत सुनिश्चितता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ मा विगत र चालु आर्थिक वर्षमा सम्झौता भई बाँकी दायित्वमध्ये आगामी आर्थिक वर्षमा सम्झौताअनुसार खर्च हुने प्रतिबद्धता रकमको विनियोजन गर्नुपर्ने व्यवस्था छ। सडक डिभिजन, नेपालगन्जले खरिद सम्झौता गरेका ५ ठेक्का, सडक डिभिजन, महेन्द्रनगरले सम्झौता गरेका १० ठेक्का र सडक डिभिजन, वीरेन्द्रनगरले खरिद सम्झौता गरेका २ ठेक्कासमेत १७ ठेक्काको रू.६६ करोड ६ लाख ५३ हजार खरिद सम्झौता गरी मोबिलाइजेसन पेस्की र रनिङ बिलको रू.५२ करोड ८१ लाख ९० हजार भुक्तानी दिएको छ।उक्त ठेक्काहरू यो वर्षको वार्षिक कार्यक्रममा समावेश नै नभएकोले रू.१३ करोड २४ लाख ६३ हजार बराबरको बाँकी निर्माण कार्य हुन सकेको छैन।स्रोत व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

२९. **सडक हस्तान्तरण** - पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत बाग्लुङ बजारमा पर्ने ५ किलोमिटर सडक खण्ड हालसम्म पनि योजनालाई हस्तान्तरण नगरी डिभिजन सडक कार्यालय बाग्लुङबाट सञ्चालन र मर्मत सम्भार भई रहेको छ। त्यसैगरी रानी-विराटनगर-इटहरी-धरान सडक आयोजनाको कार्यक्षेत्रभित्र पर्ने धरान बजार क्षेत्रको ५ र दुहबी बजार क्षेत्रको २ किलोमिटर सडक खण्ड हालसम्म योजनालाई हस्तान्तरण नभई डिभिजन सडक कार्यालय विराटनगरबाट सञ्चालन र मर्मत

सम्भार भइरहेको छ। हस्तान्तरण नभएका कारणले ती खण्डको हालसम्म विस्तृत आयोजना प्रतिवेदनसमेत तयार गरेको छैन। ती खण्डको निर्माण बेगर आयोजनाहरू अधुरो रहेने भएकोले हस्तान्तरण गरी/गराई सडक निर्माण गर्नुपर्दछ।

३०. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची-१ अनुसार योजनाको लागत अनुमान तयार गर्दा ४ प्रतिशत रकम कन्टिजेन्सी व्यवस्था गर्न सकिने उल्लेख छ। कन्टिन्जेन्सी रकमको व्यवस्थापन र नियन्त्रण गर्न मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरी लागू गरेको छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

३०.१ कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिकामा सुपरभाइजरको सङ्ख्या र इन्धन खर्चको मापदण्ड एक तह माथिबाट स्वीकृत गराउने व्यवस्था गरेअनुरूप साइट र ठेक्का सङ्ख्याको आधारमा आवश्यक सुपरभाइजर र उपलब्ध सवारीसाधनको अवस्था र सङ्ख्याको आधारमा इन्धन एवं मर्मत खर्च अनुमान गरी स्वीकृति प्राप्त गरी खर्च गर्नुपर्नेमा त्यस्तो स्वीकृति लिने गरेको पाइएन। यो वर्ष ५४ कार्यालयले कन्टिन्जेन्सीबाट ज्यालामा रू.२५ करोड ४४ लाख, इन्धनमा रू.१३ करोड २१ लाख, मर्मतमा रू.१५ करोड १० लाख, कार्यालय सामान र सूचना प्रकाशनमा रू.१८ करोड ६५ लाख र दैनिक भ्रमण भत्तामा रू.७ करोड ५४ लाख र अन्य प्रयोजन नखुलेकोमा रू.१३ करोड ८५ लाखसमेत रू.९३ करोड ७९ लाख खर्च गरेको देखियो। निर्देशिकाअनुसार खर्च गर्ने निकायले आयोजना स्वीकृत गर्दा कन्टिन्जेन्सी खर्चको लागत अनुमान तयार नगरेको, कतिपय निकायले ठेक्कागत खर्चको अभिलेख नराखेको, कन्टिन्जेन्सी खर्च नापी किताबमा नचढाएको, बोलपत्र संक्षिप्त रूपमा पत्रिकामा प्रकाशन गरी वेबसाइटमा विस्तृत प्रकाशन गर्ने व्यवस्थाको पालना नगरेको र स्वीकृति दिने निकायले पनि विनियोजित बजेटअनुसार हुने रकम नै कन्टिन्जेन्सीबाट खर्च गर्ने गरी स्वीकृति दिएको देखिएकोले निर्देशिकाको पूर्ण पालना हुन सकेको देखिएन। बढ्दो बजेट खर्चसँगै कन्टिन्जेन्सी खर्चमा पनि निरन्तर वृद्धि भइरहेकोले खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्न निर्देशिकाको पूर्ण पालना हुनुपर्दछ।

३०.२ सडक बोर्डले नियमित मर्मत बजेट शीर्षकमा निकासा दिएको रकमबाट लेन्थ वर्कर र सुपरभाइजरको ज्यालामा खर्च गर्नुपर्ने व्यवस्था छ। पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले डिभिजन सडक कार्यालय, कास्कीबाट हस्तान्तरण भई आएका लेन्थ वर्कर र सुपरभाइजरको ज्यालाको लागि कन्टिन्जेन्सीबाट रू.३९ लाख २० हजार खर्च गरेको छ। त्रुटि सच्याउने अवधिमा रहेका पोखरा-कुस्मा सडकको संञ्चालन र मर्मत सम्भार गर्ने जिम्मेवारी निर्माण व्यवसायीकै भएको अवस्थामा गरिएको खर्च असुल गर्नुपर्दछ।

३०.३ सडक बोर्डबाट प्राप्त बजेटबाट नियमित मर्मत सम्भार भैरहेका सडकको मात्र सुपरभाइजर र लेन्थवर्करको तलब भत्ता खर्च लेख्नुपर्दछ। सडक डिभिजन, दाङले लमही-तुल्सीपुर सडक योजनाको १५ महिनाको पारिश्रमिक रू.२४ लाख २८ हजार निर्माण व्यवसायीले रनिङ बिल पेस नगरेकोले डिभिजनले पछि निर्माण व्यवसायीको बिलबाट कट्टा गरी राजस्व दाखिला गर्ने शर्तमा योजना कार्यालयसंग सम्झौता गरी भुक्तानी गरेको छ। उक्त रकम निर्माण व्यवसायीबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

३१. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख)मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनुपर्ने उल्लेख छ। यस सम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

३१.१ बालाजु-त्रिशूली/छहरे-विदुर सडक योजनालगायतका १३ कार्यालयले २३ खरिद सम्झौतामा उल्लिखित निर्माण कार्य सम्पन्न गर्नुपर्ने शुरु म्यादभन्दा ३० वा ४९ दिन अगाडिको इन्डेक्सको मूल्य समायोजन सूचकाङ्क फ्रिज गरी भुक्तानी गर्नुपर्नेमा सोअनुसार इन्डेक्स फ्रिज नगरी फरक इन्डेक्सले मूल्य समायोजन गणना गरी रू.११ करोड ६५ लाख २४ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

३१.२ मूल्य समायोजन गणना गर्दा खरिद सम्झौतामा उल्लिखित श्रम, सामग्री र उपकरणमा हुने मूल्य वृद्धिलाई आधार लिई तोकिएको सूचकांङ्कका आधारमा गर्नुपर्दछ। यो वर्ष १४ योजना तथा कार्यालयले ३८ ठेक्काका बीमा, जनरल आइटम तथा प्रयोग नभएको इन्पुटको समेत मूल्य समायोजन गणना गरी रू.९ करोड ३५ लाख १० हजार भुक्तानी गरेको छ। भुक्तानी गर्न नमिल्ने उक्त रकम असुल गर्नुपर्दछ।

३१.३ भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम गरी सम्झौता गरेको अवस्थामा पुरानै मूल्य समायोजन इन्डेक्स प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्न मिल्दैन। यो वर्ष ७ कार्यालयले ७ ठेक्कामा भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दरको सट्टा पुरानै दरमा मूल्य समायोजन इन्डेक्स प्रयोग गरी रू.१ करोड ८५ लाख ६५ हजार मूल्य समायोजन भुक्तानी गरेकोले असुल गर्नुपर्दछ।

३१.४ मेसिन/उपकरणको सूचकाङ्कअनुसार मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा ट्रान्सपोर्ट इक्विप्मेन्ट एण्ड पार्टस र मेसिनरी एण्ड इक्विपमेन्टको औसत विधिबाट गणना गरेको कारणबाट यो वर्ष महाकाली पुल योजना महेन्द्रनगरलगायतका ११ कार्यालयले २२ ठेक्कामा रू.८ करोड २० लाख ९२ हजार बढी मूल्य समायोजन भुक्तानी दिएको छ। बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

३१.५ खरिद सम्झौताको विशेष शर्तमा पेस्की कटाएर मूल्य समायोजन दिने व्यवस्था छ। खरिद सम्झौता अनुसार मूल्य वृद्धिको भुक्तानी गर्दा मोबिलाइजेसन पेस्की कट्टी पश्चातको बिल रकमबाट गणना गर्नुपर्नेमा यो वर्ष सडक डिभिजन नेपालगन्ज, लाहानलगायत ६ कार्यालयले ७ ठेक्कामा पेस्की रू.९ करोड ३८ लाख ६७ हजार कट्टी नगरी मूल्य समायोजन रू.१ करोड २६ लाख २९ हजार भुक्तानी गरेको छ। खरिद सम्झौता कार्यान्वयन नगर्दा नेपाल सरकारलाई थप व्ययभार परेको उक्त रकम असुल गर्नुपर्दछ।

३१.६ खरिद सम्झौताको शर्तमा मूल्य समायोजन गणना गर्दा बेस इन्डेक्स बोलपत्र आह्वानको अन्तिम म्यादबाट एक महिना अगाडिको र करेन्ट इन्डेक्स निर्माण व्यवसायीले आइपीसी पेस गरेको ३० दिन अगाडिको लिई मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्दछ। यो वर्ष पुल योजना मध्यक्षेत्र काठमाडौँलगायत १८ कार्यालयले ३२ ठेक्का कार्यमा फरक इक्डेक्सको प्रयोग गरी रू.९ करोड ८० लाख ४१ हजार बढी भुक्तानी गरेको मूल्य समायोजन असुल हुनुपर्दछ।

३१.७ रनिङ बिलको भुक्तानी गर्दा अघिल्लो रनिङ बिलमा भुक्तानी भएको रकम घटाई वास्तविक भुक्तानी गर्नुपर्ने रकम मात्र चालु बिलबाट भुक्तानी गर्नुपर्दछ। यो वर्ष ३ कार्यालयले ४ ठेक्कामा अघिल्लो बिलमा भुक्तानी भएको मूल्य समायोजन रकम चालु वीलमा घटी सारी रू.५३ लाख ७९ हजार बढी मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ।

३१.८ सडक डिभिजन, नेपालगन्जले सोराई खोला पुल निर्माण गर्ने एक निर्माण व्यवसायीलाई ठेक्का सम्झौताको विशेष शर्तको बुँदा न. ४५.१ अनुसार सम्झौताको अनुसूचीमा उल्लेख भएको श्रम ०.१५, मालसामान ०.३५ र इक्वीपमेन्ट ०.२५ भारबाट मूल्य समायोजन गणना गर्नुपर्नेमा श्रम ०.२५, मालसामान ०.३० र इक्वीपमेन्ट ०.३० भारले गणना गरी एघारौं रनिङ बिलसम्म रू.७० लाख ७४ हजार मूल्य समायोजन भुक्तानी गरेको छ। कार्यालयले फरक कोफिसिएन्टका आधारमा भुक्तानी गरेको मूल्य समायोजन रकम असुल गर्नुपर्दछ।

३१.९ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौता बमोजिमका काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ। सडक डिभिजन दमक, सडक डिभिजन अछाम, पुष्पलाल(मध्यपहाडी) राजमार्ग योजना कार्यालय धुलिखेल, मदनभण्डारी राजमार्ग योजना कार्यालय गाइघाटले ४ ठेक्काका निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ति लगाएको अवस्थामा मूल्य समायोजन रू.६ करोड ७३ लाख १ हजार भुक्तानी दिएकोले असुल गर्नुपर्दछ।

३१.१० निर्माण व्यवसायीसँग भएको सम्झौताको साधारण शर्तको बुँदा न. ४५ मा मूल्य समायोजनसम्बन्धी व्यवस्थामा श्रम, सामग्री र उपकरण प्रयोग गरी मूल्य समायोजन रकम गणना गर्ने सूत्रको व्यवस्था गरेको छ। सडक डिभिजन, जनकपुरले जंघाखोलामा आरसीसी पुल निर्माण गर्ने निर्माण व्यवसायीसंग भएको सम्झौताको विशेष शर्तमा मूल्य समायोजन भुक्तानी गर्न प्रयोग गरिने सूचकाङ्कको स्रोत, आधार मूल्य र श्रम, सामग्री र उपकरणको भार समेत उल्लेख नगरेको अवस्थामा श्रम, सामग्री र उपकरणको प्रयोग नहुने सूत्र प्रयोग गरी नेसनल कन्जुमर प्राइस इन्डेक्सको सूत्रका आधारमा आईपीसी ९ सम्म रू.२० लाख ६३ हजार मूल्य समायोजन भुक्तानी गरेको नियमसम्मत देखिँदैन।

३१.११ सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७६।९।१६ को पत्रानुसार बोलपत्रसम्बन्धी कागजातको प्राइस एड्जस्टमेन्ट डाटामा बोलपत्रदाताले कोफिसिएन्ट नभरी खाली छोडेमा निजलाई मूल्य समायोजन दिन नमिल्ने उल्लेख छ। रानी-विराटनगर-इटहरी धरान सडक योजना र हुलाकी सडक योजना कार्यालय, इटहरीले दुई व्यवसायीलाई बोलपत्रको प्राइस एड्जस्टमेन्ट डाटा भर्ने स्थानमा कोफिसिएन्ट नभरेकोमा मूल्य समायोजनबापत भुक्तानी भएको रू.२ करोड ३६ लाख ६६ हजार असुल हुनुपर्दछ।

३२. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानूनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएकोमा हालसम्म सोसम्बन्धी कानूनी व्यवस्था गरेको छैन।

सडक विभाग, पुल महाशाखा आयोजना कार्यान्वयन एकाइले लमसम प्रकृतिका पुल निर्माण कार्यमा डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेको कारण पुल सेक्टर नं ३ नेपालगन्ज, महाकाली पुल योजना महेन्द्रनगर, सडक डिभिजन जनकपुर, पुल सेक्टर मध्येक्षेत्र काठमाडौं लगायत ११ कार्यालयले ८६ खरिद सम्झौतामा रू.१ अर्ब ३ करोड ३९ लाख ८ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले यसको बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन लगायतका पक्षमा विविधता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

३३. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। ठेक्का सम्झौतामा पनि यो व्यवस्था गरेको पाइन्छ। यो वर्ष विभाग मातहतका कार्यालयले खरिद सम्झौताबाट नियमानुसार रू.१९ करोड १ लाख ३६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। यससम्बन्धी व्यहोरा देहायअनुसार छन्:

३३.१ सडक डिभिजन, कञ्चनपुरले मोहना पुल निर्माण गर्ने एक निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप गर्दा निर्माण व्यवसायीले म्याद थपेको अवधिमा निर्माण कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्न मञ्जुर भई दोस्रो पटक २०७६।३।३० देखि २०७७।९।२५ सम्म सचिवबाट म्याद थप गरेकोमा सो म्यादभित्र कार्य सम्पन्न नगरेकोले कार्यालयले रू.७३ लाख ८५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरी होल्ड गरेर राखेको छ। उक्त रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

३३.२ सडक डिभिजन, दाङले मदनभण्डारी राजमार्गअन्तर्गत घोराही-कमिरेचौर-प्युठान सडकको चेनेज १+५०० देखि २४+०० सम्म सडक कालोपत्रे गर्ने एक निर्माण व्यवसायीले सडक निर्माणको काम पूरा नगर्दै कालोपत्रे सबै विग्रीएको र कार्यालयले पटक पटक त्रुटि सच्याउन पत्राचार गर्दासमेत सच्याएको देखिएन। उक्त ठेक्काको म्याद २०७८।१२।३० मा सकिएकोमा पुनः म्याद थप नभएको अवस्थामा निर्माण व्यवसायीबाट सम्झौता रू.२९ करोड ५६लाख ९८ हजारको १० प्रतिशतले हुने रू.२ करोड ९५ लाख ६९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ।

त्यसैगरी लमही-तुल्सीपुर सडकको चेनेज २३+६०० देखि २५+१०० सम्मको सडक विस्तार तथा कालोपत्रे कार्य गर्ने एक निर्माण व्यवसायीसँग १५ महिनामा सम्पन्न गर्ने गरी २०७१।५।११ मा रू.९ करोड ७६ लाख ४० हजारको खरिद सम्झौता गरेकोमा आईपीसी ९ सम्म रू.८ करोड ४८ लाख १९ हजार भुक्तानी भई ठेक्काको म्याद २०७७।२।२३ सम्म थप तथा बाँकी काम र बिग्रिएको कार्य मर्मत गर्नका लागि पत्राचार गर्दासमेत निर्माण व्यवसायी सम्पर्कमा नआएकोले सम्झौता रकमको १० प्रतिशतले रू.९७ लाख ६४ हजारसमेत रू.३ करोड ९३ लाख ३३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३३.३ सडक डिभिजन, तुम्लिङ्टारले कोशी राजमार्गको वसन्तपुर-चैनपुर सडकको निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७५।३।२२ मा रू १० करोड ९३ लाख ५५ हजारको खरिद सम्झौता गरेको र तीन पटकमा २०७८।१२।३० सम्म म्याद थप गरेको छ। सम्झौताको विशेष शर्त बुँदा न. १.१ अनुसारको माइलस्टोन हासिल नगरेको र चौथो रनिङ बिलसम्म २० प्रतिशतमात्र वित्तीय प्रगति गरेको र म्याद समाप्त भएकोले सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले असार मसान्तसम्म ९४ दिनको रू.५१ लाख ३९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३३.४ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले खरिद सम्झौताको विशेष शर्तको बुँदा नं १.१(v) र ५५.१ मा १२ महिनामा माइलस्टोन १ को प्रगति ४० प्रतिशत पुरा गर्नुपर्ने, नगरेमा ०.००७५ प्रतिशत प्रतिदिनका दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ। योजनाले कर्पुटार-भैंसे-ठुलोस्वारा-लामाचौर-तल्लोहान्ने-हेम्जा सडक निर्माण गर्ने एक निर्माण व्यवसायीको माइलस्टोन १ को म्याद २०७८।१०।२२ मा समाप्त भएकोमा थप गरेको छैन । निर्माण व्यवसायीले सम्झौताअनुसार कार्य नगरेकोले २०७९।५।२८ सम्म २१० दिनको प्रतिदिन ०.००७५ प्रतिशतले सम्झौता रकमको रू.५३ करोड ६० लाख ८८ हजारको रू.८४ लाख ४३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३३.५ सडक डिभिजन, चरिकोटले रू.१५ करोड ७८ लाख ४५ हजारमा खरिद सम्झौता गरेका ५ ठेक्काको पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरेकोमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई रनिङ बिल भुक्तानी गरेकोले रू.१ करोड ३१ लाख ६२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३३.६ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, धुलिखेलले निर्माण व्यवसायीसँग गरेको सम्झौताको साधारण र विशेष शर्तमा प्रथम माइलस्टोन पूरा नगरेमा सम्झौता रकमको प्रतिदिन ०.००७५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीले तोकिएको समयमा काम नगरेको र म्याद थपको लागि निवेदन नदिएकोले रू.७३ लाख २० हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३३.७ सडक डिभिजन, सुर्खेतले राकम कर्णालीमा कर्णाली नदीमाथि पुल निर्माण गर्न २०६८।३।२८ मा एक संयुक्त उपक्रमसँग सम्झौता गरेकोमा निर्माण सम्पन्न नगरेकोले २०७४।३।२८ भित्र कार्यसम्पन्न नभए पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउन महानिर्देशकबाट पहिलो पटक २०७३।३।२४ मा म्याद थप गरेकोमा पुनः पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी दोस्रोपटक महानिर्देशकबाटै म्याद थप भएको छ। डिजाइन परिवर्तन गर्दा निर्माण व्यवसायीको कारणले ढिलाइ भएको उल्लेख गरेको र डिजाइन परिवर्तन भएको ३ वर्षसम्म पनि निर्माण व्यवसायीले बीचको पियर तयार गर्न नसकेको स्थलगत अनुगमनमा देखिएकोले सम्झौता अङ्क रू.१३ करोड ८७ लाख ९९ हजारको १० प्रतिशतले रू.१ करोड ३८ लाख ७९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३३.८ सार्वजनिक खरिद नियमावली, २०६४(१२ औँ संशोधन)को नियम १२०(क) मा निर्माण कार्यको म्याद थप गर्दा बाँकी काम सम्पन्न गर्नका लागि माइलस्टोन तोकी म्याद थप गर्नुपर्ने र त्यस्तो माइलस्टोन हासिल नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी म्याद थप गर्नुपर्ने व्यवस्था गरेको

छ। सो अनुसार म्याद थप गर्दा पनि निर्माण कार्य सम्पन्न नगर्ने १० कार्यालयका ३७ निर्माण व्यवसायीबाट रू.१० करोड ६ लाख १४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३४. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त गर्न सक्ने, सो काम बापत राखिएको पूरै जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौताबमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

३४.१ बालाजु-त्रिशूली/छहरे-विदुर सडक योजनाले बालाजु-रानीपौवा-त्रिशुली सडक निर्माण २४ महिनाभित्र सम्पन्न गर्नुपर्नेमा ७ पटकसम्म ६९ महिना म्याद थप गरे पनि निर्माण सम्पन्न नगरेका कारण २०७९।३।५ मा खरिद सम्झौताको अन्त्य गरी कार्य सम्पादन जमानत रू.१ करोड ५५ लाख २४ हजार र पूर्वनिर्धारित क्षतिपूर्ति रू.३ करोड १० लाखसमेत रू.४ करोड ६५ लाख २४ हजार असुल गरेको छैन। उक्त रकम असुल गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न लेखी पठाउनुपर्दछ।

३४.२ सडक डिभिजन, भरतपुरले आपटारी-मुग्लिङ सडक खण्ड स्तरोन्नति तथा पुनर्स्थापनाको लागि २०७८।३।२४ सम्म कार्य सम्पन्न गर्ने गरी रू.१ करोड ३५ लाख ६९ हजारमा एक निर्माण व्यवसायीसंग सम्झौता गरेकोमा रू.२६ लाख ८३ हजार भुक्तानी पश्चात निर्माण व्यवसायीले बाँकी काम नगरेको कारण २०७९।३।३ मा खरिद सम्झौता अन्त्य गरेको छ। कार्यसम्पादन जमानत रू.२३ लाख २८ हजार र बाँकी काम गर्न लाग्ने रू.१ करोड ५७ लाख ८५ हजारसमेत असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

३४.३ दार्चुला टिंकर सडक आयोजनाले कोठेधार-राप्ला र माल घाँटीवगर खण्डको ट्रयाक खोल्न एक संयुक्त उपक्रमसंग २०७१।६।२२ मा सम्पन्न गर्ने गरी रू.७ करोड ८६ लाख ८० हजारमा सम्झौता गरेकोमा ६ पटक म्याद थप गर्दा पनि रू.३ करोड ५५ लाख ९० हजारको मात्र काम गरी काम छाडेकोमा योजनाले २०७८।८।२८ मा कालोसूचीमा राख्ने र खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरेको छ। पेस्की रू.१ करोड ३९ लाख ५५ हजार, कार्यसम्पादन जमानत रू.६९ लाख र बाँकी काम पूरा गर्न लाग्ने रू.७ करोड १४ लाख ८६ हजारसमेत रू.९ करोड २३ लाख ४१ हजार असुल हुनुपर्दछ।

३४.४ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, धुलिखेलले खाङसाङ र साँखु खोला पुलको निर्माण गर्न एक निर्माण व्यवसायीसँग रू.१० करोड ४३ लाख ९८ हजारमा सम्झौता गरेकोमा निर्माण व्यवसायीले काम नगरेकोले २०७६।८।१३ मा खरिद सम्झौता अन्त्य गरेको छ। बाँकी काम गर्न लाग्ने रकम, पूर्वनिर्धारित क्षतिपूर्ति, जमानत र धरौटीसमेत रू.६ करोड ६० लाख २२ हजार असुल गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न लेखी पठाउनुपर्दछ।

३५. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८

मा भेरिएसन आदेश जारी गर्दा प्राविधिक पुष्ट्याइँसमेत पेस गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३५.१ भालुबाङ-बागदुला-भिमगिष्ठे-कृष्णनगर-चन्द्रौटा-लमही-घोराही-तुल्सीपुर सडक योजना कार्यालयले कृष्णनगर- चन्द्रौटा सडक निर्माण गर्दा निर्माण कार्यको क्षेत्र परिवर्तन हुने गरी भेरिएसन आदेशबाट शुरु खरिद सम्झौता अनुसार निर्माण गर्नुपर्ने ८ किलोमिटर कृष्णनगर सहरी सडक घटाई २ किलोमिटर चार लेन सडक निर्माण गर्न १२.९३ प्रतिशतले सम्झौता रकममा रू.११ करोड ७४ लाख ७० हजार वृद्धिको भेरिएसन स्वीकृत गरेको नियमसम्मत देखिदैन।

३५.२ निर्माण कार्य सम्पन्न भएपछि भेरिएसन स्वीकृत गर्न नमिल्नेमा सडक डिभिजन, दाङअन्तर्गत वालिम खोला पुल निर्माण गर्ने निर्माण व्यवसायीले २०७८।१०।४ मा पुलको निर्माण कार्य सम्पन्न गरेकोमा सम्झौता रकम११. ७८ प्रतिशत वृद्धि हुने गरी महानिर्देशकबाट २०७८।११।२९ मा रू.४० लाख ७६ हजारको भेरिएसन स्वीकृत गरेको नियमसम्मत देखिँदैन।

३५.३ महाकाली पुल योजना, महेन्द्रनगरले महाकाली पुल निर्माण गर्दा शुरु लागत अनुमानमा गाइड वन्डमा माटो फिलिङ र ड्रेनमा फर्माको परिमाण छुट हुन गएको र अन्य आइटम थप घट भएको कारण देखाई ११.६३ प्रतिशतले बढी रू.३८ करोड १२ लाख ५६ हजार भेरिएसन वृद्धि महानिर्देशकबाट स्वीकृत गरेको छ। परामर्शदाताले तयार गरेको ड्राइङ डिजाइन र लागत अनुमानमा पूर्वानुमान गर्न सकिने काम नै छुटाएको कारण भेरिएसन भएको छ। भेरिएसन गर्दा इम्बेड्मेन्ट फिलिङको साबिकको दर प्रति घनमिटर रू.१९० बाट वृद्धि गरी रू.२६० प्रति घनमिटर कायम गर्दा रू.६ करोड ४३ लाख ६७ हजार एउटै आइटममा वृद्धि भएको छ।

३५.४ सडक डिभिजन, चौरजहारीले एक निर्माण कार्यमा शुरु लागत अनुमानमा पूर्वानुमान गर्न सकिने बेस, सवबेस, ग्याबिन तथा कंक्रिटको परिमाण बढ्न गएको कारण रू.३ करोड ८ लाख १९ हजार भेरिएसनमार्फत् थप गर्ने २०७८।१०।२० मा निर्णय गरी काम गराएको छ। नियमको व्यवस्था पालना गर्नुपर्दछ।

भेरिएसन स्वीकृत गर्दा नियममा भएको व्यवस्था पालना गर्नुपर्दछ।

३६. **जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ मा पेस्की जमानतको म्याद पेस्की फर्स्यौट गर्ने अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको र कार्यसम्पादन जमानतको मान्य अवधि त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा १ महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। यो वर्ष १३ सडक डिभिजन र योजना कार्यालय अन्तर्गतका ७२ निर्माण व्यवसायीले राखेको पेस्की जमानत रू.२० करोड २१ लाख ८० हजार र ५ कार्यालयका १२ निर्माण व्यवसायीको कार्य सम्पादन जमानत रू.९ करोड ६३ लाख २१ हजारको म्याद समाप्त भएको छ। समयमै म्याद थप नगर्ने नगराउने जिम्मेवार पदाधिकारीलाई कारबाही गरी पेस्की बाँकी रकममा १० प्रतिशत ब्याजसहित असुल हुनुपर्दछ।

३७. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा कार्यालयबाट नापी किताब एवं बिलमा उल्लेख भएको वास्तविक कार्य

परिमाण, बिल र संलग्न प्रमाणभन्दा बढी भुक्तानी भएको रू.१ करोड ४४ लाख ५१ हजार असुल गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

३७.१ सडक डिभिजन, दाङले एक निर्माण व्यवसायीलाई आईपीसी १३ सम्मको बेस कोर्शको नापी गरी भुक्तानी गर्दा स्पेसिफिकेसनअनुसार बेसको उचाई ०.०२ मिटर राखी २५.२ घनमिटरको भुक्तानी गर्नुपर्नेमा चेनेज २+७८० मा १८ मिटरको नापी गरी चौडाई ७ मिटर र उचाइ ७ मिटर राखी ८८२ घनमिटरको भुक्तानी गरेको छ। प्रति घनमिटर रू.२ हजार १०० को दरले ८५६.८ घनमिटरको मूल्य समायोजन र मूल्य अभिवृद्धि करसमेत रू.२३ लाख ५१ हजार बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

३७.२ सडक डिभिजन, नेपालगन्जले एक निर्माण व्यवसायीलाई अघिल्लो आईपीसीमा भुक्तानी भएको रकमलाई जिम्मेवारी सार्दा घटि देखाई चालु रनिङ बिलमा रू.३६ लाख ४९ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

३७.३ सडक डिभिजन, धनकुटाले लोप्से-टोकरूम्वा-कुरूले-फलामेटार सडक निर्माण गर्ने एक निर्माण व्यवसायीलाई दोस्रो रनिङ बिलको रू.४६ लाख ४६ हजार भुक्तानी गरेको छ। निर्माण कार्यको नापी किताबमा भएको परिमाणअनुसार वास्तविक मूल्याङ्कन रू.२६ लाख २ हजार मात्र देखिएकोले बढी भुक्तानी भएको रू.२३ लाख ९ हजार असुल हुनुपर्दछ।

३७.४ हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले जनकपुर-वसपट्टि-हर्दि पोखरीविदा-संग्रामपुर सडक खण्डको स्तरउन्नति गर्दा २९ स्ल्याब कल्भर्ट निर्माण गरिरहेकोमा सडक निर्माणको बिलमा १२ स्ल्याब कल्भर्टको क्षेत्रफल मात्र घटाएकोले १७ स्ल्याब कल्भर्टको ५४९.४६ वर्गमिटर नघटाई बढी भुक्तानी दिएको रू.१२ लाख ४२ हजार असुल हुनुपर्दछ।

३७.५ दार्चुला टिंकर सडक आयोजनाले एक ठेक्काको चेनेज ३२४+४०० देखि ३२६+४०० सम्मको दोस्रो रनिङ बिल भुक्तानी गर्दा आइटम नं ६ मा पहिले भुक्तानी भइसकेको परिमाण ३०९.५ घनमिटर पछिल्लो नापीमा उल्लेख नगरेकोले पछिल्लो नापीमा भुक्तानी हुनुपर्ने भन्दा ३०९.५ घनमिटरको रू.१० लाख ४९ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल हुनुपर्दछ।

३७.६ सडक डिभिजन, हेटौंडाले सिमरा-कोल्भी सडक निर्माण गर्ने एक प्रा.लि.को पाँचौं रनिङ बिलसम्म रू.५ करोड ८० लाख २५ हजार भुक्तानी भएकोमा छैटौं रनिङ बिलको भुक्तानीमा पाँचौ रनिङ बिलको रू.५ करोड ४६ लाख १६ हजार मात्र जिम्मेवारी सारेकोले निर्माण व्यवसायीलाई रू.३८ लाख ५१ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

३८. **स्पेसिफिकेसनभन्दा बढी प्रयोग -** स्टयान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन २०७५ समेत) को बुँदा न. १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति वर्गमिटर हुने व्यवस्था भएकोमा तोकिएभन्दा बढी परिमाण राखी तयार गरिएको लागत अनुमानको आधारमा १२ कार्यालयले ७२ ठेक्कामा रू.४ करोड १७ लाख बढी भुक्तानी गरेको, त्येसैगरी स्पेसिफिकेसन अनुसार प्रिमिक्स कार्पेटिङ २० एमएम उचाइसम्मको गर्नेगरी तोकेकोमा सोभन्दा बढी उचाई राखी ३ कार्यालयले १० ठेक्कामा रू.८४ लाख ६९ हजारसमेत रू.३ करोड २ लाख ९० हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

३९. **माटो काट्ने र पुर्ने** - स्ट्यान्ड्रड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३(संशोधन २०७५) को बुदा न. ९१७(५) मा सडक निर्माण गर्दा सडकको रेखाङ्कनमा पर्ने माटो काट्ने र लेभल मिलाउने पुर्ने कामको दोहोरो नापी गर्न नमिल्ने व्यवस्था छ। यो वर्ष ३ कार्यालयले ५ ठेक्कामा काटेको र पुरेको परिमाणको दोहोरो हुने गरी नापी गरी रू.२ करोड ४८ लाख ५३ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

४०. **डिजाइन परिवर्तन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्यस्तो संशोधन शुरुको लागत अङ्कमा २५ प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारबाहीको भागीदार हुने उल्लेख छ। डिजाइन परिवर्तन हुँदा निर्माण कार्य ढिलो र लागत वृद्धि हुन गएको व्यहोरा देहायबमोजिम छन्:

४०.१ हुलाकी राजमार्ग योजना कार्यालय, कैलालीले धनगढी क्याम्पसचोक देखि मोहना नदी पुलसम्मको ०+००० देखि ६+४५६ सम्मको सडक निर्माण कार्य गर्नका लागि रू.२० करोड ४७ लाख ७ हजारमा एक संयुक्त उपक्रमसंग खरिद सम्झौता गरेकोमा २०७८।१२।२ को महानिर्देशकको निर्णयबाट वाटोको चौडाइ कम भएको र मुआब्जा दिनुपर्ने कारण देखाइ रू.२६ लाख १७ हजार भेरिएसन थप गरी बाटोको रेखाङ्कन परिवर्तन गरेको छ। डीपीआर गर्दा समाधान गर्नुपर्ने समस्या समाधान नगरेका कारण भेरिएसन भएको छ। डीपीआर गर्ने कार्य प्रभावकारी बनाई यस्ता कार्यमा हुने भेरिएसन नियन्त्रण गर्नुपर्दछ।

४०.२ हुलाकी राजमार्ग योजना कार्यालय, इटहरीले डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण सम्झौता गरेको झापा स्थित विरीङ्ग खोलामा पुल निर्माण गर्न २०६८।३।१३ मा रू.१५ करोड ५० लाख ५८ हजारमा सम्झौता गरेअनुसार प्रति स्पान ३९.८५ मिटरले ३१८.८ मिटरको पुल निर्माण गर्नुपर्नेमा निर्माण व्यवसायीले ३८.७६ देखि ४०.५४ मिटरका स्पानहरू निर्माण गरेको छ। महानिर्देशकबाट २०७९।८।१२ मा लोड टेष्ट गर्दा डिफ्लेक्सन नआएमा कार्य स्वीकार हुने गरी डिजाइन परिवर्तन भएको छ। निर्माण कार्यको सुपरभिजन नगर्ने र त्रुटिपूर्ण कार्यको भुक्तानी दिनेलाई जवाफदेही बनाउनुपर्दछ।

४१. **त्रुटिपूर्ण डिजाइन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ।त्यस्तै नियम १०(६) मा एक तह माथिको प्राविधिक वा प्राविधिकहरूको समूहलाई डिजाइन ड्रईङ्ग समेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्रुटि सच्याउन लगाउनुपर्ने व्यवस्था छ। त्रुटिपूर्ण डिजाइन तयार गरी निर्माण कार्य हुन नसकेका व्यहोरा देहायबमोजिम छन्:

४१.१ सडक डिभिजन, भरतपुरले केरुङ्ग खोला पुल निर्माणको लागि एक निर्माण व्यवसायीसँग रू.१० करोड ७४ लाख ७० हजारमा २०७४।२।१६ मा ठेक्का सम्झौता गरी यो वर्ष नवौं रनिङ बिलसम्म रू.५ करोड ९८ लाख ३४ हजार भुक्तानी भएको छ। पुलको डिजाइनबमोजिम खोलाको सतहबाट पुलको

बीमसम्मको उचाई १.४१ मिटर रहेको छ। स्थलगत निरीक्षण गर्दा पुलको बीमसम्मको उचाई १ मिटरसम्म मात्र रहेकोले पुल जोखिममा रहेको छ। स्वतन्त्र तेस्रो पक्षबाट पुलको पुनरावलोकन गर्नुपर्दछ।

४१.२ सडक डिभिजन, दाङले करंगा खोला पुल निर्माण गर्न रू.७ करोड ९४ लाख ८९ हजारमा एक निर्माण व्यवसायीसंग २०७२।१०।८ मा सम्झौता गरेकोमा हालसम्म कुनै पनि काम हुन सकेको छैन। ओपन फाउन्डेसन विधिबाट निर्माण कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा पुल निर्माण गर्न एबुटमेन्टको जग खन्ने क्रममा डीपीआरको माटो परीक्षण प्रतिवेदनअनुसार साइटमा माटोको अवस्था फरक परेकोले २०७३।२।११ मा विभागलाई डिजाइन सच्याउन पत्राचार गरेकोमा हालसम्म उक्त पुलको डिजाइन त्रुटि सच्याउने तथा पुल निर्माण कार्य हुन सकेको छैन। साइटमा माटोको अवस्था विपरीत पुलको डिजाइन तयार गर्ने परामर्शदाता र उक्त डिजाइन ड्रइङ स्वीकृत गर्ने पदाधिकारीलाई कारबाही गर्नुपर्दछ।

४१.३ सडक डिभिजन, भरतपुरले १५ मिटर स्पानको मगरी खोला पुल निर्माण गर्नका लागि रू.१ करोड ९६ लाख ४१ हजारमा २०७५।५।२५ मा ठेक्का सम्झौता गरेको छ। ठेक्का कार्यान्वयनको चरणमा १५ मिटर पुलको फाउण्डेसन निजी जग्गामा पर्ने, पुलको उचाईको कारण एप्रोच रोड निर्माणमा कठिनाइ हुने, निर्माण स्थल वरपर रहेका घरलाईसमेत असहज हुने देखी निर्माण व्यवसायीले कार्य प्रारम्भ गर्न सहज नभएको र डिजाइन परिवर्तन गरी सोलिड स्ल्याब ब्रिज निर्माण गर्दा अत्यधिक भेरिएसन हुने देखि सुविस्ताको आधारमा सम्झौताको अन्त्य गर्ने प्रक्रिया आगाडि बढाएको छ। साइटको वास्तविक अवस्थाको परीक्षण नै नगरी गलत डिजाइन ड्रइङ तयार गर्ने परामर्शदाता र स्वीकृत गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

४१.४ सडक डिभिजन, बुटवलले धनेवा पुल (गोवरीय मझहवा बदेरा) निर्माणको लागि एक निर्माण व्यवसायीसँग रू.३ करोड ७१ लाख ३७ हजारमा सम्झौता गरी निर्माण सम्पन्न तथा सञ्चालन भएको ६० मिटर लामो पुलको स्थलगत निरीक्षण गर्दा २ पायरमध्ये उत्तरतर्फको पायर ३५ सेन्टिमिटर पश्चिमतर्फ बढेकोले पुलको स्ल्याब बाङगो र घुमेको छ। पुलको प्राविधिक परीक्षण गराई पुल सुरक्षित भए नभएको यकिन गरेर कार्य सम्पन्न गर्नुपर्दछ।

४२. **फरक चेनेजमा कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बीजकको भुक्तानी गर्दा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको शर्तबमोजिम गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले ठेक्का सम्झौतामा उल्लिखित स्थानभन्दा फरक स्थानमा गरेको निर्माण कार्यको भुक्तानी दिन नमिल्ने भए तापनि विभाग मातहतका कार्यालयहरूबाट त्यस्तो भुक्तानी भएको केही उदाहरण देहायबमोजिम छन्:

४२.१ सडक डिभिजन, पाल्पाले बर्तुङ-रिडी-वामिटक्सार-खरिबाङ सडकको चेनेज १०+००० देखि १७+००० सम्ममा कटिङ तथा स्ट्रक्चरको काम गर्ने गरी लागत अनुमान स्वीकृत गरी खरिद सम्झौता गरेकोमा सो चेनेजमा प्रदेश पूर्वाधारको पूरानो ठेक्का फाइनल नभएको जनाई निर्माण व्यवसायीलाई चेनेज २५+००० देखि निर्माण कार्य गराइ खरिद सम्झौताको क्षेत्र नै परिवर्तन गरी रू.१ करोड १६ लाख ८४ हजार तथा चीडियाखोला झुम्सा सेक्सनको प्रहरी चौकिदेखि ७००

मिटर बुटवल जाने वाटोतर्फमा हिलसाइटमा व्याक कटिङ गरी अस्फाल्ट कंक्रिट पेभमेन्ट गर्ने सम्झौता गरेकोमा साइट विवादका कारण तोकिएको चेनेजभन्दा फरक चेनेजमा काम गराई रू.८६ लाख ५३ हजारसमेत रू.२ करोड ३ लाख ३७ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

४२.२ सडक डिभिजन, वीरेन्द्रनगरले बुढेली-मटेला-ठांटीकाथ सडक खण्डको निर्माण कार्यको सूचना तथा बिड डकुमेन्टमा चेनेज ०+००० देखि १०+००० सम्म उल्लेख गरी ठेक्का सम्झौता गरेकोमा पहिलो रनिङ बिल भुक्तनी गर्दा चेनेज १०+००० भन्दा फरक चेनेजमा कार्य गराई रू.५० लाख ५४ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

४२.३ सडक डिभिजन, महेन्द्रनगरले एक निर्माण व्यवसायीलाई भारतीय सिमाना-दोधारा-चादनी-देभिस्थान पिपलचौतारा सडकको चेनेज ०+००० देखि ८+८७५ सम्म सडक स्तरउन्नति कार्य गर्नको लागि खरिद सम्झौता भएकोमा कार्यालयले निर्माण व्यवसायीसँग गरेको खरिद सम्झौताभन्दा फरक क्षेत्रमा करिब १ किलोमिटर सडक कालोपत्रे गरी रू.७२ लाख ८४ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

४२.४ सडक डिभिजन, हेटौंडाले लंगादी-तिनबाती-लंगादी सडक तथा नाली निर्माण कार्यका लागि एक संयुक्त उपक्रमसँग भएको खरिद सम्झौतामा लागत अनुमानमा तोकिएको चेनेज ०+००० देखि ३+०८०को सट्टा ३+७८० फरक क्षेत्रमा कालोपत्रे र नालीको निर्माण गरी रू.२० लाख ६० हजार भुक्तानी दिएको नियमसम्मत देखिएन।

४२.५ सडक डिभिजन, हर्कपुरले दूधकोशी-एकबार-जयरामघाट-तलुवा-भर्दौर-कुइभिर-दूधकुण्ड सोलु सडक निर्माणकार्यको लागि चेनेज १५+३०० देखि २२+००० सम्म निर्माण कार्य गर्नका लागि एक संयुक्त उपक्रमसँग खरिद सम्झौता गरेकोमा तोकिएको कार्यक्षेत्रभन्दा फरक चेनेज १३+४२० देखि १५+००० मा काम गरेको नापी गरी रू.८४ लाख ९५ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

४२.६ सडक डिभिजन, नुवाकोटले विभिन्न ३ ठेक्काको निर्माण कार्यको लागत अनुमान ठेक्का सम्झौता तथा निर्माण व्यवसायीलाई दिएको कार्यादेशमा उल्लेख गरेको सडकको चेनेजभन्दा फरक चेनेजमा नापी गरी रू.४ करोड ८ लाख १५ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

४३. **अधुरा ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ। ठेक्का अविधभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा नौं पटकसम्म म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी विभागअन्तर्गत २४ डिभिजन तथा योजना कार्यालयमा रू.२८ अर्ब ८२ करोड ६५ लाख खरिद सम्झौताका १९८ ठेक्काको रू.७ अर्ब ३८ करोड ११ लाख भुक्तानी भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम शुरु नगर्ने, कामको प्रगति नगर्ने र बीचमा कार्य छाडने गरेको कारण काम अधुरा रहने ठेक्काहरूको संख्या र समायावधि बढ्दै गएको देखिन्छ। ती ठेक्काहरूको रू.२ अर्ब ७५ करोड १२ लाख ९२ हजार पेस्की जमानत प्राप्ति तथा रू.७१ करोड ३८ लाख ११ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४३.१ पर्याप्त मात्रामा माटो र प्राविधिक पक्ष विश्लेषण गरेर पुलको डिजाइन तथा निर्माण गर्नुपर्दछ। सडक डिभिजन, पोखराले मादी नदीमा मिजुरे-हंसपुर जोड्ने ८० मिटर लामो पुल निर्माण गर्न २०७१।७२ मा शुरु गरेकोमा बायाँतर्फको एबुटमेन्ट आंशिक रूपमा बनेको, एक पायर निर्माण गर्ने क्रममा बाढीले क्षति पुऱ्याएको र बाँकी काम नगरेको स्थलगत निरीक्षणबाट देखियो। एक विशेषज्ञको अध्ययन प्रतिवेदनमा १२४ मिटर चौडाईमा पानी बगेको तर नदीमा ८० मिटर लामो पुल डिजाइन गरेकोले एबुटमेन्टको स्थानबाटै नदीको मूल प्रवाह बगिरहेको, नदीको बढी बेगको कारण उत्पन्न हुने स्कोरिङको विषयमा डिजाइन गर्दा ध्यान नदिएको, फाउन्डेसनको लागि २२.१ मिटर ड्रिल गरी माटो परीक्षण गर्नुपर्नेमा १६ मिटरमात्र ड्रिल गरेको देखियो। काम अधुरो राख्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ अनुसार कारबाही गरी कालोसूचीमा समेत राख्नुपर्दछ।

४३.२ पुल सेक्टर नं २ काठमाडौंले मनोहरा खोलामाथि पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।७।२९ मा सम्झौता गरी २०७५।७।२८ मा सम्पन्न गर्ने गरी रू.१३ करोड ४७ लाख ४१ हजारमा सम्पन्न भएको छ। पुलको स्थलगत अवलोकन गर्दा जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेडको जग्गा र भवन तथा पेट्रोल पम्प बाटोमा परेकोले पुल निर्माण भए तापनि सवारीसाधन चल्न सकेको छैन। काठमाडौंबाट भक्तपुर सडकमा रू.१३ करोड ९६ लाखमा निर्मित अर्को एक पुल एप्रोच सडक निर्माण नभएकोले सञ्चालन हुन सकेको छैन। समस्या समाधान गरी पुल सञ्चालन गर्नुपर्दछ।

४३.३ सडक डिभिजन, बैतडीले धौलीगाड नदी पुल निर्माण गर्नका लागि एक निर्माण व्यवसायीसँग २०७१।३।३१ मा रू.२ करोड ३२ लाख ५६ हजारमा खरिद सम्झौता गरी २०७२।७३ सम्म रू.६३ लाख ८४ हजार भुक्तानी गरेकोमा निर्माण व्यवसायीले त्यसपश्चात् काम गरेको छैन। खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई कारबाही गरी पुल निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४४. **संयुक्त उपक्रम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(७क)मा संयुक्त उपक्रमका सबै सदस्यले ठेक्काको सबै कामको दायित्व वहन गर्नुपर्ने र कुनै एक सदस्य वा अन्य कसैलाई काम हस्तान्तरण गर्न नपाइने व्यवस्था छ। प्राप्त विवरणअनुसार संयुक्त उपक्रमका साझेदारमध्ये प्रत्येक ठेक्काको कुनै साझेदार कार्यमा अनुपस्थित भएको कारण पटक पटक म्याद थप गर्दा पनि सडक विभाग अन्तर्गत १८ कार्यालयका १३९ ठेक्काको रू.३७ अर्ब ३४ करोड २० लाख सम्झौता रकममध्ये रू.२३ अर्ब ३९ करोड १ लाखको मात्र कार्य गरी अधुरो रहेको अवस्था छ। सडक निर्माणको कार्य अधुरो रहेको कारण यातायात सञ्चालन नभएको वा कठिनाइ भएको अवस्थामा योजनाले सम्झौताअनुसार कारबाही गरी सबै साझेदारलाई काममा उपस्थित गराउन कारबाही गरेको छैन। संयुक्त उपक्रमका ठेक्काका काम अधुरो रहेकोले यसमा सुधार गर्नुपर्दछ।

४५. **ठेक्काको कार्यतालिका** - ठेक्का सम्झौताको शर्तमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधिसम्मको कार्यतालिका र निर्माण कार्यक्रम स्वीकृत भएबमोजिम निर्माणतालिकाको पालना गराउनुपर्नेमा अधिकांश ठेक्कामा निर्माण व्यवसायीले शुरूमा निर्माण कार्यको कार्यतालिका पेस गरे तापनि कार्यालयले विधिवत दर्ता नगर्ने, निर्माण कार्यको गतिविधिबमोजिम निर्माण कार्यक्रमसहित विस्तृत तालिका पेश नगर्ने र कार्यतालिका योजना प्रमुखले स्वीकृत नगर्ने गरेको अवस्था छ। । यो

वर्ष सडक विभाग अन्तर्गत हुलाकी राजमार्ग योजना कार्यालय इटहरी, सडक डिभिजन, जनकपुरलगायत १४ कार्यालयले १५२ ठेक्कामा कार्यक्रम अपडेट नगरेको रू.१ करोड ७७ लाख १० हजार सम्झौता अनुसार विथहोल्ड गर्नुपर्नेमा गरेको देखिएन। कार्यतालिकाको विधिवत अभिलेख र अनुगमनको अभावमा म्याद थप गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार बनाउन नसकिएको र कार्यतालिका भन्दा ढिला कामको भुक्तानी दिदा तालिकाको अवधि भन्दा पछिल्लो अवधिको मुल्य वृद्धिको सुचकाङ्क प्रयोग गरी बढी मुल्य समायोजन गर्नु परिरहेको अवस्था छ । ठेक्का सम्झौताको शर्तबमोजिम कार्यतालिका स्वीकृत गरी सो बमोजिम निर्माण कार्य गर्ने गराउने व्यवस्थाको पालना गर्नुपर्दछ।

४६. **कार्य सम्पादन जमानत** - कार्य सम्पादन जमानतको म्याद खरिद सम्झौताको त्रुटि सच्याउने अवधिसम्मको हुनुपर्ने व्यवस्था छ। निर्माणकार्यसमेत नगरी तथा ठेक्काको म्याद थप नगरी अधुरो अवस्थामा रहेका निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६२ तथा नियमावलीको नियम १२८ बमोजिम कारबाही गरी जमानत जफत गर्नुपर्ने व्यवस्था भएकोमा सडक विभाग अन्तर्गत १४ कार्यालयको ९० ठेक्का रुग्ण अवस्थामा रही निर्माण कार्य नगरी अलपत्र रहेको ठेक्काको रू.१ अर्ब १६ करोड ४४ लाख ३९ हजार कार्यसम्पादन जमानत जोखिममा परेको छ। रूग्ण ठेक्काहरूलाई खरिद सम्झौता र सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार कारबाही गरी रुग्ण ठेक्काको कार्यसम्पादन जमानत जफत गर्नुपर्दछ।

४६.१ **घटी पेस्की कट्टी** - बोलपत्रसम्बन्धी कागजातअनुसार निर्माण व्यवसायीसँग भएको सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ बिलमा पेस्की रकमको न्यूनतम २० प्रतिशतका दरले कट्टी गर्नुपर्ने र ८० प्रतिशत कार्य हुँदा सबै पेस्की कट्टी गरिकसक्नुपर्ने उल्लेख छ। कालिगण्डकी कोरिडोर बेनी जोमसम कोराला सडक, मुस्ताङ र सडक डिभिजन, रौतहटले विभिन्न ८ ठेक्काको निर्माण व्यवसायीलाई रनिङ बिल भुक्तानी गर्दा सम्झौतामा शुरु अवधिको ८० प्रतिशतभित्रै रू.६करोड ४५ लाख ३८ हजार कट्टी गर्नुपर्नेमा रू.३ करोड २७ लाख ५० हजारमात्र कट्टी गरी रू.३ करोड १७ लाख ८८ हजार घटी कट्टी गरेकोले नपुग पेस्की असुल वा कट्टा गर्नुपर्दछ।

४७. **पुल निर्माण** - खरिद सम्झौताको शर्तबमोजिम तोकिएको म्यादभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। निर्माण कार्य सम्पन्न नभई प्रयोग नभएका तथा पुलहरूको निर्माण सम्पन्न हुन नसकी अधुरा रहेका पुलका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४७.१ सडक डिभिजन, महेन्द्रनगरले दोदा नदीमा पुल निर्माण गर्नका लागि २०७२।९।२६ मा एक संयुक्त उपक्रमसँग रू.२४ करोड ५२ लाख ६१ हजारमा २०७५।९।२५ भित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेको छ। आइपीसी १० सम्म फाउन्डेसन, सब स्ट्रक्चर, एप्रोच सडक र रिभर ट्रेनिङको काम बापत रू.११ करोड १२ लाख ८९ हजार भुक्तानी गरेको छ। पाइल इन्टिग्रिटी टेष्ट गर्दा त्रुटि देखिन गई गुणस्तर नभएकोले सो पुलमा थप काम हुन नसक्ने देखि कार्यालय र निर्माण व्यवसायीले रू.१२ करोड ३३ लाख १५ हजारको बैङ्क जमानत थप गरी पुलको अप स्ट्रिममा अर्को पुल निर्माण गर्ने सहमति भई भेरिएसनमार्फत् डिजाइन परिवर्तन गरी रू.२४ करोड २२ लाख ५७ हजारमा २०८० असार मसान्तसम्ममा पुल निर्माण गर्न कार्यादेश दिएको छ। हालसम्म निर्माण व्यवसायीले निर्माण कार्य सुचारु नगरेको साइटमा परिचालित नभएकोले निर्माण व्यवसायीले राखेको

बैङ्क जमानत रू.१२ करोड ३३ लाख १५ हजार जफत गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ। पुल निर्माणको स्थान परिवर्तनको स्वीकृत दिने जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

४७.२ सडक डिभिजन, महेन्द्रनगरले शिवगङ्गा नदी माथि १४० मिटर लम्बाईको पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७४।३।२७ मा रू.१२ करोड ६२ लाख ७२ हजारमा ३६ महिनामा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा दोस्रो रनिङ बिलसम्म रू.३ करोड १७ लाख ६ हजार भुक्तानी भएको छ। पाइल इन्टिग्रिटी टेष्टमा ५ पाइल फेल भएकोले निर्माण व्यवसायीलाई रिडिजाइन गरी पेस गर्न कार्यालयले पत्राचार गरेकोमा हालसम्म पेस नगरेको, साइटमा उपस्थित नभएको, ठेक्काको म्यादसमेत नभएको हालसम्मको भुक्तानी रू.३ करोड १७ लाख ६ हजार खेर गएको छ। खरिद सम्झौताको बुँदा नं ५७ अनुसार निर्माण व्यवसायीलाई कारबाही गरी पेस्की र कार्यसम्पादन जमानत जफत गरी बाँकी सम्पन्न गर्न लाग्ने रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

४७.३ सडक डिभिजन, ललितपुरले कोट्कु खोला माथि पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७५।६।२५ मा रू.६ करोड ४५ लाख २० हजारमा सम्झौता भएकोमा यो वर्षसम्म रू.४ करोड २८ लाख ९७ हजार भुक्तानी भई अधुरो रहेको छ। सम्झौताबमोजिम निर्माण व्यवसायीलाई कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

४७.४ खरिद सम्झौता गर्दा निर्माणस्थलको व्यवस्था नभएकोले सडक डिभिजन, ललितपुरले कोटकु खोला माथि पुल निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७२।६।१८ मा रू.४ करोड ४० लाख ५५ हजारको सम्झौता गरी २०७६।३।२९ सम्म रू.३ करोड ३९ लाख ९ हजार भुक्तानी गरेको छ। उक्त पुलको स्थलगत अवलोकन गर्दा सुपरस्ट्रक्चरको कार्य सम्पन्न भैसकेको भए तापनि बालकुमारीतर्फको एप्रोच सडकमा सुकुम्बासी बस्ती रहेका कारण पहुँच सडक बन्न नसकेको र अर्कोतर्फ पहुँच सडकको पर्खाल लगाउने कार्य भईरहेको छ। हनुमन्ते खोला कोरिडोरमा सडक कालोपत्रे भैसकेको र बालकुमारी पुलतर्फ समेत कालोपत्रे भएकोमा बीचको २०० मिटरको क्षेत्रमा सुकुम्बासी बस्तीका कारण सडक निर्माणको साथै पहुँच सडकको कार्य अगाडि बढ्न सकेको छैन। निर्माणस्थलको व्यवस्थापन गरी पुल निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४८. **पुल निर्माणका कमजोरी** - पुलको विस्तृत सम्भाव्यता अध्ययन र डीपीआर तयार गरी बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ। सडक विभागले पुल निर्माण गर्दा डीपीआर बेगर पनि बजेट विनियोजन गर्ने, पहिले डीपीआर गरेका करिब १ हजार २०० पुलको कार्यान्वयन नगरेको, कतिपय पुलहरूमा बजेट विनियोजन नगर्ने/न्यून विनियोजन गर्ने, पायरको संख्या भन्दा कम बोरहोल ड्रिल गर्ने, अपर्याप्त भू-प्राविधिक अध्ययन गर्ने, निर्माणको गुणस्तरको सट्टा अनुमानको आधारमा पुलको आयु तोक्ने, पुलको प्रकार छनोट गर्दा विकल्पको विश्लेषण पर्याप्त नगर्ने, स्वतन्त्र तेस्रो पक्षबाट डिजाइन पुनरावलोकन नगर्ने, परामर्शदाताबाट गरिएका डिजाइनमा गरिएका कमेन्टको अभिलेख नराख्ने, निर्माण योजना र निर्माण व्यवस्थापनको पालना नगर्ने, पाइल टेष्ट र लोड टेष्ट केही पुलमा मात्र सीमित रहेको, निर्माण कार्यको डाटा लगसहितको अभिलेख नराख्ने, पुलमा गरिने नदी नियन्त्रण कार्यको डिजाइन नगर्ने, पुलको मर्मत सम्भार योजना नबनाउने, पुलहरूको मर्मत सम्भारमा न्यून प्राथमिकता, डिजाइन संशोधनमा ढिलाइ गर्ने, कतिपय पुल सेक्टर कार्यालयहरूमा स्ट्रक्चरल इन्जिनियरको अभाव, कतिपय पुलको बोरहोल ड्रिल आवश्यकताभन्दा कम गर्ने, गलत डिजाइन गर्ने परामर्शदातालाई

कारबाही नगर्ने आदी कारणहरूले पुलहरूको निर्माण र गुणस्तर नियन्त्रण सन्तोषजनक देखिँदैन। यसमा सुधार गर्नुपर्दछ।

४९. **पुलको मर्मत/सम्भार** - सञ्चालनमा रहेका पुलहरूको मर्मत/सम्भार गर्ने जिम्मेवारी सडक डिभिजनहरूमा रहेको छ। सडक डिभिजन, बुटवलका तुरिया खोला पुल र घोडादह पुल मर्मतको अभावमा क्षतिग्रस्त भएको स्थलगत अवलोकनमा देखिएको छ। सडक डिभिजन, भतरपुर अर्न्तरगतको ज्यामिरे पुलको तल्लो भागको डेकबाट पानी पसी कुनै पनि समय क्षति हुने अवस्थामा रहे पनि मर्मत सम्भार गरेको देखिएन। पुलको मर्मतको लागि नियमित रूपमा बजेट विनियोजन नगरी सीमित बजेट विनियोजन हुने गरेको छ। त्यसै गरी डिभिजनहरूले पुल मर्मतको अभिलेख नराखेको, पुलको अवस्था जाँच नगरेको, पुलको एबुटमेन्ट र पियरको सेटलमेन्ट रेकर्ड नराखेको, वियरिङ प्याडको जांच नगरेको र स्टील पुल पेन्टिङ नगरेको, पुलको नन् डिस्ट्रक्टिभ टेस्ट नगरेको अवस्थासमेत देखियो। उल्लिखित पक्षहरू विचार गरी नयाँ पुल निर्माणका साथै विद्यमान पुलको मर्मत/सम्भारलाई समेत प्राथमिकता दिनुपर्दछ।

४९.१ हुलाकी राजमार्ग योजना कार्यालय, नेपालगन्जले बर्दिया र कैलाली जिल्ला जोड्ने कर्णाली नदी माथि २०७२।३।२५ मा रू.५७ करोड ९ लाख ८१ हजारको लागतमा निर्माण सम्पन्न भएको १३ स्पानको ५३१ मीटर लम्बाइको सतीघाट पुलको पूर्व तर्फको वेल फाउण्डेशनमा बनेको पियर पूर्व तर्फ ढल्किएकोले पुलको दुई स्ल्याबको बीचमा अन्तर बढेको छ। कर्णाली चिसापानीको १०० वर्षको अवधिमा आएको उच्च बहाव १९ हजार ८५१ क्यूमेकको ५० प्रतिशत पानी सतीघाटतर्फ आउन सक्ने अनुमान गरी पुलको डिजाइन गरेकोमा अर्को भङ्गालो गेरुवातर्फ बर्दिया राष्ट्रिय निकुञ्जको बफर जोन परेकोले सो क्षेत्रमा नदीजन्य पदार्थ थुप्रिन गई ७५ प्रतिशत भन्दा बढी पानी सतीघाटतर्फ प्रवाह भएको, पूर्वतर्फ बढी कटान गरी तीन स्पानबाट अधिकांश पानी बगेको र बाँकी स्पानको अप स्ट्रीम तथा डाउन स्ट्रिममा नदीजन्य पदार्थ जम्मा भएको कारण पियरको वेलमा स्कउरिङ भई क्षति पुगेको देखिन्छ। त्रुटि सच्याउने अवधि २०७७।३।२५ मा समाप्त भएको १ वर्षपछि नै सो पुलको एक पियरमा समस्या देखिएकोले यसको प्राविधिक मूल्याङ्कन तथा छानविन गरी यातायात सञ्चालन गर्नुपर्दछ।

४९.२ महेन्द्र राजमार्गको बालगङ्गा पुल बाराको बेयरिङ कोर्श बिग्रिएको, रेलिङ खिया लागिसकेको, एक लेनको पसाहा खोला पुलको बेयरिङ कोर्श जीर्ण अवस्थामा रहेको, ७९ ब्रिजमा बेयरिङ कोर्श बिग्रिएको र बकैया ब्रिजको पायरमा ज्याकेटिङ गर्नुपर्ने, पुलमाथि बिजुलीको पोल राखेकोले जोखिम बढेको, पुलको क्रब खस्न थालेको र एक्सपान्सन ज्वाइन्ट मर्मत सम्भार गर्नुपर्ने देखिएको, पुलको बायाँ भागको नदी तटबन्द, पायरको बेरिङ, रिभर बेड डाउन र लन्चिङ एप्रोन दबेको वा मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेको छ। त्यसैगरी डिभिजन सडक जनकपुरअन्तर्गत महेन्द्र राजमार्गको धनुषामा सन् १९७७ देखि सञ्चालनमा रहेको कमला पुलको निरीक्षण गर्दा पुलको डेकमा भर्टिकल क्र्याक आएको र पुलका ३ पायरको बेस क्याप मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेका छन्। एप्रोज स्ल्याब लगायतको ज्वाइन्ट रिप्लेसमेन्ट गरिए तापनि सवारी ओहोर दोहोर गर्दा कम्पन भई आवाज आउने र मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन्। पूर्व पश्चिम जोड्ने यस पुलको निर्वाध सञ्चालनका लागि आवश्यक मर्मत कार्य गर्नुपर्दछ।

५०. **जग्गाको स्वामित्व -** सडकको निर्माण गर्दा सडकको राईट अफ वेमा पर्ने जग्गाको स्वामित्व सडक विभागको नाममा कायम गर्नुपर्दछ। मदनभण्डारी राजमार्ग योजना कार्यालय, हेटौंडा र गाईघाटले सडकको रेखाङ्कनमा अवस्थित घर टहरालगायतका संरचनाको क्षतिपूर्ति रू.४९ करोड ९३ लाख ६० हजार भुक्तानी गरे तापनि जग्गाको स्वामित्व प्राप्त गरेका छैनन्। स्वामित्व प्राप्त नगरेसम्म जग्गाधनीहरूले नै प्रयोग गर्न सक्ने भएकोले तुरुन्त प्राप्त गर्नुपर्दछ।

५१. **एजबिल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। सडक विभागअन्तर्गतका ११ कार्यालयले एज बिल्ट नक्सा पेस नभएकै अवस्थामा ६६ निर्माण व्यवसायीलाई रू.१ करोड ८२ लाख रोक्का नगरी भुक्तानी गरेकोले निर्माण व्यवसायीबाट उक्त रकम असुल गर्नुपर्दछ।

५२. **क्षतिपूर्ति भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ७ बमोजिम सबै प्रकारका मुनाफा र लाभ आयमा समावेश गर्नुपर्दछ। विभागले यो वर्ष ८ निर्माण व्यवसायीमध्ये तीन संयुक्त उपक्रमका करदातालाई मूल्य अभिवृद्धि कर बाहेक ब्याज रकमसमेत रू.१४ करोड ४३ लाख ३० हजार क्षतिपूर्ति भुक्तानी गरेको छ। ती संयुक्त उपक्रमका करदाताको ठेक्काको म्याद गुज्रिसकेको र गत विगत वर्षदेखि नै ननफाइलर रहेको देखिदा ती करदाताले आय विवरण पेस गर्ने अवस्था छैन। क्षतिपूर्ति रकममा यो वर्ष खर्च कट्टीसमेत गर्नु नपर्ने हुँदा सोमा आयकर कानूनबमोजिम लाग्ने २५ प्रतिशत कर रू.३ करोड ६० लाख ८२ हजार तथा मूल्य अभिवृद्धि कर रू.१ करोड ८७ लाख ६२ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

५३. **मूल्य अभिवृद्धि कर समायोजन** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा असुल गरेको कर अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्ने र नियमावली, २०५३ मा सम्झौताअनुसार भुक्तानी गर्दा ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाग अर्न्तरगतका ४२ सडक डिभिजन र आयोजनाबाट भुक्तानी लिएका १८८ निर्माण व्यवसायीले आय विवरण पेस नगरी नन्-फाइलर भएकोले रू.२७ करोड २४ लाख ८८ हजार मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेस नगरेमा उक्त रकम असुल गर्नुपर्दछ।

५४. **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानूनबमोजिम वा करारका शर्तबमोजिम धरौटी राजस्वमा दाखिला गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले निर्णय गरी धरौटी रकम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सडक विभागअन्तर्गतका ७ कार्यालयले प्रयोजन सकिएको धरौटी रू.५ करोड ४ लाख १९ हजार सदरस्याहा गरी राजस्व दाखिला गर्नुपर्दछ।

५५. **स्थलगत निरीक्षण** - यस वर्षको लेखापरीक्षणको क्रममा प्राविधिकसहितको लेखापरीक्षणटोलीबाट स्थलगत अवलोकन तथा विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

५५.१ मदन भण्डारी राजमार्गअन्तर्गत उदयपुरको त्रियुगा नदी पुल, हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिराहाको सिमानाको कमला नदी पुल, चितवनको ठिमुरा पुल, नुवाकोटको कोल्फु खोला पुल, दूधकोशी नदीमा रानीटार र साउनेमा निर्माणधीन दुई पुलको ड्रइङ्ग डिजाइन, हाइड्रोलोजी,

जियोलोजीको अध्ययन तथा विश्लेषणमा त्रुटि रहेको देखिएको छ। जसको कारणबाट त्रियुगा, कमला, ठिमुरा र कोल्फुखोला पुल क्षतिग्रस्त रहेको र दूधकोशीका दुई पुलको निर्माण कार्य सम्पन्न नभई अधुरो अवस्थामा रहेका छन्। यसबाट राष्ट्रको स्रोत साधनको नोक्सानी हनुको साथै सहज यातायात सेवासमेत प्राप्त हुन सकेको छैन।

५५.२ उदयपुरको मदन भण्डारी रामार्गमा निर्मित मौवासे खोला पुल, सरस्वती खोला पुल, करम्जेखोला पुल, दातु खोला पुल, थापर खोला पुल, थनाई खोला पुल, सुखानी खोला पुल, असारी खोला पुल, रातु खोला पुलको ड्रइङ्ग, डिजाइनमा त्रुटि भई अग्ला पुल र ती पुलमा त्रुटिपूर्ण गाइडबन्ड निर्माण गरेको देखिएको छ। अग्ला पुल निर्माणको कारण पुल र सडक निर्माणको लागतसमेत बढेको छ।

५५.३ मदन भण्डारी राजमार्गअन्तर्गत बसाहादेखि भिमानसम्मको १३५ किलोमिटर सडकको निर्माणमा प्राविधिक त्रुटिका कारण सडक असुरक्षित देखिन्छ।

५५.४ पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत कास्की र पर्वतमा रहेको याम्दी पुल-घट्टे खोला खण्ड, घट्टे खोला-कुस्मा खण्ड र भैंसे-याम्दी खण्डको प्राविधिक विश्लेक्षण र स्थलगत निरीक्षण गर्दा दुई लेनको राजमार्गमा आवश्यकता भन्दा बढी ६ लेन निर्माण गरी लागत बढाएको, सडक निर्माण गरेको एक वर्षमै पटहोल्स र डिप्रेसन देखिनुका साथै अपर्याप्त सडक संरचना निर्माण गरेको र अनुपयुक्त स्थानबाट सडक जाने गरी रेखाङ्कन परिवर्तन गरी सडक निर्माणको लागतसमेत वृद्धि भएको देखियो।

सडक तथा पुल आयोजनाको ड्रइङ/डिजाइन, लागत अनुमान तयारी एवं आयोजना कार्यान्वयनमा देखिएका उल्लिखित कमी/कमजोरी सुधार गर्दै स्वीकृत नर्म्स तथा मापदण्ड अनुरूप निर्धारित गुणस्तर, समय र लागतमा सडक तथा पुल निर्माण गर्नुपर्दछ।

यससम्बन्धी विस्तृत व्यहोरा प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

मध्यपहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी सन्तुलित विकास गर्ने उद्देश्यले पाँचथरको चियो भञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म १ हजार ८७९ किलोमिटर सडक र १३७ पुल निर्माण गर्न यो आयोजना २०६४।६५ मा शुरु भई २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छः

५६. **लक्ष्य प्रगति** - आयोजनाको शुरु लागत रू.८४ अर्ब ३३ करोड अनुमान गरिएकोमा संशोधित लागत रू.१ खर्ब १ अर्ब ५० करोड रहेको छ। यो वर्ष १४६ किलोमिटर कालोपत्रे सडक र ३ पुलसमेत आयोजना शुरु भएको १४ वर्षमा १ हजार २५९ किलोमिटर कालोपत्रे सडक र ९३ पुल सम्पन्न भई भौतिक प्रगति ६४ र वित्तीय प्रगति ६९ प्रतिशत भएको छ। आयोजनामा यो वर्षको रू.५ अर्ब ५१ करोडसमेत रू.५८ अर्ब ८५ करोड खर्च भएको छ। आयोजनाअन्तर्गत ४६२ किलोमिटर सडक र २५ पुल निर्माणाधीन अवस्थामा रहेको छ। केही खण्डको सडक तथा पुल निर्माणकार्य शुरु हुन सकेको छैन। उल्लिखित प्रगतिको स्थिति विश्लेषण गर्दा आयोजनाबाट निर्धारित लक्ष्य समयमा सम्पन्न हुने अवस्था देखिदैन। संशोधित कार्यतालिकाअनुसार योजनाका कार्य सम्पन्न गराउनुपर्दछ।

५७. **सडकको मापदण्ड** - नेपाल सडक मापदण्डअनुसार यस सडकको केन्द्रविन्दुबाट दायाँबायाँ २५/२५ मिटरका दरले ५० मिटर राइट अफ वे कायम गर्नुपर्नेमा आयोजनाले सडकको सीमा तोकेको छैन। सडकको सीमासहितको मापदण्ड तोक्नुपर्दछ।

५८. **खरिद व्यवस्थापन** - आयोजना शुरु भएको १४ वर्ष व्यतीत हुँदा पुष्पलाल मध्यपहाडी राजमार्ग १ हजार ८७९ किलोमिटरमध्ये खुर्कोट-राकथुम सडक १३ किलोमिटर, राकथुम-दोलालघाट सडकको २७ किलोमिटर खण्ड र कटुन्जे-लापाङ्ग-सिमलफेदी सडक धादिङ र गोरखा ७७ किलोमिटरसमेत ११७ किलोमिटर सडक र १९ पुलको खरिद व्यवस्थापन गरी निर्धारित समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

५९. **रेखाङ्कन बाहिर सडक** - आयोजनाले पुष्पलाल मध्यपहाडी राजमार्गको रेखाङ्कन अनुसारको सडक निर्माण गर्नुपर्दछ। आयोजनाले पोखरा महानगरपालिकाको याम्दी–हरिचोक खण्डमा २ हजार २०० मिटर ४ लेनको अस्फाल्ट कंक्रिट सडक निर्माण गर्न रू.४८ करोड ५ लाखमा ठेक्का लगाई काम शुरु गरेको छ। सो मध्ये हरिचोक तर्फ २ हजार मिटर सडक राजमार्गको रेखाङ्कन तथा क्षेत्रभन्दा बाहिरको रहेको छ। यसमा नियन्त्रण गर्नुपर्दछ।

हुलाकी राजमार्ग आयोजना निर्देशनालय

तराईका २१ जिल्लामा पूर्व-पश्चिम ९७५ किलोमिटर र उत्तर-दक्षिण सहायक मार्ग करिब ८१७ किलोमिटरसहित १ हजार ७९२ किलोमिटर सडक र सो सडक खण्डमा पर्ने २१९ पुलको निर्माण गर्न २०६५।६६ देखि हुलाकी राजमार्ग आयोजना सञ्चालनमा रहेको छ। आयोजना अन्तर्गत केन्द्रमा निर्देशनालय र उपत्यका बाहिर इटहरी, जनकपुर, वीरगन्ज, कपिलवस्तु, नेपालगन्ज र धनगढीमा आयोजना कार्यालय रहेका छन्। यो आयोजनाको निर्माण कार्य शुरुमा २०७४।७५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा कार्य सम्पन्न नभएकोले आयोजनाको अवधि २०७९।८० सम्म थप भएको र संशोधित लागत अनुमान रू.६५ अर्ब २० करोड हुने उल्लेख छ। आयोजनामा २०७८।७९ सम्म रू.५२ अर्ब ७७ करोड खर्च भएको छ।

६०. **स्रोतान्तर** - हुलाकी राजमार्ग आयोजनाअन्तर्गत सञ्चालन हुने विभिन्न योजनाहरूमा भारतीय सरकारबाट रू.५ अर्ब भारतीय रूपैयाँ अर्थात ८ अर्ब नेपाली रूपैयाँ अनुदान रकम समावेश गरी निर्माण गर्न सम्झौता भएको छ। आर्थिक विवरणअनुसार भारत सरकारबाट शोधभर्ना हुनुपर्ने रू.२९ करोड ३४ लाख ९६ हजार रहेको छ। भारत दूतावासले सो आयोजनामा निर्माण तथा आयोजनाको परामर्श सेवाका लागि सम्झौताबमोजिम रू.८ अर्ब रकम भुक्तानी गरेको उल्लेख गरेको हुँदा सो रकम स्रोतान्तर गर्नु पर्ने देखिन्छ। निर्देशनालयले सम्झौताबमोजिम आयोजना खर्चको हिसाब अद्यावधिक गरी शोधभर्ना हिसाब फरफारक गर्नुपर्दछ।

६१. **सम्झौता** - निर्माण व्यवसायीले बी.ओ.क्यू.अनुसार कबोल गरेको दर र लेटर अफ प्राइस बिडमा उल्लिखित छुट प्रतिशतसहितको समायोजन गरी ठेक्का सम्झौता गर्नुपर्दछ। निर्देशनालयले एक ठेक्कामा ८.११ प्रतिशत छुट समावेश नगरी रू.५० करोड २७ लाख ८७ हजारमा तथा अर्को एक ठेक्कामा ९.५१ प्रतिशत छुट समावेश नगरी रू.१५ करोड ८२ लाख ८२ हजारमा सम्झौता गरेको छ। मूल्याङ्कन समितिले दुवै ठेक्कामा वास्तविक रकमभन्दा रू.५ करोड ५८ लाख २९ हजार बढी व्ययभार

पर्ने गरी सम्झौता गरेको व्यहोरा लेखापरीक्षणबाट औँल्याइएपछि उक्त सम्झौता रकम संशोधन गरी २०७९ फागुन १५ मा नयाँ सम्झौता गरेको छ। संशोधित सम्झौताअनुसारको कार्य सम्पादन जमानत रू.२ करोड ७ लाख पेस गरेको छैन। दुवै ठेक्काको छुट नकटाई पेस्की भुक्तानी दिँदा रू.२७ लाख ९२ हजार बढी पेस्की भुक्तानी भएको छ। योजना कार्यालय, इटहरीले सो ठेक्काको भुक्तानी गर्दा छुट नलिई तीन रनिङ बिलको भुक्तानी भएको रू. १ करोड २१ लाख ९८ हजारमध्ये बढी भुक्तानी रकम रू.१३ लाख ३७ हजार असुल गर्नुपर्दछ।

६२. **ओभरहेड भुक्तानी** - हुलाकी राजमार्ग योजना कार्यालय, इटहरीले ठेक्का सम्झौतामा प्रोभिजनल सम अन्तर्गत समावेश विद्युत तथा खानेपानीको कार्य अन्तर्गत खानेपानी डिभिजनबाट प्राप्त ओभरहेड सहितको लागत अनुमान दरमा वार्ताद्वारा दर तय गरी भुक्तानी दिनुपर्नेमा उक्त दरमा पुनः सम्झौता अनुसार १० प्रतिशत ओभरहेड थप गरेकोले ३ योजनमा रू.५३ लाख ८७ हजार दोहोरो ओभरहेड भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

झापा जिल्लाको शान्तिनगरदेखि डडेलधुरा जिल्लाको रूपालसम्म पूर्व-पश्चिम राजमार्ग र मध्यपहाडी राजमार्ग बीचमा समानान्तर सडक निर्माण गर्ने उद्देश्यले २०६४।६५ देखि सडक विभागबाट आयोजना सञ्चालन हुँदै आएकोमा मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयबाट मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय स्थापना भई कार्य हुँदै आएको छ। यो आयोजनाले ७४० किलोमिटर सडक र १८५ पुल निर्माण गर्ने लक्ष्य राखेकोमा यो वर्षसम्म ३४८ किलोमिटर सडक र ९३ पुल निर्माणको कार्य सम्पन्न भएको छ।

६३. **बढी मूल्य समायोजन** - ठेक्का सम्झौताको विशेष शर्तबमोजिम अगाडि नै बनिसकेका ७ पुलको एप्रोच सडकको निर्माण कार्य १२ महिना भित्र सम्पन्न गर्नेगरी २०७७।२।१६ मा सम्झौता भई कार्यतालिका समेत पेस भएकोमा त्यसपश्चात काम गरेको तर कार्यतालिका संशोधन नगरेको अवस्थामा उक्त सम्झौता विपरीत मूल्य सूचकाङ्क फ्रिजसमेत नगरी योजना कार्यालय, गाईघाटले बढी भुक्तानी गरेको मूल्य समायोजन रू.१ करोड ५ लाख ३७ हजार असुल हुनुपर्दछ।

त्यस्तै सम्झौताको दफा ४६.१ मा मूल्य समायोजन भुक्तानी गर्दा निर्माण कार्यमा प्रयोग हुने श्रम, सामग्री तथा मेसिन उपकरणको प्रयोगका आधारमा सूचकाङ्कबमोजिम गर्नुपर्नेमा मदन भण्डारी राजमार्ग योजना कार्यालय हेटौँडाले एक ठेक्काको मूल्य समायोजनमा एक मात्र राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क राखी मूल्य समायोजन गर्नाले मूल्य समायोजन बढी भएको अवस्था छ। आयोजनाले ६ रनिङ बिलबाट रू.१ करोड ६४ लाख भुक्तानी गरेको मध्ये ४ रनिङ बिलको रकममा ३० प्रतिशत देखि ४६.२५ प्रतिशतसम्म मूल्यवृद्धि दिएको छ। समग्र मुद्रास्फीति एक अङ्कमा रहेको अवस्थामा औचित्य बेगर नै एकल सूचकाङ्क राखी मूल्य समायोजन गर्नाले बढी व्ययभार परेको छ। यसरी प्राविधिक पुष्ट्याइ बेगर सम्झौताका शर्त राख्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

६४. **एप्रोच सडक** - डिजाइन एण्ड बिल्ट मोडेलअन्तर्गत पुल र पुलको एप्रोच सडक निर्माणको लागि आवश्यक परिमाण तय गरी ठेक्का बन्दोबस्त गर्नुपर्दछ। विभिन्न ४३ पुल निर्माणको एक ठेक्का बन्दोबस्त गर्दा एप्रोच सडकका लागि निर्धारित सबबेस ५० से.मी, बेसकोर्स २५ से.मि. र अस्फाल्ट

५ से.मि. मोटाइका लागि निर्माण व्यवसायीले प्रति रनिङ मीटर मूल्यअभिवृद्धि करबाहेक रू.१८ हजार कबोल गरेकोमा २१ पुलको लागि आवश्यक एप्रोच सडकको परिमाणमा कमी गर्नाले बाँकी कार्य सोही निर्माण व्यवसायीबाट भेरिएसनमार्फत् नगराई छुट्टै ३ ठेक्कामा एप्रोच सडकका लागि सबबेस र बेसकोर्सको क्रमशः २५ से.मि. र २० से.मि. मोटाइ राखी ठेक्का बन्दोबस्त गर्दा ६ पुलको एप्रोचका लागि प्रतिघनमिटर रू.२५ हजार तथा ८ पुलका लागि प्रतिघनमिटर रू.२० हजारको दर बमोजिम भुक्तानी भएकोले मूल्य अभिवृद्धि करसमेत रू.२ करोड १५ लाख बढी व्ययभार परेको छ।

६५. **बीमा खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रूपैयाँभन्दा बढीको निर्माण कार्य गराउँदा निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिसम्म बीमा गराउनुपर्ने व्यवस्था गरेको छ। योजना कार्यालय गाईघाटले १३५ किलोमिटर सडक निर्माणको लागि बी.ओ.क्यूको आइटम नम्बर १.०१ मा निर्माण व्यवसायीसँगको सम्झौतामा निर्माण कार्यको संरचना, उपकरण र कामदारको लागि ५ वर्षको त्रुटि सच्याउने अवधिसमेतको बीमा गर्नुपर्ने व्यवस्था गरेकोमा बी.ओ.क्यूको आइटम नम्बर १.०२ अनुसार त्रुटि सच्याउने अवधिका लागि अर्को बीमा गर्नुपर्ने व्यवस्था गरी रू.३ करोड रकम बी.ओ.क्यू. मा समावेश गरेको छ। बी.ओ.क्यू.को आइटम नं. १.०२ बमोजिमको बीमापोलिसी र प्रिमियम तिरेको कर बीजक बेगर खर्च लेखेको मूल्य अभिवृद्धि करसमेत रू.३ करोड ७१ लाख ५७ हजार असुल गर्नुपर्दछ।

सडक सुधार तथा विकास आयोजना निर्देशनालय

भारतीय एक्जीम बैङ्कको ऋण सहायताबाट सञ्चालित योजनाहरूले सम्पादन गर्ने कामहरूको समन्वय गर्ने कार्यको लागि यो आयोजना निर्देशनालयको स्थापना भएको हो। निर्देशनालयले आयोजना अन्तर्गत सञ्चालित योजनाको लागि परामर्शदाता छनौट गरी तिनको कार्यको आधारमा भुक्तानी गर्ने, सञ्चालन गरिने योजनाको सर्भेक्षण लागत अनुमान स्वीकृति, सिफारिस तथा ठेक्कापट्टाको कार्य गराई मोबिलाईजेसन पेस्की समेत भुक्तानी गरी बांकी कामको जिम्मेवारी मातहत योजना कार्यालयमा पठाउने गरेको छ। आयोजना समन्वय एकाइले सम्झौता अनुसार सहायता रकमको उपयोग र परिचालन गर्न सहजीकरण गर्ने, केन्द्रीय अभिलेख राख्ने र मातहतका योजना कार्यालयका निर्माण कार्यको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए तापनि समन्वय एकाइले मातहत योजनासँग सम्बन्धित कार्य समेत गर्ने गरेको छ।

६६. **ऋण उपयोग** - नेपाल सरकारले अन्तराष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मार्फत् सहुलियतपूर्ण ऋण र अन्य ऋणलाई भौतिक पूर्वाधार निर्माणमा परिचालन गर्ने नीति लिएको छ। सडक सुधार तथा विकास आयोजना अन्तर्गत सम्झौता भएका ४ चरणमध्ये प्रथम चरणमा १२ खरिद सम्झौतामा ४७.०३ मिलियन डलर खर्च भई ९४ प्रतिशत, दोस्रो चरणमा १७ खरिद सम्झौतामा ६०.४२ मिलियन डलर खर्च भई ८६.०४ प्रतिशत र चौथो चरणमा ४५५ मिलियन डलर बराबरको प्रारम्भिक सम्झौता भएको छ। चरणवद्ध रूपमा भएको ऋण सम्झौताको विश्लेषण गर्दा ब्याजको दर बढोत्तरी हुँदै गएको, वित्तीय प्रगति घट्दै गएको, खरिद सम्झौताको कार्यान्वयनमा समस्या रहेको देखिएकोले प्राप्त ऋण प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ।

६७. **योजनागत प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा कार्यालयलाई तोकिएको लक्ष्यअनुसार कार्य सम्पन्न गरी प्रगति समीक्षा गर्ने व्यवस्था छ।

आयोजना अन्तर्गत सञ्चालनमा रहेका १८ योजनाको प्रगति ८.६१ देखि ९८ प्रतिशतसम्म रहेको छ। पटक पटक म्याद थप गर्दासमेत ७ योजनाको प्रगति न्यून देखिएको छ। लक्ष्यबमोजिमका कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

६८. **परामर्श सेवा र सामग्री -** भारतीय एक्जिम बैङ्कसँग भएको सम्झौतामा परामर्श सेवामा न्यूनतम ७५ र निर्माण सामग्रीमा ५० प्रतिशत अंश भारतीय बजारबाट खरिद गरेको हुनुपर्ने व्यवस्था बमोजिम खरिद सम्झौता भई कार्यान्वयन हुने गरेको छ। गत विगतको अभ्यास र अनुभवका आधारमा नयाँ ऋण सहायता स्वीकार गर्दा यसप्रकारका सम्झौताका बुँदामा पुनरावलोकन गरी नेपालमै उपलब्ध जनशक्ति र सामग्रीको प्रयोग हुने व्यवस्था मिलाउनु पर्दछ।

६९. **पेस्की जफतको अभिलेख** - सडक सुधार तथा विकास आयोजना निर्देशनालयले बसतपुर-कठहिया-कवाहिगढ-पिपराडी-पदमरोड र मलंगवा शहरी सडक स्तरोन्नतिका लागि एक निर्माण व्यवसायीसँग ६ डिसेम्बर, २०१८ मा सम्झौता गरेको छ। आयोजनाले २०७९।२।१८ मा ८० प्रतिशत अवधिमा तोकिएबमोजिम प्रगति नगरेको व्यहोरासहित पेस्की जमानत रू.९ करोड ४२ लाख १३ हजार जफत गरी धरौटी खातामा राखेको छ। सेलेघाट-रामेछाप-साँघुटार सडक स्तरोन्नतिका लागि अर्को निर्माण व्यवसायीसँग २८ सेप्टेम्बर, २०२० मा सम्झौता गरेकोमा तोकिएबमोजिम प्रगति नगरेको कारण पेस्की जमानत रू.८ करोड ४४ लाख ९ हजार जफत गरी धरौटी खातामा मौज्दात राखेको छ। उक्त रकम धरौटी नभई जफत रकम भएको र पुनः एक्जिम बैङ्कसँग दाबी गर्न नमिल्ने भएको कारण निर्देशनालयले सो को योजनागत हिसाब व्यवस्थित गरी राख्नुपर्ने देखिएको छ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

एसियाली विकास बैङ्कको ऋण सहयोतामा सञ्चालित सडक योजनाहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न यस निर्देशनालयको स्थापना भएको हो। यस निर्देशनालयअन्तर्गत चार सडक सुधार योजना सञ्चालित छन्।

७०. **वैदेशिक सहायताको परिचालन** - एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित सासेक सडक सुधार, सासेक राजमार्ग सुधार र सासेक मुग्लिङ-पोखरा सडक सुधार आयोजनाको लागि क्रमशः रू.१७ करोड ६८ लाख, १८ करोड र अमेरिकी डलर १९ करोड ५० लाखको सम्झौता भएको छ। हालसम्म उक्त आयोजनाको अवधि क्रमशः ७५, ७५ र ५० प्रतिशत व्यतीत हुँदा क्रमशः ३६.३७, १७.९२ र १०.२२ प्रतिशत खर्च भएको छ। पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन, निर्माण व्यवसायीको ढिलासुस्ती, परामर्शदाता फेरबदल तथा आयोजना प्रमुखको छिटो छिटो सरूवा लगायतका कारण वैदेशिक सहायताको उपयोग न्यून देखिएको छ। उपर्युक्त समस्याहरू समाधान गरी वैदेशिक सहायताको अधिकतम परिचालन हुनुपर्दछ।

७१. **प्रगति स्थिति** - एसियाली विकास बैङ्कको ऋण सहयोगअन्तर्गत ४९२.०३ किलोमिटरका ११ आयोजना सम्पन्न गर्नुपर्नेमा दोलखा-सिंगटी सडक ३५ किलोमिटर, धादिङ्ग-गोरखा सडक ४२ किलोमिटर, पाँचखाल-मेलम्ची सडक २३ किलोमिटर, भैरहवा-लुम्बिनी-तौलिहवा सडक ४१ किलोमिटर

र नदाहा-कोशीपुल-चतरा-रूपनगर सडक ७१ किलोमिटरसमेत २१२ किलोमिटरका ५ योजना सम्पन्न भएको छ।

नारायणगढ-बुटवल पूर्वी र पश्चिम खण्डको समयावधि २०७९ असारसम्म रहेकोमा शतप्रतिशत व्यतीत हुँदा वित्तीय प्रगति क्रमशः १५.१७ र ११.३९ तथा भौतिक प्रगति १८ र १९ प्रतिशत, २०८० असोजसम्म सम्पन्न गर्ने लक्ष्य रहेको सासेक राजमार्ग सुधार आयोजनातर्फको कञ्चनपुर-कमला सडक योजनाको पूर्व र पश्चिम खण्ड ७५ प्रतिशत समय व्यतीत हुँदा वित्तीय प्रगति ८.७४ र ९.०३ तथा भौतिक प्रगति १४ र १५ प्रतिशत र २०८० वैशाखमा सम्पन्न गर्ने गरी सम्झौता भएको मुग्लिङ-पोखरा सडकको पूर्वी खण्डको समयावधि ५० प्रतिशत व्यतीत हुँदा वित्तीय प्रगति २.५८ र भौतिक प्रगति ६ प्रतिशत रहेको छ। सम्झौताअनुसार २०८१ भाद्रसम्म सम्पन्न हुनुपर्ने मुग्लिङ-पोखरा पश्चिम खण्डतर्फ वित्तीय प्रगति न्यून रहेको छ। निर्देशनालयले न्यून प्रगति हुनुका कारण पहिचान गरी निर्धारित समयभित्र कार्यसम्पन्न गराउनुपर्दछ।

७२. **दोस्रो किस्ता पेश्की -** निर्देशनालय र एक निर्माण व्यवसायीबीच २०८०।१०।९ भित्र ४.५ तले भवन निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।१०।१० मा रू.२८ करोड ५१ लाख ६० हजारको सम्झौता भएको छ। उक्त सम्झौताको पार्टिकुलर कन्डिसन अफ कन्ट्रायक्टको १४.२ तथा स्वीकृत कार्यतालिकामा निर्माण व्यवसायीबाट ६ प्रकारका उपकरण र निर्माण सामग्री मोबिलाईजेसन गरेपछि दोस्रो किस्ता ७.५ प्रतिशत पेस्की दिने व्यवस्था छ। निर्देशनालयले पेस्की दिने उक्त शर्त पूरा नगरेकै अवस्थामा २०७९।२।५ मा दोस्रो किस्ता पेस्की रू.१ करोड ८७ लाख २ हजार दिएको छ। पेस्की रकमबाट निर्माण सामग्री खरिद गरी निर्माण कार्य शुरुवात गर्नुपर्दछ।

७३. **परामर्श खर्च** - नारायणगढ-बुटवल खण्डको ११५ किलोमिटर र भैरहवा-लुम्बिनी-तौलिहवाको ४५ किलोमिटरको परामर्श सेवाको लागि २३ मे २०१७ मा स्थानीय मुद्रातर्फ रू.४९ करोड ३९ लाख ५० हजार र वैदेशिक मुद्रातर्फ अमेरिकी डलर ३८ लाख ९२ हजारको सम्झौता भएको छ। यो वर्षसम्म सम्झौता रकमको ६८ र ७० प्रतिशत खर्च भएको छ। यो वर्ष सम्म नारायणगढ-बुटवल सडकको पूर्वी खण्ड तथा पश्चिम खण्डको प्रगति १५ र ११ प्रतिशत मात्र रहेको छ। ठेक्का सम्झौता गर्दा निर्माण कार्यको प्रगति र खर्चलाई आवद्ध नगरी समयमा आधारित परामर्श सेवाको खरिद गर्नाले ठेक्काको प्रगति न्यून भए पनि परामर्श सेवाको खर्च वृद्धि हुँदै गएको छ। समय र कार्यसम्पादनका आधारमा भुक्तानी हुने गरी परामर्श सेवा खरिद गर्नुपर्दछ।

७४. **सडक तथा पुल निर्माण** - नारायणगढ-बुटवल सडक खण्ड निर्माणको लागि भएको सम्झौताअनुसार ११३ किलोमिटर सडक तथा ४६२ पुल तथा कल्भर्ट निर्माण गर्नुपर्ने रहेको छ। उक्त सडक खण्डको २०७८ मङ्सिर महिनामा विशेषज्ञसहित स्थलगत अवलोकन गर्दा सडक एकै पटक भत्काएको तर ४४ महिनाको अवधिमा केही स्थानमा सडकको प्रारम्भिक काम शुरु गरेको, दाउन्ने बाहेकको सडक मर्मत संम्भार नगरेको, साइटमा सोधपुछ गर्दा स्वीकृति बेगर सब-कन्ट्रयाक्टरबाट काम गराएको, साइटमा न्यून सामग्री रहेको अवस्था देखियो। त्यसैगरी १५८ कल्भर्टको निर्माण कार्य शुरु नै नभएको र पुल निर्माण कार्य अधुरो रहेको देखियो। परामर्शदाताले निर्माण व्यवसायीलाई काममा तीव्रता दिन समय समयमा गरेको पत्राचारबाट निर्माण व्यवसायीको कारण ढिलाइ भएको,

मौजुदा सडक स्पेसिफिकेसन बमोजिम मर्मत नगरेकोले समग्र यातायात सञ्चालनमा कठिनाइ परेको छ। निर्माण स्थलमा जनशक्ति, निर्माण सामग्री र उपकरणको अपर्याप्तताको कारण निर्माण कार्यको प्रगति न्यून देखिएकोले सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

७५. **सुझाव कार्यान्वयन** - एसियाली विकास बैङ्क समीक्षा मिसनले डिसेम्बर, २०२२ मा नारायणगढ-बुटवल खण्डमा जनशक्ति र उपकरण बढाउने, ३० प्रतिशतभन्दा कम प्रगति भए निर्माण व्यवसायीलाई सम्झौताअनुसार कारबाही गर्ने, वातावरणविद् नियुक्त गर्ने, नदीजन्य सामग्रीको स्रोत पहिचान गरी स्वीकृत गर्ने, रूख काट्ने लगायतका सुझाव एड मेमोमा उल्लेख गरेकोमा सो अवधिसम्म ती कार्यहरू सम्पादन गरेको छैन। उपर्युक्त स्थितिले निर्माण कार्यको प्रगति सन्तोषजनक देखिएन। सुझाउ कार्यान्वयन गरी तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७६. **म्याद थप** - नारायणगढ-बुटवल खण्डको सम्झौताको दफा ८.४ अनुसार भेरिएसन र खराब मौसमका कारण सम्झौताको समय बढाउन सकिने व्यवस्थाको आधारमा म्याद थप गर्नुपर्नेमा सडक विभागले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम पश्चिम खण्डमा २८ अगस्ट २०२३ सम्म ३८६ दिन र पूर्व खण्डमा ३६५ दिन म्याद थप गरेको छ। निर्माण व्यवसायीले ४२ महिनाको ठेक्का अवधिमा पनि नगरेका रूख काट्ने पोल सार्ने काम र कोभिड-१९ को कारण दर्शाइ म्याद थप गरेको छ। ती काम हालसम्म समेत पूरा गरेको छैन। निर्माण व्यवसायीको अत्यधिक ढिलाइ भएको अवस्थामा डिले ड्यामेज लगाउनुपर्नेमा नलगाई म्याद थप गरेको छ। म्याद थपको एक महिना पश्चात पुँजी, जनशक्ति उपकरण कम भएको निर्माण व्यवसायी ढिलो परिचालन भएकोले ठेक्काको काममा असफल भएको कारण देखाइ ठेक्का तोड्ने सूचना प्रकाशित गरेको छ। तत् पश्चात निर्माण व्यवसायीले काम सुचारु गरेको देखिन्छ। सम्झौताको शर्तबमोजिम तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७७. **छुट** - कञ्चनपुर-कमला सडक (पूर्वी खण्ड) आयोजना र निर्माण व्यवसायीबीच भएको सम्झौताअनुसार क्रियाकलाप ए, बी, सी र डीमा भुक्तानी रकमको ८ प्रतिशत छुट गर्नुपर्ने व्यवस्था छ। ती क्रियाकलापमा छैटौं बिलसम्म रू.४२ करोड ४३ लाख ६७ हजार भुक्तानीमा रू.३ करोड ३९ लाख ४९ हजार छुट लिनुपर्नेमा रू.३ करोड १६ लाख ८१ हजार मात्रै छुट लिएको देखियो। यसअनुसार बढी भुक्तानी भएको रकम रू.२२ लाख ६८ हजार असुल गर्नुपर्दछ।

नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

त्रिभुवन राजमार्गको नौबिसे-काठमाडौं खण्डमा पर्ने नागढुङ्गा भन्ज्याङको सिस्नेखोलादेखि काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं.३ सम्मको २ हजार ६६८ मिटर सुरुङ निर्माण र सोको लागि पश्चिमतर्फ ५६५ मिटरको र पूर्वतर्फ २ हजार ३०७ मिटरको पहुँच सडक निर्माण गरी सडक यातायात सुधार गर्ने र नागढुङ्गा आसपासमा रहेको सवारी चापलाई कम गर्ने उद्देश्य रहेको छ। आयोजना निर्माणको लागि जापान सरकारसँग २२ डिसेम्बर, २०१६ मा ऋण सम्झौता भई आयोजना निर्माणाधीन अवस्थामा रहेको छ। सुरुङ मार्ग र पहुँच मार्ग निर्माणको लागि सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखाले कन्टेन्जेन्सी बाहेक जापानीज येन १३ अर्ब ३१ करोड ३४ लाख ८० हजारको लागत अनुमान रहेको बोलपत्रमा एक विदेशि कम्पनीको जापानी येन १३ अर्ब २९ करोड ८० लाख १३ हजारको बोलपत्र स्वीकृत गरी ४२

महिना भित्र कार्यसम्पन्न गर्नेगरी २३ सेप्टेम्बर, २०१९ मा सम्झौता भई यो वर्षसम्म रू.६ अर्ब ३५ करोड ९९ लाख भुक्तानी भएको छ।

७८. **वार्षिक प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार आयोजना अन्तर्गत कुल २.६८८ किलोमिटर सुरुङ मार्ग निर्माण गर्नुपर्नेमा ठेक्का अवधिभित्र १.८१३ किलोमिटर र २०७९।११।३० सम्म २.२४९ किलोमिटर सम्पन्न भएको छ। आयोजनाको लागि यो वर्ष रू.१० अर्ब ५२ करोड ९७ लाख बजेट विनियोजन भएकोमा रू.४ अर्ब १६ करोड ८९ लाख खर्च भएको छ। तोकिएको समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७९. **मूल्य समायोजन -** खरिद सम्झौताको साधारण शर्तको बुँदा १३.८ अनुसार मूल्य समायोजन गणना गर्दा बिड पेस गर्नुपर्ने अन्तिम मितिभन्दा २८ दिन अगाडिको बेस इन्डेक्स लिनुपर्ने उल्लेख भएकोमा सम्झौता गर्दा बेस इन्डेक्स फरक राखी सम्झौता गरी सोही बमोजिम मूल्य समायोजन भुक्तानी भएको छ। बोलपत्र दाखिलाको लागि अन्तिम मिति २४ अक्टोबर, २०१८ तोकिएको र सोको २८ दिन अगाडि २७ सेप्टेम्बर, २०१८ को इन्डेक्स लिनु पर्नेमा ज्यालाको जुलाई/अगष्ट २०१८/१९, उपकरण, फ्युल र सामग्रीको जून/जुलाई २०१७।१८ को प्राइस इन्डेक्स राखी मूल्य समायोजन गणना गरेकोले रू.३ करोड ३ लाख ९७ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

काठमाडौं उपत्यका सडक विस्तार आयोजना

काठमाडौं उपत्यकाभित्र यातायात सञ्चालमा देखिएको समस्या समाधान गर्ने उद्देश्यले २०६३।६४ मा यस आयोजनाको स्थापना भई २०६८।६९ देखि उपत्यकाभित्रको १४ मिटरभन्दा बढी चौडाइका सडक विस्तार एवं सुधार गर्दै आएको छ।

८०. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाले गत विगत वर्षदेखि सञ्चालित १५ स्थानका २९ योजनाको कुल लागत रू.९ अर्ब ६३ करोड ७० लाखमध्ये यो वर्षसम्म रू.५ अर्ब ६८ करोड २० लाख(५९ प्रतिशत) को मात्र कार्य सम्पन्न गरेको छ। यो वर्ष ५ योजना सम्पन्न भएको र २४ योजना निर्माणाधीन अवस्थामा रहेका छन्। महादेव, मनमत्ता र बागमती पुल निर्माण गर्ने योजनाको भौतिक प्रगति शून्य रहेको छ। समयमा साइट क्लियरेन्स, जग्गा विवाद, युटिलिटी स्थानान्तरण, निर्णय प्रक्रियामा ढिलाइ लगायका कारण प्रगति सन्तोषजनक देखिएको छैन। उल्लिखित समस्या समाधान गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

८१. **फरक क्षेत्रमा कार्य** - निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता अनुसारको स्थानमा गरेको कामको भुक्तानी गर्नुपर्नेमा आयोजनाले इमाडोल-सिद्धिपुर-गोदावरी सडक खण्डको चेनेज ३+१२६ देखि ७+२१५ किलोमिटरसम्मको सडक निर्माण कार्यको स्कोप निर्धारण गरी सम्झौता गरेकोमा सो भन्दा फरक चेनेजमा कार्य गराई निर्माण व्यवसायीलाई रू.२२ लाख १० हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

८२. **निर्माण स्थलको व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था, निर्माण स्थलबाट हटाउनुपर्ने रूख बिरूवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेट सुनिश्चितता, तथा प्रचलित कानूनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृति पश्चात् बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। आयोजनाले मनमत्ता खोला माथि निर्माण हुने पुलको एप्रोच सडक चार लेनमा विस्तार गर्न नसकेकोले कालोपत्रे सडक निर्माण ठेक्कामा ७ मिटर चौडाइ कायम गरी सडक निर्माण गरेको छ। कालोपत्रे सडक ७ मिटर चौडाइमा भएको ठाउँमा निर्माण स्थलको व्यवस्था नै नगरी ४२ मिटर लम्बाइ र ७.७ मिटर चौडाइका दुई पुल (अर्थात् १५.४ मिटर चौडाइको पुल) निर्माण गर्ने गरी मनमत्ता खोलाको लागि मात्र रू.७ करोड ९६ लाख २० हजारको खरिद सम्झौता गरेको छ। जग्गा विवादका कारण ७ मिटरमात्र सडक विस्तार भएको ठाउँमा १५.४ मिटर चौडाइको पुल निर्माण हुन सक्ने आधार पेस भएन। जग्गा विवाद यथावत् नै रहेको अवस्थामा निर्माण स्थलको व्यवस्था नगरी पुलको ठेक्का लगाउनु नियमसम्मत देखिँदैन।

रेल विभाग

नेपालमा रेल सेवाको विकास र विस्तार गरी सुरक्षित, सुलभ र भरपर्दो रेल यातायात प्रणाली विकास गर्ने, रेल सेवासम्बन्धी अनुसन्धान र विकासको कार्य गर्ने, रेल सेवा विस्तार गर्न सम्भाव्य भएका ठाउँहरूको अध्ययन गर्ने उद्देश्यले २०६८ मा रेल विभागको स्थापना भई सो मातहत रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना सञ्चालनमा आएको छ। आयोजनाले तयार गरेको प्रतिवेदनअनुसार मेची महाकाली १ हजार ३ किलोमिटर विद्युतीय रेल्वे ट्रयाक स्ट्याण्डर्ड गेजमा निर्माण गर्न आवश्यक पर्ने जग्गाको मुआब्जा र निर्माण कार्यमा रू.१२ खर्ब ५० अर्ब लाग्ने संशोधित अनुमान भएकोमा यस वर्षसम्म रू.२८ अर्ब ४६ करोड ३४ लाख (२.२७ प्रतिशत) खर्च गरेको छ।

८३. **कार्यक्रम र प्रगति** - पूर्व-पश्चिम, काठमाडौं-पोखरा-तराईलगायतका दक्षिणी सीमाबाट महत्त्वपूर्ण औद्योगिक, व्यापारिक केन्द्र र प्रादेशिक प्रशासिनक केन्द्रहरूलाई पूर्व-पश्चिम एवं काठमाडौं-तराई रेल सञ्जालसँग आवद्ध गर्न पन्धौं योजना अवधि २०८०।८१ सम्म ३४८ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्रयाक निर्माण गर्ने लक्ष्य अनुरूप २०७९ असार मसान्तसम्म जनकपुर-जयनगरसम्म ५१ किलोमिटर र जोगबनी-बथनाहा-विराटनगर १० किलोमिटर रेलमार्ग निर्माण भएको छ। बर्दिवास-निजगढ खण्डको ७० किलोमिटर ट्रयाकबेड र पुल निर्माण कार्य भइरहेको छ। काठमाडौं उपत्यकाभित्र ७७ किलोमिटर मेट्रो रेलको विस्तृत आयोजना प्रतिवेदन तयार भई २४ किलोमिटर मेट्रो रेलमार्ग निर्माण प्रारम्भ हुने लक्ष्य तोकिएकोमा मेट्रो रेलको विस्तृत परियोजना प्रतिवेदन तयारीको ठेक्का रद्द भएको छ। अन्तरदेशीय रेलमार्गको रूपमा जलपाइगुडी- काकडभिट्टा, नौतनवा-भैरहवा, नेपालगन्ज रोड-नेपालगन्ज रेलमार्गको निर्माण गरी रेलसेवा सञ्चालन गर्ने लक्ष्य लिएकोमा प्रगति भएको छैन। समग्रमा प्रगति न्यून देखिएकोले पन्ध्रौं योजना अवधि २०८०।८१ सम्म ३४८ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्रयाक निर्माण कार्य चुनौतीपूर्ण देखिएको छ। आवधिक योजनाको लक्ष्य र कार्यक्रमबीच तादत्म्यता कायम गरी लक्ष्य हासिल गर्नुपर्दछ।

८४. **जग्गा प्राप्ति र मुआब्जा** - रेल सेवाको जग्गा अधिग्रहण गर्न दिएको पेस्की सम्बन्धित काममा खर्च गरी पेस्की फस्यौंट गर्नुपर्दछ। जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। योजना कार्यालयले अधिग्रहण गर्न सूचीकृत गरेका जग्गाको मुआब्जा वितरण गर्न जिल्ला प्रशासन कार्यालय झापा, सुनसरी, मोरङ, धनुषा सर्लाही, महोत्तरी र रौतहटलाई रू.७ अर्ब ५४ करोड ११ लाख १२ हजार पेस्की उपलब्ध गराएकोमा यो वर्षसम्म ३३१ बिघा १८ कट्ठा अधिग्रहण गरी रू.२ अर्ब ३६ करोड ९३ लाख ५४ हजार मात्र फस्यौंट भएको छ। विगत २०७२ सालदेखि २०७९ सालसम्म जिल्ला प्रशासन कार्यालय झापा, सुनसरी, रौटहट लगायत ७ कार्यालयलाई दिएको रू.१ अर्ब ४९ करोड ५५ लाख ४२ हजार पेस्की मुआब्जा वितरण नै नगरेकोले फस्यौंट नभई जिल्ला प्रशासन कार्यालयहरूको विविध खातामा उपयोग विहीन अवस्थामा रहेको छ। मुआब्जा वितरणसम्बन्धी कार्यलाई समयमै सम्पन्न गरी रेलवे निर्माण कार्य अगाडि बढाउनुपर्दछ।

८५. **मापदण्ड निर्धारण** - रेल सञ्चालन विश्वव्यापी रूपमा ब्रोड गेज र स्टान्डर्ड गेजको ट्याक प्रचलनमा रहेका छन्। हाल स्टान्डर्ड गेजको रेलको प्रचलन बढिरहेको अवस्थामा नेपालमा मापदण्ड निर्धारण गरेको देखिएन। चीन सरकारले केरुङ-काठमाडौं-पोखराको लागि स्टान्डर्ड गेजको रेलमार्गको सम्भाव्यता अध्ययन गरिरहेको र भारत सरकारले रक्सौल-काठमाडौं रेलमार्ग निर्माण गर्नका लागि ब्रोड गेजको रेलमार्ग निर्माण गर्ने गरी सम्भाव्यता अध्ययन गरिरहेको छ। नेपाल सरकारले हालसम्म रेलमार्गको मापदण्ड निर्धारण नगरेका कारण फरक फरक स्टान्डर्डको रेलमार्ग निर्माण हुने अवस्था देखियो। फरक मापदण्डबाट रेलको ट्रयाक निर्माण हुँदा रेल खरिद, सञ्चालन तथा मर्मत सम्भार कार्यमा असहज अवस्था सिर्जना हुने साथै एक प्रकारको रेल्वे लाइनमा अर्को प्रकारको रेल सञ्चालन हुन नसक्ने हुँदा कनेक्टिभिटी स्टेसन र ट्रान्जिटमा समेत समस्या आउने स्थिति रहन्छ। नेपाल सरकारले रेलको मापदण्ड निर्धारण गरी रेलमार्ग निर्माण गर्नुपर्दछ।

८६. **रक्सौल-काठमाडौं रेल** - भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा क्रस बोर्डर रेलमार्ग अन्तर्गत जयनगर-विजलपुरा ५१ किलोमिटर, बिजलपुरा-बर्दिबास १७ किलोमिटर, जोगबनी-विराटनगर १७.५५ किलोमिटर, नौतनवा-भैरहवा १५.३० किलोमिटर, नेपालगन्ज इन्डिया बोर्डर देखि नेपालगन्ज १२.११ किलोमिटर र नयाँ जालपाइगुरी-काकरभिट्टा ७० किलोमिटर र रक्सौल- काठमाडौं ब्रोड गेजमा रेलमार्गको सम्भाव्यता अध्ययन तथा निर्माण शुरु भएकोमा जयनगर-जनकपुर निर्माण सम्पन्न भइ रेल सञ्चालन रहेको र जनकपुर-बिजलपुरा खण्डमा मुआब्जा वितरणको काम भइरहेको, जोगवनी विराटनगरखण्डको १० किलोमिटर भारत सरकारबाट निर्माण सम्पन्न भएको छ। बाँकी रेलमार्ग निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्दछ।

८७. **नर्म्सको तर्जुमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई लागू गर्नुपर्ने व्यवस्था छ। विभागले रेल्वेसम्बन्धी निर्माण कार्य गर्नको लागि अलग नर्म्स तथा स्पेसिफिकेसन स्वीकृत गरी लागू गरेको छैन।

८८. **काठमाण्डौं मेट्रो रेल** - सातदोवाटो-रत्नपार्क-नारायणगोपालचोक ११.६ किलोमिटर मेट्रोरेलको डिटेल इन्जिनियरिङ डिजाइन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नका लागि एक परामर्शदातासँग ८

महिनामा सम्पन्न गर्ने गरी २० जनवरी २०२० मा अमेरिकी डलर ५ लाख ९९ हजार र नेपाली रू.६ करोड ११ लाखको खरिद सम्झौता भएको देखिन्छ। परामर्शदाताले ३१ मार्च २०२१ मा फिजिविलिटी रिभ्यु रिपोर्टबाट ललितपुर महानगरपालिकाले रातोमछिन्द्रनाथको रथ यात्रामा अवरोध हुने कारण देखाई सहमति नगरेको र विद्यमान सडकको चौडाइसमेत अपर्याप्त भएकोले इलिभेटेड मेट्रो रेल उपयुक्त नहुने र कार्यक्षेत्रगत शर्तको बाँकी काम गर्न आवश्यक नदेखिएको जानकारी गराई ठेक्का रद्द गरेको छ। समयमा नै ठेक्का रद्द गर्नुपर्नेमा सो नगरी परामर्शदातालाई २०२१ मार्चदेखि अगष्टसम्मको पारिश्रमिक र शोधभर्ना खर्च रू.१ करोड ९ लाख १३ हजार भुक्तानी गरी ठेक्का रद्द गरेको छ।

८९. **प्याकेजिङ्ग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा सार्वजनिक निकायले अधिकतम प्रतिस्पर्धा हुने हदसम्म खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन वा प्याकेजिङ्ग गरी अलग अलग रूपमा सम्पन्न गर्न सकिने निर्माण कार्यको लागि छुट्टाछुट्टै रूपमा बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। रेल योजना कार्यालय, सर्लाहीले ३ पुलको १ प्याकेज बनाई रू.८५ करोड ९९ लाखमा २०७७।७८ मा ठेक्का सम्झौता गरी रू.८० करोड ९ लाख भुक्तानी दिएको देखिन्छ। फरक फरक स्थानमा निर्माण गरिने पुलको लागि उक्त नियम अनुसार अलग अलग बोलपत्र नगरेको कारणबाट समेत ती पुलहरू निर्माण गर्ने कार्य अधुरो रहेको छ। पुलको जटिल प्राविधिक पक्ष र निर्माण व्यवसायीहरूको क्षमतासमेत विचार गरी प्याकेजिङ गर्नुपर्दछ।

९०. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमयावली, २०६४ को नियम ११९ तथा खरिद सम्झौताको शर्तअनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ। रेल योजना कार्यालय सर्लाहीले ३ निर्माण व्यवसायीलाई सम्झौताको शर्तको ५३.१ मा उल्लेख भएको मूल्य समायोजन भुक्तानी गर्दा कार्य सुचारु भएको मितिबाट कार्यसम्पन्न गर्नुपर्ने शुरु मितिको अन्तिम दिनभन्दा १ महिना अघिको इन्डेक्समा मूल्य समायोजन फ्याक्टर फ्रिज गरी भुक्तानी दिनुपर्नेमा सो नगरी पछिल्लो मितिको इन्डेक्स प्रयोग गरी गणना गरेकोले रू.२० लाख २६ हजार बढी भुक्तानी दिएको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

९१. **बढी भुक्तानी** - खरिद सम्झौतामा मूल्य समायोजन गणना गर्दा पेस्की कट्टा गरेर मात्र गर्नुपर्ने व्यवस्था छ। रेल योजना कार्यालय, सर्लाहीले लमाहा नदीमा पुल निर्माण गर्ने एक संयुक्त उपक्रमलाई सातौं रनिङ बिलसम्मको भुक्तानीमा मोबिलाईजेसन पेस्की रू.८ करोड २६ लाख कट्टा गरेकोमा मूल्य समायोजन गणना गर्दा रू.६ करोड ४८ लाख मात्र घटाई रू.१ करोड ७८ लाख पेस्कीमा मूल्य अभिवृद्धि करसमेत रू.१२ लाख ३९ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

९२. **असम्बन्धित खर्च** - सार्वजनिक लेखा समितिबाट २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधनको भाडा, साईट अफिस भाडा जस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न र लागत अनुमान वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन दिएको छ। रेल योजना कार्यालय, सर्लाहीले सो निर्देशन प्रतिकूल हुने गरी ४ ठेक्काको बिल अफ क्वान्टिटीमा इन्जिनियरको सुविधाबापत रू.९१ लाख ५० हजार समावेश गरी यस वर्षसम्म रू.२७ लाख ३५ हजार भुक्तानी दिएको छ। सार्वजनिक लेखा समितिको निर्णय विपरित खर्च लेखेको नियमसम्मत देखिँदैन।

९३. **स्थलगत निरीक्षण** - रेल योजना कार्यालय, सर्लाहीको यस वर्षको लेखापरीक्षणको क्रममा प्राविधिक सहितको लेखापरीक्षण टोलीबाट स्थलगत अवलोकन तथा विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

९३.१ विस्तृत रूपमा प्राविधिक अध्ययन गरी डिजाइन, ड्रइङ्ग तयार गरेर आयोजना कार्यान्वयन गर्नुपर्दछ। पुलको डिजाइन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोडअनुसार फाउन्डेसनको बटमभन्दा फाउन्डेसनको साइजको १.५ गुणा आधा तलसम्म ड्रिल गरी माटो अध्ययन गर्नुपर्नेमा बागमती नदीमा निर्मित पुलको ४७.५ मिटर डेप्थसम्म ड्रिल गर्नुपर्नेमा ४०.५ मिटरसम्म मात्र ड्रिल गरेको पाइयो। त्यसैगरी २७ फाउन्डेसनको लागि त्यति नै बोर होल ड्रिल गर्नुपर्नेमा ५ को मात्र गरेको छ। रेलको ट्रयाकबेडको डिजाइन तथा निर्माण गर्दा माटोको प्रकृतिअनुसार सेटलमेन्टको मात्रा अध्ययन नगरेकोले निर्मित ट्रयाकबेड जोखिमपूर्ण हुने भएकोले यी कमीकमजोरीमा सुधार गर्नुपर्दछ।

९३.२ रेल वे ट्रयाक बेडमा तीन पुल निर्माण गर्न २०७४।७५ मा ठेक्का लगाउँदा नदी नियन्त्रणको काम समेत समावेश गर्नुपर्नेमा २०७८।७९ मा मात्र नदी नियन्त्रणको रू.३६ करोड ७९ लाखको एक ठेक्का लगाई दुई पुलमा भएको कार्यको रू.१ करोड ११ लाख भुक्तानी दिएको छ। नदी नियन्त्रण कार्यको लागि ढिलो ठेक्का लगाएको र ठेक्का लगाएर पनि काममा ढिलाइ गरेको कारण पुलको दायाँबायाँबाट बाढीले कटान गरी ट्रयाक बेडमा क्षति पुऱ्याएको छ। क्षति भएको काम पुलको निर्माण व्यवसायीको जिम्मेवारी भित्र नपर्ने र नदी नियन्त्रणको ठेक्कामा पनि सो कामको व्यवस्था गरेको छैन। नदी नियन्त्रणमा प्रयोग गरिएका कतिपय बाहिरी सतहको ढुङ्गा ग्याबियन जालीको मेस साइजभन्दा पनि धेरै साना देखियो। कतिपय ठाउँमा नदी नियन्त्रण पर्याप्त नभएको एवं तटबन्ध कम्प्याक्सन नगरी गरिएको नदी नियन्त्रणमा बाढीबाट क्षति हुनबाट बचाउन मापदण्डअनुसार निर्माण कार्य गर्नुपर्दछ।

गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र

सडक विभाग अन्तर्गतका डिभिजन तथा योजना कार्यालय र सार्वजनिक निर्माणसँग सम्बन्धित अन्य कार्यालयहरूबाट निर्माण गरिने भौतिक संरचनाहरूको गुणस्तर परीक्षण सेवा उपलब्ध गराउन यस केन्द्रको स्थापना भएको छ।

९४. **सिद्धबाबा सुरुङ निर्माण** - पाल्पा जिल्लाको सिद्धबाबामा १ हजार १२६ मिटर सुरुङ ३ वाइपास टनेल, ७८० मिटर रक शेड र १ हजार ५०० मिटर डबल लेन सडक निर्माण गर्न ईपीसी मोडलबाट एक चिनियाँ निर्माण कम्पनीसँग २३ मार्च, २०२२ बाट निर्माण कार्य शुरु हुने गरी रू.७ अर्ब ३४ करोड २१ लाख ५ हजारमा सम्झौता भएको छ। २३ डिसेम्बर, २०२२ सम्म साइट अफिस स्थापना भइसकेको छ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवदेन र विस्तृत आयोजना प्रतिवेदन पेस गरेकोमा स्वीकृत गरेको छैन। प्रतिवेदनहरू स्वीकृत गरी ठेक्काको काम अगाडि बढाउनु पर्दछ।

९५. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ को व्यवस्था अनुसार सोझै खरिद गर्नु अघि प्राप्त प्रस्ताव उचित भए, नभएको यकिन गर्न बजार अध्ययन, पूर्व खरिद मूल्य र लागत अनुमानका आधारमा विश्लेषण गरी अन्य सेवा प्रदायकसँग वार्ता गर्न सक्ने व्यवस्था छ।

कार्यालयले ५ अनुसन्धान कार्यका लागि परामर्श सेवा खरिद गर्न त्रिभुवन विश्वविद्यालय ईन्जिनियरिङ्ग अध्ययन संस्थान, अनुसन्धान तथा तालिम एकाइबाट प्रस्ताव लिई २०८०।१०।९ सम्मको अवधि तोकि रू.२ करोड ५ लाख १३ हजारको सम्झौता भएकोमा रू.१ करोड १३ लाख ५४ हजार भुक्तानी भएको छ। परामर्श सेवा खरिद गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

यातायात व्यवस्था विभाग

यस विभागले नेपालमा आयात भएका सवारीसाधनको दर्ता, नवीकरण, खारेजी, सडक इजाजत पत्र, सवारी चालक अनुमतिपत्रको व्यवस्थापनमा संघीय सरकारको तर्फबाट समन्वय, नियमन र व्यवस्थापन गर्दछ। विभाग मातहत ५ सवारी परीक्षण केन्द्र रहेका छन्।

९६. **सवारीसाधनको स्वीकृति** - नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ को प्रावधान पूरा गरेको पुष्टि हुने कागजात विभागमा पेस गरेपश्चात् सवारीसाधन पैठारीको स्वीकृति दिने व्यवस्था छ। मित्रराष्ट्र चीन सरकारबाट प्राप्त ९५ र संयुक्त राष्ट्रसंघको शान्ति मिसनबाट फिर्ता आएका मापदण्ड पूरा नभएका ११० समेत २०५ सवारीसाधन भन्सार विन्दुबाट प्रवेश भई नेपाली सेनासँगै रहेको जनाएको छ। यस्ता सवारीसाधन प्रचलित कानूनअनुसार व्यवस्थापन गर्नुपर्दछ।

९७. **भेहिकल जीपीएस ट्र्याकिङ** - स्वीकृत कार्यक्रम अनुसार विभागले जीपीएस भेहिकल ट्र्याकिङ सिस्टम जडान तथा सञ्चालन गर्नुपर्ने उल्लेख छ। उक्त कार्यक्रमको सञ्चालनको लागि नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनामार्फत् रू.२ करोड ५० लाख ६ हजारमा खरिद गरेको ३५ थान सामसुङ मोबाइल, ११० थान जी.पी.एस. डिभाइस, २५ थान डेस्कटप कम्प्युटर, र रू.२५ लाख बराबरको डिजिटल समाग्री खरिद गरे तापनि जडान गरी प्रयोगमा आएको देखिदैन। सवारीको अवस्था तथा गन्तव्यलगायतका विषय व्यवस्थित गरी सुरक्षित यात्रालाई सुनिश्चित गर्न सार्वजनिक, निजी तथा सरकारी सवारीमा जीपीएस ट्र्याकिङ प्रणाली लागू गर्नुपर्दछ।

९८. **तौलपुल व्यवस्थापन** - मालवाहक सवारीसाधनको भारवहन नियमन सम्बन्धी निर्देशिका, २०७४ (संशोधन सहित) मा तोकिएको भन्दा बढी तौल भएका सवारीलाई सीमाभित्र ल्याई सञ्चालन गराउनुपर्ने व्यवस्था छ। बर्दिवास र चितवनमा सञ्चालनमा रहेका दुई तौल पुलले तोकिएभन्दा बढी तौल बोकेका मालवाहक सवारीसाधनलाई तौल कम नगराई जरिबाना मात्र गरेर छाड्ने गरेको देखियो। निर्देशिकाबमोजिम तौल व्यवस्थापन गर्नुपर्दछ।

९९. **सवारी धुलाइ केन्द्र** - सवारीसाधनहरूबाट हुने प्रदूषण नियन्त्रण गर्नका लागि सवारी धुलाइ केन्द्रको स्थापना गरी सञ्चालन गर्ने मापदण्डअनुसार सवारी धुलाइ केन्द्रको स्थापना, सञ्चालन र नियमन गरेको छैन। स्वीकृत मापदण्ड कार्यान्वयन नहुँदा आधारभूत वातावरणीय प्रदूषण नियन्त्रणका कार्यसमेत प्रभावित हुने देखिएकोले मापदण्ड कार्यान्वयन गरी अनुगमन मूल्याङ्कन व्यवस्थालाई समेत प्रभावकारी बनाउनुपर्दछ।

१००. **राइड शेयरिङ्ग नियमन** - सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ मा यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी सार्वजनिक यातायात सेवा सञ्चालन गर्न नपाइने र एक प्रयोजनका लागि दर्ता भएका सवारीसाधन अन्य प्रयोजनमा प्रयोग गर्न नहुने व्यवस्था छ। नेपालमा हाल ग्लोबल पोजिसनिङ

सिस्टम तथा डिजिटल प्लेटफर्मको उपयोग गरी सञ्चालन भइरहेका २५ राइड शेयरिङ्ग कम्पनीमध्ये ईनड्राईभर नामक एप्लीकेशन विभागमा दर्ता भएको देखिएन। दैनिक २९ हजार ६०० सम्मको राइड सहित सञ्चालनमा रहेको उक्त एप्लिकेसनबाट हुने औसतमा वार्षिक रू.२ अर्ब ११ करोड ५५ लाख बराबरको कारोबार अनौपचारिक तवरले सञ्चालनमा रहेको छ। एप्लिकेसन कानूनी दायरामा नआएको, निजी प्रयोजनका निम्ति दर्ता भएका सवारीसाधनले कानूनविपरीत भाडा लिई यात्रु तथा सामग्री ओसारपसार गरेको, असुरक्षित अफलाइन राइड शेयरिङ्ग हुने गरेको र सेवा लिएपश्चात् बिल जारी हुने व्यवस्था नरहेको कारण कानून पालनामा कमी रहेको विद्यमान अवस्थामा उच्च अदालत पाटनले कानून बनाएर नियमन गर्न २०७६।१०।२९ मा आदेश दिए तापनि सो को कार्यान्वयन भएको छैन। कानूनबमोजिम सार्वजनिक सवारीको दर्ता, सञ्चालन, व्यवस्थापन तथा अनुगमन हुनुपर्दछ।

१०१. **अतिरिक्त सेवा शुल्क -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९६ बमोजिम भाडा दर निर्धारण हुने र सोही दफाको उपदफा ३ मा तोकिएको भाडादर भन्दा बढी हुने गरी भाडा लिन नहुने व्यवस्था छ। एक राइड शेयरिङ कम्पनीले वागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले पछिल्लोपटक २०७८।१२।२४ मा समायोजन गरेको दरभन्दा बढी हुने गरी स्वीकृति बेगर शुरु फ्लाग डाउन ट्याक्सीमा रू.७५ र मोटरसाइकल रू.३०, बीमा शुल्क ट्याक्सीमा रू.२ र मोटरसाइकलमा रू.१.७५, पिक अप शुल्क रू.१४.०७ र प्रति किलोमिटर ट्याक्सी भाडामा ८० पैसा बढीमा यातायात सेवा सञ्चालन गरेको छ। मोटरसाइकलको हकमा भाडा दर स्वीकृत नगराई आफ्नै दर प्रयोग गरेको छ। दैनिक १ लाख ५० हजार पटकसम्म प्रयोग हुने एप्लिकेसनको व्यवस्थापक रहेको एक कम्पनीले प्रचलित कानूनबमोजिम दर्ता प्रमाणपत्र वा यातायात सेवा सञ्चालन सम्बन्धी अनुमतिपत्र प्राप्त नगरेको र छुट्टै भाडा दर प्रयोग गरेको देखिएको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४८ देखि १५२ सम्मको व्यवस्थाअनुसार सवारीधनी वा व्यवस्थापकले यात्रुको बीमा गर्नुपर्ने भए तापनि प्रत्येक पटक रू.२ का दरले वार्षिक रू.३ करोड ५८ लाख बीमा प्रिमियम असुल गरेको छ। दर्ता, स्वीकृति र नियमनको माध्यमबाट यसमा नियन्त्रण गर्नुपर्दछ।

१०२. **इम्बोष्ड नम्बर प्लेट -** विभागले मागको आधारमा २५ लाख सवारीसाधनमा इम्बोष्ड नम्बर प्लेट जडान गर्ने कार्य ५ वर्षभित्र सम्पन्न गर्ने गरी ३० मे २०१६ मा एक कम्पनीसँग अमेरिकी डलर ४ करोड ३७ लाख ८७ हजार ५०० को खरिद सम्झौता गरेकोमा उक्त कम्पनीलाई रू.३८ करोड ९६ लाख ४१ हजार भुक्तानी भएको छ। माग कम भएको, नम्बर प्लेटमा प्रयोग गरिने भाषा विवाद लगायतका कारणले सम्झौताको अवधिभित्र कार्य सम्पन्न नभएकोले २०८०।८।१२ सम्म म्याद थप गरेको छ। हालसम्म २ लाख ४९ हजार ८९९ थान इम्बोष्ट नम्बर प्लेट छपाइको आदेश भएकोमा २ लाख ३४ हजार ९१४ छपाइ गरी प्रदेश सरकार मातहतका २० यातायात कार्यालयमार्फत् ३३ हजार मात्र जडान भएको छ। आरएफआईडी गेट जडान गरी इम्बोष्ट नम्बर प्लेट जडान भएका सवारीसाधनको अनुगमन गर्ने उद्देश्य भए तापनि गेट निर्माण भएको छैन। इम्बोष्ड नम्बर प्लेट छपाइ र जडानमा न्यून प्रगति रहेकोले लक्षित उद्देश्यबमोजिम कार्यसञ्चालन गर्नुपर्दछ।

नेपाल पानीजहाज कार्यालय

वैकल्पिक यातायातको विकास एवं आन्तरिक र समुद्रसम्म जल यातायात एवं समुद्रमा नेपाली पानी जहाज सञ्चालन गरी देशको आर्थिक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय व्यापार सहजीकरण, पर्यटन प्रवर्द्धनलगायतबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल पानीजहाज दर्ता ऐन, २०२७ बमोजिम २०७५ फाल्गुण २ मा नेपाल पानीजहाज कार्यालयको स्थापना भएको हो। कार्यालयले यो वर्ष विनियोजित बजेट रू.८ करोड ६३ लाख मध्ये रू.४ करोड ९० लाख खर्च गरेको छ। यो कार्यालयलाई जल यातायातको पूर्वाधार विकास, पानीजहाज तथा डुङ्गा दर्ता र सञ्चालन व्यवस्थापन तथा नियमन गर्ने प्रमुख जिम्मेवारी तोकिएको छ।

१०३. **नीति तथा कार्यक्रम** - पन्ध्रौं योजनामा तेस्रो मुलुकहरूसँग हुने वैदेशिक व्यापारका लागि जल यातायात सञ्चालनको माध्यमबाट समुन्द्रसम्मको पहुँचमा सहजता ल्याउन आन्तरिक तथा समुद्रसम्म पहुँचको लागि सम्भाव्यता अध्ययनको आधारमा जलयातायातको विकास र विस्तार गर्ने, समुद्रसम्मको पहुँचको लागि जल यातायातको आवश्यक पूर्वाधार निर्माण गर्न द्विपक्षीय र वहुपक्षीय समझदारी गरिने उल्लेख छ। योजनाबमोजिम पानीजहाज समुद्रमा सञ्चालन गर्ने, समुद्रसम्म जलयातायात पहुँचको व्यवस्था गर्ने तथा जलयातायात विकास र विस्तार गर्न आवश्यक पर्ने कानून एवं निर्देशिका तर्जुमासमेत गर्ने गरी कार्य योजना तयार गरेको पाइएन। यसको अभावमा पन्ध्रौं योजनामा निर्धारित लक्ष्य हासिल नहुने हुँदा स्पष्ट मार्गचित्रसहित आर्थिक तथा प्राविधिक दृष्टिले संभाव्य कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१०४. **व्यावसायीक विज्ञको परिवर्तन** - कार्यालयले विभिन्न नदीहरूको सम्भाव्यता अध्ययन गर्नको लागि बोलपत्र भई प्राविधिक मूल्याङ्कबाट छनौट भएका टिम लिडर लागायत अन्य विषय विज्ञहरू सम्झौता गर्दाका बखत उपस्थित नभई अन्य विषय विज्ञ राखी सम्झौता गरेको छ। बोलपत्रदाताले बोलपत्रमा सहभागी हुने आशय पेस गर्दा संलग्न गरेको विषय विज्ञको ज्ञान, अनुभव र अन्य विविध क्षेत्रमा काम गरेको अनुभवका आधारमा छनौट गर्ने तर प्रस्ताव पेस गर्दा अन्य विज्ञ राखी सम्झौता गर्ने कार्य कानूनसम्मत देखिँदैन। प्राविधिक रूपमा छनौट हुनको लागि मात्र विभिन्न अनुभवसहितको विवरण पेस गर्ने तर छनौट भै सकेपछि सोभन्दा अन्य व्यक्ति राखी सम्झौता गर्नु कानूनसम्मत देखिएन।

१०५. **परामर्श सेवाको लागत अनुमान** - सम्भाव्यता अध्ययनको लागि परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम नर्म्स तयार गरेको भए त्यस्तो नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ। कार्यालयले आफ्नो नर्म्स नरहेको उल्लेख गरी सिँचाई विभागको नर्म्स प्रयोग गरी लागत अनुमान गर्ने गरेको छ। नर्म्सको अभावमा लागत अनुमान आधारयोग्य नहुने र सम्भाव्यता अध्ययन गुणस्तरीय नहुने हुदा अध्ययनको कार्यक्षेत्र अनुसारको नर्म्स बनाई लागु गर्नु पर्दछ। यो वर्ष सम्भाव्यता अध्ययनका लागि ५ परामर्श सेवा खरिद गरेकोमा लागत अनुमान तयार गर्दा सो कामको लागि टिम लिडर लगायत अन्य प्रोफेसनल तथा सपोर्टिभ स्टाफको दर स्वीकृत दर भन्दा बढी राखी लागत अनुमान गरेको छ। सडक विभागलगायतले परामर्शदाताको लागि तोक्ने दरभन्दा बढी दर राख्नाले यो वर्षमात्र रू.२ करोड ६ लाख ९९ हजारको लागत अनुमानमा रू.१० लाख ५८ हजार बढी व्ययभार परेको छ।

अन्य संस्था

सडक बोर्ड नेपाल

सडकको पुनः निर्माण, पुनर्स्थापना, स्तर वृद्धि र दस्तुर सङ्कलन गर्ने उद्देश्यले सड़क बोर्ड ऐन, २०५८ अनुसार स्थापना भएको यस बोर्डको गत वर्षको मौज्दात रू.६ अर्ब ५२ करोड ३४ लाख ६० हजार र यो वर्षको आम्दानी रू.७ अर्ब ३८ करोड ६८ लाख ८१ हजारबाट रू.७ अर्ब ८५ करोड ८१ लाख ७० हजार खर्च भई रू.६ अर्ब ५ करोड २१ लाख ७१ हजार मौज्दात रहेको छ।

१०६. **निकासा खर्च र अभिलेख** - वित्तीय विवरणले सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ। बोर्डले २०६१ साल देखि पेस्की दिएको र फस्यौंट भएको अद्यावधिक हिसाब नराखेका कारण हिसाब फरक पर्न गई पेस्की हिसाब मिलान गर्न गठित एक उपसमितिले २०७९।५।३१ मा दिएको प्रतिवेदनको आधारमा १९ डिभिजन र १ योजना कार्यालयसमेत २० निकायको फरक परेको पेस्की रू.१८ करोड ३८ लाख ५५ हजार बोर्डको २०७९।७।२ को निर्णयबाट विविध खातामा आम्दानी बाँधी हिसाब समायोजन गरेको छ। पेस्की लिने र दिनेको लेखा हिसाब परीक्षण नगरी बैङ्क स्टेटमेन्टको आधारमा मात्र समायोजन गरेकोले फरक परेको रकमको यथार्थता यकिन भएन। निकायको लेखा प्रणाली अनुरूप पेस्की सहित सबै आर्थिक कारोबारको लेखा राख्नुपर्दछ।

१०७. **अनुदान, निकासा, खर्च र फिर्ता** - सडक बोर्ड ऐन, २०५८ को दफा ६ र ७ तथा सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६० को नियम ४, ५, ६ र ७ अनुसार सवारीसाधनमा प्रयोग हुने ईन्धन र सवारी दर्ता प्रमाणमा लगाएको दस्तुर बोर्डले तोकेको खातामा जम्मा हुनुपर्ने व्यवस्था छ। सोअनुसार सङ्कलित रू.१८ अर्ब ३८ करोड ६० लाख ७६ हजारमध्ये बोर्डलाई रू.७ अर्ब ४ करोड (३८ प्रतिशत) अनुदान दिएको छ।

बोर्डले गत वर्षको मौज्दातसमेत सडक मर्मत तथा सुधार योजनाअनुसार विभिन्न डिभिजन सडक कार्यालय तथा स्थानीय तहलाई रू.११ अर्ब ७१ करोड ३७ लाख निकासा दिएको छ। डिभिजन सडक कार्यालयहरूले उक्त निकासा रकम मध्ये बाँकी रहेको रू.४ अर्ब १४ करोड ७९ लाख ८३ हजार सडक बोर्डमा फिर्ता गरेका छन्।

सडकको मर्मत सम्भार गर्न बोर्डले उठाउनुपर्ने रकम नेपाल सरकारले उठाउने, उठेको सबै रकम निकासा नदिने र दिएको रकम पनि उद्देश्य अनुरूप खर्च नगर्ने प्रवृतिले सडकहरूको मर्मत सम्भार प्रभावकारी नभई सडकमा खाल्डा पर्ने, अवरोध हुने, यात्रा गर्न समय धरै लाग्ने र त्यस्ता सडकमा ईन्धन खपत बढी हुने समस्या देखिएका छन। सडक बोर्ड, सडक विभाग तथा कार्यालयहरू र अर्थ मन्त्रालयसँग समन्वय गरी कार्यसम्पादन गर्नुपर्दछ।

१०८. **कानून कार्यान्वयन** - सडक बोर्ड ऐन, २०५८ को दफा ५ (झ) र २५ अनुसार सडक मर्मत सम्भार खर्च न्युनीकरणको कार्ययोजना तयार गर्ने र भारवहन क्षमता तथा प्रति एक्सल वजन निर्धारण गर्ने व्यवस्था कार्यान्वयन भएको छैन। त्यसैगरी सडक बोर्ड नियमावली, २०६० को नियम ६, ७ र ११ अनुसार सडकहरूको वार्षिक कार्यक्रम छुट्टाछुटै बनाउनुपर्नेमा एकमुष्ट बनाएको, ५ वर्षे एकीकृत विकास कार्यक्रम तर्जुमा नगरेको र सडक उपयोगबाट संकलित दस्तुरको दुई तिहाइ रकम सोही

सडकमा खर्च गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन। सडक बोर्ड निर्देशिका, २०६१ को बुदा नं.५, ८ र ४८ अनुसार कार्य क्षेत्रभित्रको सडकको सूचना तयार गर्ने, कम्प्युटरमा आधारित सडक सूचना प्रणाली स्थापना गर्ने र सडक सम्बन्धी निकायले गरेको कार्यको केही प्रतिशत वार्षिक रूपमा प्राविधिक परीक्षण गराउनुपर्नेमा गरेको छैन। उक्त व्यवस्थाहरूको कार्यान्वयन गर्नुपर्दछ।

१०९. **कार्यक्रम तर्जुमा तथा स्वीकृति -** सडक बोर्ड निर्देशिका, २०६१ को बुँदा नं.३२ मा सडक बोर्डले चालु आर्थिक वर्षको श्रावण मसान्तभित्र एकीकृत वार्षिक कार्यक्रम स्वीकृत गराइसक्नुपर्ने उल्लेख छ। रकम निकासा प्राप्त गर्ने स्थानीय तहहरूको अनुमानित रकम राखी सडक बोर्डले २०७८।७९ को अनुमानित बजेट तथा वार्षिक खरिद योजना तयार गरी २०७८।६।५ को बोर्डको कार्यकारी समितिको बैठकबाट सडक विभाग मातहतका निकायको लागि रू.१२ अर्ब ५ करोड ४४ हजार र २०७८।१०।२४ को निर्णय अनुसार स्थानीय तहको लागि रू.५ अर्ब ४१ करोड ७ लाख ५६ हजार सहित रू.१७ अर्ब ४६ करोड ८ लाखको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ। नियमित तथा आकस्मिक रूपमा गरिने सडक मर्मत सम्भारको बजेट आर्थिक वर्ष शुरु भएको ७ महिना पछि निकासा दिँदा बोलपत्र प्रक्रिया अपनाई सोही आर्थिक वर्ष भित्र निकासा भएको बजेट खर्च गर्न नसकी फिर्ता गर्नु परेको स्थिति समेत देखिन्छ। तोकिए अनुसार निकासा दिई आर्थिक वर्ष भित्र नियमित रूपले सडक मर्मत सम्भार गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

११०. **बजेट विनियोजन -** स्थानीय तहबाट तथ्यांक प्राप्त गरी निर्देशिकाको आधारमा वार्षिक कार्यक्रम स्वीकृत तथा बजेट निकासा दिनुपर्नेमा बोर्डले उक्त तथ्यांक बेगर गाउँपालिकाहरूलाई १० देखि ४५ लाख सम्म तथा नगरपालिकाहरूलाई रू.२५ लाखदेखि १ करोडसम्म बजेट विनियोजन गरेको छ। सप्तरी जिल्लाका ९ स्थानीय तहलाई २०७७।७८ मा रू.३ करोड २९ लाख विनियोजन गरेकोमा २०७८।७९ मा रू.१७ करोड २ लाख विनियोजन गरेको छ। आवश्यकता पहिचान गरी तथ्यांकको आधारमा बजेट तथा कार्यक्रम स्वीकृत गरी निकासा दिनुपर्दछ।

१११. **उपभोक्ता समितिबाट कार्य -** सडक बोर्ड निर्देशिका, २०६१ को बुँदा नं. ३५ मा सडकको मर्मत, पुनर्स्थापना तथा स्तर वृद्धि गर्न रू.२५ लाखसम्मको कार्य बोर्डले स्थानीय उपभोक्ता समितिद्वारा गराउन स्वीकृति दिन सक्ने व्यवस्था छ। बोर्डले कार्यक्रम स्वीकृत गर्दा उक्त व्यवस्था विपरीत रू.२५ लाखभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउने गरी ३७ स्थानीय तहअन्तर्गत रू.२४ करोड ८७ लाख ७९ हजारका ५० योजना स्वीकृति गरेको छ। यो वर्ष उक्त योजनाहरूमा रू.२३ करोड ४४ लाख २९ हजारको काम भई बोर्डबाट रू.१६ करोड २४ लाख ५ हजार निकासा भएको छ। निर्देशिकामा उल्लेख भएअनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

११२. **फिर्ता -** स्थानीय तहसँगको समझदारी पत्रको बुँदा नं.११ चालु आर्थिक वर्षको आषाढ मसान्त भित्र खर्च नभई बाँकी रहेको रकम सडक बोर्डमा फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा २१ स्थानीय तहलाई २०७४।७५ देखि २०७६।७७ सम्म निकासा दिएको पेस्की रू.३ करोड ३७ लाख ७९ हजार, २० स्थानीय तहलाई २०७७।७८ मा दिएको पेस्की रू.४ करोड १३ लाख ३७ हजार र २९ जिल्ला समन्वय समितिहरूलाई २०७२।७३ अघि दिएको पेस्की रू.९ करोड १ लाख ४८ हजार समेत रू.१६ करोड ५२ लाख ६४ हजार फिर्ता गरेको छैन। उक्त रकम फिर्ता प्राप्त गरी हिसाब मिलान गर्नुपर्दछ।

११३. **सडक दस्तुर छुट -** बोर्डको १५४ औं बैठकको निर्णय नं. २ मा नेपाल सरकारले २०७७।४।७ देखि बन्दाबन्दी हटाएकोले यातायातका साधन सञ्चालनमा आएको व्यहोरा उल्लेख गरेपछि पहिले बन्द गरेको सडक दस्तुर सङ्कलन सुचारु गर्नुपर्नेमा त्यससम्बन्धी अध्ययन गर्न एक उप-समिति गठन गरी त्यसको सिफारिसमा २०७७।९।१४ देखि दस्तुर उठाउन शुरु गरेको छ। जसका कारण २०७७।४।७ देखि २०७७।९।१४ सम्म भैरहवा-भूमही सडक खण्डबाट रू.१ करोड १६ लाख १७ हजार र खुर्कोट-सिन्धुली-बर्दीबास सडक खण्डबाट रू.२ करोड ५५ लाख २७ हजार गरी रू.३ करोड ७१ लाख ४४ हजार घटी दस्तुर प्राप्त भएको छ। कोभिड-१९ को दोस्रो लहरको कारण बन्द गरिएको दस्तुर सङ्कलन कार्य शुरु गर्न मिति २०७८।४।१५ मा खुर्कोट-सिन्धुली-बर्दीबास सडक खण्डको निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा कोभिडको देशव्यापी असर रहेको भन्ने कबोलकर्ताको पत्रको आधारमा मिति २०७८।०४।१३ मा बोर्डले दस्तुर सङ्कलन नगर्ने निर्णय गरेको कारण २०७८।४।१५ देखि २०७८।६।५ सम्म रू.६५ लाख ४५ हजार घटी दस्तुर प्राप्त भएको छ। आफैंले गरेको निर्णयविपरीत दस्तुर सङ्कलन रोक्ने बोर्डको निर्णयबाट घटी दस्तुर प्राप्त भएकोले उक्त निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो कार्य बन्द गर्नुपर्दछ।

खुर्कोट-सिन्धुली-बर्दीबास सडकको एक ठेक्काको सडक दस्तुर सङ्कलनसम्बन्धी अध्ययन समितिको २०७७।८।१६ को प्रतिवेदन तथा बोर्डको २०७७।८।२६ को पत्रानुसार २०७७।९।१० गतेबाट दस्तुर सङ्कलन शुरु गर्नुपर्ने र सङ्कलन शुरु नगरेको अवस्थामा सम्झौता अनुसार पर्ने आर्थिक दायित्व कम्पनीको हुने उल्लेख गरेकोमा कबोलकर्ताले साईट क्याम्प तयार गर्न १५ दिन म्याद थप मागेको आधारमा बोर्डले २०७७।९।२४ सम्म म्याद थप गरेको छ। शुरुमै २ हप्ताको समय दिएको अवस्थामा पुनः क्याम्प तयार गर्न म्याद थप माग्ने र म्याद थप गर्ने निर्णय उपयुक्त देखिएन। उक्त अवधिको रू.१८ लाख ३३ हजार सडक दस्तुर छुट दिन मिल्ने नदेखिएकोले सोमा लाग्ने हर्जनासहित रू.२० लाख १६ हजार असुल गर्नुपर्दछ।

११४. **सम्झौता अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा ६३, सम्झौताको दफा २७.२ अनुसार काम नगर्ने निर्माण व्यवसायीबाट ब्याज, पूर्वनिर्धारित क्षतिपूर्ति, तिर्नबाँकी दस्तुर असुल गरी कालो सूचीमा राख्न सकिने व्यवस्था छ। भैरहवा-भूमही सडक खण्डको सडक दस्तुर सङ्कलन गर्ने सम्झौताको दफा २४ अनुसार थप भएको अवधि २०७८।६।१ देखि २०७९।५।३१ सम्म प्रति महिना रू.१९ लाख ९८ हजारका दरले रू.२ करोड ३९ लाख ७८ हजार ठेक्का अङ्क कायम भएको छ। निर्माण व्यवसायीले सम्झौताअनुसार दस्तुर नबुझाएकोले बोर्डले मिति २०७९।२।१३ मा सम्झौता तोडेको छ। सम्झौतानुसार २०७९।२।१३ सम्म रू.१ करोड ९४ लाख ४९ हजार बुझाउनु पर्नेमा २०७८ भाद्र, असोज र २०७९ जेष्ठमा रू.२७ लाख बुझाएको र रू.६१ लाख कार्यसम्पादन जमानी प्राप्त गरेको छ। सम्झौताअनुसार २०७९।२।१३ सम्मको बुझाउन बाँकी दस्तुर रू.१ करोड ६ लाख ४९ हजार, हर्जाना रू.१९ लाख ४५ हजार, कार्यालयले निर्धारण गरेको बैङ्क ब्याज रू.५ लाख ६९ हजार र बाँकी अवधि २०७९।२।१४ देखि २०७९।५।३१ सम्म उठाउनुपर्ने दस्तुर रू.५१ लाख २९ हजार समेत रू.१ करोड ८२ लाख ९२ हजार असुल हुनुपर्दछ।

११५. **अनुगमन तथा निरीक्षण -** सडक बोर्ड नियमावली, २०६० को नियम १६ मा सडकसम्बन्धी निकायले प्राप्त गरेको रकम तोकेअनुरूप खर्च गरे नगरेको, उद्देश्यअनुरूप कार्य भए नभएको, गुणस्तर कायम गरे नगरेको, कार्यतालिका पालना गरे नगरेको लगायतका विषयमा समय समयमा निरीक्षण गर्न सक्ने व्यवस्था गरेको छ। सोअनुरूप बोर्डले निरीक्षण गरेको छैन।

काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति

काठमाडौ उपत्यकामा एकीकृत यातायात प्रणालीको स्थापना गर्ने उद्देश्यले काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ बमोजिम उपत्यकामा यातायात प्राधिकरणको लागि आवश्यक पर्ने पूर्वाधार तथा प्रणाली निर्माण गर्न काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति गठन भएको छ।

११६. **उपत्यका यातायात व्यवस्थापन** – संघीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण गठन सम्बन्धी व्यवस्था सहितको शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को नेपाल राजपत्रमा प्रकाशन भएको छ। साथै काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७ बमोजिम गठित समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमध्ये सार्वजनिक यातायातमा लागू हुने नगदरहित भुक्तानी प्रणाली, काठमाडौं उपत्यकामा सञ्चालनमा रहेका सार्वजनिक यातायातका मूख्य रुटहरू, दूरी, भाडा निर्धारण, उपत्यकामा सञ्चालनमा रहेका सवारीहरूको अवस्थासंग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डलाई समेत तुलना गरी सिफारिस गरिएको मापदण्ड, दिगो सार्वजनिक यातायात सञ्चालन गर्न अबलम्बन गरिनुपर्ने पद्धति तथा सार्वजनिक यातायात सेवामा सरकारी योगदान तथा उपस्थितिको सम्भावनासम्बन्धी अध्ययन प्रतिवेदनहरू प्राप्त गरेको छ।

संघीय सरकारले उपत्यकाको यातायात व्यवस्थापन व्यवस्थित गर्ने प्रयोजनमा गठित समितिले कार्याविधि सम्पन्न गरिसकेको अवस्थामा वागमति प्रदेश सरकारले कार्यक्षेत्रमा दोहोरो पर्ने गरी प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड गठन गरेको देखिएकोले दुई तहका सरकारबीच आवश्यक समन्वय र सहकार्य गरी काठमाडौं उपत्यकाको यातायात व्यवस्थालाई व्यवस्थित गर्नका लागि प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्न संघमा प्राधिकरण र प्रदेशमा बोर्डको स्थापना गर्नुपर्दछ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा त्रुटिपूर्ण डिजाइन, अधुरा आयोजना, नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, रकमान्तर एवं स्रोतान्तर, स्रोत सुनिश्चितता, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, आइटम भेरिएसन, नर्म्स, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, डिजाइन एण्ड बिल्ड ठेक्कामा मूल्य समायोजन, नर्म्समा विविधतालगायतमा सुधार गर्नुपर्ने व्यहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १३१ निकायमा रू.९अर्ब ७२ करोड ३१ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३८ निकायले रू.९२ करोड ५७ लाख ७४ हजार फर्स्यौट गरेकोले रू.८अर्ब ७९ करोड ७४ लाख १ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ अर्ब ८० करोड ३० लाख २४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य संस्था सडक बोर्डतर्फ रू. ३० करोड ९८ लाख २६ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.३ करोड ३७ लाख ७९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने, अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्तको संरक्षण गर्ने, समाज कल्याण परिषद् र सरकारी एवं गैरसरकारी संघ संस्थाद्वारा सञ्चालित कार्यक्रमको मूल्याङ्कन तथा गैरसरकारी संस्थाको समन्वय, परिचालन र अनुगमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ८ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत समेत ७ सरकारी कार्यालयको निम्नानुसार रू.८३ करोड ६५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.**लाखमा**)

विनियोजन	राजश्व	धरौटी	अन्य	जम्मा
४५१३	७२५	१३५	२९९२	८३६५

२. **अन्य संस्था** - यो वर्ष १ संस्थाको रू.६४ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष निर्णय तहमा महिलाको सहभागिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

४. **आवधिक योजनाको कार्यान्वयन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार पन्ध्रौं योजनाले लक्ष्य गरेका क्रियाकलापहरूमा निम्नानुसार उपलब्धि हासिल भएको छः

सि.न.	नतिजा सूचक	इकाई	२०७८।७९ का लक्ष्य	२०७८।७९ का प्रगति
१.	लैङ्गिक सशक्तीकरण	सूचकाङ्क	०.६२	०.५६
२.	लैङ्गिक असमानता	सूचकाङ्क	०.४३	०.५५
३.	लैङ्गिक विकास	सूचकाङ्क	०.९५१	०.८७
४.	१५ वर्ष देखि १९ वर्ष समूहका विवाहित किशोरी	प्रतिशत	१३	१९.३
५.	प्रजनन् हक सम्बन्धी निर्णय गर्ने महिला	प्रतिशत	७४	६८
६.	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र	संख्या	५००	२२५
७.	मानव बेचबिखन पीडितका लागि पुनर्स्थापना केन्द्र	संख्या	१४	१०
८.	हराएका बालबालिका (प्रति लाख जनसंख्यामा)	संख्या	४.१	४.६

मन्त्रालयले आवधिक योजनाका लक्ष्यसँग सामञ्जस्यता हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन गर्न नसक्दा आवधिक योजनाका सूचकमा राखिएका वार्षिक लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको छैन। आवधिक योजनाले तोकेका लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रमको कार्यान्वयन क्षमता वृद्धि एवं अन्तर निकाय समन्वय गरी स्वीकृत योजना र बजेट कार्यान्वयन गरी आवधिक योजनाका लक्ष्य पूरा गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन**– बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका कार्यक्रमहरूमध्ये राष्ट्रपति महिला उत्थान कार्यक्रमतर्फ महिला उद्यमशीलता विकास, विपन्न महिलालाई सीपमूलक तालिमको लागि सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्ने एवं दुर्गम क्षेत्रका

गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गर्ने लगायतका कार्यक्रम रहेका छन्। महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र स्थापना गर्न १०० स्थानीय तहलाई बजेट तथा कार्यक्रम हस्तान्तरण गरेकोमा ४५ स्थानीय तहमा मात्र उक्त कार्यक्रम सञ्चालनको प्रक्रियामा रहेको छ। ज्यान जोखिममा परेका दुर्गम क्षेत्रका १६९ जना गर्भवती तथा सुत्केरी महिलाको नेपाली सेनाको सहजीकरणमा उद्धार गरिएको विवरण प्राप्त भएको छ। राज्यका सबै अङ्गमा लैङ्गिक समानताको नीति अवलम्बन गर्दै सरकारी अनुदानबाट सञ्चालित निकायको कार्यकारी तहमा न्यूनतम ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने कार्यक्रम कार्यान्वयनका लागि लैङ्गिक समानता नीति, २०७७ कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भए तापनि अन्य लक्षित कार्यक्रमको कार्यान्वयन हुनसकेको छैन। यसैगरी सबै प्रदेशमा अपाङ्गता पुनर्स्थापना केन्द्र स्थापना र काठमाडौंको गोठाटारमा अस्पतालको सुविधासहित ५ सय क्षमताको ज्येष्ठ नागरिक आवास निर्माण सम्पन्न गर्ने उल्लेख भएकोमा सो समेत हुनसकेको छैन। बजेट वक्तव्यमा समावेश कार्यक्रम कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले कार्यक्रमको प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदनअनुसार लक्षित कार्यक्रमहरूको प्रगति स्थिति देहायअनुसार छः

क्र.सं.	कार्यक्रम	वार्षिक बजेट (रू.हजारमा)	खर्च (रू.हजारमा)	भौतिक प्रगति प्रतिशत	वित्तीय प्रगति प्रतिशत
१.	महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	१०१५५३	२५९००	८६.०६	२५.५०
२.	पशुपति वृद्धाआश्रम	३०८००	९४३४	१००	३०.६२
३.	लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम	३४४८३	५७४२	८१.४३	१६.६५
४.	सामाजिक विकास कार्यक्रम	१४०३४१	२८७३२	७६	२०.४७
५.	बालविकास कार्यक्रम	१३०३१६	२२०६१	६०	१६.९३
६.	राष्ट्रपति महिला सशक्तीकरण परियोजना	८३५२३	३६३८२	९८.३६	४३.५६
७.	महिला तथा बालबालिका विभाग	५७८००	११३३१	९७.८९	१९.६०
८.	समाज कल्याण परिषद्	४५००	११६६	१००	२५.९१
९.	राष्ट्रिय बाल अधिकार परिषद्	७४७००	२६५६०	८५.२७	३५.५५
	जम्माः	**६५८०१६**	**१६७३०८**	**८७.२२**	**२५.४६**

पहिलो प्राथमिकताका ७ कार्यक्रममा बजेटको तुलनामा खर्च न्यून भएको देखिएको छ। पशुपती वृद्धाश्रम, समाज कल्याण परिषद् जस्ता निकायहरूलाई अनुदान उपलब्ध गराएको आधारमा सतप्रतिशत प्रगति देखाएको, लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम, राष्ट्रपति महिला सशक्तीकरण परियोजना, सामाजिक विकास कार्यक्रम, बालविकास कार्यक्रमतर्फ औसत २४.३२ प्रतिशत बजेट खर्च गरी भौतिक प्रगति औसत ७९.६९ प्रतिशत रहेको उल्लेख छ। मन्त्रालय र अन्तर्गत निकायको लागि समग्रमा स्वीकृत बजेट रू.६५ करोड ८० लाख १६ हजारमध्ये रू.१६ करोड ७३ लाख ८ हजार (२५.४६ प्रतिशत) मात्र खर्च गरेर ८७.२२ प्रतिशत भौतिक प्रगति हासिल भएको उल्लेख छ। वित्तीय र भौतिक प्रगतिबीच तालमेल हुनेगरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

७. **दिगो विकासका लक्ष्यः** दिगो विकास लक्ष्यको अवस्था, मार्गचित्रको कार्यान्वयन र प्रगति स्थिति यकिन गर्न तयार भएको संरचनामा २० सूचकको लागि यस मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा पहिचान गरिएको छ। मन्त्रालयलाई तोकेको प्रथम र दोस्रो माइलस्टोन अवधिको प्रगति स्थिति निम्नानुसार छः

क्र. स.	दिगो विकास लक्ष्य	परिमाणात्मक लक्ष्य र सूचक	सन् २०३० को लक्ष्य	सन् २०१५ को आधार	सन् २०१९ को माइलस्टोन	सन् २०२२ को माइलस्टोन	सन् २०१९ को प्रगति	सन् २०२२ को प्रगति
१.	लक्ष्य-१	राष्ट्रिय गरिबी रेखामुनिका बालबालिका (५ वर्ष मुनिका प्रतिशत)	५	३६	२७.७	२१.५	प्राप्त नभएको	प्राप्त नभएको
		सामाजिक सुरक्षा प्रणालीद्वारा समेटिएका जनसंख्याको अनुपात	८०	८.१	२७.३	३६.७	,,	,,
		लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुर्‍याउने राष्ट्रिय बजेटको अनुपात	४०	२२.३	-	-	,,	,,
२.	लक्ष्य ५	समान कामका लागि समतामूलक ज्यालाको अनुपात	०.९२	०.६२	०.७२	०.८	०.९२	,,
		लैङ्गिक असमानता सूचकांङ्क	०.०५	०.४९	०.३८	०.२३	०.०५	,,
		लैङ्गिक सशक्तीकरण सूचकांङ्क	०.६९	०.५७	०.६	-	०.६९	,,
३.	लक्ष्य-८	श्रमशक्तिमा महिला र पुरुषको सहभागिता अनुपात	१	०.९३	०.९५	०.९३		,,
		महिलाले घरायसी काममा खर्चेको औसत समय/ घण्टा	६	१४	११.८	१०.२७	६	,,
		महिलाको सम्पती माथिको स्वामित्व	४०	२६	२९.७	-	४०	,,
		महिला, किशोरी तथा बालिकाहरूको बेचबिखन	३२५	१६९५	७२५	६५०	-	,,

दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्रको कार्यान्वयन एवं प्रगति स्थिति यकिन गर्न तथा सूचकहरूको ३ वर्ष र ५ वर्ष मूल्याङ्कनको अवधि तोकी जिम्मेवार निकायको रूपमा मन्त्रालयलाई तोकेकोमा मन्त्रालयले ३ वर्षमा मूल्याङ्कन गर्नुपर्ने सूचकहरू समेतको प्रगति अद्यावधिक मूल्याङ्कन गरेको छैन। दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको मार्गचित्रलाई लक्षित गर्नेगरी कार्ययोजना तर्जुमा गरी कार्यक्रम सञ्चालनमा ल्याई लक्ष्य प्राप्तिको जिम्मेवारी पूरा गर्नुपर्दछ।

८. **कोष सञ्चालन** - महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको संरक्षण एवं विकासका निर्धारित लक्ष्यहरू हासिल गर्ने उद्देश्यसहित स्थापना भएका कोषहरू गठन आदेशअनुसार सञ्चालन गर्नुपर्दछ। लैङ्गिक हिंसा निवारण कोष, मानव बेचबिखन पीडित पुनर्स्थापना कोष, ज्येष्ठ नागरिक कल्याण कोष, केन्द्रीय आपतकालीन बाल उद्धार कोषलगायत ५ कोषमा रू.२१ करोड ३ लाख २८ हजार विगतको मौज्दात रहेकोमा यस वर्ष ३ कोषमा रू.१ करोड २८ लाख २० हजार थप भई जम्मा रू.२२ करोड ३१ लाख ४८ हजार आय रहेकोमा लैङ्गिक हिंसा निवारण कोष तथा मानव बेचविखन पीडित पुनर्स्थापना कोषबाट रू.२ करोड ४ लाख ९४ हजार खर्च गरी रू.२० करोड २६ लाख ५७ हजार मौज्दात छ। मन्त्रालयले हरेक वर्ष कार्यक्रम स्वीकृत गरी कोषमा अनुदान रकम उपलब्ध गराउँदै आएको देखिन्छ। मुलुक संघीय संरचनामा गएको अवस्थामा सोही अनुसारको खर्च गर्ने कार्यविधि परिमार्जन हुन नसकी कोषको रकम उद्देश्यअनुरूप खर्च हुन सकेको छैन। उक्त कोषमा निष्क्रिय रहेको रकम सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

९. **अनुदानको अनुगमन** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वय र परिचालन गरी अनुदानबाट सञ्चालित कार्यक्रमको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०७८।७९ मा ७५३

स्थानीय तह एवं २०७ गैरसरकारी संस्थालाई प्रस्तावको आधारमा छनौट गरी प्रतिसंस्था रू.५ लाखदेखि ४० लाखसम्मको दरले रू.२९ करोड २६ लाख अनुदान वितरण गरेको छ। यसैगरी ४४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको साधारण सम्झौता र ३० संस्थाको रू.५ अर्ब २० करोड ८४ लाख ६ हजारको परियोजना सम्झौताको लागि समाज कल्याण परिषद्लाई सहमति दिएको छ। सम्झौताका शर्तअनुसार कार्यक्रम सञ्चालन भए, नभएको मन्त्रालयले अनुगमन गरेको छैन। गैरसरकारी संस्थामार्फत् सञ्चालन हुने कार्यक्रमको अनुगमन गर्नुपर्दछ।

१०. **राष्ट्रपति महिला सशक्तीकरण परियोजना -** नेपाल सरकारले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा गरेको प्रतिवद्धतालाई कार्यान्वयन गरी राज्य संरचनाको तीनै तह संघ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा विपन्न, लक्षित समुदायका महिलाहरूको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान सुनिश्चित गरी महिलाको आर्थिक सशक्तीकरणमार्फत् समग्र विकास गर्ने लक्ष्यसहित राष्ट्रपति महिला सशक्तीकरण परियोजना सञ्चालनमा रहेको छ। गत वर्षदेखि प्रारम्भ भएको उक्त परियोजनाको लागत रू.२१ अर्ब १७ करोड ५ लाख अनुमान गरी २०८३।८४ मा सम्पन्न गर्ने लक्ष्य तोकिएको छ। परियोजनामा हालसम्म स्थानीय तहमा हस्तान्तरण हुने रकम समेत रू.३७ करोड ३१ लाख खर्च भएको छ।

१०.१. परियोजनाले ज्यान जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार, लक्षित वर्गका महिलाहरूलाई उद्यमशीलता विकास, क्षमता अभिवृद्धि र टेवा पुँजीसहितको कार्यक्रम सञ्चालन गर्ने गरेको छ। यस वर्ष १३ विभिन्न कार्यक्रम स्वीकृत भई रू.२२ करोड ९४ लाख बजेट विनियोजन भएकोमा क्षमता अभिवृद्धि गोष्ठी, उद्यमशीलता विकास, हवाई उद्धारलगायतका कार्यहरूमा रू.२२ करोड २७ लाख खर्च भएको छ। वित्तीय हस्तान्तरण गरी निकासा दिएको रू.१५ करोड ४३ लाखको प्रगति यकिन गर्न सकिएन। हवाई उद्धारबाहेक उद्यमशीलता विकास, क्षमता अभिवृद्धि, टेवा पुँजीसहितको महिला उद्यमशीलता प्रवर्द्धनतर्फ तोकिएको वार्षिक लक्ष्यअनुसारका ७ कार्यक्रमको कार्यान्वयन हुनसकेको छैन।

१०.२. यो वर्षमा मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण गर्न रू.४० लाख विनियोजन गरी शहरी विकास तथा भवन निर्माण आयोजनालाई अख्तियारी प्रदान गरेकोमा निर्माण कार्य प्रारम्भ नै हुनसकेको छैन। मन्त्रालयले ६ स्थानीय तहलाई बहुआयामिक नमूना ग्राम छनौट गरी विस्तृत परियोजना प्रतिवेदन तर्जुमाको कार्य सम्पन्न गर्न रू.७० लाख सम्बन्धित स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेकोमा सोको प्रगति प्रतिवेदन तयार भएको छैन।

१०.३. प्रत्येक प्रदेशमा २० जना महिला उद्यमी तयार एवं प्रशिक्षण दिने कार्यक्रमलाई रू.२१ लाख बजेट विनियोजन भएकोमा ३ प्रदेशमा मात्र उद्यमशीलता प्रशिक्षणको कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी सातै प्रदेश तहमा बहुआयामिक नमूना बस्ती लक्षित कार्यक्रम सञ्चालनका लागि पाइलटिङ्गको रूपमा बस्ती विकास गर्ने कार्यक्रम २ प्रदेशमा मात्र प्रारम्भ गरेको छ। प्रत्येक जिल्लागत सहभागिता रहने गरी १०० स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्न रू.२ करोड वित्तीय हस्तान्तरण गरी पठाएकोमा कार्यान्वयन हुनसकेको छैन।

१०.४. प्रत्येक प्रदेशबाट २० जना महिला उद्यमी र १ महिला उद्यमीहरूको समूहलाई उद्यमशीलता प्रवर्द्धन गर्न टेवा पुँजी र प्रविधि सहयोग गर्न रू.३ करोड १५ लाख वित्तीय हस्तान्तरण गरी छनोट भएका उद्यमी एवं समूहलाई पठाएकोमा लगानीको सुनिश्चतता हुनेगरी कार्यक्रम प्रारम्भ गर्न सकेको छैन। मानव विकास सूचकाङ्कमा पछाडि परेका १११ स्थानीय तहलाई जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न रू.९ करोड ८८ लाख वित्तीय हस्तान्तरण गरी पठाएकोमा मन्त्रालयले कार्यक्रम कार्यान्वयन अवस्थाको प्रतिवेदन तयार गरेको छैन।

११. **नमूना बस्ती -** सबै प्रदेशबाट छनोटमा परेका बहुआयामिक नमूना बस्तीअन्तर्गतका दलित अल्पसंख्यक, अतिसीमान्तकृत महिला तथा किशोरीको बाहुल्यता रहेको ७ नमूना बस्तीलाई पाइलटिङ्गको रूपमा विकास गर्न यो वर्ष रू.६२ लाख २५ हजार बजेट विनियोजन भएकोमा प्रदेश अन्तर्गतका ७ स्थानमा ६ हजार ३७१ घरधुरीलाई बहुआयामिक नमूना ग्राम घोषणाका लागि सम्बन्धित स्थानीय तहले सो बस्तीको विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रदेश सामाजिक विकास मन्त्रालयको सिफारिसमा मन्त्रालयमा पेस भए पश्चात् कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख भएकोमा ४ स्थानीय तहमा विस्तृत परियोजना प्रतिवेदन तयारीको कार्य हुन नसकी, बहुआयामिक नमूना ग्राम कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन्। प्रदेश तथा स्थानीय तहसँग अन्तर समन्वय कायम गरी स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१२. **दीर्घकालीन पुनर्स्थापना केन्द्रः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९९ मा उल्लिखित प्रक्रिया अवलम्बन गरेर गराउन सक्ने व्यवस्था छ। सोअनुसार मन्त्रालयले २०७२।७३ देखि एक गैरसरकारी संस्था मार्फत् वार्षिक तथा त्रैमासिक सम्झौताका आधारमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्दै आएको छ। सोही संस्थालाई हालसम्म पुनर्स्थापनासम्बन्धी कार्यको लागि रू.२ करोड ३६ लाख ६५ हजार अनुदान दिएको देखिन्छ। अनुदान रकमबाट संस्थाले हिंसा पीडित महिला तथा किशोरीहरूलाई उद्धार, सुरक्षित आवास, खाना, शिक्षा, सीपमूलक तालिम आदिबाट समाजमा पुनर्स्थापना, पुनर्मिलन सम्मका कार्यहरू गर्दै आएको छ। उक्त कार्यक्रमको लागि यो वर्षमा रू.८५ लाख विनियोजन भएकोमा रू.६६ लाख ५६ हजार खर्चको सोधभर्ना दिएको छ। आवासीय रूपमा सञ्चालन गर्नुपर्ने कार्यक्रम संस्थाको आफ्नै भौतिक संरचना नभएकोले २० जनासम्मको क्षमता भएको बालमन्दिरको फल्याटमा ३० जनाको लागि कार्यक्रम सञ्चालन गरेको उल्लेख गरी पीडितहरूको संख्याको आधारमा रकम भुक्तानी दिएको देखिन्छ। मन्त्रालय वा मातहतको विभाग अन्तर्गत स्थायी भौतिक तथा संस्थागत संरचनासहित नीतिगत व्यवस्था गरी दिगो रूपमा पुनः स्थापना केन्द्र सञ्चालन गरिनुपर्दछ।

१३. **ज्येष्ठ नागरिक कोष -** नेपालको संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकमा समावेश गरी राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ६० वर्ष उमेर पूरा गरेका नेपालीलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको छ। नेपालको कुल जनसंख्याको करिब ८.१३ प्रतिशत जनसंख्या रहेको ज्येष्ठ नागरिकको संरक्षण गर्नु राज्यको दायित्व हो। ज्येष्ठ नागरिकको हकहित संरक्षण, सामाजिक सुरक्षालगायतका कार्य गर्न ज्येष्ठ नागरिक कल्याण कोष सञ्चालनमा रहेको छ।

१३.१. संविधानले मौलिक हकको रूपमा ज्येष्ठ नागरिकको हकको व्यवस्था गरेको छ। उक्त व्यवस्था कार्यान्वयनको लागि मुलुकी देवानी संहिता, २०७४, नागरिकतासम्बन्धी ऐन तथा नियमावली, सामाजिक सुरक्षा ऐन जस्ता कानूनले प्रत्येक छोरा छोरीले आ-आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार आमा बाबुलाई आवश्यक हेरचाह, स्याहार र सम्भार, औषधि उपचार वा रेखदेख गर्नुपर्ने व्यवस्था गरेको छ। यद्यपि विभिन्न आन्तरिक एवं वाह्य कारणले ज्येष्ठ नागरिकले मानव अधिकारको पूर्ण उपयोग गर्न नपाएको, ज्येष्ठ नागरिकको ज्ञान, सीप एवं अनुभवको अन्तरपुस्ता हस्तान्तरण उल्लेख्य रूपमा हुन नसकेको अवस्था देखिएको छ। ज्येष्ठ नागरिकको हकहितको संरक्षण एवं ज्ञान/अनुभवको अन्तरपुस्ता हस्तान्तरणका लागि ज्येष्ठ नागरिक नीति निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१३.२. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ (१) मा दलित एवं एकल महिला ज्येष्ठ नागरिकले ६० वर्ष उमेर पूरा भए पश्चात् र अन्य समुदायको ज्येष्ठ नागरिकले ७० वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ। विभिन्न १० प्रकारका सामाजिक सुरक्षा भत्तामा २०७६।७७ मा रू.६६ अर्ब १७ करोड, २०७७।७८ मा रू.६८ अर्ब ५१ करोड र २०७८।७९ मा रू.९६ अर्ब ६ करोड खर्च भएको छ। स्वास्थ्य सुविधाको पहुँचमा वृद्धि भई मृत्युदर घट्दै जाने क्रमसँगै कुल जनसंख्यामा ज्येष्ठ नागरिकको संख्या बढ्दै गएको, सामाजिक सुरक्षाको दायरा समेत वृद्धि हुँदै गएकाले सामाजिक सुरक्षा भत्ता खर्चको आकार प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ। सामाजिक सुरक्षामा राज्यको दायित्व थप हुँदै गएको सन्दर्भमा यस कार्यक्रमलाई पुनर्भरण कोष व्यवस्था गरी रुपान्तरण गर्नुपर्ने अवस्था छ। समयमा नै कोष व्यवस्थासहितको कार्यक्रम सञ्चालनमा ल्याई राज्यको दायित्व व्यवस्थापनमा सहजीकरण गर्नुपर्दछ।

१३.३. ज्येष्ठ नागरिकको हकहितका क्षेत्रमा काम गर्ने संघ, संस्थालाई स्थानीय तह मार्फत् उपलब्ध गराउने अनुदानसम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं.६ मा कार्यविधिमा समेटिएका लक्षित वर्गलाई नेपाल सरकारबाट जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो, सोही उद्देश्य एवं प्रयोजनमा मात्र अनुदानको उपयोग गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार अनुदानबाट सात वटै प्रदेशमा ११६ ज्येष्ठ नागरिक आश्रमले २ हजार २५० ज्येष्ठ नागरिकलाई आश्रय, खाना, स्वास्थ्य सेवा उपलब्ध गराएको देखिन्छ। यो वर्ष मन्त्रालयले ज्येष्ठ नागरिकसँग सम्बन्धित २५ गैरसरकारी संघ संस्थालाई कार्यविधि बेगर रू.३ करोड १७ लाख अनुदान प्रदान गरेको छ। कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले वर्षान्तमा निकासा दिँदा लक्षित कार्यक्रम सञ्चालनमा आउन सकेको छैन। अनुदान वितरणको वस्तुगत आधारसहितको कार्यविधि मापदण्ड तयार गरी अनुदान उपलब्ध गराई अनुदान उपयोगको अनुगमन मूल्याङ्कन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

१३.४. मन्त्रालयबाट ज्येष्ठ नागरिकको आवास तथा स्वास्थ्य सुरक्षा लगायतका क्षेत्रमा उपलब्ध अनुदानको उपयोग सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। यो वर्ष ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना एवं सञ्चालनका लागि १४ स्थानमा १४ संघ संस्था छनौट गरी बजेट निकासा भएको छ। मन्त्रालयले सार्वजनिक निजी साझेदारीमा ज्येष्ठ नागरिक आवास निर्माण गर्न एक प्रतिष्ठानसँग २०७२।७३ मा रू.९ करोड १ लाख र खुमलटारमा एक गैरसरकारी संस्थालाई नागरिक आवास निर्माणका लागि रू.६ करोड १ लाख अनुदान उपलब्ध गराएको देखिन्छ। यसैगरी ४५ बेडको ज्येष्ठ नागरिक अस्पतालसहित १६५ जना क्षमताको ज्येष्ठ नागरिक वृद्धाश्रमको लागि गोठाटारमा भवन निर्माणको

विस्तृत परियोजना प्रतिवेदन तर्जुमाका लागि बजेट विनियोजन गरेको छ। यद्यपि आवास निर्माण एवं सञ्चालनमा प्रगति हुनसकेको छैन। गैरसरकारी संस्था एवं प्रतिष्ठानलाई दिएको अनुदानको आवधिक प्रगति प्रतिवेदनसहित वार्षिक रूपमा संघ संस्थालाई ज्येष्ठ नागरिक आवासका लागि अनुदान दिएकोमध्ये काम नभई बाँकी रहेको रकम यकिन गरी फिर्ता प्राप्त गर्नुपर्दछ। आवास सुविधाको पूर्वाधार निर्माण व्यवस्थापनमा मन्त्रालयको भूमिका वृद्धि गरी आवास निर्माण एवं सञ्चालनमा थप क्रियाशीलता आवश्यक देखिन्छ।

१४. **सडक बालबालिका मुक्त अभियान -** केन्द्रीय बाल कल्याण समितिको पहलमा २०७३।१।२७ देखि यो अभियान प्रारम्भ भएको हो। हाल सडक बालबालिका उद्धार संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ अनुसार यो अभियानलाई थप व्यवस्थित गर्ने प्रयास गरेको देखिन्छ। करीब ३४ सय हराएका बालबालिकामध्ये २०७९ आषाढसम्म १ हजार ९८८ (बालक १ हजार ७१४ र बालिका २७४) सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गर्दै आएको राष्ट्रिय बाल अधिकार परिषद्को प्रगति विवरणमा उल्लेख छ। यो वर्ष उद्धार गरिएका १५७ जनालाई अस्थायी संरक्षण सेवा उपलब्ध गराएको समेत हालसम्म ३६० बालबालिकालाई यस्तो सेवा दिएको देखिन्छ। २०७९ असारसम्म नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउन आधार तयार गर्ने गरी कार्यक्रम सञ्चालन गरेकोमा १ हजार ९४५ जना बालबालिकाको संरक्षण व्यवस्थापन गरेको छ। यसको लागि बाल अधिकार परिषद्बाट सडकमा आउने बालबालिकाको उद्धार संरक्षणसँगै दीर्घकालीन व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन हुनसकेको छैन। स्ट्रेट टु फेमिली, स्ट्रेट टु स्कील ट्रेनिङ्ग जस्ता कार्यक्रम कार्यान्वयनमा ल्याई सडक बालबालिका मुक्त अभियानमार्फत् सडक बालबालिकाको दीर्घकालीन समाधान गर्नुपर्दछ।

१५. **बालगृह अनुगमन -** बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संर्द्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले राष्ट्रिय बाल अधिकार परिषद्को व्यवस्था गरी बाल अधिकार संरक्षण र संवर्द्धन गर्ने, संरक्षण सहायताका लागि समन्वय सहयोग एवं अनुगमन गर्ने जिम्मेवारी तोकेको छ। यस वर्ष परिषद्ले १९५ बालगृहको भौतिक उपस्थितिमा अनुगमन गरी ३ हजार ९३२ बालबालिकाको अवस्था अनुगमन गरेको प्रतिवेदन प्राप्त भएको छ। उक्त प्रतिवेदनमा मापदण्ड विपरीत सञ्चालनमा रहेका बालगृहबाट ८३ जना बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको उल्लेख छ। परिपद्ले उपलब्ध गराएका ७ वटा बालगृहको अनुगमन प्रतिवेदन अनुसार ५ बालगृह बालबालिकासम्बन्धी ऐन, मापदण्डबमोजिम सञ्चालन नगरेको, बालगृहहरूको सञ्चालन खर्चको भरपर्दो स्रोत नरहेको, संरक्षण, हेरचाह, सेवा सुविधा न्यून रहेको, नियमावली २०५१ को अनुसूची-१ अनुसारको बालबालिकाको व्यक्तिगत विवरण अद्यावधिक नरहेको, बालगृह सञ्चालन अनुमति बेगर बालगृह सञ्चालन गर्दै आएको कारण संस्थामा संरक्षित बालबालिकाको उचित व्यवस्थापन एवं संरक्षणका लागि यथाशीघ्र उद्धार गर्नुपर्ने सुझाव दिएकोमा उक्त सुझावहरू कार्यान्वयन अवस्थाको पुनः अनुगमन भएको छैन। बालगृह सुधारका लागि उक्त सुझाबहरू कार्यान्वयन हुनुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

निर्णय तहमा महिलाको सहभागिता

नेपालले महिला सहभागिताका सम्बन्धमा विभिन्न अन्तराष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता जनाएको छ। महिलालाई राष्ट्र विकासको मूल प्रवाहमा समावेश गर्न निर्णायक तहमा महिलाको समानुपातिक सुनिश्चितता जरुरी हुन्छ। दिगो विकास लक्ष्य २०१६-३०, अन्तर्गत लक्ष्य ५.५ मा राजनीनितिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाको पूर्ण र प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने उल्लेख छ। लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको प्रतिबद्धता कार्यान्वयन र लैङ्गिक समानताका लागि संबिधान, कानून र नीतिगत व्यवस्था कार्यान्वयनको अवस्था अध्ययन विश्लेषण गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

१६. **नीति कार्यन्वयन** - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नीति कार्यन्वयनका लागि विभिन्न कार्यनीतिको पहिचान गरेको पाइयो। नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गर्ने उल्लेख भए तापनि विशेष गरी निजीक्षेत्रको निर्णायक तह र व्यावसायिक एवं प्राविधिक कामदारमा महिलाको सहभागिता बढाउने सम्बन्धमा कार्यनीतिमा स्पष्ट उल्लेख भएको पाइएन। साथै, नीति कार्यान्वयनका लागि कार्ययोजना तयार गरेको पाइएन। नीतिको अपेक्षा अनुरूपका उद्देश्य हाँसिल गर्न तीनै तहका सरकारबीच समन्वय कायम गरी लजिकल फ्रेमवर्कसहितको कार्ययोजना तयार गरी लागू गर्नुपर्दछ।

१७. **जनप्रतिनिधिमा महिला सहभागिता** - नेपालको संविधानको धारा ८४ को उपधारा (८) मा प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ। दिगो विकास लक्ष्य ५.५ अनुसार सन् २०१९, २०२२, २०२५ र २०३० मा संसदमा महिलाको सहभागिता क्रमशः ३३, ३४.४, ३६.५ र ४० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ।

१७.१. आमनिर्वाचन, २०७४ मा संघीय संसदको प्रतिनिधि सभाको प्रत्यक्षतर्फ कुल १ हजार ९४४ उम्मेदवार मध्ये १४६ महिला रहेकोमा ६ जना, प्रदेश सभामा प्रत्यक्षतर्फ कुल ३ हजार २३८ उम्मेदवार मध्ये २४० महिला रहेकोमा १७ महिला मात्र निर्वाचित भएको पाइयो। त्यसैगरी आमनिर्वाचन, २०७९ मा प्रत्यक्षतर्फ कुल २ हजार ४११ उम्मेदवारमध्ये २२५ महिला रहेकोमा ९ र प्रदेश सभातर्फ कुल ३ हजार २२४ उम्मेदवार मध्ये २८० महिला रहेकोमा १४ महिला मात्र निर्वाचित भएका छन्। आमनिर्वाचन, २०७९ मा सुदूरपश्चिम र कर्णाली प्रदेशमा क्रमशः १३ र ३ महिला उम्मेदवार रहेकोमा विजयी हुन सकेको देखिएन।

१७.२. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७(४) मा मनोनयन पत्र पेश गर्दा अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख एवं जिल्ला समन्वय समितिको प्रमुख र उप प्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार मनोनयन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको निर्वाचन, २०७४ मा ७५३ स्थानीय तहको प्रमुख पदमा कुल ५ हजार ८३६ उम्मेदवारमध्ये ३६८ महिला रहेकोमा १८, उपाध्यक्ष/ उपप्रमुख पदका लागि कुल ४ हजार ३६४ उम्मेदवारमध्ये ३ हजार ५९३ महिला रहेकोमा ७०० र वडा

अध्यक्ष पदमा ३२ हजार २६६ उम्मेदवार मध्ये १ हजार ५६ महिला उम्मेदवार रहेकोमा ६१ महिला निर्वाचित भएका छन्। त्यसैगरी स्थानीय तहको निर्वाचन, २०७९ मा ७५३ स्थानीय तहको प्रमुख पदमा कुल ६ हजार ३३० उम्मेदवार मध्ये ३८४ महिला उम्मेदवार रहेकोमा २५ जना, उपाध्यक्ष/उपप्रमुख पदका लागि कुल ४ हजार १२७ उम्मेदवार मध्ये ३ हजार ७८ महिला उम्मेदवार रहेकोमा ५६९ र वडा अध्यक्ष पदमा कुल ३२ हजार ४९५ उम्मेदवार मध्ये ९४५ महिला उम्मेदवार रहेकोमा ६८ महिला मात्र निर्वाचित भएका छन्। त्यसैगरी २०७४ मा सम्पन्न जिल्ला समन्वय समिति प्रमुखको निर्वाचनमा ७७ मध्ये २ मात्र महिला र उप प्रमुखमा ४६ महिला निर्वाचित भएकोमा २०७९ को निर्वाचनमा प्रमुखमा ४ र उप प्रमुखमा ३२ महिला निर्वाचित भएका छन्।

निर्वाचनमा न्यून संख्यामा महिला उम्मेदवार उठाइएको र निर्वाचित पनि कम भएकोले समावेशीकरणलाई दिगो र प्रभावकारी बनाउन सम्बद्ध निकाय र राजनीतिक दलको ध्यान जानुपर्दछ।

१८. **महिला प्रतिनिधित्व** - नेपालको संविधानको धारा ७६ को उपधारा ९ मा प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रधानमन्त्री सहित बढीमा २५ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार २०७४ फाल्गुण देखि २०७९ आषाढसम्म २६ पटक मन्त्रिपरिषद् गठन/पुनर्गठन भएकोमा एक पटकको मन्त्रिपरिषद् गठन तथा हेरफेरमा महिला सदस्य नरहेको र बाँकी २५ पटकमा ८ देखि ३३.३३ प्रतिशतसम्म महिला सहभागिता रहेको पाइयो। प्रदेश सभा सदस्य निर्वाचन, २०७४ पश्चात कोशी प्रदेशमा ८ पटक मन्त्रिपरिषद् गठन तथा पुनर्गठन भएकोमा ३ पटकको गठनमा महिला सहभागिता नरहेको, मधेश प्रदेशमा विभिन्न समयमा भएको मन्त्रिपरिषद् गठनमा २१.४३ प्रतिशतसम्म महिला सहभागिता रहेको, बागमती प्रदेशमा १० पटक मन्त्रिपरिषद् गठन तथा पुनर्गठन हुँदा ३ पटकको गठनमा महिला सहभागिता नरहेको, गण्डकी प्रदेशमा ११ पटक गठन एवं विस्तार हुँदा १ पटक महिला सहभागिता नरहेको, लुम्बिनी प्रदेशमा ८ पटक मन्त्रिपरिषद् गठन भएकोमा २ पटकको विस्तारमा महिलाको सहभागिता नरहेको, कर्णाली प्रदेशमा ४ पटक मन्त्रिपरिषद् गठन तथा विस्तार हुँदा १ पटकको विस्तारमा महिला सहभागिता नरहेको र सुदूरपश्चिम प्रदेशमा ५ पटक मन्त्रिपरिषद् गठन तथा विस्तार हुँदा ९.०९ देखि ४५.४५ प्रतिशतसम्म महिला सहभागिता रहेको पाइयो। संवैधानिक व्यवस्था अनुरूप समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको प्रतिनिधित्व हुनुपर्दछ।

१९. **निजी, सहकारी/व्यावसायिक क्षेत्रमा महिला सहभागिता** - दिगो विकास लक्ष्य ५.५.२ मा निजीक्षेत्र, सहकारी, व्यावसायिक क्षेत्रका व्यवस्थापकीय पद, व्यावसायिक तथा प्राबिधिक क्षेत्रमा महिलाको अनुपात बढाउँदै लैजाने उल्लेख छ। नेपाल सरकारको राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को बुँदा नं. ११(च) मा सबै क्षेत्रको नेतृत्व तहमा महिलाको समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गरिने उल्लेख छ। निजीक्षेत्रको व्यवस्थापकीय पदमा महिला सहभागिता सुनिश्चित गर्ने कानूनी व्यवस्था भएको पाइएन। प्राप्त विवरणअनुसार विभिन्न ३५ बीमा कम्पनीमा प्रबन्धक भन्दा माथिका पदमा ९५२ कार्यरत रहेकोमा १८८ महिला कार्यरत रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको प्रबन्धक भन्दा माथिका पदमा कार्यरत ३ हजार ४४२ कर्मचारीमध्ये ६७९ महिला कर्मचारी कार्यरत रहेका छन्। वाणिज्य बैङ्कहरूमा प्रमुख कार्यकारी अधिकृत १७, वरिष्ठ उप-प्रमुख तथा

कार्यकारी अधिकृत ४, सहायक प्रमुख कार्यकारी अधिकृत १३, वरिष्ठ उप महाप्रबन्धक २ र कार्यकारी प्रबन्धक २ कार्यरत रहेकोमा महिलाको उपस्थिति रहेको पाइएन । त्यसैगरी व्यावसायिक क्षेत्रमा संलग्न कुल कामदार ३२ लाख २८ हजार ४७५ मध्ये १२ लाख १६ हजार २२० महिला कामदार रहेको पाइयो भने प्राबिधिक क्षेत्रमा कार्यरत कामदारको विवरण प्राप्त भएन। निजीक्षेत्रको निर्णायक तहमा महिला सहभागिताको सुनिश्चितता, वर्तमान अवस्था, अद्यावधिक तथ्याङ्कको अवस्था र सोको प्रभावकारी कार्यान्वयनको नियामक निकायबाट निरन्तर अनुगमन हुनुपर्दछ।

२०. **नीति निर्माणमा महिला सहभागिता** - नेपालको संविधानको धारा २८५ को उपधारा २ मा सबै सरकारी सेवामा प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने व्यवस्था छ। निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ मा खुल्ला प्रतियोगिताबाट पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्टयाई सो लाई शत प्रतिशत मानी महिलालाई ३३ प्रतिशत आरक्षण गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार २०७८।७९ सम्म राजपत्रांकित विशिष्ट ७३, राजपत्रांकित प्रथम ७८३ र राजपत्रांकित द्वितीय ४ हजार १३८ पदपूर्ति भएकोमा क्रमशः ७ जना, ८३ र ६३० महिलारहेको पाइयो। समग्रमा निजामती सेवाको निर्णायक तहमा १४.४१ प्रतिशत मात्रै महिला सहभागिता रहेको छ। कुल ७५३ प्रमुख प्रशासकीय अधिकृतमध्ये महिलाको संख्या ९ मात्र रहेको पाइयो। त्यसैगरी ४१ जिल्ला समन्वय अधिकारी पदपूर्ति भएकोमा २ मात्र महिला कार्यरत रहेको पाइयो।

त्रिभुवन विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ६ उपनियम ३(५) मा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरू समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार त्रिभुवन विश्वबिद्यालय र अन्तर्गतका १२० निकायमा शिक्षण सेवातर्फ प्राध्यापक ९२९, सह प्राध्यापक २ हजार २०२ र उप-प्राध्यापक ४ हजार १२४ कार्यरत रहेकोमा महिला क्रमशः ५२, १३८ र ४७५ कार्यरत रही शिक्षण सेवातर्फ समग्रमा महिला सहभागिता ९.१६ प्रतिशत रहेको छ। त्यसैगरी १२० निकायका प्रमुखमध्ये महिलाको संख्या १५, प्रशासनतर्फका सचिव सरहका पद १५ र सह सचिव सरहका ९० पद रहेकोमा महिलाको उपस्थिति शून्य रहेको पाइयो। विश्वविद्यालय अन्तर्गतका ६२ आङ्गिक क्याम्पसमध्ये महिला क्याम्पस प्रमुखको संख्या ५ रहेको पाइयो। समावेशिताको सिद्धान्तअनुसार महिला सहभागिताको सुनिश्चितता हुनुपर्दछ।

२१. **न्यायपालिकामा महिला** - न्याय परिषद ऐन, २०७३ को दफा ५ (१) मा न्याय परिषदले समानुपातिक समावेशी सिद्धान्तबमोजिम न्यायाधीश पदको नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार २०७८।७९ को पौष मसान्तसम्म सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा क्रमशः १६, १२० र २५५ पदपूर्ति भएकोमा महिला न्यायाधीशको संख्या क्रमशः २, १९ र १६ रहेको छ। कुल पदपूर्तिको ९.४६ प्रतिशत मात्र महिला न्यायाधीश कार्यरत रहेको पाइयो। संवैधानिक मर्म तथा समावेशिताको सिद्धान्तअनुरूप महिला सहभागिताको सुनिश्चितता हुनुपर्दछ।

२२. **महिला सशक्तीकरण** - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तर्जुमा गरेको राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ मा कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने रणनीति रहेको छ। सरकारद्वारा सञ्चालित क्षमता विकास लगायतका कार्यक्रममा महिला सहभागिता स्वेच्छिक भएको छ। विभिन्न

संघीय, प्रादेशिक तथा स्थानीय तहहरूले महिला सशक्तीकरणका लागि तालिम सञ्चालन गरेको भए तापनि सोको प्रभावकारिता अध्ययन तथा विश्लेषण गरेको पाइएन। सञ्चालित तालिम कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ।

२३. **अनुगमनसम्बन्धी व्यवस्था** - दिगो विकास लक्ष्य कार्यन्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व राष्ट्रिय योजना आयोगको रहेको छ। सरकारले संयुक्त अनुगमन संयन्त्र स्थापना गरी प्राप्त प्रगतिको वार्षिक समीक्षा गर्ने, दिगो विकास लक्ष्य ५.५ कार्यक्रम कार्यान्वयन जिम्मेवार निकायको रूपमा निर्वाचन आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायतका निकाय रहेको पाइयो। राष्ट्रिय योजना आयोगले सन् २०२० मा दिगो विकास लक्ष्यको पुनरावलोकन गरी लक्ष्य कार्यान्वयनको बिद्यमान स्थिति तयार गरेकोमा यस सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन भएको देखिएन। दिगो विकास लक्ष्यको कार्यान्वयनको बिद्यमान स्थितिको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

अन्य संस्था

समाज कल्याण परिषद्

२४. **आय-व्यय एवं स्रोत परिचालन** - समाज कल्याण र सामाजिक सेवासँग सम्बन्धित क्रियाकलाप विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार परिषद्ले कार्य गर्दै आएको छ। परिषद्को आय-व्यय विवरण अनुसार गत वर्षको मौज्दात रू.५७ करोड ८८ लाख ७५ हजार समेत कुल आय रू.१ अर्ब ३ करोड ४७ लाख ४६ हजारमध्ये यो वर्ष प्रशासनिक कार्य र कार्यक्रममा रू.१९ करोड ८३ लाख ३७ हजार खर्च भई रू.८३ करोड ६४ लाख ९ हजार मौज्दात रहेको छ।

२५. **काठमाडौं फनपार्क आय ठेक्का** - काठमाडौं महानगरपालिकाबाट परिषद्लाई भोगाधिकार प्राप्त फनपार्कले चर्चेको करिब ६० रोपनी जग्गा २०५७।८।२६ मा सबैभन्दा बढी कबोल गर्ने एक व्यवसायीसँग मासिक रू.४ लाख ७५ हजारमा ५ वर्षको लागि भाडामा सञ्चालन गर्न सम्झौता गरेकोमा सोही जग्गा अर्को व्यवसायीलाई २०६१।१२।१७ मा मासिक रू.२ लाख २ हजार ४ सयमा पुनः अर्को सम्झौता गरी भाडामा दिएको देखिन्छ। साविकमा लगाएको भाडा दरभन्दा मासिक रू.२ लाख ७२ हजार घटी हुने गरी ५ वर्षको लागि आय ठेक्का सम्झौता गर्दा सो अवधिमा रू.१ करोड ६३ लाख ५६ हजार घटी आम्दानी हुने देखिएको छ। परिषद्को आयमा नोक्सान हुने गरी साविकको कबोल अङ्कभन्दा घटी कबोल अङ्क निर्धारण गरेको सम्बन्धमा परीक्षणको लागि ठेक्का फाइल माग गरेकोमा पेस भएन। उक्त ठेक्का समाप्त भए पश्चात प्रतिस्पर्धाबाट ठेक्का लगाउनुपर्नेमा सो नगरी पटक पटक ३ महिनादेखि १ वर्षसम्मको अवधि तोकी पटके निर्णयका आधारमा ठेक्काको म्याद थप्दै गएको देखिन्छ। स्पष्ट कारण बेगर साविकको ठेक्का अङ्कभन्दा घटी दरमा न्यूनतम कबोल अङ्क निर्धारण गरी ठेक्का सम्झौता गरेको कारण परिषद्लाई नोक्सान परेकोमा सम्बन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ।

२६. **भूकुटीमण्डप बालउद्यान आय ठेक्का -** काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको भूकुटीमण्डप प्रदर्शनी स्थलको बालरेल तथा बाल रेललिकले घेरेको २५ रोपनी जग्गा २०५३।९।७ को समाजकल्याण परिषद्को निर्णय अनुसार दश वर्षको लागि पहिलो वर्ष मासिक रू.१० हजार, दोस्रो वर्ष मासिक रू.२० हजार, तेस्रो वर्ष मासिक रू.३० हजार र चौथो वर्ष मासिक रू.४० हजारका दरले काठमाडौ महानगरपालिका वडा नं.३१ स्थित एक युवा समूहसँग सम्झौता गरी ठेक्का लगाएकोमा समाज कल्याण परिषद्को २०५४।२।२० को निर्णय अनुसार सम्झौतामा संशोधन गरी साविकको भाडा दर घटाई दोस्रो वर्षदेखि मासिक भाडा रू.५ हजार कायम गरेर सोमा ५ प्रतिशतको दरले भाडा वार्षिक वृद्धि गर्ने र सम्झौता भएको तेस्रो वर्षदेखि कायम हुन आउने भाडा रकममा वार्षिक पुनः ५ प्रतिशतले भाडा वृद्धि गर्ने गरी २५ वर्षको लागि सम्झौता गरेको छ। शुरु सम्झौता अनुसार २०७८।९।६ सम्म रू.१ करोड १२ लाख ८० हजार परिषद्लाई आम्दानी हुनेमा सम्झौताको शर्तहरू परिवर्तन गरेकाले उक्त अवधिसम्म परिषद्लाई रू.२९ लाख २४ हजार मात्र आम्दानी भई रू.८३ लाख ५६ हजार घटी आय भएकोले सम्झौता परिवर्तन गर्ने निर्णयकर्तालाई जिम्मेवार र जवाफदेही बनाउनुपर्दछ।

२७. **जायजेथाः** कम्पनी ऐन, २०६३ को दफा १६७ (१) मा मुनाफा वितरण नगर्ने कम्पनी विघटन भएमा वा दर्ता खारेजीमा परेमा कम्पनीको ऋण तथा दायित्व फर्स्यौट गरी बाँकी रहेको जायजेथा नेपाल सरकारमा सर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार २०७४।७५ सम्म ११ कम्पनी विघटन वा दर्ता खारेज भएको देखिन्छ। तत्पश्चात् २०७८।७९ सम्म कम्पनी विघटन वा दर्ता खारेज भएको विवरण माग गरेकोमा विवरण पेस भएन। गत विगतमा विघटन भएका कम्पनीहरूको जायजेथा यकिन गरेर नेपाल सरकारको स्वामित्वमा आए पश्चात मात्र उक्त कम्पनी विघटनको सिफारिस दिनुपर्नेमा सो बेगर कम्पनी विघटन भएको देखिन्छ। खारेजी मूल्याङ्कन प्रतिवेदनअनुसार विघटन सिफारिस भएका उल्लिखित कम्पनीको बाँकी जायजेथा तथा नगद, बैङ्क मौज्दात यकिन गरेर नेपाल सरकारमा सरेको देखिएन। सो सम्बन्धमा छानबिन गरी विघटित कम्पनीको जायजेथा नेपाल सरकारको नाममा ल्याउनुपर्दछ।

२८. **संस्था आवद्धता तथा नवीकरण** - समाज कल्याण ऐन, २०४९ को दफा १३ र समाज कल्याण नियमावली, २०४९ को नियम १३ बमोजिम २०७८।७९ मा १ हजार ४३६ गैरसरकारी संस्थाले आवद्धता लिई हालसम्म आवद्ध संख्या ५३ हजार ९१५ पुगेको छ। आवद्धता लिएका संस्थामध्ये ४३ हजार ११० संस्थाले नवीकरण गरेका छैनन्। वैदेशिक सहयोग लिई आवद्धता नवीकरण नगर्ने संस्थाको सम्बन्धमा विदेशी मुद्रा प्राप्त गर्ने माध्यम बैङ्क तथा वित्तीय संस्थाहरू, अर्थ मन्त्रालयको वैदेशिक सहयोग व्यवस्थापन सूचना प्रणाली शाखा, सम्बन्धित आन्तरिक राजस्व कार्यालय र संस्था दर्ता, नवीकरण गर्ने निकायसँग समन्वय स्थापित गरी आवद्धता नवीकरणको दायरामा ल्याउनुपर्दछ। ऐन बमोजिम आबद्धता नलिई वैदेशिक स्रोत परिचालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२९. **अन्तर्राष्ट्रिय संघ संस्था खारेजी -** समाज कल्याण परिषद् ऐन, २०४९ अनुसार नेपालमा परियोजना सञ्चालन गर्ने साधारण सम्झौता स्वीकृत भएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले तोकिएको उद्देश्य प्राप्तिका लागि स्वीकृत परियोजना सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। स्वीकृत परियोजनालाई विदेशी संघ संस्थाले आर्थिक सहयोग उपलब्ध गराउँदा समाज कल्याण परिषद्

नियमावलीबमोजिम क वर्गको वाणिज्य बैङ्क मार्फत् उपलब्ध गराउनुपर्ने, स्वीकृत रकम नेपालभित्र खर्च गर्नुपर्ने र अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले परियोजना प्रस्तावबमोजिम कार्यक्रम सम्पन्न गर्न नसकी बीचैमा नेपालमा सञ्चालित कार्यक्रम बन्द गर्न चाहेमा खारेजी मूल्याङ्कन हुने गरेको छ। परिषद्ले २०७८।७९ मा खारेजी मूल्याङ्कनमा १५ संस्था पाइपलाइनमा रहेकोमा ४ संस्थाको खारेजी मूल्याङ्कन गरेको विवरण पेस गरेको छ। उक्त ४ संस्थाको खारेजी मूल्याङ्कन प्रतिवेदन अनुसार करिब रू.१ करोड ९३ लाख नगद मौज्दात बाँकी रहेको अवस्था छ। उक्त मौज्दात रकम परिषद्को कोषमा दाखिला हुनुपर्दछ।

३०. **अनुगमन मूल्याङ्कन** - समाज कल्याण ऐन, २०४९को दफा ९(क) मा परिषद्ले सामाजिक संघ संस्थाको अनुगमन मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। समाज कल्याण नियमावली, २०४९ को नियम १०(९) मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन/मूल्याङ्कन प्रयोजनार्थ नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था छ। परिषद्ले सामाजिक संघ संस्थाको अनुगमन सुपरिवेक्षण एवं मूल्याङ्कन निर्देशिका, २०७१ (चौथो संशोधन) को बुँदा १० मा अनुसूची (८) परियोजना सम्झौता हुनु अगाडि कुल परियोजना बजेटको आधारमा ०.१ देखि ०.५ प्रतिशतसम्म सम्बन्धित संस्थाबाट शुल्क उठाई साझा कोषको नाममा जम्मा गरी सोबाट खर्च गर्दै आएको छ। आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ मा परिषद्ले बाह्य मूल्याङ्कन प्रयोजनका लागि २ हजार ९२० राष्ट्रिय गैरसरकारी संस्थाबाट रू.२६ करोड ६६लाख २० हजार तथा ५० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट रू.२ करोड ५६ लाख ८६ हजारसमेत रू.२९ करोड २३ लाख ६ हजार सेवा शुल्क असुल गरेको छ। गत दुई आर्थिक वर्षमा कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको मूल्याङ्कन गर्न टोली परिचालन गरी मूल्याङ्कन प्रारम्भ भएको पाइएन। परिषदबाट स्वीकृति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका परियोजना सम्झौता सम्पन्न भएकामध्ये अन्तिम मूल्याङ्कनको प्रतिवेदन अद्यावधिक नभएको तथा बाह्य मूल्याङ्कन प्रयोजन विवरण अद्यावधिक गरी जोखिममा आधारित मूल्याङ्कनका सूचकहरू तयार गरेर जोखिम विश्लेषणका आधारमा उच्च जोखिमयुक्त संस्थाको पहिलो प्राथमिकता र अन्यको क्रमशः मूल्याङ्कन गर्दै जानुपर्नेमा सो गरेको छैन। स्वीकृत परियोजनामध्ये सम्पन्न संस्थाहरूको समेत अन्तिम मूल्याङ्कन नटुङ्गयाई प्रक्रियामा राख्दै जाने अवस्था देखिएकोले अनुगमन मूल्याङ्कनलाई गुणस्तरिय एवं प्रभावकारी बनाउनुपर्दछ।

३१. **उजुरी छानबिन** - समाज कल्याण नियमावली, २०४९ नियम ७ (१२) मा परिषद्सँग आवद्ध संघ संस्थाहरूसँग सम्झौता गरी कार्यरत सामाजिक संस्थामा प्राप्त उजुरी उपर छानबिन गरी प्राप्त प्रतिवेदनको सिफारिसबमोजिम कारबाही गर्ने गराउने उल्लेख छ। परिषदमा यो वर्ष राष्ट्रिय गैरसरकारी संस्थाका बारेमा ४ उजुरी परेकामध्ये २ संस्थाको उजुरी छानबिन गरेको देखिन्छ। परिषद्ले छानबिन प्रतिवेदनबाट देखिएका व्यहोरा सम्बन्धित निकायमा कार्यान्वयनका लागि नपठाएको तथा सोको अनुगमन सिफारिस गर्ने गरेको समेत देखिएन।

एक संस्थाले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा शैक्षिक सहायता परियोजना सञ्चालनका लागि सन् २०१८ मा स्वीजरल्याण्डस्थित एक फाउण्डेशनबाट रू.१ करोड १७ लाख ६१ हजार सहायता लिई संस्थाको विधानमा उल्लिखित उद्देश्य विपरीत बुढानीलकण्ठ-११ मा २४ जना बालबालिकालाई राखी बालगृह सञ्चालन गर्दै आएको, १८ वर्ष माथिका बालिकालाई बालगृहमा

राखेको, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त अनुदान संस्थाले उद्देश्य विपरीत बालगृह सञ्चालन गरी खर्च गरेको छानबिन प्रतिवेदनमा उल्लेख छ। समाज कल्याण परिषद्को प्रमुख काम अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ संस्था विधान एवं सम्झौताबमोजिम सञ्चालन भए नभएको नियमित अनुगमन गरी संस्थाले स्वीकृत कार्यक्रम सम्पन्न भए पश्चात मध्यावधि एवं अन्तिम मूल्याङ्कन गर्नुपर्नेमा समयमा अनुगमन मूल्याङ्कन नहुँदा उपलब्ध स्रोतको उपयोग, उद्देश्य एवं कार्यक्रम विपरीत अन्यत्र हुने गरेको छ। छानबिन प्रतिवेदनले दिएका सुझाव कार्यान्वयन नभएको तथा ऐन विपरीत परिषदमा आवद्ध संस्थालाई कारबाही समेत गरेको छैन। कानून बमोजिम त्यस्ता संस्थालाई कारबाही गर्नुपर्दछ।

३२. **अक्षय कोषको रकम -** अपाङ्ग कोष स्थापना र सञ्चालन (कार्य व्यवस्था) नियमावली, २०५५ को नियम १६(२) मा कोषमा प्राप्त सबै रकम क वर्गको वाणिज्य बैङ्कलाई प्राथमिकता दिई राख्नुपर्ने उल्लेख छ। कोषको तत्कालीन प्रवन्धकले एक वित्त कम्पनीमा रू.२८ लाख मुद्दती खाता खोली औसत १२ प्रतिशत ब्याजमा राखेको देखियो। नियमावलीविपरीत निर्णय गरी वित्त कम्पनीमा निक्षेपित उक्त रकम वित्त कम्पनी वित्तीय रूपमा टाट पल्टेको कारण कोषको मूलधन तथा ब्याज डुबेको अवस्था छ। यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३३. **बक्यौता असुली -** परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा परिषद्ले आफ्नो स्वमित्वमा रहेका एवं भोगाधिकार प्राप्त गरेका भवन, जमिन र उपकरण निर्धारित प्रक्रिया अपनाई भाडामा दिनसक्ने व्यवस्था छ। भूकुटीमण्डप सञ्चालन कार्यालयले उपलब्ध गराएको विवरण अनुसार २०७९ आषाढ मसान्तसम्म विभिन्न ५१ संघसंस्थाबाट भाडाबापत रू.५ करोड ८२ लाख ६४ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। सम्झौता बमोजिमको भाडा रकम असुल गर्नुपर्दछ।

३४. **वैदेशिक सहयोग** - वैदेशिक सहयोग स्वीकृतिसम्बन्धी निर्देशिका, २०७१ को बुँदा नं.४ मा गैरसरकारी संस्थाहरूको स्वीकृत परियोजना अर्थ मन्त्रालयको सहयोग व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी महिला तथा बालबालिका मन्त्रालयको सिफारिसमा परिषद्ले परियोजना स्वीकृत गर्ने व्यवस्था छ। सोही निर्देशिकाको बुँदा नं.४.११ मा सम्बन्धित संस्थाले उक्त प्रणालीमा प्रविष्ट गरेको जानकारी परिषद्लाई दिई परियोजना अनुदान संशोधन गर्नसक्ने व्यवस्था छ। परिषद्ले २०७८।७९ मा विभिन्न ३० संस्थाको रू.४ करोड ८७ लाख ९० हजार शुरु परियोजना स्वीकृत गरेकोमा संशोधनबाट रू.१ अर्ब ६५ करोड ३८ लाख ३७ हजार थप गरेको छ। संशोधित बजेट अर्थ मन्त्रालयको अनुदान व्यवस्थापन प्रणालीमा प्रविष्ट गरेको देखिएन। वैदेशिक सहयोग रकम बजेटरी प्रणालीमा नदेखाई संशोधन गर्नु नियमसम्मत देखिएन। निर्देशिकाको प्रक्रिया पूरा गरेर मात्र संशोधनको स्वीकृति दिनुपर्दछ।

३५. **कार्यक्रम तथा परियोजना अनुमोदन -** वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१ को बुँदा नं.५ मा संघ, संस्थाद्वारा वैदेशिक सहयोगमा कार्यक्रम, परियोजना सञ्चालन गर्नुपूर्व समाज कल्याण ऐन, २०४९ को दफा १६ अनुसार स्वीकृति लिनुपर्ने व्यवस्था छ। पूर्व स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेमा एक पटकका लागि मात्र खर्च रकम अनुगमन/मूल्याङ्कन गरी अनुमोदन गर्न सकिने व्यवस्था छ। परिषद्ले २०७८।७९ मा ३० अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत् प्राप्त अनुदान स्वीकृति नलिई खर्च गरेको ६५८ राष्ट्रिय गैरसरकारी संस्थाका ७१२ परियोजनाको रू.२३ अर्ब ५४ करोड

५२ लाख परिषद्ले अनुमोदनको प्रक्रियामा राखी नयाँ परियोजना कार्यान्वयन गर्न स्वीकृति दिँदै आएको छ। अर्थ मन्त्रालयको अनुदान व्यवस्थापन सूचना प्रणालीमा सहायता रकम नदेखाई सोझै दातासँग सम्झौता गरी परियोजनामा खर्च गर्ने र खर्च गरी कार्यक्रम सम्पन्न पश्चात् अनुमोदनका लागि परिषदमा पेस गर्ने गरेको छ। निर्देशिकाको प्रावधानबमोजिम परियोजना सञ्चालन गर्नु गराउनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, उजुरी छानबिन, भाडा असुली लगायतका व्यहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहाय अनुसार छः
  - मन्त्रालय र मातहतका ६ निकायको यो वर्ष रू.५ करोड १७ लाख २७ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये रू.३ लाख ८ हजार पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - यो वर्ष एक संगठित संस्थाको रू.८५ लाख १७ हजार बेरुजू देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा खेलकुदको माध्यमबाट युवा जनशक्तिको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्न युवा एवं खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन र विकास गर्ने लगायतका कार्य रहेका छन्। मन्त्रालय मातहत सरकारी कार्यालय र अन्य संस्थासमेत ५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालयको निम्नानुसार रू.१ अर्ब ४४ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
१३३२९	११३२	७	-	१४४६८

२. **अन्य संस्था -** यो वर्ष ४ संस्थाको रू.१३ अर्ब ७३ करोडको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौ योजनामा राष्ट्रिय युवा परिचालनतर्फ वार्षिक १ नवप्रर्वतन केन्द्र स्थापना गर्ने, ७३ हजार युवालाई नेतृत्व अभ्यास गराउने, १ लाख २ हजार युवालाई स्वरोजगार कोषमार्फत् कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने र करिब ९ हजार युवालाई खेल पूर्वाधारमा रोजगारी सिर्जना गर्ने लक्ष्य रहेको छ। त्यसैगरी खेलकुद विकासतर्फ आधारभूत प्रशिक्षण प्राप्त ७८ हजार खेलाडी तयार गर्ने, ३२ हजारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रशिक्षण उपलब्ध गराउने, ४ अन्तर्राष्ट्रिय खेल परिसर, ३ प्रदेश रङ्गशाला, वार्षिक १ क्रिकेट रङ्गशाला, २ उच्च धरातलीय खेलकुद तालिम केन्द्रको निर्माण गर्ने र स्थानीय तहमा १७१ खेलग्रामको निर्माण सम्पन्न गर्ने लक्ष्य तोकिएकोमा मन्त्रालयले सो अनुसारको प्रगति विवरण तयार गरेको छैन।

३.१. खेलकुद पूर्वाधार विकास तथा प्रवर्द्धनतर्फ सुविधा सम्पन्न अन्तर्राष्ट्रिय खेलकुद परिसर निर्माण, सबै प्रदेशमा अन्तर्राष्ट्रियस्तरका सुविधा सम्पन्न रङ्गशाला निर्माण, मूलपानी क्रिकेट रङ्गशालासहित सातवटै प्रदेशमा क्रिकेट मैदान निर्माण सम्पन्न गर्ने लक्ष्य तोकिएकोमा निर्माण कार्य अधुरो रहेको अवस्था छ। सबै स्थानीय तहमा खेलग्राम निर्माण, खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक र निजी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने नीति रहेकोमा ती कार्यक्रमहरू कार्यान्वयन हुनसकेका छैनन्।

३.२. साहसिक खेलकुद प्रवर्द्धन कार्यक्रमतर्फ ६ स्थानमा खेलस्थल निर्माण र वार्षिक ६ अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्ने कार्यक्रम कार्यान्वयन हुन नसक्दा खेल पर्यटन प्रवर्द्धनमा समेत असर पर्ने अवस्था छ। त्यसैगरी रू.२ अर्ब ५० करोड अनुमानित लागतमा सार्वजनिक निजी साझेदारीमा कभर्ड हल फिटनेस सेन्टरलगायतका पूर्वाधारसहितका २ उच्च धरातलीय खेलकुद तालिम केन्द्रको निर्माण गर्ने लक्ष्य रहेकोमा कार्य प्रारम्भ नै भएको छैन। मन्त्रालयले खेल पूर्वाधारमा निजी साझेदारीको मोडेलसमेत तयार गरेको छैन। युवा स्वरोजगार कार्यक्रमबाट वार्षिक १२ हजार युवालाई स्वरोजगार

दिई युवाको आर्थिक अवस्था सुदृढ गरी वैदेशिक पलायन रोक्ने कार्यक्रमको कार्यान्वयन सन्तोषजनक छैन। वार्षिक लक्ष्यअनुसारका कार्यक्रम कार्यान्वयन गरी सोको प्रगति प्रतिवेदनसमेत तयार गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा युवाको सार्थक सहभागिताका लागि युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने, युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत् थप १२ हजार युवालाई स्वरोजगार बनाउने, राष्ट्रिय युवा परिषद्मार्फत् सबै प्रदेशमा युवा नवप्रर्वतन केन्द्र स्थापना गर्ने, १३ हजार सामुदायिक विद्यालयमा स्काउट विस्तार गरी स्वयंसेवी भावसहित राष्ट्र निर्माणमा सक्रिय गराउने, अन्तर्राष्ट्रियस्तरको मदन भण्डारी रङ्गशाला २ वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण प्रारम्भ गर्ने, पोखरा र मूलपानी क्रिकेट रङ्गशालाको निर्माण सम्पन्न गर्ने, प्रदेश तहमा ६ क्रिकेट मैदानको निर्माण सम्पन्न गर्ने, सोलुखुम्बु, सिन्धुपाल्चोक, मनाङ, मुस्ताङ र जुम्लामा उच्च धरातलीय खेलकुद तालिम केन्द्र निर्माण गर्ने, अन्तर्राष्ट्रियस्तरको खेल विद्यालयको सम्भाव्यता अध्ययन गर्ने तथा १६८ स्थानीय तहमा खेलग्रामको निर्माण सम्पन्न गर्ने लगायतका कार्य गर्न रू.२ अर्ब ७४ करोड बजेट व्यवस्था भएको छ। सोबमोजिम १७१ खेलग्राम निर्माण गर्न स्थानीय तहलाई रू.२५ करोड हस्तान्तरण गरेको, १३ हजार विद्यालयमा स्काउटको पहुँच विस्तार गर्ने कार्यक्रम प्राविधिक कारणबाट रोकिएको, मदन भण्डारी रङ्गशाला, मूलपानी क्रिकेट रङ्गशाला, पोखरा रङ्गशाला, प्रदेश तहका ६ क्रिकेट मैदान, उच्च धरातीय खेलकुद तालिम केन्द्रलगायतका खेलकुद पूर्वाधार निर्माणमा लक्ष्यअनुसारको भौतिक प्रगति नभएको एवं स्थानीय तहमार्फत् सम्पन्न गर्ने गरी वित्तीय हस्तान्तरण भएका खेलग्रामहरूको निर्माण सम्पन्न हुन नसकेको अवस्था छ। बजेट वक्तव्यमा उल्लेख भएका लक्ष्य हासिल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यमा समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने कार्यमा युवाको सहभागिता वृद्धि गर्ने, प्राविधिक तथा व्यावसायिक सीप भएका युवाको संख्यामा वृद्धि गर्ने, युवा स्वयंसेवा र नवीनतालाई प्रोत्साहन गर्ने, रोजगारी वृद्धिका लागि तालिम प्राप्त युवाको अनुपात बढाउने, निर्णय लिने सबै तहमा युवा प्रतिनिधित्व सुनिश्चित गर्ने, युवा अर्ध बेरोजगारी दर सन् २०३० सम्ममा १० प्रतिशतमा ल्याउन सन् २०२२ मा २३.८ प्रतिशतमा झार्ने, शिक्षा रोजगारी तालिममा संलग्न नभएका १५-२४ वर्ष उमेर समूहका युवाको अनुपात घटाउने र युवाहरूको रोजगारीको निम्ति विशेष रणनीतिको रूपमा विकसित नवीनतम अवधारणा उपयोगको व्यवस्था गर्ने उल्लेख छ। मन्त्रालयले माइलस्टोन तालिकाअनुसार प्रगति विवरण तयार नगरेकोले लक्ष्य प्रगतिको स्थिति मूल्याङ्कन गर्न सकिएन।

युवा अर्ध-बेरोजगारी दर २३.८ प्रतिशतमा झार्न नवीनतम रोजगारीका अवसर जुटाई युवा शक्तिको उपयोग गर्ने लक्ष्य सम्बोधन हुन नसक्दा १९.२ प्रतिशत युवा पूर्ण बेरोजगार रहेका छन्। युवा साक्षरता दर ७१ प्रतिशत रहे तापनि २ प्रतिशत सीपयुक्त युवा जनशक्ति दक्ष, ७४ प्रतिशत अदक्ष र २४ प्रतिशत अर्धदक्ष रहेको स्थिति छ। स्नातक तहको शिक्षा हासिल गरेका करिब २६.१ प्रतिशत युवा बेरोजगार छन्। दक्ष र उद्यमशील जनशक्तिको विकास गर्न युवालाई निर्वाहमुखी कामबाट आधुनिक उद्यममा रुपान्तरण गर्ने कार्यक्रम कार्यान्वयन हुन सकेको छैन।

मन्त्रालयले दिगो विकास लक्ष्य प्राप्तिका लागि कतिपय लक्षित कार्यक्रम कार्यान्वयन गर्नसकेको छैन। स्वीकृत कार्यक्रममा तालिम, भ्रमण, अनुगमन, जनचेतना गोष्ठी आदि कार्यान्वयन हुँदै

आएको अवस्था छ। खेल पूर्वाधार, युवा लक्षित शिक्षा, रोजगारी प्रवर्द्धन, प्राविधिक तालिमका क्षेत्रमा मन्त्रालयबाट सञ्चालित कार्यक्रमको प्रगति न्यून भएकोले दिगो विकास लक्ष्य हासिल हुन सक्ने स्थिति देखिएन। बजेट, कार्यक्रम कार्यान्वयनमार्फत् जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चत हुने गरी दिगो विकास लक्ष्य हासिल गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रगति प्रतिवेदनअनुसार राष्ट्रिय युवा परिचालन तथा खेलकुद विकास कार्यक्रम कार्यान्वयनको लागि विनियोजित रू.१२ करोड ३१ लाखमध्ये रू.८ करोड ७० लाख ४६ हजार खर्च भई ७०.७१ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। स्वीकृत कार्यक्रममध्ये निम्न क्रियाकलापमा न्यून प्रगति देखिएको छ।

क्र.सं.	क्रियाकलापहरू	इकाई	वार्षिक लक्ष्य	वार्षिक प्रगति	प्रगति प्रतिशत
१	• **राष्ट्रिय युवा परिचालन कार्यक्रमः** खेलकुद सम्बन्धी कानून, नीति निर्माण	वटा	२	१	५०
२	युवा सम्बन्धी कार्यक्रम निर्माण तथा प्रशारण	वटा	१	आंशिक रूपमा भएको	५०
३	अन्तर्राष्ट्रिय युवा अनुभव आदान प्रदान	जना	१००	-	०
४	राष्ट्रिय विकास स्वयमसेवकको डाटावेस निर्माण, सञ्चालन	वटा	१	-	०
५	खेलकुदसम्बन्धी कानून, नीति निर्माण	पटक	७	२	३०
६	मानवता प्रर्वद्धनका लागि युवा सचेतना कार्यक्रम	जना	७००	५४०	७७
१	• **खेलकुद विकास कार्यक्रमः** राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी	पटक	१०	३	३०
२	खेलकुदमा सार्वजनिक र निजी साझेदारी कार्यक्रम	पटक	६	०	०

स्वीकृत वार्षिक कार्यक्रमहरू तोकिएको समयमा कार्यान्वयन गरी लक्षित नतिजा हासिल गर्नुपर्दछ।

७. **पेस्की फस्यौंट -** राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ७९ मा कर्मचारीले म्यादभित्र पेस्की फस्यौंट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत असुल उपर गर्ने व्यवस्था छ। परिषदबाट प्राप्त वित्तीय विवरणअनुसार यस वर्षसम्म २ हजार २७ पदाधिकारी, कर्मचारी, समिति र सङ्घ संस्थाको नाममा रू.१ अर्ब २७ करोड ९८ लाख ७५ हजार पेस्की बाँकीमध्ये २०४३ देखि गत आर्थिक वर्षसम्मको म्याद नाघेको पेस्की रू.१ अर्ब २२ करोड ६ लाख २९ हजार बाँकी रहेको छ। परिषद्ले नियमावलीको नियम ८० विपरीत पेस्की माथि पेस्की दिने गरेको, समयमा फस्यौंटको लागि आवश्यक कारबाही नगरेको, प्रयोजन समाप्त भएको पेस्कीको अनुगमन नगरेको, फस्यौंटका लागि कानूनी कारबाही नगरेको कारण प्रतिवर्ष पेस्की रकम वृद्धि हुँदै गएको छ। फस्यौंट गर्न बाँकी पेस्की रकममा नियमानुसार ब्याज समेत गणना गरी असुल फस्यौंट हुनुपर्दछ।

राष्ट्रिय युवा परिषद्

युवा हकहितको संरक्षण र युवा उद्यमशीलताका लागि युवा रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यका साथ राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार राष्ट्रिय युवा परिषद्को स्थापना भई सञ्चालनमा रहेको छ। परिषद्ले युवा विकासको आधारशिलाको रूपमा रहेका गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा सहभागीता, नेतृत्व विकास र खेलकुद एवं मनोरञ्जनलगायत ५ आधार स्तम्भ पहिचान गरी युवाको चौतर्फी विकास एवं समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ।

८. **युवा नवप्रवर्तन केन्द्र** - पन्ध्रौं योजनाको युवा नवप्रर्वतन केन्द्र स्थापना गर्ने विषयलाई २०७७।७८ को बजेट तथा कार्यक्रमदेखि निरन्तरता दिएको छ। परिषद् कार्यकारी समितिले युवाको क्षमता अभिवृद्धिका लागि सङ्घीय तहमा काठमाडौं विश्वविद्यालयको सहकार्यमा र कोशी प्रदेशमा प्रदेश सरकारको समन्वयमा मदन भण्डारी स्मृति प्रतिष्ठानसँग सहकार्य गरी केन्द्र स्थापना एवं सञ्चालन गर्न २०७७ असार १५ मा निर्णय गरेको देखिन्छ। केन्द्र स्थापनाको लागि आफ्नो स्वामित्वमा जग्गा प्राप्त भए पश्चात् कार्य सञ्चालन गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा काठमाडौं विश्वविद्यालयको सहकार्यमा सञ्चालन हुने केन्द्रको लागि काभ्रेको नमोबुद्ध नगरपालिकाले २०७७।३।१७ को निर्णयानुसार उपलब्ध गराएको ५३ रोपनी ६ आना १ पैसा ३ दाम जग्गाको स्वामित्व खुलेको देखिएन। गत वर्ष रू.२५ लाखको लागतमा तयार भएको विस्तृत योजना तथा गुरुयोजना स्वीकृत भएको छैन। यो वर्ष उक्त कार्यक्रमको लागि रू.५० लाख ४६ हजार बजेट स्वीकृत भएकोमा परिषद्ले जग्गाको स्वामित्व यकिन नगरी गुरुयोजना निर्माण बापत गत वर्ष रू.१५ लाख र यो वर्ष रू.१७ लाख ३२ हजार समेत रू.३२ लाख ३२ हजार खर्च गरेको छ। जग्गाको स्वामित्व यकिन गरी लगानी सुरक्षित गर्नुपर्दछ।

९. **व्ययभार** - राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा १२ मा जिल्ला युवा समितिसम्बन्धी व्यवस्था रहेको छ। समितिका अध्यक्षलाई सम्झौतामा नै काम तोकी कार्य विवरणसहित जिम्मेवारी दिएको देखिएन। देश सङ्घीय संरचनामा गइसके पश्चात् युवा परिचालनसम्बन्धी प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले युवासँग सम्बन्धित आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्दै आएकोले समिति निष्क्रिय रहेका छन्। परिषद्ले निष्क्रिय रहेका ७७ जिल्ला युवा समितिका अध्यक्षलाई जिम्मेवारी बेगर यस वर्ष पारिश्रमिकबापत रू.१ करोड ७३ लाख २० हजार भुक्तानी गरेको छ। बजेट खर्चलाई प्रतिफलयुक्त बनाउनुपर्दछ।

१०. **फिर्ता गर्न बाँकी किस्ता** - राष्ट्रिय युवा परिषद्ले युवा उद्यम कार्यक्रमअन्तर्गत नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्सकुन) र जिल्ला युवा समितिमार्फत् युवा स्वरोजगारका कार्यक्रममा २०७३।७४ देखि २०७५।७६ सम्मका सम्झौताअनुसार सम्झौता मितिले पाँच वर्षभित्र घुम्ती कोषमा फिर्ता गर्नेगरी सम्बन्धित जिल्लाका सहकारीमार्फत् ४४२ युवा समूहलाई रू.२० करोड ७५ लाख ब्याज नलाग्ने गरी लगानी गरेको छ। सम्झौताबमोजिम २०७९ आषाढसम्म रू.१६ करोड ३२ लाख ७५ हजार किस्ता फिर्ता प्राप्त हुनुपर्नेमा रू.१५ करोड ५५ लाख ७५ हजार प्राप्त भई रू.७७ लाख कोषमा फिर्ता हुन बाँकी रहेको छ। जसमध्ये यस वर्षको रू.३५ लाख ५० हजार फिर्ता हुन बाँकी देखिन्छ। परिषद्ले आवश्यक कारबाही गरी किस्ता रकम असुल गर्नुपर्दछ।

अन्य संस्था

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय

बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट विना धितोका परियोजनामा सहुलियत ब्याजदरमा व्यवसायीलाई बढीमा रू.२ लाखसम्म आवधिक ऋण उपलब्ध गराउन स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिमसमेत उपलब्ध गराउने उद्देश्यले २०६४ सालमा यो कोषको स्थापना भएको हो।

११. **आन्तरिक लेखापरीक्षण** - कोष सञ्चालन नियमावली, २०६५ को नियम २१(२) मा कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ। सचिवालयले समयमा वित्तीय विवरण पेस नगरेका कारण विनियोजनतर्फको मात्र आन्तरिक लेखापरीक्षण भएको छ। यो वर्षसमेत कोषतर्फको आन्तरिक लेखापरीक्षण भएको छैन। सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्दछ।

१२. **निष्क्रिय पुँजी -** गत वर्षसम्मको रू.२ अर्ब ३० करोड २९ लाखसमेत २०७८।७९ सम्ममा विभिन्न बैङ्क तथा वित्तीय संस्थाको १८३ खातामा रू.१ अर्ब १८ करोड ६१ लाख २७ हजार मौज्दात रहेको छ। युवा तथा साना ब्यवसाय प्रवर्द्धन गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट ३.५ प्रतिशत ब्याज दरमा प्राप्त गरेको रकम ४ प्रतिशतमा लगानी गरी कोष सञ्चालनमा रहेको छ। प्राप्त ऋणमध्ये कोषले गत वर्षदेखि नै ठूलो रकम निष्क्रिय राखेको कारणले यो वर्ष ब्याज आम्दानी बचत रू.१ लाख ६१ हजार मात्र रहेको छ। प्राप्त ऋण प्रभावकारी ढङ्गले लगानी नभई घाटामा सञ्चालन गर्नुपर्दा कोषको दिगोपना रहने देखिँदैन। कोषलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यकताको आधारमा मात्र ऋण लिने र लिएको ऋणलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ।

१३. **भाखा नाघेको कर्जा** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को बुँदा नं. १७(२) मा संस्थामार्फत् लगानी भएको रकम तोकिएको तालिकाअनुसार नबुझाउने तथा रकम दुरूपयोग गर्ने कर्जाग्राहीलाई सहकारी ऐन, २०७४ एवं बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही गरी कर्जा असुल उपर गर्ने ब्यवस्था छ। कार्यक्रमअन्तर्गत २०७९ आषाढ मसान्तसम्म लगानी गरेको रकममध्ये विभिन्न सहकारी संस्थाको नाममा भाखा नाघेको साँवा रू.४८ करोड ६९ लाख ८२ हजार (१३.७३ प्रतिशत), ब्याज रू.५ करोड ९० लाख ४ हजार एवं हर्जाना रू.१ करोड ५२ लाख २० हजारसमेत रू.५६ करोड १२ लाख ६ हजार असुल भएको छैन। कोषको कर्जा नियमित रूपमा नतिर्ने सहकारी संस्थाका पदाधिकारी तथा सदस्यहरूको घर जग्गा कोषको नाममा रोक्का रहने व्यहोराको पत्राचार गरिए तापनि कार्यान्वयन हुनसकेको छैन। प्रचलित कानूनको कार्यान्वयन गरी भाखा नाघेको कर्जा समयमै असुल गर्नुपर्दछ।

१४. **कर्जा असुली** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ मा कोषबाट लिएको कर्जा सम्झौतामा उल्लेख भएबमोजिम निर्धारित समयमा साँवा ब्याज भुक्तानी गर्नुपर्ने र नगरेमा कोषले प्रचलित कानून बमोजिम हर्जानासमेत असुल उपर गर्ने व्यवस्था छ। कोषले २०७८।७९ सम्म रू.११ अर्ब ९३ करोड ७१ लाख ऋण लगानी गरी रू.८ अर्ब ३९ करोड १९ लाख असुल गरेको छ। यस वर्ष

कोषको लगानी रू.२ अर्ब ३ करोड १७ लाख र असुली रू.९६ करोड ७३ लाख गरेको विवरण प्राप्त भएको छ। कोषको वार्षिक लगानी र असुलीको अनुपात औसतमा २७.२८ प्रतिशत रहेकोले लगानीको तुलनामा असुली न्यून रहेको छ। कोषले कर्जा असुली थप प्रभावकारी बनाउनुपर्दछ।

१५. **ब्याज अनुदान** - ब्याज अनुदान निर्देशिका, २०७४ बमोजिम नेपाल सरकारबाट ब्याज अनुदान प्राप्त गरी कोषले अनुदान वितरण गर्दै आएको छ। गत विगत वर्षदेखिको दिनुपर्ने ब्याज अनुदान रकम यकिन गरी वित्तीय प्रतिवेदनमा दायित्त्व नदेखाई ब्याज अनुदान निकासाको आधारमा खर्च लैख्दै आएको देखिन्छ। कोषले सहकारी संस्थाहरूलाई वार्षिक ४ प्रतिशत ब्याज दरमा लगानी गरेको कर्जा सहकारी संस्थाहरूले वार्षिक ८ प्रतिशतभन्दा नबढ्ने गरी लगानी गर्ने गरेका छन्। कोषले स्थापनाकालदेखि हालसम्म ब्याज अनुदान दिन रू.१९ करोड ४१ लाख २० हजार बजेट प्राप्त भएकोमा १३ हजार ७६५ स्वरोजगार ऋणीलाई रू.१४ करोड १५ लाख ५९ हजार (७३ प्रतिशत) मात्र वितरण गरेको छ। यस वर्ष नियमानुसार ब्याज अनुदानका लागि स्वरोजगार समितिबाट सिफारिस भएकामध्ये १ हजार ४८१ ऋणीलाई रू.२ करोड ९ लाख १९ हजार (१२.२० प्रतिशत) ब्याज अनुदान वितरण गरेको छ। अधिकांश ऋणीले नियमित रूपमा किस्ता नबुझाएकोले ब्याज अनुदान प्राप्त गर्नेको संख्या कम रहेको देखिन्छ। नियमित किस्ता असुलीमा प्रभावकारिता ल्याउन परियोजनास्तरसम्म अनुगमन तथा निरीक्षणबाट किटान भएका ऋणीको व्यक्तिगत खातामा सम्बन्धित सहकारी संस्थाले ब्याज अनुदान जम्मा गरी सोही आधारमा कोषले सहकारी संस्थालाई ब्याज अनुदान सोधभर्ना गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

राष्ट्रिय खेलकुद परिषद्

खेलकुदको संस्थागत विकास गर्न सम्वत् २०१५ मा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाममा स्थापना भई खेलकुद विकास ऐन, २०७७ अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् सञ्चालनमा रहेको छ। परिषद्ले यो वर्ष स्वीकृत रू.१ अर्ब ५१ करोड ३० लाख बजेटमध्ये रू.१ अर्ब ८७ लाख खर्च गरेको छ।

१६. **कर्मचारी व्यवस्थापन** - खेलकुद विकास ऐन, २०७७ को दफा १९(६) मा परिषदमा कार्यरत स्थायी कर्मचारी ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एक पटकको लागि सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुदसम्बन्धी संरचनामा समायोजन गर्ने उल्लेख छ। परिषदमा स्थायी ५५१ र करार ३२० समेत ८७१ कर्मचारी कार्यरत छन्। उक्त ऐन जारी भए पश्चात् परिषद्अन्तर्गतका क्षेत्रीय तथा जिल्ला खेदकुद विकास समितिहरू खारेज भएका छन्। ऐनको व्यवस्थाबमोजिम कर्मचारी समायोजन भएको छैन। प्राप्त विवरणअनुसार खारेज भएका क्षेत्रीय र जिल्ला खेलकुद समितिहरूमा ५४७ स्थायीमध्ये ३७७ कर्मचारीलाई जिम्मेवारी नदिई तलब भत्ताबापत रू.२१ करोड ६१ लाख ४२ हजार एवं सञ्चालन खर्च रू.१ करोड १ लाख २६ हजारसमेत रू.२२ करोड ६२ लाख ६८ हजार खर्च लेखेको छ। ऐन बमोजिम समायोजन प्रक्रिया टुङ्गो लगाई कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्दछ।

१७. **खेल पूर्वाधार निर्माण** - खेल पूर्वाधार निर्माणका लागि यो वर्ष स्वीकृत रू.५२ करोड ४० लाख बजेटबाट १४ कभर्ड हल, रङ्गशाला, शूटिङ्ग हल निर्माण गर्ने लक्ष्य रहेकोमा रू.१९ करोड ६४ लाख ६७ हजार अर्थात् ३७.४९ प्रतिशतमात्र बजेट खर्च भएको छ। विभिन्न स्थानका १४ खेल पूर्वाधारमध्ये

९ रङ्गशालाको निर्माण कार्य हुन नसकी रू.३२ करोड ७५ लाख ३२ हजार (६२.५२ प्रतिशत) बजेट फ्रिज भएको छ। निर्माण व्यवसायीबाट निर्धारित समयमा निर्माण कार्य नहुने एवं विनियोजित बजेट खर्च हुन नसकी फिर्ता भएको छ। परिषद्ले खेल पूर्वाधार निर्माणको प्राथमिकीकरण गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१८. **मूलपानी क्रिकेट रङ्गशाला निर्माण -** मूलपानी क्रिकेट रङ्गशाला (चौथो चरण) प्यारापिट तथा पार्किङ निर्माण कार्य २ वर्षभित्र सम्पन्न गर्नेगरी २०७७।८।१४ मा रू.२८ करोड ५८ लाख ८५ हजार (मूल्य अभिवृद्धि करबाहेक) को सम्झौता भएको छ। उक्त कार्यका लागि हालसम्म रू.१ करोड ९३ लाख ९३ हजार भुक्तानी भएको छ। प्यारापिट निर्माण गर्ने प्रमुख कार्यमध्ये एक स्थानको प्यारापिटको फाउण्डेसनको कार्य सम्पन्न गरेको, ठेक्काको म्याद समाप्त हुँदा समेत बाँकी २ स्थानको जगको कार्य शुरु गरेकोमा बीचैमा निर्माण कार्य रोकिएको र पार्किङको कार्य शुरु नै नभएकोले कार्य तालिकाअनुसार कार्य हुन सकेको छैन। गत वर्ष निर्माण कार्यतालिका अनुसार प्रगति नहुँदा रू.५ करोड बजेट फ्रिज भएकोमा यो वर्ष पनि निर्माण कार्यको प्रगति सन्तोषजनक देखिँदैन। निर्माण व्यवसायीको ढिलासुस्तीका कारण म्याद समाप्त भएको उक्त निर्माण कार्यको सम्झौताको विशेष शर्तको बुँदा नं. ५६.१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नुपर्दछ।

१९. **पोखरा रङ्गशाला निर्माण -** तेह्रौं साग अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न रू.१ अर्ब ३१ करोड ४२ लाख ५३ हजार लागत अनुमान रहेको पोखरा रङ्गशाला निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७५।९।१३ मा रू.१ अर्ब २८ करोड २२ लाख १८ हजारको सम्झौता भएकोमा २० औं रनिङ बिलसम्म रू.१ अर्ब १९ करोड १३ लाख २४ हजार भुक्तानी भइसकेको छ। सम्झौताको अवधि ८ औं पटक थप गरी २०७८।९।११ सम्म रहेकोमा सो समयसम्म पनि निर्माण सम्पन्न नभएकोले थप आर्थिक दायित्व नव्यहोरिने गरी २०७९ जेष्ठ तेस्रो हप्तासम्म अवधि थप गरेको छ। अन्तिम पटक थपेको म्याद गुज्रिँदासमेत छाना, अर्थिङ केबल, स्टिल रेलिङ्गलगायतका १३ आइटमका कार्यहरू सम्पन्न गरेको छैन। अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने लक्ष्यसहित निर्माण प्रारम्भ भएको रङ्गशाला ४ वर्षसम्म सम्पन्न हुन सकेको छैन। गत वर्षको प्रतिवेदनमा सम्झौतामा उल्लेख भएबमोजिम म्याद गुज्रेका ठेक्काको पुनः म्याद थप गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेर मात्र म्याद थप गर्न दिएको सुझाउ कार्यान्वयन नगरी रू.३ करोड ४ लाख ४ हजार भुक्तानी दिएको छ। तथ्यपरक आधार र कारण बेगर म्याद थप गरी ठेक्का बिल सिफारिस गर्ने प्राविधिक तथा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउनुपर्दछ।

२०. **निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको परीक्षण र निरीक्षण गर्नुपर्ने व्यवस्था छ। परिषद्ले खेल पूर्वाधार निर्माणतर्फ यो वर्ष विभिन्न रङ्गशाला निर्माण, मर्मत सुधार, स्तरोन्नतिलगायतका कार्यमा रू.१९ करोड ६४ लाख ६७ हजार खर्च गरेको भए तापनि निर्माण कार्य र सोमा प्रयोग भएको निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गरेको छैन। निर्मित संरचनाको गुणस्तर सुनिश्चित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लेख भएका नीति तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन नसकेको खेल पूर्वाधारहरूको प्रगति न्यून रहेको, पूर्वाधार विकास कार्यक्रमको बजेट अनुरूप अपेक्षित प्रगति हुन नसकेको, खेल मैदान तथा खेलकुद पूर्वाधार विकास कार्य प्रगति न्यून रहेको, प्रदेश तहका कर्मचारीको व्यवस्थापन हुन नसकेको पदाधिकारीले लिएका जिन्सी फिर्ता नगरेको लगायतका व्यहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतका ३ निकायको यो वर्ष रू.४० लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४७ हजार फर्स्यौंट गरी रू.३९ लाख ८२ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - यो वर्ष दुई संगठित संस्थाको रू.२१ करोड २७ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५४ हजार फर्स्यौंट भई रू.२१ करोड २७ लाख ३३ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.५ करोड ९३ लाख ७८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

रक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा समन्वय, नेपाली सेनासम्बन्धी विषयको व्यवस्थापन, समन्वय र सहजिकरण, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा सँगठित संस्थासमेत ३३८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३१० सरकारी कार्यालयको निम्नानुसार रू.८१ अर्ब २२ करोड ५५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७६१८९१	९६५०	३२६२३	८०९१	८१२२५५

उल्लिखित लेखापरीक्षण रकममा अन्य मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट भएको खर्च रू.१८ अर्ब २ करोड ४४ लाख समावेश छ।

२. **अन्य संस्था र समिति -** यो वर्ष ४ संस्थाअन्तर्गतका २८ निकायको रू.७३ अर्ब २५ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा शान्ति सुव्यवस्था र सुरक्षा तर्फको कार्यनीतिमा सबै सुरक्षा निकायका लागि आवश्यक बन्दोबस्तीका सामग्रीको उत्पादन तथा आपूर्तिमा आत्मनिर्भर हुन यस सम्बन्धी मौजुदा उद्योग, कारखानाको सुदृढीकरण तथा क्षमता विस्तार र आवश्यकता अनुसार नयाँ उद्योग सञ्चालनमा ल्याइने उल्लेख भएता पनि सो बमोजिम सबै सुरक्षा निकायमा आवश्यक वन्दोवस्तीका सामग्री उत्पादन गर्ने कार्य हुन नसकेको तथा सुरक्षा सम्बन्धी सबै निकायको चल अचल सम्पत्तिको विवरण डिजिटलाइज्ड गरी व्यवस्थित र एकीकृत अभिलेख तयार गर्ने कार्यनीति बमोजिम अद्यावधिक विवरण तयार हुन बाँकी रहेको छ। अतः योजनाले लक्षित गरेका कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता बढाउनु पर्दछ।

४. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा चुरे तथा तराई/मधेश क्षेत्रमा १ करोड ५० लाख वृक्षारोपण गर्न नेपाली सेनालाई परिचालन गर्ने उल्लेख भएकोमा सिरहा जिल्लाको मन्ठादेवी सामुदायिक वन, नवलपरासी जिल्लाको वनदेवी सामुदायिक वन र दाङ जिल्लाको जनकल्याण सामुदायिक वनमा १ लाख ५२ हजार बिरुवा मात्र वृक्षारोपण भएको, बंकरदेखि ब्यारेकसम्म कार्यक्रम अन्तर्गत १४० भौतिक संरचना निर्माण कार्य शुरु गरेकोमा १०० सम्पन्न भएको, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि बजेट व्यवस्था भए तापनि बहुवर्षीय आयोजनाको स्वीकृति प्राप्त नभएकोले पूर्वाधार निर्माण कार्य शुरु नभएको अवस्था देखिएको छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम प्रभावकारी रूपमा सम्पादन गर्नुपर्दछ।

५. **भन्सार छुट -** आर्थिक ऐन, २०७८ को दफा १५ मा रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने ऐनमा तोकिए बमोजिमका मालवस्तुमा भन्सार छुट हुने उल्लेख छ। ऐनमा कर छुट हुने तोकिएका बाहेकका लेदर बुट, म्याट्रेशमा रक्षा मन्त्रालयको सिफारिसमा यो वर्ष रू.२ करोड ७४ लाख ९३ हजार भन्सार महशुल र रू.१ करोड १४ लाख ७३ हजार मूल्य अभिवृद्धि करसमेत रू.३ करोड ८९ लाख ६६ हजार छुट दिएको छ। आर्थिक ऐनमा व्यवस्था भएका समाग्रीमा मात्र छुटको लागि सिफारिस गर्नुपर्ने देखिन्छ।

६. **होल्डिङ सेन्टर -** नेपाली सेनाका युनिट अन्तर्गत कोभिड-१९ संक्रमणको अवधिमा प्रयोग गर्न २०७८।३।३ मा खरिद बन्दोबस्त गरी झापा, मोरङ, पर्सा, कपिलवस्तु, बाँके, कैलाली र कन्चनपुर जिल्लामा एक हजार बेड क्षमताका ७ होल्डिङ सेन्टर निर्माण कार्यमा रू.२ अर्ब १६ लाख ३५ हजार खर्च गरेको छ। निर्माण भएका सेन्टरहरू सुरक्षा निकायको सुरक्षा जिम्मामा रहेको अवस्था छ।जडान गरिएका अक्सिजन आपूर्ति उपकरण, विरामी वेड तथा सोमा प्रयोग गरिएका अन्य स्वास्थ्य सामग्री होल्डिङ सेन्टर सञ्चालन नभएका कारण प्रयोगविहीन अवस्थामा रहेका छन्। उल्लिखित सामग्री अन्य विपद व्यवस्थापनमा उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७. **जग्गा उपयोग र स्वामित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२(३) मा सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाणपत्र लिन बाँकी भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्ने सम्बन्धी कारबाही अगाडि बढाउनुपर्ने उल्लेख छ। मन्त्रालय मातहतका नेपाली सेनाका कार्यालयहरू रहेको स्थानका जग्गा तथा अन्य संरचनाको लगत तथा विवरण लिई स्वामित्व र संरक्षणको प्रबन्ध समेत मिलाउनु पर्नेमा काली शक्ति गण, याङ्सीला ब्यारेकले मोरङ जिल्लाको केराबारी गाउँपालिकाको वडा नं.६मा रहेको ४५ बिगाहा १ कठ्ठा जग्गामा ब्यारेक स्थापना गरी संरचनाहरू निर्माण गरेको तथा सूर्यदल गण ललितपुरले उपयोग गरेको सामुदायिक वनको जग्गामा भौतिक पूर्वाधार निर्माण कार्य र दर्ता प्रयोजनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन समेतको कार्य गराई रू.१५ लाख ५४ हजार खर्च गरेकोमा दुबै स्थानका जग्गा सम्बन्धित सुरक्षा निकायको नाममा दर्ता कायम भएको छैन। नियमावलीको व्यवस्था बमोजिम जग्गा धनी पुर्जा लिनुपर्ने देखिएको छ।

८. **विकास निर्माणमा संलग्नता -** सैनिक ऐन, २०६३ को दफा १३५ (क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण एवं विपद व्यवस्थापन कार्यमा उपयोग गर्न सक्ने व्यवस्था अनुसार काठमाडौं तराई/मधेश द्रुतमार्ग लगायत विभिन्न सडकको ट्रयाक खोल्ने, स्तरोन्नति गर्ने तथा सडक निर्माण गर्ने कार्यमा लगाएको छ। यो वर्ष विकास निर्माण तर्फ रू.९ अर्ब ५३ करोड १४ लाख खर्च भएको छ। द्रुतमार्ग आयोजनाको डिजाइन तथा सुपरिभिजनको लागि परामर्श सेवामा अमेरिकी डलर ४५ लाख ४२ हजार र रू.४२ करोड ८१ लाख खर्च भएको देखिन्छ। नेपाली सेनामार्फत् सञ्चालन गरिएका अन्य सडक तर्फको निर्माण सम्बन्धी कार्य वार्षिक लक्ष्य बमोजिम पुरा गरेकोमा द्रुतमार्ग निर्माण तर्फका २ खरिद सम्झौताको समयावधि ३३ प्रतिशत पुरा भै सक्दा क्रमशः १२.७७ र ११.९५ प्रतिशत मात्र प्रगति भएको छ।लक्षित उद्देश्य अनुरूप उपलब्धि हासिल गर्न स्रोत साधनको परिचालन गरी कार्य तालिकाबमोजिम कार्य सञ्चालन गर्नुपर्दछ।

९. **सुरक्षा व्यवस्था** - सैनिक ऐन, २०६३ अनुसार नेपाली सेनालाई सुम्पिएको दायित्व बाहेक विभिन्न आयोजना, बैङ्क, दूरसंचार, आयल निगम, विमानस्थल, पेन्सन क्याम्प लगायतका निकायको सुरक्षाको लागि नेपाली सेनाले सुरक्षाकर्मी खटाउने गरेको छ। नेपाली सेना र नेपाल राष्ट्र बैङ्कबीच भएको सम्झौता अनुसार नेपाल राष्ट्र बैङ्कले यो वर्ष रू.२० करोड ४२ लाख ४२ हजार राजस्व दाखिला गरेको छ। नेपाल दूरसंचार कम्पनी, आयल निगम, विमानस्थल लगायतका निकायमा नेपाली सेना खटाए बापत हालसम्म कुनै रकम प्राप्त गरेको देखिएन। सैनिक ऐनमा तोकिएका वाहेक अन्य व्यवसायिक प्रकृतिका निकायमा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मी खटाउने सम्बन्धमा नीतिगत निर्णय गरी खटिएका निकाय, सुरक्षाकर्मी र प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी राजस्व दाखिला गर्नुपर्दछ।

१०. **कार्य सञ्चालन कोष** - कार्य सञ्चालन कोष ऐन, २०४३ को दफा ३ मा कार्य सञ्चालन कोषको स्थापना गर्न सक्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७५(१) मा अन्य कारोबारसमेतको केन्द्रीय लेखा राख्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतका विभिन्न कार्यालयमा कार्य सञ्चालन कोषमा गत वर्ष रू.४१ करोड ७३ लाख ९२ हजार बाँकी रहेकोमा यो वर्षको आम्दानी रू.३९ करोड १७ लाख ५८ हजारसमेत रू.८० करोड ९१ लाख ५० हजारमध्ये रू.४१ करोड ६७ लाख ३३ हजार खर्च भई वर्षान्तमा रू.३९ करोड २४ लाख १७ हजार मौज्दात रहेको विवरण प्राप्त भएको छ। विरेन्द्र अस्पताल, सैनिक स्वास्थ्य महानिर्देशनालय र प्रबन्धरथी विभागले विनियोजित बजेट बाहेक अन्य कारोबारमा रू.१ अर्ब ३७ करोड ९५ लाख खर्च गरेकोमा कोषको केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको छैन। मातहतका कार्यालयले बजेट बाहेकको आर्थिक कारोबार गरेको सम्बन्धमा केन्द्रीय लेखामा कारोबार समावेश हुने व्यवस्था गर्नुपर्दछ।

नेपाली सेना

नेपालको संविधानको धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको संगठन रहने व्यवस्था छ।

सम्भाररथी विभाग

नेपाली सेनाका लागि राशन र औषधि बाहेकका मालसामान, उपकरण, सवारीसाधन र पार्टपुर्जाको खरिदसम्बन्धी कार्य यस विभागले गर्दै आएको छ।

११. **प्रतीतपत्र** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(८) मा मालसामान उपलब्ध गराउने सम्बन्धित आपूर्तिकर्ताबाट मालसामान उपलब्ध हुन नसकेकोमा वा मालसामान उपलब्ध गराउन निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा साधारणतया प्रतीतपत्र रद्द गर्नु पर्ने र सो बापत बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र खोलेको पेस्की रकम फस्यौंट गर्नुपर्ने व्यवस्था छ। विभागबाट उपलब्ध प्रतीतपत्रको विवरण अनुसार २०६४।६५ देखि २०७८।८९ सम्म नेपाल राष्ट्र बैङ्कमा अमेरिकी डलर ७८ लाख १० हजार, युरो १० लाख र भा.रू.२ करोड ५१ लाख २१ हजार बराबरको प्रतीतपत्र बन्द हुन बाँकी रहेका छन्।

त्यसैगरी सैनिक हवाई महनिर्देशनालय, मध्य एयरवेसले नेपाली सेनाको हवाई सेवा सञ्चालनको लागि आवश्यक मर्मत सामग्री तथा पार्टस खरिद गर्न विभिन्न वाणिज्य बैङ्कमा अमेरिकी डलर ९ लाख ७० हजार र युरो ११ लाख ५७ हजार बराबरको प्रतीतपत्र बन्द हुन बाँकी रहेका छन। बैङ्कमा रहेका प्रतीतपत्रसँग सम्बन्धित खरिद सम्झौताबाट नियमानुसार प्राप्त हुनु पर्ने सामग्री वा सेवा प्राप्त गरी प्रतीतपत्र वन्द गर्ने वा बैङ्कमा रहेको रकम फिर्ता हुनुपर्दछ।

१२. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ (७) मा सम्बन्धित कार्यालयको नाममा विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम निकासा प्राप्त गरी खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र वेरुजु फर्स्यौट गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने उल्लेख छ। विभागबाट प्राप्त विवरण अनुसार यो वर्ष विभागले अन्य १७ कार्यालयको लागि स्वीकृत भएको १२८ कार्यक्रमको रू.१ अर्ब ५ करोड ३ लाख २९ हजारको खरिद व्यवस्थापन, खरिद सम्झौता लगायतका कार्य गरी भुक्तानीको लागि सम्बन्धित कार्यालयलाई निर्देशन गरेको छ। एउटा कार्यालयको नाममा विनियोजित बजेटको खरिद कार्य अर्को निकायले गर्दा बजेट कार्यान्वयन सिद्धान्त र प्रचलित कानूनअनुकूल हुने देखिदैन।

१३. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) मा मालसामानको लागत अनुमान तयार गर्ने आधार उल्लेख छ। विभागले विदेशबाट आपूर्ति गर्ने मालसमानको लागत अनुमान तयार गर्दा निश्चित स्थानीय आपूर्तिकर्ता फर्महरूबाट अमेरिकी डलर वा भारतीय रुपैंयाँमा दररेट लिई सोको औसत मूल्यको आधारमा तयार गरेको छ। नमूना छनोट गरी परीक्षण गर्दा ७ आइटमको रू.४२ करोड ४५ लाख १६ हजार (२०७९ आषाढ मसान्तको विनिमय दरअनुसार) को लागत अनुमान सोही आधारमा स्वीकृत भएको देखियो।

विभागले लागत अनुमान तयारीको लागि दररेट माग गरेकोमा मूल्य अभिवृद्धि कर बाहेक, प्रचलित बजार मूल्य, भन्सार र मूल्य अभिवृद्धि कर बाहेक गरी फरक फरक आपूर्तिकर्ताले फरक फरक दररेट उल्लेख गरी पेस गरेको देखिन्छ। कार्यालयले सो अनुरूप मूल्य अभिवृद्धि कर बाहेकको, प्रचलित वजार मूल्य अनुसारको तथा भन्सार र मूल्य अभिवृद्धि कर बाहेकको लागत अनुमानमध्ये खरिद गर्ने आधार निश्चित नगरी सबैको औसत लिएर भन्सार र मूल्य अभिवृद्धि कर बाहेकको उल्लेख गरी वास्तविक लागत भन्दा बढी समावेश गरेकोले लागत अनुमान यथार्थ परक देखिदैन। विभागले उपलब्ध भएसम्म सम्बन्धित निर्माता, वितरक, बिक्री प्रतिनिधि आदिबाट प्राप्त हुने दररेट वा आधिकारिक वेवसाइटमा भएको मूल्य समेतलाई ध्यान दिई एकरूपता हुने गरी निश्चित आधारमा लागत अनुमान तयार गर्नुपर्दछ।

१४. **दायित्व सिर्जना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२(२) मा अर्थ मन्त्रालयको पूर्वसहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउन नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ। विभागले अर्थ मन्त्रालयको सहमति बेगर २०७६।७७ मा खरिद व्यवस्थापन गरेको रू.१३ करोड ७५ लाख ७१ हजार, २०७७।७८ मा रू.७ करोड ७५ लाख ३६ हजार र २०७८।७९ मा रू.१ करोड २१ लाख ६१ हजार आर्थिक वर्ष २०७९।८० को लागि आर्थिक दायित्व सिर्जना गरेको छ। सोमध्ये

पोशाक खरिदमा रू.५ करोड ४७ लाख १ हजार, मेसिनरी औजारमा रू.११ करोड ४० लाख १८ हजार, सुरक्षा प्रणाली तथा उपकरणमा रू.४ करोड ५३ लाख ८४ हजार र सवारी साधन तथा मर्मत खर्चमा रू.१ करोड २४ लाख ११ हजार र मसलन्द तथा कार्यालय सामग्रीमा ७ लाख ५४ हजार रहेको छ। ऐनको व्यवस्था बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउनुपर्दछ।

स्थपति निर्देशनालय

१५. **गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ। नेपाली सेनाको बंकर टु ब्यारेक कार्यक्रमबाट सेराडिल ब्यारेक, बाग्लुङमा लाइट भेइकल वर्कशप र ग्रुपघर निर्माण गर्न रू.२ करोड ४ लाखको लागत अनुमान स्वीकृत गरी २०७८।१०।१२ मा एक निर्माण व्यवसायीसँग रू.१ करोड ९४ लाख ३९ हजारको सम्झौता भइसकेपछि उक्त स्थानको गुरुयोजना संशोधन गर्नुपर्ने कारण जनाई २०७९।३।१३ मा सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गरेको छ। निर्माण स्थल निश्चित गरी लागत सहितको गुरुयोजना स्वीकृत गरी खरिद सम्बन्धी कार्य गर्नुपर्दछ।

१६. **निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ। नेपाली सेना मातहतका निकायको निर्माण सम्बन्धी कार्यको नक्सा, डिजाइन, स्पेसिफिकेशन, लागत अनुमान तयारी लगायतका कार्य सञ्चालन गर्ने यस निर्देशनालयले सो को अतिरिक्त भवन निर्माण सम्बन्धी १४ खरिद कार्य गरी रू.१० करोड ४० लाख ६३ हजार भुक्तानी गरेको छ। ती निर्माण कार्यमा प्रयोग गरिएका सामग्री स्वीकृत स्ट्याण्डर्ड स्पेसिफिकेशन अनुसारको रहे नरहेको सम्बन्धमा प्रयोगशाला परीक्षण गरी प्रतिवेदन लिने गरेको छैन। निर्माण कार्यको भुक्तानी गर्नुअघि तोकिएको पटक र परिमाणमा गुणस्तर परीक्षण गर्नुपर्दछ।

विकास निर्माण निर्देशनालय

१७. **कार्य प्रगति -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खर्च गर्दा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका सडक निर्माण योजना कार्यालयहरूको कार्यक्षेत्र भित्र रहेका सडकहरूको निर्माण कार्यमध्ये ट्रयाक खोल्ने कार्य नेपाल सरकार मन्त्रिपरिषदको निर्णयको आधारमा नेपाली सेना मार्फत् हुदै आएको छ। यो वर्ष निर्माण भएका सडक आयोजनाको प्रगति स्थिति निम्नानुसार छ :-

आयोजना	कुल लागत रू.लाखमा	कुल लम्बाइ (किलोमिटर)	२०७९ आषाढ सम्मको प्रगति किलोमिटर	२०७९ आषाढ सम्मको खर्च (रू.लाखमा)
कर्णाली कोरिडोर (लाली बगर दुल्ली कुना, घाटपारी चौर - भुक्राखोला)	१०७९०	२२.५	३.५	१३४५
कोशी कोरिडोर	६२९०	१०.५१	३	२०६२
बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग	३८९३२	९२	३२.५	८७९०
महाकाली कोरिडोर	३७४००	७९	८.४	२६५८

उल्लिखित आयोजनाका साथै कालीगण्डकी कोरिडोर र सुर्खेत खुलालु खण्डमा पहिरो पन्छाउने कार्य समेतको लागि रू.७१ करोड ६० लाख बजेट विनियोजन भएकोमा रू.६३ करोड ८० लाख खर्च भएको छ। नेपाली सेनालाई प्राप्त जिम्मेवारी अनुरूपका निर्माण कार्यको लागत अनुमान सहित बजेट सुनिश्चितता गरी समयमा निर्माण सम्पन्न गर्नुपर्दछ।

१८. **स्पेसिफिकेशन -** बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक योजनाको लागि बेलीब्रिज खरिद तथा जडान समेतको कार्य गर्ने स्वीकृत स्पेसिफिकेसनमा बेलीब्रिजको वारेन्टी अवधि न्यूनतम २ वर्ष हुनुपर्ने व्यवस्था छ। कार्यालयले आपूर्तिकर्तासँग रू.१ करोड ९६ लाख २४ हजारमा खरिद सम्झौता गरी यो वर्ष जडान गरिएको बेलीब्रिज निर्माण र जडान कार्य आपूर्तकले विदेशी कम्पनीबाट गराएकोमा उक्त कम्पनीको अप्रिल ५, २०२२ को वारेन्टी सर्टिफिकेटमा बेलीब्रिजको वारेन्टी अवधि कमर्सियल वीजक जारी गरेको मितिले एक वर्षसम्मको मात्र हुने उल्लेख छ। निर्माण व्यवसायी मार्फत् आयात गरी जडान गरिएको बेलीब्रिजको वारेन्टी अवधि स्पेसिफिकेशनमा तोकिएको तथा निर्माण व्यवसायीले वोलपत्र साथ पेस गरेको अवधि भन्दा घटी अवधि रहेको अवस्थामा समेत बेलिब्रिज निर्माण तथा जडान गरेको छ। स्पेसिफिकेशन अनुसार वारेन्टी अवधि नभएको अवस्थामा समेत बेलिब्रिज स्वीकार गरेको उचित देखिएन।

१९. **सम्झौताको छनोट -** निर्देशनालयको लागि ड्राइ लिजमा भारी उपकरण तथा सवारी साधन भाडामा लिने सम्बन्धी कामको प्याकेजमा बिल अफ क्वान्टिटी तयार गर्दा सडक निर्माण योजना कार्यालय किमाथाङ्का, कर्णाली कोरिडोर, दार्चुला टिंकर- बेनीघाट-आरुघाट सडक योजनामा एक्साभेटर भाडामा लिई सञ्चालन गर्ने र सो कार्यको लागि तोकिएको सडक मार्गसम्म आपूर्तकले एक्साभेटर पुर्याएपछि उक्त एक्साभेटर खोलिने र खोलिएको स्थानबाट तोकिदिएको स्थानसम्म योजना कार्यालय आफैंले हेलिकोप्टर मार्फत् ढुवानी गर्ने र पुनः जडान कार्य गरिदिने, जडान पश्चात आपूर्तकलाई प्रति घण्टाको दरबाट रकम भुक्तानी गर्ने तथा इन्धन नेपाली सेनाको इकाईबाट उपलब्ध गराउने समेतको शर्त सहित खरिद सम्झौता गरेको छ। उक्त खरिदको बोलपत्र आह्वान गरी छनोट भएका आपूर्तकसँग ८ हजार ५०० घण्टा एक्साभेटर र व्याक-हो लोडर सञ्चालन भाडामा रू.३ करोड ३ लाख ८३ हजारको खरिद बन्दोबस्त गरी खर्च गरेको छ। सो मेसिन/उपकरण निर्माण स्थलसम्म ढुवानी गर्न निर्देशनालयले ढुवानी भाडामा रू.२ करोड ६५ लाख र पुनः जडानमा रू.२६ लाख १९ हजार प्रतिस्पर्धा नगराई सोझै खर्च गरेको छ। सम्झौतामा योजना स्थलमा पऱ्याएको हेभी इक्युपमेन्टले सेवा नदिएमा सोको विकल्प उल्लेख नभएको, सम्झौता अवधि पश्चात मेसिन फिर्ता गर्दा लाग्ने खर्च सम्बन्धमा समेत उल्लेख छैन। निर्देशनालयले उपकरण योजना स्थलसम्म पुर्‍याउन ढुवानी भाडा समेत समावेश गरी प्रतिस्पर्धाको माध्यमबाट कार्य सञ्चालन गर्नुपर्दछ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना

देशको राजधानीलाई तराई/मधेशसँग जोड्न काठमाडौंदेखि बाराको निजगढसम्म ७२.५ किलोमिटरमा द्रुतमार्ग निर्माण कार्य ४ वर्ष भित्र निर्माण सम्पन्न गर्न नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।१।२१ को निर्णय अनुसार आयोजना २०७४।४।२७ मा नेपाली सेनालाई हस्तान्तरण भएको हो। नेपाली सेनाको जिम्मेवारीमा आए पश्चात् तयार भएको विस्तृत आयोजना प्रतिवेदन नेपाल सरकारबाट २०७६।५।१ मा स्वीकृत भएको छ। कुल लम्बाइ ७२.५ किलोमिटर रहेको यस आयोजनाले बागमती र मधेश प्रदेशका चार जिल्लाहरू (ललितपुर,

काठमाडौं, मकवानपुर र बारा) समटेको छ। निर्माण अवधि ४ बर्ष ६ महिना रहेको यस आयोजनाको कुल लागत कन्टिन्जेन्सीसहित रू.२ खर्ब १३ अर्ब ९५ करोड रहेको छ।

२०. **खर्चको स्थिति** - आयोजनाको हालसम्मको खर्चको स्थिती देहाए बमोजिम रहेको छः

(रू.लाखमा)

विवरण	आर्थिक वर्ष						जम्मा
	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	
उपकरण	७११७			४००	३०६		७८२३
इन्धन	३२९९						३,२९९
मेसिन		९				२९५	३०४
क्याम्प निर्माण	२४०५	४१९६			८४	१५	६,७००
प्रशासनिक	३४३	११२४		१२१२	९३७	६२९	४,२४५
सर्भिस रोड मर्मत	३१६			२४१			५५७
परामर्श	१०	२३३	११६७	५००	७४६८	५९८५	१५,३६३
मुआब्जा/क्षतिपूर्ति		२००००		४९८७	५५९	६५४	२६,२००
फर्निचर		४		२३	१७	६	५०
सवारी साधन		१२८३	३०२				१,५८५
विद्युत		९९			१८६३		१,९६२
विस्फोटक पदार्थ		७१८					७१८
बेलिब्रिज		७३३	१०३०	११५२			२,९१५
रुख कटान		३९२	४४	६	३		४४५
निर्माण		४७०१३	५४६३७	१०९९३	७५३५४	८११०४	२६९,१०१
संचार साधन कम्प्युटर/इलेक्ट्रिक		४५६	१५६	६१	२४१	२	९१६
वृक्षारोपण/वातावरण संरक्षण				५०	४८०	२४६	७७६
डिप बोरिङ				२५			२५
कुल जम्मा	१३४९०	७६२६०	५७३३६	१९६५०	८७३१२	८८९३६	३४२९८४

आयोजनाको हालसम्मको रू.३४ अर्ब २९ करोड ८४ लाख खर्चमध्ये सवारीसाधन, प्रशासनिक खर्च, उपकरण, इन्धन, फर्निचर, क्याम्प निर्माणलगायतका आयोजनासँग प्रत्यक्ष सम्बन्ध नभएका शीर्षकमा रू.२ अर्ब ७६ करोड २ लाख अर्थात् कुल खर्चको ८.०४ प्रतिशत खर्च भएको देखिन्छ।

यसैगरी रू.१ अर्ब ५३ करोड ६३ लाख अर्थात् ४.४८ प्रतिशत परामर्श सेवामा खर्च भएको छ। आयोजना निर्माण कार्यको सम्झौता लागत मूल्य र कामको आधारमा गरेकोमा परामर्श सेवाको सम्झौता समयको आधारमा गरेको छ। आयोजनाको निर्माण कार्यको सम्झौता अवधि थप हुँदा परामर्श सेवाको समेत अवधि थप गर्नुपर्ने हुँदा परामर्श सेवाको लागत वृद्धि हुने देखिँदा तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२१. **समग्र प्रगति** - आयोजनाको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन अनुसार ७२.५ किलोमिटर सडक, ८७ पुल, सुरुङ मार्ग, इन्टरचेन्ज, टोल प्लाजा, रेष्ट एरिया, वातावरणीय, सामाजिक र अन्य समेतको लागत अनुमान कन्टिन्जेन्सीसहित रू.२ खर्ब १३ अर्ब ९५ करोड खर्च हुने अनुमान रहेको छ। आयोजना नेपाली सेनालाई हस्तान्तरण पश्चात २०७८।७९ सम्म निर्माण कार्य, परामर्श सेवा, मुआब्जा तथा क्षतिपूर्ति, हेभि इक्युपमेण्ट, वृक्षारोपण, विद्युतिकरण, क्याम्प निर्माण लगायतका कार्यमा रू.३४ अर्ब २९ करोड खर्च भई वित्तीय प्रगति १९.५८ प्रतिशत रहेको यस आयोजनामा समष्टिगत भौतिक प्रगति २१.१८ प्रतिशत रहेको छ। निर्माणसम्बन्धी विभिन्न ११ प्याकेजमा सञ्चालन हुने यस आयोजनामा

हालसम्म ५ प्याकेजको कुल रू.९७ अर्ब ८२ करोड २३ लाख लागत अनुमान रहेकोमा रू.८० अर्ब ८२ करोड ९३ लाखको सम्झौता भई २०७८।७९ सम्म रू.१३ अर्ब २४ करोड ३२ लाख खर्च भएको छ। त्यसैगरी २ प्याकेजको लागत अनुमान रू. ३४ अर्ब ५ करोड ३७ लाख रहेकोमा खरिद प्रक्रियामा रहे तापनि बाँकी ४ प्याकेजको लागि खरिद प्रक्रिया शुरु भएको छैन। योजनाबद्ध तवरले निर्माण कार्य अगाडि बढाई समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

२२. **स्रोत सुनिश्चितता -** नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसारको निर्माण कार्य सम्पन्न गर्न आयोजनाले कुल कार्यलाई ११ प्याकेजमा विभाजन गरेकोमा हालसम्म ५ प्याकेजको मात्र निर्माण सम्झौता भई कार्यसञ्चालन भएको छ। आयोजनाको कुल लागत कन्टिन्जेन्सी बाहेक रू.१ खर्ब ७५ अर्ब ३९ करोड रहेकोमा हालसम्म रू.३४ अर्ब २९ करोड खर्च भएको हुँदा सबै प्याकेजअनुसार निर्माण कार्य २०८१।८२ भित्र सम्पन्न गर्न २०७९।८० मा रू.३० अर्ब ७ करोड, २०८०।८१ मा रू.६६ अर्ब ८० करोड र २०८१।८२ मा ४४ अर्ब २३ करोड खर्च गर्नुपर्ने देखिन्छ। आयोजनाको प्रक्षेपणअनुसार स्रोत सुनिश्चित हुनुपर्दछ।

२३. **मोबिलाइजेसन पेस्की** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा निर्माण व्यवसायीलाई पेस्की दिन सक्ने व्यवस्था छ। सोही ऐनको दफा ५२(क)(३) मा पेस्की रकम सम्झौता भएको कामको लागि छुट्टै खोलिएको बैङ्क खातामार्फत् मात्र भुक्तानी हुने व्यवस्था छ। ऐनको सो दफा बमोजिम पहिलो पटक पेस्की प्राप्त गरेको मितिले ३० दिन भित्र कार्य प्रारम्भ गरिसक्नु पर्ने व्यवस्था छ। यो वर्ष बन्दोबस्त गरिएका तीन खरिद सम्झौताको लागि आयोजनाले रू.३ अर्ब ७ करोड ५६ लाख पेस्की दिएको छ ।

यो वर्ष खरिद व्यवस्थापन गरिएका ३ खरिद प्याकेजका निर्माण व्यवसायीलाई सम्झौतापछि पहिलो किस्ता मोविलाइजेसन पेस्की दिएकोमा यो वर्षान्तसम्म साइटमा कामको थालनी भएको देखिँदैन। खरिद प्याकेज नं.३ का निर्माण व्यवसायीलाई पहिलो किस्ता मोबिलाइजेसन पेस्की रू.५९ करोड ६ लाख २०७८।१०।१४ मा एक बैङ्कको खातामा उपलब्ध गराएकोमा दोश्रो किस्ताको रकम अर्को बैङ्कको खातामा भुक्तानी गरेको देखियो। निर्माण व्यवसायीले पहिलो किस्ताको खर्च विवरण पेस नगरेको र डिजाइन स्वीकृत पश्चात मात्र गरिने कामको आइटम समावेश भएकोमा ड्रइङ डिजाइनको कार्य स्वीकृत नहुँदै रू.४३ करोड २२ लाख ६० हजार थप मोबिलाइजेसन पेस्की उपलब्ध गराएको छ। कामको प्रगतिको आधारमा सम्झौताको शर्त पूरा गरेपछि मात्र पेस्की उपलब्ध गराउनुपर्दछ।

२४. **नर्म्स तथा लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माणसम्बन्धी कामको लागत अनुमान तयार गर्दा सुरुङ खन्ने र जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। आयोजना कार्यालयले खरिद प्याकेज १ र २ मा सुरुङ सहितको सडक निर्माणसम्बन्धी कामको डिजाइन स्वीकृत गरी प्याकेज नं. १ को रू.२४ अर्ब ४१ करोड १४ लाख र प्याकेज नं.२ को रू.२९ अर्ब ३२ करोड ९२ लाखको लागत अनुमान स्वीकृत गरी क्रमशः रू.२१ अर्ब ६१ करोड ५३ लाख र रू.२८ अर्ब ५३ करोड ८२ लाखको खरिद सम्झौता गरेको छ। आयोजनाले मन्त्रिपरिषद्बाट सुरुङ निर्माणको नर्म्स स्वीकृत

नगराई खरिद बन्दोबस्त गरेको छ। अधिकार प्राप्त निकायबाट स्वीकृत नभएको नर्म्स प्रयोग गरी भए गरेको कार्य नियमित मान्न सकिँदैन।

२५. **डिजाइन कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यससम्बन्धी योजना, नक्सा, डिजाइन समेतको विवरण तयार गर्नुपर्ने व्यवस्था छ। आयोजनाको निर्माण अवधि २०८१।८२ सम्म स्वीकृत गरी कार्य प्रारम्भ भएको निर्माणसम्बन्धी कार्यको डिजाइन र सुपरिवेक्षण गर्न नियुक्त अन्तर्राष्ट्रिय परामर्शदाताको डिजाइन तयारी अवधि पूरा भइसकेको छ। क्लस्टर १ अन्तर्गत ललितपुर खोकनामा ६.४ किलोमिटर सडकको रेखाङ्कन र जग्गा अधिग्रहणसम्बन्धी विवादको कारण उक्त क्षेत्रको डिजाइन तयार गरेको छैन। परामर्शदाताको सेवा अवधिमध्ये डिजाइन अवधि पूरा भइसकेकोले आयोजनाको निर्माण कार्यमा थप लागत र समय अवधि वृद्धि हुने अवस्था छ। लक्षित अवधिभित्र योजना पूरा गर्ने गरी विवादको निरूपण र डिजाइन सम्बन्धी कार्य पूरा गर्नुपर्दछ।

२६. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्ने व्यवस्था छ। एसियाली विकास बैङ्कको सहयोगमा सन् २००८ मा सम्भाव्यता अध्ययन र प्रारम्भिक डिजाइनको आधारमा कार्यआरम्भ गरिएको, २०७१ सालमा एक परामर्श दाता कम्पनीमार्फत् अध्ययन गराई २०७६।५।१ मा मन्त्रिपरिषद्बाट स्वीकृत गरी सोही आधारमा कार्य शुरु भएकोमा निर्माण कार्यको डिजाइन तथा सुपरभिजन गर्न २०७७।२।२ मा विदेशी परामर्शदाता कम्पनीलाई छनोट गरी ५४ महिना निर्माण अवधि र १२ महिना त्रुटि सच्याउने अवधिसम्मको समयबद्ध सेवा लिने गरी अमेरिकी डलर १ करोड २९ लाख ९२ हजार र रू.१ अर्ब २४ करोड २६ हजारको सम्झौता भएकोमा यो वर्षसम्म अमेरिकी डलर तर्फ ४५ लाख ४२ हजार तथा रू.४२ करोड ८१ लाख ७९ हजार खर्च भएको छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२६.१. परामर्शदाताको कार्यक्षेत्रगत शर्त तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९(च१) मा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा मुख्य जनशक्तिको रूपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा राख्नुपर्ने व्यवस्था छ। यो वर्ष पुल डिजाइन इन्जिनियर, सुरुङ डिजाइन ईन्जिनियर तथा स्लोप स्टेबलाइजेशन विशेषज्ञ सहित ३ वैदेशिक विज्ञको एकै दिन फेरबदल माग गरी एक महिना पछि आयोजनाले फेरबदल स्वीकृति दिएको छ। पटक पटक विज्ञ फेरवदल गर्ने कार्यले गुणस्तरमा पर्ने असरबारे ध्यान दिनुपर्ने देखिन्छ।

२६.२. अध्यागमन नियमावली, २०५१ को नियम २०(१) मा पर्यटक भिसा पाउने विदेशीले नेपालभित्र रहँदा पारिश्रमिक लिई काम गर्न नपाउने उल्लेख छ। आयोजनामा नियुक्त भएको परामर्शदाताका विज्ञहरू दक्षिण कोरियाबाट पर्यटक भिसामा नेपाल आएको र काम गर्ने भिसा प्राप्त नगरेको अवधिमा समेत आयोजनाको काम गरेको उल्लेख गरी हाजिरी पेस गरेको आधारमा भुक्तानी गरेको छ। एक कोरियन टनेल डिजाइन इन्जिनियरलाई पर्यटक भिसा अवधिको म्यानमन्थ २.५७ को पारिश्रमिकबापत अमेरिकी डलर ५६ हजार ६८९ भुक्तानी गरेको छ। पारिश्रमिक बापतको रकम माग गर्दा पेस गरेको भिसामा निज विज्ञ दक्षिण कोरिया स्थित नेपाली दूतावासबाट ६ अप्रिल, २०२२ मा ९० दिनको पर्यटक भिसा प्राप्त गरी १३ अप्रिल, २०२२ मा काठमाडौं आएको र २४ जुलाई, २०२२ देखि मात्र नेपालमा काम

गर्ने भिसा प्राप्त गरेको देखियो। अध्यागमनसम्बन्धी कानूनी व्यवस्थाको पालना गरी विदेशी परामर्शदाता विज्ञको सेवा लिनुपर्ने देखिन्छ।

२६.३. सार्वजनिक खरिद नियमावली, २०६४ को ६९ मा परामर्श सेवा खरिद गर्नको लागि कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ। परामर्शदाताको कार्यक्षेत्रगत शर्तमा निजले सम्पादन गर्नुपर्ने काम समेत तोक्नुपर्ने व्यवस्था छ। आयोजना निर्माण कार्यको डिजाइन र सुपरभिजनको लागि २०७७।२।२ मा भएको सम्झौताबमोजिम आयोजनाले एक अन्तर्राष्ट्रिय परामर्शदातासँग अन्य २ स्थानीय फर्मसमेतको संलग्नतामा डिजाइन सर्वेक्षणसम्बन्धी कार्य गरेको छ। सम्झौतामा डिजाइन कामको लागि जियो टेक्निकल र अन्य इन्भेस्टिगेशन कार्य आवश्यक भएमा आयोजनाको पूर्व स्वीकृति लिई परामर्शदाताले गराउन सक्ने व्यवस्था छ। यो वर्ष जियो टेक्निकल इन्भेष्टिगेसन अफ स्लोप, सडक निर्माण तथा नदी नियन्त्रणसम्बन्धी कामको कार्यक्षेत्रगत शर्त तोकी २ परामर्शदाताबाट छुट्टै अध्ययन र परामर्शको काम गराई रू.५ करोड २९ लाख ४ हजार भुक्तानी गरेको छ। द्रुतमार्गको डिजाइन तथा सर्वेक्षणसम्बन्धी कार्यको लागि कार्य क्षेत्रगत शर्तसहित परामर्शदाता कार्यरत रहेको र आवश्यक भएमा सोही परामर्शदाताले पूर्व स्वीकृति लिई कार्य गर्नुपर्नेमा आयोजनाले छुट्टै खरिद सम्झौताबाट सर्वेक्षणको कार्य गराई भुक्तानी गरेको छ। अन्तर्राष्ट्रिय परामर्शदाताको कार्य क्षेत्रमा तोकिएको सो कार्य आवश्यक भएमा सोही परामर्शदाताबाट नगराई छुट्टै परामर्शदाताबाट गराई खर्च गरेको उपयुक्त देखिएन।

२७. **ई.पी.सी. सम्झौता -** सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको एकमुष्ट दर माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८ को बुँदा ४ मा कुनै आयोजनाको लागि ई.पी.सी मोडेलबाट खरिद प्रक्रिया अघि बढाउन उपयुक्त देखिएमा संघीय आयोजनाको हकमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट निर्णय गर्नुपर्ने व्यवस्था छ। आयोजनाले द्रुतमार्ग निर्माण कार्यको ई.पी.सी माध्मबाट खरिद गर्ने निर्देशिका स्वीकृत हुनु अगावै खरिद प्याकेज तयार गर्ने काम अन्तर्राष्ट्रिय परामर्शदाताबाट गराई स्वीकृतिका लागि पेस भएका ५ प्याकेजमा खरिद सम्झौता भएकोमा ई.पी.सी, एकमुष्ट दर तथा आइटम दर विधिबाट गर्ने गरी रू.८० अर्ब ८२ करोड ९३ लाखको सम्झौता गरेको छ।

(रू.लाखमा)

प्याकेज नं.	कामको विवरण	लागत अनुमान	सम्झौता			
			इपिसी सम्झौता रकम	आइटम दरसम्झौता रकम	प्रोभिजनल सम	जम्मा
१	३.३६ कि.मी. सुरुङ मार्ग १, पुल ४ र ७०४ मीटर सडक निर्माण	२४४११४	२०६१५४		१००००	२१६१५४
२	१.६३ कि.मी. सुरुङ मार्ग १,१.४३ कि.मी.सुरुङ मार्ग १, पुल ५ र ३४० मीटर सडक निर्माण	२९३२९३	२७५३८२		१००००	२८५३८२
एकमुष्ट दर सम्झौता रकम						
३	पुल १४ र ६३७५ मीटर सडक निर्माण	८९८८७	३१०७५	३५६७५	१९५०	६८७००
४	पुल १४ र ५२०० मीटर सडक निर्माण	२२६३१४	१३०४५२	५६२१७	४७८२	१९१४५१
५	पुल ८ र ५७९५ मीटर सडक निर्माण	६५२०३	२१७२९	२३५७७	१३००	४६६०६
जम्मा		९१८८११	६६४७९२	११५४६९	२८०३२	८०८२९३

२७.१. द्रुतमार्ग निर्माण कार्यको लागि यस वर्षसम्म ५ खरिद प्याकेज बन्दोबस्त गरेकोमध्ये प्याकेज १ र २ मा रू.५० अर्ब १५ करोड ३६ लाखको कार्य ई.पी.सी विधिबाट तथा प्याकेज नं. ३, ४ र ५ को खरिद सम्झौता गर्दा पुल निर्माण तर्फ एकमुष्ट दर र अन्य निर्माणमा आइटम दर गरी दुवै आधारमा खरिद सम्झौता गरेको छ। ई.पी.सी माध्यमबाट खरिद गर्ने कार्यविधि स्वीकृत हुनुभन्दा अगाबै प्याकेज नं १ र २ को खरिद कार्य ई.पी.सी माध्यमबाट भएकोमा मन्त्रालयको स्वीकृति लिएको पाइएन।

२७.२. नेपाल सरकारबाट स्वीकृत विस्तृत परियोजना प्रतिवेदनअनुसार प्याकेज नं २ को चेनेज ३०+६९५-३५+३१६ सम्मको सुरुङ मार्ग निर्माण कार्यको पूर्व योग्यताको मूल्याङ्कन गर्दा २२ बोलपत्र दर्ता भएकोमा २१ बोलपत्र असफल भई एकमात्र बोलपत्रदाता सफल भएको देखियो। सो निर्माण व्यवसायीसँग आर्थिक प्रस्ताव माग गरी लागत अनुमानभन्दा २.७९ प्रतिशत घटी अर्थात् रू.२४ अर्ब ३७ करोडको ठेक्का बन्दोबस्त गरेको सम्बन्धमा सबै पूर्व योग्यताका आधारलाई समान अङ्क प्रदान गर्ने गरी मूल्याङ्कनका आधार स्वीकृत गरेबाट एकमात्र प्रस्तावदाता सफल भई प्रतिस्पर्धा सीमित हुन गएको कारण खरिद प्रक्रिया मितव्ययी र औचित्यपूर्ण नपाइएको व्यहोरा गत वर्षको प्रतिवेदनमा औल्याइएकोमा उक्त कार्यलाई निरन्तरता दिई यस वर्षसम्म सुरुङ निर्माण लगायतका कार्यको लागि रू.६ अर्ब ३२ करोड ४५ लाख खर्च भएको छ।

२८. **जग्गा अधिग्रहण** - आयोजना अन्तर्गत सडकको राइट अफ वेमा पर्ने १५ हजार ४२३ रोपनी जग्गा मध्ये गत वर्षसम्म ५ हजार १७२ रोपनी अधिग्रहण गर्नुपर्नेमा गत वर्ष ४ हजार ७३६ रोपनी र यो वर्ष ४४ रोपनी प्राप्त भए तापनि ३९२ रोपनी जग्गा अधिग्रहण हुन बाँकी रहेको, त्यसैगरी निर्देशक समितिको विभिन्न मितिको निर्णयबाट वेसक्याम्प, महादेवटार परिधिमा रहेको १० रोपनी १२ आना, टनेल व्यवस्थापन तथा बिल्डिङ निर्माणको लागि ४९ रोपनी, निजगढ खण्ड, बुदुने-धरान-चतरा खण्डको लागि १५.८७ हेक्टर र नदी नियन्त्रण कार्यको लागि ४७ रोपनी ३ आना जग्गा प्राप्त गर्नुपर्ने उल्लेख भएकोमा यो वर्षसम्म निर्देशक समितिबाट पहिचान गरिएका थप जग्गा प्राप्त गर्ने कार्य पूरा भएको छैन। जग्गा प्राप्तिसम्बन्धी कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

२९. **नदी नियन्त्रण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा सार्वजनिक निकायले निर्माण कार्य खरिद गर्नु अघि स्पेसिफिकेसन, नक्सा, डिजाइनको विवरण तयार गरी नियम १४ बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। द्रुतमार्ग निर्माण गर्ने कामको ड्राइङ डिजाइनसमेतको कार्य गर्न एक परामर्शदाता नियुक्त भई २०७७।२।२ देखि कार्यरत रहेको छ। द्रुतमार्ग आयोजनाको चेनेज १०+०७६ देखि १९+३६० सम्मको क्षेत्रमा नदी नियन्त्रणसम्बन्धी कार्य गर्न २०७७।७८ मा ५ खरिद सम्झौता भएकोमा यो वर्षसम्म रू.२३ करोड ९७ लाख ८७ हजार भुक्तानी गरेको छ। आयोजनाले यो वर्ष २०७७।७८ मा नै निर्माणको काम चालु रहेको चेनेज ०+०००-२६+३५० मा नदी नियन्त्रण कार्यको लागि सर्भे तथा डिजाइनको काम छुट्टै परामर्शदाताबाट गराउन २०७८।४।३ मा सम्झौता गरी २०७८।८।२९ सम्मको समयावधि दिई सर्वेक्षण कार्यमा रू.५ करोड २९ लाख खर्च गरेको छ। उक्त चेनेजमा द्रुतमार्ग निर्माण गर्ने कामको ड्राइङ डिजाइनको लागि नियुक्त परामर्शदाताबाट काम गराई नदी नियन्त्रणसम्बन्धी काम गराइएकोमा पुनः सो क्षेत्रको सर्वेक्षण कार्य अर्को परामर्शदाताबाट गराई परामर्श सेवामा भएको खर्चको सम्बन्धमा यकिन हुन सकिएन।

३०. **ट्रान्सफरमर जडान -** आयोजनाले निर्माण व्यवसायीहरूसँग गरेको सम्झौताबमोजिम निर्माण कार्यको लागि आवश्यक विद्युत प्रसारणलाइन र ट्रान्सफरमर जडानबापत हुने खर्च निर्माण व्यवसायी स्वयंले गर्नुपर्नेमा सोही कार्यको लागि ट्रान्सफरमर जडान एवं विद्युतलाइन विस्तार गर्न आयोजनाले प्राधिकरणलाई रू.१८ करोड ६२ लाख ७६ हजार पेस्की दिएकोमा गत वर्षको प्रतिवेदनमा प्रसारणलाइन तथा ट्रान्सफरमर जडान गर्न लागेको खर्च हिसाब गरी सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने व्यहोरा औल्याएकोमा यस वर्षसम्म उक्त रकम व्यवसायीबाट असुल नभएको र पेस्कीसमेत फर्स्यौंट नभएकोले स्थिति यथावत् छ।

३१. **निर्माण सामाग्रीको अभिलेख -** वन तथा भू-संरक्षण विभाग र आयोजना कार्यालयबीच सम्पन्न सम्झौताको शर्त नं. ९ मा सडक निर्माणको क्रममा वन क्षेत्रमा निस्कने ढुङ्गा, गिट्टी, अन्य निर्माण सामग्रीको दस्तुर सम्बन्धित डिभिजन वन कार्यालयलाई बुझाई प्रचलित कानूनबमोजिम प्रयोग गर्न सक्ने, सडकमा प्रयोग नहुने भएमा प्राप्त भएका निर्माण सामग्री डिभिजन वन कार्यालयले तोकेको स्थानमा स्टक पाइलिङ गर्नुपर्ने उल्लेख भए तापनि उक्त थप वन क्षेत्र प्रयोग गर्दा प्राप्त भएका निर्माण सामग्रीको अभिलेख तयार गरेको छैन। सम्झौताको शर्त नं. १७ मा आयोजनाले हरेक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र गरेको कामको विवरण वन तथा भू-संरक्षण विभाग पठाउनुपर्नेमा उक्त प्रतिवेदन तयार गरी पेस गरेको छैन। सम्झौताका शर्तहरू पालना गर्नुपर्दछ।

३२. **रुख कटान तथा वृक्षारोपण -** आयोजना निर्माणको लागि कटान गर्नुपर्ने रुखहरू ३८ हजार ६६४ मध्ये २०७९ आषाढसम्म २७ हजार ३७० कटान भएको छ। वन नियमावली, २०५१ तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्डसहितको कार्यविधि २०७६ अनुसार कटान गरिएको एउटा रुख बराबर २५ गोटाका दरले वृक्षारोपण गर्नुपर्ने व्यवस्था बमोजिम हालसम्म कटान भएको रुख २७ हजार ३७० को २५ गुणाले हुने ६ लाख ८४ हजार २५० वृक्षारोपण हुनुपर्नेमा ६ लाख १४ हजार ५९५ रोपण भएकोमा ६९ हजार ६५५ अर्थात् १०.१७ प्रतिशत वृक्षारोपण हुन बाँकी देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार रोपण भएको बिरुवाहरू आयोजनाको लागतमा ५ वर्षसम्म स्याहार सम्भार गर्नुपर्ने व्यवस्था रहेको हुँदा सम्झौतानुसार वृक्षारोपणको बाँकी कार्य सम्पन्न गरी बिरुवाहरूको संरक्षण, उत्पादन हुने फलफूलको बजार व्यवस्थापन तथा स्वामित्वसमेतको योजना तयार गर्नुपर्दछ।

सैनिक हवाई महानिर्देशनालय, मध्य ऐयर वेश

महनिर्देशनालयले हवाई साधनबाट दैनिक कार्गो ढुवानी, सैनिक यात्रुको ओसारपसार, प्यारा तालिम, पाइलट तालिम, उद्धार, सैनिक अपरेसन, बन्दोवस्ती उडान, खोज तथा उद्धारका साथै गैर सैनिक स्वदेशी तथा विदेशी नियोगहरूको चार्टर तथा व्यापारिक उडानलगायतका कार्यहरू सञ्चालन गर्दैआएको छ।

३३. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिमको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न १६ जहाज तथा हेलिकोप्टरको २०७८।९।८ देखि २०७९।९।७ सम्मको बीमा गर्न लागत अनुमान तयार नगरी २०७८।७।१७ मा सीधै प्रस्ताव मागको सूचना प्रकाशन गरेको छ। उक्त सूचनाको आधारमा कार्यालयमा ३ प्रस्ताव दर्ता भएकोमा एक बीमा कम्पनीको अमेरिकी डलर ८ लाख ८४ हजारको लागत

अनुमान बेगर विनियोजित बजेटलाई आधारमानी बोलपत्र स्वीकृत गरेको छ। खरिद नियमावलीको पालना गरी प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

३४. **प्रतीतपत्र** - महानिर्देशनालयले हवाई साधनका पार्टपुर्जा खरिद तथा मर्मत कार्यको लागि विभिन्न आपूर्तिकर्तासँग भएको सम्झौता अनुसार सामान आपूर्तिका लागि प्रतीतपत्रको माध्यमबाट भुक्तानी दिने प्रयोजनका लागि वाणिज्य बैङ्कहरूमा सम्झौताअनुसार तोकिएको समयमा प्रतीतपत्र खोल्न देहायबमोजिमका ४ प्रतीतपत्रमा रू.१३ करोड ९६ लाख ९४ हजार उपलब्ध गराएको छः

सामग्रीको विवरण	रकम (रू.हजारमा)	प्रतीतपत्र खोलेको मिति	सम्झौता मिति	सम्झौता अनुसार सामान सप्लाई गर्नुपर्ने
मेन रोटर ब्लेड फर एम आई समेन्टिन हेलिकोप्टर	७६९६०	हालसम्म प्रतीतपत्र नखुलेको	११ जुलाई २०२२	प्रतितपत्र खोलेको १८० दिनभित्र
एअर क्राफ्ट स्पेयर पार्टश फर एम आई समेन्टिन हेलिकोप्टर	२९८८४	२०२२।६।३	११ मे २०२२	प्रतितपत्र खोलेको १८० दिनभित्र
भाइब्रेसन डयाम्पर फर एम आई समेन्टिन हेलिकोप्टर	१२५००	२०२२।६।३	२९ अप्रिल २०२२	प्रतितपत्र खोलेको १८० दिनभित्र
एम २८ स्काई ट्रक स्पेयर पार्टस	२०३५०	२०२२।७।१५	१ जुलाई २०२२	नखुलेको
जम्मा	१३९६९४			

३४.१. उक्त प्रतीतपत्रहरू २०७९।११।२० सम्म एल. सी. एडभाइस नभएका कारण रकम क्यास मार्जिन एकाउण्टमा राखेको उल्लेख छ। महानिर्देशनालय र आपूर्तकबीच भएको सम्झौतामा प्रतीतपत्र खोलेको १८० दिनभित्र आपूर्ति गर्नुपर्ने र सम्झौतामा भएको १२ महिनासम्म सम्झौता कायम रहने उल्लेख छ। सामग्री आपूर्ति गर्ने अवधि समाप्त हुँदासम्म समेत एल.सी. एड्भाइस नभएको कारण रू.१३ करोड ९६ लाख ९४ हजार बैङ्कमा प्रयोगविहीन अवस्था रहेको छ।

३४.२. एम २८ स्काई ट्रक स्पेयर पार्टस खरिदको लागि एक विदेशी आपूर्तकसँग २०७९।३।१७ मा गरेको सम्झौताको आर्टिकल ५ मा सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुने र हस्ताक्षर भएको ३ महिना भित्र प्रतीतपत्र स्थापित नभएमा सम्झौता स्वतः समाप्त हुने उल्लेख छ। उक्त खरिदको लागि एक वाणिज्य बैङ्कमा रू.२ करोड ३ लाख ५० हजारको प्रतीतपत्र खोलेकोमा २०७९।११।१० सम्म प्रतीतपत्र स्थापित नभएको र सम्झौता समेत संशोधन नभएकोले उक्त रकम बैङ्कमा होल्डमा रहेको देखिएकोले होल्ड भएको अवधिको ब्याजसमेत गणना गरी सो रकम फिर्ता हुनुपर्दछ।

३४.३. कार्यालयले मेन रोटर ब्लेड २ सेट खरिद गर्नको लागि एक विदेशी आपूर्तिकर्तासँग ११ जुलाई, २०२२ मा अमेरिकी डलर ५ लाख ९२ हजारको खरिद सम्झौता गरी २०७९।३।२७ मा एक वाणिज्य बैङ्कको नाममा रू.७ करोड ६९ लाख ६० हजारको चेक जारी गरी रकम जम्मा गरेकोमा २०७९।११।१० सम्म प्रतीतपत्र खोलेको पाइएन। आपूर्तिकर्ताले प्रतीतपत्र एडभाइस गर्न नसक्ने कारण देखाई सामान क्रेडिट वेसिसमा उपलब्ध गराउने र पछि सामान प्राप्त भएपछि उपयुक्त माध्यमबाट भुक्तानी दिने गरी अफिसियल ग्यारेन्टी पठाउन पत्राचार गरेको छ। प्रतीतपत्र नै नखोलेको अवस्थामा एक निजी बैङ्कमा रकम रहेकोले ब्याज सहित उक्त रकम फिर्ता लिनुपर्दछ।

वीरेन्द्र सैनिक अस्पताल

प्रथम विश्वयुद्धमा वीरगति प्राप्त फौजको सम्झनामा प्रधानमन्त्री चन्द्रशम्शेरले १९८२।५।२४ मा काठमाडौँ महाँकालमा त्रिचन्द्र मिलिटरी अस्पतालको स्थापना गरेको देखिन्छ। अस्पतालको सेवालाई आधुनिक र थप प्रभावकारी बनाई बहालवाला सैनिक, भूतपूर्व सैनिक र तिनका परिवारलाई औषधि उपचार गर्न वीरेन्द्र सैनिक अस्पतालको नाममा २०४६।९।१४ देखि काठमाडौँको छाउनीबाट सेवा प्रवाह गर्दै आएको छ।

३५. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष ४ लाख ९३ हजार ८१५ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ। कुल १ हजार ४५ शय्याको यस अस्पताललाई नेपाल सरकारले कोभिड डेडिकेटेट अस्पतालको रूपमा समेत तोकेकोले यो वर्ष कोभिड-१९ बाट प्रभावित १ हजार ८९ जनालाई भर्ना गरी उपचार गरेको एवं ४१ हजार १७९ जनाको पी.सी.आर टेष्ट र ४७ हजार ४२४ जनाको आर डी.टी. परीक्षण भएको छ।

सैनिक स्वास्थ्य महानिर्देशनालय

३६. **सम्झौता शर्त र स्पेसिफिकेसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौताको विल विजक भुक्तानी गर्नु अघि सम्झौताको शर्त पुरा गर्नुपर्ने व्यवस्था छ।फिल्ड अस्पताल बर्दिबास र धनगढीको लागि एक आपूर्तकसँग इलेक्ट्रिकल आइटम २०७८।६।११ सम्म बुझाउने गरी रू.८३ लाख ९१ हजारको सम्झौता भएको छ। उक्त सम्झौता अन्तर्गत दुवै स्थानका अस्पतालहरूमा आपूर्ति गरिने इलेक्ट्रिक आइटम मध्ये ६१० लिटर क्षमताका रेफ्रिजेटर ७/७ थान प्रति थान रू.१ लाख ६५ हजारका दरले आइटमवाइज सम्झौता गरेको छ। सम्झौता अनुसार ६१० लिटरका ७/७ थान रेफ्रिजेरेटर आपूर्ती गर्नुपर्ने आपूर्तकले दुबै अस्पतालमा ६१० लिटर क्षमताका २/२ थान र ३१० लिटर क्षमताको १०/१० थान रेफ्रिजेटर आपूर्ति गरी रू.२३ लाख १० हजार भुक्तानी गरेको छ। स्पेसिफिकेसनभन्दा फरक सामान आपूर्ति गरी रू.१६ लाख ५० हजार भुक्तानी दिएको नियमसम्मत देखिएन।

३७. **मोबाइल अस्पताल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा वैदेशिक सहायतामा प्राप्त जिन्सी मालसामान, सवारीसाधन, उपकरण समेतको आम्दानी बाँधी लगत खडा गर्ने, सो को सञ्चालन एवं मर्मत सम्भार तथा प्रयोग गरी सेवा प्रवाह गर्ने लगायतका कार्य सम्बन्धमा व्यवस्था छ। नेपाली सेनालाई २०७२ को भूकम्पपछि प्राप्त २ मोबाईल अस्पताल महानिर्देशनालयले फिल्ड अस्पताल नेपालगंज र वीरेन्द्र अस्पताललाई हस्तान्तरण गरेको छ। उक्त मोबाइल अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा नहुँदा प्रयोगमा आउन सकेको छैन। वस्तुगत सहायता अन्तर्गत प्राप्त मोवाइल अस्पतालबाट सेवा प्रदान गर्ने सम्बन्धी कार्यविधि तयार गरी उपयोगमा ल्याउनुपर्दछ।

अन्य संस्था तथा समिति

सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा भाग लिएबापत नेपाली सेनाले प्राप्त गर्ने रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला

तथा पूर्वसैनिक र निजहरूको परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३२ सालमा सैनिक कल्याणकारी कोषको स्थापना गरी कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको देखिन्छ। सैनिक ऐन, २०६३ र सैनिक कल्याणकारी कोष सञ्चालन नियमावली, २०६५ अनुरूप यो कोष सञ्चालनमा रहेको छ। हाल विभिन्न देशमा शान्ति स्थापनार्थ १७ मिसनमा ५ हजार २८५ सैनिक कार्यरत छन्।

३८. **वित्तीय स्थिति** - कोषमा गतवर्षको मौज्दात रू.६० अर्ब ७१ करोड २८ लाख रहेकोमा यो वर्ष संयुक्त राष्ट्रसंघबाट शोधभर्ना, लगानीबाट ब्याज र आयमूलक कार्य सञ्चालनसमेतबाट रू.२४ अर्ब ३७ करोड ६६ लाख आम्दानी भई शान्ति सेना सञ्चालन कल्याणकारी कार्य, आयमूलक कार्य, पुँजीगत तथा पूर्वाधार विकाससमेतमा रू.१५ अर्ब ५३ करोड ७२ लाख खर्च भई रू.८ अर्ब ८३ करोड ९५ लाख सञ्चालन बचत भएको छ। यो वर्षसम्म कोषमा अन्य दायित्व रू.११ करोड ९३ लाख ५० हजार समेत मौज्दात रू.६९ अर्ब ६७ करोड १६ लाख पुगेको छ। कोषमा रहेको रकममध्ये मुद्दती निक्षेपमा रू.५७ अर्ब ३६ करोड १४ लाख, विभिन्न २५ ऋण पत्रमा रू.२ अर्ब ५६ करोड १५ लाख तथा कल्याणकारी योजनाअन्तर्गत स्थापना भएका १९ निकायमा रू.६ अर्ब ४८ करोड ९५ लाख लगानी, पेस्की तथा सापटी रू.६५ करोड १६ लाख र बैङ्क मौज्दात रू.२ अर्ब ६० करोड ७६ लाख रहेको छ। बचत रकमलाई अधिकतम आय आर्जन हुने क्षेत्रमा सुरक्षित तवरले परिचालन गर्नुपर्दछ।

३९. **वित्तीय विवरण** - सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १५ मा कोषको दैनिक आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने र समितिले नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियमलाई मार्ग निर्देश मानी लेखाप्रणालीको ढाँचा तयार गर्ने व्यवस्था छ। कोषले नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरूप हुने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्ने देखिन्छ।

कोषले वासलात तयार गरे पनि नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम वित्तीय विवरण तयार गरेको छैन। कोषले वासलात तयार गर्दा मातहतका २८ निकायमा रहेका सम्पत्ति तथा दायित्व (घर जग्गा, फर्निचर, सवारीसाधन, मेसिनरी औजार) लाई समावेश नगरेको साथै यो वर्ष पुँजीगत तथा पूर्वाधार विकासमा भएको खर्च रू.४२ करोड ८५ लाख ९५ हजारलाई पुँजीकरण गरेको छैन। कोष र मातहतका कार्यालयले वित्तीय विवरण तयार गर्दा एउटै ढाँचामा तयार गर्नुपर्नेमा कोषले वासलात तयार गरेको र मातहतका कार्यालयले प्राप्ति र भुक्तानीको विवरण तयार गरेको छ। सुपथ मूल्य पसल, क्यान्टिनलगायत मातहतका कार्यालयले प्राप्ति र भुक्तानीको विवरण तयार गर्दा कोषले तोकेको ढाँचामा तयार नगरी फरक ढाँचामा तयार गरेको छ। मातहतका ७ निकायले देखाएको पेस्की रू.७ अर्ब १० करोड ४२ लाख ७७ हजार तथा धरौटी बापतको रू.३० करोड ७० लाख ५७ हजार वासलातमा देखाएको छैन। अत: मातहतका सबै निकायको कारोबार समावेश हुने गरी वित्तीय विवरणको ढाँचा स्वीकृत गरी सोहीअनुसार तयार गर्नुपर्दछ।

४०. **संयुक्त राष्ट्रसंघबाट शोधभर्ना** - यो वर्ष संयुक्त राष्ट्रसंघबाट प्राप्त शोधभर्नाबापत रू.१७ अर्ब १७ करोड १६ लाख आम्दानी र शान्ति सेना सञ्चालनमा रू.९ अर्ब ९८ करोड ८४ लाख खर्च देखाएको छ। कोषले शान्ति सेनामा खटिएका जनशक्तिको तलब, भत्ता, उपकरण एवं अन्य खर्चबापतको शोधभर्ना

उल्लेख नगरी एकमुष्ट रकम शोधभर्ना आम्दानी देखाएको छ। अतः शीर्षकगत रूपमा कोषबाट भएको खर्चमध्ये शोधभर्ना प्राप्त हुनुपर्ने, प्राप्त भएको र बाँकी रकमको विस्तृत विवरण तयार गर्नुपर्दछ।

४१. **लेखापरीक्षण** - सैनिक ऐन, २०६३ को दफा ३२(२) मा कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। कोषले कल्याणकारी योजनाअन्तर्गत स्थापित वा कोषमार्फत् लगानी गरेका ३७ निकायमध्ये फ्युल स्टेसन खैरेनीटार र बुटवल, रिपुमर्दिनी पेट्रोल स्टेसन भद्रकाली, शक्तिदेवी पेट्रोल स्टेसन, लगनखेल तथा प्रदेश स्तरका सुपथ मूल्य पसलको आर्थिक विवरण पेस गरी कारोबारको लेखापरीक्षण गराएको छैन। ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ।

४२. **आन्तरिक नियन्त्रण प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। कोषले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

४३. **भवन भाडा** - सैनिक कल्याणकारी कोषले महाँकालस्थित कल्याणकारी भवन व्यापारिक प्रयोजनको लागि एक व्यवसायीलाई हस्तान्तरण गरी मासिक रू.४ करोड ११ लाख ११ हजारका दरले प्रत्येक ३ महिनाको हुन आउने भाडा अग्रिम रूपमा प्राप्त गर्ने गरी २०७६।१०।१६ मा सम्झौता गरेको छ। सम्झौताको बुँदा नं ४ मा प्रथम पक्षलाई दोस्रो पक्षले तिर्नु बुझाउनुपर्ने भाडा रकम पहिलो महिनाको मसान्तसम्म नबुझाएमा वा आंशिक मात्र बुझाएमा अगामी महिनाको तिर्न बाँकी अग्रिम भाडा रकममा ३ प्रतिशत र त्यसपछि अर्को महिनाको मसान्तसम्मको लागि अग्रिम भाडा ५ प्रतिशत अतिरिक्त गरी जम्मा ८ प्रतिशतका दरले जरिबाना समेत प्रथम पक्षलाई बुझाउनुपर्ने, सोबमोजिम जरिबाना समेत थप गरी अग्रिम भाडा बुझाउन बाँकी राखेमा उक्त रकमलाई बाँकी भाडा रकममा समायोजन गरी तिर्न बाँकी रहेको सम्पूर्ण भाडा रकममा प्रतिमहिना १ प्रतिशतका दरले अतिरिक्त जरिबाना समेत थप गरी तिर्नु/बुझाउनु पर्ने उल्लेख छ। उक्त भवनको २०७७।७८ मा तिर्न बाँकी बहाल रकम रू.२ करोड १ लाख ३३ हजार रहेकोमा यो वर्ष १२ महिनाको रू.४९ करोड ३३ लाख ३३ हजार समेत रू.५१ करोड ३४ लाख ६६ हजार प्राप्त हुनुपर्नेमा विभिन्न मितिमा रू.१२ करोड ६० लाख १२ हजार मात्र बहाल रकम प्राप्त गरेकोले बाँकी रू.३८ करोड ७४ लाख ५४ हजार र सोको जरिबानासमेत असूल गर्नुपर्दछ। साथै भवन भाडामा लगाउदा नेपाल सरकारको सहमति लिनुपर्ने व्यहोरा गत विगतका प्रतिवेदनमा औंल्याइएकोमा स्थिती यथावत छ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विकास समिति

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक भौतिक, संस्थागत तथा कानुनी पूर्वाधार तयार गर्न विकास समिति ऐन, २०१३ अनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम समितिको गठन भएको हो।

४४. **परियोजना स्वीकृति र खर्च** - समिति गठन आदेश बमोजिम समितिलाई विश्वविद्यालय पूर्वाधार निर्माण समेतको कार्य क्षेत्र तोकिएकोमा समितिले यो वर्ष योजनाको पूर्वाधार निर्माण सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गरी ३ चरणमा संरचना निर्माण कार्य गर्न रू.८ अर्ब ३ करोड ३९ लाख ४६ हजारको

लागत अनुमान स्वीकृत गरेको छ। विस्तृत परियोजना प्रतिवेदन स्वीकृत हुनुपूर्व पूर्वाधार निर्माण लगायतका कार्यमा रू.१७ करोड ९५ लाख खर्च भएको छ। यो वर्ष समितिलाई भवन निर्माण लगायत कार्यको लागि प्राप्त बजेटमा बहुवर्षीय योजनामा रकम विनियोजन भएको छैन। विश्वविद्यालय स्थापनाका विकास समिति बाहेकका अन्य विभिन्न मोडालिटी हुनेमा त्यसतर्फ विस्तृत अध्ययन विश्लेषण भई स्रोत व्यवस्थापन गरी उदेश्यअनुरूप सञ्चालन गर्नुपर्दछ।

४५. **सट्टा भर्ना वृक्षारोपण -** समिति र वन तथा भूसंरक्षण विभागबीच सम्पन्न वन क्षेत्रको भोगाधिकार सम्झौताको शर्त नं. ३ मा हाल अति आवश्यक भौतिक संरचना निर्माण हुने ५ हेक्टर भन्दा कम क्षेत्रफलमा रहेका १ हजार १०५ रुख बिरुवा मात्र हटाउने र हटाइने १ बिरुवाको सट्टा १० का दरले नयाँ वृक्षारोपण कार्यमा लाग्ने लागत खर्च समितिले व्यहोर्ने व्यवस्था छ। समितिबाट प्राप्त विवरणअनुसार ८०२ रुख कटान गरिएकोमा समझदारी अनुसार संख्यामा सट्टा भर्ना वृक्षारोपण गरेको छैन। सम्झौताको शर्त अनुसार वृक्षारोपण गर्नुपर्दछ।

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

नेपाली सेनाका हवाई साधनहरूलाई नागरिक सेवाअन्तर्गत अत्यावश्यकीय क्षेत्रमा नियमित एवं मितव्ययी सेवा प्रदान गर्न नेपाल सरकारले विकास समिति ऐन, २०१३ अनुसार नेपाली सैनिक विमान चार्टर विकास समिति गठन आदेश, २०७३ जारी गरी यो समिति गठन भएको हो।

४६. **वित्तीय विवरण** - समितिको गठन आदेशमा समितिले नेपाल सरकारले अपनाएको लेखा प्रणालीअनुसार आय व्यय हिसाब तयार गर्नुपर्ने उल्लेख छ। समितिले यो वर्ष रू.६३ करोड ८४ लाख ७७ हजार आम्दानी गरी रू.२६ करोड ९७ लाख ४० हजार खर्च गरी र रू.३६ करोड ८७ लाख ३७ हजार मौज्दात रहेको विवरण तयार गरेको छ। स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

४७. **बक्यौता** - समितिको यो वर्ष विभिन्न १५ व्यक्ति, संस्था एवं निकायबाट चार्टर भाडा रू.१ करोड ६१ लाख ९३ हजार र २०३४।३५ देखि देखि २०७७।७८ सम्मको बक्यौता रू.६ करोड ४ लाख ७१ हजार समेत कुल रू.७ करोड ६६ लाख ६४ हजार असुल हुन बाँकी रहेको छ। बक्यौता रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा रकमान्तर, आवधिक योजना कार्यान्वयन, खरिद व्यवस्थापन, पुराना प्रतीतपत्र, सामग्री आपूर्ति, वित्तीय र भौतिक प्रगति, सेवा प्रवाह, गुणस्तर व्यवस्थापन लगायतका सुधार गर्नुपर्ने व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

- मन्त्रालय र मातहतसमेत ९९ निकायमा यो वर्ष रू.६४ करोड ८१ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ९ निकायले रू.४ करोड २८ लाख ३५ हजार फर्स्यौट गरेकोले रू.६० करोड ५३ लाख २४ हजार बाँकी रहेको छ। सोमध्ये रू.३२ करोड ४९ लाख ५२ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
- अन्य संस्था १० तर्फ यो वर्ष रू.५ करोड १३ लाख ८१ हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा वन तथा वातावरण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम अनुगमन र मूल्याङ्कन गर्ने, राष्ट्रिय वन तथा वनको सर्वेक्षण, वर्गीकरण, नाप, नक्सा र सीमाङ्कन, निजी, सार्वजनिक, सरकारी, धार्मिक, सामुदायिक, साझेदारी, कबुलियति, चक्ला वन, वन्यजन्तु आरक्षण तथा सिकार आरक्ष सीमसार क्षेत्र, योजना तथा कार्यान्वयन, प्राणी उद्यान, वातावरण, जलवायु, कार्बनको सेवा र सञ्चिति, हरित गृह ग्याँसको उत्सर्जनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित सस्थासमेत ८० निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ६१ सरकारी कार्यालयको निम्नानुसार रू.११ अर्ब ४६ करोड ७० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
५७११७	३८१५७	२२५०	१७१४६	११४६७०

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रू.४ अर्ब ५ करोड २५ लाख समावेश छैन। यो वर्ष २ निकायको रू. ७ करोड ८२ लाखको लेखापरीक्षण हुन बाँकी रहेको छ।

२. **वातावरणीय लेखापरीक्षण -** यो वर्ष बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **संगठित संस्था र अन्य संस्था -** यो वर्ष ५ संस्थाअन्तर्गतका १४ कार्यालयको रू.५ अर्ब ५१ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र ३ संस्थाको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

४. **योजना कार्यान्वयन -** पन्धौं योजनाले वन, जैविक विविधता र जलाधार, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रमा तोकेका २६ सूचकमध्ये केही प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

क्र.सं.	नतिजा सूचक	इकाई	आधार वर्ष (२०७५।७६)	२०७८।७९		प्रतिशत
				लक्ष्य	प्रगति	
१	वृक्षारोपण गरिएको क्षेत्रफल	हेक्टर (हजारमा)	४	१५	३.७२९	२४.८६
२	बिरुवा उत्पादन (वार्षिक)	संख्या (करोडमा)	२०.५	२५	१.८५	७.४०
३	वन्यजन्तुको पालन	प्रजाति	०	२	०	-
४	दर्ता भएका निजी वन विकास	हेक्टर (हजारमा)	२.३६	३.५	०	-
५	फोहोर पानीको प्रशोधन अनुपात	प्रतिशत	५	१०	०	-
६	प्रशोधन नगरिएको औद्योगिक फोहोर	प्रतिशत	९५	९०	०	-
७	काठ उत्पादन	घन फिट (लाख)	१९४	२५०	२१७.९	८७.१६
८	बस्ती तथा बजार संरक्षण	संख्या	-	८०	६०	७५.००
९	फोहोर मैला प्रशोधन केन्द्र	संख्या	२	१०	०	-

क्र.सं.	नतिजा सूचक	इकाई	आधार वर्ष (२०७५।७६)	२०७८।७९		प्रतिशत
				लक्ष्य	प्रगति	
१०	प्लाष्टिकको प्रयोग(ग्राम)	प्रतिव्यक्ति प्रति दिन	२	१	-	-
११	प्लाष्टिकको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	२५	५५	०	-
१२	सिसा र धातुजन्य पदार्थको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	७.२	६०	०	-
१३	जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन भएका स्थानिय तह	संख्या	-	५५०	२४१	४३.८२

उल्लिखित तालिकाबमोजिम आवधिक योजना अनुरूप २०७८।७९ मा१३ सूचकमध्ये एक सूचक (काठ उत्पादन) मा ८७.१६ प्रतिशत प्रगति हासिल भए तापनि ८ सूचकमा प्रगति शून्य रहेको र ४ सूचकमा लक्ष्यअनुसार प्रगति न्यून रहेको छ। आवधिक योजनाले तोकेको लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका क्रियाकलापमध्ये राष्ट्रिय वनको दिगो व्यवस्थापनसम्बन्धी मापदण्डसहितको कार्यविधि तयार गर्नुपर्नेमा मस्यौदा प्रतिवेदन मात्र तयार भएको, चुरे क्षेत्रका अति संवेदनशील ३२ हेक्टर क्षेत्रमा तारबारसहित पुनरुत्पादन संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेमा २१ हेक्टर भएको, वन्यजन्तुका लागि १०६ पानी पोखरी व्यवस्थापन गर्नुपर्नेमा ९४ वटा निर्माण भएको, कृषि वन प्रवर्द्धन कार्यक्रम ७४ हेक्टरमा गर्नुपर्नेमा ६८.५ हेक्टरमा भएको, ५५ वटा शहरी उद्यान विकास गर्नुपर्नेमा ४४ भएको, प्लाष्टिकजन्य फोहोर व्यवस्थापन कार्ययोजना निर्माण गर्नुपर्नेमा सोको मस्यौदा मात्र तयार भएको, प्लाष्टिकको झोला विस्थापित गर्ने गरी उद्योग स्थापना गर्दा १०० थान मेसिन खरिदमा अनुदान दिने कार्यमा प्रगति नै नभएको, पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सरकारी साधनलाई विद्युतीय सवारीसाधनले विस्थापित गर्ने रणनीतिक योजना तर्जुमा नभएको, वायु गुणस्तर मापन केन्द्र ४ स्थानमा स्थापना गर्नुपर्नेमा प्रगति शून्य भएको अवस्था छ। कार्यक्रम कार्यान्वयन नहुनु वा कम हुनुका कारण पहिचान गरी आवश्यक बजेट व्यवस्था र कार्यान्वयनमा प्रभावकारिता ल्याई बजेटको लक्ष्य हासिल गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य** - मन्त्रालयसँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूको प्रगति स्थिति निम्नानुसार छ:

क्र.सं.	लक्ष्य/सूचक	मापन	आधार वर्ष सन् २०१५	लक्ष्य (सन् २०१९)	२०७८।७९ को प्रगति	प्रतिशत
१	ताल, सिमसार र पोखरी संरक्षण	संख्या	१७२७	२५९९	४१००	१५७.७५
२	सार्वजनिक निजी क्षेत्रमा बिरुवा रोपण	हेक्टर प्रति वर्ष	०	५०००	३७२९	७४.५८
३	औसत रुख संख्या	प्रति हेक्टर	४३०	४८७	४३०	८८.३०
४	जैविक विविधता र पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र दिगो प्रयोगको लागि आधिकारिक विकास सहायता	प्रतिशत	१.९	०	०	-
५	रुख बिरुवा प्रजाति संरक्षण	संख्या	३	३०	७	२३.३३
६	जनावर प्रजाति संरक्षण	संख्या	५	४८	१०	२०.८३
७	जलवायु दृष्टिकोणले व्यवस्थित गाउँहरू	संख्या	०	४५	४२	९३.३३
८	वन क्षेत्रले वायुमण्डलबाट शोषण गरेर लिएको कुल कार्बन	मिलियन टन्स	२२७६	२५२२	११५७.४	४५.८९

निर्धारित लक्ष्यबमोजिमका कार्यक्रमको कार्यान्वयन सम्बन्धमा मन्त्रालयबाट प्रभावकारी रूपमा अनुगमन गरी प्रगति हासिल गर्नुपर्दछ।

७. **वन स्रोत उपयोग -** वन नीति, २०७५ ले वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। वन क्षेत्रमा ढलापडा, सुखडा खडा, हैसियत बिग्रिएका, प्रकोपले ढलेका र बुढो तथा उमेर पुगेका रुख बढ्दो क्रममा रहेका छन्। हिउँद तथा सुख्खा मौसममा लाग्ने डढेलोले काठ नष्ट हुने गरे तापनि सोको प्रभावकारी व्यवस्थापन गरी उपयोग हुन सकेको छैन। आवश्यकतानुसार काठ उपलब्ध हुन नसकेको कारण २०७७।७८ मा रू.२ अर्ब ३३ करोड र २०७८।७९ मा रू.७ अर्ब ९९ करोडको काठ र काठजन्य सामग्री अयात भएको छ। काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अरबौं रूपैयाँको काठजन्य सामग्री आयात भएको देखिँदा ढलापडा, सुखडा खडा रुखहरूको व्यवस्थापन गरी काठलगायत वन पैदावारको उचित उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८. **लेखा तथा वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयको वित्तीय विवरणअनुसार सोझै भुक्तानी हुने अनुदान रू.३७ करोड ३२ लाख ४२ हजारमध्ये रू.३५ करोड २२ लाख ६४ हजारको लेखा तथा वित्तीय विवरण लेखापरीक्षणको लागि पेस भएको छैन। ऐनको व्यवस्थाबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्दछ।

९. **कार्य सम्पादन करार -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ (५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रतिफल सूचकसहित करार गर्ने व्यवस्था छ। मन्त्रालयले मन्त्री र सचिव, सचिव र विभागीय प्रमुखबीच भएको कार्यसम्पादन करारको प्रगतिको मूल्याङ्कन गरेको देखिएन। कार्यसम्पादन करारको प्रगति स्थितिको मूल्याङ्कन गरी तोकिएको कार्य तथा सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

१०. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ मा राष्ट्रिय वन क्षेत्रको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयनमा रहेको छ। विभागले उपलब्ध गराएको विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार ५४३ हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। मन्त्रालयले अतिक्रमित वन क्षेत्रको स्थिति अद्यावधिक गरी वन ऐन, २०७६ बमोजिम कारबाही गरी वन क्षेत्रको संरक्षण गर्नुपर्दछ।

वन जंगल अवस्थित जग्गाको प्रशासन संघीय सरकारले गर्ने र सोही जग्गामा अवस्थित वन जंगल प्रदेश सरकारको कार्यक्षेत्रभित्र रहेकोले वन जंगलको प्रभावकारी संरक्षणको लागि जिम्मेवारी र जवाफदेहिता स्पष्ट देखिएन। कार्यक्षेत्र स्पष्ट गरी कार्यसम्पादन गर्नुपर्दछ।

११. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट सम्पादन हुन नसक्ने काम भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयबाट स्वीकृत नर्म्सको आधारमा तयार गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

११.१ विभिन्न अध्ययन, सर्वेक्षण, अनुसन्धानलगायतका कामको लागि मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रले रू.२ करोड ६२ लाख, पहाडी साना किसानको लागि अनुकूलन आयोजनाले रू.१ करोड २९ लाख, वन तथा भू-संरक्षण विभागले रू.२० लाख, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले रू.२ करोड ९४ लाखसमेत यो वर्ष परामर्श सेवामा रू.७ करोड ५ लाख खर्च लेखेकोमा परामर्श सेवाको लागत अनुमान तयार गर्न आवश्यक नर्म्स स्वीकृत भएको देखिएन। परामर्श सेवाको लागत अनुमानमा एकरूपता ल्याउन मन्त्रालयले नर्म्स स्वीकृत गरी लागू गर्नुपर्ने व्यहोरा गत विगत वर्षसमेत औँल्याइएकोमा नर्म्सको मस्यौदा तर्जुमा गरे पनि स्वीकृत भएको छैन। नर्म्स स्वीकृत गरी लागत अनुमान तयार गर्नुपर्दछ।

११.२ सम्बन्धित निकायमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने आधार र कारण स्पष्ट नखुलाई आफ्नै जनशक्तिबाट गर्न सकिने कामको लागि पनि परामर्श सेवा खरिद गरेको देखियो। परामर्शदाताको सम्बन्धित क्षेत्रको विज्ञता र अनुभवको आधार लिई कार्य गराउनुपर्नेमा सोको पूर्ण पालना भएको छैन। उपलब्ध जनशक्तिको पर्याप्त उपयोग गरी परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

११.३ परामर्शदातामार्फत् भएको अध्ययन, अनुसन्धानको प्रतिवेदनहरूको अभिलेख अद्यावधिक नगरेकोले एउटै प्रकृतिका अध्ययन मन्त्रालय मातहतकै एक भन्दा बढी निकायबाट हुन सक्ने र ती प्रतिवेदनको उपयोग अवस्था यकिन हुन सक्ने देखिँदैन। हरेक वर्ष अध्ययन अनुसन्धान गर्ने तर अनुसन्धानका निष्कर्षहरूको कार्यान्वयन नगर्ने वा समयमा नगर्ने कारण खर्चको प्रभावकारिता र उपलब्धि अपेक्षाकृत हुने देखिँदैन। आवश्यक अध्ययन एवं अनुसन्धानको लागि मात्र परामर्श सेवा लिने, परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख राख्ने र प्रतिवेदनको उपयोग हुने व्यवस्था मिलाई खर्चको सदुपयोग सुनिश्चित गर्नुपर्दछ।

१२. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने व्यवस्था छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले ५१ प्रतिवेदन स्वीकृत गरेको छ। उक्त प्रतिवेदनमध्ये नमूना छनौट गरी १२ प्रतिवेदनको परीक्षण गर्दा प्रमाण सङ्कलन, सिफारिस र स्वीकृत गर्न लागेको अवधि देहायबमोजिम रहेको छ:

क्र.सं.	आयोजनाको नाम	दर्ता पश्चात प्रमाण सङ्कलन गर्न लागेको दिन	सचिवबाट सिफारिस गर्न लागेको दिन	स्वीकृतिको लागि लागेको दिन	जम्मा
१	रिवालखोला साना जलविद्युत आयोजना, सिन्धुपाल्चोक	३७४	२	३०६	६८२
२	कुमरोज कटहर भण्डारा पिप्ले सडक	३३७	१६	६४	४१७
३	नौमुरे बहुउद्देश्यीय आयोजना, लुम्बिनी	१९३	१६७	१	३६१
४	गोकर्ण फरेष्ट रिसोर्ट, काठमाडौं	२२८	१५	१०६	३४९
५	सिद्धार्थ इन्टरनेशनल होटल	११४	५०	१४४	३०८
६	गोडहुवा कुम्बर बेतहनी नेपालगञ्ज मानखोला सडक, बाँके, लुम्बिनी प्रदेश	१६१	६२	४७	२७०
७	एन्फा बहुउद्देश्यीय फुटबल टेक्निकल सेन्टर, कास्की, गण्डकी प्रदेश	१३६	९१	४१	२६८

क्र.सं.	आयोजनाको नाम	दर्ता पश्चात प्रमाण सङ्कलन गर्न लागेको दिन	सचिवबाट सिफारिस गर्न लागेको दिन	स्वीकृतिको लागि लागेको दिन	जम्मा
८	गोरखा पोलिटेक्निक कलेज एण्ड रिसर्च सेन्टर, बाँके, लुम्बिनी प्रदेश	१०१	२	१६४	२६७
९	मार्स हस्पिटालिटी होटल	१०६	४६	६६	२१८
१०	लामिरह बहुउद्देश्यीय आयोजना, लुम्बिनी प्रदेश	१३	१०३	६६	१८२
११	बेनी कालीगण्डकी जलविद्युत आयोजना, पर्वत र म्याग्दी, गण्डकी प्रदेश	५	८३	२७	११५
१२	सर्वोत्तम स्टील्स, पर्सा, मधेश प्रदेश	४	३६	३९	७९

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न ६८२ दिनसम्म लागेको देखिन्छ। दर्ता पश्चात् पत्राचार तथा प्रमाण सङ्कलन गर्न ३७४ दिनसम्म लागेको एवं पेस भएपश्चात् सिफारिस गर्न १६७ दिनसम्म र सिफारिस पश्चात स्वीकृत गर्न ३०६ दिन सम्म लागेको देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न भएको ढिलाइले योजना कार्यान्वयन गर्न ढिलाई भई परामर्शदाता र निर्माण व्यवसायीको समय र मूल्य समायोजनको कारण लागत बढ्ने अवस्था छ। मन्त्रालयले सरोकारवालासँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कनको कारबाही समयमै टुङ्गो लगाउनुपर्दछ।

१३. **प्रदूषण नियन्त्रण शुल्क -** आर्थिक ऐन, २०७८ को दफा १३ मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर रू.१।५० का दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम यो वर्ष रू.३ अर्ब ६९ करोड ३६ लाखसमेत २०६५।६६ देखि २०७८।७९ सम्म रू.१६ अर्ब ५० करोड ६६ लाख राजस्व असुल गरी सञ्चित कोष दाखिला गरेको देखिन्छ। सो रकम प्रत्यक्ष रूपमा प्रदूषण नियन्त्रण एवं रोकथाम गर्ने कार्यमा खर्च गरेको नदेखिएकोले जुन प्रयोजनको लागि शुल्क उठाएको हो सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

वन तथा भू-संरक्षण विभाग

वनको प्रभावकारी व्यवस्थापन, संरक्षण र संवर्द्धन गरी सर्वसाधारण जनतालाई काठ, दाउरालगायत वन पैदावार सरल र सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले २०५० मा विभागको स्थापना भएको हो। विभाग मातहत ४ बृहत जलाधार व्यवस्थापन केन्द्र, १ संघीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, ४ वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र र १ सशस्त्र वन रक्षक तालिम केन्द्र रहेका छन्।

१४. **अधुरो निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्य नगरी सम्झौताको उल्लङ्घन गरेमा समयमा कार्यसम्पन्न हुन नसके बापत पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने निर्माण व्यावसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने उल्लेख छ। कैलालीमा सशस्त्र वन रक्षक ब्यारेक भवन निर्माण कार्य २०७९।०२।१० सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.३ करोड ८९ लाख १६ हजारको सम्झौता भएकोमा हालसम्म रू.७१ लाख ५२ हजारको मात्र कार्य भई निर्माण कार्य अधुरो रहेको छ। निर्माण कार्यको म्याद थपसमेत नभएकोले नियमानुसार कारबाही गरी कार्य सम्पन्न गराउनु पर्दछ।

१५. **सूचना प्रणाली** - रामेछाप जिल्लामा पहिरोको पूर्वसूचना दिने प्रणाली स्थापनार्थ उपकरण खरिदको लागि रू.९ लाख ६२ हजार खर्च भएकोमा प्रणाली स्थापना गर्ने स्थान पहिचान नभएको, उक्त प्रणालीको गुणस्तर परीक्षण र जिन्सी दाखिला नभएकोले प्रणालीको उपयोगिता सम्बन्धमा यकिन गर्न सकिएन। प्रणाली जडान गरी सञ्चालन, सूरक्षा र दिगो व्यवस्थापन गर्नुपर्दछ।

१६. **वन विकास कोष** - वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वनको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनात्मक कार्य गर्न वन विकास कोषमा जम्मा हुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१६.१ वन नियमावली, २०७९ को नियम १०८ अनुसार मन्त्रालयले २०७६।७।४ मा वन विकास कोष स्थापना गरेको र वन क्षेत्रको भोगाधिकार प्राप्त गर्ने संस्थाबाट यस वर्षसम्म रू.४९ करोड ३९ लाख प्राप्त गरेको देखिन्छ। त्यस्तै वन तथा भू-संरक्षण विभागमा रहेको कोषमा यस वर्ष रू. ८० करोड ३० लाख प्राप्त गरेको देखिन्छ। नियमावलीको व्यवस्थाअनुसार कोष एकीकृत गरी विभागबाट सञ्चालन गर्नुपर्दछ।

१६.२ पूर्वाधारजन्य संरचना निर्माण गर्दा नष्ट भएको जंगल एवं बोट बिरुवाको सट्टा भरण गरी वनको क्षेत्रफल कमी नआउने गरी व्यवस्थापन गर्ने कानूनी व्यवस्था भए पनि संरचना निर्माण गर्ने सबै निकायले यस कोषमा रकम पठाएका छैनन्। मन्त्रालयले सोको अनुगमनसमेत गरेको छैन।

१६.३ वन नियमावलीको नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले विभागले तोकेको जग्गामा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च उक्त कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानूनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने गरी विभागसँग सम्झौता भएकोमा जग्गा उपलब्ध गराउन नसक्ने भएमा सो बापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। वन ऐन, २०७६ लागू हुनु पूर्व ५९९ आयोजनालाई १९ हजार ८७२.४६१ हेक्टर तथा तत्पश्चात ९२ आयोजनालाई १ हजार ८४६.२१९ हेक्टरसमेत यस वर्षसम्म ६९१ संस्थालाई २१ हजार ७१८ हेक्टर जग्गा ७ देखि ४० वर्षको लागि उपयोग गर्न दिएको देखिन्छ। लिजमा उपलब्ध गराएको जग्गासम्बन्धी सम्झौतागत अभिलेख अद्यावधिक गरी रोयल्टी रकम असुली, सम्झौतामा उल्लेख भएअनुसारको सट्टा जग्गा प्राप्ति, वृक्षारोपण एवं ५ वर्षसम्म सोको संरक्षण गर्ने सम्बन्धी कार्य गर्नुपर्नेमा अभिलेख राखेको छैन। यस सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल हुँदा अभिलेख अद्यावाधिक गरी स्थिति प्रतिवेदन समितिमा पेस गर्न निर्देशन दिने निर्णय भए तापनि प्रतिवेदन पेस गरेको छैन। अत: लिज सम्झौताको शर्त पालनाको अवस्था सुनिश्चित गर्न सकिने गरी अद्यावधिक अभिलेख तयार नगर्ने तथा अनुगमन नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१६.४ यस वर्षसम्म ६९१ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएको देखिएकोमा १९ को मात्र विवरण प्राप्त भएको र ती संस्थाबाट रू.१ अर्ब ३५ करोड ६६ लाख प्राप्त हुनुपर्ने देखिन्छ। उक्त रकममध्ये रू.८० करोड ३० लाख प्राप्त भई रू.५५ करोड ३६ लाख प्राप्त हुन बाँकी रहेको छ। मन्त्रालयमा रहेको रू.४९ करोड ३९ लाख समायोजन गर्दा समेत रू.५ करोड ९७ लाख प्राप्त हुन बाँकी रहेको छ। बाँकी ६७२ संस्थाको वन विकास कोषमा प्राप्त हुनुपर्ने रकम अनुगमन गरी दाखिला गर्नुपर्दछ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-दृश्यहरूको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले २०२९ मा विभाग स्थापना भएको हो। विभागअन्तर्गत १२ राष्ट्रिय निकुञ्ज, ६ संरक्षण क्षेत्र, १ वन्यजन्तु आरक्ष, १ सिकार आरक्ष सहित २० संरक्षित क्षेत्र र १३ मध्यवर्ती क्षेत्र रहेका छन्।

१७. **संरक्षित क्षेत्र अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्जको कुनै भाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावर हानि-नोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ। विभाग अन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार ७७१ हेक्टर जग्गा अतिक्रमण भएकोमा यस वर्ष १८६ हेक्टर जग्गा मात्र अतिक्रमण मुक्त गरेको देखिन्छ। कानूनअनुसार कारबाही गरी संरक्षित क्षेत्र अतिक्रमण मुक्त गराउनुपर्दछ।

१८. **मानव तथा वन्यजन्तु संरक्षण** - विभागबाट प्राप्त विवरणअनुसार यस वर्ष वन्यजन्तुबाट ५८ जनाको मृत्यु तथा ११६ सख्त तथा ७२ सामान्य घाइते भएका, पशुधन अन्नबाली, घरगोठ क्षतिलगायतका १२ हजार ६७२ घटना घटेको र वन्यजन्तुतर्फ सडक दुर्घटना, कुकरको आक्रमण तथा चोरी सिकारी लगायतका कारणबाट ४५८ वन्यजन्तुको मृत्यु भएको देखिन्छ। अत: मानव वन्यजन्तुबाट हुने मानवीय क्षति रोक्न तथा वन्यजन्तुको संरक्षणतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१९. **मुद्दा फर्स्यौंट स्थिति** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तर्गतका नियमावली विपरीत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा निषेधित कार्यहरू गर्नेलाई अनुसन्धान तथा तहकिकात सम्पन्न भएपछि मुद्दा हेर्ने अदालत वा तोकिएको अधिकारी समक्ष पेस गर्नुपर्ने उल्लेख छ। यो वर्ष वन अपराधसम्बन्धी १३९ मुद्दा दर्ता भएकोमा ४९ मुद्दा मात्र फर्स्यौंट भई ९० मुद्दा फर्स्यौंट हुन बाँकी देखिन्छ। त्यस्तै यो वर्ष वन्यजन्तु अपराधसम्बन्धी १०९ मुद्दा दर्ता भएकोमा ६७ फर्स्यौंट भई ४२ मुद्दा फर्स्यौंट हुन बाँकी देखिन्छ। कानूनबमोजिम मुद्दा फर्स्यौंट समयमै हुनुपर्दछ।

२०. **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा (८)२ मा एउटै कार्यलाई टुक्रा-टुक्रा पारी पटक-पटक कार्य गर्न नहुने व्यवस्था छ। शुक्लाफाँटा राष्ट्रिय निकुन्ज कार्यालयले वन पथ मर्मतमा रू.३८ लाख ४३ हजार, घाँसे मैदान व्यवस्थापन रू.१८ लाख २० हजार, बोरिङसहितको सोलार जडानमा रू.१४ लाख ८५ हजार र पोष्ट भवन मर्मतमा रू.१४ लाख ४२ हजारसमेत रू.८५ लाख ९० हजारको कार्य सोझै गराएको छ। खरिद ऐनको पालना गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कार्य गर्नुपर्दछ।

२१. **पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समितिलाई सम्झौता रकमको ३३ प्रतिशतसम्म अग्रिम रूपमा पेस्की दिन सकिने व्यवस्था भएकोमा शुक्लाफाँटा राष्ट्रिय निकुन्ज कार्यालयले दुई उपभोक्ता समितिसँग रू.८१ लाख ४० हजारको सम्झौता गरेकोमा रू.४४ लाख ५० हजार अर्थात् ५४ प्रतिशत पेस्की दिएको छ। नियमावलीको व्यवस्थाभन्दा बढी पेस्की दिने कार्य नियन्त्रण गर्नुपर्दछ।

२२. **होटल सञ्चालन शुल्क** - सगरमाथा राष्ट्रिय निकुञ्ज भित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि २०७० को बुँदा ९(३) मा होटल, लज, चियापसल सञ्चालन गर्न सम्झौता गरेका सञ्चालकले सम्झौतामा उल्लिखित वार्षिक शुल्क तोकिए बमोजिम बुझाउनुपर्ने व्यवस्था छ। निकुञ्ज भित्र लज तथा चियापसल सञ्चालन गरेका १ सञ्चालकसँग रू.३९ लाख २४ हजार शुल्क असुल गर्न बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२३. **ल्याण्डिङ शुल्क** - हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को अनुसूची २ङ बमोजिम निकुञ्ज क्षेत्र भित्र ल्याण्डिङ गर्ने हेलिकप्टरले प्रति ल्याण्डिङ रू.३ हजार तिर्नुपर्ने व्यवस्था छ। सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रको चौंरीखर्क रेञ्जपोष्ट लुक्लाबाट प्राप्त विवरण अनुसार ५ हेलिकप्टर कम्पनीसँग रू.११ लाख १० हजार असुल गरेको छैन। निकुञ्जको अन्य रेञ्जपोष्ट तथा अन्य हिमाली निकुञ्जबाट समेत विवरण लिई ल्याण्डिङ शुल्क असुल गर्नुपर्दछ।

२४. **आम्दानी** - शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ को नियम २६(१) मा जलस्रोत उपयोग गरे बापत उपभोक्तासंग असुल गर्ने शुल्कको २० प्रतिशत निकुञ्जलाई बुझाउनुपर्ने उल्लेख छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त विवरणअनुसार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जबाट वार्षिक १ अर्ब ३२ करोड २० लाख ३० हजार लिटर पानी वितरण भएको र महसुल दर प्रति १० हजार लिटरसम्म न्यूनतम रू.१००।- रहेकोले यस वर्ष रू.१ करोड ३२ लाख २० हजार आम्दानी प्राप्त हुने देखिन्छ। नियमावलीमा भएको व्यवस्था बमोजिम उक्त आम्दानीको २० प्रतिशतले हुने न्यूनतम रू.२६ लाख ४४ हजार असुल हुनुपर्दछ।

२५. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ। चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले पीसीसीसहित मेस जालीको तारबार लगाउने कार्यको लागि रू.१ करोड २९ लाख ६ हजार बजेट व्यवस्था भएकोमा एउटै उपभोक्ता समितिसँग एकै मितिमा २ प्याकेजमा सम्झौता गरी रू.१ करोड १० लाखको कार्य गराएको छ। नियमावलीले तोकेको सिमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउने कार्य नियन्त्रण गरी प्रतिस्पर्धात्मक तरिकाबाट गर्नुपर्दछ।

२६. **संरक्षण** - अर्ना संरक्षण गर्न राष्ट्रिय प्राकृतिक संरक्षण कोष तथा यू.एस.एड. को वित्तीय तथा प्राविधिक सहायतामा विभागले कोशीटप्पु वन्यजन्तु आरक्षणबाट १२, चिडियाखाना जावलाखेलबाट ३ समेत १५ अर्ना २०७३ मा चितवन राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरेको थियो। वन क्षेत्रमा इन्क्लोजर निर्माण गरी राखेको ती अर्नामध्ये गत वर्षसम्म ३ जीवित रहेकोमा यस वर्ष सबैको मृत्यु भएको छ। अर्ना व्यवस्थापनमा २०७८।७९ सम्ममा रू.७६ लाख १३ हजार खर्च भए तापनि अर्ना संरक्षण हुन सकेको देखिएन। अध्ययन अनुसन्धानका आधारमा स्थानान्तरण र संरक्षण कार्य दिगो र प्रतिफलमुखी बनाउनुपर्दछ।

वातावरण विभाग

वातावरण व्यवस्थापनको अवधारणालाई स्थानीयस्तरसम्म पुऱ्याउने, नेपालको जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई समाधान गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबीच समन्वय कायम गर्ने र वातावरण व्यवस्थापनको प्रभावकारी अनुगमन एवं वातावरण क्षेत्रमा उपलब्ध सम्भावना तथा अवसरहरूको पूर्ण उपयोग गर्न २०६९ सालमा विभागको स्थापना भएको

२७. **न्यून प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी पेस गर्नुपर्ने र नियम ३६ बमोजिम तालुक कार्यालयले समीक्षा गर्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त प्रगति विवरणअनुसार वायु गुणस्तर मापन केन्द्र स्थापना, घरभित्रको वायुमा हुने विभिन्न ग्याँसहरूको मापन गर्ने उपकरण खरिद, वायु गुणस्तर मापन उपकरण खरिदलगायत कार्यमा रू.११ करोड ९४ लाख बजेट रहेकामा वायु गुणस्तर मापन केन्द्र स्थापना, घरमा निस्कने विभिन्न ग्याँसहरूको मापन गर्ने उपकरण, एयर स्याम्पल उपकरण खरिद, स्पेयर पार्ट एण्ड कन्ज्यूमेबल फर एक्जिस्टिङ्ग एयर क्वालिटी मापन गर्ने उपकरणलगायतका कार्यक्रममा प्रगति शून्य रहेको पाइयो। वार्षिक कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ।

२८. **वायु गुणस्तर कार्ययोजना** - वायु प्रदूषणको रोकथाम र नियन्त्रण गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ लागू भएको छ। कार्ययोजनाले २ वर्षभित्र सञ्चालनमा रहेका इँट्टा भट्टाहरूमा नयाँ प्रविधिको प्रवर्द्धन गर्ने, इँटाको विकल्पको रूपमा प्रयोग हुने निर्माण सामग्रीहरूको अध्ययन गरी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, इँटा उद्योगहरूमा प्रयोग गर्न सकिने स्वच्छ प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान गर्ने र अध्ययनका नतिजाका आधारमा कार्यान्वयन गर्दै लैजाने, अस्पतालजन्य फोहोर व्यवस्थापनमा अटोक्लेभिङ प्रविधि लगायतका नबालिने प्रविधिलाई प्रर्वद्धन गर्ने, भट्टी तथा बोइलर भएका तथा उत्पादन प्रक्रियामा इन्धन बाल्ने उद्योगहरूको डाटाबेस बनाउने, विभिन्न प्रकारका प्रदूषणका स्रोत चलायमान स्थिर र क्षेत्रगतका लागि उपयुक्त उत्सर्जकको पहिचान गर्ने उल्लेख गरेकोमा ती कार्यहरू यस वर्षसम्म पनि शुरु भएको देखिएन। साधन स्रोत व्यवस्था गरी तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२९. **वायु गुणस्तर** - नेपाल सरकारले तोकेको वायु गुणस्तर मापदण्ड, २०६९ मा हावामा पाइने मसिना धूलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक औसत मापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्ने उल्लेख छ। नेपाल वायु प्रदूषण अनुगमन नेटवर्क योजना, २०१५ मा वायु गुणस्तर मापनको लागि ५६ स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गर्ने उल्लेख भए तापनि २४ स्थानमा मात्र केन्द्र स्थापना भएको छ। विभागले यसवर्ष १७ मापन केन्द्रको नतिजा पेस गरेकोमा १२ स्थानमा मसिना कणहरू पी.एम. २.५ प्रति घनमिटर ४० माइक्रोग्रामभन्दा बढी रहेको छ। नेपालगन्ज, पोखरा, भैंसेपाटी, भक्तपुर, रत्नपार्क र विराटनगरमा सो मात्रा विगत वर्षभन्दा बढी रहेको पाइयो। योजना अनुसार मापन केन्द्र स्थापना, स्थापित केन्द्रको प्रभावकारी सञ्चालन एवं प्राप्त तथ्याङ्कको विश्लेषण र उपयोग गरी वायु प्रदूषण हुने कार्य नियन्त्रण गर्न थप नीतिगत एवं प्रक्रियागत व्यवस्था मिलाउनुपर्दछ।

रेड कार्यान्वयन केन्द्र

वन संरक्षण गरी वायुमण्डलमा रहेको हरितगृह ग्याँस र कार्बन डाइअक्साइड प्राप्त गरी भण्डारण गर्ने र वनबाट हुने कार्बन उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उद्देश्यले केन्द्रको स्थापना भएको हो।

३०. **सम्झौता कार्यान्वयन** - नेपाल सरकार र विश्व बैंकबीच भएको रेड कार्यान्वयन सम्बन्धी सम्झौतामा उल्लेख भएका काठ बजार र आपूर्ति श्रृङ्खला स्थापित गर्ने र रेडप्लस र कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रममा वनमा आधारित जीविकोपार्जन र उद्यमशीलता प्रवर्द्धन, दिगो वन व्यवस्थापनका लागि सिल्भिकल्चरल अभ्यास र प्रकृतिमा आधारित पर्यटन कार्यक्रमको विकास, कार्बन रजिस्ट्री संयन्त्रको विकास र संस्थागत गर्ने लगायतका कार्यक्रम वार्षिक कार्यक्रममै समावेश भएको पाइएन।

त्यसैगरी २०७८।७९ को वार्षिक कार्यक्रममा समावेश भए तापनि लाभको बाँडफाँट योजना परिमार्जन र अन्तिम रूप दिने, बायोमेट्रिक प्रयोगशालामा स्याम्पल ह्याण्डिल गर्ने जनशक्ति व्यवस्था गर्ने, वन क्षेत्रबाहिर उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयन अवस्थासम्बन्धी अनुगमन, मापन र प्रतिवेदन तयार गर्ने कार्यक्रम सञ्चालन गरेको पाइएन्। आयोजनाको कार्यावधि डिसेम्बर २०२२ मा समाप्त भए तापनि महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन नहुँदा सम्झौताअनुरूप लक्ष्य हासिल भएको छैन।

३१. **कार्बन मापन** - यस वर्ष केन्द्रले वन कार्बन मापनसँग सम्बन्धित एलोमेट्रिक इक्वेसन अफ मेजर स्पेसिज तयारी कार्यको क्षमता अभिवृद्धिका लागि सामग्री, उपकरण, सफ्टवेयर खरिदमा रू.८६ लाख ९ हजार, निजी वनमा कार्बन सञ्चितिसम्बन्धी अध्ययनका लागि रू.४ लाख ९६ हजार, वन कार्बन अनुगमन तालिमका लागि रू.४ लाख ९६ हजार, वन कार्बनसम्बन्धी प्रचार प्रसारका लागि रू.५ लाखसमेत रू.१ करोड १ लाख १ हजार खर्च गरे पनि एलोमेट्रिक इक्वेसन तयार भएको छैन। उक्त इक्वेसन तयार नहुँदा कार्बन गणना र उत्सर्जन न्यूनीकरणको तथ्याङ्क विश्लेषणसहित अनुगमन, प्रतिवेदन र भेरिफिकेसन (एमआरभी) सम्बन्धी तथ्याङ्क तयारी तथा एकीकृत आवधिक प्रतिवेदन तयार गरी अन्तर्राष्ट्रिय निकायहरूमा पठाउने र लाभ दाबी गर्न सकेको छैन। तोकिएका कार्यहरू सम्पन्न गरी कार्बन व्यापारबाट लाभ लिनु पर्दछ।

वातावरणीय लेखापरीक्षण

बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन

संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको व्यवस्थापनलाई राज्यले उच्च प्राथमिकतामा राखेको छ। वातावरण संरक्षणको निमित्त कुनै एक देशको एकल पहलले मात्र सम्भव नहुने भएकोले विश्वभरीका मुलुकहरूले वातावरण संरक्षणको निमित्त विभिन्न कदम चाल्न अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता गरेका छन्। दिगो विकास लक्ष्य २०३० ले समेत वातावरण संरक्षणलाई प्राथमिकतामा राखी लक्ष्य एवं सूचकहरू तय गरेको छ। उक्त लक्ष्य प्राप्त गर्न अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता कार्यान्वयनको मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

३२. **बहुपक्षीय वातावरणीय सम्झौता** - नेपालको संविधानको अनुसूची-५ बमोजिम अन्तर्राष्ट्रिय सन्धि सम्झौता संघको अधिकार सूचीअन्तर्गत रहेको छ। अन्तर्राष्ट्रिय वातावरणीय एजेन्सीको वेबसाइटको

विवरणबमोजिम नेपालले हालसम्म १४३ वातावरणसम्बन्धी बहुपक्षीय सम्झौता गरेको छ। वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणमा १३३ सम्झौता भएको मध्ये ६१ सम्झौता कार्यान्वयनका लागि नेपाल सरकारकोतर्फबाट सम्पर्क तथा समन्वय गर्ने जिम्मेवारी तोकिएको छ। मन्त्रालयको २०७७।७८ को बार्षिक प्रतिवेदनमा द्विपक्षीय तथा बहुपक्षीय वातावरणीय सम्झौताको दस्तावेजीकरण गर्न परराष्ट्र मन्त्रालयलाई लेखी पठाएको उल्लेख छ। परराष्ट्र मन्त्रालयसँगको समन्वयमा अभिलेख व्यवस्थापन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

नेपालले २ मार्च, २००२ मा जैविक सुरक्षा सम्बन्धी प्रोटोकल, १० अक्टोवर, २०१३ मा मर्करी सम्बन्धी मिनामाता महासन्धि र १६ अक्टोबर, २०१६ मा ओजोन तहसँग सम्बन्धित मन्ट्रियल प्रोटोकलको किगाली संसोधनमा हस्ताक्षर गरेकोमा हालसम्म उपयुक्त तहबाट अनुमोदन भएको देखिँदैन। हस्ताक्षर भएका सम्झौताहरू अनुमोदन गरी कार्यान्वयन गर्नुपर्दछ।

३३. **पारदर्शिता -** अन्तर्राष्ट्रियस्तरमा वातावरणीय सन्धि सम्झौताहरू गर्नुपूर्व पर्याप्त गृहकार्य गर्ने, सम्बद्ध सबै सरोकारवालासँग छलफल गरी प्राप्त सुझाव समेत विचार गरी पारदर्शी रूपमा सम्झौता गर्नुपर्दछ। वातावरण सम्बन्धी विभिन्न सम्झौता तथा सम्झौतासम्बन्धी छलफलमा भाग लिन सम्बन्धित कर्मचारी एवं पदाधिकारीहरू विभिन्न मञ्चमा जाने गरेकोमा सो मञ्चमा भए गरेका प्रतिबद्धता र सोबाट प्राप्त हुने प्रतिफल सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारी नेपाल सरकारका सरोकारवाला निकाय एवं आम रूपमा सञ्चार भएको पाइएन। विभिन्न छलफल, गोष्ठी एवं सञ्चार माध्यमबाट सम्झौतामा व्यक्त प्रतिबद्धता र सोबाट प्राप्त उपलब्धिका सम्बन्धमा सर्वसाधारण एवं सम्बन्धित निकायमा जानकारी गराउने प्रणालीको बिकास गर्नु पर्दछ।

३४. **जनचेतना -** संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रमको सम्झौता कार्यान्वयनसम्बन्धी निर्देशिकाको खण्ड (ई) को बुँदा नं. ३१ मा जनचेतनासम्बन्धी व्यवस्था रहेको छ। सरकारले गरेका जलवायु परिवर्तन, जैविक विविधता, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारलगायतका सम्झौताको कार्यान्वयन गर्ने क्रममा सीमित मात्रामा जनचेतना एवं जनसहभागीता रहेको पाइयो। सरकारले सम्झौताबाट सिर्जित दायित्व एवं प्रतिबद्धता, सम्झौता कार्यान्वयनका उपाय र कार्यान्वयनमा जनसहभागीता सम्बन्धी प्रावधानहरूको सम्बन्धमा जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३५. **प्रगति प्रतिवेदन -** सरकारका काम कारबाही सम्बन्धमा जानकारी प्राप्त गर्ने अधिकार व्यवस्थापिका संसदमा रहेको छ। मन्त्रालयले गरेका काम कारबाहीको प्रतिवेदन संसदलाई गराउनु सरकारको दायित्व रहन्छ। बजेटसँगै संसदमा प्रस्तुत हुने मन्त्रालयगत प्रगति विवरणमा वातावरण सम्बन्धी बहुपक्षीय सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण सूचना विवरण समावेश गरी पेश गर्नुपर्नेमा जलवायू परिवर्तन, जैविक विविधता, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सम्झौतासँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयनसम्बन्धी प्रगति मात्र उल्लेख गरी पेश गरेको पाइयो। वातावरण एवं अन्य बहुपक्षीय सम्झौताको कार्यान्वयन अवस्था पेश गर्नुपर्ने संसदमा प्रतिवेदन नहुँदा जननिर्वाचित प्रतिनिधीहरूमा सरकारको काम कारवाही अन्तर्राष्ट्रिय प्रतिबद्धता र सोको कार्यान्वयन अवस्थाबारे जानकारी नभई प्रभावकारी रूपमा सम्झौता कार्यान्वयनमा सहजता नहुने भएकोले कानून बनाई प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नुपर्दछ।

३६. **सम्झौता कार्यान्वयन** - नेपाल पक्ष भई गरेका बहुपक्षीय वातावरणीय सम्झौतामध्ये जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, रामसार महासन्धि र जैविक विवधता महासन्धिको परिपालनाको अवस्था मूल्याङ्कन गरिएकोमा निम्नानुसार देखिएको छः

३६.१ जलवायु परितवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको निर्धारित लक्ष्य प्राप्त गर्न रणनीति तयार गरेकोमा सोको कार्यान्वयन प्रगति प्रतिवेदन तयार नगरेको, कार्बन उत्सर्जन गर्ने एवं खपत गर्ने हरित प्रविधि प्रबर्द्धनमा सघाउ पुग्ने किसिमका अनुसन्धानहरू कम मात्रामा भएको, जलवायु परिवर्तन बजेट सङ्केत प्रयोगमा ल्याएको भए तापनि सम्बन्धित बजेट र खर्चलाई वातावरणीय दृष्टिकोणबाट अनुगमन गर्न प्रयोग गरिएका वातावरणीय सङ्केत-१९९२, रियो सङ्केत, वातावरणीय परिवर्तन न्यूनीकरण सङ्केत-१९९८, जैविक विविधता सङ्केत-१९९८, जलवायू परिवर्तन अनुकूलन सङ्केत-२०१०, जस्ता पहिचान सङ्केतहरूको प्रयोग नभएको एवं जलवायू उत्तरदायी खरिद कार्यलाई संस्थागत गर्न सकेको छैन।

३६.२ सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि, १९७३ को कार्यान्वयन गर्ने सम्बन्धमा नेपालले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण गर्न बनेको ऐन, २०७३ र नियमावली लागू गरेको छ। उक्त कानूनमा वन्यजन्तु वा वनस्पतिको अस्तित्त्वउपर जोखिम हुन नहुने व्यहोरा उल्लेख गर्दै सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूनाको कारोबार गर्न अनुमतिपत्र लिनुपर्ने, सङ्कटापन्न बन्यजन्तु वा वनस्पतिको प्रजाति दर्ता गराउनुपर्ने, पैठारी गरिएको सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूना दर्ता गराउनुपर्ने लगायतका व्यवस्था गरी कानूनको बर्खिलाप गर्नेलाई विभिन्न सजाय गर्ने सम्बन्धी व्यवस्था रहेको छ। कानूनमा गरिएका व्यवस्थाको कार्यान्वयन अवस्थाको अभिलेख नराखेकोले ऐन कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्न सकिएन। अभिलेख अद्यावधिक गरी कानून कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

३६.३ रामसार महासन्धिमा सिमसार क्षेत्र संरक्षणको लागि प्रत्येक पक्षराष्ट्रले सोसम्बन्धी योजना तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय सिमसार नीति, २०६९, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ र सिमसार क्षेत्र संरक्षणको लागि व्यवस्थापन योजना तयार गरी लागू गरेको भए तापनि सोबमोजिम भएको कामको सम्बन्धित निकायबाट अनुगमन नगरेकोले महासन्धि कार्यान्वयन सम्बन्धमा सुनिश्चित हुन सक्ने अवस्था नरहेकोले यसमा सुधार गर्नुपर्दछ।

३६.४ जैविक विविधता महासन्धिमा पक्षराष्ट्रहरूले पारिस्थितिकीय प्रणाली, प्राकृतिक आवास र प्रजातिलाई खतरामा पार्ने वा पार्न सक्ने बाह्य मिचाहा प्रजातिको नियन्त्रण र उन्मुलनको प्रयत्न गर्नुपर्ने, जैविक विविधता तथा सोको दिगो उपयोग एवं आनुवंशिक स्रोतको प्रयोगका लागि वातावरणलाई हानी नहुने गरी पक्षराष्ट्रहरूमा जैविक प्रविधितर्फको पहुँच तथा हस्तान्तरण हुनुपर्ने व्यवस्था छ। महासन्धि कार्यान्वयनको सिलसिलामा राष्ट्रिय जैविक विविधता रणनीति, २००२ र राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना २०१४ र २०२० लागू भएका छन्। उल्लिखित रणनीति दस्तावेजमा वन तथा वातावरण मन्त्रालयका मन्त्रीको अध्यक्षतामा राष्ट्रिय जैविक विविधता समन्वय समिति रहने व्यवस्था छ। जैविक विविधता वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा मूल

प्रवाहीकरण गरिए तापनि सिँचाइ, उर्जा, भौतिक पूर्वाधार आदिको क्षेत्रमा पर्याप्त रूपमा मूलप्रवाहीकरण हुन बाँकी रहेको देखिन्छ।

यसैगरी बाह्य मिचाहा प्रजातिहरूको पहिचान, वितरणको नक्साङ्कन, प्राथमिकीकरण आदि हुनुका साथै संवेदनशील क्षेत्रबाट हटाउने, विस्तार हुन नदिने, जनचेतना अभिवृद्धि गर्ने, नियन्त्रित डढेलो लगाउने, बाह्य मिचाहा प्रजातिको प्रयोग गरी बायोब्रिकेट बनाउने, जैविक मल बनाउने, इन्धनको रूपमा प्रयोग गर्ने लगायतका कार्य भए तापनि बाह्य मिचाहा प्रजातिको नियन्त्रण हुन सकेको छैन। आवश्यक स्रोत साधनको व्यवस्था गरी यस्ता प्रजातिको नियन्त्रण गर्नुपर्दछ।

संगठित संस्था तथा समिति

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनाशको न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१ अनुसार २०७१ मा समितिको स्थापना भएको हो। देशको कुल भू-भागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगट्ने चुरे क्षेत्र ७ प्रदेशका ३७ जिल्ला, ३४० स्थानीय तहमा फैलिएको छ।

३७. **आयोजनाको प्रभावकारिता** - चुरे संरक्षण तथा विकाससम्बन्धी २० वर्षीय गुरुयोजनाअनुसार रू.२ खर्ब ४९ अर्ब ७२ करोड लगानी आवश्यक पर्ने र पहिलो पाँच वर्षमा रू.८० अर्ब ८५ करोड ६३ लाख खर्च गर्ने अनुमान रहेकोमा २०७१।७२ देखि २०७८।७९ सम्म रू.१२ अर्ब ८ करोड खर्च भएको छ। आयोजनाबाट पहिरो तथा खहरे रोकथाम, अति संवेदनशील क्षेत्रको संरक्षण, कृषि वन प्रवर्द्धन, ताल तलैया र सिमसार संरक्षण, जल पुनर्भरण पोखरी निर्माण, पर्यापर्यटन प्रवर्द्धनलगायतका ३८ कार्य सम्पादन भए तापनि गुरुयोजनाबमोजिम बजेट विनियोजन तथा खर्च नहुँदा संरक्षण र विकासको लक्ष्य पूरा भएको छैन। समितिले यस वर्ष उक्त गुरुयोजना नवीकरण गरे तापनि स्वीकृत भएको छैन। प्रस्तावित गुरुयोजनामा आगामी ५ वर्षमा रू.२५ अर्ब ५६ करोड ५० लाख खर्च गर्ने लक्ष्य छ। अत: गुरुयोजना स्वीकृत गरी सोअनुरूप कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३८. **उत्खनन्** - ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सम्बन्धमा राष्ट्रपति चुरे संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून तथा मापदण्डबमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। समितिले यस वर्ष २७ लाख ९२८ घनमिटर उत्खनन्को लागि सहमति दिए तापनि समितिको सहमति बेगर समेत उत्खनन् कार्य गरेको अवस्था छ। साथै मापदण्डअनुसार तोकिएको परिमाणमा उत्खनन् गरेको सम्बन्धमा अनुगमन समेत भएको देखिँदैन। चुरे क्षेत्र बलौटे, ढुङ्गा, माटोलगायत अत्यन्त कोमल चट्टानहरूले बनेका कारण यो क्षेत्र बढ्दो क्षयीकरणको अवस्थामा छ। नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन्ले चुरे क्षेत्र जोखिममा रहेको हुँदा नदीजन्य पदार्थ उपयोग नियमनको अधिकार तथा दायित्वको स्पष्ट किटान गरी उत्खनन्को नियमन हुनुपर्दछ।

३९. **भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। एकाइ कार्यालय, धनुषाले सिन्धुली र रौतहटका १३ उपभोक्ता समितिलाई भुक्तानी दिँदा सम्बन्धित जिल्लाको जिल्ला दररेटभन्दा बढी हुने गरी लागत अनुमान तयार गरी रू.७ लाख ७ हजार बढी भुक्तानी दिएको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

४०. **अधुरो कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र नियम १२८ मा खरिद सम्झौताको शर्त बमोजिम निर्माण कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण व्यवसायीको लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। एकाइ कार्यालय, मोरङले ८ निर्माण व्यवसायीसँग २०७९।२।३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी रू.३ करोड १० लाखको सम्झौता गरेकोमा रू.१ करोड ५५ लाख रहेको ४ तटबन्ध निर्माण कार्य शुरु नै नगरेको तथा रू.१ करोड ५५ लाख सम्झौताको निर्माण कार्यमा रू.१ करोड ६ लाखको मात्र कार्य गरी निर्माण कार्य अधुरो रहेको छ। निर्माण कार्य शुरु नगर्ने तथा अधुरो राख्ने निर्माण व्यवसायीलाई नियमानुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

अन्नपूर्ण संरक्षण क्षेत्र

४१. **व्यवस्थापन जिम्मेवारी** - नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६ख. अनुसार अन्नपूर्ण संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मेवारी २०७७।१०।४ सम्म राष्ट्रिय प्रकृति संरक्षण कोषलाई प्रदान गरेकोमा तत्पश्चात् म्याद थप नभए तापनि कोषबाट नै व्यवस्थापन गरी यस वर्ष रू.१० करोड ७५ लाख खर्च भएको छ। व्यवस्थापनको जिम्मेवारीसम्बन्धी निर्णय गरी सञ्चालन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - विगतका प्रतिवेदनमा परामर्श सेवाको लागतको नर्म्स तर्जुमा नगरेको, वैदेशिक सहायता रकमको लेखापरीक्षण नगराएको, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न कानूनले तोकेभन्दा बढी समय लागेको, वन अतिक्रमण नियन्त्रण प्रभावकारी नभएको लगायतका व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४७ निकायमा रू.९ करोड ६१ लाख १ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१४ लाख १३ हजार फर्स्यौट गरेकोले रू.९ करोड ४६ लाख ८८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ करोड ९७ लाख ८० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - संगठित संस्था, अन्य संस्था र समितितर्फ रू.५९ लाख ५० हजार बेरुजू देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

शहरी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, विशिष्ट पदाधिकारीहरूको आवास व्यवस्थापन, लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ८३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ६८ सरकारी कार्यालयको निम्नानुसार रू.४१ अर्ब ६९ करोड २७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३५०७०५	४७४१	५१५५५	९९२६	४१६९२७

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष स्वास्थ्य तथा जनसंख्यालगायत ७ मन्त्रालय र संवैधानिक निकायमा बजेट विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रू.१३ अर्ब ५२ करोड ८४ लाख समावेश छ। त्यस्तै मन्त्रालयमा विनियोजन भई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट खर्च भएको रू.५ करोड ४५ लाख र स्थानीयतहबाट खर्च भएको रू.२ करोड २२ लाख समावेश छैन।

२. **संगठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष १४ संस्थाको रू.२६ अर्ब ६२ करोड ६९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र पोखरा नगर विकास समितिको रू.११ करोड ६६ लाखको लेखापरीक्षण हुन बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा मन्त्रालयले १० नयाँ शहर निर्माण गर्ने लक्ष्य तोकेकोमा उक्त कार्य पूरा नहुँदै लक्ष्य थप गरी ५४ पुऱ्याएको, ३ स्मार्ट सिटी निर्माण गर्ने उल्लेख भएकोमा कार्यान्वयन शुरु नभएको, काठमाडौं उपत्यकामा ४ नयाँ शहर निर्माण शुरु गर्ने लक्ष्य लिएकोमा भौतिक विकास योजना तर्जुमा भए तापनि कार्यारम्भ नभएको, एकीकृत बस्ती विकाससहित बाहिरी चक्रपथ निर्माणको लक्ष्य लिएकोमा कार्यारम्भ नभएको, ३५ स्थानमा एकीकृत बस्ती विकास गर्ने लक्ष्य लिएकोमा २ स्थानको मात्र कार्यसम्पन्न भएको अवस्था छ। त्यस्तै, सुरक्षित आवासमा बसोबास गर्नेको संख्या ६० प्रतिशत र आफ्नै स्वामित्वको आवासमा बस्नेको संख्या ८९ प्रतिशत पुऱ्याउने लक्ष्य तोकेकोमा प्रगति पेस नभएको, शहरी गरिबका लागि ५ हजार आवास निर्माण गर्ने कार्यक्रम शुरुवात हुन सकेको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

४. **वार्षिक कार्यक्रम र प्रगति -** यो वर्षको स्वीकृत कार्यक्रमअनुसार एकीकृत कार्यमूलक योजनातर्फ २३५ नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा गर्ने कार्यक्रम रहेकोमा १८५ नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा भएको, भवन निर्माणसंहिता तथा सरकारी भवन निर्माणतर्फ ४३ सभाहलमध्ये यस वर्षसम्म गोदावरी, विदुर, स्याङ्जालगायत ११ मात्र सम्पन्न भएको र १८ निर्माणाधीन रहेको, सरकारी भवनहरू २०७८।७९ मा १४ सम्पन्न भई २२ निर्माणाधीन रहेको, विशेष भवन निर्माण आयोजनातर्फ विशेष प्रकृतिका भवनहरू संघीय संसद भवन, विशिष्ट व्यक्तिहरूका लागि ८

आवासीय भवन निर्माणको कार्य भइरहेकोमा यस वर्षसम्म अद्यावधिक प्रगति १९ देखि ९६ प्रतिशत मात्र रहेको देखिन्छ। स्वीकृत कार्यक्रम/आयोजनाहरू तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका विषयमध्ये सिन्धुपाल्चोक, गुल्मी, बाग्लुङ, म्याग्दी, दाङ, सुर्खेत, बाँके, बर्दियालगायतका जिल्लामा विपद्बाट विस्थापित परिवारका लागि पुनर्स्थापना कार्यक्रम, चाँगुनारायण, सूर्यविनायक, मध्यपुर थिमी, शंखरापुर र कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रका चार स्थानमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गरी सार्वजनिक निजी साझेदारीमा नयाँ शहर निर्माण कार्य अघि बढाइने, काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनसम्बन्धी समस्याको स्थायी समाधानको लागि बञ्चरेडाँडामा फर्नेस प्लान्ट स्थापना गर्ने, काठमाडौंको नारायणहिटी संग्रहालयदेखि दशरथ रङ्गशालासम्मको क्षेत्रलाई अत्याधुनिक सेन्ट्रल पार्कमा विकास गरिने, जग्गा एकीकरण विधिबाट काठमाडौं उपत्यकामा बाहिरी चक्रपथ निर्माण कार्य प्रारम्भ गरिने, बाहिरी चक्रपथ र शहरसँगको सम्पर्क सुगम बनाउन सम्भाव्य स्थानमा चार लेनको लिङ्क रोड निर्माण गरिने, आवासको हकलाई कार्यान्वयन गर्न आवासविहीन दलितको लागि कर्णाली प्रदेश र मधेश प्रदेशका साथै सबै प्रदेशमा व्यवस्थित आवास योजना विस्तार गर्ने योजना कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

६. **दिगो विकास लक्ष्य** - दिगो विकासका ३० परिमाणात्मक लक्ष्यमध्ये मन्त्रालयले ९ को मात्र सूचक उपलब्ध गराएको छ। राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित दिगो विकास लक्ष्य प्रगति मूल्याङ्कन प्रतिवेदन (२०१६-२०१९) अनुसार ५ भन्दा बढी व्यक्ति भएको परिवारलाई ४७ प्रतिशतबाट २० प्रतिशतमा पुऱ्याउने लक्ष्य तोकिएकोमा ४३.६ प्रतिशत रहेको, सुरक्षित घर परिवारमा बस्ने जनसंख्या ३० बाट ६० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४० प्रतिशत पुगेको, फुस र खरको छानोयुक्त घरलाई १९ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा ९.१ प्रतिशतमात्र प्रगति भएको उल्लेख छ। दिगो विकास लक्ष्यका सूचकका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी सम्पादित कार्यको अनुगमन र पृष्ठपोषणसहितको अद्यावधिक प्रगति तयार गर्नुपर्दछ।

७. **कानून तर्जुमा** - मन्त्रालयले राष्ट्रिय शहरी नीति, शहरी विकास (युटिलिटी कोरिडोरसहितको) विधेयक, २०७९, पूर्वाधार विकास निगम ऐन, महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक गठन आदेश, २०७८, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिसम्बन्धी विधेयक, आवासको अधिकारसम्बन्धी नियमावली, २०७८ र आवास व्यवस्था कार्यक्रम कार्यविधि, २०७८ लगायतका कानून तर्जुमाको लागि प्रारम्भिक चरणको कार्य गरेको देखिन्छ। आवश्यक कानून तथा कार्यविधिहरू स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ।

८. **कानूनको परिपालना** - जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि, २०७७ अनुसार जोखिमयुक्त बस्तीको पहिचान, बस्ती विकासको लागि आवश्यक नीति तर्जुमा तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने, उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुसार उद्यान, बाटिका तथा मनोरञ्जन स्थलको पहिचान गर्ने तथा ती स्थलको विकास तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने र त्यस्ता स्थलहरूको सूची स्वीकृत गर्ने लगायतका कार्यविधिले तोकेका कार्य नगरेको साथै मन्त्रीको अध्यक्षतामा बस्नु पर्ने बैठकसमेत बसेको देखिएन।

त्यसैगरी सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को दफा ४१ मा उल्लिखित प्रावधानअनुरूप मन्त्रालयले सो अन्तर्गतका कार्यालयमा सुशासन कायम गर्न गरेका सुधार कार्यक्रम र त्यसबाट प्राप्त परिणामको विवरण पेस नगरेको, राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को बुँदा २.५ मा उल्लिखित मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमितिको बैठक नबसेको र मन्त्रालय र अन्तर्गत कार्यान्वयन गरिएका नीति, कार्यक्रम तथा स्थितिको समीक्षा गर्ने, विकल्पसहितको कार्ययोजना तयार पार्नेलगायतका कार्य भएको पाइएन। ऐन, नियमावली र कार्यविधिमा तोकिएबमोजिम कार्यसम्पादन गरी सोको प्रतिवेदन पेस हुनुपर्दछ।

९. **नक्सा पास तथा मापदण्ड -** भवन ऐन, २०५५ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानूनबमोजिम सम्बन्धित स्थानीय तहबाट नक्सा तथा डिजाइन स्वीकृत गराउनुपर्ने उल्लेख छ। शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका कार्यालयबाट यो वर्ष निर्माण सम्पन्न भएका २५ र निर्माणाधीन ४० सभाहल र सरकारी भवनहरूको नक्सा तथा डिजाइन स्वीकृत गराएको पाइएन। सुरक्षाको दृष्टिकोणले संवेदनशील भवनहरूको सम्बन्धमा कानूनी स्पष्टता कायम गरी नक्सा तथा डिजाइन स्वीकृत गराएरमात्र भवन निर्माण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

१०. **सभाहल निर्माण -** सघन शहरी तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा ४३ सभाहल निर्माण गर्ने योजना रहेकोमा ११ सभाहल निर्माण कार्य सम्पन्न भएको, १८ निर्माणाधीन रहेको र १४ सभाहलको लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारीलगायत प्रारम्भिक चरणको कार्य भैरहेको छ। उल्लिखित ४३ सभाहलमध्ये २९ सभाहलको निर्माणको लागि रू.१८ अर्ब १६ करोड १० लाखको लागत अनुमान रहेकोमा २०७८।७९ सम्म रू.९ अर्ब ८३ करोड ३३ लाख खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

१०.१ रूपन्देहीको बुटवलमा १ हजार ७० क्षमताको सभाहल निर्माण गर्न सभाहलको दोस्रो चरणको निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रू.९० करोड ६२ लाखको सम्झौता भएकोमा मूल्य समायोजनसमेत रू.९६ करोड ४० लाख खर्च भई सम्पन्न भएको छ। सभाहलको निर्माण सम्पन्न पश्चात् उद्घाटन भएपनि हल सञ्चालनको लागि आवश्यक व्यवस्था गरेको पाइएन। साथै रूपन्देहीको बुटवलमा १० हजार क्षमताको ८०० स्टलसहितको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको तेस्रो चरणको निर्माण कार्य २०७८।४।१२ सम्म सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०७५।१२।२६ मा रू.१ अर्ब १५ करोड ४२ लाखको खरिद सम्झौता भएकोमा यो वर्षसम्म रू.४९ करोड ९२ लाख २० हजार भुक्तानी भएको छ। तीन पटकसम्म म्याद थप गरी सम्झौता अवधि २०८०।३।१५ कायम गरेकोमा यस वर्षसम्म ४३ प्रतिशत वित्तीय र ५४ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१०.२ झापाको दमकमा १ हजार ८०० सिट क्षमताको सभाहल निर्माण गर्न एक निर्माण व्यवसायीसँग ३६ महिनाभित्र काम सम्पन्न गर्ने गरी २०७४।३।२० मा मूल्य अभिवृद्धि कर बाहेक रू.२८ करोड ४० लाख ५९ हजारको सम्झौता भएकोमा चौथो पटक २०७९ भाद्रसम्म म्याद थप भएको छ। तेस्रो भेरिएसन आदेश पछि सम्झौता अङ्क रू.३२ करोड ११ लाख ५७ हजार कायम भएको छ। यस वर्षसम्म मूल्य समायोजन समेत निर्माण व्यवसायीलाई रू.३४ करोड ८८ लाख ७७ हजार भुक्तानी

भएको छ। सभाहल निर्माणको अन्तिम चरणमा पुग्दासमेत आन्तरिक सजावट, फर्निचर र साउन्ड सिस्टम लगायतको कार्य एवं पार्किङ्गको लागि जग्गाको सुनिश्चितता गरेको देखिएन।

१०.३ चितवनको रत्ननगर, सौराहा र भरतपुरमा क्रमशः ६००, १ हजार र २ हजार सिट क्षमताको ३ सभाहल निर्माणको लागि रू.१ अर्ब ८७ करोड लागत अनुमान स्वीकृत गरी रू.१ अर्ब ४१ करोड ८३ लाखमा सम्झौता भई उक्त हल निर्माणाधीन रहेका छन्। रत्ननगरमा २०७३।७।२५ मा सम्झौता भई कार्यारम्भ भएको सभाहल २०७६।७।२२ मा निर्माण सम्पन्न गर्नुपर्नेमा शुरु म्यादको शत प्रतिशत थप हुँदासमेत ८० प्रतिशत भौतिक प्रगति भई काम अधुरो नै रहेको छ। त्यसैगरी, सौराहा सभाहलको ६५ प्रतिशत र भरतपुर सिटीहलको ४० प्रतिशतमात्र भौतिक प्रगति रहेको देखिन्छ। चितवन जिल्लामा उद्योग संघको परिसर, नारायणी कला मन्दिर र बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा समेत सभाहलहरू विगतदेखि नै रहेको अवस्थामा २० किलोमिटरको दूरीभित्र नै ३ नयाँ सभाहल निर्माणमा खर्च गरेको पाइयो।

१०.४ कैलालीको धनगढीमा ९८० सिट क्षमताको सभाहल निर्माणको लागि एक संयुक्त उपक्रमसँग रू.२८ करोड ५५ लाख ३७ हजारमा २०७८।३।९ मा सम्पन्न गर्ने गरी २०७५।१०। २ मा सम्झौता भएकोमा सम्झौता अवधिभित्र कार्य सम्पन्न नभएकोले २०७९।३।२९ सम्म म्याद थप भएकोमा मूल्य समायोजनसमेत रू.३२ करोड ६० लाख ८१हजार भुक्तानी भई निर्माण सम्पन्न भएको छ। उक्त सभाहल नगरपालिकाले उपलब्ध गराएको विद्यालयको जमिनमा निर्माण भएको छ। सभाहलको निर्माण सम्पन्न भई कार्यालयले कार्य स्वीकार गरे पनि संरचनाको स्वामित्व र सञ्चालन मोडालिटीमा स्पष्टता रहेको देखिएन।

१०.५ ललितपुरको गोदावरीमा ३ हजार सिट क्षमताको सभाहल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।७।२० मा रू.६५ करोड ८१ लाख ६५ हजारको सम्झौता भएको छ। भेरिएसन आदेशपछि रू.८२ करोड १४ लाख ३० हजार संशोधित सम्झौता कायम भई २०७७।१२।३० मा रू.८० करोड २७ लाख १६ हजारमा कार्य सम्पन्न भएको देखिन्छ। सभाहल निर्माण गर्न १४३ रोपनी १ आना ३ पैसा जग्गा उपलब्ध गराउने निर्णय भएकोमा ४३ रोपनी जग्गामा सभाहल निर्माण भएको र बाँकी जग्गा अतिक्रमण भई घर टहरा निर्माण भएको देखिएकोले सार्वजनिक जग्गा संरक्षण गर्न उचित प्रबन्ध गर्नुपर्दछ। शहरी विकास मन्त्रालयको २०७८।३।२ को पत्रानुसार सभाहल सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिलाई दिएको छ। केन्द्रले पेस गरेको विवरणअनुसार यो वर्ष गोदावरी सम्मेलन केन्द्रले ३ कार्यक्रम गरी रू.४९ लाख २८ हजार आम्दानी गरेकोमा रू.२९ लाख ३५ हजार खर्च गरेको छ। उक्त भवनमा क्यान्टिन, सुरक्षा गार्ड तथा मर्मत सम्भार र सरसफाई गर्ने कर्मचारीको लागि बस्ने स्थानको निर्माण नगरिएको, मञ्च अपाङ्गमैत्री नभएको र पछाडिको कोरिडोर होचो र साँघुरो भएको, मुख्यद्वारमा पोर्चको निर्माण नगरिएको कारण सेवाग्राहीलाई हल प्रवेशमा असहज हुने जस्ता समस्या रहेका छन्। निर्माण सकिएको एक वर्ष नबित्दै विभिन्न ठाउँमा छानोबाट पानी चुहिएको, फल्स सिलिङ्ग भत्किएको, ठूला काठका ढोकाहरू पूरा नखुल्ने अवस्था छ। छानोको ट्रसको बेस प्लेट र एंकरबोल्ट भएको ठाउँमा डिजाइन गर्दा शियर लगको डिजाइन गरिएकोमा सो शियर लग निर्माण भएको छैन। निर्माणसँग सम्बन्धित त्रुटि सुधार गरी सभाहल सञ्चालनको सुनिश्चितता गर्नुपर्दछ।

सभाहल निर्माण, सञ्चालन, हस्तान्तरण, एवं व्यावसायिक दिगोपनासम्बन्धी कार्यविधि एवं योजना तर्जुमा गरेको छैन। सञ्चालनको मापदण्ड नभएको, सञ्चालन खर्च निरन्तर व्यहोर्नुपर्ने तथा यसप्रकारका संरचना निर्माण गर्दा दीर्घकालीन रूपमा आर्थिक दायित्व वृद्धि हुने भएकोले लाभ लागतको विश्लेषण गरेर आवश्यकतामा आधारित रहेर मात्र सभाहल निर्माण गर्नुपर्ने साथै यसको संरक्षण र उपयोगको उचित व्यवस्थापन हुने गरी पूर्व तयारी र सञ्चालन कार्यविधि तर्जुमा गर्नुपर्दछ।

११. **भ्यु टावर** – झापा जिल्लाको दमक नगरपालिकास्थित दापगाछीमा रहेको ५ बिघा जग्गामा ७२ मिटर उचाइको १८ तला स्थायी संरचना र २८ मिटर उचाइको स्टिल संरचना रहेको अण्डरग्राउण्ड पार्किङसहितको सुविधा सम्पन्न भ्यू टावर निर्माण कार्यको लागि एक संयुक्त उपक्रमसँग २०७६।३।२७ मा रू.१ अर्ब ५६ करोड १४ लाख ३९ हजारमा २०७८।९।२७ भित्र सम्पन्न गर्नेगरी सम्झौता भएकोमा तोकिएको समयमा कार्यसम्पन्न नभएकोले २०८०।३।२७ सम्म म्याद थप भएको छ। उक्त निर्माण कार्यको दोस्रो भेरिएसनसम्म रू.१० करोड २७ लाख ८१ हजार थप भई संशोधित सम्झौता रू.१ अर्ब ६६ करोड ४२ लाख २० हजार कायम भएको छ। यो वर्षसम्म रू.१ अर्ब ४ करोड ४९ लाख १६ हजार भुक्तानी भएकोमा भौतिक प्रगति ७० प्रतिशत तथा वित्तीय प्रगति ६३ प्रतिशत रहेको छ। मुख्य कार्यमध्ये १६ औँ तल्लासम्मको सुपरस्ट्रक्चरको कार्य सम्पन्न भई १७ औँ र १८ औँ तल्लाको कार्य बाँकी रहेको छ। तोकिएको समयमा निर्माण सम्पन्न गर्नुपर्दछ। साथै भ्यु टावर सञ्चालनको कार्यविधि र त्यसबाट प्राप्त हुने प्रतिफलको सुनिश्चितताबारे अध्ययन भएको छैन। माग तथा आवश्यकता पहिचानको आधारमा लगानीको प्रतिफल सुनिश्चित हुने गरी यस्ता आयोजना सञ्चालन गरिनुपर्दछ।

१२. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ बमोजिम विकास निर्माण सम्बन्धी कार्य एवं आयोजनाको वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गराई स्वीकृत गराउनुपर्ने व्यवस्था छ।विभागले पेस गरेको विवरणअनुसार २०७८।७९ मा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा ३ प्रतिवेदन पठाएको मध्ये एकमात्र स्वीकृत भएको छ। संघीय संसद भवन र दमक भ्यू टावरको भौतिक प्रगति क्रमशः ४५ प्रतिशत र ७० प्रतिशत भइसक्दासमेत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको छैन। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेरमात्र आयोजना सञ्चालन गर्नुपर्दछ।

१३. **एकीकृत जाँच चौकी** - एकीकृत जाँच चौकी विकास आयोजनातर्फ नेपाल भारत सीमाका प्रमुख ४ नाका क्रमशः विराटनगर, वीरगन्ज, भैरहवा र नेपालगन्जमा सुविधा सम्पन्न एकीकृत जाँच चौकी निर्माण गर्न भारत सरकारसँग सन् २००५ मा भएको समझदारीअनुसार एकीकृत जाँच चौकी निर्माण सम्पन्न गरी टर्न की प्रोजेक्टका रूपमा नेपाल सरकारलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा वीरगन्ज र विराटनगरका जाँचचौकीको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आइसकेको छ। नेपालगन्ज जाँचचौकीको निर्माण कार्य प्रारम्भ भएको र भैरहवामा जाँच चौकी निर्माणको लागि जग्गा उपलब्ध गराएकोमा निर्माण कार्य शुरुवाती चरणमा रहेको छ। बाँकी रहेका जाँच चौकीको निर्माण कार्य सम्पन्न गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्नुपर्दछ।

१४. **एकीकृत बस्ती विकास** - भौगोलिक रूपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घरपरिवारहरूलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने, बाढी, पहिरो, डुबान वा अन्य मानव सिर्जित र प्राकृतिक प्रकोपबाट विस्थापितहरूलाई पुनर्स्थापना गराउने उद्देश्यले

२०७६।७७ मा ३५ स्थानमा बस्ती विकासको लक्ष्य लिएकोमा ३ वर्षको अवधिमा ३४ परिवारको लागि मुगुको छायाँनाथ रारा नगरपालिकामा र ३५ परिवारको लागि डडेल्धुराको परशुराम नगरपालिकामा मात्र कार्यसम्पन्न भएको देखिन्छ। बाढी तथा प्रकोपका कारण पीडित जनतालाई स्थानान्तरण गर्ने, विपद्को उच्च जोखिममा रहेका जनतालाई सुरक्षित स्थानमा बस्ती विकास गर्ने कार्यमा ढिलाइ गर्दा भविष्यमा थप जनधनको जोखिम हुने हुँदा एकीकृत बस्ती विकास तथा पूर्वाधार निर्माणका बाँकी कार्यहरूसमेत कार्यान्वयन गर्नुपर्दछ।

१५. **नयाँ शहर आयोजना -** पन्ध्रौं आवधिक योजनाले नयाँ शहर आयोजनालाई रुपान्तरणकारी आयोजनाको रूपमा घोषणा गरेकोमा मध्यपहाडी पुष्पलाल लोकमार्ग र यसका आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म प्रति शहर कम्तीमा १ लाख जनसंख्या बसोबास गर्न सक्ने अत्याधुनिक, सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६६।६७ देखि नयाँ शहर आयोजना शुरु भएको छ। फिदिम-पाँचथर, वसन्तपुर-तेह्रथुम, खुर्कोट-सिन्धुली, वैरेनी गल्छी-धादिङ, डुम्रेभन्सार-तनहुँसहित शुरुमा १० स्थानमा नयाँ शहर स्थापना गर्ने गरी छनौट गरेकोमा हाल २७ स्थानमा नयाँ शहर, १० हिमाली शहर र १७ स्मार्ट सिटीसहित ५४ नयाँ शहरको विकासका लागि एकीकृत जग्गा विकास, पूर्वाधार विकासलगायतका कार्यको विस्तृत आयोजना प्रतिवेदन तथा एकीकृत विकास योजना तयार गर्ने कार्य गरिरहेको भए तापनि हालसम्म ९ स्थानमा ४ हजार ७७७ रोपनी जग्गामा मात्र जग्गा विकास कार्यक्रम सञ्चालन गरेको छ। नयाँ शहर आयोजनाको कार्य समाप्त नहुँदै थप नयाँ शहरी आयोजना थप्दै जाने प्रवृत्तिले वर्षौंसम्म आयोजनाको कार्य अधुरो नै रहने एवं अपेक्षित प्रतिफल हासिल हुने देखिँदैन। न्यून क्रमागत बजेट विनियोजन, खरिद सम्झौता कार्यान्वयनमा ढिलासुस्ती, कमजोर अनुगमन, निरीक्षण एवं समन्वयको अभाव जस्ता कारणले न्यून प्रगति भएको सम्बन्धमा विश्लेषण गरी योजनालाई थप परिमार्जन र परिष्कृत गर्नुपर्दछ।

शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगोरूपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायहरूको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

१६. **निर्मित संरचनाको अभिलेख** - विभाग र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र रहेका भवन, कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई अभिलेख राखेको देखिएन। निर्मित, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयार, जी.पी.एस. को माध्यमले निर्माणस्थल पहिचान र अभिलेख खुल्ने व्यवस्था मिलाउने कार्य शुरु भएको छैन। अन्तर निकाय समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य तथा जी.पी.एस. बाट देखिने गरी अभिलेख व्यवस्था मिलाउनुपर्दछ। त्यसैगरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका भवनहरूको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१७. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। विभाग र

मातहत कार्यालयले यो वर्ष एकीकृत कार्यमूलक योजना (शहरी विकास) अन्तर्गत परामर्श सेवामा रू.९ करोड ९७ लाख ५८ हजार खर्च गरेका छन्। विभागले पेस गरेको विवरणअनुसार २०७६।७७ र २०७७।७८ मा ३३ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य परामर्शदाताबाट गराएकोमा यस वर्षसम्म ७ आयोजनामात्र कार्यान्वयनमा आएको छ। परामर्शदाताको सम्बन्धित क्षेत्रको विज्ञता र अनुभवको आधार लिई कार्य गराउनुपर्नेमा सोको पालना नभएको, साथै परामर्शदाताबाट प्राप्त प्रतिवेदनको न्यून संख्यामा कार्यान्वयन भएको अवस्था छ। आवश्यकतामा आधारित रही सम्बन्धित क्षेत्रको विज्ञमार्फत् मात्र परामर्श सेवा लिने तथा विभागीय जनशक्तिको उपयोग गरी प्राप्त प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ।

१८. **बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल्ड साइट -** काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोर दिगो व्यवस्थापनको लागि नुवाकोटको ककनी-२ र धादिङको धुनीबेसी-१, कोल्पु खोला बन्चरेडाँडा फेदमा खोला डाइभर्सन गरी ३१ हजार वर्गमिटर क्षेत्रफलमा मिश्रित फोहोर २० वर्ष र वर्गीकृत फोहोर ४० वर्षसम्म धान्ने गरी २० हजार घन मिटर क्षमताको लिचेट पोखरी र सेडिमेन्टेसन पोखरी निर्माण हुने गरी जियोमेम्ब्रेन, जियोटेक्सटायल, ड्रेनेज लेयर राखेर फोहोरको लेदो सङ्कलन गरी ट्रिटमेन्टका लागि सेडिमेन्टेसन, एरेसन तथा रिसर्कुलेसनको प्रावधान अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइट निर्माणाधीन रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१८.१ आयोजनाअन्तर्गत फेज-२ को रिटेनिङ्ग संरचनाको लागि एक निर्माण व्यवसायीसँग २०७८।१२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी २०७६।१२।२० मा रू.५२ करोड ४ लाख ७१ हजारको सम्झौता भएकोमा दोस्रो भेरिएसन पछि संशोधित सम्झौता रू.५८ करोड ४६ लाख ३० हजार कायम भएको देखिन्छ। उक्त निर्माण कार्य २०७९।२।२२ मा सम्पन्न भई रू.५७ करोड ५१ लाख ९४ हजार भुक्तानी भएको छ। त्यस्तै फेज-१ अन्तर्गत बन्चरेडाँडामा एप्रोच रोड, ल्याण्डफिल साइट विकास गर्ने र युटिलिटी भवन निर्माण कार्यको लागि रू.३९ करोड १९ लाख ६८ हजारमा २०७७।१।२२ सम्म कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७६।१।२२ मा सम्झौता गरेकोमा दोस्रो भेरिएसन पश्चात् सम्झौता रू.४३ करोड ६३ लाख ३० हजार कायम भएको छ। यस वर्षसम्म रू.३१ करोड ४३ लाख १५ हजार भुक्तानी भएको छ। तोकिएको समयमा कार्य सम्पन्न नभई २०७९।९।३० भित्र काम सम्पन्न गर्ने गरी पाँचौ पटक म्याद थप गरेको छ। तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१८.२ ल्याण्डफिल साइट सञ्चालन सम्बन्धी स्वीकृत कार्य सञ्चालन कार्यविधिअनुसार फोहोर तौल गर्ने स्थानमा फोहरसँग जोखिमयुक्त रेडियोधर्मी फोहोर रहे नरहेको जाँच गर्ने, विसर्जनको लागि ल्याइएको फोहोरको तौल लिई अभिलेख राख्ने, फोहोरलाई तोकिएको निश्चित क्षेत्रमा मात्र खन्याउने, फोहोरको मोटाइ ५० सेन्टिमिटर हुने गरी फिजाउँन लगाई कम्प्याक्सन गराउनुपर्ने, दुर्गन्ध फैलिन नदिन दैनिक १५ सेन्टिमिटर माटोले छोप्नुपर्ने, फोहोर थुपार्दै जाँदा ग्याँस निष्कासनको लागि भेन्ट पाइप थप गर्दै जानुपर्ने र सम्बन्धित विषयको अनुगमन गर्नुपर्ने उल्लेख गरेको छ। कार्यविधिबमोजिम फोहोरमैला ढुवानी तथा विसर्जन गर्दा मापदण्डको पालना गरी ल्याण्डफिल साइटको सेल-१ खण्डमा फोहोरमैला विसर्जन गर्न विभागले काठमाडौं महानगरपालिकालाई जानकारी गराएअनुसार २०७९।२।१२ बाट फोहोर विसर्जन गर्न शुरु गरेको छ।

मापदण्डबमोजिम फोहोरमैला विसर्जन गर्नुपूर्व कुहिने र नकुहिने फोहोरलाई छुट्याएर नराखेको, फोहोरको तौल लिई अभिलेख नराखेको, तोकिएको निश्चित स्थानमा फोहोर विसर्जन नगरेको, भेन्ट पाइप मापदण्डबमोजिम विस्तार नगरेको लगायतका विषयमा विभागले महानगरपालिकालाई २०७९।३।५ र २०७९।९।२६ मा ध्यानाकर्षण गराएको छ। लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा फोहोर कम्प्याक्सन नगरेको, फोहोर कम्प्याक्सनको लागि मेसिनरी उपकरण साइटमा नरहेको, फोहोर कम्प्याक्सन नगर्दा सेल १ को उचाई बढ्दै गई बाँधको २५ मिटर उचाइसम्म फोहोर थुप्रो लागेको, सेडिमेन्टेसन ट्यांक नजिकै आयोजनाले अधिग्रहण गरेको जग्गामा अवैध ढुङ्गा उत्खनन् गरेकोले पहिरो गई सेडिमेन्टेसन ट्यांकलाई क्षति पुग्न सक्ने अवस्था देखिएको, विद्युत प्रवाह अवरोध हुँदा लिचेट सर्कुलेसन बन्द भई ओभरफ्लो भएर खोलामा मिसिन सक्ने अवस्था भएको, मापदण्डअनुरूप लिचेटलाई सर्कुलेसन गरी सेडिमेन्टेन्सन पश्चात् पुनः थुपारिएको फोहोर माथि पठाउनुपर्नेमा नपठाई लिचेट पोखरीमा नै पठाइएको कारण दुवै पोखरी भरिन लागेको स्थिति रहेको छ।

अतः ल्याण्डफिल साइट अपरेटिङ कन्डिसन एण्ड प्रोसिड्युरमा उल्लिखित प्रावधानको पूर्णरूपमा पालना गर्न आवश्यक निर्माण सामग्री, यन्त्र उपकरण, दैनिक पुर्ने माटो तथा विज्ञ जनशक्ति सहितको विस्तृत कार्यान्वयन कार्ययोजना तयार गरी लागू गर्ने र स्रोतमै फोहरमैलालाई वर्गीकरण गर्ने कार्यविधिको पालना भए नभएको दैनिक अनुगमन गर्ने संयन्त्र तर्जुमा गरी वैज्ञानिक ढङ्गले फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्नुपर्दछ।

१९. **संयुक्त र बहुतले आवास** - संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४, नियमावली, २०६० र संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० अनुसार संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माण अनुमतिका लागि पेस भएका प्रस्ताव जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी विभागको रहेको छ। विभागले पेस गरेको विवरणअनुसार ७० अपार्टमेन्टको ७ हजार २२ आवास एकाइ निर्माणका लागि स्वीकृति प्रदान गरेकोमा ३२ अपार्टमेन्टको निर्माण सम्पन्न भई ३ हजार ९४१ आवास एकाइको निर्माण सम्पन्न भएको उल्लेख छ। तर २०६२ देखि २०६९ सालसम्मको अवधिमा निर्माण स्वीकृतिको लागि अनुमति लिएकोमा हालसम्म ३८ अपार्टमेन्टका ३ हजार ८१ आवास एकाइले निर्माण सम्पन्न प्रमाणपत्र लिएको देखिँदैन। आवास एकाइधनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, कतिपय निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै लालपुर्जा जारी भई खरिद बिक्री कार्य गरेको, कतिपय निर्माण कार्य सम्झौताबमोजिम नगरेको, दिनुपर्ने सुविधा उपलब्ध नगराएको, प्लानिङ पर्मिटअनुसार कार्य नगरेको, कतिपय निर्माणाधीन अपार्टमेन्टको नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन गरेको लगायतका उजुरी तथा गुनासो रहेका छन्। उल्लिखित गुनासा सम्बोधन गरी विद्यमान कानूनको कार्यान्वयनमार्फत् सुरक्षित र सुव्यवस्थित आवासको प्रत्याभूति गर्नुपर्दछ।

२०. **जनता आवास कार्यक्रम** - व्यवस्थित बसोबासको प्रवर्द्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरू उपलब्ध गराउने उद्देश्यका साथ गरिब, पिछडिएका एवं सीमान्तकृतवर्गलाई आवास सुविधा उपलब्ध गराउने लक्ष्यअनुसार २०६६।६७ देखि जनता आवास कार्यक्रम सञ्चालन हुँदै आएकोमा यस कार्यक्रममा २०७४।७५ सम्म ५५ हजार ९७० को लक्ष्य तोकिएकोमा १७ हजार ३९ आवास

एकाइको निर्माण सम्पन्न भई रू.५ अर्ब ६४ करोड ९१ लाख खर्च भएको देखिन्छ। यो कार्यक्रम २०७५।७६ देखि प्रदेश सरकारमा हस्तान्तरण भएको छ। विभागले पेस गरेको २०७८।७९ को विवरण अनुसार कार्यक्रम शुरु भएको १३ वर्ष व्यतीत भइसक्दा ३६ हजार ३२५ (६४.९० प्रतिशत) आवास एकाइको मात्र निर्माण सम्पन्न भई १९ हजार ६४५ बाँकी रहेको देखिन्छ। विभागले २०७५।७६ देखि निर्धारित लक्ष्य र खर्चको विवरण अद्यावधिक गरेको छैन। साथै समयमा निर्माण सम्पन्न नहुँदा लाभग्राहीहरू थप समस्यामा परेको अवस्था छ। तोकिएबमोजिम लक्षित समुदायलाई आवास सुविधा उपलब्ध गराउने कार्य समयमा नै सम्पन्न हुनुपर्दछ।

२१. **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य लिएको छ। उक्त कार्यविधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि र निर्माण कार्य सम्पन्न भएको स्थानीय तहको प्राविधिकबाट प्राविधिक प्रतिवेदनसहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र उपलब्ध अनुदान अन्य प्रयोजनमा खर्च गरे वा किस्ताबमोजिमको कार्य तीन महिनाभित्र नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ। हालको व्यवस्थाअनुसार लाभग्राही छनौटको जिम्मेवारी विभाग मातहतको सघन शहरी तथा भवन निर्माण आयोजनाको र कार्यान्वयनको जिम्मेवारी स्थानीयतहको रहेको छ। उक्त कार्यक्रम २०७५।७६ बाट शुरु भएकोमा २०७८।७९ सम्म १ लाख ४१ हजार ६१४ लाभग्राही छनौट भएको र १ लाख ३० हजार ४७७ (९२.१४ प्रतिशत) लाभग्राहीसँग अनुदान सम्झौता भई १ लाख ३ हजार ५१० लाभग्राहीलाई पहिलो किस्ता, ४१ हजार ६२१ लाई दोस्रो किस्ता भुक्तानी दिएको छ। कार्यक्रमबाट पहिलो किस्ता लिएका लाभग्राहीमध्ये ४१ हजार ६२१ (४०.२१ प्रतिशत) लाभग्राहीको मात्र निर्माण सम्पन्न भएको देखिन्छ। समयमा निर्माण सम्पन्न नहुँदा लाभग्राही थप समस्यामा परेको अवस्था छ। बाँकी ६१ हजार ८८९ लाभग्राहीलाई पहिलो किस्ता बापत उपलब्ध गराएको अनुदान सम्बन्धमा अनुगमन गरी खर्चको सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ।

२२. **रुग्ण योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) र १२८ मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र सम्झौता उल्लङ्घन गर्ने निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था छ। जाजरकोट, बारा, तेह्रथुमलगायतका ३० जिल्लामा स्वास्थ्य संस्था भवन निर्माणको जिम्मेवारी विभागलाई प्राप्त भएकोमा २०७९ आषाढ मसान्तसम्म शुरु म्याद समाप्त भई सोही बराबरको म्याद थप हुँदा समेत कार्य सम्पन्न हुन नसकेका ५७ योजनालाई विभागले रुग्ण योजनामा वर्गीकरण गरेको छ। खरिद सम्झौता भएकामध्ये १७ योजनाको शतप्रतिशत भौतिक प्रगति भए तापनि योजनाको नापजाँच एवं अन्तिम बिल भुक्तानी गरी हस्तान्तरण गर्न बाँकी रहेको देखिन्छ। त्यसैगरी ९ योजनाको कार्य अन्तिम चरणमा रहेको, २० योजनाको निर्माण कार्य भइरहेको र ११ योजनाको कार्य प्रगति नभएको अवस्था छ। निर्माण कार्य अधुरो छाडी सम्पर्कविहीन रहेका तथा सम्झौताबमोजिमको कार्य नगर्ने निर्माण व्यवसायीसँग सम्झौता अन्त्य गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

२३. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौता कार्यान्वयनका क्रममा मूल्य समायोजन हुन सक्ने व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना झापा, सप्तरी, धनुषा, पर्सा, कास्की, संघीय आयोजना कार्यान्वयन एकाइ कैलालीसमेत ८ कार्यालयका २० निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा फरक सूचकाङ्क र फ्याक्टर प्रयोग गरी त्रुटिपूर्ण गणना गरेबाट रू. ५ करोड ९९ लाख ५५ हजार बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

२४. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाले एक विदेशी निर्माण व्यवसायीसँग २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरी २०६९।९।४ मा रू.६७ करोड ३३ लाख २६ हजारको सम्झौता गरेकोमा भेरिएसनसमेत रू.९९ करोड ८ लाखको सम्झौता कायम भएको देखिन्छ। यो वर्षसम्म निर्माण व्यवसायीलाई रू.७२ करोड १२ लाख भुक्तानी भएको छ। आयोजनाले २०७७।८।१५ मा २०० दिन म्याद थप गरेको र उक्त समयमा कार्य सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने निर्णय गरेको देखिन्छ। पछिल्लोपटक २०७८ चैत्र मसान्तसम्म म्याद थप भएकोमा उक्त अवधिमा समेत काम नगरेको कारण २०७९।१।९ मा आयोजनाले ठेक्का तोडेको छ। सम्झौताको शर्तअनुसार सम्झौता रकमको १० प्रतिशतले हुने रू.९ करोड ९१ लाख पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

२५. **दोहोरो भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना जुम्लाले भवन निर्माण कार्यको एक संयुक्त उपक्रमलाई यो वर्ष सातौं रनिङ बिल भुक्तानी दिँदा मार्बलको कामको नापीअनुसार रू.३५ लाख ५२ हजारको मात्र भुक्तानी दिनुपर्नेमा प्राविधिक बिलमा सोही कार्यको फरक फरक सिरियल नम्बरमा उल्लेख गरी दोहोरो भुक्तानी गरेको छ। वास्तविक नापजाँचको आधारमा भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२६. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रूपैयाँभन्दा बढीको मालसामान, सेवा खरिद वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना काठमाडौं, पर्सा, काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयसमेत ९ कार्यालयले रू.१० करोड ८५ लाख ६३ हजारको निर्माण तथा मर्मत, मेसिनरी औजार, फर्निचरलगायत समान प्रकृतिका कार्य टुक्रा पारी सोझै खरिद गरेका छन्। खरिद नियमको पालनागरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कार्य गर्नुपर्दछ।

२७. **उपभोक्ता समितिबाट निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ। सघन शहरी तथा भवन निर्माण आयोजना काठमाडौं, पर्सासमेत ५ कार्यालयले ११६ उपभोक्ता समितिमार्फत् मन्दिर, उद्यान, नालालगायतका निर्माण कार्य गराई रू. ४३ करोड ६० लाख ३० हजार भुक्तानी गरेका छन्। उपभोक्ता समितिमार्फत् काम गराउँदा गुणस्तरीय निर्माण कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

२८. **दैनिक ज्यालादारी** – शहरी विकास मन्त्रालयबाट जारी गरिएको सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७७ को दफा १० मा नियमित सुपरिवेक्षण, गुणस्तर परीक्षण, सञ्चालन, संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक दक्ष, विज्ञ, सुपरभाइजर तथा अन्य आवश्यक कर्मचारी दैनिक ज्यालादारी वा परामर्श सेवामार्फत् लिनु पर्दा आवश्यक संख्या, न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभवको आधारमा लिई नियुक्ति दिनुपर्ने उल्लेख छ। सघन शहरी तथा भवन निर्माण आयोजना झापा, संघीय आयोजना रूपन्देही र विराटनगर लगायत २० कार्यालयले जनशक्ति विवरण स्वीकृत नगरी शैक्षिक योग्यता र कार्य अनुभवको मूल्याङ्कन बेगर दैनिक ज्यालादारी नियुक्ति गरी रू.१९ करोड २५ लाख पारिश्रमिक खर्च लेखेको छ। निर्माणाधीन आयोजना तथा परामर्श सेवामा सुपरभाइजर तथा अन्य कामदार नियुक्त गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तर्जुमा गर्नुपर्दछ।

२९. **विशेष भवन निर्माण** – संघीय संसद भवन, प्रधानमन्त्रीको सरकारी आवास, मन्त्री आवास, प्रदेश प्रमुख र प्रदेश मुख्य मन्त्रीहरूको आवास तथा सम्पर्क कार्यालयहरू, चण्डीदल गण र व्याण्डदल गुल्मको भवन जस्ता विशेष प्रकृतिका भवनहरूको निर्माण कार्य २०७६।७७ बाट भइरहेको छ। हालसम्म गोदावरीमा ३ हजार क्षमताको सनराइज सभाहलको निर्माण कार्य सम्पन्न भए तापनि राजकीय अतिथि भवन, भक्तपुरमा ५ हजार सिट क्षमता सहितको प्रदर्शनी केन्द्र, सिंहदरबार ग्यालरी (पुरानो संसद भवन) को पुनर्निर्माण सम्पन्न भएको छैन। संघीय संसद भवन निर्माणको ४५ प्रतिशत, प्रधानमन्त्री आवास भवन निर्माण ९६ प्रतिशत, प्रदेश प्रमुख तथा मुख्य मन्त्री आवास भवन निर्माण कार्य ८२ प्रतिशत, संघीय मन्त्री आवास भवन निर्माण कार्य ८१ प्रतिशत, चण्डीदल गण भवन निर्माणको १९ प्रतिशत भौतिक प्रगति भएको छ। संघीय मन्त्री आवास भवन निर्माण कार्य (दोस्रो चरण) को लागि सम्झौता भई निर्माण कार्य शुरु भएको, स्टेट गेष्ट हाउस भवन निर्माणको इन्जिनियरिङ डिजाइन कार्य सम्पन्न भएको, पाँच हजार क्षमताको अन्तराष्ट्रिय सभाहल भवन निर्माणको इन्जिनियरिङ डिजाइन कार्य सम्पन्न भएकोमा जग्गा सुनिश्चितता नभएकोले थप प्रक्रिया अगाडि बढेको छैन। निर्माणाधीन संरचनाको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

३०. **सुविधासम्बन्धी मापदण्ड** - संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट विशिष्ट व्यक्तिहरूका लागि मागअनुसार फर्निचर, भान्साका अन्य सामान, बिजुलीका सामान, कार्पेट, पर्दालगायतका भौतिक सुविधाका सामान र चालु प्रकृतिका सामान खरिद गरी यो वर्ष रू.१० करोड ९५ लाख ५५ हजार खर्च गरेको छ। विशिष्ट व्यक्तिलाई उपलब्ध गराउने सेवा सुविधाको मापदण्ड तयार गर्नुपर्ने व्यहोरा विगतका प्रतिवेदनमा समेत औंल्याइएकोमा मापदण्ड तयार गरी २०७९।१।२५ मा मन्त्रालयमा पेस गरेकोमा स्वीकृति भएको छैन। मापदण्ड स्वीकृत नगरेका कारण सामानको गुणस्तर, परिमाण तथा खर्चमा एकरूपता हुन सकेको छैन। विशिष्ट व्यक्तिहरूको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायमा नै विनियोजन गरी भैपरी आउने कार्यको लागि मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

३१. **खरिद प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावलीमा रू.१० लाख

सम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउ पत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने उल्लेख छ। सचिवालयले यो वर्ष मेसिनरी तथा औजार, फर्निचर्स तथा फिक्चर्स, कार्यालय समानलगायतका रू.९ करोड २५ लाख ८० हजार मूल्यका सामग्रीको खरिद कार्य टुक्रा पारी विभिन्न आपूर्तिकर्ताबाट सोझै खरिद गरेको देखिन्छ। एकै प्रकृतिका खरिद कार्यलाई प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ।

केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास)

सावित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्दै आएका बाँकी कार्य र सरकारी एवं सार्वजनिक भवन, स्वास्थ्य संस्था र सम्पदाको पुनर्निर्माणसम्बन्धी कार्य गर्न आयोजना सञ्चालनमा रहेको छ।

३२. **वित्तीय खर्च -** विक्रम सम्वत् २०७२ को भूकम्पको कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माणकार्य सम्पन्न गरी भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला यसको कार्यक्षेत्र रहेको छ। प्राधिकरणले २०७६।९।२८ मा विपद् पश्चात्को पुनर्निर्माण तथा पुनः लाभकार्य ढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रू.४ खर्ब ६९ अर्ब ९३ करोड ५३ लाख कायम गरी २०७७।७८ सम्म रू.३ खर्ब ७१ अर्ब ५३ करोड ६७ लाख खर्च भएकोमा भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी योजनाले तोकेको १० क्षेत्रमध्ये ५ क्षेत्रको बाँकी जिम्मेवारी यस एकाइलाई हस्तान्तरण भएको र यो वर्ष रू.१० अर्ब ९ करोड ४४ लाख १५ हजार खर्च भएको छ।

३३. **लक्ष्य प्रगति -** भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापन सम्बन्धी लक्ष्य प्रगति देहायअनुसार रहेको छः

क्र.सं.	क्षेत्र	पुनर्निर्माण गर्नुपर्ने संख्या	२०७८।७९ सम्मको प्रगति	
			संख्या	प्रतिशत
१	स्वास्थ्य संस्था	११६४	८०२	६८.९०
२	सरकारी भवन	४१४	४०१	९६.८६
३	सुरक्षा निकायको भवन	२१६	२१६	१००
४	पुरातात्विक सम्पदा	९२०	५८६	६३.७०
५	एकीकृत बस्ती विकास तथा सुधार	१०६	६२	५८.४९

प्राधिकरण स्थापना हुँदाका बखत ५ वर्षमा पुनर्निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा प्राधिकरण खारेज भई कार्यक्रम हस्तान्तरण पश्चात् यस वर्षसम्म स्वास्थ्य संस्थाको पुर्ननिर्माण ६८.९० प्रतिशत, सरकारी भवन ९६.८६ प्रतिशत, पुरातात्विक सम्पदा ६३.७० प्रतिशत तथा एकीकृत बस्ती विकास तथा सुधारमा ५८.४९ प्रतिशत प्रगति रहेको छ। पुरातात्विक सम्पदा र एकीकृत बस्ती विकास तथा सुधारलगायतका क्षेत्रमा चालु कार्यहरू सम्पन्न भएका छैनन्। बाँकी कार्य सम्पन्न गर्न कार्यालयले थप पहल गर्नुपर्ने देखिन्छ।

३४. **अनुदान वितरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही

छनौट मापदण्डको व्यवस्था छ। निजी आवासतर्फ कुल लाभग्राही संख्या ८ लाख ६६ हजार २०७ रहेकोमा अनुदान सम्झौता गर्ने ८ लाख ३२ हजार ५८५ रहेको देखिन्छ। जसमध्ये पहिलो किस्ता ८ लाख ३२ हजार ४७० र दोस्रो किस्ता ७ लाख ६५ हजार ८६१ र तेस्रो किस्ता ७ लाख ३३ हजार २१४ ले भुक्तानी लिएको उल्लेख छ। पहिलो किस्ता भुक्तानी लिने ६२ हजार ९०२ लाभग्राहीले रू.३ अर्ब १४ करोड ५१ लाख भुक्तानी लिई दोस्रो तथा अन्तिम किस्ता नलिएको र १७ हजार २४५ लाभग्राहीले पहिलो र दोस्रो किस्ता लिई अन्तिम किस्ता लिएका छैनन्। पहिलो र दोस्रो किस्ता लिई कार्यसम्पन्न नगर्ने लाभग्राहीको सन्दर्भमा अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चित हुनुपर्दछ। प्रबलीकरणतर्फ अनुदान सम्झौता गर्ने केही लाभग्राही निजी आवास निर्माणको लागि ग्राह्य भएकोमा प्रबलीकरणतर्फ विगतको भन्दा यस वर्ष लाभग्राहीको संख्या घटेको देखिन्छ। त्यसैगरी निजी आवास प्रबलीकरणतर्फ ३३ हजार ९०५ लाभग्राहीसँग अनुदान सम्झौता भएको र पहिलो किस्ता ३१ हजार ६७९ जनालाई भुक्तानी भएको देखिन्छ। दोस्रो तथा अन्तिम किस्ता २ हजार २२६ लाई मात्र भुक्तानी गरेको विवरण प्राप्त भएकोले पहिलो किस्ता भुक्तानी लिई दोस्रो किस्ता नलिएका २९ हजार ४५३ लाभग्राहीको अनुगमन गरी प्रबलीकरणको कार्यलाई पूर्णता दिनुपर्छ। निर्माण सम्पन्न निजी आवास प्रयोजनमा नआई अन्य प्रयोगमा आएकोले सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

३५. **धरहरा पुनर्निर्माण** - धरहरा पुनर्निर्माण कार्यको लागि रू.३ अर्ब ४८ करोड १६ लाख ९१ हजारमा २०७७।६।१४ भित्र कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७५।६।१४ मा सम्झौता भएको देखिन्छ। यो वर्ष २६ औं रनिङ बिलसम्म रू.२ अर्ब २० करोड ७२ लाख भुक्तानी भई ६३.३९ प्रतिशत वित्तीय र ७३ प्रतिशत भौतिक प्रगति रहेको देखिन्छ। शुरु लागत अनुमानमा समावेश नभएका इलेक्ट्रिकल तथा एक्स्ट्रा लो भोल्टेजको कार्यमा मात्र रू.२२ करोडभन्दा बढी रकमको आइटमहरू थप हुन गएको एवं सुन्धाराको प्राकृतिक वहाव कायम राख्ने सम्बन्धमा सरोकारवालाहरूको चासो एवं अवरोध लगायतका कारणले शुरु सम्झौताको म्याद समाप्त भई शतप्रतिशत म्याद थप भएकोमा समेत निर्माण कार्यमा अपेक्षाकृत प्रगति भएको छैन। ऐतिहासिक महत्वको यस क्षेत्रको निर्माण कार्य तदारुकताका साथ सम्पन्न गर्न सबै निकायबीच आवश्यक समन्वय हुनुपर्ने देखिन्छ।

३६. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम (१) र (२) मा मूल्य समायोजन गर्ने सम्बन्धी विभिन्न आधार उल्लेख छ। मूल्य समायोजनबापत भुक्तानी दिँदा सम्झौताअनुसार शुरु म्याद समाप्त हुने एक महिना अगाडिको नेपाल राष्ट्र बैङ्कले प्रकाशन गरेको मूल्य सूचकाङ्कको आधारमा हुने फ्याक्टरलाई फ्रिज गरी उक्त फ्याक्टरअनुसार नबढ्ने गरी मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा धरहरा पुनर्निर्माण कार्यमा फ्याक्टर फ्रिज नगरी रू.३५ लाख ५६ हजार, नेपाल राष्ट्र बैङ्क, थापाथलीको भवन निर्माणमा सम्झौताभन्दा फरक सूचकाङ्कको प्रयोग गरेको र फ्याक्टर फ्रिज नगरी रू.२ करोड ४ लाख ९५ हजार र नेपाल राष्ट्र बैङ्कको बालुवाटारस्थित भवनमा फ्याक्टर फ्रिज नगरी रू.२९ लाख ४१ हजारसमेत रू.२ करोड ६९ लाख ९२ हजार बढी मूल्य समायोजन भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्दछ।

संगठित संस्था, अन्य संस्था र समिति

काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकामा नगरहरूको पुनः निर्माण, विस्तार र विकासका साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार यस प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणबाट भौतिक योजना तर्जुमा गर्ने, दीर्घकालीन अवधारणा तयार गर्ने, भवन मापदण्ड तयार गर्ने, सडक विस्तार गर्ने र जग्गा एकीकरण गर्ने कार्य भइरहेका छन्।

३७. **साँवा ब्याज फिर्ता** - काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ को व्यवस्था अनुसार नेपाल सरकारसँग प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा रू.९९ करोड ऋण लिई ७ आयोजनालाई ऋण लगानी गरेकोमा यो वर्षसम्म ब्याज रू.१३ करोड ३३ लाख ४६ हजारसमेत रू.१ अर्ब १२ करोड ३३ लाख ४६ हजार अर्थ मन्त्रलायलाई फिर्ता गरेको छैन। उक्त रकम फिर्ता हुनुपर्दछ।

३८. **उठाउन बाँकी ऋण -** प्राधिकरणले यस वर्षसम्म मूल कोषबाट ११ जग्गा एकीकरण र २ नगर विकास समितिलाई मूलकोषतर्फको साँवा रू.७ करोड ३३ लाख २५ हजार र ब्याज रू.४ करोड ९२ लाख २१ हजार तथा ऋण लगानीतर्फको साँवा रू.८९ करोड ८५ लाख र ब्याज रू.३७ करोड ८ लाख ४७ हजारसमेत रू.१ अर्ब ३९ करोड १८ लाख ९३ हजार उठाउन बाँकी रहेको देखिन्छ। प्राधिकरणले यसतर्फ आवश्यक कारबाही गरी ऋणको साँवा ब्याजसहितको रकम उठाउनुपर्दछ।

३९. **संस्थागत समन्वय** - काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ४ मा प्राधिकरणले भौतिक विकास योजना तथा आयोजना सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित निकाय स्थानीयतह तथा अन्य संस्थासँग समन्वय गरेर मात्र कार्य गर्नुपर्ने उल्लेख छ। स्थानीयतह, विभिन्न संस्थान तथा आयोग, सडक विभाग, खानेपानी, विद्युत, टेलिकम आदिको क्षेत्राधिकार काम कर्तव्य र अधिकारमा दोहोरोपनाको कारणले कार्यान्वयनतहमा समस्या रहेको छ। एक निकायले निर्माण कार्य सम्पन्न गर्नासाथ अर्को निकायले सोही स्थानमा अर्को निर्माण कार्य गर्ने साथै विभिन्न निकायले एक अर्का निकायबीच समन्वय नगरी निर्माणजन्य कार्य गर्दा काममा दिगोपन नहुने, खर्चको उपादेयता नहुने र सर्वसाधारणलाई अवागमनमा कठिनाइ हुने अवस्था छ। कानूनी व्यवस्थाको विविधीकरणले प्राधिकरणको काम कर्तव्य र अधिकार पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन। तसर्थ काठमाडौं उपत्यका विकास प्राधिकरणले उक्त निकायहरूसँग समन्वय गरी संयोजनकारी भूमिका निर्वाह गर्नुपर्दछ।

४०. **प्लट बिक्री रोक्का -** काठमाडौं उपत्यका विकास प्राधिकरणबाट दिव्यश्वरी जग्गा एकीकरण आयोजना कार्यान्वयन भैरहेकोमा ७२ प्लट बिक्री गर्न बाँकी रहेकोमा मध्यपुर थिमी नगरपालिकाले मालपोत कार्यालय भक्तपुरलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(९) र दफा ९७(१) बमोजिम दिव्यश्वरी जग्गा एकीकरण आयोजनाको नामबाट बिक्री हुने प्लटहरू रोक्का राख्न पत्राचार गरेकोले बिक्री प्रक्रिया रोकिएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार सञ्चालित कार्यक्रमलाई स्थानीय सरकारले रोक्का राख्नाले जग्गा एकीकरण आयोजनाले उपत्यका विकास प्राधिकरणलाई फिर्ता गर्न बाँकी रू.७१ करोड १३ लाख २५ हजार फिर्ता भएको छैन। बाँकी

प्लटहरूलाई आवश्यक प्रक्रिया पूरा गरी बिक्री गर्ने र क्षेत्राधिकार सम्बन्धमा भएको विवादलाई कानूनी रूपमा व्यवस्था गरी टुङ्गो लगाउनुपर्दछ। हाल संघीयता कार्यान्वयनको सन्दर्भमा प्राधिकरणले गर्ने काममा दोहोरोपना एवं कार्यक्षेत्रको विवादसमेत देखिएकोले त्यसको निराकरण गरी संरचना पुनरावलोकन गर्नुपर्दछ।

४१. **जग्गा विकास नियमन** - बस्ती विकास शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को बुँदा नं. १३.६.१ मा जग्गा एकीकरण पद्धतिद्वारा वा ठूला कित्तालाई एक वा धेरै कित्ताकाट गरी जग्गाको कारोवार सामूहिक आवास वा सार्वजनिक भवन निर्माण जस्ता भौतिक योजना कार्यान्वयन गर्नुपर्दा काठमाडौं उपत्यकाभित्र विकास प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ। प्राधिकरणबाट प्राप्त विवरणअनुसार २०७८।७९ सम्म जग्गा विकास आवास तथा भवन र अपार्टमेन्टको लागि ३८५ अनुमति प्रदान भएको छ। उपत्यकाभित्र विभिन्न स्थानमा अनुमति बेगर जग्गा टुक्राइ प्लटिङ गर्ने प्रवृत्ति बढ्दै गइरहेको एवं भूकम्पीय जोखिमको आँकलन बेगर नै जग्गा खण्डीकरण गरेकोले मापदण्डको पालना भएको छैन। गैरकानूनी प्लटिङ गर्नेको अनुगमन गरी प्राधिकरणको नियमनकारी कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

४२. **शहरी पुनर्विकास कार्यक्रम** - काठमाडौं उपत्यकामा पुराना जोखिमयुक्त शहरी क्षेत्रको विद्यमान वातावरणीय समस्या र भूकम्प लगायतका सम्भावित विपदीय जोखिम रहेको अवस्था छ। प्राधिकरणले यस सम्बन्धमा कुनै कार्यक्रम सञ्चालन गरेको पाइएन। पुरानो शहरी क्षेत्रको बस्तीलाई सबल, व्यवस्थित तथा सुरक्षित बनाउन र विद्यमान आर्थिक भौतिक सामाजिक र वातावरणीय समस्याहरूको समाधान एवं सम्भावित भूकम्पीय क्षतिबाट हुनसक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न एकीकृत शहरी पुनर्विकासको कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मध्यमदेखि उच्च जनघनत्व भएका बस्तीहरूमा सार्वजनिक निजी साझेदारीमा रही मौलिक वास्तुकलाको संरक्षणसहितको पुनर्वास संरक्षण र पुनर्विकासको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनुपर्दछ।

४३. **धोबीखोला कोरिडोर** - काठमाडौंको बुढानीलकण्ठ नगरपालिकामा रहेको खैरो पुलदेखि काठमाडौं महानगरपालिकाको बागमती दोभानसम्म धोबीखोलाको दुवै किनारामा लिङ्करोड तथा ढल निर्माण गरी नदीलाई स्वच्छ र सफा राख्न सहयोग पुऱ्याउनुका साथै मध्य काठमाडौंदेखि उत्तर काठमाडौंसम्मको आवागमनमा सहजता ल्याउने उद्देश्यले २०५९ देखि धोबीखोला सुधार आयोजना सञ्चालनमा आएको छ। आयोजनाको कार्य २०७८।७९ सम्म सम्पन्न हुनुपर्नेमा ९७ प्रतिशत भौतिक कार्य समाप्त हुँदा नीलो पुल क्षेत्रमा घर जग्गाको मुआब्जा र क्षतिपूर्ति दिनुपर्ने भएकोले ९ मिटर सडक ट्रयाक खोल्न बाँकी रहेको र बुढानीलकण्ठ नगरपालिका वडा नं २ को भू-बनावट कमजोर रहेका कारण ९ मिटर सडक ट्रयाक खोल्न बाँकी रहेको देखिन्छ। निर्माण गरिएका स्थानमा अन्य निकायबाट विद्युत, खानेपानी लगायतको निर्माण कार्य हुँदा सडकमा खाडल भएको, न्यूनतम रूपमा नदीको चौडाइ कायम नराख्दा नदी छेउछाउका घर बस्ती डुबानमा पर्ने गरेको छ। नदीको न्यूनतम चौडाइ कायम गर्दै नदी बहाव व्यवस्थित गरी बाँकी संरचना निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ।

४४. **बाहिरी चक्रपथ निर्माण** - व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहर विकास गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गरी जनजीवनलाई सहजीकरण गर्ने उद्देश्यले २०५८ मा अवधारणा ल्याएकोमा २१ वर्ष व्यतीत भइसक्दा संभाव्यता

अध्ययन बाहेक अन्य कार्य भएको छैन। आयोजनामा २०७८।७९ सम्म रू.१४ करोड २२ लाख ६९ हजार खर्च भएको र ५० मिटर फराकिलो ७१.९६ किलोमिटर सडकको लागि प्रति आना रू.५ लाखको दर राखी २०६०।६१ मा रू.५६ अर्बको लागत अनुमान स्वीकृत भएकोमा हालको जग्गाको मूल्य अनुसार करिब रू.३ खर्ब भन्दा बढी रकम जग्गा अधिग्रहणमा मात्र खर्च हुने देखिन्छ। आयोजनामा वर्षेनी प्रशासनिक खर्च भए तापनि भौतिक पूर्वाधारको कार्य भएको छैन। बाहिरी चक्रपथ निर्माणको निश्चित ढाँचा र कार्ययोजना पुनरावलोकन गरी लागत र लाभको विश्लेषण गरी कार्यान्वयन गर्नुपर्दछ।

४५. **स्मार्ट सीटीको कार्यान्वयन** - नेपाल सरकारले काठमाडौं उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५।१।२५ मा स्मार्ट सीटीको अवधारणा स्वीकृत गरेको छ। बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भै नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौं उत्तरपूर्वमा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रमा ४ स्मार्ट सीटीको आयोजना अघि बढाउने लक्ष्य रहेको छ। विस्तृत आयोजना प्रतिवेदन तयारीमा रू.१५ करोड ६५लाख ४१ हजार खर्च भएकोमा स्मार्ट सीटीको कुनै पनि योजना कार्यान्वयन भएको छैन। वर्षौंसम्म योजना कार्यान्वयन नहुँदा समय तथा लागत बढ्ने हुनाले कार्यान्वयन प्रक्रिया अगाडि बढाउनुपर्दछ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

पशुपति क्षेत्रलगायत बागमती नदीको वातावरणलाई सुधार गर्ने उद्देश्यले मन्त्रिपरिषद्को निर्णयअनुसार अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन भएको हो। एकीकृत कार्यक्रमको लागि रू.२१ अर्ब १ करोड ४ लाख लागत अनुमान तयार भई २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्ष रू.२ अर्ब ७२ करोड २५ लाखसमेत यो वर्षसम्म रू.१९ अर्ब २९ करोड ७२ लाख खर्च भएको छ।

४६. **कार्ययोजना कार्यान्वयन** - नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६७।४।२७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको ५ वर्षे कार्ययोजनाको समाप्तिपश्चात् राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको २०७१।७२ देखि २०७८।७९ सम्मको वार्षिक कार्यक्रमको आधारमा आयोजना सञ्चालन भइरहेको छ। बागमती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोलामा गरिने निर्माण कार्यमा ७७.६५ किलोमिटर नदी तटबन्धमध्ये ७१.७४ किलोमिटर, ४८.८१ किलोमिटर सडकमध्ये २६.५६ किलोमिटर, ९१.२९ किलोमिटर ढलमध्ये ८७.१९ किलोमिटर निर्माण भएको छ। आयोजनाबाट नदी सौन्दर्यीकरण कार्यक्रम अन्तर्गत ११ स-साना बाँध निर्माण, साइकल ट्रयाक निर्माण, नदीको दुवै किनारामा पार्क निर्माण, वृक्षारोपण लगायतका कार्य भइरहे तापनि कार्ययोजनाले तय गरेका मुख्य क्रियाकलापमध्ये धाप बाँध निर्माण अन्तिम चरणमा पुगेको, शिवपुरी राष्ट्रिय निकुञ्जभित्र नागमती बाँध निर्माणको लागि वातावरणीय अध्ययनको चरणमा रहेको देखिन्छ। बागमती नदी किनाराको थापाथलीदेखि टेकु दोभानसम्म रहेका २८ पुरातात्विक ऐतिहासिक सम्पदा २०७२ सालको भूकम्पबाट क्षति भएकोले पुनर्निर्माण गर्ने लक्ष्य रहकोमा १७ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न नभएको, वर्षाको पानी सङ्कलनमार्फत् भूमिगत पानी रिचार्ज गर्न पोखरीहरूको पुनर्स्थापना गर्ने, भूमिगत पानी रिचार्ज गर्ने, भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने, सहायक नदीहरूमा ढल प्रशोधन गर्ने कार्यक्रम रहेकोमा टुकुचामा निर्माण प्रक्रिया अगाडि बढे तापनि अन्य नदीमा प्रशोधन केन्द्र निर्माण कार्य अगाडि बढेको छैन। साथै बाटोको चौडाइ कम भएकोले

भविष्यको सवारीको चाप धान्न सक्ने देखिँदैन। आयोजनाको कार्यान्वयन पक्षमा सुधार गरी तोकिएको समयमा प्रगति हासिल गर्नुपर्दछ।

४७. **जग्गा अतिक्रमण -** बागमती सभ्यता र नदी तथा किनारासमेतको उचित संरक्षण र विकासका लागि नदीको दायाँ-बायाँ ढल र कोरिडोर सडक तथा किनारामा सौन्दर्यीकरणका लागि पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण, तटबन्ध निर्माण र सरसफाईलगायतका कार्य रहेको समितिको मुख्य कार्य क्षेत्र बागमती नदी रहेको छ। आयोजनाबाट अव्यवस्थित बसोबासलाई ब्यवस्थित गराउने सम्वन्धमा दीर्घकालीन समाधानको विकल्प खोजी कार्यका लागि गठित समितिले २०७९।५।२२ मा पेस गरेको प्रतिवेदन अनुसार उपत्यका भित्रका नदी किनारमा ३ हजार ४९६ घरधुरी अव्यवस्थित बसोबास गरिरहेको देखिन्छ। बागमती नदीको सिनामंगल, थापाथली एवं अन्य सहायक नदीको आसपासलगायतका स्थानमा जग्गा अतिक्रमण हुँदा निर्माण कार्य अगाडि बढ्न सकेको देखिएन। अतिक्रमण भएको स्थानको समस्या समाधान गरी कोरिडोर, तटबन्ध र सौन्दर्यीकरणको कार्य अगाडि बढाउनुपर्दछ।

४८. **बागमती नदी सौन्दर्यीकरण -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। बागमती नदी सौन्दर्यीकरण कार्यको लागि गोकर्णदेखि सिनामंगलसम्मको ७ किलोमिटरको क्षेत्रमा नदीको दुवै किनारामा तटबन्ध निर्माण गर्ने, फुटपाथ तथा साइकल लेन निर्माण गर्ने, सौर्यबत्ती जडान गर्ने, शौचालय तथा सार्वजनिक भवन बनाउने र सौन्दर्यीकरण गर्ने लगायतका संरचना निर्माण गर्न २०७५।११।२० भित्र कार्य सम्पन्न गर्ने गरी रू.१ अर्ब ९० करोड २८ लाख ५९ हजारमा २०७३।८।१ मा एक संयुक्त उपक्रमसँग सम्झौता भएकोमा तोकिएको अवधिमा कार्यसम्पन्न नभई २०७९।३।३१ सम्म म्याद थप भएकोमा ८३.८९ प्रतिशत वित्तीय प्रगति भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

४८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। उक्त निर्माण कार्यको लागि निर्माण व्यवसायीले तोकेको समयमा कार्य सम्पन्न नगरेकोमा थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप भएको छ। सम्झौताको शर्तअनुसार मूल्य समायोजन भुक्तानी गर्दा म्याद थप हुनुभन्दा अगाडिको मूल्य सूचकाङ्क फ्रिज गरी थप व्ययभार नपर्ने गरी मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा म्याद थप पछिको अवधिको सूचकाङ्क फ्रिज नगरी मूल्य समायोजन गणना गरी २० औं रनिङ बिलसम्म रू.५ करोड ८५ लाख ७५ हजार भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

४८.२ आयोजनाले बागमती नदी सौन्दर्यीकरण कार्यको भेरिएसन गर्दा गोकर्णदेखि जोरपाटीसम्मको करिब २ किलोमिटर दायाँतर्फ सडक कालोपत्रे गर्ने र फुटपाथ बनाउने कार्यमा रू.१४ करोड ८१ लाख १६ हजारको भेरिएसन आदेश स्वीकृत गरेको छ। आयोजनाले १९ औं रनिङ बिलसम्म प्राविधिक मूल्याङ्कन गरी २ आइटम नापी किताबमा चढाएको परिणामको स्पेसिफिकेसन परिवर्तन गरी नयाँ आइटम कायम गरेको छ। पुरानो आइटमको दरभन्दा नयाँ आइटमको दररेट कम रहेकोमा पुरानै दररेटअनुसार भुक्तानी भएको कारण बढी भुक्तानी भएको रू.८७ लाख ५० हजार असुल हुनुपर्दछ।

४८.३ बागमती नदी किनार उत्तरगया, गोकर्ण, गुहेश्वरी र थापाथलीदेखि बल्खु क्षेत्रमा नदी सौन्दर्यीकरण कार्यको लागि समितिले एक निर्माण व्यवसायीसँग २०७८।८।१० भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।४।२९ मा सम्झौता गरेकोमा चौथो भेरिएसन पश्चात् सम्झौता अङ्क रू.१ अर्ब ३३ करोड ६७ लाख ५६ हजार कायम भएको छ। सम्झौताको शर्तअनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन बापतको रकम भुक्तानी गर्दा शुरु सम्झौता अवधिको अन्तिम म्यादमा इन्डेक्स फ्रिज नगरेको तथा भेरिएसनवाट थप नयाँ आइटमको भुक्तानी गर्दा नयाँ आइटमको मूल्याङ्कन न्यून कट्टा गरेकोले आईपीसी १० देखि १२ सम्म रू.१ करोड ५० लाख ९१ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

नगर विकास समिति

बढ्दो जनसंख्या तथा शहरीकरणको चुनौतीलाई सामना गर्न दिगो तथा योजनाबद्ध रूपमा नगर विस्तार र विकासको साथै नयाँ नगरको निर्माण गरी नगरबासीलाई आवश्यक सेवा सुविधा पुऱ्याउन नगर विकास समिति ऐन, २०४५ बमोजिम नगर विकास समितिको गठन हुने व्यवस्था छ।

४९. **कानूनी सुधार -** नगर विकास ऐन, २०७५ मा स्थानीय तहले आफ्नो सीमा क्षेत्रमा नगर योजना तर्जुमा र स्वीकृति तथा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहको प्रमुखको अध्यक्षतामा नगर विकास समितिको गठन हुने व्यवस्था छ। साविकमा नगर विकास समितिको गठन संघीय सरकारबाट हुने व्यवस्था भए तापनि नगर विकास ऐनको संशोधनले सम्बन्धित स्थानीय तहको प्रमुखको अध्यक्षतामा प्रत्येक स्थानीय तहमा नगर विकास समितिको व्यवस्था गरेको छ। साविकमा ३३५ नगर विकास समिति गठन भएकोमा ती समितिको सञ्चालन अवस्था यकिन गरेको छैन। स्थानीयतहमा विज्ञ जनशक्तिको उपलब्धताको अभाव, पूर्वाधार विकासका मापदण्ड नगरपालिकाअनुसार फरक फरक रहेको छ। शहरीकरणको योजना निर्माण एवं कार्यान्वयनमा एकरूपता कायम गर्न शहरी विकास मन्त्रालयलाई शहरी विकाससम्बन्धी मापदण्ड अनुगमन तथा कार्यान्वयन गराउन आवश्यक कानूनी सुधार हुनुपर्ने देखिन्छ। साथै संघीयता कार्यान्वयनको परिवर्तित सन्दर्भमा यी कार्य स्थानीय तहले समेत गर्नसक्ने हुँदा कार्यान्वयन ढाँचा परिवर्तन गरिनुपर्दछ।

अनुगमन र बेरुजू

- **अनुगमन -** विगतको प्रतिवेदनमा उल्लेख भएका व्यहोरामध्ये विभागीय जनशक्तिबाट कार्य नगराई परामर्शदाताबाट परामर्श सेवा खरिदको सम्झौता गरेको, विशिष्ट व्यक्तिको सुविधासम्बन्धी मापदण्ड तर्जुमा नभएको, निर्मित संरचनाको अभिलेख नराखेको, जग्गा विकासको नियमन नभएको, बाहिरी चक्रपथ र स्मार्ट सिटी कार्यान्वयन नभएको, मूल्य समायोजन बढी भुक्तानी गरेको, खरिद गुरुयोजना बेगर खर्च गरेको, सम्झौताअनुसार विदेशी साझेदारको संलग्नता हुने नगरेको लगायतका व्यहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ। विगतका व्यहोरा पुनारावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

- सरकारी कार्यालयतर्फ ६२ निकायमा रू.१ अर्ब १८ करोड ७१ लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.९ करोड ८ लाख १२ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ९ करोड ६३ लाख ७६ हजार बाँकी रहेको छ। सोमध्ये रू.१३ करोड ८ लाख ६६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
- अन्य संस्था र समिति १४ मा रू.८० करोड ६८ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.५ करोड ९१ लाख ९१ हजार फर्स्यौंट गरेकोले रू.७४ करोड ७६ लाख ६८ हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये रू.३ करोड ८८ लाख ५९ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालय र नेपाल शिक्षा सेवाको सञ्चालनलगायतका कार्यहरू रहेका छन्। मन्त्रालय मातहत सरकारी कार्यालय र संगठित संस्थासमेत ५०८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहत ८७ सरकारी कार्यालयको निम्नानुसार रू.४० अर्ब ५ करोड ९८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३६३९०२	१४९८२	१२९३६	८७७८	४००५९८

यो वर्ष ६ निकायको रू.५८ करोड ४५ लाख लेखापरीक्षण गर्न बाँकी रहेको छ।

२. **संगठित र अन्य संस्था** - यो वर्ष ३२३ संस्थाको रू.१ खर्ब २ अर्ब २९ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न भएको छ। संगठित संस्थातर्फ ९८ निकायको लेखापरीक्षण बाँकी रहेको छ।

३. **प्राविधिक सहायताको लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार विभिन्न २५ परियोजनाका लागि १३ विकास साझेदार संस्थाबाट यो वर्ष अमेरिकी डलर २ करोड १८ लाखको हुने रू.२ अर्ब ८८ करोड ७ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण लेखापरीक्षणका लागि पेस भएको छैन। ऐनको व्यवस्था बमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ।

४. **बजेट तथा खर्च** - यो वर्ष शिक्षातर्फ रू.१ खर्ब ७८ अर्ब २० करोड विनियोजन भएकोमा रकमान्तरबाट खुद बजेट रू.१ खर्ब ८३ अर्ब ८ करोड कायम भई रू.१ खर्ब ७७ अर्ब १८ करोड (९६.७७ प्रतिशत) खर्च भएको छ। सोमध्ये संघीय सरकारबाट रू.४२ अर्ब ६२ करोड (२४.०५ प्रतिशत), प्रदेश सरकारबाट रू.५ अर्ब ५० करोड (३.११ प्रतिशत) र स्थानीय तहबाट रू.१ खर्ब २९ अर्ब ६ करोड (७२.८४ प्रतिशत) खर्च भएको देखिन्छ। वार्षिक बजेटको उल्लेखनीय हिस्सा स्थानीय तहबाट खर्च हुने गरेकोमा ती निकायबाट भएको खर्च तथा प्राप्त उपलब्धि सम्बन्धमा मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गरी अनुगमन गरेको देखिएन। शिक्षा क्षेत्रमा तीनै तहका सरकारबाट भएको खर्चको समग्र उपलब्धि एकीकृत गरी मूल्याङ्कन गर्ने प्रणाली तयार गर्नुपर्दछ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले शिक्षा क्षेत्रमा कुल बजेटको अंश २०७६।७७ सम्म १७ प्रतिशत र २०७९।८० सम्म २० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। शिक्षा क्षेत्रमा विनियोजित बजेट क्रमशः बढे पनि संघीय सरकारतर्फ गत वर्ष रू.३६ अर्ब ८८ करोड खर्च भएकोमा यो वर्ष रू.४२ अर्ब ६२ करोड खर्च भएको देखिन्छ। विगत ३ वर्षको विनियोजित बजेट विश्लेषण गर्दा कुल बजेटको तुलनामा शिक्षा क्षेत्रमा २०७६।७७ मा १०.७८ प्रतिशत, २०७७।७८ मा ११.६४

प्रतिशत र २०७८।७९ मा १०.९१ प्रतिशत विनियोजन भएको छ। गुणस्तरीय शिक्षा सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरी कार्य योजना बनाएर खर्च गर्नुपर्दछ।

५. **वार्षिक कार्यक्रम र प्रगति -** स्वीकृत वार्षिक कार्यक्रम तथा प्रगति विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायको बजेट खर्च र भौतिक प्रगति स्थिति निम्नानुसार छः

(रू.हजारमा)

क्र. सं.	कार्यक्रम	खुद बजेट	खर्च	खर्च प्रतिशत	भौतिक प्रगति प्रतिशत	
					चालु	पुँजीगत
१	शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, बीपी कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्राहलय विकास समिति)	६६०३०५	५०१३५९	७६	८५	८०
२	विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र)	५४४८७२	२९६५३९	५४	८४	९२
३	सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम	१७५००	११३५९	६५	५१	-
४	शिक्षा तथा मानवस्रोत विकास केन्द्र	११०३१२	८९२५३	८१	९७	९०
५	राष्ट्रपति शैक्षिक सुधार कार्क्रम	९३५४	२०७६	२२	९२	-
६	पाठ्यक्रम विकास केन्द्र	६४६७३	५७९३०	९०	९५	८१
७	शिक्षक सेवा निवृत्त सुविधा	१९४०००००	१९०८०१७८	९८	९९	-
८	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (विशेष कार्यक्रम समेत)	१५१००६०	५७४४९१	३८	८०	-
९	नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान	३३९२००	२००९६३	५९	९५	६५
१०	युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१७०००	१५६७५	९२	९९	-
११	राष्ट्रिय परीक्षा बोर्ड	२९५१००	२४२७५८	८२	९६	-
१२	पुस्तकालय-३ (डिल्लीरमण, केशर र राष्ट्रिय)	१३११००	३०७५०	२३	९५	-
१३	व्यावसयिक शिक्षा तथा तालिम अभिवृद्धि योजना - दोस्रो	३९७०२००	१४६१२६३	३७	६७	१००
१४	शैक्षिक गुणस्तर परीक्षण केन्द्र	२०६८४	१९०६५	९२	१००	-
१५	विश्वविद्यालय अनुदान आयोग	१८४३९२००	१७४३९२००	९५	-	-
१६	उच्च शिक्षा सुधार परियोजना	६३८५००	२९७५००	४७	-	-

उल्लिखित तालिकाअनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले २२, पुस्तकालयले २३, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोश्रोले ३७, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)ले ३८, उच्च शिक्षा सुधार परियोजनाले ४७, विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र)ले ५४ र नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानले ५९ प्रतिशत वित्तीय प्रगति गरेको देखिन्छ। समयमा नै कार्यक्रम सञ्चालन गरी लक्षित नतिजा हासिल गर्नुपर्दछ।

६. **आवधिक योजना कार्यान्वयन -** आवधिक योजनामा तोकिएका सूचकहरू वार्षिक बजेटबाट सम्बोधन हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। साक्षरता दर (५ वर्ष माथि), साक्षरता दर (१५ वर्ष माथि), युवा साक्षरता दर (१५ देखि २४ वर्ष), प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर, खुद भर्ना दर, उच्च शिक्षाको कुल भर्ना दर, कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धि, पेशागत तालिम प्राप्त शिक्षक, विद्यालयमा इन्टरनेट सुविधा, क्याम्पसमा गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्राप्त क्याम्पसको शौचालय निर्माण र प्रदेशस्तरका विधि विज्ञान प्रयोगशाला स्थापनाका नतिजा लगायतका सूचकमा २०७८।७९ को लक्ष्यबमोजिम प्रगति हासिल भएको देखिएन।

क्र. सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७८।७९ को लक्ष्य	प्रगति
१	साक्षरता दर (५वर्ष माथि)	प्रतिशत	६५.९	९१	७८
२	साक्षरता दर (१५वर्ष माथि)	प्रतिशत	५८	८५	५८
३	युवा साक्षरता दर (१५—२४ वर्ष)	प्रतिशत	९२	९४	९२
४	प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर	प्रतिशत	८५	९२	८९.६
	खुद भर्ना दर				
५	आधारभूत तह (१—८)	प्रतिशत	९३	९९	९५.१
६	माध्यमिक तह (९—१२)	प्रतिशत	४६	५७	५४
७	उच्च शिक्षाको कुल भर्ना दर	प्रतिशत	१२	१८	१५
	कक्षा ८ को निम्ति सिकाइ उपलब्धि (औसत)				
८	गणित	स्कोर	३५	५७	४३
९	नेपाली	स्कोर	४८	६०	५९
१०	अंग्रेजी	स्कोर	४१	५७	५१
११	विज्ञान	स्कोर	४९	५८	३८
	पेशागत तालिम प्राप्त शिक्षक				
१२	आधारभूत तह (१—८)	प्रतिशत	७६.६	९१	७८.१
१३	माध्यमिक तह (९—१२)	प्रतिशत	७७.१	९१	७९.१
१४	गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्राप्त क्याम्पस	संख्या	३०	१२०	६४
१५	स्वच्छ पानी तथा सरसफाइ सुविधा सहित शौचालय निर्माण भएको विद्यालय	प्रतिशत	५९	७९	७१.६
१६	इन्टरनेट सुविधा पुगेका विद्यालय	प्रतिशत	२८	७०	५१.२५
	विद्यार्थी शिक्षक अनुपात				
१७	आधारभूत तह (१—८)	अनुपात	१:३३	१:३०	१:२४
१८	प्रदेशस्तरका विधि विज्ञान प्रयोगशाला स्थापना	संख्या		६	४

विद्यालय छाड्ने दर, प्रति विद्यार्थी सरकारी खर्च, काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या, माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात, कुल गार्हस्थ उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्च, विज्ञान अध्ययन केन्द्र स्थापना, विषय क्षेत्रगत वैज्ञानिक अध्ययन/अनुसन्धान, डिएनए डाटाबेस, अनुसन्धान वृत्ति उपलब्धता तथा मातृभाषामा पठनपाठन हुने विद्यालयलगायतका सूचकको प्रगति उल्लेख गरेको छैन। कार्ययोजना बनाई आवधिक योजनामा उल्लेख भएका क्रियाकलाप निर्धारित समयावधिभित्र कार्यान्वयन गर्नुपर्दछ।

७. **माइलस्टोनको प्रगति -** आर्थिक वर्ष २०७८।७९ को बजेट कार्यान्वयनका लागि १९ निकायकाले कार्यसम्पन्न गर्ने गरी विभिन्न कार्यक्रममा १३४ माइलस्टोन तोकिएको छ। माइलस्टोनको कार्यमध्ये ७२ सम्पन्न भएका, ५० सम्पन्न नभई कार्य जारी रहेको र ५ निकायका १२ माइलस्टोनको कार्य शुरु नै नभएको देखिन्छ। कार्ययोजना बनाई तोकिएका माइलस्टोनको कार्य निर्धारित समयावधिभित्र सम्पन्न गर्नुपर्दछ।

८. **नीति तथा बजेट कार्यान्वयन -** गत वर्षको वार्षिक नीति तथा कार्यक्रममा २४ जिल्लामा साक्षरता कार्यक्रम सञ्चालन गरी अभियानकै रूपमा साक्षर नेपाल घोषणा गर्ने उल्लेख भएको थियो। साक्षरता

अभियान कार्यक्रम २०६५।६६ देखि शुरु भई २०७८।७९ सम्म करिब रू.९ अर्ब रकम खर्च भएको छ। गत वर्ष थप ७ समेत ६१ जिल्ला पूर्ण साक्षरतायुक्त घोषणा गरेकोमा १६ जिल्ला बाँकी रहेको छ। बजेट वक्तव्य २०७८।७९ मा जोखिममा परेका, अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका बालबालिकाका लागि ताप्लेजुङ, रसुवा, मुस्ताङ, मुगु, दार्चुलालगायतका १३ हिमाली जिल्लामा माध्यमिक तहका आवासीय विद्यालय सञ्चालन गर्न रू.१ करोड ११ लाख बजेट विनियोजन भएकोमा रू.१ लाख ४० हजार मात्र खर्च भएको छ। दुई वर्षभित्र योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालनमा ल्याउने गरी पूर्वाधार निर्माणको कार्य प्रारम्भ गर्ने घोषणाको कार्यान्वयन भएको छैन। मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय सञ्चालनमा ल्याई आगामी वर्ष पूर्वाधार निर्माण प्रारम्भ गरिने कार्यक्रम रहेकोमा गठन आदेशको म्याद समाप्त भई सो सम्बन्धी कार्यालय खारेज भएको छ। कक्षा १ देखि ९ सम्मका छानिएका विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमका लागि रू.३८ करोड ३० लाख विनियोजन भएकोमा रू.१७ करोड ९६ लाख मात्र खर्च भएको छ। बजेटले निर्दिष्ट गरे अनुरूपका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **दिगो विकास लक्ष्य -** सन् २०१६ देखि २०३० सम्मको लागि संयुक्त राष्ट्रसंघबाट निर्धारित दिगो विकासका लक्ष्यमध्ये समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइको अवसरहरू प्रवर्द्धन गर्ने उल्लेख छ। त्यसका लागि प्राथमिक शिक्षा खुद भर्ना दर, प्राथमिक शिक्षामा कक्षा पूरा गर्ने दर, शिक्षकका तुलनामा महिला शिक्षकको अनुपात, इन्टरनेट जडान भएका विद्यालय प्रतिशत, प्रारम्भिक बाल शिक्षामा कुल भर्ना दर, उच्च शिक्षामा कुल भर्ना अनुपात, प्राविधिक तथा व्यावसायिक तालिम लिएको जनसंख्या प्रतिशत, लैङ्गिक समता सूचकाङ्क, गणितीय सीप तथा साक्षरता दर, लैङ्गिक विकास तथा मानव पुँजी सूचकाङ्क, पानी तथा सरसफाइको सुविधा भएका आधारभूत विद्यालय तथा अपाङ्गमैत्री विद्यालय संख्या र तालिम प्राप्त योग्य शिक्षकहरूको आपूर्ति उल्लेखनीय रूपमा वृद्धि गर्ने लगायतका ४७ सूचकमा आधाररेखा र सूचकाङ्क निर्धारण गरेको छ। मन्त्रालयबाट सन् २०२२ को दिगो विकासका सूचकहरूको उपलब्धिको विवरण तयार नगरेकोले सो सम्बन्धी प्रगतिको विश्लेषण गर्न सकिएन। दिगो विकास लक्ष्य हासिल हुने गरी तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१०. **शिक्षा क्षेत्रको समग्र कार्यक्रम -** यो वर्ष शिक्षा क्षेत्रमा रू.१ खर्ब ७७ अर्ब १८ करोड बजेट खर्च भए तापनि वैकल्पिक शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, प्राविधिक तथा व्यावसायिक व्यावहारिक शिक्षा, अनौपचारिक शिक्षा, शैक्षिक सुशासन, दृष्टिविहीन बालबालिकालाई ब्रेल लिपिको पाठ्यपुस्तक लगायत आधुनिक प्रविधिको सहायता, नयाँ तथा स्थापित विश्वविद्यालय पूर्वाधार निर्माण, बाल विकास क्षमता अभिवृद्धि, आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना, भर्ना भएकालाई अध्ययन निरन्तरता, निःशुल्क माध्यमिक शिक्षा जस्ता आधारभूत सूचकहरूको प्रगति सन्तोषजनक हुनसकेको छैन। बजारको माग र रोजगारीबीच तालमेल नभएको, शिक्षित बेरोजगार बढ्दै गएको, उच्च शिक्षा प्रतिस्पर्धी र अनुसन्धानमूलक नभएको, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा नभएको, शिक्षाको प्रक्रिया सिकाइभन्दा परीक्षामुखी भएको, शिक्षकको पेशागत सक्षमता र उत्प्रेरणा वृद्धि हुन नसकेको, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना नभएकोले निजी क्षेत्रले बढी प्राथमिकता प्राप्त गरेको तथा निजी क्षेत्रमा शैक्षिक संस्था अधिक नाफामुखी भएका कारण शैक्षिक क्षेत्रमा सुशासन प्रवर्द्धन हुनसकेको छैन। सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि र शैक्षिक क्षेत्र सुधारका लागि सरोकारवाला सबैको पेशागत जवाफदेहिता सुनिश्चित

गर्दै शिक्षा र रोजगार एक आपसमा पूरक हुने व्यवस्था मिलाउनुपर्ने व्यहोरा गत वर्षसमेत उल्लेख गरेकोमा स्थिति यथावत् छ।

११. **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** यो वर्ष १ हजार ३१० सामुदायिक विद्यालयमा दुई कोठे भवन, १ हजार ६२ सामुदायिक विद्यालयमा ४ कोठे भवन निर्माण, २ हजार १८१ सामुदायिक विद्यालयमा पुस्तकालय/आईटी ल्याब व्यवस्थापन र १४० विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन अनुदान दिने उद्देश्यले रू.९ अर्ब ६७ करोड ४१ लाख बजेट विनियोजन भएकोमा विभिन्न विद्यालयलाई रू.९ अर्ब ६६ करोड ४७ लाख ४६ हजार वित्तीय हस्तान्तरण गरेको देखिन्छ। समयमा नै बजेट निकासा गरी प्रगति र खर्चको प्रतिवेदन प्रगति स्थिति मापन गरी कार्यक्रम सम्पन्न गरेको यकिन गर्नुपर्दछ।

१२. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। त्यसैगरी सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराईमा ५०, पहाडमा ४५ र हिमाली क्षेत्रमा ४० हुनुपर्ने उल्लेख छ। संस्थागत विद्यालयको प्रत्येक कक्षामा न्यूनतम २२, अधिकतम ४४ र औसत ३३ विद्यार्थी हुनुपर्ने उल्लेख छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदन अनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

देश	विद्यालय-विद्यार्थी अनुपात				शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी प्रदेश	८२	८४	८८	१५८	१९	२७	२१	६७
मधेस प्रदेश	१९५	१७५	१६९	१७२	४९	६७	४४	८५
बागमती प्रदेश	९२	८८	७६	१६६	१८	२४	१४	५०
गण्डकी प्रदेश	६३	७६	७३	११७	१३	२१	१५	३९
लुम्बिनी प्रदेश	११८	११४	१११	१७६	२४	३३	२४	७३
कर्णाली प्रदेश	८८	१०७	११८	१६७	२६	३५	३३	७५
सुदुरपश्चिम प्रदेश	९६	१०३	१११	१६२	२४	३१	२७	५६
औसतमा कुल	**१०४**	**१०३**	**९९**	**१६०**	**२१**	**३१**	**२२**	**५७**

प्रतिवेदनअनुसार विद्यालय-विद्यार्थी अनुपात आधारभूत तहको कक्षा १-५ मा १०४, कक्षा ६-८ मा १०३, माध्यमिक तहको कक्षा ९-१० मा ९९ र कक्षा ११-१२ मा १६० रहेको छ। त्यसैगरी शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा २१, कक्षा ६-८ मा ३१, माध्यमिक तहको कक्षा ९-१० मा २२ र कक्षा ११-१२ मा ५७ जना रहेको छ। त्यस्तो अनुपात सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ। शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै प्रदेशमा विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ।

१३. **परीक्षा नतिजा -** कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) शैक्षिक सत्र, २०७६ मा कोरोना महामारीका कारण परम्परागत तरिकाले भौतिक रूपमा परीक्षा सञ्चालन गर्न नसकी नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।२।२८ को निर्णयअनुसार विद्यालयहरूले मूल्याङ्कन गरेको प्राप्ताङ्कका आधारमा नतिजा प्रकाशन गरेको थियो । गत वर्षसमेत सोही निर्णयकै आधारमा परीक्षामा सहभागी कुल विद्यार्थी ४ लाख ८४ हजार २७८ मध्ये ९ हजार १३२ जना विद्यार्थीको नतिजा रोकिएको थियो । बाँकी विद्यार्थी ४ लाख ७५ हजार १४६ मध्ये १५.३४ प्रतिशतले ३.६ देखि

४ जी.पी.ए. सम्म प्राप्त गरेका थिए। यो वर्ष भौतिक रूपमा परीक्षा सञ्चालन गर्दा ४ लाख ९५ हजार ७५१ सहभागी भएको मध्ये २२ हजार ६४० जना विद्यार्थीको नतिजा रोकिएको देखियो । बाँकी विद्यार्थी ४ लाख ७३ हजार १११ मध्ये २.०४ प्रतिशतले मात्र ३.६ देखि ४ जी.पी.ए. सम्म प्राप्त गरेको देखिन्छ । शैक्षिक वर्ष २०७७ तथा २०७८ को नतिजाको तुलनात्मक अवस्था निम्नानुसारको रहेको छः

क्र.सं.	जी.पी.ए.	२०७७ को नतिजा	२०७८ को नतिजा	कुलको तुलनामा २०७७ को जी.पी.ए.प्रतिशत	कुलको तुलनामा २०७८ को जी.पी.ए.प्रतिशत
१	०.८ देखि १.१९ सम्म	३	३२८०	०.०००६	०.६९
२	१.२ देखि १.५९ सम्म	१३	४४५८६	०.००२७	९.४२
३	१.६ देखि १.९९ सम्म	६२०	१००५९४	०.१३०५	२१.२६
४	२ देखि २.३९ सम्म	१९३८३	११२७३३	४.०७९४	२३.८३
५	२.४ देखि २.७९ सम्म	११३०१७	९०७५८	२३.७८५७	१९.१८
६	२.८ देखि ३.१९ सम्म	१५९६४८	६९९००	३३.५९९८	१४.७८
७	३.२ देखि ३.५९ सम्म	१०९५९०	४१६२७	२३.०६४५	८.८०
८	३.६ देखि ४ सम्म	७२८७२	९६३३	१५.३३६८	२.०४
जी.पी.ए. प्राप्त जम्मा संख्या		**४७५१४६**	**४७३१११**	**१००.००**	**१००.००**

एस.ई.ई. परीक्षाको नतिजामा २०७७ को तुलनामा २०७८ को नतिजा न्यून जी.पी.ए. प्राप्त गर्नेको संख्या बढेको तथा ३.६ देखि ४ सम्मको उच्च जी.पी.ए. प्राप्त गर्नेको संख्या घटेको देखियो । सबैभन्दा न्यून जी.पी.ए. ०.८ देखि १.१९ सम्म प्राप्त गर्ने संख्या उच्च रहेको तथा ३.६ देखि ४ जी.पी.ए. सम्म प्राप्त गर्नेको संख्या ८६.७८ प्रतिशतले घटेको देखिएको छ । परीक्षा सञ्चालन विधि विश्वसनीय बनाई गुणस्तरीय नतिजा हासिल हुने व्यवस्था हुनुपर्दछ ।

१४. **निःशुल्क शिक्षा** - शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २० मा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था छ। माध्यमिक तह अन्तर्गत राष्ट्रिय परीक्षा बोर्डले रजिष्ट्रेसन, परीक्षा, प्रमाणपत्र लगायतका शीर्षकमा यो वर्ष पनि शुल्क सङ्कलन गरेको छ। ऐनविपरीत शुल्क असुल गर्ने कार्यमा नियन्त्रण गरी निःशुल्क शिक्षा उपलब्ध गराउने कानूनी व्यवस्थाको पालना हुनुपर्दछ।

१५. **उच्च शिक्षा** - मन्त्रालयबाट विश्वविद्यालयसम्बन्धी नीति, कानूनको निर्माण, मापदण्ड निर्धारण, अनुगमन लगायतका कार्यसम्पादन हुने गरेको छ। नेपालमा ११ विश्वविद्यालय मातहत १ हजार ४४० क्याम्पसमा सेवा करारका समेत १० हजार ८१० प्राज्ञिक जनशक्ति रहेको छ। सञ्चालित विश्वविद्यालयमा अध्ययनरत कुल ५ लाख ५७ हजार विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा ७५.४५ प्रतिशत, अन्य १० विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २४.५५ प्रतिशत रहेका छन्। विश्वविद्यालयमा अध्ययन गर्नेमध्ये साधारण विषय अध्ययन गर्ने ७७.८३ र प्राविधिक विषय अध्ययन गर्ने २२.१७ प्रतिशत रहेका छन्। साधारण धारतर्फ ४२ प्रतिशत, व्यवस्थापनतर्फ, १९ प्रतिशत शिक्षातर्फ, १३ प्रतिशत, मानविकी तथा अन्य सङ्कायतर्फ २६ प्रतिशत रहेका छन्। प्राविधिक धारमा विद्यार्थीको प्राथमिकता रहे तापनि विज्ञानमा ८, इञ्जिनियरिङ्गमा ६.३८ र मेडिकलमा ५.९८ प्रतिशत भर्ना भएका छन्। विद्यार्थीको आर्थिक क्षमतालगायतका कारणले अपेक्षाअनुरूपको अवसर उपभोग गर्न

नसकेको अवस्था छ। मन्त्रालयले जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तयार नगरेको तथा सीपमूलक शैक्षिक कार्यक्रमको न्यूनताले गर्दा शैक्षिक बेरोजगारको संख्यामा वर्षेनी बढोत्तरी भई शिक्षातर्फको लगानीले उचित प्रतिफल दिनसकेको छैन। विश्वविद्यालयहरूबाट विश्व बजारको माग र नव प्रविधिमा आधारित बायोमेट्रिक्स, बायो इन्फर्मेसन, कम्प्युटेसनल केमेष्ट्री, मेसिन लर्निङ्ग, एक्चुरियल साइन्स, आर्टिफिसियल इन्टेलिजेन्सजस्ता विषय अध्यापन हुन सकेको छैन। सीपयुक्त जनशक्ति उत्पादन गर्न कार्यक्रम सञ्चालनको दायरा बढाउनुपर्ने व्यहोरा गत वर्ष समेत उल्लेख गरिएकोमा यसतर्फ सुधार भएको देखिएन।

१६. **अध्ययन अनुसन्धान** - विश्वविद्यालयको कार्यक्षेत्रमा अर्थ व्यवस्था, उत्पादन, रोजगार, आय आर्जन, सामाजिक विकास, प्रविधि विकासलगायतका विषयमा विशेष अध्ययन, अनुसन्धान गरी नयाँ ज्ञान, प्रविधि र सीपको विकास गर्नु रहेको छ। सञ्चालनमा रहेका ११ विश्वविद्यालयमा मौलिक ज्ञान र प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गरी राष्ट्रको उन्नति तथा सम्वृद्धिमा सहयोग पुग्ने गरी नयाँ पाठ्यक्रम तथा व्यावहारिक अभ्यासले प्राथमिकता पाएको छैन। नवीनतम अनुसन्धान पद्धतिलाई अवलम्वन नगरी परम्परागत शोधपत्रमा आधारित अध्ययन अनुसन्धान भएको देखिन्छ। प्राज्ञिक विषयमा गुणस्तरीय प्रशिक्षण र सोही विषयवस्तुको क्षेत्रमा गहन अध्ययन अनुसन्धानमार्फत् विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्रको रूपमा विकास गर्ने गरी कार्यक्रमहरू तर्जुमा गर्नुपर्दछ।

१७. **पुस्तकालय व्यवस्थापन** - मन्त्रालयले यो वर्ष उपत्यकाका २ पुस्तकालयलाई रू.१ करोड ५० लाख अनुदान उपलब्ध गराएको छ। नेपालमा सरकारी तथा निजी क्षेत्रमा राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय लगायतका पुस्तकालय सञ्चालित छन्। त्यस्तै मदन पुरस्कार पुस्तकालय, रत्न पुस्तकालय तथा विभिन्न क्याम्पस, विद्यालय एवं सामुदायिक रूपमा करिब १ हजार ५०० पुस्तकालय रहेका छन्। पुस्तकालयको व्यवस्थित सञ्चालनको लागि गुरुयोजना तर्जुमा गरी अभिलेख व्यवस्थापन र डिजिटलाइजेसनको काम हुनसकेको छैन। भौतिक रूपमा उपस्थित भई अध्ययन गर्नुपर्ने विद्यमान अवस्थालाई डिजिटल पुस्तकालय (ई-लाइब्रेरी) को रूपमा रुपान्तरण गर्दै विश्वभर रहेका अन्य पुस्तकालयसँग आवद्ध गर्न हालका पुस्तकालयको संस्थागत संरचनामा पुनरावलोकन गरी विद्यालय, विश्वविद्यालयको पठनपाठन विधिसमेत सुधार गर्नुपर्दछ।

१८. **सम्बन्धन धरौटी** - विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा सञ्चालन अनुमति प्राप्त गर्न सञ्चालन भएका कार्यक्रमका लागि स्वीकृति प्राप्त (क) वर्गको वाणिज्य बैङ्कको खातामा शिक्षण संस्थाकै नाममा धरौटी रकम दाखिला गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम ८७ शिक्षण संस्थाको बैङ्क खातामा रू.२९ करोड ८५ लाख धरौटी रहेको छ। करारको शर्तनामा तथा २०७८।८।२८ को मन्त्रीस्तरीय निर्णयबमोजिम कार्य नगरेमा राजस्व खातामा सहज तवरले दाखिला गर्न उक्त धरौटी रकम नेपाल सरकारकै धरौटी खातामा राख्नुपर्ने व्यहोरा औंल्याएपछि ६२ संस्थाको रू.२४ करोड ३२ लाख ६२ हजार नेपाल सरकारको खातामा दाखिला भएको र २५ शैक्षिक संस्थाको रू.५ करोड ५२ लाख ३८ हजार शिक्षण संस्थाकै खातामा रहेको देखिएको छ। उक्त धरौटी रकम नेपाल सरकारको धरौटी खातामा दाखिला गर्नुपर्दछ।

१९. **छात्रवृत्ति** - सरकारलाई विभिन्न विश्वविद्यालय एवं मित्रराष्ट्रहरूबाट प्राप्त हुने छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूले अध्ययन अवधि समाप्त गरेपछि निश्चित समय सेवा गर्नेगरी कबुलियतनामा

गराउने व्यवस्था भए तापनि चिकित्सा शिक्षा बाहेक अन्यमा सोअनुसार कबुलियत गराउने र शिक्षा पूरा गरेपछि सेवा गराउने व्यवस्था मिलाएको छैन। मित्रराष्ट्रहरूबाट प्राप्त छात्रवृत्तिमा अध्ययन गरिसकेपछि स्वदेश फर्के नफर्केको अभिलेख राख्ने तथा सेवा गराउने दुवै कार्य भएको छैन। संघीय सरकारदेखि स्थानीय तहसम्म प्राविधिक जनशक्तिको रिक्ततासले सेवा प्रवाहमा असर परे तापनि छात्रवृत्तिमा अध्ययन गरेका जनशक्तिलाई निश्चित अवधिको लागि सरकारले परिचालन गर्नसकेको छैन। जनशक्तिलाई व्यावहारिक ज्ञान र सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउन छात्रवृत्तिको अवसर प्राप्त गरेका विद्यार्थीलाई परिचालन गर्ने नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०. **नवीकरण** - शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७३ मा भएको व्यवस्थाबमोजिम १ हजार ४७३ शैक्षिक परामर्श सेवाप्रदायक दर्ता भएकोमा संघ र प्रदेशको क्षेत्राधिकार स्पष्ट नभएकोले २०७५।४।१४ को सचिवस्तरीय निर्णयबाट नवीकरण र नयाँ दर्ता स्थगित भएको छ। लुम्बिनी प्रदेशले २०७६।४।६ र बागमती प्रदेशले २०७९।५।९ मा निर्देशिका जारी गरेको एवं आर्थिक ऐनमा दस्तुर तोकेकोमा ती संस्थाहरूको नवीकरण बापत अर्थ मन्त्रालयको पत्रानुसार प्रति संस्था रू.३ हजारका दरले १ हजार ४७३ संस्थाको प्रति वर्ष रू.४४ लाख १९ हजारले ५ वर्षको हुने रू.२ करोड २० लाख ९५ हजार प्राप्त हुनसकेको छैन। क्षेत्राधिकार स्पष्ट गरी त्यस्ता संस्था नवीकरण तथा नियमनको व्यवस्था गर्नुपर्दछ।

२१. **छात्रा शिक्षा कोष** - छात्रा शिक्षा कोष कार्यान्वयन कार्यविधि, २०६२ मा सामुदायिक विद्यालयका कक्षा ११/१२ र विश्वविद्यालय तहमा अध्ययन गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ। कोषमा रहेको रकम खर्च नभई यो वर्षसम्म रू.४६ करोड ८६ लाख ६९ हजार मौज्दात रहेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्न विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ। उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ।

२२. **एकीकृत सेवा आयोग** - विश्वविद्यालय र अन्तर्गतका आङ्गिक क्याम्पसहरूमा शिक्षक तथा कर्मचारी नियुक्तिको लागि प्रत्येक विश्वविद्यालयमा सेवा आयोग वा छनोट समिति रहेको छ। विश्वविद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि अध्यापन गराउने शिक्षक छनोट प्रक्रिया योग्यतामा आधारित हुनुपर्दछ। विश्वविद्यालयहरूको सेवा आयोगले समयमै विज्ञापन गरी नियमित रूपमा पदपूर्ति गर्न नसकेको एवं पदपूर्तिको क्रममा विवादसमेत आउने गरेको सन्दर्भमा सबै विश्वविद्यालय र स्वास्थ्य प्रतिष्ठानमा शिक्षक तथा कर्मचारी पदपूर्तिको लागि एकीकृत सेवा आयोगको व्यवस्था गरी पदपूर्ति गर्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।

विद्यालय शिक्षातर्फ विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू शिक्षक सेवा आयोगबाट सञ्चालन हुने शिक्षक अनुमतिपत्र परीक्षामा उत्तीर्ण हुनुपर्ने व्यवस्था छ। विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्यापन गर्ने शिक्षकहरूको लागि योग्यता परीक्षामा छनोट हुनुपर्ने व्यवस्था नभएका कारण समग्र विश्वविद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरमा पर्ने असर मूल्याङ्कन भएको छैन। राष्ट्रिय योग्यता परीक्षा वा यस्तै प्रकारका अन्य योग्यता परीक्षाको व्यवस्था गरी सो परीक्षामा उत्तीर्ण उम्मेदवार मात्र विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्यापन गराउनको लागि योग्य हुने व्यवस्था गर्नुपर्दछ। उक्त व्यहोरा गत वर्षसमेत उल्लेख गरिएकोमा स्थिति यथावत् छ।

२३. **मनसायपत्र -** निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय सम्बन्धमा बनेको आधारभूत नीति २०६३ मा चिकित्सा, विज्ञान, इन्जिनियरिङ, कृषि तथा वन, सूचना प्रविधि, लेखा तथा व्यवस्थापन र मन्त्रालयले तोकेको अन्य विषयमा अनुसूचीमा उल्लिखित मापदण्ड, प्रक्रिया, आधार र शर्तमा स्नातक तह वा सोभन्दा माथिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट पूर्वाधार चरणमा नै मनसायपत्र लिनुपर्ने व्यवस्था छ। मनसायपत्रका लागि २०७३।७४ मा ८६ नयाँ दर्तासहित १३७ निवेदन परेकोमा मन्त्रालयले ६७ निवेदकलाई मनसायपत्र दिएको र ७० निवेदनउपर कुनै कारबाही गरेको देखिएन। उक्त नीतिको बुँदा ८ (ग) मा मनसायपत्रको अवधिभित्र पुनः अवधि थप गर्नको लागि निवेदन नदिएमा मनसायपत्र रद्द हुने व्यवस्था रहेकोमा उल्लिखित ६७ संस्थाको मनसायपत्र नवीकरणसम्बन्धी विवरण पेस भएन। मनासायपत्रानुसार गरेको प्रगति तथा कार्यान्वयनको अवस्थाको अनुगमन तथा नियमन गर्नुपर्दछ।

२४. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा २(फ) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, बजेट तयारी, खर्च गर्ने अधिकार सुम्पने र लेखा राख्न लगाई अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। विश्वविद्यालय अनुदान आयोगबाट काठमाडौं विश्वविद्यालयलाई यस वर्ष रू.२८ करोड २० लाख ८० हजार अनुदान दिएकोमा सो रकमको खर्च विवरण, प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता हुनुपर्दछ।

२५. **गैरसरकारी संस्थालाई अनुदान -** कुनै राजनीतिक दल, विचारधारा तथा धार्मिक आस्थालाई प्रचार प्रसार गर्ने उद्देश्यले सञ्चालित संस्थालाई अनुदान दिन मिल्ने देखिँदैन। मन्त्रालयको कार्य क्षेत्रसँग सम्बन्धित हुने र शिक्षा विज्ञान तथा प्रविधिको विकासमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गरिने क्रियाकलापको लागि मात्र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) को प्रक्रिया पुऱ्याइ अनुदान दिनुपर्नेमा सोबमोजिम नगरी एक गैंरसरकारी संस्थालाई नियमित कार्यक्रम सञ्चालन र अक्षयकोष स्थापनाको प्रयोजनका लागि रू.३० लाख अनुदान दिएको छ। स्पष्ट आधार वेगर अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२६. **सशर्त अनुदान -** सशर्त अनुदानको रकम तोकिएबमोजिमका कार्यक्रममा खर्च हुनुपर्दछ। मन्त्रालयले काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयलाई रू.५० लाख र मदन पुरस्कार पुस्तकालयलाई रू.१ करोडसमेत रू.१ करोड ५० लाख खर्चका क्षेत्र नतोकी सचिवस्तरीय निर्णय बमोजिम अनुदान उपलब्ध गराएको छ। मन्त्रालयले उपलब्ध गराएको अनुदानको प्रगति प्रतिवेदन प्राप्त गरी अनुगमन गर्नुपर्दछ।

२७. **लेखापरीक्षण नगराएको -** लेखापरीक्षण ऐन २०७५ को दफा ३(१) मा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। त्रिभुवन विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय केन्द्रीय कार्यालयले २०७८।७९ को आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराएका छैनन्।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

मन्त्रीपरिषद्को २०७५।२।६ को निर्णयानुसार साविकको शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भएको हो। केन्द्रको मुख्य कार्य विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकास, विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने लगायत रहेको छ।

२८. **न्यून प्रगति -** केन्द्रको लागि यो वर्ष ४ कार्यक्रम सञ्चालन गर्न रू.५५ करोड ३२ लाख ६ हजार बजेट व्यवस्थापन भएकोमध्ये रू.२९ करोड ८ लाख खर्च गरेको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमका ११० क्रियाकलापमध्ये भवन निर्माण, स्थानीय तह प्रशिक्षण, सफ्टवेयर र सर्भर अद्यावधिकलगायत २२ क्रियाकलाप र सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमका ११ क्रियाकलापमध्ये स्थानीय तहका अधिकृतहरूको तालिम, शिक्षा समूहको योजना विकास, विपद व्यस्थापन तालिम लगायत ५ क्रियाकलाप सञ्चालन गरेको छैन। तोकिएको लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन हुनुपर्छ।

२९. **विद्यालय र विद्यार्थी संख्या -** यो वर्षको तथ्याङ्कअनुसार पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहका ७२ हजार ८९५ विद्यालयमा ८१ लाख ६ हजार ३२९ विद्यार्थी अध्यनरत छन्। ती विद्यालयमा कार्यरत शिक्षकको संख्या ४ लाख १५ हजार २०६ रहेको छ। तहगत रूपमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र विद्यालयको अनुपात देहायअनुसार छ:

विवरण	विद्यालयको प्रकार	बाल विकास/पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (कक्षा १-८)	माध्यमिक विद्यालय (कक्षा ९-१२)	कुल जम्मा
विद्यालय संख्या	सामुदायिक	३०४५०	२०७१२	७१७८	५८३४०
	संस्थागत	६०४८	२८१९	४१०७	१२९७४
	धार्मिक	४२८	१०९७	५६	१५८१
	जम्मा	**३६९२६**	**२४६२८**	**११३४१**	**७२८९५**
	सामुदायिकको प्रतिशत	८२.४६	८४.१	६३.२९	८०.०३
	संस्थागतको प्रतिशत	१६.३८	११.४५	३६.२१	१७.८
	धार्मिकको प्रतिशत	१.१६	४.४५	०.४९	२.१७
विद्यार्थी संख्या	सामुदायिक	६१२५१८	३७६१६६२	१३७६११२	५७५०२९२
	संस्थागत	३८३०५३	१४४६५४३	३९१३१६	२२२०९१२
	धार्मिक	१४६२४	११७७७५	२७२६	१३५१२५
	जम्मा	**१०१०१९५**	**५३२५९८०**	**१७७०१५४**	**८१०६३२९**
	सामुदायिकको प्रतिशत	६०.६३	७०.६२	७७.७३	७०.९४
	संस्थागतको प्रतिशत	३७.९१	२७.१६	२२.००	२७.३९
	धार्मिकको प्रतिशत	१.४४	२.२१	०.१५	१.६७
शिक्षक संख्या	सामुदायिक(कुल शिक्षक संख्या)	२९१४१	२६३७७७	३२६५३	३२५५७१
	संस्थागत	१६८०४	४४०२०	२५५१६	८६३४०
	धार्मिक	०	३०२८	२६७	३२९५
	जम्मा	**४५९४५**	**३१०८२५**	**५८४३६**	**४१५२०६**

विवरण	विद्यालयको प्रकार	बाल विकास/पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (कक्षा १-८)	माध्यमिक विद्यालय (कक्षा ९-१२)	कुल जम्मा
	सामुदायिकको प्रतिशत	६३.४३	८४.८६	५५.८८	७८.४१
	संस्थागतको प्रतिशत	३६.५७	१४.१६	४३.६६	२०.७९
	धार्मिक प्रतिशत	-	१	-	१
प्रति विद्यालय विद्यार्थीको अनुपात	सामुदायिक	२१	१८२	१९२	९९
	संस्थागत	६३	५१३	९५	१७१
	धार्मिक	३४	१०७	४९	८५

उल्लिखित तालिकाअनुसार विद्यालय, विद्यार्थी र शिक्षकको कुल संख्यामध्ये सामुदायिकतर्फ विद्यालयको हिस्सा ८०.०३ प्रतिशत, विद्यार्थीको हिस्सा ७०.९४ प्रतिशत र शिक्षकको हिस्सा ७८.४१ प्रतिशत तथा संस्थागततर्फ विद्यालय १७.८ प्रतिशत, विद्यार्थी २७.३९ प्रतिशत र शिक्षक २०.७९ प्रतिशत रहेको छ। उक्त तथ्याङ्कअनुसार पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म प्रति विद्यालयमा विद्यार्थी संख्या सामुदायिकमा १०१, संस्थागतमा १७१ र धार्मिकमा ८५ रहेको छ। सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने तथा संस्थागत तथा सामुदायिक विद्यालयबीच शैक्षिक कार्यमा सह-सम्बन्ध कायम गरी शैक्षिक गुणस्तरमा सामञ्जस्यता ल्याउन स्पष्ट नीति ल्याई कार्यान्वयन गर्नुपर्दछ।

३०. **विद्यार्थी भर्ना -** नेपाल सरकारले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायत कार्यक्रममा वर्षेनी खर्च बढाउँदै लगेको छ। प्राप्त विवरणअनुसार विगत ५ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(संख्या हजारमा)

वर्ष	कक्षा १—५ को विद्यार्थीको संख्या		कक्षा ६—८ को विद्यार्थीको संख्या		आधारभूत विद्यालयको जम्मा विद्यार्थी संख्या			सामुदायिकको प्रतिशत	संस्थागतको प्रतिशत
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	जम्मा		
२०७४	३३१२	६५८	१५४५	३२२	४८५७	९८०	५८३७	८३.२	१६.८
२०७५	२७९३	९३७	१३९४	४३१	४१८७	१३६८	५५५५	७५.४	२४.६
२०७६	२४७९	१०५५	१३१५	४५७	३७९४	१५१२	५३०६	७१.५	२८.५
२०७७	२६८८	८३४	१३८१	४३५	४०६९	१२६९	५३३८	७६.२	२३.८
२०७८	२५६३	९८५	१३१६	४६१	३८७९	१४४६	५३२५	७२.८	२७.२

उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) कुल विद्यार्थी भर्ना संख्या वर्षेनी घट्दै गएको र २०७८ मा भर्ना भएका विद्यार्थीमध्ये २७.२० प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन्। शैक्षिक वर्ष २०७४ को तुलनामा २०७८ मा कुल विद्यार्थी संख्या ८.७७ प्रतिशतले घटेकोमध्ये सामुदायिक विद्यालयमा २०.१४ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा ४७.५५ प्रतिशतले बढेको देखिन्छ। सबै बालबालिका विद्यालयमा अनिवार्य भर्ना र

निःशुल्क शिक्षाको लागि शिक्षा क्षेत्रमा सरकारी खर्च वृद्धि भइरहेको अवस्थामा सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको देखिन्छ। सबैलाई अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको कार्यक्रम सफल बनाउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनुपर्दछ।

३१. **शुल्क अनुगमन -** शिक्षा नियमावली, २०५९ को (१५०क) मा संस्थागत विद्यालयहरूले विद्यार्थीबाट लिने शुल्क सम्बन्धमा महानिर्देशकको संयोजकत्वमा गठित शुल्क व्यवस्थापन तथा अनुगमन केन्द्रीय समितिबाट अनुगमन गर्ने व्यवस्था छ। उक्त केन्द्रीय अनुगमन समितिले यो वर्ष संस्थागत विद्यालयको शुल्क निर्धारण सम्बन्धमा अनुगमन गरेको अभिलेख देखिएन। मन्त्रालयले गठन गरेको संस्थागत विद्यालय शुल्क अनुगमन कार्यदलले उपत्यकाका १८ संस्थागत विद्यालयले लिने गरेका शुल्कको अनुगमन गरी २०७५।३।१९ मा प्रतिवेदन पेस गरेको देखिन्छ। उक्त प्रतिवेदनमा शुल्कसम्बन्धी सुझाउहरू र मापदण्ड पूरा नगरेका विद्यालयहरूलाई कारबाही गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा ४ वर्षसम्म पनि प्रतिवेदन कार्यान्वयन भएको देखिएन। संस्थागत विद्यालयको शुल्क निर्धारण सम्बन्धमा नियमित अनुगमन गरी कानूनविपरीत शुल्क लिने विद्यालयलाई स्थानीय तहमार्फत् कारबाही गर्नुपर्दछ।

३२. **संगठन संरचना -** संवैधानिक व्यवस्थाअनुसार आधारभूत र माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय तहको अधिकार सूची अन्तर्गत रहेको छ। सो अनुसार विद्यालयका शिक्षकको तालिम प्रदेश सरकारबाट र अनुगमनलगायतका कार्य स्थानीय तहबाट भइरहेका छन्। मन्त्रालयअन्तर्गत ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइमध्ये ६ जिल्लामा ९, ३५ जिल्लामा ८, २८ जिल्लामा ६ र ८ जिल्लामा ५ कर्मचारीको दरबन्दी स्वीकृत भएको छ। विद्यालयतहको अनुगमन मूल्याङ्कन लगायतका कार्य गर्न स्थानीय तहमा छुट्टै एकाइ रहेको परिप्रेक्षमा ती एकाइहरूको निरन्तरता सम्बन्धमा पुनरावलोकन हुनुपर्ने देखिएको छ। हालको सांगठनिक अवस्था तथा संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभावमा संघीय सरकारलाई आवश्यक पर्ने शिक्षासम्बन्धी सूचना, तथ्याङ्क र बजेट लगायतका विषयमा स्थानीय तहबाट जानकारी प्राप्त गर्ने कार्यमा सहजता आएको छैन। संघीयता कार्यान्वयनमा आइसकेको भए तापनि संघीय सरकारको प्रत्यक्ष समन्वयकारी निकाय, अन्तर स्थानीय निकाय समन्वय, संघीय सरकारको विशिष्टीकृत सेवा उपलब्ध गराउने कार्यमा रहेको अन्यौलता हटाउनुपर्दछ। यो व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत समावेश भएकोमा स्थिति यथावत् छ।

३३. **नमूना विद्यालय -** नमूना विद्यालय विकास एवं कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ अनुसार विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबारा तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाई लगायतका कार्य गर्न छनोटमा परेका विद्यालयहरू नमूना विद्यालय घोषणा भई कार्यान्वयनमा रहेको छ। देशभर २७ हजार ८१२ सामुदायिक विद्यालयमध्ये ४२२ विद्यालयलाई नमूना विद्यालय कार्यक्रम सञ्चालनको लागि स्थानीय तहमार्फत् यस वर्ष उपलब्ध गराएको रू.५ अर्ब १७ करोड १४ लाखसमेत यो वर्षसम्म रू.१३ अर्ब ६९ करोड ५० लाख उपलब्ध गराएको छ। उल्लिखित

सुविधाहरू सबै विद्यालयमा आवश्यक पर्नेमा ४२२ अर्थात् १.५१ प्रतिशत विद्यालयमात्र छनोटमा परेकोले न्यून विद्यालय समेटेको छ। सबै सामुदायिक विद्यालयहरूको स्तरोन्नतिका लागि कार्ययोजना तयार गर्नुका साथै तोकिएबमोजिम भौतिक पूर्वाधारको निर्माण गरी शिक्षण सिकाइमा अपेक्षित सुधार हुने गरी नमूना विद्यालय कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

३४. **प्राविधिक धार** - सामुदायिक विद्यालयहरूले इन्जिनियरिङका ३ र कृषि र भेटेरिनरी २ समेत ५ प्राविधिक धार सञ्चालन गरेका छन्। यो वर्षसम्म ५०६ सामुदायिक विद्यालयलाई प्राविधिक धार सञ्चालन गर्न अनुमति दिएको छ। यो वर्ष नेपाल सरकारले ४८३ सामुदायिक विद्यालयलाई रू.१० अर्ब २५ करोड ७० लाख अनुदान निकासा गरेको छ। यस्ता विद्यालय सञ्चालनमा प्रयोगशाला, दक्ष जनशक्ति एवं अन्य पूर्वाधारको अभाव र ग्रामिण क्षेत्रमा सबैको पहुँचमा प्राविधिक शिक्षा नपुगेको अवस्था छ। स्थानीयस्तरमा नै दक्ष जनशक्ति उत्पादन तथा परिचालन गर्न विशेष तथा लक्षित वर्गको पहुँचमा पुग्ने गरी प्राविधिक शिक्षालाई शिक्षाको मूलधारको रूपमा विकास गर्न आवश्यक प्रवन्ध गर्नुपर्दछ।

३५. **निःशुल्क पाठ्यपुस्तक** - यो वर्ष निःशुल्क पाठ्यपुस्तक वितरणको लागि स्थानीय तहमा रू.२ अर्ब ९२ करोड ३४ लाख निकासा भएको देखिन्छ। विद्यालयमा तोकिएका पाठ्यपुस्तक समयमा पुगे नपुगेको सम्बन्धमा केन्द्रले कुनै अभिलेख राखेको देखिँदैन। कतिपय जिल्लाका विद्यालयहरूमा तोकिएको समयमा पाठ्यपुस्तक पुगेको छैन। समयमा पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक पूर्व तयारी लगायतको कार्य गर्नुपर्दछ।

पाठ्यक्रम विकास केन्द्र

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विद्यालय शिक्षाको पाठ्यपुस्तक एवं अन्य शैक्षिक सामग्रीको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउन केन्द्रको स्थापना भएको हो।

३६. **पाठ्यक्रम परिमार्जन** - पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ को परिच्छेद २ को बुँदा ७(१०) मा मौजुदा पाठ्यक्रम कार्यान्वयन भएको ५ वर्ष पूरा भएपछि पुनरावलोकन गर्नुपर्ने र १० वर्ष पूरा भएपछि पुनरावलोकन गरी अध्ययन अनुसन्धानका आधारमा आवश्यक देखिएमा परिमार्जन गर्ने व्यवस्था छ। केन्द्रले यो वर्ष पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा परिमार्जनको लागि रू.४ करोड २१ लाख १६ हजार खर्च गरेको छ। पाठ्यक्रमको ५ वर्ष पुरा भए पनि साधारणतर्फ कक्षा ८ र १० को पाठ्यक्रम पुनरावलोकन नभएको तथा कक्षा ५ को पाठ्यक्रम १० वर्ष पूरा हुँदा समेत पुनरावलोकन तथा परिमार्जन नभएको स्थिति छ। गुणस्तरीय शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिकाबमोजिम समय सापेक्ष पुनरावलोकन तथा परिमार्जन गर्नुपर्दछ।

चिकित्सा शिक्षा आयोग

शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि आयोगको स्थापना भएको हो।

३७. **संगठन तथा कर्मचारी व्यवस्थापन -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३१ मा आयोगको संगठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने तथा आयोगमा कर्मचारी नियुक्ति नभएसम्म आयोगको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने उल्लेख छ। उक्त आयोग २०७५।११।१० मा स्थापना भए तापनि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण तथा दरबन्दी स्वीकृतसमेत भएको छैन। आयोगमा २०७८।७९ का लागि ५५ अस्थायी दरबन्दी स्वीकृत भएकोमा नेपाल सरकार तथा स्थानीय तहबाट कर्मचारीहरू काजमा ल्याई कार्यसम्पादन गरेको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराई कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

३८. **विद्यार्थी भर्ना -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा आयोगले प्रत्येक वर्ष शिक्षण संस्थाको लागि निश्चित सिट संख्या तोक्ने र प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणाली अनुरूप भर्ना गर्नुपर्ने उल्लेख छ। यो वर्ष स्नातक तहतर्फ मेडिकल र प्यारा मेडिकलसमेत १६ कार्यक्रमको लागि निर्धारित ८ हजार ५६० सिटको लागि ३५ हजार १३८ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई १६ हजार ३७ उत्तीर्ण भएका र ६ हजार २१ भर्ना भएको देखिन्छ। स्नातकोत्तर तहतर्फ ३८ कार्यक्रममा १ हजार ७२४ सिटको लागि ८ हजार १५२ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ४ हजार १५४ उत्तीर्णमध्ये १ हजार ५७२ भर्ना भएको देखिन्छ। प्रवेश परीक्षा दिने र उत्तीर्ण हुनेको संख्या उल्लेख्य भए तापनि आयोगले निर्धारण गरेको सिटमध्ये स्नातक तहमा २ हजार ५३९ र स्नातकोत्तर तहमा १५२ सिटमा विद्यार्थी भर्ना भएका छैनन्। बी.एससी.एम.आइटी. विधामा ७१ सिटमध्ये १९, बी.एससी.एम.एलटी.मा ४४५ मध्ये ६८ मात्र भर्ना भएको र बी.एससी. माइक्रोबायोलोजी र बी.एससी. मेड.बायो. केमेस्ट्रीमा कुनै विद्यार्थी भर्ना भएको पाइएन। विभिन्न कार्यक्रमको लागि निर्धारित सिटमा विद्यार्थी भर्ना नहुनाको कारण पहिचान गरी आवश्यक सुधार गर्नुपर्दछ।

३९. **छात्रवृत्ति तथा निःशुल्क शिक्षण -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सिट संख्याको कम्तीमा ७५ प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नुपर्ने र सोबापत नेपाल सरकारले शिक्षण संस्थालाई एकमुष्ट अनुदान प्रदान गर्ने उल्लेख छ। आयोगले यो वर्ष १८ शिक्षण संस्थालाई रू.७२ करोड ९५ लाख ९० हजार अनुदान प्रदान गरेको छ। सोही ऐनको दफा १८ को उपदफा २(ख) मा सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहतर्फ मेडिकल तथा डेण्टल अध्ययन गर्दा नेपाली विद्यार्थीबाट शिक्षण शुल्क नलिने र त्यस्ता विद्यार्थीलाई समुचित निर्वाह भत्ता सम्बन्धित शिक्षण संस्थाले उपलब्ध गराउने उल्लेख भएकोमा सोको पालना स्थितिको अनुगमन भएको छैन।

४०. **शिक्षण शुल्क** - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ बमोजिम २०७९।२।१७ मा २०७८।७९ को लागि स्नातक तहतर्फ १६, स्नातकोत्तर तहतर्फ ३८ र स्नातकोत्तर भन्दा माथि २ कार्यक्रमको शुल्क निर्धारण गरेको छ। निर्धारित शुल्क एम.बी.बी.एस.तर्फ उपत्यकाभित्र रू.४१ लाख ६८ हजार र उपत्यका बाहिर रू.४५ लाख ९५ हजार, स्नातकोत्तरतर्फ बढीमा रू.२३ लाख ८१ हजार र स्नातकोत्तरभन्दा माथि डी.एम/एम.सी.एच. विषयको रू.२५ लाख ९० हजार रहेको छ। ऐनको दफा १४ उपदफा १क मा बढी शुल्क लिएमा सम्बन्धन खारेज समेत गर्नसक्ने व्यवस्था छ। मेडिकल कलेजहरूले नियमविपरीत शुल्क लिएको विषयमा परेका उजुरीमा राष्ट्रिय सतर्कता केन्द्रले छानबिन गरी तयार गरेको प्रतिवेदनमा विभिन्न १२ मेडिकल कलेजले प्रति विद्यार्थी प्रत्येक शैक्षिक वर्षमा रू.२ लाख देखि २५ लाखसम्म अतिरिक्त शुल्क उठाएकोले सो सम्बन्धी प्रतिवेदन तयार गरी कारबाहीको लागि सम्बन्धित निकायमा पठाउन २०७६।७।७ मा निर्णय गरेकोमा कार्यान्वयन भएको छैन। साथै आयोगमा तोकिएको शुल्ककको अतिरिक्त थप शुल्क लिएको गुनासो तथा उजुरी दर्ता भएकोमा थप शुल्क नलाग्ने भनी २०७८।९।५ मा विज्ञप्ति प्रकाशन गरे तापनि यस सम्बन्धमा छानबिन गरी अतिरिक्त शुल्क उठाउने शिक्षण संस्थाउपर कारबाही भएको छैन। छानबिन प्रतिवेदन एवं उजुरीको कारबाही गरी शिक्षण संस्थाको नियमन प्रभावकारी ढङ्गले गर्नुपर्छ।

४१. **प्रत्ययन** - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १५(१) मा चिकित्सा शिक्षासम्बन्धी सम्पूर्ण कार्यक्रमको प्रत्ययनसम्बन्धी कार्य गर्नको लागि कानूनबमोजिम छुट्टै निकाय गठन हुने उल्लेख छ। राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २५ बमोजिमको प्रत्ययन समितिले चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाको आयोगबाट सूचक र यार्डस्टिकका आधारमा अनुगमन गरी सिट निर्धारण गरेको भए त्यस्ता शिक्षण संस्था र ती संस्थामा सञ्चालित कार्यक्रमको स्वत: प्रत्ययन भएको मानिने निर्णय गरेको देखियो। फलस्वरूप यो वर्ष स्नातक तहमा ८२ शिक्षण संस्थामा १६ विषयमा ८ हजार ५६० सिट, स्नातकोत्तर तहका ३७ शिक्षण संस्थाका ३८ कार्यक्रममा १ हजार ७१८ सिट र डी.एम./एम.सी.एच. कार्यक्रममा १४ शिक्षण संस्थाका १८ विषयमा ७९ सिट निर्धारण भएको छ। आशयपत्र, सम्बन्धन तथा प्रत्ययनसम्बन्धी आन्तरिक कार्यविधि, २०७८ मा भएको व्यवस्थाबमोजिम प्रत्ययनको लागि कुनै शिक्षण संस्थाले आयोगसमक्ष आवेदन गरेको देखिएन। सिट निर्धारण हुनु नै प्रत्ययनका लागि गुणस्तर कायम भएको मानिनु उपयुक्त देखिँदैन। आयोगले शिक्षण संस्था तथा कार्यक्रमको प्रत्ययनका लागि ऐन बमोजिम छुट्टै निकाय गठन गर्नुपर्दछ।

शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारीको नियुक्तिको लागि परीक्षा सञ्चालन तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न आयोगको स्थापना भएको हो।

४२. **शिक्षक पदपूर्ति** - आयोगबाट यस वर्ष २० हजार ९४३ पदको लागि विज्ञापन भएमध्ये बढुवातर्फ ३ हजार ४८८ र खुल्लातर्फ १७ हजार ४५५ रहेको छ। बढुवा २५ प्रतिशततर्फको ८६६ पदमध्ये ८६३ मा पदपूर्ति भएकोमा बाँकी ७५ प्रतिशततर्फको २ हजार ६२२ पदको नतिजा प्रकाशनको

तथ्याङ्क प्राप्त भएको छैन। माध्यमिक विद्यालय खुल्लातर्फ १ हजार ५५२ तथा निम्न माध्यमिक विद्यालय खुल्लातर्फ २ हजार ६०६ पदको विज्ञापन भएकोमा क्रमशः माध्यमिक विद्यालयतर्फ १ हजार १८२ (७६.१६ प्रतिशत) र निम्न माध्यमिक विद्यालयतर्फ १ हजार ९५९ (७५.१७ प्रतिशत) मात्र उत्तीर्ण भएको आयोगले जनाएको छ। न्यूनतम उत्तीर्णाङ्कसमेत प्राप्त नगरेका कारण विज्ञापित पदमध्ये माध्यमिक विद्यालयतर्फ ३७० र निम्न माध्यमिक विद्यालयतर्फ ६४७ पदपूर्ति हुन नसकी रिक्त रहेको छ। आयोगबाट सञ्चालित लिखित परीक्षामासमेत आवश्यक पदका लागि न्यूनतम उत्तीर्णाङ्क प्राप्त गर्न नसकेको अवस्था देखिन्छ। शिक्षक तथा कर्मचारीलाई शिक्षा सेवामा टिकाउने, नवप्रतिभालाई आकर्षण गर्ने र शिक्षा सेवालाई प्राथमिकतामा पारी शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने देखिन्छ।

४३. **उम्मेदवारको योग्यता** - शिक्षक सेवा आयोग नियमावली, २०५७ मा अध्ययन अनुमतिपत्र वा शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता तथा तालिमसम्बन्धी व्यवस्था तोकिएको छ। अध्ययन अनुमतिपत्र प्राप्त गर्न तथा विद्यालय तहमा शिक्षक हुनका लागि शिक्षा सङ्कायमा सम्बन्धित विषयको उपाधि हासिल गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको हुनुपर्ने व्यवस्था छ। देशभर रहेका ६ हजार ७३२ संस्थागत विद्यालयमा शिक्षक भर्नासम्बन्धी योग्यताको कारण गणित, विज्ञान, लेखा, अंग्रेजीलगायतका विषयमा शिक्षकको अभाव हुन गएको छ। विषय शिक्षकको अभाव हुनुको कारण खोजी गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उम्मेदवारको योग्यतामा पुनरावलोकन हुनुपर्दछ।

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना - दोस्रो

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप प्रदान गरी रोजगारी मार्फत् गरिबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकार र विश्व बैङ्कबीच २०७४।१०।७ मा भएको सम्झौता अनुसार व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना सञ्चालनमा रहेको छ। विश्व बैंङ्कबाट ५ वर्षको अवधिमा रू.६ अर्ब ऋण उपलब्ध हुनेगरी सम्झौता भएको यस परियोजनाको अवधि २०७९।३।३१ सम्म रहेकोमा कोभिड-१९ को कारण २०८०।३।३० सम्म थप भएको छ। परियोजनामा यो वर्ष रू.३ अर्ब ९७ करोड २ लाख बजेट विनियोजन भएकोमा रू.१ अर्ब ४६ करोड १३ लाख खर्च भएको छ।

४४. **कार्यक्रम तथा प्रगति** - दातृसंस्थासँग भएको सम्झौता अनुसार परियोजनाले ५ वर्षको अवधिमा रू.६ अर्ब खर्च गर्ने लक्ष्य रहेकोमा ६ वर्ष व्यतीत भइसक्दा रू.४ अर्ब ५२ करोड ६५ लाख खर्च भएको छ। परियोजना अवधिमा १ लाख १५ हजार ५०० युवालाई छोटो अवधिको तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ६३ हजार ७२ युवालाई तालिम प्रदान गरी तालिम र सीप परीक्षणमा रू.२ अर्ब ६६ करोड २७ लाख खर्च भएको छ। परियोजनाबाट प्राप्त विवरण अनुसार तालिम लिएकामध्ये ४२ हजार ३७१ मात्र सीप परीक्षणमा उत्तीर्ण भएको देखिएकोले तालिमको गुणस्तर सन्तोषजनक देखिएन। सीपयुक्त जनशक्तिको विकासबाट रोजगारीको सुनिश्चितता हुने गरी तालिमलाई थप प्रभावकारी बनाई बाँकी कार्य समयमै सम्पन्न गर्नुपर्छ।

४५. **तालिमको गुणस्तर** - सेवाप्रदायकसँग भएको सम्झौतामा परियोजनाले न्यूनतम ८० कार्य दिनमा ३९० घण्टा गुणस्तरीय तालिम सञ्चालन गर्नुपर्ने उल्लेख छ। तालिम प्रदायक संस्थासँग भएको सम्झौताको अनुसूची-जी मा ८० प्रतिशत प्रशिक्षार्थी सीप परीक्षणमा सहभागी हुनुपर्ने र न्यूनतम ६० प्रतिशत उत्तीर्ण हुनुपर्ने उल्लेख छ। परियोजना कार्यालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७४।७५ मा नतिजामा आधारित तालिममा सहभागी ११ हजार ६८५ मध्ये ९ हजार ५३१(८१.५६ प्रतिशत), २०७५।७६ मा सहभागी २० हजार ६०९ मध्ये १४ हजार ३४७(६९.६१ प्रतिशत) र २०७६।७७ मा सहभागी १७ हजार ५३८ मध्ये ६ हजार ४४६ (३६.७५ प्रतिशत) उत्तीर्ण भएको देखिन्छ। त्यसैगरी २०७७।७८ मा तालिममा सहभागी ३४ हजार ८६१ मध्ये सीप परीक्षणमा २३ हजार ४३५ (६७.२२ प्रतिशत) सहभागी भएकामा परीक्षाको नतिजा प्राप्त भएको छैन। तालिम लिएका प्रशिक्षार्थीमध्ये कम प्रतिशत मात्र सीप परीक्षणमा सहभागी भएको, सीप परीक्षणमा उत्तीर्ण हुने दर क्रमशः घट्दै गएको, उक्त दर २०७४।७५ मा ८१.५६ प्रतिशत रहेकोमा २०७६।७७मा ३६।७५ प्रतिशत रहेको पाइयो। सीप परीक्षणमा ढिलाइ हुँदा तालिम प्राप्त जनशक्ति पनि प्रमाणपत्रबाट वञ्चित हुनुपर्ने अवस्था रहेको छ। समयमै सीप परीक्षण हुने व्यवस्था मिलाउनुको साथै तालिमको गुणस्तरसमेत अभिवृद्धि गर्नुपर्छ। सेवाप्रदायकले तालिम सञ्चालन गरेको विषयमा परियोजनाले नतिजा विश्लेषण गरेर मात्र सेवाप्रदायकलाई फरफारक दिनुपर्दछ।

मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना

एक प्रदेश एक मेडिकल कलेज स्थापना गर्ने नेपाल सरकारको नीतिअनुरूप २०७५।७६ मा कर्णाली प्रदेशको वीरेन्द्रनगर (सुर्खेत), लुम्बिनी प्रदेशको तिलोत्तमा (रूपन्देही) र मधेश प्रदेशको बर्दीबास (महोत्तरी) मा मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालनमा रहेको छ।

४६. **प्रगति** - मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, रूपन्देहीको स्वीकृत गुरुयोजनाअनुसार २०७७ असारबाट निर्माण कार्य शुरु गरी पहिलो चरणमा वि.सं. २०८० बाट ३०० शय्याको अस्पताल सञ्चालन गर्ने उल्लेख भएकोमा यो वर्षसम्म रू.५ करोड ५१ लाख ५ हजार खर्च भएको र सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजानमा २०७६।७७ देखि यो वर्षसम्म रू.१ करोड ७५ लाख खर्च भएको छ। दुबै स्थानमा जग्गा प्राप्तिको अभावमा पूर्वाधार निर्माणसम्बन्धी कार्य शुरु भएको छैन। बर्दीबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाको लागि वन क्षेत्रको जग्गा चयन गरेकोमा सो प्राप्त नहुँदै पूर्वाधार निर्माणको लागि गुरुयोजना, माटो परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तथा कार्यालय सञ्चालनमा २०७५।७६ देखि यो वर्षसम्म रू.७ करोड २६ लाख १७ हजार खर्च भएको छ। वन क्षेत्रको जग्गामा निर्माण कार्य अगाडि नबढाउन अदालतबाट अन्तरिम आदेशसमेत भएकोले पूर्वाधार निर्माण कार्य अगाडि बढेको देखिँदैन। जग्गा प्राप्ति गरेर मात्र आयोजना कार्यान्वयन हुनुपर्दछ।

४७. **बजेट फिर्ता** - सशर्त कार्यक्रमको लागि विनियोजित बजेटमध्ये खर्च नभएको रकम फिर्ता गर्नुपर्नेमा मेडिकल कलेज पूर्वाधार आयोजना महोत्तरीले रू.१७ लाख ४७ हजार, सुर्खेतले रू.५८ लाख ५९ हजार र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले रू.३७ करोड ८५ लाख ३९ हजार समेत

रू.३८ करोड ६१ लाख ४५ हजार विविध खातामा मौज्दात राखेको छ। उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा)

सम्वत् २०७२ वैशाखको भूकम्पबाट क्षति भएका सामुदायिक विद्यालयहरूको पुनर्निर्माण र मर्मत सम्भारको लागि एसियाली विकास बैङ्क, जाइका लगायत दातृ निकायबाट प्राप्त सहायताअन्तर्गत क्षतिग्रस्त भई प्रयोग योग्य नभएका विद्यालयहरूको पुनर्निर्माण गर्न गराउन २०७२ फागुनमा यो आयोजना स्थापना भई सञ्चालन भएकोमा २०७८ असोजदेखि शिक्षा मन्त्रालय मातहत केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट कार्यान्वयन भइरहेको छ।

४८. **आम्दानी खर्च स्थिति -** केन्द्रीय आयोजना कार्यान्वयन एकाइको २०७९ असारसम्म नेपाल सरकारको रू.४ अर्ब ९६ करोड १४ लाख १९ हजारसमेत दातृराष्ट्रहरू ए.डी.बी.बाट शोधभर्ना हुने ऋण अमेरिकी डलर १४८.८६ मिलियन र अनुदान अमेरिकी डलर १५ मिलियन, जापान सरकारको जाइकाबाट जापानिज येन १४ बिलियन ऋण, साउदी कोषबाट साउदी रियाल २६.२५ मिलियन ऋण र भारत सरकारबाट अनुदान अमेरिकी डलर ४५ मिलियन र भारत एक्जिम बैङ्कबाट शोधभर्ना हुने अमेरिकी डलर ७५० मिलियन ऋण प्राप्त हुने गरी विभिन्न सम्झौता भएको छ। दातृराष्ट्रबाट शोधभर्ना हुने अनुदान र ऋण रू.२९ अर्ब ६६ करोड ३९ लाख प्राप्त भएकोमा रू.२९ अर्ब ८० करोड ६५ लाख खर्च भएको छ। बढी खर्च भएको रू.१४ करोड २६ लाख साउदी कोषबाट शोधभर्ना लिनुपर्ने देखिन्छ।

४९. **प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाअन्तर्गत यो वर्षसम्म निर्माण गर्नुपर्ने ७ हजार ५५३ विद्यालयमध्ये ७ हजार १३९ को निर्माण कार्य सम्पन्न भई ४१४ विद्यालय निर्माणाधीन रहेको देखिन्छ। यसैगरी शौचालय ३ हजार ४५९ मध्ये ३४ र खानेपानी २ हजार १७० मध्ये २१ को निर्माण कार्य सम्पन्न हुन सकेको छैन। १४३ विद्यालय रेट्रोफिटिङ गर्ने लक्ष्य राखेकोमा २ मात्र सम्पन्न भएको छ। लक्ष्यबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

५०. **आयोजना कार्यान्वयन -** नेपाल सरकार तथा एसियाली विकास बैङ्कबीच २० नोभेम्बर २०१८ मा भएको ऋण तथा अनुदान सम्झौताअनुसार हाल सञ्चालनमा रहेको डिजास्टर रेजिलियन्स अफ स्कूल प्रोजेक्टको म्याद मार्च २०२३ सम्म रहेको छ। यो वर्षसम्म पुनः निर्माण-१ मा खरिद सम्झौता भएका मध्ये ओखलढुङ्गाको ७ विद्यालयको भौतिक प्रगति ९२.७१ प्रतिशत र वित्तीय प्रगति ७०.०३ प्रतिशत रहेको छ। त्यस्तै पुनः निर्माण २ को भौतिक प्रगति ८९.०४ प्रतिशत र वित्तीय प्रगति २३.०९ प्रतिशत मात्र रहेको छ। पुनः निर्माणतर्फ विभिन्न विद्यालयको रेट्रोफिटिङ गर्ने गरी खरिद सम्झौता भएका १२ सम्झौताको भौतिक प्रगति ५७ प्रतिशत र वित्तीय प्रगति ४५.०५ प्रतिशतमात्र रहेकोले तोकिएको समयभित्रै सम्पन्न हुन सकेको छैन। म्यादभित्र आयोजना सम्पन्न नहुँदा परामर्श खर्च तथा मूल्य वृद्धिले आयोजनाको समग्र लागत बढ्न गई अतिरिक्त व्ययभार पर्न जाने देखिएको छ।

शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना

५१. **गुणस्तर परीक्षण -** कर्णाली प्रदेशको जाजरकोट र सुदूरपश्चिम प्रदेशको डोटी, अछाम, बाजुरा, दार्चुला र बझाङसमेत ६ जिल्लाका २ हजार ४१५ विद्यालयका शिशुदेखि ५ कक्षासम्मका २ लाख ४६ हजार ७५५ विद्यार्थीलाई दैनिक पोषणयुक्त खाजाको रूपमा चामल, दाल, तेल र नुनबाट बनेको खाद्यान्न विद्यालयमै वितरण गर्ने उद्देश्यसहित यो कार्यक्रम विश्व खाद्य कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेको छ।

यो वर्ष २ हजार १८५ मेट्रिकटन चामल, ५४४ मेट्रिक टन दाल, २६३ मेट्रिकटन तेल र ३५ मेट्रिकटन नुन तथा रू.३० करोड १३ लाख मूल्य बराबरको खाद्यान्न विश्व खाद्य कार्यक्रमबाट प्राप्त भई वितरण भएको छ। वितरण गरिने नुन बाहेकका सबै खाद्य सामग्री अमेरिकाबाट ल्याई नेपालगन्जस्थित विश्व खाद्य कार्यक्रमको गोदामबाट विद्यालयलाई वितरण हुने गरेकोले वितरणमा लामो अवधि लाग्ने गरेको छ। खाद्यान्नको गुणस्तर परीक्षण गरेको प्रमाण लेखापरीक्षणमा प्राप्त भएन। विश्व खाद्य कार्यक्रमले खाद्यान्न खरिद गर्दाको समयमा नै अमेरिकामा गुणस्तर परीक्षण गर्ने र त्यसपश्चात उक्त खाद्यान्न कोलकता हुँदै नेपाल आइपुग्ने अवधि कम्तीमा ६ महिनाको रहने परियोजना कार्यालयबाट जानकारी प्राप्त भएको छ। खरिद गर्दाको समयमा गुणस्तरयुक्त रहेको खाद्यान्न विभिन्न ठाउँमा भण्डारण हुँदै विद्यालयसम्म पुग्दा मौसम र समयको कारणले गुणस्तर ह्रास हुनसक्ने भएकोले गुणस्तर परीक्षण पश्चात् मात्र विद्यालयमा खाद्यान्न वितरणको व्यवस्था हुनुपर्दछ।

संगठित संस्था, समिति र अन्य संस्था

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

नेपालमा विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र प्रवर्द्धन गरी प्राविधिक क्रियाकलापको लागि उपयुक्त वातावरण सिर्जना गर्न २०३९ सालमा प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहेको छ।

५२. **बजेट तथा कार्यक्रम -** प्रतिष्ठानले विज्ञान तथा प्रविधि क्षेत्रको अनुसन्धान, विकास र प्रवर्द्धन तथा प्राविधिक क्रियाकलाप सञ्चालनमा केन्द्रित रही स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ। विगत ३ वर्षमा प्रतिष्ठानको कार्यक्रम सञ्चालन अवस्था देहायबमोजिम छः

(रकम रू.लाखमा)

क्र.सं.	आर्थिक वर्ष	कुल बजेट	कुल खर्च	कुल खर्च मध्ये			
				प्रशासनिक तथा अन्य		विज्ञान, प्रविधि र अनुसन्धान	
				खर्च	प्रतिशत	खर्च	प्रतिशत
१	२०७६।७७	४३२४	२२१९	१५७९	७१.१६	६४०	२८.८४
२	२०७७।७८	३९०८	२४३२	१८२६	७५.०८	६०६	२४.९२
३	२०७८।७९	३३९२	२०१०	१६४३	८१	३६७	१८.२५

प्रतिष्ठानको कुल खर्चमध्ये तलब, भत्ता, ज्याला एवं प्रशासनिक तथा अन्य खर्च २०७६।७७ मा ७१.१६ प्रतिशत, २०७७।७८ मा ७५.०८ प्रतिशत तथा २०७८।७९ मा

८१ प्रतिशत र अध्ययन अनुसन्धान खर्च कुल खर्चको तुलनामा क्रमशः २८.८४ प्रतिशत, २४.९२ प्रतिशत र १८.२५ प्रतिशत रहेको छ। प्रतिष्ठानले प्रशासनिक कार्यमा बढी तथा कार्यक्रम तथा अनुसन्धान कार्यमा कम खर्च गर्दा विज्ञान तथा प्रविधिको क्षेत्रमा अपेक्षित प्रगति हुनसकेको छैन। अध्ययन, अनुसन्धान कार्यलाई प्राथमिकतामा राखी खर्च व्यवस्थापन गर्नुपर्दछ।

५३. **निर्णय कार्यान्वयन** - प्रतिष्ठानको २०७८।११।६ मा बसेको ४५ औं प्राज्ञ सभाको बैठकले सबै प्रदेशमा प्रदेशस्तरीय विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याउने निर्णय गरेअनुसार प्रदेशस्तरीय अनुसन्धान केन्द्र स्थापना एवं सञ्चालन सम्बन्धी नियमावली, २०७८ तर्जुमा गरेको देखिन्छ। कर्णाली प्रदेश बाहेक ६ प्रदेशमा केन्द्र स्थापना भए तापनि कर्मचारी व्यवस्थापन गरी कार्यसञ्चालन हुन सकेको देखिएन। प्रतिष्ठानले अपेक्षित उपलव्धी हासिल हुनेगरी अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्दछ।

विश्वविद्यालय अनुदान आयोग

विश्वविद्यालय स्थापना गर्न नेपाल सरकारलाई परामर्श दिने, अनुदान वितरणसम्बन्धमा नीति निर्धारण गर्ने, अनुदान प्रदान गर्ने, विश्वविद्यालयबीच शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन समन्वय गर्ने, विश्वविद्यालयमा उपयुक्त शैक्षिकस्तर निर्धारण गराउने, विश्वविद्यालय र शैक्षिक संस्थाबीच विद्वतवृत्ति तथा छात्रवृत्ति आदान प्रदान गर्ने कार्यको लागि विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम २०५१ मा यो आयोग गठन भएको हो। आयोगले नियमिततर्फ गुणस्तर सुधार र विकासतर्फ दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गत कार्यक्रम तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्दै आएको छ।

५४. **अनुदान वितरण** - आयोगको कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.१ मा आयोगको कोषबाट विश्वविद्यालयलाई तोकिएको आधारमा अनुदान वितरण गर्ने व्यवस्था छ। आयोगले यो वर्ष ११ विश्वविद्यालय तथा ८ पूर्वाधार विकास समितिलाई रू.१५ अर्ब ५६ करोड ६२ लाख ३५ हजार अनुदान दिएको छ।

(रू. हजारमा)

क्र.सं.	विश्वविद्यालय	विद्यार्थी	२०७७।७८	२०७८।७९	वृद्धि प्रतिशत	प्रतिविद्यार्थी अनुदान २०७८।७९
१	त्रिभुवन विश्वविद्यालय	३४७,२६९	९१३३१७८	१०,०५२,९७७	१०.०७	२९
२	नेपाल संस्कृत विश्वविद्यालय	२,८२८	७२७३९४	८३८,११६	१५.२२	२९६
३	काठमाडौं विश्वविद्यालय	१६,०४६	२१००००	२८२,०८०	३४.३२	१८
४	पूर्वाञ्चल विश्वविद्यालय	२८,८९६	१३००००	२३०,०००	७६.९२	८
५	पोखरा विश्वविद्यालय	३४,१६६	१७१५००	११०,०००	-३५.८६	३
६	लुम्बिनी बौद्ध विश्वविद्यालय	८२३	१७००००	२६४,०४७	५५.३२	३२१
७	कृषि तथा वन विश्वविद्यालय	४,२७०	४०६१००	१,०२८,५६३	१५३.२८	२४१
८	सुदूर पश्चिमाञ्चल विश्वविद्यालय	१०,९२२	३४६४००	४३७,५१६	२६.३	४०
९	मध्य पश्चिमाञ्चल विश्वविद्यालय	११,७१२	७२४७९८	५३४,१९८	-२६.२९	४६

क्र.सं.	विश्वविद्यालय	विद्यार्थी	२०७७।७८	२०७८।७९	वृद्धि प्रतिशत	प्रतिविद्यार्थी अनुदान २०७८।७९
१०	नेपाल खुला विश्वविद्यालय	२,९२६	१५३५००	९४,०००	-३८.७६	३२
११	राजर्षिजनक विश्वविद्यालय	४१७	१३१४००	८६,०८८	-३४.४८	२०६
	जम्मा	**४६०२७५**	**१२३०४२७०**	**१३९५७५८५**	**२१.४५**	**३०**

अनुदानसम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

५४.१. आयोगले यो वर्ष ११ विश्वविद्यालयलाई गत वर्षको तुलनामा २१.४५ प्रतिशत वृद्धि गरी रू.१३ अर्ब ९५ करोड ७६ लाख अनुदान वितरण गरेको छ। यद्यपि नेपाल खुला विश्वविद्यालयको अनुदान ३८.७६ प्रतिशतले घटेको देखिन्छ। प्रति विद्यार्थी अनुदान सबैभन्दा बढी लुम्बिनी विश्वविद्यालयलाई रू.३ लाख २१ हजार र सबैभन्दा कम पोखरा विश्वविद्यालयलाई रू.३ हजार रहेको छ। विद्यार्थीको अनुपात र सञ्चालित कार्यक्रमलाई आधार बनाई मापदण्डका आधारमा अनुदान दिने नीति बनाउनुपर्दछ।

५४.२. आयोगले विश्वविद्यालय स्थापनार्थ पूर्वाधार निर्माण कार्यको लागि स्थापित ८ पूर्वाधार विकास समितिलाई गत वर्ष रू.१ अर्ब ५३ करोड ९८ लाख २० हजार अनुदान उपलब्ध गराएकोमा यो वर्ष रू.१ अर्ब ६० करोड ८६ लाख ५० हजार उपलब्ध गराएको छ। उक्त रकम उपयोग सम्बन्धमा आयोगबाट अनुगमन हुनुपर्दछ।

५५. **सामुदायिक क्याम्पसलाई अनुदान -** आयोगको कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.२ मा सम्बन्धन प्राप्त शैक्षिक संस्थालाई अनुदान वितरण गर्न सक्ने व्यवस्था अनुसार विगत ५ वर्षमा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई आयोगले देहायअनुसारको अनुदान निकासा दिएको छः

(रू.हजारमा)

आर्थिक वर्ष	नियमित अनुदान		पुँजीगत अनुदान		जम्मा रकम
	क्याम्पस संख्या	अनुदान रकम	क्याम्पस संख्या	अनुदान रकम	
२०७४।७५	४७७	३१९३९६	१६८	१४५५६५	४६४९६१
२०७५।७६	४५७	३७७०८४	२०१	१४४९००	५२१९८४
२०७६।७७	४६०	३८३४३८	१४३	२४१७५०	६२५१८८
२०७७।७८	४५९	४३५१६८	१८२	३५०८८०	७८६०४८
२०७८।७९	४७१	६३९८९६	३२८	६०४४७५	१२४४३७१
औसत वार्षिक	**४६५**	**४३०९९६**	**२०४**	**२९७५१४**	**७२८५१०**
वृद्धि प्रतिशत	**२.६१**	**४७.०५**	**८०.२२**	**७२.२७**	**५८.३१**

यो वर्षको अनुदान २०७४।७५ को तुलनामा १६७.६३ प्रतिशत तथा गत वर्षको तुलनामा ५८.३० प्रतिशतले बढेको छ। अनुदान रकमको उपयोग सम्बन्धमा आयोगबाट नियमित अनुगमन हुन सकेको छैन। नियमित एवं प्रभावकारी अनुगमन गरी अनुदान उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

५६. **गुणस्तर सुनिश्चितता** - विश्वविद्यालयबाट सम्बन्धन प्राप्त वा आङ्गिक क्याम्पसहरूले गुणस्तर सुनिश्चितता गर्न आयोग समक्ष स्वैच्छिक सहभागिताको लागि अनुरोध गर्ने व्यवस्था छ। क्याम्पसहरूको शैक्षिक

गुणस्तर सुधार, भौतिक तथा मानवीय स्रोत साधनको परिचालन गर्न आयोगले विभिन्न ८ सूचकको आधारमा १२० नतिजालाई आधार लिई मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छ। गुणस्तर आश्वस्तताको लागि आङ्गिक तथा सम्बन्धन प्राप्त १ हजार ४४० क्याम्पसले कार्ययोजना बनाएर आयोगमा पेस गरेका छैनन्। यो वर्ष ७० अर्थात् ४.८६ प्रतिशत क्याम्पसको मात्र गुणस्तर आश्वस्तता परीक्षण भएको देखिएको छ। आङ्गिक क्याम्पसहरूबाट स्वैच्छिकरूपमा गुणस्तर सुनिश्चितता गर्न सहभागिताको लागि अनुरोध गर्न वर्तमान व्यवस्थामा सुधार गरी अनिवार्य बनाई गुणस्तर आश्वस्तता परीक्षणमा सन्तोषजनक नतिजा प्राप्त क्याम्पसलाई मात्र अनुदान दिने नीतिगत व्यवस्था हुनुपर्दछ।

५७. **सम्बन्धन -** आयोगले २०७४ मा गरेको एक अध्ययनको आधारमा त्रिभुवन, खुल्ला, कृषि तथा वन, नेपाल संस्कृत र लुम्बिनी विश्वविद्यालयले केन्द्रीय विश्वविद्यालयको रूपमा रही केन्द्रीय विभाग र आङ्गिक क्याम्पसबाट कार्यक्रम सञ्चालन गर्ने, बाँकी पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल, राजर्षि जनक तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयले प्रादेशिक विश्वविद्यालयको रूपमा सञ्चालन भई प्रदेशभित्रका क्याम्पसहरूको सम्बन्धन र सुपरिवेक्षण गर्ने उल्लेख भए तापनि सो कार्य हुनसकेको छैन। विभिन्न विश्वविद्यालयले आ-आफ्नो भौगोलिक क्षेत्र बाहेक अन्यत्रका कलेजलाई सम्बन्धन दिँदा प्रशासनिक तथा पूर्वाधार व्यवस्थापन, अनुगमन निरीक्षण लगायत कार्यमा प्रभावकारिता आउने/नआउने पक्षमा विश्लेषण भएको छैन। क्षेत्राधिकार, जनशक्ति र आवश्यकताका आधारमा सम्बन्धन दिने विषयमा आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ। यो व्यहोरा गत वर्षसमेत औँल्याइएकोमा कुनै सुधार भएको छैन।

५८. **नक्साङ्कन र विलय -** आयोगले तयार गरेको प्रतिवेदन अनुसार गत वर्षसम्म देशभर १५० आङ्गिक, ५३७ सामुदायिक र ७५३ निजी समेत १ हजार ४४० क्याम्पस रहेकामध्ये १०० भन्दा कम विद्यार्थी भएका क्याम्पस ६२४ रहेका छन्। आयोगले देशभरमा रहेका क्याम्पसको नक्साङ्कन गरी क्याम्पसलाई एक आपसमा गाभिन प्रोत्साहन गर्ने नीति ल्याएको छैन। न्यून विद्यार्थी भएका क्याम्पस नक्साङ्कन गरी विलय गराउँदा सञ्चालनको लागि आवश्यक स्रोत साधनमा वृद्धि भई गुणस्तर सुधारमासमेत सहयोग पुग्ने देखिएकोले यस सम्बन्धमा नीतिगत पुनरावलोकन हुनुपर्ने व्यहोरा गत वर्ष समेत उल्लेख गरिएकोमा स्थिति यथावत् छ।

५९. **सशर्त अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ मा बोर्ड वा समितिलाई सशर्त अनुदानको रकम भुक्तानी गर्दा समितिले अनुदान रकम आफ्नो आय-व्यय विवरणमा समावेश गरी खर्च गर्न र आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गराई सोको वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित संस्थालाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। आयोगले काठमाडौं विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय मातहतका १० विभाग तथा कलेजहरूलाई तोकिएको उपलब्धिको अनुगमन प्रतिवेदन, प्रगति र लेखापरीक्षण प्रतिवेदन बेगर सम्झौता रकमको ६० प्रतिशतले हुने रू.२ करोड ५० हजार अनुदान उपलब्ध गराएको छ। अनुदान प्राप्त संस्थाले तोकिएको शर्त पूरा गरेको प्रमाण पेस गर्नुपर्दछ।

६०. **भवन निर्माण अनुदान -** विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि, २०७८ मा उच्च शिक्षा सुधार परियोजनामा सहभागी क्याम्पसहरूको हकमा ७०१ भन्दा बढी विद्यार्थी भएमा रू.३ करोड

भवन निर्माण अनुदान दिन सकिने व्यवस्था छ। अनुदान आयोगले २०७९।३।१३ मा गरामनी क्याम्पस, झापालाई तोकिएको विद्यार्थी संख्या नपुगे पनि रू.३ करोड अनुदान दिने निर्णय गरी रू.१ करोड ५० लाख अनुदान प्रदान गरी रू.१ करोड ५० लाख दायित्वमा राखेको छ। कार्यविधि विपरीत अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा ऐन, २०२८ अनुसार २०७३।३।१५ मा गठन भएको राष्ट्रिय परीक्षा बोर्डले कक्षा ९ देखि १२ सम्मको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापन लगायतका कार्य गर्दैआएको छ। बोर्ड अन्तर्गत ७ प्रदेश परीक्षा कार्यालय, ५ शाखा कार्यालय र कक्षा १० (एस.ई.ई) परीक्षा नियन्त्रण कार्यालयसहित १३ कार्यालयमा ३८१ कर्मचारी कार्यरत छन्। बोर्डले यस वर्ष रू.१ अर्ब ८० करोड २८ लाख खर्च गरेको छ।

६१. **कक्षा १२ को परीक्षाफल -** नेपाल सरकारको २०७८।२।१६ को निर्णयानुसार कोभिड-१९ महामारीको कारणबाट कक्षा १२ को परीक्षा सञ्चालन गर्दा परीक्षार्थीलाई भौतिक रूपमा उपस्थित भई परीक्षा सञ्चालन हुन सक्ने अवस्था नभई विद्यालयको आन्तरिक मूल्याङ्कनलाई आधार मानी परीक्षा परिणाम प्रकाशन गरेको छ। शैक्षिक सत्र २०७७ मा विद्यालयले परीक्षा लिई उत्तरपुस्तिका स्वयं परीक्षण गरेको, २०७८ मा विद्यालयले परीक्षा लिई राष्ट्रिय परीक्षा बोर्डले उत्तरपुस्तिका परीक्षण गरेको र २०७९ मा राष्ट्रिय परीक्षा बोर्डले परीक्षा लिई आफैंले उत्तरपुस्तिका परीक्षण गरेको छ। उल्लिखित परीक्षाको नतिजा देहाय अनुसार छः

जी.पी.ए.	२०७७	२०७८	२०७७ को आधारमा प्रतिशत	२०७९	२०७७ को आधारमा प्रतिशत
३.६१-४.०	६९१६	७०६३	२.१३	४१७९	-३९.५७
३.२१-३.६०	३८४८०	४८२३९	२५.३६	३०१०७	-२१.७६
२.८१-३.२०	७६८४१	७०००१	-८.९०	६५२८४	-१५.०४
२.४१-२.८०	१०९३१२	९९५३७	-८.९४	६४०९३	-४१.३७
२.०१-२.४०	५२४२७	७५०८८	४३.२२	१०९००	-७९.२१
१.६१-२.००	७१६४	२४५१५	२४२.२०	३५	-९९.५१
१.२१-१.६०	३३३	३८७५	१०६३.६६	०	-१००.००
०.८१-१.२०	४	२९६	७३००.००	-	-
०.०-०.८१	१८८३९	१००७३	-४६.५३	-	-
ननग्रेडिङ	-	-		१८८४१०	.
कूल जम्मा	३१०३१६	३३८६८७		३६३००८	

परीक्षा बोर्डले २०७७ मा परीक्षा सञ्चालन र परिणाम प्रकाशन गरेको संख्याको आधारमा विद्यालयहरूले आन्तरिक मूल्याङ्कन गर्दा २०७८ मा ३.६१ देखि ४.०० सम्म जी.पी.ए. ल्याउने परीक्षार्थी संख्या २.१३ प्रतिशतले वृद्धि भएकोमा २०७९ मा ३९.५७ प्रतिशतले घटेको देखिन्छ। यस्तै ३.२१ देखि ३.६० सम्म जी.पी.ए. ल्याउने परीक्षार्थी संख्या २०७८ मा २५.३६ वृद्धि भएकोमा २०७९ मा २१.७६ प्रतिशतले घटेको देखिन्छ र २.८१ देखि ३.२० सम्म जि.पि.ए. ल्याउने ८.९० प्रतिशत घटेकोमा २०७९ मा १५.०४ प्रतिशतले घटेको देखिन्छ। यस्तै २.०१ देखि

२.४० सम्म जी.पी.ए. ल्याउने संख्या २०७८ मा ४३.२२ प्रतिशतले बढेकोमा २०७९ मा ७९.२१ प्रतिशत घटेको र ०.०० देखि ०.८१ सम्म जि.पि.ए. ल्याउने विद्यार्थी संख्या २०७८ मा ४६.५३ प्रतिशतले घटेकोमा २०७९ मा शतप्रतिशत घटेको देखिन्छ। उक्त परिणामलाई विश्लेषण गर्दा परीक्षाको नतिजालाई विश्वसनीय तथा गुणस्तरीय बनाउन परीक्षा मूल्याङ्कन, सञ्चालन र व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई स्तरयुक्त बनाउने, तालिम दिने निकायहरूबीच समन्वय कायम गर्ने तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने उद्देश्यले २०४५ सालमा परिषद्को स्थापना भएको हो। परिषद्अन्तर्गत केन्द्रीय परिषद् कार्यालय, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति, ७ प्रदेश कार्यालय, ६३ आङ्गिक शिक्षालय र २ परियोजना सञ्चालनमा रहेका छन्। परिषद्को लागि यो वर्ष रू.५ अर्ब ९६ करोड २३ लाख बजेट व्यवस्था भएकोमा रू.४ अर्ब ५८ करोड २५ लाख खर्च भएको छ।

६२. **सम्बन्धन तथा नवीकरण** - प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् नियमावली, २०५१ मा निजी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न चाहने संस्थालाई परिषद्ले २ वर्षसम्म अस्थायी र सो अवधिपछि तोकेको शर्त पूरा गरेमा स्थायी सम्बन्धन दिनसक्ने, ती संस्थाले प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने र शर्त पालना नगरेमा सम्बन्धन स्थगन वा रद्द गर्नसक्ने व्यवस्था छ। परिषद्ले यो वर्षसम्म प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न ४२९ निजी शिक्षण संस्थालाई सम्बन्धन र ५७२ सामुदायिक विद्यालयलाई अनुमति दिएको छ। विगत ३ वर्षमा आङ्गिक, साझेदारी, सामुदायिक र सम्बन्धन प्राप्त गर्ने निजी संस्थाको स्थिति देहाय अनुसार छः

शिक्षालय वा संस्था	शिक्षालय, विद्यालय र निजी संस्था संख्या				वृद्धि प्रतिशत २०७८।७९
	२०७६।७७ सम्मको	२०७७।७८ मा थप	२०७८।७९ मा थप	२०७८।७९ सम्म जम्मा	
आङ्गिक शिक्षालय	५९	२	२	६३	३.१७
साझेदारी शिक्षालय	२०	१८	४	४२	९.५२
सामुदायिक विद्यालय	५३४	३८	-	५७२	-
निजी विद्यालय/संस्था	४२९	०	-	४२९	-
जम्मा विद्यालयः	**१०४२**	**५८**	**६**	**११०६**	**१२.६९**

आङ्गिक शिक्षालय, साझेदारी र सामुदायिक विद्यालयको संख्या २०७६।७७ सम्म क्रमशः ५९, २० र ५३४ रहेकोमा २०७८।७९ सम्म ६३, ४२ र ५७२ पुगेको देखिन्छ। निजी विद्यालयको सम्बन्धन संख्या विगत वर्षदेखि ४२९ रहेको छ। हालसम्म ४१५ निजी शिक्षालयले प्रस्ताव पेस गरेकोमा परिषद्ले छानबिन गरी टुङ्गो लगाएको छैन। परिषदको नियमावली अनुसार छानबिन गरी निर्णय गर्नुपर्दछ।

६३. **विद्यार्थी भर्ना** - परिषद्अन्तर्गत आङ्गिक शिक्षालय ६३, साझेदारी ४२, सामुदायिक ५७२ र निजी ४२९ समेत १ हजार १०६ शिक्षालय/विद्यालयहरूमा प्रि-डिप्लोमा र डिप्लोमा तहको विभिन्न विषय

अध्यापन गराउन २०७८।७९ को लागि ७० हजार ६२७ विद्यार्थी भर्ना गर्न अनुमति प्राप्त गरेकोमा देहायअनुसार छः

आर्थिक वर्ष	विद्यार्थी संख्या				भर्ना प्रतिशत
	प्रि डिप्लोमा	डिप्लोमा	कुल भर्ना क्षमता	भर्ना संख्या	
२०७६।७७	३२४६८	३६७९८	६९२६६	४८६४२	७०.२२
२०७७।७८	२८६६५	४३५८७	७२२०२	४४६८७	६१.८९
२०७८।७९	२८५५५	४६०७२	७४६२७	३६५५९	४८.९८

उक्त तथ्याङ्कअनुसार प्रि-डिप्लोमा र डिप्लोमा तहमा विभिन्न कार्यक्रममा २०७७।७८ मा भन्दा २०७८।७९ मा १८.१८ प्रतिशत न्यून भर्ना भएको देखिन्छ। शिक्षालयहरूको भर्ना क्षमता वृद्धि भएको देखिए तापनि विद्यार्थी भर्ना संख्या घट्दै गएको छ। प्राविधिक जनशक्तिको माग र आपूर्ति सम्बन्धमा अध्ययन गरी तालिम दिने संस्थाहरूलाई सम्बन्धन र अनुमति दिनुपर्दछ।

६४. **जग्गाको स्वामित्व** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०६२ को विनियम ३१(१) मा प्रत्येक कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने उल्लेख छ। त्यस्तो घर जग्गा कार्यालयको नाममा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनीपुर्जा प्राप्त गर्नुपर्दछ। कार्यालयको नाममा दर्ता र जग्गाधनीपुर्जा नभए प्रचलित कानूनबमोजिम कार्यालयको नाउँमा दर्ता गराउनुपर्ने व्यवस्था छ। परिषद् र परिषद्अन्तर्गत आङ्गिक शिक्षालयहरूले भोगाधिकारमा प्राप्त जग्गा करिव ८ हजार ७८४.३५ रोपनी मध्ये ३ हजार १५२.३६ रोपनी जग्गाको जग्गाधनीपुर्जा प्राप्त भएकोमा ५ हजार ६३१.९९ रोपनीको ४२ शिक्षालयको नाममा जग्गाधनीपुर्जा प्राप्त भएको देखिएन। परिषद् र अन्तर्गत आङ्गिक शिक्षालयहरूको नाममा जग्गाधनीपुर्जा प्राप्त गर्नुपर्दछ।

६५. **मस्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० र ५४ मा सरकारी रकम मस्यौट र दुररुपयोग गरेमा आवश्यक कारबाही गरी जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ। परिषद्को कोशी प्रदेश कार्यालय, इटहरीमा कार्यरत एक लेखा अधिकृतले २०७८ श्रावणदेखि २०७८ कार्तिकसम्मको तलबी भरपाईमा जोडजम्मा फरक पारेको, परीक्षा सञ्चालनमा बढी खर्च लेखेको, विद्यालय र संस्थाको बैङ्क खातासमेतमा जम्मा गर्नुपर्ने रकम असम्वन्धित व्यक्ति र आफ्नो खातामा जम्मा गरेको कारण रू.१४ लाख ४६ हजार हिनामिना गरेको देखिएको छ। कानूनी व्यवस्थाअनुसारको कारबाहीसहित निज कर्मचारी तथा जिम्मेबार व्यक्तिको कार्यसम्पादन उपर थप छानबिन गरी उक्त रकम सरकारी बाँकी सरह ब्याजसहित असुल गर्नुपर्दछ।

६६. **साझेदारी संस्थालाई अनुदान** - आङ्गिक पोलिटेक्निक इन्स्टिच्यूटहरूलाई मात्र सार्वजनिक कोषबाट अनुदान दिन नमिल्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेश कार्यालयले ५ निजी तथा साझेदारी रूपमा सञ्चालित शिक्षालयलाईसमेत कार्यक्रम सञ्चालन गर्न रू.६ करोड ७० लाख ४० हजार अनुदान दिएको छ। निजी तथा गैरसरकारी संस्थालाई अनुदान दिने कार्य औचित्यपूर्ण देखिँदैन। कार्यालयले दिएको यस्तो अनुदानको प्रगति र खर्चको विवरण लिई अनुगमन

गरेको छैन। सामुदायिक रूपमा दर्ता भएका संस्थाहरू आफ्नै स्रोतबाट सञ्चालन हुने गरी सम्बन्धन लिएको अवस्थामा यसप्रकार निरन्तर अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

राष्ट्रिय सीप परीक्षण समिति

समितिले औपचारिक, अनौपचारिक तथा अतिरिक्त जुनसुकै पद्धतिबाट हासिल गरेको ज्ञान सीपलाई मापन योग्य मापदण्डको आधारमा सीप परीक्षण तथा प्रमाणीकरण गर्न विभिन्न पेशा व्यवसायहरूको सीप वर्गीकरण, सीप प्रमाणीकरण निर्माण, सीप परीक्षण तथा सीप प्रमाणीकरण कार्य गर्दैआएको छ।

६७. **सीप परीक्षण -** राष्ट्रिय सीप परीक्षण समितिले औपचारिक, अनौपचारिक तथा अतिरिक्त जुनसुकै पद्धतिबाट हासिल गरेको ज्ञान तथा रोजगारीमा जान चाहनेहरूका लागि सीप परीक्षण गरी सफल हुनेलाई राष्ट्रिय मान्यता प्राप्त सीप प्रमाणपत्र प्रदान गर्दैआएको छ। समितिबाट प्राप्त विवरणअनुसार २०७८।७९ सम्म ६ लाख १३ हजार ६७५ आवेदकमध्ये ५ लाख ८२ हजार ४९५ (९५ प्रतिशत) सीप परीक्षणमा सहभागी भएका र ४ लाख २९ हजार ५६८ (७४ प्रतिशत) ले सीप परीक्षण उत्तीर्ण गरी राष्ट्रिय सीप प्रमाणपत्र प्राप्त गरेका छन्। विगत तीन वर्षको सीप परीक्षण र उत्तीर्ण अवस्था तुलना गर्दा २०७६।७७ मा ५२ हजार १०८ मध्ये ३८ हजार १५७ (७३.२३ प्रतिशत) उत्तीर्ण, २०७७।७८ मा १८ हजार ५७३ मध्ये १३ हजार ४९४ (७२.६५ प्रतिशत) उत्तीर्ण र यो वर्ष ५८ हजार २६७ मध्ये ३३ हजार ३८८ (५७.३० प्रतिशत) उत्तीर्ण भएकाले प्रत्येक वर्ष सीप परीक्षामा उत्तीर्ण हुनेको दर घट्दो क्रममा रहेको छ। परिषद्ले परीक्षामा सहभागीहरूको तथ्याङ्क विश्लेषण गरी सम्बन्धित निकायमा पृष्ठपोषण दिने अभ्यास गर्नुपर्ने देखिन्छ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल (२०७६।७७)

६८. **बढी खर्च -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम २३ अनुसार विश्वविद्यालयअन्तर्गत निकायले तालुक निकायको पूर्वस्वीकृति नलिई विनियोजित बजेटभन्दा बढी खर्च गर्न नहुने व्यवस्था छ। अस्पतालको लागि ५ बजेट उपशीर्षकमा रू.१ अर्ब ४९ करोड ३२ लाख ६३ हजार बजेट स्वीकृत भएकोमा रू.१ अर्ब ७० करोड ४५ लाख २० हजार खर्च भई रू.२१ करोड १२ लाख ५७ हजार बढी खर्च गरेको देखियो। स्वीकृति बेगर विनियोजित बजेटभन्दा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

६९. **मासिक प्रोत्साहन भत्ता -** त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारी परिषद्को निर्णयअनुसार कार्यरत नर्सिङ प्राविधिक/अप्राविधिक कर्मचारीहरूलाई निश्चित कार्यालय समय तोकी दैनिक ८ घण्टाभन्दा बढी समय काममा लगाइएको अवस्थामा विद्युतीय हाजिरी अभिलेखको आधारमा आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कर्मचारीहरूलाई मासिक शुरु तलब स्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता भुक्तानी गर्नसक्ने व्यवस्था छ। निर्णयमा उल्लेख भएबमोजिम विद्युतीय हाजिरी अभिलेखबेगर यो वर्ष रू.३३ करोड २७ लाख २० हजार प्रोत्साहन खर्च लेखेको छ। प्रमाणित अभिलेखको आधारमा मात्र यस्तो भत्ता भुक्तानी गर्नुपर्दछ।

७०. **अधुरो भवन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीको ढिलाइका कारण समयमा कार्यसम्पादन हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने आपूर्तिकर्ताको खर्चमा त्यस्तो कार्यसम्पन्न गराउने उल्लेख छ। सुरेश वाग्ले स्मृति क्यान्सर भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६८।८।२५ मा २०७१।८।२४ सम्म सम्पन्न गर्ने गरी रू.५५ करोड ५१ लाख २९ हजारको सम्झौता भएकोमा छैठौं पटक म्याद थप गरी २०७७।११।११ सम्म सम्पन्न गर्नुपर्ने अवधि कायम गरेको देखिन्छ। सो म्यादमा समेत निर्माण कार्य सम्पन्न भएको छैन। उक्त निर्माण कार्यमा गत वर्षसम्म रू.३२ करोड ४१ लाख २४ हजार भुक्तानी भएकोमा यस वर्ष भुक्तानी भएको छैन। सम्झौता भएको ११ वर्षसम्म पनि निर्माण कार्य अधुरो नै रहेको देखिँदा सार्वजनिक खरिद ऐन, नियमावली र सम्झौताको शर्तबमोजिम आवश्यक कारबाही गरी उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७१. **बिरामी र उपचार -** अस्पतालले २०७५।७६ मा ४ लाख ७६ हजार ६५४ जनालाई उपचार सेवा उपलब्ध गराएकोमा २०७६।७७ मा ३ लाख ३८ हजार ६३१ सेवा उपलब्ध गराएको देखिन्छ। त्यसैगरी सर्जिकलतर्फ २०७५।७६ मा ५१ हजार ५० जनाले उपचारको सेवा प्राप्त गरेकोमा २०७६।७७ मा ३५ हजार ४१० जना, ई.एन.टी.तर्फ २०७५।७६ मा ७० हजार २५२ ले उपचार सेवा लिएकोमा २०७६।७७ मा ४९ हजार ४८२ जनाले, अर्थोपेडिक सेवामा २०७५।७६ मा ६५ हजार ८९२ ले उपचार सेवा लिएकोमा २०७६।७७ मा ४५ हजार ४९९ जनाले उक्त सेवा लिएको देखिन्छ। विगत वर्षहरूभन्दा यो आर्थिक वर्षमा बिरामीको चाप घटेको छ। लामो समय कुर्नुपर्ने कारणले बिरामी, ओपिडी, इमरजेन्सी र शल्यक्रियामा आउने बिरामीको संख्यामा न्यूनता आएको छ। विरामीको उपचारको लागि आवश्यक जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्थापन गरेर सेवा प्रवाहलाई सहज बनाउनुपर्दछ ।

७२. **पेस्की जिम्मेवारी -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० को नियम ३५ मा फर्स्यौंट हुन बाँकी पेस्कीको विस्तृत विवरण खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने व्यवस्था छ। अस्पतालको गत वर्षको आर्थिक विवरणमा रू.५३ करोड ८१ लाख ४८ हजार पेस्की बाँकी देखिएकोमा २०७६।७७ को लागि रू.५२ करोड ६८ लाख मात्र जिम्मेवारी सारेको पाइयो। यस आधारमा रू.१ करोड १३ लाख ४८ हजार घटी पेस्की जिम्मेवारी लेखाङ्कन गरेको देखिएकोले पेस्की लिनेको नाम नामेसी सहितको विवरण अद्यावधिक गरी पेस्की जिम्मेवारी सार्ने तथा फर्स्यौंट गर्ने व्यवस्था मिलाउनुपर्दछ।

नेपाल खुला विश्वविद्यालय

खुला शिक्षा प्रणालीका नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्च शिक्षामा सर्वसाधारणको सहज पहुँच पुऱ्याई, सीप र प्रविधियुक्त जनशक्ति उत्पादन गर्न विश्वविद्यालय ऐन, २०७३ अन्तर्गत २०७४।२।३० मा यस विश्वविद्यालयको स्थापना भई सञ्चालनमा रहेको छ।

७३. **निकासा बाँकी** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र र खुला विश्वविद्यालयबीच एकवर्षे बी.एड. कार्यक्रम सञ्चालन गर्न २०७५।१२।०३ मा भएको सम्झौताअनुसार यो वर्ष रू.६० लाख ४५ हजार अनुदान प्राप्त भएकोमा रू.१० लाख २१ हजारमात्र खर्च भएको देखिन्छ। बाँकी रहेको रू.५० लाख २४ हजार सञ्चितकोषमा फिर्ता गरेको नदेखिएकोले उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ।

७४. **वैदेशिक सहायता** - नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २८(१) मा विदेशी व्यक्ति, सरकार, अन्तराष्ट्रिय संघ संस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले यो वर्ष जे.ए.एम.के. युनिभर्सिटी अफ एप्लाइड साइन्ससँग २ लाख ४ हजार २०१ युरोको सम्झौता भई ९ हजार ७१४ युरो प्राप्त गरेको छ। त्यस्तै एनएलए युनिभर्सिटी (नर्वेजियन एजेन्सी फर कोडेभलपमेन्ट कोअपरेसन) सँग ४९ लाख ९२ हजार ६१२ नर्वेजियन क्रोनरको सम्झौता भई यो वर्ष ३ हजार ६०४ क्रोनर अनुदान प्राप्त गरेकोमा अनुदान सहायता प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन। ऐनको प्रावधानअनुसार सहायता प्राप्ति पूर्व सहमति लिनुपर्दछ।

अन्य विश्वविद्यालयहरू

७५. **जग्गा अतिक्रमण** - नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालय र १२ आङ्गिक विद्यापीठको स्वामित्वमा तराईमा १ हजार ७१८ विघा १८ कट्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेको देखिन्छ। उक्त जग्गा मध्ये ४०८ विघामा मोही कायम भएको र १२ विघामा स्वामित्व विवाद रहेको उल्लेख छ। दाङ्गको देउखुरीमा रहेको १ हजार ३३६ विघा तथा बेलझुण्डी क्षेत्रमा रहेको ३२६ विघा मध्ये ३५ विघा समेत १ हजार ३७१ विगाहा जग्गा २०५८ सालदेखि विभिन्न व्यक्ति तथा समूहबाट अतिक्रमणमा परी भोगचलन गर्न र आय आर्जनमा उपयोग गर्न सकेको देखिएन। विश्वविद्यालयले अतिक्रमित जग्गाको उचित संरक्षण गरी आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

७६. **भाडा असुली** - नेपाल संस्कृत विश्वविद्यालयले विभिन्न व्यक्ति तथा फर्मसँग सम्झौता गरी जग्गा भाडा तथा फलफूल बिक्री ठेक्कामा लगाएकोमा असुलीको अभिलेख राखेको छैन। दुई व्यक्ति तथा दुई संस्थासँग भएको सम्झौताअनुसार यो वर्षको ठेक्का तथा भाडामा हर्जाना समेत समावेश गर्दा हुने रू.६१ लाख ७९ हजार असुल गरेको छैन। सबै आय ठेक्काको अद्यावधिक अभिलेख राखी सम्झौताको शर्तअनुसार विगत वर्षदेखिको बक्यौता रकमसमेत असुल गर्नुपर्दछ।

७७. **जग्गाको उपयोग र संरक्षण** - सुदूरपश्चिमाञ्चल विश्वविद्यालय र अन्तर्गतका निकायको भौतिक सम्पत्तिको खोज, सङ्कलन तथा जगेर्ना गर्न र समुचित तवरले अभिलेखीकरण गर्न गठित समितिको प्रतिवेदन अनुसार विश्वविद्यालय र मातहतका निकायको स्वामित्वमा ३० लाख ५० हजार वर्गमिटर जग्गा रहेको छ। प्रतिवेदनमा टीकापुर बहुमुखी क्याम्पसको नाममा ३८० बिघा जग्गा रहेकोमा ३०० बिघा जग्गा अतिक्रमणमा परेको उल्लेख छ। विश्वविद्यालयले सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गर्नुको अलावा आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

७८. **कर दाखिला** - आयकर ऐन, २०५८ दफा ८७, ८८ तथा ८९ बमोजिम कट्टी गरेको अग्रिमकर दफा ९० बमोजिम समयमा नै दाखिला गर्नुपर्दछ। लुम्बिनी बौद्ध विश्वविद्यालयले विभिन्न मितिमा कट्टी गरेको अग्रिम कर, सामाजिक सुरक्षा कर, मूल्य अभिवृद्धि कर, पारिश्रमिक कर, भाडा कर, बहाल कर र निर्माण व्यवसायी करसमेत रू.४१ लाख ७ हजार नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरेको छैन। उक्त रकम दाखिला हुनुपर्दछ।

मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, कैलाली

चिकित्सा शिक्षाको विकास तथा प्रवर्द्धन गर्न मध्यम तथा उच्च स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादन गरी गुणस्तरीय एवं विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गर्न कैलालीको गेटामा मेडिकल कलेज स्थापना गर्न आवश्यक पूर्वाधारहरू निर्माण गर्ने उद्देश्यले यो समिति गठन भएको हो। समितिले यो वर्ष रू.७७ करोड ६२ लाख खर्च गरेको छ।

७९. **गुरुयोजना** - मेडिकल कलेजको मापदण्ड अनुसारका न्यूनतम भौतिक पूर्वाधार विकास गर्न रू.१० अर्ब ११ करोड १५ लाख २४ हजारको गुरुयोजना कार्यान्वयन गर्न अर्थ मन्त्रालयबाट २०७२।३।२५ मा सहमति प्राप्त भएको देखिन्छ। समितिको रणनीतिक योजनाअनुसार परियोजना लागत रू.८ अर्ब ७६ करोड १० लाख ४८ हजार रहेकोमध्ये हालसम्म रू.५ अर्ब ५ करोड ६२ लाख २१ हजार खर्च भएको छ। समितिले २०७३।७४ सम्म अस्पताल भवन, कलेज भवन, ३ छात्रावास, केही आवास गृह, लण्ड्री, मर्चरी, रोड एक्सेसलगायत पहिलो चरणको निर्माण कार्य सम्पन्न गर्ने र २०८०।८१ सम्म बाँकी रहेको सिभिल वर्क्स र अन्य संरचना निर्माण गरी तोकिएको समयमा परियोजना सम्पन्न गर्ने गरी निर्णय गरेकोमा पहिलो चरणमा गर्नुपर्ने कार्यमध्ये लागत अनुमान रू.२३ करोड १९ लाख भएको खानेपानी तथा ढल व्यवस्थापन शुरुवाती चरणमा रहेको छ। योजनाअनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

८०. **निर्माण कार्यको प्रगति** - समितिबाट हालसम्म ११ निर्माण कार्यका लागि रू.५ अर्ब ७० करोड १ लाखमा खरिद सम्झौता भएकोमा रू.४ अर्ब ५० करोड ३२ लाख (७९ प्रतिशत) भुक्तानी भएको छ। प्रशासनिक भवन, अस्पताल भवन, कलेज भवन, छात्रावास भवन, अस्पताल क्यान्टिन तथा अक्सिजन प्लान्टसहितका ६ निर्माण कार्यसम्पन्न भए तापनि विद्युत् लाइन विस्तार तथा जडान कार्यको ९ प्रतिशत, फर्निचरलगायतका सामानको १४ प्रतिशत, भी.आई.पी. क्वाटर तथा छात्र/छात्रा आवासको ३३ प्रतिशत, नर्सिङ आवासको ५४ प्रतिशत मात्र प्रगति भएको छ। सार्वजनिक खरिद कानून तथा सम्झौताको शर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

८१. **सम्पत्ति हस्तान्तरण** – विश्वविद्यालयको भौतिक, संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्न विकास समिति ऐन, २०१३ अनुसार २०७७।५।४ मा गठन भएकोमा गठन आदेशको म्याद समाप्त भई समिति खारेज भएको छ। समितिले २०७७।७८ मा रू.१ करोड ६ लाख ५० हजार र २०७८।७९ मा रू.१ करोड ४० लाख १३ हजार समेत दुई वर्षको अवधिमा रू.२ करोड ४६ लाख ६३ हजार खर्च

गरेको छ। मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयको पूर्वाधार निर्माण गर्ने उद्देश्यले स्थापित यो समिति बीचमै खारेज हुँदा लगानी उपयोग हुने सुनिश्चितता देखिएन। समितिलाई तोकिएको कुनै पनि कार्य टुङ्गोमा नपुऱ्याउँदै विघटन भएकोले यस विश्वविद्यालयको गठन आदेश, २०७७ को दफा २२(३) बमोजिम समितिसँग भएको जिन्सी मालसामानसहित बाँकी रहेको बैङ्क मौज्दात रू.५ करोड १६ लाख ४९ हजार नेपाल सरकारको खातामा हस्तान्तरण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** – गत विगतका प्रतिवेदनमा विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रहेको रकम फिर्ता नगरेको, पुँजीगत सम्पत्तिको उचित संरक्षण तथा व्यवस्थापन नभएको, संस्थागत विद्यालयको शुल्क अनुगमन, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

  आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ मा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहने व्यवस्था भए पनि मनत्रालयले तद्अनुसारको समिति बनाएको छैन। लेखापरीक्षण प्रतिवेदन तथा सरोकारवालाले उठाएका विषयहरूमा सुधार गरी स्वचालित रूपमा शैक्षिक प्रशासन सञ्चालन गर्न उक्त समिति गठन गरी सुझाउहरू कार्यान्वयन गर्नुपर्नेमा यस्तो कार्य हुनसकेको छैन। गत विगत वर्षको लेखापरीक्षणमा कार्यान्वयन नगरेको, छात्रवृत्तिको अनुगमन नगरेको, विदेशी संस्थाबाट सम्बन्धन लिएका शिक्षण संस्थाहरूले पालना गर्नुपर्ने कार्य नगरेकोमा कारबाही नगरेको, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन अनुमति दिएकोले पनि नवीकरण नगर्दा कारबाही नगरेको लगायतका व्यहोरा यो वर्ष पनि दोहोरिएका छन्। लेखापरीक्षण तथा सरोकारवालाले दिएको सुझाउ कार्यान्वयन गर्ने संयन्त्र बनाई कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्दछ।

- **बेरुजू** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ६३ निकायमा रू.३३ करोड ७४ लाख ७९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रू.३७ लाख ४५ हजार फर्स्यौंट गरेकोले रू.३३ करोड ३७ लाख ३४ हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२९ लाख ७५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित, अन्य संस्था र समिति ३४४ तर्फ रू.२ अर्ब ७८ करोड २४ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १२ निकायले रू.१८ करोड १३ लाख ९७ हजार फर्स्यौंट गरेकोले रू.२ अर्ब ६० करोड १० लाख ८३ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.५ करोड २८ लाख ३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगारसम्बन्धी नीति, कानून योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन, श्रम शक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, श्रमसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्पर्क र सम्बन्ध, श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध, रोजगार, सेवा तथा श्रमिक आपूर्ति, व्यावसायिक तालिमको सञ्चालन, समन्वय तथा प्रवर्द्धन, श्रमिकहरूको सामाजिक सुरक्षा, विदेशीहरूका लागि श्रम स्वीकृति, श्रम प्रशासन र व्यवस्थापन, श्रमिकलाई उपलब्ध गराइने बोनस, रोजगारी सिर्जनासम्बन्धी कार्यमा समन्वयलगायतका कार्य रहेका छन्। सरकारी कार्यालय तथा संगठित संस्थासमेत २५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २२ सरकारी कार्यालयको निम्नानुसार रू.५ अर्ब ६६ करोड ५१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
११४१३	६८८	४२६८२	१८६८	५६६५१

२. **अन्य संस्था -** यो वर्ष ३ अन्य संस्थाको रू.६० अर्ब ७ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **वार्षिक कार्यक्रम र प्रगति -** मन्त्रालयको वार्षिक लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

कार्यक्रम	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
श्रम अडिट	संख्या	५,०००	२,९१९	५८.३८
सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या	संख्या	६,००,०००	३,४६,७४४	५७.७९
सामाजिक सुरक्षा योजनामा समावेश हुने रोजगारदाताको संख्या	संख्या	५०,०००	१७,१९२	३४.३८
थप रोजगारी सिर्जना (प्रधानमन्त्री रोजगार कार्यक्रममा २ लाख तथा सार्वजनिक नीजि क्षेत्रसँगको सहकार्यमा ३ लाख ५० हजार)	जना	५,५०,०००	१,६३,७०८	२९.७६
व्यावसायिक सीपमूलक तालिम लिनेको संख्या	जना	२५,७६७	१९,५५३	७५.८८
नीजि क्षेत्रसँगको सहकार्यमा कार्यस्थलमा आधारित सीपमुलक तालिम सञ्चालन	जना	३००	प्राप्त नभएको	-

उल्लिखित तालिकाअनुसार एक कार्यक्रममा सन्तोषजनक प्रगति देखिए पनि अन्य कार्यक्रममा निर्धारत लक्ष्यको प्रगति न्यून देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २ लाख र सार्वजनिक, निजीलगायतका क्षेत्रबाट ३ लाख ५० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य रहकोमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट १ लाख ६३ हजार ७०८ लाई रोजगारी उपलब्ध गराएको उल्लेख गरे तापनि निजी क्षेत्रको सहकार्यमा सिर्जित रोजगारीको तथ्याङ्क सङ्कलन भएको छैन। निजी क्षेत्रसँगको सहकार्यमा कार्यस्थलमा आधारित सीपमुलक तालिम सञ्चालन गरी ३०० जनालाई प्रशिक्षित गर्ने कार्य हुन सकेको छैन। तोकिएको लक्ष्य प्राप्त गर्नेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं आवधिक योजनामा मन्त्रालयसँग सम्बन्धित प्रमुख नतिजा सूचकको परिमाणात्मक लक्ष्य र २०७८।७९ को प्रगति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाई	आधार वर्ष २०७५।७६	२०७८।७९		प्रगति प्रतिशत
				लक्ष्य	प्रगति	
१	आप्रवासी स्रोत केन्द्र स्थापना र सञ्चालन	जिल्ला	२२	३९	३८	९७.४३
२	वैदेशिक रोजगारीका लागि व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति	संख्या (हजारमा)	४	२०	१९.६	९८
३	बालश्रम निरीक्षण भएका प्रतिष्ठान	संख्या	२००	२०००	२६८६	१३४.३
४	योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध प्रतिष्ठान सम्बद्ध श्रमिक	प्रतिशत	७	७०	७०.४१	१००.५८
५	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या	संख्या (हजारमा)	२.६	११५	१७.१	१४.८७
६	द्विपक्षीय श्रम सम्झौता वा समझदारी भएका मुलुक	संख्या	८	१४	१०	७१.४२
७	रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा	प्रतिशत	३६.५	५०	३६.५	७३
८	श्रमशक्ति सहभागिता दर (१५ वर्ष भन्दा माथि)	प्रतिशत	३८.५	४९	३८.५	७८.५७

उल्लिखित तालिकाअनुसार ८ सूचकमध्ये ५ सूचकमा ७५ प्रतिशत भन्दा बढी, दुई सूचकमा ७१ देखि ७३ प्रतिशत प्रगति भए तापनि सामाजिक सुरक्षामा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्यामा न्यून प्रगति भई १४.८७ प्रतिशतमात्र प्रगति देखिन्छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना, श्रम बजारमा प्रवेश गर्ने युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका तथा स्वदेशमा रोजगार गुमाएका श्रमिकको सीप विकास गरी क्षमता अभिवृद्धि गर्न हस्तकला, पलम्बिङ, इलेक्ट्रोनिक्स, सिकर्मी, डकर्मी, कपाल कटाई, सवारीसाधन तथा मोबाइल मर्मतलगायतका क्षेत्रमा थप १ लाख व्यक्तिलाई सीप विकास तालिम प्रदान गर्न रू.४० करोड बजेट व्यवस्था गरेकोमा खर्च नभएको, कार्यस्थलमा आधारित तालिम सञ्चालन र उद्योगहरूमा २ वर्षको रोजगारीसहित २५ हजारको रोजगारी सिर्जना गर्न रू.१ अर्ब बजेट व्यवस्था भएकोमा कार्यक्रम सञ्चालन नभएको, जीवन चक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सबै चरणमा आबद्ध गर्न नसकिएको र योगदानमा आधारित निवृत्तभरण कोष ऐनलाई संशोधन गरी प्राध्यापक, शिक्षकलगायत अन्य राष्ट्रसेवकलाईसमेत आबद्ध गर्ने भनिए पनि ऐन संशोधन हुन सकेको छैन। बजेट वक्तव्यमा समावेश कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **श्रम कूटनीति -** वैदेशिक रोजगारको लागि संस्थागत रूपमा पठाउन सकिने गरी १११ देश खुला गरी श्रम स्वीकृति प्रदान हुँदै आएको छ। निःशुल्क भिसा र टिकटको अवधारणा पूर्णरूपमा कार्यान्वयन हुन नसकेको, वैदेशिक रोजगारीमा धेरै नेपाली रहेका साउदी अरब, टर्की, लेवनान, कुवेत, रोमनिया र जर्मनी लगायतका देशहरूसँग श्रम सम्झौता गर्न नसकिएको, खुला गरिएका १११ देशमध्ये दक्षिण कोरिया, इजरायल र बेलायत बाहेक अन्य देशसँग जी टु जी माध्यमबाट श्रमिकहरू पठाउन नसकेको, विदेशमा अलपत्र कामदारको संख्या र अवस्था यकिन गरी समयमै उद्धार गर्न नसकेको लगायतका स्थितिले श्रम कूटनीतिको अवस्था कमजोर देखिन्छ। वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सशक्त श्रम कूटनीति अवलम्बन गर्नुपर्दछ।

७. **विप्रेषण प्राप्ति र परिचालन -** पन्ध्रौं योजना अवधिमा रू. ५५ खर्ब ९२ अर्ब विप्रेषण आप्रवाह हुने अनुमान रहेकोमा यस वर्षसम्म रू.२८ खर्ब ४३ अर्ब प्राप्त भएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कबाट देखिन्छ। नेपाल जीवनस्तर सर्वेक्षण २०६६।६७ अनुसार वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको ८० प्रतिशत अंश उपभोगमा खर्च हुने गरेको कारण विप्रेषण आयबाट पुँजी निर्माणमा न्यून योगदान रहेको छ। गन्तव्य मुलुकबाट नेपालमा २०० अमेरिकी डलर पठाउँदा ४.५ प्रतिशत र ५०० अमेरिकी डलर पठाउँदा औसतमा ३ प्रतिशत लागत लाग्ने गरेको छ। औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा लाग्ने लागत उच्च रहेको कारण हुण्डीलगायत अनौपचारिक माध्यम निरुत्साहित गर्न सकिएको छैन। विप्रेषण आयलाई औपचारिक माध्यमबाट पठाउने व्यवस्था गर्न स्वघोषणामा आधारित विप्रेषण बचतमा थप १ प्रतिशत ब्याजलाई प्रमाणमा आधारित बनाउँदै सस्तो र सुलभ ढङ्गले विप्रेषण प्राप्त गर्ने तथा लागत घटाउने संयन्त्र निर्माण गरी विप्रेषणको प्राप्ति र परिचालनलाई थप व्यवस्थित गर्नुपर्दछ।

८. **सूचना प्रणालीको एकीकरण -** मन्त्रालय र मातहतका निकायहरूका सेवा प्रवाह, सूचना तथा अभिलेख प्रणालीलाई आधुनिक सूचना प्रणालीसँग आबद्ध गर्न विभिन्न प्रणाली सञ्चालनमा ल्याएको छ। मन्त्रालयले रोजगार सूचना व्यवस्थापन प्रणाली र कल सेन्टर कार्यान्यनमा ल्याएकोमा यो वर्ष युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाले नेपाल रोजगार सूचना व्यवस्थापन प्रणाली र श्रमिक सूचना बैङ्क सञ्चालन गर्न रू.२० करोड ३ लाख बजेट व्यवस्था भएकोमा सफ्टवेर खरिद तथा विकासमा रू.१५ लाख २१ हजार खर्च गरेको छ। त्यस्तै वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवस्थापन प्रणाली सञ्चालन गर्न रू.३३ लाख ६० हजार, वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली, तालिम व्यवस्थापन प्रणाली र रोजगार बजार प्रणाली सञ्चालनमा रू. २५ लाख ५० हजार र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले रू.४ लाख ५९ हजारसमेत रू.७८ लाख ९० हजार खर्च गरेको छ। मन्त्रालय र अन्तर्गतका निकायको सूचना प्रणालीलाई व्यवस्थित, सुरक्षित एवं मितव्ययी समेत बनाउन सञ्चालनमा रहेका प्रणालीलाई स्तरोन्नति गर्दै एकीकृत गर्ने र खर्चमा दोहोरोपना नहुने गरी प्रणाली विकास गर्नुपर्दछ।

९. **संगठन संरचना -** यस मन्त्रालयको लागि २०७४।७५ मा व्यवस्थापन सर्वेक्षण गरी ४४६ जनशक्ति भएको संगठनात्मक संरचना स्वीकृत गरेको देखिन्छ। सार्वजनिक खर्चमा मितव्यीता र छरितो सेवाका लागि कार्यमूलक संगठनको रूपमा विकास गर्न प्रदान गरिने सेवा क्रमशः प्रविधिमा आधारित गराई सूचना प्रविधि प्रणालीमार्फत् प्रवाह हुँदै आएको छ। प्रविधिको प्रयोग पछि चुस्त, छरितो र मितव्ययी सेवा प्रवाहको लागि फेस लेस सेवा उन्मुख हुन हालको दरबन्दी पुनरावलोकन गरिनुपर्दछ।

१०. **नीति पुनरावलोकन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र परिमार्जन गर्ने जिम्मेवारी मन्त्रालयको रहेको र हरेक पाँच वर्षमा नीतिको पुनरावलोकन गरिने उल्लेख छ। मन्त्रालयअन्तर्गत राष्ट्रिय रोजगार नीति, २०७१, वैदेशिक रोजगार नीति, २०६८ लगायतका नीति कार्यान्वयनमा रहेका छन्। मन्त्रालयले वैदेशिक रोजगार नीति, २०६८ को सम्बन्धमा अध्ययन तथा पुनरावलोकन गरी मस्यौदा तयार गरे तापनि अन्य नीतिको समीक्षा भएको देखिएन। समयमै नीति समीक्षा गर्ने र बदलिदो परिस्थितिलाई विचार गरी वैदेशिक तथा आन्तरिक रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्न संघ, प्रदेश र स्थानीय तहबीच नीतिगत साझेदारी हुनुपर्दछ।

११. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। नेपाल सरकार अर्थ मन्त्रालय र स्वीस सरकारबीच भएको सम्झौतामा लेखापरीक्षणको क्षेत्र सीमित गरी क श्रेणीको लेखापरीक्षकबाट हुने गरी सम्झौता गरेको कारण सुरक्षित आप्रवासन परियोजनाको लागि यो वर्ष प्राप्त रू.२७ करोड ८४ लाख १८ हजारको लेखापरीक्षण यस कार्यालयबाट भएको छैन। ऐनको व्यवस्थाबमोजिम सबै खर्चहरूको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनुपर्दछ।

१२. **सीपमूलक तालिम** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३(१) मा वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरिने उल्लेख छ। वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरणअनुसार २०७६।७७ देखि २०७८।७९ सम्म वैदेशिक रोजगारीमा जाने ११ लाख ६६ हजारमध्ये १० हजार १२५ अर्थात् ०.८७ प्रतिशतले मात्र सीपमूलक तालिम लिएको देखिन्छ। बोर्डले वैदेशिक रोजगारीमा जाने कामदारको तालिमसमेतमा उपयोग गर्नुपर्ने रू.५ अर्ब ३५ करोड मुद्दती खातामा राखेको छ। वैदेशिक रोजगारीमा जान चाहनेलाई सीपमूलक तालिम प्रदान गर्नुपर्दछ।

१३. **सिष्टम अडिट -** वैदेशिक रोजगार विभागले कतार प्रहरीमा रोजगारी मागपत्रबारे छानबिन गरी तयार गरेको प्रतिवेदनमा सोसहित अन्य लटहरूमा लजिकल इररका कारण अटोमेटिक एप्रुभ भएको निष्कर्ष निकालेको छ। विभागले सञ्चालन गरेको सिष्टम सञ्चालनमा हुन सक्ने अनियमितता पहिचान गरी नियन्त्रण गर्न नियमित रूपमा विज्ञबाट सिष्टम परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१४. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** देशभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उच्च उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रममा यस वर्षसम्म निम्नानुसार रू.१३ अर्ब २ करोड ४२ लाख खर्च भएको छ।

१४.१. उक्त कार्यक्रममा भएको खर्च, रोजगारीका लागि सूचीकृत संख्या, सहभागी संख्या, औसत रोजगारी दिन र कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको संख्या निम्नानुसार छः

आर्थिक वर्ष	जम्मा खर्च रू.लाखमा	रोजगारी संख्या		औसत रोजगारी दिन	कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह
		सूचीकृत	सहभागी		
२०७५।७६	२२८२५	१३३३०००	१७२२७०	१३	५८४
२०७६।७७	१४३४१	३६९३१३	१०५६२६	१६	५४१
२०७७।७८	३०१५४	७५२४४९	१७९४६९	७७	७०८
२०७८।७९	६२९२२	७०८२४५	१६३७०८	७५	७०६

रोजगारीको अवस्थालाई विश्लेषण गर्दा प्रत्येक वर्ष २ लाखलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने भनिए तापनि सबै स्थानीय तहमा यो कार्यक्रम सञ्चालन नभएको र सूचीकृत सबैलाई न्यूनतम १०० दिन रोजगार उपलब्ध नभएको अवस्था छ।

१४.२. प्रधानमन्त्री रोजगार कार्यक्रम मन्त्रालयको समन्वयमा स्थानीय तहबाट कार्यान्वयन हुँदै आएको छ। सोही प्रकृतिका कार्यक्रमहरू प्रदेश तहमा मुख्य मन्त्री रोजगार कार्यक्रम र केही स्थानीय तहमा मेयर/अध्यक्ष रोजगार कार्यक्रमसमेत सञ्चालन भएको देखिन्छ। कार्यक्रम सञ्चालनको मोडालिटीमा खर्च व्यहोर्ने स्रोतको स्पष्ट खाका तयार गरेको छैन। कार्यक्रम सञ्चालन तथा व्यवस्थान गर्न नेपाल सरकारको स्रोतका अतिरिक्त विश्व बैङ्क ऋण सहयोगबाट सञ्चालित युवा रोजगारीको लागि रुपान्तरण आयोजनालाईसमेत आबद्ध गरेको देखियो।

१४.३. रोजगार व्यवस्थापन सूचना प्रणालीमा रोजगारीसम्बन्धी तथ्याङ्क अद्यावधिक र उपयोग गर्ने नीति रहेकोमा सोसम्बन्धी तथ्याङ्क अद्यावधिक गरेको छैन। उक्त सूचना प्रणालीमा यस वर्ष सूचीकृत ७ लाख ८ हजार २४५ बेरोजगारमध्ये १ लाख ६३ हजार ७०८ ले मात्र रोजगार पाएको देखिन्छ। रोजगार सेवा केन्द्रबाट बेरोजगारको तथ्याङ्क सङ्कलन, पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट थप रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुग्न सकेको देखिँदैन।

कार्यक्रमबाट मूख्यत सडक नाला सफा गर्ने, विद्यालयको खेलमैदान तथा गोरेटो, घोडेटो बाटो निर्माण तथा ससाना पूर्वाधार निर्माण र सरसफाई जस्ता कार्य गरेको देखिँदा उत्पादन वृद्धि र पुँजी वृद्धि हुने खालका काम भएको देखिँदैन। वैदेशिक ऋणबाट उत्पादन वृद्धि र पुँजी निर्माण कार्यक्रम सञ्चालन हुनुपर्नेमा अनुत्पादक कार्यमा खर्च गरेको अवस्था छ। कार्यक्रमको दिगोपना र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने तथा रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र अद्यावधिक गर्नुपर्दछ।

१५. **रोजगार स्थिति** - राष्ट्रिय जनगणना २०७८ अनुसार १० बर्ष वा सोभन्दा बढी उमेरका १ करोड १० लाख ३८ हजार अक्सर आर्थिक रूपले सक्रिय व्यक्तिहरूमध्ये १ करोड २ लाख ७० हजार (९३.०५ प्रतिशत) अक्सर रोजगार र ७ लाख ६८ हजार (६.९५ प्रतिशत) अक्सर बेरोजगार रहेका छन्। आर्थिक रूपमा काम गरेका जनसंख्यामध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यमा दक्ष कामदार ५०.१ प्रतिशत, सामान्य वा प्राथमिक पेशाका कामदार २३ प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु ५.८ प्रतिशत, शिल्पकला तथा कालिगढ र यससम्बन्धी व्यापार गर्ने कामदारहरु ५.६ प्रतिशत र व्यवस्थापक ५.१ प्रतिशत रहेका छन् । मन्त्रालयले बेरोजगार एवं विभिन्न क्षेत्रमा कार्यगर्ने जनशक्तिको दक्षता विकास हुने गरी तालिमलगायतका कार्यक्रम सञ्चालन गरी आर्थिक रूपमा सक्रिय जनशक्तिलाई रोजगारीको सुनिश्चिताको लागि पहल गर्नुपर्दछ ।

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना

विश्व बैङ्कको १२० मिलियन अमेरिकी डलर ऋण सहयोगमा सञ्चालित यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध भई रोजगारीको अवसर सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षितवर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ। यो आयोजना २७ नोभेम्बर २०१९ देखि कार्यान्वयनमा रहेको छ।

१६. **आयोजना कार्यान्वयन** - आयोजनाको ५ बर्षे अवधिमा विश्व बैङ्कको ऋण सहयोगबाट रू.१३ अर्ब ६८ करोड ९६ लाख खर्च हुने उल्लेख भएकोमा आयोजना शुरु भएको ३ वर्षसम्म रू.५ अर्ब ८७ करोड ६५ लाख अर्थात् ४३ प्रतिशत खर्च भएकोमा आयोजनाको समग्र भौतिक प्रगति तयार गरेको छैन।

वैदेशिक ऋण सहयोगबाट प्राप्त रकम वर्षको न्यूनतम १०० दिन रोजगारी उपलब्ध गराउने कार्यमा केन्द्रित रहेको र आयोजना अवधिमा ५९ हजार ५०० लाई कार्यस्थलमा आधारित तालिम उपलब्ध गराउने मुख्य कार्य शुरु नभएको अवस्थामा प्राप्त ऋण राष्ट्रिय आवश्यकता र प्राथमिकतामा केन्द्रित हुने गरी आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

१७. **समीक्षा गोष्ठी खर्च -** आयोजना व्यवस्थापन एकाइको लागि यस वर्ष विशेषज्ञ सेवा खरिद, अर्धवार्षिक र वार्षिक समीक्षा गोष्ठी, २० हजारजनालाई कार्यस्थलमा आधारित तालिम, स्थानीय तहको रणनीतिक योजना तर्जुमा अनुदान, सरकारी सूचना प्रणालीमा आबद्धता, प्रशिक्षक प्रशिक्षणको मोड्युल निर्माण लगायतका कार्यक्रम सञ्चालन गर्न रू.८४ करोड ४१ लाख ९१ हजार बजेट स्वीकृत गरेकोमा सूचना प्रकाशन, विशेषज्ञ सेवा, समीक्षा गोष्ठीबाहेक अन्य क्रियाकलाप हुन सकेको देखिएन। आयोजनाको मुख्य कार्य नभएको र ऋणबाट प्राप्त रकम होटल तथा रेष्टुरेन्टमा वार्षिक तथा अर्धवार्षिक समीक्षा गोष्ठी गरी रू.१ करोड ८४ लाख २३ हजार खर्च गरेको उचित देखिएन। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। आयोजनाले मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने, आयोजनाको लेखापरीक्षण र वित्तीय अनुगमनमा सहयोग गर्ने, खरिद योजना तयार गर्ने, खरिदसम्बन्धी कागजात तयार गर्ने, लेखापरीक्षणका लागि आवश्यक अभिलेख र कागजात सुरक्षित राख्ने लगायतका कार्यको लागि खरिद र वित्तीय विज्ञ नियुक्ति गरी रू.५१ लाख ५२ हजार र विभिन्न ५ व्यक्तिगत परामर्शदातालाई लागि रू.८७ लाख ३३ हजार खर्च गरेको छ। आयोजना कार्यान्वयन, अनुगमन मूल्याङ्कन, खरिद, लेखालगायतका कार्य कार्यालयकै जनशक्तिबाट नगराई परामर्श सेवाबाट गराउँदा लागत बढ्ने तथा उपलब्ध जनशक्तिको पूर्ण उपयोग नभई दक्षता अभिवृद्धिमा असर पर्ने हुँदा यस प्रकारको परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग

देशभित्र श्रम सम्बन्धको विकास, श्रमिक हक हित प्रवर्द्धन, आन्तरिक श्रम बजार सर्वेक्षण, श्रमसम्बन्धी विषयमा राय प्रतिक्रिया उपलब्ध गराउने, श्रमसम्बन्धी तथ्याङ्क एवं सूचनाहरू उपलब्ध गराउनेलगायतका श्रम प्रशासनसम्बन्धी कार्य गर्दै आएको छ।

१९. **श्रम दक्षता प्रतिस्थापन -** स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धी, दक्ष एवं सीपयुक्त जनशक्तिको उत्पादन तथा रोजगारका अवसर सिर्जना गर्ने विभागको दूरगामी सोच रहेको छ। विभागले यस वर्ष ५१ देशका १ हजार ८७ गैरनेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरेको र ५५ देशका १ हजार ३९८ को श्रम स्वीकृति नवीकरण गरेको छ। श्रम स्वीकृति प्रदान गर्दा प्रतिस्थापन योजना पेस गर्ने व्यवस्था गरे पनि कार्यान्वयन अवस्था र श्रम स्वीकृत नलिने वा नवीकरण नगराउनेको सम्बन्धमा अनुगमन नगरेको तथा श्रम बजारको मागअनुसार श्रमिकको सीप र दक्षता अभिवृद्धि गर्ने क्रियाकलाप सञ्चालन गरेको छैन।

२०. **उजुरी -** श्रम नियमावली, २०७५ को नियम १६२ मा कुनै व्यक्ति तथा रोजगारदाता, श्रमिक वा पदाधिकारीले नियमविपरीत कार्य गरेमा सो कार्यबाट मर्का पर्ने पक्षले उजुरी दिनसक्ने व्यवस्था छ।

विभाग र मातहत कार्यालयमा यस वर्ष ७५२ उजुरी परेकोमा कार्यान्वयनको अवस्था खुलाएको छैन। प्रगती विवरणमा श्रम अदालतबाट कार्यान्वयनको लागि प्राप्त ४२ फैसलामध्ये १३ कार्यान्वयन भई २९ बाँकी रहेको देखिन्छ। उजुरी फरफारख र फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२१. **श्रम आपूर्तिकर्ता व्यवस्थापन** -विभाग र मातहत कार्यालयहरूले श्रम आपूर्तिकर्ताको दर्ता, नवीकरण तथा अनुगमन गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार २०७७।७८ सम्म ३१६ श्रमिक आपूर्तिकर्ता रहेकोमा २०७८।७९ मा २१२ नवीकरण तथा नयाँ दर्ता ३६ समेत २४८ वैध रूपमा सञ्चालन भएका र १०४ ले नवीकरण गराएको देखिएन। विभागमा यससम्बन्धी अद्यावधिक अभिलेख नभएको र अनुगमनसमेत गरेको नदेखिएकोले यसमा सुधार गर्नुपर्दछ।

२२. **श्रम अडिट** - श्रम नियमावली, २०७५ को नियम ५६ मा श्रम ऐन तथा नियमावलीबमोजिम काम कारबाही भए नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र आफ्नो प्रतिष्ठानको सम्बन्धमा मन्त्रालयले तोकेको मापदण्डबमोजिम प्रतिष्ठानको आफ्नै व्यवस्थापकीय तहको श्रमिक वा श्रम क्षेत्रसँग सम्बद्ध अन्य कुनै व्यक्ति वा संस्थामार्फत् श्रम अडिट गराउने व्यवस्था छ। विभागले श्रम अडिटलाई प्रभावकारी बनाउन ५ हजार प्रतिष्ठानको अडिट प्रतिवेदन सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेकोमा २ हजार ११९ को मात्र प्रतिवेदन प्राप्त गरेको छ। नियममा बाध्यकारी व्यवस्था नभएकोले श्रम अडिट प्रभावकारी हुन सकेको छैन। श्रम अडिट अनिवार्य गरी प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

२३. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य** - श्रम नियमावली, २०७५ अनुसार विभागले यस वर्ष व्यवसायजन्य सुरक्षा तथा श्रम मापदण्ड पालना भए नभएको सम्बन्धमा २ हजार ६९९ प्रतिष्ठानको निरीक्षण गरेको छ। निरीक्षण गर्दा कार्यस्थलको लागि अधिकतम् ध्वनि मापनका लागि स्तर मापदण्ड, २०७३ पालना गरे नगरेको समेत अनुगमन गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यको लागि कार्यस्थलको प्रकाश तथा ध्वनि मापनका लागि आवश्यक उपकरण प्रयोग गरी अवस्था विश्लेषण गर्नुपर्नेमा उपकरणको प्रयोग नभएको, तापक्रमसम्बन्धी मापदण्ड तयार नभएको, निरीक्षणको लागि विभाग र मातहत कार्यालयको लागि १८ निरीक्षकको दरबन्दीमा ११ कार्यरत रहेको स्थिति छ। निरीक्षणबाट व्यवसायजन्य सुरक्षा तथा श्रम समिति गठन नगरेको, व्यवसायजन्य सुरक्षा तथा श्रम नीति नबनाएको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, मेसिन औजारहरूमा उपयुक्त सुरक्षाबार नरहेको, सुरक्षा हेल्मेट, पन्जा तथा अन्य सामान उपलब्ध नगराएको, सामाजिक सुरक्षा कोषलगायत श्रमिक हितमा कोष नराखेको लगायत स्वास्थ तथा सुरक्षासम्बन्धी व्यवस्था पालना नगरेकोले सुधार गर्नुपर्ने व्यहोरा औँल्याई प्रतिवेदन दिएकोमा सोको कार्यान्वयन भएको छैन। निरीक्षणको लागि आवश्यक जनशक्ति, स्रोत साधनको व्यवस्था गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागले वैदेशिक रोजगार अनुमति दिने, अनुमति नवीकरण गर्ने, अनुगमन गर्ने, वैदेशिक रोजगारीको सम्बन्धमा परेका उजुरीको आवश्यक जाँचबुझ गर्ने गराउने र क्षतिपूर्ति भराउने लगायतका कार्य गर्दै आएको छ ।

२४. **वैदेशिक रोजगारको स्थिति** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ। यस

वर्षसम्म संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा वैदेशिक रोजगारको लागि पठाउन/जान खुला गरेकोमा हाल इराक, लिबिया र युक्रेनमा रोक्का गरेको उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार रोजगारीका लागि खुला गरिएका देशमध्ये १० देशसँग मात्र श्रम सम्झौता भएको छ। वैदेशिक रोजगारीमा गएका मध्ये २८.१७ प्रतिशत कामदार गएको साउदी अरेबियासँग श्रम सम्झौता भएको छैन। वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित, मर्यादित तथा श्रमिकको हित अनुकूल बनाउन रोजगारी खुला गरिएका देशसँग श्रम सम्झौताको प्रक्रिया अघि बढाउनुपर्दछ।

२५. **कामदारको प्रकृति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३० मा सीपमूलक तालिम आवश्यक पर्ने काम गर्न वैदेशिक रोजगारीमा जाने कामदारले नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट तालिम लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारीका लागि विगत पाँच वर्षमा गएका २२ लाख ८८ हजार २६ मध्ये पाँच वर्षको औसत प्रवृत्तिलाई विश्लेषण गर्दा उच्च दक्षतायुक्त ०.०३ प्रतिशत, पेशाविद् ०.१३ प्रतिशत, अर्धदक्ष, ८.७५ प्रतिशत, दक्ष ३६.५१ प्रतिशत र अदक्ष कामदार ५४.५८ प्रतिशत रहेका छन्। विगतको तुलनामा दक्ष कामदारको संख्यामा वृद्धि भए तापनि अदक्ष कामदारको संख्या उच्च रहेको छ। दक्ष जनशक्ति उत्पादनमा थप ध्यान दिनुपर्दछ।

२६. **निःशुल्क भिसा र टिकट -** श्रम तथा रोजगार मन्त्रालयले २०७२।३।२१ मा कतार, साउदी अरब, मलेसिया, ओमन, बहराइन, कुबेत र युएईसमेत ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारहरूको भिसा तथा टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय गरेको थियो। सर्वोच्च अदालतले २०७५।९।१८ मा उल्लिखित निर्णय प्रभावकारी ढङ्गले लागू गर्न निर्देशनात्मक आदेश जारी गरेको छ। ती देशहरूमा २०७२।७३ देखि २०७८।७९ सम्म ३३ लाख ९४ हजार रोजगारीको लागि गएको देखिन्छ। वैदेशिक रोजगारीमा गएर ठगिएका व्यक्तिहरूबाट विभागमा परेको उजुरी विश्लेशण गर्दा इजाजतवालाहरूले चर्को शुल्क लिइरहेको देखिन्छ। उक्त निर्णयको कार्यान्वयन गर्नुपर्दछ।

२७. **उजुरी फरफरक र अभिलेख -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ मा कुनै इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा इजाजतपत्रवालाले कुनै झुटो आश्वासन दिई वा प्रलोभन देखाई रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजतपत्रवालालाई तीनदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने र इजाजतपत्रसमेत रद्द हुने व्यवस्था छ। विभागले ऐनको उक्त दफा आकर्षित हुने कसुर गर्ने इजाजतपत्रवालालाई अनुसन्धान गरी अदालतमा पेस गर्नुपर्नेमा ऐनको दफा ५१ र ५३ अनुसार बिगो भराउने र जरिबाना गर्ने कारबाहीमात्र गरेको छ। विभागले २०७७।७८ भन्दा अघि कारबाही गरेको अभिलेख डिजिटलाइज नगरेकोले पटके कसुरदाताको सम्बन्धमा जानकारी हुनेसक्ने देखिएन। कसुर अनुसारको कारबाही र सोको व्यवस्थित अभिलेख राखी वैदेशिक रोजगारीको क्षेत्रमा हुने गरेको गलत क्रियाकलापलाई निरुत्साहित गर्नुपर्दछ।

२८. **शैक्षिक परामर्श तथा भाषा शिक्षण -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा इजाजतपत्र बेगर वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था छ। वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजतपत्र नलिएका तर शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणको अनुमति लिएका ३ परामर्शदाताले यो वर्ष १८३ जनाबाट रू.५९ करोड ५६ लाख ठगी गरेको विभागबाट प्राप्त विवरणमा उल्लेख छ।

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणको नियमन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुँदै आएकोमा निकायगत समन्वय गरी यस्ता निकायबाट हुने गलत क्रियाकलाप नियन्त्रण गर्नुपर्दछ।

व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान

श्रम बजारमा सीपमूलक जनशक्ति उपलब्ध गराउने उद्देश्यले रोजगारमुखी अल्पकालीन सीपमूलक तालिम प्रदान गर्न प्रतिष्ठानको स्थापना भएको हो।

२९. **स्वायत्त निकाय गठन -** व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, ललितपुर लगायत ३ तालिम केन्द्र संघ र बाँकी प्रदेश सरकार मातहत रहने गरी पुनर्संरचना भएको छ। संघ, प्रदेश र स्थानीयस्तरसम्म व्यवसायिक तथा सीप विकास क्रियाकलापमा एकरूपता र गुणस्तर कायम हुन सकेको देखिँदैन। यसको लगि पाठ्यक्रम विकास, प्रशिक्षक प्रशिक्षण, व्यवसायिक तथा सीप विकाससम्बन्धी अध्ययन अनुसन्धान र नीति तर्जुमालगायतका कार्य गर्न एक राष्ट्रियस्तरको स्वशासित र स्वायत्त निकाय गठन गर्नुपर्ने देखिन्छ।

३०. **प्रशिक्षार्थी छनौट -** प्रतिष्ठानबाट यो वर्ष ६ हजार ६० लाई विभिन्न २८ प्रकारका सीपमूलक तालिम सञ्चालन गर्न रू.१३ करोड ७५ लाख ४० हजार बजेट व्यवस्था भएकोमा आन्तरिक र बाह्य तालिम प्रदायकबाटसमेत ५ हजार ९२० जनालाई २० प्रकारका सीपमूलक तालिम प्रदान गरी रू.१० करोड ९४ लाख ५२ हजार खर्च गरेको छ। बाह्य सेवा प्रदायकबाट प्रदान गर्ने तालिमको लागि प्रशिक्षार्थी छनौटको जिम्मेवारीसमेत सोही संस्थालाई प्रदान गर्दा प्रशिक्षार्थी छनौटमा दोहोरोपना हुन सक्ने, अनुगमन कार्य प्रभावकारी नहुने र तालिम प्रदायक संस्थाबाट सशुल्क तालिम प्रदान गरेकोसमेत समावेश हुन सक्ने देखिन्छ। यसमा सुधार गर्नुपर्दछ।

३१. **तालिमको अभिलेख -** प्रतिष्ठानले सञ्चालन गरेको तालिम र सोको अवधि, तालिम प्रदान गर्ने संस्था तालिममा सहभागी हुनेको नाम, सीप परीक्षणको स्थिति लगायतका जानकारी खुल्ने गरी डाटाबेस बनाउनु पर्दछ। तालिम प्रदायक र तालिम प्राप्त गर्ने प्रशिक्षार्थीको सम्बन्धमा दूर अनुगमन गर्न, तालिम प्रदायकबाट प्रशिक्षार्थी छनौटलगायतका क्रियाकलापमा पारदर्शिता कायम गर्न यस्तो अभिलेख अद्यावधिक गरी प्रतिष्ठानको वेभ साइटबाट प्रकाशन गर्नुपर्दछ।

३२. **सीप परीक्षण -** प्रतिष्ठानले बाह्य तालिम प्रदायक संस्थाबाट प्रदान गरेका ३६० घण्टा बराबर वा सो भन्दा बढी अवधिको तालिममा अनिवार्य सीप परीक्षणको व्यवस्था गरेको छ। यो वर्ष बाह्य तालिम प्रदायक संस्थाबाट ४ हजार ३०० लाई तालिम प्रदान गरी रू.४ करोड ८८ लाख ४९ हजार खर्च गरेकोमा कुनै पनि तालिममा सीप परीक्षण गरेको पाइएन। परामर्शदातामार्फत् २०७३।७४ देखि २०७७।७८ सम्म गरेको तालिमको प्रभाव मूल्याङ्कनअनुसार ३ हजार ७४ लाई तालिम प्रदान गरेकोमा सीप परीक्षण नभएको र रोजगारीका लागि यस्तो प्रमाणपत्र माग हुने गरेको उल्लेख छ। अतः तालिमको प्रभाकारिता कायम गर्न सीप परीक्षणको अनिवार्य व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

३३. **तालिमको प्रभावकारिता -** प्रतिष्ठानबाट तालिम प्राप्त जनशक्तिले रोजगार प्राप्त गरे वा स्वरोजगार भएको अवस्थामा तालिम प्रभावकारी हुन सक्दछ। प्रतिष्ठानले २०७३।७४ देखि २०७७।७८ सम्म प्रदान गरेको तालिमको प्रभावकारिता मूल्याङ्कन गराएकोमा सो अवधिमा तालिम प्राप्त गर्ने १८ प्रतिशत स्वरोजगार, ६६ प्रतिशत पूर्ण वा आंशिक रोजगार र १६ प्रतिशत बेरोजगार रहेको उल्लेख छ।

प्रतिवेदनमा तालिम सामग्रीको उपलब्धता कमजोर रहेको, तालिम प्रशिक्षक, व्यवहारिक ज्ञान, प्रशिक्षण अवधि र प्रशिक्षण विधि औसत रहेको, व्यवसायिक तथा सीप विकास तालिमको राष्ट्रिय नीति तथा कानूनको अभाव, बजारको मागअनुसार तालिमको पाठ्यक्रम तथा कार्यविधि अद्यावधिक नरहेको, सीप परीक्षण र प्रमाणीकरण नभएको, तालिमको अनुगमन कमजोर रहेको, तालिमसम्बन्धी विज्ञ जनशक्ति नभएको, प्रशिक्षार्थी छनोटमा तालिम प्रदायक संस्था हावी भएको, तालिम प्राप्त गर्नेको अभिलेख व्यवस्थित नभएको, तालिम पश्चात् रोजगारीको लागि सहयोग र समन्वय नभएको अवस्थाले तालिमको प्रभावकारितामा असर परेको उल्लेख छ। उल्लिखित विषयमा सुधार गरी तालिमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

अन्य संस्था

सामाजिक सुरक्षा कोष

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार जम्मा भएको रकम र राष्ट्रिय स्तरको कल्याणकारी कोषबाट प्राप्त रकम व्यवस्थापन गर्ने गरेको छ। कोषको लागि यो वर्ष रू.२२ करोड ५१ लाख ७५हजार बजेट व्यवस्था भएकोमा रू.१३ करोड २८ लाख ८२ हजार (५९.०१%) खर्च भएको छ। कोषको रू.५४ अर्ब ६७ करोड २ लाख ३२ हजारको सम्पत्ति तथा दायित्व रहेको छ।

३४. **लगानीको अवस्था** - सामाजिक सुरक्षा कोष लगानी कार्यविधि २०७७ मा कोषले सरकारी ऋणपत्र, मुद्दती निक्षेप, शेयर, डिबेन्चर, म्युचुअल फण्ड, स्थिर सम्पत्ति, योगदानकर्ता सापटी आदिमा लगानी गर्ने व्यवस्था छ। यो वर्षको अन्त्यमा २७ बैङ्कको मुद्दती निक्षेपमा रू.४९ अर्ब ७७ करोड ८६ लाख ५० हजार तथा १७ बैङ्कको डिबेन्चरमा रू.१ अर्ब ९० करोड ४९ लाख २ हजारसमेत रू.५१ अर्ब ६८ करोड ३५ लाख ५२ हजार निक्षेप र लगानी रहेको छ । कोषसँग रू.७ अर्ब ८९ करोड ७३ लाख ६३ हजार नगद तथा नगद जन्य सम्पत्ति रहेको छ। हाल बजारमा तरलता न्यूनताका कारणले वित्तीय संस्थाहरूले निक्षेपमा प्रदान गर्ने ब्याजदर बढिरहेको परिप्रेक्षमा निक्षेपको सुरक्षासमेतलाई ध्यान दिई कोषको रकम अल्पकालीन तथा दीर्घकालीन कार्ययोजना बनाई लगानी विविधीकरण गर्नुपर्दछ।

३५. **दाबी भुक्तानी** - सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ मा योगदानकर्ताहरुलाई औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा असक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धअवस्था सुरक्षा योजना जस्ता सामाजिक सुरक्षा प्रदान गर्ने उल्लेख छ। यस वर्ष औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनातर्फ रू.३९ करोड २४ लाख ८ हजार सङ्कलन भएकोमा रू.१७ करोड ५० लाख ३९ हजार दाबी भुक्तानी भएको छ। दुर्घटना तथा असक्तता सुरक्षा योजनाअन्तर्गत रू.५४ करोड ९३ लाख ७१ हजार सङ्कलन भएकोमा रू.१ करोड ८७ लाख ८६ हजार दाबी भुक्तानी भएको छ । आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत रू.१० करोड ५९ लाख ४७ हजार सङ्कलन भएकोमा रू.३ करोड २३ लाख १४ हजार दाबी भुक्तानी भएको छ । वृद्धअवस्था सुरक्षा योजनाअन्तर्गत रू.११ अर्ब ५७ करोड ४७ लाख २२ हजार सङ्कलन भएकोमा रू.१ अर्ब २७ करोड ५५ लाख ५२ हजार दाबी भुक्तानी गरेको छ। कोषले योगदानकर्ताहरुलाई सरल प्रक्रियामार्फत् दाबी भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ।

३६. **कार्यक्रममा सूचीकरण** - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन २०७५।७।२६ मा राजपत्रमा सूचना प्रकाशन गरी पटक पटक म्याद थप भएको छ। सामाजिक सुरक्षाकोषले २०७८।७९ सम्म ३ लाख ४६ हजार ७४४ श्रमिक

र १७ हजार १९२ रोजगारदातालाई सूचीकृत गराएको छ। औपचारिक क्षेत्रमध्ये बैङ्क तथा वित्तीय संस्था सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुन बाँकी रहेका छन्। औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई कोषमा आवद्ध गराउन प्रोत्साहन गर्नुपर्दछ।

३७. **जनशक्ति व्यवस्थापन** - योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७४ को नियम २८ मा कोषको केन्द्रीय कार्यालय र आवश्यकताअनुसार शाखा कार्यालय खोल्न सक्ने उल्लेख छ। यस कोषमा ११० स्थायी र १६ अस्थायी दरबन्दी स्वीकृत भएकोमा क्रमशः ४५ र १६ कार्यरत रहेका छन्। दरबन्दीबमोजिम कर्मचारी नहुँदा समयमा बैङ्क हिसाब भिडान हुन नसकेको र कोषको सेवा प्रवाहमा समेत असर परेको देखिन्छ। दरबन्दीअनुसार पदपूर्ति गर्नुपर्दछ।

३८. **बीमाङ्कीय मूल्याङ्कन** - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ३६ मा कोषको समितिले प्रत्येक तीन वर्षमा बीमाङ्कीद्वारा कोषको आर्थिक स्थिति, सम्पति, दायित्व तथा वित्तीय स्थिति सम्बन्धमा बीमाङ्कीय मूल्याङ्कन गराउनुपर्ने व्यवस्था छ। कोषले अन्तर्राष्ट्रिय श्रम संगठनबाट गरेको बीमाङ्कीय मूल्याङ्कनअनुसार सम्पूर्ण स्किमको सन् २०२१-२०२२ मा १.९६ प्रतिशत नाफा प्राप्त हुने प्रक्षेपण गरे तापनि सम्पत्ति तथा दायित्वको बीमाङ्कीय मूल्याङ्कन गराएको छैन। नियमानुसार आर्थिक स्थिति, सम्पत्ति, दायित्व तथा वित्तीय स्थितिको बीमाङ्कीय मूल्याङ्कन हुनुपर्दछ।

३९. **एकीकृत सूचना प्रणाली** - कोषमा आबद्ध हुने योगदानकर्ताको संख्या र कारोबारमा भएको वृद्धिसँगै कोषले प्रयोगमा ल्याएको सामाजिक सुरक्षा एकीकृत सूचना प्रणाली सञ्चालनमा चुस्त र सुरक्षित हुनु पर्नेमा राष्ट्रिय सूचना प्रविधि केन्द्रको डाटा सेन्टरमा रहेका सर्भरमा दिइएको इन्टरनेट कनेक्सनको फेलओभर स्विचिङ्ग स्वचालित नभएकोले सेवा प्रवाहमा ढिलाइ हुन गएको छ। योगदानकर्ता र कारोबारमा वृद्धिसँगै जटिलता थपिँदा प्रणालीको तथ्याङ्क सुरक्षामा समेत असर पर्ने देखिएकोले उक्त सूचना प्रणालीको सुरक्षा र छरितोपना कायम गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण गर्ने उद्देश्यले २०६५ सालमा वैदेशिक रोजगार बोर्डको गठन भएको हो।

४०. **कार्यसम्पादन** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ अनुसार श्रम स्वीकृति लिई गएका श्रमिकका लागि बोर्डले विभिन्न कल्याणकारी कार्यहरू गर्दै आएको छ। यो वर्ष त्यसप्रकारका कार्यमा रू.९९ करोड ७७ लाख ९६ हजार खर्च गरेको छ। वैदेशिक रोजगारको क्रममा मृत्यु र अङ्गभङ्ग हुनेको संख्या गत वर्ष क्रमश १ हजार २४२ र १४३ रहेकोमा, यो वर्ष क्रमशः १ हजार ४७९ र २४५ पुगेको, वैदेशिक रोजगारको क्रममा गम्भीर बिरामी भएका तथा विभिन्न कानूनी कारबाही र परिबन्दमा परेका नागरिकको उपचार र कानूनी प्रतिरक्षासम्बन्धी कार्य हुन नसकेको, बीमा दाबी भुक्तानीमा समस्या, बोर्डबाट प्रदान हुने कल्याणकारी कार्यको सम्बन्धमा पर्याप्त प्रचार-प्रसार हुन नसकेको अवस्था छ। त्यसैगरी वैदेशिक रोजगारको क्षेत्रमा हुने ठगीमा समेत अपेक्षित सुधार हुन सकेको छैन।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३९ मा बोर्डको काम कर्तव्य अधिकार उल्लेख छ। बोर्डले वैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन बाहेक अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने,

नयाँ श्रम बजारको खोजी गर्ने, फर्किएका कामदारको सीप, पुँजी र सिकेको प्रविधि उपयोग गरी राष्ट्र हितमा लगाउने, वैदेशिक रोजगार व्यवसाय सञ्चालन र अभिमुखीकरण तालिम दिन इजाजत प्राप्त संस्थाको अनुगमन लगायतका कार्य हुन सकेको छैन। कार्य योजना बनाई तोकिएका कार्य सम्पादन गर्नुपर्दछ।

४१. **आप्रवासन स्रोत केन्द्र -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २६ मा वैदेशिक रोजगारसँग सम्बन्धित सूचना तथा जानकारीमूलक सामग्री तयार गर्ने, सूचना सङ्कलन, प्रशोधन, विश्लेषण गर्ने उद्देश्यले कास्की, रुपन्देही, दाङ, बाँकेलगायत ८ जिल्लामा आप्रवासी स्रोत केन्द्र सञ्चालन गरेको छ। ती केन्द्रमा वैदेशिक रोजगारीसँग सम्बन्धित १९ हजार ६५६ गुनासो प्राप्त भएकोमा ६ हजार मात्र सम्बोधन भएको देखिन्छ। वैदेशिक रोजगारसँग सम्बन्धित गुनासोको समयमै सम्बोधन गरी केन्द्रबाट उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ।

राष्ट्रियस्तरको कल्याणकारी कोष

बोनस ऐन, २०३० को दफा १३ मा बोनसबापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको ३० प्रतिशत रकम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा पठाउने व्यवस्थाअनुसार गठित यस कोषमा यो वर्ष रू.१ अर्ब ३१ करोड रकम प्राप्त भई गत वर्षको मौज्दातसमेत रू.१ अर्ब ३२ करोड ७० लाख सामाजिक सुरक्षा कोषमा पठाएको छ।

४२. **अनुगमन** - यो वर्षको रू.१ अर्ब ३१ करोडसमेत राष्ट्रिय स्तरको कल्याणकारी कोषमा हालसम्म रू.२३ अर्ब ७७ करोड स्वेच्छिक रूपमा विभिन्न प्रतिष्ठानबाट प्राप्त भएको देखिन्छ। रोजगारदाताले कोषमा पठाउनुपर्ने रकम पठाए नपठाएको अनुगमन हुने गरेको छैन। अन्तरनिकाय आबद्धता कायम गरी सबै प्रतिष्ठानले ऐनबमोजिमको रकम अनिवार्य रूपमा कोषमा पठाउनुपर्ने र पठाए नपठाएको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, सामाजिक सुरक्षा कोषको रकम उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च गर्नुपर्ने, उद्यमशीलता तथा रोजगारी सम्बन्धी तालिम, कार्यक्रमको प्रगति न्यून देखिएको, स्वास्थ्य सुरक्षा नीति बनाई पेस गर्नुपर्ने व्यवस्था पालना नगरेको लगायतका व्यहोरा औँल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १६ निकायमा रू.१ करोड ८ लाख ३१ हजार बेरुजू देखिएकोमा फस्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्थातर्फ ३ निकायमा रू.५ करोड ७ लाख २० हजार बेरुजू देखिएकोमा फस्यौट नगरेकोले बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२ करोड ५६ लाख ३७ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, फोहोरमैला व्यवस्थापन, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन गर्ने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत १०२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ९८ कार्यालयको निम्नानुसार रू.१७ अर्ब ८२ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
९२०५६	१०५६	१५९६०	६९१७६	१७८२४८

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र स्थानीय तहमा निकासा भएको रू.१ अर्ब २६ करोड ९७ लाख समावेश छैन। अन्य मन्त्रालयबाट प्राप्त रू.७० करोड २८ लाख तथा मन्त्रालय मातहतको जिल्ला समन्वय समिति, धनुषाको २०७७।७८ को लेखापरीक्षण बक्यौता रू.२ करोड समावेश छ।

२. **संगठित, अन्य संस्था र समिति -** यो वर्ष ४ संस्थाको रू.४ अर्ब ८ करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **नीति तथा कार्यक्रम कार्यान्वयन -** नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका विषय कार्यान्वयन गरी उपलब्धि हासिल गर्नुपर्दछ। मन्त्रालयका लागि यो वर्ष ४४ क्रियाकलाप तोकिएकोमा १५ सम्पन्न भई २९ चालु अवस्थामा रहेको देखिन्छ। त्यसैगरी ९५ माइलस्टोनमध्ये ४६ सम्पन्न भएको, ४४ चालु अवस्थामा रहेको र ५ शुरु नै नभएको स्थिति छ। राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमअनुसार २०७८।७९ मा मन्त्रालयका लागि सूचकसहित २२ लक्ष्य तोकिएकोमा ३ सूचकमा लक्ष्यअनुसार प्रगति भए तापनि स्थानीय तहको क्षमता विकास योजना निर्माण, स्थानीय तहको राजस्व परिचालन कार्ययोजना तर्जुमा, स्थानीय सडक पुल निर्माण, ग्रामीण सडक कालोपत्रे गर्ने लगायतका १७ सूचकमा लक्ष्यअनुसार उपलब्धि हासिल हुन नसकेको र २ सूचकको विवरण प्राप्त नभएको अवस्था छ। नीति तथा कार्यक्रमअनुसार कार्यक्रम सञ्चालन गर्न संस्थागत, संरचनागत व्यवस्थासहित जिम्मेवारी र जवाफदेहिता तोकी लक्षित उपलब्धि हासिल गर्ने गरी सञ्चालन गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका विषयमध्ये संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानीमा स्थानीय तहको केन्द्रलाई आगामी तीन वर्षभित्र सम्बन्धित राष्ट्रिय राजमार्गमा जोड्ने कार्यक्रमअन्तर्गत साझेदारसँग सम्झौता नभएको कारण ७३० झोलुङ्गे पुल निर्माण

सम्पन्न गर्नुपर्नेमा ५९४ मात्र सम्पन्न भएको, दुईवर्षभित्र सबै स्थानीय तहका प्रशासनिक भवन र यस वर्ष ७० भवन निर्माण सम्पन्न गर्नुपर्नेमा ५० भवनको मात्र निर्माण कार्य शुरु भएको, स्थानीय सरकार सञ्चालन ऐन र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा सामयिक संशोधन गरिने उल्लेख भएकोमा संशोधन नभएको, उच्च हिमाली क्षेत्रमा छरिएर रहेका घरपरिवारलाई एकीकृत बस्तीको रूपमा विकास गर्न नमूना एकीकृत बस्ती निर्माणको प्रारम्भ गरिने उल्लेख भएकोमा सो कार्यको लागि ८ स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको देखिन्छ। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

५. **एकीकृत वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको केन्द्रीय वित्तीय विवरण अनुसार रू.९ अर्ब ७६ करोड २७ लाख खर्च देखिएकोमा सो विवरणमा वस्तुगत सहायता, प्राविधिक सहायता र अन्य सहायताको निकासा, खर्च समावेश गरेको छैन। त्यसैगरी कार्यसञ्चालन कोष र अन्य कारोबारको एकीकृत वित्तीय विवरण तयार गरेको छैन। मन्त्रालयले प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम कार्यान्वयन गर्न संयुक्त राष्ट्र संघीय विकास कोषबाट अमेरिकी डलर २७ लाख ७९ हजार ५५६ प्राप्त गरी खर्च गरेकोमा सो कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइएन। कारोबारको यथार्थ स्थिति चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

६. **बजेट खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा केन्द्रीय निकायले योजना आयोगको मार्गदर्शन बमोजिम आफ्नो कार्यालय वा निकायको उद्देश्यअनुरूपको लक्ष्य निर्धारण गरी सोको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको लागि यो वर्ष रू.१८ अर्ब ९५ करोड ६५ लाख बजेट विनियोजन भएकोमा रू.९ अर्ब ६७ करोड १५ लाख खर्च भएको छ। यो वर्ष चालुतर्फ शुरु बजेटको तुलनामा रू.९६ करोड ८६ लाख (१४.९० प्रतिशत) घटी र पुँजीगत तर्फ रू.५१ करोड ६५ लाख (४.१४ प्रतिशत) बढी खुद बजेट कायम भएको छ। कायम बजेटमध्ये चालुतर्फ ५६.९९ प्रतिशत र पुँजीगततर्फ ५०.२५ प्रतिशत मात्र खर्च भएकोले बजेट तर्जुमा, बजेट विनियोजन र कार्यक्रम यथार्थपरक बनाई कार्यान्वयन गर्नुपर्दछ।

७. **वैदेशिक अनुदान** - मन्त्रालयले उपलब्ध गराएको एकीकृत वित्तीय विवरणअनुसार यस वर्ष चालुतर्फ स्वीट्जरल्याण्ड-एस.डी.सी.बाट रू.४ करोड ७ लाख, साना विकास आयोजना सञ्चालन गर्न भारत सरकारबाट रू.४८ करोड, उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर कार्यक्रम सञ्चालन गर्न चीन सरकारबाट रू.२ अर्ब नगद अनुदान प्राप्त हुने गरी बजेट तर्जुमा भएकोमा उक्त रकम प्राप्त भएको देखिएन। त्यसैगरी पुँजीगततर्फ स्वीटजरल्याण्ड एस.डी.सी.बाट रू.६९ करोड ४० लाख नगद अनुदान प्राप्त हुने उल्लेख भएकोमा प्राप्त भएको देखिएन। विकास साझेदारबाट प्राप्त हुने अनुदान प्राप्त गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

८. **प्राविधिक तथा अन्य सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष युरोपियन युनियन, संयुक्त अधिराज्य, जापान, संयुक्त राष्ट्रसंघीय विकास कोषलगायत विभिन्न विकास साझेदारबाट अमेरिकी डलर २ करोड

२४ लाख ८४ हजारको हुने रू.२ अर्ब ८८ करोड ४ लाख प्राविधिक तथा अन्य सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस भएको छैन।

८.१. स्थानीय पूर्वाधार विभागले यो वर्ष दातृपक्षबाट सोझै भुक्तानीमार्फत् रू.३२ करोड ९१ लाख २० हजार खर्च गरेकोमा सोको लेखा तयार गरी लेखापरीक्षण गराएको छैन।

८.२. नेपाल सरकार र स्वीस सरकारबीच भएको पाँचौं चरणको झोलुङ्गे पुल उप क्षेत्रीय सहयोग आयोजना कार्यान्वयनको लागि पैठारी भएका अमेरिकी डलर ७ लाख १५ हजार ५३० मूल्य बराबरको लट्ठाको उपयोग सम्बन्धमा लेखा र वित्तीय विवरण पेस गरी लेखा परीक्षण गराएको छैन।

ऐनको व्यवस्था बमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ।

९. **कार्य प्रगति -** नेपाल सरकारले प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धि गरी संघीयता कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले रू.१३ अर्ब ३० करोडको लागतमा २०७९।८० मा सम्पन्न गर्ने गरी प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। कार्यक्रमले यस वर्ष रू.२ अर्ब ९५ करोड ५८ लाख खर्च हुने गरी ५३३ क्रियाकलाप कार्यान्वयन गर्ने वार्षिक लक्ष्य राखेकोमा २४४ पूर्ण कार्यान्वयन, १२१ आंशिक कार्यान्वयन र १६८ क्रियाकलापको कार्यान्वयन प्रारम्भ भएको देखिएन। उक्त कार्यक्रममा रू.१ अर्ब ४८ करोड २० लाख (५०.१५ प्रतिशत) खर्च भएको छ। कार्यालयले कार्यान्वयन योग्य क्रियाकलाप वार्षिक कार्यक्रममा समावेश गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

१०. **सेवा प्रवाहको प्रभावकारिता -** नेपालको संविधानको धारा ५१ (ख)(४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष र पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ। सार्वजनिक प्रशासन, सेवा प्रवाह र सुशासनको क्षेत्रमा कर्मचारीका व्यवहार र शैली अपेक्षित रूपमा स्मार्ट र नागरिकमैत्री हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ। सेवा लिन सरकारी कार्यालयमा निवेदन दिनुपर्ने परम्परागत व्यवस्थामा परिवर्तन गरी प्रविधिमैत्री तथा नागरिक केन्द्रित बनाउने, सेवा प्रवाहमा सुधार, संरचनागत सुधार, आचरण तथा संस्कारगत सुधार, क्षमता विकास, सुशासनमा सुधार लगायत विभिन्न क्षेत्रमा सुधार गरी सरकारले प्रदान गर्ने सेवा तोकिएको समय, विधि र प्रक्रियाबमोजिम पाउने सुनिश्चित गर्न अन्य मुलुकका अभ्यास समेतका आधारमा सार्वजनिक सेवा प्रत्याभूत गराउने सम्बन्धी ऐन जारी गर्नु आवश्यक देखिएको छ।

त्यसैगरी मन्त्रालयले व्यवस्थापन सर्वेक्षण गरेका १० निकायको हाजिरी व्यवस्थापनदेखि नीति योजना कार्यान्वयनसम्मका विविध विषयमा सुधार गर्नुपर्ने अवस्था छ। नेपाल सरकारले विभिन्न समयमा गठन गरेका समितिले नेपाल सरकारलाई बुझाएका प्रतिवेदनमा उल्लिखित सुझाउ अपेक्षित रूपमा कार्यान्वयनमा आएको देखिँदैन। सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाइएका निकायको सेवासमेत पटक पटक अवरुद्ध हुने कारण सेवाग्राहीले सहजतापूर्वक सेवा लिन कठिनाइ भएको देखिन्छ। संस्थागत तथा कार्यगत शैलीमा सुधार, जनशक्तिको सदाचार तथा क्षमतामा सुधार र विश्वसनीय प्रविधिको अवलम्वन गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

११. **सेवाग्राही सन्तुष्टि सर्वेक्षण** - सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका, २०६८ मा सार्वजनिक निकायद्वारा प्रदान गरिने सेवा तथा सुविधाबारे सर्वेक्षण गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ७ जिल्लाका २० सार्वजनिक निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने लक्ष्य रहेकोमा धादिङ, नुवाकोट, नवलपरासी पश्चिम, रूपन्देही, बारा, रौतहट र धनुषा जिल्लाका जिल्ला प्रशासन, भूमिसुधार तथा मालपोत, नापी कार्यालय एवं बारा र रौतहटका हुलाकसमेत २३ कार्यालयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरेको छ। सर्वेक्षणअनुसार सेवाग्राहीको चाप बढी भएका कार्यालयमा कर्मचारीको अभाव रहेको, लाइनमा बसी प्रतीक्षा गर्ने सेवाग्राहीले भन्दा पहुँचका आधारमा सेवा लिनेले प्राथमिकता पाउने गरेको, सेवा प्रवाह प्रक्रिय कार्य प्रवाह ढाँचा एवं सेवा प्रदान हुने कक्ष सम्बन्धमा सहजीकरण हुने नगरेको लगायतका विषय सेवाग्राहीले महसुस गरेका समस्याको रूपमा उल्लेख गरेको देखिन्छ।

कर्मचारीहरू सेवाग्राहीप्रति जिम्मेवार र जवाफदेही बन्न नसक्नु, अभिलेख व्यवस्थित नहुनु, कर्मचारीको अभाव हुनु, कार्य चाप अनुसार दरबन्दी नहुनु, सूचना प्रविधि प्रणालीमा समस्या रहनु, कार्यालय तथा शौचालय सरसफाइ नहुनुलगायतका विभिन्न समस्या पहिचान भएको र सेवाप्रदायक निकायको समग्र अवस्था मध्यमस्तरको रहेको उल्लेख गरेको छ। सर्वेक्षणबाट देखिएको उल्लिखित अवस्थाले सेवा प्रवाह स्थिति सन्तोषजनक देखिँदैन। सेवा शुल्क भुक्तानी गरी सेवा लिने सेवाग्राही नै सन्तुष्ट हुन नसक्ने अवस्थामा सेवाप्रवाह गर्ने कार्यालयको उद्देश्य पूरा हुन सक्दैन। सर्वेक्षणबाट पहिचान भएका समस्यालाई सम्बोधन गरी सेवा प्रवाहमा सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१२. **सदाचार र शिष्टाचार संस्कृति** - मन्त्रालयले गरेको प्रशासनिक प्रक्रिया र व्यवहारमा कर्मचारीले पालना गर्नुपर्ने सदाचार, शिष्टाचार र सकारात्मक सोचसम्बन्धी राष्ट्रिय ढाँचा विषयको अध्ययनबाट निष्पक्षता, सेवा समर्पण भाव, स्वयं प्रेरणा, तथ्यमा आधारित व्यवहार, वफादारिता, दृढता, सकारात्मक वृत्ति, इमान्दारिता, राष्ट्र प्रेम, भातृत्व, सेवाप्रति निष्ठालगायतका विषय निजामती सेवा ऐनमा घोषणा गर्नुपर्ने उल्लेख छ। त्यसैगरी कार्य सम्पादन र आचरणको अनुगमन प्रणाली स्थापना गरी व्यवस्थापन परीक्षणमार्फत् सामान्य आचरण मूल्याङ्कन गर्ने, कार्य सम्पादन मूल्याङ्कनमा आचरणका विषय समावेश गर्ने, आचरण अनुगमन तथा मूल्याङ्कनलाई वस्तुगत बनाउने, सेवाग्राहीको प्रतिक्रियालाई अभिलेख गर्ने, आचरण पासबूक प्रणालीमार्फत् अङ्क प्रदान गर्ने, आचरण परीक्षण र स्थितिको सार्वजनिकीकरण गर्ने लगायतका विषयसमेत समावेश भएको देखिन्छ। प्रतिवेदनका विषयलाई कार्यान्वयनमा ल्याई सदाचार र शिष्टाचार संस्कृतिमा अभिवृद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१३. **व्यवस्थापन परीक्षण** - निजामती सेवा नियमावली, २०५० को नियम ३क मा मन्त्रालयले लोकसेवा आयोगको कार्यक्षेत्रभित्र परेको बाहेक अन्य विषयका सम्बन्धमा व्यवस्थापन परीक्षण गर्नुपर्ने व्यवस्था छ। यस प्रयोजनका लागि मन्त्रालयले व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ स्वीकृत गरेको छ। मन्त्रालयले यो वर्ष १० निकायको व्यवस्थापन परीक्षण गरेको उल्लेख छ। व्यवस्थापन परीक्षण प्रतिवेदनमा गृह मन्त्रालयमा स्वीकृत दरबन्दीभन्दा १० उप-सचिव बढी रहेको, ३ महिना भन्दा बढी अवधि कर्मचारी काजमा रहेको, विद्युतीय हाजिरी अद्यावधिक नभएको लगायतका अवस्था रहेका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सडक निर्माणको कार्य प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण नभएको, सवारीसाधनको कुशल र प्रभावकारी परिचालनमा ध्यान दिनुपर्ने, यातायात सेवाको गुणस्तरमा सुधार गर्नुपर्ने लगायतका विषय समावेश छन्। त्यसैगरी वन तथा वातावरण मन्त्रालयअन्तर्गत ४२

वर्षसम्म परियोजना सञ्चालनमा रहेको, करारमा जनशक्ति राख्ने कार्य निरुत्साही गर्नुपर्ने, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गर्ने कार्यक्रम मन्त्रालयले सञ्चालन गरेकोले सम्बन्धित तहमा हस्तान्तरण गर्नुपर्ने, सूचना प्रणाली प्रभावकारी बनाउनुपर्ने, सवारीसाधनको प्रयोगको उचित मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने लगायतका विषय उल्लेख छ।

व्यवस्थापन परीक्षण गरिएका निकायमा हाजिरी, दरबन्दी, सवारीसाधन सञ्चालन जस्ता विषयमा समेत सुधार गर्नुपर्ने स्थितिले सम्बन्धित निकायको कार्यपद्धतिमा पर्याप्त सुधार गर्नुपर्ने अवस्था रहेको देखिन्छ। सेवाप्रदायकको कार्य पद्धतिले सेवा प्रवाहको गुणस्तरमा असर पर्ने हुदाँ व्यवस्थापन परीक्षणबाट औंल्याइएका विषयमा सुधार हुनुपर्दछ। साथै व्यवस्थापन परीक्षण गर्ने निकायको संख्यासमेत वृद्धि गर्नुपर्दछ।

१४. **कर्मचारी दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को दफा ६ क मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम, कार्यबोझ, कार्य प्रगति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले संघ, प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शक हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ लाई परिमार्जन गरेको छैन।

१४.१. नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीसमेत विचार गरी कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघमा ४८ हजार ४०९, प्रदेशमा २२ हजार २९७ र स्थानीय तहमा ६६ हजार ९०८ समेत १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत गरेकोमा नेपाल सरकारले २०७८।७९ सम्म संघतर्फ ५ हजार १२२ दरबन्दी थप गरी ५३ हजार ५३१ कायम गरेको छ। यसका अतिरिक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी यो वर्ष विभिन्न १६ निकायमा ९ हजार ५१ अस्थायी दरबन्दी स्वीकृत गरेको छ।साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशिष्ट श्रेणीको दरबन्दी ५ बाट ९ पुऱ्याएको छ भने केही मन्त्रालयमा २।२ जना सचिव कार्यरत रहेका छन्। दरबन्दी पुनरावलोकन गर्दा कार्यबोझअनुसार सेवा प्रवाहको गुणस्तरमा वृद्धि हुने गरी गर्नुपर्दछ।

१४.२. लोकसेवा आयोगको वार्षिक प्रतिवेदन, २०७९ अनुसार संघमा ५३ हजार ५३१, सात प्रदेशमा १७ हजार ३२२ र ७५३ स्थानीय तहमा ६५ हजार २६९ समेत १ लाख ३६ हजार १२२ दरबन्दी कायम रहेकोमा संघमा ३८ हजार १२५, प्रदेशमा ११ हजार २४७ र स्थानीय तहमा ३६ हजार २८४ समेत ८५ हजार ६५६ दरबन्दी पदपूर्ति भई ५० हजार ४६६ दरबन्दी रिक्त रहेको देखिन्छ। दरबन्दीअनुसार पदपूर्ति नहुनाले सेवा प्रवाहमा असर परेको हुँदा निजामती सेवा ऐनअनुसार पदपूर्ति हुनुपर्दछ।

१५. **सरकारी सेवाको गठन -** नेपालको संविधानको धारा २८५(१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकताअनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू संघीय ऐनबमोजिम हुने व्यवस्था छ।

नेपालको संविधान जारी भएको ७ वर्ष व्यतीत हुँदा समेत निजामती सेवा र अन्य सरकारी सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरूसम्बन्धी संघीय ऐन जारी हुन सकेन। प्रदेश तथा स्थानीय सेवा गठन सम्बन्धी कानून तर्जुमा हुन नसकेकोले समायोजन भएका कर्मचारी, प्रदेश तथा स्थानीय तहका लागि नियुक्त भएका कर्मचारीको सरुवा, बढुवालगायत वृत्ति विकासका अवसरहरूमा स्पष्टता हुन सकेको छैन। सरकारी सेवाको गठन सम्बन्धी कानून तर्जुमा गरी लागू गर्नुपर्दछ।

१६. **मापदण्डको पालना -** कर्मचारी समायोजन ऐन, २०७५ मा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा कर्मचारीको छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा संघीय निजामती सेवासम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिई प्रदेश वा स्थानीय तहले प्रदेश वा स्थानीय तहको सेवाको गठनसम्बन्धी कानून बनाउने गरी मापदण्ड तोकेको छ। संघीय निजामती सेवा ऐन जारी नभए पनि कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशले प्रदेश निजामती सेवा ऐन जारी गरेका छन्। प्रदेशले जारी गरेका निजामती सेवा ऐनमा रहेका तह, पदपूर्ति, समावेशी बनाउन गरिने प्रतिस्पर्धाको प्रतिशत, सचिवको पदावधि, अनिवार्य अवकाश, प्रदेश सचिव तथा प्रमुख प्रशासकीय अधिकृतको पदसम्बन्धी व्यवस्था विद्यमान निजामती सेवा ऐन, २०४९ तथा कर्मचारी समायोजन ऐन, २०७५ सँग बाझिने गरी कानून बनाएका छन्।

१७. **कर्मचारी समायोजन -** नेपालको संविधानको धारा ३०२ मा प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने र यस्तो व्यवस्था गर्दा संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

१७.१. संविधानमा रहेको प्रावधानअनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्था गर्दा संविधानमा उल्लेख भएका एकल तथा साझा अधिकार सूचीअनुसारका कार्य सम्पादन गर्न संघ, प्रदेश र स्थानीय तहको संरचना, जनशक्ति र स्रोत साधनको विश्लेषण गरी तयार गरेको कर्मचारी समायोजन कार्ययोजनाबमोजिम कार्यान्वयन नगरेकोले समायोजन भई प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारीको मनोबल घटेको, काम गर्ने उत्प्रेरणा नभएको, समायोजन भएको कार्यालयमा हाजिर हुन नगएको वा गए पनि प्रदेश वा स्थानीय तहप्रति जिम्मेवार भई काम नगरेको अवस्था छ। यसबाट संविधानले परिकल्पना गरेअनुसार प्रदेश र स्थानीय तहबाट प्रभावकारी रूपमा सेवा प्रवाह हुन सकेको छैन।

१७.२. नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्मचारीको स्वीकृत दरबन्दी १ लाख ३७ हजार ६१४ मध्ये संघमा ४८ हजार ४०९, सात प्रदेशमा २२ हजार २९७, र ७५३ स्थानीय तहमा ६६ हजार ९०८ दरबन्दी कायम गरी संघमा ३९ हजार ९६०, सात प्रदेशमा १३ हजार ८२१, स्थानीय तहमा ४३ हजार ८०७ समायोजन गरेको र २ हजार ४४३ फाजिलमा रहेको तथा ४० हजार २६ दरबन्दी रिक्त रहेको देखिन्छ।

१७.३. प्रदेश एवं स्थानीय तहमा समायोजन भएका कतिपय कर्मचारीहरू संघीय निजामती सेवाको पदमा वा अस्थायी प्रकृतिका कार्यालयमा अस्थायी दरबन्दी सिर्जना गरी काजमा राख्ने गरेको तथा निजामती सेवा

ऐन बमोजिम सालबसाली रूपमा कर्मचारी अवकाश भएकाले जनतालाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्नुपर्ने प्रदेश र स्थानीय तहका कार्यालयहरूमा कर्मचारीको अभाव हुन गई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ। स्थानीय तहमा नेपाल सरकारले खटाएका प्रमुख प्रशासकीय अधिकृत खटाएको कार्यालयमा हाजिर हुन नजाने, छोटो समयमा सरुवा हुने, स्थानीय राजनीतिक नेतृत्वसँग समन्वय गरी कार्यसम्पादन गर्न नसकेकोले स्थानीय तहका नेतृत्व तहमा कर्मचारीको अभाव रहेको छ।

१७.४. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ (४) मा संविधान बमोजिमको अधिकार सूची, कार्य प्रकृति र कार्य बोझ समेतको आधारमा नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना र कर्मचारी दरबन्दीमा पुनरालोकन गर्न सकिने व्यवस्था छ। विद्यमान संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ।

१८. **अतिरिक्त समूह** - निजामती सेवा ऐन, २०४९ को दफा १८ घ तथा निजामती सेवा नियमावली, २०५० को नियम ३४ ग मा अतिरिक्त समूहसम्बन्धी व्यवस्था रहेकोमा सोही ऐनको दफा १८ ख मा जिम्मेवारी नदिई राख्न नहुने व्यवस्था छ। यो वर्ष अतिरिक्त समूहका लागि रू.१९ करोड ७२ लाख बजेट विनियोजन भएकोमा रू.१० करोड ४७ लाख ३२ हजार खर्च भएको छ। मन्त्रालयले ऐनमा भएको प्रावधानअनुसार जिम्मेवारी नदिई अतिरिक्त समूहमा राख्न मिल्ने नदेखिएकोले कार्य विवरणअनुसारको जिम्मेवारी दिई सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

१९. **स्थानीय सेवा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ। नेपाल सरकारबाट संघीय निजामती सेवा ऐन जारी हुन बाँकी रहेको अवस्थामा मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन जारी गरेका छन्। प्रदेश ऐन अनुकूल हुने गरी स्थानीय तहहरूले स्थानीय सेवाको गठनसम्बन्धी कानून तर्जुमा गरेका छैनन्। यसबाट स्थानीय तहमा समायोजन भएका सरकारी सेवा र अन्य सेवाका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरूलाई व्यवस्थापन गर्ने कानूनी आधार देखिँदैन। तर कतिपय स्थानीय तहले निजामती सेवा ऐन, २०४९ मा रहेका प्रावधानविपरीत हुने गरी केही स्थानीय तहले प्रदेश लोकसेवा आयोगको परामर्श नलिई कानून तर्जुमा गरेका कारण प्रदेश लोकसेवा आयोगले स्थानीय तहबाट भएका काम कारबाही बदर गरेको देखिन्छ। स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन लगायतका विषयमा आधारभूत सिद्धान्त र मापदण्ड तोकी संघीय, प्रादेशिक र स्थानीय सेवासम्बन्धी कानूनमा सामञ्जस्यता ल्याउनुपर्दछ।

२०. **निजामती सेवामा समावेशी पदपूर्ति** - निजामती सेवा ऐन, २०४९ को दफा ७ मा पदपूर्तिसम्बन्धी व्यवस्था छ। संघीय निजामती सेवामा ५३ हजार ५३१ दरबन्दी कायम रहेकोमा ३८ हजार १२५ मात्र पदपूर्ति भएको छ। निजामती सेवा ऐन, २०४९ को दफा ७(७) मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैँतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिला ३३ प्रतिशत, आदिवासी/जनजाति २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडिएको क्षेत्र ४ प्रतिशत छुट्टाई ती पदमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने र यसरी पदपूर्ति गर्ने व्यवस्था प्रत्येक १० वर्षमा पुनरावलोकन गर्नुपर्ने व्यवस्था छ। यस्तो व्यवस्थाअनुसार २०७९ असारसम्म २२ हजार ६९२ उम्मेदवार सिफारिस भएको देखिन्छ।

निजामती सेवा ऐन, २०४९ को २०६४।४।२३ मा भएको दोस्रो संशोधनबाट गरिएको यो व्यवस्था २०७४ मा पुनरावलोकन गर्नुपर्नेमा हालसम्म पुनरावलोकन भएको छैन।

२१. **तालिम** - निजामती सेवा ऐन, २०४९ को दफा ४० ख, ४० ग, र ४० घ मा अध्ययन, तालिम वा अध्ययन भ्रमणसम्बन्धी व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२१.१. नेपाल सरकारलाई प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणसम्बन्धी अवसर सबै सेवालाई न्यायिक तबरले बाँडफाँट गर्न एक समितिको व्यवस्था रहेको छ। समितिले त्यस्ता अवसरहरू सबै सेवालाई न्यायिक तबरले सबै सरकारी निकायका कर्मचारीलाई अवसर प्रदान गर्ने व्यवस्था मिलाई समितिको निर्णय कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

२१.२. मन्त्रालयले अध्ययन, तालिम वा अध्ययन भ्रमणका लागि मनोनयन गरिएका कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियतबमोजिम सेवा गरे नगरेको सुनिश्चित गर्न अद्यावधिक अभिलेख राखी कबुलियतको शर्त पूरा गर्नु गराउनुपर्दछ।

२१.३. नेपाल सरकारले निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७१ जारी गरेको र सो नीतिलाई कम्तीमा ५ वर्षमा एक पटक पुनरावलोकन गरी आवश्यकताअनुसार परिमार्जन र सुधार गरिने उल्लेख भए तापनि नीति कार्यान्वयनको समग्र स्थितिको अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश तथा स्थानीय तहका लागि समेत मार्गदर्शन गर्ने गरी समयसापेक्ष तालिम नीति परिमार्जन गरेको छैन।

२१.४. नेपाल सरकारका विषयगत मन्त्रालय अन्तर्गत विभिन्न तालिम केन्द्रहरू स्थापना भई सञ्चालनमा रहेको, स्वायत्त संस्थाको रूपमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका अतिरिक्त प्रदेशअन्तर्गत विभिन्न तालिम दिने संस्था रहेका छन्। सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई तालिम प्रदान गर्न स्थापना भएका तालिम केन्द्रहरूको नियमन गर्न छुट्टै संयन्त्र नरहेकोले तालिम केन्द्रअनुसार तालिमका मोड्युल, खर्च गर्ने नर्म्स फरक फरक रहेका छन्। सरकारी तालिम केन्द्रको नियमन, नियन्त्रण वा निर्देशन दिनसक्ने संयन्त्रको विकास गर्नुपर्दछ।

२२. **पेस्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ४७ मा पेस्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेस गर्नुपर्ने र कार्यालयले आवश्यक जाँचबुझ गरी ७ दिनभित्र त्यस्तो पेस्की फर्स्यौंट गरिसक्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार साविक जिल्ला विकास समितिले विभिन्न व्यक्ति, उपभोक्ता समिति, कार्यालय, निर्माण व्यवसायी र साविक गाउँ विकास समितिलाई उपलब्ध गराएको पेस्की मध्ये रू.५ अर्ब २३ करोड १४ लाख फर्स्यौंट नभई बाँकी रहेको र यस्ता पेस्की २०५०।५१ देखिको रहेको छ। नियमको व्यवस्थाअनुसार पेस्की फर्स्यौंट गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

२३. **दोहोरो संरचना** - नेपालको संविधानको अनुसूचीमा संघको अधिकारको सूची ३५, प्रदेशको अधिकारको सूची २१, संघ र प्रदेशको साझा अधिकारको सूची २५, स्थानीय तहको अधिकारको सूची २२ र संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची १५ रहेका छन्। यसका लागि संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, सालबसाली विनियोजन ऐन तथा संघ, प्रदेश र स्थानीय

तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ ले संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी तोकेको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२३.१. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको अधिकार सूचीमा पर्ने सम्बन्धित विषयगत कार्यक्रमहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण नगरी संघबाट कार्यान्वयन गरेको, हस्तान्तरण भए पनि संघमा सोही प्रकृतिका कृषि, खानेपानी, शहरी विकास, सडक पूर्वाधारजस्ता कार्यालयहरू स्थापना गरेको र प्रदेशमा हस्तान्तरण भए पनि संघमा फिर्ता भएको देखिन्छ। नेपाल सरकारले कर्मचारी समायोजन गर्दा स्वीकृत भएका दरबन्दीमा संघमा ५ हजार १२२ थप गरी प्रदेशमा ४ हजार ९७५ र स्थानीय तहमा १ हजार ६३९ दरबन्दी घटाएको छ। त्यस्तै संघका १६ निकायमा अस्थायी कार्यालय स्थापना गरी ९ हजार ५१ अस्थायी दरबन्दी सिर्जना गरेको छ। त्यसैगरी स्थानीय तहको अधिकार सूचीमा रहेका कृषि, पशु, शिक्षा, स्वास्थ्य, स्थानीय पूर्वाधारका लागि प्रदेशले कार्यालय स्थापना गरी कार्यसञ्चालन भइरहेको छ। यसबाट दोहोरो संरचना खडा भई खर्च बढेको, कार्यक्षेत्र दोहोरिएको वा खप्टिएको वा छुटेकोले कार्यक्षेत्रमा विवाद आउने गरेको छ। संघ, प्रदेश सरकार तथा स्थानीय तहको अधिकार सूचीअनुसार संगठन संरचना र दरबन्दी पुनर्संरचना हुनुपर्दछ।

२३.२. नेपालको संविधानले नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान दिनसक्ने व्यवस्था भए तापनि उपर्युक्त अनुदान बाहेक अन्तरसरकारी अख्तियारी दिने गरेको छ। प्रदेश र स्थानीय तहले संघीय सरकारलाई बजेट उपलब्ध गराउने व्यवस्था नभए तापनि कतिपय संघीय कार्यालयलाई खर्चको अख्तियारी दिने गरेकोले वित्तीय जवाफदेहितामा दोहोरोपना देखिन्छ। यस्तो अन्तरसरकारी अख्तियारीले सञ्चित कोषको आर्थिक विवरण, आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण तथा बेरुजू फर्स्यौंटमा द्विविधा उत्पन्न गरेको छ।

सेवाको गुणस्तरमा वृद्धि, खर्चमा मितव्ययिता तथा जवाफदेहिता सुनिश्चित हुने गरी अधिकार सूचीलाई कार्यान्वयन गरिनुपर्दछ।

२४. **स्थानीय तहको राजस्व -** नेपालको संविधानले स्थानीय तहलाई कानूनबमोजिम कर लगाउने, उठाउने र ऋण लिने समेतको अधिकार दिएअनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र तोकिएको छ। स्थानीय तहले कानूनमा तोकिएका अधिकार क्षेत्रभित्र मात्र कर लगाएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्ने साथै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका करदातालाई करको दायरामा ल्याएको एवं स्थानीय तहको कर क्षमताको अध्ययन गर्नुपर्दछ। साथै मन्त्रालयले जारी गरेको मापदण्डअनुसार नदीजन्य पदार्थबाट सङ्कलन गरेको राजस्व बाँडफाँट सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२५. **जिल्ला समन्वय समितिको राजस्व** - नेपालको संविधानले स्थानीय तहअन्तर्गत संविधानबमोजिम स्थापना हुने जिल्ला सभालाईसमेत समेटेको छ। जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन जिल्ला समन्वय समितिले गर्ने तथा जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुने व्यवस्था छ। प्रदेश कानूनअनुसार

कार्य सञ्चालन हुने जिल्ला सभा एवं जिल्ला समन्वय समितिलाई संघीय कार्यालयमा समावेश गरेको देखिन्छ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जिल्ला सभालाई कर लगाउने र उठाउने अधिकार दिएको छैन। जिल्ला समन्वय समितिले संघीय सरकार वा प्रदेश सरकारबाट अख्तियारी प्राप्त गरी खर्च गर्ने गरेका छन्। समिति संघीय कार्यालय भएकोले समितिको आम्दानी संघीय सञ्चित कोषमा दाखिला नगरी समितिको कार्य सञ्चालन कोष खातामा दाखिला गरी खर्च गर्ने गरेको देखिएकोले मन्त्रालयले जिल्ला समन्वय समितिको सबै आय संघीय सञ्चित कोषमा दाखिला गराउनुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिएको समयमा सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ। जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंले आर्जन गरेको राजस्व रू.३ करोड ४२ लाख ७५ हजार संघीय सञ्चित कोषमा दाखिला नगरी कार्य सञ्चालन कोष खातामा दाखिला गरेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ।

२६. **शैक्षिक प्रोत्साहन वृत्ति -** निजामती कर्मचारीहरूका सन्ततीलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८ मा निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने व्यवस्था छ। छात्रवृत्तिसम्बन्धी निर्देशिका परिमार्जन नहुँदा २०७५।७६ मा रू.१५ करोड ५५ लाख, २०७६।७७ मा रू.१४ करोड २४ लाख ४४ हजार बजेट विनियोजन भए तापनि विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण नगरेको र २०७७।७८ मा सोको लागि बजेट विनियोजन गरेको देखिएन। यो वर्ष नेपाल सरकारले रू.१७ करोड ६० लाख ७ हजार बजेट विनियोजन गरेकोमा रू.१६ करोड ६४ लाख ३६ हजार खर्च भएको देखियो। निर्देशिकाको बुँदा नं.२३ मा शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई अध्ययन सकेको एक वर्षभित्र मन्त्रालयले आवश्यक ठानेमा अवधि तोकी काममा खटाउन सकिने उल्लेख गरेको देखिँदा शैक्षिक वृत्तिसम्बन्धी अभिलेख राखी काममा लगाउन सकिने कार्यालय र कार्य पहिचान गरी आवश्यकताअनुसार काममा खटाउनुपर्दछ।

२७. **सामूहिक दुर्घटना बीमा -** सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन गर्न निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गरेको देखिन्छ। यो वर्षको वार्षिक कार्यक्रममा संघीय निजामती कर्मचारीको लागि सामूहिक दुर्घटना बीमाबापत रू.२ करोड ७३ लाख ६० हजार बजेट व्यवस्था भएकोमा ३३ हजार १३७ कर्मचारीको ५ महिना १५ दिनको दुर्घटना बीमा बापत रू.२ करोड ५९ लाख ७५ हजार भुक्तानी गरेको देखिन्छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२७.१. कार्यविधिको बुँदा ८ मा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मन्त्रालयले बीमा गर्ने कम्पनीको छनौट गर्ने व्यवस्था छ। मन्त्रालयले राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग प्रस्ताव माग गर्दा प्रति कर्मचारी रू.९००।- को दररेट पेस गरेकोमा वार्ताबाट प्रति कर्मचारी रू.८५९।- दररेट कायम गरी सम्झौता गरेको छ। दुर्घटना बीमासम्बन्धी कारोबार गर्ने अन्य बीमा कम्पनीहरू समेत रहेको अवस्थामा अन्य कम्पनीबाट दररेट माग नगरी एक कम्पनीबाट मात्र दररेटको प्रस्ताव माग गरी

लागत अनुमान स्वीकृत गरी खरिद सम्झौता गरेकोले उक्त सेवा खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धात्मक देखिएन।

२७.२. कार्यविधिको बुँदा ११ मा सामूहिक दुर्घटना बीमा सञ्चालनको रेखदेख एवं निर्देशनको लागि निर्देशन समिति रहने र निर्देशन समितिले सामूहिक दुर्घटना बीमा र जोखिम हस्तान्तरण सम्बन्धी नीति तर्जुमा गर्ने, कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, विषय विज्ञको सहयोग लिन सक्ने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार विभिन्न १० विमितबाट रू.५९ लाख २५ हजार बीमा दाबी माग भएकोमा उक्त बीमा कम्पनीले रू.३० लाख ५ हजार भुक्तानी दिएको देखिन्छ। लाभग्राहीले दाबी रकम समय मै भुक्तानी भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२८. **कार्य क्षेत्र पुनरावलोकन** - नेपालका विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम प्रतिष्ठानको स्थापना भएको छ। नेपालको संविधानले आदिवासी जनजाति आयोगको गठन गरेअनुसार आदिवासी/जनजाति आयोग ऐन, २०७४ मा आयोगको कार्यक्षेत्र विस्तृत गरेको छ। संविधानले संवैधानिक आयोगको रूपमा आदिवासी/जनजाति आयोग गठन गरेकोले प्रतिष्ठान स्थापना गर्ने ऐनमा पुनरावलोकन गरी आयोग र प्रतिष्ठानको कार्यक्षेत्र यकिन गर्नुपर्दछ।

त्यसैगरी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ बमोजिम स्थानीय विकास कार्यसँग सम्बन्धित स्थानीय निकायहरूको प्रशासनिक एवं व्यवस्थापकीय विषयमा उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गरी स्थानीय स्तरमा ती निकायहरूको संस्थागत विकासमा सघाउ पुऱ्याउन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको देखिन्छ। नेपालको संविधान जारी भएपछि संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुसार प्रदेश सरकारले यस्ता तालिम प्रवाह गर्न ऐनद्वारा वा गठन आदेशद्वारा प्रदेश सुशासन केन्द्र स्थापना गरी ती केन्द्रबाट प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरूलाई तालिम प्रवाह गरेको छ। अतः संविधानले व्यवस्था गरेको अधिकार सूचीअनुकूल हुने गरी प्रतिष्ठानले प्रवाह गर्ने तालिम पहिचान गरी प्रतिष्ठानको उद्देश्य एवं संरचनालाई पुनर्संरचना गर्नुपर्दछ।

स्थानीय पूर्वाधार विभाग

२९. **पुलको डिजाइन तथा भार परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयनसम्बन्धी व्यवस्था छ। स्थानीय स्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार परियोजनाअन्तर्गत कास्की जिल्लाको गगनगौंडाको लामगढीमा ५० मिटर लम्बाइको एक पुल निर्माण गर्न १८ महिनाको अवधि रहने गरी रू.६ करोड ११ लाख २१ हजारको खरिद सम्झौता भएकोमा नदी किनारको भौगर्भिक अस्थिरताका कारण डिजाइन परिवर्तनबाट पुलको लम्बाइ ६० मिटर कायम गरी निर्माण गर्न भेरिएसन आदेश पश्चात् सम्झौता रकम रू.७ करोड १ लाख ४ हजार कायम भएको छ। निर्माण कार्य सम्पन्न भएपछि पुलको भार परीक्षण गर्दा पुलको दायाँ किनार मा ६०० एम.एम.को लचकता आएको भार परीक्षण प्रतिवेदनमा उल्लेख छ। पुलको डिजाइनमा भएको कमजोरीका कारण उक्त पुल प्रयोगमा अउन सकेको देखिएन। हालसम्म भएको खर्च रू.६ करोड ७ लाख ३६ हजार खेर गएको छ। पुलको ड्रइङ डिजाइन त्रुटिपूर्ण भएको सम्बन्धमा परामर्शदाता र निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्दछ।

३०. **पुल निर्माणमा ढिलाइ** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था छ। विभागले अरुण नदी माने भन्ज्याङ-हलुबाबेसी-बुइङटार-भोजपुर सडकमा १५० मिटर लम्बाइको झोलुङ्गे पुलको निर्माण ३६ महिनाभित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०७६।३।२२ मा रू.२१ करोड ५२ लाख ११ हजारको खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म ड्रइङ डिजाइनको कार्य भई दोस्रो रनिङ बिलसम्म रू.८८ लाख ८१ हजार भुक्तानी भएको छ। सम्झौता अवधि समाप्त भइसक्दा पनि निर्माण कार्यमा प्रगति भएको नदेखिँदा सम्झौताको शर्तअनुसार कारबाही गरी कार्य सम्पन्न गराउनु पर्दछ।

३१. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौताअनुसार बिलको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्थानीय पूर्वाधार विकास आयोजना, कार्यक्रम कार्यान्वयन एकाइ बुटवलले डुम्रे-कुसुमखोला सडक निर्माण कार्यको लागि रू.१५ करोड ९२ लाख ३५ हजारको खरिद सम्झौता गरेकोमा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी २०७८ आश्विन मसान्तसम्म म्याद थप भएको छ। सम्झौताका केही आइटमहरूमा थपघट भएको कारण शुरु सम्झौतामा रू.१ करोड ९१ लाख ५३ हजार थप भई सम्झौता अङ्क रू.१७ करोड ८३ लाख ८८ हजारको कायम भई रू.१७ करोड ८२ लाख ७८ हजार भुक्तानी भएको देखिन्छ।

कार्यालयले २०७८।६।२१ देखि २०७८।६।२३ सम्म उक्त सडकको स्थलगत अनुगमन तथा नापजाँच गर्दा सडकको १० किलोमिटर नालामध्ये विभिन्न खण्डको नालामा ढलानको मोटाइ तोकिएबमोजिम नभएको, सोही सडक खण्डमा अर्को ठेक्का सम्झौता गरेको र पुरानो ठेक्काको काम एक आपसमा दोहोरिने, नयाँ ठेक्काको क्रियाकलापहरू सञ्चालन गर्दा हालको ड्रेन प्रयोगमा ल्याउन नसकिने, आदि उल्लेख गरेको छ। नापी किताबअनुसार रू.१७ करोड ४९ लाख ४७ हजार भुक्तानी गर्नुपर्नेमा कार्यालयले रू.१७ करोड ८२ लाख ७८ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.३३ लाख ३१ हजार असुल गर्नुपर्दछ।

३२. **डीप बोरिङ्ग सञ्चालन** - प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय एकाइ, ललितपुरले भूकम्प पश्चात खानेपानीको मूल सुक्खा हुन गई श्रीमहल परिसरमा रहेका कार्यालयहरूमा खानेपानीको समस्या रहेकोले डीप बोरिङ्ग गरी पानी आपूर्ति गर्न रू.४३ लाख २२ हजारको लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग ३० दिनभित्र कार्य सम्पन्न गर्न रू.३६ लाख ८ हजारको सम्झौता गरेकोमा २०७८।६।३१ मा कार्य सम्पन्न गरी निर्माण व्यवसायीलाई रू.३० लाख ३४ हजार भुक्तानी भएको छ। डीप बोरिङ्गको मर्मत/सम्भार अवधि २०७९।४।२७ मा समाप्त भएकोमा उक्त बोरिङ्गबाट पानी वितरण तथा सञ्चालन भएको देखिँदैन। सम्झौताअनुसार पानीको आपूर्ति हुन नसकेकोले उक्त कार्यमा भएको खर्च उपयोगविहीन भएको सम्बन्धमा सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनुपर्दछ।

सस्पेन्सन ब्रिज डिभिजन

३३. **खरिद सम्झौता -** सार्वजनिक निकायले कुनै निर्माण कार्य गराउनका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची ४ बमोजिमको सम्झौतमध्ये कुनै एक सम्झौता गर्न सक्ने व्यवस्था छ। कार्यालयले

यो वर्ष बोलपत्र आव्हान गरी रू.४७ करोड १० लाख ६७ हजारमा ६ झोलुङ्गेपुल निर्माण कार्य एकाइ दर सम्झौताबाट र रू.१७ करोड ८० लाख ९० हजारका ११ झोलुङ्गेपुल निर्माण कार्य टर्न की सम्झौताबाट ठेक्का व्यवस्थापन गरेको छ। कार्यालयले टर्न की सम्झौता विधिबाट निर्माण कार्य गराउन लागत अनुमान तयार गर्न आवश्यक नर्म्स नेपाल सरकारबाट र नमूना बोलपत्रसम्बन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत गराएको छैन।टर्न की सम्झौताबाट झोलुङ्गेपुल निर्माणका लागि नर्म्स र नमूना बोलपत्रसम्बन्धी कागजात स्वीकृत गराउनुपर्दछ।

३४. **ठेक्का व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। डिभिजनले निर्माण स्थलको सुनिश्चितता नगरी रू.१० करोड ८२ लाख ८० हजारका ६ झोलुङ्गेपुल निर्माणको लागि खरिद सम्झौता गरेको छ। सम्झौता भएका मध्ये ५ आयोजना शुरु नै हुन नसकेको र १ आयोजनाको सम्झौता रू.१ करोड ८१ लाख ४० हजार भई रू.१८ लाख १ हजार भुक्तानी भएकोमा बाँकी निर्माण कार्य अगाडि बढेको छैन। सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

सोको अतिरिक्त २०७३।७४ देखि रू.१० करोड ४२ लाख ४० हजारमा ठेक्का सम्झौता भएका ५ ठेक्कामध्ये २ ठेक्कामा शून्य प्रगति र ३ ठेक्कामा ४० देखि ८० प्रतिशत प्रगति भएको छ। प्रगति नहुनुमा खोलाले धार परिवर्तन गरेको, लट्ठा उपलब्ध नभएको र जग्गाधनीले कार्य गर्न नदिएको उल्लेख छ। कार्यालयले निर्माणस्थलको व्यवस्था नगरी ठेक्का व्यवस्थापन गरेको र समयमा लट्ठा उपलब्ध नगराएको कारण निर्माण ठेक्का अधुरो रहन गएको देखिएकोले यसमा सुधार गरी निर्धारित समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

ग्रामीण सडक सन्जाल सुधार आयोजना

३५. **लक्ष्य तथा प्रगति -** नेपाल सरकार र एसियाली विकास बैङ्कबीच भएको सम्झौताअनुसार ४०३.७२ किलोमिटर ग्रामीण सडकको स्तरोन्नति गर्न एसियाली विकास बैङ्कबाट अमेरिकी डलर १०० मिलियन ऋण र नेपाल सरकारबाट अमेरिकी डलर ३५.७२ मिलियनसमेत जम्मा लागत अमेरिकी डलर १३५.७२ रहेको छ। आयोजनाको अवधि सन् २०२३ सम्म रहेकोमा यो वर्षसम्म रू.९ अर्ब ७१ करोड २७ लाख ८३ हजार खर्च भएको छ। आयोजनाको समग्रमा भौतिक प्रगति ७८.८७ प्रतिशत भई कुल २२९.५ किलोमिटर सडक कालोपत्रे भएको छ। लक्षित प्रगति हासिल गर्न प्रभावकारी रूपमा कार्य सञ्चालन गर्नुपर्दछ।

३६. **डिजाइन परिवर्तन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार कुनै रनिङ बिल वा अन्य बिलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको आधारमा गर्नुपर्दछ। झापा जिल्लाअन्तर्गत अमालगढी-सोलमारी सडक, चारपाने-राजगढ सडक, खरसाङबारी-अधिकारी चोक सडक र पाडाजुङ्गी-खजुराछी सडक निर्माण गर्न निर्माण व्यवसायीसँग रू.६७ करोड ९३ लाख ८० हजारको सम्झौता भएकोमा भेरिएसन आदेशबाट सम्झौता रकम रू.७६ करोड ८१ लाख २६ हजार कायम गरेको छ। पहिलो चरणको निर्माण कार्य सम्पन्न भई रू.७१ करोड १४ लाख ४४ हजार भुक्तानी भएको देखिन्छ।

उल्लिखित सडकको शुरु ड्रइङ डिजाइनमा अस्फाल्ट, प्राइम/ट्रयाक कोट र बेस कोर्शको चौडाइ ५.५ मिटर रहेकोमा भेरिएसन पश्चात् सडकको चौडाइ ६ मिटर कायम गरे तापनि निर्माण व्यवसायीले अस्फाल्ट कार्य ५.५ मिटर चौडाइमा गरेको देखिन्छ। तर नापी किताबमा बेसकोर्श र प्राइम कोटको चौडाइ ६ मिटर राखी उक्त अइटमहरूको कार्य परिमाण गणना गरेको कारण ३ हजार २५७.४७ घनमिटर सडक बेसकोर्शको रू.८१ लाख ४४ हजार र प्राइमकोट (बिटुमिन) २१ हजार ७१६ लिटरको रू.२० लाख ६३ हजार तथा सोको मूल्य समायोजन र मूल्य अभिवृद्धि करसमेत रू.१ करोड २८ लाख १५ हजार थप आर्थिक व्ययभार परेको छ। यसमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

३७. **पूर्वनिर्धारित क्षतिपूर्ति** - निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको विशेष शर्तमा सम्झौता अवधिको एक तिहाइ समयभित्र २५ प्रतिशत कार्य सम्पन्न नगरेमा ०.००५ प्रतिशत प्रतिदिनका दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ। खोर्सानि-केरावारी-सिंहदेवी लक्ष्मी मार्ग, डाँगीहाट वनामुल-बबियाबिर्ता-अमाही सडक, निर्माण गर्न निर्माण व्यवसायीसँग २०७८।५।८ भित्र पहिलो चरणको निर्माण कार्य गर्न रू.७० करोड ४९ लाख २९ हजारको सम्झौता भएकोमा भेरिएसन आदेश पश्चात् सम्झौता अङ्क रू.७३ करोड ९० लाख ४८ हजार कायम भएको छ। निर्माण व्यवसायीलाई रू.३० करोड ७६ लाख ६० हजार भुक्तानी भएकोमा भौतिक प्रगति ३८.९२ प्रतिशत रहेको छ। निर्माण व्यवसायीले २०७८।२।११ सम्ममा मात्र २५ प्रतिशत कार्य सम्पन्न गरी माइलस्टोन पूरा गरेको देखिएकोले सम्झौता रू.६२ करोड ३८ लाख ३१ हजारको प्रतिदिन रू.३१ हजार १९१ का दरले १३१ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रू.४० लाख ८६ हजार असुल गर्नुपर्नेमा रू.१० लाख ९३ हजार मात्र असुल गरेकोले घटी भएको रू.२९ लाख ९३ हजार असुल गर्नुपर्दछ।

संगठित संस्था, समिति

निजामती कर्मचारी अस्पताल

३८. **आय-व्यय** - अस्पतालले गत वर्षको जिम्मेवारी रू.२५ करोड ४६ लाख, नेपाल सरकारको अनुदान रू.६८ करोड ५२ लाख बिक्री तथा सेवा शुल्क रू.५२ करोड ८७ लाख र अन्य आय रू.२१ करोड ५३ लाखसमेत रू.१ अर्ब ६८ करोड ३८ लाख आय देखाएको छ। त्यसैगरी सञ्चालनतर्फ रू.७४ करोड ९२ लाख, कर्मचारीतर्फ रू.३७ करोड ५६ लाख प्रत्यक्षतर्फ रू.३ करोड २८ लाख र अन्यतर्फ रू.२८ करोड ६४ लाखसमेत रू.१ अर्ब ४४ करोड ४० लाख खर्च भई रू.२३ करोड ९८ लाख बचत रहेको छ।

३९. **सेवा प्रवाह** - यो वर्ष अस्पतालले २० हजार ४३४ निजामती कर्मचारी र १ लाख ३ हजार ९० सर्वसाधारणलाई बहिरङ्ग सेवा उपलब्ध गराएको छ। साथै ५ हजार २९४ लाई भर्ना गरी सेवा दिएको र १ हजार ८१७ को शल्यचिकित्सा, आकस्मिक सेवा, प्रयोगशाला परीक्षण, कोभिड-१९ को परीक्षण लगायतका सेवा उपलब्ध गराएको छ। निजामती कर्मचारीलाई लक्षित गरी स्थापना भएको अस्पतालले निजामती कर्मचारी तथा उनीहरूको परिवारले अन्य अस्पतालमा उपचार गर्न जानु नपर्ने गरी सेवा प्रवाहको क्षेत्र र गुणस्तरमा वृद्धि गर्नुपर्दछ।

४०. **विस्तारित सेवा -** राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरी देशैभरि सो सेवालाई सुलभ, गुणस्तरीय एवं प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषद्ले सबै तहका सरकारी तथा नेपाल सरकारको अनुदान प्राप्त अस्पतालले विस्तारित सेवा उपलब्ध गराउन विस्तारित अस्पताल सेवा कार्यक्रम तथा नन्प्राक्टिस कार्यविधि, २०७१ जारी गरेको छ। कार्यविधिअनुसार सेवा सञ्चालन गर्नुपर्दछ।

४१. **मेसिन उपकरणको प्रयोग** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा मालसमानको विवरण तयार गर्नुपर्ने व्यवस्था छ। अस्पतालले खरिद गर्नु पूर्व आवश्यकताको पहिचान गरी मेसिन उपकरण खरिद गर्नुपर्दछ। अस्पतालले २०७६।१।१७ मा रू.३३ लाखमा खरिद गरेको नेभिगेसन सिष्टम फर टटल नी रिप्लेसमेन्ट सर्जरी मेसिन, २०७७।३।३ मा रू.१९ लाख १० हजारमा खरिद गरेको हेमोडाइलासिस मेसिन विथ रो प्लान्ट, २०७८।५।२० मा रू.१ करोड ८३ लाख ६ हजारमा खरिद गरेको तीन भेन्टिलेटर पेड, २०७८।७।२९ मा स्वास्थ्य सेवा विभागबाट प्राप्त भएका दुई भेन्टिलेटर पेड, २०७८।१०।२७ मा रू.६ करोड ४२ लाख ९७ हजारमा खरिद गरेको स्पाइरल इन्डोस्कोपी सिष्टम, २०७९।१।१३ मा रू.१ करोड ९९ लाख ४५ हजारमा खरिद गरेको रिलेटिभ डोजीमेट्री एण्ड एचडी भिडियो ब्रोङस्कोप सिष्टम र २०७९।३।१९ मा रू.९ लाख ८३ हजारमा खरिद गरेको इन्फ्यूजन पम्प ६ लगायतका मेसिन उपकरणहरू प्रयोगविहीन अवस्थामा रहेको छ। मेसिन उपकरण खरिद गरी उपयोगमा नल्याउनु उचित होइन। आवश्यकताको पहिचान गरेर मेसिन उपकरणहरू खरिद गर्ने र सोको उचित उपयोग गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

४२. **मोडुलर आईसीयू सेवा -** आर्थिक कार्विधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ (३) मा निःशर्त वाहेकको अन्य अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। अस्पतालले कोभिड-१९ तथा अन्य रोगको उपचारको लागि मोडुलर आईसीयू सेवा थप गर्न कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट रू.७ करोड निकासा प्राप्त गरेकोमा उक्त रकम खर्च नभई समितिको खातामा रहेको छ। निश्चित प्रयोजनको लागि प्राप्त भएकोमा रकम तोकिएको कार्यमा उपयोग नहुँदा सेवा प्रवाहमा असर पर्न सक्दछ। उक्त रकम कोष फिर्ता गर्नुपर्दछ।

४३. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था छ। अस्पतालले रेडियो थेरापी भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग १५ महिनाभित्र कार्यसम्पन्न गर्नेगरी २०७०।११।६ मा रू.६ करोड ७८ लाख ३७ हजारको खरिद सम्झौता गरेकोमा २०७७।७।३० सम्म म्याद थप गरेको र भेरिएसन आदेश पश्चात् सम्झौता रकम रू.७ करोड २२ लाख ६२ हजार कायम भएको छ।

अस्पतालले २०७८।१२।३० सम्म १७ महिनाको पूर्वनिर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थपको निर्णय गरेको छ। निर्माण व्यवसायीको कारण सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न नगरेकोले सार्वजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम अधिकतम १० प्रतिशतले रू.६७ लाख ८४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रू.११ लाख १८ हजार मात्र असुल गरेकोले नपुग रू.५६ लाख ६६ हजार असुल गर्नुपर्दछ।

४४. **इक्मो सिस्टम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था छ। इक्मो सिष्टम खरिद गर्न अस्पताल र आपूर्तकबीच भएको खरिद सम्झौतामा मेसिनको आपूर्ति, जडान, तालिम तथा सञ्चालन ६ महिनाभित्र अर्थात् २०७८।११।११ भित्र हुनुपर्ने उल्लेख भएकोमा २०७९।१।६ मा मात्र आपूर्ति भएको पाइयो। सम्झौताको बुँदा नं. १० मा उपकरण जडान, प्रदर्शन तथा अन्तिम प्रयोगकर्ता प्राविधिकलाई आवश्यक तालिम दिई सञ्चालन गरे पश्चात् मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। मेसिन सञ्चालनको लागि आवश्यक लिनेण्ड सिस्टम नभएको कारण मेसिनको परीक्षण गर्न नसकिने र उक्त सिस्टम २०७९।९।३० सम्म प्राप्त नभएकोले मेसिन स्पेसिफिकेसनअनुसार भए नभएको परीक्षण गर्न नसकेको, अस्पतालले मेसिन जडान गरेपछि प्राप्त सामग्रीहरूको कार्य सन्तोषजनक नभए सम्बन्धित आपूर्तकलाई सामान फिर्ता गर्ने शर्तमा उक्त मेसिन बुझेको देखियो। मेसिनको वारेन्टी पिरियड (१ वर्ष) बितिसक्दासम्म मेसिनको जडान तथा सञ्चालन नभएको र तालिम नदिएको अवस्थामा मेसिनको भुक्तानी दिएको रू.१ करोड ७६ लाख ५० हजार नियमसम्मत देखिएन। सम्झौताका शर्तबमोजिम मेसिन सञ्चालन गरी उपयोगमा ल्याउनुपर्दछ

४५. **मेसिन सञ्चालन** - अस्पतालले सुगर सिक्वेन्सिङ एण्ड फर्गमेन्ट एनालाइसिस मेसिन खरिद गर्न एक आपूर्तकसँग २०७९।३।२५ भित्र आपूर्ति गर्नेगरी २०७९।२।५ मा सम्झौता गरेको छ। सम्झौता बमोजिम सामान आपूर्ति भै स्पेसिफिकेसन बमोजिम भएको आधारमा दाखिला र जडान गरी रू.२ करोड ११ लाख ९० हजार भुक्तानी गरेको पाइयो। अस्पतालले २०७९।६।४ सम्ममा आपूर्तकलाई सञ्चालनको व्यवस्था मिलाउन आदेश दिएकोमा हालसम्म उक्त मेसिन सञ्चालन भएको छैन। मेसिन उपकरण सञ्चालनमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

४६. **मेसिनको स्पेसिफिकेसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६२ र खरिद सम्झौताको बुँदा नं. १० अनुसार प्राविधिक स्पेसिफिकेसनअनुरूप भएको मेसिन उपकरण प्राप्त गर्नुपर्दछ। अस्पतालले लो टेम्प्रेचर प्लाज्मा इस्टेरिलाइजर मेसिन रू.१ करोड ३० लाख ९५ हजारमा खरिद गर्न बोलपत्र आह्वान गरेकोमा बोलपत्र मूल्याङ्कन गर्दा दाखिला गरेका ३ बोलपत्र स्पेसिफिकेसनबमोजिम नभए पनि न्यून कबोल गर्ने आपूर्तकको बोलपत्र स्वीकृत गरी खरिद गरेको छ। प्राविधिक स्पेसिफिकेसनसँग मेल नखाने गरी सामान खरिद गर्न मिल्ने देखिँदैन।

४७. **फार्मेसी सेवा** - स्वास्थ्य सेवामा प्रभावकारी रूपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्तिमार्फत् अस्पतालहरूबाट आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवं सेवाग्राहीहरूलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन नेपाल सरकारले अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ कार्यान्वयनमा रहेकोमा २०७८।१०।१७ देखि अस्पताल फार्मेसी निर्देशिका, २०७८ जारी गरेको छ। निर्देशिकाअनुसार फार्मेसीको लागि अलग्गै खाता हुने, प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र फार्मेसीको आय-व्ययको हिसाब गर्ने, आय-व्ययको हिसाब राख्दा नाफा भएको रकममध्ये नब्बे प्रतिशत रकम अस्पतालको मूल खातामा जम्मा गर्ने, खरिद परिमाण, बिक्री परिमाण र बाँकी परिमाणको सन्तुलन परीक्षण तयार गर्नेलगायतका व्यवस्था रहेकोमा निर्देशिकाबमोजिम वित्तीय तथा अन्य विवरण तयार गरेको नपाइएकोले उक्त विवरण तयार गर्नुपर्दछ।

४८. **औषधि बिक्री तथा सेवा** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ मा बिरामी तथा सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन अस्पतालले आफ्नै फार्मेसी सेवा सञ्चालन गर्ने उल्लेख छ। यो वर्ष

अस्पतालले २१३ प्रकारका सर्जिकल आइटमको आपूर्ति गर्न लागत अनुमान तथा बोलपत्रको सूचना प्रकाशन गरेकोमा १५२ आइटम, अँकोलोजी मेडिसिनतर्फ १३८ प्रकारका औषधि खरिद गर्न बोलपत्रको सूचना प्रकाशन गरेकोमा ५० आइटम मात्र र अन्य ३५० प्रकारका औषधि खरिद गर्न बोलपत्र आह्वान गरेकोमा २३९ को मात्र सम्झौता भएको छ। बिरामी तथा सेवाग्राहीबाट माग भएका १५२ प्रकारका औषधि फार्मेसीमा उपलब्ध नभएको पाइयो। क्यान्सर प्रतिरोधी, मुटुसम्बन्धी, उच्च रक्तचाप, उच्चतहको एन्टिवायोटिकलगायत अत्यावश्यक औषधि नभएको अस्पताल फार्मेसीले उल्लेख गरेको छ। उपर्युक्त अवस्थाले सेवाग्राहीलाई अपेक्षित सेवा प्रवाह हुन सकेको देखिँदैन। सेवा तथा लागत लाभको आधारमा अस्पतालको फार्मेसी सञ्चालन गर्नुपर्दछ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

४९. **प्रतिष्ठानको आय -** प्रतिष्ठानले यो वर्ष २५ करोड ५० लाख ९१ हजार आय गरेकोमा रू.२४ करोड २७ लाख ७८ हजार खर्च गरेको छ। प्रतिष्ठानको कुल आयमा नेपाल सरकारको अनुदान ५९.३६ प्रतिशत रहेकोले सरकारी अनुदान माथिको निर्भरता घटाउन आय वृद्धि तथा खर्चमा नियन्त्रण गर्नुपर्दछ।

५०. **प्रतिष्ठानको उद्देश्य र नीति -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा ५ मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र संस्थानको कर्मचारीको लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्य रहेकोमा प्रतिष्ठान काठमाडौँमा मात्र सीमित रहेकोले नेपालभर तालिम सञ्चालन गर्ने उद्देश्य हासिल हुन सकेको छैन। प्रशिक्षणसम्बन्धी नीति पुनरावलोकन गरी प्रतिष्ठानले सबै श्रेणी वा तहका कर्मचारीलाई प्रशिक्षण प्रदान गरी तालिमको प्रभावकारिता ल्याउनुपर्दछ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा १८ मा प्रशिक्षण पद्धति, दफा १९ मा प्रशिक्षण सामग्री र दफा २० मा पाठ्यक्रमसम्बन्धी व्यवस्था छ। आर्थिक अनुशासन, सार्वजनिक जवाफदेहीता, सार्वजनिक खरिद, आचरण, पेशागत व्यवसायिकता, सेवा प्रवाह, सदाचार पद्धति जस्ता समसामयिक आवश्यकतामा आधारित विषय तथा मुद्दाहरूलाई सम्बोधन हुने गरी व्यवहारिक प्रशिक्षण पद्धति र प्रशिक्षण सामग्रीको अवलम्बन गरिएमा प्रशिक्षण कार्य थप उपयोगी भई प्रतिष्ठानको उद्देश्य हासिल गर्न थप सघाउ पुग्ने देखिन्छ।

५१. **प्रशिक्षणको प्रभाव मूल्याङ्कन -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा १७ मा प्रतिष्ठानले नेपाल सरकारको प्रशासन र संस्थानहरूको व्यवस्थापन क्षेत्रमा सञ्चालन भइरहेका अन्य प्रशिक्षण कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गरी सोको आधारमा आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्नसक्ने र अन्य प्रशिक्षणको हकमा संशोधन वा परिवर्तन गर्न नेपाल सरकारलाई सुझाउ दिन सक्ने व्यवस्था छ। प्रतिष्ठानले विगत ५ वर्षमा १३ हजार ८८ जनालाई तालिम उपलब्ध गराएकोमा तालिम पश्चात् सार्वजनिक सेवा प्रवाहमा भएको परिवर्तन, प्रशिक्षार्थीमा भएको दक्षता अभिवृद्धिबारे प्रभाव मूल्याङ्कन गरी पाठ्यक्रम लगायत प्रशिक्षण पद्धतिमा परिमार्जन गर्नुपर्दछ।

५२. **आवासीय प्रशिक्षण पूर्वाधार विकास -** प्रतिष्ठानको क्रियाकलाप विस्तार हुँदै गएको र प्रतिष्ठानलाई उपलब्ध हालको स्थान र भौतिक संरचना अपुग भएकोले आवासीय प्रशिक्षण सञ्चालन गर्ने वैकल्पिक व्यवस्थाको लागि काठमाडौँ उपत्यकाबाहिर जग्गा प्राप्त गर्ने आवश्यक व्यवस्था मिलाउन प्रतिष्ठानको बोर्ड बैठकबाट

निर्णय भै अवधारणापत्रसमेत तयार गरेको देखिन्छ। जग्गा प्राप्तिको लागि काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका वडा नं.२ स्थित ८७८ रोपनी जग्गा प्रतिष्ठानको लागि उपयुक्त हुने उल्लेख गरी वन तथा वातावरण मन्त्रालयमा सहमति लिन सामान्य प्रशासन मन्त्रालयको सचिवस्तरीय निर्णय भएको र शहरी विकास तथा भवन निर्माण विभागबाट विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन समेत तयार गरी स्वीकृत भएको छ। प्रतिष्ठानको आवासीय तालिम केन्द्र निर्माणका लागि जग्गाको भोगाधिकार प्राप्त गर्ने सम्बन्धमा कटान गर्ने रुखको संख्या यकिन भए तापनि कटान कार्य शुरु भएको छैन। प्रशासनिक प्रक्रिया पूरा गरी निर्माण कार्य अगाडि बढाउनुपर्दछ।

अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, ठेक्का अधुरो रहेको, सोझै खरिद गरेको, निर्माण कार्यमा समन्वय नगरेको, पेस्की फस्यौंट नभएको, बिल भरपाईबेगर खर्च गरेको, लेखापरीक्षण नगराएको, अभिलेख व्यवस्थित नभएको लगायतका व्यहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छ।
  - सरकारी कार्यालयतर्फ ७५ निकायमा यो वर्ष रू.६६ करोड ७३ लाख ९८ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रू.१ करोड ६० लाख ५८ हजार फस्यौंट गरेकोले रू.६५ करोड १३ लाख ४० हजार फस्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रू.२ करोड ९६ लाख ३८ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समिति ४ तर्फ यो वर्ष रू.२ करोड ५९ लाख २४ हजार बेरुजू देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये रू.१५ लाख ३० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकास सम्बन्धी नीति, ऐन, नियम योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा, धरोहर, ऐतिहासिक महत्त्वका दरबार एवं पर्यटनसँग सम्बद्ध संगठित संस्था र समिति, प्रतिष्ठान, कोषसमेतको अनुगमन मूल्याङ्कन गर्ने लगायतको कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ४२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १८ सरकारी कार्यालयको निम्नानुसार रू.७ अर्ब ९२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५२४७४	१२९३०	४५४९	१३९	७००९२

उल्लिखित लेखापरीक्षण रकममा स्थानीय तहको लागि पर्यटन प्रवर्द्धनलगायतका कार्यक्रममा उपलब्ध गराएको अनुदान रू.१७ करोड ६६ लाखसमेत समावेश छ।

२. **संगठित संस्था र अन्य संस्था** - यो वर्ष २४ संस्थाको रू.३ खर्ब ५ अर्ब २५ करोड २ लाखको लेखापरीक्षण गरिएको छ।

३. **आवधिक योजना कार्यान्वयन-** पन्ध्रौं योजनाले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा तोकेका सूचकहरूको परिमाणात्मक लक्ष्य र प्रगति देहायानुसार छः

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७८।७९ को लक्ष्य	प्रगति
नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	लाखमा	८०	१३०	८०
पर्यटकस्तरको होटलको बेड संख्या (एकतारे देखि पाँचतारे)	हजारमा	४३	२४	१६
पदमार्ग	कि.मि.	१८८	७४६	७६०
पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल	संख्या	१९२	२२०	२५५
पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति	संख्या	१००००	१५०००	१८०००

राष्ट्रिय गौरवका आयोजना तोकिएको समयमा सम्पन्न हुने गरी सञ्चालन हुनुपर्दछ ।

४. **वार्षिक कार्यक्रम र प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। मन्त्रालयको स्वीकृत कार्यक्रमको प्रगति स्थिति देहायबमोजिम छः

क्र.स.	कार्यक्रम	एकाई	२०७७।७८ को अवस्था	२०७८।७९ को		प्रगति प्रतिशत
				लक्ष्य	प्रगति	
१.	प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	६१	६३	४८	७६.१९
२.	प्रति पर्यटक औसत वसाइ	दिन	१५.१	१४	१५.५	११०.७१
३.	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति	प्रतिशत	९९	१००	९९	९९
४.	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	प्रतिशत	९७.३३	१००	१००	१००
५.	पोखरा अन्तर्राष्ट्रिय विमानस्थल	प्रतिशत	८१	१००	९८	९८
६.	सम्पदा पुनःनिर्माण	संख्या	५९१	२००	१९२	९६
७.	पर्यटक आगमन (लाखमा)	जना	२.३०	२४.५	१.५०	६.१२
८.	आन्तरिक विमानस्थल वर्षैभरि सञ्चालन	संख्या	३७	३९	३७	९४.४९
९.	रात्रिकालीन उडान सञ्चालनमा आएका विमानस्थल	संख्या	८	८	८	१००
१०.	नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा	संख्या	२७	२७	२२	८१.४८
११.	पर्यटकस्तरको होटल	संख्या	१३१३	२४९	१६२	६५.६
१२.	निर्मित नयाँ पदमार्गको लम्बाई (जिएचटी समेत)	कि.मि.	५६०	७४६	६८३	९१.५५

उल्लिखित तालिकाअनुसार प्रति पर्यटक प्रतिदिन खर्च अमेरिकी डलर ६३ पुऱ्याउने लक्ष्य रहेकोमा अमेरिकी डलर ४८, पर्यटन आगमन संख्या २४ लाख ५० हजार पुऱ्याउने लक्ष्य रहेकोमा १ लाख ५० हजार, नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवाको संख्या २७ पुऱ्याउने लक्ष्य रहेकोमा २२ र पर्यटकस्तरको होटलको संख्या २४९ हुने लक्ष्य रहेकोमा १६२ पुगेको छ। लक्षित कार्यक्रमअनुसार प्रगति हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **राष्ट्रिय गौरवका योजना** - यस मन्त्रालय अन्तर्गतका राष्ट्रिय गौरवका योजनाको हालसम्मको प्रगति स्थिति देहायअनुसार रहेको छः

(रू.करोडमा)

क्र.सं.	आयोजना	लागत	शुरु	खर्च	सम्पन्न हुने	भौतिक प्रगति
१	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	३०९१	२०७१।७२	२६४१	२०७८।७९	१००.००
२	पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल	२२००	२०७४।७५	१९०४	२०७९।८०	९८.००
३	पशुपति क्षेत्र विकास आयोजना	२२७	२०७०।७१	१४१	२०७८।७९	८५.००
४	लुम्बिनी विकास कोष	१३२६	२०६९।७०	७०२	२०८०।८१	८७.००
५	निजगढ विमानस्थल आयोजना	१६५००	२०७१।७२	८७	२०८५।८६	नखुलेको

उल्लिखित तालिकाअनुसार निजगढ विमानस्थल आयोजनाको भौतिक प्रगति खुलाएको देखिएन। खर्चको आधारमा आयोजनाको प्रगति न्यून देखिएकोले निर्माणस्थलको व्यवस्थापन गरी समयमा नै आयोजना सम्पन्न गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७८।७९ मा पर्यटन काज कार्यक्रम सञ्चालन गर्ने, सन्दकपुर, धनुषाधाम, इन्द्रसरोवर, पञ्चासे, निग्लिहवा, कुपिण्डे दह, भादगाउँ लगायतका स्थानमा पर्यटकीय पूर्वाधार निर्माण कार्यको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, उपत्यका वरपर हाइकिङ डेस्टिनेशनको पूर्वाधार निर्माण गर्ने, हिमालयन पदमार्ग निर्माण गर्ने, चुरे तथा महाभारत श्रृङ्खलाका सम्भाव्य स्थानको खोजी गर्ने, जीपीएस ट्र्याकिङ सिस्टम निर्माण गर्ने, सम्पदाको संरक्षण र संवर्द्धन गरी सफ्ट पावरको रूपमा विकास गर्ने, चितवनको अयोध्यापुरीमा राम मन्दिर निर्माण गर्ने, जानकी मन्दिरलाई

विश्वसम्पदा सूचीमा समावेश गर्ने, प्रादेशिक संग्रहालय निर्माण गर्ने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायतका विमानस्थलको स्तरोन्नति गर्ने लक्ष्य तोकिएकोमा पर्यटन काज सम्बन्धी मस्यौदा तयार भए तापनि अन्य कार्यमा लक्ष्यअनुसार प्रगति भएको छैन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य पुरा गर्न सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने एवं दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्न सन् २०२५ सम्म कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत योगदान पुऱ्याउने, १० वर्षे पर्यटन विकास रणनीति (२०१६-२०२५) बमोजिम सन् २०२१ मा ८ लाख ५० हजारर सन् २०२२ मा २४ लाख ५० हजार पर्यटक भित्र्याउने लक्ष्य रहेकोमा क्रमशः १ लाख ५१ हजार र १ लाख ५० हजार पर्यटकको आगमन भएको देखियो। दिगो विकास लक्ष्य हासिल हुने गरी कार्ययोजना बनाई कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **रणनीतिक योजना कार्यान्वयन**-नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, (२०१६-२०२५) मा मन्त्रालय र मातहतले सम्पादन गर्नुपर्ने मुख्य कार्यमध्ये पर्यटकको संख्या र बसाइ अवधि वृद्धि गर्ने, ब्राण्डिङ तथा बजारीकरण गरी अर्थतन्त्रमा योगदान गर्ने लगायत ११ लक्ष्य निर्धारण भएका छन्। योजनामा उल्लेख भएअनुसार पर्वतारोहण नियमावली, स्की नियमावली र नयाँ हवाई नीति तर्जुमा, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ संशोधनको कार्य, सबै पर्यटन व्यवसायीलाई कोड अफ टुरिज्म प्राक्टिस विकास गरी लागू गर्ने कार्य, एउटै साझा ब्राण्डको प्रयोगमा तीव्रता ल्याउने कार्य भएको छैन। योजनाअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९. **कार्यक्रमगत प्रबन्ध** - पर्यटन नीति, २०६९, हवाई नीति, २०६९ र राष्ट्रिय संस्कृति नीति, २०६७ को आधारलाई कार्यान्वयन, मार्गनिर्देशन, कार्यगत सरलीकरण तथा संस्थागत सबलीकरण गर्न नीतिगत उद्देश्य तथा व्यवस्थालाई कार्यक्रमगत प्रबन्धमा रुपान्तरण गर्ने उद्देश्य रहेको छ। मन्त्रालयले नवीनतम रूपमा प्रचलनमा आएका साहसिक पर्यटन, पर्यटन विविधीकरणमा लोन्ली इको रिसोर्ट, प्राकृतिक सम्पदा उपयोगको रोयल्टी बाँडफाँट मापदण्ड, अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कार, ट्रिप तथा विच्याटमार्फत् चीनियाँ पर्यटन प्रवर्द्धन, पर्यटन लगानी सम्मेलन, अंग्रेजी नेपाली डकुमेन्ट्री, जीपीएस प्रणालीलगायतका कार्यक्रमका लागि बजेट व्यवस्था भए तापनि अपेक्षा गरेअनुसारको उपलब्धि हासिल भएको छैन। निजी क्षेत्रसमेतको भूमिका रहने गरी लागत साझेदारी एवं प्रतिफलको हिस्सेदारी अवधारणा तथा मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्दछ।

१०. **टुरिज्म प्रोफाइल** - वर्ल्ड टुरिज्म अर्गनाईजेसन, युएनडब्लुटीओ, ओइसिडी, युरोस्याट तथा यु.एन.एस.डी.बाट विकास गरिएको मापदण्ड कार्यान्वयनमा ल्याई आन्तरिक र वाह्य पर्यटन, आन्तरिक पर्यटन खर्च, पर्यटन उद्योगको उत्पादन लेखाङ्कन, कुल गार्हस्थ्य उत्पादन मापन, रोजगारी, लगानी, सरकारी उपभोग र गैरमौद्रिक सूचक देखिने गरी टुरिजम सेटलाइट एकाउण्टसम्बन्धी मापदण्ड कार्यान्वयनमा ल्याउने वार्षिक कार्यक्रममा अपेक्षित प्रगति भएको देखिएन। कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान मापन गर्दा होटल र रेष्टुराँको मात्र मापन गर्ने गरेकोले वास्तविक योगदान यकिन नभएको एवं आन्तरिक पर्यटक सर्भे नभएका कारण टुरिज्म सेटलाइट एकाउण्ट लागू हुन सकेको छैन। कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान देखिने गरी लेखाङ्कन हुनुपर्दछ।

११. **संस्कृति संरक्षण र सम्बर्द्धन —** भौतिक, सांस्कृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनका लागि विश्व सम्पदा महासन्धि, १९७२ र उक्त महासन्धि कार्यान्वयनसम्बन्धी कार्यसञ्चालन निर्देशिकाले निर्दिष्ट गरेबमोजिमको व्यवस्थापन तथा संरक्षण योजना तयार गर्ने कार्यको जिम्मेवारी मन्त्रालयमा रहेकोमा आवश्यक पूर्वाधारहरू पहिचान गरी व्यवस्थापन तथा संरक्षण योजना तयार गरेको छैन। योजना तथा कार्यविधिको अभावका कारण भौतिक, सांस्कृतिक सम्पदाहरू तथा तिनले चर्चेका जग्गा निजी क्षेत्रबाट अतिक्रमण गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। निजी जग्गामा संरचना निर्माण गर्दा महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई नकारात्मक असर नपर्ने गरी निर्माण गर्न कानूनी मापदण्ड र निर्देशिकाको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। अभिलेख संरक्षण ऐन, २०४६ बमोजिम राष्ट्रिय सम्पदाहरूलाई सूचीकरण गरी संरक्षण गर्ने कार्य नभएको र अमूर्त सम्पदाको सूचीकृत गर्ने कानूनसमेत नभएको अवस्था छ। आवश्यक मापदण्ड एवं निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्दछ।

१२. **पर्वतारोहण रोयल्टी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतको प्रयोगबाट प्राप्त हुने रोयल्टी रकम संघीय विभाज्य कोषमा जम्मा गर्ने र नेपाल सरकारले बाँडफाँट गर्ने व्यवस्था छ। सोही ऐनको अनुसूची-४ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहलाई क्रमशः ५०, २५ र २५ प्रतिशतको अनुपातमा बाँडफाँट गर्ने उल्लेख छ। मन्त्रालयले देशभरका ६ हजार मिटर सम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन र बाँडफाँट गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण संघलाई दिएको पाइयो। यो वर्ष रू.९ करोड १४ लाख ६१ हजार रोयल्टी सङ्कलन गरेकोमा ५५ प्रतिशत स्थानीय तह, प्रदेश र प्रतिष्ठानलाई र बाँकी ४५ प्रतिशत पर्वतारोहण संघको खातामा दाखिला गरेको पाइयो। उक्त रोयल्टीको असुली र बाँडफाँटसम्बन्धी अभिलेख मन्त्रालय र विभागमा राखेको पाइएन। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट तोकिएको दरमा रोयल्टी उठाई विभाज्य कोषमा राखी सरकारले बाँडफाँट गर्नुपर्नेमा पर्वतारोहण संघले रोयल्टी बाँडफाँट गर्ने गरेको छ। रोयल्टीको आय लेखाङ्कन र बाँडफाँट विभाज्य कोषबाट हुने व्यवस्था गर्नुपर्दछ।

१३. **पर्यटन पूर्वाधार** - पर्यटन पूर्वाधार तथा पर्यटन उपजको विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ बमोजिम मन्त्रालयमार्फत् स्रोतको सुनिश्चितता भएको पर्यटकीय पूर्वाधार आयोजनाको लागि गत वर्षसम्म १८१ स्थानीय तहबाट रू.६ अर्ब ५९ करोड ९४ लाखको खरिद सम्झौता भएकोमा कार्यक्रम कार्यान्वयनको भौतिक एवं वित्तीय प्रगति विवरण तयार गरेको देखिएन। साझेदारीमा सञ्चालन भएका योजनाको अद्यावधिक प्रगति विवरण प्राप्त गरी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

१४. **हवाई उडान** - हवाई नीति, २०६३ मा सुरक्षित, भरपर्दो, व्यावसायिक र विश्वसनीय हवाई सेवा विस्तार गर्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा गुणस्तरीय सेवा सुनिश्चित गर्ने लक्ष्य रहेको छ। नेपालको आकाशमा हालसम्म जहाज दुर्घटना हुँदा मल्टी इन्जिनका ५० जहाजबाट ४१६, सिङ्गल इन्जिनका ८ जहाजबाट २५, अन्तर्राष्ट्रिय १० जहाजबाट ३७३ र ३६ हेलीकोप्टरबाट ८५ समेत १०४ दुर्घटनामा ८९९ यात्रु मृत्यु भएको देखिन्छ।

हवाई दुर्घटनापछि गठन गरिने छानबिन समितिले दिएका प्रतिवेदनहरूमा इन्जिनमा समस्या भएको, मौसमको खराबी, पाइलटको असावधानीलगायत कारणबाट हवाई दुर्घटना हुने गरेको उल्लेख गरेको पाइन्छ। छानबिनबाट प्राप्त सुझाउहरू कार्यान्वयन हुन नसक्दा समस्या दोहोरिने गरेको देखिन्छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट सन् २०१९ मा नेपालको हवाइ सुरक्षा सम्बन्धमा उठेका

विषयलाई सम्बोधन गर्दै सुरक्षित, भरपर्दो, व्यावसायिक र विश्वसनीय हवाई सेवा विस्तार गरी गुणस्तरीय हवाई सेवाको प्रत्याभूति गर्नुपर्दछ।

१५. **विमानस्थल निर्माण** - हवाई नीति, २०६३ को दफा ५.७.१ मा हिमाली र पहाडी क्षेत्रमा साधारणतया २० नटिकल माइल र तराई तथा भित्री मधेश क्षेत्रमा कम्तीमा ४० नटिकल माइल निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दूरी कायम हुनुपर्ने व्यवस्था रहेकोमा सोभन्दा कम दूरीका कमलबजार-साँफेबगर १३ नटिकल माइल, फाप्लु-काँगेलडाँडा ८ नटिकल माइल, मसिनेचौर-जुफाल ६ नटिकल माइल लगायत ३९ स्थानमा विमानस्थल निर्माण भएको उल्लेख छ। हाल तीन अन्तर्राष्ट्रिय विमानस्थलसहित ५४ विमानस्थल रहेकोमा २० विमानस्थल सञ्चालनमा रहेका छैनन्। विमानस्थलको वर्गीकरण गरी कतिपय विमानस्थललाई आकस्मिक अवतरण केन्द्रको रूपमा विकास गर्नेगरी मापदण्ड तयार गर्नुपर्ने र निर्माण सम्पन्न भएका विमानस्थल सञ्चालनमा ल्याउनुपर्दछ।

पुरातत्त्व विभाग

ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका वस्तु र प्राचीन सम्पदाको अन्वेषण, विश्लेषण, संरक्षण र प्रकाशन गर्ने कार्यका लागि २०२९ सालमा विभागको स्थापना भएको हो। विभागले प्राचीन स्मारक ऐन, २०१३ अनुसार राष्ट्रको गौरवमय सम्पदाको पुनर्निर्माण, संरक्षण र व्यवस्थापन गर्दै आएको छ।

१६. **संरक्षण** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ मा कुनै प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलहरूको सूचीकरण गर्ने, वर्गीकरण गर्ने तथा संरक्षण गर्ने दायित्व विभागको हुने उल्लेख छ। ऐनमा स्वामित्वको दृष्टिकोणले सार्वजनिक र निजी सम्पदा महत्त्वको दृष्टिकोणले अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय आधारमा वर्गीकरण गर्ने व्यवस्था छ। प्राचीन स्मारक तथा पुरातात्त्विक महत्त्वका स्थलहरूको संरक्षण र संवर्द्धन सम्बन्धमा संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने नीति तथा कानूनको अभाव, सम्पदा संरक्षणको लागि पर्याप्त बजेट, परम्परागत निर्माण सामग्री एवं दक्ष जनशक्तिको कमी रहेको तथा सम्पदाहरूको अतिक्रमण बढ्दो क्रममा रहेकोले सम्पदा संरक्षणमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। पुरातात्त्विक सम्पदामा सूचीकरण भएका ४ हजार ८५० सम्पदाको अभिलेख अद्यावधिक गरी उचित संरक्षण एवं संवर्द्धन गर्नुपर्दछ।

१७. **सम्पदा पुनर्निर्माण** - सम्वत् २०७२ वैशाखको भूकम्पबाट क्षति भएका पुरातात्त्विक सम्पदाको पुनर्निर्माण कार्य ५ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारी तथा अन्य कारणले पुनर्निर्माण कार्य सम्पन्न भएको छैन। पुनर्निर्माण गर्नुपर्ने ९२० सम्पदामध्ये यो वर्षसम्म ५८९ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न भएको, १९२ सम्पदाको पुनर्निर्माण कार्य भैरहको र १३९ सम्पदाको पुनर्निर्माण कार्य बाँकी रहेको देखिन्छ। पुनर्निर्माण सम्पन्न भएका र चालु रहेका सम्पदाहरूको निर्माण कार्यमा २०७२।७३ देखि २०७८।७९ सम्म रू.७ अर्ब ७० करोड ६७ लाख बजेट विनियोजन भएकोमा रू.५ अर्ब ५० करोड खर्च भएको छ। सम्पदा पुनर्निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

पर्यटन विभाग

पर्यटन उद्योगको व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, पर्यटकको सुरक्षा लगायतका कार्य गर्न २०७१ मा स्थापना भएको यस विभागले पर्यटन व्यवसाय र उद्योग भएका शहर, ठूला पर्यटन उद्योग, पाँच तारे होटल, क्यासिनो, स्वदेशी विदेशी पर्यटन प्रवर्द्धन, पर्वतारोहण अनुमति र पर्वतीय पर्यटनको एकीकृत विकास लगायतका कार्यको लागि विकास, नियमन, प्रवर्द्धन र व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

१८. **पर्वतारोहण दल** - पर्यटन ऐन, २०३५ को दफा १९ मा पर्वतारोही दलले पर्वतारोहणका निमित्त नेपाल सरकारबाट जारी भएको अनुमतिमा तोकिएको मार्गबाट मात्र पर्वतारोहरण गर्नुपर्ने र पर्वतारोहरण नियमावली, २०५९ को नियम ६ मा अनुमति प्राप्त पर्वतारोही दलले पालना गर्नुपर्ने शर्तहरूको उल्लेख छ। विभागले यो वर्ष २७ हिमाल आरोहणको लागि १३१ आरोहण दलका ९८६ सदस्यलाई अनुमति दिई रू.५३ करोड ३५ लाख ३१ हजार सलामी दस्तुर संकलन गरेको छ। अनुमति प्राप्त आरोहण दलका सदस्यहरूले कानून बमोजिम तोकिएका शर्तहरूको पालना गरे नगरेको सम्बन्धमा विभागले नियमित अनुगमन गरेको नपाइएकोले प्रविधिको उपयोग गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१९. **अनुगमन** - पर्यटन ऐन, २०३५ को परिच्छेद-३ मा मन्त्रालयले होटल, लज, रेष्टुराँ र बारलाई पर्यटकस्तरमा दर्ता गराउनुपर्ने, पर्यटकस्तरको होटललाई वर्गीकरण गर्नुपर्ने, होटल, लज, रेष्टुराँ, रिसोर्ट र बारको सेवा, सुविधा र गुणस्तर सम्बन्धमा नेपाल सरकारले निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ। पर्यटन विभागबाट प्राप्त विवरण अनुसार हालसम्म १८ पाँच तारे, ३० चार तारेसमेत १७० तारे होटल, ११४ रिसोर्ट, पर्यटनस्तरका साधारण होटल ३८७ र १०८ होमस्टे दर्ता भएका छन्। दर्ता भएका होटल, रिसोर्ट र होमस्टे उद्देश्य अनुरूप सञ्चालन भए नभएको अनुगमन गरी कारवाही गरेको छैन। कानूनी व्यवस्थाबमोजिम विवरण अद्यावधिक गरी अनुगमन निरीक्षण गर्नुपर्दछ।

२०. **क्यासिनो रोयल्टी** - क्यासिनो नियमावली, २०७० मा क्यासिनो सञ्चालकले प्रत्येक वर्ष रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। आर्थिक ऐन, २०७८ को दफा १६ मा ६ महिनाभित्र रोयल्टी बुझाउनुपर्ने, समयमा नबुझाएमा थप शुल्क र वार्षिक थप शुल्क बुझाउनुपर्ने प्रावधान छ। यो वर्ष २४ क्यासिनो सञ्चालकबाट निवेदन दस्तुर, इजाजत दस्तुर, रोयल्टी रकम, नवीकरण दस्तुर र वार्षिक थप दस्तुर समेत रू.१ अर्ब १५ करोड ४६ लाख राजस्व प्राप्त गर्नुपर्नेमा २० क्यासिनोबाट रू.९३ करोड ११ लाख मात्र दाखिला भएको छ। गत विगत वर्षदेखि ४ क्यासिनो सञ्चालकले बुझाउनुपर्ने रोयल्टी रू.२२ करोड ३५ लाख दाखिला गरेका छैनन्। बक्यौता रकम र सोमा लाग्ने थप शुल्कसहित असुल गर्नुपर्दछ।

संगठित संस्था तथा समिति

पशुपति क्षेत्र विकास कोष

भगवान श्री पशुपतिनाथको मन्दिर र पावन पाशुपत क्षेत्र प्राचीन कालदेखि विश्वभरका सनातन हिन्दुहरूको श्रद्धा र आस्थाको केन्द्रको रूपमा रहिआएको छ। पशुपति क्षेत्र, जयबागेश्वरी, गौरीघाट, चाबहिल, कुटुम्बहाल, सिफल, गौशाला, पिंगलास्थान र श्लेषमान्तक वन आसपासको २६४ हेक्टर क्षेत्रलाई पशुपति क्षेत्रभित्र राखिएको

छ। पशुपति क्षेत्रमा साना ठूला विभिन्न शैलीका मठ मन्दिर, सत्तल, ढुङ्गेधारा, चैत्य, देवालयजस्ता सम्पदा करिब ५०० र शिवलिङ्ग करिब १ हजार रहेका छन्। उक्त क्षेत्रको संरक्षण, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न २०४४ सालमा कोषको स्थापना भएको हो।

२१. **वित्तीय स्थिति -** कोषको २०७९ असार मसान्तमा मूल कोष रू.३ अर्ब २ करोड ४५ लाख, अक्षय कोष रू.१ अर्ब, मन्दिर सेवा कोष रू.२७ करोड ९ लाख, घाट सेवा कोष रू.३ करोड ९१ लाख र स्थिर सम्पत्ति रू.१ अर्ब ५४ करोड २५ लाख रहेको देखिन्छ। यो वर्ष नेपाल सरकारको अनुदान रू.२६ करोड ९८ लाख र अन्य आम्दानी रू.५१ करोड ८८ लाख समेत रू.७८ करोड ८६ लाख आम्दानी रहेकोमा रू.७० करोड २३ लाख खर्च भई रु ८ करोड ६३ लाख बचत रहेको देखिन्छ।

२२. **कार्य जिम्मेवारी -** अति प्राचीन पूजास्थल, मठ मन्दिर र मूर्तिहरू तथा अभिलेखको व्यवस्थापन तथा पशुपतिनाथका दैनिक पूजा पाठका अतिरिक्त पूजा र महाशिवरात्रि, बालाचतुर्दशी, तीजलगायतका पर्वमा विशेष पूजा एवं मेला लाग्ने गर्दछ। पशुपति क्षेत्र विकास कोष ऐन, २०५० बमोजिम पशुपति क्षेत्रको सुरक्षा, सम्भार र विकास गरी पूजाआजाको व्यवस्था मलाउने व्यवस्था छ। गुरुयोजनाअनुसार समयमा कार्य सम्पन्न नहुँदा सम्पदाहरूको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन कार्यमा असर पर्ने तथा अद्यावधिक कानूनको अभावमा जिम्मेवार निकायसम्बन्धी अस्पष्टतासमेत रहने हुँदा सोसम्बन्धी कानून निर्माण एवं सञ्चालन गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने देखिन्छ।

२३. **दरबन्दी तथा पदपूर्ति अवस्था -** कोषको कार्यसम्पादनका लागि सञ्चालक परिषद् मातहत एक कार्यकारी निर्देशकसहित मानव संसाधन, संस्कृति संरक्षण, योजना, सार्वजनिक खरिद तथा सेवा सुविधा, सम्पत्ति व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा रहेका छन्। कोषमा कुल दरबन्दी ३८९ मध्ये १७४ स्थायी तथा ज्यालादारीतर्फ ५६ पदपूर्ति भई १५९ पद रिक्त रहेको अवस्था छ । पशुपति क्षेत्र विकास कोष कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी नियमावलीमा पदपूर्ति तथा बढुवा समितिको सिफारिस बमोजिम कर्मचारी भर्ना हुनुपर्ने व्यवस्था रहेकोमा सोको पालना भएको छैन। कोषको दैनिक कार्यसञ्चालनलाई चुस्त एवं दुरुस्त राख्न आवश्यक जनशक्ति पदपूर्ति गरी कोषको कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

२४. **आरती -** पशुपतिनाथ मन्दिर पूर्व श्रीपशुपतिनाथ बागमती गंगा सन्ध्या आरती नामक संस्थाबाट २०६६ सालदेखि सन्ध्याकालीन आरती हुँदै आएको छ। कोषले गुजराती बाजा सत्तलको एक कोठा र राममन्दिर क्षेत्रको सत्तलको एक कोठा निःशुल्क उपलब्ध गराएको छ। आरती गर्नको लागि भक्तजनबाट दान दक्षिणा तथा अन्य सहयोग लिने गरेकोमा उक्त क्रियाकलापबाट कोषलाई कुनै रकम प्राप्त भएको छैन। कोषले सम्पदाको गरिमा, मौलिकतामा पर्न सक्ने असरलाई ध्यान दिई आय आर्जनसमेत अभिवृद्धि गर्नुपर्दछ।

२५. **पूजा पसल -** पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावलीको नियम ८५(१) मा श्री पशुपतिनाथको क्षेत्रभित्र पूजा सामग्री व्यापार गर्न चाहने कुनै व्यक्ति वा संस्थाले कोषबाट अनुमति लिनुपर्ने र नियम ८६ अनुसार अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पशुपति क्षेत्र विकास कोषको जग्गामा २४ सोभिनियर पसल सञ्चालन भइरहेको तथा १४८ फूल पसलहरूको बहाल रू.१ करोड २२ लाख ४३ हजार विगत लामो समयदेखि नउठेको र निजहरूको सम्झौता अवधि सकिएकोमा

सम्झौता नवीकरणसमेत भएको छैन। । कोषसँग कुनै पनि अद्यावधिक लिखित सम्झौता पत्र नहुँदा कानूनी प्रक्रियाअनुसार कोषले पाउनुपर्ने रकम दाबी गर्न नसक्ने अवस्था देखिएको छ। नियमावलीको व्यवस्थाअनुसार बक्यौता बहाल असुल हुनुपर्दछ ।

२६. **आन्तरिक आय** - कोषले यो वर्ष आन्तरिक स्रोतबाट रू.५५ करोड ६८ लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा रू.५१ करोड ८८ लाख मात्र सङ्कलन भएको छ। धर्मशाला बहाल रू.४ करोड ११ लाख ३४ हजार उठाउने लक्ष्य रहेकोमा रू.१ करोड ९४ लाख ९५ हजार, पसल बहाल रू.६ करोड १२ लाख २ हजार उठाउने लक्ष्य रहेकोमा रू.१ करोड ५८ लाख ९८ हजार, धार्मिक कार्यको स्थान अनुमतिबाट रू.६ करोड ५४ लाख उठाउने लक्ष्य रहेकोमा रू.३ करोड ६० लाख ८५ हजार, पर्यटक सेवा शुल्क रू.३ करोड उठाउने लक्ष्य रहेकोमा रू.२ करोड ३४ लाख ६२ हजार र गुठी जग्गा आम्दानी रू.४ करोड ५० लाख उठाउने लक्ष्य रहेकोमा रू.३ करोड ६५ लाख २१ हजार सङ्कलन भएको छ।

२७. **लेखा प्रणाली** - पशुपति क्षेत्रविकास कोष ऐन, २०४४ को दफा १९ मा कोषको आय व्ययको लेखा परिषद्ले निर्धारण गरेबमोजिम राखिने र कोषको आर्थिक प्रशासन नियमावली, २०६२ को नियम ७ मा कोषको लेखा दोहोरो लेखा प्रणालीअनुसार राखिने उल्लेख छ। कोषले लेखा नीति, आम्दानी तथा खर्चका शीर्षक, सम्पत्ति कोषको वर्गीकरण तथा व्याख्यालगायतका लेखा नीति र निर्देशिका तयार गरेको छैन। यो वर्ष राष्ट्रिय गौरवको आयोजनामा खर्च भएको रू.२४ करोड ९९ लाख र पुनर्निर्माणमा खर्च भएको रू.१ करोड ९८ लाख वासलातमा पुँजीकृत गरेको छैन। लेखा नीति, आम्दानी खर्च, सम्पत्ति, दायित्व, कोषलगायतका विषयहरू समाबेश गरी लेखासम्बन्धी निर्देशिका एवं दिग्दर्शन तयार गरी लागू गर्नुपर्दछ।

२८. **मुआब्जा** - कोषले पशुपति क्षेत्रको बी-१३ ब्लकमा रहेको चक्रपथ छेउको गल्फ मैदानतर्फको ४४ रोपनी १० आना २ पैसा जग्गा रू.१ अर्ब ७ करोड २३ लाख ९१ हजारमा अधिग्रहण गरी २०७७।७८ सम्म मुआब्जा भुक्तानी गरिसके तापनि सम्झौताअनुसार गोठाटारको जग्गामा प्लानिङ गरी स्थानान्तरण गरेको छैन। उक्त जग्गामा विभिन्न व्यक्तिले व्यवसाय गरिरहेको देखिँदा कोषले उक्त जग्गाको संरक्षण गर्नुपर्दछ।

२९. **नियमावलीको स्वीकृति** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २१(१) मा कोषको प्रयोजनका लागि तयार गरेका नियम नेपाल सरकारबाट स्वीकृत हुनुपर्ने उल्लेख छ। कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०६५, पशुपति क्षेत्र विकास कोष (मन्दिर तथा पूजा व्यवस्था) नियमावली, २०६८ र पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन (दोस्रो संशोधन) नियमावली, २०४५ मन्त्रालय (मन्त्रीस्तर) बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। कोषका नियमहरू ऐनको व्यवस्थाबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत हुनुपर्दछ।

३०. **कोषको जग्गा उपयोग** - पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले कोषको घर जग्गाको भाडा निर्धारणको लागि कार्यविधि बनाई आयवृद्धिका कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएकोमा कार्यविधि स्वीकृत भएको छैन। कोषको नाममा काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६ मा रहेको कित्ता नम्बर ५८, ८४ र ८० को ५३४ रोपनी जग्गालाई सतह मिलाई सो जग्गामा रहेको माटो, ढुङ्गा, बालुवा झिकी अन्यत्र बेचविखन गर्न प्रचलित कानूनबमोजिम कार्यविधि तयार गरी कोषले

अधिकतम प्रतिफल प्राप्त गर्ने निर्णय गरेकोमा सो कार्यान्वयन नगरेकोले कोषलाई प्राप्त हुनुपर्ने रकम प्राप्त भएको छैन। कोषले आफ्नो स्वामित्वमा रहेका जग्गा अतिक्रमण रोक्ने तथा संरक्षण र उपयोग गर्न कार्य योजना बनाएको देखिँदैन। कोषले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा अन्य सम्पत्तिको उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

३१. **गुठी जग्गाको लगत** - समितिले पेस गरेको पशुपति गुठी जग्गा तथा सम्पत्ति प्रतिवेदन, २०७५ अनुसार श्री पशुपतिनाथ गुठीतर्फ पशुपति क्षेत्र विकास कोषका तत्कालीन कोषाध्यक्षको संयोजकत्वमा गठित अमालकोट, पशुपति भण्डार तहबिल र जयबागेश्वरी भण्डार तहबिलसमेतको ५ हजार ६० रोपनी गुठी जग्गा रहेको छ। त्यसैगरी पशुपति क्षेत्रभित्रका मन्दिर, देवालय, शिवालय तथा विभिन्न गुठीको १० हजार १९ रोपनी १५ आना १ पैसा र श्री पशुपतिनाथको महास्थान पोता गुठीको १ हजार २४१ रोपनी १ आना २ पैसासमेत ११ हजार २६२ रोपनी ३ आना १ पैसा जग्गा रहेको छ। पशुपति क्षेत्रभित्र गुठी संस्थानअन्तर्गत सञ्चालन र व्यवस्थापन हुँदै आएका राजगुठीहरूको संख्या करिब १९५ रहेको जनाए तापनि श्रीपशुपतिनाथ र यस क्षेत्रका मठ मन्दिर, पूजाआजा, पर्व एवं जात्रा आदिसँग सम्बन्धित राजगुठी, छुट गुठी र निजी गुठीसमेतका सम्पूर्ण गुठी जग्गाको यथार्थ र अद्यावधिक लगत अभिलेख कोषले तयार गरेको देखिएन। कोषद्वारा श्रीपशुपतिनाथ र यस क्षेत्रका गुठी तथा जग्गाको अद्यावधिक लगत अभिलेख कायम गर्नुपर्दछ।

३२. **गुठीको बक्यौता** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ ले पशुपति क्षेत्र विकास कोषअन्तर्गत रहेका गुठीको अद्यावधिक अभिलेख कायम गर्न २०७८।९।५ को सदस्य सचिवस्तरको निर्णयबाट गठित समितिको अद्यावधिक प्रतिवेदनअनुसार २०७९।३।३२ सम्मको गुठीको बक्यौता स्थिति देहायअनुसार छः

(रू. हजारमा)

क्र.सं.	गुठीको नाम	क्षेत्रफल (व.मि.)	मोही संख्या	कित्ता संख्या	वार्षिक कुत	२०७९ असारसम्मको कुत (जरिबाना सहित)
१.	श्री पशुपतिनाथ भण्डार तहबिल गुठी	८९४८२८	३६४५	४९६४	२९२३	१५६०१
२.	श्री पशुपतिनाथ अमालकोट कचहरी गुठी	४६६३२८	२२७२	३०७६	११२८	४२२७
३.	श्री पशुपतिनाथ जय बागेश्वरी भण्डार तहबिल कार्यालय	२५१०२०	११०७	१९१७	८२०	२६२०
	जम्मा	**१६१२१७६**	**७०२४**	**९९५७**	**४८७१**	**२२४४८**

उल्लिखित विवरणबाट पशुपतिअन्तर्गतका ३ गुठीबाट प्रत्येक वर्ष जग्गाको वार्षिक कुत रू.४८ लाख ७१ हजारका दरले असुल हुनुपर्नेमा यो वर्ष र विगतको समेत रू.२ करोड २४ लाख ४८ हजार बक्यौता रहेको देखियो। बक्यौता रकम जरिबानासहित असुल हुनुपर्दछ।

३३. **पुनर्निर्माण** - पशुपति क्षेत्रमा रहेका १०५ स्मारकमध्ये २०७२ को भूकम्पका कारण करिब ३० स्मारकमा पूर्ण रूपमा र ७५ स्मारकमा आंशिक क्षति पुगेको देखिन्छ। सोमध्ये ५५ स्मारकको पुनर्निर्माण कार्य सम्पन्न भए तापनि विश्वरूप मन्दिर तथा सत्तल, बज्रघर सत्तल, भुवनेश्वरी मन्दिर, जितजङ प्रकाशेश्वर सत्तल, पञ्चदेवल सत्तल तथा देवालयलगायतका ५० स्मारकको पुनर्निर्माण कार्य बाँकी रहेको देखिन्छ। पाशुपत क्षेत्रको प्राचीनतालाई कायम राख्दै सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३४. **दान भेटीको अभिलेख तथा व्यवस्थापन** - पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८ को नियम ७७ बमोजिम कुनै व्यक्तिले श्रीपशुपतिनाथ मन्दिर तथा मन्दिर प्राङ्गणभित्र रहेका

अन्य मठमन्दिरमा सुन चाँदीजस्ता बहुमूल्य धातु र त्यस्ता धातुले बनेका सामान वा भाँडाकुँडा वा वस्त्रलगायत अन्य जिन्सी सामान चढाउन चाहेमा कोषमा दर्ता गरेर मात्र चढाउनुपर्ने व्यवस्था छ। सुन चाँदीजस्ता बहुमूल्य धातु र त्यस्ता धातुले बनेका सामान कोषमा दर्ता नगराई स्वीकार गर्ने गरेकोले सोसम्बन्धी आन्तरिक नियन्त्रण कमजोर देखिन्छ। जिन्सी भेटीमा चढाइएका सुन, चाँदीजस्ता धातुहरूको मूल्याङ्कन गरी वासलातमा समावेश गर्नुपर्दछ। मन्दिरमा उठेको भेटी गणना गर्दा सीसीटीभी क्यामेराको निगरानी गरी नियन्त्रण पशुपति क्षेत्र विकास कोषमा ल्याई दैनिक आम्दानीको विवरण डिजिटल बोर्डमा प्रकाशित गर्नुपर्दछ।

भक्तजन तथा श्रद्धालुबाट पशुपति मन्दिरमा भेटीबापत यस वर्ष रू. ४ करोड ५२ लाख ८४ हजार सङ्कलन भएको छ । हरेक दिन १० बजेदेखि बैङ्क प्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी र कोषबाट तोकिएको कर्मचारीको रोहवरमा भेटी रकम गणना गर्ने र सोही दिन एक वाणिज्य बैङ्कमा जम्मा हुने गरेको छ । यस सम्बन्धमा मेटल डिटेक्टर नभएका कारण धातुजन्य सामानको आम्दानी यकिन गर्न कठिनाइ रहेको, पशुपति शिवलिङ्गमा चढाएको भेटीघाटी डिटेक्टर मेसिनद्वारा नियन्त्रण हुन नसकेको, सन्तानेश्वर महादेव लालगणेशलगायतका सबै मन्दिरहरूको आय कोषमा जम्मा नभएको, पशुपति मन्दिरमा भक्तजनबाट प्राप्त भएको दान दक्षिणा लगायत धातुजन्य सामानको पहिचान र वर्गीकरण नगरेको, मन्दिर परिसरमा जडान गरेको सीसीटीभी ब्याकअप ७ दिनको मात्र रहेको लगायतको अवस्था देखियो। सुरक्षा व्यवस्थापनको लागि कानूनबमोजिम २ महिनाको ब्याकअप रहने संयन्त्र निर्माण गरी भेटीको आयलाई थप व्यवस्थित गर्नुपर्दछ।

३५. **क्याफे सञ्चालन** - तिलगंगा धर्मशालामा सञ्चालित एक क्याफेसँग २०७२।४।३२ मा भाडा सम्झौता भएकोमा क्याफे सञ्चालकले कोषको स्वीकृति बेगर निर्माण गरेको संरचनाको लागत कोषलाई तिर्नुपर्ने भाडामा मिलान गर्न दाबी गरेपश्चात् कोष र क्याफेबीच विवाद रहेको देखिन्छ। विवाद सिर्जना भएको ७ वर्षसम्म पनि विवाद नटुङ्गिएको तथा सम्झौताको शर्तबमोजिम कोष व्यवस्थापनबाट निर्णय गरी रू.१२ लाख ४७ हजार भाडा असुल गरेको भए तापनि सम्झौता रद्द गरेको छैन। यस वर्षसम्म रू.७४ लाख ३३ हजार असुल गर्न बाँकी रहेकोले विवाद समाधान गरी बक्यौता रकम असुल गर्नुपर्दछ।

३६. **धर्मशाला सञ्चालन** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १० मा कोष सञ्चालक परिषद्ले कोष मातहतको घर जग्गाको भाडा निर्धारण गर्ने व्यवस्था छ। कोषले नेपाल भारतमैत्री पशुपति धर्मशाला सञ्चालन गर्न एक कम्पनीसँग २०७६।१।३० मा १५ वर्षको लागि वार्षिक रू.१ करोड ५ लाख ४२ हजार भाडा लिने गरी सम्झौता गरेको छ। धर्मशाला भाडामा लगाउँदा गरेको सम्झौता प्रचलित कानूनबमोजिम भए नभएको सम्बन्धमा गठित छानबिन समितिको २०७८।१०।३ को प्रतिवेदनअनुसार सम्झौताविपरीत कोठा संख्या परिवर्तन गरी धर्मशाला सञ्चालन गरेको देखिएकोले सञ्चालक परिषद्बाट २०७८।१०।११ मा सम्झौता खारेज गरी धर्मशाला खाली गर्न आवश्यक कारबाही गरेकोमा सो निर्णय विरुद्ध सम्बन्धित पक्षले दायर गरेको रिट अदालतमा विचाराधीन रहेको छ।

कोषको सञ्चालक परिषद्को २०६०।२।९ को निर्णयअनुसार एक सेवा प्रदायक संस्थालाई गौशाला धर्मशाला सञ्चालनको लागि अवधि उल्लेख नगरी वार्षिक रू.५१ हजारमा ९ रोपनी २ आना १ पैसा जग्गा प्रयोग गर्न दिने गरी सम्झौता भएको देखिन्छ। प्रचलित बजारदरको आधारमा न्यूनतम

भाडादर कायम गरी सम्झौता गर्नुपर्नेमा अवधि नखुलाई सरकारी दररेट भन्दा पनि न्यून दरमा भाडामा दिएको र सोमा संरचना निर्माण गरी व्यावसायिक प्रयोजनमा प्रयोग गरेको छ। सार्वजनिक लेखा समितिले २०६३।८।६ मा ६ महिनाभित्र कोषले जिम्मा लिई सम्झौता रद्द गर्न दिएको निर्देशन कार्यान्वयन गरेको छैन।

३७. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिमको आधार लिई निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कोषले विश्वरुपा मन्दिर पुनः निर्माण गर्न रू.४४ करोड ९९ लाख ५३ हजारको लागत अनुमान तयार गरी बोलपत्रमार्फत् एक निर्माण व्यवसायीसँग रू.४४ करोड ९६ लाख ५५ हजारको सम्झौता गरेको छ। लागत अनुमान तयार गर्दा निर्माण सामग्रीको ढुवानीको लागि म्यानुअल दररेटलाई आधार लिई मूल्य अभिवृद्धि करबाहेक रू.१ करोड ६१ लाख २६ हजारको सम्झौता गरेकोमा निर्माण कार्य गर्दा निर्माण व्यवसायीले मेकानिकल ट्रलीबाट निर्माण सामग्री ढुवानी गरेको देखियो। मेशिन/उपकरणको प्रयोगबाट हुन सक्ने कार्यलाई म्यानुअल विधिबाट ढुवानी गर्ने सम्झौता गरेकोमा निर्माण कार्य गर्दा सम्झौता विपरीत मेकानिकल ट्रली प्रयोग गरेकोले सम्झौतामा भन्दा बढी भुक्तानी हुने रकम यकिन गरी असुल गर्नुपर्दछ।

३८. **भेरिएसन आदेश** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा प्राविधिक पुष्ट्याइ सहित भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ। कोषले जयबागेश्वरी मन्दिर पुनर्निर्माण कार्य २०७७।१०।१ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७५।१०।२ मा रू.३ करोड १४ लाख २ हजारको सम्झौता गरेको छ। कोषले चुना सुर्की वा माटोको जोडाइ राख्ने तथा काठको कार्यका लागि २०७७।७।२ मा शुरु सम्झौताको १४.२९ प्रतिशत र २०७९।६।११ मा शुरु सम्झौताको २१.८७ प्रतिशतको भेरिएसन आदेश जारी गरेको छ। मूल कार्य प्रकृतिमा परिर्वतन हुने गरी भेरिएसन गर्न मिल्ने देखिएन।

लुम्बिनी विकास कोष

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्तिको मुहान, संसारका बौद्धमार्गी एवं शान्ति प्रेमी मानिसहरूको आस्थाको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य र आदर्शलाई थप प्रभावकारी बनाउन, लुम्बिनी विकास योजनालाई समन्वयात्मक र सुचारुरूपले सञ्चालन गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम यो कोषको स्थापना भएको हो। लुम्बिनी क्षेत्रको योजनाबद्ध विकासको लागि तयार भएको गुरुयोजनाअनुसार ३ वर्गमाइल क्षेत्रलाई पवित्र उद्यान क्षेत्र, विहार क्षेत्र र नयाँ लुम्बिनीग्रामको अवधारणाअनुसार योजना सञ्चालन हुँदै आएको छ।

३९. **वित्तीय स्थिति** - कोषको लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रू.१ अर्ब ५० करोडसमेत कुल आय रू.२ अर्ब ५० करोड ९२ लाखमध्ये रू.२ अर्ब ३८ लाख खर्च भई रू.५० करोड ५४ लाख बचत रहेको छ। बचत रकममध्ये खर्च नभई बाँकी रहेको सशर्त अनुदान रू.१२ लाख संघीय सञ्चित कोषमा फिर्ता गर्दा खुद बचत रू.५० करोड ४२ लाख रहेको छ।

४०. **गुरु योजना** - कोषले लुम्बिनी क्षेत्रको विकासको लागि सन् १९७८ मा तयार गरिएको गुरुयोजना अनुरूप लुम्बिनी क्षेत्रको संरक्षण, संवर्द्धन र भौतिक पूर्वाधार विकाससम्बन्धी कार्य गर्दै आएको छ। गुरुयोजनाअन्तर्गत पूर्वाधार निर्माणको लागि १२ कम्पोनेन्टको रू.१२ अर्ब ३३ करोडको लागतमध्ये रू.२ अर्ब ३४ करोडको कार्य सम्पन्न भई रू.९ अर्ब ९९ करोडको कार्य बाँकी रहेको छ। गुरुयोजनाबमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ।

४१. **नीति तथा कार्यक्रम** - बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएबमोजिम विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको संरक्षण र विकास गर्न तिलौराकोट, लुम्बिनी, देवदह र रामग्राम क्षेत्रलाई समेटी बृहत् लुम्बिनी एकीकृत विकास गुरुयोजना तर्जुमा गर्ने कार्य भएको छैन। लुम्बिनी क्षेत्रको एकीकृत बृहत्तर गुरुयोजना तयार गरी लुम्बिनी क्षेत्रभित्र देखापरेका वातावरणीय जोखिमको न्यूनीकरण, ग्रामीण पर्यटनको प्रवर्द्धन, नजिकैका ताल तलैयाको सौन्दर्यकरण, पर्यटकीय गतिविधि सञ्चालन, मेडिटेसन, खोज अनुसन्धान क्षेत्रको दायरा वृद्धि, रात्रिकालीन आरती, बुद्धको विशाल मूर्ति, वातावरण अनुकूल सवारी, पर्यटक भुलाउने खेल तथा मनोरञ्जन क्रियाकलाप लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४२. **पार्किङ शुल्क** - कोषले २०७५।७।१ देखि २०७८।६।३० सम्मका लागि सवारीसाधन पार्किङ शुल्क लिने गरी एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रू.८१ लाख ५१ हजारमा ठेक्का सम्झौता गरेको छ। सम्झौताबमोजिमको शुल्क रू.५० लाख १३ हजार दाखिला गर्न बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्दछ।

४३. **धरौटीबाट खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६९ मा धरौटी रकम अन्य कामको निमित्त खर्च गर्न नहुने उल्लेख छ। कार्यालयले यो वर्ष तलब भत्तामा रकम अपुग भएको जनाई धरौटी खाताबाट रू.४ करोड ५० लाख आन्तरिक खातामा ट्रान्सफर गरी खर्च लेखेकोमा धरौटी खातामा सोधभर्ना गरेको देखिएन। धरौटी खाताबाट सापटी लिई खर्च गर्ने कार्य कानूनसम्मत नदेखिँदा यस प्रकारको कार्यमा नियन्त्रण गरी धरौटी हिसाब अद्यावधिक गर्नुपर्दछ।

४४. **प्लट उपलब्धता** - लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को विनियम घ मा विहार क्षेत्रमा कुनै विहार बनाउनको लागि बुद्ध धर्म मान्ने वा बुद्ध धर्मसँग सम्बन्धित कुनै मित्रराष्ट्र वा संघ संस्थाले अनुरोध गरेमा कोषले आवश्यक विश्वसनीयतालगायतका व्यहोरा उपयुक्त ठहराएमा त्यस्तो पक्षसँग लिज सम्झौता गरी विहार क्षेत्रको कुनै चक्ला ९९ वर्षसम्मको लागि उपलब्ध गराउन सक्ने र यस्तो चक्ला साधारणतया एक पक्षलाई एउटा चक्ला मात्र उपलब्ध गराउने तथा लागत अङ्कको ५ प्रतिशत सेवा शुल्क लिनुपर्ने व्यवस्था छ। कोषले थाइलैण्ड विहार र च्याङरिग यसो इक संयुक्त राज्य अमेरिकालाई ३ चक्लाका दरले, म्यानमार विहार, श्रीलंका विहार, कम्बोडियन बुद्धिष्ट विहार र बौद्ध संघ चाइनालाई २ चक्लाका दरले उपलब्ध गराएको छ। कानूनी व्यवस्थाको पालना गर्नुपर्दछ।

४५. **विहार निर्माण** - लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को नियम(४) को उपनियम (३) बमोजिम निर्माणको स्वीकृति प्राप्त भएको मितिले ६ महिनाभित्र निर्माण कार्यको प्रारम्भ गर्नुपर्ने र निर्माण कार्य प्रारम्भ भएको मितिले तीन वर्षभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने र सो अवधिभित्र निर्माण कार्य सम्पन्न नगरेमा सम्झौता रद्द गर्नसक्ने व्यवस्था छ । कोषले उपलब्ध गराएको ४२ प्लटमध्ये १६ संस्थालाई १९ प्लटमा विहार निर्माण गर्न जग्गा उपलब्ध गराएकोमा तोकिएको अवधिमा निर्माण

कार्य नै शूरु नभएकोमा आवश्यक कारबाही गरेको छैन। कोषले उपलब्ध गराएको चक्ला जग्गामा विहार निर्माण नगर्ने संस्थासँग जग्गा उपलब्ध गराउने सम्झौता रद्द गर्नुपर्दछ।

४६. **धरौटी जफत** - विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ३(३) मा विहार निर्माण गर्न स्वीकृति पाएको पक्षले कुल लागतको १० प्रतिशत रकम सम्झौताका बखत कोषमा धरौटी दाखिला गर्नुपर्ने र तोकिएको अवधिभित्र निर्माण कार्य सम्पन्न नगरेमा ३ वर्षभित्र उक्त धरौटी रकम जफत हुने उल्लेख छ। सम्झौताबमोजिम ११ संस्थाले तोकिएको अवधिभित्र निर्माण सम्पन्न नगरेकोमा कोषले धरौटी रू.८ करोड ९० लाख १० हजार जफत गरेको छैन। नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ।

४७. **भू-शुल्क** - विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ९ मा विहार क्षेत्रको सञ्चालन, रेखदेख, अनुगमन तथा सम्भारको लागि चाहिने खर्च जुटाउन समितिले चक्लाअनुसार समय समयमा भू-शुल्क तोक्ने उल्लेख छ। कोषले २०४९।१०।२९ मा सम्झौता गर्दा भू-शुल्क तोकेकोमा हालसम्म पुनरावलोकन गरेको छैन। कोषले एक संस्थासँग २०७८।१२।११ मा गरेको सम्झौतामा वार्षिक भू-शुल्क अमेरिकी डलर १८० देखि २५० सम्म तोकेको छ। विगत वर्षमा गरिएका ४० चक्लाको भू-शुल्क हालको प्रचलित दरभन्दा न्यून रहेकोले प्रत्येक चक्लाले ओगटेको क्षेत्रफललाई आधार लिई भू:शुल्कमा पुनरावलोकन गर्नुपर्दछ।

४८. **संरचना निर्माण** - कोषको कार्य व्यवस्था विनियमावली, २०५८ को विनियम ३(ज) मा विश्व सम्पदा क्षेत्रमा परेको लुम्बिनी विकास क्षेत्रमा युनेस्कोबाट पारित मापदण्डको पालना गरिने उल्लेख छ। अन्तर्राष्ट्रिय वैज्ञानिक समितिले २०७९।८।८ मा कोषले सम्पदा प्रभाव मूल्याङ्कन प्रक्रियाअनुरूप पवित्र बगैंचा क्षेत्रसहित सम्पदा जोखिम क्षेत्रहरूमा सडक, पर्खाल, पार्कलगायतका संरचना निर्माण गर्दा सम्पदा प्रभाव मूल्याङ्कन गरी निर्माण गर्नुपर्ने, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम लुम्बिनी विश्व सम्पदा क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्नुपर्ने सिफारिस गरेको छ। कोषले २०७५ वैशाखमा रू.३ करोड ९६ लाख लागतमा निर्माण गरेको सभाहल, भीआईपी शौचालय तथा प्रहरी रहने घर र ५ हजार क्षमताको रू.७६ करोडमा निर्माण गरेको सभाहल पुरातात्वित महत्त्वले अनुकूल नभएको युनेस्को विश्व सम्पदा केन्द्रको प्रतिवेदनमा उल्लेख छ। साथै ५ हजार क्षमताको वार्षिक रूपमा उपयोग हुने अवधिसमेत सुनिश्चित छैन। त्यसैगरी रू.३ करोड ९६ लाखको निर्मित संरचना हटाउनुपर्ने र ५ हजार क्षमताको हलको पूर्ण प्रयोग नहुने अवस्थाले सार्वजनिक स्रोत/साधनको अपव्ययसमेत भएको छ। नेपाल सरकारले प्रतिबद्धता जनाएको सम्झौताको पालना गर्दै पुरातत्त्व विभागसँग समन्वय गरी संरचना निर्माण गर्नुपर्दछ।

४९. **विद्युतीय सवारीसाधन** - मन्त्रालयले रू.१४ करोड ५२ लाखमा खरिद गरेको विद्युतीय बस ५ र विद्युतीय भ्यान १४ स्वदेशी तथा विदेशी पर्यटकहरूलाई लुम्बिनी तथा बृहत्तर लुम्बिनी क्षेत्रमा यातायात सेवा प्रदान गर्न २०७८।७।२ मा कोषलाई हस्तान्तरण गरेको छ। विद्युतीय सवारीसाधन प्राप्त भएको १५ महिना बितिसक्दासमेत सञ्चालन भएको छैन। हालसम्म भ्यान ४२ हजार किलोमिटर र बस ८ हजार ६०० कि.मि.को दूरी प्रयोग भए तापनि उक्त सवारीसाधनबाट कुनै आय आर्जन भएको देखिएन। यसबाट सवारीसाधन खरिदको उद्देश्य स्पष्ट हुन नसकेको तथा प्रयोगविहीन अवस्थामा रहेकोले सम्बन्धित अधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउनुपर्दछ।

५०. **डुङ्गा सञ्चालन** - कोषले लुम्बिनी सम्पदाभित्र निर्माण गरिएको नहरमा डुङ्गा सञ्चालन गर्न एक यातायात कम्पनीसँग २०७६।१०।१ मा ३ वर्षको लागि रू.४२ लाख ५१ हजार बेगर सम्झौता गरेकोमा सम्झौताबमोजिमको रकम प्राप्त भएको छैन। सम्झौताबमोजिम शुल्क र जरिबानासमेत असुल गर्नुपर्दछ।

नेपाल वायुसेवा निगम - २०७७।७८

नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत यस निगमको स्थापना भई राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालन भइरहेको छ। नेपाल देश भित्र र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल २५ आन्तरिक र ९ अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ।

५१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - गतवर्ष निगमको नेटवर्थ रू.१ अर्ब ९० करोड ३६ लाख रहेकोमा यो वर्ष रू.२ अर्ब ९८ करोड ऋणात्मक रहेको छ। सञ्चालन आम्दानी गत वर्ष रू.१४ अर्ब ४१ करोड ८३ लाख रहेकोमा यो वर्ष ३६.८३ प्रतिशतले घटेर रू.९ अर्ब १० करोड ९२ लाख पुगेको छ। सञ्चालन खर्च गतवर्ष रू.१४ अर्ब ५४ करोड ६१ लाख रहेकोमा यसवर्ष २९.४९ प्रतिशतले घटेर रू.१० अर्ब २५ करोड ६६ लाख पुगेको छ। अन्य आम्दानी गत वर्ष भन्दा यस वर्ष २.५८ प्रतिशतले घटेर रू.३६ करोड २५ लाख भएको देखिन्छ। वित्तीय खर्च गत वर्षभन्दा यस वर्ष ९.८३ प्रतिशतले घटेर रू.३ अर्ब ६१ करोड ९० लाख पुगेको छ। निगमको खुद नोक्सानी गत वर्ष रू.२ अर्ब ८२ करोड रहेकोमा यो वर्ष ७२.१९ प्रतिशतले वृद्धि भई रू.४अर्ब ८५ करोड ५७ लाख पुगेको छ। यस सम्बन्धी विवरण देहायअनुसार रहेको छः

(रू.लाखमा)

क्र.स.	विवरण	२०७७।७८	२०७६।७७
१	सञ्चालन आम्दानी (क)	९१,०९२	१४,४१,८३
१.१	हवाइजहाज सञ्चालन	७७१०१ (८४.६४ %)	११३५६० (७८.७६ %)
१.२	हवाइजहाज ह्याण्डलिङ्ग सेवा	१३९९१ (१५.३६ %)	३०६२३ (२१.२४ %)
२	सञ्चालन खर्च (ख)	१,०२,५६६	१,४५,४६१
३	सञ्चालन नाफा (क)- (ख)	(११,४७४)	(१२,७८)
४	अन्य आम्दानी	३,६२५	३,७२१
५	वित्तीय खर्च अघिको कुल नाफा	(७,८४८)	२,४४३
६	वित्तीय खर्च	३६,१९०	४०,१३५
७	कर अघिको नाफा (नोक्सान)	(४४,०३८)	(३७,६९१)
८	स्थगन कर	(४,५१९)	९,४९१
९	कर पछिको नाफा (नोक्सान)	(४८,५५७)	(२८,२००)

निगमको गत वर्षको तुलनामा सञ्चालन आम्दानी ३६.८२ प्रतिशतले घटेको र उच्च वित्तीय खर्चले गर्दा नोक्सानी उल्लेख्य बढेको छ। निगमले विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्र अनुसार सञ्चालन नाफा-नोक्सानी विश्लेषण गरी रणनीति तय गरेको छैन। उपयुक्त रणनीति तथा व्यावसायिक योजना तर्जुमा गरी निगमलाई स्थापनाको उद्देश्य अनुरूप सञ्चालन गर्नुपर्दछ।

५२. **अनुपात विश्लेषण** - निगमको वित्तीय विश्लेषण गर्न महत्वपूर्ण मानिने नगद अनुपात, चालु खर्च अनुपात, पुँजी संरचना अनुपातलगायतका वित्तीय अनुपात विश्लेषण देहायबमोजिम रहेको छः

क्र.सं.	अनुपात	आधार	२०७७।७८	२०७६।७७
१	नगद अनुपात	नगद रिजर्भ/चालु दायित्व	०.०५७:१	०.०५:१
२	लिक्विडिटी अनुपात			
	चालु अनुपात	चालु सम्पत्ति/चालु दायित्व	०.४५:१	०.५१:१
	शीघ्र अनुपात	शीघ्र सम्पत्ति/चालु दायित्व	०.४२:१	०.१९:१
३	पुँजी संरचना अनुपात	ऋण/पुँजी	१२.३९:१	१९.४६:१
४	लाभदायकता अनुपात	सञ्चालन नाफा/सञ्चालन आम्दानी	(०.१३) :१	(०.०१):१

निगमको नगद, चालु सम्पत्ति, दायित्व, पुँजी संरचना, मुनाफा स्थिति जस्ता प्रमुख सान्दर्भिक अनुपात विश्लेषण गर्दा गत वर्षको तुलनामा चालु दायित्व भुक्तानीको लागि उपलब्ध नगद घटेको, ऋण बढेको, सञ्चालन मुनाफा घटेर सञ्चालन नोक्सानीमा पुगेको स्थिति छ। समग्रमा निगमको वित्तीय अवस्था र कार्यसम्पादन स्थिति सन्तोषजनक देखिँदैन। निगम पूर्णत सरकारी संरक्षणमा निर्भर देखिन्छ।

५३. **नगद प्रवाह स्थिति** - निगमको सञ्चालन, लगानी तथा वित्तीय गतिविधिको तथ्याङ्क विश्लेषण गर्दा सञ्चालनबाट नगद प्रवाह गत वर्षभन्दा ३.३५ प्रतिशतले घटेको देखियो। वर्षान्तमा नगद मौज्दात रू.७९ करोड १५ लाख भएको र वित्तीय गतिविधिको खुद नगद प्रवाह ऋणात्मक रहेको छ। यस सम्बन्धी विवरण देहायअनुसार रहेको छः

(रू.लाखमा)

क्र.स.	आर्थिक वर्ष	२०७७।७८	२०७६।७७	प्रतिशत
१	सञ्चालन गतिविधिको खुद नगद प्रवाह	३,८०,८५	३,९४,०४	(३.३५)
२	लगानी गतिविधिको खुद नगद प्रवाह	१७,२९	(२८,२४)	१६१.२२
३	वित्तीय गतिविधिको खुद नगद प्रवाह	(३,७५,७१)	(४,०७,८७)	(७.८८)
४	नगदमा कुल वृद्धि (कमी)	२२,४३	(४२,०८)	१५३.३०
५	खुद नगद मौज्दात	५६,७२	९८,८०	९०.८४
६	वर्षान्तमा खुद नगद मौज्दात	७९,१५	५६,७२	३९.५४

उल्लिखित विवरणबाट निगमको सञ्चालन तथा वित्तीय गतिविधिको खुद नगद प्रवाहमा कमी आएको देखिन्छ।

५४. **सञ्चालक समिति** - नेपाल वायु सेवा निगम ऐन, २०१९ को दफा ४ (१) मा निगमको कार्य सञ्चालनको निमित्त नेपाल सरकारले महाप्रबन्धक नियुक्त गर्ने र निज लगायत बढीमा ७ जना सदस्यहरू भएको एक सञ्चालक समिति गठन गर्ने व्यवस्था छ। यस वर्ष सञ्चालक समितिको अध्यक्ष रिक्त रहेको र विभिन्न मितिमा २९ पटक बैठक बसी १७५ वटा निर्णय भएको देखिन्छ। बोर्डबाट भएका निर्णयहरूको कार्यान्वयन तथा प्रगति अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन। निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउनेतर्फ निगमले ध्यान दिनुपर्दछ।

५५. **व्यवस्थापन र कर्मचारी बीचको विवाद** - सञ्चालक समितिको २०७८।३।१३ को निर्णयबाट निगमलाई कम्पनी मोडेलमा सञ्चालन गर्ने निर्णय पश्चात् निगमका कर्मचारीहरूले स्वतन्त्र सञ्चालक र

महाप्रबन्धकलाई प्रवेश निषेध गरी विरोध जनाएको देखिन्छ। उक्त विरोध पश्चात् सञ्चालक समितको बैठक २०७८ मङ्सिरसम्म बस्न नसकेको, महाप्रबन्धक निगममा उपस्थित हुन नसकी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा हाजिर गरेको र निजको पारिश्रमिक पनि भुक्तानी हुन नसकेको अवस्था छ। नेपाल सरकारको २०७८।१०।१६ को निर्णयबाट अर्को एक व्यक्तिलाई कार्यकारी अध्यक्षमा नियुक्त गरेको छ। निगमको महाप्रबन्धकको पारिश्रमिक रू.२ लाख ८५ हजार प्रति महिना र कार्यकारी अध्यक्षको पारिश्रमिक नेपाल सरकारका विशिष्ट श्रेणी सरह हुने हुँदा निगमलाई दोहोरो व्ययभार परेको अवस्था छ।

५६. **विमान खरिद ऋण -** नेपाल वायुसेवा निगम र कर्मचारी सञ्चयकोषबीच २०७०।३।४ मा ए- ३२० न्यारोबडी एयरबस २ थान खरिदका लागि नेपाल सरकारको रू.१० अर्बको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख १७ हजार र २०७४।२।२८ मा ए -३३० वाईडबडी एयरबस १ थान खरिदको लागि नेपाल सरकारको रू.१२ अर्बको जमानीमा रू.११ अर्ब ९९ करोड ६१ लाखको ऋण सम्झौता भएको देखिन्छ। २०७८ असार मसान्तसम्मको ब्याज र जरिबानासमेत कुल ऋण दायित्व रू.२६ अर्ब ४९ लाख पुगेको छ। नेपाल सरकारको जमानीमा कर्मचारी सञ्चयकोषबाट लिएको ऋण निगमले समयमा नतिर्दा सञ्चयकर्ता समेतलाई प्रत्यक्ष नोक्सानी पर्ने अवस्था देखिन्छ।

त्यस्तै, नेपाल वायुसेवा निगम र नागरिक लगानी कोषबीच २०७४।२।२९ मा ए -३३० वाइडबडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रू.१२ अर्बको जमानीमा उक्त रकमको ऋण सम्झौता भएको देखिन्छ। उक्त ऋणमा २०७८ असार मसान्तसम्मको ब्याज र जरिबानासमेत ऋण दायित्व रू.१५ अर्ब ३४ करोड ७८ हजार पुगेको छ। यी दुवै संस्थाले उल्लिखित रकम पुँजीकृत गरेका छन्।

निगमले दुवै ऋणदाताले पुँजीकृत गरेको ब्याजलाई भुक्तानी गर्न बाँकी ब्याजमा अभिलेख गरे तापनि जरिबाना तथा ब्याज रू.७४ करोड ६ लाख लेखाङ्कन गरेको छैन। निगमले सबै दायित्व लेखाङ्कन गरी कार्ययोजना बनाई ऋण भुक्तानी गरेर यस्तो जरिबाना ब्याजको व्ययभारबाट मुक्त हुनुपर्दछ।

५७. **उडानको लक्ष्य प्रगति -** निगमले आय वृद्धि र साख कायम गरी गुणस्तरीय सेवा दिन निर्धारित उडान तालिकाअनुसार विमान उडान गर्नुपर्दछ। यस वर्ष अन्तर्राष्ट्रिय उडानतर्फ ४ हजार ५८८ र आन्तरिकतर्फ ४ हजार १७५ उडान लक्ष्य तोकेकोमा थप विश्लेषण नगरी शुरु लक्ष्यलाई अन्तर्राष्ट्रिय उडानतर्फ ३७ प्रतिशत र आन्तरिकतर्फ १८ प्रतिशतले घटाई क्रमशः २ हजार ८७३ र ३ हजार ४५२ उडान संख्या कायम गरेको देखिन्छ। निगमले मनासिब आधारबेगर लक्ष्य निर्धारण गर्दा यात्रु र कार्गो लागत तथा टेरिफ दर निर्धारणमा प्रभाव परेको छ। कार्यान्वयन अवस्था अध्ययन गर्दा निम्नानुसार छ।

क्षेत्र	शुरु उडान लक्ष्य	संशोधित उडान लक्ष्य	उडान भएको संख्या	उडान नभएको संख्या	उडान नभएको प्रतिशत
अन्तराष्ट्रिय	४५८८	२,८७३	१,४८९	१,३८४	४८
आन्तरिक	४१७५	३,४५२	१,३८७	२,०६५	६०
जम्मा	८७६३	६,३२५	२,८७६	३,४४९	५५

निगमको संशोधित उडान लक्ष्यबमोजिम अन्तर्राष्ट्रिय उडानतर्फ ४८ र आन्तरिकतर्फ ६० प्रतिशत उडान नभई समग्रमा ५५ प्रतिशत उडान नभएको अवस्था देखिन्छ। लक्षित उडान नहुँदा यात्रुलाई असुविधा हुने र साख समेत गुम्न जान्छ। निगमको आम्दानी आन्तरिकतर्फ रू.३१ करोड २३ लाख प्रस्ताव भएकोमा रू.२५ करोड १५ लाख र बाह्यतर्फ रू.२१ अर्ब ६७ करोड ८१ लाख ९३ हजार प्रस्ताव भएकोमा रू.७ अर्ब ७९ करोड ३५ लाख मात्र लक्ष्य हासिल भएको अवस्था छ। विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्र अनुसार लागत लाभ विश्लेषण गरेर रणनीति तय गर्नुपर्नेमा निगमले सोअनुसार विश्लेषण गरेको छैन। आन्तरिक उडानका कतिपय र अन्तर्राष्ट्रिय गन्तव्यहरूमा उडान घाटामा सञ्चालन भएका, कतिपय गन्तव्यहरू राम्रो मुनाफा दिने भए तापनि उडान संख्या सीमित पारिएका, टिकटको खरिद बिक्री एवं भाडादरमा वैज्ञानिक तथा प्रतिस्पर्धात्मक प्रणाली लागू नगरेको लगायतका अवस्था रहेको छ। नाफामा सञ्चालन हुन सक्ने गन्तव्य र घाटाको गन्तव्य पहिचान गरी गन्तव्यहरूको लागत तथा लाभ अनुपात विश्लेषण गर्नुपर्ने देखिन्छ।

५८. **व्यावसायिक योजना र सोको कार्यान्वयन -** विगतको व्यावसायिक योजना यथार्थपरक हुन नसकेको महसुस गरी निगमले व्यावसायिक योजना, २०२१-२०३० तयार गरेको छ। यस योजनामा सन् २०२१ मा आन्तरिकतर्फ २ छोटो दूरीका विमान थप गर्ने, ऋण तथा पुँजी परिचालन अनुपात ७०:३० कायम गर्ने, इन्धन मूल्य समायोजन गरी अन्तर्राष्ट्रिय बजार अनुरूप बनाउने, कार्य सम्पादनका लागि प्राविधिक जनशक्ति थप गर्ने, सिनामङ्गलको जग्गामा निर्माण सञ्चालन र हस्तान्तरण विधिबाट भवन बनाउन शुरुवात गर्ने उल्लेख छ। त्यस्तै, आम्दानी रू.२२ अर्ब १ करोड पुऱ्याउने र खुद नोक्सानी रू.१ अर्ब ७४ करोड ४२ लाखमा सीमित गर्ने लक्ष्य रहेकोमा कतिपय क्रियाकलापहरू सञ्चालन नहुँदा आम्दानी रू.९ अर्ब १० करोड मात्र भई खुद नोक्सानी रू.४ अर्ब ८५ करोड ५७ लाख पुगेको छ। उक्त योजनामा यो वर्ष उल्लिखित विषय कार्यान्वयन गर्ने उल्लेख भएकोमा कुनै पनि कार्य भएको छैन।

निगमको नेतृत्व गर्ने कार्यकारी अध्यक्षको चयन व्यावसायिक तवरले प्रतिस्पर्धाबाट नभई राजनैतिक नियुक्ति हुनु, प्राविधिक एवं व्यावसायिक कर्मचारीको अभाव, नयाँ जहाज र गन्तव्यमा सेवा प्रवाह गर्न व्यावसायिक एवं तालिम प्राप्त कर्मचारी नहुनु, व्यावसायिक योजना तथ्यपरक नभई सरकारबाट थप लगानी प्राप्त गर्ने प्रयोजनको लागि मात्र तयार पारेको आदि कारणले योजनाले लिएको उद्देश्य प्राप्त हुने आधार देखिदैन। साविक योजनाको लेखा जोखा नगरी दीर्घकालीन व्यावसायिक योजना बनाएर जोखिम पन्छाउने प्रवृत्ति मात्र बढेको अवस्था देखिन्छ। तसर्थ व्यावसायिक योजना तयार गर्दा तथ्यको आधारमा विश्लेषण गरी कार्यान्वयन योग्य बनाउनुपर्दछ।

५९. **विमान खरिद तथा सञ्चालन -** चीनमा निर्मित २ थान एम्.ए.-६० र ४ थान वाई-१२ ई विमान प्राप्तिका लागि अर्थ मन्त्रालयसँग २०७०।११।१४ मा कुल ऋण चाइनिज युयान २१ करोड ८७ लाख ९६ हजारको ऋण सम्झौता भएको छ। ऋण सम्झौताअनुसार २०७७ कार्तिक र २०७८ वैशाखमा तिर्नुपर्ने किस्ता रू.१ करोड ६८ लाख ३० हजार भुक्तानी गरेको छैन। भुक्तानी नगरेको रकम दायित्व हिसाबमा लेखाङ्कनसमेत गरेको छैन। उल्लिखित विमानको अतिरिक्त अनुदानमा प्राप्त भएको १ थान एम्. ए. ६० र १ थान वाई १२ ई विमानसमेत सञ्चालन गर्दा प्रशिक्षक पाइलट नपठाएको, तत्काल स्पेयर पार्ट उपलब्ध नभएको, स्पेयर पार्ट्स महङ्गो भएको, पाइलट तथा इन्जिनियरको महङ्गो तालिम, अत्याधिक बीमा प्रिमियम जस्ता कारण देखाई २०७७।४।१६ देखि यी सबै विमानबाट उडान भर्न बन्द गरेको

देखियो। उडान भर्न बन्द गरेको जानकारी नेपाल सरकारलाई गराउनु पर्नेमा गराएको देखिएन। निगमको २०७६।७७ मा सञ्चालन घाटा रू.१२ करोड ७८ लाख भई खुद घाटा रू.१ अर्ब २० करोड ३ लाख हुन पुगेको छ। यस वर्ष बीमा, मर्मत सम्भार, पार्किङ्ग, ह्रासकट्टी र ब्याजसमेत एम.ए.-६० जहाजका लागि रू.२८ करोड ३१ लाख र वाई-१२ ई जहाजको लागि रू.१९ करोड ७८ लाखसमेत रू.४८ करोड १ लाख ७४ हजार (पाईलटको पारिश्रमिक तथा तालिम खर्च बाहेक) खर्च भएको छ। निगमले २०७७।७८ को सञ्चालन नोक्सानी र खुद नोक्सानी विश्लेषण गरेको छैन। विमान सञ्चालनमा नल्याउने निर्णय गर्दा उक्त विमानलाई कसरी उपयोग गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गरेको छैन। विमानलाई भविष्यमा उपयोग गर्ने विषय यकिन गरी कार्यान्वयन गर्नुपर्दछ।

६०. **चार्टर उडान** - निगमले २०७७।७८ मा चार्टर्ड उडानबाट रू.६२ करोड १० लाख २२ हजार आय प्राप्त गरेको छ। निगमको ए-३३० विमानबाट काठमाडौं-ग्वाङ्गाजो-काठमाडौं सेक्टरमा कार्गो ल्याउने प्रयोजनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्रको आधारमा निगमले २०७६।१२।१५ मा उडान सम्पन्न गरेको अमेरिकी डलर १ लाख ५३ हजार ८५० (रू.१ करोड ९७ लाख १० हजार) भाडा एक व्यवसायीबाट प्राप्त गर्न बाँकी रहेको देखिन्छ। अभिलेख राखी उक्त रकम असुल गर्नुपर्दछ।

६१. **लिलामी** - सन् १९८८ मा खरिद गरिएको निगमको बोइङ ७५७।९ एन. ए. वी. सी. जहाज ३० वर्षको इन्जिनको म्याद भएको हुँदा सन् २०१९ सम्म बिक्री गरिसक्नुपर्ने गरी निगमबाट प्रक्रिया शुरु गरेको थियो। सोहीअनुसार सञ्चालक समितिबाट २०७५।२।२९ मा लिलामको लागि प्रक्रिया बढाउन निर्देशन दिए तापनि व्यवस्थापनबाट लिलामी प्रक्रिया २०७९ फागुन मसान्तसम्म टुङ्गो लगाएको पाइएन। सो व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत समावेश गरिएकोमा सुधार भएको छैन। यससम्बन्धी थप व्यहोरा देहायबमोजिम छन्:

६१.१. उक्त जहाजको इन्जिनको ३० वर्षे अवधि सन् २०१९ मा नै सकिएकोले जहाज लिलाम बिक्री गर्ने प्रक्रियामा ढिलाइ भएको छ। सञ्चालन नै हुन नसक्ने यो जहाजको मर्मत खर्च र प्राविधिकको भत्ता तथा अन्य शुल्कबापत यो वर्ष रू.३९ लाख १२ हजार खर्च गरेको छ। जहाज लिलामीको प्रक्रिया नटुङ्गिएको अवस्थामा गरेको यस्तो खर्च औचित्यपूर्ण देखिएन। उक्त सुविधाको रकम भुक्तानी गर्ने गरी निर्णय गर्नेलाई जवाफदेही बनाउदै उक्त रकम असुल गर्नुपर्दछ।

६१.२. मूल्याङ्कनकर्ताबाट विमान बिक्रीका लागि अमेरिकी डलर ५२ लाख ९६ हजार ७३० र अन्य बाह्य पार्टपुर्जाहरूको बिक्रीका लागि अमेरिकी डलर २३ लाख ८० हजारसमेत अमेरिकी डलर ७६ लाख ७६ हजार ७३० मूल्याङ्कन भएको देखियो। सोही मूल्याङ्कनका आधारमा "जे जस्तो अवस्थामा छ" सिद्धान्तअनुरूप बिक्री गर्ने गरी जून २६, २०१९ मा बोलपत्र आव्हान गर्दा २ वटा मात्र बोलपत्र दर्ता भएको थियो। जहाजको अमेरिकी डलर ४२ लाख ५० हजार र पार्टपुर्जाको अमेरिकी डलर ५ लाख मात्र छुट्टाछुट्टै बोलपत्रबाट दर्ता हुन आएकोले मूल्याङ्कनभन्दा निकै न्यून गरी बोलपत्र प्राप्त भएको र दोस्रो पटक बोलपत्र आह्वान गर्दा कुनै बोलपत्र नपरेकोले पहिलो पटकको बोलपत्रको कबोल अङ्कलाई लागत अनुमान तयार गरेर वार्ताद्वारा विमान बिक्री गर्ने निर्णय गरे तापनि उक्त विमान बिक्री भएको छैन।

६२. **विमान सञ्चालन र मर्मत** - नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३ अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने तथा सो प्रतिवेदनको आधारमा आवश्यकता अनुसार मर्मत सम्भार गर्नुपर्ने व्यवस्था उल्लेख छ। निगमका ११ विमानमध्ये ३ थान वाई १२ ई, १ थान एम. ए -६० र १ थान डि. एच. सी.समेत ५ जहाजहरू सञ्चालनमा रहेका छैनन्। विङ्ग लाइफ एक्सटेन्सन गर्न बाँकी रहेको, जगेडा ईन्जिन नभएको र एअर वर्दीनेस सर्टिफिकेट नरहेको जस्ता कारणले विमान सञ्चालनमा नरहेको उल्लेख छ। निगमले भूमिस्थ रहेका जहाजहरूको उचित मर्मत सम्भार नगरेकोले जहाजहरूको भौतिक संरचनामा पनि ह्रास आएको देखिन्छ। यसरी १० वर्षसम्म निगमले यस्ता समस्या देखाई विमान चालु अवस्थामा नराखेको र चालु अवस्थामा ल्याउनका लागि मर्मत सम्भार गरेकोसमेत देखिएन। यसरी जहाजहरूलाई भूमिस्थ गरेर राख्दा निगमको आन्तरिक उडानको आम्दानी न्यून हुनुका साथै नेपाल नागरिक उडड्यन प्राधिकरणलाई पार्किङ्ग शुल्क तिरिरहेकाले निगमलाई अनावश्यक व्ययभार परेको देखिन्छ। तसर्थ निगमले यसतर्फ तत्काल सुधार गर्न व्यवस्थापन योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

६३. **स्टप ओभर खर्च -** जहाजको उडान ढिलाइ भएमा वा उडान रद्द भएमा यात्रुहरूको उचित व्यवस्थापनका लागि होटलबास, ट्याक्सी, खाजा आदिमा खर्च गर्नुपर्ने हुन्छ। उडान रद्द तथा ढिलाइ हुने अवस्थालाई न्यूनीकरण गर्न नसक्दा यस वर्ष निगमको स्टप ओभर खर्च रू.१२ करोड ३६ लाख भएको देखिन्छ। यसरी उडान रद्द हुँदा थप खर्च हुनुका साथै निगमको साखसमेत गुम्ने हुँदा उडान प्रभावित नहुने गरी सेवा प्रवाह गर्नुपर्दछ।

६४. **वाइड बडी विमान सञ्चालन -** निगमको सञ्चालक समितिको २०७३।६।८ को निर्णयबाट खरिद भएका २ थान वाइड बडी ए- ३३० विमान सञ्चालनको लागि व्यावसायिक योजना तथा निगमको स्वीकृत कार्यक्रमअनुसार जापान, साउदी अरब, चीनको ग्वाङजाओ र दक्षिण कोरियामा २०७५ चैत्र मसान्तसम्म उडान प्रारम्भ गरिसक्ने उल्लेख छ। उक्त व्यावसायिक योजना तर्जुमा गरेको ३ वर्षसम्म पनि थप सेक्टरमा उडान हुन सकेको देखिएन। विमानको उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा हाल प्रति दिन ९ घण्टामात्र उडान गरेको देखिन्छ। यसबाट निगमको व्यावसायिक योजनाअनुसार आय प्राप्त हुन नसकेको र यस वर्ष जापानको नारिताबाहेक लामो दुरीका थप उडान गर्न नसकेकोले वाइड बडीको क्षमता अनुसार विमान सञ्चालन तथा व्यवस्थापन कार्य प्रभावकारी रूपमा भएको देखिँदैन। यसले गर्दा अपेक्षित आय प्राप्त नहुँदा नेपाल सरकार जमानी बसी कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषबाट लिएको ऋणको साँवा ब्याजको किस्तासमेत भुक्तानी गर्न नसकेको अवस्था छ। व्यावसायिक योजना अनुसार पूर्ण क्षमतामा विमान सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६५. **आय ठेक्का -** प्रधान कार्यालय भवनको पश्चिम सडकतर्फको २ हजार ९१६ वर्ग फिट र उत्तर पश्चिम सडकतर्फको ३ हजार ३४४ वर्ग फिट क्षेत्रफलमध्ये १ हजार ३३० (वर्गमिटर) क्षेत्रफल जग्गा भाडामा लगाउन निगमले बोलपत्र आव्हान गरेकोमा प्रति वर्ग फिट मासिक रू.१७१।२५ प्राप्त गर्ने गरी २०७७।१२।१ मा एक क्लबसँग सम्झौता गरेको छ। निगमले २०७७ श्रावणमा नै उक्त स्थान भाडामा दिई भाडा आम्दानी गर्नुपर्नेमा ५ महिना ढिला गरी प्रथम पटक सूचना आव्हान गरेको तथा आय ठेक्का ढिलाइको कारण ९ महिनाको कबोलकर्ताको दरअनुसार रू.२० लाख ५० हजार आय गुमेको देखिन्छ। कार्यालयले सोही स्थानमा भाडा लगाउँदा एक सफ्टवेयर सेवा प्रदायकलाई प्रति वर्ग

फिट रू.२१९.७४ का दरले लगाएको अवस्थामा सोही स्थानको लागि लागत अनुमान तयार गर्दा रू.१७० प्रति वर्ग फिटका दरले गरेको औचित्यपूर्ण देखिएन।

निगमले आर्थिक विनियमावली, २०६५ को विनियम २३२ मा आफ्नो घर जग्गा भाडामा दिन सक्ने उल्लेख छ। निगमले विनियम २३० मा व्यवस्था गरिएको उपसमितिबाट न्यूनतम मूल्य कायम भई अधिकतम प्रतिस्पर्धा हुने गरी घर जग्गा भाडामा दिनुपर्नेमा निगमले पसल, कवल र घर भाडामा दिँदा प्रतिस्पर्धा सीमित हुने गरी बढाबढ बेगर पुरानै भाडा लिनेको एकाधिकार कायम हुने गरी भाडामा दिएको छ। गत वर्ष रू.३ करोड ७३ लाख ९३ हजार र यसवर्ष रू.३ करोड ९८ लाख ८५ हजार भाडा आम्दानी गरे पनि न्यूरोड जस्ता व्यावसायिक स्थल प्रचलित बजार मूल्यभन्दा ज्यादै न्यून दरमा भाडामा दिएको कानूनसम्मत देखिएन। तसर्थ निगमले आयमा वृद्धि गर्न कानूनी व्यवस्थाबमोजिम यथाशीघ्र नयाँ ठेक्का व्यवस्थापन गरी पसल,कवल र घर भाडामा दिनुपर्दछ।

६६. **सार्वजनिक खर्चमा मितव्ययिता -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा ५ मा सार्वजनिक निकायहरूका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउने अनावश्यक वस्तुको खरिद र भण्डारण नगर्ने, आवश्यकता र मितव्ययीताको ख्याल नगरी विभिन्न प्रकारका सफ्टवेयरहरूको खरिद नगर्ने र त्यसको प्रयाप्त मर्मत तथा सुरक्षणको व्यवस्था नगर्ने जस्ता कार्य गर्नुपर्ने व्यहोरा उल्लेख छ। निगमका हरेक विभाग तथा शाखाहरूमा एकै प्रकृतिको कार्यसम्पादनका निम्ति भिन्न-भिन्न प्रकारका सफ्टवेयरहरू प्रयोग हुने तथा अभिलेखीकरणमा एकरूपमा नहुने अवस्था छ। तसर्थ आवश्यकताको पहिचानबेगर सफ्टवेयर खरिद गर्ने, वार्षिक शुल्क भुक्तानी गर्ने तर प्रभावकारी परिचालन नगर्ने व्यवस्थामा पुनरावलोकन गरी मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ।

६७. **सफ्टवेयर खरिद र सञ्चालन -** नेपाल वायु सेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम १० अनुसार नयाँ परियोजना कार्यान्वयन गर्नुपर्ने भएमा त्यस्तो परियोजनाको सम्भाव्यता अध्ययन गरेर आर्थिक तथा प्राविधिक उपयुक्तताको आधारमा परियोजनाबाट हुने प्रतिफललाई समेत विचार गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। निगमको कार्य सम्पादनलाई व्यवस्थित गर्न विभिन्न सफ्टवेयरहरू सञ्चालन गर्दा प्राविधिक उपयुक्तताको विश्लेषण गरेको छैन। हाल सञ्चालनमा ल्याएका विभिन्न १७ प्रकारका सफ्टवेयरलाई एकीकृत गरी तथ्याङ्क व्यवस्थापन गर्न सकेको छैन। यससम्बन्धी देखिएका मुख्य व्यहोरा देहायबमोजिम छन्:

६७.१. निगमले विभिन्न सफ्टवेयरमध्ये सिता नामक सफ्टवेयर सन् २०१२ देखि प्रयोगमा ल्याएको छ। उक्त सफ्टवेयरको वार्षिक सेवा शुल्क बापत २०७६।७७ मा रू.३५ करोड ९१ लाख र २०७७।७८ मा रू.१४ करोड २४ लाख भुक्तानी गरेको छ। सो सफ्टवेयरबाट प्राप्त हुने सेवाको विमानस्थल सूचना प्रणाली, यात्रु सेवा सम्बन्धी सफ्टवेयर लगायतका सेवाको लागि छुट्टै कम्पनीका सफ्टवेयर प्रयोग गरेको समेत देखियो। यसबाट सफ्टवेयरको लागत, वार्षिक सेवा शुल्क र उपयोगिता सम्बन्धमा प्राविधिक रूपमा विश्लेषण गरेर आवश्यकताअनुसार मितव्ययी सफ्टवेयरको सञ्चालन गर्नुका अतिरिक्त प्रविधिमा आएको परिवर्तन एवं सोको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

६७.२. निगमले सञ्चालनमा ल्याएका अन्य कम्पनीका सफ्टवेयरहरू एमादस, ए. आर. एम. एस. जस्ता १३ सफ्टवेयरको वार्षिक मर्मत खर्च एवं शुल्क बापत यो वर्ष गैरबासिन्दा व्यक्तिलाई रू.४ करोड १२ लाख ७६ हजार र सिता नामक सफ्टवेयरको हकमा २ वर्षको अवधिमा विदेशी मुद्रामा भएको भुक्तानी रू.३० करोड ९ लाख ५१ हजार भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार लाग्ने मूल्य अभिवृद्धि कर रू.४ करोड ४४ लाख ८९ हजारसमेत दाखिला भएको नदेखिएकोले उक्त कर असुल हुनुपर्दछ।

६८. **सफ्टवेयर सम्झौता** - निगमको इन्जिनियरिङ विभागको कार्यसम्पादनका निम्ति नेपाल वायुसेवा निगम र भारतको १ डिजिटल सिष्टम कम्पनीबीच २० फेब्रुअरी २०१८ मा ए .आर. एम. एस. सफ्टवेयर खरिद सम्झौता सम्पन्न भएको थियो। निगमले उक्त कम्पनीलाई सेटअप खर्चबापत अमेरिकी डलर ३० हजार र वार्षिक सेवा शुल्क अमेरिकी डलर १ लाख १४ हजार तिर्ने गरी सम्झौता गरेको थियो। उक्त सम्झौताको कार्यक्षेत्रगत शर्तअनुसार सफ्टवेयर सञ्चालनका लागि निगमले आफ्नो जनशक्ति तयार नगरेको तथा निगमले आवश्यकताको विश्लेषण बेगर सम्झौता गरेकोले निगममा यसको प्रभावकारी ढङ्गले उपयोग हुन नसकेको अवस्था छ। निगमको इन्जिनियरिङ स्टोरमा लागू भएको उक्त सफ्टवेयर प्रणालीले जिन्सी व्यवस्थापनमा सहजता ल्याउनुपर्नेमा अझ बोझिलो तथा कुनै पनि जिन्सी निरीक्षण प्रतिवेदनका लागि आवश्यक पर्ने विवरणहरू तयार नहुने वातावरण सिर्जना गरेकोले जहाजहरूको स्पेयर, पार्ट्स खरिद प्रयोग र मौज्दात सम्बन्धी अभिलेख नरहेको अवस्था छ। साथै सफ्टवयेर प्रणालीमा रहेका मौज्दात तथा भौतिक परीक्षण गर्दा समेत जिन्सी मौज्दातमा भिन्नता आउने गरेकोले सफ्टवेयरको कार्य सम्पादन प्रभावकारी देखिँदैन।

६९. **घर जग्गाको लगत -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २६ मा निगमको प्रत्येक कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर जग्गाको लगत राख्नुपर्ने तथा त्यस्ता घर जग्गाको लालपुर्जासमेत अद्यावधिक गरी सोको विवरण केन्द्रीय अभिलेखको लागि प्रधान कार्यालयको सम्पत्ति व्यवस्थापन महाशाखामा राख्नु पर्ने व्यवस्था छ। निगमको २३ ठाउँमा जग्गा तथा भवन रहेकोमा बैतडीमा रहेको जग्गाको स्वामित्वको कागजात नरहेको र नेपालगञ्ज सोनपुरको जग्गाको स्वामित्व विवादित रहेकोले बैतडीमा रहेको जग्गाको मूल्य समावेश नगरेको तथा नेपालगञ्जमा रहेको जग्गाको ५० प्रतिशत मूल्यलाई मात्र समावेश गरेको छ। निगमको सिनामङ्गल स्थित ३४-१३-१२ रोपनी जग्गा निगमको उद्देश्यअनुरूपको प्रयोजनमा लगाउन गत वर्षसमेत सुझाउ दिइएकोमा यसतर्फ कुनै सुधार भएको देखिएन।

७०. **कर दाखिला -** ठूला करदाता कार्यालयले २०७८।२।२७ को पत्रबाट २०७३।७४ को आयकर रू.११ करोड ४० लाख ४६ हजार दाखिला गर्न पत्राचार गरेकोमा रू.८ करोड ४८ लाख १ हजार दाखिला गरेको तथा २०७६।११।३० को पत्रबाट २०७२।७३ को कर रू.१८ करोड ५ लाख ९१ हजार दाखिला गर्न पत्राचार गर्दा रू.१३ करोड ८३ लाख ४९ हजार दाखिला गरेको छ। यी २ वर्षको बाँकी कर रू.७ करोड १४ लाख ९९ हजार उपर पुनरावेदन पनि नगरेको र दाखिला समेत नगरेको अवस्थाले ब्याज तथा जरिबानाको भार वृद्धि हुँदै गएकोले सम्बन्धितलाई जिम्मेवार बनाइनु पर्दछ। निगमले २०७५।७६ मा लेखाङ्कन गर्नुपर्ने खर्च रू.५५ लाख ३२ हजार, २०७६।७७ मा लेखाङ्कन गरेको, २०७६।७७ मा चालकदलको व्यक्तिगत लाइसेन्स खर्च रू.३६ लाख २१ हजार

संस्थाले तिरेको र विभिन्न देशमा तिरेको कर क्रेडिट रकम नलिई खर्च दाबी गरेको कारणले कर दायित्व बढी परेको व्यहोरा कर लेखा परीक्षणबाट देखिएको छ। यसमा तत्काल सुधार हुनुपर्दछ।

७१. **निर्देशनको पालना तथा सुझाउ कार्यान्वयन -** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निगमको व्यवसायिक दक्षतामा वृद्धि गरी सेवा प्रवाहमा गुणस्तर र निगमप्रति आमरूपमा जनविश्वास अभिवृद्धि गर्ने उद्देश्यले जारी १४१ बुँदे नीति तथा कार्यक्रम अन्तर्गत निगमका कर्मचारीको तलब प्रणालीलाई सफ्टवेयर अटोमेशन गर्ने, वाइडबडी विमानको लागि जनशक्ति व्यवस्थापन गर्ने, सिनामङ्गलको जग्गामा भवन निर्माण प्रक्रिया अघि बढाउने, नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्ने, आन्तरिकतर्फ २ थान छोटो टेक अफ तथा ल्याण्डिङ र २ थान ट्रङ्क खरिद गर्ने जस्ता निर्देशन दिइएकोमा सोको पालना भएको छैन। निगमको सुधारका लागि २०७६।४।२२ मा नेपाल सरकारका पूर्व सचिवको संयोजकत्वमा गठित समितिले तत्काल वित्तीय पुनर्संरचना, व्यवस्थापकीय पुनर्संरचना, गन्तव्य विश्लेषण र व्यवस्थापन, विमान तथा उडान व्यवस्थापन, बजार व्यवस्थापन, मानवश्रोत व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड, सम्पत्ति तथा दायित्व पुनर्मूल्याङ्कन, कार्यसम्पादन सूचक निर्धारण, संस्थागत सुशासन तथा गोपनीयतामा सुधार तथा आन्तरिक नियन्त्रण प्रणाली चुस्त गर्ने तथा दीर्घकालीनमा संस्थागत पुनर्संरचना गर्ने सुझाउ प्रदान गरेको देखिन्छ। निगमबाट ती सुझाउहरू कार्यान्वयन भएको नदेखिएकोले सुधारको लागि प्राप्त सुझाउ तथा निर्देशनहरूको पालना तथा कार्यान्वयन हुनुपर्दछ।

नेपाल नागरिक उड्डयन प्राधिकरण

नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र हवाई परिवहन सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार २०५५।९।१६ मा प्राधिकरणको स्थापना भएको हो।

७२. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - प्राधिकरणको २०७९ अषाढ मसान्तको शेयर पुँजी रू.५९ अर्ब ४६ करोड ५८ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.१ खर्ब ४६ अर्ब ४८ करोड १७ लाख र दायित्व रू.३८ अर्ब ९७ करोड ७३ लाख रहेको छ। त्यस्तै जम्मा सम्पत्ति रू.२ खर्ब ४४ अर्ब ९२ करोड ४८ लाख रहेको छ। प्राधिकरणको गत वर्षको नाफा रू.१ अर्ब २४ करोड ८३ लाख रहेकोमा यस वर्ष रू.१ अर्ब ४६ करोड ८५ लाख भई यस वर्षसम्मको सञ्चित नाफा रू.१६ अर्ब ७४ करोड २७ लाख पुगेको छ।

७३. **सम्पत्ति तथा प्रतिवेदन** - नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा प्राधिकरणको लेखा समितिबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिने उल्लेख छ। नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्न एक परामर्शदाताको सेवा लिए पनि सो अनुसार वित्तीय विवरण तयार गरेको छैन। स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ मा प्राधिकरणले सम्पत्ति, मेशिनरी तथा उपकरणको वार्षिक भौतिक परीक्षण, अनुगमन र मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेकोमा आफ्नो नाममा रहेको जग्गाको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। प्राधिकरणले वित्तीय प्रतिवेदनमानको पालना तथा सम्पत्ति, मेशिनरी तथा उपकरणको अभिलेख अद्यावधिक गरेर यथार्थ सम्पत्तिको हिसाब राख्नु पर्दछ।

७४. **बैङ्क हिसाब मिलान विवरण -** नागरिक उड्डयन प्राधिकरणका विभिन्न कार्यालयहरूबाट नियमित रूपमा बैङ्क हिसाब मिलान विवरण तयार पारी फरक रकमलाई समयमा नै मिलान गर्ने गरेको देखिँदैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको राजश्व सङ्कलन खाताहरूको बैङ्क हिसाब मिलान विवरण तयार गर्दा शुरु मौज्दात तथा पुराना हिसाबहरू समावेश नगरी २०७८।७९ को कारोबारको मात्र बैङ्क हिसाब मिलान विवरण तयार पारेको हुँदा बैङ्क हिसाब मिलान विवरण अधुरो रहेको देखिन्छ। यो वर्षको अन्त्यमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हिसाब अनुसार बैङ्क मौज्दात रू.१ अर्ब ९९ करोड २० लाख रहेकोमा बैङ्क मौज्दात विवरण अनुसार बैङ्क मौज्दात रू.५४ करोड ७६ लाख रहेको पाइयो। जसले गर्दा बैङ्क हिसाबमा रू.१ अर्ब ४४ करोड ४३ लाख फरक रहेको देखिन्छ। फरक रकम हिसाब मिलान गर्नुपर्दछ।

७५. **ब्याज लेखाङ्कन** - पोखरा विमान स्थलको लागि चीनको एक बैङ्कबाट २ प्रतिशत ब्याज दरमा सरकारले ऋण लिएको र सरकारसँग सहायक ऋण सम्झौता गरी ५ प्रतिशतमा चाइनिज यूआन ४९ करोड ३८ लाख ४ हजार प्राधिकरणले लिएको थियो।उक्त ऋणको ब्याज प्राधिकरणले बैङ्कलाई तिरेको जनाएता पनि सरकारलाई यस सम्बन्धी विवरण पेश गरेको छैन।प्राधिकरणबाट प्राप्त विवरणअनुसार सरकारलाई बुझाउनुपर्ने ब्याज रू.२ अर्ब १९ करोड ३५ लाखमध्ये बैङ्कलाई तिरेको ब्याज रू.६१ करोड ५९ लाख घटाउँदा रु.१ अर्ब ५७ करोड ७६ लाख सरकारले प्राप्त गरेको छैन।

७६. **मौज्दात परिचालन** -प्राधिकरणसँग रू.१० अर्ब ३ करोड २८ लाख मौज्दात रहेकोछ। त्यस्तै गतवर्ष कार्यक्रम संचालन गर्न उपलब्ध भएको रु.६८ करोड ४५ लाख समेत यो वर्ष रु.२ अर्ब ७३ करोड ५० लाख खर्च नभई बाँकी रहेको छ। प्राधिकरणले नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा २०७७।७८ मा रू.२२ अर्ब ६६ करोड ९६ लाख रहेकोमा २०७८।७९ मा रू.२९ अर्ब २५ करोड ८७ लाख पुगेको छ। प्राधिकरणले यो वर्ष साँवा तथा व्याज समेत रू.१ अर्ब २५ करोड ८ लाख भुक्तानी गरेको छ। प्राधिकरणले रू.६ अर्ब ८८ करोड ३ लाख नन-अपरेटिङ खातामा राखेकोमा ब्याज आय देखाएको छैन। सरकारबाट प्राप्त अनुदान रकम स्वीकृत खरिद योजना अनुसार कार्य सम्पादन नगर्दा एकातर्फ आयोजनाको समय र लागत बढेको छ भने अर्को तर्फ मौज्दात रकम प्रतिफल विहिन अवस्थामा रहेको छ। सरकारलाई सम्झौता अनुसार तिर्ने साँवा ब्याज पनि भुक्तानी नगरेको अवस्थामा प्राधिकरणको नियमित नगद प्रवाहको लागि आवश्यक पर्ने बाहेकको रकम नीतिगत रुपमा निर्णय गरेर मौज्दात व्यवस्थापन गर्नुपर्दछ।

७७. **कर्मचारी सापटी** - कर्मचारीहरुले आफूले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम तलबबाट कट्टा गरी कर्मचारी कल्याणकारी कोषमा जम्मा गर्ने र सोही बराबरको रकम प्राधिकरणले योगदानको रुपमा कोषलाई दिने गरेको र आवश्यकता अनुसार प्राधिकरणले कोषलाई निर्ब्याजी सापटी समेत दिएको देखिन्छ। यस्तो सापटी २०७९ आषाढ मसान्तमा रू.४१ करोड ४२ लाख ५८ हजार रहेको छ। सो सापटीबाट कोषमा आबद्ध कर्मचारीहरुलाई २ प्रतिशत ब्याजमा विशेष सापटी प्रदान गरेको देखिन्छ। कोषको आम्दानी प्राधिकरणको एकीकृत वित्तीय विवरणमा समावेश नहुने र कोष आयकर प्रयोजनको लागि छुट्टै दर्ता नभएकोले हालसम्म कोषको आम्दानीमा प्राधिकरणले आयकर दाखिला गर्ने गरेको पाइएन। यो वर्षसम्म कोषको सञ्चित नाफा रू.६२ करोड ८६ लाख ३७ हजार रहेकोमा आय विवरण र कर दाखिला गरेको छैन। कोषले सहुलियत ब्याजमा

कर्मचारीहरुलाई सापटी दिने भएकोले, प्रचलित बजार ब्याजदरको औसत र सापटी ब्याज दरको अन्तरलाई कर्मचारीहरुको पारिश्रमिक आयमा समावेश गरी कर कट्टी गर्नुपर्नेमा सो पनि गर्ने गरेको पाइएन। आयकर कानून अनुसार लाग्ने कर गणना गरी असुल गर्नुपर्दछ।

७८. **कर्मचारी बोनस** - प्राधिकरणले यस वर्ष कर्मचारी बोनस बापत रू.१ करोड ७६ लाख २ हजार छुट्याएको र २०६८।६९ देखि २०७६।७७ सम्म भुक्तानी हुन बाँकी कर्मचारी बोनस वापतको व्यवस्था गत वर्ष कुल रू.१ अर्ब ३७ करोड रहेकोमा भुक्तानी गरी भुक्तानी गर्न बाँकी रू.४७ करोड ६४ लाख ४३ हजारलाई व्यापार भुक्तानीहरु अन्तर्गत देखाएको छ।

सम्मानित सर्वोच्च अदालतको २०७७।८।२१ फैसला अनुसार बोनस वितरण गरेको उल्लेख गरे तापनि बोनस भुक्तानी गर्दा बोनस ऐन, २०३० को दफा ५(३ख) अनुसार नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले प्रोदभावी आधारमा खर्च लेखिएको बोनस रकम अर्को वर्ष भित्रमा तिरिसकेको हुनुपर्ने, हरेक आर्थिक वर्षको सम्भावित दायित्व वापतको रकम यकिन गर्ने र त्यसरी यकिन हुन आएको रकम छुट्टै कोष खडा गरी जम्मा गरेको हुनुपर्ने, नेपाल सरकारसँग वा नेपाल सरकार जमानत बसी कुनै ऋण लिएको भए त्यस्तो ऋण रकम ऋण लिने समयमा गरेको तमसुकमा उल्लिखित भुक्तानी तालिका बमोजिम चुक्ता गरिसकेको हुनुपर्ने व्यवस्था छ। अतः प्राधिकरणले बोनस वितरण गर्नुपूर्व माथि उल्लेखित अवस्थाहरू पालना गरेको नदेखिदा कानूनी व्यवस्थाको पालना गरेर मात्र बोनस खर्च लेख्नु पर्दछ।

७९. **कर तथा शुल्क** - प्राधिकरणको २०७१।७२ देखि २०७४।७५ सम्मको कर निर्धारण हुँदा रू.४३ करोड ९० लाख अतिरिक्त कर सहित रू.३ अर्ब ५३ करोड ८७ लाख कर तथा शुल्क निर्धारण भएकोमा अग्रिम कर रू.१अर्ब १८ करोड ३६ लाख, कर निर्धारणका बखत दाखिला रु.१ अर्ब ९६ करोड २९ लाख प्रशासकीय पुनरावेदनको धरौटी रु.१ करोड ३२ लाख र आर्थिक ऐनको स्कीम अनुसार छुट लिएको रू.१ अर्ब २९ करोड १६ लाख घटाउँदा रू.२४ करोड ९७ लाख ६१ हजार अतिरिक्त व्ययभार परेको छ। प्राधिकरणले बाह्य कर लेखापरीक्षण तथा लेखा सम्बन्धी परामर्शमा विगत ४ वर्षमा रू.१ करोड ७२ लाख ४५ हजार परामर्शदातालाई भुक्तानी गरेको छ। परामर्शदाता तथा कर लेखापरीक्षकले प्रभावकारी रुपमा काम नगर्दा प्राधिकरणलाई अतिरिक्त शुल्क तथा करको भार बढी परेको देखियो। यस सम्बन्धमा समयमानै ध्यान पुऱ्याई शुल्क तथा ब्याज तिर्ने अवस्थामा सुधार हुनुपर्दछ।

८०. **बक्यौता असुली** - प्राधिकरणको सेवा शुल्क नियमावली, २०६७ मा सेवा शुल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी सेवा प्रदायकले समयमा नै प्राधिकरणलाई बुझाउनु पर्ने व्यवस्था छ। विभिन्न एयरलाइन्स, सरकारी तथा गैर सरकारी संस्थाहरुबाट प्राप्त हुन बाँकी गत वर्ष रु.२ अर्ब २२ करोड २१ लाख रहेकोमा यो वर्ष रु.२ अर्ब ९५ करोड १५ लाख रहेको छ। जसमध्ये ६ महिना भन्दा पुरानो असुल हुन बाँकी रू.१ अर्ब ६७ करोड १ लाखलाई शंकास्पद असामीको रुपमा शत प्रतिशत व्यवस्था गरी लेखाङ्कन गरेको छ। हाल २६ एयरलाइन्सको कारोबार बन्द भई अस्तित्वमा नरहेको अवस्था छ। बक्यौता असुल गर्न प्राधिकरणले आवश्यक लक्ष्य निर्धारण गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

८१. **बहाल आम्दानी** - विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६(७) मा प्राधिकरणले सम्झौता अनुरूपको कार्य मूल्याङ्कन गरी सम्झौतालाई निरन्तरता दिने वा नदिने निर्णय गर्नुपर्ने व्यवस्था छ। हालसम्म बहालसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतमा १६, उच्च अदालत, पाटनमा २२ र जिल्ला अदालत, काठमाडौंमा २१ विचाराधीन छन्। सम्झौता अवधि समाप्ति पश्चात पनि बहालवालाहरुबाट लिने बहाल रकममा कुनै परिमार्जन नगरी पुरानै सम्झौता अनुरुप हुन आउने रकम मात्र असुल गरेकोले नियमावलीको व्यवस्था अनुरुप बहाल गणना गरी बक्यौता बहाल रकम असुल गर्नुपर्दछ। यस सम्बन्धी थप व्यहोरा निम्नानुसार छन् :

८१.१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयसँग सम्झौता गरी बहालमा लिनेले पनि विवाद सिर्जना गर्दा हाल बहालसँग सम्बन्धित मुद्दाहरु विभिन्न अदालतमा विचाराधीन रहेका छन्। बहालवालाहरुलाई पुरानै सम्झौता अनुसारको बहाल रकममा विमानस्थल कार्यालयमा स्थान उपलब्ध गराउँदै आएको देखिन्छ। यसले गर्दा प्राधिकरणले एकातिर कानुनी परामर्श खर्च व्यहोर्नु परेको छ भने अर्कातिर समय सापेक्ष बहाल रकम लिन नसकी आय नै न्यून भएको अवस्था छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरभित्र पसल, कबल बहालमा लिने विभिन्न ६ व्यवसायीले सम्झौताको म्याद समाप्त भएतापनि बहाल तिर्न आनाकानी गरेको पाइयो। अत: यस सम्बन्धमा छानविन गरी वक्यौता भाडा रु.भाडा १२ करोड असुली गर्ने एवं विवादको प्रभावकारी प्रतिरक्षा गरेर प्राधिकरणको आयलाई समसामयिक दरमा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ।

८१.२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गोल्डेन गेट दक्षिण पश्चिमतर्फको ५० रोपनी १५ आना क्षेत्रफलमा सवारी साधन पार्किङ, बाहिर निस्कने मार्ग, आगन्तुक प्रतिक्षालय, चमेना गृह, पर्यटक मनोरन्जनका लागि पार्क, बगैंचा लगायत भौतिक पूर्वाधार संरचना निर्माण गरी ३० वर्षलाई भाडामा दिन २०६७।५।१७ मा सैद्धान्तिक सहमति प्राप्त भएको देखियो। सोअनुसार २०६९।७।२ मा एक व्यवसायीसँग सम्झौता भई २१ महिनाभित्र कार्य सम्पन्न गर्ने र सो पश्चात राजस्व असूल गरी ३० वर्षपछि नेपाल नागरिक उड्ययन प्राधिकरणलाई हस्तान्तरण गर्ने उल्लेख गरेको छ। सम्झौतामा परियोजना स्थलको जग्गामा निर्मित पूर्वाधारबाट संकलन गरेको रकममध्ये कारोबार सञ्चालन मिति दखि पहिलो १० वर्ष सम्म ५ प्रतिशत, दोश्रो १० वर्ष सम्म १५ प्रतिशत र बाँकी अवधि सम्म २५ प्रतिशतका दरले हुन आउने रकम बुझाउनु पर्ने उल्लेख छ।

व्यवसायीले सम्झौता अनुरूप संरचना बनाउँदा बास्केट पार्किङको को व्यवस्था नगरेको, कमर्सियल कम्प्लेक्सको उचाई नमिलेको, अन्डरग्राउण्डमा पर्याप्त मात्रामा सुरक्षा प्रत्याभूत नरहेको व्यहोरा प्राधिकरणको २०७४।१२।०२ र २५ को पत्रबाट जानकारी हुन आयो। कार्यालयबाट संसोधित डिजाइन स्वीकृत नहुँदै निर्माण कार्य गरेको र निर्मित संरचनाको गुणस्तर परीक्षण समेत नभएको देखियो। सञ्चालक समितिले उक्त कम्पनीले निर्माण गरेको व्यापारिक कम्प्लेक्स, भूमिगत कार पार्किङ्ग स्थल र नवनिर्मित आगमनतर्फको संरचनाको संरचनागत विश्लेषण गराउन व्यवस्थापनलाई निर्देशन दिएकोमा सो अनुसार सुधार भएको छैन।

पूर्व स्वीकृति नलिई सम्झौता भन्दा फरक ढंगमा निर्माणकार्य गरेको अवस्थामा सोको नियन्त्रण नगरी सम्झौता बमोजिमको कार्य गर्न नलगाउने सम्बन्धित पदाधिकारी/कर्मचारीहरुलाई निजहरुको

संलग्नता र गम्भीरताको आधारमा विभागीय कारबाही गर्ने सार्वजनिक लेखा समितिले सिफारिस गरेपनि यसमा सुधार भएको छैन। निर्देशनको कार्यान्वयन गर्नुपर्दछ।

८२. **विमानस्थल सञ्चालन -** हाल नेपालमा ३ अन्तर्राष्ट्रिय र ५० आन्तरिक समेत ५३ विमानस्थल रहेका छन्। जसमध्ये ३४ सञ्चालनमा र १९ विमानस्थलहरु सञ्चालनमा नरहेको देखिन्छ। हाल प्राधिकरण अन्तर्गत ४ विमानस्थलहरु आन्तरिक-३ र अन्तर्राष्ट्रिय-१ विमानस्थल निर्माणाधीन अवस्थामा रहेका छन्। हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुधार तथा विस्तार कार्य हुँदै आएको छ। प्राधिकरणले सञ्चालनमा नरहेका विमानस्थलहरुको लागि हालसम्म रू.७४ करोड १२ लाख ९८ हजार खर्च गरेको देखिन्छ। सञ्चालनमा नरहेका विमानस्थलहरुको अवस्था अध्ययन गरी सो विमानस्थलहरुको क्षेत्रभित्र पर्ने जग्गा, भवन तथा अन्य सम्पत्तिहरुको उचित व्यवस्थापन गर्ने र प्राथमिकताको आधारमा खर्च गर्नुपर्दछ।

८३. **चार्टर्ड उडान नियमन -** हवाई भाडा समायोजन सम्बन्धी नेपाल सरकारको २०७३।८।२७ को निर्णय बाट दुर्गम क्षेत्रका विमानस्थलहरूमा नियमित उडान नहुने तर चार्टर्ड उडान मात्र हुँदा सेवाग्राहीले महङ्गो हवाई भाडा तिर्नु परेको हुनाले कम्तीमा ३० प्रतिशत नियमित उडान हुने अवस्था सुनिश्चित गर्ने गरी उडान तालिका स्वीकृत गर्ने गराउने निर्णय भएको देखिन्छ। तथापि निजी विमान कम्पनीहरूले दुर्गममा हालसम्म नियमित उडान प्राय गर्ने गरेको देखिएन। यस वर्ष नेपालगञ्ज विमानस्थलबाट पहाडी क्षेत्रमा भएको उडानमध्ये चार्टर्ड उडानको सङ्ख्या ३ हजार ८६५ र नियमित उडानको सङ्ख्या ७९१ रहेबाट नियामक निकायबाट प्रभावकारी नियमन हुन सकेको देखिएन। अत: हवाई उडानको नियमन प्रभावकारी हुनुपर्दछ।

८४. **खर्चमा मितव्ययिता -** प्राधिकरणले विमानस्थलमा अत्यावश्यक सेवाको लागि सामाग्री खरिद गर्दा आवश्यक रहेका सामाग्रीहरु मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थको टर्मिनल भवनमा दुई एस्केलेटर खरिद तथा जडान गर्न २०७७।२।२२ मा रू.१ करोड २४ लाख खर्च भएकोमा सोही स्थानमा दोस्रो एस्केलेटर जडान गर्न जग खन्ने क्रममा विमानस्थल टर्मिनल भवन संरचनामा रहेको आर.सि.सि ब्लकले गर्दा जडानको कार्य अघि बढ्न नसकी सो एस्केलेटर प्रयोग विहिन अवस्थामा रहेको देखिन्छ।

सोही विमानस्थलको रन वेको वरिपरी बत्ती राख्नको लागि रू.१ करोड ८९ लाख खर्च गरेकोमा सो बत्तीका कारणले पाइलटहरूलाई जहाज अवतरण गराउन बाधा हुने कुरा उल्लेख गरी सो वत्तीहरु हटाएको पाइयो। अन्तर्राष्ट्रिय विमानस्थलमा सेल्फ चेक इन मेसिन जडान गर्न विदेशी कम्पनीसँग २०७७।८।३ मा कुल अमेरिकी डलर ३ लाखको सम्झौता गरी सो उपकरण खरिद वापत प्राधिकरणले यो वर्ष अमेरिकी डलर ७३ हजार ३४१ भुक्तानी गरेकोमा ती उपकरण हालसम्म प्रयोगविहिन अवस्थामा रहेको देखिन्छ।तसर्थ आवश्यकता र उपयोगिताको आधारमा मात्र खर्च गरी सोको उचित परिचालन गर्नुपर्दछ।

८५. **एयरलाइन्स नियमन -** नेपाल नागरिक उड्डयन ऐन, २०५३ तथा नियमावली, २०५८ अनुसार हवाई उडान अनुमति प्रदान गर्ने, वायुयान दर्ता गर्ने राज्य भित्र उडान गर्न पाउने अवस्था र उडान तोक्ने,

हवाई उडान सूचना र सचेत गर्ने, हवाइ उडान नियन्त्रण र पथप्रदर्शन सेवा लगायतका कार्य नियमन गरी प्राधिकरणले ३९ वायुसेवा कम्पनीलाई ३१ अन्तर्राष्ट्रिय तथा ३५ आन्तरिक गन्तव्यमा हवाई सेवा प्रदान गर्ने स्वीकृति दिएको वार्षिक प्रतिवेदन २०२०।२१ बाट देखिन्छ। हवाई सेवा प्रारम्भ भए देखि हालसम्म नेपालमा दर्ता भएकामध्ये ५७ वायुयान, ३६ हेलिकप्टर तथा नेपाल बाहिर दर्ता भएका मध्ये १० वायुयानसमेत १०३ दुर्घटनामा क्रमशः ३८९, ८५ र ३७३ व्यक्ति समेत ८४७ व्यक्तिको मृत्यु भएको हवाई सुरक्षा प्रतिवेदन, २०२२ मा उल्लेख छ। हवाई दुर्घटना सम्बन्धमा विभिन्न छानबिन समितिले दिएका सुझावलाई हवाई सुरक्षाको क्षेत्रमा कार्यान्वयन गरेको अभिलेख राखेर हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउनुपर्दछ।

८६. **विमानस्थल निर्माण मापदण्ड** - हवाई निति, २०६३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दुरी हिमाली र पहाडी क्षेत्रमा साधारणतया कम्तीमा २० नटिकल माइल र तराई तथा भित्री मधेशमा कम्तीमा ४० नटिकल माइलको हुनुपर्नेमा सञ्चालनमा नरहेका १३ विमानस्थलहरु सो मापदण्डअनुसार निर्माण भएको देखिएन। प्राधिकरणले पुराना विमानस्थल मर्मतको अतिरिक्त हाल नयाँ विमानस्थल निमार्ण कार्यलाई पनि तीव्रता दिएको देखिन्छ। वर्षान्तमा देशभर ५३ विमानस्थल रहेकोमा ३४ वटा सञ्चालनमा रहेका र १९ सञ्चालनमा रहेका छैनन्। सञ्चालनमा रहेका विमानस्थलहरुमा पनि पर्याप्त उडान भएका छैनन्। छोटो दुरीमा निर्माण भएका केही विमानस्थलहरु सञ्चालन पछि पनि सडक यातायातको सहजताले पूर्ण क्षमतामा सञ्चालन हुने देखिँदैन। तसर्थ सञ्चालन हुने गरी मापदण्डले तोके अनुसार मात्र विमानस्थल निर्माण गर्नुपर्दछ।

८७. **ग्राउण्ड ह्याण्डलिङ र इन्जिनियरिङ सेवा** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय र एक विदेशी वायुसेवा कम्पनीबीच मार्च २३ २०१८मा ग्राउण्ड ह्यान्डलिङ र अन्य सेवाको लागि सम्झौता भएको देखियो। २०१९ जुलाई १५ पछि सम्झौताको म्याद सकिएको र २१ मार्च २०२० पश्चात सो संस्थालाई यस सम्बन्धी कुनै बीजक जारी गरेको छैन। उक्त कम्पनीले नेपालमा उडान बन्द गरेता पनि उपकरण यार्डका लागि लिएको १ हजार १७२ वर्गमिटर खाली गरेको छैन। सो वापत राजश्व असुल पनि भएको छैन। विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १८ अनुसार प्रति वर्ष प्रति वर्ग मिटर रू.६०० का दरले २०७५।७६ पछिको बहाल रकम असुल गरेको छैन। उक्त सम्झौतामा उक्त कम्पनीले अन्य वायुसेवा संस्थाहरुलाई इन्जिनियरिङ सेवा पनि दिन सक्ने र सो वापतको आम्दानीमा १५ प्रतिशतले हुन आउन रकम रोयल्टी वापत प्राधिकरणलाई बुझाउनु पर्ने उल्लेख भएकोमा आम्दानीको सम्पूर्ण विवरण विमानस्थल कार्यालयले लिने नगरेकोले रोयल्टी आम्दानी यकिन गर्न सकिएन।

प्राधिकरणको २०७८।९।१२ मा सोही कम्पनीको सहायक कम्पनीलाई सेल्फ ह्याण्डलिङ सर्भिसको लागि अनुमति दिएको पाइयो। वायुयानहरुको भूमिस्थ प्रवन्ध सेवा संचालन निर्देशिका, २०७२ को दफा ४(२) मा एक हप्तामा कम्तीमा ३५ पटक नियमित उडान सञ्चालन गर्नेलाई मात्र अनुमति दिन मिल्नेमा सो विपरित अनुमति नियमसम्मत देखिएन। यस वापत प्राधिरकरणले रोयल्टी लिएको छैन।

८८. **अन्य भूमिस्थ सेवा -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ६(२) र अनुसूची ३ मा कमर्शियल भूमिस्थ प्रवन्ध सेवा सञ्चालन गरे वापत अनुमति तथा प्रमाणपत्र प्राप्त संस्थाले त्यस्तो भूमिस्थ

प्रवन्ध सुविधा वापत आर्जन गरेको कुल आयको १५ प्रतिशत रकम प्राधिकरणलाई बुझाउनुपर्ने व्यवस्था छ। विदेशी वायुसेवा संस्थाहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्नु पूर्व अनिवार्य रुपमा प्राविधिकबाट निरीक्षण गरी उडान अनुमति (सर्टिपिकेट टु रिलिज) प्राप्त गर्नुपर्दछ। तर, सो कार्य नेपाल वायुसेवा निगमले दिने ग्राउण्ड ह्यान्डलिङ्ग सेवामा समावेश भएको छैन। त्रिभुवन विमान स्थल कार्यालयबाट प्राप्त विवरण अनुसार २०७८।७९ मा १२ हजार १५४ बाह्य उडान गरेको छन्। नेपाल वायुसेवा निगमले भारतको दिल्लीमा उक्त प्रमाणीकरणका लागि तिरेको शुल्क प्रति उडान औसत २५० अमेरिकी डलरका हिसाबले ३० लाख ३८ हजार ५०० अमेरिकी डलरको १५ प्रतिशतले हुने ४ लाख ५५ हजार ७७५ मा २०८९ अषाढको विनियमदर १ अमेरिकी डलरको रू.११८ ले हुने रू.५ करोड ३७ लाख ८१ हजार राजस्व असुल नभएको सम्बन्धमा छानविन गर्नु पर्दछ।

८९. **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना -** पोखरा विमानस्थल निर्माणको लागि एक इञ्जिनियरिङ्ग कम्पनीसँग मूल्य अभिवृद्धि कर समेत अमेरिकी डलर २४ करोड ४० लाख ४० हजारमा सम्झौता भई यो वर्षको अन्त सम्म २० औं रनिङ्ग बिलबाट अमेरिकी डलर २० करोड ९ लाख २३ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

८९.१. निर्माण व्यवसायीसँग भएको सम्झौताको १४.२ (ix) मा नेपालभित्र र बाहिरको भए पनि लाग्ने कर शुल्क महसुल भुक्तानी गर्ने दायित्व निर्माण व्यवसायीको हुने उल्लेख छ। सम्झौतामा व्यवस्था नै नभएको अवस्थामा आयोजनाले माष्टर लिष्टमा राखेर यो वर्षसम्म भन्सार शुल्क तथा महसुल र मूल्य अभिवृद्धि कर बापत (अन्तःशुल्क बाहेक) रु.२ अर्ब २२ करोड ४० लाख छुट दिएको देखियो। व्यवसायीले बोलपत्रमा कबोल गर्दा यस सम्बन्धी व्यवस्था नभएको, सम्झौतामा समेत यस्तो महसुल छुट दिने व्यवस्था नभएकोमा आयोजनाले तत्पश्चात माष्टर लिष्टमा राखी भन्सार तथा महसुल छुट दिएको देखियो।

८९.२. रन-वे को पूर्वीतर्फ १.५ कि.मि.मा रहेको छिनेडाँडाको उचाई ३० मिटर काट्नुपर्ने गरी साविकमा व्यवस्था भएकोमा रन-वे को उचाइ कम हुँदा डाँडाको हाइट ४० मिटर काट्नुपर्ने अवस्था सिर्जना भएको छ। रन-वे को उचाइ घटाउँदा निस्केको ग्राभेल मिसिएको ढुङ्गामाटो निर्माण व्यवसायीले बाह्य डिस्पोज गरेको नदेखिएकोले निस्केको सबबेष (ढुङ्गामाटो सहितको ग्राभेल) उक्त रन-वे मा नै प्रयोग गरेको अवस्था देखियो। जसबाट निर्माण व्यवसायीले ५ कि.मि.टाढाबाट रोयल्टी तिरी ढुवानी गरेर ल्याउनुपर्ने सबबेशको उपलव्धता साइटमा नै भएकोले व्यवस्सायीले बाह्य खरिद एवं ढुवानी गर्नुपर्ने अवस्था नदेखिँदा यसबाट परेको प्रभाव विश्लेषण गर्नुपर्दछ।

८९.३. विमानस्थल निर्माण कार्यको लागि प्राधिकरण र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत अमेरिकी डलर ९० लाख व्यवस्था गरेकामा सो रकम घटाई अमेरिकी डलर ३१ लाख ७० हजार कायम गरेको छ। निर्माण व्यावसायीले परामर्शदाताको व्यावस्था गर्न बी. ओ. क्यु. मा समावेश भएको अमेरिकी डलर २८ लाख डलरलाई घटाइ सो आइटममा व्ययभार वढने गरी छुटै परामर्शदाता नियुक्ति गरेको पाइयो। सम्झौतामा नै परामर्श सेवा वापतको खर्चको व्यवस्था रहेको भएता पनि प्राधिकरणले त्यसैबाट खर्च नगरी छुट्टै सम्झौता गरी प्राधिकरणको बजेटबाट खर्च हुने गरी डिजाएन रिभ्यु को लागि परामर्श सेवाका लागि अर्को परामर्शदातासँग रू.३७ करोड ९५ लाख ९० हजारमा सम्झौता भएको देखिन्छ। सम्झौता गर्दाको बखत प्रति अमेरिकी डलर रु.८२।०९ को दरले परामर्श

खर्चको लागि इ .पि. सी. मा रु.२२ करोड ९८ लाख ५२ हजार बराबरको खर्चको व्यवस्था भएता पनि छुट्टै सम्झौता अनुसारको रकम पहिले गरेको अनुमान भन्दा ६५.१५% ले बढी हुनुले आयोजना निर्माणमा मितव्ययीता कायम भएको देखिएन। सुपरभिजन कन्सल्टेन्सी सेवाको ठेक्कामा प्रोभिजनल सम वापत रु.१९ करोड ५२ लाखको व्यवस्था गरेको देखिन्छ। परामर्श सेवाको ठेक्कामा ५३ प्रतिशत भार प्रोभिजनल सम्ममा राखेको औचित्यपूर्ण देखिएन।

८९.४. निर्मित विमानस्थलमा प्राधिकरणका विज्ञ सहितको भ्रमणबाट सेवा सञ्चालनमा समस्या रहेको प्रतिवेदन पेश भएको छ। विमानस्थलको पश्चिम तर्फ प्यारलल र अन्य दुईवटा लिंक टेक्सी वे को व्यवस्था गरेकोले रन वे ३० मा पुग्न रन-वे बाट नै जानुपर्ने हुँदा रन-वे अकुपेन्सी टाइम बढी हुने र उडान सञ्चालनमा सहजता नआउने, हेलिकप्टर पार्किङ्ग स्थलको लागि कुनै ठाउँको व्यवस्था नभएको, कार्गो बूकिङ्ग तथा टिकट काट्ने कोठाको व्यवस्था नभएको, रन वे आन्तरिक उडानको लागि छुट्याइएका ऱ्याप एरियामा जम्मा ३ देखि ४ वटा बस मात्र अट्न सक्ने हुँदा प्रत्येक वायुसेवा कम्पनीले छुट्टाछुट्टै बस राखी ऱ्याम्प सेवा संचालन गर्न सम्भव नहुने, जहाजका ग्राउण्ड इक्विपमेन्ट हरु सी.पी.यु., टो टग, ट्रयाक्टर आदि इक्विपमेन्ट राख्ने व्यवस्था नभएको, रात्रिकालीन बेस स्टेशनमा बस्ने जहाज तथा अल्पकालीन लाइन मेन्टेनेन्स खडा गर्न वायुसेवा कम्पनीहरुलाई स्थान उपलब्ध नभएको उल्लेख छ।

विमानस्थलको टर्मिनल भवनको प्रवेशद्वारमा क्यानोपाईको उचित व्यवस्था नभएको, जसले गर्दा मनसुनको समयमा यात्रुहरुलाई पार्किङ्ग एरियाबाट टर्मिनल भवनसम्म आउँदा पानीले भिज्ने समस्या रहेको तथा टर्मिनल भवनको पछाडि भागमा रहेको एराइभल लगेज कन्भेयर वेल्टको लगेज इनबोर्ड गर्ने इक्विपमेन्ट राखेको भागमा पनि रुफ कभरेज पर्याप्त नभएको, पानीको बाछिटा पर्ने हुनाले सो उपकरण चाँडै बिग्रन सक्ने जोखिम रहेको छ। हाल विमानस्थलमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुयानको पार्किङ्ग गर्न ३ वटा र आन्तरिक उडान भर्ने साना ठूला जहाज गरी ८ वटा पार्किङ मात्र रहेको छ।

अन्तर्राष्ट्रिय उडान तथा आन्तरिक उडानको लागि निर्माण गरिएको पार्किङ वे क्रस पोजिसनमा रहेको छ। अन्तर्राष्ट्रिय उडानको लागि दुई पेसेन्जर बोर्डिङ ब्रीजको व्यवस्था भएपनि ती संरचना आन्तरिक टर्मिनल भवन नजिकै रहेको छ। आन्तरिक उडानको लागि यात्रु चढाउन सोही संरचना नजिकै रहेको एप्रोनको प्रयोग भइरहेको देखिन्छ। अन्तर्राष्ट्रिय उडान गर्दा हालको एप्रोन आन्तरिक उडान गर्ने यात्रु चढाउन प्रयोग गर्न नमिल्ने र अन्तर्राष्ट्रिय टर्मिनल भवन तिर भएको आन्तरिक पार्किङ बे प्रयोग गर्नुपर्ने हुनाले ऱ्याप बसले इन्टरनेशनल पार्किङ वे भई क्रस गर्नुपर्ने अवस्था भएकोले सुरक्षाको दृष्टिकोणलाई डिजाइनमा ध्यान दिएको पाइएन।

माथिको अवस्थाबाट आइकाओको अन्तर्राष्ट्रियस्तर (डी -४) विमानस्थल गणनाका लागि यो पूर्वाधारले असर नपरेको विषय सुनिश्चित हुनुपर्दछ।

९०. **गौतमबुद्ध विमानस्थल -** एशियाली विकास बैङ्कको ऋण, अनुदान तथा नेपाल सरकारको आन्तरिक स्रोतबाट दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत पर्ने गौतमबुद्ध विमान्स्थल सुदृढीकरण कार्य सन् २०१५ मा सुरु गरिएको थियो। विमानस्थल सञ्चालनको लागि २०१४ मा रू.६ अर्ब २२ करोड ५१ लाख र उपकरण जडानका लागि अमेरिकी डलर ४७ लाख ८३ हजार र रू.७८ लाख

८३ हजारको २ ठेक्का सम्झौताको कार्य सम्पन्न भएको छ। आयोजना प्रस्तावको आर्थिक विश्लेषणअनुसार विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानतर्फको यात्रु संख्या २०२० मा ८९ हजार ८५६ र २०२५ मा २ लाख ८९ हजार हुने अनुमान गरिएकोमा २०२२ मा करिव ७ महिना विमानस्थल सञ्चालन हुँदा आगमन र प्रस्थानतर्फसमेत यात्रु संख्या ३१ हजार र आय रु.५ करोड ९५ लाख मात्र रहेको छ। त्यसै गरी २०१७ मा आयोजना सम्पन्न हुने र सोही वर्ष आय अमेरीकी डलर ३९ लाख हुने, सन् २०२२ मा अमेरिकी डलर २ करोड ५४ लाख हुने अनुमान थियो। आयोजना सम्पन्न हुन सुरुमा तोकिएको भन्दा ४ वर्ष ढिलाईभएको छ। यसरी आयोजनाको सम्भाव्यता अध्ययन गर्दाका बखत अनुमान गरिएको आय आयोजना सम्पन्न पश्चात् प्राप्त गर्न नसकेको कारण बारे अध्ययन गरी अपेक्षित लाभ लिन नसकेको अवस्थामा सुधार गर्नुपर्ने देखिन्छ।

यन्त्र उपकरणहरु आपूर्ति र जडान कार्य अन्तर्गत इन्स्ट्रुमेन्ट ल्याण्डिङ सिस्टममा अमेरिकी डलर ९ लाख ५८ हजार ५ सय २० र रु.२२ लाख ६० हजार खर्च भएको देखिन्छ। तर उक्त प्रणाली सञ्चालनका लागि भारतसँग सम्झौता हुन बाँकी रहेकोले सञ्चालनमा ल्याउन नसकेको उल्लेख गरेको छ। सम्झौता हुने निश्चितता नभै आयोजनाको पूर्वाधारमा खर्च गर्न निर्णय तथा आदेश दिएको औचित्यपूर्ण छैन। प्राधिकरणले गरेको एक अध्ययनवाट अन्तर्राष्ट्रिय सीमाबाट नेपाल प्रवेश गर्ने हवाई मार्ग सिमरा मात्र भएकोले हवाई मार्ग सिधा नभएको कारण विमान नेपाल प्रवेशमा घुमेर प्रवेश गर्नुपर्ने स्थिति छ। नेपाल प्रवेशको हवाई मार्गलाई सहज बनाउनु पर्दछ।

९१. **निजगढ विमानस्थल आयोजना -** आयोजना निर्माणको पूर्व अवस्थामा देखिएका व्यहोरा निम्नानुसार छन्:

९१.१. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना अन्तर्गत हाल विमानस्थल निर्माणको लागी अद्यावधिक गुरुयोजना सहितको विस्तृत आयोजना प्रतिवेदन तथा प्रथम चरणको निर्माण कार्यको लागि विस्तृत डिजाईन तयार गर्न एक संयुक्त उपक्रमसँग परामर्श सेवाको लागि २०७७।९।२ मा अमेरिकी डलर १० लाख २ हजार ५७५ र रु.२ करोड ६४ लाख ५९ हजारको सम्झौता भएकोमा यो वर्ष सम्म रु.६करोड ४४ लाख ८१ हजार खर्च भएको छ।

९१.२. आयोजनामा गत वर्ष रु.८२ करोड ७ लाख ८७ हजार खर्च भएकोमा परामर्श दातामा रू.१६ करोड ५७ लाख जग्गा अधिग्रहणमा रू.४७ करोड ८३ लाख नदी नियन्त्रण आदिमा रु.३५ करोड ४७ लाखसमेत रु.९९ करोड ८८ लाख खर्च भएको छ।

उक्त आयोजनाको लागि यस वर्षमा नेपाल सरकारको शेयर लगानी वापत प्राधिकरणलाई रु.३६ करोड प्राप्त भएता पनि सोबाट मात्र रू.१७ करोड ८० लाख खर्च गरेको पाइयो। जसले गर्दा लगानी अनुसार कार्यप्रगति भएको छैन। यो विमानस्थलको निर्माण विधि निश्चित नभएकोले खर्चको सार्थकता देखिएको छैन।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

९२. **लिज सम्झौता -** नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको यो वर्ष रू.२८ करोड २९ लाख आय प्राप्त भएकोमा रू.२८ करोड ६ लाख खर्च भएको छ। प्राप्त आयमध्ये शैक्षिक शुल्कबाट रू.२१ करोड ७६ लाख प्राप्त गरेको छ। यस प्रतिष्ठानको स्वामित्वमा रहेको नाथम शिक्षण होटल ३० वर्षको

लागि लिजमा दिन एक निर्माण व्यवसायीसँग २०७४।३।८ मा सम्झौता गरेको छ। निर्माण व्यवसायीले २०७६।३।८ देखि बहाल बुझाउन बाँकी राखेकोले सम्झौताबमोजिमको बहाल रू.४ करोड ६१ लाख र सोमा लाग्ने जरिबाना रू.८४ लाखसमेत रू.५ करोड ४५ लाख असुल गर्नुपर्दछ।

बौद्ध दर्शन प्रबर्द्धन तथा गुम्बा विकास समिति

बौद्ध दर्शन तथा धर्म संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले गुम्बा विकास समिति गठन आदेश, २०६६ बमोजिम यो समिति स्थापना भई सञ्चालनमा रहेको छ।

९३. **ग्रन्थ अनुवाद र पुस्तकालय -** भगवान बुद्धका ८२ हजार र उनका प्रमुख शिष्यका २ हजार समेत ८४ हजार सूत्र सङ्ग्रहित भोट भाषामा लेखिएको बौद्ध धर्मको पवित्र ग्रन्थ त्रिपिटकलगायत अन्य मुख्य धार्मिक ग्रन्थहरू भोट भाषामा मात्र रहेको देखिन्छ। नेपालीमा अनुवाद नभएको तथा विश्वका विभिन्न बौद्ध दर्शनसम्बन्धी अध्ययन अनुसन्धान गर्न बौद्ध दर्शन सम्बन्धी सामग्रीसहितको पुस्तकालयको स्थापना भएको छैन। नेपाल र अन्य देशमा रहेका बौद्ध धर्मावलम्वीहरू बौद्ध दर्शनसम्बन्धी अध्ययन अनुसन्धान गर्न आउने गरेकोमा बौद्ध दर्शन सम्बन्धी सम्पूर्ण तथ्य सामाग्री र पुस्तकहरूको अध्ययन गर्न सुविधा उपलब्ध गराउन पूर्वाधारसहितको अन्तर्राष्ट्रियस्तरको पुस्तकालय निर्माण गर्नुपर्दछ।

९४. **प्राचीन गुम्बा संरक्षण कार्य** - पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका बौद्ध गुम्बा, संस्कृति र सम्पदाहरूको समुचित संरक्षण र सम्बर्द्धन गर्न यो वर्ष ३ हजार ६६ गुम्बा दर्ता भएको देखिन्छ। सोमध्ये १०० देखि ५०० वर्ष पुराना ४६८ गुम्बा, ५०० देखि १ हजार वर्ष पुराना १०८ गुम्बा र १ हजार वर्षभन्दा पुराना ३१ गुम्बा रहेका छन्। प्राचीन गुम्बा संरक्षणका लागि सरकारी-निजी साझेदारीको अवधारणा अनुरूप कार्य अगाडि बढाउन मध्यमकालीन एवं दीर्घकालीन गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

९५. **गुम्बा निर्माण -** बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा सञ्चालन नियमावली, २०७१ को नियम ५ मा नेपालमा एक केन्द्रीय गुम्बाको स्थापना गरी लामा तथा भिक्षुलाई बौद्ध धर्म, कला, संस्कृति र दर्शन प्रवर्द्धन सम्बन्धी अध्ययन अनुसन्धान केन्द्र, प्राकृतिक उपचार केन्द्र, पुस्तकालय, अतिथि गृह तथा तालिम केन्द्रको व्यवस्था गर्ने गराउने उल्लेख छ। बौद्धमार्गी, बौद्ध धर्मका सरोकारवाला तथा बौद्ध धर्मको अध्ययन अनुसन्धान गर्न समितिले टोखा नगरपालिकामा रहेको शिवपुरी डाँडाको खाली जग्गामा केन्द्रीय गुम्बा र नुवाकोटको पञ्चकन्या गाउँपालिका, कविलास कपिलेश्वरमा रहेको खाली जग्गामा प्रादेशिक गुम्बा निर्माणका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत गुरुयोजना तयारीमा रू.३२ लाख ६५ हजार खर्च भए तापनि गुम्बा निर्माणको कार्य प्रारम्भ गरेको देखिएन। गुरुयोजनाअनुसार निर्माण कार्य आरम्भ गर्नुपर्दछ।

९६. **गुम्बा र विहार अभिलेख** - बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा सञ्चालन नियमावली, २०७१ को नियम १७ मा समितिमा दर्ता भएका गुम्बा र विहारको प्रत्येक २ वर्षमा नवीकरण गराउनुपर्ने उल्लेख छ। समितिको अभिलेखअनुसार यो वर्षसम्म सार्वजनिक २ हजार ९८१ र निजी १११ समेत ३ हजार ९२ गुम्बा दर्ता भएको देखिन्छ। समितिमा दर्ता भएकामध्ये यो वर्ष २ हजार ६५८ नवीकरण हुनुपर्नेमा १

हजार ११८ गुम्बामात्र नवीकरण भएकोले बाँकी गुम्बा र विहारको अनुगमन गरी नियमानुसार नवीकरण गराउनुपर्दछ।

हनुमानढोका दरबार संग्रहालय

संग्रहालयको विकास सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रवेश शुल्क निर्धारण गर्ने, सम्पदाको खोजी गरी लगत राखी अध्ययन अनुसन्धान गर्ने, पर्यटक केन्द्रको रूपमा विकास गर्नेलगायतका कार्यहरू गर्न हनुमानढोका दरबार संग्रहालय विकास समिति (गठन आदेश), २०६७ बमोजिम यो समिति गठन भएको छ। ऐतिहासिक, पुरातात्विक र धार्मिक मूल्यका कारण यसलाई सन् १९७९ मा युनेस्को विश्व सम्पदाको रूपमा सूचीकृत गरिएको छ।

९७. **सम्पदा अभिलेखीकरण र संरक्षण -** हनुमानढोका परिसरमा ऐतिहासिक धार्मिक महत्त्वका मठ, मन्दिर, देवालय र जात्रा, पर्व, बाजागाजालगायतका सम्पदाहरू रहेका छन्। सम्पदाको खिइने, बिग्रने, चोरी हुने, प्राकृतिक प्रकोपबाट नाश हुने, स्थापित मापदण्डभन्दा फरक हुने गरी गुणस्तरमा ह्रास आउन नदिन उपयुक्त प्रविधिको प्रयोग गरी संरक्षण गर्नुपर्दछ। अभिलेखीकरण गर्न बाँकी रहेका सम्पदाहरूको रासायनिक संरक्षण गरी डिजिटाइजेशन गर्नुपर्दछ।

९८. **सम्पदा पुनर्निर्माण -** सम्वत् २०७२ को भूकम्पबाट समितिको क्षेत्राधिकारभित्र रहेका मठ, मन्दिर, देवालयलगायत २६ सम्पदामध्ये ४ सम्पदामा पूर्ण क्षति र २२ सम्पदामा आंशिक क्षति भएको थियो। भूकम्प पश्चात्का ७ वर्षमा १९ सम्पदाको कार्य सम्पन्न, ४ सम्पदाको कार्य भैरहेको र ३ सम्पदाको कार्य शुरुवात भएको छैन। लौह चोक परिसरको पुनर्निर्माण चीन सरकार, शिव मन्दिर जाइका, गद्दी बैठक अमेरिकी राजदूत फण्डको सहयोगमा पुनर्निर्माण तथा मर्मत कार्य भइरहेको छ। कार्य सम्पन्न भएका तथा निर्माणाधीन सम्पदाहरू विभिन्न निकाय र संस्थाको अनुदान सहयोगमा पुनर्निर्माण भएकोमा सम्पदाको संरक्षणमा भएको खर्चको वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउनुपर्दछ।

नारायणहिटी दरबार संग्रहालय

९९. **जमिनको संरक्षण र सम्बर्द्धन –** नारायणहिटी दरबार संग्रहालय अवलोकन टिकटबाट यो वर्ष रू.४ करोड १३ लाख, नेपाल सरकारबाट अनुदान रू.१० करोड ६५ लाखलगायत अन्य आयसमेतबाट रू.१४ करोड ८२ लाख आय भएकोमा रू.१२ करोड २० लाख खर्च गरी रू.२ करोड ६२ लाख मौज्दात छ। यो वर्ष आन्तरिक र नेपाल सरकारको अनुदानसमेतको रू.१२ करोड १९ लाख ८६ हजारमध्ये यो वर्ष मर्मत सम्भारमा रू.२ करोड ९३ लाख खर्च गरेको छ। नारायणहिटी दरबार क्षेत्रअन्तर्गत गणतन्त्र स्मारकसमेत ७५२ रोपनी ८ आना १ पैसा ३ दाम जमिनमध्ये गणतन्त्र स्मारकसहित ६६.१६ रोपनी जमिन संग्रहालयको स्वामित्वमा रहेको छ। उक्त संग्रहालयको ३५ रोपनी जमिनमा रू.४४ करोड ९१ लाख ५३ हजारको भूमिगत पार्किङ्ग, सभाहल, क्यान्टिन, शहिद स्तम्भ, नेपालको वस्तुस्थिति नक्सा र ६ स्तम्भसहितको गणतन्त्र स्मारक संरचना निर्माण भएकोमा नेपालको नक्शामा पानी जमेको, पोल र बत्ती बिग्रिएको, शौचालय अधुरो रहेको, झ्यालमा ग्रिलको काम तथा सुरक्षा घर निर्माणलगायतका कार्य बाँकी रहेको छ। संग्रहालयको जग्गा/जमिन तथा संरचनाको उचित संरक्षण र संवर्द्धन गर्नुपर्दछ।

तारा गाउँ विकास समिति (२०७७।७८)

ग्रामीण जनताको व्यापक सहभागितामा नेपालको पर्यटन उद्योगलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी सघन एवं समन्वयात्मक ढङ्गबाट पर्यटन क्षेत्रको प्रवर्द्धन गरी प्रत्यक्ष/अप्रत्यक्ष रूपले पर्यटनको प्रतिफल ग्रामीण जनतासम्म पुऱ्याई ग्रामीण गरिबीलाई न्यूनीकरण गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम २०३४ सालमा यो समिति स्थापना भएको हो।

१००. **सञ्चालन नतिजा** - समितिले गत वर्ष रू.६ करोड ३२ लाख २४ हजार आम्दानीबाट रू.१ करोड ४९ लाख ५८ हजार नाफा गरेकोमा यो वर्ष रू.७ करोड १८ लाख ३६ हजार आम्दानीबाट रू.२ करोड ७० लाख २४ हजार नाफा आर्जन गरेको छ।

१०१. **वित्तीय प्रतिवेदनमान** - तारा गाउँ विकास समिति गठन आदेश, २०३४ मा समितिको आय-व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राख्ने व्यवस्था छ। समितिले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरण तयार गर्ने निर्णय गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

१०२. **बहाल बक्यौता** - विभिन्न ३ व्यापारिक फर्मबाट नयाँ सडक स्थित भवनको पसल बहाल सम्झौता २०७४।११।३० मा समाप्त भएकोमा निजहरूबाट लिन बाँकी रू.३२ लाख ९४ हजार र सोमा वार्षिक १० प्रतिशतले हुने ब्याज असुल गर्न बाँकी छ। सम्झौता एवं प्रचलित कानुन अनुसार उक्त बक्यौता रकम असुल गर्नुपर्दछ।

१०३. **शेयर लगानी** - समितिले आफ्नो स्वामित्वमा रहेको जग्गा ३०४ रोपनीमध्ये १५० रोपनी जग्गाको मूल्य रू.१५ करोड र अन्य भौतिक संरचनामा रू.२ करोड समेत रू.१७ करोड एक होटलमा शेयरको रूपमा लगानी गरेको र १५४ रोपनी जग्गा सोही होटललाई भाडामा लगाएको देखिन्छ। शुरु अवस्थामा होटलको ३९.७७ प्रतिशत शेयर समितिले प्राप्त गरेकोमा हाल ९.०१ प्रतिशत कायम गरेको छ। समितिको शेयरको हिस्सा घटेको विषयमा गत विगतको प्रतिवेदनमा उल्लेख गरिएको भए तापनि यस सम्बन्धमा सुधार भएको छैन।

१०४. **पट्टा सम्झौता** - समिति र एक प्राईभेट लिमिटेड कम्पनीबीच २०७४।११।११ मा ३० वर्षको लागि ६ हजार ७२८.२८ वर्गफिट क्षेत्रफल र भूमिगत तलासहित ४.५ तला हुने गरी नयाँ भवन निर्माण गरेर सञ्चालन गर्नका लागि पट्टामा दिने गरी सम्झौता भएको थियो। सम्झौताको शर्तअनुसार पहिलो २ वर्षको निर्माण अवधिमा रू.९५ लाख ५० हजारको दरले समितिलाई भाडा रकम बुझाउनु पर्ने र निर्माण अवधिसमेत ३० वर्षको प्रति वर्ष हुने बहाल रकमलाई निर्माण अवधिभर मासिक रूपमा विभाजन गरी प्रत्येक ३।३ महिनाको अग्रिम र निर्माण अवधि पश्चात वार्षिक रूपमा अग्रिम पट्टा रकम ७ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ। सम्झौतामा एक वर्ष म्याद ननघाई पट्टा रकम बुझाएमा ५० प्रतिशत र एक वर्ष नघाएमा १०० प्रतिशत थप हुने व्यवस्था छ। उक्त कम्पनीबाट २०७५।७६ सम्ममा थप पट्टा रू.१ करोड १६ लाख १९ हजार लिन बाँकी देखिन्छ। सम्झौताअनुसार २०७६।७७ देखि हालसम्मको भुक्तानी गर्नुपर्ने पट्टा रकम र म्याद नघाई पट्टा बुझाएकोमा लाग्ने ब्याजसमेत हिसाब गरी असुल गर्नुपर्दछ।

१०५. **जग्गा स्वामित्व** - समितिको लागि सम्वत् २०२६ सालमा अधिग्रण गरेको ३४७-९-०-० रोपनी जग्गा २०४८ सालमा नापजाँच हुँदा ३०४ रोपनी कायम भएको उल्लेख छ। चल अचल सम्पत्तिको विवरण अद्यावधिक गर्ने सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखेको २०७८।१२।३० को पत्रानुसार पछि खरिद गरेको १-१३-३-३ रोपनी र एक होटेलको शेयर लगानीमा रहेको १४९-५-१-३ रोपनी समेत समितिको नाममा ३००-१३-३-२ रोपनी रहेको उल्लेख छ। सो अनुसार समितिको स्वामित्वमा २०४८ को नापजाँचअनुसार कायम र पछि खरिद गरेको समेत ३०५-१३-३-३ रोपनी जग्गा हुनुपर्नेमा सोभन्दा ५-०-०-१ रोपनी घटी देखिएको छ। समितिबाट प्राप्त विवरणअनुसार मालपोत कार्यालयमा कित्ता नं. ९६ को दोहोरो स्रेस्ता खडा भई एउटामा ५३६.५४ वर्गमिटर र अर्कोमा ३ हजार ४९७.५८ वर्गमिटर कायम भएकोमा जग्गा धनी पुर्जा सच्याउन बाँकी रहेको उल्लेख छ। गुठी जग्गातर्फ २ कित्ता र अन्य २ कित्ताको मालपोत तिर्दै आए तापनि जग्गाधनी पुर्जा प्राप्त गरेको छैन। अतः समितिको विवरणमा घटी जग्गा देखिएको सम्बन्धमा छानविन गरी सम्पूर्ण जग्गाको लगत अद्यावधिक र संरक्षण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, अनुदानको अनुगमन नगरेको, क्यासिनो रोयल्टी असुल नगरेको, सम्पदा पुर्ननिर्माण समयमा सम्पन्न नभएको, पुरातात्त्विक सम्पदाको संरक्षण, विमानस्थल सञ्चालन, सोझै खरिद, ठेक्का व्यवस्थापन, भाडा तथा बहाल असुल नगरेको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - मन्त्रालय र मातहतसमेत ९ निकायमा यो वर्ष रू.३० करोड १ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ करोड ४५ लाख २८ हजार फछ्यौंट गरेकोले रू.२७ करोड ५६ लाख ५५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.७४ लाख ३४ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समितिसमेत १७ निकायमा यो वर्ष रू.५० करोड २२ लाख ७१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.६ करोड ५७ लाख ३१ हजार फर्स्यौंट गरेकोले रू.४३ करोड ६५ लाख ४० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.४ लाख ९२ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चारप्रविधिसम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा सोसम्बन्धी अध्ययन, अनुसन्धान र नियमन, सुरक्षण मुद्रण, हुलाकसम्बन्धी नीति, सञ्चालन र नियमन, साइबर सुरक्षा र नियन्त्रण, फ्रिक्वेन्सी बाँडफाँट तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ९६ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका समेत ८७ सरकारी कार्यालयको निम्नानुसार रू.१४ अर्ब ४५ करोड १० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

नियोजन	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
६५३४३	७६०१८	२०६०	१०८९	१४४५१०

२. **संगठित संस्था तथा समिति** - यो वर्ष ६ संस्थाको रू.३८ अर्ब ४९ करोड ६ लाखको लेखापरीक्षण सम्पन्न भएको र ३ संस्थाको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष दूरसञ्चार पूर्वाधार व्यवस्थापन र सरकारी सेवालाई अनलाइनमार्फत् प्रवाह गर्ने विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयअर्न्तगत राष्ट्रिय योजना आयोगबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रममध्ये नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत प्रसारण संस्थाको रूपमा विकास गर्ने, मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रुपान्तरण गरी सञ्चालन गर्ने, हुलाक सेवालाई प्रतिस्पर्धी, व्यावसायिक बनाउन र हुलाक बचत बैङ्कलाई आधुनिकीकरण गरी व्यवस्थित रूपमा सञ्चालन गर्ने र प्रतिस्पर्धा गराई फ्रिक्वेन्सी वितरण गर्न तथा पुनर्वितरणसम्बन्धी नियमावली स्वीकृत गरी कार्यक्रमलाई अघि बढाउने कार्यक्रम कार्यान्वयन गरेको देखिएन। डिजिटल नेपाल फ्रेमवर्कमा ८ क्षेत्र/निकायबीच समन्वय गरी एकीकृत बजेट निर्माण हुन नसकेकोले यसको प्रभावकारी कार्यान्वयनमा समस्या परेको, सुरक्षण मुद्रण छापाखाना जडान भई सुरक्षित मुद्रणको कार्य हुन नसकेको, विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा नआएको, ललितपुरमा डाटा सेन्टर र इन्टरनेट एक्सेन्ज सेन्टर निर्माण नभएको, नेपाल सरकारको खुमलटारस्थित ११८ रोपनी जग्गामध्ये ६८ रोपनीमा ज्ञानपार्क निर्माण गर्न सूचना प्रविधि विभागलाई उपलब्ध गराउने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन हुन नसकेको साथै ब्रोडब्याण्ड गुरुयोजना (२०१६-२०२०) र सूचना तथा प्रविधि नीति,२०७२ ले तोकेबमोजिमको लक्ष्य हासिल हुन सकेको देखिएन। राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएका वार्षिक विकास कार्यक्रमलाई प्राथमिकतामा राखी सम्बद्ध निकायहरूबीच समन्वय गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनाले सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने, सञ्चार तथा सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय

बनाउने, सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने उद्देश्य लिएको छ। योजनाअन्तर्गत लक्षित सूचकहरूमा विगत ३ वर्षको प्रगति स्थिति देहायअनुसार छः

क्र.सं	सूचक	एकाई	२०७५।७६ आधार वर्ष	२०७८।७९ को लक्ष्य	२०७८।७९ को प्रगति
१.	सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना	संख्या हजारमा	२००	३४४	प्राप्त नभएको
२.	अप्टिकल फाइबर विस्तार	कि.मि.	९३२०	१९१७०	१२२२४
३.	फोर जी/एल.टी. ई. सेवा विस्तार	प्रयोगकर्ता प्रतिशत	९.११	५०	५८.५८
४.	फिक्स्ड ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	१४.२४	२७.८	३२.१८
५.	मोबाइल ब्रोडब्याण्डसेवा विस्तार	प्रतिशत	५१.६४	७२	९८.५५
६.	मोबाइल टेलिफोन ग्राहक संख्या	प्रतिलाख	१३७.५५	४००	४२०
७.	सरकारी डाटा सेन्टर	संख्या	२	३	०
८.	रेडियोको पहुँच	प्रतिशत	८६	९६	९१
९.	टेलिभिजनको पहुँच	प्रतिशत	७२	९२	७२
१०.	ई.एम.एस सेवा विस्तार	जिल्ला	६०	७२	४४
११.	ई.एम.एस सेवा विस्तार	देश/संख्या	३९	४६	३९
१२.	अनलाइनमार्फत् सरकारी सेवाप्रवाह	संख्या	२०	४२	४५
१३.	डिजिटल साक्षरता प्रतिशत	प्रतिशत	६८	७५	प्राप्त नभएको
१४.	सूचना प्रविधि जनशक्ति	हजार	७	९.२	प्राप्त नभएको
१५.	राष्ट्रिय ज्ञानपार्क निर्माण	संख्या	-	७	-
१६.	सुरक्षण मुद्रण प्रेस स्थापना	संख्या	-	१	-
१७.	सञ्चार ग्रामको स्थापना	संख्या	-	१	-
१८.	इन्टरनेट पहुँच प्राप्त जनसंख्या	प्रतिशत	-	८५	१३०
१९.	सूचना प्रविधिसम्बन्धी उद्योग	संख्या	२७९६	३२३५	प्राप्त नभएको
२०.	टेलिफोन घनत्व	प्रतिशत	-	१४०	१४२.८७

उल्लिखित विवरणअनुसार सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना, सूचना प्रविधि सम्बन्धी उद्योग, सूचना प्रविधि जनशक्ति र डिजिटल साक्षरता प्रतिशत सूचकजस्ता आधारभूत विवरण प्राप्त भएको छैन। सरकारी डाटा सेण्टर, इण्टरनेट एक्सचेञ्ज सेन्टर, ई.एम.एस सेवा विस्तार, अनलाइन मार्फत् सरकरी सेवा प्रवाह, रेडियोको पहुँच, टेलिभिजनको पहुँच, राष्ट्रिय ज्ञानपार्क, सञ्चार ग्राम, सुरक्षण मुद्रण प्रेस स्थापना, जस्ता सूचकहरूमा प्रगति न्यून रहेको छ। आवधिक योजनाको लक्ष्य प्राप्त गर्न स्रोतको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७८।७९ मा उल्लेख भएका कार्यक्रममध्ये यो वर्ष थप २०० शहर/शहर उन्मुख क्षेत्रमा फाइबर टु द होम सेवा विस्तार गर्ने लक्ष्य रहेकोमा ८५ शहर/शहर उन्मुख क्षेत्रमा मात्र विस्तार भएको, सिंहदरबारभित्रका २० सरकारी कार्यालयमा कागजरहित सरकारका लागि नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणालीको कार्यान्वयन गर्ने लक्ष्य रहेकोमा ६ कार्यालयमा मात्र कार्यान्वयन भएको छ। त्यस्तै राष्ट्रिय साइबर केन्द्रको स्थापना, विदेशी मुद्रा सटही सिफारिससम्बन्धी सफ्टवेयर निर्माण, सार्वजनिक सेवा प्रसारण संस्था स्थापना, राष्ट्रिय सूचना प्रविधि अनुसन्धान केन्द्र स्थापनाको लागि विस्तृत परियोजना प्रतिवेदन तयारी, श्रमजीवी पत्रकारको लागि दुर्घटना बीमा एवं राष्ट्रिय सुरक्षा साइबर नीति तर्जुमासम्बन्धी कार्यक्रम सञ्चालन भएका छैनन्। सबै स्थानीय तहमा सूचना प्रविधि सेवा केन्द्र स्थापना गर्न स्थानीय तहसँग

सम्झौता भए तापनि कार्य प्रारम्भ हुन सकेको छैन। एकीकृत सञ्चार तथा सूचना प्रविधि नीति तर्जुमा, दूरसञ्चार सेवाको गुणस्तर मापन गर्नको लागि प्रणाली स्थापना, नयाँ विज्ञापन नीति तर्जुमा, सरकारी विज्ञापनमा एकद्वार प्रणाली कार्यान्वयन, काभ्रेको बनेपामा अत्याधुनिक चलचित्र स्टुडियो निर्माण गर्ने, हुलाक सेवाको संगठन र प्रणालीको पुनःसंरचना गर्ने, नेपाल टेलिभिजनको प्रसारणलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन एनटीभी वर्ल्ड सञ्चालनमा ल्याउने र नेपाल दूरसञ्चार कम्पनीको २२ प्रतिशत शेयर विनिवेश गर्ने जस्ता कार्य हुन नसकेको अवस्था छ। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

७. **दिगो विकास लक्ष्य -** सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सीप दक्षता भएका वयस्कहरूको संख्या वृद्धि गर्न इन्टरनेट प्रयोगकर्ता वयस्क जनसंख्याको प्रतिशत सन् २०३० सम्म ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा शतप्रतिशत पुगेको, इन्टरनेट पहुँच भएका माध्यमिक विद्यालय ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा सबै सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको छ। मोबाइल टेलिफोन हुने व्यक्ति तथा नेटवर्कद्वारा समेटिएको जनसंख्या शतप्रतिशत भए पनि महिला सशक्तीकरणलाई टेवा पुऱ्याउन १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको तथ्याङ्क तयार गरेको छैन। उत्थानशील पूर्वाधार निर्माण गर्ने, औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नतिको लागि वार्षिक कार्यक्रम र सोअनुरूप बजेट व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **नीति तर्जुमा र कार्यान्वयन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित विभिन्न नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट तर्जुमा भएका प्रमुख नीतिहरूको कार्यान्वयन अवस्था देहायअनुसार छः

८.१. ब्रोडब्याण्ड नीति, २०७१ मा उल्लेख भएअनुसार दूरसञ्चार नियमन प्रारूप अन्तर्राष्ट्रिय स्तरको बनाउने, ब्रोडब्याण्ड सेवा प्रवाहमा बढी सेवा प्रदायकलाई आकर्षित गर्न उपयुक्त शर्तसहित लोकल लूपमा सबैको पहुँच सुनिश्चितता गर्ने, २०२० सम्म नेपालका सबै स्थानीय तहमा सामुदायिक सूचना केन्द्र स्थापना गर्ने, निर्वाध तथा प्रतिस्पर्धी ब्रोडब्याण्ड सेवाको व्यापक उपलब्धता सुनिश्चतता गर्न डेटा रोमिङ्गसम्बन्धी विस्तृत नियम तर्जुमा गरी लागू गर्ने, ब्रोडब्याण्ड पूर्वाधार तथा सेवा विस्तारलाई सहजीकरण गर्न सम्बन्धित केन्द्रीय तथा स्थानीय सरकारी निकायहरूसँग समन्वय गरी कमन सर्भिस डक्टसम्बन्धी निर्देशिका जारी गरी लागू गर्ने विषय कार्यान्वयन भएको छैन।

८.२. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा उल्लेख भएअनुसार निजी क्षेत्रसमेतको सहभागितामा सफ्टवेयर तथा सेवा उद्योग प्रवर्द्धन बोर्ड स्थापना गर्ने, नेपाल एकीकृत वाणिज्य रणनीति, २०१० मा आधारित वाणिज्य तथा आपूर्ति मन्त्रालयअर्न्तगत सूचना प्रविधि तथा सूचना प्रविधि प्रवर्द्धन सेवाहरू र व्यापार प्रवर्द्धन एकाइ स्थापना गर्ने, साइबर अपराधको अनुसन्धान तथा अभियोजन व्यवस्थामा यथोचित परिमार्जन गर्दै विद्युतीय कारोबार ऐनको पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने, रोजगारमुखी दक्षता अभिवृद्धि गर्न राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि पाठ्यक्रम तथा दक्षता प्रमाणीकरण पद्धति विकास गरी लागू गर्ने, नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा काम गर्ने स्वदेशी एवं विदेशी व्यक्ति तथा संस्थाहरूको तथ्याङ्क सङ्कलन र व्यवसायलाई पारदर्शी बनाउने, राष्ट्रिय भौगोलिक सूचना प्रणाली पूर्वाधारको विकास गर्ने, विद्युतिय कारोबार ऐन, २०६३ मा उल्लिखित प्रावधान अनुरूप सूचना प्रविधि न्यायाधिकरण स्थापना गरिने लगायतका विषय कार्यान्वयन भएको छैन।

८.३. दूरसञ्चार नीति, २०६० मा उल्लेख भएका नयाँ सेवा प्रदायकको लागि खुला अनुमतिपत्र प्रणाली लागू गर्ने, निर्धारित शर्त पूरा गर्ने र न्यूनतम योग्यता भएका सबैलाई सामान्य अनुमतिपत्र दिइने, बोलपत्रद्वारा छानिएका सेवा प्रदायकलाई वैयक्तिक अनुमति प्रदान गर्ने, एउटै किसिमका सेवा प्रदायकको लागि अनुमतिपत्र दस्तुर तोक्ने विधि एकै किसिमको हुने, खुला तथा प्रविधि तटस्थ अनुमतिपत्र प्राप्त गर्ने विधि, प्रक्रिया र अन्य आवश्यक विषयवस्तुबारे निजी क्षेत्रलाई जानकारी गराइने जस्ता विषयसमेत कार्यान्वयन भएको देखिएन।

८.४. भू-उपग्रह नीति, २०७७ मा सन् २०२२ भित्र अन्तरिक्षमा आफ्नै भू-उपग्रह स्थापना गरी विश्वसनीय र गुणस्तरीय सेवा उपलब्ध गराउने, दुर्गम र अति विकट क्षेत्रका जनता समक्ष ब्रोडब्याण्ड इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्ने उल्लेख छ। नीतिमा उल्लेख भएबमोजिम भू-उपग्रह स्थापना गर्ने कार्यको सम्भाव्यता अध्ययन गर्न परामर्शदाता नियुक्त गरे तापनि अन्तरिक्षमा आफ्नै भू-उपग्रह स्थापना गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।

८.५. आमसञ्चार नीति, २०७३ मा उल्लेख भएको रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणको रूपमा रुपान्तरण गरी एकै व्यवस्थापनमा सञ्चालन गरिने अवधारणाअनुरूप सार्वजनिक प्रसारण संस्थाको प्रारूप तयार गर्ने र मौजुदा सरकारी सञ्चार माध्यमहरू रेडियो नेपाल तथा नेपाल टेलिभिजनलाई उक्त संस्थामा आवद्ध गर्न विधि, प्रक्रिया र संरचना तयार भएको छैन।

नीतिको प्रभावकारी कार्यान्वयन गर्न निर्देशक समिति गठन भए तापनि सो समितिको नियमित बैठक नहुनु, नीति कार्यान्वयन र अनुगमन मूल्याङ्कन कार्ययोजनाको अभावमा उल्लिखित नीतिहरूको समयसीमा समाप्त हुँदा पनि अपेक्षित प्रगति हुन सकेको देखिएन। अतः नीतिमा उल्लिखित लक्ष्य तथा उद्देश्य पूरा हुने गरी कार्य गर्नुपर्दछ।

९. **डिजिटल नेपाल** - डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी मुलुकको आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्न मन्त्रिपरिषद्ले २०७६।७।५ मा डिजिटल नेपाल, फ्रेमवर्क, २०७६ स्वीकृत गरेको छ। राष्ट्रिय योजना आयोगले रूपान्तरणकारी आयोजनाको रूपमा वर्गीकरण गरेको यस फ्रेमवर्क कार्यान्वयनका लागि रू.१ खर्ब ७ अर्ब ५० करोड बजेट अनुमान गरेको, योजनामा समेटिएका ८ कार्यक्षेत्रअन्तर्गत ८० क्रियाकलाप ५ वर्षभित्र सम्पन्न गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको समयसीमा तोकी कार्यक्रम कार्यान्वयन योजनासमेत समावेश भएको छ। योजनाको अल्पकालीन र मध्यकालीन समयसीमाभित्र डिजिटल फाउन्डेशनअन्तर्गतका क्रियाकलापमा केही प्रगति देखिए तापनि कृषि, स्वास्थ्य, शैक्षिक क्षेत्र, ऊर्जा, पर्यटन र वित्तीय क्षेत्रअर्न्तगतका क्रियाकलापहरूमा अपेक्षित उपलब्धि भएको देखिएन। फ्रेमवर्क कार्यान्वयनमा समन्वय गर्न समर्पित संयन्त्र नभएको, यस फ्रेमवर्कप्रति निकायहरूको अपनत्व तथा स्वामित्वको अभाव, निकायहरूको वार्षिक कार्यक्रम प्रस्ताव गर्दा फ्रेमवर्कका पहलहरूलाई प्राथमिकतामा नराखेको, सरकारी निकायहरूमा सूचना प्रविधिसम्बन्धी जनशक्ति पर्याप्त नभएको, निजीक्षेत्रसँग समन्वयको कमीलगायतका कारण दुई चरणको समयसीमाको समाप्तिसम्म पनि डिजिटल नेपाल योजनामा अपेक्षाकृत प्रगति हासिल हुन सकेको छैन। समन्वयकारी भूमिका निर्वाह गरी बाँकी समयसीमासम्म फ्रेमवर्कमा सबै क्षेत्रअर्न्तगतका डिजिटल पहलहरूमा समावेश भएका कार्यहरू सम्पन्न गर्नुपर्दछ।

१०. **राजस्व सङ्कलन** - मन्त्रालय र मातहत निकायहरूबाट यो वर्ष रू.७ अर्ब ६० करोड ७२ लाख १३ हजार राजस्व सङ्कलन भएको छ। गत वर्ष रू.७ अर्ब ९० करोड ८८ लाख ५१ हजार राजस्व सङ्कलन भएकोमा यो वर्ष ३.९७ प्रतिशतले कमी आएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१०.१. पार्सल तथा चिठीपत्रलगायत हुलाक सेवाबाट गत वर्ष रू.२१ करोड ९ लाख २८ हजार राजस्व प्राप्त भएकोमा यो वर्ष रू.२४ करोड ४६ लाख ६१ हजार प्राप्त भएको छ। गत वर्षभन्दा १३.७८ प्रतिशत बढी राजस्व प्राप्त भए तापनि राजस्व असुली विगत वर्षहरूको भन्दा कम रहेको छ। यसले हुलाक सेवामा संरचनागत सुधारको आवश्यकता इङ्गित गरेको छ। फ्रिक्वेन्सी दस्तुरबापत गत वर्ष रू.३ अर्ब ५८ करोड ५५ लाख ५७ हजार प्राप्त भएकोमा यो वर्ष रू.३ अर्ब ३८ करोड ५६ लाख ३६ हजार प्राप्त भएकोले गत वर्षको तुलनामा ५.५७ प्रतिशत घटी प्राप्त भएको छ। त्यसैगरी यो वर्ष रोयल्टीबापत रू.३ अर्ब ५५ करोड १ लाख ३१ हजार प्राप्त भएको देखिन्छ।

१०.२. महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणअनुसार फ्रिक्वेन्सी दस्तुर सङ्कलन रू.३ अर्ब ३६ करोड २० लाख ६१ हजार देखिएकोमा मन्त्रालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणमा रू.३ अर्ब ३८ करोड ५६ लाख ३६ हजार देखिन्छ।

मन्त्रालयले दूरसञ्चार सेवा प्रदायकहरूबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अद्यावधिक हिसाब वा लगत राखेको छैन। सार्वजनिक लेखा समितिले २०७६।२।१२ मा अभिलेख व्यवस्थित बनाई अद्यावधिक गर्न दिएको निर्देशन पालना भएको छैन।

१०.३. दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न १५ दूरसञ्चार सेवा प्रदायक संस्थाले पेस गरेको आय वर्ष २०७७।७८ को आय विवरणअनुसार कुल आय रू.१ अर्ब ७७ करोड ८३ लाख ७५ हजारको ४ प्रतिशतले हुने रोयल्टी रू.७ करोड ११ लाख ३५ हजार दाखिला गरेका छैनन्। त्यस्तै, १२ सेवा प्रदायकले ग्राहकसँग असुल गरेको मर्मत तथा सपोर्ट चार्ज र अन्य चार्ज आम्दानी रू.४ अर्ब ८५ करोड ९४ लाख ५४ हजारको ४ प्रतिशतले हुने रोयल्टी रू.१९ करोड ४३ लाख ७८ हजार रोयल्टी छुट भएको देखिएकोले छुट रोयल्टीसमेत कानूनी व्यवस्थाबमोजिम असुल गर्नुपर्दछ।

१०.४. दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रोयल्टी र नियम ३१ मा रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्षको लागि तोकिएबमोजिम बुझाउनुपर्ने व्यवस्था छ। तोकिएको दस्तुर नबुझाएमा दूरसञ्चार ऐन, २०५३ को दफा २८(३) मा प्राधिकरणले अनुमतिपत्र खारेज गर्न सक्ने उल्लेख छ। यो वर्ष तीन सेवा प्रदायकले मन्त्रिपरिषद्को निर्णय अनुसार किस्ता सुविधाअन्तर्गत तेस्रो किस्ताको रू.१ अर्ब ८ करोड ४५ लाख ८८ हजार २०७९ आषाढ मसान्तभित्र बुझाउनुपर्नेमा बुझाएका छैनन्। दूरसञ्चार कानून विपरीत ५ वर्षको किस्ता सुविधा दिंदासमेत रोयल्टी र फ्रिक्वेन्सी दस्तुर असुल नभएकोले नियमानुसार विलम्ब दस्तुरसमेत निर्धारण गरी किस्ता रकम असुल गर्नुपर्दछ।

१०.५. दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष नियमितरूपमा बुझाउनुपर्ने, सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर

प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको निमित्त सो आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ। यो वर्ष ५ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर नबुझाएकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रू.१ अर्ब १६ करोड ६२ लाख २९ हजार असुल गर्नुपर्दछ।

११. **विदेशी मुद्रा सटही** - विदेशी मुद्रा सिफारिश सम्बन्धी विनियमावली, २०७६ को विनियम ४(४)(घ) मा विदेशी मुद्रा भुक्तानीको लागि सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष दस्तुर बुझाएको हुनुपर्ने उल्लेख छ। एक सेवा प्रदायकसँग २०७६।७७ को जरिबाना रोयल्टीसमेत रू.२ करोड ७८ लाख २६ हजार र ग्रामीण दूरसञ्चार विकास कोष जरिबाना सहित रू.१ करोड ३९ लाख १३ हजारसमेत रू.४ करोड १७ लाख ३९ हजार असुल हुन बाँकी रहेकोमा उक्त विनियमविपरीत इन्टरनेट ब्याण्डविथको मासिक रिकरिङ चार्जबापत रू.२३ करोड २९ लाख ६९ हजार बराबरको भारतीय मुद्रा सिफारिस गरेको छ। विनियमावलीको व्यवस्था विपरीत विदेशी मुद्रा सिफारिस गर्नु उचित होइन।

१२. **अनुदानको उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको कुराको अनुगमन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले यो वर्ष गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, चलचित्र विकास बोर्ड, राष्ट्रिय समाचार समिति, रेडियो प्रसार विकास समिति र विज्ञापन बोर्डलाई अर्काइभ निर्माण, भवन निर्माण, समावेशी प्रकाशन, मेसिन खरिद, लेख रचना प्रकाशन, कार्यक्रम निर्माण तथा प्रसारणलगायतका प्रयोजनमा रू.३६ करोड १० लाख ६ हजार र २२ अन्य संस्थालाई रू.१ करोड ४ लाख ५० हजार सशर्त अनुदान दिएकोमा राष्ट्रिय समाचार समितिको भवन निर्माण नभएकोले सशर्त अनुदान रकम उपयोग हुन सकेको देखिएन। विभिन्न संघ संस्थालाई उपलब्ध गराएको सशर्त अनुदान रकमबाट भएको कार्यको अनुगमन गरी खर्च नभै बाँकी रहेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

हुलाक सेवा विभाग

हुलाक सेवा विभागले हुलाक ऐन, २०१९ बमोजिम हुलाक सेवासँग सम्बन्धित चिठीपत्र ओसारपसार गर्ने, हुलाक टिकट प्रकाशन गर्ने, धनादेशको व्यवस्था गर्ने, बचत बैङ्क सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दै आएको छ।

१३. **हुलाक सेवाको पुनर्संरचना** - पन्ध्रौं योजनामा हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने उल्लेख छ। हुलाक सेवा विभाग मातहत केन्द्रीय स्तरमा गोश्वारा हुलाक कार्यालय, केन्द्रीय धनादेश कार्यालय, फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय र हुलाक प्रशिक्षण केन्द्रसमेत ४ निकाय, ४ हुलाक निर्देशनालय, ७० जिल्ला हुलाक कार्यालय, ८४२ इलाका हुलाक कार्यालय र ३ हजार ७४ अतिरिक्त हुलाक सञ्चालित छन्। हुलाक सेवा सञ्चालनको लागि छुट्टै विशिष्ट सेवा नभएकोले प्रशासन सेवाको सामान्य प्रशासन समूहमा रही कर्मचारी सरुवा, बढुवा

हुने गरेका छन्। अतिरिक्त हुलाकमा कार्यबोझ अत्यन्त न्यून रही दरबन्दीबमोजिमका कर्मचारी पूर्ण रूपमा परिचालित हुन सकेका छैनन्। ग्रामीण क्षेत्रमा समेत बैङ्कलगायत वित्तीय क्षेत्रको पहुँच विस्तार भएकोले धनादेशको कारोबार प्राय बन्द नै भैसकेको छ। हुलाक बचत बैङ्कको सञ्चालन सरकारको प्राथमिकामा परेको देखिँदैन। हुलाक सेवा विभागले अनिवार्य सेवाको रूपमा २ हजार ग्रामसम्मको चिठीपत्र सञ्चालन गरे तापनि सो भन्दा बढी तौल भएको हुलाक वस्तु सञ्चालन गर्ने आन्तरिक तथा अन्तर्राष्ट्रिय द्रुत डाँक हुलाकको व्यावसयिक एवं अतिरिक्त सेवाअन्तर्गत सञ्चालन गर्दै आएको छ। द्रुत डाँक सेवा तथा पुलिन्दा सेवालाई एकीकृत गर्न सकेको छैन।

हुलाक प्रकृतिको काम गर्ने कुरियर तथा अनलाइन डेलिभरी गर्ने कम्पनीहरू विस्तार भएकोमा ती संस्थाहरूलाई नियमन गर्ने निकाय रहेको देखिँदैन। विभागले विदेशबाट प्राप्त हुने चिठीपत्र, पुलिन्दा तथा अन्तर्राष्ट्रिय द्रुत डाँक डकुमेन्ट तथा व्यापारिक पुलिन्दा वितरण गरेबापत प्राप्त हुनुपर्ने रकमको लेखा व्यवस्थित गर्न सकेको छैन। हाल हुलाक सेवा प्रवाह कमजोर देखिएको, कार्यबोझ घटेको, हुलाक संयन्त्रबाट प्रवाहित सेवा प्रति जनविश्वास बढाउन हुलाक सेवाको विविधीकरण गरी समय सापेक्ष सुधार गर्न हुलाक सेवाको पुनर्संरचना गर्नुपर्ने देखिएको छ।

१४. **इजाजत -** हुलाक सेवा ऐन, २०१९ को दफा ३ मा नेपाल सरकारले व्यक्ति वा संस्थालाई हुलाक सेवा सञ्चालन गर्न इजाजत दिने प्रयोजनको लागि शर्त तोक्नुपर्ने व्यवस्था छ। निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न इजाजत नदिए पनि यो वर्षसम्म स्वदेशतर्फ ३७ मेल तथा कुरियरलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरी कार्गो र कुरियर सञ्चालन गर्न सहमति दिएको छ। वैदेशिक हुलाक सेवा सञ्चालन गर्न दिएको अनुमतिको अभिलेख राखेको छैन। इजाजतपत्रको अभिलेख बेगर स्वदेशी र वैदेशिक संस्थाबाट प्राप्त हुने इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी यकिन हुने अवस्था छैन। विभागले ऐनको प्रावधानअनुसार हुलाक सेवा सञ्चालनको इजाजत दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१५. **टर्मिनल ड्युज -** हुलाक सेवा विभाग र विश्व हुलाक संघबीचको सम्झौताअनुसार टर्मिनल ड्युज बापतको विभिन्न मुलुकबाट लिनु/दिनुपर्ने हिसाब प्रत्येक ४/४ महिनामा यकिन गरी वर्ष व्यतीत भएको ६ महिनाभित्र हिसाब मिलान गरिसक्नुपर्ने उल्लेख छ। यो वर्ष २८ देशलाई टर्मिनल ड्युजबापत सम्बन्धित देशको मागबमोजिम सन् १९९९ देखि २०२० सम्मको रू.२५ करोड ३६ लाख ९८ हजार भुक्तानी दिएको छ। विभागले ती देशलाई दिनुपर्ने वास्तविक रकमको हिसाब राखेको छैन। हुलाक सेवा विभागले २०६०।६१ देखि २०७३।७४ सम्मको रू.४५ करोड ९ लाख ७८ हजार प्राप्त गरेको विवरण पेस गरे पनि सन् २०१६ देखि २०१९ सम्मको पाउनुपर्ने हिसाबको विवरण राखेको देखिएन। विभागले अन्तर्राष्ट्रिय डाँक सेवाको लागि कर्मचारी र लेखा अभिलेख व्यवस्थापन गर्न नसकेको, सम्झौताबमोजिमको समयसीमाको पालना नगरेको, हुलाक सेवा विभाग र मातहतका कार्यालयबीच उचित समन्वय नभएको, ई.एम.एस सेवाको दररेट सन् १९९६ देखि पुनरावलोकन नभएको, लिनु दिनुपर्ने हिसाब तथा सम्पादित कामको प्रगति विवरण तयार नहुँदा अन्तराष्ट्रिय डाँक सेवामा समेत असर परेको छ। अन्तर्राष्ट्रिय डाँक सेवा सञ्चालन सम्बन्धमा मानव साधन विकास र दीर्घकालीन कार्ययोजनासहित लिनु दिनुपर्ने हिसाब अद्यावधिक गरी तोकिएको समयावधिभित्रै हिसाब फरफारक गर्नुपर्दछ।

१६. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौताबमोजिमका काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ। हुलाक सेवा विभागको भवन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २ वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०६७।६।२४ मा रू.९ करोड २७ लाख २२ हजारको खरिद सम्झौता भएको देखियो। निर्माण व्यवसायीले सम्झौताबमोजिमको समयमा कार्य सम्पन्न नगरेकोले २०७१ मार्ग मसान्तसम्म कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी सम्झौताको म्याद थप गरेको देखियो। निर्माण व्यवासयीले २०७६।६।१५ मा कार्यसम्पन्न गरी अन्तिम बिल पेस गरेकोमा सम्झौता रकमको १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रू.९२ लाख ७२ हजार असुल गरेको छ। निर्माण व्यवसायीको ढिलाइको कारणबाट समयमा कार्य सम्पन्न नभएतापनि सो अवधिको मूल्य समायोजनबापत रू.२८ लाख १२ हजार भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१७. **हुलाक बचत बैङ्क -** गोश्वारा र जिल्ला हुलाक कार्यालय ६८ मा सञ्चालित हुलाक बचत बैङ्कको गत विगत वर्षमा जिल्ला हुलाक कार्यालय रौतहट, बझाङ र जाजरकोटले हिनामिना गरेको रू.७ करोड १३ लाख ५७ हजारसमेत यो वर्षसम्म रू.१ अर्ब ४५ करोड ४३ लाख ३५ हजार मौज्दात रहेको छ। हुलाक बचत बैङ्कको हिसाब पूर्णरूपमा सफ्टवेयरमा नरहेको, निजी क्षेत्रका बैङ्किङ कारोबार गर्ने संस्थाहरूको पहुँच मुलुकभर पुगेको, लगानीका क्षेत्रहरू संकुचन भएको, समयानुकूल आधुनिक प्रविधिको प्रयोग गर्न नसकेको, दक्ष जनशक्तिको अभावलगायतका कारण हुलाक बचत बैङ्क प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन। बचत बैङ्क सञ्चालन गर्ने सम्बन्धमा पुनरावलोकन गर्नुपर्दछ।

१८. **धनादेश -** केन्द्रीय धनादेशबाट प्राप्त विवरणअनुसार गत विगतको जिम्मेवारी रू.२ करोड ५० लाख समेत यो वर्षको आम्दानी रू.२ करोड ५२ लाख ४३ हजार रहेकोमा रू.९४ हजार खर्च भई रू.२ करोड ५१ लाख ४९ हजार मौज्दात रहेको छ। वित्तीय सेवाको पहुँच वृद्धि हुँदै गएकोले धनादेश सेवा निष्क्रिय अवस्थामा रहेको छ। उक्त सेवालाई बन्द गरी मौज्दात रकम संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ।

सूचना प्रविधि विभाग

विभागले सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग, डिजिटल नेपाल अभियान तथा नियमनलगायत सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यन्वयन निकायको भूमिका निर्वाह गर्दै आएको छ।

१९. **विद्युतीय सरकार -** विद्युतीय सरकारको अवधारणाअन्तर्गत विभागले विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। एकीकृत एस.एम.एस. गेटवेको प्रारम्भ भई हालसम्म १९ निकायले प्रणालीको प्रयोग गरेको, सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका तयार गरेको, हालसम्म ३१ निकाय एकीकृत व्यवस्थापन प्रणालीमा आबद्ध भई १५ निकायले प्रणाली मार्फत् कार्य प्रारम्भ गरेका, सरकारी कार्यालयहरूको वेबसाइटमा एकरूपता कायम गर्न नमूना वेबसाइट निर्माण गरेको, सरकारी क्लाउडमा ७१५ भर्चुअल मेसिन सञ्चालन गरी ३१४ सरकारी निकायलाई सूचना प्रविधि प्रणाली सञ्चालन गर्न स्रोत उपलब्ध गराएको, सरकारी निकायहरूका ८९

सूचना प्रणालीको सेक्युरिटी अडिट गरेको, साझा पूर्वाधारमार्फत् सरकारी निकायहरूलाई सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराएको र वेब बेस इ-हाजिरी १ हजार ५८३ निकायले प्रयोग गरेका छन्।

गभरमेन्ट इन्टरप्राइज आर्किटेक्चर (जी.ई.ए.) तालिम निरन्तर सञ्चालन गर्नुपर्ने, सरकारी निकायहरूको सूचना प्रणालीलगायत वेबसाइटको सेक्युरिटी अडिटको दायरा बढाउनुपर्ने, सबै सरकारी निकायमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी सरकारी निकायबाट प्रदान गरिने सबै प्रकारका सेवालाई नागरिक एप्ससँग अन्तर आबद्ध गर्नुपर्दछ।

२०. **राष्ट्रिय ज्ञानपार्क -** सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय, प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले ज्ञानपार्क स्थापनार्थ रेडियो नेपाल मोही रहेको ललितपुरको खुमलटार स्थित ११८ रोपनी जग्गा मध्ये ६८ रोपनी सूचना प्रविधि विभागलाई उपलब्ध गराउने मन्त्रिपरिषद्ले २०७५।११।२८ मा निर्णय गरेको छ। जग्गाको स्वामित्व हस्तान्तरण हुन बाँकी रहेकोले उक्त जग्गामा घेरा पर्खाल लगाउने बाहेक अन्य निर्माण कार्य अघि बढेको छैन। पार्क निर्माण गर्ने कार्य अलपत्र परेकोले जग्गासम्बन्धी समस्या समाधान गरी गुरुयोजनाअनुसार पार्क निर्माण कार्य गर्नुपर्दछ।

मुद्रण विभाग

सरकारी नीति, ऐन, नियम, अध्यादेश, सन्धि, सम्झौता, राजपत्र जस्ता महत्त्वपूर्ण सरकारी निर्णय, अन्य सरकारी दस्तावेजका साथै नेपाल सरकारको सुरक्षण मुद्रणको कार्य गर्न २०४९।५।२४ मा मुद्रण विभागको स्थापना भएको हो।

२१. **व्यावसायिक योजना -** संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको विभागले छपाइ कार्य व्यवस्थापन गर्न व्यावसयिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष विभागको प्रशासनिक तथा सञ्चालन खर्च रू.६ करोड ४ लाख २५ हजार रहेकोमा रू.१ करोड ४० लाख ९६ हजार राजस्व आम्दानी गरेको छ। मुद्रण विभागको हालको छपाइ तथा बाइण्डिङ दस्तुर २०६९।४।१ मा तोकिएकोमा सोभन्दा पछि नयाँ दस्तुर कायम गरेको देखिँदैन। त्यसैगरी विभागमा रहेको विभिन्न किसिमका छपाइ मेसिनहरू र जनशक्ति क्षमताअनुसार उपयोग नगरिएको, कार्यालय सञ्चालन गर्न कार्यालयको भवन पर्याप्त नभएको तथा नेपाल सकारका निकायहरूबाट हुने छपाइसम्बन्धी माग र प्रतिस्पर्धी बजारको अध्ययन गरी सोहीअनुसार व्यावसायिक योजना नबनाउँदा विभागमा व्यावसायिकता विकास हुन सकेको छैन। विभागले मेसिन, उपकरण र जनशक्तिको सदुपयोग गर्न व्यावसायिक योजना तयार गरी स्वनिर्भरका लागि पहल गर्नुपर्दछ।

२२. **राजपत्र छपाइ -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी सम्पत्तिको हानि-नोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण प्रणालीको अनुसरण गरिएको सुनिश्चित गरी सरकारी रकम खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष सशुल्क राजपत्र लिने सदस्य संख्या २ हजार ८८ र निःशुल्क ३५ समेतको लागि २ हजार १२३ सेट राजपत्र छपाइ गर्नुपर्नेमा २ हजार ४०० सेट छपाइ गरेको छ। सो मध्ये ७९४ ले सदस्यता नवीकरण नगरेकोले १ हजार ७१ सेट राजपत्र वितरण नभै मौज्दात रहेको छ। मौज्दात रहेका राजपत्र प्रयोगविहीन अवस्थामा रहेकोले छपाइ कार्यमा प्रयोग भएको कागज, मसी र प्लेटसमेतको खर्च रू.११ लाख ७९ हजार नोक्सानी भएको छ। आवश्यक संख्याको पहिचान गरी छपाइ कार्य गर्नुपर्दछ।

सूचना तथा प्रसारण विभाग

विभागले नेपालसम्बन्धी विविध सूचनामूलक सामग्री प्रकाशन एवं वितरण गर्ने, स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने, अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने लगायतका कार्य गर्दै आएको छ।

२३. **इजाजतपत्र नवीकरण -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६(४) बमोजिम म्याद भुक्तान भएपछि हरेक वर्ष इजाजतपत्र नवीकरण गर्न आएमा दशदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्नसक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने र नियम १८ बमोजिम इजाजतपत्रमा उल्लिखित शर्तबमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अनुमतिपत्र रद्द गर्न एवं अनधिकृत कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो कार्यक्रम प्रसारण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार हालसम्म २४१ टेलिभिजन र १ हजार १८१ एफ.एम. रेडियोले प्रसारण इजाजतपत्र प्राप्त गरेकोमा १५६ टेलिभिजन र १ हजार १३२ एफ.एम. रेडियोसमेत १ हजार २८८ संस्थाले २०७९ आषाढसम्म इजाजतपत्र नवीकरण गराएका छैनन्। मन्त्रालयबाट इजाजतपत्र नवीकरण नगराउने संस्थाहरूको सम्बन्धमा अनुगमन तथा छानबिन गरी नियमबमोजिम कारबाही गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा सुधार भएको छैन।

२४. **अभिलेख -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ र १२ बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने संस्था वा व्यक्तिले आफूले गरेको कुल आम्दानीको २ प्रतिशत रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। विभागले प्रसारण शुल्कबापत प्राप्त हुनुपर्ने रकमको लगत सहित शुल्क बुझाउने र नबुझाउने संस्थाहरूको अभिलेख राखेको छैन। विभागले प्राप्त हुनुपर्ने, प्राप्त भएको शुल्क र संस्थाहरूको अद्यावधिक अभिलेख राख्नुपर्दछ।

२५. **पत्रकार वृत्ति कोष —** विभागले पत्रकार वृत्ति कोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ अनुसार रू.६ करोड ५० लाखको अक्षय कोष स्थापना गरेको छ। यो वर्षसम्म प्राप्त ब्याजसमेत कोषमा रू.६ करोड ९४ लाख ५ हजार मौज्दात रहेको छ। पत्रकार वृत्ति कोष सञ्चालन मापदण्ड, २०७८ स्वीकृत भए तापनि निर्देशिका तथा मापदण्डबमोजिम पत्रकार कल्याण एवं पत्रकार सुरक्षा कार्यक्रमहरू सञ्चालन हुन नसकेकोले कोषको रकम निष्क्रिय रहेको छ। निर्देशिकामा व्यवस्था भएबमोजिम कोष परिचालन गर्नुपर्दछ।

सुरक्षण मुद्रण केन्द्र

सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ बमोजिम यस केन्द्रको स्थापना भएको हो। सुरक्षण मुद्रणसम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, बैङ्क नोट, स्मार्ट कार्ड, चेक बुक, आदिको मुद्रणको लागि सुरक्षण प्रेसको स्थापना गरी सञ्चालन गर्ने काम यस केन्द्रलाई तोकिएको छ।

२६. **छापाखाना स्थापना -** सुरक्षण मुद्रणसम्बन्धी उपकरण, प्रेस मेसिन, औजार प्रणाली तथा अन्य आवश्यक सामग्री जी.टु.जी. विधिबाट खरिद गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) ले २०७६।७।२० मा सैद्धान्तिक स्वीकृति दिएअनुसार प्रेस मेसिनलगायतका उपकरण खरिदको लागि प्राविधिक समितिले

तयार गरेको रू.३३ अर्बको लागत अनुमान २०७८।३।३० मा स्वीकृत भएको देखिन्छ। सो अगावै उपकरण खरिद सम्बन्धमा माग गरेको प्रस्तावअनुसार फ्रान्स सरकार र जर्मन सरकारतर्फबाट प्रस्ताव प्राप्त भएको र दुवै प्रस्ताव नेपालको आवश्यकतानुसार हुनसक्ने देखिएकोले कुनै एक देशको प्रस्ताव स्वीकृत गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेस भएकोमा मन्त्रिपरिषद्बाट २०७६।९।७ मा उक्त दुवै देशको प्रस्तावमध्ये उपयुक्तताको आधारमा मन्त्रालयले नै स्वीकृत गरी सोझै खरिद गर्नसक्ने निर्णय भएको र मन्त्रालयबाट सोअनुसार निर्णय नगरी पुनः मन्त्रिपरिषद्मा पेस भएकोमा २०७७।१।२ को निर्णयअनुसार जी.टु.जी.. विधिबाट सोझै खरिद गर्नेनिर्णय कायम नराख्ने र खुला प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गर्न मन्त्रालयले प्रक्रिया अघि बढाउने निर्णय गरी निर्देशन दिएको छ। छापाखानाको निर्माण कार्य २०७४।७५ देखि शुरु भएकोमा यो वर्षसम्म रू.२ अर्ब १५ करोड १८ लाख ५८ हजार खर्च भएको छ। मुद्रण छापाखाना जडानको खरिद प्रक्रिया नै नगरी प्रत्येक वर्ष अन्य कार्यमा खर्च गरेको औचित्यपूर्ण देखिएन।

२७. **बहुवर्षीय योजना -** सुरक्षण मुद्रण छापाखानाको लागि बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चितताको लागि भवन निर्माण र मेसिनरी खरिदमा २०७७।७८ देखि २०७९।८० सम्मको लागि केन्द्रले रू.२३ अर्ब ५५ करोड ५४ लाख ७१ हजार लागत अनुमानसहितको खरिद योजना पेस गरेकोमा मन्त्रालयको २०७७।३।२२ को पत्रानुसार थप छलफल गर्नुपर्ने गरी मन्त्रीस्तरीय निर्णय भएको छ। बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चित नगरी सालबसाली रूपमा खरिद कार्य गर्दा छापाखाना निर्माण कार्यमा प्रगति हुन सकेको छैन। बजेटको सुनिश्चितता गरी बहुवर्षीय खरिद योजना स्वीकृत गराई समयमा नै छापाखाना निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२८. **उपकरण उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित गरी सरकारी रकम खर्च गर्नुपर्ने उल्लेख छ। सुरक्षण मुद्रण केन्द्रको लागि यो वर्षसम्म जेनेरेटर खरिदमा रू.४८ करोड ७० लाख ६२ हजार, इन्धन ट्याङ्की निर्माणमा रू.१८ करोड ७७ लाख ४६ हजार, गाडी खरिदमा रू.३ करोड २ लाख ६० हजार, कम्प्युटर प्लटर खरिदमा रू.२ करोड ४३ लाख ५७ हजार, हाई सेक्युरिटी डिजिटल प्रिन्टर प्रोडक्सन सिस्टम २ सेट, डाय कटिङ्ग मेसिन १, स्टोरेज ५, सर्भर २ को रू.७२ करोड ९० लाख ७० हजार, प्याकेजिङ मेसिनमा रू.१९ करोड ७९ लाख, मूल भवनमा एयर कन्डिसन जडान कार्यमा रू.१ करोड ६९ लाखसमेत रू.१ अर्ब ६७ करोड ३२ लाख ९५ हजार खर्च भएको छ। केन्द्रले भवनलगायत सिभिल निर्माण कार्य सम्पन्न नहुँदै मेसिन, उपकरण, सवारी साधनलगायत खरिद गरेको देखियो। मेसिन, उपकरण, औजार, सवारीसाधनको उपयोगको सुनिश्चित गरी खरिद कार्य गर्नुपर्दछ।

२९. **जनशक्ति व्यवस्थापन -** सुरक्षण मुद्रण सञ्चालन गर्न कार्य प्रकृतिअनुरूप आवश्यक जनशक्ति दक्षता तथा कार्यबोझ विश्लेषणसहित व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गराउनुपर्नेमा त्यसअनुरूप जनशक्ति अनुमान तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन। केन्द्रमा यो वर्ष अधिकृत स्तरका ८ र सहायक स्तरका ३४ समेत ४२ पद अस्थायी दरबन्दी स्वीकृत भएकोमा पदपूर्ति भएको छैन। गत वर्ष डिजिटल प्रिन्ट प्रोडक्सन सिस्टम सञ्चालन गर्न आवश्यक ज्ञान, सीप र तालिमको लागि ठेक्काको बिल अफ क्वान्टिटीमा रू.३३ लाख र यो वर्ष खरिद भएको २ थान प्याकेजिङ्ग मेसिन सञ्चालनका लागि आवश्यक तालिम र सीप विकासको लागि रू.९ लाख ७५ हजार समावेश भएकोमा जनशक्ति नभएको

कारणबाट उक्त कार्य भएको छैन। दक्ष प्राविधिक जनशक्तिको अभावमा डिजिटल प्रिन्ट प्रोडक्सन सिस्टम र प्याकेजिङ मेसिनबाट अन्तःशुल्क स्टिकर, हुलाक टिकट, स्मार्ट कार्डलगायतको सुरक्षित छपाइ गर्ने कार्य अनिश्चित भएको छ। केन्द्रले आवश्यक जनशक्तिको व्यवस्थापन गरी छापाखाना सञ्चालनमा ल्याउनुपर्दछ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र

सूचना प्रविधिको विकासको लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्याङ्क सङ्कलन गरी सूचना बैङ्कको रूपमा काम गर्ने, सरकारी कार्यालयको कम्प्युटर अभिलेखीकरण र सोको विकास एवं विस्तारमा सहयोग पुऱ्याउने र सूचना प्रविधिसम्बन्धी नीति र योजनाको विस्तार गर्ने लगायतका कार्य केन्द्रबाट हुँदै आएको छ।

३०. **सूचना प्रविधि नीति तथा कार्यविधि -** केन्द्रले दिगो, भरपर्दो र गुणस्तरीय सेवा प्रवाहको लागि सूचना प्रविधि सम्बन्धी सुरक्षा नीति, हार्डवेयर तथा सफ्टवेयर नीति, डाटाको गोपनियता सम्बन्धी नीति, ब्याकअप नीति, पहुँच नीति, परिवर्तन व्यवस्थापन नीति, तेश्रो पक्ष उपयोग नीति तथा कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्दछ। केन्द्रले सूचना प्रविधि सम्बन्धी उक्त नीति तथा कार्यविधि तयार गरी लागू गरेको देखिएन। डाटा केन्द्र सञ्चालनमा पहुँच नीति नहुँदा सुरक्षा तथा गोपनीयता भङ्ग हुन सक्ने जोखिम र सेवा प्रवाहको निरन्तरतासम्बन्धी नीति नहुँदा भविष्यमा गर्नुपर्ने कामको योजना हुन नसकेको स्थिति छ। केन्द्रले प्रणाली व्यवस्थापनको लागि आवश्यक नीतिहरू तर्जुमा गरी स्वीकृत गराई लागू गर्नुपर्दछ।

३१. **गुणस्तर परीक्षण र स्तर निर्धारण** - डाटा सेन्टरले प्रदान गर्ने सेवाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार परीक्षण गराई गुणस्तर निर्धारण गरेको हुनुपर्दछ। एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रले सञ्चालन प्रक्रिया र गुणस्तर सम्बन्धमा राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त स्वतन्त्र निकायबाट मान्यता प्राप्त नगरेको साथै टेलिकम्यूनिकेसन्स इण्डष्ट्री एसोसिएसनअनुसार स्तर निर्धारण प्रमाणपत्र लिएको पाइएन। डाटा सेन्टरको पूर्वाधार वातावरण, सुरक्षा, पहुँच, प्रकोप व्यवस्थापन आदि दृष्टिकोणले प्राविधिक रूपमा सुरक्षित र सेवाको गुणस्तर अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रहेको सम्बन्धमा आश्वस्त हुने अवस्था छैन। सरकारी एकीकृत डाटा केन्द्र र सोअन्तर्गत सञ्चालित डिजाष्टर रिकभरी केन्द्रको मान्यता प्राप्त स्वतन्त्र निकायबाट गुणस्तर परीक्षण गराई स्तर निर्धारणको प्रमाणपत्र लिने र मापदण्डहरूको पालना सम्बन्धमा आन्तरिक तथा बाह्य परीक्षण गराई सेवाको गुणस्तर कायम गर्नुपर्दछ।

३२. **इन्टरप्राइज ई-मेल सेवा -** सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ को नियम २(१) मा प्रत्येक सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नेमसहितको सरकारी ई-मेल व्यवस्था गर्नुपर्ने र सरकारी ई-मेल सरकारी कामको लागि अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने उल्लेख छ। केन्द्रले यो वर्षसम्म २० हजार लाइसेन्स खरिद गरेकोमा प्रति लाइसेन्स रू.९ हजार ९०४ र सो को नवीकरण गर्दा प्रति लाइसेन्स रू.२ हजार ६३८ खर्च भएको छ। यो वर्ष सम्म ई-मेल बनाउनेको संख्या १८ हजार ४०० रहेकोमा १२ हजार ९४६ सक्रिय र ५ हजार ४५४ निष्क्रिय रहेका छन्। केन्द्रले खरिद गरेका ७ हजार ५४ ई-मेल प्रयोग नहुँदा ई-मेल लाइसेन्स खरिद तथा नवीकरणबापत नेपाल सरकारलाई रू.८ करोड ८४ लाख ७१ हजार व्ययभार

परेको देखियो। निजामती किताबखानाको सूचना प्रणालीसँग आबद्धता स्थापित गरी सेवामा नरहेका कर्मचारी तथा निश्चित अवधिसम्म प्रयोगमा नआएका ई-मेल हटाउने संयन्त्र बनाई ई-मेल सर्भरलाई नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ।

३३. **कनेक्टिभिटी -** डाटा केन्द्र, प्रयोगकर्ता, डिजाष्टर रिकभरी केन्द्र तथा आम सरोकारवाला पक्षहरूबीच भरपर्दो सम्बन्ध स्थापित हुने गरी वैकल्पिक व्यवस्थासहितको भरपर्दो कनेक्टिभिटीको प्रबन्ध गर्नुपर्दछ। केन्द्रले कनेक्टिभिटीको लागि नेपाल टेलिकमबाट २ जी.बी.पी.एस. बराबरको इन्टरनेट सेवा मासिक रू.४७ लाख ८ हजार भुक्तानी गरी ५३ निकायलाई १.९६ जी.बी.पी.एस. वितरण गरेको छ। साथै वैकल्पिक व्यवस्थाको लागि एक सेवाप्रदायकबाट १ जी.बी.पी.एस.को लागि मासिक रू.२२ लाख २ हजार भुक्तानी गरे तापनि यसको उपयोग हुन सकेको छैन। इन्टरनेट सेवाको कटअफ र गतिको उतार चढावलाई कम गर्ने र गुणस्तर प्रभावकारी भए नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन। सरकारी निकाय एवं अन्य सरोकारवालालाई उपलब्ध ब्याण्डविथ, माग र आपूर्तिको अनुपात मिलान हुने गरी कनेक्टिभिटीको व्यवस्था गर्नुपर्दछ।

३४. **पेमेन्ट गेट वे -** सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८ को दफा ३(१) मा सरकारी निकायबाट सम्पादन हुने कार्यहरूलाई एउटै विद्युतीय प्रणालीमार्फत् सरल, छिटो, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी रूपमा सम्पादन गर्ने प्रयोजनको लागि विभागले सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणालीको स्थापना गरिने व्यवस्था छ। मुलुकभित्र र बाहिरबाट हुने भुक्तानीलाई पूर्ण रूपमा विद्युतीय माध्यमबाट गर्ने/गराउने उद्देश्यले सञ्चालन गर्न लागिएको राष्ट्रिय पेमेन्ट गेट वेको लागि २०७५।३।२९ भित्र कार्य सम्पन्न गर्न २०७५।३।१९ मा एक आपूर्तकसँग अमेरिकी डलर १९ लाख ८८ हजारको खरिद सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १८ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ। पेमेन्ट गेट वे सञ्चालनको लागि नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा परियोजना अगाडि बढाए तापनि सम्झौता गरेको करिब ५ वर्ष बितिसकेको र सम्झौता अङ्कको ९३.८६ प्रतिशत भुक्तानी भैसकेको अवस्थामा समेत गेट वे प्रयोगमा आएको छैन। पेमेन्ट गेट वे सञ्चालनको लागि कानूनी व्यवस्था नभएकोले बैङ्कहरूले उक्त प्रणाली सञ्चालनमा ल्याउन सकेको देखिएन। खरिद गरिएका उपकरण प्रयोगविहीन अवस्थामा रहेकोले आवश्यक कानूनको तर्जुमा गरी राष्ट्रिय पेमेन्ट गेट वे सेवा सञ्चालनमा ल्याउनुपर्दछ।

३५. **उपकरणको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोगको सुनिश्चित गरी सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सम्म केन्द्रले ७ प्रकारका २६ थान सर्भर रू.५० करोड २२ लाख ३६ हजारमा खरिद गरेको छ। ती सर्भरको १८ हजार ८४८ जी.बी. च्याम र ७ लाख ३१ हजार ३ जी.बी. स्टोरेज क्षमता रहेकोमा ९१६ सरकारी निकायमा १२ हजार ६८ जी.बी. च्याम र ४ लाख ६५ हजार ६४६ जी.बी. स्टोरेजको मात्र उपयोग भै ६ हजार ७८० जी.बी. च्याम र २ लाख ६५ हजार ३५७ जी.बी. स्टोरेज उपयोग हुन सकेको छैन। एप्लिकेशन सर्भर डाटाबेस वा स्टोरेजमा समेत निर्भर हुने हुँदा उपकरणहरूको स्तरोन्नति वा विस्थापित गर्दा आवश्यकताको पहिचान गरी वार्षिक खरिद योजना तयार गरी खरिद कार्यलाई पारदर्शी बनाउनुपर्दछ।

३६. **कोलोकेसन सेवा -** केन्द्रले यो वर्षसम्म ६८ निकायलाई सूचना प्रविधि प्रणालीसँग नेटवर्किङबाट आबद्ध भएर सूचना भण्डारण वेब होस्टिङ्ग, ई-मेल आदि सेवा सञ्चालनको लागि कूलिङ, विद्युत आपूर्ति, नेटवर्किङ, इन्टरनेट, जनशक्ति आदि सुविधाहरू भएको भौतिक तथा विधुतीय सुरक्षासहितको सर्भर तथा यन्त्र उपकरण जडान गर्ने पूर्वाधार उपलब्ध गराउँदै आएको छ। सरकारी निकाय बाहेक अन्य निकायलाई समेत उक्त सेवा दिने सम्बन्धमा कानूनी व्यवस्था भएको देखिएन। केन्द्रले सेवा लिने निकायसँग सम्झौतासमेत नगरेकोले डाटा सेन्टरमा पहुँच, आचारसंहिता, यन्त्र उपकरणको ह्याण्डलिङ, सुरक्षा, गोपनीयता जस्ता जोखिम रहेका छन्। निकायले उपलब्ध गराएका जिन्सी सामानको अभिलेख केन्द्रले नराखेकोले प्रयोगमा नआएका यन्त्र उपकरणको व्यवस्थापन हुन सकेको छैन। कोलोकेशन सेवा सम्बन्धमा कानूनी व्यवस्था गरी निकायहरूलाई सम्झौताको आधारमा सेवा उपलब्ध गराउनुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

सरकारी सेवालाई अनलाइन मार्फत् प्रवाह गर्ने कार्यक्रम

सरकारले सार्वजनिक सेवालाई सरल, छिटो छरिटो र प्रभावकारी बनाउन सूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रयोगमा ल्याएको छ। सरकारले कागज रहित सरकारी सेवाको अवधारणालाई लागू गरे अनुसार हालसम्म ४५ प्रकारका सेवा अनलाइन माध्यमबाट प्रवाह भइरहेको छ। सो मध्ये विद्युतीय राहदानी, एकीकृत कर प्रणाली, भूमि अभिलेख सूचना व्यवस्थापन, अनलाइन श्रम स्वीकृति प्रणाली, सवारी चालक अनुमति पत्र नयाँ तथा नवीकरण, शैक्षिक चारित्रिक प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, स्वाथ्य बीमा कार्यक्रम, हेलो सरकार तथा प्रहरी चारित्रिक प्रमाणपत्र समग्र १० प्रकारका सेवाको अनलाइन सेवा प्रवाह स्थितिको कार्यमूलक लेखापरीक्षण गरिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्:

३७. **नीतिगत तथा कानूनी व्यवस्था -** सार्वजनिक सेवा प्रवाह गर्नको लागि आवश्यक सेवा प्रवाह तथा कार्यसम्पादनको लागि अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१३ तथा विषयगत ऐन एवं नियमावलीबमोजिम सेवा प्रवाह गरिरहेको अवस्था छ। अनलाइन सेवालाई एकीकृत एवं मार्गदर्शन गर्ने कानूनी व्यवस्थाको अभावले नेपाल सरकार तथा अन्तर्गतका निकायबाट सेवा प्रवाहको लागि अनलाइन प्रणालीको विकासमा विविधता देखिएकोले भविष्यमा यस्ता प्रणालीहरू बीचमा समन्वय तथा अन्तरआवद्धता कायम गर्न कठिन हुने देखिन्छ। तसर्थः अनलाइन सेवा प्रवाहलाई व्यवस्थित गर्न कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्दछ।

३८. **सूचना प्रविधि सेवा प्रवाह -** नेपालमा इन्टरनेट सेवामा पहुँच प्राप्त भएको जनसंख्या २०७९ असारसम्म ७३ प्रतिशत र २०७९ फाल्गुणसम्म ७३८ स्थानीय तहका ६ हजार १९० वडा कार्यालयमा मात्र ब्रोडव्याण्ड इन्टरनेट पुगी करिव एकतिहाई जनसंख्या तथा १५ स्थानीयतह एवं ७५३ वडा इन्टरनेट पहुँच बाहिर रहेका छन्। सूचना प्रविधिको पूर्वाधार विकास एवं विस्तार गरी सबै स्थानीय तह र जनसंख्यामा इन्टरनेट सेवा पुऱ्याई डिजिटल साक्षरता कार्यक्रमको सञ्चालन गर्नुपर्दछ। यसैगरी प्रयोग कर्ता म्यानुअलको व्यवस्था, हेल्पडेस्क र गुनासो व्यवस्थापनको व्यवस्था, अनलाइन सेवा प्रवाहमा लागू गरेको कोटा निर्धारणमा सुधार, सेवाग्राहीको भौतिक उपस्थितिबेगर सेवाको सुनिश्चितता, सर्भरमा हुने गरेको अवरोधमा सुधार, फरक क्षमता भएका नागरिक मैत्री प्रणालीको विकास, विद्युतीय माध्यमबाट

जारी हुने सरकारी कागजात तथा विवरणमा विद्युतीय हस्ताक्षरको प्रयोग र आधारिक मान्यता लगायतका कार्य गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै अनलाइन सेवा सूचकाङ्कमा नेपालको स्तर अभिवृद्धि गर्नुपर्दछ।

३९. **सूचना प्रणाली नीति -** अनलाइन सेवा सफ्टवेयर सुरक्षा सँग सम्बन्धित सम्पूर्ण पक्षहरू समावेश गरी सूचना प्रणाली सञ्चालन नीति तथा सुशासनको व्यवस्था गर्नुपर्दछ। महत्वपूर्ण सूचना प्रशोधन तथा सञ्चालन सम्बन्धी सफ्टवेयर, सो सम्बन्धी सर्भर, सूचना सङ्गाल तथा आन्तरिक एवं बाह्य सूचना प्रविधिका पक्षहरू सही रूपमा सञ्चालन तथा व्यवस्थापनको लागि बेग्लै नीति निर्माण भएको छैन। तसर्थः अनलाइन माध्यमबाट सेवा प्रवाह गर्ने प्रत्येक निकायहरूले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रणाली सञ्चालन नीति एवं सो सम्बन्धमा अनुगमन एवं समन्वयको लागि सूचना प्रविधि निर्देशक समितिसमेत गठन गर्नुपर्दछ।

४०. **एप्लिकेसन प्रोग्रामिङ्ग इन्टरफेश -** राष्ट्रिय सूचना प्रविधि नीति, २०७२ ले सम्पूर्ण सरकारी सेवाहरूलाई एकीकृत प्रणालीबाट सञ्चालन गर्ने र डिजिटलाइज नेपाल फ्रेमवर्क, २०७६ एकीकृत पहिचानको रूपमा राष्ट्रिय परिचयपत्रलाई विकास गर्ने रणनीति रहेको छ। राहदानी विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, आन्तरिक राजस्व विभाग, यातायात व्यवस्था विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग लगायतले सेवाग्राही व्यक्तिगत विवरण सहितको समान किसिमको वायोमेट्रिक विवरण सङ्कलन गरेको अवस्था छ। फलस्वरुपः एउटै प्रकारका सूचनाहरू सेवाग्राहीले पटक पटक उपलब्ध गराउनुपर्ने तथा एउटै सूचना एवं तथ्याङ्क निकाय र विभाग पिच्छे फरकफरक प्राप्त हुने अवस्था छ। तसर्थः विभिन्न निकायहरूमा सेवा प्रवाहको लागि आवश्यक पर्ने एउटै प्रकृतिको तथ्याङ्क सङ्कलन एवं भण्डारणको लागि एकीकृत प्रणाली विकास गरी सोबाट अन्य प्रणालीहरूमा ए.पी.आई.को माध्यमबाट तथ्याङ्क आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्दछ।

४१. **जनशक्ति व्यवस्थापन -** राष्ट्रिय सूचना प्रविधि नीति, २०७२ मा सूचना तथा सञ्चार प्रविधिको सार्वजनिक सेवा प्रवाहमा नविनतम प्रयोग एवं विकास गर्न प्रविधिमा सक्षम र दक्ष कर्मचारी विकास गर्ने नीति रहेको छ। निकायहरूको सूचना प्रविधि शाखामा दरबन्दी रहे तापनि पदपूर्ति नभएको, पदपूर्ति भएको स्थान अपर्याप्त रहेको र तालिम तथा क्षमता विकासका अवसरहरू न्यून रहेको छ। प्रणाली सञ्चालनको लागि निकायमै जनशक्ति विकास गर्नुको सट्टा प्रणाली विकासकर्ताकै तर्फबाट सञ्चालन, मर्मत एवं व्यवस्थापनको लागि जनशक्ति लिने गरेकोले बाह्य पक्षप्रति बढी निर्भर रहेको स्थिति छ। निकायहरूले पर्याप्त, र क्षमतावन जनशक्तिको विकास र परिचालन गरी महत्वपूर्ण जिम्मेबारीमा बाह्य पक्षसँगको परनिर्भरतालाई कम गर्दै जानुपर्दछ। प्रणाली सञ्चालनमा संलग्न जनशक्तिलाई पर्याप्त तालिमको व्यवस्था गर्नुपर्दछ।

४२. **सूचना प्रविधिको लेखापरीक्षण -** अनलाइन सेवा प्रवाह सूचना प्रविधि प्रणाली लगायत समग्र सूचना प्रविधिको सञ्चालन प्रक्रिया, उपयोग, व्यवस्थापन तथा अनुगमनको स्वतन्त्र एवं निष्पक्ष सूचना प्रविधि विशेषज्ञबाट आश्वस्तता परीक्षण एवं सूचना प्रविधि लेखापरीक्षणसमेत गराउनुपर्दछ। भूमि व्यवस्थापन तथा अभिलेख विभाग, यातायात व्यवस्था विभाग, आन्तरिक राजस्व विभागले सञ्चालन गरेको प्रणालीको भीएपीटी परीक्षण भएको, यातायात व्यवस्था विभाग र आन्तरिक राजस्व विभागको प्रणालीको महालेखापरीक्षकको कार्यालयबाट विगत वर्षहरूमा सूचना प्रविधि लेखापरीक्षण भएको छ। अन्य

निकायले यस्तो परीक्षण गराएका छैनन्। परीक्षणको अभावमा प्रणालीमा भएका जोखिमको पूर्व जानकारी नहुने र यसबाट आईपर्ने समस्याको समयमै समाधान गर्न कठिन हुने भएकोले अलनाइन सेवा प्रवाह गर्ने निकायले सूचना प्रविधि लेखापरीक्षण गराउनुपर्दछ।

४३. **बाह्य पक्षको सेवा -** अनलाइन माध्यमबाट सेवा प्रदान गर्ने प्रायः सबै निकायमा अनलाइन माध्यमबाट प्राप्त फर्मलाई प्रिन्ट गरी आवश्यक कागजात सहित लाइनमा बस्नुपर्ने व्यवस्था रहेको देखियो। सबै नागरिक प्रविधिमा सक्षम भइनसकेकोले उक्त सेवा प्राप्त गर्नको लागि सेवाग्राहीले आफ्नो व्यक्तिगत विवरण दिई बाह्य पक्षबाट अतिरिक्त सेवा लिनु परेको देखिन्छ। सेवा उपलब्ध गराउने बाह्य पक्षसँग सेवाग्राहीको व्यक्तिगत विवरण हुने तर ती सेवा प्रदायकलाई नियमन गर्ने तथा जिम्मेवार बनाउने सम्बन्धमा विद्यमान कानूनमा व्यवस्था भएको देखिएन। सेवा प्रदायक निकायहरूले सेवाग्राहीको गोप्यता एवं सेवामा सहज पहुँच कायम हुने गरी प्रणालीमा व्यवस्था गर्नुपर्दछ।

दूरसञ्चार पूर्वाधार व्यवस्थापन

नेपालमा सम्वत् १९७३ देखि ओपन वायर म्याग्नेटो सिस्टमबाट प्रारम्भ भएको दूरसञ्चार सेवा औपचारिक रूपमा मोहन आकाश वाणीको नामबाट वि.सं. २००५ देखि शुरुवात भएको देखिन्छ। विश्वमा दूरसञ्चारका क्षेत्रमा भएका प्रगति एवं द्रुततर विकासको गतिसँगै नेपालको दूरसञ्चार क्षेत्रमा नीतिगत तथा कानुनी व्यवस्था गरी गुणस्तरीय र नवीनतम प्रविधिमा आधारित सेवामा नागरिकको पहुँच क्रमशः वृद्धि भइरहेको छ। दूरसञ्चार, ब्रोडब्याण्ड, सूचना तथा सञ्चार एंव भू-उपग्रह सम्बन्धी नीति तर्जुमा, दूरसञ्चार सेवा विस्तारको लागि ब्रोडव्याण्ड सेवा, सूचना महामार्ग कार्यान्वयन, फाइभ जी सेवाको परीक्षण, दूरसञ्चार तथा सूचना प्रविधिमा बहुसंख्यक नागरिकको पहुँच, डिजिटल नेपाल फ्रेमवर्क तर्जुमा जस्ता सबल पक्ष देखिएका छन्। तथापि यस सम्वन्धमा तर्जूमा गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनको कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

४४. **कोषको कार्यक्षेत्र** - दूरसञ्चार ऐन, २०५३ को दफा ३० मा ग्रामीण दूरसञ्चार कोष रहने र उक्त कोषको रकम दूरसञ्चार सम्बन्धी नीतिको अधीनमा रही सेवा प्रदायक मार्फत् ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्रयोग गर्ने उल्लेख छ। तर सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा ग्रामीण दूरसञ्चार विकास कोष समेतको परिचालनद्वारा ग्रामीण तथा शहरी क्षेत्रहरूमा दूरसञ्चार सेवाको विस्तार गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख भएको तथा नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ ले महानगरपालिका र उपमहानगरपालिका क्षेत्र समेत समेटेकोले कोषको प्रयोगको कार्यक्षेत्र सम्बन्धमा अस्पष्टता देखिएको छ। अतः स्पष्ट कार्यक्षेत्र निर्धारण गरी कोषको परिचालन हुनुपर्दछ।

४५. **अप्टिकल फाइबर नेटवर्क -** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा ग्रामीण दूरसञ्चार कोषको अधिकतम परिचालन गर्ने, पन्ध्रौं योजनामा डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने रणनीति कार्यान्वयन गर्न सूचना महामार्ग सम्बन्धी पूर्वाधार निर्माणमा जोड दिने कार्यनीति समावेश रहेको र बजेट वक्तव्यमा देशभर अप्टिकल फाइवर बिछ्याई सूचना महामार्ग निर्माण गर्ने उल्लेख छ। मध्यपहाडी लोक मार्गमा मुख्य लाइन र सोबाट सहायक लाइनमार्फत् जिल्ला सदरमुकाम जोड्न र कोर राउटर इक्विपमेन्ट जडान गर्न २०७३।६।१२ देखि ३

प्याकेजमा परियोजनाको कार्य प्रारम्भ भएकोमा लेखापरीक्षण अवधिसम्म परियोजनामा उल्लिखित ६ हजार ३३१ किलोमिटर फाइबर लाइन मध्ये १ हजार ६४६ किलोमिटर (२५.५६ प्रतिशत) विच्छ्याइएको र १७७ कोर राउटरमध्ये ९३ र ७७ डी.डव्लु.डी.एम.सिष्टम मध्ये ५० जडान भएको छ। नीतिगत व्यवस्था सहित प्राथमिकतामा रहेको यस परियोजनाको अपेक्षाबमोजिम कार्य प्रगति हुन नसक्दा गुणस्तरीय दूरसञ्चार सेवा सर्वसुलभ नहुनुका साथै मुलुकलाई डिजिटल फ्रेमवर्क अनुसार विकास गरी प्रविधिमैत्री, छिटो र पारदर्शी सेवा दिन बिलम्व भएको छ। दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकको अनुगमन तथा निकायहरूसँग समन्वय गरी कार्यतालिकाबमोजिम परियोजना सम्पन्न गर्नुपर्ने देखिन्छ।

४६. **ब्रोडव्याण्ड इन्टरनेट सेवा** – ब्रोडव्याण्ड नीति, २०७१ अनुसार शहरी एवं ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड सेवा पुऱ्याउने र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अनुसार राष्ट्रव्यापी रूपमा ब्रोडव्याण्ड सञ्चार विस्तार गरिने नीतिको कार्यान्वयन गर्न ग्रामीण दूरसञ्चार कोष समेतको परिचालन गर्ने रणनीति अवलम्वन गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणको २०७९ पौषको प्रतिवेदनमा २०७३।१२।१८ देखि १८ प्याकेजमा कार्य प्रारम्भ गरी रू.५ अर्ब ११ करोड ३६ लाखको लागतमा १६ हजार २०८ साइटमा ५१२ के.भी.पी.एस. क्षमताको ब्रोडब्याण्ड इन्टरनेट लाइन जडान गरेको र १० परियोजनाको तेस्रो चरणको अनुगमन तथा प्रमाणीकरणको कार्य बाँकी रहेको उल्लेख छ। सम्पन्न भएका परियोजनाका एकाईलाई ब्याकअप सुरक्षा प्रणाली जडानको विकल्प सहित आवश्यकताका आधारमा क्षमता वृद्धि गरी साविककै प्रणालीबाट ब्रोडब्याण्ड सेवा उपलव्ध गराउने कानुनी तथा नीतिगत व्यवस्था गरेको देखिएन। विस्तार भएको ब्रोडव्याण्ड सेवाको उच्चतम प्रयोग हुने, ब्याकअप सुरक्षा प्रणाली व्यवस्थापन हुने र एउटै सेवा प्रदायकबाट दोहोरो सेवा उपलव्ध नगराउने व्यवस्था गर्नुपर्दछ।

४७. **लगानी व्यवस्थापन** – ब्रोडब्याण्ड नीति, २०७१ मा मुख्य पूर्वाधार सञ्जाल निर्माणकर्ताहरूको लगानी प्राथमिकताभित्र नपर्ने क्षेत्रहरूमा ब्रोडव्याण्ड सेवा विस्तारका लागि लगानी आकर्षित गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रोत्साहन गरिने र सम्भावित सार्वजनिक निजी लगानी प्रारूपका आयोजनाहरू २०७२।७३ सम्म परिचालन गरिने उल्लेख छ। उक्त अवधि व्यतीत भइसकेकोमा समेत संयुक्त लगानीका आयोजना पहिचान गरेको देखिएन। प्राधिकरणले उक्त नीति कार्यान्वयन गर्न संयुक्त लगानीमा आयोजना पहिचान गरी सोको आधारमा संरचना निर्माण गर्नुपर्नेमा सेवा प्रदायकलाई अनुदान उपलव्ध गराएको उचित देखिएन। नीतिमा उल्लेख भए बमोजिम संयुक्त लगानीका आयोजना पहिचान गरी कार्यान्वनयन गर्नुपर्दछ।

४८. **भौतिक पूर्वाधारको निर्माण तथा सहप्रयोग** – दूरसञ्चार पूर्वाधार निर्माणमा दोहोरोपन हटाउन, विद्युत, सडक लगायतका भौतिक पूर्वाधार सँगसँगै दूरसञ्चार समेतको साझा प्रयोग गर्ने सम्बन्धमा विषयगत नीति तथा कानुनी व्यवस्था भएको छ। दूरसञ्चार सम्बन्धी पूर्वाधार सेवा र दूरसञ्चार सेवा छुट्टा छुट्टै सेवा प्रदायकबाट हुनु पर्ने सैद्धान्तिक मान्यता अनुरूप दूरसञ्चार पूर्वाधार निर्माण र सहप्रयोगका लागि छुट्टै अनुमति प्राप्त संस्थाबाट गराउन २०६९ मा आदेश जारी भएको र सोलाई खारेज गरी परिमार्जित दूरसञ्चार पूर्वाधारसम्बन्धी नियमावली, २०७४ जारी भएको छ। तर १० वर्ष अघि जारी भएको आदेश र ५ वर्ष अघि तर्जुमा भएको नियमावलीको मर्म तथा भावनाअनुरूप दूरसञ्चार सम्बन्धी पूर्वाधार सेवा प्रदायकबाट निर्माण कार्य गर्ने गराउने र सोको सहप्रयोग गर्ने कार्य हालसम्म हुन सकेको छैन।

दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ को नियम ४ अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार पूर्वाधार सेवाको लागि आवेदन माग गर्ने, नियमानुसार प्राप्त आवेदनलाई नियम ५ को आधारमा नियम ६ अनुसार अनुमतिपत्र दिनुपर्ने उल्लेख छ। नेपाल दूरसञ्चार प्राधिकरणले २०७४।७।१७ मा पूर्वाधार सेवाको लागि आवेदन माग गरी मूल्याङ्कनको प्रक्रिया अगाडि बढाएकोमा हालसम्म प्रक्रिया टुङ्गो नलगाएकोले दूरसञ्चार पूर्वाधार सेवा प्रदायक छनोट हुन सकेको छैन। दूरसञ्चारसम्बन्धी पूर्वाधार नियमावली, २०७४ को नियम ३(२) मा अनुमति प्राप्त व्यक्तिले दूरसञ्चार पूर्वाधार निर्माण गर्न शुरु गरेको मितिदेखि सेवा प्रदायकलाई ठुला पूर्वाधार निर्माण गर्न अनुमति नदिने उल्लेख भएकोमा दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोगसम्बन्धी आदेश, २०६९ र दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ लागू भैरहेको अवधिमा दूरसञ्चार पूर्वाधार तयार गर्नको लागि अनुमति प्रदान गर्ने प्रक्रियाको टुङ्गो नलगाई ब्रोडब्याण्ड इन्टरनेट सेवा नपुगेका सबै जिल्लाका सदरमुकामसम्म ६ हजार ३४९ किलोमिटर फाइबर लाइन विछ्याउने र स्थानीय तह, वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालयसमेत १६ हजार २०८ स्थानमा ब्रोडब्याण्ड इन्टरनेट लाइन जडान गर्ने कार्य दूरसञ्चार सेवा प्रदायकबाट गराएको देखियो। दूरसञ्चार पूर्वाधार सेवा प्रदायकबाट पूर्वाधार निर्माण गर्ने नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

४९. **युटिलिटी कोरिडोर** – सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं. १२.११.५ मा सडक, विद्युत तथा रेल्वे पूर्वाधारका परियोजनाहरूको डिजाइनमा सरोकारवालाहरूसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको प्रावधान समेत समावेश गर्ने उल्लेख छ। सो अनुसारको युटिलिटी कोरिडोर व्यवस्था नभएका कारण इन्टरनेट तथा टेलिफोनका तार अव्यवस्थित भई विद्युत सर्ट हुने, सवारी साधनद्वारा तारहरू चुडिने तथा यात्रुको आवागमनमा कठिनाइ हुने जस्ता समस्या देखिएका छन्। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले सूचना तथा सञ्चार, सडक, विद्युत तथा रेल्वे पूर्वाधार निर्माण गर्न अलग-अलग मन्त्रालयलाई जिम्मेवारी तोकेको छ। फरक कार्य जिम्मेवारी भएका मन्त्रालय बीच विकासका पूर्वाधारमा युटिलिटी कोरिडोर व्यवस्थापन गर्न आवश्यक पहल, अन्तरनिकाय समन्वय तथा नीति कार्यान्वयको अनुगमन नहुँदा नीति तर्जुमा भएको ६ बर्ष व्यतीत भए पनि नीतिको कार्यान्वयन भएको छैन। एउटै भौतिक संरचनाबाट सञ्चालन हुन सक्ने दूरसञ्चार, विद्युत लगायतका सेवाको लागि अलग अलग संरचना निर्माण गर्दा स्रोत साधनको दोहोरो खर्च हुने, शहरी सौन्दर्य कायम गर्न कठिनाइ हुने र सेवा प्रवाहमा समेत असर पर्ने भएकोले समन्वय र सहकार्य गरी युटिलिटी कोरिडोर निर्माण तथा सञ्चालन हुनुपर्दछ।

५०. **हरित दूरसञ्चार** - प्राधिकरणले अप्रिल, २०२२ मा हरित दूरसञ्चार सम्बन्धी रेगुलेटरी फ्रेमवर्क तयार गर्न परामर्शदाता मार्फत् अध्ययन-परामर्श गरेको र नेपालको पूर्वाधार विकासमा हरित दूरसञ्चारलाई प्रोत्साहन गर्ने गरी नीतिगत व्यवस्था गर्न कार्य प्रारम्भ गरेको छ। तथापि विश्वव्यापी जलवायु परिवर्तनको असर न्यूनीकरणमा नेपालको समेत योगदान बढाउन कम कार्बन उत्सर्जन तथा कम ऊर्जा खपत भई नेपालको सन्दर्भमा उपयुक्त हुने दूरसञ्चार पूर्वाधार र प्रयोग हुने नेटवर्क प्रणालीको प्रविधि अवलम्वन गर्न समेत प्राधिकरणले आवश्यक अध्ययन गर्नुपर्ने देखिन्छ। दूरसञ्चार नेटवर्कलाई प्रोग्रामेबल बनाई पूर्वाधारका उपकरणहरूले उत्सर्जन गर्ने कार्बन फुटप्रिन्टलाई कम गर्न नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुपर्दछ।

५१. **स्वास्थ्य सुरक्षा -** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं.१२.१५.१. मा नेपालमा विद्युत चुम्बकीय क्षेत्रको न्यूनतम विन्दुको निर्धारण विश्व स्वास्थ्य संगठनद्वारा जारी निर्देशिकाको आधारमा गरिने र यसका अतिरिक्त रेडियो फ्रिक्वेन्सीबाट सम्भावित जोखिमको व्यवस्थापन सम्बन्धी नीति निर्माण गरिने उल्लेख छ। सोही नीतिमा जोखिम न्यूनीकरण गर्न स्वेच्छिक तथा बाध्यकारी दुबै उपाय अवलम्बन गरिने उल्लेख छ। हालसम्म उल्लिखित नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्नको लागि कानुनी व्यवस्था भएको देखिदैन। विद्युतीय चुम्बकीय क्षेत्र तथा रेडियो फ्रिक्वेन्सीबाट हुनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

५२. **पूर्वाधारको अभिलेखीकरण -** दूरसञ्चारसम्बन्धी पूर्वाधार नियमावली, २०७४ को नियम २५ मा दूरसञ्चार सेवा प्रदान गर्ने सेवा प्रदायक र दूरसञ्चार सम्बन्धी पूर्वाधार निर्माण गर्न ईजाजत प्राप्त व्यक्तिले निर्माण गरेका भौतिक संरचनाको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेपाल दूरसञ्चार प्राधिकरणसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। विभिन्न निकायबाट निर्माण भएका संरचनाको एकीकृत अभिलेख राख्ने सम्बन्धमा नीतिगत तथा कानूनी व्यवस्था भएको देखिएन। दूरसञ्चारमा हुने दोहोरो लगानी निरुत्साहित गर्न र सेवाको गुणस्तर कायम गर्न निश्चित निकायलाई अभिलेखिकरणको जिम्मेवारी तोकी दूरसञ्चारसँग सम्बन्धित भौतिक संरचनाको अभिलेख तयार गर्नुपर्दछ।

५३. **पूर्वाधार सञ्जाल निर्माण -** दूरसञ्चारसम्बन्धी पूर्वाधार नियमावली, २०७४ को नियम २४ मा नेपाल दूरसञ्चार प्राधिकरणले देशभर वा कुनै भागमा उपलब्ध दूरसञ्चार पूर्वाधारको सञ्जाल (नेटवर्क) को विवरण सङ्कलन गरी एउटै सञ्जालमा आवद्ध गराउन आवश्यक व्यवस्था गर्ने व्यहोरा उल्लेख छ। दूरसञ्चार प्राधिकरणले पूर्वाधारहरूको अद्यावधिक विवरण राख्नका लागि भौगोलिक सूचना प्रणालीमा आधारित सफ्टवेयर प्रणाली लागू गरेको छ। हालसम्म सेवा प्रदायकबाट निर्मित र ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गत निर्माणाधीन दूरसञ्चार पूर्वाधारहरू उक्त प्रणालीमा पूर्ण अद्यावधिक भएको देखिँदैन। दूरसञ्चार पूर्वाधारहरूको जियोस्पेसियल म्यापिङसहितको विस्तृत विवरण भौगोलिक सफ्टवेयर अद्यावधिक नभएकोले पूर्वाधारहरूको सञ्चालन अवस्था, त्यसलाई चाहिने आवश्यक मर्मत-सक्भारको विवरण, पूर्वाधारको सह-प्रयोगको सम्भावना, अनुगमन-मूल्याङ्कन, सेवा नपुगेका वा पूर्वाधार पर्याप्त नभएको क्षेत्र यकिन गर्न तथा नयाँ प्रविधि प्रयोग सम्बन्धी रणनीति तय गर्न सहज भएको देखिँदैन। भौगोलिक सूचना प्रणालीमा आधारित सफ्टवेयर प्रणाली पूर्ण रूपमा अद्यावधिक गराई सोको प्रयोग दूरसञ्चार क्षेत्रको विकासमा उपयोग हुने सुनिश्चितता गर्नुपर्दछ।

५४. **इलेक्ट्रोनिक फोहोर व्यवस्थापन -** नेपाल सरकारले २०७९।१।२२ मा फोहोरमैलाको प्रकृति र परिमाण अनुसार सेवाशुल्क फोहोर गर्नेले तिर्ने सिद्धान्त अवलम्वन गरी फोहरमैलाको दिगो व्यवस्थापनद्वारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गर्ने लक्ष्य सहित फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ जारी गरेको छ। नेपालमा बढ्दै गैरहेको विद्युतीय र इलेक्ट्रोनिक उपकरणको प्रयोगले चुनौतिपूर्ण रूपमा रहेको इलेक्ट्रोनिक फोहोर व्यवस्थापन सम्वन्धमा छुट्टै ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि तयार भएको छैन। इलेक्ट्रोनिक फोहोर व्यवस्थापन सम्वन्धमा आवश्यक अनुसन्धान गरी इलेक्ट्रोनिक फोहोरबाट हुन सक्ने मानवीय स्वास्थ्य जोखिमलाई न्युनीकरण गर्न नीतिगत, कानूनी तथा संरचनात्मक व्यवस्था गर्नु पर्दछ।

५५. **अन्तरआवद्धता प्रणाली** - प्राधिकरणले इन्टरनेट प्रोटोकलमा आधारित अन्तरआवद्धतालाई समेत प्रोत्साहन हुनेगरी २०७८।१०।१० मा अन्तरबद्धता निर्देशिका, २०७६ अद्यावधिक गरेको छ। नेपालको दूरसञ्चार सेवामा परम्परागत दूरसञ्चार नेटवर्क टाइम डिभिजन मल्टिप्लेक्सिङ प्रविधि समेत प्रयोगमा रहेको छ। संसारभरको दूरसञ्चार सेवा टाइम डिभिजन मल्टिप्लेक्सिङ प्रविधिबाट न्यूनतम लागत तथा गुणस्तरीय सेवा भएको इन्टरनेट प्रोटोकलमा आधारित नेटवर्क प्रविधिमा परिणत हुँदै गैरहेको अवस्था रहेको छ। दूरसञ्चार प्राधिकरणले सोही अनुसार प्रविधि अनुकूलन गर्न सेवा प्रदायकलाई सहजीकरण गरिरहेको तर पूर्ण कार्यान्वयन भइ नसकेको अवस्था छ। इन्टरनेट प्रोटोकलमा आधारित नेटवर्क प्रयोग गरी सेवामा प्रभावकारिता वृद्धि गर्न सेवा प्रदायकलाई सो अनुसारका पूर्वाधार स्तरोन्नतिको लागि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

५६. **अन्तर्राष्ट्रिय आवद्धता** - सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अन्तर्गत दूरसञ्चार पूर्वाधार नीतिमा अन्तर्राष्ट्रिय आवद्धतामा सुधार गर्न विशेष प्राथमिकता दिइने उल्लेख छ। सोही नीतिको दूरसञ्चार पूर्वाधार रणनीतिमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय आवद्धता सहित सार्वजनिक निजी साझेदारी तथा अन्य व्यवस्था मार्फत् द्रुततर गतिको भरपर्दो दूरसञ्चार व्याकबोन पूर्वाधार निर्माण गरिने र दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग तथा एसियाली सूचना महामार्ग लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दूरसञ्चार विकास परियोजनाहरूमा नेपालको अर्थपूर्ण सहभागिता तथा नेपालको तर्फबाट प्रभावकारी कार्यान्वयन गरिने उल्लेख छ। नेपालमा नेटवर्क र दूरसञ्चार सेवा प्रदायकहरूले विभिन्न अन्तर्राष्ट्रिय आधिकारिक ट्रान्जिट नेटवर्क सेवा प्रदायकहरूसँग सम्झौता गरी प्राधिकरणको अनुमतिमा इन्टरनेट व्याण्डविथ र टेलिकम ट्राफिक इन्टरनेशनल लङ्ग डिस्टेन्स मार्फत् भित्र्याइरहेको अवस्था छ। सेवा प्रदायकले इन्टरनेट व्याण्डविथ र टेलिकम ट्राफिक प्राप्त गर्दा विधि, प्रक्रिया तथा पद्धति सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था हुनुपर्दछ।

५७. **फाइभ जी नेटवर्क** - उच्च क्षमताको फाइभ जी नेटवर्कबाट प्रवाह हुने सेवाहरू लागू गर्न संसारभरका सेवाप्रदायकहरूले आफ्नो थ्री.जी./फोर.जी./एल.टी.ई. नेटवर्कलाई फाइभ जी. नेटवर्कमा स्तरोन्नति गर्न शुरु गरिसकेको अवस्था छ। नेपाल लगायतका विकासशील देशहरूले पनि फाइभ जी नेटवर्क सेवा लागु गर्न परीक्षणहरू शुरु गरेको अवस्थामा प्राधिकरणले पनि २०७८।८।६ मा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई २५००-२५६० (६०) मेगाहर्जको फ्रिक्वेन्सी व्याड उपलब्ध गराई एक वर्षको लागि फाइभ जी नेटवर्कको पाइलट परीक्षण अनुमति दिएको छ। नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले पाइलट परीक्षण गरी प्रतिवेदन पेस नगरेको प्राधिकरणले जनाएको छ। सेवा प्रदायकहरूले द्रुतगतिमा फाइभ जी नेटवर्कमा आधारित सेवा प्रवाह गर्नका लागि हालको थ्री जी/फोर जी/एलटिई नेटवर्कलाई फाइभ जी नेटवर्कमा स्तरोन्नति गर्नुपर्ने हुनाले, फाइभ जी नेटवर्कमा स्तरोन्नति गर्ने मार्गचित्र वा नियमनकारी ढाँचा तयार गरी आवश्यक नियमन तथा संयोजन गर्नुपर्ने देखिन्छ।

५८. **दूरसञ्चार सेवाको पहुँच** - दूरसञ्चार प्राधिकरणको २०७९ साल मंसिर महिनाको एम.आइ.एस. प्रतिवेदन अनुसार सब्सक्राइवरको आधारमा मोवाइल ब्रोडव्याण्ड सेवा (थ्री.जी, फोर.जी, र इ.भी.डी.ओ.) को कभरेज करिब ७२ प्रतिशत मात्र देखिन्छ। उपलव्ध सेवामध्ये ३ जी सेवाको सेवासमेत सन्तोषजनक नदेखिनुका साथै फोर जी सेवा दुर्गम पहाडी भेगमा पुगेको देखिदैन। प्राधिकरणले सेवा नपुगेका र न्यून गुणस्तरको सेवा रहेका ठाउँहरू पहिचान गरी पूर्वाधार थप्ने योजनाअनुसार ४३७ टावरहरू पहिचान गरेको र ३ प्याकेजमा टावर निर्माणको योजना तयार गरेको परामर्शदाताको प्रतिवेदनमा

उल्लेख छ। परामर्शदाताले तयार गरेको प्रतिवेदन अनुसार सेवा प्रदायकले पहिले नै टावर निर्माण गरेको स्थानलाई समेत समावेश गरेको छ। निर्माण भै सकेका पूर्वाधारहरू सहप्रयोग हुनसक्ने अवस्था समेत पहिचान गरी दूरसञ्चार सेवा विस्तार गर्नुपर्दछ।

५९. **रेडियो फ्रिक्वेन्सी -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीसम्बन्धी नीति, २०६९ ले तत्कालीन समयमा फ्रिक्वेन्सी हेरफेर गर्न सकिने ब्याण्डहरूको बारेमा उल्लेख गरेको छ। प्राधिकरण फाइभ जी. नेटवर्क सेवा प्रदानको क्रममा रहेको र सोका लागि उपलब्ध गराउन सकिने फ्रिक्वेन्सी व्याण्डका बारेमा अध्ययन गरिरहेको छ। नेपालका सबै एनालगमा आधारित टेलिभिजन डिजिटल प्रविधिमा परिणत भैसकेको र दुर्गम क्षेत्रहरूमा फाइभ जी. तथा वाइफाई सेवा उपलब्ध गराउन टीभी ह्वाइट स्पेशका फ्रिक्वेन्सी ब्याण्ड प्रयोग हुन सक्ने हुँदा फ्रिक्वेन्सी हेरफेरको पुनः अध्ययन गरी नयाँ प्रविधिलाई आवश्यक पर्ने स्पेक्ट्रम व्यवस्थापन गर्न उपयुक्त प्रविधिको अनुसन्धान गरी फ्रिक्वेन्सीको उच्चतम प्रयोगलाई प्राथमिकातामा राख्नुपर्ने देखिन्छ।

संगठित संस्था, अन्य संस्था तथा समिति

नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रसमेतको सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार क्षेत्रको नियमनकारी स्वायत्त निकायको रूपमा २०५४ मा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणको यो वर्षको सञ्चालन नाफा रू.१ अर्ब ४३ करोड ५४ लाख ४८ हजार सहित यस वर्ष सम्मको सञ्चित नाफा रू.१४ अर्ब ४६ करोड १२ लाख ८९ हजार रहेको छ।

६०. **युनिफाड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ ले आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरको सम्बन्धमा व्यवस्था गरेको छ। अनुमतिपत्र प्राप्त गरेको दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो अवधिपछि अनुमतिपत्रको नवीकरणको लागि रू.२० अर्ब १३ करोड २८ लाख दाखिला गरेपश्चात् नवीकरण गरिने उल्लेख छ। उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले २०७८।७९ सम्म दाखिला गर्नुपर्ने अनुमति दस्तुर रू.७ अर्ब ४० करोड दाखिला गरेका छैनन्। उक्त शुल्क असुल गर्नुपर्दछ।

६१. **अनुमतिपत्र शुल्क -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने साथै तोकिएबमोजिम दस्तुर जम्मा नगरेमा वा नपुग देखिएमा सो रकममा प्रत्येक महिना २ प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने उल्लेख छ। प्राधिकरणको निर्णयानुसार अनुमति प्राप्त ११ दूरसञ्चार प्रदायकले २०७७।७८ को वार्षिक आय रू.६७ करोड ६४ लाख १४ हजारको २ प्रतिशतले हुने रू.१ करोड ३५ लाख २८ हजार दाखिला नगरेकोले जरिबानासहित असुल गर्नुपर्दछ।

६२. **छुट दस्तुर** - नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले प्रत्येक वर्ष आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा वार्षिक कुल आम्दानी भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा कर, मूल्य अभिवृद्धि करलगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चारसम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूरसञ्चार सेवा प्रदान गरेबापत अनुमति पत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउने उल्लेख छ। यो वर्ष १२ सेवा प्रदायक संस्थाले इन्स्टलमेन्ट चार्ज, रिलोकेशन चार्ज, रेन्टल चार्जलगायतका आम्दानी बाहेकको रकममा मात्र दस्तुर बुझाएको देखियो। उल्लिखित आयमा गणना गर्न छुट भएको रू.४ अर्ब ८५ करोड ९५ लाखको २ प्रतिशतले हुने दस्तुर रू.९ करोड ७२ लाख असुल गर्नुपर्दछ।

६३. **आय-व्यय विवरण** - दूरसञ्चार नियमावली, २०५४ को नियम ३३ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आय-व्ययको लेखापरीक्षण गराई प्राधिकरणसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्षसम्म १२५ सेवा प्रदायकलाई दूरसञ्चार सेवा उपलब्ध गराउन अनुमतिपत्र जारी गरेकोमा २४ सेवा प्रदायकले नियमावलीमा भएको व्यवस्थाअनुरूप वार्षिक आय-व्ययको विवरण पेस नगरेकोले सेवा शुल्क बुझाएका छैनन्। सेवा प्रदायकले अनुमति पत्रमा उल्लिखित शर्तहरूको पालना नगरी दूरसञ्चार सेवा सञ्चालन गरेकोले दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) बमोजिम त्यस्तो व्यक्तिलाई रू.५ लाख सम्म जरिबाना गरी कारबाही समेत गर्नुपर्दछ।

६४. **टेरामोक्स परियोजना** - प्राधिकरणले मोबाइल, टेलिफोन, इन्टरनेट सेवा प्रदायकको क्रियाकलापलाई अनुगमन नियमन तथा उपभोक्ताको हकहितको संरक्षणका लागि सेवा प्रदायकको कल ट्राफिक डिटेललाई मापन तथा अनुगमन गर्ने प्रणाली टेलिकम्यूनिकेशन ट्राफिक म्यानेजमेन्ट एण्ड एन्टी फ्रड सिस्टम (टेरामोक्स) खरिद कार्यको लागि परामर्शदाताले तयार गरेको अमेरिकी डलर ३ करोड २३ लाख ९० हजारको लागत अनुमानको आधारमा २०७४।६।२० मा खरिद प्रक्रिया अघि बढाएको देखियो। आशय पत्रमा ७० अङ्कभन्दा बढी प्राप्त गर्ने ४ परामर्शदाताको सूची तयार गरी प्रस्ताव माग गरेकोमा आर्थिक तथा प्राविधिक मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने एक आपूर्तकले पेस गरेको अमेरिकी डलर २ करोड ३७ लाख ७० हजारको बोलपत्र छनोट भइसकेपछि आशय पत्रमा उत्तीर्णाङ्क ७० कायम गर्दा प्रतिस्पर्धा सीमित भएको जनाई २०७६।१।२९ मा खरिद प्रक्रिया रद्द गरेको देखियो। सो सम्बन्धमा सर्वोच्च अदालतमा रिट परेकोमा खरिद प्रक्रिया रद्द गरेको विषय उत्प्रेषणको आदेशद्वारा बदर गरी बोलपत्र आह्वान भएबमोजिमको कानूनी प्रक्रिया पूरा गरी खरिद प्रक्रिया सम्पन्न गराउन २०७८।१।१४ मा फैसला भएको छ। प्राधिकरणको आवश्यकताबमोजिमको नवीनतम प्रविधिको टेरामोक्स प्राप्त गर्न तयार भएको प्राविधिक प्रस्तावमा परामर्शदाता सहमत भई ६ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी २०७८।१०।२४ मा खरिद सम्झौता भएकोमा २०७९।८० मा उक्त उपकरण प्राप्त भए पनि जडान भएको छैन।

परामर्शदाताले लागत अनुमान तयार गर्दा लिएको आधारलाई विश्लेषण नगरी प्राधिकरणले लागत अनुमान स्वीकृत गरेकोले लागत अनुमान यथार्थपरक देखिएन। आधार बेगर खरिद प्रक्रिया रद्द गर्दा खरिद कार्यमा ढिलाइ भई सेवा प्रवाहमा असर पर्नुका साथै विनिमयदरको फरकले प्राधिकरणको व्ययभार बढेको छ। यस सम्बन्धमा सम्बन्धित पदाधिकारी जवाफदेही हुनुपर्दछ।

६५. **सूचना प्रविधि प्रयोगशाला -** सामुदायिक विद्यालयमा गरिने शिक्षण विधिलाई गुणस्तरीय एवं प्रतिस्पर्धी बनाउन ९३० विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्न एक संयुक्त उपक्रमसँग एक वर्षभित्र काम सम्पन्न गर्ने गरी २०७६।५।२५ मा रू.३ अर्ब ४७ करोड ६९ लाख ७८ हजारको खरिद सम्झौता भएको छ। कोभिड - १९ का कारण पटक-पटक म्याद थप भई २०७८।३।३० मा कार्य सम्पन्न भएको जनाई प्राधिकरणले सम्झौताबमोजिमको रकम भुक्तानी दिएको छ। सूचना प्रविधि प्रयोगशाला स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५ को बुँदा नं ९ मा सुदूरपश्चिम, कर्णाली, मधेश प्रदेश र तोकिएका जिल्लाहरूमा प्रति निर्वाचन क्षेत्र कम्तीमा ६ र अन्य निर्वाचन क्षेत्रमा कम्तीमा ४ का दरले एवं पिछडिएको वर्ग समुदाय अध्ययन गर्ने विद्यालयलाई विशेष प्रथमिकता दिनुपर्ने उल्लेख भए तापनि सोबमोजिम विद्यालय छनोट भएको देखिएन। काभ्रेपलाञ्चोक जिल्लामा २ निर्वाचन क्षेत्र भए तापनि ९७ विद्यालयमा र उदयपुरमा २ निर्वाचन क्षेत्र रहेकोमा एक विद्यालयमा प्रयोगशाला स्थापना गरेको देखिएकोले छनोट प्रक्रिया पारदर्शी देखिएन। उक्त कार्यको अनुगमन गरी परामर्शदाताले दिएको अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न देखाएकोमा प्राधिकरणले अनुगमन गर्ने व्यवस्था सम्झौतामा राखेको छैन। आपूर्तकसँगको सम्झौताबमोजिम १ वर्षको वारेन्टी अवधि समाप्त भैसकेको र विद्यालयहरूमा सी. सी. क्यामरा, यू पी एस, मोनिटर, ब्याट्री र प्रिन्टरले काम नगरेको जस्ता समस्या विद्यमान रहेकोले मर्मत सम्भारको उचित व्यवस्थापन गरी प्रयोगशाला दिगो रूपमा सञ्चालन गर्नुपर्दछ।

६६. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली -** मोबाइल डिभाइस सुरक्षित गर्न अवैध मोबाइल आयातमा नियन्त्रण गर्न प्राइमरी साइट कन्टेनर र सोभित्र जडान हुने सातवटा सर्वर स्वीच राउटर र सेकेन्डरी डाटा सेन्टर इक्युपमेण्ट सर्वर स्विच ऱ्याकलगायतको मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम डिजाइन, सप्लाई, इन्स्टलेसन, कमिसनिङ्ग र अपरेसनसमेत खरिद गर्न एक अन्तर्राष्ट्रिय परामर्शदाता उपक्रमसँग २०७६।८।१७ भित्र सम्पन्न गर्ने र ५ वर्षसम्म प्राविधिक सहायता गर्ने गरी २०७६।३।१९ मा अमेरिकी डलर ७० लाख ६६ हजार ८८८ को सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १४ लाख ११ हजार १७८ भुक्तानी भएको छ। तोकिएको अवधिभित्र काम सम्पन्न नभई पटक-पटक २०७८।७।१५ सम्मको म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि सम्झौताअनुसारको हार्डवेयर खरिद तथा जडान कार्य सम्पन्न भएको छैन। यसरी पटक पटक म्याद थप गर्दा पनि आपूर्तकको ढिलाइका कारणबाट तोकिएको अवधिभित्र काम सम्पन्न नगरेकोले प्रचलित कानून र सम्झौताबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई कार्यसम्पन्न गराउनुपर्दछ।

६७. **सेवा सञ्चालन -** दूरसञ्चार ऐन, २०५३ को दफा ४२ मा अनुमति प्राप्त व्यक्तिले ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराएबापत प्राधिकरणबाट स्वीकृत भएको सेवा शुल्क लगाउन र असुल गर्न सक्ने व्यवस्था छ। साथै दफा ४७(२) मा अनुमतिपत्रमा उल्लिखित शर्तहरूको पालना नगरी सेवा सञ्चालन गरेमा त्यस्तो व्यक्तिलाई रू.५ लाखसम्म जरिबाना गरी त्यस्तो काम बन्दसमेत गराउन सक्ने उल्लेख छ। एक सेवा प्रदायकले प्राधिकरणको स्वीकृति नलिई २०७५।६।१५ देखि २०७७।२।१८ सम्म हवाई एप ग्यालरीसमेतका शुल्क लाग्ने सेवाहरू उपभोक्ताको मन्जुरी नलिई स्वतः नवीकरण हुने गरी सोको सञ्चालनबाट रू.१ अर्ब ११ करोड २९ लाख ६८ हजार आय आर्जन गरेको देखियो। स्वीकृति बेगर सञ्चालन गरेको सेवा स्वीकार गरेका ग्राहकलाई सेवा सञ्चालनमा रहेको अन्तिम मितिसम्म हुन आउने रकम सम्बन्धित ग्राहकको मोबाइल नम्बरमा नै ३ महिनाभित्र फिर्ता गर्न र

रू.५० हजार जरिबाना लगाउन प्राधिकरणले २०७८।४।३२ मा निर्णय गरेकोमा उक्त रकम फिर्ता नगरी २०७८।६।६ मा पुनरावेदनका लागि निवेदन दिएको छ। स्वीकृति बेगर उपभोक्ताबाट असुल गरेको सेवा शुल्क फिर्ता गर्नुपर्दछ।

६८. **अनुगमन** - नेपाल दूरसञ्चार प्राधिकरण (निरीक्षण तथा जाँचबुझसम्बन्धी कार्यविधि) विनियमावली, २०६८ बमोजिम आधारभूत दूरसञ्चार सेवा, मोबाइल सेवा, अतिरिक्त दूरसञ्चार सेवा, ग्रामीण दूरसञ्चार सेवा तथा अन्य दूरसञ्चार सेवाको सेवा प्रदायकले सञ्चालन गरेको सेवा वा गुणस्तरको अनुगमन गरी दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्नुपर्ने उल्लेख छ। यो वर्षसम्म दूरसञ्चार सेवाको अनुमति प्राप्त २०८ संस्थामध्ये प्राधिकरणले ४ सेवा प्रदायक संस्थाको मात्र अनुगमन गरेको छ। नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी र प्राधिकरणलाई बुझाउनुपर्ने सेवा शुल्क नबुझाएको, सेवा प्रदायकले प्रदान गरेको सेवा प्राधिकरणले तोकेबमोजिम नरहेको, ग्राहकसँग गरिने सम्झौताका शर्त र सेवा शुल्कको बारेमा सार्वजनिक सूचना प्रकाशन नगरेको, ग्राहकले आफूले चाहेको बखत आफैंले पासवर्ड परिवर्तन गर्न सक्ने व्यवस्था नभएको, आफ्नो वार्षिक आय-व्यय विवरण प्राधिकरणमा नबुझाएको तथा इन्टरनेट मार्फत् वर्ल्डवाइड वेभमा लिखित सामग्री राख्दा पालना गर्नुपर्ने शर्त पूरा नगरेकोले दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) बमोजिम ५ लाखसम्म जरिबाना गरी कारबाही गर्नुपर्ने व्यहोरा अनुगमन प्रतिवेदनमा उल्लेख भए तापनि कारबाही गरेको पाइएन। दूरसञ्चार सेवा प्रदायक संस्थाको नियमित अनुगमन गरी सेवाको गुणस्तर मापन गर्नुपर्दछ।

६९. **ग्रामीण दूरसञ्चार विकास कोष** - कोषको शुरु मौज्दात रू.९ अर्ब ३६ करोड २४ लाख र यो वर्षको आम्दानी रू.२ अर्ब २३ करोड ९२ लाखसमेत रू.११ अर्ब ६० करोड १६ लाखमध्ये रू.३ अर्ब ४५ करोड २ लाख खर्च भई रू.८ अर्ब १५ करोड १४ लाख मौज्दात रहेको छ। कोषबाट अप्टिकल फाइबर बिछ्याउन र लक्षित समूहसम्म निःशुल्क इन्टरनेट सेवा पुऱ्याउनेसमेत २ परियोजनाको लागि प्राधिकरणले २०७८।७९ सम्म विभिन्न सेवाप्रदायकसँग २३ प्याकेजमा रू.१५ अर्ब ६४ करोड २० लाख ९७ हजारको सम्झौता गरेकोमा रू.७ अर्ब ४५ करोड २० लाख ३५ हजार भुक्तानी गरेको छ।

७०. **अप्टिकल फाइबर** - ग्रामीण दूरसञ्चार कोषको परिचालन गरी मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम, नगरपालिका, उत्तरदक्षिण जोड्ने राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा अप्टिकल फाइबर बिछ्याउन र राष्ट्रिय सूचना महामार्ग बनाउन ३ खण्डमा विभाजन गरेको छ। कोशी, मधेश र बागमती प्रदेशको एक खण्ड, गण्डकी र लुम्बिनी प्रदेशको एक खण्ड र कर्णाली एवं सुदूरपश्चिम प्रदेशको एक खण्डसमेत ३ खण्डको लागि २ सेवा प्रदायक संस्थासँग रू.८ अर्ब ९ करोड ५६ लाख ५९ हजारको सम्झौता भएको छ। खरिद सम्झौताअनुसार उक्त कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न भएको छैन।

७०.१. मध्यपहाडी लोकमार्गअन्तर्गत पाँचथर जिल्लाको चियो भञ्ज्याङदेखि गोरखाको आरुघाटसम्म एवं कोशी, मधेश र बागमती प्रदेशको केही भागमा पर्ने २ हजार १७९ किलोमिटर र राजमार्गमा अप्टिकल फाइबर सञ्जाल निर्माण गर्न एक सेवा प्रदायक संस्थाले ५ निर्माण व्यवसायीसँग २०७५।१२।८ मा रू.३ अर्ब ७ करोड ७५ लाख ५९ हजारको सम्झौता गरेको छ। उक्त संस्थालाई मोबिलाइजेसन पेस्की रू.६१ करोड ५५ लाख १२ हजार उपलब्ध गराए तापनि हालसम्म १ हजार ३२६

किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको र ६४३ किलोमिटर स्कोप परिवर्तन गर्नुपर्ने जनाएको छ। बागमती प्रदेशअन्तर्गतको कार्य प्रगति शून्य देखिएकोले सो बाहेक अन्य निर्माण कार्यको २०८०।१।५ सम्म म्याद थप गरेको छ। सम्झौताअनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ।

७०.२. गोरखा जिल्लाको आरुघाटदेखि गण्डकी प्रदेश र लुम्बिनी प्रदेश खण्डमा २ हजार १६० किलोमिटर अप्टिकल फाइबर सञ्जाल निर्माण गर्न एक सेवा प्रदायक संस्थासँग रू.२ अर्ब १ करोडको कार्य २ वर्षभित्र सम्पन्न गर्ने गरी २०७४।१।२५ मा सम्झौता भएको छ। उक्त सेवा प्रदायकले निर्माण कार्य नगरी प्रगति शून्य रहेकोले प्राधिकरणले म्याद थप नगर्ने निर्णय गरेकोमा उक्त निर्णय बदर गरी पाऊँ भनी सेवा प्रदायकले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको देखिन्छ। रिट निवेदनको टुङ्गो नलागेसम्म म्याद थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भै मुद्दा अदालतमा विचाराधीन रहेको छ। निजको कार्यसम्पादन जमानत रू.१० करोड ५ लाख र मोबिलाइजेसन पेस्की जमानत रू.४० करोड २० लाख को म्याद २०७६।५।१४ मा समाप्त भै सकेकोले उक्त रकम जोखिममा परेको छ।

७०.३. कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकामसम्म १ हजार ९९२ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्यका लागि २०७६।९।१८ मा एक सेवा प्रदायक संस्थासँग रू.३ अर्ब ८१ लाखमा सम्झौता भएको छ। सम्झौताअनुसार २ वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा ए.डी.एस.एस. २७५ किलोमिटर कार्य सम्पन्न भएको, ४५३ किलोमिटरको अप्टिकल फाइबर नेटवर्क (यू.जी.) को २ खरिद कार्यको सम्झौता हुन बाँकी रहेको, माइक्रोवेभ सामान प्राप्त हुन बाँकी रहेको र ४६ मध्ये ७ स्थानमा राउटर जडान हुन बाँकी रहेको प्रगति विवरण पेस भएको छ। सम्झौता अनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ।

७१. **ब्रोडब्याण्ड इन्टरनेट सेवा -** ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ७४ जिल्लाका ७०८ स्थानीय तह, ५ हजार ९३३ वडा कार्यालय, ५ हजार ३१८ माध्यमिक विद्यालय, ४ हजार २४९ स्वास्थ्य संस्थासमेत १६ हजार २०८ साइटमा इन्टरनेट सेवा उपलब्ध गराउन १८ प्याकेजमा खरिद सम्झौता भई जडान कार्य सम्पन्न भए तापनि ८ प्याकेजको फेज ३ अन्तर्गतको मनिटरिङ तथा भेरिफिकेसनको कार्य बाँकी रहेको, भूकम्पबाट अति प्रभावित ८ जिल्ला (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानीय तह, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्थासमेत ४ हजार २५१ साइटमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गर्न ७३ स्थानीय तहसँग समझदारी भएकोमा १ हजार ४५१ साइटमा मात्र जडान कार्य सम्पन्न भएको, भूकम्पबाट अति प्रभावित ८ जिल्ला र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लामा सम्पूर्ण आधारभूत विद्यालयमा इन्टरनेट सेवा जडान गर्ने कार्यक्रम रहेकोमा ६५६ स्थानीय तहमध्ये ३३४ सँग समझदारी पत्रमा हस्ताक्षर भई हालसम्म १ हजार ८७२ साइटमा इन्टरनेट सेवा जडान भएको प्रगति विवरण पेस गरेको छ।

ब्रोडब्याण्ड नीति, २०७१ ले सन् २०२० सम्म सबै स्थानीय तह, सरकारी अस्पताल र कम्तीमा ८० प्रतिशत स्वास्थ्य चौकीमा ग्रामीण क्षेत्रमा ५१२ के.बी.पी.एस. र शहरी क्षेत्रमा १०

एम.बी.पी.एस. गति भएको ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने लक्ष्य राखेकोमा सोअनुसार प्रगति हुन सकेको देखिएन। सेवा प्रदायक संस्थासँग भएको सम्झौताअनुसार ४१ जिल्लामा ५१२ के.बी.पी.एस. र ३३ जिल्लामा १ एम.बी.पी.एस. गतिको इन्टरनेट सेवा २ वर्षसम्म निःशुल्क उपलब्ध गराए तापनि इन्टरनेटको गति कम भएका कारण सेवा प्रवाहमा असर परेको देखिएको छ। ग्रामीण समुदायको आवश्यकताको आधारमा समयमा नै भरपर्दो एवं सुरक्षित ब्रोडब्याण्ड पूर्वाधार तथा सेवाको विकास एवं विस्तार गर्नुपर्दछ।

७२. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामान खरिदको लागत अनुमानमा ओभरहेड समावेश गर्ने व्यवस्था छैन। लुम्बिनी प्रदेशको अर्घाखाँची, गुल्मी, पाल्पा र प्युठान जिल्लाको प्याकेजअन्तर्गत ९३२ साइटमा नेटवर्क जडान गर्न एक सेवा प्रदायकसँग २०७७।६।११ मा मूल्य अभिवृद्धि करसमेत रू.४० करोड ४९ लाख २१ हजार र गण्डकी प्रदेशको लमजुङ, तनहुँ, पर्वत, कास्की र स्याङजाको प्याकेजअन्तर्गत १ हजार १४८ साइटमा नेटवर्क जडान गर्न अर्को एक सेवा प्रदायकसँग २०७५।७।२६ मा रू.१४ करोड ८८ लाखको खरिद सम्झौता भएको छ। उक्त खरिद कार्यमा फाइबर, केबुललगायत विभिन्न उपकरण समावेश छन्। ती सामानको मूल्यमा नै ओभरहेड समावेश हुने भएकोले बिल अफ क्वान्टिटीमा थप ओभरहेडसमेत समावेश गरी बजेट खर्च जनाई रोक्का गरी राखेको रू.३ करोड ९१ लाख ८९ हजार आम्दानी बाँध्नुपर्दछ ।

७३. **कन्टिजेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ११ मा मालसामान खरिदको लागत अनुमानमा कन्टिजेन्सी रकम समावेश गर्ने व्यवस्था छैन। प्राधिकरणले भूकम्प प्रभावित काभ्रेपलाञ्चोक, नुवाकोट, रसुवा र सिन्धुपाल्चोक जिल्लामा ब्रोडब्याण्ड इन्टरनेट जडान गर्न एक सेवा प्रदायक संस्थासँग २०७७।११।१४ मा रू.२१ करोड १६ लाख ७५ हजारको खरिद सम्झौता गरेको छ। सम्झौताको बिल अफ क्वान्टिटीमा विभिन्न प्रकारका फाइबर, केबुल र उपकरण खरिद गरी जडान कार्य समावेश भएकोमा ती सामान खरिद कार्यमा कन्टिजेन्सी बापत भुक्तानी दिएको रू.२ करोड ८७ लाख ६ हजार असुल गर्नुपर्दछ।

७४. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारी गरेको दररेट र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च समेतलाई आधार लिनुपर्ने व्यवस्था छ। प्राधिकरणले फाइबर, मेसिनरी उपकरण, मालसामान तथा अन्य सामग्रीहरूको लागत अनुमान तयार गर्दा केही आपूर्तकबाट प्राप्त दररेटको आधारमा औसत दररेट गणना गरी लागत अनुमान स्वीकृत गरेको देखियो। सीमित आपूर्तकसँग दररेट लिएर तयार गरेको लागत अनुमान यथार्थपरक देखिएन। नियममा व्यवस्था भएबमोजिम लागत अनुमान तयार गरी खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ।

७५. **अन्तिम भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि सेवा प्रदायकलाई करारका शर्त

बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। ब्रोडब्याण्ड इन्टरनेट जडान गर्ने सेवा प्रदायक संस्थासँग प्राधिकरणले एकमुष्ट कार्यसम्पादन सम्झौता गरेकोमा बिल अफ क्वान्टिटीमा उल्लिखित परिमाण र परामर्शदाताले प्रमाणित गरेको वास्तविक खर्च भएको परिमाणमध्ये जुन कम छ सोही परिमाणको आधारमा र केही खरिद सम्झौतामा परामर्शदाताले प्रमाणित गरेको परिमाणको आधारमा कुल सम्झौता रकममा नबढ्ने गरी भुक्तानी गरेको छ। खरिद सम्झौतामा उल्लिखित परिमाणभन्दा घटी वा बढी परिमाण खर्च भएमा प्राधिकरणको पूर्व स्वीकृतिमा करारका शर्तबमोजिम सबै खरिद सम्झौतामा एकरूपता कायम हुने गरी अन्तिम भुक्तानी दिनुपर्दछ।

गोरखापत्र संस्थान २०७७।७८

सर्वसाधारण जनतालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय समाचार सरल, सुलभ र भरपर्दो किसिमले उपलव्ध गराउने उद्देश्यले संस्थान ऐन, २०१९ अन्तर्गत २०२०।३।२५ मा नेपाल सरकारको पूर्ण स्वामित्वमा गोरखापत्र संस्थानको स्थापना भएको हो। संस्थानले नेपाली र अंग्रेजी गरी २ राष्ट्रिय दैनिक पत्रिका तथा अन्य ३ मासिक प्रकाशन प्रकाशित गर्दै आएको छ। संस्थाको केन्द्रीय, प्रदेशस्तरीय एवं सम्पर्क कार्यालयसमेत १० कार्यालयमा ४४५ कर्मचारी कार्यरत रहेको छन्।

७६. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** संस्थानको २०७८ आषाढ मसान्तमा चुक्ता पुँजी रू.१ करोड १५ लाख, सञ्चित नाफा रू.१ करोड ५० लाख ६३ हजार तथा जगेडा कोष रू.६३ करोड ४३ लाख १० हजार र नेपाल सरकारबाट प्राप्त ऋण रू.६ करोड २० लाख रहेको देखिन्छ। गैर चालु सम्पत्ति रू.९५ करोड ८४ लाख र खुद चालु सम्पत्ति रू.४८ करोड ८५ लाखसमेत सम्पत्ति रू.१ अर्ब ४४ करोड ६९ लाख रहेको देखिन्छ। संस्थानको गत वर्षको कुल प्रत्यक्ष आम्दानी रू.६२ करोड ६४ लाख ३५ हजार भएकोमा यो वर्ष सो आम्दानी रू.५४ करोड ६९ लाख ७४ हजार भई गत वर्षको तुलनामा १२.६९ प्रतिशतले घटी भएको छ। खुद नाफा गत वर्ष रू.२ करोड रहेकोमा यस वर्ष रू.५ करोड ९ लाख रहेको छ।

७७. **दीर्घकालीन ऋण -** संस्थानले हालसम्म २ ऋणको सम्झौताबमोजिम साँवा एवं ब्याज नेपाल सरकारलाई भुक्तानी गरेको देखिँदैन। वर्षान्त सम्ममा ऋणको साँवा रू.६ करोड २० लाख तथा सोको व्याज रू.५४ लाख तिर्नु पर्ने दायित्व रहेको छ। सम्झौताअनुसार नेपाल सरकारलाई बुझाउनु पर्ने किस्ता रकमसमेत बुझाएको छैन।

७८. **अग्रिम कर कट्टी -** संस्थानले चालु सम्पत्तिमा लेखाङ्कन गरेको अग्रिम कर कट्टी रू.५ करोड ५० लाख ३३ हजार रहेकोमा आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गर्दा रू.२ करोड ९४ लाख २२ हजार उल्लेख गरेको छ। यसर्थ, संस्थानले लेखाङ्कन गरेको र आन्तरिक राजस्व कार्यालयमा पेस गरेको विवरणबीच रू.२ करोड ५६ लाख ११ हजार फरक रहेको छ। उक्त हिसाब मिलान हुनुपर्दछ।

७९. **बोनस व्यवस्था-** बोनस ऐन, २०३० को दफा ९(२) अनुसार व्यवस्था गरिएको रकमलाई आर्थिक वर्ष समाप्त भएको आठ महिनाभित्र वा श्रम कार्यालयबाट थप ३ महिनाको म्याद लिई बितरण गर्नुपर्ने वा अर्को आर्थिक वर्षमा एकैसाथ दुई बर्षको बोनस बाँड्ने गरी स्वीकृत लिनुपर्नेमा सो थप अवधिको स्वीकृत लिएको देखिएन। विगत २०६४।६५ देखि २०७३।७४ सम्मको वित्तीय विवरणमा

कर्मचारीहरूको लागि बोनस बापत रू.३ करोड ७० लाख २३ हजार व्यवस्था गरिएको छ। उक्त रकम दुई वर्ष भन्दा बढी अवधि नाघिसकेकोले बितरण गर्न मिल्ने कानूनी आधार देखिँदैन। यसर्थ, उक्त रकम आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

साविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा २०६१।१।१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई कम्पनीले दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ। साविकको संस्थान कम्पनीमा रुपान्तरण भए पछि नेपाल सरकारको ९१.५ प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत, तथा सर्वसाधारणको ८.४७ प्रतिशत शेयर स्वामित्व रहेको छ।नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले एक बहु सेवा प्रदायक कम्पनीको रूपमा जीएसएम, एफटीटीएच, पीएसटीएन, वाइम्याक्स लगायतका सेवाहरू प्रदान गर्दै आएको छ।कम्पनीमा ३ हजार ८१८ कर्मचारीहरू कार्यरत छन्। कम्पनी अन्तर्गत ७ प्रादेशिक निर्देशनालय र १६२ ग्राहक सेवा केन्द्र सञ्चालनमा रहेका छन् ।

८०. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको शेयर पुँजी रू.१८ अर्ब र जगेडा कोष रू.७७ अर्ब २६ करोड ८० लाख, दीर्घकालीन दायित्व २३ अर्ब २ करोड ५७ लाख र चालु दायित्व रू.४० अर्ब ३७ करोड ६ लाख रहेको छ। कम्पनीको गैह्र चालु सम्पत्ति रू.९४ अर्ब ३ करोड ४५ लाख र चालु सम्पत्ति रू.६४ अर्ब ६२ करोड ९८ लाख रहेको छ। कम्पनीको कुल आम्दानी गत वर्ष रू.४१ अर्ब ९६ करोड रहेकोमा यो वर्ष रू.४४ अर्ब ३७ करोड रहेको छ। कम्पनीको नाफा गत वर्ष रू.६ अर्ब ७९ करोड ४२ लाख रहेकोमा यस वर्ष रू.८ अर्ब ४७ करोड ७ लाख रहेको छ। कम्पनीसँग नगद मौज्दात, मुद्दती निक्षेप, सेयर तथा बण्डहरूमा लगानी २०७८ आषाढ मसान्तमा रू.६६ अर्ब २० करोड मौज्दात रहेकोमा २०७९ आषाढ मसान्तमा रू.७४ अर्ब ८७ करोड पुगेको छ।

८१. **अनुपात विश्लेषण -** कम्पनीको मुख्य वित्तीय सुचक देहाय अनुसार रहेको छः।

क्र.शं	अनुपात	आधार	२०७६।७७	२०७७।७८	२०७८।७९
१	खुद नाफा	अर्ब	९.१७	७.१२	८.४७
२	इक्विटीमा लाभ	प्रतिशत	१०.५४	७.९५	८.८९
३	चालु अनुपात	अनुपात	२.०१	१.६६	१.६०
४	प्रतिशेयर आम्दानी	रू.	६१.१५	४७.५३	४७.०६
५	शेयर मूल्य आम्दानी अनुपात	अनुपात	१३.००	२७.६४	१८.६८
६	कर्मचारी संख्या	संख्या	४,०८२	३,९५७	३,८१८
७	खुद नाफा अनुपात	प्रतिशत	२१.२६	१६.८९	१९.०९

उल्लिखित तालिकाअनुसार चालु अनुपात र प्रति शेयर आम्दानी घटेको देखिएकोले प्रभावकारी कार्य योजनासहित वित्तीय अवस्थामा सुधार गर्नुपर्दछ।

८२. **आम्दानी -** कम्पनीको गत वर्ष भन्दा यो वर्ष प्रति प्रयोगकर्ता औसत आम्दानीमा गिरावट आएको छ। प्रविधिको विकाससँगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको संख्या पनि बढ्दै गएकाले ग्राहकलाई तीव्र गतिको डाटा सेवा उपलब्ध गराई प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्दछ। कम्पनीले फोरजी/एलटीई.

र एफ.टी.टी.एच. सेवा विस्तारमा भएको ढिलाइका कारण ग्राहकको मागअनुसार इन्टरनेट सहितको सेवा प्रदान गर्न नसक्दा मुख्यतः पी.एस.टी.एन., र ए.डी.एस.एल्. सेवाको ग्राहक र आम्दानीसमेत घट्दै गएको देखिन्छ। कम्पनीले प्रदान गरेको विभिन्न सेवाका प्रति ग्राहक आम्दानी निम्नानुसार रहेको छः

क्र.स.	सेवा	आम्दानी (रू.लाखमा)	कुल ग्राहक संख्या (रू.हजारमा)	प्रति ग्राहक औसत आम्दानी रू.		थप /घट प्रतिशत
				२०७८।७९	२०७७।७८	
१.	पी.एस.टि.एन.	१,०९,८९	४८३	२,२७४.१९	२७७२.६७	-१७.९८
२.	जी.एस.एम.	२८,७१,१२	२,१०,५१	१,३६३.८६	१२८४.५१	६.१८
३.	सी.डी.एम.ए	८१४	५,७४	१४१.७९	४५६.६६	-६८.९५
४.	ए.डी.एस.एल.	४३,३७	१,००	४,३१६.९२	४५५६.७७	-५.२६
५.	एफ.टी.टी.एच	१,१९,१५	४,०७	२,९२६.७७	५२५४.६७	-४४.३०
६.	लिज लाइन	३४,७१	६	६१,१४६.५२	१०७८८९.११	-४३.३२

कम्पनीले गत वर्षको तुलनामा ए.डी.एस.एल्, एफ.टी.एच्. लगायतका सेवाको आम्दानी तथा ग्राहक संख्यामा अपेक्षाकृत वृद्धि गर्न नसकेकाले सो सेवाको प्रति ग्राहक आम्दानी घट्दै गइरहेको छ। कम्पनीले नयाँ प्रविधिको प्रयोग र समयमै योजना कार्यान्वयन गरेर ग्राहकको मागअनुसारको सेवा विस्तार गरी आम्दानी गर्नुपर्ने देखिन्छ।

८३. **क्षेत्रगत आय** - कम्पनीले उपलब्ध गराएका निम्न सेवाहरूको ३ वर्षको आम्दानी अवस्था निम्नानुसार छः

(रू.लाखमा)

सेवा	२०७८।७९	२०७७।७८	२०७६।७७
सी.डी.एस.	४३३६	६८०५	९४९५
सी.डी.एस.ए.	८१४	२०४२	३५४०
एस.एम.एस.(डी.एस.एम.)	४७८२	५२३३	-
इन्टरकनेक्सन (इन्टरनेसनल)	३८६५९	४४९६२	४३३३३
इन्टरकनेक्सन(डोमेस्टिक)	५३७८	८०२९	८१९२
वाइमेक्स	३३	१०४	१६५

कम्पनीको डाटातर्फको आयले कुल आय वृद्धि भए तापनि उल्लिखित क्षेत्रगत रूपमा प्रवाह गरेका सेवाहरूको आय गत विगतको तुलनामा घट्दै गइरहेको देखिन्छ। उपलब्ध सुविधामा प्रभावकारिता ल्याई सेवा तथा प्रविधिको कारणले आयमा आएको संकुचनलाई ध्यान दिई कम्पनीले प्रदान गर्ने सेवाहरूको सुदृढीकरण एवं वैकल्पिक व्यवस्थापन गरी आय वृद्धि गर्नुपर्दछ।

८४. **फोरजी एल.टी.ई. परियोजना** - यस परियोजना सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छन्ः

८४.१. कम्पनीले आफ्नो व्यवसायलाई सुदृढ र विस्तार गर्न राष्ट्रव्यापी रूपमा फोरजी एल.टी.ई. नेटवर्कमा निश्चित समय तथा गुणस्तरको अधीनमा रही लगानी गरेको छ। कोर, रेडियो एक्सेस नेटवर्क प्रथम

तथा दोस्रो संरचनाका लागि रू.१९ अर्ब ६८ करोड (भन्सार र कर बाहेक) को खरिद सम्झौता भएको छ। उक्त कार्य २०७६ माघ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखिएकोमा पटक-पटक गरी २०७८ चैत्र मसान्तसम्म सम्झौताको अवधि थप भए तापनि हालसम्म सम्पन्न भएको छैन। उक्त कार्यमा भएको ढिलाइका कारण सम्झौताबमोजिम लिनुपर्ने क्षतिपूर्ति मूल्याङ्कन गर्न एक समिति गठन भए तापनि कुनै निर्णय गरेको छैन।

८४.२. कम्पनीले २०७९ असारसम्म रेडियो एक्सेस नेटवर्क प्रथम र दोस्रोसँग सम्बन्धित रू.१४ अर्ब ४७ करोडको सम्पति पुँजीकरण गरेको छ। उक्त काम सम्पन्न गर्न भएको ढिलाइले कम्पनीको लागत बढ्नुको साथै व्यवसाय र राजस्व प्राप्तिमा असर परेको देखिन्छ।

८४.३. परियोजना अन्तर्गत २०७९आषाढ मसान्तसम्ममा थप ५२७ साइटहरू अन एयर प्रयोगको लागि उपलब्ध भएको जनाई रू.४ अर्ब २ करोड ४१ लाखको उपकरणहरू पुँजीकरण गरेकोमा ३७६ साइटहरूको प्रोभिजनल कार्य स्वीकार प्रतिवेदन र १५१ साइटहरूको कार्य स्वीकार प्रतिवेदन बेगर रू.७२ करोड ७४ लाख ४८ हजार पुँजीकरण गरेको छ। कार्य स्वीकार प्रतिवेदन तयार नगरी पुँजीकरण गरेको औचित्यपूर्ण देखिएन। पुँजीकरण गरिएका संरचनाको नेटवर्क प्रथम र दोस्रोमा कम्पनीले २८ नोभेम्बर, २०२२ मा प्रि-ड्राईभर टेष्ट परीक्षण गर्दा सञ्चालित ९८ प्रतिशत साइटमध्ये ८८ प्रतिशतमा मात्र क्लष्टर अप्टिमाइजेशन भएकोले बाँकीमा नेटवर्क कभरेज (ब्राइन्ड स्पट) नपुगेको प्रतिवेदन दिएको छ। गुणस्तरीय सेवा प्रवाह नभएको एवं कार्य स्वीकार प्रतिवेदन तयार नभएको अवस्थामा भुक्तानी गरी पुँजीकरण गरेको सम्बन्धमा सम्बन्धितलाई जवाफदेही बनाउनु पर्दछ।

८४.४. फोरजी एल.टी.ई साइटहरूको नियमित मर्मत सम्भारमा भएको ढिलाइले सेवा अबरुद्ध हुँदा कम्पनीको अवसर आय गमेको तथा सेवाहरूको गुणस्तरमा असर परेको छ। कुल ३ हजार ९२६ साइटहरूमध्ये नमूना छनोटको आधारमा परीक्षण गर्दा २६५ साइटहरू ३० दिनदेखि २७० दिनसम्म सञ्चालनमा नरहेको पाइयो। समयमा मर्मत संभार गरी नियमित सेवा सञ्चालन गर्नुपर्दछ।

८५. **फाइबर टु दि होम सेवा -** यो वर्षको बजेट वक्तव्यमा २ लाख २६ हजार नयाँ फाइबर टु दि होम (एफ.टी.टी.एच) वितरण गर्ने लक्ष्य राखिएकोमा १ लाख १३ हजार २५६ मात्र वितरण भएको छ। एफ.टी.टी.एच. सेवा विस्तारको कार्यान्वयनमा तीव्रता नआउँदा ग्राहकको बढ्दो माग रहेको प्याकेज सेवा (भ्वाइस, डाटा र आईपीटीभी) विस्तारको अवसरलाई उपयोग गर्न सकेको छैन। जसबाट आय वृद्धि, ग्राहकको टिकाउ र सेवाको भावी विस्तार लगायतका कार्ययोजनामा प्रभाव परेको देखिन्छ। ए.डी.एस.एल.बाट एफ.टी.टी.एच. मा १ लाख ८० हजार ग्राहकको रुपान्तरण गर्ने लक्ष्य रहेकोमा यो सेवामा ८६ हजार ग्राहक आवद्ध भएका छन्। बजारमा उपलब्ध नयाँ प्रविधि र बजारको विश्लेषण गरी प्रवाह हुने सेवाहरूलाई व्यवसायीकरण गर्नुपर्दछ।

८६. **सूचना प्रणाली -** प्राविधिक रूपान्तरणका लागि जोखिममा रहेका निकायहरूसँग प्राविधिक प्लेटफर्मको निरन्तर वृद्धि गर्न आन्तरिक नियन्त्रण संयन्त्रहरू हुन आवश्यक छ। दूरसञ्चार सेवा सञ्चालन गर्ने उद्योगका लागि ग्राहकको विवरणहरू अति महत्वपूर्ण सम्पत्ति हुन्छन्। कम्पनीको लागि साइबर सुरक्षा पनि महत्वपूर्ण छ। कम्पनीले विस्तृत सूचना प्रविधि नीति र सञ्चालन प्रक्रिया मानकहरूसँग

सम्बन्धित आवश्यक नीति तथा नियमहरू बनाएको देखिएन। कम्पनीले क्षमता तथा ज्ञान भएको अन्तर्राष्ट्रिय स्तरको सूचना प्रणाली लेखापरीक्षकबाट मौजुदा सूचना प्रणालीहरूको परीक्षण गराएको छैन।

८७. **गुणस्तरीय नेटवर्क** - कम्पनीले प्रतिस्पर्धात्मक बजारबाट लाभ लिन ग्राहकको सन्तुष्टि र दिगो आय आर्जनको लागि निरन्तर रूपमा प्रदान गरिने सेवाहरूलाई भरपर्दो गुणस्तरीय र विश्सनीय बनाउन आवश्यक छ। रिपिटर टावरमा विद्युत आपूर्ति निरन्तर गर्न ब्याट्री ब्याकअपको उचित प्रबन्ध नहुने, समयमा समस्याको समाधान नहुने, सेवा आपूर्तिकर्तासँगको समन्वय अभाव, मानव संसाधनको कमी जस्ता समस्या रहेका छन्। कम्पनीले आफूसँग भएका भौतिक पूर्वाधार उपकरणहरूको प्रभावकारी उपयोग गरी मोबाइल नेटवर्कको प्रभावकारी रूपमा सञ्चालन, मर्मतसम्भार, स्तरोन्नति गर्न तथा सो सम्बन्धी आई पर्ने समस्याको समाधान र सुधारका लागि एकीकृत मर्मत इकाईलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

८८. **अन्तर्राष्ट्रिय कल ट्राफिक** - विश्वव्यापी रूपमा ओभर द टप सेवाहरूको वृद्धिसँगै अन्तर्राष्ट्रिय भ्वाइस कलहरू घट्दै गएका कारण कम्पनीको यस क्षेत्रको आय घट्दै गएको छ। यस्तो आय रोमिङसमेत गत वर्ष रू.५ अर्ब २८ करोड २९ लाख रहेकोमा यो वर्ष रू.४ अर्ब ५४ करोड ८८ लाख मात्र रहेको छ। यसरी उल्लेख्य रूपमा आय घटेकोमा प्रविधिमा आएको परिवर्तनवाट पर्न सक्ने असर मूल्याङ्कन गरी यस्तो सेवाको अन्तर्राष्ट्रिय ट्राफिक मार्ग विश्लेषण गर्दै स्वचालित रूपमा न्यून लागत, गुणस्तरीय मार्ग चयन गर्न र सम्बन्धित अपरेटरलाई कल समाप्त गर्न न्यून लागत राउटिङ्ग प्रयोग सम्बन्धमा आवश्यक निर्णय लिनुपर्दछ।

८९. **व्यवस्थित सेवा** - उचित सञ्चालन तथा गुणस्तरीय सेवाहरूको लागि व्यवस्थित सेवाले दूरसञ्चार क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। व्यवस्थित सेवाको लागि कम्पनीले गत वर्ष रू.४७ करोड २० लाख खर्च गरेको र यो वर्ष रू.६१ करोड ३० लाख खर्च गरेको छ। कम्पनीमा रहेको पूर्वाधार उपकरणको उचित र समय सापेक्ष व्यवस्थापन गर्ने एक विदेशी सेवा प्रदायकले कायदिशअनुसार समयमा मर्मत कार्य नगर्दा विभिन्न सेवा अवरुद्ध भए तापनि सम्झौताको व्यवस्थाअनुसार दैनिक ३०० देखि ५०० अमेरिकी डलर जरिवाना लिएको पाइएन। सेवा प्रदायकले सम्झौता अनुसार पर्याप्त कामदार नराखेको, मर्मतको लागि आवश्यक सामानहरू पर्याप्त नभएको लगायतका अवस्था देखिएको छ। सेवाको गुणस्तर सुनिश्चित गर्न सेवा प्रदायकद्वारा पेस गरिएका मुख्य कार्यसम्पादन सूचक विश्लेषण गरेर सेवा अवरुद्ध भएको अवधिको भुक्तानी कट्टा गर्ने र ग्राहक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्दछ।

९०. **सफ्टवेयर को प्रयोग** - कम्पनीले प्रयोग गर्दै आएको ओन्याकल सफ्टवेयरको लागि रू.१ करोड ७० लाख वार्षिक मर्मत शुल्क भुक्तानी गर्दै आएको छ। खरिद भएका १४ मोडयुलहरूमध्ये बीजकीकरण र मूल्य निर्धारण जस्ता मोड्युलहरू कम्पनीले हालसम्म सञ्चालनमा नल्याएको साथै सफ्टवेयरहरूलाई एकीकृत गरेको छैन। त्यसै गरी सफ्टवेयरको नियमित जाँच एवं मूल्याङ्कन गर्न छुट्टै संयन्त्र बनाएको छैन। सञ्चालित प्रणालीहरूको समीक्षा र नियमित जाँच प्रक्रियाको लागि अनिवार्य संयन्त्रको विकास गरी जिम्मेवारी तोकिनुपर्दछ। साथै, सी.आर.बी.टी. प्रणालीलाई सुन्धारा र त्रिपुरेश्वरबाट प्रतिविम्बित

गरिएकोले नजिकै रहँदा कम्पनीको तथ्याङ्क व्यवस्थापन तथा सञ्चालनमा उच्च जोखिम रहेकोले विपद् पुनरुत्थान संयन्त्रका सम्बन्धमा ध्यान दिनुपर्दछ।

९१. **मूल्य अभिवृद्धि सेवा -** मूल्य अभिवृद्धि सेवा, थोक सन्देश, मोबाइल कल सापटी जस्ता प्रयोगकर्ताको सङ्ख्या बढ्दो क्रममा रहे तापनि गत वर्षको तुलनामा यो वर्ष कम्पनीको मूल्य अभिवृद्धि सेवाको आम्दानी ३९ प्रतिशतले घटेको छ। विश्वव्यापी रूपमा मोबाइल वेभ तथा एप्लिकेसनको बढ्दो प्रयोगले अरु सेवा प्रदायकहरूको मूल्य अभिवृद्धि सेवामा १५.३ प्रतिशत भन्दा बढी वृद्धि भएको देखिन्छ। कम्पनीले मूल्य अभिवृद्धि सेवा क्षेत्रको सम्भावनाको फाइदा लिन नसकेकोले उपलब्ध पूर्वाधार, स्रोत र बजारको सम्भाव्यतालाई अनुकूलन गर्न मूल्य अभिवृद्धि सेवाहरूमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ।

९२. **अपलेखन -** कुनै सम्पत्तिलाई बेचबिखन वा प्रयोगबाट थप आर्थिक लाभ लिन नसक्ने अवस्था रहेमा त्यस्तो सम्पत्तिलाई आफ्नो वित्तीय विवरणबाट हटाउनुपर्दछ। कम्पनीले गत वर्ष रू.४६ करोड ९५ लाख र यस वर्ष रू.१९ करोड ६५ लाखको सम्पत्ति निःसर्ग भएता पनि कम्पनीको लेखाबाट अपलेखन गरेको छैन। त्यस्तै, कम्पनीले सम्पत्तिको लिलाम गर्दा सामग्रीको संख्या र न्यूनतम मूल्य उल्लेख गरी लिलाम बिक्रीको सूचना प्रकाशित गर्नुपर्नेमा सम्पत्तिको किसिम तथा सम्पत्तिको संख्यासमेत नखुलाई सिलबन्दी दरभाउ पत्र आह्वान गरेको पाइयो। वीरगञ्ज प्रादेशिक निर्देशनालय र कर्णाली प्रादेशिक निर्देशनालयले ब्याट्री, तामाको तार, बी.टी.एस. टावरको फलाम आदिको लिलामीबाट प्राप्त भएको रू.२९ करोड ७८ हजार आम्दानी लेखाङ्कन गरे तापनि सम्पत्ति खाताबाट अपलेखन गरेको छैन।

९३. **निर्माणाधीन सम्पत्ति -** बिक्रेताहरूसँगको खरिद सम्झौताको शर्तअनुसार कम्पनीको नाममा आयात गरिएका रू.२ अर्ब २१ करोड ८५ लाख मूल्यका उपकरण पुँजीगत निर्माणाधीन सम्पत्ति (वर्क इन प्रोग्रेस) मा समावेश रहेको पाइयो। त्यस्ता उपकरण तथा मौज्दातहरू स्थापना वा निर्माण सम्पन्न भई हस्तान्तरण नभएसम्म आपूर्तिकर्ताको अधीनमा रहने, जोखिम पनि निजमै निहित हुने, अस्तित्व, स्थिति र मूल्य सुनिश्चित नहुने भएकोले पुँजीगत निर्माणाधीन कार्य प्रगति र चालु दायित्वहरूको सो हदसम्म बढी लेखाङ्कन भएको देखिन्छ। त्यस्ता सम्पत्तिहरूको बीमाद्वारा जोखिम सुरक्षण गरेको छैन। व्यावसायीले जडान गरी नसकेका सामग्रीहरू पुँजीकरण गर्नु उचित देखिएन।

९४. **लगानीको प्रतिफल -** कम्पनीले माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा लगानी गरेको कर्जाको ब्याजदर अघिल्लो आर्थिक वर्ष १०.५ प्रतिशत रहेकोमा २०७८।७९ देखि ९.५ प्रतिशतमा घटेको छ। अन्य वित्तीय साझेदारले समेत घटाएकोले ब्याजदर घटाएको उल्लेख छ। संशोधित ब्याजदर पनि वाणिज्य बैङ्कहरूले दिने औसत ब्याजदरसँग मेल खाने देखिँदैन। त्यसैले ब्याजदर घटाउनुको औचित्य पुष्टि हुन सकेन।

एक वाणिज्य बैङ्कद्वारा १८ अक्टोबर, २०२१ मा प्रस्ताव गरेको मुद्दती निक्षेप ब्याज दर १६ डिसेम्बर, २०२१ सम्मको लागि १०.३१ प्रतिशत थियो। कम्पनीले उक्त बैङ्कमा २३ नोभेम्बर, २०२१ मा ६ महिनाको लागि ९.१५ प्रतिशत ब्याज दरमा रू.२५ करोड मुद्दती निक्षेप राखेको पाइयो। जसका कारण कम्पनीले रू.१४ लाख ५० हजार घाटा व्यहोरेको देखिन्छ। उक्त वाणिज्य

बैङ्कमा मुद्दती निक्षेपमा कुल लगानी रू.४ अर्ब ९० करोडसम्म रहेको छ। लगानी गर्नुअघि लगानी नीति अनुसारको सीमालाई ध्यानमा राखी बैङ्कको क्षमताको समेत मूल्याङ्कन गर्नुपर्ने देखिन्छ।

कम्पनीले ८.५ प्रतिशत ऋणपत्रमा रू.७१ करोड ६ लाख ७३ हजारको १० वर्षको लागि लगानी गरेको पाइयो। कम्पनीले विगत वर्षहरूमा त्यस्तो लगानी १० देखि १०.५० प्रतिशतमा गरेको देखिन्छ। कम्पनीलाई अल्पकालीन दायित्वमा पर्ने नगद आवश्यकताको व्यवस्थापछि बाँकी रहेको रकम सुरक्षित र उचित प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्दछ।

९५. **जिन्सी मौज्दात** - कम्पनीको लेखा नीति, २०७३ बमोजिम निश्चित समयावधिको लागि निष्क्रिय रहेको मौज्दातलाई क्षयीकरण गर्नुपर्ने व्यवस्था छ। उक्त नीति अनुसार रू.४२ करोड ७३ लाख लागत रहेको मौज्दातको मूल्य क्षयीकरण पछि रू.२८ करोड ८२ लाख रहेको छ। सुदूरपश्चिम प्रादेशिक निर्देशनालय र वायरलेस निर्देशनालायमा रू.९७ लाखको नाम नखुलेको मौज्दात देखिएकोले छानबिन गरी उचित लेखाङ्कन गर्नुपर्ने देखिन्छ।

९६. **कर्मचारी ऋण** - आर्थिक वर्षको अन्त्यमा कर्मचारी ऋणको मूल्य रू.३ अर्ब ६१ करोड २५ लाख रहेको पाइयो। कम्पनीले प्रत्येक कर्मचारीलाई प्रदान गरेको ऋणको छुट्टा-छुट्टै मूल्याङ्कन गर्नुपर्नेमा सबैको एकमुष्ट मूल्याङ्कन गर्ने गरेको देखिन्छ। कम्पनीले कर्मचारीलाई प्रदान गरेको ऋणमा प्रचलित बजार व्याजदर वार्षिक ५ प्रतिशतलाई आधार लिई ब्याज लिएकोमा सामान्य ब्याजदरभन्दा कम रहेको छ। साथै छुट बराबरको ब्याज रकमलाई कर्मचारीको आयकर गणना गर्दा आयमा समावेश गरी आयकरको गणना गर्नुपर्दछ।

९७. **आसामी** - वर्षको अन्त्यमा जी.एस.एम बाहेकको आसामी रू.१ अर्ब ३४ करोडमध्ये रू.१ अर्ब ५ करोड ७८ लाख एक वर्षभन्दा बढी समयदेखि लिन बाँकी रहेको देखिन्छ। इन्टरनेट सेवा प्रदायक तथा केबल अपरेटरलाई पोलहरू सःशुल्क प्रयोग गर्न दिएकोमा सोको अभिलेख नराखेकोले लिनुपर्ने रकमसमेत यकिन छैन। सोको अतिरिक्त हाल कारोबार बन्द गरेको एक टेलिकमबाट इन्टरकनेक्सन वापत लिनुपर्ने रू.२४ करोड २२ लाख १७ हजार नउठ्ने अवस्थामा पुगेको देखियो। कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणमार्फत् आवश्यक कारबाही गरी सोको रकम असूल गर्नुपर्दछ।

९८. **रिचार्ज कार्डको छपाइ** - गत वर्षसम्म १० वटा रिचार्ज कार्ड एक प्रिन्टमा छपाइ गर्दा लागत बढेको र अन्य सेवा प्रदायकले समेत २० वटा प्रिन्ट गरेकोले कम्पनीले एक प्रिन्टमा २० वटा रिचार्ज कार्ड छपाइ गर्ने गरी योजना बनाएको थियो। सोअनुसार नै ठेक्का गर्नुपर्नेमा सो नगरी एक प्रिन्टमा पुनः १० वटा मात्र रिचार्ज कार्ड प्रिन्ट हुने गरी निर्णय गरेर रू.२० करोड ३९ लाख ८५ हजार भुक्तानी गरेको छ। अन्तर्राष्ट्रिय बजारमा एक प्रिन्टमा १० रिचार्ज कार्ड प्रिन्ट भन्दा २० प्रिन्ट गर्दा एक तिहाइ मात्र खर्च बढी लाग्ने देखिएको छ। बढी व्ययभार पर्ने गरी निर्णय गर्नेलाई जवाफदेही बनाउनु पर्दछ।

९९. **कस्टुमर प्रिमाईसेस उपकरण** - कम्पनीले सन् २०२० मा ५०० वाईमेक्सका प्रयोगकर्तालाई रुपान्तरणको लागि ४ हजार ५०० को संख्यामा सी.पी.ई.आवश्यक पर्ने प्रारम्भिक अनुमान गरेर जुलाई २५, २०२१ मा एक आपूर्तिकर्तासँग १२० दिनमा आपूर्ति गर्ने गरी रू.४ करोड ८९ लाख ८४ हजारको सम्झौता गरेको थियो। आपूर्तिकर्तालाई सन् २०२२ मार्च ११ मा

उक्त सामग्री आपूर्ति गरेको जनाई सम्झौता अनुसारको रकम भुक्तानी दिएको छ। प्रविधिमा आएको परिवर्तन र आपूर्तिमा भएको ढिलाइको कारण ५ हजारको संख्यामा रहेको वाईमेक्स प्रयोग गर्ने ग्राहक ५०० मा घटेको अवस्था छ। सोको विश्लेषण नगरी पुरानै ग्राहक संख्याको आधारमा खरिद आदेश दिएकोले ४ हजार ५०० सी.पी.ई. प्रयोग विहीन भई कम्पनीलाई करिब रू.४ करोड ३५ लाख ४२ हजार नोक्सान भएको देखिन्छ।

१००. **अप्टिकल फाइबर जडान -** कम्पनीले सूचना मार्गको रूपमा अप्टिकल फाइबर तथा अन्य उपकरण तोकिएको समयमा प्रतिफल प्राप्त हुने गरी जडान एवं व्यवस्थापन गर्नु पर्नेमा सो अनुसार भएको छैन। धरान देखि धनकुटाको हिलेसम्म अप्टिकल फाइबर जडान कार्य २७० दिनमा सम्पन्न गर्ने गरी २०७५।१२।८ मा रू.१० करोड ४१ लाख ५७ हजारको ठेक्का सम्झौता गरेकोमा ९९५ दिन ढिलो हुँदा पनि सम्झौता बमोजिम १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति रू.१ करोड ४ लाख असुल गरेको छैन। मुग्लिन-काठमाडौं खण्डको जडान कार्य सन् २०१९ को मार्च १२ मा सम्झौता भई एक विदेशी निर्माण व्यवसायीलाई रू.२ करोड २८ लाख ७७ हजार भुक्तानी गरेपछि सम्झौतामा तोकिएको रुट परिवर्तन गर्नुपर्ने जनाई पुँजीकरणबाट हटाई अपलेखन गर्नुपर्ने निर्णय गरेकोले उक्त खर्च प्रतिफलविहीन भएको छ। काठमाडौं उपत्यकाको लागि अप्टिकल फाइवर, केबल र अन्य सहायक सामग्री खरिदको लागि एक नेपाली कम्पनीले पेस गरेको रू.६ करोड ८४ लाख ३७ हजारको बोलपत्र निजले आपूर्ति गर्न नसक्ने जनाई चीनको एक कम्पनीले कबोल गरेको रू.८ करोड ८५ लाख ५२ हजार स्वीकृत गरेको देखियो। न्यून कबोल गर्ने उक्त बोलपत्रदातासँग थप कागजात स्पष्टीकरण माग गरेको समेत देखिएनन। ठेक्का पाउने कम्पनीले चीनमा बन्दाबन्दीको कारण देखाई बैङ्कीङ तथा अन्य प्रक्रिया पूरा गर्न समय लाग्ने उल्लेख गरेको आधारमा बोलपत्रको मान्य अवधि थप गरी बोलपत्र स्वीकृत गरेकोले आपूर्तिमा विलम्ब हुनुको अतिरिक्त रू.२ करोड १ लाख १५ हजार बढी ब्ययभार परेको छ। उल्लिखित खरिद कार्यमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१०१. **मौज्दातमा फरक -** वायरलेस विभागले रन-१ र रन-२ को सम्झौताअन्तर्गत सी.सी.एस.आई.सँग रहेको अन्तिम मौज्दातमा रू.१५ करोड ६२ लाख ९३ हजार बराबरको भिन्नता रहेको जनाएको छ। आपूर्तिकर्ताले आपूर्ति गरेको सामग्रीको भौतिक परीक्षण समितिको प्रतिवेदनमा पनि आर्थिक वर्षको अन्त्यमा अन्तिम मौज्दात रू.१२ करोड ५० लाख ३६ हजारले कमी रहेको उल्लेख छ। अन्तिम मौज्दातमा देखिएको यस प्रकारको न्यूनताका सम्बन्धमा थप छानबिन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१०२. **सेवा शुल्क -** कम्पनीले आफ्नै कर्मचारीबाट नियमित रूपमा सम्पादन गर्न सकिने कार्यहरू बाह्य पक्ष मार्फत् गराएको छ। विद्युत महशुल भुक्तानीको जिम्मा तेस्रो पक्षलाई दिएर रू.२२ लाख ११ हजार र कार्यालयमा फोटोकपी मेसिन भएको अवस्थामा फोटोकपीका लागि रू.८ लाख ५७ हजार भुक्तानी गरेको छ। सोधपुछ सेवाका लागि मितव्ययी तबरले खर्च गर्नुपर्नेमा कम्पनीले सन् २००५ देखि नै सेवा प्रदायकमार्फत् यस्तो सेवा लिई यो वर्ष रू.८ करोड ३१ लाख ४० हजार खर्च गरेको छ। कम्पनीबाट प्रवाह गरिने सेवालाई आवश्यकता र मितव्ययिताको मापदण्ड बनाएर खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

१०३. **खरिद तथा उपयोग** - कम्पनीले चालु प्रकृतिका मालसामानको उपभोग अनुपातलाई ख्याल गरी कार्यालयलाई आवश्यक पर्ने सामान खरिद गर्नुपर्नेमा न्यून उपभोग अनुपात भएका मालसामान अधिक खरिद गर्दा अनावश्यक रूपमा मौज्दात धेरै हुने तथा सो बराबरको रकमको अपेक्षित आम्दानीको अवसर गुमाउन पुगेको देखिन्छ। प्रविधिमा परिवर्तन वा अन्य कारणले गर्दा त्यस्ता मालसामान काम नलाग्ने हुने, निष्क्रिय हुने तथा उपभोगमा ल्याउन नसक्ने रहेको छ। नमूना छनोटबाट केन्द्रीय कार्यालयको रू.१० लाख भन्दा बढी मूल्य भएका केही मौज्दातको परीक्षण गर्दा कम्पनीले रू.३० करोड २ लाख ४१ हजारको केबल, राउटर र जेनेटर लगायतका सामानहरूको खरिद गरेको पाइयो। वार्षिक खपतको आधारमा खरिद योजना तयार गरी उपभोग हुने सामग्री खरिद एवं प्रयोग गरी मितव्ययिता कायम गर्नुपर्दछ।

१०४. **मौज्दात परिचालन** - कम्पनीको बैङ्क मौज्दात गतवर्ष रू.५० अर्ब ६३ करोड ७ लाख रहेकोमा यो वर्ष रू.६० अर्ब ८१ करोड १ लाख ८६ हजार रहेको देखिन्छ। उक्त मौज्दात मध्ये रू.५५ अर्ब १३ करोड ८९ लाख १२ हजार मुद्दतीमा र रू.५ अर्ब ७६ करोड १२ लाख ७४ हजार कल एकाउन्ट्समा राखेको छ। सो लगानीबाट रू.४ अर्ब ११ करोड १६ लाख आय देखाएको छ। यो हिसाबले आयको लेखाङ्कन ६.७६ प्रतिशत रहेको छ। वाणिज्य बैङ्कहरूको अन्तर बैङ्क दर तथा प्रचलित बजार दरको विश्लेषण गर्दा उक्त रकम प्रतिस्पर्धात्मक रूपमा लगानी गरेको देखिएन। कम्पनीको लगानी समितिले संस्थाको आय वृद्धि हुने विषयमा विश्लेषण गर्नुपर्दछ।

नेपाल टेलिभिजन (२०७७।७८)

सञ्चार क्षेत्रमा टेलिभिजनको माध्यमवाट सूचना प्रवाह गर्ने, श्रव्य-दृश्य माध्यममार्फत् स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिक, नेपाली भाषी तथा नेपाली भाषा प्रेमीहरूलाई जनचेतनामूलक सूचना, समाचार तथा मनोरञ्जन प्रदान गर्ने तथा विकासका लागि सञ्चार गर्ने उद्देश्यले सञ्चार संस्था ऐन, २०२८ अन्तर्गत २०४१ मा यस संस्थाको स्थापना भएको हो। संस्थाको केन्द्रीय २, क्षेत्रीय च्यानल र १९ प्रसारण केन्द्रमा २६७ स्थायी र करारमा ४३ समेत ३१० कर्मचारी कार्यरत छन् ।

१०५. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - यस वर्ष सेयर पुँजी रू.३ अर्ब ४० करोड १२ लाख, सञ्चित नोक्सान रू.१ अर्ब ९३ करोड ३९ लाख, ऋण तथा अनुदान रू.२३ करोड २ लाख रहेको देखिन्छ। स्थिर सम्पत्ति रू.८८ करोड ९ लाख र खुद चालु सम्पत्ति रू.१ अर्ब ४८ करोड १९ लाख समेत सम्पत्ति रू.२ अर्ब ३६ करोड २८ लाख रहेको देखिन्छ । गत वर्ष रू.२० करोड ९३ लाख ९४ हजार नोक्सान रहेकोमा यस वर्ष रू.२० करोड २१ लाख ६३ हजार नोक्सान भई सञ्चित नोक्सान रू.१ अर्ब ९३ करोड १४ लाख पुगेको छ । वित्तीय अवस्था विश्लेषण गर्दा कुल आय रू.५१ करोड १ लाख आम्दानी रहेकोमा सञ्चालन खर्च रू.६३ करोड ५२ लाख हुँदा संस्थाको आयले प्रशासनिक तथा नियमित मर्मत सम्भारखर्च समेत धान्न सकेको छैन । संस्थाले बजेट निर्माण गर्दा आन्तरिक तथा अन्य प्राप्त स्रोत यकिन गरी बजेट बनाउनुपर्नेमा अनुमानित आय रू.३२ करोड ७३ लाख २८ हजार र खर्च रू.६३ करोड २६ लाख ८१ हजार देखाएर शुरुमा नै नोक्सानीको प्रक्षेपण गरेको उपयुक्त देखिँदैन । आयको क्षेत्र बढोत्तरीमा ध्यान पुऱ्याउँदै खर्चमा मितव्ययिता कायम गरी नोक्सानी घटाउनेतर्फ संस्थाले ध्यान दिनुपर्ने देखिन्छ ।

१०६. **मौज्दात परिचालन** - गत वर्ष बैङ्क मौज्दात रू.९९ करोड १७ लाख ७२ हजार रहेकोमा यो वर्ष रू.९५ करोड ८९ लाख ५० हजार रहेको छ । मौज्दात रकम आय आर्जनमा वृद्धि हुने गरी सुरक्षित क्षेत्रमा लगानी गर्नुपर्नेमा विभिन्न वाणिज्य बैङ्कमा वर्षभर कल एवं चालु खातामा रू.४७ करोड २५ लाख ९५ हजार राखेको देखियो। यो वर्ष रू.३ करोड ६२ लाख २१ हजार ब्याज आय प्राप्त भए तापनि बैङ्क मौज्दात रकम लगानीको प्रभावकारी व्यवस्थापन हुन नसक्दा आयमा बढोत्तरी हुन सकेको छैन । यसरी वर्ष भर निष्क्रिय रूपमा वा न्यून ब्याज प्राप्त हुने गरी मौज्दात नराखी सोको प्रभावकारी परिचालन गर्नुपर्दछ।

१०७. **डुप्लेक्स ग्रामीण सिस्टमको सञ्चालन** - सिंहदरबारमा ग्रामीण स्टुडियो निर्माणको कार्य २०७५ मा शुरु भई रू.४ करोड १ लाख पुँजीकरण गरिएको छ। निर्माण पश्चात स्टुडियो मर्मत सम्भारको खर्च अद्यावधिक नगरेकोले मर्मत सम्भार खर्च यकिन गर्न सकिएन । उक्त प्रणाली हालसम्म सञ्चालनमा आएको नदेखिएकोले सञ्चालनमा ल्याई खर्चको उपादेयता हासिल गर्नुपर्दछ ।

१०८. **च्याम्पियन कार्यक्रम** – नेपाल टेलिभिजनले सञ्चालन गरेको दोहोरी च्याम्पियन कार्यक्रमको ग्राण्ड फाईनलमा प्रवेश गरेका ३० सहभागीको खाना र आवास एवं भ्रमण खर्च व्यहोर्ने गरी २०७७।११।१७ मा एक विज्ञापन एजेन्सी सँग सम्झौता गरेको देखियो । सम्झौतानुसार उक्त कार्य गरे बापत प्रायोजन आयमध्ये रू.१ करोडसम्मको आयमा ८५ प्रतिशत र सोभन्दा बढीको आयमा ५० प्रतिशत सो एजेन्सीले प्राप्त गर्ने उल्लेख छ । यो कार्यक्रमको एस. एम. एस. आय बाहेकको प्रायोजन आय रू.१ करोड ६८ लाख ४९ हजार भएकोमा रू.१ करोड ५ लाख ७७ हजार उक्त एजेन्सीलाई भुक्तानी गरेको देखिन्छ। कोभिडको कारणले कार्यक्रम सम्पन्न नगरेको अवस्थामा सम्झौताको प्रावधान विपरित ६२.७८ प्रतिशत भुक्तानी गरेको उचित देखिएन । साथै, सम्झौताअनुसार कलाकारलाई उपलब्ध नगराएको रकम छानबिन गरी असुल गर्नुपर्दछ। सोही कार्यक्रममा एस.एम.एस. आम्दानी रू.२ लाख १५ हजार मात्र भएकोमा एक कम्पनीलाई एस.एम.एस वापत सङ्कलन गरेको रकम भुक्तानी गर्नुपर्नेमा भोटिङ आय समेत गणना गरी सम्झौताविपरीत आयको १६ प्रतिशतले हुने रू.२६ लाख ९६ हजार भुक्तानी गरेकोले एस.एम.एस. आय भन्दा बढी भुक्तानी भएको रू.२४ लाख ८० हजार असुल गर्नुपर्दछ ।

१०९. **बक्यौता** - तेह्रौं दक्षिण एशियाली खेलकुद कार्यक्रम उत्पादन एवं प्रसारण गरेवापत नेपाल ओलम्पिक कमिटीको नाममा सम्झौता गरी बैङ्क खातामा हस्ताक्षर नै नमिल्ने भारतको एक मिडियाको चेकमार्फत् अग्रिम भुक्तानी लिएको रू.२ करोड ३६ लाख असुल गर्न विगतको प्रतिवेदनवाट औंल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

११०. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ अनुसार प्रसारण वितरण गर्ने निकायले आफूले आर्जन गरेको रकमको २ प्रतिशत प्रसारण शुल्क तिर्नुपर्ने व्यवस्था छ। संस्थाले यो वर्षको आय रू.५१ करोड १ लाख २७ हजारमा २ प्रतिशतले हुने प्रसारण शुल्क रू.१ करोड २ लाख २५ हजार दाखिला गरेको नखेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

रेडियो प्रसार विकास समिति (रेडियो नेपाल)

विक्रम सम्वत् २००७ सालदेखि सञ्चालित रेडियो नेपाल, विकास समिति ऐन, २०१३ बमोजिम २०४१ भाद्रदेखि रेडियो प्रसार सेवा विकास समितिका रूपमा सञ्चालित हुँदै आमजनतासमक्ष जनसरोकारका विषयलगायतको प्रसारणमार्फत् सेवा पुऱ्याउँदै आएको छ।

१११. **सञ्चालन स्थिति -** समितिले आन्तरिक आयतर्फ विज्ञापनबाट रू.९ करोड १६ लाख ६७ हजार, ब्याज आम्दानी रू.१ करोड १ लाख ९२ हजार, विविध आम्दानी रू.३ करोड ३५ लाख ४४ हजार, विगत वर्षको उधारो प्राप्त रू.४ लाख ७० हजार गरी रू.१३ करोड ५८ लाख ७३ हजार प्राप्त गरेकोमा रू.६९ करोड २३ लाख ४९ हजार सञ्चालन खर्च रहेको छ। समितिले आम्दानीभन्दा रू.५५ करोड ६४ लाख ७६ हजार (३०९.५५ प्रतिशत) बढी खर्च गरेको छ। नेपाल सरकारबाट प्राप्त सम्पूर्ण रकम तलब, निवृत्तभरण, कर्मचारीको सेवा सुविधा, बैठक भत्ता, दैनिक भ्रमण भत्ता, कार्यक्रम निर्माण र सञ्चालन भत्ता जस्ता चालु प्रकृतिका कार्यमा खर्च गरेकोले समिति आत्मनिर्भर हुन सकेको देखिएन।

११२. **जग्गा भाडा -** रेडियो नेपालको स्वामित्वमा रहेको ललितपुरस्थित खुमलटार ट्रान्समिट स्टेशनको ४२ रोपनी जग्गा ३० वर्षको लागि एक कम्पनीसँग मासिक भाडा रू.१७ लाख २४ हजार र सो रकममा वार्षिक १० प्रतिशत वृद्धि हुने गरी २०७४।७।२६ मा सम्झौता भएकोमा कम्पनीले उक्त जग्गा उपयोग नगरेको, भाडा रकम प्राप्त नभएको र नेपाल सरकार मन्त्रिपरिषद्ले उक्त जग्गा सरकारी दररेट अनुसार दूरसञ्चार प्राधिकरणलाई उपलब्ध गराउने २०७५।११।२८ मा निर्णय गरेकोले २०७६।५।२ मा करार सम्झौता अन्त्य गरेको देखियो। कम्पनीले स्थानीयबासीको विवादका कारण हक भोग गर्न नपाएको र हक भोग गरेको मितिदेखि मात्र जग्गा भाडा लागू गर्न ललितपुर जिल्ला अदालतमा रिट दिएकोमा निजको दाबी नपुग्ने भनी २०७९।९।१९ मा फैसला भएको छ। सम्झौताको शर्तमा जग्गा भाडामा लिनेले ६ महिनाको भाडा अग्रिम बुझाउनुपर्ने भए तापनि रकम दाखिला नगरी रू.१ करोड ३ लाख ४५ हजारको बैङ्क जमानत पेस गरेकोमा २०७९।२।८ मा जमानतको म्याद समाप्त भैसकेको छ। सम्झौता अवधि २०७६।५।२ सम्मको भाडा रू.३ करोड ७७ लाख ५९ हजार असुल गर्नुपर्दछ।

११३. **भवन निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनोट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चतता सहितको सहमति पश्चातमात्र बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। समितिले दाङमा रेडियो स्टेशन भवन निर्माण कार्य गर्न २०७६।१०।२० भित्र सम्पन्न गर्ने गरी २०७६।१।२० मा रू.२ करोड २७ लाख ७७ हजार मा एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ। पटक पटक गरी २०७९।३।३२ सम्म खरिद सम्झौताको म्याद थप गरे तापनि ८० प्रतिशत मात्र काम भएको छ। बजेट अभावको कारण देखाई समितिले २०७९।१।२ मा सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गरेको छ। बजेट सुनिश्चित गरी अधुरो निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

विज्ञापन बोर्ड

वस्तु वा सेवाको बजार प्रवर्द्धन, बिक्री, वितरण गर्न वा त्यस्तो वस्तु वा सेवाको प्रचार-प्रसारको लागि गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्ने कार्य गर्दै आएको छ।

११४. **सरकारी विज्ञापन -** विज्ञापन (नियमित गर्ने) ऐन, २०७६ को दफा २१ मा बोर्डमार्फत् विज्ञापन वितरण गर्न नेपाल सरकारले छुट्याएको कुल बजेटको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने तथा दफा २२ मा सरकारी निकायले लोककल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्दा बोर्डमार्फत् गर्नुपर्ने र सोको खर्च बोर्डमार्फत् गर्नुपर्ने उल्लेख छ। यो वर्ष लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गरेबापत बोर्डमार्फत् रू.७ करोड ७७ लाख ३२ हजार र जिल्ला हुलाक कार्यालयमार्फत् रू.१९ करोड ४९ लाख १ हजार भुक्तानी दिएको छ। जिल्ला हुलाक कार्यालयसमेत अन्य सरकारी निकायले सरकारी विज्ञापन प्रकाशन र प्रसारणबापत भुक्तानी गरेको रकममा ३ प्रतिशत रकम कट्टा गरी बोर्डमा पठाउने गरेको देखिएन। सरकारी विज्ञापन एकद्वार प्रणालीद्वारा बोर्डबाट गराई सोको भुक्तानीमा ऐनको व्यवस्थाबमोजिम ३ प्रतिशत रकम कट्टा गरी बोर्डको कोषमा जम्मा गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रयोग हुन बाँकी फ्रिक्वेन्सी बाँडफाँट र वितरण नगरेको, फ्रिक्वेन्सी नीतिले तोकेबमोजिमको फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, लाइसेन्स दस्तुर, अनुमतिपत्र शुल्क दाखिला नभएको, लागत अनुमान यथार्थपरक नभएको, मालसामान खरिदमा ओभरहेड रकम भुक्तानी गरेको, मध्यपहाडी लोकमार्ग हुँदै जिल्ला सदरमुकाम जोड्ने ब्याकबोन परियोजनाको प्याकेज-२ आरुघाटदेखि पश्चिम गण्डकी र लुम्बिनी प्रदेशको जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाइबर ओछ्याउने कार्यको एक सेवा प्रदायकबाट कार्यसम्पादन जमानत र पेस्की जमानत जफत गरी असुल नगरेको व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजू –** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ५९ निकायमा रू.२ अर्ब ७० करोड ८० लाख ५६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.२२ लाख ७६ हजार फर्स्यौट गरेकोले रू.२ अर्ब ७० करोड ५७लाख ८० हजार बाँकी रहेको छ। सोमध्ये रू.६ करोड ३९ लाख ५३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था तथा अन्य संस्था ५ तर्फ रू.३ अर्ब ८४ करोड ८६ लाख २२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.२ लाख २९ हजार फर्स्यौट गरेकोले रू.३ अर्ब ८४ करोड ८३ लाख ९३ हजार बाँकी रहेको छ। सोमध्ये रू.२ करोड ९ लाख २९ हजार म्याद नाघेको पेस्की रहेको छ।यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानून र मापदण्ड, राष्ट्रियस्तरका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, निवारणात्मकसम्बन्धी नीति, कानून, मापदण्ड र स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यवसायिक, पेशागत संघ संस्थासम्बन्धी नीति, कानून र मापदण्ड बनाउने, राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन, नर्सिङ होम स्थापना तथा सञ्चालन, कानून, मापदण्ड र नियमन, औषधि, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, आयुर्वेदिक, युनानी होमियोप्याथिक र प्राकृतिक चिकित्सा, स्वास्थ्य उपचार बीमा तथा सामाजिक सुरक्षा, जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, जनसंख्या, बसाइसराई, परिवार नियोजन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौतालगायतका कार्यहरू रहेका छन्। मन्त्रालय र मातहतका सरकारी तथा संगठित संस्थासमेत ४५ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १६ सरकारी कार्यालयको निम्नानुसार रू.५३ अर्ब १५ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
५२०६५६	४६४२	१३४९	४९१७	५३१५६४

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा, गृह, संघीय मामिला तथा सामान्य प्रशासन, शहरी विकास र प्रदेश एवं स्थानीय तहअन्तर्गतका निकायबाट भएको खर्च समावेश छैन। मन्त्रालय मातहत १ कार्यालयको २०७७।७८ को बक्यौता रू.१ करोड १६ लाख समावेश छ।

२. **संगठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष २७ संस्थाको रू.६६ अर्ब १७ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। भक्तपुर क्यान्सर अस्पतालको रू.२४ करोड ६९ लाख ७७ हजारको बक्यौता लेखापरीक्षण गरिएको छ। राष्ट्रिय ट्रमा सेन्टर र शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको लेखापरीक्षण हुन बाँकी छ।

३. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक तथा विविध सहायताको विवरणअनुसार २०७८।७९ मा १३ दातृ निकायबाट ६ करोड ५ लाख ६ हजार अमेरिकी डलरको हुने रू.७ अर्ब ७५ करोड १४ लाख (२०७९ आषाढ मसान्तको विनिमय दरअनुसार) प्राविधिक तथा विविध सहायता प्राप्त हुने उल्लेख छ। प्राविधिक सहायता खर्चको विवरण माग गरेकोमा उपलब्ध भएन। प्राविधिक सहायताको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ। त्यसैगरी कोभिड-१९ विरुद्धको खोप तथा खोप सामग्रीको लागि कोभ्याक्स, जापानिज, युनिसेफ र गाभीलगायतका दातृ निकायबाट रू.१७ अर्ब

८ करोड ४३ लाख ९२ हजारको वस्तुगत सहायता प्राप्त भएकोमा प्राप्त सामान दाखिला एवं सोको प्रभावकारी उपयोग सम्बन्धमा यकिन गर्न सकिने अवस्था छैन। वस्तुगत सहायतामा प्राप्त खोप तथा खोप सामग्रीको दाखिला र उपयोगको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

४. **शोधभर्ना स्थिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४२(१२) मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा प्रत्येक आयोजनाले शोधभर्ना माग, निकासा खर्च, प्राप्त शोधभर्ना रकम र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी अनुगमन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार वैदेशिक सहायताअन्तर्गत शोधभर्ना हुनेगरी भएको खर्चमध्ये अनुदानतर्फ रू.२८ करोड १६ लाख २६ हजार शोधभर्ना लिन बाँकी देखिन्छ। उक्त बाँकी रकम सम्झौताको शर्तबमोजिम शोधभर्ना प्राप्त गर्नुपर्दछ।

५. **केन्द्रीय वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको केन्द्रीय वित्तीय विवरणमा अस्पताल र प्रतिष्ठानहरूको कार्यसञ्चालन कोषको रकम समावेश गरेको छैन। त्यसैगरी संघ, प्रदेश र स्थानीय तहमा स्वास्थ्यसम्बन्धी समग्र कार्यको लागि मन्त्रालयले उपलब्ध गराएको रकमको एकीकृत अभिलेख समेत राखेको देखिएन। ऐनअनुसार सबै आर्थिक कारोबार मन्त्रालयको केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

६. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा बजेट तथा कार्यक्रमसँग सम्बन्धित सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले विश्व स्वास्थ्य संगठनको सोझै भुक्तानी नगद अनुदान रू.१ करोड ९ लाख ५१ हजार, स्वास्थ्य सेवा विभागले विश्व स्वास्थ्य संगठनको सोझै भुक्तानी अनुदान रू.७० करोड १५ लाख १२ हजार र युनिसेफको रू.१ करोड ७७ लाख १० हजार, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विश्व स्वास्थ्य संगठनको रू.५ करोड २४ लाख ७४ हजार र युनिसेफको रू.६५ लाख ५५ हजार समेत रू.७८ करोड ९२ लाख ५ हजार वैदेशिक सहायता प्राप्त गरी परामर्श सेवा र तालिम कार्यक्रममा भुक्तानी गरेकोमा बजेट तथा कार्यक्रममा समावेश गरेको पाइएन। सहायता रकम बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्दछ।

७. **सोझै भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा जर्मन सरकारको सहयोग अन्तर्गत के.एफ.डब्लूबाट सोझै भुक्तानी हुने अनुदानतर्फ रू.१९ करोड ९५ लाख ९३ हजार खर्च भएको छ। उक्त रकम ३ निर्माण व्यवसायी र २ आपूर्तकलाई स्वास्थ्य संस्थाको भवन निर्माण र मेडिकल सामग्री खरिदमा भुक्तानी गरेको जनाए तापनि खर्चको श्रेस्ता लेखापरीक्षणको लागि पेस गरेको छैन। सोको लेखापरीक्षण गराउनुपर्दछ।

८. **नीति कार्यान्वयन अवस्था** - राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा गुणस्तरीय एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने उल्लेख छ। राष्ट्रिय स्वास्थ्य नीति कार्यान्वयनको प्रगति विवरण

अनुसार नेपाल स्वास्थ्य जनशक्तिसम्बन्धी राष्ट्रिय रणनीति, मानव र पशुपन्छीबीच एक आपसमा सर्ने रोग एवं संक्रमण जस्ता चुनौतीको प्रतिकार्य गर्न जनस्वास्थ्य, पशु स्वास्थ्य, वनस्पति र वातावरणीय स्वास्थ्यका निकायहरूको एक स्वास्थ्य रणनीति, २०७६, नसर्ने रोगको रोकथाम र नियन्त्रणको लागि बहुक्षेत्रीय कार्ययोजना र बहुक्षेत्रीय पोषण योजना (दोस्रो) स्वीकृत भएको छ। जनसंख्या तथा बसाईं-सराइ र स्वास्थ्य तथा पोषणसम्बन्धी रणनीति तथा कार्यनीति तयार भई कार्यान्वयनमा रहेको छ। स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले पाउने उपचारसम्बन्धी जानकारीको लागि नागरिक वडापत्र तथा ड्यास बोर्डको प्रयोग, स्वास्थ्य बीमा मार्फत् विशेषज्ञ सेवाको पँहुच, आकस्मिक स्वास्थ्य सेवा पँहुचको लागि आकस्मिक स्वास्थ्य सेवा प्याकेजस्तरीय उपचार पद्धति कार्यान्वयन र दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५ अनुसार सातै प्रदेशका तोकिएका अस्पतालबाट सेवा प्रदान भएको प्रगति प्रतिवेदनमा उल्लेख छ।

निःशुल्क औषधि उपलब्ध गराउने नीति पूर्णरूपमा कार्यान्वयन नभएको, स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना गरेको भए तापनि जनसंख्याको अनुपातमा स्वास्थ्यकर्मीको सेवा नपुगेको, आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गर्नुपर्ने नीति रहेकोमा कार्यान्वयन हुन नसकेको, स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भूगोल र संघीय संरचना अनुरूप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्ने नीति रहे तापनि दक्ष जनशक्तिको अभाव र छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक जनशक्तिलाई पूर्णरूपमा परिचालन गर्न नसकेको अवस्था छ। स्वास्थ्य सेवामा लगानीअनुसारको प्रतिफल प्राप्त नहुनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकताअनुसारको आधुनिक उपकरणको अभाव हुनु, उपकरण भएको स्थानमा वैकल्पिक रूपमा सञ्चालन नभएको, सर्ने तथा नसर्ने रोग, कुपोषण तथा विपद्जन्य स्वास्थ्य समस्या विद्यमान रहेकोले नीति कार्यान्वयन प्रभावकारी हुनुपर्दछ।

९. **आवधिक योजनाको प्रगतिः** पन्ध्रौं योजनामा स्वास्थ्य क्षेत्रमा तोकिएका सूचकमध्ये प्राप्त विवरण अनुसार प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

क्र.सं.	सूचक	इकाई	२०७५।७६ को यथार्थ	२०७८।७९ को लक्ष्य	२०७८।७९ को प्रगति
१	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	जना	२३९	११६	१५१
२	५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	३९	२४	३३
३	५ वर्ष मुनिका कम तौल भएका बालबालिका	प्रतिशत	२७	१८	१९
४	नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	२१	१८	२१
५	कुल प्रजनन् दर	प्रतिशत	२३	२.१	२.१
६	५ वर्ष मुनिका बालबालिकामा भएको पुड्कोपन	प्रतिशत	३६	३१	२५
७	परिवार नियोजनको आधुनिक साधन प्रयोग दर	प्रतिशत	४३	५३	४३
८	स्वास्थ्य संस्था मार्फत् प्रसुती सेवा लिने महिला	प्रतिशत	५७	७४	७९
९	दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा जन्मिएका बच्चाहरू	प्रतिशत	५२	७३	८०
१०	प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गर्ने महिला	प्रतिशत	५०	७५	७९
११	भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला	प्रतिशत	७४	८०	७६
१२	डिपिटी हेप खोप तेस्रो प्राप्त गर्ने बालबालिका	प्रतिशत	९०	९४	९५
१३	दादुरा खोप प्राप्त गर्ने बालबालिका	प्रतिशत	९०	९४	९३
१४	तोकिए बमोजिम सबै खोप पाउने बालबालिका	प्रतिशत	७०	९५	९१

क्र.सं.	सूचक	इकाई	२०७५।७६ को यथार्थ	२०७८।७९ को लक्ष्य	२०७८।७९ को प्रगति
१५	एच.आई.भी.बाट नयाँ संक्रमित व्यक्ति (प्रति लाखमा)	संख्या	३०	१८	१३
१६	गर्भवती महिलामध्ये पि.एम.टी.सी.टी. सेवा पाएका महिला	प्रतिशत	७०	९०	८१
१७	कालाजारको संक्रमण भएको व्यक्ति (प्रति १० हजारमा)	जना	०.०८	०	०.०४
१८	हात्तीपाइले रोगको प्रिभेलेन्स दर (प्रति लाखमा)	जना	३.२१	०	५.१
१९	स्वास्थ्य बीमामा आबद्ध भएको जनसंख्या	प्रतिशत	८	६०	२१

उल्लिखित तालिकाअनुसार मातृ मुत्युदर, ५ वर्षमुनिको बाल मृत्युदर, ५ वर्षमुनिको कम तौल भएका बालबालिका, नवजात शिशु मृत्युदर, परिवार नियोजनको आधुनिक साधन प्रयोग गर्ने दर, भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला, गर्भवती महिलामध्ये पी.एम.टी.सी.टी.सेवा पाएका महिला, तोकिएबमोजिम सबै खोप लगाउने बच्चाहरू, हात्तीपाइले रोगको प्रिभिलेन्स दर, कालाजार संक्रमण भएको संख्या र स्वास्थ्य बीमामा आबद्ध जनसंख्या सूचकमा लक्ष्यअनुसार प्रगति भएको देखिँदैन। निश्चित अवधिभित्र तोकेको लक्ष्यअनुसार प्रगति हासिल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१०. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यअन्तर्गत सबै उमेर समूहका व्यक्तिको स्वास्थ्य जीवन सुनिश्चित गरी संवृद्ध जीवन प्रवर्द्धन गर्न सन् २०२२ सम्म मातृ मृत्यु अनुपात प्रति एक लाखमा ११६ भन्दा कम गर्ने उल्लेख भएकोमा यो वर्षसम्म १७४ रहेको, नवजात शिशु मृत्यु प्रतिहजार जीवित जन्ममा १६ र ५ वर्षमुनिको बाल मृत्यु प्रतिहजार जीवित जन्ममा २७ मा सीमित गर्ने लक्ष्य भएकोमा क्रमशः २१ र ३३ रहेको छ। क्षयरोग प्रतिलाख जनसंख्यामा ६७ मा झार्ने लक्ष्य रहेकोमा १२९ पुगेको, १५ देखि ४९ वर्षसम्मको नयाँ एच.आई.भी.संक्रमित प्रतिहजारमा ०.०१८ प्रतिशत लक्ष्य तोकिएकोमा ०.०१४ प्रतिशत पुगेको छ। आत्महत्याबाट मृत्यु हुने दर प्रति एक लाख जनसख्यामा ९ लक्ष्य रहेकोमा २३ पुगेको, सडक दुर्घटनाबाट मृत्यु हुने संख्या प्रति एकलाख जनसंख्यामा ८ लक्ष्य रहेकोमा ९ पुगेको मन्त्रालयबाट प्राप्त दिगो विकास लक्ष्य प्रगति विवरणमा उल्लेख छ। दिगो विकास लक्ष्य प्राप्तिको लागि स्पष्ट कार्ययोजना र सोको कार्यान्वयन गर्न सबै तहका स्वास्थ्य निकायबीच समन्वय, आवधिक मूल्याङ्कन तथा प्रभावकारी नियमन गर्नुपर्दछ।

११. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७८।७९ मा उल्लेखित विषय कार्यान्वयन सम्बन्धमा निम्न व्यहोरा देखिएको छ।

११.१. वीर अस्पतालको विस्तारित सेवा सञ्चालन गर्न भक्तपुरको दुवाकोटमा अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक सुविधा सम्पन्न अस्पताल तीन वर्षभित्र निर्माण सम्पन्न गर्न रू.५० करोड बजेट व्यवस्था भएकोमा उक्त कार्य प्रारम्भ भएको छैन।

११.२. अन्तर्राष्ट्रिय नाकामा कोभिड-१९ को लागि हेल्थ डेस्क स्थापना तथा सञ्चालन गर्न रू.२ करोड ३५ लाख बजेट व्यवस्था भएकोमा सो कार्य नगरी कार्यक्रम संशोधन तथा रकमान्तरबाट राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको लागि आवश्यक केमिकल तथा रिएजेन्ट खरिद गर्न उपलब्ध गराएको छ।

११.३. रोग निदानको लागि विदेशमा नमूना परीक्षण गर्न पठाउनुपर्ने बाध्यतालाई अन्त्य गर्न पूर्वाधार विकास र आवश्यक उपकरणको व्यवस्था गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई सेन्टर फर एक्सिलेन्सको रूपमा स्तरोन्नति गर्ने बजेट वक्तव्यमा उल्लेख भएकोमा केन्द्रीय प्रयोगशालालाई अन्तर्राष्ट्रियस्तरको राष्ट्रिय निदान केन्द्रको रूपमा स्तरोन्नति गर्न गुरुयोजना तयार गरी मन्त्रीस्तरबाट स्वीकृत भए तापनि

गुरुयोजनाबमोजिम प्रयोगशाला भवन निर्माण कार्यको लागि यो वर्ष रू.१ करोड २६ लाख ४२ हजार बजेट व्यवस्था भएकोमा खर्च भएको छैन।

११.४. अस्पतालमा शय्या अभावमा स्वास्थ्य उपचार हुन नपाउने अवस्था हुन नदिइने बजेट वक्तव्यमा उल्लेख छ। भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शय्यासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नति गर्न यो वर्ष रू.६ अर्ब ९६ करोड ६२ लाख ३५ हजार खर्च भएको र आधारभूत अस्पताल निर्माण गर्न ६५५ निकायलाई अनुमति दिएकोमध्ये ४१४ निकायमा निर्माणाधीन अवस्थामा रहेको र २४१ निकायमा निर्माण शुरु नै भएको छैन।

११.५. यस आर्थिक वर्षभित्र काठमाडौं उपत्यकामा ३०० शय्याको केन्द्रीय सरुवा रोग अस्पताल र सबै प्रदेशमा ५० शय्याको सरुवा रोग अस्पताल निर्माण गर्ने कार्यक्रम रहेकोमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई स्तरवृद्धि गरी केन्द्रीय सरुवा रोग अस्पतालको रूपमा विकास गर्न बजेट व्यवस्था नभएको, कोशी प्रदेशको सुन्दरहरैचामा भवनको शिलान्यास भई जग्गा विवादको कारण स्थगित रहेको, मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा भवन निर्माणको कार्य भइरहेको र कर्णाली प्रदेशमा जग्गा प्राप्तिको कार्य अन्तिम चरणमा पुगेको मन्त्रालयबाट प्राप्त विवरणमा उल्लेख छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन नहुँदा वा न्यून हुँदा स्वास्थ्य सेवा प्रवाहमा असर पर्ने भएकोले निर्धारित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१२. **बजेट अबण्डा -** अर्थ मन्त्रालयको २०७८।७९ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको (क) २ मा कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी एकमुष्ट रकम विनियोजन भएमा २०७८ असोज मसान्तभित्र रकम बाडँफाँट गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले बजेटको ठूलो हिस्सा अबण्डा राखी पटक पटक संघीय, प्रदेश तथा स्थानीय तहका कार्यालयको लागि रकमान्तर गरेको देखिन्छ। मन्त्रालयले कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यक्रम र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा विनियोजित रू.५२ अर्ब ८६ करोड ९२ लाखमध्ये रू.४८ अर्ब २१ करोड ५७ लाख ५९ हजार (९१.२० प्रतिशत) रकमान्तर गरी घटाएको छ।

अस्पताल, प्रदेश र स्थानीय तहका स्वास्थ्य संस्थालाई आर्थिक वर्षको अन्त्यमा रू.५ अर्ब ७७ करोड २३ लाख ४२ हजारका कार्यक्रम संशोधन गरी रकमान्तर गरेको छ। आर्थिक वर्षको अन्त्यमा कार्यक्रम सञ्चालन, मेसिन खरिद, अस्पताल भवन निर्माणको लागि रकमान्तर गरी बजेट थप गर्दा खरिद प्रक्रिया मितव्ययी एवं प्रतिस्पर्धी नहुने र सम्पन्न काम गुणस्तरीय नहुने भएकोले मार्गदर्शनमा तोकिएको अवधिभित्र बजेट बाँडफाँट गर्नुपर्दछ।

१३. **उपकरण उपयोग -** संघीय, प्रदेश र स्थानीय तहका निकाय, सामुदायिक, निजी अस्पताल तथा मेडिकल कलेजहरूको लागि आवश्यक आ.ई.सी.यू, पी.आई.सी.यू, एच.डी.यू. भेन्टिलेटर, अक्सिजन प्लान्ट लगायतको उपकरण खरिद गर्न मन्त्रालयलाई यो वर्ष रू.३ अर्ब १२ करोड ७४ लाख विनियोजन भएकोमा रू.३ अर्ब १० करोड ४१ लाख खर्च भएको छ। महामारीको समयमा विभिन्न दातृ निकाय एवं सहयोगी निकायबाट समेत उपकरण प्राप्त भएका छन। मन्त्रालयले गत विगत वर्षदेखि विभिन्न अस्पतालमा रहेका र यो वर्ष खरिद भएका उपकरणको सञ्चालन अवस्था खुल्ने गरी एकीकृत विवरण तयार गरी अनुगमन गरेको छैन। मेसिन उपकरणका अतिरिक्त आइसोलेशन सेन्टर र क्वारेन्टाइनमा रहेका सामग्रीको एकीकृत अभिलेख राखी सोको प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

१४. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्लो वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउपत्र, अन्य बजारको प्रचलित दरभाउपत्र र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दरभाउपत्रलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने तथा विदेशबाट आयात हुने वस्तुको अन्तर्राष्ट्रिय बजार मूल्य, उत्पादक कम्पनीको मूल्य तथा समान प्रकृतिका संस्थाबाट वास्तविक मूल्य लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

१४.१. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल र सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले लिनियर मेसिन र एम.आर.आई.मेसिन खरिद गर्दा आपूर्तकसँग माग गरेको औसत दररेटलाई आधार लिई लागत अनुमान तयार गरेको छ। प्रतिष्ठानले अक्सिजन प्लान्ट, एम.आर.आई.मेसिन र डी.आर.एक्सरे मेसिनको लागि रू.१९ करोड ४४ लाख ८३ हजार, भेरी अस्पतालले एम.आर.आई.मेसिनको रू.२३ करोड ९३ लाख ६९ हजार र क्यान्सर अस्पतालले लिनियर मेसिनको रू.२४ करोड ९९ लाख ९० हजारको लागत अनुमान तयार गर्दा नियममा भएको व्यवस्था बमोजिम तयार गरेको छैन। नियममा भएको व्यवस्था पालना गरी लागत अनुमान यथार्थपरक बनाउनुपर्दछ।

१४.२. स्वास्थ्य सेवा विभागले कोभिड-१९ इमुनाइजेशनको लागि खरिद गरेको सिरिञ्ज, एडी सिरिञ्ज ०.५ एम.एल. र डी.पी.टी.टिटानस इन्ट्रामस्कुलरको लागि खरिद एडी सिरिञ्ज ०.५ एमएलको स्पेसिफिकेशन एउटै छ। एउटै स्पेसिफिकेशन भएको सिरिञ्जको लागत अनुमान दर गत वर्ष प्रतिपिस रू.४।४१ रहेकोमा यो वर्ष प्रतिपिस रू.८।१७ रहेको छ। प्रतिस्पर्धात्मक विधिबाट खरिद गरेको भए तापनि गत वर्ष प्रति पिस रू.४।१४ ले भुक्तानी भएकोमा यो वर्ष रू.६।७४ ले भुक्तानी भएको छ। सिरिञ्जको लागत अनुमान तयार गर्दा एउटै प्रकृतिको सामान अघिल्लो वर्षको लागत अनुमानको दरलाई आधार नलिई स्थानीय बजारको ३ आपूर्तकको औसत दरलाई आधार लिँदा गत वर्षको तुलनामा यो वर्ष प्रतिपिस रू.२।६० बढी दरले २ करोड ४ लाख ८४ हजार थान खरिदमा रू.५ करोड ३२ लाख ५८ हजार बढी लागत परेको छ।

१५. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले सम्झौता रकमको अधिकतम १० प्रतिशत नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ। यो वर्ष सम्झौतामा तोकेको अवधिमा कार्य सम्पन्न नगर्ने स्वास्थ्य सेवा विभागको सरसफाई प्रवर्द्धन तथा उत्प्रेरणा सामग्री छपाइको एक आपूर्तकको रू.१९ लाख १४ हजार, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको फार्मेसी भवन र पी.जी.होस्टेल भवन निर्माणको एक निर्माण व्यवसायीको रू.८३ लाख २१ हजार, भरतपुर अस्पतालको ५ आपूर्तकको रू.४ लाख ८२ हजार र राप्ती विज्ञान प्रतिष्ठानको एक आपूर्तकको रू.१ करोड १४ लाख ५० हजार समेत रू.२ करोड २१ लाख ६७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको छैन। उक्त रकम सम्झौताबमोजिम असुल गर्नुपर्दछ।

१६. **सशर्त अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ (३) मा निःशर्त बाहेकका अन्य अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेमा

नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभिन्न प्रयोजनको लागि उपलब्ध गराइएको अनुदानमध्ये परोपकार तथा स्त्रीरोग अस्पतालको रू.१ करोड ६६ लाख ८० हजार र बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको रू.२ करोड ८२ लाख ८० हजार समेत रू.४ करोड ४९ लाख ६० हजार आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी देखिएकोले संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१७. **विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखाम्ने गरी आगामी वर्ष भुक्तानी दिनुपर्ने भए भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा समावेश गराउनुपर्ने व्यवस्था छ। यो वर्ष बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले रू.२९ करोड ८३ लाख ९६ हजार, वीर अस्पतालले रू.३ करोड ९१ हजारसमेत रू.३२ करोड ८४ लाख ८७ हजार विगतको भुक्तानी दिन बाँकी रकम वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी भुक्तानी गरेका छन्। विगत वर्षको भुक्तानी दिँदा चालू वर्षको कार्यक्रममा प्रभाव पर्ने भएकोले नियमानुसार भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गराई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र दायित्व भुक्तानी गर्नुपर्दछ।

१८. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले निर्माण कार्य र सर्जिकल सामान खरिदमा रू.१ करोड ४२ लाख ७२ हजार, भरतपुर अस्पतालले मेसिनरी औजार उपकरणमा रू.२ करोड ८७ लाख ७८ हजार र स्वास्थ्य बीमा बोर्डले कार्यालय सामान र फर्निचरमा रू.४८ लाख ५ हजार, समेत रू.४ करोड ७८ लाख ५५ हजारको खरिद कार्य सोझै गराएका छन। प्रतिस्पर्धा बेगरको खरिदमा नियन्त्रण हुनुपर्दछ।

१९. **एम.आर.आई. मेसिन खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेखु अघि भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। नारायणी अस्पतालले एम.आर.आई.मेसिन खरिदका लागि आपूर्तकको नाममा प्रतीतपत्र खोली पेस्की जनाउनुपर्नेमा एक बैंकमा चल्ती खाता खोली रू.३० करोड जम्मा गरेको छ। मेसिन जडान गर्ने स्थानको व्यवस्था र मेसिन सञ्चालन गर्ने जनशक्ति नभएको अवस्थामासमेत वर्षान्तमा बजेट फ्रिज नगराउने उद्देश्यले उक्त खातामा रकम जम्मा गर्न मिल्ने देखिँदैन। मन्त्रालयको पत्रबाट २०७९।९।२९ मा ८० प्रतिशत रकम अमेरिकी डलर १८ लाख ३८ हजार ३४० (नेपाली रूपैयाँ २४ करोड ३ लाख ७१ हजार) आपूर्तकलाई भुक्तानी भएको र सामग्री प्राप्त भई जडान कार्य भइरहेको व्यहोरा लेखिआएको छ।

त्यस्तै भेरी अस्पतालले एम.आर.आई.मेसिन खरिद गर्न एक आपूर्तकसँग सम्झौता गरी प्रोफर्मा इन्भ्वाइसको आधारमा एक वाणिज्य बैङ्कमा प्रतीतपत्र खोली रू.२२ करोड ८९ लाख ५५ हजार पेस्की नजनाई खर्च लेखेको छ। मेसिन आपूर्ति नहुँदै पेस्कीसमेत नजनाई खर्च लेख्न मिल्ने नदेखिएकोले उक्त रकम पेस्की जनाउनुपर्दछ।

२०. **कोष दाखिला -** स्वास्थ्य तालिम कार्य सञ्चालन कोष सञ्चालन कार्यविधि, २०५९ को दफा (२) मा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले आर्जन गर्ने खुद मुनाफा रकमको ३० प्रतिशत सञ्चित कोषमा जम्मा गर्नुपर्ने

व्यवस्था छ। केन्द्रले उक्त व्यवस्थाअनुसार यो वर्षको मुनाफा रू.३० लाख ७ हजारको ३० प्रतिशतले हुने रू.९ लाख २ हजार सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२१. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नारायणी अस्पतालले आई.सी.यु.बेड लगायत मेसिनरी औजार खरिदको बिलअनुसार रू.२ करोड २३ लाख ५७ हजार भुक्तानी गर्नुपर्नेमा रू.२ करोड ४३ लाख ९१ हजार भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रू.२० लाख ३४ हजार असुल गर्नुपर्दछ।

२२. **उठ्न बाँकी भाडा -** सम्झौता बमोजिम पसल, कबलको भाडा तोकिएको म्यादभित्र असुल गर्नुपर्दछ। यो वर्ष वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले रू.१ करोड ६३ लाख ५ हजार. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले रू.२६ लाख ४३ हजार, कान्तिबाल अस्पतालले रू.५१ लाख २७ हजार, भरतपुर अस्पतालले रू.१ करोड ५ लाख ८९ हजार, वीर अस्पतालले रू.३ करोड ११ लाख ७ हजार समेत रू.६ करोड ५७ लाख ७१ हजार भाडा असुल गरेका छैनन्। सम्झौताको शर्तअनुसार भाडा रकम असुल गर्नुपर्दछ।

२३. **राजश्व छुट सिफारिस -** स्वास्थ्य संस्थाले पैठारी गर्ने स्वास्थ्य उपकरण, कोभिडजन्य आइटम, अक्सिजन जेनेरेटर, भेन्टिलेटर, हेमोडायलाइसिस मेसिन, इकोकार्डियोग्राफी मेसिनको लागि राजश्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको छ। मन्त्रालयले यो वर्ष रू.१५ अर्ब ९९ करोड ५४ लाख बराबरको स्वास्थ्य उपकरण, औजार, एम्बुलेन्स (२७६ थान) र शवबाहन (२१ थान) को पैठारीमा राजश्व छुटको सिफारिस गरेको छ। राजश्व छुट दिई पैठारी भएका मेसिन/उपकरण तथा सवारीसाधन लक्षित वर्ग/समूहको हितमा प्रयोग भए, नभएको तथा राजश्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाको सेवा शुल्क सम्बन्धमा मन्त्रालयले अनुगमन नगरेको तथा राजश्व छुट दिँदा छुट प्राप्त गर्ने स्वास्थ्य संस्थाको अनुगमन गरी स्वास्थ्य संस्थाले तिर्नुपर्ने कर दाखिला गरे नगरेको, सहुलियत पूर्ण मूल्य निर्धारण गरे नगरेको विश्लेषण गरेको छैन। राजश्व छुट प्राप्त गर्ने स्वास्थ्य संस्थाको अनुगमन गर्ने र राजश्व छुटमा पैठारी भएका उपकरण तथा स्वास्थ्य सामग्रीको उपयोग गरी सेवा प्रवाह गर्दा सेवाग्राहीले तिर्ने शुल्कमा समेत सहुलियत हुने व्यवस्था गर्नुपर्दछ।

२४. **सञ्चालन अनुमति -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ मा अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने उल्लेख छ। मन्त्रालयमा २०० शय्याभन्दा माथिको स्वास्थ्य संस्था सञ्चालन अनुमतिका लागि १७ संस्थाले ६ हजार १०० शय्या स्वीकृतिको लागि निवेदन दिएकोमा १३ संस्थाले ४ हजार ३०० शय्याको अनुमति पाएको र अन्य ४ संस्थाले वातावरण संरक्षण ऐनबमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन र राष्ट्रिय भवन संहिता, २०६० बमोजिम अस्पताल भवनको कागजात पेस नगरेको जनाई अनुमतिको निवेदन उपर थप कारबाही भएको देखिएन।

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नतिसम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ को दफा १३ मा स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित संस्थाले अनुसूची-६ बमोजिमको दस्तुरसहित अनुमति प्रदान गर्ने निकायलाई बुझाउनुपर्ने उल्लेख छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार र वेबसाइटमा स्वयं खुलासा गरेको

अनुमति प्राप्त शय्या संख्यामा एक निजी अस्पतालले अनुमति नलिई ४६४ शय्या सञ्चालन गरेको देखिएको छ। त्यस्तै, अर्को एक निजी अस्पतालको ४०० शय्या, एक मेडिकल कलेजको ४५० शय्या र एक सामुदायिक अस्पतालको ५० शय्याको मन्त्रालयले उपलब्ध गराएको विवरणभन्दा ती संस्थाको वेबसाइटमा स्वयं खुलासा गरेको अनुमति शय्या संख्या बढी देखिएकोले छानबिन गरी अनुमति नलिई सञ्चालन गरेका स्वास्थ्य संस्थालाई नियमानुसार कारबाही गर्नुपर्दछ।

२५. **विशेषज्ञ परिचालन** - चिकित्साशास्त्र छात्रवृत्ति छनौट परिचालन कार्यविधि, २०७२ को बुँदा १५ मा विशेषज्ञ परिचालन गर्न सकिने व्यवस्था छ। विशेषज्ञ परिचालनसम्बन्धी प्राप्त विवरणअनुसार एम.डी. एम.एस.र एम.डी.एस. तहमा सफल भएका १५५ मध्ये १२१ जनालाई विभिन्न अस्पतालमा खटाई ३४ जना खटाउन बाँकी रहेको देखिन्छ। चिकित्सक मागसम्बन्धी अस्पतालको पत्रानुसार डडेलधुरा अस्पतालमा १६, गोरखा अस्पतालमा ३, बझाङ्ग जिल्ला अस्पतालमा ६ चिकित्सकको दरबन्दी रिक्त छ। मागअनुसार चिकित्सक उपलब्ध हुन नसकेको र खटाएको अस्पतालमा जान नचाहने प्रवृत्ति देखिएकोले विशेषज्ञ चिकित्सकको अभाव हुन गई अस्पतालको सेवा प्रवाहमा असर पुगेको देखिन्छ। दरबन्दी बमोजिम चिकित्सक अस्पतालमा खटाउनुपर्दछ।

२६. **संगठन व्यवस्थापन** - नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ मा संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्यसम्बन्धी अधिकार उल्लेख छ। संघको अधिकार सूचीमा स्वास्थ्यसम्बन्धी नीति, मापदण्ड, गुणस्तर, नियमन लगायत प्रदेशको अधिकार सूचीमा स्वास्थ्य सेवाको विषय, संघ र प्रदेशको अधिकारको साझा सूचीमा औषधि र विषादीको विषय र स्थानीय तहको अधिकार सूचीमा आधारभूत स्वास्थ्यसम्बन्धी अधिकार रहने उल्लेख छ। स्वास्थ्यसम्बन्धी कार्य गर्न संघ अन्तर्गत ४६, प्रदेश अन्तर्गत २३९ र स्थानीय तह अन्तर्गत ४ हजार ३९२ समेत ४ हजार ६६७ निकाय रहेका छन्। मन्त्रालय अन्तर्गतका विभागमध्ये औषधि व्यवस्था विभाग अन्तर्गत ४ कार्यालय मात्र रहेकोमा स्वास्थ्य सेवा विभाग र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग मातहत कुनै कार्यालय छैनन्। स्वास्थ्य सेवा विभागको मुख्य कार्य मन्त्रालयको काममा सहजीकरण गर्ने रहेको र विभाग मातहत अन्य कार्यालयसमेत नरहेकोले प्रशासनिक र सेवा प्रवाह सरलीकृत गर्न एवं लागत अनुसारको लाभ प्राप्त गर्न संगठन संरचनामा पुनरावलोकन हुनुपर्दछ।

२७. **कर्मचारी समायोजन** - नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २५ मा कुनै पनि कर्मचारीलाई पदीय जिम्मेवारी नदिई एक महिनाभन्दा बढी अवधिसम्म कार्यालयमा राख्न नहुने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार साविकमा ३१ हजार ५९२ दरबन्दी रहेकोमध्ये संघ, प्रदेश र स्थानीय तहमा २६ हजार ७१७ कर्मचारी समायोजन भएका, २०९ फाजिलमा रहेका र ४ हजार ६६६ दरबन्दी रिक्त रहेको उल्लेख छ। समायोजनपश्चात् कतिपय कार्यालयमा बढी र कतिपयमा घटी कर्मचारी रहेको अवस्था देखिँदा कार्यबोझ र सेवा प्रवाहको अवस्थालाई मध्यनजर गरी कर्मचारी समायोजन गर्नुपर्ने व्यहोरा गत वर्ष पनि औंल्याइएकोमा स्थिति यथावत् छ।

२८. **अनुदान** - सामुदायिक अस्पतालहरूलाई अनुदान दिनेसम्बन्धी निर्देशिका, २०७३ को दफा ४ अनुसारको प्रक्रिया पुरा नगरी मन्त्रालयले ३८ सामुदायिक अस्पताल तथा संस्थालाई रू.४४ करोड ९५ लाख अनुदान उपलब्ध गराएको छ। सोमध्ये आँखा अस्पताल सञ्चालन गर्ने ६ गैरसरकारी संस्थालाई रू.३

करोड ७२ लाख अनुदान दिएको छ। अनुदान दिएको रकम उपयोग सम्बन्धमा अनुगमन गरी उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२९. **अनुगमन तथा नियमन -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार स्वास्थ्य संस्थाको अनुगमन तथा नियमन गर्नुपर्ने उल्लेख छ। यस्तो अनुगमन मेडिकल कलेजको मन्त्रालयले, २०० शय्याभन्दा बढीको अस्पताल, २५ शय्या माथिको डाइलाइसिस केन्द्र र पुनर्स्थापना केन्द्रको स्वास्थ्य सेवा विभाग र २०० भन्दा कम शय्याको अस्पताल प्रदेश सरकारले अनुगमन गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

२९.१. यो वर्ष स्वास्थ्य सेवा विभागले १० निजी अस्पतालको अनुगमन गरेकोमा अस्पताल सञ्चालन गर्नु पूर्व अनुमति नलिएको, ओ.टी. र आई.सी.यू.मा संक्रमण रोकथामको लागि नियमित कार्यतालिका बनाई निर्मलीकरण गर्नुपर्ने, प्रत्येक बेडहरूबीच न्यूनतम दुरी (चार फिट) अनिवार्य हुनुपर्ने, गरिब असहाय र ज्येष्ठ नागरिकको लागि १५ प्रतिशत निःशुल्क शय्याको व्यवस्था गर्नुपर्ने, गुणस्तर कायम गर्नको लागि आफूले प्रदान गरेको सेवाको स्वमूल्याङ्कन गराई प्रतिवेदन गर्ने, संस्थामा पूरा समय काम गर्ने परामर्श विज्ञ तथा मनोविमर्शकर्ताको व्यवस्था गर्ने, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्नुपर्ने, फोहोरमैला व्यवस्थापन हुनुपर्ने, मापदण्डअनुसारको जनशक्ति सबै उपचार कक्षमा व्यवस्थापन हुनुपर्ने, औषधि भण्डार तथा केमिकल रिएजेन्ट स्टोरका लागि प्रयोग हुने रेफ्रिजरेटरको नियमित तापक्रम मापन गर्नुपर्ने, भण्डारण कक्षको तापक्रम अभिलेख राख्नुपर्ने, भेन्टिलेटरसहितको सघन उपचार कक्ष स्थापना गर्ने तथा औषधि चौबिसै घण्टा अस्पताल क्षेत्रभित्र उपलब्ध हुनुपर्ने लगायतका विषयमा कैफियत देखिएको छ। यसरी सञ्चालनको मापदण्ड पुरा नगर्ने अस्पताललाई नियमानुसार कारबाही गरेको छैन।

२९.२. सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्ड, २०७५ ले तोकेको न्यूनतम मापदण्ड पुरा गरी अस्पताल सञ्चालन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले उपचार गर्न आवश्यक मेसिन, औजार, कोठा, अपरेशन गर्ने ठाउँको आधारमा उपचारात्मक सेवाको सूचकलाई ६० प्रतिशत भार, फोहोर व्यवस्थापन, औजार उपकरणको निर्मलीकरण, बिजुली बत्ती, स्वच्छ खानेपानीको आधारमा अस्पताल सहयोग सूचकलाई २० प्रतिशत भार र सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक जनशक्ति, जिम्मेवारी, लेखा प्रणालीको सूचकलाई २० प्रतिशत अङ्क भार दिई सोको आधारमा यो वर्ष ११ सरकारी अस्पतालको अनुगमन गरी नतिजा प्राप्त गरेको छ। प्राप्त नजिताअनुसार न्यूनतम सेवा मापदण्ड अङ्क सबभन्दा बढी भेरी अस्पतालको ६७ प्रतिशत र सबैभन्दा घटी गजेन्द्र नारायण सिंह अस्पतालको ३० प्रतिशत रहेको छ। प्रभावकारी नियमनको अभावका कारणले अस्पतालमा न्यूनतम सेवाको मापदण्ड पुरा हुन नसकेको देखिएको छ। न्यूनतम सेवा मापदण्ड पुरा नगर्ने अस्पताल व्यवस्थापनलाई आवश्यक कारबाही गर्नुपर्दछ।

२९.३. मन्त्रालयले चितवन मेडिकल कलेज प्रा.लि.चितवन, युनिभर्सल कलेज अफ मेडिकल साइन्स, रूपन्देही, विराट मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.मोरङ, मणिपाल कलेज अफ मेडिकल साइन्सेस, पोखरा लगायत १३ अस्पतालमा गरेको अनुगमन प्रतिवेदनमा अस्पतालले प्रदान गरेको सेवाको विवरण, अस्पतालमा आउने विपन्न, सहायक, बेवारिसे बिरामीलाई निःशुल्क उपचार सेवा उपलब्ध गराएको मासिक विवरण सम्बन्धित निकायमा नियमित रूपमा नपठाएको, ज्येष्ठ नागरिकलाई विशेष

किसिमको सुविधाको व्यवस्था गरी आवश्यक मात्रामा शय्या छुट्याउनुपर्ने, सघन उपचार कक्ष लगायत क्रिटिकल केयरमा शय्याको अनुपातमा नर्सिङ जनशक्तिको व्यवस्था गर्नुपर्ने, अस्पतालमा नर्सिङ भोलेन्टियर राख्न नपाइने, वार्डहरूमा शय्याबीचको दूरी व्यवस्थापन गर्नुपर्ने, एक्स-रे, सी.टी.स्क्यान लगायत विकिरण उत्सर्जन गर्ने कोठाको वरिपरी प्रत्येक तीन वर्षमा विकिरण सर्वेक्षण गर्नुपर्ने, अस्पताल फार्मेसी मापदण्डबमोजिम दक्ष जनशक्तिमार्फत् सञ्चालन गर्नुपर्ने, अस्पतालमा आधारभूत मेडिकल इमरजेन्सीसम्बन्धी तालिम लिएको स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स सेवाको व्यवस्था हुनुपर्ने, अस्पतालले पानी सुरक्षा योजना तयार गरी सोबमोजिम कार्यान्वयन गर्नुपर्ने, आई.सी.यू.मा आइसोलेशन कोठा छुट्टै व्यवस्था हुनुपर्ने लगायतका व्यहोरा उल्लेख छ। अस्पतालहरूले सञ्चालन गरेको विभिन्न सेवा तथा कार्यक्रमको पुनरावलोकन गरी सेवा प्रवाहलाई चुस्त, प्रभावकारी र जनमैत्री बनाउनुपर्दछ।

२९.४. स्वास्थ्य संस्थाले लिने शुल्कमा विविधता रहेको र निजी क्षेत्रका स्वास्थ्य संस्थाको सेवा शुल्क सरकारी स्वास्थ्य संस्थाको तुलनामा बढी रहेको ठहर गरी सोको विस्तृत रूपमा अध्ययन गरी शुल्क निर्धारण गर्न २०७६।९।२७ मा कार्यदल गठन गरेको छ। कार्यदलले विराटनगरस्थित कोशी अस्पताल र चितवनस्थित बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा निजी अस्पतालले लिने सेवा शुल्क निर्धारणसम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरे तापनि प्रतिवेदन पेस गरेको छैन। कार्यदलको प्रतिवेदन लिई स्वास्थ्य संस्थाले लिने शुल्कको मापदण्ड निर्धारण गर्नुपर्दछ।

३०. **सेवाको पहुँच तथा गुणस्तर -** अस्पताल लगायत स्वास्थ्य संस्थाको सेवा प्रभावकारी हुन भौतिक, जनशक्ति तथा उपकरणलगायतको उचित व्यवस्थापन हुनुपर्दछ। यससम्बन्धी देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

३०.१. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले प्रधानमन्त्री राहत कोषबाट अपरेशन थिएटर तथा उपकरण खरिद कार्यको लागि रू.१ करोड प्राप्त गरेकोमा ठेक्का बन्दोबस्त भई उपकरण आपूर्तिका क्रममा रहेकोले विविध खातामै रकम मौज्दात रहेको छ।

३०.२. मन्त्रालयले ७ वटै प्रदेशमा एक/एक अत्याधुनिक आयुर्वेदिक अस्पताल स्थापना गर्न रू.१० करोड, ७ वटै प्रदेशमा सरुवा रोग अस्पताल स्थापना गर्न रू.१ करोड ८६ लाख ४८ हजार, दाउन्नेमा ५० बेडको ट्रमा केन्द्र स्थापना गर्न भवन निर्माणको लागि रू.९ करोड बजेट व्यवस्था भएकोमा खर्च गरेको छैन। स्वास्थ्य सेवा विभागले कुल कार्यक्रम संख्या ४८२ मध्ये १४९ कोभिड रोकथाम तथा नियन्त्रण, नर्सिङ तथा सामाजिक सुरक्षा, परिवार कल्याण र महामारी रोग नियन्त्रण कार्यक्रममा रू.१७ अर्ब ९० करोड १२ लाख ७१ हजार बजेट व्यवस्था भएकोमा कार्यक्रम कार्यान्वयन नभएकोले स्वास्थ्य सेवाको गुणस्तरमा प्रभाव परेको छ।

३०.३. बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको रू.५८ लाख ३ हजार, राष्ट्रिय क्षयरोग केन्द्रको रू.४ लाख ९० हजार र वीर अस्पतालको रू.१८ लाख ४२ हजार मूल्यका औषधि तथा रिएजेन्टको म्याद समाप्त भएकोले सम्झौताको शर्तबमोजिम सम्बन्धित आपूर्तकबाट ती औषधिको प्रतिस्थापन गर्नुपर्दछ।

३०.४. स्वास्थ्य सेवा विभागले इ.सी.जी. मेसिन, फुल्ली अटोमेटेड इण्डोस्कोप रिप्रोसेसिङ्ग मेसिन, हेमाटोलोजी एनालाइजर मेसिन, आइ.सी.यू. भेन्टिलेटर, मोबाइल एक्सरे मेसिनलगायतका रू.१५ करोड ६१ लाख २८ हजार मूल्यका उपकरण खरिद गरेकोमा पोर्टेबल भेन्टिलेटर ४१, यु.एस.जी मेसिन ३८, पोर्टेबल

यु.एस.जी. कलर डप्पलर ५, नियोनेटल टु एडल्ट भेन्टिलेटर २१, आई.सी.यू. भेन्टिलेटर ५, इ.सी.जी. मेसिन १ सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थालाई वितरण नगरी मौज्दातमा रहेको छ। समयमा मालसामानको उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

३०.५. औलो तथा कालाजार रोग नियन्त्रणको लागि ४० हजार विषादीयुक्त झुल रू.१ करोड ४१ लाख १३ हजारमा खरिद गरी २०७९।८।७ मा स्टोर दाखिला भए तापनि २०७९।११।२८ सम्म वितरण भएको छैन।

स्वास्थ्य सेवाको पहुँच र गुणस्तर कायम गर्न स्वीकृत कार्यक्रम कार्यान्वयन गरी खरिद गरिएका उपकरण तथा स्वास्थ्य सामग्री उपयोगको प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ।

स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, नीति निर्माण लगायतका कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पोषण, विस्तारित खोप, उपकरणहरू, परिवार नियोजनसम्बन्धी औषधि एवं साधनहरूको वितरणमा स्वास्थ्य संस्थालाई सहयोग र सहजीकरण गर्न विभागको स्थापना भएको हो। विभागअन्तर्गत व्यवस्थापन, नर्सिङ तथा सामाजिक सुरक्षा, उपचारात्मक सेवा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण र परिवार कल्याण समेत ५ महाशाखा रहेका छन्।

३१. **विपन्न नागरिक औषधि उपचार -** विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को बुँदा नं.३ मा आर्थिक रूपले विपन्न नागरिकलाई विभिन्न ८ रोगको उपचार गराउँदा मृगौला प्रत्यारोपणका लागि बढीमा रू.४ लाखसम्म र अन्य रोगका लागि रू.१ लाख ५० हजारसम्म आर्थिक सहयोग दिने व्यवस्था छ। उक्त रोगहरूका लागि सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालयको सिफारिसमा आर्थिक रूपमा विपन्न भएको प्रमाणित कागजात वा गरिब परिवार परिचयपत्रका आधारमा तोकिएका सूचीकृत अस्पतालबाट सो रकम बराबरको औषधि उपचार सेवा पाउने व्यवस्था छ। सूचीकृत अस्पतालमा उपलब्ध गराइने स्वास्थ्य सेवाबापतको रकम २०७९ वैशाखदेखि बीमा बोर्डबाट शोधभर्ना हुने व्यवस्था छ। स्वास्थ्य सेवा विभागले २०७८ श्रावणदेखि चैत्र महिनासम्म ३७ हजार १४३ बिरामीको लागि विभिन्न अस्पतालबाट भएको खर्च रू.२ अर्ब २४ करोड ६३ लाख ९५ हजार शोधभर्ना दिएको छ। यससम्बन्धी विवरण देहायअनुसार छः

क्र.सं.	रोगको नाम	बिरामी संख्या	शोधभर्ना रकम (रू. हजारमा)
१	मृगौला	१४८०६	११४२११५
२	क्यान्सर	१५१७९	६१३६९९
३	मुटु रोग	४६४९	४०५७१२
४	हेड इन्जुरी	४०४	२७३६२
५	स्पाइनल इन्जुरी	८७९	४७९१६
६	पार्किन्सन्स	४९	५७४
७	अल्जाइमर्स	५	१७४
८	सिकलसेल एनिमिया	११७२	८८४३
	जम्मा बिरामी संख्याः	**३७१४३**	**२२४६३९५**

यो वर्ष विभागले सेवा प्रवाह गर्ने अस्पतालहरूको अनुगमन गर्दा विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत हेड तथा स्पाइनल इन्जुरीका निदानात्मक उपकरणहरू नभएको, तालिम प्राप्त जनशक्तिको अभाव रहेको, लामो समयसम्म मेसिन मर्मत नभएको, हेमोडायलाइसिस मापदण्ड अनुसार औजार उपकरणको व्यवस्थापन नभएको लगायतका व्यहोरा देखिएको उल्लेख छ। अनुगमनबाट औल्याइएका कमजोरी हटाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

३२. **खोपको उपयोग -** दातृ निकायबाट अनुदानमा प्राप्त तथा विभागबाट खरिद गरी नेपाल सरकारले निःशुल्क रूपमा विभिन्न खोप लगाउँदै आएको छ। यस्तो खोप उपयोग गर्दा खोप तालिका निर्धारण गरी खोप लगाउने र प्राप्त भएका खोपहरू खेर नजाने गरी व्यवस्थापन गर्नुपर्दछ।

खोप कार्यक्रम मितव्ययी र कुशलरूपमा सञ्चालन नभएकोले प्राप्त भएको खोपमध्ये रोटातर्फ न्यूनतम ७.६ प्रतिशत र बी.सी.जी. खोप ७९.३ प्रतिशतसम्म खेर गएको देखिन्छ। खोप लिने तालिका बनाई व्यवस्थापन गर्नुपर्ने व्यहोरा गत विगत वर्षदेखि औल्याउँदै आइएकोमा सुधार भएको छैन।

३३. **प्रयोगविहीन किट -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि विशेष आवश्यकता लगायतको विवरण तयार गनुपर्ने उल्लेख छ। विभागले कोभिड-१९ तीव्ररूपमा फैलिएको र सोको निदानको लागि प्रयोगशाला परीक्षण अपरिहार्य रहेको, स्टोरमा किट मौज्दात न्यून रहेको उल्लेख गरी भी.टी.एम.किट, आर.एन.ए. एक्सट्राक्सन किट, अटोमेटेड आर.एन.ए. एक्सट्राक्सन किट र एन्टिजेन किट ७ दिनको सूचना दिई विशेष परिस्थितिमा रू.२९ करोड ८१ लाख २४ हजारमा खरिद गरेको छ। अघिल्लो वर्षको मौज्दात, सहयोगबाट प्राप्त भएको परिमाण र खपतको अवस्थालाईसमेत ध्यान दिई आवश्यकताको पहिचान नगरेको कारणबाट किटको मौज्दात परिमाण बढी रहेको छ। एन्टिजेन किटको आयु २ वर्ष र अन्य किटको आयु १ वर्ष मात्र भएकोले मौज्दातमा किट प्रयोगविहीन हुने अवस्था देखिएको छ। आवश्यकताको यकिन गरी खरिद कार्य गर्नुपर्दछ।

क्र. सं.	किटको नाम	युनिट	गत वर्षको मौज्दात	यो वर्षको खरिद	जम्मा (सहायता बाट प्राप्त समेत)	खर्च	खुद बाँकी
१	भी.टी.एम.	पिस	२३१३९२	६५७०००	१०२६८१६	५८९१५०	४३७६६६
२	एन्टीजेन किट	टेष्ट	५८२५	३०००००	१४०२२७८	१०८६६८४	३१५५९४
३	रियल टाइम पी.सी.आर. किट	टेष्ट	१३१६०८	६०००००	९९५०२३	५५७८५६	४३७१६७
४	आर.एन.ए.एक्सट्राक्सन किट	टेष्ट	२१८४९८	९००००	५३२२४८	३४९६५०	१८२५९८
५	अटोमेटेड आर.एन.ए.एक्सट्राक्सन किट	टेष्ट	२०१६१६	२१००००	६१६३९६	२७९४४८	३३६९४८

३४. **कोरोना खोप खपत -** कोभिड-१९ महामारीको अवस्थामा नेपाल सरकारले २०७७।९।२० मा खोप खरिदको अवधारणा स्वीकृत गरी रू.२ करोड १८ लाख नागरिकलाई कोरोना विरुद्ध खोप लगाउने मार्गदर्शन स्वीकृत गरेको छ। विभागबाट प्राप्त विवरण अनुसार दातृनिकायगत कोभ्याक्स सुविधा, अन्य अनुदान र नेपाल सरकारबाट खरिद गरेको कोभिड खोपको २०७८।७९ सम्मको स्थिति निम्नानुसार छः

(खोप डोजमा)

क्र.सं.	खोपको विवरण	खरिद	कोभ्याक्स सुविधामा प्राप्त	दातृ निकायबाट अनुदान प्राप्त	जम्मा
१	कोभिसिल्ड	२००००००	६३८७०००	११०००००	९४८७०००
२	भेरोसिल	१५९३६४००	०	३८०००००	१९७३६४००
३	जोन्सन एण्ड जोन्सन	०	०	३७११५००	३७११५००
४	फाइजर	०	५५१०४००	२२६३९५०	७७७४३५०
५	मोडर्ना	४०००८००	३६५१२००	०	७६५२०००
६	सिनोभ्याक	०	०	४०००००	४०००००
७	अस्ट्रोजेनिका	०	३६४६५४०	२८८४१८०	६५३०७२०
	जम्माः	**२१९३७२००**	**१९१९५१४०**	**१७७५९६३०**	**५८८९१९७०**

उल्लिखित विवरणअनुसार ५ करोड ८८ लाख ९१ हजार ९७० डोज खोपमध्ये ३७ प्रतिशत खरिद गरेको, ३३ प्रतिशत कोभ्याक्स सुविधाअन्तर्गत उपलव्ध भएको र ३० प्रतिशत विभिन्न दातृराष्ट्रले अनुदानमा उपलव्ध गराएको देखिन्छ। प्राप्त खोपमध्ये ३४ प्रतिशत भेरोसिल, १६ प्रतिशत कोभिसिल्ड र अन्य ५० प्रतिशत रहेको देखिन्छ। भारतको एक कम्पनीबाट कोभिसिल्ड २० लाख डोज र चीनको एक कम्पनीबाट भेरोसिल १ करोड डोज, गाभी एलाइन्ससँगको सम्झौताअनुसार ५९ लाख ३६ हजार ४०० डोज, कोभ्याक्स कस्टशेयरिङ अन्तर्गत मोडर्ना खोप ४० लाख ८०० डोज समेत २ करोड १९ लाख ३७ हजार २०० डोज खोप खरिद गरेको विवरण प्राप्त भएकोमा चीनबाट अनुदानमा प्राप्त भएको सिनोभ्याक ४० लाख डोजको प्राविधिक परीक्षण नभएकोले प्रयोग भएको छैन। उक्त खोपको म्याद समाप्त हुने अवधि करीब १० महिना (सन् २०२३।१२।१९ सम्म) रहेको छ। सो बाहेक बाँकी सबै डोज खोप प्रयोग भएको विवरण पेस भएको छ। खपत हुन नसकेको खोपको उचित व्यवस्थापन हुनुपर्दछ।

३५. **खरिद सम्झौताको शर्त** - मेसिन उपकरण खरिद सम्झौताको विशेष शर्तको बुँदा जी.सी.सी.१६.१ मा सम्झौताअनुसार सामान डेलिभरी, जडान र मेसिन सञ्चालन तालिमसमेत सम्पूर्ण कार्य समाप्त भएपछि सम्झौताबमोजिमको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। विभागले सो व्यवस्था विपरीत मेसिनको जडान तथा सञ्चालन तालिम सम्पन्न हुनु अघि सामानको डेलिभरी, इन्स्पेक्सन प्रतिवेदन र एसेप्टेन्स पत्र प्राप्त भएपछि सम्झौताको पुरै रकम आपूर्तकलाई भुक्तानी गरेको छ। यो वर्ष ४ आपूर्तकलाई अटोमेटेड बायोकेमिस्ट्री एनालाइजर १० सेट, फुल्ली अटोमेटेड हेमाटोलोजी १० सेट, इ.आर.सी.पी.मेसिन १, पोर्टेबल मोबाइल एक्स रे मेसिन १३ सेट, हेमोडायलासिस मेसिन १३३ सेट खरिद बापत रू.४४ करोड ५१ हजार भुक्तानी गरेकोमा उक्त मेसिन जडान गरेको तथा तालिम सञ्चालनको प्रमाण पेस गरेको छैन। सम्झौताअनुसारको सम्पूर्ण कार्य सम्पन्न नहुँदै भुक्तानी दिनेलाई जिम्मेवार बनाई सम्झौतामा तोकिएको सबै कार्य आपूर्तकबाट गराउनुपर्दछ।

३६. **विशेष परिस्थितिमा खरिद** - मन्त्रिपरिषद्को २०७७।२।२८ को निर्णय अनुसार विभागले कोभिड-१९ को महामारीजन्य विशेष परिस्थितिमा रोगको रोकथाम, नियन्त्रण तथा उपचारको लागि ५० थान आई.सी.यू. भेन्टिलेटर एक आपूर्तकसँग २०७८।३।२० मा रू.१२ करोड २७ लाख १८ हजारमा खरिद गरेको छ। कोभिड-१९ को महामारी बढिरहेको कारण लुम्बिनी प्रादेशिक अस्पताल, शिक्षण अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, महाकाली अस्पताल लगायतका अस्पतालमा आई.सी.यू.भेन्टिलेटर माग भएको जनाई ७ दिनको सूचना प्रकाशन गरी खरिद गरेकोमा उक्त भेन्टिलेटर जडान तथा तालिम

समेतको कार्य सम्पन्न गर्न २०७८ फागुनसम्म ८ महिना अवधि लागेको छ। विशेष परिस्थितिमा गरिने खरिद कार्य छरितो रूपमा सम्पन्न गर्नुपर्नेमा भेन्टिलेटरको जडान तथा तालिम सञ्चालनमा बढी समय लगाउनु मनासिब देखिएन।

३७. **सह वित्तीयकरण -** मन्त्रालय र गाभी फण्ड लगायतको सह वित्तीय व्यवस्थाअन्तर्गत गाभी फण्डबाट प्राप्त हुने रकमबाट खरिद गर्नुपर्ने औषधिको रकम विभागले युनिसेफलाई भुक्तानी दिई खरिद गर्ने गरेको छ। सोही व्यवस्थाअन्तर्गत गत वर्ष युनिसेफलाई पेस्की जनाई रू.७ करोड ९० लाख ९३ हजार भुक्तानी गरेकोमा यो वर्ष फस्यौंट भएको छ। पुनः यो वर्ष चालू खर्चतर्फ रू.१७ करोड ४१ लाख १ हजार र पुँजीगततर्फ रू.२७ लाख ३ हजारसमेत रू.१७ करोड ६८ लाख ४ हजार पेस्की जनाई भुक्तानी गरेकोमा चालूतर्फको रू.१५ करोड १४ लाख ९२ हजार फस्यौंट भई चालू र पुँजीगततर्फ रू.२ करोड ५३ लाख १२ हजार पेस्की फस्यौंट हुन बाँकी रहेको छ। बाँकी पेस्कीमध्ये २०७९।८० मा रू.१ करोड ५८ लाख ९९ हजार सञ्चित कोष दाखिला भएको र बाँकी रू.९४ लाख १३ हजारको खोप प्राप्त भई फस्यौंट भएको छ। बजेट प्रणालीबाट हुने खरिद दातृ निकायबाट गराउने कार्य मनासिब देखिएन। सो व्यहोरा गत वर्षको वार्षिक प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको छैन।

३८. **खोप कोष परिचालन -** खोप ऐन, २०७२ को दफा २१ ले खोप कार्यक्रमको विकास गर्न खोप कोषको व्यवस्था गरेको छ। उक्त कोषमा गत वर्षसम्म रु १९ करोड २८ लाख ३ हजार मौज्दात रहेकोमा यो वर्ष पुनः रू.८ करोड २९ लाख ८४ हजार जम्मा गरेकोले यस वर्षसम्म कोषमा रू.२७ करोड ५७ लाख ८७ हजार मौज्दात रहेको छ। कोषमा जम्मा भएको रकम हालसम्म प्रयोगमा ल्याएको पाइएन। कार्यविधि बेगर कोष खडा गर्दा वर्षौंसम्म रकम निष्क्रिय रहेको छ। कोष परिचालन सम्बन्धमा गत वर्ष समेत प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ।

३९. **पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा कार्यक्रम सञ्चालन गर्दा लागत अनुमान तयार गरी आवश्यक पर्ने रकम मात्र पेस्की दिनुपर्ने उल्लेख छ। विभागले स्वीकृत बजेटबमोजिम कार्यक्रम बाँडफाँट नगरी एकमुष्ट रूपमा कर्मचारीलाई पेस्की दिने गरेको छ। एकै प्रकारका कार्यक्रम विभिन्न स्थान र समयमा गर्नुपर्ने, एकै कर्मचारीको नाममा आवश्यकभन्दा बढी पेस्की दिदा समयमा कार्यसम्पन्न नहुने र कतिपय स्थानमा कार्यक्रम सञ्चालन नै नभई पेस्की रकम फिर्ता हुने गरेको छ। यो वर्ष ३५ कर्मचारीलाई दिएको कार्यक्रम पेस्की रू.३ करोड २२ लाख ३७ हजारमध्ये रू.७१ लाख ८९ हजार खर्च नभई फिर्ता भएको छ। पेस्की कारोबार कम गर्न सम्बन्धित फर्म/व्यक्तिलाई कार्यालयबाटै भुक्तानी गर्नुपर्दछ। यससम्बन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा सुधार भएको छैन।

औषधि व्यवस्था विभाग

औषधि उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चयको व्यवस्थापन एवं नियन्त्रण गर्न औषधि ऐन, २०३५ अनुसार विभागको स्थापना भएको हो। विभागका प्रमुख कार्यअन्तर्गत गुणस्तरीय औषधिहरू उपलब्ध गराउने, औषधिको उपयोग सम्बन्धमा प्रचारप्रसार गर्ने, औषधि उद्योगको स्थापना, औषधिको आयात निर्यातको सिफारिस एवं औषधि उद्योग र बिक्रेताको निरीक्षण गर्नेलगायतका कार्य रहेका छन्।

४०. **अनुगमन -** औषधि ऐन, २०३५ र औषधि दर्ता नियमावली, २०३८ मा अनुज्ञापत्र दिने, नवीकरण गर्ने तथा नियमित रूपमा औषधि पसलको अनुगमन गर्नुपर्ने, अनुगमनबाट देखिएका कमीकमजोरी सुधार गर्न सचेत गराउने, निलम्बन गर्ने, मुद्दा चलाउने लगायतका कार्यको नियमन गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्षसम्म दर्ता भएका ३३ हजार ४७४ औषधि बिक्रेता र १८७ स्वदेशी उद्योग तथा २७० औषधि आयातकर्तामध्ये ३ हजार ६६३ औषधि बिक्रेता, ७२ स्वदेशी उद्योगको अनुगमन तथा निरीक्षण गरेको छ। यसका अतिरिक्त ६३४ औषधिको नमूना परीक्षण, ३२ उद्योगको प्रयोगशाला परीक्षण गरेको छ। अनुगमनबाट १८८ औषधि बिक्रेतालाई निलम्बन गरेको, २४ उपर मुद्दा दायर गरेको, २ उद्योगको उत्पादन बन्द गराएको उल्लेख छ। दर्ता भएका फर्मको तुलनामा न्यून संख्यामा अनुगमन भएकोले अनुगमन कार्य थप प्रभावकारी रूपले सञ्चालन गर्नुपर्दछ।

४१. **नवीकरण -** यो वर्षसम्म काठमाडौं उपत्यकाभित्र १५ हजार ५६० औषधि पसल दर्ता भएकोमा १३ हजार ६२२ ले मात्र नवीकरण गराएका छन्। नवीकरण नगराउने बिक्रेतालाई कानूनबमोजिम कारबाही गर्नुपर्दछ।

४२. **मूल्य निर्धारण -** औषधि ऐन, २०३५ को दफा २६ मा औषधि व्यवस्था विभागले आवश्यक देखेमा कुनै औषधिको मूल्य निर्धारण गरी नेपाल राजपत्रमा प्रकाशन गर्नसक्ने व्यवस्था छ। विभागले यो वर्षसम्म ११७ प्रकारका औषधिको मूल्य निर्धारण गरेकोमा ९६ औषधिको मूल्यमात्र राजपत्रमा प्रकाशित गरेको देखियो। विभागले भन्सार प्रयोजनको लागि औषधि तथा मोडयूकल दर्ता गर्दा समेत मूल्य निर्धारण गरेको छ। मूल्य निर्धारण भएका सबै औषधिको मूल्य सार्वजनिक गर्नुपर्दछ।

४३. **औषधिजन्य फोहोर व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४(२) मा हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्त्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुने उल्लेख भए तापनि औषधिजन्य फोहोर व्यवस्थापनसम्बन्धी व्यवस्था रहेको छैन। औषधि उत्पादक एवं बिक्रेता र अस्पतालहरूले म्याद समाप्त भएका, टुटफुट भएका वा अन्य अवस्थाको कारणबाट प्रयोगमा ल्याउन नमिल्ने औषधिको उचित व्यवस्थापन सम्बन्धमा विभागले कार्यविधि तर्जुमा भएको छैन। बरामद गरेको औषधिहरूको समेत व्यवस्थापन हुनसकेको छैन। प्रयोग गर्न नमिल्ने क्यान्सर प्रतिरोधात्मक लगायतका औषधिहरू बढी घातक हुनसक्ने देखिएकोले औषधिजन्य फोहोर व्यवस्थापनको उपयुक्त व्यवस्था गरी सोको अनुगमन समेत गर्नुपर्दछ।

४४. **नियमन-** औषधि दर्ता नियमावली, २०३८ को नियम ११ तथा औषधि उत्पादन कुशल अभ्यास संहिता, २०७२ को दफा ७७ मा प्रत्येक उत्पादकले संहिता बमोजिम औषधि उत्पादन कुशल अभ्यास सम्बन्धी ब्यवस्था कायम गरी सो को प्रमाणीकरणका लागि विभाग समक्ष निवेदन दिनुपर्ने तथा संहिता बमोजिमको औषधि उत्पादन कुशल अभ्यास कायम गरेर मात्र उत्पादन कार्य प्रारम्भ गर्नुपर्ने ब्यवस्था छ । यो वर्षसम्म डब्लु. एच. ओ. र राष्ट्रिय जी.एम.पी.(कुशल अभ्यास) प्राप्त गर्ने औषधि उत्पादकको संख्या क्रमशः ३८ र ४९ रहेको छ । प्राप्त विवरण अनुसार नेपालमा १८७ स्वदेशी औषधि उद्योग दर्ता रहेकोमध्ये ४६ प्रतिशतले मात्र जी.एम.पी प्राप्त गरेको देखिन्छ । उल्लिखित ब्यवस्था अनुसार विभागबाट जी.एम.पी. प्राप्त गर्न बाँकी औषधि उद्योगलाई तोकिएअनुसार प्रमाणपत्र प्राप्त गर्न नियमनको कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

प्रयोगशालाले जनस्वास्थ्य एवं चिकित्सकीय सेवासँग सम्बन्धित रोगको खोजपड्ताल, निदान तथा अनुसन्धान र प्रयोगशालाहरूको नियमनसम्बन्धी कार्यहरू गर्दै आएको छ।

४५. **प्रयोगशाला सेवा -** बजेट वक्तव्य २०७८।७९ मा केन्द्रीय जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाइने उल्लेख भएकोमा सोसम्बन्धी कार्य भएको छैन। गत वर्ष प्रयोगशालाले १९६ किसिमका परीक्षण सेवा उपलब्ध गराएकोमा यो वर्ष २०७ किसिमका सेवा उपलब्ध गराएको छ। प्रयोगशालामा गत वर्षको तुलनामा ५.६१ प्रतिशतले परीक्षण सेवा बढेको छ। यो वर्ष प्रयोगशालाले परीक्षण गरेको संख्या ४ लाख ५० हजार ३६० मध्ये कोभिड-१९ परीक्षण १०.५१ प्रतिशत रहेको छ।

४६. **सेवा प्रवाहः** प्रयोगशालाको सेवा प्रभावकारी बनाउन भौतिक पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापन प्रभावकारी हुनुपर्दछ। अत्याधुनिक निदान केन्द्रको लागि गुरुयोजना तयार भए तापनि प्रयोगशाला भवन निर्माण नभएकोले नमूना सङ्कलन कक्षमा बिरामीको चाप बढी भई लामो समय लाइनमा बसी सेवाको प्रतिक्षा गर्नुपर्ने बाध्यता रहेको छ। सार्वजनिक एवं आकस्मिक बिदामा प्रयोगशाला बन्द हुने र आइतबारदेखि बिहिबारसम्म नमूना सङ्कलन समय बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म, शुक्रबार बिहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म तोकिएकोले प्रयोगशालाबाट चौबिसै घण्टा सेवा प्रवाह हुनसकेको छैन। प्रयोगशालाको लागि स्वीकृत दरबन्दी ६४ रहेकोमा ४६ पदपूर्ति भई माइक्रो बायोलोजिष्ट, टेक्नोलोजिष्ट, प्याथोलोजिष्ट, बायोमेडिकल इन्जिनियरलगायतका १८ पद रिक्त रहेको छ।

निजी प्रयोगशालाहरूले उपलब्ध गराइरहेका मानव अङ्ग प्रत्यारोपण गर्दा एच.एल.ए.टाइपिङ टेष्ट, बाथ रोग पत्ता लगाउन गरिने एच.एल.-बी २७ टेष्ट, बाथ रोगको अवस्था थाहा पाउन गरिने एन्टी सी.सी.पी.टेष्ट, कुकुरमा लाग्ने फित्ते जुका मानिसको शरीरमा पुगेको पत्ता लगाउन गरिने इकाइनोकोसिस एन्टिबडी टेष्ट, मानव शरीरमा ग्लुकोज घट्ने वा बढ्ने अवस्था पत्ता लगाउन गरिने इन्सुलिन लेभल टेष्ट, मानव जीनको अवस्था पत्ता लगाउन गरिने जेनेटिक टेष्ट, मानव जीन र क्रोमोजोमको अवस्था थाहा पाउन गरिने मोलिक्यूलर टेष्ट लगायतका ३५ भन्दा बढी प्रकारका परीक्षण सेवा यस प्रयोगशालामा उपलब्ध हुनसकेको छैन। सो व्यहोरा गत वर्ष पनि औल्याएकोमा स्थिति यथावत् छ। सामान्यदेखि अत्यन्त जोखिमजन्य तथा महामारीजन्य रोगहरू समेतको परीक्षण गर्नेगरी स्थापना भएको देशको एक मात्र केन्द्रीय प्रयोगशालाबाट उल्लिखित परीक्षण सेवा प्रवाह हुन नसक्दा एन्टी सी.सी.पी.टेष्ट, इकाइनोकोसिस एन्टिबडी टेष्ट, ईन्सुलिन लेभल टेष्ट, एच.एल.ए.बी. टेष्ट लगायतका परीक्षण निजी प्रयोगशालाबाट तथा बाह्य मुलुकबाट गराउनुपर्ने बाध्यता रहेको छ। प्रयोगशाला भवन लगायतका पूर्वाधार र पर्याप्त दक्ष जनशक्तिको व्यवस्था मिलाई बिरामीलाई २४ सै घण्टा गुणस्तरीय सेवा प्रदान गर्नुपर्दछ।

४७. **अनुगमन -** स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले स्वास्थ्य प्रयोगशालाको अनुगमन एवं सुपरिवेक्षण गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। जनस्वास्थ्य प्रयोगशालाले अनुगमनको वार्षिक प्रतिवेदन तयार

गरेको छैन। प्रयोगशालाबाट प्राप्त विवरणअनुसार प्रयोगशालाको क्षेत्राधिकारमा ए समूहका ९ र बी समूहका ३८ समेत ४७ प्रयोगशाला सञ्चालनमा रहेको उल्लेख छ। अनुगमनबाट कैफियत देखिएको ए समूहको २ र बी समूहको ३ मध्ये ३ लाई मात्र कारबाही गरेको विवरण प्राप्त भएको छ। प्रयोगशालाको सेवा र गुणस्तरमा सुधार गर्न अनुगमन निरीक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

४८. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा निर्माण व्यवसायीको ढिलाइको कारणबाट सम्झौताबमोजिमको काम सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ। प्रयोगशालाले ल्याव भवनको नवौं तथा अन्तिम रनिङ बिलबाट एक निर्माण व्यवसायीलाई पहिलो रनिङ बिलदेखिको रू.४० लाख २७ हजार मूल्य समायोजन भुक्तानी गरेकोमध्ये म्याद थप नभएको अवधि २०७४।३।२५ देखि २०७९।३।१२ सम्मको मूल्य समायोजन रू.३४ लाख ११ हजार भुक्तानी गरेको छ। तोकिएको अवधिमा काम सम्पन्न नगरेको कारणबाट सम्झौता रू.६ करोड ९३ लाख ८४ हजारको १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रू.६९ लाख ३८ हजार रनिङ बिलबाट कट्टा गरेको हुँदा निर्माण व्यवसायीको ढिलाइको कारणबाट निर्माण कार्य सम्पन्न नभएकोले मूल्य समायोजन भुक्तानी दिन नमिल्नेमा भुक्तानी दिएको रू.३४ लाख ११ हजार असूल गर्नुपर्दछ।

राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र

एच.आई.भी. एड्स तथा यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न, चिकित्सा सेवा, शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउने र यस्तो रोगबाट मुलुकलाई पर्नसक्ने दुरगामी अवसरमा कमी ल्याउने उद्देश्यले २०५२ मा केन्द्रको स्थापना भएको हो।

४९. **एच.आई.भी. संक्रमण -** केन्द्रबाट प्राप्त बिबरण अनुसार नेपालमा एच.आई.भी.संक्रमित तथा सोबाट मृत्यु हुनेहरूको पछिल्लो तीन वर्षको संख्या निम्नानुसार छः

क्र.सं.	बिबरण	२०७६।७७	२०७७।७८	२०७८।७९
१	अनुमानित एच.आई.भी. संक्रमित	३७५९६	४०३४१	४३५२१
२	संक्रमितमध्ये पुरुष	२३२९६	२५०७२	२६३३८
३	संक्रमितमध्ये महिला	१४३००	१५२६९	१६४१६
४	संक्रमितमध्ये बालबालिका	२५८२	२६६६	७६७
५	नयाँ एच.आई.भी.संक्रमण	२४१६	२५७९	३१८०
६	एच.आई.भी.का कारण मृत्यू	३८१	४८२	४६९
७	एच.आई.भी.उपचार लिइरहेका	१९२११	२०८८३	२२७३५

पछिल्लो ३ वर्षमध्ये २०७६।७७ मा २ हजार ४१६ नयाँ संक्रमित देखिएकोमा २०७७।७८ मा २ हजार ५७९ अर्थात् अघिल्लो वर्षको तुलनामा ६.७५ प्रतिशत बढी नयाँ संक्रमित देखिएका छन्। आर्थिक वर्ष २०७८।७९ मा ३ हजार १८० नयाँ संक्रमित थप भई अघिल्लो वर्षको तुलनामा २३.३० प्रतिशत वृद्धि भएको देखिन्छ। एच.आई.भी.एड्सबाट मृत्यू हुनेको संख्या अघिल्लो वर्षको तुलनामा २०७७।७८ मा वृद्धि भएको र २०७८।७९ मा केही घटेको छ। एच.आई.भी. एड्सको कारणबाट हुने मृत्युदर घटाउन तथा नयाँ एच.आई.भी. संक्रमण दरलाई न्यून गर्न कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्दछ।

राष्ट्रिय क्षयरोग केन्द्र

५०. **सेवा प्रवाह -** केन्द्रले क्षयरोग नियन्त्रणका लागि यो वर्ष रू.८४ करोड ४१ लाख ६३ हजार बजेट व्यवस्था भएकोमा रू.६३ करोड ६५ लाख ६६ हजार खर्च गरेको छ। विगत ३ वर्षको क्षयरोग सम्बन्धी सूचकाङ्कको स्थिति निम्नानुसार छः

(संख्यामा)

क्रियाकलाप	२०७६/७७	२०७७/७८	२०७८/७९
क्षयरोगी पहिचान	२७,७४५	२८,५८९	३७७७१
क्षयरोगबाट मृत्यु	२,१६६	९००	१०२२
औषधि प्रतिरोधी क्षयरोगी	८८५	४२२	६५५
बाल क्षयरोगी पहिचान	२,६६५	१,९०२	३२९७
उपचार प्राप्त गर्ने	२४,६९४	२७,२३१	२८४१९
निको भएका क्षयरोगी	२४,४९९	२४,८२६	२६००६

गत वर्ष क्षयरोगी पहिचान २८ हजार ५८९ भएकोमा यो वर्ष २३.४१ प्रतिशत वृद्धि भई ३७ हजार ७७१ पुगेको छ। क्षयरोगीको मृत्यु संख्या गतवर्ष ९०० रहेकोमा यो वर्ष १ हजार २२ पुगेको छ। गत वर्ष बाल क्षयरोगी पहिचान १ हजार ९०२ रहेकोमा यो वर्ष १ हजार ३९५ ले वृद्धि भएको देखिन्छ। गत वर्षको तुलनामा क्षयरोगबाट मृत्यु हुने र बिरामी संख्या बढ्दै गएकोले क्षयरोग नियन्त्रण गर्न प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५१. **मेसिन उपकरणको उपयोग -** केन्द्रको सेवा प्रभावकारी बनाउन आवश्यक पर्ने उपकरण तथा मेसिन दुरुस्त अवस्थामा रहनुपर्दछ। केन्द्रमा रू.७० लाख मूल्यको कल्चर मेसिन १ थान, रू.२२ लाख ५० हजार मूल्यको एन.के.एनलाइजर १ थान, रू.८ लाख मूल्यको अटोक्लेभ २ थान, रू.३ लाख मूल्यको सेन्ट्रीफ्यूज १ थानसमेत परल मूल्य रू.४९ लाख ५० हजारका ८ प्रकारका मेसिन तथा उपकरण प्रयोगविहीन रहेको पाइयो। केन्द्रले विगतमा खरिद गरेका मेसिन तथा उपकरण उपयोगमा ल्याउने व्यवस्था मिलाउनुपर्दछ।

अन्य संस्था र समिति

स्वास्थ्य बीमा बोर्ड

नेपाली नागरिकको स्वास्थ्य उपचारमा भइरहेको व्यक्तिगत खर्चलाई मितव्ययी तथा व्यवस्थित गरी सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य पहुँच र उपयोगमा सुधार गर्न २०७१ देखि सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति गठन भई बीमासम्बन्धी कार्य हुँदै आएकोमा बीमा ऐन, २०७४ बमोजिम स्वास्थ्य बीमा बोर्डको नामबाट कार्य हुँदै आएको छ।

५२. **रणनीतिक योजना -** स्वास्थ्य बीमाको काम कारबाहीलाई व्यवस्थापन गर्न स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १५ मा स्वास्थ्य बीमासम्बन्धी नीति, रणनीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था छ। बीमा कार्यक्रमको शुरुवात २०७२ मा ३ जिल्लाबाट भएकोमा यो वर्षसम्म ७७ जिल्लाका ७४६ स्थानीय तह र ५९ लाख ८७ हजार ७६४ जनसंख्यामा

यसको पहुँच पुगेको छ। स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न स्वास्थ्य बीमासम्बन्धी गुरूयोजना, दीर्घकालीन र अल्पकालीन योजना, रणनीतिक योजनाहरू बनाएको छैन। बोर्डले स्वास्थ्य बीमासँग सम्बन्धित आवश्यक योजना र रणनीति तय गर्नुपर्दछ।

५३. **कार्यक्रम कार्यान्वयन -** नेपाल सरकारको नीति तथा कार्यक्रमअनुसार मुलुकभर स्वास्थ्य बीमा विस्तार गर्न यो वर्ष रू.१० अर्ब ९ करोड ६३ लाख विनियोजन भएकोमा ७७ जिल्लामा कार्यक्रम लागू गरी रू.१० अर्ब ५ करोड ९८ लाख खर्च गरेको छ। लक्ष्यअनुसार काठमाडौं र ललितपुर महानगरपालिका लगायत ७ स्थानीय तहमा कार्यक्रम सञ्चालन हुन नसकेकोले ती स्थानीय तहका नागरिक स्वास्थ्य बीमा कार्यक्रमबाट बञ्चित हुन पुगेका छन्। लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५४. **बीमा कार्यक्रममा सहभागिता -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार रहेकोमा यस कार्यक्रममा यो वर्षसम्म ५९ लाख ८८ हजार (२०.५३ प्रतिशत) नागरिक मात्र सहभागी भएको देखियो। गत वर्ष सहभागी भएका ४५ लाख ७२ हजार ९८९ मध्ये यो वर्ष २९ लाख ८६८ ले मात्र बीमा नबीकरण गराएका छन्। बीमा कार्यक्रमको प्रचार प्रसार तथा जनचेतनाको कार्यक्रमलाई व्यापक बनाई बीमा कार्यक्रममा सहभागिता दर वृद्धि गर्नुपर्दछ।

५५. **जनशक्ति व्यवस्थापन -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २६ मा बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहने र कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा तोकिएबमोजिम हुने उल्लेख छ। बोर्डको कर्मचारीसम्बन्धी नियमावली तथा स्थायी संगठन संरचना निर्माण हुनसकेको छैन। बोर्डले अस्थायी संगठन संरचना स्वीकृत गरी केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय र कार्यक्रम लागू भएका जिल्लामा सम्पर्क शाखा कार्यालय स्थापना गरी सेवा प्रवाह गरिरहेको छ। बोर्डमा कार्यकारी निर्देशकसमेत अधिकृतस्तर ५९ र सहायकस्तर ३३७ सहित स्वीकृत कुल अस्थायी दरबन्दी ३९६ रहेकोमा २४४ पदपूर्ति भई १५२ रिक्त छ। बोर्डको आवश्यकताअनुसार संगठन संरचना स्वीकृत गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

५६. **हिसाब फरक -** बोर्डबाट सञ्चालन गरिएका बीमा आबद्धतासम्बन्धी सबै अभिलेखहरू सरकारी एकीकृत सूचना केन्द्रबाट सञ्चालन हुँदै आएको छ। यो वर्ष सङ्कलित बीमा प्रिमियम रकम सम्बन्धमा आर्थिक प्रशासन शाखाबाट प्राप्त तथ्याङ्क बीमा व्यवस्थापन सूचना प्रणाली र सफ्टवेयरले देखाएको तथ्याङ्क एक आपसमा मेल खाएको छैन। यो वर्ष सफ्टवेयरबाट सङ्कलित प्रिमियम रू.२ अर्ब ४५ करोड ३७ लाख देखिएकोमा आर्थिक प्रशासन शाखाको अभिलेखअनुसार रू.२ अर्ब ३७ करोड ५६ लाख रहेको छ। लेखा शाखा र सूचना प्रणालीले देखाएको फरक रू.७ करोड ८१ लाखको सम्बन्धमा यकिन गर्नुपर्दछ।

५७. **बीमा आबद्धता -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ३ मा राष्ट्रसेवक, प्रतिष्ठानमा कार्यरत श्रमिक तथा कर्मचारी, वृद्धाश्रम, अनाथालय, सुधारगृह, संरक्षणगृह लगायतका संस्थामा आश्रित सबै व्यक्ति तथा ७० वर्ष उमेर पुगेका प्रत्येक ज्येष्ठ नागरिकलाई कार्यक्रममा आबद्ध गर्नुपर्ने उल्लेख छ। नियमावलीको व्यवस्थाअनुसार सबै राष्ट्रसेवक कर्मचारी, प्रतिष्ठानका कर्मचारी तथा अन्य संस्थाका

आश्रित व्यक्तिहरू कार्यक्रममा आबद्ध भएको देखिएन। सेवा प्रवाहमा सुधार गरी लक्षित वर्गलाई कार्यक्रममा आबद्ध गर्नुपर्दछ।

५८. **कार्यक्रममा दोहोरोपना** - स्वास्थ्य बीमा नीति, २०७१ मा नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य वित्त रणनीतिले विभिन्न लगानी संयन्त्रबीच अन्तरसम्बन्धको मार्गनिर्देश गर्ने व्यवस्था छ। नेपाल सरकारले ७५ वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गरेको, सबै ज्येष्ठ नागरिकलाई औषधि उपचार खर्चबापत मासिक रू.२ हजार प्रदान गरेको, सर्वसाधारण नागरिक तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवा अन्तर्गत ७० प्रकारका औषधि निःशुल्क वितरण गरेको, आमा सुरक्षा, महिलाको आङ खस्ने रोगको निःशुल्क उपचार गरेको तथा मृगौला, क्यान्सर लगायतका ८ प्रकारका कडा रोगको उपचार सहुलियत दरमा उपलब्ध गराउँदै आएको छ। त्यसैगरी बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध परिवारलाई रू.१ लाखसम्मको उपचार खर्च उपलब्ध गराएको छ। बोर्डले सामाजिक सुरक्षा कार्यक्रम एवं अन्य कार्यक्रम सञ्चालकसँग समन्वय गरी सेवामा दोहोरोपना नहुने गरी एकीकृत सेवा सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

५९. **भुक्तानी बाँकी** - स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐनको दफा ११ बमोजिम दाबी रकम मूल्याङ्कन सम्पन्न गरेको पन्ध्र दिनभित्र सेवा प्रदायकलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। बोर्डले उपलब्ध गराएको विवरणअनुसार यो वर्षसम्मको दाबीमध्ये रू.७२ करोड ४८ लाख भुक्तानी गर्न बाँकी रहेको छ। बीमितको संख्या बढेसँगै दाबी भुक्तानी बढ्ने भएकोले दायित्वलाई न्यूनीकरण गर्न बोर्ड व्यवस्थापनले उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ।

६०. **सेवा प्रदायकसँग सम्झौता** - स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९(१) मा सेवा प्रदायकले झुट्टा प्रतिवेदन पेस गरेमा सम्झौता स्थगन वा रद्द गर्नसक्ने उल्लेख छ। यो वर्ष दाबी व्यवस्थापन शाखाले सेवाप्रदायक संस्थाबाट प्राप्त ६६ लाख १७ हजार दाबीको रू.१० अर्ब ६ करोड ७२ लाख दाबी रकममध्ये १ लाख ३४ हजार दाबीको रू.१४ करोड ६५ लाख भुक्तानी रद्द गरेको छ। यस्तो दाबी भुक्तानी रद्द भएको रकम गतवर्ष रू.१९ करोड ६७ लाख रहेकोमा यो वर्ष ३४ प्रतिशतले घटेको देखिए तापनि गलत प्रतिवेदन र झुट्टा विवरण पेस गरी बढी रकम दाबी गर्ने सेवा प्रदायकलाई दाबी रद्द गर्ने बाहेक अन्य कारबाही हुन नसक्दा उल्लेखनीय सुधार भएको देखिएन। गलत प्रतिवेदन र झुट्टा विवरण पेस गर्नेलाई नियमावली बमोजिम कारबाही गर्ने व्यवस्था हुनुपर्दछ।

६१. **कोष परिचालन** - स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २७ र २८ मा स्वास्थ्य बीमा कार्यक्रमको लागि एक स्वास्थ्य बीमा कोष रहने र बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट व्यहोर्ने उल्लेख छ। यो वर्षसम्म बीमा प्रिमियम बापत सङ्कलन गरेको रू.९ अर्ब २ करोड १७ लाख २६ हजारमध्ये रू.१ अर्ब ५४ करोड ६३ लाख ४९ हजार खर्च गरी रू.७ अर्ब ५२ करोड ३ लाख ७८ हजार मौज्दात रहेकोमा खर्च गर्ने कार्यविधि तयार गरेको छैन। स्वास्थ्य बीमा कोष लागू भएपछि कोषबाट रू.१ अर्ब ५४ करोड ६३ लाख ४९ हजार खर्च भएको छ। कोषमा प्रदेश तथा स्थानीय तहबाट हुने योगदानसम्बन्धी नीति तय भएको छैन। बीमा कार्यक्रमअन्तर्गत प्रदान गर्ने सुविधा सम्बन्धमा नेपाल सरकार प्रतिको निर्भरता कम गर्ने गरी स्रोतको परिचालन गर्नुपर्दछ।

६२. **मौज्दात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ र ४१ अनुसार सामानको मौज्दात राख्ने गरी खरिद गर्न नहुने र सरकारी सम्पतिको महत्तम उपयोग हुनुपर्ने

व्यवस्था छ। बोर्डले रू.१ करोड १५ लाख ८१ हजारमा ७५२ थान सामसुङ मोबाइल खरिद गरी मौज्दातमै राखेको छ। बोर्डले काठमाडौं उपत्यकामा बीमा कार्यक्रम लागू गरी दर्ता सहयोगीलाई वितरण गर्न खरिद भएको छलफलको क्रममा जानकारी गराएको छ। उपयोग नहुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

६३. **अनुगमन -** स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन मूल्याङ्कन गर्न बोर्डमा अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ। यो वर्ष जनशक्ति अभाव तथा कोभिड महामारीको कारण नियमित अनुगमन कार्य गर्न नसकेको जनाएको छ। बोर्डबाट नियमित अनुगमन नहुँदा सेवा प्रदायक संस्थाको सेवा प्रभावकारिता, सेवाप्रतिको तत्परता, सेवा प्रवाहमा सहजता, प्रथम सेवा विन्दुका रूपमा रहेका सेवा प्रदायक संस्थाहरूमा सेवा उपलब्ध हुन नसक्ने अवस्था, सेवा प्रदायकले अनावश्यक र महंगो मूल्यका औषधिहरू सिफारिस गरेको, कतिपय सेवा प्रदायकले स्वास्थ्य बीमा कार्यक्रमबाट सेवा प्रदान गर्न छुट्टै डेस्क नराखेको लगायतका विषयमा रहेका बीमितका गुनासाहरूको सम्बोधन हुनसकेको छैन। बोर्डले सेवा प्रदायक संस्था र सम्पादित सेवा प्रवाहको अनुगमन कार्यलाई प्राथमिकता दिई सेवाग्राहीका गुनासा सम्बोधन गर्नुपर्दछ।

६४. **स्वास्थ्य बीमाको प्रभावकारिता -** स्वास्थ्य बीमा ऐन २०७४ को दफा ३ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था अन्तर्गत बोर्ड स्थापना भएदेखि हालसम्म ५९ लाख ८८ हजार जना मात्र स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भएको देखिन्छ ।उक्त संख्या नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजारको २०.५३ प्रतिशत हुन आउँछ । कार्यक्रममा यो वर्षसम्म बीमा प्रिमियमबापत रू.९ अर्ब २ करोड १७ लाख प्राप्त भएकोमा रू.२४ अर्ब ३१ करोड ७१ लाख दाबी भुक्तानी भई रू.१५ अर्ब २९ करोड ५४ लाख (१६९.५४ प्रतिशत) आम्दानी भन्दा बढी खर्च भएकोले कार्यक्रमको दिगोपना देखिँदैन। ऐनले परिकल्पना गरेअनुसार सबै नेपाली नागरिक बीमा कार्यक्रममा आबद्ध नभएको तथा आम्दानी भन्दा १६९.५४ प्रतिशत खर्च हुनुले उक्त कार्यक्रम अपेक्षाकृत प्रभावकारी देखिएन ।बीमा कार्यक्रम दिगो हुने गरी प्रभावकारी रूपमा सञ्चालन गरिनुपर्दछ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, (२०७८।७९)

नेपालको पहिलो अस्पताल वीर अस्पताललाई २०६३ मा विशेष ऐनअन्तर्गत चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको संरचनाभित्र संस्थागत गरिएको छ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अन्तर्गत वीर अस्पताल, नर्सिङ क्याम्पस सञ्चालनमा रहेका छन्। यस बीचमा युनिफाइड केन्द्रीय कोभिड-१९ अस्पतालको रूपमासमेत वीर अस्पताल सञ्चालन हुँदै आएको छ। यसका अतिरिक्त प्रतिष्ठानले चिकित्सा विज्ञान र नर्सिङ विषयको उच्चस्तरको जनशक्ति उत्पादन गर्दै आएको देखिन्छ। यो वर्ष प्रतिष्ठानले रू.३ अर्ब ३४ करोड ४४ लाख १४ हजार खर्च गरी ४ लाख १७ हजार ३५२ बिरामीलाई स्वास्थ्य उपचार सेवा दिएको छ भने हालसम्म ५ मुख्य विधामा २ हजार ७५२ विद्यार्थीले स्नातकोत्तर र सोभन्दा माथिको उपाधि प्राप्त गरेका छन्। प्रतिष्ठानको दरबन्दी ६८७ र शय्या संख्या ९६० रहेको छ।

६५. **सेवा प्रवाह -** अस्पतालले उपचारार्थ आउने सेवाग्राहीलाई उपलव्ध सबै प्रकारका सेवा समयमै दिई अस्पताललाई प्रभावकारी तथा दक्षरूपमा सञ्चालन गर्नुपर्दछ। प्रतिष्ठानबाट प्राप्त विवरणमा ९६०

शय्यामा सञ्चालित अस्पतालले यो वर्ष बहिरङ्ग सेवा २ लाख ९८ हजार ४४८, आकस्मिक/अन्तरङ्ग सेवा १ लाख १८ हजार ९०४ र शल्यक्रिया सेवा ९ हजार १३३ लाई प्रदान गरेको छ। अस्पतालमा दैनिक औसत २ हजारसम्म बिरामीको चाप रहेकोले एक जना चिकित्सकले ४० देखि ६० जना बिरामी परीक्षण गर्नुपर्दा सेवा लिन ३ देखि ४ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ।

त्यस्तै अस्पतालमा दूरबिनको सहायताले गरिने शल्यक्रियाको लागि २-३ महिना, न्यूरो सर्जरी गर्न ४-५ महिना, नाक कानको शल्यक्रिया गर्न ५-६ महिना, नयाँ हेमोडाइलासिस सेवाको लागि २-४ हप्ता, क्यान्सर अप्रेसनका लागि एक महिना, इमरजेन्सी बाहेकको अप्रसेनका लागि ५-६ महिना, एलर्जी टेष्टका लागि २ महिनासम्म प्रतिक्षा गर्नुपरेको अवस्था छ। मेसिनरी उपकरणको अभावले डेण्टल इम्प्लाण्ट सेवा, कार्डियोथोरासिक उपचार सेवा, कार्डियाक भास्कुलर सेवा, आँखाको लेजर, रेटिना केयर सेवा लगायतका सेवा उपलव्ध हुनसकेको छैन। अस्पतालले सेवालाई प्रभावकारी बनाई बढी समय प्रतीक्षा गर्नुपर्ने अवस्थाको अन्त्य गरी सबै प्रकारका उपचार दिने गरी भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

६६. **मेसिन उपकरण मर्मत** - अस्पतालको सेवा प्रभावकारी हुन आवश्यक उपकरण दुरुस्त अवस्थामा रहनुपर्दछ। अस्पतालमा रहेको भेन्टिलेटर ७, युएसजी मेसिन १, प्यासेण्ट मोनिटर १, हेमिल्टन भेन्टिलेटर ८, केयर फ्युजन भेन्टिलेटर २ लगायतका उपकरण मर्मत नगरेकोले प्रयोगमा आएका छैनन्। बिरामी जाँचको लागि आवश्यक मेसिन उपकरण समयमा मर्मत नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले मर्मत गर्नुपर्ने देखिएको छ।

६७. **औषधि पसल** - स्वास्थ्य मन्त्रालयले जारी गरेको फार्मेसी सेवा निर्देशिका, २०७२ मा अस्पताल आफैंले गुणस्तरयुक्त फार्मेसी सञ्चालन गर्नुपर्ने व्यवस्था छ। सम्मानित सर्वोच्च अदालतले २०७४।६।८ मा मन्त्रालयले निर्धारण गरेको मापदण्ड अनुसारको गुणस्तरयुक्त फार्मेसी सेवा अस्पताल आफैंले सञ्चालन गर्नु भनी परमादेशसमेत जारी गरेको छ। अस्पतालमा हाल ४ फार्मेसी रहे तापनि औषधि प्राप्त गर्न १ देखि २ घण्टा लाइनमा बस्नुपर्ने अवस्था छ। अस्पताल हातामा रहेका ७ पसल कवल २०७९ असोज पछि महानगरपालिकाले भत्काएको कारण निजी औषधि पसल समेत बन्द हुँदा औषधि तथा औषधिजन्य सामग्री प्राप्तिमा सेवाग्राहीलाई थप असर परेको छ। अस्पताल फार्मेसीबाट सहजै औषधि प्राप्तिको व्यवस्था हुनुपर्दछ।

६८. **भौतिक पूर्वाधार** - बिरामीको चाप र सेवा विस्तारसँगै अस्पतालको भौतिक पूर्वाधारमा समेत विस्तार तथा सुधार हुनुपर्दछ। केन्द्रमा रहेको अस्पतालमा बिरामीको अत्यधिक चाप रहकोले बिरामीले भर्नाको लागि प्रतीक्षा गर्नुपर्ने अवस्था रहेको, आकस्मिक कक्षमा शय्या अपर्याप्त रहेको, एक शय्यामा एकैपटक २ बिरामीको उपचार भैरहेको, आई.सी.यू. शय्या सबैमा बिरामी रहेको, पार्किङ सुविधा अत्यन्त कम रहेको तथा बिरामीले प्रतीक्षा गर्दा बस्ने ठाउँ र सेवा प्रदान गर्ने कक्ष साँघुरो रहेको पाइयो। स्थान अभावका कारण फार्मेसी तथा अन्य सामानको भण्डारण र फोहोर व्यवस्थापन पार्किङ स्थलमा गर्ने गरेको छ। भूइँतल्लाको एक कोठामा म्याद गुज्रिएका औषधि रहेकोले उपयोगमा आएको छैन। अस्पतालको सेवा मापदण्ड पूरा हुने गरी भौतिक पूर्वाधार व्यवस्था गरी उपलव्ध स्थानको महत्तम र अत्युत्तम उपयोग गर्नुपर्दछ।

६९. **मेसिन उपकरणः** अस्पतालले क्यान्सर रोगको निदान तथा उपचारका लागि २०७५ मा खरिद गरेको रू.४७ करोड ९० लाख ६० हजारको सि.टी.सिमुलेटर मेसिन र टोमोथेरापी मेसिन ४ वर्षभन्दा बढी समय बितिसक्दा पनि जडान गरेको छैन। सशस्त्र प्रहरी बल, बलम्बु काठमाडौंमा रहेको उक्त मेसिन उपयोग गर्न नसकिने भई नयाँ मेसिन साविककै आपूर्तकले उपलव्ध गराउने प्रतिवद्धता अनुरूप प्राप्तिको चरणमा रहेको भनाइ प्रतिष्ठानको छ। प्राप्त मेसिन समयमै जडान भई सञ्चालन नहुँदा उपकरण सञ्चालन नहुँदै वारेन्टी पिरियड सकिने तथा अस्पतालको सेवा प्रवाहमा असर परेको छ।

७०. **औषधि खरिद खर्च** - चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका शर्त तथा सुविधा सम्बन्धी) नियमावली, २०६५ को नियम ९५ मा कर्मचारीले सेवा अवधिभरमा अधिकृत तहको कर्मचारीलाई १२ महिनाको तलब, सहायक तहको कर्मचारी भए २१ महिनाको तलब रकम औषधि उपचार खर्च पाउने तथा नियम ९६ मा प्रतिष्ठानको कामको सिलसिलामा चोटपटक लाग्न गई कुनै कर्मचारीको नेपालभित्र उपचार हुन नसक्ने भएमा मेडिकल बोर्डको सिफारिसमा त्यस्तो कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा नियमबमोजिम पाउने उपचार खर्चको अतिरिक्त कार्यकारी परिषद्ले उचित ठहर्‍याएको थप आर्थिक सहायता पाउने व्यवस्था छ। उक्त नियमअनुसारको सुविधा यथावत नै राखी अधिकृत स्तरका कर्मचारीलाई एक महिनाको र सहायक स्तरका कर्मचारीलाई १.५ महिनाको तलब बराबरको रकम गत विगतदेखि नै उपलब्ध गराउँदै आएको पाइयो। औषधि खरिद खर्च भनी सुविधा लिए तापनि सोसम्बन्धी बिल भरपाई संलग्न गरेको छैन। नेपाल सरकारका आम कर्मचारीले पाउने एउटै सुविधामा भिन्नता देखिएको र औषधि उपचार सुविधा बापत ८७१ जनालाई रू.३ करोड १७ लाख ७ हजार दोहोरो परेकोले असुल गर्नुपर्दछ।

७१. **विविध किसिमका भत्ता -** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ को बुँदा ३(२) मा सरकारी कोषबाट वितरण गरिने सबै प्रकारका भत्ता तथा सुविधाहरू दोहोरो पर्ने गरी वितरण नगरिने र बुँदा ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजा खानालगायतका कुनै प्रकारका भत्ता प्रदान नगर्ने उल्लेख छ। अस्पतालका चिकित्सक तथा कर्मचारीलाई दैनिक ८ घण्टाका दरले मासिक १९२ घण्टा कार्य गरेको आधारमा शुरु तलब स्केलको मासिक ५० प्रतिशतले हुने रकम सेवा विस्तार भत्ता दिएको छ। सबै कर्मचारीलाई समान किसिमले सेवा विस्तार भत्ता दिए तापनि जोखिमयुक्त प्रयोगशालामा काम गर्ने कर्मचारीलाई तलबको २५% जोखिम भत्ता, कोभिड भत्ता, विभिन्न विभागको आम्दानीको १२.५% जोखिम भत्ता, १००% शैक्षिक भत्ता, ५० प्रतिशत सेवा विस्तार भत्ता, नाइट भत्ता, रात्रिकालीन चिया खर्च, औषधि खरिद खर्च, तलबको १०० प्रतिशत एनेस्थेसिया भत्तालगायतमा यो वर्ष रू.५६ करोड ६८ लाख ६२ हजार भुक्तानी दिएको छ। अस्पतालले भत्ता तथा सुविधाको मापदण्ड बनाई सुविधामा एकरूपता ल्याउनुपर्दछ।

७२. **कर्मचारी दरबन्दी तथा काज -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा प्रतिष्ठानको सभाले कर्मचारी दरबन्दी स्वीकृत गर्ने तथा नेपाल स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काजमा खटाएमा प्रतिष्ठानको कर्मचारीले पाए सरहको सुविधा पाउने उल्लेख छ। प्रतिष्ठानको सभाले आन्तरिक आम्दानीबाट पारिश्रमिक तथा सुविधा दिनेगरी विभिन्न पदका ६८७ दरबन्दी स्वीकृत गरेको छ। प्रतिष्ठानले स्वीकृत दरबन्दीभन्दा ९२ बढी कर्मचारी नियुक्त गरी र

विभिन्न कार्यालयमा दरबन्दी रहेका मासिक ६५ देखि ९४ चिकित्सक तथा स्वास्थ्यकर्मीलाई काजमा ल्याई रू.६ करोड ८२ लाख ३० हजार तलव भत्ता सुविधा खर्च लेखेको छ। कर्मचारीहरूलाई काजमा राखी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

नेपाललाई स्वास्थ्यमा आत्मनिर्भर बनाउँदै लैजाने, सर्बसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०४९ अनुसार प्रतिष्ठानको स्थापना भई सञ्चालन हुँदै आएको छ।

७३. **सञ्चालन स्थिति** - प्रतिष्ठान दिगोरूपमा सञ्चालन हुन अस्पतालको आन्तरिक आय भरपर्दो र पर्याप्त हुनुपर्दछ। प्रतिष्ठानले यो वर्ष नेपाल सरकारको अनुदान रू.५२ करोड ५१ लाख र आन्तरिक स्रोतबाट रू.२ अर्ब २४ करोड ६५ लाख समेत रू.२ अर्ब ७७ करोड १६ लाख आम्दानी गरेकोमा रू.२ अर्ब ९१ करोड ८८ लाख आयभन्दा बढी रू.१४ करोड ७२ लाख खर्च गरेको छ। प्रतिष्ठानले आय वृद्धि र खर्च नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

७४. **संगठन व्यवस्थापन** - प्रतिष्ठानमा चिकित्सकको ८४६ दरबन्दी रहेकोमा ३७४, नर्सको ८१६ दरबन्दीमा २१५ मात्र कार्यरत रहेका छन्। प्रतिष्ठान स्थापना भएको २७ वर्षपछि नयाँ प्रशासकीय स्वरूपमा वैज्ञानिक व्यवस्थापनको लागि विभाग, शाखा, महाशाखाको काम, कर्तव्य, अधिकार, जनशक्ति प्रक्षेपण गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न परामर्शदातासँग २०७९।७।२२ मा सम्झौता भएको छ। कर्मचारीको दरबन्दी संख्या, भर्ना, बढुवा लगायतका वृत्ति विकास, कार्य बोझ र कार्य प्रकृतिअनुसार उपयुक्त संस्थागत संरचना र दरबन्दी मिलाउने कार्य समयमै हुनुपर्नेमा भएको छैन।

७५. **सेवा प्रवाह** - अस्पतालले बिरामीलाई सर्वसुलभ तथा छिटो छरितो सेवा प्रदान गर्नुपर्दछ। प्रतिष्ठानले गत वर्ष १९ हजार १५४ लाई कार्डियोलोजी सेवा दिएकोमा यो वर्ष ८ हजार ८१७ बिरामीलाई मात्र सेवा दिएको छ। आई.सी.यू.मा ३० शय्या जडान भएकोमा ७ मात्र सञ्चालनमा रहेका छन्। इमर्जेन्सी, गाइनोलगायत १६ शल्यक्रिया कक्ष रहेकोमध्ये १३ कक्षमा १५ वर्ष अघिको शल्यक्रियासम्बन्धी उपकरण रहेको अवस्था छ। उपचारको लागि आउने कुल बिरामी संख्या गत वर्ष ३ लाख ९१ हजार ५७ रहेकोमा यो वर्ष ५ लाख ९४ हजार १४३ (५१.९३ प्रतिशत) बढी रहेको छ। प्रतिष्ठानले यो वर्ष उपचार गर्न नसकी ४८ बिरामीलाई अन्यत्र रिफर गरेको छ। त्यस्तै पूर्वाधार निर्माण अन्तर्गत ४०० शय्याको मातृशिशु भवन, २०० शय्याको कार्डियाक सेन्टर, २०० शय्याको अन्कोलोजी भवन निर्माण गर्न ५ वर्ष अघि खरिद सम्झौता भएकोमा हालसम्म निर्माण सम्पन्न भएको छैन। पूर्वाधारको निर्माण कार्य सम्पन्न गर्नुको अतिरिक्त संस्थाको संगठन र व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

७६. **अध्ययन कोटा** - प्रतिष्ठानको उद्देश्य स्वास्थ्य क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गर्नु हो। एम.बी.बी.एस., बी.एस.सी.नर्सिङ, बी.डी.एस.लगायत १८ शैक्षिक कार्यक्रममा विदेशी २१७ समेत १ हजार ३३४ विद्यार्थी अध्ययन गरिरहेकोमा यो वर्ष २१६ विदेशीसमेत १ हजार ५७० थप नयाँ विद्यार्थी भर्ना भई अध्ययनरत छन्। एम.बी.बी.एस.मा १५० बी.डी.एस.मा ६० र बी.एस.सी. नर्सिङमा ५० विद्यार्थी अध्ययन गर्न गराउनसक्ने प्रतिष्ठानको क्षमता रहेकोमा क्रमशः १००, ५० र ४० को

स्वीकृति प्राप्त भएको अवस्था छ। शैक्षिक कार्यक्रमलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७७. **भवन निर्माण -** प्रतिष्ठानले ४०० शय्याको आर.सी.सी. मातृ शिशु अस्पताल भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग ३ वर्षभित्र कार्य सम्पन्न गर्नेगरी २०७६।३।२७ मा रू.२ अर्ब १७ करोड ९८ लाख १४ हजारको सम्झौता गरेकोमा बीसौं रनिङ बिलसम्म रू.१ अर्ब १६ करोड ८ लाख ४७ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा देहाय अनुसार छनः

७७.१. ठेक्का सम्झौताको जि.सी.सी.३७.१ मा बिल अफ क्वान्टिटीको आइटममा २५ प्रतिशतभन्दा बढी र शुरु सम्झौताको २ प्रतिशतभन्दा बढी वृद्धि भएमा भेरिएसन गर्नुपर्ने व्यवस्था छ। आर.सी. सी.मातृ शिशु अस्पताल भवन निर्माण कार्यको बिल अफ क्वान्टिटीको ग्राभेल प्याकिङ्ग, ल्याण्ड स्क्यापिङ, कंक्रिट वर्क र पार्टेसन वालको काममा ८५३.१० प्रतिशत बढीसम्म परिमाणमा वृद्धि भएकोमा भेरिएसन स्वीकृत गरेको छैन। भेरिएसन स्वीकृत नगरी बढी खर्च गरेको रू.३ करोड २२ लाख १५ हजार नियमसम्मत देखिएन। भेरिएसन स्वीकृति बेगर भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

७७.२. ठेक्का सम्झौताको एस.सी.सी.४५.२ मा मूल्य समायोजन गणना गर्दा पेस्की कटाई गणना गर्ने उल्लेख छ। आर.सी.सी.भवन निर्माण कार्यको निर्माण व्यवसायीलाई मूल्य समायोजन बापत १८ औं रनिङ बिलसम्म रू.७ करोड २० लाख ४६ हजार भुक्तानी गरेको देखियो। मूल्य समायोजन गणना गर्दा मोबिलाइजेसन पेस्की रू.३२ करोड ६९ लाख पहिलो, दोस्रो र तेस्रो रनिङ बिलबाट कट्टा गरेको पाइयो। जसको कारणबाट रू.१२ करोड ५२ हजारको मूल्य समायोजन फ्याक्टर ०.०१८१ ले गणना गरी दिनुपर्नेमा ०.१२६१ ले गणना गरी रू.१ करोड ५१ लाख ३८ हजार भुक्तानी दिएकोमा रू.५९ लाख १६ हजार मात्र कट्टा गरेकोले बढी भुक्तानी भएको मूल्य समायोजन रू.९२ लाख २१ हजार असुल गर्नुपर्दछ।

७७.३. सोही भवनको ड्रइङ्ग डिजाइन तयारी र सुपरिभिजन गर्न २०७२।१२।१७ मा एक परामर्शदातालाई डिजाइन शुल्क कुल आयोजना लागतको १ प्रतिशत र सुपरभिजन शुल्क कुल आयोजना लागतको ०.४ प्रतिशत प्रत्येक रनिङ बिलबाट भुक्तानी गर्ने सम्झौता भएकोमा परामर्शदातालाई सम्झौताबमोजिम कुल आयोजना लागत रू.२ अर्ब १७ करोड ९८ लाख १४ हजारको १ प्रतिशत डिजाइन शुल्क रू.२ करोड १७ लाख र सुपरभिजन लागत ०.४ प्रतिशत रू. ८६ लाख समेत रू.३ करोड ३ लाख भुक्तानी भएको छ। भवन निर्माणको हालसम्मको भौतिक प्रगति ५४ प्रतिशत मात्र रहेकोमा भेरिएसनबाट परिमाणमा वृद्धि र मूल्य समायोजन भुक्तानीको कारणबाट सुपरभिजनको लागतमा वृद्धि हुने देखिएको छ।

७८. **बढी कबोल भएकोसँग सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) मा सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानले डेन्टल मेटेरियल खरिद गर्न प्राप्त २ बोलपत्रमध्ये एक बोलपत्रदाताको कबोल अङ्क लागत अनुमान रू.२ करोड १३ लाख ९ हजारको ११.०६ प्रतिशत घटी अर्थात् रू.१ करोड ८९ लाख ५१ हजार र अर्को एक बोलपत्रदाताको कबोल अङ्क लागतको ३०.०६ प्रतिशत घटी रू.१ करोड ४९ लाख २ हजार रहेको देखियो। बोलपत्र मूल्याङ्कन समितिले २०७८।११।९ मा दिएको मूल्याङ्कन प्रतिवेदनको बुँदा ४ मा उक्त दुई बोलपत्रदाता बाबु-छोरा रहेको र बोलपत्र मिलेमतो गरी

दाखिला गरेको कारण जनाई २०७८।११।१० को निर्णयबाट प्रतिष्ठानले बोलपत्र रद्द गरी पुनः दोस्रोपटक बोलपत्र आव्हान गरेको छ। दोस्रो पटकको सूचनामा एक मात्र बोलपत्र लागतको तुलनामा ६.१५ प्रतिशत घटी रू.१ करोड ९९ लाख ९७ हजारको सम्झौता भई खरिद कार्य भएको छ। न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको सट्टामा दोस्रोपटकको बोलपत्र आह्वान अनुसार बोलपत्र पेस गर्नेसँग खरिद सम्झौता गर्दा प्रतिष्ठानलाई रू.५० लाख ९५ हजार बढी व्ययभार परेको छ।

७९. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारी गरेको दररेट र अनुमानित ढुवानी खर्च समेतलाई आधार लिनुपर्ने व्यवस्था छ। प्रतिष्ठानले मेसिन उपकरण, सर्जिकल सामान र औषधि खरिदको लागत अनुमान तयार गर्दा फरक-फरक आधार लिएको छ। एक मात्र आपूर्तकको दररेट पेस भएकोमा त्यसैलाई लागत अनुमान स्वीकृत गरेको छ। कतिपय ठेक्कामा आपूर्तकको दररेट र अघिल्लो वर्षको खरिद दरको आधारमा औसत दररेट निकाली लागत अनुमान तयार गरेको छ। डेन्टल मेडिकल सामान खरिदको ठेक्कामा ३ आपूर्तकको औसत दररेट ननिकाली सबैभन्दा घटी दररेटलाई लागत अनुमान आधार लिएको छ। लिक्विड अक्सिजन स्टोरेज ट्याङ्क खरिद कार्यमा एकमात्र आपूर्तकको दररेटलाई लागत अनुमान कायम गरेको छ। ग्लोभ्स खरिद कार्यमा ४ आपूर्तकको दररेट र अघिल्लो वर्षको ठेक्का दररेटको औसत दररेट निकाली लागत कायम गरेको छ। हेमोडाइलासिस खरिदमा अघिल्लो वर्षको खरिद दररेट र दुईवटा स्थानीय बजारको दररेट लिई औसत दरलाई लागत अनुमान कायम गरेको छ। यसरी लागत अनुमान तयार गर्दा फरकफरक आधार लिएको छ। यसले लागत अनुमान यथार्थपरक देखिएन। नियममा भएको व्यवस्थाबमोजिम खरिदको लागत अनुमान तयार गर्नुपर्दछ।

८०. **घर जग्गाको लगत -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को परिच्छेद-१५ मा जिन्सी सम्पत्तिको लेखा, जिम्मा, संरक्षणसम्बन्धी व्यवस्था छ। प्रतिष्ठानको नाममा धरान छाताचौकमा रहेको जग्गामा सार्वजनिक सवारी पार्किङ्ग तथा अतिक्रमण गरी बनाइएका घर टहरा र मोरङ्गको सुन्दर हरैचामा रहेको जग्गामा एक औषधि उद्योग रहेको तथा बाँकी जग्गामा पोखरीहरू तथा खेत रहेको देखिन्छ। एक औषधि उद्योगको भवन निर्माण अधुरो रही संरक्षण र उपयोगको अभावमा जीर्ण बन्दै गएको छ। भवन निर्माणको क्रममा खरिद गरिएका इलेक्ट्रिकल्स तथा स्यानेटरी लगायतका सामान चोरी तथा नोक्सान हुने अवस्थामा रहेको छ। साथै, प्रतिष्ठानको जग्गा संरक्षणका लागि तारबार नलगाएका कारण अतिक्रमण हुनसक्ने अवस्थामा रहेको तथा सोको उपयोग गरी आय-आर्जन गर्नतर्फ ध्यान दिएको देखिँदैन। उक्त जग्गा एवं सम्पत्तिको उपयोग तथा संरक्षणका लागि पहल गरी आवश्यक कारबाही गर्नुपर्ने व्यहोरा गत विगत वर्ष पनि औँल्याएकोमा स्थिति यथावत् छ।

८१. **धर्मशाला सञ्चालन -** प्रतिष्ठानले परिसरभित्र स्थापना भएको संरचनाबाट प्राप्त आम्दानी खर्चको अद्यावधिक अभिलेख राख्नुपर्दछ। प्रतिष्ठानमा उपचार गराउन आउने बिरामी तथा कुरुवाहरूको आवास व्यवस्थापन गर्न एक व्यक्तिको स्मृतिमा धर्मशाला स्थापना भई २०६७।२।२ मा प्रतिष्ठानलाई हस्तान्तरण गरेको छ। उक्त धर्मशालामा खाजा घर नामको पसल सञ्चालन भएको र उक्त पसलको आम्दानी तथा धर्मशालामा रहेको शय्याबाट प्रतिदिन प्रतिशय्या रू.३२५।- र विछ्यौनाबापत प्रतिदिन रू.६०।- धर्मशालाले आफ्नै

छुट्टै कोषमा जम्मा गरी सो कोषको आफ्नै कार्यविधिबमोजिम प्रयोग गर्दै आएको छ। उक्त क्षेत्रको सुरक्षा, सरसफाइ खर्च प्रतिष्ठानले व्यहोर्दै आएको, परिसरभित्र स्थापित जुनसुकै संरचनामा प्रतिष्ठानको स्वामित्व हुने र उक्त संरचनाको आयसमेत प्रतिष्ठानकै कोषबाट सञ्चालित हुनुपर्नेमा धर्मशालाको परिसरमा रहेको खाजाघरलगायतको आम्दानी रू.४ करोड ४३ लाख ४७ हजार प्रतिष्ठानको कोषमा जम्मा नभई धर्मशालाको छुट्टै कोषमा जम्मा भएको छ। प्रतिष्ठानले आफ्नो स्वामित्वभित्र स्थापित धर्मशाला र भाडामा लगाइएको संरचना प्रतिष्ठानको कार्यविधिअनुसार सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८२. **लगानी -** प्रतिष्ठानको आय–व्यय तथा वासलात विवरणबमोजिम रू.४ करोड ४० लाख एक फर्मास्यूटिकल्समा लगानी भएको देखिन्छ। उक्त लगानीबाट प्रतिष्ठानलाई हालसम्म कुनै प्रतिफल प्राप्त भएको छैन। सो लगानीको कुनै शेयर प्रमाणपत्र लिएको देखिँदैन। लगानीसम्बन्धी व्यहोरा गत विगत वर्षदेखि नै औंल्याइदै आएकोमा स्थिति यथावत् छ।

८३. **प्रयोगविहीन उपकरण -** स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरू चालू हालतमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। प्रतिष्ठानमा एम.आर.आई.मेसिन, सी.टी.स्क्यान, पोर्टेबल एक्स-रे, एक्स-रे मेसिन लगायत २२ प्रकारका रू.१५ करोड १ लाख ९९ हजारका उपकरण तथा मेसिनरीहरू विभिन्न कारणबाट चालु हालतमा रहेको पाइएन। मर्मत हुनसक्ने उपकरण मर्मत सम्भार गरी उपयोगमा ल्याउनुपर्ने देखिन्छ।

८४. **सम्झौता कार्यान्वयन -** सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद सम्झौता कार्यान्वयन हुनुपर्छ। प्रतिष्ठानले गज, ब्यान्डेज र कटन खरिदबापत एक आपूर्तकलाई रू.१ करोड ५२ लाख ८५ हजार भुक्तानी गरेको छ। सम्झौताको शर्तअनुसार २०७९ आषाढ मसान्तभित्र ब्यान्डेज कटन २५ हजार, कटन रोल १० हजार ५०० र गज क्लोथ ३० हजार आपूर्ति गर्नुपर्नेमा ब्यान्डेज क्लोथ थान १३ हजार र गज क्लोथ १७ हजार मात्र आपूर्ति भएको पाइयो। सम्झौताभन्दा घटी र आपूर्ति नै नभएको अवस्थामा पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्झौताका शर्तबमोजिम खरिद व्यवस्थापन गर्नुपर्दछ।

८५. **खरिद फिर्ता** - अस्पताल फार्मेसीले आपूर्तकबाट खरिद गरेको औषधिको म्याद गुज्रिएमा, टुटेफुटे वा बिक्री नभई अधिक मौज्दात रहेमा सम्झौताको शर्तअनुसार उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्दछ। यो वर्ष फार्मेसीले खरिद गरेको औषधिमध्ये म्याद गुज्रिएको वा अन्य कारणले आपूर्तकलाई फिर्ता पठाएको रू.५६ लाख ६ हजार मूल्य बराबरको औषधिको प्रतिस्थापन वा सम्बन्धित फर्मबाट असुल गरेको देखिएन। उक्त रकम असुल गर्नुपर्दछ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत यस प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानले यो वर्ष ६ हजार ५०४ मेजर शल्यक्रियासहित ११ हजार ११६ शल्यक्रिया सम्पन्न गरेको छ। प्रतिष्ठानमा यो वर्ष ८१२ विद्यार्थी अध्ययनरत रहेकोमा हालसम्म ४७० ले स्नातक र स्नातकोत्तर उपाधि प्राप्त गरेका छन्।

८६. **सञ्चालन स्थिति** - प्रतिष्ठानले यो वर्ष नेपाल सरकारको अनुदान रू.२९ करोड २४ लाख र आन्तरिक स्रोततर्फ अनुसन्धान परियोजनाहरूसहितको रू.१ अर्ब ८४ करोड ३२ लाख समेत रू.२ अर्ब १३ करोड ५६ लाख आय प्राप्त गरेकोमा रू.२ अर्ब ६ करोड ४ लाख खर्च गरेको छ।

८७. **सेवा प्रवाह** - प्रतिष्ठानबाट प्राप्त विवरणमा ६५० शय्यामा सञ्चालित अस्पतालमा गत वर्ष २ लाख १५ हजार ६५३ र यो वर्ष ३ लाख ८२ हजार ६६० बिरामीले सेवा प्राप्त गरेका छन्। अस्पतालमा दैनिक औसत १ हजार ७०० सम्म बिरामीको चाप रहेकोले एक जना चिकित्सकले ४० देखि ५० जना बिरामी परीक्षण गर्नुपर्दा सेवा लिन ३ देखि ४ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ। अस्पतालमा दूरबिनको सहायताले गरिने शल्यक्रियाको लागि २ महिना, यूरो सर्जरी गर्न ४ हप्ता, नाक कानको शल्यक्रिया गर्न १२ हप्ता, नयाँ हेमोडाईलासिस सेवाको लागि ४-५ महिना, ईण्डोस्कोपी गर्न १ हप्ता समय प्रतीक्षा गर्नुपरेको अवस्था छ। मेसिनरी उपकरणको अभावले डेण्टल इम्प्लाण्ट सेवा, थोरासिक उपचार सेवा, कार्डियाक भाष्कुलर सेवा, आँखाको लेजर, रेटिना केयर सेवा लगायतका सेवा उपलव्ध हुनसकेको छैन। अस्पतालको सेवालाई प्रभावकारी बनाई बढी समय प्रतीक्षा गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्दछ।

८८. **विस्तारित सेवा** - प्रतिष्ठानलाई विस्तारित सेवाबाट यो वर्ष रू.९७ लाख ९६ हजार आम्दानी भएकोमा चिकित्सक, प्राविधिक तथा अन्य कर्मचारीको पारिश्रमिकमा रू.६७ लाख १८ हजार खर्च भई रू.३० लाख ७८ हजार खुद बचत भएको छ। विस्तारित सेवालाई थप प्रभावकारी बनाउनुपर्दछ।

परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले यो अस्पताल २०१६ सालमा स्थापना भएको हो। स्वीकृत शय्या ४१५ रहेकोमा यस अस्पतालले ४८९ शय्या सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ। अस्पतालले प्रसूति सेवासँगै परिवार नियोजन, पाठेघर खस्ने समस्या, क्यान्सर स्क्रिनिङ, बच्चाको खोप तथा स्याहार कार्यक्रम, सामान्य औषधि उपचारदेखि आ.सी.यू., एन.आई.सी.यू., रेडियोलोजी लगायतका सेवा सञ्चालन गर्दै आएको छ।

८९. **जनशक्ति** - अस्पतालको स्वीकृत दरबन्दी ६४८ मा ३०० स्वास्थ्यकर्मी र ३४८ प्रशासनिक कर्मचारीको दरबन्दी रहेकोमा २६८ जना अस्पताल विकास समितितर्फको र ३८० जना नेपाल सरकारतर्फको रहेको छ। समग्रमा २८ पद रिक्त रहेका छन्। चिकित्सक र नर्सिङतर्फ स्वीकृत दरबन्दीभन्दा बढी जनशक्ति समेत कार्यरत रहेका छन्। संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकताअनुसार पदपूर्ति गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

९०. **सेवा प्रवाह** - यो वर्ष अस्पतालले बहिरङ्ग र अन्तरङ्ग समेत १ लाख ९९ हजार ४९ लाई सेवा प्रदान गरेको छ। सोमध्ये २६ हजार २९२ ले प्रसूति सेवा प्राप्त गरेकोमा ९ हजार ११८ को शल्यक्रिया भएको छ। जीवित जन्म भएको २४ हजार ६६ मध्ये ४ केशमा मातृ मृत्यु भएको छ।

९१. **प्रसूति तथा सिजरिन** - विश्व स्वास्थ्य संगठनको अध्ययनले शल्यक्रियाबाट प्रसूति गराउँदा १० प्रतिशतसम्मको शल्यक्रियाले मातृशिशुको मृत्युदरमा कमी ल्याउन प्रभावकारी भए तापनि सोभन्दा बढी मातृशिशुको मृत्युदरमा कमी ल्याउनेसँग सम्बन्धित नभएको र १० देखि १५ प्रतिशतको दरलाई आईडल दर हुने देखाएको छ। त्यसैगरी उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा

अल्पकालीन तथा दीर्घकालीन असर पर्ने व्यहोरासमेत औंल्याएको छ। अस्पतालले उपलब्ध गराएको तथ्याङ्क अनुसार उक्त विधिबाट प्रसूति सेवा उपलब्ध गराएको तीन वर्षको स्थिति देहायअनुसार छ:

बिबरण	२०७६।७७	प्रतिशत	२०७७।७८	प्रतिशत	२०७८।७९	प्रतिशत
जम्मा प्रसूति सेवा	२२४६१	१००	२२०१४	१००	२४३६९	१००
सामान्य प्रसूति सेवा	१२०५४	५३.६७	११५०१	५२.२४	१२३७९	५०.८०
असामान्य प्रसूति सेवा	१०४०७	४६.३३	१०५१३	४७.७६	११९९०	४९.२०
लोयर सेक्सन सिजरिन सेक्सन	७९४५	३५.२८	८१०८	३६.८३	९११८	३७.४२

उपर्युक्त तथ्याङ्कबाट २०७६।७७ मा भन्दा २०७७।७८ मा सामान्य रूपमा प्रसूति हुनेको दर ४.५८ प्रतिशतले घटेकोमा २०७८।७९ मा ७.३३ प्रतिशतले बढेको देखिन्छ। असामान्य प्रसूतिको संख्या हरेक वर्ष बढेको देखिन्छ। त्यसैगरी सिजरिनबाट प्रसूति सेवा उपलब्ध गराएको संख्या २०७६।७७ मा ७ हजार ९४५ रहेकोमा २०७७।७८ मा ८ हजार १०८ र २०७८।७९ मा ९ हजार ११८ जना पुगेको देखिन्छ।

९२. **मेसिन उपकरणको उपयोग -** अस्पतालको सेवा प्रभावकारी हुन आबश्यक स्वास्थ्य उपकरण चालु अवस्थामा रहनुपर्दछ। अस्पतालले एम.आर.आई.मेसिनको अभावमा गत विगत वर्षमा ४ हजार २०० बिरामीलाई अन्यत्र रेफर गर्नु परेकोमा यो वर्ष पनि स्थिति यथावत् छ। अस्पतालमा कम क्षमताको एक मात्र अल्ट्रासाउण्ड मेसिन रहेकोले रोगको निदान गर्न कठिनाइ भइरहेको, बिरामीले ३/४ घण्टासम्म प्रतीक्षा गर्नुपरेको, धेरै संख्याको स्क्यान गर्दा नतिजा फरक पर्ने गरेको लगायतका अबस्था रहेको छ। उक्त परीक्षणको लागि अस्पतालले १ हजार शुल्क लिने गरेकोमा निजी क्षेत्रमा उक्त शुल्क ३ हजारसम्म लाग्ने गरेको देखिन्छ। अस्पतालले आवश्यक मेसिन उपकरणको व्यवस्थापन गरी सेवाग्राहीलाई सुलभ र सहज सेवा उपलब्ध गराउनुपर्दछ।

९३. **आई.भी.एफ.सेवा -** अस्पतालले २०६९ सालबाट ५ आई.भी.एफ. (टेष्ट टयुब बेबी) सेवा सञ्चालन गर्दै आएकोमा दक्ष विशेषज्ञ भौतिक संरचनाको अभाव लगायतका कारणबाट यो सेवा बन्द रहेको थियो। यो वर्ष उक्त सेवा पुनः सुचारु गरी १९ जनालाई सेवा दिएको छ। अस्पतालको अहिलेको संरचना र जनशक्तिबाट ५० जनासम्मलाई सेवा दिन सकिने अबस्था रहेको देखिन्छ। अस्पतालबाट यो सेवा लिँदा रू.२ लाखसम्म शुल्क लाग्ने र निजी क्षेत्रबाट सेवा दिँदा रू.५ देखि रू.७ लाखसम्म शुल्क लाग्ने देखिएको छ। अस्पतालले भौतिक पूर्वाधार र दक्ष चिकित्सकको व्यवस्था गरी सुलभ र सहजरूपमा सेवा सञ्चालन गर्नुपर्दछ।

भरतपुर अस्पताल

जनतालाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजनलगायत सेवा प्रवाह गर्दै आएको छ। अस्पतालले यो वर्ष २ लाख ८० हजार ५११ बिरामीलाई उपचार सेवा उपलब्ध गराएको छ।

९४. **गुरुयोजना -** स्वास्थ्य मन्त्रालयबाट २०७४।२।२५ मा स्वीकृत अस्पतालको गुरुयोजनाअनुसार १ हजार शय्याको शैक्षिक प्रतिष्ठान, इमर्जेन्सी भवन, मेटरनिटी, पेडियाट्रिक, क्यान्सर, साइक्याट्रिक ब्लक र कर्मचारी आवास भवन निर्माण गर्ने उल्लेख भएकोमा उक्त कार्य आरम्भ भएको छैन। नेपाल

सरकारले यस अस्पताललाई विशिष्टीकृत विशेषज्ञ सेवासहितको संघीय अस्पतालमा स्तरोन्नति गर्ने योजनाअनुसार गुरुयोजनामा उल्लेख गरेअनुसारको भौतिक पूर्वाधारको निर्माण कार्यमा विलम्ब भएकोले सेवा प्रवाहमा असर परेको छ। गुरुयोजनाबमोजिमको कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

९५. **औषधि फिर्ता** - अस्पताल फार्मेसीले आपूर्तकबाट खरिद गरेको औषधिको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नभई अधीक मौज्दात रहेमा सम्झौताको शर्तअनुसार उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्दछ। यो वर्ष अस्पताल फार्मेसीले खरिद गरेकोमध्ये रू.५४ लाख ९१ हजार बराबरको औषधि फिर्ता गरेकोमा रू.१३ लाख ४ हजार मात्रको प्रतिस्थापन गरेकोले बाँकी रू.४१ लाख ८७ हजार आपूर्तकबाट असुल गर्नुपर्दछ।

९६. **जग्गा लिज** - सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नु/गराउनुपर्ने व्यवस्था छ। कार्य नीतिमा लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनका लागि तोकेको चालू वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने र न्यूनतम वार्षिक लिज रकम न्यूनतम मूल्याङ्कनको १० प्रतिशत हुने उल्लेख छ। अस्पतालले वार्षिक रू.९ लाख लिने गरी एक मेडिकल कलेजलाई २०५०।४।२४ मा ४९ वर्षको लागि ९ बिघा जग्गाको भोगाधिकार दिएको छ। भोगाधिकार दिएको जग्गा लिजमा परिणत गरी/गराई मालपोत ऐन, २०३४ बमोजिम न्यूनतम मूल्याङ्कित रकम (प्रतिकट्ठा रू.८२ लाख) को १% ले हुने लिज रकम असुल गर्नुपर्नेमा गरेको छैन।

कान्ति बाल अस्पताल

बाल स्वास्थ्यसम्बन्धी अध्ययन, अनुसन्धान केन्द्रको रूपमा संस्थागत विकास गर्ने उद्देश्यले २०१९ मा स्थापित यो अस्पताल बालबालिकासम्बन्धी उपचार सेवा प्रदान गर्न ३५२ शय्यासहित केन्द्रीय बाल अस्पतालको रूपमा सञ्चालन हुँदै आएको छ।

९७. **वित्तीय स्थिति** - अस्पताल विकास समितितर्फको कुल आय गत वर्षको मौज्दात समेत रू.७५ करोड ५४ लाख ४५ हजार रहेकोमा रू.५६ करोड ३२ लाख ११ हजार ७४.५५ प्रतिशत खर्च भएको छ। आन्तरिक आम्दानी रू.२३ करोड ७९ लाख ९७ हजार रहेकोमा तलब भत्तामा मात्र रू.१२ करोड ६९ लाख ४९ हजार ५३.३४ प्रतिशत खर्च भएको छ।

९८. **सेवा प्रवाह** - अस्पताललले यो वर्ष १ लाख १६ हजार ४५३ बालबालिकालाई सेवा प्रदान गरेको छ। आइतबारदेखि शुक्रबारसम्म दैनिक बिहान ८ बजेदेखि १ बजेसम्म ओ.पी.डी. टिकट वितरण गरी बहिरङ्ग सेवा लिन आउने बिरामीको बिहान १० बजेदेखि बिरामी जाँच कार्य शुरु गरेपनि चिकित्सकको सेवा लिन बिरामीले कम्तीमा ३ देखि ४ घण्टासम्म कुर्नुपर्ने अवस्था छ।

त्यस्तै हाइड्रोशिलको अप्रेशन गर्न ६ महिनादेखि २ वर्ष, सामान्य अप्रेशन गर्न ३ महिनादेखि १ वर्ष, मेजर अप्रेशन गर्न ६ महिनादेखि २ वर्षसम्म पालो पर्खनुपर्ने अवस्था छ। अस्पतालमा २ मात्र शल्य चिकित्सा कक्ष रहेको छ। अस्पतालमा १६ शय्याको आई.सी.यू. र ३० शय्याको सर्जिकल वार्ड रहेकोमा क्रमशः १० र २४ शय्या सञ्चालनमा रहेको देखिन्छ। जसले गर्दा आई.सी.यू.चाहिने बिरामीलाई शय्या अभाव भएर अन्यत्र प्रेषण गर्नुपर्ने बाध्यता छ।

९९. **जनशक्ति व्यवस्थापन -** अस्पताल विकास समितितर्फ चिकित्सक, नर्स, पारामेडिक्स र अन्यसमेत २९६ को दरबन्दी स्वीकृत भएकोमा १५० कार्यरत रहेको र रिक्त दरबन्दीमा सेवा करार तथा ज्यालादारीबाट कार्यसञ्चालन गरेको छ। नेपाल सरकारतर्फ ७८ चिकित्सक, १०६ नर्स र अन्यसमेत २६४ को दरबन्दी रहेकोमा चिकित्सक ४९, नर्स ४२ समेत १७० कार्यरत रही चिकित्सक २९, नर्स ६५ समेत ९४ रिक्त रहेको छ। अस्पतालमा १४ वर्षमुनिका बालबालिकाहरूको मुटु रोगको उपचार गर्ने कार्डियो सेवा सञ्चालनमा रहे तापनि छुट्टै कार्डियो युनिट र मुटु रोग विशेषज्ञको पदपूर्ति नहुँदा मेडिसिन चिकित्सकबाट मेडिकल म्यानेजमेण्टसम्बन्धी मेडिसिनबाट हुने उपचार प्रदान गरेको छ। अस्पतालमा ईको, क्याथल्याब र सी.सी.यू.नभएका कारण अस्पतालमा मुटुको एन्जियोप्लाष्ट, एञ्जियोग्राफी लगायतका सेवा उपलब्ध छैन। दरबन्दीअनुसार पदपूर्ति नहुँदा अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य सेवा प्रवाह प्रभावित हुने र मौजूदा कर्मचारीहरूलाई कार्यबोझ थप हुन जाने देखिन्छ। तसर्थ, दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहमा ल्याउनुपर्दछ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर

१००. **आय-व्यय -** शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा यो वर्ष नेपाल सरकारतर्फबाट रू.२८ करोड ३८ लाख ५१ हजार र आन्तरिक स्रोततर्फबाट रू.३४ करोड ८९ लाख ९१ हजार समेत रू.६३ करोड २८ लाख ४२ हजार आम्दानी तथा नेपाल सरकारतर्फको रू.२८ करोड ३८ लाख ५१ हजार र आन्तरिक स्रोततर्फको र.२५ करोड ६७ लाख २२ हजार समेत रू.५४ करोड ५ लाख ७३ हजार खर्च भई रू.९ करोड २२ लाख ६९ हजार बचत रहेको छ।

१०१. **भौतिक पूर्वाधार -** भक्तपुर अस्पतालले उपलब्ध गराएको भवनबाट आफ्नो सेवा सञ्चालन गर्दै आइरहेको यस केन्द्रको नाममा आफ्नै जग्गा र भवन रहेको छैन। स्वीकृत क्षमता १०० शय्या रहेको यस केन्द्रमा गत वर्षसम्म अप्रेसन थिएटरमा ४, पोष्ट अप्रेसनमा ४, आइ.सी.यू.मा १० र डायलाइसिसको लागि ३६ र २५ एच.डि.यू.शय्या उपलब्ध रहेकोमा यस वर्ष अप्रेसन थिएटरमा ४, पोष्ट अपरेटिभ ४, आई.सी.यू.मा १० र डायलाइसिसको लागि ४५ शय्या मात्र उपलब्ध भएको अवस्था छ। दिनानुदिन केन्द्रमा उपचारार्थ आउने बिरामीहरूको संख्यामा वृद्धि हुँदै गैरहेको अवस्थामा साविकको साँगुरो स्थानबाट मात्र उपचार संभव नभएकोले बिरामीहरूले सेवा प्राप्त गर्न धेरै समय कुर्नुपर्ने स्थिति रहेको छ। नेपाल सरकारबाट ३० वर्षको लागि लिजमा प्राप्त चाँगुनारायण नगरपालिका वडा नं.३ झौखेल, भक्तपुरमा रहेको करीब ३१ रोपनी ७ आना जग्गामा यो वर्ष कम्पाउण्ड वाल लगाउने कार्यका लागि रू.३० लाख र अस्पताल भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि रू.८६ लाख ५६ हजार बजेट व्यवस्था भएकोमा कुनै कार्य हुन सकेको देखिएन। यथास्थितिमै केन्द्र सञ्चालन भइरहँदा अस्पतालको सेवा प्रवाहमा असर परेको छ। गुरुयोजना तयार गरी केन्द्रको पूर्वाधार निर्माण गर्न ध्यान दिनुपर्ने देखिएको छ।

बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल

क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा

प्रदान गरी मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन राष्ट्रिय प्रेषण अस्पतालको रूपमा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत यस अस्पतालको स्थापना भएको हो।

१०२. **वित्तीय अवस्था -** यो वर्ष अस्पतालको आन्तरिक आय रू. ५१ करोड ९४ लाख ९० हजार रहेकोमा तलब भत्तामा रू.४८ करोड २ लाख ६१ हजार खर्च भएको छ। नेपाल सरकारबाट स्वास्थ्य कर कोष र अनुदान बापत यो वर्ष रू.५३ करोड ८ लाख ५८ हजार प्राप्त भएको देखिन्छ। उपरोक्त स्थितिले अस्पतालको वित्तीय अवस्था सबल देखिएन।

१०३. **रेडियोथेरापी सेवा -** अस्पतालले यो वर्ष १ हजार ९६७ लाई रेडियोथेरापी सेवा उपलव्ध गराएको छ। रेडियोथेरापी गर्न २ देखि ३ महिनासम्म प्रतीक्षा गर्नु परेको देखिन्छ। अस्पतालले उपकरण र जनशक्ति अभावको कारण उपचारमा ढिलाइ हुने गरेको उल्लेख गरे तापनि जनगुनासोलाई सम्बोधन हुनेगरी सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय बनाउनुपर्दछ। यससम्बन्धी व्यहोरा गत वर्ष पनि उल्लेख भएकोमा सुधार भएको छैन।

अस्पतालमा ८४८ जनाको पद स्वीकृत भएकोमध्ये ६५४ पदपूर्ति भई १९४ पद रिक्त रहेका छन्। रेडियोथेरापीसँग सम्बन्धित चिकित्सक, प्यारामेडिक्सलगायतका पद रिक्त रहेको देखियो। अस्पतालको सेवा प्रवाह प्रभावकारी बनाउन चिकित्सकलगायत कर्मचारी कार्यालय समयभर अस्पतालमा उपस्थिति हुनुपर्नेमा कर्मचारी तथा चिकित्सकहरूलाई बाहिर काम गर्न दिइने स्वीकृतिको कारण रेडियोथेरापी सेवामा अधिक समय प्रतीक्षा गर्नुपर्ने अवस्था छ। दरबन्दीअनुसारका पदपूर्ति गरी अन्यत्र काम गर्न स्वीकृति दिने प्रावधानमा पुनरावलोकन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

१०४. **स्वास्थ्य पूर्वाधार -** अस्पतालको स्वामित्वमा ७५ विघा १० कट्टा २ धुर जग्गा रहेको छ। अस्पताल परिसरमा बहिरङ्ग, अन्तरङ्ग, चिकित्सक आवासलगायतको लागि ९८ भवन रहेका छन्। अस्पतालमा मर्मत हुन नसक्ने उपकरण विसर्जन गर्ने सम्बन्धमा उपयुक्त निर्णय हुनसकेको छैन। बिरामी कुरुवा घरको उचित संरक्षण हुन नसक्दा जीर्ण हुँदै गएको अवस्था छ। क्यान्सर रोगको निदानको लागि पेट सिटी स्क्यान मेसिनको व्यवस्था हुनसकेको छैन। आवश्यक पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्दछ।

१०५. **आवास सुविधा -** बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, कर्मचारी प्रशासन नियमावली, २०६६ को दफा १०१(२) बमोजिम आवास सुविधा उपयोग गर्ने कर्मचारीले उपभोग गरेको आवासको भौतिक सुविधाको आधारमा निजको शुरु तलवमानको ३ देखि ५ प्रतिशतका दरले हुने रकम अस्पतालको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। अस्पताल हाताभित्र २५९ कर्मचारीले भवनको उपयोग गरेकोमा त्यस्तो रकम असुल गरेको छैन। आवास सुविधा प्राप्त गर्ने २२८ कर्मचारीबाट मासिक तलब भुक्तानी भएको आधारमा औसत ४ प्रतिशतले गणना गर्दा यो वर्ष मात्र रू.५६ लाख १८ हजार असुल गरी मर्मत सम्भार कार्यमा उपयोग गर्नुपर्दछ।

१०६. **रिफर संख्या -** बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अनुसार आएका बिरामीको उपचार गर्नुपर्ने व्यवस्था छ। अस्पतालले पेट स्क्यान मेसिनबाट गरिने क्यान्सर रोग निदानमा मासिक करिब १०० जना, लिन्र्याक मेसिन र बोनम्यारो ट्रान्सप्लाण्ट मेसिनबाट गरिने क्यान्सर उपचारको

लागि मासिक क्रमशः करिब ६० र १० बिरामी अन्यन्त्र रिफर गरेको पाइयो। मेसिन र जनशक्तिको व्यवस्था गरी अस्पतालमै उपचारको व्यवस्था मिलाउनुपर्दछ।

सिंहदरबार वैद्यखाना विकास समिति

प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्दै प्रभावकारी र गुणस्तरयुक्त, शास्त्रीय तथा वाइपेटेन्ट विधिद्वारा औषधि निर्माण गर्ने, उचित मूल्यमा गुणस्तरयुक्त आयुर्वेदिक औषधिको उत्पादन गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा बिक्री वितरण र प्रचार प्रसार गर्ने, देशभित्र उपलब्ध हुने तथा अन्य औषधि दृष्टाहरूको वैज्ञानिक अनुसन्धानात्मक परीक्षण गरी स्तरीय आयुर्वेद औषधिहरूको आपूर्तिद्वारा चिकित्सा सेवालाई सुलभ एवं व्यापक बनाउनेलगायतका उद्देश्यले सिंहदरबार वैद्यखाना विकास समिति गठन आदेश, २०५१ अनुसार स्थापना भई सञ्चालन हुँदै आएको छ। यो वर्ष समितिको सरकारी अनुदान रू.१ करोड ५० लाख ७ हजार समेत कुल आम्दानी रू.१५ करोड ३८ लाख ८७ हजार भएकोमा रू.४ करोड ३६ लाख ८९ हजार खर्च भई रू.११ करोड १ लाख ९८ हजार मौज्दात रहेको छ।

१०७. **सञ्चालन नतिजा -** सिंहदरबार वैद्यखाना विकास समिति आयुर्वेदिक औषधिको उत्पादन तथा अनुसन्धान केन्द्रको रूपमा रहेको छ। समितिको २०७७।७८ मा बिक्री रू.२ करोड ६५ लाख १ हजार भई रू.५ करोड २९ लाख ४४ हजार खर्च देखिएकोमा यो वर्ष बिक्री रू.१ करोड ८१ लाख ७५ हजार भई खर्च रू.४ करोड ३५ लाख ७१ हजार हुँदा घाटा १४० प्रतिशत पुगेको छ। समितिको आयभन्दा व्यय बढी भएकोले खर्च घटाई बिक्री बढाउन ध्यान दिनुपर्दछ।

त्यस्तै वैद्यखानाले यो वर्ष ३१२ किसिमका औषधि उत्पादन गर्ने लक्ष्य राखेकोमा ७६ किसिमका औषधि मात्र उत्पादन गरेको छ। लक्ष्यअनुसार औषधि उत्पादन नगर्दा बैद्यखानाको उद्देश्य पुरा नहुनुका साथै आम्दानीसमेत कम भएको छ।

१०८. **जनशक्ति व्यवस्थापन -** वैद्यखानाको कुल दरबन्दी ६४ रहेकोमा प्रमुख औषधि उत्पादन अधिकृत १, प्रमुख अनुसन्धान तथा गुणस्तर अधिकृत १ र औषधि कुटुवा ७ लगायतका ४३ पद रिक्त रहेका छन्। महत्त्वपूर्ण पदहरू रिक्त हुँदा औषधि उत्पादन र गुणस्तरमा असर पर्ने हुँदा रिक्त पदहरू पूर्ति हुनुपर्दछ।

१०९. **घर भाडा -** वैद्यखाना र जीपी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्रबीच मासिक रूपमा रू.४० हजारका दरले भाडा प्राप्त गर्ने गरी सम्झौता भएकोमा २०७५ आषाढदेखि २०७९ फाल्गुणसम्मको रू.२२ लाख ४० हजार घर भाडा प्राप्त गरेको छैन। कार्यालय परिसरभित्र ५ तल्ले नव निर्मित भवन विगत वर्षदेखि प्रयोगमा नरहेको र भाडामा दिएको पनि देखिँदैन। समितिले बक्यौता भाडा असुल गरी आफ्नो उपयोगमा नआउने भवनको आय-आर्जन हुनेगरी वैकल्पिक व्यवस्था गर्नुपर्दछ। समितिले रू. १२ करोड १२ लाख १७ हजार खर्च गरी निर्माण गरिएको भवन वर्षौंदेखि प्रयोगविहिन रहेको तर्फ समिति र मन्त्रालयमा पटक पटक जानकारी गराउँदा समेत सो भवन प्रयोग गर्नेतर्फ ध्यानाकर्षण भएको छैन।

भक्तपुर क्यान्सर अस्पताल

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भक्तपुर नगरपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रोटरी क्लव, नेपाल अर्बुद रोग निवारण संस्था लगायतको सहकार्यमा २०५१ सालमा सामुदायिक अस्पतालको रूपमा स्थापना भई क्यान्सर बिरामीहरूलाई स्तरीय उपचार प्रदान गर्दै आइरहेकोमा भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ पछि भक्तपुर क्यान्सर अस्पताल नामाकरण भएको छ। यो अस्पतालले १२३ शय्याबाट सेवा सञ्चालन गरिरहेको छ।

भक्तपुर क्यान्सर अस्पतालमा अस्पतालको आन्तरिक स्रोतबाट रू.२१ करोड ५७ लाख १९ हजार र नेपाल सरकारबाट रू.२० करोड ९८ लाख ५९ हजारसमेत कुल रू.४२ करोड ५५ लाख ७८ हजार आम्दानी तथा आन्तरिक स्रोततर्फ रू.२९ करोड ९ लाख ९४ हजार र नेपाल सरकारबाट रू.२० करोड ९८ लाख ५९ हजार समेत कुल रू.५० करोड ८ लाख ५३ हजार खर्च भई रू.७ करोड ५२ लाख ७५ हजार न्यून (घाटा) रहेको छ।

११०. **सम्पत्ति -** भक्तपुर क्यान्सर अस्पताल, विकास समिति गठन आदेश, २०७७ को दफा नं.२१ मा यो आदेश प्रारम्भ हुँदाका बखत (२०७७।९।६) भक्तपुर क्यान्सर अस्पतालको प्रयोगमा रहेको स्वास्थ्यसम्बन्धी उपकरण, मेसिनरी, औजार, फर्निचर, सवारीसाधन तथा सम्पूर्ण चल सम्पत्ति समितिमा सर्ने उल्लेख भएकोमा त्यस्ता सम्पत्तिको विवरण तयार गरी यस अस्पतालको अभिलेखमा नसारेकोले गठन आदेश बमोजिम सार्ने व्यवस्था गर्नुपर्दछ।

१११. **कर्मचारी व्यवस्थापन -** भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ को दफा ११ मा अस्पताल सञ्चालन तथा समितिको कार्यसम्पादनको लागि समितिमा आवश्यक कर्मचारीहरूको पद र संख्या अर्थ मन्त्रालयको सहमतिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिम हुने, संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नगराई कुनै पनि पदमा कर्मचारी भर्ना गर्न नपाउने व्यवस्था छ। गत वर्ष समितिको निर्णय बमोजिम कर्मचारीको पद व्यवस्थापन तथा मिलान सम्बन्धमा कार्यदल गठन गरी तयार गरेको कर्मचारी प्रशासन विनियमावली स्वीकृतिको प्रक्रियामा रहेको छ। समितिले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नगराई प्यालिएटिभ केयर, फिजिसियन, मेडिकल अफिसर, रजिष्ट्रार, फार्मेसी सहायक, प्याथोलोजिष्ट, चिकित्सकलगायतका ४० कर्मचारीलाई करारमा नियुक्त गरेको छ। गठन आदेशबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराई कर्मचारी व्यवस्थापन गरी सेवा सुचारु गर्नुपर्दछ।

११२. **मेसिनरी औजार खरिद -** यस वर्ष केन्द्रीय अस्पताल तथा प्रतिष्ठानको पुँजीगततर्फ मेसिनरी तथा औजारमा रू.१ करोड ८९ लाख ९२ हजार बजेट विनियोजन भएकोमा सो रकम खर्च भएको पाइएन। क्यान्सरका बिरामीहरूको स्वास्थ्योपचारका लागि दक्ष चिकित्सक एवं मेसिनरी तथा औजारको अभावका कारण धेरै समय कुर्नुपर्ने अवस्थामा विनियोजित बजेट खर्च गर्न नसक्दा अस्पतालले दिने सेवामा असर परेको देखिन्छ। उपलब्ध बजेट उपयोग गरी आवश्यक स्वास्थ्य उपकरण लगायत पूर्वाधारलाई सुदृढ गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा खरिद योजना अनुसार खरिद नगरेको, दरबन्दी अनुसार पदपूर्ति नभएको, तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्यसञ्चालन कोष र विविध खातातर्फको आय-व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, कोनाल्ट तथा सिटी सेमुलेटर मेसिन यो वर्ष पनि जडान एवं सेवा सञ्चालन नगरेको, मन्त्रालयबाट छनोट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौताबमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको लगायतका व्यहोरा औँल्याएकोमा अधिकांश अस्पताल तथा स्वास्थ्य संस्था सोही अवस्थामा रहेको पाइयो। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ १६ निकायमा रू. ९७ करोड ८७ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रू. ११ करोड १३ लाख ३५ हजार फर्स्यौट गरेकोले रू. ८६ करोड ७४ लाख २३ हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये रू. २० करोड ४१ लाख ६३हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित, अन्य संस्था र समिति २७ तर्फ रू.२ अर्ब ८१ करोड ४० लाख ६९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रू.१७ करोड ८१ लाख ७२ हजार फर्स्यौट गरेकोले रू.२ अर्ब ६३ करोड ५८ लाख ९७ हजार बाँकी रहेको छ। सोमध्ये रू.५७ करोड २३ लाख ८ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन तथा मूल्याङ्कन गर्ने नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा आयोगले कार्य गरिरहेको छ।

१. **सरकारी कार्यालय -** राष्ट्रिय योजना आयोग र मातहतसमेत १९७ सरकारी कार्यालयको निम्नानुसार रू.३ अर्ब ३३ करोड १० लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३२९४९	३३	४७	२८१	३३३१०

२. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष आयोजना छनोट, प्राथमिकीकरण र विनियोजन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

३. **पन्ध्रौं योजनाको तेस्रो वर्षको उपलब्धि -** पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा तेस्रो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०७८।७९ को लक्ष्य	२०७८।७९ को अनुमानित उपलब्धि
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	६.८	७	५.८४
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	३.९	२.३०
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१०.४	१०.१९
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	७.७	५.९३
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.५	६.०९
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१३२९	१३८१
७.	गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	१८.७	१३	-
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६११	०.६०२
९.	अपेक्षित आयु (जन्म हुँदाको) वर्ष	६९.७	७१.५	७१.१
१०.	आधारभूत खानेपानी सेवा पुगेको जनसंख्या (प्रतिशत)	८९	९५.०	९५
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९४.०	८८.९०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	२९७४	२३८१
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	९७	९४
१४	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत)	६५.९	८५	८५

स्रोतः राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७८।७९

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि क्षेत्रको वार्षिक वृद्धिदर, उद्योग क्षेत्रको वार्षिक वृद्धिदर र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमश ७ प्रतिशत, ३.९ प्रतिशत, १०.४

प्रतिशत र ७.७ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः ५.८ प्रतिशत, २.३० प्रतिशत, १०.१९ प्रतिशत र ५.९३ प्रतिशत रहेको छ। विद्युत उत्पादन २ हजार ९७४ मेगाबाट जडित क्षमता पुऱ्याउने लक्ष्य रहेकोमा २ हजार ३८१ मेगाबाट र विद्युत पँहुच प्राप्त परिवार संख्या ९७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९४ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसंख्या १३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा मध्यावधि समीक्षा भएको देखिँदैन। पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको कार्यक्रम विषयगत मन्त्रालयहरूबाट सम्पादन हुने हुँदा योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउन प्रभावकारी सहजीकरण र अनुगमन गर्नुपर्दछ।

४. **राष्ट्रिय विकास समस्या समाधान समिति -** विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नको लागि अनुगमन तथा मूल्यांकन सम्बन्धी सर्वोच्च संयन्त्रको रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास समस्या समाधान समिति रहने व्यवस्था छ। मुलुकमा कोभिड-१९ को संक्रमणबाट अर्थतन्त्रमा परेको असर, उत्पादनशील लगानीमा आएको कमी, श्रम रोजगारी कटौती, उच्च मुद्रास्फीति, बढ्दो व्यापार घाटा, अनौपचारीक अर्थतन्त्र, स्रोतको संकुचन, घट्दो वैदेशिक अनुदान र बढ्दो चालु खर्च, विकास आयोजनाहरूमा समय र मूल्य वृद्धि, निर्माण कार्यमा ढिलाइ, पूर्वतयारी बेगरका आयोजना सञ्चालन, कमजोर अनुगमन र मूल्याङ्कन, विकासको प्राथमिकतामा आएको परिवर्तन, टुक्रे आयोजनामा बजेट खर्च गर्ने प्रवृत्ति, तीनै तहका सरकारका आयोजनामा दोहोरोपना जस्ता समस्याहरू रहेका छन्। यस्ता विषय छलफलका एजेण्डा बन्न नसकेका तथा छलफल भएका कतिपय विषय पनि वस्तुपरक निष्कर्षमा पुग्न सकेका छैनन्। मुलुकमा विद्यमान समस्याहरूको स्थायी समाधानका लागि कतिपय कानून एवं नीति नबनेको तथा कार्यान्वयनमा देखिएका समस्याहरूको निर्देशनबमोजिम समाधान भए, नभएको यकिन गरी प्रतिवेदन गर्ने संयन्त्रको विकास नभएको तथा पहिचान भएका समस्याहरू कार्यान्वयन अवस्थाको अनुगमन हुन सकेको दखिँदैन।

यो वर्ष समितिको बैठक एक पटक बसेकोमा सो बैठकले रकम शोधभर्ना, विद्युतीकरण, सडक विस्तार, खानेपानी तथा ढलहरू विस्तार र मर्मत, राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन तथा सडक सीमा निर्धारण, निर्माण सम्पन्न भएका पूर्वाधारहरूको नियमित मर्मत सम्भार, फोहरमैला व्यवस्थापन, जग्गा प्राप्ती, उच्च शिक्षाको नियमन, ब्रोडब्याण्ड विस्तार, जलवायु परिवर्तन, विद्युतीय भुक्तानी लगायतका निर्णयहरूको कार्यान्वयन गर्न विषयगत मन्त्रालयहरूबाट तयार हुने कार्ययोजना कार्यान्वयन सम्बन्धमा आयोगले अनुगमन गरी पृष्ठपोषण तयार गर्नुपर्दछ।

५. **नयाँ नेपाल निर्माण कोष -** नयाँ नेपाल निर्माणको लागि नयाँ नेपाल निर्माण कोष सञ्चालन नियमावली, २०६८ को नियम ४ मा आम नेपाली जनताको व्यापक जनसहभागितामा मुलुकको आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास एवं जनतालाई राहत पुऱ्याउने कार्यक्रम तथा योजना अभियानको रूपमा सञ्चालन गर्ने उद्देश्य रहेकोमा उक्त कोष सञ्चालन नभई विगत वर्षदेखि नै बैङ्कमा रू.१ करोड १८ लाख ४७ हजार निष्क्रिय रहेको छ। मुलुकमा संघीयताको कार्यान्वयनको क्रममा विकास लक्षित समस्या समाधान गर्न रू.३ खर्ब ७८ अर्ब ९ करोड ७७ लाख पुँजीगत बजेट विनियोजन भएतापनि सीमित बजेटबाट यो अभियान सफल पार्न चुनौतीपूर्ण देखिएको छ। आयोगले २०७५।३।२० मा कोष पुनरावलोकन हुनुपर्ने र मौज्दात रकम संघीय सञ्चित कोषमा जम्मा गर्ने

गरी कोष खारेज गर्न कोष सञ्चालक समितिलाई सुझाउ दिएकोमा हालसम्म सो विषयमा निर्णय भएको छैन। आयोगले दिएको सुझाउ कार्यान्वयन हुनुपर्दछ।

६. **प्राथमिकता प्राप्त आयोजना -** राष्ट्रिय गौरव र पहिलो प्राथमिकतामा रहेका २६७ आयोजनामध्ये यो वर्ष वार्षिक ८० प्रतिशतभन्दा बढी प्रगति हुने १११, ५० देखि ७९ प्रतिशतसम्म प्रगति हुने ६८, ५० प्रतिशतभन्दा कम प्रगति हुने ६० र प्रगति नखुलेका २८ आयोजना रहेका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका २२, जलस्रोत तथा ऊर्जा मन्त्रालयका १४, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका ५, अर्थ मन्त्रालयका ५ लगायत ६० आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ। त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका ५, जलस्रोत तथा ऊर्जा मन्त्रालयका ४, अर्थ मन्त्रालय, खानेपानी तथा शहरी विकास मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका ३/३ आयोजनालगायत २८ आयोजनाले प्रगति स्थिति खुलाएका छैनन्। आयोगबाट पनि कम प्रगति भएका र प्रगति नखुलेका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयन अवस्था, प्रगति हुन नसकेका क्रियाकलापको कारण जस्ता विषयमा प्रभावकारी अनुगमन/मूल्याङ्कन हुन सकेको छैन। न्यून प्रगति भएका तथा प्रगति स्थिति नखुलेका आयोजनाहरूको विषयमा संलग्न पदाधिकारी एवं विषयगत मन्त्रालयहरूलाई जिम्मेवार बनाउँदै अनुगमन/मूल्याङ्कनमा आयोगको भूमिकालाई थप सबल र प्रभावकारी बनाउनुपर्दछ।

७. **मध्यमकालीन खर्च संरचना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ र ७ मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको वजेट र कार्यक्रम तर्जुमा गर्ने उल्लेख छ। सो प्रयोजनका लागि आयोगका उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने र सो समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोतको अनुमान गर्नुपर्ने व्यवस्था छ। आवधिक योजनाका लक्ष्यहरूलाई प्रत्येक वर्षको बजेट तथा कार्यक्रममा तादात्म्यता मिलाउन यो व्यवस्था लागू भए तापनि बहुवर्षीय योजनाको स्वीकृति दिइएको योजना, बजेट तथा कार्यक्रममा समन्वय नभएकोले मध्यमकालीन खर्च संरचनाले अपेक्षित नतिजा दिएको छैन। राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७।७८ को वास्तविक उपलब्धि र २०७८।७९ को मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा अनुमानित उपलब्धिको समष्टिगत आर्थिक खाका निम्नानुसार रहेको छः

क्र.सं.	सूचक/लक्ष्य	एकाई	२०७७।७८ को उपलब्धि	२०७८।७९ को लक्ष्य	२०७८।७९ को उपलब्धि
१.	वार्षिक आर्थिक वृद्धि दर	प्रतिशत	३.८	७	५.८४
	(क) कृषि	प्रतिशत	२.९	३.९	२.३०
	(ख) गैरकृषि	प्रतिशत	४.४	८.२	६.८८
	(ग) उद्योग	प्रतिशत	४.४	१०.४	१०.१९
	(घ) सेवा	प्रतिशत	४.२	७.७	५.९३
२.	मुद्रास्फीति दर	प्रतिशत	३.६	६.५	६.०९
३.	भुक्तानी सन्तुलन	रू. अर्ब	६८.१	-२०	-२६९.८१
४.	प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	१२४६	१३२९	१३८१
५.	आर्थिक जोखिम सूचकाङ्क	सूचकाङ्क	२४.२	२४	२४.७
६.	मानव सम्पत्ति सूचकाङ्क	सूचकाङ्क	७५	७६	७४.९

स्रोतः राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन, २०७८।७९

उल्लिखित लक्ष्यहरूको खाका पन्ध्रौं योजनामा उल्लिखित आर्थिक वृद्धिदरको लक्ष्यका आधारमा निर्धारण भएको देखिए तापनि कतिपय सूचकहरूको प्रगति सन्तोषजनक छैन। योजना अवधिको अन्त्यसम्म तोकिएको लक्ष्य हासिल गर्ने कार्य चुनौतिपूर्ण छ। तीन तहका सरकारमार्फत् सञ्चालन हुने विकास आयोजना बाँडफाँटसम्बन्धी मापदण्ड, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजनामा आवश्यक बजेटको सुनिश्चितता गर्दै तोकिएको लक्ष्य हासिल गर्ने गरी विकास कार्यक्रमको तर्जुमा गर्नुपर्दछ।

८. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा संघ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण, योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने र योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैङ्क रहने उल्लेख छ। उल्लिखित व्यवस्थाअनुसार आयोजना कार्यान्वयनका लागि निर्धारित मापदण्डको आधारमा आयोजना प्रविष्टिका लागि आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार गरी २०७८।७९ को पौषसम्ममा विभिन्न मन्त्रालय, आयोग तथा संवैधानिक अङ्गसमेत २३ निकायका राष्ट्रिय गौरवका आयोजनाहरू र रुपान्तरणकारी आयोजनाहरूसमेत कुल ७ हजार २०६ आयोजना उक्त प्रणालीमा सूचीकृत भएको देखिन्छ। आयोगबाट जारी राष्ट्रिय आयोजना बैङ्कको आयोजना पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण मार्गदर्शन, २०२० मा भएको व्यवस्थाअनुसार यस अवधिमा सूचीकृतमध्ये चालु आयोजना ५ हजार ८१२ र भविष्यमा कार्यान्वयन हुने आयोजना १ हजार ३९४ रहेका छन्। भविष्यमा कार्यान्वयन हुने आयोजनामध्ये ९७६ आयोजना पहिचान चरण र ४१८ आयोजना मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण चरणमा रहेको देखिन्छ।

देशको समग्र आर्थिक विकासको लागि सञ्चालन गरिने आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न आयोजनाको पहिचान, मूल्याङ्कन, छनोट र प्राथमिकीकरण प्रकृया प्रभावकारी बनाउनुपर्ने, मार्गदर्शन बमोजिम आर्थिक तथा वित्तीय रूपले सम्भाव्य आयोजना दोहोरो नपर्ने गरी छनोट गर्ने र छनोट भएका आयोजना समयमै सम्पन्न गर्न पहल गर्नुपर्दछ। आयोजना बैङ्कमा समावेश नभएका आयोजनामा स्रोत व्यवस्था नगर्ने विषयमा आयोग र सम्बन्धित विषयगत मन्त्रालयले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९. **राष्ट्रिय गौरवका आयोजना** - राष्ट्रिय गौरवका आयोजनामा २०७८।७९ को संशोधित मध्यमकालीन बजेट अनुमान रू.५ खर्ब ८१ अर्ब ८६ करोड ८ लाख रहेकोमा २०७८।७९ सम्म रू.४ खर्ब २९ अर्ब ६५ करोड लगानी भएको देखिन्छ। समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने आयोजनाहरू ६, ५० देखि ८० प्रतिशत हासिल गर्ने आयोजना ६ रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना १२ रहेका छन्। बुढीगण्डकी आयोजना, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, रेल्वे तथा मेट्रोरेल विकास आयोजना, उत्तर दक्षिण कोशी र कर्णाली कोरिडोर लोकमार्ग, राष्ट्रपति चुरे तराई/मधेश संरक्षण आयोजना, विद्युत प्रसारण आयोजना, सुनकोशी मरिण डाइभर्सन आयोजना, महाकाली सिँचाइ आयोजनालगायतका आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ। त्यस्ता आयोजनामा न्यून प्रगति हुनुको कारण पहिचान गरी समाधानका लागि अल्पकालीन तथा दीर्घकालीन रणनीति तय हुन सकेको छैन। माथिल्लो तामाकोशी जलविद्युत आयोजना, गौतमबुद्ध

र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न भएका छन्। अन्य आयोजनाको भौतिक तथा वित्तीय प्रगति हेर्दा आयोजना सम्पन्न हुने उल्लेख गरेको अवधिमा आयोजना सम्पन्न हुने देखिँदैन। सम्पन्न भएकामध्ये लेखापरीक्षण अवधिसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उदघाटन भए पनि नियमित रूपमा सञ्चालनमा आएको छैन। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन भएको देखिँदैन। समयमा आयोजना सम्पन्न नहुँदा एवं सम्पन्न भएका आयोजनाहरूको व्यावसायिक योजनाअनुसार सञ्चालन नहुँदा समयमा प्रतिफल प्राप्त नहुने र आयोजना सम्पन्न हुन लामो अवधि लागेको कारणले शुरु लागतमा समेत वृद्धि भएको छ। आयोजनामा समय र लागत वृद्धि नहुने गरी तोकिएको समयमा सम्पन्न गर्न प्रभावकारी संयन्त्रको व्यवस्था गरी राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई थप जवाफदेही बनाउँदै आयोगका तर्फबाट प्रभावकारी अनुगमनको व्यवस्था हुनुपर्दछ।

१०. **रुपान्तरणकारी आयोजना** - सरकारले आर्थिक क्षेत्रका ४, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ८ र राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमको लोकतन्त्र र सुशासन क्षेत्र १ समेत १७ आयोजनालाई रुपान्तरणकारी आयोजना तथा कार्यक्रमको रूपमा सञ्चालन गरेको छ। रुपान्तरणकारी आयोजनाभित्र समेटिनुपर्ने आवश्यक तत्वहरूबारे स्पष्ट नगरी नियमित प्रकृतिका आयोजनालाई रुपान्तरणकारी आयोजना नामाकरण गरिएको छ। रुपान्तरणकारी १७ आयोजनाको हालसम्मको कार्यान्वयन अवस्था खुल्ने गरी मध्यावधि समीक्षा हुन नसकेको, अधिकांश कार्यक्रमहरूको हालसम्मको खर्च र सोको वित्तीय तथा भौतिक प्रगतिको अवस्था खुल्ने विवरणसमेत तयार गरेको छैन। सञ्चालित आयोजना तथा कार्यक्रमहरूको मध्यावधि समीक्षा गरी प्रगति अवस्था यकिन गर्नुपर्ने दायित्व सम्बन्धित जिम्मेवार पदाधिकारीको भएता पनि आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई प्रभावकारी बनाउन आयोगले अनुगमन तथा प्रगति समीक्षा गरी समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११. **दिगो विकासको लक्ष्य-** राष्ट्रिय योजना आयोगबाट प्राप्त प्रतिवेदन अनुसार दिगो विकासको लक्ष्य सूचक र सोको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

क्र.स	विवरण	तोकिएका लक्ष्य संख्या	सन् २०१९ सम्म प्रगति हासिल भएका सूचक संख्या	सन् २०१९ सम्म प्रगति हासिल हुन नसकेका सूचकहरू	तथ्याङ्क उपलब्ध नभएका/ प्रतिवेदन हुन नसकेका सूचक संख्या
१.	गरिबी घटाउने	३०	६	४	२०
२.	शून्य भोकमरी	३२	४	८	२०
३.	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	६०	९	२३	२८
४.	गुणस्तरीय शिक्षा	४४	४	२०	२०
५.	लैङ्गिक समानता	३६	९	११	१६
६.	स्वच्छ पानी र सरसफाइ	२५	२	५	१८
७.	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	१५	४	३	८
८.	मर्यादित काम र आर्थिक वृद्धि	३०	७	६	१७
९.	उद्योग प्रवर्तन र पूर्वाधार	२०	३	५	१२
१०.	असमानता घटाउने	२७	९	६	१२
११.	सहरहरू र समुदायको दिगोपना	३०	५	४	२१
१२.	उपभोग र उत्पादनमा जिम्मेवारीपन	२७	२	३	२२

क्र.स	विवरण	तोकिएका लक्ष्य संख्या	सन् २०१९ सम्म प्रगति हासिल भएका सूचक संख्या	सन् २०१९ सम्म प्रगति हासिल हुन नसकेका सूचकहरू	तथ्याङ्क उपलब्ध नभएका/ प्रतिवेदन हुन नसकेका सूचक संख्या
१३.	जलवायुसम्बन्धी कार्य	२५	२	०	२२
१४.	पानीमुनीको जीवन	-	-	-	-
१५.	भुसतहको जीवन	३१	५	५	२१
१६.	शान्ति, न्याय र सुदृढ संस्थाहरू	३१	३	५	२३
१७.	लक्ष्यहरूको निमित्त साझेदारीहरू	३२	२	५	२५
	जम्मा	**४९४**	**७६**	**११३**	**३०५**

दिगो विकासको तोकिएका लक्ष्य सूचक ४९४ मध्ये सन् २०१९ सम्ममा ७६ लक्ष्य सूचकमा प्रगति हासिल भएका र ११३ लक्ष्य सूचकमा प्रगति हासिल हुन नसकेको स्थिति देखिएको छ। तथ्याङ्क उपलब्ध हुन नसकेको र प्रतिवेदन हुन नसकेको लक्ष्य सूचक संख्या ३०५ रहेका छन्। मुलुकले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाई उद्घोष गरिएका कार्यक्रमको राष्ट्रिय योजना आयोगबाट सन् २०२२ को प्रगति समीक्षा गरी सन् २०२३ मा अन्तर्राष्ट्रियस्तरमा नै कार्यान्वयन अवस्थाबारे प्रस्तुतीकरण हुने अवस्था रहेतापनि हालसम्मको प्रगति अवस्था यकिन हुन सकेको छैन। दिगो विकासका सबै सूचक तथा गन्तव्यको लक्ष्य र प्राप्त नतिजाको समीक्षा गरी सबै सरोकारवालालाई जवाफदेही बनाउन योजना आयोगले प्रभावकारी भूमिका खेल्नुपर्दछ।

दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अंगीकार गरेका लक्ष्य (लक्ष्य नं. १४ बाहेकका) १६, गन्तव्य १६९ मध्ये १५९ र सूचक २३७ मा २५७ थपसमेत ४९४ सूचक निर्धारण गरी योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पूरा गर्ने कार्यसूचीमा उल्लेख छ। सम्वत २०८७ सम्ममा निर्धारित लक्ष्य, गन्तव्य र सूचकको प्रगति हासिल गर्न दिगो विकास लक्ष्यको स्थिति, मार्गचित्र एवं विभिन्न आवश्यकताको आँकलन प्रतिवेदन तथा वित्तीय रणनीतिअनुसार दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि नेपाललाई वार्षिक औसत रू.२० खर्ब २४ अर्ब ८० करोड आवश्यक पर्नेभई वार्षिक औसत रू.५ खर्ब ८५ अर्ब नपुग हुने तथ्याङ्क आयोगले प्रकाशन गरेको छ। सरकारका तर्फबाट रू.२.१८ खर्ब र निजी क्षेत्रबाट रू.३.६६ खर्ब थप स्रोत जुटाउनुपर्ने स्रोत आँकलन प्रतिवेदनमा उल्लेख छ। तसर्थ, सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दिगो विकासका लक्ष्यहरूलाई दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई तीन वटै तह र क्षेत्रमा समाञ्जस्यता र एकरूपता ल्याई कार्यान्वयनमा केन्द्रित गर्ने र दिगो विकासको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने नीति, कार्यक्रम र कार्यन्वयनयोग्य संयन्त्र निर्माण गरी कार्य योजना अनुसार काम गर्ने गरी समन्वयात्मक व्यवस्था मिलाउनुपर्दछ।

१२. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोर्ने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। आयोगले यस वर्ष विभिन्न नीतिहरू पुनरावलोकन र अध्ययन कार्यको लागि समेत २८ परामर्श सेवा खरिद कार्यमा रू.१ करोड ३२ लाख ६५ हजार खर्च लेखेको छ।

आयोगले परामर्श सेवाबाट विभिन्न अध्ययन कार्य गराउँदा क्षेत्रगत मन्त्रालयको दायित्वभित्र पर्ने विषयहरू जस्तै, वैदेशिक रोजगार नीति, राष्ट्रिय सहकारी नीति, प्रदेश सरकारका नीति तथा कार्यक्रम आदिको पहिचान नगरेको, अध्ययन गर्ने विषय राष्ट्रिय योजना आयोगबाट यकिन पनि नभएको र विषयगत मन्त्रालय/निकायहरूबाट समेत यस्तै प्रकारका परामर्श सेवामा खर्च भइरहेको अवस्थामा दोहोरोपना हुने जोखिमसमेत रहेको छ। परामर्श सेवा खरिदमा दोहोरोपना हुन नदिने तथा अध्ययन प्रतिवेदनबाट प्राप्त सुझाउ कार्यान्वयन गर्ने प्रबन्ध मिलाउनुपर्दछ।

राष्ट्रिय तथ्याङ्क कार्यालय

१३. **राष्ट्रिय जनगणना -** नेपाल तथ्याङ्क ऐन, २०१५ अन्तर्गत स्थापना भएको केन्द्रीय तथ्याङ्क विभाग हाल तथ्याङ्क ऐन,२०७९ अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भई तथ्याङ्क सङ्कलन, प्रशोधन, संग्रह, विश्लेषण एवं प्रकाशन गर्ने लगायतका कार्य गर्दै आएको छ। यो वर्ष राष्ट्रिय जनगणना २०७८ सम्पन्न भएकोमा निम्नानुसार देखिएको छः

१३.१ राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ पुगेकोमा १ करोड ४२ लाख ५३ हजार ५५१ (४८.८७ प्रतिशत) पुरुष र १ करोड ४९ लाख ११ हजार २७ महिला (५१.१३ प्रतिशत) रहेका छन्। यो नतिजा २०६८ को जनसंख्याको तुलनामा २६ लाख ७० हजार ७४ अर्थात १०.०७ प्रतिशतले बढेको देखिँदा सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत देखिन्छ। राष्ट्रिय जनगणनाको अवधि २०७८ जेठ २५ बाट शुरु भई असार ८ मा समाप्त हुने लक्ष्य तोकिएकोमा कोभिड-१९ का कारण २०७८ कार्तिक २५ बाट शुरु भई मङ्सिर ९ गतेसम्म तथ्याङ्क सङ्कलन भई २०७८।१०।११ मा प्रारम्भिक नतिजा प्रकाशन भएकोमा २०७९।१२।१० मा अन्तिम नतिजा प्रकाशन भएको छ। यो वर्षसम्ममा राष्ट्रिय जनगणनाको लागि रू.२ अर्ब ५५ करोड ५९ लाख ४० हजार र लेखापरीक्षण अवधिसम्म रू.२ अर्ब ६० करोड ४९ लाख ६० हजार खर्च भएकोमा भौतिक प्रगति ९१ प्रतिशत देखिएको छ। राष्ट्रिय जनगणनामा समावेश भएका तथ्याङ्क सम्बन्धित निकायले नीति निर्माण गर्दा उपयोग गर्नुपर्दछ।

१३.२ राष्ट्रिय कृषि गणना, २०७८ को विवरणअनुसार राष्ट्रिय कृषि गणना २०७८ मङ्सिरबाट शुरु भई २०७९ फागुन पहिलो हप्तासम्मको समयावधिमा विभिन्न ३२ क्रियाकलापहरू तोकिएकोमा यस आर्थिक वर्षसम्ममा २६ क्रियाकलापहरू सम्पन्न भई ६ क्रियाकलापहरू बाँकी रहेको देखिन्छ। राष्ट्रिय कृषि गणना कार्यको लागि यो वर्षसम्ममा कुल रू.६७ करोड खर्च भएकोमा सोको भौतिक प्रगति ८१.२५ प्रतिशत रहेको देखिन्छ। तोकिएको समयमा राष्ट्रिय कृषि गणना सम्पन्न गर्नेतर्फ जोड दिनुपर्दछ।

१३.३ राष्ट्रिय औद्योगिक सर्भे प्रतिवेदनअनुसार सर्वेक्षणको सन्दर्भ अवधि २०७५।७६ रहे तापनि कार्यको प्रारम्भ २०७६ फागुन २१ बाट शुरु भएकोमा कोभिड-१९ को कारण २०७७ असोजदेखि कार्य शुरु भई २०७८ असार मसान्तमा मात्र सम्पन्न भएको छ। सर्वेक्षणको प्रतिवेदन २०७९।४।६ मा प्रकाशन भएकोमा प्रतिवेदनअनुसार खानी तथा उत्खनन्, औद्योगिक उत्पादन, विद्युत ग्याँस, बाफ र पानीको आपूर्ति गरी ४ क्षेत्रका सन्दर्भ अवधिमा जम्मा ६० हजार १८५ उद्योग प्रतिष्ठानहरू सञ्चालनमा रहेको, उद्योग प्रतिष्ठानहरूमा संलग्न व्यक्तिहरूको संख्या ४ लाख ९१ हजार २२७ रहेको

र तलबी कामदारको संख्या ३ लाख ८१ हजार ६८७ रहेको देखिन्छ। चारवटै औद्योगिक प्रतिष्ठानहरूमध्ये ३९.७ प्रतिशत उद्योग प्रतिष्ठानहरूले मात्र उत्पादन क्षमताको पूर्ण उपयोग गरेको देखिन्छ। सर्वेक्षणको लागि ५ वर्षमा विनियोजित बजेटको करिब ८० प्रतिशत रू.२ करोड १६ लाख खर्च भएको छ। सन्दर्भ अवधिका सूचकाङ्कहरू समयमा नै प्रकाशन नहुँदा सोको सापेक्षित सूचकमा परिवर्तन आइसकेको हुन सक्ने भएकोले यथार्थता मापन चुनौतीपूर्ण छ।

१३.४ तथ्याङ्क ऐन, २०७९ को व्यवस्थाअनुसार तथ्याङ्क कार्यालयलाई हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत ल्याइएको छ। कार्यालयले श्रमशक्ति, आर्थिक सूचकाङ्कको गणनालगायतका कार्य गरेको छैन। सबै क्षेत्रको समयसापेक्ष सर्वेक्षण गरी तथ्याङ्कहरूको अभिलेख राख्ने र सरोकारवाला सबैलाई वितरण गर्ने व्यवस्था हुनुपर्दछ।

१३.५ दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र (सन् २०१६-२०३०) मा केन्द्रीय तथ्याङ्क विभागको महत्वपूर्ण योगदान हुने व्यहोरा उल्लेख छ। नीति तथा योजना तर्जुमा गर्दा सम्बन्धित विषयको आवश्यकताअनुसार एकीकृत र खण्डीकृत दुवै अवस्थाका तथ्याङ्क उपलब्ध हुन सकेमा मात्र प्रमाणमा आधारित नीति र योजना तर्जुमा हुने र सोबाट नीति तथा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा सहजता हुन्छ। सही र यथार्थ तथ्याङ्कको उपलब्धताका लागि तथ्याङ्क उत्पादक, तथ्याङ्क धारक र प्रयोगकर्ताबीच उपयुक्त समन्वय हुनुपर्दछ।

१४. **ल्यापटप खरिद -** राष्ट्रिय जनगणना, २०७८ को लागि एच.पी प्रो.बुक ४०० को ३२४ थान ल्यापटप खरिद गर्न रू.४ करोड १७ लाख १ हजारको लागत अनुमान स्वीकृत गरी एक आपूर्तक सँग ३ चरणमा ल्यापटप उपलब्ध गराउने गरी रू.३ करोड १७ लाख २४ हजारको सम्झौता भएको छ। सम्झौताबमोजिम आपूर्तिकर्ताले २०७८।७।१५ भित्र १०० थान स्पेसिफिकेसनबमोजिमकै ल्यापटप उपलब्ध गराएकोमा सोही स्पेसिफिकेसनबमोजिमको बाँकी २२४ थान ल्यापटप उत्पादक कम्पनीको कारण उपलब्ध गराउन असमर्थ भएको जनाई २०७८।७।१० को पत्रानुसार वैकल्पिक मोडल उपलब्ध गराएकोमा सम्झौताभन्दा फरक ल्यापटप आपूर्ति गरेकोले सो नयाँ मोडलको ल्यापटप स्वीकार नगरी सम्बन्धित आपूर्तिकर्तालाई नै फिर्ता गरेको देखिन्छ। तत्पश्चात् २०७८।१।१५ भित्र सामान बुझिलिएको पत्रबाट देखिए तापनि २०७९।३।३ मा मात्र स्पेसिफिकेसनबमोजिमको २२४ थान ल्यापटप आपूर्तिकर्ताबाट स्वीकार गरी जिन्सी दाखिला गरेको छ। जनगणना कार्य सम्पन्न भई प्रारम्भिक नतिजा प्रकाशन भएको करिब ५ महिना ढिला गरी ल्यापटप खरिद कार्य सम्पन्न भएकोमा ३२४ थानमध्ये लेखापरीक्षण अवधिसम्म प्रयोगमा नभई ८६ थान ल्यापटप स्टोरमा नै रहेको छ। जुन प्रयोजनका लागि खरिद कार्य गरेकोमा सो कार्य सम्पन्न भै सकेपछि सामग्री स्वीकार गरी उपयोगविहीन बनाउनेलाई जवाफदेही बनाउनुपर्दछ।

साथै विभागबाट कृषि गणनाको लागि एच.पी. कम्पनीको डेस्कटप कम्प्युटर खरिद गर्न एक आपूर्तिकर्तासँग रू.७३ लाख ६६ हजारमा २०७९।१।२ मा सम्झौता भई २०७९।२।१६ मा खरिद कार्य सम्पन्न भएकोमा प्रतिएकाइ मूल्य रू.६५ हजार १९० का १०० थान डेस्कटप कम्प्युटर लेखापरीक्षण अवधिसम्म स्टोरमा मौज्दात रहेको छ। आवश्यकताको आधारमा मात्र खरिद कार्य गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

आयोजना छनोट, प्राथमिकीकरण र विनियोजन

सरकारको नीति, योजना तथा कार्यक्रमको सार्थकता प्राप्त गर्न तथा सीमित स्रोतको दक्षतापूर्ण विनियोजन मार्फत अधिकतम लाभ लिन आयोजनाको वर्गीकरण तथा प्राथमिकीकरण गर्ने गरिएको छ। आयोजना छनोट, प्राथमिकीकरण र विनियोजन सम्बन्धमा कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

१५. **आयोजना छनोट पूर्वको तयारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बजेट प्रस्ताव तथा छलफल गर्दा सम्भाव्यता अध्ययन प्रतिवेदन, विस्तृत अध्ययनलगायतका आयोजना स्वीकृतिसम्बन्धी विभिन्न प्रावधान रहेका छन्।

१५.१ राष्ट्रिय गौरवका आयोजनाको रूपमा सञ्चालित आयोजनाहरूकोसमेत विस्तृत आयोजना प्रतिवेदनहरू पूर्ण रूपमा तयार गरिएको छैन। पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मदन भण्डारी लोकमार्ग र उत्तरदक्षिण कोरिडोर तथा पूर्व पश्चिम रेलमार्गको खण्ड विस्तृत परियोजना प्रतिवेदन तयार हुँदै आएको र सुनकोशी-मरिन डाईभर्सन आयोजनाको टनेल र मरिन नदी नियन्त्रण कार्यको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी काम शुरु गरे तापनि अन्य कामको परियोजना प्रतिवेदन स्वीकृत भएको छैन। काठमाडौं तराई/मधेश द्रुतमार्ग आयोजनाको ट्रयाक खुलेपछि मात्र विस्तृत परियोजना प्रतिवेदन स्वीकृत हुँदा शुरु लम्बाइसमेत घटेको छ। पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना कार्यालय पाँचथरले चतरा-कोशी कोरिडोरको मूलघाट देखि पाँचथरसम्म १४८ किलोमिटर सडक निमार्णको खरिद सम्झौता गरेकोमा शुरुको रेखाङ्कन नमिलेको, तमोर जलाशययुक्त जलविद्युत आयोजनाका कारण सडकको एलाइन्मेन्ट परिवर्तन गर्नु परेको लगायतका कारण देखाई सडकको लम्बाइ १५४ किलोमिटर कायम भएको छ। सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना निमार्णको कारण मदन भण्डारी राजमार्गको ८३२ र वीपी राजमार्गको ९०० मिटर सडक परिवर्तन गर्नुपर्ने देखिएको छ। ठूला राजमार्ग तथा जलाशयहरू निमार्ण गर्दा अन्तरनिकाय समन्वय नहुने, एकीकृत विस्तृत परियोजना अध्ययन नहुने कारणले निर्माण पछि रेखाङ्कन परिवर्तन गर्नुपर्दा अधिग्रहण गरिएको जग्गा तथा निर्मित संरचनाहरू उपयोगमा आउन नसकी लागत तथा समयमा वृद्धि हुने गरेको देखिन्छ।

१५.२ बहुवर्षीय ठेक्का स्वीकृतिको लागि यो वर्ष राष्ट्रिय योजना आयोगमा पेस भएकामध्ये कर्णाली कोरिडोरको हिल्सा-सिमीकोट सडकको तुम्कोट-सिमीकोट खण्ड, डुम्रे-बेसीशहर-चामे सडक लगायत ६ योजनाको स्वीकृत विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेस नभएको अवस्था छ। पूर्व तयारीका कार्य पुरा नभई बहुवर्षीय ठेक्का स्वीकृतिका लागि पेस गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयन योग्य भएको सुनिश्चित नहुँदै खरिद प्रक्रिया अगाडि बढाउने गलत अभ्यासलाई प्रोत्साहन पुग्न जाने देखिन्छ।

१५.३ वातावरण संरक्षण ऐन, २०७६ को दफा ३(क) मा राष्ट्रिय प्राथामिकता प्राप्त विकास आयोजना, राष्ट्रिय गौरवका आयोजना लगायत नेपाल सरकारले तोकेको कुनै आयोजनासम्बन्धी प्रस्तावको वातावरणीय

प्रभाव मूल्याङ्कन प्रतिवेदन वन तथा वातावरण मन्त्रालय समक्ष पेश गरी स्वीकृति गराउनु पर्ने उल्लेख छ। आयोजना बैंकको सूचना व्यवस्थापन प्रणालीमा आबद्ध ७ हजार २१५ आयोजनामध्ये ५०२ आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभए पनि सो मध्ये ३८२ आयोजना कार्यान्वयन चरणमा रहेका छन्। उक्त प्रणालीमा उपलब्ध विवरणअनुसार कालिगण्डकी कोरिडोर अन्तर्गत बेनी-जोमसोम-कोरोला सडक आयोजना, अरुण कोरिडोर, कान्ति लोकपथ, आँधीखोला जलविद्युत आयोजना, फुकोट-कर्णाली हाइड्रोपावर आयोजना, कालिगण्डकी-तिनाउ डाइभर्सन, डुम्रे-बेशीशहर-चामे सडक आयोजना, रूपन्देही-नवलपरासी-कपिलवस्तु भूमिगत सिंचाइ आयोजना, गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक लगायतका आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयार नगरी आयोजना बैङ्कमा प्रविष्ट गरिएको छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा प्रारम्भिक वातावरणीय परीक्षण १५ दिन भित्र र वातावरणीय प्रभाव मूल्याङ्कन ३५ दिन भित्र स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा २०७६।७७ मा ६४, २०७७।७८ मा ६३ र २०७८।७९ मा ५१ आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भए तापनि तोकिएको अवधिभित्र स्वीकृत हुने गरेको देखिएन। कानूनले तोकेको म्याद भित्र वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति दिने व्यवस्था मिलाउनु पर्दछ।

१५.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३)मा निर्माण स्थलको व्यवस्थापन नभई खरिद कार्य शुरु गर्न नहुने उल्लेख छ। छनोट भएका आयोजना कार्यान्वयन गर्नु पूर्व जग्गा अधिग्रहण गर्ने, आयोजना निर्माण स्थलका संरचना हटाउने लगायतका कार्यहरू सम्पन्न गर्नुपर्दछ। बुढीगण्डकी जलविद्युत आयोजनाको ५८ हजार १५३ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा २०७७।७८ सम्म ४८ हजार ९९१ रोपनी मात्रको मुआब्जा वितरण भएको छ। बाँकी जग्गा अधिग्रहण गरी पुनर्बास तथा पुनर्स्थापनाको कार्य सम्पन्न नहुँदा आयोजना कार्यान्वयनमा ढिलाइ भएको छ। सुनकोशी-मरिन डाइभर्सन आयोजना अन्तर्गत रामेछाप जिल्लाका डुबान क्षेत्रको जग्गा अधिग्रहण कार्यमा समस्या रहेको, काठमाडौं तराइ/मधेश द्रुतमार्ग अन्तर्गत ललितपुरको खोकना क्षेत्रमा विवादका कारण ४२७ रोपनी जग्गा प्राप्ति गर्न बाँकी रहेको, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको टाँगिया बस्ती व्यवस्थापनमा समस्या रहेको, पूर्व पश्चिम रेलमार्गको जग्गा अधिग्रहण र घर टहरा क्षतिपूर्ति प्रमुख समस्या रहेको देखिन्छ। आयोजना कार्यान्वयनमा जानु अगाडि जग्गा प्राप्ति र पुराना संरचना हटाउने कार्य सम्पन्न गरेर मात्र खरिद प्रक्रिया शुरु गर्ने, जग्गा मूल्याङ्कन पद्धति वस्तुनिष्ठ र यर्थाथपरक बनाई मुआब्जा विवाद समाधानको लागि जग्गा अधिग्रहणमा नीतिगत एकरूपता कायम गर्नुपर्दछ।

१६. **विकास आयोजना प्राथमिकीकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा राष्ट्रिय योजना आयोगले मन्त्रालय तथा निकायगत रूपमा आयोजनाको वर्गीकरण, प्राथमिकीकरण वा पुनः प्राथमिकीकरण गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायवमोजिम छन्:

१६.१ पन्ध्रौं योजना कार्यान्वयनको पहिलो वर्ष ३२६, दोस्रो वर्ष ३२४ र तेस्रो वर्ष ३३१ आयोजना कार्यान्वयन भएका छन्। उक्त आयोजनामध्ये पहिलो प्राथमिकताका क्रमशः १८, २७ र २८ आयोजनाको भौतिक प्रगति नखुलेको र क्रमशः ५१, ५३ र ६० आयोजनाको भौतिक प्रगति ५०

प्रतिशत भन्दा कम रहेको छ। पहिलो प्राथमिकतामा परेका आयोजनाहरूकै प्रगति न्यून हुनुले आयोजना छनोट तथा प्राथमिकीकरणमा समेत सुधार गर्नुपर्ने देखिन्छ। पूर्व तयारीका सबै चरण पूरा भएका र कार्यान्वयनयोग्य सूचक भएका सीमित आयोजनाहरूलाई मात्र पहिलो प्राथमिकताका आयोजनामा सूचीकृत गरी कार्यान्यवन गर्नु उपयुक्त हुने देखिन्छ

१६.२ आयोजना प्राथमिकीकरण सम्बन्धी सूचकाङ्कमध्ये सहभागितामा पूर्णअङ्क दिँदा नागरिक समाज र निजी क्षेत्रको सहभागिता हेर्नुपर्ने, समावेशीकरणमा दिने योगदानको अङ्क दिदा मानव विकास सूचकाङ्कमा पछाडि परेका (बटम २०) जिल्लालाई मात्र पूर्ण अङ्क दिन मिल्ने र दिगो विकासको लक्ष्य प्राप्तिमा योगदानको अङ्क गणना गर्दा सबै प्रकारका गरिबीको अन्त्य, पूर्ण र उत्पादनमूलक रोजगारी वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने आयोजनालाई मात्र पूर्णाङ्क दिन सक्ने व्यवस्था छ। सूर्य विनायक-धुलीखेल सडक, थानकोट चित्लाङ सडक, बेसीशहर-चामे सडक, शहिद मार्ग सडक योजना, अरुण कोरिडोर लगायत आयोजनाहरूको प्राथमिकीकरण अङ्क शतप्रतिशत रहेकोले प्रदान गरेको अङ्कभार विश्वसनीय देखिएन।

१६.३ प्राथमिकीकरण गर्दा ७५ प्रतिशत भन्दा बढी अङ्क हासिल गर्ने आयोजना प्रथम प्राथमिकतामा र सो भन्दा कम अङ्क प्राप्त गर्ने दोस्रो प्राथमिकतामा पर्ने उल्लेख भएपनि राष्ट्रिय आयोजना बैङ्क सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी रुजू भइसकेका आयोजनामध्ये केही आयोजनाको नमुना परीक्षण गर्दा सूचकाङ्कमा आधारित प्राथमिकीकरण बापत दिएको अङ्क ७५ प्रतिशत भन्दा न्यून भएपनि प्रथम प्राथमिकतामा प्राथमिकीकरण गरी कार्यान्वयन गरिएको छ। यसरी छनोटमा परेका आयोजनामा संघीय मन्त्री आवास निर्माण आयोजनाको ३३.३३, संघीय संसद भवन निर्माण आयोजनाको ४३.७५, गोदावरी सभाहल निर्माण आयोजनाको ५४.१६, प्रदेश प्रमुख र मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माण आयोजनाको ५६.२५, धनगढी-खुटिया-दिपायल-चैनपुर-उरै भञ्ज्याङ्ग योजनाको ६६.६७ अङ्क मात्र भएपनि प्रथम प्राथमिकता प्राप्त आयोजनामा सूचीकरण गरेको पाइयो।

प्राथमिकीकरणको लागि अङ्क छुट्टयाइएको र सो अङ्क प्रदान गर्ने आधारहरू तय गरेको भएपनि आधारहरू मध्ये अधिकांश वस्तुपरक ढंगले अङ्क प्रदान हुने अवस्था छैन। आधिकारिक तथ्याङ्क तथा मापनयोग्य सूचकाङ्कको अभावमा उल्लेखनीय एवं उच्च योगदान नदिने आयोजना पहिलो प्राथमिकतामा राख्ने जोखिम देखिन्छ। उक्त प्राथमिकीकरणको आधारमा लागत-लाभ विश्लेषणमा उच्च अङ्क प्राप्त गर्ने आयोजना छनोट गरी सो प्रयोजनको लागि अङ्क प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१७. **राष्ट्रिय गौरवका आयोजना** - नेपाल सरकारले २०६८।६९ मा सडक पूर्वाधार तथा सिँचाइ विकास मार्फत कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, सांस्कृतिक सम्पदाको संरक्षण लगायतका १७ आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजना घोषणा गरेकोमा पन्ध्रौं योजनाले २४ आयोजनालाई यस्तो आयोजनामा सूचीकृत गरेको देखिन्छ। यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१७.१ आवधिक योजनाले राष्ट्रिय गौरवका आयोजनाको रूपमा सूचीकृत आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत सुनिश्चितता गर्ने र कार्यान्वयनको सघन अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरे तापनि उक्त आयोजनाहरूको प्रगति अवस्था लक्ष्यअनुसार हुन सकेको देखिएन। पश्चिम सेती जलविद्युत्त

आयोजना, बुढी गण्डकी जलविद्युत आयोजना, निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल लगायतका आयोजनाको पूर्व तयारीका कार्य समेत पुरा नभएकोले कार्यान्वयनमा जान सकेका छैनन्। कार्यान्वयनको चरणमा रहेका २१ आयोजनामा ८ आयोजनाको भौतिक प्रगति ३० प्रतिशत भन्दा पनि न्यून रहेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाको रूपमा विगत १० वर्षदेखि प्राथमिकताका साथ कार्य हुँदै आएका आयोजनामध्ये माथिल्लो तामाकोशी आयोजना, पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल समेत ३ आयोजना बाहेक अन्य आयोजना सम्पन्न हुन सकेको देखिदैन।

१७.२ विस्तृत आयोजना प्रतिवेदन तयार नगरी निर्माण कार्य शुरु गर्नु, आयोजनाको कार्यान्वयन मोडालिटी स्पष्ट नहुनु, निकुञ्ज तथा राष्ट्रिय वन क्षेत्रमा पूर्वाधार निमाणमा समन्वय नहुनु, युटिलिटी सर्भिसहरूको स्थानान्तरणमा अन्तर निकाय समन्वय नहुनु, खरिद कार्य गर्नुपूर्वका जग्गा प्राप्ति र क्षतिपूर्ति, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति, सीमाङ्कन, रेखाङ्कन लगायतका कार्य सम्पन्न नगरी निर्माण तथा खरिद प्रक्रिया अघि बढ्नु, अन्तर निकाय समन्वय अभाव, निर्माण क्षमताको अभाव, कमजोर अनुगमन मूल्याङ्कन लगायतका समस्याले गर्दा आयोजना निर्माणको समय र लागत वृद्धिसँगै लगानी फिर्ता अवधि र प्रतिफल दरमा समेत असर पर्ने देखिन्छ।

१८. **रुपान्तरणकारी आयोजना -** पन्ध्रौं योजनाले समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, सार्वजनिक विद्यालय सबलीकरण आयोजना, राष्ट्रपति महिला सशक्तिकरण परियोजना, डिजिटल नेपाल आयोजना लगायतका १८ रुपान्तरणकारी आयोजनाको रूपमा राखेको छ। आयोजनाको प्रकृति हेर्दा राष्ट्रिय गौरवका आयोजनाहरू मूलतः भौतिक पूर्वाधार विकासमा केन्द्रित देखिन्छन् भने रुपान्तरणकारी आयोजना विषय क्षेत्रगत आयोजनाका साथै स्वास्थ्य, शिक्षा, प्रविधि लगायत सेवा क्षेत्रमा समेत केन्द्रित भएको देखिन्छ। राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना निर्धारण गर्ने सम्बन्धमा कानूनी आधार र मापदण्ड स्पष्ट छैन। कुनै आयोजना राष्ट्रिय गौरवको हुने वा रुपान्तरणकारी आयोजना हुने सम्बन्धमा स्पष्ट मापदण्ड नहुँदा प्राथमिकीकरणमा द्विविधा रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१८.१ सुनकोशी-मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना पन्ध्रौं योजनामा रुपान्तरणकारी आयोजना अन्तर्गत समावेश गरिएकोमा पछि मन्त्रिपरिषद्बाट २०७६।१०।६ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएको, बुढी गण्डकी, पश्चिम सेती र माथिल्लो तामाकोशी जलविद्युत आयोजना राष्ट्रिय गौरवका आयोजनामा प्राथमिकीकरण गरिएको छ। सोही प्रकृतिको माथिल्लो अरुण जलविद्युत आयोजना रुपान्तरणकारी आयोजनाको रूपमा सूचीकृत छ।

१८.२ विद्युत प्रसारण आयोजना (मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल) राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत हुँदा सोही फन्डबाट स्रोत परिचालन भई सञ्चालन हुने अन्य आयोजना (राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रमहरू) रुपान्तरणकारी आयोजनाको रूपमा सूचीकृत भएका छन्।

१८.३ पूर्वाधारतर्फका उत्तर-दक्षिण जोड्ने कोशी, कालीगण्डकी र कर्णाली कोरिडोर, पूर्व-पश्चिम जोड्ने मध्यपहाडी, मदन भण्डारी तथा हुलाकी लोकमार्ग लगायतका ठुला सडक पूर्वाधार राष्ट्रिय गौरवका

आयोजनाको रूपमा प्राथमिकीकरण गरिएको छ। पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति आयोजना, गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजना र प्रादेशिक तथा स्थानीय सडक सुधार जस्ता कार्यक्रम रुपान्तरणकारी आयोजना अन्तर्गत समावेश गरिएका छन्।

आयोजनाको वर्गीकरण र प्राथमिकीकरण गर्दा स्पष्ट वस्तुगत सूचक तयार गरी रुपान्तरणकारी आयोजना र राष्ट्रिय गौरवका आयोजना बीचका मौलिक भिन्नता सम्बन्धमा स्पष्ट मापदण्ड निर्धारण हुनुपर्दछ। कुल ग्रार्हस्थ उत्पादनमा योगदान दिने, रोजगारी सिर्जना गर्ने र प्रादेशिक सन्तुलन कायम गर्दै अधिक जनसङख्या लाभान्वित हुने गौरवका आयोजनाहरू वा रुपान्तरणकारी आयोजनामा सूचीकृत गर्न सकिन्छ। सीमित भूगोल र जनसंख्या लाभान्वित हुने, आयोजना स्वरूपमा सञ्चालन गर्न नसकिने र साल वसाली प्रकृतिका कार्यक्रमलाई रुपान्तरणकारी आयोजना नभई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा मात्र सीमित गर्नुपर्दछ।

१९. **आयोजनाहरूको माइलस्टोन** - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनलाइन प्रणालीमा प्रविष्ट गरिएको राष्ट्रिय गौरव, रुपान्तरणकारी र अन्य राष्ट्रिय महत्वका समेत ५८ आयोजनाहरूले २०७८।७९ मा सम्पन्न गर्नुपर्ने ८७१ माइलस्टोनमध्ये १७१ वटा माइलस्टोन सोही आर्थिक वर्षमा शुरु नै नभएको उल्लेख छ। माइलस्टोन अन्तर्गतका काम शुरु नहुनुमा आयोजनाको पूर्व तयारीसँग सम्बन्धित कार्यहरू पुरा नहुनु प्रमुख कारण देखिएको छ। पूर्व तयारीका काम समेत सम्पन्न नगरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र रुपान्तरणकारी आयोजना उल्लेख गरी प्राथमिकीकरण गर्ने अभ्यासले गर्दा आयोजनाको कार्यान्वयन प्रक्रियामा अनावश्यक ढिलाइ हुने गरेको देखिन्छ। विस्तृत अध्ययन सर्भेक्षण, लागत लाभ विश्लेषण, जग्गा प्राप्ति, स्रोत सुनिश्चितता लगायतका पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजना मात्र छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ।

२०. **आयोजना बैङ्क** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा आयोजना वर्गीकरण तथा आयोजना बैङ्क सम्बन्धी व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा राष्ट्रिय योजना आयोगले आयोजना बैङ्क सम्बन्धी मापदण्ड बमोजिम आयोजनाको प्राथमिकीकरण गरी मन्त्रालयगत प्राथमिकता सूचीको आधारमा राष्ट्रिय आयोजना बैङ्कमा आयोजना प्रविष्ट गर्ने, राष्ट्रिय आयोजना बैङ्कमा समावेश नभएका आयोजनाको लागि बजेट विनियोजन गर्न नपाइने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार आयोजना कार्यान्वयनको लागि निर्धारित मापदण्डको आधारमा आयोजना प्रविष्टिका लागि आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार गरी २०७९।११।७ सम्म विभिन्न ३४ संघीय मन्त्रालय तथा निकायका कुल ७ हजार २१५ आयोजना उक्त प्रणालीमा प्रविष्ट गरेको छ। नयाँ आयोजनाहरूको विवरण उक्त प्रणालीमा प्रविष्ट गरे पश्चात् मात्र बजेट विनियोजन गर्नुपर्नेमा सोको पूर्ण पालना हुन सकेको छैन।

आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको विवरण अपुरो एवं आधिकारिक दस्तावेज संलग्न नगरी राखिएकोले अपुष्ट रहेका छन्। धेरै आयोजनाको पूर्व तयारीका चरणको बारेमा केही उल्लेख नगरिएको, प्राथमिकीकरणको लागि अङ्क तालिकामा अङ्क प्रविष्ट गर्नुपर्नेमा प्रविष्ट नभएको, धेरै आयोजनाहरूको आर्थिक, वित्तीय र सामाजिक सूचकाङ्कहरू प्रविष्ट नभएको, आयोजना छनोटका आधार

र त्यसलाई समर्थन गर्ने कागजातहरू नभएकोले उक्त आयोजना बैङ्कबाट आयोजनाको पूर्णविवरण हासिल गर्न सकिने अवस्था देखिएन।

२१. **आयोजनाको वितरण** - राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा २०७९।११।७ सम्म प्रविष्ट भएका ७ हजार २१५ आयोजनाको प्रदेश तथा जिल्लागत योजनाको विवरण विश्लेषण गर्दा प्रदेशगत रूपमा सबैभन्दा बढी बागमती प्रदेशमा १ हजार ६८१ (२३.३० प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेशमा ७०८ (९.८१ प्रतिशत) आयोजना रहेको देखिन्छ। जिल्लागत रूपमा सबैभन्दा बढी काठमाडौं जिल्लामा ४१७ योजना र सबै भन्दा कम सल्यान जिल्लामा २६ योजना रहेको देखिन्छ। प्रणालीबाट प्राप्त विवरणअनुसार धनुषा, नवलपरासी पूर्व (बर्दघाट सुस्ता पूर्व), नवलपरासी पश्चिम (बर्दघाट सुस्ता पश्चिम), रुकुमपूर्व, रुकुम पश्चिम र दाङ्गसमेत ६ जिल्लाका कुनै पनि आयोजना प्रविष्ट भएको देखिएन। मुलुकको सन्तुलित विकास हुनेगरी आयोजनाको छनोट गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा सोझै खरिद, परामर्श सेवातर्फको खर्चको उपादेयता, अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारिता सम्बन्धमा सुझाउ दिइएकोमा सोबमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका ब्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजू** - सरकारी कार्यालयतर्फ ९० निकायमा रू.१० करोड ५२ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रू.९ करोड ७ लाख ६६ हजार फर्स्यौट गरेकोले रू.१ करोड ४४ लाख ८३ हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये रू.५ लाख ४७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

खण्ड

२

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानूनबमोजिम गर्ने व्यवस्था छ। संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित प्रदेश प्रहरी प्रशासन, घरजग्गा रजिष्ट्रेसन, विद्युत, सिँचाइ, खानेपानी, कृषि तथा पशु विकास, खानी अन्वेषणलगायत २१ विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुने व्यवस्था छ। त्यस्तै अनुसूची-७ र ९ मा उल्लेखित साझा विषयमा संघ र स्थानीय तहसँग समन्वय गरी कार्य गर्नुपर्ने व्यवस्था छ।

संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ। यसैगरी धारा ६० मा राजस्व सङ्कलन र बाँडफाँटसम्बन्धी व्यवस्था छ। उक्त संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकार गठन भई सञ्चालन हुँदै आएका छन्।

संविधानको धारा २९४ मा महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा लेखापरीक्षण गरी अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छ। उक्त संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार सबै प्रदेश सरकार र मातहत कार्यालयको २०७८।७९ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी लेखा उत्तरदायी अधिकृतलाई लेखापरीक्षण कार्यतालिकाको जानकारी गराइएको थियो। आर्थिक कारोबारको लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली अन्तर्गत सूचना प्रविधिमा आधारित लेखापरीक्षण विधि तथा स्थलगत रूपमा सम्पन्न गरिएको छ। जारी लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासमेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ।

२. **प्रदेशको गठन -** संविधानको धारा ५६(३) अनुसार अनुसूची-४ मा उल्लेख भएबमोजिम ७ प्रदेश रहने व्यवस्था छ। प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन निम्नानुसार छः

क्र.सं.	विवरण	एकाई	नेपाल	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
१.	क्षेत्रफल	वर्ग कि.मि.	१४७५१६	२५९०५	९६६१	२०३००	२१५०४	२२२८८	२७९८४	१९८७४
२.	जिल्ला	संख्या	७७	१४	८	१३	११	१२	१०	९
३.	संघीय निर्वाचन क्षेत्र	संख्या	१६५	२८	३२	३३	१८	२६	१२	१६
४.	प्रादेशिक निर्वाचन क्षेत्र	संख्या	३३०	५६	६४	६६	३६	५२	२४	३२
५.	गाउँपालिका	संख्या	४६०	८८	५९	७४	५८	७३	५४	५४
६.	नगरपालिका	संख्या	२७६	४६	७३	४१	२६	३२	२५	३३
७.	उपमहानगरपालिका	संख्या	११	२	३	१	०	४	०	१
८.	महानगरपालिका	संख्या	६	१	१	३	१	०	०	०
९.	जनसंख्या (२०७८)	हजारमा	२९१६४	४९६१	६११५	६११७	२४६६	५१२२	१६८८	२६९५

३. **प्रदेशको कार्य सञ्चालन** - संविधानको भाग १३ मा प्रदेशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुने साथै संविधान र अन्य कानूनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहने व्यवस्था छ। त्यसैगरी भाग १४ मा प्रदेशको व्यवस्थापिकासम्बन्धी व्यवस्था र भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि अन्तर्गत प्रदेशसभाको व्यवस्थापकीय अधिकार, प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, फिर्ता लिने एवं विधेयक प्रमाणीकरण सम्बन्धी कार्यविधि उल्लेख छ।

४. **प्रदेश आर्थिक कार्यप्रणाली** - संविधानको भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली अन्तर्गत कानूनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने, प्रदेश सञ्चितकोष, उक्त कोषबाट व्यय र उक्त कोषमाथि व्ययभार हुने रकम, राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च एवं प्रदेश आकस्मिक कोषसम्बन्धी व्यवस्था छ। त्यसैगरी प्रदेश ऐनबमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य व्यवस्था प्रदेश ऐनबमोजिम हुने उल्लेख छ।

५. **प्रदेश सञ्चितकोष** - संविधानको धारा २०४ अनुसार गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चितकोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चितकोषको विवरणअनुसार २०७८।७९ मा रू.२ खर्ब ३७ अर्ब ६६ करोड १३ लाख आम्दानी भएकोमा रू.१ खर्ब ८७ अर्ब ४७ करोड ९७ लाख (७८.८८ प्रतिशत) खर्च गरी रू.५० अर्ब १८ करोड १६ लाख बाँकी रहेको छ। उक्त खर्चमध्ये कोशी प्रदेशमा रू.२९ अर्ब ९६ करोड ६४ लाख, मधेश प्रदेशमा रू.२२ अर्ब २६ करोड ५ लाख, बागमती प्रदेशमा रू.३७ अर्ब ९९ करोड ५० लाख, गण्डकी प्रदेशमा रू.२२ अर्ब ४ करोड ३९ लाख, लुम्बिनी प्रदेशमा रू.३० अर्ब ५ करोड ४७ लाख, कर्णाली प्रदेशमा रू.२४ अर्ब २८ करोड १९ लाख र सुदूरपश्चिम प्रदेशमा रू.२० अर्ब ८७ करोड ७४ लाख खर्च भएको छ।

६. **विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रू.१० करोड ५८ लाख र कर्णाली प्रदेशको रू.१ करोड ९५ लाखसमेत रू.१२ करोड ५३ लाख ऐनको प्रावधान बमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त बाँडफाँट हुन बाँकी रकम बाँडफाँट हुनुपर्दछ।

७. **सरकारी कार्यालयको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सातै प्रदेश मातहतका १ हजार २१२ कार्यालयको रू.३ खर्ब १२ अर्ब ३३ करोड ९३ लाख र ६ कार्यालयको बक्यौता रू.३९ करोड ११ लाखसमेत रू.३ खर्ब १२ अर्ब ७३ करोड ४ लाख लेखापरीक्षण सम्पन्न भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

८. **अन्य संस्था तथा समितिको लेखापरीक्षण** - संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार मातहतका ९६ अन्य संस्था तथा समितिको बक्यौतासमेत रू.२७ अर्ब ८६ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। यससम्बन्धी विवरण अनुसूची ४ मा संलग्न छ।

९. **लेखापरीक्षण बक्यौता** - नेपालको संविधान तथा प्रचलित कानूनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार कोशी प्रदेश अन्तर्गत १४ जिल्ला समन्वय समितिलाई निकासा गएको रू.४ करोड ४ लाख, गण्डकी प्रदेशको १ कार्यालयको रू.१ करोड ८१ लाख र सुदूरपश्चिम प्रदेशको ३ कार्यालयको रू.११ करोड ६७ लाख लेखापरीक्षण बक्यौता रहेको छ। यससम्बन्धी विवरण अनुसूची ३ मा छ।

१०. **पेस्की बाँकी** - प्रचलित कानूनअनुसार कार्यक्रम सञ्चालन तथा निर्माण तर्फको कार्य परिचालन र संस्थागत एवं कर्मचारी पेस्की निर्धारित समयभित्र फर्स्यौट गरिसक्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिको विगतदेखि २०७९ आषाढसम्म फर्स्यौट हुन बाँकी रहेको पेस्की रू.५ अर्ब १४ करोड ९६ लाख रहेको छ। यससम्बन्धी विवरण अनुसूची ८ मा छ।

११. **असुली -** प्रदेश सरकार मातहतका निकायबाट गत विगत वर्षको बेरुजू सम्परीक्षणको क्रममा रू.५ करोड ३० लाख, चालु वर्षको लेखापरीक्षणको क्रममा रू.२ करोड ४४ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.८७ लाख समेत रू.८ करोड ७१ लाख असुल भएको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

नीति तर्जुमा, कानून निर्माण र कार्यान्वयन

१२. **नीति तर्जुमा र कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ र २०७८ ले मन्त्रालयगत रूपमा नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्य विभाजन नियमावलीमा उल्लिखित प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता, राजस्व चुहावट नियन्त्रण, तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भूमि व्यवस्थापन, जग्गा नापजाँच, भू-उपयोग, घर जग्गा रजिष्ट्रेसन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण एवं सुकुम्बासी, दलित, मुक्त कमैया जस्ता क्षेत्रको नीति तर्जुमा गरेको देखिएन।

त्यसैगरी, भौतिक पूर्वाधार विकास मन्त्रालयले ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तार, लगानी प्रवर्द्धन, राष्ट्रिय जलस्रोत, सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, सुरक्षित बसोबास एवं जग्गा एकीकरणसम्बन्धी नीति र सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी महिला हकसम्बन्धी, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिकसम्बन्धी, रोजगारी प्रवर्द्धन, भाषा, संस्कृति, धर्मको संरक्षण र सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्न बाँकी रहेको देखिन्छ। समयमै उक्त नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **कानून निर्माण** - संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुने, साझा अधिकार संविधान, संघीय कानून, प्रदेश कानून र गाउँसभा वा नगरसभाले बनाएको कानूनबमोजिम हुने व्यवस्था

छ। साझा अधिकारको क्षेत्रमा कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्ने व्यवस्था छ। प्रदेश संसदको प्रथम अधिवेशनदेखि २०७८।७९ सम्म आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट कानून निर्माणको लागि सैद्धान्तिक स्वीकृति लिई ६९९ कानून प्रदेश सभाबाट पारित गरी लागू भएको र ३६ वटा कानून निर्माणको चरणमा रहेको देहायबमोजिम देखिन्छ:

प्रदेश	कानून पारित भएको संख्या	प्रदेश सभामा पेस भई पारित हुन बाँकी संख्या
कोशी	५६	०
मधेश	५५	६
बागमती	७४	५
गण्डकी	२२४	३
लुम्बिनी	१६२	३
कर्णाली	६१	१९
सुदूरपश्चिम	६७	०
जम्मा	**६९९**	**३६**

सेवा प्रवाह तथा कार्यसञ्चालनका लागि आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१४. **संसदीय समितिको निर्णय कार्यान्वयन** - संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्थाअनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सुशासन तथा योजना, सामाजिक विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरण लगायतका समिति गठन भएका छन्। यसरी गठन भएका समितिहरूले २०७४।७५ देखि २०७८।७९ सम्म बागमतीले १ हजार ३४, गण्डकीले ८५१, लुम्बिनीले २०५, कर्णालीले २१ निर्णयहरू र अन्य प्रदेशले समेत समितिबाट भएका निर्णय तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरेका छैनन्। समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

राजस्व प्राप्ति र बाँडफाँट

१५. **राजस्व अनुमान र प्राप्ति** - सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत् २०७८।७९ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजूसमेत रू.१ खर्ब २० अर्ब ७३ करोड ५२ लाख प्रक्षेपण गरेकोमा रू.१ खर्ब ९ अर्ब २७ करोड ४६ लाख (९०.५१ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली देहायबमोजिम रहेको देखिन्छ:

(रू.लाखमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१५९१४३	१४५०८५	९१.१७
मधेश	१८८८८०	१५२४९८	८०.७४
बागमती	३१६९४१	३३८७०१	१०६.८७
गण्डकी	१५६२७०	१२०७०६	७७.२४

लुम्बिनी	२१३३७८	१५४९०८	७२.६०
कर्णाली	८०४७७	८६३५४	१०७.३०
सुदूरपश्चिम	९२२६२	९४४९४	१०२.४२
जम्मा	**१२०७३५२**	**१०९२७४६**	**९०.५१**

प्रदेशहरूको प्रक्षेपणअनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएकोले राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ।

१६. **राजस्व बाँडफाँट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४च को खण्ड ३ र ४ मा ढुङ्गा, गिट्टी बालुवा एवं माटोजन्य वस्तुमा सङ्कलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गरी प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागू गरेको कानूनअनुसार बाँडफाँट हुने गरेको छ। राजस्व बाँडफाँट सम्बन्धी कानून तथा मापदण्ड तर्जुमा गर्दा संघीय कानूनसँग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व सङ्कलन तथा बाँडफाँट गर्नुपर्दछ। संघीय आर्थिक ऐन, २०७५ द्वारा उक्त व्यवस्था खारेज भई दफा ६२क थप भई ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम भएको तर सो अनुरूप प्रदेश कानून संशोधन नगरेकोले सङ्कलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको छ। ऐनको संशोधित दफा ६२क विपरीत हुने गरी संघीय मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना हुन गएको छ।

१७. **अग्रिम कर -** आर्थिक ऐन, २०७८ तथा आयकर ऐन, २०५८ बमोजिम प्रदेश सरकार मातहतका निकायले विभिन्न भुक्तानीमा स्रोतमा कट्टा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कोशी प्रदेशका ३३ निकायले रू.३९ लाख, मधेश प्रदेशका २५ निकायले रू.३७ लाख, बागमती प्रदेशका २५ निकायले रू.५० लाख, गण्डकी प्रदेशका ९ निकायले रू.११ लाख, लुम्बिनी प्रदेशका ३८ निकायले रू.५५ लाख, कर्णालीका १२ निकायले रू.४ लाख र सुदूरपश्चिमका १८ निकायले रू.१८ लाखसमेत रू.२ करोड १४ लाख अग्रिम कर कट्टा नगरेकोले असुल गर्नुपर्ने देखिएको छ। यससम्बन्धी विवरण अनुसूची-१२ मा संलग्न छ।

बजेट अनुमान र खर्च

१८. **मध्यमकालीन खर्च संरचना** — प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनहरुमा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयहरूले आम्दानी र खर्च प्रक्षेपण गरे तापनि कार्यक्रमको लागत र समय खुलाई प्राथमिकीकरण गरेको पाइएन। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा गर्दा दिगो विकासका सूचकसँग समन्वय हुने गरी तयार गर्नुपर्दछ।

१९. **स्रोत अनुमान र खर्च सीमा** - प्रदेशगत आर्थिक कार्यविधि ऐन बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तावित बजेटको पुष्ट्याइँका लागि प्रस्तावित योजना, कार्यक्रमलगायतका विवरण संलग्न

गर्नुपर्नेमा प्रस्तावित बजेटको पुष्ट्याइँ नहुँदा बजेट विनियोजन दक्षता कमजोर देखिएको छ। बजेटको मार्गदर्शन र सीमा यथार्थपरक हुनुपर्ने देखिन्छ। बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग आवद्धसमेत गर्नुपर्दछ।

सबै प्रदेश सरकारबाट संसदमा आय-व्ययको अनुमानसहित बजेट प्रस्तुत हुँदा वार्षिक नीति तथा कार्यक्रमसँग आवद्ध गरे तापनि कार्यक्रम तथा बजेटको कार्यान्वयन पक्ष कमजोर रहेको, योजना संशोधन गरेको, अपेक्षित प्रगति हासिल नभएको, लागत र प्रतिफलबीच समन्वय नरहेको, कार्यक्रम कार्यान्वयन गर्न नसकी बजेट समर्पण गरेको लगायतका व्यहोरा देखिएको छ। वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित योजना तथा कार्यक्रम बजेटमा समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

२०. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७८।७९ को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

प्रदेश	वार्षिक बजेट	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३४७६०९	१३१२७२	१६८३९२	०	२९९६६४	८६.२१
मधेश	३४८८७८	१०३३६०	११९२४४	०	२२२६०४	६३.८१
बागमती	४९१८६२	१५६९९९	२०९९५१	१३०००	३७९९५०	७७.२५
गण्डकी	३१३५२९	७५८०१	१४४६३८	०	२२०४३९	७०.३१
लुम्बिनी	४०९५९७	१२६४६८	१७४०७९	०	३००५४७	७३.३८
कर्णाली	३६५४६६	९०९३७	१५१८८२	०	२४२८१९	६६.४४
सुदूरपश्चिम	३१४७५७	८९२५३	११९५२१	०	२०८७७४	६६.३३
जम्मा	**२५९१६९८**	**७७४०९०**	**१०८७७०७**	**१३०००**	**१८७४७९७**	**७२.३४**

प्रदेशको औसत खर्च ७२.३४ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ८६.२१ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ६३.८१ प्रतिशत रहेको छ। प्रदेश आर्थिक कार्यविधि ऐनहरूमा मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ। यद्यपि कार्यान्वयनयोग्य कार्यक्रम र खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो। कार्यान्वयनयोग्य कार्यक्रमको आधारमा बजेट प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारीता ल्याउनुपर्ने देखिएको छ।

२१. **अबण्डा बजेट** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था भएकोमा आर्थिक मामिला हेर्ने मन्त्रालयले कार्यक्रमअनुसार अर्थ विविध शीर्षकमा कार्यक्रम स्वीकृत नगरी एकमुष्ट बजेट स्वीकृत गर्ने र त्यसपछि सम्बन्धित मन्त्रीले आवश्यकताअनुसार बजेट बाँडफाँट गरी पठाउने गरेको देखियो। यो वर्ष सात प्रदेशले रू.१८ अर्ब २१ करोड ६० लाख बजेट अबण्डा राखी खर्च गरेका छन्। अबण्डा बजेटबाट आर्थिक वर्षको अन्त्यमा बाँडफाँट गर्नु बजेट सिद्धान्त विपरीत देखिँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

२२. **रकमान्तर -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशको शुरु बजेट विनियोजन रू.२ खर्ब ६२ अर्ब ३७ करोड ४५ लाख रहेकोमा रू.७१ अर्ब ७३ करोड ६४ लाख रकमान्तर गरेको पाइयो। सोमध्ये २०७९ आषाढ महिनामा मात्र कोशी प्रदेशले रू.८६ करोड ९९ लाख, मधेश प्रदेशले रू.५ अर्ब ६ करोड ९० लाख, गण्डकी प्रदेशले रू.२ अर्ब ३१ करोड ५४ लाख, लुम्बिनी प्रदेशले रू.१ अर्ब ७५ करोड २८ लाख र कर्णाली प्रदेशले रू.१ अर्ब ८१ करोड ५ लाख रकमान्तर गरेका छन्। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२३. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०७८।७९ को कुल खर्च रू.१ खर्ब ८७ अर्ब ४७ करोड ९७ लाख रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रू.९५ अर्ब ९५ करोड ७ लाख (५१.१८ प्रतिशत) खर्च गरेको छ। प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रू.लाखमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२९९६६४	१३७२१५	४५.७९
मधेश	२२२६०५	१२९२८६	५८.०८
बागमती	३७९९५०	२५७०९२	६७.६६
गण्डकी	२२०४३९	९८२६०	४४.५७
लुम्बिनी	३००५४६	१४३०९१	४७.६१
कर्णाली	२४२८१९	८३६५४	३४.४५
सुदूरपश्चिम	२०८७७४	११०९१०	५३.१२
जम्मा	**१८७४७९७**	**९५९५०८**	**५१.१८**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ५१.१८ प्रतिशत र संघीय सरकारको स्रोतबाट ४८.८२ प्रतिशत खर्च गरेको देखियो। आन्तरिक स्रोतअन्तर्गत सबैभन्दा घटी कर्णाली प्रदेशको ३४.४५ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशले ६७.६६ प्रतिशत खर्च गरेको छ। आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

२४. **संघीय कार्यालयलाई निकासा** - संघ र प्रदेश सरकारको कार्य विभाजन नियमावली अनुसार आ-आफ्नो कार्यक्षेत्रअनुसार कार्य सञ्चालन र व्यवस्थापनका लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार प्रदेश सरकारबाट स्वीकृत भएको बजेट सोही उद्देश्यअनुरूप खर्च गर्नुपर्नेमा संघीय मन्त्रालय तथा निकायको कार्यक्षेत्र भित्र पर्ने कार्यमा प्रदेश मन्त्रालयहरू मार्फत् ३७० संघीय निकायहरूलाई रू.३ अर्ब ८२ करोड ६० लाख निकासा दिएका छन्। कार्यक्षेत्रभित्रको कार्यसञ्चालन र व्यवस्थापन गरी बजेट उपयोग गर्नुपर्ने देखिन्छ।

२५. **बजेट समर्पण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० मा बजेट समर्पण गर्ने गराउने वित्तीय उत्तरदायित्व मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने उल्लेख छ। त्यस्तै सोही ऐनको दफा २१ को उपदफा ३ मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो

रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिसम्म खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। मधेश प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयले रू.२५ करोड १० लाख र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले रू.४१ करोड १ लाखका कार्यक्रम कार्यान्वयन नभएको अवस्थामा समेत बजेट समर्पण गरेको देखिएन। ऐनबमोजिम समयमै बजेट समर्पण नगर्दा बजेटको ठूलो हिस्सा निष्क्रिय रहेको देखिन्छ। समयमै बजेट समर्पण नगर्ने नगराउने पदाधिकारीलाई कानूनबमोजिम जिम्मेवार बनाउनुपर्दछ।

२६. **बजेट उपयोग-** मधेश प्रदेशअन्तर्गत कानून, न्याय तथा प्रदेश सभा मन्त्रालयलाई यो वर्ष रू.५ करोड ३७ लाख विनियोजन भएकोमा रू.५ करोड ३४ लाख ४९ हजार खर्च गरेको देखिन्छ। यो वर्षको पुँजीगत तर्फको सम्पूर्ण खर्च तेस्रो चौमासिकको अन्तिम २ महिनामा भएको छ। उक्त कुल खर्चमध्ये रू.५ करोड २७ लाख ४५ हजार (९८.२२ प्रतिशत) आषाढमा खर्च भएको छ। कार्यक्रम कार्यान्वयनको कार्यतालिका बनाई खर्च नगर्दा आर्थिक वर्षको अन्तिम महिनामा अधिक खर्च भएको देखिन्छ। यसरी आर्थिक वर्षको अन्त्यमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

संगठन संरचना

२७. **संगठन र कर्मचारी व्यवस्थापन** - नेपालको संविधानको धारा ३०२ मा प्रदेश सरकारी सेवाहरूको गठन र सञ्चालनसम्बन्धी व्यवस्था छ। प्राप्त विवरणअनुसार नेपाल सरकारले प्रदेश सरकार अन्तर्गतका १ हजार २७३ निकायको लागि २४ हजार ९८१ दरबन्दी स्वीकृत भएकोमा १५ हजार ७२३ पदपूर्ति भई ९ हजार २५८ पद रिक्त रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण निम्नानुसार छः

प्रदेश	मन्त्रालय र निकाय संख्या	कुल दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या
कोशी	२०४	४४४१	२३६४	२०७७
मधेश	१४८	३१२१	२०५०	१०७१
बागमती	२३१	३७६४	२५१४	१२५०
गण्डकी	१७५	३१७८	३०२४	१५४
लुम्बिनी	१८९	४९४४	२२४७	२६९७
कर्णाली	१७०	२८४८	१८५०	९९८
सुदूरपश्चिम	१५६	२६८५	१६७४	१०११
जम्मा	**१२७३**	**२४९८१**	**१५७२३**	**९२५८**

स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

२८. **दोहोरो संरचना** - संविधानको अनुसूची-६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु सेवा, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरू स्थानीय तहमा हस्तान्तरण भएकोमा प्रदेश तहमा समेत कृषि, घरेलु, स्वास्थ्य, सडक, शहरी विकास लगायतका कार्यालय स्थापना भएको देखिन्छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरूसमेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिएको छ। प्रदेश सरकारअन्तर्गत कामको आवश्यकताको आधारमा मात्र

कार्यालय स्थापना र कर्मचारी व्यवस्थापन हुनुपर्दछ। एकै प्रकारका काम विभिन्न निकायबाट गर्दा प्रशासनिक खर्च बढ्ने र काममा दोहोरोपनासमेत हुने हुँदा तीनै तहका सरकारको स्पष्ट नीति तथा कार्यक्रममा समन्वय हुनुपर्ने व्यहोरा विगत वर्षको प्रतिवेदनमा औंल्याइएतापनि त्यसमा सुधार नभएकोले अन्तरनिकाय समन्वय गरी संरचनाको दोहोरोपना हटाउनुपर्दछ।

प्रगति स्थिति

२९. **एकीकृत केन्द्रीय प्रगति** - प्रदेश आर्थिक कार्यविधि ऐनहरूमा मन्त्रालयले मातहत कार्यालयहरूबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। यसरी समीक्षा गर्दा प्रगति कम हुनुको कारण र सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नुपर्ने उल्लेख छ। प्रदेश मन्त्रालयहरूले उक्त व्यवस्थाअनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेका कारण समग्र खर्च र उपलब्धिको अवस्था मूल्याङ्कन गर्न सकिएन। तोकिएको समयमा प्रगति विवरण नपठाउने कार्यालय प्रमुखको तलबसमेत रोक्का गर्न सकिने व्यवस्था भए तापनि प्रगति विवरण नपठाउने कार्यालयलाई कुनै कारबाही गरेको छैन। ऐनको व्यवस्थाबमोजिम एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ।

३०. **दिगो विकास लक्ष्य** - प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यसँग सम्बन्धित रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रियस्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, स्थानीय तहका विकासका क्रियाकलापहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दिगो विकासका सूचकहरूलाई समाहित गराई सोको आधारमा सञ्चालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य गर्नुपर्नेमा कतिपय प्रदेशले त्यस्ता कार्यक्रम शुरु गरेका छैनन्। प्रदेश नीति तथा योजना आयोगमार्फत् संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्य (२०१६-२०३०) का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ।

अनुदान प्राप्ति र उपयोग

३१. **अनुदान वितरण -** प्रदेशहरूले विभिन्न प्रकारका अनुदान वितरण गर्न कार्यविधिहरू तर्जुमा गरेको देखिन्छ। यो वर्ष प्रदेशअन्तर्गत कोशीबाट रू.१ अर्ब ७० करोड ९० लाख, मधेशबाट रू.२८ करोड २५ लाख, बागमतीबाट रू.१ अर्ब ६९ करोड ७९ लाख, गण्डकीबाट रू.२९ करोड ४३ लाख, लुम्बिनीबाट रू.८१ करोड ९१ लाख, कर्णालीबाट रू.८ करोड ९ लाख र सुदूरपश्चिमबाट रू.९ करोड ८६ लाखसमेत रू.४ अर्ब ९८ करोड २३ लाख अनुदान वितरण भएको छ। अनुदान वितरण सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

३१.१. मधेश प्रदेशअन्तर्गत सामाजिक विकास मन्त्रालयले यो वर्ष प्रदेश कृषि विश्वविद्यालयलाई रू.३१ करोड ७५ लाख ९७ हजार अनुदान उपलव्ध गराएको छ। उपलब्ध गराएको अनुदानबाट उक्त

विश्वविद्यालयले गरेको कार्य, खर्च एवं प्रगतिको अनुगमन मन्त्रालयबाट भएको छैन। अनुगमन नहुँदा अनुदान रकमको उपयोग सम्बन्धमा विश्लेषण गर्न सकिएन। अनुदानको उपयोग सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

३१.२. बागमती प्रदेश सरकारले तयार गरेको प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ८ मा दोहोरो हुने गरी अनुदान उपलब्ध गराउन नहुने व्यवस्था छ। पशुपन्छी तथा मत्स्य निर्देशनालयले १० जिल्लाका २६० सहकारी संस्था मार्फत् रू.१५ करोड ९९ लाख ९२ हजार दुग्ध उत्पादनमा अनुदान उपलब्ध गराएको छ भने चितवनका ४ स्थानीय तहबाट रू.५ करोड ८ लाख ४३ हजार अनुदान दोहोरो पर्ने गरी पुनः वितरण गरेको छ। तसर्थ प्रदेश सरकारले अनुदान रकममा हुन सक्ने दोहोरोपना नियन्त्रण गर्न संघ र स्थानीय तहसँग समन्वय गरी अनुदानलाई प्राविधिक सेवा र बजारीकरणसँग आबद्ध गर्न ध्यान दिनुपर्दछ।

३१.३. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा २३(१) क) मा सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने र सोही कार्यविधिको दफा २३(२) मा अनुदान रकम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानूनबमोजिम सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। गण्डकी प्रदेशअन्तर्गतको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रू.२ करोड १ लाख २७ हजार, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले रू.५ करोड ११ लाख ६९ हजार, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले रू.२२ करोड ४ लाख ९३ हजार र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रू.२५ लाखसमेत यो वर्ष विभिन्न कार्यक्रमका लगि रू.२९ करोड ४२ लाख ८९ हजार अनुदान दिएका छन्। अनुदानको उपयोगबाट उत्पादन तथा उत्पादकत्वमा पारेको प्रभाव, जीवनस्तरमा भएको सुधार सम्बन्धमा प्रभावकारी अनुगमन गरेको देखिँदैन। अनुदान रकमबाट नागरिकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुसरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

३१.४. शहरी विकास तथा भवन कार्यालय, कैलालीले ८ नाफामूलक सहकारी संस्थाको भवन निर्माणको लागि रू.८३ लाख ९३ हजार अनुदान उपलब्ध गराएको छ। समुदायभित्र ऋण लगानी गरेर नाफा कमाउने उद्देश्यले स्थापना भएको सहकारी संस्थालाई प्रदेश सरकारबाट भवन निर्माणका लागि बजेट विनियोजन गर्नु नियमसम्मत देखिएन। विकास निर्माण कार्यमा प्रयोग गर्नुपर्ने बजेट नाफामूलक संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३१.५. कर्णाली प्रदेश सरकारले तयार गरेको अनुदानको व्यवस्थापन कार्यविधि नियम, २०७७ को दफा १४ मा अनुदान रकमबाट सञ्चालन हुने कार्यक्रम पारदर्शी र प्रभावकारी भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायबाट कम्तिमा द्वैमासिक र समन्वय समितिले चौमासिक रूपमा अनुगमन गरी मन्त्रालयमार्फत् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, डोल्पाले ३४ नाफामूलक संस्था तथा व्यक्तिहरूलाई रू.९० लाख ९ हजार र उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतले २८ नाफामूलक फर्म तथा व्यक्तिहरूलाई रू.९० लाख १६ हजारसमेत रू.१ करोड ८० लाख २५ हजार अनुदान दिएको छ। अनुदानको सदुपयोग भए

नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन। अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ।

३१.६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुर्खेतले उपलब्ध गराएको विवरण अनुसार कर्णाली प्रदेशका १० जिल्लाका १ हजार २२७ उद्यमीले विभिन्न वित्तीय तथा सहकारी संस्थाबाट रू.७१ करोड २१ लाख ५५ हजार ऋण लिई उद्योग सञ्चालन गरेको उल्लेख गरी यो वर्ष रू.३ करोड ९६ लाख ७९ हजार ब्याज अनुदान दिएको छ। उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालन गरेको सुनिश्चित हुने गरी कार्यविधिले तोके अनुसारको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस गरेको छैन। उद्यमीको व्यवसायजन्य क्रियाकलापले औद्योगिक उत्पादन एवं रोजगारीमा वृद्धि भएको सम्बन्धमा अध्ययन/विश्लेषण समेत भएको छैन। मन्त्रालयबाट अनुदानको नियमित अनुगमन गरी उपलब्ध गराएको ऋण तोकिएको प्रयोजनमा प्रयोग भएको सम्बन्धमा सुनिश्चित गरी सोको उपलब्धि मापन हुनुपर्दछ।

३१.७. लुम्बिनी प्रदेशको औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार घरेलु तथा साना उद्योग विकास कोषको सञ्चालनको लागि विनियोजित रू.३ करोड र गत वर्षको जिम्मेवारी रू.१० करोड ७ लाख ५७ हजारसमेत रू.१३ करोड ७ लाख ५७ हजार विविध कोष खातामा जम्मा गरेको छ। नेपाल बैङ्क लिमिटेडले प्रतिस्पर्धाको आधारमा ७.७५ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्ने प्रतिबद्धता जनाएअनुसार सोही बैङ्क मार्फत् ब्याज अनुदान कार्यक्रम सञ्चालन गरेको पाइयो। ब्याज अनुदानको लागि ऋण प्रवाह गर्न २०६८ को राष्ट्रिय जनगणनाअनुसार लुम्बिनी प्रदेशका १२ जिल्लाको ४४ लाख ९९ हजार जनसंख्यालाई आधार मानी व्यवसायको प्रकृतिअनुसार ५ वर्षे ऋण अवधिमा रू.१० करोड ब्याज अनुदान दिने गरी सम्झौता भएको छ। उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७ बमोजिम बैङ्कबाट उद्योग स्थापना, सञ्चालन एवं क्षमता अभिवृद्धि गर्न उद्योगहरूले लिएको ऋणको ब्याज रकममा अनुदान उपलब्ध गराउने गरी उक्त कोषबाट यस वर्ष ९७ उद्यमीहरूलाई रू.३६ लाख ३९ हजार ब्याज अनुदान दिएको छ। अनुदान दिनुपर्ने उद्योगहरूको अभिलेख तयार गरी वास्तविक उद्यमी व्यवसायीलाई ब्याज अनुदान उपलब्ध गराउनुपर्दछ। यस्तो अनुदान संघीय सरकारले समेत नेपाल राष्ट्र बैङ्कमार्फत् उपलब्ध गराउने हुँदा दोहोरो पर्ने जोखिम रहेको छ। अतः समन्वयात्मक रूपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३१.८. कोशी प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा ३ (३) मा रू.१ करोड वा सो भन्दा बढी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको आर्थिक वर्ष समाप्त भए पश्चात् अर्को आर्थिक वर्षमा अनुदान रकमको पाँच प्रतिशत, दोस्रो वर्षमा दश प्रतिशत, तेस्रो वर्षमा दश प्रतिशत र चौथो वर्षमा दश प्रतिशत गरी कुल अनुदानको पैंतीस प्रतिशत रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। कृषि मन्त्रालयले रू.२ करोड १८ लाख १६ हजारको लागतमा कोल्ड स्टोर निर्माण तथा सञ्चालनका लागि रू.१ करोड ६३ लाख ६२ हजार कृषि बजार व्यवस्थापन समिति, विर्तामोड, झापालाई अनुदान उपलब्ध गराएको छ। त्यस्तै मन्त्रालयले संघ विशेष अनुदानअन्तर्गत लागत साझेदारीमा धुलो दूध कारखाना निर्माण सहयोग कार्यक्रमका लागि एक उद्योगलाई रू.१ करोड ९७ लाख अनुदान भुक्तानी

गरेको छ। कार्यविधि बमोजिम कृषि बजार व्यवस्थापन समितिबाट रू. ५७ लाख २६ हजार तथा धुलो दूध उद्योगबाट रू.७० लाख गरी कुल रू.१ करोड २७ लाख २६ हजार आगामी ५ वर्षभित्र फिर्ता लिनुपर्ने देखिन्छ।

३१.९. सुनसरीस्थित एक सहकारी संघले धुलो दूध कारखाना निर्माणको लागि पेश गरेको विस्तृत आयोजना प्रतिवेदनअनुसार रू.३१ करोड ७ हजारको लागत अनुमानमध्ये कृषि मन्त्रालयले रू. २० करोड अनुदान दिने र प्रस्तावकले रू. ११ करोड ७ हजार व्यहोर्ने गरी सम्झौता भएको छ। सम्झौता अनुसार २०७९ असार मसान्तसम्ममा सम्पन्न हुनुपर्ने योजना लेखापरीक्षणको क्रममा २०७९।१०।७ मा स्थलगत अनुगमन गर्दा अधिकांश निर्माण कार्य भएको नदेखिएको तथा उपकरण खरिद जडानलगायतका काम सम्पन्न नगरी कृषि मन्त्रालयबाट रू.१९ करोड ३० लाख ४ हजार भुक्तानी भएको छ। त्यसैगरी सम्झौतामा उल्लेख भएका सम्पूर्ण कार्यहरू योजनाको विस्तृत आयोजना प्रतिवेदन तथा सम्झौतामा उल्लेख भएअनुसार अनुदान निकासा हुनुपर्नेमा सो अनुसार भएको देखिएन। उक्त उद्योगले मन्त्रालयबाट अनुदान व्यहोरिने शीर्षकहरूमा रू.१८ करोड ४२ लाख ११ हजारमात्र खर्च गरेको अवस्थामा पनि रू.१९ करोड ३० लाख ४ हजार अनुदान भुक्तानी भएको देखियो। अतः सम्झौता विपरीत बढी भुक्तानी भएको रू. ८७ लाख ९३ हजार असुल गर्नुपर्दछ।

३२. **एकद्वार नीति -** कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शिता हुने र दोहोरो वितरणको अवस्था रहँदैन। संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तहसमेतबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रम एकभन्दा बढी निकायबाट प्रवाह हुने गरेको र त्यस्ता अनुदानको केन्द्रीकृत अभिलेख राख्ने नगरेबाट एकै व्यक्ति पटक पटक लाभग्राही हुने अवस्था छ। अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि तथा रोजगारी सिर्जनालगायतका विषयमा अनुगमन भएको छैन। स्पष्ट कार्यक्रम र नीति तथा सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धि सम्बन्धमा अनुगमन गरी पारदर्शिता कायम गर्नुपर्दछ।

आर्थिक सहायता

३३. **आर्थिक सहायता -** असहाय, विपन्न वर्ग, अशक्त तथा गम्भीर प्रकृतिका रोगीलगायतलाई आर्थिक सहायता प्रदान गर्न प्रदेश सरकारहरूले आर्थिक सहायतामा खर्च गरेको देखिन्छ। यस सम्बन्धमा निम्न व्यहोराहरू देखिएको छः

३३.१. सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने उल्लेख छ। गण्डकी प्रदेश सरकारले जारी गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायता रू.२५ हजार, मुख्यमन्त्रीको तोक आदेशबाट संस्थागत सहायता रू.१ लाखसम्म सोझै, सोभन्दा माथिको रकम मन्त्रिपरिषद्को निर्णयबाट दिन सकिने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यो वर्ष औषधि उपचार, खेलकुद

प्रतियोगिता, लोकसेवा तयारी कक्षा लगायतका कार्यमा ४०८ जनालाई रू.१ करोड ३७ लाख र संस्थागत तर्फ खेलकुद प्रतियोगिता, गुम्बा व्यवस्थापन लगायतका कार्यको लागि ९१ संस्थालाई रू.१ करोड ६ लाख ७२ हजार समेत गरी रू.२ करोड ४३ लाख ७२ हजार आर्थिक सहायता वितरण गरेको छ। २०७६।७७ मा रू.५८ लाख १५ हजार र २०७७।७८ मा रू.२ करोड आर्थिक सहायता वितरण गरेको थियो। आर्थिक सहायता वितरण गर्ने प्रवृति बढेको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३३.२. बागमती प्रदेशको विपद् उद्धार तथा राहत विवरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ को दफा १२ मा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले कार्यक्रमअनुसारको आम्दानी र खर्चसहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले विपद्, खोज, राहत वितरणको लागि विनियोजित रकमबाट १३ जिल्ला प्रशासन कार्यालयलाई रू.१ करोड ३० लाख निकासा दिएको छ। कार्यविधिमा तोकिए अनुसार रकम वितरणसम्बन्धी प्रतिवेदन मन्त्रालयमा पेस गरेको छैन। जसबाट मन्त्रालयले राहत सहायताबापत निकासा दिएको रकम सोही प्रयोजनमा खर्च गरेको यकिन गर्न सकिएन।

३३.३. विपद्बाट मृत्यु भएका परिवारका लागि राहत वितरण गर्न प्रति मृतक रू.१ लाखका दरले कर्णाली प्रदेश सरकारले ३ जिल्ला प्रशासन कार्यालयलाई रू.८७ लाख पठाएकोमा उक्त रकम वितरण भएको विवरण पेस भएन। विपद्बाट मृत्यु भएका परिवारलाई राहत वितरण गर्न छुट्टै बीमा गराएकोमा समेत शोधभर्ना दाबी नगरी भुक्तानी गरेको नियमसम्मत देखिँदैन। त्यस्तै जिल्ला प्रशासन कार्यालय मुगुलाई कोरोना राहतबापत रू.५ लाख र आगलागी पीडितलाई राहतबापत रू.३१ लाख १० हजार भुक्तानीसमेत रू.१ करोड २३ लाख १० हजारको प्रमाण पेस गर्नुपर्दछ।

सार्वजनिक खरिद व्यवस्थापन

३४. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धात्मक विधि र प्रक्रिया अवलम्बन गरी खरिद कार्य गर्नुपर्नेमा यो वर्ष कोशी, मधेश, बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशसमेत ६ प्रदेशले रू.२७ करोड ९९ लाख लागतको विभिन्न सडक र अन्य निर्माण कार्य सोझै गराई खर्च लेखेका छन्। त्यस्तै कोशी, मधेश, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशसमेत ५ प्रदेशले रू.२९ करोड ६९ लाखको फर्निचर, ल्यापटप, प्रिन्टर, औषधि, आदि मालसामान सोझै खरिद गरेको छन्। सार्वजनिक खरिद ऐन तथा नियमको व्यवस्था पालना गर्नुपर्दछ।

३५. **पाइप/फिटिङ्स मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ७ प्रदेशका २८ निकायले आर्थिक वर्षको अन्तमा रू.९६ करोड ७७ लाखका पाइप तथा फिटिङ्गस खरिद गरी मौज्दात राखेको पाइयो। आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गनुपर्नेमा बजेटको आधारमा खरिद गरेकोले मौज्दात रहन गएको देखिन्छ। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३६. **सवारीसाधन खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्ड, २०७७ को दफा ७ (१) अनुसार नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र सवारीसाधन खरिद गर्न सकिने

व्यवस्था छ। यो वर्ष कोशी प्रदेशले रू.२१ करोड ७५ लाख, मधेश प्रदेशले रू.४५ करोड ३१ लाख, बागमती प्रदेशले रू.३० करोड ८ लाख, गण्डकी प्रदेशले रू.९ करोड २२ लाख, लुम्बिनी प्रदेशले रू.२५ करोड ७३ लाख, कर्णाली प्रदेशले रू.६ करोड ८७ लाख, र सुदूरपश्चिम प्रदेशले रू.१ करोड ५५ लाख सहित रू.१ अर्ब ४० करोड ५१ लाखको सवारीसाधन खरिद गरेको देखियो। सवारी साधन खरिद गर्दा कतिपय कार्यालयले मापदण्डको पालना गरेको नदेखिँदा मापदण्डको पालना गरी सवारी साधन खरिदमा मितव्ययिता कायम गर्नुपर्दछ।

३७. **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्यमा वा सोसँग सम्बन्धित सेवा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। यससम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

३७.१. खानेपानी तथा सरसफाइ विकास डिभिजन कार्यालय, तनहुँले रू.५ करोड १६ लाख १० हजार लागत अनुमान भएका विभिन्न ४ योजनाहरू र खानेपानी तथा सरसफाइ विकास डिभिजन कार्यालय स्याङ्जाले रू.३३ करोड ६ लाख १३ हजार लागत अनुमान भएका ७ योजनाको कार्य उपभोक्ता समितिबाट गराएको छ। तोकिएको सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउनु उचित देखिएन। नियमावलीको परिधिभित्र रही खर्च गर्नुपर्दछ।

३७.२. प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङले उपलव्ध गराएको विवरणअनुसार स्थानीय शहरी तथा मर्मततर्फका ४१ योजनाको रू.६ करोड, स्थानीय सडक पुलका २ योजनाको रू.१६ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् शीर्षकमा १६१ योजनाको रू.१२ करोडसहित २०४ योजनाको रू.२६ करोडको काम आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समितिबाट गराई खर्च लेखाङ्कन गरेको छ। यसरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्दा एकातिर नियमको उलङ्घन भएको छ भने अर्कोतर्फ गुणस्तरमा समेत प्रभाव पर्ने देखिँदा नियमानुसार समयमै कार्य गर्नुपर्दछ।

३७.३. पूर्वाधार विकास कार्यालय, सिराहालगायत ४ कार्यालयले विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा वास्तविक नापीभन्दा बढी भुक्तानी गरेको कारणबाट ४१ उपभोक्ता समितिलाई रू.३९ लाख ७५ हजार बढी भुक्तानी गरेका छन्। बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

३७.४. कृषि विकास निर्देशनालय, सुर्खेतले खानेपानी डीप बोरिङ्ग, ग्रामीण विद्युतीकरणलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य गर्नका लागि २२ उपभोक्ता समितिहरूलाई रू.२ करोड २६ लाख ७९ हजार खर्च लेखेको छ। जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत् गरेको उपयुक्त देखिएन।

३७.५. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ६ उपभोक्ता समितिबाट रू.५५ लाख ७८ हजार र पूर्वाधार विकास कार्यालय, मुगुले २ उपभोक्ता समीतिबाट रू.९८ लाख ९० हजार, जाजरकोटले १० उपभोक्ता समितिबाट रू.१ करोड ४२ लाख १२ हजार, जुम्लाले २ उपभोक्ता समितिबाट रू.१९ लाख ४६ हजार, डोल्पाले १ उपभोक्ता समितिबाट रु १९ लाख १७ हजार, सल्यानले १७ उपभोक्ता समितिबाट रू.२ करोड ४ लाख ४० हजार, दैलेखले १० उपभोक्ता समितिबाट रू.९५ लाख ४९ हजार नयाँ बाटो निर्माण र स्तरोन्नति गर्न सम्झौता गरी कार्यादेश दिएकोमा उपभोक्ता समितिले आफैं

नगरी निर्माण व्यवसायीबाट कार्य गराएको छ। उपभोक्ता समितिले जिम्मा लिएको कार्य निर्माण व्यवसायीबाट गराउने कार्य नियन्त्रण गर्नुपर्दछ।

३७.६. आयकर ऐन, २०५८ को दफा ८९(३)(क) मा उपभोक्ता समितिलाई ५० लाख रुपैँयाँभन्दा बढीको कामको भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, ओखलढुङ्गाले विभिन्न ७ खानेपानी योजनाका उपभोक्ता समितिसँग सम्झौता गरी रू.५० लाख भन्दा बढी भुक्तानी गरेकोमा कर कट्टी नगरेकोले करबापतको रू.१३ लाख ८० हजार उपभोक्ताबाट असुल हुनुपर्दछ।

३७.७. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पाँचथरले १० आयोजनाहरूमा उपभोक्ता समितिको योगदान समेत राखेर सम्झौता गरे तापनि योगदानको अनुपात बमोजिम निर्माण कार्यको मूल्याङ्कित रकमबाट जनसहभागिताको योगदान कट्टा गरेको पाइएन। सम्झौता बमोजिम जनसहभागिताको अंश घटी कट्टा गरेको र कट्टा नगरेको रू.७१ लाख ६९ हजार असुल गर्नुपर्दछ।

३८. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था रहेको छ। यससम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

३८.१. सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ। कोशी प्रदेशको सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले यो वर्ष चारवटा योजनामा प्रदेश सचिवस्तरीय निर्णयले थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप गरेको छ। मन्त्रालयले थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा मूल्य सूचकाङ्क फ्रिज गरी निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा परिवर्तित दरमा भुक्तानी दिँदा रू.१ करोड ५७ लाख २ हजार बढी भुक्तानी भएको छ। पूर्वाधार विकास कार्यालय, मोरङ्गले १२ वटा योजनामा मूल्य समायोजन भुक्तानी गर्दा बेस इन्डेक्स फरक राखी तथा म्याद थप पश्चात् शुरु सम्झौता अवधिको इन्डेक्स फ्रिज गरेर मूल्य समायोजन भुक्तानी नदिई परिवर्तित दरमा भुक्तानी दिई रू.६ करोड ७९ लाख बढी भुक्तानी दिएको छ। पूर्वाधार विकास कार्यालय ओखलढुङ्गा, शहरी विकास तथा भवन कार्यालय मोरङ र कोशी रिफ्रेशमेन्ट सेन्टरसमेत ३ कार्यालयले फरक इन्डेक्सबाट मूल्य समायोजन गणना गरी रू.२४ लाख ७६ हजार बढी भुक्तानी गरेका छन्।

त्यसैगरी, पूर्वाधार विकास कार्यालय ओखलढुङ्गा, झापा र पाँचथरसमेत ३ कार्यालयले ९ वटा योजनाहरूको म्याद थप भएको अवस्थामासमेत मूल्य सूचकांक फ्रिज नगरी बिल पेश भएको मितिको मूल्य सूचकांक प्रयोग गरी मूल्य समायोजन भुक्तानी गरेकोले रू.४ करोड ७ लाख ८४ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रू.१२ करोड ६८ लाख ६२ हजार असुल हुनुपर्दछ।

३८.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। ऐनको उक्त व्यवस्था अनुसार एकाई दर सम्झौता भएको अवस्थामा मात्र मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिन्छ। यातायात पूर्वाधार निर्देशनालय, कास्कीले लमसम प्रकृतिको डिजाइन एण्ड बिल्ट सम्झौता गर्दा

सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी ३ निर्माण व्यवसायीलाई रू.२ करोड ६९ लाख ९२ मूल्य समायोजन भुक्तानी गरेकोले थप व्ययभार परेको छ।

३८.३. मूल्य समायोजन गणना गर्दा फ्याक्टर फरक पारी यातायात पूर्वाधार विकास निर्देशनालय, पोखराले लमजुङ जिल्लाको मिदिम खोला पुलको भुक्तानीमा रू.१२ लाख ४६ हजार, पूर्वाधार विकास कार्यालय, गोरखाले ढुङ्गागाडे-भङ्ग्याङ्ग-नामजुङ्ग-घैरुङ-मनकामना सडकको भुक्तानीमा रू.१२ लाख ४४ हजार, पूर्वाधार विकास कार्यालय, म्याग्दीले बेनी दरबाङ सडकको भुक्तानीमा रू.२ लाख ४२ हजार र गलेश्वर-पिप्ले-भगवती-बेग सडकको भुक्तानीमा रू.२ लाख २० हजार, पूर्वाधार विकास कार्यालय, बाग्लुङले कुस्मीसेरा-राङखानी-नामदुक-शान्तिपुर सडकको भुक्तानीमा रू.४ लाख ५७ र लामाबगर काठेखोला पुलको भुक्तानीमा रू.२० लाख १३ हजार, पूर्वाधार विकास कार्यालय, लमजुङले बागलुङ-घलेगाँउ-भुजुङ सडकको भुक्तानीमा रू.१ लाख २१ हजार र उदिपुर रिठ्ठेवगर-रामचोक-वेशी नौथर सडकको भुक्तानी गर्दा रू.२ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय, तनहुँले आँबु-छिम्केश्वरी-सडकको भुक्तानीमा रू.७२ हजारसमेत जम्मा रू.५८ लाख ४३ हजार बढी भुक्तानी दिएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ।

३८.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन गर्दा सम्झौतामा उल्लेख भएअनुसारको सूचकाङ्क प्रयोग गरी आधार सूचकाङ्क र बिल भुक्तानीको सुचकाङ्कको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कञ्चनपुरले एक निर्माण व्यवसायीलाई इन्धनको आधार इण्डेक्स ९५.८० रहने गरी सम्झौता गरेकोमा मूल्य समायोजन गणना गर्दाको समयको चालु इण्डेक्स ११३.३० प्रयोग नगरी पेट्रोलियम प्रोडक्टसको चालु ईण्डेक्स १२०.५० प्रयोग गरेको कारण रू.३६ लाख ८२ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

प्रदेश गौरवका आयोजना

३९. **कार्यान्वयन स्थिति -** बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशले प्रदेश रुपान्तरणकारी आयोजनाका रूपमा प्रदेश गौरवका आयोजना सञ्चालन गरेको देखिन्छ। उक्त आयोजनाको बजेट व्यवस्थापन, प्रगति स्थिति र खर्च व्यवस्थापनलगायतका पक्षमा सम्बन्धमा सुधार गर्नुपर्ने देखिएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

३९.१. बागमती प्रदेश सरकारले २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्व विद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भीमफेदी-कुलेखानी) सुरुङमार्ग गरी ४ वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा कार्यान्वयन भएको छैन। प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनको लागि नीतिगत र कानूनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानूनी व्यवस्थासम्बन्धी काम भएको छैन। यो वर्षको बजेट वक्तव्यमा सोसम्बन्धी व्यवस्था गरेको नपाइएकोले विश्वविद्यालय स्थापना कार्य अगाडि बढेको देखिएन। त्यसैगरी हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामकरण गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने गरी घोषणा गरेकोमा प्रतिष्ठान रुपान्तरण गर्न ऐन तथा नियमावली जारी गरेको भए तापनि व्यवहारमा मूर्तरूप

दिएको छैन। संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-चितवन-मकवानपुर-सिन्धुली र काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६।७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए तापनि त्यस पछिका २ वर्षमा कुनै पनि कार्य अगाडि बढाएको देखिएन। पोष्ट बहादुर बोगटी सुरुङ मार्गअन्तर्गत ३.४२५ किलोमिटर सडक खण्ड निर्माण गर्न रू.१९ अर्ब ३२ करोड लागत अनुमान तयार गरी ४ वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७।७८ मा रू.२ करोड विनियोजन गरेकोमा कुनै कार्य नभएको र २०७८।७९ मा समेत रू.७५ करोड रकम विनियोजन भएकोमा कुनै कार्य हुन नसकी उक्त रकम समेत फिर्ता भएको देखिन्छ। उक्त कार्यमा गत विगत वर्षदेखि हालसम्म परामर्श सेवामा रू.२ करोड ७ लाख ५१ हजार खर्च भएपनि प्रदेश गौरवको आयोजनाले निरन्तरता पाएको देखिएन। अतः प्रदेश गौरवका आयोजना समयमै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३९.२. गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७ - २०८०।८१) को अनुसूची-२ मा प्रदेश गौरवका १३ र नेपाल सरकारसँग स्रोत माग गरी संचालन गर्ने रुपान्तरणकारी ५ आयोजनाहरू पहिचान गरिएकोमा प्रदेश गौरवका आयोजना र रुपान्तरणकारी आयोजनाको स्पष्ट परिभाषा गरिएको छैन। ती आयोजनाहरूमध्ये ९ आयोजनाको लागत अनुमान खुलाएको देखिएन। प्रदेश क्रिकेट मैदान निर्माणलगायत विभिन्न ७ आयोजनामा यो वर्ष बजेट विनियोजन भएको देखिएन। एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माणलगायत ८ आयोजनाको भौतिक प्रगति शून्य रहेको छ। घरबास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजनामा रू.४६ करोड २ लाख ४२ हजार, मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ आयोजनामा रू.३७ करोड ८१ लाख ५ हजार, स्याउमा आत्मनिर्भर हुने आयोजनामा रू.१४ करोड ३५ लाख ७४ हजार खर्च भएकोमा सोको उपलब्धि खुलाएको छैन।

३९.३. सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश मातहत गौरवको आयोजनाको रूपमा ९ जिल्लाका ९ सडक आयोजना घोषणा गरेको भए पनि सो सम्बन्धी आधिकारिक निर्णय प्राप्त हुन सकेन। उल्लिखित ९ आयोजनामा यो वर्ष रू.५३ करोड ३५ लाख खर्च भएको छ।

उल्लिखित आयोजनाहरूमध्ये ७ योजना २ वर्षदेखि, १ योजना ३ वर्षदेखि र १ योजना ४ वर्षदेखि निर्माणाधीन अवस्थामा रहेका छन्। उक्त आयोजनाहरूको हालसम्मको प्रगति न्यून देखिएको छ। गौरवका आयोजना घोषणा गर्दा विस्तृत सम्भाव्यता अध्ययन नगरेको कारण आयोजना निर्माणमा लाग्न सक्ने लागत, सम्पन्न गर्न लाग्ने समयावधि, आयोजना शुरु हुने अवधि, सम्पन्न हुने अवधि लगायतका विषयहरू यकिन हुने अभिलेख राखेको छैन। अभिलेखको अभावमा आयोजनाहरूको समग्र कार्यान्वनको अवस्था यकिन गर्न सकिएन। आयोजनाको सूचना र तथ्याङ्क अद्यावधिक गरी लक्षित समय र लागतमा कार्य सम्पन्न गराउन ध्यान दिनुपर्दछ।

आयोजना कार्यान्वयन

४०. **आयोजनाको स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावलीहरूमा रू.१० लाखभन्दा बढी रकमको विकास आयोजनाको बजेट तर्जुमा गर्दा आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत भएको हुनुपर्ने र स्वीकृत आयोजनाको विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान निश्चित गरी

वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था भए तापनि सोअनुसार कार्यान्वयन भएको देखिएन। ऐन नियमबमोजिम आयोजना छनौट तथा बजेट व्यवस्था गर्नुपर्दछ।

४१. **बहुवर्षीय आयोजनाको दायित्व -** कोशी प्रदेश सरकारको २०७८।७९ को नीति तथा कार्यक्रममा प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिश्चित गर्ने, आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तीव्रता दिने, आर्थिक सामाजिक पूर्वाधारहरूको विकास गरी प्रदेशको समृद्धिको आधार तयार गर्ने, निर्माणाधीन तथा अधुरो आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने, विस्तृत परियोजना प्रतिवेदनको आधारमा योजनाको छनोट गर्ने, आयोजना बैङ्क तयार गरी योजनाहरूको प्राथमिकीकरण गरी उपयुक्त आयोजना छनोट गर्ने उल्लेख छ। प्रदेश सरकारको गठन पश्चात् संघबाट हस्तान्तरण भएका आयोजनाहरू र प्रदेश सरकारबाट स्रोत सहमतिमा मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भई रू.३७ अर्ब ८० करोड ७७ लाख ८४ हजार दायित्व सिर्जना भएको देखियो। दायित्व रकम २०७८।७९ को कुल बजेटभन्दा बढी देखिएकोले प्रदेश सरकारको योजना छनोट तथा स्रोत व्यवस्थापनमा तालमेलको स्थिति देखिएन।

४२. **दरौंदी जरेबर सडकपुल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, हटाउनुपर्ने रुख बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जा वा क्षतिपूर्ति वितरणको लागि, बजेटको सुनिश्चितता एवं वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, गोरखाले वहुवर्षीय आयोजनाअन्तर्गत दरौंदी जरेबर सडकपुल निर्माणको लागि एक संयुक्त उपक्रमसँग रू.५ करोड ३९ लाख ८१ हजारको सम्झौता गरी हालसम्म रू.४ करोड ८७ लाख ७७ हजार भुक्तानी गरेको छ। निर्माण कार्यको कार्य परिमाण सूचीअनुसार पुलको दायाँतर्फ १५० मिटर तथा बायाँतर्फ ११० मिटर बाटोको कार्य गर्ने उल्लेख छ। पुलको बायाँ तर्फको ११० मिटर सडक सामुदायिक वन क्षेत्रमा पर्नेमा वातावरणीय प्रभाव अध्ययन नगरी पुल निर्माण कार्य शुरु गरेको देखिन्छ। सम्झौता पश्चात् पुलको ८४ प्रतिशत कार्य सम्पन्न भएपछि निर्माण स्थलमा अवरोध आएकोले वातावरणीय प्रभाव अध्ययन गर्न मन्त्रालयबाट कार्यक्षेत्रगत शर्त स्वीकृत भएको देखिन्छ। निर्माण स्थलको सुनिश्चितता नभई तथा खरिद पूर्व गर्नुपर्ने कार्य नगरी खरिद सम्झौता गर्दा निर्माण कार्य सम्पन्न हुन सकेको छैन। निर्माण स्थलको सुनिश्चितता गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ।

४३. **जग्गा सट्टाभर्ना -** राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नेसम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ मा विगतमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिइएका आयोजनाले सट्टा भर्ना जग्गा उपलब्ध गराउन नसके सोही कार्यविधिको व्यवस्था अनुसार सट्टाभर्ना जग्गा बराबरको मूल्याङ्कन भई कायम हुने खुद वर्तमान मूल्य बराबरको रकम बुझाउनु पर्ने व्यवस्था रहेको छ। डिभिजन वन कार्यालय तनहुँ र एक जलविद्युत आयोजनाबीचको सम्झौता अनुसार वन क्षेत्र प्रयोग गरे बापत सट्टाभर्ना जग्गा बापत रू.५१ करोड ६९ लाख १३ हजार, ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरे बापत प्रति हेक्टर १ हजार ६ सय विरुवाका दरले वृक्षारोपण, पुनःरोपण र ५ वर्षसम्मको स्याहार सम्भार बापत रू.२४ करोड ४३ लाख २७ हजार र कटान हुने जम्मा रुख संख्या १ लाख ८१ हजार ५७१ गोटाको १:२५ का दरले हुने विरुवा रोपण र पुनर्रोपण बापत रू.१ अर्ब ५३ करोड ६५ लाख ४० हजारसमेत रू.२

अर्ब २९ करोड ७७ लाख ८१ हजार बुझाउनु पर्नेमा रू.२ करोड मात्र दाखिला भएकोले बाँकी रू.२ अर्ब २७ करोड ७७ लाख ८१ हजार प्राप्त हुन बाँकी देखिन्छ। उक्त रकम प्राप्त गरी प्रदेश सञ्चितकोक्षमा दाखिला हुनुपर्दछ।

४४. **सम्झौता कार्यान्वयन -** प्रदेश सङ्ग्रहालय, पोखराले एक कम्पनीसँग संग्रहालय परिसरमा पसलकबल सञ्चालनको लागि मासिक भाडा रू.६५ हजार लिने र प्रत्येक दुई वर्षमा १० प्रतिशत वृद्धि गर्ने गरी २०७७ पौष मसान्तसम्मको लागि २०६७।१०।०३ मा सम्झौता गरेको देखिन्छ। कार्यालयले तोकिदिएको मापदण्डअनुसार संरचना बनाउने र यसको मर्मत सम्भार र १० वर्ष पश्चात् उक्त संरचना कार्यालयलाई हस्तान्तरण गर्ने सम्झौता भएकोमा सो विपरीत भवन हस्तान्तरण नगरी तोडफोड गरी जीर्ण बनाएकोले सम्झौतामा उल्लेख भएअनुसार क्षतिको मूल्याङ्कन गरी सरकारी बाँकी सरह असुल गर्नुपर्ने देखिन्छ। त्यसैगरी सम्झौताबमोजिम लेखापरीक्षण अवधिसम्म पसल हस्तारण गरेको नदेखिएकोले मासिक रू.१ लाख ५ हजारका दरले २०७८।४।१ देखि २०७९।७।३० सम्म १६ महिनाको भाडा रू.१६ लाख ८० हजार असुल गर्नुपर्दछ।

४५. **अधुरो निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचार बारे उल्लेख छ। कृषि विकास निर्देशनालय, सुर्खेतले कोल्ड स्टोर निर्माण कार्य समयमा सम्पन्न नगरी निर्माण व्यवसायीले काम बीचमै छाडेको पाइएकोले कार्यसम्पादन जमानत रू.१५ लाख ८५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारसम्बन्धी व्यवस्था अपनाई निर्माण सम्पन्न गर्नुपर्दछ।

४६. **अधुरा ठेक्का -** पूर्वाधार विकास कार्यालय, कालिकोटले ६ ठेक्काको रू.२ करोड ६५ लाख ७१ हजारका र सल्यानले २ ठेक्काको रू.१ करोड ७७ लाख १२ हजारसमेत ८ ठेक्काको कुल रू.४ करोड २८ लाख ८३ हजारको कार्य समयमा सम्पन्न हुन नसकी अधुरो रहेका छन्। निर्माण कार्य अधुरो रहँदा लगानीको प्रतिफल प्राप्त नहुने, निर्धारित समय र लागतमा आयोजना सम्पन्न नहुने लगायतका जोखिम रहेकोले नियमावलीको व्यवस्थाअनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

४७. **दर विश्लेषण -** नर्म्सअनुसार मानिसबाट गर्ने र मेसिनबाट गर्ने कामको दर फरक रहेको छ। सामाजिक विकास कार्यालय, दैलेखले ८ विद्यालयले एक्साभेटर मेसिनबाट खेल मैदानका लागि जमिन सम्याउने काम गरेकोमा मानिसबाट काम गर्ने नर्म्सको आधारमा भुक्तानी गरेका छन्। स्वीकृत जिल्ला दर अनुसार मानिसबाट प्रति घन मीटर रू.३६०.२९ को दरले भुक्तानी भएकोमा उक्त काम मेसिनको (९०/१० प्रतिशत) दर विश्लेषणको आधारमा रू.१०३.१९ मात्र हुने हुँदा बढी भुक्तानी भएको रू.३२ लाख ३८ हजार असुल गर्नुपर्दछ।

४८. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियामवली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, जाजरकोटले ४ निर्माण व्यवसायीसँग रू.२ लाख ९३ हजार, जुम्लाले १ निर्माण व्यवसायीसँग रू.६ लाख ७३ हजार, सल्यानले ४ निर्माण व्यवसायीसँग रू.२ लाख ९२ हजार, दैलेखले २ निर्माण व्यवसायीसँग रू.५५ लाख १६ हजार र सुर्खेतले १२ निर्माण व्यवसायीसँग रू.१ करोड ८० लाख ९ हजार, लुम्बिनी प्रदेश भौतिक पूर्वाधार

विकास मन्त्रालय अन्तर्गतका ३ कार्यालयले रू.१ करोड ४० लाख ४ हजारसमेत रू.३ करोड ८७ लाख ८७ हजार नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेकोले उक्त रकम गर्नुपर्दछ।

४९. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता अन्त्य गरी जमानत जफत गरिने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, हुम्लाले हिल्सा-सिमिकोट सडक आयोजनाअर्न्तगत लेखाधिंगा-नवालथुङ खण्ड निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७५।०३।३१ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७३।८।३० मा मूल्य अभिवृद्धि कर समेत रू.३ करोड ३४ लाख २५ हजारको सम्झौता गरेकोमा पछिल्लो पटक २०७६।८।३० सम्म म्याद थप गर्दा पनि कार्यसम्पन्न भएको छैन। उक्त निर्माण कार्यको लागि हालसम्म रू.२ करोड १४ लाख ९० हजार भुक्तानी भएको छ। निर्माण कार्यको म्याद थप पनि भएको छैन। सम्झौता बमोजिम कारबाही गरी कार्य सम्पादन जमानत रू.१ करोड ३५ लाख १५ हजार र पेश्की जमानत रू.२२ लाख ५० हजारसमेत रू.१ करोड ५७ लाख ६५ हजार जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(१५) बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्दछ।

५०. **भेरिएसन** - सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत स्टयान्डर्ड बिड डकुमेन्टको बुँदा ३६.१ मा कुनै आइटमको शुरु परिमाणको २५ प्रतिशत भन्दा बढी काम भएमा आयोजना प्रमुखले दर संशोधन गर्नसक्ने र बुँदा ३७.६ मा ३६.१ बमोजिम कुनै आइटममा २५ प्रतिशत फरक परेमा आइटम भेरिएशनको आदेश स्वीकृत हुनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले दुई ठेक्काको लागि निर्माण व्यवसायीलाई रू.२० लाख ७८ हजार र दैलेखले २ ठेक्काको लागि निर्माण व्यवसायीलाई रू.५२ लाख ८७ हजार समेत ७३ लाख ६५ हजार खरिद सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणको भुक्तानी गर्दा भेरिएसन आदेश स्वीकृत गराएको छैन। अधिकार प्राप्त अधिकारीबाट भेरिएशन आदेश स्वीकृत गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ।

५१. **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गर्नुपर्ने र नियम १२० मा खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न नसकिने भएमा म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छ। सम्झौताअनुसार संशोधित कार्यतालिका पेस नगरेको, म्याद थप गर्नुपर्नाको पूर्व जानकारी नदिएको साथै निर्माण व्यवसायीको कारणबाट ढिलाइ भई पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा पनि क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको लगायत अवस्था छ। पूर्वाधार विकास कार्यालय, कालिकोटले यो वर्ष विगत वर्षहरूमा सम्झौता भएका २४ योजनाको रू.१ करोड ७७ लाख ३० हजारको सम्झौताको अवधि थप गरेको छ। त्यसैगरी पूर्वाधार विकास निर्देशनालय, सुर्खेतको रू.३२ करोड १७ लाख ७९ हजारका ८ खरिद सम्झौताको अवधि पटक पटक थप गर्दा समेत कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरै रहेको देखिँदा उक्त निर्माण कार्य फरफारक गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५२. **सुर्खेत रंगशाला निर्माण** - कर्णाली प्रदेशको सुर्खेतमा रंगशाला निर्माण गर्न इन्जिनियरिङ, खरिद र निर्माण (ई.पी.सी.) विधिबाट एक निर्माण व्यवसायीसँग रू.१ अर्ब ५९ करोड ४७ लाख ४८ हजारमा कार्य सम्पन्न गर्ने गरी २०७८।७।२८ मा सम्झौता भएको छ। उक्त कार्यमा हालसम्म रू.२९

करोड ८४ लाख १२ हजार खर्च भएको छ। भेरिएसन तथा मूल्य समायोजन दिनु नपर्ने लमसम सम्झौतामा विओक्यूमा आईटम निर्धारण गरी बीमाबापत रू.२० लाख भुक्तानी गर्नुपर्नेमा रू.८० लाख ७४ हजार भुक्तानी गरेको देखियो। बढी भुक्तानी भएको रू.६० लाख ७४ हजार असुल गर्नुपर्दछ।

५३. **त्रुटिपूर्ण डिजाइन** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, रूपन्देहीको रोहिणी सिँचाइ योजनाअन्तर्गत हेडवर्क, गाइडवण्ड र प्रोटेक्सन निर्माण कार्यमा रू.३० करोड ७७ लाख ६८ हजार र नहर संरचनाबापत रू.८ करोड ७८ लाख ५१ हजारसमेत रू.३९ करोड ५६ लाख १९ हजार खर्च भएकोमा योजना सञ्चालनमा रहेको देखिएन। कार्यालयले हेडवर्क्स र नहर संरचना निर्माणमा गरेको लगानी उपयोगहीन रहेको छ। उक्त योजनाको डिजाइनमा समस्या रहेकोले योजना सम्पन्न भएपनि सञ्चालन हुन नसकेको तथा उक्त योजना सञ्चालन गर्न थप अध्ययन र लगानी आवश्यक पर्ने जानकारी कार्यालयले दिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५(क) वमोजिम त्रुटिपूर्ण डिजाइन तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदातालाई प्रचलित कानूनबमोजिम जिम्मेवार बनाइनुपर्दछ।

५४. **बढी भुक्तानी** - कोशी प्रदेशको कृषि मन्त्रालयले दूध उत्पादन, प्रशोधन, पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत एक कृषि सहकारी संस्थालाई कार्यक्रम सञ्चालन पश्चात् अनुदान सम्झौताबापतको रू.१४ लाख ७८ हजार भुक्तानी गर्नुपर्नेमा रू.२९ लाख ५५ हजार भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रू.१४ लाख ७८ हजार सम्बन्धित संस्थाबाट असुल गर्नुपर्दछ।

प्रशासनिक खर्च

५५. **पर्यटन काज** - गण्डकी प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई बिदा-पर्यटनको माध्यमबाट उत्प्रेरित गरी जिम्मेवारीप्रति उत्साह बढाउन तथा प्रदेशभित्रको भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, सास्कृतिक एंव ऐतिहासिक पर्यटकीय स्थलहरूको उजागर गरी आन्तरिक पर्यटनलाई प्रभावकारी औजारको रूपमा प्रवर्द्धन गर्न बिदा-पर्यटन सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ। सो अनुरूप यो वर्ष गण्डकी प्रदेश सरकार अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत १२ मन्त्रालयका १३९ र मातहतका कार्यालयहरूका ३७८ गरी ५१७ जना कर्मचारीलाई बिदा पर्यटन कार्यक्रम अन्तर्गत रू.२ करोड ४० लाख १२ हजार भुक्तानी भएको छ। हालसम्मको कार्यक्रम कार्यान्वयनबाट कर्मचारी उत्प्रेरणास्तरमा देखिएको प्रभावको मूल्यांकन, कार्यालयको सेवा प्रवाहमा पर्ने असर, बजेटको अवस्था, खर्च मितव्ययिताको लागि समय समयमा जारी भएका निर्देशनलगायत विषयहरूलाई ध्यानमा राखी कार्यविधि परिमार्जन तथा कार्यान्वयन गर्नुपर्दछ।

५६. **शान्ति सुरक्षा खर्च** - मधेश प्रदेश (मन्त्रिपरिषद्) को २०७५।२।१० र २०७७।१२।२४ को निर्णयमा गृह तथा सञ्चार मन्त्रालयका मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षा खर्चबापत मन्त्रीलाई प्रतिपटक रू.३० हजारका दरले मासिक ५ पटकसम्मको रू.१ लाख ५० हजार, राज्यमन्त्रीलाई मासिक रू.१ लाख तथा सचिवलाई एकपटकमा रू.१० हजारका दरले मासिक ५ पटकसम्म रू.५० हजार प्रतिमहिना गरी मासिक रू.३ लाखका दरले नबढ्ने गरी खर्च गर्न पाउने र यस्तो रकम सम्बन्धित अधिकारीले बुझिलिई खर्च गर्न सक्ने तथा बिल भरपाई पेश गरिरहनु नपर्ने

उल्लेख छ। सो बमोजिम यो वर्ष मन्त्री तथा राज्यमन्त्रीलाई रू.३० लाख र सचिवलाई रू.६ लाख गरी कुल रू.३६ लाख विल भर्पाइबेगर खर्च लेखेको छ। अन्य प्रदेशमा यस्तो खर्च गरेको नपाइएको हुँदा यसलाई औचित्यपूर्ण मान्न सकिएन।

५७. **बरबुझारथ-** मधेश प्रदेशबाट स्वीकृत मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि खरिद भएको कार्यालय सामान आफनो कार्यकाल समाप्त भएको ७ दिन भित्र फिर्ता बुझाउनुपर्ने उल्लेख छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले ४ मन्त्रीहरूको स्वकीय सचिव तथा कर्मचारीहरूले बुझेको ल्यापटप, प्रिन्टर, क्यामेरा लगायतका रू.१४ लाख २६ हजारको सामाग्री कार्यकाल समाप्त भए पश्चात् फिर्ता गर्नुपर्नेमा फिर्ता गरेको पाइएन। उक्त सामग्री फिर्ता हुनुपर्ने अन्यथा सो बराबरको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

कोष व्यवस्थापन

५८. **युवा वैज्ञानिक प्रोत्साहन कोष -** बागमती प्रदेशको आर्थिक विकास र नागरिकको समृद्धि जीवनका लागि उत्पादन, उत्पादकत्व, दिगो विकास, जनस्वास्थ्य तथा वातावरण संरक्षण लगायतका विषयमा सुधार गर्न वैज्ञानिक अनुसन्धान पद्धतिमा जोड दिँदै नयाँ ज्ञान विज्ञान तथा प्रविधिको विकास गर्ने उद्देश्यले स्थापित युवा वैज्ञानिक प्रोत्साहन कोषमा गत वर्षको मौज्दात रू.१७ करोड ९८ लाख ६६ हजार यस वर्ष थप रू. ५ करोडसमेत रू.२२ करोड ९८ लाख ६५ हजार रहेको देखिन्छ। कोषले उद्देश्य अनुरूपका कार्यक्रम सञ्चालन नगरी यस वर्ष बैठक भत्ता, कार्यालय सञ्चालन लगायत कार्यमा रू.१७ लाख ५६ हजार मात्र खर्च भएको छ। उद्देश्य अनुसार कोष परिचालन गर्नुपर्दछ।

५९. **कार्य सञ्चालन कोष –** सुदुरपश्चिम प्रदेश विपद् व्यवस्थापन कोष तथा राहत वितरण निर्देशिका, २०७६ बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषमा न्यूनतम रू.५० लाख रिभल्भिङ फण्ड राख्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा विपद् व्यवस्थापनको लागि विनियोजित रू.२६ करोड ९५ लाख र गत आर्थिक वर्षको जिम्मेवारी रू.१ करोड ४८ लाख ३५ हजारसमेत रू.२८ करोड ४३ लाख ३५ हजारबाट ९ जिल्ला विपद् व्यवस्थापन कोषमा रू.४ करोड ५ लाख भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई रू.५ करोड निकासा तथा कोषको अन्य खर्च रू.३३ लाख ५२ हजारसमेत रू.९ करोड ३८ लाख ५२ हजार खर्च भई रू.१९ करोड ४ लाख ८३ हजार मौज्दात रहेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतका कार्यालयमा पठाएको रकमबाट खर्च नभई बाँकी रहेको रकम यकिन गरी आवर्ती कोषमा राख्नु पर्ने न्यूनतम रू.५० लाखभन्दा बढी रहेको रू.१८ करोड ५४ लाख ८३ हजार प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

विशेष कार्यक्रम

६०. **कार्यक्रम हस्तान्तरण -** मधेश प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कर्तव्य तथा जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। मधेश प्रदेश नीति तथा योजना आयोगबाट स्वीकृत २०७६।७७ देखि २०८०।८१ सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालन हुनेगरी आयोजना बैङ्कमा समेत समावेश भएका बेटी बचाउ बेटी पढाउ कार्यक्रम, छात्रा शिक्षा बीमा र मुद्दती

बचत कार्यक्रम, लैङ्गिक हिंसा विरुद्ध कार्यक्रम, छात्राहरुलाई साइकल वितरण कार्यक्रम, दिवा खाजा कार्यक्रम, सचेतना कार्यक्रम, क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरू गत वर्षसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कार्यान्वयन हुँदै आएको र यो वर्षसमेत सोही कार्यालयले कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भए तापनि २०७८।१२।१७ मा सामाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन हुने गरी रू.५० करोड ४१ लाखको कार्यक्रम हस्तान्तरण गरेको छ। हस्तान्तरित कार्यक्रममध्ये सो निर्देशनालयले छात्रा शिक्षा बीमा र मुद्दती कार्यक्रममात्र कार्यान्वयन गरी रू.६ करोड ३७ लाख ५३ हजार खर्च गरेको छ।

मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत मधेश प्रदेशका पोखरीहरूको सौन्दर्यीकरण, विद्यालयका शौचालय मर्मत, मन्दिरहरूको सौन्दर्यीकरणलगायतका कार्य गर्न २०७५।७६ देखि २०७७।७८ सम्म ठेक्का सम्झौता भई केही ठेक्काको आंशिक बिल भुक्तानी भइसकेको अवस्थामा चालु अवस्थामा रहेका ४३ ठेक्काको काम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने गरी मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०७८।११।२४ को निर्णयअनुसार उक्त मन्त्रालयमा हस्तान्तरण भएको देखिन्छ। हस्तान्तरण भएका ठेक्कामध्ये भौतिक पूर्वाधार मन्त्रालयको २०७८।१२।१७ को मन्त्रीस्तरीय निर्णयले ४ पूर्वाधार विकास कार्यालयलाई ३६ ठेक्का कार्यान्वयनको लागि हस्तान्तरण भएको र ४ ठेक्का भौतिक पूर्वाधार मन्त्रालयबाटै कार्यान्वयन गर्ने निर्णय भएको छ।

पूर्वाधार विकास कार्यालयहरुबाट प्राप्त विवरणअनुसार ३ ठेक्काको निर्माण सम्पन्न भएको र बाँकी ४० ठेक्काको काम यो वर्ष भएको देखिँदैन। उक्त ४० ठेक्काको सम्झौता रू.१ अर्ब ७५ करोड ८५ लाख ६० हजारमध्ये गत वर्षसम्म रू.६७ करोड ४१ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ। अधिकांश ठेक्काको म्याद समाप्त भइसकेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ठेक्काको म्याद थप नभएको, कार्य सम्पादन जमानतको म्याद समाप्त भइसकेको, पेस्की बाँकीको लगत नरहेको, पेस्की जमानतको म्याद समाप्त भएको र सम्झौता बमोजिम कार्य सम्पन्न नभएको अवस्थामा निर्माण व्यवसायीलाई कुनै कारबाही नगरी ठेक्का हस्तान्तरण गरेको कारण उक्त ठेक्काको काम अलपत्र रहेको देखिन्छ। साविकमा मुख्यमन्त्री तथा मन्त्रिषरिषद् कार्यालयबाट सञ्चालन भएका अधुरा कार्यक्रम कार्यान्वयन गर्ने अन्य मन्त्रालयलाई हस्तान्तरण हुनु उपयुक्त देखिएन।

६१. **वन पैदावारको राजस्व -** वन नियमावली, २०७९ को नियम १८ मा राष्ट्रिय वनबाट उत्पादित पैदावारको अनुसूची-६ अनुसारको न्यूनतम मूल्याङ्कन रकम र नियम २१ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समितिको कार्ययोजनाले निर्धारण गरे बमोजिम समितिले हस्तान्तरण भएका काठ र दाउराको न्यूनतम रकम, मूल्य अभिवृद्धि कर र सङ्कलन खर्च डिभिजन वन कार्यालयलाई बुझाउनु पर्ने व्यवस्था छ। काठ, दाउरा बिक्रीको राजस्व डिभिजन वन कार्यालय, बाराले रू.१८ लाख ४० हजार वन पैदावार आपूर्ति समितिको खाता र डिभिजन वन कार्यालय, रौतहटले रू.१ करोड ८४ लाख ९४ हजार कार्य सञ्चालन कोषमा दाखिला गरेको देखियो। उक्त रू.२ करोड ३ लाख १४ हजार सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ।

६२. **सङ्कलन खर्च -** सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१ को दफा २३ मा आफ्ना उपभोक्ताको घर काजको लागि आवश्यक काठ दाउरा उपलब्ध गराउने र

काठ दाउरा वन नियमावली, २०५१ को अनुसूची २ मा उल्लेखित मूल्यमा लागत खर्च जोडी कायम हुने मूल्य भित्र रहने गरी काठ दाउराको मूल्य निर्धारण गर्नुपर्ने व्यवस्था छ। वन विभाग, काठमाडौं र नेपाल विद्युत प्राधिकरण, हेटौंडा-ढल्केबर-दुहबी ४०० के.भी. प्रसारण लाइन आयोजनाबीच भएको सम्झौतामा प्रसारण लाईन निर्माण गर्दा हटाउनुपर्ने रुख आयोजनाले आफ्नो खर्चमा कटान मुछान गर्ने उल्लेख छ। त्यसैगरी काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र वन विभागबीच भएको सम्झौतामा समेत सोही व्यहोरा उल्लेख छ।

सामुदायिक वन उपभोक्ता समूहले आन्तरिक खपत हुने काठ दाउरामा सङ्कलन खर्चसमेत जोडी उपभोक्ताबाट काठ दाउराको मूल्य असुल गर्ने गर्दछ। सामुदायिक वन उपभोक्ता समुहले आफ्नो खर्चमा गर्नुपर्ने कटान मुछान कार्यसमेत आयोजनाले गरिदिएकोले कटान मुछानको लागत रकम सामुदायिक वनबाट शोधभर्ना लिई राजस्व दाखिला गर्नुपर्ने देखिन्छ। सो अनुसार आयोजनाले कटान मुछानबापत डिभिजन वन कार्यालय, धनुषाअन्तर्गतका १० सामुदायिक वन उपभोक्ता समितिलाई रू.४२ लाख ८८ हजार, डिभिजन वन कार्यालय, बाराअन्तर्गतका १५ सामुदायिक वन उपभोक्ता समूहलाई रू.८१ लाख ७२ हजारसमेत रू.१ करोड २४ लाख ६० हजार उपलब्ध गराएकोमा उक्त रकम सामुदायिक वन उपभोक्ता समूहबाट शोधभर्ना लिई राजस्व दाखिला गर्नुपर्दछ।

६३. **म्याद नाघेका सामग्री** - प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, जनकपुरले खरिद गरेका विभिन्न ४ प्रकारका पौष्टिक आहारहरू उत्पादन भएको मितिबाट ६ महिनासम्ममा प्रयोग गर्न उत्तम हुने उल्लेख भएकोमा केन्द्रबाट हस्तान्तरण भई २०७९।१।८ मा प्रादेशिक अस्पताल, लाहानमा हस्तान्तरण भएका रू.१६ लाख ४३ हजारका ५ हजार ८९६ किलोग्राम पौष्टिक आहार प्रयोग नभई म्याद गुज्रेको देखियो। आपूर्ति केन्द्रले आवश्यकताको पहिचान नगरी खरिद गरेका कारण पौष्टिक आहार नष्ट गर्नुपर्ने अवस्था देखिएको छ। केन्द्रले आवश्यकताको पहिचान गरी पौष्टिक आहार खरिद गरी समयमै हस्तान्तरण गर्नुपर्दछ।

६४. **ल्याब सञ्चालन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा विशेष परिस्थिति खरिद गर्ने सम्वन्धी व्यवस्था छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धनुषाले प्रदेशको ६४ स्थानीय तहमा प्रयोगशाला स्थापना गर्नका लागि विशेष परिस्थितिजन्य कारण उल्लेख गरी आर्थिक वर्षको अन्त्यमा रू.२४ करोड ४८ लाख ३ हजारको ल्याब सामग्री खरिद गरेको छ। लेखापरीक्षणको अवधिसम्म उक्त सामग्रीहरू प्रयोगशालामा मौज्दात रहेका छन्। ल्याब सामग्री जिल्ला सदरमुकाममै मौज्दात रहँदा स्थानीय तहहरूमा ल्याब सञ्चालन भएको छैन। खरिद गरिएको सामान प्रयोगमा ल्याएको प्रमाण पेश हुनुपर्दछ।

६५. **आम्दानी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार सरकारी रकम प्राप्त भएपछि सोही दिन र सम्भव नभएमा सोको भोलिपल्ट बैङ्क दाखिला गर्ने र दाखिला नगरे सोही ऐनको दफा २८ अनुसार तालुक कार्यालयले जरिवाना गर्ने व्यवस्था छ। कलैया अस्पताल विकास समितिका ५ कर्मचारीले अस्पतालको आय रू.२१ लाख ६ हजार बैङ्क दाखिला गरेको देखिएन। उक्त रकम निजहरूबाट जरिबानासहित असुल गरी बैङ्क दाखिला गर्नुपर्दछ।

६६. **घर जग्गा बहाल** - गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २६ र २७ मा राजस्वको व्यवस्थित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। साविक नेशनल कन्स्ट्रक्सन

कम्पनी लि. र एक स्वास्थ्य सहकारी संस्थाअन्तर्गतको एक सामुदायिक अस्पतालबीच यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र,) कास्कीको स्वामित्वमा रहेको जग्गा बहालमा लिने गरी २०७१ साल असार २५ गते सम्झौता भएको देखिन्छ। सम्झौताको बुँदा नं १(ख) बमोजिम व्यापारिक भवन तथा कार्यालय भवन र ४ रोपनी जग्गासमेतको पहिलो र दोस्रो वर्षको लागि मासिक भाडा रू.२ लाख ५० हजार र तेस्रो वर्षदेखि भाडामा १० प्रतिशतको दरले वृद्धि हुने र घर जग्गाको सम्झौता अवधि ३ वर्षसम्म हुने उल्लेख छ। उक्त सामुदायिक अस्पताल २०७०।७१ देखि नै बहालमा रहेको र अर्को सम्झौता गरेको नदेखिएकोले २०७५।७६ देखिको मासिक भाडा रू.२ लाख ५० हजारले वार्षिक रू.३० लाखको १० प्रतिशतले वृद्धि गर्दा २०७५।७६ देखि २०७८।७९ सम्म रू.२ करोड ३ लाख ८५ हजार भाडाबापत बुझाउनुपर्नेमा रू.८० लाख बुझाएकोले बाँकी रू.१ करोड २३ लाख ८५ हजार र सम्झौताअनुसारको ब्याज थप गरी असुल गर्नुपर्दछ।

६७. **ऋण लगानी** - बागमती प्रदेश सरकारको उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ को व्यवस्थाअनुसार प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौँडाले कृषि विकास बैङ्क लिमिटेडलाई रू.१ अर्ब ३० करोड र साना किसान विकास लघुवित्त संस्थालाई रू.१ अर्ब ४० करोड बढीमा पाँच वर्ष अवधिको लागि लगानी गर्न सहुलियतपूर्ण ऋण उपलव्ध गराएको छ। कृषि विकास बैङ्कमार्फत् ऋण प्रवाह गर्ने गरी निकासा गरेको रकममध्ये ४८४ ऋणीलाई रू.९८ करोड ५५ लख १८ हजार लगानी गरी बाँकी रू.३१ करोड ४४ लाख ८२ हजार साँवा फिर्ता भएको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्थाले भने विभिन्न सहकारी संस्था मार्फत् ९०८ साना किसानलाई कर्जा प्रवाह गरी कुल निकासाको शत प्रतिशत लगानी गरेको प्राप्त विवरणबाट देखिन्छ। ऋण लगानी कार्यविधिमा मन्त्रीको संयोजकत्वमा निर्देशक समिति, सचिवको संयोजकत्वमा अनुगमन समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन समिति रहने व्यवस्था भए तापनि सो अनुसार ऋण लगानी तथा सुरक्षाको अवस्थाका सम्बन्धमा अनुगमन गरेको पाइएन।

६८. **जग्गा उपयोग** - वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तर्राष्ट्रिय, सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोल प्रथाद्वारा वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ। संघीय वन तथा वातावरण मन्त्रालयद्वारा सार्वजनिक वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र, २०७५ अनुसार सम्झौताका शर्तको अधिनमा रही प्रयोग गर्ने गरी वन क्षेत्र अन्य प्रयोजनका लागि उपलब्ध गराएको छ। मन्त्रालयले जलविद्युत योजना तथा प्रशारण लाइनको लागि ८६३.२६, नेपाली सेनालाई ५४६.५७, सुकुम्वासी समस्या समाधानका लागि ५४४, संघ संस्था तथा पार्क प्रयोजनमा ७३.७३, सरकारी भवन तथा भौतिक पूर्वाधार निर्माणमा ६६.६९, विश्वविद्यालय तथा शैक्षिक क्षेत्रलाई ६२.८८, निजी कम्पनीहरूलाई ६१.४५, रिसोर्ट होटल पर्यटनका लागि ४८.१२, सिमेन्ट उद्योगलाई २२.९७, खानेपानी आयोजनाका लागि २१.५४, सडक बिस्तार कार्यका लागि १७.७५ र सरकारी तथा निजी सञ्चार क्षेत्रमा ०.७१ हेक्टरसमेत २ हजार ३२९.६७ हेक्टर सरकारी जमिन लिज, भाडा तथा भोगाधिकार सम्झौता मार्फत् उपलव्ध गराएको छ। बागमती प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले लिज तथा भाडामा उपलब्ध गराएको वन क्षेत्रको जमिनको सम्झौता अनुसार राजस्व प्राप्त भई सरकारी कोषमा आम्दानी बाँधेको यकिन हुनेगरी एकीकृत राजस्व विवरण पेस हुन आएन। साथै

उपलव्ध गराएको वन क्षेत्र सम्झौताका शर्त पालना भई उपयोग भएको, सम्झौता अनुसारको समयमा निर्धारित किस्ता प्राप्त भएको साथै भोगाधिकार क्षेत्रमा वन क्षेत्र संरक्षण तथा वातावरण व्यवस्थापनमा भएको कार्य समेत यकिन हुन आएन। अन्य क्षेत्रमा प्रयोग भएको वनको अवस्था पहिचान गरी प्राप्त हुने राजस्व सरकारी कोषमा निर्धारित समयमानै प्राप्त गर्नुपर्दछ।

६९. **उद्योगग्राम** - उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडाले वार्षिक कार्यक्रममा समावेश गरी दोलखा जिल्लास्थित बैतेश्वर-७ को सरकारी वन क्षेत्रको जमिनमा घोषित उद्योगग्राम पूर्वाधार निर्माण कार्यको बाउण्ड्री वाल, क्यान्टिन, प्रदर्शनी हल, शिशु कक्ष, सर्भिस भवन, गार्ड हाउस, सामुदायिक भवन, प्रशासनिक भवन र अन्य कार्यसमेत सम्पन्न गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ। सो क्षेत्रमा तारबार लगाउने कार्यमा रू.९६ लाख १५ हजारको लागत अनुमान तयार गरी बोलपत्रमार्फत् एक निर्माण व्यवसायीसँग रू.६५ लाख २२ हजारको सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म रू.२७ लाख ३८ हजार मात्र खर्च भएको छ। विस्तृत परियोजना प्रतिवेदन अनुसार २५ रोपनीभन्दा बढी क्षेत्रमा रू.१९ करोडको लागतमा उद्योगग्राम स्थापना गर्ने अवधारणा स्वीकृत भए तापनि प्रतिवेदन तयार भएको दुई वर्षको अवधिमा घेराबारा र जमिन सम्याउने कार्य मात्र भएको छ। उद्योगग्राम स्थापना कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर देखिएकोले निर्धारित समयमा पूरा गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

७०. **शीतभण्डार** - बागमती प्रदेश सरकारले तयार गरेको शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ४ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ७० प्रतिशत र साझेदार सहकारी संस्थाको ३० प्रतिशत लागत साझेदारीमा विभिन्न जिल्लाका १० स्थानीय तहमा शीतभण्डार निर्माण गर्न रू.१ अर्ब १७ करोड ३ लाख ७ हजारको सम्झौता भएकोमा १० साझेदार संस्थाबाट सम्झौता रकमको ३० प्रतिशतले हुने रू.३५ करोड १९ लाख प्राप्त हुनुपर्नेमा रू.२१ करोड २६ लाख ५० हजार मात्र प्राप्त भएको छ। साझेदार संस्थाले आफूले व्यहोर्नुपर्ने ३० प्रतिशत रकम आफैंले नव्यहोरी स्थानीय तहबाट रू.१३ करोड ९२ लाख ५० हजार व्यहोरेकोले उक्त रकम असुल गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने व्यहोरा चौथो वार्षिक प्रतिवेदनमा उल्लेख गरेको भए तापनि स्थिति यथावत छ। शीतभण्डारको सम्पत्तिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुने व्यवस्था समेत गरेको हुँदा शीतभण्डारको सम्पत्ति माथिको स्वामित्व, सञ्चालन व्यवस्थापनको जिम्मेवारी र प्राप्त प्रतिफल सम्बन्धित स्थानीय तहको हुनुपर्दछ। सम्झौता बमोजिमको लागत साझेदारीबापत उठ्न बाँकी रकम सम्बन्धित सहकारी संस्थाबाट असुल गर्नुपर्दछ।

७१. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने उल्लेख छ। बागमती प्रदेश अन्तर्गत स्वास्थ्य मन्त्रालयले गैर नाफामूलक सामुदायिक अस्पताललाई पुँजीगत सुधार विस्तार अनुदानको लागि एक चिकित्सालयसँग सम्झौता गरी फुल्ली बायोकेमेष्ट्रिक एनालाईजर १ सेट र हेमाटोलोजी एनालाइजर १ सेट खरिदको लागि ८० प्रतिशत अनुदान रू.७१ लाख ७३ हजार उपलब्ध गराएको र सम्बन्धित निकायले २० प्रतिशत व्यहोरेको छ। चिकित्सालयले सामग्री खरिदका बिल भरपाई र अन्य आवश्यक कागजात पेस गरी अनुदान निकासा प्राप्त गरेको भएपनि आपूर्तकबाट सामान प्राप्त गर्दा तोकिएको स्पेसिफिकेशनका सामान हो

होइन भनी सम्बन्धित प्राविधिकबाट निरीक्षण परीक्षण गराएको छैन। गुणस्तर परीक्षण बेगर मालसामानको भुक्तानी गरेको नियमसम्मत देखिएन।

७२. **प्रादेशिक सञ्चार प्रतिष्ठान** - प्रदेशको सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धान तथा पत्रकारहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले कोशी प्रदेश सरकारले प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली, २०७७ बमोजिम २०७७।९।१ मा प्रतिष्ठान गठन गरेको छ। प्रतिष्ठानलाई २०७७।७८ मा रू.५० लाख र २०७८।७९ मा रू.२ करोड साथै पत्रकार सुरक्षा कोषमा रू.३० लाखसमेत कुल रू.२ करोड ८० लाख मन्त्रालय मार्फत् अनुदान निकासा दिएकोमा २०७७।७८ मा रू.२१ लाख ९९ हजार, २०७८।७९ मा रू.७७ लाख ३८ हजार र पत्रकार सुरक्षा कोषबाट रू.१५ लाखसमेत कुल रू.१ करोड ८७ हजार खर्च गरेको छ। प्रदेश मन्त्रिपरिषद्को २०७८।८।९ को बैठकले नियमावली नै खारेज गरी प्रतिष्ठानसमेत खारेज भएको छ। प्रतिष्ठान स्थापनाको औचित्य, आवश्यकता तथा त्यसले दीर्घकालीन रूपमा पार्ने प्रभावको अध्ययन नगरी स्थापना गर्ने कार्यले प्रदेश सरकारलाई व्ययभार बढेको छ।

७३. **अनुसन्धान केन्द्र सञ्चालन** - कोशी प्रदेश सभाबाट पारित मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ बमोजिम कोशी प्रदेशमा अनुसन्धान केन्द्र र आविष्कार केन्द्र स्थापना गर्न विश्वविद्यालयलाई २०७७।७८ मा प्रदेश सरकारबाट रू.२ करोड अनुदान प्राप्त भएको छ। विश्वविद्यालयले २०७७।७८ मा प्राप्त अनुदानबाट अनुसन्धान केन्द्र र आविष्कार केन्द्रका लागि रू. १ करोड ७८ लाख ७१ हजार बराबरको विभिन्न ल्याब सामग्रीहरू खरिद गरेको छ। लेखापरीक्षणको क्रममा अवलोकन गर्दा विश्वविद्यालयले उक्त ल्याब सामग्रीहरू जडान गरी आविष्कार तथा अनुसन्धान केन्द्र सञ्चालनमा आएको देखिएन। अनुसन्धान केन्द्र र आविष्कार केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि तयार तथा कार्यान्वयन गरी खरिद भएको ल्याब सामग्रीहरू उद्देश्यअनुरूप उपयोगमा ल्याउनुपर्दछ।

७४. **क्षतिपूर्ति तथा वृक्षारोपण** - कोशी प्रदेश वन ऐन, २०७७ को परिच्छेद १२ मा वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था गरेको र वन ऐन, २०७६ को दफा ४२ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नुपर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोपी वन विकास गर्नुपर्ने र त्यस्तो रुख रोप्न जग्गा उपलब्ध नभएमा वन विकासको लागि आवश्यक पर्ने रकम आयोजनाले ऐनले तोकेको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सगरमाथा विमानस्थलको भौतिक पूर्वाधार निर्माण गर्न डिभिजन वन कार्यालय उदयपुर, अन्तर्गत त्रियुगा नगरपालिकाको जोगिदहमा रहेको १५६.११ हेक्टर वनमध्येको १०५.१० हेक्टर वन क्षेत्रको १८ हजार ४२३ थान रुख विरुवा कटानी गर्न तथा ५०.४१ हेक्टर वन क्षेत्र प्रयोग गर्न वन तथा भू-संरक्षण विभागले अनुमति दिएकोमा सो वन क्षेत्र बराबरको जग्गामा वृक्षारोपण गर्ने कार्यको लागत अनुमान रू.१० करोड ३६ लाख ६७ हजार र निर्माण कार्यको क्रममा हटाउनु पर्ने रुख बापत दिनुपर्ने क्षतिपूर्ति र वृक्षारोपणको लागत अनुमान रू.७ करोड ७१ लाख ५३ हजारसमेत जम्मा रू.१८ करोड ८ लाख २० हजार लागत अनुमान गरेकोमा हालसम्म उक्त रकम वन विकास कोषमा जम्मा गरेको देखिएन। वन विकास गर्न लागत अनुमान तयार गर्दा वन कटानी गर्नु अघि नै तयार गरिने तर वन विकास गर्न ५ वर्षको हुने हुँदा सो अवधिमा समेत स्थान उपलब्ध नहुने लगायत कारणले काम सम्पन्न नहुने, सो भन्दा पछिको अवधिमा जग्गा तथा सामग्रीको मूल्यमा वृद्धि हुनेहुँदा

शुरुमा तयार गरिएको लागत अनुमान अनुसारको रकम प्राप्ति हुँदा मात्र पनि कटानी गरेको क्षेत्र र हावापानीसँग मिल्ने क्षेत्रमा वन विकास गर्न रकम पुग्ने देखिँदैन। वन विकास गर्न आवश्यक पर्ने जग्गा व्यवस्था नगरेको तथा आवश्यक जग्गा खरिद गर्न तथा वन विकास गर्न आवश्यक पर्ने रकमसमेत आयोजनाबाट प्राप्त नगरी वन कटानी स्वीकृति दिएको छ। उक्त रकम प्राप्त गरी कानूनमा व्यवस्था भए बमोजिम वन विकास कार्य सम्पन्न गर्नुपर्दछ।

७५. **मूल्य अभिवृद्धि कर** - वन पैदावर सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ को दफा ४७ अनुसार बोलपत्र स्वीकृत भएपछि १५ दिनभित्र कबोल रकम र मूल्य अभिवृद्धि करबापतको रकम तथा दफा ३० अनुसार सङ्कलन खर्च जम्मा गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, मोरङले काठ दाउरा लिलाम सम्बन्धी २०७८।५।७ को सूचनाबाट लट नं. १ देखि ६६ सम्म र दोस्रो पटक सूचनाको ६ वटा गरी जम्मा ७१ वटा लटमध्ये २०७८।७९ को अन्तमा रकम दाखिला हुन बाँकी लटहरूको लागि एक उद्योगको बोलपत्र स्वीकृत गरी सो अनुसार जानकारी दिएकोमा उक्त फर्मले तोकिएको समयभित्र पूर्णरूपमा राजस्व रकम, सङ्कलन खर्च र मूल्य अभिवृद्धि करबापतको रकम जम्मा गरेको देखिएन। नियमानुसार राजस्व मूल्य अभिवृद्धि कर तथा सङ्कलन खर्च रू. १ करोड ५ लाख ११ हजार असुल गर्नुपर्दछ।

७६. **भ्यू-टावर** - बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ मा कार्यालयको उद्देश्य नीतिगत लक्ष्य र स्वीकृत बजेटअन्तर्गत नियम २३ को उपनियम (१) को अधिनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम सम्बन्धी मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ। पर्यटन विकास आयोजनाले यो वर्ष विभिन्न ७ स्थानमा भ्यू-टावर निर्माण गर्न मन्त्रालयबाट कार्यक्रम स्वीकृत भए अनुसार रू. १४ करोड ५६ लाख ६४ हजार बजेट विनियोजन भई निर्माण कार्य शुरु भएको छ। सात ठाउँमा भ्यू टावर निर्माण गर्न बहुवर्षीय ठेक्का स्वीकृत भएको देखिँदैन। यो वर्ष रू.१४ करोड २६ लाख ६४ हजार बजेट विनियोजन भएकोमा रू.५ करोड ४० लाख ९७ हजारको कार्य सम्पन्न गरी भौतिक प्रगति ४०. ५१ प्रतिशत हासिल भएको छ। बहुवर्षीय कार्यक्रम स्वीकृति नभएकोले निर्माण कार्यले निरन्तरता नपाएमा उक्त खर्चसमेत प्रतिफलविहीन हुने स्थिति देखिएको छ। उल्लिखित भ्युटावरमध्ये शिवालय हिल स्टेसनको ११ प्रतिशत, चिम्टेश्वर नुवाकोटको २५ प्रतिशत, तोप्लाङ, धादिङको २९ प्रतिशत, जिरी हिल स्टेशनको ३५ प्रतिशत र रोशी भूमिचुली काभ्रेको ४९ प्रतिशत मात्र प्रगति भएको देखिएको छ। लाभ लागत विश्लेषण गरेर मात्र यस्ता कार्यक्रम स्वीकृत गर्ने अभ्यास थालनी गरी हाल निर्माणाधीन रहेका योजना लक्षित समयमा सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

वित्तीय जवाफदेहिता

७७. **जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐनहरूमा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त ऐनहरूमा योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने जिम्मेवारी निकाय प्रमुख र विभागीय मन्त्रीको हुने, बेरुजू फछ्यौंट गर्ने गराउने उत्तरदायित्व कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको हुने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्न नसकेमा सो को जिम्मेवारी निकाय प्रमुख,

विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख भएकोमा सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन। ऐनको व्यवस्थाअनुरूप जिम्मेवारी र जवाफदेहिता वहन गरी आर्थिक अनुशासन कायम गराउनुपर्दछ।

लेखापरीक्षण बेरुजू

- **यो वर्षको बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७८।७९ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेप गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू रकम	पेस्की बाहेक बेरुजू रकम	बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
कोशी	२१३	४९८२३१	१६४६३	१५२६६	३.३०	३.१०
मधेश	१४८	४३१०७४	११६३३	९७०१	२.६९	२.२५
बागमती	२३१	७६९०४७	१०५३१	७०४९	१.३७	०.९२
गण्डकी	१८७	३९९०९२	४९३५	४०५७	१.२४	१.०१
लुम्बिनी	२०५	५७०८१३	१४९८१	१३७६९	२.६२	२.४१
कर्णाली	१७३	३८१४६२	१६८९३	१४४१८	४.४३	३.७८
सुदुर पश्चिम	१५७	३५६२०४	९१९६	८२२१	२.५८	२.३१
जम्मा	**१३१४**	**३४०५९२३**	**८४६३२**	**७२४८१**	**२.४८**	**२.१३**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू कर्णाली प्रदेशको ४.४३ प्रतिशत र सबैभन्दा कम बेरुजू गण्डकी प्रदेशको १.२४ प्रतिशत रहेको छ।

- **अद्यावधिक बेरुजू** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रू.१९ अर्ब ६५ करोड १८ लाख रहेकोमा सम्परीक्षण तथा समायोजनबाट रू.१ अर्ब १० करोड ५५ लाख फर्स्यौंट भई रू.१८ अर्ब ५४ करोड ६३ लाख बाँकी रहेको र यो वर्ष रू.८ अर्ब ४६ करोड ३२ लाख थप भई अद्यावधिक बेरुजू रू.२७ अर्ब ९५ लाख रहेको छ। सो रकममा रू.५ अर्ब १४ करोड ९६ लाख पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. लाखमा)

प्रदेश	गत सम्मको बाँकी	समायोजन	सम्परीक्षण	बाँकी	यो वर्षको थप	पाँचौं प्रतिवेदन सम्मको बाँकी	बेरुजू बाँकी मध्ये पेस्की
कोशी	३८०३३	-	४८६२	३३१७१	१६४६३	४९६३४	८०६१
मधेश	५६८३५	१	८४९	५५९८७	११६३३	६७६२०	१३३५०
बागमती	२३२०५	-०.४०	२३४	२२९६९	१०५३१	३३५०१	८०९४
गण्डकी	१७८९८	-	१३८९	१६५०९	४९३५	२१४४४	७९५४
लुम्बिनी	१७०६८	-	१४६७	१५६०१	१४९८१	३०५८२	२०२१
कर्णाली	२७९८७	-५०	१४३६	२६५०१	१६८९३	४३३९४	७७०७
सुदुर पश्चिम	१५४९२	४	७७२	१४७२४	९१९६	२३९२०	४३०९
जम्मा	**१९६५१८**	**-४७**	**११००९**	**१८५४६२**	**८४६३२**	**२७००९५**	**५१४९६**

खण्ड

३

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानून निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानून निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

संवैधानिक र कानूनी व्यवस्था

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानून बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये कोशी प्रदेशमा १३७, मधेश प्रदेशमा १३६, वागमती प्रदेशमा ११९, गण्डकी प्रदेशमा ८५, लुम्बिनी प्रदेशमा १०९, कर्णाली प्रदेशमा ७९ र सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्।

४. **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिन्छ। स्थानीय तहको लागि ४४ भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ। स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानून स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानून निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानून बनाई लागू गर्नुपर्दछ।

६. **प्रदेश र स्थानीय सरकार बीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। सबै प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैँले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने, सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ।साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ ।

वित्तीय विवरण

७. **समग्र आय व्यय** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष ७५३ स्थानीय तहले संघ र प्रदेशबाट हस्तान्तरण भएको अनुदान रू.३ खर्ब १२ अर्ब ६६ करोड ६३ लाख तथा संघ र प्रदेश सरकारको राजस्व बाँडफाँटसमेतको आन्तरिक आय रू.२ खर्ब १३ अर्ब ८३ करोड ८५ लाख समेत रू.५ खर्ब २६ अर्ब ५० करोड ४८ लाख आय प्राप्त गरेको देखिन्छ। प्राप्त आयबाट रू.४ खर्ब २४ अर्ब १६ करोड ९४ लाख खर्च गरी रू.१ खर्ब २ अर्ब ३३ करोड ५४ लाख बचत रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७.१. महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरणमा संघीय मन्त्रालय/निकाय ११ मा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ खर्ब ४ अर्ब ५२ करोड २४

लाख र स्थानीयतहमा कोष तथा खाताहरूको आम्दानी र खर्च सबै कारोबारलाई समेटेर एकीकृत आय-व्यय विवरण तयार गरेको नपाइएकोले उक्त विवरण तयार गर्नुपर्दछ।

७.२. यो वर्ष लेखापरीक्षण भएका ७४९ स्थानीय तहको देहाय अनुसार कुल रू.६ खर्ब ५९ अर्ब २ करोड ८२ लाख आम्दानी मध्ये रू.५ खर्ब ४३ अर्ब २२ करोड ५१ लाख (८२.४३ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ८३ अर्ब २४ करोड ३२ लाख (५२.१४ प्रतिशत), पुँजीगत खर्च रू.१ खर्ब ६६ अर्ब ७३ करोड ८२ लाख (३०.६९ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.९३ अर्ब २४ करोड ३७ लाख (१७.१६ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७४९ स्थानीय तहको २०७८।७९ को कुल आन्तरिक आय रू.३५ अर्ब ७५ करोड ६ लाख, संघ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.९० अर्ब २९ करोड ६६ लाख, गत वर्षको मौज्दात रू.१ खर्ब १८ करोड ७८ लाखसमेत आन्तरिक स्रोततर्फ रू.२ खर्ब २६ अर्ब २३ करोड ५० लाख प्राप्त भएको छ।

स्थानीय तहको वित्तीय विवरण

(रू.लाखमा)

क सं	प्रदेश	स्थानीय तह संख्या	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	कोशी	१३७	१२७३१९	५६०१२९	३८१०१	१२८९३७	५२३२३	१७४३४४	१०८११५३	४९७२६०	२९४३४८	१५०३९९	९४२००७	१३९१४७
२	मधेश	१३२	१७२०५४	५०२४७७	३४९११	१३०३७१	३२९६५	२०६५७७	१०७९३५५	४७७६१२	२६६७३३	१४७४२२	८९१७६६	१८७५९०
३	बागमती	११९	३७४८०१	५१९२१४	६९०४६	२८८५७४	१८११९९	१५९८६१	१५९२६९५	५७८४९७	४२६६९१	१२८८०२	११३३९९१	४५८७०५
४	गण्डकी	८५	९८२३६	३५०४५४	२३१०८	८४९६७	३०९५२	९६००३	६८३७२०	२९२१०१	१५८५३५	११७२३४	५६७८७१	११५८४९
५	लुम्बिनी	१०९	१२९२६३	४८३५२७	४५०३४	१३२०२१	४०८७२	१६९९६९	१०००६८६	४४३४२५	२५६९२७	१६०९६३	८६१३१५	१३९३७१
६	कर्णाली	७९	४२६४४	२८८४५३	३२१८३	५६९२०	६३५०	८६२६५	५१२८१५	२४८५६९	१२५०९५	९०७८५	४६४४४८	४८३६८
७	सुदूरपश्चिम	८८	५७५६१	३५४२१४	१९८८४	८११७६	१२८४४	१११४१७९	६३९८५८	२९४९६९	१३९०५३	१३६८३२	५७०८५४	६९००४
	जम्मा	**७४९**	**१००१८७८**	**३०५८४६९**	**२६२२६७**	**९०२९६६**	**३५७५०६**	**१००७१९८**	**६५९०२८२**	**२८३२४३२**	**१६६७३८२**	**९३२४३७**	**५४३२२५१**	**११५८०३३**

कुल खर्चको ३०.६९ प्रतिशत मात्र पुँजीगत खर्च रहेकोमा चालु खर्च आन्तरिक आय र राजस्व बाँडफाँटको तुलनामा १.२५ गुणा रहेको छ। यस स्थितिले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुनसकेको छैन।

८. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष २५९ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। आन्तरिक लेखापरीक्षण गराई देखिएका त्रुटिहरू समयमै निरुपण गर्नुपर्दछ।

९. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष १६० स्थानीय तहले रू.३ अर्ब ७४ करोड ७६ लाख ७४ हजार घटी जिम्मेवारी सारेकोमा कारण खुलाएका छैनन्। घटी जिम्मेवारीको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१०. **बैङ्क हिसाब मिलान -** स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ९६ स्थानीय तहको स्रेस्तालेदेखाएकोभन्दा बैङ्कमा रू.१ अर्ब ३१ करोड ४० लाख ९३ हजार घटी मौज्दात रहेको देखिएको छ। बैङ्क हिसाब मिलान विवरण तयार गरी फरक परेको सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ।

११. **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २६४ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनिवार्य रुपमा लागू गर्नुपर्ने उल्लेख छ। यस वर्ष सम्म २९३ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरी जिन्सी व्यवस्थापन गरेका छैनन्। नियमावलीको उल्लिखित प्रावधान एंव परिपत्र अनुसार जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

योजना तर्जुमा, बजेट तथा कार्यक्रम

१२. **आवधिक योजना तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा अधिकांश स्थानीय तहले आवधिक योजना तयार गरेका छैनन्। आवधिक योजना तयार गर्ने स्थानीय तहले पनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरूलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **वार्षिक योजना तथा बजेट तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ। ऐनमा आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ। सो समितिले ऐनको दफा ६७ बमोजिम आगामी वर्षको बजेट, कार्यक्रम, सीमा, छनोट लगायतको प्रक्रियालाई सभामा पेस गरी योजना तर्जुमा एवं कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षण गरिएका सबै स्थानीय तहले तद्अनुसार गरेको देखिएन। त्यस्तै यो वर्ष कोशी प्रदेशका ३, मधेश प्रदेशका १७, बागमती प्रदेशका १, लुम्बिनी प्रदेशका १, कर्णाली प्रदेशका ६ र सुदूरपश्चिम प्रदेशका ४ समेत ३२ स्थानीय तहले आषाढ मसान्तसम्म पनि २०७८।७९ को बजेट सभामा पेस गरी पारित गरेको देखिएन। उल्लिखित विषयहरू सभामा पेस गर्ने, सभाबाट अनुमोदन भएपछि अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

१४. **स्रोतको अनुमान तथा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको अनुमान कार्यपालिकाबाट स्वीकृत गरी प्रत्येक वर्षको आषाढ १० भित्र सभामा पेस गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ। यो वर्ष संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा वित्तीय

हस्तान्तरण लगायत आन्तरिक स्रोततर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै स्रोतगत खर्च देखिने गरी बजेट तयार गरेको देखिएन। स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेट बाँडफाँट गर्नुपर्दछ ।

१५. **मध्यमकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुटयाउन आवश्यकताको पुष्टयाईं, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। स्थानीयतहहरूले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गर्न बाँकी रहेको देखियो। ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ।

१६. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष १५६ स्थानीय तहले उक्त व्यवस्था प्रतिकूल हुने गरी रू.८ अर्ब ४३ करोड ६८ लाख ५७ हजार रकमान्तर गरको देखिन्छ। कानूनमा तोकिएबमोजिम मात्र रकमान्तर गर्नुपर्दछ।

१७. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २७३ स्थानीय तहले रू.६ अर्ब ७७ करोड ५२ लाख ७७ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८. **अन्य कोषहरू** - सरकारी कारोबार निर्देशिका २०७६ ले नेपाल सरकारले तोके अनुसारको मात्र कोष/खाताहरू राख्न पाउने व्यवस्था गरेको छ। यो वर्ष ४५ स्थानीय तहले उक्त निर्देशिका उल्लेख भएको भन्दा बाहेकका कल्याणकारी कोष, समिति लगायतको खातामा रू.१ अर्ब ४ करोड ७८ लाख ७५ हजार जम्मा गरेको देखिन्छ। निर्देशिकाले तोके भन्दा फरक हुने गरी सञ्चालन गरेका कोषहरू बन्द गरी मौज्दात बाँकी रकम सञ्चित कोष दाखिला हुनुपर्दछ।

१९. **वैदेशिक सहायता र शोधभर्ना** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष नेपाल सरकारले दाताहरूबाट प्राप्त सहायतामध्ये शोधभर्ना हुने अनुदान रू.४ अर्ब ११ करोड ६९ लाख र शोधभर्ना हुने वैदेशिक ऋण रू.४ अर्ब ७४ करोड २५ लाखसमेत रू.८ अर्ब ८५ करोड ९४ लाख स्थानीय तहहरूलाई उपलब्ध गराएको छ। उक्त अनुदान तथा ऋण रकमबाट खर्च गरेपछि शर्तअनुसार शोधभर्ना माग गर्नुपर्नेमा सो रकमलाई सरकारी स्रोतको रूपमा खर्च लेखाङ्कन गरेको छ। दातालाई खर्चको विवरण उपलब्ध गराइ शोधभर्ना माग नगरेको कारण नेपाल सरकारको स्रोतमा व्ययभार परेको छ। कार्य प्रगतिको आधारमा शोधभर्ना माग गरी दाताको रकम खर्च हुनेगरी लेखाङ्कन पद्धतिमा सुधार गर्नुपर्दछ।

२०. **गत वर्षको दायित्व भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको विवरण बेगर २६३ स्थानीय तहले गतवर्षको दायित्व अन्तर्गत रू.४ अर्ब ९५ करोड ५९ लाख ३३ हजार खर्च गरेका छन्। चालु वर्षको कार्यक्रमलाई असर पर्नेगरी दायित्व सिर्जना गर्ने र पछिल्ला वर्ष भुक्तानी गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२१. **दाखिला गर्न बाँकी** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ। यो वर्ष १५१ स्थानीय तहले वित्तीय विवरण (म.ले.प.फा.नं.२७२) मा देखाएको भुक्तानी/दाखिला बाँकी/कट्टी रकम रू.३६ करोड ५ लाख ९८ हजार सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गरेको देखिएन। तोकिए बमोजिम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ।

आन्तरिक स्रोततर्फ

२२. **नगद बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा सरकारी कार्यालयमा सङ्कलन भएको नगद सोही दिन वा सोको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ। यो वर्ष ९९ स्थानीय तहले नगद असुल गरेको रू.७ करोड ९ लाख ६८ हजार लेखापरीक्षण अवधिसम्म पनि बैङ्क दाखिला गरेका छैनन्। कानूनी व्यवस्थाअनुसार जरिबानासहित उक्त रकम असुल गर्नुपर्दछ।

२३. **उठ्न बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापन सम्बन्धी व्यवस्था छ। यो वर्ष १०६ स्थानीय तहले बाँडफाँट हुने बाहेकको आय ठेक्का सम्झौता अनुसारको रू.८० करोड ८३ लाख १८ हजार र ५६ स्थानीय तहले प्रदेश आर्थिक ऐन अनुसार बाँडफाँट हुने तर्फको ठेक्का व्यवस्थापन गर्दा सम्झौता अनुसार रू.२६ करोड ७८ लाख १८ हजार असुल गर्न बाँकी रहेको छ। उक्त रकम असुल हुनुपर्दछ।

२४. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ। यो वर्ष ६० स्थानीय तहबाट रू.३३ करोड ३५ लाख २ हजार असुल गर्न बाँकी रहेको र सोको लगत तयार गरेका छैनन्। बक्यौता राजस्वको लगत तयार गरी असुलीको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२५. **राजस्व छुट** - स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा बिक्री गर्न ठेक्का बन्दोबस्त गरेकोमा कार्यपालिका एवं सभाको निर्णयको आधारमा यो वर्ष २७ स्थानीय तहले रू.१२ करोड २८ लाख ८४ हजार राजस्व छुट प्रदान गरेका छन्। ठेक्का सम्झौता गर्दा दैनिक सङ्कलन गर्न सक्ने परिमाण नखुलाएको, सङ्कलन र बिक्री गरेको अभिलेख नराखेको, ठेक्का अवधिमा सम्झौता बमोजिमको परिमाण सङ्कलन गर्न नसकेको, आधार स्पष्ट नगरी सम्झौता पश्चात् राजस्व छुट दिएको औचित्यपूर्ण देखिएन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर बहत्तरको राजस्व छुट सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले प्रदेश कानून अनुसार राजस्व छुट सम्बन्धी निर्णय गर्नुपर्नेमा स्थानीय तहहरूले निर्णय गरी राजस्व छुट दिएको कानून सम्मत देखिएन। कानूनमा सुधार गरी पटके निर्णयको आधारमा छुट दिने विषयमा नियन्त्रण गर्नुपर्दछ।

कर कट्टी तथा दाखिला

२६. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ३३३ स्थानीय तहले नियमानुसार अग्रिम कर बापत रू.७ करोड ५९ लाख ३४ हजार कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

२७. **कर बीजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रीतपूर्वकको कर बीजकबेगर सामान खरिद गरी २१४ स्थानीय तहले रू.१५ करोड ३४ लाख ३७ हजार खर्च लेखेका छन्। त्यस्तै २६२ स्थानीय तहले मूल्य अभिवृद्धि करमा नन्-फाइलर रहेकालाई रू.२९ करोड ८० लाख ५६ हजार भुक्तानी गरेका छन्। कानूनको पालना नगरी खरिद गर्ने कार्यमा नियन्त्रण गरी भुक्तानी मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ।

२८. **मूल्य अभिवृद्धि कर** - स्थानीय तहहरूले प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ९१ स्थानीय तहले रू.२७ करोड २२ लाख ६५ हजार असुल गरेका छैनन्। उक्त कर रकम असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्दछ। त्यस्तै मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी रकम सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा यो वर्ष २१५ स्थानीय तहले ठेक्का करारको भुक्तानीमा मूल्य अभिवृद्धि कर रू.१६ करोड ८४ लाख ३६ हजार कट्टा नगरी सम्बन्धित फर्मलाई भुक्तानी दिएका छन्। उक्त मूल्य अभिवृद्धि कर दाखिला भएको प्रमाण पेस गर्नुपर्दछ।

अनुदान प्राप्ति तथा फिर्ता

२९. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार अनुदानतर्फ संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ४ वर्षको अवस्था देहाय अनुसार रहेको छः

(रू. लाखमा)

आर्थिक वर्ष	वित्तीय समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
संघीय सरकारबाट प्राप्त					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
प्रदेश सरकारबाट प्राप्त					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०

यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

२९.१. उल्लिखित तथ्याङ्क अनुसार स्थानीय तहहरूमा संघतर्फ अनुदान क्रमशः बढ्दै गएको तथा प्रदेशतर्फको अनुदान यस वर्ष गत वर्षको तुलनामा घटेको छ।

२९.२. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शन बमोजिम स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुने गरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२९.३. यो वर्ष संघ सरकारबाट प्राप्त अनुदानमध्ये महालेखानियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार स्थानीय तहले खर्च नभई बचत रहेको रू.५ अर्ब १६ करोड ३५ लाख ८८ हजार तथा लेखापरीक्षणबाटबाट देखिएको शर्त विपरीत खर्च गरेको ३० स्थानीय तहको रू.२४ करोड ७० लाख ८६ हजार र साझेदारी अंश नपुग भएको ३३ स्थानीय तहको रू.१३ करोड ८३ लाख ५२ हजार गरी रू.५ अर्ब ५४ करोड ९० लाख २६ हजार संघीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

२९.४. त्यसैगरी लेखापरीक्षणबाट देखिएको ३२ स्थानीय तहले शर्त विपरीत खर्च गरेको रू.११ करोड २९ लाख ६० हजार र २५ स्थानीय तहले साझेदारी अंश नपुग भएको रकम रू.५ करोड ४१ लाख ९९ हजार गरी रू.१६ करोड ७१ लाख ५९ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

उक्त रकम फिर्ता गरी सम्बन्धित सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

पदाधिकारी सुविधा

३०. **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिए बमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष १२ स्थानीय तहले ऐनमा व्यवस्था नभएको चाडपर्व खर्च रू.३० लाख ९५ हजार, २३ स्थानीय तहले पोशाक सुविधामा रू.१ करोड २८ लाख ६७ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुनेगरी १०९ स्थानीय तहले रू.३ करोड १० लाख ७८ हजार यातायात खर्च, १२७ स्थानीय तहले बैठक भत्ता बापत रू.३ करोड ७ लाख ९९ हजार, १७६ स्थानीय तहले रू.५ करोड ५१ लाख ६६ हजार भ्रमण तथा अनुगमन खर्च, १४५ स्थानीय तहले प्रोत्साहन पारिश्रमिक लगायतको नपाउने सुविधा रू.५ करोड ८९ लाख २८ हजार गरी रू.१९ करोड १९ लाख ३३ हजार बढी भुक्तानी दिएका छन्। ऐनमा व्यवस्था नभएको उक्त रकम असुल गर्नुपर्दछ।

३१. **स्वकीय सचिव र सल्लाहकार** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरेतापनि सो अनुसार मापदण्ड बनाएको देखिएन। यो वर्ष १८८ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरी रू.८ करोड ५३ लाख पारिश्रमिक भुक्तानी गरेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३२. **सामान फिर्ता** - कार्यालयबाट भरपाई गरी लिएको जिन्सी तथा नगदी सोही कार्यालयमा फिर्ता गर्नुपर्नेमा यो वर्ष ४४ स्थानीय तहका प्रमुखसहितका पदाधिकारी, सदस्य र स्थानीय तहमा कार्यरत कर्मचारीहरूले

रू.४ करोड २१ लाख २९ हजारको सवारीसाधन, मोबाइल, ल्यापटप लगायतका मालसामान पालिकामा फिर्ता गरेका छैन्। उक्त सामानहरूको मूल्य रकम असुल हुनुपर्दछ।

प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

३३. **आयोगको परामर्श** - प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन जारी भएको छ। उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको सँगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ। उक्त आयोगको परामर्श बेगर २४ स्थानीय तहले कर्मचारीको स्तरवृद्धि गरी ती कर्मचारीलाई यो वर्ष रू.१ करोड ७६ लाख ६६ हजार थप रकम भुक्तानी दिएको छन्। आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम असुल हुनुपर्दछ।

३४. **सेवा करारका कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। यो वर्ष ५४३ स्थानीय तहले विभिन्न कर्मचारी सेवा करारमा राखी तलब भत्तामा रू.८ अर्ब ६७ करोड ६७ लाख ५१ हजार खर्च लेखेका छन्। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। यो वर्ष २६९ स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी सेवा करारमा नियुक्ति गरी रू.१ अर्ब ७८ करोड ३० लाख ६६ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन।

३५. **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २१२ स्थानीय तहले अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रू.८१ करोड २३ लाख ७१ हजार ट्रान्सफर गरेका छन्। कोष सञ्चालन सम्बन्धी कानूनको व्यवस्था भएको छैन। कानूनको व्यवस्था नगरी अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन।

३६. **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। यो वर्ष २८५ स्थानीय तहले कानून तर्जुमा नगरी कर्मचारी प्रोत्साहन भत्तामा रू.६५ करोड ८४ लाख ९० हजार खर्च गरेका छन्। यस्तो खर्च कानूनद्वारा व्यवस्थित गर्नुपर्दछ।

खरिद व्यवस्थापन

३७. **आषाढ महिनाको खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी पेस गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५३१ स्थानीय तहले कुल रू.१ खर्ब २० अर्ब ३५ करोड २४ लाख ६ हजार पुँजीगत खर्च गरेकोमा आषाढ महिनामा मात्र रू.४२ अर्ब ७९ करोड ७८ लाख ९१ हजार अर्थात कुल खर्चको ३५.५६ प्रतिशत खर्च गरेको देखिन्छ। आर्थिक वर्षको अन्तमा काम गराउँदा निर्माण कार्यको अनुगमन, वर्षातका कारण कामसमेत असर पर्ने भएकोले त्रैमासिक रूपमा सन्तुलन मिलाई बजेट खर्च गर्नुपर्दछ।

३८. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार काबु बाहिरको परिस्थितिले बाहेक तोकिएको समयमा कार्य सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १३१ स्थानीय तहले योजनामा सम्झौता अनुसारको समयभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट नियमानुसार रू.१३ करोड ३३ लाख २ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन। उक्त रकम असुल गर्नुपर्दछ।

३९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्म सोझै खरिद गर्नुपर्ने र नियम ८४ अनुसार १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र २० लाख भन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५५३ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधि खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गरी रू.५ अर्ब ११ करोड १४ लाख ५९ हजार खर्च लेखेका छन्। ऐन नियमअनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ।

४०. **सम्भाव्यता अध्ययन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकायले तयार पारेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। यो वर्ष २९१ स्थानीय तहले सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरूयोजना तयारी कार्य बाह्य परामर्शदाता गराई रू.१ अर्ब २ करोड ४ लाख ८४ हजार खर्च गरेका छन्। यस्ता अध्ययन अनुसन्धान, प्रतिवेदन तयारीमा पालिकाका कर्मचारी परिचालन गरेर कार्य गराउनुपर्नेमा परामर्शदाता माथिको परनिर्भरता बढेको छ। प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएका अधिकांश अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत भएका छैनन्। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४१. **सवारीसाधन खरिद** - अर्थ मन्त्रालयद्वारा जारी निर्देशिका, २०७४ मा नेपाल सरकारले उपलब्ध गराएको बजेटबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारीसाधन खरिद गर्न नपाइने व्यवस्था छ। यो वर्ष ३४ स्थानीय तहले रू.३६ करोड १४ लाख ५९ हजारको चार पाङ्ग्रे सवारीसाधन र १५० स्थानीय तहले रू.२५ करोड ४१ लाख २४ हजारको दुई पाङ्ग्रे सवारीसाधन समेत रू.६१ करोड ५५ लाख ८३ हजारको सवारीसाधन खरिद गरेका छन्। केही स्थानीय तहले आन्तरिक आयबाट सवारीसाधन खरिद गरेतापनि अधिकांशले वित्तीय समानीकरण अनुदान रकमबाट सवारीसाधन खरिद गरेकोले विकास निर्माण कार्यमा बाधा पर्न गएको छ। यसरी सवारीसाधन खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

वितरणमुखी खर्च

४२. **चालु प्रकृतिको खर्च** - पुँजीगत निर्माणमा सहयोग नरहने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा पुँजीगत शीर्षकमा विनियोजन गरी चालु प्रकृतिका कार्यमा ९५ स्थानीय तहले रू.४३ करोड ५९ लाख ३३ हजार खर्च गरेका छन्। पुँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

त्यसैगरी यो वर्ष २६८ स्थानीय तहले व्यक्तिगत तथा घरेलु प्रकृतिका वितरणमुखी कार्यमा रू.१ अर्ब २२ करोड ७१ लाख ४२ हजार खर्च गरेका छन्। वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ।

४३. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्च गर्दा मितव्ययिता अवलम्बन गर्नुपर्नेमा ५७७ स्थानीयतहले रू.१ अर्ब ८४ करोड ५६ लाख ३५ हजार खर्च गरेका छन्। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४४. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न मिल्ने देखिँदैन। यो वर्ष ५७३ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थाहरूलाई रू.१ अर्ब ११ करोड ९९ लाख २६ हजार आर्थिक सहायता वितरण गरेका छन्। जसमध्ये ३२८ स्थानीय तहले सहायता वितरण कार्यविधिसमेत तयार नगरी रू.६४ करोड ७७ लाख १९ हजार आर्थिक सहायता वितरण गरेका छन्। यस्ता संस्थालाई आर्थिक सहायता दिन मिल्ने कानुनी व्यवस्था नभएकोले आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्दछ।

४५. **नाफामूलक संस्थालाई अनुदान** - अनुदान प्रदान गर्दा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। यस वर्ष १८२ स्थानीय तहले नाफा कमाउने उद्देश्यले स्थापना भएका संस्थालाई रू.४५ करोड ३३ लाख ५८ हजार अनुदान दिएका छन। नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई दिएको अनुदान नियमसम्मत देखिएन।

उपभोक्ता समितिमार्फत् कार्य

४६. **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। यो वर्ष २६९ स्थानीय तहले आर.सी.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड ट्यांङ्की निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराई रू.३ अर्ब ४५ करोड ६४ लाख ८९ हजार खर्च लेखेका छन्। उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव, स्रोत साधनको न्यूनता, कानूनी व्यवस्था विपरीत भारी उपकरणको प्रयोग गरी जटिल संरचना निर्माणको कार्य गरेको देखियो। यस्ता कार्य व्यावसयिक रूपमा दर्ता भएका निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गर्नुपर्दछ।

४७. **सीमाभन्दा बढीको काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत् गराउन सकिने व्यवस्था छ। यो वर्ष ४२ स्थानीय तहले रू.१ करोडभन्दा बढी लागत भएको रू.५३ करोड ९५ लाख ९ हजारको कार्य

उपभोक्तामार्फत् गराई रू.५२ करोड ५० लाख ७१ हजार भुक्तानी गरेका छन्। नियमको व्यवस्था पालना गरी सार्वजनिक निर्माण कार्य गराउनुपर्दछ।

४८. **उपभोक्ताको योगदान** - उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लागत अनुमानमा उल्लिखित रकममध्ये जनसहभागिताको अंश खुलाई उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १३१ स्थानीय तहले १ हजार ६७८ योजनामा सम्झौता बमोजिम रू.८ करोड ८० लाख ६७ हजार उपभोक्ताको अंश कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

४९. **निर्माण व्यवसायीको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ। यो वर्ष १५८ स्थानीय तहले १ हजार २६१ योजना उपभोक्ता समितिबाट सञ्चालन हुनेगरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको बिल बीजक पेस गरी रू.१ अर्ब १४ करोड ४ लाख ७६ हजार भुक्तानी गरेको देखियो। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

५०. **गैरसरकारी संस्था मार्फत् कार्य** - लाभग्राहीहरू संलग्न हुने जनचेतनामूलक कार्यहरू मात्र गैरसरकारी संस्थाहरूबाट सम्पादन गर्न मिल्नेमा यो वर्ष १३२ स्थानीय तहले १ हजार ४७८ आयोजनामा गैरसरकारी संस्थामार्फत् कार्य गराई रू.९१ करोड ८४ लाख १७ हजार खर्च लेखेका छन। सार्वजनिक निर्माण एवं सुधारसँग सम्बन्धित कार्यसमेत यस्ता संस्थाबाट गराउँदा गैरसरकारी संस्थाहरूले प्रचलित खरिद कानूनको उचित पालना गरेको देखिएन। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

५१. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २९४ स्थानीय तहले सार्वजनिक निर्माणसम्बन्धी तोकिएको नर्म्सभन्दा बढी लागत अनुमान स्वीकृत गरी ३ हजार ५८१ योजनाका उपभोक्ता समितिलाई रू.५४ करोड ४६ लाख २९ हजार बढी भुक्तानी दिएको तथा ३०३ स्थानीय तहले २ हजार ४१ योजनाका उपभोक्ता समितिलाई रू.३० करोड ४५ लाख १८ हजार अन्य बढी भुक्तानी गरी दिएको रू.८४ करोड ९१ लाख ४७ हजार असुल गर्नुपर्दछ।

विद्यालय शिक्षा कार्यक्रम

५२. **विद्यालय पूर्वाधार** - कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबार तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाइ लगायतको कार्य गर्न विद्यालय छनोट गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा रहेको छ। स्थानीय तह ३७२ लाई यो वर्ष १ हजार ५६५ सामुदायिक विद्यालयलाई पूर्वाधार विकासका लागि रू.३ अर्ब ७१ करोड ५ लाख ५९ हजार निकासा गरेको छ। विद्यालयलाई आर्थिक वर्षको अन्त्यमा प्रदान गरेको कारण निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त गरी खर्चको सुनिश्चितता गर्नुपर्दछ।

५३. **शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष १६६ स्थानीय तहले शिक्षकको दरबन्दी मिलान नगरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका

शिक्षकको तलब भत्ताको लागि सशर्त अनुदानबाट रू.१ अर्ब ५४ करोड ८० लाख ३० हजार निकासा गरेको छ।

त्यसैगरी आवश्यक पूर्वाधारबेगर नै प्राविधिकधारको विषय समावेश गरेकोमा सम्बन्धित विषयका शिक्षकको उचित व्यवस्था नगरेको, नियुक्ति गरिएका शिक्षकको तलब भत्ता सशर्त अनुदानबाट निकासा गरेको देखिएकोले स्रोत साधनको व्यवस्थासहित दरबन्दी मिलान गरी शैक्षिक गुणस्तर कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५४. **बढी तलब निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शिक्षा विकास तथा समन्वय इकाईमार्फत् विद्यालय शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरूको तलब निकासा गरेको देखिएको छ। यो वर्ष २४५ स्थानीय तहले शिक्षक तलबमा रू.११ करोड ३५ लाख ४६ हजार बढी निकासा गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

५५. **पाठ्यपुस्तक र छात्रवृत्ति बढी निकासा** - यो वर्ष १७६ स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएभन्दा पाठ्यपुस्तकमा रू.४ करोड ६४ लाख २९ हजार र १२८ स्थानीय तहले छात्रवृत्तिमा रू.२ करोड ६५ लाख ८८ हजारसमेत रू.७ करोड ३० लाख १७ हजार बढी निकासा दिएका छन्। बढी निकासा दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

५६. **दिवा खाजा** - कार्यक्रम कार्यन्वयन पुस्तिकामा विद्यार्थीको हाजिरीको आधारमा दिवा खाजाको रकम खर्च लेख्ने व्यवस्था छ। यो वर्ष १७१ स्थानीय तहले विद्यार्थी हाजिरीको प्रमाणित अभिलेख बेगर दिवा खाजामा रू.७२ करोड १५ लाख ४० हजार खर्च लेखेको देखिन्छ। विद्यार्थीको हाजिर प्रमाणित अभिलेख लिई उक्त खर्चको यथार्थता यकिन गर्नुपर्दछ।

५७. **स्यानीटरी प्याड** -यो वर्ष १२५ स्थानीय तहले १५ लाख ५६ हजार पाकेट स्यानीटरी प्याड खरिद गरी रू.१२ करोड १५ लाख ९७ हजार खर्च लेखेकोमा उक्त प्याडहरू भण्डारमा मौज्दात रहेको देखिन्छ। मौज्दात रहने गरी स्यानीटरी प्याड खरिद गर्ने कार्यलाई नियन्त्रण गरी वितरण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

सामाजिक सुरक्षा कार्यक्रम

५८. **बजेट निकासा** - नेपाल सरकारले ज्येष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिबासी जनजाति समेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। यो वर्ष सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सबै स्थानीय तहलाई रू.९५ अर्ब ९१ करोड ३३ लाख ३८ हजार निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छनः

५८.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा सबै स्थानीय तहले लाभग्राहीको लगत अद्यावधिक गरी बैङ्कमार्फत् भत्ता वितरण गर्ने, नियमित रूपमा अनुगमन गर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गरी लाभग्राहीको विवरण अधावद्यिक गर्ने व्यवस्था छ। स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश गरी भत्ता वितरण गरेका छन्। यो वर्ष सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

व्यवस्थापन सूचना प्रणालीमा अन्य कारण जनाई लाभग्राहीको लगत कट्टा गरेकोमा विगतमा ती लाभग्राहीलाई भुक्तानी भएको रकम यकिन गरी असुल भएको छैन।

५८.२. यस वर्ष २१६ स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचयपत्र जारी गरेर दोहोरो हुनेगरी र मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी रू.६ करोड ८८ लाख ३१ हजार बढी खर्च गरेका छन्। बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

५८.३. सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा बचत खाता सञ्चालन गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरूमध्ये निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह १६४ ले पालिकाबाट छुट्टै खाता खोली बैङ्कमा ग्राहकको विवरण अद्यावधिक नगर्ने लाभग्राहीको निष्कृय मौज्दात र वितरण पश्चात् बैङ्कमा बचत रहेको रकमसमेत रू.५६ करोड ७ लाख ८५ हजार बैङ्कबाट फिर्ता प्राप्त गरेको छैन। उक्त रकम फिर्ता प्राप्त गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

५८.४. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार बैङ्कमार्फत् सामाजिक सुरक्षा भत्ता विवरण गर्नुपर्ने व्यवस्था छ। यस वर्ष १८ स्थानीय तहले नगदै विभिन्न व्यक्तिलाई रू.२४ करोड ४१ लाख ७६ हजार भत्ता वितरण गरेका छन्।

सेवा प्रवाह

५९. **सेवा प्रवाह** - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ। स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। गाउँ/नगर सभाबाट धेरै संख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानून अनुसार नहुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेका छन्। स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत् गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

६०. **सार्वजनिक सुनुवाइ एवं सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ। अधिकांश स्थानीय तहमा उपभोक्ता समितिमार्फत् सञ्चालित योजनाको आय-व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेकोले पारदर्शिता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन। ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

पर्यावरण

६१. **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी बालुवालगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। स्थानीय तहको क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोके पनि यो वर्ष विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण कार्यमा आवश्यकताअनुसार बजेट एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सोअनुसार नगरेको, वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको, ढल निर्माणको एकीकृत बहुवर्षीय योजना नबनाएको अवस्था छ। वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६२. **फोहोरमैला वर्गीकरण** - फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहोर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।

६३. **डम्पिङ साइट** - फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी अनुसार आफ्नो क्षेत्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको लागि विसर्जन स्थलको व्यवस्था गर्नुपर्नेमा अधिकांश स्थानीय तहले यस्तो स्थलको उपयुक्त व्यवस्था नगरी वन जङ्गल, नदी किनारा, सडक लगायतका स्थानमा फोहोरमैला डम्पिङ गर्ने गरेका छन्। फोहोरमैला विसर्जन स्थल भएका स्थानीय तहहरूमा सोको उचित व्यवस्थापनमा समस्या देखिएकोले सुधार गर्नुपर्दछ।

अन्य

६४. **आचारसंहिता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ मा स्थानीय तहहरूले निर्णय प्रक्रियामा निजी स्वार्थ जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी एवं जवाफदेही कार्य प्रक्रियाको अवलम्बन गर्ने, सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने लगायतका विषय समावेश गरी आफ्ना सदस्य तथा कर्मचारीहरूको लागि आचारसंहिता बनाई लागू गर्ने व्यवस्था छ। स्थानीय तहहरूले कानूनमा व्यवस्था भए अनुसार आचारसंहिता बनाई लागू गर्ने कार्य बाँकी रहेकोले समयमा नै पदाधिकारी तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्नुपर्दछ।

६५. **पेस्की** - स्थानीय तहले आर्थिक कार्यविधि कानून नबनाएसम्म पेस्की फर्स्यौट कार्य आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) मा तोके अनुसार काम सम्पन्न भएको मितिले १५ दिनभित्र गरिसक्नुपर्ने उल्लेख छ। यो वर्ष ६२२ स्थानीय तहले प्रवाह गरेको कुल पेस्की रू.८ अर्ब ९९ करोड ८६ लाख मध्ये वर्षान्तसम्म फर्स्यौट नभएको म्याद नाघेको पेस्की रू.४ अर्ब ५१ करोड ४० लाख र अर्थात् कुल बेरुजूको तुलनामा ०.४१ प्रतिशत रहेको छ। सो मध्ये बागमती प्रदेश अन्तर्गतका स्थानीय तहमा सबैभन्दा बढी ३०.४०, मधेश प्रदेशको २७.५८, कोशी प्रदेशको १२.४५ प्रतिशत, सुदूरपश्चिम प्रदेशको ७.८०, कर्णाली प्रदेशको ७.६१, गण्डकी प्रदेशको ६.९४ र

लुम्बीनी प्रदेशको ६.२१ प्रतिशत पेस्की रहेको छ। पेस्की रकम निर्धारित कार्यमा प्रयोग गरी समयमा फर्स्यौट गराई वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

लेखापरीक्षण तथा सम्परीक्षण

६६. **लेखापरीक्षण** - यो वर्ष ७५३ स्थानीय तहमध्ये ७४९ स्थानीय तहको रू.११ खर्ब २ अर्ब ६ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष बक्यौता लेखापरीक्षणतर्फ २ स्थानीय तहको २०७७।७८ को रू.१ अर्ब ९४ करोड ४४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नियमित र बक्यौतासमेत यो वर्ष रू.११ खर्ब ४ अर्ब १ करोड १ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेशगत स्थानीय तहको लेखापरीक्षण सम्बन्धी विस्तृत विवरण अनुसूची-२१ मा छ।

६७. **लेखापरीक्षण रकम र बेरुजू -** स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत तथा स्थानीय तहगत विवरण निम्नानुसार रहेको छः

६७.१. यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४९ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरुजू स्थिति निम्नानुसार छ।

(रू. लाखमा)

क सं	प्रदेश	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	कोशी	१३७	१८९५८४२	७३५९७	५६१९	३.८८	३.५९
२	मधेश	१३२	१७९९०६७	११३९४९	१२४४९	६.३३	५.६४
३	बागमती	११९	२३५१८८६	६५५८६	१४१७४	२.७९	२.१९
४	गण्डकी	८५	११५३३५४	३३५७०	३१३४	२.९१	२.६४
५	लुम्बिनी	१०९	१७३२७३८	५०७१९	२८०५	२.९३	२.७७
६	कर्णाली	७९	९३४६१९	४६७८१	३४३७	५.०१	४.६४
७	सुदूरपश्चिम	८८	११५३१५१	४४२१३	३५२२	३.८३	३.५३
जम्मा		**७४९**	**११०२०६५७**	**४२८४१५**	**४५१४०**	**३.८९**	**३.४८**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी मधेश प्रदेशमा ६.३३ प्रतिशत र सबै भन्दा कम बागमती प्रदेशमा २.७९ प्रतिशत बेरुजू देखिएको छ। उक्त विवरणमा बक्यौता २ स्थानीय तहको बेरुजू अङ्क समावेश छैन।

६७.२. यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४९ स्थानीय तहको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छ।

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
महानगरपालिका	६	६७२१४०	२९०१३	८९४९	४.३२	२.९९
उपमहानगरपालिका	११	४७१००८	१४७६१	८९९	३.१३	२.९४
नगरपालिका	२७४	५०१७२४६	१९०३०७	१८६६४	३.७९	३.४२
गाउँपालिका	४५८	४८६०२६३	१९४३३४	१६६२८	४.००	३.६६
जम्मा	**७४९**	***११०२०६५७***	***४२८४१५***	***४५१४०***	***३.८९***	***३.४८***

स्थानीय तहहरूको बेरुजू अवस्था विश्लेषण गर्दा उप महानगरपालिकाहरूको औसत बेरुजू ३.१३ प्रतिशत र गाउँपालिकाहरूको औसत बेरुजू ४ प्रतिशत रहेको छ।

६७.३. विगत वर्षको बक्यौता रहेका १३ मध्ये यो वर्ष देहाय अनुसार २ स्थानीय तहको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ।

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
नगरपालिका	१	१११४९	२८८	-	२.५८	२.५८
गाउँपालिका	१	८२९५	१०६	-	१.२८	१.२८
जम्माः	**२**	**१९४४४**	**३९४**	**-**	**२.०३**	**२.०३**

६७.४. यो वर्ष ७४९ स्थानीय तहको रू.११ खर्ब २ अर्ब ६ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट रू.४६ अर्ब ४५ करोड ३९ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ अर्ब ६१ करोड २४ लाख फर्स्यौट गरेकोले रू.४२ अर्ब ८४ करोड १५ लाख फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रू.५ अर्ब ८९ करोड २७ लाख, नियमित गर्नुपर्ने रू.३२ अर्ब ४३ करोड ४८ लाख र म्याद नाघेको पेस्की रू.४ अर्ब ५१ करोड ४० लाख बाँकी छ। त्यसैगरी २ स्थानीय तहको २०७७।७८ को रू.१ अर्ब ९४ करोड ४४ लाखको बक्यौता लेखापरीक्षणबाट रू.३ करोड ९४ लाख बेरुजू देखिएको छ।

६८. **बेरुजू फर्स्यौट र सम्परीक्षण** - स्थानीय तहको बेरुजू फर्स्यौट र सम्परीक्षण सम्बन्धमा निम्नानुसार देखिएको छः

६८.१. गत वर्षसम्मको कुल बेरुजू रू.१ खर्ब ३५ अर्ब ७९ करोड ४६ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.६ अर्ब ५९ करोड ७९ लाख फर्स्यौट भई बाँकी रहेको रू.१ खर्ब २९ अर्ब १९ करोड ६७ लाखमा यो वर्ष ७४९ स्थानीय तहको रू.४२ अर्ब ८४ करोड १५ लाख र २ स्थानीय तहको बक्यौता लेखापरीक्षणबाट रू.३ करोड ९४ लाखसमेत रू.१ खर्ब ७२ अर्ब ७ करोड ७६ लाख अद्यावधिक बेरुजू रहेको छ।

६८.२. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानून निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजू असुल फर्स्यौट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

६८.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। यसरी गठन हुने लेखा समितिको प्रमुख जिम्मेवारी महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल हुनुपर्नेमा समितिको कार्यक्षेत्र र जिम्मेवारी सम्बन्धमा स्पष्ट नगरेकोले लेखा समिति गठन भई बेरुजू फर्स्यौट र कार्यपालिकालाई निर्देशन दिने कार्य गरी आर्थिक अनुशासन पालनामा प्रभावकारिता आउनसकेको छैन।

६८.४. लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरुजू फर्स्यौंटको सम्बन्धमा उल्लेख भएतापनि स्थानीय तहहरूले यस सम्बन्धी कार्यविधि सहितको कानून नबनाएको अवस्थाले अनियमित बेरुजू फर्स्यौंट गर्ने सम्बन्धमा अस्पष्टता रहेको छ। कतिपय स्थानीय तहहरूले लेखा समितिमा छलफल गराइ सभाबाट नियमित गरेको, कतिपयले कार्यपालिकामा छलफल गराइ सोझै सभामा पेस गरी नियमित गरेको अवस्था छ। सभाले के-कस्ता बेरुजू नियमित गर्न सक्ने भन्ने सम्बन्धमा समेत स्पष्ट नभएकोले कानूनमा व्यवस्था नभएका सुविधा भुक्तानी भई असुल गर्नुपर्ने गरी औंल्याएका, कानून विपरीत राजस्व छुट दिएका बेरुजूसमेत नियमित गरी सम्परीक्षणको लागि पठाउने गरेका छन्।

स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजू फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरुजू फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

६९. **बेरुजू असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा लेखापरीक्षण गराउने तथा बेरुजू फर्स्यौंट गर्ने, गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष लेखापरीक्षणको क्रममा बढी भुक्तानी गरेको, अग्रीम कर कट्टी नगरेको, संघीय सञ्चितकोष दाखिला नगरेको लगायतका व्यहोरा औंल्याइएपछि ३१७ स्थानीय तहले रू.१ अर्ब ३० करोड ९८ लाख ३२ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि १८० स्थानीय तहले रू.४३ करोड ५१ लाख ८० हजारसमेत रू.१ अर्ब ७४ करोड ५० लाख १२ हजार असुली गरेका छन्। गत विगत वर्षको बेरुजू सम्परीक्षणको क्रममा १९५ स्थानीय तहबाट रू.३९ करोड १८ लाख ७३ हजार असुल भई यो वर्ष कुल रू.२ अर्ब १३ करोड ६८ लाख ८५ हजार असुल भएको छ।

७०. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। यो वर्ष मधेश प्रदेशका कमला नगरपालिका, धनुषा, छिन्नमस्ता गाउँपालिका, सप्तरी, धनौजी गाउँपालिका, धनुषा, र वृन्दावन नगरपालिका, रौतहटले २०७८।७९ को लेखापरीक्षण गराएका छैनन्।

७०.१. गत वर्ष मधेश प्रदेशका ८ र कर्णाली प्रदेशको १ गरी ९ स्थानीय तहको २०७७।७८ को लेखापरीक्षण बक्यौता रहेकामा यो वर्ष मधेश प्रदेशको विष्णु गाउँपालिका, सर्लाही र कर्णाली प्रदेशको त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा गरी २ स्थानीय तहले लेखापरीक्षण गराएका छन्। त्यसैगरी सर्लाहीका ब्रम्हपुरी र बलरा गाउँपालिका, महोत्तरीको सम्सी गाउँपालिका र रामगोपलपुर नगरपालिका, सिराहाको नवराजपुर गाउँपालिका, पर्साको धोबिनी गाउँपालिका र धनुषाको औरही गाउँपालिकाले यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन्।

७०.२. सर्लाहीको धनकौल गाउँपालिका, पर्साको पताहमैनपुर गाउँपालिका, रौतहटको कटहरिया र गढीमाई नगरपालिकाले २०७६।७७ को बक्यौता लेखापरीक्षण यो वर्ष समेत गराएका छैनन्।

७०.३. धनुषाको जनकपुरधाम उप-महानगरपालिका, सर्लाहीको कविलासी नगरपालिका र बसबरिया गाउँपालिका, पर्साको ठोरी गाउँपालिका र रामेछापको लिखु तामाकोशी गाउँपालिका समेत ५ स्थानीय तहले २०७५।७६ को वक्यौता रहेकोमा यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन्।

७०.४. सर्लाहीको बलरा नगरपालिका र महोत्तरीको साम्सी गाउँपालिकाले २०७४।७५ मा स्रेस्ता पेस नगरेको कारण लेखापरीक्षण बक्यौता रहन गएकोमा हालसम्म लेखापरीक्षण गराएका छैनन्।

७०.५. महोत्तरीको गौशाला र लोहरपट्टी नगरपालिका तथा पिपरा र साम्सी गाउँपालिकाले २०७३।७४ वक्यौता यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन्।

गत वर्षको प्रतिवेदनमा बजेट व्यवस्थापन, आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क हिसाब मिलान नगरेको, अग्रिम कर कट्टा नगरेको, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, जिन्सी व्यवस्थापन, महामारी व्यवस्थापन, कर बीजक, सवारीसाधन खरिद, ठेक्का स्वीकृत लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। उल्लिखित व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।

लेखापरीक्षणबाट नीतिगत, कानुनी, पूर्वाधार विकास, योजना तर्जुमा तथा कार्यान्वयन, अनुमगन मूल्याङ्कन, सार्वजनिक सम्पत्ति संरक्षण तथा उपयोग आदि सम्बन्धमा सुधार गर्नुपर्ने देखिएको छ। लेखापरीक्षणबाट देखिएका समग्र व्यहोराहरूमा आन्तरिक आय एवं राजस्वको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयहिस्सा न्यून रहेको, राजस्व बक्यौता असुली लक्ष्य अनुसार नभएको, बजेट अनुशासनको पालना नभएको, बजेट अबण्डा राखेको, वर्षान्तको खर्च अधिक रहेको व्यहोरा देखिएका छन्। त्यस्तै प्रशासनिक खर्चमा मितव्ययिता नआपनाएको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च गरेको, आयोजनाको प्राथमिकीकरण र छनोट व्यवस्थित नगरी टुक्रे योजना सञ्चालन गरेको, लागत अनुमान तथा आयोजना विस्तृत परियोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथि निर्भरता रहेको, जटिल संरचनाको कार्य पनि उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, विषयगत कार्यक्रमहरूबाट लक्षित उद्देश्य हासिल हुन नसकेको देखिन्छ। साथै संस्थागत क्षमता विकास र सुशासनका कार्यक्रम सञ्चालन नगरेको, साधन स्रोत एवं सम्पत्तिको अभिलेख नराखेको, लेखाङ्कन, प्रतिवेदन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, आन्तरिक लेखापरीक्षण समयमा हुन नसकेको, बेरुजू फर्स्यौटमा तदारूकता नदेखिएको लगायतका व्यहोरा यो वर्ष पनि देखिएका छन्। स्रोतको आङ्कलन, राजस्व सङ्कलन, विकास निर्माण एवं सेवा प्रवाहमा स्थानीय तहले सम्पादन गरेका काम कारबाहीको विश्लेषण गर्दा कानून निर्माण र सोको परिपालना, जिम्मेवारी र जवाफदेहितावहन, सार्वजनिक सम्पत्ति र स्रोतको उपयोग, सार्वजनिक निर्माण, सेवा प्रवाह र प्रतिवेदन प्रणालीमा सुधार गरी वित्तीय अनुशासन पालना गराउन ध्यान दिनुपर्ने देखिएको छ। प्रचलित कानून अनुसार कार्यसम्पादन गरी स्थानीय तहबाट प्रदान गर्ने कार्यमा सुधार गरी सेवामा प्रभावकारिता ल्याउनुपर्दछ।

महानगरपालिका

७१. **आय-व्ययको अवस्था** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाले आय-व्ययको स्थिति देहायअनुसार छः

(रू. लाखमा)

क सं	स्थानीय तह	जिल्ला	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	बचतराजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	विराटनगर	मोरङ	३४७२	१०८४४	८३१	३१५	१०९५२	७६९०	३४१०४	१२५७८	१०२४७	५०६४	२७८८९	६२१५
२	वीरगन्ज	पर्सा	१०२३८	१५२७७	१२५४	७४९५	५१४३	९३५५	४८७६२	१६९७४	९३६३	९४८६	३५८२३	१२९३९
३	काठमाडौं	काठमाडौं	१११११४९	२०४५०	१४२०	२१९११	८२७१९	१५८४१	२५३४९०	८१६१६	२८४३१	१८००	१११८४७	१४१६४३
४	ललितपुर	ललितपुर	२२७३६	१११४७	८५९	२२५८३	५४३८	६८७२	६९६३५	१३४१८	१९७९५	७८६७	४१०८०	२८५५५
५	भरतपुर	चितवन	१६६७९	१११८०	१२१६	५३१८	११५३६	५५६१	५१४९०	१८१७४	१६०२२	६१८	३४८१४	१६६७६
६	पोखरा	कास्की	१५०२१	३८६०७	९८३	१५३३१	११००२	१९४४	८२८८८	२३८२१	१७८७५	१७९१३	५९६०९	२३२७९
जम्मा			**१७९२९५**	**१०७५०५**	**६५६३**	**७२९५३**	**१२६७९०**	**४७२६३**	**५४०३६९**	**१६६५८१**	**१०१७३३**	**४२७४८**	**३११०६२**	**२२९३०७**

७२. **सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र सम्पत्ति कर लगाउन सक्ने तथा सम्बन्धित स्थानीयको आर्थिक ऐन बमोजिम कर असुल गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छनः

७२.१. वीरगन्ज महानगरपालिकाले यो वर्ष असुल गर्नुपर्ने सम्पत्ति करमध्ये रू.१० करोड १६ लाख ७९ हजार घटी सङ्कलन गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७२.२. काठमाडौं महानगरपालिकाले यो वर्ष ३२ करदाताबाट रू.१४ करोड २२ लाख ६२ हजार सम्पत्ति कर असुल गर्नुपर्नेमा रू.३ करोड ६७ लाख ३२ हजार मात्र असुल भएकोले नपुग कर रू.१० करोड ५५ लाख ३० हजार असुल गर्नुपर्दछ।

७२.३. ललितपुर महानगरपालिकाले यो वर्ष १७४ करदाताबाट रू.१ करोड ७४ लाख ६७ हजार सम्पत्ति कर असुल गर्न बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७२.४. पोखरा महानगरपालिका अन्तर्गत यो वर्ष ६९ करदाताबाट सम्पत्ति कर र भूमिकर रू.१० करोड ७ लाख ६६ हजार घटी दाखिला भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७३. **घर बहाल कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ अनुसार स्थानीय तहको क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाउने व्यवस्था यस सम्बन्धी देखिएका व्यहोरा निम्न छन्:

७३.१. वीरगन्ज महानगरपालिकाले यो वर्ष रू.५६ लाख ५५ हजार घरबहाल कर असुल गर्न बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७३.२. काठमाडौं महानगरपालिका ३२ करदाताबाट रू.११ करोड ७३ लाख ११ हजार बहाल कर असुल गर्नुपर्नेमा रू.८८ लख ३७ हजार असुल भई रू.१० करोड ८५ लाख ३४ हजार बाँकी रहेकोले बाँकी कर रकम असुल हुनु पर्दछ।

७३.३. ललितपुर महानगरपालिकाले बहालकरको क्षेत्रगत लगत अभिलेख राखेको छैन। यस वर्ष २५० व्यक्ति तथा फर्मले बहाल कर बापतको रू.१ करोड १६ लाख ४२ हजार घटी दाखिला गरेकोले उक्त कर रकम असुल हुनुपर्दछ।

७३.४. पोखरा महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन घर, पसल, ग्यारेज, वर्कशप, गोदाम, टहरा, छप्पर, सेड जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची-६ बमोजिम व्यापार तथा व्यवसायीक प्रयोजनको लागि प्रयोग भएको अवस्थामा बहाल रकमको ८ प्रतिशतका दरले कर असुल गर्नुपर्नेमा विभिन्न १७ विद्यालयले रू.६ करोड ५८ लाख ९३ हजारको रू.५२ लाख ७१ हजार बहाल कर पालिकामा दाखिला गरेका छैनन्।

७४. **भूमि मूल्याङ्कन** - पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७८ तथा सम्पत्ति कर र भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि २०७५ लाई आधारमानी सम्पत्ति तथा भूमिकर निर्धारण तथा असुली गर्नुपर्ने उल्लेख छ। महानगरपालिका अर्न्तगत हरियो खर्क अस्पतालको जग्गा चारैतर्फबाट पिच बाटोले छोएको दरमा मूल्याङ्कन गर्नुपर्नेमा कित्ता नं १७१ र ६२ को जग्गा भित्री जग्गाहरूको मालपोत मूल्याङ्कन दरमा मूल्याङ्कन गरी रू.१ करोड १८ लाख ९२ हजार घटी राजस्व लिएको देखियो। पिच बाटो कायम भएको स्थानमा भित्री जग्गाको मूल्याङ्कन गरी कर निर्धारणबाट घटी प्राप्त भएको राजस्व असुल गर्नुपर्दछ।

७५. **जरिबाना छुट** - पोखरा महानगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची १८ मा पालिकामा बुझाउनु पर्ने कर शुल्क भाडा तथा बहाल रकम सोही आर्थिक वर्षभित्र तथा तोकिएको समयभित्र नबुझाएमा त्यसपछि वार्षिक १५ प्रतिशत दण्ड जरिबाना हुने उल्लेख छ। महानगरपालिकाको आर्थिक ऐनको व्यवस्था विपरीत राजस्व परामर्श समितिले महेन्द्रपुल स्थित ३२ सटरहरूको एक वर्षको भाडाको जरिबाना छुट गर्ने निर्णय गर्नु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विपरीत देखिएको साथै भाडा तथा जरिबाना बापतको रकम रू.१ करोड ४ लाख ५७ हजार राजस्व असुल गर्नुपर्दछ।

७६. **प्याराग्लाईडिङ्ग शुल्क** - पोखरा महानगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १२ बमोजिम अनुसूची १४ मा अल्ट्रालाईट फ्लाइटको वार्षिक व्यवसाय शुल्क रू.१ लाख बुझाउनुपर्ने व्यवस्था छ। महानगरपालिकाको क्षेत्राधिकार भित्र सञ्चालनमा रहेको ६३ प्याराग्लाइडिङ मध्ये पालिकाको दायराभित्र नआएका प्याराग्लाइडिङ कम्पनीलाई दर्ता गरी करको दायरामा ल्याउनुपर्दछ। साथै दर्ता भएका २६ प्याराग्लाइडिङ कम्पनीहरूले व्यवसाय कर नबुझाएकोले रू.२९ लाख ९० हजार व्यावसाय कर असुल गर्नुपर्दछ।

७७. **वातावरण शुल्क** - ललितपुर महानगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची-११ को (३) बमोजिम व्यक्तिगत तथा व्यावसायिक संघ संस्थाबाट फोहोर सङ्कलन माग भई आएमा प्रति ट्रिप रू.१ हजार ५०० देखि २ हजार सम्म (दुरीका आधारमा) वातावरण शुल्क लिन सक्ने व्यवस्था छ। महानगरले वातावरण महसुल बापत यो वर्ष रू.२ करोड ५० लाख आम्दानी हुने अनुमान गरेकोमा रू.२ करोड ६३ लाख ३२ हजार असुल भएको छ। महानगरपालिकाभित्र उल्लेख्य रूपमा फोहोर उत्सर्जन गर्ने अन्य अस्पताल, शैक्षिक संस्था, कारखाना लगायतसँग थप रकम सङ्कलन गरेको नदेखिँदा फोहोर उत्सर्जनको आधारमा थप वातावरण शुल्क लगाई राजस्व वृद्धि गर्नुपर्दछ।

७८. **पार्किङ शुल्क** - पोखरा महानगरपालिका क्षेत्रभित्र पार्किङ व्यवस्थापन शुल्क सङ्कलन गर्नका लागि प्रति किस्ता रू.६३ लाख ३४ हजारले ५ किस्तामा कुल रू.३ करोड १६ लाख ७० हजार राजस्व वुझाउने

गरी २ वर्षको लागि २०७७।८।२८ मा एक संयुक्त उपक्रमसँग सम्झौता भएकोमा सम्झौता अनुसार राजस्व दाखिला भएको छैन। २०७८।८९ र २०७९ मंसिर सम्म बुझाउन बाँकी ३ किस्ताको रकमको रू.१ करोड ९० लाख २ हजार र जरिबाना समेत रू.२ करोड ३६ लाख ६१ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

७९. **विद्युत संरचना शुल्क -** वीरगन्ज महानगरपालिमा विद्युत प्राधिकरणबाट उठ्नुपर्ने विद्युत संरचना शुल्कबापत रू.४ करोड ९४ लाख ४७ हजार असुल भएको नदेखिएकोले सो शुल्क असुल गर्नुपर्दछ।

८०. **आय ठेक्का** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकारक्षेत्र अन्तर्गत वीरगन्ज वीरगन्ज महानगरपालिका आर्थिक ऐन, २०७८ अनुसार विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ। वीरगन्ज महानगरपालिकाले २०७७।७८ मा आय ठेक्कामा लगाएका ३ व्यक्ति र २ निर्माण व्यवसायीबाट रू.३ करोड ८५ लाख ५४ हजार असुल गर्न बाँकी रहेकोले उक्त रकम असुल हुनुपर्दछ।

८१. **ईँटा व्यवसायी** - ललितपुर महानगरपालिकाको आर्थिक ऐन, २०७८ अनुसार व्यवसाय कर को सि.नं. ४ मा इँटा व्यावसायको २०७२।७३ देखि २०७५।७६ सम्म प्रति वर्ष रू.१ लाख र २०७६।७७ देखि प्रति वर्ष रू.५ लाख व्यवसाय करबापत तिर्नुपर्ने व्यवस्था छ। महानगरपालिकाअन्तर्गत सञ्चालित १३ इँटा उद्योगमध्ये १० इँटा उद्योगबाट रू.५० लाख व्यवसाय कर उठ्न बाँकी छ। साथै दर्ता भएको ५ मध्ये २ व्यवसाय दर्ताको नवीकरण भएको छैन। उठन बाँकी रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

८२. **मनोरञ्जन तथा विज्ञापन** - पोखरा महानगरपालिका आर्थिक ऐन, २०७८ अनुसार महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन तथा शुल्क लिई सञ्चालन गरिने मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर असुल उपर गरिने र सङ्कलित विज्ञापन तथा मनोरञ्जन कर अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँट हुने उल्लेख छ। महानगरपालिकाले रू.२० लाख ४ हजार मनोरञ्जन कर र रू.७५ लाख विज्ञापन कर असुल गरेकोमा ४० प्रतिशतले हुने रू.३८ लाख २ हजार प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन।

त्यसैगरी वीरगन्ज महानगरपालिकाले यो वर्ष विज्ञापन कर बापत प्राप्त रू.४८ लाख ७६ हजारको अन्तर-सरकारी व्यवस्थापन ऐन, २०७४ को दफा ५ अनुसार ४० प्रतिशतले हुने रू.१९ लाख ५१ हजार प्रदेश सञ्चित कोष दाखिला गरेको छैन।

८३. **मनोरञ्जन कर** - विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १० ले महानगर क्षेत्रभित्र सञ्चालन हुने र गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची(९) बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गरिने व्यवस्था अनुसार १०० सिट भन्दा बढी क्षमताका चलचित्र भवनहरूलाई व्यवसाय कर वार्षिक रू.३० हजार र मनोरञ्जन कर रू.७५ हजार असुल गर्ने व्यवस्था गरेको छ। महानगर भित्रका ३ चलचित्र भवनले ४ आर्थिक वर्षको व्यवसाय र मनोरञ्जन कर रू.१५ लाख ४५ हजार दाखिला नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

८४. **विज्ञापन कर** - विराटनगर महानगरपालिकाले २०७७।०७८ देखि २०७९।८० सम्मको लागि आफ्नो कार्यक्षेत्र भित्र सौन्दर्यता र वातावरण संरक्षण गर्न विभिन्न स्थानहरूमा व्यवसायीबाट हुने गरेको विज्ञापनमा

कर सङ्कलन गर्न एक एडभर्टाइजिङ कम्पनीसँग सम्झौता गरेको छ। सम्झौता अनुसार व्यवसायीले २०८० वैशाख मसान्तसम्मको रू.१ करोड ५२ लाख ४६ हजार विभिन्न १० किस्तामा दाखिला गर्नु पर्ने व्यवस्था गरेकोमा २०७९ आषाढ मसान्तसम्मको रू.९१ लाख ४७ हजार दाखिला गरेको छैन।

८५. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) अनुसार स्थानीय तहले मूल्यअभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। पोखरा महानगरपालिकाले नदीजन्य पदार्थ संकलन र बिक्रि ठेक्का २१ आय ठेक्कामा रू. २ करोड ४० लाख, वीरगन्ज महानगरपालिकाले बसपार्क, बजार र स्विमिङ्ग पुल समेत ७ आय ठेक्कामा मूल्य अभिवृद्धि कर रू.१ करोड ३ लाख ८९ हजार असुल गर्नुपर्दछ। विराटनगर महानगरपालिका र बसपार्क व्यवस्थापन समिति बीच पब्लिक प्राईभेट पार्टनरसिप मोडलमा बसपार्क सञ्चालन गर्न २०७५।१२।१ मा सम्झौता भएकोअनुसार यो वर्ष भाडाबापत रू.७९ लाख ३८ हजार र विगतको बक्यौता रू.१५ लाख २२ हजारसमेत रू.९४ लाख ६० हजार आम्दानी बाँधेकोमा सोको मूल्य अभिवृद्धि कर रू.१२ लाख ३० हजार असुल गरेको छैन।

८६. **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिकाले सशर्त अनुदान संघीय तर्फको रू.८६ लाख ५ हजार र समपूरकतर्फको उज्यालो वीरगन्ज कार्यक्रमको संघीय सशर्तबाट भुक्तानी भएको रू.१ करोड ३१ लाख समेत रू.२ करोड १७ लाख ५ हजार फिर्ता हुनुपर्दछ।

८७. **सोलार बत्ती** - काठमाडौं महानगरपालिका र एक आपूर्तिकर्ताबीच सार्वजनिक निजी साझेदारी कार्यक्रम अनुसार ए.बी. र सी. गरी तीन सेक्टरमा सोलार बत्ती जडान गरी पोलमा विज्ञापन राखे बापत १० वर्षे लिज अवधिभित्र रू.९ करोड ४३ लाख ९५ हजार बुझाउने गरी लिज सम्झौता गरेको छ। शुरू सम्झौता अवधिदेखि लेखापरीक्षण अवधिसम्म तीनबटै सेक्टरको रू.५ करोड २१ लाख ५९ हजार बुझाउनु पर्नेमा सेक्टर ए को एक किस्ताबापत रू.२० लाख मात्र बुझाएको छ। सम्झौताअनुसारको दायित्व श्रृजना हुने रू.५ करोड १ लाख ५९ हजारमा जरिबाना रकम समेत थप गरी असुल गर्नुपर्दछ।

८८. **कर दायित्व** - वीरगन्ज महानगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) मा वर्षान्तमा दाखिला गर्न बाँकी कर दायित्व रू.७ करोड १९ लाख ८४ हजार देखिएको छ। उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ।

८९. **आय हिसाब** - काठमाडौं महानगरपालिका राजस्व विभागले विभिन्न वडा मार्फत् शुल्क, दस्तुर तथा आय सङ्कलन गर्न साङ्ग्रिला सफ्टवेयर प्रयोग गर्दै आएको छ। महानगरपालिकाले ९ शीर्षकमा रू.५४ करोड ७६ लाख ५१ हजार बढी तथा २० शीर्षकमा रू.४८ करोड ४४ लाख २६ हजार घटी देखिएको छ। महानगरपालिकाले सफ्टवेयर प्रणाली मार्फत् सङ्कलन तथा लेखाङ्कन भएको राजस्वको हिसाब र सुत्र प्रणालीमा लेखाङ्कन भएको राजस्व हिसाबबीच एकरूपता कायम भएको छैन। जनसहभागिता लगायतबाट प्राप्त हुन आएको अन्य व्यक्तिगत आन्तरिक अनुदान जस्ता शीर्षकको सूत्र प्रणालीमा आम्दानी जनाएको छैन। फरक हिसाब समायोजन हुनुपर्दछ।

९०. **शोधभर्ना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सापटी रकम शोधभर्ना गरी सम्बन्धित योजना कार्यक्रमअनुसार हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। वीरगन्ज

महानगरपालिका मझौला शहर एकीकृत वातावरणीय सुधारबाट आयोजनालाई रू.७५ लाख ६४ हजार सापटी दिइएको रकम हालसम्म पनि शोधभर्ना लिएको छैन्। उक्त रकम शोधभर्ना लिई हिसाब मिलान गर्नुपर्दछ।

९१. **आय लेखा सफ्टवेयर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) मा प्रणाली विकास गर्नुपर्ने भएमा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। भरतपुर महानगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति बेगर आन्तरिक आय सङ्कलनका लागि एक कम्पनीको सूचना प्रणाली प्रयोग गरी यो वर्ष रू.१ अर्ब ३० करोड २५ लाख ३९ हजार राजस्व सङ्कलन गरेको छ। स्वीकृति बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विश्वसनीयता र सम्भाव्य जोखिम बारे आश्वस्त हुन सकिएन। कानूनी व्यवस्थाको पालनामा गर्नुपर्दछ।

९२. **ठेक्का व्यवस्था** - काठमाडौं महानगरपालिकाले २०७८।७९ मा कुल रू.९ अर्ब ८७ करोड ४७ लाख २७ हजार लागत अनुमानका १६२ निर्माण कार्यका लागि ठेक्का आह्वान गरेको पाइयो। लागत अनुमान रू.४ अर्ब ७ करोड २० लाख ७८ हजारका ६० निर्माण तथा आपूर्तिसम्बन्धी बोलपत्र आह्वान भई मूल्याङ्कनका चरणमा रद्द भएको देखिन्छ। धेरै ठेक्का अस्वीकृत भएकोले लागत अनुमान तयारीदेखि मूल्याङ्कन चरणका खर्च उपलब्धिमूलक देखिएन।

९३. **बसपार्क सञ्चालन** - काठमाडौं महानगरपालिका र एक कम्पनीबीच महानगर वडा नं. २९ गोंगबुमा रहेको नयाँ बसपार्क निर्माण तथा विकास गरी सञ्चालन गर्न २०५६।१२।२९ मा भएको सम्झौता संशोधन गरी २०६६।९।९ मा पूरक सम्झौता भएको छ। वार्षिक रोयल्टी रू.५१ लाखका दरले ५४ वर्ष लिज अवधिभित्र रू.२७ करोड ५४ लाख र ५ वर्ष पछि वार्षिक ५ प्रतिशत थप रोयल्टी समेत बुझाउने गरी सम्झौता गरेको छ। यससम्बन्धी व्यहोरा निम्न छन्:

९३.१. लेखापरीक्षण अवधि २०७९।८।२४ सम्म सम्झौताअनुसार हुने किस्ता बापत रू.१७ करोड ४८ लाख १६ हजार बुझाउनुपर्नेमा जरिबाना र छुट हिसाब पछि रू.१५ करोड २९ लाख ७८ हजार बुझाई रू.२ करोड १८ लाख ३८ हजार बुझाउन बाँकी छ। उक्त कम्पनीले २०७२ देखि २०७७ सम्म ढिलो गरी किस्ता बुझाउँदा समेत सम्झौताअनुसार १० प्रतिशत जरिबाना रू.४९ लाख ६३ हजार असुल भएको छैन।

९३.२. पूरक सम्झौता नं. २(घ) मा संशोधित मास्टर प्लान अनुसार ४ वर्षभित्र निर्माण सम्पन्न गरी मासिक रू.१ लाख वृद्धि गरी रू.१८ लाखका दरले रोयल्टी बुझाउनुपर्ने व्यवस्था गरेको छ। निर्धारित समय २०७०।९।९ भित्र निर्माण सम्पन्न नहुँदा महानगरलाई वार्षिक रू.१२ लाखका दरले २०७९ असार मसान्तसम्म १०२ महिनाको रू.१ करोड २ लाख घटी रोयल्टी प्राप्त भएको छ।

९४. **टावर निर्माण** - साविक पुरानो बसपार्कमा काठमाडौंमा टावर निर्माण गर्न एक उपक्रमसँग ३० वर्ष लिज अवधि कायम हुने गरी २०७१।११।२२ मा सम्झौता भएको पाइयो। वार्षिक रोयल्टी रू.७० लाख प्राप्त हुने गरी सम्झौता भएकोमा २०७८।४।२९ सम्म उक्त कम्पनीले रू.७ करोड ७७ लाख ५३ हजार बुझाएको छ। सम्झौता अनुसार ५ वर्षभित्र संरचना निर्माणको कार्य सम्पन्न गरी ३० वर्षसम्म भोगचलन गर्नसक्नुपर्ने भएपनि हालसम्म भवन निर्माणकार्य सम्पन्न गरेको छैन।

९५. **गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला -** भरतपुर माहानगरपालिका वडा नं. १५ मा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला भरतपुर महानगरपालिकासँग भएको द्विपक्षीय सम्झौता बमोजिम एक फाउण्डेशनबाट निर्माण भइरहेकोमा बाँकी निर्माण कार्य गर्न उक्त फाउण्डेशनले असमर्थता जनाएकोले भरतपुर महानगरपालिकाले सो कामको भौतिक प्रगति मूल्याङ्कन गर्न सघन शहरी तथा भवन निर्माण आयोजना चितवन र वित्तीय प्रगति मूल्याङ्कन गर्न एक एसोसिएट्सलाई जिम्मेवारी दिएकोमा क्रमशः २०७८।१०।१३ र २०७८।१०।२८ मा मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको छ।

निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला

आयोजनाले पेस गरेको भौतिक प्रगति मूल्याङ्कन प्रतिवेदन अनुसार २०७७/७८ को जिल्ला दररेट अनुसार रंगशाला निर्माणको अद्यावधिक लागत अनुमान रू.४ अर्ब ९८ करोड ८० लाख ३९ हजार रहेकोमा विस्तृत परियोजना प्रतिवेदनमा संलग्न आइटममध्ये रू.५० करोड २० लाख ७९ हजारको निर्माण कार्य सम्पन्न भएको छ। उक्त मूल्याङ्कनमा सार्वजनिक खरिद नियमावली बमोजिम लागत अनुमान तयार गर्दा कार्यालय व्यवस्थापन खर्च ४ प्रतिशत, बोलपत्रदाताको ओभरहेड १५ प्रतिशत, मूल्य अभिवृद्धि कर १३ प्रतिशत समेत समावेश गर्दा निर्माण कार्यको कुल लागत रू.६३ करोड २२ लाख ५ हजार हुन आउने उल्लेख छ। त्यसैगरी वित्तीय प्रगति मूल्याङ्कन प्रतिवेदन अनुसार २०७८ माघ २० सम्म सरकारी निकाय, संघ-संस्था र देश विदेशमा रहेका नेपालीहरूबाट नगद तथा जिन्सी सामग्रीहरू सहित रू.३९ करोड ८० लाख ३९ हजारआम्दानी भएको र रू.५७ करोड ९२ लाख ८६ हजार खर्च भएको तथा सो अवधिसम्म निर्माण कार्य बापत भुक्तानी गर्न बाँकी रकम रू.१८ करोड ४३ लाख रहेको उल्लेख छ। उल्लिखित आम्दानीमध्ये विभिन्न सरकारी निकायबाट रू.११ करोड ८४ लाख ९२ हजार रहेको छ।

उल्लिखित रंगशाला निर्माण कार्यमा जम्मा रू.६३ करोड २२ लाख ५ हजार खर्च भइसकेको र सो मध्ये रू.११ करोड ८४ लाख ९३ हजार सरकारी निकायको रकम समेत लगानी भइसकेको अवस्थामा रंगशाला निर्माण कार्यलाई सुचारू राख्ने तर्फ सम्बन्धित निकायबाट आवश्यक निर्णय हुनुपर्दछ।

९६. **न्यून प्रगति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलबाट हटाउनु पर्ने रूख बिरुवालगायतका संरचना हटाउने, मुआब्जा वा क्षतिपूर्ति वितरण, बजेटको सुनिश्चतता तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नमिल्ने व्यवस्था

छ। वीरगन्ज महानगरपालिकामा सम्झौता समाप्त भैसकेको ९ भवन लगायतका खरिद कार्यको सम्झौता रू.१४ करोड ७६ लाखमध्ये ७ निर्माण कार्यको जग्गा विवाद र स्रोत सुनिश्चतता नभएको कारण शून्य प्रगति र २ वटाको १५ प्रतिशतभन्दा कम भौतिक प्रगति देखिन्छ। निर्माण कार्य शुरू नभएको, खरिदको प्रक्रियामा नगन्य प्रगति भएकोले सेवा प्रवाहमा असर परेको छ। खरिद पूर्वका काम टुंगो लगाई एवं स्रोत सुनिश्चितता पश्चात् मात्र खरिद गर्नुपर्दछ।

९७. **उपभोक्ता समितिको पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाइसम्म पेस्की दिन सकिने र समयमै फर्स्यौट गर्नुपर्ने उल्लेख छ। ललितपुर महानगरपालिकाले सम्झौता गर्दा लागत रकमको ६० प्रतिशतसम्म पेस्की दिने गरेको छ। २०७८।७९ को अन्त्यमा उपभोक्ता समितिको नाममा रू.३४ करोड ७५ लाख ६६ हजार पेस्की बाँकी रहेको छ। कानूनले तोकेभन्दा बढी पेस्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९८. **उज्यालो वीरगन्ज -** वीरगन्ज महानगरपालिको ३२ वटै वडामा फिफ्थ वायर प्रणालीबाट ४०, ६० र १०० वाट क्षमताको १२ हजार ७०० सडक बत्ती जडान गर्न मूल्य अभिवृद्धि करसमेत रू.२३ करोड ९६ लाख २४ हजारमा एक संयुक्त उपक्रमसँग २०७७ जेठ ५ मा कार्य शुरु गरी २०७७ असार १५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हालसम्म जडान गर्नुपर्नेमध्ये ११ हजार ५४७ सडक वत्ती जडान गरी यो वर्ष चौथो रनिङ्ग बिलको रू.४ करोड ५१ लाख ६९ हजारसमेत रू.१६ करोड ८१ लाख ८१ हजार भुक्तानी भएको छ। सम्झौताअनुसार प्राविधिक स्पेसिफिकेसनअनुसार नभएको, गुणस्तर परीक्षण नभएको, जडित बत्तीको बारेन्टी र ग्यारेन्टी प्रमाण पेस गरेको छैन। महानगरको विद्युत शाखाले २०७९।३।१३ मा पेस गरेको प्रतिवेदनमा जडित बत्तीहरूमध्ये २५ प्रतिशत बत्तीहरू विग्रेकोले खरिद गरेका बत्तीको गुणस्तर प्रति आश्वस्त हुन सकिएन। सम्झौतामा शर्त अनुसार खरिद कारबाही गरी बत्ती आपूर्ति एवं जडान गर्नुको साथै देखिएका त्रुटिहरू सच्याउनु पर्दछ।

९९. **नर्म्स प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पोखरा महानगरपालिकाले सडक ढलान कार्यको योजना कार्यान्वयन गर्दा सडक विभागबाट स्वीकृत नर्म्स प्रयोग गर्नुपर्नेमा भवन निर्माणतर्फको नर्म्स प्रयोग गरी १३० योजनामा रू.९८ लाख ४६ हजार तथा वीरगन्ज महानगरपालिकाले सडक ढलान तर्फ आरसीसीको कार्यमा सडक विभागको नर्म्स प्रयोग नगरी फरक नर्म्सबाट उपभोक्ता समितिलाई रू.३ करोड ४ लाख २१ लाख बढी भुक्तानी गरेको देखिन्छ।

१००. **ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिकाले विद्युतीय पोल र खानेपानी सम्वन्धी विद्यमान र संरचनाको सुधार, पुनः स्थापना, पाइपलाइन बनाउने कार्यको लागि विद्युत प्राधिकरण र खानेपानीको लागत अनुमानमा नै १५ प्रतिशत ओभरहेड समावेश भएकोमा पुनः १५ प्रतिशत ओभरहेड थप गरी एक निर्माण व्यवसायीलाई भुक्तानी गर्दा रू.१२ लाख ११ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल हुनुपर्दछ।

१०१. **विपन्न आवास परियोजना** - विराटनगर महानगरपालिकाले अति विपन्न सुकुम्बासीहरूलाई लक्षित गरी बस्ती महानगर आवास परियोजना कार्यक्रम मार्फत् १४५ सुकुम्बासी परिवार पहिचान गरी व्यवस्थित

नमूना आवास योजना निर्माण गर्न विराटनगर महानगरपालिका, प्रदेश तथा गैरसरकारी संस्था समेतको सहकार्यमा वडा नं. १२ मा ३ विघा १६ कट्ठा ५ धुर सामुहिक रूपमा जमिन खरिद गरी १४५ आवास निर्माण कार्य २०७९ माघ मसान्त सम्म सम्पन्न गर्ने गरी २०७८ भदौ ३० मा सम्झौता गरेको छ। गैर सरकारी संस्था प्रति घर रू.१ लाख ९५ हजारका दरले उपलब्ध गराउने र खर्चको दोहोरोपन हुन नदिन महानगरपालिकाको प्रत्यक्ष समन्वय र निरीक्षणमा खर्चको मूल्याङ्कन गर्ने सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म ४४ आवास निर्माण कार्य सम्पन्न भएको अवस्थामा नापी किताब अनुसार एक संस्थाबाट भएको सहयोग रू.८५ लाख ८० हजार बराबरको मूल्याङ्कन तयार गरेको छैन।

१०२. **दाबी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार खर्चको प्रमाण संलग्न गरी खर्च गर्नुपर्दछ। विराटनगर महानगरपालिका भित्र सडक, नाला तथा ढल निकास सम्बन्धी संरचना निर्माणको कार्य गर्ने निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने स्पष्ट आधार प्रमाण बेगर रू.५१ लाख ९७ हजार दाबी भुक्तानी गरेको छ। निर्माण व्यवसायीको माग अनुसार चार पटक म्याद थप गर्दा कुनै दाबी भुक्तानी माग नगरेको र कोभिड-१९ को कारणले भएको बन्दाबन्दीको अवधिमा थप व्ययभार नपर्ने गरी म्याद थप गर्न नेपाल सरकारले निर्णय समेत गरेकोमा स्पष्ट आधार प्रमाण बेगर भएको भुक्तानी भएकोसम्म असुल गर्नुपर्दछ।

१०३. **सामान खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ (क) बमोजिम खरिद आवश्यकताको पहिचान गर्नुपर्ने, नियम (५) अनुसार खरिद गर्नु अघि शाखा महाशाखाबाट खरिदको माग प्राप्त गरी स्वीकृत गराई खरिद गर्नुपर्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिकाले फर्निचर लगायतका सामानहरू खरिद गर्न रू.७९ लाख ८९ हजारको लागत अनुमान तयार गरी रू.२५ लाख ७९ हजारमा ठेक्का स्वीकृत भएकोमा वडा, शाखा, महाशाखाबाट खरिद माग पहिचान नभएको, मालसामानको स्पेशिफिकेशन तोक्ने र प्रतिवेदन तयार गर्ने कर्मचारी एउटै रहेको, महङ्गो मालसामान बढी परिमाणमा हुने गरी खरिद गरेको र सस्तो सामान न्यून वा शून्य परिमाणमा खरिद गरेकोले खरिद कार्यबाट महानगरपालिकालाई थप व्ययभार परेको देखिन्छ। सम्झौता विपरीत खरिद कार्य गर्नेलाई जिम्मेवार बनाई सम्झौता बमोजिम खरिद गर्नुपर्दछ।

१०४. **लागत साझेदारी** - कोशी प्रदेश समपूरक अनुदान कार्यविधि, २०७५ को बुँदा ६(१) मा उल्लिखित व्यवस्था अनुसार छनोट भएको आयोजनाको प्राथमिकता, उपलब्धि, दिगोपनासमेतका आधारमा प्रदेश वा स्थानीय तहको कुल लागतको अधिकतम ५० प्रतिशतसम्म समपूरक अनुदानको रूपमा प्रदान गर्ने उल्लेख छ। विराटनगर महानगरपालिकाको कार्यालय भवन निर्माणमा संघीय समपूरक अनुदानबाट रू.१ करोड ११ लाख ७४ हजार र आन्तरिक स्रोतबाट रू.३२ हजार सहित रू.१ करोड १२ लाख ६ हजार खर्च गरेको छ। महानगरले कुल खर्चको ५० प्रतिशतले हुने रू.५६ लाख ३ हजार साझेदारी व्यहोर्नु पर्नेमा रू.५५ लाख ७१ हजार घटी साझेदारी व्यहोरेले स्रोत मिलान हुनुपर्दछ।

१०५. **पानी प्रशोधन केन्द्र** - वीरगन्ज महानगरवासीले आ-आफ्नो घरमा रहेको शौचालयको सेप्टिक ट्याङ्की ओभरफ्लो भई बग्ने फोहोर पानीलाई सिभरलाईनमा कनेक्सन गर्न २०७८ आषाढमा रू.३ अर्ब ४९ करोडमा सम्पन्न परियोजना सम्पन्न भएकोमा सोको उपयोग भएको पाइएन। एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित उक्त परियोजनाको सम्झौताअनुसार महानगरबासीको घरघरबाट शौचालयको

पाईप सिभरलाईनमा कनेक्सन गर्ने कार्य महानगरबाट नभएकोले निर्मित संरचना आयोजना सञ्चालन हुन सकेको छैन। निर्मित संरचनाको उपयोग गरी महानगरपालिकाले फोहोर एवं ढल व्यवस्थापन गर्नुपर्दछ।

१०६. **निकायगत अनुदान** - काठमाडौं महानगरपालिकाले २०७८।७९ को वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी विभिन्न निकायलाई सामग्री वितरण, निर्माण कार्य, घरबहाल भुक्तानी, अक्षय कोष स्थापना, परम्परागत बाजा तथा सामग्री खरिद, सहकारी संघ तथा विभिन्न महासंघ, अफिसर्स क्लबजस्ता निकायमार्फत् हुने कार्यका लागि आन्तरिक स्रोत, राजस्व बाँडफाँट, समानीकरण अनुदानसमेतबाट व्यहोर्ने गरी रू.७३ करोड ९२ लाख २ हजार अनुदान उपलव्ध गराएको छ। यस्तो अनुदान कुल विनियोजनको ४ प्रतिशत रहेको छ। महानगरबाट नै कार्यान्वयनमा आउन सक्ने प्रकृतिको कार्य समेत अनुदान मार्फत् गराउने गरेको उपयुक्त देखिएन।

१०७. **अनुदान व्यवस्थापन** - भरतपुर महानगरपालिकाले विषयगतको अनुदानका हकमा अन्य निकायबाट अनुदान उपलब्ध भएमा दोहोरो पर्ने गरी अनुदान प्रदान नगर्ने उल्लेख गरेको छ। बाग्मती प्रदेश सरकारको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले महानगरपालिका भित्रका ४४ सहकारी संस्था मार्फत् सङ्कलित दूधमा प्रतिलिटर रू.१.७७९ का दरले १ करोड ६२ लाख ७३ हजार ५२३ लिटरको रू.२ करोड ८९ लाख ५१ हजार अनुदान वितरण गरेको देखिन्छ। महानगरपालिकाले सोही सहकारी संस्थाभित्रका किसानलाई प्रति लिटर रू.३।- का दरले अनुदान पाउने गरी ७ हजार ९६८ कृषकलाई रू.४ करोड ८० लाख ८८ हजार अनुदान वितरण गरेको दुग्ध अनुदान सम्बन्धी कार्यविधिका हकमा दोहोरो अनुदान नियन्त्रणको व्यवस्था गरेको छ। उक्त अनुदान दोहोरो भए नभएको यकिन गर्न सकिएन।

१०८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। भरतपुर महानगरपालिकाले यो वर्ष विभिन्न परामर्शदातासँग रू.१ करोड ३ लाख ८८ हजारको सम्झौता गरी विस्तृत परियोजना प्रतिवेदन बनाउने लगायतका कार्य गरेको छ। महानगरपालिकाले विस्तृत आयोजना प्रतिवेदन तयार गरेका योजनाहरूमा आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

१०९. **घटना दर्ता शिविर** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयारीबेगर विनियोजित बजेटलाई नै आधार मानी घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालनको लागि आशयपत्र आव्हान गरी घटी प्रस्ताव पेस गर्ने एक परामर्शदातासँग रू.३४ लाख ४१ हजारमा सम्झौता भएको छ। सम्झौता अनुसार १८ हजार २२० लाभग्राहीको नाम दर्ता गर्नुपर्नेमा १ हजार ८६ को मात्रै नाम दर्ता गरेकोमा समेत पूरै रकम भुक्तानी भएकोले बढी भुक्तानी रू.३२ लाख ३६ हजार असुल हुनुपर्दछ।

११०. **दोहोरो सुविधा** - विराटनगर महानगरपालिका र डिजाईन सुपरभिजन परामर्शदाताबीच भएको सम्झौतामा आयोजनाले पारिश्रमिकका अतिरिक्त कार्यालय सुविधा, मेशिनरी औजार, सवारीसाधन र मोटरसाइकल समेत उपलब्ध गराउने उल्लेख छ। सम्झौता अनुसार सुपरभिजन कन्सल्टेन्टलाई उपलब्ध हुने सुविधासहित सुपरभिजन कार्यको सम्झौता भएको अवस्थामा निर्माण कार्यको ठेक्काबाट इन्जिनियर सुविधा बापत पर्याप्त पुष्ट्याइँ बेगर महानगरपालिकाले निर्माण व्यवसायीलाई रू.१ करोड ३९ लाख ९० हजार भुक्तानी दिएकोले सुपरिवेक्षण कार्यमा दोहोरो खर्च गरेको छ।

१११. **खाजा भत्ता** - विराटनगर महानगरपालिकाले कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७५ सभाद्वारा स्वीकृत गरी कार्यरत सबै कर्मचारीहरूलाई खाजा खर्च दिन सकिने व्यवस्था गरेको छ। सोही व्यवस्थालाई आधारमानी महानगरको आठौं नगरसभाले कर्मचारीहरूलाई कामप्रति उत्प्रेरित गर्न मासिक रू.२ हजार ५०० का दरले खाजा भत्ता उपलब्ध गराउने निर्णयको आधारमा ४७४ कर्मचारीलाई खाजा भत्ता बापत रू.१ करोड ४२ लाख २० हजार भुक्तानी गरेको छ। अतिरिक्त समयमा गरेको कार्यहरूको कार्यविवरण तथा अतिरिक्त समय कार्य गरेको प्रमाणित हाजिर लगायतका न्यूनतम मापदण्ड समेत नबनाई खाजा भत्ता वितरण गर्दा महानगरलाई थप व्ययभार पर्न गएको छ।

११२. **थप सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा १५(२) मा सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरूका लागि संघीय सरकारबाट प्राप्त भत्ता रकममा स्थानीय सरकारले आफ्नो कोषबाट कुनैपनि रकम थप गरी प्रदान गर्न नसकिने व्यवस्था छ। पोखरा महानगरपालिकाले ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा सहायता थप शीर्षक राखी स्रोतबाट रू.३ करोड ६९ लाख १२ हजार भुक्तानी गरेको नियम सम्मत देखिएन।

११३. **सहकारी नियमन -** काठमाडौं महानगरपालिका क्षेत्रमा स्थापना भएका सहकारी संस्थाको व्यवस्थापनका लागि महानगरपालिकाको संगठन संरचनाअन्तर्गत सहकारी विभाग रहेको छ। नेपाल सरकारको २०७४।४।१ को निर्णय अनुसार २०७५।४।१ देखि तत्कालीन डिभिजन सहकारी कार्यालय, काठमाडौंबाट बचत तथा ऋण सहकारी १ हजार ६२८, बहुउद्देश्यीय २६४, कृषि १५, उपभोक्ता १३, सीपमूलक ३, शिक्षा २, संचार १, श्रमिक ३, पर्यटन १, साझा १, चिया १ र अन्य सहकारी ५ गरी जम्मा १ हजार ९५५ सहकारी महानगर मातहत रहेको पाइयो। यसमध्ये ७९६ को मात्र साधारण सभाको प्रतिवेदन र लेखापरीक्षण प्राप्त भएको छ। दुई सहकारी समस्याग्रस्त घोषणा भएकोमा सम्पत्ति तथा दायित्वका सम्बन्धमा यकिन गरी बचतकर्ताको लगानी सुरक्षित गरेको देखिएन। विभागले २०७८।७९ मा ६० र २०७९।८० मा ७२ बचतकर्ताको उजुरी सङ्कलन गरेकोमा ५८ सहकारी संस्थाका पदाधिकारी उपर कारवाहीका लागि प्रहरीमा पत्र पठाएको देखिएकोमा बचत कर्ताले रकम फिर्ता पाएको तथा गुनासो सम्बोधन भएको सम्बन्धमा अनुगमन गरेको छैन। सहकारी नियमन व्यवस्थित गरी बचतकर्ताको लगानी सुरक्षित गर्नुपर्दछ।

११४. **सहकारी संस्थाको नियमन** - भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ अनुसार २०७८।७९ सम्म दर्ता भएका विभिन्न १२ क्षेत्रगत विषयका ३१६ सहकारी संस्थाहरू रहेका छन्। ती सहकारी संस्थामा २ लाख ४४ हजार ७५७ सदस्य, रू.२१ अर्ब ४८ करोड ६९ लाख कुल बचत, रू.१८ अर्ब ६१ करोड ९१ लाख ऋण लगानी र रू.९९ करोड ६८ लाख जगेडा कोष रहेको छ। उक्त सहकारी संस्थामध्ये रू.४० करोड ५८ लाख बचत रहेको एक बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक सम्पर्क विहीन रहेको विवरण प्राप्त भएको छ। ऋण लगानीको दुरूपयोग र हिनामिना हुन नदिन अनुगमन र नियमनको उचित प्रबन्ध गर्नुपर्दछ।

११५. **कर्मचारीको स्तरवृद्धि** - बागमती प्रदेश लोक सेवा आयोगको २०७९/१/१४ को पत्रानुसार प्रदेश लोक सेवा आयोगको परामर्श नलिई सम्बन्धित स्थानीय तहले गरेका तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य स्वतः बदर हुने उल्लेख छ। भरतपुर महानगरपालिकाले कार्यरत कर्मचारीहरूको व्यवस्थापन गर्न बनेको ऐन, २०७७ बमोजिम २०७७/१२/२२ को निर्णयनुसार १३६ कर्मचारीको एक तह बढुवा गरेकोमा

८४ कर्मचारीको तह वृद्धिको निर्णय रद्द गरेको छ। तह वृद्धिको निर्णय रद्द हुँदा ६८ कर्मचारीलाई खाईपाई आएको भन्दा मासिक रू.१ लाख १८ हजारले चाडपर्व खर्च सहित हुन आउने रू.१५ लाख २९ हजार र सञ्चय कोष बापत रू.१ लाख ४१ हजार समेत गरी हुने जम्मा रू.१६ लाख ७० हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

११६. **पत्रकार निवृत्तिभरण कोष** - नगर कार्यपालिकाको ६१ औं बैठकको २०७८।९।७ को निर्णय अनुसार भरतपुर महानगरपालिका भित्र बसोबास गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बाहेकका ६० वर्ष माथिका पत्रकारहरूलाई निवृत्तिभरण कोष खडा गरी उक्त कोषमा रू.२० लाख ट्रान्सफर गरेको छ। समाजका कुनै एक पेशा वा व्यवसायमा संलग्नका लागि मात्र लक्षित गरी कार्यक्रम ल्याउनु औचित्यपूर्ण देखिँदैन।

११७. **तेस्रो मेयर कप** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिकाले खेलकुद प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी गत आर्थिक वर्षको रू.२१ लाख ५३ हजार यो आर्थिक वर्षको ३४ लाख ६ हजारसमेत रू.५५ लाख ५९ हजार भुक्तानी भएको छ। खेलकुद कार्यक्रम सञ्चालनको लागत अनुमान स्वीकृत गरी खरिद व्यवस्थापन गर्नुपर्नेमा सो बेगर खेलकुदमा प्रयोग हुने टिर्सट, बल, नेट, ट्याक सूट, मेडल शिल्ड, बाल्टिन, पंखालगायत सामग्रीहरू टुक्रा-टुक्रा गरी खरिद गरेका, जिन्सी दाखिला तथा खर्च प्रमाण पेस नभएको, खेलकुद सञ्चालन गरी समग्र प्रतिवेदन समेत पेस नभएकोले खर्च प्रक्रिया नियमसम्मत देखिएन।

११८. **व्यवस्थापन खर्च** - राष्ट्रिय खेलकुद परिषद र विराटनगर महानगरपालिकाबीच परिषद्अन्तर्गत रहेको शहीद रंगशालाको खेल मैदानसहितको पूर्वाधार ५ वर्ष सञ्चालन तथा व्यवस्थापनका लागि २०७७ चैत्र २६ मा सम्झौता भएको छ। सम्झौताअनुसार दैनिक सञ्चालन र सहयोगबाट हुने आम्दानीको २५ प्रतिशत तथा सटर भाडाको आम्दानीको ५० प्रतिशत रकम परिषद्लाई बुझाउनुपर्ने उल्लेख छ। रंगशाला सञ्चालन तथा व्यवस्थापनमा १ वर्षमा रू.१९ लाख ५२ हजार खर्च भएकोमा रू.११ लाख ३३ हजारमात्र आम्दानी भएको छ। रंगशालाको उचित व्यवस्थापन गरी कम्तीमा लाभ लागतको सन्तुलन हुनेगरी सञ्चालन गर्नुपर्दछ।

११९. **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यार्थीको हाजिरीको आधारमा दिवा खाजाको रकम खर्च लेख्ने व्यवस्था छ। वीरगन्ज महानगरपालिकालले ८२ विद्यालयलाई दिवा खाजा बापत रू.५ करोड ७६ लाख ९३ हजार निकासा गरेकोमा विद्यालयले पेस गरेको बिल भरपाई अनुसार सो बापत रू.३ करोड ७० लाख ७ हजार मात्र खर्च भएको पाइएकोले बढी निकासा भएको रू.२ करोड ६ लाख ८६ हजार सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

१२०. **स्यानिटरी प्याड** - वीरगन्ज महानगरपालिकाले स्यानिटरी प्याड खरिदको लागि रू.२६ लाख ४४ हजारको लागत अनुमान तयार गरी २०७८।७।३० मा बोलपत्र आह्वान गरेकोमा न्यून कबोल गर्ने एक फर्मसँग रू.१६ लाख ९ हजारमा आपूर्ति गर्ने गरी बोलपत्र स्वीकृतिको आशयपत्रको सूचना प्रकाशन गरेकोमा दोस्रो न्यून कबोल गर्ने फर्मले स्यानिटरी प्याडको गुणस्तरको विषयमा महानगरपालिकामा उजुरी दिएको देखियो। महानगरपालिकाले सो फर्मसँग स्यानिटरी प्याडको नमूना लिई गुणस्तर परीक्षण गर्न नेपाल गुणस्तर तथा नापतौल विभागमा पठाएकोमा उक्त विभागले तत्काल गुणस्तर परीक्षण गर्न नसक्ने भनी पत्राचार गरेको आधारमा उक्त बोलपत्र रद्द गरेको छ। पुनः ठेक्का प्रक्रियामा जान समय

अभाव रहेको कारण जनाई २०७९।३।५ मा विद्यालयको खातामा रकम निकासा गरी पुनःआषाढ मसान्तमा रकम फिर्ता गरेको छ। स्यानिटरी प्याडको गुणस्तर परीक्षण नमूना ठेक्का पूर्व नै पेस गरी ठेक्का प्रक्रिया शुरू नगर्दा गुणस्तर परीक्षण र समय अभावको कारण खरिद हुन नसकी सेवाग्राही सेनेटरी प्याडको प्रयोगबाट वञ्चित भएको देखियो। गत वर्ष समेत प्याड खरिद कार्य भएको देखिएन।

१२१. **फोहोरमैला व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) मा वातावरण संरक्षण तथा वातावरणीय जोखिम न्यूनीकरणका सम्बन्धमा स्थानीय तहको काम कर्तव्य र अधिकार उल्लेख छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२१.१. काठमाडौं महानगरपालिकाले प्रमुख सडक, सार्वजनिक स्थान र ८ वडामा पूर्ण रूपमा आफैंले र १३ वडामा आंशिक रूपमा दैनिक फोहोरमैला सङ्कलन तथा व्यवस्थापन गर्दै आएको छ। महानगरपालिकाको दैनिक फोहोर ५१३ मेट्रिक टन रहेको मध्ये वातावरण विभागले २० प्रतिशतले हुने १०६ मेट्रिक टन सङ्कलन गरे पनि ७९ प्रतिशतले हुने ४०७ मेट्रिक टन ३३ निजी क्षेत्रको संस्थाको सहकार्यमा सङ्कलन हुँदै आएको छ। निजी क्षेत्रका संस्थाले विभिन्न वडामा फोहोर सङ्कलन शुल्क उठाउने गरेकोमा सङ्कलित रकम महानगरपालिकाले प्राप्त गरेको छैन। शुल्क उठाउने विधि तथा प्रक्रिया र उठेको शुल्कमा महानगरले प्राप्त गर्ने हिस्साका सम्बन्धमा सम्झौतामार्फत् व्यवस्थित गरेको पाइएन। फोहोर सङ्कलन गर्ने निजी क्षेत्रलाई सम्झौता मार्फत् दायरामा ल्याई सङ्कलित रकमको पारदर्शी हिसाब कायम गर्नुपर्ने देखिन्छ।

१२१.२.फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५(१) निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा प्रतिस्पर्धा गराई व्यवस्थापकको छनोट गर्नुपर्ने उल्लेख भएकोमा भरतपुर महानगरपालिकाले गत वर्ष देखि नै ३ वर्षका लागि प्रतिस्पर्धात्मक माध्यमबाट वडागत कार्यक्षेत्रका आधारमा छनोट गरी सम्झौता गरेको छ। उक्त फर्महरूमार्फत् पालिकाले तोकेको फोहोरमैला व्यवस्थापन शुल्क सङ्कलन गरी सो रकम पालिकाको खातामा जम्मा गर्ने र उक्त रकमको क्रमशः ५२ प्रतिशत र ७३ प्रतिशत सम्बन्धित कम्पनीलाई फिर्ता गर्ने गरेको छ। शुल्क सङ्कलनलाई व्यवस्थित गर्नुपर्दछ।

१२१.३.साबिक विराटनगर उप-महानगरपालिका (हाल महानगरपालिका), इटहरी,धरान,इनरूवा र धरान-विराटनगर कोरिडोरअन्तर्गतका स्थानीय तहहरूसमेतको फोहोरमैला सङ्कलन गरी वातावरण सुधार गर्ने प्रयोजनका लागि क्षेत्रीय फोहोरमैला प्रशोधन केन्द्र (ल्याण्डफिल साइट) को लागि साविक डंग्राहा र हात्तिमुडा गा.वि.स.मा २६ विघा ९ कट्ठा १३.५ धुर जग्गा खरिद गरेको र फिनल्याण्ड सरकारको सहयोगमा सोलिड वेष्ट परियोजना शुरू गरेकोमा स्थानीयको अवरोध लगायत विविध कारणले गर्दा परियोजना कार्यान्वयन नभई फिर्ता भएको छ। सो पश्चात् विराटनगर महानगरपालिका एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न वडा नं.१६ मा विभिन्न १२ कित्ताको १० विघा १० कट्ठा ९ धुर जग्गा रू.१३ करोड ७४ लाख ४४ हजारमा खरिद गरेको देखियो। फोहोरमैला व्यवस्थापन गर्न खरिद भएको जग्गा प्रयोग नगरी अर्को स्थानमा पुनः जग्गा खरिद गर्दा महानगरपालिकालाई आर्थिक दायित्व थप भएको छ। पालिकाले जग्गा सदुपयोग हुने व्यवस्था गर्नुपर्दछ।

१२२. **लेखापरीक्षण तथा बेरुजू** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

क्र. सं.	महानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	विराटनगर	५८५२३	२२९५	२००	३.९२	३.५८
२	वीरगन्ज	७४३४९	६७७८	८७६	९.१२	७.९४
३	काठमाडौं	२५४१८८	६६१९	२९३०	२.६०	१.४५
४	ललितपुर	८७९७९	६१९०	४२४०	७.०४	२.२२
५	भरतपुर	६९६२६	६६	१३	०.०९	०.०८
६	पोखरा	१२७४७५	७०६५	६८९	५.५४	५.००
जम्मा		**६७२१४०**	**२९०१३**	**८९४८**	**४.३२**	**२.९९**

उल्लिखित विवरण अनुसार लेखापरीक्षणको तुलनामा वीरगन्ज महानगरपालिकाको सबैभन्दा बढी ९.१२ प्रतिशत र भरतपुर महानगरपालिकाको सबै भन्दा घटी ०.०८ प्रतिशत बेरुजू देखिएको छ।

उप-महानगरपालिका

१२३. **आय-व्ययको अवस्था** - यस वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उप महानगरपालिकाको आय-व्ययको स्थिति देहाय अनुसार छः

(रू.लाखमा)

क्र.स.	स्थानीय तह	जिल्ला	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	बचतराजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	धरान	सुनसरी	२२२७	९७६६	७१३	३६८३	२९१७	५१८१	२४४८७	१२८११	६२९७	२७४१	२१८४९	२६३८
२	इटहरी	सुनसरी	४६९४	९३२६	७११	४४९६	२३१७	५८१४	२७३५८	८४४५	९४२५	६९४९	२४८१९	२५३९
३	जनकपुरधाम	धनुषा	३९२७	९७२४	४९२	३१५४	१६१०	५०२५	२३९३२	१३३३९	३५५८	७९७	१७६९४	६२३८
४	जीतपुरसिमरा	बारा	६६७४	९०६७	४३३	१९९५	१९६०	४६११	२४७४०	७४६७	६९८१	२८५८	१७३०६	७४३४
५	कलैया	बारा	२९८७	९१४८	५३५	२६९६	६९४	४३९६	२०४५६	७२९२	६५६८	४६९४	१८५५४	१९०२
६	हेटौंडा	मकवानपुर	११७८८	१०२१३	१०२३	८९०६	२२४५	९९६	३५१७१	११२१६	१०८३७	११४६	२३१९९	११९७२
७	घोराही	दाङ	३३८२	११३५१	११४४	४८०७	१६९१	७३८८	२९७६३	१०४५३	७९७९	८०६०	२६४९२	३२७१
८	तुल्सीपुर	दाङ	१३५९	१००६८	८१५	३८४०	१८७५	१०६३	१९०२०	१००१७	६७९८	१२६५	१८०८०	९४०
९	नेपालगन्ज	बाँके	४३५०	९९७४	७९८	४४५७	१९५२	४८४३	२६३७४	१६७९३	३९३९	३३८	२१०७०	५३०४
१०	बुटवल	रूपन्देही	७०९५	८०५२	११५६	३४२०	५३८९	५७२९	३०८४१	८६६५	१२९४६	४७०२	२६३१३	४५२८
११	धनगढी	कैलाली	२८०३	८९०७	७९४	४७०५	२२१९	५४७७	२४९०५	८७९५	५६९२	५३८५	१९८७२	५०३३
जम्मा			**५१२८६**	**१०५५९६**	**८६१४**	**४६१५९**	**२४८६९**	**५०५२३**	**२८७०४७**	**११५२९३**	**८१०२०**	**३८९३५**	**२३५२४८**	**५१७९९**

१२४. **सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम कर, सेवा शुल्क लगाउने सम्बन्धी व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२४.१. धरान उपमहानगरपालिकाको राजस्व व्यवस्थापन प्रणाली प्रतिवेदनमा उपमहानगरपालिका भित्र कुल करदाता संख्या ६३ हजार १२५ रहेको मध्ये ३२ हजार ११७ करदाताले सम्पत्ति कर बुझाएका छैनन्। उपमहानगरपालिकाले सम्पत्ति कर रू.२ करोड ४९ लाख ६५ हजार उठाएको र बक्यौता

रकम राजस्व व्यवस्थापन प्रणालीले देखाएको छैन। अतः राजस्व व्यवस्थापन प्रणालीमा सुधार गरी वक्यौता कर देखाउने व्यवस्था मिलाई बक्यौता कर रकम असुली गर्नुपर्दछ।

१२४.२.जीतपुरसिमरा उपमहानगरपालिका, बाराको आर्थिक ऐन, २०७८ को दफा २ अनुसूची १ अनुसार सम्पत्ति कर सङ्कलन गर्ने व्यवस्था गरिएको छ। प्राप्त विवरण अनुसार ७२ करदाताबाट रू.५ करोड ४४ लाख १७ हजार सम्पत्ति कर असुल भएको देखिएन।ऐन बमोजिम ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ।

१२५. **व्यवसाय कर -** धरान उप महानगरपालिकाको राजस्व प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा पालिकाभित्र व्यवसाय दर्ता गर्ने कुल व्यवसायीको संख्या ३ हजार १८८ रहेकोमा व्यवसाय कर रू.२ करोड ८० लाख ७५ हजार प्राप्त भएको छ। अधिकांश व्यवसायीले व्यवसाय कर नतिरे तापनि बक्यौता रकम उपमहानगर पालिकाको राजस्व सूचना प्रणालीबाट खुल्दैन। बक्यौता कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१२६. **सटर भाडा** - नेपालगन्ज उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका ९ समेत १४० सटरमध्ये ९७ सटर विभिन्न व्यक्तिलाई प्रतिस्पर्धाबिगर नगरकार्यपालिकाको निर्णयानुसार मासिक रू.२ हजारदेखि रू.१४ हजारसम्ममा भाडामा दिएको छ। यो वर्ष भाडा बापत रू.९७ लाख ९३ हजार आम्दानी गरेको छ। बजार दर विश्लेषण गरी खुला प्रतिस्पर्धाको माध्यमद्वारा सटर भाडामा लगाउनुपर्दछ।

जीतपुरसिमरा उपमहानगरउपमहानगरले १३४ सटरको यो वर्ष कुनै ठेक्का लगाएको पाइएन। सटरहरूबाट प्राप्त हुनुपर्ने बक्यौता रू.१ करोड ५० लाख ६३ हजार रहेको प्रतिस्पर्धा नगराई पुरानै प्रयोगकर्ताहरूलाई निरन्तरता दिएकोले प्रतिस्पर्धात्मक विधिबाट ठेक्का लगाई आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

१२७. **अन्य बहाल कर -** तुलसीपुर उपमहानगरपालिकाले अन्य बहाल कर तथा पटके रूपमा असुल गरेको रू.६५ लाख ५५ हजार पालिकाको सञ्चित कोषमा दाखिला गरेको रकम संघीय सञ्चित कोष खातामा दाखिला गर्नु पर्दछ।

१२८. **ऋसर उद्योग** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७७ सालमा जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्डमा खोला वा नदी किनारबाट ५०० मिटरको दूरीभित्र ऋसर उद्योग सञ्चालनको अनुमति दिन नमिल्ने व्यवस्था छ। बुटवल उपमहानगरपलिकाको तिनाउ र दानव नदी तटमा सञ्चालित ४ ऋसर उद्योगहरूको ५०० मिटर भित्र मापदण्ड विपरीतका ऋसर उद्योग बन्द गर्नुपर्दछ।

१२९. **आय ठेक्का** - हेटौंडा उपमहानगरपालिकाले सडक पूर्वाधार दस्तुर आय ठेक्काको न्यूनतम ठेक्का अङ्क रू.३ करोड १५ लाख रहेकोमा रू.३ करोड ७० लाख ८४ हजार कबोल गर्ने एक कम्पनीसँग २०७८।४।१९ मा सम्झौता गरेको छ। सम्झौता गर्दा रू.९२ लाख ७१ हजार, प्रथम किस्ताको रू.७४ लाख १७ हजार २०७८ आश्विन मसान्तसम्म, दोश्रो किस्ता रू.७४ लाख १७ हजार २०६८ पौष मसान्तसम्म र अन्तिम किस्ता रू.१ करोड २९ लाख ७९ हजार २०७९ जेष्ठ मसान्तसम्म दाखिला गर्नुपर्नेमा रू.१० लाख मात्र दाखिला गरेको देखिन्छ। कार्यसम्पादन जमानत रू.२ करोड ६८

लाख ४६ हजार जफतको लागि बैङ्कलाई पत्र लेखेकोमा जफत भएको छैन। अतः सम्झौता अनुसार बाँकी रकम असुल गर्नुपर्दछ।

१३०. **पोखरी ठेक्का** - जनकपुरधाम उप-महानगरपालिकाले उप-महानगरपालिका मातहत ३६ र गुठी संस्थान मातहतको ५ समेत उप महानगरपालिकाले ४१ मध्ये २६ पोखरीको ठेक्का सम्झौता गरेकोमा यो वर्ष प्राप्त गर्नुपर्ने आय मध्ये १८ व्यवसायीबाट रू.१ करोड ८० लाख ३८ हजार प्राप्त गर्न बाँकी रहेको छ। सम्झौता अनुसार बाँकी रकम व्याज, जरिबाना सहित असुल गर्नुपर्दछ।

१३१. **समपूरक अनुदानको साझेदारी** - समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ मा योजनाको कुल लागतको ५० प्रतिशतसम्म नेपाल सरकारले समपूरक अनुदान दिने व्यवस्था छ। कलैया उप महानगरपालिका, बाराले बरेवा छटिया पोखरी पार्क निर्माण कार्यको लागि एक संयुक्त उपक्रमसँग सम्झौता गरी रू.२ करोड ३ लाख ९३ हजार भुक्तानी दिएको छ। योजनामा उप-महानगरपालिकाको स्रोतबाट ५० प्रतिशतले रू.१ करोड १ लाख ९७ हजार साझेदारी गर्नुपर्नेमा रू.१४ लाख १७ मात्र साझेदारी गरेकोले घटी साझेदारी गरेको रू.८७ लाख ८० हजार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

१३२. **साझेदारी विकास कार्यक्रम** - नेपालगन्ज उपमहानगरपालिकाको साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा संघीय सरकारको विशेष अनुदान मार्फत् शहरीक्षेत्रका गरीबहरूको जीवनस्तर उकास्न लघु व्यवसाय सञ्चालनको लागि व्यवसायको प्रकृति हेरी १० प्रतिशत ब्याजदरमा ऋण प्रदान गर्ने व्यवस्था छ। कार्यविधिको बुँदा नं. १०.२ मा २५ हजार देखि २ लाखसम्म व्यवसायको प्रकृति हेरी १० प्रतिशत ब्याजदरमा ऋण दिन सकिने व्यवस्था छ। उपमहानगरपालिकाले लघु व्यवसाय सञ्चालनको लागि विभिन्न व्यक्तिलाई २०७८।७९ सम्म कुल रू ३ करोड १५ लाख २५ हजार ऋण लगानी गरेको र हालसम्म साँवा व्याज समेत गरी रू.९८ लाख ७७ हजार मात्र असुली भई रू.२ करोड ५३ लाख ६७ हजार उठ्न बाँकी रहेको छ। ऋण लगानी गरेको व्यक्तिले व्यवसाय सञ्चालन गरे नगरेको सम्बन्धमा अनुगमन भएको छैन। पालिकाले लगानी सुरक्षित हुने क्षेत्रमा ऋण लगानी गर्नुपर्दछ।

१३३. **गत वर्षको भुक्तानी** - जीतपुर सिमरा उपमहानगरले २०७७।७८ मा सम्झौता गरेको योजना सोही वर्ष सम्पन्न गरी फरफारक गर्नुपर्नेमा ८७ आयोजनाको लागि नगरसभाबाट नयाँ आयोजना सरह बजेट विनियोजन गरी यो वर्ष रू.१० करोड ८४ लाख ८१ हजार भुक्तानी गरेको छ। बहुबर्षीय आयोजना बाहेक वार्षिक रूपमा सम्पन्न हुनुपर्ने स-साना सम्झौता अवधि भित्र सम्पन्न नगरी यो वर्ष नयाँ आयोजनाको रुपमा भुक्तानी दिएको छ ।

१३४. **बढी पेस्की** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) तथा ठेक्का सम्झौताको विशेष शर्तमा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् आपूर्तिकर्ता, निर्माण व्यवसायी र सेवा प्रदायकबाट अग्रिम जमानत लिई खरिद सम्झौताको २० प्रतिशतमा नबढ्नेगरी पेस्की दिन सक्ने व्यवस्था छ। इटहरी उपमहानगरपालिकाले ३ निर्माण व्यवसायीलाई ऐन तथा सम्झौतामा भएको व्यवस्था भन्दा रू.२१ लाख ३४ हजार बढी पेस्की दिएको छ। ठेक्का सम्झौतामा भएको व्यवस्था भन्दा बढी दिएको पेस्की रकम असुल गर्नुपर्दछ।

१३५. **ट्याक कोट** - सडक विभागबाट स्वीकृत सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन) सडक कालोपत्रे गर्दा ट्याक कोट प्रति वर्ग मिटरमा औसत ०.४ देखि ०.६ लिटर सम्म विटुमिन खपत हुने

उल्लेख छ। इटहरी उपमहानगरपालिकाले कालोपत्रे कार्यमा ट्याक कोट गर्दा प्रति वर्गमिटर ०.७ लिटर बिटुमिन प्रयोगगरी ६ निर्माण व्यवसायीलाई स्पेसिफिकेसनमा उल्लेख भएको भन्दा बढी परिमाण प्रयोग गरी रू.१४ लाख ४१ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१३६. **ठेक्का व्यवस्थापन** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने उल्लेख छ। घोराही उपमहानगरपालिकामा अस्पताल भवन निर्माणका लागि २०७९।८।२९ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.१० करोड ६६ लाखको सम्झौता भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मन्त्रालय र नेपाल हेल्थ सेक्टर सपोर्ट प्रोग्रामबाट उक्त कार्यको विस्तृत आयोजना प्रतिवेदन पुनरावलोकन भएको हुनुपर्ने र तत्पश्चात मात्र बजेट व्यवस्था गरिने भनी २०७८।४।१२ लेखिपठाएकोले सो कार्य उक्त अवधिमा सुचारू भएको देखिएन। यो वर्ष बजेट व्यवस्था नभएकोले हालसम्म मोबिलाइजेसन पेस्की रू.४६ लाख ९५ हजार भुक्तानी बाहेक निर्माण कार्य अगाडि बढेको देखिएन। ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई समयमै सम्पन्न गर्न आवश्यक पूर्व तयारी गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१३७. **पाइपको मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ। जनकपुरधाम उप-महानगरपालिकाले खानेपानी हेण्ड पाइपको लागत अनुमान तयार गर्दा खानेपानी विभागले तयार गरेको स्वीकृत नर्म्स अनुसार तयार गरी जिल्ला दररेटको आधारमा भुक्तानी गर्नुपर्नेमा पाईपको तौल चार्टमा उल्लेख भएको भन्दा बढी तौल उल्लेख गरी मूल्याङ्कन गरेको छ । पाइपको ढुवानी भाडा गणना गर्दा जिल्ला दररेटमा उल्लेख भएको सवारी भाडा दरमा १५ प्रतिशत थप गर्नुपर्नेमा पाइपको दरमा १५ प्रतिशत थप गरी मूल्याङ्कन गरेकोले ८१ योजनामा रू.५० लाख ५४ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

१३८. **नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१३८.१. कलैया उप महानगरपालिकाले सडक र नाला निर्माणमा सडक विभागले तयार गरेको पी.सी.सी १:२:४ र १:१.५:३ को नर्म्स प्रयोग गर्नुपर्नेमा भवन विभागको नर्म्स प्रयोग गरेका कारण उपभोक्ता समितिलाई रू.७४ लाख ४६ हजार बढी भुक्तानी गरेको छ।

१३८.२. धनुषा जिल्लाको भवन तथा शहरी विकास डिभिजन कार्यालयले ५ इँटा उत्पादक कम्पनीको इँटाको साइज गणना गर्दा इँटाको गाह्रो लगाउने काममा वेष्टेज सहित औसत ४७६ लाग्ने तथा सुख्खा इँटा छाप्ने काममा प्रति १० गर्ग मिटरमा ३६० इँटा लाग्ने गरी दर विश्लेषण गरेकोमा जनकपुरधाम उप-महानगरपालिकाले इँटाको गाह्रो लगाउने काममा प्रति घ.मी ५६० र सुख्खा इँटा छापने काममा प्रति व.मी. ४२० इँटा लाग्ने गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरेको छ। इँटा प्रयोगको कार्यमा स्वीकृत नर्म्सको पालना नगर्नाले ३२ योजनामा रू.१५ लाख ५९ हजार बढी भुक्तानी भएको छ।

१३८.३. जनकपुरधाम उपमहानगरपालिकाले सडक निर्माणको लागि तयार गरेको दर विश्लेषण अनुसार पी.सी.सी १:२:४ को ढलानमा प्रतिघनमिटर रू.९ हजार ९५४ का दरले भुक्तानी गर्नुपर्नेमा रू.१२ हजार ४९७

का दरले मूल्याङ्कन गरी ९ योजनाका उपभोक्ता समितिलाई रू.९ लाख ३० हजार बढी भुक्तानी गरेको छ।

१३९. **लागत साझेदारी -** कृषि ज्ञान केन्द्र, बारा र उद्योग वाणिज्य संघको साझेदारीमा कलैया बजारमा कृषि बजार पूर्वाधार निर्माण कार्यको लागि केन्द्रले रू.७५ लाख ३० हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरी सम्झौता रकमको ८५ प्रतिशत केन्द्र र संघको लागत साझेदारी बापतको १५ प्रतिशत कार्य गर्ने गरी सम्झौता भएकोमा संघले रू.११ लाख २९ हजार साझेदारी व्यहवरेको छैन । सम्झौता अनुसारको साझेदारी रकम असुल गर्नुपर्दछ।

१४०. **गैर सरकारी संस्थामार्फत् कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्यवृद्धि कर प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ। संघीय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट जनकपुरधाम उप-महानगरपालिकालाई कम विनियोजन गर्दा नै गैर सरकारी संस्थाको नाम उल्लेख गरी १० गैर सरकारी संस्था मार्फत् कार्यक्रम सञ्चालनको रू.१ करोड ७१ लाख ८० हजारको सम्झौता गरी उप-महानगरपालिकाले रू.१ करोड ५० लाख ४० हजार भुक्तानी गरेको छ। विनियोजन गर्दा संस्थाको नाम उल्लेख गरी कार्यक्रम सञ्चालन गर्न अख्तियारी दिई प्रतिस्पर्धा सीमित गरेको नियमसम्मत देखिएन।

१४१. **जग्गा अतिक्रमण -** स्थानीय तहले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नुपर्दछ। तुल्सीपुर उपमहानगरपालिकाले पाँच कित्ता जग्गा रहेको मध्ये पालिका रहेको १० कट्ठा जग्गा, बस पार्कको केही जग्गा र आलुमण्डीको केही जग्गा मात्रै प्रयोग गरेको छ। पालिकाको उत्तर पूर्व तर्फ रहेको कित्ता नं ५ (ख) ५४४ मा एक बिघा १० कट्ठा १४ धुर पुरै अतिक्रमण गरी ९५ घर तथा संरचना बनेको पालिकाले जनाएको छ। न्यूरोडमा रहेको कित्ता नं ५(ख) ५४६ मा ११ कट्ठा जग्गामा ३६ घर बनेका छन्। तीमध्ये पालिकाको कोसेली घर, आलु मण्डी, बधशाला, मासु बजार रहे तापनि अधिकांश जग्गा अतिक्रमणमा परेको छ। बसपार्क रहेको कित्ता नं ५(ख) ४९९३ मा ५३ हजार ५६५ वर्गमिटर जग्गा रहेको छ। जग्गामा ४५ घर बनेका छन्। अतिक्रमित जग्गाको अभिलेख राखी त्यस्तो जग्गा अतिक्रमण मुक्त गरी उपयोगमा ल्याउनुपर्दछ।

१४२. **सम्पत्तिको संरक्षण र प्रयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र कार्यालय प्रमुखको हुने उल्लेख छ। जनकपुरधाम उपमहानगरपालिकाले २०७५।३।२५ मा रू १ करोड ३७ लाख ८६ हजारमा खरिद गरेको गाडी २०७६।१०।७ मा दुर्घटना पश्चात् विगत ३ वर्ष देखि वर्कशपमा रही प्रयोग विहीन अवस्थामा छ। यसैगरी उपमहानगरले २०७६।३।२४ मा रू.१ करोड १८ लाख ६० हजारमा खरिद गरिएको ब्रुमर समेत मर्मत नगरी प्रयोग विहीन अवस्थामा रहेको छ। सवारीसाधन तथा उपकरण मर्मत, सम्भार गरी प्रयोगमा ल्याउनुपर्दछ।

१४३. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत् गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित

कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। जीतपुर-सिमरा उपमहानगरले विभिन्न १० बैङ्कमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा बैङ्कलाई निकासा भएको रकममध्ये वितरण गरी बाँकी रहेको रू.५१ लाख ७० हजार संघीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१४४. **तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। सोही अनुरूप दरबन्दी भित्रका शिक्षकलाई सशर्त अनुदान प्राप्त भएतापनि जीतपुर सिमरा उपमहानगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट निजी शिक्षकलाई तलब भत्ता लगायतका विभिन्न शीर्षकमा ३८ विद्यालयलाई रू.१ करोड ५२ लाख ६६ हजार अनुदान दिएको छ। विद्यालय तथा दरबन्दी मिलान गरी यस्तो खर्चलाई नियन्त्रण गर्दै गर्नुपर्दछ।

१४५. **छात्रवृत्ति वितरण -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ मा इआइएमआइएसमा प्रवृष्टि भएको संख्याको आधारमा विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृत्ति निकासा गर्नुपर्ने व्यवस्था छ। जनकपुरधाम उप-महानगरपालिकाले इआइएमआइएसमा प्रवृष्टि भएको संख्याको आधारमा विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्नेमा सो नगरी ४६ विद्यालयमा रू.३३ लाख ८४ हजार निकासा गरेको पाईयो। उपमहानगरपालिका अन्तर्गतका ३२ विद्यालयले रू.२५ लाख ५६ हजार बराबरको रकम आर्थिक वर्ष समाप्त भएको ८ महिना सम्म पनि विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरेको पाइएन। छात्रवृत्ति वितरणको भर्पाइ पेस हुनुपर्दछ।

१४६. **पढ्दै कमाउँदै कार्यक्रम -** पढ्दै कमाउँदै कार्यक्रम कार्यविधि, २०७८ मा कार्यक्रमको कार्यान्वयनको तालिका सहित कार्य योजना समावेश गरी विद्यालयसँग सम्झौता गर्ने र विद्यालयलाई शुरूमा ५० प्रतिशत रकम उपलब्ध गराउने र बाँकी ५० प्रतिशत रकम अनुगमन र प्रगतिको आधारमा उपलब्ध गराउने व्यवस्था छ। जनकपुरधाम उप-महानगरपालिकाले आर्थिक वर्षको अन्त्यमा एक विद्यालयलाई उक्त शीर्षकमा रू.१० लाख निकासा गरी विद्यालयको खाता रोक्का गरेको छ। कार्यविधि अनुसार विद्यालयसँग सम्झौता नभएको र ५० प्रतिशत प्रथम किस्ता बापत उपलब्ध गराउनु पर्नेमा शत प्रतिशत उपलब्ध गराएको र विद्यालयले लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्यक्रम सञ्चालन गरेको नपाइएकोले उक्त शीर्षकमा निकासा भएको रकम फिर्ता लिई संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

१४७. **नगर प्रमुख कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। धरान उप महानगरपालिकाले यो वर्ष नगर प्रमुख कोषमा चालुतर्फ रू.२५ लाख र पुँजीगततर्फ रू.५० लाखसमेत रू.७५ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न ३८ योजनामा रू.७२ लाख ४२ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी नगर प्रमुखको तोकआदेशबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा बजेटमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन।

१४७.१. **आयोगको परामर्श** - प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।

१४७.२. इटहरी उप-महानगरपालिकाले कोशी प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा उल्लेख भए अनुसारका पदमा आयोगको परामर्श बेगर ४९ कर्मचारीको स्तर वृद्धि गरी यो वर्ष रू.१४ लाख ३२ हजार भुक्तानी दिएको छ। आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम असुल गर्नुपर्दछ।

१४७.३.लुम्बिनी प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १० को व्यवस्था प्रतिकूल हुने गरी घोराही उप-महानगरपालिकाले स्थानीय तहका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि २०७८ जारी गरी यो वर्ष ५९ कर्मचारीको स्तर वृद्धि गरी सो बापत रू.९ लाख ९८ हजार खर्च लेखेको छ।

१४७.४.मधेश प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(झ) को व्यवस्था प्रतिकूल हुने गरी जनकपुरधाम उप-महानगरपालिकाले कर्मचारी समायोजन (स्तर वृद्धि) ऐन, २०७७ जारी गरेको र प्रमुख प्रशासकीय अधिकृतको २०७८।१।३० को निर्णयबाट ६९ र २०७८।६।१ को निर्णयले २६ कर्मचारीको स्तरवृद्धि गरेको छ। स्तरवृद्धि भएका कर्मचारीलाई यो वर्ष माथिल्लो स्तरको तलब भुक्तानी गर्दा रू.१९ लाख ८४ हजार बढी व्ययभार पारेको छ। त्यसैगरी सोही निर्णयअनुसार जेठ महिनादेखि लागू हुने गरी स्तर वृद्धि भएका कर्मचारीले ग्रेड वृद्धि एक वर्ष पछिको जेठ महिनामा मात्र पाउनेमा स्तरवृद्धि भएको दुइ महिना पछिनै पुनः २०७८ श्रावण देखि ग्रेड वृद्धि समेत थप गरी भुक्तानी गर्दा ६१ कर्मचारीलाई रू.८ लाख ३७ हजार बढी भुक्तानी भएको छ।

संविधानको व्यवस्था बमोजिम उप-महानगरपालिकाका कर्मचारी सम्बन्धी कानून हालसम्म नबनेको र प्रदेश लोक सेवा आयोगबाट परामर्श समेत नलिएकोले उक्त स्तरवृद्धि सम्बन्धी निर्णय कानून सम्मत देखिएन ।

१४८. **थप व्ययभार -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ। इटहरी उपमहानगरपालिकाले कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धी कानून नबनाई १०२ जना सेवा करारका कर्मचारीको मासिक तलबबाट कर्मचारी सञ्चयकोष १० प्रतिशतले रू.१७ लाख २१ हजार र योगदानमा आधारित ५४ कर्मचारीको ६ प्रतिशत बराबरको रू. ४ लाख २८ हजार मासिक कट्टी गरी सोही बराबरको रकम थप गरी कर्मचारी सञ्चयकोष जम्मा गरेकोले पालिकालाई रू.२१ लाख ४९ हजार बढी ब्ययभार परेको छ। कानून विपरीतको यस्तो सुविधा नियन्त्रण गर्नुपर्दछ।

१४९. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। इटहरी उपमहानगरपालिकाले ऐनको दफा ८३(८) बमोजिम करारमा राख्न नपाउने ७७ पदमा विगतदेखि सेवा करारमा नियुक्ति भएका कर्मचारी तथा मासिक ज्यालादारी कर्मचारीलाई रू.३ करोड ५८ लाख १४ हजार पारिश्रमिक भुक्तानी गरेको नियम सम्मत देखिएन ।

१५०. **सरसफाइ खर्च** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन गर्नु पर्ने व्यवस्था छ। नेपालगन्ज उप-महानगरपालिकामा ४५ स्थायी कर्मचारी तथा उपमहानगरमा ९७ र २३ वडामा १०४ समेत २०१ थप करार र ज्यालादारीमा कर्मचारी नियुक्त गरी सरसफाइमा वार्षिक रू.५ करोड ८ लाख ८४ हजार खर्च लेखेको छ। पुनःसरसफाइको लागि एक कम्पनीको बोलपत्र स्वीकृत गरी वार्षिक रू.६२ लाख ४३ हजार भुक्तानी खर्च लेखेको छ। उपमहानगरसँग पर्याप्त जनशक्ति मौजुदा भएको अवस्थामा सरसफाइका जनशक्तिको कार्य विवरण, कार्य विभाजन तथा स्पष्ट नीति सहितको कार्य योजना नबनाई सरसफाइ कर्मचारी परिचालन तथा व्यवस्थापन कमजोर रहेको देखिन्छ। उपमहानगरपालिकाले आफूसँग भएको जनशक्ति परिचालन गरी खर्चमा मितव्यिता कायम गर्नुपर्दछ।

१५१. **खाजा भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। इटहरी उपमहानगरपालिकाले उल्लिखित कानून निर्माण नभई यो वर्ष सबै कर्मचारीलाई मासिक रू.४ हजारका दरले वार्षिक रू.१ करोड २९ लाख ३४ हजार खाजा भत्ता भुक्तानी दिएको कारण आर्थिक व्ययभार बढ्न गएको छ। यस्तो खर्च कानूनद्वारा व्यवस्थित हुनुपर्दछ।

१५२. **बढी भुक्तानी** - मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को बुँदा १५ अनुसूची-२ मा रहेको तालिमका क्रियाकलापहरू प्रशिक्षक, यातयात, मसलन्द, संयोजक भत्ता लगायतका तोकेको दरमा रही तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। कलैया उपमहानगरपालिका, बाराले विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्न गैर सरकारी संस्थासँग सेवा खरिद गरेकोमा प्रदेश निर्देशिका परिपालना नगरी प्रशिक्षक, यातायात, मसलन्द, संयोजक भत्ता लगायतमा खर्च गरेको छ। निर्देशिकाले तोकेको दर भन्दा बढी रू.६४ लाख २३ हजार ६८ गैर सरकारी संस्थाहरूलाई भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

१५३. **इन्धन खर्च** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारीसाधनको इन्धन मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारीसाधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने उल्लेख छ। इटहरी उपमहानगरपालिकाले मार्गदर्शन बमोजिम मापदण्ड नबनाई पदाधिकारी इन्धन तर्फ रू.१२ लाख २ हजार र कार्यालय प्रयोजन इन्धन शीर्षकबाट यो वर्ष रू.१ करोड खर्च गरेको छ। पालिकाले सवारीसाधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन मापदण्ड बमोजिम इन्धन खर्च गर्नुपर्दछ।

१५४. **सरसफाइ शुल्क** - जीतपुर-सिमरा उप-महानगर आर्थिक ऐन, २०७८ को दफा १२ अनुसूची १२ मा सरसफाइ सेवा शुल्क सम्बन्धी व्यवस्था छ। उपमहानगरमा दर्ता भएका ४६० व्यवसायीबाट मासिक तोकिएको दर अनुसार हुने वार्षिक रू.१५ लाख १२ हजार र प्रारम्भिक जनगणना अनुसारको कुल घर संख्या १९ हजार ८४८ बाट मासिक रू.१०० को दरले सङ्कलन हुने रू.२ करोड ३८ लाख १८ हजार समेत कुल रू.२ करोड ५३ लाख ३० हजार सङ्कलन हुने देखिन्छ। उपमहानगरले सो अनुसारको

शुल्क सङ्कलन गरी राजस्व आम्दानी गरेको छैन। उपमहानगर र एक सेवा प्रदायक कम्पनी बीच २०७६।७७ देखि लागत साझेदारीमा फोहोर व्यवस्थापन सम्झौता भई कार्य हुँदै आएको र यो वर्ष उक्त कम्पनीलाई रू.७० लाख ११ हजार भुक्तानी दिएको देखिन्छ। पालिकाले ऐनमा भएको उक्त व्यवस्था बमोजिम सङ्कलन हुने रकमलाई समेत ध्यान दिई लागत लाभ साझेदारी मार्फत् फोहोर व्यवस्थापन कार्यलाई प्रभावकारी र मितव्ययी बनाउनुपर्दछ।

१५५. **लेखापरीक्षण तथा बेरुजू** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उप महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार छः

(रू.लाखमा)

क्र.सं.	उपमहानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	धरान	४४१०९	८२२	५	१.८६	१.८५
२	इटहरी	४७४८३	१९३८	३९	४.०८	४.००
३	जनकपुरधाम	३७६९९	११३५	२०७	३.०१	२.४६
४	जीतपुर-सिमरा	३५३७२	१९४९	२७४	५.५१	४.७४
५	कलैया	३६०२३	९७८	१४५	२.७१	२.३१
६	हेटौंडा	४६५८२	३६०	०	०.७७	०.७७
७	घोराही	५२८७३	१३६१	८०	२.५७	२.४२
८	तुल्सीपुर	३५७४१	२३९१	१२२	६.६९	६.३५
९	नेपालगन्ज	४३०९४	२२४०	०	५.२०	५.२०
१०	बुटवल	५००५९	११५८	०	२.३१	२.३१
११	धनगढी	४१९७४	४२९	२७	१.०२	०.९६
जम्मा		**४७१००९**	**१४७६१**	**८९९**	**३.१३**	**२.९४**

उप-महानगरपालिका ११ मध्ये सबभन्दा बढी बेरुजू तुलसीपुर उपमहानगरपालिकाको ६.६९ प्रतिशत र सबभन्दा कम हेटौंडा उपमहानगरपालिकाको ०.७७ प्रतिशत रहेको छ।

नगरपालिका तर्फ

१५६. **आय-व्ययको अवस्था** - यो वर्ष २७६ मध्ये लेखापरीक्षण सम्पन्न भएका २७४ नगरपालिकाले आय-व्ययको स्थिति देहाय अनुसार छः

(रू.लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएका नगरपालिका संख्या	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	बचतराजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
कोशी	४६	५५२२७	२३९३०१	१६३४२	५६८५८	२४५००	९०४७४	४८३७०२	२२१४५४	१३४२०४	६८५६७	४२४२२५	५९४७७
मधेश	७१	९१०७७	२९७८५१	१९५८३	७६६६८	१८३९१	१२४१६७	६२७७३७	२९१०१९	१५४७५०	७८७१३	५२४४८२	१०३२५५
बागमती	४१	१५३०७१	२२२७७४	२६९८७	१५०६६४	६१९७८	७०४०५	६८५८७९	२२६६३९	२१६४००	६३८३८	५०६८७७	१७९००२
गण्डकी	२६	३२९७४	१३८६४१	१०४४२	३०७३७	१२८११	४५६४९	२७१२५४	१२६४५५	५९७७३	४६९९८	२३३२२६	३८०२९
लुम्बिनी	३२	६०७४८	१७११८८	१४४२०	४९१८५	१९२५०	६५३६२	३८०१५३	१५२०१०	९७४४९	६९९८४	३१९४४३	६०७१०
कर्णाली	२५	२२२६२	१२४८५३	१४७६३	२३४३८	३९०१	३७४६६	२२६६८३	१०५४३१	५६२३३	४१०३७	२०२७०१	२३९८१
सुदूरपश्चिम	३३	३५७५६	१६३१९९	८४१२	३८१२९	७६००	५९४१७	३१२५१३	१३९१२५	६१४३२	६८९३०	२६९४८७	४३०२६
जम्मा	**२७४**	**४५१११५**	**१३५७८०७**	**११०९४९**	**४२५६७९**	**१४९४३१**	**४९२९४०**	**२९८७९२१**	**१२६२१३३**	**७८०२४१**	**४३८०६७**	**२४८०४४१**	**५०७४८०**

१५७. **केबल कार आम्दानी** - काठमाडौं र मकवानपुर जिल्लाको सीमानामा सञ्चालनमा रहेको एक केबलकार कम्पनीबाट २०७५।७६ देखि तीन आर्थिक वर्षको सञ्चालन दस्तुर बापत जिल्ला समन्वय समितिमा प्राप्त रकम मध्ये ६० प्रतिशतले हुने रू.५० लाख १२ हजार चन्द्रागिरी नगरपालिकको नाउँमा बाँडफाँट गर्ने निर्णय भएको छ। केबलकारबाट २०७८ माघदेखि २०७९ असार मसान्तसम्मको रू.२५ लाख ६ हजार दस्तुर प्राप्त नभएकोले सो समेत जिल्ला समन्वय समितिको २०७८।७।१४ को पत्रानुसार साविकबमोजिम प्राप्त गर्न बाँकी न्यूनतम रू.७५ लाख १८ हजार दस्तुर प्राप्त गर्नुपर्दछ।

१५८. **आय ठेक्का** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी १० दिन भन्दा ढिलो दाखिला गरेकोमा १० प्रतिशतका दरले जरिबाना लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१५८.१. शिवसताक्षी नगरपालिका, झापाले नगर कार्यपालिका सङ्कलन केन्द्रमा असुली गरेको आन्तरिक राजस्वमध्ये रू.५० लाख ८१ हजार र अमानतबाट राजस्व सङ्कलन गरेको मध्ये रू.४ लाख २९ हजार गरी रू.५५ लाख १० हजार राजस्व बैंङ्क दाखिला नगरेकोले ऐनमा भएको व्यवस्थाअनुसार जरिबाना सहित रकम असुल गर्नुपर्दछ।

१५८.२. व्यास नगरपालिका, तनहुँमा वातावरण शुल्क निकासी र मादी नदीबाट प्राकृतिक स्रोत उत्खनन्को ठेक्का लिने व्यवसायीहरूले सम्झौताअनुसार बुझाउनुपर्ने अवधिभन्दा ३४ देखि ६२ दिनसम्म ढिला गरी राजस्व दाखिला गरेकोमा जरिबाना असुल गरेको छैन। दुई आय ठेक्काको ढिला गरी दाखिला गरेको रू.३ करोड ९९ लाख ७१ हजारको १० प्रतिशतले हुने रू.३९ लाख ९७ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ।

१५८.३. भजनी नगरपालिका, कैलालीले तालको ठेक्का सम्झौता गर्दा बैङ्क जमानत लिएको देखिएन। ठेक्का व्यवस्थापनमा २०७८।७९ मा उक्त ठेक्काको लागि रू.४ करोड ८९ लाख ७२ हजारमा विभिन्न १५ प्याकेजमा सम्झौता गरेको देखिन्छ। यो वर्षको अन्त्यसम्ममा कुल रू.१ करोड ५१ लाख असुल भई रू.३ करोड ३८ लाख ७२ हजार असुल गर्न बाँकी रहेको देखिएकोले बक्यौता रकममा १० प्रतिशतले हुने व्याज समेत हिसाब गरी असुल गर्नुपर्दछ।

१५८.४. सुन्दरहरैंचा नगरपालिका, मोरङले गछिया, बुढी खोला, लोहन्द्रा र खदम खोलामा ६५ लाख ५० हजार घन फिट नदीजन्य पदार्थ उत्खनन्को लागि एक निर्माण कम्पनीसँग रू.६ करोड १८ लाख ३० हजारको सम्झौता गरेको छ। सम्झौता अनुसार ठेक्का रकम २ किस्तामा दाखिला गर्नुपर्ने र तोकिएको अवधिमा दाखिला गर्न नसकेमा १० प्रतिशतले हुने हर्जना रकम बुझाउनुपर्ने व्यवस्था भएकोमा निज व्यवसायीले दोस्रो किस्ता रू.२ करोड ४७ लाख ३३ हजार २०७९ वैशाख मसान्तभित्र दाखिला गर्नुपर्नेमा २०७९।४।१ मा मात्र दाखिला गरेको पाईयो। सम्झौताको शर्त अनुसार १० प्रतिशतले हुने हर्जना रू.२४ लाख ७३ हजार असुल गर्नुपर्दछ।

१५८.५. पञ्चपुरी नगरपालिका, सुर्खेतले रू.२५ लाख ४३ हजार तथा मूल्य अभिवृद्धि कर रू.२ लाख ९३ हजार र भेरीगंगा नगरपालिका, सुर्खेतले रू.३० लाख ९० हजार तथा मूल्य अभिवृद्धि कर रू.८ लाख ६ हजार समेत रू.६७ लाख ३२ हजार आन्तरिक आय असुल गर्न बाँकी देखिएकोले व्याज तथा जरिबाना समेत यकिन गरी असुल गर्नुपर्दछ।

१५८.६. लम्कीचुहा नगरपालिका, कैलालीले चोरी र चरेला नदीको १ लाख ६१ हजार १६९ घन मिटरको नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री ठेक्का व्यवस्थापन गरेकोमा एक निर्माण कम्पनीसँग रू.१ करोड ४८ लाखमा सम्झौता गरेको छ। व्यवसायीले रू.६५ लाख ६६ हजार पालिकामा नगद दाखिला गरेको र बाँकी रू.६५

लाख ६६ हजारको बैङ्क जमानत पेस गरेको छ। व्यवसायीले २०७९।२।३० सम्म बुझाउनुपर्ने दोस्रो किस्ता रकम नबुझाएकोमा बैङ्क जमानत जफत गरेको देखिएन। नियमानुसार लाग्ने जरिबानासहित बाँकी रकम असुल गर्नुपर्दछ।

१५९. **सम्झौताको पालना** - दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, खोटाङले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्रीको शुल्क बापत एक संयुक्त उपक्रमसँग रू.२ करोड, माडी नगरपालिका, चितवनले हेभी उपकरणहरू भाडामा दिए बापत ७ फर्म तथा व्यक्तिबाट भाडा बापत रू.२२ लाख ८७ हजार, गोलबजार नगरपालिका सिराहाले पशु बजार, बाखा बजार र गुदरी बजार ठेक्कामा सम्झौता अनुसार तीन ठेकेदारबाट रू.१ करोड ३३ लाख ११ हजार तथा १७ पोखरी ठेक्काको ५ ठेकेदारबाट रू.११ लाख ६५ हजार समेत रू.३ करोड ६७ लाख ६३ हजार असुल गर्न बाँकी रहेकोले सम्झौता अनुसारका रकम असुल गर्नुपर्दछ।

१६०. **फरक परिमाण** - गोरखा नगरपालिकाबाट गठित अनुगमन टोलीको प्रतिवेदनमा वडा नं ३ को विभिन्न ३ स्थानमा अवैध उत्खनन् गरिएको २१ हजार १७५ घ. मि ढुङ्गा, गिट्टी, बालुवा रहेको उल्लेख छ। सो मध्ये एक निर्माण व्यवसायीलाई ३ हजार घ.मि. बिक्री पश्चात् अर्को अनुगमनमा उक्त स्थानमा ६ हजार १२० घ. मि. मात्र सामग्री रहेको अनुगमन प्रतिवेदनबाट देखिन्छ। समयमै लिलाम बिक्री गरी सम्पूर्ण सामग्रीको राजस्व सङ्कलन गर्नुपर्नेमा आंशिक सामग्रीको विना प्रतिस्पर्धा स्वीकृति दिँदा १२ हजार ५५ घ. मि. निर्माण सामग्री घाटगद्दी स्थलबाट हराई रू.३४ लाख ९ हजार राजस्व गुमेको देखिन्छ। सङ्कलित सामग्री हराएको सम्बन्धमा छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ।

१६१. **ठेक्का सम्झौता** - तिलोत्तमा नगरपालिका, रुपन्देहीले तिनाउ नदीको बाग्दुरा/चम्कीपुर/कौवाघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्ने आय ठेक्का बन्दोबस्त गर्न न्यूनतम अङ्क रू.१ करोड ६१ लाख ४६ हजार कायम गरी बोलपत्र आह्वान गर्दा सबैभन्दा बढी रू.३ करोड ५० लाख कबोल गर्ने बोलपत्रदाताले विभिन्न कारण देखाउँदै २०७८।१२।१३ मा सम्झौता नगर्ने निवेदन दिएको कारण दोस्रो बढी कबुल गर्ने बोलपत्र दातासँग अङ्क रू.२ करोड ४६ लाख ६७ हजारमा सम्झौता गरेको छ। पहिलो बोलपत्रदाताले खरिद सम्झौता नगर्दा नगरपालिकाको आम्दानी रू.१ करोड ३ लाख ३२ हजार आम्दानी घट्न गएको सम्बन्धमा छानबिन गरी बोलपत्रको शर्त बमोजिम कारबाही गर्नुपर्दछ।

१६२. **आयमा छुट** - कन्काई नगरपालिका, झापाले एक व्यवसायीले गरेको आय ठेक्का सम्झौतामा कबोल रकम अग्रिम दाखिला गरेको अवस्थामा १० प्रतिशत छुट दिने व्यवस्था रहेकोमा राजस्व रकम अग्रिम रूपमा दाखिला नगरे पनि बिरिङ्ग खोला, शुरुङ्गा बजार क्षेत्र र घैलाडुब्बा बजार क्षेत्रको नदीजन्य पदार्थ सङ्कलन तथा बिक्रीका लागि ढुवानी ठेक्का आयमा रू.४८ लाख ४१ हजार छुट दिएको छ। सम्झौता विपरीत छुट दिएको रकम असुल गर्नुपर्दछ।

१६३. **बढी परिमाण उत्खनन्** - ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ मा अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन्योग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाइएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्न निर्देशन दिन सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

१६३.१. धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका र कर्जन्हा नगरपालिका, सिराहाको सिमानामा रहेको कमला नदीबाट ८० हजार घनमिटर ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी कमला-कन्चनपुर सडक खण्ड निर्माणमा

प्रयोग गर्न पाउने गरी दुई नगरपालिका र निर्माण व्यवसायी बीच आय ठेक्काको सम्झौता भएको छ। सम्झौता बमोजिम कर्जनहा नगरपालिकाबाट नापजाँच गर्दा निर्माण व्यवसायीले यो वर्ष १ लाख २६ हजार २२० घनमिटर ढुङ्गा गिट्टी बालुवा उत्खनन् गरेकोले तोकिएको भन्दा बढी ४६ हजार २२० घनमिटरको प्रति घनमिटर रू.१४१.१२ दरले हुने रू.६५ लाख २३ हजार असुल गर्नुपर्दछ।

१६३.२. दमक नगरपालिका, झापाले मावा खोला-दमक-मिक्लाजुङ सडक खण्डमा १ लाख ७५० घनमिटर नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गरी बिक्री गर्न एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ। सो उत्खनन् पश्चात् प्राविधिकले दिएको नापजाँच प्रतिवेदनमा १ लाख ३७ हजार ३५१ घनमिटर उत्खनन् गरेको उल्लेख भएकोले बढी उत्खनन् भएको ३६ हजार ६०१ घनमिटर परिमाणको राजस्व असुली नभएकोले सम्झौता बमोजिम प्रति घनफिटको रू.६.७८ ले हुने रकम रू.८७ लाख ५७ हजार असुल गर्नुपर्दछ।

१६४. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा नदीजन्य पदार्थ बिक्रीको आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। नदीजन्य पदार्थ बिक्रीको आय ठेक्का दिएकोमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, खोटाङ्गले एक निर्माण व्यवसायीबाट रू.४८ लाख ७८ हजार, निजगढ नगरपालिका, बारालेे दुई ठेकेदारबाट रू.१ करोड ८५ लाख ५५ हजार, क्षिरेश्वर नगरपालिका धनुषाले ९ आय ठेक्कबाट रू.३३ लाख ६४ हजार र गणेशमान चारनाथ नगरपालिका धनुषाले रू.२३ लाख १८ हजार समेत रू २ करोड ९१ लाख १५ हजार मूल्य अभिवृद्धि रकम असुल नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

१६५. **राजस्व असुल** - वीरेन्द्रनगर नगरपालिका, सुर्खेतले सिटी बसपार्क र सो मा निर्माण भएको संरचना प्रयोगको प्रति महिना रू.३१ लाख १६ हजारका दरले ३ वर्षको रू.११ करोड २१ लाख ५९ हजार बुझाउने गरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ। संम्झौतामा महिना समाप्त भएको १५ दिन भित्र राजस्व जम्मा नभएमा जरिबाना लगाउने तथा कार्यसम्पादन जमानत जफत गरी करार सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ। व्यवसायीले २०७७।१२।१५ देखि २०७९।३।३२सम्मको राजस्व नबुझाएकोले १५.५ महिनाको साँवा रू.४ करोड ८२ लाख ९१ हजार र सोमा लाग्ने जरिबाना सहित रू.३७ करोड ९४ लाख ८० हजार असुल गर्न बाँकी देखिएको छ। सम्झौताका शर्त बमोजिम बाँकी राजस्व असुल गर्नुपर्दछ।

१६६. **सामुदायिक वनको आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वनले वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकामा बुझाउनुपर्ने व्यवस्था छ। तनहुँ जिल्लाका ३ सामुदायिक वन उपभोक्ता समितिले नगरपालिकामा बुझाउनुपर्ने रू.४५ लाख २५ हजार र लमजुङ जिल्लाका २ सामुदायिक वनले बुझाउनुपर्ने रू.१९ लाख ४० हजारसमेत रू.६४ लाख ६५ हजार बुझाएका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

१६७. **सफ्टवेयरको प्रयोग** - सार्वजनिक निकायले आवश्यकताअनुसार उपयोग हुने गरी खरिद गर्नुपर्दछ। अनलाइन नक्सा पास प्रणाली, न्यायिक समिति व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणाली लगायतका ८ सफ्टवेयरहरूको लागि धनगढीमाई नगरपालिका, सिराहाले रू.४५ लाख ७२ हजार, चन्द्रपुर नगरपालिका, रौतहटले रू.१४ लाख ९४ हजार र मिर्चैया नगरपालिका, सिराहाले रू.२९ लाख ६४ हजार गरी रू.९० लाख ३० हजार खर्च लेखेकोमा उक्त सफ्टवेयरहरू प्रयोग ल्याएका छैनन्। उक्त सफ्टवेयर उद्देश्यानुसार उपयोगमा ल्याउनुपर्दछ।

१६८. **अधुरो निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम कामबीचमा छाडेमा खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ। त्रिपुरासुन्दरी नगरपालिका, डोल्पाले २०७७।७८ मा नगर सभा

भवन निर्माणका लागि एक निर्माण व्यवसायीलाई रू.४८ लाख ८० हजार पेस्की दिएकोमा उक्त निर्माण व्यवसायी सम्पर्क विहीन भएकोले निर्माण कार्य अधुरो रहेको छ। त्यसैगरी हनुमाननगर नगरपालिका, सप्तरीले २५ शय्याको अस्पताल भवन निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७८।३।१० सम्म सम्पन्न गर्ने गरी रू.४ करोड ४० लाख १३ हजारको सम्झौता गरी रू.२ करोड १ लाख ४७ हजार भुक्तानी गरेकोमा सो पश्चात् भवन निर्माण कार्य अधुरो अवस्थामा रहेको छ। सम्झौतानुसार काम नगर्ने निर्माण व्यवासयीलाई सम्झौताको शर्त अनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१६९. **उद्योग निर्माण स्थल** - स्थानीय तहले आफ्नो स्वामित्व भएको जग्गामा मात्र भौतिक संरचना निर्माण गर्नुपर्नेमा आठबीसकोट नगरपालिका, रूकुम पश्चिमले जग्गा धनी प्रमाणपुर्जा बेगर काष्ठ उद्योग स्थापना गर्न मेशिनरी वाल र घेरा पर्खाल निर्माण बापत उपभोक्ता समितिलाई रू.४७ लाख ५० हजार भुक्तानी गरेको छ। सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेर मात्र लगानी गर्नुपर्दछ।

१७०. **भवनको नक्सा पास** - तारकेश्वर नगरपालिका, काठमाडौंको प्रशासकीय भवन निर्माण कार्यका लागि २०७९।१२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.१७ करोड १ लाखमा र कालिका नगरपालिका, चितवनले ५ तले प्रशासकीय भवन निर्माण गर्न २०७९।११।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.११ करोड ६१ लाखमा ठेक्का सम्झौता गरी निर्माण कार्य भइरहेकोमा ऐलानी तथा सार्वजनिक जग्गा प्रयोग गरेको देखिन्छ। पालिकाहरूले भवन निर्माणको लागि नेपाल सरकारबाट जग्गाको स्वामित्व प्राप्त गरी भवन संहिता बमोजिम नक्सा स्वीकृत गरेर मात्र निर्माण कार्य गर्नुपर्दछ।

१७१. **प्रशासकीय भवन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। दुल्लु नगरपालिका, दैलेखले प्रशासकीय भवनको नापजाँच नगरी रू.६६ लाख ८५ हजार भुक्तानी गरेको छ। त्यसैगरी दमक नगरपालिका, झापाले २ भवन निर्माण कार्यको २ निर्माण व्यवसायीलाई नापी किताबमा उल्लेख भएको भन्दा रू.३४ लाख २० हजार बढी भुक्तानी गरेको छ। उक्त रकम आगामी भुक्तानीमा समायोजन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१७२. **कालो सूची** - धनकुटा नगरपालिका, धनकुटाको प्रशासकीय भवन निर्माण कार्यको लागि रू.६३ लाख ६२ हजार कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७९।२।१० मा सम्झौता गरेकोमा निर्माण व्यवसायीले काम गर्न नसक्ने उल्लेख गरी दिएको निवेदनको आधारमा दोश्रो घटीवाला बोलपत्रदातासँग रू.६४ लाख ८५ हजारमा सम्झौता गरी कार्य गराएको छ। सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीलाई खरिद कानून बमोजिम रू.११ लाख ३१ हजार कार्यसम्पादन जमानत जफत गरी कालोसूचीमा राख्न सार्वजिनक खरिद अनुगमन कार्यालयमा लेखिपठाउनु पर्दछ।

१७३. **त्रुटिपूर्ण निर्माण** - सबैला नगरपालिका, धनुषाले प्रिफ्याब डिजाइनमा प्रशासनिक भवन निर्माण गर्न रू.४ करोड ५५ लाख ३५ हजारमा एक निर्माण व्यवसायीसँग २०७८।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ। पर्याप्त कारण बेगर निर्माण व्यवसायीको निवेदनको आधारमा नगरपालिकाले २०७९।३।३० सम्म म्याद थप गरे तापनि सो अवधिसम्म रू.६४ लाख १ हजार भुक्तानी भएको छ। उक्त कामको स्थलगत अनुगमन गर्दा ५२ थान एम.एस. ब्लेड जडान गरिएको, केही स्थानमा नट बोल्ट नलगाई वेल्डिङ्ग गरिएको, केही ब्लेडहरूमा खिया लागेको लगायतका त्रुटिपूर्ण अवस्थामा रहेको देखियो। निर्माणका त्रुटिहरू सच्चाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१७४. **नगर अस्पताल** - बिर्तामोड नगरपालिका, झापाको नगर अस्पताल निर्माण कार्यको भुक्तानी भएकोमा २०७९।१०।८ मा प्राविधिक सहित स्थलगत अवलोकन गर्दा माटोको कार्य, इँटा, सोलिङ, डण्डी, आर.सी.सी., टायल, मोजाइक, मार्बललगायतको कार्य नै नगरी रू.७६ लाख ९९ हजार बढी भुक्तानी गरेकोले सम्बन्धितलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

१७५. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखतमा पूर्वअनुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा विशेषज्ञ टोलीबाट जाँचबुझ गराएर मात्र भेरिएसन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ। लेटाङ नगरपालिका, मोरङले भुवा खोला पुल रू.५ करोड ५० लाखमा निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा २४.७६ प्रतिशत बढीको भेरिएसन आदेश स्वीकृत गरी सम्झौता रकम रू.६ करोड ८४ लाख २९ हजार कायम गरेको छ। उक्त भेरिएसन आदेश कार्यपालिकाबाट स्वीकृत भए तापनि भेरिएशन गर्दा विशेषज्ञ टोलीबाट जाँच गराउनु पर्नेमा सो गराएको देखिएन। त्यसैगरी सुखीपुर नगरपालिका सिराहाले कार्यालय भवनको निर्माणका लागि एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा भेरिएसन आदेश स्वीकृत नगरी विभिन्न ९ आइटममा सम्झौता भन्दा बढी रू.७३ लाख ४९ हजार भुक्तानी दिएको देखिन्छ। भेरिएसन जारी गर्दा विशेषज्ञ टोलीबाट जाँच गराई आवश्यक रकम मात्रै भुक्तानी गर्नुपर्दछ।

१७६. **कार्यसम्पादन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल, बीजकको भुक्तानी गर्दा करारको शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। बिर्तामोड नगरपालिका, झापाले विभिन्न १० योजनाहरूको भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा प्राविधिक कर्मचारी सहित पुनः स्थलगत नापजाँच गर्दा भुक्तानी भएको भन्दा कम परिमाणमा काम भएको रू.५५ लाख १४ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

१७७. **पेस्की जमानत** - रामधुनी नगरपालिका, सुनसरीले १५ शय्या अस्पताल निर्माणको लागि एक निर्माण व्यवसायीसँग रू.१० करोड ४१ लाखको सम्झौता गरी रू.९१ लाख १२ हजार पेस्की दिएकोमा सम्झौतानुसार काम नगरेको कारणबाट कार्यपालिकाले बैङ्क जमानत रू.९१ लाख १२ हजार जफत गरी धरौटी खातामा राखेको छ। उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

१७८. **फरक स्रोत** - साना सिँचाइ योजनाहरूको भुक्तानी गर्दा स्रोतगत खर्च अनुपात अनुसार संघीय सरकारको स्रोतबाट ५०, प्रदेश सरकार २०, सम्वन्धित स्थानीय तहबाट २० र उपभोक्ता समितिले १० प्रतिशत व्यहोर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्थानीय तहले आफ्नो स्रोतबाट बेहोर्नुपर्ने रकम मध्ये महालक्ष्मी नगरपालिका, धनकुटाले संघीय स्रोतबाट रू.२२ लाख ४१ हजार र पाखिबास नगरपालिका, धनकुटाले संघीय स्रोतबाट रू.२७ लाख ७१ हजार र प्रदेश सरकारको स्रोतबाट रू.९ लाख ४८ हजार समेत रू.५९ लाख ६० हजार उल्लिखित अनुपात भन्दा बढी खर्च लेखेकोले उक्त रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

१७९. **सहलगानी** - चैनपुर सहलगानी तथा सरसफाइ आयोजनाको भेरिएसन सहितको कुल लागत रू.३२ करोड ४८ लाख ७४ हजार कायम गरिएकोमा नेपाल सरकारको ७० प्रतिशत र उपभोक्ता समितिको योगदान ३० प्रतिशत रहने गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगर र चैनपुर सहलगानी तथा सरसफाइ उपभोक्ता संस्थाबीच २०७६।९।१४ मा भएको सम्झौताअनुसार उपभोक्ताले १० प्रतिशत लागत सहभागिता नगदै दाखिला गर्नुपर्ने र बाँकी २० प्रतिशत श्रमदान कार्य गर्नुपर्ने उल्लेख छ। चैनपुर नगरपालिका, संखुवासभाले उल्लिखित आयोजनाका लागि यो वर्ष पनि उपभोक्ता समितिले व्यहोर्नुपर्ने रू.४४ लाख २८

हजार नगद दाखिला नगराई आफैंले भुक्तानी दिएको छ। उपभोक्ता समितिले दाखिला गर्नुपर्ने गरी सम्झौता भएकोमा सो विपरीत समानीकरण अनुदानबाट भुक्तानी दिएको रकम फिर्ता हुनुपर्दछ।

१८०. **विशेष अनुदान बाँडफाँट** - विशेष अनुदानको रकम तोकिए बमोजिमको कार्यक्रममा मात्र खर्च गर्नुपर्नेमा ठूलीभेरी नगरपालिका, डोल्पाले कार्यपालिकाको २०७९।२।५ को निर्णयबाट बिशेष अनुदानबाट प्राप्त रकम बाँडफाँट गरी रू.४२ लाख २ हजार चालु कार्यक्रममा खर्च गरेको छ। विशेष अनुदानको रकम सम्बन्धित योजनामा खर्च नभएकोले सो रकम फिर्ता गर्नुपर्दछ।

१८१. **समपूरक अनुदान -** समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ६(१) मा उल्लिखित व्यवस्था अनुसार छनोट भएको आयोजनामा कुल लागतको अधिकतम ५० प्रतिशतसम्म समपूरक अनुदानको रूपमा प्रदान गर्ने उल्लेख छ। प्रदेश समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रूपमा प्रदान गर्ने उल्लेख छ। यो वर्ष इलाम नगरपालिका, इलामले संघ समपूरकमा रू.८० लाख ३८ हजार, प्रदेश समपूरकमा रू.२० लाख र देउमाई नगरपालिका, इलामले प्रदेश समपूरकमा रू.४ लाख १३ हजार र लेटाङ्ग नगरपालिका, मोरङले रू.४९ लाख ३० हजार समेत गरी कुल रू.१ करोड ५३ लाख ८१ हजार घटी लागत सहभागितामा काम गराएकोले उक्त घटी लागत साझेदारी रकम सम्बन्धित सञ्चित कोषमा शोधभर्ना गर्नुपर्दछ।

१८२. **कार्यक्षेत्र बाहिरको कार्य -** त्रियुगा नगरपालिका, उदयपुरले आफ्नो कार्यक्षेत्रभित्र नपर्ने गाईघाट-दिक्तेल सडक र धरान-चतारा-गाईघाट सडकबीचमा घेराबारा व्यवस्थापन गर्न एक निर्माण व्यवसायीसँग रू.२५ लाख ३१ हजारमा सम्झौता गरी निर्माण कार्य गरेको देखियो। पालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेर मात्र योजना सञ्चालन गर्नुपर्ने देखिन्छ।

१८३. **कार्यविधि विपरीत खर्च** - प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार प्रदेश समपूरक अनुदानबाट प्राप्त रकम स्वीकृत योजनामा खर्च गर्नुपर्ने तथा ठेक्का प्रक्रियाबाट गर्नुपर्ने व्यवस्था छ। रंगेली नगरपालिका, मोरङले उक्त अनुदानबाट रंगेली काली मन्दिर सामुदायिक भवन निर्माणका लागि रू.५० लाख विनियोजन भएकोमा पालिकाले उपभोक्ता समितिमार्फत् काम गराई रू.४८ लाख ४७ हजार खर्च गरेको छ। कार्यविधिको पालना गरी खर्च गर्नुपर्दछ।

१८४. **औद्योगिक ग्राम निर्माण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ४५ मा संघीय तथा प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभएमा फिर्ता पठाउनुपर्ने व्यवस्था छ। पञ्चपुरी नगरपालिका, सुर्खेतलाई औद्योगिक ग्राम निर्माणका लागि प्राप्त रकम ठेक्का गरी बचत भएको रकम सम्वन्धित निकायलाई फिर्ता गर्नुपर्नेमा रू.४८ लाख ५० हजार उपभोक्ता समिति मार्फत् सडक निर्माण कार्यमा खर्च गरेको छ।

१८५. **चापाकल खरिद तथा जडान -** सिराहा नगरपालिका, सिराहाले २ हजार २७४ थान चापाकल खरिद तथा जडान बापत रू.७ करोड ५ लाख ४ हजार भुक्तानी गरेकोमा जडान भएको प्रमाण पेस गरेको देखिँदैन। उक्त चापाकल जडान भएको प्रतिवेदन पेस गर्नुपर्दछ।

१८६. **हेण्ड पम्प वितरण**- कपिलवस्तु नगरपालिका कपिलवस्तुले १३ फर्मबाट रू.५७ लाख ३५ हजारका ४४४ हेण्ड पम्प खरिद गरी वितरण गरेकोमा प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन। त्यसैगरी सोही नगरपालिकाले खरमुक्त छानो कार्यक्रम कार्यान्वयन गर्नको लागि रू.९१ लाख ९५ हजारको ७५० बण्डल जस्तापाता खरिद गरेको छ। नगरपालिकाले आवश्यकता पहिचान र मापदण्ड बनाई खरिद र वितरण गर्नुपर्दछ।

१८७. **विपन्न आवास कार्यक्रम -** दोधरा चाँदनी नगरपालिका, कञ्चनपुरले आफ्नो क्षेत्रभित्र रहेका विपन्न वर्गलाई आवासको प्रवन्ध गर्न विपन्न आवास सहयोग कार्यक्रमका लागि नगर प्रमुख अन्तर्गत १९ लाभग्राहीका लागि रू.२७ लाख १४ हजार र नगर उपप्रमुख अन्तर्गत १४ लाभग्राहीका लागि रू.१४ लाख ८६ हजार समेत रू.४२ लाख आवास व्यवस्थापनमा खर्च गरेको छ। लाभग्राही छनोटको आधार बेगर भुक्तानी दिएकोले कार्यविधि व्यवस्थित गरी भुक्तानी दिनुपर्दछ।

१८८. **निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८(१)(क)(५) अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर गर्न सकिने व्यवस्था छ। टोखा नगरपालिका, काठमाडौंले समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि व्यवस्थापन गरी १४२ र चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोकले ९७ संस्था दर्ता भएकोमा संस्थाको विधानमा संस्थाले निर्माणसँग सम्बन्धित कार्य गर्ने सम्बन्धमा उल्लेख गरेको छैन। उक्त कार्यविधि तथा संस्थाको विधान विपरीत उपभोक्ता समिति वा लाभग्राही समुदाय सरहको मान्यता दिई प्रतिस्पर्धा बेगर टोखा नगरपालिकाले रू.२० करोड ४९ लाख ४७ हजार र चौतारा साँगाचोकगढी नगरपालिकाले रू.२७ करोड ४९ लाख ७० हजारको निर्माण कार्य गराएको छ।

१८९. **समपूरक अनुदान -** गण्डकी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं १२(२) मा ठेक्का आह्वान गर्दा ई-बिडिङ्ग गरी कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। फलेवास नगरपालिका, पर्वतले लिमिठाना-ठानामौला मोटरबाटो निर्माण कार्य उपभोक्ता समितिबाट गराई प्रदेश समपूरकबाट रू.३७ लाख भुक्तानी दिएको छ। कार्यविधि विपरीत उपभोक्ता समितिबाट कार्य गराएको उचित देखिएन।

१९०. **असम्बन्धितलाई भुक्तानी -** कृष्णपुर नगरपालिका, कञ्चनपुरले ८ नं वडा कार्यालय भवन निर्माणका लागि एक संयुक्त उपक्रमसँग रू.१ करोड ९ लाख २२ हजारको खरिद सम्झौता गरी दोस्रो रनिङ्ग बिलको रू.१२ लाख ६५ हजार भुक्तानी दिनुपर्नेमा अर्को एक आपूर्तिकर्तालाई भुक्तानी दिएको छ। सम्झौतामा उल्लेख नभएको पक्षलाई भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त भुक्तानी नियम सम्मत देखिएन।

१९१. **मूल्य अभिवृद्धि कर** - पालिकाले तयार गरेको दर विश्लेषणमा मेसिन प्रयोग गरी विभिन्न प्रकारका माटो तथा चट्टान कटिङ्ग गर्दा तयार गरेको दरमा मूल्य अभिवृद्धि करसहितको दर भएकोमा पुनः मूल्य अभिवृद्दि कर थप गरी उपभोक्तालाई रकम दिएको कारण धादिङ जिल्ला धुनिबेंसी नगरपालिकाको ६२ उपभोक्ता समितिलाई बाटो निर्माण तथा मर्मत कार्यको लागि रू.२७ लाख ४४ हजार थप व्ययभार परेकोले सम्बन्धितबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१९२. **नर्म्सको प्रयोग -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ। पी.सी.सी फर आर.सी.सी(१:२:४) सडक र नाला निर्माणमा सडक विभागको नर्म्स प्रयोग नगरी फरक नर्म्स प्रयोग गरी दर विश्लेषण गर्दा कल्याणुर नगरपालिका, सिराहाले ४१ उपभोक्ता समितिलाई रू.३५ लाख ११ हजार र सिराहा नगरपालिका, सिराहाको १५ उपभोक्ता समितिलाई रू.२३ लाख ५८ हजार समेत रू ५८ लाख ६९ हजार बढी भुक्तानी गरेकोले थप व्ययभार पारेको छ। उक्त कार्यमा नगरपालिकाले सडक निर्माणको नर्म्सको प्रयोग गर्नुपर्दछ।

१९३. **सुपर स्ट्रक्चरको दर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। गोरखा नगरपालिका, गोरखाले उपभोक्ता समितिबाट सम्पन्न गराएको २१

सडक निर्माण योजनामा फाउण्डेसन तहको नाली, रिटेनिङ्ग वाल तथा स्टोन म्यासनरी वालमा सुपरस्ट्रक्चरको दररेट कायम गरी लागत अनुमान तयार गरी भुक्तानी गर्दा रू.१४ लाख ४६ हजार बढी भुक्तानी भएकोले उपभोक्ता अंश रू.२ लाख ४१ हजार कट्टा गरी बाँकी रकम रू.१२ लाख ५ हजार असुल गर्नुपर्दछ।

१९४. **रकम दाखिला प्रमाण -** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार पारिश्रमिक बापतको रकम श्रमिकलाई बैङ्क खाता खोल्न लगाई योजनाको कुल भुक्तानी रकम मध्ये प्रत्येक श्रमिकको बैङ्क खातामा रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। खाँडादेवी नगरपालिका, रामेछापले ३ उपभोक्ता समितिको खातामा कामका लागि अनुदान शीर्षकबाट निर्माण भएका निर्माण कार्यको ज्यालाबापतको रू.९५ लाख १० हजार सम्बन्धित श्रमिकको खातामा जम्मा नगरी उपभोक्ता समितिको नाममा जम्मा भएको छ। प्रत्येक श्रमिकले रकम प्राप्त गरेको यकिन हुने प्रमाण पेस गर्नुपर्दछ।

१९५. **लाभग्राही छनोट** - कोभिड महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम हुने गरी अति विपन्न लाभग्राही परिवारलाई रू.१० हजारका दरले नगद हस्तान्तरण गर्न संघीय सरकारबाट रकम प्राप्त भएकोमा उक्त रकम कार्यविधि अनुरूप लाभग्राही छनोट गरी लाभग्राहीलाई बैंङ्कखाता मार्फत् भुक्तानी दिनुपर्नेमा लाभग्राही छनोट नगरी २०७९ आषाढमा परोहा नगरपालिका, रौतहटले रू.९१ लाख १० हजार, कटरिया नगरपालिका, रौतहटले रू.९४ लाख ३० हजार, धनगढी नगरपालिका, सिराहाले रू.७९ लाख २० हजार समेत रू.२ करोड ६५ लाख सहकारी बैंङ्कको खातामा जम्मा गरेको छ। उक्त रकम लाभग्राहीको बैंङ्क खातामा जम्मा गरेको प्रमाण पेस हुनुपर्ने अन्यथा संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

१९६. **स्वेच्छिक अवकाश योजना** - पुतलीबजार नगरपालिका, स्याङ्जाले शिक्षकहरूको स्वेच्छिक अवकाश योजना कार्यान्वयनका लागि शुरू तलब स्केलको ४ महिना बराबरको एकमुष्ट रकम प्रोत्साहन स्वरूप आन्तरिक स्रोतबाट उपलब्ध गराउने निर्णय गरेकोमा स्वेच्छिक अवकाश रोजेका २५ शिक्षकहरूलाई प्रोत्साहन रकम बापत सशर्त अनुदानबाट रू.३१ लाख ४५ हजार भुक्तानी गरेको छ। उक्त रकम संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ।

१९७. **बढी दिवा खाजा -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ को क्रियाकलाप ७.१ मा दिवा खाजा अनुदान दिँदा विद्यालय सञ्चालन भएको दिनमा विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) आधारमा दिनुपर्ने व्यवस्था छ। यस वर्ष शहिदनगर नगरपालिका, धनुषाले विद्यार्थी हाजिरी संख्याभन्दा बढी विधार्थीको निमित्त २१ विद्यालयलाई रू.४२ लाख ६३ हजार बढी निकासा दिएकोले उक्त विद्यालयबाट फिर्ता गर्नुपर्दछ।

१९८. **पकेट विकास कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ७.१ मा कृषि उत्पादन सामग्रीहरू (बीउ, बेर्ना, बिरूवा, माछा भुरा, पशु नश्ल), कृषि औजार तथा उपकरण मा बढीमा ५० प्रतिशत र सिंचाइ सामग्रीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिने उल्लेख छ। व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास निरन्तरता कार्यक्रम अन्तर्गत ईश्वरपुर नगरपालिका, सर्लाहीले पाँच फर्मलाइ रू.१७ लाख ४६ हजार, बौधिमाई नगरपालिका रौतहटले २ कृषक समूहलाई रू.५ लाख, परोंहा नगरपालिका, रौतहटले रू.५ लाख १४ हजार, गौर नगरपालिका, रौतहटले रू.५ लाख ५० हजार र राजदेवी नगरपालिका, रौतहटले रू.१४ लाख ५८ हजारसमेत रू.४७ लाख ६८ हजार शतप्रतिशत भुक्तानी गरेकोले बढी भुक्तानी भएको रू.२३ लाख ८४ हजार असुल हुनुपर्दछ।

१९९. **अनुदान -** वेदकोट नगरपालिका कञ्चनपुरले यस वर्ष कृषि अनुदानअन्तर्गत उन्नत धानको बीउ वितरणतर्फ ६०९ कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रू.९ लाख, गहुँको बीउ वितरणतर्फ २५० कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रू.६ लाख २० हजार, च्याउको बीउ वितरणतर्फ ३६५ कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रू.२ लाख, विभिन्न तरकारीको बीउ वितरणतर्फ २२२ कृषकलाई रू.२ लाख, प्लाष्टिक वितरणतर्फ ३८ कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रू.२ लाख र विषादी वितरणतर्फ रू.१ लाख गरी कुल रू.२० लाख २० हजार खर्च गरेको छ। स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क, छनोटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकीकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन। यस्तो अनुदानको लागि मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्दछ।

२००. **कर्मचारी नियुक्ति** - वडाले कर्मचारी नियुक्ति गर्ने कानूनी व्यवस्था छैन। चन्द्रपुर नगरपालिका, रौतहट अन्तर्गतका वडाले आफैं ज्यालादारीमा कर्मचारी नियुक्ति गरी सो को हाजिरीको आधारमा तलब भत्ता बापत यो वर्ष रू ४८ लाख ३० हजार भुक्तानी गरेको कार्य नियमसम्मत देखिएन।

२०१. **प्रोत्साहन भत्ता -** चापाकोट नगरपालिका स्याङ्जाले स्थानीय कानून तथा अर्थ मन्त्रालयको स्वीकृति बेगर ३५ कर्मचारीलाई सर्शत अनुदानबाट रू.३५ लाख ९४ हजार प्रोत्साहन भत्ता खर्च लेखेको छ। तोकिएको सशर्त खर्च शीर्षकमा मात्र खर्च गर्नुपर्ने शशर्त अनुदानबाट प्रोत्साहन खर्च लेखेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

२०२. **कर रकमबाट खर्च -** महाराजगन्ज नगरपालिका, कपिलवस्तुले अन्य बहाल कर रू.७ लाख ९० हजार संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा उक्त करबाट बैठक भत्ता खर्च गरेको छ।यस्तो खर्च लेख्ने तथा स्वीकृत गर्ने कर्मचारीलाई जिम्मेवार बनाई सम्बन्धितबाट असुल उपर गर्नुपर्दछ।

२०३. **कार्यक्रम सञ्चालन -** जयपृथ्वी नगरपालिका बझाङ्गले १० वडा अध्यक्षलाई रू.२४ लाख ४१ हजार पेस्की दिई निजहरूबाटै योजना तथा कार्यक्रम सञ्चालन गरेको उल्लेख गरी रू.२२ लाख १४ हजार फर्स्यौट गरेको छ। जनप्रतिनिधिबाट कार्यक्रम सञ्चालन गर्नु नियमसम्मत देखिएन।

२०४. **सञ्चय कोष खर्च -** संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरूलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रू.१० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ। तर चितवनको खैरहनी र माडी तथा सिन्धुपाल्चोकको साँगाचोकगढी नगरपालिकाले करार सेवामा राखिएका कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी सञ्चय कोष बापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम नगरपालिकाबाट थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गर्दै आएको छ। उक्त मन्त्रालयको पत्र विपरीत हुने गरी खर्च गरेको १० प्रतिशत रकम रू.५९ लाख ४७ हजार असुल गर्नुपर्दछ।

२०५. **अवलोकन भ्रमण तथा वृत्तचित्र निर्माण** - टोखा नगरपालिका, काठमाडौंले यस वर्ष अध्ययन/अवलोकन भ्रमण बापत विभिन्न १८ टोलीलाई रू.४४ लाख ६१ हजार र २६ वृत्तचित्र निर्माणका लागि रू.३४ लाख २० हजार समेत रू.७८ लाख ८१ हजार भुक्तानी गरेको छ। स्पष्ट प्रयोजन र औचित्य बेगर हुने यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

२०६. **कोभिड-१९ अनुदान** - कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ६(६) मा छनोट भएका लाभग्राहीको बैङ्क खातामा प्रतिपरिवार रू.१० हजारका दरले नगद हस्तान्तरण गर्ने व्यवस्था छ। कालिकोटको खाँडाचक्र नगरपालिकाले ४१६, जाजरकोटको छेडागाड नगरपालिकाले १ हजार ९४, नलगाड नगरपालिकाले ७८८, दैलेखको दुल्लु नगरपालिकाले १ हजार २७७,

नारायण नगरपालिकाले ५४३ समेत ४ हजार ११८ परिवारलाई जम्मा रू.४ करोड ११ लाख ८० हजार बैङ्क मार्फत् भुक्तानी नगरी नगद वितरण गरेको छ। त्यस्तै ठूलीभेरी नगरपालिका, डोल्पाले रू.२१ लाख ४० हजार कार्यविधि विपरीत आर्थिक सहायता वितरण गरेको छ। कार्यविधि विपरीत नगद वितरण कार्य नियमसम्मत देखिएन।

२०७. **विद्युत महसुल** - फतुवा विजयपुर नगरपालिकाले पाँचौ नगरसभाको निर्णयानुसार नगरक्षेत्रका सम्पूर्ण कृषि तथा घरेलु विद्युत महसुल भुक्तानी गर्न रू.८५ लाख विनियोजन भएकोमा रू.८४ लाख ६३ हजार नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको छ। आवश्यकता विश्लेषण नगरी र कार्यविधि नबनाई गरिने यस्ता प्रकृतिका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२०८. **बिल भर्पाई** - ठूलीभेरी नगरपालिका, डोल्पाले ४६ कार्यक्रमका लागि रू.३ करोड ८३ लाख ८ हजार र पञ्चपुरी नगरपालिका, सुर्खेतले चालु कार्यक्रमतर्फ रू.५३ लाख ९० हजार बिलभर्पाई बेगर बजेट खर्च लेखेका छन्। खर्चको पुष्ट्याइँ हुने प्रमाण बेगर खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२०९. **साझेदारी बिकास कोष** - व्यास नगरपालिकाको नगरपालि, तनहुँका साझेदारी विकास कोष (स्थापना तथा सञ्चालन) विनियमावली, २०६१ को नियम २९(६) मा ऋण लिने टोल विकास संस्थाले सम्झौताको भाखाभित्र ऋण रकमको सावाँ, ब्याज तथा सेवा शुल्क र भाखा नाघेको अवस्थामा तोकिए बमोजिम हर्जाना समेत तिर्नुपर्ने व्यवस्था छ। नगर साझेदारी कोषले आफ्नो कुल आय रू.२ करोड १७ लाख ४३ हजार मध्ये रू.१ करोड २८ लाख ७६ हजार ऋण लगानी गरेको छ। लगानी मध्ये २०५७।७।६ देखि हालसम्म विभिन्न ३१ उद्यम समूहलाई लगानी गरेको सावाँ रू.८१ लाख ७२ हजारको भाखा नाघेकोले नियमानुसार लाग्ने व्याज र हर्जना सहित असुल गर्नुपर्दछ।

२१०. **लेखापरीक्षण तथा बेरुजू** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका २७४ नगरपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छः

(रू.लाखमा)

क सं	प्रदेश	लेखापरीक्षण गरिएको नगरपालिकाको संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू (म्याद नाघेको पेस्कीसमेत)	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	कोशी	४६	८५२७००	३१९६५	२९४९	३.७५	३.४०
२	मधेश	७१	१०६११४२	६६७२६	६९२५	६.२९	५.६४
३	बागमती	४१	१०३९६८५	२५०३१	४४५४	२.४१	१.९८
४	गण्डकी	२६	४७१५०६	११५३८	१३१९	२.४५	२.१७
५	लुम्बिनी	३२	६३८८४७	१५५०८	३२४	२.४३	२.३८
६	कर्णाली	२५	४०७१२१	१८९४३	१०२५	४.६५	४.४०
७	सुदूरपश्चिम	३३	५४६२४५	२०५९६	१६६८	३.७७	३.४७
	जम्मा	**२७४**	**५०१७२४६**	**१९०३०७**	**१८६६४**	**३.७९**	**३.४२**

उल्लिखित विवरण अनुसार लेखापरीक्षण अङ्कको तुलनामा मधेश प्रदेशमा सबैभन्दा बढी ६.२९ प्रतिशत र बागमती प्रदेशमा सबै भन्दा कम २.४१ प्रतिशत बेरुजू देखिएको छ।

गाउँपालिका तर्फ

२११. **आय-व्ययको अवस्था** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ४५८ गाउँपालिकाको आय-व्ययको स्थिति देहाय अनुसार छः

(रू.लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएका गाउँपालिका संख्या	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
कोशी	८८	६१७०१	२९०८९२	१९५०४	६३५८५	१०६३७	६५१८६	५११५०५	२४१९७१	१३४१७५	६७०७७	४४३२२३	६८२८२
मधेश	५७	५७१५२	१६१४०९	१२६१४	३८३६३	५१६७	५९०२३	३३३७२८	१४१५१९	८५५१२	५०८७३	२७७९०४	५५८२४
बागमती	७४	५९३७७	२४३४५०	३७५४१	७९७९१	१७२८३	६०१८६	४९७६२८	२२७४३४	१३५२०७	५३५३३	४१६१७४	८१४५४
गण्डकी	५८	५०२४०	१७३२०६	११६८३	३८८९९	७१३९	४८४१०	३२९५७७	१४१८२५	८०८८८	५२३२३	२७५०३६	५४५४१
लुम्बिनी	७३	५२३२९	२७२८९५	२६७०२	६६३१२	१०७१५	८५५८४	५१४५३७	२४५४८८	१२७८१६	७६६१४	४४९९१९	६४६१९
कर्णाली	५४	२०३८२	१६३६०१	१७४२०	३३४८२	२४४९	४८७९९	२८६१३३	१४३१३८	६८८६१	४९७४८	२६१७४७	२४३८६
सुदूरपश्चिम	५४	१९००२	१८२१०८	१०६७८	३८३४२	३०२५	४९२८५	३०२४४०	१४७०४८	७१९२९	६२५१७	२८१४९४	२०९४६
जम्मा	**४५८**	**३२०१८३**	**१४८७५६१**	**१३६१४२**	**३५८७७४**	**५६४१५**	**४१६४७३**	**२७७५५४८**	**१२८८४२३**	**७०४३८८**	**४१२६८५**	**२४०५४९६**	**३७००५२**

२१२. **नदीजन्य पदार्थ सङ्कलन तथा बिक्री -** मिक्लाजुङ गाउँपालिका, मोरङको १३ नाकाबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन र बिक्री गर्नको लागि आव्हान गरेको बोलपत्र सूचना तथा सम्झौताका शर्तमा स्वीकृत कबोल रकम एकमुष्ट दाखिला गरेमा कबोल अङ्कको १० प्रतिशत छुट दिन सकिने व्यवस्था रहेको छ। नदीजन्य पदार्थ सङ्कलन तथा बिक्रीको लागि यो वर्ष भएको ठेक्कामा पालिकाले एक सप्लायर्ससँग रू.६ करोड १३ लाख ८४ हजारको सम्झौता गरेको छ। सम्झौताको शर्त विपरीत कार्यपालिकाको २०७८।९।२९ को निर्णयबाट उक्त सप्लायर्सलाई कबोल अङ्कको १० प्रतिशतले हुने रू.६१ लाख ३८ हजार छुट दिएको हुँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ।

२१३. **बढी उत्खनन् -** वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन बमोजिम म्याग्दे गाउँपालिका, तनहुँले लगाएको दहत्तर बहत्तरको ७ आय ठेक्काअनुसार वार्षिक ४५ हजार ७३ घनमिटर उत्खनन् गर्न पाईनेमा पालिकाको अनुगमन प्रतिवेदन अनुसार ठेकेदारले ६७ हजार ३२४ घनमिटर उत्खनन् गरेको छ। बढी परिमाणमा उत्खनन् गरेको २२ हजार २५१ घनमिटर ढुङ्गागिट्टी बालुवाको रू.१ करोड ४१ लाख ४ हजारमध्ये असुल भएको रू.४१ लाख ४२ हजार घटाई बाँकी रू.९९ लाख ६२ हजार सम्बन्धितबाट जरिबानासहित असुल गर्नुपर्दछ।

२१४. **प्राप्त हुन बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।

२१४.१. नेत्रावती डबजोङ गाउँपालिका, धादिङले ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् गर्न एक कम्पनीसँग रू.१५ लाख १ हजारको ठेक्का सम्झौता गरेको छ। सम्झौता अनुसार प्रथम किस्ता बापत हुने २५ प्रतिशत रू.३ लाख ७५ हजारमात्र बुझाएकोले बाँकी ७५ प्रतिशतले २ किस्ता बापत हुने रू.११ लाख २६ हजारमा १० प्रतिशतले हुने जरिबाना रू.१ लाख १३ हजार समेत रू.१२ लाख ३९ हजार असुल हुनुपर्दछ।

२१४.२. इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोकले २०७८।७९ को ढुङ्गा, गिट्टी, बालुवाको ठेक्कामा १ करोड ११ लाख ११ हजार घन फिट बालुवा बिक्रीका लागि न्यूनतम् अङ्क रू.१० करोड ३३ लाख कायम गरी ठेक्का आह्वान गरेकोमा सबैभन्दा बढी अङ्क कबोल गर्ने एक व्यवसायीसँग रू.१२ करोड ९९ लाख ५० हजारमा तीन किस्तामा रकम बुझाउने गरी ठेक्का सम्झौता भएकोमा रू.९ करोड ५८ लाख १ हजार मात्र बुझाएको देखिन्छ। २०७८।४।१ देखि २०७८।६।१० सम्म बाटो अवरूद्ध भएका कारण जनाई रू.३ करोड ४१ लाख ४९ हजार छुट दिनको लागि पालिकामा निवेदन दिएकोमा निवेदन उपर कुनै कारबाही भएको छैन। उक्त व्यवसायीसँग सम्झौता बमोजिमको रकममा ब्याज समेत असुल गर्नुपर्दछ।

२१४.३. धादिङ जिल्लाको ज्वालामुखी, त्रिपुरासुन्दरी र गल्छी गाउँपालिकाले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा ६ व्यवसायीबाट रू.२ करोड ३८ लाख ८४ हजार असुल गर्न बाँकी रहेको छ।

उठ्नुपर्ने राजस्वको अद्यावधिक लगत तयार गरी सम्झौता अनुसारको रकम व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ।

२१४.४. खनियावास गाउँपालिका, धादिङ र एक निर्माण कम्पनी बीच आँखु, लिस्ने, किन्ताङ, थम्बु खोला क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा एवं रोडा सङ्कलन र बिक्री गर्न २०७८।११।१० मा मूल्य अभिवृद्धि कर बाहेक रू.२५ लाख १ हजारमा सम्झौता भएकोमा उक्त रकम पालिकाको खातामा दाखिला भएको छैन। पटक पटक ताकेता गर्दा पनि निर्माण व्यवसायी सम्पर्कमा नआएकोले पालिकाले २०७९।४।६ मा बैंकलाई जमानत बापतको रकम खातामा दाखिला गर्ने पत्राचार गरेकोमा दाखिला भएको छैन। सम्झौताको बुँदा नं. १३ अनुसार १० प्रतिशत व्याज समेत रू.२७ लाख ५१ हजार असुल हुनुपर्दछ।

२१४.५. थाक्रे गाउँपालिका, धादिङले राजस्व परामर्श समितिको सिफारिस तथा गाउँ कार्यपालिकाको निर्णयअनुसार रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धुलो र ईट्टाको कर तथा शुल्क सङ्कलनका लागि एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रू.१३ करोड ५५ लाख ५१ हजारको २०७८।३।३१ मा सम्झौता गरेको छ। निर्माण व्यवसायीले तेस्रो किस्ता रू.४ करोड ७४ लाख ४३ हजार नबुझाएकोले सम्झौताअनुसार उक्त रकम असुल गर्नुपर्दछ।

२१४.६. बुद्धशान्ति गाउँपालिका, झापाले हडिया खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गर्न ठेक्का लगाएकोमा ठेक्का बापत उठ्न बाँकी रू.५४ लाख ८० हजारमा जरिबाना समेत हिसाब गरी असुल गर्नुपर्दछ।

२१५. **मूल्य अभिवृद्धि कर सङ्कलन** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, बालुवा, माटो) बापत कर संकलकमार्फत् सङ्कलन भएको मूल्य अभिवृद्धि कर पालिकाले आफ्नै नाम तथा स्थायी लेखा नम्बरबाट संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

२१५.१. धादिङको ज्वालामुखी, गल्छी, त्रिपुरासुन्दरी र काभ्रेपलान्चोकको भुम्लु गाउँपालिका गरी ४ स्थानीय तहका २१ कर संकलकले २०७७।२०७८ र २०७८।२०७९ मा सङ्कलन गरेको रू.३ करोड ४२ लाख ८३ हजार मूल्य अभिवृद्धि कर आफ्नै नाम तथा स्थायी लेखा नम्बरबाट दाखिला गरेका छन्। मूल्य अभिवृद्धि कर ऐन, २०५२ उक्त कर समायोजन गरेको प्रमाण पेस हुनुपर्ने अन्यथा जरिबाना समेतको रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

२१५.२. थाक्रे गाउँपालिका, धादिङले एक सप्लायर्ससँग भएको ढुङ्गा गिट्टी सम्बन्धी कारोबारको कुल ठेक्का अङ्कको १३ प्रतिशतले हुने रू.१ करोड ७६ लाख २२ हजार तथा कच्ची सडक मर्मत सेवा शुल्क सङ्कलनको २ ठेक्काका लागि एक निर्माण कम्पनीबाट सङ्कलन भएको मूल्य अभिवृद्धि रू.२९ लाख ६८ हजार समेत रू.२ करोड ५ लाख ९० हजार दाखिला भएको प्रमाण संलग्न रहेको देखिएन। मूल्य अभिवृद्धि कर बापतको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२१६. **प्राकृतिक स्रोत उपयोग शुल्क** - प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची ४ (ग) मा खानीजन्य वस्तुहरूको उपयोग गरी सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्ने सिमेन्ट उद्योगबाट उत्पादित सिमेन्ट उद्योगबाट बाहिर पठाउँदा प्रति बोरा एक रूपैयाँका दरले प्राकृतिक स्रोत उपयोग शुल्क लगाइने व्यवस्था छ। छथर जोरपाटी गाउँपालिका, धनकुटामा सञ्चालित सिमेन्ट उद्योगले २०७६।७७ देखि उत्पादन गरेको २४ लाख ८५ हजार ९२७ बोरा सिमेन्टको प्राकृतिक स्रोत उपयोग शुल्क रू.२४ लाख ८६ हजारमा जरिबाना सहित असुल गर्नुपर्दछ।

२१७. **सामुदायिक वनको आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वनले वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा बुझाउनुपर्ने व्यवस्था छ। तनहुँ जिल्लाका ५ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समितिले बुझाउनुपर्ने रू.१ करोड ३५ लाख ५ हजार र लमजुङ जिल्लाका २ समितिले गाउँपालिकामा बुझाउनुपर्ने रू.१ लाख ७६ हजारसमेत रू.१ करोड ३६ लाख ८१ हजार बुझाएका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

२१८. **साझेदारी शोधभर्ना -** समपूरक अनुदान खर्च गर्दा पालिकाबाट व्यहोर्ने रकम पालिकाको सञ्चित कोष (विशेष तथा सशर्त बाहेकको) बाट भुक्तानी गर्नुपर्दछ। नौमुले गाउँपालिका, दैलेखले वास, ग्रामीण जलस्रोत व्यवस्थापनको सहयोग तथा अन्य दातृ निकायसँग साझेदारी गरेको १७ योजनामा पालिकाले व्यहोर्नु पर्ने रू.२४ लाख ९४ हजार संघीय सशर्त अनुदानबाट खर्च लेखेको पाइयो। उक्त साझेदारी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

२१९. **लागत साझेदारी** - समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ अनुसार समपूरक अनुदानका कार्यक्रममा पालिकाले ५० प्रतिशत रकम लगानी गर्नुपर्नेमा केदारस्युँ गाउँपालिका, बझाङले भैरव माध्यामिक विद्यालय झोताको पशु विज्ञान भवन निर्माणमा यस वर्ष रू.२६ लाख ९५ हजार संघीय सरकारतर्फ र खिकीरी सिँचाइ कुलो आयोजनामा रू.२७ लाख १२ हजार रकम प्रदेश सरकारतर्फ खर्च लेखेकोले उक्त रकमको ५० प्रतिशतले हुने पालिका स्रोतबाट खर्च लेखी रू.१३ लाख ४७ हजार संघीय सञ्चित कोष र रू.१३ लाख ५६ हजार प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

२२०. **पुल निर्माण कार्यः** करैयामाई गाउँपालिका, बाराले प्रसन्हा नदीमा पुल निर्माण कार्यको लागि एक निर्माण कम्पनीसँग १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।३।११ मा रू.६ करोड २४ लाख ६० हजारको सम्झौता गरी २०७७।३।१८ मा रू.५४ लाख ५० हजार पेस्की दिएको छ। तर उक्त पुल योजनामा हालसम्म कुनै काम शुरू नभएकोले खरिद नियमावलीको ११३(६) बमोजिम व्याजसहित पेस्की जमानत जफत गर्नुपर्दछ।

२२१. **नर्म्सको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। नरहा गाउँपालिका, सिराहा अर्न्तगतका १६ सडक निर्माण योजनाको उपभोक्ता समितिलाई भुक्तानी गर्दा पी.सी.सी. (एम १५) को काममा दर विश्लेषण भन्दा बढी दरले रू.४० लाख ३८ हजार, मालिकार्जुन गाउँपालिका दार्चुलाले सडक विभागको नर्म्स भन्दा बढी हुने गरी रू.२३ लाख ७२ हजार, रूपा गाउँपालिका, कास्कीले एक सडक निर्माणमा नर्म्स फरक पारी रू.१० लाख ५० हजार बढी भुक्तानी गरेका छन्। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२२२. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक १२ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा आवश्यक देखिएमा मूल्य समायोजन दिन सकिने व्यवस्था छ।

२२२.१. आँधीखोला गाउँपालिका, स्याङ्जाको प्रशासनिक भवन निर्माण कार्यको पेस्की कट्टा नगरी मूल्य समायोजन दिँदा रू.३ लाख ५५ हजार र कार्यसम्पन्न गर्नुपर्ने शुरु अवधि भन्दा एक महिना अघिको मूल्य इन्डेक्स फ्रिज नगरी मूल्य समायोजन दिँदा रू.८ लाख ५६ हजार समेत जम्मा रू.१२ लाख ११ हजार बढी भुक्तानी भएको छ।

२२२.२. दुहु गाउँपालिका दार्चुलाको प्रशासकीय भवन निर्माण गर्ने एक निर्माण सेवालाई सम्झौतामा उल्लेख भएको भन्दा फरक इन्डेक्सबाट रू.२७ लाख २ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ।

२२२.३. मदाने गाउँपालिका, गुल्मी र एक निर्माण व्यवसायीबीच पन्ध्र शय्याको अस्पताल रू.१२ करोड ४८ लाख २९ हजारमा गर्ने गरी २०७८।०१।२१ मा गरेको सम्झौताको विशेष शर्तको (जीसीसी) ५३.१ मा मूल्य समायोजन लागू नहुने उल्लेख गरेकोमा यस वर्ष मूल्य समायोजन बापत रू.७५ लाख ६५ हजार भुक्तानी दिएको छ।

२२२.४. सम्मरीमाई गाउँपालिका, रूपन्देहीले प्रशासकीय भवन निर्माणको निर्माण व्यवसायीलाई रू.२३ लाख ६३ हजार मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा रू.४८ लाख २७ हजार भुक्तानी दिएले रू.२१ लाख ८० हजार बढी मूल्य समायोजन दिएको छ। मूल्य समायोजन बापत बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ।

२२३. **नापजाँच** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिकि नापजाँच गर्दा नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा रनिङ्ग बिल भुक्तानी गर्नुपर्नेमा रघुगंगा गाउँपालिका, म्याग्दीले कोल्डस्टोर निर्माण कार्यको एक निर्माण व्यवसायीलाई नापी किताब बेगर रू.२६ लाख ८१ हजार र मालिका गाउँपालिका, म्याग्दीले विभिन्न ५ निर्माण कम्पनीलाई निर्माण कार्यको रनिङ्ग बिल भुक्तानी गर्दा अनुमानित नापी किताबको आधारमा रू.१ करोड ९० लाख ९१ हजार भुक्तानी गरेको छ। वास्तविक नापी किताबको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ।

२२४. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। यस सम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

२२४.१. महाबै गाउँपालिका, कालीकोटले ८ योजनाको निर्माण कार्यमा रू.१७ लाख ७७ हजार, शुभकालिका गाउँपालिका कालीकोटले १ योजनाको निर्माण कार्यमा २ आइटम थप गरी रू.७ लाख २७ हजार, सानीभेरी गाउँपालिका रूकुम पश्चिमले १ योजनाको निर्माण कार्यमा ५ आइटमको रू.१३ लाख १६ हजार समेत रकम थप भुक्तानी गर्दा भेरिएसन स्वीकृत गरेको छैन। थप कार्य गर्दा/गराउँदा भेरिएसन स्वीकृत गराउनुपर्दछ।

२२४.२. राप्ती गाउँपालिका, दाङको प्रशासनिक भवन निर्माणका लागि एक निर्माण व्यवसायी सँग २०७६।०९।२५ मा रू.६ करोड ७९ लाख ७२ हजारको सम्झौता भई कार्यसम्पन्न गर्ने म्याद २०७८।०३।२५ सम्म रहेकोमा एक पटक म्याद थप भई २०७८।०८।२३ मा कार्यसम्पन्न भएको छ। एक परामर्शदाताले तयार गरेको डिजाइन तथा इस्टिमेट मा लिफ्ट, भन्याङमा रेलिङ्ग, मार्बल र एक्पान्सन जोइन्ट छुट भएको र स्ट्रक्चरको रड, मार्बल, एम २० कङ्क्रिट, टायल, प्लास्टर लगायतका आइटमहरूमा परिमाण थप गरी रू.१ करोड ८४ लाख ६५ हजार वृद्धी भई शुरू सम्झौताको २७.१९ प्रतिशत वृद्धिको भेरिएसन आदेश स्वीकृत भएको छ।

खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न सकिने कार्यमा भेरिएसन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्ने छ।

२२५. **पेस्की फस्यौंट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछ्यौंट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको दश प्रतिशत ब्याजसमेत असुल उपर गर्नुपर्ने उल्लेख छ। हरिनगर

गाउँपालिका, सुनसरीले ३ खरिद सम्झौताको पेस्की रू.१ करोड २२ लाख ७९ हजार फछ्यौंट नगरेको र ८० प्रतिशत समयावधिसमेत सकिएकोले नियमानुसार जरिबानासहित रू.१ करोड ३५ लाख ७ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

२२६. **अधुरो कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौता अनुसार काम शुरू गरी बीचैमा छोडेमा वा समयमा कार्यसम्पन्न नभएमा सार्वजनिक निकायले त्यस्तो सम्झौता रद्द गर्ने र सम्झौता रद्द भएमा सो काम बापत राखिएको बैंङ्क जमानत जफत गर्नुपर्ने व्यवस्था रहेको छ। देवानगन्ज गाउँपालिका, सुनसरीले कसानगङ्ग कोल्ड स्टोर निर्माण कार्यको ठेक्का आह्वान गरेकोमा एक संयुक्त उपक्रमले रू.१ करोड ४७ लाख ६७ हजार कबोल गरी २०७७।१२।२० मा काम सक्ने गरी सम्झौता गरेकोमा २०७८।११।२५ सम्म म्याद थप भएको र हालसम्म रू.६४ लाख ७० हजारको मात्र काम गरी बीचैमा छाडेको देखिन्छ। हालसम्म उक्त ठेक्काको म्याद थप नभएको हुँदा निजले राखेको कार्यसम्पादन जमानत रू.१५ लाख ३० हजार जफत गरी आम्दानी बाँध्नुपर्ने र निर्माण कार्यको लागि लाग्ने बाँकी खर्च सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

२२७. **औद्योगिक ग्राम** - उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र छथर जोरपाटी गाउँपालिका, धनकुटाबीच औद्योगिक ग्राम स्थापना गर्ने सम्बन्धमा २०७८।१०।२४ मा भएको समझदारी अनुसार २०७८।७९ मा खर्च हुन नसकी बाँकी रहेको रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा मन्त्रालयबाट औद्योगिक ग्रामको पूर्वाधार विकास गर्ने कार्यको लागि प्राप्त रू.८० लाखमध्ये रू.३१ लाख ६ हजार मात्र खर्च भएकोले बाँकी रू.४८ लाख ९३ हजार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

२२८. **लागत सहभागिता**- समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ६(१) मा उल्लिखित व्यवस्था अनुसार छनोट भएको आयोजनाको प्राथमिकता, उपलब्धि, दिगोपना समेतका आधारमा प्रदेश वा स्थानीय तहको कुल लागतको अधिकतम ५० प्रतिशतसम्म समपूरक अनुदानको रूपमा प्रदान गर्ने उल्लेख छ। प्रदेश समपूरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशतसम्म प्रदेश सरकारले समपूरक अनुदानको रूपमा प्रदान गर्ने उल्लेख छ। इलाम जिल्लाका फाकफोकथुम, माङ्सेबुङ, सन्दकपुर र मोरङ जिल्ला केराबारी समेत ४ पालिकाले रू.६१ लाख ८७ हजार घटी लागत सहभागितामा काम गराएकोले घटी लागत साझेदारी रकम सम्बन्धित पालिकाबाट सञ्चित कोषमा शोधभर्ना गर्नुपर्दछ।

२२९. **कार्यविधि विपरीत निर्माण कार्य** - प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ९ मा प्रदेश समपूरक अनुदानको रकमबाट सम्पन्न गरिने कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था गरेको छ। ईलाम जिल्लाको माङ्सेबुङ गाउँपालिकाले सडक स्तरोन्नति कार्यमा रू.२२ लाख ५० हजार, सोलुखुम्बु जिल्लाको सोताङ गाउँपालिकाले शिवटार बजार निर्माण कार्यका लागि रू.७२ लाख ५९ हजार, खुम्बुपासाङ ल्हामु गाउँपालिकाले ढल निर्माणको लागि रू.४९ लाख ७५ हजार उपभोक्ता समितिबाट कार्य गराई खर्च गरेको छ। कार्यविधिको व्यवस्थाअनुसार ठेक्कामार्फत् प्रतिस्पर्धा गराई कार्य गर्नुपर्दछ।

त्यस्तै भोटखोला गाउँपालिका, संखुवासभाले समपूरक अनुदानबाट ५ नम्बर वडा कार्यालय भवन निर्माणको काम उपभोक्ता समितिबाट गराई रू.१६ लाख ८० हजार खर्च गरेको छ।

२३०. **जग्गा खरिद** - जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३(क) मा स्थानीय तहबाट गरिने जग्गा खरिद सम्बन्धी व्यवस्था छ। कानेपोखरी गाउँपालिका, मोरङले वडा नं. ५ कार्यालय भवन, सामुदायिक भवन, शीत भण्डार र सेवा केन्द्र भवन निर्माण कार्यका लागि प्रति कट्ठा रू.१० लाख २५ हजारका दरले १ विघा जग्गा रू.२

करोड ५ लाखमा खरिद गरेको छ। पालिकाले जग्गा खरिदका लागि सूचना प्रकाशन गर्दा २ वटा प्रस्ताव पेस भएकोमा कानेपोखरी-रंगेली सडकले छोएको जग्गामा प्रति कट्ठा रू.९ लाख र नछोएकोमा रू.३ लाख ५५ हजारमा दिने प्रस्ताव गरेको छ। मूल्याङ्कन समितिले उक्त सडकसँग ६ धुर जग्गाले मात्र छोएको २ कित्ताबाट १ विघा खरिद गर्न मुआब्जा निर्धारण समितिमा पेस गरेकोमा मुआब्जा निर्धारण समितिले प्रति कट्ठा रू.१० लाख २५ हजार कायम गरेको पाइयो। यस आधारमा उक्त सडकले नछोएको १ विघा जग्गा खरिद गर्दा पालिकालाई रू.१ करोड ३४ लाख बढी व्ययभार परेको छ।

त्यसैगरी साकेला गाउँपालिका, खोटाङले आफ्नो नाममा जग्गाको स्वामित्व हस्तान्तरण भएको प्रमाण बेगर यो वर्ष रू.२१ लाख ९८ हजारको जग्गा खरिद बापत भुक्तानी गरेको छ।

२३१. **बढी भुक्तानी** - गछिया खोलाको मिक्स गिट्टी (आर.बी.एम) को मूल्य राख्दा लूज ग्राभेल कार्यको प्रति घनमिटर रू.१ हजार ७२ तथा कम्प्याक्सन सहितको ग्राभेल कार्यको प्रति घन मिटर रू.१ हजार ५२१ को दरमा सम्झौता गरी भुक्तानी दिनुपर्नेमा फरक दर राखी मोरङ्गको बुढीगंगा गाउँपालिकाले १६ वटा उपभोक्ता समितिलाई रू.३८ लाख ३६ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२३२. **अधुरो कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सकिने व्यवस्था छ। सोताङ गाउँपालिका, सोलुखुम्बुले प्रशासनिक भवनमा शौचालय, कम्पाउण्ड वाल तथा प्रवेश गेट समेतको आइटम समावेश गरी उपभोक्ता समितिले सम्झौता बमोजिम कार्य नगरी अन्तिम बिल तयार गरेको र पालिका प्रमुखले २०७९।३।१२ मा भुक्तानी दिन सिफारिस गरेको आधारमा अधुरो कामको लागि रू.२९ लाख भुक्तानी गरेको हुँदा काम सम्पन्न नभई भुक्तानीको सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

२३३. **नापी किताब**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादन वा सम्पन्न भएको कार्यको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। केपिलासगढी गाउँपालिका, खोटाङले ४ वटा योजनाको निर्माण व्यवसायीलाई नापी किताब बेगर नै रू.१ करोड ४७ लाख ४ हजार भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२३४. **बढी व्ययभार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दररेट निर्धारणसम्बन्धी व्यवस्था छ। खोटाङ जिल्लाका दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका तथा जन्तेढुङ्गा, खोटेहाङ र दिप्रुङ चुइचुम्बा गाउँपालिकाले सिँचाइ योजनाहरूको निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउँदा पालिकाको स्वीकृत दररेटभन्दा फरक दरबाट रू.४० लाख ३० हजार बढी भुक्तानी गरेको छ।

२३५. **मूल्य समायोजन** - ताप्ली गाउँपालिका, उदयपुरले मूल्य समायोजन दिने गरी बोलपत्र आह्वान गरेतापनि निर्माण व्यवसायीसँग गरेको सम्झौतामा मूल्य समायोजन नदिने शर्त रहेकोमा रू.२१ लाख ११ हजार मूल्य समायोजन बापत भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२३६. **एक्स-रे मेसिन**- आठराई गाउँपालिका, तेह्रथुमले एक सप्लायर्ससँग रू.२९ लाख ७२ हजारमा एक्स-रे मेसिन खरिद गरेकोमा हालसम्म एक्स-रे राख्ने भवन तयार नगरी राखेकोले तत्काल उक्त उपकरण उपयोगमा ल्याउन आवश्यक व्यवस्था गर्नुपर्दछ।

२३७. **प्रधानमन्त्री रोजगार कार्यक्रम**- आठराई गाउँपालिका, तेह्रथुमले प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ १६४ जनालाई रोजगारी दिएकोमा ११ हजार २९ म्यानडेजको प्रति म्यानडेज रू.५७७ का दरले रू.६३ लाख ६४ हजार मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्नेमा रू.९४ लाख ६३ हजार भुक्तानी गरेकोले रू.३० लाख ९९

हजार बढी भुक्तानी गरेको र स्थानीय तहबाट लागत साझेदारी गरी छुट्टा छुट्टै १२ योजनाबाट रू.२५ लाख ४४ हजार बराबरको ढुङ्गा समेत आपूर्ति गरेकोमा प्राविधिक मूल्याङ्कन गर्दा ढुङ्गा झिकेको म्यानडेजसमेत मूल्याङ्कन हुँदा दोहोरो मूल्याङ्कन भई बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

२३८. **बढी भुक्तानी** - सिरीजङ्गा गाउँपालिका, ताप्लेजुङको वडा कार्यालय भवन, १० शय्या अस्पताल, ब्वाइज होस्टेल, तावाखोला पुल, प्रशासकीय भवन योजनामा माटो पुर्ने, फर्म वर्क, ढुङ्गा सोलिङ, डण्डी र ईट्टाको गाह्रो लगाउने आदि काममा स्वीकृत दररेटभन्दा बढी रू.१८ लाख ३२ हजार र पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङको खहरेखोला पूर्व सडक, वडा नं. ५ प्रशासकीय भवन, स्वास्थ्य चौकी भवनलगायत ६ योजनामा ढुङ्गा माटो र इँटाको कार्य गर्दा बढी भुक्तानी रू.१८ लाख २४ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ।

२३९. **लागत अनुमान** - माछापुच्छ्रे गाउँपालिका, कास्कीले २ खानेपानी आयोजनाको नाममा प्राप्त विशेष अनुदान योजनाको विस्तृत परियोजना प्रतिवेदन तथा सम्पुर्ण लागत अनुमान तयार नगरी पाइप खरिद गरी वडालाई हस्तान्तरण गरेको देखिन्छ। दुई योजनाको लागि विभिन्न साइजको ७५ हजार ७५० मिटर पाइप खरिद गरी दुई छुट्टा छुट्टै ठेक्कामार्फत् रू.१ करोड ८ लाख ६१ हजार खर्च लेखेको छ। यसरी विस्तृत परियोजना प्रतिवेदन तथा लागत अनुमान बेगर पाइप खरिद गरेकोमा सम्वन्धित योजनामा उक्त पाइप आवश्यक हो होइन सोको पुष्टि गर्ने कागजातसहित जडान भएको प्राविधिक मूल्याङ्कन पेस गर्नुपर्ने देखिन्छ।

२४०. **मूल्याङ्कनको शर्त** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६०(६) मा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्य सम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सानातिना फरक भएका बोलपत्रहरूलाई सारभूत रूपमा प्रभावग्राही बोलपत्र मानिने उल्लेख छ। पातारासी गाउँपालिका, जुम्लाको चौरखोलादेखि हुरी महरी सडक स्तरोन्नति गर्न ११ बोलपत्र पेस भएकोमा न्यून कबोल गर्ने एक निर्माण सेवाले साइट भिजिट नगरेको भनी अस्वीकृत गरी अर्को एक निर्माण कम्पनीले कबोल गरेको रू.१ करोड १६ लाख ७० हजारको वोलपत्र स्वीकृत गर्दा रू.७७ लाख १७ हजार थप व्ययभार परेको छ। यसरी पालिकाको योजना निर्माणमा ठुलो प्रभाव नपार्ने किसिमको शर्त राखी बोलपत्रको मूल्याङ्कन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२४१. **भवन निर्माण** - गुराँस गाउँपालिका, दैलेखले अस्पताल निर्माण कार्य रू.१२ करोड ५० लाख ९७ हजारमा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग सम्झौता भएको छ। सम्झौताको शर्तमा दुई किस्तामा गरी दश प्रतिशतसम्म पेस्की दिन सकिने व्यवस्था भएकोमा रू.३ करोड १९ लाख १० हजार पेस्की नजनाई सिधै खर्च लेखेको छ। फिल्ड तयार गर्ने काम मात्र भएकोमा माटो फिलिङ्ग, स्टोन सोलिङ्ग र डिपीसी सम्मको काम भएको जनाई प्रथम बिल रू.३३ लाख १६ हजार समेत हालसम्म रू.३ करोड ५२ लाख २६ हजार भुक्तानी भएको सो अस्पताल भवन निर्माण कार्य शुरु भएको छैन।

भवन निर्माणका लागि छनोट भएको निर्माण स्थलमा सडक, विद्युत, खानेपानी लगायत आवश्यक पूर्वाधार नभएको, वातावरणीय प्रभाव मूल्याङ्कन, माटो परीक्षण लगायत विस्तृत आयोजना प्रतिवेदन समेत तयार नगरी निर्माण शुरु भएकोले भवन निर्माण कार्य त्रुटिपूर्ण देखिएको छ। सम्झौताभन्दा बढी पेस्की रू.१ करोड ९४ लाखको नियमानुसार १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी सम्झौता अनुसार निर्माण सम्पन्न गर्नुपर्दछ।

२४२. **निर्माण स्थलको व्यवस्था** - नेपाल सरकारले घोषणा गरेको एक पालिका एक अस्पताल कार्यक्रम अनुसार नौमुले गाउँपालिका, दैलेखले १५ शैयाको अस्पताल रू.९ करोड ९० लाख ६४ हजारमा २४ महिनामा

निर्माण सम्पन्न गर्न ०७८।०६।११ मा एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा १४ महिना व्यतीत हुदाँसम्म निर्माण स्थल तयार गर्ने बाहेक अन्य काम भएको छैन। निर्माण व्यवसायीलाई रू.१ करोड पेस्की उपलब्ध गराएकोमा परामर्शदाताले तयार गरेको विस्तृत लागत, ड्रइङ्ग र नाप अनुसार जग्गाको अवस्था नमिलेको उल्लेख गरी विवाद भई निर्माण शुरू भएको छैन।

२४३. **पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। चुरे गाउँपालिका कैलालीको वडा नं २ को प्रशासकीय भवन निर्माण गर्न रू.१ करोड २ लाख १२ हजारको २०७७।२।९ मा एक निर्माण व्यवसायिसँग १३ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको पाइयो। सम्झौता बमोजिम २०७८।३।९ सम्म सम्पन्न गर्ने अवधि रहेकोमा कार्य सम्पन्न नगरेको तथा म्याद थप समेत नभएकोले सम्झौता अनुसार १० प्रतिशतले हुने रू.१० लाख २१ हजार पूर्व निर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२४४. **चापाकल खरिद तथा जडान -** सार्वजनिक खरिद निमावली, २०६४ को नियम ११७ मा सार्वजानिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसमान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गरेर मात्र भुक्तानी प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो प्रक्रिया बेगर ८० थान बोरिङ्ग र १६३ थान चापाकल खरिद तथा जडानबापत नवराजपुर गाउँपालिका, सिराहाले उपभोक्ता समितिमार्फत् रू.४१ लाख ७१ हजार र कोटेशन मार्फत् रू.७० लाख ४५ हजार, चापाकल खरिद तथा जडान बापत नरहा गाउँपालिका, सिराहाले ४ उपभोक्ता समितिलाई ४४३ थानको रू.१ करोड १६ लाख १६ हजार र धोबिनी गाउँपालिका, पर्साले २४३ थानको रू.४८ लाख २ हजार, २५ थान बोरिङ्ग र ४२५ थान चापाकल खरिद तथा जडान बापत छिपहरमाई गाउँपालिका, पर्साले उपभोक्ता समितिमार्फत् रू.९१ लाख ८३ हजार समेत रू.३ करोड ६८ लाख १७ हजार भुक्तानी गरेको देखियो। नियमावलीमा भएको व्यवस्थाअनुसार जडान प्रतिवेदन तयार गर्नुपर्दछ।

२४५. **पेस्कीको म्याद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ४ बमोजिम पेस्की जमानतको म्याद खरिद सम्झौतामा उल्लेख भएको पेस्की फर्स्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। भगवानपुर गाउँपालिका, सिराहाले भवन निर्माण पेस्कीबापत एक निर्माण व्यवसायीलाई यो वर्ष रू.७५ लाख थपसमेत रू.१ करोड ७० लाख २० हजार पेस्की दिएकोमा रनिङ्ग बिलबाट कट्टी गरी बाँकी रू.१ करोड ५३ लाख १८ हजार पेस्की नै रहेकोमा पेस्कीको म्याद २०७८।९।२२ सम्ममात्र रहेको देखिएको र पेस्की जमानतको म्यादसमेत समाप्त भएको हुँदा बाँकी पेस्की जोखिममा रहेको छ।

२४६. **सफ्टवेयर खरिद** - सखुवान्कारकट्टी गाउँपालिका, सिराहाले विभिन्न ५ किसिमको सफ्टवेयर जडानबापत रू.१७ लाख ७४ हजार भुक्तानी गरेकोमा सफ्टवेयर सञ्चालन र प्रयोगमा रहेको देखिएन। साथै सूचना प्रविधि विभागबाट स्वीकृत समेत गरेको देखिएन। खरिद गरिएका सफ्टवेयरको उपयोग हुनुपर्दछ।

२४७. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। जगरनाथपुर गाउँपालिका, पर्साले दुई निर्माण व्यवसायीलाई गत वर्षको भुक्तानी तथा यस वर्षको योजनाको निर्माण तथा सामग्री सोझै खरिद गरी भुक्तानी गरेकोमा एकै रकम एकै दिन चेक काटेको र सोको स्रेस्ता संलग्न गरेको देखिएन। स्रेस्ता तयार

नगरी भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाउदै रू.१ करोड २० लाख ८६ हजार भुक्तानी रकम असुल गर्नुपर्दछ।

२४८. **विस्तृत परियोजना प्रतिवेदन** - अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरीले आर्थिक वर्ष २०७६।७७ मा औद्योगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन एक परामर्शदाताबाट तयार गराई रू.१४ लाख ९४ हजार भुक्तानी गरेकोमा सोही कार्यको विस्तृत परियोजना प्रतिवेदन अर्को एक परामर्शदाताबाट गराई रू.९ लाख ७१ हजार भुक्तानी गरेको छ। विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कामको लागि दोहोरो गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइ उक्त रकम असुल गर्नुपर्दछ।

२४९. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रू.१० लाखको सीमा भन्दा बढी रकमको एउटै फर्म वा कम्पनीबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ। जगरनाथपुर गाउँपालिका, पर्साले तोकिएको सीमा भन्दा बढी एक निर्माण व्यवसायीबाट निर्माण तथा सामग्री खरिद बापत रू.१ करोड ८ लाख ७३ हजार र एक आपूर्तिकर्ताबाट निर्माण तथा सामग्री खरिद बापत रू.१ करोड ९ लाख ५९ हजार समेत हुने रू.२ करोड १८ लाख ३२ हजार खरिद गरि भुक्तानी गरेको देखियो। प्रतिस्पर्धा सीमित हुने गरी गरिने खरिद कार्य नियमसम्मत देखिएन।

२५०. **पकेट विकास कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ७.१ मा कृषि उत्पादन सामग्रीहरू (बीउ, बेर्ना, बिरूवा, माछा भुरा, पशु नश्ल), कृषि औजार तथा उपकरण मा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने उल्लेख छ। औरही गाउँपालिका, सिराहामा ३ पकेट विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशतले रू.१६ लाख ५५ हजार र बरियारपट्टी गाउँपालिका, सिराहाले ३ सहकारी संस्थालाई रू.१७ लाख ४२ हजार र तरकारी तथा बाख्रा पकेट सञ्चालन तथा निरन्तरताको लागि हुम्लाको ६ गाउँपालिकाले रू.४३ लाख २५ हजार मात्र भुक्तानी दिनुपर्नेमा शतप्रतिशत भुक्तानी दिएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

२५१. **बजेट खर्च र कर्मचारी परिचालन** - पालिकाले आफ्ना कर्मचारीहरूबाट गराउन सक्ने कार्यक्रमहरू कार्यालयका कर्मचारीहरू परिचालनबाट गराएको हुनुपर्दछ। मालारानी गाउँपालिका, अर्घाखाँचीले संघीय सशर्त अनुदानमा कार्यक्रम सञ्चालनका लागि निकासा भएको रू.७८ लाख ९४ हजार समेत एक परियोजनालाई निकासा दिई कार्यक्रम सञ्चालन गरेको छ। कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको बीउ वितरण तथा सचेतना सम्बन्धी तालिम कार्यक्रमहरू कार्यालयको जनशक्तिबाट प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

२५२. **नवीकरणीय उर्जा कार्यक्रम** - आदर्श गाउँपालिका, डोटीको वार्ड नं.६ मा ८० किलोबाट क्षमताको मिनिग्रेड जडान कार्यका लागि नवीकरणीय ऊर्जा अनुदान कार्यक्रमबाट ९० प्रतिशत अनुदान र पालिकाले १० प्रतिशत व्यहोर्ने गरी लागत अनुमान रू.५ करोड १ लाख ४२ हजारमा सौर्य-ऊर्जा कार्यक्रम सञ्चालनका लागि २०७८।११।२० मा वैकल्पिक उर्जा केन्द्रसँग त्रिपक्षीय सम्झौता भएको देखियो। नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ अनुसार मिनीग्रिड कार्यक्रम सञ्चालन नियमावली, २०७६ अनुसार स्थानीय तहको स्वामित्त्व रहने गरी सौर्य मिनीग्रेडमार्फत् ३२८ घर धुरीका लागि विद्युतीकरण कार्यक्रम सञ्चालन गर्न हालसम्म जग्गा उपलब्ध गराउन नसकेको, ठेकेदारको छनोट नभएको, सौर्य विद्युतीय उपकरणको खरिद, जडानका लागि आवश्यक खरिद प्रक्रिया अगाडी नबढेको तर योजनाको सम्पन्न गर्नुपर्ने समय सीमा २०७९ फाल्गुणसम्म तोकिएकोमा उक्त समयमा मिनिग्रिड जडान सम्पन्न हुने अवस्था देखिएन। वर्षान्तमा त्रिपक्षीय सम्झौताअनुसारको १० प्रतिशत रकम रू.५ करोड १ लाख ४२ हजारमध्ये पालिकाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई रू.३० लाख भुक्तानी दिएको छ। मिनीग्रिडको लागि आवश्यक जग्गाको स्वामित्त्व पालिकामा रहने अवस्थाको सुनिश्चितता नभई सम्झौताका आधारमा खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२५३. **औद्योगिक ग्राम निर्माण** - ऋषिङ गाउँपालिका, तनहुँले स्थापना गर्ने औद्योगिक ग्रामको विस्तृत आयोजना सर्भेक्षण अनुसार आयोजनाको लागत अनुमान रू.७ करोड ९१ लाख ८० हजार रहेकोमा कम्पाउण्ड वाल निर्माणको लागि एक निर्माण व्यवसायीसँग रू.१ करोड १६ लाख २९ हजारको सम्झौता गरी रू.९३ लाख २४ हजार भुक्तानी गरेको छ। कालिगण्डकी नदीको किनारमा स्थापना गरिने उक्त ग्राम निर्माण स्थलमा बाटोको राम्रो पहुँच नपुगेको, अन्य पूर्वाधारहरू नभएको, बजारको सहज पहुँचबाट टाढा रहेको छ। विस्तृत आयोजना सर्भेक्षण अनुसार लागत लाभ विश्लेषणको आधारमा लगानी गर्नुपर्दछ।

२५४. **सिटी हल निर्माण** - घिरिङ गाउँपालिका, तनहुँले सिटीहल निर्माण कार्य २०७९ असार १ भित्र सम्पन्न गर्ने गरी रू.१ करोड ३२ लाख ४८ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा हालसम्म रू.१६ लाख १४ हजार खर्च गरी रिटेनिङ वाल लगाउने बाहेकको काम भएको छैन। निर्माण कार्यको लागि आवश्यक बजेट व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२५५. **कर्मचारी व्यवस्थापन** - चामे गाउँपालिका, मनाङले पालिका अन्तर्गत सञ्चालित २ विद्यालयमा विगत ५ वर्ष देखि विद्यार्थी संख्या शून्य रहेको उल्लेख गरी ५ शिक्षकहरूलाई कर्मचारी अभाव भएको भनी वडा कार्यालयमा खटाई तलव भत्ताबापत रू.१९लाख ८ हजार खर्च लेखेको छ। पालिकाले स्वीकृत दरबन्दीअनुसार कर्मचारी पदपूर्ति गरी शिक्षकको दरबन्दी मिलान गरी शिक्षकलाई शिक्षण कार्यमा लगाउनुपर्दछ।

२५६. **सामग्रीको प्रयोग** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४(१) मा मालसामान खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन योजना विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने उल्लेख छ। सिरानचोक गाउँपालिका, गोरखाले प्राविधिक ल्याव परीक्षण केन्द्र सञ्चालनको लागि बालुवा गिट्टीको साईज छुटाउने कंक्रिट टेस्ट, डण्डी टेष्ट, गिट्टी टेष्ट, ह्यामर टेष्ट, कम्पास जस्ता ३५ आइटमको यन्त्र उपकरण रू.१९ लाख २६ हजारमा खरिद गरेकोमा भवन अभावका कारण यन्त्र उपकरण जडान तथा प्रयोग भएको छैन।

२५७. **भेषभुषा तथा पोशाक खरिद** - हरिनास गाउँपालिका, स्याङ्जाले जनतासँग अध्यक्ष कार्यक्रममा रू.४ करोड ४४ लाख ३६ हजार अबण्डा राखी अध्यक्षको तोकआदेशबाट १०२ आमा समूह तथा क्लवको भेषभूषा, भाडावर्तन लगायतको सामग्री खरिद गरी रू.१ करोड ८४ लाख ९७ हजार खर्च गरेको छ। वितरणमुखि तथा अनुउत्पादक कार्यमा तोकआदेशका आधारमा खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ।

२५८. **कोभिड १९ अनुदान** – कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को ६(६) मा छनोट भएका लाभग्राहीको बैङ्क खातामा प्रतिपरिवार रू.१० हजारका दरले नगद हस्तान्तरण गर्ने व्यवस्था छ। कालिकोटको महाबै गाउँपालिकाले २८५, शुभकालिका गाउँपालिकाले ४००, सान्नीत्रिवेणी गाउँपालिकाले ३६९ र दैलेखको गुराँस गाउँपालिकाले ४७३ समेत १ हजार ५२७ परिवारलाई कुल रू.१ करोड ५२ लाख ७० हजार बैङ्कमा जम्मा नगरी वितरण गरेको छ।

२५९. **सुधारिएको चुलो** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा करारको शर्तबमोजिम हस्तान्तरण वा पूरा भएको कार्य परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सान्नीत्रिवेणी गाउँपालिका, कालीकोटले १ हजार २०० थान सुधारिएको चुलो खरिदका लागि एक आपूर्तिकर्तालाई रू.१ करोड २२ लाख ७९ हजार भुक्तानी गरे पनि सामान आपूर्ति भएको छैन। उक्त सामान प्राप्त गरी वितरण गर्नुपर्दछ।

२६०. **क्याम्पसलाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ। नेपालको संविधानको अनुसूची-६ मा उच्च शिक्षासम्बन्धी अधिकार प्रदेश सरकारको हुने उल्लेख छ। यो वर्ष विभिन्न क्याम्पसलाई मोरङ जिल्लाका

केराबारी गाउँपालिकाले रू.७ लाख, कानेपोखरी गाउँपालिकाले रू.८ लाख, धनपालथान गाउँपालिकाले रू.१ करोड १५ हजार भौतिक निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न अनुदान निकासा गरेको छ। स्थानीय तहले आफ्नो क्षेत्रधिकारभन्दा बाहिरका तथा तालुक निकायबाट बजेट व्यवस्था हुने गरेका निकायलाई अनुदान निकासा गरेको उचित देखिएन।

२६१. **प्रशासकीय भवन उद्घाटन** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। जगदुल्ला गाउँपालिका, डोल्पाले कार्यालयको प्रशासनीक भवन उद्घाटन गर्दा एक हवाई कम्पनीको हेलिकप्टर चार्टरमा रू.१६ लाख ४५ हजार खर्च गरेको छ। प्रतिफलविहीन खर्च नियन्त्रण गर्नुपर्दछ।

२६२. **मुआब्जा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी आदि कार्य नगरी निर्माण गर्न नहुने उल्लेख छ। पलता गाउँपालिका, कालिकोटले बेल्के ढुङ्गा लेखनवाडा वडा कार्यालय हुँदै माछा पातिहाल्ना सडक खण्डको ९.७४ किलोमिटर सडकका लागि रू.२२ करोड ९८ लाख ७४ हजारको लागत अनुमान स्वीकृत गरी २०७४।७५ देखि विभिन्न चेनेज टुक्राई खर्च गर्दै आएको छ। पालिकाले यस वर्ष रू.१ करोड ३१ लाख ६९ हजारको ठेक्का स्वीकृत गरी निर्माण गराएकोमा २३ घरघुरीलाई मुआब्जा बापत रू.६९ लाख ९० हजार रकम भुक्तानी गरेको छ। युटिलिटी हटाउने लगायतका कार्य सम्पन्न नगरी टुक्रे योजना बनाई खर्च गर्दा खरिद नियमको पालना नभएको तथा मुआब्जालगायत क्षतिपूर्तिसमेतबाट थप व्ययभार परेको छ।

२६३. **होटल खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। सिन्जा गाउँपालिका, जुम्लाले प्रयोजन नखुलाई सदरमुकामका ४ होटलको बिल राखी रू.१८ लाख ३८ हजार खर्च लेखेको हुँदा खर्च मनासिब देखिएन। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२६४. **सामान वितरण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा खरिद गर्नु अघि लागत अनुमान स्वीकृत गर्नुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तरबमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था छ। तातोपानी गाउँपालिका, जुम्लाले ३४० सेट हिल टेक टङ्की तथा ग्याँस स्टोभ खरिद गरी रू.५२ लाख भुक्तानी गर्दा लागत अनुमान स्वीकृत, प्राविधिक स्पेशिफिकेशन र गुणस्तर चेकजाँच गरेको छैन। लागत अनुमान स्वीकृत नगरी भरपाईको आधारमा वितरणमुखी कार्यक्रममा खर्च गरेको नियमसम्मत देखिएन।

२६५. **सामान खरिद** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ अनुसार कार्यक्रममा स्वीकृत रकम ज्याला भुक्तानीमा खर्च गर्नुपर्दछ। नौमुले गाउँपालिका, दैलेखले एक खानेपानी तथा सरसफाइ योजनामा पालिकाले रू.२० लाख ७१ हजार र उपभोक्ताले रू.१२ लाख ५३ हजार सामान खरिदको भुक्तानी गरेको छ। कार्यक्रमको उद्देश्य प्राप्तिका लागि निर्देशिका विपरीत खर्च गरेको रू.३३ लाख २४ हजार नियम सम्मत देखिएन।

२६६. **धरौटीबाट खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली २०७७ को नियम ६९(१) बमोजिम धरौटी रकम अन्य प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ। बसबरिया गाउँपालिका, सर्लाहीले धरौटीको

रकमबाट रू.४२ लाख ४५ हजार खर्च लेखी एक संयुक्त उपक्रमलाई रनिङ्ग बिलको रकम भुक्तानी गरेको पाइएकोले सम्वन्धित कर्मचारीलाई जिम्मेवार बनाई उक्त रकम शोधभर्ना गर्नुपर्दछ।

२६७. **संघ संस्थाबाट काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) मा संघ संस्थाबाट निर्माण कार्य गर्न गराउँन सकिने व्यवस्था छैन। काभ्रे जिल्लाको मण्डनदेउपुर नगरपालिकाले युवा क्लव, टोल विकास संस्था, सहकारी लगायत गैरसहकारी ६५ संस्थाबाट १६३ निर्माण सम्बन्धी काम गरी रू.५ करोड ९० लाख भुक्तानी दिएको छ। प्रत्येक वडामा स्थापना भएका टोल विकास संस्था तथा क्लब मार्फत् सिँचाइ, खानेपानी, भवन निर्माण, खेल मैदान, बाटो निर्माण गर्दा वास्तविक उपभोक्ता/सेवाग्राही नहुने, स्वामित्व नलिने र सेवाग्राहीको सहभागिता नहुने अवस्थामा पालिकाले यसरी काम लगाउनु नियमसम्मत देखिँदैन।

२६८. **चर्च, मन्दिर, गुम्बा** - सरकारी रकम सार्वजनिक हकहितको लागि प्रयोग गर्नुपर्नेमा कैलाश गाउँपालिका, मकवानपुरले २०७८।७९ मा ३५ चर्च निर्माण गर्न रू.६९ लाख, १४ गुम्बा बनाउन रू.६१ लाख, १० मन्दिरको लागि रू.४४ लाखसमेत रू.१ करोड ७४ लाख सम्बन्धित समितिलाई उपलब्ध गराएको छ। तर चर्चतर्फ लगानी गरेको अधिकांश रकम निजी जग्गामा निर्माणाधीन धार्मिक स्थल निर्माण, मर्मत लगायतमा खर्च भएको देखिँदा रकम सार्वजनिक हितको प्रयोजनार्थ खर्च गर्न पालिकाबाट उपयुक्त नीति अवलम्बन गर्नुपर्दछ।

२६९. **एफ.एम.रेडियो सञ्चालन** - बंगलाचुली गाउँपालिका, दाङले पालिकाको पूर्ण स्वामित्वमा रहने गरी एफ.एम. रेडियो सञ्चालन गर्न रेडियो बंगलाचुली एफ.एम. सञ्चालन तथा व्यवस्थापन गठन आदेश, २०७८ तर्जुमा गरी २०७८।४।२ देखि उक्त रेडियो सञ्चालनमा ल्याएको छ। रेडियो स्थापना एवं सञ्चालनका लागि रू.७७ लाख गाउँपालिकाबाट उपलब्ध गराइएको र सोको सञ्चालनका लागि विभिन्न ८ जना कर्मचारी करार सेवामा राखी पारिश्रमिकबापत वार्षिक करिब रू.२५ लाख खर्च हुने देखिन्छ। उक्त रेडियोबाट २०७८।०७९ मा रू.१ लाख ५ हजार मात्र आम्दानी भएको छ। रेडियो स्थापना एवं सञ्चालन सम्बन्धमा आवश्यकता पहिचान र लाभ लागत विश्लेषण नगरी सञ्चालन गरेको देखिँदा उच्च लागतमा न्यून प्रतिफल प्राप्तभएकोले यस्ता योजना छनोट गर्दा सोको आवश्यकता पहिचान र लाभ लागत विश्लेषण गरेर मात्र छनोट गर्नुपर्दछ।

२७०. **साइकल खरिद** - मायादेवी गाउँपालिका, कपिलवस्तुले यो वर्ष छात्राका लागि रू.२६ लाख ८७ हजार मूल्यको २९३ साइकल विभिन्न फर्मसँग खरिद गरेकोमा स्पेशिफिकेसन नतोकेको, वितरणको भरपाई नराखेको, वितरणको मापदण्ड तयार नगरी खार्वजनिक खरिद नियमावलीको प्रतिकूल हुने गरी सोझै खरिद गरेको छ। उक्त कार्य अनियमित देखिन्छ।

२७१. **स्कुटर वितरण** - शुद्धोधन गाउँपालिका, कपिलवस्तुले रू.४५ लाख ७३ हजार मूल्यका २० स्कूटर खरिद गरी २० जना अपाङ्गता भएका व्यक्तिलाई वितरण गरेकोमा स्कुटर प्राप्त गर्न योग्य अपाङ्ग व्यक्तिको मापदण्ड निर्धारण नगरेको तथा स्कूटर वितरण गर्दा अपाङ्गता वर्गीकरण नखुलेका २ अपाङ्गहरूसमेतलाई स्कुटर वितरण गरेको तथा निवेदनको आधारमा कार्यपालिकाले छनोट गरेको हुँदा अत्यावस्यक भएका अपाङ्ग व्यक्तिहरूले पाएका छन् भन्ने आधार देखिएन। खरिद भएका स्कूटरहरूको बारेन्टी/ग्यारेन्टी प्रमाण संलग्न नभएको तथा पालिका केन्द्र नजिकका एक लाभग्राहीसँग सोधपुछ गर्दा निशुल्क ममर्त सेवाबारे जानकारी नभएको जनाएकोले बिक्री पश्चात्को सेवा लिएको पाइएन।

२७२. **वितरणमुखी कार्यक्रम** - नरैनापुर गाउँपालिका, बाँकेले एक घर एक ग्याँस शिलिण्डर र चुल्हो वितरण गर्ने कार्यक्रममा ९ हजार ५०० ग्याँस चुल्होको रू.१ करोड ८७ लाख ९७ हजार र ९ हजार ५०० सिलिण्डरको रू.३ करोड ११ लाख ३६ हजारसमेत रू.४ करोड ९९ लाख ३३ हजारको सिलिण्डर र ग्याँस चुल्हो

वितरण गरेको छ। निजी प्रयोजनको लागि प्रयोग हुने सामान खरिद गरी ठुलो रकम अनुत्पादक क्षेत्रमा खर्च गरेको देखियो। यस्ता वितरणमुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ।

२७३. **व्यावहारिक अभ्यास अनुदान** - शिक्षा तथा मानस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ मा प्राविधिक धारको विद्यालय सञ्चालन भएका विद्यालयमा शिक्षण सिकाइ सामग्री तथा ओजेटी व्यवस्थापनको लागि प्रति विद्यार्थी वार्षिक रू.१५ हजारका दरले अनुदान उपलब्ध गराउने उल्लेख छ। प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले व्यावहारिक अभ्यास गर्न ओ.जे.टी.मा सहभागी हुँदा विद्यार्थीका लागि प्रति महिना रू.१ हजारका दरले सम्बन्धित विद्यार्थीको बैंङ्क खातामा उपलब्ध गराउने उल्लेख छ। कोशी गाउँपालिका, सुनसरीमा प्राविधिक धार सञ्चालन भएको राष्ट्रिय माध्यमिक विद्यालय, सोभनपुरलाई व्यावहारिक अभ्यास अनुदान रू.१५ लाख ४५ हजार भुक्तानी गरेकोमा लेखापरीक्षणको समयसम्म तोकिएका कार्य सम्पन्न नभएकोले हुँदा उक्त अनुदान रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२७४. **स्वरोजगार कार्यक्रम** - मालारानी गाउँपालिका, अर्घाखाँचीबाट कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भई कार्यक्रम अन्तर्गत २०७७।७८ मा रू.१ करोड ५० लाख र २०७८।७९ मा रू.५० लाख गरी कुल रू.२ करोड कृषि विकास बैङ्कसँग सम्झौता गरी धितो जमानी बापत कोषको रूपमा रकम जम्मा गरेको छ। यसवर्ष असार मसान्तसम्म पालिकाको जमानतमा कृषि विकास बैंङ्कमार्फत् ९२ व्यावसायिक संस्था तथा निकायलाई कूल रू.३ करोड ३६ लाख ५० हजार लगानी गरेकोमा साँवा रू.६५ लाख ८० हजार फिर्ता भई रू.२ करोड ७० लाख ६९ हजार बाँकी रहेको छ। कार्यविधिमा बैङ्कबाट कर्जा लिए पश्चात् उक्त कर्जाको उपयोग कर्जाको लागि माग भई आएको उद्देश्यअनुसार भए नभएको निरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाबाट निरीक्षण तथा प्रतिवेदन तयार गरेको देखिएन। यस वर्ष पालिकाबाट व्याज अनुदान बापत रू.२ लाख ११ हजार भुक्तानी दिएको छ। ऋणीबाट साँवा तथा ब्याज चुक्ता हुन नसके पालिकाबाट व्यहोर्नुपर्ने अवस्थाले पालिकामाथि दीर्घकालीन दायित्व सृजना हुने देखिन्छ।

२७५. **उपयोग नभएको संरचना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ। इस्मा गाउँपालिका, गुल्मीले सभाबाट स्वीकृत नभएको कार्यक्रममा कार्यपालिकाबाट २०७८।६।३१ मा निर्णय गरी एक उपभोक्ता समितिसँग रू.४० लाख ९६ हजारमा सम्पन्न गर्ने गरी २०७८।७।८ मा सम्झौता भई कार्यादेश दिएकोमा रू.३६ लाख ३ हजार खर्च भएको छ। गाउँपालिकाको प्रशासकीय भवन हालसम्म पनि निजी घर भाडामा लिई सञ्चालन भइरहेकोमा उक्त ट्रस भवन निर्माण कार्य सम्पन्न भई उपयोगमा आएको छैन। सरकारी लगानीको प्रतिफल सुनिश्चत हुने गरी खर्च गर्नुपर्दछ।

२७६. **अन्य कार्यालयको खर्च** - पालिकाले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमाभित्र रही खर्च गर्नुपर्दछ। यसवर्ष पालिकाले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको लागि कार्यपालिकाले निर्णय गरी कपिलवस्तु जिल्लाको ७ स्थानीयतह, रूपन्देही जिल्लाको १ स्थानीय तह र गुल्मी जिल्लाको १ स्थानीय तहसमेत ९ स्थानीय तहले संघीय सरकारका निकायहरूका लागि रू.१ करोड २९ लाख ६९ हजार खर्च गरेका छन। पालिकाको नियन्त्रण र अधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायबाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायबाट विनियोजन हुन सक्ने अवस्थासमेत रहेकोले यसमा नियन्त्रण हुनुपर्दछ।

२७७. **लेखापरीक्षण तथा बेरुजू** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ४५८ गाउँपालिकाको लेखापरीक्षण रकम तथा बेरुजू स्थिति निम्नानुसार रहेको छः

क. सं	प्रदेश	लेखापरीक्षण गरिएको गाउँपालिकाको संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरुजू	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	कोशी	८८	८९३०२७	३६५७७	२४२६	४.१०	३.८२
२	मधेश	५७	५५४४८१	३६३८४	४०२२	६.५६	५.८४
३	बागमती	७४	८५३८२६	२७३१९	२५३७	३.२०	२.९०
४	गण्डकी	५८	५५४३७३	१४९६७	११२६	२.७०	२.५०
५	लुम्बिनी	७३	९१२१२६	२८०६१	२२७९	३.०८	२.८३
६	कर्णाली	५४	५२७४९९	२७८३८	२४१२	५.२८	४.८२
७	सुदूरपश्चिम	५४	५६४९३२	२३१८८	१८२७	४.१०	३.७८
		४५८	४८६०२६४	१९४३३४	१६६२९	४.००	३.६६

उल्लिखित विवरणअनुसार लेखापरीक्षणको तुलनामा मधेश प्रदेशमा सबैभन्दा बढी ६.५६ प्रतिशत र गण्डकी प्रदेशमा सबै भन्दा कम २.७० प्रतिशत बेरुजू देखिएको छ।

स्थानीय तहको ५ वर्षको वित्तीय स्थिति

२७८. **आय व्यय** - स्थानीय तहमा ५ वर्षमा देहाय अनुसार रू.२५ खर्ब १९ अर्ब ८१ करोड ६७ लाख आम्दानी भएकोमा रू.२० खर्ब ८७ अर्ब ३२ करोड ९५ लाख (८२.८४ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये चालुतर्फ रू.१० खर्ब ३८ अर्ब ५० करोड ९५ लाख (४९.७५ प्रतिशत), पुँजीगततर्फ रू.७ खर्ब २ अर्ब ९१ करोड ५८ लाख (३३.६८ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू. ३ खर्ब ४५ अर्ब ९० करोड ४२ लाख (१६.५७ प्रतिशत) खर्च भएको छ। पाँच वर्षको आन्तरिक आय रू.२ खर्ब ३५ अर्ब ७ करोड ७५ लाख, संघ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.२ खर्ब १२ अर्ब ६५ करोड २८ लाख, शुरु मौज्दात रू.३ खर्ब १५ अर्ब २ करोड ३१ लाखसमेत आन्तरिक स्रोततर्फ रू.७ खर्ब ६१ अर्ब ७५ करोड ३४ लाख रहेको छ ।

(रू. लाखमा)

आर्थिक वर्ष	लेखापरीक्षण गरिएको संख्या	शुरु मौज्दात	संघ तथा प्रदेशबाट अनुदान	राजस्व बांडफांड	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य	कुल खर्च
२०७४।७५	७४७	१३१४७७	२६४२६९४	०	४०८७५२	०	३१८२९२३	१२९४८६०	११५४७३६	२८६६६८	२७३६२६४
२०७५।७६	७४७(क्क्यौता ४ समेत)	४६२८८९	२८३४४६७	०	९७४८३८	०	४२७२१९४	१७८४१५५	१२९१७७७	५२१३११	३५९७२४३
२०७६।७७	६९९(क्क्यौता ५ समेत)	५९८५१३	२६०२२९०	४९५५४६	२४५१४४	८९०९३०	४८३२४२३	१८१९८५०	१२२०६६२	८९६१८२	३९३६६९४
२०७७।७८	७९९(क्क्यौता ५५ समेत)	९५४६२८	३३८२२५२	७२६८३९	३६४४६३	८८१४६५	६३०९६४७	२६४८२४०	१६९१५६६	८२१४४४	५१६१२५०
२०७८।७९	७५१(क्क्यौता २ समेत)	१००२७२४	३३२७३९९	९०४१४३	३५७५७८	१००९१३६	६६००९८०	२८३७९९०	१६७०४१७	९३३४३७	५४४१८४४
	जम्मा	**३१५०२३१**	**१४७८९१०२**	**२१२६५२८**	**२३५०७७५**	**२७८१५३१**	**२५१९८१६७**	**१०३८५०९५**	**७०२९१५८**	**३४५९०४२**	**२०८७३२९५**

कुल खर्चको ३३.६८ प्रतिशत मात्र पुँजीगत खर्च रहेकोमा चालु खर्च आन्तरिक आय र राजस्व बाँडफाँटको तुलनामा १.३६ गुणा रहेको छ । यस स्थितिले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुनसकेको छैन ।

२७९. **बेरुजूको स्थिति -** पाँच वर्षको लेखापरीक्षण रकम र बेरुजू स्थिति निम्नानुसार छः

(रू. लाखमा)

क्र.स.	आर्थिक वर्ष	लेखापरीक्षण गरिएको संख्या	लेखापरीक्षण अंक	कुल बेरुजू रकम	बेरुजू प्रतिशत	बेरुजू मध्ये पेस्की	पेस्की बाहेक बेरुजू प्रतिशत
१	२०७४।७५	७४७	५७८७७१०	२४१४१५	४.१७	६६०४०.	३.०३
२	२०७५।७६	७४७ (वक्यौता ४ समेत)	७४०६५४८	३८१२७९	५.१५	८०५७९.	४.०६
३	२०७६।७७	६९९ (वक्यौता ५ समेत)	८१७०६०४	४०८३४७	५.	७१७९९.	४.१२
४	२०७७।७८	७९९ (वक्यौता ५५ समेत)	१०५१६२६९	४३९०९६	४.१८	५१०२५.	३.६९
५	२०७८।७९	७५१ (वक्यौता २ समेत)	११०४०१००	४२८८०९	३.८८	४५१४०.	३.४८
जम्मा			**४२९२१२३१**	**१८९८९४६**	**४.४२**	**३१४५८३.**	**३.६९**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी अर्थिक वर्ष २०७५।७६ मा ५.१५ प्रतिशत र सबैभन्दा कम २०७८।७९ मा ३.८८ प्रतिशत बेरुजू देखिएको छ। वित्तीय अनुशासन कायम हुने गरी आर्थिक कारोबार गर्नुपर्दछ।

परिच्छेद

८

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ अनुसार संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानूनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी ६ हजार ५४६ निकायको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २९ अर्ब ५५ करोड ७६ लाख बेरुजू देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएको ३५ दिनभित्र रू.९ अर्ब ७८ करोड ६ लाख फर्स्यौंट गरेकोले देहायबमोजिम रू. १ खर्ब १९ अर्ब ७७ करोड ७० लाख फर्स्यौंट हुन बाँकी रहेको छः

प्रतिक्रियाबाट बेरुजू फर्स्यौंट विवरण

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौंट		यस वर्षको फर्स्यौंट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
संघीय सरकारी कार्यालयहरू	२७०२२	६१५१३०	१२५२	५२०२१	२५७७०	५६३१०९
प्रदेश सरकारी कार्यालयहरू	९९७०	७४५३८	५७०	२४८८	९४००	७२०५०
स्थानीय तह	९०८२९	४६६७७२	५३०५	३७९६३	८५५२४	४२८८०९
अन्य संस्था समिति (प्रदेश समेत)	७४४९	१३९१३६	३०५	५३३४	७१४४	१३३८०२
जम्मा	**१३५२७०**	**१२९५५७६**	**७४३२**	**९७८०६**	**१२७८३८**	**११९७७७०**

त्यस्तै, छनौट गरिएका ६ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण, १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन जारी गरिएको छ। संस्थान, समिति तथा अन्य संस्थातर्फ ६०५ आय वर्षको लेखापरीक्षण गरी सञ्चालन नतिजासहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। स्थानीय तहतर्फ ७५३ मध्ये यो वर्ष ७४९ र बक्यौतातर्फ २ स्थानीय तहको लेखापरीक्षण पश्चात जारी भएका प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रिया/जवाफ/प्रमाणको आधारमा अन्तिम प्रतिवेदन जारी गरिएको छ।

२. **बेरुजूको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा र ३८(२) मा केन्द्रीय लगत केन्द्रीयस्तरका निकायमा बेरुजूको लगत राख्नुपर्ने व्यवस्था छ। साथै उपदफा (४) मा फर्स्यौंट वा फरफारक भएको बेरुजूको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। बेरुजूको लगत तथा अभिलेख सम्बन्धमा निकायहरूले अभिलेख अद्यावधिक नगरेको तथा सम्बन्धित निकायमा बेरुजूको यथार्थ विवरण नरहेका कारण फर्स्यौंट एवं सम्परीक्षणको कार्यसमेत प्रभावित भएको छ। बेरुजूको अद्यावधिक लगत, अभिलेख, फर्स्यौंट तथा सम्परीक्षण कार्यलाई ऐनको व्यवस्थाबमोजिम व्यवस्थित गर्नुपर्दछ।

३. **बेरुजू फर्स्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजूका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी वा गराई वा असुलउपर गरी र लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराई बेरुजू फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजू फर्स्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजू फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

बेरुजू फर्स्यौंट तथा सम्परीक्षण विवरण

(रू.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालयहरू	२४७१३८१	-२२४	७२९३७	२३९८२२०	५६३१०९	२९६१३२९
प्रदेश सरकारी कार्यालयहरू	१८२७११	१२	१०९९३	१७१७३०	७२०५०	२४३७८०
स्थानीय तह	१३६३२२४	०	६५९७९	१२९७२४५	४२८८०९	१७२६०५४
अन्य संस्था समिति (प्रदेश समेत)	८१८६४८	-९९५६	२६३	८०८४२९	१३३८०२	९४२२३१
जम्मा	**४८३५९६४**	**-१०१६८**	**१५०१७२**	**४६७५६२४**	**११९७७७०**	**५८७३३९४**

३.१. महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदन २०७९ सम्म बाँकी रहेको कूल बेरुजू रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६४ लाखमध्ये रू.१५ अर्ब १ करोड ७२ लाख (३.१० प्रतिशत) फर्स्यौंट गरेको विवरण प्राप्त भएको छ। उक्त फर्स्यौंटमध्ये असुल भएको रू.४४ करोड ४९ लाख (२.९६ प्रतिशत), नियमित वा प्रमाण पेस भएको रू.१३ अर्ब ८७ करोड १३ लाख (९२.३७ प्रतिशत) र पेस्की फर्स्यौंट रू.७० करोड १० लाख (४.६७ प्रतिशत) रहेको छ।

३.२. विगतदेखिको बेरुजू रू ४ खर्ब ८३ अर्ब ५९ करोड ६४ लाख बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रू. १५ अर्ब १ करोड ७२ लाख फर्स्यौंट र समायोजनबाट रू.१ अर्ब १ करोड ६८ लाख घटेकोले विगतको बेरुजू रू.४ खर्ब ६७ अर्ब ५६ करोड २४ लाखमा यो वर्ष रू.१ खर्ब १९ अर्ब ७७ करोड ७० लाख थप भई रू.५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख बेरुजू बाँकी रहेको छ।

४. **कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय** - नेपाल सरकारको २०६९।६।११ को निर्णयानुसार कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा आर्थिक वर्ष २०५९।६० सम्मको हस्तान्तरित बेरुजू लगत रहेको रू.५ अर्ब २४ करोड ७२ लाख २४ हजार मध्ये सरकारी कार्यालयतर्फ फर्स्यौंट भई रू.१ अर्ब ६६ करोड ९२ लाख १० हजार लगत कट्टा भएको देखिन्छ। उक्त लगत कट्टा भएको रकममध्ये रू.१ अर्ब ६० करोड ८५ लाख नियमित तथा मिनाहा भएको र रू.६ करोड ९५ लाख असुल भई फर्स्यौंट भएको जानकारी प्राप्त भएको छ। उक्त कार्यालयले बेरुजूको विवरणलाई बेरुजू व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी सम्बन्धित निकायलाई प्रणालीमा पहुँच स्थापित गरेको छ।

५. **स्थानीय तहको बेरुजू फर्स्यौंट व्यवस्था** - लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँ सभा वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको नीति, ऐन, नियम तर्जुमा गर्ने गराउने, बजेट कार्यान्वयन गर्ने तथा बेरुजू नियमित एवं फर्स्यौंट गर्ने एउटै निकाय गाउँ/नगर सभा भएकोले बेरुजू फर्स्यौंट सम्बन्धमा स्वार्थ बाझिएको अवस्था छ। वित्तीय पारदर्शिता एवं जवाफदेहिताको लागि लेखापरीक्षण ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका

कानूनमा आवश्यक परिमार्जन गरी स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन माथि छलफल एवं अनुगमन गर्ने स्वतन्त्र र प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्दछ।

६. **प्रतिवेदन कार्यान्वयन कार्य योजना -** लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकतानुसार निर्देशन दिनेलगायतका कार्य महालेखापरीक्षकले गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकको प्रतिवेदनमा समावेश गरिएका विषय कार्यान्वयनको सम्बन्धमा पटक पटक सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा नेपाल सरकारका मुख्य सचिव र लेखा उत्तरदायी अधिकृतहरूसँग छलफल तथा अन्तर्क्रिया गरी निर्देशन दिइएको भए तापनि अपेक्षित प्रगति भएको छैन। महालेखापरीक्षकका प्रतिवेदनहरूमा असुल गर्ने, नियमित गर्ने र पेस्की बाँकीसमेत तीन वर्गीकरणमा बेरुजू रहने गरेकोमा रकमगत विषयमा केही ध्यानाकर्षण हुने तर नीतिगत विषयहरूमा ध्यान नदिइने गरेको स्थिति छ। महालेखापरीक्षकका वार्षिक प्रतिवेदन र निकायगत रूपमा जारी हुने लेखापरीक्षण प्रतिवेदनहरूको कार्यान्वयन सन्तोषजनक नरहँदा एकै प्रकृतिका व्यहोरा दोहोरिने गरेको तथा रकमगत व्यहोराले मात्र केही प्राथमिकता पाउँदा कानूनी तथा नीतिगत सुधारजस्ता गैरवित्तीय प्रकृतिका विषय छायाँमा परेका छन्। जिम्मेवार पदाधिकारीहरूले व्यवस्थित कार्य योजनामार्फत लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

७. **बेरुजू फर्स्यौंटमा भएको प्रयास -** नेपाल सरकारका मन्त्रालय र निकायका लेखाउत्तरदायी अधिकृत तथा सार्वजनिक संस्थानका प्रमुखसँग कार्यालयको वार्षिक लेखापरीक्षण योजना र कार्यक्रम तथा विगत वर्षका प्रतिवेदन सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकारका मुख्य सचिव, संघ एवं प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृत, लुम्बिनी प्रदेशको सार्वजनिक लेखा समिति, काठमाडौं उपत्यकाका स्थानीय तह र संगठित संस्थाका प्रमुखहरूसँग पटक पटक छलफल तथा अन्तरक्रिया गरिएको छ। उक्त कार्यक्रमहरूमा बेरुजूका कारण, बेरुजू न्यूनीकरण र लेखापरीक्षणबाट देखिएका व्यहोरालाई समयमै प्रतिक्रिया, प्रमाण र पुष्ट्याइका आधारमा फर्स्यौंट गर्ने कार्यलाई कर्मचारी वृत्ति विकाससँग आवद्ध गर्न नीतिगत तथा कानूनी प्रबन्ध गर्नुपर्ने विषय छलफल भएको छ। निर्वाचन आयोगको समन्वयमा स्थानीय तहको निर्वाचनमा असुल उपर गर्नुपर्ने र पेस्की बाँकीलगायत व्यक्तिगत बेरुजू भएका व्यक्ति उम्मेदवार हुन नपाउने व्यवस्थाको कार्यान्वयन भए तापनि संघ र प्रदेश निर्वाचनमा उक्त प्रावधान नराखेकोले अपेक्षित रूपमामा बेरुजू फर्स्यौंटमा सहयोग नपुगेको अवस्था छ। स्थानीय निर्वाचनमा गरिएको उक्त अभ्यासलाई संघ र प्रदेश निर्वाचनमा समेत कार्यान्वयन गर्ने गरी आवश्यक कानूनी प्रवन्ध गर्नुपर्दछ।

८. **प्रतिवेदन कार्यान्वयन -** नेपाल सरकारले आवधिक योजना, नीति, वार्षिक बजेट, कार्यगत र संरचनागत व्यवस्थाअनुरूप सम्पादन तथा सञ्चालन गरेका कार्य सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट जारी भएका अन्ठाउन्नौं र उनान्साठिऔं वार्षिक प्रतिवेदनमा औंल्याइएका १७ निकायका व्यहोराउपर सार्वजनिक लेखा समितिमा छलफल भएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका

व्यहोरामा समितिको विभिन्न बैठकबाट भएका छलफल पश्चात भएका निर्णयको प्रतिनिधिमूलक कार्यान्वयन अवस्था निम्नानुसार छः

८.१. राष्ट्रिय गौरवका आयोजना तोकिएको लागत र समयमा सम्पन्न गर्न कार्ययोजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, जग्गा अधिग्रहण एवं रेखाङ्कनमा हुने विवाद निरूपणका लागि अन्तरनिकाय समन्वय गर्न निर्देशन भएकोमा नेपाल सरकारले आयोजना कार्यान्वयनको क्रममा उत्पन्न हुने समस्या तथा आयोजनाको अपेक्षित प्रगति हुन नसक्नुको कारण पहिचान गरी तत्काल समाधान र सहजीकरण गर्न तथा नेपाल सरकार र अन्तर्गत निकायबाट हुने सेवा प्रवाहका सम्बन्धमा देखिएका समस्या समाधानमा समन्वय गर्नका लागि तत्काल समस्या समाधान निर्देशिका, २०७९ कार्यान्वयनमा ल्याएको छ। निर्देशिकाको प्रावधानबमोजिम रुपान्तरणकारी आयोजनाहरू, राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयनको क्रममा देखा परेका समस्या तत्काल समाधान गरी समयमै सम्पन्न गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तत्काल समस्या समाधान केन्द्रको स्थापना भएको छ।

८.२. अर्थ मन्त्रालयसँग सम्बन्धित व्यहोराउपर भएको निर्णयमा संघमा मात्रै आश्रित नभई प्रदेश र स्थानीय तहले आफ्नै श्रोत र आम्दानीमा निर्भर हुने गरी वित्तीय संघीयतालाई मजबुत बनाउने गरी नीति तथा कार्यक्रम सञ्चालन गर्न निर्देशन भएकोमा राष्ट्रिय सभाको २०७९।२।१९ को बैठकबाट पारित संकल्प प्रस्ताव बमोजिम संघीय शासन प्रणालीको सबलीकरणमा नेपाल सरकार र अन्य सरोकारवाला निकायलाई ध्यानाकर्षण सहित १५ बुँदे निर्देशन कार्यान्वयन सम्बन्धमा नेपाल सरकारले २०७९।६।२८ मा संघीयता कार्यान्वयनसम्बन्धी कार्यान्वयन कार्ययोजना, २०७९ स्वीकृत गरेको छ। उक्त कार्ययोजनामा अन्तर तह समन्वयकारी संस्थाहरूलाई क्रियाशील बनाउने, सरकारका तहहरूबीच कार्यक्षेत्र, नीति निर्माण र कानून तर्जूमामा देखिएको दोहोरोपनाको अन्त्य गर्ने, अधिकार र कार्यक्षेत्रको आधारमा मात्र संस्थागत संरचना निर्माण गर्ने, सशर्त अनुदानको नाममा स-साना योजना तथा कार्यक्रममा बाँडफाँट गर्ने कार्य बन्द गर्ने, प्रदेश र स्थानीय तहमा रहेको कर्मचारी न्यूनता पुरा गर्ने, स्थानीय तहका पदाधिकारीको सेवा सुविधामा एकरूपता कायम गर्ने, प्रदेशमा रहने मन्त्रालय र मन्त्रीको संख्यालाई चुस्त बनाउने, प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने व्यवस्थाको कार्यान्वयन लगायतका विषय समावेश गरिएको छ।

८.३. सरकारी निकायहरू सडक पूर्वाधार एवं सवारी व्यवस्थापनमा केन्द्रित रहेकोले सार्वजनिक यातायातलाई व्यवस्थित गर्नुपर्ने तथा काठमाडौं उपत्यकामा यातायात व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष सम्बन्ध राख्ने निकायहरूले आपसी समन्वय गरी यातायात योजना तयार गरी कार्यान्वयन गर्न निर्देशन भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले शहरी क्षेत्रमा सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, लागतप्रभावी र सुरक्षित बनाई सार्वजनिक यातायात नीतिको प्रभावकारी व्यवस्थापनको लागि एकीकृत यातायात प्रणालीको व्यवस्थापन, विकास तथा विस्तार गर्न शहरी क्षेत्रमा सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्ने गरी शहरी क्षेत्र एकीकृत सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ कार्यान्वयनमा आएको छ।

८.४. राष्ट्रिय एकद्वार प्रणालीमा सम्झौताबमोजिम तोकिएका निकायलाई आबद्ध गर्ने कार्य गर्न निर्देशन भएकोमा छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८।७९-२०८२।८३) कार्यान्वयनको

सन्दर्भमा भन्सार प्रणालीलाई थप सुदृढीकरण गर्न नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा विभिन्न ४० निकायहरूसँग आबद्धता कायम गरिएको छ।

८.५. मानव पूँजीको उपयोग, वैदेशिक रोजगारीसम्बन्धी कानूनी एवं नीतिगत व्यवस्था तथा न्यूनत्तम रोजगारी सहित बैदेशिक रोजगारीमा गएका कामदारहरूको क्षति न्यूनीकरणमा थप उपाय अवलम्बन गर्ने व्यवस्थाका लागि निर्देशन भएकोमा श्रम सम्बन्ध, रोजगारी व्यवस्थापन तथा सामाजिक सुरक्षालाई थप उपलब्धिमूलक बनाउन नीतिगत तथा कानूनी सुधारको क्रममा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९, सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ कार्यान्वयनमा आएको छ।

८.६. आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाई कार्यसम्पादनमा सुधार गर्न निर्देशन भएकोमा आन्तरिक लेखापरीक्षण कार्यलाई सरल, व्यवस्थित, नतिजामूलक र प्रभावकारी बनाउने उद्देश्यका साथ महालेखा नियन्त्रक कार्यालयले २०७९।१०।११ मा आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

८.७. महालेखापरीक्षकको कार्यालयले गत विगतका वार्षिक प्रतिवेदनमार्फत गृह मन्त्रालयअन्तर्गत हुने गरेको सूत्र वा सुराकी परिचालनसम्बन्धी खर्चको प्रावधानलाई व्यवस्थित गर्न सुझाएको तथा सार्वजनिक लेखा समितिले २०४८ देखि पटक पटक यस्तो खर्चलाई व्यवस्थित गर्न निर्देशन गरेकोमा नेपाल सरकारले उक्त खर्च सम्बन्धी व्यवस्थालाई रोक्ने निर्णय गरेको छ।

८.८. चालू खर्च बढ्दै गएकोले विकास निर्माण र सेवा प्रवाहमा पुँजीगत खर्चको परिचालन वृद्धि गर्न निर्देशन भएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(१) मा भएको व्यवस्था बमोजिम संघीय सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित सरकारी खर्चमा मितव्ययिता कायम गरी सरकारको वित्त सन्तुलन कायम राख्न चालु प्रकृतिका खर्चमा २० प्रतिशत कटौती तथा कुनै पनि प्रकारका नयाँ संगठन संरचना र कर्मचारी दरबन्दी स्वीकृत नगर्ने निर्णय भएको छ। समितिको निर्देशनबमोजिम लागू भएका कानूनी एवं कार्यविधिका व्यवस्था कार्यान्वयनको सुनिश्चतता गर्नुपर्दछ ।

९. **वार्षिक प्रतिवेदन -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत् प्रतिनिधि सभामा पेस गर्ने व्यवस्था छ। त्यसैगरी महालेखापरीक्षकबाट संविधानको धारा २९४(३) मा प्रदेश प्रमुखसमक्ष पेस भएको प्रदेशको अलग अलग कामकारबाहीको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) बमोजिम मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छ:

९.१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्थाअनुरूप गत वर्षको महालेखापरीक्षकको उनान्साठिऔँ वार्षिक प्रतिवेदन, २०७९ असार २९ गते राष्ट्रपतिज्यूसमक्ष पेस भएकोमा प्रतिनिधिसभाको अधिवेशनमा पेस भएको छैन। महालेखापरीक्षकले वार्षिक प्रतिवेदन पेस गरे लगत्तै संघीय संसदमा प्रतिवेदन पेस भई समयमै छलफल र कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ।

९.२. सबै प्रदेशका प्रमुखसमक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९।३।२९ मा पेस भएकोमा सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरूबाट उक्त प्रतिवेदन कोशी प्रदेश सभामा २०७९।४।२२, बागमती प्रदेश सभामा २०७९।४।६, मधेश प्रदेश सभामा २०७९।५।१९, लुम्बिनी प्रदेश सभामा २०७९।१०।२० र कर्णाली प्रदेश सभामा २०७९।४।१६ मा पेस भएको छ। गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशका सभामा पेस भएको जानकारी हुन आएन।

महालेखापरीक्षकले वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्थाले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्द्धनमा सहयोग पुग्ने हुँदा तत्कालै सञ्चालन हुने प्रदेश सभा अधिवेशनमा प्रतिवेदन प्रस्तुत गरी यथासमयमा छलफल हुने व्यवस्था गरिनुपर्दछ।

१०. **वार्षिक प्रतिवेदनमा छलफल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएका बेरुजूको सम्बन्धमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधिसभामा पेस गरेको सुझाव स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०.१. प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको २२ औँ प्रतिवेदनअनुसार संघीय संसद सचिवालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालयसहित ११ निकायको महालेखापरीक्षकको ५३ औँ देखि ५८ औँ वार्षकि प्रतिवेदनमा समावेश भएका व्यहोराउपर छलफल तथा निर्णय भएको छ।

१०.२. सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल गरी बेरुजूको लगत कट्टा गर्न दिएको निर्देशनअनुसार अर्थ मन्त्रालयको भन्सार जाँचपास छुट रकम, फरक दरबन्दीलगायतको रू.५ अर्ब २९ करोड ९५ लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रू.२० करोड १५ लाख, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ३ सैद्धान्तिक व्यहोरासहित रू.२ अर्ब ३३ करोड १३ लाख र वन तथा वातावरण मन्त्रालयको रू.४२ करोड ३० लाख बेरुजू लगत कट्टा गरी लेखाउत्तरदायी अधिकृतलाई जानकारी पठाइएको छ।

१०.३. सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल गरी बेरुजूको लगत कट्टा गर्न दिएको निर्देशनमा म्याद नाघेको पेस्की फर्स्यौंट, ऐनमा स्पष्ट व्यवस्था गरेर मात्र सेवा सुविधासम्बन्धी आवश्यक निर्णय लिने, खरिद योजना बनाई पूर्वानुमान गर्न सकिने खरिद कार्यहरूलाई प्रतिस्पर्धा सुनिश्चित गर्ने, कर्मचारी आवास मापदण्डमा विविधता देखिएकोले स्पष्ट मापदण्डसहित एकरूपता कायम गर्ने, मौजुदा कृषि कार्यक्रमको पुनरावलोकन गर्ने, भन्सारको जाँचपासका लागि विद्युतीय माध्यमबाट सम्बद्ध सबै निकायमा कारबाहीको व्यवस्था गरी वर्गीकरण तथा मूल्यांकनलाई यथार्थपरक बनाउने, गैरकर राजस्वलाई लागत प्रभावी बनाउने उल्लेख छ । यसैगरी स्थानीय तह आफ्नै स्रोत साधनमा निर्भर रही वित्तीय संघीयतालाई मजबुत बनाउन नीति तथा कार्यक्रम सञ्चालन गर्ने, इन्टरनेट सेवामार्फत् सञ्चालन हुने एप्लिकेसनहरूको अवस्था अध्ययन गरी दर्ता र सञ्चालन प्रक्रियालाई व्यवस्थित गरी करको दायरामा ल्याउने, विपदको समयमा विविध कोषबाट अनियन्त्रित खर्च गरिएकोले आकस्मिक कोषमा नै रकम संकलन गरी खर्च गर्ने कार्यविधि निर्धारण गर्ने, आषाढ २५ पछि खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्न क्यालेण्डर बनाई कार्य गर्ने, वैदेशिक सहायतामा सञ्चालित योजना तथा कार्यक्रमको लेखापरीक्षण अनिवार्य रूपमा

महालेखापरीक्षकबाट गर्ने, लेखापरीक्षण नभएका संस्थानहरूको ६ महिनाभित्र लेखापरीक्षण सम्पन्न गरी समितिमा समेत पेस गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ।

उक्त निर्देशनअनुसार महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूमा उल्लिखित व्यहोरा सम्बन्धित निकायले फर्स्यौंट गर्ने कार्यमा तदारुकता देखिएको छैन। सार्वजनिक लेखा समितिको २२ औं वार्षिक प्रतिवेदन, २०७९ एवं यसअघिका प्रतिवेदनहरूको कार्यान्वयनमा ध्यान दिई बेरुजू फर्स्यौंट तथा सम्परीक्षण कार्यलाई तदारुकता दिनुपर्दछ।

११. **बेरुजू फर्स्यौंट अनुगमन समिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१)(२), ४०(३)(४), ४१(३) मा रहेका प्रावधान कार्यान्वयन गर्नका लागि नेपाल सरकारको बेरुजू फर्स्यौंट अनुगमन समितिले २०७८।७९ मा बेरुजू फर्स्यौंट कार्ययोजना बनाई लागू गरेको छ। उक्त कार्ययोजनामा बेरुजू फर्स्यौंट गर्ने र न्यून राख्ने लक्ष्य निर्धारण गरी सोको वर्गीकरणसमेत गरेको छ। समितिले २०६८।६९ देखि २०७८।७९ सम्मको अवधिमा रू.१२ खर्ब ३६ अर्ब ३४ करोड ७६ लाखमध्ये रू.४ खर्ब ८२ अर्ब ५३ करोड ३९ लाख (३९.०३ प्रतिशत) फर्स्यौंट भएको विवरण पेस गरेको छ। फर्स्यौंट कार्ययोजनामा लिइएको लक्ष्य बमोजिम बेरुजू फर्स्यौंट गरी विभिन्न १४ निकाय पुरस्कृत भएको, ६ निकायले न्यून बेरुजू फर्स्यौंट गरेको र तोकिएबमोजिम बेरुजू फर्स्यौंट नगरेका कारण अर्थ, शहरी विकास, स्वास्थ्य तथा जनसंख्या लगायतका १८ निकायलाई ध्यानाकर्षण गराइएको समितिले जनाएको छ। समितिको कार्यलाई थप प्रभावकारी बनाई वित्तीय अनुशासन कायम गर्न, गराउन सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ।

१२. **प्रतिवेदन छलफल र सम्परीक्षण -** प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तोकिएको छ। नियमावलीको नियम १७५)४ (मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजूको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए, नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले हालसम्म ५९ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा केही प्रतिवेदनमा छलफल टुङ्गिन बाँकी रहेको तथा उल्लेख भएका बेरुजू सम्बन्धमा दिएका निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले समितिले निर्णय कार्यान्वयन अवस्थाको प्रभावकारी अनुगमन गर्नुपर्ने देखिएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २ मा लेखापरीक्षण भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्वन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनुपर्ने, सो शब्दले सम्परीक्षण कार्यलाईसमेत जनाउने गरी परिभाषित गरिएको, दफा २१ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा महालेखापरीक्षकले प्रतिवेदन र जवाफ लिने, कार्यान्वयनको लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने लगायतका कार्य गर्न सक्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० (४)बमोजिम लेखाउत्तरदायी अधिकृतबाट नियमित भएको ७ दिनभित्र तथा दफा ४१)३ (बमोजिम प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजू ३० दिनभित्र लगतबाट

हटाई सो को जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयबाट स्थापनाकालदेखि नै कानूनबमोजिम सम्परीक्षण हुँदै आएकोमा २०७९।३।१७ मा सार्वजनिक लेखा समितिको परिपत्र पश्चात् संघीय सरकारतर्फका निकायको बेरुजू सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगित भएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का केही प्रावधान लेखापरीक्षण ऐन, २०७५ का प्रावधानसँग एक अर्कामा बाझिएकोले दुई ऐनबीच तादात्म्यता कायम हुने गरी परिमार्जन गरी लेखापरीक्षण, सम्परीक्षण तथा बेरुजू फर्स्यौट कार्यमा तदारुकता ल्याउनुपर्दछ।

परिच्छेद

५

भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

मुलुकको विकास र समृद्धिको लागि गुणस्तरीय सार्वजनिक सेवा, सबल अर्थतन्त्र निर्माण, प्रभावकारी शासकीय प्रबन्ध, कुशल वित्त व्यवस्था, नतिजामूलक विकास व्यवस्थापन, समयानुकूल कानून र संरचना तथा दक्ष जनशक्ति हुन आवश्यक छ। यसका लागि सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रवर्द्धन गरी सीमित स्रोत साधनको समुचित परिचालन गर्न विविध पक्षहरूमा सुधार गर्नुपर्ने विषयलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

शासकीय प्रबन्ध

१. नीति तथा कार्यक्रम र कानून

१.१. संविधान कार्यान्वयनमा आएको लामो समय व्यतित हुँदा पनि अत्यावश्यक कानून बन्न बाँकी रहेका छन्। त्यस्ता अत्यावश्यक कानून तर्जुमा वा संशोधन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१.२. सरकारको नीति तथा कार्यक्रममा प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी सोही अनुरूप कार्यसम्पादन गर्नुपर्दछ। संविधानले तीन तहलाई प्रदान गरेको अधिकार सूचीअनुसार कार्यसम्पादन गर्दा समन्वय र सहकार्य गर्नुपर्दछ।

१.३. संघ र प्रदेशबीचको संगठन संरचनामा दोहोरोपन रहेको छ। संगठनात्मक स्वरूपमा परिवर्तन हुनुका साथै जिम्मेवारी र जवाफदेहिता वहनमा समेत समस्या देखिएकोले सोमा सुधार हुनुपर्दछ। सरकार परिवर्तन सँगै नीति तथा कार्यक्रमको प्राथमिकतामासमेत फरक भई कार्यान्वयनमा समस्या आएकोले नीतिगत स्थिरता हुनुपर्दछ।

१.४. न्यायिक निकायमा किनारा लगाउनुपर्ने मुद्दाको संख्या उच्च रहेको देखिँदा आवश्यक जनशक्ति, भौतिक पूर्वाधार तथा वित्तीय श्रोत उपलब्ध गराइ रणनीतिक योजनाअनुसार मुद्दा फस्यौंटको व्यवस्था मिलाउनुपर्दछ।

१.५. विभिन्न वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्ने विषयगत संवैधानिक आयोगहरूमा स्रोत साधनको उचित व्यवस्था गरी ती आयोगका कामकारबाही प्रभावकारी बनाउनुपर्दछ।

१.६. संवैधानिक निकायहरुलाई कार्यात्मक, वित्तीय र प्रशासनिक स्वायत्तता दिई प्रभावकारी बनाउनु पर्दछ। साथै संवैधानिक निकायले दिएका निर्देशन तथा सुझावहरूको कार्यान्वयन हुनुपर्दछ।

१.७. नियमनकारी निकायहरुलाई तोकिएको जिम्मेवारी प्रभावकारी बनाईनु पर्दछ, सार्वजनिक तथा स्वायत्त संस्थाले नीति, कानून र कार्यक्रम तर्जुमा गरेर कार्य योजना बनाई कार्यसम्पादन गर्नुपर्दछ।

१.८. शासन सञ्चालनमा सरकार, निजी क्षेत्र र नागरिक समाज तथा सरोकारवालाहरूको सहकार्य र साझेदारीको सुनिश्चितता हुनुपर्दछ। विकास निर्माण, सेवा प्रवाह तथा अन्य कार्यक्रम सञ्चालनमा सबै पक्षको संलग्नता हुने वातावरण तयार गर्नुपर्दछ।

२. **संघीयता कार्यान्वयन -** मुलुकका तीन वटै तहका सरकारबाट सम्पादन हुने विकास निर्माणका कार्यमा स्रोत परिचालन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन निम्न सुधार गर्नुपर्ने देखिन्छः

२.१. संघ, प्रदेश र स्थानीय तहले संविधान प्रदत्त अधिकार सूचीअन्तर्गत रहेर कानून बनाउने, बजेट बनाउने, निर्णय गर्ने तथा नीति तथा योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२.२. विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आयोजना र कार्यक्रमको विभाजन तथा कार्यान्वयन हुनुपर्दछ। संविधानमा उल्लिखित साझा अधिकारका विषयहरूमध्ये प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरूसमेत संघ र प्रदेशले राख्ने गर्दा सडक, सिँचाइ, कृषि, पशु, वन, स्वास्थ्य लगायतका विषयगत क्षेत्रहरूको कार्यक्रम कार्यान्वयनमा देखिने गरेको दोहोरोपना हटाउनुपर्दछ। अन्तरप्रदेशमा सञ्चालन हुने परियोजना सञ्चालन गर्दा तीनै तहबीच समन्वय हुनुपर्दछ।

२.३. संघ, प्रदेश तथा स्थानीय तहबीच कुनै विवाद भएमा समयमै राष्ट्रिय समन्वय परिषद्बाट समाधान गर्ने व्यवस्था मिलाउनुपर्दछ। प्राकृतिक स्रोतको प्रयोग गर्दा लाभको वितरण समन्यायिक, सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्दछ।

२.४. प्रदेश र स्थानीय तहको आन्तरिक आय र खर्च आवश्यकता बीचको अन्तर पुरा गर्न स्थानीय सरकारलाई राजस्वको दायरा बढाउन प्रोत्साहित गर्नुको साथै साझा अधिकारअन्तर्गत राजस्व सङ्कलनको लागि समुचित समन्वय गरिनुपर्दछ।

२.५. प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएका स्रोतगत कार्यक्रमको प्रगति प्रतिवेदन र अनुगमन गर्ने प्रणालीको विकास गरी निरन्तररूपमा आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्दछ।

२.६. प्रदेश तथा स्थानीय तहबाट भएको प्रशासनिक खर्चलाई मितव्ययी बनाउन, पदाधिकारी र कर्मचारीका सुविधा, सवारीसाधन, इन्धन, बैठक भत्ता, अनुगमनलगायतमा हुने खर्चमा नियन्त्रण गर्न, प्रदेश र स्थानीय तहको खर्चसम्बन्धी व्यवस्थामा एकरूपता कायम गरी प्रतिफलमुखी बनाउन खर्चसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **प्रदेश सरकारको कार्यसम्पादन -** प्रदेशको कार्यसम्पादन तथा वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायबमोजिमको सुधार गरिनुपर्दछः

३.१. प्रदेश सरकारको कार्यसम्पादनलाई व्यवस्थित बनाउन आवश्यक कानून, छरितो संगठन संरचना र आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु पर्दछ।

३.२. आवधिक योजना र प्रादेशिक वार्षिक बजेटबीचको तार्दाम्यता कायम गर्न मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.३. प्रदेश मन्त्रालय तथा कार्यालयहरूको संरचनालाई चुस्त र छरितो बनाई सेवाप्रवाह प्रभावकारी बनाउनुपर्दछ। विकास निर्माणका क्रियाकलापहरू मन्त्रालय आफैंले सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गर्दै नीति, योजना, कानून तथा मापदण्डको निर्माण तथा सोको कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनमा केन्द्रित हुनुपर्दछ।

३.४. प्रदेशबाट प्रदान हुने सेवा प्रवाहलाई छिटो छरितो तथा मितव्ययी बनाउन सूचना प्रविधिको प्रयोगलाई प्रथामिकता दिनुपर्दछ। सेवा प्रवाहलाई कम लागत र समयमा प्रदान गर्ने गरी संरचनागत तथा कार्यप्रणालीगत सुधार गर्नुपर्दछ।

३.५. संघ, प्रदेश र स्थानीय तहबाट हुने वा भइरहेका कार्यहरूमा दोहोरोपना हुन नदिन स्पष्ट कार्यक्षेत्र विभाजन गरी कार्यसम्पादन गर्नुपर्दछ।

३.६. प्रदेश लोक सेवा आयोगहरूको प्रभावकारिता अभिवृद्धि गरी प्रदेश र स्थानीय तहमा समयमै आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

४. **स्थानीय तहको कार्यसम्पादन -** स्थानीय तहको कार्यसम्पादन र वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायबमोजिमको सुधार हुनुपर्दछ।

४.१. स्थानीय तह सञ्चालनको लागि आवश्यक कानून निर्माण, नीति निर्धारण, संगठन संरचना, स्रोतको व्यवस्थापन गरी विषयगत शाखाबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा प्रत्येक स्थानीय तहको भौगोलिक अवस्था, खर्चको आवश्यकता, प्रवाह गर्नुपर्ने सेवा समेतको आधारमा दरबन्दी यकिन गरी तथा रिक्त दरबन्दी समयमै पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। स्थानीयतहका पदाधिकारी तथा कर्मचारीका सेवा सुविधासम्बन्धी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

४.३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले उठाएको राजस्व र यस ऐनबमोजिम प्राप्त हुने राजस्व बाँडफाँट रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय स्थानीय तहले प्रशासनिक कार्यमा बढी रकम विनियोजन गर्ने गरेकोले सोमा नियन्त्रण हुनुपर्दछ।

४.४. दिगो विकास लक्ष्य, संघीय आवधिक योजना र प्रादेशिक आवधिक योजनासँग सामञ्जस्य हुने गरी स्थानीय स्तरमा आवधिक योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ।

४.५. अनुत्पादक एवं वितरणमुखी टुक्रे आयोजना/कार्यक्रम छनोट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी उत्पादनमूलक तथा स्थानीय जनताको आवश्यकतालाई सम्बोधन गर्ने प्रतिफलमुखी योजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४.६. स्थानीय तहको वित्तीय लेखाङ्कनमा प्रयोग भएको सुत्र सफ्टवेयरमा थप परिमार्जन गरी सबै पालिकाले पूर्णरूपमा प्रयोग गर्ने, लेखा राख्ने जनशक्तिको क्षमतासमेत अभिवृद्धि गरी उक्त प्रणालीबाट तयार हुने वित्तीय प्रतिवेदनले स्थानीय तहको सबै कारोबार समेटी यथार्थ चित्रण गर्न सक्ने बनाउनुपर्दछ।

४.७. स्थानीय तहमा स्थानीय नेतृत्व तथा जनशक्तिलाई समग्र कानूनी व्यवस्था तथा सेवा प्रवाह सम्बन्धी तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्नुपर्दछ।

४.८. स्थानीय तहमा महालेखापरीक्षकको कार्यालयबाट जारी भएको प्रतिवेदन उपर प्रचलित कानूनबमोजिम गाउँ सभा वा नगरसभामा प्रस्तुत हुने र लेखा समिति गठन गरी बेरुजू छलफल एवं फर्स्यौट गर्ने व्यवस्था छ। सभाका पदाधिकारी तथा पालिकाका कर्मचारीबाट सम्पादन भएको कार्य उपर देखिएको

बेरुजूका सम्बन्धमा सभाबाट फर्स्यौंट गर्दा स्वार्थ नबाझिने सुनिश्चित गरी आवश्यक नीतिगत एवं कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ।

४.९. स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई स्वतन्त्र, विश्वसनीय र प्रभावकारी बनाई सबै स्थानीय तहको लेखापरीक्षण समयमै गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

अर्थतन्त्र

५. **आत्मनिर्भर अर्थतन्त्र निर्माण** - नेपालको संविधानले निर्देशित गरेको राज्यको आर्थिक उद्देश्य हासिल गर्न देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छः

५.१. कृषिका लागि उन्नत बीउबिजन र पर्याप्त सिँचाइको व्यवस्था हुन नसकेको, समयमा मल प्राप्त नभएको तथा कृषिमा नवीन प्रविधिको प्रयोगको कमीले कृषिजन्य वस्तुको उत्पादनले राष्ट्रिय मागलाई पूर्ति गर्न नसकी कृषिजन्य वस्तुको आयात प्रत्येक वर्ष बढ्दै गएकोले कृषि क्षेत्रलाई व्यावसायिक र आधुनिकीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने गरी रणनीति र कार्यनीति तयार गरी लागू गर्नुपर्दछ।

५.२. वातावरणमैत्री कृषि कार्यक्रमको विकास गरी सीमित रहेको कृषियोग्य भूमिको व्यावसायिक उत्पादनमा जोड दिई अर्गानिक कृषि प्रणालीको विकासबाट ग्रामीण पर्यटनलाई पर्यापर्यटनसँग आबद्ध गर्नुपर्दछ।

५.३. राष्ट्रिय हित सुनिश्चित गरेर मात्र प्रत्यक्ष वेदेशिक लगानी तथा वैदेशिक पुँजी र प्रविधि भित्र्याउने व्यवस्था गर्नुपर्दछ।

५.४. औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापहरूको पहिचान गरी अर्थतन्त्रको दायरामा ल्याई यसको क्षेत्र व्यापक बनाउन आवश्यक व्यवस्था गर्नुपर्दछ। सार्वजनिक, निजी र सहकारीक्षेत्रको सहभागितामार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नतिशील बनाउनुपर्दछ।

५.५. अतिकम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नति हुन गैरहेको सन्दर्भमा स्तरोन्नति पश्चात् कम विकसित राष्ट्रको रूपमा नेपालले पाइरहेको व्यापार सहजीकरण तथा कोटा सुविधा अन्त्य हुने भएकाले सोको असर न्यूनीकरणका लागि लगानीमैत्री वातावरण सिर्जनामार्फत व्यापार विविधीकरण, आन्तरिक उत्पादन अभिवृद्धि, निजी क्षेत्रको व्यवसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने व्यवस्था गर्नुपर्दछ।

५.६. कसुरजन्य सम्पत्तिको शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्ने देखिएको छ।

५.७. अर्थतन्त्रलाई सुदृढ गर्न पेट्रोलियम पदार्थलाई विस्थापित गरी विद्युतीय सवारी साधन तथा विद्युतीय सामानहरूको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने र सर्वसाधारणलाई विद्युत खपतमा महसुल समायोजन गर्ने जस्ता नीति लिनुपर्ने देखिन्छ।

५.८. अर्थ मन्त्रालय तथा राजस्वसँग सम्बन्धित नियमनकारी निकायमा अर्थतन्त्र तथा वित्त व्यवस्थापनमा ज्ञान, दक्षता र अनुभव रहेकालाई परिचालन गरिनुपर्दछ।

६. **उद्योग तथा व्यापार** - राष्ट्रिय उपभोगको संरचनामा सुधार गरी बचतलाई प्रोत्साहन गर्न आवश्यक रणनीति तथा कार्यनीति लागू गरी बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्नुपर्दछ।

६.१. राष्ट्रिय उद्योगधन्दा र सामाजिक, आर्थिक रुपान्तरणमा सकारात्मक योगदान गर्ने लगानीमैत्री राजस्व नीतिको अवलम्बन गर्नुपर्दछ।

६.२. अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानी, श्रम, सीप र कच्चा पदार्थमा आधारित राष्ट्रिय उद्योग धन्दाको संरक्षण र प्रवर्द्धन गर्नुपर्दछ। यसका लागि निर्यात प्रवर्द्धन हुने गरी वस्तु तथा सेवाको मूल्य अभिवृद्धि गराई आयात व्यवस्थापन गर्नुपर्दछ।

६.३. अर्थतन्त्रको बलियो आधार स्थानीय अर्थतन्त्र भएकोले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने, उच्च मूल्य अभिवृद्धि हुने, स्थानीय उत्पादनको लागि परम्परागत ज्ञान र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगको लागि वित्तीय उत्प्रेरणासहितको उत्पादन वृद्धिमा जोड दिने नीति तथा कार्यक्रम ल्याउनुपर्दछ।

६.४. वैदेशिक मुद्रा आर्जनको स्रोतमा आशातीत विस्तार हुन नसकेको र बढ्दो आयातको अवस्थाले शोधनान्तर स्थितिमा चाप पर्न गएकोले व्यापार घाटालाई वाञ्छित सीमाभित्र राख्ने गरी वित्तीय तथा मौद्रिक नीति लागू गर्नुपर्दछ।

६.५. लगानी वातावरणको लागि उपयुक्त कानूनी पूर्वाधारको जरुरत हुन्छ। यसका लागि औद्योगिक नीति, ऐन र नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, दामासाही सम्बन्धी कानून, कम्पनी कानून, उपभोक्ता हित संरक्षण कानून, विदेशी विनिमय नियमित गर्ने ऐन, वित्तीय तथा बीमा सम्बन्धी कानून, सार्वजनिक निजी साझेदारीसम्बन्धी कानून, भन्सार ऐन, अन्तःशुल्क ऐन, सालबसाली आर्थिक ऐन, आयकर ऐन र वन तथा वातावरण सम्बन्धी कानूनलगायतका अन्य कानूनको पुनरावलोकन गरी बृहत् आर्थिक सुधारको थालनी गर्नुपर्दछ।

७. **वित्तीय तथा मौद्रिक नीतिको कार्यान्वयन** - वित्तीय र मौद्रिक नीतिको कार्यान्वयन सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

७.१. अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह, ऋण भुक्तान गर्न पुनर्कर्जा, छोटो अन्तरालमा कर्जा विस्तार, घट्दो पुँजीगतखर्च, वैदेशिक सहायताको न्यून परिचालन लगायतका कारण तरलतामा संकुचन आई ब्याजदरमा उच्च वृद्धि भएको छ। ब्याजदर बढ्दा मुद्राको लागत महङ्गो हुन गई सो को प्रत्यक्ष असर उत्पादन र सेवा लागतमा पर्न गई महङ्गीको भार उपभोक्ताले व्यहोर्नु परेको छ। कर्जा र निक्षेप अनुपातको प्रभावकारी अनुगमन गरी निक्षेपमा दिइने ब्याज एवं ऋणको ब्याज तथा अतिरिक्त प्रिमियमले अर्थतन्त्रका अन्य क्षेत्रहरूमा पार्ने प्रभाव अध्ययनलगायत निश्चित मापदण्ड बनाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७.२. बजारमा तरलता व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले प्रचलित बजारदर भन्दा कम ब्याजदरमा स्टान्डिङ्ग लिक्विडिटी फेसिलिटी दिएपछि बैङ्कले सो सुविधा तोकिएको कार्यभन्दा अन्यत्र प्रयोग गरेको, कोभिड-१९ को असरबाट राहतस्वरूप निश्चित व्यवसायीलाई सहुलियत दरमा पुनर्कर्जा दिएकोमा सोको किस्ता र ब्याज असूल नहुँदा तरलताको समस्या समाधान हुन नसकेको अवस्था छ। यस सम्बन्धमा नीतिगत सुधार गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७.३. उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने तथा नियमन गर्ने निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गरी कर सूचना सङ्जाल स्थापना गर्नुपर्दछ। कर

निर्धारणसम्बन्धी विवादलाई समयमै निरूपण तथा समाधान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यकता र असल अभ्याससमेतका आधारमा कानूनी र संरचनागत व्यवस्था गर्नुपर्दछ।

७.४. गैरकर राजस्वलाई लागत प्रभावी बनाई राजस्व वृद्धिका लागि करका दरहरूलाई समयानुकूल पुनरावलोकन गर्दै हालको विद्यमान नीतिगत तथा संरचनागत व्यवस्थामा एकीकृत तथा परिमार्जन गरी गैरकर प्रशासन सम्बन्धी छुट्टै कानूनी व्यवस्था हुनुपर्दछ।

८. **संस्थान व्यवस्थापन -** सार्वजनिक संस्थानको वित्तीय व्यवस्थापनमा देहायअनुसारका सुधार गर्नुपर्दछः

८.१. सार्वजनिक संस्थानको प्रभावकारी एवं व्यावसायिक तवरले सञ्चालनका लागि छाता नीति तर्जुमा गरी कार्यन्वयनमा ल्याउने व्यवस्था गर्नुपर्दछ। साथै सोही अनुरूपको एकीकृत कानून, तथा प्रत्येक संस्थानको रणनीतिक योजना तथा व्यावसायिक कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्नुपर्दछ।

८.२. संस्थानको सान्दर्भिकता विश्लेषण गरी सरकारी संलग्नता कायम रहनुपर्ने, सार्वजनिक नीजि साझेदारीमा सञ्चालन गर्नुपर्ने, व्यवस्थापन करार दिने, निजी क्षेत्रलाई सञ्चालन गर्न दिने, एकअर्कामा गाभ्ने वा खारेज गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्दछ। आधारभूत सेवा उपलब्ध गराउने बाहेक अन्य संस्थामा रहेको निश्चित प्रतिशत शेयर क्रमशः विनिवेश गर्दै जाने, रणनैतिक साझेदार सहभागी गराउने गरी व्वस्थापकीय कार्यकुशलता अभिवृद्धि गर्नुपर्दछ।

८.३. संस्थान सञ्चालक समितिमा व्यवसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र व्यवसायिक कार्य योजनाको आधारमा प्रतिस्पर्धा गराई कार्यकारी प्रमुखको नियुक्ति गर्ने र कार्यकारी प्रमुखसँग कार्य सम्पादन करार गरी वार्षिक कार्यसम्पादन मूल्याङ्कनका आधारमा निरन्तरता दिने वा नदिने व्यवस्था मिलाउनुपर्दछ।

८.४. सार्वजनिक संस्थानमा सरकारले गरेको शेयर तथा ऋण लगानी, ब्याज तथा लाभांश प्राप्तिको लेखाङ्कनलाई नियमित भिडान गरी अद्यावधिक गर्नुपर्दछ। वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज समयमै भुक्तानी गर्नुपर्दछ। निजीकरण गरिएका संस्थानसँग लामो समयदेखि उठाउन बाँकी रहेको भाडा तथा लिज रेन्ट समयमै ताकेता गरी कानूनबमोजिम शुल्क, ब्याज तथा हर्जानासहित असुल गर्नुपर्दछ।

८.५. संस्थानमा आर्थिक अनुशासन कायम गर्न नेपाल वित्तीय प्रतिवेदनमान पूर्णरूपमा कार्यान्वयन गर्नुपर्दछ। आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाई समयमै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र लेखापरीक्षणबाट देखिएका व्यहोरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८.६. सार्वजनिक संस्थानको स्वामित्वमा भएका जग्गा, जमिन, भवनलगायतका सम्पत्तिको उचित संरक्षण र उपयोग गर्दै सोको व्यवस्थित अभिलेख राखी नियमित प्रतिवेदन गर्नुपर्दछ।

८.७. संस्थानको सञ्चालन खर्चलाई वाञ्छित सीमाभित्र राख्न उपयुक्त नियन्त्रण पद्धति अवलम्बन गर्नुपर्दछ। व्यावसायिक कार्ययोजना, कार्यक्षेत्र, कार्यबोझ र प्रविधिमा आएको परिवर्तनसँगै संस्थानको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ। कर्मचारीले सम्पादन गर्नुपर्ने कार्य विवरण एवं प्रमुख कार्यसम्पादन सूचकका आधारमा कर्मचारीको मूल्याङ्कन गरी वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८.८. निजीकरण गरिएका संस्थानमा समाधान हुन नसकेका विवाद निरूपण गर्नुपर्दछ। निजीकरण गरिएका संस्थानको सम्झौतामा उल्लिखित प्रावधान कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्दछ। खारेज भएका वा सञ्चालनमा नरहेका संस्थानको मेसिनरी औजार, जग्गा, भवन, तथा उपकरणको लगत लिई उपयोगको व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

९. **बजेट तथा कार्यक्रम** - स्रोत साधनको कुशल बाँडफाँट गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रणसँग सम्बन्धित क्रियाकलापमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

९.१. बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोहीअनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनको लागि समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने एवं खर्च गर्ने परिपाटी उपर नियन्त्रण गरी त्रैमासिक सन्तुलन कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९.२. राष्ट्रिय बजेट प्रणाली बाहिर विभिन्न प्रकारका कोष खडा गरी संसदीय निगरानीबेगर खर्च गरेकोमा हाल प्रदेश सरकार र स्थानीय तहले समेत विभिन्न कोषको स्थापना गरी सञ्चालन गरेका छन्। कोष खडा गरी बजेट प्रणाली बाहिरबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

९.३. पूर्व तयारी चरणमा गर्नुपर्ने कार्य सम्पन्न नभएका आयोजनामा बजेट विनियोजन गर्ने एवं बजेट खर्च हुन नसक्ने अवस्थामा समेत खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा रकम ट्रान्सफर गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

९.४. सामाजिक सुरक्षा भत्ता, निवृत्तिभरण रकम, शिक्षकलगायतको योगदानमा आधारित पेन्सन योजना कार्यन्वयनमा नभएकोले पर्ने थप आर्थिक भार, सम्झौता तथा कानूनी निर्णयबाट सिर्जित दायित्वका साथै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिवेशलाई विचार गरी आइपर्न सक्ने जोखिमहरूको पहिचान एवं विश्लेषण गर्दै भविष्यमा पर्न सक्ने दीर्घकालीन दायित्व वा खर्चलाई मध्यनजर गरी बजेट तर्जुमा गर्नुपर्दछ। दीर्घकालीन नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता ल्याउनुपर्दछ।

९.५. बजेट तर्जुमा गर्दा नै प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने सबै कार्यक्रम र योजना समावेश गर्नुका साथै आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रमको लागि प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्ने प्रक्रिया बन्द गरिनुपर्दछ।

९.६. योजना छनोट अपेक्षित रूपमा सहभागितामूलक नरहेको, बढी महत्वाकांक्षी भएको र कार्यान्वयन पक्षमा पर्याप्त ध्यान नपुगेको, अन्तर क्षेत्रगत सामञ्जस्यता कायम नभएको जस्ता समस्याको सम्वोधन गर्ने पद्धति र प्रणालीको विकास हुनपर्दछ।

९.७. आन्तरिक आयको उपलब्धताको अनुपातमा तीन तहकै सरकारले लोकप्रिय र ठूलो आकारमा बजेट बनाउन अधिक मात्रामा घाटा बजेट पेश गर्ने परिपाटीलाई वाञ्छित सीमाभित्र ल्याउन स्रोत र साधनको प्राप्ति र उपयोगमा तालमेल मिलाउने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरी कार्यान्वयनयोग्य बजेट निर्माण गर्नुपर्दछ।

९.८. पहुँचका आधारमा योजना तथा कार्यक्रम बजेटमा राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्न उपलब्ध वित्तीय स्रोतको न्यायोचित वितरण हुने गरी मानव विकास तथा विकास निर्माणका सूचकाङ्कका आधारमा बढी प्रतिफल प्राप्त हुने वा तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रमको विश्लेषण गरी क्षेत्रगत तथा प्रदेशगत समानताको आधारमा बजेट विनियोजन गर्नुपर्दछ।

९.९. सांसद, संसदीय समिति, सरोकारवालाबीच हुने पूर्व बजेट छलफललाई पारदर्शी एवं नतिजामूलक बनाउनुपर्दछ। बजेट तर्जुमा, मध्यावधि तथा वार्षिक समीक्षा तथा बजेट कार्यान्वयनसम्बन्धी पृष्ठपोषणलाई आगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ।

१०. **राजस्व परिचालन -** आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तःशुल्कलगायत राजस्व सङ्कलन एवं प्रशासनलाई व्यवस्थित गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

१०.१. अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई राजस्व परिचालनमा दक्षता अभिवृद्धि गरिनुपर्दछ।

१०.२. उत्पादनमूलक उद्योगहरूको कच्चा पदार्थको प्रतिलब्धि दर, नोक्सानी तथा जर्ती दावी गर्ने विषयहरूलाई यथार्थपरक बनाउन मापदण्ड तय गरी राजस्व परिचालनमा सुधार गर्नुपर्दछ।

१०.३. सूचना प्रविधि सफ्टवेयर निर्माण गरी निर्यात गर्ने व्यवसायलाई प्रोत्साहन गरी करको दायरामा ल्याउन सुक्ष्म निगरानी एवं सुविधाको व्यवस्था गरी करको दायरामा ल्याउनुपर्दछ।

१०.४. राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र नागरिकमा पुगेको सहुलियतलगायतका पक्षको विश्लेषण हुन सकेको छैन। आर्थिक ऐन, विशेष ऐन, नियम, सहायता सम्झौताअन्तर्गत प्रदान गरिएको राजस्व छुट तोकिएको शर्त तथा प्रयोजनमा सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ। द्रष्टव्य, अनुसूची तथा पटके रूपमा गरिने निर्णयका आधारमा दिइने छुटको दायरा नियन्त्रण गर्नु जरुरी छ। समग्र राजस्व छुटबाट गुम्ने राजस्वको एकीकृत रकमगत विवरण र सो छुटबाट भएको अपेक्षित उपलब्धिलाई संसदमा पेस गर्ने व्यवस्था गर्नुपर्दछ।

१०.५. नेपालमा मात्र नभई विश्वका सबैजसो मुलुकमा कोभिड-१९ को असर सामान्य भइसकेको अवस्थामा पनि कोभिड-१९ को असरलाई न्यूनीकरण गर्न विगतमा कर, भन्सार, अन्तःशुल्क लगायतमा दिएको छुट सुविधा हालसम्म पनि कायमै रहेकोले त्यस्तो छुट सुविधामा पुनरावलोकन गरी नियन्त्रण गर्नुपर्दछ।

१०.६. कर असुली सम्बन्धमा विभिन्न कानूनमा व्यवस्था भएका तरिका, विधि र प्रक्रिया अपनाई राजस्व बक्यौता असुली गर्नुपर्दछ। समयमा कर विवरण नबुझाउने, समयमा कर नतिरी बक्यौता राख्ने करदाताहरूलाई पछिल्ला वर्षमा छुट सुविधा दिने परिपाटीको अन्त्य गरिनुपर्दछ।

१०.७. कराधारलाई दिगो र मजबुत गर्न आयातमा आधारित राजस्वको हिस्सालाई घटाउँदै आन्तरिक राजस्वका क्षेत्रहरूको पहिचान र विस्तार गर्नुपर्दछ। भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्दछ। विश्व भन्सार संगठनका व्याख्या र वर्गीकरणलाई समयमै अद्यावधिक गरी भन्सार जाँचपास प्रणालीलाई यथार्थपरक बनाउनुपर्दछ।

१०.८. सामाजिक सञ्जाल, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाइन व्यवसायलगायत भौगोलिक सीमाविहीन स्वरूपले हुने विद्युतीय कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ। अनुसन्धानात्मक परीक्षण पद्धति बढाउँदै कर परीक्षणमा कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्दछ। साथै कर परीक्षण प्रणालीलाई फेसलेस बनाउन प्रयास गर्नुपर्दछ।

१०.९. एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ। कर परीक्षण कार्यलाई थप स्वच्छ, मितव्ययी र सरल बनाउन कर परीक्षणको क्रममा करदातासँग सूचना विवरण माग गर्ने, जवाफ लिनेलगायतका क्रियाकलापहरू र कर निर्धारण पश्चात् तयार गरिने प्रतिवेदनहरूसमेत सूचना प्रविधि प्रणालीमा आबद्ध गर्नुपर्दछ। कर परीक्षणको अतिरिक्त नियमितरूपमा पेस भएका कर विवरणहरू योजनाबद्ध तवरले अनुगमन गर्ने र अस्वाभाविक देखिएमा सोधखोज द्रुत परीक्षणमार्फत् एवं कर निर्धारण गर्न सक्ने व्यवस्था हुनुपर्दछ।

१०.१०. राजस्वतर्फको आर्थिक विवरण स्वचालित रूपमा तयार हुने र बक्यौता असुलीलगायतका विवरणहरू स्वचालित रूपमा भिडान हुने गरी सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा स्वचालितरूपमा भिडान हुने व्यवस्था गर्नुपर्दछ।

१०.११. राजस्व प्रशासनमा संलग्न जनशक्तिको सेवा प्रवेशको लागि विशिष्टीकृत योग्यता कायम गर्ने एवं कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कर निर्धारणको अनुगमन, आन्तरिक एवं समकक्षी पुनरावलोकनमार्फत् सही कर निर्धारण हुने पद्धतिको अवलम्बन गर्नुपर्दछ।

१०.१२. करदाताहरूले प्रयोग गर्ने बिलिङ्ग प्रणालीमा विभाग तथा कार्यालयहरूको पहुँच बढाई केन्द्रीय बीजक अनुगमन प्रणालीलाई सबै करदाताको पहुँच पुग्ने गरी लागू गर्नुपर्दछ। साथै बजार अनुगमन र मौज्दात परीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

१०.१३. करदाताको तर्फबाट आय विवरण प्रमाणीकरण गर्ने लेखापरीक्षकले न्यूनतम रूपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी सोको पालना नगर्ने लेखापरीक्षकलाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ। साथै धितोपत्र बोर्डमा दर्ता भएका एवं ठूला कम्पनीको लेखापरीक्षणमा संलग्न हुनको लागि थप योग्यताको व्यवस्था गर्नुपर्दछ।

१०.१४. भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गाको खरिद बिक्रीमा हुने मूल्याङ्कन, बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बीजकीकरण र घर जग्गा बहालमा हुने न्यून आय घोषणालाई निरुत्साहन गर्न सम्बद्ध सबै निकायसँगको सूचना आदनप्रदान गर्ने र बजारको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ।

१०.१५. साफ्टा सम्झौताका प्रावधानहरूको अध्ययन गर्ने तथा द्विपक्षीय व्यापार सम्झौताहरूको अध्ययन गरी व्यापारको लागत कम गर्ने रणनीति अख्तियार गर्नुको साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट लगानी गर्न आउन सक्ने सम्भाव्य देशहरूसँग द्विपक्षीय लगानी सम्झौता गरी वैदेशिक प्रत्यक्ष लगानी बढाउनुपर्दछ। आयकर ऐन, २०५८ लागू हुनुभन्दा अगाडि भएका द्विपक्षीय कराधार सम्झौताहरू लगानी भित्र्याउन अनुकूल हुने गरी पुनरावलोकन गर्नुपर्दछ।

११. **वैदेशिक सहायता -** वैदेशिक सहायता परिचालन गर्ने तथा सो सहायतालाई राष्ट्रिय बजेट र प्रतिवेदन प्रणालीभित्र ल्याउने तथा नतिजामा आधारित बनाउने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

११.१. उपलब्ध राष्ट्रिय स्रोतबाट राष्ट्रको खर्च धान्न नपुग हुने अवस्थामा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाई प्राप्त वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चित कोषमार्फत् परिचालन गर्नुपर्दछ।

११.२. राष्ट्रिय हितअनुकूल उत्पादन र उत्पादकत्व वृद्धि हुने, रोजगारी सिर्जना हुने, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन हुने तथा उच्च प्रतिफल प्राप्त हुने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान पुग्ने क्षेत्र वा आयोजनाहरूमा मात्र विदेशी सहायता परिचालन गर्नुपर्दछ।

११.३. वैदेशिक सहायता परिचालन कार्यमा संलग्न हुने जनशक्तिको ज्ञान, सीप एवं दक्षता अभिवृद्धि गर्ने तथा संस्थागत संरचनाहरूलाई सबल बनाउने र संलग्न संस्थाहरूबीच समन्वय गर्नुपर्दछ।

११.४. शर्तसहितको वैदेशिक सहायता सकेसम्म स्वीकार नगर्ने नीति अख्तियार गर्नुपर्दछ। वैदेशिक सहायतामा प्राविधिक सहायताको अंश न्यून गर्दै जानुपर्दछ।

११.५. विकास सहायताको प्रतिबद्धता र यथार्थ प्राप्ति एवं प्राप्ति र उपयोगबीच ठूलो अन्तर देखिएकाले प्रतिवद्धताअनुसार विकास सहायता प्राप्त गर्न एवं प्राप्त भएअनुसार सहायता उपयोग गर्नेतर्फ क्रियाशील हुनुपर्दछ। वैदेशिक सहायतालाई शोधभर्ना उन्मुख बनाइएकोले सो प्रकृयामा सुधार गरी वैदेशिक सहायता समयमा नै प्राप्त गरी खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११.६. वैदेशिक सहायता प्राप्तिको सुनिश्चितता भएपछिमात्र बजेटमा वैदेशिक स्रोतको रकम विनियोजन गरिनुपर्दछ।

११.७. वैदेशिक सहायता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने व्यवस्थालाई अन्त्य गरी सरकारी संरचनामार्फत् परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

११.८. वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने रकम गुमाउनुपर्ने र सरकारी स्रोततर्फ चाप पर्न जाने भएकोले समयमै शोधभर्ना प्राप्त गर्न थप प्रयास हुनुपर्दछ। प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ।

१२. **सार्वजनिक ऋण व्यवस्थापन -** अत्यावश्यक र उच्च आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन गर्ने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

१२.१. गत विगतको नवीकरणीय आन्तरिक ऋण (रोल ओभर) भुक्तानी नभएको अवस्थामा सो रकमलाई समेत चालु वर्षको लक्ष्यमा समावेश गर्नुपर्नेमा सम्बन्धित वर्षको नगदमा प्राप्त भएको रकमलाई मात्र ऋणमा गणना गरेको स्थिति छ। आन्तरिक ऋणको वास्तविक अवस्था र तरलतामा ध्यान पुऱ्याउन रोल ओभरलाई समेत सो वर्षको आन्तरिक ऋणमा गणना गर्नुपर्दछ।

१२.२. बजेटरी सहायताको वैदेशिक ऋण, तथा आन्तरिक ऋणको रकमबाट पुँजी निर्माण नहुने प्रकृतिका वितरणमुखी क्रियाकलापमा र आयोजनागत ऋण पनि अन्यत्र खर्च गर्ने प्रवृत्ति देखिएकोले यसमा नीतिगत सुधार हुनुपर्दछ।

१२.३. पुँजी निर्माण तथा उत्पादनसँग सबै ऋण आबद्ध नहुनाले ऋण विस्तारको अनुपातमा आर्थिक वृद्धि नभएको हुँदा अनुत्पादक क्षेत्रमा ऋणको प्रयोगलाई निरूत्साहित गरी ऋणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१२.४. सार्वजनिक निकायका रूपमा रहेका कोष, बोर्ड, परिषद, समिति तथा संस्थाहरूमा ठुलो मात्रामा हरेक वर्ष रहने मौज्दात रकमलाई ती निकायले वित्तीय संस्थाहरूमा न्यून ब्याजदरमा निक्षेप राख्ने तर सरकारले घाटा बजेट पूर्तिका लागि निक्षेपमा प्राप्ति हुने ब्याजदरभन्दा बढीदरमा तीनै बैङ्क तथा वित्तीय संस्थाबाट आन्तरिक ऋण लिएकोले थप आर्थिक लागत परेको अवस्था छ। सार्वजनिक कोषको बचतलाई स्रोतका रूपमा परिचालन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्दछ।

१३. **खर्च नियन्त्रण -** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहाय बमोजिम गर्नुपर्ने देखिन्छः

१३.१. सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गर्न चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्नुपर्दछ। सार्वजनिक ऋणलाई निश्चित सीमामा राख्ने र खर्चलाई प्रतिफलसँग आबद्ध गरी व्यवस्थापन गर्नुपर्दछ।

१३.२. मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्यका लागि कोष, परिषद्, आयोग, बोर्डलगायतका संस्था खडा गरिएकोमा खारेज गर्ने, गाभ्ने तथा प्रदेश र स्थानीय तहको अधिकार कार्यान्वयनको लागि संघीय सरकारको संरचना स्थापना गर्ने कार्य रोकिनुपर्दछ। साथै तीनै तहका सरकारसँग सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालय तहका सरकारी संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउन संगठनात्मक सुधार गर्नुपर्दछ।

१३.३. सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भवन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारीसाधन सम्बन्धमा कार्यालयको आवश्यकता, कर्मचारी संख्या, कर्मचारीको स्तरसमेतलाई मध्यनजर गर्दै मापदण्ड निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ। अनुत्पादक खर्च नियन्त्रण गर्न सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनलाई कडाइका साथ लागू गर्नुपर्दछ।

१३.४. विद्यालय र विश्वविद्यालयका कर्मचारी र शिक्षक तथा स्थानीय तहका कर्मचारीहरूको लागि समेत योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्नुपर्दछ।

१३.५. कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट चालु बजेटमा विनियोजन नगरी निर्माण कार्यको कन्टिन्जेन्सीबाट प्रशासनिक खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

१३.६. आवश्यकताका आधारमा आर्थिक सहायता वितरण गर्न वस्तुनिष्ठ मापदण्ड बनाई सो अनुसार वितरण गर्नुपर्दछ।

१३.७. परामर्श सेवामा अधिक खर्च भइरहेको परिप्रेक्ष्यमा आयोजनाको ड्राइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता कार्य विभागीय जनशक्तिबाट गराई बाह्य परामर्शदाताबाट गराउने परिपाटीको अन्त्य गर्नुपर्दछ। साथै, परामर्श शुल्क परामर्शदाताको कार्यअवधि भन्दा कार्य सम्पादन परिमाणका आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

१४. **अनुदान -** कृषि, उद्योग तथा सेवा क्षेत्रलाई प्रोत्साहन गर्न अनुदान दिने र कमजोर वर्गलाई सहायता प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छः

१४.१. तीनै तहका सरकारले कृषि क्षेत्रमा अनुदान प्रवाह गरेको भए तापनि अपेक्षित प्रतिफल प्राप्त हुन नसकेकोले अनुदानलाई प्रभावकारी बनाउन मौजुदा अनुदान वितरण नीति तथा कार्यक्रममा पुनरावलोकन गर्नुपर्दछ।

१४.२. अनुदान तथा सहायता प्रदान गर्दा राजस्व आम्दानी हुने, उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सिर्जना हुने, पुँजी निर्माण हुने, सामाजिक आर्थिक रुपान्तरण हुने, व्यावसायिक दक्षता अभिवृद्धि हुने जस्ता पक्षमा ध्यान दिई सोको उपलब्धि सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

१४.३. वर्तमानमा रहेको आगत (इन्पुट) मा अनुदान दिने परिपाटीलाई अन्त्य गरी नतिजा (आउटपुट) मा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। साथै, पटके अनुदान वितरण गर्ने पद्धतिमा पुनरावलोकन गरी अनुदानलाई बीउपुँजीको रूपमा रुपान्तरण गर्ने र निश्चित समयपछि फिर्ता लिने गरी कार्यविधि तयार गर्नुपर्दछ।

१४.४. तीनै तहका सरकारबाट अनुदान र सहायता वितरण गर्ने परिपाटीमा बढोत्तरी भएको अवस्थालाई मध्यनजर गरी अनुदान र सहायता वितरणका लागि रकम तोकी अख्तियारी पठाउने परिपाटीउपर नियन्त्रण हुनुपर्दछ।

१४.५. अनुदान तथा सहायतामा संघ, प्रदेश र स्थानीय तहबाट दोहोरोपना नहुने, लाभग्राही छनोट पारदर्शी हुने, उपभोगका लागि अनुदान तथा सहायता प्रदान नगर्ने, अनुदानबाट व्यक्ति विशेषले भन्दा समुदायले लाभ लिने, लागत सहभागिताका आधारमा मात्र अनुदान प्रदान गर्ने जस्ता विषयलाई ध्यान दिई सोको लागि अनुदान सम्बन्धी वस्तुगत मापदण्ड तथा विधि तय गर्नुपर्दछ। अनुदान र सहायताको विवरण सार्वजनिक गरी यसलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाउनुपर्दछ।

१४.६. अनुदान तथा सहायता उपयोगको निरन्तर अनुगमन गर्नुपर्दछ। अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा योगदान पुगेको र जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आए नआएको सन्दर्भमा मूल्याङ्कन गर्नुपर्दछ। अनुगमन तथा मूल्याङ्कनको नतिजाका आधारमा अनुदान कार्यक्रम र कार्यविधिमा सुधार गर्नुपर्दछ।

१४.७. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदा उक्त तहको खर्चको आवश्यकता तथा राजस्व क्षमताका आधारमा उपलब्ध गराइने वित्तीय समानीकरणको हिस्सा वृद्धि गर्ने र सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा कम गर्दै जानुपर्दछ। साथै, आन्तरिक आयबाट आत्मनिर्भर हुने स्थानीयतहलाई समेत समानरूपमा अनुदान दिने परिपाटी पुनरावलोकन गर्नुपर्दछ। बढी आय हुने एक स्थानीय तहले अर्को स्थानीय तहलाई अनुदान सहायता दिने प्रचलन देखिन्छ। यस्तो अवस्थामा संघ वा प्रदेशबाट दिइने अनुदानमा कटौती गर्नुपर्दछ।

१४.८. आर्थिक लाभका उद्देश्यले गठित संस्थालाई अनुदान दिँदा सोको लाभग्राही सोही संस्थाका शेयरधनी हुने हुँदा यस्ता संस्थालाई अनुदान दिनुको सट्टा शून्य ब्याज दरमा समयावधि तोकी ऋण स्वरूप रकम निकासा गर्ने व्यवस्था गर्नुपर्दछ।

१५. **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग -** सार्वजनिक निकायको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, संरक्षण र उपयोगमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

१५.१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी सार्वजनिक निकाय एवं विश्वविद्यालयको स्वामित्वमा रहेका सार्वजनिक जग्गा जमिनको अतिक्रमण हटाई संरक्षण गरिनुपर्दछ।

१५.२. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ।

१५.३. राष्ट्रिय महत्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई डिजिटाइजेसन गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई पाण्डुलिपिको रूपमा दीर्घकालसम्म रहने गरी कागजी रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ।

१५.४. सार्वजनिक प्रयोगको लागि अधिग्रहण गरिएका जग्गा जमिनको संरक्षण र उपयोग उद्देश्यबमोजिम भए नभएको नियमन गरिनुपर्दछ।

१५.५. सार्वजनिक निकायको आवश्यकता र औचित्यताका आधारमा मौजुदा मालसामान प्रयोगमा आउन नसक्ने स्थितिमा मात्रै नयाँ खरिदलाई जोड दिनुपर्दछ।

१५.६. जिन्सी सामानको लिलामी प्रक्रियालाई व्यवस्थित बनाउन सरकारले कागजात अद्यावधिक नभएका एवं फिल्डमा रहेको जिन्सी सामानको अवस्था र कागजी विवरण रुजु नभएका जिन्सी सामानको निःसर्ग गर्ने सम्बन्धमा एक पटकको लागि नेपाल सरकारबाट आवश्यक नीतिगत निर्णय हुनुपर्ने देखिन्छ।

१५.७. सार्वजनिक सम्पत्तिको अभिलेखलाई चुस्त, दुरुस्त, व्यवस्थित र प्रभावकारी बनाउन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई स्थानीय तहसम्म लागू गरिनुपर्दछ। वस्तुगत सहायताका रूपमा अनुदानमा प्राप्त सम्पत्ति पनि अनिवार्य रूपमा यस प्रणालीमा प्रविष्टि गर्नेगरी व्यवस्था गर्नुपर्दछ।

१५.८. सार्वजनिक जग्गा, सामुदायिक भवन, सम्पदा लगायतका सार्वजनिक सम्पत्तिको विवरण सङ्कलन गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ। सार्वजनिक सम्पत्तिमध्ये सवारी साधन, उपकरण, भवनलगायतका साधनहरू कुनै निकायमा अधिक रहने र कुनै निकायमा अपुग रहेको वर्तमान अवस्थालाई पुनरावलोकन गरी स्रोत हस्तान्तरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५.९. सामान्य मर्मत सुधार गरी प्रयोगमा आउन सक्ने सम्पत्तिको पनि मर्मत नगर्नाले ती सम्पत्ति जीर्ण र बेकम्मा भइरहेको हुँदा त्यस्ता सम्पत्तिको मर्मत सुधार गरी प्रयोगमा ल्याउनुपर्दछ।

१५.१०. भन्सार परिसर र प्रहरी चौकीलगायत सरकारी कार्यालयहरूमा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका र सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा रहेका सवारी साधनहरूको खोजी तथा छानबिन गरी समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ। सरकारी सवारीसाधनलगायतका पुराना सम्पत्ति व्यवस्थापन गर्ने र सम्भव नभए लिलाम बिक्री वा नष्ट गर्ने प्रक्रियालाई प्राथमकिताका साथ कार्यान्वयन गरिनुपर्दछ।

सार्वजनिक प्रशासन र सेवा प्रवाह

१६. **सार्वजनिक सेवा प्रवाह -** सार्वजनिक निकायले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

१६.१. सेवा प्रवाहको समय, दूरी र लागत घटाई त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउनुपर्दछ।

१६.२. सेवाग्राहीसँगको प्रत्यक्ष सम्पर्कका कारण सेवा प्रवाहमा हुने अनियमितता, ढिलासुस्ती, मोलाहिजा, व्यक्तिगत सम्बन्धका आधारमा प्राथमिकता र अधिकारको दुरूपयोगलगायतका क्रियाकलाप नियन्त्रणका लागि विद्युतीय शासनको अवधारणाअनुरूप सूचना प्रविधि प्रणालीमा आधारित कागजरहित एवं व्यक्तिरहित सेवा प्रवाह गर्नुपर्दछ।

१६.३. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सीधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागू गर्नुपर्दछ। यसका लागि गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र सूचना प्रविधि प्रयोग गरी अनुगमन मूल्याङ्कन प्रणालीलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१६.४. क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखी सोबमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए, नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ।

१६.५. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, पत्रकार सम्मेलनका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाह सुदृढीकरण गर्नुपर्दछ।

१६.६. सामाजिक सुरक्षा कार्यक्रम खण्डीकृत रूपमा विभिन्न निकायबाट सञ्चालित भएकोले सोलाई निराकरण गर्न एकीकृत सामाजिक सुरक्षासम्बन्धी नीति तयार गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१६.७. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन र हेल्पडेस्क, कार्यविधि, प्रक्रिया एवं फाराम सरलीकरणलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

१६.८. निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने अस्पताल, क्लिनिक तथा शिक्षण संस्थाहरूको सेवा सञ्चालन मापदण्ड, गुणस्तर र शुल्क निर्धारण गरी अधिकार क्षेत्रअनुसार संघ, प्रदेश र स्थानीय तहले नियमित अनुगमन गर्नुपर्दछ।

१६.९. स्वास्थ्य उपचार, उच्च शिक्षाको अवसर स्वदेशमा नै मिलाउने, दक्ष तथा प्राविधिक जनशक्तिलाई स्वदेशमै उपयोग गर्ने नीतिगत व्यवस्था मिलाउनुपर्दछ।

१६.१०. सेवा प्रवाहमा सिर्जनशीलता र नवीन प्रविधिको प्रयोग बढाउने, अन्तर्राष्ट्रिय अनुभवको आदान-प्रदान तथा असल अभ्यासलाई प्रयोगमा ल्याउनुपर्दछ। संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाहमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ।

१६.११. आम नागरिकले दैनिक सेवा प्राप्त गर्ने स्थानीय तह, मालपोत, नापी, यातायात, नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र, कृषि, स्वास्थ्य लगायतसँग सम्बन्धित निकायमा सेवा प्रवाहलाई सरल र सहज बनाउन विशेष व्यवस्था गर्नुपर्दछ।

१७. **सूचना प्रविधिको उपयोग -** सूचना प्रविधिको उपयोग गरी प्रवाह हुने सेवा स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउन देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

१७.१. सरकारी निकायहरूले प्रयोगमा ल्याएका सूचना प्रणालीहरूको अभिलेख राख्ने, प्रणालीलाई एकीकृत गरी नियमन गर्ने तथा निकायगत अन्तरसम्बन्धित सूचना आदानप्रदान एवं उपयोग गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ। साथै सूचना प्रविधिमा अनधिकृत पहुँच रोक्न डाटा तथा साइबर सेक्युरिटीको लागि मजबुत संयन्त्र निर्माण गर्नुपर्दछ।

१७.२. सरकारी निकायद्वारा सञ्चालित व्यवस्थापन सूचना प्रणाली तथा एप्लिकेसनहरूमा पटक पटक समस्या आएको, सेवाग्राहीमैत्री प्रणाली तयार नगरिएको, आवश्यक क्षमताको विश्लेषण गरी प्रणाली तयार नगरिएको, प्रणालीको सुरक्षा परीक्षण नगरी प्रयोगमा ल्याएको कारण सेवा प्रवाहमा असर परेकोले यस्ता पक्षहरूमा ध्यान दिई प्रणालीको सञ्चालन गर्नुपर्दछ। एकीकृत कार्यालय व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिनुपर्दछ।

१७.३. सफ्टवेयर विकास गर्दा सोको लागत अनुमान गर्न वस्तुनिष्ठ मापदण्ड नहुनाले सफ्टवेयर पिच्छे लागत अनुमान भरपर्दो देखिँदैन। सफ्टवेयर खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउन वस्तुनिष्ठ लागत निर्धारण गर्ने मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

१७.४. कार्य सञ्चालनमा एकरूपता ल्याउन निकायको कार्यप्रकृतिअनुरूप आवश्यक पर्ने सफ्टवेयर विकास गरी संघ, प्रदेश र स्थानीयतहका निकायले प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ। कार्यालयपिच्छे सफ्टवेयर खरिद र विकास गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ।

१७.५. विद्युतीय र डिजिटल कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन उपयुक्त कानूनी व्यवस्थाको तर्जुमाका साथै विद्युतीय हस्ताक्षरसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१७.६. सरकारी निकायले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्य आर्थिक, प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण देखिएकाले सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी सबै सरकारी निकायले अनिवार्य रूपमा सो सेन्टरबाट नै डाटा व्यवस्थापनको सेवा लिने व्यवस्था गर्नुपर्दछ।

१७.७. सरकारी निकायका वेबपेजको डिजाइनमा समेत एकरूपता ल्याउन तथा पूर्वाधारको विकास गरी सर्भर डाउन हुन नदिने व्यवस्था मिलाउनुपर्दछ।

१७.८. संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सबै सेवाहरूलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र मितव्ययी बनाउन सूचना प्रविधिको उपयोगमा जोड दिनुपर्दछ।

१७.९. कतिपय सरकारी निकायहरूले विकास गरेका वेबसाईट र मोबाइल एपहरूमा लामो समयदेखि सूचना अद्यावधिक नगरेको र प्रयोगविहिन अवस्थामा रहेकोले त्यस्ता वेबसाईट र मोबाइल एपमा निरन्तर

रूपमा सूचना अद्यावधिक गर्ने र बन्द भएका वेबसाईट र मोबाईल एपको तथ्याङ्कको उचित व्यवस्थापन गर्नुपर्दछ।

१७.१०. सूचना प्रविधि सम्बन्धी समग्र पक्षको नियमनका लागि दक्ष जनशक्ति र अधिकार सम्पन्न नियमन निकायको व्यवस्था गर्नुपर्दछ।

१८. **मानव संसाधन व्यवस्थापन -** संघ, प्रदेश र स्थानीय तहमा मानवीय संसाधन व्यवस्थापनसँग सम्बन्धित देहायको सुधार गर्नुपर्ने देखिन्छः

१८.१. उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र नेतृत्व क्षमता मूल्याङ्कन गरी विभागीय प्रमुख, आयोजना प्रमुखलगायतको जिम्मेवारी दिने तथा कार्यसम्पादन करार गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ।

१८.२. निजामती सेवा ऐन र प्रदेश तथा स्थानीय तहमा जनशक्ति परिचालनसम्बन्धी कानून तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१८.३. मानव संसाधन व्यवस्थापनमा रहेका समस्याहरू समाधान गर्न समसामयिक मानव संसाधन नीति, रणनीति एवं कार्यनीतिको तर्जुमा एवं कार्यान्वयनमा जोड दिनुपर्दछ।

१८.४. प्रदेश र स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर दरबन्दी पुनरावलोकन गरी आवश्यक दरबन्दीअनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८.५. स्वदेशी तथा विदेशी तालिम प्रदान गरी जनशक्तिको ज्ञान, सीप क्षमता अभिवृद्धिद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ। निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति समयानुकूल हुनेगरी परिमार्जन गरी कार्यान्वयन गर्नुपर्दछ। राष्ट्रसेवकमा विषय सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि हरेक वर्ष न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ।

१८.६. निजामती सेवा र अन्य सरकारी सेवाको जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। विश्वविद्यालयको पाठ्यक्रममा निजामती वा अन्य सरकारी सेवामा आवश्यक पर्ने ज्ञान र सीप समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८.७. निजामती र अन्य सरकारी सेवाबाट अवकाश प्राप्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई सरकारी सेवामा उपयोग गर्ने नीतिगत तथा कानूनी व्यवस्था मिलाउनुपर्दछ। विश्वविद्यालय तथा शैक्षिक संस्थावाट मेरिटमा आएका मेधावी जनशक्तिलाई सरकारी सेवामा आबद्ध हुने नीति तय गर्नुपर्दछ।

१८.८. भविष्यमा आवश्यक पर्ने जनशक्तिको वैज्ञानिक प्रक्षेपण गरी सोहीबमोजिम जनशक्ति तयार हुने व्यवस्था मिलाउनुपर्दछ।

विकास व्यवस्थापन

१९. **दिगो विकास लक्ष्य -** दिगो विकासका लागि सन् २०१६-३० सम्मको अवधिका लागि तोकिएका लक्ष्य प्राप्ति सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

१९.१. तीनै तहका सरकारले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटसँग आबद्ध गरेर सोहीअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ। लक्ष्य हासिल गर्न तीनै तहका सरकारबीच समन्वय, सहकार्य र अन्तरसम्बन्ध स्थापित हुनुपर्दछ।

१९.२. दिगो विकास लक्ष्य आफैंमा अन्तरसम्बन्धित रहेकोले तीन तहका सरकार एवं विषयगत निकायबाट हुने योगदान पहिचान गरी प्रगतिको मापन, मूल्याङ्कन तथा विश्लेषण गर्नका लागि सूचकसहितको एकीकृत डाटाबेस तयार गर्नुपर्दछ। लक्ष्यको कार्यान्वयनको एकीकृत नतिजा सङ्कलन हुने व्यवस्था मिलाई सम्पूर्ण सरकार (होल अफ द गभर्नमेन्ट) को अवधारणाअनुरूप अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

१९.३. कोभिड-१९ को असरले कार्यक्रम कार्यान्वयन तथा नतिजामा पारेको प्रभाव अध्ययन गरी निर्धारित समयभित्र वाञ्छित लक्ष्य हासिल गर्न आवश्यक बजेट विनियोजन र कार्यसम्पादनको लागि स्पष्ट कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१९.४. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थालगायतका पक्षहरूको भूमिकालाई प्रभावकारी बनाउन सबै पक्षले स्वामित्व र अपनत्व लिने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ। दिगो बिकास लक्ष्यको कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहमा संरचना तयार नगरेकोले यथाशीघ्र प्रभावकारी संस्थागत संरचना निर्माण गर्नुपर्दछ।

२०. **आयोजना व्यवस्थापन -** आयोजना व्यवस्थापनका विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्दछः

२०.१. लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ। आयोजना बैङ्कभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्दछ।

२०.२. आयोजनाहरू तोकिएको समयमा सम्पन्न नहुँदा लागत र समय दुबै वृद्धि भई आयोजना छनोटका लागि लिएको आधार, लाभ लागत विश्लेषणको तथ्याङ्क नै फरक पर्ने अवस्था छ। तसर्थ आयोजना सम्पन्नपश्चात यथार्थ लागतको आधारमा प्रतिफलको मूल्याङ्कन एवं अनुगमन गर्ने परिपाटीको शुरुवात गर्नुपर्दछ।

२०.३. उत्पादन केन्द्रित भौतिक पूर्वाधार विकास र यातायात तथा सूचना सञ्चार पूर्वाधारको वृहत सञ्जालीकरणमा लगानी बढाउने कार्यक्रम ल्याई कार्यान्वयन गर्नुपर्दछ।

२०.४. आवधिक योजनाले निर्दिष्ट लक्ष्य हासिल गर्ने गरी प्राथमिकता सहित आयोजना पहिचान र पूर्ण तयारीका साथ आयोजना कार्यान्वयनमा लैजान हाल सञ्चालनमा रहेका सबै पहिलो र दोस्रो प्रथामिकता प्राप्त आयोजना तथा रुपान्तरणकारी आयोजनाको समेत पूनर्मूल्याङ्कन गरेर प्राथमिकतामा रहेका आयोजना मात्र सञ्चालन गर्नुपर्दछ।

२०.५. आयोजनाको अनुगमन र मूल्याङ्कनलाई नतिजामुखी बनाई आयोजना कार्यालय, मन्त्रालयस्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आधुनिक विधिहरू प्रयोगमा ल्याई अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। संघ र प्रदेशबाट सञ्चालन हुने आयोजना अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०.६. निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा आयोजना कार्यान्वयन गर्नुपर्दछ। यस्ता आयोजना कार्यान्वयनका लागि उपयुक्त अनुगमन संयन्त्रसहितको छुट्टै कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०.७. जग्गाको मूल्याङ्कन वस्तुनिष्ठ नहुँदा मुआब्जा भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र न्यायलयमा मुद्दा दायरसमेत गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ। आयोजनाहरूको लागि आवश्यक जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत, वैज्ञानिक र व्यवस्थित गर्न उपयुक्त कानूनी व्यवस्था गर्नुपर्दछ।

२०.८. पर्याप्त अध्ययन र स्थलगत अवलोकन बेगर ड्रइङ डिजाइन तयार गरेको कारण निर्माण चरणमा आयोजनाको ड्रइङ डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भइरहेकोले पर्याप्त अध्ययन बेगर आयोजनाको डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ।

२०.९. एकै प्रकृतिका आयोजनाहरू विभिन्न निकाय तथा सरकारबाट कार्यान्वयन भैरहेको तथा आयोजना अन्तरसम्बन्धित रहेकाले सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वन जस्ता निकायहरूबीच समन्वयका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्दछ। शहरी पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गराई यूटिलिटी कोरिडोर मार्फत सेवा प्रवाह र शुल्क व्यवस्थापन गर्ने व्यवस्था मिलाउनुपर्दछ। निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन, उपकरणहरू, निर्माण सामग्रीको उपलब्धता र व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण गरी राष्ट्रिय आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ।

२१. **सार्वजनिक खरिद व्यवस्थापन -** सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, स्वच्छ, जवाफदेही, पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाउन देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छः

२१.१. खरिद कानूनमा व्यवस्था भएबमोजिम मालसामान, निर्माण कार्य र सेवाको आवश्यकता पहिचान, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयारी गर्नुपर्दछ। योग्यताको आधार र स्पेसिफिकेशन तयार गर्दा निश्चित निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने गरी तयार गर्ने, एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट कार्य थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२१.२. सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ।

२१.३. उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन। उपभोक्ता समितिले गर्नुपर्ने गरी सम्झौता गरिएको कार्य निर्माणव्यवसायीबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ।

२१.४. विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, रुख कटान, विद्युत पोलको स्थानान्तरण, वातावरणीय प्रभाव मूल्याङ्कन र सरोकारवालासँग समन्वयलगायतका सबै पूर्व तयारीका कार्य गरेपश्चात मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ।

२१.५. निर्माण व्यवसायीले सम्पादन गरिरहेका ठेक्काको विवरण खुल्ने खरिद व्यवस्थापन सूचना प्रणालीको विकास गरी निर्माण कार्यको मूल्याङ्कन गर्दा निर्माण क्षमता मापन समेत गर्ने व्यवस्था गर्नुपर्दछ।

२१.६. सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रक्रिया व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्देशिका जारी गर्नुपर्दछ। उक्त निर्देशिकामा खरिदका नवीनतम मोडालिटीहरू जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बुट), इन्जिनियरिङ प्रोक्योरमेण्ट कन्ट्र्याक्ट र सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आह्वान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गर्नुपर्दछ।

२१.७. बोलपत्र वा प्रस्ताव मूल्याङ्कनबाट छनोट भएका आपूर्तिकर्ताहरूको कबोल मूल्यमा देशभरका सबै कार्यालयहरूले आईटम दर सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्न सक्ने व्यवस्था गर्नुपर्दछ।

२१.८. सार्वजनिक खरिद प्रक्रियामा संलग्न हुने कर्मचारीको दक्षता वृद्धि गर्नुपर्दछ। खरिद प्रक्रियामा हुने ढिलाइलाई न्यून गर्न बजेट सुनिश्चितताको आधारमा खरिद पूर्वका क्रियाकलापहरू जस्तै मानव संसाधनको तयारी, कार्यस्थल तयारी, ड्रइङ डिजाइन तथा लागत अनुमान तयारी, बोलपत्र कागजात, सूचना प्रकाशन जस्ता कार्यहरू समयमै गर्नुपर्ने कानूनी व्यवस्था हुनुपर्दछ।

२१.९. स्वदेशी वा विदेशी फर्मसंग संयुक्त उपक्रम गरी निर्माण कार्य गर्नको लागि छनोट हुने तर कम अनुभव भएको वा स्वदेशी फर्ममात्र संलग्न भई निर्माण कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सो सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्दछ।

२१.१०. सार्वजनिक खरिदमा प्रतिष्पर्धा, स्वच्छता र जवाफदेहिता प्रवर्द्धन गरी मितव्ययी ढंगबाट खरिद गर्ने ध्येय रहेकोमा निर्माण व्यवसायी बढीमा पाँचवटा बोलपत्रको प्रकृयामा भाग लिन सक्ने संशोधित व्यवस्था पश्चात ठुला ठेक्काहरूमा एकल वा न्युनतम संख्यामा मात्र निर्माण व्यवसायीको सहभागिता भई लागत अनुमान कै हाराहारीमा ठेक्का बन्दोबस्त भएको अवस्था छ। बोलपत्रमा सहभागी हुन प्रतिष्पर्धालाई सीमित नहुने गरी ठेक्का संख्यालाई मात्र आधार नबनाई ठेक्का कार्यलाई गुणस्तरीय बनाउन ठेक्का कार्यको जटिलता, कार्य क्षमता र निर्माण लागतलाईसमेत समेट्ने गरी खरिद कानूनमा सुधार गरिनुपर्दछ।

सार्वजनिक जवाफदेहिता र सुशासन

२२. **लेखाङ्कन तथा प्रतिवेदन -** आर्थिक कारोबारको लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्थामा देहायको सुधार गर्नुपर्दछः

२२.१. संघ, प्रदेश र स्थानीय तहले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ। साथै कार्यात्मक वर्गीकरण, दिगो विकास लक्ष्य संकेत, लैंगिक उत्तरदायी बजेट सङ्केत, जलवायु परिवर्तन बजेट सङ्केतसमेतको आधारमा लेखाङ्कन र विवरण प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्दछ।

२२.२. नगदमा आधारित लेखाप्रणालीले सबै वित्तीय कारोबारलाई समेटी समग्र आर्थिक अवस्था र वित्तीय कार्य सम्पादनलाई प्रस्तुत र चित्रण गर्न नसक्ने भएकोले यसमा सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्ने तर्फ आवश्यक कार्य गर्नुपर्दछ।

२२.३. राज्यका तीनै तहका सरकार र सरकारअन्तर्गतका सबै बजेटरी तथा गैर बजेटरी निकायहरूको कारोबारलाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ। वित्तीय हस्तान्तरणअन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि सम्बन्धित सरकारको सञ्चित कोषमा मौज्दात रहने एवं कतिपय अवस्थामा अर्को वर्ष फिर्ता प्राप्त हुने भएकाले राजस्व र खर्च रकम यथार्थपरक नहुने अवस्थालाई निराकरण गर्न र दोहोरो लेखाङ्कन हुने अवस्थालाई समाधान गर्न उपयुक्त विकल्प प्रयोगमा ल्याउनुपर्दछ।

२२.४. सबै सरकारी सम्पत्ति तथा जायजेथा र दायित्वको विवरण एकीकृत गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ। बहुवर्षीय आयोजनाबाट वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिवद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ। साथै सरकार जमानत बसेको ऋणको समेत लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

२२.५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमका लागि खडा गरिएका विभाज्य कोषमा जम्मा हुने रकम तोकिएकै समयमा सबै तहमा बाँडफाँट गरी वर्षान्तमा रकम मौज्दात नरहने व्यवस्था मिलाउनुपर्दछ। संघ प्रदेश र स्थानीयतहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्यकोषमा जम्मा हुनुपर्नेमा आफ्नै सञ्चित कोषमा जम्मा गर्ने गरेको समेत देखिएकोले यस्तो राजस्व विभाज्य कोषमा समयमै दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ।

२२.६. अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले आफ्नो प्रदेशका स्थानीय तहको आम्दानी खर्चको एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने र अर्थ मन्त्रालयबाट सम्पूर्ण सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने व्यवस्था गर्नुपर्दछ।

२२.७. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन तीन तहकै सरकारबीच एकरूपता कायम गर्न आधुनिक सूचना प्रविधि/प्रणालीको अवलम्बन गरी एकीकृत वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ। लेखाका आधारभूत वित्तीय विवरण स्वचालित रूपमा सो प्रणालीबाट तयार हुने व्यवस्था गर्नुपर्दछ।

२२.८. नेपालमा सार्वजनिक क्षेत्रमा सार्वजनिक वित्तसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्न वित्त व्यवस्थापन विज्ञ प्रमाणीकरण गर्ने तथा आर्थिक प्रशासनका जनशक्तिको क्षमता अभिवृद्धि गर्न उपयुक्त संरचना तथा नियमनको व्यवस्था मिलाउनुपर्दछ।

२२.९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्कीलाई बेरुजू नमान्ने व्यवस्था गरेको हुँदा अद्यावधिक लगतका लागि सरकारी कार्यालयले प्रदान गरेका प्रत्येक पेस्कीको खाता उतार गरी एकीकृत विवरण तयार गर्ने एवं प्रत्येक पेस्की जिम्मेवारी प्रमाणित गर्ने प्रयोजनको लागि बेग्लै फाराम तयार गर्नुपर्दछ।

२३. **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण -** सार्वजनिक स्रोत साधनको प्रभावकारी उपयोगको लागि आन्तरिक नियन्त्रण प्रणाली एवं आन्तरिक लेखापरीक्षणमा देहायको सुधार गर्नुपर्ने देखिन्छः

२३.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको सबै तहका सरकार मातहतका कार्यालयले आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ। सबै सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ।

२३.२. स्थानीय तहलगायत विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामा अनिर्वायरूपमा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानूनी र संरचनागत सुधार गर्नुपर्दछ।

२३.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा तोकिए बमोजिमको समयमा नै बेरुजु फर्स्यौट गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२३.४. आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणबीचको समन्वय बढाउनुपर्दछ।

२४. **अन्तिम लेखापरीक्षण -** लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षणमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन्छः

२४.१. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावहरूले सम्बोधन गरेबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक कानून तथा स्रोत साधन उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ।

२४.२. कार्यालयबाट जारी आचारसंहिता पालना, लेखापरीक्षणको गुणस्तर नियन्त्रण, पेशागत दक्षता विकास लगायतका कार्यमा निरन्तरता दिँदै लेखापरीक्षणको मूल्य मान्यता अभिवृद्धिको लागि स्रोत साधनको व्यवस्था गर्नुपर्दछ।

२४.३. महालेखापरीक्षकबाट पेस हुने वार्षिक प्रतिवेदन, प्रदेशको काम कारबाहीबारेको प्रतिवेदन तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन यथासमयमै सबै तहको सम्बन्धित व्यवस्थापकीय अङ्गमा पेस गर्ने र छलफल हुने व्यवस्था गर्नुपर्दछ। प्रतिवेदनका महत्वपूर्ण विषयका सम्बन्धमा सार्वजनिक लेखा समितिलगायतमा पूर्व छलफल गर्ने, समन्वय तथा सहकार्य गर्ने व्यवस्था गर्नुपर्दछ।

२४.४. लेखापरीक्षण ऐन, २०७५ को दफा १६ मा महालेखापरीक्षकद्वारा जारी मानदण्ड, नीति, निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजनाबमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको त्रुटिको लागि महालेखापरीक्षकको कार्यालयका कर्मचारी व्यक्तिगत रूपमा जिम्मेवार नहुने व्यवस्था छ। लेखापरीक्षण मानदण्ड, निर्देशिकाको आधारमा लेखापरीक्षण गर्दा पहिचान हुन नसकेका त्रुटि वा कमजोरीका विषयमा लेखापरीक्षण ऐन, २०७५ को दफा १४ बमोजिम समकक्षी पुनरावलोकन बाहेक लेखापरीक्षणको पुनरावलोकन गर्न नसकिने व्यवस्थाबारे आम सरोकारवालालाई जानकारी गराउने लगायतका विषयमा आवश्यक समन्वय गर्नुपर्ने अवस्था छ।

२४.५. लेखापरीक्षण ऐन, २०७५ को दफा २(घ) बमोजिम लेखापरीक्षणले सम्परीक्षण कार्यलाई पनि समेटेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(४) बमोजिम बेरूजु फर्स्यौंट तथा फरफारख गरी लेखा उत्तरदायी अधिकृतले अन्तिम लेखापरीक्षणमा पेश गर्ने र सोलाई लेखापरीक्षण हुँदा परीक्षण गर्ने विषय सम्बन्धमा स्पष्ट हुनुपर्दछ।

२४.६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०, दफा ४१ र लेखापरीक्षण ऐन, २०७५ का प्रावधान बाझिएको हुँदा यी ऐनको व्यवस्थामा तादात्म्यता हुनुपर्दछ।

२४.७. महालेखापरीक्षकको कार्यालयमा कार्यरत रहने नेपाल लेखापरीक्षण सेवाका कर्मचारीको सेवा संचालन महालेखापरीक्षकको कार्यालयबाट हुने कानूनी व्यवस्था गर्नुपर्दछ।

२५. **नियमन व्यवस्था -** संविधान र कानूनबमोजिम सम्पादित नियमन कार्य सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

२५.१. औषधि तथा औषधिजन्य पदार्थ र खाद्य पदार्थको गुणस्तर, निर्माण सामग्री तथा कार्यको गुणस्तर कायम गर्ने, मालवस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिएको भन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्ने, बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभावलगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ।

२५.२. कार्यकारी निकाय अन्तर्गत नै रहेका राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग,राजस्व अनुसन्धान विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय तथा विषयक्षेत्रगत नियमनकारी निकायहरूलाई उपयुक्त कार्यात्मक स्वतन्त्रता दिई पेशागत र संस्थागत क्षमतालाई सबल बनाउनुपर्दछ। नियमनकारी निकायहरूबीच सूचना आदान प्रदान गरिनुपर्दछ।

२५.३. नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषलगायतका वित्तीय कारोबार गर्ने कोषहरूको नियमन गर्ने नियमनकारी निकाय स्थापना गरिनुपर्दछ। साथै, बैङ्क तथा वित्तीय संस्थाको नियमन प्रभावकारी बनाउनुपर्दछ।

२५.४. संसदीय समितिहरूले दिएका निर्देशनको अभिलेख राखी पालना भए नभएको अनुगमन गर्नुपर्दछ।

२५.५. सार्वजनिक निजी सेवा प्रदायक निकायको त्रुटिपूर्ण कार्यबाट उपभोक्तालाई आर्थिक, भौतिक, शारीरिक वा अन्य किसिमको हानि नोक्सानी पुग्न गएमा त्यसको उचित क्षतिपूर्ति भरण गर्ने व्यवस्था मिलाई नियमित अनुगमन गर्नुपर्दछ।

२५.६. बैङ्क, वित्तीय संस्था, सहकारी, बाणिज्य, कम्पनी, धितोपत्र, विद्युत, हवाई, दूरसंचारलगायतका निकायहरूको सेवालाई सेवाग्राहीमुखी बनाउन प्रभावकारी नियमन गरिनुपर्दछ।

२६. **वित्तीय अनुशासन -** वित्तीय तथा शासकीय सुशासन कायम गर्न देहायका सुधार गर्नुपर्ने देखिन्छः

२६.१. वित्तीय विवरण तथा लेखा समयमा उपलब्ध नगराउने, लेखासँग सम्बन्धित कागजात पेस नगर्ने, तत्सम्बन्धी सूचना उपलब्ध नगराउने, तोकिएको ढाँचामा लेखा नराख्ने र लेखापरीक्षण नगराउनेलाई लेखापरीक्षण ऐनबमोजिम कारबाही गर्ने, लेखापरीक्षणबाट देखिएको कैफियत तथा सुझाव कार्यान्वयन सम्बन्धमा जिम्मेवार व्यक्तिले गरेको कार्यको प्रगतिको जाँच गरी प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ।

२६.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्न तथा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने व्यवस्थाको प्रभावकारी तवरले कार्यान्वयन गर्नुपर्दछ।

२६.३. निश्चित सूचकाङ्क निर्धारण गरी निकायगत वित्तीय अनुशासनको अवस्था मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ। यसका लागि नीतिगत, संगठनात्मक, प्रशासनिक, आर्थिकलगायतका सूचक तर्जुमा गर्नुपर्दछ।

२६.४. प्रत्येक सार्वजनिक निकायले आफ्नो कार्यालयको कार्य सम्पादन सहजता र शीघ्रता ल्याउन कार्यविधि बनाई सो अनुसार कार्य गर्नुपर्दछ।

२६.५. जिम्मेवार पदाधिकारीहरू आफ्नो कार्यकालको आर्थिक कारोबारको लेखापरीक्षण गराई बेरुजू फरफारक गरेर मात्र अन्यत्र रमाना गरिनुपर्दछ।

२६.६. सरकारी निकायको आर्थिक कारोबार गर्दा देखिएका अनियमितता र बेरुजूको सम्बन्धमा सम्बन्धित दामकाम गर्ने कार्यालय प्रमुख र जिम्मेवार पदाधिकारीलाई उत्तरदायी बनाउनुपर्दछ।

२६.७. आर्थिक अनुशासन पालना तथा बेरुजू फस्यौंटलाई कार्यसम्पादन र वृत्ति विकासका पक्षहरूसँग जोडिनुपर्दछ।

२६.८. सार्वजनिक संस्थानहरूमा कार्यकारी प्रमुख, सञ्चालक समितिमा नियुक्ति वा मनोनयन गर्दा विगतको वित्तीय अनुशासन पालनाको स्थिति मूल्याङ्कन गरिनुपर्दछ।

२७. भ्रष्टाचार नियन्त्रण र सुशासन

२७.१. भ्रष्टाचारजन्य कार्यहरू हुने प्रमुख जोखिम क्षेत्रहरूवारे नियमित अध्ययन सर्भेक्षण गरी निगरानी सूची तयार गरी त्यस्ता क्षेत्रहरूलाई विशेष निगरानी गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२७.२. नेतृत्वको पदमा जिम्मेवारी ग्रहण गर्नु पूर्व सम्बन्धित पदले सम्पादन गर्ने कार्यहरू र त्यस्तो पद ग्रहण गर्ने व्यक्ति संलग्न रहेको पेशा व्यवसाय र निजको पृष्ठभूमि बीच स्वार्थ नबाझिने कुरा सुनिश्चित गरी औपचारिकरूपमा घोषणा गर्न लगाई सोको अभिलेख गर्ने व्यवस्था गर्नुपर्दछ।

२७.३. निर्वाचन खर्च बढी हुन गई सोको कारणवाट भ्रष्टाचारजन्य कार्य गर्न प्रोत्साहित हुने वा दवाव पर्ने अवस्थालाई सम्वोधन गर्न निर्वाचन खर्चलाई वाञ्छित सीमा भित्र राख्ने वा यसका लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिएको छ।

२७.४. भ्रष्टाचारजन्य कृयाकलाप प्रति कानूनीरूपमा मात्र होईन सामाजिक र सांस्कृतिक रूपमै शून्य सहनशीलता अपनाउन नागरिक तहमै प्रभावकारी सामाजिक तथा सांस्कृतिक मूल्यमान्यतामा सुधार गर्न जनचेतनायुक्त कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२७.५. भ्रष्टाचारजन्य क्रियाकलापलाई निरोध गर्न सार्वजनिक निकायहरूको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्दछ।

२७.६. सूचनाको गोप्यता र निर्दिष्ट प्रयोजनमा मात्र उपयोग हुने कुरा सुनिश्चित गरी विषयक्षेत्रगत नियमनकारी संस्थाहरू, सम्बन्धित सरकारी विभाग/कार्यालयहरू र संवैधानिक निकायहरूबीच शंकास्पद र सीमागत कारोवारसंग सम्बन्धित सूचना आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्दछ।

परिच्छेद

६

कार्यालय गतिविधि

परिच्छेद-६

कार्यालय गतिविधि

संगठनात्मक क्षमता र पेशागत सक्षमता

१. **स्वीकृत दरबन्दी र पदपूर्ति -** नेपालको संविधान र प्रचलित कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी, १३० लेखापरीक्षण अधीक्षक र अन्य कर्मचारीसहित कार्यालयको स्वीकृत दरबन्दी ६४३ रहेको छ। यो वर्ष उपमहालेखापरीक्षक १, नायब महालेखापरीक्षक ५, निर्देशक १५, लेखापरीक्षण अधिकारी २५, लेखापरीक्षण अधीक्षक १६ र कम्प्युटर अपरेटर २ समेत जम्मा ६४ कर्मचारी लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवा प्रक्रियाको माध्यमबाट पदपूर्ति भएको छ।

२. **भौतिक पूर्वाधार -** कार्यालयको प्रशासनिक कार्य २०७८ मङ्सिर ९ गतेदेखि अनामनगरस्थित आफ्नै भवनबाट सञ्चालन भइरहेको छ। स्वीकृत दरबन्दीअनुसार पदपूर्ति हुँदै जाँदा नयाँ भवनसमेत पर्याप्त हुन नसकेकोले बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय बबरमहलस्थित पुरानो भवनबाट कार्य सञ्चालनको व्यवस्था मिलाइएको छ। दरबन्दीअनुसार जनशक्तिको पदपूर्ति भएको अवस्थामा कर्मचारीको लागि अझै स्थान अभाव हुने देखिएको छ। यो वर्ष कार्यालयले चार पाङग्रे सवारीसाधन ५ प्राप्त गर्नुका साथै दुई पाङग्रे सवारीसाधन ४ खरिद गरेको छ।

३. **क्षमता विकास -** कर्मचारीको ज्ञान, सीप र क्षमतामा निरन्तर बढोत्तरीको लागि यो वर्ष कार्यालयका विभिन्न १५ कार्यक्रममा पटक पटक गरी ४९३ कर्मचारीले स्वदेशी र विभिन्न १४ कार्यक्रममा ४८ कर्मचारीले वैदेशिक तालिम एवं क्षमता विकास सम्बन्धी कार्यक्रममा भर्चुअल तथा भौतिक माध्यमबाट सहभागिता जनाएका छन्।

४. **पदक तथा पुरस्कार -** संविधान दिवस, २०७९ का अवसरमा नेपाल सरकारबाट प्रदान हुने विभूषण तथा पदक अन्तर्गत नायब महालेखापरीक्षकद्वय श्री घनश्याम पराजुली र नेत्रकुमार खत्री सुप्रबल जनसेवाश्रीबाट विभूषित हुनु भएको, लेखापरीक्षण अधिकारी श्री सिर्जना रिमाल प्रबल जनसेवाश्रीबाट विभूषित हुनु भएको छ। त्यस्तै निजामती सेवा पुरस्कार, २०७९ बाट कार्यालयका निर्देशक श्री सत्यनारायण थापा पुरस्कृत हुनुभएको छ।

५. **रणनीतिक योजना -** महालेखापरीक्षकको कार्यालयले चौथो रणनैतिक योजना (२०२१-२०२५) अनुरूप निर्धारण गरिएका दूर दृष्टि, गन्तव्य, मूल्य मान्यता र रणनीतिक लक्ष्यहरूलाई आधार बनाई संस्थागत सुदृढीकरण कार्यक्रम कार्यान्वयनलाई निरन्तरता प्रदान गरेको छ। यसले लेखापरीक्षण गुणस्तरमा सुधार ल्याउन, लेखापरीक्षणको प्रभाव अभिवृद्धि गर्न, संस्थागत तथा व्यावसायिक सक्षमता सुदृढ गर्न, वित्तीय अनुशासन र जवाफदेहिता वृद्धि गर्न र सरोकारवालासँगको सम्बन्धमा सकारात्मक योगदान पुऱ्याउन सक्ने देखिन्छ। कार्यालयको आन्तरिक सुशासन प्रणाली सुदृढ गर्न आन्तरिक कार्य सञ्चालन कार्यविधि, आर्थिक कारोबार लेखाङ्कनका लागि सरकारी लेखा प्रणाली, सरकारी सम्पत्ति व्यवस्थापनका लागि

सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखापरीक्षण र सोको अभिलेखलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको छ। साथै महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदनलाई थप सूचनामूलक बनाउन यो वर्ष ईन्फ्रोग्राफिक्सको रूपमा फोटो, चार्ट, ग्राफ, डायग्रामबाट प्रस्तुतीकरण गरिएको छ।

६. **कार्ययोजना -** नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४।२।८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनुभएका महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालबाट नेपालको संविधानको धारा २४१ बमोजिम आफ्नो काम, कर्तव्य, अधिकार प्रभावकारी रूपमा सम्पादन गर्न ६ वर्षको कार्यअवधिको महालेखापरीक्षकको कार्ययोजना (२०७४-२०८०) स्वीकृत गरी सो अनुरूप कार्यालयको कार्यसम्पादन भइरहेको छ। कार्ययोजनामा ६ वर्षमा गरिने सुधारका विषयहरू समावेश गरिएका छन्। उक्त विषयहरूमा संगठनात्मक व्यवस्था र कार्य प्रणालीमा सुधार, नीतिगत तथा कानूनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चार रहेका छन्।

सार्वजनिक लेखापरीक्षणको माध्यमबाट सरकार र सार्वजनिक निकायमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्न यस कार्यालयले कार्ययोजना बमोजिम महत्त्वपूर्ण कार्य सम्पादन गरेको छ। नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्न बढ्दो कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नयाँ दरबन्दी स्वीकृत भई कार्यालयको दरबन्दी ६४३ कायम भएको छ। कार्य वातावरणमा सुधार ल्याउन अन्डर ग्राउण्ड पार्किङ सहितको अपाङ्गमैत्री भवन निर्माण सम्पन्न गरेर आवश्यक पर्ने फर्निचर तथा फर्निसिङको व्यवस्था गरी सञ्चालनमा ल्याइएको छ। यस अवधिमा चार पाङग्रे र दुई पाङग्रे सवारीसाधन क्रमशः १७ र ८३ थप गरिएका छन् भने ३७१ ल्यापटप खरिद गरी कार्यालयको काममा प्रयोग गरिएका छन्। लेखापरीक्षण तथा सम्परीक्षण कार्यलाई पूर्णरूपमा सूचना प्रविधिमा आधारित बनाउँदै सर्भर सहितको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (एन. ए. एम. एस.) कार्यान्वयनमा ल्याइएको छ।

कर्मचारीको कार्य क्षमता अभिवृद्धिका लागि अध्ययन, अध्ययन भ्रमण र तालिमका अवसरहरू प्रदान गरिएका छन्। यस अवधिमा कार्यमूलक लेखापरीक्षणलाई नागरिक सहभागितामा आधारित बनाउँदै नागरिक समाज संस्थाका ३६१ व्यक्तिलाई सोसम्बन्धी तालिम प्रदान गरिएको छ भने तोकिएको ढाँचा र पद्धतिमा २३ विषयको कार्यमूलक लेखापरीक्षण गर्न त्यस्ता व्यक्तिहरूलाई सहभागी गराइएको छ। लेखापरीक्षण विधि, तरिका र पद्धतिमा समयसापेक्षरूपमा नवीनता ल्याउँदै जोखिममा आधारित लेखापरीक्षण, दूर लेखापरीक्षण, विविध विषयका विशेष लेखापरीक्षण गरी त्यसको अनुगमन, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्ततालाई अभिन्न अङ्ग बनाइएको छ।

अन्तर्राष्ट्रिय अभ्यासअनुसार सर्वोच्च लेखापरीक्षण संस्थाबाट समकक्षी पुनरावलोकन गराई प्राप्त सुझावलाई कार्यान्वयन गर्न मौजुदा रणनीतिक योजनामा समावेश गरिएको छ। नयाँ सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन ढाँचाको कार्यान्वयन, सार्वजनिक क्षेत्र लेखापरीक्षण मानदण्डमा सामयिक सुधार तथा परिमार्जन, आर्थिक संकेत तथा वर्गीकरण र व्याख्यामा संशोधन, बेरुजूको वर्गीकरण तथा व्याख्या सम्बन्धी व्यवस्थामा परिवर्तन, कारोबारको प्रकृतिमा आएको परिवर्तनअनुसार नयाँ फारम

तथा साविकका फारमको ढाँचामा संशोधन स्वीकृति प्रदान गरिएको छ। यस अवधिमा सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, प्रधानन्यायधीश, संघीय संसद प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुखहरू, मुख्य मन्त्री लगायतका पदाधिकारीहरूसँग लेखापरीक्षणका विविध पक्षहरूबारे छलफल गरी प्राप्त सुझाव समेतका आधारमा लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गर्दै संस्थागत सम्बन्ध सुदृढीकरणमा जोड दिइएको छ। त्यस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूका महाधिवेशन एवं बैठकहरूमा कार्यालयको सहभागिता बढाई बाह्य सम्बन्ध र सञ्चारमा विशेष ध्यान दिइएको छ।

आन्तरिक सुशासन र वित्तीय व्यवस्थापन

७. **वित्तीय स्थिति र कार्यक्रम -** यस वर्ष सञ्चितकोषमाथि हुने व्ययभारतर्फ रू.२१ लाख ७१ हजार खर्च भएको छ। सञ्चित कोषबाट व्यय हुने चालुतर्फ रू.४६ करोड १२ लाख ७८ हजार र पुँजीगततर्फ रू.३ करोड ३३ लाख ३५ हजार गरी रू.४९ करोड ४६ लाख १३ हजार खर्च भएको छ। त्यसैगरी एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा) तर्फ परामर्श सेवा, मेसिन उपकरण एवं फर्निचर खरिद तथा क्षमता विकास तालिम लगायतमा कुल रू.८ करोड ३३ लाख ९६ हजारसमेत रू.५८ करोड १ लाख ८० हजार खर्च भएको छ।

८. **आचारसंहिताको पालना -** कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संस्थाबाट जारी आचारसंहितालाई अनुसरण गर्दै लेखापरीक्षकको आचारसंहिता जारी गरेको छ। सोअनुसार लेखापरीक्षण टोलीमा संलग्न हुने कर्मचारीले लेखापरीक्षण पूर्व नै नैतिक आचारसंहिताको घोषणा गरी उक्त आचारसंहिताको प्रभावकारी रूपमा पालना गर्नुपर्ने व्यवस्था मिलाइएको छ। आचारसंहिता पालना भए नभएको अनुगमन गर्न अनुगमन समिति गठन गरिएको छ।

लेखापरीक्षण गुणस्तर र प्रभाव अभिवृद्धि

९. **वार्षिक लेखापरीक्षण योजना -** संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य निकायको लेखापरीक्षणका लागि प्रत्येक वर्ष माननीय महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण योजना स्वीकृत गरी लेखापरीक्षण गर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०७८।७९ को वार्षिक लेखापरीक्षण योजना २०७९ श्रावणमा स्वीकृत गरी लेखापरीक्षण सम्पन्न गरिएको छ।

वार्षिक लेखापरीक्षण योजनामा अघिल्ला वर्षहरूका वार्षिक लेखापरीक्षण योजना कार्यान्वयनको स्थिति, जोखिम पक्षको विश्लेषण, सम्माननीय राष्ट्रपति, संघीय संसद प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, संघीय संसद सार्वजनिक लेखा समितिका सदस्यहरू, प्रदेश प्रमुख, प्रदेश सभा सार्वजनिक लेखासमितिका सदस्यहरू, संघीय सरकारका पदाधिकारीहरू, प्रदेश सरकारका पदाधिकारीहरू, लेखापरीक्षण सल्लाहकार समिति, प्राविधिक विशेषज्ञ, सम्बन्धित क्षेत्रका सरोकारवालाहरूसँग लेखापरीक्षणका विविध पक्षबारे छलफल गरी प्राप्त सुझावसमेत समावेश गरिएको थियो। यसबाट लेखापरीक्षण योजना तर्जुमा तथा कार्यान्वयनमा सहजता भई समयमा लेखापरीक्षण कार्यसम्पन्न गर्न सहयोग पुगेको छ।

१०. **लेखापरीक्षण व्यवस्थापन** - अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्ने सन्दर्भमा लेखापरीक्षण ऐन, २०७५ को दफा १७ बमोजिम लेखापरीक्षण गर्ने निकायको विद्युतीय माध्यमबाट अभिलेख राख्न अघिल्लो वर्षदेखि सञ्चालन गरिएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) लाई यो वर्षदेखि सबै निकायको लेखापरीक्षणमा पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ। यो प्रणाली सञ्चालनका लागि सर्भर जडान कार्य सम्पन्न गरिएको छ। यो वर्षको वार्षिक लेखापरीक्षण योजनाले लेखापरीक्षण गरिने ६ हजार ५०२ निकायलाई उच्च र न्यून जोखिमयुक्त गरी २ समूहमा विभाजन गरेको थियो। उच्च जोखिममा रहेका २ हजार ८१० निकायहरूको सम्बन्धित निकायमा उपस्थित भई विस्तृतरूपमा लेखापरीक्षण गरिएको छ। न्यून जोखिममा रहेका ३ हजार ६९२ निकायको हकमा सम्बन्धित निकायले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा अपलोड गरेको विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा भौतिक उपस्थिति नभई दूर लेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष कार्यतालिका बमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्न ५८ जिल्लामा एकल तथा संयुक्त र बाँकी १९ जिल्लामा विभागगत टोली खटाइएको थियो।

११. **लेखापरीक्षण टोलीप्रमुखहरूलाई अभिमुखीकरण** - कार्यालयले वार्षिक लेखापरीक्षण योजना, २०७९ मा उल्लिखित परीक्षण गर्नुपर्ने प्रमुख विषयका सम्बन्धमा यो वर्षको लेखापरीक्षणको पहिलो चरण अन्तर्गत ४५ जिल्लाको एकल तथा संयुक्त र निर्देशनालयगत लेखापरीक्षण डोरमा खटिने टोलीप्रमुख तथा उपटोलीप्रमुखहरूलाई अभिमुखीकरण तालिम प्रदान गरेको थियो। उक्त कार्यक्रममा महालेखापरीक्षकबाट ईकाईगत लेखापरीक्षण योजना, टोली व्यवस्थापन, डोर सञ्चालन, गुणस्तर नियन्त्रण तथा सुपरीवेक्षण, पेशागत मर्यादा र व्यवहार जस्ता स्थलगत लेखापरीक्षण प्रद्धतिका प्रमुख आयामका सम्वन्धमा निर्देशन प्रदान गरिएको थियो। कार्यक्रममा लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यसञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्बन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा उपमहालेखापरीक्षक र नायब महालेखापरीक्षकबाट अभिमुखीकरण गरिएको थियो।

१२. **लेखापरीक्षण सल्लाहकार समिति** - लेखापरीक्षणको विश्वसनीयता, गुणस्तर तथा प्रभाव अभिवृद्धि गर्दै यसका नीतिगत, कानूनी, प्रक्रियागत तथा व्यावहारिक पक्षहरूमा सुधार ल्याउने उद्देश्यले लेखापरीक्षण सल्लाहकार समितिको गठन गरिएको छ। सल्लाहकार समितिमा महालेखापरीक्षकको अध्यक्षतामा प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत राष्ट्रिय जीवनका महत्त्वपूर्ण क्षेत्रमा कार्य अनुभव भएका तथा योगदान पुऱ्याएका व्यक्तिहरू सदस्य रहेका छन् भने उपमहालेखापरीक्षकले समितिको सदस्य सचिवको रूपमा कार्य गर्दछन्। समितिको कामलाई थप प्रभावकारी बनाउन अघिल्लो वर्ष गठन गरिएका प्रशासन तथा सुशासन, आर्थिक क्षेत्र, योजना पूर्वाधार, वित्तीय व्यवस्थापन र सामाजिक सेवा गरी ५ उपसमितिलाई निरन्तरता प्रदान गर्दै यो वर्ष २ सदस्य थप गरिएको छ। यो वर्ष समितिको बैठकमा महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षण नीति तथा कार्यक्रम, कार्यमूलक, सूचना प्रविधि, वातावरणीयलगायत विशेष लेखापरीक्षणका विषयहरू, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्य सञ्चालन स्थिति, लेखापरीक्षणमा समावेश हुने विषयहरू, प्रतिवेदन तयारीका सम्बन्धमा बैठकमा छलफल गरी सुझावहरू लइएको छ।

१३. **लेखापरीक्षणमा नागरिक सहभागिता** - सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७३ ले लेखापरीक्षण कार्यमा नागरिक संलग्नताको माध्यमबाट पारदर्शिता अभिवृद्धि गरी प्रतिवेदनको विश्वसनीयतालाई बढाउन

नागरिक समाज संस्थाको सहभागिताको ढाँचा निर्धारण गरेको छ। कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरेको छ। यो वर्ष दिगो विकास लक्ष्य ५.५ अन्तर्गत निर्णय तहमा महिला सहभागिता तथा अवसर सम्बन्धी लक्ष्य कार्यान्वयनको अवस्था र सरकारी सेवालाई अनलाइन मार्फत प्रदान गरिने कार्यक्रमको मूल्याङ्कन विषयमा एक नागरिक समाज संस्थालाई सहभागी गराई लेखापरीक्षण कार्य गरिएको छ। त्यसैगरी आयोजनाको छनौट तथा प्राथमिकीकरण, बजेट प्रस्ताव र विनियोजन सम्बन्धी कार्यक्रमको मूल्याङ्कन विषयमा अर्को एक नागरिक समाज संस्थालाई सम्मिलित गराई लेखापरीक्षण सम्पन्न गरिएको छ।

१४. **विशेषज्ञबाट लेखापरीक्षण -** लेखापरीक्षण ऐन, २०७५ को दफा १५(१) अनुसार नेपाल राष्ट्र बैङ्कको २०७८।७९ को लेखापरीक्षण गर्न अन्तर्राष्ट्रियस्तरको प्रस्ताव माग गरी एक अन्तर्राष्ट्रिय परामर्शदाताबाट विशेषज्ञ सेवा लिइएको छ। सोही ऐनको दफा १० अनुसार महालेखापरीक्षकको सहायकको रूपमा नियुक्त गरी लेखापरीक्षण हुँदै आएकोमा यो वर्ष अन्तर्राष्ट्रिय मुद्रा कोषको विस्तारित कर्जा सुविधा कार्यक्रमको प्रावधानअनुसार अन्तर्राष्ट्रिय परामर्शदाताको सहयोग लिई लेखापरीक्षण कार्य सम्पन्न भएको हो।

१५. **आर्थिक सङ्केत, वर्गीकरण र व्याख्याको संशोधन -** नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा अलग अलग सञ्चित कोषको व्यवस्था गर्दै लेखाको ढाँचा संघीय कानून अनुसार महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम संघीय सञ्चित कोषको सञ्चालन गर्ने तथा तीन वटै तहका सरकारको कारोबारको लेखाङ्कन, प्रतिवेदनका अतिरिक्त एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ। सो अनुसार महालेखा नियन्त्रक कार्यालयले आर्थिक सङ्केत, वर्गीकरण तथा व्याख्या, २०७४ लाई तेस्रो परिमार्जन गरी स्वीकृतिका लागि महालेखापरीक्षक समक्ष पेस गरेकोमा स्वीकृत गरिएको छ।

१६. **राय प्रदान एवं प्रतिनिधित्व-** निर्वाचन आयोगबाट निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कानून संशोधनको मस्यौदा उपर राय माग गरिएकोमा त्यसको लेखापरीक्षणसँग सम्बन्धित २ विषयमा राय प्रदान गरिएको छ। साथै निजामती कर्मचारीको राष्ट्रिय तालिम नीतिका सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानबाट राय सुझाव माग गरिएकोमा आर्थिक कार्यविधि, वित्तीय उत्तरदायित्व, लेखापरीक्षण सहित अन्य विविध विषयमा राय प्रदान गरिएको छ। सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयबाट माग भै आएबमोजिमको कार्यदलमा नायब महालेखापरीक्षकलाई प्रतिनिधित्व गराइएको छ। त्यस्तै लेखामान बोर्ड तथा लेखापरीक्षणमान बोर्डमा समेत कार्यालयको प्रतिनिधित्व रहेको छ।

१७. **गुणस्तर अश्वस्तता पुनरावलोकन -** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिका, २०६९ अनुसार सार्वजनिक लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणमा अनुसरण भएको सुनिश्चित गर्न प्रतिवेदन जारी गर्नुपूर्व र पश्चात सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलाप सम्पादन हुँदै आएका छन्। यो वर्ष वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिम उच्च जोखिमयुक्त निकायका रूपमा पहिचान भएका सबै सरकारी कार्यालयहरूको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट प्रतिवेदन जारी गर्नु पूर्व नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरी

प्रतिवेदन जारी गरिएको छ। त्यसैगरी यो वर्ष लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी पूर्वको गुणस्तर नियन्त्रण र आश्वस्तता सम्बन्धमा प्रत्येक लेखापरीक्षण टोलीले वित्तीय र परिपालना लेखापरीक्षण गरेका सम्बन्धित महानिर्देशनालयबाट छनौट गरिएका कम्तीमा एउटा फाइलको दरले ६७ कार्यालयको समीक्षा प्रतिवेदनका आधारमा प्रतिवेदन जारीपूर्वको गुणस्तर नियन्त्रण आश्वस्तता प्रतिवेदन, २०७९ तयार गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी पश्चात्को पुनरावलोकनको लागि लेखापरीक्षण टोलीका प्रमुख निर्देशकहरूको नेतृत्वमा २०७७।७८ को लेखापरीक्षण सम्पन्न भएका ५० फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकनको लागि छनौट कार्य गरिएको छ।

वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि

१८. **वार्षिक प्रतिवेदन** - नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ५९ औँ वार्षिक प्रतिवेदन, २०७९।३।२९ मा पेस गरिएको थियो। त्यस्तै नेपालको संविधानको धारा २९४(३) अनुसार प्रदेश सरकारको काम कारबाहीको सम्बन्धमा प्रदेशगत रूपमा तयार पारिएको वार्षिक प्रतिवेदनसमेत सोही मितिमा सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष सम्वन्धित नायब महालेखापरीक्षकमार्फत् उपलब्ध गराइएको थियो। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम स्थानीय तह ७५३ मध्ये ७४४ र बक्यौता ५५ समेत ७९९ को अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गरिएको थियो।

१९. **रायसहितको प्रतिवेदन** - कार्यालयबाट महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाब उपर रायसहितको प्रतिवेदन उपलव्ध गराइएको छ। साथै केन्द्रीय निकाय र संगठित संस्थाबाट पेस भएका वित्तीय विवरणमा समेत राय सहितको लेखापरीक्षण प्रतिवेदन उपलव्ध गराइएको छ।

२०. **वैदेशिक सहायताको लेखापरीक्षण** - नेपाल सरकारले दातृ निकायबाट बजेटमा समावेश नभएका वा समावेश भएपनि दातृ निकायबाट सोझै भुक्तानी हुने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबाट सन् २०२२ मा कार्यान्वयन भएका ११ आयोजनामा खर्च भएको अमेरिकी डलर ९६ लाख ५५ हजारको लेखापरीक्षण गर्न २ लेखा व्यवसायीको सेवा लिई लेखापरीक्षण सम्पन्न गरिएको छ।

सरोकारवालासँगको सम्बन्ध र सञ्चार

२१. **लेखापरीक्षण प्रवेश बैठक** - वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिम वार्षिक लेखापरीक्षण नीति, योजना र कार्यक्रमका सम्बन्धमा जानकारी प्रदान गर्न नेपाल सरकारका मुख्य सचिव तथा सबै लेखाउत्तरदायी अधिकृतबीच छलफल कार्यक्रमको आयोजना गरिएको थियो। विगत वर्षहरूका वार्षिक प्रतिवेदनहरूको अध्ययन गर्दा अनियमित बेरुजूको हिस्सा ठूलो रहने गरेको सन्दर्भमा आवश्यक प्रमाण तथा कागजात पुऱ्याएर कानूनबमोजिम कामकारबाही गर्नुपर्नेमा जोड दिइएको थियो। कार्यक्रममा वर्षेनी बेरुजूको अङ्क बढ्दै जाँदा सार्वजनिक निकाय तथा जिम्मेवार पदाधिकारीप्रति सर्वसाधारण नागरिक र सम्बद्ध सरोकारवालाहरूमा सकारात्मक सन्देश प्रवाह हुन नसकेको सम्बन्धमा सबैले आत्मसात गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। उक्त कार्यक्रममा लेखाउत्तरदायी अधिकृतहरूलाई वार्षिक प्रतिवेदनको कार्यान्वयनलाई प्राथमिकता दिन र वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकबाट निर्देशन भएको थियो।

२२. **प्रदेश अन्तरक्रिया कार्यक्रम -** लुम्बिनी प्रदेश सभा सार्वजनिक लेखा समितिको आयोजनामा महालेखापरीक्षकको प्रदेश वार्षिक प्रतिवेदन कार्यान्वयनका सम्वन्धमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा महालेखापरीक्षक सहित एक उपमहालेखापरीक्षक र एक निर्देशकको सहभागिता रहेको थियो। अन्तरक्रिया कार्यक्रममा कानूनको पालनाबाट बेरुजूमा कमी ल्याउन सकिने र वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी वित्तीय अनुशासनमा सुधार ल्याउने सम्वन्धमा छलफल केन्द्रित थियो। उक्त कार्यक्रममा प्रदेशको बेरुजू फर्स्यौंटको प्रगति सन्तोषजनक नदेखिएकोले यसमा तदारुकता ल्याउन र बेरुजू आउने क्रममा कमी ल्याउन कानूनी व्यवस्था अनुसार सबै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकतामाथि जोड दिइएको थियो।

२३. **स्थानीय तहसँगको अन्तरक्रिया -** काठमाडौं उपत्यका भित्रका स्थानीय तहका पदाधिकारीहरूसँग लेखापरीक्षण योजना, २०७९ र प्रतिवेदन कार्यान्वयनका विषयमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा नागरिकको सबैभन्दा नजिकबाट निगरानी हुने स्थानीय सरकारमा वर्षेनी एकै प्रकृतिका बेरुजू देखापर्नु उचित नभएकोले नवनिर्वाचित नेतृत्वले त्यसमा सुधार ल्याउने विश्वास व्यक्त गरिएको थियो। स्थानीय तहले आफ्ना योजनाका अतिरिक्त संघ, प्रदेश र गैर सरकारी संघसंस्थाबाट सञ्चालित कार्यक्रमहरूको समेत अनुगमन गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी रहेकोले समग्र बेरुजूमा कमी ल्याउन स्थानीय तहको संस्थागत सुदृढीकरण र प्रभावकारी आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षणको आवश्यकतामा जोड दिएको थियो।

२४. **संगठित संस्थाका पदाधिकारीसँग छलफल -** संगठित संस्थाका प्रमुख र महालेखापरीक्षकको सहायकको रूपमा नियुक्त तथा महालेखापरीक्षकको परामर्शमा नियुक्त लेखापरीक्षकहरूसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा नेपाल सरकारका अर्थमन्त्री, महालेखापरीक्षक, नेपाल राष्ट्र बैङ्कका गभर्नर, राजस्व सचिव, अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा प्रमुखसमेतको सहभागिता रहेको थियो। सो कार्यक्रममा प्रत्येक सार्वजनिक संस्थानहरूले सञ्चालनको औचित्य स्थापित गर्न प्रतिस्पर्धात्मक मूल्यमा वस्तु तथा सेवा बिक्री गरी बजारका विकृतिहरूलाई नियन्त्रण गर्न सक्ने गरी कार्यसम्पादनमा सुधार गर्न जोड दिइएको थियो। अन्तरक्रिया कार्यक्रममा सार्वजनिक संस्थानहरू आआफ्नो उद्देश्य अनुसार सञ्चालन गर्न, कोषको व्यवस्था नगरिएको दायित्व सिर्जना नगर्न, समयमै लेखापरीक्षण सम्पन्न गरी वित्तीय अवस्था तथा कार्यसम्पादन स्थितिको सम्बन्धमा पारदर्शिता ल्याई संस्थागत सुशासन कायम राख्न महालेखापरीक्षकबाट निर्देशन प्रदान गरिएको थियो।

२५. **संस्थागत सम्बन्ध** - महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण नतिजाको प्रभाव वृद्धि गर्न संघीय संसद, संसदीय समिति, संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी, सार्वजनिक संस्थानका प्रमुख, लेखापरीक्षक, सञ्चार माध्यम र अन्य सरोकारवालासँगको अन्तर्क्रिया र छलफललाई जोड दिइएको छ। खासगरी लेखापरीक्षण कार्यक्रमको नियमित अनुगमन, प्रेस नोट, बुलेटिन प्रकाशन, लेखापरीक्षण पत्रिका, वेबसाइटमार्फत् सूचना प्रवाह तथा सञ्चार माध्यमसँगको सम्बन्ध सुदृढ गर्दै वित्तीय अनुशासन पालनाको अवस्थाबारे आम नागरिक तहसम्म जानकारी प्रवाह गर्ने कार्यलाई निरन्तरता दिएको छ। यो वर्ष कार्यालयको नागरिक बडापत्र, लेखापरीक्षण अङ्क, बेरुजू सहित महत्त्वपूर्ण कार्यालय गतिविधिहरू जानकारी प्रदान गर्न डिस्प्ले बोर्डको व्यवस्था गरिएको छ।

२६. **संसदीय समितिहरूसँगको सम्बन्ध -** लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न संघीय संसदको सार्वजनिक लेखा समितिका अतिरिक्त प्रदेश सभाका सार्वजनिक लेखा समितिहरूसँगको छलफल, सम्पर्क र अन्तरक्रियालाई निरन्तरता दिइएको छ। संसदीय समितिहरूले विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई लेखापरीक्षणको आधारको रूपमा लिने गरिएको छ। यो वर्ष संघीय संसद र प्रदेश सभाका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा कार्यालयबाट हुने सहभागितालाई निरन्तरता दिइएको छ। महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि नै महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराहरू सार्वजनिक लेखासमितिबाट भएको निर्णयअनुसार तथा लेखाउत्तरदायी अधिकृतबाट नियमित भई आएको सम्वन्धमा सम्परीक्षण, लगत कट्टा गर्ने कार्य हुँदै आएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ कार्यान्वयनमा आएपछि लेखाउत्तरदायी अधिकृतले नियमित गरी लगत कट्टाको अनुरोध भएको तथा सार्वजनिक लेखासमितिबाट भएको निर्णयको क्रमशः ७ दिन र १० दिनभित्र लगत कट्टा गरी जानकारी दिनुपर्ने व्यवस्था छ। यो व्यवस्था लेखापरीक्षण ऐन, २०७५ सँग बाझिएको छ। यसमा पुनरावलोकन हुनुपर्दछ। साथै, सार्वजनिक लेखा समितिबाट २०७९।३।१७ मा सबै लेखाउत्तरदायी अधिकृतहरूलाई गरिएको सम्परीक्षण सम्बन्धी परिपत्रबाट संघीय सरकारको सम्परीक्षण कार्य रोकिएको छ भने प्रदेश र स्थानीय तहको सम्परीक्षणसम्बन्धी कार्यमा गत विगत जस्तै निरन्तरता दिइएको छ।

२७. **वार्षिकोत्सवमा सहभागिता -** मुलुकको आर्थिक विकासको लागि लेखाको महत्त्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक दायित्वप्रति जिम्मेवार बनाउँदै लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धन गर्न स्थापित नेपाल चार्टर्ड एकान्टेन्ट संस्थाले वार्षिकोत्सव कार्यक्रम आयोजना गरेको थियो। सो अवसरमा महालेखापरीक्षकबाट प्रमुख अतिथिको रूपमा सहभागिता जनाउँदै वित्तीय पारदर्शिता तथा सुशासन कायम गर्न पेशागत मूल्य र आचरणप्रति जिम्मेवार तथा जवाफदेही हुनुपर्ने आवश्यकतामा जोड दिइएको थियो। सो अवसरमा संस्थाले सञ्चालनमा रहेका कार्यक्रम, उपलब्धि सम्बन्धमा जानकारी प्रदान गरेको थियो।

२८. **अन्तर्राष्ट्रिय सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरूप बनाउने, अन्य मुलुकको लेखापरीक्षण अभ्यासबारे जानकारी लिने तथा कार्यालयले गरेका कामहरू अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीतिअनुरूप यस वर्ष भएका गतिविधिहरू देहायबमोजिम छन्:

२८.१. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन इन्टोसाईको २४ औं अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) सन् २०२२ नोभेम्बर ७ देखि ११ सम्म ब्राजिलको राजधानी रियो दि जेनेरियोमा सम्पन्न भयो। विश्वभरका ७०० भन्दा बढी प्रतिनिधिहरूले भाग लिएको उक्त महाधिवेशनमा महालेखापरीक्षकको नेतृत्वमा कार्यालयका एक उपमहालेखापरीक्षक र एक नायब महालेखापरीक्षकको सहभागिता रहेको थियो। महाधिवेशनमा नियमित एजेण्डाका अतिरिक्त विभिन्न विषयमा साइड इभेन्टहरूको आयोजना गरिएको थियो। सरकारी लेखापरीक्षकहरूको अन्तर्राष्ट्रिय फोरम (एफआईएजी) नामक संस्थाले दिगो विकास, लेखापरीक्षणमा नागरिक सहभागिता, भ्रष्टाचार विरुद्धको संघर्ष, लैङ्गिक समानता, गरिबी निवारण, सार्वजनिक ऋण, डिजिटल रुपान्तरण जस्ता विषयमा छलफल तथा प्रस्तुतीकरणको आयोजना गरेको थियो। महालेखापरीक्षकबाट अनियमितता र भ्रष्टाचार रोकथाममा सर्वोच्च लेखापरीक्षण संस्था र प्राज्ञिक

संस्थाबीचको सहकार्य विषयमा प्रस्तुतीकरण गरिएको थियो। यसको साथै महालेखापरीक्षकबाट भारत, बंगलादेश, भुटान र इरानका सर्वोच्च लेखापरीक्षण संस्थाका नेतृत्व सहित प्रतिनिधिमण्डलका सदस्यबीच सार्वजनिक लेखापरीक्षणलाई सुदृढीकरण गर्न आपसी सहयोग आदानप्रदान गर्नेबारेमा छुट्टाछुट्टै छलफलको आयोजना गरिएको थियो।

२८.२. संयुक्त अधिराज्य बेलायतको अक्सफोर्ड विश्वविद्यालयको ब्लाभेटनिक स्कुल अफ गभर्नमेन्टले सन् २०२१ देखि २०२३ सम्म च्यान्डलर सेसन, भ्रष्टाचार नियन्त्रण र सदाचारिता संस्कृति प्रवर्द्धन विषयमा नयाँ पुस्ताको रणनीतिसम्बन्धी अध्ययन कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त विश्वविद्यालयले सो कार्यक्रममा नेपालका महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाललाई छनौट गरी आमन्त्रण गरे अनुसार यो वर्ष सन् २०२३ जनवरी ९ देखि १३ सम्म बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा आयोजित कार्यक्रममा महालेखापरीक्षकले सहभागिता जनाउनुभएको थियो।

२८.३. इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई) र एसियाली विकास बैङ्कद्वारा २० अक्टोबर, २०२२ मा फिलिपिन्सको मनिलामा एशिया तथा प्रशान्त क्षेत्रमा कार्यमूलक लेखापरीक्षणको सबलीकरण सम्बन्धी लिडरशिप फोरमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा महालेखापरीक्षकको नेतृत्वमा एक नायब महालेखापरीक्षकको सहभागिता रहेको थियो। कार्यक्रममा नेपालसहित भुटान, पपुवा न्यूगिनी, मंगोलिया, बंगलादेश र फिलिपिन्स गरी ६ सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिमण्डलको नेतृत्व र इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई) बीच प्रतिबद्धता पत्रमा हस्ताक्षर गरिएको थियो।

२८.४. लेखापरीक्षण मानक विकास तथा परिमार्जनसम्बन्धी कार्य गर्ने सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन इन्टोसाईको स्थायी संरचनाको रूपमा क्रियाशील फोरम फर इन्टोसाई प्रोफेसनल प्रोनाउन्समेन्ट नामक संस्थाद्वारा सन् २०२२ सेप्टेम्बर ५ देखि ९ सम्म डेनमार्कको कोपेनहेगनमा आयोजना गरिएको बैठक तथा रणनीतिक योजना विकास सम्बन्धी सेमिनारमा कार्यालयको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा नेपाल सहित अमेरिका, अष्ट्रेलिया, क्यानडा, डेनमार्क, ग्वाटेमाला, बहराईन, लक्जेम्बर्ग, नर्वे, बुल्गेरिया, स्वीडेन र ट्युनिसियाका सर्वोच्च लेखापरीक्षण संस्थाका फोरम फर इन्टोसाई प्रोफेशनल प्रोनाउन्समेन्ट सदस्यको सहभागिता रहेको थियो। सो कार्यक्रममा विश्वव्यापी प्रतिस्पर्धात्मक आधारमा छनौट भएका एक नायब महालेखापरीक्षकको प्रतिनिधित्व रहँदै आएको छ।

२८.५. संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) अन्तर्गत् सन् २०२२ को नोभेम्बर २५ देखि २८ सम्म इटालीको टुरिनमा सातौं अन्तराष्ट्रिय नेशनल इभालुएसन क्यापासिटीज सम्बन्धी सम्मेलनमा कार्यालयको सहभागिता रहेको थियो। उक्त सम्मेलनमा १०० भन्दा बढी राष्ट्रका सरकारी निकाय, बहुपक्षीय तथा द्विपक्षीय संस्था, सर्वोच्च लेखापरीक्षण संस्था, मूल्याङ्कन संस्था, नागरिक संगठन लगायतका ३०० भन्दा बढी प्रतिनिधिको सहभागिता रहेको थियो। दिगो विकास लक्ष्य हासिल गर्न देखापरेका समस्या र चुनौती समाधानका लागि राष्ट्रिय मूल्याङ्कन प्रणाली उत्थानशील हुनुपर्ने सम्मेलनको निचोड रहेको थियो। सो सम्मेलनमा कार्यालयका एक नायब महालेखापरीक्षकको प्रतिनिधित्व रहेको थियो।

२८.६. लेखामानबोर्ड, नेपालको आयोजनामा १४ औं एसियन ओसेनियन स्टान्डर्ड सेटर्स ग्रुपको वार्षिक बैठक सन् २०२२ को नोभेम्बर १४ देखि १६ सम्म काठमाडौंमा आयोजना गरिएको थियो। सो बैठकमा एसियाली ओसेनियन क्षेत्रका भारत, चीन, पाकिस्तान, अष्ट्रेलिया, थाइल्याण्ड, जापान, नेपाल, साउदी अरेबिया, न्यूजील्याण्ड, फिलिपिन्स, ब्रुनाई, दुबई, हङकङ, इन्डोनेसिया, कोरिया, मकाओ, मलेसिया,

माल्दिभ्स, सिंगापुर, श्रीलङ्का र भियतनाम गरी २१ सदस्यहरू उपस्थित रहेका थिए। यसले मुख्यतः उच्च गुणस्तरीय वित्तीय प्रतिवेदनको विकास तथा विश्वव्यापी लेखा मानदण्ड निर्धारणमा एसिया तथा ओसेनियन क्षेत्रको संलग्नता बढाउने कार्य गर्दछ। उक्त बैठकमा नेपालका महालेखापरीक्षकबाट प्रमुख अतिथिको रूपमा भाग लिईएको थियो। सो अवसरमा महालेखापरीक्षकबाट वित्तीय अवस्थाको यथार्थ चित्रण गरी पारदर्शिता प्रवर्द्धन गर्न लेखा मानदण्डको महत्त्व प्रकाश पारिएको थियो। सो बैठक कार्यक्रममा कार्यालयको तर्फबाट नेपाल लेखामान बोर्डमा प्रतिनिधित्व गर्नुहुने एक नायब महालेखापरीक्षक र एक निर्देशकको सहभागिता रहेको थियो।

२८.७. इण्टोसाई डेभलपमेण्ट इनिसिएटिभ (आईडीआई) र एसियाली विकास बैङ्कद्वारा फिलिपिन्सको मनिलामा सन् २०२३ को मार्च ६ देखि १० सम्म आयोजित कार्यमूलक लेखापरीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशालामा महालेखापरीक्षकको कार्यालयको सहभागिता रहेको थियो। गुणस्तरीय कार्यमूलक लेखापरीक्षणको माध्यमबाट सार्वजनिक क्षेत्रको सुशासन र सेवा प्रवाहमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूले उल्लेख्य र प्रभावकारी भूमिका खेल्न सक्ने तथ्यलाई मन नगरी कार्यमूलक लेखापरीक्षणलाई थप सबल र प्रभावकारी बनाउन उक्त कार्यशालालाई उपयुक्त अवसरका रूपमा लिएको थियो। सो कार्यक्रममा कार्यालयको तर्फबाट १ नायब महालेखापरीक्षक सहजकर्ताको भूमिकामा एवं ३ जना निर्देशक र १ लेखापरीक्षण अधिकारीको प्रशिक्षार्थीको रूपमा सहभागिता थियो। कार्यक्रममा नेपालसहित भुटान, पपुवा न्यूगिनी, बंगलादेश, मंगोलिया र फिलिपिन्सका सर्वोच्च लेखापरीक्षण संस्थाका कर्मचारीहरू संलग्न रहेका थिए।

२८.८. संयुक्त राष्ट्रसंघीय लागू औषध तथा अपराध नियन्त्रण कार्यालय (यूएनओडीसी) द्वारा सन् २०२३ को मार्च १४ देखि १६ सम्म थाइल्याण्डको बैंककमा आयोजित सर्वोच्च लेखापरीक्षण संस्था र भ्रष्टाचार नियन्त्रण संस्थाबीचको सहकार्यमा अभिवृद्धिसम्बन्धी क्षेत्रीय कार्यशालामा कार्यालयको सहभागिता रहेको थियो। उक्त कार्यशालामा विभिन्न मुलुकका सर्वोच्च लेखापरीक्षण संस्था र भ्रष्टाचार नियन्त्रणसम्बन्धी संस्थाहरू सहभागी भएका थिए। बैठकमा कार्यालयका एक नायब महालेखापरीक्षकको प्रतिनिधित्व रहेको थियो।

२८.९. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) द्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत सर्वोच्च लेखापरीक्षण संस्थाहरूको लागि दूर लेखापरीक्षणको भविष्य एवं चुनौती विषयको दोस्रो तथा तेस्रो बैठक क्रमशः २७ अक्टोवर, २०२२ र ५ अप्रिल, २०२३ मा भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। उक्त कार्यक्रममा चीन, भारत, इन्डोनेसिया, फिलिपिन्स, थाइल्याण्ड, नेपाल, अष्ट्रिया, ब्रुनाईसहित १७ एसोसाई सदस्य राष्ट्रको सहभागिता रहेको थियो। बैठकमा कार्यालयका एक निर्देशकको प्रतिनिधित्व रहेको थियो।

२८.१०. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) ले सुशासन अभिवृद्धिमा सार्वजनिक क्षेत्रको लेखापरीक्षणको भूमिका विषयक कार्यक्रम २८ फेब्रुअरी, २०२३ मा भर्चुअल माध्यमबाट सम्पन्न गरेको थियो। उक्त कार्यक्रममा कार्यालयले ४ जना नायब महालेखापरीक्षक र १ निर्देशकलाई सहभागी गराएको थियो।

२८.११. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को वातावरणीय लेखापरीक्षण सम्बन्धी कार्यसमूहको सचिवालयले कार्बन कटौती लेखापरीक्षण विषयको कार्यक्रम ६ डिसेम्वर, २०२२ मा भर्चुअल माध्यमबाट सम्पन्न गरेको थियो। उक्त कार्यक्रममा कार्यालयले १ नायब महालेखापरीक्षक, ३ निर्देशक र ५ जना लेखापरीक्षण अधिकारीलाई सहभागी गराएको थियो।

अनुसूचीहरू

अनुसूची -१

(प्रतिवेदनको परिच्छेद १, २ र ३ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१	राष्ट्रपतिको कार्यालय	१	०	०
२	उपराष्ट्रपतिको कार्यालय	१	०	०
३	संघीय संसद सचिवालय	१	१	८६,४२
४	सर्वोच्च अदालत	१०४	६६	५,१५,१०
५	प्रदेश प्रमुखको कार्यालय, कोशी	१	१	०
६	प्रदेश प्रमुखको कार्यालय, मधेश	१	०	०
७	प्रदेश प्रमुखको कार्यालय, बागमती	१	१	०
८	प्रदेश प्रमुखको कार्यालय, गण्डकी	१	०	०
९	प्रदेश प्रमुखको कार्यालय, लुम्बिनी	१	०	०
१०	प्रदेश प्रमुखको कार्यालय, कर्णाली	१	१	०
११	प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम	१	१	०
१२	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९	१	०
१३	महालेखा परीक्षकको कार्यालय	१	१	०
१४	लोक सेवा आयोग	१६	५	८,३८
१५	निर्वाचन आयोग	८२८	३१७	६,९२,०७
१६	महान्यायाधिवक्ताको कार्यालय	९७	४५	१,२०,३९
१७	न्याय परिषद्	१	१	०
१८	राष्ट्रिय मानव अधिकार आयोग	१०	३	९,९४
१९	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१	१	०
२०	राष्ट्रिय महिला आयोग	१	१	४,४७,८७
२१	राष्ट्रिय दलित आयोग	१	१	१,६८
२२	राष्ट्रिय समावेशी आयोग	१	१	५०,९६
२३	आदिवासी जनजाती आयोग	१	१	५०,८१
२४	मधेशी आयोग	१	१	५७,७४
२५	थारु आयोग	१	१	६४,५१
२६	मुस्लिम आयोग	१	१	५६,३८
२७	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९७	३८	३१,९५
२८	अर्थ	२१६	१३५	३२,४६,८७,८३
२९	उद्योग, वाणिज्य तथा आपूर्ति	२९	२४	१३,०१,९७
३०	ऊर्जा, जलस्रोत तथा सिँचाइ	७९	६८	१,२९,७२,३९
३१	कानून, न्याय तथा संसदीय मामिला	७	४	२४,१२
३२	कृषि तथा पशुपन्छी विकास	१९७	१४९	२,५३,७१,४२
३३	खानेपानी	३१	२९	८७,८५,१६
३४	गृह	८७१	३३९	१,५५,७५,८३
३५	परराष्ट्र	४०	४०	३५,५२,९८
३६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	२६८	१८३	१,३४,२३,७०
३७	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	१४१	१३१	८,७९,७४,०१

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३८	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	९	७	५,१७,२६
३९	युवा तथा खेलकुद	१	१	३९,८२
४०	रक्षा	३१०	९५	६०,५३,२४
४१	वन तथा वातावरण	६१	४७	९,४६,८८
४२	शिक्षा, विज्ञान तथा प्रविधि	८६	६२	३३,३७,३४
४३	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	२१	१६	१,०८,३१
४४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१८	९	२७,५६,५५
४५	संघीय मामिला तथा सामान्य प्रशासन	९८	७३	६५,१३,४०
४६	सञ्चार तथा सूचना प्रविधि	८७	५९	२,७०,५७,८०
४७	सहरी विकास	६८	६२	१,०९,६३,७६
४८	स्वास्थ्य तथा जनसंख्या	१६	१५	८६,७४,२३
४९	राष्ट्रिय योजना आयोग	१९८	८९	१,४४,८३
५०	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	३५	१२	१,३१,९५
	संघतर्फको जम्मा	**४०६८**	**२१३९**	**५६,३१,०८,९८**
	प्रदेशतर्फ			
	कोशी	**१९०**	**१६२**	**१,४९,९८,५९**
१	प्रदेश सभा सचिवालय	१	१	१६,८१
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	१	५,१८,०२
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५	५	२७,७४
४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	१	३,३३,१९
५	उद्योग श्रम तथा रोजगार मन्त्रालय	१९	१६	४५,४२
६	पर्यटन तथा संस्कृति मन्त्रालय	५	३	९८,९८
७	वन वातावरण तथा भू संरक्षण मन्त्रालय	२१	२१	९,११,१८
८	खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	२६	२५	४६,०४,१९
९	यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय	१०	१०	९१,३७
१०	सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	१५	१४	४९,६२,७०
११	सामाजिक विकास मन्त्रालय	४	३	४,१८,०६
१२	स्वास्थ्य मन्त्रालय	३३	२९	६,७३,५८
१३	भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय	५	४	२,२३
१४	कृषि मन्त्रालय	३०	२६	२२,८३,४९
१५	प्रदेश लोक सेवा आयोग	१	१	५,५४
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	,६७
१७	प्रदेश योजना आयोग	१	१	५,४२
	मधेश	**१३८**	**११४**	**८०,६८,०५**
१	प्रदेश सभा सचिवालय	१	१	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४	४	७,२२,९५
३	अर्थ मन्त्रालय	९	३	९१,०७
४	उद्योग, पर्यटन, वन मन्त्रालय	२३	१८	६,६६,२३
५	कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय	१	१	१७,१८
६	खानेपानी तथा ऊर्जा विकास मन्त्रालय	५	५	७,२३,२०
७	गृह तथा सञ्चार मन्त्रालय	२	१	४९,४१
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	२४	३,८७,१९

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	२५	३६,८८,५३
१०	महिला, बालबालिका युवा तथा खेलकुद मन्त्रालय	१	१	१,१७,६६
११	वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय	१	१	१,२६
१२	सामाजिक विकास मन्त्रालय	३१	२७	१४,७०,०९
१३	प्रदेश लोक सेवा आयोग	१	१	९५,००
१४	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	३८,०७
१५	प्रदेश नीति तथा योजना आयोग	१	१	२१
	बागमती	**२२१**	**७३**	**१,०४,५४,६०**
१	प्रदेश सभा सचिवालय	१	१	४६,९६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	०	०
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	०	०
४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	२	१	२,८२,०४
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२३	१२	२,६५,०३
६	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१५	२	१,२७,७४
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३८	३	२५,२८,२८
८	भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालय	२	९	०
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	१९	२२	३६,१६,८२
१०	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२१	३	२१,०१,५४
११	सामाजिक विकास मन्त्रालय	६	१५	८,०२,५२
१२	युवा तथा खेलकुद मन्त्रालय	३	०	२७३४
१३	संस्कृति तथा पर्यटन मन्त्रालय	४	०	१८०१
१४	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१६	१	१२०८
१५	स्वास्थ्य मन्त्रालय	५२	४	६२५८८
१६	प्रदेश लोक सेवा आयोग	१	०	३६
१७	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
१८	प्रदेश नीति तथा योजना आयोग	१	०	०
	गण्डकी	**१७३**	**८७**	**४५,५६,९०**
१	प्रदेश सभा सचिवालय	१	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	१	१,७९,६४
३	अर्थ	१३	०	०
४	आन्तरिक मामिला मन्त्रालय	१	०	०
५	कानून, सचार तथा प्रदेश सभा मामिला मन्त्रालय	१	१	५,६४
६	पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	१४	३	१,५३,७६
७	वन तथा वातावरण तथा भुसंरक्षण मन्त्रालय	१७	७	९,३६
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३५	१७	३,३२,८७
९	भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	२०	१७	२५,५४,५४
१०	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१७	१७	६,६२,५५
११	शिक्षा संस्कृति, विज्ञान तथा प्रविधि सामाजिक विकास मन्त्रालय	२१	९	४,७९,९५
१२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२७	१३	१,४४,०७
१३	युवा तथा खेलकुद मन्त्रालय	१	१	३४,३२
१४	प्रदेश लोक सेवा आयोग	१	१	२०
१५	मुख्य न्यायधिवक्ता कार्यालय	१	०	०

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१६	प्रदेश नीति तथा योजना आयोग	१	०	०
	लुम्बिनी	**१८९**	**१३३**	**१,२४,४८,५३**
१	प्रदेश सभा सचिवालय	१	१	६३,६६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२	२	९,३४,०७
३	वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय	२१	१८	४,०३,१८
४	कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	१	१	२,६०,२३
५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२६	१२	४,१२,३७
६	श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय	१०	५	१,०३,२३
७	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	१९	१२	४,४४,८७
८	शिक्षा तथा सामाजिक विकास मन्त्रालय	९	९	६,९२,१६
९	आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय	१	१	२२,८६
१०	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३२	२५	८,३८,०४
११	पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय	२०	१८	४९,४५,७६
१२	आर्थिक मामिला तथा सहकारी मन्त्रालय	१५	३	२७,३६
१३	भौतिक पूर्वाधार विकास मन्त्रालय	१३	१३	३०,४७,८१
१४	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१४	८	१,३२,९०
१५	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	२,४६
१६	प्रदेश लोक सेवा आयोग	१	१	७,५०
१७	प्रदेश पूर्वाधार विकास प्राधिकरण	१	१	१,०६,७५
१८	प्रदेश योजना आयोग	१	१	२,४५
१९	सूचना तथा सञ्चार प्रतिष्ठान	१	१	८७
	कर्णाली	**१६३**	**८८**	**१,३४,६६,८६**
१	प्रदेश सभा सचिवालय	१	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	१	८,५३
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	२१	०	०
४	आन्तरिक मामिला तथा कानून मन्त्रालय	९	१	१,२३,१०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२७	१९	२,५८,३२
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२६	१८	६,४१,१२
७	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	१६	१५	७१,९९,९५
८	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	१६	११	३६,५९,५१
९	सामाजिक विकास मन्त्रालय	४१	२३	१५,७६,३३
१०	प्रदेश लोकसेवा आयोग	१	०	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
१२	प्रदेश नीति तथा योजना आयोग	१	०	०
	सुदूरपश्चिम	**१४४**	**११४**	**८०,५६,८१**
१	प्रदेश सभा सचिवालय	१	१	७९५
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	३५३
३	सामाजिक विकास मन्त्रालय	३८	२९	३२४४५
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३०	२२	८२६०४
५	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१	१	२८००८२
६	आर्थिक मामिला मन्त्रालय	११	५	२१३
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	२७	२३२२१९

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२९	२५	१७६८२८
९	प्रदेश लोक सेवा आयोग	१	१	१४२
१०	प्रदेश नीति तथा योजना आयोग	१	१	०
	प्रदेशतर्फ कुल जम्मा	**१२१८**	**७७१**	**७,२०,५०,३४**
	संघ र प्रदेश तर्फको कुल जम्मा	**५२८६**	**२९१०**	**६३,५१,५९,३२**

अनुसूची - १(क)

प्रतिवेदनको परिच्छेद १, २ र ३ सँग सम्बन्धित

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति र अन्य संस्थाहरुको विवरण

क्र.सं.	संस्थाको नाम		संख्या
१.	**प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**		**२**
	१.१	नेपाल ट्रष्टको कार्यालय	१
	१.२	नीति अनुसन्धान प्रतिष्ठान	१
२.	**अर्थ मन्त्रालय**		**७**
	२.१	कर्मचारी सञ्चय कोष	१
	२.२	निक्षेप तथा कर्जा सुरक्षण कोष	१
	२.३	नेपाल धितोपत्र बोर्ड	१
	२.४	नेपाल राष्ट्र बैङ्क	१
	२.५	नेपाल बीमा प्राधिकरण	१
	२.६	मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल	१
	२.७	राजस्व परामर्श विकास समिति	१
३.	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**		**९**
	३.१	नेपाल इन्टर मोडल यातायात विकास समिति	१
	३.२	विशेष आर्थिक क्षेत्र प्राधिकरण	१
	३.३	व्यापार तथा निकासी प्रवर्धन केन्द्र	३
	३.४	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	१
	३.५	धौवाधी फलाम उद्योग	१
	३.६	नेपाल औषधि लिमिटेड	१
	३.७	नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	१
४.	**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**		**१२**
	४.१	वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र	१
	४.२	विद्युत नियमन आयोग	१
	४.३	अपर अरुण हाइड्रोपावर लिमिटेड	१
	४.४	उत्तरगंगा पावर कम्पनी लिमिटेड	१
	४.५	तनहुँ हाइड्रोपावर लिमिटेड	१
	४.६	तामाकोशी जलविद्युत कम्पनी लिमिटेड	१
	४.७	दूधकोशी जलविद्युत कम्पनी लिमिटेड	१
	४.८	नेपाल विद्युत प्राधिकरण	१
	४.९	मोदी जलविद्युत कम्पनी लिमिटेड	१
	४.१०	रघुगंगा हाइड्रोपावर लिमिटेड	१
	४.११	राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेड	१
	४.१२	स्यार्पु पावर कम्पनी लिमिटेड	१
५.	**कानून, न्याय तथा संसदीय मामिला**		**२**
	५.१	केन्द्रीय कानून पुस्तकालय विकास समिति	१

क्र.सं.	संस्थाको नाम		संख्या
	५.२	राष्ट्रिय न्यायिक प्रतिष्ठान	१
६.	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**		**७**
	६.१	कपास विकास समिति	१
	६.२	कालीमाटी फलफुल तथा तरकारी बजार विकास समिति	१
	६.३	नेपाल कृषि अनुसन्धान परिषद्	१
	६.४	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	६.५	राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	६.६	स्यार्पु कृषि कम्पनी लिमिटेड	१
	६.७	नेपाल पशु चिकित्सा परिषद्	१
७.	**खानेपानी मन्त्रालय**		**४**
	७.१	आयोजना कार्यान्वयन निर्देशनालय	१
	७.२	खानेपानी महसुल निर्धारण आयोग	१
	७.३	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१
	७.४	नेपाल खानेपानी संस्थान	१
८.	**गृह मन्त्रालय**		**३**
	८.१	नेपाल हज समितिको सचिवालय	१
	८.२	प्रहरी कल्याण कोष	१
	८.३	सशस्त्र प्रहरी वल नेपाल कल्याणकारी सेवा केन्द्र	१
९.	**परराष्ट्र मन्त्रालय**		**१**
	९.१	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१
१०.	**भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय**		**२**
	१०.१	नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड	१
	१०.२	सडक बोर्ड नेपाल	१
११.	**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**		**१**
	११.१	समाज कल्याण परिषद्	१
१२.	**युवा तथा खेलकुद मन्त्रालय**		**४**
	१२.१	राष्ट्रिय खेलकुद परिषद्	१
	१२.२	राष्ट्रिय युवा परिषद	१
	१२.३	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	१
	१२.४	नेपाल स्काउट	१
१३.	**रक्षा मन्त्रालय**		**४**
	१३.१	नेपाली सेना बहुव्यवसाय उद्योग	१
	१३.२	नेपाली सेना सुपथ मूल्य पसल	१
	१३.३	सैनिक कल्याणकारी कोष	१
	१३.४	सैनिक विमान सेवा ब्यापारीक उडान समिति	१
१४.	**वन तथा वातावरण मन्त्रालय**		**५**
	१४.१	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	१
	१४.२	राष्ट्रिय ताल विकास संरक्षण समिति	१

क्र.सं.	संस्थाको नाम		संख्या
	१४.३	राष्ट्रिय प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुर	१
	१४.५	वन पैदावार विकास समिति	१
	१४.५	नेपाल वन निगम	१
१५.	**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**		**३१७**
	१५.१	कृषि तथा वन विज्ञान विश्वविद्यालय	८
	१५.२	नेपाल खुला विश्वविद्यालय	१
	१५.३	डिल्लीरमण पुस्तकालय	१
	१५.४	त्रिभुवन विश्वविद्यालय	९६
	१५.५	नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान	१
	१५.६	नेपाल विश्वविद्यालय पूर्वाधार विकास समिति	१
	१५.७	नेपाल संस्कृत विश्वविद्यालय	१८
	१५.८	पूर्वाञ्चाल विश्वविद्यालय	१४
	१५.९	पोखरा विश्वविद्यालय	१०
	१५.१०	प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद	७६
	१५.११	मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति	१
	१५.१२	मदन भण्डारी विज्ञान तथा प्रविधि वि.पूर्वाधार विकास समिति	१
	१५.१३	मध्यपश्चिमाञ्चल विश्वविद्यालय	३०
	१५.१४	मेडिकल कलेज पूर्वाधार विकास समिति	४
	१५.१५	युनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोगको सचिवालय	१
	१५.१६	स्वप्न बगैंचा विकास समिति	१
	१५.१७	राजर्षि जनक विश्वविद्यालय	९
	१५.१८	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला	३
	१५.१९	राष्ट्रिय परीक्षा बोर्ड	१४
	१५.२०	लुम्बिनी बौद्ध विश्वविद्यालय केन्द्रिय कार्यालय	२
	१५.२१	बी.पी. कोइराला मेमोरियल प्लानेटेरियम अब्जरभेटरी र विज्ञान संग्रालय विकास समिति	१
	१५.२२	विश्व विद्यालय अनुदान आयोग	१
	१५.२३	सुदूर पश्चिमाञ्चल विश्वविद्यालय	२३
१६.	**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**		**३**
	१६.१	वैदेशिक रोजगार बोर्डको सचिवालय	१
	१६.२	राष्ट्रिय स्तरको कल्याणकारी कोष	१
	१६.३	सामाजिक सुरक्षा कोष	१
१७.	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**		**२३**
	१७.१	देवघाट क्षेत्र विकास समिति	१
	१७.२	नारायणहिटी दरवार संग्राहालय विकास समिति	१
	१७.३	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	१७.४	नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१
	१७.५	नेपाल प्रज्ञा प्रतिष्ठान	१
	१७.६	नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	१

क्र.सं.	संस्थाको नाम		संख्या
	१७.७	नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	१
	१७.८	पन्चाङ्ग निर्णायक समिति	१
	१७.९	पशुपति क्षेत्र विकास कोष	१
	१७.१०	पाटन संग्रहालय विकास समिति	१
	१७.११	पाथिभरा क्षेत्र विकास समिति	१
	१७.१२	बृहत्तर जनकपुर क्षेत्र विकास परिषद	१
	१७.१३	बृहत्तर बराह क्षेत्र विकास समिति	१
	१७.१४	बौद्धनाथ क्षेत्र विकास समिति	१
	१७.१५	मनकामना क्षेत्र विकास समिति	१
	१७.१६	लुम्बिनी क्षेत्र विकास कोष	१
	१७.१७	हनुमानढोका दरबार संग्रहालय विकास समिति	१
	१७.१८	हलेसी महादेव स्थान विकास समिति	१
	१७.१९	बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति	१
	१७.२०	नेपाल नागरिक उड्डयन प्राधिकरण	१
	१७.२१	नेपाल वायुसेवा निगम	१
	१७.२२	तारा गाउँ विकास समिति	१
	१७.२३	सांस्कृतिक संस्थान	१
१८.	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**		४
	१८.१	निजामती कर्मचारी अस्पताल	१
	१८.२	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१
	१८.३	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	१
	१८.४	आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान	१
१९.	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**		८
	१९.१	चलचित्र विकास बोर्ड	१
	१९.२	नेपाल दूरसञ्चार प्राधिकरण	१
	१९.३	रेडियो प्रसार सेवा विकास समिति	१
	१९.४	विज्ञापन बोर्ड	१
	१९.५	सुरक्षण मुद्रण केन्द्र	१
	१९.६	गोरखापत्र संस्थान	१
	१९.७	नेपाल टेलिभिजन	१
	१९.८	प्रेस काउन्सिल	१
२०.	**सहरी विकास मन्त्रालय**		१६
	२०.१	अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति कोष	१
	२०.२	अर्न्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
	२०.३	काठमाडौं उपत्यका विकास प्राधिकरण र जिल्ला आयुक्त कार्यालय	४
	२०.४	काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना	१
	२०.५	घोराही नगर विकास समिति दाङ	७
	२०.६	राष्ट्रिय आवास कम्पनी लिमिटेड	१

क्र.सं.	संस्थाको नाम		संख्या
	२०.७	नगर विकास कोष	१
२१.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**		**२७**
	२१.१	आयुर्वेद चिकित्सालय	१
	२१.२	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२१.३	कान्ति बाल अस्पताल	१
	२१.४	कोशी अस्पताल	१
	२१.५	गजेन्द्रनारायण सिंह अस्पताल	१
	२१.६	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान	१
	२१.७	जीपी कोइराला राष्ट्रिय स्वासप्रश्वास केन्द्र	१
	२१.८	डडेल्धुरा अस्पताल	१
	२१.९	नारायणी अस्पताल	१
	२१.१०	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१
	२१.११	परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल	१
	२१.१२	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२१.१३	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२१.१४	भक्तपुर क्यान्सर अस्पताल विकास समिति	१
	२१.१५	भरतपुर अस्पताल	१
	२१.१६	भेरी अस्पताल नेपालगन्ज	१
	२१.१७	मानसिक अस्पताल	१
	२१.१८	रानी स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२१.१९	रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२१.२०	राष्ट्रिय आर्युवेद अनुसन्धान तथा तालिम केन्द्र	१
	२१.२१	बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवन	१
	२१.२२	बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२१.२३	शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र	१
	२१.२४	शुक्राज ट्रपिकल सरुवा रोग अस्पताल	१
	२१.२५	सिंहदरवार वैद्यखाना विकास समिति	१
	२१.२६	सुशील कोइराला प्रखर क्यान्सर अस्पताल	१
	२१.२७	स्वास्थ्य बीमा बोर्ड	१
		कुल जम्मा	**४६१**

अनुसूची - १(ख)

प्रतिवेदनको परिच्छेद १ र ४ सँग सम्बन्धित

कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएका विषयहरुको विवरण

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	सार्वजनिक ऋण व्यवस्थापन	सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र महालेखानियन्त्रकको कार्यालय	अर्थ मन्त्रालय
२	सार्वजनिक खर्च व्यवस्थापन	विभिन्न निकायहरु	अर्थ मन्त्रालय र अन्य विभिन्न मन्त्रालय
३	आयोजना छनौट, प्राथमिकिकरण र विनियोजन	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग	अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग
४	निर्णय तहमा महिला सहभागिता	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोग
५	सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम	सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी निकायबाट क्षेत्र निर्धारण	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
६	दूरसञ्चार पूर्वाधार व्यवस्थापन	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय नेपाल दूरसञ्चार प्राधिकरण	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
वातावरणीय लेखापरीक्षण			
७	बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन अवस्था	दिगो विकास लक्ष्य १५.१ सँग सम्बन्धित निकायहरु	वन तथा वातावरण मन्त्रालय
सूचना प्रविधिको लेखापरीक्षण			
८	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग	गृह मन्त्रालय
विशेष लेखपरीक्षण			
९	प्रदेश सरकार, महानगरपालिकाहरू र उपमहानगरपालिकाहरूको पाँच वर्षको कार्यसम्पादन अवस्था	प्रदेश सरकार र स्थानीय तह	मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महानगरपालिका, उपमहानगरपालिका

अनुसूची - २

(प्रतिवेदनको परिच्छेद-१ दफा १ सँग सम्बन्धित)

संघ र प्रदेशका सरकारी कार्यालयको लेखापरीक्षण रकम

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	
	चालु वर्ष																	
१	राष्ट्रपतिको कार्यालय	१	१४२७३९	१	१४२७३९	१	७०२	१	७०२	१	३६६३१	१	३६६३१	०	०	०	०	१८००७२
२	उपराष्ट्रपतिको कार्यालय	१	४७१३६	१	४७१३६	०	०	०	०	१	९१	१	९१	०	०	०	०	४७२२७
३	संघीय संसद सचिवालय	१	११८८६९६	१	११८८६९६	१	४८५५	१	४८५५	१	६६६१	१	६६६१	१	५०३३	१	५०३३	१२०५२४५
४	सर्वोच्च अदालत	१०५	७८५४५०२	१०४	७८२९५४१	१०५	२०७६८८२	१०४	२०६९८४९	१०४	११५३७४९५	१०३	१११४६४२७१	२४	२९७३७	२३	२९४३७	२१३९३०९८
५	प्रदेश प्रमुखको कार्यालय, कोशी	१	२५१३३	१	२५१३३	१	९	१	९	१	३३३	१	३३३	१	१००	१	१००	२५५७५
६	प्रदेश प्रमुखको कार्यालय, मधेश	१	१९५२७	१	१९५२७	१	४१	१	४१	१	१७७	१	१७७	१	१००	१	१००	१९८४५
७	प्रदेश प्रमुखको कार्यालय, बागमती	१	२३०६४	१	२३०६४	०	०	०	०	१	२९०	१	२९०	०	०	०	०	२३३५४
८	प्रदेश प्रमुखको कार्यालय, गण्डकी	१	२३९३४	१	२३९३४	०	०	०	०	१	२४७	१	२४७	०	०	०	०	२४१८१
९	प्रदेश प्रमुखको कार्यालय, लुम्बिनी	१	२२०२९	१	२२०२९	०	०	०	०	०	०	०	०	०	०	०	०	२२०२९
१०	प्रदेश प्रमुखको कार्यालय, कर्णाली	१	२५०३३	१	२५०३३	०	०	०	०	१	६९	१	६९	०	०	०	०	२५१०२
११	प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम	१	२३६६६	१	२३६६६	१	१५०	१	१५०	१	५२	१	५२	०	०	०	०	२३८६८
१२	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९	९०७५३९	९	९०७५३९	९	३९८७१	९	३९८७१	९	७३८२६	९	७३८२६	१	१००	१	१००	१०१३३३६
१३	महालेखा परीक्षकको कार्यालय	१	५८०१८०	१	५८०१८०	१	३२६६	१	३२६६	१	१११२०	१	१११२०	०	०	०	०	५९४५६६
१४	लोक सेवा आयोग	१६	९८२३२६	१६	९८२३२६	१६	१७५९५६	१६	१७५९५६	१५	५५०५	१५	५५०५	९	८०६७८	९	८०६७८	१२४४४६५
१५	निर्वाचन आयोग	८३२	५५०९९८७	८२८	५४९८२७४	१२९	१२०३३	१२९	१२०३३	२३८	१६०४४०	२३८	१६०४४०	५	६६२	५	६६२	५६७१४०९
१६	महान्यायाधिवक्ताको कार्यालय	९७	१०८६६९८	९७	१०८६६९८	२७	१७०९	२७	१७०९	५०	४४१०४	५०	४४१०४	९	११५२७	९	११५२७	११४४०३८
१७	न्याय परिषद्	१	४८५५९	१	४८५५९	१	८१५	१	८१५	१	१७३	१	१७३	०	०	०	०	४९५४७
१८	राष्ट्रिय मानव अधिकार आयोग	१०	२०५६१५	१०	२०५६१५	३	१००	३	१००	१	९२	१	९२	१	२५२४४	१	२५२४४	२३१०५१
१९	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१	५४७७३	१	५४७७३	१	२१	१	२१	१	१५९	१	१५९	०	०	०	०	५४९५३
२०	राष्ट्रिय महिला आयोग	१	७०८२४	१	७०८२४	१	४३	१	४३	१	४६६	१	४६६	०	०	०	०	७१३३३
२१	राष्ट्रिय दलित आयोग	१	२७७३८	१	२७७३८	०	०	०	०	१	५०	१	५०	१	४	१	४	२७७९२
२२	राष्ट्रिय समावेशी आयोग	१	३१४९१	१	३१४९१	०	०	०	०	१	९५८	१	९५८	०	०	०	०	३२४४९
२३	आदिवासी जनजाती आयोग	१	२८७२२	१	२८७२२	०	०	०	०	१	२४७	१	२४७	०	०	०	०	२८९६९

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	एकाई	रकम	
२४	मधेशी आयोग	१	३१०९८	१	३१०९८	०	०	०	०	०	०	०	०	०	०	०	०	३१०९८
२५	थारु आयोग	१	५३९९७	१	५३९९७	१	८	१	८	०	०	०	०	०	०	०	०	५४००५
२६	मुस्लिम आयोग	१	३३१००	१	३३१००	१	१७	१	१७	१	१६२६	१	१६२६	०	०	०	०	३४७४३
२७	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९७	२६७९३८७	९७	२६७९३८७	२०	९९९१५	२०	९९९१५	४४	३६४८५४२	४४	३६४८५४२	३	२९५५	३	२९५५	६४३०७९९
२८	अर्थ	२१६	६८०१५३९६२	२१६	६८०१५३९६२	२१६	९४५९१०१२४	२१६	९४५९१०१२४	१८९	८२११७७१	१८९	८२११७७१	११४	१८८७९८९	११४	१८८७९८९	१६३६१६३८४६
